CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

भगवान् श्रीपशुपतिनाथका चरणकमलमा

श्री......................................

......................................लाई

......................................उपहार

श्री पशुपति अर्चना सुरक्षा प्रतिष्ठान
ॐ
ॐ नमः शिवसंकल्पमस्तु
काठमाडौं, नेपाल २०६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमहेश्वराय नमः ।

यस्येच्छया जगदिदम्पृथु विश्वरूपम्
सर्गस्थितिव्ययजराव्यसनादियोगैः ।
संयुज्यते वत तथा प्रतिमुच्यते च
तस्मै नमः सततमस्तु महेश्वराय ॥

जसको इच्छाले यो सम्पूर्ण विशाल संसारको सृष्टि, स्थिति,
प्रलय, बुढ्याइँ, दुःख आदि हुन्छन् तथा छुट्छन्
ती महेश्वरलाई सधैँ नमस्कार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

सम्पादक मण्डल

प्रा. ई. देवीप्रसाद चापागाईं
डा. नयनाथ पौडेल
प्रा. डा. कुलप्रसाद कोइराला
प्रा. डा. दिवाकर आचार्य
डा. गोविन्द टण्डन
डा. माधवप्रसाद लामिछाने
रवीन्द्रप्रसाद गिरी
मदनकुमार डङ्गोल
पं. गोविन्द भट्टराई
डा. विनुबाबा अर्याल
ज्यो. पं. युवराज तिमल्सिना
श्रीधर गौतम
खगेन्द्रप्रसाद गिरी
राजेन्द्रराज कठायत

प्रकाशक

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

बानेश्वर, काठमाडौँ- ३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान प्रकाशन माला– ५

प्रकाशक : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान, काठमाडौँ
प्रकाशनवर्ष : वि. सं. २०८०
संस्करण : पहिलो
प्रति : ११११
सर्वाधिकार : © प्रकाशकाधीन

आवरण कला : दीपक महर्जन
आकृतिविन्यास : रमेश दाहाल

मुद्रण सौजन्य : किशोर अफसेट प्रेस प्रा.लि. काठमाडौं **सिद्धार्थ प्रिन्टिङ प्रेस प्रा.लि.**
लक्ष्मी किशोर / सावित्री श्रेष्ठ, सतिश किशोर / सृजना श्रेष्ठ, सिद्धार्थ श्रेष्ठ

भगवदर्पण :
प्राप्तिस्थान : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान
बलभद्रमार्ग, बानेश्वर, काठमाडौँ- ३१
रत्न पुस्तक भण्डार, माइतीघर, काठमाडौँ ।

वेबसाइट : www.pashupatiarchana.org.np

ISBN Number : 978-9937-1-4275-5

BHAGAWAN SHREEPASHUPATINATH

Shree Pashupati Archana Management Foundation, Nepal

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दशवक्त्रा श्रीगुह्यकाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशवक्त्रा श्रीगुह्यकालीको ध्यान

एवमष्टदलाम्भोजोपविष्टां गुह्यकालिकाम् ।
ध्यायेन्नीलोत्पलश्यामामिन्द्रनीलसमद्युतिम् ॥
घनाघनतनुद्योतां स्निग्धदूर्वादलद्युतिम् ।
ज्ञानरश्मिघटाटोपज्योतिर्मण्डलमध्यगाम् ॥
दशवक्त्रां गुह्यकालीं सप्तविंशतिलोचनाम् ।
द्विद्विनेत्रयुतां वक्त्रे वामदक्षिणसम्मुखे ॥
सप्तस्वन्येषु वक्त्रेषु त्रित्रिलोचनसंयुताम् ।
ऊर्ध्ववक्त्रं द्वीपिकाख्यं चण्डयोगेश्वरीति हि ॥

तस्याधः केशरिमुखं श्वेतवर्णं विभीषणम् ।
तस्याधः फेरुवक्त्रं च कृष्णं त्रैलोक्यडामरम् ॥
वानरास्यं ततो वामे रक्तवर्णं महोल्बणम् ।
ऋक्षवक्त्रं भवेद्दक्षे धूम्रवर्णं भयङ्करम् ॥
नरास्यं तदधो ज्ञेयं किर्मीराभं मदोत्कटम् ।
गारुडास्यं ततो वामं पिङ्गवर्णं सुचञ्चुकम् ॥
दक्षिणे मकरास्यं च हरिताभं प्रकीर्तितम् ।
गजास्यं वामतः प्रोक्तं गौरवर्णं स्रवन्मदम् ॥
हयास्यं दक्षिणे काल्याः श्यामवर्णं विचिन्तयेत् ।

अष्टदल कमलमा आसीन, नीलकमलको झैँ वर्ण भएकी, इन्द्रनील कमलको झैँ कान्ति भएकी गुह्यकालीको ध्यान गर्नू । मेघको झैँ वर्ण भएकी, कोमल दूबोको पत्रझैँ कान्ति भएकी, घना बादलको बीचबाट निस्किएका सूर्यका किरणरूपी ज्ञानरश्मिको मध्यमा रहेकी, दशवटा मुख भएकी, सत्ताईसवटा आँखा भएकी, बायाँ, दायाँ र सम्मुखमा रहेका तीनवटा वक्त्रमा दुईदुईवटा आँखा तथा अन्य सातवटा वक्त्रमा तीन तीनवटा आँखा भएकी, सबैभन्दा माथि आगोको फिलिङ्गोस्वरूप मुख भएकी, त्यसभन्दा तल सेतो वर्णको भयङ्कर सिंहको मुख भएकी, त्यसभन्दा तल कालो वर्णको स्यालको मुख भएकी, त्यसको बायाँपट्टि रातो वर्णको वानरको मुख भएकी, दायाँपट्टि ध्वाँसे वर्णको भयङ्कर भालुको मुख भएकी, त्यसभन्दा तल छिरबिरे वर्णको मान्छेको मुख भएकी, त्यसको बायाँपट्टि कैलो वर्णको राम्रो चुच्चो भएको गरुडको मुख भएकी, त्यसको दायाँपट्टि हरियो वर्णको गोहीको वक्त्र भएकी, बायाँपट्टि सेतो वर्णको मदोन्मत्त हात्तीको मुख भएकी, दायाँपट्टि कालो वर्णको घोडाको वक्त्र भएकी कालीको चिन्तन गर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दशवक्त्रा श्रीगुह्यकाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(ऊर्ध्ववक्त्र-ईशान)

ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदा शिवोम् ।

भगवान् श्रीपशुपतिनाथ धर्म, अर्थ, काम र मोक्षरूप चार प्रकारको पुरुषार्थ प्राप्तिका लागि साधनस्वरूप सम्पूर्ण विद्याका अधिपति हुनुहुन्छ । उहाँ अखिल विश्वब्रह्माण्डका चेतन, अचेतन सबैका ईश्वर तथा सृष्टिकर्ता ब्रह्माका पनि अधिपति हुनुहुन्छ । आत्यन्तिक दुःखनिवृत्तिस्वरूप त्यस्तो परिपूर्ण एवं परितृप्त शिवपद मलाई प्राप्त होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(पूर्ववक्त्र–तत्पुरुष)

तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ।

कारणत्व, बहुत्व, नानात्व आदिले युक्त पूर्ण ब्रह्मपदले बुझिने तत्पुरुषलाई जानौं अर्थात् उक्त तत्त्वलाई प्राप्त गरौं । लीलाधर्मी देवताका पनि देवता महादेव विद्या, कला, पशुरूप कार्यजगत्लाई सृष्टि, स्थिति र संहार गर्ने क्रीडारूप कृत्य गर्दछन् । त्यस्ता महादेवलाई ध्यान गरौं अर्थात् इच्छाशक्ति, ज्ञानशक्ति तथा क्रियाशक्तिद्वारा महादेवमा एकाकार बनौं । रुद्रदेवले हामीहरूलाई ज्ञानशक्ति र क्रियाशक्तिले युक्त बनाऊन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(दक्षिणवक्त्र–अघोर)

अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः सर्वेभ्यः शर्वसर्वेभ्यो नमस्तेऽस्तु रुद्ररूपेभ्यः ।

अति शान्त तथा अनुग्रहकारी रूप भएका, पुनः घोर(उग्र) रूप भएका, घोरतर जीवभन्दा पनि घोर रूप भएका; विद्या, कला, पशुरूप सम्पूर्ण कार्यजगत्‌मा कारणस्वरूपले व्याप्त, सम्पूर्ण कार्यको अधिष्ठान भएकाले शर्वस्वरूप; रुद्रस्वरूप, आदि, अनन्त रूप भएका प्रभुलाई नमस्कार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(उत्तरवक्त्र-वामदेव)

वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ।

श्रेष्ठ एवं ज्योतिस्वरूप वामदेवलाई नमस्कार छ । आदिकारणभूत ज्येष्ठलाई नमस्कार छ । रुद्रलाई नमस्कार छ । महेश्वरका पर्यायस्वरूप काललाई नमस्कार छ । पञ्चतन्मात्रा एवं पञ्चमहाभूतरूप कला तथा ज्ञानेन्द्रिय, कर्मेन्द्रिय र अन्तःकरण यी सबैका रचयितालाई नमस्कार छ। धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्यरूप बलका अधिष्ठानस्वरूप तथा उक्त बलको वृत्तिलाई निरोध गर्ने प्रभुलाई नमस्कार छ। देवता, मनुष्य आदि सम्पूर्ण प्राणीहरूमा स्थान, शरीर, इन्द्रिय आदि विषयहरूका प्रति जुन राग हुन्छ त्यसको अधिष्ठान ईश्वर नै हुन्, सबैका उत्पत्तिकर्ता उनै हुन् त्यसैले उनी सबैभन्दा विशिष्ट छन् । अतः सबै प्राणीभन्दा माथि रहेका पशुपतिलाई नमस्कार छ। समन (सगुण) तथा उन्मन (निर्गुण) दुवै रूपमा अनुग्रहशक्तिले युक्त प्रभुलाई नमस्कार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पश्चिमवक्त्र–सद्योजात)

सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः। भवे भवे नातिभवे भवस्व मां भवोद्भवाय नमः।

नित्य, ध्रुव, अविनाशी, सबैका कारणस्वरूप सत् तथा आद्यतत्त्व एवं जन्ममृत्यु आदि अवस्था तथा सुखदुःख आदि धर्मले रहित अजात निरञ्जन तत्त्वलाई आफ्नो आश्रयका रूपमा ग्रहण गर्दछु। पूर्वोक्त सत्, आद्य एवं अजात, निरञ्जन पशुपतिलाई नमस्कार गर्दछु। समस्त कार्यजगत् तथा धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य यी आठ प्रकारका भावहरूको अधिष्ठानका रूपमा रहेका भवपदले बुझाउने पशुपतितत्त्वमा म समाविष्ट होऊँ तर भवपदले बुझाउने कार्यरूप जगत्मा भने नफसूँ। अतः हे प्रभु ! मेरो रक्षा गर्नुहोस्, मलाई अनुग्रह गर्नुहोस्। विद्या, कला र पशुरूप भवको आदिकारणस्वरूप श्रीपशुपतिनाथलाई नमस्कार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(अधोवक्त्र–कालाग्निरुद्र)

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम्।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥

सम्पूर्ण विश्वको परम आश्रय, अविनाशी, अक्षरस्वरूप सर्वश्रेष्ठ, कहिल्यै परिवर्तन नहुने, शाश्वत धर्मका रक्षक, सनातन पुरुष हजुर नै हुनुहुन्छ भन्ने मेरो धारणा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जगद्गुरु आद्यशङ्कराचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जगद्‌गुरु शङ्कराचार्य निश्चलानन्द सरस्वती

मठ-गोवर्द्धन, वेद-ऋग्वेद, आम्नाय-पूर्व, देवता-जगन्नाथ, देवी-विमला,
तीर्थ-महोदधि, महावाक्य-प्रज्ञानं ब्रह्म,
युग-कलि, धाम-जगन्नाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जगद्गुरु शङ्कराचार्य भारती तीर्थ महासन्निधानम्

मठ–श्रृङ्गेरी, वेद–यजुर्वेद, आम्नाय–दक्षिण, देवता–आदिवराह, देवी–कामाक्षी,
तीर्थ–तुङ्गभद्रा, महावाक्य–अहं ब्रह्मास्मि,
युग–त्रेता, धाम–रामेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जगद्गुरु शङ्कराचार्य विधुशेखर भारती सन्निधानम्

मठ-श्रृङ्गेरी, वेद-यजुर्वेद, आम्नाय-दक्षिण, देवता-आदिवराह, देवी-कामाक्षी,
तीर्थ-तुङ्गभद्रा, महावाक्य-अहं ब्रह्मास्मि,
युग-त्रेता, धाम-रामेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ब्रह्मलीन जगद्गुरु शङ्कराचार्य स्वरूपानन्द सरस्वती

मठ-शारदा, वेद-सामवेद, आम्नाय-पश्चिम, देवता-सिद्धेश्वर, देवी-भद्रकाली,
तीर्थ-गोमती, महावाक्य-तत्त्वमसि,
युग-द्वापर, धाम-द्वारका
मठ-ज्योतिष्, वेद-अथर्ववेद, आम्नाय-उत्तर, देवता-नारायण, देवी-पूर्णगिरि,
तीर्थ-अलकनन्दा, महावाक्य-अयमात्मा ब्रह्म,
युग-सत्य, धाम-बदरिकाश्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगद्गुरु शङ्कराचार्य सदानन्द सरस्वती

मठ-शारदा, वेद-सामवेद, आम्नाय-पश्चिम, देवता-सिद्धेश्वर, देवी-भद्रकाली,
तीर्थ-गोमती, महावाक्य-तत्त्वमसि,
युग-द्वापर, धाम-द्वारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगद्गुरु शङ्कराचार्य अविमुक्तेश्वरानन्द सरस्वती

मठ-ज्योतिष्, वेद-अथर्ववेद, आम्नाय-उत्तर, देवता-नारायण, देवी-पूर्णगिरि,
तीर्थ-अलकनन्दा, महावाक्य-अयमात्मा ब्रह्म,
युग-सत्य, धाम-बदरिकाश्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ श्रीहरिः ॥

॥ श्रीगणेशाय नमः ॥

स्थावर और जङ्गम प्राणियोंके
अधिपति श्रीपशुपतिनाथ हैं।
शिवके प्रतीक तथा शिवके
अभिव्यञ्जक संस्थान तद्वत्
शिवस्वरूप लिङ्गका नाम
शिवलिङ्ग है। पशु और पाशमुक्त
श्रीशिव पशुभावापन्न जीवोंके
उद्धारक हैं। शिव कल्याणस्वरूप
परमात्मा हैं। शङ्कर कल्याणप्रद हैं।
प्रलयङ्कर त्रिविधतापके विध्वंसक
हैं। 'भगवान् श्रीपशुपतिनाथ'-
नामक यह ग्रन्थ दार्शनिक,
वैज्ञानिक और व्यावहारिक
धरातलपर उपादेय है।

- निश्चलानन्दसरस्वती
जा. श्री. पुरी

२०७८ कार्त्तिक ८ गते सोमवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री श्री जगद्गुरु शङ्कराचार्य महासंस्थानम् , दक्षिणाम्नाय श्रीशारदापीठम् , शृङ्गेरी
Sri Sri Jagadguru Shankaracharya Mahasamsthanam
Dakshinamnaya Sri Sharada Peetham
Sringeri - 577 139, Karnataka. INDIA

V.R. Gowri Shankar BE, DIISc, MIMA.,
CEO & Administrator
Sri Sringeri Math and its Properties

Phone Off : 08265-250123 Resi : 08265-250192 Fax : 08265-250792
Website : www.sringerisharadapeetham.org (or) www.sringeri.net
E-mail : info@sringerisharadapeetham.org

Ref. Camp : Date २६.४.२०२१

श्रृङ्गगिरिः

श्रीमत्सु श्रीपशुपति अर्चनासुव्यवस्थाप्रतिष्ठान अध्यक्षमहोदयेषु सादरं निवेदनम् ।

भवदीयं पत्रद्वयमवाप्तं जगद्गुरुमहास्वामिचरणेषु समर्पितञ्च ।

नेपालदेशे विराजमानस्य भगवतः पशुपतिनाथस्य सेवार्थं वैदिकसनातनधर्मसंरक्षणार्थं च बद्धदीक्षा भवदीया संस्था "भगवान् पशुपतिनाथः" इत्याख्यया समुल्लसितं बृहद्मात्रं ग्रन्थरत्नं प्रकाशयितुमिच्छति यत्र नैकेषां विदुषां अनुसन्धानमूलकाः श्रीपशुपतिनाथ - महिमावेदकाः बहवो निबन्धाः लोकानामानन्दजनकाः अनेकनूतनविषयप्रतिपादकाश्च दृग्गोचरा भविष्यन्तीति विज्ञाय भवदीयमेतद्ग्रन्थप्रकाशनोद्यमं भृशमभिनन्दन्तो जगद्गुरु श्रीभारतीतीर्थश्रीचरणाः ग्रन्थोऽयं आस्तिकजनकरपल्लवान्यलङ्करोतु भवदीयश्चायमुद्यमः फलेग्रहिर्भूयादित्याशासते ।

या च भवदीयसंस्थायाः संरक्षकपदं विभूष्य मार्गदर्शनं विधेयमिति प्रार्थना सापि श्रीचरणैरनुमोदितेति निवेदयामि ।

श्रीचरणानुगृहीताः उत्तमाङ्गधारणयोग्याः श्रेयःप्रतिपादनपटीयांसो मन्त्राक्षताः श्रीशारदाकुङ्कुमप्रसादश्च प्रेष्यन्ते ।

इत्थम्

वे. रा. गौरीशङ्करः

(वे.रा.गौरीशङ्करः)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्त श्री विभूषित ज्योतिष्पीठाधीश्वर एवं द्वारकाशारदापीठाधीश्वर जगद्गुरु शङ्कराचार्य

स्वामी स्वरूपानन्द सरस्वती

ज्योतिर्मठ
तोटकाचार्य गुफा, चमोली गढ़वाल, उत्तराखण्ड
दूरभाष : 01389-222185

श्रीशारदापीठम्
द्वारका, जामनगर, गुजरात
दूरभाष : 02892-235109

क्रमाङ्क :

दिनाङ्क : ....

स्थल : ....

।। श्री चन्द्रमौलीश्वरो विजयते ।।

।। श्री पशुपतये नमः।।

।। शुभाशंसनम् ।।

स्वस्तिश्री देवीप्रसाद चापागाईं को,

नारायणस्मरणपूर्वक शुभाशीः ।।

देवीप्रसाद चापागाईं द्वारा संकलित ग्रन्थ का अवलोकन किया, प्रसन्नता हुई । पाशुपत-तत्व का शास्त्रीय विवेचन करते हुए पशुपति माहात्म्य,पशुपति उपासना,पशुपति और श्रीविद्यासपर्या जैसे उत्कृष्ट एवं गुह्यतम बिषयों पर विद्वानों के विविध प्रबन्धों का संकलन किया गया है।

वर्तमान में पशुपतिनाथ की पूजाविधि भगवत्पाद आदि-शङ्कराचार्य द्वारा नियमित नियमों द्वारा की जा रही है । आदि शङ्कराचार्य जी ने यह विधान दिया था कि विंध्य से दक्षिण प्रदेश के ब्राह्मणों द्वारा पशुपतिनाथ जी की पूजा हो, यही क्रम आज भी अक्षुण्ण है । विगत वर्षों में कुछ लोगों ने इस प्राचीन व्यवस्था में व्यवधान डाला था जिसका प्रबल विरोध करते हुए हमने तत्कालीन नेपाल के राष्ट्रपति से चर्चा कर इस व्यवस्था को सुचारू रखने पर बल दिया था। नेपाल-क्षेत्र को ज्योतिष्पीठ के अंतर्गत रखते हुए पूज्य आदि-शङ्कराचार्य जी ने जो नेपाल एवं भारत की धार्मिक एकता का स्वरूप दिया था वह आज भी प्रभावशाली है।

आदिशङ्कराचार्य जी ने पाशुपत-मत में आए अज्ञान को दूर कर परिष्कृत पाशुपत-मत का स्थापन किया था। उसी पाशुपत-मत से संबंधित विविध सामग्री का संकलन एवं प्रकाशन हमारे स्नेह-भाजन देवीप्रसाद चापागाईं द्वारा किया जा रहा है। इस प्रकाश्यमान ग्रन्थ के निर्विघ्न प्रकाशन के लिए भगवान चन्द्रमौलीश्वर से मङ्गलकामना करते हुए अपने भूरिशः शुभाशीर्वाद प्रदान करते हैं।

श्रीविद्यामठ,
केदारघाट, वाराणसी (उ.प्र.)
चैत्र शु.१५, वि. - २०७२
०४/०४/२०१५

शुभैषी
स्वामी स्वरूपानन्द सरस्वती
जगद्गुरु शङ्कराचार्य
ज्योतिष्पीठ / द्वारका शारदापीठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रावल गणेश भट्ट

श्रीपशुपतिनाथ मन्दिर (मूलभट्ट)

काठमाडौं- ८, नेपाल

फोन: ००९७-१-४४९८१३७

मोबाइल: ००९७-९८४१६९६३३६

'इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः'

विश्वका समस्त हिन्दूहरूका आराध्यदेव एवं नेपालका राष्ट्रदेव भगवान् श्रीपशुपतिनाथ जगदम्बा भगवती श्रीगुह्येश्वरीका साथ नेपालमा प्रकट भई विराजित हुनुहुन्छ। सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान र कालाग्निरुद्ररूप षड्वक्त्रको समष्टिस्वरूप परब्रह्म श्रीपशुपतिनाथबाट आफ्ना मन्त्रमय चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिका माध्यमबाट सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहस्वरूप पञ्चकृत्य सम्पन्न हुन्छ। सृष्टिका लागि ब्रह्मा अर्थात् सूर्यनारायणको सूक्ष्मरूप हिरण्यगर्भ, स्थितिका लागि शेषशायी श्रीनारायण, संहारका लागि कालाग्निरुद्र, निग्रहका लागि महामाया भगवती र अनुग्रहका लागि मङ्गलकारक श्रीगणेश कार्यब्रह्म हुन्। श्रीपशुतिनाथको मन्दिरपरिसरमा श्रीगणेश, श्रीनारायण, श्रीसूर्यनारायण र भगवती श्रीमहात्रिपुरसुन्दरी पाञ्चायतन देवीदेवताका रूपमा पूजित हुनुहुन्छ। आद्यशङ्कराचार्यद्वारा व्यवस्थित भई हिन्दूसमाजमा परम्परागत रूपमा प्रचलित पाञ्चायतन पूजामा यिनै पञ्चब्रह्मको उपासना हुन्छ।

यसै गरी श्रीपशुपतिनाथको मन्दिरप्राङ्गणमा श्रीकीर्तिमुखभैरव, श्रीवासुकिनारायण, श्रीचण्डेश्वर, श्रीनन्दी, श्रीभृङ्गी, सप्तमातृका, नवग्रह, हनुमान्, श्रीकृष्ण, श्रीवटुक, श्रीउन्मत्तभैरव, श्रीसत्यनारायण, श्रीअन्नपूर्णा आदि देवीदेवताहरूका श्रीविग्रहहरू प्रतिष्ठापित छन्। वृक्ष एवं वनस्पतिका रूपमा बिल्ववृक्ष र तुलसी पनि मन्दिरपरिसरमा संरक्षित छन्। श्रीपशुपतिनाथको मन्दिरको तल्लो तलाका टुँडालहरूमा चार युगका संरक्षकहरू क्रमशः उत्तरमा शिवकुल, पश्चिममा रामकुल, दक्षिणमा पाण्डवकुल र पूर्वमा श्रीकृष्णकुलका रूपमा विराजमान हुनुहुन्छ। माथिल्लो तलाका टुँडालमा षोडश मातृकाका मूर्तिहरू प्रतिष्ठापित छन्। मन्दिरको दुवै छानाको चार कुनामा श्रीशरभ र श्रीशरभी हुनुहुन्छ। गर्भगृहमा एकादश रुद्र र शालिग्रामको नित्य अर्चना हुन्छ। मन्दिरको भित्तामा अष्टभैरव र अष्टमातृकाका मूर्तिहरू प्रतिष्ठापित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको श्रीविग्रहलाई पञ्चमुखी लिङ्ग र लिङ्गको शिरमाथि प्रतिदिन श्रीखण्डचन्दनमा निर्माण गरिने श्रीयन्त्रसहितको दुई अङ्गको समष्टिरूपमा नित्य तथा नैमित्तिक पर्वपूजाका अवसरमा अर्चना गरिन्छ। पञ्चमुखी लिङ्गको शिरमा निर्माण गरिने श्रीयन्त्रमा उक्त यन्त्रकी अधिष्ठात्री श्रीराजराजेश्वरी महात्रिपुरसुन्दरीको समयाचारविधिले नित्य पूजा गरिन्छ। भगवान् श्रीपशुपतिनाथ तथा श्रीराजराजेश्वरी महात्रिपुरसुन्दरीको समयाचारविधिले गरिने पूजाअर्चनाका लागि पाशुपतास्त्रमन्त्र र श्रीविद्याको पञ्चदशी/षोडशी मन्त्रमा दीक्षित गृहस्थ ब्राह्मण अर्चक हुनुपर्ने भएकोले त्यस्तो योग्यता पुगेका विन्ध्याचलदेखि दक्षिणका तमिलनाडु, कर्णाटक, महाराष्ट्र र आन्ध्रप्रदेशका दाक्षिणात्य नैष्ठिक ब्राह्मण भगवान् श्रीपशुपतिनाथका अर्चकका रूपमा रहने व्यवस्था भएको कुरा अभिलेखबाट विदित हुन्छ। आद्यशङ्कराचार्यद्वारा स्थापित सोही परम्परा र समयसमयमा स्थापित अन्य मान्यताका आधारमा श्रीपशुपतिनाथको नित्य पूजा एवं दमनारोपण, पवित्रारोहण आदि नैमित्तिक पर्वपूजाहरू विधिवत् सञ्चालन भइरहेका छन्।

शिवमहापुराणअनुसार भगवान् श्रीपशुपतिनाथ केदारनाथको शिरोभागका रूपमा प्रतिष्ठित हुनुहुन्छ। तसर्थ भारतका चार धामहरूको दर्शनपश्चात् भगवान् श्रीपशुपतिनाथको दर्शन गरेपछि मात्र चार धामको तीर्थयात्रा सार्थक हुने मान्यता रहिआएको छ। श्लेष्मान्तक वन, विश्वरूप मन्दिर, विभिन्न घाट, पवित्र वाग्वती नदी, गोरखनाथपीठ, विभिन्न सिद्धहरूले तपस्या गरेका गुफाहरू यस पशुपतिक्षेत्रको विशेषताका साक्षी बनेर रहेका छन्।

भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रको माहात्म्य झल्काउने उद्देश्यले तत्त्व, उपासना, इतिहास/संस्कृति लगायतका विषयवस्तुहरू समावेश गरी यस बृहद् ग्रन्थको प्रकाशन भएको छ। यो ग्रन्थ जिज्ञासु, भक्त एवं उपासकहरू तथा भावी सन्ततिका लागि अति उपयोगी हुनेछ। यस्तै किसिमका अन्य ग्रन्थहरूको प्रकाशनका लागि यस संस्थालाई भगवान् श्रीपशुपतिनाथबाट निरन्तर अनुकम्पा तथा प्रेरणा प्राप्त भइरहोस् भनी प्रार्थना गर्दछु।

रावल गणेश भट्ट
मूलभट्ट (प्रधान अर्चक)
श्रीपशुपतिनाथ मन्दिर
काठमाडौं– ८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

वर्णानामर्थसंघानां रसानां छन्दसामपि ।
मंगलानां च कर्तारौ वन्दे वाणीविनायकौ ॥
भवानीशङ्करौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ॥

-सन्त तुलसीदास

भगवान् श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव तथा विश्वका समस्त हिन्दूहरूका आराध्यदेव हुनुहुन्छ। मनुष्य, पशु एवं समस्त चराचर जगत्का रक्षक, भगवान् श्रीपशुपतिनाथ र जगन्माता गुह्येश्वरीको प्राकट्यभूमि भएकाले अध्यात्मविद्याको साधनाका दृष्टिले नेपालको अति विशिष्ट महत्त्व रहिआएको छ। सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान र कालाग्निरुद्ररूप षड्वक्त्रको समष्टिस्वरूप नै परमब्रह्म श्रीपशुपतिनाथ हुनुहुन्छ। उपर्युक्त षड्वक्त्रमध्ये पश्चिमवक्त्र सद्योजातमूर्ति पृथ्वीतत्त्वका अधिष्ठाता मूलाधारचक्रमाथि पहेँलो वर्णले युक्त सोह्रवटा स्वरवर्णका अधिष्ठान एवं ऋग्वेदस्वरूप तथा क्रियाशक्तिस्वरूप पश्चिमाम्नायनायिका कुब्जेश्वरी वा कुब्जिकाशक्तिसहितका ब्रह्मास्वरूप हुनुहुन्छ। उत्तरवक्त्र वामदेवमूर्ति जलतत्त्वका अधिष्ठाता यजुर्वेदस्वरूप अर्धनारीश्वर सिद्धेश्वरी शक्तिसहितका विष्णुस्वरूप हुनुहुन्छ। यसै गरी दक्षिणवक्त्र अघोरमूर्ति धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य यी अष्टाङ्गले समन्वित तेजतत्त्वका अधिष्ठाता सामवेदस्वरूप निशेश्वरी शक्तिसहितका रुद्रस्वरूप हुनुहुन्छ। पूर्ववक्त्र तत्पुरुषमूर्ति सत्त्व, रज र तमोगुणका आश्रयस्थल वायुतत्त्वका अधिष्ठाता अथर्ववेदस्वरूप पूर्णेश्वरी शक्तिसहितका ईश्वरस्वरूप हुनुहुन्छ। ऊर्ध्ववक्त्र ईशानमूर्ति आकाशतत्त्वका अधिष्ठाता सर्वविद्यात्मक महाकामेश्वरी शक्तिसहितका सदाशिवस्वरूप हुनुहुन्छ। वज्रेश्वरी शक्तिले सहित कालाग्निरुद्र महाप्रलयमा पृथ्वीलाई जलमा, जललाई तेजमा, तेजलाई वायुमा, वायुलाई आकाशमा र आकाशलाई पनि स्वयम् आफूमा लय गरेर सबैका आधारका रूपमा अद्वैत एवं कैवल्य अवस्थामा रहनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा आकाशतत्त्वको अधिष्ठाता ईशानवक्त्रका रूपमा तमिलनाडुको चिदम्बरमा, वायुतत्त्वको अधिष्ठाता तत्पुरुषवक्त्रका रूपमा श्रीकालहस्तीमा, तेजतत्त्वको अधिष्ठाता अघोरवक्त्रका रूपमा अन्नमलायरमा, जलतत्त्वको अधिष्ठाता वामदेववक्त्रका रूपमा जम्बूकेश्वरमा र पृथ्वीतत्त्वको अधिष्ठाता सद्योजातवक्त्रका रूपमा काञ्चीपुरको एकाम्रेश्वरमा प्रतिष्ठित हुनुहुन्छ। नेपालमा भने एउटै श्रीविग्रहमा छवटै तत्त्वको समष्टि अधिष्ठाता षड्वक्त्रका रूपमा प्रतिष्ठित भई श्रीपशुपतिनाथले नेपाल राष्ट्रलाई विशेष अनुग्रह गर्नुभएको छ। यो हामी समस्त नेपालीहरूका लागि गौरवको विषय हो।

परमेश्वरको श्वासप्रश्वासस्वरूप अपौरुषेय वेदमा मानवजीवनका क्रियाकलापका लागि विधि र निषेधको व्यवस्थाका साथै धर्म, अर्थ, काम, मोक्षरूपी चार पुरुषार्थका विधि र क्रियाहरू समाविष्ट ऋचा, मन्त्र, स्तवहरूद्वारा मानिसका लागि अभ्युदय एवं निःश्रेयसको मार्ग निर्दिष्ट गरिएका छन्। वैदिक वाङ्मयमा एकै अद्वितीय सत्ताका तीन स्वरूप वर्णन गरिएका छन्- निर्गुण-निराकार, सगुण-निराकार र सगुण-साकार। निर्गुण-निराकार स्वरूप अनन्त ब्रह्माण्डमा निर्लिप्त रूपमा विद्यमान परिपूर्ण चिन्मय सत्ता हो। सगुण-निराकार स्वरूप अनन्त ब्रह्माण्डका स्वामी हुन् भने सगुण-साकार पदार्थ र क्रियाद्वारा आवश्यक लीला सम्पन्न गर्ने स्वरूप हो। महर्षि वेदव्यासले वेदलाई ऋक्, यजुस्, साम र अथर्व गरी चार भागमा विभाजन गर्नुभएको छ र यसअन्तर्गत कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड रहेका छन्। निष्काम कर्मद्वारा मल एवं क्लेश नाश, उपासनाद्वारा विक्षेप निवृत्ति र ज्ञानद्वारा आवरण भङ्ग गरेपछि चित्तवृत्तिहरू निर्मल, सूक्ष्म र स्वच्छ बन्दछन्। यही ब्रह्माकार चरम वृत्तिले परब्रह्मस्वरूप श्रीपशुपतिनाथको साक्षात्कार सम्भव हुन्छ। यही नै सनातन वैदिक मार्गको लक्ष्य हो।

भगवान् श्रीपशुपतिनाथका मन्त्रमय उपर्युक्त छवटा मुखहरूबाट चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया यी पाँच शक्तिहरू निःसृत हुन्छन्। छैटौं मुखचाहिँ विश्रान्ति अवस्था जसलाई आत्यान्तिक प्रलय पनि भनिन्छ, यस अवस्थामा कुनै क्रिया हुँदैन। यिनै छ शक्तिका माध्यमबाट सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहस्वरूप पाँचवटा कृत्यहरू निरन्तर सम्पन्न भइरहन्छन्। त्यसैले भगवान् श्रीपशुपतिनाथ पञ्चकृत्यकारी हुनुहुन्छ। भगवान् श्रीपशुपतिनाथका यिनै छवटा वक्त्र नै समस्त आगम एवं निगमशास्त्रका मूल स्रोत हुन्। यिनै छवटा मुखहरूको मिलनबाट भेद, भेदाभेद एवं अभेदरूप समस्त शास्त्रहरूको आविर्भाव हुन्छ। सर्वप्रथम ईशान, तत्पुरुष र सद्योजात प्रत्येक मुखको प्रकट हुन चाहने (उद्‌बुभूषु) र प्रकट (उद्‌भूत) दुई भेदका कारण छवटा स्वरूप बन्दछन्। ईशान, तत्पुरुष र सद्योजात यी तीनैको मिलनबाट अर्को सातौं स्वरूप प्रकट हुन्छ। त्यसपछि ईशान र तत्पुरुष, ईशान र सद्योजात एवं सद्योजात र तत्पुरुष मिलेर तीनवटा स्वरूप बन्दछन्। यसप्रकार द्वैतप्रधान दश अवस्थाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आविर्भाव हुन्छ र ती दश अवस्थाबाट कामिक, योगज, चिन्त्य, मुकुट, अंशुमत् आदि द्वैतप्रधान दश शैवागमहरूको आविर्भाव हुन्छ। तत्पुरुष र सद्योजातको वामदेव र अघोरका साथ सङ्गति नहुने भएकाले वामदेव-१, अघोर-२, ईशान र वामदेवको संयुक्त स्वरूप-३, ईशान र अघोरको संयुक्त स्वरूप-४, अघोर र वामदेवको संयुक्त स्वरूप-५, ईशान, वामदेव र सद्योजातको संयुक्तस्वरूप-६, ईशान, अघोर र तत्पुरुषको संयुक्त स्वरूप-७, ईशान, सद्योजात र वामदेवको संयुक्त स्वरूप-८, ईशान, सद्योजात र अघोरको संयुक्त स्वरूप-९, तत्पुरुष, सद्योजात र वामदेवको संयुक्त स्वरूप-१०, तत्पुरुष, सद्योजात र अघोरको संयुक्त स्वरूप-११, तत्पुरुष, वामदेव र अघोरको संयुक्त स्वरूप-१२, सद्योजात, वामदेव र अघोरको संयुक्त स्वरूप-१३, ईशान, तत्पुरुष, सद्योजात र वामदेवको संयुक्त स्वरूप-१४, ईशान, तत्पुरुष, सद्योजात र अघोरको संयुक्त स्वरूप-१५, ईशान, तत्पुरुष, वामदेव र अघोरको संयुक्त स्वरूप-१६, ईशान, सद्योजात, वामदेव र अघोरको संयुक्त स्वरूप-१७, ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोरको संयुक्त स्वरूप-१८ गरी भेदाभेदप्रधान अठार अवस्थाको प्रादुर्भाव हुन्छ। ती अठार अवस्थाबाट विजय, निःश्वास, मद्‌गीत, पारमेश्वर, मुखबिम्ब, सिद्ध आदि अठार द्वैताद्वैतप्रधान रुद्रागमको आविर्भाव हुन्छ।

परमेश्वरका अद्वैतप्रधान चौसट्ठी अवस्था छन् जसलाई भैरवावस्था भनिन्छ। सोही अद्वैत भैरवावस्थाबाट चौसट्ठी भैरवतन्त्रको आविर्भाव हुन्छ। द्वैत, द्वैताद्वैत र अद्वैत आगमहरूको मात्र नभई सम्पूर्ण निगमशास्त्रको पनि मूल स्रोत षड्वक्त्र श्रीपशुपतिनाथ नै हुनुहुन्छ किनभने उहाँ नै सम्पूर्ण विद्याका अधिपति हुनुहुन्छ भन्ने कुरा श्रुतिको **ईशानः सर्वविद्यानाम्** भन्ने वचनले पुष्टि गर्दछ।

सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह यी पाँच परमेश्वरका कृत्य हुन्। सृष्टिका लागि ब्रह्मा अर्थात् हिरण्यगर्भ सूर्यको सूक्ष्म रूप, स्थितिका लागि नारायण, संहारका लागि रुद्र, निग्रहका लागि देवी तथा अनुग्रहका लागि विनायक कार्यब्रह्म हुन्। यिनीहरू आ-आफ्ना कार्य सम्पन्न गरिरहन्छन्। आद्यशङ्कराचार्यद्वारा व्यवस्थित भई हिन्दूसमाजमा परम्परागत रूपमा प्रचलित पाञ्चायन पूजाको सैद्धान्तिक आधार र तात्पर्य यही नै हो।

भगवान् श्रीपशुपतिनाथको श्रीविग्रह दुई भागमा विभक्त छ- १- प्रतिष्ठापित षण्मुखी लिङ्ग २- लिङ्गको शिरमा निर्माण गरिने श्रीयन्त्र। श्रीयन्त्र श्रीपशुपतिनाथको श्रीविग्रहको एक अभिन्न अङ्ग हो। यस प्रकारको षण्मुखी लिङ्ग र श्रीयन्त्रको संयुक्त श्रीविग्रह विश्वमै अद्वितीय, अनुपम एवं घनीभूत शक्तिकेन्द्रको रूपमा रहेको छ। भगवान् श्रीपशुपतिनाथ आफ्ना अभिन्न षट्शक्तिका माध्यमबाट सदैव सर्वत्र लीलारत हुनुहुन्छ। षड्वक्त्र श्रीपशुपतिनाथका छ मुख, तिनका अभिन्न शक्ति, ती शक्तिका अधिष्ठात्रीदेवी र पञ्चमहाभूतका अधिष्ठान यसप्रकार छन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वक्त्र	कृत्य	अधिष्ठात्रीदेवी	तत्त्व
सद्योजात	क्रिया	कुब्जिका	पृथ्वी
वामदेव	ज्ञान	सिद्धेश्वरी(गुह्यकाली)	जल
अघोर	इच्छा	निशेश्वरी(दक्षिणकाली)	तेज
तत्पुरुष	आनन्द	पूर्णेश्वरी(भुवनेश्वरी)	वायु
ईशान	चित्	कामेश्वरी(त्रिपुरसुन्दरी)	आकाश
कालाग्निरुद्र	विश्रान्ति	वज्रेश्वरी	………

यी शक्तिहरूले नै परमेश्वरका सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चकृत्य सम्पादन गर्दछन्। यही षण्मुखी लिङ्गको शिरमा श्रीचक्र निर्माण गरी अधिष्ठात्रीदेवी श्रीराजराजेश्वरी महात्रिपुरसुन्दरीको अर्चना गरिन्छ। श्रीचक्र चार ऊर्ध्वमुख शिवकोण र पाँच अधोमुख शक्तित्रिकोण गरी जम्मा नौ त्रिकोणहरूको संयोगबाट बन्दछ। श्रीचक्रको मध्यत्रिकोणको बीचमा अवस्थित बिन्दु षोडशी हुन्। यस बिन्दुमा महाकामेश्वर-महाकामेश्वरी अर्थात् शिवशक्ति यामलरूपमा विराजमान छन्। यसबाहिरका अरू आठ आवरण शक्तिहरू यिनै पराशक्तिको निर्देशनमा आवर्तन गरिरहन्छन्। षोडशी भने निश्चल एवं कालातीत अमृतस्वरूप रहन्छिन्।

वेदमा रुद्रदेवलाई पशुप्राणीका रक्षक, धनुषधारी वज्रहस्त, पार्थिव र अपार्थिव दुवै रूपका दिव्य शक्तिसम्पन्न, बिजुली, पानी, मरुत्का अधिनायक, रोगव्याधिका हरणकर्ता, महौषधिका ज्ञाता, समाजका पालक र पोषणकर्ता, शत्रुविजयकर्ता, सुवृष्टि एवं सुभिक्ष प्रदान गर्ने देवताका रूपमा वर्णन गरिएको छ। चारवटै वेदहरूले भगवान् शिवको विशेष स्तुतिगान गरेका छन्।

पशुपति महाज्योतिर्लिङ्गको प्राकट्य सृष्टिको आदिकालमा नै भएको प्रसङ्ग स्कन्दपुराणको हिमवत्खण्डमा बताइएको छ। उक्त प्रसङ्गअनुसार ब्रह्मा र विष्णु एक आपसमा आफूलाई नै जगत्को आदिकारण मानेर स्वयंलाई नै ठूलो देखाउन लागेको वेलामा त्यहाँ एउटा ज्योतिर्लिङ्ग प्रकट हुन्छ र आकाशवाणी हुन्छ– "जसले यो ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाउन सक्छ त्यही महान् हो "। त्यसपछि ब्रह्मा ज्योतिर्लिङ्गको माथितिर र विष्णु ज्योतिर्लिङ्गको मूलतिर अन्त्य पत्ता लगाउन जानुहुन्छ तर दुवैले ज्योतिर्लिङ्गको आदि एवं अन्त्य पत्ता लगाउन सक्नुहुन्न। ब्रह्माले आफूलाई ठूलो देखाउन ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाउन नसके तापनि ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाएको भनेर साक्षीको रूपमा गाई र केतकी फूललाई ल्याउनुहुन्छ। गाई र केतकी फूलले ब्रह्माको मिथ्यावाणीको साक्षी बसेका कारण भगवान् शिवबाट श्राप पाउँछन्। त्यसका साथै ब्रह्माजीलाई पनि कहीँ पनि पूजा नहुने श्राप हुन्छ। पुष्करतीर्थ अपवादको रूपमा रहेको छ। विष्णुलाई भने सत्य बोलेकाले सर्वश्रेष्ठ हुने वरदान प्राप्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि स्कन्दपुराण हिमवत्खण्डअनुसार ब्रह्मा र विष्णु दुवैले भगवान् शिवको स्तुति गर्नुहुन्छ। त्यस स्तुतिबाट प्रसन्न भएका भगवान् शङ्करले विशाल ज्योतिर्लिङ्गभित्र प्रादेश (फैलिएको बूढी औँलाको टुप्पोदेखि चोर औँलाको टुप्पोसम्मको नापो) मात्रको अर्को ज्योतिर्लिङ्गलाई प्रकट गरिदिनुहुन्छ। त्यो ज्योतिर्लिङ्ग कुनै पनि भौतिक पदार्थबाट निर्मित थिएन, केवल तेजोमय ज्योतिर्लिङ्ग थियो। त्यस ज्योतिर्लिङ्गलाई देखेर ब्रह्मा र विष्णुले स्तुति गर्नुहुन्छ। यसरी स्तुति गर्दा त्यस ज्योतिर्लिङ्गभित्र गौरीशङ्करले संयुक्त दर्शन दिनुहुन्छ। फेरि पनि ब्रह्मा र विष्णुले स्तुति गर्दा भगवान् शङ्करले आफ्नो षड्वक्त्रस्वरूप भएको दुई हात प्रमाणको पशुपतिस्वरूपको दर्शन दिनुहुन्छ। यस्ता षड्वक्त्र भगवान् श्रीपशुपतिनाथले आफू आत्मस्वरूप सबैको प्रेरक भएको, सबैतिर ओतप्रोत भएको बताउनुहुन्छ। सबैतिर व्यापक भए तापनि दीपलाई अन्धो व्यक्तिले जसरी देख्न सक्तैन, त्यस्तै आफूलाई पनि भक्ति नगर्ने तामसी पुरुषले जान्न सक्तैन भनेर बताउनुहुन्छ। सत्ययुगदेखि नै नेपालमा विराजमान भगवान् श्रीपशुपति महाज्योतिर्लिङ्गमा द्वापरयुगको अन्त्यतिर पञ्चपाण्डवको प्रसङ्गद्वारा प्रकट भएको श्रीकेदारनाथको शिरोभाग समाविष्ट भएको हो।

छवटा वक्त्रको समष्टिस्वरूपमा भगवान् श्रीपशुपतिनाथलाई सबै सम्प्रदायहरूले समान आस्था एवं श्रद्धाभक्तिपूर्वक पूजाअर्चना गर्दछन्। बौद्ध धर्मावलम्बीहरू भगवान् श्रीपशुपतिनाथलाई अवलोकितेश्वरका रूपमा पूजाअर्चना गर्दछन् भने जैन धर्मावलम्बीहरू पनि जैन तीर्थङ्कर भगवान् श्रीमहावीरको प्रतिमा पशुपतिपरिसरमा प्रतिष्ठापित गरी सबै तत्त्वका समष्टि अधिष्ठाता भगवान् श्रीपशुपतिनाथलाई पुज्दछन्। यसै गरी गुरु नानकदेवले पशुपतिमा आई तपस्या गरेको मान्यता रहेको तथा सिख धर्मावलम्बीहरूको निर्मल अखाडा र उदासी अखाडा पशुपतिक्षेत्रमा सञ्चालित भइरहेका हुँदा भगवान् श्रीपशुपतिनाथलाई सिख धर्मावलम्बीहरूले पनि आफ्नो आस्थाको केन्द्रका रूपमा मानिआएको कुरा स्पष्ट हुन्छ। यसरी भगवान् श्रीपशुपतिनाथ सबै सम्प्रदायहरूको समन्वयबिन्दुका रूपमा नेपालमा प्रतिष्ठापित हुनुहुन्छ र सबै साधकहरूका साझा आस्थाकेन्द्र र आराध्यदेवका रूपमा पूजित हुनुहुन्छ। त्यसका साथै पशुपतिक्षेत्र हिन्दूहरूका लागि परम धार्मिक तीर्थ र समस्त मानवजातिका लागि सांस्कृतिक धरोहर पनि हो।

अहिलेभन्दा पाँच हजार वर्षअगाडि मानिएको सिन्धुघाटी सभ्यताका विषयमा अध्ययन गर्ने विद्वान्हरूले मोहेन्जोदाडोको उत्खननमा पाइएका करिब चार सयवटा मुद्रामा अङ्कित त्रिशीर्ष, योगासन (कूर्मासन)मा बसेको चित्रलाई भगवान् श्रीपशुपतिस्वरूप शिवको मूर्ति हो भनेका छन्। यस मूर्तिको घाँटीमा माला रहेको छ र दाहिनेपट्टि हात्ती र बाघका चित्रहरू देखिन्छन्। बायाँपट्टि गैँडा र महिषको रूप अङ्कित गरिएको छ भने आसनको तल मृग उभिइरहेको देखिन्छ। यस मुद्रामा अहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको वाहन नन्दी र शिवको शिरको प्रसिद्ध आयुध त्रिशूल चिह्न देखिएकोमा यो श्रीपशुपतिनाथकै पुरातन चित्राङ्कन हो भनी विद्वान्‌हरूले आफ्नो मत व्यक्त गरेका छन् ।

नेपालको इतिहासमा भगवान् श्रीपशुपतिनाथको महिमा पुरातन कालदेखि नै रहिआएको उल्लेख पाइन्छ। प्राचीनकालमा भारतवर्षलगायत मध्यपूर्व, मध्यएसिया, दक्षिणपूर्व एसियाका विभिन्न राष्ट्रहरूमा सनातन धर्मको प्रचलन रहेको हुनाले भगवान्‌का शिवलिङ्गहरू विभिन्न देशहरूमा प्रतिष्ठापित भइरहेको कुरा तात्कालिक अभिलेखहरूले बताइरहेका छन् ।

ऐतिहासिक अभिलेखहरूको अध्ययन गर्दा वि.सं ५९० मा ध्रुवसङ्घद्वारा स्थापित शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेखबाट पशुपतिक्षेत्रको विषयमा जानकारी पाइन्छ। पशुपतिक्षेत्रका प्राचीन शिवलिङ्गहरूमा शकसंवत् ३९९ (वि.सं. ५३५)को पशुपतिदेउपाटनमा रत्नसङ्घले स्थापना गरेको रत्नेश्वर, पशुपति देउपाटनमा रत्नसङ्घले शकसंवत् ४०२(वि.सं. ५३८)मा स्थापना गरेको प्रभुकेश्वर, पशुपति देउपाटनमा शकसंवत् ४०७ (वि.सं.५४३)मा विमलसङ्घले स्थापना गरेको शिवलिङ्ग, पशुपति देउपाटन पञ्चदेवलमा शकसंवत् ४१० (वि.सं. ५४५)मा स्थापना गरिएको शिवलिङ्ग, पशुपति सूर्यघाटमा राजकुमारी विजयवतीले शकसंवत् ४२७ (वि.सं. ५६३) मा स्थापना गरेको विजयेश्वर, पशुपति भस्मेश्वरमा ध्रुवसङ्घले शकसंवत् ४५५(वि.सं.५९०)मा स्थापना गरेका भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर एवं रवीश्वरहरू तथा देउपाटन वत्सला मन्दिर नजीकै आभीरीले शकसंवत् ४६२ (वि.सं.५९८)मा स्थापना गरेको अनुपरमेश्वर आदि उल्लेख्य छन् । यसअतिरिक्त पुर्खाका धरोहरको रूपमा रहेका अनगिन्ती प्राचीन शिवलिङ्गहरू पशुपतिक्षेत्रमा यत्रतत्र विद्यमान छन् ।

प्रयोजन

प्रस्तुत ग्रन्थको विषयवस्तु भगवान् श्रीपशुपतिनाथ एवं उहाँको प्राकट्यभूमि पाशुपतक्षेत्र हो । भगवान्‌को तात्त्विक स्वरूप र पञ्चकृत्यको वर्णन एवं व्याख्याद्वारा भक्तलाई मार्गदर्शन गर्नु तथा जिज्ञासुको जिज्ञासा समाधान गर्नु यस ग्रन्थको प्रयोजन हो भने सामान्य भक्त, ज्ञानी भक्त, तत्त्व-जिज्ञासु, कर्म-भक्ति-ज्ञान तीनै मार्गमा प्रवृत्त साधक, धर्म, इतिहास, संस्कृतिका अनुसन्धाता, अन्वेषक र नेपाल राष्ट्रको गौरवगाथा तथा माहात्म्यमा अभिरुचि राख्ने व्यक्तिका साथै अन्य सामान्य पाठकहरूलाई पनि यो ग्रन्थ उपयोगी हुनसक्छ। त्यसै गरी देशविदेशका धर्मानुरागी भक्त, सृष्टिप्रक्रियाका तात्त्विक जिज्ञासु र ज्ञानविज्ञानका चिन्तक तथा धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थका साधकहरूलाई पनि यो ग्रन्थ महत्त्वपूर्ण हुनसक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थनिर्माण

यस ग्रन्थको निर्माणको पूर्वाभ्यासका रूपमा वि.सं २०४४ फागुन ९ गतेदेखि ११ गतेसम्म पशुपति क्षेत्र विकास कोषको अनुरोधमा तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयद्वारा श्रीपशुपतिनाथको दार्शनिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक विषयमा गोष्ठी आयोजना गरी विद्वान्हरूबाट कार्यपत्र प्रस्तुत भएको अवसरलाई लिन सकिन्छ। उक्त गोष्ठीमा त्यस समयका विद्वान्हरू- विद्यानाथ उपाध्याय भट्ट, गोपालनिधि तिवारी, बाबुराम पोखरेल, बुद्धिसागर पराजुली, दुर्गाप्रसाद दवाडी, जगदीशचन्द्र रेग्मीका कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। **ते हि नो दिवसा गताः** भनेर्झैं पैंतीस वर्षसम्मको समय यसै बितेछ। त्यसैले धेरै वर्षको अन्तराल भए तापनि ती कार्यपत्रहरूलाई समेत समावेश गरेर अहिले चौसट्ठीओटा महत्त्वपूर्ण लेखहरूलाई समेटी यस ग्रन्थको प्रकाशन गरिएको छ। यी कार्यपत्र प्रस्तोताहरूमध्ये गोपालनिधि तिवारी, बाबुराम पोखरेल, बुद्धिसागर पराजुली तथा दुर्गाप्रसाद दवाडीको देहावसान भइसकेको छ। उहाँहरूको आत्माको चिरशान्तिको कामना !

अति विशिष्ट एवं अद्वितीय धरोहरको तात्त्विक स्वरूप, व्यावहारिक क्रियाकलाप र ऐतिहासिक विकासक्रमलाई लिपिबद्ध गरी भगवान्‌को महिमाबोध गराउने र नेपालराष्ट्रको गौरवमय इतिहास देशविदेशमा बोध गराउन यो ग्रन्थ प्रकाशन गर्ने निर्णय भएपछि विभिन्न क्षेत्रका ख्यातनामा विद्वान्हरूलाई लेखरचनाका लागि अनुरोध गरिएको थियो। भगवान् श्रीपशुपतिनाथ सम्बन्धी विभिन्न विधाहरूमा केन्द्रित रहेर लेखिदिनुहुन उहाँहरूलाई पत्रद्वारा नै अनुरोध गरियो। दिवङ्गत विद्वान्हरूको लेखरचनालाई पनि समावेश गर्ने दृष्टिकोणले पूर्वप्रकाशित त्यस्ता लेखरचनाहरूलाई पनि साभार गरेर यस ग्रन्थमा समावेश गरिएको छ।

उपलब्ध लेखहरूलाई माथि उल्लेख गरेबमोजिम ती लेखहरूमा अन्तर्निहित प्रकृति, विषयवस्तु, भाव एवं लक्ष्यार्थलाई मनन गरी अध्यात्म साधनाको सोपानक्रमअनुरूप कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डसँग सामञ्जस्य राख्ने तत्त्वदर्शन, उपासना र इतिहास-संस्कृति गरी तीन खण्डको व्यवस्था यस ग्रन्थमा गरिएको छ। तत्त्वदर्शन खण्डमा भगवान् श्रीपशुपतिनाथको स्वरूपलक्षण, महिमा, प्राकट्य, प्रख्याति, वैशिष्ट्यसँग सम्बद्ध स्वरूपहरू, प्रभाव, गुण, परिवार एवं गण आदि विषयहरू वर्णन गरिएका छब्बीसवटा लेखहरू समावेश गरिएका छन्। उपासनाखण्डमा उपासनाका विविध विधि र पद्धतिहरू समेटिएका अठारवटा लेखहरू समावेश गरिएका छन्। ग्रन्थको इतिहास-संस्कृति खण्डमा ऐतिहासिक कालखण्डहरूमा भगवान्‌को मन्दिर र पशुपति क्षेत्रको निर्माण, विकास, व्यवस्था संरक्षण कार्यहरू र संलग्न व्यक्ति तथा संस्थाहरूको चर्चा गरिएका एक्काईसवटा लेखहरू समाविष्ट छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौरस्त्य वाङ्मयमा चौसट्ठी सङ्ख्याको एउटा विशिष्ट महत्त्व रहिआएको छ। देवीदेवताको पूजाआराधनामा पञ्चोपचारदेखि लिएर चौसट्ठी उपचारसम्मको प्रावधान हुनु र त्यसमा चौँसट्ठी उपचारले राजोपचारको रूपमा मान्यता पाउनु, चौसट्ठी कलाको गणना गरिनु, चौसट्ठी योगिनीको मान्यता रहनु आदिले चौसट्ठी सङ्ख्याको महत्त्व देखाउँछन्। नेपालमा चौसट्ठी शिवलिङ्गहरू विद्यमान छन् र तिनीहरूको विधिवत् पूजाआजा गरी लिङ्गयात्रा गर्ने परम्परा युगौँदेखि चलिआएको छ। त्यसै गरी शम्भुको मत भनी चौसट्ठी वर्णहरूको उल्लेख व्याकरणका ग्रन्थहरू एवं शैव-शाक्त आगमहरूमा पाइन्छन्। सम्पूर्ण भारतवर्षलाई विष्णुक्रान्ता, रथक्रान्ता र अश्वक्रान्ता गरी तीनवटा क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रमा चौसट्ठी तन्त्रहरूको प्रचलन रहेको उल्लेख पाइन्छ। त्यसै गरी अद्वैत शैवमतका प्रवर्तक चौसट्ठी भैरवागमहरूको उल्लेख पाइन्छ। यी विविध तथ्यहरूले चौसट्ठी सङ्ख्याको महत्त्वलाई दर्शाउँछन्। अतः यिनै आधारमा प्रस्तुत ग्रन्थमा तत्त्वदर्शन, उपासना र इतिहास-संस्कृति खण्डअन्तर्गत जम्मा चौसट्ठीवटा लेखहरू समावेश गरिएका हुन्।

यिनै विशेषताहरूका कारणले प्रसिद्ध सिद्ध एवं साधु महात्माहरू, जस्तै शिवपुरीबाबा, खप्तडबाबा, श्यामचेतनबाबा, गोपालबाबा, योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य, रामनाथ अघोरी आदि महात्माहरूले आफ्नो लोकयात्राको अन्तिम कालखण्ड पशुपतिक्षेत्रमा नै व्यतीत गर्नुभएको थियो। यस्ता विश्वप्रसिद्ध सिद्ध एवं महात्माहरूले लोकयात्राको अन्तिम चरणको रूपमा पशुपतिक्षेत्रलाई चयन गर्नुभएकोले पशुपतिक्षेत्रलाई साधनाको पूर्णाहुतिको रूपमा रहेको मान्न सकिन्छ। भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रको उपर्युक्त महत्त्वलाई दृष्टिगत गरी यस महत्त्वपूर्ण ग्रन्थको प्रणयन गरिएको हो।

ग्रन्थकलेवर तथा ग्रन्थको नामकरण

यस ग्रन्थमा भगवान् श्रीपशुपतिनाथका विषयमा स्तुतिखण्ड, तत्त्वदर्शन, उपासना र इतिहाससंस्कृतिसम्बन्धी लेखहरूको सङ्ग्रह गरिएको र भगवान् श्रीपशुपतिनाथको बहुपक्षीय अध्ययन प्रस्तुत हुन बाँकी भएको हुँदा ग्रन्थको शीर्षकको चयन गर्दा भगवान् श्रीपशुपतिनाथ विचार विमर्शजस्ता पदावलीहरू राख्नुपर्ने हो कि भन्ने विषयमा समेत छलफल भएको हो। परन्तु यस विषयमा जेजति सूक्ष्म एवं बृहत् कार्य भए तापनि उहाँकै चरणकमलमा समर्पित हुने भएकाले ग्रन्थको शीर्षक **भगवान् श्रीपशुपतिनाथ** नै रहन गएको छ।

ग्रन्थको शीर्षकमा रहेको **भगवान्** शब्द ऐश्वर्य, धर्म, यश, लक्ष्मी, वैराग्य र मोक्षरूप षडैश्वर्यले युक्त भन्ने अर्थ बुझाउने विशेषणबोधक शब्द हो भने **श्री** शब्द पशुपतिनाथको अभिन्न शक्ति कामेश्वरीको पर्याय हो। जसरी आगो र आगोको पोल्ने शक्तिलाई कहिल्यै अलग गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिँदैन, त्यसरी नै पशुपतिनाथ र उनको पराशक्ति अभिन्न रहने भएकाले पराशक्ति कामेश्वरीको पर्यायबोधक श्री शब्दलाई पशुपतिनाथ शब्दका साथ जोडिएको हो। **पशुपति** शब्दले ब्रह्मादेखि स्थावरपर्यन्त चेतनाले युक्त पशुहरूका स्वामी भन्ने अर्थ बुझाउँछ। पशुपति शब्दसँग जोडिएर आएको **नाथ** शब्द पतिहरूका पनि पति भन्ने अर्थलाई बुझाउने शब्द हो। श्रुतिले पनि **पतिं पतीनां परमं परस्तात्** *(श्वेताश्वतरोपनिषत्- ३)* भनी यही कुरालाई सङ्केत गरेको छ।

ऋषि, महर्षि, आचार्य, भक्त एवं सन्तहरूले स्तुतिको माध्यमबाट आफ्ना इष्टदेवप्रति अनन्य भक्ति प्रकट गरेको हुनाले भक्तिमार्गका लागि यस ग्रन्थको प्रारम्भमा स्तुतिखण्डलाई स्थान दिइएको छ। रुद्रसूक्त श्वेताश्वतरोपनिषत्को पशुपतिस्तुति, महाभारतको द्रोणपर्वमा श्रीकृष्ण र अर्जुनले संयुक्त रूपमा गरेको भगवान् श्रीपशुपतिनाथको स्तुति, महर्षि वशिष्ठविरचित दारिद्र्यदहन शिवस्तोत्र, उपमन्युविरचित पशुपतिस्तुति, जगद्गुरु श्रीशङ्कराचार्यविरचित वेदसारशिवस्तोत्र र श्रीशिवापराधक्षमापनस्तोत्र, महाकवि कालिदासविरचित कुमारसम्भव महाकाव्यबाट उद्धृत शिवमहिम्नस्तव, पुष्पदन्तविरचित शिवमहिम्नस्तोत्रबाट उद्धृत पशुपतिस्तुति, स्वामी तुलसीदासविरचित श्रीरुद्राष्टक, महाकवि भारविविरचित किरातार्जुनीय महाकाव्यबाट उद्धृत किरातेश्वरस्तुति, सोमानन्दविरचित शिवदृष्टिबाट उद्धृत महेश्वरस्तुति, वसुगुप्तविरचित स्पन्दकारिकाबाट उद्धृत शङ्करस्तव, शैवाचार्य श्रीउत्पलदेवविरचित शिवस्तोत्रावलीबाट उद्धृत शिवस्तोत्र, महामहेश्वराचार्य अभिनवगुप्तविरचित भैरवस्तोत्र, अप्पय्यदीक्षितविरचित शिवशरणागति, नेपालकै अंशुवर्मा, प्रताप मल्ल, पार्थिवेन्द्र मल्ल, राधावल्लभ अर्याल, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, बालकृष्ण सम, नयराज पन्त आदिका स्तुतिहरू यस खण्डमा समावेश गरिएका छन्। स्तुतिखण्डपछि क्रमशः तत्त्वदर्शन, उपासना र इतिहास-संस्कृति खण्डमा तत्सम्बद्ध लेखहरू राखिएका छन्। त्यसपछि अनुसूचीखण्ड राखिएको छ। यस ग्रन्थमा बाह्रवटा अनुसूचीहरू राखिएका छन्। अनुसूची १ मा पाशुपतसूत्र, अनुसूची २ मा श्रीमच्छङ्कराचार्यविरचित पशुपतिपूजाविधानम्, अनुसूची ३ मा धनशमशेर ज.ब.रा.द्वारा लिखित पाशुपतदीक्षा शीर्षकको लेखको परिपूरक अंश, अनुसूची ४ मा पशुपतिक्षेत्रमा अग्निहोत्र परम्परासम्बन्धी लेख, अनुसूची ५ मा पशुपतिक्षेत्रको भौतिकस्वरूप र मूर्तसम्पदाहरूसम्बन्धी लेख, अनुसूची ६ मा वैदिक सनातन धर्ममा आरतीको महिमा शीर्षकको लेख, अनुसूची ७ मा पशुपतिक्षेत्रको (९x९=८१) वास्तु व्यवस्था र नौ जातीय (ग्वलः) परम्परासम्बन्धी लेख, अनुसूची ८ मा पशुपतिक्षेत्रको गोरक्षपीठ शीर्षकको लेख, अनुसूची ९ मा यस ग्रन्थका लेखक, सम्पादक, अनुवादक तथा प्रकाशनमा व्यवस्थापकहरूको सङ्क्षिप्त परिचय, अनुसूची १० मा यस ग्रन्थको प्रकाशनमा श्रद्धावनत आर्थिक सहयोगीहरूको नामावली राखिएको छ। अनुसूची ११ मा भगवत्प्रपन्न सहयोगीहरू, अनुसूची १२ मा श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको सङ्क्षिप्त परिचय र परिशिष्टमा पशुपतिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं पशुपति क्षेत्रसँग सम्बद्ध चित्रावली समावेश गरिएको छ। यसमा चित्रहरूको चयन गर्दा नित्यनैमित्तिक पूजा, जात्रा पर्वहरूसम्बन्धी झलकहरूलाई र त्यससँग सम्बन्ध राख्ने जिम्मेवार व्यक्ति-विशेष एवं समूहका चित्रहरू समेत राखिएका छन्। त्यसै गरी भगवान्का गण, परिवार, एवं अन्य देवी-देवताहरू, तीर्थस्थल, सांस्कृतिक एवं पुरातात्त्विक स्मारकहरू, प्राचीन ढुङ्गेधारा, कुण्ड, मठमन्दिरहरूलाई पनि समावेश गरिएको छ।

सम्पादकीय दृष्टिकोणले हेर्दा लेखकहरूको मौलिक विचारलाई यथास्थितिमै राखिएको छ। ग्रन्थको प्रस्तुतीकरणतर्फ भित्री गाता पृष्ठपछि सर्वप्रथम पशुपति सूर्यघाटमा अवस्थित राजा मानदेवकी छोरी विजयवतीले स्थापना गरेको शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेखको एक पद्यलाई राखिएको छ। **श्रीमहेश्वराय नमः** उल्लेख गरिएको यो अभिलेख भगवान् श्रीपशुपतिनाथ मन्दिरको नजिकै सूर्यघाटमा अवस्थित छ। यस अभिलेखको पद्यलाई नेपालमा अहिलेसम्म प्राप्त भगवान् श्रीमहेश्वरको स्तुति भएको प्राचीनतम अभिलेखहरूमध्ये एक मानिएको छ। यस स्तुतिपछि ऋषि, मुनि, आचार्य, भक्त एवं कविहरूद्वारा रचित स्तुतिहरूलाई समावेश गरिएको छ।

आद्यशङ्कराचार्यले वैदिक सनातन धर्मको पुनरुत्थान, पुनर्जागरण, चारै वेदको अध्ययन, अध्यापन एवं अनुसन्धानका लागि चार मठहरूको स्थापना गरी आफ्ना चारजना पट्ट शिष्यहरूलाई चारै मठहरूको मठाधीश नियुक्त गर्नुभयो। त्यसका साथै समग्र भारतवर्षलाई लक्ष्य गरी उहाँले भारतको चारै दिशामा चार वेदअनुसार चार आम्नायका रूपमा चारवटा पीठहरूको स्थापना गर्नुभयो। वैदिक सनातन धर्मपरम्परामा प्रचलित आआफ्नो इष्टदेवअनुसार फरक फरक सम्प्रदायका रूपमा उपासना गरिने शैव, शाक्त, वैष्णव, गाणपत्य र सौर सम्प्रदायलाई समन्वय गरी पाञ्चायतन पूजापद्धति प्रारम्भ गर्नुभयो, जुन अद्यावधि प्रचलित छ। त्यसै गरी श्रीपशुपतिनाथको पूजापद्धतिलाई व्यवस्थित गर्न **पशुपतिपूजाविधानम्** नामक ग्रन्थसमेत प्रणयन गरेको देखिन्छ। उहाँका यी सबै योगदानलाई दृष्टिगत गरी प्रस्तुत ग्रन्थमा आद्यशङ्कराचार्यको चित्र राखिएको हो। यसका साथै अन्य जगद्गुरु शङ्कराचार्यका चित्रहरू पनि राखिएका छन्। यस ग्रन्थका लागि गोवर्द्धन मठका मठाधीश जगद्गुरु शङ्कराचार्य स्वामी निश्चलानन्द सरस्वती, शृङ्गेरी मठका मठाधीश जगद्गुरु शङ्कराचार्य भारती तीर्थ, ज्योतिर्मठाधीश्वर तथा द्वारकाशारदापीठाधीश्वर जगद्गुरु शङ्कराचार्य स्वरूपानन्द सरस्वती महाराजको शुभाशंसा प्राप्त भएको छ। उक्त शुभाशंसाबाट हामी अनुगृहीत भएका छौं।

यसै बीचमा जगद्गुरु स्वरूपानन्द सरस्वती ब्रह्मलीन हुनुभयो। यस ग्रन्थ निर्माणको प्रारम्भिक अवस्थादेखि नै उहाँबाट आशीर्वाद एवं निर्देशन प्राप्त भएअनुरूप यो ग्रन्थ यस रूपमा प्रस्तुत हुनसकेको हो। यस ग्रन्थको प्रारूप (डमी) तयार भएपछि वृन्दावनमा पुगेर उहाँमा अर्पण गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँबाट ध्यानपूर्वक अवलोकन गरी प्रकाशनका लागि अनुमोदनस्वरूपको अनुग्रह प्राप्त भएको हो। तसर्थ ब्रह्मलीन जगद्गुरु स्वरूपानन्द सरस्वतीको शिवसान्निध्यका लागि भगवान् श्रीपशुपतिनाथसँग प्रार्थना गर्दछौं । साथै उहाँप्रति कृतज्ञ रही उहाँको चित्रलाई यस ग्रन्थमा समावेश गरेका छौं । वर्तमानमा उहाँको उत्तराधिकारीको रूपमा रहनुभएका द्वारका मठका मठाधीश जगद्गुरु शङ्कराचार्य सदानन्द सरस्वती र ज्योतिष् मठका मठाधीश जगद्गुरु शङ्कराचार्य अविमुक्तेश्वरानन्द सरस्वतीहरूको चित्रलाई पनि यस ग्रन्थमा समावेश गरेका छौं ।

ग्रन्थलाई पूर्णता दिने प्रयास गर्दागर्दै पनि कतिपय कुरामा अपूर्णताको महसूस हुने रहेछ। त्यसैले यस ग्रन्थमा भगवान् श्रीपशुपतिनाथका विविधपक्षको विषयमा अनुसन्धान गरिएका लेखहरूलाई समावेश गर्ने गुरुतर उद्देश्यलाई अवलम्बन गर्दागर्दै पनि शक्तिपीठ माता श्रीगुह्येश्वरीका विषयमा भने यस ग्रन्थमा थोरै मात्र चर्चा चलाउन सकिएको छ। यस पटकको ग्रन्थमा देखिएका कमीहरूलाई ध्यानमा राख्दै माता गुह्येश्वरीको विषयमा पृथक् ग्रन्थको प्रणयन गर्ने कार्यक्रम रहेको जानकारी पाठकहरूमा अवगत गराउँछौं। यसमा सम्पादकीय आँखाले हेर्दा कतिपय शब्दहरूको प्रयोगमा एकरूपता कायम गर्न सकिएको छैन र पादटिप्पणीहरू पनि एकैनासका छैनन् । यसमा पाठकहरूले विवेक गर्नुहुने नै छ । अहिलेलाई सम्पादकहरूको कार्यको सीमाका बारेमा यत्ति नै !

यस ग्रन्थको प्रारूप तयार पार्ने अवस्थादेखि लिएर सम्पादन कार्यमा समेत सहयोग पुऱ्याउनुभएका यस प्रतिष्ठानका विद्वत्परिषद् सदस्य प्रा.डा. मुकुन्दराज अर्यालको र यस ग्रन्थका लागि लेखहरू एवं अन्य आवश्यक स्रोतहरूको सङ्कलन गर्नुका साथै सम्पादन कार्यमा समेत महत्त्वपूर्ण योगदान दिनुभएका यस प्रतिष्ठानका पूर्वउपाध्यक्ष जीवनचन्द्र कोइरालाको पनि यस ग्रन्थ प्रकाशनपूर्व असामयिक देहावसान भएकाले उहाँहरूले ग्रन्थका निमित्त पुऱ्याउनुभएको योगदानप्रति हामी कृतज्ञता अर्पण गर्दछौं ।

परब्रह्म परमात्माबाहेक अरू कोही अच्युत हुने होइन, प्रयास गर्दागर्दै पनि यस ग्रन्थमा कतिपय कमी कमजोरीहरू रहेका हुन सक्छन्, यसलाई विद्वान् पाठकवर्गले जानकारी गराइदिनुभएमा आगामी संस्करणमा परिमार्जन गरी प्रस्तुत गरिने बेहोरा पनि निवेदन गर्दछौं । शिवम् ।

सम्पादक मण्डल

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

वि.सं. २०८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥
-महाकवि कालिदास

भगवान् श्रीपशुपतिनाथको महिमा विश्वभरिका हिन्दूहरूका लागि प्रसिद्ध छ। नेपालमा राष्ट्रदेवको रूपमा पूज्य एवं आराध्य भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रको महिमाको वर्णन वेद, उपनिषत्, पुराणलगायत आर्ष ग्रन्थहरूमा पाइन्छ। स्कन्दपुराणको हिमवत्खण्डमा भगवान् श्रीपशुपतिनाथ सृष्टि प्रारम्भ हुनुभन्दा अगाडि नै आदि ज्योतिर्लिङ्गको रूपमा प्रकट भएको वर्णन पाइन्छ। उक्त ज्योतिर्लिङ्गलाई केदारनाथ ज्योतिर्लिङ्गको शिरोभाग मानेर पूजिने विशिष्ट परम्परा रहनुले श्रीपशुपतिनाथको महिमामा अझ वृद्धि भएको छ। विश्वभरिका हिन्दूहरूका लागि अन्य शिवालय र ज्योतिर्लिङ्गहरूको दर्शनपश्चात् भगवान् श्रीपशुपतिनाथको दर्शन नगरेसम्म तीर्थयात्रा अनुष्ठान विधिवत् समापन नहुने मान्यता समाजमा रहिआएको छ।

भगवान् श्रीपशुपतिनाथको पौराणिक, ऐतिहासिक, आध्यात्मिक र सांस्कृतिक महत्त्व, तान्त्रिक एवम् वैदिक अर्चना परम्परा, मन्दिर निर्माण कला, पर्व, पूजा र जात्रा, भट्ट-भण्डारीलगायत रै-रकमीको व्यवस्था एवम् परम्परा, दर्शनक्रम आदि अद्वितीय, अनुपम एवं विशिष्ट पक्षहरूका कारण समस्त हिन्दूहरूका लागि श्रीपशुपतिनाथको दर्शन जीवनमा एकपटक गर्नै पर्ने विशिष्टातिविशिष्ट तीर्थ रहिआएको छ। भगवान्का भक्त, साधक एवं विविध पक्षका अध्येताका लागि आज पनि भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रका कतिपय पक्षहरू दुरूह नै रहेका छन्। यस स्थितिलाई मनन गरी विशिष्ट विद्वान्हरूको विशद अनुसन्धानमूलक लेखरचनाहरूको माध्यमबाट यी पक्षहरूको सम्बन्धमा जिज्ञासु भक्तजन र साधकहरूको जिज्ञासा निवारणका लागि यस ग्रन्थको प्रकाशन गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रका बारेमा धेरै विद्वान्‌हरूले आ-आफ्नो कलम चलाउनुभएको पाइन्छ। प्रा.डा. क्षितीशचन्द्र चक्रवर्ती, कुलचन्द्र कोइराला, डा. जगदीशचन्द्र रेग्मी, डा. गोविन्द टण्डन, प्रा. डा. बाबुराम पोखरेल, प्राज्ञ ज्ञानमणि नेपाल, प्रा. डा. चूडानाथ भट्टराय, प्रा. शिवगोपाल रिसाल, प्रा. डा. दुर्गाप्रसाद दवाडी, लोकनाथ आचार्य आदि विद्वान्‌हरूले श्रीपशुपतिनाथका बारेमा अनुसन्धान गरी पुस्तक तयार गरेर श्रीपशुपतिनाथको महत्तालाई प्रकाशित गर्ने कार्य गर्नुभएको छ। श्रीपशुपतिनाथसम्बन्धी विभिन्न पक्षका बारेमा थप अनुसन्धानको आवश्यकताको बोध भएकोले पशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाएर देशभरि नै हिन्दूधर्म, संस्कृति, परम्पराको संरक्षण, संवर्द्धन गर्ने मूल उद्देश्यका साथ स्थापित र सञ्चालित श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले यो ग्रन्थ प्रकाशन गरेको हो।

यस ग्रन्थमा नेपालका लब्धप्रतिष्ठ विद्वान्, साधक एवं शोधकर्ताहरूले श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रका विविध पक्षहरूमा गहन अध्ययन र अनुसन्धान गरी लेखेका लेखहरूलाई सङ्ग्रह गरिएको छ। विद्वान् लेखकहरूले विषयको गाम्भीर्य, महत्ता र तत्त्वको गहन विवेचना र विश्लेषण गरी आ-आफ्नो अनुभूति, ज्ञान, सीप, क्षमता, धारणा, कौशलअनुरूप प्रत्येक लेखलाई पठनीय र मननीय बनाउनुभएको छ। यस दृष्टिले प्रस्तुत ग्रन्थमा सङ्ग्रहित लेखहरू आफैँमा विशिष्ट महत्त्वका छन्। प्रस्तुत ग्रन्थमा नयाँ रचनाहरू र केही पूर्व प्रकाशित लेखहरू गरी जम्मा चौसट्ठीवटा लेखहरू सङ्कलन गरी मालास्वरूप आराध्यदेव उनै भगवान् श्रीपशुपतिनाथमा श्रद्धाभक्तिपूर्वक समर्पण गरिएको छ।

यस ग्रन्थको निर्माण गर्ने अभिप्रेरणा हामीलाई भगवान् श्रीपशुपतिनाथको अनुग्रह एवं अनुकम्पाबाट प्राप्त भएको मानेका छौँ। ग्रन्थका लागि शुभाशीर्वाद दिनुहुने गोवर्द्धनमठाधीश्वर, श्रृङ्गेरीमठाधीश्वर तथा ज्योतिर्मठाधीश्वर एवं द्वारकाशारदापीठाधीश्वर जगद्गुरु शङ्कराचार्यहरूप्रति सभक्ति कृतज्ञता अर्पण गर्दछौँ। यो ग्रन्थ तयार गर्ने कार्यमा मूलतः लेखकहरूको सहयोग र सद्भावको सर्वाधिक योगदान रहेको छ। उहाँहरूको तत्परता र निष्ठाको परिणामस्वरूप नै आज यस किसिमको राष्ट्रिय गौरवबोधक ग्रन्थ तयार हुन सकेको हो। तसर्थ सबै विद्वान् एवम् साधक लेखकवर्गमा सादर आभार व्यक्त गर्दछौँ।

त्यस्तै प्रतिष्ठानको विद्वत् परिषद्का समादरणीय सदस्यहरूबाट यस ग्रन्थको परिशोधन र परिष्कारमा अमूल्य सुझाव र मार्ग निर्देशन प्राप्त भएको छ। यस्तै कार्यसमितिका पूर्व र वर्तमान पदाधिकारी तथा सदस्यहरूले समयसमयमा यथोचित रायसुझाव र हौसला प्रदान गर्नुभएकोले नै यो ग्रन्थ यस रूपमा प्रकाशित हुन सकेको हो। यो ग्रन्थ प्रकाशनका लागि बीजधनका रूपमा महत्त्वपूर्ण धनराशि प्रदान गर्नुहुने यस संस्थाका मानार्थ सदस्य अमेरिका डालस निवासी श्रीडाबित्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य एवं श्रीमती प्रतिभा आचार्यलाई सो समर्पणका लागि सराहना व्यक्त गर्दछौं र उहाँहरूप्रति सदैव भगवान् श्रीपशुपतिनाथको अनुकम्पा भई उत्तरोत्तर उत्कर्ष प्राप्त भइरहोस् भन्ने कामना गर्दछौं। त्यसैगरी अन्य उदारमना दाताहरूको निष्काम एवं निःस्वार्थ सहयोगका लागि उहाँहरूप्रति पनि आभार व्यक्त गर्दछौं। ग्रन्थका लागि आवश्यक तस्विर सङ्कलनकार्यका संयोजक भोलाप्रसाद सिटौला, सहयोगी कुमार खतिवडा, सहयोगी बरुण खतिवडा, सहयोगी गौरीशङ्कर पराजुली र निश्चल चापागाईं तथा फोटो-ग्राफरहरू ओम यादव, कुशल विष्ट, सुमन डङ्गोल, राजेन्द्र महर्जन, अजयमान महर्जन र प्रसिद्ध महर्जनलाई पनि धन्यवाद दिन चाहन्छौं। यस ग्रन्थको आवरण डिजाइनमा आफ्नो श्रम, सीप र समय खर्चिने कलाकार दीपक मर्हजनको प्रयासका लागि उहाँलाई धन्यवाद दिन चाहन्छौं। त्यस्तै लेखरचना टाइप गर्ने भूमीश्वर पौडेल, हरिप्रसाद पौडेल, सरस्वती घिमिरे, राजु कठायत र ग्रन्थको आकृतिविन्यास गर्ने रमेश दाहाल धन्यवादका पात्र हुनुहुन्छ। ग्रन्थनिर्माणमा सहयोग गर्ने प्रतिष्ठानका तात्कालिक कार्यकारी निर्देशक रघुनाथ अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छौं। यसरी यस महत्त्वपूर्ण ग्रन्थको सम्पादन एवं प्रकाशनकार्य जनस्तरमा भक्तजनहरूको स्वःस्फूर्त प्राज्ञिक एवं आर्थिक सहयोग र सद्भावबाट सम्पन्न हुन सकेको हो। त्यसका लागि सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दछौं। उच्च कोटीको मुद्रणका लागि किशोर अफसेट प्रेस, काठमाडौंका अध्यक्ष श्री लक्ष्मीकिशोर श्रेष्ठ तथा प्रेसपरिवारलाई पनि धन्यवाद दिन चाहन्छौं। यो ग्रन्थमा छुटेका वा समावेश गर्न नसकिएका अझ कतिपय महत्त्वपूर्ण विषय र पक्षहरूको बारेमा आगामी दिनमा प्रकाशन गर्दै जाने विश्वास दिलाउँदै यस रूपमा प्रस्तुत गरिएको कार्यलाई सबै भक्तजन र साधकहरूले स्वीकार्नु हुनेछ भन्ने हामीले विश्वास लिएका छौं।

यस ग्रन्थमा सङ्गृहीत लेखका लेखकहरूलगायत सम्बद्ध अन्य सबैजना यस ग्रन्थको श्रेयभागी हुनुहुनेछ र कुनै कमीकमजोरी भएमा विनयपूर्वक त्यसको जिम्मेवारी भने हामी लिन चाहन्छौं। यस ग्रन्थको प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष सहयोग गर्ने सबैमा सादर कृतज्ञता ज्ञापन गर्दै प्रस्तुत ग्रन्थले आदरणीय पाठकवर्गको ज्ञानक्षुधालाई किञ्चित् मात्र पनि शान्त गर्न सक्यो भने हामीले आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। शिवसङ्कल्पमस्तु।

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

बलभद्रमार्ग, बानेश्वर, काठमाडौं–३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

खण्ड–१: स्तुति

१.	रुद्रसूक्तम्	३
२.	पशुपतिस्तुतिः	७
३.	दारिद्र्यदहनशिवस्तोत्रम्	९
४.	शिवस्तुतिः	१२
५.	पशूनां पतये नमः	१५
६.	पञ्चवक्त्रस्तुतिः	१८
७.	शिवषडक्षरस्तोत्रम्	२०
८.	वेदसारशिवस्तोत्रम्	२२
९.	श्रीशिवापराधक्षमापनस्तोत्रम्	२६
१०.	महेश्वरस्तुतिः	३१
११.	शङ्करस्तवः	३४
१२.	शिवस्तोत्रम्	३५
१३.	भैरवस्तोत्रम्	३९
१४.	श्रीरुद्राष्टकम्	४२
१५.	पशुपतये नमः	४५
१६.	शिवस्तवः	४७
१७.	शिवशरणागतिः	५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. शिवमहिम्नस्तवः ५५
१९. किरातेश्वरस्तुतिः ६०
२०. पञ्चवक्त्रस्तुतिः ६६
२१. शिवस्तुतिः ६७
२२. अर्धशौरीश्वरस्तुतिः ६८
२३. छत्रचण्डेश्वरस्तुतिः ७०
२४. रुद्रस्तुतिः ७१
२५. पशुपतिस्तुतिः ७२
२६. शिवस्तुतिः ७६
२७. ॐ नमः शिवाय ७७
२८. प्रभुः पशुपतिः ७९
२९. परमपशुपतिं नौमि नित्यं ८०
३०. ॐ नमः पशुपतये ८१
३१. महेशाष्टकम् ८२
३२. श्रीशङ्करप्रमाणिकाष्टकम् ८५
३३. शङ्करं तं नमामि ८८
३४. जय शम्भो ! शिव ! चन्द्रशेखर ! ८९
३५. वन्दे हे पशुका पते ! ९२
३६. शिव दिऊन् कल्याणको चुम्बन ९४
३७. पशुपते ९५

खण्ड– २: तत्त्व-दर्शन

१. यस्यैव मूर्त्यष्टकम् *–स्वामी आत्मानन्द गिरि* ९९
२. पशुपतितत्त्व *–उमेशप्रसाद घिमिरे* १०३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सर्वव्यापक रुद्र —कविराज न्यौपाने ११८
४. शिवपार्वती-महिमा —प्रा.डा. कार्तिकेय झा १२४
५. शब्दब्रह्म —प्रा. डा. कुलप्रसाद कोइराला १४१
६. साधकको दृष्टिमा पशुपतिनाथ —गिरिधारी भट्ट १६७
७. श्रीपशुपतिनाथ परब्रह्मतत्त्व —प्रा. गोपालनिधि तिवारी १७१
८. ब्रह्मविष्णुशिवात्मक श्रीविग्रह श्रीपशुपतिनाथ —पं. गोविन्द भट्टराई १७६
९. दार्शनिक पृष्ठभूमिमा पशुपति : एक अध्ययन —प्रा. चूडानाथ भट्टराय १८४
१०. ब्रह्मस्वरूप पशुपति —डा. चेतमणि न्यौपाने २०६
११. शिवतत्त्व-विमर्श —प्रा.चेतोनाथ गौतम २१२
१२. पाशुपतदर्शन —डा. जगमान गुरुङ २२६
१३. रुद्रदेवताको व्यापकता —दधिराज सुवेदी २३५
१४. पशुपति —प्रा. डा. दीर्घराज घिमिरे २३८
१५. सिद्धान्त शैवदर्शन —प्रा.डा. दुर्गाप्रसाद दवाडी २४४
१६. महादेव पशुपति —प्रा.डा. देवमणि भट्टराई २५५
१७. श्रीपशुपतिनाथको वर्णन —रथी धनशमशेर ज.ब.रा २६०
१८. आर्षवाङ्मयमा पशुपति —प्रेमहरि ढुंगाना २६७
१९. नकुलीश पाशुपतदर्शनमा पशुपतितत्त्व —प्रा. बुद्धिसागर पराजुली २७५
२०. ब्रह्मतत्त्वाभिन्न पशुपतिनाथतत्त्व र मूर्तिपूजा —प्रा.भवानीप्रसाद खतिवडा २८०
२१. माहेश्वरसूत्रस्थ नन्दिकेश्वरकृत दार्शनिक व्याख्याको अनुशीलन —भीमप्रसाद कण्डेल २९७
२२. पशुपतितत्त्व : एक विवेचन —स्वामी डा. रामानन्द गिरि ३१४
२३. प्राणकलायुक्त शिवरूप पशुपति —प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटा ३१९
२४. भगवान् श्रीपशुपतिको महिमा —शरत्कुमार भट्टराई ३२३
२५. शिवाद्वैतविचार —प्रा.शिवगोपाल रिसाल ३३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड– ३: उपासना

१.	श्रीचक्रको उपासना	–पं. कृष्णप्रसाद भट्टराई	३४७
२.	पुरुषोत्तमस्वरूप श्रीपशुपतिनाथ	–क्षितीशचन्द्र चक्रवर्ती	३६५
३.	भगवान् श्रीपशुपतिनाथको आराधना	–प्रा. खेमराज केशवशरण	३७७
४.	भगवान श्रीपशुपतिनाथको नित्य नैमित्तिक पूजा	–डा. गोविन्द टण्डन	३९१
५.	श्रीपशुपतिनाथ-प्रशस्ति	–प्राज्ञ ज्ञानमणि नेपाल	४१५
६.	भगवान् श्रीपशुपतिनाथ र श्रीविद्यासपर्या	–प्रा.ई. देवीप्रसाद चापागाईं	४२६
७.	श्रीगुह्येश्वरीपीठ	–रथी धनशमशेर ज.ब.रा.	४५०
८.	शिवलिङ्गमहाव्रत	–योगी नरहरिनाथ	४५६
९.	वाग्वतीयात्रा-विवरण	–मदन भट्ट	४७६
१०.	श्रीपशुपतिनाथको महास्नानपूजा	–डा. माधवप्रसाद लामिछाने	४८६
११.	शिवप्रियवस्तु-विवेचना	–मुकुन्दप्रसाद उपाध्याय	४९८
१२.	पशुपतिदर्शन	–प्रा.डा. मुकुन्दराज अर्याल	५०९
१३.	शिवोपासनाका लागि रुद्राभिषेक	–पं. युवराज तिमिल्सिना	५१७
१४.	भगवान् श्रीपशुपतिनाथको पूजाखर्च व्यवस्थापन	–रमेश उप्रेती	५२२
१५.	श्रीपशुपतिनाथको उपासना	–विदुरप्रसाद पौडेल	५२६
१६.	तन्त्रमा पशुपतिसाधना	–प्रा. विद्यानाथ उपाध्याय	५४०
१७.	महाशिवरात्रि महोत्सव	–प्रा.डा. वेणीमाधव ढकाल	५५०
१८.	पशुपति आगमघर तथा श्रीको पूजामा प्रयोग हुने मुद्राहरू	–सुन्दरप्रसाद शाह	५५४

खण्ड– ४: इतिहास-संस्कृति

१.	पशुपतिक्षेत्रका स्थापित देवीदेवताहरू	–कुमार खतिवडा	५६३
२.	गुह्येश्वरीपीठ	–कुलचन्द्र कोइराला	५७९
३.	पशुपतिक्षेत्रका जात्रापर्वहरू	–कुलचन्द्र कोइराला	५८९
४.	रामायणमा भगवान् श्रीपशुपतिनाथ	–प्रा. खेमराज केशवशरण	६१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. भगवान् श्रीपशुपतिनाथ र पाशुपतक्षेत्र –*डा. गोविन्द टण्डन* ६२०

६. भगवान् श्रीपशुपतिनाथको मन्दिर र परिसरक्षेत्रको सङ्क्षिप्त परिभ्रमण –*प्रा. चेतोनाथ शर्मा आचार्य* ६३५

७. नेपालमा पाशुपत धर्मको विकास –*प्रा.डा. जगदीशचन्द्र रेग्मी* ६५७

८. सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ –*डा. जगमान गुरुङ* ६६२

९. पशुपतिक्षेत्रको धार्मिक पर्यटन –*प्रा. डा. डिल्ली ओली* ६८९

१०. श्रीपशुपतिनाथको पुजारीपरम्परा –*प्राज्ञ प्रा. दिनेशराज पन्त* ७००

११. प्राचीन नेपालमा पाशुपत मत –*प्रा. डा. दिवाकर आचार्य* ७०६

१२. त्वं शङ्करोऽसि भुवनत्रयशङ्करत्वात् –*डा. नमन उपाध्याय* ७१४

१३. पशुपतिक्षेत्रका केही प्राचीन शिवलिङ्गहरू –*डा. नयनाथ पौडेल* ७२६

१४. वेदमा रुद्र र पशुपति –*डा. स्वामी प्रपन्नाचार्य* ७४०

१५. पुराणहरूमा पशुपति-चिन्तन –*प्रा. डा. बाबुराम पोखरेल* ७४३

१६. नेपाली स्थापत्यविधामा श्रीपशुपतिमन्दिर –*प्रा. मोहनप्रसाद खनाल* ७५३

१७. विश्वसम्पदाको रूपमा श्रीपशुपतिक्षेत्र –*ई. राजेन्द्रधर राजोपाध्याय* ७७१

१८. पशुपति परिसरका देवीदेवताहरू –*प्रा. श्रीकृष्ण अधिकारी* ७८५

१९. वाग्वती र पशुपति –*डा. साफल्य अमात्य* ८०२

२०. शिवमहापुराणमा श्रीपशुपतिनाथ –*डा. स्थिरप्रसाद पराजुली* ८०७

२१. भगवान् श्रीपशुपतिनाथ तथा पशुपतिमुद्रा –*हरिराम जोशी* ८१३

खण्ड– ५ अनुसूचीहरू

अनुसूची–१: पाशुपतसूत्रम् ८२७

अनुसूची–२: श्रीमच्छङ्कराचार्यविरचितम् श्रीपशुपतिपूजाविधानम्
–प्रस्तोताः डा. गोविन्द टण्डन
–सम्पादक तथा अनुवादक : *प्रा. पद्मप्रसाद भट्टराई / पं. गोविन्द भट्टराई* ८३४

अनुसूची–३: पाशुपतदीक्षा – *रथी धनशमशेर ज.ब.रा.* ९०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची–४: पशुपतिक्षेत्रमा अग्निहोत्र परम्परा *–प्रकाश गौतम,*
–प्रयाज गौतम,
–अनुयाज गौतम ९१२

अनुसूची–५: पशुपतिक्षेत्रको भौतिकस्वरूप र मूर्त सम्पदाहरू *–भरत मरासिनी* ९२०

अनुसूची–६: वैदिक सनातन धर्ममा आरतीको महिमा *–डा. विनुबाबा अर्याल* ९३०

अनुसूची– ९: यस ग्रन्थका लेखक, सम्पादक, अनुवादक तथा प्रकाशन-व्यवस्थापकहरूको सङ्क्षिप्त परिचय ९५५

अनुसूची– १०: श्रद्धावनत आर्थिक सहयोगीहरू ९८४

अनुसूची– ११: भगवत्प्रपन्न सहयोगीहरू ९८९

अनुसूची– १२: श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको सङ्क्षिप्त परिचय ९९१

परिशिष्ट: चित्रावली

परिच्छेद - १: देव-तीर्थ दर्शन ९९७

परिच्छेद - २: जात्रापर्व १०९८

परिच्छेद - ३: पशुपतिक्षेत्रमा रहेका अखडा, आश्रम र मठहरू १११९

परिच्छेद - ४: पशुपति क्षेत्रमा निवास गर्ने साधुसन्त तथा साधकहरू ११२९

परिच्छेद - ५: भगवान् श्रीपशुपतिनाथ र श्रीगुह्यकालीमाताका सेवकहरू ११४५

परिच्छेद - ६: गतिविधि ११५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

खण्ड–१

स्तुति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रसूक्तम्

ॐ नमस्ते रुद्र मन्यव उतो त इषवे नमः ।
बाहुभ्यामुत ते नमः ॥ १ ॥

या ते रुद्र शिवा तनूरघोरापापकाशिनी ।
तया नस्तन्वा शन्तमया गिरिशन्ताभिचाकशीहि ॥ २ ॥

यामिषुं गिरिशन्त हस्ते विभर्ष्यस्तवे ।
शिवां गिरित्र तां कुरु मा हिंसीः पुरुषं जगत् ॥ ३ ॥

शिवेन वचसा त्वा गिरिशाच्छा वदामसि ।
यथा नः सर्वमिज्जगदयक्ष्मं सुमना असत् ॥ ४ ॥

अद्ध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक् ।
अहींश्च सर्वाञ्जम्भयन्त्सर्वाश्च
यातुधान्योऽधराचीः परासुव ॥ ५ ॥

असौ यस्ताम्रो अरुण उत बभ्रुः सुमङ्गलः ।
ये चैनं रुद्रा अभितो दिक्षुश्रिताः
सहस्रशो वैषां हेड ईमहे ॥ ६ ॥

असौ योऽवसर्पति नीलग्रीवो विलोहितः ।
उतैनं गोपा अदृश्रन्नदृश्रन्नुदहार्यः स दृष्टो मृडयाति नः ॥ ७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमोऽस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे ।
अथो ये अस्य सत्त्वानोऽहं तेभ्योऽकरन्नमः ॥ ८ ॥

प्रमुञ्च धन्वनस्त्वमुभयोरात्क्न्योर्ज्याम् ।
याश्च ते हस्त इषवः परा ता भगवो वप ॥ ९ ॥

विज्यन्धनुः कपर्दिनो विशल्यो बाणवाँ२ उत ।
अनेशन्नस्य या इषव आभुरस्य निषङ्गधिः ॥ १० ॥

या ते हेतिर्मीढुष्टम हस्ते बभूव ते धनुः ।
तयास्मान्विश्वतस्त्वमयक्ष्मया परि भुज ॥ ११ ॥

परि ते धन्वनो हेतिरस्मान्वृणक्तु विश्वतः ।
अथो य इषुधिस्तवारे अस्मन्निधेहि तम् ॥ १२ ॥

अवतत्य धनुष्ट्वं सहस्राक्ष शतेषुधे ।
निशीर्य शल्यानां मुखा शिवो नः सुमना भव ॥ १३ ॥

नमस्त आयुधायानातताय धृष्णवे ।
उभाभ्यामुत ते नमो बाहुभ्यां तव धन्वने ॥ १४ ॥

मा नो महान्तमुत मा नो
अर्भकं मा न उक्षन्तमुत मा न उक्षितम् ।
मा नो वधीः पितरं मोत मातरं
मानः प्रियास्तन्वो रुद्र रीरिषः ॥ १५ ॥

मा नस्तोके तनये मा न आयुषि
मा नो गोषु मानो अश्वेषु रीरिषः ।
मा नो वीरान् रुद्र भामिनो वधी
र्हविष्मन्तः सदमित् त्वा हवामहे ॥ १६ ॥

॥ इति श्रीरुद्रसूक्तं सम्पूर्णम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

हे रुद्र ! तपाईंको क्रोधलाई नमस्कार छ। त्यसैगरी तपाईंको बाणलाई नमस्कार छ अनि तपाईंका दुवै हातलाई नमस्कार छ ॥ १॥

पर्वतमा शयन गर्ने हे गिरिश ! हे सर्वज्ञ ! हे रुद्र ! तपाईंको जुन कल्याणकारक, सौम्य, पुण्यफल प्रदान गर्ने शरीर छ त्यस्तो कल्याणमय शरीरले हामीहरूलाई रक्षा गर्नुहोस् ॥ २ ॥

पर्वतमा शयन गर्ने हे गिरिश ! हे सर्वज्ञ ! कैलास पर्वतमा रहेर प्राणीहरूको रक्षा गर्ने हे गिरित्र ! शत्रुलाई नाश गर्नका लागि हातमा तपाईं जुन बाण धारण गर्नुहुन्छ त्यस बाणलाई कल्याणकारी बनाउनुहोस्, प्राणी एवं जगत्‌लाई नष्ट नगर्नुहोस् ॥ ३ ॥

पर्वतमा शयन गर्ने हे गिरिश ! हामी तपाईंलाई प्राप्त गर्नका लागि मङ्गलवचनद्वारा प्रार्थना गर्दछौं । तपाईं त्यस्तो कार्य गर्नुहोस् जसले गर्दा हामीहरू शुभ मनले युक्त बनौं, सम्पूर्ण जगत् स्वस्थ र रोगरहित बनोस् ॥ ४ ॥

वेदको उपदेश गर्ने हे अधिवक्ता ! सबैका कारणस्वरूप हे प्रथम (ज्येष्ठ) देव ! रोगनाशक रुद्रले हामीलाई सबैभन्दा बढी उपदेश दिऊन्, हे प्रभु ! सर्प आदि डरलाग्दा प्राणीहरूलाई नाश गर्दै अधोगमनशील राक्षसीहरूलाई पनि हामीबाट टाढा राख्नुहोस् ॥ ५ ॥

यी सूर्यरूप जो रुद्र हुन् ती उदयकालमा तामाजस्तै रातो वर्णका, अस्तकालमा पहेँलो वर्णका सुमङ्गल रूपका छन् । हजारौं देवता जो रुद्रांशरूपले यिनको वरिपरि दशै दिशामा रहेका छन् त्यस्ता सूर्यरूप रुद्रको क्रोधलाई हामी भक्तिद्वारा निवारण गर्दछौं ॥ ६ ॥

यी जो नीलो घाँटी भएका तथा रातो वर्णका आदित्यरूप रुद्र हुन् तिनलाई गोठालाहरूले र पानी बोक्ने युवतीहरूले पनि देख्दछन् । त्यस्ता शङ्करले देख्नेबित्तिकै हामीलाई सुख दिऊन् ॥ ७ ॥

नीलो आँखा भएका, हजारौं आँखा भएका पर्जन्यरूप रुद्रलाई नमस्कार छ। यिनका जे जति सेवकहरू छन् तिनलाई पनि म नमस्कार गर्दछु ॥ ८ ॥

हे भगवान् ! धनुषको दुवै कोटीमा रहेको ताँदोलाई निकाल्नुहोस् । तपाईंका हातमा जुन बाणहरू छन् तिनलाई पर फ्याँक्नुहोस् ॥ ९ ॥

जटाजूटधारी रुद्रको धनुष ताँदोले रहित बनोस् । बाण राख्ने ठोक्रो बाणले रहित बनोस् । रुद्रका जुन बाणहरू छन् ती नष्ट होऊन् । रुद्रको खड्ग राख्ने जुन म्यान छ त्यो खड्गरहित बनोस् ॥ १० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षा गराएर धर्तीलाई सिञ्चित गर्ने जुन हतियार तपाईंको हातमा छ, तपाईंको हातमा उपद्रवरहित जुन धनुष छ त्यसले हामीलाई चारैतिरबाट रक्षा गर्नुहोस् ॥ ११ ॥

धनुसँग सम्बद्ध तपाईंका हतियारहरूले हामीलाई सबैतिरबाट छोडून् । त्यसैगरी बाण राख्ने जुन ठोक्रो छ त्यो हामीबाट टाढा राख्नुहोस् ॥ १२ ॥

हजारौँ आँखा भएका हे रुद्र ! हजारौँ बाण राख्ने ठोक्रो भएका हे रुद्र ! तपाईं आफ्नो धनुषलाई ताँदोरहित बनाएर बाणको चुच्चोलाई बुच्चो बनाई हामीहरू प्रति शान्त एवं शुभ मनले युक्त बन्नुहोस् ॥ १३ ॥

हे रुद्र ! धनुषमा नचढाइएको तपाईंको बाणलाई नमस्कार छ । शत्रुलाई मार्नमा कुशल तपाईंको बाणलाई तथा तपाईंका दुवै हातलाई नमस्कार छ ॥ १४ ॥

हे रुद्र ! हाम्रा वृद्ध मान्यजन एवं मातापितालाई नमार्नुहोस् । हाम्रा बालक, तरुण एवं गर्भमा रहेका शिशुहरूलाई पनि नमार्नुहोस् । त्यसैगरी हाम्रो प्यारो शरीरलाई पनि नमार्नुहोस् ॥ १५ ॥

हे रुद्र ! हाम्रा छोरानातिलाई नमार्नुहोस् । हाम्रो आयु नष्ट नगर्नुहोस् तथा हाम्रा गाईवस्तु एवं घोडाहरूलाई नमार्नुहोस् । हे रुद्र ! हाम्रा रिसाहा नोकरचाकरलाई पनि नमार्नुहोस् । यज्ञमा आहुति गर्ने हविले युक्त भएका हामीहरू सधैँ तपाईंलाई यज्ञमा हवि ग्रहण गर्नका लागि आवाहन गर्दछौँ ॥ १६ ॥

॥ रुद्रसूक्त पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिस्तुतिः

यो देवानां प्रभवश्चोद्भवश्च
विश्वाधिपो रुद्रो महर्षिः ।
हिरण्यगर्भं जनयामास पूर्वं
स नो बुद्ध्या शुभया संयुनक्तु ॥ (श्वेताश्वतरोपनिषत्, ३।४)

य एकोऽवर्णो बहुधा शक्तियोगात्
वर्णाननेकान् निहितार्थो दधाति ।
वि चैति चान्ते विश्वमादौ स देवः
स नो बुद्ध्या शुभया संयुनक्तु ॥ (श्वेताश्वतरोपनिषत्, ४।१)

तमीश्वराणां परमं महेश्वरम्
तं देवतानां परमं च दैवतम् ।
पतिं पतीनां परमं परस्ताद्
विदाम देवं भुवनेशमीड्यम् ॥ (श्वेताश्वतरोपनिषत्, ६।७)

नित्यो नित्यानां चेतनश्चेतनाना–
मेको बहूनां यो विदधाति कामान् ।
तत्कारणं सांख्ययोगाधिगम्यं
ज्ञात्वा देवं मुच्यते सर्वपाशैः ॥ (श्वेताश्वतरोपनिषत्, ६।१३)

यो ब्रह्माणं विदधाति पूर्वं
यो वै वेदांश्च प्रहिणोति तस्मै ।
तं ह देवमात्मबुद्धिप्रकाशं
मुमुक्षुर्वै शरणमहं प्रपद्ये ॥ (श्वेताश्वतरोपनिषत्, ६।१८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

जो देवताहरूको उत्पत्ति एवं वृद्धिको कारण बनेका छन्, जो अखिल विश्वका अधिपति र सर्वज्ञ छन्, जसले पहिले (सृष्टिको आदिमा) हिरण्यगर्भलाई उत्पन्न गरे, त्यस्ता रुद्रदेवले हामीहरूलाई शुभ बुद्धिले युक्त गरून् ॥

जो परब्रह्म परमात्मा आफ्नो वास्तविक निराकार स्वरूपका कारण रूपरङ्ग आदिले रहित भए तापनि आफ्नो स्वरूपभूत विभिन्न प्रकारका शक्तिहरूको सम्बन्धबाट अनेक प्रकारका रूपरङ्ग आदि धारण गर्दछन् तथा प्रलयावस्थामा यो सम्पूर्ण चराचर जगत् जसमा विलीन हुन्छ, त्यस्ता अद्वितीय परमेश्वरले हामीहरूलाई शुभ बुद्धिले युक्त गरून् ॥

ती परब्रह्म परमेश्वर ईश्वरहरूका पनि ईश्वर महेश्वर, देवताहरूका पनि देवता महादेव, पति (रक्षक) हरूका पनि पति (रक्षक) परमाधिपति अर्थात् समस्त ब्रह्माण्डका स्वामी छन् । सधैँ स्तुति गर्न योग्य त्यस्ता प्रकाशस्वरूप परमात्मालाई हामीहरू जगत्का सर्वश्रेष्ठ कारणस्वरूप भनेर जान्दछौँ ॥

अनेकौँ नित्य, चेतन जीवात्माहरूका लागि जसले कर्मफलभोगको व्यवस्था मिलाउँछन्, त्यस्ता अद्वितीय, नित्य, चेतनस्वरूप परमात्मा जो सबैका कारणस्वरूप हुन् तथा ज्ञानयोग, कर्मयोग र भक्तियोगका माध्यमबाट जसलाई प्राप्त गर्न सकिन्छ, त्यस्ता परम प्रकाशस्वरूप परमात्मा (श्रीपशुपतिनाथ)लाई जानेपछि मनुष्य सम्पूर्ण पशुपाशबाट मुक्त हुन्छ ॥

जो सृष्टिको प्रारम्भमा सर्वप्रथम ब्रह्मालाई उत्पन्न गरेर उनलाई समस्त वेदहरूको ज्ञान प्रदान गर्दछन्, त्यस्ता परमात्मविषयक बुद्धिलाई प्रकट गर्ने परमेश्वरलाई मोक्षको कामना गर्ने म आफ्नो आश्रयका रूपमा ग्रहण गर्दछु ।

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दारिद्र्यदहनशिवस्तोत्रम्

विश्वेश्वराय नरकार्णवतारणाय
कर्णामृताय शशिशेखरधारणाय।
कर्पूरकान्तिधवलाय जटाधराय
दारिद्रचदुःखदहनाय नमः शिवाय॥

गौरीप्रियाय रजनीशकलाधराय
कालान्तकाय भुजगाधिपकङ्कणाय।
गङ्गाधराय गजराजविमर्दनाय॥
दारिद्रचदुःखदहनाय नमः शिवाय॥

भक्तिप्रियाय भवरोगभयापहाय
उग्राय दुर्गभवसागरतारणाय।
ज्योतिर्मयाय गुणनामसुनृत्यकाय॥
दारिद्रचदुःखदहनाय नमः शिवाय॥

चर्माम्बराय शवभस्मविलेपनाय
भालेक्षणाय मणिकुण्डलमण्डिताय।
मञ्जीरपादयुगलाय जटाधराय॥
दारिद्रचदुःखदहनाय नमः शिवाय॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाननाय फणिराजविभूषणाय
हेमांशुकाय भुवनत्रयमण्डिताय ।
आनन्दभूमिवरदाय तमोमयाय ॥
दारिद्र्यदुःखदहनाय नमः शिवाय ॥

भानुप्रियाय भवसागरतारणाय
कालान्तकाय कमलासनपूजिताय ।
नेत्रत्रयाय शुभलक्षणलक्षिताय ॥
दारिद्र्यदुःखदहनाय नमः शिवाय ॥

रामप्रियाय रघुनाथवरप्रदाय
नागप्रियाय नरकार्णवतारणाय ।
पुण्येषु पुण्यभरिताय सुरार्चिताय ॥
दारिद्र्यदुःखदहनाय नमः शिवाय ॥

मुक्तेश्वराय फलदाय गणेश्वराय
गीतप्रियाय वृषभेश्वरवाहनाय ।
मातङ्गचर्मवसनाय महेश्वराय ॥
दारिद्र्यदुःखदहनाय नमः शिवाय ॥

वसिष्ठेन कृतं स्तोत्रं सर्वरोगनिवारणम् ।
सर्वसम्पत्करं शीघ्रं पुत्रपौत्रादिवर्धनम् ।
त्रिसन्ध्यं यः पठेन्नित्यं स हि स्वर्गमवाप्नुयात् ॥

॥ महर्षिवसिष्ठविरचितं दारिद्र्यदहनशिवस्तोत्रं सम्पूर्णम् ॥

भावानुवाद

समस्त चराचर जगत्‌का स्वामी विश्वेश्वरस्वरूप, नरकरूपी संसारसागरबाट पार लगाउने तारकस्वरूप, जसको नामश्रवणले अमृतरूपी आनन्दको अनुभूति हुन्छ त्यस्ता कर्णामृतस्वरूप, चन्द्रमालाई आफ्नो शिरमा धारण गर्ने, कपूरको कान्तिभैँ सेतो वर्ण भएका, जटाधारी, दारिद्र्यरूप दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौरीका अत्यन्त प्रिय, चन्द्रमाको कलालाई शिरमा धारण गर्ने, काललाई पनि आफूभित्र विलय गर्ने महाकालस्वरूप, नागराज वासुकिलाई बालाका रूपमा हातमा धारण गर्ने, आफ्नो जटामा गङ्गालाई धारण गर्ने, गजासुरको सेखी झार्ने, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

भक्तिप्रिय, संसाररूपी रोग एवं भयका विनाशक, उग्र रूप भएका, दुर्गम एवं दुस्तर भवसागरबाट पार लगाउने, ज्योतिस्वरूप, भक्तले आफ्नो गुण र नामको सङ्कीर्तन गर्दा सुन्दर नृत्य गर्दै भक्तका सामु उपस्थित हुने नटराजरूप, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

बाघको छालालाई कपडाको रूपमा धारण गर्ने, चिताको भस्मलाई शरीरमा लेपन गर्ने, मस्तकमा ज्ञानरूपी तेस्रो आँखा भएका, मणिको कुण्डलले विभूषित, आफ्नो चरणयुगलमा नूपुर धारण गर्ने, जटाधारी, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

पाँच मुख भएका, नागको गहनाले सुशोभित भएका, सुनको कान्तिजस्तै वर्ण भएका, तीनै लोकमा पूजित, आनन्दभूमि (काशी)लाई वर प्रदान गर्ने भएका, सृष्ट जगत्‌लाई संहार गर्नका लागि तमोगुणमय रुद्ररूप धारण गर्ने भएका, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

स्वयं प्रकाशित हुने, भवसागरबाट उद्धार गर्ने, काललाई पनि आफूभित्र विलय गर्ने महाकालस्वरूप, ब्रह्माद्वारा पूजित, सोम, सूर्य र अग्निरूप तीन नेत्र भएका, शुभ लक्षणले युक्त, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

भगवान् रामका अत्यन्त प्रिय, स्वयं भगवान् रामलाई वर प्रदान गर्ने, नागका प्रिय, भवसागररूपी नरकबाट उद्धार गर्ने, पुण्यहरूमा पनि परिपूर्ण पुण्य स्वभाव भएका, देवताहरूद्वारा पूजित, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

मुक्तजनहरूका स्वामीस्वरूप, परम पुरुषार्थरूपी फल प्रदान गर्ने, प्रमथ आदि गणहरूका स्वामी, स्तुतिप्रिय, वृषभहरूका स्वामी नन्दी वाहन भएका, हात्तीको छालालाई वस्त्रका रूपमा धारण गर्ने, ईश्वरका पनि ईश्वर महेश्वर, दारिद्र्यरूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ ॥

सम्पूर्ण रोगहरूलाई हटाउने, छिटै समस्त सम्पत्ति प्रदान गर्ने, पुत्रपौत्रादि बढाउने, महर्षि वसिष्ठले रचना गरेको यो स्तोत्र जसले नित्य तीनै सन्ध्यामा पाठ गर्दछ उसले स्वर्गलोक प्राप्त गर्दछ ।

॥ महर्षि वसिष्ठद्वारा विरचित दारिद्र्यदहनशिवस्तोत्र पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्तुतिः

पशुपतिवचनाद् भवामि सद्यः कृमिरथवा तरुरप्यनेकशाखः।
अपशुपतिवरप्रसादजा मे त्रिभुवनराज्यविभूतिरप्यनिष्टा॥

जन्म श्वपाकमध्येऽपि मेऽस्तु हरचरणवन्दनरतस्य।
मा वानीश्वरभक्तो भवानि भवनेऽपि शक्रस्य॥

वाय्यम्बुभुजोऽपि सतो नरस्य दुःखक्षयः कुतस्तस्य।
भवति हि सुरासुरगुरौ यस्य न विश्वेश्वरे भक्तिः॥

अलमन्याभिस्तेषां कथाभिरप्यन्यधर्मयुक्ताभिः।
येषां न क्षणमपि रुचितो हरचरणस्मरणविच्छेदः॥

हरचरणनिरतमतिना भवितव्यमनार्जवं युगं प्राप्य।
संसारभयं न भवति हरभक्तिरसायनं पीत्वा॥

दिवसं दिवसार्धं वा मुहूर्तं वा क्षणं लवम्।
न ह्यलब्धप्रसादस्य भक्तिर्भवति शङ्करे॥

अपि कीटः पतङ्गो वा भवेयं शङ्कराज्ञया।
न तु शक्र त्वया दत्तं त्रैलोक्यमपि कामये॥

श्वापि महेश्वरवचनाद् भवामि स हि नः परः कामः।
त्रिदशगणराज्यमपि खलु नेच्छाम्यमहेश्वराज्ञप्तम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न नाकपृष्ठं न च देवराज्यं न ब्रह्मलोकं न च निष्कलत्वम् ।
न सर्वकामानखिलान् वृणोमि हरस्य दासत्वमहं वृणोमि ॥

यावच्छशाङ्कधवलामलबद्धमौलि–
र्न प्रीयते पशुपतिर्भगवान् ममेशः ।
तावज्जरामरणजन्मशताभिघातै–
र्दुःखानि देहविहितानि समुद्वहामि ॥

दिवसकरशशाङ्कवह्निदीप्तं
त्रिभुवनसारमसारमाद्यमेकम् ।
अजरममरमप्रसाद्य रुद्रं
जगति पुमानिह को लभते शान्तिम् ॥

यदि नाम जन्म भूयो भवति मदीयैः पुनर्दोषैः ।
तस्मिंस्तस्मिञ्जन्मनि भवे भवेन्मेऽक्षया भक्तिः ॥

॥ इति श्रीउपमन्युविरचिता शिवस्तुतिः ॥

भावानुवाद

श्रीपशुपतिनाथको वचनले म तुरुन्तै कीरा तथा अनेकौं हाँगाबिँगा भएको वृक्ष पनि बन्न सकुँला तर श्रीपशुपतिनाथको वचनबाहेक अन्य कसैको वरप्रसादबाट तीनै भुवनको राज्यवैभव प्राप्त भए पनि त्यो मेरा लागि अभीष्ट छैन ।

भगवान् शिवको चरणकमलको वन्दनामा लीन मेरो जन्म चाण्डालको कुलमा भए पनि त्यो मेरा लागि स्वीकार्य छ तर भगवान् शिवको भक्तिले रहित भएर इन्द्रको भवनमा पनि मलाई स्थान चाहिएको छैन ।

जसको भक्ति देवता तथा दानव दुवैका गुरु विश्वेश्वर भगवान् शिवप्रति छैन, हावा वा पानीमात्रै खाने भए पनि त्यस्तो व्यक्तिको दुःख कहाँ नाश हुन्छ र ?

जसलाई एक क्षण पनि भगवान् शिवको चरणकमलको स्मरणको वियोग प्रिय लाग्दैन त्यस्ता व्यक्तिहरूलाई अन्य धर्मले युक्त कथाहरू व्यर्थ छन् ।

कुटिल कलियुगलाई पाएपछि अर्थात् यस्तो युगमा जन्मिएपछि भगवान् शिवको चरणमा सधैँ मन लगाउनुपर्छ । शिवभक्तिरूपी रसायन पिएपछि संसाररूपी रोगको भय रहँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसमाथि भगवान् शिवको कृपा हुँदैन उसलाई एक दिन, आधा दिन, एक मुहूर्त, एक क्षण वा एक त्रुटि पनि भगवान् शिवमा भक्ति रहँदैन ।

हे इन्द्र ! म भगवान् शङ्करको आज्ञाले कीटपतङ्ग बनूँ, बरू म त्यसलाई सहर्ष स्वीकार गर्छु तर तिमीले दिएको तीनै लोक मलाई चाहिँदैन ।

भगवान् शिवको वचनले कुकुर नै भए पनि त्यसलाई म आफ्नो सर्वोत्तम मनोरथ पूर्ति भएको सम्झन्छु तर शिवजीबाहेक अरूबाट प्राप्त भएको देवताहरूको राज्य पनि मलाई चाहिँदैन ।

स्वर्गलोक, इन्द्रपद, ब्रह्मलोक, निष्कल ब्रह्मपद तथा सम्पूर्ण कामनाहरू –यी कुनै पनि कुरा म वरण गर्दिनँ, म त केवल भगवान् शिवको दासत्व मात्रै वरण गर्दछु ।

उज्ज्वल एवं निर्मल अर्धचन्द्रको मुकुट लगाएका भगवान् श्रीपशुपतिनाथ जबसम्म मप्रति प्रसन्न हुनुहुन्न तबसम्म म सयौँ जन्म, मृत्यु, जरा आदि आघातबाट प्राप्त हुने दैहिक दुःखलाई वहन गरिरहन्छु ।

जो आफ्नो आँखाका रूपमा रहेका सूर्य, चन्द्र र अग्निको प्रभाले प्रदीप्त छन्, तीनै लोकको साररूप छन्, जसबाहेक अरू कुनै सारतत्त्व छैन, जो आदि, अद्वितीय, अजर, अमर छन् त्यस्ता भगवान् रुद्रलाई प्रसन्न नबनाई कसले यस संसारमा शान्ति प्राप्त गर्न सक्छ र ?

यदि मेरो दोषको कारण मलाई यस संसारमा वारंवार जन्म लिनुपऱ्यो भने प्रत्येक जन्ममा शिवप्रति मेरो अक्षय भक्ति रहोस् ।

॥ महर्षि उपमन्युद्वारा विरचित शिवस्तुति पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशूनां पतये नमः

नमो भवाय शर्वाय रुद्राय वरदाय च।
पशूनां पतये नित्यमुग्राय च कपर्दिने॥

महादेवाय भीमाय त्र्यम्बकाय च शान्तये।
ईशानाय मखघ्नाय नमोऽस्त्वन्धकघातिने॥

कुमारगुरवे तुभ्यं नीलग्रीवाय वेधसे।
पिनाकिने हविष्याय सत्याय विभवे सदा॥

विलोहिताय धूम्राय व्याधायानपराजिते।
नित्यनीलशिखण्डाय शूलिने दिव्यचक्षुषे॥

हन्त्रे गोप्त्रे त्रिनेत्राय व्याधाय वसुरेतसे।
अचिन्त्यायाम्बिकाभर्त्रे सर्वदेवस्तुताय च॥

वृषध्वजाय मुण्डाय जटिने ब्रह्मचारिणे।
तप्यमानाय सलिले ब्रह्मण्यायाजिताय च॥

विश्वात्मने विश्वसृजे विश्वमावृत्य तिष्ठते।
नमो नमस्ते सेव्याय भूतानां प्रभवे सदा॥

ब्रह्मवक्त्राय सर्वाय शङ्कराय शिवाय च।
नमोऽस्तु वाचस्पतये प्रजानां पतये नमः॥

नमो विश्वस्य पतये महतां पतये नमः।
नमः सहस्रशिरसे सहस्रभुजमृत्यवे॥

सहस्रनेत्रपादाय नमोऽसङ्ख्येयकर्मणे।
नमो हिरण्यवर्णाय हिरण्यकवचाय च।
भक्तानुकम्पिने नित्यं सिध्यतां नो वरः प्रभो॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

हे भगवान् ! तपाईं सम्पूर्ण चराचरलाई उत्पन्न गर्ने भव हुनुहुन्छ भने तपाईं नै सम्पूर्ण चराचर जगत्लाई संहार गर्ने सर्व पनि हुनुहुन्छ। पापीहरूलाई पापको फल प्रदान गर्ने र रुवाउने तथा सज्जनहरूको रोग र शोक नाश गरिदिने रुद्र पनि तपाईं नै हुनुहुन्छ। अज्ञानादि बन्धनमा परेका पशुरूप जीवहरूको रक्षा गर्ने, बन्धनबाट मुक्त गराउने पतिरूप वरदाता पशुपति पनि साक्षात् तपाईं नै हुनुहुन्छ। दुष्टलाई संहार गर्न नित्य उग्ररूप धारण गर्ने, उग्र तथा जटायुको मुकुट धारण गर्ने कपर्दीस्वरूप तपाईंलाई नमस्कार छ॥

महादेव, भयङ्कर रूपधारी भीम, सूर्य, चन्द्र, अग्निरूप तीन नेत्रधारी त्र्यम्बक, शान्तिस्वरूप, सम्पूर्ण चराचरमा शासन गर्ने ईशान, दक्षको यज्ञ नाश गर्ने मखघ्न तथा अन्धकारसुरलाई नाश गर्ने तपाईंलाई नमस्कार छ॥

हे भगवान् ! तपाईं कुमार कार्तिकेयको गुरुरूप पिता हुनुहुन्छ, तपाईँ नै लोककल्याणका लागि हलाहल विष पान गरेर नीलकण्ठ बन्नुभएको छ। चराचर जगत्को सृष्टि गर्ने तपाईँ नै हुनुहुन्छ। तपाईं नै पिनाकधारी, यज्ञाहविका अधिकारी, सत्यस्वरूप र सर्वत्र व्यापक हुनुहुन्छ। यस्ता तपाईंलाई नमस्कार छ॥

विशेष प्रकारको लोहित (रातो) र धूम्र (ध्वाँसो) वर्ण (रङ्ग) भएका, शिकारीको रूप धारण गरी हिंड्ने, कहिल्यै पराजित नहुने, सधैं नीलो केश धारण गर्ने, त्रिशूलधारी, दिव्यदृष्टि भएका तपाईँलाई नमस्कार छ॥

संसारलाई संहार तथा पालन गर्ने, त्रिनेत्रधारी, पापरूपी मृगका लागि व्याधास्वरूप, हिरण्यरेता अग्निस्वरूप, वाणी, मन, बुद्धिभन्दा पर अचिन्त्य रूप भएका, अम्बिकाका पति, सम्पूर्ण देवताले स्तुति गरिएका तपाईँलाई नमस्कार छ॥

वृषभ अङ्कित झण्डा भएका कहिले मुण्डित शिर, कहिले जटाधारी ब्रह्मचारी, कहिले जलभित्र बसेर तपस्या गर्ने त्यस्ता ब्राह्मणभक्त, अपराजित स्वरूप भएका तपाईँलाई नमस्कार छ॥

विश्वस्वरूप, विश्वब्रह्माण्डको सृष्टि गर्ने तथा विश्वलाई व्याप्त गरेर स्थित रहने, सम्पूर्ण प्राणीहरूद्वारा सेवा गर्न योग्य, सम्पूर्ण प्राणीहरूको उत्पत्तिस्थानस्वरूप तपाईंलाई वारंवार नमस्कार छ॥

ब्रह्मस्वरूप पाँचवटा मुख भएका, सर्वस्वरूप, त्रिविध पापलाई शमन गर्ने शङ्करस्वरूप एवं सधैं कल्याण गर्ने शिवस्वरूप यस्ता तपाईंलाई नमस्कार छ। वाणीको अधीश्वरस्वरूप वाचस्पति तथा प्रजाहरूलाई पालन गर्ने प्रजापतिस्वरूप त्यस्ता तपाईंलाई नमस्कार छ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वका स्वामी, महापुरुषहरूका पालक तपाईंलाई नमस्कार छ। हजारौँ शिर भएका, हजारौँ पाउ भएका, हजारौँ हात भएका, हजारौँ आँखा भएका, अनगिन्ती कर्म गर्ने मृत्युस्वरूप तपाईंलाई नमस्कार छ। जसको शरीर सुनजस्तो वर्णको छ, जो सुनकै कवच धारण गर्नुहुन्छ, जो सधैँभरि भक्तलाई अनुकम्पा गर्नुहुन्छ त्यस्ता भक्तवत्सल तपाईंलाई नमस्कार छ। हे प्रभु ! हामीले चाहेको वर सिद्ध होस् ॥

विवरण

यी स्तुतिहरू महाभारतको द्रोणपर्वअन्तर्गत प्रतिज्ञापर्वको ८० औं अध्यायका हुन्। कौरवपक्षबाट अन्यायपूर्वक चक्रव्यूहमा अभिमन्युको वध भएको कुरा युधिष्ठिरबाट अर्जुनले राति आफ्नो शिविरमा थाहा पाउँछन्। आफूबाहेकका युधिष्ठिर, भीम, नकुल, सहदेवलाई एक्लै सिन्धुनरेश जयद्रथले शिवजीको वरप्रसादका कारण चक्रव्यूहभित्रै रोकेका कारणले निःसहाय अभिमन्युले वीरगति प्राप्त गर्नुपरेको थियो। आफ्नो छोरो अभिमन्युको मृत्युमा जयद्रथ नै मुख्य कारण भएकाले शोकसन्तप्त अर्जुनले प्रतिज्ञा गर्दछन् –*“आजको रात बितेर भोलिको सूर्यास्तसम्म जयद्रथलाई वध गर्न सकिनँ भने मलाई ब्रह्महत्यादि समस्त पातक लागोस्। भोलिको सूर्यास्तसम्म जयद्रथलाई वध गर्न सकिनँ भने म तत्कालै प्रज्ज्वलित अग्निमा प्रवेश गर्नेछु, यो मेरो अर्को प्रतिज्ञा हो।”* यस्तो घोर प्रतिज्ञा गरेका अर्जुनले भोलिपल्ट दिनभरिमा जयद्रथलाई मार्नु त्यति सहज कुरा थिएन किनभने कौरवपक्षबाट जयद्रथको सुरक्षानिमित्त पद्मव्यूह आदिको निर्माण द्रोणाचार्यद्वारा गरिने निश्चित थियो। प्रतिज्ञा पूरा गर्न नसके अर्जुनको अग्निप्रवेश हुने र अर्जुनविना पाण्डवपक्षले युद्ध जित्नु असम्भव थियो। यस्तो असहज परिस्थितिमा पाण्डवपक्षलाई कसरी जित दिलाउने, अर्जुनद्वारा कसरी जयद्रथको वध गराउने भन्ने कुरा भगवान् श्रीकृष्णलाई नै ज्ञात थियो। त्यसैले आफ्नो शरणमा परेका अर्जुनलाई जित दिलाउन भगवान् श्रीकृष्णले त्यस रातमा नै भगवान् शिवजीको पूजा अर्जुनबाट गराउनुभयो। भगवान् शिव नै आशुतोष हुनुहुन्छ, शिव नै दुष्ट आततायीहरूको बधका निमित्त रुद्र, उग्र पनि हुनुहुन्छ र शिवजीको वरप्रसादबाट नै अर्जुनलाई त्यति चाँडै सबै कौरवपक्षबाट रक्षा गरिएको जयद्रथवधका लागि पाशुपतास्त्र प्राप्त हुने कुरा भगवान् श्रीकृष्णलाई विदित थियो। त्यसैले सर्वज्ञ भगवान् श्रीकृष्णले भक्तिभावपूर्वक अर्जुनद्वारा भगवान् शिवजीको पूजा आराधना गराई अर्जुनलाई आराम गर्न (शयन गर्न) लगाउनुभयो। त्यो रात स्वप्नमा अर्जुनले श्रीकृष्णका साथमा भगवान् शिवजीको दर्शन पाए र माथि उल्लेख गरिएको मङ्गलाचरणका साढे दश श्लोकद्वारा श्रीकृष्ण र अर्जुनले एकैसाथ भगवान् शङ्करको स्तुति गरे। यसरी सो स्तुतिबाट प्रसन्न भएका श्रीपशुपतिनाथले भगवान् श्रीकृष्ण र अर्जुनलाई अभीष्ट वर माग्ने आज्ञा गर्नुभयो र श्रीकृष्ण तथा अर्जुनले जयद्रथ आदिलाई संहार गर्नका लागि श्रीपशुपतिनाथसँग पाशुपतास्त्र प्रदान गर्न प्रार्थना गरे अनि भगवान् श्रीपशुपतिनाथले दिव्य पाशुपतास्त्र र पाशुपतास्त्र प्रयोगको विधिसमेत प्रदान गर्नुभयो।

(भावानुवाद : पं. गोविन्द भट्टराई)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चवक्त्रस्तुति :

ऊर्ध्ववक्त्रम्

व्यक्ताव्यक्तनिरूपितञ्च परमं षट्त्रिंशतत्त्वात्मकं
तस्मादुत्तरतत्त्वमक्षरपदं ध्येयं सदा योगिभिः ।
ओङ्कारादिसमस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मात् परम्
वन्देऽहं परमेश्वरस्य वदनं खव्यापितेजोमयम् ॥

पूर्ववक्त्रम्

संवर्त्ताग्नितडित्प्रदीप्तकनकं सस्निग्धतेजोऽरुणम्
गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम् ।
अर्द्धेन्दुद्युतिलोकपिङ्गलजटाभारः प्रबद्धोरगं
वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ॥

दक्षिणवक्त्रम्

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणम् ।
कर्णोद्भासितभोगिमस्तकमणिप्रोन्नद्धदंष्ट्राङ्कुरम् ॥
सर्पप्रोतकपालशुक्तिशकलव्याकीर्णवक्षोरगम्
वन्दे दक्षिणमीश्वरस्य वदनञ्चाथर्वणादोदयम् ॥

उत्तरवक्त्रम्

गौरं कुङ्कुमपङ्कगन्धसलिलं व्यापाण्डुगण्डस्थलम्
भ्रूविक्षेपकटाक्षवीक्षणलसत् संसिक्तकर्णोत्पलम् ।
स्निग्धं बिम्बफलाधरं प्रहसितं नीलालकं सुन्दरम्
वन्दे याजुषवेदघोषजनकं वक्त्रं हरस्योत्तरम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमवक्त्रम्

प्रालेयाचलचन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभं
भस्माभ्यङ्गमनङ्गदेहदहनज्वालावलीलोचनम् ।
ब्रह्मेन्द्रादिमरुद्गणार्चितपदं ऋग्वेदनादोदयं ।
वन्देऽहं सकलङ्कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ॥

भावानुवाद

व्यक्त र अव्यक्तरूपले निरूपण गरिएको, परम रूप भएको, छत्तीस तत्त्वमय स्वरूप भएको, छत्तीस तत्त्वभन्दा पनि पर तत्त्वातीत रूपमा स्थित, अक्षरपद योगीहरूद्वारा सदा ध्यान गरिने ओङ्कार आदि समस्त मन्त्रहरूको जनक, सूक्ष्म प्रकृति र अति सूक्ष्म माया र शक्तिभन्दा पनि पर परतर शिव रूपमा स्थित परमेश्वर (पशुपति) को आकाशव्यापी तेजोमय मुखलाई म वन्दना गर्दछु ।

प्रलयकालको अग्निजस्तो, बिजुलीजस्तो, तातेको सुनजस्तो तेजले रक्तवर्ण भएको, गम्भीर ध्वंनिले युक्त, सामवेदको उत्पादक रक्तवर्ण, अत्यन्त सुन्दर स्वरूप, अर्ध चन्द्रमाको कान्तिले चञ्चल, कैलो जटाको भारलाई सर्पले बाँधेको, सिद्ध, देवता तथा असुरहरूले नमस्कार गरिएको त्रिशूलधारी भगवान् पशुपतिको पूर्वमुखलाई म वन्दना गर्दछु ।

मेघझैँ कालो वर्ण भएको, भ्रमरझैँ कालो वर्ण भएको, अञ्जनको जस्तो कान्ति भएको, कैलो वर्णको, दृष्टिलाई घुमाउने भएको, कानहरूमा (बेरिएका) सर्पहरूको शिरका मणिले सुशोभित, विशेष रीतियुक्त दन्तपङ्क्तिले सुशोभित, सर्पहरूले (नै) व्याप्त, सिपिको आकृतिका कपालले व्याप्त वक्षःस्थल भएको, भगवान् पशुपतिको अथर्ववेदध्वनिको विस्तार गर्ने दक्षिणमुखलाई म नमस्कार गर्दछु ।

गौर वर्ण भएको, कुङ्कुम चन्दनको गन्धले युक्त जल (गङ्गाजीको जल) ले युक्त, सेतो गण्डस्थल (गाला), भ्रूविक्षेपले युक्त कटाक्षपातले सुशोभित कर्णोत्पल (कानको गहना), (मायाले /स्नेहले) अत्यन्त कोमल, बिम्बफल (गोलकाँक्री) को जस्तो (रातो) ओठ, निरन्तर हास्यले युक्त, नीला केशहरूले युक्त, अत्यन्त सुन्दर, यजुर्वेदको ध्वनिलाई विस्तार गर्ने भगवान् हर (पशुपति) को उत्तरमुखलाई म नमस्कार गर्दछु ।

हिमालय, चन्द्र र कुन्दपुष्पको जस्तो श्वेत वर्ण, गाईको दूधको जस्तो कान्ति, लेपनले युक्त (भस्मले सुशोभित), कामदेवको शरीरलाई दहन गर्ने, (अग्निको) ज्वालाका पङ्क्तिले युक्त नेत्र, ब्रह्मा, इन्द्र आदि देवगणहरूद्वारा पूजित चरण, ऋग्वेदको ध्वनिलाई विस्तार गर्ने, सम्पूर्ण कलाहरूले युक्त, कलङ्कले रहित भगवान् स्थाणु (पशुपति) को पश्चिममुखलाई म वन्दना गर्छु ।

(भावानुवाद : अग्निहोत्री रामप्रसाद गौतम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवषडक्षरस्तोत्रम्

ॐकारं बिन्दुसंयुक्तं नित्यं ध्यायन्ति योगिनः ।
कामदं मोक्षदं चैव ॐकाराय नमो नमः ॥

नमन्ति ऋषयो देवा नमन्त्यप्सरसां गणाः ।
नरा नमन्ति देवेशं नकाराय नमो नमः ॥

महादेवं महात्मानं महाध्यानपरायणम् ।
महापापहरं देवं मकाराय नमो नमः ॥

शिवं शान्तं जगन्नाथं लोकानुग्रहकारकम् ।
शिवमेकपदं नित्यं शिकाराय नमो नमः ॥

वाहनं वृषभं यस्य वासुकिः कण्ठभूषणम् ।
वामे शक्तिधरं देवं वकाराय नमो नमः ॥

यत्र तत्र स्थितो देवः सर्वव्यापी महेश्वरः ।
यो गुरुः सर्वदेवानां यकाराय नमो नमः ॥

षडक्षरमिदं स्तोत्रं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥

श्रीरुद्रयामले उमामहेश्वरसंवादे शिवषडक्षरस्तोत्रं सम्पूर्णम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

शक्तिस्वरूप बिन्दुले युक्त ॐकारलाई योगीहरू सधैँ ध्यान गर्दछन् । भोगरूप सम्पूर्ण मनोरथ तथा कामनारहित मोक्ष प्रदान गर्ने ॐकारलाई नमस्कार छ ।

ऋषिगण, देवतागण, अप्सरागण तथा मनुष्यहरू जसलाई नमस्कार गर्दछन् त्यस्ता नकारस्वरूप शिवलाई नमस्कार छ ।

देवताहरूका पनि देवता महादेव, परमात्मा, महाध्यानस्वरूप समाधिमा सधैँ तत्पर, महापापलाई हरण गर्ने मकारस्वरूप शिवलाई नमस्कार छ ।

कल्याणस्वरूप, शान्तस्वरूप, जगत्‌का स्वामी, सम्पूर्ण प्राणीहरूलाई अनुग्रह गर्ने, कल्याणको अद्वितीय धामस्वरूप, नित्य, शिकारस्वरूप शिवलाई नमस्कार छ ।

वृषभ वाहन भएका, वासुकि नागलाई आफ्नो घाँटीमा आभूषण बनाएका, आफ्नो अभिन्न शक्तिलाई वामभागमा राखेका वकारस्वरूप शिवलाई नमस्कार छ ।

सर्वव्यापी प्रकाशस्वरूप महेश्वर यत्रतत्र रहेका छन् । सम्पूर्ण देवतामयरूपले स्थित यकारस्वरूप शिवलाई नमस्कार छ ।

जसले शिवको सन्निधि (प्रतिमा वा लिङ्गको नजिक)मा रहेर यो षडक्षरस्तोत्रको पाठ गर्दछ उसले शिवलोक प्राप्त गर्दछ तथा ऊ शिवका साथमा आनन्दपूर्वक रहन्छ ।

॥ श्रीरुद्रयामलअन्तर्गत उमामहेश्वरसंवादमा शिवषडक्षरस्तोत्र पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदसारशिवस्तोत्रम्

पशूनां पतिं पापनाशं परेशं
गजेन्द्रस्य कृत्तिं वसानं वरेण्यम् ।
जटाजूटमध्ये स्फुरद्गाङ्गवारिं
महादेवमेकं स्मरामि स्मरारिम् ॥

महेशं सुरेशं सुरारार्तिनाशं
विभुं विश्वनाथं विभूत्यङ्गभूषम् ।
विरूपाक्षमिन्द्वर्कवह्नित्रिनेत्रं
सदानन्दमीडे प्रभुं पञ्चवक्त्रम् ॥

गिरीशं गणेशं गले नीलवर्णं
गजेन्द्राधिरूढं गुणातीतरूपम् ।
भवं भास्वरं भस्मना भूषिताङ्गं
भवानीकलत्रं भजे पञ्चवक्त्रम् ॥

शिवाकान्त शम्भु शशाङ्कार्धमौले
महेशान शूलिन् जटाजूटधारिन् ।
त्वमेको जगद्व्यापको विश्वरूप
प्रसीद प्रसीद प्रभो पूर्णरूप ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परात्मानमेकं जगद्बीजमाद्यं
निरीहं निराकारमोङ्कारवेद्यम् ।
यतो जायते पाल्यते येन विश्वं
तमीशं भजे लीयते यत्र विश्वम् ॥

न भूमिर्न चापो न वह्निर्न वायु-
र्न चाकाश आस्ते न तन्द्रा न निद्रा ।
न ग्रीष्मो न शीतो न देशो न वेषो
न यस्यास्ति मूर्तिस्त्रिमूर्तिं तमीडे ॥

अजं शाश्वतं कारणं कारणानां
शिवं केवलं भासकं भासकानाम् ।
तुरीयं तमःपारमाद्यन्तहीनं
प्रपद्ये परं पावनं द्वैतहीनम् ॥

नमस्ते नमस्ते विभो विश्वमूर्ते
नमस्ते नमस्ते चिदानन्दमूर्ते ।
नमस्ते नमस्ते तपोयोगगम्य
नमस्ते नमस्ते श्रुतिज्ञानगम्य ॥

प्रभो शूलपाणे विभो विश्वनाथ
महादेव शम्भु महेश त्रिनेत्र ।
शिवाकान्त शान्त स्मरारे पुरारे
त्वदन्यो वरेण्यो न मान्यो न गण्यः ॥

शम्भु महेश करुणामय शूलपाणे
गौरीपते पशुपते पशुपाशनाशिन् ।
काशीपते करुणया जगदेतदेक-
स्त्वं हंसि पासि विदधासि महेश्वरोऽसि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वत्तो जगद्भवति देव भव स्मरारे
त्वय्येव तिष्ठति जगन्मृड विश्वनाथ।
त्वय्येव गच्छति लयं जगदेतदीश
लिङ्गात्मकं हर चराचरविश्वरूपिन्॥

॥ इति श्रीमच्छङ्कराचार्यकृतो वेदसारशिवस्तवः ॥

भावानुवाद

पशुका पति, पापनाशक, परमेश्वर, हात्तीको छाला ओढ्ने, देवहरूमा श्रेष्ठ, जटाजूटमा गङ्गाजीको जल छचल्किएका, कामदेवका शत्रु, देवाधिदेव महादेवलाई सम्झना गर्दछु।

महेशरूप, देवताका पनि देवता, देवताका दुःखहरूलाई नाश गर्ने, व्यापक, विश्वका स्वामी, भस्मले अलङ्कृत भएका, चन्द्र, सूर्य र अग्निरूप त्रिधामस्वरूप, डरलाग्दा आँखा भएका, पाँच मुख भएका सधैँ आनन्दमग्न भगवान् शिवको स्तुति गर्छु।

पर्वतका स्वामी, गणका मालिक, गला नीलो रङ्ग भएका, बसाहामा चढेका तीनगुण (सत्त्व, रजस्, तमस्) भन्दा पर भएका, संसारका सर्जक, प्रकाशमान् भस्मले शरीर सिँगारिएका, पार्वतीका पति, पाँच मुख भएका शिवको भजन गर्छु।

हे पार्वतीका प्रिय! निधारमा अर्धचन्द्र धारण गर्ने हे शम्भु! हातमा त्रिशूल र शिरमा जटाजूट धारण गर्ने हे महेश! तपाईं नै एक हुनुहुन्छ, तपाईं सारा जगत्मा व्याप्त हुनुहुन्छ। हे विश्वरूप! हे पूर्ण रूप! तपाईं मदेखि प्रसन्न हुनुहोस्।

एक मात्र परमात्मा, जगत्का आदि बीजरूप, इच्छारहित, निराकार, ॐकारद्वारा जानिने, जसबाट यो जगत् जन्मन्छ, पालन हुन्छ अनि अन्त्यमा जसमा गएर विलीन हुन्छ त्यस्ता शिवको भजन गर्छु।

पृथ्वी, जल, तेज, वायु, आकाश, निद्रा, तन्द्रा, जाडो, गर्मी, देश, भेष, मूर्ति आदि केही नभएका त्यस्ता त्रिमूर्ति भगवान्को स्तुति गर्छु।

अज, नित्य एकरूपले रहने, कारणका पनि कारण, कल्याणस्वरूप प्रकाशकलाई पनि प्रकाशित पार्ने, जाग्रत्, स्वप्न, सुषुप्तिभन्दा माथि तुरीय स्वरूपमा रहेका तमोगुणको स्पर्श नभएका, आदि एवं अन्त्यरहित परम पावन अद्वैतको म शरण पर्छु।

हे विश्वमूर्ति! हे चिदानन्द! तपद्वारा जानिने, ज्ञानबाट जान्न सकिने त्यस्ता श्रुतिरूप तपाईंलाई नमस्कार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुति

हातमा त्रिशूल लिने हे सम्पूर्ण विश्वका मालिक ! हे महादेव ! हे शम्भु ! हे त्रिनेत्रधारी ! हे महेश ! हे पार्वतीका प्रिय ! हे शान्तस्वरूप ! हे कामदेव र त्रिपुरका शत्रु ! तपाईंबाहेक अरू कोही श्रेष्ठ, मान्य र गणनायोग्य छैन ।

हे शम्भु ! हे महेश ! हे करुणामय ! हे शूलपाणि ! हे गौरीपति ! हे पशुको पाश नाश गर्ने पशुपति ! हे काशीपति ! प्राणीप्रतिको करुणाभावले तपाईं यो जगत्‌को सृष्टि, पालन तथा संहार गर्नुहुन्छ । त्यस्ता तपाईं एउटै महेश्वर स्वरूप हुनुहुन्छ ।

हे कामदेवका शत्रु ! तपाईंबाट नै जगत्‌को सृष्टि हुन्छ । यो सारा जगत् तपाईंमा नै अडिन्छ । अन्त्यमा तपाईंमा गएर नै विलीन बन्छ । यसरी सृष्टि, स्थिति र लयको कारण तपाईं नै हुनुहुन्छ । हजुरको लिङ्गात्मक स्वरूप नै यो चराचर जगत् हो ।

॥ श्रीशङ्कराचार्यद्वारा रचिएको वेदसार शिवस्तव पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशिवापराधक्षमापनस्तोत्रम्

आदौ कर्मप्रसङ्गात् कलयति कलुषं मातृकुक्षौ स्थितं मां
विण्मूत्रामेध्यमध्ये क्वथयति नितरां जाठरो जातवेदाः ।
यद्यद् वै तत्र दुःखं व्यथयति नितरां शक्यते केन वक्तुं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

बाल्ये दुःखातिरेकान्मललुलितवपुः स्तन्यपाने पिपासा
नो शक्तश्चेन्द्रियेभ्यो भवगुणजनिता जन्तवो मां तुदन्ति ।
नानारोगादिदुःखाद्रुदनपरवशः शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

प्रौढोऽहं यौवनस्थो विषयविषधरैः पञ्चभिर्मर्मसन्धौ
दष्टो नष्टो विवेकः सुतधनयुवतिस्वादसौख्ये निषण्णः ।
शैवीचिन्ताविहीनं मम हृदयमहो मानगर्वाधिरूढं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्री महादेव शम्भु ॥

वार्धक्ये चेन्द्रियाणां विगतगतिमतिश्चाधिदैवादितापैः
पापै रोगैर्वियोगैस्त्वनवसितवपुः प्रौढिहीनं च दीनम् ।
मिथ्यामोहाभिलाषैर्भ्रमति मम मनो धूर्जटेर्ध्यानशून्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नो शक्यं स्मार्तकर्म प्रतिपदगहनप्रत्यवायाकुलाख्यं
श्रौते वार्ता कथं मे द्विजकुलविहिते ब्रह्ममार्गे सुसारे ।
नास्था धर्मे विचारः श्रवणमननयोः किं निदिध्यासितव्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

स्नात्वा प्रत्यूषकाले स्नपनविधिविधौ नाहृतं गाङ्गतोयं
पूजार्थं वा कदाचिद् बहुतरगहनात् खण्डबिल्वीदलानि ।
नाऽऽनीता पद्ममाला सरसि विकसिता गन्धपुष्पैस्त्वदर्थं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

दुग्धैर्मध्वाज्ययुक्तैर्दधिसितसहितैः स्नापितं नैव लिङ्गं
नो लिप्तं चन्दनाद्यैः कनकविरचितैः पूजितं न प्रसूनैः ।
धूपैः कर्पूरदीपैर्विविधरसयुतैर्नैव भक्ष्योपहारैः
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

ध्यात्वा चित्ते शिवाख्यं प्रचुरतरधनं नैव दत्तं द्विजेभ्यो
हव्यं ते लक्षसङ्ख्यैर्हुतवहवदने नाऽर्पितं बीजमन्त्रैः ।
नो तप्तं गाङ्गतीरे व्रतजपनियमै रुद्रजाप्यैर्न वेदैः
क्षन्तव्यं मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

स्थित्वा स्थाने सरोजे प्रणवमयमरुत्कुण्डले सूक्ष्ममार्गे
शान्ते स्वान्ते प्रलीने प्रकटितविभवे ज्योतिरूपे पराख्ये ।
लिङ्गज्ञे ब्रह्मवाक्ये सकलतनुगतं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

नग्नो निःसङ्गशुद्धस्त्रिगुणविरहितो ध्वस्तमोहान्धकारो
नासाग्रे न्यस्तदृष्टिर्विदितभवगुणो नैव दृष्टः कदाचित् ।
उन्मन्याऽवस्थया त्वां विगतकलिमलं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रोद्भासितशेखरे स्मरहरे गङ्गाधरे शङ्करे
सर्पैर्भूषितकण्ठकर्णविवरे नेत्रोत्थवैश्वानरे ।
दन्तित्वक्कृतसुन्दराम्बरधरे त्रैलोक्यसारे हरे
मोक्षार्थं कुरु चित्तवृत्तिमखिलमन्यैस्तु किं कर्मभिः ॥

किं वाऽनेन धनेन वाजिकरिभिः प्राप्तेन राज्येन किम्
किं वा पुत्रकलत्रमित्रपशुभिर्देहेन गेहेन किम् ।
ज्ञात्वैतत्क्षणभङ्गुरं सपदि रे त्याज्यं मनो दूरतः
स्वात्मार्थं गुरुवाक्यतो भज भज श्रीपार्वतीवल्लभम् ॥

आयुर्नश्यति पश्यतां प्रतिदिनं याति क्षयं यौवनम्
प्रत्यायान्ति गताः पुनर्न दिवसाः कालो जगद्भक्षकः ।
लक्ष्मीस्तोयतरङ्गभङ्गचपला विद्युच्चलं जीवितं
तस्मान् मां शरणागतं शरणद त्वं रक्ष रक्षाधुना ॥

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करुणाब्धे श्रीमहादेव शम्भो ॥

॥ श्रीमच्छङ्कराचार्यविरचितं शिवापराधक्षमापनस्तोत्रं सम्पूर्णम् ॥

भावानुवाद

सुरुमा आफूले गरेको कर्मफलअनुसार म मातृगर्भमा निवास गर्न पुगेँ । मलमूत्रले युक्त भएको त्यहाँ मलाई जठराग्निको तापले कति दुःख भयो त्यो कसले बताउन सक्छ ? हे शम्भु ! त्यस्तो स्थितिमा रहेको मेरो सबै अपराध क्षमा गरिदिनुहोस् ।

गर्भबाट बाहिर निस्केर शिशु अवस्थामा रहँदा पनि मलमूत्रले पोतिएको त्यो अशक्त शरीर, तपाईंद्वारा सृष्ट विविध जन्तुको टोकाइ, स्तनपानको लालसा, विविध रोगको आक्रमण र रोदनको स्थितिमा तपाईंको सम्झना आउन सकेन । त्यसैले हे शम्भु ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाल्यावस्था पार गरेर जब जवानीको अवस्थामा पुगेको थिएँ तब विषयरूप विषलाई धारण गर्ने रूप, रस, गन्ध, शब्द, स्पर्शले कसरी आक्रमण गरे भने म होसहवास (विवेक) गुमाएर सन्तान, धनसम्पत्ति, पत्नी, जिब्रोको स्वाद, सुखभोगजस्ता कुरामा लुटपुटिन पुगेँ। हजुरको चिन्तनविहीन मेरो हृदय त्यतिबेला अभिमान र गर्वले उन्मत्त थियो अनि कहाँ तपाईंको सम्झना र भजन कीर्तन ? त्यसैले हे शम्भु ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

बुढेसकाल लागेपछि त इन्द्रियको सामर्थ्य कम हुँदै गएर बुद्धि क्षीण हुँदै गई पाप, ताप र रोगले शरीर दीनहीन हुन थाल्यो । झूटो मोहमा परेर मनमा विविध कुरा चल्न थाले अनि कहाँ तपाईंको सम्झना र ध्यान हुनु ? त्यसैले हे शम्भु ! मेरो सबै अपराध क्षमा गरिदिनुहोस् ।

स्मृतिशास्त्रहरूले बताएका कठिन स्मार्तकर्म नै मेरा लागि बोधगम्य थिएनन् भने विद्वान्‌जनले मात्र बुझेर अनुसरण गर्न लायक ब्रह्मज्ञानसम्बन्धी कर्म (ब्रह्ममार्गको अनुष्ठान) त मेरा लागि कति हो कति कठिन ? भनेर साध्यै छैन । हे शम्भु ! श्रवण, मनन, निदिध्यासनपूर्वक ज्ञानमार्गको अनुगमन गर्न नसकेको मेरो अपराध क्षमा गरिदिनुहोस् ।

सूर्योदय नहुँदै बिहानको समय सङ्कल्पपूर्वक मन्त्रोचारण गरी स्वयंको स्नान र हजुरलाई विधिपूर्वक स्नान गराउनका लागि मैले गङ्गाजल ल्याउन सकिनँ । न त मैले हजुरको पूजाका लागि वनबाट बेलपत्र नै टिपेर ल्याउन सकेँ । न त मैले हजुरलाई सबैभन्दा बढी मनपर्ने सुवासित कमलको माला नै तयार गर्न सकेँ । हे शम्भु ! मबाट भएका अपराधहरू क्षमा गरिदिनुहोस् ।

न मैले गाईको शुद्ध दूध, दही, घिउ, महजस्ता पञ्चामृतले शिवलिङ्गलाई स्नान गराएँ, न त वासनादार श्रीखण्ड चन्दनले शिवलिङ्गमा लेपन नै गर्न सकेँ, न स्वर्णनिर्मित फूलले पूजा गर्न सकेँ, न त धूप, कपूरबत्तीले आरती गर्न सकेँ, न हजुरलाई स्वादिलो भोजन नै अर्पण गर्न सकेँ । हे शम्भु ! यसरी अशक्त भएको मलाई मेरो अपराधबाट क्षमा मिलोस् ।

न मैले चित्तमा हजुरको ध्यान गर्दै विद्वान् ब्राह्मणलाई प्रशस्त दान गर्न सकेँ, न त विधिपूर्वक बनेको चरुले लाख सङ्ख्यामा हवन नै गर्न सकेँ, न त मैले गङ्गाजीको तीरमा बसेर व्रत-जप गरेँ, न रुद्रसँग सम्बन्ध राख्ने वैदिक मन्त्र नै पढ्न सकेँ । हे शम्भु ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

न मैले तलाउको नजिक एकान्तमा बसेर ध्यान गर्दै ॐकारमय कुण्डलिनी जागृत गराई सूक्ष्म मार्गमा अघि बढ्दै शान्तरूप परम ज्योतिर्मय रूपको आत्मसाक्षात्कार गर्न सकेँ, न त हजुरको लिङ्गस्वरूपलाई जान्ने ब्रह्मवाक्यको अनुशीलन नै गर्न सकेँ । हे शम्भु ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

नाङ्गो, निःसङ्ग, शुद्ध भएर, तीनगुणबाट टाढा रहेर तथा मोहरूपी अन्धकारलाई ध्वंश गरेर नाकको टुप्पोमा दृष्टि अड्याएर न कहिल्यै हजुरको स्वरूपलाई देख्न सकेँ, न उत्सुकतापूर्वक नै कलिदोष (कलिमल) मुक्त शङ्करलाई स्मरण गर्न सकेँ । हे शम्भु ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे मानव ! चन्द्रमाले प्रकाशित शिरोभाग भएका, कामदेवलाई भस्म गर्ने, शिरमा गङ्गालाई धारण गर्ने, प्राणीमात्रको कल्याण गर्ने, कण्ठ र कानका प्वालहरूमा सर्पहरू भूषित भएका, जसको नेत्रबाट अग्निज्वाला प्रकट भइरहन्छन्, हात्तीको छालाको सुन्दर वस्त्र धारण गर्ने, तीनै लोकको साररूप भगवान् शिवमा मोक्षका लागि सम्पूर्ण चित्तवृत्ति अर्पण गर । अरू कर्मले केही हुनेवाला छैन ।

यो धनसम्पत्ति, हात्तीघोडा र राज्य प्राप्त भएर पनि के गर्नु ? सन्तान, पत्नी, मित्रवर्ग, पशुधन, शरीर र घरले नै पनि के नै हुन्छ र ? किनभने यी सबै भौतिक वस्तु केही काल मात्र रहने क्षणभङ्गुर प्रकृतिका छन् । त्यसैले हे मानव ! यी सब वस्तुबाट तुरुन्तै मन हटाएर आत्महितका लागि पार्वतीपति शिवको भजन गर ।

प्वाल परेको घडाबाट पानी चुहिएजस्तो प्रतिदिन आयु बित्दै गइरहेको छ । यौवन क्षीण भइरहेको छ । गएका दिन फेरि फर्केर आउने होइनन् । कालले जगत्‌लाई खाँदै गइरहेको छ । लक्ष्मी भनेकी पनि पानीको फोको र छाल (तरङ्ग)जस्तै हुन् । मानव जीवन बिजुली चम्केसरह हो । त्यसैले हे शङ्कर ! शरणमा आएको मलाई शरणमा लिनुहोस् । हे करुणाका सागर महादेव ! तपाईं मेरो रक्षा गर्नुहोस् ।

हे शम्भु ! मेरा हात, गोडा, वाणी, शरीर, कर्म, कान, मनजस्ता साधनले गरेका जेजति अपराधहरू छन् ती सबैलाई हजुर क्षमा गरिदिनुहोस् ।

॥ श्रीशङ्कराचार्यविरचित शिवापराधक्षमापनस्तोत्र पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेश्वरस्तुतिः

अस्मद्रूपसमाविष्टः स्वात्मनात्मनिवारणे ।
शिवः करोतु निजया नमः शक्त्या ततात्मने ॥ *(शिवदृष्टिः, १।१)*

आत्मैव सर्वभावेषु स्फुरन् निर्वृतचिद्विभुः ।
अनिरुद्धेच्छाप्रसरः प्रसरद्दृक्क्रियः शिवः ॥ *(शिवदृष्टिः, १।२)*

एवं सर्वेषु भावेषु सर्वसाम्ये व्यवस्थिते ।
तेन सर्वगतं सर्वं शिवरूपं निरूपितम् ॥ *(शिवदृष्टिः, ५।११०)*

एकत्वेन ततो ज्ञेया शिवता सर्वगोचरा । *(शिवदृष्टिः, ६।१२७)*
अथ स्थिते सर्वदिक्के शिवतत्त्वेऽधुनोच्यते ।

तस्मिञ्ज्ञातेऽथवाज्ञाते शिवत्वमनिवारितम् ॥ *(शिवदृष्टिः, ७।१)*

भावानुवाद

मायाशक्तिका कारण परप्रमातारूप शिवका साथ ऐक्यबोध नहुनाले परिमित प्रमाताको भूमिमा प्रवेश गरेका हामीजस्ता नमस्कर्ता (नमस्कार गर्ने) को स्वरूपमा समाविष्ट शिवले आफ्नो स्वातन्त्र्यशक्तिका माध्यमबाट आफैंले उत्पन्न गरेको मलरूपी विघ्नको निवारणका लागि आफ्नो सोही स्वातन्त्र्यशक्तिका माध्यमबाट सदाशिव, ईश्वर, शुद्धविद्या आदि क्रमले आफ्नो स्वरूपको अनन्त विस्तार गर्ने स्वभाव भएका शिवलाई आफूदेखि अभिन्न मन, वाणी आदि साधनद्वारा नमस्कार गरून् । *(शिवदृष्टि, १।१)*

(माथिको श्लोकमा नमस्कार गर्ने परिमित प्रमाता पनि शिव, मलरूपी विघ्न पनि शिव, नमस्कारको साधनभूत मन, वाणी आदि पनि शिव र नमस्कार गरिने पनि शिव नै भएको भाव व्यक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै वास्तवमा शिवदेखि भिन्न कसैको पनि सत्ता नरहेको र शिव नै सर्वात्मक चैतन्यस्वरूप हुन् भन्ने भाव व्यक्त गरिएको छ।)

पूर्ण आनन्दस्वरूप भएकोले कुनै पनि अभिलाषा नभएको, स्वयंप्रकाशस्वरूप, समस्त वेद्य पदार्थलाई आत्मसात् गर्ने विभुस्वरूप, सर्वत्र आफ्नो इच्छा, ज्ञान तथा क्रियाशक्तिको प्रसारले युक्त शिव नै समस्त नामरूपात्मक जगत्मा आत्मस्वरूपले स्फुरित भइरहेका छन्। *(शिवदृष्टि, १।२)*

अनन्त विश्व एउटै चैतन्यशक्तिको अभिव्यक्ति हो अर्थात् व्यापक, सर्वज्ञ, परमात्मा शिव नै आफ्नो स्वातन्त्र्यशक्तिका माध्यमबाट अनन्त भेदयुक्त विश्वका रूपमा आभासित भई भिन्नभिन्न पदार्थलाई आफ्नै स्वरूपका रूपमा बोध गरेर रहेका छन्। यसप्रकार संसारका सम्पूर्ण पदार्थमा शिवत्वरूप समानता विद्यमान भएकोले सर्वत्र सम्पूर्ण पदार्थमा चैतन्यस्वरूपले विद्यमान तत्त्व शिव नै हो भन्ने निरूपण गरियो। *(शिवदृष्टि, ५।११०)*

जसरी लोकमा एउटै व्यक्ति विभिन्न रूप धारण गरेर हिंड्न सक्छ, त्यसरी नै समष्टिरूपले एउटै चैतन्यशक्ति व्यष्टिरूपले अनन्त भेदयुक्त बन्न सक्छ। व्यष्टिरूपले शरीर धेरै भए तापनि समष्टिरूपले ती सबै एउटै चैतन्यशक्तिका अभिव्यक्ति मात्र भएकोले तिनमा एकरूपता छ। सोही एकरूपताले गर्दा समस्त पदार्थमा चैतन्यस्वरूप शिवता छ भनेर जान्नू। *(शिवदृष्टि, ६।१२७)*

यसप्रकार सर्वत्र चैतन्यस्वरूप शिवतत्त्व विद्यमान रहेको तथ्य स्थापित भइसकेपछि चाहे शिवतत्त्व जानियोस् वा नजानियोस् शिवत्वलाई कसैले पनि छेक्न सक्तैन। *(शिवदृष्टि, ७।१)*

शैवाचार्य सोमानन्द

कश्मीरका प्रसिद्ध शैवाचार्य सोमानन्दको समय लगभग वि.सं. ९२५–९५० निर्धारित भएको छ। आचार्य सोमानन्दले आफ्नो प्रसिद्ध रचना शिवदृष्टिमा काश्मीरक शैवशास्त्रको उत्पत्ति, प्रचार एवं प्रसारको सुन्दर वर्णन गरेका छन्। उनको कथनअनुसार शैवशास्त्रको गुह्य सिद्धान्त लामो समयसम्म ऋषिहरूमा नै सीमित रह्यो। कलियुगको आगमन भएपछि ती ऋषिगण दुर्गम पार्वत्य प्रदेश वा हिमालयका गुफाहरूमा बस्न थाले। फलतः शैवशास्त्रको अध्ययनक्रम विच्छिन्न भयो र यो शास्त्र लुप्तप्रायः अवस्थामा पुग्यो। त्यस्तो अवस्थाबाट चिन्तित बनेका अनुग्रहमूर्ति भगवान् शिव शैवशास्त्रको उद्धार गर्ने ध्येयले श्रीकण्ठनाथका रूपमा अवतीर्ण हुनुभयो। त्यसपछि भगवान् श्रीकण्ठनाथले ऊर्ध्वरेता ऋषि दुर्वासालाई बोलाएर शैवशास्त्रको पुनरुद्धारको आज्ञा दिनुभयो। श्रीकण्ठनाथको आज्ञा पाएर ऋषि दुर्वासाले आफ्नो योगबलद्वारा तीन जना मानस पुत्रहरू–त्र्यम्बकनाथ, आमर्दकनाथ र श्रीनाथलाई उत्पन्न गर्नुभयो। ऋषि दुर्वासाबाट त्र्यम्बकनाथले सम्पूर्ण अद्वैतप्रधान भैरवागमको ज्ञान प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुभयो र उनैबाट अद्वैतप्रधान त्र्यम्बकशाखाको प्रादुर्भाव भयो। त्यसै गरी आमर्दकनाथले उनै ऋषि दुर्वासाबाट द्वैतप्रधान शैवागमको ज्ञान प्राप्त गरी द्वैताशाखाको प्रवर्तन गर्नुभयो भने श्रीनाथले पनि ऋषि दुर्वासाबाट नै द्वैताद्वैतप्रधान समस्त रुद्रागमको रहस्यज्ञान प्राप्त गरी द्वैताद्वैतशाखाको प्रवर्तन गर्नुभयो। त्र्यम्बकनाथले आफ्नो योगबलद्वारा एउटी मानसपुत्री उत्पन्न गर्नुभयो जसबाट अर्धत्र्यम्बक शाखाको प्रादुर्भाव भयो। कालान्तरमा त्र्यम्बकनाथले एक जना मानसपुत्र उत्पन्न गरी उनलाई अद्वैत शैवशास्त्रको ज्ञान प्रदान गर्नुभयो। यसप्रकार चौध पुस्तासम्म त्र्यम्बकनाथको शाखाबाट मानसिक योगबलद्वारा चौधजना सिद्धहरू उत्पन्न भए। यसमध्ये अन्तिम सिद्ध किञ्चित् मलका कारण मानस पुत्र उत्पन्न गर्न असमर्थ रहे। भ्रमणका क्रममा एक दिन रूपयौवनसम्पन्न ब्राह्मण कन्यामाथि यिनको दृष्टि पऱ्यो। यी ब्राह्मणकन्या सम्पूर्ण गुणले युक्त छिन् त्यसैले यिनीसँग विवाह गर्नु उचित हुनेछ भन्ने सोचेर ती सिद्ध ब्राह्मणकन्याका पिताकहाँ गई उक्त कन्याको हात आफ्नो हातमा दिनका लागि कन्याका पितासँग अनुरोध गरे। कन्याका पिताले पनि ती सिद्धलाई आफ्नी छोरीका लागि सुयोग्य वर ठानी ती दुवैको विवाह ब्राह्मणको रीतअनुसार सम्पन्न गरिदिए। केही कालपछि ती ब्राह्मण दम्पतिलाई एउटा पुत्ररत्न प्राप्त भयो जो पितासमान सर्वगुणसम्पन्न थिए। उनको नाम सङ्गमादित्य थियो। ती सङ्गमादित्य भ्रमण गर्दै कश्मीर पुगे र त्यहीँ रहन लागे। उनको विवाह पनि ब्राह्मणकुलमा सम्पन्न भयो र उनका एक पुत्र उत्पन्न भए जसको नाम वर्षादित्य थियो। त्यसपछि वर्षादित्यका पुत्र अरुणादित्य, अरुणादित्यका पुत्र आनन्द र आनन्दका पुत्रका रूपमा सोमानन्दको जन्म भयो। यहाँसम्म आउँदा आदिसिद्धदेखि सोमानन्दसम्म अद्वैत शैवशास्त्रको परम्परा पुत्रसन्ततिक्रमबाट चल्दै आएको देखिन्छ। त्यसपछि भने शिष्यसन्ततिक्रम सुरु भयो। आचार्य सोमानन्दले सर्वप्रथम अद्वैत शैवशास्त्रअन्तर्गत दर्शनग्रन्थको प्रणयन **शिवदृष्टि**नामक कृतिबाट गरे। उनले आफ्ना शिष्य उत्पलदेवलाई यस दर्शनको शिक्षादीक्षा दिएर शिष्यपरम्पराबाट अध्ययन-अध्यापन प्रणालीको प्रारम्भ गरे। तिनै शैवाचार्य सोमानन्दको शैवशास्त्रसम्बन्धी प्रसिद्ध दर्शनग्रन्थ शिवदृष्टिबाट केही स्तुतिपरक श्लोकहरू उद्धृत गरी माथि अनुवादसहित प्रस्तुत गरियो।

(भावानुवाद एवं स्तुतिकारको परिचय : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्करस्तवः

यस्योन्मेषनिमेषाभ्यां जगतः प्रलयोदयौ ।
तं शक्तिचक्रविभवप्रभवं शङ्करं स्तुमः ॥

भावानुवाद

जसको उन्मेष तथा निमेष (सङ्कल्पात्मक गतिशीलतास्वरूप इच्छाशक्ति) बाट चराचर जगत्को सृष्टि एवं संहार हुन्छ त्यस्ता एकै पटक अनन्त विश्वका रूपमा अभिव्यक्त हुने र आफ्नो मौलिक अभेद, अद्वितीय, अवस्थामा विश्रान्त हुने स्वतन्त्र क्रियाशीलतारूप स्पन्दशक्ति अर्थात् परम स्वातन्त्र्यशक्तिको मूल कारणस्वरूप अनुग्रहमूर्ति शङ्करलाई प्रणाम गर्दछौं अर्थात् तिनै अनुग्रहमूर्ति शङ्करमा समाविष्ट हुन्छौं ।

वसुगुप्त

इतिहासविद्हरूले कश्मीरका शैवाचार्य वसुगुप्तको समय नवौं शताब्दीको पूर्वार्द्ध मानेका छन् । उनी अद्वैत शैव परम्परामा स्पन्दशाखाका आद्यप्रवर्तक हुन् । उनको समयमा कश्मीरमा बौद्धहरूको दबदबा थियो । उनको समयमा नागबोधि आदि प्रकाण्ड विद्वान्हरू बौद्ध परम्पराका सञ्चालक थिए । उनले अद्वैत शैव परम्परा वा त्रिक परम्पराको अति प्रसिद्ध ग्रन्थ शिवसूत्र स्वयं भगवान् शिवबाट प्राप्त गरेको किंवदन्ती पाइन्छ । उक्त किंवदन्तीअनुसार वसुगुप्तले महादेव पर्वतको फेदीमा वसुपुर नामक स्थानमा भगवान् शङ्करको आराधना गरे । त्यसको फलस्वरूप भगवान् शङ्करले वसुगुप्तलाई सपनामा आई आज्ञा गरे –"यस पवित्र महादेव पर्वतको फेदीमा एक ठाउँमा विशाल शिला छ जसको तल मेरा रहस्यसूत्र अङ्कित छ । ती सूत्रहरूको ज्ञान साक्षात्कार गरेर उक्त ज्ञान अनुग्रहयोग्य शिष्यहरूमा प्रकाशित गर" । यसप्रकार सपनामा भगवान् शङ्करको आदेश पाएका वसुगुप्तले सपनाबाट बिउँझिनेबित्तिकै उक्त विशाल शिलाको खोजी गरे । जसै उनले उक्त शिलालाई स्पर्श गरे त्यसै समयमा भगवान् शङ्करको आशीर्वादले उक्त शिला पल्टियो । त्यहाँ शिवसूत्रहरू उट्टङ्कित थिए । उनले ती शिवसूत्रहरूलाई कण्ठस्थ गरे । ती शिवसूत्रहरूको मनन र निदिध्यासन गरी वास्तविक तत्त्व बुझेपछि शिवसूत्रहरूको सारभूत रहस्यहरूलाई स्पन्दकारिका रूपमा सङ्ग्रह गरे । सोही स्पन्दकारिकाबाट उद्धृत प्रथम श्लोकको भावानुवाद यहाँ प्रस्तुत गरिएको छ ।

(भावानुवाद एवं स्तोत्रकारको परिचय : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्तोत्रम्

तावकाङ्घ्रिकमलासनलीना
ये यथारुचि जगद्रचयन्ति ।
ते विरिञ्चिमधिकारमलेना–
लिप्तमस्ववशमीश हसन्ति ॥

त्वत्प्रकाशवपुषो न विभिन्नं
किञ्चन प्रभवति प्रतिभातुम् ।
तत्सदैव भगवन् परिलब्धो–
ऽसीश्वर प्रकृतितोऽपि विदूरः ॥

नाथ विद्युदिव भाति विभा ते
या कदाचन ममामृतदिग्धा ।
सा यदि स्थिरतरैव भवेत्तत्
पूजितोऽसि विधिवत् किमुतान्यत् ॥

स्मरसि नाथ कदाचिदपीहितं
विषयसौख्यमथापि मयार्थितम् ।
सततमेव भवदवपुरीक्षणा–
मृतमभीष्टमलं मम देहि तत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किल यदैव शिवाध्वनि तावके
कृतपदोऽस्मि महेश तवेच्छया ।
शुभशतान्युदितानि तदैव मे
किमपरं मृगये भवतः प्रभो ॥

यः प्रसादलव ईश्वरस्थितो
या च भक्तिरिव मामुपेयुषी ।
तौ परस्परसमन्वितौ कदा
तादृशे वपुषि रूढिमेष्यतः ॥

मूढोऽस्मि दुःखकलितोऽस्मि जरादिदोष–
भीतोऽस्मि शक्तिरहितोऽस्मि तवाश्रितोऽस्मि ।
शम्भो तथा कलय शीघ्रमुपैमि येन
सर्वोत्तमां धुरमपोज्झितदुःखमार्गः ॥

शम्भो शर्व शशाङ्कशेखर शिव त्र्यक्षाक्षमालाधर
श्रीमन्नुग्रकपाललाञ्छन लसद्भीमत्रिशूलायुध ।
कारुण्याम्बुनिधे त्रिलोकरचनाशीलोग्रशक्त्यात्मक
श्रीकण्ठाशु विनाशयाशुभभरानाधत्स्व सिद्धिं पराम् ॥

हे नाथ प्रणतार्तिनाशनपटो श्रेयोनिधे धूर्जटे
दुःखैकायतनस्य जन्ममरणत्रस्तस्य मे साम्प्रतम् ।
तच्चेष्टस्व यथा मनोज्ञविषयास्वादपदा उत्तमाः
जीवन्नेव समश्नुवेऽहमचलाः सिद्धयस्त्वदर्चापरः ॥

भावानुवाद

हे परमेश्वर ! तपाईंको चरणरूपी कमलको आसनमा भक्तिपूर्वक तल्लीन मुद्रामा बसेका भक्तजनहरू भगवान्प्रति अनन्य समर्पणका कारण अधिकार (अहङ्कार) मलले रहित भई आफ्नो स्वतन्त्र इच्छाअनुसार जगत्को निर्माण गर्दछन् । तिनीहरू 'म सृष्टिकर्ता हुँ' भन्ने अधिकार (अहङ्कार) को मलले लिप्त भई पराधीन बनेका स्वयं ब्रह्माप्रति हाँस्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भगवान् ! तपाईं प्रकाशस्वरूप हुनुहुन्छ, त्यसैले प्रकाशस्वरूप तपाईंदेखि भिन्न रूपले कुनै पनि वस्तु संसारमा प्रकाशित हुन सक्तैन । अतः हे परमेश्वर ! तपाईं आफ्नो स्वरूपलाई गोप्य राख्ने (स्वरूपगोपनात्मक) स्वभावका कारण अति टाढा (दुर्लभ) भए तापनि घट, पट, नील आदि प्रमेय जगत्का रूपमा सदासर्वदा उपलब्ध हुनुहुन्छ ।

हे प्रभु ! अमृतरूप परमानन्दले भरिपूर्ण तपाईंको स्वरूप कुनै बेला (समाधि अवस्थामा) मेरोअगाडि बिजुलीझैँ क्षणभरका लागि झलक्क प्रकाशित हुन्छ । तपाईंको त्यो स्वरूप यदि अझ स्थिर बन्थ्यो भने बल्ल तपाईं मबाट विधिवत् पूजित हुनुहुन्थ्यो । यदि त्यस्तो हुन्थ्यो भने मेरा लागि त्यसभन्दा बढी कुनै पनि कुरा वाञ्छनीय रहँदैनथ्यो ।

हे प्रभु ! के तपाईंलाई मैले कहिल्यै विषयसुखको कामना गरेको स्मरण छ ? तपाईंको स्वरूपको साक्षात्काररूप अमृत नै मेरो एक मात्र अभीष्ट हो । त्यही अमृत मलाई प्रदान गर्नुहोस् ।

हे महेश्वर ! तपाईंको इच्छाले जब मैले कल्याणमय तपाईंको मार्गमा पदार्पण गरेँ, त्यतिखेर नै मेरा सयौँ किसिमका कल्याणहरूको उदय भयो । त्यसैले हे प्रभु ! तपाईंबाट म अरू के कुराको इच्छा गरूँ ?

हे परमेश्वर ! तपाईंसँग अनुग्रहरूप जुन प्रसाद छ तथा मसँग भक्तिजस्तो जुन भाव उदाएको छ, ती दुई चीज कहिले परस्पर सम्मिलित भएर समरसाकार सच्चिदानन्दस्वरूपमा आरूढ होलान् ?

हे शम्भु ! म मूर्ख अज्ञानी हुँ, संसाररूपी दुःखमा फसेको छु, बुढ्याइँ आदिबाट भयभीत छु, सामर्थ्यहीन छु, त्यसैले तपाईंको शरणमा आएको छु । अतः हे प्रभु ! मप्रति यस्तो दया गर्नुहोस् जसबाट म आफ्नो स्वरूपलाई बोध गर्न नसक्ने दुःखमार्गलाई छोडेर आफ्नो वास्तविक स्वरूपमा समाविष्ट हुने सर्वोत्तम पदवी तुरुन्त प्राप्त गर्न सकूँ ।

हे शम्भु ! हे शर्व ! हे चन्द्रशेखर ! हे शिव ! हे त्रिनेत्रधारी ! हे अक्षमालाधर ! हे मोक्षलक्ष्मीका मालिक ! हे उग्र ! हे कपालधर ! हे त्रिशूलधारी ! हे दयासागर ! हे त्रिलोकका रचनाकार ! हे प्रचण्ड शक्तिसम्पन्न प्रभु ! हे श्रीकण्ठ ! मेरा अशुभ कर्महरू तुरुन्त नष्ट गर्नुहोस् र मलाई परासिद्धि अर्थात् मोक्ष प्रदान गर्नुहोस् ॥

आफ्नो शरणमा परेका भक्तहरूको पीडालाई नाश गर्न सिपालु हे प्रभु ! हे कल्याणसागर ! हे जटाधारी शङ्कर ! सम्पूर्ण दुःखको घर बनेको र जन्ममरणरूपी सांसारिक आवागमनको भयबाट त्रस्त मेरा लागि अब कुनै यस्तो उपाय गर्नुहोस् कि म नित्य निरन्तर तपाईंको पूजामा तत्पर रही चिदानन्दरूपी विषयहरूको आस्वादन गर्ने उत्तम तथा चिरस्थायी, आफ्नो वास्तविक स्वरूपलाई बोध गराउने स्वरूपसिद्धिहरू जीवित छँदै उपभोग गर्न सकूँ अर्थात् आफ्नो वास्तविक स्वरूपमा समाविष्ट भएर म तपाईंको अर्चनामा लीन बनिरहूँ र जीवन्मुक्तिको आस्वादन गरिरहूँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैवाचार्य उत्पलदेव

उत्पलदेव आचार्य सोमानन्दका शिष्य थिए। यिनका पिताको नाम उदयाकर थियो भने माताको नाम वागीश्वरी थियो। कश्मीरका राजा ललितादित्यको शासनकालमा गुजरातबाट यिनका पूर्वज कश्मीर आएका थिए। अतः यिनको स्थितिकाल विक्रमको दशौँ शताब्दीको पूर्वार्ध मानिएको छ।

उत्पलदेव असाधारण प्रतिभासम्पन्न शैवाचार्य थिए। यिनका **ईश्वरप्रत्यभिज्ञा, प्रत्यभिज्ञावृत्ति, प्रत्यभिज्ञाटीका, ईश्वरसिद्धि, सम्बन्धसिद्धि, अजडप्रमातृसिद्धि, शिवदृष्टिवृत्ति** र **शिवस्तोत्रावली** अमर कृति हुन्। यिनका उपर्युल्लिखित कृतिहरूमध्ये **शिवस्तोत्रावली** अद्वितीय स्तोत्रग्रन्थ रहेको छ जसमा करुणा, आर्तपुकार, भक्ति, उन्माद, विवशता, दैन्य, ग्लानि, नम्रता एवं आत्मसमर्पणको भाव विद्यमान छ। जम्मा ४४९ श्लोकले युक्त **शिवस्तोत्रावली** शैवाचार्य उत्पलदेवले भक्तिको पराकाष्ठामा शिवसमावेशको दशामा अभिभूत भएर कश्मीरको राजधानी श्रीनगरमा अवस्थित वर्तमान डल तालमा डुङ्गामा गाएको र उनका शिष्यहरूले त्यसलाई कण्ठस्थ गरी पछि लिपिबद्ध गरिएको हो भन्ने किंवदन्ती त्यहाँ प्रचलित छ। माथिका श्लोकहरू सोही **शिवस्तोत्रावली**बाट साभार गरी नेपाली भावानुवादसहित यहाँ प्रस्तुत गरिएको हो।

(भावानुवाद एवं स्तोत्रकारको परिचयः डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवस्तोत्रम्

(शिवचामरस्तुतिः)

व्याप्तचराचरभावविशेषं चिन्मयमेकमनन्तमनादिम् ।
भैरवनाथमनाथशरण्यं तन्मयचित्ततया हृदि वन्दे ॥

त्वन्मयमेतदशेषमिदानीं भाति मम त्वदनुग्रहशक्त्या ।
त्वं च महेश ! सदैव ममात्मा स्वात्ममयं मम तेन समस्तम् ॥

स्वात्मनि विश्वगते त्वयि नाथे तेन न संसृतिभीतिकथाऽस्ति ।
सत्स्वपि दुर्धरदुःखविमोहत्रासविधायिषु कर्मगणेषु ॥

अन्तक ! मां प्रति मा दृशमेनां क्रोधकरालतमां विदधीहि ।
शङ्करसेवनचिन्तनधीरो भीषणभैरवशक्तिमयोऽस्मि ॥

इत्थमुपोढभवन्मयसंविद्दीधितिदारितभूरितमिस्रः ।
मृत्युयमान्तककर्मपिशाचैर्नाथ ! नमोऽस्तु न जातु बिभेमि ॥

प्रोदितसत्यविबोधमरीचिप्रोक्षितविश्वपदार्थसतत्त्वः ।
भावपरामृतनिर्भरपूर्णे त्वय्यहमात्मनि निर्वृत्तिमेमि ॥

मानसगोचरमेति यदैव क्लेशदशाऽतनुतापविधात्री ।
नाथ ! तदैव मम त्वदभेदस्तोत्रपरामृतवृष्टिरुदेति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कर ! सत्यमिदं व्रतदानस्नानतपो भवतापविनाशि ।
तावकशास्त्रपरामृतचिन्ता स्यन्दति चेतसि निर्वृतिधारा ॥

नृत्यति गायति हृष्यति गाढं संविदियं मम भैरवनाथ !
त्वां प्रियमाप्य सुदर्शनमेकं दुर्लभमन्यजनैः समयज्ञम् ॥

वसुरसपौषे कृष्णदशम्यामभिनवगुप्तः स्तवमिममकरोत् ।
येन विभुर्भवमरुसन्तापं शमयति झटिति जनस्य दयालुः ॥

॥ इति श्रीमहामहेश्वराचार्याभिनवगुप्तविरचितं भैरवस्तोत्रं सम्पूर्णम् ॥

भावानुवाद

सम्पूर्ण चराचर जगत्मा व्याप्त भएर रहेको चिन्मय, अद्वितीय, अनन्त, अनादि भावविशेषरूप भैरवनाथ जो अनाथका शरणदाता हुनुहुन्छ त्यस्ता प्रभुलाई तन्मयचित्तले म आफ्नो हृदयमा वन्दना गर्दछु ।

हे महेश ! तपाईंको अनुग्रहशक्तिका कारण यो सम्पूर्ण चराचर जगत् यतिखेर मलाई तपाईंमय अनुभव भइरहेको छ । तपाईं नित्य मेरो आत्मस्वरूप हुनुहुन्छ । त्यसैले समस्त जगत् मलाई आत्ममय अनुभव भइरहेको छ ।

अत्यन्त असह्य दुःख, मोह एवं त्रास दिने कर्मसमूहले घेरिए तापनि आत्मस्वरूप विश्वरूप तपाईं प्रभुमा यो समस्त चराचर जगत् रहेकोले संसाररूपी भयको कुनै कुरा छैन ।

हे अन्तक ! मप्रति अत्यन्त डरलाग्दो क्रोधपूर्ण दृष्टि नलगाउनुहोस् । शङ्करको सेवा तथा चिन्तनद्वारा धीर स्वभावले युक्त म भीषण भैरवशक्तिमय बनेको छु ।

हे प्रभु ! यसप्रकार सारा संसारलाई तपाईंमय अनुभव गर्ने ज्ञानका किरणहरूले अज्ञानरूपी अन्धकार विदीर्ण भएको अवस्थामा पुगेको म मृत्यु, नियति, कर्मपिशाचहरूबाट पटक्कै डराउँदिन ।

उत्कृष्ट ढङ्गले उदाएको सत्यस्वरूप विशिष्ट ज्ञानको किरणले सम्पूर्ण पदार्थसहित अभिषिक्त म परम अमृतस्वरूप परिपूर्ण भाव भएका आत्मस्वरूप तपाईंमा परमानन्द प्राप्त गर्दछु ।

हे प्रभु ! अत्यन्त ताप प्रदान गर्ने क्लेशदशा जतिखेर मेरो मानसपटलमा देखापर्दछ त्यति नै खेर मेरो हृदयमा तपाईंसँग अभेदभावरूप परम अमृतको वर्षारूप स्तोत्रको उदय हुन्छ ।

हे शङ्कर ! व्रत, दान, स्नान, तप आदि कार्यले संसाररूपी तापलाई नाश गर्दछ भन्ने कुरा सत्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो तर तपाईंको शास्त्र (शैवशास्त्र) को चिन्तनरूपी परम अमृतधारा जुन मेरो चित्तमा चुहिन्छ, त्यसैबाट म आनन्द प्राप्त गर्दछु।

हे भैरवनाथ! अन्य सामान्य व्यक्तिहरूका लागि दुर्लभ, अद्वितीय, कालको ज्ञाता, सुन्दर दृष्टि भएको प्रियस्वरूप तपाईंलाई पाएर मेरो यो संवित् (चेतना) प्रगाढरूपले नाचिरहेको छ, गाइरहेको छ र प्रसन्न भइरहेको छ।

सप्तर्षि संवत् ६८ (तदनुसार वि.सं. १०४९ पौषकृष्ण दशमीमा अभिनवगुप्तले यो स्तव (स्तोत्र)को रचना गरेका हुन्। यो स्तवको नित्य पाठ गर्नाले पशुजनहरूका अत्यन्त दयालु व्यापकस्वरूप भगवान् शङ्करले सांसारिक सन्तापलाई तुरुन्तै शमन (शान्त) गर्दछन्।

॥ महामहेश्वराचार्य अभिनवगुप्तद्वारा विरचित भैरवस्तोत्र पूरा भयो ॥

अभिनवगुप्त

अभिनवगुप्तको जन्म ई.सं. ९४०–९५० को बीचमा काश्मीरमा एक ब्राह्मण परिवारमा भएको थियो। उनको पिताको नाम नरसिंहगुप्त थियो भने माताको नाम विमलकला थियो। उनको हजुरबुबाको नाम वरगुप्त थियो। उनका पूर्वजहरू कन्नौजको राजदरवारमा पण्डितका रूपमा सम्मान्य थिए। उनका पूर्वज अत्रिगुप्त गङ्गा र जमुनाको अन्तर्वेदीमा जन्मेका थिए। उनी कन्नौजका राजा यशोवर्मनको दरवारमा पण्डितका रूपमा कार्यरत थिए। राजा यशोवर्मन काश्मीरका राजा ललितादित्य (ई.सं.७२५–७६१)बाट पराजित भएपछि राजा ललितादित्यले अत्रिगुप्तलाई काश्मीरमा लगेका थिए। उनले अत्रिगुप्तका लागि वितस्ता नदीको किनारमा शीतांशुमौलीमन्दिर अगाडि एउटा सुन्दर भवन र जागीरका रूपमा केही जमिन पनि दिएका थिए। अभिनवगुप्तले आफ्ना पिताबाट संस्कृत व्याकरण, तर्कशास्त्र र साहित्यको अध्ययन गरेका थिए। उनका मुख्य गुरु लक्ष्मणगुप्त थिए जसबाट उनले क्रम र त्रिकशास्त्रको अध्ययन गरेका थिए। उनले जालन्धरपीठमा गई शम्भुनाथबाट कुल सिद्धान्तको अध्ययन तथा अभ्यास गरेका थिए। उनले द्वैत तन्त्रको अध्ययन वामननाथबाट गरेका थिए। आचार्य भूतिनाथबाट उनले ब्रह्मविद्याको अध्ययन गरे। उनले उन्नाईस जना गुरुहरूबाट बौद्ध, जैनलगायत अन्य विभिन्न शास्त्रीय विधाको अध्ययन गरे। अभिनवगुप्तले विभिन्न विधामा ५० भन्दा बढी कृतिहरूको रचना गरेका थिए। बोधपञ्चदशिका, मालिनीविजयवार्तिक, परात्रिंशिकाविवृत्ति, तन्त्रालोक, तन्त्रसार, परमार्थसार, ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी, क्रमस्तोत्र, भैरवस्तव, गीतार्थसंग्रह (भगवद्गीतामाथिको टीका) आदि उनका दर्शनसम्बन्धी महत्त्वपूर्ण रचना हुन्। भरतको नाट्यशास्त्रमाथि अभिनवभारती नामक टीका र आनन्दवर्धनको ध्वन्यालोकमाथि लोचन नामक टीका उनका साहित्यशास्त्रसम्बन्धी रचना हुन्। अभिनवगुप्तलाई स्वयं भैरवका अवतार मानिन्छ। अभिनवगुप्त वि.सं. १०८२ तिर यस संसारबाट बिदा भए भन्ने अनुमान गरिएको छ। काश्मीरमा प्रचलित किंवदन्ती अनुसार अभिनवगुप्त आफ्ना १२०० शिष्यहरूका साथ आफ्नै रचना भैरवस्तव वाचन गर्दै एउटा गुफाभित्र पसेका थिए जो त्यसपछि कहिल्यै फर्केनन्। उनको सोही भैरवस्तवलाई नेपाली भावानुवादसहित यहाँ प्रस्तुत गरिएको छ।

(भावानुवाद एवं स्तोत्रकारको परिचयः डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरुद्राष्टकम्

नमामीशमीशाननिर्वाणरूपं
विभुं व्यापकं ब्रह्म वेदस्वरूपम् ।
निजं निर्गुणं निर्विकल्पं निरीहं
चिदाकाशमाकाशवासं भजेऽहम् ॥

निराकारमोङ्कारमूलं तुरीयं
गिराज्ञानगोऽतीतमीशं गिरीशम् ।
करालं महाकालकालं कृपालं
गुणागारसंसारपारं नतोऽहम् ॥

तुषाराद्रिसङ्काशगौरं गभीरं
मनोभूतकोटिप्रभाश्रीशरीरम् ।
स्फुरन्मौलिकल्लोलिनी चारुगङ्गा
लसद्भालबालेन्दु कण्ठे भुजङ्गा ॥

चलत्कुण्डलं भ्रूसुनेत्रं विशालं
प्रसन्नाननं नीलकण्ठं दयालम् ।
मृगाधीशचर्माम्बरं मुण्डमालं
प्रियं शङ्करं सर्वनाथं भजामि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचण्डं प्रकृष्टं प्रगल्भं परेशं
अखण्डं अजं भानुकोटिप्रकाशम् ।
त्रयः शूलनिर्मूलनं शूलपाणिं
भजेऽहं भवानीपतिं भावगम्यम् ॥

कलातीत कल्याण कल्पान्तकारी
सदा सज्जनानन्ददाता पुरारि ।
चिदानन्दसन्दोह मोहापहारी
प्रसीद प्रसीद प्रभो मन्मथारि ॥

न यावद् उमानाथपादारविन्दं
भजन्तीह लोके परे वा नराणाम् ।
न तावत्सुखं शान्ति सन्तापनाशं
प्रसीद प्रभो सर्वभूताधिवासम् ॥

न जानामि योगं जपं नैव पूजां
नतोऽहं सदा सर्वदा शम्भु तुभ्यम् ।
जरा जन्म दुःखौघ तातप्यमानं
प्रभो पाहि आपन्नमामीश शम्भु ॥

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये
ये पठन्ति नरा भक्त्या तेषां शम्भुः प्रसीदति ॥

॥ श्रीगोस्वामितुलसीदासकृतं श्रीरुद्राष्टकं सम्पूर्णम् ॥

भावानुवाद

हे ईशान ! निर्वाणस्वरूप, विभु, व्यापक, ब्रह्म, वेदस्वरूप, आफ्नो वास्तविक स्वरूपमा रहेका, निर्गुण, निर्विकल्प, निरीह, चिदाकाशस्वरूप तथा दिगम्बरस्वरूप तपाईंलाई नमस्कार गर्दछु ।

हे महाकाल ! हे गुणका भण्डार ! निराकारस्वरूप, ॐकारका मूल, जाग्रत्, स्वप्न, सुषुप्तिदेखि माथि रहेका तुरीयस्वरूप, वाणी, बुद्धि र इन्द्रियदेखि अतीत रहेका, कैलासनाथ, विकरालस्वरूप, कालस्वरूप, कृपास्वरूप, संसारबाट पार लगाउने तपाईंलाई नमस्कार गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमालयपर्वत समान सेतो वर्ण भएका, गम्भीर स्वभाव भएका, करोडौं कामदेवहरूको प्रभाझैं अत्यन्त कान्तियुक्त शरीर भएका, जटामा अत्यन्त मनोहर लहर भएको गङ्गा सुशोभित भइरहेकी, शिरमा उदाउँदो चन्द्रमा तथा घाँटीमा सर्प शोभित भइरहेका, कानमा कुण्डल हल्लिरहेका, सुन्दर नेत्र तथा विशाल भ्रूकुटी भएका, प्रसन्न मुख भएका, हलाहल विष पान गर्नाले नीलो घाँटी भएका, दयाका भण्डार, बाघको छालाको कपडा लगाउने, मुण्डमाला धारण गर्ने, सम्पूर्ण चराचर जगत्का स्वामी तथा सबैका प्रिय शङ्करलाई म भज्दछु।

अत्यन्त उग्र, सर्वोत्कृष्ट, अत्यन्त साहसी, अखण्ड, अज, करोडौं सूर्यसमान प्रकाश भएका, आधिभौतिक, आधिदैविक तथा आध्यात्मिक त्रिविध दुःखको मूललाई निर्मूल गर्ने तथा त्रिशूल धारण गर्ने, भावले मात्र जान्न सकिने गौरीका पति परमेश्वर शिवको म भजन गर्दछु।

हे कलातीत ! हे कल्याणस्वरूप ! हे कल्पान्तकारी ! सधैं सज्जनहरूलाई आनन्द प्रदान गर्ने हे त्रिपुरासुरका नाशक ! हे मोहनाशक चिदानन्दघन ! हे कामदेवलाई भस्म गर्ने प्रभु ! मप्रति सधैं प्रसन्न हुनुहोस्।

जबसम्म मानिसहरूले उमाका पति महादेवको चरणकमलको भजन गर्दैनन् तबसम्म इहलोक तथा परलोकमा उनीहरूको दुःख नाश हुँदैन तथा उनीहरूले सुख र शान्ति प्राप्त गर्न सक्तैनन्। त्यसैले सम्पूर्ण प्राणीहरूको हृदयमा वास गर्ने हे प्रभु ! तपाईं मप्रति प्रसन्न हुनुहोस्।

हे शम्भु ! म योग, जप, पूजा केही पनि जान्दिनँ, हे प्रभु ! म सदासर्वदा तपाईंलाई नमस्कार गर्दछु। हे ईश्वर ! जन्म, बुढ्याइँ आदि दुःखसमूहबाट सन्तप्त भइरहेको मलाई यो आपत्बाट रक्षा गर्नुहोस्। हे प्रभु ! म तपाईंलाई नमस्कार गर्दछु।

भगवान् शङ्करलाई प्रसन्न बनाउनका लागि विप्र तुलसीदासले रचना गरेको यो रुद्राष्टकलाई जो मनुष्यहरूले भक्तिपूर्वक पाठ गर्दछन् उनीहरूप्रति भगवान् शम्भु प्रसन्न हुनुहुन्छ।

॥ गोस्वामी श्रीतुलसीदासद्वारा विरचित रुद्राष्टक पूरा भयो ॥

(भावानुवाद : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतये नमः

भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सहमहां –
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम्।
अमुष्मिन् प्रत्येकं प्रविचरति देव श्रुतिरपि
प्रियायास्मै धाम्ने प्रविहितनमस्योऽस्मि भवते ॥

नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमो
नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।
नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमः
नमः सर्वस्मै ते तदिदमिति शर्वाय च नमः ॥

बहलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः
प्रबलतमसे तत्संहारे हराय नमो नमः ।
जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥

भावानुवाद

हे महादेव ! भव, शर्व, रुद्र, पशुपति, उग्र, महादेव, भीम र ईशान तपाईंका यी जुन अपरा प्रकृतिस्वरूप आठओटा नाम छन् ती प्रत्येक नाममा श्रुति पनि विचरण गर्दछ अर्थात् वेदले पनि तपाईंका ती नामहरूको प्रतिपादन गर्दछ। अतः तपाईंको त्यो प्रिय स्वरूपलाई म विनीतभावले नमस्कार गर्दछु।

अत्यन्त निकट तथा ज्यादै टाढा दुवै अवस्थामा रहने प्रियतमस्वरूप ! तपाईंलाई नमस्कार छ। कामदेवलाई भस्म गर्ने अत्यन्त सूक्ष्म स्वरूप भएका तथा अत्यन्त विशाल स्वरूप भएका हे स्मरहर ! तपाईंलाई नमस्कार छ। ज्यादै वृद्ध स्वरूप भएका तथा अत्यन्त युवक स्वरूप भएका हे त्रिनयन !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंलाई नमस्कार छ। सम्पूर्ण चराचर जगत्का रूपमा रहनु भएका हे सर्व ! तथा सम्पूर्ण संसारलाई आफूमा विलय गर्ने हे कालाग्निस्वरूप शर्व ! तपाईंलाई नमस्कार छ।

विश्वलाई उत्पन्न गर्नका लागि रजोगुणप्रधान ब्रह्माको स्वरूप धारण गर्ने भवलाई नमस्कार छ। संसारलाई पुनः संहार गर्नका लागि तमोगुणप्रधान रुद्ररूपधारी हरलाई नमस्कार छ। समस्त जीवहरूको सुखका लागि पालनकर्ताका रूपमा सत्त्वगुणप्रधान विष्णुरूपधारी मृडलाई नमस्कार छ। सत्त्व, रजस् र तमोगुणले रहित हुँदा शुद्ध प्रकाश स्वरूपमा स्थित परमात्मा शिवलाई नमस्कार छ।

पुष्पदन्त

यद्यपि पुष्पदन्तको जीवनवृत्तका विषयमा कहीँ ठोस उल्लेख पाइँदैन तथापि उनको रचना तथा पूर्वापरवर्ती साहित्यसन्दर्भहरूको आधारमा उनका सम्बन्धमा केही जानकारी प्राप्त हुन्छ। उनी गन्धर्वलोकका शासक थिए। भगवान् शङ्कर र पार्वतीको अपार अनुग्रह र विश्वास यिनीमाथि थियो। यिनी चतुर कूटनीतिज्ञ पनि थिए त्यसैले दैत्यराज शङ्खचूडसँगको युद्धको अवसरमा भगवान् शङ्करले यिनलाई दूत बनाएर पठाउनुभएको थियो। यिनी सिद्ध योगी थिए। यिनले विभिन्न किसिमका सिद्धिहरू प्राप्त गरेका थिए। आफ्नो सिद्धिको बलले एक समय यिनले अदृश्य भई नन्दीको दृष्टिबाट बचेर भगवान् शङ्करको अन्तःपुरमा प्रवेश गरी शङ्कर र पार्वतीको गुप्त वार्तालाप सुनेका थिए र सो वार्तालाप आफ्नी पत्नी तथा पार्वतीकी प्रिय सखी जयालाई सुनाएका थिए। जब उनले छलपूर्वक शङ्कर र पार्वतीको गुप्त वार्तालाप सुनेको भेद खुल्यो तब पार्वतीले यिनलाई मर्त्यलोकमा जन्मने श्राप दिनुभयो। सोही श्राप कटाउनका लागि देवदत्त, वररुचि आदिका रूपमा मर्त्यलोकमा जन्मेको र पाटलिपुत्रमा पाणिनिको साहचर्यमा रहेर आचार्य वर्षका साथ विद्याध्ययन गरेको आदि प्रसङ्ग, यिनको तीन जन्मको कथा 'कथा सरित्सागर', गुणाढ्यकृत 'बृहत्कथामञ्जरी' आदिमा विस्तारमा उपलब्ध छ। तिनै गन्धर्वराज पुष्पदन्तको सुप्रसिद्ध रचना 'शिवमहिम्नस्तोत्र'बाट उद्धृत तीनवटा श्लोक र त्यसको नेपाली भावानुवाद माथि प्रस्तुत गरिएको छ।

(भावानुवाद एवं स्तोत्रकारको परिचय : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्तवः

स यस्य पादद्वयमिद्धशासनः
सदा समभ्यर्चति पाकशासनः ।
प्रभुः प्रसादामलया दृशा स नः
क्रियाद्विपद्भङ्गमनङ्गशासनः ॥

तावत्प्रसीद कुरु नः करुणाममन्द-
माक्रन्दमिन्दुधर ! मर्षय मा विहासीः ।
ब्रूहि त्वमेव भगवन् करुणार्णवेन
त्यक्तास्त्वया कमपरं शरणं व्रजामः ॥

तह्यर्चनान्तसमये तव पादपीठ-
मालिङ्ग्य निर्भरमभङ्गुरभक्तिभाजः ।
निद्रानिभेन विनिमीलितलोचनस्य
प्राणाः प्रयान्तु मम नाथ ! तव प्रसादात् ॥

अज्ञस्तावदहं न मन्दधिषणः कर्तुं मनोहारिणी-
श्चाटुक्तीः प्रभवामि यामि भवतो याभिः कृपापात्रताम् ।
आर्त्तेनाशरणेन किन्तु कृपणेनाक्रन्दितं कर्णयोः
कृत्वा सत्वरमेहि देहि चरणं मूर्धन्यधन्यस्य मे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुग्धाब्धिदोऽपि पयसः पृषतं वृणोषि
दीपं त्रिधामनयनोऽप्युररीकरोषि ।
वाचां प्रसूतिरपि मुग्धवचः श्रृणोषि
किं किं करोषि न विनीतजनानुरोधात् ॥

पापः खलोऽहमिति नार्हसि मां विहातुं
किं रक्षया कृतमतेरकुतोभयस्य ।
यस्मादसाधुरधमोऽहमपुण्यकर्मा
तस्मात्तवास्मि सुतरामनुकम्पनीयः ॥

स्वैरेव यद्यपि गतोऽहमधः कुकृत्यै-
स्तत्रापि नाथ ! न तवास्म्यवलेपपात्रम् ।
दृप्तः पशुः पतति यः स्वयमन्धकूपे
नोपेक्षते तमपि कारुणिको हि लोकः ॥

जिह्वासहस्रयुगलेन पुरा स्तुतस्त्व-
मेतेन तेन यदि तिष्ठति कण्ठपीठे ।
एकैव मे तव नुतौ रसनास्ति तेन
स्थानं महेश ! भवदङ्घ्रितले ममास्तु ॥

भावानुवाद

ठूलो शासनको अधिकार राख्ने भएका पाकशासन (इन्द्र) जसको चरणकमलको सदा पूजा गर्दछन् ती अनङ्गशासन (शिव)ले आफ्नो कृपापूर्ण निर्मल दृष्टिले हाम्रो विपत्तिलाई भङ्ग गरून् ।

शिरमा चन्द्रमालाई धारण गर्ने हे इन्दुधर ! हामीप्रति खुसी हुनुहोस्, हामीलाई दया गर्नुहोस्, हाम्रो तीव्र क्रन्दनलाई ध्यान दिनुहोस्, हामीलाई बचाउनुहोस् । हे भगवान् ! तपाईं नै भन्नुहोस् तपाईंजस्ता करुणासागरले यदि छोडिदिने हो भने हामीहरू अरू कसको शरणमा जाऔँ ?

हे प्रभु ! तपाईंको अर्चना सिद्धिने वेलामा तपाईंको पादपीठ (पाउ राख्ने चौकी)मा शिर राखेर निदाउँदा सोही बहानाले आँखा चिम्लिएर तपाईंप्रति बडो भक्तिभाव राख्ने भएको मेरो प्राणपखेरु तपाईंको कृपाले त्यतिखेरै उडोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म अज्ञानी हुँ, मेरो बुद्धि मन्द छ त्यसैले अत्यन्त सुन्दर चाटु (चाप्लुसी)युक्त उक्ति (स्तुति)ले तपाईंलाई प्रसन्न बनाउने क्षमता ममा छैन जसबाट मैले तपाईंको कृपापात्रता प्राप्त गरूँ। आर्त्तपुकार, शरणहीन अवस्था र कृपणभावले रोइकराइ गरेको मप्रति ध्यान दिएर त्यस्तो सर्वोत्तम भाग्यशाली मलाई आफ्नो चरणको स्पर्श गराउनुहोस्।

तपाईं स्वयं भक्तलाई क्षीरसागर प्रदान गर्नेवाला हुनुहुन्छ तापनि भक्तले अर्पण गरेको दूधको एक थोपामात्रै पनि तपाईं प्रसन्नतापूर्वक ग्रहण गर्नुहुन्छ। सूर्य, चन्द्र र अग्निरूप तीन धाम तपाईंका आँखा छन् तापनि तपाईं भक्तले देखाएको दीप प्रसन्नतापूर्वक ग्रहण गर्नुहुन्छ। तपाईं स्वयं वाणीको उत्पत्तिस्थान हुनुहुन्छ तापनि तपाईं अल्पज्ञ भक्तहरूको स्तुतिपूर्ण वचन सुन्नुहुन्छ। आखिर तपाईं विनीतजनहरूको अनुरोधले केचाहिँ गर्नुहुन्न ? अर्थात् आफ्ना भक्तजनहरूको अनुरोधले जे पनि गर्नुहुन्छ।

म पापी हुँ, दुष्ट हुँ भनेर तपाईंले मलाई त्याग्न सक्नुहुन्न (पाउनुहुन्न)। जो बुद्धिमत्तापूर्ण तरिकाले कार्य गर्दछ, जो भयरहित छ, त्यस्तालाई रक्षा गर्नुको के प्रयोजन ? अर्थात् जसले आफ्नो रक्षाको अपेक्षा गरेको हुँदैन, जो आफैं सुरक्षित छ त्यस्तालाई रक्षा गरिरहनै पर्दैन। जो असाधु, अधम र पापी छन्, तिनै अरक्षितहरूलाई नै रक्षा गर्नुपर्छ। म असाधु, अधम र पापी छु त्यसैकारण म तपाईंको अनुकम्पाको योग्य छु।

हे प्रभु ! यद्यपि म आफ्नै कुकृत्यहरूले गर्दा अधःपतनको सिकार भएको हुँ तर यसो भन्दैमा म तपाईंको अवज्ञाको पात्र होइन अर्थात् तपाईंले मलाई बेवास्ता गर्न पाउनुहुन्न। कुनै घमण्डी पशु स्वयं खाल्डोमा पर्‍यो भने करुणहृदय भएको मान्छेले उक्त पशुलाई उपेक्षा गर्दैन बरु उसले त्यो पशुलाई खाल्डोबाट बाहिर निकाल्दछ। साधारण दयाशील मनुष्यले त यस्तो गर्छ भने तपाईं त करुणाका महासागर हुनुहुन्छ त्यसैले तपाईंले मजस्तो कुकर्मीको उद्धार गर्नैपर्छ।

कुनै प्राचीन समयमा शेषनागले आफ्ना दुई हजार जिभ्राहरूले तपाईंको स्तुतिगान गरेका थिए। सोही स्तुतिगानको कारणले यदि शेषनागले नागको रूपमा तपाईंको घाँटीमा बस्ने सौभाग्य पाउँछन् भने तपाईंको स्तुतिगानका लागि मेरो एउटै मात्र जिभ्रो छ त्यसैले हे महेश ! मेरो स्थान तपाईंको चरणतलमा रहोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगद्धर भट्ट

जगद्धर भट्ट काश्मीरक कवि हुन् । यिनका पिताको नाम रत्नधर थियो भने पितामहको नाम गौरधर थियो । पितामह गौरधरले यजुर्वेदको वेदविलास नामक भाष्यको रचना गरेका थिए । पिता रत्नधर महाकवि थिए ।

जगद्धर भट्टको स्थितिकाल विक्रमको पन्ध्रौं शताब्दीको उत्तरार्ध मानिन्छ । यिनले आफ्ना पुत्र यशोधरलाई पढाउनका लागि कातन्त्रव्याकरणमाथि बालबोधिनी नामक वृत्तिको रचना गरेका थिए । यिनले रचना गरेको **स्तुतिकुसुमाञ्जलि** नामक कृतिमा दास्य, शान्त, करुण आदि भावद्वारा भगवान् शिवको स्तुति गरिएको छ। उक्त कृतिमा १४०९ श्लोकहरू छन् भने अठतीसवटा स्तोत्रहरू छन् । त्यसअतिरिक्त एउटा कविवंशवर्णनको स्तोत्र पनि रहेको छ ।

सोही **स्तुतिकुसुमाञ्जलि**का केही श्लोकहरू उद्धृत गरी अनुवादसहित यहाँ प्रस्तुत गरियो ।

(भावानुवाद एवं स्तोत्रकारको परिचय : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवशरणागतिः

त्वं वेदान्तैर्विविधिमहिमा गीयसे विश्वनेत–
स्त्वं विप्राद्यैर्वरदनिलिखिरिज्यसे कर्मभिः स्वैः ।
त्वं दृष्टानुश्रविकविषयानन्दमात्रावितृष्णै–
रन्तर्ग्रन्थिप्रविलयकृते चिन्त्यसे योगिवृन्दैः ॥

ध्यायन्तस्त्वां कतिचन भवं दुस्तरं निस्तरन्ति ।
त्वत्पादाब्जं विधिवदितरे नित्यमाराधयन्तः ।
अन्ये वर्णाश्रमविधिरताः पालयन्तस्त्वदाज्ञां
सर्वं हित्वा भवजलनिधावेष मज्जामि घोरे ॥

उत्पद्यापि स्मरहर महत्युत्तमानां कुलेऽस्मि–
न्नास्वाद्य त्वन्महिमजलधेरप्यहं शीकराणून् ।
त्वत्पादार्चाविमुखहृदयश्चापलादीन्द्रियाणां
व्यग्रस्तुच्छेष्वहह जननं व्यर्थयाम्येष पापः ॥

नाहं रोद्धुं करणनिचयं दुर्नयं पारयामि
स्मारं स्मारं जनिपथरुजं नाथ ! सीदामि भीत्या ।
किं वा कुर्वे किमुचितमिह क्वाद्य गच्छामि हन्त !
त्वत्पादाब्जप्रपतनमृते नैव पश्याम्युपायम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लङ्घ्याज्ञामुडुपतिकुलाचूड ! ते विश्ववन्द्य !
त्यक्ताचारः पशुवदधुना त्यक्तलज्जा स्मरामि ।
एवं नानाविधभवततिप्राप्तदीर्घापराधः
क्लेशाम्भोधिं कथमहमृते त्वत्प्रसादात्तरेयम् ॥

ध्यातो यत्नाद्विजितकरणैर्योगिभिर्यो विमृग्य–
स्तेभ्यः प्राणोत्क्रमणसमये सन्निधायात्मनैव ।
तद्व्याचष्टे भवभयहरं तारकं ब्रह्मदेव–
स्तं सेवेऽहं गिरिश ! सततं ब्रह्मविद्यागुरुं त्वाम् ॥

भक्ताग्र्याणां कथमपि परैर्योऽचिकित्साममर्त्यैः
संसाराख्यां शमयति रुजं स्वात्मबोधौषधेन ।
तं सर्वाधीश्वर ! भवमहादीर्घतीव्रामयेन
क्लिष्टोऽहं त्वां वरद ! शरणं यामि संसारवैद्यम् ॥

दासोऽस्मीति त्वयि शिव ! मया नित्यसिद्धं निवेद्यं
जानास्येतत् त्वमपि यदहं निर्गतिः सम्भ्रमामि ।
नास्त्येवान्यन्मम किमपि ते नाथ ! विज्ञापनीयं
कारुण्यान्मे शरणवरणं दीनवृत्तेर्गृहाण ॥

स्वप्ने वापि स्वरसविकसद्दिव्यपङ्केरुहाभं
पश्येयं तत्तव पशुपते ! पादयुग्मं कदाचित् ।
क्वाहं पापः क्व तव चरणालोकभाग्यं तथापि
पत्याशां मे घटयति पुनर्विश्रुता तेऽनुकम्पा ॥

भावानुवाद

हे विश्वनायक ! वेदान्त (उपनिषद्)हरूले तपाईंको महिमागान गर्दछन् । हे वरदाता ! तपाईं ब्राह्मण आदि चारै वर्णका मानिसहरूबाट आ-आफ्नो वर्णानुकूल कर्महरूद्वारा पूजित हुनुहुन्छ । ऐहलौकिक तथा पारलौकिक विषयसुखप्रति वितृष्णा जागेका योगीगणहरूले अविद्यारूपी हृदयग्रन्थिको भेदनका लागि तपाईंलाई सधैँ चिन्तन गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंको ध्यान गर्ने कतिपय योगीजनहरू, तपाईंको चरणकमलको विधिवत् नित्य आराधना गर्ने भक्तहरू तथा तपाईंको आज्ञाको पालना गर्दै वर्णाश्रमअनुसारको आचरणमा लागेका कर्मनिष्ठ व्यक्तिहरू दुस्तर भवसागर पार तर्दछन् तर मचाहिँ कर्म, भक्ति र ज्ञान सबै थोक छोडेर संसारसागरमा डुबेको छु।

कामदेवलाई भस्म गर्ने हे प्रभु ! उत्तम ब्राह्मणहरूको महान् कुलमा जन्मेर पनि तपाईंको महिमारूपी सागरको एउटा बालुवाको कणलाई पनि आस्वादन नगरेर इन्द्रियहरूको चाञ्चल्यका कारण तपाईंको चरणकमलको अर्चनाबाट विमुख, दिनहुँ तुच्छ सांसारिक विषयवासनाप्रति व्यग्र म पापात्मा यो दुर्लभ मनुष्यजन्मलाई व्यर्थ बनाइरहेको छु।

हे प्रभु ! म दुर्दमनीय इन्द्रियसमूहलाई रोक्न सकिरहेको छैन। वारंवार संसारमा जन्म लिनुपर्ने डरले म शिथिल भइरहेको छु। यस्तो अवस्थामा के गरूँ ? कहाँ जाऊँ ? के उचित हो ? भन्ने द्विविधामा परेको छु। यो द्विविधाबाट छुटकारा पाउनका लागि तपाईंको चरणकमलरूपी निर्झर झरनाबाहेक म अर्को कुनै उपाय देख्दिनँ।

हे शशिशेखर ! सम्पूर्ण जगत्ले वन्दना गर्न योग्य हे प्रभु ! म तपाईंको आज्ञारूपी शास्त्रवचनलाई उल्लङ्घन गरी अहिले पशुझैँ निर्ल्लज्ज भई सदाचारको मार्गलाई परित्याग गरेर हिँड्दैछु। यसप्रकार जन्मजन्मान्तरमा गरेको नानाप्रकारको अपराधले युक्त म तपाईंको कृपाविना क्लेशरूपी यो भवसागर कसरी पार गरूँ ?

जितेन्द्रिय योगीहरूद्वारा ध्यान गरिने तथा यत्नपूर्वक जानिने हे गिरिश ! तपाईं त्यस्ता महात्माहरूको प्राणान्तको समयमा आफैँ उनीहरूको नजिक उपस्थित भई उनीहरूलाई तारकमन्त्रको उपदेश गर्नुहुन्छ। ब्रह्मविद्याका उपदेशक त्यस्ता तपाईंको म नित्य सेवा गर्दछु।

अन्य देवताहरूद्वारा कसैगरी पनि उपचार गर्न नसकिने आवागमनरूपी भवरोगलाई जसले आत्मबोधरूपी ओखतीद्वारा निको पार्दछ त्यस्ता हे सर्वाधीश्वर ! जन्मजन्मान्तरदेखिको लामो र तीव्र संसाररूपी रोगले दुःखी म आवागमनको चक्ररूपी भवरोगलाई निको पार्ने संसारवैद्यरूप हजुरको शरणमा पर्दछु।

हे शिव ! म तपाईंको दास हुँ भन्ने कुरा मैले तपाईंलाई निवेदन गर्नु छ। म गतिहीन भएर भट्किरहेको छु भन्ने तपाईंलाई पनि थाहा छ। हे प्रभु ! तपाईंसँग अरू केही पनि निवेदन गर्नु छैन, केवल म दुःखीलाई करुणापूर्वक आफ्नो शरणमा लिनुहोस्।

हे पशुपति ! फुलेको सुन्दर कमलको फूलजस्तै तपाईंका ती चरणयुगललाई कदाचित् सपनामा देख्न पाऊँ। कहाँ म पापी ? कहाँ तपाईंको चरणको दर्शन पाउने भाग्य ? तैपनि तपाईंको अनुकम्पाको प्रसिद्धिले मेरो मनमा पुनः आशाको सञ्चार गराउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप्पय्य दीक्षित

आद्यशङ्कराचार्यद्वारा स्थापित अद्वैत वेदान्तपरम्पराका श्रेष्ठ आचार्यहरूमध्ये अप्पय्य दीक्षित पनि एक हुन्। यिनको जन्म वि.सं. १६०७ मा भएको थियो भने मृत्यु वि.सं. १६७९ मा भएको थियो। यिनी शिवका परम भक्त थिए। यिनले **शिवतत्त्वविवेक** आदि शैवसिद्धान्तसम्बन्धी ग्रन्थहरूको रचना गरेको देखिन्छ। महान् वैयाकरण भट्टोजी दीक्षितले सिद्धान्तकौमुदीमा यिनलाई आफ्ना गुरुका रूपमा स्मरण गरेका छन्। आफ्नो जीवनको अन्तिम समयमा यिनी काशीबाट चिदम्बरम् गए। त्यहाँ पुगेपछि उनको कण्ठबाट अनायास यस्तो श्लोक प्रकट भयो–

चिदम्बरमिदं पुरं प्रथितमेव पुण्यस्थलं
सुताश्च विनयोज्ज्वलाः सुकृतयश्च काश्चित् कृताः।
वयांसि मम सप्ततिरूपरि नैव भोगे स्पृहा
न किञ्चिदहमर्थये शिवपदं दिदृक्षे परम्॥

आभाति हाटकसभानटपादपद्मो
ज्योतिर्मयो मनसि मे तरुणारुणोऽयम्।

यसप्रकार दोस्रो श्लोक पूरा हुन नपाउँदै यिनको जीवनलीला समाप्त भयो। त्यतिखेर यिनका छोरा र भाइका छोरा नीलकण्ठ यिनीसँगै थिए। उनीहरूले उक्त दोस्रो श्लोक यसरी पूरा गरे–

नूनं जरामरणघोरपिशाचकीर्णा
संसारमोहरजनी विरतिं प्रयाता॥

तिनै महान् शिवभक्त अप्पय्य दीक्षितले रचना गरेको **शिवशरणागति** नामक स्तोत्रबाट अनुवादसहित केही अंश यहाँ प्रस्तुत गरियो।

(भावानुवाद एवं स्तुतिकारको परिचय : डा. माधवप्रसाद लामिछाने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवमहिम्नस्तवः

उवाच चैनं परमार्थतो हरं
न वेत्सि नूनं यत एवमात्थ माम्
अलोकसामान्यमचिन्त्यहेतुकं
द्विषन्ति मन्दाश्चरितं महात्मनाम् ॥

विपत्प्रतिकारपरेण मङ्गलम्
निषेव्यते भूतिसमुत्सुकेन वा ।
जगत्छरण्यस्य निराशिषः सतः
किमेभिराशोपहतात्मवृत्तिभिः ॥

अकिञ्चिनः सन् प्रभवः स सम्पदाम्
त्रिलोकनाथः पितृसद्मगोचरः ।
स भीमरूपः शिव इत्युदीर्यते
न सन्ति याथार्थ्यविदः पिनाकिनः ॥

विभूषणोद्भासि पिनद्धोगि वा
गजाजिनालम्बि दुकूलधारि वा ।
कपालि वास्यादथवेन्दुशेखरं
न विश्वमूर्तेरवधार्यते वपुः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदङ्गसंसर्गमिवाप्य कल्पते
ध्रुवं चिताभस्मरजो विशुद्धये ।
तथाहि नृत्याभिनयक्रियाच्युतं
विलिप्यते मौलिभिरम्बरौकसाम् ॥

असम्यदस्तस्य वृषेण गच्छतः
प्रभिन्नदिग्वारणवाहनो वृषा ।
करोति पादावुपगम्य मौलिना
विनिद्रमन्दाररजोऽणाङ्गुली ॥

विवक्षता दोषमपि च्युतात्मना
त्वयैकमीशं प्रति साधु भाषितम् ।
यमामनन्त्यात्मभुवोऽपि कारणं
कथं स लक्ष्यप्रभवो भविष्यति ॥

अलं विवादेन यथा श्रुतस्त्वया
तथाविधस्तावदशेषमस्तु सः ।
ममात्र भावैकरसं मनः स्थितं
न कामवृत्तिर्वचनीयमीक्षते ॥

निवार्यतामालि किमप्ययं वटुः
पुनर्विवक्षुः स्फुरितोत्तराधरः ।
न केवलं यो महतोऽपभाषते
श्रृणोति तस्मादपि यः स पापभाक् ॥

भावानुवाद

हे ब्रह्मचारी ! तपाईंले महादेवलाई निश्चय पनि यथार्थरूपमा जान्नुभएको छैन । त्यसै हुनाले मेरासामु अनर्गल वचन बोल्नुभयो । हुन पनि हो जो व्यक्ति मूढ छन् ती महात्माहरूको लोकको दृष्टिमा असामान्य र अचिन्त्य देखिने चरित्रलाई निन्दा गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तात्पर्य- (ठूलाबडाका असामान्य चरित्र सामान्य व्यक्तिले बुझ्न सक्तैनन् ।)

विपत्ति हटाउने इच्छाले वा कल्याण पाउने चाहनाले मानिसहरू माङ्गलिक पदार्थको प्रयोग गर्दछन् । (जलपूर्ण कलश, दहीको कहतारो आदिको स्थापना गर्दछन्) जो सम्पूर्ण जगत्का रक्षक छन् अनि जसमा कुनै कामना नै छैन भने त्यस्तालाई यस्ता माङ्गलिक पदार्थ किन पो चाहियो र ?

उहाँसँग केही छैन तर सारा सम्पत्ति (भोग) उहाँबाटै प्रकट भएका हुन् । उहाँ श्मशानमा रहनुहुन्छ तर तीनै लोकका अधिपति हुनुहुन्छ । उहाँको रूप भीषण (महारुद्र) छ तर शिव (मङ्गलकारी) भनेर कहलिनु भएको छ । त्यसकारण सदाशिवको सच्चा रूप बुझ्ने व्यक्ति कोही पनि छैन ।

तात्पर्य- (नितान्त विरोधी गुण देखिने शिवलाई कोही बुझ्न सक्तैनन् ।)

संसारमा देखिने सम्पूर्ण रूप शिवकै रूप भएकोले उहाँको शरीर गहनाले शोभित होस् वा सर्पले बेरियोस्, हात्तीको चर्म भुण्डिएको होस् वा दुपट्टा ओढेको अवस्थामा होस्, खोपडीहरूको माला लगाइएको होस् वा शिरमा चन्द्रमा सुशोभित होऊन् यस सम्बन्धमा विचार गर्नुपर्ने देखिँदैन ।

चिताको खरानी पनि महेश्वरको अङ्गको सम्पर्कले पाप पखाल्न अवश्य सक्षम बन्छ । यसै हुनाले जब उहाँ ताण्डवनृत्यको अभिनय सुरु गर्नुहुन्छ त्यतिखेर उहाँको तनबाट झरेको भस्मलाई देवताहरूले शिरमा लेपन गर्दछन् ।

कङ्गाल भनिने शिव जब गोरुमा चढेर हिँड्नुहुन्छ तब दिग्गज(ऐरावत) वाहनमा सवार इन्द्र आएर पाउमा माथा झुकाउँछन् त्यतिखेर फुलेको कल्पवृक्ष फूलको पराग पाउमा पर्छन्, जसबाट उहाँका औंलाहरू रङ्गिन पुग्छन् ।

हे ब्रह्मचारी ! दोषदृष्टि भएको तपाईंले दोष बताउँदै जाँदा भगवान्प्रति एउटा कुरा भने साँचो भन्नुभयो, त्यो के भने सनातन जुन भगवान् ब्रह्माका पनि स्रष्टा हुनुहुन्छ, उहाँको प्रादुर्भाव र कुलको बारेमा बुझ्न को समर्थ हुन्छ र ?

तात्पर्य- (सबैका स्रष्टा भएकाले शिवको जन्म र कुल जान्न सकिँदैन ।)

भैगो, झगडा नगरौँ । तपाईंले जस्तो सुन्नुभयो शिव सम्पूर्ण रूपमा त्यस्तै भए पनि मेरो मन उहाँमा एकरस भएर रमाइसक्यो । जब मन कतै रमाउँछ भने त्यो मनले अरूले के भन्लान् भन्ने कुरामा वास्ता गर्दैन ।

ए सँगिनी ! यी ब्रह्मचारी अझै केही बोल्न खोज्दैछन्, यिनको ओठ चल्दैछ, यिनलाई बोल्न नदेऊ । किनभने ठूला व्यक्तिका बारेमा जो बोल्छ त्यो बोल्ने व्यक्तिमात्र नभई त्यो सुन्ने व्यक्ति पनि पापको भागी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवरणः माथिको शिवमहिमास्त्वत्र महाकवि कालिदासद्वारा विरचित **कुमारसम्भव** महाकाव्यबाट लिइएको हो।

शैलतनया बालिका पार्वतीले पूर्व संस्कारवश अनि आफ्ना बुबा-मुमा हिमालय र मेनकाले प्रतिदिन गर्नुभएको शिवोपासनाको दृश्य देखेको कारण पनि शिव देवाधिदेव हुन्, उनी सनातन, सच्चिदानन्द, अजन्मा, अव्यय, अरूप, सर्वव्यापी ब्रह्म पनि हुन् तर पनि लोकहितार्थ अनन्त स्थावर, जङ्गम रूपमा आफूलाई रुद्र, महारुद्र, कपाली, पिनाकी, नटराज, भूतप्रेत, पिशाचका स्वामी, यक्ष प्रमथगणका अधिपति, जल, वायु, अग्नि आदि अष्टरूपी, विरूपी, बहुरूपी, शान्त, उग्र आदि विपरीत स्वभावका, आशुक्रोधी, आशुतोषी, सबैका पालक, रक्षक तथा संहारक, जीवनदाता, अबोध्य, दुर्बोध्य भइकन भक्तिबोध्य, ज्ञानगम्य, समाधिगम्य, अनुभवगम्य, दृश्यगम्य,अन्तर्गम्य र बहिर्गम्यसमेत अनुकूल-प्रतिकूल शुभाशुभ रूपमा प्रकट भई धर्मरक्षा, सज्जनपालन, वेदरक्षा, सज्जनसंरक्षण र दुर्जन दमन गर्ने सक्रिय उत्तमोत्तम देव पनि यिनै हुन् भन्ने पार्वतीले बुझिन्। यसभन्दा अर्को उत्तम वर मेरा लागि देवता, गन्धर्व, यक्ष, पितृ, प्रजापति, राजा, ऋषि, मानव कोही हुन सक्तैनन् भन्ने बोध गर्न किशोरी उमा समर्थ थिइन्।

शक्ति शक्तिमान्सँग कहिल्यै पृथक् नहुने हरपल साथै रहने सनातन याथार्थ्य हुँदाहुँदै पनि शक्तिले शक्तिमान्सँग मिल्न तपश्चर्याको आश्रय लिइन्।

पार्वतीको तपश्चर्याले कठिनतम परीक्षाको अनन्त मोड पार गरेपछि शक्तिमान् पशुपति प्रसन्न हुनुहुन्छ, तापनि अनुपम साधिका तथा दृढनिश्चयी उमाकै मुखबाट बुझ्न ब्रह्मचारीको रूपमा उपस्थित भएर महेश्वरका मुण्डमालाधारी उन्मत्त, उग्र, अलमस्ती, गँजडी, दिगम्बर, श्मशानवासी पिशाच तथा अकुलीन रूपलाई देखाएर उनीप्रति टीठ देखाउँदै तपबाट विमुख गराउन भरमग्दुर प्रयास गर्नुहुन्छ तर त्यस कार्यमा कपटमानव सफल हुँदैनन्। ती कपटी ब्रह्मचारीलाई तपस्विनी उमाले दिएको सारगर्भित उत्तर महाकवि कालिदासको कालजयी महाकाव्य **कुमारसम्भव**मा यस रीतले उल्लेख गरिएको छ।

प्रसङ्गभित्रको प्रसङ्ग कुमारी कन्या लजालु हुन्छन्। लज्जा उनीहरूको गहना नै हो। पार्वती तिमीले चाहेको वर कुन हो ? कस्तो छ ? बताऊ न भनेर हठ गर्दा पनि उनी बताउन सक्तिनन्। पार्वतीका सखीले हाम्री सँगी जगत्पति शङ्करलाई पति बनाउने दृढ इच्छाले कठिन तप गर्दैछिन्, यिनको कृशकाय अवस्था देखेर हाम्रा नयनमा आँसु भरिन्छ तर के गर्नु ? सँगीले दुर्लभ वरको चाहना लिइन्, अब कहिले शङ्करले सँगीको पुकार सुन्लान्। यसप्रकार पार्वतीको मनको भावमात्र नभई स्मरदशाको समेत उल्लेख गरेर मलिन मुद्रामा सबै वृत्तान्त खुलस्त भने पनि सो भनाइमा ब्रह्मचारीले वदनमा अलिकति पनि प्रसन्नता व्यक्त गरेनन् र बरु अझै इच्छित वरको कुरूपता, अकुलीनता र पिशाचचर्याको स्वरूप स्पष्ट पार्न खोजेकोले पार्वती कुपित भइन् र उनका दुवै ओठ काँपे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्वतीले आफ्नो उत्तरमा ब्रह्मचारी सहमत छैनन् भन्ने देखेर अब म हिँड्नु नै बेस छ भनेर हिँड्न थालेकी मात्र के थिइन्, त्यही बखत मन्द मुस्कानमा मुस्कुराउँदै महेश्वरले पार्वतीको हात समाते। महेश्वरले भन्नुभयो– "हे कोमल अङ्गकी बाले! आजबाट तिमीले मलाई तपस्याले किनेको दास भनी सम्झे हुन्छ।" नवधा भक्तिका पूर्ण नमुना बनेका यी नौ श्लोकहरूमा पार्वतीले महेश्वरका सम्बन्धमा जे बताएकी छिन्, ती अगाध भक्तिका उत्तम निदर्शन हुन्। यी वाक्य कुनै पनि साधकका लागि वेदवाक्यभन्दा कम महत्त्वका छैनन्। यहाँको प्रसङ्ग हेर्दा पार्वतीको तपस्या पतिप्राप्तिको इच्छामा आश्रित भन्न मिल्दैन। यहाँ अति दिव्ययुगलको एकाकारित हुने भावको सामरस्य छ। साधनाको अति उच्च तहमा पुगेका सनकादि, नारद, व्यास शुक प्रभृति ऋषि, महर्षि, देवर्षिहरू यस दिव्यभावलाई आत्मसात् गर्न सक्छन्।

माउलाई भेट्न सानो बाच्छो हुर्तुराएझैँ, आमालाई नपाउँदा दूधे बालक व्याकुल भएझैँ, प्रवासी प्रियतमको आगमनलाई नव परिणीता कुलबधूले युग बराबरको दिन रातमा प्रतीक्षा गरेझैँ आफ्नो एकमात्र सहारा परदेसिएको छोरो अब त आउँछ कि आउँछ कि भनी बूढी आमाले दिनको कैयौँपल्ट औँला गनेझैँ आतुरजीवले पनि यस्तै प्रकारले शिवमा मानस सम्पर्क नटुटाउने हो भने शिवसँग मिल्न जीवलाई लामो समय कुर्नुपर्दैन। उसको अचल साधनाले शिवको दुर्गम्य आसन पनि सुगम हुन्छ। उसो त शिवको पनि स्वांशभूत जीव शिवबाट पृथक् छ र जब जीवको निरोधरूप मल निवृत्त भएर कर्म परिपाकवश उसलाई शिवको अनुग्रह प्राप्त हुन्छ तब शिवैक्य लाभका लागि उसको मार्ग प्रशस्त हुन्छ। यावत् जीव आफूमा जीवभाव समाहित गराएर शिव बनून् भनेर उनी सधैँ चाहन्छन्। त्यसको निम्ति उनले सुगम बाटा पनि बताएका छन् - तारकमन्त्र राम नामको जप, आफ्नो सहस्र नामको जप, त्यो नभए कुनै एक नामको जप, प्राणीप्रतिको दयाभाव, पापप्रतिको उपेक्षा, निष्कामरूपले स्वधर्माचरण आदि। यस्ता सहजतम सरलातिसरल कुनै आचरण पनि नगरेर जीव संसारको सुदृढ मायामोहपाशमा बाँधिरहन रुचाउँछ भने शिवले के गर्ने!

(भावानुवाद तथा विवरणः प्रा. रामहरि दाहाल)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरातेश्वरस्तुतिः

शरणं भवन्तमतिकारुणिकं भव भक्तिगम्यमधिगम्य जनाः ।
जितमृत्यवोऽजित ! भवन्ति भये ससुरासुरस्य जगतः शरणम् ॥

विपदेति तावदवसादकरी न च कामसंपदभिकामयते ।
न नमन्ति चैकपुरुषं पुरुषास्तव यावदीश ! न नतिः क्रियते ॥

संसेवन्ते दानशीला विमुक्त्यै संपश्यन्तो जन्मदुःखं पुमांसः ।
यन्निःसङ्गस्त्वं फलस्यानतेभ्यस्तत्कारुण्यं केवलं न स्वकार्यम् ॥

प्राप्यते यदिह दूरमागत्वा यत्फलत्यपरलोकगताय ।
तीर्थमस्ति न भवार्णवबाह्यं सार्वकामिकमृते भवतस्तत् ॥

व्रजति शुचि पदं त्वयि प्रीतिमान्प्रतिहतमतिरेति घोरां गतिम् ।
इयमनघ ! निमित्तशक्तिः परा तव वरद ! न चित्तभेदः क्वचित् ॥

दक्षिणां प्रणतदक्षिणमूर्तिः तत्त्वतः शिवकरीमविदित्वा ।
रागिणापि विहिता तव भक्त्या संस्मृतिर्भव भवत्यभवाय ॥

दृष्ट्वा दृश्यान्याचरणीयानि विधाय प्रेक्षाकारी याति पदं मुक्तमपायैः ।
सम्यग्दृष्टिस्तस्य परं पश्यति यस्त्वां यश्चोपास्ते साधु विधेयं स विधत्ते ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युक्ताः स्वशक्त्या मुनयः प्रजानां हितोपदेशैरुपकारवन्तः ।
समुच्छिनत्सि त्वमचिन्त्यधामा कर्माण्युपेतस्य दुरुत्तराणि ॥

सन्निबद्धमपहर्तुमहार्यं भूरि दुर्गतिभयं भुवनानाम् ।
अद्भुताकृतिमिमामतिमायस्त्वं बिभर्षि करुणामय ! मायाम् ॥

न रागि चेतः परमा विलासिता वधूः शरीरेऽस्ति न चास्ति मन्मथः ।
नमस्क्रिया चोषसि धातुरित्यहीनिसर्गदुर्बोधमिदं तवेहितम् ॥

तवोत्तरीयं करिचर्म साङ्गजं ज्वलन्मणिः सारसनं महानहिः ।
स्रगास्यपङ्क्तिः शवभस्म चन्दनं कला हिमांशोश्च समं चकासति ॥

अविग्रहस्याप्यतुलेन हेतुना समेतभिन्नद्वयमूर्ति तिष्ठतः ।
तवैव नान्यस्य जगत्सु दृश्यते विरुद्धवेषाभरणस्य कान्तता ॥

आत्मलाभपरिणामनिरोधैर्भूतसङ्घ इव न त्वमुपेतः ।
तेन सर्वभुवनातिग लोके नोपमानमसि नाप्युपमेयः ॥

त्वमन्तकः स्थावरजङ्गमानां, त्वया जगत्प्राणिति देव ! विश्वम् ।
त्वं योगिनां हेतुफले रुणत्सि त्वं कारणं कारणकारणानाम् ॥

रक्षोभिः सुरमनुजैर्दितेः सुतैर्वा यल्लोकेष्वविकलमाप्तमाधिपत्यम् ।
पाविन्याः शरणगतार्तिहारिणे तन्माहात्म्यं भव भवते नमस्क्रियायाः ॥

तरसा भुवनानि यो बिभर्ति ध्वनति ब्रह्म यतः परं पवित्रम्
परितो दुरितानि यः पुनीते शिव तस्मै पवनात्मने नमस्ते ॥

भवतः स्मरतां सदासने जयिनि ब्रह्ममये निषेदुषाम् ।
दहते भवबीजसन्तति शिखिनेऽनेकशिखाय ते नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आबाधामरणभयार्चिषा चिराय प्लुष्टेभ्यो भव महता भवानलेन ।
निर्वाणं समुपगमेन गच्छते ते बीजानां प्रभव नमोऽस्तु जीवनाय ॥

यः सर्वेषामावरीता वरीयान् सर्वैर्भावैर्नावृतोऽनादिनिष्ठः ।
मार्गातीतायेन्द्रियाणां नमस्तेऽविज्ञेयाय व्योमरूपाय तस्मै ॥

अणीयसे विश्वविधारिणे नमो नमोऽन्तिकस्थाय नमो दवीयसे ।
अतीत्य वाचां मनसां च गोचरं स्थिताय ते तत्पतये नमो नमः ॥

असंविदानस्य ममेश संविदां तितिक्षितुं दुश्चरितं त्वमर्हसि ।
विराध्य मोहात्पुनरभ्युपेयुषां गतिर्भवानेन दुरात्मनामपि ॥

भावानुवाद

हे अपराजित शिव ! भक्तिले पाइने अति दयालु हजुरको शरण पाई मृत्युलाई जितेर निर्भय भएका व्यक्तिहरू देव, दानव र दैत्यसहित उनीहरूका लोकहरूलाई पनि शरण दिन सक्छन् । (पहिले शरण खोज्ने व्यक्ति शिवकृपा पाएपछि अरूलाई शरण दिन सक्ने बन्दछन् ।)

हे भगवान् ! जबसम्म पुरुषहरू हजुरलाई नमन गर्दैनन्, तबसम्म उनीहरू एकाकी हुन्छन् । उनीहरूलाई दुःखदायी विपत्ति आइपर्छ, उनीहरूको इच्छा पनि पूरा हुँदैन, अरू व्यक्ति पनि उनीहरूलाई नमन गर्दैनन् । (हजुरको अभक्त सबैतिरबाट अपहेलित हुन्छ ।)

दानी स्वभावका मानिसहरू जन्मबाट हुने दुःख देखेर मुक्ति पाउने इच्छाले हजुरको सेवा गर्दछन् । हजुरमा कुनै चाहना छैन तैपनि सेवकलाई फल दिनुहुन्छ, त्यो केवल हजुरको करुणा हो, आफ्नो कामका लागि हजुरले दिएको हैन । (आफू निःस्पृह रहेर पनि करुणाशील भएकोले हजुर अरूलाई भने दिइरहनुहुन्छ ।)

टाढा नपुगी तीर्थ भेटिन्न, त्यसको फल परलोकमा (मरेपछि पाइने लोकमा) मात्र मिल्छ तर संसाररूप समुद्रबाट बाहिर सबै इच्छा पूर्ण गराउने मोक्षपद हजुरबाट मात्र मिल्छ, अरूबाट होइन । (तारकमन्त्र '**राम**' नाम दिएर तार्ने हजुरमात्र हो । हजुर स्वयं तारक हो ।)

हे पापहीन (अनघ) ! हे वरदाता (वरद) ! हजुरलाई प्रीति गर्नेले उत्तम पद (मोक्ष) पाउँछ, प्रेम नगर्नेले घोर नरक पाउँछ । हजुरको परम निमित्तशक्तिले भक्त तथा अभक्तलाई तदनुरूप फल दिन्छ तर हजुरमा चित्तभेद छैन । (आफ्नै कर्मले व्यक्ति तर्छ वा पतन हुन्छ, हजुर केवल साक्षीमात्र हुनुहुन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भव ! हजुरको कल्याणकारी उदारमूर्तिलाई यथार्थ नबुझेर रागवश हजुरलाई सम्झेको भए पनि त्यो सम्झना उसका लागि मुक्तिको कारण बन्छ । (हजुरलाई सम्झनु संसारनिवृत्तिका लागि पर्याप्त छ ।)

विचार पुऱ्याएर कर्म गर्ने व्यक्ति देखिएका गर्नुपर्ने आचरणहरू पूरा गरेर अविनाशी मुक्तिपद पाउँछ तर परमपुरुषको रूपमा सर्वोत्कृष्ट हजुर नै हो भनेर हेर्दछ (ज्ञानदृष्टिले) र उपासना गर्दछ । उसले उत्तम कर्म गरेको छ । (ज्ञान, कर्म र मुक्ति भन्नु हजुर नै हो ।)

मुनिहरूले (व्यास, नारद आदि) योगमा रहेर जनताहरूलाई आफ्नो (बुद्धि) क्षमताले भ्याएसम्म उपकार गरेका हुन् तर अचिन्त्य महिमावान् हजुर शरणमा आएको व्यक्तिको दुस्तर (पाप पुण्यको) कर्मबन्धन काटिदिनुहुन्छ । (पाप र पुण्यको बन्धन काटिनु नै मुक्त हुनु हो, जो शिवले मात्र दिन्छन् ।)

हे मायातीत ! हे करुणामय ! हटाउनै नसकिने अनेकौं लोकान्तरमा घुमेर भोग्नैपर्ने लोकको दुर्गति हटाउन हजुरले विचित्र आकार धारण गर्नुभएको छ । (निराकार पूर्ण ब्रह्म भएर पनि जनपीडा शमनका लागि हजुरले विचित्र शरीर धारण गर्नुभएको छ, शरीर धारण नगरेको भए यी जीवले कसलाई नमन, स्तवन गर्ने र मुक्त हुने ? अरूको नमन, स्तवनले त मुक्ति मिल्दैन ।)

हे भगवान् ! हजुरको चित्तमा रागद्वेष छैन तैपनि श्रृङ्गार गर्नुहुन्छ । शरीरको आधा अङ्गमा पत्नी छिन् तर कामविकार छैन । प्रत्येक बिहान ब्रह्मालाई प्रणाम गर्नुहुन्छ (जगद्वन्दनीय भएर पनि) । हजुरको चेष्टा बुझ्न सकिँदैन । (प्रतिकूल परिस्थितिमा पनि सम शिव छन् ।)

हे प्रभु ! रौंसहितको हात्तीको छाला (करिचर्म) हजुरको पछ्यौरा (उत्तरीय) बनेको छ । झलमल्ल मणिले भूषित महासर्प हजुरको करधनी (कटिबन्ध) छ । नरकपाल हजुरको माला हो । शवभस्म हजुरले लगाउने चन्दन हो । यी अमङ्गल वस्तु र चन्द्रकला बराबर रूपमा हजुरमा सुहाएका छन् । (शिवको आश्रयमा रहेका कारण यी अभद्र वस्तु पनि भद्र भएका छन् ।)

अशरीरी हुँदाहुँदै पनि दुर्बोध्य कारणले विलक्षण स्त्री-पुरुषरूप मूर्तिद्वयका रूपमा रहने, लोकका निम्ति विरुद्ध भेष र विरुद्ध आभूषण धारण गर्ने हजुर नै सुन्दर देखिनु भएको छ । (अचिन्त्य महिमाशालीका लागि विरुद्ध भेषभूषा पनि सुन्दर नै बन्दछन् ।)

हे भगवान् ! तपाईं अरू प्राणीको समुदायझैं जन्म, बुढ्याइँ र मृत्युले ग्रस्त हुनुहुन्न । हजुर लोकातीत हुनुहुन्छ । त्यही भएकोले यस लोकमा हजुरको न उपमान र न उपमेय नै मिल्छ । (शिवलाई अन्य कसैसँग पनि दाँज्न मिल्दैन, शिव शिवजस्तै छन् ।)

हे भगवान् ! हजुर स्थावर (जड) जङ्गम (चेतन) पदार्थको संहारक हुनुहुन्छ । हजुरकै कारणले विश्व बाँचेको छ । योगीहरूका प्रवर्तक हेतु र कर्मफलको निवारणकर्ता पनि हजुर नै हुनुहुन्छ । अनि हजुर कारणस्वरूप पञ्चमहाभूत र त्यसको पनि कारण सूक्ष्मभूत (शब्दस्पर्शादि) को पनि कारण हुनुहुन्छ । (सारा स्थावर जङ्गमका बीज र स्थूलसूक्ष्म भूतका कारण पनि भगवान् शिव नै हुनुहुन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भगवान् ! लोकमा राक्षस, देवता, मानव र दैत्यहरूले जुन सम्पूर्ण आधिपत्य पाएका छन् त्यो शरणागतका दुःखहारी हजुरलाई नमन गरेको फल हो। (हजुरको नमनबाट नपाइने वस्तु केही छैन।)

जुन वायुले बलैले यी भुवनहरूलाई धारण गर्दछन्, जसबाट परम पवित्र (वर्णात्मक) ब्रह्म ध्वनित हुन्छ,.जुन पवनले पापशोधन गर्दछन् ती वायुमूर्ति शिवलाई प्रणाम छ। (चराचर भुवनमा व्याप्त पवन शिवकै रूप हो।)

जयशील ब्रह्ममय योगासनमा रहेर हजुरलाई सम्झने योगीहरूका सांसारिक बीज बनेका कर्मसमूहलाई डढाउने अनेक ज्वालाले युक्त अग्निरूप हजुरलाई नमन छ। (कर्मबीजनाशक अग्निरूप हजुरलाई नमन छ।)

हे शिव ! हे बीजहरूका कारणभूत भगवान् ! आध्यात्मिक आदि दुःख र मरणभयरूप संसाररूप अग्निले लामो समयसम्म डढेका जीवसमूहको सन्तापलाई शान्ति दिने, ताप हटाउने, जीवन दिने जलरूप हजुरलाई प्रणाम गर्दछु। (जल पनि शिवकै रूप हो जसले प्राणीजगत्लाई बचाउँछ।)

हे शिव ! हजुर सकल पदार्थका आच्छादक हुनुहुन्छ तर कसैबाट पनि कहिल्यै आच्छादित (ढाकिएको) हुनुभएन। अनादिदेखि रहिरहेका सनातन इन्द्रियहरूको मार्गलाई अतिक्रमण गर्ने अविज्ञेय आकाशरूप हजुरलाई नमन छ। (आकाशझैँ शून्य सर्वव्यापक ब्रह्मरूप अनन्त परिधि जसमा समस्तलोक प्रपञ्च समाविष्ट छन् र समाविष्ट हुनेछन् पनि, त्यो शिवकै रूप हो।)

अतिशय सूक्ष्म रूप भएर पनि विश्वधारण गर्ने, नजिक रहेर पनि अति दूरवर्ती हजुरलाई नमस्कार छ। वचन र मनको गतिभन्दा पर रहेका, वचन र त्यसका अध्यक्ष पनि भएका हे भव ! हजुरलाई नमन छ। (अतिशय सूक्ष्म तर विश्वब्रह्माण्डधारकजस्ता विरोधी गुण शिवमा रहनु स्वाभाविक छ किनकि यीं मन वचनबाट गम्य छैनन्।)

हे ज्ञानपति ! अजेय मेरो दुश्चरित (शस्त्रप्रहाररूप) सहन गर्न हजुर नै अधिकारी हुनुहुन्छ। मोहवश विरोध गरे पनि पछि शरण पर्न आएका दुरात्माहरूको पनि हजुर नै गति (आधार) हुनुहुन्छ। (अज्ञान अवस्थामा जेजस्तो विरोध भए पनि ज्ञानी महापुरुष शरण परेपछि त्यसलाई सहिदिन्छन्।)

विवरणः नेपाल वैदिककालदेखि नै शिवपार्वतीको क्रीडाभूमिका रूपमा विख्यात पुण्यस्थल हो। प्रकृतिका भूमि, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्र र होता गरी आठ प्रकारको रूप शिव भगवान्कै अर्चाविग्रह भएकाले प्राकृतिक शोभाले भरिपूर्ण नेपाल शिवको क्रीडाभूमि हुनु स्वाभाविकै हो। शिव भक्तवाञ्छाकल्परूप हुनुभएकाले उनलाई आराधना गरी रिझाएमा नपाउने पदार्थ केही रहँदैन। उनलाई पाउन अपनाउनुपर्ने बाह्य आराधनास्थल हिमालयशृङ्खला र त्यसबाट सिञ्चन गरी उर्वर बनाउँदै बहेका नदीनालाका तटप्रदेश, सुरम्य तथा एकान्त पर्वतीय प्रदेश, अगम्य, शान्त, गुफाक्षेत्र, औषधीलता, पुष्पसौरभमण्डित कुञ्ज निकुञ्जभाग र वृक्षवनस्पतिले रमणीय वन्यक्षेत्र नै उपयुक्त हुन्छन्। हिमालय देवतात्मा भएकाले हिमालयपरिसर र त्यस वरपरको क्षेत्र अति पवित्र तपस्थली हुनु स्वाभाविक नै हो। त्यस अर्थमा नेपालजस्तै पवित्रतम भूमि अन्यत्र नमिल्लान्। यही भूभागमा विश्वामित्र, धौम्य, वसिष्ठ, वेदव्यास, पुलह, नेमुनि, पाणिनि, राजा भरत, रहुगण र बाणले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्या गरेको भनाइ सुनिन्छन्, प्रमाण पनि पाइन्छन् । कौरव र पाण्डवमा भीषण महासङ्ग्राम हुनु निश्चितप्रायः भएकोले त्यस महासङ्ग्राममा विजयलाभ पाउन सर्वशक्तिधर महारुद्रबाट पाशुपतास्त्र पाउनु अनिवार्य थियो त्यसैले हिमालयीय भागकै वरपरको परिसरमा पाण्डुपुत्र अर्जुनले पनि किरातेश्वर शिवको आराधना गरेका थिए भन्न सकिन्छ ।

हिमालय शिवको तपस्थल, ससुराली र भक्तहरूको आराधनास्थल पनि भएकोले शीघ्र सिद्धिका लागि आर्यावर्तक्षेत्रमा गरिने तपस्या प्रभावकारी हुने बुझेर अर्जुनले यही भूभागमा किरातेश्वर शिवको आराधना गरेको हुन सक्छ। किरात नेपालका आदिवासी हुन् । किरातवंशी राजाहरूले नेपालमा लामो समय राज्य गरेका थिए भन्ने कुरा इतिहाससाक्षी छ। किरातीहरू त्यस बेला पनि शिवशक्तिका उपासक थिए। किरातरूपमा नेपालको पर्वतीय भूभागमा शिवले विहार गर्नुभएको प्रमाण स्कन्दपुराण, हिमवत्खण्ड आदिले दिएकै छन् । महाकवि भारविले **किरातार्जुनीय** महाकाव्यमा शिवलाई किराती भेषको देवताका रूपमा देखाएकाले नेपालकै हिमालयक्षेत्रमा गाण्डीवधारी अर्जुनवीरले तपश्चर्या पूरा गरेको देखिन आउँछ। अर्जुनको तपःस्थली नेपालको कुन भाग हो भन्ने कुरा पुरातात्त्विक अनुसन्धाताहरूको अनुसन्धानको क्षेत्र हो ।

धनुर्धर अर्जुनको कठिन आराधनाबाट शीघ्र प्रसन्न हुनुभएका आशुतोष भोलेबाबा किरातले आफ्नो कठिनतम युद्धपरीक्षामा वीरवर भक्त अर्जुनलाई आफ्नो सच्चा स्वरूपको दर्शन दिँदै पाशुपतास्त्र प्रदान गर्नुहुन्छ। सर्वश्रेष्ठ धनुर्विद् अर्जुन आफ्ना आराध्यदेव किरातरूप भोलेबाबाको भावभक्तिले स्तुति गर्दछन् । **किरातार्जुनीय** महाकाव्यमा महाकवि भारविले अर्जुनले गर्नुभएको स्तुतिवचनलाई उल्लेख गर्नुभएको छ जो महाकाव्यको अठारौँ सर्गको बाईसौँ पद्यदेखि एकचालीसौँ पद्यावलीका रूपमा छन् ।

यसरी कुरुकुलदीपक पाण्डुसुत अर्जुन अहङ्कारको पूर्ण शमन गरेर शरणागत भई निगममागम ग्रन्थहरूले प्रतिपादन गरेअनुरूप परमात्मा पशुपति किरातरूप भोलेबाबाको स्तुति गर्छन् । यहाँ सच्चिदानन्दमय प्रज्ञानघन करुणामूर्ति श्रीशिवलाई पूर्णभावले स्तुति गरिएको छ। यस स्तुतिले शिवको निराकार ब्रह्मरूपता र लोकहितार्थ रहेका आकाश, आगो, जल आदि अष्टमूर्तिरूपको बयान गरी ब्रह्माण्डका कणकणमा लघुत्तम र महत्तम प्रकृतिका सर्वव्यापी परम सत्यका रूपमा विद्यमान सनातन शक्तिको बोध हुन्छ। उनको शरण नपरी भवजलधिबाट र विषमाग्निज्वालाको असह्य तापबाट मुक्ति नमिल्ने हुँदा सधैँ उनकै शिवसत्तामा, मोहवश पृथक् अस्तित्वको परिधिमा रहन रुचाउने जीवभावलाई समर्पित गराउनुपर्ने प्रेरणात्मक शिक्षा, आर्त, जिज्ञासु तथा अर्थार्थी भक्तगणलाई प्राप्त भएको छ भन्न सकिन्छ। शिव मुक्ति दिन युगानुयुगदेखि कटिबद्ध छन् । अब जीवले मुक्ति प्राप्त गरी शिवमा मिल्ने हो वा क्षणध्वंसी मायावी भुक्तिको भुलैया संसारचक्रमा फस्ने हो, त्यो उसकै विवेकमा भर पर्ने कुरा हो। शिवमस्तु ।

(भावानुवाद तथा विवरणः प्रा. रामहरि दाहाल)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चवक्त्रस्तुतिः

[गौरी] स [राग-] -परिचुम्बितवक्त्रपञ्च-
[पञ्चीकृतेन जगता सततं नमस्यः] ॥
[यम्वीक्ष्य] मन्मथशरो लभतेऽवकाशम् ।
[स ब्रह्मपञ्चमहितो जयते महेशः] ॥

भावानुवाद

भगवान् पशुपतिका ती पाँचोटा मुखहरू जो प्रीतिले पुलकित, पार्वतीद्वारा परिचुम्बित छन्, उनै मुखहरूद्वारा नै सिर्जिएको संसारले जसलाई नित्य वन्दनीय ठानेको छ, जसको स्वरूप, सौन्दर्य र प्रचण्ड तेजलाई देखेर विचरा कामदेवको प्राण संसारबाट बिदा हुन्छ । सद्योजात, अघोर, वामदेव, तत्पुरुष र ईशान नामक पाँच मुख-ब्रह्मद्वारा सुहाएका ती भगवान् पशुपति आफ्नो अनुपम ऐश्वर्यको कारणबाट संसारमा सर्वोत्कृष्ट हुनुहुन्छ ।

(श्रीपशुपतिनाथ मन्दिरको प्राङ्गणभित्रको यज्ञशालाको घरको जग खन्ने सिलसिलामा प्राप्त भएको वि.सं. ५१६ को शिलालेख हो । हाल यो अभिलेख नेपाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको छ ।)

स्रोतः श्यामसुन्दर राजवंशीले प्राचीन नेपाल पूर्णाङ्क ११५ मा छपाउनुभएको यस अभिलेखलाई प्रा.डा वेणीमाधव ढकालले परिष्कार गरी प्राचीन नेपाल पूर्णाङ्क ११९ मा पुनः छपाउनुभएको छ । यो स्तुति त्यहीँबाट साभार गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्तुतिः

१. ....स्त्वत्कृतेनेह यस्मात् ।
त्वत्तस्तस्माज्जगदविहतञ्जायते लीयते च ॥
भक्तिप्राणैरमलमतिभिस्त्वम्मुनीन्द्रैरनिन्द्यैः ।
देवैस्सेन्द्रैरपि च भगवन्स्तूयसे वन्द्यसे च ॥१॥

२. ....कुमतिग्रस्तघोरान्धकारे ।
नानाकारे प्रचुरनरकप्रेततिर्य्यक्प्रतिष्ठे ॥
ये सेवन्ते न खलु भगवंस्त्वां जना भक्तियुक्ताः ॥
ते सेवन्ते जननमरणव्याधिदुःखान्यभीक्ष्णम् ॥

भावानुवाद

भगवन् ! ....किनभने हजुरकै कामबाट यहाँ ....त्यसकारण हजुरबाटै सारा संसारको सृष्टि हुन्छ तथा प्रलय हुन्छ । अति भक्ति गर्ने, सफा बुद्धि भएका, असल चरित्र भएका ठूलाठूला मुनिहरूले इन्द्रलगायत देवताहरूले पनि हजुरको स्तुति गरिन्छ, वन्दना गरिन्छ ॥१॥

भगवन् ! खराब बुद्धिले छोपेको हुँदा घोर अन्धकारले छाएको, नानाप्रकारको...पर्दा पनि जुन मानिसहरू भक्तिपूर्वक हजुरको सेवा गर्दैनन्, तिनीहरूलाई सधैँ जन्म मृत्यु रोग आदिले पिर्छन् ॥२॥

(बूढानीलकण्ठ नारायणस्थान नजिकै विष्णुपादुकाको फेदीमा विष्णुमती नदीको तीरमा रहेको शिवलिङ्गको जलहरीमा वि.सं. ५३१ मा राजा मानदेवको पालामा कुँदिएको अभिलेखमा यो स्तुतिपद्य कुँदिएको छ। प्रस्तुत पद्य सोही अभिलेखबाट लिइएको हो ।)

स्रोतः धनवज्र वर्जाचार्य, लिच्छविकालका अभिलेख, पृ. ४१-४२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्धशौरीश्वरस्तुतिः

पत्योर्न्नौ पश्य हे श्रीर्युगलममिथुनं शूलभृच्छार्ङ्गपाण्यो-
रेकैकस्यात्र किन्तन्न सुकरमनयोस्तौ यदेकत्र पृक्तौ ॥
मूर्त्तित्यागेन नूनं सखि मदनरिपोरेवमुक्त्वा भवान्या ।
यो दृष्टो जातु तस्मै सततमिह नमोस्त्वर्द्धशौरीश्वराय ॥

योऽसौ सर्व्वत्रिभुवनगुरुः श्रेयसाञ्चाधिवासो ।
यस्मिन् बद्धा नियमितफलाः सम्पदः पुण्यभाजाम् ॥
नानारूपं भुवनमखिलं धार्य्यते येन चेदं ।
तस्मिन्भक्तिर्न भवति वृथा शुद्धचित्ताशयानाम् ॥
भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे ।
पक्षग्राहभ्रमितमनसां पक्षविच्छित्तिहेतोः ॥
इत्यर्द्धाभ्यां समुपरचितं यन्मुरारीश्वराभ्या-
मेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् ॥

भावानुवाद

हे सँगिनी लक्ष्मी ! त्रिशूल र शार्ङ्ग हातमा लिएका हाम्रा पतिहरूको जोईबेगरको जोडा हेर न। यी दुइटामा एउटाएउटाले पनि गर्न नसकिने काम के थियो र यसरी आफ्ना रूप छोडी मिलेका हुनन्। पार्वतीले यसो भनेर कुनै दिन जसलाई हेर्नुभएथ्यो, उहाँ अर्धशौरीश्वर (शङ्करनारायण) लाई सधैं नमस्कार छ।

जो तीनै लोकमा सबभन्दा ठूला र कल्याणका घर पनि हुनुहुन्छ, पुण्यात्माहरूले जसलाई अर्पण गरेको सम्पत्ति ठीक ठीक फल दिने हुन्छ, नानारूप भएको यो सारा संसारलाई जसले अड्याइराख्नुभएको छ, मनको अठोट शुद्ध पारिसकेकाले उहाँ (परमेश्वर) मा गरेको भक्ति सित्तै खेर जाँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै संसारमा मानिसहरूको भिन्नाभिन्नै देवताहरूमा भक्तिभाव हुन्छ, पक्षपातमा परेर मनमा भ्रम भएका ती मानिसको पक्षपात हटाउनाको लागि विष्णुले र महादेवले आधा आधा भई यसरी जुन एउटै रूप लिनुभएको छ, शरद् ऋतुको मेघजस्तो कालो र गोरो भएको त्यस (रूप) ले रक्षा गरोस् ।

(राजा गणदेव तथा भौम गुप्तको शासनकालमा वि.सं. ६२२ मा स्वामी वार्तले पशुपति देवपाटनमा भगवान् अर्धशौरीश्वर (शङ्करनारायण) को मूर्ति स्थापना गरी देवताको पादपीठमा अभिलेख राख्न लगाएका थिए । प्रस्तुत स्तुतिपद्यहरू उक्त अभिलेखबाट लिइएका हुन् ।)

स्रोतः धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृ. १९८-१९९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छत्रचण्डेश्वरस्तुतिः

सम्यग्ज्ञानादियुक्तः सक(ल)गुणगणं क्षोभयित्वा प्रधानम् ।
ब्रह्माादिस्थावरान्तञ्जगदिदमखिलं योऽसृजद्विश्वरूपम् ॥
आजीव्यं सर्व्वपुंसाङ्गिरितरुगहनं यः करोत्येकरूपम् ।
पायात्सोऽद्य प्रसन्नः स्मरतनुदहनश्छत्रचण्डेश्वरो वः ॥

भावानुवाद

सबै गुणहरू (सत्त्व, रज र तम) को जमोठ भएको प्रकृतिलाई खल्बल्याएर जसले ढुङ्गा झारपातलगायत ब्रह्मासम्मको अनेक रूप भएको सारा संसारलाई बनाउनुभयो, मानिसहरूको जीवन चलाइदिने पहाड, रूख र वनलाई जसले एकैनाशसँग बनाइरहनुभएको छ, कामदेवको शरीरलाई भस्म गराउने, सम्यग्ज्ञान आदिले परिपूर्ण भएका उहाँ छत्रचण्डेश्वरले खुशी भएर तिमीहरूलाई रक्षा गरून् ।

लिच्छविकालमा पाशुपत सम्प्रदायका प्रतिष्ठित आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले भगवान् छत्रचण्डेश्वरको लागि र धारा मर्मत गर्नसमेत जग्गा गुठी राखिदिएर पशुपति मन्दिरको परिसरमा यो अभिलेख राख्न लगाएका थिए । प्रस्तुत स्तुतिपद्य उक्त अभिलेखको मङ्गलाचरणको रूपमा रहेको हो र यहाँ उतैबाट साभार गरिएको हो । प्रस्तुत अभिलेखबाट एउटा रोचक जानकारी के पाउन सकिन्छ भने यो अभिलेख राख्ने समयमा गद्दीनसीन राजा भीमार्जुनदेव र मुख्य शासक जिष्णुगुप्त भए पनि अभिलेख राख्ने व्यक्तिले राजाको नाम नराखी जिष्णुगुप्तको नाम मात्र उल्लेख गरेको देखिन्छ ।

(लिच्छविकालमा पाशुपत सम्प्रदायका प्रतिष्ठित आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले भगवान् छत्रचण्डेश्वरको लागि र धारा मर्मत गर्नसमेत जग्गा गुठी राखिदिएर पशुपति मन्दिरको परिसरमा यो अभिलेख राख्न लगाएका थिए । प्रस्तुत स्तुतिपद्य उक्त अभिलेखको मङ्गलाचरणको रूपमा रहेको छ । यो स्तुतिपद्य सोही अभिलेखबाट साभार गरिएको हो ।)

स्रोत : धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृ. ४२७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रस्तुतिः

कर्णालङ्कार रौद्रश्वसदहिपवनव्यस्तपर्यस्तकेशं ।
प्रत्यग्रच्छेदतापा (न्वि)तरुधिरशिरोमालभा.........।।
उच्चैर्मुक्ताट्टहासम्परिविगलदसृङ्नागचर्मोत्तरीयम् ।
पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं वः ।।

भावानुवाद

कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छ्यान्न-ब्यान्न भएको, भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई डराइकन हेरिएको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस् ।

(महासामन्त अंशुवर्माले वि.सं. ६४५ मा भक्तपुर सहरभन्दा दुई कोशजति पूर्वतिर अवस्थित साँगा बस्तीमा रहेका बासिन्दालाई तेलका घडा लगायतका वस्तु सरकारलाई बुझाउन नपर्ने गरी माफी गरिदिएर सनदपत्र जारी गरी अभिलेख राख्न लगाएका थिए । प्रस्तुत स्तुतिपद्य उक्त अभिलेखको मङ्गलाचरणको रूपमा रहेको छ । प्रस्तुत स्तुतिपद्य सोही अभिलेखबाट साभार गरिएको हो ।)

स्रोतः धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृ. ३३६-३३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिस्तुतिः

ॐ त्र्यक्षत्रय्यव्ययात्मा त्रिसमयसदृशत्रिप्रतीतस्त्रिलोकी
त्राता त्रेतादिहेतुस्त्रिगुणमयतया त्र्यादिभिर्व्वर्णिर्णतोलं ।
त्रिस्रोतोधौतमूर्धा त्रिपुरजिदजितो निर्व्विबन्धत्रिवर्ग्गो
यस्योत्तुङ्गत्रिशूलस्त्रिदशपतिनुतः स्तादरित्रोटनो नः ॥
राजद्रावणमूर्धपङ्क्तिशिखरव्यासक्तचूडामणि
श्रेणीसङ्गतिनिश्चलात्मकतया लङ्काम्पुनानाः पुरीं ।
..द्बन्ध्यपराक्रमा............सङ्गताः
श्रीबाणासुरशेखराःपशुपतेः पादार्णवः पान्तु वः ॥
मूर्त्तीरष्टाभिरष्टौ महयितुमतुलैः स्वैर्द्दलैरष्टमूर्त्तेः
पातालादुत्थितं किं कमलमभिनवं पद्मनाभस्य नाभेः ।
देवस्यास्यासनायोपगतमिह चतुर्व्वक्त्रसादृश्यमोहाद्
विस्तीर्ण्णं विष्टरं किं प्रविकसितसिताम्भोजमम्भोजयोने ः॥
कीर्ण्णा किम्भूतिरेषा सपदि पशुपतेर्न्नृत्यतोत्र प्रकामं
मौलीन्दोः किम्मयूखाः शरदमभिनवां प्राप्य शोभामुपेताः ।
भक्तया कैलासशैलाद्धिमनिचयरुचः सानवः किं समेता
दुग्धाब्धेरागतः किं गलगरसहजप्रीतिपीयूषराशिः ॥
राज्ञः ॥ देवं वन्दितमुद्यतो द्युतिमतो विद्योतमानद्युतिः
किं ज्योत्स्नाधवला फणावलिरियं शेषस्य सन्दृश्यते ।
अन्तर्द्दूररसातलाश्रितगतेर्द्देवप्रभावश्रिया
किं क्षीरस्नपनं विधातुमुदिताः क्षीरार्ण्णवस्योर्म्मयः ॥
विष्णोः पातालमूले फणिपतिशयनाक्रान्तिलीलासुखस्था
दाज्ञां प्राप्योत्पतन्त्यास्त्रिपुरविजयिनो भक्तितोभ्यर्च्चनाय ।
लक्ष्म्याः संलक्ष्यते प्राक्करतलकलितोत्फुल्ललीलासरोजं
किं वेतीत्थं वितर्कास्पदमतिरुचिरं मुग्धसिद्धाङ्गनानां ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाली नालीकमेतन्न खलु समुदितो राजतो राजतोहं
पद्मा पद्मासनाब्जे कथमनुहरतो मानवा मा नवाभे ।
पृथ्व्यां पृथ्व्यान्न मादृग्भवति हृतजगन्मानसे मानसे वा
भास्वान् भास्वान् विशेषं जनयति नहि मे वासरो वा सरो वा ॥

इतीव चामीकरकेशराली–
सिन्दूररक्तद्युतिदन्तपङ्क्त्या
राजीवराजीम्प्रति जीवलोके
सौन्दर्य्यदर्प्पादिव सप्रहासं ॥
एषा भाति कुलाचलैः परिवृता प्रालेयसंसर्गिभि–
र्व्वेदी मेरुशिलेव काञ्चनमयी देवस्य विश्रामभूः ।
शुभ्रैः प्रान्तविकासिपङ्कजदलैरित्याकलय्य स्वयं
रौप्यं पद्ममचीकरत्पशुपतेः पूजार्थमत्युज्ज्वलम् ॥
राज्ञः ॥ यं स्तौति प्रकटप्रभावमहिमा ब्रह्मा चतुर्भिर्म्मुखै–
र्यञ्च श्लाघयति प्रणम्य चरणे षड्भिर्म्मुखैः षण्मुखः ।
यन्तुष्टाव दशाननोपि दशभिर्व्वक्त्रैः स्फुरत्कन्धरः
सेवां यस्य करोति वासुकिरलं जिह्वासहस्रैः स्तुवन् ॥
ख्यात्या यः परमेश्वरोपि वहते वासो दिशाम्मण्डलं
व्यापी सूक्ष्मतरश्च शङ्करतया ज्ञातोपि संहारकः ।
एकोप्यष्टतनुः सुरासुरगुरुर्व्वीतत्रपो नृत्यति ।
स्थाणुः पूज्यतमो विराजति गुणैरेवं विरुद्धैरपि ॥
राज्ञः ॥ किं शम्भोरुपरि स्थितं ससलिलं मन्दाकिनीपङ्कजं
स्वर्ग्गोद्भिन्ननवाम्बुजेक्षणधिया सम्प्राप्तमम्भोरुहं ।
देवानां किमियं शुभा सुकृतिनां रम्या विमानावली
पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतं ॥
राज्ञः ॥ स्रोतः स्वर्ग्गापगायाः किमिदमवतरल्लोलकल्लोलरम्यं
किं ब्रह्मोत्पत्तिपद्मं तलकमलवरप्रेक्षणायोपयातं ।
सम्प्राप्तञ्चन्द्रमौलेरमलनिजशिरश्चन्द्रबिम्बं किमत्रे–
त्येवं यद्वीक्ष्य शङ्कां वहति भुवि जनो विस्मयोत्फुल्लनेत्रः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

तीन आँखा भएका, तिनै वेदले अविनाशी कहिएका, तीनै कालमा एकनाश रहने, तीनै प्रकारले (प्रत्यक्ष, अनुमान र आगमद्वारा) चिनिएका, तीनै लोकका रक्षक, त्रेता आदि युगका कारण भएका, त्रिगुणमय हुनाले त्र्यादि (त्रिदशदेवता) हरूले सदा स्तुति गरिएका, गङ्गाजीले शिर धोइएका, त्रिपुरासुरलाई जित्ने, कसैले नजितिने, समान रूपले त्रिवर्ग (धर्म, अर्थ, काम) मा लागेका त्रिदशपति (इन्द्र) ले स्तुति गरिएका (पशुपतिको) अग्लो त्रिशूलले हाम्रा शत्रुहरूको नाश गरोस्।

चम्किरहेका रावणका शिरका टुप्पामा लाएका शिरपेचको पङ्क्तिमा टाँसिएर रहेका हुनाले लङ्कापुरीलाई पवित्र पार्ने.........बाणासुरका मुकुट हुन पुगेका पशुपतिका पाउका धूलाले तपाईहरूको रक्षा गरून्।

अष्टमूर्ति (पशुपति) का आठै मूर्तिलाई आफ्ना अनौठा आठ पातद्वारा पूजा गर्न पातालदेखि विष्णुको नाभिबाट उठेर आएको नयाँ कमल पो यो हो कि ! ब्रह्माजीको आसन भएर रहेको ठूलो सेतो कमल (दुवैका) एकनाशे चारमुख हुनाले छक्किएर यी देवताको आसन हुन यहाँ आइपुगेको पो हो कि !

मनमाफिक खूप नाच्दा उत्निखेरै यहाँ छरिएको पशुपतिको विभूति पो यो हो कि। शरद् ऋतु लागेको हुँदा खूप सुहाएका, मुकुटका चन्द्रमाका किरण पो यो हो कि ! हिउँका ढिक्काले टल्केका, भक्तिले गर्दा यहाँ आइपुगेका हिमालयका सानासाना टाकुरा पो हो कि ! (पशुपतिको) गलाको विषसँगै पैदा भएका हुँदा साथीको प्रेमले दूधसमुद्रबाट आएको अमृतको रास पो यो हो कि !

॥राजाको॥ भित्र पातालमा बसेका तेजिला शेषनागका नून जस्तै सेता टलटल टल्कने फणहरू देवताको (पशुपतिको) वन्दना गर्न यहाँ आएको पो यो हो कि ! देवता (पशुपति) को प्रभावले गर्दा दूधले स्नान गराउन उम्लेका क्षीरसमुद्रका छालहरू पो यो हो कि !

पातालको फेदमा शेषनागको शैयामा आनन्दसँग सुतिरहेका विष्णुबाट आज्ञा पाएर पशुपतिलाई भक्तिसाथ पूजा गर्न माथि आएकी लक्ष्मीको हातमा लिइराखेको धपक्क फुलेको कमल पो सामुन्ने देखिएको हो कि भनेर सिद्धहरूका सोझा आइमाईहरूले रमाइलो तर्कना गर्ने ठाउँ पाएको छ।

मानिसहरू हो, (म) डाँठ भएको छु भन्ने कुरा साँचो हो। म राजाबाट पैदा भएको चाँदीको कमल होइन र ? लक्ष्मी र ब्रह्माजीको आसन भएका, नयाँ चहक भएका कमलले मेरो नक्कल कसरी गर्लान् ? विशाल पृथ्वीमा संसारको मन हर्ने मानस सरोवरमा पनि म जस्तो (कमल) छैन। तेजस्वी सूर्य, दिन अथवा (कुनै) सरोवरले ममा कुनै फरक पार्न सक्तैनन्।

यसरी (यो कमल) सुनका केशरको पङ्क्तिरूपी सिन्दूरले रातो चहक भएका दाँतको पङ्क्ति देखाएर सौन्दर्यको घमण्डले संसारभरका कमलहरूलाई ठट्टामा उडाएझैं गरिरहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुवर्णमय सुमेरु पर्वतको शिला जस्तो भएको, देवता (पशुपतिनाथ) को विश्राम गर्ने यो वेदी (पाशुपत क्षेत्र) हिउँ परेका कुलपर्वत (ठूलठूला पहाड) ले चारैतिर घेरिएको हुँदा सुहाइरहेको छ। यसो हुँदा यही कुरा विचार गरी (तदनुरूप) चारैतिर फक्रेका कमलका पातहरूले घेरिएको, अत्यन्त उज्ज्वल यो चाँदीको कमल पशुपतिनाथलाई चढाउन स्वयं राजाले बनाउन लगाएका हुन्।

॥राजाको॥ प्रभावको महिमा स्पष्ट देखिएका ब्रह्माजी चारै मुखले जसको स्तुति गर्नुहुन्छ पाउमा परेर स्वामी कार्तिक छ वटै मुखले जसको स्तुति गर्नुहुन्छ, काँध हल्लाई हल्लाई रावणले दश मुखले जसको स्तुति गरेथे। वासुकि नागले हजार जिभ्रोले जसको खूप स्तुति गरी सेवा गरिरहनुभएको छ।

ठूला ईश्वर भनी प्रख्यात भए तापनि जो दिगम्बर (नाङ्गो रहने) हुनुहुन्छ। व्यापक भए तापनि अत्यन्त सूक्ष्म हुनुहुन्छ, शङ्कर (कल्याण गर्ने) भनी थाहा पाइएका भए तापनि प्रलयकारी हुनुहुन्छ, एक भएर पनि अष्टमूर्ति हुनुहुन्छ, देवता र दैत्यका गुरु भएर पनि लाज नमानेर नाच्नुहुन्छ; (स्थाणु) ठुटो भए पनि अत्यन्त पूजनीय हुनुहुन्छ। यसरी परस्परमा बाझिएका गुणहरूद्वारा जो सुहाइरहनुभएको छ।

॥राजाको॥ महादेवको शिरमा रहेको आकाशगङ्गाको पानीसहित कमल पो यो हो कि ! स्वर्गमा फुलेको नयाँ कमल हेर्ने इच्छाले आइपुगेको कमल पो यो हो कि ! धर्मात्मा देवताहरूको रमाइलो उत्तम विमानहरूको ताँती पो यो हो कि ! करुणामय लोकेश्वरको हातबाट आएको कमल पो यो हो कि !

॥राजाको॥ चञ्चल छालले रमाइलो भएको ओर्लदाको आकाशगङ्गाको सोतो पो यो हो कि ! तलका (पृथ्वीका) असल कमल हेर्नलाई आएको ब्रह्माजी उत्पन्न भएको कमल पो यो हो कि !

महादेवको शिरमा रहेको निर्मल चन्द्रविम्ब पो यहाँ उत्रेको हो कि ! यस प्रकार यस कमललाई देखेर पृथ्वीका मानिसहरूले आश्चर्यले ठूलठूला आँखा पारीकन तर्कना गर्छन्।

(यसमा 'राज्ञ' भनेर इङ्गित गरिएका पद्यहरू राजा जयदेव आफैंले बनाएका हुन् र अन्य पद्यहरू विद्वान् बुद्धकीर्तिले बनाएका हुन्।

(लिच्छवि राजा जयदेवले सुनको केशर भएको अष्टदल कमल भगवान् श्रीपशुपतिनाथलाई अर्पण गरी आफ्ना पुर्खाहरूको वंशावलीसहितको कुरा लेखाई वि.सं. ७९० मा पशुपति मन्दिरको परिसरमा शिलापत्र राख्न लगाएका थिए। प्रस्तुत स्तुतिपद्यहरू सोही अभिलेखबाट साभार गरिएका हुन्।)

स्रोतः धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख** पृ. ५४८-५५२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्तुतिः

स्वस्ति कैलासवाससिरसि त्रिपथगाश्चन्द्र (मा) ङ्ककपालः
भाति कर्ण्णे भुजङ्गफणिमणिकिरण कण्ठश्लिट्कालकूटः ।
प्रेम्णा स्वज्यमुखेन्दुं हिमगिरितनया वामपार्श्वे निधाय
सेनानी तूर्यरावगणपतिप्रमथैः पातु वः चन्द्रमौलि ॥

प्रस्तुत पद्य व्याकरणादिको दृष्टिले अशुद्ध भएकोले प्राज्ञ पं. नयराज पन्तले यसलाई निम्न रूपमा परिमार्जन गर्नुभएको छ ।

कैलासे यस्य वासः शिरसि सुरनदी शेखरो बालचन्द्रः
कर्णे नागः फणालीमणिकिरणयुतः कण्ठगः कालकूटः ।
प्रेम्णा सम्पृक्तवक्त्रा हिमगिरितनया वामपार्श्वे निधाय
सेनानीतूर्यवादप्रमथगणयुतः पातु वः स स्मरारिः ॥

भावानुवाद

जो कैलासमा बस्छन्, जसको शिरमा गङ्गाजी र चन्द्रमा छन्, जसको कानमा चम्किरहेको सर्प छ, जसको घाँटीमा कालकूट विष छ, जसले आफ्नो बायाँपट्टि प्रेमपूर्वक मुख जोडेर पार्वतीलाई राखेका छन्; स्वामी कार्त्तिक बाजा बजाउने, गणेश तथा प्रमथगणले युक्त भएका महादेवले तपाईंहरूलाई रक्षा गरून् ।

(प्रस्तुत स्तुतिपद्य पाटन त्यागलटोलको गचाननीको वि.सं. १०६९ को बेङ्खासिंहले उमामहेश्वरको शिलामूर्ति प्रतिष्ठा गरी राखेको शिलालेखबाट साभार गरिएको हो ।)

स्रोत : पं. नयराज पन्त, वि.सं. १०६२ देखि १०९६ सम्मको नेपालको इतिहासको झलक, **पूर्णिमा** १३०, २०३०, पृ. १४३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ नमः शिवाय

(१) ॐ नमः शिवाय ॥

गणनां नाथो वः स दिशतु शिवं यस्य विकटे

कटेलीनां लीनावलिरलमलङ्कारविधये।

प्रयाता सौहित्यं मदमधुरमद्यैः प्रमुदिता

ऽऽऽऽऽऽ ।।।।। (२) सूर्भाति सबला ॥१॥

यस्माद्विश्वमिदं न भिन्नमथवा भिन्नं चिदानन्दत-

स्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये।

यस्याहङ्कृतिरेवमन्धनिहतिर्हेतुः प्रकाशस्य स

श्रीमान् (३) बोधमयः शिवः शिवकरः संसारिणां पातु वः ॥२॥

प्राणादीन्मरुतो निरुध्य मनसो वृत्तिं निवार्य स्थिरां

शुद्धां बुद्धिमुपास्य यान्ति यतयश्चित्स्थामनिद्रां परां।

रागोत्सा (?) (४) रितमूर्तयोऽमृतरसां नादिं द्विमन्तः कदा-

प्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणां ॥३॥

मायाजालमुदस्य रागदहनन्निर्वाप्य सत्कीर्तिता (?)

ऽऽऽ।।ऽ।ऽ। (५) नियतेर्लीनां च कृत्वा कलां।

शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पतंती पशून्

शान्तं-धाम नवत्यनत्त महिमा पायात् स व : शङ्कर : ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावानुवाद

ॐ शिवजीलाई नमस्कार छ। गणका मालिक (गणपति) ती शिवजीले तिमीहरूको कल्याण गरून्, जसका विशाल कम्मरमा लेपसिएका सर्पका ताँती नै लाउने गहना बनेका छन्। मद (भांग, धतूरो आदि) को मधुरो अरख लिएर अघाएका खुशी भएका........ पैदा गर्ने बलिया (सलबलाइरहेका छिरबिरे सर्पका वेष्टन) सुहाएको छ ॥१॥ जुन भगवान्‌बाट यो संसार भिन्न छैन अथवा सच्चिदानन्द ईश्वरबाट भिन्न छैन, सूर्य उदाउँदा अन्धकार हराएजस्तै गरी जसमा यो संसारै गएर बिलाउँछ जसको अहंकारले नै सबै अन्धकार नष्ट हुन्छ, जो यो उज्यालो पार्ने कारण पनि बनेको छ, त्यस्ता ज्ञानस्वरूप कल्याणकारी शिवले संसारी तिमीहरूको रक्षा गरून् ॥२॥ प्राण आदि पञ्चवायुलाई रोकेर (प्राणायाम गरेर) मनको वृत्तिविषय वासनाको चिन्तालाई हटाएर निश्चल शुद्ध बुद्धि लिएर शरीरलाई विषय भोगबाट हटाएका योगीहरू अमृतरूपी रस दिने आदि अन्त्य नहुने सच्चिदानन्दस्वरूपी परमचैतन्य जीवन्मुक्तिमा प्राप्त हुन्छन्, जसको उदयमा द्वैतवादी रहँदै रहेनन्, त्यस्ता शङ्कर भगवान्‌ले तिमीहरूको कल्याण गरून् ॥३॥ मायाजाल हटाएर विषयरूपी आगाको ज्वाला निभाएर.... भाग्यको रेखा मेटाएर उदाएको जसको शक्ति गुरुका वाणीद्वारा हृदयमा प्रवेश गर्दै प्रथम अवस्थामा रहेका साधकलाई शान्त धाममा पुऱ्याउँछ, अपरम्पार महिमावाला ती शङ्कर भगवान्‌ले तिमीहरूको पालना गरून् ॥४॥

(अग्निमठ परम्पराका शङ्कराचार्य र उनको शिष्य-दल काशीबाट वि.सं. १२०१ मा श्रीपशुपतिनाथको दर्शन गर्न र यहाँका जनतालाई शिक्षादीक्षा दिने उद्देश्यले नेपाल आएको थियो । काशीबाट आएका विद्वान् योगीद्वारा श्रीपशुपतिनाथको स्तुतिस्वरूप लेखिएको यो अभिलेख हाल नेपाल राष्ट्रिय सङ्ग्रहालयमा रहेको छ। यो स्तुतिपद्य सोही अभिलेखबाट साभार गरिएको हो।)

स्रोत : ज्ञानमणि नेपाल, पशुपतिनाथको दर्शन-स्पर्शन पूजनसम्बन्धमा समीक्षा पृ. ४६-५१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुः पशुपतिः

नेपालाधिपतिः प्रभुः पशुपतिः भूतेशगौरीपतिः
संवासो सुरदीर्घिका भगवती श्रीवाग्मतीकूलके।
स्थूलः सूक्ष्मपरंपरातरगतः सर्व्वांशगःश्रीशिवः
नित्यं राजति भुक्तिमोक्षफलदः श्रीशङ्करः शङ्करः

भावानुवाद

नेपालका अधिपति, पार्वतीका पति, स्थूल व्यापक भइकन पनि सूक्ष्म रूपमा रहेका कल्याण गर्ने मुक्ति दिने देवनदी श्रीवाग्वतीको किनारमा बस्ने, भूतनाथ शङ्कर श्रीपशुपतिनाथ सुहाइरहनुभएको छ।

(महामन्त्री जयसिंहरामका भाइ मदनरामकी पत्नी जैत्रलक्ष्मीदेवीले वि.सं. १४३९ मा आर्यताराको मूर्ति बनाई इटुम्बहालमा राख्न लगाएको शिलालेखबाट प्रस्तुत पद्य लिइएको हो।)

स्रोतः धनवज्र वज्राचार्य, पूर्वमध्यकालका अभिलेख, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६८, पृ.१६७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमपशुपतिं नौमि नित्यं

ॐ नमः श्रीपशुपतये ।।
श्रीनेपालखण्डे शकलमलहरे व्यापितं पुण्यभूमौ
शम्भुं श्रीवत्सलेशं परमपशुपतिं पञ्चवक्त्रस्वरूपम् ।
श्रीवाग्मत्यास्तटाले वरुणदिशि वरे वासुकिनागपूज्यं
देवं नौमि नित्यं मुनिजनशकलैर्वन्दितं पादयुग्मम् ।।

भावानुवाद

ॐ श्रीपशुपतिलाई नमस्कार ।।

सारा पाप नाश गर्ने पुण्यभूमि नेपाल मण्डलमा व्याप्त भएर रहेका, श्रीवत्सलादेवीका पति, श्रीवाग्वतीको तीरनजिकै पश्चिमपट्टि रहेका वासुकि नागराजाले पूजा गरिएका, सारा मुनिहरूले पाउ ढोगिएका पञ्चमुखी महादेव श्रीपशुपतिनाथलाई सधैँ ढोग्दछु ।

(राजा जयज्योतिर्मल्लले वि.सं. १४६९ मा भगवान् श्रीपशुपतिनाथको मन्दिरमा सुवर्णकलश (सुनको गजूर) चढाई अभिलेख राख्न लगाएका थिए । हाल उक्त अभिलेख पशुपतिनाथको मन्दिरको पश्चिमपट्टि प्राङ्गणमा रहेको छ । प्रस्तुत पद्य त्यही अभिलेखबाट लिइएको हो ।)

स्रोतः धनवज्र वज्राचार्य, **पूर्वमध्यकालका अभिलेख**, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६८, पृ. २३६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ नमः पशुपतये

ॐ नमः पशुपतये ॥
सूर्येन्दुवह्निनत्रयलोचनाय
नागेन्द्रकर्णावृतकुण्डलाय ।
वामाङ्गगौरीसहसंगताय
श्रीकण्ठकण्ठाय नमः शिवाय ॥

भावानुवाद

ॐ पशुपतिलाई नमस्कार ॥

सूर्य, चन्द्र र अग्नि तीन आँखा भएका, कान ढाकेका नागराज कुण्डल भएका, बायाँ अङ्गमा गौरीसँग मिलेर रहेका श्रीकण्ठ (रूपका) शिवजीलाई नमस्कार ।

(वि.सं. १५०३ मा दिवंगत भएकी आफ्नी आमा संसारदेवीको, गौरीरूपको सुवर्णप्रतिमा स्थापना गरेर ठूलो गुठीसमेत राखी राजा यक्ष मल्लले भाइ जीव मल्लसमेत भई श्रीपशुपतिनाथमा ताम्रपत्र राखेका थिए । उक्त पद्य सोही ताम्रपत्रबाट लिइएको हो ।)

स्रोत : महेशराज पन्तः "संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र" **पूर्णिमा** १२४, २०६३, पृ.३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेशाष्टकम्

श्रीश्रीश्रीपशुपतये नमः ॥
जटाधस्तटालम्बिगङ्गाप्रवाहं
स्फुरन्नेत्रतेजस्कृतानं गदाहं ।
चिताभस्मभिर्भूषिताशेषदेहं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

हिमानीगिरिद्रोहरूपं दधानं
भवानीमुखालोकने सावधानं ।
दशग्रीवसम्पत्समूहे निदानं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

त्रिशूलत्त्रसत्त्रैपुरप्रौढशत्रुं
विनाकप्रभानन्दितानन्तमित्रं ।
महेन्द्रादिवृन्दारकाज्ञातकृत्यं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

भुजङ्गाधिनाथोपवीताभिरामं
महाकालिकालिंग्नोद्दामकामं ।
लसन्नीलकंठद्युतिद्योतितांगं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

द्विषद्दैत्यमुण्डावलीहृद्यहारं
कृपावारिसं प्लावितस्वीयभृत्यं ।
मुदा स्वीकृतोद्दामकैरातकृत्यं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुठारं वरं दक्षहस्ते प्रशस्तं
कुरङ्गाभयं वामपाणौ स्पृशन्त ।
रतीनायकं चारुकान्त्या हसन्तं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

रविन्द्वग्निनेत्रैर्ज्जगद्योतयन्तं
मुहुर्न्नर्त्तनैष्किन्नरीम्मोद्दयन्तं ।
दृगत्तैस्सुरस्त्रीमनः क्षोभयन्तं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

दुकूलं परित्यज्य कृत्तिम्वसां
विमानं विहायाश्रयन्तं श्मशानं ।
उमासङ्गमे योगिनामप्यनूनं
पशूनां पतिं भव्यरूपं भजेहं ॥

कवीन्द्रप्रतापक्षितीशोक्तमेतन्
महेशाष्टकं यः पठत्येकचित्तः ।
करे तस्य सर्व्वा महासिद्धयः स्युः
शिवप्रीतिमाप्नोति गुह्येश्वरीशः ॥

॥ इति श्री श्रीकवीन्द्रजयप्रतापमल्लदेवविरचितं महेशाष्टकं सम्पूर्णम् ॥

भावानुवाद

श्रीश्रीश्रीपशुपतिलाई नमस्कार छ। जटाको तल्लो भागको छेउपट्टि आलम्बित गङ्गाको प्रवाह भएका, चहकिलो आँखाको तेजले कामदेवलाई भस्म गर्ने भएका, चिताको खरानीले सारा शरीर सिँगारेका भव्यरूप भएका पशुपतिलाई म भज्दछु।

हिमालय पर्वतजस्तो शुभ्र शरीर धारण गर्ने भएका, पार्वतीको मुख अवलोकन गर्न सचेत भएका, रावणको श्रीसम्पत्तिहरूका कारण भएका, भव्यरूप भएका पशुपतिलाई भज्दछु।

त्रिशूलले तर्सेको त्रिपुरासुरको ठूला शत्रु भएका, पिनाकधनुको चहकले आनन्दित भएका, विष्णुका मित्र भएका, इन्द्रादि देवसमूहले समेत अज्ञात चरित्रलीला गर्ने भएका, भव्यरूप भएका पशुपतिलाई म भज्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्पको यज्ञोपवीतले राम्रो देखिएका, महाकालिकाको आलिङ्गन गर्न उत्कट आकाङ्क्षा राख्ने भएका, चित्ताकर्षक नीलकण्ठको चहकले उज्ज्वल अङ्ग भएका, भव्यरूप भएका पशुपतिलाई म भज्दछु ।

शत्रु दैत्यका मुण्डमालाहरू हृदयमा हार लगाएका, कृपारूपी पानीले आफ्ना सेवकलाई आर्द्र पार्ने भएका, खुशीले स्विकारेको महत्तर किरातसम्बन्धी कृत्य भएका अर्थात् किरातरूप धारण गर्ने भएका, भव्यरूप भएका पशुपतिलाई म भज्दछु ।

दायाँ हातमा उत्तम बञ्चरो र वर धारण गर्ने भएका, बायाँ हातमा मृग र अभय धारणा गर्ने भएका सुन्दर चमकदार हाँसो भएका, रतिका मालिक भव्यरूप भएका पशुपतिलाई म भज्दछु ।

सूर्य, चन्द्र र अग्निरूपका तीन आँखाहरूले संसारलाई झलमल्ल पार्ने भएका, बारम्बार नृत्यहरूले किन्नरीलाई मोहित गर्ने भएका, आँखाका छेउहरूले देवताका स्त्रीहरूका मनलाई हलचल पार्ने भएका भव्यरूप भएका पशुपतिलाई म भज्दछु ।

रेशमी परिधान छोडेर मृगको परिधान लगाउने भएका, विमानलाई त्यागेर श्मशानमा आश्रय लिने भएका, पार्वतीका साथ बस्ने भएर पनि योगीहरूका बीच पनि उत्तिकै संसर्ग भएका, भव्यरूप भएका पशुपतिलाई म भज्दछु ।

जसले एक चित्त भएका कविमा श्रेष्ठ राजा प्रताप मल्लले बनाएको यो महेशाष्टक पढ्दछ, त्यसको हातमा सारा महासिद्धिहरू होऊन् । गुह्येश्वरीका पति शिवका प्रीति पाउँछु ।

यसरी श्रीश्रीकवीन्द्र जयप्रताप मल्लदेवले बनाएको महेशाष्टक पूर्ण भयो ॥

(राजा प्रताप मल्लले आफ्नो र आफ्ना दुई रानीहरूको सुवर्णलेपित शालिक स्थापना गर्नुका साथै पशुपतिनाथ मन्दिर नजिकै एक हजार आठ शिवलिङ्ग स्थापना गरी शिलालेख राख्न लगाएका थिए । प्रस्तुत स्तुतिपद्यहरू सोही अभिलेखबाट साभार गरिएका हुन्)

स्रोत : डा. गोविन्द टण्डनद्वारा लिखित **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, अभिलेख खण्ड, भाग २ पृ. १७७-१७९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशङ्करप्रमाणिकाष्टकम्

श्री ३ भवानीशङ्कराभ्यां नमः

जगत्त्राणकर्तृं सुरेद्वेषिहन्त्रीं भजद्भूतयन्त्रीं सदानन्ददात्रीम् ।
पवित्रीकृतब्रह्मपत्रीश्वरेशां धरित्रीधराधीशपुत्रीन्नमामः ॥
भवं भवार्णवोद्भव प्रभूतभीतिनाशनम् ।
भुजङ्गभूष भूषणां भजद्विभूतिदं भजे ॥

जटाकिरीटशोभिनं हरित्पटाभिसंवृतम् ।
सरत्सुधाकरप्रभं सुधाकराधरं भजे ॥

कलाकलापकोमलं कलावतीकलेवरं ।
वपुर्दले विराजते तमर्द्धकामिनं भजे ॥

परश्वधंकुरंग कंवराभयं कराम्बुजैः ।
दहानमम्बुजासनं त्रिलोचनं शिवं भजे ॥

स्वभक्तवित्तरञ्जनं विपक्षपक्षभञ्जनं
परात्मभावसञ्जमं विपत्तिगञ्जनं भजे ॥५॥

विशालमुण्डमानिनं कलत्रपुत्रमानिनम् ।
गृहस्थभावशालिनं वृषेन्द्रचालिनं भजे ॥

श्मशानभूमिवासिनं सहस्रसूर्यभासिनम् ।
दिनावसानलासिनं सदाट्टहासिनं भजे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिमार्गगाप्रवाहिनं त्रिपट्टनप्रवाहितम् ।
चिदम्बुराशिगाहिनं निरस्तनाहितं भजे ॥

स्तोत्रं यः प्रयतः पठेत्प्रतिदिनं शंभोपदे भक्तिभाक्
यां यामिच्छति सिद्धिमाप्तुमुदितध्यानातिरेको जनः ।
प्रातः स्वीयगुरुक्रमः सम भवेत् व्यापारसाराञ्चितः
सा सा तस्य करे स्थिता त्रिनयनस्याङ्घ्रिप्रसादाद्भवेत् ॥

श्रीपार्थिवेन्द्रप्रभुणा कृता स्तुतिरियं सदा ॥
शिवसेवकवक्त्राब्जे स्थिरा भवतु भक्तिभाक् ॥

॥ इति श्रीश्रीपार्थिवेन्द्रमल्लभूपनिर्मितं श्रीशङ्करप्रमाणिकाष्टकं समाप्तम् ॥

भावानुवाद

श्री ३ भवानीशङ्करलाई नमस्कार। संसारलाई रक्षा गर्ने भएकी, देवताका शत्रुलाई मार्ने भएकी, भजन गर्नेलाई बढिबढाउ गर्ने भएकी, सधैँ आनन्द दिने भएकी पर्वतराज पुत्रीलाई नमस्कार गर्छौं।

संसारमा भएको प्रचुर भय नाश गर्ने भएका वासुकिनाग धारण गर्ने भएका, सेवा गर्नेलाई ऐश्वर्यप्रदान गर्ने भएका महादेवलाई भज्दछु।

जटाधारण गर्ने भएका, बाघको छाला धारण गर्ने भएका, वासुकिनाग धारण गर्ने भएका, शरत्कालिक चन्द्रको जस्तो कान्ति भएका, चन्द्रमा धारण गर्ने भएका शिवजीलाई भज्दछु।

कलाको समूहले कोमल भएका, कलायुक्त शरीर, शरीररूपी कमलमा विराजमान ती अर्धचन्द्रधारी शङ्करलाई भज्दछु।

परशु, मृग, वर तथा अभयमुद्रा धारण गर्ने भएका, कमलको आसनमा विराजमान भएका, तीन आँखा भएका शिवजीलाई भज्दछु। आफ्नो भक्तको मनलाई आनन्द दिने भएका शत्रुपक्षलाई नाश गर्ने भएका, ब्रह्मभावमा सङ्घटन गर्ने भएका, आपत्तिलाई दूर गर्ने भएका शिवजीलाई भज्दछु।

मुण्डमाला धारण गर्ने भएकी पत्नी, छोराहरूले सम्मानित भएका गृहस्थ भावमा स्थित भएका वृषभमा विराजमान भएका शिवजीलाई भज्दछु।

श्मशानमा विराजमान भएका, हजार सूर्यका जस्ता कान्ति भएका, दिनको अन्त्यमा नृत्य गर्ने भएका, सधैँ अट्टहास गर्ने भएका शिवजीलाई भज्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गाजी धारण गर्ने भएका, त्रिपुर नाश गर्ने भएका, कल्याण गर्ने भएका ब्रह्मज्ञानी शिवजीलाई भज्दछु। पवित्र भएर प्रतिदिन यो स्तोत्र जसले पढ्दछ, त्यसले शिवको भक्ति प्राप्त गर्दछ। खुशी भएर शिवको ध्यान गर्ने मान्छेले सिद्धि प्राप्त गर्दछ। आफ्नो गुरुसम बन्दछ। व्यापारादि पनि शिवको चरणकमल सेवा गर्नाले शिवजीको प्रसादले प्राप्त हुन्छ।

पार्थिवेन्द्र मल्लले बनाएको यो स्तुति सधैँ शिवजीका भक्तको मुखरूपी कमलमा स्थिर रहोस्, भक्ति पनि प्राप्त होस्। पार्थिवेन्द्र मल्लले बनाएको शङ्करप्रमाणिकाष्टकस्तोत्र समाप्त भयो।

(राजा पार्थिवेन्द्र मल्लले वि.सं. १७३५ मा पशुपतिमन्दिर परिसरमा देवप्रतिष्ठा गरी मन्दिर बनाएर पशुपति क्षेत्रमा शिलालेख राख्न लगाएका थिए। प्रस्तुत पद्यहरू सोही अभिलेखबाट साभार गरिएका हुन्)

स्रोत : डा. गोविन्द टण्डनद्वारा लिखित **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, अभिलेख खण्ड, भाग २, पृ. २०६-२०८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्करं तं नमामि

परेशं परात्मानमीशं महेशं
शिवेशं गिरीशं निशेशं फणीशम् ।
स्वभूषाकरं बिभ्रतं विश्वसारं
जगच्छङ्करं शङ्करं तं नमामि ॥१॥

ठूला ईश्वर, ठूला आत्मस्वरूप भएका महेश, शिवेश, गिरिश, चन्द्रमा, सर्प अलङ्काररूपमा धारणा गर्ने भएका, विश्वका सार भएका, संसारको कल्याण गर्ने ती शङ्करलाई नमस्कार गर्दछु ।

(शाहकालका प्रसिद्ध कवि राधावल्लभ अर्ज्याललले गोरखा पोखरीथोक नजिकै राधावल्लभेश्वरनामक महादेवको स्थापना गरी वि.सं. १८६९ मा घण्टसमेत चढाएका थिए । प्रस्तुत स्तुतिपद्य यही घण्टमा रहेको अभिलेखबाट लिइएको हो ।

स्रोत : धनवज्र वज्राचार्यको शाहकालका अभिलेख, पृ.५६५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जय शम्भो ! शिव ! चन्द्रशेखर !

–लेखनाथ पौड्याल

१
जय शङ्कर ! चन्द्रशेखर !
जय शम्भो ! भगवन् ! महेश्वर !
प्रभुको महिमा विचित्र छ
जसमा यो सब सृष्टि–चित्र छ ॥

२
श्रुतिशास्त्र सबै थरी थरी
तरिकाबाट विवेचना गरी ।
नमिली उस रूपको पता
कहँदैछन् प्रभुको अनन्तता ॥

३
चितिशक्तिमयी महेश्वरी
प्रणयाऽऽलिङ्गन – रङ्गमा परी ।
प्रभुमा समभाव धर्दछिन्
परमाऽऽनन्द–विहार गर्दछिन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४
ससुरा गिरिराज सुन्दर
गिरिराजै छ निवास-मन्दिर !
गिरिजा गृहिणी गिरीशकी
यसमा नाथ ! रहस्य क्यै छ कि ?

५
लय-साथ रहन्छ सिर्जना
लय छोडी कुन सृष्टि-कल्पना ?
लय-कारण गूढ तत्त्व छ
शिव ! जस्मा प्रभुको शिवत्व छ ॥

६
दुइ बाहुलिको दयामय।
दुइ मुद्रा प्रभुको वराऽभय।
शरणाऽऽगत भक्त-खातिर
अविनाशी सुखशान्ति-निर्झर ॥

७
नयनाऽग्नि-शिखा छ त्यो तल
उसमाथी शशिखण्ड शीतल।
दुइ तत्व विरुद्ध हुन् तर
अविरोधी प्रभुमा परस्पर ॥

८
जगदीश ! जटा र जाह्नवी
दुइको दिव्य दुरन्त त्यो छवि।
दिलमा झलमल्ल भो जब
अनि यो विश्व सबै शिवै शिव ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९
डिमि डिं डिमि डिं गरीकन
मुटुको धड्कनभित्र पावन।
डमरु प्रभुको बज्यो जब
अनि शम्भो ! सब यो शिवै शिव ॥

१०
त्रिगुणाऽऽत्मक चित्त हो सब
तिन-पत्रे प्रिय बिल्व वास्तव।
प्रभुको पदमा खुशीसित
शिव ! गर्छु अब यो समर्पित ॥

११
जय नाथ ! शरण्य ! शङ्कर !
जय शम्भो ! शिव ! चन्द्रशेखर !
शरणाऽऽगत लेखनाथको
प्रभुबाहेक कहाँ छ नाथ को ?

स्रोत : शिवपञ्चाशिकाबाट साभार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वन्दे हे पशुका पते !

–बालकृष्ण सम

परमेश्वर ! घण्टाको स्वरमा स्वर मिल्न दी
हजार वार वरको शब्द बिर्सी शिवस्तव
गरूँ कस्तै वर मिलोस् पुग्ने हुन्न भने कुनै :
आफैं हिरण्यकशिपु वरको लातमा मर्‍यो;
सार्वभौम हरिश्चन्द्र पुत्रार्थीले कुनै दिन
पुत्रको वर पाएर पुत्रशोक पनी सहे;
वरदान कसैमा हो श्रापदान : मिलि वर
भस्मासुर पनि भस्म वरकै धर्मले भयो
आफ्नो निम्ति जगत्मा हो ठूलो आरोग्यको वर,
पाएर गर्नु के बल्दो चिन्ताज्वर मिल्यो भने।
चिरञ्जीवी भए कैयन् वर्षसम्म यसै बनी
महीलता परें सारा जन्म एकै तडागमा।
'मोक्ष हूँ, मुक्तिको ज्ञान पाऊँ ! ' भन्नु पनी वृथा,–
दशानन पनी मोक्ष भए भन्ने सुनें जब,
बिर्सूँ यो वरको नाम, नीललोहित ! मिल्न दी
घनको ध्वनिमा मेरो वज्रलेप गरी स्वर,
अनि सो स्वर्गका हूहूदेवको संझना गरी
गरूँ हजुरको छोटो स्तव हे प्रमथाधिप !
जय देव महादेव ! जय उग्र महागुरो !
महानट ! महाकाल ! मेरो स्वर, न कंप हो !
मेरो काय, नही कंप ! दुवै आँखा नरो–नरो !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुति

नाथका माथिका नाथ महानाथ कुनै नहि
जो नील प्रभुको तक्मा कण्ठको झिक्न शक्तछ
पजनीमा ; प्रभो, कत्रो विश्वमाथि निगाह हो,
नहि ता क्षणमा बल्दै कालकूट महाविष
भस्मशेष गरी छोड्थ्यो विश्वनाथ, त्रिलोकको !
सुरको-सोमको-सारा ताराको-चार वेदको-
देवीको-देवको-सारा साराको किन किट्तछस्
दाह्रा ! धेरै नगर् भक् भक् ! बढ्ता जोशी नहो नहो।
जय रुद्र विरूपाक्ष गङ्गाधर गिरीश हे !
भगवन् अब काँप्नाले स्तवमा असमर्थ छु,
केही हजुरको त्रास त्रपा केही त मान्दिन
मनप्रणाद मुखमा तर ल्याउन शक्तिनँ
बोलूँ यो वाक्य फुट्तैन देव केवल लठ्ठ छु।
सांसारिक मजादेखिन् अर्कै लोभ चखाउँदै
यो माणवकको लिप्सा सहजै खिँचिबक्सियोस्
यही वर, यही दान, यही रोजी कुरा, यही
खुशी हुने महा जायु मर्ने बखतमा पनि,
शिवगीता यही, वेद यही, प्रिय यही, प्रिया
यही, यही उज्यालो हो, वन्दे हे पशुका पते !

स्रोत : मेरो कविताको आराधनबाट साभार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव दिऊन् कल्याणको चुम्बन

—लक्ष्मीप्रसाद देवकोटा

चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका ।
नाच्दी सुन्दर तालले पावनमा देखी फुलेकी लता ।।
बिर्से झैँ "भन को तिमी" यति भनी गौरी रुलाईकन ।
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन ।।

स्रोत : शाकुन्तल महाकाव्यबाट साभार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपते !

कूटस्थ ते प्रतनकालभवा व्यतीयु–
र्ये त्वां निजाक्षियुगलैर्ददृशुः पुरैव ।
मर्त्या वयं प्रमुदिता अवलोकयामो
द्रष्टार एव बहवश्च जनिष्यमाणः ॥

श्लेष्मान्तकं वनमिदं विशदप्रकाशं
श्रीवाग्वतीं धुनिमिमां च पवित्रतोयाम् ।
स्थित्या स्वया विदधतस्तव दिव्यमूर्ति–
र्नेपालमेव कुरुते प्रथितं चिराय ॥

त्वां द्रष्टुमेव पथि कष्टभरं विषह्य
श्रेयोऽर्थिनी नरततिः समुपैति दूरात् ।
त्वां प्रस्तरं न हि परं सकलज्ञमीशं
भक्तव्रजः पशुपते ! हृदये निधत्ते ॥

नेपालराजमुकुटं सुचिरं दधाना–
स्त्वद्भक्तयः क्व नु च लिच्छवयो ययुस्ते ।
अश्माङ्कितैर्लघुतरै रुचिरैः स्वकाव्यै–
रध्यास्यते कृतिमनांसि तु येऽधुनापि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वद्दर्शनोत्सुकहृदः सरयूतटस्था
मल्ला नृपाः पशुपते ! विजहुर्महत्त्वम् ।
त्वत्पादपङ्कजरजो दधतः शिरोभि-
र्मल्लाः पुरत्रयगताः क्षितिपाश्च लीनाः ।

उक्तानिमान् विशदकीर्तिजुषः पदार्थान्
उच्चावचाननुदितानपरांश्च भावान् ।
दृष्ट्या स्वया मधुरया सममीक्षमाणं
त्वां वीक्ष्य मुग्धहृदयः सहसा भवामि ॥

॥ इति श्रीनयराजपन्तविरचिता पशुपतेऽभिधाना स्तुतिः सम्पूर्णा ॥

भावानुवाद

एकनासको भएर जुगानुजुगसम्म रहने हे हजुर ! पहिलेपहिलेका जजसले आफ्ना आँखाले हजुरको दर्शन गरेका थिए, तिनीहरू पहिल्यै बितिसके। हामी मर्त्यहरू खुशी भएर हजुरको दर्शन गरिरहेका छौँ। पछि जन्मने थुप्रै मानिसहरूले पनि हजुरको दर्शन गर्ने नै छन्।

आफू बस्नाले यस श्लेष्मान्तक वनलाई सफा ख्याति भएको र यी श्रीवाग्वती नदीलाई पवित्र जल भएकी बनाउने हजुरको दिव्य मूर्तिले नेपाललाई नै धेरै अगाडिदेखि प्रसिद्ध पारेको छ।

हजुरको दर्शन गर्न भनेर बाटोघाटोको कष्ट सहेर कल्याणको इच्छा गर्ने मानिसहरूको ताँती टाढादेखि आउँछ। हे पशुपति ! हजुरलाई पत्थर होइन कि सबै कुरा जान्ने, ठूला ईश्वर (सम्झी) भक्तसमूह हृदयमा राख्छ।

नेपालको राजमुकुट धेरै लामो समयसम्म लगाएका हजुरका भक्त ती लिच्छविहरू कहाँ गए ? जुन लिच्छविहरू ढुङ्गामा कुँदिएका, ससाना, राम्रा आफ्ना काव्यद्वारा अहिले पनि विद्वान्‌हरूको मनमा बसिरहेका छन्।

हे पशुपति ! हजुरको दर्शन गर्न उत्सुक कर्णालीको किनारका मल्ल राजाहरूको महत्त्व गइसक्यो। हजुरको चरणकमलको धूलो शिरमा लाउने तीन शहरका मल्ल राजाहरू पनि बितिसके।

सफा कीर्ति भएका, कहिएका यी पदार्थ र नकहिएका अरू भाव आफ्नो मधुर दृष्टिले हेरिरहनुभएका हजुरको दर्शन गर्दा म आफसेआफ मुग्ध हुन्छु।

॥ नयराज पन्तद्वारा विरचित पशुपते ! शीर्षकको स्तुति पूरा भयो ॥

(प्राज्ञ पं. नयराज पन्तद्वारा विरचित माथिका स्तुतिपद्यहरू उहाँका सुपुत्र डा. महेशराज पन्तमार्फत अनुवादसहित प्राप्त)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

खण्ड- २

तत्त्व-दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यैव मूर्त्यष्टकम्

–स्वामी आत्मानन्द गिरि

परमात्मा शिवको महिमालाई शास्त्रहरूमा दुईप्रकारले निरूपण गरेको पाइन्छ। **द्वावेवौ ब्रह्मणो रूपं मूर्तं चामूर्तं च मूर्तं सगुणम् अमूर्तं निर्गुणं निराकारम्** निर्गुण निराकार परमात्मा शिवको महिमा वाणी र मनको मार्गलाई छोडेर अगाडि बढेको छ जसको महिमा श्रुतिले पनि **"नेह नानास्ति किञ्चन" "अशब्दमस्पर्शमरूपमव्ययम्" "अस्थूलमनण्वह्रस्वमदीर्घम्" "अथात आदेशो नेति नेति"** इत्यादि संसारनिषेधपरक वाक्यद्वारा डराइडराईकन भयपूर्वक कहीं कतै निर्गुण परमार्थतत्त्वमा सगुणताको वर्णनरूपी भूल नहोस् भनेर गर्दछ। यस प्रकारको निर्गुण-निराकार- सर्वसाक्षी परमात्माको **"त्रिपाद् ब्रह्म" पादोऽस्य विश्वाभूतानि त्रिपादस्यामृतन्दिवि** अर्थात् तीन पाद अमृत एवं अविकारी चैतन्यरूप छ। **"यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह"** अर्थात् जसलाई मनसहित वाणीले प्राप्त गर्न सक्दैन यस्तो परमात्मा कसैको स्तुतिको विषय कसरी हुन सक्छ ? **यस्मान्नास्ति परं नैवापरं चेति** भनेर श्रुतिले वर्णन गरेको छ। यस्तो परमात्मा शिवमा कुनै गुण नरहेकाले परमात्मा स्तुतिको विषय बन्दैन, तथापि **पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः** अर्थात् हे भगवान् शिव ! हजुरको अर्वाचीन- आवतारिक स्वरूपमा कसको मन र वाणी न लाग्ला ? अर्थात् सबैको लाग्दछ। परमात्मा शिवको अर्वाचीन स्वरूपको वर्णन वेदमा पनि अष्टमूर्तिको रूपमा पाइन्छ। जसको वर्णन गन्धर्वराज श्रीपुष्पदन्ताचार्यले शिवमहिम्नस्तोत्रमा यसरी गर्नुभएको छ– **"भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सहमहाँस्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम्। अमुस्मिन् प्रत्येकं प्रविचरति देव श्रुतिरपि प्रियायास्मै धाम्ने प्रणिहितनमस्योऽस्मि भवते ॥" भवः– "भवति अस्माज्जगदिति भवः"** अर्थात् जसद्वारा यो संसार उत्पन्न हुन्छ यसरी संसारहेतुरूप भएकाले परमात्मा शिवलाई भव भनिन्छ। **भव्य एव भवः**- जसको सत्ता प्राप्त गरेर संसारको भव्यता, 'सुन्दरपना' विद्यमान रहन्छ त्यो पारमार्थिक सत्तालाई भव भनिन्छ। सत्ताको अभावमा संसारको भव्यता रहन सक्दैन। **शर्वः– "श्रृणोति च वाति च शर्वः"** जसले अविद्यालाई नाश गरेर परमार्थतत्त्व उपलब्ध गराउँछ उसलाई शर्व भन्दछन्। यो शब्दले परमात्मा शिवलाई संसारमल, अविद्या नाश गरेर ब्रह्मतत्त्व प्रदान गर्ने ईश्वरका रूपमा चित्रित गरेको छ। **रुद्रः**- दुःखहरूलाई जसले नाश गर्दछ त्यो रुद्र हो। जसरी सुषुप्तिमा दुःख हुँदैन त्यसरी नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रलयमा पनि दुःख हुँदैन। जसरी उद्विग्न, चिन्तित, दुःखीहरूको दुःख उनीहरू सुतेपछि समाप्त हुन्छ त्यसरी नै संसारभ्रमणद्वारा श्रान्त प्राणीमात्रलाई प्रलयमा चिरनिद्रा प्रदान गरेर परमात्मा प्राणीहरूलाई दुःखदेखि मुक्त गर्नुहुन्छ। त्यसकारण भगवान् शिवलाई रुद्र भनिन्छ।

भवः- शब्दले सृष्टि, शर्व शब्दले स्थिति र रुद्र शब्दले संसारलयको रूपमा वर्णन गरेर श्रुतिले परमात्मालाई **भवाय च रुद्राय च** इत्यादि मन्त्रहरूले प्रतिपादन गरेको छ। पशुपति यो परमात्मा शिवको अनुग्रहबोधक नाम हो। पाशद्वारा बद्ध नै पशु हो र त्यसको पति शङ्कर हो। "**कार्यं पशुर्वा**" "**कारणं महेश्वरः**" पशुपति शब्दलाई कार्यकारणको रूपमा पाशुपतमतमा वर्णन गरिएको छ। यस मतअनुसार पाँचवटा पदार्थ हुन्छन्- कार्य, कारण, योग, विधि एवं दुःखान्त।

उग्रः- जीवात्माको मृत्यु भएपछि नाना प्रकारका यातना दिएर पुनः संसारमा जन्मान्तर प्रदान गर्ने र यसरी जन्मान्तर प्रदान गरेर जीवहरूको उग्र कर्महरूलाई नाश गरिदिने भएकाले महेश्वरलाई उग्र भनिन्छ।

सहमहान्:- महानूले सहित उच्चरित देव शब्दले जसको कथन गरिन्छ यस्ता देवतालाई महादेव भनिन्छ।

भीमः- यो भगवान् शिवको नाम हो। जसदेखि सबै डराउँछन्, जसको डरले अग्निदेवमा उष्णता छ, सूर्य तातो भएको छ, इन्द्र, वायु, मृत्यु यी सबै आ-आफ्नो कार्यमा लागिरहेका छन्, यस समस्त ब्रह्माण्डमा जसको भयले नियम भङ्ग हुन सकेको छैन। यस प्रकारको भयरूप परमात्माको स्वरूप भएकोले भगवान् महेश्वरलाई भीम भनिन्छ।

ईशानः- यो पदको अर्थ हो सर्वान्तर्यामी। ईशान पदले परम शिवतत्त्वको बोध गराउँछ। यस्ता परमात्मा शिवको अर्वाचीन विग्रहमा सबैको मन निरन्तर श्रद्धा भक्तिपूर्वक लागिरहन्छ। यसका लागि नै परमात्मा शिवको यो अर्वाचीन स्वरूप, अष्टमूर्तिहरू वेदादि शास्त्रहरूमा उल्लेख गरिएका हुन्।

यो जीवन लोककल्याणमा लागोस्। यस्तो भावना प्राप्त गर्न दैवीविद्या नजानेसम्म सम्भव छैन। यसकारण दैवीविद्या प्राप्त गर्न सत्सङ्ग गर्नुपर्दछ, साथै स्वाध्याय र अभ्यासको निरन्तरता आवश्यक हुन्छ। "**विद्यया देवलोकाः**" देवता को हुन् ? उनीहरूको उपासना के हो ? देवलोक कसरी पाइन्छ ? दिव्यजीवन प्राप्तिको माध्यम के हो ? यी उपर्युक्त सबै कुरा विद्याले प्राप्त हुन्छन्। विद्याको सम्बन्धमा अनेकौं व्यक्तिहरूलाई भ्रान्ति हुन सक्छ कि जसले ठूलो ग्रन्थ पढ्यो ऊ नै ठूलो विद्वान् हो। विद्या ग्रन्थमा रहेको अक्षरज्ञानले तथा लिपिभाषाज्ञानले मात्र प्राप्त हुँदैन। विद्या चित्तवृत्तिको एउटा आयाम हो। चाहे त्यो भौतिक विज्ञान अथवा वैदिक - आध्यात्मिक वा आत्मज्ञानको होस्। आध्यात्मिक ज्ञान र आत्मज्ञानलाई केही विद्वान्हरू भिन्न हुन् भनेर व्याख्या गर्दछन्। विज्ञहरूका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार आत्माका साथमा अधि उपसर्ग लागेपछि आध्यात्मिक शब्दको रचना हुन्छ। जसको अर्थबोध यसप्रकारको हुन्छ– आत्मामाथि आरोपित जे हो त्यो नै आध्यात्मिक हो। यसकारण शुद्ध आत्मज्ञान र आध्यात्मिक ज्ञान भिन्नाभिन्नै हुन्।

वर्तमान समयमा मनोविज्ञानले मनको क्षिप्त अवस्था, मूढ अवस्था र विक्षिप्त अवस्थाको वर्णन विस्तारपूर्वक गरेको पाइन्छ। चित्तको एकाग्रता र निरोधको वर्णन भौतिक यन्त्रहरूको माध्यमले जान्न सकिँदैन। यी भौतिक यन्त्रहरूले केवल उत्थित वासनामात्र जान्न सकिन्छ। यन्त्रको माध्यमले सुषुप्त वासना जानिँदैन। चित्तको एकाग्र भूमिका अथवा निरुद्ध भूमिका प्राप्त भएमा हामीमा कस्तो शक्ति प्राप्त हुन्छ भने चित्तभित्र के-के लुकेको छ सबै थाहा हुन्छ। यदि कसैले केवल क्षिप्त, मूढ र विक्षिप्त दशालाई हेरेर अनुमान लगाउँछ भने उसले लगाएको चित्तको भित्री विषयको अनुमान ठीक हुँदैन। किनभने क्षिप्त, मूढ र विक्षिप्त दशामा चित्तभूमिमा वासनाहरूको विलास नै देखिन्छ। त्यसकारण उसले लगाएको अनुमान चित्तको एकाग्र र निरोध अवस्थामा पनि यही वासनाको बीज रहन्छ।

केही विद्वान्हरूले चित्तको चर्चा सुनाउने क्रममा भन्नुभएको थियो–एउटा चित हुन्छ जस्तै सञ्चित, परिचित। यसमा एउटा 'त' छ त्यो पनि पूर्ण, यसको अर्थ हो– जम्मा गरिएको। अर्को छ चित्त जसमा दुईवटा तकार छन् र अर्को शब्द छ चित् जसमा तकार हलन्त छ। संस्कृतभाषामा यस्ता शब्दहरूको विवेचनामा ठूलो सावधानी अपनाइएका छन्। चित्शब्दको अर्थमा चित शब्द र चित्त शब्दको प्रयोग हुँदैन। व्याकरणका पण्डितहरूलाई थाहा छ कि व्याकरणशास्त्रमा दुई प्रकारका धातुहरू छन्। "चिति" संज्ञाने र "चिञ्" चयने। "चिनोति" जसलाई चुनिन्छ सङ्ग्रह गरिन्छ उसलाई चित्त भनिन्छ। चुनिन्छ यसको अर्थ यस्तो हुन्छ– रागद्वेषपूर्वक, कर्तृत्वभोक्तृत्वपूर्वक, अपेक्षाबुद्धिले जुन कर्म या भोग गरिन्छ साथै भोगका संस्कारहरूलाई जम्मा गरेर जसले आफूभित्र राख्दछ उसलाई चित्त भन्दछन्। "चिनोति चिनुते वा" यो धातु उभयपदी हो जसको अर्थ यस्तो हुन्छ– संसारका भोगहरू आफ्नो वा अन्यले गरेको होस्, दुवैका संस्कारहरूलाई जम्मा गरेर जुन जीवको स्वभावमा स्थापित गर्दछ र जीवले ती संस्कारका माध्यमले स्वयंलाई कर्ता भोक्ता संसारी मान्दछ। यस प्रकारको क्रियाकलापमा संलग्न हुनेलाई चित्त भन्दछन्। वेदान्तीहरू जीवलाई शुद्ध चेतनको रूपमा चित् शब्दको प्रयोग गर्दछन् र संस्काररूप उपाधिले युक्त भएको अवस्थामा चित्त शब्दको प्रयोग गर्दछन्। अमुक व्यक्तिले यस्तो भन्यो, अमुकले यस्तो गऱ्यो इत्यादि विषय इन्द्रियको संयोगजन्य ज्ञानलाई आफ्नो हृदयमा जम्मा गर्नु नै चित्तभावलाई पाउनु हो। चित्तको विषयमा विचार गरेर हेर्दा चित्तमा केवल वासनाको बीजमात्र रहन्छ भन्नु सरासर बेइमानी हो। यदि हाम्रो चित्तले पूर्वमा साधुको सङ्गत गरेको भए त्यसमा धर्मको वासना जम्मा भएको हुनुपर्दछ। भक्तको सङ्गत गरेको भए उपासनाको वासना र वेदान्तश्रवण एवं सत्सङ्ग गरेको भए वेदान्तवासना पनि जम्मा भएको हुनसक्छ। यसकारण उपनिषत्मा वामदेवले आमाको कोखमा रहँदा नै प्रतिबन्धक समाप्त भएपछि तत्त्वज्ञान प्राप्त गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वामदेवको चित्तमा कुनै गुरुद्वारा शास्त्रवर्णन नगरी कसरी परमार्थतत्त्व उदय भयो ? यसको मतलब के हो भने उहाँको जन्मप्रारब्ध समाप्त भएपछि पूर्वको संस्कार जागृत भयो ।

चित्तमा संस्कार राम्रो हुन संस्कारले युक्त भएको कर्म गर्नुपर्दछ । चित्तमा रागको संस्कार परापूर्वकालदेखि नै विद्यमान हुन्छ, वासनाहरूका बीज हुन्छन् । केही व्यक्तिमा वैराग्यको संस्कार पनि हुन सक्छ, हुन्छ । चित्तको भेद दुई प्रकारले गर्न सकिन्छ– **"वैराग्यरागोपाधिभ्यां आम्नातोद्वयलक्षणम्"** रागवासनाले युक्त चित्त र वैराग्यले युक्त निर्वासनिक चित्त ।

संसारको समस्त कामना सकिएपछि निर्वासनिक चित्त भएका पुरुषले आफ्नो मरणको वेला यसरी आफूले गरेका कर्महरूलाई सम्झिँदै पुनः संसारचक्रको भ्रमण गर्न नपरोस् भनेर गरिएको प्रार्थनालाई श्रुतिले अन्य वासनादूषित हृदय भएका पुरुषहरूले पनि निर्वासनिक परमार्थलाई प्राप्त गरून् भन्ने हेतुले उपदेश गरेको हो । अतः मरणलाई उत्तम बनाउन इच्छुक व्यक्तिले मृत्युपूर्व आफ्नो जीवनलाई स्वच्छ बनाउनुपर्दछ ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतितत्त्व

–उमेशप्रसाद घिमिरे

१. विषयप्रवेश

यस विश्वब्रह्माण्डमा जन्म लिएका सबै जीवहरू दुःखबाट आक्रान्त छन् । आफू सुखस्वरूप तथा शिवस्वरूप हुँदाहुँदै पनि अज्ञानका कारण आफ्नो असली स्वरूपको ज्ञानबाट विमुख भएका जीवहरू आफूलाई मरणधर्मा ठान्दै मृत्युभयदेखि अत्तालिएका छन् । अन्य प्राणीहरूका तुलनामा चिन्तनगत एवम् बौद्धिक दृष्टिले सर्वश्रेष्ठ प्राणीका रूपमा स्थापित मनुष्यले दुःखनिवारण तथा सुखप्राप्तिका लागि मानवीय सभ्यताको आदिमकालदेखि नै सूक्ष्म चिन्तन गर्दै आएको पाइन्छ । त्यसमा पनि पौरस्त्य भूमि, देवभूमि तथा तपोभूमिका रूपमा प्रतिष्ठित भएकाले यस क्षेत्रमा पर्यावरणगत प्रभावले गर्दा स्वाभाविक रूपमा नै अध्यात्मदर्शनको विकास भएको छ । यहाँका पूर्वजहरू, ऋषिमहर्षिहरूले अध्यात्मचिन्तनमा नै जीवन समर्पित गरेका छन्, अतः थुप्रै दर्शनहरूको विकास तथा सम्बर्द्धन गरेका छन्, दुःखको आत्यन्तिक निवृत्ति र परमानन्दको प्राप्तिका लागि तत्त्वको खोजी गरेका छन् । ती अध्यात्मनिष्ठ ज्ञानीजनले त्यस आधारतत्त्वलाई ब्रह्म, परमात्मा, भगवान् आदि नाम दिएका छन् । तत्त्व एउटै हुँदाहुँदै पनि **रुचीनां वैचित्र्यात्** त्यस तत्त्वको नाम तथा त्यस तत्त्वको प्राप्तिको साधनलाई भिन्नभिन्न तरिकाले प्रतिपादन गरेका छन्- फलस्वरूप पौरस्त्यभूमि दर्शनहरूका लागि उर्वरभूमिका रूपमा विश्वमाझ सम्पूजित छ । तत्त्व एउटै हुँदाहुँदै पनि त्यही तत्त्व पुराणपिच्छे अलग-अलग नामले वर्णित छ, श्रीमद्भागवतमा श्रीकृष्ण, देवीभागवतमा भगवती, गणेशपुराणमा गणेश, शिवपुराणमा शिव आदिलाई मुख्य तत्त्व एवं ईश्वरीय तत्त्वका रूपमा चिनाइएको छ । एउटै तत्त्वलाई पनि भिन्नभिन्न प्रकारले वर्णन गर्ने परम्परा तथा शैलीले गर्दा विभिन्न दर्शनहरू जन्मिएका छन् । सबै आस्तिक वैदिक दर्शनहरूमा वेदलाई प्रमाणका रूपमा स्वीकार गरिएको छ र जीव, जगत् र ईश्वरको विवेचना भएको छ । वास्तवमा जीव, जगत्, प्रकृति र परमात्माको स्वरूपको वास्तविक ज्ञान नै तत्त्वज्ञान हो र यही तत्त्वज्ञान नै दुःखनिवृत्तिपूर्वक सुखप्राप्तिरूप मुक्तिको साधन हो । त्यसैले सर्वेश्वर पशुपतितत्त्वको तात्त्विक ज्ञानविना सुख, शान्ति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्धि तथा मुक्ति असम्भव भएकाले बन्धनबाट पार हुन इच्छुक सम्पूर्ण मुमुक्षु तथा शिवोपासकहरूले पशुपतितत्त्वको तात्त्विकज्ञान हासिल गर्नु अपरिहार्य छ। अतः पौरस्त्यदर्शन विशेष गरी शैवदर्शन, पाशुपतदर्शन, वेदान्तदर्शनसम्मत पशुपतितत्त्वको तात्त्विक विवेचनालाई अघि बढाइन्छ।

२. पशुपतितत्त्वको विवेचन

शैव तथा पाशुपत दर्शनअनुसार पशुपति/शिव नै समस्त विश्वब्रह्माण्डको आधारभूत निर्विकार यथार्थ सत्ता हो। त्यस्तो आधार ब्रह्मतत्त्व भगवान् शिवलाई पशुपति भन्नुमा के रहस्य छ त ? त्यसलाई बुझ्न शैवसिद्धान्तअनुसार तत्त्वको दार्शनिक विवेचना गर्नुपर्दछ। शैवागमअनुसार तीन पदार्थ छन्– पशु, पाश र पति। यी तीन शब्दको छुट्टाछुट्टै चर्चा गरिन्छ।

२.१ पशु

पशु भनेको शैव तथा पाशुपतदर्शनमा जीव हो। अज्ञानवशात् सांसारिक विषयमा बाँधिने भएकाले जीवलाई पशु भनिएको हो। अर्थात् अविद्यारूपी दाम्लाले सांसारिक बन्धनमा बाँधिएको हुनाले जीवलाई पशु भनिएको हो। जीव कर्ता, भोक्ता र प्रमाता हुन्छ। कर्तृत्व, भोक्तृत्व र प्रमातृत्व भाव नै जीव भाव हो। **आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः** भनेझैं कर्तृत्व, भोक्तृत्व र प्रमातृत्व भावलाई अङ्गीकार गर्दा त्यही जीव पशु बन्दछ र ती भावलाई त्यागेर अज्ञानबाट ब्युँझन सक्दा त्यही जीव शिव बन्दछ। अतः जीवले बन्धन र मुक्ति दुवै प्राप्त गर्न सक्दछ। शैवदर्शनमा बन्धनलाई तीन प्रकारमा विभक्त गरेको पाइन्छ– अविद्या, कर्म र माया। प्रस्तुत तीन प्रकारका बन्धनबाट मुक्त भएर जीवले परमैश्वर्य तथा शिवत्त्वलाई प्राप्त गर्दछ। स्थूल तथा सूक्ष्म शरीर एवं प्राण, इन्द्रिय, अन्तःकरणदेखि जीव अलग तत्त्व हो। बद्ध जीव इच्छा, क्रिया र ज्ञानमा सीमित छ तर मोक्षावस्थामा शुद्ध शिवत्व भावलाई प्राप्त गर्दछ[१]।

शङ्करवेदान्तकोशमा 'पशु' लाई यसप्रकार चिनाउने काम भएको छ-

(क) **बन्धनयुक्त आत्मा पाशुपतदर्शने। यथा पशवः आत्मानस्तेषां पाशो बन्धनं तद् विमोक्षो दुःखान्तः**[२] । (ख) **पशुत्वसम्बन्धी पशुः। सोऽपि द्विविधः साञ्जनो निरञ्जनश्चेति। तत्र साञ्जनः शरीरेन्द्रियसम्बन्धी, निरञ्जनस्तु तद्रहितः।** (ग) **अननुक्षेत्रज्ञादिवेदनीयो जीवात्मा पशुः**[३] । २. **चतुष्पाद जीवः। यथा पशुना रुद्रं यजते इत्यादि पूर्वमीमांसायां लोके च**[४] । पाशुपतदर्शनअनुसार शरीरेन्द्रियसहित जीवलाई साञ्जन र शरीरेन्द्रियरहित जीवलाई निरञ्जन भनिन्छ। त्यसैगरी

---

१ उपाध्याय, बलदेव, **भारतीय दर्शन**, वाराणसी : शारदा मन्दिर, २००१, पृ. ६७०

२ **ब्रह्मसूत्र** २।२।३७ भामती टीका

३ आचार्य माधव, **सर्वदर्शनसङ्ग्रह**, वाराणसी : चौखम्बा विद्याभवन, २०१२, पृ.

४ पाण्डेय, मुरलीधर **शङ्करवेदान्तकोश**, वाराणसी : चौखम्बा विद्याभवन, २०५२, पृ.२६५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैवदर्शनमा पशु तथा जीव तीन प्रकारका छन्– विज्ञानाकल, प्रलयाकल र सकल।

जस्तैः **'पशवस्त्रिविधाः प्रोक्ताः विज्ञानप्रलयाकलौ सकलश्च।**

मलयुक्तस्तत्राद्यो मलकर्मयुतो द्वितीयः स्यात्।

मलमायाकर्मयुतः सकलः ... ॥[५]

२.१.१ विज्ञानाकल पशु

जसले परमेश्वरलाई जानेको छ, जसले जप, ध्यान, संन्यास वा भोगद्वारा कर्मलाई क्षय गरेको छ, जसलाई देह, इन्द्रियादिको कुनै बन्धनको भान छैन तर केवल मलरूपी पाश (बन्धन) बाँकी छ भने त्यस जीवलाई विज्ञानाकल भनिन्छ। केवल मलयुक्त यो जीव पनि दुई प्रकारका हुन्छन्– समाप्तकलुष र असमाप्तकलुष। जीवात्माद्वारा सम्पन्न प्रत्येक कर्मको तह मलमा जम्दछ। कर्म गरिरहुञ्जेल त्यस मलको परिपाक हुन पाउँदैन, किन्तु जब कर्मको त्याग हुन्छ तबमात्र त्यो मल जम्न पाउँछ र त्यसको परिपाक हुन्छ। यसप्रकार कर्मको संस्कारको समेत परिपाक भइसकेको जीवलाई समाप्तकलुष पशु (जीव) भनिन्छ। यस्तो जीवात्मालाई भगवान् श्रीपशुपतिको कृपापूर्वक विद्येश्वरको पद प्राप्त हुन्छ। शिवले जीवलाई प्रदान गर्ने विद्येश्वर पद निम्न आठ प्रकारका मानिन्छन्– अनन्त, सूक्ष्म, शिवोत्तम, एकनेत्र, एकरुद्र, त्रिमूर्ति, श्रीकण्ठ र शिखण्डी। त्यस्तै प्रकारले जसको कलुष (मल) समाप्त भएको छैन त्यस्तो जीवलाई असमाप्तकलुष भनिन्छ। यस्तो असमाप्तकलुष जीवात्मालाई भगवान् श्रीपशुपतिबाट मन्त्रस्वरूप प्राप्त हुन्छ। कर्म तथा शरीरदेखि रहित तर मलरूपी पाशमा बाँधिएको जीवात्मा नै मन्त्र हो र यस्ता मन्त्रको सङ्ख्या सात करोड छन्। यी सबै मन्त्रस्वरूप जीवात्माको अन्य जीवात्माप्रति कृपादृष्टि रहन्छ।[६] यसप्रकार मलयुक्त जीव विज्ञानाकल हो र जसमा कर्मको संस्कारकालुष्य छैन त्यो समाप्तकलुष अनि कर्मजन्य संस्कारकालुष्य बाँकी रहेको चाहिँ असमाप्तकलुष जीव हो भन्ने पुष्टि हुन्छ।

२.१.२ प्रलयाकल पशु

जुन जीवात्माको देहेन्द्रियादि प्रलयकालमा लीन हुन्छ तर बीजरूपमा रहेको हुन्छ तथा जसमा मल र कर्मरूपी दुई पाश (बन्धन) रहन्छन् त्यसलाई प्रलयाकल भनिन्छ। प्रलयाकल जीव पनि दुई प्रकारका हुन्छन्- (क) पक्वपाशद्वय र (ख) अपक्वपाशद्वय। जसमा 'मल' तथा 'कर्म' रूप दुई पाशको परिपाक भएको छ त्यसलाई पक्वपाशद्वय भनिन्छ। यस्तो जीवले मोक्ष प्राप्त गर्दछ। जसमा 'मल' तथा 'कर्म' रूप दुई पाशको परिपाक भएको हुँदैन त्यस्तो जीवलाई अपक्वपाशद्वय

---

५ उपाध्याय, बलदेव, भारतीय दर्शन, वाराणसी : शारदा मन्दिर, २००१।

६ पूर्ववत् पृ.२९८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। यस्तो जीव नाना प्रकारका कर्म गर्दै जन्मान्तरीय शरीर प्राप्त गर्दछ अर्थात् नाना योनिमा घुमिरहन्छ।[७] अपक्वपाशद्वयलाई पुर्यष्टक पनि भनिन्छ।

२.१.३ सकल पशु

जुन जीवात्मामा मल, माया तथा कर्म तीनवटै पाश (बन्धन) रहेका हुन्छन् त्यसलाई सकल पशु भनिन्छ। यस्तो सकल जीव पनि दुई प्रकारका हुन्छन्- पक्वकलुष र अपक्वकलुष। मल, कर्म तथा मायारूपी पाशको परिपाक भएको जीव पक्वकलुष हो। पक्वकलुषले मन्त्रेश्वरको पद प्राप्त गर्दछ र अन्त्यमा यस्तो जीव मुक्त हुन्छ। मल, माया र कर्मरूपी पाशको परिपाक भएको छैन अर्थात् ती पाश शिथिल भएका छैनन् त्यस्तो जीव अपक्वकलुष जीव हो।[८] यसप्रकार कर्म, मल र मायारूपी तीन पाशले युक्त जीव सकल जीव हो र तीन पाश शिथिल भएको मोक्ष प्राप्त गर्ने जीव पक्वकलुष र तीन पाश शिथिल नभएको बद्धजीव अपक्वकलुष जीव हो भन्ने सिद्ध हुन्छ।

२.२ पाश

पाश भनेको बन्धन हो। जसले जीवलाई बाँध्दछ त्यो दाम्लो नै पाश हो। यसै पाशका कारणले गर्दा जीवले आफ्नो असली स्वभाव शिवभावलाई बुझ्न सक्दैन र बद्ध जीवका रूपमा सांसारिक विषयमा रुमल्लिरहन्छ। यी पाश (बन्धन) चार प्रकारका मानिन्छन्-

पाशश्चतुर्विधः मलकर्ममायारोधशक्तिभेदात्' पत्युरसामञ्जस्यात्[९]

(१) मल (२) कर्म (३) माया र (४) रोध।

२.२.१ मलपाश

मल भनेको अविद्या हो। जसले आत्माको स्वाभाविक ज्ञान तथा क्रियाशक्तिलाई ढाक्दछ त्यसलाई मल (अज्ञान) भनिन्छ। यस मलले केवल आत्मस्वरूपलाई ढाक्ने मात्र नभई जीवात्मालाई जबर्जस्ती दुष्कर्मतर्फ प्रवृत्तसमेत गराउँछ।[१०] यो अविद्या अनादि छ र सबै जीवमा रहन्छ। यसलाई आणवमल पनि भनिन्छ। यसै अविद्याका कारण जीवले आफूलाई अणुरूप र सीमित मान्दछ। यही बन्धन नै पशुरूप जीवको पशुत्व हो[११] भन्ने मान्यता शैवदर्शनको रहेको छ।

---

७ पूर्ववत्, पृ.२९९।

८ पूर्ववत्, पृ.६७१।

९ आचार्य, माधव, सर्वदर्शनसङ्ग्रह, वाराणसी : चौखम्बा विद्याभवन, २०१२।

१० पूर्ववत् , पृ. २९९।

११ पूर्ववत्, पृ.६७१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.२ कर्मपाश

जीवले गरेको कार्य नै कर्म हो। फलको इच्छाले गरिने धर्म वा अधर्मरूपी कर्म नै कर्मपाश हुन्।[१२] यो कर्म सूक्ष्म-अदृश्यशक्तिरूप हुन्छ। यसले आफ्नो फल भोग गराउनका लागि जीवलाई शरीरादि तथा तिनलाई भोग्य पदार्थसँग सम्बद्ध गराउँछ। यही कर्म नै चेतन जीव र जडपदार्थको सम्बन्धको हेतु हो। यो नै अशुद्ध प्राकृतिक जगत्को उपादान कारण हो जसले जीवलाई शरीरादि भोगायतन, इन्द्रियादि भोगसाधन र विषयादि भोग्य पदार्थ उपलब्ध गराउने काम गर्छ[१३] भन्ने मान्यता शैवदर्शनको रहेको पाइन्छ।

२.२.३ मायापाश

जुन शक्तिविशेषमा प्रलयकालमा सबै लीन हुने र सृष्टिको समयमा सबै उत्पन्न हुन्छन्, त्यो नै मायापाश हो[१४] भन्ने मान्यता शैवदर्शनानुयायीको रहेको देखिन्छ। **इन्द्रो मायाभिः पुरुरूप ईयते**[१५] यस श्रुतिवाक्य तथा **मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्**[१६] यस विद्यारण्यमुनिको वचनबाट मायाको सम्बन्ध पति/ईश्वरसँग रहेको पुष्टि हुन्छ। महेश्वरलाई सृष्टि आदि कार्यका लागि सहयोगी शक्तिविशेष नै माया हो, यो माया नै ईश्वरको उपाधि हो। "**माति अस्यां शक्त्या प्रलये सर्व जगत् सृष्टौ व्यक्तिमायातीति माया**'[१७] यस व्युत्पत्तिले पनि माया ईश्वरको उपाधि तथा सृष्टि, प्रलयादि गर्ने ईश्वरको शक्ति हो भन्ने सिद्ध हुन्छ।

२.२.४ रोधपाश

प्रत्येक वस्तुमा निहित जुन सामर्थ्य छ त्यसलाई शक्ति भनिन्छ। जस्तो अग्निमा ऊष्णता, जलमा शीतलता, अन्धकारमा वस्तु ढाक्ने आवरणशक्ति रहन्छ। त्यो शक्ति जस्तो पदार्थमा रहन्छ त्यस्तै नै स्वरूप धारण गर्दछ। अतः पाशमा रहने यस शक्तिले जब आत्माको स्वरूपलाई ढाक्दछ तब यसलाई रोधशक्ति भनिन्छ।[१८] अतः रोधपाश भनेको आत्माको असली स्वरूपलाई छोपिदिने पाश हो भन्ने सिद्ध हुन्छ।

---

१२ पूर्ववत् पृ.२९९।

१३ पूर्ववत्, पृ.६७१।

१४ पूर्ववत्, पृ.२९९।

१५ **बृहदारण्यकोपनिषत्** (शाङ्करभाष्यसहित) २।५।१९।, गोरखपुरः गीता प्रेस, २०५५।

१६ परमहंस परिव्राजकाचार्य विद्यारण्यमुनि, **पञ्चदशी** ४।२।, काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२७, पृ. १५१

१७ पाण्डेय, मुरलीधर, **शङ्करवेदान्तकोश**, वाराणसी : चौखम्बा विद्याभवन, २०५२, पृ. १८९।

१८ आचार्य, माधव, **सर्वदर्शनसङ्ग्रह**, वाराणसी : चौखम्बा विद्याभवन, २०१२, पृ. २९९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि वर्णन गरिएका तीन प्रकारका जीव या पशुमध्ये विज्ञानाकलमा मायीय मल (अविद्या पाश) मात्र रहन्छ, प्रलयाकल जीवमा आणव मल र मायीय मल दुवै रहन्छन् र सकल जीवमा आणव, कार्म र मायीय तीन मल (पाश) रहन्छन्। मुक्तिका लागि जीवलाई यी मल (पाश) बाट छुट्कारा पाउन असम्भव नै हुन्छ। यो भगवान् श्रीपशुपतिको अनुग्रहबाट मात्र सम्भव हुन्छ। भगवान् श्रीपशुपतिको कृपा सबै जीवमा समान हुन्छ, यो हामीमाथि नै भर पर्दछ, त्यस अनुग्रहलाई हामीले कुन रूपमा ग्रहण गर्छौं, त्यही नै हुन्छ। त्यस्तै रोधशक्तिको पनि महत्त्वपूर्ण भूमिका हुन्छ।[१९] यसप्रकार पाश भनेको बन्धन हो। जीव बन्धनबाट मुक्त हुनु भनेको मोक्ष प्राप्त गर्नु हो र शैवदर्शनमा मोक्ष भनेको शिवसायुज्य हो।

२.३ पति

पति शब्दको अर्थ स्वामी हो। सर्वतन्त्रस्वतन्त्र भगवान् शङ्कर नै पतिवाच्य तत्त्व हो। यद्यपि विद्येश्वरादि मुक्त जीवले पनि शिवभावलाई प्राप्त त गरेका हुन्छन् तर ती जीव स्वतन्त्र नभई परमेश्वरका अधीनमा हुन्छन्। त्यसैले शिव नै सम्पूर्ण सृष्टिको स्वामी तथा संरक्षक हुनुहुन्छ। शैवदर्शनअनुसार शिवतत्त्व सर्वज्ञ, सर्वव्यापक र स्वतन्त्र एवं नित्य छ। '**समस्त सृष्टिसंहारानुग्रहकारिकारणम्** (सर्वदर्शनसङ्ग्रह)' अर्थात् सम्पूर्ण सृष्टिको संरचना, त्यसको विनाश र त्यसमाथि अनुग्रह गर्ने तत्त्वलाई ईश्वर भनिन्छ। समस्त पशु (जीवहरू) को कल्याण (रक्षा) गर्ने भएकाले यस तत्त्वको शास्त्रीय नाम पति रहेको हो। पाशुपतसूत्रको कौण्डिन्न्यभाष्यमा पति शब्दको व्युत्पत्ति यसप्रकार गरिएको पाइन्छ- '**आप्ति पाति च तान् पशून् नित्यतः पतिर्भवति।**' अर्थात् संसारका सम्पूर्ण पशुरूपी जीवहरूको रक्षा गर्ने भएकाले कारणस्वरूप शिवलाई पति भनिएको हो। यो तत्त्व नै ज्ञान र क्रियाको समष्टि शक्तिको प्रतीक हो। समस्त प्राणीको संरक्षक र प्रतिपालक अनि शासक एवं स्वामी हो। समस्त सृष्टिको स्वतन्त्रकर्ता, संचालक एवं संहारक भएकाले गर्दा यसलाई कारण भनिएको हो[२०] भन्ने मान्यता पाशुपतदर्शनमा निहित छ।

कर्तुम्- अकर्तुम्- अन्यथा कर्तुम् वा समर्थ सर्वशक्तिसम्पन्न पशुपतितत्त्वमा अष्टगुण समन्वित छन्, ती आठ गुण यसप्रकार रहेका छन्- आत्मसत्ता, स्वाभाविक पवित्रता, स्वाभाविक स्वानुभूति, अनन्त आनन्द, परम स्वातन्त्र्य, अनन्त अनुग्रह, अनन्त प्रेम र सर्वशक्तिमत्ता। त्यसैगरी यो पशुपतितत्त्व पञ्चकृत्यकारी छ, ती पञ्चकृत्य निम्नानुसार छन्– विश्वको उत्पत्ति, स्थिति, संहार, जीवको निग्रह र अनुग्रह। त्यसैगरी शिवको स्वरूप पनि पाँच मन्त्रले निर्मित छ- 'ईशान°°' मन्त्र पशुपतिको शिर हो, 'तत्पुरुषाय°°' मन्त्र पशुपतिको मुख हो, 'अघोरेभ्योः' मन्त्र पशुपतिको हृदय हो, 'वामदेवायः' मन्त्र पशुपतिको गुह्यस्थान हो र 'सद्योजातः' मन्त्र पशुपतिको पाउ हो।

---

१९ पूर्ववत्, पृ.६७१।

२० पूर्ववत्, पृ.६६८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैगरी अनुग्रह, तिरोभाव, संहार, पालन र सृजन कार्यको कारण पशुपतितत्त्वका चार अङ्ग रहेका छन्- मन्त्र, मन्त्रेश्वर, महेश्वर र मुक्त। यही पशुपतितत्त्वले जीवलाई बन्धनबाट मुक्ति दिलाउनका लागि शरीर धारण गर्दछ। यस तत्त्वले नै जीवलाई बन्धनमा पार्ने र त्यस बन्धनबाट मुक्ति दिलाउने भएकाले यो 'पति' तत्त्व बन्धन र मोक्षका निमित्त कारण हो[२१]।

मनुष्य, पशु, पंक्षी, कीट, पतङ्गादि प्राणधारी जीवको शरीर, इन्द्रिय आदि निर्माणका लागि कुनै अटल नियमको आवश्यकता पर्दछ। त्यो नियम कुनै जडतत्त्वले बनाउन सक्दैन। त्यसका लागि चेतनतत्त्वको आवश्यकता हुन्छ। त्यो चेतनतत्त्व पनि सर्वसामर्थ्यसम्पन्न हुनु जरुरी छ, नत्र संसारका प्रत्येक वस्तुमा लागू हुने नियम बन्न सक्दैन। त्यही सर्वसामर्थ्ययुक्त चेतन परमेश्वर नै देह, इन्द्रिय आदि कार्यको कारण हो। जसरी घटपटादिको सिर्जनाका लागि कारण चाहिन्छ त्यसैगरी शरीरेन्द्रियादि कार्यका लागि पनि कारण अवश्य चाहिन्छ। त्यही नित्य, निरव्यय, परमेश्वर पशुपति नै कारण हुन सक्छ। अज्ञानी तथा परतन्त्र भएकोले जीवात्मा कारण हुन सक्दैन। त्यसैले सृष्टिको त्यही पति तथा ईश्वरले नै सबै जीवलाई उसको कर्मअनुसार शरीरादि साधन तथा विषयादि भोग प्रदान गर्ने तथ्य निर्विवाद सिद्ध हुन्छ। संसारमा विद्यमान सबै वस्तुको कारण भएकाले ईश्वरको सर्वज्ञत्व सिद्ध हुन्छ। यहाँ त्यो पनि वाच्य ईश्वर सशरीरी कि अशरीरी ? अशरीर कर्ता हुन सक्दैन र सशरीरी मान्दा शरीरधारी अन्य प्राणीजस्तै सुख-दुःखादिको भोक्ता, अल्पज्ञ तथा परिमित शक्तिवाला मान्नुपर्ने हुन्छ भन्ने पूर्वपक्षीको आशङ्का उब्जन्छ। त्यस शङ्काको निवारणार्थ उत्तरपक्षमा भनिन्छ- आत्मा सक्षम हुन्छ। यसबाट कर्ता सशरीर हुनुपर्छ भन्ने तर्क काटिन्छ। यदि शरीर छ भनेर मान्दा पनि त्यो (ईश्वर) को शरीर हाम्रो जस्तो पाञ्चभौतिक दृश्य शरीर होइन, त्यो शरीर निर्मल तथा कर्म आदि बन्धनबाट मुक्त हुने भएकाले शाक्त (शक्तिस्वरूप) मान्नुपर्दछ अर्थात् ईश्वरको शरीर मन्त्रमय छ, मन्त्र नै उसको अवयव हो, यसको माथि नै चर्चा गरिसकिएको छ। तसर्थ भगवान् श्रीपशुपतिको शरीर हाम्रो शरीरभन्दा सर्वथा भिन्न छ, जुन शरीरबाट अनुग्रह, तिरोभाव, उत्पत्ति, स्थिति तथा प्रलयरूपी पाँच कर्म सम्पन्न हुन्छन्। वस्तुतः भगवान् श्रीपशुपतिनाथ नित्य, अज, निराकार परब्रह्म चैतन्यस्वरूप हुँदाहुँदै पनि भक्तजनलाई उपासनाका लागि सहज होस् भनेर नै '**पञ्चवक्त्रस्त्रिपञ्चकम्**' (पाँच मुख र पन्ध्र आँखा भएको) इत्यादि ढङ्गले पशुपतिलाई साकार मानिएको मात्र हो[२२] भन्ने बुझ्नु जरुरी छ।

---

२१ पूर्ववत्, पृ.६७०।
२२ कल्याण, शिवाङ्क, गोरखपुरः गीता प्रेस वि.सं. २०५५, पृ.२९७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. पाशुपतदर्शनमा स्वीकृत पाँच पदार्थ

दार्शनिक दृष्टिले माहेश्वर सम्प्रदायका चार भेद छन्- पाशुपतदर्शन, शैवर्दशन, प्रत्यभिज्ञादर्शन र रसेश्वरदर्शन। यी दर्शनमध्ये शैवदर्शन र पाशुपतदर्शन प्रमुख हुन्। भगवान् शिवको नामबाट शैवदर्शन र भगवान् श्रीपशुपतिको नामबाट पाशुपतदर्शन शब्दको निर्माण भएको देखिन्छ। संसारका सबै परतन्त्र पदार्थहरूको कारण, सबैको पति/रक्षक सर्वतन्त्रस्वतन्त्र पशुपति तत्त्व हो, जसरी पशु आफ्नो स्वामीको वशमा रहन्छ। त्यसैगरी समस्त पशुस्थानीय जीव तथा पदार्थ भगवान् पशुपतिकै अधीनमा छन्, पशु परतन्त्र छ र परमेश्वर स्वतन्त्र छ भन्ने मान्यता पाशुपतदर्शनको रहेको छ। पाशुपतदर्शनअनुसार पाँच पदार्थ रहेका छन्- कार्य, कारण, योग, विधि र दुःखान्त।

पशुपतितत्त्वको विवेचनका क्रममा यी पाँच पदार्थहरूका बारेमा आधारभूत जानकारी हुनु आवश्यक छ। पशुपतितत्त्वकै स्पष्टताका लागि यहाँ तिनको छुट्टाछुट्टै चर्चा गरिन्छ।

४.१ कार्य

पाशुपतदर्शनमा कार्य भनेको पदार्थ हो। पदार्थमा आफ्नो कुनै स्वकीय सत्ता रहँदैन। कार्य तीन वर्गमा विभक्त छन्- विद्या, कला र पशु। पशु तथा जीवको गुणलाई विद्या (तत्र पशुगुणो विद्या) भनिन्छ। त्यो विद्या बोधस्वरूपा र अबोधस्वरूपा दुई प्रकारका हुन्छन्। बोधस्वरूपा विद्या पनि व्यक्ता र अव्यक्ता गरी दुई प्रकारका हुन्छन्। पशुको अर्थ जीव हो, चेतनद्वारा अधीन अचेतन चाहिँ 'कला' हो। (चेतन परतन्त्रत्वे सति अचेतनकला)। कला पनि कार्यरूप र कारणरूप गरी दुई प्रकारका हुन्छन्। पञ्चमहाभूत र तिनका गुण कार्यरूप कलामा अनि तेह्र इन्द्रियहरू (तीन अन्तःकरण+दश इन्द्रिय) कारणरूप कलामा अन्तर्भाव हुन्छन्। कार्य-कारणरूपी कलाद्वारा बद्ध भएर शब्दादि विषयमा परवश हुने भएकाले जीवलाई पशु भनिएको हो र त्यो पशु पनि साञ्जन (शरीरेन्द्रियसहित) र निरञ्जन (शरीरेन्द्रियरहित) दुई प्रकारका हुन्छन्, जसको वर्णन माथि 'पशु' शीर्षकमा समेत गरिसकिएको छ।[२३] यसप्रकार पशु र पशुसम्बन्धी विद्या र कला नै कार्य हुन्।

४.२ कारण

संसारको सृष्टि, स्थिति, संहार, निग्रह तथा अनुग्रह गर्ने तत्त्व कारण हो। त्यो कारणतत्त्व जगन्नियन्ता, अधिष्ठानस्वरूप परब्रह्म-परमात्मा हो। त्यही ईश्वर तथा कारणतत्त्वले नै सांसारिक

---

२३ पूर्ववत्, पृ.६६८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवको रक्षा गर्ने पनि हो। सम्पूर्ण संसारको उत्पत्ति, स्थिति र प्रलयकर्ता (**यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत् प्रयन्ति-अभिसंविशन्ति तद् ब्रह्म-तैत्तिरीयोपनिषत्**) भएकाले कारण भनिएको हो[२४] जसको वर्णन माथि 'पति' तत्त्वको विवेचनाका क्रममा भइसकेको छ।

४.३ योग

योग भनेको जोड्नु हो। **चित्तद्वारेणेश्वरसम्बन्धहेतुर्योगः**[२५] अर्थात् अन्तःकरणका माध्यमले जीव र ईश्वरको सम्बन्ध जोड्ने साधन नै योग हो। योग दुई प्रकारका मानिन्छन्- क्रियात्मक (जप, ध्यान, चिन्तन आदि) योग र क्रियोपरम (शिव भगवान्‌मा अचल निष्ठा, भक्ति, शरणापन्नता आदि) योग[२६] यसप्रकार योग भनेको शिवसँग जीवको सम्बन्ध जोड्नु हो। '**योगश्चित्तवृत्तिर्निरोधः**' योगसूत्रले भनेझैं चित्तवृत्तिलाई बाह्य विषयबाट हटाएर भगवान् शिवको ध्यान, चिन्तन गर्दै तन्मय बन्नु नै योगको तात्पर्य हो भन्ने बुझिन्छ।

४.४ विधि

'**धर्मार्थसाधकव्यापारो विधिरुच्यते**'[२७]- धर्मस्वरूप भगवान् शिवको सिद्धिका लागि गरिने व्यापारलाई विधि भनिन्छ। प्रधानविधि र गौणविधि गरी विधि दुई प्रकारका हुन्छन्। धर्मको साक्षात् कारणलाई प्रधानविधि भनिन्छ, यसलाई चर्याविधि पनि भनिन्छ। यो विधि पनि व्रत र द्वारक गरी दुई प्रकारका हुन्छन्। व्रतलाई पाशुपतसूत्रमा यसरी चिनाइएको छ- **भस्मना त्रिषवणं स्नायीत, भस्मनि शयीत**'[२८] अर्थात् भस्मले स्नान, भस्ममा शयन, उपहार, जप र प्रदक्षिणा आदि गर्नुलाई व्रत भनिन्छ। यस सन्दर्भमा लकुलीशको कथन उल्लेखनीय छ- त्रिकाल भस्मले स्नान गर्नुपर्दछ, साधकले शिवपूजनको समयमा हाँस्नु, गाउनु, नाच्नु, जिब्रो र तालुको संयोगले गोरुको जस्तै 'हुड-हुड' आवाज निकाल्नु व्रतअन्तर्गत पर्दछ। यसैगरी द्वारक पनि छ प्रकारका हुन्छन्- (१) क्वाथन (नसुतेको व्यक्तिले सुतेको व्यक्तिजस्तै चित्तधारण गर्नु), (२) स्पन्दन (वातरोगीले जस्तै शरीरमा कम्पन पैदा गर्नु), (३) मन्दन (लङ्गडोजस्तै हिंड्नु), (४) श्रृङ्गारण (रूपयौवनसम्पन्न युवतीलाई देख्दा आसक्त कामी पुरुषको जस्तै आचरण गर्नु), (५) अवितत्करण (अविवेकीले जस्तै आचरण गर्नु) र (६) अवितद् भाषण (जथाभावी अनर्गल शब्द बोल्नु)'[२९]। त्यसैगरी निर्माल्यधारण, अनुस्नान आदिलाई गौणविधि भनिन्छ।[३०] यसप्रकार धर्मस्वरूप भगवान् शिवको सिद्धिका लागि उपासकले गर्ने कार्य तथा व्यापार नै विधि हो र त्यो विधि मुख्य र गौण गरी दुई प्रकारको रहेको पाइन्छ।

---

२४ पूर्ववत्, पृ.६६८।
२५ पाशुपतसूत्र-५।२।
२५ कल्याण शिवाङ्क, गोरखपुर : गीताप्रेस, २०५५, पृ. २९७।
२७ पाण्डेय, मुरलीधर, शङ्करवेदान्तकोश, वाराणसी : चौखम्बा विद्याभवन, २०५२, पृ. २६५।
२८ पाशुपतसूत्र १।८।
२९ पाशुपतसूत्र ३।१२-१७।
३० कल्याण शिवाङ्क, गोरखपुर : गीताप्रेस, २०५५, पृ. २६९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.५ दुःखान्त

दुःखको आत्यन्तिक निवृत्तिपश्चात् परम-ऐश्वर्यको प्राप्तिलाई दुःखान्त भनिन्छ। वेदान्त दर्शनमा मोक्ष एकै किसिमको हुन्छ भने पाशुपतदर्शनमा त्यो दुःखान्त दुई किसिमका मानिन्छन्– अनात्मक र सात्मक। दुःखको मात्र निवृत्ति हुनुलाई अनात्मक दुःखान्त भनिन्छ भने सात्मकमा परमैश्वर्यको प्राप्ति हुन्छ। स्पष्टतः अन्य दर्शनमा विधिको फल पुनरावृत्तिसहित स्वर्गप्राप्ति हो भने पाशुपतदर्शनमा विधिको फल पुनरावृत्तिरहित शिव सायुज्य हो, शिवसामीप्यादि हो[३१]। यही दुःखान्त नै परमपुरुषार्थ हो। सबै प्राणीले चाहेको नै दुःखको अत्यन्ताभाव र सुखको नित्य भाव हो। ब्रह्माजीदेखि लिएर कमिलासम्मका सबै प्राणी सुखको चाहना राख्दछन्, दुःखको कोही पनि चाहना गर्दैनन्। यसप्रकारको मोक्ष (दुःखान्त) का लागि भगवान् श्रीपशुपतिनाथको अनुग्रह कृपादृष्टिका साथै साधकमा पाशरूपी बन्धनबाट छुट्कारा्का निम्ति तत्परता एवं सो प्राप्तिका निमित्त प्रतिपादित साधनको अनुष्ठान गर्नु पनि त्यत्तिकै आवश्यक हुने देखिन्छ।

यसप्रकार माथि पाशुपतदर्शनमा वर्णित पाँच पदार्थमध्ये कार्य भनेको पशु हो, कारण भनेको पति हो र योग र विधि पाशबाट मुक्त हुने तथा शिवसायुज्य प्राप्त गर्ने साधन हुन् अनि दुःखान्तचाहिँ साध्य तथा लक्ष्यभूत मोक्ष हो भन्न सकिन्छ।

५. वेद/उपनिषत् तथा पुराणमा पशुपतितत्त्व

'पशुपति' तथा 'शिव' शब्दको प्रयोग तथा शिवको उपासना वैदिक वाङ्मयदेखि आजसम्मका संस्कृत वाङ्मयलगायत थुप्रै भाषासाहित्यमा भएका छन्। हिन्दूधर्मावलम्बीहरूका लागि वेद नै चरम प्रमाण तथा ज्ञानको राशि हो। त्यही वेदको अन्तिम खण्ड उपनिषत् हो। त्यसैले वेद तथा उपनिषत् श्रुतिप्रमाणहरू नै सबै पौरस्त्य धर्मदर्शनको आधारग्रन्थ हुन् अनि त्यसै वेदमा प्रतिपाद्य विषयवस्तुलाई पुराणमा व्याख्या विचार गर्ने काम भएको छ। अपौरुषेय वेदले नै शिवोपासना बताएको हुनाले शिवोपासना कुनै व्यक्ति/आचार्यद्वारा सुरु गरिएको सम्प्रदाय नभई शिवोपासना वैदिक हो। यस तत्त्वको चर्चा वेद-उपनिषत् तथा पुराणादिमा कसरी आएको छ त ? त्यसलाई सङ्क्षेपमा दिग्दर्शन गराउनु सान्दर्भिक हुन्छ।

५.१ वेदमा शिव (पशुपति) तत्त्व

वेदमा शिवको वर्णन यत्रतत्र सर्वत्र पाइन्छ। वेदविना शिवको ज्ञान असम्भव छ। शिवको ज्ञानविना शान्ति पनि असम्भव छ, श्रुतिमाताको स्पष्ट उद्घोष पाइन्छ- **'ज्ञात्वा शिवं**

---

३१ पूर्ववत्, पृ.६६९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तिमत्यन्तमेति।' अर्थात् शिवको ज्ञानबाट नै शान्ति/मोक्षको प्राप्ति हुन्छ। वेद शैवका लागि सर्वोपरि ग्रन्थ हो, वेदबाट नै शिवोपासना चलेको छ। यजुर्वेदसंहिताको सोह्रौं अध्यायमा शिवका उपासनापरक छैसठ्ठी मन्त्र छन्, ती छैसठ्ठी मन्त्रका देवता रुद्र हुन्, त्यसैले ती सम्मिलित ग्रन्थ तथा तदनुष्ठानलाई रुद्री भनिन्छ। जस्तै केही मन्त्रहरू-

नमस्ते रुद्रमन्यव उतोत इषवे नमः। बाहुभ्यामुतते नमः भन्ने मन्त्रले रुद्रस्वरूप भगवान् श्रीपशुपतिलाई नमस्कार गरिएको छ। त्यस्तै '**नमोऽस्तु नीलग्रीवाय**' मन्त्रले नीलकण्ठ भगवान्लाई नमस्कार गरेको छ। '**नमः सभाभ्यः सभापतिभ्यश्चवो नमो नमः**' भन्दै विश्वजगत्रूपी सभामण्डप र त्यस सभाका सभापति परब्रह्म-परमात्मा-पशुपति भगवान्लाई नमस्कार गरिएको छ। '**नमो गणेभ्यो गणपतिभ्यश्च**' भनेर गणपतिस्वरूप शिवलाई नमस्कार गरिएको छ। त्यसैगरी '**नमः श्वभ्यः श्वपतिभ्यश्चवो नमो नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च**' भन्दै श्व, श्वपति, रुद्र, शर्व, पशुपति, नीलकण्ठ, शितिकण्ठस्वरूप भगवान् शिवलाई नमस्कार गरिएको छ।

यसप्रकार वेदमा शिवतत्त्वलाई ब्रह्मतत्त्वका रूपमा चिनाइएको छ। ब्रह्मा, विष्णु र महेश्वरभन्दा माथिको तत्त्वका रूपमा, अर्थात् सर्वाधार- सर्वाधिष्ठान व्यापक चैतन्य तत्त्व एवं ज्ञानस्वरूप मान्दै उपासना गरिएका अनेक प्रमाण भेटिन्छन्।

५.२ उपनिषत्मा शिव (पशुपति) तत्त्व

उपनिषत्मा पनि शिवलाई साक्षात् ब्रह्म नै मानिएको छ। उपनिषत्ले शिवलाई गौणार्थमा देवताविशेष मात्र मानेको छैन अपितु विशेष अर्थमा सर्वाधिष्ठान ब्रह्मस्वरूप नै मानेको छ। जस्तै माण्डूक्योपनिषत्मा शिवलाई साक्षात् ब्रह्म नै हो भनिएको छः-

'अदृष्टम्- अव्यवहार्यम्- अग्राह्यम्- अलक्षणम्- अचिन्त्यम्- अव्यपदेश्यम्- एकात्मप्रत्ययसारम्- प्रपञ्चोपशमम्- शान्तम्- शिवम्- अद्वैतम्- चतुर्थम् मन्यन्ते स आत्मा स विज्ञेयः।

त्यसैगरी श्वेताश्वेतरोपनिषत्मा पनि शिवको सर्वव्याप्तिको प्रदर्शन गर्दै भनिएको छ-

सर्वव्यापी स भगवांस्तस्मात् सर्वगतः शिवः[३२]

अर्थात् त्यो शिव भगवान्को सबैतिर मुख, शिर र घाँटी छ। समस्त प्राणीको हृदयगुफामा निवास गर्नुहुन्छ र त्यो सर्वव्यापी छ, त्यसैले त्यो कल्याणस्वरूप परमेश्वर सर्वगत हुनुहुन्छ।

३२ श्वेताश्वतरोपनिषत् (शाङ्करभाष्यसहित), ३।११, गोरखपुरः गीताप्रेस वि. सं. २०५२, पृ. १६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणोपनिषत्मा भगवान् शिवलाई अनेक नामले नमस्कार गरिएको पाइन्छ :- **'शिवाय नमः, 'शिवलिङ्गाय नमः', 'भवाय नमः', 'भवलिङ्गाय नमः', 'शर्वाय नमः', 'शर्वलिङ्गाय नमः', 'बलाय नमः', 'बल प्रमथनाय नमः"** इत्यादि ।[३३] त्यसैगरी कैवल्योपनिषत्मा शिवतत्त्वको वर्णन यसप्रकार गरिएको छ-

'अचिन्त्यमव्यक्तमनन्तरूपं शिवं प्रशान्तम- मृतं ब्रह्मयोनिम् ।
तमादिमध्यान्तविहीनमेकं विभुं चिदानन्दमरूपमद्भूतम् ।।१६।।
उमासहायं परमेश्वरं प्रभुम् त्रिलोचनं नीलकण्ठं प्रशान्तम् ।
ध्यात्वा मुनिर्गच्छति भूतयोनिं समस्तसाक्षिं तमसः परस्तात् ।।१७।।
स ब्रह्मा स शिवः सेन्द्रः सोऽक्षरः परमः स्वराट् ।
स एव विष्णुः स प्राणः स कालोऽग्निः स चन्द्रमा ।।१८।।[३४]

अर्थात् जुन तत्त्व अचिन्त्य, अव्यक्त, अनन्त, कल्याणमय, प्रशान्त, अमृत, ब्रह्म (निखिल ब्रह्माण्डको मूल कारण) स्वरूप छ, जसको आदि, मध्य र अन्त्य छैन, जो एक (अद्बितीय), विभु र चिदानन्द स्वरूप छ, रूपरहित र अद्भुत छ त्यस्तो उमासहित (ब्रह्मविद्यासहित) परमेश्वर, समस्त चराचर जगत्का स्वामी, प्रशान्तस्वरूप, त्रिलोचन, नीलकण्ठ, महादेव अर्थात् परात्पर परब्रह्मतत्त्व एवं सम्पूर्ण भूतप्रपञ्चको मूल कारण, सर्वसाक्षी तथा अविद्यादेखि माथि प्रकाशमान तत्त्व छ- त्यस तत्त्वलाई ऋषिमुनिले ध्यान योगद्वारा प्राप्त गर्दछन् । त्यही तत्त्व नै ब्रह्मा हो, शिव हो, इन्द्र हो, अविनाशी परमात्मा हो, विष्णु हो, प्राण, काल, अग्नि, चन्द्रमा सबै हो, जे पनि छ त्यो सबै त्यही हो, जे पछि हुनेछ त्यो पनि त्यही तत्त्व हो, त्यस्तो सनातन तत्त्वलाई जानेपछि जीवले मृत्युलाई जित्दछ, त्यस तत्त्वलाई जान्नुसिवाय मुक्तिको अर्को उपाय छैन । यसप्रकार सबै वेद र उपनिषत्मा शिवतत्त्वको विशद विवेचना गरिएको पाइन्छ, जसको सामान्य दिग्दर्शन मात्र यस सानो आलेखमा समावेश गरिएको हो । अन्त्यमा शिवोपनिषत्को एक मन्त्र यहाँ उद्धृत गरिन्छः-

"अशिवाः पाशसंयुक्ताः पशवः सर्वचेतनाः ।
यस्माद् विलक्षणस्तेभ्यस्तस्मादीशः शिवः स्मृतः[३५]

अर्थात् पशु विलक्षण परात्पर परब्रह्म महेश्वरको नाम शिव हो र पाशसंयुक्त पशुतुल्य अशिव जीवलाई पाशमुक्त गर्ने क्षमता भएको ईश्वरतत्त्व शिव हो ।

---

३३ कल्याण, शिवोपासनाङ्क, गोरखपुरः गीताप्रेस, वि.सं. २०४९, पृ.१४३ ।

३४ पूर्ववत्, पृ.१४२ बाट उद्धृत ।

३५ शिवोपनिषत्, १।१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.३ पुराणमा पशुपतितत्त्व

वेदव्यासविरचित सबै पुराणमा कुनै न कुनै रूपमा, कतै विशदरूपमा र कतै सङ्क्षेपतया शिवतत्त्वको वर्णन, महिमागान तथा उपासना गरिएको पाइन्छ। भागवतमा दक्षप्रजापतिको यज्ञप्रसङ्गमा शिवशक्तिको महत्ता गाइएको छ। सबै पुराणमा वर्णित शिवतत्त्वलाई यस आलेखमा चर्चा गर्नु असम्भव भएकाले शिवपुराणमा पशुपतितत्त्वलाई प्रकाशित गरिएको केही अंश यहाँ राखिन्छ। शिवपुराणको वायवीयसंहिताको पूर्वखण्ड पाँचौं अध्यायमा लेखिएको छः-

"स पश्यति शरीरं तच्छरीरं तन्न पश्यति।
तौ पश्यति परः कश्चित् तावुभौ तं न पश्यतः॥
ब्रह्माद्याः स्वावरान्ताश्च पशवः परिकीर्तिताः।
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम्॥
स एव बध्यते पाशैः सुखदुःखाशनः पशुः।
लीलासाधनभूतो य ईश्वरस्येति सूरयः॥
अज्ञो जन्तुरनीशोऽयमात्मनः सुखदुःखयोः।
ईश्वर प्रेरितो गच्छेत् स्वर्गं वा श्वभ्रमेव वा॥"[३६]

अर्थात् त्यो जीवले शरीरलाई देख्दछ तर शरीरले जीवलाई देख्दैन। ती दुवै (शरीर र जीव) लाई त्यसभन्दा परको तत्त्वले जानिरहेको छ तर ती दुवैले त्यस परतत्त्वलाई जान्दैनन्। त्यसैले ब्रह्माजीदेखि लिएर स्थावरसम्मका सबै पशु कहलाउँछन्। तिनै पशुका लागि यो निदर्शन गरिएको हो। ती पशु मायापाशमा बाँधिएका छन् र सुखदुःखरूपी चारा/आहारा खाइरहेका छन्, भगवान्को लीलाको साधन बनेका छन् भन्ने कुरा विद्वान्हरूले भन्दै आएका छन्।

ती प्राणी (जीव) अज्ञानी छन्, परतन्त्र छन्, सुख र दुःखको भोक्ता बनेका छन्, कहिले स्वर्ग र कहिले नरकमा पुगेका छन्। त्यसैले जीवलाई 'पशु' र तिनको मालिकलाई 'पति/ईश्वर' भनिएको हो, त्यही तत्त्व नै ब्रह्म हो, त्यही पशुपति हो, महेश्वर हो। यसप्रकार शिवपुराणमा पशुपतितत्त्वको विवेचना गरिएको छ। शिवपुराण शिवकै केन्द्रीयतामा रचिएको पुराण भएकाले प्रत्येक शिवोपासकले अध्ययन-मनन गर्नु अपरिहार्य देखिन्छ।

---

३६ पूर्ववत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. उपसंहार तथा निष्कर्ष

शुभार्थक 'शीङ्' धातुमा 'वन्' प्रत्यय लागेर बनेको शिव शब्दको अर्थ ब्रह्म नै हो किनकि यस संसारमा सर्वोत्कृष्ट शुभावह ब्रह्म नै हो, अर्को छैन। **'न सन्न चासच्छिव एव केवलः'** (सृष्टिपूर्व न सत् न असत् थियो, केवल शिवमात्र थियो) भन्ने श्रुतिवाक्यमा आएको शिव शब्दको अर्थ देवता (त्रिमूर्ति) विशेष नभएर जगत्को उत्पत्ति-स्थिति-प्रलयको कारण परब्रह्म तत्त्व नै हो भन्ने प्रष्ट हुन्छ।

वस्तुतः समस्त प्राणीहरूको अन्तःकरण शिव/पशुपतितत्त्वतर्फ खिचिएको हुन्छ, त्यसको कारण त्यो तत्त्व जीवनको असली स्वरूप ब्रह्म नै भएकाले हो। **'निः श्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम्'** (अमरकोष) एवम् **"शिवं च मोक्षे च क्षेमे च महादेवे सुखे"** इत्यादि (विश्वकोष) अनुसार शिव भनेको अद्वैत तत्त्व, कल्याण तथा आनन्दवाची शब्द हो। कल्याण तथा आनन्दका लागि नै समस्त प्राणीहरू प्रयास गर्दछन्। सबैले खोजेको आनन्द नै हो, त्यो आनन्द तत्त्व नै शिव हो, शिव नै ब्रह्म हो। **'आनन्दादेव खल्विमानि भूतानि जायन्ते, आनन्देन जातानि जीवन्ति, आनन्दं प्रयन्त्यभिसंविशन्ति'**, **'सर्वे वेदा यत् पदमामनन्ति'**, इत्यादि श्रुति तथा **'शास्त्रयोनित्वात्'**, **'तत्तुसमन्वयात्'**, **'वेदैश्च सर्वै रहमेव वेद्य'** इत्यादि स्मृतिवाक्यबाट पनि पशुपति ब्रह्मतत्त्वको शिवमय/कल्याणमय/अमृतमय स्वरूपको ज्ञान गराउँछन्। शिवमा रहेको 'श' कारको अर्थ सत् हो, इकारको अर्थ चित् र 'व' कारको अर्थ अमृतस्वरूप आनन्द हो। यी सबैको सम्मिलित रूप नै शिव हो। त्यसैले पशुपतिको 'शिव' नाम स्वरूप लक्षण देखिन्छ। त्यस्तै शङ्कर स्वभावपरक र प्रलयङ्कर प्रभावपरक नाम हो। सर्वसंसारधर्मवर्जित परमानन्दरूप अद्वैत तत्त्व नै शिव हो। **'शम् करोति' इति शङ्करः** अर्थात् प्रीति तथा शान्ति जसले प्रदान गर्दछ त्यो ब्रह्मतत्त्व नै शङ्कर हो। त्यसैले पशुपतिको स्वभाव भनेको नै प्राणीलाई सदा मङ्गल प्रदान गर्नु हो। त्यसैगरी अमङ्गल ध्वंस गर्नु शिवको प्रभाव हो। मङ्गल प्रदान गर्ने भएकाले शिवतत्त्व अमङ्गलको विध्वंसक एवम् प्रलयङ्कर हो भन्ने सिद्ध हुन्छ। त्यसैले अविद्या तथा मायारूपी पाशद्वारा बाँधिएका सम्पूर्ण जीवरूपी पशुका रक्षक तथा प्रतिपालक, सर्वतन्त्रस्वतन्त्र, सर्वशक्तिमान्, सर्वाधिष्ठान, जगन्नियन्ता भगवान् शिवको नाम नै पशुपति हो। जीवहरूको एकमात्र ज्ञेय, आराध्य तथा तत्त्व नै पशुपतितत्त्व हो। अतः सांसारिक दुःखबाट उम्कनका लागि एवं शिवसायुज्यस्वरूप परमैश्वर्य सुखप्राप्तिका लागि उनै भूतभावन आशुतोष श्रीपशुपतिनाथको शरणमा जानु नै जीवमात्रको परमकर्तव्य तथा जीवनको लक्ष्य एवं परम पुरुषार्थ हो। **शं करोतु शङ्कर !** इति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

आचार्य, माधव, **सर्वदर्शनसङ्ग्रह,** (उमाशङ्करशर्मा विरचित हिन्दी भाष्योपेत), *चौखम्बा विद्याभवन, वाराणसीः* सन् २०१२ ।

ईशादि नौ उपनिषत् , (सानुवाद शाङ्करभाष्यसहित), *गोरखपुरः गीताप्रेसः* वि.सं. २०६८ ।

उपाध्याय, बलदेव , **'भारतीय दर्शन'** *वाराणसीः शारदा मन्दिर,* सन् २००१ ।

कल्याण, शिवोपासनाङ्क, *गोरखपुरः गीताप्रेस,* वि.सं. २०४९ ।

कल्याण, उपनिषत् अङ्क, *गोरखपुरः गीताप्रेस,* वि.सं. २०५२ ।

कल्याण, शिवाङ्क, *गोरखपुरः गीताप्रेस,* वि.सं. २०५५ ।

छान्दोग्योपनिषत् , (सानुवाद शाङ्करभाष्यसहित), *गोरखपुरः गीताप्रेस,* वि.सं. २०६९ ।

बृहदारण्यकोपनिषत् , (सानुवाद, शाङ्करभाष्यसहित), *गोरखपुरः गीताप्रेस,* वि.सं. २०६८ ।

पाण्डेय, मुरलीधर, **शङ्करवेदान्तकोश,** *वाराणसीः चौखम्बा विद्याभवन,* वि.सं. २०५२ ।

सिन्हा, जदुनाथ, **भारतीय दर्शन**, दिल्लीः मोतीलाल बनारसीदास, सन् २०१० ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वव्यापक रुद्र

—*कविराज न्यौपाने*

एक्लै भएका कारणले प्रजापतिमा प्रजनन गर्ने इच्छा उत्पन्न भयो। सृष्टिका लागि उनले तप गरे। तपका बलबाट जल उत्पन्न भयो। जलबाट फिँज उत्पन्न भयो। फिँजबाट माटो अनि माटोबाट बालुवा, बालुवाबाट गेग्रान, गेग्रानबाट ढुङ्गा, ढुङ्गाबाट फलाम, फलामबाट प्रकाशित हुने सुनजस्तो पदार्थ बन्यो। यही भूमि जब क्रमिक विकासबाट दृढ भयो अनि पृथ्वी नामले चिनियो। यसै पृथ्वीमा ग्रीष्म, वर्षा, शरद् आदि छ ऋतु खेल्न लागे। त्यसको पूर्णरूप संवत्सर भनियो। यसरी सृष्टिक्रममा सौराग्निबाट उषामा रेतस् सिञ्चन हुन पुग्यो। त्यहीँबाट एउटा कुमारको उत्पत्ति भयो। उत्पन्न बालक रुन लाग्यो। प्रजापतिले "ठूलो तपबाट तँलाई उत्पन्न गरे पनि किन रोएको ?" भनी प्रश्न गर्दा "मेरो नाम छैन, नाम नहुने व्यक्ति पापग्रस्त हुन्छ" मेरो नाम दिनुहोस् भनी उक्त बालकले भन्यो। प्रजापतिबाट **'यद् रोदिति तद् रुद्र :'** रुने हुनाले रुद्र नाम राखिदिए। यही रुद्र अग्नि हो। ठूलो भएपछि यही रुद्रलाई शर्व(आप), पशुपति, औषधि, उग्र (वायु), अशनि, विद्युद्भव, (पर्जन्य), महादेव (चन्द्रमा), ईशान (आदित्य) भनी विविध कर्म विशेषताका नाम राखिएको कुरा वैदिकसंहिता ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ।

रुद्र भनेको शिवकै एउटा नाम भनी अमरकोशमा उल्लेख भएको छ र शिव वा महादेवको रिसाएको अथवा लय गर्ने अवस्थाको स्थितिको नाम भनी हामीले बुझ्ने र उहाँमा क्रोध नआओस् भन्नका लागि रुद्री पाठ गर्ने गरिएको छ। पशुपतिनाथमा नित्य रुद्री पाठ गर्ने गरिन्छ। रुद्रीपाठ गर्नाले चोरी, हिंसा, ब्रह्महत्या, मद्यपान, अगम्यागमन, बहुमूल्य वस्तु सुन आदि चोरीको पापबाट मुक्त हुन्छ। पापमुक्त मात्र होइन रुद्रीको पाठ गर्ने व्यक्ति पवित्र समेत हुन्छ। "पवित्र भएपछि कैवल्यको प्राप्ति समेत हुनपुग्छ" भन्ने ऋषिवचनहरू भेटिन्छन्। हामी यज्ञादि कार्यमा अग्निस्थापन गर्ने गर्छौं। अग्निशोधनका लागि शुक्ल यजुर्वेदको मन्त्रबाट अग्निस्थापनाको विधि पूरा गर्छौं। द्वादश देवतामा रुद्रको नाम उल्लेख भएको छ -'**ॐ अग्निर्देवता वातो देवता सूर्यो देवता चन्द्रमा देवता वसवो देवता रुद्रोदेवतादित्या देवता मरुतो देवता विश्वेदेवा देवता बृहस्पतिर्देवतेन्द्रो देवता वरुणो देवता।**' यसरी अग्नि, सूर्य, चन्द्र, मरुत् र इन्द्रादिका सरहमा पनि रुद्रको अवस्थिति देखिन्छ। शिवपुराणमा चाहिँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको हृदयबाट रुद्रको उत्पत्ति देखाइएको छ। यसरी शिवको हृत्केन्द्र वा जीवनसामर्थ्य भएका देवतामा सो पुराणले रुद्रलाई लिएको पाइन्छ। सात संहिता भएको यस शिवमहापुराणमा तीनओटा संहिताचाहिँ प्रत्यक्ष रुद्र नामबाटै रचना गरिएको देखिन्छ। जस्तो प्रथमसंहिता विद्येश्वरसंहिता, द्वितीय रुद्रसंहिता, तृतीय शतरुद्रियसंहिता, चतुर्थ कोटिरुद्रसंहिता, पाचौं उमासंहिता, छैटौं कैलाससंहिता, सातौं वायुसंहिता भनिएको छ। रुद्रलाई प्रमुखता दिँदादिँदै पनि यस पुराणमा शिवको अङ्गबाट निःसृत अरू देवता वा प्रकृति देवतासरह नै राखिएको पाइन्छ।

श्रीमद्भागवत तृतीय स्कन्धको बाह्रौं अध्यायमा सृष्टिविस्तारको क्रममा ब्रह्माले सृष्टि प्रारम्भ गरेको वर्णन छ। त्यहाँ सर्वप्रथम पाँच वृत्ति उत्पन्न भए। अविद्या, मोह, महामोह, तामिस्र र अन्धतामिस्र नामका पापवृत्तिको उपस्थिति देखेर सृष्टिकर्ता प्रसन्न हुन सकेनन्। उनले सनक, सनन्दन, सनातन, सनत्कुमार चार पुरुषको मानसिक सृष्टि गरे। सृष्टि संसार सञ्चालनको आशा गरेका चारै पुरुष निवृत्तिमार्गमा लाग्ने भई सृष्टिविस्तार गर्न मानेनन्। ब्रह्मालाई रिस उठ्यो। रिसको फलस्वरूप भ्रूणबाट एउटा बालक पैदा भयो। त्यस बालकले रुँदै म जन्मिएँ, मेरो नाम एवं रहने स्थान दिनुहोस् भन्न लाग्यो -

यदरोदिः सुरश्रेष्ठः सोद्वेग इव बालक :।
अतस्त्वामभिधास्यन्ति नाम्ना रुद्र इति प्रजाः[1]।

सृष्टिकर्ताले हृदय, इन्द्रिय, प्राण, आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्रमा, तप रहने ठाउँ वा स्थान बताइदिए। सबै ब्रह्माण्डमा रुद्रको वासस्थान हुन्छ भन्ने खुलस्त पारे। उनका नामहरू मन्यु, मनु, महिनस, महान्, शिव, ऋतध्वज, उग्ररेता, भव, काल, वामदेव, धृतव्रत हुनेछन् भनी बालकलाई बताइदिए। सृष्टीच्छुक ब्रह्माले उनका पत्नीचाहिँ धी, वृति, उशना, उमा, नियुत, सर्पी, इला, अम्बिका, इरावती, सुधा र दीक्षा राखिदिएको वर्णन पाइन्छ। यसरी ब्रह्माण्डका समग्रतामा रुद्रको दिव्य र अदिव्य आदि अस्तित्त्व एवं सत्त्व, रज, तम आदि कल्याण-अकल्याण र सम्पूर्ण वृत्तिहरू रुद्र हुन् भन्ने कुरा दुवै पुराणले प्रस्तुत गरेका पाइन्छन्।

'**रुत् दुःखं द्रावयति इति रुद्रः**' अनि **रुत् ज्ञानं राति ददातीति रुद्रः** । त्यसैगरी '**पापिनो नरान् दुःखभोगेन रोदयति इति रुद्रः** भनी रुद्र शब्दमा निहित गूढार्थलाई प्रकट गरेको पाइन्छ। वेदले रुद्रलाई सगुण एवं निर्गुण ब्रह्मका रूपमा प्रस्तुत गरेको छ। सम्पूर्ण चराचरका सर्जक, सञ्चालक, संस्थापक स्थिति लयका आधार रुद्र हुन् भन्ने देखाइएको छ।

ऋग्वेदमा '**रुद्राय प्रचेतसे मीढुष्टमाय तव्यसे वोचेम शन्तमं हृदे**' भनेर रुद्रलाई प्रकृष्ट ज्ञानी, उत्तम कुरा चिताउने, धेरै सुख दिने, बलवान् हृदयमा रहने, शान्ति दिने, रोगव्याधि हरण गर्ने देवता

१ श्रीमद्भागवतमहापुराण (रामानन्दी टीका खण्ड १), तनहुँः महेश संस्कृत गुरुकुल एवं महेश संन्यासआश्रम, वि. सं. २०६५, पृ. ७१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ भन्ने कुरा प्रकट गरिएको छ। **'यः शुक्रश्च सूर्यो हिरण्यमिव रोचते। श्रेष्ठो देवानाम् वसुः।'** त्यसैगरी ऋग्वेदमा अतिशीघ्र सुख दिने मनुष्यको दुःख आँसुबाट बाहिर निकालेर मनुष्यमा सुख स्थापित गर्ने अन्तःस्थ आनन्दरूप रुद्र हुन् भनी चिनाइएको छ। पृथ्वीमाता, गौ, पशु आदि मनुष्यका कर्ममा निगरानी गर्न पापकर्मप्रति सचेत गराउने, अन्याय र कुवृत्तिमा लाग्नेलाई संहार गर्ने काम रुद्रबाट हुन्छ। संसारलाई अमृतमयी वा विषयमयी, निरोगी वा रोगी बनाउने अर्थात् संसारको शर्व रूप, शिव रूप रुद्र नै हुनुहुन्छ भनी अथर्ववेदका मन्त्रले रुद्रको प्रार्थना गर्छन् -

नमस्ते रुद्राय ते नम : प्रति हितायै।
नमो विसृज्यमानायै नमो निपतितायै ॥

शुक्लयजुर्वेदको सोह्रौं अध्यायमा 'रुद्र' परमदेवता हुन्, उनको कृपाका लागि प्रार्थना गर्दै शोभन मन, आयु, आरोग्य, ऐश्वर्यको कामना गरिएको पाइन्छ। रुद्रका स्थितिका कारणबाट रुद्रलाई अनेकौं नामबाट प्रार्थना गरिएको छ।

हिरण्यबाहवे, सेनान्ये, दिशां पतये, हरिकेशेभ्यःवृक्षेभ्यः, पशूनां पतये, शष्पिञ्जराय (सुकेको घाम) त्विषीमते, पथीनां पतये, हरिकेशाय, उपवीतिने, पुष्टानां पतये, बभ्लुशाय, व्याधिने, अन्नानां पतये, भवस्य हेत्यै, जगतां पतये, आततायिने, क्षेत्राणां पतये, सूताय, अहन्त्यै, वनानां पतये, रोहिताय, स्थपतये, वृक्षाणां पतये, भुवन्तये, वरिवस्कृताय, ओषधीनां पतये, मन्त्रिणे, वाणिजाय, कक्षाणां पतये, उच्चैर्घोषाय, आक्रन्दयते, पत्तीनां पतये, कृत्स्नायतया धावते, सत्त्वानां पतये, सहमानाय, निव्याधिने, आव्याधिनीनां पतये, निषङ्गिणे, कुकुभाय, स्तेनानां पतये, निचेरवे, परिचराय, वञ्चते, परिवञ्चते, स्तायूनां पतये, निषङ्गिणे, इषुधिमते, तस्कराणां पतये, सृकायिभ्यः, जिघांसद्भ्यः, मुष्णतां पतये, असिमद्भ्यः, नक्तं चरद्भ्यः, विकृन्तानां पतये, उष्णीविणे, गिरिचराय, कुलुञ्चानां पतये, इषुमद्भयः, धन्वायिभ्यः, आतन्वानेभ्यः, प्रतिदधानेभ्यः आयच्छद्भ्यः, अस्यद्भ्यः, विसृजद्भ्यः, विध्यद्भ्यः, स्वपद्भ्यः, जाग्रदंभ्यः, शयानेभ्यः, आसीनेभ्यः, तिष्ठद्भ्यः, धावद्भ्यः, सभाभ्यः, सभापतिभ्यः, अश्वेभ्यः, अश्वपतिभ्यः, आव्याधिनीभ्यः, विविध्यन्तीभ्यः, उगणाभ्यः, तृंहतीभ्यः, गणेभ्यः, गणपतिभ्यः, व्रातेभ्यः, व्रातपतिभ्यः, गृत्सेभ्यः, गृत्सपतिभ्यः, विरूपेभ्यः, विश्वरूपेभ्यः, सेनाभ्यः, सेनापतिभ्यः, रथिभ्यः, अरथेभ्यः, क्षतृभ्यः, संगहीतृभ्यः, महद्भ्यः, अर्भकेभ्यः, तक्षभ्यः, रथकारेभ्यः, कुलालेभ्यः, कमरिभ्यः, निषादेभ्यः, पुञ्जिष्ठेभ्यः, श्वनिभ्यः, मृगयुभ्यः, श्वभ्यः, श्वपतिभ्यः, भवाय, रुद्राय, शर्वाय, पशुपतये, नीलग्रीवाय, शितिकण्ठाय, कपर्दिने, व्युप्तकेशाय, सहस्राक्षाय, शतधन्वने गिरिशयाय, शिपिविष्टाय, मीढुष्टमाय, इषुमते, ह्रस्वाय, वामनाय , बृहते, वर्षीयसे, वृध्दाय सवृधे, उग्राय, प्रथमाय, आशवे, अजिराय, शीघ्र्याय, शीभ्याय, ऊर्म्याय, अवस्वन्याय, नादेयाय, द्वीप्याय, जेष्ठाय, कनिष्ठाय, पूर्वजाय, अपरजाय, मध्यमाय, अपगल्भाय, जघन्याय, बुध्न्याय, सोभ्याय, प्रतिसर्याय, याम्याय, क्षेम्याय, श्लोक्याय, अवसान्याय, उर्वर्याय, खल्याय, वन्माय, कक्ष्याय, श्रवाय, प्रतिश्रवाय, आशुषेणाय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशुरथाय, शूराय, अवभेदिने, विल्मिने, कवचिने, वर्मिणे, वरूथिने, श्रुताय, श्रुतसेनाय, दुन्दुभ्याय, आहनन्याय, धृष्णवे, प्रमृशाय, निषङ्गिणे, इषुधिमते, तीक्ष्णेषवे, आयुधिने, स्वायुधाय, सुधन्वने, स्रुत्याय, पथ्याय काटयाय, नीप्याय, कुल्याय, सरस्याय, नादेयाय, वैशन्ताय, कूप्याय, अवट्याय, वीध्र्याय, आतप्याय, मेघ्याय, विद्युत्याय, वर्ष्याय, अवर्ष्याय, वात्याय, रेष्म्याय, वास्तव्याय, वास्तुपाय, सोमाय, रुद्राय, ताम्राय, अरूणाय, शङ्गवे, पशुपतये, उग्राय, भीमाय, अग्रेधाय, दूरेवधाय, हन्त्रे, हनीयसे, हरिकेशेभ्यः, वृक्षेभ्यः, ताराय, शम्भवाय, मयोभवाय, शङ्कराय, शिवाय, शिवतराय, पार्याय, अवार्याय, प्रतरणाय, उत्तरणाय, तीर्थ्याय, कूल्याय, शष्प्याय, फेन्याय, सिकत्याय, प्रवाह्याय, किंशिलाय, क्षयणाय, कपर्दिने, पुलस्तये, इरिण्याय, प्रपथ्याय, व्रज्याय गोष्ठ्याय, तल्प्याय, गेह्याय, हृदयाय, निवेष्याय, काट्याय, गह्वरेष्ठाय, शुष्क्याय, हरित्याय, पांसव्याय, रजस्याय, लोप्याय, उलप्याय, ऊर्व्याय, सूर्व्याय, पर्णाय, पर्णसदाय, उद्गुरमाणाय, अभिघ्नते, आखिदते, प्रखिदते, इषुकृद्भ्यः, धनुष्कृद्भ्यः, किरिकेभ्यः देवानां हृदयेभ्यः, विचिन्वत्केभ्यः, विक्षिणत्केभ्यः, अनिर्हतेभ्यः[२] लाई हाम्रो नमस्कार छ भन्ने तीस मन्त्र शुक्ल यजुर्वेदमा छन्। रुद्ररूपका यहाँ झण्डै दुईसय चालीस नाम उल्लेख गरी नमस्कार गरिएका छन्। प्रस्तुत नामहरू हेर्दा सबै वस्तु विषयमा रुद्रको अस्तित्व छ भन्ने बुझिन्छ। अर्थात् सर्वव्यापी सर्वात्म सर्वनाम गुणबाट, उपाधिबाट, गुणातीत उपाधि 'रहित 'एकं सद्' अनि 'बहुबोधव्य' रुद्र नै हुन् भन्ने कुरा बुझिन्छ। अचम्मलाग्दो विषय के छ भने श्व, श्वपति, वञ्चते, परिवञ्चते, सम्भवाय, मयोभवाय आदि रुद्रको आश्चर्यजनक स्वरूप वेदमा देखन पाइन्छ।

उपर्युक्त नामहरूको नेपाली अर्थ यस्तो बुझिन्छ- भुजामा सुवर्ण धारण गर्ने, सेनापालक, दिशाका अधिपति, हरिया पात रूप केश धारण गर्ने वृक्षरूप, जीवका मालिक, बालतृण जस्ता पहेँला वर्ण भएका, तेजस्वी, मार्ग वा मार्गगामी यात्रीका मालिक, हरित वर्ण भएका, जनैधारी, गुणले पूर्ण भएका, वृषमा बस्ने, कपिल वर्ण, व्याधिनाश गर्ने, अन्नका स्वामी, संसारका कारण, जगत्का स्वामी, आततायी, खेतका स्वामी, स्वयं प्रहार गर्ने रथका सारथी, वनका मालिक, रोहणशील, गृहादिका निर्माणकर्ता, वृक्षका मालिक, भूमण्डलको विस्तार समतल गर्ने, स्थानभोग्य गराउने, औषधिका पालक, व्यापार व्यवस्थापनका जानकार, (अन्न) भण्डार रूप, ठूलो शब्द गर्न सक्ने, शत्रुलाई रुवाउने, पदाति सेनाका पति, पूर्ण विजयप्राप्त गर्नका लागि दौडने, वीर्यशालीका मालिक, शत्रुलाई तिरस्कार गर्ने, उन्नत स्कन्ध भएका खड्गधारी, चोरका स्वामी, यताउता चारैतिर राम्ररी घुमफिर गर्न सक्ने, जङ्गलका मालिक, ठग्ने, घुमीघुमी ठग्ने, चोरका मालिक, तस्करका स्वामी, वज्रधारी, मार्न इच्छा गर्नेवाला, धनधान्य हरण गर्ने, तरवार लिएर रातमा घुम्ने, अङ्गच्छेद गरेर रूप विकृत पार्ने, फेटा बाँधेर पर्वतमा घुम्ने, छलवाला जुक्तिले भूमि आदि हरण गर्ने, बाण वा धनुष धारण गर्ने, धनुषलाई ताँदोमा चढाउने, धनुष ताक्ने, धनुष सन्धान गर्ने, शत्रुलाई मर्दन गर्ने, सुत्ने, उठ्ने, बस्ने, दगुर्ने, सभा अनि सभापति रूप, अश्व र अश्वपति, चारैतर्फ प्रहार गर्ने, विविध

२ आचार्य, श्रीराम शर्मा (सम्पा.) यजुर्वेद, वरेली : संस्कृति संस्थान, ई.सं. १९९८, पृ. २५९-२६९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारले प्रहार गर्ने सेनारूप, उच्च कोटिका गुण भएका सहनशील सेनारूप, गण गणका स्वामी, समूह तथा सङ्घ, बुद्धिमान, बुद्धिमानका समूह रूप, विकृत रूप भएका, विविध रूप बनाउने, सेना तथा सेना सञ्चालक, रथी र पदाति, सारथी, घोडाको लगाम पक्रने, ठूलो रूप, सानो रूप, काष्ठशिल्प विद्याका ज्ञाता, माटाका पात्र बनाउने, फलामका शस्त्र बनाउने, निषाद रूप, डुम रूप, कुकुरका गलामा साङ्लो लाएर घिच्याउने, शिकार खोजमा लागेका शिकारी, कुकुर, कुकुर पालक, जीवका उत्पादक, कृमिव्याधिका नाशक, प्राणीका नाशक, पशुका स्वामी, नीलो ग्रीवा भएका, तीखो कण्ठवाला, जटा भएका, केश मुण्डन गरेका, सहस्रचक्षु शक्ति भएका, सयौँ धनुष भएका, पर्वतवासी, सबै प्राणीमा व्यापक, तृप्तिकर्ता, सुखदाता, साना बच्चा, बामपुड्के, महान् तथा लामो आयुवाला, विद्यापदमा जेष्ठ, वृद्ध, सवृध, अगुवा, प्रमुख, छिटो हिँड्ने, निरन्तर हिड्ने, छिटै काम गर्ने, क्षिप्रकार्यमा श्रेष्ठ, भाव तरङ्गमा रहने, शब्दरहित जलमा रहने, नदीमा बहने, द्वीपमा घुमघाम गर्ने, जेठा, कान्छा, पूर्वज, पछि हुने, बीचमा पर्ने, धृष्टता रहित, निकृष्ट स्थानमा स्थित, मूलपुरुष, सुख दुःखका द्वन्द्वमा रहने, प्रतिसरण समर्थ, न्याय निमन्त्रणमा समर्थ, प्रजा कल्याणमा तत्पर, वेदको अध्ययनमा तत्पर, महान ऐश्वर्यका मालिक, खेतीवारीका कामका ज्ञाता, वनरक्षक, पर्वत कक्षका रक्षक, ध्वनि प्रतिध्वनि उत्पन्न गर्ने, शीघ्र गतिवाला, छिटो दगुर्ने रथका स्वामी, शत्रु सेनाका भेदन गर्ने, प्रशस्त अलङ्कार वस्त्रादि धारण गर्ने, कवचधारी, फलामका वस्त्र लगाउने, धेरै घर भएका, शूर वीरतामा विख्यात, विख्यात सेना भएका, दुन्दुभि नगरा बजाउने, शत्रुलाई दल्ने, विचारशील, खड्गधारी, उत्तम धनुषधारी, तीखा बाण भएका, शस्त्रधारी, श्रेष्ठ हतियारवाला, नालामा हुने, बाटामा हुने, कुमार्ग वा कुवामा हुने, उँधो बग्ने नदीमा हुने, कुलामा हुने, तलाउमा हुने, नदीमा रहने, तालतलैयाका विषालु जन्तुमा रहने, कुवामा रहने, खाल्टामा रहने, विविध ठाउँमा उत्पन्न हुने, घाममा हुने, मेघमा हुने, बिजुलीमा हुने, वर्षामा हुने, अनावृष्टिमा बढ्ने, व्याधिकारक कीटाणु रूप विनाश गर्ने, गृहरक्षक वायुमा हुने, सोमरसमा हुने, रुवाउने, रातो वर्णका, तामारङ्गका, गाईको कल्याण गर्ने, पशुपति, उग्र स्वभाववाला, भयङ्कर रूप, देखिएर वध गर्ने, टाढा रहेर मार्ने, हिंसा गर्ने, हिंसा मच्चाउन सक्ने, हरियो वर्णका केश भएका, वृक्षरूप, दुःख हटाउने, कल्याण रूप, सुख शान्ति रूप, शङ्कर, सुखशान्ति दाता, शिव रूप, शिवतररूप, संसार सागर पार गरेका, संसारमा अवस्थित, संसार तरणमा कुशल, तत्त्वज्ञाता, तीर्थमा निवास गर्ने, नदी तटमा रहने, तृणमा जीवन निर्वाह गर्ने, फिँजजस्तो वस्तु भोजन गर्ने, बालुवा कणमा रहने, जलधार प्रवाहमा आउने यति रूप, सानासाना पाषाणखण्डमा रहने, ढुङ्गामा ठूला गुफामा रहने, जटाजूटधारी, नगरमा बस्ने, मरुभूमिस्थित विशाल राजमार्गमा विचरण गर्ने, बारीमा/गोठमा/घरमा/बिछ्याउनामा/कुहिरामा/कुत्सित स्थानमा/गहिरा खाल्टामा/शुष्क पदार्थमा/ हरिया पदार्थमा/धूलाका कणमा/सूक्ष्म अणुमा रहने, लुप्त हुने, तृणका थुप्रामा रहने, पृथ्वीका अन्तरामा रहने, सुग्घर सुन्दर भूमिमा रहने, पातमा रहने, पर्णस्थित देश रूप, सदा उद्यमी, बाधाहनन गर्ने, सबै दिशाबाट आउने शत्रुलाई हीन बनाउने, सबैतिरका शत्रुलाई राम्ररी खेद्ने, बाण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउने, धनुष बनाउने, अग्नि/वायु/सूर्यका हृदयमा अवस्थित, सृष्टिका निर्माण, विनाशका कारक, संयोग/वियोग गराउने, हिरण्मय अण्डबाट पृथक् हुने यस्ता रुद्रमा हाम्रो नमस्कार छ।

यसरी वेद तथा पुराणमा रुद्रलाई परमपिता परमात्माका रूपमा व्याख्या गरिएको पाइन्छ। यावत् ब्रह्माण्डका कीटपतङ्ग स्थावर, जङ्गम, क्षुद्र, विस्तृत, सबल, दुर्बल, सबैमा रुद्रको अस्तित्व स्वीकार गरिएको कुरा पुराणबाट र रुद्रीका उल्लिखित प्रार्थनाले स्पष्ट पारेको छ। रुद्रदेवता सबै दृश्य भोग्य र अनुभवगम्य सबै विषयमा रहेको कुरा बोध हुन्छ। **ईशावास्यमिदं सर्वं**मा बुझिने व्यापकताका देवता रुद्र हुन् भन्ने प्रष्ट हुन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवपार्वती-महिमा

-प्रा.डा. कार्तिकेय झा

१. परिचय

अखिल विश्वब्रह्माण्डका नायक, सृष्टि, स्थिति र लयका कर्ता परमात्मा परमेश्वर देवाधिदेव महादेवको महिमा अपरम्पार छ। यसैगरी आद्यशक्ति भगवती पार्वती माताको महिमागान हजार जिब्रो भएका शेषनागले पनि गर्न सकेका छैनन् भने अरूको त के कुरा ? शिवशक्ति आद्य परमात्मा परब्रह्म हुनुहुन्छ। यो संसार भगवान् शिवकै अंशरूपमा चलिरहेको छ। चराचर जगत् शिवसङ्कल्पबाट सृजित भएको हो। शिवलीला अपरम्पार छ। सृष्टिसँगै लय पनि अवश्यम्भावी छ जो परमात्मा परमेश्वरका कृपाले सम्भव छ। शिवशक्तिबाट नै यस संसारको उत्पत्ति भएको हो। वेदले पनि भगवान् शिवको स्तुति गरेका छन्। **तन्मे मनः शिवसङ्कल्पमस्तु**..को वेदध्वनिबाट पनि उक्त कुराको पुष्टि हुन आउँछ। यसैगरी वेद उत्तरवर्ती ब्राह्मण, आरण्यक, उपनिषत्, रामायण, पुराण, महाभारतले पनि शिवशक्तिको विशेष महिमागान गरेका छन्।

यसैगरी भगवती पार्वतीको पनि श्रुतिस्मृति आदि ग्रन्थले विशेष महिमागान गरेका छन्। आद्या नारीशक्तिका रूपमा भगवती सतीको पूजा हुने गर्दछ। सतीकै पुनर्जन्म भई पार्वती भएको कुरा शास्त्रमा पाइन्छ। शिवपार्वती परमात्माको अभेद्य रूप हो। त्यसैले महेश्वरलाई अर्धनारीश्वर पनि भन्ने गरिन्छ। शिवजी नै पार्वती र पार्वतीमाता नै शिवशक्तिस्वरूप हुनुहुन्छ। सोही कुरालाई लिङ्गपुराणमा यसरी व्यक्त गरिएको छ :

नमो देवाधिदेवाय महादेवाय वै नमः ॥
अर्धनारीशरीराय साङ्ख्ययोगप्रवर्तिने ॥[1]

अतः साम्बसदाशिवजी अर्धनारीश्वर हुनुहुन्छ भन्ने कुरा पुष्टि हुन आउँछ।

शाब्दिक रूपमा हेर्ने हो भने शिवको अर्थ कल्याण भन्ने हुन्छ। यसैगरी कल्याण गर्ने र

१ लिङ्गपुराण,पूर्वार्द्ध २४।१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षदाताका रूपमा पनि शिव शब्दको अर्थ लाग्ने गर्दछ। तन्त्र र पुराणअनुसार भगवान् शिवका अनेक रूप रहेका छन्। सदाशिव, चिन्तामणि, पार्थिवेश्वर, मृत्युञ्जय, महामृत्युञ्जय, दक्षिणामूर्ति, अर्धनारीश्वर, सद्योजात, विश्वरूप, चण्डेश्वर, पञ्चवक्त्र, दिग्वाह, ईशान, पशुपति आदि शिवजीका हजारौँ नाम रहेका छन्। कार्य र अवस्थितिअनुसार भगवान्का रूप, लीला र तदनुसारका नाम पनि फरकफरक रहेको पाउन सकिन्छ। शिवको वासस्थान कैलास हो। पुत्र गणेश र कार्तिकेय हुनुहुन्छ भने पत्नी पार्वती हुनुहुन्छ। शिवको धनु अजगवम् अर्थात् पिनाक हो भने त्रिशूलको नाम महितम् हो। शिवजीको जटालाई कपर्द भनिन्छ। शिवजीको वाहन नन्दी हुन् भने पार्षदलाई प्रमथ भन्ने गरिन्छ। ईशान दिशाका मालिक शिवजीलाई मानिन्छ अर्थात् भगवान् शिवजीको निवास ईशानकोणमा हुने गर्दछ। शिवदैवम् भनेर आर्द्रा नक्षत्रलाई चिनिन्छ भने शिवद्रुम भनी वेलको रूखलाई चिन्ने गरिन्छ। शिवजीका प्रिय वस्तुहरूमा रुद्राक्ष, अगस्तिको फूल, भाङ, गाँजा, धतुरो, स्फटिक, आँक आदि पर्दछन्। विशेषगरी श्मशान शिवजीको बस्ने प्रिय स्थल हो।

शैव सम्प्रदाय शिवलाई इष्टदेवता मान्ने सम्प्रदायविशेष हो। यसका सात भेद रहेका छन्– शिखी, मुण्डी, जटी, द्विदण्डी, त्रिदण्डी, एकदण्डी र वीरशैव। श्रीकण्ठाचार्यले ब्रह्मसूत्रमा शैवभाष्य लेखेका छन्। यसमा शिवपुराण, लिङ्गपुराण, कूर्मपुराण र वाल्मीकि रामायणको प्रमाण दिइएको छ। शिवस्वरूप एक गणलाई रुद्र भनिन्छ जसको सङ्ख्या एघार हुन्छ। शिवपाञ्चायनअन्तर्गत बीचमा शिवजी, आग्नेयमा सूर्य, नैर्ऋत्यमा गणेश, वायव्यमा देवी र ईशानकोणमा विष्णु भगवान् विराजमान हुनुहुन्छ।

शिव स्वयं अर्धनारीश्वर हुनुहुन्छ अर्थात् शिवजीको आधा भाग पार्वतीको हो। शिवशक्तिका रूपमा पार्वतीलाई चिन्ने गरिन्छ। सती वा पार्वती भन्नु कायिक अन्तर मात्र हो। वास्तवमा नारीशक्ति पार्वतीको लीलाको पूर्वरूप सतीको हो। पुराणअनुसार हिमालयद्वारा मेनकाका गर्भबाट जन्माइएकी पराशक्ति महामाया देवीका रूपमा पार्वती माताको वर्णन पाइन्छ। सिद्धविद्यामध्येकै एक देवीका रूपमा पनि पार्वतीलाई चिन्ने गरिन्छ। जुनकुरा दुर्गासप्तशतीमा उल्लेख पाइन्छ :

माहेश्वरी वृषारूढा त्रिशूलवरधारिणी।
महाहिवलया प्राप्ता चन्द्ररेखाविभूषणा ॥[२]

तिनै अर्धनारी आद्या शक्ति भगवतीका कार्यअनुसार भिन्नभिन्न स्वरूप र नाम रहेको पाइन्छ। शिवा, रुद्राणी, सती आदि पार्वतीका पनि अनेकौँ नाम रहेका छन्।

---

२ सप्तशती, ८।१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. आदिपुरुष शिव

परब्रह्म परमेश्वर नै ब्रह्मा, विष्णु र महेश्वरको रूपमा प्रकट हुन्छन् । कार्यका आधारमा रहेका ब्रह्मा, विष्णु र महेशको समग्र रूप ईश्वर हो। तिनै ईश्वरलाई महेश्वर, शिव, नारायण आदि नामले सम्बोधन गर्ने गरिन्छ। आद्य शिवशक्तिबाट नै सृष्टि कर्ता ब्रह्मा, पालक विष्णु र संहारकर्ता शिवजीको आविर्भाव भएको हो। एक परब्रह्म नै अनेक रूपमा प्रकट हुनुभएको हो। शिव नै लीलावतारका क्रममा मुण्डमालाधारी बन्नुभएको हो। कार्यविशेषका लागि भगवान्‌ले छुट्टै लीलारूप ग्रहण गर्नुभएको हो।

३. शिवजीको स्वरूप

परमात्मा परमेश्वरका अनन्त रूप छन् शिवजीलाई दिगम्बर पनि भनिन्छ। सम्पूर्ण दिशाहरू नै वहाँका वस्त्र हुन्। शिरमा चन्द्रमासहित जटा धारण गर्नुभएको छ। गङ्गालाई पनि आफ्ना जटाभित्रै समेटेर राख्नुभएका शिवजीको स्वरूप कपूरजस्तै गोरो वर्णको रहेको कुरा शास्त्रले बताएको पाइन्छ। संसारका साररूपी भगवान्‌ले गलामा नागको माला धारण गर्नुभएको छ। हरेक प्राणीको हृदयमा निवास गर्ने भवानीसहित शिवजीलाई शतत नमन गरेको निम्न श्लोकबाट पनि उक्त कुरा प्रष्टिन्छ–

कर्पूरगौरं करुणावतारं संसारसारं भुजगेन्द्रहारम्॥
सदा वसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि॥

कानमा कुण्डल, हातमा त्रिशूल र डमरु लिनुभएका महादेवका वाहन नन्दी हुन्। नन्दीश्वर भगवान्‌को बायाँ भागमा आद्यशक्ति भगवती पार्वतीको सदा निवास हुने गर्दछ। विशेषगरी बाघको छाला शरीरमा उपर्नाका रूपमा रहेको पाइन्छ । भगवान्‌को लौकिक शरीरको त वर्णन गरेर साध्य छैन भने पारलौकिक स्वरूप झन् अद्‌भुत छ। परब्रह्म परमात्माको स्वरूप सच्चिदानन्द हो।

शिवगणहरूमा श्रीगणेश, श्रीकुमार, श्रीभैरव, श्रीनन्दी र श्रीमहाकाल हुनुहुन्छ। शिवजीका पार्षदको पूजाअर्चना नगरी शिवपूजा पूर्ण हुन सक्दैन। पूजाविधानमा पनि शिवपार्षदको विशेष उल्लेख गरिएको पाइन्छ। शिवपार्षदमा नन्दीश्वर, वीरभद्र, कार्तिकेय, कुबेर, कीर्तिमुख र वासुकि रहनुहुन्छ।

४. शिवजीका १०८ नाम

शिवजीका अनन्त नाम छन् तर पनि शिवजीको विशेष पूजा आराधनामा शिवजीका एक सय आठ नामोच्चारण गर्ने विधि रहेको पाइन्छ। जस अन्तर्गत शिव, महेश्वर, सम्भव, पिनाकी, शशिशेखर, वामदेव, विरूपाक्ष, कपर्दी, नीललोहित, शङ्कर, शूलपाणि, खट्वाङ्ग, विष्णुवल्लभ, शिपिविष्ट,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अम्बिकानाथ, श्रीकण्ठ, भक्तवत्सल, भव, शर्व, त्रिलोकेश, शितिकण्ठ, शिवप्रिय, उग्र, कपाली, कामारि, अन्धकासुरसूदन, गङ्गाधर, ललाटाक्ष, कालकाल, कृपानिधि, भीम, परशुहस्त, मृगपाणि, जटाधर, कैलासवासी, कवची, कठोर, त्रिपुरान्तक, वृषभारूढ, भस्मोद्धूलितविग्रह, सामप्रिय, स्वरमय, त्रयीमूर्ति, अनीश्वर, सर्वज्ञ, परमात्मा, सोमलोचन, सूर्यलोचन, अग्निलोचन, हविर्यज्ञमय, सोम, पञ्चवक्त्र, सदाशिव, विश्वेश्वर, वीरभद्र, गणनाथ, प्रजापति, हिरण्यरेता, दुर्धर्ष, गिरीश, अनघ, भुजङ्गभूषण, भर्ग, गिरिधन्वा, गिरिप्रिय, कृत्तिवासा, पुरारि, भगवान्, प्रमथाधिप, मृत्युञ्जय, सूक्ष्मतनु, जगद्व्यापी, जगद्गुरु, व्योमकेश, महासेनजनक, चारुविक्रम, रुद्र, भूतपति, स्थाणु, अहिर्बुध्न्य, दिगम्बर, अष्टमूर्ति, अनेकात्मा, सात्त्विक, शुद्धविग्रह, शाश्वत, खण्डपरशु, अजपाशविमोचक, मृड, पशुपति, देव, महादेव, अव्यय, प्रभव, पूषदन्तभिद्, अव्यग्र, दक्षाध्वरहर, हर, भगनेत्रभिद्, अव्यक्त, सहस्राक्ष, सहस्रपाद्, अपवर्गप्रद, अनन्त, तारक, परमेश्वर पर्दछन्। यी अष्टोत्तरशत नाम उच्चारणले मात्र पनि शिव प्रसन्न हुनुहुन्छ र इच्छित वर प्रदान गर्नुहुन्छ भन्ने कुरा शास्त्रमा पाइन्छ।

५.वेदमा शिवपार्वतीमहिमा

वेद विश्वको सर्वप्राचीन अपौरुषेय शास्त्र हो । एउटै वेदलाई वेदव्यासले ऋक्, यजु, साम र अथर्ववेदमा विभाजन गर्नुभएको हो। वेद परमात्मा परमेश्वरको स्वास निश्वास हो। यसअन्तर्गत कर्मकाण्ड उपासनाकाण्ड र ज्ञानकाण्ड रहेका छन्। कर्मद्वारा ईश्वर प्राप्त गर्ने विधि कर्मकाण्ड हो। यसअन्तर्गत यज्ञयागादि हुने गर्दछन्। शास्त्रज्ञानद्वारा परमात्मा प्राप्त गर्ने विधि ज्ञानकाण्ड हो।

चारवटै वेदले परमात्मा परमेश्वरको विशेष स्तुतिगान गरेका छन्। विशेषगरी यजुर्वेदमा शिवका स्तुतिहरू प्रशस्तै पाइन्छन्। रुद्राभिषेक यजुर्वेदकै मन्त्रबाट सम्पादन गरिन्छ जहाँ विविध प्रकारले शिवपार्वतीको महिमागान गरिएको छ। जस्तै :

नमस्ते रुद्रमन्यवऽउतोतऽइषवे नमः। बाहुभ्यामुतते नमः ॥[३]

यसैगरी अनेकौं नामले सम्बोधन गर्दै भगवान्का चरणकमलमा निम्न ऋचाले स्तुतिगान गरेका छन् :

नमोऽस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे ॥
अथो येऽअस्य सत्त्वानोऽहन्तेभ्योऽकरन्नमः ॥[४]

यसरी यजुर्वेदको सोह्रौं अध्यायभरि नै परमात्मा परमेश्वर शिवजीको महिमागान गरेको पाइन्छ। हरेक कणकणमा शिववास हुने र त्यस्ता कणकणरूपी महेश्वरलाई सतत नमन छ भन्दै सम्पूर्ण यजुर्वेदले नै शिवमहिमागान गरेको पाइन्छ।

३ यजुर्वेद, १६।१

४ यजुर्वेद, १६।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमो हिरण्यवाहवे सेनान्ये दिशाञ्चपतये नमो नमो वृक्षेभ्यो हरिकेशेभ्यः पशूनां पतये नमो नमः ॥[५]

नमो गणेभ्यो गणपतिभ्यश्चवो नमो नमो व्रातेभ्यो व्रातपतिभ्यश्चवो नमो नमो...[६]

स्वर्ग, अन्तरिक्ष, पृथ्वी आदि सर्वत्र व्याप्त परब्रह्मलाई सतत नमन गरेको कुरा निम्न ऋचाहरूले दर्शाएका छन् :

नमोऽस्तु रुद्रेभ्यो ये दिवि येषां वर्षमिषवः............[७]
नमोऽस्तु रुद्रेभ्यो येऽन्तरिक्षे येषां............[८]
नमोऽस्तु रुद्रभ्यो ये पृथिव्यां.........[९]

सामवेद सङ्गीतको आद्यस्रोत हो। भगवान्‌को नटवर स्वरूपबाट नृत्य र गायनका सारेगमपधनिसा सातओटा स्वर आएका हुन् । यसैगरी अथर्ववेदले पनि शिवमहिमागान गरेको छ।

६. रामायणमा शिवपार्वतीमहिमा

रामायणमा पनि शिवपार्वतीको विशेष महिमागान गरिएको छ। चाहे रामपक्षबाट होस् चाहे रावणपक्षबाट दुवैले परमात्मा परमेश्वको आदरभावले पूजाआराधना गरेका प्रसङ्ग रामायणमा पाइन्छ। भगवान् रामचन्द्रले शिवको उपासना गर्नुभएको प्रसङ्ग रामायणका प्रत्येक अध्यायमा पाइन्छ। विशेषगरी युद्धको वेलामा रामेश्वर भगवान्‌को शिवलिङ्ग स्थापना गरी सेतुबन्ध गरेको र पछि महायुद्धमा सफलता हात परेको प्रसङ्ग रामायणको युद्धकाण्डमा पाइन्छ। स्वयं भगवान्‌ले नै हनुमानको रूप धारण गरी भगवान् रामचन्द्रको अभियानमा साथ दिएको कथाप्रसङ्ग रामायणमा वर्णित छ। रामचन्द्रले रामेश्वर शिवलिङ्गको स्थापनागरी पूजा आराधनापछि लामो सामुद्रिक यात्रा सहज भएको र सीतालाई सकुशल प्राप्त गर्न सफल भएकोले उहाँले शिवमहिमागान गरेको कुरा प्रष्ट हुन्छ।

रामायणका खलपात्र रावण पनि परम शिवभक्त थिए। शिवजीको घोर तपस्याका कारण नै रावण ऐश्वर्य र बलमा सम्पन्न भएको हो। रावणमा पलाएको अहङ्कारले नै उसको अन्त्य भएको कुरा रामायणमा वर्णित छ। ब्रह्माजीको घोर तपस्या गरी अजेय वर पाएपछि

---

५ शुक्ल यजुर्वेद, १६।१७

६ „ यजुर्वेद १६।२५

७ „ यजुर्वेद, १६।६४

८ „ यजुर्वेद, १६।६५

९ „ यजुर्वेद, १६।६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रावण घमण्डले चूर भई कैलास उठाउने चेष्टा गर्दा उनी त्यस पर्वतबाट थिचिए। त्यसपछि शिवताण्डवस्तोत्रद्वारा नृत्यगान गरी शिवजीलाई प्रसन्न बनाए।

७. महाभारतमा शिवपार्वतीमहिमा

महाभारत सत्यको विजय भएको बृहत् कायात्मक ऐतिहासिक महाकाव्य हो। यहाँ पनि शिवजीको स्तुतिगान प्रशस्त गरेको पाइन्छ। श्रीकृष्ण भगवान्ले अर्जुनलाई शिवजीको तपस्या गर्न अनुरोध गरेको र सोहीअनुसार पाशुपतास्त्र प्राप्तिका लागि अर्जुन तपस्यारत भएको कथाप्रसङ्ग महाभारतमा पाइन्छ। स्वर्गका सम्पूर्ण अस्त्र प्राप्त गरिसकेपछि अर्जुन शिवजीको तपस्या गर्दछन्। अनि पाशुपतास्त्र प्राप्त गर्दछन्। यो कुरा महाभारतको द्रोणपर्वमा वर्णित छ।

८. पुराणमा शिवपार्वतीमहिमा

वेदव्यासले अठार पुराणको रचना गरेका छन्। अठारवटा नै उपपुराणको पनि रचना भएको छ। पुराणलाई पाचौँ वेद भनी श्रीमद्भागवत महापुराणमा पनि उल्लेख पाइन्छ। अठार पुराणहरूमा मत्स्य, मार्कण्डेय, भागवत, भविष्य, ब्रह्म, ब्रह्मवैवर्त, ब्रह्माण्ड, विष्णु, वायु, वामन, वराह, अग्नि, नारद, पद्म, कूर्म, स्कन्द, लिङ्ग र गरुडपुराण पर्दछन्। सम्पूर्ण पुराणले परमात्मा परमेश्वर प्राप्त गर्ने विविध उपायहरू वर्णन गरेका छन्। सरल ढङ्गमा अनेकौँ कथाप्रसङ्गका साथ परमात्मा परमेश्वरको लीलाचरित्रको गान गर्नु पुराणहरूको मुख्य ध्येय रहेको देखिन्छ। प्रायः सबै पुराणमा परमात्मा परमेश्वर शिव र पार्वतीको कथाप्रसङ्ग अन्तर्निहित रहेको पाइन्छ। देवीभागवतमा आद्याशक्ति भगवती देवीको महिमागान गरिएको छ। आद्याशक्ति भगवती नै पार्वती माता हुनुहुन्छ। उहाँकै विभूतिरूप अनेकौँ देवीहरू प्रकट भएका कथाप्रसङ्गहरू देवीभागवतमा वर्णित छन्।

८.१. स्कन्दपुराणमा शिवपार्वतीमहिमा

स्कन्दपुराणको माहेश्वरखण्डअन्तर्गत परमात्मा परमेश्वर साम्बसदाशिवजीको विशेष महिमागान गरिएको छ। साक्षात् शिवपार्वती संवादका कथाहरू प्रशस्तै रहेका छन्। विभिन्न ज्योतिर्लिङ्गका महिमाहरू, रुद्राक्षमहिमा, बेलपत्रको महिमाका साथै शिवपार्वती-विवाह, गणेशोत्पत्ति, कुमार कार्तिकेयको जन्म एवं विविध चरित्रहरूको विस्तृत वर्णन उक्त खण्डमा पाइन्छ। शिवलिङ्गको महिमागान स्कन्दपुराणमा पनि गाइएको छ। सतीवियोगी शिवजी नाङ्गो रूपमा आनर्त देशको ऋषि आश्रममा पुग्नुहुन्छ। शिवजीको रूप देखेर ऋषिपत्नीहरू कामान्ध भई पछि लाग्दछन्। शिवजी जता जानुहुन्छ ती ऋषिपत्नीहरू पनि पछिपछि लागेको देखेपछि ऋषिहरूलाई असह्य हुन्छ र लिङ्गपतन होस् भनी श्राप दिन्छन्। सोही श्रापका कारण शिवलिङ्ग पतन हुन्छ साथै तिनै शिवलिङ्गको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आराधनाबाट मनःकामना पूर्ण हुने शिवाज्ञा प्राप्त हुन्छ। सोहीअनुसार ऋषिपत्नीहरूले शिवलिङ्गको उपासना गरी मनःकामना पूर्ण गरेको कथा पाइन्छ।

अथ ते मुनयो दृष्ट्वा तं तथा विगताम्बरम्।
कामोद्भवकरं स्त्रीणां प्रोचुः कोपारुणेक्षणाः ॥

तस्मात्पाप ! त्वयाऽस्माकमाश्रमोऽयं विडम्बितः।
तस्माल्लिङ्गं पतत्वाशु तवैव वसुधातले ॥

ऋषिशापान्निपतितं मम लिङ्गमनुत्तमम्।
तस्माल्लिङ्गं पूजयेत सर्वकामार्थसिद्धये ॥
लयनाल्लिङ्गमित्याहुः सर्वे देवाः सवासवाः।
सर्वे देवाश्च संभूता यतो देवस्य शूलिनः ॥[१०]

सोही कुरालाई लिङ्गपुराणमा भिन्न तरिकाले प्रस्तुत गरिएको छ। ऋषिधर्म गृहस्थी सम्हाल्न होइन। पत्नीप्रसङ्ग ऋषिआचरण विपरीत रहेको ज्ञानपश्चात् ऋषिहरूले शिवजीसँग क्षमायाचना गर्दै शिव आराधनामा लीन भएको कथाप्रसङ्ग पाइन्छ।

यसैगरी स्कन्दपुराणको केदारखण्ड माघमाहात्म्यअन्तर्गत श्रीस्वस्थानी माताको व्रतकथा पाइन्छ। श्रीस्वस्थानीदेवी साक्षात् परमेश्वरी आद्याशक्ति भगवती हुनुहुन्छ। रम्य कैलासमा शिवपार्वतीसंवाद निरन्तर चलिरहन्छ। भगवती पार्वतीमाताले प्रश्न गर्नुहुन्छ अनि देवाधिदेव महादेवले वहाँका जिज्ञासा मेटाउनु हुन्छ। सोही प्रसङ्गमा भगवती पार्वती प्रश्न गर्नुहुन्छ–

भक्तवत्सल सर्वज्ञ देवदेव जगत्पते।
ब्रूहि मे परमेशान व्रतं त्रैलोक्यदुर्लभम् ॥

भगवती पार्वतीमाताका प्रश्नको उत्तर दिँदै साक्षात् परमात्मा परमेश्वर भन्नुहुन्छ –

माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतमाचरेत्।
आवयोः पूजयेत्तत्र प्रतिमां मण्डले शुभे ॥
चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत्।
सुवर्णसमदीप्ताभां त्रिनेत्रां कमलाननाम् ॥

एवं क्रमले व्रतोद्यापनविधिसहित साम्बसदाशिवजीको विस्तृत कथा पनि माघमाहात्म्यमा बताइएको छ। यस संसारका सृष्टि, स्थिति र लयकर्ता स्वयं परमात्मा परमेश्वर नै हुनुहुन्छ। वहाँको ध्यान एवं आराधनाबाट नै लोकको कल्याण छ भन्ने शिवमहिमागान स्कन्दपुराणमा गरिएको छ।

---

१० स्कन्दपुराण, माहेश्वर खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी सोही आधारमा श्रीस्वस्थानी व्रतकथा एवं माघस्नान गर्ने चलन अद्यावधि चलिरहेको छ। श्रीस्वस्थानी माताको व्रतोपासना गर्नाले इच्छित वर प्राप्त हुने कुरा श्रीस्वस्थानी व्रतकथामा वर्णन गरिएको छ।

८.२. लिङ्गपुराणमा शिवपार्वतीमहिमा

लिङ्ग शब्दको अर्थ **लीनं गमयति** अर्थात् गुप्त वस्तुको परिचय दिनु भन्ने हुन्छ। जुन तत्त्व इन्द्रियद्वारा प्रत्यक्ष हुन सक्दैन, जसलाई कुनै चिह्नका प्रतीकबाट जान्न सकिन्छ त्यस्तो चिह्नको नाम लिङ्ग हो । जुन शिवलिङ्गमा इन्द्रसहित सम्पूर्ण देवता लीन हुन्छन् र सम्पूर्ण देवता उत्पन्न पनि हुन्छन् यस्तो प्रतीकलाई पनि शिवलिङ्ग भन्ने गरिन्छ। यस पुराणमा लिङ्ग शब्दको अर्थ ॐकार भनी बताइएको छ जुन परमात्मा परमेश्वरकै बीजाक्षर हो।

प्रस्तुत लिङ्गपुराणमा महेश्वर भगवान्का अनेकौं अवतारहरूको वर्णन गरिएको छ। श्वेतमुनि परमात्मा परमेश्वरको कृपाले मृत्युञ्जय भएको कथा विस्तारमा पाइन्छ। यसैगरी दधीचि र क्षुप राजाको प्रसङ्गबाट शिवमहिमागान गरिएको पाइन्छ। शिवभक्त दधीचिलाई क्षुप राजाले मार्ने अनेकौं चेष्टा गरे पनि विफल भएपछि भगवान् विष्णुलाई गुहार्छन्। भगवान् विष्णुले केही सिप नचलेपछि दधीचिलाई अन्तिम अस्त्र सुदर्शनचक्र प्रहार गर्नुहुन्छ तर दधीचिलाई भेदन गर्न असमर्थ भई सुदर्शनचक्र फर्किन्छ। यसपछि विष्णुले पनि शिवलीला अपरम्पार रहेकाले शिवस्तुतिगान गर्नुभएको छ।

यसैगरी शिलादपुत्रले शिवजीको आराधना गरेको र त्यसको फलस्वरूप नन्दीश्वरपद प्राप्त गरेको कथा छ। यसका साथै भगवान् शङ्करका चार निवासस्थानको पनि वर्णन गरिएको छ– देवकूट पर्वत, कैलासपर्वत, रुद्रप्रयाग र रुद्रपुरको भव्य वर्णन लिङ्गपुराणको उत्तरार्धमा गरिएको छ। देवताहरूले शिवमहिमा यसरी गान गरेका छन् –

य एष भगवान् रुद्रो ब्रह्मविष्णुमहेश्वराः।
स्कन्दश्चापि तथा चेन्द्रो भुवनानि चतुर्दश॥

अश्विनौ ग्रहताराश्च नक्षत्राणि च खं दिशः।
भूतानि च तथा सूर्यः सोमश्चाष्टौ ग्रहस्तथा॥

प्राणः कालो यमो मृत्युरमृतः परमेश्वरः।
भूतं भव्यं भविष्यच्च वर्तमानं महेश्वरः॥

विश्वं कृत्स्नं जगत्सर्वं सत्यं तस्मै नमो नमः।
त्वमादौ च तथा भूतो भूर्भुवः स्वस्तथैव च॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ते त्वं विश्वरूपोऽसि शीर्षं तु जगतः सदा।
ब्रह्मैकस्त्वं द्वित्रिधार्थमधश्च त्वं सुरेश्वरः॥

शान्तिश्च त्वं तथा पुष्टिस्तुष्टिश्चाप्यहुतं हुतम्।
विश्वं चैव तथा विश्वं दत्तं वादत्तमीश्वरम्॥

कृतं चाप्यकृतं देवं परमप्यपरं ध्रुवम्।
परायणं सतां चैव ह्यसतामपि शङ्करम्॥[११]

८.२.१. पशुपतिरहस्य वर्णन

भगवान् महेश्वर स्वयं पशुपतिनाथ हुनुहुन्छ। उहाँले ब्रह्मादेखि पृथ्वीसम्म सम्पूर्ण पशुजीवहरूलाई पशुपतिले बाँध्नुभएको छ। अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश नामका पाँच क्लेशको वर्णन पुराणको आरम्भमा गरिएको छ। भगवान् शङ्करको अष्टमूर्तिमा सम्पूर्ण तत्त्वहरूको समावेश भएको छ। अष्टमूर्तिमा पञ्चब्रह्मरूपको प्राधान्य रहेको छ। पञ्चब्रह्मरूपमा ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात पर्दछन्।

८.३. शिवमहापुराणमा शिवपार्वतीको महिमागान

परमात्मा परमेश्वर आदिकर्ता देवाधिदेव महादेवकै स्तुतिगान गरिएको ग्रन्थविशेष शिवमहापुराण हो। उक्त महापुराणमा भगवान् शिवजीका अनेकौं लीलाचरित्रको वर्णन गरिएको छ। शिवमहापुराणका अनुसार महाप्रलयपश्चात् सृष्टिको आरम्भ हुन्छ। विष्णु भगवान्‌का नाभिकमलबाट ब्रह्माजीको उत्पत्ति भएको हो। शिवजीले ब्रह्मालाई सृष्टिका निम्ति आदेश दिई अन्तर्ध्यान भएपछि ब्रह्माजी सृष्टि आरम्भ गर्न लाग्नुहुन्छ। यसैगरी विष्णु भगवान्‌लाई सृष्टिको पालन गर्ने आदेशअनुसार संसारको पालनकार्यमा लाग्नुहुन्छ। त्यसैले यो चराचर जगत् देवाधिदेव महादेवको अधीनमा रहेको कुरा प्रष्ट हुन्छ।

ब्रह्माद्वारा सृष्टिसर्जन गर्ने क्रममा सनक, सनन्दन, सनातन र सनत्कुमार ऋषिहरू उत्पत्ति भए तर सृष्टिको क्रम अघि बढ्न सकेन। ब्रह्माजी अत्यन्त चिन्तित हुनुभयो तर पनि मानसपुत्र पैदा गर्ने कार्य निरन्तर अघि बढि नै रह्यो। यसैक्रममा नारद र दक्षप्रजापतिलाई ब्रह्माले मानसपुत्रका रूपमा सृष्टि गर्नुभयो र सृष्टिकार्यलाई अघि बढाउन सफल हुनुभयो तर दक्ष प्रजापतिबाट मात्र सृष्टि चल्नु असम्भव देखेपछि ब्रह्माजी पुनः परमात्मा परमेश्वरको तपस्या गर्न थाल्नुहुन्छ। महादेवको

११ लिङ्गपुराण, २।१८। १-६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनपश्चात् अर्धनारीश्वरको उपासना गर्न परमात्मा परमेश्वरले प्रेरित गर्नुहुन्छ र ब्रह्मा पनि सोहीअनुसार अर्धनारीश्वर भगवान्‌को आराधना गर्न थाल्नुहुन्छ। यसरी ब्रह्माजीको तपस्यापश्चात् दक्षप्रजापतिकी कन्याका रूपमा परमात्मा परमेश्वरले लीलाअवतार लिनुहुन्छ, सतीका रूपमा। यसपछि ब्रह्माजीले मनु र शतरूपाको सृष्टि गरी मनुष्यको सृष्टि गर्नुभएको कथा शिवपुराणमा पाइन्छ।

८.३.१. नीलकण्ठ भगवान्‌को चर्चा

देवता र दैत्य मिली समुद्रमन्थन गर्ने क्रममा कालकूट नामक विष निस्कन्छ। उक्त विषले सारा भूमण्डल विषाक्त पार्न थाल्छ। समुद्रमन्थनको काम प्रभावित हुन्छ। सबै देवता र दैत्य हारगुहार गर्दै महादेवकहाँ पुग्दछन्। महादेवले उक्त कालकूट नामक विषलाई आफ्नो कण्ठमा राखिदिनुहुन्छ र देवता तथा दैत्य खुशी भई पुनः समुद्रमन्थनको कार्यमा लाग्छन्। यसरी विष कण्ठमा राख्दा परमात्मा परमेश्वरको कण्ठ नीलो हुन गएकाले भगवान्‌लाई नीलकण्ठका नामले पुकार्न थालिएको कथाप्रसङ्ग रहेको छ।

८.३.२. शिवसतीप्रसङ्ग

एक पटक दक्षप्रजापतिले महासभा आयोजन गर्दछन् जुन सभामा ब्रह्मा, विष्णु, महेशलगायत थुप्रै अतिथिगण बोलाइएको हुन्छ। प्रायः सबै दक्षप्रजापतिका ज्वाइँ भएकाले सबैले दक्षप्रजापतिलाई उठेर सम्मान गरे तर साम्बसदाशिवजीले दक्षप्रजापतिलाई उठेर सम्मान गर्नुभएन। सोही कारण दक्षप्रजापति रुष्ट हुन्छन्। शिवजीमा पनि क्रोध उत्पन्न हुन्छ र कैलास फर्कनु हुन्छ। पुनः दक्षप्रजापतिकहाँ महायज्ञको शुभारम्भ हुन्छ। सम्पूर्ण देवीदेवता ऋषिगणलाई निमन्त्रणा गरिन्छ तर शिवसतीलाई जानीजानी छुटाइन्छ। परमात्मा परमेश्वरलाई त थाहा थियो तर सतीदेवीलाई यो कुरा केही थाहा थिएन। वहाँले पिताजीका घरमा महायज्ञ हुँदैछ भन्ने थाहा पाउनुभयो र शिवजीसहित जानका निम्ति आग्रह गर्नुभयो। परमात्मा परमेश्वरले निमन्त्रणा नभएकाले जान मिल्दैन भनेपछि सती मात्र भए पनि एक्लै जाने निर्णयमा पुग्नुहुन्छ। शिवजीले जानु ठीक छैन भने पनि सतीको चित्त बुझ्दैन। उहाँ जसरी भए पनि पिताजीको महायज्ञमा भाग लिन जाने निधो गर्नुहुन्छ। जब सती पिता दक्षप्रजापतिको महायज्ञस्थलमा पुग्नुहुन्छ त्यहाँ उहाँलाई स्वागत गरिँदैन। यज्ञमा महादेवको भाग नराखी बेवास्ता गरेको देखेपछि सतीदेवीले यज्ञ रोक्न आग्रह गर्नुहुन्छ। ब्रह्मा विष्णुले पनि शिवजीलाई निमन्त्रणा गर्न आग्रह गर्नुहुन्छ तर दक्षप्रजापतिले मान्दैनन्। उल्टै शिवजीलाई गालीगलौज गर्न थाल्छन्। यसरी पतिपरमेश्वरको अपमान भएको सहन नसकी सतीदेवी यज्ञाग्निमा प्रवेश गर्नुहुन्छ। सतीदेवीको यज्ञाग्निमा जली मृत्यु भएको खबरले शिवजी क्रुद्ध हुनुहुन्छ र जटाबाट वीरभद्र उत्पन्न गराई शिवद्रोहीको संहार र शिवभक्तको रक्षा गर्न आदेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनुहुन्छ। उता अनर्थ हुने कुराले ब्रह्मा र विष्णु पनि उक्त यज्ञ छोडी हिँड्नुहुन्छ। दक्षद्वारा रक्षा गर्न आग्रह गरे पनि प्रत्युत्तरमा शिवजीकै उपासना गर्नुपर्ने कुरा आउँछ। वीरभद्रले त्रिशूल प्रहार गरी दक्षसहित दक्षयज्ञ विध्वंस गरिदिन्छन्। सोही यज्ञकुण्डमा दक्षको शिर पनि जलाइन्छ। उक्त कार्यले त्रिलोक कम्पायमान हुनपुग्छ।

यता शिवजी सतीको सन्तापले चारैतिर भौँतारिन लाग्नुहुन्छ। सतीदेवीको शव काँधमा हालेर वियोगी शिवजी देशाटन गर्न लाग्नुहुन्छ। निकै समयसम्म पनि शिवजी सतीदेवीको वियोगमै रुमलिनुभएको देखी विष्णु भगवान्‌ले शिवको सतीमोह हटाउने प्रयासस्वरूप सतीदेवीका अङ्गपतन गराउनुहुन्छ। जहाँजहाँ सतीदेवीका अङ्ग पतन हुन्छन्, त्यहाँ त्यहाँ शक्तिपीठहरूको उत्पत्ति हुन्छ। दक्षपत्नीद्वारा शिवको आराधनापश्चात् शिवजीले बोकाको टाउको जोडी दक्षप्रजापतिलाई बिउँताउनुहुन्छ। दक्षप्रजापतिले पनि गल्ती भएकोमा क्षमायाचना गर्दछन्। यसबाट परमात्मा परमेश्वरमा रौद्ररूप र दयालुपन दुवै रहेको प्रष्ट हुन्छ।

८.३.३. वृत्रासुरको अन्त्य र इन्द्रको ब्रह्महत्याश्राप विमोचन

इन्द्रलाई ब्रह्महत्याको श्राप लाग्छ। इन्द्र र शची दुवै ब्रह्माको शरणमा पुग्छन्। ब्रह्माजीले कुनै उपाय नदेखेपछि विष्णु भगवान्‌को शरण लिन पठाउनु हुन्छ। विष्णु भगवान्‌ले साक्षात् परमात्मा परमेश्वरको तप गर्नाले पापबाट मुक्ति मिल्छ भनेपछि दुवै मानसरोवरमा गई शिवजीको तपस्या गर्न थाल्छन्। कठोर तप देखी शिवजी प्रसन्न हुनुहुन्छ र उक्त श्रापबाट मुक्त गराउनुहुन्छ।

८.३.४. तारकासुर प्रसङ्ग

दैत्यकुलमा तारक नामक असुरको उत्पत्ति हुन्छ। तारकासुरले ब्रह्माजीको घोर तपस्या गर्दछ। ब्रह्मा प्रसन्न भई वर माग्न आज्ञा दिनुहुन्छ। तारकासुरले अमरत्वको वर माग्छ। सो वर सम्भव नहुने भएकाले अन्य वर माग्न ब्रह्माजीले भन्नुहुन्छ। त्यसपछि शिवको औरस पुत्रबाहेक अरू कसैले मार्न नसक्ने वर प्राप्त हुन्छ। शिवजी एक्लैबाट पुत्रोत्पत्ति असम्भव रहेकाले तारकासुर खुशी हुँदै स्वर्गमा आक्रमण गर्न पुग्छ र स्वर्गमाथि आफ्नो आधिपत्य जमाउन सफल हुन्छ।

यता इन्द्रादि देवता भगवान् विष्णुको शरणमा पुग्छन्। विष्णु भगवान्‌द्वारा शिवपुत्रबाट मात्र तारकासुरको अन्त्य हुने कुराको खुलासा भएपछि नारदसहित सम्पूर्ण देवता शिवजीलाई प्रार्थना गर्न पुग्दछन्। यता हिमालयपुत्रीका रूपमा माता पार्वतीको जन्म हुन्छ। माता पार्वती सानैदेखि शिवको आराधनामा लाग्नुहुन्छ। देवर्षि नारदले पनि शिव पति हुने भविष्यवाणी गरेपछि पार्वतीमाताको तपस्यामा थप बल प्राप्त हुन्छ। माता पार्वती शिवलिङ्ग स्थापना गरी उपासना गर्न थाल्नुहुन्छ। नित्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिल्वपत्र चढाई शिवजीको आराधना गर्नुहुन्छ। पछि पार्वतीमातालाई शिवजीको दर्शन मिल्छ। माता पार्वती एकचित्त भई शिवको आराधनामै लीन हुन थाल्नुहुन्छ। शिवजीले ब्रह्मचारीरूप धारण गरी पार्वतीको परीक्षा गर्नुहुन्छ। उनले भूतराज, विष भाङ धतुरो खाने, मुण्डमालाधारण गरी श्मशानमा बस्नेसँग विवाह नगर्न आग्रह गर्दा माता पार्वती आफ्नो सङ्कल्पमा दृढ रहनुहुन्छ। यसपछि शिवपार्वतीको भव्य विवाह सम्पन्न हुन्छ। पछि कुमार कार्तिकेयको जन्म भई तारकासुरको अन्त्य हुन्छ र पुनः इन्द्रले स्वर्ग प्राप्त गरेको कुरा शिवपुराणमा वर्णन पाइन्छ।

८.३.५. मार्कण्डेयप्रसङ्ग

मार्कण्डेयको सोह्र वर्षमा मृत्यु हुने कुरा सुनी पिता मृकण्डु पुत्रवियोग हेर्न नसक्ने भई आत्महत्या गर्ने निर्णयमा पुग्छन्। यसरी आत्महत्या गर्न लागेको देखी देवर्षि नारदद्वारा रोक लगाइन्छ। मार्कण्डेयलाई शिवभक्तिको मार्गमा लाग्न सुझाव दिनुहुन्छ। सोहीअनुसार मार्कण्डेय पनि भगवान्‌शिवको आराधनामा लीन हुन्छन्। यमराजले मार्कण्डेयको आयु सकिएकाले दूत पठाउँछन्। यमदूतले मार्कण्डेयको प्राण खिच्ने अनेकौं प्रयत्न गर्छन् तर विफल हुन्छन्। यस्तो खबर सुनी यमराज स्वयं मार्कण्डेयको प्राण खिच्न पुग्छन्। यसैवेला शिवपार्वती प्रकट भई मार्कण्डेयलाई चिरञ्जीवी हुने वर प्रदान गर्नुहुन्छ। यस्तो दृश्य देखी स्वयं यमराज पनि यमपुरी फर्किएको प्रसङ्गले भगवान् शिव कालका पनि महाकाल हुनुहुन्छ भन्ने कुराको महिमा बुझ्न सकिन्छ।

८.३.६. शिवपार्वतीलीला

भगवती पार्वती मल्लिकाका रूपमा प्रकट भएपछि भगवान् शिवजीले पनि भृङ्गीरूप धारण गर्नुपरेको छ। मल्लिका र अर्जुनका रूपमा अवतारलीला ग्रहण गरी मल्लिकार्जुन विवाह भएको लीलाकथाप्रसङ्ग पनि अति नै रोचक छ। पछि कार्तिकेयद्वारा साक्षात् परमात्मा परमेश्वरको दर्शन दिलाएको र मल्लिकार्जुन ज्योतिर्लिङ्गको उत्पत्ति भएको प्रसङ्ग पनि सोही पुराणमा वर्णित छ।

८.३.७. भगीरथको तपस्यामा शिवकृपा

भगीरथ आफ्ना पितृहरूको उद्धार गर्नका निम्ति घोर तपस्या गर्छन्। गङ्गामातालाई पृथ्वीमा अवतरण गराएमात्र पितृमुक्ति हुने भएपछि भगीरथद्वारा माता गङ्गाको उपासना हुन्छ। यसरी गङ्गामाताको पदार्पण हुँदा पृथ्वीले थाम्न नसक्ने भएपछि भागीरथले भगवान् शिवको आराधना गर्छन्। गङ्गामाता शिवजीको जटामा आई लपेटिनुहुन्छ। पछि पुनः भगीरथले साम्बसदाशिवजीको तपस्या गरेपछि शिवजी प्रसन्न भई पावन गङ्गा प्रकट गरिदिनुहुन्छ र सगरपुत्रहरू अर्थात् भगीरथका पितृहरूको उद्धार हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.३.८. वैद्यनाथमहिमा

रावणले तपस्या गरेर चन्द्रहास एवं खड्ग प्राप्त गरिसकेको थियो। पछि घरमा रहेको शिवलिङ्ग पातालमा धसिएपछि आफ्नी माताको आज्ञाअनुसार शिवजीलाई प्रसन्न पार्न रावणले तपस्या गर्छन्। रावणले आफ्नो शिर काट्दै शिवजीमा अर्पण गर्न थाले तर उक्त शिर पुनः रावणकै देहमा आई मिल्यो। यो क्रम दश पटकसम्म चल्यो तर पनि रावणले आफ्नो शिरको परवाह नगरेपछि साम्बसदाशिवजी प्रकट हुनुभयो। रावणले शिवजीलाई नै लिएर जाने वर मागे। शिवजीले शिवलिङ्ग प्रदान गर्नुभयो तर त्यसलाई पृथ्वीमा नछुवाईकन घर पुऱ्याउनुपर्ने आदेश थियो। रावणले पुष्पकविमान भएकाले कुनै समस्या नपर्ने वचन दिएपछि उक्त लिङ्गलाई लिएर आफ्नो घरतर्फ प्रस्थान गर्न थाले। बाटामा रावणलाई लघुशङ्का लाग्यो। तल हेर्दा जङ्गलमा ग्वाला गाई चराइरहेका रहेछन्। रावण त्यहीँ उत्रिएर ग्वालालाई शिवलिङ्ग समात्न दिई भुइँमा नराख्नसमेत आग्रह गर्दै शौचतर्फ लागे। सोही समयमा गाई हराएको देखी ग्वाला उक्त लिङ्ग त्यहीँ भुइँमा छोडी गाई खोज्नतर्फ लाग्यो। रावण शौचपछि फर्किएर आउँदा शिवलिङ्गलाई भुइँमा भेटे। बलशाली रावणको उक्त लिङ्ग उठाउने हर प्रयत्न विफल भयो। अन्ततः रावणले हार खाई फर्कनु परेको र उक्त स्थानमा वैद्यनाथ ज्योतिर्लिङ्ग स्थापित भएको हो।

९. अन्य शास्त्रमा शिवमहिमा

पुराणबाहेक अन्य लौकिक ग्रन्थहरूमा पनि परमेश्वरको भजनलाई नै मानिएको छ। संस्कृतका कालिदास, भारवि, माघ आदिले भगवान् शिवलाई आफ्ना काव्यको मूल विषय बनाएका छन्। यसैगरी नव्य व्याकरणकार पाणिनिले पनि महेश्वरकै तपस्या गरी प्रसादस्वरूप माहेश्वरसूत्र प्राप्त गरेका हुन्। माहेश्वरसूत्रमार्फत् सम्पूर्ण संस्कृत भाषालाई व्याकरणबद्ध गरी सर्वोत्कृष्ट व्याकरणकारको उच्च कोटिमा पुग्न पाणिनि सफल भएका हुन्। हरेक शास्त्रका जनक भगवान् शिव नै हुनुहुन्छ। सम्पूर्ण दर्शनका पिता परमेश्वर नै रहनुभएको छ। नृत्य, गीतसङ्गीतका आद्यस्रोत शिवजी नै रहेको कुरा **ॐ कारः सर्वदेवानां श्रेष्ठं साम च सामसु ॥** (लिङ्गपुराण, पूर्वार्द्ध ३२।६) लिङ्गपुराणको यस वचनबाट पनि सिद्ध हुन्छ। भारविको **किरातार्जुनीयम्**मा किरातेश्वर महादेवको चर्चा गरिएको छ। किरातेश्वर भगवान्का लीलाचरित्रगान गर्दै अर्जुनले पाशुपतास्त्र प्राप्तिका निम्ति गरेको तपस्या, अर्जुन र महेश्वरको धनुर्युद्ध अनि अन्त्यमा अजुर्नले पाशुपतास्त्र प्राप्त गरेको कथा किरातार्जुनीयम् महाकाव्यमा वर्णित छ। यसैगरी कुमार कार्तिकेयको जन्मको प्रसङ्गलाई मूल विषयवस्तु बनाएर कालिदासले **कुमारसम्भवम्** महाकाव्यको रचना गरेका छन्। यहाँ कुमार कार्तिकेयको जन्मको प्रसङ्ग एवं अन्य लीलाचरित्रसमेत काव्यात्मक शैलीमा प्रस्तुत गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी काव्य आरम्भ गर्दा परमेश्वरको मङ्गलगान गर्ने चलन पनि चलिआएको छ। महाकवि कालिदासले रघुवंश महाकाव्यको आरम्भमा भगवती पार्वती र परमेश्वर शिवजीको निम्नानुसार मङ्गलगान गरेकाछन् –

वागर्थाविवसम्पृक्तौ वागर्थप्रतिपत्तये।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥[१२]

१०. शिवजीका द्वादश ज्योतिर्लिङ्गको विशेष महिमा

शिवजीका द्वादश ज्योतिर्लिङ्गको विशेष महिमा रहेको छ। साक्षात् साम्बसदाशिवजी प्रकट हुनुभएको लिङ्ग नै द्वादश ज्योतिर्लिङ्ग हुन्। शिवजीका द्वादश ज्योतिर्लिङ्गको महिमागान यसरी गाइएको छ –

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम्।
उज्जयिन्यां महाकालमोङ्कारममलेश्वरम् ॥
परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम्।
सेतुबन्धे तु रामेशं नागेशं दारुकावने ॥
वाराणस्यां तु विश्वेशं त्र्यम्बकं गौतमीतटे
हिमालये तु केदारं घुश्मेशं च शिवालये ॥

यसरी द्वादश ज्योतिर्लिङ्गको नित्य पाठ गर्नाले सात जन्मसम्मका पाप नष्ट भई पुण्य प्राप्त हुने कुरा पनि शास्त्रमा वर्णन भएको छ।

शिवपञ्चाक्षरस्तोत्रको महिमा पनि विशेष रहेको पाइन्छ। सोही शिवपञ्चाक्षरस्तोत्रको पाठले शिवलोक प्राप्त हुने कुरा स्तोत्रमै निम्नानुसार बताइएको छ–

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ॥
मन्दाकिनीसलिलचन्दनचर्चिताय नन्दीश्वरप्रमथनाथमहेश्वराय।
मन्दारपुष्पबहुपुष्पसुपूजिताय तस्मै मकाराय नमः शिवाय ॥
शिवाय गौरीवदनाब्जवृन्दसूर्याय दक्षाध्वरनाशकाय।
श्रीनीलकण्ठाय वृषध्वजाय तस्मै शिकाराय नमः शिवाय ॥
वशिष्ठकुम्भोद्भवगौतमार्यमुनिन्द्रदेवार्चितशेखराय।
चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ॥

१२ रघुवंश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यक्षस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय।
दिव्याय देवाय दिगम्बराय तस्मै वकाराय नमः शिवाय ॥
पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥

१०.१. ज्योतिषशास्त्रमा शिवमहिमा

ज्योतिषशास्त्र खगोलीय ग्रहनक्षत्रहरूको अध्ययन गर्ने र तिनीहरूले स्थान र गतिअनुसार फलादेश गर्ने विद्या हो। आर्द्रा नक्षत्रका मालिक स्वयं शिवजी हुनहुन्छ। यसैगरी माघ र फागुन कृष्णचतुर्दशीका रात्रि शिवजीको विशेषपर्व मानिन्छ जुन वेला हरेक शिवालयमा मेला लाग्नुका साथै शिवपार्वतीको भव्य पूजाअर्चना हुने गर्दछ। शिवरात्रिमा शिवजीको व्रत गर्नाले समस्त मनःकामना पूर्ण हुन्छन् भन्ने धार्मिक एवं आध्यात्मिक मान्यता रहिआएको छ। सांस्कृतिक रूपमा पनि मेलापर्व लगाएर शिवजीको भव्य पूजाआराधना गर्ने चलन युगौँदेखि चलिआएको पाइन्छ। सम्पूर्ण ग्रहजन्यदोष शिवको आराधना गर्नाले नष्ट भएर जान्छन् भन्ने कुरा विविध शास्त्रहरूमा वर्णन पाइन्छ। शिवजीमा उत्पन्न क्षोभबाट भौम ग्रहको उत्पत्ति भएको र पछि पृथ्वीलाई पुत्रका रूपमा दिएको मङ्गलग्रहको प्रसङ्ग शास्त्रमा वर्णित छ।

१०.२. पाशुपतशास्त्र

माधवाचार्यले सर्वदर्शनसङ्ग्रह ग्रन्थमा शिवजीले तन्त्रशास्त्रको उपदेश पार्वतीमातालाई दिएको चर्चा गरेका छन्। यसैगरी लकुलीश पाशुपतदर्शनका प्रवर्तक नकुलीश वा लकुलीश थिए। कूर्मपुराण एवं लिङ्गपुराणका अनुसार यिनलाई शिवजीले द्वापर र कलियुगको सन्धिमा कुनै मृत शरीरमा पसेर शरीर धारण गरेका र हातमा लठ्ठी लिएकाले नकुलीश वा लकुलीश भनिएको हो। यिनले केही समय सुमेरु पर्वतको गुफामा बसेर तपस्या गरी उक्त दर्शन प्रतिपादन गरेका हुन्। यस दर्शनको मूल कुरा पाँच पदार्थहरू– कार्य, कारण, योग, विधि र दुःखान्तमा आधारित छ। यसमा सबै जड वा चेतन पदार्थ पशु(कार्य) हुन्, यी सबैका पति शिवजी हुनुहुन्छ जसलाई कारण भनिन्छ, जप ध्यान आदि योगको र भस्मस्नान आदि व्रतको पालना गर्नाले दुःखको अन्त्य हुन्छ, यी पञ्च पदार्थको यथार्थ ज्ञान नै मोक्षको मुख्य कारण हो भन्ने कुरा बताइएको छ। लकुलिशलाई भगवान् शिवको अवतार मानिन्छ।

११. निष्कर्ष

परमात्मा परमेश्वरको लीलाचरित्र अपरम्पार छ। वेद, ब्राह्मण, आरण्यक, उपनिषत्, रामायण, पुराण, महाभारत एवं अन्य हजारौँ लौकिक ग्रन्थहरूले पनि शिवपार्वती महिमागान प्रत्येक पदपदमा गरेको पाइन्छ जहाँ शिवमहिमागान छ त्यहाँ पार्वतीको पनि महिमा स्वतः भएको हुन्छ। यो संसार परब्रह्म परमात्माको नै क्रीडाभूमि भएकाले कणकणमा परमात्मा परमेश्वरको निवास रहेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिस्मृतिले समेत गान गरेका छन्। आशुतोष भगवान्को लीलागान जति गाए पनि अपूर्ण नै हुन्छ किनकि परमात्मा परमेश्वरको निवास नरहेको स्थान कहीँ पनि छैन। कालका पनि महाकाल, देवताका पनि देवता, आत्माका पनि परम आत्मा अक्षर परब्रह्मको लीला अपरम्पार छ। महादेव स्वयं प्रश्न पनि हुनुहुन्छ अनि स्वयं उत्तर पनि। त्यसैगरी आद्याशक्ति पार्वतीको महिमागानमा पनि श्रुति नेति नेति भन्ने अवस्थामा पुगेको छ। जति सुनौँ सुनिरहौँ लाग्ने, जति पढौँ पढिरहौँ लाग्ने लीलामय चरित्रका गाथा निरन्तर बढिरहेका छन्। आधुनिक प्रविधिसँगै परमात्मा परमेश्वरका श्रव्यदृश्य, भजन, नाटक, रूपक आदि हजारौँ रचना भएका छन्। पुस्तकाकारका रूपमा पनि थुप्रै स्तुति, कथा, कविता, निबन्ध आदि विषयवस्तुहरू आएको पाउन सकिन्छ। शिवमानसस्तोत्र, शिवताण्डवस्तोत्र शिवपञ्चाक्षरस्तोत्र, शिवमहिम्नः स्तोत्र आदि काव्यात्मक स्तुतिहरू अनगिन्ती पाइन्छन्। यसरी हेर्दा परमात्मा परमेश्वरको लीलागान जति गाएर पनि सकिँदैन। यस्ता अखिलेश्वर परमात्मा परमेश्वर देवाधिदेव महादेव र पार्वतीका चरणकमलमा कोटिकोटि नमन गर्दै शिवमा यो आलेख अर्पण गर्न चाहन्छु।

। साम्बसदाशिवार्पणमस्तु।

सन्दर्भग्रन्थ :

अथर्ववेद, *पञ्जाब : विश्वेश्वरानन्द-वैदिक-शोधसंस्थान,* ई.सं. १९६० ।

ऋग्वेदसंहिता *सायणव्याख्या,* (भाग १ -५), *पुणे : वैदिक संशोधक मण्डल,* सन् १९७२।

मैक्समूलर(सम्पा.), **ऋग्वेदसंहिता**, *वाराणसी : चौखम्बा संस्कृत सिरिजः,* ई.१९६५ ।

ऐतरेयब्राह्मण, *पुणे : आनन्दाश्रमः,* ई.सं.१९५९, ।

दुर्गासप्तशती, *गोरखपुर : गीताप्रेस,* वि.सं. २०६७ ।

श्रीमद्भागवतमहापुराण, द्वात्रिंशत् संस्करण, *गोरखपुर : गीताप्रेस,* वि.सं.२०६५ ।

अग्निपुराण, सम्पा.बलदेव उपाध्याय, *वाराणसी : चौखम्बा संस्कृत सिरिज,* सन् १९६० ।

महाभारत, *गोरखपुर : गीताप्रेस ,* वि.सं.२०३० ।

लिङ्गपुराण, *वाराणसी : मोतीलाल बनारसीदास,* सन् १९७६ ।

ब्रह्माण्डपुराण, *वाराणसी : मोतीलाल बनारसीदास,* सन् १९८० ।

पद्मपुराण भाग १ र २, *वरेली : संस्कृति संस्थान,* सन् १९७७।

विष्णुपुराण, *वाराणसी : मोतीलाल बनारसीदास,* सन् १९८०।

ब्रह्मपुराण, *प्रयाग : हिन्दी साहित्य सम्मेलन,* सन् १९७।

स्कन्दपुराण (खण्ड १-५), *कलकत्ता : मनसुखराय मोर,* सन् १९५९ ।

शिवमहापुराण, (सम्पा.) शिवदत्त मिश्र, *वाराणसी : सावित्री ठाकुर प्रकाशन,* सन् २०१३ ।

रुद्राष्टाध्यायी, *काठमाडौँ : ग्लोबल मदर डिभायन अर्गनाइजेसन,* वि.सं.२०६६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीता, शाङ्करभाष्य, *गोरखपुर : गीताप्रेस,* वि.सं. २०२८ ।

श्रीस्वस्थानीव्रतकथा, तृतीय संस्करण, *काठमाडौँ : जयकाली प्रकाशन प्रा.लि.,* वि.सं.२०७० ।

शुक्लयजुर्वेदसंहिता, (सम्पा.), जगदीशलाल शास्त्री *दिल्लीः मोतीलाल बनारसीदास,* ई.सं.१९७८ ।

शतपथब्राह्मण, (सम्पा.), अलवेरतन वेवर, *वाराणसी : चौखम्बा संस्कृत संस्थान,* सन् १९६४ ।

शर्मा, गिरिधर, **पुराणपरिशीलनम्**, *पटना : विहार राष्ट्रभाषा परिषद्,* सन् १९७० ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दब्रह्म

–प्रा. डा. कुलप्रसाद कोइराला

१. विषयप्रवेश

शब्दब्रह्मसम्बन्धी चिन्तन पूर्वीय दर्शनमा अति व्यापक र विशद किसिमले गरिएको पाइन्छ। पौराणिक, नैयायिक, साहित्यिक, वैयाकरण आदि सबैले कुनै न कुनै प्रकारले शब्दब्रह्मसम्बन्धी चिन्तन गरेकै छन्। आ-आफ्नो अनुशासनअनुसार पनि कतै सौर्यब्रह्म त कतै रस ब्रह्म, रूपब्रह्ममा पनि यस सम्बन्धी चर्चा भएको पाइन्छ। उपनिषत्‌ले त **"रसो वै सः"** रस आनन्दात्मक हुने र आनन्दसागर ब्रह्म नै भएकाले पनि त्यसो भनिएको छ। ब्रह्मको स्थिति विवर्तक, संवर्तक र शान्त गरी तीनप्रकारले व्याख्या गरेको भेटिन्छ। यसैलाई साकार ब्रह्म र निराकार ब्रह्म भनेर पनि भनिन्छ। साहित्यिकहरूले रसलाई चिनाउँदा नै ब्रह्मसँग लगेर ब्रह्मस्वादसहोदरसम्म पनि भन्न भ्याएको पाइन्छ। न्यायले ईश्वरको लक्षण गर्ने क्रममा यथा अन्यथा जे पनि गर्न सक्ने र यहाँ त्यहाँ जहाँ पनि विद्यमान्‌लाई ईश्वर (सर्वव्यापकत्वम् ब्रह्मत्वम् वा ईश्वरत्वम्) भनिन्छ भनेर ब्रह्मकै परिभाषा गरेको भेटिन्छ। वेदान्तले **"ब्रह्म सत्यं जगन्मिथ्या"** भनेर ब्रह्ममात्र सत्य भएको बताएको छ। साङ्ख्यले २५ तत्त्व मानेर पुरुषलाई चेतन र प्रकृति विकृतात्मक जड भनेको पाइन्छ। ब्रह्मको स्वरूपचिन्तनमा भने न्यूनाधिक समानान्तरता पाइन्छ। सबैजसोले ब्रह्म साकार निराकार छ भनेका छन्। निराकार ब्रह्म स्फटिकजस्तो हुन्छ । हरित, शुक्ल, पीतपटसंयोगले मात्र स्फटिक जसरी हरियो, नीलो, सेतो, पहेँलो या रातो देखिन्छ त्यसरी नै प्रकृतिको संयोगले मात्र ब्रह्म पनि अनेक गुणवान्‌जस्तो भासित हुन्छ। अन्यथा ब्रह्म त्रिगुणातीत छ। योग र पुराणहरूले त ब्रह्म सत्त्व, चिन्मय चैतन्य हो भनेर पनि मानेका छन्। प्रत्येक प्राणीको आत्मालाई नै ब्रह्म मानेर पुराणले साकार निराकार स्वरूप प्रतिपादन गरेको देखिन्छ। ज्ञानको आदि स्रोतका रूपमा वेदलाई लिइन्छ। वेदका छवटा अङ्ग छन्। शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष। (१) यसमध्ये शिक्षाको उपयोग वैदिक व्यञ्जन वर्ण, स्वर स्वरवर्ण तथा मात्राहरूको बोध गर्न गराउनका निमित्त गर्ने गरिन्छ। (२) कल्प आश्वलायन, आपस्तम्ब, बौधायन र कात्यायन आदिले बनाएका श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रहरू छन् जसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याग (यज्ञ) को प्रयोग र मन्त्रहरूका विनियोगको विधि बताइएको छ। (३) व्याकरण– यो शब्द र शब्दप्रकृति, प्रत्यय आदिको ज्ञानका माध्यमले पदस्वरूप र ती पदका अर्थको निश्चयपूर्वक ज्ञान गर्नका निमित्त उपयोगी मानिन्छ। (४) निरुक्त– यसमा पदविभाग, मन्त्रको अर्थ र ती मन्त्रका देवताको निरूपणद्वारा प्रत्येक पदको मुख्यार्थ र तिनका अवयवार्थको अर्थ निश्चयका निमित्त अति नै उपयोगी मानिन्छ। (५) छन्द– यो लौकिक र वैदिक पदका अक्षरलाई नियमित गर्नका निमित्त र पद, यति, विराम आदिको व्यवस्था गर्न र त्यो पद्धति सिकाउन अत्यन्त नै उपयोगी मानिन्छ। (६) ज्योतिष– यो यज्ञादि अनुष्ठानको समय यद्वा कालविशेषको व्यवस्थासम्बन्धी ज्ञानका निमित्त उपकारक मानिन्छ। वेदको मुखका रूपमा व्याकरण र ज्योतिषलाई आँखाका रूपमा समेत औंल्याइने गरिन्छ। आधुनिक जगत्मा पनि कुनै शब्दको अर्थ या प्रकृतिप्रत्यय बुझ्न वैयाकरणलाई नै भेट्ने र साइत आदि हेराउन या देखाउन चाहिँ ज्योतिषीकहाँ नै जाने प्रचलन छँदैछ।

१.२ वैयाकरणका मतमा ब्रह्म

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम्।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः॥ *(वाक्यपदीय–१)*

वैयाकरण भर्तृहरिले ब्रह्मकाण्डको आरम्भमा यो कारिका दिएका छन्। यसको व्याख्यामा विद्वान्हरूले रौंचिरा बुद्धिविलास पनि नगरेका होइनन्। सामान्यतया शब्दब्रह्म आदि अन्तरहित शून्य अथवा पूर्वापर विभागरहित, अक्षर (अर्थात् परप्रणवात्मक शब्दतत्त्व-परब्रह्म परात् शब्दब्रह्म) निमित्त भएका कारणले परापश्यन्ती संविद्रूप ब्रह्म। अर्थका पक्षमा चाहिँ गोघटादि बाह्यार्थ रूपमा सन्निविष्ट अनेकधा प्रतिभाष्यमाण समस्त वाङ्मयजगत् र सरित् सागर वनपर्वतात्मक चराचर जगत् उत्पन्न गर्ने भन्ने अर्थ निक्लने भएकाले शब्दब्रह्म पनि शान्त (निराकार) विवर्तमान अर्थात् अनेक उत्पत्तिरूप मानिन्छ। जसरी समस्त वाङ्मयमा प्रणवस्वरूप 'ॐ' रहन्छ त्यसरी नै शान्त अर्थात् संविद्रूप ब्रह्म पनि अविवर्त हुने भएकाले ब्रह्म र शब्दमा विभेद छैन भन्ने अर्थ हो। प्रकृतिमा विकृति आएर श्वेत स्तम्भ हरितपीत भएझैं एकातिर शब्दले अनेक अर्थद्योतन गराएर पनि पुनःवाङ्मयातीत प्रणवस्वरूप नै नित्य भएकाले शब्द ब्रह्म मानिएको हो। शब्दमा पनि प्रकृति र प्रत्यय लगाएर अनन्त शब्द बनाउन सकिन्छ भने ब्रह्म पनि प्रकृतिका सङ्गतमा आएर नानाप्रकारका सृष्टि गर्दछ। प्रकृतिको तुरीयावस्थामा ब्रह्म जसरी शान्त या संविद्रूपमा रहन्छ त्यसरी नै शब्द पनि ॐ अर्थात् प्रणवावस्थामा तिरोहित भएर रहने हुनाले शब्दलाई ब्रह्म भनिएको हो। भाषामा भावाभिव्यक्तिको माध्यम नै भाषा हुन्छ। वैयाकरणहरूका मतमा वाक्यद्वारा नै श्रोताका मनमा एउटा निरंश, संसर्गात्मक स्फोट-प्रकाशरूप संविद् उदय हुन्छ जसबाट तुरुन्त नै अर्थप्रतीति हुन थाल्दछ। यसलाई अभिन्न संसर्गरूप संवित् भनिन्छ। अपोद्धार कल्पनाद्वारा वाक्यमा मुख्य गरेर दुई अंशको सम्प्रत्यय हुन्छ जसलाई कारक र क्रिया, साध्य या सिद्ध अथवा नाम र आख्यात भनिन्छ। वास्तवमा यो भेदप्रतीति हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामात्मक निरंश या संसृष्टात्वमा प्रातिपदिक, लिङ्ग, सङ्ख्या र कारकोद्भूत भेदात्मक प्रतीति हुन्छ। यसै गरी आख्यातमा संसर्ग र धातु, साधन, काल, पुरुष र सङ्ख्या अर्थमा भेद द्रष्टव्य मानिन्छ। संसर्ग र भेदात्मक शक्तियुक्त भएकै कारण समस्त विकल्पभन्दा पर भैकन पनि शब्दब्रह्म सबै योग्यतात्मक अथवा घटपटात्मक शक्तियुक्त मानिन्छ। यदि यसो नहुने भए यो अनेकाकार 'गो' वाच्य वाचकरूप विश्व त केवल कार्यसाधक शक्तिको अंशको पनि समाहार मात्र हो, घट, पट, वृक्षादि वाच्यमा उदकाहरण, आच्छादन, छाया अनि फलप्रदानादि शक्ति जो देखिन्छन् तिनको बाधकत्व सम्भव हुने थिएन। एकै पदार्थमा अनेक शक्ति रहेको हुन्छ र विवक्षामा अवसरवश कुनै एक उद्भव भएको हामी बोध गर्दछौँ। यसका अतिरिक्त पनि वर्ण, पद अनि वाक्यमा विद्यमान मन्त्रमयी शक्ति र पदार्थमा सन्निहित औषधीय शक्ति, धर्माधर्मरूप शक्तिहरूका अतिरिक्त यी सबैको सूत्रधारिणी शक्तिका रूपमा रहेको कालशक्ति या अविद्या यसलाई पनि आफ्ना पेटमा लुकाएर राख्न सक्ने महिमामयी महाशक्ति विद्या जो ब्रह्मको स्वरूपभूत पनि मानिन्छ यी सबै ब्रह्ममा समाविष्ट छन् (*(वाक्यपदीय–२)*)।

शब्दब्रह्मका मूलतः दुई शक्ति छन्। एक विद्या अपर अविद्या। यसैले यसलाई विद्या र अविद्यामा प्रविभक्त भनिन्छ। दार्शनिक दृष्टिले हेर्दा अतत्त्वभूत अविद्या पनि विद्याभन्दा पृथक् छैन। यसो भएकाले नै ब्रह्मलाई अविभक्त रूपमा स्विकारिन्छ। वास्तवमा नै तत्त्व र अतत्त्वमा कुनै भेद हुँदैन। अविचारका दशामा तत्त्व नै अतत्त्वका रूपमा भासित हुन्छ।

अतत्त्वमिति मन्यन्ते तत्त्वमेवाविचारितम्॥ *(वाक्यपदीय–३)*

सत्यासत्य दुई होइनन्। त्यही अद्वयतत्त्व अनादिसिद्ध अविद्याविलासका कारण प्रमातादि विषयरूपमा अनेक वैकल्पिक आकार धारण गरेर व्यवहारपथमा ओर्लेको देखिन्छ। यसरी त्यही आकारगत अनेकताबाट उद्भावित स्वरूपभेदसम्पन्न भएर भासित हुन्छ अरू होइन। किनभने त्यसभन्दा अर्को केही छँदै छैन भने आउँछ कहाँबाट ? जो प्रकाश छ त्यही विद्या हो र अप्रकाश नै अविद्या या तम हो। वास्तवमा अविद्या विलय भएपछि ब्रह्मैकनिष्ठता दर्शन सुलभ हुन्छ। विद्या भनेको नै ब्रह्म हो, त्यही नै प्रणव पनि हो। **यत् तद् विद्यात्मकं ब्रह्म। यतः प्रणवो ब्रह्म एव, स एव विद्या**। यसरी हेर्दा शब्दब्रह्मका दुई अवस्था देखिन्छन्। एक सर्वपरिकल्पित एकघनप्रकाश दशा। अर्को नामरूपात्मक विकल्पलक्षित भेदप्रकाशदशा। यी सबै अवस्थामा ब्रह्म अनादि र अनन्त नै हुन्छ। यसले आदि र अन्त्यको आश्रय नै लिँदैन। अभूत्, भवति, भविष्यति अर्थात् अतीत, वर्तमान र भविष्यत् जस्ता कालभेदको निरन्तर अभ्यासमा पनि गोघटादि द्रव्यपरिमाणात्मक वस्तुको पनि पारस्परिक विभागको भावना या ज्ञानात्मक अभ्यासका क्रममा आउने वर्तमान गो, घट, वृक्ष, आदि धर्म, माटोरूप प्रकृतित्व शक्तिरूप, वर्तमान, अनभिव्यक्त अतीत, अनागत घटादि पदार्थरूप अधर्मबाट भेदप्रकाशदशामा पनि ब्रह्म अनादिनिधन नै साबित हुन्छ। किनभने ब्रह्म नै कार्यकारण भएकाले कस्को उत्पत्ति र कस्को विरोध ? एकै अखण्डब्रह्मबाट उत्पत्ति र व्यय पनि अव्यतिरिक्त नै हुन्छ। यसैबाट कार्यकारण पनि सिद्ध हुन्छ। यो कुमुद हो, यो घट हो, यो पट हो, भन्ने प्रत्यवभासमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकार परिग्रहद्वारा ब्रह्म विभक्त छ र प्रत्यवभास असत्य हुनाले ब्रह्म अविभक्त पनि छ भन्ने मानिने भएकाले कार्यकारणात्मक विभक्ताविभक्त एक अखण्ड ब्रह्मको गो, घट, एवं ब्रह्माण्डरूप कार्यमा प्रवृत्ति या उत्पत्तिको पूर्व मर्यादा र निवृत्ति या विकासको अपरकोटिको मर्यादा पनि निर्धारण गर्न सकिँदैन। अर्थात् एक ब्रह्माण्ड तदनन्तर्गतका काम यो सीमाभन्दा पहिले थिएनन् र यसभन्दा पछि पनि हुँदैनन्। त्यसो भएकाले यस्तो कालिक मर्यादा बाँध्नु पनि सम्भव हुँदैन। यसरी कार्यात्मक विभक्त या भेदप्रकाश दशामा पनि कालपरिच्छेदबाट शून्य हुनाका कारणले ब्रह्मको अनाद्यन्तता नै सिद्ध हुन्छ। फेरि यस ब्रह्मको मूर्त घटादिक विवर्त र तिनका अवयवको ऊर्ध्व, अध अनि पार्श्वदेश कहिँ पनि अन्त हुँदैन। कूर्मपुराणले पनि "**अण्डानामीदृशानां तु कोटचः सङ्ख्याः प्रकीर्तिताः**" भनेको पाइन्छ। यसरी एक ब्रह्माण्डको विनाश भए पनि अन्य बाँकी रहन्छन् नै। पदार्थको युगपत् विनाश हुँदैन। यसरी हेर्दा करोडौं ब्रह्माण्ड सधैं वर्तमान रहन्छन्। यिनको कुनै सीमा पनि छैन र गणना गर्न पनि सकिँदैन। यस प्रकार दश दिशामा रहेका विवर्तभावको न आदि छ न त अन्त नै। अतः भेदप्रकाशदशामा पनि देशकृतपरिच्छेद नभएका कारण वैश्विक अनादित्व प्रमाणित हुन्छ नै। जुन प्रकारले कपाल, पिण्ड, घट, मदिरा, चूर्ण आदि विकारहरू माटोरूप प्रकृतिसँगै अन्वित देखिन्छन्। त्यसै प्रकारले गो घटादि विविध रूपमा अभिव्यक्त शब्दार्थात्मक विकार पनि ब्रह्मरूप प्रकृतिसँग अन्वित हुने भएकाले यी विकार शब्दोपग्राह्य या शब्दस्वभावात्मक छन्। शब्द नै विविध विकारका रूपमा विवृत या परिणत भैरहेका हुने हुनाले शब्दकै स्वीकृति र शब्द नै ज्ञान, ज्ञाता या चैतन्य रूपबाट यिनलाई उपग्रहण गरिन्छ। अतः शब्दोपग्राह्य र शब्दोपग्राही भएकाले ब्रह्म र ब्रह्मशब्द तत्त्वका नामले पनि पुकारिन्छ। अर्थात् रूप, रस, गन्ध, स्पर्श आदि र शब्दात्मक समस्त जागतिक विकार आफ्नो प्रकृति या मूल कारणसँग अन्वित हुन्छन् र यिनको प्रकृति ब्रह्म हो र त्यो ब्रह्म वाग्रूप छ। "**कारणगुणाः कार्यगुणानारभन्ते**" कारणका गुणले नै कार्यका गुण निर्माण गर्दछन् भन्ने न्यायका आधारमा समस्त विकार शब्दरूप हुन्छन् किनभने ती कारणात्मा शब्दब्रह्मका कार्य हुन्। यसमा एउटा प्रमाण पनि रहेको देखिन्छ।–

शब्दब्रह्म यदेकं यच्चैतन्यं च सर्वभूतानाम्।
यत्परिणामस्त्रिभुवनमखिलमिदं जयति सा वाणी॥–

जुन एकमात्र शब्दब्रह्म छ, जुन सबै प्राणीहरूमा चैतन्यरूपमा वर्तमान छ। अखिलजगत् जसको परिणाम मानिन्छ, त्यो वाक्तत्त्व नै सर्वोत्कृष्ट छ। यसरी नै श्रीमद्भागवत महापुराणको एकादशस्कन्धको बाह्रौं अध्यायको सत्रौं श्लोकमा पनि भनिएको छ-

" **स एष जीवो विवरप्रसूतिः प्राणेन घोषेण गुहां प्रविष्टः।**
मनोमयं सूक्ष्ममुपेत्यरूपं मात्रा- स्वरो वर्ण इति स्थविष्ठः॥"

सम्पूर्ण जगत्को जीवनभूत त्यो शब्दब्रह्म नै ब्रह्मनाडीरूप विवरबाट मुख्य प्राणरूपमा आविर्भूत हुन्छ र घोषरूपबाट वाह्य गगनगुफामा प्रविष्ट हुन्छ। प्राण अपान आदि पञ्च प्राणरूप मुख्य या सूक्ष्मप्राणको वृत्ति हो। अतः **प्रणवः प्राणिनां प्राणे जीवनं सम्प्रतिष्ठितम्** यस न्यायका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार प्रणवात्मक मुख्य प्राण हृदयका गुफामा अनाहतनादका रूपले प्रकट हुन्छ र वाह्याकाश या ब्रह्माण्डका गुफामा त्यो प्रणवात्मक प्राणस्वभाव सूर्यरूपले अव्यक्त सप्तस्वरात्मक घोषसँग प्रतिष्ठित हुन्छ। उभयात्मक त्यो मनोमय पश्यन्ती एवं मध्यमात्मक सूक्ष्मरूप ग्रहण गरेपछि अक्षरावयव, ह्रस्वादि (मात्रा) स्वर (उदात्तानुदात्तस्वरितादि) वर्ण (अकार, ककारादि) स्थूलरूप पनि ग्रहण गर्दछ। **तच्चाक्षर निमित्तत्वादक्षरमित्युच्यते।** त्यो शब्दब्रह्म नै अकारादि अक्षर र ककारादि वर्णको पनि निमित्त हो। अतः तिनलाई अक्षर भनिन्छ। **नक्षरतीति अक्षरः। अकाराद्यक्षरस्य निमित्तत्वात्।** एकैको अनेकधा प्रतिभास नै विवर्त हो। **एकस्याऽनेकधाप्रतिभासो विवर्तः।** अक्षरशब्दद्वारा बोधित शब्दब्रह्म नै प्रणव हो। सम्पूर्ण विकल्पनिषेधानन्तर जो शेष रहन्छ त्यो शुद्धरूप प्रणवात्मक एकपदागम विद्या नै हो। **प्रणवो ब्रह्म स एव विद्येति।** प्रणव भनेको ब्रह्म अर्थात् विद्या हो। ऋग्वेद मण्डल १ सूक्त १६४ ३९ सौं मन्त्रमा पनि "**ऋचो अक्षरे परमे व्योमन् यस्मिन देवा अधिविश्वे निषेदुः**" मा पढिएको अक्षर शब्द प्राणवाचक मानिन्छ भनेर निरुक्ताचार्यहरू शाकपूणि, यास्काचार्य, दुर्गाचार्य, स्कन्दस्वामी र वेङ्कटमाधवले पनि बताएका छन्।[1] धारण गर्ने हुनाले पृथ्वी धातु हो। यो विशाल पृथ्वीको अन्तरालमा अभेदात्मक सत्य के छ ? भन्दा यसको उत्तरमा आउँछ विकल्प। कल्पना या भेदप्रकाश नै विकल्प पनि हो। यस विकल्पमा पनि सत्य के छ त ? भन्दा विज्ञान, चेतना, धातु या विद्या। किनभने वैयाकरण मान्दछन् "**नहि काचिदपि चेतना अशब्दास्ति। अनादिकालप्रवृत्तशब्दव्यापाराभ्यासवासितत्त्वाद् विज्ञानस्य। चैतन्यमेव पश्यन्त्यवस्था।** अर्थात् चेतना कहिल्यै पनि शब्दरहित हुँदैन। विज्ञान या चेतना अनादिकालदेखि प्रवृत्तशब्दव्यापारका अभ्यासले वासित छ। चैतन्य नै पश्यन्ती अवस्था हो। विज्ञानविद्यामा पनि सत्य ॐकार नै मानिन्छ। यो नै ब्रह्म हो। विद्या र ब्रह्ममा पनि दाहक अग्नि र दाही शक्तिसमान् धर्म र धर्मीको गुणका कारण भेद प्रतीति हुन्छ, परन्तु यी एक हुन्। ॐकारलाई अक्षर भन्ने त चलन छँदैछ। यसैलाई पद र वाक्य भन्ने पनि प्रथा रहेको पाइन्छ। वैयाकरणहरूले शब्दब्रह्मसम्बन्धी चर्चालाई अत्यन्त जन्जालमय बनाएर प्रस्तुत गरेका छन्। नागेश भट्टले लघुशब्देन्दुशेखर, बृहच्छब्देन्दुशेखर र कौण्ड भट्टले वैयाकरणभूषणसारमा पनि यससम्बन्धी विशद परिचर्चा गरेका छन्। यस सम्बन्धी चर्चाको दिशा भने यस्तै नै रहेको छ।

तस्यैकमपि चैतन्यं बहुधा प्रविभज्यते।
अङ्गाराङ्कितमुत्पाते वारीराशेरिवोदकम्॥

त्यो शब्दब्रह्मको एक अखण्डचैतन्यरूप नै प्रायः मनुष्य, पशु, पंक्षी आदिका रूपमा विभक्त हुने गर्दछ। जस्तो कि भूकम्पादि उत्पातका समयमा पानीको मुस्लो नै आगाको ज्वालाका रूपमा देखा पर्दछन्। **तस्मादाकृतिगोत्रस्याद् व्यक्तिग्रामा विकारिणः, मरुतादिव जायन्ते वृष्टिमन्तो बलाहकाः।** सम्पूर्ण आकृतिहरूको गोत्र या आद्या आकृति रूपमा स्थित ब्रह्मबाट अथवा समस्त

१ अवस्थी, २०४७: १६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकृति रूप र गोत्र नाममा विद्यमान् त्यै शब्दब्रह्मबाट नै अन्यान्य विकारका जनक व्यक्तिसमूह त्यसरी नै उत्पन्न हुन्छन् जसरी वायुविशेषबाट वृष्टिजनक बादल उत्पन्न हुन्छन् । **त्रयीरूपेण त ज्योतिः परमं परिवर्तते । पृथक्तीर्थप्रवादेषु दृष्टिभेदनिबन्धनम् ॥** त्यो शब्दब्रह्मात्मक परम परिशुद्धिज्योति पहिले ऋग्यजुसामनामक त्रयीका रूपमा विवृत हुन्छ । यही त्रयी नामक विवृत ब्रह्म नै भिन्न-भिन्न तीर्थ, आगम, प्रवाद या दर्शनमा दृष्टिभेदको कारण बन्दछ ।

शान्तं विद्यात्मकं तत्त्वं (ब्रह्म) तदुहैतदविद्यया ।
तयाग्रस्तमिवाजस्रं या निर्वक्तुं न शक्यते ॥

समस्त प्रपञ्चबाट विरहित भएका कारण शान्त, विद्यात्मक तत्त्व जो शब्दब्रह्म हो त्यो पनि प्रसिद्ध अविद्याको शक्तिद्वारा सततग्रस्तवत् प्रतीत हुन्छ । यो अविद्याशक्तिको निर्वचन पनि गर्न सकिँदैन । भनाइको मतलब यो शब्दब्रह्मभन्दा भिन्न छ कि अभिन्न यो निश्चयपूर्वक भन्न सकिँदैन। दसै दिशामा परिवृत्त अविद्यादि शक्तिको कुनै सङ्ख्या वा इयत्ता छैन । शुद्धावस्थामा त्यो अविद्याकै रूपमा रहँदा पनि रहँदैन । यो डोरी हो भन्ने ज्ञान भएपछि सर्प हराएजस्तै । सर्प त हरायो तर एकछिन पहिले सर्प ठानेर डराउँदाको छातीको ढुक्ढुकी र श्वासको तीव्रवेग त रहेकै हुन्छ । केही क्षणको भ्रम नाश भए पनि अघि सर्प नै ठानेर डराएको भ्रम होइन सत्य नै हो । त्यो क्षण फेरि नआए पनि त्यस्तै क्षण त पुनः पुनः आई नै रहन्छन् । समय क्षणहीन त हुँदैन ।

यथा विशुद्धमाकाशं तिमिरोपप्लुतोजनः ।
सत्कीर्णमिव मात्राभिश्चित्राभिरभिमन्यते ॥
तथेदममृतं ब्रह्म निर्विकारमविद्यया ।
कलुषत्वमिवापन्नं भेदरूपं विवर्तते ॥

जसरी आँखाका रोगले रुग्ण पुरुष निर्मल आकाशलाई पनि अनेक प्रकारका जाल, केश, नक्षत्र, चन्द्रमादिले परिव्याप्त मान्दछ त्यसरी नै यो अविनाशी प्रध्वंसाभावहीन तथा निर्मल ब्रह्म पनि अविद्याका कारणले मलिन भएर गोघटादि अनेक रूपमा भासित हुन्छ। कमलपित्त भएको मान्छेले सबै पदार्थलाई पहेँलो देख्छ। गोरुलाई कमलपित्त हुन्छ र उसले सेतो, कालो, हरियो, नीलो आदि नदेखेर सबै नै पहेँलो देख्दछ। यसरी नै मायाका कारणले ब्रह्मलाई पनि चिन्न सकिँदैन । किनभने माया, ब्रह्म र जीव समकालिक हुन् ।

ब्रह्मेदं शब्दनिर्माणं शब्दशक्तिनिबन्धनम् ।
विवृतं शब्दमात्राभ्यस्तास्वेव प्रविलीयते ॥

यो शाब्दिक तथा व्यावहारिक जगत् शब्दनिर्माण, शब्दसार या शब्दतत्त्वात्मक ब्रह्म नै हो । शब्दतत्त्व कालशक्ति या अविद्याद्वारा बाँधिएर रहेको छ । शब्दतत्त्वको मात्रा, अंश, या अक्षर आदिबाट नै यसको विवर्तन भएको छ । त्यसैमा यसको लय पनि हुने भएकाले नै **स्फुटति विकसति**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थोऽस्मादिति स्फोटः । जसबाट अनेक प्रकारका अर्थ विकसित हुन्छन् त्यो स्फोट हो । शब्दबाट नै अर्थ विकसित हुन्छ । यो (अर्थ) आगन्तुक या अर्को होइन । जसरी कोपिलाबाट फूल प्रस्फुटित हुन्छ त्यसरी नै स्फोटबाट पनि अर्थ प्रस्फुटित हुन्छ । यो प्रकाश वा ज्ञानस्वरूप नै छ । यही वैखरीरूपले शब्द कलेवर ग्रहण गर्दछ । **ज्ञानस्य शब्दत्वापत्तिरिष्यते** । अतः यो शब्द ब्रह्म हो । परम ज्योति या स्फोट हो । वाङ्मयजगत् या व्यावहारिक जगत् दुवै क्रिया, कारक, फलरूप मानिन्छन् । कौण्ड भट्टले पनि भनेका छन्-

श्रीलक्ष्मीरमणं नौमि गौरीरमणरूपिणम् ।
स्फोटरूपं यतः सर्वं जगदेतद्विवर्तते ॥

श्री अर्थात् सरस्वतीसहित लक्ष्मीसँग रमण गर्ने विष्णुलाई मेरो नमस्कार छ, जो गौरीसँग रमण गर्ने शिवभन्दा पनि पृथक् छैनन् र जो स्फोट या प्रकाशरूप छन् अनि जसमा यो चराचर जगत् समायोजित छ । यसरी प्रकाशघन चैतन्यलाई नै स्फोट भनिएको देखिन्छ । जस्तै महाकाश, घट, मठ, वनादिका उपाधिमा अनुमान गरेपछि त्यसैमा परिसीमित भएर घटाकाश, मठाकाश र वनाकाशका नामले परिचित हुन्छन् त्यसरी नै एक अखण्डप्रकाशघन चैतन्यरूप स्फोटले वर्णरूपी शरीर पाएर वर्ण स्फोट, पद स्फोट र वाक्यस्फोटरूप शरीरमा सीमित भएकाले नै तत्तत् नाम लाभ गर्दछन् । यसो भएकाले नै पतञ्जलिले भनेका छन्– **सोऽयमक्षरसमाम्नाय....चन्द्रतारकवत्प्रतिमण्डितो वेदितव्यो ब्रह्मराशिः** । वर्णमाला नित्य एवं अनादि छ । त्यो ब्रह्मराशि मानिन्छ । अथवा ब्रह्मतत्त्व नै शब्दरूपमा प्रकाशित भएको हो । कैयट पनि भन्छन्– **ब्रह्मतत्त्वमेव शब्दरूपतया प्रतिभातीत्यर्थ** । जस्तो एउटै मुखरूप विम्ब मणि, दर्पण, कृपाणादिमा अनेकधा प्रतिबिम्बित हुन्छ । त्यस्तै एउटै खण्ड स्फोटात्मक बिम्ब स्थानाधिकरणका कारणले अनेक वर्णमा प्रतिबिम्बित हुन्छ । ह्रस्वदीर्घप्लुत, वर्ण तथा पद अनि वाक्य त्यही प्रकाशात्मक स्फोटको अभिधानरूप विवर्त हो । षल गतौ धातुबाट औणादिक (सलिकल्यानि ५७) सूत्रले इलच् प्रत्यय गरेर **सलति गच्छति एकीभवति जगद्यत्रेति** भन्ने व्युत्पत्तिबाट ब्रह्मको बोध गराउने सलिल शब्द बन्छ । **अप्रकेतं सलिलं सर्वमा इदम्** भन्ने ऋग्वेदको मन्त्रमा पनि सलिलको अर्थ ब्रह्म नै रहेको देखिन्छ । यसरी नै **यावद्विकाराविकारिविषयमेकत्वरूपं पृथकत्वरूपं वा सर्वं तत्कृत्येकत्वाननतिक्रममेणात्येतदाम्नातम्** । यो व्यक्त वाङ्मयजगत् एवं व्यावहारिक जगत्मा जति पनि विकारी कारण र विकारी कार्य विषयक जुन पृथक्ता छ । त्यसले प्रकृति अर्थात् महाकारण शब्दब्रह्मको एकतालाई अतिक्रमण गर्दैन भनेर आम्नायमा बताइएको छ । घट, प्रसन्नादि विकार माटोरूप कारणकै कार्य हुन् । माटामा एकत्व र घटादिमा पार्थक्य पनि स्पष्टै छ । कटक, कुण्डल, कङ्कणादि सुवर्णरूप विकारी कारणकै कार्य हुन् । यी सबै कार्यकारणात्मक एकानेकरूप पदार्थमा महाकारणरूप शब्दब्रह्म नै अनुस्यूत हुन्छ । यसरी सम्बन्धमा एउटा उदाहरण लिउँ- सुधी उपास्य यहाँ सुध् य्+उपास्यः । सुद् ध् य्+उपास्य । यी विकार हुन् । सुध्युपास्य यो चाहिँ विकारी या कारण हो । यसरी नै एकानेक कार्यकारण शब्दविकारमा ॐकार अनुस्यूत हुन्छ । इण्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गतौको अन्तर्भावितण्यर्थरूप 'य' 'अस भुवि' सकारादिरूप सत् यी विकार हुन् । पाणिनि र महादेवको भगवान् भक्तपरम्पराबाट व्याकरण आएको हो भनिएको छ एकातिर भने अर्कातिर पाणिनिपूर्व नै आठवटा व्याकरण प्रचलित रहेको पनि परम्परा भेटिन्छ । पातञ्जल महाभाष्यमा उद्धृत ऋग्वेदको एउटा मन्त्रका सम्बन्धमा अनेक मतवाद देखिएका छन् ।

चत्वारि श्रृङ्गा त्रयोऽस्य पादा द्वे शीर्षे सप्त हस्तासो अस्य ।
त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्यां(न्) आविवेश ॥

यसको व्याख्यामा पनि आआफ्नो रुचि, संस्कार, सम्प्रदाय र शैक्षिक मतानुसारका तर्क अघि सारेको देखिन्छ । वृषभाचार्य, कैयट, पतञ्जलि मुख्य व्याख्याताका रूपमा रहे पनि अन्यका नाममा रौँचिरा तर्क प्रस्तुत भएको पाइन्छ । पतञ्जलिकै व्याख्या समीचीन रहेको पनि देखिन्छ। उनी भन्छन्– **चत्वारि श्रृङ्गाणि-पदजातानि नामाख्यातोपसर्गनिपातश्चेति, त्रयोऽस्य पादा- त्रयः कालाः भूतभविष्यद्वर्तमानाः, द्वे शीर्षे-शीर्षे द्वौ शब्दात्मानौ नित्यः कार्यश्च, सप्त हस्तासो अस्य-सप्त विभक्तयः, त्रिधाबद्ध-त्रिषु स्थानेषु बद्ध उरसि, कण्ठे, शिरसीति । वृषभो वर्षणात् । रोरवीति शब्दं करोति । कुतः एतत् रौति शब्दकर्मा । महो देवो मर्त्यां आविवेश-महान् देवः शब्दः, मर्त्यां-मरणधर्माणो मनुष्याः, तानाविवेश । महता देवेन नः साम्यंस्यादित्यध्येयं व्याकरणमित्यर्थः** । अर्थात् यसका चारवटा सींग भनेका नाम, आख्यात, (क्रियापद) उपसर्ग र निपात हुन् । यसका तीनवटा गोडा भनेका चाहिँ भूत, भविष्यत् र वर्तमान् समेत तीनकाल हुन् । दुई शिर भनेका चाहिँ दुई शब्दात्मा नित्य र कार्यलाई भनेको हो । यसका सातवटा हात भनेका चाहिँ प्रथमा सु, औ, जस. । द्वितीया अम्, औट, सस् । तृतीया टा, भ्याम्, भिस् । चतुर्थी ङे, भ्याम्, भ्यस् । पञ्चमी ङस्, भ्याम्, भ्यस् । षष्टी ङस्, ओस् आम् । सप्तमी ङी, ओस्, सुप् गरिएका सात विभक्ति हुन् । छाती, घाँटी र शिरमा बाँधिएको वृषभ साँढे (शब्द बर्साउन सक्षम) शब्द गर्दछ। कसरी रौति यो क्रियार्थक शब्द हो। महादेव रूप वाणी, मरणशील मान्छेमा प्रवेश गऱ्यो । यसले पनि महादेव र शब्दलाई सम्बन्धित देखाएकै देखिन्छ । यद्यपि कसैकसैले महो देवोको अर्थ महादेव नगरेर महान् देवता भन्ने पनि गरेका छन् । वेद, तन्त्र र योग तीनवटै मार्ग अन्त्यतः जहाँ गएर टुङ्गिन्छन् त्यो नै ब्रह्माण्डगुफा हो र त्यसैलाई आधुनिक विज्ञानले 'ब्ल्याक होल' भन्ने नाम दिएको छ । जसरी प्रोटोन इलेक्ट्रोन र न्युट्रोनले सन्तुलन कायम गरेको कुरो क्वान्टम फिजिक्सले गर्दछ त्यसरी नै ब्रह्मा, विष्णु र महादेवभन्दा परको परब्रह्म शक्ति नै अन्तिम शक्ति पूर्वीय दर्शनमा मानिन्छ। यसरी शब्दब्रह्मका सम्बन्धमा प्रायः सबै अनुशासनका मानिसले आफ्ना कोण र दृष्टि प्रकट गरेका छन् । अइउण्, ऋ, लृकादिलाई माहेश्वरसूत्र भनिन्छ। यस सम्बन्धमा एउटा भनाइ-

"नृत्यावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम् ।
उद्धर्तुकामान् सनकादि सिद्धानेतद् विमर्शे शिवसूत्रजालम् ॥"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिनि मन्दबुद्धिका थिए रे। गुरुले महादेवको आराधना गर अनि मात्र तिमीलाई पढ्न आउँछ भनेर शिक्षा दिएछन्। पाणिनिले पनि विधिपूर्वक महादेवको ध्यान आराधना गरेपछि महादेव प्रसन्न भएर मैले बजाएको डमरुको आवाजलाई बुझेर यदि काम गर्न सक्यौ भने तिम्रो प्रख्यातिका सामु अरू फिका हुनेछन् भनेर पहिला सम्झाएछन् र पछि डमरु नौ र पाँचपटक बजाएछन्। यसरी ९+५=१४ खेप महादेवले डमरु बजाएर अन्तर्ध्यान भएछन्। यसैले उपर्युक्त अइउणादिलाई चतुर्दशसूत्र पनि भनिन्छ। यसरी परात्पर ब्रह्मले नै दिएकाले यो व्याकरण आजको दुनियाँमा पनि प्रसिद्ध भएको हो।

१.३ उपनिषदादिमा ब्रह्म

१.३ (क) शास्त्रसर्वेक्षण

पूर्वमा सम्प्रति जति पनि दार्शनिक सम्प्रदायहरू छन् ती सबै वेदान्त दर्शनअन्तर्गत आउँछन्। यद्यपि यसका व्याख्यामा पनि एकरूपता भने छैन। पहिले द्वैतवादी व्याख्या भयो पछि अद्वैतवादी। वेदान्तको शाब्दिक अर्थ हो वेदको अन्त। वेद आर्यसनातनीको आदि धर्मग्रन्थ हो। यो दुई अंशमा विभाजित छ १. कर्मकाण्ड, २. ज्ञानकाण्ड। पहिलो कर्मकाण्डअन्तर्गत ब्राह्मणका प्रख्यात मन्त्र तथा अनुष्ठानलाई लिने गरिन्छ। दोस्रो ज्ञानकाण्डअन्तर्गत औपनिषदिक चिन्तनहरू पर्दछन्। यी उपनिषत् पनि कुनै वेदसँग सम्बन्धित छन् भने कुनै चाहिँ ब्राह्मणग्रन्थसँग सम्बद्ध छन्। अचेल वेदलाई केवल ऋचा र कर्मकाण्ड मात्र बुझ्न थालिएको छ। यो पश्चिमा प्रभावका कारणले भएको देखिन्छ। वेदलाई श्रुति पनि भनिन्छ। यसको अर्थ हुन्छ सुनेको। प्रेसको आविष्कार नभएका वेलामा जुन ज्ञान गुरुका मुखबाट सुनेर शिष्यहरूले ग्रहण गरे त्यसलाई श्रुति भन्ने परम्परा बसेको हो। ईशोपनिषत् जो शुक्लयजुर्वेदको चालिसौं अध्यायसँग सम्बद्ध छ र अन्य उपनिषत्हरू न वेद न ब्राह्मण अन्य भागकै अंशका रूपमा पनि मानिन्छन्। उपनिषत्हरू १०८ मानिन्छन्। वेदका अनेक भागहरू आज उपलब्ध छैनन्। ब्राह्मणका पनि कैयौं भागहरू आज उपलब्ध छैनन् या नष्ट भए। व्यावहारिक दृष्टिले वेदान्त नै आर्यसनातनधर्मीका धर्मग्रन्थ हुन् किनभने जति पनि आस्तिक ग्रन्थहरू छन् ती सबैले यसैलाई आधार मान्छन्। व्यासको जो अन्तिम दर्शन छ उनैले पहिले प्रतिपादन गरेको दर्शनका अपेक्षा वैदिक विचारमा अधिक आश्रित रहेको पाइन्छ। यसमा साङ्ख्य र न्यायजस्ता प्राचीन दर्शनको पनि वेदान्तसँग सामञ्जस्य स्थापना गरिएको देखिन्छ। व्यासको यो ब्रह्मसूत्रको पनि अनेक भाष्यकारले अनेक प्रकारले व्याख्या गरेका छन्। यिनै व्याख्याबाट तीनवटा दार्शनिक पद्धति या सम्प्रदायको विकास भएको पाइन्छ। १. द्वैत, २. विशिष्टाद्वैत, र ३. अद्वैत। यी तीनैथरी वेदान्ती तीन कुरामा एकमत रहेका पाइन्छन्। वेद, ईश्वर र सृष्टिचक्र यी तीनैथरी वेदान्तीहरूलाई स्वीकार्य छन्। सृष्टिसम्बन्धी कुरालाई विचार गर्दा सम्पूर्ण जडतत्त्वको उद्भावक आकाश भएको हो भन्ने मानिन्छ। सृष्टिका सुरुमा आकाश स्थिर तथा अव्यक्त रहन्छ। पछि जतिजति प्राण क्रियाशील

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ उतिउति नै आधिकारिक स्थूलपदार्थ उत्पन्न हुँदै जान्छन् । जस्तै वृक्ष, पशु, मनुष्य, पंक्षी नक्षत्र आदि । यसपछि प्रलय प्रारम्भ हुन्छ । सबै पदार्थ सूक्ष्मातिसूक्ष्मरूप प्राप्त गर्दै मूलभूत आकाश र प्राणमा परिवर्तीत हुन्छन् । यसपछि केही समय यत्तिकै रहेर पुनः पहिलेकै प्रक्रियाबाट सृष्टि प्रारम्भ हुन्छ । आकाश र प्राणभन्दा पर पनि एउटा सत्ता छ जसलाई महत् भनिन्छ । महत्ले आकाश एवं प्राणलाई निर्माण गर्दैन अपितु स्वयं नै ती रूप धारण गर्दछ । साङ्ख्यदर्शनका अनुसार महत्को प्रतिक्रियात्मक शक्ति जसलाई बुद्धि भनिन्छ त्यो महत्तत्त्वबाट उत्पन्न हुन्छ । वास्तवमा बुद्धि महत्को परिवर्तित रूप हो अथवा त्यसकै परिवर्तीत रूप हो । महत् नै स्पन्दनशील बुद्धिमा परिवर्तन हुन्छ । यिनीहरूकै संयोगबाट विश्वको निर्माण हुन्छ । महत्भन्दा पर पनि सत्को एउटा अवस्था हुन्छ जसलाई अव्यक्त भनिन्छ । यस अवस्थामा महत्को अस्तित्व हुँदैन । सत्को अवस्थालाई आकृति पनि भनिन्छ । प्रकृतिभन्दा पुरुष निहायत बेग्लै हुन्छ । साङ्ख्यका अनुसार यो पुरुष नै आत्मा हो जो निर्गुण सर्वव्यापी पनि हुन्छ । यो कर्ता होइन द्रष्टामात्र हो । यसको स्वरूप बुझाउनका निमित्त स्फटिकको उदाहरण दिइएको छ । स्फटिकको कुनै रङ हुँदैन । कुनै प्रकारको रङ त्यसका नजिक राख्यो भने त्यही रङको देखिन्छ । यस मतलाई वेदान्तीहरू मान्दैनन् । यहीं यिनको झगडा छ । वेदान्तीहरू मौलिकस्तरमा नै पुरुष र प्रकृतिलाई अभिन्न मान्दछन् । द्वैतवादी पनि के स्वीकार्दछन् भने आत्मा या ईश्वर संसारको केवल निमित्त कारण मात्र होइन उपादान कारण पनि हो ।यो पनि उनीहरूको ओठे स्वीकृति मात्र हो किनभने यिनीहरू दृश्यमान विश्वका निमित्त तीनप्रकारको सत्ता मान्छन्- ईश्वर, आत्मा र प्रकृति । मानौं प्रकृति र आत्मा ईश्वरको शरीर हो । यसकारण पनि के भन्न सकिन्छ भने ईश्वर र प्रकृति अभिन्न छ । पारमार्थिक दृष्टिले त यी दुईमा भिन्नता रहन्छ नै । सृष्टिका प्रारम्भमा यसले व्यक्त रूप धारण गर्दछ भने प्रलयावस्थामा सूक्ष्मरूप । अद्वैत वेदान्ती आत्माको यस प्रकारको व्याख्या स्विकार्दैनन् र यिनीहरूका मतको समर्थन प्रायः सबै उपनिषत्मा पाइन्छ पनि । उपनिषत्कै आधारमा यिनीहरू आफ्नो मत प्रतिपादन पनि गर्दछन् । सबै उपनिषत्को विषय र उद्देश्य एकसमान छ । माटाको एक कणका बारेमा जानेपछि सबै माटाको ज्ञान भए जस्तै यो विश्वोत्पत्तिमा पनि कुनै यस्तो तत्त्व छ जसलाई जानेपछि संसारलाई बुझ्न शेष रहँदैन ।[२] अद्वैतवादी विश्वलाई एकै सामान्य रूपमा हेर्छन् । यो सारा विश्व एक छ । यही एक सत्य नै नानारूपमा प्रतिभासित हुन्छ । यिनीहरूका विचारमा साङ्ख्यिकहरूका प्रकृतिको अस्तित्व त छ परन्तु ईश्वर प्रकृति भने अभिन्न नै छन् । विश्व, मनुष्य, जीवात्मा जति पनि छन् ती र अन्य सबै सत्ता सत्का नै भिन्नभिन्न रूप हुन् । मन् र महत् त्यही सत्का व्यक्त रूप हुन् । यसमा विरोधीहरू यो त सर्वेश्वरवाद भयो भन्छन् । झगडा नै यही हो । अपरिवर्तनीय सत् र परिवर्तनीय प्रकृतिमा कसरी सम्बन्ध हुन्छ ? यसको समाधानका निमित्त अद्वैत वेदान्तीहरूले विवर्तवादको कल्पना गरे । समस्त विश्व ब्रह्मकै प्रातिभासिक रूप हो । यसरी ब्रह्म प्रातिभासिक उपादान कारण हो न कि वास्तविक उपादान कारण । यस सम्बन्धमा नै

---

२ छान्दोग्योपनिषत्, ६।१।४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डोरी सर्पको उदाहरण आएको देखिन्छ । व्यक्ति अज्ञानवश जगत्‌लाई देख्छ, ब्रह्मलाई देख्दैन जसरी डोरीलाई सर्प मानेर डराएर चिच्याउने व्यक्ति नै वास्तविक ज्ञान भएपछि जिल्लिन्छ, त्यसरी नै उसलाई जब ब्रह्मको ज्ञान हुन्छ तब उसका अघिल्तिर जगत् हुँदैन । अज्ञान जसलाई माया भनिन्छ त्यो जगत्‌को कारण हो किनभने यसैका कारणले निरपेक्ष अपरिवर्तनशील सत् जगत्‌का रूपमा प्रतिभासित हुन्छ । यो माया पनि शून्य या असत् चाहिँ होइन । यो सत् पनि होइन । यसैले वेदान्तमा यसलाई अनिर्वचनीय भनिएको छ । माया नै जगत्‌को यथार्थ कारण हो, ब्रह्म उपादान कारण हो भने माया नामरूपको कारण हो । ब्रह्म नानारूपमा परिवर्तन भएको जस्तो लाग्छ । यसरी अद्वैतीहरूका नजरमा जीवात्माको कुनै स्वतन्त्र अस्तित्व रहेको देखिँदैन । उनीहरूका मतमा माया नै जीवात्माको अस्तित्वको कारण हो । पारमार्थिक दृष्टिले त त्यसको वास्तवमा नै कुनै अस्तित्व छैन नै । यथार्थमा हामी सबै एक हौँ । हाम्रो द्वैतदृष्टि नै सारा अनिष्टको कारण हो । जब हामी आफूलाई संसारबाट पृथक् बोध गर्दछौँ अनि भय उत्पन्न हुन्छ । अनि दुःखको अनुभव पनि हुन्छ । जब हामी अरूबाट सुन्छौँ, अरूलाई देख्छौँ त्यो अल्प हो भने जब व्यक्ति अरूलाई देख्दैन, सुन्दैन त्यो भुमा हो, त्यही नै ब्रह्म हो । भूमामा परम सुख छ, अल्पमा छैन ।[३] अद्वैत दर्शनका अनुसार परमतत्त्वको तिर्यग्भावकै कारण सांसारिक नामहरू प्रतिभास हुन्छन् र मान्छेको पारमार्थिकस्वरूप लुप्त हुन्छ । वस्तुतः त्यसको परिवर्तन हुँदैन । यो बोध निम्नकोटिको यस कारण मानिन्छ कि उसमा हुने देवत्वांशभन्दा मायाजनित अध्यास अधिक हुन्छ । जुन पदार्थमा यस प्रकारको अभ्यास कम हुन्छ त्यो सबैभन्दा उच्चकोटिको हुन्छ। सबै वस्तुमा त्यही देवत्वको अंश हुन्छ। यसैबाट नैतिकताको पनि आधार प्रकट हुन्छ। अरूलाई दुःख दिनु हुँदैन। सबैलाई अभिन्न मानेर उनीहरूका साथमा समान व्यवहार गर्नुपर्छ किनभने सबै नै मौलिक रूपमा एक हुन् । यसरी हेरेपछि अरूलाई कष्ट दिनु भनेको आफूले आफैँलाई कष्ट दिनु हो । अरूलाई माया गर्नु आफूले आफैँलाई माया गर्नु हो । यसरी अद्वैतले नैतिकताको त्यो सिद्धान्त उत्पन्न गर्दछ, जसको समाहार आत्मोत्सर्ग शब्दमा देखापर्दछ । यिनीहरूका मतमा जीवात्मा नै दुःखको कारण हो । यही नै ईर्ष्या, घृणा, दुःख, सङ्घर्ष आदिको जड हो । यसैको परिहारबाट सबैको परिहार हुनसक्छ । मान्छे जब एउटा सानो कीराका निमित्त आफूलाई नै उत्सर्ग गर्न तयार हुन्छ तब उसले पूर्णत्व पाउँछ । शिवी, मोरध्वज आदि पौराणिक उदाहरण यसैका प्रतीक मानिन्छन् । पूर्णत्व नै जीवनको अभीष्ट हो । मान्छे जब उत्सर्गलायक बन्छ तब उसबाट अज्ञानको आवरण उठ्छ, भ्रमको झिल्ली च्यातिन्छ र उसले आफूलाई चिन्दछ । जीवनकालमा नै उसलाई यो अनुभव हुन्छ कि उसमा र संसारमा कुनै अन्तर छैन । केही समयका निमित्त त यस्ता व्यक्तिका निमित्त संसार लोप हुन्छ र आफ्नो स्वरूपको बोध हुन्छ । किन्तु जबसम्म मान्छेको वर्तमान शरीरको कर्म अवशिष्ट रहन्छ तबसम्म उसले जीवनधर्म निर्वाह गर्नैपर्छ । यस अवस्थामा अविद्याको आवरण त विनष्ट भैसकेको हुन्छ तर शरीरले चाहिँ केही समयकै लागि भए पनि रहनु आवश्यक हुन्छ । एकदिन त्यो

३ छान्दोग्योपनिषत्, ७।२३।४।१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरीचिका पनि जब विलीन हुन्छ तब पछि त्यस्तो भ्रमात्मक तत्त्व आए पनि मान्छे भ्रमित हुँदैन। यस प्रकार अद्वैतवादीका मतमा यथार्थ ज्ञान प्राप्त भएर संसार फेरि प्रत्यक्ष हुन्छ किन्तु अब अघिको कष्टकर संसार सच्चिदानन्द बन्छ। यिनीहरूका अनुसार यस जीवनको अभीष्ट नै सच्चिदानन्द प्राप्त गर्नु नै हो। ॐ नै एउटा यस्तो ध्वनि छ जो सारा ध्वनिको भित्तिकास्वरूप भएर रहेको हुन्छ। यसमा भएको पहिलो अक्षर 'अ' समस्त ध्वनिहरूको मूल मानिन्छ। यो समस्त ध्वनिको साँचो समान छ। किनभने यो जिह्वा या तालुको कुनै पनि भागलाई स्पर्श विना नै उच्चरित हुन्छ। 'म्' यस शृङ्खलाको अन्तिम ध्वनि हो। यसलाई उच्चारण गर्दा दुवै ओठ बन्द गर्नुपर्छ। 'उ' ध्वनि उच्चारण गर्दा जिह्वाको मूलदेखि मुखको मध्यवर्ती ध्वन्याधारको अन्तिम सीमासम्म सोहोरिएर आउँछ। यसरी ॐ शब्दद्वारा ध्वनि उत्पादनका समस्त प्रक्रियाहरू पूरा हुन्छन्। यसो भएकाले नै यसलाई वाचक ध्वनि र समस्त ध्वनिहरूको जननीस्वरूप छ भनिएको हो। जतिप्रकारका शब्दोच्चारित हुन सक्छन् या हाम्रा तागतमा जति पनि प्रकारका शब्दोच्चारणसामर्थ्य छन् ॐ ती सबैको सूचक मानिन्छ। अर्कोतिर जेजति पनि धर्मभावहरू छन् ती सबै ॐकारमा नै केन्द्रित हुन्छन्। सबै वेदले यसैलाई अवलम्बन गरेका छन्। अंग्रेजीको (God) शब्दलाई नै लिऊँ यसले जुन भाव प्रकट गर्दछ यो धेरै टाढा जान सक्तैन। यसबाट अन्य कुनै भाव व्यक्त गर्न चाहँदा त्यसमा विशेषण नलगाई हुँदैन। जस्तै सगुण (personal) निर्गुण (impersonal) निर्विशेष (absolute) आदि। अन्य कुनै पनि भाषामा ईश्वरवाचक जुन पनि शब्द भेटिन्छ त्यसमा पनि यही नै कुरो लागू हुने स्थिति रहेको देखिन्छ। ॐशब्दमा भने यी सबै प्रकारका भाव व्यक्त गर्ने सामर्थ्य भएकाले नै यसलाई शब्दब्रह्म भनिएको हो।

साङ्ख्यदर्शनानुसार चाक्षुस् प्रत्यक्षका निमित्त चक्षुजस्ता उपकरणको आवश्यकता पर्दछ। यिनलाई पनि चक्षु तत्त्वादिले मिलेर निर्माण गरी दर्शनेन्द्रिय खडा गर्दछन्। यी बाह्योपकरण मानिँदैनन् तापनि यिनका अभावमा आँखाले देख्न सक्तैनन्। प्रत्यक्षका निमित्त अन्य उपकरणको पनि आवश्यकता पर्दछ। इन्द्रियसँग मनको पनि संयोग आवश्यक छ। बुद्धिसँग संवेदनाको संयोग पनि आवश्यक छ किनभने मनको त्यो शक्ति जसबाट रूप निर्धारण गर्ने प्रतिक्रिया उत्पन्न हुन्छ र बुद्धिका कारण जव प्रतिक्रिया उन्पन्न हुन्छ तब बाह्यजगत् र अहंकार पनि प्रतिभासित हुन थाल्दछ। यसपछि इच्छा उत्पन्न हुन्छ। जसरी प्रकाशको आनुक्रमिक संयोगबाट उचित चित्रलाई पूरा गराउन त्यसलाई कुनै स्थिर आधारमा आधान गर्नु पर्दछ, त्यसरी नै शरीर तथा मनभन्दा अधिक स्थिर सत्तामा त्यसको प्रक्षेपणका निमित्त पुरुष या आत्माको सत्ता स्विकारिएको पाइन्छ।

१.३२.१ (ख) ऋग्वेदको ऐत्तरेयोपनिषत्मा **'प्रज्ञानम् ब्रह्म'** भनिएको छ भने शुक्लयजुर्वेदको बृहदारण्यकोपनिषत्मा **'अहं ब्रह्मास्मि'** भनेर ब्रह्मलाई आत्मतत्त्वका रूपमा औंल्याइएको छ। यसरी नै सामवेदको छान्दोग्योपनिषत्मा **'तत्त्वमसि'** र अथर्ववेदको माण्डूक्योपनिषत्मा **'अयमात्मा ब्रह्मः'** भनेर ब्रह्मतत्त्वका सम्बन्धमा चर्चा गरिएको भेटिन्छ। यी चारवटा वाक्यलाई चार वेदका एकएक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी चार महावाक्यका रूपमा पनि औँल्याइने गरिन्छ। समस्त तत्त्वका सम्बन्धमा वेद नै अन्तिम प्रमाण मानिन्छ र यी चार वाक्य नै वेद वाक्य भएकाले समस्त दर्शनले यिनै चार वाक्यका वरिपरि चक्कर लाएर ब्रह्मतत्त्वको चिन्तन गरेजस्तो पनि देखिन्छ।

उपनिषत्का कुरा गर्दा मूल उपनिषत् एघारवटा छन्। ऋक्, यजु, साम र अथर्व गरी वेद चारवटा छन्। यिनै चार वेदसँग सम्बद्ध जम्मा चारवटै ब्राह्मण ग्रन्थ रहेका छन्। एघारवटा उपनषिद्, ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, श्वेताश्वतर, छान्दोग्य र बृहदारण्यक हुन्। मूल वेदमन्त्रका चार संहिता छन्। यिनै चार संहिताको पाठभेदले १,१३३ शाखा बनेका छन्। उपनिषत्को अर्थ ब्रह्मविद्या हो। उपनिषत्मा वेदमा बताइएको आध्यात्मिक विचारको व्याख्या गरिएको हुन्छ। यसैलाई नै वेदान्त पनि भनिन्छ। बृह् बर्धने धातुबाट बनेको (वितानयज्ञ) सम्बन्धी विचारका निमित्त बनेका ब्राह्मणग्रन्थ पनि चारवटै रहेका छन् भनिन्छन्। यिनमा वेदमा बताएको यज्ञकर्म, धर्म अर्थात् विधि र निषेधको विशद् व्याख्या र यज्ञसम्बन्धी व्यवस्था गरिएको पाइन्छ। यिनीहरूमा ऋग्वेदको ऐत्तरेय, यजुर्वेदको शतपथ, सामवेदको ताण्ड्य र अथर्ववेदको गोपथब्राह्मण मानिन्छ। यिनमा केही यस्ता अंश पनि समाविष्ट भएका छन् जो वेदका मूलमन्त्रको आशयभन्दा विपरीत गएका पनि पाइन्छन्। वेदमा बताएका ज्ञानको मीमांसा दर्शनशास्त्रमा मुनिहरूद्वारा सूत्रहरूमा गरिएको छ। दर्शन शब्दको अर्थ हुन्छ **दृश्यतेऽनेनेति दर्शनम्** जसबाट देखिन्छ अर्थात् वस्तुको तात्त्विक स्वरूप जानिन्छ। दर्शनका चारवटा प्रतिपाद्य विषय छन्। (१) हेय यसको अर्थ हो त्याग्न लायक। (२) हेयहेतु- यसको अर्थ हो दुःख कहाँबाट उत्पन्न हुन्छन् ? यसको वास्तविक कारण के हो ? जो हेय अर्थात् त्याज्य छ (दुःख) त्यसको वास्तविक हेतु के हो ? (३) हान दुःखको नितान्त अभाव भनेको के हो ? हान कस्तो अवस्थाको नाम हो ? (४) हानोपाय अर्थात् दुःख निवृत्तिको नितान्त साधन के हो ? वस्तुतः दर्शनमा यिनै चार कुरामा विचार गर्दागर्दै निम्न तीन कुरा उपस्थित हुन्छन्- (१) चेतनतत्त्व, आत्मा, पुरुष (जीव) (२) जडतत्त्व (प्रकृति) (३) ईश्वर/ब्रह्म। उपनिषत् र मीमांसादिमा ब्रह्मको चिन्तनतिर मात्र यहाँ विचार गरिनेछ। पूर्वका दर्शनहरू आस्तिक र नास्तिक गरी दुई वर्गमा विभाजित भएका छन्। यसको मूल कारण वेद या ब्रह्म नै हो। वेद मान्ने आस्तिक र वेद नमान्नेलाई नास्तिक भनिएको छ। **नास्तिको वेदनिन्दकः**। वेद नमान्नु भनेको आत्मतत्त्व नमान्ने भनेको हो।

बृह ज्ञाने धातुबाट बन्ने ब्रह्म शब्दका सम्बन्धमा ब्रह्मसूत्रदेखि यावत् उपनिषत्हरूमा पनि विशद परिचर्चा गरिएको पाइन्छ। त्यहाँ शब्दब्रह्मका सम्बन्धमा भन्दा पनि साकार ब्रह्म र शुद्ध या निराकार ब्रह्मका सम्बन्धमा सबै परिचर्चाहरू परिकेन्द्रित रहेको भेटिन्छ। माया र ब्रह्मका सम्बन्धमा पनि विशेष चर्चा गरिएको छ। माया न सत् छ न त असत् नै, र न त उभयात्मक तत्त्वका रूपमा आएको पाइन्छ। वस्तुतः माया भनेको भ्रम हो। भ्रमलाई पूर्णतया असत् र सत् दुवै भन्न या मान्न सकिँदैन। त्यसो भएकाले ब्रह्मलाई सर्जक बनाउने पनि यही माया हो। यसलाई पुराणहरूले योगमाया, शक्ति, प्रकृति आदि इत्यादिका रूपमा चित्रण गरेका छन्। कृष्ण जन्मेपछि योगमायाकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकट्यका कारणले कृष्णको गोकुल गमन सम्भव भएको श्रीमद्भागवतमा देखाइएको छ। सारा व्यवहार यसकै आधारमा चलेकाले नै यसलाई पूर्णतः असत् भन्न सकिँदैन। यो सत् पनि यस कारण मान्न सकिँदैन कि मुक्ति अर्थात् स्वरूपस्थितिमा यसको नितान्त अभाव हुन्छ।[४]

"नासद्रूपा न सद्रूपा माया नैवोभयात्मिका।
सदसद्भ्यामनिर्वाच्या मिथ्याभूता सनातनी॥"

माया न असद्रूप छ, न सद्रूप छ, न त उभयात्मिका नै छ। त्यो सतअसत् दुवैभन्दा पनि अनिर्वचनीय छ। यो न त मिथ्या न त सनातन (नित्य) छ। फेरि अर्कातिर सारा सृष्टि पनि यसकै निमित्त कारणबाट सम्भव भएको पनि देखाइएको छ। ब्रह्मलाई त स्फटिकवत् उधोको देना न माधो से लेनाका रूपमा निस्पृह, निरभिमानी निरहंस र अति तटस्थ तत्त्वका रूपमा प्रस्तुत गरिएको भेटिन्छ। यसरी नै मायालाई मेघ र जगत्लाई पानी बनाएर रूपकात्मक किसिमले पनि साहित्यिक परामा यसको चित्रण गरेको पाइन्छ।

माया मेघो जगन्नीरं वर्षत्येष यतस्ततः।
चिदाकाशस्य नो हानिर्न च लाभ इति स्थितिः॥

अर्थात् मायारूपी मेघ (बादल) बाट जगत्रूपी पानी यत्रतत्र सर्वत्र परिरहेको छ। आकाशसमान् तटस्थ चेतन (ब्रह्म) लाई कुनै हानी पनि छैन भने लाभ (नाफा, हर्ष) पनि छैन। यो आकाशरूप ब्रह्म न त भिज्छ, न त कुनै वेदना या सुखानुभव नै गर्दछ। यसमा मायाको दुई रूपको अवस्था प्रत्यक्षीभूत भएको पाइन्छ। एउटा यो न सत् न असत् छ र यो अनिर्वचनीय पनि छ। अर्को हो परिवर्तनशील जगद्रूप। उता ब्रह्म चाहिँ निराकार, निरंश, अखण्ड सत्त्वचिन्मय स्वयं प्रकाश्य आनन्दस्वरूप छ। उसलाई न हानी न त फाइदा नै। यो तटस्थता नै ब्रह्म (आत्म) को स्थितिमा योगले पनि चित्रण प्रस्तुत गरेको भेटिन्छ। ठूलाठूला सिद्ध महर्षिहरू लामो साधना र समाधिका माध्यमले यस्तो अवस्थामा रहेको आत्मचिन्तनका बाटाबाट परमात्मा (ब्रह्म) सम्म पुग्न जन्मजन्मान्तर लगाइदिन्छन्। किनभने योगी योगभ्रष्ट भएर बरालिए पनि योगसाधनाबाट कमाएको कमाइ नाश हुँदैन। त्यो पुनर्जन्मपछि पनि संस्कारका रूपमा उसमा आएकै हुन्छ। श्रीमद्भागवतमा जडभरतका माध्यमले यस कुराको पुष्टि गरेको भेटिन्छ। गीतामा पनि श्रीकृष्णले यस्तै कुरो बताएका छन्। ब्रह्मसूत्रमा पनि वादरायणले यस्तै कुरा प्रस्तुत गरेका छन्। शङ्कराचार्य भने तात्कालिक आवश्यकतातिर बढी कोल्टिएकाले वादरायणको आशयको व्याख्याभन्दा पनि आफ्नै मत स्थापनातिर अभिमुख बनेका पाइन्छन्। उनका समयमा बुद्धले एकातिर वैदिक धर्मका कतिपय कुराको खण्डन गरे। वैदिक सनातनधर्ममा प्रश्नचिह्न खडा भएकाले र कर्मकाण्डी बाहुनले अनापसनाप कर्मकाण्डका माध्यमले समाजमा वैदिक धर्मलाई अन्धविश्वासी धर्मका रूपमा समेत उभ्याएकाले त्यसको खण्डन मण्डन गर्नु पनि

---

४ गोयन्दका, २०२१: ३०-९४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपरिहार्य थियो। पछिल्ला शङ्कराचार्य स्वरूपानन्द सरस्वतीसमक्ष पनि यस्तै समस्या आएकाले उनले पनि सनातन वैदिक धर्मका लेउ खुर्केर मैलो हटाउन युगानुकूल व्याख्या गरेका छन्। अहिले हामी जसलाई हिन्दूधर्म भन्छौँ, यो हिन्दूधर्म होइन। यो त सिन्धुवासी भन्ने अर्थ जनाउने शब्दमात्र हो। यसले सनातन वैदिक धर्म जनाउँदैन। हिन्दू भन्ने कुनै धर्म नै छैन। यसैले वेदान्त दर्शनको प्रथम सूत्रले भन्छ- **"अथातो ब्रह्मजिज्ञासा"** (अथ अनन्तर अत) अब ब्रह्म जिज्ञासा आरम्भ हुन्छ। **"जन्माद्यस्य यतः"** (यतः अस्य जन्मात्)। जसबाट यस जगत्को उत्पत्ति, स्थिति र प्रलय (विनाश) हुन्छ, अर्थात् जो यस जगत्को उत्पत्ति, स्थिति र प्रलयको निमित्त कारणस्वरूप छ त्यही हो ब्रह्म। यस्तै कुरो श्रुतिमा पनि आएको देखिन्छ- **"यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति। यत्प्रयन्त्यभिसंविशन्ति। तद्विजिज्ञासस्व। तद्ब्रह्म।"** यो भौतिकजगत्का यावत् कुराहरू जसबाट उत्पन्न हुन्छन् र जिउँछन्, मरेर पनि जसमा लीन हुन्छन्, त्यसको जिज्ञासा गर। त्यो सत्य नै ब्रह्म हो। **"शास्त्रयोनित्वात्"** ब्रह्मशास्त्रप्रमाण मानिन्छ। यो हाम्रो इन्द्रियको पहुँचभन्दा पर छ। यस कारण यो प्रत्यक्षको विषय नै होइन। अनुमानले पनि त्यसको (ब्रह्म) को झलक मात्र दिनसक्छ। यसैले चाहिँ त्यसको दिव्यस्वरूप दर्शाएको देखिन्छ। परन्तु अनुमान या कल्पना पनि त्यहाँ पुग्न सक्दैन। यसैले भनिन्छ- **येन सूर्यस्तपति तेजसेद्धः। नावेदविन्मनुते तं बृहन्तम्।** जुन तेजबाट प्रदीप्त भएर सूर्य तप्छ। उस महान्लाई त्यसले जान्दैन, जो वेदलाई जान्दैन। जसबाट तेजवान् बनेको हो, त्यसलाई नै नजान्नु प्रकृतिको जडत्व पनि हो। तत्तु समन्वयात् ब्रह्मको शास्त्रप्रमाणत्व एउटा कुनै खास तात्पर्यका निमित्त भएकाले पुनः भन्छन्- **"सर्वे वेदा यत्पदमामनन्ति।"** सबै वेदहरू जुन पदको अभ्यास गर्दछन्। श्रुतिहरूमा कतै शुद्धरूपबाट र कतै शबलस्वरूप अर्थात् उपलक्षणबाट ब्रह्मको प्रतिपादन गरिएको छ। यसरी वेदान्तमा परमात्मतत्त्वलाई दुई रूपबाट वर्णन गरेको देखिन्छ। एक शुद्ध रूप जो प्रकृतिभन्दा पृथक निजी शुद्ध रूपमा छ र जो सर्वत्वैर्विशुद्धम् पनि छ। सारा तत्त्वबाट निखारिएको अपरिमार्जेय अपरिष्करणीय, परम परिष्कृत। दोस्रो रूप चाहिँ प्रकृतिको सम्बन्धमा जो लहराएर देखिने शबलरूप जसलाई सगुण भनिन्छ। पुराणहरूले पनि निराकार र साकार रूपमा नै ब्रह्म प्रतिपादन गरेका छन्।[५] निराकार ज्ञानीहरूको उपास्य हो भने साकार सिकारु या अज्ञानीहरूलाई तत्त्वज्ञानका निमित्त प्रवेश गर्न सजिलो होओस् भनेर अनेक रूपकात्मक आख्यानका माध्यमले प्रतिपादन गरिएको रूपमात्र हो। यो दुई प्रकारको छँदै छैन।

तदव्यक्तमाह हि। निश्चयपूर्वक त्यो अव्यक्त छ भन्न सकिन्छ। श्रुतिले त्यसलाई **"शुद्धमपापविद्धम्"** भनेको भेटिन्छ। अर्थात् त्यो ब्रह्म शुद्धस्फटिकस्वरूप पापादिकर्मबाट अनावृत भएर रहेको हुन्छ। यो शुद्धतत्त्व ज्ञानवान् छैन अपितु ज्ञानस्वरूप मानिन्छ। **सत्यं ज्ञानमनन्तम् ब्रह्म।** सत्य ज्ञानस्वरूप र अनन्त छ ब्रह्म। **तच्छुद्धभ्रं ज्योतिषां ज्योतिः।** त्यो ब्रह्म शुभ्र ज्योतिको पनि

---

५ तीर्थ २०५३: १-१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिरूप छ। ब्रह्मको यो परमज्योतिरूपको श्रुतिमा व्यतिरेकी विधिबाट वर्णन गरिएको पाइन्छ। नेतिनेति अर्थात् न इति यो होइन। नेति त्यो पनि होइन। अनि यो पनि होइन त्यो पनि होइन, के हो त, त्यसो भए ? याज्ञवल्क्यले गार्गीलाई भनेका यी शब्दहरू जसमा वेदले ब्रह्मलाई जुन व्यतिरेकी विधिबाट वर्णन गरेका छन्। त्यही नै तिनले त्यहाँ पनि उपयोग गरेका छन्। **"एतद्वैतदक्षरंगार्गिब्राह्मणाऽभिवदन्त्यस्थूलमनणवह्रस्वमदीर्घमलोहितमस्नेहमच्छायमतमोऽवाय्वानाकाशमसगमरसमगन्धमचक्षुष्कमश्रोत्रमवागमनोऽतेजस्कमप्राणममुखममात्रमनन्तरमबाह्यं न तदश्नाति किञ्चन न तदश्नाति कश्चन।"** हे गार्गी! यसलाई ब्राह्मणहरू अक्षर भन्छन्। यो न मोटो छ, न पातलो छ, न पुड्को छ, न त अग्लो नै छ, न रातो (कुनै पनि प्रकारको रङविहीन) छ। विना स्नेहको छ। विना छाया, विना अन्धकार छ। त्यो वायु पनि होइन, आकाश पनि होइन, त्यो असङ्ग छ, निरस छ, गन्धहीन छ, त्यसका आँखा छैनन्, कान छैनन्, वाणी पनि छैन र मन पनि छैन, तेज (जीवनबोधको उष्मा) पनि छैन, प्राण पनि छैन, मुख पनि छैन, परिमाण छैन, न त्यसभित्र केही छ न त त्यसबाहिर नै केही छ। न त त्यसले केही भोग्छ न त त्यसलाई कसैले उपभोग नै गर्छन्। **"यतद्रेश्यमग्राह्यमगोत्रमवर्णचक्षुः श्रोत्रं तदपाणिपादम्। नित्यं विभु सर्वगतं सुसूक्ष्मं तदव्ययं तद्भूतयोनिं परिपश्यन्ति धीराः।"** यसलाई आँखाले देख्न सकिँदैन, हातले समात्न पनि सकिँदैन। यसको कुनै गोत्र छैन। यसको कुनै रङ (वर्ण अथवा आकृति) छैन। प्राण पनि छैन। मुख पनि छैन। यसका भौतिक कुनै आँखा कान केही पनि छैनन्। हात गोडा पनि छैनन्। तर पनि जो नित्य छ। विभू छ। सर्वव्यापक छ। सूक्ष्मभन्दा सूक्ष्म छ। जो नाशरहित छ। जो समस्त भूत र भौतिक तत्त्वको योनिस्वरूप छ भनेर धीरपुरुषहरू देख्ने गर्दछन्। **न तत्र चक्षुर्गच्छति न वागगच्छति न मनो न विद्मो न विजानिमो यथैतदनुशिष्यात् अन्यदेव तद् विदितादथो अविदितादधि, इति शुश्रुम पूर्वेषां ये नस्तद्व्याचचक्षिरे।** त्यहाँ आँखा पुग्दैनन्। न त मन नै पुग्छ। न त्यसलाई सम्झन सकिन्छ। न त जान्न नै सकिन्छ। कसरी त्यसका सम्बन्धमा वर्णन गरेर बताउने ? त्यो जानिएकाबाट अद्भुत छ र नजानिएकाबाट पनि एकदम अलग भनेर पूर्वजबाट सुनिएको छ। जसले हामीलाई त्यसका बारेमा उपदेश गरेका थिए। **यदा तमस्तन्न दिवा नरात्रिन सन्न चासच्छिव एव केवलः।** जब ब्रह्मज्ञानको प्रकाशको उदय हुन्छ अनि त्यहाँ न रात, न दिन, न सत् न असत्, (न व्यक्त न अव्यक्त) तब केवल शिव नै शिवको भान हुन्छ। वास्तवमा हामी शब्दब्रह्मका सम्बन्धमा नै कुरा गर्दछौँ र बुझेको जस्तो पनि लाग्दछ परन्तु शुद्ध चेतनतत्त्व त जडत्वभन्दा नितान्त भिन्न छ। त्यो वैशेषिक दर्शनले वर्णन गरेको जस्तो द्रव्यसमान कुनै गुण, कर्म अथवा समवायको अपेक्षा राख्दैन। उपनिषत्मा त्यसको व्यापकता स्थूलता र अणुत्वका सम्बन्धमा भनिएको छ- **"अणोरणीयान्महतो महीयान्"**। सूक्ष्मभन्दा सूक्ष्मतम बृहत्भन्दा बृहत्तम। फेरि भनिएको छ **"महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति।"** त्यो महान्, विभु, आत्मालाई चिनेर धीर पुरुषहरू शोकभन्दा पर हुन्छन्। अर्थात् त्यसको बोधपछि नबोध गर्ने केही रहन्छ न त हर्ष र विस्मातका विषयहरू नै कुनै परिशेष रहन्छन्। यो शुद्ध तत्त्व अपरिणामी, निर्विकार, निष्क्रिय, (ज्ञानस्वरूपमात्र) कूटस्थ, नित्य छ र जडत्व, विकारी, सक्रिय र परिणामी सत्य पनि छ। जडतत्त्वमा ज्ञान, नियम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतनतत्त्वको सन्निधिमात्रले आएको हुन्छ। यसमा साङ्ख्य र योगकै व्यवस्थापूर्वकका क्रियाहरू समान वेदान्तले पनि मानेको पाइन्छ- **निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम्।** त्यो निरवयव, निश्चल, शान्त, निर्दोष र निर्लेप पनि छ। यसैले गीतामा **अच्छेद्योऽयमदाह्योऽय**...इत्यादि विशद व्याख्या गरिएको छ।[६] **ओमित्येतदक्षरमिदं सर्वम्।** ॐ यो अक्षर नै सबै कुरा हो। त्यसैले ॐ नै त्यो पद हो जो आलम्बन छ। पर र अपर ब्रह्म पनि यही नै हो। **एतदालम्बनम्। एतद्वै सत्यकाम, "ओमित्यात्मानं युञ्जीत। ओमिति ब्रह्म। ओङ्कार एवेदं सर्वम्। इत्यादि श्रुतिभ्यः।"** अर्थात् यही आलम्बन पनि हो। हे सत्य काम ! ॐ यस प्रकारले आत्माको ध्यान गर। यो नै ब्रह्म हो। यो नै सबै कुरा हो भन्ने श्रुति आदिबाट पनि पुष्टि हुन्छ। यो ॐ अक्षर नै सबै कुरा हो। यो भूत, भविष्यत् र वर्तमान जे जति छ सबै यसैको व्याख्या हो। यसो भएकाले नै सबै कुरा ॐकार नै हो भनिएको हो। यस बाहेक जो अरू त्रिकालातीत वस्तुहरू छन् ती पनि सबै ॐङ्कार नै हुन् (अर्थात् ॐ मा नै समकृत भएका हुन्छन्)। **तस्यैतस्य परात्परब्रह्मरूपस्याक्षरस्योमित्येतस्योपव्याख्यानम्।** यो जो परात्पर ब्रह्मरूप अक्षर ॐ छ त्यसको उपव्याख्यान नै ब्रह्मप्राप्तिको उपाय भएकाले र त्यसको सामीप्य नै ब्रह्मसाक्षात्कार हो भनेर पनि बुझ्नु आवश्यक छ। किनभने भूत, भविष्यत् र वर्तमान यी तीनै कालबाट पनि जो परिच्छेद्य छ त्यो पनि माथिका न्यायले ॐ कारै सिद्ध हुन्छ। यसका अतिरिक्त जो तीनकालभन्दा पर आफ्ना कार्यबाट नै ज्ञात हुनेवाला र कालातीत अव्याकृत आदि भनिने पनि ॐकार नै हो। वाचकवाच्य अभेद हुनाले पनि वाचकको प्रधानताबाट ॐ यो अक्षर नै सबै कुरा हो भनेर निर्देश भएको छ। वाचकको प्रधानताबाट निर्दिष्ट जो वस्तु छ, त्यसलाई फेरि वाच्यको प्रधानताका आधारमा वाच्यवाचकताको एकत्व प्रतिपादनका निमित्तमा पनि उपयोग गरिएको छ। अन्यथा वाच्यको प्रत्तिपत्ति वाचकको अधीन हुनाले वाच्यवाचकरूपमा आउनु गौण कुरा हुने थियो। यी दुवैलाई एकै प्रयत्नले एकसाथको प्रयत्नबाट विलक्षण किसिमले ब्रह्मप्राप्त हुन्छ किनभने त्यसको पाद नै मात्रा र मात्रा नै पाद मानिन्छ।[७] वास्तवमा शब्दब्रह्म एउटा विचित्र परिकल्पना नै हो। पुराणहरूले धर्मका चार पादको कल्पना गरेका छन् भने उपनिषदादिले चाहिँ ब्रह्मकै चतुर्पादको प्रतिपादन गरेका छन्। शाङ्करभाष्यादिमा पनि ब्रह्मकै चतुष्पाद विवक्षणीय तत्त्वका रूपमा आएको देखिन्छ। ब्रह्मको स्वरूप उपनिषत्मा कस्तो छ हेरौं-

"अजमनिद्रमस्वप्नमनामकमरुकम्। सकृद् विभाति सर्वज्ञं नोपचारः कथञ्चन॥"

त्यो ब्रह्म अजन्मा अर्थात् जन्मरहित छ (अज्ञातरूप)। निद्रारहित, स्वप्नशून्य, नामरूप आदिबाट पनि विरहित छ। नित्यप्रकाशस्वरूप र सर्वज्ञ पनि छ। उसको कुनै प्रकारको कर्तव्य पनि छैन। जन्मरहित भएकाले ब्रह्म बाह्याभ्यन्तरव्याप्त र अजन्मा पनि छ। डोरीमा सर्पसमान् नै जीवको जन्म पनि अविद्याकै कारणबाट भएको हो। अर्थात् जसरी असावधानवश डोरीमा सर्पको

---

६ तीर्थ, २०५३: १-१७।

७ शङ्कर, वि १९९३: १-८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भय हुन्छ त्यसरी नै अज्ञानवश जीवको जन्म पनि वृथा हो भन्ने यसको भाव हो। ब्रह्म अजन्मा भएकैले अनिद्र पनि छ। आफ्नै अद्वयरूप स्वप्नबाट जागेकाले र अविद्यारूप अनादि माया नै निद्रा मानिएका कारणले पनि यो अस्वप्न छ किनभने स्वप्न पनि त मायाकै उपज त मानिन्छ। नामरूप पनि अज्ञानकै कारण भएकाले जब ज्ञान हुन्छ तब डोरीको सर्प नाश भएजस्तै नामरूपादि पनि स्वतः परिसमाप्त हुन्छन् र ब्रह्म कुनै नामरूपबाट अकथ्य बन्छ र कुनै पनि प्रकारले उसको रूप प्रतिपादन गर्न सकिँदैन। यसैले यो अनाम र अरूप पनि छ। जहाँबाट वाणी फर्कन्छ भन्ने श्रुत्यादिको कथनले पनि यही नै सिद्ध हुन्छ। यति मात्र पनि होइन त्यो अग्रहण, अन्यथा ग्रहण, आविर्भाव, तिरोभावादिबाट पनि रहित भएकाले सकृद्विभात् अर्थात् सदाभासमान नित्य प्रकाशस्वरूप छ। ग्रहण र अग्रहण भनेका पनि दिन र रात हुन्। अविद्यारूपान्धकार नै ब्रह्मलाई प्रकाशित हुन नदिने हेतु मानिन्छ। अविद्याको अभावमा नित्य चैतन्यस्वरूप या नित्य प्रकाशस्वरूप ब्रह्म सर्व र ज्ञप्तिरूप पनि भएकाले त्यो सर्वत्र छ। यस्ता प्रकारले यसको कुनै उपचार या कर्तव्य पनि छैन। ब्रह्म नित्य, शुद्ध, बुद्ध र मुक्त स्वभावको हुन्छ।[८]

१.४ पुराणादिमा ब्रह्म

अठार महापुराण, अठार उपपुराण, अठार पुराण गरी ५४ वटा पुराणहरूको सङ्ख्या देखिन्छ। यो सानो लेखमा सबै पुराणका कुरा गरी साध्य पनि छैन। शब्दको र ब्रह्मको विवर्त र संवर्त भाव मिल्ने भएको र शब्दजाललाई शिवसूत्रजाल पनि भनिने भएकाले यहाँ पहिला लिङ्गपुराणमा पाइने ब्रह्मचिन्तनलाई प्रस्तुत गरिन्छ। वेदव्यासद्वारा लेखिएको 'लिङ्गपुराण' को १६ औं अध्यायको "**ओमीशान नमस्तेस्तु**देखि...**ओङ्कारमूर्त्ते देवेश सद्योजात नमो नमः**" सम्मका छ पङ्क्तिमा शिवको परात्पर ब्रह्मभावको चित्रण गरिएको छ। ॐकार, ईशान, सर्व विद्यास्वरूप, परमेश्वर, सर्वभूत, ब्रह्म र ब्रह्माण्डाधिपति जस्ता शब्दद्वारा शिवको स्तुति गर्दा शिवलाई परात्पर ब्रह्म साबित गरिएको भेटिन्छ। यसरी नै लिङ्गपुराणको १७ औं अध्यायको २५/२६ औं श्लोकमा पनि शिवले विष्णु र ब्रह्मालाई सम्बोधन गर्दै भनेका छन्- "**अहमेव परं ब्रह्म परं तत्त्वं पितामह। अहमेव परं ज्योतिः परमात्मा त्वहं विभु॥ यद् यद् दृष्टं श्रुतं सर्व्वं जगत् यस्मिश्चराचरम्॥**" अर्थात् हे ब्रह्मन्! म नै परात्पर ब्रह्म हुँ। हे पितामह! वेदवर्णित परमतत्त्व पनि म नै हुँ। म नै परमज्योति पनि हुँ। परमात्मा र विभु पनि म नै हुँ। यस चराचरमा जेजे देखिन्छ र सुनिन्छ ती सबै म नै हुँ। यसै अध्यायको श्लोक ५४ देखि ६१ श्लोकसम्मका आठवटा श्लोकमा पनि देवादिदेव महादेव नै परात्पर ब्रह्म भएको पुष्टि गरिएको छ। यहाँ 'अ' कारदेखि 'अः' सम्मका स्वर तथा 'क' देखि 'ह' सम्मका व्यञ्जनवर्णका उच्चारणस्थानभूत तत्त्वका रूपमा अवस्थित शिवस्वरूपको चित्रण पाइन्छ। यसरी नै संयुक्ताक्षर, अयोगवाह आदिमा पनि अंशांशीभावले शिवकै व्याप्यताको भनक प्रदान गरिएको

८ शङ्कर, वि.सं. १९९३: १६१-१६२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। त्यतिमात्र होइन यसका उत्तरोत्तरका श्लोकले समस्त वाङ्मयिक क्षेत्र नै शिवमय बताएको छ। **ब्रह्मणोऽधिपतिं सर्व-स्थिति-संहारकारणम्। तुष्टाभपुनरिष्टाभिर्वाग्भिर्वरदमीश्वरम्॥** भनेर महादेवलाई नै कर्ता, हर्ता र भर्तासमेत बनाइएको पनि भेटिन्छ। यसरी नै २१ औं अध्यायमा पनि स्थान स्थानमा महादेवको परब्रह्मत्वसिद्ध गर्ने श्लोकार्द्ध, श्लोकपादार्द्ध, र श्लोकपूर्वार्द्ध आएका देखिन्छन्। शब्दोऽम्बरे, जगद्धरे, प्रणवाक्षरे, ॐकारेश्वरेजस्ता विशेषण त यत्रतत्र सर्वत्र नै भेटिने भएकाले एकै पुराणमा धेरै उद्धरणभन्दा पुराणेतरका प्रसङ्गतिर पनि लाग्नु प्राकरणिक उपलब्धि हुन्छ। यसरी नै सदाशिव शास्त्रीले रचना गरेको 'वीरशैवेन्दुशेखर' मा पनि उपनिषत्, पुराण, योगशास्त्रादिका प्रमाणका आधारमा शिवलाई लिङ्गब्रह्मका रूपमा सिद्ध गरेर प्रतिपादन गरिएको पाइन्छ। **'सत्यं ज्ञानमनन्तं ब्रह्म'**। हजारौं शिर भएको, विश्व नै आँखा भएको, परमपद, अक्षर, नारायणदेव शिव नै परात्पर ब्रह्म हुन् भनिएको छ। **सहस्रशीर्षं देवं विश्वाक्षं विश्वसम्भवम्।**[१]

विश्वं नारायणं देवमक्षरं परमं पदं॥ भन्ने श्लोकमा रहेको नारायणलाई उनले **"नराणां समूह अयनं यस्य सः इति नारायणः, वा राः धनं यस्य सःअराः, निर्धन**, यो अर्थ गरेर। **स निर्धनो नभवतीति नराः धनाधिपः कुबेरः** भन्ने यस्तो अर्थ गरेर, **तं सख्येन अणयति सल्लपत इति** यस्तो व्युत्पत्ति गरेर शिवलाई नै ग्रहण गर्दै यसमा उनले प्रमाण पनि दिएका छन्-

"अराः प्राह धनाभावं सुखाभावं वदत्यणुः।
नतौ स्यातां यस्य भक्तिः स वै नारायणः शिवः॥"

नरा अयनं यस्य इति प्रज्ञाद्यणि नारा इत्यपि वा बोध्यम्। यस प्रकारका विग्रहहरू त वैदुष्य प्रदर्शन भन्न पनि सकिएला परन्तु-

"आपो नारायणो रुद्रः पुरुषः कृष्णपिङ्गलः। तस्माद् भवन्ति वै ह्यापो नारायण इति स्मृतः॥"

भन्ने स्कन्दपुराणको कथनलाई त वैदुष्य प्रदर्शन भन्न नमिल्ला। यसरी नै आदित्य पुराणमा पनि असङ्ख्य समय, असङ्ख्य पितामह अर्थात् ब्रह्मा, असङ्ख्य छन् र विष्णु पनि असङ्ख्य नै छन्। तिनको गणना गरिसाध्य नै छैन तर शिव सदा एक मात्र छन् भनिएको पाइन्छ। यद्यपि एकादश रुद्रको पनि कल्पना नपाइने भने होइन। **"असङ्ख्याताश्च कालाश्च ह्यसङ्ख्याताः पितामहाः।** यस प्रकारका अनेक गज्मौरा कुराले शास्त्र भरिएको भेटिन्छ। यसलाई सलक्क सग्लो रूपमा ग्रहण गर्नका निमित्त युक्तिको आवश्यकता पर्ने देखिन्छ। त्यसलाई चाहिँ पौराणिकहरूले कल्पकल्पान्तमा लगेर सुल्टाउने प्रयत्न 'पुराणविमर्श' भन्ने पुस्तकमा गरेको देखिन्छ। जसरी आधुनिक युगमा विज्ञानले यस ब्रह्माण्डमा अनगिन्ती सौर्यपरिवारको (सोलारसिस्टम) को परिकल्पना गरेको छ त्यसरी नै पुराणले पनि युगैपिच्छेका ब्रह्मादि देवता र व्यास इन्द्रादिको पनि व्यवस्था देखाएको हुनाले त्यसलाई दृष्टिपथमा राखेपछि सबै मिलेर पनि आउँछन्। यी सबैका अतिरिक्त त्यो ब्रह्मचाहिँ एक नित्य, सनातन र अजन्मा निरवद्य भएकाले उसैमा सबै प्रविलीन हुन्छन् भनेर विश्राम लिन

१ शास्त्री, शकाब्द १८५४:१-१०८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ। **असङ्ख्याताश्च यो नित्य एको महेश्वरः** ॥ यसभन्दा अगाडि शिवलाई सङ्केत गरेर तिमी नै विश्वसंरक्षक हौ, तिम्रो सर्जक कोही पनि छैन। तिमी नै विश्वविघातक पनि हौ। तिमीलाई संहार गर्ने कोही पनि छैन। तिमी नै विश्वनाथ हौ। तिम्रो नाथ कोही पनि छैन भनेर स्तुति गरेका थुप्रै श्लोकहरू छन्। विस्तारभन्दा सङ्केत नै उपकारी भएकाले यहाँ त्यही पद्धति अवलम्बन गरिन्छ। यसमा सदाशिव शास्त्रीले ऋग्वेदोक्त **चत्वारि शृङ्गाःत्रयोऽस्य पादा** आदि मन्त्रको व्याख्या आफ्नै सम्प्रदायानुकूल गरेर पनि शब्दब्रह्मकै पुष्टि गरेका छन्। यिनको व्याख्या वैयाकरणहरूको भन्दा भिन्न भएर पनि शब्दब्रह्मको उपकारक भएकाले यहाँ उद्धृत गरिन्छ- "**अस्य शिवस्य चत्वारि ऋग्यजुसामथर्वणरूपचत्वारो वेदाः शृङ्गा मुख्यानि परमेश्वरसत्वे वेदानां मुख्यप्रामाणिकत्वमित्यर्थः शास्त्रयोनित्वादिति शास्त्रे भगवता बादरायणेनापि तदधिकरणे पण्डितभाष्यकारै रपि तथा स्पष्टमुक्तम्। उत क्रियाचर्यायोगज्ञानरूपशिवागमा चतुष्पादा वा त्रयः सच्चिदानन्दाः। पशुपाशपतिज्ञानानि ब्रह्मविष्णुकालरुद्रा । पादाः पादास्युः। द्वे शीर्षे घोराघोरात्मके द्वे शिरसी शरीरभेदेन शिरो भेदः अग्निमुखं ब्राह्ममुखं वा "मुखद्वयं महेशस्य स्यादग्निर्ब्रह्मणस्तथेति" स्कान्दोक्ते। अहं भक्तस्य जिह्वादग्रोऽश्नामि कमलोद्भवेति पुराणान्तरे च स्पष्टमुक्तम्। अस्य शिवस्य सप्त हस्ताः आधारादिसहस्रान्त सप्तचक्राः। सप्तोर्धोलोकाः। अधोऽलोकावास्युः। वृषभः ब्रह्मविश्वादिभ्योऽधिकः। विश्वाधिको रुद्रो महर्षिरिति। श्वेताश्वेतरे तथा दर्शनात्। त्रिधाबद्ध। महेश्वरसदाशिवशिवरूपतया। ईष्टप्राणभावलिङ्गात्मकतया। अथवा त्रिषु स्थूलसूक्ष्मकारणरूप त्यागभोग योगाङ्गत्रयेषु सम्बद्धः त्रिधाभूतः। स शिवः। रोरवीति रु शब्द इत्यस्यात्र व्यवहरतीत्यर्थः तादृशो महादेवो शिवः मर्त्यान् मर्त्याः मरणधर्माणः मनुष्यास्तान्। स्थावरजङ्गमात्मकसर्वपदार्थान्। आविवेश। अन्तर्यामितया प्रविवेशत्यर्थः। भगवता वादरायणेन शिवसहस्रनामावल्यादौ सर्वज्ञशिखामणि भट्टभास्करेण भट्टभाष्यमङ्गलश्लोके सर्वशास्त्रधुरन्धरामरमुनिना "तत्पुरुषस्य विद्महे महादेवस्य धीमहीति" रुद्रगायत्र्यां वदपुरुषेणापि। महादेवरुद्रमहेश्वरदिशब्दानां गवादिशब्बद्रुद्ध्यापक्तजादिशब्दबद्यौगिकरूढ या च। शिवपरत्वेन राद्धान्तित्वात्। रूढिर्योगमपहरतीति स्थानप्रकरणलिङ्गान् समन्वयेति न्यायाच्च महादेवशब्दस्यात्रान्यपरत्वमर्थान्नारायणपरत्वं योजितुं न शक्यत इति सिद्धान्तितम्। बृहदारण्योपनिषदि यः पृथिव्यां तिष्ठन् इत्यारम्भ योऽप्सु तिष्ठन् योऽग्नौ तिष्ठन् योवयावित्यादिभिः सर्वान्तर्यामित्वं चिन्मात्रत्वं च प्रदर्श्य दृष्टं दृष्टा, श्रुतं श्रोता, मतो मान्ता, विज्ञातो विज्ञाता, नान्यतोऽस्ति द्रष्टा, नान्यतोऽस्ति श्रोता, नान्यतोऽस्ति मन्ता नान्यतोऽस्ति विज्ञातैष अन्तर्याम्यमृत इति शिवस्य स्वप्रकाशत्वेनापि शब्दब्रह्मत्वं सिध्यति। अयमात्मा ब्रह्मविज्ञानमयो मनोमयः आपोमयो वायुमयस्तेजोमयस्तेजोमयः काममयः काममयः क्रोधमयः क्रोधोमयो धर्ममयः सर्वमयः इति सर्वान्तर्यामित्वं सर्वमयत्वं चोक्तम्। एतावता पञ्चभूतेन्द्रियान्तःकरणादिषु अमृतशब्दवाच्योऽन्तर्यामित्वेनापि शिवस्य शब्दब्रह्मत्वं प्रसिद्धैवेति।**"[१०] यी शिवका चारवटा सिङ भनेका ऋक्, यजु, साम र अथर्व नामक चार वेद हुन्। चारै वेदले त्यही

---

१० शास्त्री, शकाब्द १८५४:३२-३५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मपदको व्याख्या गर्ने हुनाले पनि यसलाई पुष्टि मिल्छ। ब्रह्म शास्त्रयोनि छ भन्नाको तात्पर्य हो यसको प्रमाण शास्त्र नै हुन्छ भन्ने कुरो वेदव्यासादि भाष्यकारले मानेका छन् अथवा अर्को दृष्टिले क्रिया, चर्या, योग, ज्ञानरूप शिवागमका चार पाउ सिद्ध हुन्छन्। त्रयको अर्थ सत्, चित् र आनन्द नै हो। पशु, पाश, पतिका ज्ञानलाई र ब्रह्मा, विष्णु, रुद्र अथवा सत्त्व, रज, तम नै पाद अथवा गोडा हुन्। दुई शिर चाहिँ घोर, अघोर नामक रूप र कार्य नै हुन्। यसका सातवटा हात भनेका चाहिँ आधारचक्रदेखि सहस्रारचक्रसम्मका सात योगचक्र हुन्। अथवा भूर्लोकादि उपरिस्थानका भूर्लोक, भुवर्लोक, महर्लोक, जनलोक, तपलोक, सत्यलोक, ब्रह्मलोकादि सातलोक अथवा अधोभागस्थ अतल, वितल, सुतल, तलातल, महातल, रसातल पातालसमेत सातलोक पनि हुन्। तीन ठाउँमा बाँधिएको भनेको ईष्ट, प्राणभाव र लिङ्गात्मक अथवा स्थूल, सूक्ष्म र कारणरूप या त्याग, भोग, योगरूप अङ्ग भएका हरेकमा तीन तीनका रूपले व्याप्त। रुशब्दलाई **धातवोऽनेकार्था भवन्ति** यस न्यायका आधारमा **रौति शब्दं करोति** भन्ने अर्थमा पनि लिएर यस प्रकारका महादेव मानिसमा प्रवेश गरेकाले नै परा, पश्यन्ती, मध्यमा र वैखरीरूपका वर्णोच्चारणसामर्थ्य स्थावर, जङ्गमादि सर्वपदार्थमा आविवेश प्रवेश गरेका छन्। शिवभन्दा अर्को न द्रष्टा छ, न दृष्टि छ, न सुन्ने कुरा छ न त श्रोता नै छ, न मन्ता छ, न अन्तर्यामी नै छ। तेज, काम, क्रोध, व्यक्ताव्यक्त आदि सबै शिव नै भएकाले उनको शब्दब्रह्मत्व सिद्ध छ। सारा शास्त्रले जुन पदको अनुसरण गर्दछन् त्यो ॐकार रूप प्रणव नै शिव हो र त्यही नै शब्दब्रह्म पनि हो। लक्ष्मण देशिकेन्द्रले लेखेको शारदातिलक नामक तन्त्रग्रन्थमाथि राघव भट्टले लेखेको पदार्थदर्शी टीकामा पनि शब्दब्रह्मका सम्बन्धमा लामो व्याख्या भेटिन्छ। यो पुस्तक तन्त्रशास्त्रसम्बन्धी भएकाले जसरी वैयाकरणहरू शब्दब्रह्मवादी हुन्छन्, त्यसरी नै तान्त्रिक पनि शब्दब्रह्मवादी हुन्छन् भन्ने सिद्ध हुन्छ-

"शब्दब्रह्म यदूचिरे सुकृतिनश्चैतन्यमन्तर्गतम्।
तद्वोऽव्यादनिशं शशाक्तसदनं वाचामधीशं महः ॥१॥"

यसरी नै ११, १२ र १३ रौं श्लोकमा पनि शिवलाई नै शब्दब्रह्मका रूपमा सिद्ध गर्न खोजिएको भेटिन्छ।

भिद्यमानात्पराद्बिन्दोरव्यक्तात्मा रवोऽभवत्।
शब्दब्रह्मेति तं प्राहुः सर्वागमविशारदाः ॥११॥
शब्दब्रह्मेति शब्दार्थं शब्दमित्यपरे विदुः (जगु)।
न हि तेषां तयोः सिद्धिर्ज्जडत्वादुभयोरपि ॥१२॥
चैतन्यं सर्वभूतानां शब्दब्रह्मेति मे मतिः ॥१३॥

भिद्यमानादिति अर्थात् शक्ति अवस्थाको जुन प्रथम बिन्दु छ त्यसबाट अव्यक्तात्मा वर्णादिविशेषरहित अखण्ड नादमात्र रव शब्द उत्पन्न भयो। सबै श्रुतिको अर्थागमलाई नै शब्दब्रह्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। सृष्ट्युन्मुख परम शिवको प्रथम उल्लास मात्रले अखण्ड, अव्यक्त, नादस्वरूप बिन्दुमय व्यापक ब्रह्मात्मक शब्दब्रह्म उत्पन्न भयो। क्रिया शक्तिप्रधान शब्दको शब्दार्थ नै कारण भएको बिन्दुरूप प्रकृति परम शब्दब्रह्म भयो। अग्निपुराणमा पनि ब्रह्मसम्बन्धी चिन्तन प्रस्तुत भएको पाइन्छ-

द्वे ब्रह्मणि वेदितव्ये ब्रह्मशब्दपरञ्च यत् ॥८॥
वेदादिविद्या ह्यपरमक्षरं ब्रह्म सत् परम्।
तदेतद् भगवद्वाच्यमुपचारेऽर्चनेऽन्यतः ॥९॥

अर्थात् ब्रह्म दुईवटा छन् भनेर जान्नू। एउटा शब्दब्रह्म र अर्को चाहिँ वेदादि विद्यात्मक परमब्रह्म। त्यसैलाई भगवान् भनिन्छ। औपचारिक अर्चनादिमा अर्को अर्थात् साकार ब्रह्म पनि छ। शब्दब्रह्म नै परमब्रह्म हो किनभने "**शब्दब्रह्मागमनयं परंब्रह्म विवेकजम्**" पनि भनिएको भेटिन्छ। अद्वैतब्रह्मविज्ञान प्रतिपादनका क्रममा पनि यत्र तत्र शब्दब्रह्मको प्रतिपादन गरिएको पाइन्छ। "**योऽस्ति सोऽहमिति ब्रह्मन्! कथं वक्तुं न शक्यते**" भनेर रहुगण राजा र जडभरतका बीचमा संवाद भएको लामो प्रसङ्ग अग्निपुराणमा आएको छ। शिविकामा प्रयुक्त काठ जसरी डाँडी खट्यौली आदिका नामबाट त्यही काठलाई चिनाइन्छ त्यसरी नै ब्रह्मलाई पनि उपाधिभेदका कारणले अनेक नाम र उदाहरणका माध्यमले राजालाई अद्वैत ब्रह्मसम्बन्धी कुरा सम्झाइएको छ। वृक्ष, काष्ठ, शिविका भनिएको (चीज) का सबै कुरामा काष्ठत्व जसरी निरवच्छिन्न छ त्यसरी नै हात, गोडा, मुख, पायूपस्थादिमा पनि ब्रह्मत्व अविच्छिन्न छ भनेर भरत (ब्राह्मण) ले सिद्ध गरेका छन्। अग्निपुराणमा लगातार तीन अध्यायव्यापी ब्रह्मचिन्तन गरिएको छ। पुराणले उपनिषदादिमा प्रस्तुत ब्रह्मलाई अनेकौं कथामा ढालेर साकार र निराकारमा रूपान्तरण गरेर सम्झाउने क्रममा कतिपय कुराहरू अर्कै रूपमा पनि प्रस्तुत हुन पुगेका देखिन्छन्। फेरि पौराणिकहरूले चाहिँ यसलाई कल्पभेदका रूपमा पनि अर्थ्याएको पाइन्छ। पुराणहरूको अवतारवाद डार्विनको विकासवादकै बीजरूपजस्तो पनि देखिन्छ भने यो कल्पकल्पान्तरलाई पनि सामयिक परिवर्तनका क्रमको सङ्केतविधिका रूपमा ग्रहण गर्न सकिनेजस्तो पनि देखिन्छ। यसरी हेर्दा ब्रह्मचिन्तन पूर्वको जगत्‌विवर्तन प्रक्रियालाई बुझाउनकै निमित्त दुई प्रकारका उपमान सूक्ष्मतम र स्थूल एवं स्थूलतर लिएको जस्तो पनि देखिन्छ र समग्रमा हातगोपायूपास्थ विहीनताका कारणले र तटस्थ चिदानन्दत्वका कारणले यो ब्रह्म भनेको विज्ञानवर्णित त्यो प्रक्रिया हो जो "ब्ल्याक-होल' का नाम र कामको चिज पो हो कि जस्तो पनि लाग्दछ। एकप्रकारले विचार गर्दा पुर्वेलीहरूले ब्रह्मसाक्षात्कार गरेका रहेछन् जस्तो पनि लाग्दछ किनभने जसरी अन्धकारबाट एकाएक प्रकाशको अवस्थामा पुग्दा आँखा तिर्मिराएर केही पनि ठम्याउन सकिँदैन र पुनः आँखा ढाकेर पूर्ववत् अन्धकारमा नै फर्कनुपर्ने अवस्था आएपछि त्यस (प्रकाशको दशा) लाई बिर्सेर होइन र छैनको अवस्थामा मान्छे पुग्छ त्यसरी नै यो पनि होइन त्यो पनि होइन भन्दै **अणोरणीयान्महतोमहीयान्** भनेर सम्झाइएको छ। त्यो अन्यत्र अनुपलब्ध छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभवबेगर यो वर्णन सम्भव छैन। यो अन्धाको हात्ती चिनाइसँग पनि मिल्दैन किनभने यहाँ मनकोभन्दा पनि बेग र सङ्कल्पभन्दा पनि दृढतर धारणाको उपस्थापना पाइन्छ। पदार्थको र आत्माको समान उपयोग पद्धतिको विकास गरिएको देखिन्छ। अन्तर्ध्यान प्रक्रिया र जहाँ चाह्यो त्यहाँ जुनवेला चितायो त्यसैवेला पुग्ने मनको भन्दा पनि प्रवेगशाली जुन प्रक्रियाको त्यहाँ वर्णन पाइन्छ त्यो अर्को अतिविकसित विज्ञानको नमुनाजस्तो हो कि भन्ने पनि देखिन्छ। यसरी नै स्थूल शरीर र सूक्ष्म शरीरको कल्पना पनि अति विकसित विज्ञानको हो। यसभन्दा पनि पर पुगेर ब्रह्मलाई परम परम परमाणुका रूपमा जसरी स्थापना गरेको देखिन्छ त्यहाँ पुग्न भौतिक मार्गबाट निकै समय लाग्न र असम्भवै पनि हुन सक्ला कि ? जस्तो पनि लाग्दछ। वैयाकरणहरूको शब्दब्रह्म पनि त्यसरी नै सूक्ष्मतम बनेर अ, उ र म को योगात्मक रूप ॐमा नै ब्रह्माण्डलाई अणुमा अन्तर्भूत भएको ज्ञान पीपलको सानो दानामा विशाल अश्वत्थवृक्ष रहेको देखेर नै कल्पेको अनुभूत गरिएको छ। यसैबाट वृक्षबीजको उदाहरण प्रचलित भएको छ। दूधमा घिउ जसरी अदृश्य तर व्याप्त, पृथ्वीमा हावा। पदार्थमा आगो जसरी अन्तर्भूत ब्रह्मको कल्पना विज्ञानका प्रक्रियाले पत्ता लाउन नसक्ने भएपछिको अन्तिम निष्कर्ष पो हो कि जस्तो पनि लाग्दछ। अहिले व्यापारिकृत योगाभ्यासीहरू पनि अनाहत नादको गुन्जन जति माथि गयो त्यति नै व्यामोहक र आनन्ददायक हुन्छ भन्छन्। यसबाट उनीहरूको एकान्त सेवन र हिमश्रृङ्खलावरणको रहस्य उद्घाटित हुन्छ। ऋग्वेदको नासदीयसूक्तका आधारमा भन्दा यो जे छ त्यो सबैभन्दा पछिको भएकाले त्यसंका बारेमा वर्णन गर्न सक्तैन। त्यसवेला न जल थियो, न थल थियो, न प्रकाश थियो, न अन्धकार नै थियो। न हावा थियो, न घाम थियो केवल त्यो (शून्य) मात्रै थियो। त्यही नै ब्रह्म हो अर्थात् परम सत्य नै त्यै हो बाँकी सबै माया।

१.५ उपसंहार

शब्दब्रह्मसम्बन्धी कुरा अत्यन्त गहिरो किसिमले सुरु भएको छ। वाणीका चार अवस्था मानिएका छन्– परा, पश्यन्ती, मध्यमा र वैखरी। पराको अवस्थामा त्यो अव्यक्त हुन्छ। यसको बीजमात्र रहेको अवस्था मानिन्छ। पश्यन्तीमा आएर त्यो अङ्कुराउँछ। मध्यमा बिम्ब (कोपिला) को अवस्था हो। कण्ठप्रदेशमा आएर पनि अस्पष्ट र अव्यक्तकै अवस्थामा रहेको हुन्छ। वैखरी भनेको वर्णरूप मानिन्छ। मुखोच्चारित वर्णले कसरी अर्थ प्रदान गर्छ ? अर्थबोध कसरी हुन्छ ? सीमित लिपिचिह्नभित्र अनन्त ध्वनि कसरी समायोजित छन् र आ-आफ्ना प्रकारले अर्थबोधको कारण के हो ? भन्ने पनि जिज्ञासा बेलाबेला उठ्ने गरेको देखिन्छ। वैयाकरणहरूले स्फोटको स्थापना गरे। साहित्यिकहरूले पनि वैयाकरणकै स्फोटलाई ध्वनि भन्ने शब्द प्रदान गरेका छन्। कालिदास शब्द र अर्थलाई शिव र शक्तिजस्तै एकंबाट अनेक गर्न नसकिने तत्त्व मान्दछन्, प्राण र शरीरजस्तै। शक्तिका अभावमा शिव शव हुन्छ। त्यसले सत्य, शिव र सुन्दर धारण, व्यवहार र प्रदान केही पनि गर्न सक्तैन **"वागर्थाविवसम्पृक्तौ वागर्थ प्रतिपत्तये।"** तुलसीदास पनि **"वर्णानामर्थसङ्घानां, रसानां छन्दसामपि"**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर शब्दान्तरका साथ कालिदासकै मार्गमा हिँडेका देखिन्छन् । वर्णको समूह, रस, छन्द र अर्थको प्रतिपत्ति गराउने तत्त्व नै नित्य भएकाले त्यो नै ब्रह्म पनि हो । ज्ञाता, ज्ञान अथवा जीवचैतन्य नै स्थूल शब्दका रूपमा परिणत हुन्छ । यो समस्त जगत् शब्दैको परिणाम हो भन्ने वैयाकरणहरूको अभिमत रहेको देखिन्छ । नित्य परमेश्वररूप वाक्तत्त्वको प्रतिबिम्बस्वरूप मानिन्छ । शब्दका दुई रूप छन् । एक विवृत अर्को अविवृत । अविवृत अर्थात् नित्य । विवृत अर्थात् अनित्य । जसबाट लोक व्यवहार चल्दछ, जसलाई रथ्यापरुष या सामान्य मनुष्यरूप मानिन्छ, त्यो वाक्तत्त्व विकास भएकाले कार्यरूप छ । जो जीवात्माभित्र रहेको छ र पनि जसलाई जीवात्माले जान्दैन तर जसको जीवात्मा शरीर हो जो जीवात्माभित्र रहेर उसलाई नै गरिराखेको हुन्छ त्यो अन्तर्यामी अमृतत्त्व नै आत्मा हो । यही अन्तर्यामी नै महादेव या शब्दवृषभ मानिन्छ । जीवात्मा या विज्ञान अथवा बुद्धिस्थ आत्मा नै व्यावहारिक शब्दात्मा हो । यही नित्य शब्दात्मा नै समस्त व्यवहारको कारण हो । साध्यसाधनरूप व्यवहार तथा प्रत्येक सिद्धान्तमा आउने पदपदार्थरूप भेद व्यवहारको पनि कारण यही नै हो किनभने समग्र प्रवाद या मतमतान्तर यसैमा आबद्ध रहेका हुन्छन् । सबै प्रयोक्ताका आभ्यन्तरमा यही नै रहेको हुन्छ । पुण्यापुण्य कार्यको आश्रय पनि यही हो । गमनादि कर्मको आधार पनि यही नै हो । यसैका अनुग्रहबाट नै सुखदुःख उत्पन्न हुन्छन् (**शोकस्थान सहस्राणि भयस्थानशतानि च, दिवसे दिवसे मूढमाविसन्ति नपण्डितम्**) । यी सबै कार्य उत्पादन गरेर पनि यसको शक्तिको व्याघात हुँदैन । यो नित्य शब्दात्मा नै समस्त मूर्तताको परिमाणरहित कारण हो । यदि यो परिमित हुन्थ्यो भने त केही उत्पन्न हुनेबित्तिकै यो घट्तथ्यो या दिइन्थ्यो । यसैले यो अपरिमाण कारण हो । सृष्टिमा मानौ यो ब्युँझन्छ । प्रलयमा सुत्छ । अतः स्वप्न र प्रबोधको अनुकरण गर्दो प्रतीत हुन्छ । उसको प्रवृत्ति सृष्टि हो भने निवृत्ति प्रलय हो । यसैले प्रवृत्ति र निवृत्तिका माध्यमले नै यसले प्रबोध र स्वप्नको अनुकरण गर्दछ । बादल र वनाग्निकै समान् वनौषध्यादि उत्पन्न गर्दछ र अन्त्यमा विनाश पनि गरिदिन्छ । यसैले यो प्रसवोच्छेदशक्तिसम्पन्न मानिन्छ । यसै भएकाले यसलाई सबैको ईश्वर भनिएको हो । समस्त प्रवृत्तिनिवृत्तिको पनि यही नै कारण हो । अणिमादि शक्तिका योगले यो सर्वशक्ति पनि कहिन्छ । यो नै महान् शब्द वृषभ हो । यो शब्दवृषभमा शब्दको ज्ञान र प्रयोगात्मक योग जान्नेवाला पुरुष नै अहङ्कार रूप ग्रन्थि काटेर ब्रह्ममा सन्निविष्ट हुन्छ । शब्दवृषभका साथ एकत्व लाभ या सायुज्य प्राप्त गर्दछ । यसैलाई ब्रह्मलीन हुनु पनि भनिन्छ । **"ब्रह्मशाश्वतम्-ब्रह्म सनातनम्"** । भनेर ब्रह्मलाई शाश्वत सनातन मानेको पनि देखिन्छ । सिद्धान्तागमले ब्रह्मलाई शाश्वत, उत्तरवातुलमा ब्रह्मलाई निश्चित र स्कन्दपुराणमा **शब्दब्रह्म शाश्वतम्** भनेर लिङ्गपुराणले पनि शब्दब्रह्मका रूपमा नै ब्रह्मप्रतिपादन गर्दै त्यसका अधिष्ठातृका रूपमा महादेवलाई नै लिनु, बृहदारण्यक र छान्दोग्योपनिषत्मा अयमात्मा ब्रह्म, अन्नं ब्रह्म, विज्ञानं ब्रह्म, आदित्यो ब्रह्म आदि भनेर जेजे भने पनि शब्दब्रह्म नै सिद्ध गरिएको पाइन्छ । वास्तवमा स्वप्नावस्थाको प्रलीनवृत्ति नै कारणदशा हो । यसको प्रथम प्रवृत्ति प्रतिभा हो । यसैले एकसाथ प्रतिभायुक्त ऋषि पनि जन्मन्छन् । यसै प्रतिभालाई सत्ता या महानात्मा भनिन्छ । यही अविद्याको योनि या कारण हो । सारा शास्त्रका आधारलाई केलाएर हेर्दा के देखिन्छ भने जसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा सफा थालमा भरी पानी राखेर आँगनमा राखेर त्यस थालको पानीमा प्रतिबिम्बित आकाश सीमित हुन्छ, त्यसरी नै हामीले बोध गरेको ब्रह्म पनि त्यस्तै दशामा प्रतिभासितजस्तो लाग्छ किनभने थालको आकाश सीमित भए पनि वास्तविक आकाश त असीमित नै हुन्छ। हाम्रा आँखाको डिलनेर औंलो घुसारेर हेर्दा सामुन्नेको वस्तु दुईवटा देखिन्छ जब औंलो विस्तारै आँखालाई ठेल्न कम गर्दै लगिन्छ अनि नक्कली देखिएको वस्तुचाहिँ सक्कलीमा नै गएर समीकृत भएको देखिएझैं अज्ञानको नाश भएपछि यो भ्रमको पर्दा हटेर ब्रह्मको मात्र बोध हुन्छ। यसो भएकाले घटाकाश, मठाकाश र बाह्याभ्यान्तराकाशमा अन्तर नभए पनि अन्तरजस्तो लागेजस्तै ब्रह्म न घट्छ, न बढ्छ, न त्यसलाई सम्पूर्ण रूपमा कुनै शास्त्रादिले चिनाउन नै सक्छन्। त्यो मन, बुद्धि इन्द्रियादिको विषय नै होइन। यसो भएकाले नै यजुर्वेदले **'खं ब्रह्म'** भनेर चारै वेदले त्यसलाई नेतिनेतिको विधिबाट प्रतिपादन गरेका छन्। माकुराले जसरी आफ्ना मुखबाट निकालेको जाल फैलाउँछ र फेरि यसलाई आफैंमा लीन गराउँछ, त्यसरी नै ईश्वरले पनि सृष्टि, पालन र संहार आफ्नै इच्छा (ऋत) बमोजिम गर्दछ भनेर पुराणादिले भनेका कुरा र वेदोपनिषत्‌ले ब्रह्मको परिचय दिएका कुरामा चाहिँ ईषत् अन्तर परेको पनि देखिन्छ। यो निरवद्य निराकार निरञ्जनले सृष्टि गर्दैन, यो त त्रिगुणातीत सदाभासमान स्वप्रकाशित प्रकाशपुञ्ज हो। प्रकृति यसका सन्निकट पुग्दा प्रकृतिवशात् यसमा अनेकौं हरितपीतादि रङ्‌प्रतीति भएको मात्र हो। यो त स्फटिकमा रातो, नीलो कपडा देखाएर स्फटिक हरियो नीलो देखिएजस्तो मात्र हो। कपडा स्फटिकको साम्नेबाट हटाइदिएपछि स्फटिक सदा शुभ्र प्रतिभासित भएजस्तै ब्रह्म पनि सदा एकनाश भासितावस्थामा रहेको हुन्छ। ज्योतिको पनि ज्योतिलाई प्रकाशित गर्न सकिन्छ र ? आदि कारणको पनि कारणलाई कसरी चिनाउनु कि यो कारण हो भनेर। मन, बुद्धि, चेतना त्यहाँसम्म पुग्नै सक्तैनन्। चेतनको परम निधानलाई के भन्ने ? शब्दले पनि गति पाउँदैन। त्यो यस्तो र यत्रो छ भनेर व्यक्त गर्ने कुनै पनि उपाय या साधन आजका दिनसम्म मानव चेतनाले फेला पार्न सकेको छैन। यसैले जे छ त्यो ब्रह्म नै हो। जे छैन भन्ने कुराको भास हुन्छ त्यो पनि ब्रह्म नै हो। यसैले वेदले यसलाई 'खं' भनेर विराम लिएको हो। स्तोत्रले यसका सम्बन्धमा एउटा स्तुति यसरी प्रस्तुत गरेको देखिन्छ-

अचिन्त्यमव्यक्तमनन्तमव्ययम्।
विभुं प्रभुं भावितविश्वभावनम्॥
त्रैलोक्यविस्तारविचारकारकम्।
हरिं प्रपन्नोऽस्मिगतिं महात्मनाम्॥१॥

यदि गगनमधस्तात् कालपाशानुबद्धो।
यदि च कुलविहीने जायते पक्षकीटे॥
कृमिशतमपि गत्वा जायते चान्तरात्मा।
मम भवतु हृदिस्था केशवे भक्तिरेका॥२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनले चिन्तन गर्न नसकिने, वाणीले व्यक्त गर्न पनि नसक्ने, आदि अन्त्य र मध्य पनि नभएको, कहिल्यै नाश या क्षरण नहुने, विभु, व्यापक र अति सानो प्रभु अत्यन्त नै महान्, अर्को जोडा नभएको, एक्लो, भावनागमित विश्वमा व्याप्त र विश्वले भावना गर्ने, तीनै लोकको विस्तार, विरचनादि कार्यको आदि कारकरूप हरि अर्थात् अनेक रूपमा प्रतिभासित त्यही प्रणवरूप ब्रह्म जो महात्मालाई पनि गति प्रदान गर्दछ। आकाश खसेर कालपाशमा बाँधिएर अत्यन्त हीन कुलमा जन्मदा पनि र पशुपंक्षी, कीटादिका जुनिमा सयकडौं जन्म लिनुपरे पनि हरिप्रति मेरो अनन्य भक्ति हृदयमा रहिरहोस् ।

सन्दर्भसामग्रीसूची

आचार्य शङ्कर, (१९९३), **माण्डूक्योपनिषत्** (गौडपादीय कारिका, शाङ्कर भाष्य), *गोरखपुर : गीताप्रेस ।*

ओमानन्द तीर्थ, (२०५३), **पातञ्जलयोगप्रदीप**, *गोरखपुर : गीताप्रेस ।*

गोयन्दका हरिकृष्णदास, (व्या.) (२०२१), **ईशादि नौ उपनिषत्**, *गोरखपुर : गीताप्रेस ।*

श्रीमद्भागवत-महापुराण, (प्रथम तथा द्वितीय भाग) *गोरखपुर : गीताप्रेस ।*

अग्निपुराण, कालिकातानगर्याम्: *जीवानन्द विद्यासागर ।*

लिङ्गपुराण, कलकत्ता : *अरुणोदय ।*

शारदातिलक, वाराणसी : *चौखम्बा संस्कृत संस्थान ।*

भर्तृहरि, **वाक्यपदीय (ब्रह्मकाण्ड)**, (व्या.) **अवस्थी शिवशङ्कर** (२०४७) *वाराणसी : चौखम्बा विद्याभवन ।*

शास्त्री, सदाशिव, (शाके १८५४), **वीरशैवेन्दुशेखर**, काशी : *जङ्गमवाटिका संस्थान ।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधकको दृष्टिमा पशुपतिनाथ

–गिरिधारी भट्ट

सृष्टिको आदिमा कोही थिएनन्, केही थिएन, ब्रह्मा, विष्णु, महेश्वर कोही थिएनन्। न आकाश, न वायु, न तेज, न जल, न पृथ्वी, न नक्षत्र, न सूर्य, न चन्द्रमा, केही पनि थिएन। मात्र शून्य, महाशून्य थियो। त्यस महाशून्यमा एउटा ज्योतिःस्तम्भ, एउटा ज्योतिर्लिङ्ग प्रकट भयो। त्यो ज्योतिर्लिङ्गबाट आलोक फैलियो र त्यो महाशून्य आलोकित भयो अनि त्यस आलोकमा पञ्च महाभूतको सृष्टि भयो। सर्वप्रथम आकाश, आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथ्वीको उत्पत्ति भयो। त्यस शून्य आकाशमा एक प्रकारको ध्वनि गुन्जिन थाल्यो र त्यो ध्वनि विकसित भयो अनि त्यस ध्वनिबाट पञ्चब्रह्मको प्राकट्य भयो र त्यसको नाम ईशान, तत्पुरुष, अघोर, वामदेव अनि सद्योजात रहन गयो। अर्को हिसाबमा सगुणरूप हेर्ने हो भने यिनको नाम ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिव राखियो। यी पञ्चब्रह्म हुन्। यी चेतनाको स्थिति पञ्चब्रह्ममाथि नै छ। यसैमा श्रीचक्र र यी पञ्चब्रह्ममाथि नै महात्रिपुरसुन्दरीको स्थिति छ। अब यो हाम्रो देहमा छ। श्रीचक्र भन्नु नै देह हो र हाम्रो शरीरमा पनि यिनै शक्ति छन्। त्यसैले भनिएको छ **'देही देवालयः प्रोक्तः स्वात्मा देवः सनातनः'**। त्यसै गरी– **त्यजेद् वै ज्ञाननिर्माल्यं सोऽहंभावेन पूजयेत्। शरीरं चिन्तयेदादौ निजश्रीचक्ररूपकम्॥**

पशुपतिनाथको मन्दिरमा पनि प्रायशः यिनै शक्तिहरूको प्रदर्शन गर्ने प्रयत्न गरिएको छ। बाहिर पशुपतिनाथको मन्दिरलाई हेरेर सङ्केत बुझी आफ्नो शरीरमा तादात्म्य मिलाउँदै अन्तःसाधनातिर लाग्न सकेमा उपलब्धि हुन्छ। के हो त शिव ? शिवलाई बुझ्न बुझाउन हाम्रा पूर्वजहरूले धेरै प्रयत्न गरे र एउटा निष्कर्ष निकाले। त्यही निष्कर्षअनुरूप उनीहरूले शिवलिङ्ग बनाएका हुन्। लिङ्गमा नाद छ, आनन्द छ, चैतन्य छ अनि ब्रह्माण्ड र महाशून्यलाई पनि दर्शाइएको छ। शिवलिङ्गमा जलहरी छ, लिङ्ग छ अनि जलहरीमुनि चारकुने प्रस्तर छ। चारकुने प्रस्तरमाथि जलहरी राख्नेबित्तिकै डमरुको आकार बन्छ। डमरु नादको प्रतीक हो। जलहरी योनिरूप पार्वती हुन्। शिवलिङ्ग योनिमा प्रक्षेपण गरिएको लिङ्ग हो। त्यसैले जलहरीसहितको शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवशक्ति- संयुक्त आनन्द हो। आनन्दको अनुभूति कहाँ गरिन्छ ? देहमा गरिन्छ। त्यसैले त्यो आनन्दलाई अब कहाँ खोज्ने ? शरीरमै होइन र ? हेर्नोस् दक्षिणकालीको स्वरूप र शिवलिङ्गको स्वरूप एकै हो– दुवै आनन्दका प्रतीक हुन्। त्यसैले कर्पूरादिस्तोत्रमा भनिएको छ– **महाकालेनोच्चैर्मदनरसलावण्यनिरताम्**। फेरि हेर्नोस् सबै भन्छन्– कृष्ण, कृष्ण, कृष्ण। कृष्ण को हुन्? सबैलाई आफूतर्फ तान्ने, आकर्षण गर्ने भएकाले कृष्ण भनिएको हो। त्यसैले कृष्ण आनन्दै हुन्। अब यो कसले बुझ्ने ? कृष्णले चतुर्विध सृष्टिलाई आकर्षण गरेका छन्। अरू कुनै शक्तिले त्यसो गर्न सक्छ ? नन्दको अर्थ आनन्द होइन ? यशोदाको अर्थ यश दिने होइन ? कृष्ण नै आनन्द हो, आनन्द नै कृष्ण हो। त्यसैले शिव नै आनन्द हो। त्यो हाम्रै देहमा छ। हामीले आनन्दबाटै सृष्टि गरेका छौं। चतुर्विध सृष्टि त्यही प्रक्रियाबाटै भएको छ। प्रक्रिया फरक फरक होला, तर सर्वत्र सृष्टि आनन्दबाटै भएको छ।

अब साधना के त ? आनन्दको साधना आफूभित्रै छ। त्यो आनन्दको स्मृति नै साधना हो अब त्यो आनन्द कसरी त ? बसेर, सुतेर, हेरेर, खाएर– जे गर्दा पनि आनन्दै आनन्द।

लिङ्ग प्रकाश हो र महात्रिपुरसुन्दरी त्यस प्रकाशको आलोक हो। त्यसैले लिङ्गको माथि ईशानवक्त्रको माथि त्रिपुरसुन्दरीको अवस्थिति छ। त्यसैले "**प्रकाशचैतन्यज्योतिःशक्त्यै नमः** "भनेर पूजापद्धतिहरूमा वर्णन गरिएको छ। त्यो आनन्द सबैमा छ, सबैमा व्याप्त छ। सबैलाई त्यसको खोजी छ।

प्रकृति के हो त ? त्यही त्रिपुरसुन्दरीको परा अवस्था हो। अव्यक्त अवस्था परा हो भने व्यक्त अवस्था अपरा हो। त्यसैले यसलाई चेतनाको अव्यक्त अवस्था र व्यक्त अवस्था भन्नु पर्‍यो। यसरी साधना गर्ने व्यक्तिले सर्वत्र पशुपति देख्दछ। साधनाबाट पशुपति नै सर्वत्र व्याप्त छन् भन्ने दृष्टिकोणको विकास हुन सक्दछ।

यहाँनेर पशुपतिको विग्रह र मानवदेहमा अलि फरक देखिन्छ। शिवलाई कहाँ खोज्ने ? देहमा नै खोज्नुपर्ने होइन र ? फेरि दक्षिणकालीलाई हेर्नोस्, काली र भैरवको सामरस्य छ। त्यसैले दुवैले देखाउन खोजेको एउटै होइन ? अब शिवलाई कसैले बुझ्यो त ? त्यसैले शिव र दक्षिणकालीमा कुनै अन्तर छैन। यहाँ न शिव छ, न शक्ति छ, न पुरुष छ, न स्त्री छ।

पूजापद्धतिमा पश्चिम मुख सद्योजात भनिएको छ। सद्योजात ब्रह्मा हुन्, त्यसैले "**श्वेताक्षतैः श्वेतपुष्पैः पूजयेत् हंसवाहनम्**" भनिएको छ। उत्तरतिर हेर्दा वामदेव विष्णु हुन्- **तुलसीशतपत्रैश्च पूजयेत् गरुडध्वजम्**। पूर्वतर्फ तत्पुरुष सूर्य हुन् – **दुर्वाङ्कुरैर्रक्तपुष्पै : पूजयेदश्ववाहनम्**। त्यसै गरी दक्षिणतर्फ अघोर रुद्र हुन् **नीलोत्पलैश्च करवीरैः पूजयेत् प्रेतवाहनम्**। ऊर्ध्ववक्त्र ईशान सदाशिव हुन् –**बिल्वैः कनकपुष्पैश्च पूजयेदश्ववाहनम्**।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्र	मुख	दिशा	कृत्य
स्वाधिष्ठान	तत्पुरुष	पूर्व	सृष्टि
मणिपुर	अघोर	दक्षिण	स्थिति।
अनाहत	सद्योजात	पश्चिम	लय।
विशुद्ध	वामदेव	उत्तर	निग्रह।
आज्ञा	ईश्वर	ऊर्ध्व	अनुग्रह।
मूलाधार	कालाग्निरुद्र	अधः, पातालचक्र	विश्रान्ति।

अब यो कसरी भयो रे भन्दा, अब यसलाई खोल्न अलि गाह्रो छ। अब चनाको एउटा गेडो लिनुस्। त्यसलाई रोप्नुस, उम्रन्छ, बढ्छ अनि बोटसँगै सुक्छ पनि। चनाको गेडो सुक्यो , फेरि रोप्नुस् र उम्रने सम्भावना छ। त्यसैले नरोप्दैको सुकेको चना विश्रान्ति अवस्था हो। यहाँ यसभन्दा बढी भन्न मैले मिल्दैन। साधनाको कुरा छ। त्यसलाई रोपेपछिको अवस्था सृष्टि हो। उम्रन्छ – स्थिति भयो। काट्नुस्–लय भयो। यो सम्पूर्ण प्रक्रिया अनुग्रह हो। अनुग्रह ईशानबाटै हुन्छ। अब यी सबै अवस्थाहरूको समष्टि नै पशुपति हो। सद्योजात आदिको छुट्टाछुट्टै पद्धति छ, मन्त्र छ, ध्यान छ, स्वरूप छ। ईशान आदि पञ्चवक्त्रस्वरूपले यिनै अवस्थालाई बुझाएको छ। पशुपति सबैको समष्टिस्वरूप हो।

अब रुद्र, शतरुद्रीय हेर्नुहोस्,

महेश्वर महत्तत्त्व हो। शरीरमा बसेर म भन्ने नै महेश्वर हो। ईश्वर र महेश्वर एकै हुन्। त्यसैले महेश्वर अहङ्कार हुन् । ब्रह्मा सृष्टि हुन्, विष्णु स्थिति हुन् , रुद्र संहार हुन्, ईश्वर तिरोधान हुन् अनि सदाशिव अनुग्रह हुन्। मैले बुझेको कुरा शिवतत्त्व यही हो। एकथरी वैष्णवहरू पशुपति जानै हुँदैन, लिङ्ग पुज्नै हुँदैन भन्दछन्। "**तुलसीशतपत्रैश्च पूजयेद् गरुडध्वजम्**" भनेको के हो ? खै बुझेको ?

सुरुमै भनिएको थियो– त्रिपुरसुन्दरी नै आलोक हो। त्रिपुरसुन्दरीको पूजा श्रीयन्त्रमा गरिन्छ। श्रीयन्त्रको स्वरूप यस्तो छ "**बिन्दुत्रिकोणवसुकोणदशारयुग्मम्। मन्वस्र नागदलसंयुतषोडशारम्॥ वृत्तत्रयञ्च धरणीसदनत्रयञ्च। श्रीचक्रराजमुदितं परदेवतायाः॥**"

पशुपति प्रकाश हुन् भने त्रिपुरसुन्दरी आलोक हुन्। त्यसैले पशुपतिको शीर्षमा श्रीयन्त्र लेखिन्छ। त्यसैले चेतनाको विस्तार नै सुन्दरी हुन्। कसले विस्तार गऱ्यो ? केके विस्तार गऱ्यो ? यहाँ ईशानको विस्तार होइन, ऊ साक्षी छ, चेतनाको विस्तार भएको छ। बोट विरूवा इत्यादिमा आएर हेर्नोस्– सबैमा चेतनाको विस्तार भएको छ। अकुल शिव हुन् भने कुल शक्ति हुन्। अकुल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलमा नगई सृष्टि हुँदैन, हुनै सक्तैन। चाहे त्यो सृष्टि परागसेचनबाट होस् अथवा शुक्रसेचनबाट होस्। अब यहाँ सबै कुरा खोल्न अप्ठयारो हुन्छ। कामदेव भनेको के हो ? मनोभाव होइन ? इच्छा होइन ? मनबाट उत्पन्न हुने होइन ? ध्यान पनि छ, हेर्नुहोस्, त्यसैले म भन्छु, भनिरहेको छु साधनाको दृष्टिबाट, शास्त्रको सङ्केत पनि त्यस्तै देखिन्छ। त्यसैले पशुपतिको साधना के हो ? पशुपतिको क्षेत्र कति हो भन्ने सम्बन्धमा गहन चिन्तनको आवश्यकता पर्छ। अनुभवरहितको ज्ञानबाट यो बुझ्न सकिँदैन। साधनाको दृष्टिले विश्वब्रह्माण्ड नै पाशुपतक्षेत्र हो। शास्त्रको कुरो म जान्दिनँ। मैले केवल साधनाको दृष्टिबाट आफ्नो विचार स्वानुभूति प्रकट गरेको हुँ। यसरी विचार गर्दा प्राणीमात्रको शरीर शिवमन्दिर हो भने शरीरका रूपमा त्यसभित्र साक्षात् पशुपतिनाथ विराजमान हुनुहुन्छ। **तन्मे मनः शिवसङ्कल्पमस्तु।**

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ परब्रह्मतत्त्व

(उपनिषत्हरूको आधारमा)

–प्रा. गोपालनिधि तिवारी

ॐ नमः शिवाय गुरवे सच्चिदानन्दमूर्तये।
निष्प्रपञ्चाय शान्ताय निरालम्बाय तेजसे ॥

उपनिषत्हरूले श्रीपशुपतिनाथ परब्रह्मतत्त्व हुनुहुन्छ भन्ने अनुभूति जगाएर श्रीपशुपतिनाथको ध्यानाभ्यासद्वारा ज्ञानज्योतिमा जीवलाई मिलाई ब्रह्माण्डचक्रबाट छुट्कारा दिलाउने प्रयत्न गरेका छन्। शिवोपनिषत्मा भगवान् शिव सर्वजगत्पति तथा स्वभावतः विशुद्ध परब्रह्मतत्त्व हुनुभएकाले यस्तो परब्रह्म शिवभावले पशुपतिनाथको ध्यान गर्ने ज्ञानीहरू सहजै पाशपञ्जरबाट मुक्त हुन्छन् भन्ने रहस्य प्रकट गरिएको छ। पशुपतिनाथ शब्दमा पशु भनेर जीवहरू झल्काइएको छ र पति भनेर उनीहरूको रक्षा गर्ने स्वामी बुझाइएको छ। नाथ भन्नाले सम्पूर्ण ब्रह्माण्डको नियन्ता एक नित्य तत्त्व सम्झाइएको छ। हामी जीवहरू यो ब्रह्माण्डचक्रमा अज्ञानले फसेर यसबाट उम्कन चाहन्छौं तर अज्ञानलाई ध्वस्त पार्ने ज्ञानमार्गमा दृढ निश्चयका साथ अगाडि बढ्न हिच्किचाउँछौं। जबसम्म परब्रह्मतत्त्वका रूपमा श्रीपशुपतिनाथको ध्यान हुँदैन तबसम्म ज्ञानज्योति ढाकिएकै हुन्छ र स्वयं ज्योतिस्वरूप परब्रह्मतत्त्वको अनुभूति हुँदैन। पर भनेर मायादेखि पर शुद्ध सत्स्वरूप उपाधिरहित तत्त्वलाई लिइन्छ। मायायोगले खडा भएका पाँच महाभूतहरू, पाँच ज्ञानेन्द्रियहरू, अन्तःकरणका चार विभागहरू, पाँच कर्मेन्द्रियहरू र पाँच प्राणहरू यी चौबीसलाई पाश भन्ने ठानी पच्चीसौं सोही माया, मूलप्रकृति वा अज्ञानलाई यिनीहरूको माउ भन्ने मानिएको छ। छब्बीसौं अज्ञ पशुरूप जीव यिनीहरूकै फन्दामा परेको हुनाले उसले यो फन्दाबाट उम्कन सत्ताईसौं शिवरूप श्रीपशुपतिनाथको शरण परी सर्वस्वात्मनिवेदन गर्न सक्नुपर्दछ। शिवोपनिषत्मा भनिएको छ कि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तविंश इति प्रोक्तः शिवः सर्वजगत्पतिः ।।[१]
यस्माच्छिवः सुसम्पूर्णः सर्वज्ञः सर्वगः प्रभुः ।
तस्मात् स पाशरहितः स विशुद्धः स्वभावतः ।।[२]

परब्रह्मस्वरूप श्रीपशुपतिनाथको भावना नै पाशबन्धनबाट उम्कने परम उपाय भएकाले यस ज्ञानमार्गमा दृढताका साथ मुमुक्षुले लाग्नुपर्ने कर्तव्य दर्शाइएको छ। पहिले चित्तको शुद्धि आवश्यक हुँदा श्रीपशुपतिनाथको दृश्यमूर्तिको पूजा आदि निष्कामभावले हुनु आवश्यक छ। यस्तै चित्तको निश्चलताका लागि भक्तिभावको उदय हुनुपर्दछ। यसरी चित्तको निर्मलता र निश्चलता कायम रहँदा परब्रह्मतत्त्वको ध्यानमा अडिन सकिने हुन्छ। रुद्रोपनिषत्मा कर्म र भक्तिद्वारा शिवको शरण परेपछि त्यो शिवपूजारत र शिवभक्त मनुष्य साधारण ब्राह्मणभन्दा पनि धार्मिक क्षेत्रमा श्रेष्ठ मानिन्छ र उसले शिवमय जगत्को दर्शन पाउँछ भन्ने रहस्य प्रकट गरिएको छ।

'शिवलिङ्गार्चनयुतो ब्राह्मणाधिको भवति।'[३]

यसरी शिवस्वरूप श्रीपशुपतिनाथको अनुष्ठानमा रहेको शिवभक्तले महेश्वरको चरणजलद्वारा जन्ममालिन्य पखाल्दछ र उसको जीवन शान्तिपूर्ण हुन्छ। व्यावहारिक दुःखले उसलाई सताउँदैन। ऊ आनन्दपरायण हुन्छ भन्ने तथ्य प्रकट गर्दै रुद्रोपनिषत्ले **'तस्माच्छिवं व्रजन्तु'** त्यसकारण शिवको शरणमा जाऊन् भनेर हामीलाई प्रेरणा दिएको छ। यसबाट पाशुपतक्षेत्रमा विराजमान हुनुभएका शिवस्वरूप श्रीपशुपतिनाथको शरणमा पर्दा भुक्ति र मुक्ति प्राप्त हुने कुरामा कुनै संशय बाँकी रहँदैन। जसले परब्रह्मस्वरूप श्रीपशुपतिनाथको कृपा प्राप्त गर्दछ उसले ब्रह्मज्योतिको अनुभूतिमा पशुजन्म ध्वस्त पार्दछ। श्रीमहादेवबाट परम कृपास्वरूप मोक्षकारण ज्ञान प्राप्त भएपछि माया र मायाका कार्यहरूले त्यस ज्ञानीलाई भुलाउन सक्दैनन् र ऊ सदा ब्रह्मज्योतिमै मग्न हुन्छ।

सर्वदेवात्मक रुद्रस्वरूप श्रीपशुपतिनाथ हुनुभएकाले ज्ञानीहरू सच्चिदानन्दरूपमा श्रीपशुपतिनाथको आराधना गर्दछन्। श्रीपशुपतिनाथ परब्रह्मतत्त्व हुनुहुन्छ भन्ने तथ्य रुद्रहृदयोपनिषत्मा यसप्रकार छ-

सर्वाधिष्ठानमद्वन्द्वं परं ब्रह्म सनातनम्।
सच्चिदानन्दरूपं तदवाङ्मनसगोचरम्।।[४]

अर्थात् "रुद्रस्वरूप श्रीपशुपतिनाथ सबैका अधिष्ठान सनातन परब्रह्म हुनुहुन्छ। उहाँ द्वैतदेखि रहित तथा वाणी र मनले अगम्य सत्, चित र आनन्दस्वरूप हुनुहुन्छ।" यस्तो भावनाले शिवको

---

१ शिवोपनिषत् १।१४

२ शिवोपनिषत् १।१५

३ रुद्रोपनिषत् १

४ रुद्रहृदयोपनिषत्-२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना गर्दा विशुद्ध विज्ञानको उदय हुन्छ। ज्ञानले नै संसारबाट तरिन्छ भन्ने रहस्य '**ज्ञानेनैव हि संसारविनाशः**' भनेर रुद्रहृदयोपनिषत्ले स्पष्ट दर्शाएको छ।

''अद्वैतं परमानन्दं शिवं याति तु केवलम्
अधिष्ठानं समस्तस्य जगतः सत्यचिद्घनम्।
अहमस्मीति निश्चित्य वीतशोको भवेन्मुनिः[५]

उपाधिरहित, भेदवर्जित, सारा जगत्का अधिष्ठान, परमानन्दस्वरूप, सद्चिद्घन शिवस्वरूप म साक्षी स्वयं प्रकाश हुँ 'शिवोऽहं' भन्ने दृढ निश्चयसाथ उच्च भूमिकामा प्राप्त भएको मननशील ज्ञानी नै सारा शोकहरूदेखि रहित हुन्छ भन्ने यसको आशय हो।

'शिवोऽहं' को तात्पर्य सगुण शिव होइन, सारा गुणहरू उपाधिहरूको विलय भएको शुद्ध चैतन्य शिव हो। परब्रह्मतत्त्व नै शिव भएकाले आफ्नो वास्तविक स्वरूपबाट गिरेर मात्र जीव हुने भान भएको हो। उपाधि ज्ञानाभ्यासद्वारा हट्ने हुँदा एक चैतन्यमात्र शिवस्वरूप मानिन्छ। परब्रह्मतत्त्व शिवको अनुभूति भनेको शिवस्वरूप हुनु हो। मृत्युञ्जय शिवस्वरूपमा जन्म, मृत्यु, व्याधि, भय आदि केहीको पनि लेश छैन। त्यसैले उपनिषत्हरूमा परब्रह्मतत्त्व नै शिवपद हो भनेर घोषणा गरिएको छ। ब्रह्मरूपमा शिवस्वरूप पशुपतिनाथ सबैका साक्षी हुनुहुन्छ भन्ने प्रकाश पाशुपतब्रह्मोपनिषत्ले गरेको छ। त्यहाँ भनिएको छ-

''स्वतः शिवः पशुपतिः साक्षी सर्वस्य सर्वदा''[६]

शिवलाई शुद्ध, शान्त र साक्षीरूपमा अनुभव गर्ने ज्ञानीले 'शिवोऽहं' द्वारा सम्पूर्ण कल्मषको ध्वंस गरेको हुन्छ। आफ्नै महिमामा प्रतिष्ठित शिवतत्त्वको साक्षात्कारद्वारा जन्म, मृत्यु आदिको दुःखबाट छुट्कारा पाउँछ र सच्चिदानन्दस्वरूप आत्मै मात्र हुन्छ। अनात्मपदार्थहरू स्वतः बिलाएर जान्छन् अर्थात् अनात्माकारवृत्ति कुनै क्षणमा पनि स्फुरित हुन पाउँदैन। यस्तो अवस्थालाई मात्र मुक्ति मानिन्छ।

कैवल्योपनिषत्ले समस्त साक्षी, शुद्ध, ब्रह्मस्वरूप मात्रको स्थितिमा कैवल्य पद प्राप्त हुने तथ्य दर्शाएको छ। शिवतत्त्व रुद्रको अनुसन्धानद्वारा ज्ञानको प्रकाश पाएका मुमुक्षुहरू संसारसमुद्रदेखि पार हुन समर्थ हुन्छन् भन्दै यस उपनिषत्ले शिवकै आराधनाद्वारा पवित्र हुन प्रेरणा दिएको छ।

जाबालोपनिषत्मा शिवस्वरूप रुद्रले तारकमन्त्र सुनाउँदा ज्ञानोदय भई मोक्ष पाउने चर्चा गरिएको छ। अविमुक्त कोशीक्षेत्रमा यसका निमित्त प्रतिष्ठित हुनुपर्दछ भन्दै अविमुक्तको परिचय यसप्रकार दिइएको छ –

---

५ रुद्रहृदयोपनिषत्– ४७-४८

६ पाशुपतब्रह्मोपनिषत्– ७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

''अविमुक्तो वरणायां नास्यां च प्रतिष्ठितः,
वरणा, पापान् नाशयतीति नासी, भ्रुवोर्घ्राणस्य च सन्धिः,
दोषान् वारयतीति सोऽविमुक्त उपास्यः''[७]

इन्द्रियकृत सारा दोषहरू नाश गर्ने हुनाले वरणा र इन्द्रियकृत सारा पापहरूको नाश गर्ने हुनाले नासी भनिनेको बीच दुई आँखीभुँईहरू र नाकको सन्धि नै अविमुक्त हो। ब्रह्मको उपासना गर्ने ज्ञानीहरूको यो अविमुक्त परित्यक्त हुँदैन र यसैको प्रभावले उपासना सिद्ध भई परम पद पाउँछ। रुद्रबाट पाएको तारकमन्त्रले गर्दा मुक्ति मिल्दछ। ब्रह्मरूप शिवले नै शक्तिको सञ्चालन गर्दा यो ब्रह्माण्डको रचना भएको छ। शिवको गुणातीत स्वरूप एक अद्वितीय भएकाले शक्तिलाई दोस्रो मान्न सकिन्न। शक्ति र शक्तिमान्‌को भेद ज्ञानदृष्टिमा छैन। यसैको रहस्य हंसोपनिषत्‌मा खुलाइएको छ। भनिएको छ–

''सदाशिवः शक्त्यात्मा सर्वत्रावस्थितः स्वयंज्योतिः
शुद्धो बुद्धो नित्यो निरञ्जनः शान्तः प्रकाशते ॥''[८]

अर्थात् शक्ति नै शिवको आत्मा भएकीले शक्ति शिवदेखि फरक होइनन्, यस्तो शक्त्यात्मा सदाशिव नभएको ठाउँ कुनै हुँदैन। शिव नै परब्रह्म तत्त्वस्वरूप भएकाले र आफ्नो महिमामा आफैँमा प्रतिष्ठित भएकाले स्वयंज्योति हुनुहुन्छ। त्यसैले शिवको सच्चा स्वरूप शुद्ध, बुद्ध, नित्य, निरञ्जन, शान्त तथा स्वयंप्रकाश मानिएको छ। जुन किसिमले शिवको उपासना गरिन्छ त्यही किसिमबाट शीघ्र सन्तुष्ट भई फल दिने हुनाले शिवलाई आशुतोष भनिएको हो। ''**ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति**'' अर्थात् शिवको वास्तविक स्वरूपको बोध हुँदा शिवस्वरूप नै भई कहिल्यै पनि अन्त्य नहुने शान्ति प्राप्त हुन्छ।

उपनिषत्‌ले प्रकाशमा ल्याएको औपनिषदिक पुरुषस्वरूप श्रीपशुपतिनाथको ध्यानबाट चित्त निर्विकार हुँदा चिन्मात्र अविशिष्ट हुन्छ र संसारको कारणभूत अविद्याको नाशपूर्वक चिज्जडग्रन्थि टुट्‌दा परब्रह्मतत्त्वरूप शिवस्वरूप हुन्छ। उपनिषत्‌मा बारम्बार '**शिवोऽहं आत्मैव शिवः**' यस्तो अभ्यासमा निदिध्यासन हुँदा शरीर, इन्द्रिय, मन, बुद्धि आदिको अध्यास हटी '**शिवः केवलोऽहम्**' निरूपाधि शिवस्वरूप आत्मा हुँ भन्ने साक्षात्कार भई मुक्त हुन्छ भन्ने तथ्य दर्शाइएको छ। श्रीपशुपतिनाथ परब्रह्मतत्त्व मात्र हुनुहुँदो रहेछ भन्ने साक्षात्कार ज्ञानदृष्टि नभई हुन सक्दैन। त्यसैले मुमुक्षुहरूले बुभुक्षुपन त्यागी बहिरङ्ग साधनस्वरूप निष्काम यज्ञ, दान, तप आदि गर्दै अन्तरङ्ग साधनस्वरूप साधनचतुष्टय विवेक, वैराग्य शमादि षट्सम्पत्ति र मुमुक्षुता अक्षुण्ण राख्नुपर्दछ भनिएको छ। अनि मात्र साक्षात्कारमा अगाडि बढ्न श्रवण, मनन र निदिध्यासन अनुकूल रूपमा चल्न सक्दछन्। अधिकारी नभई श्रवणादि भएमा विपरीतरूपले बुझ्न गई त्यसबाट पाउनुपर्ने अनुभूति टाढै रहन्छ

---

७ जाबालोपनिषत् २।२

८ हंसोपनिषत् -२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र उल्टो निन्दाको पात्र हुन्छ। यही तथ्य दध्यङ् आथर्वणले इन्द्रलाई ज्ञान सुनाउँदा भएको घटना बृहदारण्यकोपनिषत्मा स्पष्ट पारिएको छ।

अथर्वशिरोपनिषत्मा देवताहरूले रुद्रस्वरूप भगवान् शिवलाई "हजुर को हुनुहुन्छ ?" भनेर सोद्धा उहाँले आज्ञा भयो कि "एक ब्रह्म नै म तीन कालमा अखण्डित छु, मदेखि अन्य अर्थात् मदेखि भिन्न अरू केही पनि छैन, म नै व्यक्त, अव्यक्त, कार्य, कारण आदि हुँ, "**नान्यः कश्चिन्मत्तो व्यतिरिक्तः**"। तब ती देवताहरूले शिवको परब्रह्म तत्त्वस्वरूप व्यापक स्वयंज्योति जानेर स्तुति गरे कि- "हे प्रभु ! हजुरै ब्रह्मा, विष्णु, सूर्य, चन्द्र, स्थूल, सूक्ष्म, कारण आदि विश्वरूप हुनुहुँदो रहेछ, यस्तो हजुरलाई सबैतिरबाट नमस्कार गर्छौं। परब्रह्मतत्त्व हुनु भएकाले सारा हजुरमै ओतप्रोत रहेछ"। गर्भवासबाट छुट्कारा पाउनाका निमित्त ब्रह्मरूपमा एक पशुपतिनाथ नै ध्येय हुनुहुन्छ। शिवको मायाशक्ति शिवकृपाबाट जानेपछि शिवत्वरूप परब्रह्मपद प्राप्त हुन्छ। यस स्थितिमा रहेपछि कुनै पनि उपाधिले छोप्न सक्दैन।

मैत्रेयलाई स्वयं महादेवले आज्ञा भयो– "हे मैत्रेय ! यो देह त देवालय भनिएको छ, यो जीव उपाधिरहित हुँदा केवल शिव नै हुन्छ, सोऽहं भावले ध्यान गर्दा अभेद दर्शन हुन्छ।

'देहो देवालय प्रोक्तः स जीवः केवल शिवः'।[१]

अद्वैत, भेदविकल्परहित र प्रपञ्चको निषेधावधि नै मङ्गलमय निरूपाधि शिवतत्त्व भएकाले माण्डूक्योपनिषत्मा **प्रपञ्चोपशमः शिवोऽद्वैतः** भनेर दर्शाइएको छ।

उपनिषत्का यी सबै प्रसङ्गबाट सार यही आउँछ कि श्रीपशुपतिनाथ नै परब्रह्मतत्त्व हुनुहुन्छ भनी बुझ्दा मोक्ष मिल्दछ। श्रीपशुपतिनाथको साकाररूपमा अर्चनादि कर्म र अनन्य भक्तिबाट चित्त निर्मल र निश्चल हुँदा उहाँको परब्रह्मतत्त्व बुझ्न सक्ने भई सत्, चित्, आनन्दस्वरूपदेखि बाहेक अरू केही बाँकी रहँदैन। अतः उपनिषत्हरू र अनुभूतिले नै खुलाउँछ कि श्रीपशुपतिनाथ परब्रह्मतत्त्व हुनुहुन्छ।

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय)द्वारा वि.सं. २०४४ फागुन ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र)

**

१ मैत्रेय्युपनिषत्, २-२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविष्णुशिवात्मक श्रीविग्रह श्रीपशुपतिनाथ

–पं. गोविन्द भट्टराई

श्रीपशुपतये नमः
एनस्कृतोऽपि विषयेष्वपि सक्तभावा
ज्ञानान्वयः श्रुतिगुणैरपि नैव युक्ताः ।।
यं संश्रिताः सुखभुजः पुरुषा भवन्ति
तं शङ्करं पशुपतिं शरणं व्रजामि ।

पापी नै भए पनि, विषयमा आसक्तै भए पनि, वेदले बताएका ज्ञानादि गुणहरूबाट रहित भए पनि जसको आश्रय ग्रहण गरेर पुरुषहरू सुखभोक्ता बन्दछन् त्यस्तो सबैलाई कल्याण दिने भगवान् श्रीपशुपतिनाथको शरणमा जान्छु ।

यसप्रकारले स्वयं भगवान् रामले श्रीपशुपतिनाथको शरण ग्रहण गर्नुभएको कुरा स्कन्धपुराणादिमा वर्णित छन् ।

अनन्त माहात्म्यसम्पन्न शिवतत्त्वको समग्ररूपले व्याख्या गर्न कोही पनि समर्थ हुँदैनन् । स्वयं गन्धर्वराज पुष्पदन्तले नै "शिवमहिम्न" स्तोत्रमा स्तुति गरेर स्वीकार्नु भएको छ-

"तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।

यादृशोऽसि महादेव तादृशाय नमो नमः ।

तथापि अव्यक्त, अचिन्त्य परमेश्वर साम्बसदाशिव भगवान्‌को आविर्भाव चाहिँ आफ्ना उपासकहरूलाई सांसारिक दुःखादिबाट छुटकारा दिएर अन्तिममा क्रमैसँग अज्ञानादि पशुपाशबाट छुटाएर आफूमा नै लीन गराई सच्चिदानन्दस्वरूप अनुभूति गराउनका लागि हो । समुद्रमन्थनको वेला देवताहरूले पनि यस्तै भन्नुभएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"तत् तस्य ते सदसतोः परतः परस्य
नाञ्जः स्वरूपगमने प्रभवन्ति भूम्नः ।
ब्रह्मादयः किमुत संस्तवने वयं तु
तत्सर्गसर्गविषया अपि शक्तिमात्रम् ॥
एतत् परं प्रदर्श्यामो न परं ते महेश्वर ।
मृडनाय हि लोकस्य व्यक्तिस्तेऽव्यक्तकर्मणः ॥[1]

त्यस्तै भगवान्को आविभार्वको रहस्य खोल्दै शुकदेव स्वामी महाराजा परीक्षितलाई बताउनुहुन्छ–

"नृणां निःश्रेयसार्थाय व्यक्तिर्भगवतो नृप ।
अव्ययस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः ॥[2]

हे राजा परीक्षित् ! अव्यय, अप्रमेय, निर्गुण भगवान्को सगुण साकार स्वरूपमा आविर्भाव मानिसहरूको निःश्रेयसार्थप्राप्ति (मोक्ष)का लागि हुन्छ ।

वेदादिशास्त्रमा पनि **द्वे ब्रह्मणः स्वरूपम्– व्यक्तञ्चाव्यक्तञ्च** भनेर अव्यक्त र व्यक्त गरी ब्रह्मका दुईवटा स्वरूप हुन्छन् भनिएको छ । त्यसमा अव्यक्त स्वरूपलाई निर्गुण निराकारादि शब्दले व्यक्त गरिन्छ भने ब्रह्मको व्यक्त स्वरूप भनेको दृश्यमान अखिल जगत् नै हो । भागवतमा यही कुरालाई यसरी भनिएको छ–

"विद्याविद्ये मम तनू विद्ध्युद्धव शरीरिणाम्"
मोक्षबन्धकरी आद्ये मायया मे विनिर्मिते[3]

हे उद्धव ! मेरो विद्या र अविद्या यी दुईवटा शरीर छन् । विद्याले मोक्ष प्रदान गर्दछिन् भने अविद्याले बन्धनमा पार्दछ ।

सर्वं खल्विदं रुद्रः यो संसारमा जति पनि पदार्थ दृश्यादृश्यरूपमा छन् ती सबै रुद्रस्वरूप नै हुन् । व्यक्तस्वरूपमा भगवान् रुद्र काल वा मृत्युरूप हुनुहुन्छ भने अव्यक्त अन्तर्यामी स्वरूपमा अमृत वा मृत्युञ्जयरूपले विराजमान हुनुहुन्छ । यही कुराको बोध गराउँदै राजा परीक्षितले शुकदेवसँग भगवान्को लीला सुनाउन यसरी माग गर्नुभएको छ–

---

१ भागवत, ८।७।३४-३५

२ भागवत, १०।२९।१४

३ भागवत, ११।११।३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"वीर्याणि तस्याखिलदेहभाजा-
मन्तर्बहिः पुरुषकालरूपैः ।
प्रयच्छतो मृत्युमुतामृतं च
मायामनुष्यस्य वदस्व विद्वन् ।[४]

यसरी एउटै शिवतत्त्व अव्यक्त रूपमा त छँदै छ, त्यही अव्यक्त तत्त्व उपासकको भावानुसार सबैलाई कल्याण गर्ने व्यक्त रूपमा पनि प्रकट हुने गर्दछ। वेदमाताले पनि **"अजायमानो बहुधा विजायते"**[५] भनेर यही कुरा भन्नुभएको छ।

जसरी वायु कहिले सुगन्ध भएको ठाउँमा पुग्दछ त कहिले दुर्गन्ध भएको ठाउँमा तर वायुदेवताले त्यो दुर्गन्ध र सुगन्धलाई ग्रहण गर्नु हुन्न आफ्नै स्वरूपमा बस्नुहुन्छ, त्यस्तै भगवतत्त्वको पनि गाई, ब्राह्मण, देवता, साधु, वेद, धर्मको रक्षाका लागि साना-ठूला अनेकानेक योनिमा अवतार भए पनि भगवतत्त्वमा ठूलो र सानोपन आउँदैन। त्यसैले भगवान्का सबै अवतार उपासकका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन्। यसलाई यसरी भनिएको छ–

"गोविप्रसुरसाधूनां छन्दसामपि चेश्वरः ।
रक्षामिच्छंस्तनूर्धत्ते धर्मस्यार्थस्य चैव हि ॥
उच्चावचेषु भूतेषु चरन् वायुरिवेश्वरः ।
नोच्चावचत्वं भजते निर्गुणत्वाद्धियो गुणैः ।[६]

शिवतत्त्व नै सृजनको वेलामा ब्रह्मा, रक्षाको वेलामा विष्णु र संहारको वेलामा रुद्ररूपमा पुकारिनुहुन्छ। त्यसैले ब्रह्मा, विष्णु, महेश्वरमा भेद देख्नुहुँदैन। जसले पञ्चायनदेवमा भेदबुद्धि गर्दछन् तिनीहरूलाई ब्रह्महत्याको दोष लाग्ने कुरा देवीभागवतमा उल्लेख गरिएको छ–

श्रीकृष्णे च तदर्चायामन्येषां प्रकृतौ सति ।
शिवे च शिवलिङ्गे च सूर्ये सूर्यमणौ तथा ।
गणेशे वा च दुर्गायामेवं सर्वत्र सुन्दरि
यः करोति भेदबुद्धिं ब्रह्महत्यां लभेत्तु सः ।[७]

जसरी मानिसले आफ्नो शरीर हातपाउहरूमा भेद गर्दैन त्यस्तै उपासकहरूले ब्रह्मा, विष्णु, महेश्वरमा भेदबुद्धि गर्नुहुँदैन। एउटै भावमा स्थित तीनमा (ब्रह्मा, विष्णु, महेश्वर) जसले भेद गर्दैन उसले शान्ति पाउँछ–

---

४ भागवत, १०।१।७

५ यजुर्वेद, ३१।१९
६ भागवत, ८।२४।६
७ देवीभागवत, ९।३१।३२।३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"यथा पुमान्न स्वाङ्गेषु शिरः पाण्यादिषु क्वचित् ।
पारक्यबुद्धिं कुरुते एवं भूतेषु मत्परः ।
त्रयाणामेकभावानां यो न पश्यति वै भिदाम् ।
सर्वभूतात्मनां ब्रह्मन् स शान्तिमधिगच्छति ।[८]

एउटै शिवतत्त्वलाई आ-आफ्नो रुचिअनुसार सत्त्वगुणप्रधान भएर पालन गर्ने वेलामा विष्णुस्वरूप भएको वेला वैष्णवहरूले विष्णु भनेर उपासना गर्दछन् भने सृष्टिको वेलामा रजोगुणप्रधान भएको अवस्थामा ब्रह्मा भनेर ब्रह्मोपासकहरूले उपासना गर्दछन् तथा संहारकालमा तमोगुणप्रधान भएको वेलामा रुद्र भनेर भक्तहरूले उपासना गर्दछन् । ब्रह्मा, विष्णु, महेश्वर जे नाम राखे पनि तत्त्व एउटै नै छ। दुइटा छैन -

एषो ह देवः प्रदिशोऽनु सर्वाः
पूर्वो ह जातः सऽउ गर्भेऽअन्तः ।
स एव जातः स जनिष्यमाणः
प्रत्यङ् जनास्तिष्ठति सर्वतो मुखः ॥[९]

वास्तवमा जसरी एउटै किसान खेतमा बीज आदि रोपेर खेतीको उत्पादक, खेतीलाई जल आदि सिञ्चन गरेर बढाएर खेतीको पालक र अन्तिममा खेतीलाई काटेर खेतीको संहारक पनि हुन्छ त्यस्तै एउटै शिवतत्त्व उत्पादक (ब्रह्मा), पालक (विष्णु) र संहारक (रुद्र) पनि बन्नुहुन्छ। त्यही एकमात्र शिवतत्त्वलाई नै निर्गुण-निराकाररूपमा ब्रह्म; सगुण-निराकाररूपमा परमेश्वर र सगुण-साकाररूपमा भगवान् नामले कहिन्छ-

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥[१०]

त्यही एउटै अद्वयतत्त्वलाई तत्त्वज्ञानीहरू तत्त्व भन्छन् भने ब्रह्मज्ञानीहरू ब्रह्म, योगीहरू परमात्मा र भक्तहरू भगवान् भनेर बताउँछन्। त्यसैले ब्रह्म, तत्त्व, परमात्मा, भगवान्, ब्रह्मा, विष्णु, महेश्वर जे भने पनि एउटै शिवतत्त्वकै नाम हुन्, भेद छैन। यही कुरालाई पुष्पदन्तले शिवमहिम्नस्तोत्रमा–

"रुचीनां वैचित्र्यात् ऋजुकुटिलनानापथजुषां
नृणामेकोगम्यस्त्वमसि पयसामर्णव इव" भनेर उल्लेख गरेका छन् ।

---

८ भागवत, ४।७।५३-५४
९ यजुर्वेद, ३२।४
१० भागवत, १।२।११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शिवलाई नै समस्त प्राणीहरूको अन्तिम विश्रामस्थान भनिन्छ। **"शीङ् स्वप्ने"** धातुबाट शिव शब्दको सिद्धि हुन्छ। **"शेरते प्राणिनो यत्र स शिवः"** अर्थात् प्राणीहरू जहाँ गएर विश्राम पाउँछन्, समस्त पाप-ताप-मृत्युभयादिबाट मुक्त भएर आनन्दका साथ विश्राम गर्दछन्, आराम गर्दछन् (सुत्छन्) त्यही सर्वाधिष्ठान सर्वाश्रयको नाम नै शिव हो। यही कुरालाई अक्रूर स्तुतिअनुसारः- **"त्वमेवान्ये शिवोक्तेन मार्गेण शिवरूपिणम्। ब्रह्माचार्यविभेदेन भगवान् समुपासते** भनिएको छ।"[११] भगवान् श्रीकृष्ण र भगवान् शिवमा भेद नभएका कारण देवकी माताले श्रीकृष्णको स्तुति भन्नुभएको छ–

"मर्त्यो मृत्युव्यालभीतः पलायन्
लोकान् सर्वान्निर्भयं नाध्यगच्छत्।
त्वत्पादाब्जं प्राप्य यदृच्छयाद्य
स्वस्थः शेते मृत्युरस्मादपैति ॥

मरणशील मानिसलाई मृत्युरूपी सर्पको डर छ। नानालोकमा पुग्दा पनि यो प्राणी निर्भय हुन सकेन। जब हजुरको पादाब्जलाई हजुरकै कृपाद्वारा प्राप्त गर्दछ त्यसवेलामा यो प्राणी स्वस्थ हुन्छ, निर्भय हुन्छ, मृत्युको डर यसबाट हट्छ र आनन्दसँग विश्राम गर्दछ, सुत्दछ।

सत्त्वगुणप्रधान हुनाले विष्णु भगवान्लाई सात्त्विक र तमप्रधान भएकाले रुद्रलाई तामस भनिए तापनि वास्तवमा सत्यनियन्ता भगवान् विष्णु हुनुहुन्छ भने तमो नियन्ता भगवान् रुद्र हुनुहुन्छ। तम भनेको मृत्यु हो, काल हो। तमो नियन्ता भएकाले नै भगवान् शङ्करलाई महामृत्युञ्जय, महाकालेश्वर भनिएको हो।

अर्को दृष्टिबाट तमप्रधान सुषुप्ति अवस्था हुन्छ। सुषुप्ति अवस्थाबाट नै जाग्रत् र स्वप्नको सृष्टि हुन्छ। त्यस्तै तमः प्रधान महाप्रलयावस्थाबाटै सम्पूर्ण प्रपञ्चको सृष्टि हुन्छ। त्यसैगरी तमः नियन्ता शङ्करबाटै सम्पूर्ण जगत्को सृष्टि हुन्छ।

यद्यपि चिन्तन मनन सात्त्विक क्रिया हुन् तथापि विश्रामका लागि तमः प्रधान सुषुप्तिको नै महत्त्व हुन्छ। इन्द्रादि देवताहरू पनि दिव्यभोगादिहरूबाट थाकेर सुषुप्ति नै चाहन्छन्। जाग्रदादि अवस्थामा द्वैतदर्शनबाट उद्विग्न भएको पुरुषलाई सुषुप्तिको आश्रय अनिवार्य हुन्छ। त्यस्तै सृष्टिदेखि संसारको उपद्रवबाट व्याकुल भएको जीवलाई दीर्घ विश्राम दिन कृपा गरेर भगवान् शिव नै रुद्ररूपमा यस संसारको प्रलय पनि गर्नुहुन्छ।

संसारमा काम गर्दागर्दा सम्पूर्ण इन्द्रियहरू शिथिल भइसकेको अवस्थामा, पीडै-पीडा अनुभव भइरहेको अवस्थामा नवीन शरीर दिनका लागि पहिलेको शरीर अवसान (समाप्त) गरिदिने मृत्यु

११ भागवत, १०।४०।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी उपकारी नै ठहरिन्छ त्यस्तै उपद्रव पाप-पाशबाट पीडित भएको संसारको संहार पनि वास्तवमा भगवान् शिवको अनुग्रह नै हो। भनिएको पनि छ–

लालने ताडने मातुर्नाकारुण्यं यथार्भके।

तद्वदेव महेशस्य नियन्तुर्गुणदोषयोः॥

जसरी आमाले सन्तानलाई लालन गर्नु त करुणा हुँदै हो, त्यस्तै बिग्रिन लागेको सन्तानलाई ताडन गर्नु पनि करुणा नै हो, त्यस्तै भगवान् शिव पशुपतिनाथको जगत्संहारलीला पनि करुणापूर्ण नै हो।

कार्यावस्थाभन्दा कारणावस्थाको महत्त्व अधिक हुन्छ। तमः प्रधान अवस्था कारणावस्था हो। त्यसैबाट उत्पादकावस्था र पालनावस्था व्यक्त हुन्छन् र फेरि सबै प्रलयावस्थामा नै पुग्दछन्।

जसरी समुद्रमा नै तरङ्ग उत्पत्ति हुन्छ र विलीन पनि हुन्छ, समुद्र नै तरङ्गको कारण हो। त्यस्तै प्रलयावस्थाबाटै सृष्टि र स्थिति हुन्छ र फेरि प्रलयावस्थामा नै टुङ्गिन्छ। त्यसैले तमोनियन्ता भगवान् श्रीपशुपति नै ब्रह्मा, विष्णु आदि सबैको पनि कारण हुनुहुन्छ। शिव नै आदिमा पनि हुनुहुन्छ र अन्त्यमा पनि हुनुहुन्छ। जो आदि र अन्त्यमा हुन्छ त्यही नै महत्त्वपूर्ण हुन्छ।

"अहमेवासमेवाग्रे नान्यद्यत्सदसत्परम्।

पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम्।

आदि र अन्त्य सधैँ रहनेमा नै ब्रह्मको भाव गरिन्छ। भगवान् शिव सृष्टिका कारण हुनुहुन्छ भने गुणभन्दा पर पनि वहाँ नै हुनुहुन्छ।

जो मुख्य हुन्छ उसलाई नै ईश्वर वा महेश्वर शब्दले पुकारिन्छ। त्यसैले भगवान् पशुपतिनाथलाई ईश्वर शब्दले पुकारिएको छ-

ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानाम्।

ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिः[१२]

"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति[१३]

हृदयमा नै सुषुप्ति हुन्छ र त्यहीं नै प्रधानकारणाधिपति ईश्वर बस्नुहुन्छ भन्नु ठीक हो।

शरीरमा भगवान् रुद्रलाई प्राणको रूपमा लिइएको छ। जसरी प्राण शरीरमा सर्वश्रेष्ठ हुन्छ, प्राणविना अरूको अस्तित्व रहँदैन, त्यस्तै भगवान् शिव नै मुख्य हुनुहुन्छ। वहाँ नै सबैको कारण

१२ शुक्लयजुर्वेद, ३५ अध्याय
१३ गीता, १९ अध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ। कारणविना कार्य रहन सक्दैन। **"प्राणा वै रुद्राः** (शतपथब्राह्मण) जसरी प्राण निक्लने वेलामा प्राणी पीडाले छट्पटाउँछ, त्यस्तै पापीहरूलाई पापको फल भोगाएर रुवाउने भएकाले रुद्र भनिएको हो। अथवा सज्जन प्राणीहरूको रोगलाई ठीक बनाउने भएकाले रुद्र भनिएको हो:- **"रुज् रोगं द्रावयतीति रुद्रः"**

भगवान् शिवकै अनेकौं नाममध्ये "पशुपति" नामले विशेष महत्त्व राख्दछ। पाशमा बाँधिएकोलाई पशु भनिन्छ। जीव अज्ञानादि पाशले सधैं नै बाँधिएको हुन्छ, त्यसैले जीवको नाम नै पशु हो भने चराचर समस्त जीवहरूको स्वामी नै पशुपति हुनुहुन्छ। **"पशून् अज्ञान् पातीति पशुपतिः तस्मै पशुपतये नमः"** यस्तै अर्थ गरेको पाइन्छ।

वेदादिशास्त्रले प्रत्यक्ष वर्णन गरेको श्रीपशुपतिनाथको श्रीविग्रहको प्रत्यक्षदर्शन नेपालमा मात्र हुन्छ। काठमाडौं नेपालमा पञ्चवक्त्र (पाँचमुख) को दर्शन गरेर भक्तजनहरू आफूलाई धन्य-धन्य ठान्दछन्। भगवान् शङ्कर सृष्टिको आदिकालदेखि नै वाग्वतीको पश्चिम किनारमा श्लेष्मान्तक वननजिक ज्योतिर्लिङ्गस्वरूपले बस्नुभएको हो। भनिएको पनि छ–

वाग्वत्याः पश्चिमे तीरे सर्वदेवमयक्षितौ।
ज्योतिरूपी मुनेः साक्षात् पशुपतिर्विराजते॥

अनन्तं परमं लिङ्गं प्रकाशते अहर्निशम्।
दीपशिखावृति इव योगिभिरेव दृश्यते।[१४]

श्रीपशुपतिनाथको ज्योतिरूपलाई साधारण मनुष्यले सहन नसक्ने भएकाले त्यो ज्योतिरूप पञ्चवक्त्र महालिङ्गमाथि ब्रह्मा र विष्णुले पनि क्रमैसँग पञ्चवक्त्रलिङ्ग स्थापना गर्नु भएर सर्वसाधारणले दर्शन गर्न सक्ने बनाउनुभएको हो। हामीले दर्शन गरिरहेको श्रीपशुपतिनाथको स्वरूपमा अन्तर्निहित ज्योतिरूप श्रीपशुपतिनाथको तेज ओतप्रोत छ। ज्योतिरूप पञ्चवक्त्र श्रीपशुपतिनाथमाथि ब्रह्मा र विष्णुले पनि पञ्चवक्त्र श्रीपशुपतिनाथको स्थापना गर्नुभएकाले श्रीपशुपतिनाथ शिवलिङ्गलाई ब्रह्माविष्णुशिवात्मक भनिन्छ। भनिएको पनि छ–

"सुनिर्माय नवं लिङ्गं ब्रह्मा शिलामयं शिवम्।
सवेदिकं सपञ्चास्यं सर्वलक्षणलक्षितम्।
अस्थापयत् मुदा भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम्।
स्वात्मापिधानं तल्लिङ्गं सिद्धं मणिमयं परम्।
संस्थापितं तथा भूयो विष्णुना प्रभविष्णुना।

---

१४ हिमवत्खण्ड, अध्याय ६९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रनीलमयं ग्रावं लिङ्गं तदुपरि ध्रुवम् ।
विश्वात्मकं महालिङ्गं सर्वलोकैः प्रदृश्यते ।
पशुपतिर्महालिङ्गं ब्रह्मविष्णुशिवात्मकम् ।[१५]

यस्तो ब्रह्मविष्णुशिवात्मक पशुपतिमहालिङ्गको जजसले दर्शन गर्छन् उनीहरूको जीवन धन्य हुन्छ । जसले मानवजीवन पाएर एकपटक पनि श्रीपशुपतिनाथको दर्शन गर्न पाउँदैन, उसको पशुपासबाट कसरी मुक्त होला ? भनिएको पनि छ–

धन्यास्त एव मर्त्याश्च दृष्टः पशुपतिश्च यैः ।
मनुष्या ये न पश्यन्ति ज्योतिर्लिङ्गं परात्परम् ।
वाग्वत्यां स्नपनं भक्त्या पशुयोनिष्वटन्ति ते ॥[१६]

जसले श्रीपशुपतिको दर्शन गर्दछन् ती मनुष्यहरू धन्य छन् । जसले परात्पर पशुपतिज्योतिर्लिङ्गको दर्शन गर्दैनन्, वाग्वतीमा भक्तिपूर्वक स्नान गर्दैनन्, तिनीहरू पशुयोनिमा भ्रमण गरिरहन्छन् ।

"नमः शम्भवाय च मयोभवाय च नमः । शङ्‌कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ।[१७]

सन्दर्भग्रन्थसूची

शुक्लयजुर्वेद
हिमवत्‌खण्ड
श्रीमद्‌भगवद्‌गीता
श्रीमद्‌भागवतमहापुराण
देवीभागवत

**

१५ हिमवत्‌खण्ड, ७७ अध्याय
१६ हिमवत्‌खण्ड, ७२ अध्याय
१७ शुक्लयजुर्वेद, अध्याय १६।४०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दार्शनिक पृष्ठभूमिमा पशुपति : एक अध्ययन

–प्रा. चूडानाथ भट्टराय

श्रीपार्वतीपरमेश्वरको परम पावन क्षेत्र हिमवत्खण्डमा पुण्य-सलिला वाग्वतीको समीपस्थ देवपत्तनमा अद्यावधि देवाधिदेव श्रीपशुपतिनाथको भव्य मूर्ति विराजमान छ। नेपाल राष्ट्रको गौरवको प्रतीक र अधिष्ठाता देवताका रूपमा श्रीपशुपतिनाथको प्रतिष्ठा छ। विश्वभरका हिन्दूहरू चन्द्रमौलि श्रीपशुपतिनाथको दर्शन गर्न धाउँछन्, भगवान् भूतभावन शङ्करको दर्शन गरेर आफूलाई भाग्यशाली ठान्दछन्। श्रीपशुपतिनाथको मन्दिर हाम्रो स्थापत्यकलाको एक अमूल्य कृति छ भने यो शिवलिङ्ग हाम्रो मूर्तिकलाको ज्वलन्त उदाहरण भएको छ। नेपालीहरूले श्रीपशुपतिनाथको अर्चना र आराधना गर्न हनुमानूढोका राजप्रासादको समीपमा र भक्तपुरमा पनि पशुपतिको मन्दिर खडा गराएको देखिन्छ। यसरी पशुपतिलाई परापूर्वकालदेखि नै नेपालीले आफ्ना आराध्यदेव मानी आएका छन्।

शिवका अनेक स्वरूपमा नेपालीले पशुपतिलाई किन प्रमुखता दिए ? यसमा विचार गर्नु अत्यावश्यक छ। पुर्खाको बुद्धिमत्तालाई हामीले बुझ्नुपर्छ। यो संयोगमा भएको घटना पनि होइन। यदि हामीले यस विषयलाई केलाएर हेर्‍यौं भने यो रहस्य स्वतः हामीलाई खुल्नेछ।

हिन्दूको सर्वस्व भन्नु वेद हो। ब्राह्मणवर्गले यस ज्ञाननिधिलाई अद्यावधि जोगाएर सर्वप्राचीन ग्रन्थ ऋग्वेद मनुष्यसमाजसमक्ष उपहार दिएको छ। श्रुतिको प्रामाण्य धार्मिक जगत्मा सर्वोत्कृष्ट छ भन्ने कुरा मीमांसाले हामीलाई उद्‌बोध गराएको छ। यसो हुँदा वेदमा हामीले शिवतत्त्वको स्वरूप खोज्दा त्यहाँ शिवको पूर्वरूपमा रुद्र र पशुपति देखा पर्छन्। हुन त रुद्र नै पशुपति हुन् तर रौद्र रूपमा उनी रुद्र छन् भने पालक रूपमा उनी पशुपति हुन्छन्। पशुपति यस शब्दको वाच्यार्थ हुन्छ– पशुका मालिक। पशु शब्दको निरुक्ति यस्तो छ- पश्यति-दृश्-कु, पशादेश- यसको अर्थ हुन्छ देखिने प्राणी। प्राणीमा एकथरि खोजेर हेर्नुपर्छ तिनलाई मृग धातुबाट सिद्ध गरिन्छ र आरण्यक चौपायालाई मृग भनिन्छ। ग्राम्य चौपायालाई भने पशु भनिन्छ। पशुहरूका पति भनेर भन्नुअघि वेदले परिगणन गरिएका पशुमा दुई खुट्टे मान्छे पनि पर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी यस बारेमा यस मन्त्रलाई प्रमाणकोटिमा अघि सार्न सक्तछौं–

चतुर्नमोऽष्टकृतो भवाय दशकृतः पशुपतिर्नमस्ते

तवेमे पञ्चपशवो विभक्ता गावोऽश्वा पुरुषा अजावयः- (११।२।९ अथर्व वेद) अर्थात् यहाँ पशुको विभाग गर्दा गौ, अश्व, पुरुष, अज र अवि (मेष) छन्। गाई, घोडा, मान्छे, बाखा र भेडालाई पशुका विभागमा पारेको स्पष्ट पाइन्छ। चार पटक, आठ पटक भवलाई नमस्कार छ, पशुपति तिमीलाई दश पटक नमस्कार छ। तिम्रा यी पाँच पशु विभक्त छन् जुन गौ, अश्व, पुरुष, अज र अवि हुन्। यस मन्त्रको यो अर्थ हो रुद्रको रौद्र रूपमा सन्त्रस्त भएका आर्यहरूले आफ्नो रक्षा गर्न र रुद्रको बारेमा आफ्ना धारणालाई खुबै स्पष्ट पारी ऋक्, यजुः संहिताभागमा र ब्राह्मण, आरण्यकभागमा पनि प्रशस्तै सम्बोधन गरेका छन्।

ऋग्वेदमा हामीले पशुपतिलाई उल्लेख गरेको एकै ठाउँमा पाउँछौं। त्यो मन्त्र यस प्रकारको छ- जुन सन्त्रस्त भएर कुत्स आङ्गिरसले जगती छन्दमा रुद्रलाई यसरी प्रार्थना गर्दै भनेका छन्-

मा नो महान्तमुत मा नो अर्भकं मा न उक्षन्तमुत मा न उक्षितम्। मा नो वधीः पितरं मो तमातरं मा नः प्रियास्तन्वो रुद्ररीरिषः। -ऋग्वेद १।११४।७

मानस्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषुरीरिषः।
मा नो वीरान् रुद्रभामिनो वधीर्हविष्मन्तः सदमित्वा हवामहे ऋग्वेद १।११४।८

उप ते स्तोमान् पशुपा इवाकरं रास्वापितर्मरुतां सुम्नमस्मे।
भद्रा हि ते सुमति मृडयत्तमाथा वयमव इत् ते वृणीमहे – १।११४।९

माथिका दुई मन्त्र 'मानो महान्तम् र मानस्तोके' यजुर्वेदका सोह्रौं अध्यायमा १५ औं र १६ औं मन्त्रका रूपमा पनि पाइन्छन् तर त्यसमुनिको **'उप ते स्तोमान् पशुपा इवाकरम्'** भन्ने मन्त्रको उल्लेख भने यजुर्वेदमा छैन। यसो भन्दैमा यजुर्वेदले पशुपतिलाई छाडेको भने होइन। त्यहाँ त अझ विशद रूपमा स्तुति गरेको पाइन्छ। अघिका दुई मन्त्रपछि १७ मन्त्रमा **'पशूनां पतये नमो नमः'** भनेर भनेको छ। रुद्रलाई गिरिश, गिरित्र आदि विशेषणले विभूषित गरेको पनि पाइन्छ- जस्तै **'गिरिशन्ताभिचाकशीहि, यामिषुं गिरिशन्त हस्ते बिभर्ष्यस्तवे,' शिवां गिरित्र तां कुरु, गिरिशाच्छावदामसि'** इत्यादि। यताबाट पर्वतेश्वरका रूपमा पशुपति (रुद्र) लाई मानेको पाइन्छ। फेरि ऋग्वेदको द्वितीय मण्डलको ३३ औं सूक्तमा गृत्समद भार्गव शौनकद्वारा रुद्रलाई त्रिष्टुप् छन्दद्वारा प्रार्थना गर्दा भेषजहस्त भनेर रुद्रलाई–

त्वादत्तेभी रुद्र शतमेभिः शतं हिमा अशीय भेषजेभिः
व्यस्मद्द्वैषौ वितरं व्यंहो व्यमीवाश्चातयस्वा विसूचीः

२।३३।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी सय हिममा रहने चाहना गरिएको छ। यहाँ हिम शब्द छ र गिरिश भनी उनलाई भनेकोले हिमालय नै शिवको वासस्थान भनी अर्वाचीन आचार्यको भनाइ वेदसम्मत नै रहेको देखिन्छ र हिमवत्खण्डमा पशुपतिको महत्ता वैदिककालदेखि हुनुपर्छ। ब्राह्मणकालमा सम्राट् जनक र ऋषि याज्ञवल्क्यले ब्रह्माभ्यास गरेको कुरा बृहदारण्यकोपनिषत्मा उल्लेख भएको हामीलाई थाहा नभएको होइन। वेदमा ठाउँठाउँमा पशुपतिलाई लिएर मन्त्रहरू प्रयुक्त भएका छन् जस्तै-

'य ईशे पशुपति पशूनां चतुष्पदामुत यो द्वीपदाम्' *अथर्ववेद, काण्ड १, सूक्त ३४ मन्त्र*

'भूतपति पशुपति नमो वाम् ... ...' – *अथर्व. ११।२।१*

'मक्षिकास्ये पशुपते ... ...' – *अथर्व. ११।२।२*

'मुखाय ते पशुपते ... ...' – *अथर्व. ११।२।५*

'सनो मृड पशुपते नमस्ते... ...' – *अथर्व. ११।२।११*

'तव यक्षं पशुपते अश्वन्त ... ...' – *अथर्व. ११।२।२४*

'पशुपतिर्वभूथ ... ...' – *अथर्व. ११।२।२८ इत्यादि।*

शुक्लयजुर्वेदमा हामी रुद्रपरक मन्त्रमा पशुपतिको उल्लेख धेरै ठाउँमा पाउँछौं, जस्तै-

'नमः शर्वाय च पशुपतये च नमो ... ...' – *शुक्लयजुर्वेद- १६ अध्याय २८ मन्त्र*

'नमः शङ्कराय च पशुपतये च नमः ... ...' – ,, ,, १६ ,, ४० ,,

'रुद्राय पशुपतये ... ...' – ,, ,, २४ ,, ३ ,,

'पशुपतेः पुरी तत् ... ...' – ,, ,, ३९ ,, ९ ,,

आखिरमा यताबाट रुद्रका रूपमा पशुपतिलाई वेदले ज्यादै महत्त्वपूर्ण स्थान दिएको देखिन्छ, यो कान्तिपुरीलाई 'पशुपतेः पुरी तत्। ...' भन्न नमिल्ने पनि होइन। गीताले एकादश रुद्रमध्ये **'रुद्राणां शङ्करश्चास्मि'** भनेको र अन्यत्र **'नमः शङ्कराय च पशुपतये च नमः'** पनि पाइएकाले समेत रुद्रमध्ये शङ्कररूपमा पशुपतिलाई मान्नु हामीलाई उपयुक्त हुन्छ।

महाभारतको अनुशासनपर्वमा सर्वथा पशुहरूलाई रक्षा गर्ने, तीसँग रमाउने र तिनको अधिपति पनि भएकोले तिनलाई पशुपति भनिएको छ–

सर्वथा यत् पशून् पाति तैश्च यद्रमते पुनः।
तेषामधिपतिर्यश्च तस्मात् पशुपतिरुच्यते॥ *(महाभारत अनुसन्धानपर्व– १५३ अध्याय १३ श्लोक)*

सिन्धुघाटीमा पाइएको एक शिलाचित्रमा पुरुषदेवताको दुवैतिर एक व्याघ्र, एक हात्ती, एक गैंडा, एक राँगो देखाइएको छ। उनको सिंहासनमुनि दुइटा मृगहरू छन्। यसप्रकार सम्भवतः उनलाई पशुपति मानिएको होला। यी देवता वैदिक रुद्रसँग तादात्म्य भएकोले यिनका उपासक रुद्रका उपासक मानिन थाले। यसरी पशुपतिको विषयमा खोजी हुँदा पाइएका शिलाचित्र पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणकोटिमा आउँछन् ।

वेदमा रुद्रलाई अग्निको प्रतीकका रूपमा प्रस्तुत गरेको र भावात्मक रूप दिँदा रुद्र मन्युका प्रतीक भएका पनि देखिन्छन्, यसलाई रामायण, महाभारत र पुराणहरूले पनि आफ्नै पाराले समन्वय कायम गर्न थरीथरीका उपाख्यान रचना गरिएका देखिन्छन् । जस्तै गृत्समद ऋषिले जगती छन्दले अग्निको स्तुतिगायनमा अग्निलाई रुद्र भनेर यसरी भने–

त्वमग्ने रुद्रो असुरो महोदिवस्त्वं शर्धो मारुतं पृक्ष ईशिषे । *(ऋग्वेद, २।१।६)*

यसैगरी अथर्ववेदमा रुद्र र अग्निमा तादात्म्य गरेको पाइन्छ । जस्तै–

यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य औषधीर्वीरुध आविवेश ।
य इमा विश्वा भुवनानि चाक्लृपि तस्मै रुद्राय नमो अस्त्वग्नये । *(अथर्ववेद, ७।८१।१)*

अग्नि र रुद्रको तादात्म्यलाई लिएर कृष्णयजुर्वेदमा एउटा कथा कथेर रुद्र र अग्निलाई ऐक्य प्रतिपादन गरेको पाइन्छ जुन यस प्रकारको छ-

'देवासुराः संयत्ता आसन्ते देवा विजयमुपयन्तोऽग्नौ वामं वसु संन्यदधतेद्वमु नो भविष्यति यदि नो जेष्यन्ति । तदग्निर्य कामयत तेनापाक्रामत् । तद्देवा विजित्यावरुरुत्समाना अन्वायत् । तदस्य सहसाऽदित्सन्त, सोऽरोदीद्यदरोदीत्तद्रुद्रस्य रुद्रत्वम् ।' *(तैत्तिरीयसंहिता, १।५।१)*

भावात्मक रूपमा रुद्रलाई मन्युको रूप दिएर वाजसनेयीसंहिताले पनि रुद्रलाई नमस्ते गर्दा भनेको छ–

"नमस्ते रुद्र मन्यव उतो त इषवे नमः । *(शुक्लयजुर्वेद, १६ अध्याय, १ मन्त्र)*

तलवकार ब्राह्मणले यसैलाई बढाएर यसरी रूपमा प्रस्तुत गरेर नयाँ स्वरूप दिन्छ–

देवा वै सत्रमुपयन्तोऽब्रुवन् यन्नः क्रूरम् आत्मनस्त निर्मिमावहै मा
सक्रूरा उपगमामेति । तद् यदेषां क्रूरम् आत्मनः आसीत् तौ निर्माय
सरावयोः समार्ज न्यदधुः । अतः सत्रमुपायन्स्तत एषोऽखिलो
देवोऽजायत तद्यच्छर्वाभ्याम् अजायत तस्यैतन्मामैष हा वाव सोऽग्नि जज्ञे ।

यसैगरी शिवको उग्र रूपबारे देवीको प्रश्नप्रति प्रत्युत्तरमा शिवको यो उक्ति महाभारतमा पाइन्छ–

द्विविधो लौकिको भावः शीतमुष्णमिति प्रिये ।
तयोर्हि ग्रथितं सर्व सौम्याग्नेयमिदं जगत् ॥
सौम्यत्वं सततं विष्णौ मय्याग्नेयं प्रतिष्ठितम् ।
अनेन वपुषा नित्यं सर्वलोकान् विभर्म्यहम् ॥ *महाभारत (अनुशासनपर्व) ११४ अध्याय २४-२५*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी अग्निलाई शिवरूप मानेमा भस्मदिग्ध, दिगम्बर, पिङ्गल, जटाजूट, कपिलश्मश्रु, रौद्र, भयानक आदि विशेषण सार्थक हुन्छन् । आगो खरानीले युक्त हुन्छ, अग्निले कुनै वस्त्र धारण गर्न सक्ने होइन, उसको धूममण्डल पिङ्गल जटाजूट हुन्छ, उसको श्मश्रु कैलो हुने र ऊ डरलाग्दो हुन्छ।

धूमलाई अग्निको केश मानेर समन्वय गर्न अर्को मन्त्र यस सन्दर्भमा प्रस्तुत गर्नु आवश्यक भएको छ जो माथिको कुराको प्रमाण बन्न सक्तछ।

केश्यग्नि केशी विषं केशी विभर्ति रोदसी ।
केशी विश्वं स्वर्दृशे केशीदं ज्योतिरुच्यते ।। *(ऋग्वेद, ८।१३६।१)*
वायुरस्मा उपामन्थत्, पिनष्टिस्मा कुतन्नमा ।
केशी विषस्य पात्रेण यद्रुद्रेणापिबत् सह ।। *(ऋग्वेद, ८।१३७।७)*

रुद्रको विषपानको सङ्केत यहाँ मिल्छ जो पुराणादिमा गएर यसले कथाको रूप लिएको छ। जस्तै-

अपिबत् तद् विषं रुद्रः कालानलसमप्रभम् ।
यस्मात्तुनीलिमाकण्ठेनीलकण्ठस्ततःस्मृतः ।। *(महाभारतअनुशासनपर्व,१३ अध्याय२६ श्लोक)*

वेदले पनि पशुपतिलाई यसअघि नीलग्रीव मानेको पाइन्छ । जस्तै-

नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च । *(शुक्लयजुर्वेद, १६।२८)*

प्रश्नोपनिषत्मा कबन्धी कात्यायनले परमर्षि पिप्पलादलाई सोधेका छन्- '**भगवन् कुतो ह वा इमाः प्रजा प्रजायन्त**' भनेर । तिनलाई उनले भने रयि र प्राण यी दुईले नै धेरै प्रजा बनाउँछन् भनी बताए । **आदित्यो ह वै प्राणो रयिरेव चन्द्रमा** भनी सौम्यभाव र आग्नेयभाव अर्थात् तातो र चिसो मिलेर प्राणी पैदा हुने सङ्केत गरेको कुरा महाभारतको अनुशासनपर्वमा '**सौम्याग्नेयमिदं जगत्**' भनेको हुन सक्तछ । ब्रह्मपुराणले रुद्रको मन्युरूपलाई वैदिक परम्परानुसार अघि भनेझैँ यसरी लेखेको पाइन्छ । जस्तै–

स एव रुद्ररूपी स्याद् रुद्रो मन्युः शिवोऽभवत् ।
स्थावरं जङ्गमं चैव सर्वं व्याप्तं हि मन्युना ।। *(ब्रह्मपुराण, १६२।१७)*

विषपानबारे- '**केशी विषस्य पात्रेण यद्रुद्रेणापिबत् सह**, भनी वेदमा केशीले विषपान रुद्रसँग गरे भनिएको छ तर यही कुरा वाल्मीकिले आफ्नो रामायणमा विषपानको प्रसङ्ग यसरी वर्णन गरेको पाइन्छ–

हालाहलं विषं घोरं संजग्राहामृतोपमम् ।
देवान् विसृज्य देवेशो जगाम भगवान् हरः ।। *(रामायण, बालकाण्ड सर्ग ४५, श्लोक २६)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतमा रुद्रको विषपान गर्दाको विषयलाई **'कालानलसमप्रभम्'** कालानलतुल्य भनी अग्निको साहचर्यलाई सङ्केत गरेको देखिन्छ।

यी सबै प्रसङ्गका साथै स्कन्दको उत्पत्तिको कथा यसमा बडो विचारणीय छ। कुमारसम्भवलाई महाकवि कालिदासले समेत महाकाव्यको विषयवस्तु मानेका छन्। त्यहाँ महाभारतको शल्यपर्व ४४ अध्यायमा यसो भनिएको छ– माहेश्वर रेत अग्निमा प्रक्षेपण भयो। उनले गङ्गामा राखे, गङ्गाले धारण गर्न नसकी त्यो गर्भ हिमालयमा छाडिन्, छ कृत्तिकाहरू यो मेरो छोरा भनेर कराए अनि ती कृत्तिकालाई प्रसन्न पार्न छ मुख भएर जन्मिए र उनी कार्तिकेय भए।

महाभारतकै वनपर्वमा अर्को रूपमा स्कन्दको जन्मबारे यस प्रकारको कथा छ- 'परापूर्वकालमा देवदानवको युद्ध भइरहन्थ्यो, देवहरूलाई दानवहरूले सताइरहन्थे। इन्द्रले वीर सेनानी जन्माउन अग्निलाई डाके, सप्तर्षि त्यहीँ थिए, अग्नि सूर्यमण्डलबाट आएर ऋषिपत्नी देखेर कामपीडित भए। अग्नि ब्राह्मणस्त्रीलाई नपाएर वन पसे। दक्षकी छोरी स्वाहाले त्यो कुरा बुझी सप्तर्षिपत्नीको रूप लिएर काम शान्त गरिन्, अरुन्धतीको रूप लिन सकिनन्, छओटीको रूप लिएर अग्निको वीर्य योनिकुण्डमा हालेर उनी स्कन्दको रूपमा आए, यसको अन्त्यको एक श्लोक यस सन्दर्भलाई पुष्टि गर्ने भएकाले यहाँ उल्लेख गरिन्छ।

रुद्रमग्नि द्विजाः प्राहुरुद्रसूनुस्मृतस्तु सः।
कीर्त्यते सुमहातेजः कुमारोऽद्भुतदर्शनः।
पूज्यमानं तु रुद्रेण दृष्ट्वा सर्वे दिवौकसः।
रुद्रसूनुं ततः प्राहुर्गुहं गुणवतां वरम्।३६।
अनुप्रविश्य जातेन वह्निजातोऽप्ययं शिशुः।
तत्र जातस्ततः स्कन्दो रुद्रसूनुस्ततोऽभवत्॥ *(महाभारत वनपर्व, ४।३५-३७)*

अग्निलाई रुद्र भन्ने परम्परा महाभारतकालसम्ममा प्रसिद्ध रहेछ भन्ने कुरा यी माथिका श्लोक र यससँग सम्बद्ध कथानकले पनि परिपुष्ट गर्छ।

साहित्यमा मन्युको भावलाई स्थायित्व प्रदान गर्दा रुद्रको भाव भनेर रसको नामकरण गर्दा रौद्र रस मानेको पनि सुसङ्गत हुन गएको भान हुन्छ। बाह्य रूप रुद्रको अग्नि र अन्तर रूपचाहिँ मन्यु हुन जाँदा क्रोधमा रहेको प्राज्वल्यले वह्निको साधर्म्यलाई लिएर पनि यसो भएको हुन सक्तछ। अग्निलाई रुद्रसँग अलग्याएर भेद प्रतिपादन गरेका मन्त्रहरू पनि छन्। जस्तैः **इन्द्रं तो अग्ने वसुभिः सजोषा, रुद्रं रुद्रेभिरावहा बृहन्तरम्।** *(ऋग्वेद, ७।१०।४)*

उग्रं मरुद्भी रुद्रं हुवेमेन्द्रमग्निं स्वस्तये अति द्विषः। *(ऋग्वेद– १०।१२६।५)*

वेदका यिनै परस्पर अमिल्दा कुरालाई समन्वय गर्न महर्षि जैमिनिले मीमांसासूत्र रचे। पूर्वमीमांसामा उत्तरमीमांसा अर्थात् औपनिषत् भागलाई जोडेर विमर्श गर्न महर्षि व्यासले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मसूत्र रचना गरे। वेदको विमर्शलाई महर्षिहरूले अधिकरण तयार गरी त्यसलाई आधार मानी समालोचनाको सिद्धान्त स्थिर गरेर वाक्य विमर्श गरी मीमांसाशास्त्रले वाक्यार्थ गर्न सजिलो पारेको छ। तर आजभोलि त्यसरी मन्त्र, ब्राह्मण, आरण्यक, उपनिषत्का अर्थ गर्ने परिपाटीको उपेक्षा गरी मीमांसाशास्त्रलाई पर सारेर मनमानी वेदको अर्थ गर्न थालिएको छ। यसले गर्दा वेदमाथि ठूलो प्रहार हुँदैछ र वेदको मर्म खुलाउन सकिएको पाइँदैन। आजभोलिलाई सम्झेर पहिले नै यसरी भनिएको छ-

विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति।

अर्थात् अल्पश्रुतसँग वेद डराउँछ किनभने यसले मलाई प्रहार गर्नेछ। वेदलाई इतिहास र पुराणको ठूलो भूमिका रहेको छ। भनिएको पनि छ-

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्।

केही प्रतीकलाई मात्र लिएर प्रकृतिको रहस्यलाई मार्मिक बिम्बको रूप दिई उद्घाटन गर्दा कुरा बुझिँदैन। त्यसलाई पुराणले मानवीय पक्षको मानसिक परिणतिलाई जोगाउन कथानकको रूपमा प्रस्तुत गरेको छ। हाम्रो इतिहासको सत्य रूपमा आदर्श र लोककल्याणकारी भावना जोगाउने मिसिन गएकाले आजभोलिको तिथिमितिलाई महत्त्व दिने ऐतिहासिकता रहँदैन। आजको पाराले यदि वेद, स्मृति, इतिहास र पुराण पढ्ने हो भने परस्परको असङ्गति देख्दा हामी अन्योल हुने स्थितिमा छौं। वास्तविक तत्त्वलाई उनीहरूले विमर्श गर्न बनाएको बाटो छाडेर आआफ्नै पाराले विचार गर्दा यस स्थितिमा हामीलाई गुज्रनुपरेको स्पष्ट प्रतीत भएको छ। प्राच्य परम्पराको सूत्र समातेर सबै बुझाइदिने गुरु हामीबाट बिदा भए। आचार्यकहाँ उपनयन गरेर उसलाई सबै किल्ली बताइदिने गुरुकुल यता लोप भयो, उता पाश्चात्य दृष्टिले ग्रन्थको अर्थ लगाउँदा वेदको विमर्श गर्ने यस्तो परिपाटी स्वयं आफैँमा दिग्भ्रान्त भएको छ। यस किसिमको नयाँ व्याख्याले हाम्रो इतिहास, पुराण, सम्प्रदाय आदिको सर्वनाश द्रुततर गतिले हुँदैछ। हाम्रो संस्कृतको पठनपाठन पनि पाश्चात्य प्रणालीमा नै भएकाले आजका संस्कृतज्ञ विद्वान्मा मीमांसा गर्ने क्षमता नै रहेन। वेदको षडङ्गमा एक अङ्ग पनि राम्ररी नबुझी जीवन बित्ने पाठ्यप्रणाली वेदसंरक्षणका लागि कामयावी हुने कुरै भएन। वेदको विषयवस्तु बुझ्ने विधा ऋषिहरूले प्रस्तुत गरिदिएका छन्। तर हामीमध्ये कोही त्यो नहेरी अर्काले भनेको दुई चार कुरा फलाकेर पण्डितमानी हुन्छौं। हाम्रो वेदलाई धेरै थोत्रो जीर्णशीर्ण वासाभित्र बाँधेर गातामा फूलअक्षता चढाई हामीमध्ये कोही अन्धविश्वासी बन्छौं भन्ने लाग्छ।

पशुपति शब्दले पशुका मालिक भन्ने निरुक्ति बुझिन्छ भने रुद्र शब्दको निरुक्ति गर्दा अश्रुविमोचनार्थक रुद् धातुबाट रक् प्रत्यय गरेर यो शब्द बनेको देखिन्छ। आँसु झार्ने, कराउने, रुने रुद्र भएकाले र उनकै आँसुबाट चाँदी भएको हुँदा **'बर्हिषि रजतं न देयम्'** अर्थात् आँसुबाट बनेको चाँदी यज्ञमा दक्षिणा दिन निषेध गरिन्छ र यज्ञको दक्षिणा हिरण्य हुन्छ, श्राद्धको भने रजत। याज्ञिक दक्षिणा रजत दिए वर्षदिनभित्र घरमा रुवावासी हुने अर्थवाद पनि छ। यो प्रसङ्ग थाल्नुपर्ने कुरा के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भने हामीले रुद्रको रूप अग्निका अतिरिक्त अरू पनि मानेका छौं। पाश्चात्य विद्वान्‌हरूले एक मन्त्रमा कहीं एक रूप देखे भने त्यही सत्य मानी अरूको खण्डन गर्ने प्रवृत्ति लिएका छन्। रुद्रका उत्पत्तिका बारेमा ब्राह्मणग्रन्थको केही सान्दर्भिक अंश यहाँ उद्धृत गर्छु।

कौशीतकीब्राह्मणमा प्रजापतिले तप गरे, त्यस तपबाट अग्नि, वायु, आदित्य, चन्द्रमा र उषाको उत्पत्ति भएको उषामा रेत सेचेको कुरासम्बन्धी यस प्रकारका वाक्यहरू पाइन्छन्।

भव एवेति यद् भव आपः।
शर्व एवेति यच्छर्वोऽग्निः।
पशुपतिरेवेति यत् पशुपतिर्वायुः।
उग्र एव देव इति यदुग्रो देव ओषधयो वनस्पतयः।
महादेव इति यन्महादेव आदित्य।
रुद्र एवेति यद्रुद्रश्चन्द्रमा।
ईशान एवेति यदीशानोऽन्नम्।
तमब्रवीद् रुद्रोऽसीति।
अग्निर्वै रुद्रो, यदरोदीत् तस्माद्रुद्रः।
शर्वोऽसीति। आपो वै शर्वोऽद्भ्यो हीदं सर्वं जायते।
पशुपतिरसीति। ओषधयो वै पशुपतिस्तस्माद् यदा पशव ओषधिंलभन्तेऽथपतीयन्ति।
उग्रोऽसीति। वायुर्वा उग्रः।
अशनिरसीति। विद्युद्वा अशनिः।
भवोऽसीति। पर्जन्यो वै भवः पर्जन्याद् हीदं सर्वं भवति।
महादेवोऽसीति। चन्द्रमा प्रजापतिर्वै महान् देवः।
ईशानोऽसीति। आदित्यो वै ईशानः।

यसरी नै अष्टमूर्तिका रूपमा रुद्रको स्थिति र अवस्थाको प्राकृतिक रूप बोध भएको छ।

हामीहरूको परम्परामा र लौकिक धारणामा पशुपतिको ज्योतिर्लिङ्ग थियो, पछि त्यसमाथि चतुर्मुखी शिलालिङ्ग स्थापना भएको भन्ने अद्यावधि प्रचलन छ। यसलाई पुराना हाम्रा वंशावलीले पनि तदनुरूप नै उल्लेख गरेका छन्। यसबारेमा शास्त्रीय प्रमाण खोज्दा यस्तो ब्राह्मणवाक्य पाइन्छ।

'अग्निर्वै स देवस्तस्यैतानि नामानि शर्व इति तथा प्राच्या आचक्षते भव इति यथा वाल्हिकः। पशूनां पति रुद्रोऽग्निरिति तानस्याशान्तान्येवेतराणि नामान्यग्निरित्येव शान्ततमं तस्मात् अग्नय ईत् क्रियते स्विष्टकृत् इति।' *(शतपथब्राह्मण–१।७।३।१८)* अग्निलाई पुर्वीयाहरूले शर्व र वाल्हिकहरूले भव भनेर भन्छन्। पशुका पति रुद्र अग्नि हुन्। यसरी पशुपति रुद्र अग्नि हुन् यहाँ भनिएको र हाम्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्खाहरूले भनेका कुरा ठ्याक्कै मिल्न आएको देखिन्छ। तन्त्रमा शिवमाथि शक्तिलाई विराजमान गराइँदा शवासनमा रहेको भनिनु पनि भवको पर्यायमा रहेको बुझिन्छ।

शतपथब्राह्मणको गवेद्युक होमको प्रकरणमा पनि रुद्रलाई अग्नि भनेर स्पष्ट पारिएको पाइन्छ।

रुद्रो हैतां अविमन्यतेऽग्निर्वै रुद्रः। *(५।३।१।१०)*

हाम्रा कविकुलगुरु कालिदास परम शैव थिए। उनले रघुवंशमा जगत्का मातापिताका रूपमा पार्वती-परमेश्वरको वन्दना गरे, '**जगतःपितरौ वन्दे पार्वतीपरमेश्वरौ**' भनेर। कुमारसम्भव शिवपरक महाकाव्य लेखे देवतात्मा नगाधिराज हिमालयको वर्णनबाट प्रारम्भ गरी मेघदूतमा महाकालको उल्लेख गरे। विश्वप्रसिद्ध अभिज्ञानशाकुन्तल नाटकको नान्दीमा अष्टमूर्ति शिवको स्वरूपको व्याख्या गरे-

या सृष्टिः स्रष्टुराद्या वहति विधिहुतं या हविर्या च होत्री
ये द्वे कालं विधत्तः श्रुतिविषयगुणा या स्थिता व्याप्य विश्वम्।
यामाहुः सर्वबीजप्रकृतिरिति यया प्राणिनः प्राणवन्तः
प्रत्यक्षाभिः प्रपन्नस्तनुभिरवतु वस्ताभिरष्टाभिरीशः॥ *(अभिज्ञानशाकुन्तलम्, १)*

यस हिसाबबाट शिवको अष्टरूपमा जल, अग्नि, यजमान, सूर्य, चन्द्र, आकाश, पृथ्वी, र वायुको परिगणन भएको देखिन्छ।

अनुसन्धान र अन्वेषण गर्ने हाम्रा आफ्नै परम्परा छन्। शास्त्रको मर्यादालाई बुझ्ने हाम्रा तर्कशास्त्र छन्। वादको रूप तीन प्रकारको हामीले मानेका छौँ तर तत्त्वबोध गर्न जल्प र वितण्डा अघि सार्न पाइन्न। वेदको अर्थ गर्न भनेर नै मीमांसाशास्त्रको निर्माण भयो। अर्थ नबुझेर वेद पाठ गर्ने हाम्रो धर्मको स्वरूप नै होइन। गुरुकुलमा निहित ज्ञानको परस्पर श्रृङ्खला जोड्ने कडी चुँडिएकाले शास्त्रको समन्वय गर्ने सिद्धान्तको अवबोध हामीमा रहेन।

वैदिक ऋषिहरू यज्ञयागादिलाई प्रमुखता दिन्थे। अग्निहोत्र द्विजातिको अनिवार्य कर्म मानिन्थ्यो। ऋग्वेदको पहिलो मन्त्र नै '**अग्निमीडे पुरोहितं देवस्य भागमृत्विजम्। होतारं रत्नधातमम्**' भन्ने छ। वैदिक आर्यले अग्नियुगमा भर्खरै प्रवेश गरेका त होइनन् तर अग्निको भने सर्वाधिक सम्मान त्यही युगमा प्रारम्भ भयो। धर्मानुष्ठानका लागि यज्ञयागादिको सर्वाधिक महत्त्व त्यस युगको मुख्य प्रयोगविधा भयो। पशुश्रेणीबाट मनुष्यलाई फरक पार्ने विज्ञान नै अग्नितत्त्वको प्रयोगमा राम्रो ज्ञान हुनु हो। सृष्टिका बितेका सारा दिनमा अविस्मरणीय र सर्वाधिक महत्त्वपूर्ण दिन आगोलाई मानिसले प्रयोगमा ल्याउन सकेको दिनलाई मान्नुपर्छ। त्यसपछि धूममार्गले आजसम्म हामीलाई पछ्याएकोमा फेरि हामीले ज्योतिमार्ग फेला पार्‍यौँ परमाणुको शक्तिको स्रोत हस्तगत गरेर। धेरै करोड वर्ष सृष्टिका बित्दा अर्को अविस्मरणीय अति महत्त्वपूर्ण दिन भो परमाणुशक्ति हात लागेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन। जुनवेला वेदीको मध्यमा अग्नि प्रज्ज्वलन गरेर देवतालाई स्वाहाकार गरिन्थ्यो पछि त्यही चारपाटे वेदीमा अग्निको प्रतीक पारेर शिलाको लिङ्ग उभ्याएर रुद्रलाई अग्निको रूप मान्ने आर्यहरूले शिवलिङ्गको स्थापना गरेको हुनुपर्छ। दर्शनले हेतुपरक रूपमा लिङ्गको अर्थ गर्छ। अग्निको हेतु धूमलाई हामी लिङ्ग परामर्श गरी अवगत गर्छौं।

शिवलिङ्ग दस्यु आदिको शिश्नदेवतत्त्वलाई पछि आर्यले अपनाएको भन्ने कुरामा सर्वत्र व्याप्त धारणालाई यति सरलसँग खण्डन गर्न सकिने कुरो होइन, पुराण र तन्त्रले अहिले त्यस कुरालाई पुष्टि नगर्ने पनि होइन। तर अद्यावधि पनि वेदीरूपका आधारमा स्थापना भएका धेरै शिवलिङ्गहरू पाइन्छन्।

अग्निपुराणमा शिवलिङ्गको स्वरूपको वर्णनका क्रममा चतुरस्रलाई अर्थात् चारकुने रूपलाई यसरी दुई ठाउँमा उल्लेख गरेको पाइन्छ। जस्तै-

विष्कम्भभूतभागैस्तु चतुरस्रं तु कारयेत्। -*(अग्निपुराण, ५३।२)*

चतुरस्रेऽवर्णार्द्धं गुह्यकोणेषु लाञ्छयेत्। -*(अग्निपुराण, ५३।५)*

त्यही शिवको स्वरूपमा ईशान-मूर्द्धा, तत्पुरुष-वक्त्र, अघोर-हृदय, वामदेव-गुह्य, सद्योजात-मूर्ति मानेर आखिरमा शिवलाई ज्योतिरूप मानेको देखिन्छ। जस्तै–

ॐ नमः शिवाय सर्वप्रभवेऽहं शिवाय ईशानमूर्द्धये।
तत्पुरुषवक्त्राय अघोरहृदयाय वामदेवगुह्याय।
सद्योजातमूर्त्तये ॐ नमो नमो गुह्यातिगुह्याय।
गोप्त्रेऽनिघ्नाय सर्वाधिपाय ज्योतिरूपाय
परमेश्वराय भावेन ॐ व्योम। –*(अग्निपुराण, ८६/-)*

लिङ्गको उत्पत्तिका बारेमा ब्रह्मा र विष्णुको आफ्नो महत्त्व कायम गर्ने अभिमान हटाउन बीचमा ज्योतिर्लिङ्ग खडा गरेर शिवले यसको इयत्ता थाहा पाउन तलमाथि दुवै जना लागेको कथालाई पुराणले प्रतिपादन गरेको देखिँदा पनि शिवलिङ्गको प्रतीक अग्निको ज्वालाकै रूप भएको कुराको पुष्टि मिल्छ।

ब्रह्मविष्ण्वोश्च संवादे महत्त्वे च परस्परम्।
तयोर्मध्ये महादेवो ज्योतिर्मूर्तिरभूत् किल॥ २॥
तत्रैव वागुवाचेदं दैवी पुत्र तयोः शुभा॥ ३॥
दैवी वाक्तावुभौ प्राह यस्त्वस्यान्तं तु पश्यति।
स तु ज्येष्ठो भवेत् तस्मान्मा वादं कर्तुमर्हथ॥ *ब्रह्मपुराण, १३५।४*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही भावलाई फेरि मत्स्यपुराणले यसरी अग्निको ज्वाला नै लिङ्गोत्पत्तिसँग सम्बद्ध पारेर भनेको पाइन्छ।

ततः कालेन महता पुरा सर्गविधौ नृपः।
स्पर्धायां च प्रवृत्तायां कमलासनकृष्णयोः।
लिङ्गाकारा समुद्भूता वह्नेर्ज्वालातिभीषणा॥ *(मत्स्यपुराण, ६०/३-४)*

लिङ्गपुराणले लिङ्गको उत्पत्तिसम्बन्धी कथामा त्यही ब्रह्माविष्णुको आफ्नो श्रेष्ठत्वलाई परिमापन गर्न अग्निको ज्वालारूपी लिङ्गअगाडि उभिन आएको कुरा यसरी वर्णन गर्छ–

एतस्मिन्नन्तरे लिङ्गमभवच्चावयोः पुरः।
विवादशमनार्थं हि प्रबोधार्थं च भास्वरम्॥ ३३॥
ज्वालामालासहस्राढ्यं कालानलशतोपमम्।
क्षयवृद्धिविनिर्मुक्तमादिमध्यान्तवर्जितम्॥ *(लिङ्गपुराण, १/१७/३४)*

वेद, ब्राह्मण, आरण्यक, पुराणादिले यसरी अग्निपरक रुद्रलाई पछि लिङ्गरूपले प्रतीकात्मक रूप दिएर शिवलिङ्गको स्वरूप प्रस्तुत गरेको देख्दादेख्दै पनि हामी यो शिश्नकै रूपमा एकाङ्गीपनले समर्थन गर्छौं भने यसमा भन्ने कुरा पनि के छ र ? लिङ्गपूजामा प्रणवलाई नै प्रधान मन्त्रको रूप दिन्छ, जस्तै- **"प्रणवेनैव मन्त्रेण पूजयेल्लिङ्गमूर्धनि।'** *(लिङ्गपुराण, ४२/४२)*

ऋषिपत्नीको कामवासना शिवलिङ्ग देखेर भएपछि त्यसलाई पतन गराएको कथा पनि हामीसँग पुराणमा प्राप्त छ र त्यही शिश्न पूजिन थालिएको कुराको वर्णन पनि नपाइने होइन। त्यस पक्षका कुरा पनि यहाँ उल्लेख नगरे यो एकाङ्गी बन्न जान्छ।

शिश्नं सवृषणं तस्य रक्तगैरिकसन्निभम्।

मुखमङ्गारवर्णेन शुक्लेन च विभूषितम्॥ *(लिङ्गपुराण, २/२७/१२)*

नृत्यन्तं रुरुधुस्तूर्णं पत्न्यस्तेषां विमोहिताः। *(लिङ्गपुराण, २/२७/१४)*

लिङ्गं प्रपातयस्वैनं नायं धर्मस्तपस्विनाम्। *(लिङ्गपुराण, २/२७/३०)*

त्याजिते च तथा लिङ्गे ततः पूजामवाप्स्यसि। *(लिङ्गपुराण, २/२७/३०)*

दृष्टं वै यादृशं यस्य लिङ्गमासीन्महात्मनः।

तादृक् प्रतिकृतिं कृत्वा शूलपाणिं प्रपद्यते॥ *(ब्रह्माण्डपुराण, ५५)*

त्यस कथानकसँग सम्बद्ध यी श्लोकहरूबाट आज शिश्नको प्रतिकृति नै लिङ्गको रूप हो भन्ने कुरालाई समर्थन गर्छ। सौरपुराणले ऋषिपत्नीको कथालाई यसरी उल्लेख गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुनिस्त्रियः शिवं दृष्ट्वा मदनानलदीपिताः

त्यक्तलज्जा विवस्त्राश्च ययुस्ता अनुशङ्करम्। *(सौरपुराण, ६९/५०)*

लिङ्गहीनं हरं कृत्वा... *(सौरपुराण, ६९/५३)*

तदाप्रभृति विप्रेन्द्र शिवामेखलसंज्ञिता

उभयोश्चैव संयोगः सर्वपापहरः शिव ॥ *(सौरपुराण, ६९/५४)*

यसले योनिरूपमा मेखला शिश्न लिङ्गरूपमा रही दुवैको संयोग मैथुनावस्थाको प्रतिकृतिलाई पनि दर्शाएको कुरा स्पष्ट पार्छ।

शिवलिङ्गलाई ज्योतिर्लिङ्ग मान्ने एक परम्परा र अर्को शिश्नाकृति मान्ने दुवै परम्परा पाइन्छ। पशुपतिलिङ्गलाई चतुर्मुखी लिङ्गका बारेमा महाभारत आदिपर्वमा शिवको चतुर्मुखको उल्लेख यसरी गरेको पाइन्छ-

एवं चतुर्मुखः स्थाणुर्महादेवोऽभवत् पुरा। *(महाभारत, आदिपर्व-२००/८४)*। अनुशासनपर्वमा पूर्वपट्टिको मुख तपश्चर्यारूप, दक्षिणमुख रौद्र संहाररूप, पश्चिममुख लोककार्य-निरतमुख र उत्तरमुख वेदाध्ययनपरक भनिएको छ। त्यही भावको श्लोक यहाँ प्रमाणका लागि उद्धृत गरिन्छ–

'चतुर्वक्त्रोऽभवत् शिवो... ... ...'

ऐन्द्रमुखमिदं पूर्वं तपश्चर्यापरं सदा।

दक्षिणं मे मुखं दिव्यं रौद्रं संहरति प्रजा॥

लोककार्यपरं नित्यं पश्चिमं मे मुखं प्रिये।

वेदानधीते सततमद्भुतं चोत्तरं मुखम्॥ *(महाभारत, अनुशासन पर्व, ११३ अध्याय १० श्लोक)*

यसप्रकार हाम्रो देवाधिदेव पशुपतिको ज्योतिर्लिङ्गलाई भने शिश्नप्रतिकृति भनेर किमार्थ मान्न सकिन्न किनभने चतुर्मुखी यो लिङ्ग हाम्रो चतुर्वर्ग पुरुषार्थलाई प्रदान गर्न विराजमान छ।

ऋग्वेदमा रुद्र नै पशुपति भई पछि शिवको क्रममा आएर देखा परेका छन्।

एवा बभ्रो वृषभ चेकितान यथा देव न हृणीर्ष न हंसि।

हवनश्रुन्नो रुद्रेहबोधि बृहद् वदेम विदथे सुवीराः॥ *(ऋग्वेद, २।३३।१५)*

फेरि अथर्ववेदमा रुद्रलाई हामी यसरी प्रार्थना गरेको देख्छौं-

भव राजन् यजमानाय मृड पशूनां हि पशुपतिर्बभूथ।

यः श्रद्दधाति सन्ति देवा इति चतुःपदे द्विपदेऽस्य मृड। *(अथर्ववेद, ११।२।२८)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुक्लयजुर्वेद वाजसनेयीसंहितामा रुद्रको स्तुति गर्दा यसो भनेको पाइन्छ-

मानस्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषु रीरिषः ।
मा नो वीरान् रुद्र भामिनो बधिर्हविष्मन्तः सदमित् त्वा हवामहे । *(यजुर्वेद, १६।१६)*

यसरी रुद्र र पशुपति उपनिषत्मा आएर शिव बन्दा यस रूपमा देखा पर्न आएका छन् जस्तै -

एको हि रुद्रो न द्वितीयाय तस्थु-
र्य इमाल्लोकानी ईशत ईशनीभिः
प्रत्यङ्जनास्तिष्ठति संचुकोपान्तकाले
संसृज्य विश्वा भुवनानि गोपाः *(श्वेताश्वतरोपनिषत्, ३।२)*

सूक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये, विश्वस्य स्रष्टारमनेकरूपम् ।
विश्वस्यैकं परिवेष्टितारं ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति ॥ *(श्वेताश्वतरोपनिषत्, ३।१४)*

शिवको स्वरूपका विषयमा चर्चा गर्दा शैव दार्शनिकहरूले शिवको प्राकृत शरीर नमानी शाक्तस्वरूप स्वीकारे । यिनका शक्तिरूप मन्त्रले शिवको देह बनेको भनिन्छ । शरीरका अवयव पनि अब मन्त्ररूपकै भएका छन् । ईशान मन्त्र मस्तकस्थानीय, तत्पुरुष मन्त्र मुखस्थानीय, अघोर मन्त्र हृदयस्थानीय, वामदेव मन्त्र गुह्यस्थानीय र सद्योजात मन्त्र पादस्थानीय भनी मानिएको पाइन्छ। भगवान् भूतभावन शङ्करको कृत्य पनि सृष्टि, स्थिति, संहार, अनुग्रह र निग्रह गरी पाँचवटा हुन्छन्। शिवको शरीरबारे माथिका कुरा यो तलको श्लोकले पुष्टि गर्छ ।

तद्वपुः पञ्चभिर्मन्त्रैः पञ्चकृत्योपयोगिभिः ।
ईशतत्पुरुषाघोरवामाद्यैर्मस्तकादिकम् ॥

यसरी मन्त्रमय शरीर र उनको कृत्यबारेमा पनि भोजराजले कृत्यपञ्चकमा भनेका कुरा यहाँ उल्लेख गरिन्छ ।

पञ्चविधं तत्कृत्यं सृष्टिस्थितिसंहारतिरोभावः ।
तद्वदनुग्रहकरणं प्रोक्तं सततोदितास्यास्य ।

यहाँसम्म मन्त्रमय शरीरलाई वैदिक याज्ञिक प्रक्रियाअनुरूप मानेको पाइन्छ तर शिवलाई वेदका परिपाटीमा मात्र सीमित नराखी आगमशास्त्रका परम प्रवक्ताको रूप दिनुपरेको माहेश्वरसम्प्रदायले यसमा धेरै कुरा समावेश गर्नुपरेको देखिन्छ । वास्तवमा भावनापक्षको रक्षाका निम्ति प्रतीकरूपको आवश्यकता भने नमानी धर नै छैन । हुन त दर्शनले कहीं पनि हस्तपादादियुक्त ईश्वरको समर्थन गर्न मिल्दैन र गरेको छैन पनि । जब धार्मिक स्थितिमा उपासनाको आवश्यकता पर्छ अनि कालको पनि स्वरूप निर्धारण गरेको पाइन्छ । यसो हुनाको कारण उपासकहरूले स्पष्ट पारेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"आकारवांस्त्वं नियमादुपास्यो
न वस्त्वनाकारमुपैति बुद्धिः ॥ "

अर्थात् साकार तिमी नियमले उपासना गर्न योग्य हुन्छौ। बुद्धिले निराकार वस्तुलाई विषयगत गर्न सक्तैन। निराकार तत्त्वको ध्यानादिरूप मानसिकी उपासना हुन सक्तैन। अब बुद्धिले विषयग्रहण गर्न नसकेपछि स्तोत्रादि पाठनादिरूप वाचिकी सेवा पनि हुन्न। यसै गरी पाद्य, अर्घ्य, आचमन, स्नानादि षोडशोपचाररूप कायिकी सेवा पनि निराकारको हुन सक्तैन। यसो हुँदा साधकले गरिने कायिक, वाचिक, मानसिक उपासना आराधनाहरू निराकारमा असङ्गत हुने र यसो नभएमा सर्वसाधारणले भक्तिभावना गर्न नसक्ने भएकाले प्रतिमाको प्रतिष्ठा कायम हुन गएको देखिन्छ। साधकले आराधनाका निम्ति नै रूपधारी ईश्वरको परिकल्पना भएर मूर्तिपूजा चलेकोमा प्रमाणको लागि पौष्करको यो वचन उद्धृत गर्न सकिन्छ।

साधकस्य तु रक्षार्थं तस्य रूपमिदं स्मृतम्।

भक्तको अनुग्रहका लागि ईश्वरको अवतार हुन्छ भन्नु नै परमेश्वरमा अनुग्रह र निग्रहशक्ति छ भनी मान्नु हो। यसरी मन्त्रमयी देवताको आकृतिरूप मुर्त्याउँदा शिवलाई पञ्चवक्त्र त्रिनयन भनी तन्त्रमा शरीर इन्द्रियादियोग उल्लेख छ।

शिवको विषयमा हामी शारीरिक ध्यान गर्दा-
नीलकण्ठश्चतुर्बाहुः पञ्चवक्त्रस्त्रिलोचनः।
कृत्तिवासा जटी शूली पिनाकी पिङ्गलोचनः।
अष्टमूर्तिरनाद्यन्त रुद्रः सङ्कर्षणो हरः।

यसरी उहाँको बारेमा लेखिएको पाउछौँ। शिवको एकादश नामबारे शैवागमले यसरी परिगणना गरेको छ -

शम्भुः पिनाकी गिरिशः स्थाणुर्भगः सदाशिवः।
शिवो हरस्तथा शर्वः कपाली भव एव च॥
एकादशैते कथिता रुद्राः लोकहिते रताः।

अष्टमूर्तिलाई साक्षात् शिवरूपमा प्रकृतिपरकतालाई लिएर कालिदासले अभिज्ञानशाकुन्तलम्को नान्दीमा लेखेका छन्। यो कुरा शिवपुराणको प्रथम संहिता बाईस अध्यायमा पनि लेखिएको छ। '**या सृष्टिः स्प्टुराद्या**' भन्ने श्लोकको अनुरूपमा हामी यही भावको पौराणिक श्लोक यहाँ उपलब्ध गर्छौं।

क्षितिरापोऽनलो वायुराकाशः सूर्यसोमकौ।
यजमान इतीत्वष्टौ मूर्तयः परिकीर्तिताः॥ *(शिवपुराण, विद्येश्वर संहिता, २२ अध्याय)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी प्राकृतिक पदार्थ बाह्यविषयक भएकाले यिनका अधिदेवताको रूपमा क्रमशः अष्टमूर्तिको अर्को परिगणना पनि पाइन्छ।

शर्वो भवश्च रुद्रश्च उग्रो भीम इतीश्वरः ।
महादेवः पशुपतिरेतान् मूर्तिभिरर्चयेत् ।।

वेदले यस शिवतत्त्वको पूर्वरूपमा रुद्रलाई रौद्र रूप मानेको छ भने तन्त्रले यही रहस्यलाई लिएर संहारभैरव आदि विविधता कायम गरी भैरवको स्वरूपलाई प्रतिष्ठा दिएको छ। निगमागमले मानिएको रौद्रप्रकृतिमा संहारकारकत्व चाहिँ उहाँकै भागमा परेको छ। तन्त्रशास्त्रले पनि शिवको दार्शनिक स्वरूप पहिले प्रतिपादन गर्न छोडेको छैन। शिव त तन्त्रशास्त्रका प्रमुख प्रवक्ता नै हुनुभएकाले यसबारेमा केही भन्न खोज्नु धृष्टता हुन्छ तैपनि शिवलाई पहिले यहाँ यसरी व्याख्या गरेको पाइन्छ-

निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः ।
निर्गुणः प्रकृतेरन्यः सगुणः सकलः स्मृतः ।।
सच्चिदानन्दविभवात् सकलात् परमेश्वरात् ।
आसीच्छक्तिस्ततो नादो नादादविः समुद्रवत् ।।७।। *(शारदातिलक- १५ पटल, ६-७श्लोक)*

निर्गुण शिव र सगुण शिवको भेद देखाएर सृष्टिक्रमको जुन व्याख्या गरिएको छ त्यो आगमक्रमको निरूपणमा प्रस्तुत गरिनेछ। यहाँ यति भनेर शिवको सगुणस्वरूपमा पञ्चमुखी शिव जब प्रस्तुत हुनुहुन्छ त्यसबेला आगमनिगमले आफ्नो प्रभाव कायम गरेको पाइन्छ। भन्नुको तात्पर्य के हो भने रुद्रावतारमा शङ्करको महिमाको महत्त्व गीतासम्मले पनि स्वीकृत गरेर "**रुद्राणां शङ्करश्चास्मि**" भनेको छ। तर एकादश रुद्रको परिगणना माथि गर्दा सदाशिव र शिवको नाम पाइन्छ, शङ्करको नाम पाईदैन। शं = कल्याण, कर = गर्ने भन्ने निरुक्तिद्वारा कल्याणकारक शिवलाई लिएर सौम्य स्वरूपमा नै बढी आस्था गरी रौद्ररूपमा पनि शिवत्वको बढी सम्मान प्रदर्शन गरिएको देखिन्छ। त्यसैले शैवदर्शनमा धार्मिक स्वरूपको भन्दा आध्यात्मिक भावको गहिरो छाप पर्न गएको छ। यसो भए पनि पशुपतिको पञ्चमुख र त्रिनेत्रको प्रभावले यसलाई छोडेको छैन र भन् प्रतीकरूपमा मूर्तिको बढी समर्थन गरेको देखिन्छ।

पञ्चमुखी शिवको पाँच मुखको वर्णनमा पनि हामी ऐकमत्य पाउँदैनौं। जस्तै-

मुक्तापीतपयोदमौक्तिकजपावर्णैर्मुखैः पञ्चभिः ।

स्त्र्यक्षैरञ्चितमीशमिन्दुमुकुटं पूर्णेन्दुकोटिप्रभम् ।। *(शारदातिलक, १८ पटल, १९श्लोक)*

अर्थात् मोतीको रङको ऊर्ध्वमुख, पूर्वमुख पीतवर्ण (पयोवर्ण), नीलवर्ण दक्षिणमुख, मौक्तिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ण पश्चिममुख र जपापुष्पवर्ण उत्तरमुख भएका त्रिनेत्र चन्द्रमुकुट र पूर्ण चन्द्रकोटिप्रभायुक्त भनिएको छ।

शिवपुराणको वायवीयसंहितामा पञ्चमुखको वर्णबारे केही भिन्नता यसरी स्पष्टिन्छ। जस्तै-

अस्य पूर्वमुखं सौम्यं बालार्कसदृशप्रभम्।
त्रिलोचनारविन्दाढ्यं बालेन्दुकृतशेखरम्॥
दक्षिणं नीलजीमूतसमानं चन्द्रभूषितम्।
वक्त्रभ्रूकुटिलं घोरं रक्तवृत्तत्रिलोचनम्॥
उत्तरं विद्रुमप्रख्यं नीलालकविभूषितम्।
सविलासं त्रिनयनं चन्द्राभरणशेखरम्॥
पश्चिमं पूर्णचन्द्राभं लोचनत्रितयोज्ज्वलम्।
चन्द्ररेखाधरं सौम्यं मन्दस्मितमनोहरम्।
पञ्चमं स्फटिकप्रख्यं चन्द्ररेखासमुज्ज्वलम्।
अतीव सौम्यमुत्फुल्ललोचनत्रितयोज्ज्वलम्॥

भनेर पूर्वमुख बालसूर्यसदृश, दक्षिणमुख नीलमेघतुल्य, उत्तरमुख मुगाको रङ्को, पश्चिम चन्द्रप्रभा वर्णको र पञ्चम मुख स्फटिकसदृश भनिएको छ। तर हरेक मुखमा त्रिलोचन र चन्द्रभूषण भने रहेकै देखिन्छ।

फेरि पशुपतिस्तोत्रमा पूर्वमुखको वर्णन गर्दा-

"**संवर्ताग्नितडित्प्रदीप्तकनकप्रस्पर्धितेजोरुणम्**" भनिएको छ।

दक्षिणमुखमा-

"**कालाभ्रभ्रमराञ्जनद्युतिनिभम्।**"

पश्चिममुखमा-

"**प्रालेयाचल चन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभम्।**"

उत्तरमुखमा-

"**गौरं कुङ्कुमरक्तगन्धसलिलव्यापाण्डुगण्डस्थलम्।**"

ऊर्ध्वमुखमा-

"**वन्देऽहं परमेश्वरस्य वदनं खंव्यापितेजोमयम्॥**

भनेर पूर्वमुखको वर्ण अरुण, दक्षिणमुखको वर्ण नील, पश्चिममुखको वर्ण गोक्षीरफेन भनी पीतमिश्रित श्वेतवर्ण, उत्तरमुखको गौरवर्ण र ऊर्ध्वमुखलाई तेजोमय रूपमा प्रस्तुत गरेको पाइन्छ। यसरी कहीं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वमुखको वर्ण पीत, कहीँ बालार्कसदृश, कहीँ अरुण भनिएको छ भने दक्षिणमुखको वर्णमा सबैतिर एकरूपता नील वर्णकै देखिन्छ। यसका अतिरिक्त पशुपतिस्तोत्रमा–

पूर्वमुख सामवेदजनक, जस्तै-

"गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम्।"

दक्षिणमुख अथर्वनादोदय, जस्तै-

"वन्दे दक्षिणमीश्वरस्य वदनं चाथर्वनादोदयम्।"

पश्चिममुख ऋग्वेदनादयुक्त, जस्तै-

"ब्रह्मेन्द्राग्निमरुद्गणार्चितपदं ऋग्वेदनादोदयम्।"

उत्तरमुख यजुर्वेदघोषपरक, जस्तै-

" वन्दे याजुषवेदघोषजनकं वक्त्रं हरस्योत्तरम्।"

ऊर्ध्वमुख जस्तै-

ओंकारादि समस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मात् परम्।

भनी निगमशास्त्रका पनि प्रवर्तकका रूपमा पशुपति शिवलाई पञ्चमुखबाट विभिन्न वेदको प्रादुर्भाव भएको सिद्धान्त स्थापना गरिएको प्रमाण पाइन्छ। आगमशास्त्रले वाक् र अर्थलाई शक्ति र शिवको रूपमा प्रतिपादित गरेको वचन यस रूपमा वायवीयसंहितामा पाइन्छ-

शब्दजातमशेषं तु धत्ते शङ्करवल्लभा।
अर्थस्वरूपमखिलं धत्ते मुग्धेन्दुशेखरः॥

यसको प्रतिस्फलन परेर देखा पर्ने महाकाव्य रघुवंशको पहिलो मङ्गलाचरणको श्लोक पनि यहाँ उल्लेख गरिन्छ–

वागर्थाविव संपृक्तौ वागर्थप्रतिपत्तये।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ॥

यताबाट के कुराको पुष्टि हुन्छ भने शिवशक्तिको अविनाभाव सम्बन्ध रहेछ। दार्शनिक विधामा आगम प्रतिपाद्य दर्शनको व्याख्या गर्दा जब शब्दब्रह्मवाद सिद्ध गरिन्छ अनि मन्त्रविद्याको रहस्य पत्तो लाग्छ। शैवदर्शनमा जीवात्मालाई पशु भन्ने नामकरण गरिएको छ। तर शैवदर्शनले बताएको पशुरूपी जीव क्षेत्रज्ञादि पदले बुझाइने तत्त्व हो। शैवदर्शनको जीव चार्वाक् आदिको झैँ देहादिरूप छैन, जैनको झैँ अव्यापक पनि होइन, बौद्धकै सरह क्षणिक पनि छैन, अद्वैतवादीको झैँ एक पनि होइन र नैयायिकाहरूको झैँ प्रकाश्य पनि छैन। आत्मा यदि मेय (ज्ञेय) भए त्यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक अर्को स्वीकार्नुपर्ला। एउटै ज्ञानक्रियामा एउटैको कर्तृत्व र कर्मत्व स्वीकार्नु अदार्शनिक कुरो हुन्छ। फेरि अर्को ज्ञाता आत्मा त्यो पनि प्रकाश्य (ज्ञेय) फेरि त्यसलाई जान्ने त्यसभन्दा अर्को मान्नुपर्दा त ज्ञाताको ताँती नै लाग्न जान्छ। यस्तो अवस्था नमानेर यही कुरा पुष्टि गर्ने प्रमाण यहाँ उद्धृत गरिन्छ–

आत्मा यदि भवेन्मेयस्तस्य माता भवेत् परः।
पर आत्मा तदानीं स्यात् स परो यदि दृश्यते ॥

यसरी अनवस्थादोष देखाएर नैयायिकादिले मानेको आत्माको प्रकाश्य (मेय) रूपलाई यिनीहरू मान्दैनन्। यिनीहरू आत्मालाई देशको इयत्ताले सङ्कोच नहुने हुँदा अव्यापक नभएको र कालको इयत्ताले अवच्छिन्न नहुने हुँदा क्षणिक नहुने भनी आत्माको विभुत्व र नित्यत्व स्विकार्छन्। यिनको भनाइ यस रूपमा छ-

अनवच्छिन्नसद्भावं वस्तु यद्देशकालतः।
तन्नित्यं विभु चेच्छन्तीत्यात्मनो विभुनित्यता ॥

अनेक व्यापक आत्मा (जीव) मान्ने साङ्ख्ययोगसँग पनि यिनको पशुको (जीव) स्वरूप मिल्दैन। साङ्ख्यवादी पुरुषलाई अकर्ता भन्छन्। यिनीहरूको जीव चैतन्य भएको नाताले र चैतन्य आत्मा नित्य भएको र त्यो चैतन्यको दृक्क्रिया अर्थात् ज्ञान र स्पन्दन रूपत्व हुँदा नित्य कर्तृत्व सिद्ध हुन्छ। हुन पनि बद्ध जीवात्माहरूको इन्द्रियद्वारा तत्ततत्त क्रिया कर्तृत्व सबैले सर्वत्र अनुभूत गरेकै कुरा हुन्। मुमुक्षु जीवहरूको पनि मल, कर्मादि, पाशजाल हटाउन व्रतचर्या आदिमा प्रवृत्ति देखिँदा त्यसमा कर्तृत्व छैन भन्नुपर्छ। मुक्तात्माहरूको पनि शिवत्व प्राप्तिमा प्रवृत्ति रहँदा त्यहाँ कर्तृत्व मान्नैपर्छ। शिवतत्त्व भनेको पनि निरतिशय दृक्क्रियारूप चैतन्य नै हो, क्रिया कर्तृत्वविना उत्पन्नै हुन्न। यही कुरा **“पाशान्ते शिवताश्च ते”** यस वाक्यले प्रतिपादित गर्छ। माथिको यस कुरालाई तलको यस कारिकाले प्रमाणित गर्छ–

चैतन्यं दृक्क्रियारूपं तदस्यात्मनि सर्वदा।
सर्वतश्च यतो मुक्तौ श्रूयते सर्वतो मुखम् ॥

मुक्त भएपछि चैतन्य त सर्वतोमुख हुन्छ। अर्थात् ‘**सर्वतः सर्वप्रकारेण मुखानि द्वाराणि यस्य तादृशम्। केनापि प्रकारेणाप्रतिहतमित्यर्थः**’ यसको तात्पर्य के हो भने मुक्तको त ज्ञानशक्ति तथा क्रियाशक्तिको कुनै हालतमा पनि प्रतिबन्ध हुँदैन। यसरी यिनका परिभाषाअनुरूपको जीवात्माको परिकल्पना अरू दर्शनमा नपाइएकोमा यस दर्शनले नयाँ प्रस्थान खडा गरेको देखिन्छ।

पशु (जीवात्मा) तीन किसिमका हुन्छन्- विज्ञानाकल, प्रलयाकल र सकल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न कला अस्य सोऽकलः । विज्ञानेन अकलो विज्ञानाकलः । यहाँको विज्ञान भौतिकशास्त्रबाट परिभाषित विज्ञान होइन । यो विज्ञान त परमेश्वरस्वरूप विज्ञान हो । विज्ञानयोगसंन्यास अथवा भोगले कर्मक्षय भएको कलादि भोगबन्धनको अभावले केवल मलमात्रयुक्त पशु विज्ञानाकल कहलिन्छ । प्रलयले कलादिको उपसंहार भए पनि बीजरूपले ती रहिरहने हुँदा मल र कर्मले युक्त पशु प्रलयाकल नामले पुकारिन्छ । सकल पशु त कलायुक्त नै भएकाले मल माया कर्मात्मक तीनै बन्धनले सहित हुन्छ । शैवतन्त्रमा कला भनेको सङ्कुचित कर्तृत्व शक्ति मानिएको छ । विज्ञानाकल पशुका भेद दुई हुन् । १. समाप्तकलुष २. असमाप्तकलुष । कालुष्य अर्थात् मल परिपाक भएपछि समाप्तकलुष पशु विद्येश्वरादि आठवटा पदमा पुऱ्याइन्छन् । ती आठ विद्येश्वरका नाम यी हुन् -

१. अनन्त २. सूक्ष्म ३. शिवोत्तम ४. एकनेत्र ५. एकरुद्र ६. त्रिमूर्तिक ७. श्रीकण्ठ ८. शिखण्डी ।

असमाप्तकलुष जीवलाई सात कोटि सङ्ख्या भएका मन्त्ररूप परमेश्वरबाट बनाइन्छन् । मन्त्र भनेको कर्म र शरीरले विमुक्त केवल मलले (आणवमल) युक्त जीवविशेष हुन् । प्रलयाकल पशु पनि मलकर्मरूप पाशद्वय परिपक्व भएको र अपक्व पाशद्वय भएको दुईथरीका हुन्छन् । पहिलो मुक्त हुन्छ दोस्रो कर्मानुसार जन्ममरणबन्धनमा फसेको हुन्छ । तीमध्ये कोही भुवनपति पनि हुन्छन् । भनिएको पनि छ- "**कांश्चिदनुगृह्य वितरति भुवनपतित्वं महेश्वरस्तेषाम् ।**" यस्तै सकल पशु पनि पक्वकलुष र अपक्वकलुषका भेदले दुई थरीका हुन्छन् । कालुष्य परिपक्व भएकाहरूलाई परमेश्वरले परिपाक कलुषअनुसार शक्तिपातले मण्डल्यादि एक सय अठार मन्त्रेश्वर पदमा नियुक्त गर्दछन् । मन्त्रेश्वर भनेका जीवविशेष हुन् । जब मलादि पाश पूर्णरूपले परिपाक हुन्छ, पाशगत अवरोधशक्ति सर्वथा विनाश हुन्छ । त्यसलाई मोक्षाधिकारी ठानेर गुरुमूर्ति ग्रहण गरी शिष्यलाई दीक्षा दिएर मोक्ष गराउँछन् । त्यस कुरालाई यसरी शास्त्रले प्रतिपादित गरेको पाइन्छ ।

"**परिपक्वमलानेतानुत्सादनहेतुशक्तिपातेन ।**
योजयति परे तत्त्वे स दीक्षयाचार्यमूर्तिस्थः ।। "

अपक्वकलुष जीव भने कर्मवशानुसार भोगभागी बनाउँछन् परमेश्वरले भन्ने यिनीहरूको मत छ । कर्मानुसारी भोग यही सिद्धान्तले पाशुपतमतसँग यो अलगिएको भन्ने कुरा माथि गरिसकिएको छ । यसरी पशुका तीन भेदमा प्रत्येकका फेरि दुई विभेद खडा गरेर पशुको स्वरूप वर्णन गरिएको पाइन्छ । कर्मानुगमन गरी भोग हुन्छ पशुको भन्ने कुराको पुष्टिमा निम्नलिखित श्लोक प्रस्तुत गर्नु यहाँ अनुपयुक्त हुँदैन ।

बद्धान् शेषानपरान्विनियुङ्क्ते भोगभुक्तये पुंसः ।
तत्कर्मणामनुगमादित्येव कीर्तिताः पशवः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैवदर्शनमा पाशच्छेदको विधामा चार पाउ मानिएकाले यहाँ पाशको परिभाषाभन्दा अघि यो यहाँ उल्लेख गर्नु असङ्गत होइन भन्ने लाग्छ। सच्चिदानन्दयुक्त अविद्यांशवलित परमेश्वरबाट शक्ति र परशक्तिमय तत्त्वमा तीन भेद छन् बिन्दु, बीज र नाद। बिन्दु शिव, बीज शक्ति र नादचाहिँ यी दुईको समवाय हुन्। यसक्रमले सृष्टिप्रक्रियामा तन्त्रले पहिले सदाशिवलाई त्यसपछि ईश अनि रुद्र त्यसपछि विष्णु र त्यहाँपछि ब्रह्माको उत्पत्तिक्रम मानी हामीले भनेको रुद्र, पशुपति र शिवको क्रमको विपरीत प्रतिपादित गरेको स्पष्ट पाइन्छ जो शारदातिलकमा श्रीलक्ष्मण देशिकेन्द्रले यसरी लेखेका छन् –

अथ बिन्द्वात्मनः शम्भु कालबन्धोः कलात्मनः।
अजायत जगत्साक्षी सर्वव्यापी सदाशिवः
सदाशिवाद् भवेदीशस्ततो रुद्रसमुद्भवः।
ततो विष्णुस्ततो ब्रह्मा तेषामेव समुद्भवः *(शारदातिलक, १ पटल, १५-१६ श्लोक)*

शिवतत्त्व सदाशिवभन्दा पनि माथि रहेको कुरा भनिसकिएको छ। शिवको भेदमा निर्गुण र सगुण मानिएको छ। यस प्रमाणले गर्दा रुद्र शिवभन्दा पछिका भन्ने देखिन्छन्।

शैवागममा वास्तवमा पाश पाँच छन्, तैपनि चार ओटाकै ग्रहण गरिएको छ। **'अर्थपञ्चकं पाशाः'** भन्नेले शिवतत्त्व पदवाच्य मायात्मा बिन्दुलाई पञ्चम पाश भनेका हुन्। यही एक पाशले बद्ध भएकाले शिवपदप्राप्तिरूप मुख्य पद मोक्ष प्राप्त गर्न सक्तैन तथापि गौणरूप मोक्ष भने हुन्छ। यस पाशले विद्येश्वरादि पदमा पुग्न रोक्तैन। विद्येश्वरादि पद प्राप्तिकै नाम हो अपरमोक्ष। कसैले यो दृष्टि राखेर **'अर्थपञ्चकं पाशाः'** भने। अरू आचार्यहरूले अपरमोक्षप्रापक त्यसलाई पाशमा परिगणन नगरी **'पाशाश्चतुर्विधाः स्युः'** भनेर मल, कर्म, माया र रोधशक्तिलाई माने।

१. आत्माश्रित दुष्ट भावलाई मल नामले पुकारिन्छ। ती मल पाशुपतमत अनुसार मिथ्याज्ञान, अधर्म, आसक्ति, विषयासक्तिका कारण र सदाचरणबाट च्युतिका भेदले पाँच छन्।
२. कर्म जो धर्माधर्मरूप प्रसिद्ध कुरा भयो।
३. माया सबैको मूल कारण यसलाई नै अविद्या, प्रधान, प्रकृति इत्यादि भनिन्छ।
४. रोधशक्ति मलगत दृक्क्रियाशक्तिलाई आवरण गर्ने शक्ति।

यसमा श्रीमन्मृगेन्द्रको एउटा कारिका उद्धृत गरेमा अझ स्पष्ट गर्न सहायता मिल्छ। जो यसप्रकार छ –

प्रावृतीशो बलं कर्म मायाकार्यं चतुर्विधम्।
पाशजालसमासेन धर्मा नाम्नैव कीर्तिताः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रावृति शब्दको अर्थ गर्दा माधवाचार्यले भनेका छन्-"**प्रावृणोति प्रकर्षेणाच्छादयति आत्मनः स्वाभाविक्यौ दृक्क्रिये इति प्रावृतिरशुचिर्मलः ।**" अर्थात् आत्माको स्वाभाविक दृक्क्रियाशक्तिलाई ज्यादै ढाकिदिने अशुद्ध मलको नाम प्रावृति हो । यो एक किसिमको मल भयो । केवल यो आत्माश्रित मल स्वोपजीव्य भएको आत्माको स्वरूपमात्रलाई ढाक्ने मात्र नभई स्वातन्त्र्यले अकार्यमा प्रवर्तन गरी यसले पनि रोक्ने हुँदा ईशतालाई अर्को मलमा परिगणन गरिएको हो । बल रोधशक्ति हुँदा पुरुषलाई तिरोधान गर्ने हुँदा उपचारले पाश नै भन्नुपर्छ । यो कुरा भनिएको पनि छ–

तासामहं वरा शक्तिः सर्वानुग्राहिका शिवा ।
धर्मानुवर्तनादेव पाश इत्युपचर्यते ॥

कर्म यसको निरुक्ति गर्दा "**क्रियते फलार्थिभिः इति**" भनेर धर्माधर्मपरक पारिएको छ । यो बीजाङ्कुर झैँ प्रवाहरूपले अनादि छ । त्यसो हुँदा कर्म पनि मल नै हुन्छ । अनादि नमानेमा जगत्को वैचित्र्यमा कारण प्रस्तुत गर्न सकिन्न, बडो असजिलो पर्छ व्यवस्थालाई सङ्गति गर्न । क्षणिकवादी बौद्ध, स्याद्वादी जैनहरूले पनि अनादित्वलाई झक मारेर स्वीकार्न बाध्य हुनुपरेको छ आफ्ना सिद्धान्त कहीँ चोइटे पनि यसमा किरणागम यो श्लोकार्थ साह्रै घतलाग्दो छ -

यद्यनादि न संसिद्धं वैचित्र्यं केन हेतुना ।

मायाकार्यलाई मृगेन्द्रले चारौँ मल मानेका छन् । माया शब्दको व्युत्पत्ति गर्दा **'माति अस्याम्'** भनेर विग्रह गर्नुपर्छ । शक्तिरूपले प्रलयमा सबै जगत् जहाँ अटाउँछ र सृष्टि हुँदा व्यक्त हुन्छ भन्ने अर्थ गरिएको छ । यसको प्रमाणमा सौरभेयको यो वचन उल्लेख गरिन्छ ।

शक्तिरूपेण कार्याणि तल्लीनानि महाक्षये ।
विकृतौ व्यक्तिमायाति सा कार्येण कलादिना ॥

महाप्रलयमा शक्तिरूपले कायजात त्यस मायामा लीन हुँदा हामीलाई बन्धन नगर्ला तर जब विकृति भएर कलादिरूपले कार्य भएर व्यक्त हुन्छ सृष्टिमा त्यो मायाकार्य पशुको पाश भएर बन्धन भई घिच्याउने डोरी बन्न जान्छ । यस श्लोकमा "**सा कार्येण कलादिना**" भनेर कलादि कार्यले व्यक्त हुने देखिन्छ । शैवमतमा छत्तीस तत्त्व छन् । कला पनि कार्यरूपमा व्यक्त हुने मायापछिको कलात्मक तत्त्व छ अर्को ।

सृष्टिक्रममा विभिन्न मत छन् दार्शनिकहरूको । षट्त्रिंशत्तत्त्वबारेमा यहीँ उल्लेख गरिन्छ । पच्चीस तत्त्वको परिगणन गर्नाले सङ्ख्याको विवेचनाले उसलाई एक किसिमले साङ्ख्य भनी भन्छन् तर दार्शनिक परिभाषामा शैवमतभन्दा बढी पदार्थ मान्ने अरू छैनन् । ती छत्तीस तत्त्व यी हुन् –

१. शिव	१०. काल	१९. चक्षु	२८. स्पर्श
२. शक्ति	११. नियति	२०. जिह्वा	२९. रूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सदाशिव	१२. पुरुष	२१. घ्राण	३०. रस
४. ईश्वर	१३. प्रकृति	२२. वाक्	३१. गन्ध
५. शुद्धविद्या	१४. बुद्धि	२३. पाणि	३२. आकाश
६. माया	१५. अहङ्कार	२४. पाद	३३. वायु
७. कला	१६. मन	२५. पायु	३४. वह्नि
८. विद्या	१७. श्रोत्र	२६. उपस्थ	३५. सलिल (जल)
९. राग	१८. त्वक्	२७. शब्द	३६. भूमि

पति, पशु, पाश यी तीनौटै यस दर्शनका वस्तुत्रय हुन् तर यसमा षट्तत्त्ववादी पनि छन् । तिनीहरूले पति (परमेश्वर), विद्या (तत्त्वज्ञान, जीवमुख), अविद्या (मिथ्याज्ञान) पशु (जीव), पाश (मलादि), पाशनिवृत्ति (जपचर्यादि उपाय) मानेर ज्ञानरत्नावलीले यो श्लोक प्रस्तुत गरेको छ ।

पतिविद्ये तथाविद्या पशुः पाशश्च कारणम् ।
तन्निवृत्ताविति प्रोक्ताः पदार्थाः षट् समासतः ॥

यहाँ यो पक्षसम्म कोट्याएर छाडिन्छ । यसो गर्नाको कारण के हो भने यो उल्लेख नगर्दा कसैलाई छ पदार्थबारे कुनै सङ्केतसम्म मिल्दैन । यति भनेर शैवदर्शन र तदन्तर्गत पशुपतितत्त्वको सानो परिशीलन यहीँ समाप्त गरिन्छ ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मस्वरूप पशुपति

–डा. चेतमणि न्यौपाने

अनादि अपौरुषेय[1] वेदको संरचनामा वेदका शाखा-प्रशाखा, षडङ्ग, स्मृतिहरू, पुराणहरू, लघुस्मृतिहरू पर्दछन् । साथै वेदको तात्पर्य निर्धारण गर्ने वा सारतत्त्वलाई प्रतिपादन गर्ने अर्थात् फलितार्थको निरूपण गर्ने वेदको अन्तिम भाग उपनिषत् हो । उपनिषत्मा चराचर जगत्को अधिष्ठान ब्रह्म हो, ब्रह्मको सत्ता पाएर नै पृथिवी, जल, तेज, वायु रहन्छन् र आफ्नो काम गर्छन्, हरेक जीवात्माले श्वासप्रश्वास लिन्छन्, कर्म गर्दछन्, फलभोग गर्दछन्, अपूर्वोत्पत्ति गर्दछन्, लोकालोकमा जान्छन्, नरकादिमा विचरण गर्दछन्, व्यवहार गर्दछन् । अध्ययन अध्यापन गर्ने, ज्ञान गर्ने, परमपुरुषार्थ सिद्धि गर्ने यी सबै काम ब्रह्मको सत्ता पाएर नै सम्भव हुन्छ भन्ने सिद्धान्त स्थापित गरिएको छ । यसै सिद्धान्तको सेरोफेरोमा मनुष्यहरूको जन्मदेखि मृत्युसम्मका संस्कारहरू हुन्छन्, यसैलाई ब्रह्मवादी सिद्धान्त भनिन्छ । ब्रह्मवादी सिद्धान्तको आकरग्रन्थ वेद हो र यसको फलितार्थको प्रतिपादन गर्ने शास्त्र उपनिषत्[2] हो । वेदमा शाखाभेद भएकाले उपनिषत्हरूमा पनि प्रतिशाखाअनुसारका धेरै भेदहरू छन् । उपनिषत्हरूको समुच्च सिद्धान्तको उद्घोष गर्ने शास्त्र ब्रह्ममीमांसाशास्त्र हो र यही शास्त्रलाई व्याख्या गर्ने व्याख्याताहरूका बुद्धिका आधारमा अध्यात्मवादीहरूको आत्मवादी सिद्धान्तको सेरोफेरोमा चर्चा परिचर्चा गर्दै गूढ[3] रहस्यात्मक सिद्धान्त प्रस्तुत गर्ने वेदान्तदर्शनको मूल मर्म मोक्षमा जीवात्मा परमात्माको सम्बन्ध भेदमा छ वा अभेदमा छ भन्ने विषयलाई लिएर अद्वैतवाद,[4] द्वैतवाद, द्वैताद्वैतवाद, शुद्धाद्वैतवाद, भेदाभेदवाद र विशिष्टाद्वैतवाद आदि सम्प्रदाय अनुसारका फरकफरक वादी शब्द प्रयोग भएको सिद्धान्त रहेका देखिन्छन् । त्यस्तै दर्शनशास्त्रको व्याख्या गर्ने शास्त्रहरूमा पनि सङ्घातवाद, आरम्भवाद, परिणामवाद, विवर्तवाद, परमाणुकारणतावाद, अख्यातिवाद, असत्ख्यातिवाद, आत्मख्यातिवाद, अन्यथाख्यातिवाद, अनिर्वचनीयख्यातिवाद,

१ श्रुतिनामीश्वराज्जन्म केवलं श्रुतिषु श्रुतम् । मानान्तरोपलब्धेऽर्थे रचना तु न मीयते ॥ तत्त्वप्रदीपिका, कारिका २७ *(अपौरुषेय-वेदवादसिद्धान्ते)* ।

२ विश्वं सदसद्भ्यां विलक्षणं ब्रह्मवादिनः सङ्गिरन्ते । *(खण्डनखण्डखाद्य पृ.६३)* ।

३ वेदान्ते परमं गुह्यं पुराकल्पे प्रचोदितम् । नाप्रशान्ताय दातव्यं नापुत्रायाशिष्याय वा पुनः ॥ *(श्वेताश्वतरोपनिषद् ६।२२)* ।

४ तत्त्वमसि । *(छान्दोग्योनिषत्, ६।८७)* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आभासवाद, अवच्छेदवाद, प्रतिबिम्बवाद, शून्यवाद, मध्यमपरिमाणवाद, ब्रह्मकारणतावाद, आत्मवाद आदि शब्दहरूको प्रयोग, व्याख्या, विश्लेषण र शास्त्रार्थ पनि भएका पाइन्छन्। यसमा चेतनकारणतावादलाई मूलमन्त्र मान्ने अद्वैतब्रह्मवादी सिद्धान्त वैदिक सनातन वर्णाश्रम धर्ममा आस्था र विश्वास राख्ने वेदनिष्ठहरूको सिद्धान्त हो। हाल प्राप्य सामग्रीका आधारमा भन्नुपर्दा गुरुशिष्य परम्परामा रहेको तर लोकसामान्यजनवेद्य नभएको यो ब्रह्मवादी सिद्धान्तको व्याख्याता अर्थात् अनादि सुदीर्घ गुरुशिष्य परम्पराबाट ग्रन्थमा उतार्ने र सामान्यजनसमक्ष प्रस्तुत गर्ने प्रस्तोता आद्यशङ्कराचार्य हुन्। जसको समस्त सनातन वैदिक धर्मावलम्बीहरू छन्। यस प्रकारको वेदवादीहरूको सिद्धान्तमा उपास्य देवता अग्नि, वायु र आदित्य प्रधान हुन् र पुराणोक्त शिव, विष्णु, देवी, गणेश आदि देवताहरू पनि वैदिक सिद्धान्तको अविरोधी तथा ईप्सित सबै प्रकारका अभीष्टसिद्धिका लागि उपास्य नै मानिन्छन्। जीवात्मा र परमात्माको वास्तविक रूपमा अभेदसम्बन्ध[५] छ र हुन्छ नै। अभेद हुनबाट रोक्ने तत्त्व उपाधि हो र यसको समूल नाश गर्नु जीवात्माको मूल ध्येय हो भन्ने सिद्धान्त निर्विशेष ब्रह्मवादीहरूको रहेको छ। यसै सिद्धान्तको सेरोफेरोमा उपासनाका विधिहरू[६], नियमहरू[७] प्रक्रियाहरू[८] आएका छन् र यो उपासना उपास्य साक्षात्कार नभएसम्म व्यापारप्रवृत्ति रहिरहने सनातन मर्यादा हो। यही सनातन मर्यादाको सेरोफेरोमा निर्विशेष ब्रह्मवादी साधकहरूले उपासनाका पाँचवटा भेदहरूलाई पनि साधनाको अङ्ग बनाएको देखिन्छ। उपासनाका पाँच भेदहरूमा पहिलो पर्छ– प्रतीकोपासना जसमा शिव, विष्णु इत्यादिका प्रतीकमा भगवद्दृष्टि राखेर उपासना गरिन्छ। साधनाको शृङ्खलामा दोस्रो सिँढीमा पर्छ– सम्पत् उपासना जसमा पाशुपतक्षेत्र, गण्डकीक्षेत्र आदि क्षेत्रगत उपासना पर्दछन्। त्यसैगरी तेस्रो शृङ्खलामा पर्दछ– कर्मसविद्यर्थकोपासना। यसमा शास्त्रोक्त कर्म गर्ने र संवृद्धि चाहने सोपानको क्रम पार गरिसकेपछि फलत्याग गर्ने। यसैको सेरोफेरामा ब्रह्मवादीहरूको नित्य नैमित्तिक काम्यादि कर्महरू पर्दछन्। यसमा पनि अधिकारी भेदले अधम, मध्यम र उत्तमका दृष्टिले तरतमभाव देखिन्छ। उपासनाको अर्को शृङ्खला रहेको छ– अहंग्रहोपासना। यसमा अहंमा प्रवेश गर्ने काम हुन्छ। यसका लागि स्वाध्यायाध्ययन एकमात्र मार्ग हो। यो मार्गमा प्रवेश गरेपछि मात्र अहंमा आत्मा र अनात्माको विवेकको शृङ्खला सुरु हुन्छ। यसै शृङ्खलामा सोपानको क्रमबाट तत्त्वसाक्षात्कारसम्म साधकको गति हुन्छ र त्यो नै मुक्त हुन्छ। साधनाको क्रममा साधकको अर्को शृङ्खला रहेको छ– निर्गुणोपासना। यसमा उत्तम अधिकारीविशेषको मात्र योग्यता हुन्छ र यो साधक ब्रह्मवेत्ता नै हो, यो नै मुक्तपुरुष हो। हुन त यो उपासनालाई उपासना नै होइन भन्न पनि सकिन्छ किनकि उपासनाका लागि उपासक र उपास्य चाहिन्छ। यो निर्गुणोपासनाको स्थितिमा भेद समाप्त भई उपासक र उपास्यको अभेद सम्बन्ध भइसकेको हुन्छ।

---

५ अयमात्मा सर्वानुभूः (मा.वा. शतपथ, १४।५।५।१९)।
६ आदित्यादिमतयश् चाङ्ग उपपत्ते। (ब्र.सू., ४।१६)।
७ य एवासौ तपति तमुद्गीथमुपासीत। (छान्दोग्योपनिषत्)।
८ आसीनः सम्भवात् (४।१।७, व्यानाच्चा (४।१।८), अचलत्वं चापेक्ष्य (४।१।९), स्मरन्ति च (ब्रह्मसूत्र, ४।१।१०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधना र उपासनाको विविध शृङ्खलाको ओतप्रोत भएको हाम्रो अध्यात्मवादी सभ्यताको परम्परामा दुई परम्परा विद्यमान देखिन्छन्– वैदिक परम्परा र तन्त्रपरम्परा[९]। वैदिक परम्परामा उपासनाको जुन विधि र प्रक्रिया बताइएको छ, तन्त्रमा त्यसको अलि फरक विधि र भिन्न प्रक्रियाबाट उपासकलाई प्रवृत्त गराइएको देखिन्छ। जस्तो कि **"आदित्यो ब्रह्मेत्युपासीत"** भन्ने विधिवाक्यका आधारमा आएको आदित्यमा ब्रह्मको उपासना गर्ने वैदिक विधि र प्रक्रिया तन्त्रशास्त्रको सूर्यपूजा गर्ने सौरसम्प्रदायको विधि र प्रक्रियामा भिन्नता पाइन्छ। हुन त अधिकारीका भेदले यसो भएको हुनसक्छ किनकि वैदिक परम्परामा आदित्यमा ब्रह्मको उपासना गर्ने मध्यम अधिकारी वा उत्तम अधिकारीविशेष हो भने तन्त्रशास्त्रको सौरसम्प्रदायमा आएको सूर्यको उपासक सामान्य उपासनामा प्रवृत्तमात्र भएको सामान्य अधिकारी हो। तसर्थ वैदिक र तान्त्रिक पद्धतिमा उपासनामा भेद भएको हुनसक्छ। त्यसैगरी वैष्णव सम्प्रदायमा उपास्य मानिएको विष्णुको उपासना र वैदिकशास्त्रनिर्दिष्ट **"यज्ञो वै विष्णु"** यहाँ पनि माथिजस्तै अधिकारीविशेष र अधमाधिकारीलाई लिएर भिन्नता भएको शास्त्रको अन्वेषणबाट छर्लङ्ग हुन्छ। त्यसैगरी वैदिकशास्त्रले बताएको शिवतत्त्वमा कामको[१०] उपासना र शैव सम्प्रदायको शिवको उपसनामा प्रयुक्त विधि र प्रयोगमा भिन्नता देखिन्छ त्यस्तै शाक्त सम्प्रदायको शक्तिको उपासना र वैदिक परम्पराको सोमतत्त्वमा[११] कलाको उपासनामा भिन्नता देखिन्छ। यी र यस्तै भिन्नताहरू वैदिकशास्त्र र तन्त्रशास्त्रमा अनेकौं ठाउँमा देखिन्छन्। यो अधिकारीभेदले भएको शास्त्रको पूर्वापर अवलोकनबाट छर्लङ्ग हुन्छ। वैदिक परम्परामा वेदका अधिकारीहरूले सके पुगेसम्म वैदिकशास्त्रोक्त उपासना नै गर्नुपर्छ त्यसबाट मात्र निःश्रेयस[१२] प्राप्ति हुन्छ। यो पक्ष सम्भव नभएमा वा नजानेमा वा अज्ञात रहेमा मात्र तन्त्रोक्त उपासना गर्नुपर्छ। यसरी उपासना गर्दा बीचैमा मूलशास्त्रोक्त वैदिक उपासनाको इतिवृत्त थाहा भयो भने उक्त तन्त्रमार्ग त्याग गरी अग्नि, वायु, आदित्य प्रधानदेवता भएको वैदिकमार्गमा नै फर्कनुपर्छ। यो नै सनातन मर्यादा हो अर्थात् विशेष अभीष्ट सिद्धिका लागि केही निश्चित समयसम्म मात्र तन्त्रशास्त्रोक्त उपासना गर्न सकिन्छ, यो उपासनामा परम्परा बन्ने गरी दीर्घकालसम्म प्रवृत्त हुन र परम्परा नै बसाल्न नहुने यो काम वेदनिष्ठ द्विजातिहरूका लागि अग्राह्य[१३] नै देखिन्छ।

अग्नि, वायु र आदित्यलाई प्रधान देवता मान्ने ब्रह्मवादीहरूको वैदिक परम्परामा यस सिद्धान्तलाई सरल र सुबोध्य बनाउनका लागि गुणतर तमभावबाट ब्रह्मा, विष्णु र शिवको

---

९ दक्षशापाद् भृगोः शापाद् दधीचस्य च शापतः। दग्धा ये ब्राह्मणवरा वेदमार्गबहिष्कृताः ॥ तेषामुद्धरणार्थञ्च सोपानक्रमतः सदा। शैवाश्च वैष्णवाश्चैव सौराः शाक्तास्तथैव च ॥ गाणपत्या आगमाश्च प्रणीताः शङ्करेण तु। ... वेदाऽधिकारहीनस्तु भवेत् तथाऽधिकारवान्। (देवीभागवत, ७।३९।२९-३३)।

१० अग्निमसृजत्... अग्निरत्नादः। (बृहदारण्यकोपनिषत्, १।४।६)।

११ तद्रेतसोऽसृजत् तदु सोम यस्तावद्वा इदं सर्वमन्नम्। (पूर्ववत्, १।४।६)।

१२ त्रयी विद्या ब्रह्मचर्यं प्रजापतिं श्रद्धां तपो यज्ञमनुप्रदानम्। य एतानि कुर्वते तैरित सह स्मो रजो भूत्वा ध्वंसतेऽन्यत् प्रशंसन्निति। (आपस्तम्बधर्मसूत्रम्, २।९।४।७-८)।

१३ ये अग्ने नेरयन्ति ते वृद्धा उग्रस्य शवस। अप द्वेषो अप ह्वरोऽन्यव्रतस्य सश्चिरे ॥ (ऋग्वेद, ५।२०।२)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्ति देखाएर चराचर जगत्को उत्पत्ति, स्थिति र लय देखाउने सिद्धान्त स्थापित छ र ब्रह्मा, विष्णु र शिवको उपासना गर्ने परम्परा पनि विद्यमान छ। यसै उपासनाको सेरोफेरोमा शैव सम्प्रदाय र वैष्णव सम्प्रदायको विकाससँगै शिवको मन्दिर बन्ने, मूर्तिपूजा हुने त्यस्तै विष्णुको मन्दिर बन्ने, मूर्ति पूजा हुने प्रचलन र परम्परा बन्यो तर ब्रह्माको तन्त्रसम्प्रदाय नभएकाले मूर्तिपूजा र मन्दिर भएन। यसमा पुराणमा रहेको श्रापित कथा प्रमाण हो भन्नेहरू पनि धेरै छन्। यस किसिमको तर्कयुक्त सिद्धान्तलाई शास्त्रको पूर्वापर समन्वय गर्दा ठीकैजस्तो पनि देखिन्छ, किनकि ब्रह्म सम्प्रदाय वैदिक सम्प्रदाय भएकाले यो सनातन परम्परामा मूर्तिपूजालाई खासै महत्त्व नदिएको साथै निर्गुण उपासनाको पद्धति अँगालेको र त्यो श्रुतिमूलक रहेको सिद्धान्त श्राद्धमा प्रयुक्त ब्रह्माको पूजाको विचारबाट मात्र पनि छर्लङ्ग हुन्छ किनकि त्यहाँ मूर्तिको पूजा तन्त्रोक्त षोडशोपचारादि प्रयोग पनि हुँदैन र समर्पयामि आदि शूद्राचारको क्रियापदको प्रयोग पनि हुँदैन।

उपर्युक्त विश्लेषणबाट जे बुझियोस् तापनि ब्रह्मवादीहरूको वैदिक परम्परामा हरेक ठाउँमा श्रुति[१४], स्मृति र पुराणलाई निरपेक्ष प्रमाणको[१५] रूपमा मानिन्छ। तसर्थ हाम्रो देशमा रहेको पाशुपत क्षेत्रको ठूलो महत्त्व रहेको छ किनकि शिवपुराण आदि पुराणहरूमा यसको महत्त्व र उपादेयता उल्लेख गरिएको[१६] छ। यसरी पुराणहरूमा उल्लेख भएको पाशुपतक्षेत्रको दर्शन माथि बताइएका उपासनाको शृङ्खलाको दोस्रो उपासनाशृङ्खलामा अर्थात् सम्पत् उपासनाभित्र पर्दछ। यहाँको उपासनाबाट विविध प्रकारका अभीष्टहरू पनि सिद्ध हुने देखिन्छ। यी अभीष्टहरू सिद्ध गर्नका लागि जसरी भए पनि पाशुपतादि नदीतीरमा रहेको पुण्यक्षेत्रमा बस्नुपर्छ भन्ने वचन पुराणमा पाइन्छ[१७]। पाशुपतजस्ता पुण्यक्षेत्रमा नित्य स्नान, सन्ध्या, स्वाध्याय तथा तर्पणादि धर्मकृत्य गरेमा विशेष फल पाइन्छ भन्ने उक्तिहरू पनि शिवपुराणमा यत्रतत्र पाइन्छन्। पाशुपतव्रतका विधान बताउँदै पशुभावलाई परित्याग गरी ईश्वरभावमा पुग्न सकिन्छ र त्यसका लागि लिङ्गपूजाको माध्यम अपनाउनुपर्छ भन्ने वचन पनि शिवपुराणमा पाइन्छ[१८]। शिवपुराणमा लिङ्गपूजाको विधान बताइएको छ भन्ने प्रसङ्गमा प्रतीकमा आत्मबुद्धि हुन सक्तैन[१९] भन्ने सिद्धान्त ब्रह्मसूत्रमा स्थापित गरिएको छ नि त भन्ने जिज्ञासा हुन सक्छ। यसको समाधानमा प्रतीक पूजा सोपानको क्रम हो किनकि प्रतीकको माध्यमबाट अगाडि बढेमा अधिकारीमा चित्तशोधन हुन्छ, अहंग्रहोपासनामा प्रवेश गर्न सक्छ र त्यहाँको उद्गीथादि उपासनाको माध्यमबाट मुमुक्षुले उपास्यसाक्षात्कार गर्न सक्छ। उपासकले उपास्यसाक्षात्कार कसरी गर्छ भन्ने जिज्ञासा हुनसक्छ। यसको समाधानको रूपमा यसो भन्न

१४ धर्मं जिज्ञासमानां प्रमाणं परमं श्रुतिः। (मनुस्मृति, २।१३)।

१५ सदाचारः स्मृतिर्वेदास्त्रिविधं धर्मलक्षणम्। चतुर्थमर्थमित्याहुः कवयो कर्मक्षणम्॥ (महाभारत शान्तिपर्व, २५९।३)।

१६ ब्रह्माद्याः स्थावरान्ताश्च देव देवस्य शूलिनः। पशवः परिकीर्त्यन्ते संसारवशवर्तिन :॥ तेषां पतित्वाद्देवेशः शिवः पशुपतिः स्मृतः। मलमायादिभिः पाशैः स बध्नाति पशून्पतिः॥ (शिवपुराण, ७।२।११-१२)।

१७ येन केनाप्युपायेन पुण्यक्षेत्रे वसेन्नरः। सिन्धोः शतनदीतीरे सन्ति क्षेत्राण्यनेकशः॥ (शिवपुराण, १।१२।८)।

१८ तत्पशुत्वं परित्यज्य कृत्वा पाशुपतं व्रतम्। पूजनीयो महादेवो लिङ्गमूर्तिः सनातनः॥ (शिवपुराण, ६।३३।२७)।

१९ न प्रतीके न हि स्मृ.। (ब्रह्मसूत्र, ४।१।४)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ- भोकाएको व्यक्तिले भोजन निष्पत्तिपूर्वकालसम्म भोजनको विधिवद् उपासना गर्दछ जब भोजनको निष्पत्ति हुन्छ, त्यहाँ उपासनाको प्रयोजन सिद्ध हुन्छ र भोजन र भोकको अभेदान्वय हुन्छ। यसप्रकार अभेदान्वयबाट हुने तृप्ति आनन्द हो। यहाँ व्यापारांशलाई छाडेर आनन्दांश[२०] चाहिँ ब्रह्म हो। त्यस्तै स्त्रीपुरुषको संयोगमा पनि अभेदबाट मात्र आनन्द हुन्छ र भोजन र भोकको आनन्दांशचाहिँ अभेदान्वय हुन्छ। त्यसै गरी दृश्यको अवलोकन गर्ने दर्शकले पनि दृश्यमा घटित घटनासँग तादात्म्य भई त्यहाँका पात्रहरूसँग एकाकार भएर सोही अनुरूपका पात्रहरूलाई दुःख हुँदा दुःखको, सुख हुँदा सुखको अनुभूति गर्ने गर्दछन्, यो अभेदज्ञानबाट भएको क्षणिक सुखदुःख हो इत्यादि उदाहरणहरूबाट अभेद[२१]बाट मात्र आनन्दको अनुभूति हुन्छ भन्ने सिद्ध गर्न सकिन्छ। तसर्थ प्रतीकमा ब्रह्मदृष्टि सोपानक्रम मात्र हो। ब्रह्मवादीहरूको प्रतीकोपासनादि साधनाद्वार मात्र हो भने भेदवादी वैष्णवादिमतमा उपासना द्वारी हो अर्थात् अभेदवादीहरूको उपास्यसँग अभेद हुनु उपासनाको फल हो भने भेदवादीहरूको उपासना द्वारी भएकाले यसको फल सन्निधता मात्र हो। सन्निधताले मात्र अज्ञान निवृत्ति हुँदैन। जबसम्म अज्ञान निवृत्ति हुँदैन तबसम्म मुक्ति सम्भव छैन। सन्निधता नै उपासनाको फल भएकाले भेदवादीहरूको मुक्तिमा पनि तर तमभाव[२२] रहेको देखिन्छ। यस सिद्धान्तको ब्रह्मसूत्रमा मुक्तिमा तर तमभाव हुँदैन भनी खण्डन भएको देखिन्छ। इत्यादि सिद्धान्तहरूको विचार गर्दा ब्रह्मवादी वा अद्वैतवादीहरूले पुराणोक्त पाशुपत उपासनालाई सोपानको माध्यम हो भनी स्वीकार गर्नुपर्छ। पुराणमा बताइएअनुसार पाशुपतक्षेत्रमा रहेको लिङ्ग ज्योतिर्लिङ्ग हो तसर्थ अधिकारीको योग्यताअनुसार विधि कामनाहरू सिद्ध गर्नका लागि विधि र प्रक्रिया पुऱ्याएर शास्त्रसम्मत ढङ्गबाट पशुपतिब्रह्मको उपासना गर्नु उचित हुन्छ। मूलशास्त्र वेद-स्मृति-पुराणको मूल मर्म अनुसार त क्षेत्रको महत्त्व हो तर यहाँ त लिङ्गोपासना प्रतीकको बारेमा महत्त्व ख्यापन गर्दा अपसिद्धान्त भयो नि भन्ने जिज्ञासा हुन्छ। यसको समाधानमा भन्न सकिन्छ कि क्षेत्रविशेषमा पनि प्रतीक साधनका लागि साधक नै हो, तसर्थ प्रतीकको बारेमा बताउनु अपसिद्धान्त होइन। पशुपतिब्रह्मको उपासना गर्ने साधकले यसभित्रको तत्त्वज्ञानलाई पनि बुझ्नुपर्छ। पशुपति शब्दमा आएको पशु शब्दले शरीर, अज्ञान, जीव, जड, उपाधि[२३] इत्यादिलाई बुझाउँछ भने पति शब्दले शरीरको मालिक, ज्ञान, ब्रह्म,[२४] चेतन, उपधेय इत्यादिलाई बुझाउँछ। तसर्थ पशुपतिब्रह्मको उपासक जडसमूह छोडेर ज्ञान पाएर जीवभावका विविध उपाधिलाई त्यागदै ब्रह्मभावमा प्राप्त हुन्छन् अर्थात् पशुभावमा[२५] रहेको अज्ञानलाई त्याग गरेर पतिभावमा रहेको ब्रह्मको साक्षात्कार नभएसम्म

२० आनन्दो ब्रह्म। (तैत्तिरीयोपनिषत्, ३।६)।

२१ एकमेवाऽद्वितीयम्। (छान्दोग्योपनिषत्, ६।२।१)।

२२ सालोक्यसार्ष्टिसामीप्यसारूप्यैकत्वमुच्यते। दीयमानं न गृह्णन्ति विना मत्सेवनं जनाः ॥ (भागवत, ३।२९।१३)।

२३ विषया इति कथ्यन्ते पाशा जीवनिबन्धनाः। ब्रह्मादिस्तम्बपर्यन्तान् पशून् बद्ध्वा महेश्वर :॥ (शिवपुराण, ७।२।१४)।

२४ विकल्परहितं तत्त्वं परमित्यभिधीयते। वैपरीत्यादसच्छब्दः कथ्यते वेदवादिभिः ॥ (शिवपुराण, ७।५।९)।

२५ अन्तर्यामी परश्चेति कथ्यते कविभिः शिवः ॥ (शिवपुराण, ७।५।२३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलिरहने नित्य गति नै पशुपतिको उपासना हो। यसलाई सरल भाषामा भन्नुपर्दा उपास्यप्रतिको साक्षात्कार नभएसम्म पशुको क्रिया रही नै रहन्छ। यो नै पशुपतिब्रह्मको उपासना हो। यसरी गूढ[२६] रहस्यको उद्घाटन गर्दै गर्दा पाशुपतक्षेत्रमा गएर लिङ्गको सान्निध्यबाहेक अन्यत्र जुनसुकै ठाउँमा बसेर पनि पशुपति ब्रह्मको उपासना हुनसक्छ र हुन्छ नै। त्यसो भए क्षेत्र र लिङ्ग अन्यथा सिद्ध भयो नि त भन्ने शङ्कामा पशुपतिब्रह्मलाई द्रष्टा र प्रपञ्चलाई दृश्यका रूपमा प्रतिपादन गरिएका पुराणका थुप्रै वचनहरू मननीय छन्। यिनै वचनहरूका आधारमा उक्त अन्यथासिद्ध दोष आउँदैन भन्दै यी र यस्तै सिद्धान्तपरक विवेचनासहित पशुपतिब्रह्मको उपासनाको अपरिहार्यता देखाउँदै लेखनीव्यापारलाई विश्राम गरिन्छ। ओ३म् तत् सत्।

सन्दर्भग्रन्थसूची

शतपथब्राह्मणम्, *जवाहरनगर, दिल्ली, इ.सं. १९९०।*

बृहदारण्यकोपनिषत्, (सानुवादशाङ्करभाष्यसहित) गोरखपुर : *गीताप्रेस, वि.सं. २०५८।*

ईशादि नौ उपनिषत्, (सानुवादशाङ्करभाष्यसहित) गोरखपुर : *गीताप्रेस, वि.सं. २०५९।*

छान्दोग्योपनिषत्, (सानुवादशाङ्करभाष्यसहित) गोरखपुर : *गीताप्रेस, वि.सं. २०५८।*

आचार्य, कौण्डिन्न्यायन, शिवराज, **वैदिक धर्म मूल रूपमा**, *स्वाध्यायशाला, (द्वितीय संस्करण) वि.सं. २०६२।*

आचार्य, कौण्डिन्न्यायन, (वृत्तिकार), **ब्रह्ममीमांसासूत्रम्**, वाराणसी : *चौखम्बा विद्याभवन, इ.सं. २००२।*

घिमिरे, दीर्घराज, **श्रीमद्भगवद्गीतातत्त्वप्रकाश**, तेस्रो अध्याय, *वि.सं. २०६७।*

श्रीमद्भागवतमहापुराणम्, (मूलमात्रम्), गोरखपुर : *गीताप्रेस, वि.सं. २०५८।*

स्वामी योगीन्द्रानन्द, (व्याख्याकार), **तत्त्वप्रदीपिका**, वाराणसी : *चौखम्बा विद्याभवन, इ.सं. १९८५।*

आचार्य, जगदीश, (सम्पा.) **ब्रह्मसूत्रशाङ्करभाष्यम्**, वाराणसी : *मोतीलाल बनारसीदास, इ. १९९६।*

महाभारतम्, (सम्पा.) दामोदर सातवलेकर, *गुजरात, इ.सं. १९८०।*

शिवमहापुराणम्, मूलमात्रम्, वाराणसी : *चौखम्बा विद्याभवन इ.सं. २०११।*

मनुस्मृति, मन्वर्थमुक्तावली (टीकासहित), वाराणसी : *चौखम्बा संस्कृत संस्थान, वि.सं. २०६०।*

श्रीहर्ष, **खण्डनखण्डखाद्यम्**, वाराणसी : *चौखम्बा विद्याभवन, इ.सं. १९९२।*

श्रीमद्देवीभागवतम्, (मूलमात्रम्), गोरखपुर : *गीताप्रेस, वि.सं. २०६५।*

**

२६ वेदान्ते परमं गुह्यं पुराकल्पे प्रचोदितम्। श्वेताश्वतरोपनिषत्, ६।२२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवतत्त्व-विमर्श

–प्रा. चेतोनाथ गौतम

एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ।। *(श्वेताश्वतरोपनिषत्, ६।११)*

१. विषयप्रवेश

समस्त चराचर जगत्को कल्याण गर्ने भगवान् शङ्कर नेपालमा पशुपतिका रूपमा विराजमान छन् । देवाधिदेव महादेव पशुपति सम्पूर्ण धर्मपरायण नेपालीका आराध्यदेव हुनुहुन्छ, विश्वभरका वैदिक सनातन धर्मावलम्बीहरूका आस्थाका केन्द्र हुनुहुन्छ । परमात्मा शिव समस्त प्राणीका हृदयमा रहनुहुन्छ, सर्वव्यापी हुनुहुन्छ, अन्तर्यामी हुनुहुन्छ र अद्वितीय हुनुहुन्छ । उनै शिव सम्पूर्ण प्राणीले गरेका राम्रा र नराम्रा कर्मको लेखाजोखा गर्नुहुन्छ । सबैलाई चेतना प्रदान गर्ने परम चेतनस्वरूप शिव सर्वथा विशुद्ध र गुणातीत हुनुहुन्छ । यस्ता भगवान् शिवको महिमा वेद, उपनिषत्, महापुराण, उपपुराण तथा विभिन्न माहात्म्यहरूमा विशेषरूपले गाइएको छ । शिवको स्वरूप र आभूषणमा पनि विचित्रता पाइन्छ । चिताको भस्म लगाउने, विषपान गर्ने, दिगम्बर रहने, जटाजूट धारण गर्ने, गलामा सर्पको माला लगाउने स्वरूपको चित्रण शास्त्रहरूमा र स्तुतिपद्यमा पाइन्छन् । केही नखाइकन वायुमात्र सेवन गरेर एकान्त गुफामा ध्यानस्थ रहने शिव भुजङ्गतुल्य वायुभक्षी हुनुहुन्छ । यसै भावलाई व्यक्त गर्न उहाँ गलामा सर्पको माला लगाउनुहुन्छ । शिवका जटा साङ्ख्य, योग र वेदान्तस्वरूप छन् । त्यसैले उहाँ जटाधारी बन्नुभएको छ । ज्ञानाग्निले डढेको जगत्को भस्मलाई अङ्गरागका रूपमा लगाउने शिव भस्मानुरागी देखिनुहुन्छ । आध्यात्मिक, आधिदैविक र आधिभौतिक कुनै प्रकारको पनि शरीर धारण नगरेकाले शिवलाई कुनै वस्त्रको आवश्यकता छैन । त्यसैले उनलाई दिगम्बर भनिएको हो । भगवान् शिव पूर्ण वैरागी हुनुहुन्छ, उहाँ दृश्यमान संसार र सांसारिक वस्तुलाई तुच्छ ठान्नुहुन्छ । त्यसैले त समुद्रमन्थनका समयमा समुद्रबाट उत्पन्न कुनै दिव्य वस्तु वा रत्नादिमा उहाँको मन गएन, बरु संसारको कल्याणका निम्ति उहाँले हलाहल विष ग्रहण गरी नीलकण्ठ बन्नुभयो । भगवान् शिवको चरित्र एवं लीला अपरम्पार छ । यसैभित्र शिवतत्त्व रहेको छ । शिव मायी हुन्, प्रकृति उहाँको माया हो । उहाँ पञ्चब्रह्मस्वरूप हुनुहुन्छ र पञ्चकृत्य सम्पादन गर्नुहुन्छ । उहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐङ्कारस्वरूप हुनुहुन्छ, ॐङ्कारवाच्य हुनुहुन्छ, प्रणव उहाँको वाचक हो। उहाँ पशुरूप जीवात्मालाई मायारूप पाशबाट मुक्त गर्न समर्थ हुनुहुन्छ। यिनै सन्दर्भहरूलाई कोट्याएर शिवतत्त्वसम्बन्धी चिन्तन यहाँ गरिन्छ।

२. मायी र माया

जसले मायालाई आफ्नो वशमा राखेर स्वेच्छाले त्यसलाई चलाउँछ त्यो मायी (मायापति) हुन्छ। भगवान् शिव पनि मायी हुनुहुन्छ, उहाँको माया प्रकृति हो। माया भगवान् महेश्वर शिवको शक्ति हो। शिवको माया जानी नसक्नु छ, दुर्ज्ञेय छ। सारा संसारलाई त्यही मायाले मोहित बनाएको छ। यसै भावलाई शिवगीतामा यसरी व्यक्त गरिएको छ–

दुर्ज्ञेया शाम्भवी माया यया सम्मोह्यते जगत्।
मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्॥ *(शिवगीता, २।२६)*

यसै भावलाई श्वेताश्वतरोपनिषत्मा पनि यसरी प्रस्तुत गरिएको छ–

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्।
तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत्॥ *(श्वेताश्वतरोपनिषत्, ४।१०)*

शैवी मायाका दुई रूप छन्- मूलप्रकृति र दैवीप्रकृति। यिनलाई अपरा र पराप्रकृति पनि भन्दछन्। पराप्रकृति चैतन्यशक्ति हो। यसलाई विद्या पनि भन्दछन्। अपराचाहिँ अविद्या हो। यो दृश्यमान जगत् अपराप्रकृतिकै सृष्टि हो। विद्या र अविद्यालाई अक्षर र क्षर पनि भनिन्छ। भगवान् शिवचाहिँ क्षराक्षरभन्दा पर हुनुहुन्छ। अक्षर र क्षर अर्थात् विद्या र अविद्या दुवैलाई आफ्नो अधीनमा राखेर स्वेच्छाले चलाउने तत्त्व नै शिवतत्त्व हो। लिङ्गपुराण उत्तरभागमा शिवतत्त्व क्षराक्षरभन्दा पर भएको कुरालाई यसरी व्यक्त गरिएको छ-

उक्तमक्षरमव्यक्तं व्यक्तं क्षरमुदाहृतम्।
रूपे ते शङ्करस्यैव तस्मादपर उच्यते॥
तयोः परः शिवः शान्तः क्षराक्षरपरो बुधैः।
उच्यते परमार्थेन महादेवो महेश्वरः॥ *(लिङ्गपुराण, उत्तरभाग, १५/७-८)*

वास्तवमा जीवात्मा, परमात्मा र माया सनातन तीन तत्त्व छन्। माया जीवात्मा र परमात्माका बीचमा रहन्छ र जीवात्मालाई अज्ञानरूप आवरणले ढाकिदिन्छ अनि जीवात्मा आफ्नो चेतनस्वरूप बिर्सिएर अज्ञ पशु बन्दछ। त्यस मायाको आवरणबाट जीवात्मालाई मुक्त गर्ने सामर्थ्य भगवान् शिवमामात्र निहित छ। यसरी पशु र पाश दुवैभन्दा भिन्न पतितत्त्व नै शिवतत्त्व हो। पशु र पाश वा जीवात्मा र माया दुवैमा स्वतन्त्र कर्तृत्व हुँदैन, दुवै अज्ञ र अचेतन छन् तर पतिचाहिँ यस जगत्का कर्ता हुन्, निर्माता हुन्। उनी ज्ञानवान् र सचेतन छन्। पशु, पाश र पतितत्त्वको यथार्थ ज्ञान भएपछि मात्र जीवात्मा यस संसारबाट मुक्त हुन्छ। यसबाट के स्पष्ट हुन्छ भने माया माहेश्वरी शक्ति हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मायाले ढाकेपछि चैतन्यस्वरूप पुरुष जीवात्मा आफ्नो स्वरूपको बोध गर्न सक्तैन र पशु बन्दछ। शिवका अनुग्रहले मायातत्त्वलाई चिनेपछि मात्र जीवात्मा चैतन्यस्वरूपको हुन्छ र शिवत्व प्राप्त गर्दछ।

३. पशु, पाश र पति

शिवमहापुराण, वायवीयसंहिताको पूर्वखण्डको अध्याय ६ मा पशु, पाश र पतिको विवेचना गरिएको छ। त्यहाँ यी तीन तत्त्वलाई क्रमशः अजड, जड र नियन्ता भनिएको छ–

अजडश्च जडश्चैव नियन्तृ च तयोरपि ।
पशुः पाशः पतिश्चेति कथ्यते तत्त्रयं क्रमात् *(शिवपुराण, वायवीयसंहिता, ६।१२)*

यसैगरी अक्षर, क्षर र क्षराक्षरपर भनेर पनि त्यहाँ पशु, पाश र पतिलाई चिनाइएको छ-

अक्षरं पशुरित्युक्तः क्षरं पाश उदाहृतः ।
क्षराक्षरपरं यत्तत्पतिरित्यभिधीयते ।। *(शिवमहापुराण, वायवीयसंहिता, ६।१४)*

यसबाट के स्पष्ट हुन्छ भने पुरुष अर्थात् पशु जड छैन, पाशचाहिँ जड छ। पशु अक्षर हो, पाशचाहिँ अक्षर होइन, क्षर हो। जड र अजड अथवा क्षर र अक्षर दुवैलाई नियन्त्रण गर्ने तत्त्वचाहिँ पति हो, त्यो क्षर र अक्षर दुवैभन्दा पर छ। श्रीमद्भगवद्गीतामा क्षराक्षरभन्दा परको तत्त्वलाई पुरुषोत्तम भनिएको छ *(श्रीमद्भगवद्गीता, १५।१८)*। वास्तवमा पशु, पाश र पति भनेका पुरुष, प्रकृति र परमात्मा हुन्, पुरुषचाहिँ जीवात्मा हो। प्रकृति र पुरुष दुवैलाई परमेश्वरले प्रेरित गर्दछन्। प्रकृति भनेको माया हो, माहेश्वरी माया। मायाले ढाकिएको अवस्थाको पुरुष पशु हो। पुरुष अर्थात् जीवात्मा चैतन्यस्वरूप हुँदाहुँदै पनि मलमायादिले ढाकिदिनाले ऊ अज्ञ पशु बनेको हुन्छ। पाशुपतदर्शनमा ब्रह्मादेखि स्थावरपर्यन्त सबै पशु मानिन्छन्। "**ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः**" भनिएको छ। लिङ्गमहापुराण उत्तरखण्डमा पनि यही कुरालाई यसरी व्यक्त गरिएको छ–

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य धीमतः ।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ।
तेषां पतित्वाद् भगवान् रुद्रः पशुपतिः स्मृतः ।। *(लिङ्गपुराण, उत्तरभाग, ९/१२)*

यसको तात्पर्य के हो भने संसारको वशमा रहने अर्थात् जन्ममरणको चक्रमा रहने ब्रह्मादेखि लिएर समस्त चराचर जगत् पशु हो। ती पशुहरूका पति हुनाले भगवान् शिव पशुपति हुनुहुन्छ। पशुको शरीर भोगसाधन हो, कर्मफलचाहिँ भोग्य हो। "**भोगः कर्मविनाशाय**" भनेको छ। भोग नगरिकन कर्मको नाश हुँदैन। प्राणीले पुण्यपाप जेजस्तो कर्म गरेको छ, त्यस कर्मबाट सुख वा दुःख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेजस्तो फल प्राप्त हुन्छ, त्यसको भोग अवश्यमेव गर्नुपर्दछ। आफूले गरेका कर्मको फल भोग्दै भगवान् श्रीपशुपतिमा चित्त लगाएर भक्ति गरेमा पशुपतिका अनुग्रहबाट मलमायादिको नाश हुन्छ र जीवात्मा शिवस्वरूप बन्दछ-

भावातिशयलब्धेन प्रसादेन मलक्षयः ।
क्षीणेचात्ममलेतस्मिन्पुमाञ्छिवसमोभवेत् ॥ *(शिवपुराण, वायवीयसंहिता, पूर्वखण्ड, ६।२८)*

जीवात्मारूप पशुलाई बन्धनमा पारेर संसारमा जकड्याएर राख्ने पाश भनेका विषयहरू हुन्। यिनै विषयरूप पाशले भगवान् महेश्वर ब्रह्मादेखि लिएर स्थावर-जङ्गमपर्यन्तका सम्पूर्ण पशुलाई बाँधेर आ-आफ्ना प्रारब्ध अनुसारको कर्म गराउनुहुन्छ। यी पाशहरू चौबीस बताइएका छन् र यी मायाका सृष्टि हुन्। यी पाशका बन्धनबाट जीवात्मालाई छुटाउने काम पनि भगवान् शिवले नै गर्नुहुन्छ। श्रीकृष्णलाई उपदेश दिने सन्दर्भमा उपमन्यु ऋषिले पशु, पाश र पतिसम्बन्धी ज्ञान दिएको प्रसङ्ग शिवमहापुराणको वायवीयसंहिता र उत्तरखण्डमा वर्णित छ। श्लोक तेह्रमा चाहिँ चौबीस तत्त्वलाई पाशका रूपमा प्रस्तुत गरिएको छ–

चतुर्विंशति तत्त्वानि मायाकर्मगुणा अमी ।
विषया इति कथ्यन्ते पाशा जीवनिबन्धनाः ॥ *(शिवपुराण, वायवीयसंहिता, २/११-१२)*

यही कुरा लिङ्गमहापुराण, उत्तरभागमा पनि व्यक्त भएको छ-

चतुर्विंशति तत्त्वानि पाशा हि परमेष्ठिनः ॥ *(लिङ्गपुराण, उत्तरभाग, ९/१५)*

यी पाशरूप चौबीस तत्त्वमा पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, चार अन्तःकरण (मन,बुद्धि, अहङ्कार, चित्त) पञ्चमहाभूत र शब्दादि पाँच गुणहरू पर्दछन्। यी माया अर्थात् प्रकृतिका सृष्टि हुन् र जीवात्माले आफ्ना कर्मअनुसार यिनको भोग गर्दछन्। चौबीस पाशका सम्बन्धमा लिङ्गमहापुराण उत्तरभागमा यसरी प्रकाश पारिएको छ–

दशेन्द्रियमयैः पाशैरन्तःकरण सम्भवैः ।
भूततन्मात्रपाशैश्च पशून् मोचयति प्रभुः ॥
इन्द्रियार्थमयैः पाशैर्बद्ध्वा विषयिणः प्रभुः । *(लिङ्गपुराण, उत्तरभाग, ९/१७-१८)*

लिङ्गमहापुराणमा नै सत्त्व, रज, तम तीन गुणलाई पनि पाशका रूपमा प्रस्तुत गरिएको छ- "**त्रिभिर्गुणमयैः पाशैः कार्यं कारयति स्वयम्**" (लिङ्गपुराण, उत्तरभाग ९।२१)। यसैगरी अर्को ठाउँमा पञ्चक्लेश (अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश) लाई पनि पाशका रूपमा बताइएको छ- "**पञ्चक्लेशमयैः पाशैः पशून् बध्नाति शङ्करः** (लिङ्गपुराण, उत्तरभाग ९।२८)। यी चौबीस, तीन वा पाँच सबै नै प्रकृतिका सृष्टि हुन्, मायाका खेल हुन्। त्यसैले माया नै पाश हो। त्यही मायारूप पाशले भगवान् शिव पशुरूप जीवात्मालाई बाँधेर सांसारिक कर्ममा प्रवृत्त गराउनुहुन्छ। जीवात्माको उपासना र भक्तिभावबाट प्रसन्न भएपछि उहाँ नै जीवात्मालाई मायाका बन्धनबाट छुटाएर स्वरूपको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोध गराउनुहुन्छ। मायाको पाश अविद्यास्वरूप छ। ज्ञानद्वारा नै अविद्या अर्थात् अज्ञानरूप पाश नष्ट हुन्छ।

यसबाट के स्पष्ट हुन्छ भने पतितत्त्व पशुको पाश नाश गर्न समर्थ छ र ऊ ज्ञानवान्, सचेतन र विश्वको निर्माता पनि हो। पशु र पाश दुवै अज्ञ र अचेतन छन्, आफैं कुनै काम गर्न सक्तैनन्। पतिका प्रेरणाबाट मात्र ती केही गर्न सक्ने हुन्छन् अर्थात् तिनमा पनि कर्तृत्व रहेको देखिन्छ। पशु जीवात्मा भोक्ता हो, विषयादि जडवर्गचाहिँ भोग्य हो अनि पतिचाहिँ प्रेरक हो र त्यो नै ईश्वर हो। यी तीन तत्त्वभन्दा अर्को जान्नुपर्ने विषय छैन भनेर शिवमहापुराण, वायवीयसंहिताको पूर्वभागमा बताइएको छ-

भोक्ता भोग्यं प्रेरयिता मन्तव्यं त्रिविधं स्मृतम्।
नातः परं विजानद्भिर्वेदितव्यं हि किञ्चन॥ *(शिवपुराण, वायवीयसंहिता, पूर्वभाग, ६।१)*

यसै मर्मलाई श्वेताश्वतरोपनिषत्मा यसरी प्रस्तुत गरिएको छ–

एतज्ज्ञेयं नित्यमेवात्मसंस्थं नातः परं वेदितव्यं हि किञ्चित्।
भोक्ता भोग्यं प्रेरितारं च मत्वा सर्वं प्रोक्तं त्रिविधं ब्रह्ममेतत्॥ *(श्वेताश्वतरोपनिषत्, १।१२)*

शिवमहापुराणको उपर्युक्त अभिव्यक्ति उपनिषत्को माथि उद्धृत मन्त्रकै रूपान्तर हो भन्ने स्पष्ट देखिन्छ। यस चर्चाको निचोड के हो भने पतितत्त्व पशु र पाशभन्दा भिन्न छ, त्यो दुवैको नियन्ता हो र सच्चिदानन्दस्वरूप छ। त्यो पतितत्त्व नै शिवतत्त्व हो, ज्ञेय विषय हो।

४. पञ्चब्रह्म र पञ्चकृत्य

सद्योजात, तत्पुरुष, अघोर, वामदेव र ईशानलाई पञ्चब्रह्मका रूपमा शास्त्रमा वर्णन गरिएको छ। यिनलाई भगवान् शिवका पाँच मुखका रूपमा पनि मानिएको छ। भगवान् शिवबाट ईशानको उत्पत्ति भयो, ईशानबाट तत्पुरुष, तत्पुरुषबाट अघोर, अघोरबाट वामदेव र वामदेवबाट सद्योजातको उत्पत्ति भयो भन्ने उल्लेख शिवमहापुराण कैलाससंहितामा पाइन्छ-

शिवादीशान उत्पन्नस्ततस्तत्पुरुषोद्भवः।
ततोऽघोरस्ततो वामस्सद्योजातोद्भवस्ततः॥ *(शिवपुराण, कैलाससंहिता, १६।५८)*

यिनै पञ्चब्रह्मबाट भगवान् शिव पञ्चकृत्य सम्पादन गर्नुहुन्छ। पञ्चकृत्यभित्र सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह पर्दछन्। यी पञ्चकृत्य सम्पादन गर्नका लागि मेरा पाँचवटा मुख भएका हुन् भनेर शिवले नै ब्रह्मा र विष्णुलाई उपदेश दिने क्रममा बताउनुभएको छ– **पञ्चकृत्यमिदं वोढुं ममास्ति मुखपञ्चकम्** *(शिवपुराण, विद्येश्वरसंहिता १०।९)*। यी पञ्चकृत्यमध्ये भगवान् शिवले सृष्टि गर्ने कार्य ब्रह्मालाई, स्थिति अर्थात् पालना गर्ने कार्य विष्णुलाई दिएको र रुद्र र महेशले संहार र तिरोभावसम्बन्धी कार्य गर्ने शक्ति प्राप्त गरेको तर अनुग्रहचाहिँ शिवबाहेक अरू कसैले पनि गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसक्ने कुरा पनि विद्येश्वरसंहिता (शिवपुराण, १०।१०-११) मा उल्लिखित छ। यसबाट के स्पष्ट हुन्छ भने पञ्चकृत्य भगवान् शिवले सम्पादन गर्ने कार्य हुन्, तिनै कार्यको सम्पादनका लागि शिवले पञ्चब्रह्मको स्वरूप धारण गर्नुभएको हो र शिवकै अनुग्रहले ब्रह्मा, विष्णु, रुद्र र महेश्वरले पनि एकएकवटा कार्य गर्ने अधिकार प्राप्त गर्नुभएको हो।

यी पञ्चकृत्यको सम्बन्ध पञ्चमहाभूतसँग पनि रहेको छ। सृष्टि पृथिवीसँग सम्बद्ध छ, स्थितिको सम्बन्ध जलसँग छ, संहारको काम तेजबाट हुन्छ, तिरोभाव वायुसँग र अनुग्रह आकाशसँग सम्बद्ध छन्। यी पञ्चमहाभूतसँग पञ्चब्रह्म पनि सम्बद्ध छन्। सद्योजात पृथिवीतत्त्व, वामदेव जलतत्त्व, अघोर तेजस्तत्त्व, तत्पुरुष वायुतत्त्व र ईशान आकाशतत्त्वका रूपमा मानिन्छन्। यसरी हेर्दा पञ्चतत्त्वस्वरूप सद्योजातादि पञ्चब्रह्मले पञ्चकृत्यभित्रका आ-आफ्ना तत्त्वसँग सम्बद्ध कृत्यको दायित्व वहन गरेको स्पष्ट देखिन्छ। यी सद्योजातादि पञ्चब्रह्म वस्तुतः भगवान् शिवकै स्वरूप हुन्। लिङ्गमहापुराणको पूर्वभागको अध्याय ११-१२ मा सद्योजातादि पञ्चब्रह्मको उत्पत्तिका बारेमा प्रकाश पारिएको छ भने यसैको उत्तरभाग अध्याय १४ मा पनि यिनका बारेमा वर्णन गरिएको छ। यसैगरी शिवमहापुराणको शतरुद्रसंहिताको प्रथम अध्यायमा पनि शिवका पञ्चब्रह्मावतारको वर्णन पाइन्छ। वस्तुतः यो चराचर जगत् पञ्चब्रह्मात्मक छ। तत्त्वदर्शी मुनिहरू यस संसारलाई भगवान् शिवको लीलाको आनन्दका रूपमा लिन्छन्। पच्चीस तत्त्वयुक्त यो सारा प्रपञ्च पञ्चब्रह्मस्वरूप छ र भगवान् शिव पनि पञ्चब्रह्मभन्दा भिन्न हुनुहुन्न, पञ्चब्रह्म उहाँकै स्वरूप हो–

पञ्चब्रह्मात्मकं सर्वं जगत् स्थावरजङ्गमम्।
शिवानन्दं तदित्याहुर्मुनयस्तत्त्वदर्शिनः ॥३१॥
पञ्चविंशतित्वात्मा प्रपञ्चे यः प्रदृश्यते।
पञ्चब्रह्मात्मकत्वेन स शिवो नान्यतां गतः ॥३२॥ *(लिङ्गपुराण, उत्तरभाग, अध्याय-१४)*

पञ्चब्रह्मको पञ्चकृत्य तथा पच्चीस तत्त्वस्वरूपलाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ–

पञ्चब्रह्म	पञ्चवक्त्र	पञ्चकृत्य	क्षेत्रज्ञादि स्वरूप	पञ्चतत्त्व	शब्दादि गुण	ज्ञानेन्द्रिय	कर्मेन्द्रिय
ईशान	ऊर्ध्व	अनुग्रह	क्षेत्रज्ञ (आत्मा)	आकाश	शब्द	श्रोत्र (कान)	वाक् (बोली)
तत्पुरुष	पूर्व	तिरोभाव	प्रकृति	वायु	स्पर्श	त्वक् (छाला)	हस्त (हात)
अघोर	दक्षिण	संहार	बुद्धि	अग्नि	रूप	नेत्र	पाद (पाउ)
वामदेव	उत्तर	स्थिति	अहङ्कार	जल	रस	जिह्वा (जिब्रो)	उपस्थ (मूत्रेन्द्रिय)
सद्योजात	पश्चिम	सृष्टि	मन	पृथिवी	गन्ध	घ्राण (नाक)	पायु (गुदद्वार)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. शिवको प्रणवात्मकता

प्रणव भनेको ॐङ्कार हो। एकाक्षर 'ॐ' भित्र अ, उ, म, बिन्दु र नाद पाँच तत्त्व रहेका हुन्छन्। यी पाँचै तत्त्व मिलेर एकाकार भएपछि ॐ बन्दछ। ॐकारले शिवलाई नै बुझाउँछ: **"ओङ्कारो मन्मुखाज्जज्ञे प्रथमं मत्प्रबोधकः"** (शिवपुराण, विद्येश्वरसंहिता १०।१६)। ॐकार वाचक हो, वाच्यचाहिँ भगवान् शिव हुनुहुन्छ। 'ॐ' को उत्पत्ति पनि पञ्चब्रह्मसँग सम्बद्ध छ। सर्वप्रथम वामदेवस्वरूप उत्तरमुखबाट 'अ' को उत्पत्ति भयो। त्यसपछि तत्पुरुषस्वरूप पूर्वमुखबाट 'उ' कारको, अघोरस्वरूप दक्षिणमुखबाट 'म' कारको, सद्योजातस्वरूप पश्चिममुखबाट बिन्दुको अनि ईशानस्वरूप ऊर्ध्वमुखबाट नादको उत्पत्ति भयो र यी पाँचै कुरा एकीभूत भएर ॐकार बने भन्ने वर्णन शिवमहापुराण विद्येश्वरसंहिता (१०।१७-१९) मा गरिएको छ। यसरी पञ्चब्रह्मस्वरूप शिवका मुखबाट प्रकट भएका 'अ', 'उ' र 'म' लाई ब्रह्माले आफू र विष्णुका मध्य को ठूलो भन्ने विवाद समाधान गर्न प्रकट भएको ज्योतिर्मय लिङ्गको दाहिनेतिर 'अ', देब्रेतिर 'उ' र बीचमा 'म' लाई देखे भन्ने कुरा शिवमहापुराणकै रुद्रसंहिताको सृष्टिखण्ड (८/५-८) मा पाइन्छ। यहाँ ॐकारबाट ब्रह्माण्डको सृष्टि भएको, ॐकारबाटै ब्रह्मा र विष्णुको उत्पत्ति भएको अनि उहाँहरूले शब्दब्रह्मस्वरूप परमात्माको दर्शन पाउनुभएको समेत वर्णन छ।

शिवमहापुराणको कैलाससंहितामा **"शिवशक्तिसमायोगः परमात्मेति निश्चितम्"** (१६।५४) भन्ने लेखिएको छ। यसको तात्पर्य के हो भने शक्तिले समन्वित भएका अवस्थामा शिव परमात्मा हुन्छन्, शक्तिरहित अवस्था शिवको परमात्मावस्था होइन। परमात्मा सधैँ पराशक्तिसम्पन्न हुन्छन्। पराशक्तियुक्त परमात्माका चित्शक्ति, आनन्दशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति पनि हुन्छन्। यी पाँच शक्तिबाट क्रमशः चित्शक्तिबाट नाद, आनन्दशक्तिबाट बिन्दु, इच्छाशक्तिबाट मकार, ज्ञानशक्तिबाट उकार तथा क्रियाशक्तिबाट अकारको उत्पत्ति भएर ॐ एकाक्षर मन्त्रको उत्पत्ति भएको वर्णन कैलाससंहिता (१६।५४-५६) मा पाइन्छ। यसै संहिताको अध्याय १३/६०, ६१ मा प्रणव अर्थात् ॐकारलाई शिवको वाचक मानिएको छ। यो सम्पूर्ण वेदहरूको आद्य अक्षर हो अनि मन्त्रराज पनि हो। शिव प्रणवस्वरूप छन् अथवा प्रणव शिवरूप छ, जे भने पनि एउटै भाव हो, वाच्य र वाचकका बीचमा भेद छैन। त्यसैले शिव र प्रणवमा भेद छैन।

शिवगीतामा पनि भगवान् शिवले नै रामलाई शिवतत्त्वका बारेमा उपदेश दिँदा शिवको ॐकारस्वरूप प्रतिपादन गर्नुभएको छ (६/२१-३१)। ब्रह्मा र विष्णुले पनि आदि र अन्त्य पत्ता लगाउन नसकेका भगवान् शिव अनादि र अनन्त हुनुहुन्छ। स्पर्श, ऊष्म र अन्तःस्थ वर्ण क्रमशः शिर, पाउ र बीचको अङ्ग भएको त्रैमात्रिक अ, उ, म वर्णात्मक ॐकारलाई शिवका रूपमा प्रस्तुत गर्दै अद्वितीय, नित्य एवं सनातन शिव र ॐकारमा ऐक्य स्थापना गरिएको छ। यस अतिरिक्त जप, तप, ज्ञानादि कर्ममा ब्रह्मज्ञानीहरूलाई ऋक्, यजुः र सामवेदको ज्ञान दिएर प्रेरणा दिने अर्थमा पनि शिव प्रणव अर्थात् ॐकारस्वरूप हुनुहुन्छ भनेर वर्णन गरिएको छ। यो सारा स्थावरजङ्गमात्मक संसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्वरूप छ, त्यसैले उत्पन्न भएको, भइरहेको वा पछि हुने पनि सबै जगत् ॐकारस्वरूप छ र त्यो सबै रुद्रस्वरूप छ भनेर शिवको ॐकारस्वरूपता देखाइएको छ *(शिवगीता १५।२२, २४)*। यही रहस्यलाई भगवान् शिवले ब्रह्मा र विष्णुलाई उपदेश दिने क्रममा ॐकारलाई शिवस्वरूप, बताएर ॐकारको स्मरण नै शिवको स्मरण हुने कुरो बताउनुभएको छ–

वाचकोऽयमहं वाच्यो मन्त्रो ऽयं हि मदात्मकः।
तदनुस्मरणं नित्यं ममानुस्मरणं भवेत् *(शिवपुराण, विद्येश्वरसंहिता, १७।१७)*

ॐकार सूक्ष्मप्रणव हो, "नमः शिवाय" पञ्चाक्षरी मन्त्रचाहिँ स्थूलप्रणव हो। पञ्चाक्षरी मन्त्रको उत्पत्ति पनि ॐकार भित्रका अ, उ, म, बिन्दु र नादबाट भएको हो। अर्थात् 'अ' बाट 'न' उबाट 'म', मबाट 'शि', बिन्दुबाट 'वा' र नादबाट 'य' को उत्पत्ति भएको हो। विद्येश्वरसंहितामा यो भाव यसरी व्यक्त भएको छ-

अस्मात्पञ्चाक्षरं जज्ञे बोधकं सकलस्य तत्।
अकारादि क्रमेणैव नकारादि यथाक्रमम्॥ *(शिवपुराण, विद्येश्वरसंहिता, १७/२१)*

सूक्ष्मप्रणव ॐकार जस्तै स्थूलप्रणव "नमः शिवाय" पनि शिवस्वरूप छ। यसैबाट शिवको प्रणवस्वरूपता पनि स्पष्ट हुन्छ। शिव परब्रह्म परमात्मा हुनुहुन्छ। ईश्वरका पनि परम ईश्वर महेश्वर हुनुहुन्छ अनि देवताका पनि देवता महादेव हुनुहुन्छ। यसै यथार्थलाई श्वेताश्वतरोपनिषत्मा **"तमीश्वराणां परमं महेश्वरम्, तं देवतानां परमं च दैवतम्"** (६/७) भनेर वर्णन गरिएको छ। यस्ता परब्रह्म परमेश्वर शिव ॐकारस्वरूप छन् भनेर प्रश्नोपनिषत्मा शिवपुत्र सत्यकामलाई महर्षि पिप्पलादले बताएका छन्- **"तस्मै स होवाच एतद् वै सत्यकाम परं चापरं च ब्रह्म यदोङ्कारः** (५/२)। हे सत्यकाम! यो ॐकार नै परब्रह्म पनि हो, अपर ब्रह्म पनि हो भनेर महर्षि पिप्पलादले ॐकार र परब्रह्मका बीचमा अभेद प्रस्तुत गरेका छन्। यसै मर्मलाई कठोपनिषत्मा स्पष्ट गर्दै के भनिएको छ भने अविनाशी ॐकार नै ब्रह्मस्वरूप हो, यो नै परब्रह्म पनि हो। यस अविनाशी नित्य तत्त्वलाई बुझेर साधना गरे साधक ब्रह्म वा परब्रह्मस्वरूप प्राप्त गर्न सक्तछ-

एतद्ध्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम्।
एतद्ध्येवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत्॥ *(कठोपनिषत्, १/१६)*

६. शिवाद्वैतता

भगवान् शिव पञ्चब्रह्मस्वरूपले जगत्मा व्याप्त हुनुहुन्छ; व्यक्त (तेईस तत्त्व) अव्यक्त (प्रकृति) र 'ज्ञ' (पुरुष) स्वरूप छन्। त्यसैले यो जगत् शिवस्वरूप छ, शिव नै जगत्स्वरूप हुनुहुन्छ। शिव र जगत्मा कुनै भेद छैन। ब्रह्मादेखि तृणसम्म जेजस्तो जगत् देखिन्छ, त्यो सबै शिव नै हो, शिवस्वरूप हो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आब्रह्मस्तृणपर्यन्तं यत्किञ्चिद् दृश्यते जगत्।
तत्सर्वं शिव एवास्ति स देवः शिव उच्यते ॥ *(कोटिरुद्रसंहिता, ४३।४)*

सम्पूर्ण चराचर जगत् शिवस्वरूप भएपछि शिवभन्दा भिन्न अर्को केही हुने भएन, त्यसैले शिव अद्वितीय हुनुहुन्छ। यस चिन्तनलाई शिवमहापुराणको कैलाससंहितामा अद्वैत शैववाद भनिएको छ। यो अद्वैत शैववाद द्वैतवादको विपरीत छ, द्वैतवादलाई सहँदैन। द्वैत नश्वर हुन्छ, अद्वैत ब्रह्माद्वैत हो, यो अविनाशी छ-

अद्वैतः शैववादोऽयं द्वैतन्नसहते क्वचित्।

द्वैतञ्च नश्वरं ब्रह्माद्वैतं परमनश्वरम् ॥ *(शिवपुराण, कैलाससंहिता, १७।३)*

भगवान् शिव यस संसारको सृष्टिपूर्व पनि हुनुहुन्थ्यो, सृष्टिकालमा पनि उहाँको स्थिति यथावत् रहेको छ र प्रलयकालमा र प्रलयपछिको शून्य अवस्थामा पनि शिव नै रहनुहुन्छ अनि सृष्टि, स्थिति र प्रलय तीनै अवस्थामा शिवमात्र रहेपछि शिवाद्वैतता स्वतः सिद्ध हुन्छ। यद्यपि दर्शनहरूमा विद्वान् विचारकहरूका विभिन्न विचार र बुद्धिविलास नपाइने होइन तर निष्कर्षमा शिव नित्य हुनुहुन्छ, अद्वितीय हुनुहुन्छ भन्ने वेदान्तीहरूको विचार पाइन्छ–

दर्शनेषु च सर्वेषु मतिभेदः प्रदर्श्यते।
परं वेदान्तिनो नित्यमद्वैतं प्रतिचक्षते ॥ *(शिवपुराण, कोटिरुद्रसंहिता, ४३।९)*

सारा संसार नै शिवस्वरूप भएपछि शिवभन्दा भिन्न अर्को कोही हुने कुरै भएन अनि नानात्वको कल्पना पनि मिथ्या हुने नै भयो। जगत्को सृष्टि, स्थिति र लय सबै भगवान् शिवबाट हुने भएपछि शिव अविनाशी, अद्वितीय ब्रह्मका रूपमा स्वतः प्रतिष्ठित हुनुहुन्छ। हिमवत्खण्डमा भगवान् शिवले मबाटै समस्त जगत्को सृष्टि हुन्छ, ममा नै यसको स्थिति पनि छ र लय पनि ममा नै हुन्छ त्यसो हुनाले मचाहिँ अविनाशी ब्रह्म हुँ भन्ने वचन व्यक्त गर्नुभएको छ–

मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम्।
मयि सर्वं लयं याति तद्ब्रह्मास्म्यहमव्ययम्। *(हिमवत्खण्ड, १५९।१६)*

यही श्लोक शिवगीताको अध्याय ६/५२ मा पनि पाइन्छ। शिवगीताको छैटौं अध्यायमा शिवको विश्वरूपको वर्णन छ। यहाँ शिव वक्ता र राम श्रोता एवं प्रश्नकर्ताका रूपमा रहनुभएको छ। शिव रामलाई उपदेश वा तत्त्वज्ञान दिनुहुन्छ– म ब्रह्मस्वरूप शिवभन्दा अर्को दोस्रो कोही छैन, म स्वयं तुरीय ब्रह्म हुँ। सम्पूर्ण चराचर जगत्को संहार गरेर प्रलयकालमा पनि रुद्रस्वरूपमा म एक्लै रहेको हुन्छु, फेरि सृष्टिकालमा पनि म एक्लै नै चराचर जगत्को रचना गर्छु, प्राणीको कर्मअनुसार तिनलाई विभिन्न लोकमा पठाउँछु, तिनको कर्मको निर्क्यौल गर्दछु र अन्त्यमा पुनः जगत्को संहरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समेत गर्दछु। यी सम्पूर्ण कार्य म एक्लैले सम्पादन गर्ने भएकोले म अद्वितीय ईश्वर अद्वैत शिव हुँ–

एक एव यतो लोकान् विसृजामि सृजामि च।
निवासयामि गृह्णामि तस्मादेकोऽहमीश्वरः ॥
न द्वितीयो यतश्चास्ति तुरीयं ब्रह्म यत्स्वयम्।
भूतान्यात्मनि संहृत्य चैकरुद्रो वसाम्यहम् ॥ *(शिवगीता, ६/३७-३८)*

७. शिवतत्त्व- ब्रह्मतत्त्व

श्वेताश्वतरोपनिषत् (३।२,४,११) मा ब्रह्मतत्त्वसम्बन्धी जिज्ञासामा ब्रह्मतत्त्वलाई बुझाउन शिव र रुद्र शब्दको प्रयोग भएको छ। त्यसैले शिव ब्रह्मतत्त्व हो भन्ने स्पष्ट हुन्छ। शिवमहापुराणको कैलाससंहिताको १९ औँ अध्यायमा चारै वेदसँग सम्बद्ध विभिन्न महावाक्यहरूको व्याख्या गरेर ती सबै महावाक्यद्वारा अभिव्यक्त ब्रह्मतत्त्व नै शिवतत्त्व हो र त्यस शिवतत्त्वमा शक्तितत्त्व पनि एकीकृतरूपमा रहेको हुन्छ भन्ने रहस्यको उद्घाटन गरिएको छ। उदाहरणका रूपमा यहाँ **"अहम् ब्रह्मास्मि"** भन्ने महावाक्यलाई लिन सकिन्छ। यस महावाक्यको 'अ' ले शिव, 'ह' ले शक्ति र 'म' ले ती दुवैको एकात्मकतालाई व्यक्त गरेको हुनाले "शक्त्यात्मक शिव नै ब्रह्म हुँ" भन्ने महावाक्यको अर्थ निष्पन्न हुन्छ। यस मर्मलाई कैलाससंहितामा यसरी व्यक्त गरिएको छ–

अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमः शिवः।
हकारो व्योमरूपः स्याच्छक्त्यात्मा सम्प्रकीर्तितः ॥
शिवशक्त्योस्तु संयोगादानन्दः सततोदितः।
ब्रह्मेति शिवशक्त्योस्तु सर्वात्मत्वमिति स्फुटम् ॥ *(शिवपुराण, कैलाससंहिता, १९/२-३)*

कैलाससंहिता (१७।४) मा शिवलाई सर्वज्ञ, सर्वकर्ता, सर्वेश्वर, त्रिगुणरहित, ब्रह्मा, विष्णु र रुद्र त्रिदेवका जनक, सत्, चित्, आनन्दस्वरूप परब्रह्म भनेर बताइएको छ। त्यो ब्रह्म छान्दोग्योपनिषत् (६।२।१) अनुसार एकमात्र छ, अद्वितीय छ। त्यो सत् तत्त्व हो। प्रयोजनको भिन्नताले गर्दा त्यो सत् तत्त्व ब्रह्म विभिन्न रूपमा प्रकट हुने कुरा श्रुतिमा नै बताइएको छ। **"प्रयोजनार्थं रुद्रेण मूर्तिरेका त्रिधा कृता"** भनेर परब्रह्मतत्त्व रुद्र अथवा शिवले ब्रह्मा, विष्णु र रुद्रको रूप लिएको कुरा रुद्रहृदयोपनिषत्मा स्पष्ट गरिएको छ। परब्रह्म शिवको प्रयोजन भनेको लीला हो। यसैलाई **"लोकस्तु लीलाकैवल्यम्** (२।१।३३) भनेर ब्रह्मसूत्रमा स्पष्ट गरिएको छ। यो चराचर ब्रह्माण्डको रचना पनि परब्रह्म शिवको लीला हो। त्यही लीलाले उनी स्वयं ब्रह्माण्डमय शरीर भएका विराट् पुरुष बने अनि उनका हजार शिर, हजार आँखा र हजार पाउको कल्पना भयो। वस्तुतः त्यो शिवतत्त्व सच्चिदानन्दमय, निर्गुण, निष्कल, निराकार र अद्वय छ। यस शिवतत्त्वमा शक्तितत्त्व पनि एकीभूत भएर रहेको हुन्छ। परब्रह्म शिव विस्ताररहित अद्वितीय रूपमा रहँदा शक्तितत्त्व पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवमा नै क्रियाहीन एवं अव्यक्त रूपमा रहेको हुन्छ । जब शिव आफ्नो शक्ति मायालाई क्रियाशील बनाउन चाहनुहुन्छ तब त्यो शक्ति क्रियात्मक रूपमा व्यक्त हुन्छ । शिवको शक्ति सर्वव्यापिनी, सूक्ष्मा र चिदानन्दस्वरूपा छ–

सा शक्तिः सर्वगा सूक्ष्मा प्रबोधानन्दरूपिणी ।
शक्तिमान्नुच्यते देवः शिवः शीतांशुभूषणः ॥ *(शिवपुराण, वायवीयसंहिता, उत्तरखण्ड ७/५)*

शिवमा रहेको 'इ' कार शक्तिको प्रतीक हो । त्यो 'इ' कारलाई हटाइदिने हो भने शिव नभएर शव हुन्छ जसको अर्थ निष्प्राण, मुर्दा हुन्छ । त्यसैले शक्ति र शक्तिमान्मा कहिल्यै पनि भेद हुँदैन **"न हि शक्तिमतः शक्त्या विप्रयोगोऽस्ति जातुचित् ।"** यसैले नै **"सत्यं विज्ञानमानन्दं ब्रह्म"** भन्ने महावाक्यमा पनि सत्य भनेको 'सत्' हो, त्यो प्रकाशस्वरूप हुन्छ । विज्ञान वा ज्ञानलाई चित् पनि भन्दछन् । 'चित्' ले स्त्रीत्वभाव व्यक्त गरेको छ । पुंस्त्वभावको प्रकाश र स्त्रीत्वभावको चित्को समन्वित रूप शिवतत्त्व हो, त्यो नै ब्रह्मतत्त्व हो भन्ने यस महावाक्यको गूढार्थ निष्पन्न हुन्छ ।

शिवोपनिषत्ले अज्ञानलाई पच्चीसौँ तत्त्व, अज्ञानतादात्म्यापन्न जीवलाई छब्बीसौँ तत्त्व र नित्य, शुद्ध, बुद्ध, मुक्त सर्वेश्वरलाई सत्ताईसौँ तत्त्व मानेको छ । त्यो सत्ताईसौँ तत्त्वचाहिँ शिवतत्त्व हो । यसबाट के स्पष्ट हुन्छ भने महदादि चौबीस तत्त्व पाश हुन् । पच्चीसौँ तत्त्व अज्ञानका कारणले छब्बीसौँ तत्त्व जीवात्मा पाशबद्ध हुन्छ अनि सत्ताईसौँ शिवतत्त्वको अनुग्रहबाट ऊ पशुत्वबाट मुक्त हुन्छ । यसैलाई ध्यानमा राखेर लिङ्गमहापुराण, उत्तरभाग (१६।२७) मा **"पञ्चविंशत्पदार्थेभ्यः शिवतत्त्वं परं विदुः"** भनेको हो । छब्बीसौँ तत्त्व जीवात्मा पनि पाशमुक्त भएपछि शिवस्वरूप नै हुन्छ भन्ने यसको आशय हो । लिङ्गमहापुराण (पूर्वभाग ४०।७)ले चाहिँ पुरुषलाई पच्चीसौँ र शिवलाई छब्बीसौँ तत्त्व मानेको छ- **"इह षड्विंशको ध्येयो ध्याता वै पञ्चविंशकः ॥**

शिवतत्त्वका विषयमा श्रीकृष्णलाई उपदेश दिने क्रममा महर्षि उपमन्युले शिवलाई परब्रह्मतत्त्वका रूपमा प्रस्तुत गरेका छन् । यसको विस्तृत वर्णन शिवमहापुराणको वायवीयसंहिता उत्तरखण्डको अध्याय ५ मा पाइन्छ । यसै संहिताको पूर्वखण्डको अध्याय ५ मा पनि शिवतत्त्वको व्याख्या गरिएको छ । त्यहाँ श्वेताश्वतरोपनिषत्का प्रायः सबै मन्त्रहरूको भाव ग्रहण गरेर वर्णन गरेको पाइन्छ । माण्डूक्योपनिषत् (मन्त्र ७) मा पनि देख्न नसकिने, ग्रहण गर्न नसकिने, यस्तो-उस्तो भनेर बताउन नसकिने, अद्वितीय, निष्प्रपञ्च, कल्याणमय एवं तुरीयतत्त्वका रूपमा ब्रह्मतत्त्वको व्याख्या गरिएको छ । शिवगीता (६।३८) अनुसार त्यस्तो ब्रह्मतत्त्व नै शिवतत्त्व हो । यसैगरी लिङ्गमहापुराण, उत्तरभाग (१६।२६) मा परमात्मा शिवभन्दा अर्को कुनै ब्रह्मतत्त्व छैन भनेर उल्लेख गरिएको छ । यी सबै सन्दर्भहरूबाट के स्पष्ट हुन्छ भने शिवतत्त्व नै ब्रह्मतत्त्व हो, शिव नै परब्रह्म परमात्मा हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. उपसंहार

परब्रह्म परमेश्वर शिव नै यस चराचर जगत्‌को उत्पत्ति, स्थिति र विलय अर्थात् विश्रामस्थान हुनुहुन्छ। यो जगत् नै शिवरूप हो, शिवभन्दा भिन्न छैन। शिव मायाधीश हुनुहुन्छ। उनी मायी बनेर मायाद्वारा समस्त विश्वब्रह्माण्डको रचनासम्बन्धी लीला गरी आफैँमा संहरणसमेत गर्नुहुन्छ। उहाँकै मायाका खेलले परमात्माकै अंश भएर पनि जीवात्माले अज्ञानद्वारा ढाकिएर आफूलाई शिवभिन्न ठान्दछ; पाशबद्ध पशु बन्दछ। उहाँकै अनुग्रह प्राप्त गरेपछि ऊ पाशमुक्त पनि बन्दछ। त्यसैले भगवान् शिव पशु र पाशभन्दा भिन्न हुनुहुन्छ। उहाँ नित्य, निर्गुण, निराकार एवं कार्य-कारणातीत परब्रह्म हुनुहुन्छ। अर्को शब्दमा शिवतत्त्व पशुविलक्षण परात्पर परब्रह्म हो।

निर्गुण, निराकार भएर पनि प्रयोजनका आधारमा शिव सगुण साकार रूपमा पनि प्रकट हुनुहुन्छ। त्रिदेव, पञ्चब्रह्म, एकादशरुद्र, अष्टमूर्ति आदि यस्तै प्रयोजनले भएका शिवका रूपभेद हुन्। वस्तुतः शिव आद्यन्तविहीन, अद्वितीय, निराकार, अचिन्त्य, चिदानन्दस्वरूप प्रशान्त ब्रह्मतत्त्व हुनुहुन्छ। यसै कुरालाई कैवल्योपनिषत्‌मा यसरी व्यक्त गरिएको छ–

अचिन्त्यमव्यक्तमनन्तरूपम्, शिवं प्रशान्तममृतं ब्रह्मयोनिम्॥
तमादिमध्यान्तविहीनमेकम्, विभुं चिदानन्दमरूपमद्‌भुतम्॥ *(कैवल्योपनिषत्, १/६)*

शिवका चरित्रमा विरुद्धधर्मको समन्वय पाइन्छ। उहाँका हातखुट्टा केही छैनन् तर गतिशील छन्, आँखा, कान नभए पनि उहाँ देख्न, सुन्न सक्नुहुन्छ, श्मशानवासी भएर पनि उहाँ तीनै लोकका स्वामी हुनुहुन्छ, शक्तिका साथ रहेर पनि योगीराज हुनुहुन्छ, गुणातीत भएर पनि गुणका अध्यक्ष हुनुहुन्छ, भस्मधारी भएर पनि रत्नहरूका मालिक हुनुहुन्छ। यस्ता विपरीतधर्मगत विशेषताले गर्दा शिवतत्त्व दुर्विज्ञेय भएको हो।

शिव प्रणववाच्य हुनुहुन्छ। प्रणवचाहिँ शिवको वाचक हो तर वाच्यवाचकमा कुनै भेद नहुनाले शिव नै प्रणव र प्रणव नै शिव हो, जसो भने पनि कथनको चुरो एकै हो। यस मर्मलाई शिवमहापुराण, कैलाससंहितामा यसरी प्रस्तुत गरिएको छ–

प्रणवः सर्ववेदादिः प्रणवः शिववाचकः।
मन्त्राधिराजराजश्च महाबीजं मनुः परः॥
शिवो वा प्रणवो ह्येषः प्रणवो वा शिवः स्मृतः।
वाच्यवाचकयोर्भेदो नात्यन्तं विद्यते यतः॥ *(शिवापुराण, कैलाससंहिता, १४/६०-६१)*

जगद्‌गुरु शङ्कराचार्य स्वामी निश्चलानन्द सरस्वतीले 'शिव' शब्दका 'श', 'इ' र 'व' को अर्थ गरेर सुखशयन वा समाधि, अभीष्टोपलब्धि एवं अमृतबीज जस्ता तीन प्रतीकार्थ प्रस्तुत गरेका छन्। उनका अनुसार उपर्युक्त तीन प्रतीकार्थबाट आध्यात्मिक, आधिदैविक र आधिभौतिकस्वरूप त्रिताप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शमन हुने भाव व्यक्त हुन्छ र समाधिसिद्धि, अभीष्टोपलब्धि एवं दैवानुग्रहसमेत प्राप्त हुन्छ भन्ने अर्थबोध हुन्छ। यो स्थिति शिवतत्त्वबोधबाट मात्र प्राप्त हुन्छ। यसरी त्रिशूलधारी परमात्मा शिवले शिवतत्त्वबोध गर्ने भक्तको त्रिताप शमन गरी वासना, मानसिक विकार र अज्ञानको समेत नाश गरी पशुरूप जीवनबाट उद्धार गर्नुहुन्छ।

भगवान् शिव कालातीत हुनुहुन्छ, त्यसैले उहाँ कालका पनि काल महाकाल हुनुहुन्छ। यस संसारको सृष्टिपूर्व पनि शिव प्रजापति ब्रह्माका रूपमा; सृष्टिका बीचमा पनि शिव पालनकर्ता विष्णुका रूपमा; सृष्टिको अन्त्य अर्थात् प्रलयकालमा पनि उहाँ नै रहनुहुन्छ संहारकर्ता रुद्रका रूपमा अनि प्रलयपछिको शून्य अवस्थामा पनि सदाशिवका रूपमा उहाँ नै रहनुहुन्छ। यस स्थितिले शिवको त्रिकालाबाध्य, सर्वव्यापक, त्रिदेवभन्दा पनि पर तुरीय ब्रह्मतत्त्वस्वरूप स्पष्ट गर्दछ। यस भावलाई शिवमहापुराण, कोटिरुद्रसंहितामा यसरी प्रस्तुत गरिएको छ–

सृष्टेः पूर्वं शिवः प्रोक्तः सृष्टेर्मध्ये शिवस्तथा।
सृष्टेरन्ते शिवः प्रोक्तः सर्वशून्ये सदाशिवः॥ *(शिवपुराण, कोटिरुद्रसंहिता-४२/२०)*

अनादि शिवको लिङ्गमै विशेषतः पूजा आराधना हुन्छ। शक्ति पनि अनादि प्रकृतिस्वरूप योनिरूपमा रहेर लिङ्गयोनिरूप शिवशक्तिबाट समस्त संसारको सृष्टि भएको हो। शिवको लिङ्गयोनिभाव नै अर्धनारीश्वर हो। सृष्टिका लागि बीजदाता शिवको लिङ्गरूप र शक्ति वा प्रकृतिको योनिरूप आधाराधेय रूपमा संयुक्त हुनु आवश्यक हुन्छ। यही भावलाई श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले यसरी बताउनुभएको छ–

मम योनिर्महद्ब्रह्म तस्मिन् गर्भं दधाम्यहम्।
सम्भवः सर्वभूतानां ततो भवति भारत॥ *(श्रीमद्भगवद्गीता, १४/३)*

यस आधारमा शिव जगत्का पिता हुनुहुन्छ र शक्तिरूपा प्रकृति जगत्की माता हुनुहुन्छ। यसै तथ्यलाई ध्यानमा राखेर महाकवि कालिदासले रघुवंश महाकाव्यको मङ्गलाचरणमा नै "**जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ**" भनेर नमन गरेका हुन्। यो अनादि प्रकृतिपुरुष सम्बन्ध हो। यी प्रकृति-पुरुष अथवा शिवशक्ति ॐकारमा एकीभूत भएर रहेका हुन्छन्। त्यसैले भगवान् शिव शक्तिसमन्वित रूपमै रहेका हुनाले शक्ति र शक्तिमान्का बीचमा कहिल्यै भेदबोध हुँदैन, अभेद सम्बन्ध हुन्छ। यसै हुनाले "**अहं ब्रह्मास्मि**" "**सत्यं विज्ञानमानन्दं ब्रह्म**" जस्ता महावाक्यले शक्तिसंयुक्त शिवलाई नै ब्रह्मका रूपमा प्रस्तुत गरेका हुन्। यस समग्र चर्चाबाट के निष्कर्ष प्राप्त हुन्छ भने शक्तिसंयुक्त शिव नै ब्रह्म र ब्रह्मतत्त्व नै शिवतत्त्व हो। त्यसैले नित्य, निरञ्जन, अद्वय, निराकार, सच्चिदानन्दमय परात्पर परमेश्वर शिव एकमात्र अद्वितीय ब्रह्मतत्त्व हुनुहुन्छ "**एकमेवाद्वितीयं ब्रह्म।**"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्री

कल्याण (शिवोपासनाङ्क), *गोरखपुर : गीताप्रेस, ई.१९९३ ।*

कल्याण (वेदकथाङ्क), *गोरखपुर : गीताप्रेस, ई.१९९९ ।*

गोयन्दका, हरिकृष्णदास, (व्याख्याकार) **ईशादि नौ उपनिषत्**, *(चौधौं सं.) गोरखपुरः गीताप्रेस, सं.२०५१ ।*

गौतम, चेतोनाथ (सम्पा.) **श्रीशिवमहापुराणम्** (नेपाली अनुवादसहित) *प्रथम भाग, काठमाडौं : पशुपति क्षेत्र विकास कोष, सं.२०५९ ।*

गौतम, चेतोनाथ (सम्पा.) **श्रीशिवमहापुराणम्** (नेपाली अनुवादसहित) द्वितीय भाग, *काठमाडौं : पशुपति क्षेत्र विकास कोष , सं.२०६२ ।*

महर्षि, वेदव्यास **श्रीलिङ्गमहापुराणम्**, *दिल्लीः* चौथौ संस्करण *नाग पब्लिशर्स* ई. २००९ ।

भट्टराई, माधव (सम्पा.) **शिवगीता**, काठमाडौंः *पुण्यप्रसाद उपाध्याय,* २०६३ सं. ।

भट्टराई, शरद्कुमार, **उपनिषत्सार**, *काठमाडौंः श्रीराजर्षिजनकस्मृतिकोष ,* २०६७ ।

योगी, नरहरिनाथ (सम्पा.) **श्रीमत्पशुपतिपुराणम्**, (पूर्वार्धम्) *काठमाडौं : भीमप्रसाद उपाध्याय ,* २०११ सं. ।

योगी, नरहरिनाथ (अनु.) **श्रीपशुपतिमतम् शिवधर्ममहाशास्त्रम्**, *काष्ठमण्डप : बृहदाध्यात्मिकपरिषद् ,* २०५५ सं. ।

रेग्मी, जगदीशचन्द्र (२०५३ सं.), **पशुपति-गुह्येश्वरी माहात्म्य**, *काठमाडौं : नइ प्रकाशन ।*

स्वामी, अडगडानन्द (व्याख्याकार) **श्रीमद्भगवद्गीता यथार्थगीता**, *मुंबई : श्रीपरमहंस स्वामी अडगडानन्दजी आश्रम ट्रष्ट ,* ई.१९९९ ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशुपतदर्शन

–डा. जगमान गुरुङ

पाशुपतदर्शनका प्रवर्तक

पाशुपतदर्शनका प्रवर्तक लकुलीश हुन् । लकुलीशलाई नकुलीश पनि भनिन्छ । यिनले लगुड (लठ्ठी) धारण गर्ने हुनाले लगुडेश- लकुलीश- नकुलीश भनेको हो । भगवान् शङ्करका अठार अवतारहरूमा लकुलीश पहिला हुन् । भृगुकच्छको नजिक कारवण नामक स्थानमा लकुलीशको जन्म भएको उल्लेख शिवपुराणको कारवणमाहात्म्यमा पाइन्छ । लकुलीशको मूर्तिमा उनको शिर केशले ढाकिएको हुन्छ । उनले दाहिने हातमा बीजपूरकको फल र बायाँ हातमा लगुड (लठ्ठी) लिएका हुन्छन् । ऐतिहासिक दृष्टिबाट लकुलीशको समय ईस्वी संवत्को प्रारम्भताका मानिएको छ । पाशुपतदर्शनको मूल सूत्रग्रन्थ माहेश्वररचित पाशुपतसूत्र हो । न्यायवैशेषिक दर्शनसँग पाशुपतदर्शनको घनिष्ठ सम्बन्ध छ *(शर्मा, १९८४ः २५४-२५५)* ।

पाशुपतदर्शनको सिद्धान्त

पशुपति शब्दबाट पाशुपत शब्द बनेको छ । पाशुपतदर्शन कार्य, कारण, योग, विधि र दुःखान्तको विवेचनामा आधारित छ ।

कार्य– अस्वतन्त्रता अथवा परतन्त्रता नै कार्य हो । जीव स्वतन्त्र छैन, परतन्त्र छ । ईश्वर परतन्त्र छैन, स्वतन्त्र छ । जीव पति अथवा ईश्वरको अधीनमा छ । अतः ईश्वरलाई स्वतन्त्र मानिएको हो । कार्य पनि विद्या, कला र पशु गरी तीन प्रकारका छन् । जीवको गुण विद्या हो । जडभाव अथवा अज्ञान जीवको गुण हो । जीवको जडत्व र पृथ्वी आदि जड पदार्थहरू कला हुन् । जीव चित् अथवा ज्ञानले रहित हुन्छ । त्यसकारण जीवलाई पशु भनेको हो । ईश्वर पति हुन् । ईश्वर अथवा पतिको सान्निध्यबाट जीवको पशुत्व अथवा जडभावको अन्त्य हुन्छ । पशुको गुण अथवा विद्या पनि बोधस्वभाव र अबोधस्वभाव दुई प्रकारका हुन्छन् । बोधस्वभाव अथवा बोधात्मिका विद्यालाई चित्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भनिन्छ। चित्तद्वारा नै सबै वस्तुको ज्ञान गर्न सकिन्छ। यो चित्तगुण स्वयं बोधात्मक छ। जसरी सूर्य स्वयं प्रकाशात्मक छ, त्यसरी नै चित्त गुण पनि स्वयं प्रकाशमान छ। अबोधस्वभाव अथवा अबोधात्मिका विद्यामा पशुत्व प्राप्त गराउने धर्म र अधर्म दुवै संस्कार रहेको हुन्छ। जड पदार्थ कला स्वयं अचेतन हुन्छ। कला पनि कार्यरूप कला र कारणरूप कला गरी दुई प्रकारका हुन्छन्। पृथ्वी, जल, तेज, वायु, आकाश यी पाँच तत्त्व र रूप, रस, गन्ध, स्पर्श र शब्द यी पाँच गुण कार्यरूप कला हुन्। पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, बुद्धि, अहङ्कार र मन कारणरूप कला हुन्, जसमा पशुत्व अथवा पुनर्जन्मादि गुण विद्यमान छ, ऊ पशु हो। पशु पनि साञ्जन र निरञ्जन गरी दुई प्रकारका हुन्छन्। शरीर र इन्द्रियले सहित पशु साञ्जन कहलाउँदछ। शरीर र इन्द्रियले रहित अशरीरी पशु निरञ्जन कहलाउँदछ *(शर्मा, त्यहीः २६२–२६४)*।

कारण– सम्पूर्ण चराचर जगत्को सृष्टि, संहार र अनुग्रह गर्ने तत्त्व कारण हो। कारण ईश्वर हो। ईश्वर नै सम्पूर्ण वस्तुको सृष्टि, संहार र अनुग्रहको कारण भएकाले ईश्वर कारण कहलाउँदछ। कारण अथवा ईश्वर निरतिशय (सर्वोच्च) दृक्शक्ति र क्रियाशक्तिले युक्त भएर आद्य अथवा ऐश्वर्यद्वारा नित्य सम्बन्ध धारण गर्दछ। उक्त ऐश्वर्य आगन्तुक वा आकस्मिक नभएर नित्य हुन्छ *(शर्मा, त्यहीः २६४-२६५)*।

योग– चित्त अथवा बोधात्मक गुणद्वारा जीवलाई ईश्वरसँग सम्बन्ध स्थापित गराउने कारण योग हो। योग पनि क्रियायुक्त र क्रियानिवृत्त गरी दुई प्रकारका हुन्छन्। जप, ध्यान आदि क्रियायुक्त योग हुन् किनभने यस अवस्थामा साधकले अझै पनि केही काम गर्नुपर्दछ। निष्ठा (महेश्वरको अविचल भक्ति), संवित् (तत्त्वज्ञान) र गति (ईश्वरको अनन्य शरणागति) आदि निवृत्तियोग हुन् *(शर्मा, त्यहीः २६४-२६५)*।

विधि– धर्मार्थसिद्धि अथवा महेश्वरको सान्निध्य प्राप्त गर्नका लागि गरिने कर्महरू विधि हुन्। विधि प्रधान र गौण दुई प्रकारका हुन्छन्। प्रधान विधिलाई चर्या पनि भनिन्छ। चर्याका पनि दुई भेद छन्- व्रत र द्वार। भस्मस्नान, भस्मशयन, उपहार, जप र प्रदक्षिणा व्रत हुन्। उपहारको अर्थ नियम पालन गर्नु हो। हसित, गीत, नृत्य, हुडुक्कार, नमस्कार, जप यी षडङ्ग उपहार अथवा पूजाका छवटा नियम हुन्। घाँटी र ओठलाई हल्लाएर अहह ध्वनिद्वारा अट्टहास गर्नु **हसित** हो। गन्धर्वशास्त्रको नियमअनुसार महेश्वरको गुण र धर्मको चिन्तन गर्नु **गीत** हो। नाट्यशास्त्रको नियमअनुसार हावभाव र मुद्राद्वारा अन्तर हृदयको भावना अभिव्यक्त गर्नु **नृत्य** हो। जिब्रो र तालुको संयोगद्वारा साँढेको जस्तो आवाज निकाल्नु **हुडुक्कार** हो। लौकिक पुरुष (सामान्य मानिस) को सामुन्ने यी सबै प्रयोग गुप्तरूपमा गर्नुपर्दछ। त्यसकारण व्रतलाई गोप्य राख्नुपर्दछ वा एकान्तमा गर्नुपर्दछ। व्रतलाई एकान्त राख्नका लागि क्राथनादि द्वारचर्याको आवश्यकता पर्दछ। बाह्य प्रदर्शनका लागि योग्य विविध मुद्राहरू द्वारचर्या हुन्, जस्तै- क्राथन, स्पन्दन, मन्दन, श्रृङ्गारण, अवितत्करण र अवितद्भाषण। निद्रा नआए पनि आँखा चिम्लेर निदाएको जस्तो गर्नु आदि चेष्टा **क्राथन** हो। शरीरका अङ्गहरू कँपाउनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्पन्दन हो। खुट्टा भाँचिएको मानिसजस्तै लड्खडाएर हिँड्नु **मन्दन** हो। यौवनवाला कामुकजस्तै हावभाव प्रकट गर्नु **श्रृङ्गारण** हो। निन्दनीय कर्म गर्नु **अवितत्करण** हो। हुँदो नहुँदो, परस्पर विरोधी र निरर्थक शब्दहरू बक्‌बकाएर हिँड्नु **अवितद्‌भाषण** हो *(शर्मा, त्यही : २६५-२६८)*।

दुःखान्त- अनात्मक र सात्मक गरी दुःखान्त दुई प्रकारका हुन्छन्। पूर्णरूपले सबै दुःखको विनाश हुनु अनात्मक दुःखान्त हो। दृक्‌शक्ति र क्रियाशक्तिले युक्त ऐश्वर्य प्राप्त गर्नु सात्मक दुःखान्त हो। बुद्धि वा ज्ञानशक्ति नै दृक्‌शक्ति हो। दृक्‌शक्तिका दर्शन, श्रवण, मनन, विज्ञान र सर्वज्ञता गरी पाँच प्रकार छन्। चाक्षुष अथवा नेत्रसम्बन्धी विषय, स्पर्श र रससम्बन्धी विषयको ज्ञानशक्ति **दर्शन** हो। ठूलो, सानो टाढा वा नजिकको पशुपंक्षी आदिद्वारा गरिएको शब्दसिद्धिको रूपमा उत्पन्न ज्ञानलाई **श्रवण** भनिन्छ। जुनजुन विषयको चिन्तन सम्भव छ, ती सबैको केवल चिन्तन गरेर नै योगसिद्धिद्वारा ज्ञान पाउनु **मनन** हो। सिद्धिद्वारा सबै शास्त्रको विषय र त्यसको अर्थ बोध हुनु **विज्ञान** हो। गुरुद्वारा उपदिष्ट वा अनुपदिष्ट सबै विषयको तत्त्वबोध र सदैव प्रकाशित सिद्धिज्ञान **सर्वज्ञत्व** हो। क्रियाशक्ति पनि मनोजवित्व, कामरूपित्व र विकरणधर्मित्व गरी तीन प्रकारका हुन्छन्। मन जस्तै वेगवान् हुनु, स्वेच्छाबाट रूप बदल्न सक्नु, इन्द्रियादि हीन भएर पनि ऐश्वर्य धारण गर्नु **मनोजवित्व** क्रियाशक्ति हो। कर्मफलबाट अलग भएर केवल आफ्नो इच्छाबाट समान लक्षणवाला, विभिन्न लक्षणवाला र एक तरहको शरीर र इन्द्रियमा अधिष्ठित हुनु **कामरूपित्व** क्रियाशक्ति हो। करण अथवा इन्द्रियहरू नभए तापनि वा सूक्ष्मरूपमा भए पनि सर्वोच्च ऐश्वर्यसँग सम्बन्धन हुनु **विकरणधर्मित्व** क्रियाशक्ति हो। अनात्मक दुःखान्त निषेधात्मक छ किनभने यसमा केवल दुःखको निवृत्ति मात्र हुन्छ। सात्मक दुःखान्तमा दुःखको निवृत्तिपछि ऐश्वर्यको प्राप्ति हुन्छ। ऐश्वर्य भनेको अलौकिक शक्ति हो। त्यसकारण सात्मक दुःखान्तमा दुःखको पूर्ण निवृत्तिका साथसाथै अलौकिक शक्ति पनि प्राप्त हुन्छ *(शर्मा, त्यही : २६०-२६२)*।

नेपालमा पाशुपतमतको विकास

वार्त्त प्रतिहार ध्रुवसङ्घको पशुपति, भस्मेश्वरको वि.सं. ५९० को अभिलेखमा सबभन्दा पहिले भगवान् पशुपतिको क्षेत्रको उल्लेख आएको छ। यसै गरी अंशुवर्माको बुङ्मतीको वि.सं. ६६२ को अभिलेखदेखि नेपालका शासकहरूले **भगवत्पशुपतिभट्टारकपादानुगृहीत** प्रशस्ति धारण गरेको पाइन्छ। यसरी विक्रमको छैटौँ शताब्दीको मध्यदेखि नै नेपालमा पाशुपत सम्प्रदायको विकास भइसकेको अभिलेखीय प्रमाणहरू पाइन थाल्दछन्। त्यसपछि विक्रमको सातौँ शताब्दीको मध्यदेखि नेपालमा पाशुपतमतको विकाससम्बन्धी स्पष्ट अभिलेखहरू पाइन थाल्दछन्। जिष्णुगुप्तको समयको आचार्य भगवत्प्रनर्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेख यसको उदाहरण हो। यस अभिलेखमा मङ्गलाचरणको रूपमा "सबै गुणहरू (सत्त्व, रजस् र तमस्) को जमोठ भएको प्रकृतिलाई खल्बल्याएर जसले ढुङ्गा झारपातलगायत ब्रह्मासम्मको अनेक रूप भएको सारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारलाई बनाउनुभयो; मानिसहरूको जीवन चलाइदिने पहाड, रुख र वनलाई जसले एकैनाससँग बनाइरहनुभएको छ; कामदेवको शरीरलाई भस्म गराउने, सम्यग्ज्ञान आदिले परिपूर्ण भएका उहाँ छत्रचण्डेश्वरले खुशी भएर तिमीहरूलाई रक्षा गरून्" भनेर छत्रचण्डेश्वरको स्तुति गरिएको छ। यसैगरी उक्त अभिलेखमा भगवान् छत्रचण्डेश्वरको मूर्ति टुटफुट हुँदा मरम्मतको लागि मुण्डशृङ्खलिक पाशुपत सम्प्रदायका आचार्यहरूको सङ्घलाई खेत दान दिएको उल्लेख छ *(वज्राचार्य, २०३० : ४२६-४२७)*। उक्त अभिलेखमा पाशुपत सम्प्रदायका आचार्यहरूको सङ्घको उल्लेख आएको हुँदा यहाँ केवल पाशुपत सम्प्रदायका अनुयायीहरू मात्र नभई यस मतको संस्थापन तथा सञ्चालन गर्न सक्ने पाशुपताचार्यहरू पनि भएको र उनीहरू सङ्गठनात्मक ढङ्गले पाशुपतमतको विकासमा अघि बढेको देखिन्छ।

पाशुपतमतका प्रवर्तक लकुलीश हुन् र उनलाई स्वयं शिवको अवतार मानिन्छ भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ। पाशुपतमतका प्रवर्तक लकुलीशलाई छत्रचण्डेश्वर पनि भनिन्छ। उन्नत खालको ऊर्ध्वलिङ्ग छत्रचण्डेश्वरको मुख्य चिनारी हो। विश्वकर्मावतारशास्त्र अनुसार नकुलीश पद्मासनमा बसेका हुन्छन्। उनले दाहिने हातमा मातुलिङ्ग (बिमिरो) र बायाँ हातमा दण्ड लिएका हुन्छन्। भारतको मथुरामा लकुलीशको यस्तो लक्षणअनुसारको मूर्ति पाइएको छ। नेपालमा भने छत्रचण्डेश्वर पद्मपीठमाथि समपादमा उभिएको अवस्थामा स्थापना गरिएको हुन्छ र उनले आफ्नो हातमा त्रिशूल लिएका हुन्छन्। लकुलीशलाई छत्रचण्डेश्वर भन्ने र यसलाई शिवालयमा आवश्यक रूपले स्थापना गर्ने परम्परा नेपालको आफ्नो विशेषता हो *(रेग्मी, २०३०: २८-३४)*।

नेपालमा पाशुपतमतका पनि थुप्रै उपभेदहरू पाइन्छन्, जुन यस प्रकार छन् -

१. मुण्डशृङ्खलिक पाशुपत

२. शृङ्खलिक पाशुपत

३. दानशृङ्खलिक पाशुपत

३. दान पाशुपत

५. वश पाशुपत

मुण्डशृङ्खलिक पाशुपत

जिष्णुगुप्तको पालाको आचार्य भगवत्प्रनर्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा मुण्डशृङ्खलिक पाशुपताचार्य सङ्घको उल्लेख छ। उक्त अभिलेखमा यस सम्प्रदायको बारेमा कुनै उल्लेख गरिएको छैन तापनि मुण्डशृङ्खलिक उपाधिको आधारमा यस सम्प्रदायका अनुयायीहरू मुण्डमाला लगाउँदथे भन्ने बुझिन्छ *(रेग्मी, २०३०: ३६)*। मुण्डमाला भन्नाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तविक नरमुण्डको माला नै नभएर मानिस अथवा अरू जीवजन्तुको हाडमा नरमुण्डको आकृति अङ्कित भएको माला पनि हुन सक्छ किनभने यो प्रचलन अहिले पनि तान्त्रिक साधकहरूमा प्रचलित छ। शैवदर्शनमा समस्त जीवलाई पशु र शिवलाई पति अथवा ईश्वर मानिएको छ। पति अथवा ईश्वरको अनुग्रहबाट पशु अथवा जीव पाश (भवबन्धन) बाट मुक्त हुन्छ भन्ने शैवमतको दार्शनिक सिद्धान्त हो। अतः पाशको प्रतीकको रूपमा पाशुपतहरूले शृङ्खला (सिक्री) लगाएको हुनसक्छ *(रेग्मी, त्यही : ३८-४२)*। अंशुवर्माको साँगाको वि.सं. ६६५ को अभिलेखमा स्पष्टसँग मुण्डशृङ्खलिक पाशुपत शब्दको उल्लेख नआए तापनि मुण्डशृङ्खलिक पाशुपतहरूका आराध्यदेव मुण्डमाला लगाएका महादेवको उल्लेख आएको छ। उक्त अभिलेखमा मङ्गलाचरणको रूपमा "कानमा गहनाको रूपमा लगाइराखेका डरलाग्दा सर्पहरूको फुङ्कारको हावाले जटा छ्यान्नब्यान्न भएका, भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लगाएका, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेका, रगत चुहिरहेको हात्तीको छाला ओढेका, पार्वतीले डराई डराईकन हेरिएका महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस्" भनेर महादेवको महा उग्र स्वरूपको वर्णन गरिएको छ *(वज्राचार्य, २०३० : ३३६-३३८)*। अंशुवर्माको साँगाको यस अभिलेखमा उल्लिखित मुण्डमाला लगाएका महादेवको महा उग्र स्वरूप मुण्डशृङ्खलिक पाशुपतहरूको सिद्धान्त र आचरण अनुरूपको छ। त्यसकारण आचार्य भगवत्प्रनर्दन प्राणकौशिकको समयभन्दा अघि अंशुवर्माको पालामा नै नेपालमा मुण्डशृङ्खलिक पाशुपत सम्प्रदायको भलीभाँती विकास भइसकेको देखिन्छ। अंशुवर्माले भगवान् श्रीपशुपतिनाथलाई नेपालको राष्ट्रदेव तथा वास्तविक शासकको रूपमा राजकीय मान्यता दिएको कुरा यस सन्दर्भमा स्मरणीय छ।

शरीरसँग छुट्टिइसकेको, रगत चुहिरहेको, जिब्रो काढेर र्‍याल चुहाइरहेको र फुस्रो आँखा पल्टाएको पशु वा मानिसको टाउकोलाई तृष्णा र अहङ्काररहित ज्ञानको प्रतीक मानिन्छ। यसै गरी छाला तथा मासु नभएको नरकपाललाई शून्यताको प्रतीक मानिन्छ। अतः मुण्डशृङ्खलिक पाशुपतका अनुयायीहरूले विशुद्ध ज्ञान र शून्यताको प्रतीक नरमुण्डमाला धारण गरेका हुन्। शिवलाई "**कपालमालाङ्कितशेखराय** (जटाजूटमा नरकपालको माला अङ्कित गरेका)" भनेर स्तुति गरेको पाइन्छ। चौरासी सिद्धमध्येका कतिपय सिद्धहरूले आफ्नो जटाजूटमा नरकपालको माला अङ्कित गरेको पाइन्छ। अतः मुण्डशृङ्खलिक पाशुपतका अनुयायीहरूले आफ्नो जटाजूटमा नरकपालको माला अङ्कित गरेर गलामा चाहिँ हाड तथा धातुको शृङ्खला (सिक्री) लगाएको हुनसक्छ।

यस्तै विशेषता भएको एउटा शैवसम्प्रदाय भारतमा कापालिकमतको रूपमा प्रख्यात थियो। कापालिकमतलाई पाशुपत सम्प्रदायको अतिमार्गी शाखा मानिएको छ। अतः मुण्डशृङ्खलिक पाशुपत र कापालिकमतको बीचमा अन्तरसम्बन्ध रहेको देखिन्छ। श्रीमद्भागवतमहापुराणमा यिनीहरूलाई जटा, खरानी र हाड धारण गर्ने भनेर वर्णन गरेको पाइन्छ *(रेग्मी, त्यही : ३७)*। रुद्राक्षारण्यमाहात्म्य र देवताविमर्शस्तुतिमा महादेवलाई मुण्डमालाधारी देवताको रूपमा स्तुति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। अतः मुण्डशृङ्खलिक पाशुपतहरू मुण्डमालाधारी महादेवका उपासक थिए भन्ने बुझिन्छ। नेपालमा मुण्डमाला लगाएका शिव र भैरवका असङ्ख्य मूर्तिहरू पाइन्छन्, जसले मुण्डशृङ्खलिक पाशुपतमतको लोकप्रियतालाई स्पष्ट पार्दछ *(रेग्मी, त्यही : ३७)*। बूढानीलकण्ठ नारायणको पोखरीको उत्तरतर्फको भित्तामा जटाजूटमा नरकपाल अङ्कित गरिएको महादेवको पूर्वमध्यकालिक प्रस्तर मूर्ति अवस्थित छ। यसबाट पनि उक्त कुरालाई प्रमाणित गर्दछ।

शृङ्खलिक पाशुपत

जिष्णुगुप्तको पालाको आचार्य भगवत्प्रनर्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा शृङ्खलिक पाशुपतको पनि उल्लेख आएको छ *(वज्राचार्य, २०३०: ३३६-३३८)*। शृङ्खलिक उपाधिको आधारमा यस मतका अनुयायीहरू शृङ्खला (सिक्री) लगाउँदथे भन्ने बुझिन्छ। नेपालमा शृङ्खला (सिक्री) लगाएका भैरव तथा अन्य देवीदेवताका प्रशस्त मूर्तिहरू पाइन्छन्। यी भैरव तथा देवीदेवताहरूको सम्बन्ध शृङ्खलिक पाशुपतमतसँग रहेको हुनसक्छ। मुण्डशृङ्खलिक पाशुपतहरू नरमुण्ड तथा हाडको माला लगाउँदथे भने शृङ्खलिक पाशुपतहरूले धातुको शृङ्खला (सिक्री) लगाएको देखिन्छ। अर्को कुरा मुण्डशृङ्खलिक पाशुपतहरू शून्यताको अवस्थामा पुगिसकेको हुनाले शून्यताको प्रतीक मुण्डशृङ्खला (मुण्डमाला) धारण गर्ने र शून्यताको साधनामा अग्रसर रहेका साधक शृङ्खलिक पाशुपतहरूले केवल धातुको शृङ्खला (सिक्री) मात्र लगाएको देखिन्छ। त्यसकारण मुण्डशृङ्खलिक पाशुपतहरू अतिमार्गी थिए भने शृङ्खलिक पाशुपतहरू केही सुधारवादी देखिन्छन्।

दानशृङ्खलिक पाशुपत

नरेन्द्रदेवको पालाको पशुपति देउपाटनको वि.सं. ७०२ को अभिलेखमा दानशृङ्खलिक पाशुपतको उल्लेख आएको छ। उक्त अभिलेखमा शालङ्कामा बस्ने ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य तिलडुकलाई खेत दान दिएको र तिनले पनि उक्त खेत दानशृङ्खलिक पाशुपतहरू बिरामी भएमा औषधोपचारका लागि दान दिएको उल्लेख छ *(वज्राचार्य, २०३०: ४७२-४७३)*। उक्त अभिलेखमा दानशृङ्खलिक पाशुपतहरूको दार्शनिक सिद्धान्त र आचरणबारे उल्लेख गरिएको छैन। प्रा.डा. जगदीशचन्द्र रेग्मीका अनुसार यसमा प्रयुक्त दान विशेषणले यस सम्प्रदायको दान लिने विशेषतालाई सङ्केत गरेको बुझिन्छ *(रेग्मी, २०३०: ४२)*। दानपाशुपताचार्य तिलडुकले आफूले दान पाएको खेत दानशृङ्खलिक पाशुपतहरू बिरामी हुँदा औषधोपचार गर्ने परोपकारको काममा लगाएको र यस सम्प्रदायसँग जोडिएको दान विशेषणको विश्लेषण गर्दा दानशृङ्खलिक पाशुपतमतका अनुयायीहरू परिव्राजक (घुमी हिँड्ने) र अपरिग्रह (नगद तथा जगाजमिन सङ्ग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगर्ने) धर्म ग्रहण गरेका रम्ता जोगी देखिन्छन् । यसबाट शृङ्खलिक पाशुपतहरू आश्रम खोलेर बस्ने र दानशृङ्खलिक पाशुपतहरू चाहिँ परिव्राजक (घुमी हिँड्ने रम्ता जोगी) देखिन्छन् ।

दानपाशुपत

नरेन्द्रदेवको पालाको पशुपति देउपाटनको वि.सं. ७०२ को अभिलेखमा दानपाशुपताचार्य तिलडुकको उल्लेख आएको कुरा यसअघि नै उल्लेख भइसकेको छ । मुण्डशृङ्खलिक पाशुपत र शृङ्खलिक पाशुपतका जस्तै दानशृङ्खलिक पाशुपत र दानपाशुपतका पनि दुई भेद देखिन्छन् । दुवैको दार्शनिक सिद्धान्त र आचरण परिव्राजक तथा अपरिग्रहधर्म भए तापनि धातुको शृङ्खला (सिक्री) लगाउने जति दानशृङ्खलिक पाशुपत र धातुको शृङ्खला (सिक्री) नलगाउने चाहिँ दानपाशुपत कहलाएको देखिन्छ । शृङ्खला (सिक्री) लाई पशुपाशको प्रतीक मानिएको कुरा पनि यस अघि नै उल्लेख भइसकेको छ । अतः पशुपाशबाट मुक्त भई समाधिको उच्च तहमा पुगेका आचार्यहरू आफ्नो पशुपाशबाट मुक्त भइसकेको अवस्था दर्शाउनका लागि कुनै पनि शृङ्खला (सिक्री) नलगाउने हुनाले त्यस्ता साधकहरूलाई दानपाशुपत भनेको बुझिन्छ ।

वशपाशुपत

शिवदेव द्वितीयको काठमाडौँ, लगनटोलको वि.सं. ७५२ को अभिलेखमा वशपाशुपतको उल्लेख छ । उक्त अभिलेखमा शिवदेवले आफूले स्थापना गरेको श्रीशिवदेवेश्वर महादेव मन्दिरको टुटफुट भएमा त्यसको मरम्मतको जिम्मा वशपाशुपत सम्प्रदायका आचार्यहरूलाई दिएको उल्लेख छ । यसैगरी शरीर र किल्लाको स्थितिबन्देजले युक्त भएको वैद्यग्राम भूमिच्छिद्रन्याय गरी वशपाशुपत सम्प्रदायका आचार्यहरूलाई बिर्ता दिएको, त्यहाँका सबै राजकीय आम्दानी पाशुपत आचार्यहरूले नै उठाउन पाउने, त्यहाँका जनताको हेरचाह पनि पाशुपत आचार्यहरूले नै गर्ने, पाशुपत आचार्यहरूले लाए अह्राएको काम त्यहाँका जनताले गर्नुपर्ने र त्यस गाउँमा कुनै पनि सरकारी कर्मचारीले पस्न नपाउने उल्लेख पनि उक्त अभिलेखमा छ *(वज्राचार्य, २०३० : ५१४-५१६)*। वशपाशुपतको पनि राम्ररी परिचय खुल्न सकेको छैन । प्रा. डा. जगदीशचन्द्र रेग्मीले वश पाशुपतलाई ध्यानद्वारा आफ्नो इन्द्रियलाई वशमा राख्न सक्ने योगीहरूको सम्प्रदायको रूपमा मान्नुभएको छ *(रेग्मी, २०३० : ४३-४४)*।

पाताञ्जलयोगसूत्रमा महर्षि पतञ्जलिले **योगश्चित्तवृत्तिनिरोधः** (चित्तवृत्तिको सर्वथा निरोध नै योग हो) भनेर योगको परिभाषा गरेका छन् । जब चित्तका वृत्तिहरूको सर्वधा निरोध हुन्छ, त्यस समयमा द्रष्टा आफ्नो स्वरूपमा स्थित हुन्छ; अर्थात् उसलाई कैवल्य प्राप्त हुन्छ *(गोयन्दका, २०५१: १-२)*। अतः यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी अष्टाङ्गयोगको प्रक्रियाबाट धर्ममेधसमाधिमा पुगेर कैवल्य प्राप्त गर्नु योगको परम लक्ष्य हो । योगका पनि मन्त्रयोग, हठयोग, लययोग र राजयोग यी चार भेद छन् । यसमध्ये मन्त्रसाधना नभएर शुद्ध यौगिक प्रक्रियाद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो इन्द्रियलाई वशमा राखेर कैवल्य प्राप्त गर्ने सदाचारी पाशुपत योगीहरू वशपाशुपत कहलाएको बुझिन्छ।

निष्कर्ष

नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको वि.सं. ७१६ को अभिलेखमा पशुपतिमा वाग्वतीको पूर्व किनारामा रहेको भगवान् वज्रेश्वर मण्डलीको उल्लेख छ। ज्ञानयोग र कर्मयोगमा लागेकाहरूले सदाचारमा रहेर वज्रेश्वरमण्डलीको हेरविचार गर्ने र वज्रेश्वरलाई लक्ष्य गरी पाशुपतहरूलाई र ब्राह्मणहरूलाई सकिने जति भोजन गराउनू भन्ने कुरा पनि उक्त अभिलेखमा उल्लेख छ *(वज्राचार्य, २०३० : ४८१-४८३)*। उक्त अभिलेखमा पाशुपत सम्प्रदायका अन्य भेदहरूको उल्लेख गरिएको छैन। केवल "**पाशुपतानाम्** (पाशुपतहरूको)" मात्र भनेको छ। उक्त अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई समान स्तरमा राखिएको छ। उक्त अभिलेखमा उल्लिखित ज्ञानयोग र कर्मयोग तथा पाशुपत र ब्राह्मणको अन्तरसम्बन्ध विचारणीय छ। श्रीमद्भगवद्गीतामा योग, साङ्ख्य र भक्तिको व्याख्या गरिएको छ। यस सन्दर्भमा योगले कर्मयोग, साङ्ख्यले ज्ञानयोग र भक्तिले भक्तियोगलाई नै बुझाएको छ। नरेन्द्रदेवको उपर्युक्त अभिलेखमा उल्लिखित ज्ञानयोगले ज्ञानको तत्त्वविवेचना र कर्मयोगले योगसाधनालाई लक्ष्य गरेको बुझिन्छ। यसै गरी ज्ञानको तत्त्वविवेचनाको सम्बन्ध ब्राह्मणहरूसँग र योगसाधनाको सम्बन्ध पाशुपतहरूसँग रहेको देखिन्छ। नेपालमा जति पाशुपत सम्प्रदायका उपभेदहरू भारतमा पनि पाइएको छैन। यसकारण नेपाल पाशुपत सम्प्रदायको गढको रूपमा रहेको देखिन्छ। त्यसैले हिमवत्खण्डमा नेपाललाई महापाशुपतक्षेत्र भनेको छ -

मध्ये सर्वगरिष्ठानामेतेषां क्ष्माभृतां मुने।
पाशुपतं महाक्षेत्रं सन्ततं प्रविराजते॥ *(योगी, २०१३ : सं: १५४; ने: १६१।)*

चिनियाँ यात्री हुएन साङले भारतको काशीका शैवहरूको वर्णन गर्दा "यिनीहरूमध्ये कोही कपाल खौरन्छन्, कोही जटा पाल्दछन्, कोही नाङ्गै हिँड्दछन् र कोही खरानी घस्दछन्" भनेका छन् *(ज्ञवाली, २०१९ : २४९)*। यसै गरी विक्रमको सातौँ शताब्दीको मध्यताका नेपाल आएका चिनियाँ राजदूत वाङ हुएन सेले नेपालमा आँखीभुइँको उचाई जति छोटो पारेर कपाल खौरने र कानमा कुण्डल लगाउने मानिसहरू छन् भनेका छन्। यसले तात्कालिक नेपालका पाशुपतहरूलाई लक्ष्य गरेको बुझिन्छ। यस वर्णनबाट साधारणतः पाशुपतहरू जटा पाल्दथे तापनि यिनका कोही सम्प्रदाय कपाल खौरने पनि भएको देखिन्छ *(ज्ञवाली, त्यही : २४८)*।

प्राचीन पाशुपतमतको उग्र तान्त्रिक साधनामा गोरखनाथले सुधार ल्याएको मानिन्छ। नाथ सम्प्रदायमा प्राचीन पाशुपतमत र वज्रयानी बौद्धमतको समन्वय पाइन्छ। गोरखाको गोरखनाथ गुफामा प्राप्त शिवदेव द्वितीयको वि.सं.७५५ को अभिलेखमा उल्लेखित वज्रभैरव भट्टारकको उपासनाको अवशेष अहिले पनि नाथसम्प्रदायमा पाइन्छ। नेपालका कतिपय भैरवस्थानका पुजारी नाथ सम्प्रदायका कन्फट्टा योगीहरू छन्। नेपालमण्डलका कुसुलेहरूमा पनि नाथसम्प्रदायको प्रभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ। कुसुलेहरू गोरखनाथलाई आफ्ना गुरु मान्दछन्। प्राचीन पाशुपत तथा कापालिकमतका अनुयायीहरू अहिले नेवार समाजमा कुसुले समुदायका रूपमा रहेका छन्। कुसुलेका कपाली, दर्शनधारी आदि थरहरू पाइन्छन् जसले सम्प्रदायको उपभेदलाई बुझाएको देखिन्छ। दर्शनधारीहरूको सम्बन्ध ज्ञानको तत्त्वविवेचना र कपाली (कापालिक) हरूको सम्बन्ध उग्र तान्त्रिक साधनासँग रहेको हुनसक्छ। यी कपालीहरू पञ्चमकारको प्रयोगद्वारा पत्नीसहित भई उन्मत्त भैरवको पूजा गर्दछन्। यसरी यी कपालीहरूले प्राचीन पाशुपतमतलाई बचाइराखेका छन्।

सन्दर्भसामग्री

उपाध्याय, बलदेव, २०११. **भारतीय दर्शन**, *वाराणसी : शारदा मन्दिर।*

कोइराला, कुलचन्द्र, २०५१. **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, *काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

गोयन्का, हरिकृष्णदास (टीका), २०५९. **योग दर्शन**, *गोरखपुर : गीताप्रेस।*

चक्रवर्ती, चिन्ताहरण, २०५२. **शैव सम्प्रदाय, शिवाङ्क, कल्याण**, *वर्ष ८, संख्या १, पृ.१६६-१६७।*

टण्डन, गोविन्द, २०५३. **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, *काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा।*

यदुवंशी, २०४५. **शैवमत**, *पटना : बिहार राष्ट्रभाषा परिषद्।*

योगी, नरहरिनाथ, २०१३ **हिमवत्खण्ड**, *काशी : योगप्रचारिणी।*

रेग्मी, जगदीशचन्द्र, २०३०. **नेपालको धार्मिक इतिहास**, *काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

वज्राचार्य, धनवज्र, २०३०. **लिच्छविकालका अभिलेख**, *काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय।*

शर्मा, उमाशङ्कर (भाष्य), १९८४. **सर्वदर्शन सङ्ग्रह**, *वाराणसी : चौखम्बा विद्याभवन।*

ज्ञवाली, सूर्यविक्रम, २०१९. **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**, *काठमाडौँ : रोयल नेपाल एकेडेमी।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रदेवताको व्यापकता

–दधिराज सुवेदी

सम्पूर्ण संसार सत्त्वगुण, रजोगुण र तमोगुणले व्याप्त छ। सत्त्वमा प्रकाश छ, ज्ञान छ, र दिव्य सुख छ भने रजमा इच्छा, कामना र वासना आदिको प्रभुत्व रहेको पाइन्छ। यसरी नै तमले अन्धकार, जडता, स्थिरता आदि फैलाएर संसारलाई आक्रान्त तुल्याइरहेको हुन्छ। यी सबैका कारण ब्रह्मा, विष्णु, महेश हुन् र यिनीहरूका पनि अधिपति रुद्रदेवता हुन्। यसलाई यसरी पनि बुझ्न सकिन्छ- सत्त्व, रज र तम त्रिगुण भनेकै क्रमशः विष्णु, ब्रह्मा र महेश हुन्, जसका कारण संसारको स्थिति, सृष्टि र प्रलय हुन्छ।

राष्ट्रदेव श्रीपशुपतिनाथ अर्थात् रुद्रदेवताका नाम, स्वरूप र गुणहरूको वर्णन गर्नु असम्भवप्रायः छ। संसारको सृष्टि, लालनपालन र संहार पनि उनकै अधीनमा छ भने अखिल ब्रह्माण्डको कारक तत्त्व पनि उनैलाई मानिन्छ। यस्ता ब्रह्माण्डनायक रुद्रदेवताका विषयमा वेद र वेदान्तदर्शनले त व्याख्या र विश्लेषण गरेर पूर्णता दिन सकेका छैनन्। तथापि यहाँ वेद, पुराण उपनिषत्का आधारमा यो खोजपूर्ण सामग्री तयार पारिएको छ।

वेदमा रुद्रको व्यापकता

वेदमा ॐको ठूलो महत्त्व वर्णित छ। शास्त्रको कथनअनुसार ॐको उच्चारणविना वेदको मन्त्रले पूर्णता पाउँदैन। गोपथब्राह्मण (१।१२५) ले बताएअनुसार वेदमा प्रयुक्त ॐकार रुद्रदेवता हुन्। यिनीबाटै वेदको उत्पत्ति भएको हो। वेदमा जति देवताको वर्णन गरिएको छ ती सबैका मालिक रुद्रदेवता हुन्। **'रुत् ज्ञानं राति ददातीति रुद्रः'** पनि भनिएको छ।

एकादश रुद्र

हर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भु, कपर्दी, रैवत, मृगव्याध, सर्व र कपाली एकादश रुद्र हुन्। यीमध्ये शम्भु वा शङ्कर प्रमुख मानिन्छन्। शिवलाई कल्याणस्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिएको छ। त्यसैले भगवान् कृष्णले गीतामा '**रुद्राणां शङ्करश्चास्मि**' अर्थात् रुद्रहरूमा शङ्कर हुँ भनेका छन्।

त्र्यम्बकको महिमा

शिवपुराण रुद्रसंहिता अध्याय ३८ मा त्र्यम्बकको व्याख्या यसरी गरिएको छ- तीनै लोकका स्वामी, सूर्य, सोम र अग्निका पनि पिता, सत्त्व, रज र तमोगुणहरूका नियन्त्रक; आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्वका स्वामी अनि पृथ्वी, जल, तेज एवं ब्रह्मा, विष्णु, महेशका पनि अधिपति त्र्यम्बक हुन्। यसरी हेर्दा त्र्यम्बक अर्थात् पशुपति वा रुद्रदेवताको महिमा अपरम्पार रहेको अनुभूति हुन्छ।

ऋग्देवमा रुद्रलाई दुःखनिवारक, दुष्टहरूप्रति भयङ्कर तथा दण्डदाता, सम्पूर्ण रोग तथा दोषका निवारक, सभाध्यक्ष एवं न्यायाधीश इत्यादि रूपमा वर्णन गरिएको छ। त्यसैगरी यजुर्वेदमा रुद्रलाई परमेश्वर एकादश प्राणस्वरूप, वैद्यहरूका राजा आदि भनी उनको महिमानगान गरिएको छ।

अष्टमूर्ति महादेवको व्यापकता

शतपथब्राह्मणमा बताइएअनुसार प्रजापतिले सृष्टि गर्ने इच्छाले तपस्या गरे, तपको बलले पानीको उत्पत्ति भयो। त्यसपछि क्रमशः पानीबाट फिँज, फिँजबाट माटो, माटोबाट बालुवा, बालुवाबाट कङ्कर, कङ्करबाट पत्थर, पत्थरबाट फलाम र फलामबाट सुवर्णादिको उत्पत्ति भयो। यी अति महत्त्वपूर्ण अष्टपदार्थ स्वयं अष्टमूर्ति महादेव हुन्। अर्थात् रुद्रदेवताका प्रतिमूर्ति हुन्।

यसरी नै शतपथब्राह्मणमा वर्णन गरिएअनुसार रुद्रका आठ रूपमा- रुद्र (अग्नि), शर्व (पृथिवी), पशुपति (औषधि), उग्र (वायु), अशनि (विद्युत्), भव (पर्जन्य), महादेव (चन्द्रमा) र ईशान (आदित्य) रहेका पाइन्छन्। शिवपुराणमा पनि शिवको अष्टमूर्ति (आठ अवस्था) लाई निम्नानुसार वर्णन गरिएको पाइन्छ।

अष्टमूर्ति

ब्रह्माण्डमा	**पिण्ड (शरीर)मा**
१. शर्व (क्षितिमूर्ति, जगद्धारिणी)	१. रुद्र (आँखा)
२. भव (जलमूर्ति, जीवनप्रदा)	२. भव (अन्नरस)
३. रुद्र (अग्निमूर्ति, प्रकाशदाता)	३. शर्व (हाड)
४. उग्र (वायुमूर्ति, गतिदायिनी)	४. ईशान (प्राण र अपान)
५. भीम (आकाशमूर्ति, अवकाशदाता)	५. पशुपति (उदराग्नि)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. पशुपति (यजमानमूर्ति, सर्वक्षेत्रगत पाशच्छेदक)
७. महादेव (सोममूर्ति, सोमामृतवर्षक)
८. ईशान (सूर्यमूर्ति)

६. भीम (शरीरका प्वालहरू)
७. उग्र (जीव)
८. महादेव (मन)

ऐतरेयब्राह्मणमा शिवशक्तिमहिमा

ऐतरेयब्राह्मणमा शिवशक्तिका विषयमा एउटा कथानक पाइन्छ। जसअनुसार- श्राद्धदेव मनुका इक्ष्वाकु आदि धेरै छोराहरू थिए। जसमध्ये नाभाग गुरुकुलमा गएर संयमपूर्वक विद्याध्ययन गर्न थाले। यता अरू दाजुभाइले सम्पूर्ण पैतृक सम्पत्ति नाभागको भाग नराखिकन बाँडेर लिए। पछि फर्केर आएपछि नाभागले आफ्नो भाग खोज्दा पिताजीलाई देखाए। श्राद्धदेव मनुले उनलाई शान्त गर्दै भने- पुत्र नाभाग ! तिमी विद्वान् अनि शास्त्रमर्मज्ञ पनि छौ। तिम्रो जीविकाका लागि कुनै उत्तम उपाय बताउँछु, ध्यानपूर्वक सुन। यसवेला कुनै आङ्गिरस गोत्रीय ब्राह्मण ठूलो यज्ञ गरिरहेका छन्। प्रत्येक छैटौँ दिनमा गरिने कार्यको उनलाई त्यति जानकारी छैन। तिमी जाऊ र सघाऊ। ब्राह्मणदेवले तत्पश्चात् अवशिष्ट सम्पत्ति तिमीलाई दिनेछन् र तिम्रो गुजारा चल्नेछ।

पिताजीको आज्ञा शिरोधार्य गर्दै नाभागले उक्त यज्ञ सम्पन्न गराए। ब्राह्मणदेव खुशी भएर बाँकी रहेको सम्पत्ति नाभागलाई दिएर स्वर्ग गए। त्यसवेला यो सम्पत्ति मेरो हुन्छ भनेर भगवान् शङ्कर उपस्थित भए। नाभाग र शङ्करबीच विवाद भयो। नाभाग आफ्ना पिताजीसँग फैसला गरिमाग्न जाँदा पिताजीले यज्ञबाट अवशिष्ट रहेको सम्पत्तिमाथि शिवकै अधिकार रहने कुरा बताएपछि फर्किएर नाभागले सबै सम्पत्ति शिवलाई सुम्पिए। तत्पश्चात् सर्वशक्तिमान् शिवले प्रसन्नतापूर्वक नाभगलाई सम्पूर्ण सम्पत्ति र सनातन ब्रह्मतत्त्वको ज्ञान दिएर अन्तर्ध्यान भए। यसरी सर्वत्र शिवशक्तिको महिमा रहेको पाइन्छ।

अन्त्यमा वैदिक दर्शनदेखि आजसम्मका चिन्तकहरूका चिन्तनलाई मनन गर्दा रुद्रदेवता वा पशुपतिको सर्वोच्च स्थान रहेको र सृष्टि, स्थिति, लय आदिमा पनि सर्वोपरि भूमिका रहने हुनाले अखिल ब्रह्माण्डका नायक परमात्मा भगवान् श्रीपशुपतिनाथका चरणकमलमा नमन।

ॐ नमः शिवाय।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति

–प्रा. डा. दीर्घराज घिमिरे

पशुपति आत्मा हुन् । आत्मा स्वतः निरपेक्ष वस्तु हो । मन, बुद्धि इन्द्रियवेद्य वस्तु हुन सक्तैन । त्यसो भए पूजा, उपासना र आराधना कसरी हुने ? आत्माको यथार्थ आकलनमा श्रवणमननादिको अपेक्षा रहन्छ भन्ने सर्वविदित छ। यथार्थको भन्नु पनि विशुद्ध आत्माको आकलन होइन, उपाधिसहितको हो । निरुपाधिकमा त इन्द्रियका वृत्ति जानै सक्तैनन् । इन्द्रियवृत्ति जाने उपाधिसम्म हो, उपाधि आत्माश्रित नै हुन्छ, निराश्रय हुँदैन । उपाधि धेरै हुन्छन् । नजिकै कुनै छन् भने कुनै टाढै रहन्छन् । आत्माको नजिकैको उपाधिमा पुगेको वृत्ति र त्यो उपाधि सधर्मा हुन्, दुवै सत्त्वप्रधान हुन्, वृत्ति सत्त्वप्रधान नहुन्जेल सत्त्वप्रधान उपाधिमा पुग्नै सक्तैन। त्यसो हुँदा नै सत्त्वप्रधानवृत्ति सत्त्वप्रधानउपाधि संवलित भएसम्म आराध्य उपास्य आत्मा हुने हो, स्वतः होइन उपाधिमुखेन हो, अतः सोपाधिक आत्मा उपास्य हो ।

उपासनाका अनेक विधामा अहङ्ग्रहोपासना उत्कृष्ट हो । अहङ्ग्रहोपासनामा सामर्थ्य त्यसैको छ जसमा स्वाध्यायादि स्वधर्मानुष्ठानमा श्रद्धा छ, बुद्धिपूर्वक अतिक्रम गर्दैन, विधान्तरका उपासना पार भइसकेका छन् र व्यवसायिनी बुद्धिको प्रतिष्ठा छ। प्रयत्न भए त्यहीँ व्यवसायिनी बुद्धि लाग्न सक्ने हो सूक्ष्मउपाधि आत्मामा । साधनाको क्रम बढ्दै गए सूक्ष्म उपाधि र वृत्ति दुवै निवृत्त हुनसक्छन् अनि रहन्छ केवल आत्मा, त्यही पशुपति पदको लक्ष्यार्थ हो भने व्यवसायिनी बुद्धिवेद्य आत्मा पशुपति हो, माया संवलित हो र त्यही वाच्यार्थ हो। वाच्यार्थबोधविना लक्ष्यार्थबोध सम्भव छैन, यस हेतु वाच्यार्थविवेक प्राथमिकतामा रहेको छ र उपयुक्तता पनि त्यसैमा छ ।

अब कसरी हुन्छ त पशुपतिको वाच्यार्थविवेक ? यसरी हुन्छ- पशुपतिमा पशु र पति दुई पद छन्। देख्नु अर्थको दृश् धातुमा कु प्रत्यय भएर पशु पद बन्दछ। **"सर्वमविशेषेण पश्यतीति पशुः"** सबै वस्तु फरक नपरी देख्ने एक अर्थ हो भने **'सर्वं विशेषेण पश्यतीति पशु'**, सबै वस्तु फरक फरक देख्छ भन्ने पनि पशु पदको अर्थ हुनसक्छ। पशु पद र पति पदको समास हुँदा उभयथा अर्थ दिने पशुपतिपद निष्पन्न हुन्छ। पहिलो अर्थ ज्ञानीसाधारण हो भने दोस्रो अज्ञानीपरक हो। रक्षण अर्थको पा धातुदेखि ति प्रत्ययबाट पति पद बन्दछ, त्यसको अर्थ हुन्छ रक्षा गर्नु । यसप्रकार रक्षणीय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षित र रक्षक सबै अर्थ समेटिएको समस्त पद पशुपति हो, पशुको रक्षणीय, रक्षित र पतिको रक्षक भन्ने सबै वाच्यार्थमा पर्छन्, फलतः पशुको रक्षक पशुपति मान्नुपर्छ।

'पशूनां जीवानाम् अज्ञानीनां वा पतिः' जीवात्मा वा अज्ञानीको रक्षा गर्ने पशुपति हो, यो अर्थ भेददर्शनमूलक हो। उपासकलाई उसको योग्यता र ज्ञानअनुसार क्रमशः अज्ञान शिथिल गराउँदै माथि लैजान्छ, प्रयत्न रहिरहे ज्ञानसम्म पुऱ्याउँछ। सामान्य व्यक्तिले नसक्ने यो कार्य असाधारण हो, यही असाधारणतायोजन रक्षा हो। अविशेषदृष्टिको ज्ञानीको रक्षा भने अपवर्ग हो, त्यसको अर्थ हो आत्मा। असाधारणतायोजन, अर्थ प्राथमिक उपासकमा मिल्दछ। उपर्युक्त अर्थबोधक पशुपतिपद भएकाले पशुपतिको वाच्यार्थ जगत् अन्तर्यामी सर्वात्मा हो। ब्रह्माण्डको नियन्ता त्यही सर्वात्मा हो, मायाशवलितचेतन हो, त्यो एउटै छ, अन्तर्यामिभावले प्रतिप्राणीमा रहने त्यही हो।

प्रातिपदिक पदद्वयघटित समस्त पशुपति वेदपद हो, वेदमन्त्र हो। वेदमा आफूखुशी ऊह प्रयोग गरी घटीबढी गर्नु हुँदैन, त्यसो गर्दा फलदायी हुन सक्तैन। यो यथार्थता शास्त्रानुशीलिना तिरोहित हुन नपर्ने। तथापि त्यहाँ नाथ समेत थपी 'पशुपतिनाथ' प्रयोग गर्ने जमात ठूलै छ। एक किसिमबाट त्यही यथार्थ हो भन्ने भ्रम जनसामान्यमा रहेकै छ। तथागत भ्रम अनुमोदन उचित हो त ? नाथयुक्त पशुपति हो भन्नेमा वेददेखि पुराणसम्मका शास्त्र छैनन्। त्यसो हुँदाहुँदै पनि अन्धपरम्परा कायम राख्नु आश्चर्य नै हो। परवर्तीत कालमा तन्त्र र नाथसम्प्रदायको प्रभाव, वेदोक्त अर्थज्ञानको ह्रास र राष्ट्रप्रमुखको वाग्व्यवहारबाट त्यो स्थिति चलेको हुनसक्छ। त्यसरी चल्नु वेदाधिकारी वेदनिष्ठका दृष्टिमा सर्वथा वेदातिक्रम हो, लौकिक मर्यादाको पनि व्यतिक्रम हो। जस्तै- लोकमा राजालाई क्षेत्री भन्नुहुँदैन क्षेत्रीलाई राजा भन्नुहुन्छ र शास्त्रमा ब्रह्मलाई आदित्य भन्नुहुँदैन आदित्यलाई ब्रह्म भन्नुहुन्छ। पतिपदघटित पशुपतिलाई पशुपतिनाथ भन्नु पतिको अर्थोत्कर्षता अपकर्षमा लैजानु हो, अतः अनुचित हो। त्यतिमात्र होइन प्राचीन मुद्रामा पशुपतिनाथ देखिन्छ त्यो प्रमाणभावमा आउन सक्तैन। सक्ने भए पशुपति पनि मुद्रामा देखिन्छ, त्यो पनि सही हुन पुग्ला, हुन्छ त ? सर्वथा हुँदैन। बरु अधिकपद समाविष्टि दोषावह हुने देखिन्छ, यससम्बन्धी तथ्यनिर्धारण शास्त्रव्याख्याताले गरेका छन्। अर्थात्- न्यूनमा कर्महानि र अतिरिक्तमा कर्मधर्महानि दोष हुन्छ, न्यूनभन्दा अतिरिक्त बढी दोषाधायक छ, यस अर्थ कर्मगत न्यूनातिरिक्तको प्रायश्चित व्यवस्था मूल वेदमा नै रहेको छ।

भवादि आठ नाममा पशुपति यजमान हो। देवपूजासङ्गतिकरणदान अर्थको यज् धातुमा शानच् प्रत्ययबाट यजमान पद निष्पन्न हुने हो। मन, बुद्धि, इन्द्रिय सबैको काम आत्मार्थ हो, स्वार्थ होइन, आत्मसन्निधिमा काम गर्छन्, स्वतन्त्र छैनन्। त्यसैले धातुगत तीनै अर्थ र वर्तमानताबोधक शानच्को पनि अर्थसमन्वित यजमान पद हो, उक्त तीनको परिष्कृत अर्थ दान नै हो, त्यो क्रियामूलक हुन्छ। क्रियाले जगत् धानेको छ जगद्वर्ती प्राणी हुन् ती सबै क्रियाश्रित हुन्छन्। सबै प्रकारका सम्बन्ध क्रियाजनित हुन्छन्। क्रिया तलमाथि पर्नेबित्तिकै भोगाधिकार सकिएको हुन्छ र मृत्यु भएको भनिन्छ अनि जन्मान्तरमा जान्छ भन्ने जगत्प्रसिद्ध पनि छँदैछ। उक्त सबै क्रियाको प्रेरक, उद्भावक,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियन्त्रक, क्रियोपहित चेतन वा आत्मा हो, त्यही हो पशुपति। पति प्राणीको हृदयमा विराजमान छ, बाहिर भेटिँदैन, प्रयत्न भए र रहे आफैँमा भेटिने हो, अन्तर्यामी प्रत्यग्रूप हो, त्यसैमा हो अर्पण सबै विषयवस्तुको, यो काम बुद्धिपूर्वक हुनुपर्छ। यसरी हेर्दा एउटै आत्मा जान्ने र जानिनेजस्तो लाग्छ, त्यस्तो लाग्नु बुद्धिदौर्बल्य हो, कामासक्ति दुर्बलताको निमित्त हो। यो बुझेर ममत्व र अहंत्वको त्याग आत्मामा पुग्ने भावको हुनुपर्छ। यस स्थितिसम्म त्यक्ता क्रियोपहित वा अन्तःकरणोपहित चेतन हो भने त्यज्यमान वस्तु साधनफलप्रवाह हो। साधनमा मन, बुद्धि आदि र फलमा भोग पर्दछ, यो सबै पुग्नुपर्ने हो मायोपहित चेतनमा।

यजमान त्यही हो, प्राणीमात्रमा अधियज्ञभावमा छ, अधिदैवभन्दा सूक्ष्म हो, अध्यात्मभावको उद्भावक वा सम्पादक हो। शास्त्रभेदेन कहीँ यजमान, कहीँ अग्नि, कहीँ होता र कहीँ दीक्षित नामले निरूपण भएको छ, नामभेद प्रवृत्तिनिमित्त हो। जसरी जुन रूपमा निरूपण भए पनि पशुपति हो तापनि अधियज्ञको आश्रयले अध्यात्म-अधिभूत-अधिदैव विवेक हुनैपर्छ नत्र यथार्थाधिगति रोकिन्छ।

पशुपति विग्रह पञ्चात्मा हो अर्थात् पाँच स्वरूप छन्। अठाइसौँ कल्पसम्म रूपभेद थिएन, निरपेक्ष थियो। निरपेक्षं वस्तु दुराकलित हुनसक्छ कालक्रमको अधिकारिदुर्लभता दुराकलनको निमित्त भयो होला। सापेक्ष्य उद्देश्यको पहिलो क्रममा काल परेको हो भन्नुपर्छ, तदनुसार उनन्तीसौँ कल्पदेखि तेत्तीसौँ कल्पसम्म पाँच भावमा सम्पन्न एकैरूप पशुपति अद्यावधि अधिकारिभेदेन उपास्य र ज्ञेयभावमा रहेका छन्। पाँच भावमध्ये उनन्तीसौँ कल्पको सद्योजात हुन्, सेतो वर्ण र वस्त्र पनि सेतै छ यजुर्वेदात्मा हो, पृथिवीसंस्थ हो। विशेषतः शान्त्यर्थ उपास्य हो। तीसौँ कल्पका वामदेव हुन्, लोहितवर्ण र वस्त्र पनि रातै छ, सामवेदात्मा हो, जलसंस्थ हो, सर्गप्रलयको हेतु हो, तदर्थीको उपास्य हो। एकतीसौँ कल्पका तत्पुरुष हुन्, हरितवर्ण र पीतवासा हो, गज वा तेजःसंस्थ हो, ऋग्वेदात्मा हो, वशीकरणमा उपास्य हो। बत्तीसौँ कल्पका अघोर हो, कालो वर्ण र कृष्णवासा हो, अथर्ववेदात्मा हो, वायुसंस्थ हो, आभिचारिकको उपास्य हो तथापि गायत्री वा समग्र वेदबाट उपासना गरे भोगदेखि अपवर्गसम्म साधक सङ्कल्पानुसार सर्वसिद्धिदायक हुन्। तेत्तीसौँ कल्पका ईशान हुन्, शुद्ध स्फटिकवर्ण, विश्ववासा वा श्वेतवासा हुने, ॐकार बीजात्मा सर्वधर्मको साधन हो, व्योमसंस्थ हो, विशेषतः उपासकको मेधावर्धक हुन्।

द्विवृत्करण अर्थात् दुई मिसिएपछि पहिलेभन्दा स्थूल हुन्छ। काल र मायासंवलित आत्मा दुवै सूक्ष्म हुन्, स्थूलारम्भक हुन्, स्थूल हुँदा पञ्चभूतात्मा भएको छ, सर्वात्मा भएको छ, त्यही सत्य हो। पृथिवी, जल, तेज सत् हुन् भने वायु र आकाश त्यत् हुन्, पाँचैको समष्टि सत्यम् हो, व्यापक ब्रह्म हो, आत्मा हो, पशुपति नामबाट वेदादिशास्त्र त्यसैका निरूपक हुन्। पृथिवीदेखि आकाशसम्मका पदार्थ उत्तरोत्तर सूक्ष्म हुन्। तत्तत् संस्थ हुँदा सद्योजातदेखि ईशानसम्म उत्तरोत्तर सूक्ष्म हुँदै सूक्ष्मतम ईशान हो, सर्वप्रतिष्ठा त्यसैमा छ, जगद्बीजत्व छ। अतः वामदेवादिमा आपेक्षिक विशेष्यता रहे पनि मुख्य विशेष्यता चाहिँ ईशान मै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विवृत्करणबाट कालापेक्षी सूक्ष्माध्यास हुँदा पनि उपास्यमा अपेक्षित स्थूलता आधान हुनसकेन। स्थूलतर हुन पर्‍यो, त्यसो हुन त्रिवृत्करण अर्थात् देशापेक्षी स्थूलाध्यास चाहिने भयो, त्यसैले पहिलेकै द्विवृत्मा देश संयोजन हुँदा त्रिवृत् भयो अर्थात् स्थूलाध्यास भयो अनि जिज्ञासु, मुमुक्षु, साधारणको सुवेद्य हुनपुग्यो। कालविशेषजस्तै देशविशेष संयोजन हो, देश सामान्य संयोजन होइन। संयोजित ती देशविशेष विशिष्ट तीर्थरूपमा व्यवस्थित भएका छन्। तिनै तीर्थविशेष ज्योतिर्लिङ्गाधिष्ठानत्वेन प्रतिष्ठित छन्। बाह्रमध्ये पाँचौं केदारेश्वर ज्योतिर्लिङ्ग हो, यसको अधिष्ठानक्षेत्र नेपालको उत्तरपश्चिमी दिक्मा पर्ने हिमवत्पर्वत हो, सम्प्रति भारतको उत्तराञ्चलराज्यमा पर्दछ।

केदारको अर्थ क्षेत्र हो प्रसवभूमि हो। बीजसम्बन्ध र सहकारी मिलेपछि फलनिष्पत्ति नभएसम्म फलसम्बर्धनहेतुता क्षेत्रमा रहन्छ। फलनिष्पत्तिपछि फलार्थ क्षेत्रसम्बन्ध चाहिँदैन। फल स्वयं बीजभावबाट फलभावमा पुग्न भने क्षेत्रसम्बन्ध अपरिहार्य छ। क्षेत्रमा बीजाधानपछि अङ्कुरादि हुँदै फलसम्म पुग्दा अनन्त व्यापार हुन्छन्, ती सबै क्रियात्मक हुन्छन्। प्रतिप्राणीका स्थूलशरीरदेखि बुद्धिसम्म सबै भूतविकार हुन्, भूतमय हुन्, जड हुन्, क्षेत्रमा पर्छन्। त्यहाँ वपनात्मक क्रिया हुन्छ। क्रियाकर्तृमा फलसम्बन्ध स्वतः रहँदैन, धर्माधर्मको उत्पत्ति पनि हुँदैन, त्यसो हुँदा अपवर्गको बाटो खुल्छ। ससङ्कल्प क्रियाबाट भने धर्माधर्म र त्यसबाट सुखदुःखात्मक फल हुन्छ, त्यो भोग हो। सर्वत्र बीजानुरूप फल हुन्छ। तत्तत्फलनिष्पादकता केवल जडमा रहन सक्तैन, निरुपाधिचेतनमा पनि त्यो सम्भव छैन। अतः उक्त सबै कामको प्रेरक, नियामक र निष्पादक चेतनवस्तु मान्नैपर्छ। त्यो चेतन हो क्षेत्रज्ञ, क्षेत्राभिन्नत्वेन प्रतीत हुन्छ, क्षेत्रवृत्ति नै हो। त्यही क्षेत्रक्षेत्रज्ञ सम्भूत्यात्मक केदारेश्वरको प्रादुर्भाव हिमवत्कुलाचलमा भएको हो।

सातै कुलाचल स्वतः पुण्यभूमि हुन्। पहिलो कुलाचल हिमवद् हो, नरनारायणको तपोभूमि हो, लोककल्याणार्थ आकल्पान्त त्यहीँ रहन्छन्। नारायणकै तपःप्रभाव हिमवद्कुलाचलमा ज्योतिरूप सान्निध्यको कारण हो।

दैव-आर्ष-आसुर-मानुषभेदेन चार प्रकारका तीर्थ छन्। उत्तरोत्तरापेक्षया पूर्वपूर्वका श्रेष्ठ हुन्, यिनैमध्ये केदारेश्वर दैव र आर्ष हो। नारायण देव र ऋषि दुवै हुन्, उनैको प्रभावबाट भएकाले उभयात्मक हो। त्यसै क्षेत्रवर्ती केदारेश्वर दर्शनार्थ पाण्डव गएको उल्लेख पुराणमा उपलब्ध छ। वनद्रोणीमा विचरण गर्दै गरेको महिष पाण्डवले देखेर केदार बुझेर ग्रहण गरे तर पृष्ठभाग बुझे, शिरोभाग भेटेनन्। उनले स्पर्श गर्नेबित्तिकै शिरोभाग नेपालमा आयो भन्ने पौराणिक उपाख्यान प्रायः सर्वविदित छ।

यो त रूपक हो। पुराणको भाषा त्यस्तै हुन्छ। त्यसैले भनिन्छ वेदार्थ उपबृंहक पुराण हो, व्याख्याता वा अर्थप्रकाशक होइन। शिर आउनुको भाव यसरी बुझ्नु बेस होला- महिषको शिर छुटेर नेपाल आएको होइन। शिरःपदले तदुपलक्षित ज्ञानेन्द्रिय बुझ्नुपर्छ। पाँचमध्ये चार ज्ञानेन्द्रियाधिष्ठान शिरोभागै हो र एक शरीरव्यापी छ। उपलक्षणविधया प्राप्त इन्द्रियको भाव यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानशक्ति हो, ज्ञानशक्तिविशिष्ट परमेश्वर हो। महिषको शरीरभाग पाण्डवले आत्मसात् गरे भन्नु क्रियाशक्तिविशिष्ट परमेश्वर बुझे भन्नु हो। क्रियाशक्तिविशिष्टमा मात्र दुरितनिवर्तकता एकान्ततः रहँदैन, ज्ञानशक्तिविशिष्टमा रहन्छ। हुन त ज्ञानशक्ति र क्रियाशक्तिविशिष्ट नै परमेश्वर हुने हो, कुनै शक्तिको अभाव त्यहाँ हुँदैन तैपनि ज्ञानशक्तिप्राधान्यमा क्रियाशक्ति उपसर्जन र क्रियाशक्तिप्राधान्यमा ज्ञानशक्ति उपसर्जनीभूत हुन्छन्। यस हेतु क्रियोपसर्जनीभूत ज्ञानशक्तिविशिष्ट परमेश्वर नेपालभूमिमा आएको र वाग्वतीनदीको पश्चिम किनारमा नित्य सन्निहित छ। त्यही पशुपति हो, हालसम्म पशुपति नामले विश्वविख्यात छ।

नेपालमै किन आएको त ? उत्तर छ- जहाँ विशेष महत्त्वाधायी वस्तुसम्बन्ध रहन्छ त्यो भूमि अवश्य नै पुण्यतमा हो भन्ने बुझ्नुपर्छ। नेपालभूमि पुण्यतमा हो। पहिले यो भूमि धर्मारण्य हो, कालक्रममा विधर्मी बौद्धको पनि यो भूमि राज्य हुन पुग्यो। बौद्धधर्मको प्रभाव रह्यो, त्रैवर्णिक तिरस्कृत हुने क्रम बढ्यो। यही परिवेशमा केही ब्राह्मण स्वधर्मरक्षा र बौद्धधर्मपराभवमा लागे। कालक्रम र हनुमान्जीको प्रभावले त्यो काम भयो। पुनः सनातनी राजा भए, सुव्यवस्था चल्यो। यो स्थान शाक्तक्षेत्रको रूपमा प्रसिद्ध थियो, त्यसैले भगवान् रामको आगमन धर्मारण्यमा भएको चर्चा छ।

मृगरूपी भगवान् शिवको भ्रमण मृगयूथमध्यमा हुने गर्थ्यो यहींको वनमा। मृगभावापन्न शिवको दर्शनार्थ नेपालभूमिमा आउने गर्थे देवताहरू, त्यसैले यो भूमि 'देवपतनम्' भएको हो, पुण्यतमा भूमि हो सहर होइन, अतः 'देवपत्तनम्' होइन।

यहाँ दैशिकी सीमा पनि छ। पशुपतिलाई केन्द्र मानेर चारैतिर अनुपातमा चौध-चौध योजन यसको बृहत् क्षेत्र हो, शिवशक्त्यात्मक हो। पूर्वमा कुशेश्वर सुवर्णकौशिकी आदिलिङ्ग, दक्षिणमा वाग्वतीको पूर्वी धार, पश्चिममा त्रिशूली हुँदै नीलकण्ठह्रद गोसाइकुण्ड, त्यहाँबाट पाँचपोखरी हुँदै इन्द्रावती स्फटिकेश्वर र ताम्रकौशिकी नागह्रद भीमेश्वर उत्तरी सीमा हो।

ब्रह्मा, विष्णु र इन्द्रबाट मृगश्रृङ्गका टुक्रा चन्द्रभालेश्वर नामले प्रतिष्ठा भएको थियो। सम्प्रति त्यही उत्तर गोकर्णेश्वर नामले प्रसिद्ध छ। यही स्थान हुँदै अश्विनीमुखदेखि वाग्वती आगमन, सुन्दरीमाताको सन्निधान यसै क्षेत्रको केन्द्रमा रहेका छन्। यस हेतु क्रियोपसर्जनीभूत ज्ञानशक्ति विशिष्ट परमेश्वर पशुपतिरूपेण नेपाल आई यहीं विराजमान भएका छन्।

नेपालको आराधनापद्धतिमा उभयभाव देखिन्छ, जस्तै- शरदृऋतु आश्विनशुक्लाष्टमी-नवमीसन्धि मध्यरात्रिमा शिव-शक्ति अर्थात् शिवोपसर्जनीभूत शक्तिप्रधान विपरीतरता आनन्दरूपिणी शक्ति पूजित हुन्छिन् र शैवपर्व शिवरात्रि आदिमा विशेष र सामान्यतः सधैं शक्तिउपसर्जनीभूत शिवको आराधना हुने गर्छ। वाच्यार्थविद्याको यो विवेक हो विरुद्धांश परित्याग गरी लक्ष्यार्थ आत्मामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्न सकिन्छ। पाशुपतक्षेत्र शिवशक्त्यात्मक हो, शिवशक्तिमा समप्राधान्य छ। शिवका उपासकले सशक्तिक शिव र शक्तिका उपासकले साधिष्ठाना शक्ति उपासना गर्नुपर्ने व्यवस्था छ।

यसरी अत्यन्त सङ्क्षेपमा पशुपतिबारे सैद्धान्तिक अर्थ दिग्दर्शनमात्र भएको छ। गतानुगतिकत्वमा शास्त्रमर्यादा अनतिप्रयोजनक हुन्छ, त्यस्तै यहाँ छ। परम्परा र धर्मका नाममा असामयिक क्रियाकलाप हुने गरेका छन्। त्यसको सुधार पनि सामयिक हुन पुगेको छ। अनुसन्धेय विधा पनि केही छन्, कालक्रमेण हुँदै जानेछन्।

विश्वमा तीन करोड पचास लाख तीर्थ छन्, तीमध्ये नेपालको पाशुपतक्षेत्र तीर्थ एक असाधारण दैवतीर्थ हो, अनेकतीर्थघटित हो। सबै सिद्धि यहाँ हुन्छन्।

धर्मारण्यं कृतयुगे त्रेतायां सत्यमन्दिरम्। द्वापरे वेदभवनं कलौ नेपालकं स्मृतम्॥ नेपालकंको स्थानमा "मैहेरकम्" पाठ पनि कतै देखिन्छ।

यसप्रकारको युगभेदेन नामभेद भए पनि रुद्रमहालय पशुपतिक्षेत्र शिवशक्त्यात्मक, सर्वसिद्धिदायक, असाधारण तीर्थ हो जुन नेपालको राजधानी काठमाडौंमा पर्दछ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्त शैवदर्शन

–प्रा.डा. दुर्गाप्रसाद दवाडी

दर्शन शब्दको सामान्य अर्थ देख्नु हुन्छ, अर्थात् चाक्षुषज्ञान, चक्षुद्वारा ज्ञान गर्नु हो। **"दृशिर् प्रेक्षणे"** धातुपाठमा पठित धातुको चाक्षुषज्ञानानुकूल व्यापार गरिन्छ। त्यसमा चाक्षुषविशेषको प्रमोष (त्याग) गरेर ज्ञानसामान्य अर्थ रहन्छ र त्यसको लक्षणद्वारा तत्त्वज्ञानानुकूल व्यापार अर्थ गरिन्छ। तत्त्वज्ञान दर्शनको अर्थ हुन्छ। दर्शनशास्त्रहरूमा तत्त्वज्ञानको फल निःश्रेयसप्राप्ति, मोक्ष बताइएको छ।[1] सीधा आउने गङ्गा, नर्मदा आदि नदीको समुद्र साक्षात् प्राप्त हुन्छ र वक्र (बाङ्गो) बाटोबाट आउने यमुना, सरयू आदिको गङ्गा आदिमा प्रवेशद्वारा परम्परया समुद्र प्राप्य हुन्छ। त्यस्तै वेदान्तादि कुनै दर्शनले सोझै मोक्षप्राप्ति गराउँछन् भने कुनैले अन्तःकरण शुद्धितारतम्यद्वारा परम्परया मोक्षप्राप्ति गराउँछन्। ऋजुमार्ग (सोझो बाटो) हुँदाहुँदै कुटिल पन्थमा (बाङ्गो बाटो) रुचिको वैचित्र्यले (प्रत्येक मनुष्यको भिन्नभिन्न रुचि हुनाले), तत्त्वशास्त्रप्रस्थानमा "यो मेरो हितकर हो, यो मेरो हितकर हो" यस्तो आफ्नो पूर्वजन्मको कर्मवासनाले ऋजुत्व र कुटिलत्वको निश्चयको सामर्थ्य नहुनाले, कुटिलमा पनि ऋजुत्वको भ्रान्तिले प्रवृत्ति हुन सक्छ र दर्शनभेद यसै कारणले भएको हो।

त्यसो हुँदा पदार्थको मूलतत्त्वको दर्शन (अनुसन्धान) जुन शास्त्रले गरिन्छ, त्यो दर्शन हो, मूलतत्त्वको अन्वेषण नै मोक्षको साधन हो। मूलतत्त्वको अन्वेषण प्रमाणहरूद्वारा गरिन्छ र प्रमाणहरू

---

१. (क) प्रमाणप्रमेयस्वाशयप्रयोजनदृष्टान्तसिद्धान्तावयवतर्कनिर्णयवादजल्प
वितण्डाहेत्वाभासच्छलजातिनिग्रहस्थानानां तत्त्वज्ञानान्निःश्रेयसाधिगमः।

(ख) धर्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां
साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसाधिगम (वैशेषिकसूत्र, १।१।४)

(ग) सम्यग्ज्ञानाधिगमादधर्मादीनामकारणप्राप्तौ।
तिष्ठति संस्कारवशाच्चक्रभ्रमिवद् धृतशरीरः॥
प्राप्ते शरीरभेदे चरितार्थत्वात्प्रधानविनिवृत्तो।
ऐकान्तिकमात्यन्तिकमुभयं कैवल्यमाप्नोति॥ (साङ्ख्यकारिका, ६७-६८)

(घ) एतत्परं याथातथ्यम्, एतज्ज्ञात्वा कृतकृत्यः स्यान्तपुनास्त्रिविधेन दुःखेना-
भिभूयते। (तत्त्वसमाससूत्र, २५ याथातथ्यम् तत्त्वज्ञानम् कृत्यकृत्यः मुक्तः)

(ङ) सम्यग्दर्शनविध्वस्ततमसान्तु नित्यसिद्ध त्रिर्वाणपरायणानामसिद्धैवाव्यावृतिः।
(ब्रह्मसूत्र, ४।४।२२ सूत्रमा शाङ्करभाष्य, सम्पादर्शन तत्त्वज्ञान, अनावृत्तिः मोक्ष, अपुनर्भव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक मानिएका छन् जुनमा तीन प्रमाणहरूलाई मुख्य मान्न सकिन्छ। ती मुख्य प्रमाण प्रत्यक्ष, अनुमान र शब्द मान्न सकिन्छन्। कारणको भेदले कार्यमा भेद हुन्छ र प्रमाणहरूको भेदले दर्शनहरूमा भेद हुनु स्वाभाविक नै भयो। ती तीन प्रमाणाश्रित दर्शनहरूलाई सर्वप्रथम तीन वर्गमा नै विभाजन गर्दा प्रत्यक्ष प्रमाणाश्रित (आध्यक्षिक) अनुमान प्रमाणाश्रित (तार्किक) र शब्द प्रमाणाश्रित (श्रोत) हुन्छ। त्यसमा प्रत्यक्षलाई मात्रै प्रमाण मान्ने (आध्यक्षिक) दार्शनिकहरूको भेद छैन र त्यो अदर्शनकार केवल एकमात्र चार्वाक मानिएका छन्। अनुमान (तर्क) लाई आश्रय लिने दार्शनिकहरूको दुई भेद गर्न सकिन्छ- आस्तिक र नास्तिक। श्रुतिनिरपेक्षतर्फको आश्रय लिने नास्तिक हुन् भने श्रुतिसापेक्षतर्फको आश्रय लिने आस्तिक हुन्। नास्तिकका पुनः दुई भेद गर्न सकिन्छ- ऐकान्तिक र अनैकान्तिक। यो यस्तै हो भनेर ठोकुवा गर्ने ऐकान्तिक हुन्, ती बौद्ध दर्शनानुयायी दार्शनिक भनिन्छन्। उनीहरू **'सर्वं दुःखम्, सर्वं क्षणिकम् सर्वं स्वलक्षणम् सर्वं शून्यम्'** यसमा दृढ हुन्छन्। **'स्यादस्ति स्यान्नास्ति'** सम्भवतः वस्तु (द्रव्यरूपेण नित्य) छ, सम्भवतः वस्तु (पर्यायरूपेण अनित्य छ, नित्य) छैन, यस रीतिले वस्तुको एकरूपतामा दृढ नरहने अनेक रूपता स्वीकार गर्ने दार्शनिक अनैकान्तिक हुन्। जैनदर्शन अनैकान्तिक दर्शन हो। चार्वाकलाई पनि श्रुतिको प्रमाण नमान्ने हुनाले नास्तिक नै मानिन्छ। आस्तिक दर्शनकारहरूलाई सर्वप्रथम दुई वर्गमा विभाग गर्न सकिन्छ- निर्गुणात्मवादी र सगुणात्मवादी। यी दुईलाई पुनः दुई दुई वर्गमा राख्न सकिन्छ- तर्कलाई प्रमुखता दिने (तार्किक) र श्रुतिलाई प्रमुखता दिने (श्रौत)। निर्गुणात्मवादी तार्किकका पुनः दुई भेद गर्न सकिन्छ- निरीश्वरवादी (साङ्ख्य) र सेश्वरवादी (पातञ्जल योगदर्शनवादी)। निर्गुणात्मवादी श्रौत दार्शनिकहरूमा शङ्कराचार्य प्रमुख हुनुहुन्छ। शाङ्करप्रस्थानमा पनि भामतीप्रस्थान, विवरणप्रस्थान आदि भेद मानिएका छन्। सगुणात्मवादी श्रौतका दुई भेद गर्न सकिन्छन्- वाक्यार्थवादी (मीमांसक) र पदार्थवादी (वैयाकरण, पाणिनि)। सगुणात्मवादी तार्किकका दुई भेद गर्न सकिन्छन्- प्रच्छन्नतार्किक र स्पष्टतार्किक। त्यसमा पनि प्रच्छन्नतार्किकका दुई भेद गर्न सकिन्छन्- प्रच्छन्नद्वैत (रामानुज) र स्पष्टद्वैत (मध्य वा पूर्णप्रज्ञ)। स्पष्टतार्किकका पुनः दुई भेद गर्न सकिन्छन्- उत्पत्तिसाधनदृष्टवादी, भोगसाधनदृष्टवादी। उत्पत्तिसाधनदृष्टवादी (शब्दलाई अनुमानमा अन्तर्भाव मान्ने वैशेषिक)। भोगसाधनदृष्टवादी (धर्म कर्मजन्य हैन, कर्म नै धर्म हो, कर्मले नै भोग हुन्छ भन्ने) दार्शनिकहरूको पुनः दुई भेद गर्न सकिन्छ- जीवन्मुक्तिवादी र विदेहमुक्तिवादी। उनीहरू पारदको शोधन गरेर त्यसको प्रयोग गरेमा यसै शरीरमा जीवन्मुक्त भइन्छ भन्छन्। विदेहमुक्तिवादीका पुनः दुई भेद मान्न सकिन्छ- आत्मैक्यवादी र आत्मभेदवादी। आत्मैक्यवादी दार्शनिक प्रत्यभिज्ञावादी हुन्। आत्मभेदवादी दार्शनिकका पुनः दुई भेद गर्न सकिन्छ- कर्मनिरपेक्षेश्वरवादी (नकुलीश पाशुपत) र कर्मसापेक्षेश्वरवादी (सिद्धान्त शैव)। यहाँ प्रतिपाद्य सिद्धान्त शैवदर्शन दर्शनको विभागमा अन्त्य (सबैभन्दा पछिल्लो) हो।

यो आलेख सिद्धान्त शैवदर्शन विषयक हुनाले अब त्यस दर्शनको सङ्क्षिप्त विवेचन प्रस्तुत गरिन्छ। नकुलीश पाशुपत दर्शनमा पति, पशु, पाशादि पदार्थको विवेचन गरिएको छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस दर्शनले वैष्णव दर्शनहरूको न्यूनता देखाएको छ। वैष्णवदर्शनहरू (रामानुज, माध्व आदि) ले ईश्वरको दासत्वादि प्राप्तिरूप मोक्ष मानेको हुनाले दासता परतन्त्र नै हुन्छ, जो परतन्त्र छ, त्यसलाई मुक्त कसरी मान्ने इत्यादि दोष छन्। त्यसको निराकरण नकुलीश पाशुपत दर्शनले गरेको छ। साथै परमेश्वर परम स्वतन्त्र भएको हुनाले कर्मादि निरपेक्षकारण छ र जीवलाई मुक्त गर्छ भनेको हुनाले परमेश्वरमा वैषम्भ र नैर्घृण्य दोष आउँछ। त्यस दोषको निराकरण सिद्धान्त शैवदर्शनले गरेको छ। यस दर्शनानुसार कर्मसापेक्ष परमेश्वर सृष्ट्यादिको कारण हो। निरपेक्ष ईश्वरले संसारमा कुनै प्राणीलाई खुसी, कुनैलाई दुःखी बनाउँदा ईश्वर पक्षपाती हुने भए र उनमा नियम दृष्टिको आरोप हुने भयो। साथै परमेश्वर निर्घृण (निर्दय) पनि हुने भए। समर्थ भएर पनि दुःखी प्राणीको दुःख नहटाउने हुनाले उनीलाई दयारहित भन्न पनि सकिन्छ। संसारको निर्दयतापूर्वक संहार गर्नाले पनि ईश्वरमा उक्त दोष आउन सक्छ। परमेश्वरमा आउने उक्त दोष दूर गर्न सिद्धान्त शैवदर्शनले कर्मसापेक्षताको सिद्धान्त अँगालेको छ। प्राणीको कर्मानुसार नै ईश्वरले फल दिनुहुन्छ। साथै परमशिव परमेश्वर पशुपति दयालु पनि हुनुहुन्छ। पशुको कर्मफल भोगाएर त्यसलाई शुद्ध पारेर पाशबाट छुटाएर अनुग्रह शक्तिपातद्वारा मोक्ष पदमा पुऱ्याउनु हुन्छ।

यस दर्शनअनुसार पशु, पति र पाश यी तीन पदार्थ मानिएका छन्। त्यसमा पति अर्थात् शिव सर्वप्रथम तत्त्व हुन्। अनादि सर्वकर्ता सर्वज्ञ परमशिवले अनादिकालिक मल, कर्म, माया र परमेश्वरको निरोधशक्तिले परमेश्वरदेखि विषम पारिएको बन्ध (पाश) ले युक्त भएको पाशजाल काटिदिनुहुन्छ।[२] कथनको आशय यो हो कि मल, कर्म, निरोधशक्तिद्वारा (सर्वज्ञ सर्वकर्ता परमशिवको स्वात्मप्रच्छादन क्रीडाद्वारा) स्वयं शिव अणु बन्नु हुन्छ। त्यसपछि उहाँमा अरू बन्धन पनि हुन जान्छन्। बन्धनको अपोहन (निरसन, खण्डन) भएमा शिवत्व नै अभिव्यक्त हुन्छ। त्यसो हुँदा अणु (जीव) को शिवसित विषमता हुनुमा मल, कर्म, निरोधशक्ति मुख्य र माया आदि पनि कारण हुन्। परमेश्वर परमशिवले पशुको योग्यतालाई अपेक्षा गरेर सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पञ्चविधकृत्यकारी परशिवले अनुग्रह कृत्यमा प्रवृत्त भएर पाशजाललाई अपोहन गर्नुहुन्छ। शैवशास्त्रको प्रथमसूत्रले तीन पदार्थको पशु, पति र पाशको सूचना गर्छ। त्यसले यस शास्त्रका चार पाद छन् भन्ने पनि सूचित गर्छ। **"पाशजालमपोहति"** पाशजाललाई काटिदिनुहुन्छ। यस अपोहननिरसनक्रियाद्वारा क्रिया, चर्या र योग यी तीन पाद र पशु, पति, पाश यस पदार्थ विभाजनद्वारा विद्यापादनामक चौथो पाद मिलाएर यस दर्शनका चार पाद छन् भन्ने सूचित हुन्छ। यस अर्थलाई सूचित गर्ने सूत्रलाई माधवाचार्यले सर्वदर्शनसङ्ग्रहमा पनि प्रमुखता दिनुभएको छ।[३] यो शैवशास्त्रलाई महातन्त्र भनिएको छ। यसले अन्य दर्शनलाईभन्दा अधिक फल दिने हुनाले नै त्यसो भनिएको हो। साथै शिवमा भेद कसरी भयो भन्ने कुरा देखाउनाले तथ्य तत् प्रमेयको तन्त्र (सङ्क्षेप) गरेकाले पनि यो महातन्त्र हो। यस शास्त्रका

२. अथानादिमलापेतः सर्वकृत् सर्वविच्छिवः
पूर्वव्यत्यासितस्याणोः पाशजालमपोहति ॥ (मृगेन्द्रागम, १।२।१)

३. त्रिपदार्थं चतुष्पादं महातन्त्रं जगत्पतिः
सूत्रेणैकेन संहृत्य प्राह विस्तरशः पुनः ॥ (मृगेन्द्रागम २।२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवर्तक स्वयं जगद्गुरु जगत्पति श्रीकण्ठनाथ हुनुहुन्छ। यस शास्त्रको प्रथम पाद विद्यापादमा पशु, पाश र पति (ईश्वर) को निरूपण गरिएको छ भने क्रियापादमा अनेक प्रकारको साङ्ग दीक्षा विधि बताइएको छ। शैवी दीक्षा प्राप्त गरेर पशु पाशबाट मुक्त हुन सक्छ, त्यसो हुँदा त्यस दीक्षाको विधि प्रतिपादन क्रियापादमा गरिएको छ। यसरी ज्ञान र क्रियाको क्रम जाने पनि समाधिको अभ्यास नगरेमा चित्तैकाग्रताको अभावमा (निदिध्यासनको अभावमा) आत्मज्ञान हुन नसक्ने हुनाले यम-नियम-आसन-प्राणायाम आदि अङ्गसहितको समाधिको वर्णन योगपादमा गरिएको छ। विहित (वेदविहित) कर्मको आचरण र निषिद्ध वेदमा निषिद्ध सबै प्राणीको हिंसा नगर्नु, यज्ञकर्ममा असत्य नबोल्नु इत्यादि वेदमा निषिद्धको वर्जन चर्या हो। यो चर्या नभई मुक्त हुन सक्दैन। त्यसो हुँदा यस शास्त्रको चतुर्थपाद चर्यापाद हो। यी चारै पादको विवेचन यहाँ अशक्य हुँदा केवल विद्यापादको सङ्क्षिप्त विवेचन गर्ने प्रयत्न गरिन्छ। पति, पशु र पाश यी तीन पदार्थको विवेचन विद्यापादमा गरिएको छ।

पतिपदार्थ

पति भन्नाले शिवलाई पतिपदार्थ बुझ्नुपर्छ। यद्यपि मुक्तात्मा विद्येश्वर आदिको पनि शिवत्व हुन्छ किन्तु उनीहरू परमेश्वर परमशिवको अधीन हुनाले स्वतन्त्र हुँदैनन्। परमशिव परम स्वतन्त्र हुनुहुन्छ भने उहाँदेखि भिन्न सबै परतन्त्र छन् मल, कर्म, माया आदिले बाँधिएका छन्। परमशिवलाई पशुपति नामले वेदमा पनि निर्देश गरिएको छ।[४] पशुपति केवल चतुष्पादका (चौपाया, मृगादि, गवादि पशुहरूका) मात्रै पति हुनुहुन्न, अपितु सबैका पति हुनुहुन्छ, सर्वज्ञ, स्वतन्त्र सर्वकर्ता हुनुहुन्छ। परमशिव पशुपति सर्वव्यापी, अनादि अनन्त (नित्य) सदैवमुक्त निर्मल चिद्घन, प्रभु शान्त र कर्ता भए पनि निर्विकार हुनुहुन्छ।[५] मलादिको उन्मीलनकर्ता भए पनि भगवान् सूर्य जसरी त्यस उन्मीलन विकारले रहित हुनुहुन्छ, त्यस्तै परमशिव पनि जगत्का निमित्त कारण हुनुहुन्छ। जगत्को उपादन (असमवायी) कारण ईश्वरकी शक्ति हुन् भने माया समवायी कारण हुन्-

निमित्तकारणं त्वीशो ह्युपादनञ्च शक्तयः।
समवायी तथा माया कर्ममेतज्जगत् त्रयम्॥

यद्यपि शिव र शक्तिमा भेद छैन भन्ने सर्वत्र शैवशास्त्रहरूमा वर्णन पाइन्छ तापनि शिवतत्त्व नै सर्वतत्त्वमय हुनाले आत्मप्रच्छादनक्रीडामा तत्पर शिव नै शक्तिरूपमा परिणत हुनुहुन्छ र छत्तीस तत्त्वको विस्तार हुन्छ। भगवान् परमशिव पशुपतिका अनन्तशक्ति छन्, तथापि चिदानन्देच्छा ज्ञानक्रिया यी पाँच शक्ति मुख्य मानिएका छन्। प्रकाशनान्दमय पूर्ण परमेश्वर शिव

४. नमः शङ्गवे च पशुपतये च नम उग्राय च भीमाय च नमः। (शुक्लयजुर्वेदसंहिता १६)।
५. तत्रेशः सर्वकृच्छान्तः सर्वज्ञः सर्वकृत्प्रभुः।
सकलो निष्कलोऽनन्तः शक्तिरप्यस्य तद् द्विधा॥
सिसृक्षुर्जगतः सृष्टेरादावेव निजेच्छया ॥१८॥ (मालिनीविजयोतरतन्त्र, १।१८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छाशक्तिको समावेश भएमा शक्तिदशा, ज्ञानशक्तिको समावेश भएमा सदाशिवदशा र क्रियाशक्तिको समावेशदशामा ईश्वरदशालाई प्राप्त गर्नुहुन्छ। यस रीतिले परमशिव, शक्ति, सदाशिव ईश्वर तत्त्वको आविर्भावपछि शुद्धविद्यातत्त्वको आविर्भाव हुन्छ। शुद्ध विद्यातत्त्वबाट मायातत्त्वको उत्पत्ति हुन्छ। शुद्धविद्यासम्मको सृष्टि शुद्धसृष्टि भनिन्छ। माया र मायापछिको सृष्टि अशुद्ध सृष्टि भनिन्छ। शुद्ध सृष्टिका कर्ता साक्षात् परमशिव नै मानिनु हुन्छ।[६] अशुद्ध सृष्टि भने अनन्त नाथ (मन्त्रेश्वर, शुद्ध विद्याका अघिष्ठातादेव अनन्तनाथ)[७] हुनुहुन्छ। धर्म र अधर्मरूप कर्म छ, जुन सुख र दुःखले जान्न सकिन्छ। ईश्वरको इच्छाले जव जीवलाई भोगको इच्छा हुन्छ तब मन्त्रराज (अनन्तनाथ) मायामा आविष्ट भएर जगत्‌को उत्पत्ति गर्नुहुन्छ।[८] त्यसपछि मायाका पाँचकञ्चुक कला, विद्या, राग, नियति र कालतत्त्वको सृष्टि हुन्छ। मायाको स्वरूप वेदान्तदर्शनमा अज्ञानको रूपमा वर्णन गरिएर सत्त्वेन असत्त्वेन अनिवर्चनीय भावरूप ज्ञान विरोधी बताइएको छ।[९] शैवशास्त्रमा भने व्यापिनी, निष्कला, अनाद्यनन्ता, व्ययहीना मानिएकी छन्। उनैले (मायाले) सर्वप्रथम कलातत्त्वलाई उत्पन्न गर्छिन्। जुन कलातत्त्वले गर्दा (सर्वकर्ता शिवस्वरूप) जीव आफूलाई यत्किञ्चित्कर्ता सम्झन्छ। त्यसपछि विद्या र राग सृष्टि गर्छिन्। विद्या (अंशुद्धविद्याले गर्दा सर्वज्ञ शिव यत्किञ्चिन्ज्ञ (केही मात्रै जान्ने) हुन्छन्। रागले गर्दा शिव अशुचि (अपवित्र) भोगमा रक्त हुन्छ, नित्य तृप्त शिव अतृप्त भएर भोगमा तृप्ति मान्न थाल्छ। त्यसपछि नियति तत्त्व कञ्चुकको सृष्टिले सर्वतन्त्रस्वतन्त्र शिवनियति (भाग्य) को अधीनमा (परतन्त्र) हुनजान्छ। नियतिले त्यस जीवलाई कर्ममा लगाउँछिन्। त्यसपछि कालकञ्चुकको सृष्टिले शिव सदैव विद्यमान भए पनि "म यस कालमा मेरो आयु घट्दो छ" यस्तो भावना गर्न थाल्दछ।[१०] यस अवस्थामा परमशिव पुरुषको रूपमा परिणत भइसक्छ। मायाबाट नै साङ्ख्यशास्त्रमा स्वीकृत प्रकृतिको उत्पत्ति हुन्छ। साङ्ख्यशास्त्रमा बताइएका पच्चीस तत्त्व पुरुष, प्रकृति, महतत्त्व, अहङ्कार पञ्चतन्मात्रा र एकादश इन्द्रिय पञ्चमहाभूत हुन्, जुन शैवशास्त्रमा पनि

६. शुद्धेऽध्वनि शिवः कर्ता।

७. अशुद्धे पुनरध्वान मनन्तापर नामाघोरेशः सृजति। (तन्त्रसार, पृष्ठ ७५)।

८. धर्माधर्मात्मकं कर्म सुख दुःखादिलक्षणम्।
ईश्वरेच्छावशादस्य भोगेच्छा सम्प्रजायते ॥
भोगसाधनसंसिध्यै भोगेच्छोरस्य मन्त्रराट्।
जगदुत्पादयामास मायामाविश्य शक्तिभिः ॥ (मालिनीविजयोत्तरतन्त्र, १।२४, २५)।

९. अज्ञानन्तु सदसद्‌भ्यामनर्वचनीयं ज्ञानविरोधी भावरूपं किञ्चिदिति वदन्ति (वेदान्तसार)।

१०. सा चैका व्यापिनीरूपा निष्कला जगतो निधिः।
अनाद्यन्ता शिवेशानी व्ययहीना च कथ्यते ॥
असूत सा कलातत्त्वं यद्‌योगादभवत् पुमान्।
जातकर्तृत्व्यसामर्थ्यो विद्यारागौ ततोऽसृजत् ॥
विद्या विवेचयत्यस्य कर्म तत्कार्यकारणे।
रागोऽपि रञ्जयत्येनं स्वभोगेष्वशुचिष्वपि ॥
नियतिर्योजयत्येनं स्वके कर्मणि पुद्‌गलम्।
कालोऽपि कलयत्येनं तुट्यादिभिरवस्थितः ॥ मालिनीविजयोत्तरतन्त्र, १।२६-२९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकृत छन्। मायाको पाँच कञ्चुक माया, शुद्धविद्या, ईश्वर, सदाशिव,शक्ति परमशिव यी एघार तत्त्व र २५ तत्त्व मिलाएर छत्तीस तत्त्व प्रायः शैवशास्त्रहरूमा स्वीकृत छन्। परमशिव पशुपति नै आत्मप्रच्छादनक्रीडामा तत्पर भएर चिदानन्द प्रकाश विमर्शमय स्वरूपबाट अवरोहन गर्दै तल झरेर जानुहुन्छ। उहाँ कहिले केवल इच्छाले इच्छाशक्तिको उद्रेक भएमा शक्ति पराशक्तिको रूपमा परिणत हुनुहुन्छ, ज्ञानशक्तिको उद्रेक भएमा सदाशिवतत्त्वलाई प्राप्त गर्नुहुन्छ, क्रियाशक्तिको उद्रेकमा ईश्वरत्व स्थितिलाई प्राप्त गर्नुहुन्छ। त्यसपछि अवरोहण गर्दा विद्यात्व (शुद्धविद्यात्व) र विधेश्वरत्व (अनन्तनाथरूप) लाई प्राप्त गर्नुहुन्छ। मन्त्र र मन्त्रेश्वरबाट पनि अवरोहन गर्दै आत्मप्रच्छादन क्रीडामा तत्पर शिव छत्तीस तत्त्वको रूपमा परिणत हुनुहुन्छ। यस रीतिले अनेक रूप धारण गर्दै व्यवहारदशामा आउँदै सूक्ष्म चित्स्वरूपबाट अवरोहण गरेर पार्थिव घन स्थूल जडस्वरूप धारण गर्नुहुन्छ।[११]

शक्तितत्त्व

शिवबाट आविर्भूत हुने सर्वप्रथम तत्त्व शक्तितत्त्व हो। शक्तितत्त्वलाई एक दृष्टिले उपादान तत्त्व भने हुन्छ। यो शक्ति वेदान्तीहरूको जस्तो जड हैन, चित्स्वरूपिणी नै हो। शिव र शक्तिको सम्बन्ध अभिन्न मानिएको छ। महादेवी शक्ति हुन् महादेव शक्तिमान् हुन्। यो चर अचररूप सम्पूर्ण जगत् ती दुईको विभूतिको लेशमात्रै हो। केही वस्तु (तत्त्व) चिद्रूप छ भने केही वस्तु (तत्त्व) अचिद्रूप छ। यो चिदाचिद्रूप वस्तु (जड चेतनरूप तत्त्व) पर र अपररूप छ। यो चित्को चक्र अचित्को चक्रले समन्वित भएर संसरण गर्छ (संसारमा चलेको छ)। यो संसारमा चलेको चिदाचित् चक्र अशुद्ध र अवर हो, अर्को त पर र शुभ छ। पर र अपर यी दुवै चिद् र अचिद् रूप छन् र यो शिव र शिवाको, स्वात्म्यस्वस्थरूप हो। शिव र शिवाको वशमा विश्व छ, विश्वको वशमा शिव र शिवा छैनन्। यी सम्पूर्ण विश्व ईशितव्य (शासन गर्ने) योग्य छ। त्यसैले शिवा छन्, यी दुईमा कुनै अन्तर छैन जस्तो चन्द्र र चन्द्रिका (चक्रमा र उनको प्रकाशमा) भेद छैन। जस्तै चन्द्रिका (जून) नभई चन्द्रमा प्रकाशित हुँदैनन्, त्यस्तै शक्तिविना शिव प्रकाशित हुँदैनन्। जस्तै प्रभाको विना, सूर्य रहँदैनन्, त्यस्तै सूर्य विना प्रभा पनि रहँदैनन्। त्यसो हुँदा प्रभा सर्वदा सूर्याश्रित छन्। यसै रीतिले

११. तदेवं प्रसृतो देवः कदाचिच्छक्तिमात्रके ॥२९॥
बिभर्ति रूपमिच्छातः कदाचिज्ज्ञानशक्तितः।
सदाशिवत्वमुद्रेकात् कदाचिदैश्वरीं स्थितिम् ॥३०॥
क्रियाशक्तिसमाभोगात् कदाचित् स्थूलवेदनात्।
विद्यात्वविद्येशानत्वमन्मन्त्रेश्वरात्मताम् ॥३१॥
आत्मप्रच्छादनक्रीडां कुर्वतो वा कथञ्चन।
मायारूपमितीत्यादि षट्त्रिंशतत्त्वरूपताम् ॥३२॥
बिभ्रद्बिभर्ति रूपाणि तावता व्यवहारतः।
यावत्स्थूलं जडाभासं संहृतं पार्थिवं घनम् ॥३३॥ (शिवदृष्टि, १।२९-३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति र शक्तिमान्को स्थिति छ, दुवैको परस्परमा अपेक्षा छ। शक्तिविना शिव रहँदैनन्, शिवविना शक्ति पनि रहन्नन्। जुन शक्तिले गर्दा शिव नित्य नै शरीरधारीहरूको भुक्ति र मुक्ति गर्नमा समर्थ छन्, शिवाश्रित छन् ती शक्तिलाई शिवका समानगुणले गर्दा शिव परमात्माको समान धर्मिणी नै मानिएकी छिन्।[१२]

यी शक्ति स्वप्रकाश, सर्वोत्तीर्ण, अतिसूक्ष्म शिवदेखि अनन्य (अभिन्न) भए पनि शिवरूप धर्मीमा धर्मरूपले बस्छिन्। यस्तो स्वीकार गर्ने सिद्धान्त शैव दार्शनिकहरू द्वैताद्वैतबाट प्रभावित छन् भन्ने बुझिन्छ। यस सिद्धान्त शैवदर्शनमा शिव र शक्तिको ऐकात्म्य स्वीकृत गरिएको छ। किनभने यी दुवै चित्स्वरूप नै छन्। साथै यी दुईमा सम्बन्धले, कार्यले र न्यायले भेद पनि छ किनभने स्वनिष्ठ चित्स्वरूप शिव छन् भने ज्ञानको निमित्त विषयाश्रित चिच्छक्ति छन्। यस रीतिले यी दुईको धर्म र धर्मीरूपको सम्बन्ध छ। शिवले परको अपेक्षा गर्दैनन् किन्तु शक्तिले परको (अन्यको) अपेक्षा गर्छिन्। जस्तै अग्निको दाहकत्व शक्ति दाह्य इन्धन आदिसँग सम्बद्ध भएर नै अभिव्यक्त हुन्छ, त्यस्तै शिवकी शक्ति बाह्यजगत्सँग सम्बद्ध भएर नै आफूलाई अभिव्यक्त गर्छिन्। सिद्धान्त शैवदर्शनले शक्त्यद्वयवादको खण्डन गर्छ, किनभने शक्त्यद्वयवादानुसार शक्ति नै जगत्को कारण हो शिवको केही काम नै छैन। सिद्धान्त शैवदर्शनले शिवको सत्ता स्वीकार गर्छ र शक्तिलाई धर्मरूप मानेर धर्मी नभई धर्म रहँदैन भन्छ।

१२. शक्तिः साक्षान्महादेवी महादेवः स शक्तिमान्।
द्वयोर्विभूतिलेशो वै सर्वमेतच्चराचरम् ॥४॥
वस्तु किंचिदचिद्रूपं किंचिद् वस्तु चिदात्मकम्।
द्वयं शुद्धमशुद्धञ्च परञ्चापरमेव च ॥५॥
मत्सेसरति चिच्चक्रमचिच्चक्रसमन्वितम्।
तदेवाशुद्धमपरं मितरं तु परं शुभम् ॥६॥
अपरञ्च परञ्चैव द्वयं चिदचिदात्मकम्।
शिवस्य च शिवायाश्च स्वात्म्यञ्चैतत् स्वभावतः ॥७॥
शिवयोर्वै वशे विश्वं न विश्वस्य वशे शिवौ।
ईशितव्यमिदं यस्मात् तस्माद् विश्वेश्वरौ शिवौ ॥८॥
तथा शिवस्तथा देवी यथा देवी तथा शिवः।
नानयोरन्तरं विद्याच्चन्द्रचन्द्रिकयोरिव ॥९॥
चन्द्रो न खलु भात्येष तथा चन्द्रिकया विना।
न भाति विद्यमानोऽपि तथा शक्त्या विना शिवः ॥१०॥
प्रभां विना च यद्वद्भानुरेव न विद्यते।
प्रभा च भानुना तेन सुतरां तदपात्रया ॥११॥
एवं परस्परापेक्षा शक्तिशक्तिमतोः स्थितिः।
न शिवेन विना शक्तिर्न शक्त्या च विना शिवः ॥१२॥
शाक्तो यथा शिवो नित्यं मुक्ते मुक्तौ च देहिनाम्। आद्या सैका पराशक्तिश्चिन्मयी शिवसंश्रया ॥१३॥
यामाहुरखिलेशस्य तैस्तैरनुगुणैर्गुणैः। समानधर्मिणीमेव शिवस्य परमात्मनः ॥१४॥
(शिवपुराण, वायवीय संहिता, उत्तर भाग अध्याय ५, श्लोक ४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस रीतिले यस दर्शनमा प्रकरणानुसार शिवका मुख्य दुई शक्तिको विशेषरूपले स्वरूपको उपस्थापन गरिएको छ- ज्ञानशक्ति र क्रियाशक्ति। जुन स्थानमा विश्वोतीर्ण शिवलाई चिद्घन मानिएको छ त्यहाँ ज्ञान र क्रियाको शिवसित सम्बन्ध शरीर र शरीर आत्माको जस्तो हो भन्ने बुझिन्छ र यस सादृश्यद्वारा जस्तै शरीर आत्माले आफूले चाहेको शरीरद्वारा नै सम्पन्न गर्छ, त्यसैगरी पतिले परमशिवले पनि आफूले चाहेको शक्तिद्वारा गर्छन् भन्ने आशय बुझिन्छ। कहीँ शिवको इच्छा, ज्ञान र क्रिया तीन शक्ति मुख्य मानिएका छन् भने कहीँ चिच्छक्ति र आनन्दशक्तिको पनि समावेश गरेर पाँच शक्ति मानिएका छन्।

द्विविध सृष्टि

शैवदर्शनमा सृष्टि दुई प्रकारको मानिएको छ। शुद्ध र अशुद्ध। शिवदेखि अवरोहणक्रमले शिव, शक्ति, सदाशिव, ईश्वर, शुद्धविद्यासम्मको सृष्टि शुद्ध भनिन्छ। यस सृष्टिका साक्षात्कर्ता परमशिव नै मानिएका छन्। यस शुद्धसृष्टिको उपादान कारण बिन्दु मानिएको छ। नित्य शुद्ध अपरिमित ज्ञान र क्रियाशक्तिले युक्त अशरीर शिव, त्यसै गरी शुद्धसृष्टि उत्पादन गर्छन् जस्तै परिमित परिच्छिन्न जीवात्माले शरीरमा स्पन्दन उत्पादन गर्छन्।

यो सर्वस्वीकृत तथ्य हो कि निमित्तकारणले त्यसैबेलामा शरीरको अपेक्षा गर्छ जब त्यसको (सृष्टि) कार्य सविकल्पज्ञान ग्राह्य वस्तु हुन्छ। यता यो शुद्ध सृष्टि सविकल्पज्ञान ग्राह्य हुँदैन, अतः त्यसको कर्ता शिवले पनि शरीरको अपेक्षा गर्दैनन्। शुद्धसृष्टि निर्विकल्प ज्ञान भूमि हो, त्यसमा विकल्पको उद्भव हुँदैन, अतः त्यसको कर्ता शिवले पनि शरीरको अपेक्षा गर्दैनन्। अशुद्ध सृष्टि मायादेखि पृथिवीसम्म हो। यस अशुद्ध सृष्टिको कर्ता पनि पति (परमशिव) द्वारा प्रेरित बैन्दव शरीर भएका अनन्त नाथादि हुन्। यो सृष्टि अशुद्ध हो, किनभने यसको उपादान (समवायीकारण) माया हो, पाशबद्ध पशुहरू कर्मानुसार विविध सुख र दुःखको अनुभव गर्छन्। अतः यो सृष्टि शब्दको उत्पत्तिको पछि नै अस्तित्वमा आउँछ। त्यसो हुँदा यो सविकल्पक सृष्टि हो।

(क) मल (आणव मल)

मल शब्दले आणव, कार्म र मायीय यी तीन प्रकारको मल बुझिन्छ भने पनि पाशमध्येको मल शब्दले आणव मल नै बुझिन्छ। यो आणव मल अनादि र सान्त हो। अणु भनेको लघु, छोटो अथवा पदार्थको लघुतर अंश हो। अणु भन्नाले परमाणु र शैवदर्शनमा जीव भन्ने पनि बुझिन्छ। अणु भनेको सङ्कुचित प्रमाता हो। सर्वज्ञ र सर्वकर्ता प्रमातालाई यत्किञ्चिज्ज र यत्किञ्चित् कर्ता बनाउने मलको नाम नै आणव मल हो। यस पाशले पशुको ज्ञान र क्रियाशक्तिको तिरोधान गर्छ। यी मल अथवा पाश नेत्र (आँखा) को मोतीबिन्दु रोगजस्तो दृक्शक्तिको रोधक हो। यस रोगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशको निवृत्ति पति (परमशिव) रूप वैद्यको अनुग्रहरूप शल्यक्रियाद्वारा हुन्छ। तर यसको निमित्त जस्तै मोतीबिन्दु पाकेको हुनुपर्छ, काँचो मोतीबिन्दुको शल्यक्रिया गर्नुहुँदैन। त्यस्तै यस मलको पनि परिपाक भएको हुनुपर्छ। यसको परिपाक शैवागममा प्रतिपादित क्रिया, चर्या, योगको अनुष्ठानद्वारा सम्भव हुन्छ।

(ख) माया

माया यस दर्शनमा वस्तुरूप सद्रूप नै मानिएको छ। वेदान्तमा जस्तो असद्रूप मानिएको छैन। माया शब्दले पाशको अन्तर्मत बन्धन अर्थमा प्रयोग गरिएमा मायाको कार्यलाई बुझाउँछ। मायीय मलले आत्माको बुद्धि, अहङ्कार, इन्द्रिय र स्थूल शरीरसँग तादात्म्य गराउँछ। यसले नै असद्मा सद्बोध गराउँछ।

(ग) कर्म

गरेका कर्मको फलराशिरूप मलको प्रवाह अनादि हुनाले यो कर्मरूप मल पनि अनादि नै मानिएको छ। सृष्टि कर्माधीन हो। गरेको कर्मको फल भोग्नै पर्छ। **"अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्"**।

(घ) निरोधशक्ति

निरोधशक्ति अथवा निग्रहशक्ति पाश पनि हो, परमशिवको एक शक्ति पनि हो। मुख्य रूपले यो परमेश्वरको एक शक्तिविशेष हो। पाशको कार्य गरेकाले पाश पनि मानिएको छ।

(ङ) बिन्दु

बिन्दु पनि केवल मलस्वरूप मात्र हैन, शुद्धसृष्टिको उपादान (समवायीकारण) पनि हो। यो बिन्दु शब्दको पनि उपादान हो। बिन्दुलाई कुण्डलिनीशक्ति पनि भनिन्छ। त्यो भगवान्को परिग्रहशक्ति हो। यस बिन्दुमा नै शिवका लयादि अवस्था हुन्छन्। रुद्राणुहरूको प्रबोध र विमुक्ति पनि बिन्दुमा नै हुन्छ।[१३] जस्तो पहिले पनि उल्लेख गरियो- शिवदेखि शुद्ध विद्यासम्म शुद्ध अध्वा हो र ती पाँच तत्वका स्वामी परमशिव पराशक्ति सदाशिवभट्टारक, ईश्वरभट्टारक र अनन्तनाथ हुन्। अनन्तनाथलाई नै ईश्वरप्रत्यभिज्ञामा सद्विद्या भनिएको छ।

---

१३. लयादिभेदः प्रागुक्तो यदुपाधौ शिवस्य तु।
स बिन्दुरिति मन्तव्या सैव कुण्डलिनी मता ॥
किञ्चरुद्राणवो येन बध्यन्ते यत्र वा स्थिताः।
विमुच्यन्ते यतो वा ऽयं स बिन्दुरिति गम्यताम् ॥ (शैव परिभाषामा पौष्कर बिन्दुको उल्लेख)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि शिवतत्त्व यौटै छ, त्यसमा भेदको कल्पना हुन सक्तैन किन्तु त्यसको स्वतन्त्रता हुनाले स्वात्मप्रच्छादनक्रीडाद्वारा स्वात्मामा नै स्वरूपभेद प्रतिबिम्बजस्तो देखाउँछन्। सादाख्यतत्त्वलाई सद् यस्तो प्रख्या भएपछि मान्नुपर्ने हुनाले सदाशिव शब्दले भनिने तत्त्वको वाचक शब्द हो। अन्तरमा विपरिवर्तन ज्ञानमात्रको क्रियाको विषय नभएको सादाख्य तत्त्व सदाशिव हुन्छ भने क्रियाशक्तिमय सादाख्यतत्त्व ईश्वर हुन्छ। अर्थात् परमशिवको बहिरून्मेष ईश्वरतत्त्व हो भने अन्तर्निमेष सदाशिव तत्त्व हो। यसरी भेद प्रकट हुन्छ।[१४] भेद प्रकट प्रथम कारणलाई नै बिन्दु भनिएको छ किनभने यो शुद्ध सृष्टिको शरीरको उपादान मानिएको छ। बिन्दुलाई नै महामाया पनि भनिन्छ। यो बिन्दु एकै छ र शक्ति, सदाशिव ईश्वर र सद्विद्या चारतत्त्व (पदार्थ) यस बिन्दुको शरीरांशमा परिणामरूप हुन्। बिन्दु नादको पनि कारण मानिएको छ। वैयाकरणले परमात्माको सिसृक्षात्मिका मायावृत्तिबाट अव्यक्त त्रिगुण उत्पन्न हुन्छ, यो नै बिन्दु हो र शक्तितत्त्व पनि त्यो नै हो। त्यस बिन्दुको अचिदंश बीज, चित् अचित् दुवै अंश मिश्रित भएको नाद र चिदंशमात्रै भएमा बिन्दु नै हुन्छ। बिन्दुबाट नै नादको उत्पत्ति हुन्छ भनेका छन्।[१५] वास्तवमा स्फोट अथवा शब्दब्रह्म भनेको बिन्दुलाई नै लक्ष्य गरेर हो।[१६]

पशु

पशुलाई आत्मा, क्षेत्र आदि भनिन्छ। जीव, पशुप्रमाता पनि यो नै हो। पशु विज्ञानाकल, प्रलयाकल, सकल भेदले तीन प्रकारको मानिएको छ। विज्ञानाकलमा आणवमल मात्रै हुन्छ, त्यो पनि ध्वंस्यमान र ध्वस्तादि अवस्थाको हुन्छ। विज्ञानाकल पशु नै मन्त्र, मन्त्रेश्वर, मन्त्रमहेश्वर पदवाच्य हुन्छन्। उनीहरूमा मायीय र कर्म मल हुँदैन। प्रलयाकल भने आणव र मायीय यी दुई मलले युक्त हुन्छन्। सकल पशु आणव, मायीय, कर्म तीनै मलले युक्त हुन्छ र यो कलादि पृथ्वीतत्त्वपर्यन्त तीस तत्त्वसँग सम्बद्ध हुन्छ।

---

१४. ईश्वरो बहिरुन्मेषो निमेषोऽन्तः सदाशिवः।
समानायाधिकरण्यञ्च सद्विद्याहमिदं धियोः॥ (ईश्वरप्रत्यभिज्ञा ३।१।३)

१५. ततोऽपरिपक्व प्राणिकर्मभिः प्राप्तपरिपाकैः स्वफलप्रदानाय भगवतोऽबुद्धिपूर्विका सृष्टिर्माया पुरुषावाविर्भवतः। ततः परमेश्वरस्य सिसृक्षात्मिका मायावृत्तिर्जायते ततो बिन्दुरूपमव्यक्तं त्रिगुणं जायते। इदमेवशक्तितत्त्वम्। तस्य बिन्दोरचिदंशो बीजम्, चिदाचिन्मिश्रंशो नाद चिदंशो बिन्दुरिति।... अस्माद् बिन्दो ... नाद मात्रमुत्पद्यते। (लघुमञ्जूषा)

१६. बिन्दोस्तस्मादभिद्यमानाद् रवोऽव्यक्तात्मकोऽभवत्।
स एव श्रुतिसम्पन्नो शब्दब्रह्मेति गीयते॥ (लघुमञ्जूषामा उद्धृत)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्ष

यस दर्शनमा पर र अपर भेदले दुई प्रकारको मोक्ष मानिएको छ। परमोक्ष शिवसाम्यरूप छ, अपरिमित ज्ञान क्रियाशक्ति पशुमा आउँछ। अपरमोक्षमा मन्त्र, मन्त्रेश्वर, मन्त्रमहेश्वरादि पद प्राप्त हुन्छ। यस दर्शनअनुसार मोक्षमा शिवसाम्यता त प्राप्त हुन्छ किन्तु त्यो समता मात्रै हो, एकत्व अथवा अभेद हैन। मोक्षमा पनि शिवदेखि पृथक् नै पशुको सत्ता स्वीकार गर्नाले यो दर्शन द्वैतदर्शन मान्न सकिन्छ।

पाश

पाश नै पशु र पतिको भेदको कारण हो र यस दर्शनमा द्वितीय पदार्थको रूपमा आएको छ। मल, माया, कर्म, निरोधशक्ति र बिन्दु यो पाँच अवान्तर पदार्थ पाशअन्तर्गत मानिएका छन्। मृगेन्द्रागममा श्रीभट्टनारायणको वृत्तिमा पाशका चार भेदको उल्लेख गरिएको पाइन्छ। बिन्दुको उल्लेख छैन। बिन्दु शुद्ध सृष्टि समवायीकारण हुनाले शुद्ध सृष्टि वास्तवमा बन्ध (पाश) मा नहुनाले त्यसको उल्लेख नभएको हुनसक्छ। कर्म र माया रूप दुई बन्धनको कल्पना वेदान्तीहरूले पनि गरेका छन् र त्यस बन्धनबाट मुक्ति पाएपछि मात्र वास्तविक मोक्ष हुन्छ भन्ने उनीहरूको आशय बुझिन्छ। सिद्धान्त शैवदर्शनका अनुसार माया र कर्म यी दुई पाशबाट मुक्त भएको ध्वंसोन्मुख आणव मल भएका पशु विज्ञानाकल भनिन्छन्। यी विज्ञानाकल प्रमाताहरू शुद्ध सृष्टिमा बैन्दव शरीर लिएर आणवमलको ध्वंस्यमान ध्वस्त आदि अवस्थानुसार शुद्धविद्या, ईश्वर सदाशिव नामक उच्च, उच्चतर, उच्चतम भूमिमा पुऱ्याइन्छन्। त्यस बेलामा तिनीहरू मन्त्रेश्वर, मन्त्रमहेश्वर शब्दद्वारा अभिहित हुन्छन्। मोक्ष पनि यस रीतिले पर र अपरको भेदले दुई प्रकारको हुन्छ र त्यसअनुसार नै पाशको भेद हुन्छ।

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय) द्वारा वि.सं. २०४४ फागुन ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र।)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महादेव पशुपति

–प्रा.डा. देवमणि भट्टराई

पशूनां पतिरित्येवं य उदाहरते हरम्।
पशवस्तस्य वर्द्धन्ते पशुयज्ञमवाप्नुयात्॥

"पशुपति" यस शब्दलाई कसैले जानी वा नजानी उच्चारण गर्दछ भने उसका धनधान्य, पशु, द्रव्य आदिको वृद्धि भई सबैथोक प्राप्त हुन्छ भनिएको छ भने यस पशुपति शब्दको उच्चारण गर्दा मात्र पनि ठूलो पशुयज्ञ गरे समानको फल पाइन्छ पनि भनिएको छ। पशु भनेको के हो त ? यसमा स्वाभाविक जिज्ञासा हुन्छ नै, पशु भनेको चराचर हामी सम्पूर्ण प्राणीहरू नै हौं। यति मात्र नभएर ब्रह्मादेखि स्थावरसम्मका समस्त पदार्थ नै पशु हुन् भनी **ब्रह्माद्यास्थावरान्ताश्च पशवः परिकीर्तिताः। तेषां पतिर्महादेवः स्मृतः पशुपतिः श्रुतौ** भनिएको छ।

संसारमा रहेका सबै पदार्थहरू पशु भएपछि यसका अधिष्ठाता देवता को हुन् भनी प्रश्न उठ्नु स्वभाविकै हो। त्यसकै उत्तरमा माथिको श्लोकार्धले भनेको छ कि सम्पूर्ण पशुहरूका अधिष्ठाता महादेव हुन् र जसलाई पशुपति नामले पुकारिन्छ अर्थात् चिनिन्छ भनी श्रुतिमा उल्लेख भएको कुरालाई यहाँ देखाइएको छ। यसबाट के प्रष्ट हुन्छ भने चराचर जगत्का प्राणीहरू, पदार्थहरू जो ब्रह्मादेखि तृणपर्यन्त सबै पशु हुन् र ती सबैका मालिक महादेव पशुपति रहेछन् भन्ने स्पष्ट हुन आउँछ। यसप्रकार पशुपति शब्दको अर्थ हुन्छ– सम्पूर्ण चराचरजगत्का ईश्वर अर्थात् मालिक नै श्रीपशुपतिनाथ हुनुहुन्छ। शैवदर्शन एवं पाशुपतदर्शनमा सम्पूर्ण जीवलाई पशु मानेको र समस्त जीवका अधिष्ठाता शिवलाई बताएको कुरा पौराणिक कोशमा पनि उल्लेख गरेको पाइन्छ। त्यहाँ पशुपतिको पाँचौं मूर्ति अग्निलाई मानेको पाइन्छ। हामीले खाएको अन्नपानी फलफूल आदिलाई पचाउने काम त्यसै पाचकाग्निले गरिरहेको हुन्छ भने उनै अग्निका पनि देवता उहाँ नै हुनुहुन्छ। अग्निकी पत्नीको नाम स्वाहा हो र पुत्रको नाम स्कन्द हो। त्यही परमात्मा परमेश्वर पशुपतिको मूर्ति नै अग्नि भएकाले अग्निको पनि पूजा गरिन्छ र यसमा अपवित्र अङ्गहरू अग्निमा प्रत्यक्ष तपाउन पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्दैन भनी पुराणको कुरा त्यहीँ उल्लेख भएको पाइन्छ। यहाँ मुख्य र गौणका भेदले पशुपतिलाई प्रधान मानी गौण रूपमा अग्निलाई देखाइएको छ भने हवनादि कार्यमा अग्निको प्रधानता देखाएको हो भनी बुझ्न सकिन्छ।

अतः मुख्य र गौण भनेको आधिकारिक कर्मविशेषमा देवताविशेष प्रधान हुने र सहकारी भावका रूपमा अन्य देवताहरू आउने शास्त्रीय परम्परा रहेको छ। पाञ्चायन पूजालाई उदाहरणका रूपमा लिन सकिन्छ। बौधायनको शिवपूजा परम्परामा अष्टमूर्ति या शिवका मुख्य मुख्य नाममध्ये चौथो पशुपति भनेर उल्लेख गरेको पाइन्छ भने पौराणिक कोशअनुसार अष्टमूर्ति रुद्र भनी पाचौँ रुद्रलाई नै पशुपति भनी उल्लेख गरेको पाइन्छ। यिनै पञ्चम मूर्ति पशुपति नै अग्निका अधिदेव र अधिपति भनी त्यहाँ पनि उल्लेख गरेको पाइन्छ। यता वीरमित्रोदयको पूजाप्रकाशमा बौधायनपूजा परम्परालाई लिएर "पशुपतये देवाय" भनी चौथो क्रममा नाम लिएको पाइन्छ। स्थावरजङ्गमका अधिष्ठातृ देवता पशुपतिलाई प्राप्त गर्न जेजस्तो विधि अपनाएर उपासना गरे तापनि विभिन्न नामले परिचित भगवान् शङ्कर नै पशुपतिनाथका नामले सबै चराचर जगत्का अधिष्ठाता हुनुहुन्छ। वहाँको दर्शन नगरी जीवले शिवत्व प्राप्त गर्न सक्दैन। जबसम्म यो जीव शिव हुन सक्दैन, शिवभाव प्राप्त गर्न सक्दैन तबसम्म चौरासी लाख योनिमा घुमी नै रहन्छ। त्यसैले शिवः शिवः भन्दै भगवान् श्रीपशुपतिनाथको जसले नमस्कार गर्दछ, दर्शन गर्दछ, अर्चन गर्दछ त्यसका सात जन्मसम्मका सम्पूर्ण पापहरू नाश भई शिवलोक प्राप्त गर्दछ।

कीर्तयन्ति च ये रुद्रं सकृदप्येव मानवाः।
सर्वपापैः प्रमुच्यन्ते सप्तजन्मकृतैरपि॥

"**ऊर्ध्वगात्मा पशुपतिर्वातरंहा मनोजवाः।**" महाभारत र वराहपुराणको उल्लेख गर्दै शब्दकल्पद्रुममा "म (शिव) सबै विधाहरूमा अनादिरूपले रहने अनादि स्वरूप, सर्वज्ञ, ब्रह्मादिस्थावरान्त पशुजगत्का अर्थात् सबै जल, स्थल, पशु, पंक्षी, मानव, दानव आदिमा व्यवस्थित रूपमा चित्रूपले रहने पतिरूप सबैको मालिक हुनाले नै संसारमा पशुपति नामले परिचित छु" भन्नुभएको छ। यता "यजमानस्वरूपमा पनि मै प्रख्यात हुनेछु" भनी यज्ञादि कार्यावस्थामा यजमानमूर्तिलाई पनि पशुपतित्वभाव कायम गरी शिवपूजाका समयमा पूज्यपूज्यैकत्वभाव प्राप्त गर्न निर्देश गरेको देखिन्छ। "**देवो भूत्वा यजेद्देवं नादेवो देवमर्चयेत्**" पूजाकालिक अवस्थामा यजमान त्यस देवताको देवत्वाधान गरेर मात्र पूजा गर्नुपर्दछ भनी निर्देश गरेकाले यजमानले पनि "म पशुपति (शिव) लाई आफूमा आधान गरेर मात्र पूजा गर्ने योग्यता कायम गर्दछु" भनी पशुपतये यजमानमूर्तये भनी आफू यजमानमा पशुपतित्वाधान गर्ने विधिनिर्देश गरेको देखिन्छ। सैद्धान्तिक विषय यो हो कि जुन देवताको उपासना गर्ने हो, त्यसको आफूमा आधान गरेर मात्र कर्ता त्यस देवताको पूजा आराधना गर्न योग्य हुन्छ भन्ने निर्देश तलका श्लोकहरूको रहेको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहञ्च सर्वविद्यानां पतिराद्यः सनातनः ।
अहं वै पतिभावेन पशुमध्ये व्यवस्थितः ॥
अतः पशुपतिर्नाम त्वं लोके ख्यातिमेष्यसि ।

यसरी महादेवलाई "तिमी नै पृथिवीतलमा पशुपति नामले प्रख्यात हुनेछौ र त्यो ठाउँ नेपालको पीठस्थान (पशुपति) नै भनेर प्रसिद्ध हुनेछ, **नेपाले च पशुपतिः केदारे परमेश्वरः**" भनेको हुनाले नेपालको मुख्य पीठस्थान पाशुपत क्षेत्रमा अवस्थित पशुपतिनाथलाई केदारनाथको शिरोभाग भनेर स्पष्ट पारेको छ। भगवान् शङ्करको क्रीडास्थली नेपाल, विश्वका साधुसन्तहरूको तपस्थली नेपाल, भगवान् शिवले बाललीला गर्नका लागि रोजेको स्थान मृगस्थली नेपाल, विश्वका समस्त हिन्दूहरूको तीर्थस्थल एवं आस्थाको केन्द्र नेपाल, भगवान् पशुपतिनाथ सदा विराजमान रहने स्थान पनि नेपाल नै रहेको छ।

अतः पशुपतिनाथ नेपाल र नेपालीका मात्र नभई विश्वका सम्पूर्ण सनातन धर्मीहरूका आराध्यदेव हुनुका साथै नेपालभूमि समस्त भूमण्डलको तीर्थस्थल एवं देवताहरूको क्रीडास्थल समेत मानिन्छ। यस्ता देवस्थलमा अवस्थित पशुपतिनाथको विविध प्रकारले पूजा गर्न सकिन्छ। पञ्चगव्य, पञ्चामृत आदिले स्नान, अभ्यङ्गस्नान, महास्नान, माघ महिनाभरि घिउले स्नान, उखुको रसले स्नान, तिलको तेलले स्नान, कपूर र सुगन्धित द्रव्यादिले स्नान गराउने र सय, हजार कलशका जलले अभिषेक गर्ने गराउने जस्ता कार्यहरू विविध फल, विशेष पदार्थ र परिमाणका आधारमा फरक हुन सक्छन्।

पुष्पोदकेन सावित्रं कौबेरं हेमवारिणा ।
रत्नोदकेन वाप्यैन्द्रं लोकं प्राप्य च मोदते ॥
स्नानं पलशतं ज्ञेयमभ्यङ्गः पञ्चविंशतिः ।
पलानां च सहस्रं तु महास्नानं प्रकीर्तितम् ॥

पशुपति आदि शिवलिङ्गहरूको दर्शन, स्पर्शन, अर्चन, घृतस्नान आदि उत्तरोत्तर पुण्यदायक छन् भनी बताइएको पाइन्छ।

लिङ्गस्य दर्शनं पुण्यं दर्शनात् स्पर्शनं वरम् ।
स्पर्शनाच्चार्चनं पुण्यं घृतास्नानमतः परम् ॥

यसैगरी वस्त्र, यज्ञोपवीत, गन्ध, पुष्प, बिल्वपत्र, धूप, दीप, नैवेद्य, फल, ताम्बूल आदि पूजाका वस्तुहरू हुन सक्तछन्। शिवपूजामा फलप्राप्तिका लागि मन्दिरमा गाईदान, भूमिदान, मोतीमाला अर्पण, दीपदान, ध्वजापताका दान, घण्टदान, चतुर्मास पूजा, शिवरथयात्रा, शिवपार्वती विवाह महोत्सव, विशेष समयमा वैदिक, तान्त्रिक, वैदिक र तान्त्रिक मिश्रित वा परम्परागत रूपमा चलिआएको शास्त्रीय परम्परालाई स्वीकार गरी जुनसुकै देवताको पनि पूजापरम्परालाई कायम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्नुपर्दछ भन्ने शास्त्रको आधार रहेकाले पशुपतिनाथको पूजा पनि यसै अनुरूप भइरहनु आवश्यक छ। विशेष पूजाहरूका साथै विधिपूर्वक गरिने प्रदक्षिणा, लक्षपूजा, लक्षनमस्कार जस्ता अनेकौं विषयहरूमा धर्मशास्त्रमा सूक्ष्मरूपले विचार गरेको पाइन्छ। एक दुईवटा उदाहरणस्वरूप वीरमित्रोदय पूजाप्रकाशमा उल्लेख गरिएका केही श्लोकहरू यहाँ उद्धृत गरिन्छन्–

स्नानं पलशतं ज्ञेयमभ्यङ्गः पञ्चविंशतिः।
पलानां च सहस्रं तु महास्नानं प्रकीर्तितम्॥

दुग्धादि पच्चीस पलले अभ्यङ्गस्नान, सय पलले स्नानविशेष र हजार पलले महास्नान हुन्छ भनेर बताइएको छ। एक पलमा तीनतोला र दुई मासा हुन्छ भन्ने धर्मसिन्धु आदि ग्रन्थमा बताइएको छ भने सामान्यतया चार तोलाको एक पल हुन्छ भन्ने स्थूलरूपमा धेरै ग्रन्थले भन्ने गरेको छ–

यावत्तद्वस्त्रतन्तूनां परिमाणं विधीयते।
तावद् वर्षसहस्राणि शिवलोके महीयते॥
चतुर्णा पुष्पजातीनां गन्धमाघ्राति शङ्करः।
अर्कस्य करवीरस्य बिल्वस्य च वकस्य च॥
स्वयमुत्पाद्य पुष्पाणि यः स्वयं पूजयेच्छिवम्।
तानि साक्षात् प्रगृह्णाति तद् भक्त्या सततं शिवः॥
शुष्कैः पर्युषितैर्वापि बिल्वपत्रैस्तु यो नरः।
पूजयेत्तु महादेवं मुच्यते सर्वपातकैः॥
प्रदोषे जातिकुसुमैः पूजयेन्नीलचम्पकैः।
कदम्बकुसुमैः शम्भुमुन्मत्तैः सर्वसिद्धिभाक्॥
वैशाखे मासि कर्तव्या पूजा पाटलया सदा।
सर्वान् कामानवाप्नोति ज्येष्ठे पद्मार्चनैस्तथा॥
एकहस्तनमस्कारादेकस्माच्च प्रदक्षिणात्।
अन्धकारे नमस्कारादब्दपुण्यं विनश्यति॥
कृते पापेऽनुतापो वै यस्य पुंसः प्रजायते।
प्रायश्चित्तं तु तस्यैकं शिवसंस्मरणं परम्॥

भगवान् श्रीपशुपतिनाथको स्मरण नै महत्त्वपूर्ण छ। दर्शन, स्पर्शन, पूजनादि त उत्तरोत्तर पुण्यवृद्धिदायक छन् नै। व्यक्ताव्यक्तस्वरूप श्रीपशुपतिनाथलाई सच्चा हृदयले समाधिस्थ अवस्थामा जहाँबाट सम्झिए पनि वहाँलाई प्राप्त गर्न सकिन्छ किनभने वहाँ महादेव एवं पशुहरूका अर्थात् समस्त प्राणीजगत्का नाथ हुनुहुन्छ, मालिक एवं स्वामी हुनुहुन्छ। उत्तरोत्तर वहाँको पूजा बढी गर्न सकिन्छ जप तप सबै बढाउन सकिन्छ। स्वामी करपात्रीविरचित रामायणमीमांसा पृष्ठ ५१३ अनुसार श्रीरामले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ शिवको उपासनाद्वारा अर्थात् पाशुपतव्रत गरेर दिव्य धनु एवं पाशुपतास्त्र प्राप्त गर्नुभएको थियो। जुनसुकै कठिनाइमा पनि महादेव श्रीपशुपतिनाथको नामस्मरणले बाधाहरू हरी सुखशान्ति प्राप्त गर्न सकिन्छ। गच्छेअनुसारको पूजा गर्न सकिन्छ। विविध अस्त्रहरू दिएर श्रीरामलाई भगवान्ले विजयी बल मात्र बढाउनुभएको थिएन अपितु सारा देवताहरूले अस्त्रशस्त्र रामलाई दिनुभयो भने शिव नै हनुमान् भई रामको सेवाभावको भूमिका पनि निर्वाह गर्नुभएको थियो। यसो गर्नुको कारण श्रीरामले श्रीपशुपतिको आराधना अर्थात् पाशुपतव्रतग्रहण थियो। ऋषिवर अगस्त्यमार्फत् शिवगीताको उपदेश श्रीरामलाई श्रीपशुपतिनाथले दिनुभएको थियो। श्रीरामका आराध्यदेव पाशुपतास्त्रदाता भगवान् आशुतोष शङ्करको समुद्र किनारमा रामेश्वरको स्थापना यसै कारण भएको थियो। यसर्थ पनि के भन्न सकिन्छ भने महादेव श्रीपशुपतिनाथ जगत्का अधिष्ठाता हुनुहुन्छ। अस्तु।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको वर्णन

–रथी धनशमशेर ज.ब.रा

पाशुपत क्षेत्र नामले नेपालउपत्यका प्रख्यात रहेको छ। त्यसैले यहाँका अधिष्ठाता देवता पशुपतिको विषयमा यथाज्ञान वर्णन गर्दछु।

पशुपतिको प्रादुर्भाव कहिले, कसरी भयो भन्ने कुरा राम्ररी जान्न सकिएको छैन। हाम्रो यहाँ प्रचलित गोपालवंशावली आदि वंशावलीहरूमध्ये देवमाला वंशावलीमा पशुपतिको प्रादुर्भाव धेरै अगाडि भएको वर्णन गरिएको छ। गोपालवंशी राजाकै पालामा एक कैली गाईले वाग्वतीको किनारमा आई प्रतिदिन दूध चढाएको देखी गोपालहरूले खनी हेर्दा पशुपतिको प्रादुर्भाव भएको कुरा गोपालवंशावलीमा परेको छ। त्यस वेलादेखि पशुपतिनाथ नेपालका अधिष्ठाताका रूपमा रहनुभयो। त्यसपछि किरातकालमा पनि पशुपतिनाथप्रति आदर, श्रद्धा यथावत् रह्यो। किरात राजाहरूलाई जिती यहाँ लिच्छविहरूले आफ्नो राज्य कायम गरे। प्रसिद्ध लिच्छवि राजा सुपुष्पदेवले पशुपतिनाथको भव्य मन्दिर बनाएको वर्णन गोपालवंशावलीमा गरिएको छ। यसरी लिच्छविकालमा पशुपतिनाथको प्रतिष्ठा झन् बढ्यो। लिच्छविकालमा नेपाल उपत्यका पाशुपत क्षेत्र कहलाएको कुरा हामी त्यस वेलाका अभिलेखबाट थाहा पाउछौं। लिच्छविकालमा महासामन्त अंशुवर्माको उदयले एकातिर नेपालको सर्वाङ्गीण विकास हुन थालेको थियो भने अर्कोतिर धार्मिक क्षेत्रमा पनि पुनर्जागरण भएको थियो। अंशुवर्माले धार्मिक उदारताको नीति लिएका थिए। साथै उनले पशुपतिनाथलाई राष्ट्रिय सम्मान प्रदान गरी पशुपतिनाथको नाउँमा सर्वप्रथम मुद्रा ढाल्न लगाई पशुपतिनाथप्रति अपूर्व सम्मान प्रकट गरे। आफ्नो प्रशस्तिमा समेत "**पशुपतिपादानुगृहीत**" भन्ने विशेषण अंशुवर्माले राखेका थिए। अंशुवर्मापछिका अरू राजा एवम् शासकहरूले पनि यस कुराको अनुसरण गरे। पशुपतिको राष्ट्रिय सम्मानका लागि मुद्रा प्रचलित गराउने र राजप्रशस्तिमा पशुपतिप्रति आदरभाव व्यक्त गर्ने परम्परा हाम्रो यहाँ पछिसम्म पनि चालु रह्यो।

नरेन्द्रदेवजस्ता लिच्छवि राजाले धार्मिक सङ्घलाई ठूलो प्रोत्साहन दिने नीति लिएका हुँदा हाम्रो यहाँ पाशुपत सङ्घहरू राम्रो अवस्थामा रहेको कुरा लिच्छविकालका अभिलेखबाट थाहा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिमा धेरैजसो नेपालका राजाहरूका कृतिहरू रहेका छन् । तिनमा लिच्छवि राजा द्वितीय जयदेवले पशुपतिमा चढाएको चाँदीको अष्टदल कमलको विशेष महत्त्व रहेको छ। सो कमल चढाई राख्न लगाएको बृहत् शिलालेख पशुपतिमा अद्यावधि छँदैछ। त्यस अभिलेखमा पशुपतिको भव्य वर्णन गरिएको छ। राजा जयदेवका पद्यहरूका नमुना पनि त्यसमा पाइन्छ।

पशुपतिनाथको प्रसिद्धि भारतमा समेत फैलिएको थियो। हाम्रो यहाँ पाशुपत–मण्डलीहरू कायम रहेको हुँदा भारतका पनि ठूला ठूला शैवाचार्यहरू यहाँ आइरहन्थे। स्वयम् आद्यशङ्कराचार्य पनि यहाँ आएको उल्लेख पाइन्छ। शङ्कराचार्यले नेपालमा शैवधर्मको पुनरुत्थान गरी पशुपतिका माथमा श्रीखण्डले नित्य श्रीयन्त्र लेखी श्रीविद्यानुकल्पले नित्यार्चन गर्ने पद्धति चलाएको कुरा प्रसिद्ध छ।

प्राचीनकालमा जस्तै मध्यकालमा पनि पशुपतिको प्रतिष्ठा र सम्मान झन् बढ्दै गएको देखिन्छ। नेपालसंवत्को प्रचलन पशुपतिनाथकै विशेष पूजाको उपलक्ष्यमा भएको देखिएको छ। यस कुराको सम्झना "**पशुपतिभट्टारके संवत्सरप्रवृत्तिः कृता**" यस टिपोटले गराएको छ। जे होस् मध्यकालको सुरुमा पनि पशुपतिनाथको ठूलो सम्मान रहेको कुरा अनेक प्रमाणबाट थाहा पाइन्छ। पशुपतिको नजिकै बसेको सहर "देवपत्तन" कहलाएको र तात्कालिक राजाहरूको राज्याभिषेक देवपत्तनमा हुने उल्लेख पाइन्छ।

स्थिति मल्लको उदयपछि नेपालमा फेरि धार्मिक उत्थान सुरु हुन्छ। स्थितिमल्ल र उनका वंशज मल्ल राजाहरू सबै नै पशुपतिका भक्त थिए। उनीहरूको प्रशस्तिमा "**श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुह**" भन्ने विशेषण जोडिएको हुन्थ्यो। उनीहरूका लालमोहरको सिरानमा "**श्रीपशुपतिर्जयति**" भन्ने वाक्य लेखिएको हुन्थ्यो। मल्ल राजाहरूका, राजमाताहरूका र राजपत्नीहरूका धेरै कृतिहरू पशुपतिमा रहेका छन्।

मल्लकालमा पशुपतिका पुजारीका रूपमा अनेक प्रसिद्ध स्वामीहरू रहेको हामी पाउँछौं। यक्ष मल्लका छोरा रत्न मल्लले एक जना सोमेश्वरानन्द भन्ने षोढान्यासी स्वामीलाई पशुपतिका पुजारी बनाएको वर्णन वंशावलीमा पाइन्छ। उनको मद्दतका लागि बिसेत र भण्डारी टहलुवा राख्ने परम्परा पनि त्यसै बेलादेखि चलेको भन्ने छ। राजा रत्न मल्लले नुवाकोटका वैश्य ठकुरीलाई जिती नुवाकोटबाट फलफूल ल्याई श्रीपशुपतिनाथलाई चढाएका थिए। सो चलन अद्यावधि कायमै छ। यसैगरी नित्यानन्द, राघवानन्द, विमलानन्द आदि अनेक स्वामीहरू श्रीपशुपतिनाथका पुजारी रहेको उल्लेख पाइन्छ। जगज्जय मल्लको पालादेखि दक्षिणी भट्टहरूलाई ल्याई पुजारी बनाउने पद्धति निरन्तर रूपमा कायम रहिआएको छ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरण भएपछि शाह राजाहरूद्वारा पनि पशुपतिनाथको राष्ट्रिय सम्मान गर्ने प्राचीन परम्पराको संरक्षण र संवर्द्धन कायम रह्यो। श्री ५ पृथ्वीनारायण शाहले पशुपतिमा नित्य पञ्चामृतले स्नान गराई पूजा गर्न धेरै गुठी राखिदिए। श्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५ रणबहादुर शाहले संवत् १८३५ मा चाँदीको जलहरी बनाई पशुपतिनाथलाई चढाए। कवच जीर्णोद्धार गरी पूर्णिमै पिच्छे महास्नान गराउने र त्रिकाल कुस्लेले बाजा बजाउने गरी धेरै गुठी राखिदिए। यसैगरी शाहकालका पनि पशुपतिमा धेरै कृतिहरू रहेका छन्।

वि.सं. १८६३ साल वैशाख शुदि ६ रोज ७ का दिन श्री ५ रणबहादुर स्वर्गीय भएपछि श्री ५ गीर्वाण युद्धविक्रम शाह राजा भए र उनले देउपाटन सहर ने.सं.९१८–३० अर्थात् १८५५–६७ सालमा श्रीपशुपतिनाथलाई चढाए। श्री ३ महाराज रणोद्दीप सिंहबाट १९३६ सालमा कलकत्ताबाट टलकदार सेतो ढुङ्गा झिकाई श्रीपशुपतिनाथको मन्दिरको गाह्रोमा टाँसी राम्रो बनाइदिए। फेरि यिनै रणोद्दीपसिंहबाट वि.सं. १९३४ सालमा आफ्नो पुर्खा रामकृष्ण कुँवरले बनाएको गुह्येश्वरी जाने बाटो बिग्रेको हुनाले राम्रोसँग बनाइदिए। श्रीजनरल जगत्जङ्गबहादुर राणाले १९३६ साल वैशाख वदि १३ आइतवारका दिन सुनको ठूलो बसाहा बनाई श्रीपशुपतिनाथको पश्चिम ढोकाअगाडि स्थापना गरिदिए। श्री ३ महाराज चन्द्रशमशेर ज.ब.रा.ले वि.सं. १९८० सालमा पशुपतिनाथको मन्दिरभित्र आफ्नो मूर्तिको चाँदीको मोहर बनाई भुइँमा छापिदिए र मन्दिरभित्र गाह्रोमा सेतो टायल टाँसिदिए। फेरि यिनै श्री ३ चन्द्रशमशेर ज.ब.रा.ले अघि राजा नृपेन्द्र मल्लबाट बनाइएको श्रीपशुपतिनाथको छानो पुरानो भई ठाउँठाउँमा बिग्रेको हुनाले वि.सं. १९८२ सालमा दुई तला छाना सुनले छाई सबै मन्दिरभरि नै रङ्गरोगन गरी प्राङ्गणमा बिजुली बत्तीसमेत राखिदिए। वि.सं. १९९० साल माघ दुई गते सवा दुई बजे ठूलो भुइँचालो जाँदा श्रीपशुपतिनाथको मन्दिर र गुह्येश्वरीको मन्दिरमा केही भएन। अरू तीनै सहरका घरहरू ध्वस्त भए। वि.सं. १९९१ सालमा श्री ३ महाराज जुद्धशमशेरले श्रीपशुपतिनाथको मन्दिरभित्र पशुपतिनाथको नाउँको र आफ्नो नाउँको बुट्टा बनाइदिए।

शिव ब्रह्माण्डस्वरूप मानिन्छन्। ब्रह्माण्ड अण्डाकार मानिएको छ। त्यसैले अण्डाकार शिवलिङ्ग बनाई मूल प्रकृतिरूप जलहरीमाथि राखी पूजा गर्ने चलन चलेको हो। सो लिङ्गमा आठ प्रकारको शिवरूपले घेरिएको पनि मान्ने चलन छ। ती आठ प्रकारका शिवरूप यी हुन्–

१. शर्व २. भव ३. ईशान ४. रुद्र ५. उग्र ६. भीम ७. पशुपति ८. महादेव

हाम्रा नेपालका देवालयहरूमा रहेका रहस्यात्मक देवमूर्तिहरूमा तिनको प्रत्येक भेद मूर्तिहरूमा कल्पना गर्न हुने किसिमको हुन्छ। त्यस्तै हाम्रो यहाँ चारमुख भएको श्रीपशुपतिनाथको मूर्ति छ। त्यस विषयमा यहाँ केही कुरा झल्काउने चेष्टा गर्दछु।

"सर्वे जीवा एव पशवः,तेषां पतिः पशुपतिः" त्यस कारण पशुपति साक्षात् परब्रह्मको सगुणरूप हुन्। यिनमा तीन भेद छन् र ती के के हुन् भने (१) लघुपाशुपतविद्या–त्यस विद्यामा वधूबीजरहित भए पाशुपतास्त्र बन्दछ। (२) मध्यमपाशुपतविद्या–यस मन्त्रमा पाशुपत कूटसमेत समावेश भएको हुन्छ। (३) महापाशुपतविद्या–यसमा महापाशुपतकूट र वैदिक ब्रह्मविद्यासमेत समष्टि भई निगमागमात्मक विद्या बन्दछ। लघुपाशुपतविद्यात्मक पशुपतिको ध्यान यसप्रकार छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलम् ।
त्र्यक्षं पन्नगभूषणं शिखिशिखाश्मश्रुस्फुरन्मूर्धजम् ॥
हस्ताब्जैस्त्रिशिखं समुद्गरमसिं शक्तिं दधानं विभुम् ।
दंष्ट्राभीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥ "

अर्थात् मध्याह्नकालका सूर्यझैँ कान्ति भएका, चन्द्रमा पहिरिएका, डरलाग्दो गरी खित्का छोडेर हाँसिरहेका, तीन नेत्र भएका, सर्पको गहना पहिरेका, अग्निशिखारूप जुँगा र फुरेका ठाडा केश भएका त्रिशिख, मुँग्रो, तरबार र शक्ति चार बाहुमा धारण गरेका, दाह्रा निस्केका, भयङ्कर चार मुख भएका, सर्वव्यापी र दिव्य अस्त्ररूप भएका पशुपतिलाई सम्झनू । यो पशुपतिको तामसी ध्यान अर्थात् तामस रूप हो ।

(२) मध्यमपाशुपत विद्यास्वरूप पशुपतिको ध्यान यसप्रकारको छ–

"ध्यायेत् पशुपतिं सम्यङ्मन्त्री चैकाग्रमानसः ।
पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनम् ॥
अग्निज्वालानिभं श्मश्रुसंयुतं भीमदंष्ट्रकम् ।
खड्गबाणानक्षशूलं शक्तिं परशुमेव च ॥
दधानं दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतो गुरुम् ।
खेटचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक् ॥
वामहस्तैश्च विभ्राणं मध्याह्नार्कसमप्रभम् ।
नानाभरणसंदीप्तं पन्नगेन्द्रैरलङ्कृतम् ॥
स्फटिकौघनिभं शान्तं सर्वरक्षाकरं स्मरेत् ॥

अर्थात् पाँच मुख भएका, दश वाहु भएका, हरेक मुखमा तीन तीन नेत्र भएका, आगोको ज्वालाझैँ लालवर्णको जुँगा भएका, भयङ्कर दाह्रा भएका, खड्ग, पञ्चबाण, रुद्राक्षको माला, शक्ति अनि बञ्चरो दाहिने पट्टिको माथिल्लो बाहुदेखि क्रमैले धारण गरेका, ढाल, धनु, कमण्डलु, त्रिशूल अनि ब्रह्मदण्ड वाम बाहुमा धारण गरेका, मध्याह्नकालका सूर्यझैँ कान्ति भएका, नानातरहका गहना पहिरिएर उज्यालो भएका, नागहरूका गहना पहिरिएका र सबैलाई रक्षा गर्ने स्फटिकझैँ कञ्चन अर्थात् निर्मल सेतो वर्ण भएका शान्तस्वरूप पशुपतिलाई सम्झोस् ।

(३) अब महापाशुपत विद्यास्वरूप पशुपतिको ध्यान यसप्रकारको छ–

सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।
उत्तप्तहेमसंकाशं त्रिकोणोपरि संस्थितम् ॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणे भैरवास्यञ्च श्यामं दंष्ट्राङ्कुरान्वितम् ॥
क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे वदने गौरं गौरीशक्तिस्वरूपकम् ॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रत्रिलोचनम् ।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे ॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम् ।
नाभौ कालाग्निरुद्राख्यं वदनं प्रोज्ज्वलाननम् ॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतम् ।
नानारत्नोज्ज्वलाङ्गञ्च मुण्डमालाविभूषणम् ॥
विल्वपत्रमयीमाला या पादान्तावलम्बितम् ।
दक्षिणैर्वेददोर्दण्डैरभीतिदानमुत्तमम् ॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम् ।
एवमष्टभुजं देवं सदा षोडशवार्षिकम् ॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितम् ।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥

अर्थात् कोटिसूर्यझैं प्रकाशयुक्त, कोटिचन्द्रझैं शीतल, तताएको सुनझैं वर्ण भएका, त्रिकोणाकार यन्त्रमाथि बसेका, पूर्वतिर तताएको सुनझैं वर्ण भएको शान्त विष्णुरूपी मुहार, दक्षिणपट्टि श्यामवर्ण भएको दाह्रा निस्किएको भैरवरूपी मुहार, पश्चिममा दूध, चन्द्र र कुन्दपुष्पझैं सेतो ब्रह्माको रूप भएको मुहार, उत्तरमा शिवशक्त्यात्मक गोरो मुहार, माथमा जूरो बाँधेका, माथमा चन्द्रमा पहिरिएका, हरेक मुखमा तीन-तीन आँखा भएका, माथितिर बत्तीको शिखाझैं ज्योतिर्मय मुहार र त्यसभित्र श्रीयन्त्रको चिह्न भएका, नाभिस्थानमा बलिरहेको कालाग्निरुद्रात्मक मुहार, नागको गहना पहिरेका, रुद्राक्षको गहना पहिरेका, अनेक तरहका गहना पहिरेका, मुण्डमाला पहिरेका, वेलपत्रको माला पाउसम्म पहिरेका, दाहिने चार बाहुमा अभयमुद्रा धारण गरेका र बायाँ चार बाहुमा वरमुद्रा धारण गरेका शिवरूप । यसप्रकार आठ बाहु भएका, सधैँका षोडशवर्षीय पठ्ठा, अर्को आकाशमा अर्थात् शून्याकाशमा शून्यपद्ममा बसेका सच्चिदानन्दस्वरूप श्रीपशुपतिको ध्यान गर्नू ।

यहाँ श्रीपशुपतिको प्रतिमामा पूर्वोक्त तीनै प्रकारका ध्यान घट्छन् । यो मूर्ति जलहरीमाथि स्थापित भएको छ । यसमा चारतिर चार मुख र प्रत्येक मुखमा दुई दुई बाहु देखिन्छन् । अब यस मूर्तिलाई पहिलो ध्यानमा घटाउँदा चार मुख त स्पष्टै भयो, प्रत्येक मुखको दुई दुई बाहुलाई ध्यानोक्त हतियारयुक्त एक एक बाहुमात्रै कल्पना हुँदा चार बाहु हुन्छ अनि दोस्रो ध्यानमा घटाउँदा जलहरीलाई आसनरूप पद्म फेरि चार मुख र आठ बाहु छँदैछन्, त्यसमा थप लिङ्गमाथि अङ्कित भएको श्रीयन्त्रलाई एक मुख र दुई बाहु कल्पना हुन्छ र पाँच वक्त्र र दश भुजा भएका ठहरिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि तेस्रो ध्यानमा घटाउँदा चार मुख र आठ बाहु स्पष्टै भयो। लिङ्गको शिर ज्योतिर्मय वक्त्र अनि त्यसमा अङ्कित श्रीयन्त्र र जलहरीमाथि लिङ्गको जरालाई नाभिस्थानको वक्त्र अनि जलहरीलाई त्रिकोणासन भन्ने कल्पना हुँदा ध्यानोक्त छ मुख, आठ बाहु र त्रिकोणासन सिद्ध हुन्छ। धेरै प्रकारका रूपको कल्पना भई उपासना हुने देवताहरूको ठूलाठूला पीठहरूमा यस्तै साङ्केतिक मूर्ति अथवा केवल अरूप शिला, कुण्ड, यन्त्र वा कलश इत्यादि स्थापित हुन्छन्।

श्रीपशुपतिको कुनकुन मुख कुनकुन देवतात्मक हुन् भन्ने महापाशुपतको ध्यानबाट झल्किएकै छ तथापि यहाँ विशेष केही कुरा लेख्ने चेष्टा गर्दछु। यिनको पश्चिम मुख ब्रह्मात्मक सद्योजात पश्चिमाम्नाय तत्त्वका हुन्। उत्तर मुख गौरीशङ्करात्मक वामदेव उत्तराम्नाय तत्त्वात्मक हुन्। पूर्वमुख विश्वात्मक तत्पुरुष पूर्वाम्नाय तत्त्वात्मक हुन्। दक्षिणमुख भैरवात्मक अघोर दक्षिणाम्नाय तत्त्वात्मक हुन्। विशेष गरेर यही मुखमा भोग लाग्छ। ऊर्ध्वमा मुख छैन, खालि केही उक्सेको मात्र छ। त्यहाँ नित्यशः श्रीखण्डले श्रीयन्त्र लेखिन्छ। सोही श्रीयन्त्रको बिन्दुचक्रलाई ऊर्ध्वमुख मानेर परब्रह्मात्मक ईशान ऊर्ध्वाम्नाय तत्त्वको कल्पना हुन्छ। यस श्रीयन्त्रमा श्री १०८ शङ्कराचार्यले राखेको नियमानुसार श्रीयन्त्रको केरलसम्प्रदायबाट सपर्या हुन्छ। त्यसैले हाम्रा नेपालका उपासकहरू गौडसम्प्रदायी हुनाले अद्यावधि केरलसम्प्रदायी दक्षिणी भट्टहरूलाई नै यहाँका पुजारी बनाउने चलन छ।

अब यहाँ धेरै जनाले रहस्य नबुझेको एउटा विचारको कुरा छ। त्यो के हो भने यो पशुपतिपीठ शिवशक्त्यात्मक श्रीविद्यापीठ हो। यहाँ मुख्य देवताका रूपमा श्रीयन्त्रमा श्रीविद्याकै पूजा हुन्छ। अतः श्रीविद्याको पूजामा श्रीपात्रस्थापना गर्नु अत्यावश्यक हुन्छ। गौडसम्प्रदाय र काश्मीरसम्प्रदायमा सामान्यार्घ्य र शङ्खार्घ्य (विशेषार्घ्य) को बीचमा श्रीपात्रको स्थापना हुन्छ। आनन्दभैरव र आनन्दभैरवीको सामरस्यपूजा सोही श्रीपात्रमा हुन्छ तर केरलसम्प्रदायको हयग्रीव मतमा श्रीपात्रको स्थापना हुँदैन। त्यसमा हुने आनन्दभैरव र आनन्दभैरवीको सामरस्यपूजा आदि सबै विशेषार्घ्य अर्थात् शङ्खार्घ्यमै हुन्छ। फेरि यहाँ पशुपति नै शिवलिङ्गात्मक हुनाले शिवलाई शङ्खार्घ्य चढ्दैन। त्यसैले यहाँ विशेषार्घ्यस्वरूप सुनको शङ्खरूप अर्घ्य बनाएर राखिएको छ। अर्को एउटा ठूलो सुनैको शङ्ख पनि बनाएर राखिएको छ। यहाँ शङ्खजल भनेर जो अभिषेक गरिन्छ, त्यो श्रीपात्रात्मक शङ्खको अभिषेकै हो, केवल शङ्खको होइन।

अब देवालयको विषयमा अर्को एउटा कुरा लेख्नु छ। त्यो कुरा के हो भने पशुपति देवलको चारैतिर रहेको दुई शरभ दुई शरभीको बारेको कुरा। त्यस विषयमा वाराहीतन्त्रको रहस्यखण्डमा यस प्रकारको कथा लेखिएको छ।

अघि नृसिंहावतार भएर हिरण्यकशिपुको वध गरेपछि नृसिंहको कोप उत्पातसित बढ्दै गयो र सो शान्त गर्न स्वयम् लक्ष्मी र प्रल्हादले समेत स्तुति गर्दा पनि नसकेर शान्त भएन। तसर्थ सदाशिवले निम्नलिखित ध्यान बमोजिमको शरभको रूप धारण गर्नुभयो। सो रूप यस प्रकारको छ–

"चन्द्रार्काग्नित्रिनयनं कालीदुर्गाद्विपक्षकम्।
विद्युज्जिह्वं वज्रनखं वडवाग्न्युदरं तथा॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याधिमृत्युरिपुघ्नं च चण्डवातातिवेगिनम् ।
हृद्भैरवस्वरूपञ्च वैरिवृन्दनिषूदनम् ॥
मृगस्त्वर्धशरीरेण पक्षाभ्यां चञ्चुना द्विजः ।
अधोवक्त्रश्चतुष्पादस्तूर्ध्ववक्त्रश्चतुर्भुजः ॥
कालान्तदहनप्रख्यो नीलजीमूतनिःस्वनः ।
अरिर्यद् दर्शनादेव विनष्टबलविक्रमः ॥
सटाच्छटोग्ररूपाय पक्षविक्षिप्तभूभृते ।
अष्टपादाय रुद्राय नमः शरभमूर्तये ॥"

अर्थात्"चन्द्र,सूर्य र अग्निरूप तीन नेत्र, काली र दुर्गा स्वरूप दुई पखेटा, बिजुलीस्वरूप जिभ्रो, वज्ररूपी नङ्ग्रा, वडवाग्निरूप पेट भएका, रोग, मृत्यु र शत्रुलाई नाश गर्ने चण्डवात (आँधीबेहरी) जस्ता अत्यन्त बेगिला, भैरवस्वरूप हृदयका, बैरीहरूको समूहलाई नाश गर्ने, आधा शरीर (शरीरको तल्लो भाग) मृगको जस्तो र आधा (माथिल्लो भाग) पंक्षीको जस्तो चुच्चो र पखेटा भएका, चार खुट्टा र चार हात भएका, प्रलयकालका अग्निजस्तो तेज र नीलमेघको जस्तो गर्जन गर्ने, जसलाई देख्नेबित्तिकै शत्रुको सारा बल पराक्रम गल्ने, यस्ता केशर वा जटाले गर्दा उग्ररूपका, पखेटाको वेगले पहाडै पल्टाउने र अष्टपाद रुद्ररूप शरभ मूर्तिलाई नमस्कार ।"

यस्तो रूपको अगाडिको चार हातको नङ्ग्राले बाजले परेवालाई गाँजेझैँ गरी नृसिंहको जगल्टामा गाँजी आकाशमा लगी झाङ्बल झुङ्बल गरी हाइ दुहाइ गराई शान्त नारायणरूप बनाई हाल शिखरनारायण भएको ठाउँमा फाली शिखरनारायणको उत्पत्ति गराए । त्यसपछि नागार्जुन डाँडामा आई बसेर कुर्ले । सो कुर्ल्याइको गर्जनाले थर्किएर पहाड फुटी त्यहाँबाट वाग्वती निस्किन् । वाक्बाट निस्किएको हुनाले तिनको नाम वाग्वती हुन गयो । अनि उनैको पसिनाबाट रुद्रमती बन्न गइन् ।

यसै चालले त्यहाँकै वरिपरिको डाँडामा शरभ विचर्न थाले । यो कुरा पार्वतीले पनि थाहा पाई उस्तै शरभीको रूप धारण गरी धेरै कालसम्म त्यहीँ क्रीडा गर्नुभयो । शिवले क्रीडा गरेको स्थान हुनाले त्यस डाँडाको नाम शिवपुरी हुन गयो । हाल अपभ्रंशले गर्दा शिउपुरी भन्दछन् । त्यसपछि शरभीले चारवटा फुल पारेर त्यहाँ छाडी शिवपार्वती कैलासतिर प्रस्थान गर्नुभयो । कालान्तरमा ती चार फुलबाट दुई शरभ र दुई शरभी जन्मी आआफ्नो वासस्थानका लागि शिवजीको आराधना गर्दा "मेरो मन्दिरको चार दिशामा तिमीहरू चारजना रहनू र मेरै पूजा भएबाट तिमीहरू तृप्त हुनेछौ" भन्ने शिवजीबाट ती दुई शरभ र दुई शरभीलाई वरदान भयो । त्यस कालदेखि प्रत्येक शिवको मन्दिरमा प्रत्यक्ष अथवा अप्रत्यक्षै रूपले भए पनि तिनीहरू रहन्छन् । पशुपतिको मन्दिरको चारै कुनाका टुँडालमा यी चार मूर्ति छन् । त्रिपुरेश्वरमा त अझ स्पष्टरूपले अष्टधातुका मूर्तिहरू स्थापित छन् ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्षवाङ्मयमा पशुपति

–प्रेमहरि ढुंगाना

संसारको शिरोभागको रूपमा रहेको नेपालभूमिका तीर्थहरूलाई सनातनधर्मका प्राचीन ग्रन्थहरूले चर्चा गरेका छन्। विशेषगरी भक्ति र ज्ञानप्रवर्द्धन गर्ने पवित्र ग्रन्थ पुराणको सङ्ख्या सृष्टिको आदिमा (सयकरोड श्लोक सङ्ख्या भएको) एक रहेको र सोही पुराणमा रहेको ज्ञान र भक्तिवर्द्धक घटनाहरूलाई प्रत्येक चतुर्युगको द्वापरमा भगवान् विष्णुले व्यासको अवतार लिई मानवकल्याणका लागि सम्पादन एवं विभाग गर्ने गरेको पाइन्छ। हालका उपलब्ध पुराणहरू द्वापरयुगमा कृष्णद्वैपायन व्यासबाट सम्पादन भई अठार भागमा विभाजित भएका हुन् भन्ने मानिन्छ।

आर्यावर्तका तीर्थहरूको चर्चा गर्ने क्रममा पुराणहरूले वर्तमान नेपालभित्रका तीर्थहरूको वर्णन गरेका छन्। पुराणहरूमा वर्णित भौगोलिक तीर्थहरूका अतिरिक्त नेपालको विशिष्टताको रूपमा अवस्थित देवाधिदेव महादेवको कल्याणकारी स्वरूप भगवान् श्रीपशुपतिनाथको आध्यात्मिक महिमा पनि त्यत्तिकै चर्चित छ। पुराणहरूमा पशुपतिक्षेत्रको महिमाका साथसाथै रुरुक्षेत्र, मुक्तिक्षेत्र, वराहक्षेत्र, पवित्र नदीहरू वाग्वती, गण्डकी र कोशीको पनि चर्चा गरिएको छ। पुराणहरूमा वर्णन गरिएको नेपालको पशुपतिनाथसँग सम्बद्ध सन्दर्भलाई सङ्क्षेपमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ।

१. शिवमहापुराण

शिवमहापुराणमा भगवान् श्रीपशुपतिनाथको स्वरूपलाई मन्त्रोत्पत्तिको स्रोतका रूपमा चर्चा गरिएको छ। शिवमहापुराणको विद्येश्वरसंहितामा श्रीपशुपतिनाथको मुखलिङ्गलाई सृष्टिपूर्वको घटनासँग जोडिएको छ। सृष्टिको आदिमा सृष्टि भएर पनि कर्तव्य नतोकिएका ब्रह्मा र विष्णुको अन्योल अन्त्य गर्न भगवान् शिवले तेजोमय ज्योतिर्लिङ्गको रूप लिएको र त्यस लिङ्गबाट पञ्चमुखी महादेवका रूपमा ब्रह्मा र विष्णुलाई दर्शन दिएको सन्दर्भ उल्लेख छ। यसै पञ्चमुखी स्वरूपबाट **अ, उ, म, बिन्दु र नाद**को उत्पत्ति भई प्रणवमन्त्र ॐकारको आविष्कार भएको वर्णन छ। यसै प्रणवमन्त्रको जपको महिमा बताउँदै भगवान् शिवले विस्तारित रूपमा "**नमः शिवाय**" को उत्पत्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको सन्दर्भ वर्णित छ। "**नमः शिवाय**" मन्त्रबाट त्रिपदा गायत्री, त्यसबाट वेदहरूको सृष्टि भएको वर्णन छ। यसरी करोडौँ मन्त्रहरूका रूपमा विस्तारित भएको ज्ञानको प्रमुख स्रोत भगवान् शिवको मुखलिङ्गलाई लिइएको छ। पशुपतिनाथको मुखलिङ्गस्वरूप यसै तेजोलिङ्गको रूपान्तरण मानिन्छ। तेजोलिङ्ग पञ्चमुखी शिवका रूपमा व्यक्त भई ब्रह्मा र विष्णुलाई मार्गदर्शन गरेको र ब्रह्मा र विष्णुले मार्गदर्शन पाएपछि षोडशोपचारले भगवान् शिवको पूजा गरेको हुँदा यसै दिनलाई महाशिवरात्रि पर्व मनाउने गरिएको परम्परासमेत शिवपुराणमा उल्लेख छ।

शिवपुराणकै कोटिरुद्रसंहितामा नेपालका दुईवटा स्थानको चर्चा पाइन्छ। नेपालमा पशुपति र हिमालयमा मुक्तिनाथ रुद्रावतारको चर्चा गरिएको छ। शिवपुराणमै पशुपतिको चर्चा गर्दै पशुहरूलाई तिरोधानशक्ति र अनुग्रहद्वारा मुक्त गर्ने विशिष्ट कार्य पति अर्थात् पशुपतिले गर्ने हुँदा शिवको पशुपति स्वरूपलाई मुक्तिका देवताका रूपमा चर्चा गरिएको छ।

२. नारदपुराण

नारदपुराणको पूर्वभागको तृतीय पादमा शैव पाशुपतदर्शनको चर्चा गरिएको छ। दर्शनहरूमा शैव पाशुपतदर्शनले बताएका प्रक्रियाहरू जीवको मुक्तिका लागि अत्यन्त व्यावहारिक मानिन्छन्। शैव पाशुपतदर्शनको स्रोत शैवागमलाई मानिएको छ। शैवागमअनुसार विद्या, क्रिया, योग र चर्यालाई चार पाद र पशु, पाश र पतिलाई त्रिपदार्थको रूपमा व्याख्या गरिएको छ। पशुपाशबाट मुक्त हुन सर्वप्रथम दीक्षाको जरुरत हुन्छ। असल गुरुबाट दीक्षा लिई असल गुरुको सान्निध्यमा रहेर साधना गर्नुपर्दछ। साधनामा अपनाइने प्रक्रियाहरूलाई क्रिया भनिन्छ। विभिन्न क्रियाहरू गराउन र त्यसमा सफलता प्राप्त गर्न योगको आवश्यकता पर्दछ। योगका लागि निर्दिष्ट यम, नियम, आसन, आदिका माध्यमले क्रियाहरूमा सफलता प्राप्त गरी पशु पाशबाट मुक्त हुन्छ। पाशबद्ध जीवात्मालाई सद्‌गुरुको दीक्षा, क्रिया र योगमार्गबाट पशुपतिले मुक्ति प्रदान गर्ने वर्णन गरिएको छ।

(क) पशु

जीवात्माहरूलाई पशु भनिएको छ। पशुका तीन प्रकार बताइएको छ– १) विज्ञानाकल, २) प्रलयाकल ३) सकल। जो परमात्माको स्वरूप जानेर जप, ध्यान र संन्यास अथवा भोगद्वारा सञ्चित मलहरूलाई क्षय गर्छ, जसको शरीर र इन्द्रिय आदिको कुनै बन्धन रहँदैन, केवल मलरूपी बन्धनमात्र रहन्छ, त्यस्ता जीवात्मालाई विज्ञानाकलको संज्ञा दिइएको छ। जुन जीवात्माको शरीर र इन्द्रियहरू प्रलयकालमा मात्र लीन हुन्छन्, त्यस्ता जीवात्मामा मायीय कार्य मल नष्ट भए पनि आणव र मायीय मल भने बन्धनकै रूपमा रहन्छ, यस्ता पशुलाई प्रलयाकल भनिएको छ। जुन जीवात्मामा आणव, मायीय र कर्मज तीनै प्रकारका पाश रहन्छन् त्यस्ता पशुलाई सकल पशु भनी वर्णन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानाकल पशुका पनि दुई भेद छन्- १) समाप्तकलुष २) असमाप्तकलुष। जीवात्माले गरेका कर्महरूबाट उत्पन्न पुण्य वा पाप मलका रूपमा जम्मा हुन्छन्। जहिलेसम्म कर्मको त्याग हुँदैन तबसम्म कर्मबाट उत्पन्न हुने मलहरूको राशि बढ्दै जान्छ। जब कर्महरू निष्काम हुन्छन्, आसक्तिरहित हुन्छन्, त्यस अवस्थामा कलुष पनि समाप्त हुन्छ। यसरी कलुषरहित जीवात्मालाई भगवान् श्रीपशुपतिले निम्नलिखित आठ प्रकारका विद्येश्वर पदमा पुऱ्याइदिने फल वर्णित छ। आठ प्रकारका विद्येश्वर पदहरू हुन्– १) अनन्त २) सूक्ष्म ३) शिवोत्तम ४) एकनेत्र ५) एकरुद्र ६) त्रिमूर्ति ७) श्रीकण्ठ ८) शिखण्डी। जुन जीवात्माको कर्मबाट मलको राशि बढ्दै जान्छ, कर्मत्याग भएको हुँदैन र कलुष राशि बढ्दै गएको हुन्छ, त्यस्ता जीवात्मालाई परमेश्वरले मन्त्रद्वारा उद्धार गर्ने फल बताइएको छ।

प्रलयाकल पशुका मुख्य दुईवटा भेद छन्- १) पक्वपाशद्वय २) अपक्वपाशद्वय। जुन जीवात्माको मल र कर्म दुवै पाशहरू परिपाक भएका छन्, त्यस्ता जीवात्माहरू मोक्ष प्राप्त गर्दछन् भने अपक्व पाशद्वय जीवात्माहरू नाना प्रकारका कर्महरूको सङ्कल्प गर्ने र कामनाले कार्य गरिरहने हुन्छन्, त्यस्ता जीवात्मालाई अपक्व पाशद्वयको संज्ञा दिँदै यस्ता जीवात्माहरू चौरासी लाख योनिमा भ्रमण गर्ने र कर्मबाट उत्पन्न राम्रा नराम्रा भोग गरिरहने जीवात्माका रूपमा चर्चा गरिएको छ।

सकल पशुका पनि दुई भेद बताइएको छ– १) पक्वकलुष र २) अपक्वकलुष। जीवात्माको मल, कर्म र माया तीनै कुरा पाक र परिपाक भई सबै पाशहरू शक्तिहीन हुँदाको अवस्थालाई पक्वकलुष जीवात्मा (मन्त्रेश्वर) भनिएको छ भने अपक्वकलुष कर्मदोषका कारण जन्मजन्मान्तर भवसागरमा परिरहने जीवात्मालाई भनिएको छ।

(ख) पाश

शैव तन्त्रले पाश पाँच प्रकारको बताएको छ- १) मलज २) कर्मज ३) मायाज ४) तिरोधानशक्तिज ५) बिन्दुज। आत्माको स्वाभाविक ज्ञान तथा क्रियाशक्तिलाई छेक्ने अज्ञानलाई मल भनिएको छ। मलले जीवात्मालाई आत्माको मूलस्वरूपको ज्ञानबाट विमुख गर्ने होइन, जीवात्मालाई बलपूर्वक दुष्कर्मतर्फ प्रवृत्त गराउँदछ। यसैलाई मलज पाश भनिएको छ। प्रत्येक वस्तुभित्र रहने सामर्थ्यलाई शिवशक्ति भनिन्छ- जस्तै पानीको भिजाउने शक्ति, आगोको डढाउने शक्ति आदि। यो शक्ति जस्तो पदार्थले ग्रहण गर्छ, त्यस्तै स्वभाव व्यक्त भई आत्माको मूल स्वरूपलाई ढाक्ने हुँदा यसलाई तिरोधानशक्तिज पाश भनिएको छ। जुन शक्ति प्रलय हुँदा मात्र लीन हुन्छ र सृष्टिको समयमा फेरि नयाँ रूपमा उत्पन्न हुन्छ, त्यस्तो शक्तिलाई मायापाश भनिएको छ। यी चारै किसिमका पाशहरूद्वारा बाँधिएको जीवात्मा जब तत्त्वज्ञानद्वारा पाशहरूको नाश गर्छ, त्यसपछि मात्र परम शिवतत्त्व प्राप्त गरी मुक्ति पाउँदछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) दीक्षा

पाशबन्धनबाट मुक्त हुनका लागि दीक्षा महत्त्वपूर्ण साधन मानिन्छ। यसका लागि जीवात्माले सद्गुरुसँग दीक्षा ग्रहण गर्नुपर्दछ। दीक्षा ज्ञानशक्तिको प्रथम चरण हो। दीक्षा, क्रिया, योग र चर्या चार पादको प्रयोगद्वारा अज्ञान नाश गरी जीवात्माहरू जन्मजन्मान्तरका मलहरू नाश गरी मुक्ति प्राप्त गर्दछन्।

शिवरूपी सूर्यको शक्तिरूपी किरणबाट चैतन्यदृष्टि प्राप्त गरी आध्यात्मिक शक्तिद्वारा साधकले शिवलाई साक्षात्कार गर्दछ। दीक्षाले पाशबाट मुक्त गर्छ। तसर्थ शास्त्रोक्त विधिबाट मन्त्रदीक्षा ग्रहण गरी सदाचारमा रहेर नित्य, नैमित्तिक कर्मको अनुष्ठान गर्दै जीवनशैलीलाई अघि बढाउँदा कर्महरू निष्काम हुने हुँदा व्यक्ति बन्धनबाट स्वतः बाहिरिँदै जान्छ र अन्त्यमा मुक्त हुन्छ।

(घ) पति

भगवान् शिवको पशुपति स्वरूपलाई सम्पूर्ण जीवात्माहरूलाई दीक्षा, क्रिया, योग र चर्याबाट शुद्ध गर्दै मुक्ति दिने स्वरूपका रूपमा लिइएको छ। कलियुगमा साधनात्मक जीवनशैली सम्भव नभएको र शास्त्रहरूले पनि युगको धर्मअनुसार कलियुगका लागि श्रद्धा र भक्ति नै मुक्तिको मार्ग हो भनी निर्देश गरेकाले भगवान् श्रीपशुपतिनाथको भक्तिपूर्वक आराधना गर्नाले उहाँको कृपाबाट मुक्ति पाइन्छ भन्ने विश्वास लिइन्छ।

३. महाभारत

महाभारतमा पशुपतिसम्बन्धी दुईवटा सन्दर्भको चर्चा छ। भगवान् श्रीकृष्णको सल्लाहअनुसार हिमालयक्षेत्रमा तपस्याका लागि निस्किएका अर्जुनले पशुपतिको मृगस्थलीमा आई कठिन तपस्या गर्दा वराहको शिकारीका रूपमा भगवान् शिव प्रकट भई बँदेल मारेको विषयलाई लिएर भगवान् शिव र अर्जुनको घमासान युद्धको सन्दर्भको वर्णन छ। लामो समयसम्म युद्ध भैसकेपछि पराजयको नजिक पुगेका अर्जुनले ध्यानदृष्टिले हेर्दा आफूसँग लडाइँ गर्ने साक्षात् पशुपति भएको निर्क्योल गरेपछि सम्पूर्ण बाणहरू उहाँका पाउमा समर्पण गरी आफूसमेत समर्पित भए। तपस्याको उद्देश्य पाशुपतास्त्र प्राप्त गर्ने रहेको र भगवान् शिवले पाशुपतास्त्र प्रदान गर्न उपयुक्त पात्र भए नभएको परीक्षण गर्न लडाइँ गरेको हुँदा भगवान् श्रीपशुपतिबाट अर्जुनलाई योग्य ठहराई पाशुपतास्त्र प्रदान गरेको सन्दर्भ उल्लेख छ। अर्जुनको तपस्याभूमि र महादेवसँग युद्ध भएको भूमि पशुपतिको श्लेष्मान्तक वनलाई मानिएको छ।

भाग्यमानी तपस्वीले मात्र प्राप्त गर्ने पाशुपतास्त्र भगवान् शिवबाट प्रयोग र संहरणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिसहित अर्जुनलाई यसै मृगस्थलीमा प्रदान गरिएको चर्चा छ। अर्को प्रसङ्ग महाभारत युद्ध समापनपछि गोत्रहत्याको दोष बोकेका पाण्डवहरू भगवान् श्रीकृष्णको सल्लाहअनुसार भगवान् शिवको आराधनाका लागि उत्तराखण्डतर्फ लाग्दा उत्तराखण्डमा भगवान् शिव महिषका स्वरूपमा विचरण गरेको र पाण्डवहरूले चिनेर समात्न खोज्दा उहाँको पार्थिव शरीरको धड उत्तराखण्डको हिमालयक्षेत्रमा केदारनाथका रूपमा ज्योतिर्लिङ्ग भएर रहेको र शिरोभाग अर्थात् चेतनपक्ष पशुपतिको मुखलिङ्गमा आई मिलेको सन्दर्भ उल्लेख छ।

नेपालभूमिले महाभारतको युद्धमा सत्यको साथ दिँदै विराटनगरमा पाण्डवहरूलाई राजा विराटले आश्रय दिएको र विराटको दरबारमै गुप्त भेषमा पाण्डवहरूले गुप्तवास बिताएको सन्दर्भ पनि उल्लिखित छ। भीमसेनले बाह्र वर्षे वनवास कालमा हिडिम्बासँग विवाह गरेको र घटोत्कचजस्ता वीर जन्मिएको भूमि हेटौँडा हो भन्ने विश्वास गरिन्छ। नेपालभूमि तात्कालिक अवस्थामा ऋषिहरूको तपोभूमिका रूपमा रहेको र तपोभूमिमा तपस्वीहरूलाई राक्षसले दुःख दिँदा भीमसेनले राक्षसहरूलाई परास्त गरी तपस्वी र यस क्षेत्रका आदिवासीलाई भयमुक्त बनाएकाले नेपालको संस्कृतिमा भीमसेनलाई शिवका रूपमा पूजा गर्ने प्रचलन रहेको छ। यतिमात्र होइन, मल्लकालिक संस्कृति हेर्दा सहरहरू निर्माण गर्दा गणेश र भीमसेनलाई समान स्थान प्रदान गरी स्थापना र पूजा गर्ने प्रचलन रहेको पाइन्छ।

४. वराहपुराण

वराहपुराणले गोकर्णक्षेत्रको माहात्म्य वर्णन गर्ने सन्दर्भमा श्लेष्मान्तक वनमा शिवलीलाको सन्दर्भ उल्लेख गरेको छ। भगवान् शिव अलप भएका कारण सम्पूर्ण जगत् स्तब्ध भयो। सृष्टि, स्थिति र पालनका प्रक्रियाहरू अवरुद्ध भए। प्रकृतिका धर्महरूमा उतारचढाव हुन थालेपछि ब्रह्माजीको नेतृत्वमा सबै देवताहरू भगवान् शिवको खोजीमा निस्के। कतै खोज्दा पनि नभेटिएपछि भगवान् विष्णुको शरणमा ब्रह्माजीसहित सबै देवीदेवता स्तुति गर्न गएपछि भगवान् विष्णुले ध्यान दृष्टिले हेर्दा भगवान् शिव एउटा मात्र सिङ् भएको मृगरूपमा पशुपतिको मृगस्थलीमा विचरण गरिरहनुभएको देखेपछि देवीदेवताहरूलाई पशुपतिक्षेत्रको मृगस्थलीमा जान भगवान् विष्णुले प्रेरणा दिनुभयो। यसै प्रेरणाबाट खोज्दै आएका देवताहरूले सुन्दर मृगस्थलीको किनारमा एकजना युवती घुमिरहेको देखे। ब्रह्माजीले ध्यान दृष्टिले हेर्दा ती युवती स्वयं जगदम्बा भगवती पार्वती युवतीका रूपमा भगवान् शिवको सेवाका लागि अवतीर्ण भएको थाहा पाएर पक्कै पनि भगवान् शिव यसै वनमा हुनुहुन्छ भनी खोज्दा सुनको सिङ् भएका मृगरूपी शिवको दर्शन पाए। मृगरूपी शिवलाई सिङ्मा समात्दा सिङ् तीन टुक्रा भएर भाँचियो। भगवान्का शरीरमा आफूहरूले गरेको दुष्कर्मबाट पुग गएको क्षतिप्रति पश्चात्ताप गर्दै देवताहरूले भगवान् शिवको स्तुति गरी क्षमा मागे। देवताहरूको स्तुतिबाट प्रसन्न भएका भगवान् शिवले भाँचिएका सिङ्का टुक्राहरूमध्ये एउटा यसै पवित्र भूमिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोकर्णमा शिवलिङ्गका रूपमा स्थापना गर्ने, एउटा स्वर्गमा स्थापना गर्ने र एउटा पातालमा स्थापना गर्ने आदेश दिनुभयो। शिवको उपदेशबाट मृगस्थली पर्वतमा (हालको गोकर्ण) उक्त सिङ् स्थापना गरी देवताहरू आ-आफ्ना लोकमा गएको र भगवान् शिव पनि जगज्जननीसहित कैलास गएको सन्दर्भ वराहपुराणमा पाइन्छ।

वराहपुराण लेखनको मूल पृष्ठभूमि वराह अवतार रहेको छ र वराह अवतार भएको क्षेत्र कोशीको सङ्गम वराहक्षेत्र रहेको छ। वराहक्षेत्रको वर्णन गर्ने सन्दर्भमा वराह र पृथ्वीको संवादका माध्यमले मानिस किन पशुयोनिमा जन्मिन्छ र त्यसबाट मुक्त हुन उसले केकस्ता व्रतहरू गर्नुपर्छ भन्ने सन्दर्भ उल्लेख गरिएको छ। यस पृथ्वीमा सृष्टि भएका जरायुज, अण्डज, उद्भिज्ज र स्वेदज चारै प्रकारका प्राणीहरूले कोकाक्षेत्रमा प्राण त्याग गरेमा जन्मजन्मान्तरसम्म भगवान् विष्णुको कृपा प्राप्त भइरहने वर्णन गरिएको छ। कोकाक्षेत्रकै महत्त्व बताउने क्रममा भगवान् वराहले नेपालका पवित्र क्षेत्रहरूको वर्णन गर्दै जसरी भगवान् श्रीपशुपतिनाथको वासस्थान भएकाले पशुपतिक्षेत्रको महत्त्व छ, त्यसरी नै मेरो वासस्थान रहेकाले वराहक्षेत्र महत्त्वपूर्ण रहेको छ, यस वराहक्षेत्रमा जानेर वा नजानेर मृत्युवरण गर्ने जीवले उत्तम कुलमा जन्म लिने र विष्णुको सेवा गर्ने प्रवृत्ति पनि संस्कारका रूपमा रहने कुरा वराह र पृथ्वीको संवादमा पाइन्छ। कोकामुख तीर्थलाई पितृमुक्तिका लागि महत्त्वपूर्ण तीर्थका रूपमा ग्रहण गरी आज पनि हिन्दूहरूले एकपटक कोकास्थित विष्णुपादुकामा पिण्डदान गर्ने प्रचलन रहेको छ। यसरी नै वराहक्षेत्रको महिमा उल्लेख गर्ने सन्दर्भमा गिद्ध र स्यालको सन्दर्भ उल्लेख गर्दै वराहक्षेत्रअन्तर्गतका आदित्यतीर्थको महिमा उल्लेख छ। आदित्यतीर्थकै प्रसङ्गमा भगवान्‌को मन्दिर लिपपोत गर्दा र भगवान्‌को मन्दिरमा कीर्तन गर्दा हुने पुण्यको पनि चर्चा गरिएको छ।

वराहपुराणले अर्को महत्त्वपूर्ण क्षेत्र गण्डकी क्षेत्रको वर्णन गर्दै शालग्रामको धार्मिक महिमा, शालग्राम क्षेत्रको महिमा, रुरुक्षेत्र एवं ऋषिकेशको माहात्म्य उल्लेख गर्दै त्रिशूली नदी र गण्डकी नदीको बीचको भागलाई हरिहरक्षेत्र भनी वर्णन गरेको छ। हरिहरक्षेत्रमा स्नान, दान र श्राद्ध गर्नाले पितृदोषबाट मुक्त भई जन्मजन्ममा सञ्चित भई आएका कर्मदोषहरूबाट निवृत्त हुने फल बताइएको छ।

वराहपुराणमै सोमेश्वर लिङ्गको उत्पत्तिको व्याख्या गर्दै पश्चिम हिमालयस्थित मुक्तिनाथ क्षेत्रको महत्त्व वर्णन गरेको छ। वराह पृथ्वी संवादका सन्दर्भमा भगवान् शिव मुक्तिनाथका रूपमा हिमालयमा रहने, वराह र भगवान् शालग्रामका रूपमा गण्डकीमा रहने हुँदा यस क्षेत्रलाई मुक्तिक्षेत्र भनिएको सन्दर्भ वर्णन गरिएको छ। चन्द्रमाले आफूलाई लागेको श्रापमुक्तिका लागि एक हजार वर्षसम्म यसै क्षेत्रमा बसी तपस्या गर्दा भगवान् शिव खुशी भई श्रापमोचन गरिदिएको र श्रापमोचनपछि सुन्दरता पाएका चन्द्रमाले स्तुति गर्दा खुशी भई भगवान् शिवले सोमेश्वरका रूपमा अवतार लिई चन्द्रमाले मुक्तिनाथमा उक्त शिवलिङ्ग स्थापना गरेको वर्णन छ। मुक्तिनाथ पहाडलाई शालग्रामगिरिका रूपमा नामकरण गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमेश्वर लिङ्ग र शालग्रामक्षेत्र एकै ठाउँ हुनुमा प्राचीन कथा उल्लेख गरिएको छ। प्राचीनकालमा रेवाले भगवान् शिवजस्तै पुत्र प्राप्त गर्न विष्णुको घोर तपस्या गरेको र गण्डकीले भगवान् विष्णुलाई पुत्रका रूपमा प्राप्त गरूँ भनेर गरेको तपस्याबाट खुशी भएका विष्णुले दुवै तपस्विनीहरूलाई तिनीहरूको यश पनि बढ्ने र मनःकामना पनि पूर्ण हुने वर दिएपछि यस क्षेत्रको नाम रेवाका नामबाट रेवाखण्ड र गण्डकीका नामबाट गण्डकी नदीका रूपमा प्रसिद्ध भएको र यसै क्षेत्रमा सोमेश्वरका रूपमा भगवान् शिव र शालग्रामका रूपमा भगवान् विष्णु रहेको सन्दर्भ उल्लेख गरिएको छ। जसरी तीर्थराजका रूपमा गङ्गा, यमुना र सरस्वती भेट भएको क्षेत्र प्रयागलाई मानिएको छ, त्यसरी नै रुरुक्षेत्रको ऋषिकेशबाट हरिहरक्षेत्र भएर बग्ने नारायणी नदीको त्रिवेणीलाई पनि अति पवित्र सङ्गमका रूपमा वर्णन गरिएको छ। यसै क्षेत्रको शङ्खप्रभ तीर्थमा आफैँ शङ्ख बज्ने र शङ्ख ध्वनि गुन्जिएको आवाज आज पनि सुनिन्छ भन्ने विश्वास गरिन्छ। गण्डकीक्षेत्र र शालग्रामक्षेत्रका सन्दर्भमा चर्चा गर्दा थुप्रै सन्दर्भहरू वर्णन गरिएका छन्। सारसङ्क्षेपका रूपमा लिने हो भने मुक्तिनाथदेखि त्रिवेणीसम्म र नारायणी नदी गङ्गामा मिलेसम्मको भागलाई पवित्र हरिहरक्षेत्रका रूपमा चर्चा गरी यस क्षेत्रमा गरिएका धार्मिक कार्यहरू, आध्यात्मिक कार्यहरू फलदायी हुने र यस क्षेत्रमा प्राण त्याग गर्दा मुक्ति मिल्ने कुरासमेत वर्णन गरिएको छ।

५. लिङ्गपुराण

लिङ्गपुराणले भगवान् शिवको लिङ्गस्वरूपको वर्णन गर्ने क्रममा मुखलिङ्गयुक्त पशुपतिस्वरूपको साधनाका लागि व्रतहरूको उल्लेख गरेको छ। पाशुपतव्रत, महापाशुपतव्रत, वीरपाशुपतव्रतजस्ता शिवउपासनाका व्रतहरू, व्रतीले पालना गर्नुपर्ने नियमहरू, ध्यानको महिमा, ध्यानबाट पशुपतिको साक्षात्कारजस्ता सन्दर्भहरू उल्लेख गरेको छ। भगवान् शिवको लिङ्गस्वरूपको आराधना र सबै किसिमका व्रतहरूबाट प्राप्त हुने फलसमेत वर्णन गरिएको छ।

६. अन्य ग्रन्थहरू

नेपालमा माघ महिनामा व्रत गरिने स्वस्थानी व्रतका क्रममा स्कन्दपुराणको केदारखण्डका नामबाट पशुपतिको मृगस्थलीक्षेत्र, किरातेश्वर र गुह्येश्वरीक्षेत्रको वर्णन छ। सतीदेवीको गुह्यपतनबाट गुह्येश्वरीको उत्पत्ति भएको सन्दर्भ स्कन्दपुराणको केदारखण्डमा पाइन्छ। किराती रूपमा शिव र किरातिनीरूपा शिवाले मृगस्थलीमा विचरण गरेको घटनालाई स्कन्दपुराणमा उल्लेख गरिएको छ।

स्कन्दपुराणकै औपपुराण मानिने हिमवत्खण्डमा नेपालका विशेषगरी काठमाडौँ उपत्यकाका तीर्थस्थलहरूको विस्तृत चर्चा गरिएको छ। नेपालका हलेसी, कुशेश्वर, भीमेश्वर आदि चौसठ्ठी ज्योतिर्लिङ्ग, वाग्वती, विष्णुमती, रुद्रमती, मनमती र हनुमती किनारका तीर्थहरूको वर्णन हिमवत्खण्डमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। यसरी नै पशुपतिपुराणले त्रेतायुगमा महर्षि पुलस्त्यको तपोभूमि मृगस्थली (हालको गोकर्णक्षेत्र समेत) रहेको र यसै भूमिमा रावणको जन्म भई रावणले तपस्या गरेको सन्दर्भ उल्लेख गरिएको छ। काठमाडौं उपत्यकाका पहाड, नदी र पवित्र क्षेत्रहरूको महिमाका साथसाथै नेपालमा शासन गर्ने राजाहरूको वंशको समेत पशुपतिपुराणले उल्लेख गरेको छ।

"अनन्तपारं किल शब्दशास्त्रम्, स्वल्पं तथायुर्बहवश्च विघ्नाः" भन्ने तथ्यपरक श्लोकले उल्लेख गरेअनुसार नै आफूले अध्ययन गर्दा भेटेका सन्दर्भहरू उल्लेख गरिएको छ। शास्त्रहरू धेरै र अल्पज्ञानीले छोटो समयमा खोज गर्दा नभेटेका सन्दर्भहरूमा त्रुटिहरू अवश्य होलान्। देखिएका त्रुटिहरूलाई विद्वान्हरूबाट औंल्याइदिनुभएमा यस प्रयासलाई सार्थक भएको मानिनेछ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नकुलीश पाशुपतदर्शनमा पशुपतितत्त्व

–प्रा. बुद्धिसागर पराजुली

पाशुपतहरू परम एवं चरम पुरुषार्थ सिद्धि गर्न पञ्चार्थ प्रपञ्चन गर्न, पाशुपतशास्त्रको आश्रय लिनुपर्छ भन्दछन् । पाशुपतशास्त्रको प्रथमसूत्र यो हो- “**अथातः पशुपतेः पाशुपतं योगिविधिं व्याख्यास्यामः**” यसमा आठ पदहरू छन् । अथ शब्द पर्व प्रहतको अपेक्षा राख्छ, यहाँ पर्व, प्रहत गुरुप्रति शिष्यको प्रश्न हो । **अतः शब्दः शिष्यगुणवचने शिष्ये विषयगुणसद्भावात् ।**

पञ्चचक्रहरू आठ छन्-

१) लाभपञ्चचक्र, २) मलपञ्चचक्र ३) उपापपञ्चचक्र ४) देशपञ्चचक्र, ५) अवस्थापञ्चचक्र, ६) शुद्धिपञ्चचक्र, ७) दीक्षाकारिपञ्चचक्र, ८) बलपञ्चचक्र । पञ्चचक्रको लघुकरण गर्न मानापमान विरोधी उपार्जनोपायहरू भैक्ष्य, उत्सृष्ट, यथालाभ– यी तीनको एक गणसमेत नौ गणको ज्ञाता गुरु मानिन्छ ।

लाभ- विहित उपायको फल लाभ हो । सो पनि पाँच प्रकारका छन्– १. ज्ञान २. तप ३. नित्यत्व ४. स्थिति ५. शुद्धि । अतः हरद्रुताचार्य भन्छन्

ज्ञानं तपोऽथ नित्यत्वं स्थितिः शुद्धिश्च पञ्चकम् ।

मल- आत्माश्रित दुष्टभाव मल हो। त्यो पनि पाँच प्रकारको छ- **मिथ्याज्ञानमधर्मश्च शक्तिर्हेतुश्चुतिस्तथा । पशुत्वमूलं पञ्चैते तन्त्रे हेया विवेकतः ॥**

उपाय- साधकको सिद्धिमा कारण नै उपाय हुन्, ती उपाय पनि पाँच प्रकारकै छन्-

वासश्चर्या जपो ध्यानं सदा रुद्रस्मृतिस्तथा ।
प्रतिपत्तिश्च लाभानामुपायाः पञ्च कीर्तिताः ॥

देश- जुन ठाउँमा रहेमा अर्थानुसन्धानपूर्वक ज्ञान, तप आदिको अभिवृद्धि हुन जान्छ, त्यो देश हो । भनिएको पनि छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"गुरुर्जनो गुहा देशः श्मशानं रुद्र एव च" ।

अवस्था- पूर्वोक्त वासचर्या, जप आदि पाँच उपायहरूमध्ये एकएक सबै उपायहरूको प्राप्तिपर्यन्त साधनामा अवस्थित रहनु नै अवस्था हो । सो पनि वासचर्या आदि विषयअनुसार पाँच प्रकारका छन् ।

विशुद्धि- मिथ्याज्ञानादि पाँचैं प्रकारका मलहरूको आत्यन्तिक रूपमा अपकरण गर्नु विशुद्धि हो । सो पनि अपाकरणीय मल भेदले गर्दा पाँचै प्रकारका छन् ।

दीक्षाकारी- दीक्षाकारी पनि पाँचै प्रकारका मानिएका छन् । जस्तैः-

"द्रव्यं कालः क्रिया मूर्तिर्गुरुश्चैव हि पञ्चमः"

बल- बल पनि पाँचै प्रकारका छन् । जस्तै-

"गुरुभक्तिः प्रसादश्च बलं पञ्चविधं स्मृतम्"

यस पाशुपतशास्त्रको प्रथम सूत्र **"अथातः पशुपतेः पाशुपतं योगविधिं व्याख्यास्याम"** हो। अथ शब्दको अर्थ दुःख पनि हो, त्यसको अन्त्य पनि हुन्छ, कुन उपायले दुःखको अन्त्य हुने होला ? भन्ने शिष्यको प्रश्न उपस्थित हुन गएमा "अतः" शिष्यको प्रश्नको समाधानार्थ विचार गर्दा शिष्यमा वाञ्छनीय शिष्यगुण रहेको र सत्शिष्यमा विद्या प्रतिपादन गर्दा विद्यासम्प्रदायको सुरक्षा पनि हुने हुनाले सूत्रकार भन्छन्- दुःखको अन्त्य "पशुपतेः" श्रीपशुपतिका अनुग्रहबाट हुन्छ । तसर्थ पाशुपत योगविधिले व्याख्या गर्छ । पशुपति तत्त्व भनेको के हो ? सिद्धेश्वर बाहेक चेतनावान् यावत् प्राणी पशु हुन्, पशुहरू पनि दुईथरिका छन्– साञ्जन र निरञ्जन । देहेन्द्रियादि सम्बन्धयुक्त पशु साञ्जन हो र देहेन्द्रियादि सम्बन्धरहित पशु निरञ्जन हो ।

पति शब्दको अर्थ ईश्वर भन्ने हो "ईश्वरः पतिरीशिता" ईश्वर जगत्का कारण हुन् । पशुहरू कार्य हुन्, किनकि ती परतन्त्र छन् ।

दुःखान्त दुईथरिको मानिन्छ- १. सात्मक २.अनात्मक । अनात्मक दुःखान्त सबै प्रकारका दुःखको आत्यन्तिक उच्छेद अनात्मक दुःखान्त हो र दृक्शक्ति- क्रियाशक्ति, ज्ञानशक्तिरूप, ऐश्वर्य सम्पन्न हुनु सात्मक दुःखान्त हो । यस दर्शनमा यो पनि भनिएको छ कि- जो अस्वतन्त्र कार्यसमूह छ सो तीन प्रकारका छन्– विद्या, कला र पशु । विद्या दुई प्रकारका छन्– १. बोधस्वभाव भएको २. अबोध स्वभाव भएको । कला पनि दुई प्रकारका छन् । कला भनेको त्यो हो जो चेतनपरतन्त्र छ तर आफू अचेतन छ । कला- १. कार्यरूप कला, २. कारणरूप कला ।

लकुलीश पाशुपतदर्शनको सङ्क्षिप्त सारांश यस्तो छ- पाशुपतदर्शनमा पशुपाशबाट उम्किन कार्य-कारण-योग-विधि-दुःखान्तसमेत पाँच पदार्थ बोद्धव्य मानिएका छन् । कार्यकोटिमा पृथिव्यादि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चतत्त्व, रूपादि पञ्चगुण उल्लिखित छन्। कारणकोटिमा पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन, बुद्धि र अहङ्काररूपी तीन अन्तःकरण गरी तेह्र प्रकारका छन्। योग भनेको ध्यानादि कर्म हो, विधि भनेको धर्मार्थ व्यापार हो, त्यो विधि पनि व्रत र द्वारसमेत दुई थरिका छन्। व्रत- भस्मस्नान, भस्मशैया र उपहार। भस्मस्नान भस्मशैया प्रसिद्धै छन्। उपहार भन्ने कुरा छ प्रकारका छन्- हसित-गीत-नृत्य-हुडुकार-नमस्कार-जपसमेत। अट्टहास हाँस्नु हसित हो, गान्धर्व विद्या बमोजिम गान गर्नु गीत हो, गान्धर्व विद्या बमोजिम नाच्नु नृत्य हो, हुडुकार भनेको जिब्रो र तालु जोडेर साँढे डुक्रेझैँ शब्द गर्नु हो। हसित, गीत, नृत्य र हुडुकार यी चार कुरा लौकिक मानिसहरू कोही नभएका ठाउँमा गूढ ढङ्गले गर्नुपर्छ, जप र नमस्कारको यहाँ नयाँ परिभाषा छैन, लोकमा चलेअनुसार गर्नुपर्छ। यो भयो छ उपहारको कुरा। दुई प्रकारका विधिमध्ये पछिल्लो द्वाररूप विधि छ प्रकारका छन्- क्राथन-स्पन्दन-मण्टन-श्रृङ्गारण-अपितत्करण-अपितद्भाषण। असुप्त भए पनि निदाएजस्तो हुनु क्राथन हो। बाथ रोग लागेझैँ जिउमा कम्पन भएजस्तो चेष्टा देखाउनु स्पन्दन हो। कमर कुप्रिएझैँ वा हात गोडा लुला लङ्गडा भएझैँ हिड्नु मण्टन हो, राम्री तरुनी देखेर कामुक जस्तो हुनु श्रृङ्गारण हो, कार्याकार्यविवेकहीन जस्तो भएर लोकनिन्दित काम गर्नु अपितत्करण हो, विरुद्धार्थक वा निरर्थक कुरा गर्नु अपितद्भाषण हो।

पूर्वोक्त सात्मक दृक्शक्तिरूप जुन ऐश्वर्य हो, त्यसमा उल्लिखित दृक्शक्ति वस्तुतः एक भए पनि विषय भेदले पाँच प्रकारका हुन्छन्- दर्शन, श्रवण, मनन, विज्ञान र सर्वज्ञत्व। सूक्ष्मव्यवहित दूरस्थित यावद् वस्तुलाई चाक्षुषस्पर्श विषयक नबनाई साक्षात्कार गर्न सक्नु दर्शन हो, यावत् शब्द विषयक ज्ञान हुनु श्रवण हो। समस्त शास्त्र विषयक ज्ञानको चिन्तन हुनु मनन हो। समस्तशास्त्रको शब्दतः अर्थतश्च ज्ञान हुनु विज्ञान हो। ईश्वरमा रहे जस्तो सर्वज्ञता रहनु सर्वज्ञत्व हो।

पूर्वोक्त क्रियाशक्ति तीन खालका छन्- मनोजवित्व, कामरूपत्व, विकरणधर्मित्व। अतिशीघ्र हिँड्नु मनोजवित्व हो, कुनै कर्मको विनासहारा अनेकौं देहेन्द्रियहरूको अधिष्ठाता हुनसक्नु कामरूपता हो र देह तथा इन्द्रियहरूको नियन्त्रण पूर्णतया भएर पनि निरतिशय ऐश्वर्यले सम्पन्न रहनु विकरणधर्मित्व हो, भगवान् श्रीपशुपति सम्पूर्ण कार्यमात्रमा सर्वत्र निमित्त कारण भएर रहनुहुन्छ तथापि यावत् पशुहरूको कुनै पनि कर्मको अपेक्षा नगरिकन नै स्वेच्छाले नै फल दिनुहुन्छ किनभने श्रीपशुपति निरतिशय शक्तिशाली हुनुहुन्छ। उसो भए श्रीपशुपतिको सेवा गरेमात्र पनि सफल हुने हो भने वेदशास्त्रमा भने बमोजिम कर्म किन गर्ने ? श्रीपशुपतिको सेवा गरेमा कर्म सफल हुन्छन्, ईश्वरको सेवा नगर्नेका कर्महरूबाट पर्जन्यद्वारा अननुगृहीत वृष्टिबाट कृषिको असफलताझैँ ईश्वराननुगृहीत कर्मबाट सफलता प्राप्त हुन नसक्ने हुनाले कर्ममा सफलता किं वा साद्गुण्य सम्पादन गर्न ईश्वरको सेवा पनि चाहिन्छ। ईश्वरकै आज्ञारूप शास्त्रमा भनेबमोजिम कर्म पनि गर्नुपर्छ। यसैले ईश्वरमा कुनै वैषम्य नैर्घृण्य दोष छैन। यी सब कुराको पाशुपत योगशास्त्रमा महर्षि अत्रिले पाशुपतसूत्रका रूपमा, महर्षि कौण्डिन्यले भाष्यको रूपमा ग्रन्थ संरचना गरी बेलिविस्तार लाएका छन्। सूत्ररूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ संरचना हुनुभन्दा पहिले यो विषय वायुपुराणमा पाशुपत योगमा उल्लिखित देखिन्छ। केही कुरा कूर्मपुराणमा पनि प्राप्त छ।

यहाँनेर अर्को एक विचारणीय कुरा छ, अरू शास्त्रमा दुःख निवृत्ति नै दुःखान्त भनेर मानिन्छ तर यहाँ भने पारमैश्वर्यप्राप्ति पनि दुःखान्त मानिएको छ। अन्य तन्त्रमा पहिले नभएको तर कारणवश पछि भएको कुरालाई कार्य मानिन्छ तर यहाँ भने पशु आदिलाई कारण मानिएको छ। अन्यत्र शास्त्रमा कारण अन्यसापेक्ष हुन्छ, यहाँ भने निरपेक्ष महेश्वर कारण मानिन्छन्। अन्यत्र योगको फल कैवल्य हो भनिन्छ तर यहाँ योगको फल पारमैश्वर्यप्राप्ति र दुःखान्त दुई प्रकारका मानिन्छन्।

यहाँ यो कुरा बडो गजबको भयो, निरपेक्ष महेश्वर कारण हुन् ठूलै इन्द्रजालजस्तो हो, त्यसो भए कर्मवैफल्य र समस्त कार्यको समुत्पाद समयसमयमा हुनुपर्ने देखिन्छ तर त्यस्तो छैन, भिन्न अधिकरण भएकाले दोष छैन, कर्म वैफल्य मानेर के भयो ? कर्मको प्रयोजन देखिएन भन्ने त्रास हो, प्रयोजनाभाव कसको ? कर्मानुष्ठाताको वा महेश्वरको ? कर्मानुष्ठाताको भनी मान्न सकिँदैन किनभने ईश्वरानुगृहीत कर्मको मात्र सफलता हुने नियम छ, यसो भए कर्ममा कसैको प्रवृत्ति नहोला भन्छौ भने पशुहरूको प्रवृत्ति ईश्वराधीन छ तसर्थ ईश्वरले प्रवृत्ति गराउँछ। ईश्वरको कर्ममा प्रयोजनाभाव होला भन्ने पनि लपस्तरै छ किनभने महेश्वर खुदै आप्तकाम छन्। तसर्थ उनलाई कर्मसाध्यप्रयोजनको अपेक्षा छैन। समयसमयमा कार्यको समुत्पाद होला भन्ने त्रास, त्यो पनि बच्चाहरूलाई बुजीको त्रास जस्तो मात्र हो किनभने अचिन्त्य शक्तिमान महेश्वरको इच्छाशक्तिको अनुगामिनी अव्याहत क्रियाशक्ति कार्यकारिणी हुन सक्ने कुरामा कुनै कसैको दुईमत नहुने हुनाले समयसमयमा कार्यको समुत्पादबारे कुनै आशङ्का गर्ने स्थानै रहन्न। अतः सबै प्रकारका पुरुषार्थसिद्ध गर्ने कामना भएका सबैले दुःखान्त पशुपति योगविधि यी पञ्चार्थ प्रतिपादन गर्ने पाशुपत योगशास्त्रको नै आश्रय लिनुपर्छ।

शास्त्रमा विभिन्न मत पाइन्छन्। जस्तै शरीर नै आत्मा हो भन्ने कुरा चावार्कदर्शनमा छ, शून्यै आत्मा हो भन्ने माध्यमिक बौद्धहरू भन्छन्। क्षणिक विज्ञान आत्मा हो भनी अरू बौद्धहरू भन्छन्। नित्य स्थायी कुनै आत्मा मान्नुपर्छ भन्ने जैन सिद्धान्त छ। कर्ता एवं भोक्ता आत्मा मान्नुपर्छ भनेर नैयामिक मीमांसकहरू भन्दछन्। साङ्ख्यवादीहरू यो आत्मा भोक्ता मात्र हो कर्ता हैन भनी मान्छन्। समस्तोपाधि शून्य शुद्ध चैतन्य आत्मा हो भनी वेदान्तीहरू भन्दछन्। व्यवहारदशामा यस्ता विकल्पवादी प्रतिवादीहरूमा भए पनि **"सर्व ज्ञानं धर्मिणि अभ्रान्तं प्रकारे तु विपर्ययः"** यो न्यायजस्तै धरादि वस्तुमा र त्यसका साक्षात्कार साधनस्वरूप चक्षुरादिका उन्मीलनमा सबैको ऐकमत्य छ, त्यस्तै निरस्तसमस्त विषयदर्शन मुक्ति हो र त्यसका साधन शम, दम, उपरम, तितिक्षा आदिका विषयमा पनि सबै वादीहरूको सिद्धान्त समानै छ भन्ने कुरा सबै शास्त्रका पाठकवर्गले बुझ्नुपरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पदन्तले शिव महिम्नस्तोत्रमा-

त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ॥
रुचीनां वैचित्र्यादृजुकुटिल नानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥

यसो भनेको भए तापनि जुन मार्गमा आफ्ना पुर्खाहरू हिँडे त्यही पन्थ अनुसरण गरेमा कुनै ठेस लाग्दैन। जस्तो-

येनास्य पितरो याता येन याताः पितामहाः
तेन यायात् सतां मार्ग तेन गच्छन् तरिष्यते।

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय) द्वारा वि.सं. २०४४ फागुन ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र।)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मतत्त्वाभिन्न पशुपतिनाथतत्त्व र मूर्तिपूजा

– प्रा. भवानीप्रसाद खतिवडा

१. विषयप्रवेशः

प्रस्तुत लेखमा **ब्रह्मतत्त्वाभिन्न पशुपतिनाथ तत्त्व र मूर्तिपूजा** शीर्षकको परिधिभित्र रहेर ब्रह्मतत्त्वदेखि अभिन्न तत्त्व नै पशुपतिनाथ तत्त्व हो, अर्थात् ब्रह्मको पारमार्थिक रूप र पशुपतिनाथको पारमार्थिक रूप एउटै हो भन्ने कुरा सप्रमाण सिद्ध गर्ने प्रयास गरिएको छ। साथै मूर्तिमा पूजिने भगवत्तत्त्व पनि निर्विशेष ब्रह्मभन्दा पृथक् होइन किनकि ***नाधिष्ठानाद् भिन्नतारोपितस्य*** अर्थात् अधिष्ठानको सत्तादेखि भिन्न सत्ता अध्यस्त पदार्थको हुँदैन। जसरी धागाको सत्तादेखि भिन्न सत्ता कपडाको हुँदैन। त्यसरी नै पशुपतिको मूर्तिमा पूजिने तत्त्व पनि ब्रह्मदेखि भिन्न होइन भन्ने कुरा सिद्ध गर्नु नै यो पङ्क्तिकारको अभिप्राय हो। तसर्थ विचार गरौँ ब्रह्मतत्त्वदेखि अभिन्न तत्त्व नै पशुपतिनाथतत्त्व र मूर्तिमा पूजिने भगवान् निर्विशेष ब्रह्म कसरी हुन सक्छन् ?

२. निर्गुणनिराकार ब्रह्म

शास्त्रमा मन्त्रद्रष्टा ऋषिहरूले साधारण साधक एवं पाठकलाई सम्झाउन, ब्रह्मलाई तीन रूपमा निरूपण गरेको पाइन्छ।[१] पहिलो निर्गुणनिराकार ब्रह्म, दोस्रो सगुणनिराकार र तेस्रो सगुणसाकार ब्रह्म। परमात्माको निर्विशेषरूप नै निराकाररूप हो। यही निर्विशेष ब्रह्मलाई अर्को शब्दले भन्दा निर्गुण निराकार भनिन्छ। यस परम तत्त्वलाई न त प्रत्यक्ष प्रमाणले प्रमाणित गर्न सक्छ न त आगमप्रमाणले नै। यो तत्त्व समस्तवेदादि शास्त्र एवं साधनाको तात्पर्यभूत विषय हो तापनि यसलाई उपनिषत्का शब्दले समेत छुन सक्दैन। यस विषयमा उपनिषत्का शब्दहरू यसरी तटस्थ रहँदै निराकार ब्रह्मतत्त्वको सङ्केतमात्र गर्छन्। **यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह** (तै.उ.२।९।१) अर्थात् निर्विशेष ब्रह्मतत्त्वलाई प्राप्त गर्न नसकेर मनसहित वाणी निराश भएर फर्कन्छन्। **अलक्षणमचिन्त्यमव्ययदेश्यम्** (माण्डुक्योपनिषत् ७) अर्थात् त्यो तत्त्व कुनै अतिशयद्वारा लक्षण गर्न नसकिने, चित्तको विषय नभएकाले विधिमुखले उपदेश गर्न पनि नसकिने छ। **यन्मनसा न**

---

१. तदिदं त्रिविधं रूपं स्थूलं सूक्ष्मं ततः परम्। (शिवपुराण, वायवीयसंहिता, ३।२७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुते येनाहुर्मनोमतम् (केनोपनिषत् १।१५) जसलाई मनले मनन गर्न सक्दैन तर जसका सत्ताले मन मननशील मानिएको छ। **न तत्र चक्षुर्गच्छति न वागगच्छति नो मनो न विद्मो न विजानीमो यथैतदनुशिष्याादन्यदेव तद्विदितादथो अविदितादधि।** (केनोपनिषत् १।३) ब्रह्मसम्म आँखा पुग्दैनन्, वाणी र मन पनि जाँदैन। ब्रह्म विदित र अविदितभन्दा भिन्न भएको हुनाले हाम्रा इन्द्रियहरूको ज्ञेय बन्न सम्भव छैन।[२]

सोझै विधिमुखले वर्णन गर्न असमर्थ भएर निषेध मुखबाट ब्रह्मबोध गराउने जति पनि श्रुतिस्मृतिवाक्यहरू छन्, ती सबैको तात्पर्य, निषेध गर्दागर्दै पनि अवशेष[३] रहने निषेधको साक्षी निर्विशेषबोधरूप ब्रह्मसिद्ध गर्नुमा छ। नत्र त्यो बोधसत्ता नभए निषेधलाई कसले जान्यो ? उपर्युक्त युक्तिलाई प्रस्ट्याउँदै भागवतमा ब्रह्माजी भन्नुहुन्छ–

शश्वत्प्रशान्तमभयं प्रतिबोधमात्रं
शुद्धं समं सदसतः परमात्मतत्त्वम्।
शब्दो न यत्र पुरुकारकवान् क्रियार्थो
माया परैत्यभिमुखे च विलज्जमाना।[४]

ब्रह्मको वास्तविक स्वरूप सनातन एक रस शान्त, अभय एवं केवल बोधस्वरूप छ। निर्विशेष ब्रह्ममा न मायारूपी मल छ, न मायाबाट सिर्जित वैषम्य नै रहन्छ। जो सत् र असत्‌देखि पर छ। कुनै पनि वैदिक अथवा लौकिक शब्दहरूको गति निर्विशेष ब्रह्मसम्म पुग्न सक्दैन। ती मायिक कर्महरूको के कुरा स्वयं माया पनि त्यहाँ पुग्न नसकेर लज्जित भई भाग्दछे। यही कुरा भागवतको एकादशस्कन्धमा पिप्पलायन योगेश्वर भन्नुहुन्छ-

नैतन्मनो विशति वागुत चक्षुरात्मा
प्राणेन्द्रियाणि च यथा नलमर्चिषः स्वाः
शब्दो ऽपि बोधकनिषेधतयात्ममूल
मर्थोक्तमाह यदृते न निषेधसिद्धिः[५]

---

२ यद्वाचानभ्युदितं येन वागभ्युद्यते। (केनोपनिषत्, १।४)
न दृष्टेर्द्रष्टारं पश्ये, न विज्ञातेर्विज्ञातारं विजानीयाः (बृहदारण्यकोपनिषत्, ३।४।२)
अचिन्त्याः खलु ये भावा न तांस्तर्केण योजयेत्।
प्रकृतिभ्यः परं यच्च तदचिन्त्यस्य लक्षणम् ॥ (ब्रह्मसूत्र, २।१।९।२७)
स एष नेति नेत्यात्मा। (बृहदारण्योपनिषत्, ४।२।४)

३. निःशेषशेषो जयतादशेषः । (भागवत, ८।३।२४)
भवानेकः शिष्यते शेषसंज्ञः (भागवत, १०।३।२५)
सत्यं ज्ञानमनन्तं ब्रह्म। (तैत्तिरीयोपनिषत्, २।१।१)
अविज्ञातं। (बृहदारण्यकोपनिषत्, ३।८।११)
बन्दे बोधमयं नित्यं गुरुं शङ्कररूपिणम्। (तुलसीकृतरामायण)

४ भागवत, २।७।४७

५ भागवत, ११।३।३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी अग्निका झिल्काले अग्निलाई न प्रकाशित गर्न सक्छन् न त डढाउनै सक्छन्। यसै गरी प्राण, मन, वाणी, नेत्रले ब्रह्मलाई प्रकाशित गर्न सक्दैनन्। तिनले ब्रह्मलाई साक्षात् वर्णन गर्न नसकेर निषेध मुखबाट निराकार ब्रह्मको बोधमात्र गराउँछन्। अतः निर्गुण निराकार ब्रह्मको स्वरूप यही र यस्तै हो भनी निर्धारण गर्न नसकिने हुनाले वेदहरू पनि डराई डराई स्वयं आश्चर्यचकित हुँदै अतद्व्यावृत्तिद्वारा प्रतिपादन गर्छन्।

अतद्व्यावृत्या यं चकितमभिधत्ते श्रुतिरपि (शिवमहिम्न-२) यसरी न[६] इति न इति भन्दै समस्त अज्ञानादि सकल जड समूहको निषेध गर्दै जाँदा जो अवशिष्ट रहन्छ, त्यही नै निर्गुण निराकार ब्रह्म हो। यही निर्गुण निराकार ब्रह्मलाई उद्देश्य गरेर वेदले **'न तस्य प्रतिमा अस्ति'** भनेको हो। निराकार ब्रह्मको प्रतिमा वा प्रतीक छैन। ऊ त केवल भावातीत बोधरूप सत्ता मात्र हो।

३. सगुण-निराकार ब्रह्म

अब ब्रह्मको अर्को स्वरूप छ, सगुण निराकार स्वरूप जसलाई श्वेताश्वतर श्रुतिले यस प्रकार सङ्केत गरेको छ-

अपाणिपादो जवनो ग्रहीता
पश्यत्यचक्षुः स श्रृणोत्यकर्णः
स वेत्ति वेद्यं न च तस्यास्ति वेत्ता
तमाहुरग्र्यं पुरुषं महान्तम्।[७]

हात खुट्टा नभएर पनि ग्राहक एवं वेगवान् छ, चक्षुहीन भएर पनि देख्दछ, कान नभए तापनि सुन्दछ, जसले सम्पूर्ण वेद्यवर्गलाई जान्दछ र उसलाई जान्ने कोही छैन उसलाई ऋषिहरू आद्य पूर्णतत्त्व भन्दछन्।

अणोरणीयान् महतो महीया-
नात्मा गुहायां निहितोऽस्य जन्तोः।[८]

---

६. स एष नेति नेत्यात्मा। (बृहदारण्यकोपनिषत्, ४।२।४)
अत्रायं पुरुषः स्वयंज्योतिर्भवति। (बृहदारण्यकोपनिषत्, ४।३।९)
अप्राणो ह्यमना शुभ्रः। (मुण्डकोपनिषत्, २।१।२)
असङ्गो ह्ययं पुरुषः। (बृहदारण्यकोपनिषत्, ४।३।१५)
निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम्। (श्वेताश्वेतरोपनिषत्, ६।१९)
दिव्यो ह्यमूर्तः पुरुषः स बाह्याभ्यन्तरो ह्यजः। (मुण्डकोपनिषत्।२।१।२)
स एष नेति नेत्यात्मा। (बृहदारण्यकोपनिषत्, ३।९।२६)
अस्थूलमनणु। (बृहदारण्यकोपनिषत्, ३।८।८)
न तस्य कार्यं करणं च विद्यते न तत्समश्चाभ्यधिकश्च दृश्यते॥ (श्वेताश्वेतरोपनिषत्, ६।८।९)

७ श्वेताश्वेतरोपनिषत्, ३।१९

८ श्वेताश्वेतरोपनिषत्, ३।२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो अणुभन्दा पनि अणु र महान्‌भन्दा पनि महान् हो तापनि सबैका अन्तःकरणमा प्रत्यगात्मा रूपले स्थित छ। त्यही सगुण निराकार तत्त्वलाई श्रीमद्‌भागवतको शुभारम्भमा भगवान् वेदव्यास मङ्गलाचरणको रूपमा स्मरण गर्दै भन्नुहुन्छ-

जन्माद्यस्य यतो ऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्
तेने ब्रह्म हृदा य आदिकवये मुह्यन्ति यत् सूरयः।
तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा
धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि।[१]

अन्वयः- अन्वयात्, इतरत, यतः, अस्य, जन्मादि (भवति) यः अर्थेषु, अभिज्ञः, यश्च, स्वराट्। यः आदिकवये, हृदा, ब्रह्म, तेने, यत् (यस्मिन्) सूरयः मुह्यन्ति, यथा, तेजोवारिमृदां, विनिमयः। तथा, यत्र त्रिसर्गः, मृषा, अपि, अमृषा, इव प्रतिभाति,। यश्च, स्वेन, धाम्ना, सदा, निरस्तकुहकं, परं, सत्यं, धीमहि,

अन्वयार्थः- अन्वयात्= मायाप्रधानतया उपादान कारण भएका इतरतः= चैतन्यप्रधानतया निमित्तकारण भएका यतः जुन मायासवलित ब्रह्मबाट, अस्य= यस जगत्प्रपञ्चको, जन्मादि= उत्पत्ति, स्थिति र प्रलय हुन्छ। यः= जो अर्थेषु= घटपटादि पदार्थहरूमा अभिज्ञः= ज्ञानवान् छ। यः = जो, स्वराट्= स्वयं प्रकाश छ। यः= जुन सगुण निराकार ईश्वरले आदिकवये= ब्रह्माजीलाई हृदा= संकल्पमात्रले, ब्रह्म= वेद तेने= विस्तार गर्नुभयो। यत्= यस्मिन्= जुन वेदका सम्बन्धमा, सूरयः = ब्रह्मादि देवताहरू पनि मुह्यन्ति= मोहित हुन्छन्। यथा= जसरी, तेजोवारिमृदां= तेज, जल र स्थलको, विनियमः= उल्टोपाल्टो ज्ञान हुन्छ। जस्तै मरूभूमिका तेजमा पानीको ज्ञान। वारि= अर्थात् पानीमा, हिउँ, असिना, तुषारो, बुद्धि र माटामा घटादिको व्यत्यय (उल्टोपाल्टो) बुद्धि हुन्छ। तथा= त्यस्तै, यत्र= जुन परमात्मामा, त्रिसर्गः= त्रिगुणात्मक सृष्टि, मृषा अपि= भूटो हो तापनि अमृषा इव= सत्य जस्तो देखिन्छ। यः जुन परमात्माले= स्वेन= आफ्ना धाम्ना= प्रकाशले, सदा= सधैं, निरस्तकुहकं= हटेको छ, माया र मायाको कार्य जसबाट त्यस्ता परं= सत्व, रज र तमो गुणबाट पर रहेका सत्यं= सत्यस्वरूप परमात्मालाई धीमहि= ध्यान गर्दछौं।

भावार्थः- जुन मायाप्रधान भएर यो जगत् प्रपञ्चको उपादन कारण र चैतन्यप्रधान भएर निमित्तकारण भएका ईश्वरबाट यो जगत्प्रपञ्चको उत्पत्ति, स्थिति र प्रलय हुन्छ। जो यी पुरोवर्ती घटपटादि पदार्थका प्रकाशक हुनुहुन्छ र आफू स्वयंप्रकाश रूपले रहनुहुन्छ, जसले मात्र सङ्कल्पद्वारा वेदको उपदेश ब्रह्माजीलाई गर्नुभयो जुन वेदका विषयमा ठूलाठूला ब्रह्मादि देवताहरू पनि मोहित हुन्छन्, यो त्रिगुणात्मक कार्यप्रपञ्च मरुभूमिमा विद्यमान तेजमा पानी, पानीमा हिउँ, तुषारो र असिना एवं माटामा घटको भ्रम भएजस्तै- जुन परमात्मामा यो त्रिगुणात्मक कार्यप्रपञ्च मिथ्या हो तापनि

---

१ भागवत, १।१।१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यझैँ प्रतीत भइरहेको छ र जुन परमात्माले आफ्ना प्रकाशद्वारा माया र मायाको कार्यलाई हटाएको छ, त्यस्ता परम सत्यको हामी ध्यान गर्दछौं।

वेदान्त परिभाषाकारले मङ्गलाचरणको रूपमा स्मरण गरेको तत्त्व पनि सगुण निराकार नै हो- जस्तै

यदविद्याविलासेन भूतभौतिकसृष्टयः
तं नौमि परमात्मानं सच्चिदानन्दविग्रहम्।[१०]

जसका उपाधिभूत अविद्याका परिणामबाट भूतसृष्टि, (शब्द, स्पर्श, रूप, रस, गन्ध) र भौतिक (पञ्चमहाभूत) को सृष्टि हुन्छ, त्यस्ता सच्चिदानन्दस्वरूप परमात्मालाई म नमस्कार गर्दछु।

उपर्युक्त श्रुतिस्मृतिले सङ्केत गरेको परमात्मतत्त्व आफूभन्दा अभिन्न माया शक्तिलाई स्वीकार गरेर जब ईश्वर बन्दछ तव त्यही तत्त्वलाई सगुण निराकार ब्रह्म भनिन्छ। सम्पूर्ण जगत्प्रपञ्चको उत्पत्ति, स्थिति र लयको बीजबिन्दु यही माया संवलित ब्रह्मतत्त्व नै हो। यसैलाई वेदान्तविद् विद्वान्‌हरू कारणब्रह्म पनि भन्दछन्। यसै स्वरूपलाई स्वीकार्दै भागवतमा वेदव्यास भन्नुहुन्छ-

एतन्नानावताराणां निधानं बीजमव्ययम्।
यस्यांशांशेन सृज्यन्ते देवतिर्यङ्नरादयः।[११]

यो तत्त्व अनेक अवतारको अक्षयकोष हो। यही माया संवलित ब्रह्मतत्त्वबाट नाना प्रकारका भगवद् अवतारहरू हुन्छन्। यही तत्त्वका अंशांशबाट देवता, ऋषि, असामान्य मनुष्य, पशु, पंक्षी आदि प्राणी प्रकट हुन्छन्। वेदान्तशास्त्रमा तटस्थ लक्षणद्वारा लक्षित तत्त्व यही हो। साथै अन्तःकरणका वृत्तिको विषय पनि यही नै हो। यही सगुण निराकार तत्त्वको प्रतीक वा प्रतिमा भनेको नर्मदा नदीमा प्राप्त हुने शिवलिङ्ग वा बाणलिङ्ग हुन् भने पवित्र तपोभूमि नेपालमा विद्यमान कालीगण्डकीमा मात्र प्राप्त हुने शालग्राम र श्रीयन्त्र पनि सगुण निराकार ब्रह्मकै प्रतीक वा प्रतिमा हुन्।

वेदान्त सिद्धान्तले स्विकारेको अभिन्न निमित्तोपादान कारणब्रह्मको काम भूतसृष्टि गर्नुका साथै साधकलाई वा सिद्धलाई आकाशवाणीको रूपमा सुसूचित गर्नु पनि हो। किनकि आकाशवाणी व्यक्त गर्ने भगवान्‌का स्वरूपको वर्णन गर्दै देवर्षि नारद भागवतमा भन्नुहुन्छ- **"एतावदुक्त्वोपरराम तन्महद् भूतं नभोलिङ्गमलिङ्गमीश्वरम्"** (भा १।६।२६) आकाश समान अव्यक्त सर्वशक्तिमान् 'ईश्वर' यति भनेर चुप्प लाग्नुभयो। यहाँ ईश्वरको विशेषणको रूपमा प्रस्तुत भएका नभोलिङ्ग र अलिङ्ग शब्दले पनि वाणीको रूपमा व्यक्त भएको हुनाले सगुण र हेर्दा कुनै स्वरूप अथवा आकारको रूपमा

१० वेदान्तपरिभाषा, १।१

११ भागवत, १।३।५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नदेखिएको हुनाले निराकार छ भन्ने कुरा व्यवहारतः पनि स्पष्ट हुन्छ। यही तत्त्वलाई उद्देश्य गरेर उपनिषत् भन्दछ- **तत् सृष्ट्वा तदेवानुप्राविशत्**[१२] अर्थात् मायाद्वारा जगत्को रचना गरेर अन्तर्यामी रूपले सबै पदार्थका कण कणमा प्रवेश गरेर बाह्य पदार्थमा 'छ' रूपले र मानवको भित्री हृदयमा 'म' रूपले विद्यमान वस्तु पनि यही[१३] तत्त्व हो। आदित्यमण्डल अन्तर्वर्ती उपास्य भर्ग, पुरुष, दहराकाशमा विद्यमान हार्दपुरुषको रूपमा ज्ञायमानतत्त्व पनि यही सगुण-निराकार तत्त्व नै हो।

४. सगुण-साकार ब्रह्म

उपर्युक्त सगुण-निराकार वा निर्गुण-निराकार तत्त्वमा नित्य[१४], नैमित्तिक, नित्यनैमित्तिक उभय, प्रायश्चित्त र उपासना कर्मको अनुष्ठानद्वारा नितान्त निर्मल स्वान्तः साधन चतुष्टय सम्पन्न प्रमाताको अन्तःकरणमात्र प्रवेश गर्न सक्छ, सामान्य साधकका लागि यो स्वरूप दुर्बोध[१५] भएको हुनाले अनादि कालदेखि अविद्या, काम र कर्मका बन्धनमा परेका, निर्गुण-निराकार[१६] ब्रह्मको उपासना गर्न असमर्थ, सामान्य साधकका लागि दर्शन, श्रवण र स्मरण गर्न योग्य सुन्दर सगुण-साकारको रूपमा पानी नै बरफको रूपमा र मीठो नै मिश्रीको रूपमा परिणत भएझैं[१७] उही सगुण-निराकार ब्रह्म नै शिव, दुर्गा, लक्ष्मी, राम, कृष्ण, गणेश, विष्णु, हनुमान्, सूर्य आदि नामले अवतरित हुनुहुन्छ। यसरी अर्वाचीन पदमा अवतरित भएका सगुण-साकार भगवान्को देखिने रूप राम, कृष्ण, शिव, दुर्गा,

---

१२. तैत्तिरीयोपनिषत्, २।६।१

१३. हृदि ह्येष आत्मा (प्रश्नोपनिषत्, ३।६)
स वा एष आत्मा हृदि। (छान्दोग्योपनिषत्, ८।३।३)
प्राणेषु हृद्यन्तर्ज्योतिः पुरुषः (बृहदारण्यकोपनिषत, ४।३।७)
एष ते आत्मा सर्वान्तर्यामी अमृतः (बृहदारण्यकोपनिषत, ३।७।३)
एष ते आत्मा सर्वान्तरः (बृहदारण्यकोपनिषत, ३।४।१)
अहं ब्रह्मास्मि। (बृहदारण्यकोपनिषत्, १।४।१०)

१४. नित्यं नैमित्तिकं चैव नित्यनैमित्तिकं तथा।
गृहस्थस्य त्रिधा कर्म तन्निशामय पुत्रक ॥
पञ्चयज्ञादिकं नित्यं यदेतत्कथितं तव
नैमित्तिकं तथा चान्यत् पुत्रजन्म कियादिकम्
नित्यनैमित्तिकं ज्ञेयं पर्वश्राद्धादि पण्डितैः (मार्कण्डेय पुराण, अध्याय, २७।१-३)

१५. निर्विशेषं परं ब्रह्म साक्षात् कर्तुमनीश्वराः
ये मन्दास्ते ऽ नुकम्प्यन्ते सविशेषनिरूपणैः

१६. अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः
परं भावमजानन्तो ममाव्ययमनुत्तमम्। (गीता, ७।२४)
अव्यक्ता हि गतिर्दुःखं देहवद्‌भिरवाप्यते, (गीता)

१७. वशीकृते मनस्येषां सगुणब्रह्मशीलताम्
तदेवाविर्भवेत् साक्षात् अपेतोपाधिकल्पनम्
ब्रह्म वैवर्तपुराण, (वेदान्तपरिभाषा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी, गणेश, सूर्य आदि हो भने काम सज्जनको रक्षा र दुर्जनको विनाश गरी धर्मस्थापना गर्नु हो। यसरी शास्त्रीय मर्यादामा रहेर विचार गर्दा औपाधिक दृष्टिले सगुण साकार, सगुण निराकार र निर्गुण निराकार तत्त्वमा भिन्नजस्तो प्रतीत भए तापनि तात्त्विक दृष्टिले हेर्दा उपर्युक्त त्रिविध[१८] तत्त्वमा भेदको कल्पनासम्म पनि गर्नु हुँदैन किनकि ***अभेददर्शनं ज्ञानम्*** अर्थात् उपर्युक्त त्रिविध रूपमा अभेदबोधपूर्वक जीवब्रह्मैक्य बोध गर्नु नै ज्ञान हो।

५. ब्रह्मतत्त्व र शिवतत्त्वमा अभेद

सत्यं ज्ञानमनन्तञ्च सच्चिदानन्दसंज्ञितम्।
निर्गुणो निरुपाधिश्चाव्ययः शुद्धो निरञ्जनः॥
न रक्तो नैव पीतश्च न श्वेतो नील एव च।
न ह्रस्वो न च दीर्घश्च न स्थूलः सूक्ष्म एव च॥
यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह।
तदेव परमं प्रोक्तं ब्रह्मैव शिवसंज्ञकम्॥
आकाशं व्यापकं यद्वत् तथैव व्यापकं त्विदम्।
मायातीतं परात्मानं द्वन्द्वातीतं विमत्सरम्॥[१९]

त्यो शिवतत्त्व सत्य, ज्ञान, अनन्त र सच्चिदानन्द नामले प्रसिद्ध छ, तथा गुणरहित उपाधिरहित, अविनाशी शुद्ध एवं निरञ्जन छ। त्यो तत्त्व न रातो छ, न सेतो छ, न पहेँलो न नीलो नै छ। यसरी चिन्तन गर्दा त्यो शिवतत्त्व ह्रस्व पनि छैन दीर्घ पनि छैन, स्थूल एवं सूक्ष्म पनि छैन। जहाँबाट मनले सहित भएर त्यो वाणी जुन तत्त्वलाई प्राप्त गर्न नसकेर फर्कन्छ त्यही परब्रह्म परमात्मालाई नै 'शिव' भनिन्छ। जसरी आकाश व्यापक छ, त्यसरी नै यो शिवतत्त्व पनि सर्वत्र व्यापक छ। यो तत्त्व मायाभन्दा पर रहेको द्वन्द्वातीत परमात्मा तत्त्व नै हो ।

आब्रह्मतृणपर्यन्तं यत्किञ्चिद् दृश्यते जगत्।
तत्सर्वं शिव एवास्ति स देवः शिव उच्यते॥[२०]

ब्रह्मादेखि लिएर तृणपर्यन्त जुन रूपमा यो जगत् देखिन्छ, त्यो सम्पूर्ण जगत् शिवरूप नै हो अर्थात् त्यो जगन्मय देव नै शिव हो।

---

१८. तदिदं त्रिविधं रूपं स्थूलं सूक्ष्मं ततः परम्। (शिवपुराण, वायवीयसंहिता, ३।७)

१९. शिवपुराण कोटिरुद्रसंहिता, ४१।१२-१५

२०. शिवपुराण कोटिरुद्रसंहिता, ४३।४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पद्यते यतः सर्वं येनैतत्पाल्यते जगत् ।
यस्मिंश्च लीयते तद्धि येन सर्वमिदं ततम् ॥
तदेव शिवरूपं हि पठ्यते च मुनीश्वराः ॥[२१]

जसबाट[२२] यो विश्वप्रपञ्चको उत्पत्ति हुन्छ, जसद्वारा यस जगत्को पालन एवं अन्त्यमा जसमा गएर यो सारा संसार लीन हुन्छ र यो संसारमा जुन तत्त्व सत्तारूपले विद्यमान छ, त्यो नै शिवको स्वरूप हो ।

सर्वज्ञः सर्वकर्ता च शिवः सर्वेश्वरोऽगुणः ।
त्रिदेवजनको ब्रह्म सच्चिदानन्दविग्रहः ॥[२३]

भगवान् शिव सर्वज्ञ, सर्वकर्ता, सबैका ईश्वर र गुणरहित हुनुहुन्छ, त्रिदेवजनक, सच्चिदानन्द विग्रहवान् कारणब्रह्म पनि उहाँ नै हुनुहुन्छ ।

प्रणवार्थः शिवः साक्षात् प्राधान्येन प्रकीर्तितम् ।
श्रुतिषु स्मृतिशास्त्रेषु पुराणेष्वागमेषु च ।
आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चन ॥
यस्माज्जगदिदं सर्वं विधि विष्णिवन्द्रपूर्वकम् ।
सह भूतेन्द्रियग्रामैः प्रथमं सम्प्रसूयते ॥
न सम्प्रसूयते यो वै कुतश्चन कदाचन ।
यस्मिन्न भासते विद्युद् न च सूर्यो न चन्द्रमाः ॥
यस्य भासा विभातीदञ्जगत् सर्वं समन्ततः ।
सर्वेश्वरेण सम्पन्नो नाम्ना सर्वेश्वरः स्वयम् ॥[२४]

श्रुति, स्मृति र आगमादि शास्त्रमा प्रणवको अर्थ भनेर साक्षात् शिवलाई नै प्रधानरूपले प्रतिपादन गरिएको छ, यसको आनन्द पाएर विद्वान् कतैबाट भयभीत हुँदैनन् । यसबाट ब्रह्मा, विष्णु, रुद्र, इन्द्रियका देवता र पञ्चमहाभूत एवं इन्द्रियहरू सहितको यो जगत् प्रपञ्च प्रकट हुन्छ । तर उ कहिल्यै कसैबाट पनि प्रकट हुँदैन । जसलाई विद्युत्, सूर्य र चन्द्रमाले पनि प्रकाशित गर्न सक्तैनन्, तर जसको प्रकाशले यो सारा जगत् प्रकाशित हुन्छ, त्यस्ता परमेश्वर सदाशिव नै सर्वैश्वर्य सम्पन्न हुनाले सर्वेश्वर मानिनुहुन्छ ।

---

२१. शिवपुराण, कोटिरुद्रसंहिता, ४१।९
२२. यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्त्यभिसंविशान्ति तद्ब्रह्म । तैत्तिरीयोपनिषत्, ३।१
२३. शिवपुराण, कैलाससंहिता, १७।४
२४. शिवपुराण, कैलाससंहिता, १२।६-१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदिदं त्रिविधं रूपं स्थूलं सूक्ष्मं ततः परम्।
अस्मदाद्यमरैर्दृश्यं स्थूलं, सूक्ष्मं तु योगिभिः ॥
ततः परं तु यन्नित्यं ज्ञानमानन्दमव्ययम्।
तन्निष्ठैस्तत्परैर्भक्तैर्दृश्यं तद् व्रतमाश्रितैः ॥[२५]

भगवान् सदाशिवका स्थूल=सगुणसाकार, सूक्ष्म=सगुणनिराकार र त्यसभन्दा पर=निर्गुण निराकाररूप गरी जम्मा तीन प्रकारका रूप छन्। देवताहरूले र मनुष्यले देख्ने रूप भनेको सगुणसाकाररूप मात्र हो। योगीहरूले सगुण निराकाररूप देख्दछन् भने त्यसदेखि पर रहेको जुन दिव्य ज्ञानमय, आनन्दमय, अविनाशी बोधरूप सत्ता छ, त्यसलाई त निर्गुणनिराकार तत्त्वमा निष्ठा भएका साध्या भक्ति प्राप्त गरेका असाधारण भक्तले मात्र चरमवृत्तिद्वारा अनुभव गर्न सक्दछन्।

६. ब्रह्मतत्त्वाभिन्न शिवतत्त्व र पशुपतिनाथतत्त्वमा अभेद

उपर्युक्त तरिकाले मन्त्रद्रष्टा ऋषिहरूका अनुभवात्मक वचनमा आधारित भएर निष्ठाका साथ शास्त्र चिन्तन गर्दा अनुभव हुने त्रिगुणातीत ब्रह्मतत्त्वाभिन्न शिवतत्त्व नै पशुपतिनाथतत्त्व हो भन्ने यथार्थतालाई शास्त्रप्रमाणले यसरी प्रमाणित गर्दछ।

शर्वात्मनामधिष्ठानं सर्वक्षेत्रनिवासकम्।
रूपं पशुपतेर्ज्ञेयं पशुपाशनिकृन्तनम् ॥
ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥
तेषां पतित्वादेवेशः शिवः पशुपतिः स्मृतः।[२६]

सम्पूर्ण प्राणिमात्रका प्रत्यगात्माको अधिष्ठान, सर्वक्षेत्र निवासक पशुरूप जीवको पाशोलाई काट्ने भगवान् शंकरको अन्तर्यामी (साक्षी) स्वरूपलाई नै पशुपति भनेर जान्नुपर्दछ। यस संसारको वशमा परेका ब्रह्मादेखि स्थावरसम्मका जीवहरू देवाधिदेव त्रिशूलधारी शिवका दृष्टिमा पशु कहिन्छन्। तिनीहरूको पति भएको हुनाले उपर्युक्त सगुण निराकार शिव नै पशुपति नामले प्रसिद्ध हुनुहुन्छ।

पशोः पाशस्य पत्युश्च तत्त्वतोऽस्ति पदं परम्।
ब्रह्मविद् तद्विदित्वैव योनिमुक्तो भविष्यति ॥[२७]

---

२५. शिवपुराण, वायवीयसंहिता, ३।२७-२८
२६. शिवपुराण, वायवीयसंहिता, २।११-१२
२७. शिवपुराण, वायवीयसंहिता, ६।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशु, पाश र पतिको शब्दगत अर्थलाई जान्ने पशु र पाशको पति परमात्मा शिवलाई तत्त्वत बुझेका ब्रह्मवेत्ता साधकहरू मात्र जन्म, मरणरूप संसारबाट मुक्त हुन्छन् ।

अक्षरं पशुरित्युक्तं क्षरं पाश उदाहृतः ।
क्षराक्षरपरं यत्तत्पतिरित्यभिधीयते ॥[२८]

जीवरूपी पुरुष नै अक्षर हो र त्यसैलाई यहाँ पशु शब्दले लिएको छ । यो श्लोकमा प्रस्तुत क्षर शब्दको अर्थ प्रकृति हो र क्षरात्मक प्रकृति नै पाश हो । क्षर र अक्षरदेखि पर रहेको तत्त्व नै पति हो भने नाथ शब्दको अर्थ हो– मालिक, स्वामी वा प्रभु [२९]।

७. श्रीपशुपतिनाथको अर्थ

याच्ञोपतापैश्वर्याऽऽशीष्वर्थक नाथृ[३०] धातुबाट अच् प्रत्यय भएर निष्पन्न नाथ शब्दको अर्थ यहाँ याच्ञा, उपताप, ऐश्वर्य र आशीर्वादमध्ये ऐश्वर्य नै हो । यही अभिप्रायलाई आत्मसात् गरेर कोशकारहरूले नेपाली बृहद् शब्दकोशमा नाथ शब्दको अर्थ स्वामी, मालिक एवं प्रभु गरेका छन् । यसरी नै **अमरकोश, विश्वकोश एवं मेदिनीकोशले नाथ शब्दका पर्यायवाची स्वामी** शब्दको अर्थ राजा(प्रकाशक) वा प्रभु[३१] (नाथ) गरेका छन् । प्रभु शब्दको अर्थ शिवपुराणको कोटिरुद्र संहितामा यसप्रकार गरिएको छ– **निराकारश्च साकारः पुनश्चैवाभवत्प्रभुः**[३२] अर्थात् निराकार प्रभु (नाथ) नै साकार रूपमा परिणत हुनुभयो । अमरकोशको रामाश्रमी टीकामा प्रभु शब्दको व्युत्पत्ति गरिएको छ- प्रभवति[३३] इति प्रभुः[३४] । त्यसकारण **नाथ तत्त्व त्यो तत्त्व हो जो पति, पाश र पशुको रूपमा स्वयं प्रकट हुन सक्छ** । अतः एतावता यो कुरा सिद्ध भयो कि **पशु शब्दको अर्थ अविद्योपहित जीव, पति**[३५]

---

२८. शिवपुराण, वायवीयसंहिता, ५।१४
२९. नेपाली बृहद् शब्दकोश, ७१८ पृष्ठ
३०. नाथृ= याच्ञोपतापैश्वर्य्या शीःषु भ्वादि. आ
३१. अमरकोश, रामाश्रमीटीका (२।८।१७)
" "" (३।१।१०)
३२. शिवमहापुराण कोटिरुद्रसंहिता (१४।४९)
३३. अमरकोश रामाश्रमीटीका (३।१।११)
३४. सिद्धान्त कौमुदी
३५. पतिर्विश्वस्य निर्माता पशुपाशविमोचकः
अभावे तस्य विश्वस्य सृष्टिरेषा कथं भवेत्
अचेतनत्वादज्ञानादनयोः पशुपाशयोः ॥ शिवपुराण, वायवीयसंहिता, ।६।२-३
मायातो भेदेषु श्लेशकर्मादि कलुषः पशुः (ईश्वरप्रत्यभिज्ञाकारिका , उत्पलदेव) ।
स्वाङ्गरूपेषु भावेषु प्रमाता कथ्यते पतिः ।
शब्दराशिः समुत्थस्य शक्तिवर्गस्य भोग्यताम् ।
कलाविलुप्तविभवो गतः सन् स पशुः स्मृतः ॥ (स्पन्दकारिका) ।
भेदग्रन्थिविभेदे हि कर्मात्मैक्यं प्रपद्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दको अर्थ मायोपहित ईश्वर (महेश्वर) र नाथ शब्दको अर्थ कूटस्थ ब्रह्म। अतः स्वयं प्रकाश कूटस्थ ब्रह्म नै सगुण-साकार विग्रहको रूपमा स्वयम् प्रकट भएको स्वयम्भूलिङ्गमा विद्यमान **परात् पर कूटस्थ तत्त्व नै पशुपतिनाथ** हो। यस विषयलाई प्रमाणित गर्ने **प्रथम प्रमाण यसप्रकार** छः-

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम्॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि॥[३६]

यस श्लोकको अन्वय यसरी गर्नुपर्छ- **महीतले प्रसिद्धायां नयपालाख्यपुर्यां शिरोभागस्वरूपेण पशुपतीशाख्यं शिवलिंगम् अस्ति तद् लिङ्ग हि सर्वकामप्रदं (वर्तते)** अर्थात् पृथिवीतलमा विद्यमान नेपाल नाम भएको प्रसिद्ध नगरीमा केदारनाथको शिरोभागस्वरूपले पशुपतिनाथ नाम भएको शिवलिङ्ग विद्यमान छ। त्यो शिवलिङ्गको दर्शन गर्नाले सम्पूर्ण इच्छाहरू पूर्ण हुन्छन्,फलतः शिव सायुज्यपद प्राप्त हुन्छ **नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः (शि०को०सं०१९।१५)** यस श्लोकमा वर्णित **'तद्रूपतः स्थितः'** यो शब्दले **पशुपतीश** (पशुपतिनाथ)कै अध्याहार गरेको हो सर्वत्र तत्शब्दपूर्व परामर्शी हुन्छ भन्ने शास्त्रमा यत्र तत्र सर्वत्र प्रसिद्ध छ। अतः यसरी चिन्तन गर्दा यो तथ्य पनि प्रमाणित हुन्छ कि **केदारेश्वरको शिरोभाग पशुपतिनाथ नै हो। अरू होइन**। अरू सबै मूर्ति वा लिङ्गको उपासना गर्दा सगुण निराकार ब्रह्म गति प्राप्त हुन्छ भने पशुपतिनाथको उपासना गर्दा निर्गुण-निराकार ब्रह्मगति अर्थात् शिवसायुज्यपद प्राप्त हुन्छ।

प्रकृति र पुरुषदेखि पररहेको **परात् पर तत्त्व**[३७] **नै पशुपतिनाथ तत्त्व** हो। यस तथ्यलाई प्रमाणित गर्ने दोस्रो प्रमाण यसप्रकार छः-

प्रवणो हि परःसाक्षात् परमेश्वर वाचकः।
वाच्यः पशुपतिर्देवः पशूनां पाशमोचकः॥[३८]

प्रणव नै त्रिगुणातीत परमेश्वरको साक्षात् वाचक हो। अतः जीवका पाशमोचक भगवान् श्रीपशुपतिनाथ प्रणवका वाच्य हुनुहुन्छ। यो श्लोकमा पठित **'पशुपतिर्देवः'** र कोटिरुद्रसंहिता ११

सोऽविज्ञातो विज्ञातः पतिरेव सः॥ (ईश्वरप्रत्यभिज्ञाकारिका, उत्पलदेव)।

३६. (शिवपुराण, कोटिरुद्रसंहिता, ११।१८-१९)

३७. परमात्मा देवता पशुपतिः- पाशुपतब्रह्मोपनिषत्- ११
स्वतः शिव पशुपतिः साक्षी सर्वस्य सर्वदा (पूर्ववत्- ७)
श्रोत्रमात्मनि चाध्यस्तं स्वयं पशुपतिः पुमान् (पूर्ववत्-१०)
प्रकृतिक्षरमित्युक्तं पुरुषोऽक्षर उच्यते।
तावुभौप्रेरयत्यन्य स परः परमेश्वरः॥ शिवपुराण, वायवीयसंहिता, ।५।१६
नयपालाख्य पुरुर्यां तु प्रसिद्धायां महितले
लिङ्गं पशुपतीशाख्यां सर्वकाम फलप्रदम्
शिरोभाग स्वरूपेण शिवलिङ्गं तदस्ति हि। शिवपुराण, कोटिरुद्रसंहिता, ११।१८-१९

३८. शिवपुराण, कैलाससंहिता, ११।४७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यायको १९ श्लोकमा व्यक्त **पशुपतीश** यी शब्दको पर्यायवाची शब्द नै **पशुपतिनाथ** हो किनकि **पशुपति+ईश**= पशुपतीश भन्नु र पशुपतिनाथ भन्नु एउटै हो। जसरी सोमेश्वर, विश्वेश्वर, वैद्येश्वर बद्रीश्वरलाई क्रमशः सोमनाथ, विश्वनाथ, वैद्यनाथ र बद्रीनाथ भनियो त्यसरी नै **पशुपतीशलाई** पशुपतिनाथ भनेको हो। **पशुपतिर्देवः** शब्दको पर्यायवाची शब्द पनि **पशुपतिनाथ** नै हो किनकि क्रीडा, विजिगीषा, व्यवहार, द्युति, स्तुति, मोद, मद, स्वप्न, कान्ति र गत्यर्थक दिवु धातुबाट निष्पन्न देव शब्दको अर्थ यहाँ द्युति = प्रकाश हो। जसरी विश्व, वैद्य, सोम र बद्रीमा संयुक्त नाथ शब्दको अर्थ मालिक, स्वामी, प्रभु- ईश हुन्छ, त्यसरी नै **पशुपतिमा** संयुक्त **नाथ**को अर्थ पनि पशुपतिका मालिक, स्वामी वा प्रकाशक सर्वथा सार्थक छ। यो निष्कर्ष वाक्यलाई अर्थात् **पशु=जीव पति=ईश्वर**भन्दा माथि **नाथ = कूटस्थ** तत्त्व छ भन्ने कुरालाई प्रमाणित गर्ने तेस्रो प्रमाण यसप्रकार छ[३९]।

"पशुत्वान्मुच्यते सद्यो भूत्वा पशुपतेः पतिः" अर्थात् साधक पशुपतिको पति भएपछि मात्र पशुभाव (जीवभाव) बाट मुक्त हुन्छ। यो भनाइले पनि पशुपतिनाथको पारमार्थिक रूप कूटस्थ ब्रह्म नै हो भन्ने कुरा सिद्ध हुन्छ। अतः उपर्युक्त (**पशुपतीशाख्यं पशुपतिर्देव र पशुपतेः पतिः**) वाक्यद्वारा निर्दिष्ट तत्त्व नै **पशुपतिनाथ** हो भन्ने विषय प्रमाणित हुन्छ। यसर्थ पशुपतिनाथको महिमा अलौकिक, अपरम्पार छ। यस्ता भगवान् पशुपतिनाथ नेपालमा मात्र छन्। अन्यत्र विश्वमा कहीँ पनि छैनन्। नेपालका लागि यो भन्दा अरू गौरवको विषय के हुन सक्छ ? यसरी वस्तुनिष्ठ भएर विचार गर्दा सबैको स्वामी मालिक वा प्रभु स्वयम् प्रकाश **कूटस्थ ब्रह्म नै पशुपतिनाथको** अर्थ पर्यवसित हुन्छ। शास्त्रमा भनेको छ– **'नाधिष्ठानाद् भिन्नतारोपितस्य'** (वि०चू०)।

८. मूर्तिमा ब्रह्मतत्त्वाभिन्न शिवको उपासना

यस्ता प्रणवार्थ सच्चिदानन्द स्वरूप भगवान् श्रीपशुपतिनाथको उपासना मूर्तिमयरूपमा पनि गर्न सकिन्छ। यसमा शास्त्रीय आधार यस प्रकार रहेको छ- **"मूर्तिमूर्तिमतोर्भेदो नात्यन्तं विद्यते यतः"** मूर्ति र मूर्तिमान्मा मीठो र मिश्रीजस्तै किञ्चिदपि भेद छैन। उपर्युक्त महत्त्वपूर्ण शास्त्रोक्त वचनको मर्म बुझेर मूर्तिमा प्रतिष्ठित परमेश्वरको आराधना गर्नाले पनि मोक्षपद प्राप्त गर्न सकिन्छ भन्ने विषयमा शङ्का मान्नु हुँदैन। मूर्तिपूजालाई प्रमाणित गर्ने शास्त्रीय वचन यसप्रकार छन्-

येनोपलभ्यतेऽस्माभिः सकलेनापि निष्कलः।
स मूर्त्यात्मा शिवः शैवमूर्तिरित्युपचर्यते ॥
न ह्यसौ निष्कलः साक्षात् शिवः परमकारणम्।

---

३९. पशूनां तु पतिर्भुत्वा पशूनां तु पतिर्भवेत्।
पशुत्वान्मुच्यते सद्यो भूत्वा पशुपतेः पतिः ॥ (स्पन्दकारिका, ५१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न तावतात्रोपेक्षाधीरूपलक्षणमन्तरा ॥
शिवस्य मूर्तिर्मूत्यात्मा परस्तस्योपलक्षणम् ।
यथा काष्ठेष्वनारूढो न बह्निरूपलभ्यते ॥
एवं शिवोऽपि मूर्त्यात्मन्यनारूढ इति स्थितिः ।
अत एव हि पूजादौ मूर्त्यात्मपरिकल्पनम् ॥
मूर्त्यात्मनि कृतं साक्षाच्छिव एव कृतं यतः ।
लिङ्गादावपि यत्कृत्यं अर्चायाञ्च विशेषतः ॥
तत्तन्मूर्त्यात्मभावेन शिवोऽस्माभिरूपास्यते ।
सदा शिवादयः सर्वे मूर्त्यात्मानोऽप्यधिष्ठिताः ॥[४०]

सगुण शिवको उपासनाद्वारा निर्गुण निराकार शिवलाई प्राप्त गर्न सकिन्छ। त्यही नै मूर्त्यात्मा शिवोपासनाको प्रयोजन हो । शिवको मूर्ति भन्ने यो व्यवहार औपचारिक हो । परमकारण स्वरूप सदाशिव, सगुण साकारको उपासनाद्वारा अनुभवको विषय बन्दैनन् भन्ने होइन अपितु उनको स्वभावको उपपादक प्रमाण उपासना मात्र हो । उपलक्षणबाहेक उनको प्रत्यक्ष दर्शनसम्बन्धी बुद्धिको उदय हुन सक्दैन । कुनै न कुनै मूर्ति नै आत्माको साक्षात् उपलक्षण हुन्छ । 'शिवको मूर्ति छ' भन्नुको तात्पर्य त्यस मूर्तिका रूपमा परमशिव विराजमान हुनुहुन्छ भन्ने हो ।

जसरी काठ आदिको आश्रय नलिईकन केवल अग्निमात्रको उपलब्धि कदापि हुन सक्दैन, त्यसरी नै भगवत्तत्त्व पनि मूर्त्यात्माको आलम्बन नभै उपलब्ध हुन सक्दैन । **'आगो लिएर आऊ' भन्दा बलिरहेको दाउरालाई छोडेर केवल आगोमात्र ल्याउन सकिन्न, त्यसरी नै उपास्यको अर्चना पनि मूर्ति विना सम्भव छैन** । त्यसैले नै पूजा-आदिमा मूर्त्यात्मा भगवान्‌को अध्यारोप गरिएको हो। मूर्त्यात्मा भगवान्‌प्रति जे जस्तो भक्तिभाव गरिन्छ त्यो सबै साक्षात् निराकार शिवकै पूजा गरेको ठहर्छ । **किनकि दूध नै पेडाको रूपमा, मीठो नै मिश्रीको रूपमा र पानी नै असिना वा हिउँको रूपमा परिणत भएजस्तै निराकार ब्रह्म नै साकार रूपमा परिणत भएको हो, भिन्न होइन** । अतः त्यही सगुण साकार वा सगुण निराकार विग्रह कै प्रतीक भएको हुनाले मूर्ति एवं स्वयम्भू लिङ्ग, बाणलिङ्ग, पार्थिवलिङ्ग र शालग्रामादि अर्चाविग्रहमा जो उपासनादि कर्म गरिन्छ त्यस कर्मबाट तत्तत् मूर्तिमा तत्तत् भगवत्स्वरूपको भावना गरेको हुँदा मूर्तिमा पनि वास्तवमा परमात्माकै उपासना गरिएको हुन्छ । जसरी परमेष्ठी शिवले मूर्त्यात्मामाथि सदा अनुग्रह गर्नुहुन्छ, त्यसरी नै अर्चाविग्रहमा रहेका परमेश्वरले पनि हामी सम्पूर्ण जीवहरूमाथि सदा अनुग्रह गर्नुहुन्छ ।

---

४०. (शिवपुराण, वायवीयसंहिता, ३१।१०-१६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः **"अमूर्तौ च स्थिरा न स्यात्, ततो मूर्तिं विचिन्तयेत्"** मूर्तिरूप विग्रह नभई यो चित्तवृत्ति स्थिर हुन सक्दैन। त्यसकारण चित्त एकाग्र गर्नका लागि शुभेच्छा, सुविचारण, तनुमानसा र सत्त्वापत्ति यी चतुर्थ भूमिकासम्मका साधकले मूर्ति मान्नै पर्दछ। यस सिद्धान्तानुसार वैदिक सनातन धर्ममा मूर्तिपूजाको परम्परा शुभारम्भ भएको हो। यस मूर्तिपूजाको परम्परा निराधार छैन। यस विषयमा शास्त्रीय वचन यसप्रकार छ–

अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते।

मुमुक्षूणां बोधसिद्ध्यै श्रुतिभिः कल्पितः क्रमः॥

मुमुक्षुहरूलाई सजिलै बोध सिद्धि होस् भन्नका लागि स्वयं श्रुतिले निष्प्रपञ्च ब्रह्ममा प्रपञ्चको अध्यारोप गरी अपवाद अर्थात् पप्रञ्चको व्यावर्तन गर्ने क्रमको कल्पना गरिएको छ।

९. मूर्तिपूजा शब्दको अर्थ

उपर्युक्त भगवान्‌का सगुण साकार विग्रहको अध्यारोपित प्रतीक भनेको नै प्रतिमा हो, यसलाई अर्को शब्दमा व्यक्त गर्दा भगवान्‌को मूर्ति भन्न सकिन्छ र परम्परा पनि यही छ। **मूर्छा=मोह समुच्छ्राययोः** (भ्वा.प.से) धातुबाट **क्तिच् प्रत्यय** भएर मूर्ति शब्द बन्दछ। मूर्तिका **कलेवर, काय,** गात्र, वपु, **संहनन, शरीर, वर्ष्म, विग्रह, देह, तनु र तनू** गरी जम्मा १२ वटा नाम प्रसिद्ध छन् [४१]। 'मूर्तिपूजा' यो समासान्त शब्दको अर्थ नबुझ्ेका अल्पज्ञ व्यक्तिहरूले मूर्तिपूजाको विषयमा विवाद गरेको पाइन्छ। तर यो मूर्तिपूजाको विवाद सर्वथा अल्पज्ञताको परिणाममात्र हो भन्दा अतिशयोक्ति हुँदैन। किनकि मूर्तिपूजा शब्द मूर्ति र पूजा शब्द मिलेर बनेको समस्त शब्द हो। जस्तै **मूर्तेः पूजा=मूर्तिपूजा**, यो षष्ठी तत्पुरुष समास गर्दा पनि **"मूर्तिपूजा"** शब्द बन्दछ र यसको अर्थ हुन्छ मूर्तिको पूजा। अब अर्को **मूर्तौ पूजा= 'मूर्तिपूजा'** यो सप्तमी तत्पुरुष समास गर्दा पनि **"मूर्तिपूजा"** शब्द निष्पन्न हुन्छ र यसको अर्थ हुन्छ- मूर्तिमा निर्विशेष, निराकार, निरञ्जन, निर्मल, सर्वव्यापक ब्रह्मको वा भगवान्‌को पूजा।

यस्तो गरिमामय अर्थ प्रदान गर्ने, सप्तमी तत्पुरुष समासको मर्म नबुझेर षष्ठी तत्पुरुष समासको अर्थ गर्दै 'मूर्तिपूजा' को उपहास गर्नु सच्चिदानन्दस्वरूप परमात्मा भगवान् नारायण एवं सदाशिवको उपहास गर्नु हो। यसको मतलब आफ्नो उपहास आफैं गर्नु हो। किनकि उही निरूपाधिक परमात्मा नै त अन्तःकरणद्वारा उपहित भएर सबैका हृदयमा 'म' रूपले रहेको हो। अतः **मूर्तिपूजा शब्दमा षष्ठी तत्पुरुष समास नभएर सप्तमी तत्पुरुष समास** हो भन्ने बुझ्नुपर्छ। अर्थात् मूर्तिको पूजा होइन अपितु मूर्तिमा पूजा भन्ने मूर्तिपूजा शब्दको अर्थ नै यथार्थ हो। त्यसकारण गणेशाय नमः, सूर्याय

४१. गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रह ॥
कायो देहः क्लीबपुंसो स्त्रियां मूर्तिस्तनुस्तनूः। (अमरकोष, २।६।७१।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमः, देव्यै नमः, शिवाय नमः, विष्णवे नमः, रामाय नमः, हनूमते नमः, कृष्णाय नमः, गुरवे नमः इत्यादि शब्दावली उच्चारण गर्दै मूर्तिपूजा गर्दा पनि अद्वितीय, निर्विकार, सर्वान्तर्यामी, स्वयं प्रकाश, भगवत्स्वरूप ब्रह्मको नै यो मूर्तिमा पूजा गरिरहेको छु भन्ने सम्झनुपर्छ न कि मूर्तिको मात्र पूजा।

पूजा नाम न पुष्पाद्यैर्या मतिः क्रियते दृढा।
निर्विकल्पे परे व्योम्नि सा पूजा ह्यादराल्लयः॥[४२]

न पूजा बाह्यपुष्पादिद्रव्यैर्या प्रथिताऽनिशम्।
स्वे महिम्न्यद्वये धाम्नि सा पूजा या परा स्थितिः॥[४३]

शास्त्रमा प्रमाण पनि सप्तमी तत्पुरुष समास सूचक नै पाइन्छन्[४४] र शास्त्रको तात्पर्य पनि सगुण साकारको माध्यमबाट निर्गुण निराकारत्वेन प्रतिष्ठित गर्नु नै हो। यसरी शास्त्रमा प्रयोग भएका शब्दावलीको तात्पर्य बुझ्न नसक्दा सबैतिर सबैमा सधैं विवादै विवाद छ भने, बुझेको अवस्थामा विवादको लेश पनि पाईंदैन। किनकि शास्त्र त साक्षात् समदर्शी नारायण एवं सदाशिवको वाङ्मयमूर्ति हो- **"वेदो नारायणः साक्षात्," "ईशानः सर्वविद्यानां ईश्वरः"।**

यसरी सामान्यतया विचार गर्दा पनि त्यो मूर्ति मान्नु पर्दैन भन्ने भनाइ तर्कसंगत ठहर्दैन। किनकि त्यो मूर्ति नमान्नेले पनि गुरु त मानेकै हुन्छ, के त्यो मूर्ति मान्नु पर्दैन भनेर सिकाउने गुरुको सगुण साकार शरीर मूर्ति होइन ? के आफ्नो शरीररूपी मूर्तिलाई नमानी उपदेश दिन सम्भव छ ? यसलाई भन्दछन् **वदतो व्याघात**- अर्थात् **"मम मुखे जिह्वा नास्ति" मेरो मुखमा जिब्रो छैन पनि भन्दछ बोल्न पनि छोड्दैन यसैको नाम हो वदतो व्याघात**। वेदलाई मान्ने तर वेदले भनेको नमान्ने यो भन्दा विडम्बना अरू केही हुन सक्छ ? वेद भन्दछ- **सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्** (**शु० य०वे०३१।१**) अर्थात् परमात्मा स्वरूप भगवान्का हजार शिर, हजार आँखा हजार पाउ छन्। **सहस्रप्रतिमा असि** (**शु०य०वे०१५।३६**) अर्थात् तपाईं हजारौं प्रतिमावाला हुनुहुन्छ। **मुखाय ते पशुपते यानि चक्षूंषि ते भव त्वचे रूपाय सन्दृशे प्रतीचीनाय ते नमः। अङ्गभ्यस्त उदराय जिह्वाय आख्याय ते दद्भ्यो गन्धाय ते नमः** अथर्ववेद ११।२। ५-६। यस्ता अनेकौं वेद एवं पुराणका वाक्यले मूर्तिपूजालाई प्रमाणित गरेको हुनाले[४५] मूर्तिमा भगवान्को पूजाको परम्परा अवैदिक, अयुक्तिक र अव्यावहारिक कदापि होइन। यो सनातन वैदिक एवं व्यावहारिक परम्परा हो।

---

४२. विज्ञानभैरव, १४४।

४३. तन्त्रालोक, ४।१२१।

४४. द्रव्यैः प्रसिद्धैर्मद्यागः प्रतिमादिष्वमायिनः
भक्तस्य च यथालब्धैर्हृदि भावेन चैव हि॥ भागवत, ११।२७।१५
अर्चादावर्चयेत् तावद् ईश्वरं मां स्वकर्मकृत्।
यावन्न वेद स्वहृदि सर्वभूर्तेष्ववस्थितम्॥ भागवत, ३।२९।२५

४५. मुखाय ते पशुपते यानि चक्षूंषि ते भव त्वचे रूपाय सन्दृशे प्रतीचीनाय ते नमः। अङ्गभ्यस्त उदराय जिह्वाय आख्याय ते दद्भ्यो गन्धाय ते नमः। अथर्ववेद, ११।२। ५-६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विचार गर्दा संपत् उपासना, अहंग्रहोपासना एवं प्रतीकोपासनाद्वारा साक्षात् वा परम्परया पुग्ने त उही निर्विशेष ब्रह्ममै हो । त्यसकारण जसले जसरी जस्को जहाँ जे प्रतीक मानेर पूजा आराधना गरे तापनि वास्तवमा उही परमात्मतत्त्वको नै पूजा वा आराधना भइरहेको हुन्छ। **जसरी पेडा खाँदा दूध खाइन्छ, त्यसरी नै मूर्ति पूजा गर्दा पनि निर्गुण निराकार ब्रह्मतत्त्व पाइन्छ।** किनकि दूधको सत्तादेखि भिन्नसत्ता पेडाको नभएझैँ ब्रह्मको स्वरूपदेखि भिन्न स्वरूप मूर्तिमा विद्यमान भगवान्को स्वरूप होइन। अपितु साक्षात् ब्रह्मको स्वरूप नै हो। यस विषयमा श्रुतिको स्पष्टोक्ति छ- **सर्वं खल्विदं ब्रह्म, नेह नानास्ति किञ्चन** । अतः ब्रह्मतत्त्वाभिन्न शिवस्वरूप भगवान् पशुपतिनाथको मूर्तिमा उपासना गर्नाले पञ्चतत्त्वात्मक व्यष्टि एवं समष्टिजगत्को कल्याण हुन्छ भन्ने भनाइमा छैन शङ्कावकाश। अस्तु परिपूर्णम् ॐ शान्तिः शान्तिः शान्तिः ॥

सन्दर्भसामग्री

ऋग्वेद, लाहौर : विद्याप्रकाशन समिति, सं. १९६२

यजुर्वेद, लाहौर : विद्याप्रकाशन समिति, सं. १९६२

अथर्ववेद, लाहौर : विद्याप्रकाशन समिति, सं. १९६२

श्रीशिवमहापुराण, काठमाडौं : पशुपतिक्षेत्र विकास कोष, सं. २०६२

श्रीमद्भागवत, वाराणसी : मोतीलाल वनारसीदास, सन् १९९९

श्रीमाण्डूक्योपनिषत्, लाहौर : विद्याप्रकाशन समिति, सं. १९६२

छान्दोग्योपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं. २०६८

बृहदारण्यकोपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं.२०६८

केनोपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं.२०६८

मुण्डकोपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं.२०६८

श्वेताश्वतरोपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं.२०६८

तैत्तिरीयोपनिषत्, गोरखपुर : गीताप्रेस, वि.सं.२०६८

प्रश्नोपनिषत्, गोरखपुरः गीताप्रेस, वि.सं.२०६८

पाशुपतब्रह्मोपनिषत्, (वासुदेवशर्मेणासंस्कृता), मुम्बई : मुम्बई प्रेस सन् १९१३

श्रीमद्भगवद्गीता, वाराणसी : चौखम्भा संस्कृत प्रतिष्ठान, सन् १९९९

श्रीमार्कण्डेयपुराण, इलाहावाद : साहित्य सम्मेलन, सम्पा. प्रभातमिश्र शास्त्री, , सन् १९९६

ब्रह्मसूत्र, वाराणसीः चौखम्भा संस्कृत संस्थान, सन् १९६०

वेदान्तसार, वाराणसी : मोतीलाल बनारसीदास, सन् १९६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्तपरिभाषा, लखनऊ : अखिल भारतीय संस्कृत, परिषद्, संवत् २०२०
अमरकोष (रामाश्रमी) वाराणसी : चौखम्भा संस्कृत संस्थान, वि.सं.२०६३
उपनिषत्अङ्क–कल्याण, गोरखपुर : गीताप्रेस, वि.सं.२०६५
ब्रह्मविद्या, काठमाडौँ : राजर्षिजनकस्मृतिकोष, वि.सं. २०७०
ब्रह्मवैवर्तपुराण, वाराणसी : मोतीलाल वनारसीदास, सन् १९१५
श्रीशिवमहिम्नःस्तोत्रम्, देवघाट : महेशसंस्कृतगुरुकुलम्, वि.सं. २०७०
तुलसीकृत रामायण, वाराणसी : कुलचन्द्रटीका, ज्ञानमण्डल लिमिटेड, सन् १९६३
वराहपुराण, वाराणसी : चौखम्भा विद्याभवन, सन् १९१५
स्कन्दपुराण, वाराणसी : चौखम्भा विद्याभवन, सन् १९२०
श्रीमद्देवीभागवत, वाराणसी : चौखम्भा विद्याभवन, सन् १९२०
पाताञ्जल योगसूत्र, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डारं, वि.सं. २०७०
अद्वैतसिद्धि, वाराणसी : प्राच्यभारती ग्रन्थमाला, सन् १९७१
विवेकचूडामणि, वाराणसी : मनोहरलाल शर्मा, वि.सं.२०२२
अष्टावक्रगीता, देवघाट : महेशसंस्कृतगुरुकुलम्, वि.सं. २०७१
नेपाली बृहत शब्दकोश, काठमाडौँ : प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५५
अमरकोश (रामाश्रमी टीका), वाराणसी : चौखम्भा विद्याभवन, वि.सं. २०६४
मेदिनीकोश, वाराणसी : ई.सं. १९६४
सिद्धान्तकौमुदी, वाराणसी : चौखम्भा, विद्याभवन, ई.सं १९८५
स्पन्दकारिका, श्रीनगर काश्मीर : ई.स. १९२५
ईश्वरप्रत्यभिज्ञाकारिका, श्रीनगर : काश्मीर, ई.स. १९२६
तन्त्रालोक, श्रीनगर : काश्मीर, ई.स. १९२०

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माहेश्वरसूत्रस्थ नन्दिकेश्वरकृत दार्शनिक व्याख्याको अनुशीलन

–भीमप्रसाद कण्डेल

१. विषयावतरण

कथासरित्सागर, नन्दिकेश्वरकाशिका र त्यस काशिकामा आश्रित उपमन्युकृत व्याख्या आदि ग्रन्थमा उल्लिखित प्रसङ्ग एवं पाणिनिव्याकरण सम्बद्ध लोकप्रचलित किंवदन्तीलाई विश्लेषण गर्दा पूर्ववर्ती कुनै एक समयमा निवृत्तिमार्गनिरत ब्रह्माका मानसपुत्र सनक, सनन्दन, सनातन, सनत्कुमार चार योगेश्वरसहित नन्दिकेश, पतञ्जलि, व्याघ्रपाद्, वसिष्ठ आदि मुनिहरू परमार्थज्ञान तथा महर्षि पाणिनि शब्दविद्या प्राप्तिको अपेक्षाले एकै स्थलमा विशुद्ध ज्ञानमय विग्रहवान् भगवान् शङ्करको तपस्यामा संलग्न थिए। यी फरक फरक मनोभावले युक्त साधकहरूको समाराधनाबाट प्रसन्न नाट्येश्वर भगवान् शङ्करले ताण्डवनृत्यको लीलासहित प्रकट भई दर्शन दिनुभयो। नृत्यको अन्त्यमा भगवान् शङ्करले सनकादि ऋषिहरू र महर्षि पाणिनि दुवैको अभिलाषा पूरणार्थ एउटै उपाय अपनाई चौध पटक डमरु बजाउनुभयो। यसबाट अ इ उण् आदि विशिष्ट वर्णमातृकारूप चौध सूत्रहरू स्पष्टरूपमा श्रवण भए। त्यहाँ परमेश्वर परमशिवले सनकादि ऋषिहरूलाई उद्देश्य गरी डमरुनादका माध्यमले चतुर्दश सूत्रात्मक वर्णमातृकामा आश्रित तत्त्वज्ञानको पनि उपदेश गरिएको थियो[1]। यस सन्दर्भमा शब्दविद्याकामी पाणिनि डमरुनादबाट श्रुत वर्णमालाबाटै आफ्नो अभीष्ट सिद्ध भएको अनुभव गरी कृतकृत्य भए। यिनै सूत्रको सदुपयोग गर्दै उनी सर्वाङ्गसम्पन्न आफ्नो असाधारण व्याकरण बनाउन पूर्ण सफल बने[2]। पारमार्थिक ज्ञानका अभिलाषी सनकादि मुनीश्वरहरू भने शिवद्वारा प्रच्छन्नरूपमा उपदिष्ट यी सूत्रजालनिष्ठ तात्त्विक ज्ञानको स्फुरण नहुँदा कृतार्थ हुन सकेनन्। यिनको तात्त्विक ज्ञान बुझेर यथार्थ उद्घाटन गर्नसक्ने मेधासम्पन्न नन्दिकेश्वरमात्र छन्

[1] इह खलु सकललोकनायकः परमेश्वरः परमशिवः सनकसनन्दनसनत्कुमारादीन् श्रोतॄन् नन्दिकेशपतञ्जलिव्याघ्रपाद्वसिष्ठादीनुद्धर्तुकामो ढक्कानिनादव्याजेन चतुर्दशसूत्रात्मकं तत्त्वमुपदिदेश। -तत्त्वविमर्शिनी, उपमन्यु।

[2] येनाक्षरसमाम्नायमधिगम्य महेश्वरात्।
कृत्स्नं व्याकरणं प्रोक्तं तस्मै पाणिनये नमः ॥ -*पाणिनीयशिक्षा श्लो० ५७ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने निश्चय गर्दै नन्दिकेश्वरलाई महेश्वरसूत्रमा निहित तात्त्विक ज्ञान उपदेश गर्न त्यहाँ समवेत ऋषिहरूले निवेदन गरे[३] ।

शिवपुराणअनुसार शिलादपुत्र नन्दिकेश्वर सर्वज्ञ भगवान् शिवकै अंशावतार र देवाधिदेव महादेव पशुपतिकै कृपाप्राप्त शिवगण प्रमुखका रूपमा सुप्रतिष्ठित, सुप्रबुद्ध शिवानुचर मानिन्छन्[४] । उनमा शिवोपदिष्ट तत्त्वज्ञान सहज स्फुरण हुन्थ्यो । अर्कातर्फ शैवागमअनुसार शिव, शक्ति, सदाशिव, अनन्तभट्टारक आदि गुरुशिष्यपरम्परा हुँदै प्रवाहित ज्ञानधारालाई अनन्तभट्टारकरूपी साक्षात् दिव्यौघबाटै नन्दिकेश्वरले प्राप्त गरेका छन् र उनी दिव्यादिव्य अर्थात् सिद्धौघ ज्ञानस्रोतको रूपमा पनि प्रतिष्ठित छन् । तसर्थ सनकादि ऋषिहरूको अनुरोधलाई सहज अङ्गीकार गरी सिद्ध नन्दिकेश्वर स्वयंले मुख्यरूपमा छब्बीस कारिकाको प्रणयनपूर्वक महेश्वरको डमरुनिनादबाट निःसृत चौधसूत्रहरूको तत्त्वगत पारमार्थिक अर्थ ऋषिहरूका समक्ष खोलिदिए[५] । उनको यस रचनालाई नन्दिकेश्वरकाशिका पनि भनिन्छ । नन्दिकेश्वरप्रणीत कारिकासहित उनले प्रकाशित गरेको चतुर्दश सूत्रको तत्त्वपरक अर्थको अनुशीलन गर्दै ग्रन्थान्तरमा प्राप्त सान्दर्भिक विषयलाई पनि समाहित गरी यहाँ प्रस्तुत गरिन्छ ।

२. कारिका र त्यसको भावार्थ

नृत्यावसाने नटराजराजो ननाद ढक्कां नव पञ्चवारम् ।

उद्धर्तुकामः सनकादिसिद्धानेतद्विमर्शे शिवसूत्रजालम् ॥ १ ॥

सनकादि र पाणिनिको तपस्याबाट प्रसन्न भई ताण्डवनृत्य गर्दै प्रकट भएका नटराज भगवान् शिवले नृत्यको अन्त्यमा सनकादि ऋषिहरूको उद्धार गर्ने इच्छाले नौ र पाँच पटक अर्थात् चौध पटक डमरु बजाउनुभयो । शिवका डमरुबाट निःसृत ज्ञानगर्भित चौध सूत्रको विचारपूर्वक स्पष्ट पारमार्थिक व्याख्या गर्दछु । १ ।

ती चतुर्दश सूत्रहरू हुन्-

१. अ इ उ ण् २. ऋ लृ क् ३. ए ओ ङ् ४. ऐ औ च् ५. ह य व र ट् ६. लण् ७. ञ म ङ ण न म् ८. झ भ ञ् ९. घ ढ ध ष् १०. ज ब ग ड द श् ११. ख फ छ ठ थ च ट त व् १२. क प य् १३. श ष स र् १४. ह ल् ।

---

३ अस्य सूत्रजालस्य तत्त्वार्थं नन्दिकेश्वर जानातीति तं नन्दिकेश्वरं प्रणिपत्य पृष्टवन्तः । -तत्त्वविमर्शिनीव्याख्या, उपमन्यु ।

४ शिवमहापुराण शतरुद्रसंहिता अध्याय ६ ।

५ तेषु (मुनिषु) पृष्टवत्सु स षड्विंशतिकारिकारूपेण तत्त्वं सूत्राणामुपदेष्टुमिच्छन्निदमाचष्ट । -तत्त्वविमर्शिनीव्याख्या, उपमन्यु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र सर्वत्र सूत्रेषु ख्नन्त्यवर्णचतुर्दशम् ।
धात्वर्थं समुपादिष्टं पाणिन्यादिष्टसिद्धये ॥ २ ॥

यी चौध सूत्रअन्तर्गत प्रत्येक सूत्रको अन्त्यमा उपदिष्ट चौधओटा हल् वर्ण धातुमूलक शब्दशास्त्र प्रवर्तन गर्न पाणिनिको अभीष्ट सिद्धिका निम्ति उपदेश गरिएका हुन् । **अन्त्यवर्णसमुद्भूता धातवः परिकीर्तिताः** अर्थात् अन्तिम हल् वर्णबाट उत्पन्न धातुहरू भनिन्छन् भनिएको हुनाले चौध सूत्रका अन्तिम हल् वर्णबाट धातुहरूको उत्पत्ति भएको पनि मानिन्छ । २ ।

२.१. अ इ उण् **(माहेश्वरसूत्र)**

अकारो ब्रह्मरूपः स्यान्निर्गुणः सर्ववस्तुषु ।
चित्कलामिं समाश्रित्य जगद्रूप उणीश्वरः ॥ ३ ॥

अ इ उण् यस सूत्रमा अकारको अर्थ सम्पूर्ण पदार्थमा अनुस्यूत भई विराजमान सर्वकारणस्वरूप निर्गुण परब्रह्म परमेश्वर हो । त्यही निर्गुण ब्रह्म 'इ' वाच्य चित्कला अर्थात् आफ्नै मायाशक्तिलाई आश्रय गरी सगुण ईश्वर स्वरूप बन्दै उण्- वाच्यवाचकस्वरूप जगद्रूपमा व्यक्त हुनुभयो । त्यसैले गीतामा भगवान्‌ले **अक्षराणामकारोऽस्मि** अर्थात् अक्षरहरूमध्ये 'म' अकार स्वरूप हुँ भनेर अकारमा आफ्नो परमेश्वर स्वरूपता स्पष्ट पार्नुभएको छ । ३ ।

अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमेश्वरः ।
आद्यमन्त्येन संयोगादहमित्येव जायते ॥ ४ ॥

प्रकारान्तरले विचार गर्दा अकार सबै वर्णहरूमध्ये पहिलो मूलवर्ण हो । यी चौध सूत्रमा पनि आदिमा यही अकार उपदिष्ट भएको छ। यसले स्वयंप्रकाशस्वरूप परमेश्वरलाई बुझाउँछ। यी चौध सूत्रको अन्तिममा उपदिष्ट वर्ण हकार छ। आदिरन्त्येन संहिता यो पाणिनिसूत्रको प्रत्याहार प्रणालीले आदि र अन्त्य अक्षर जोडेर उच्चारण गर्दा अह हुन्छ। त्यही अह 'सामान्ये नपुंसकम्' भन्ने वार्तिकअनुसार समान्य कथनमा नपुंसकलिङ्गी हुँदा 'अहम्' यस्तो प्रयोग बन्छ। यो 'अहम्' पदभित्र अ र हका बीचमा उपदिष्ट सबै वर्ण, अ र हसमेत मिलाएर सम्पूर्ण वर्णसमुदाय समेटिन्छन् र यही अहम् पदबाटै सबै अक्षरसमुदायको बोध हुन्छ। यही प्रकाशविमर्शमय पूर्ण अहम् स्वरूप शिवबाट नै यी वर्णहरू उत्पन्न भएका हुन् । यी वर्ण पूर्ण अहम् परमशिवमा नै प्रतिष्ठित छन् र पूर्ण अहम् ज्ञानद्वारा परमशिवलाई नै प्रकाशित गर्दछन् । यस कारिकाको सारभूत रहस्यार्थ यही हो । ४ ।

सर्वं परात्मकं पूर्वं ज्ञप्तिमात्रमिदं जगत् ।
ज्ञप्तेर्बभूव पश्यन्ती मध्यमा वाक् ततः स्मृता ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वक्त्रे विशुद्धचक्राख्ये वैखरी सा मता ततः ॥
सृष्ट्याविर्भावमात्रात्ममध्यमावाक्समायुतम् ॥ ६ ॥
(ज्ञप्त्याविर्भावमात्रात्मा मध्यमा वाक् समीरिता, इति पाठभेदः)

सृष्टि हुनुभन्दा पहिले यो सबै जगत् परावाणी स्वरूप ज्ञप्ति अर्थात् चैतन्यमा नै अभिन्नरूपले समाहित थियो । ज्ञप्तिरूप मूलाधारचक्रस्थ परा वाणीबाट नाभिस्थित पश्यन्तीवाणीको र पश्यन्तीबाट हृदयमा स्थित मध्यमा वाणीको प्रादुर्भाव भयो । पुनः मध्यमाबाट विशुद्धचक्रस्थ अर्थात् कण्ठदेशस्थ वैखरी वाणी उत्पन्न भएको हो । क्रमिक वाङ्मय सृष्टि हुँदै सूक्ष्मबाट स्थूलतर्फ विकसित परिमित अर्थबोधनमा समर्थ बुद्धिस्थ मध्यमा वाणी हो । यद्वा ज्ञप्तिरूप परावाणीको स्थूलीकरण हुँदै बोध्यबोधकभावमा परिच्छिन्न बनेको मध्यमा वाणी मानिन्छ । यसलाई नै व्यवहारोपयोगी स्फोटको रूपमा वैयाकरणहरूले प्रतिपादन गरेका छन् । कण्ठतालुको अभिघातबाट निःसृत ध्वनिलाई वैखरी वाणी भन्दछन् । वैखरी वाणी परश्रवणयोग्य, हृदयस्थ स्फोटाभिव्यञ्जकका रूपमा उपयोग हुने तथ्य वैयाकरणहरूले उल्लेख गरेका छन् ।

परा वाङ् मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता ।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ॥
वैखर्या हि कृतो नादः परश्रवणगोचरः ।
मध्यमाया कृतो नादः स्फोटव्यञ्जक उच्यते ॥[६]

अ इ उण् सूत्रको पक्षान्तरमा विचार गर्दा अ भनेको ज्ञप्तिस्वरूपमा विराजमान सूक्ष्मतम परा वाणी हो, इ भनेको त्यही परा वाणी अभिव्यक्ति उन्मुख हुँदै आविर्भूत सूक्ष्मतर पश्यन्ती वाणी हो । यसै गरी उ भनेको सूक्ष्म मध्यमा वाणी हो र ण् भनेको अरूले पनि सुन्न एवं बुझ्न सकिने भएर उत्पन्न भएको स्थूल वैखरी वाणी हो । वैखरी वाणीकै रूपमा वेदादिशास्त्ररूप व्यापक वाङ्मय जगत् प्रकट हुन्छ । अ इ उण् सूत्रको यो तात्पर्य पनि विद्वत्समाजले अनुशीलन गरेको छ । ५-६ ।

अकारं सन्निधीकृत्य जगतां कारणत्वतः ।
इकारः सर्ववर्णानां शक्तित्वात् कारणं मतम् ॥ ७ ॥
जगत्स्रष्टुरभूदिच्छा यदाह्यासीत्तदाभवत् ।
कामबीजमिति प्राहुर्मुनयो वेदपारगाः ॥ ८ ॥

अकारो ज्ञप्तिमात्रं स्यादिकारश्चित्कला मता ।
उकारो विष्णुरित्याहुर्व्यापकत्वान्महेश्वरः ॥ ९ ॥

---
६ वैयाकरणलघुमञ्जूषा स्फोटनिरूपणम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकारस्वरूप निर्गुण परब्रह्मको सान्निध्यले शक्तिस्वरूप इकारमा वाच्यात्मक जगत्कारणत्व र वाचकात्मक सर्ववर्णकारणत्व विलसित हुन्छ। जब अकारस्वरूप महेश्वरमा जगत्का रूपमा विस्फारित हुने सिसृक्षा जाग्न थाल्यो तब त्यसको परिपाकमय इ स्वरूप कामबीजको उदय भयो। यो वेदवेत्ता मुनिजनहरूको मत हो। त्यसैले अकार ज्ञप्तिमात्र अर्थात् चिन्मात्र स्वरूप भएका महेश्वर रूप हुन्। इकार चित्कला अर्थात् चितिशक्तिमय हो। उकार विष्णुतत्त्व हो, किनकि सबैलाई व्याप्त गरेर रहने तत्त्वलाई नै विष्णु भनिन्छ। यही विष्णुतत्त्व नै महेश्वर तत्त्व हो। त्यसैले शिव र विष्णुमा नाम र रूपको कल्पनामा मात्र भेद छ। यस कल्पनाले पनि साधकको मनोरुचिको वैचित्र्यलाई ध्यानमा राखी शास्त्रहरूमा फरक फरक गुण र स्वरूपको अध्यारोप गरी शिव, विष्णु, गणेश, देवी, सूर्य, राम, कृष्ण आदि पृथक् पृथक् नाम, रूपवाला सगुण साकार देवदेवीका वर्णनको उपायबाट एकै सत्, चित्, आनन्दघन निर्गुण निराकार तत्त्वको प्रतिपादन गरिएको हो। यी सबैको उपेय एउटै सद्घन, चिद्घन, आनन्दघन निर्विकल्प तत्त्व नै हो । पारमार्थिक तत्त्वमा भेद छँदैछैन एउटै सच्चिदानन्दमय स्वरूप नै विविध देवदेवीका विकल्प उद्भावनाको अधिष्ठानांश हो । यस तथ्यलाई कुलार्णवतन्त्रमा स्पष्ट भनिएको छ -

चिन्मयस्याप्रमेयस्य निर्गुणस्याशरीरिणः।
साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पना॥

यसरी निर्गुणबाट सगुण साकार रूपमा महेश्वरका विस्तारको प्रतिपादन पनि अ इ उ ण् सूत्रको तात्त्विक अर्थ हो। ७-९।

२.२. ऋ लृ क् (मा०सू०)

ऋ लृ क् सर्वेश्वरो मायां मनोवृत्तिमदर्शयत्।
तामेव वृत्तिमाश्रित्य जगद्रूपमजीजनत्॥ १०॥
(ऋ लृ क् सर्वेशो मायाख्यां विस्तारितचराचरम्।
पत्नीमाश्रित्य चिद्रूपो जनयामास केवलः॥ इति पाठभेदः)

ऋ लृ क् यो सूत्रको तात्त्विक अर्थ हो- ऋ- स्वेच्छारूप मायाशक्तिलाई स्वीकार गरेका सर्वेश्वर परमात्मा हुनुहुन्छ, उहाँले लृमय- मायारूप मनोवृत्तिलाई क्- प्रदर्शन गर्नुभयो। त्यही मायारूपी मनोवृत्तिलाई आश्रय गरी स्वेच्छापूर्वक जगत् सृष्टि गर्नुभयो।

पाठान्तर अनुसार चराचर जगत्को विस्तार गर्ने सामर्थ्य भएकी मायाशक्तिरूपी पत्नीलाई अवलम्बन गरी सर्वेश्वर, एकल, परम चैतन्यस्वरूप महेश्वरले विस्तृत चराचर जगत् उत्पन्न गर्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्तिवृत्तिमतोरत्र भेदलेशो न विद्यते।
चन्द्रचन्द्रिकयोर्यद्ववद्यथा वागर्थयोरपि ॥ ११ ॥

स्वेच्छया स्वस्य चिच्छक्तौ विश्वमुन्मीलयत्यसौ।
वर्णानां मध्यमं क्लीबमृलृवर्णद्वयं विदुः ॥ १२ ॥

महेश्वरले मायारूपी मनोवृत्तिलाई आश्रय गर्दा अद्वैतको हानि हुँदैन। जसरी चन्द्रमा र चाँदनीको पृथक् पृथक् सत्ता सिद्ध हुँदैन, जसरी वाच्य र वाचकमा परमार्थतः पृथक् पृथक् सत्ता सिद्ध हुँदैन अर्थात् वाच्य अर्थ वाचक शब्दमा नै एकीभूत भएर बुद्धिमा पर्यवसित हुन्छ, त्यसैगरी वृत्ति अर्थात् महेश्वरको शक्तिस्वरूप मायामा र वृत्तिमान् अर्थात् शक्तिमान् महेश्वरमा पनि भेद छँदैछैन र मानिँदैन पनि। स्वेच्छापूर्वक परमात्माले आफ्नी चित् शक्तिलाई नै अधिष्ठान बनाई विश्वको उन्मीलन अर्थात् प्रकट गर्नुहुन्छ। वर्णहरू मध्ये स्वर व्यञ्जन दुवै मिश्रित भएका अर्थात् स्त्रीत्व र पुंस्त्व दुवै सम्मिलित भएका ऋ लृ यी दुई वर्ण मध्यमकोटिका क्लीब वर्ण हुन् भनेर वर्णविश्लेषक विद्वानूहरू बताउँछन्। ११-१२।

२.३. ए ओ ङ् (मा०सू०)

ए ओ ङ् मायेश्वरात्म्यैक्यविज्ञानं सर्ववस्तुषु ॥
साक्षित्वात् सर्वभूतानां स एक इति निश्चितम् ॥ १३ ॥

ए ओ ङ् यस सूत्रमा अ र इ वर्ण मिलेर (अ+इ = ए) बन्ने 'ए' अक्षरले महेश्वर र महेश्वरकी शक्तिरूपा मायामा अभिन्न एकात्मकता बोध गराउँदछ। त्यस्तै अ र उ वर्ण मिलेर (अ+उ = ओ) बनेको 'ओ' अक्षरले महेश्वर र महेश्वरकै शक्तिको विस्ताररूप जगत्मा महेश्वरमयरूप अभिन्न एकात्मतालाई व्यक्त गर्दछ। महेश्वर, महेश्वरकै वृत्तिरूप मायाशक्ति एवं मायावृत्तिको विस्ताररूप जगत्मा कुनै भेद छैन। यिनका बोधक वर्णको मिलनबाट बनेका ए, ओ वर्णमा एकवर्णत्व निहित भए जस्तै तत्त्वबोधको दशामा महेश्वर, माया र जगत्को मिलनरूप समरसतामा पनि एकत्वको नै अभिव्यक्ति हुन्छ, भिन्नताको भान हुँदैन । सम्पूर्ण वस्तुजगत् महेश्वरमय हो। सबैमा अभिन्नरूपले स्थित हुँदै सबै प्राणीको साक्षीरूपमा पनि अवस्थित हुने एउटै महेश्वर हुन्– यो तथ्य (ङ्) निश्चित हो। यो ए ओ ङ् सूत्रबाट गरिएको तत्त्वोपदेश हो। १३।

२.४. ऐ औ च् (मा०सू०)

ऐ औ च् ब्रह्मस्वरूपः सन् जगत्स्वान्तर्गतं ततः।
इच्छया विस्तरं कर्तुमाविरासीन्महामुनिः ॥ १४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐ औ च् सूत्रमा, अ- महेश्वर र इ- चित्कला- मायाशक्ति मिलेर बनेको 'ए' यो मायाशक्ति र महेश्वरको अभिन्नस्वरूप बोधक वर्णमा पुनः अगाडिबाट अ अक्षर (अ+ए=ऐ) मिलाउँदा 'ऐ' यो वर्ण निष्पन्न हुन्छ। त्यस्तै अ- महेश्वर उ- जगत् यी दुवैको मिलनबाट बनेको 'ओ' अक्षरमा पुनः अ अक्षरको मिलन (अ+ओ=औ) हुँदा 'औ' यो अक्षर सिद्ध हुन्छ। मायावीमा पनि अखण्ड ब्रह्म नै अनुगत छ। त्यस्तै मायावीको विस्तार स्वरूप जगत्मा पनि अखण्ड ब्रह्म नै अनुस्यूत छ भन्ने भाव ऐ औ अक्षरबाट स्फुरित हुन्छ। महान् इच्छाशक्तियुक्त मायावी महेश्वरले आफैँमा मयूराण्डरसवत् स्थित जगत्लाई बाह्य रूपमा प्रकट गर्नुहुन्छ र त्यसमा आफू अनुस्यूत भई एकात्मता पनि व्यक्त गर्नुहुन्छ।

शिवसूत्रमा भनिएको छ- **स्वशक्तिप्रचयोऽस्य विश्वम्** (३।३०) अर्थात् शिवको आफ्नै अन्तःवर्ति क्रियाशक्तिको विकास वा बहिःप्रसार नै विश्व हो। त्यस्तै उत्पलदेवप्रणीत ईश्वरप्रत्यभिज्ञा ग्रन्थमा पनि यही अभिप्राय व्यक्त गरिएको छ-

चिदात्मैव हि देवोऽन्तःस्थितमिच्छावशाद् बहिः।
योगीव निरुपादानमर्थजातं प्रकाशयेत्॥[७]

अर्थात् योगीले योगशक्तिबाट स्वतः पदार्थ बाहिर प्रदर्शित गरे झैं स्वयं प्रकाश, चित् स्वरूप महेश्वरले पनि स्वान्तर्निहित अर्थसमुदायलाई अन्य सामग्रीविना नै आफ्नै इच्छाशक्तिबाटै प्रकाशन गर्नुहुन्छ। यसरी मायारूपी इच्छाशक्तिद्वारा आफू महेश्वर नै जगत्रूपमा च्- प्रकट हुनुभएको छ, जगत् महेश्वरदेखि भिन्न होइन। जगत्मा महेश्वरमयता नै छ । यो ऐऔच् सूत्रको तत्त्वोपदेश हो। १४।

२.५. ह य व र ट्,

२.६. लण् (मा०सू०)

भूतपञ्चकमेतस्माद्धयवरणमहेश्वरात्।
व्योमवाय्वम्वुबह्न्याख्यभूतान्यासीत् स एव हि॥ १५॥

ह य व र ट्, लण् वाचकस्वरूप महेश्वरबाट क्रमशः आकाश, वायु, जल, तेज र पृथिवी यी पञ्च महाभूत तत्त्व प्रकट भए। यी पनि महेश्वर स्वरूपभन्दा भिन्न होइनन्। **नाधिष्ठानाद् भिन्नतारोपितस्य**[८] भन्ने सिद्धान्तअनुसार महेश्वररूप अधिष्ठानसत्तामा आकाशादि कल्पित अर्थात् आरोपित भएकाले महेश्वरको सत्तादेखि अतिरिक्त सत्तावान् हुनै सक्तैनन्। अतः यी पनि महेश्वरसत्तामय नै हुन्। १५।

७ ईश्वरप्रत्यभिज्ञा, १।५।७।
८ विवेकचूडामणि, शङ्कराचार्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हकाराद् व्योमसंज्ञश्च यकाराद्वायुरुच्यते ।
रकाराद् बह्निस्तोयन्तु वकारादिति शैववाक् ॥ १६ ॥

आधारभूतं भूतानामन्नादीनां च कारणम् ।
अन्नाद् रेतस्ततो जीवः कारणत्वाल्लणीरितम् ॥ १७ ॥

हकारबाट आकाश, यकारबाट वायु, रकारबाट वह्नि अर्थात् तेज र वकारबाट जल तत्त्वको उत्पत्ति भयो । यी हकार आदि वर्णहरू क्रमशः आकाश आदि तत्त्वका वाचक पनि हुन् । यो शैव वाक् हो अर्थात् भगवान् शिवले प्रकृत सूत्रोपदेशद्वारा व्यक्त गरिएको तात्त्विक अर्थ हो ।

त्यस्तै पृथिवी तत्त्वको वाचक लकारबाट सम्पूर्ण प्राणीमात्रको आधार र अन्नादिको जनक पृथिवी तत्त्वको उत्पत्ति भयो । त्यही पृथिवीमा उत्पन्न अन्नको भक्षण गर्नाले अन्नबाटै वीर्य र वीर्यबाट जीववर्गको उत्पत्ति अर्थात् विस्तार हुन्छ । यसप्रकार पृथिवीतत्त्व नै सबै प्राणीको सृष्टि, स्थितिको प्रधानकारण सिद्ध भएकाले पृथिवीतत्त्वको प्रधानताको अभिप्रायले हयवरट् सूत्रमा समावेश नगरेर "लण्" यो सूत्रको स्वतन्त्र उपदेश गरिएको हो ।

जीववर्गको उत्पत्ति प्रक्रिया सन्दर्भमा अन्य शास्त्रीय **अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः । यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।** *(गीता ३।१४)* भन्ने वचनलाई आधार लिन सकिन्छ । यसअनुसार कर्मको समुच्चयरूप यज्ञबाट पर्जन्य- प्रवषर्ण मेघ, मेघको प्रवर्षण कर्मबाट अन्न, अन्नको भक्षणकर्मबाट वीर्य तयार भई प्राणीहरूको उत्पत्ति हुन्छ । यस शृङ्खलाको मूलकारणता कर्ममय यज्ञमा नै प्रतिपादन गरिएको छ । सूक्ष्मदृष्टिले विचार गर्दा यज्ञको अर्थ केवल घिउ, चामल, तिल, जौ, आदि द्रव्य अग्निमा प्रक्षेपण एवं देवादि प्रतिमा प्रतिष्ठापन गरी त्यसमा धूप, दीप, नैवेद्य, पुष्पादि द्रव्यद्वारा पूजनपूर्वक पुराणवाचन र श्रवण गर्ने प्रक्रिया मात्र नभएर सृष्टिको प्रवर्तन, धारण, पोषण, सञ्चालन र व्यवस्थापन गर्ने समग्र कर्महरू पनि यज्ञमय हुन् । **एकमेवाद्वितीयम् ... तदैक्षत बहु स्यां प्रजायेय**[९] अर्थात् सृष्टि हुनुभन्दा पूर्व सजातीय, विजातीय र स्वगत भेदशून्य सत्स्वरूप केवल एकल रूपमा सिद्ध चेतनमा इच्छाशक्ति स्फुरण भयो- "म अब बहुल रूपमा प्रकट होऊँ' भन्ने यो परम चैतन्यको चिदग्निमा अनुष्ठित जगदारम्भक सिसृक्षात्मक संकल्प कर्म पनि यज्ञरूप नै हो । यस परम संकल्परूपी महायज्ञबाट अदृष्टवशाद् विभिन्न योनिमा सृष्ट जीवात्माहरूले आफ्नो भोगसम्पादनका निम्ति गरिएका दैनिक जागरण, भोजनदेखि शयनसम्मका र जन्मदेखि मृत्युपर्यन्तका प्रत्येक कायिक, वाचिक, मानसिक कर्म विविध प्रतीकको रूपमा कल्पित द्रव्य, देवता, त्याग, अग्नि, बन्दै यज्ञमय भएर निष्पन्न हुन्छन् । यो समग्र जगत् यज्ञमय कर्ममा नै प्रतिष्ठित छ । त्यतिमात्र नभएर तत्त्वसाक्षात्कार भएपछिको दशामा पनि प्रारब्धवश शारीरिक धर्म निर्वाहका निम्ति निष्पादित सबै कर्म ब्रह्ममय यज्ञ बनेर परिणत हुन्छन् । त्यसैले भनिएको पनि छ- **ब्रह्मर्पणं ब्रह्म**

---

९ छान्दोग्योपनिषत् ६।२। १-२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्मग्नौ ब्रह्मणा हुतम्। ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्म समाधिना॥ (*गीता ४।२४*) **त्यस्तै तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्।** (*गीता ३।१५*)

भोगबाट अतृप्त एवं कर्ममूढ जीवात्मा अपवर्गका असाधक सकाम यज्ञसम्पादनमा तल्लीन भइरहन्छ। अन्ततः यस योनिको प्रारब्धभोग समाप्त गरी उत्क्रमण गर्दा आफ्ना शुभकर्ममय यज्ञबाट समुत्पन्न संस्काररूप अपूर्वले आवृत्त भई धूमाभिमानी देवताद्वारा लगिन्छ र रात्रिको अभिमानी देवतामा पुऱ्याइन्छ। त्यस्तै प्रकारले रात्रिको अभिमानी देवताले कृष्णपक्षको अभिमानीमा, कृष्णपक्षको अभिमानी देवताले दक्षिणायनको अभिमानी देवतामा, दक्षिणाभिमानी देवताले पितृलोकाभिमानी देवतामा, त्यहाँबाट आकाशमा र त्यसपछि चन्द्रमामा प्राप्त हुन्छ। चन्द्रमण्डलमा प्राप्त भएर कुश मृत्तिका आदिद्वारा अदृष्टानुसार उपभोगायतन शरीर आरम्भ हुन्छ र त्यहाँ देवताको भोग्यपात्र पनि बन्दै जीवात्माले त्यहाँको दिव्यभोग आफ्नो कर्मफलको रूपमा उपभोग गर्दछ। चन्द्रलोकको उपभोगका निमित्त भएको आफ्नो कर्मसमाप्त भएपछि पुनः आफ्नो अदृष्ट अनुकूल कर्ममय लोकमै जीवात्मा प्रत्यावर्तित हुन्छ।

जीवको त्यहाँबाट प्रत्यावर्तन हुँदा पनि क्रमशः **पञ्चाग्निमा** घटित यज्ञकर्म पार गरी प्राणीको रूपमा प्रकट हुन्छ। त्यसमा सर्वप्रथम चन्द्रमण्डलबाट द्युलोक अर्थात् अन्तरिक्षमय लोकाग्निमा आदित्यरूपी समिधा, सूर्यकिरणरूपी समिधाजन्य यज्ञिय धूम, दिनरूपी ज्वाला, चन्द्रमारूपी अहङ्कार, नक्षत्ररूपी फिलिङ्गा परिकल्पित यज्ञमा देवगणद्वारा जीव आहुत हुन्छ र सोममय रूपमा प्रकट हुन्छ। त्यसपछि पर्जन्यरूप अग्निमा वायुरूपी समिधा, बादलरूपी धूम, विद्युद्रूपी अग्निज्वाला, वज्ररूपी अहङ्कार, गर्जनरूपी फिलिङ्गा कल्पित यज्ञमा देवगणद्वारा सोममय जीव आहुत हुँदै वर्षारूपमा परिणत भई पृथिवीलोकमा बर्सिन्छ। तेस्रो क्रममा पृथिवीरूपी अग्निमा संवत्सररूपी समिधा, आकाशरूपी धूम, रात्रिरूपी अग्निज्वाला, दिशारूपी अहङ्कार र अवान्तर फिलिङ्गा कल्पित यज्ञमा वर्षणभावमा आपन्न जीव देवद्वारा होमिएर धान, जौ, मकै, घाँस आदि अन्नमय रूपमा आविर्भाव हुन्छ। चौथो क्रममा त्यो अन्नमय जीव पुरुषरूपी अग्निमा वाणीरूपी समिधा, प्राणरूपी धूम, जिह्वारूपी ज्वाला, चक्षुरूपी अहङ्कार र श्रोत्ररूपी फिलिङ्गा भएको यज्ञमा होमिन्छ र वीर्यमय बन्छ, अर्थात् अन्नमा परिणत जीवको यथोचित अदृष्ट प्रेरित कुनै पुरुषद्वारा भोजन गरिन्छ त्यसबाट वीर्यको रूपमा उत्पन्न हुन्छ। पुनः देवप्रयोज्य पुरुषद्वारा स्त्रीरूपी पाँचौ अग्निमा उपस्थेन्द्रियरूपी समिधा, पुरुषद्वारा स्त्रीको आमन्त्रणरूपी धूम, योनिरूपी ज्वाला, सङ्घर्षणरूपी अङ्गार र यौनसुखरूपी फिलिङ्गा कल्पित यज्ञमा वीर्यमय जीव आहुत, अर्थात् निषेचन भएपछि गर्भरूपमा विकसित भई मानवादि जीवजन्तुको रूपमा समुत्पन्न हुन्छ र कर्ममा नै प्रवृत्त हुन्छ। यस्ता काम, कर्म, भोगहरूले घुमाइरहने जीवात्माका लोकलोकान्तरका आवागमनको चक्र चलिरहन्छ। निष्काम भएमा मात्र ईश्वरानुग्रहको पात्र बन्न सकिन्छ र तत्त्वसाक्षात्कार गरी भवचक्र भङ्ग हुन सक्दछ। यस जीवको उत्क्रमणगति र प्रत्यावर्तनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाग्निविद्यालाई छान्दोग्यपनिषत्मा स्पष्ट प्रतिपादन गरिएको छ[10]। यो माहेश्वर सूत्रबाट उपर्युक्त ग्रन्थान्तरमा प्रतिपादित जीवको प्राकट्य, त्यसको उत्क्रमण र आवर्तन प्रक्रियाको पनि सूक्ष्म संकेतरूपमा उपदेश गरिएको छ ।

२.७. ञ म ङ ण न म् (मा०सू०)

शब्दस्पर्शौ रूपरसगन्धाश्च ञमङणनम् ।
व्योमादीनां गुणा ह्ये जानीयात् सर्ववस्तुषु ॥ १८ ॥

ञ म ङ ण न यी पाँच वर्णहरूबाट क्रमैले शब्द, स्पर्श, रूप, रस, गन्ध यी आकाश आदि पञ्चमहाभूतका विशेष गुणहरू प्रकट भए। यी ञ म ङ ण न वर्णहरू क्रमशः शब्दादि गुणका वाचक पनि मानिन्छन्। यी गुणहरू पञ्चीकृत महाभूतबाट उत्पन्न सबै स्थूल वस्तुजगत्मा अनुस्यूत छन् भनेर बुझ्नुपर्दछ ।

२.८. झ भ ञ्

२.९. घ ढ ध ष् (मा०सू०)

वर्णानां तुर्यवर्णा ये कर्मेन्द्रियमया हि ते ।
वाक्पाणी च झभञासीद् विराड्रूपं चिदात्मनः ॥
सर्वजन्तुषु विज्ञेयं स्थावरादौ न विद्यते ॥ १९ ॥

घढधष् सर्वभूतानां पादपायू उपस्थकः ।
कर्मेन्द्रियगणा ह्येते जाता हि परमार्थतः ॥ २० ॥

१० अथ य इमे ग्राम इष्टापूर्ते दत्तमित्युपासते ते धूममभिसंभवन्ति, धूमाद् रात्रिं रात्रेरपरपक्षमपरपक्षाद् यान् षड्दक्षिणैति मासान्...।३। मासेभ्यः पितृलोकं पितृलोकादाकाशमाकाशाच्चन्द्रमसम् ... तद्देवानामन्नं त देवा भक्षयन्ति। ४। - छा० उ०, ५।१०। चन्द्रमण्डलं प्राप्य कुशमृत्तिकास्थानीया बाद्धशरीरारम्भिका भवन्ति। तदारब्धेन च शरीरेणेष्टादिफलमुपभुञ्जाना आसते। (शा० भा०)
असौ वाव लोको गौतमाग्निस्तस्यादित्य एव समिद्रश्मयो धूमोऽहरर्चिश्चन्द्रमा अङ्गारा नक्षत्राणि विस्फुलिङ्गाः छा० उ०, ५।३।१।
तस्मिन्नेतस्मिन्नग्नौ देवाः श्रद्धां जुह्वति तस्या आहुतेः सोमो राजा संभवति छा० उ०, ५।३।२।
पर्जन्यो वाव गौतमाग्निस्तस्य वायुरेव समिदभ्रं धूमो विद्युदर्चिरशनिरङ्गारा ह्रादनयो विस्फुलिङ्गाः छा० उ०, ५।४।१ तस्मिन्नेतस्मिन्नग्नौ देवाः सोमं राजानं तस्या आहुतेर्वर्षं संभवति छा० उ०, ५।४।२।
पृथिवी वाव गौतमाग्निस्तस्याः संवत्सर एव समिदाकाशो धूमो रात्रिरर्चिर्दिशोऽङ्गारा अवान्तरदिशो विस्फुलिङ्गाः।१।
तस्मिन्नेतस्मिन्नग्नौ देवाः वर्षं जुह्वति तस्या आहुतेरन्नं संभवति छा० उ०, ५।४।२।
पुरुषो वाव गौतमाग्निस्तस्य वागेव समित्प्राणो धूमो जिह्वार्चिश्चक्षुरङ्गाराः श्रोत्रं विस्फुलिङ्गाः।१।
तस्मिन्नेतस्मिन्नग्नौ देवा अन्नं जुह्वति तस्या आहुते रेतः संभवति छा० उ०, ५।६।२।
योषा वाव गौतमाग्निस्तस्या उपस्थ एव समिद् यदुपमन्त्रयते स धूमो योनिरर्चिर्यदन्तः करोति तेऽङ्गारा अभिनन्दा विस्फुलिङ्गाः।१।
तस्मिन्नेतस्मिन्नग्नौ देवाः रेतो जुह्वति तस्या आहुतेर्गर्भः संभवति, छा० उ० ५।७।२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णका क च ट त प यी पाँच वर्ग मानिएका छन् । त्यसमा प्रत्येक वर्गका चतुर्थ वर्ण भ भ घ ढ ध यी पाँच वर्णहरू क्रमशः वाक्, पाणि, पाद, पायु र उपस्थ गरी पाँच कर्मेन्द्रियका जनक र वाचक हुन् । विराट् स्वरूप चिदात्माको झ वाक् इन्द्रियको जनक र वाचक हो, भ पाणि (हातमा स्थित) इन्द्रियको कारक र वाचक हो । यी दुई कर्मेन्द्रिय सबै जङ्गम प्राणीहरूमा हुन्छन्, स्थावर प्राणी लता वनस्पति आदिमा भने हुँदैनन् । त्यस्तै घ- पादेन्द्रिय, ढ- पायु (गुदद्वारस्थ) इन्द्रिय, ध- जननेन्द्रियका जनक र वाचक हुन् । यी सबैमा विद्यमान हुन्छन् । परमार्थतः शब्दब्रह्मरूप शिवमय यी वर्णबाट उपर्युक्त इन्द्रियहरू आविर्भूत भएका हुन् । १९-२० ।

२.१०. ज ब ग ड द श् (मा०सू०)

श्रोत्रत्वङ्नयनघ्राणजिह्वा धीन्द्रियपञ्चकम् ।
सर्वेषां जन्तूनामीरितं जबगडदश् ।। २१ ।।

श्रोत्र, त्वक्, नयन, घ्राण र जिह्वा यी पाँच ज्ञानेन्द्रियका जनक र वाचक क्रमशः ज ब ग ड द हुन् भनेर बताइएको छ । यी सबै जङ्गम प्राणीवर्गमा विद्यमान छन् । २१ ।

२.११. ख फ छ ठ थ च ट त व् (मा०सू०)

प्राणादिपञ्चकं चैव मनोबुद्धिरहङ्कृतिः ।
बभूव कारणत्वेन खफछठथचटतव् ।। २२ ।।
वर्गद्वितीयवर्णोत्थाः प्राणाद्याः पञ्च वायवः ।
मध्यवर्गत्रयाज्जाता अन्तःकरणवृत्तयः ।। २३ ।।

प्राण, अपान, समान, उदान र व्यान यी पञ्च प्राणका र मन, बुद्धि, अहङ्कार (मनमा नै चित्तको अन्तर्भाव गरी) तीन अन्तःकरणका ख फ छ ठ थ च ट त यी वर्ण उत्पादक र ज्ञापक हुन् । त्यसमा वर्गका द्वितीय वर्ण ख फ छ ठ थ-बाट क्रमशः प्राण, अपान, समान, उदान, व्यान यी पञ्च प्राण उत्पन्न हुन्छन् । बीचका तीन वर्गका आदि वर्ण च ट त-बाट क्रमशः मन, बुद्धि र अहङ्कार उत्पन्न भएका हुन् । २२-२३ ।

२.१२. क प य् (मा० सू०)

प्रकृतिं पुरुषं चैव सर्वेषामेव निश्चितम् ।
सम्भूतमिति विज्ञेयं कपाभ्यामिति निश्चितम् ।। २४ ।।

प्रत्यभिज्ञादर्शनअनुसार तत्त्वको अवरोह क्रमले परिगणन गर्दा बाह्रौं र तेह्रौं तत्त्वअन्तर्गत आउने र अशुद्ध अध्वाअन्तर्गत पर्ने जीवोपयोगीरूप प्रकृति र जीवभावापन्न चेतनरूप पुरुष स्थानीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्रकृति तत्त्व र सबै पुरुष तत्त्व क र प वर्णबाट प्रकट हुन्छन् । यी प्रकृति र पुरुष क र प वर्णबाट बोधित हुन्छन् ।

कसैको मतमा साङ्ख्य दर्शनअनुसार प्रकृति र पुरुष, वेदान्तअनुसार माया र ब्रह्म, तन्त्र अनुसार शिव र शक्ति, वैष्णव सम्प्रदाय अनुसार लक्ष्मी नारायण, राधा कृष्ण इत्यादि सबै दर्शन एवं सम्प्रदायबमोजिम जगत् प्रवर्तक आद्य दम्पतीरूप युगल जोडीहरू शब्दब्रह्मका क र प अक्षरबाट अभिव्यक्त भएका हुन् । क र प यी दुई वर्ण यिनै प्रकृति र पुरुषका वाचक मानिन्छन् ।

२.१३. श ष स र् (मा०सू०)

सत्वं रजस्तम इति गुणानां त्रितयं पुरा ।
समाश्रित्य महादेवः शषसर् क्रीडति प्रभुः ॥ २५ ॥
शकाराद् राजसं रूपं षकारात्तामसोद्भवः ।
सकारात् सत्त्वसंभूतिरिति त्रिगुणसंभवः ॥ २६ ॥

यस जगत्को सृष्टि गर्नुभन्दा पूर्व सर्वसमर्थ, गुणातीत महेश्वरले प्रकृतिका सत्त्व, रज र तम तीन गुणलाई आश्रय गर्नुहुन्छ। त्यसपछि स्वयं गुणमय बनेका महेश्वर आफैँले आफ्नै भित्तिमा गुणमय सृष्टिरचनाको खेल खेल्नुहुन्छ र रमाउनु हुन्छ। श ष स यी तीन वर्णमा तालव्य शकार रजोगुणको, मूर्धन्य षकार तमोगुणको र दन्त्य सकार सत्त्वगुणको जनक एवं वाचक मानिन्छन्। २५-२६ ।

२.१४. ह ल् (मा०सू०)

तत्त्वातीतः परः साक्षी सर्वानुग्रहविग्रहः ।
अहमात्मा परो हल् स्यादिति शम्भुस्तिरोदधे ॥ २७ ॥

सम्पूर्ण तत्त्वमय भएर पनि परमार्थतः स्वयं तत्त्वातीत, स्वयं जगन्मय भएर पनि परमार्थतः सबैका हृदयको साक्षीरूप विश्वोत्तीर्ण, परम तत्त्वको रूपमा अवस्थित भएर पनि सबै प्राणीको अनुग्रहका निम्ति विग्रहवान् बन्ने परमचैतन्य स्वरूप आत्मा नै म (शिव) हुँ । त्यस्तै उपर्युक्त अदेखि हसम्मको वर्णमालामा विवर्त भएको पनि म नै हुँ। अथवा उपर्युक्त सबै अक्षरभन्दा पर अन्तिम रूपमा व्यक्त हवर्ण म आत्मारूप शिवस्वरूप हो । यसमा **हकारः शिववर्णः स्यादिति शैवागमस्थितिः** भन्ने यो शास्त्रीय वचन नै प्रमाण छ। अथवा उपर्युक्त तेह्र सूत्रमा प्रतिपादित तत्त्वको यथार्थ वेत्ता श्रेष्ठ पुरुष पूर्ण अहंले युक्त, चैतन्य आत्मा रूप म (ह) शिव स्वरूप नै हुन्छ। यसप्रकारको तत्त्वोपदेश डमरुनिनादका माध्यमबाट प्रदान गरेर नाट्येश्वर भगवान् शिव अन्तर्ध्यान हुनुभयो । २७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिनि मुनिलाई व्याकरणशास्त्रको सुबोध र प्रणयनका निम्ति आधार प्रदान गर्न उपर्युक्त क्रममा उपदिष्ट चौध सूत्रको प्रस्तुत तत्त्वपरक व्याख्यामा तन्त्रशास्त्र अन्तर्गत मातृकाक्रमको तात्त्विक व्याख्याको प्रत्यक्ष वा परोक्षरूपमा प्रभाव परेको अवगत हुन्छ। तन्त्रशास्त्रमा मातृकाक्रमअनुसार तत्त्वको अभिव्यक्ति यसप्रकार निर्देश गरिएको छ[११]-

क्रम	वर्ण	वर्णवर्ग	तत्त्व	स्वरूप
१.	अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं, अः।	अवर्ग	शिवभाव	विश्वोत्तीर्ण, अनुत्तर, विशुद्ध ज्ञानमय, स्वयंप्रकाशतत्त्व
२.	क,ख,ग,घ,ङ।	कवर्ग	क्रमशः- पृथ्वी, जल, तेजः, वायु, आकाश	पञ्चमहाभूत
३.	च,छ,ज,झ,ञ	चवर्ग	क्रमशः- गन्ध, रस, रूप, स्पर्श,शब्द	पञ्चतन्मात्रा
४.	ट,ठ,ड,ढ,ण,	टवर्ग	क्रमशः- पाद, पाणि, पायु, उपस्थ, वाक्	पञ्चकर्मेन्द्रिय
५.	त,थ,द,ध,न	तवर्ग	क्रमशः- घ्राण, रसना, नेत्र, त्वक्, श्रोत्र	पञ्चज्ञानेन्द्रिय
६.	प,फ,ब,भ,म	पवर्ग	क्रमशः-मनः,अहङ्कार, बुद्धि, प्रकृति, पुरुष	अन्तःकरण, त्रिगुणात्मक, चेतनात्मक,
७.	य,र,ल,व	यवर्ग (अन्तःस्थ)	क्रमशः- नियतिगर्भित राग, विद्या, कालगर्भित कला, माया	मायापरिवार (षट् कञ्चुक)
८.	श,ष,स,ह	शवर्ग (ऊष्म)	क्रमशः-महामाया, शुद्धविद्या, ईश्वर, सदाशिव	ब्रह्मपञ्चक
९.	क्ष	संयुक्ताक्षर	शक्ति	ब्रह्मपञ्चक

११ पृथिव्यादीनि तत्त्वानि पुरुषान्तानि पञ्चसु।
क्रमात् कादिषु वर्गेषु मकारान्तेषु सुव्रते॥
वायूवाग्निसलिलेन्द्राणां धारणानां चतुष्टयम्।
तदूर्ध्वं शादि विख्यातं पुरस्ताद् ब्रह्मपञ्चकम्॥ -परात्रिंशिका श्लो० ६-७।
अकारादि-विसर्गान्तं शिवतत्त्वम्, कादि-ङान्तं धरादि-नभोन्तं भूतपञ्चकम्, चादि-ञान्तं गन्धादि-शब्दान्तं तन्मात्रपञ्चकम्, टादि-णान्तं पादादि-वागन्तं कर्माक्षपञ्चकम्, तादि-नान्तं घ्राणादि-श्रोत्रान्तं बुद्धिकरणपञ्चकम्, पादि-मान्तं मनोऽहङ्कारबुद्धिप्रकृतिपुरुषख्यं पञ्चकम्, वायूवादिशब्दवाच्या यादयो वकारान्ता रागविद्याकलामायाख्यानि तत्त्वानि।,... शादि-क्षान्तं महामाया-विद्या-ईश्वर-सदाशिव-शक्त्याख्यं तत्त्वपञ्चकम्। -परात्रिंशिकाव्याख्या, अभिनवगुप्त।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विविध मतअनुसार तन्त्रशास्त्रमा कहीँ ३४ तत्त्व कतै ३६ तत्त्व र कतै ३७ तत्त्वको अस्तित्व पनि निरूपण गरिएको पाइन्छ।

यस्तै प्रकारले माथि चर्चित नन्दिकेश्वरकृत व्याख्याका आधारमा माहेश्वर सूत्रद्वारा प्रस्फुटित हुने तत्त्वहरूको निर्देश तालिकामा यसरी देखाउन सकिन्छ-

क्रम	वर्ण	तत्त्व	स्वरूप,
१	अ	निर्गुण ब्रह्म, वा परम शिव	निर्विकल्प संवित् वा विश्वोत्तीर्ण चैतन्यरूप वाच्यस्थितिमा, वाचकस्थितिमा, परावाणीरूप
२	इ	शक्ति	चित्कला- स्वतन्त्र चित्, आनन्द, इच्छा, ज्ञान, र क्रियारूप , वाच्यावस्थामा, वाचकावस्थामा पश्यन्तीवाणीरूप
३	उ	समष्टि जगद्रूप	सर्वाकारमय महेश्वराभिन्न विष्णुतत्त्वरूप अन्तःस्थित वाच्य अवस्थामा, वाचकस्थितिमा मध्ममा वाणी, बाह्म प्रकटितावस्थामा घट, पट, नदी पर्वत, देव, मनुष्य, पशु पंक्षी इत्यादि रूपमा विवर्तित वाच्यावस्थामा, नाना ध्वनिमय वैखरी वाणी वाचकावस्थामा
४	ऋ	मायावी	ईश्वर तत्त्व, शक्तिसंयुक्त चेतन
५	लृ	मायावृत्ति	ईश्वरको जगदारम्भण क्रियावस्था
६	ए	मिलित चित् र चिच्छक्ति	शक्ति र शक्तिमान्मा ऐक्याभिव्यक्ति
७	ओ	मिलित चित् र जगत्	चित् र जगत्मा ऐक्याभिव्यक्ति
८	ऐ	शक्ति र शक्तिमान्मा चिदनुस्यूति	शक्ति र शक्तिमान्को (ईश्वरको) चित्मा ऐक्याभिव्यक्ति
९	औ	चिद्विवर्त जगत्मा चित् ओतप्रोत	चिद्विवर्त जगत्मा चिन्मयैक्याभिव्यक्ति
१०	ह,य,व,र,ल	क्रमशः- आकाश, वायु, तेज, जल, पृथ्वी	पञ्चमहाभूत
११	ञ,म,ङ, ण, न	क्रमशः- शब्द, स्पर्श, रूप, रस, गन्ध	पञ्चतन्मात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२	झ, भ,घ, ढ ध,	क्रमशः- वाक्, पाणि, पाद, पायु, उपस्थ,	पञ्चकर्मेन्द्रिय
१३	ज,ब,ग,ड, द	क्रमशः- श्रोत्र, त्वक्, नयन, घ्राण, जिह्वा	पञ्चज्ञानेन्द्रिय
१४	ख,फ,छ,ठ,थ,	क्रमशः- प्राण, अपान, समान, उदान, व्यान	पञ्चप्राण
१५	च, ट, त	क्रमशः- मनः, बुद्धि, अहङ्कार	अन्तःकरण
१६	क, प	क्रमशः- प्रकृति, पुरुष	जीवावरक अविद्या र जीव
१७	श,ष,स	क्रमशः- रजः, तमः, सत्त्व	त्रिगुण
१८	ह	साक्षी चैतन्य	जीवात्मसहित सर्वतत्त्वानुग्राहक शरीरस्थ शुद्ध चैतन्य

३. उपसंहार

यसरी महर्षि पाणिनिलाई शब्दशास्त्रज्ञानार्थ र सनकादिलाई तत्त्वज्ञान प्रदानार्थ उपदेश गरिएका चौध सूत्रको दार्शनिक व्याख्या गरेर नन्दिकेश्वरले मुनिहरूलाई बुझाउनुभएको थियो। यो शिवसूत्रको दार्शनिक व्याख्यालाई नन्दिकेश्वरकाशिका भनिन्छ। यस काशिकामाथि उपमन्यु मुनिकृत 'तत्त्वविमर्शिनी व्याख्या' पनि उपलब्ध छ। यस काशिकामा अ इ उ यी शुद्ध स्वर वर्णबाट शुद्ध चैतन्य महेश्वर, चितिशक्ति, दुबैको सहभावबाट उत्पन्न जगत्को निरूपण गरिएको छ। ऋ लृ यी क्लीब वर्णबाट मायाधिष्ठित महेश्वरले मनोवृत्तिरूप जगत् प्रदर्शित भएको भाव स्पष्ट पारिएको छ। त्यस्तै ए, ओ, ऐ, औ यी सन्ध्यक्षर स्वरबाट चित्, माया र जगत्मा ऐकात्म्य प्रतिपादन गरिएको छ। व्यञ्जन वर्णबाट आकाशादि पञ्च महाभूत, शब्दादि पञ्च विषय, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्च प्राण, मनः, बुद्धि, अहङ्कार तीन अन्तःकरण, प्रकृति, पुरुष, सत्त्व, रजः, तमः तीन गुणसहित तेत्तीस तत्त्वको अभिव्यक्ति र व्यञ्जनवर्णमा ती ती स्वव्यक्त तत्त्वको बोधनशक्तिको निरूपण पनि गरिएको छ । अवर्णबाट व्यक्त विश्वोत्तीर्ण परम तत्त्वरूप निर्गुण चेतन, इ अक्षरबाट व्यक्त माया र ऋवर्णबाट व्यक्त मायाधिष्ठित चेतन (ईश्वर) यी तीन तत्त्वसहित व्यञ्जनबाट व्यक्त उक्त तेत्तीस तत्त्व मिलाउँदा छत्तीस तत्त्वको निर्वचन माहेश्वर सूत्रमा प्रतिपादन गरिएको पाइन्छ । तन्त्रशास्त्रमा प्रतिपादित तत्त्वसङ्ख्यामा समानता पाइए तापनि पञ्च प्राण आदि केही तत्त्वको अभिव्यक्ति स्वीकारमा भने भिन्नता पाइन्छ । लण् सूत्रमा काशिकाकारले जीवको उत्पत्ति र गमन, प्रत्यावर्तन प्रक्रियाको पनि **आधारभूतं भूतानामन्नादीनां च कारणम्। अन्नाद् रेतस्ततो जीवः**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारणत्वाल्लणीरितम् भन्ने वचनद्वारा सूक्ष्म सङ्केत गर्दै उन्मीलन गर्नुभएको छ। यसमा वेदान्तदर्शनको प्रभाव झल्किएको पाइन्छ। अच् वर्णको व्याख्यानमा तन्त्रमा भन्दा पनि प्रतिस्वरको विशद विवेचन प्रस्तुत काशिकामा आएको छ। परमचैतन्यको शक्ति, शक्तिवृत्ति, र जगद्को उन्मेषप्रक्रिया स्पष्ट वर्णित छ। यसमा स्वरवर्णको संमिलनपूर्वक एकस्वरीभाव र तत्त्वको सम्मिलनपूर्वक चिदेकीभाव प्रस्तुत गर्दै शब्दाद्वैतसत्ता र चिदद्वैतसत्ताको पूर्ण सामञ्जस्य दर्साइएको छ।

वसुगुप्तद्वारा प्राप्त गरिएको काश्मीरको महादेवगिरिस्थित शिलामा उत्कीर्ण अवस्थामा विद्यमान शैवदर्शनको आधारस्तम्भ शिवोपनिषत्रूप शिवसूत्रमा भनिएको छ- **ज्ञानाधिष्ठानं मातृका** अर्थात् समग्र बन्धनात्मक लौकिक ज्ञान र मोचनात्मक पारमार्थिक ज्ञान दुवैका आधार वर्णमातृका अर्थात् मातृकाचक्र नै हुन्। परमार्थतः यिनी वर्णमातृका भनेका वाक्स्वरूपिणी भगवती उमा शक्तिकै विवर्त हुन्। वाक्शक्तिबोध्य पदार्थ जगत्चाहिँ सृष्टि, स्थिति, प्रलय, निग्रह र अनुग्रहरूप पञ्चकृत्यकारी, पञ्चवक्त्र भगवान् महेश्वर पशुपतिकै विवर्तमय श्रीविग्रह हो। यो विषय दृश्यं शरीरम् (१।१४) यस शिवसूत्रमा र वायुपुराणको **शब्दजातमशेषन्तु धत्ते शर्वस्य वल्लभा। अर्थरूपं यदखिलं धत्ते मुग्धेन्दुशेखरः**[१२] ॥ यस वचनमा पनि स्पष्ट प्रतिपादन गरिएको छ ।

मातृकाचक्रको तात्त्विक ज्ञान नभएमा जीवात्मामा अल्पज्ञता, अल्पकर्तृता, अपूर्णता, अनित्यता र अव्यापकता इत्यादि भावको उदय हुन्छ। यही कारणले जीवात्मा जन्म, मृत्यु, जरा, व्याधि ग्रस्त पशुदशामा बाँच्न विवश हुन्छ। यी मातृकाचक्रको सम्बोध भएपछि शब्दब्रह्ममा परिनिष्ठित शक्तिचक्र अर्थात् षट्चक्र जागरण भई पशुदशाबाट उन्मुक्त हुन्छ। परिणामतः जीवात्मालाई पूर्ण स्वातन्त्र्यलाभ हुन्छ। त्यसपछि सर्वज्ञता, सर्वकर्तृता, परिपूर्णता, नित्यता र व्यापकता इत्यादि पतिभावहरू नित्योदित हुन्छन् र जीव परब्रह्मरूप परमैश्वर्य पूर्ण भगवान् श्रीपशुपतिनाथमै समाहित हुन्छ। अनि जीव शिव बन्छ, कृतकृत्य हुन्छ। यस विषयलाई मातृकाचक्रसंबोध, शिवसूत्र र **शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति** भन्ने महाभारतको वचनद्वारा पनि प्रकाश पारिएको छ ।

प्रत्यक्षतः पाणिनिको इष्टसिद्धिका निम्ति व्याकरणानुकूल वर्णमातृकाको उपदेश गरेर परोक्षतः तत्त्वोपदेश पनि त्यसमा समाहित गरिएको छ। तन्त्रदर्शनमा स्वीकार गरिएको मातृकाको पाठक्रम र माहेश्वरसूत्रमा उपदिष्ट वर्णको पाठक्रममा सर्वथा भिन्नता छ। सङ्ख्यागत आधारमा पनि तारतम्य रहेको छ । प्रकृत माहेश्वरसूत्रमा ४२ वर्णमातृका उपदिष्ट छन् भने तन्त्रमा ५० वर्णमातृका स्वीकृत छन्। वर्णबाट पृथिवी आदि तत्त्वोत्पत्ति प्रतिपादन विषयमा पनि पूर्ण विषमता भेटिन्छ । अकारादि क्षान्त अभिन्नयोनि मातृकाक्रम र नकारादि फान्त भिन्नयोनि मालिनीक्रम गरी द्विविध वर्णमातृकाक्रम तन्त्रमा वर्णित छन्। शिवप्रधानतन्त्रमा स्वरवर्णलाई बीजात्मक शिवरूप र व्यञ्जनलाई योनिस्वरूप शक्तिरूपमा पनि प्रतिपादन गरिएको पाइन्छ। शाक्तप्रधानतन्त्रमा भने स्वयंप्रकाश स्वरमा शक्तिरूपता र स्वरमा समाहित भएर प्रकाशित हुने व्यञ्जनवर्णलाई शिवस्वरूपता कल्पना गरिएको छ।

---

१२ वायुपुराणअन्तर्गतको श्लोक, रघुवंश प्रथमसर्ग प्रथमश्लोक व्याख्यामा मल्लिनाथद्वारा उद्धृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वोल्लिखित चतुर्दश सूत्ररूप वर्णमातृका पाणिनिव्याकरणमा आत्माकै रूपमा अवस्थित छन् । त्यस्तै पारमार्थिक पथिकका निम्ति पनि तत्त्वराशिप्रकाशन, भगवान् महेश्वर, पशुपतिनाथको स्वरूप र जगत्प्रसार प्रक्रियाको प्रकाशन गर्ने शब्दब्रह्मराशिको रूपमा विलसित छन् । यस विषयलाई नन्दिकेश्वरले उपर्युक्त व्याख्यानद्वारा उद्घाटन गरिदिएको स्पष्ट अवगत हुन्छ । यसको अनुसन्धान र मननबाट साधकमा पारमार्थिक ज्ञान निर्बाध उद्घाटित हुन्छ र आत्मकल्याणको मार्ग सहज बन्छ । फलतः भूतनाथ भगवान् श्रीपशुपतिनाथको अनुकम्पा पात्र बन्दै जीवन कृतार्थ हुन्छ ।

सन्दर्भसामग्री

उपमन्यु, **तत्त्वविमर्शिनी व्याख्या नन्दिकेश्वरकाशिका** (भार्गवशास्त्री संशोधित, व्याकरणमहाभाष्यप्रथम भाग द्वितीयाह्निकमा प्रकाशित), *दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान, इ. सं. १९९१।*

गुप्त अभिनव, **परात्रिंशिकाविवृत्ति**, हिन्दीव्याख्यासहित व्याख्याकार प्रो. नीलकण्ठ गुरुटू, *मोतीलाल बनारसीदास, इ.सं. १९८५ ।*

पण्डितराज गोपालशास्त्री, परिष्कारक, **पाणिन्यष्टाध्यायी** (पदच्छेद वृत्ति वार्त्तिक टिप्पणीसहित), (सम्पादक प्रो० गोपालदत्त पाण्डेय) *वाराणसी, चौखम्बा सुरभारतीप्रकाशन, तृतीय संस्करण, इ. सं. १९८७।*

पाणिनि **पाणिनीयशिक्षा** (तत्त्वबोधिनीटीकासहित वैयाकरणसिद्धान्तकौमुदी वासुदेव शर्माद्वारा संशोधितमा प्रकाशित), *दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान, पुनर्मुद्रित संस्करण, सं. १९९५ ।*

पौडेल दुर्गादत्त **भावानुवाद नन्दिकेश्वरकाशिका** (लघुकौमुदी सुबोधिनी व्याख्याग्रन्थअन्तर्गत प्रकाशित), *महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५७ ।*

मल्लिनाथ **रघुवंशकाव्य संजीविनीव्याख्या**, *मुम्बई, इ.स. १९४८ ।*

वरदराज **शिवसूत्रवार्तिक**, *जम्बुकश्मीर श्रीनगर, इ.सं. १९२५ ।*

व्यास **श्रीशिवमहापुराण**, *पशुपति विकास क्षेत्र कोष, वि.सं. २०६२ ।*

व्यास **श्रीमद्भगवद्गीता**, *गीताप्रेस, गोरखपुर, वि. सं. २०५४ ।*

शङ्कराचार्य, **छान्दोग्योपनिषत्** (शाङ्करभाष्यसहित), *गोविन्दभवन- कार्यालय, गीताप्रेस, गोरखपुर, आठौं संस्करण, सं० २०५२ ।*

शङ्कराचार्य **विवेकचूडामणि** (नेपालीव्याख्यासहित) व्याख्याकार शम्भु प्याकुरेल, *नेपालप्रेस, शुक्रपथ, काठमाडौँ, वि. सं. २०५१ ।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतितत्त्व : एक विवेचन

–स्वामी डा. रामानन्द गिरि

विश्वमा नै पवित्र तपोभूमि, साधनाभूमि, पुण्यभूमि तथा मोक्षभूमिका रूपमा प्रतिष्ठित नेपाल राष्ट्र विभिन्न देवीदेवताहरूको क्रीडास्थल भएकाले देवभूमिका रूपमा परिचित छ। देवाधिदेव महादेव श्रीपशुपतिनाथद्वारा संरक्षित तथा सम्पालित भएकाले पाशुपतक्षेत्रका रूपमा आद्रित र आराधित छ। धार्मिक दृष्टिले तीर्थस्थलका रूपमा गरिमा प्रदान गरी नेपाल र नेपालीको संरक्षण तथा सम्वर्द्धन गर्ने भएकाले देवाधिदेव पशुपतिनाथलाई राष्ट्रदेवका रूपमा लिने गरिन्छ। आदिदेव भगवान् शिव पूर्ण परब्रह्म परमात्मा सच्चिदानन्दस्वरूप हुनुहुन्छ। **यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति तद्ब्रह्म तद्विजिज्ञासस्व** (तैत्तिरीयोपनिषत्) इत्यादि श्रुतिवचनअनुसार सारा संसारको उत्पत्ति, स्थिति तथा प्रलयकर्ताका रूपमा स्वीकृत परब्रह्म परमात्मास्वरूप भगवान् सदाशिव श्रीपशुपतिनाथको स्वरूप तथा महिमा अवर्णनीय छ। **यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह** श्रुतिअनुसार सम्पूर्ण प्राणीहरूको अधीश्वर *(ईश्वरः सर्वभूतानाम्)* श्रीपशुपतिनाथ मन र वाणीको विषय नहुँदा नहुँदै पनि वेद, उपनिषत्, पुराण तथा विभिन्न दर्शनहरूको अनुशीलनबाट सङ्क्षेपमा **यथाधीतिस्तथामतिः** अनुसार आफ्नो तन, मन र वचनलाई पवित्र बनाउने प्रयास मात्र यस लेखमा गरिएको छ।

वेद तथा उपनिषत्शास्त्रमा भगवत्तत्त्व एउटै छ, त्यही शिवतत्त्वलाई परब्रह्म परमात्माका रूपमा लिइएको छ। **एको देवः केशवो वा शिवो वा** तथा **नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव, यं शैवाः समुपासते शिव इति** इत्यादि श्लोक तथा उक्तिगत विचारले वेद, उपनिषत्कै मान्यतालाई पुष्ट्याइँ गरेको पाइन्छ। कठोपनिषत्मा भनिएको छ–

अग्निर्यथैको भुवनं प्रविष्टो
रूपं रूपं प्रतिरूपो बभूव।
एकस्तथा सर्वभूतान्तरात्मा
रूपं रूपं प्रतिरूपो बहिश्च॥ *(कठोपनिषत्-२/५/९)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायुर्यथैको भुवनं प्रविष्टो
रूपं रूपं प्रतिरूपो बभूव।
एकस्तथा सर्वभूतान्तरात्मा
रूपं रूपं प्रतिरूपो बहिश्च ॥ *(कठोपनिषत्-२/५/१०)*

जसरी अग्नि एउटै हुँदा पनि उपाधिअनुसार विभिन्न रूपमा देखापर्दछ, जसरी एउटै वायु विभिन्न प्राणादिका रूपमा देखापर्दछ, त्यसै गरी एउटै परब्रह्मतत्त्व/शिवतत्त्व विभिन्न प्राणीहरूका रूपमा देखापरेको छ। त्यसैले "यो पनि शिवको, त्यो पनि शिवको, सारा संसार शिवको म पनि शिवको' भन्ने भजनांश जस्तै ***सर्वं खल्विदं ब्रह्म*** भन्ने वेदान्तको सिद्धान्तअनुसार सारा विश्वब्रह्माण्ड नै शिवस्वरूप तथा पशुपतिमय सिद्ध हुन आउँछ।

एकं सद्विप्राः बहुधा वदन्ति (ऋग्वेद), **एको रुद्रो न द्वितीयाय तस्थौ** (उपनिषत्), **ब्रह्म वा इदमग्र आसीदेकमेव** (बृहदारण्यकोपनिषत्) इत्यादि श्रुतिवचनले एउटै परब्रह्म शिवतत्त्वको उल्लेख गरेको पाइन्छ तर पनि कार्यगत विविधता तथा उपासनागत भिन्नताले गर्दा एउटै निर्गुण, निराकार, परब्रह्म परमात्मालाई विभिन्न रूपमा लिइएको पाइन्छ। वस्तुतः निर्गुण तथा निराकार परब्रह्मले जीवहरूको कल्याणका निमित्त साकार तथा सगुण रूपमा विभिन्न अवतार ग्रहण गरेको पाइन्छ। वस्तुतः तत्त्व एउटै हो तर पनि शास्त्रमा उपासनामा प्रवृत्ति गराउने हेतुले तथा जीवहरूको **रुचीनां वैचित्र्यात्** विभिन्न भगवान्‌हरूको चर्चा/परिचर्चा गरिएको पाइन्छ। भगवान् श्रीपशुपतिनाथको विशद विश्लेषण तन्त्रदर्शन, शैवागम तथा शिवपुराणमा गरिएको छ। यहाँ भगवान् श्रीपशुपतिनाथको स्वरूपलाई केही प्रकाश पार्न तन्त्रदर्शनको आश्रय लिई पशुपतितत्त्वको विवेचन गरिन्छ।

पशुपतितत्त्व विवेचन

तन्त्रदर्शनमा पशुपतितत्त्वको व्यापक विवेचना गरेको पाइन्छ। तन्त्रमा मुख्यतया तीन तत्त्व स्वीकार गरिएका छन् : पति, पशु र पाश।

क) पति

पतिको अर्थ मालिक हो। वस्तुको दर्शनले त्यसको कर्ताको अनिवार्यतालाई सङ्केत गरेजस्तै कार्यरूप जगत्‌ले पनि कर्ता वा ज्ञाताको अपेक्षा गर्दछ त्यसैले पति पञ्चकृत्य (सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रहलाई तन्त्रमा पञ्चकृत्य भनिन्छ) को कर्ता मानिन्छ। पति ईश्वर हो। विश्वसारतन्त्रमा पतिको परिभाषा यस्तो उल्लेख गरिएको छ –

अचेतनस्य मायादेः प्रवर्तकतया पतिः।
सर्वार्थवित् सर्वकर्ता व्यापकः सततोदितः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् सर्वज्ञ, सर्वकर्ता, व्यापक, नित्यमुक्त, मायादिको प्रवर्तक नै पति हो । त्यसैगरी जीवरूपी पशुहरूका मालिक वा अधिपति भएकाले पनि भगवान् शिवलाई पशुपति भनिएको हो । कर्मअनुसार जीवहरूलाई बन्धनमा पार्ने र आफ्ना शरणमा परेका भक्तजन, साधक वा उपासकलाई मुक्ति दिलाउन समेत सक्षम हुने भएकाले सर्वशक्तिमान् तथा सर्वसमर्थशाली महादेव नै पतिपदवाच्य पशुपति रहेको तथ्य सिद्ध हुन्छ । आफ्ना लीलाअनुसार पशुरूप जीवलाई मायापाशले बाँध्ने तथा आफ्ना उपासक भक्तजनहरूलाई विवेकदृष्टि प्रदान गरी बन्धनबाट मुक्ति दिलाउने भएकाले भगवान् शिव नै पशुपति हुनुहुन्छ । पराधीनता नै पशुत्व हो । अतः कर्मपराधीन जीवमात्रको सञ्चालक, नियन्त्रक तथा पालक भएकाले महादेव सदाशिवलाई पशुपति भन्नु सार्थक देखिन्छ ।

ख) पशु

शैवागममा वर्णित दोस्रो पदार्थ हो -पशु । देह, इन्द्रिय आदिदेखि भिन्न, नित्य, अल्पज्ञ, अजड, व्यापक, मलयुक्त, अस्वतन्त्र, कर्ता, भोक्ताका रूपमा पशुपदार्थलाई लिइएको छ– **पशुर्नाम देहेन्द्रियादिव्यतिरिक्तो नित्यश्चिदात्मकोऽनेको विभुरनादिमलावृतोऽस्वतन्त्रः कर्ता च** । त्यसैगरी पराख्यसूत्रमा पनि भनिएको छ–

देहान्योऽनश्वरो व्यापी विभिन्नः समलोऽजडः ।
स्वकर्मफलभुक् कर्ता किञ्चिज्ज्ञः सेश्वरः पशुः ॥

देहादिव्यतिरिक्त व्यापक, चेतन, कर्ता, भोक्ता, प्रमाता तथा अल्पज्ञानी जीवलाई नै पशु मानिएको छ । सकल, प्रलयाकल र विज्ञानाकल गरी पशुका तीन भेद शैवदर्शनमा मानिएको छ । यसरी हेर्दा बन्धनयुक्त आत्मा (जीव) नै पशु हो । **पशव आत्मनस्तेषां बन्धनम्, तद् विमोक्षो दुःखान्तः** भनी वेदान्तदर्शनमा पनि जीवात्मालाई पशु भनिएको छ । **अननुक्षेत्रज्ञादिपदवेदनीयो जीवात्मा पशुः** भनी शैवदर्शनमा जीवात्मालाई पशु भनी किटान गरिएको छ । त्यसै गरी पूर्वमीमांसामा समेत **चतुष्पाद् जीवो यथा पशूनां रुद्रो यजते** इत्यादि उल्लेख भएको पाइन्छ ।

पश्यन्तीति पशवः यस व्युत्पत्तिअनुसार समेत दुःखमय संसारलाई सुखमय ठानी त्यसकै भोगमा लुटपुटिने, संसारप्रति नै मोह तथा आकर्षण राख्ने जीव नै पशु हुन् भन्ने अर्थ सिद्ध हुन्छ । दुःखमय, अशाश्वत संसारलाई समेत अज्ञान तथा मायावशात् मोहमा परेर सुखमय तथा शाश्वत ठान्ने अज्ञानी जीव सर्वज्ञ तथा सर्वशक्तिमान् भगवान् श्रीपशुपतिनाथका दृष्टिमा पशु नै ठहर्दछन् ।

ग) पाश

शिवानन्दको अभिव्यक्तिमा बाधा पार्ने पदार्थ नै पाश हो । वस्तुतः जीव शिव नै हो, तर यही पाशका कारण शिवतत्त्वको बोध नभई पशुत्व धर्म देखिएको हो । तन्त्रदर्शन अन्तर्गत शैवपरिभाषामा यही भनिएको छ– ***पाशत्वं नाम शिवानन्दाभिव्यक्तिविरोधित्वम्*** अर्थात् शिवानन्दको अभिव्यक्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधी भएर खडा हुने तत्त्व नै पाश हो। पाशलाई मल पनि भनिन्छ। यसका पनि मुख्य तीन भेद छन्- १. कर्म २. माया ३. आणव। कर्मबाट विषयसुख वा भोगको मात्र प्राप्ति हुने भएकाले यसले शिवत्वप्राप्तिमा बाधा खडा गर्दछ। मायाले जगत्को दुःखमयतालाई तथा शिवानन्दरूप परमसुखलाई छोपिदिने भएकाले यसले पनि शिवत्वप्राप्तिमा बाधा नै खडा गर्दछ। अर्थात् वेदान्तमा मायाका आवरण र विक्षेप शक्ति मानिन्छ। आवरणशक्तिले शिवस्वरूप ब्रह्मको परमानन्दरूपतालाई ढाकिदिन्छ भने त्यही शिवस्वरूप अद्वैतब्रह्ममा विक्षेपशक्तिले दृश्यमान् प्रपञ्च खडा गरिदिन्छ। त्यसपछि अनित्य, अपवित्र, दुःख तथा अनात्मपदार्थमा नित्य, पवित्र, सुख तथा आत्मबुद्धि गराइदिने भएकाले माया नै बन्धनमा पार्ने बलियो पाश वा दाम्लो हो। त्यसै गरी ज्ञानशक्ति र क्रियाशक्तिलाई रोकिदिने काम आणव मलले गर्ने हुँदा पशुरूप जीव तत्त्वसाक्षात्कार (आफ्नो र परब्रह्म शिवतत्त्वका बीच ऐक्यबोध) गर्नबाट वञ्चित हुन्छ। त्यसैले कर्म, माया र आणवलाई तन्त्रदर्शनमा बन्धनरूपी पाश मानिएको पाइन्छ। वस्तुतः जीव, जगत् र ईश्वर भन्ने द्वैत नै छैन। जीव आफैं शिव भए पनि यही पाशरूप बन्धनले गर्दा सच्चिदानन्दरूप शिव हुन नसकी कर्ता, भोक्ता र प्रमाता मान्न पुगेको हो। शिवको उपासना, भक्ति तथा साधनाविना विवेकको उदय हुँदैन र वास्तविक ज्ञान वा विवेकशक्तिको उदय नभई यो पाश छुट्ता पनि छुट्तैन, अनि पाशबाट छुट्कारा नपाई पशु, पशुपति हुन पनि सक्दैन। अतः भगवान् श्रीपशुपतिको अनुग्रह नभई मोक्ष सम्भव नभएको तथ्य तन्त्रदर्शन अन्तर्गतको किरणसूत्रमा यसरी उल्लेख गरेको पाइन्छ–

गुरुर्यथाऽग्रतः शिष्यान् सुप्तान् दण्डेन बोधयेत्।
शिवोऽपि मोहनिद्रायां सुप्तान् शक्त्या प्रबोधयेत्॥

अर्थात् जसरी सुतेका शिष्यहरूलाई दण्डप्रहार गर्दै गुरुबाट उठाउने काम हुन्छ, त्यसै गरी मोहनिद्रामा सुतेको जीवलाई भगवान् श्रीपशुपतिनाथले आफ्नो शक्ति/अनुग्रह वा कृपाशक्तिले ब्युँझाउनुहुन्छ अर्थात् आफ्नो असली स्वरूपको ज्ञान प्रदान गरी मुक्ति दिलाउनुहुन्छ।

यसप्रकार उपर्युक्त ढङ्गले तन्त्रदर्शनमा पशु, पति र पाश शब्दको विवेचन गरिएको पाइन्छ। यसै गरी पशु, पति र पाश तत्त्वलाई शिवपुराणमा सङ्क्षेपमा यसरी वर्णन गरिएको छ-

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः॥
तेषां पतित्त्वाद्देवेशः शिवः पशुपतिः स्मृतः
मलमायादिभिः पाशैः स बध्नाति पशून् पतिः॥

अर्थात् जो दृश्यमान्, नाशवान् तथा क्षणिक एवम् दुःखमय संसारमा सुख तथा रमणीय पक्ष देखेर संसारमै रुमलिन्छ, त्यो अज्ञानी जीव नै पशुपदवाच्य हो। त्यसैले संसाररूपी मोहसागरमा फस्न पुगेका ब्रह्माजीदेखि स्थावर-कीटपतङ्गादिसम्मका सबै नै भगवान् श्रीपशुपतिनाथका पशु हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहरूपी अन्धकारमा फसाउने मलविक्षेपात्मक माया वा अविद्या नै बन्धन हो। त्यही मायारूपी पाशद्वारा सांसारिक बन्धनमा फसेका पशुस्थानीय जीवलाई पाशबाट मुक्ति दिलाउन समर्थ तथा कर्तुम्, अकर्तुम्, अन्यथाकर्तुम् समर्थ सर्वशक्तिमान् षट् भग (ऐश्वर्य, वीर्य, यश, लक्ष्मी, ज्ञान र वैराग्य) युक्त भगवान् शिव नै पति वा पशुपति हुनुहुन्छ। त्यसैले कर्मअनुसार फल भोग्नैपर्ने विवशताको बन्धनमा पारिदिने र आफ्ना शरणमा आएका भक्त तथा उपासक एवम् साधकलाई कृपादृष्टिपूर्वक ज्ञान तथा मुक्तिसमेत प्रदान गर्ने आशुतोष भगवान् शिवजी नै पशुपति हुनुहुन्छ। जब जीव संसारबाट विरक्त भई भगवान् शिवको शरणमा पर्दछ, तब भगवान् शिवले कृपापूर्वक आफ्नो मायाशक्तिलाई हटाइदिएर शिव तथा कल्याणमय आफ्नो असली स्वरूपको साक्षात्कार तथा आफ्नो शिव तथा सुखस्वरूपमा जीवलाई अन्तर्लीन गराउँदै परमानन्दरूप मोक्ष प्रदान गर्नुहुन्छ अर्थात् तन्त्रदर्शनअनुसार पशु, पाश र पति तीन तत्त्वको वास्तविक ज्ञान गर्न सकेमात्र जन्ममरणरूप संसारचक्रबाट जीवले छुट्कारा पाउँछ। शिवतत्त्वको साक्षात्कार गरेको जीवले पुनः जन्मग्रहण गर्नुपर्दैन, **ऊ अहं ब्रह्मास्मि**को स्थितिको बोध गरी शिवरूप नै हुन्छ। जीव र शिवको द्वैतभाव हराई अद्वैतभावमा पुग्दछ। **ऋते ज्ञानान्नमुक्तिः, तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय, ब्रह्मविद् ब्रह्मैव भवति** इत्यादि श्रुतिवचनले पनि यसै तथ्यलाई सङ्केत गर्दछ।

जीवमात्रको कल्याण गर्ने भएकाले भगवान् श्रीपशुपतिनाथलाई शङ्कर पनि भनिन्छ। **शम् करोतीति शङ्करः** अर्थात् **शम्** भन्नाले आनन्द, प्रीति, शुभ, कल्याण, सुख, शान्तिलाई बुझिन्छ। अतः दुःखको आत्यन्तिक निवृत्तिपूर्वक परमानन्दरूप मोक्षसुख प्रदान गर्ने भएकैले शङ्कर भनिएको हो। त्यसै गरी अशुभ निवारक भएकाले शिव र स्थिर, अचल तथा निर्विकार भएकाले स्थाणुसमेत भनिन्छ। त्यस्तै समस्त प्राणीहरूका नियामक मानेर ईशान, प्रलयकालमा सबैलाई रुवाउने प्रलयकारी मानेर रुद्र भनिन्छ। अझ शिवपुराणमा रुद्रको परिभाषा यस्तो गरिएको छ-

रुर्दुःखं दुःखहेतुं वा तद्द्रावयति यः प्रभुः।
रुद्र इत्युच्यते तस्माच्छिव परमकारणम्॥

अर्थात् दुःख तथा दुःखको कारण (अज्ञान, माया तथा पाश) लाई दूर गर्ने भएकाले परम कारुणिक भगवान् शिवलाई रुद्र भनिएको हो। अनि विषधारण गरी सम्पूर्ण देवतादिलाई बचाउनाले विषधर तथा नीलकण्ठ आदि नामले समेत पुकारिने शिवको कल्याणकारी सबै लीलालाई यस सानो लेखमा समेट्न असम्भव छ। अतः सबैभन्दा श्रेष्ठ तथा स्वकीय ज्ञान एवम् ऐश्वर्यद्वारा महिमान्वित परम प्रकाशक देवाधिदेव महादेवका रूपमा सर्वप्रतिष्ठित भगवान् श्रीपशुपतिनाथले हामी सबैको कल्याण गर्नुहोस् भन्ने शुभ प्रार्थनाका साथ ॐ नमः शिवाय भन्दै वाक्यपुष्पाञ्जलि समर्पण गर्दछु। **शिवार्पणमस्तु।**

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणकलायुक्त शिवरूप पशुपति

–प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटा

भगवान् विष्णुका सहस्र नामहरूले उनका हजारौं विशेषताहरूलाई बताएझैँ कोश र पुराणहरूमा प्राप्त भगवान् शिवका नामहरूले शिवका अनेक कार्यहरू र विशेषताहरूको सङ्केत गरेका हुन्छन् । संस्कृतवाङ्मयका नेपाली विद्वान् अमरसिंह बाँडाद्वारा रचना गरिएको भनेर विद्वान्हरूले मानेको संस्कृतको कोश अमरकोशमा भगवान् शिवका अठचालीसवटा नामहरू परिगणित गरिएका छन् । यी बाहेक संस्कृतवाङ्मयमा शिवका अनेक नामहरू पाइन्छन् । यी अनेक नामहरूका प्रवृत्तिनिमित्त गुण र धर्महरू अलग-अलग प्रतीत हुन्छन् । तीमध्ये विशिष्ट नामहरू र तिनका अर्थहरू यी हुन्-

सज्जन, भक्त र पूजकहरूलाई कल्याण दिने भएकाले शिवजी 'शम्भु' मानिएका हुन्। ऐश्वर्य दिने र ऐश्वर्यसम्पन्न भएकाले उनी 'ईश' मानिएका हुन्। जीवहरूका मालिक भएकाले 'पशुपति', कल्याणस्वरूप र कल्याणप्रद भएकाले भगवान् शङ्कर 'शिव' भनिएका हुन्। त्रिशूल लिने भएकाले 'शूली', ईश्वरहरूमा श्रेष्ठ भएकाले 'महेश्वर', पाप र विघ्नहरूलाई काटिदिने भएकाले 'शर्व', कल्याण र मङ्गलका प्रदाता भएकाले 'शङ्कर' भनिएका हुन्- **'शङ्करोति सदा देवस्ततः शङ्करतां गतः'** । चन्द्रमालाई आफ्ना जटाजूटमा राख्ने भएकाले 'चन्द्रशेखर', पाप, अधर्म र विघ्नलाई काट्ने बञ्चरो राख्ने भएकाले 'खण्डपरशु', कैलासपर्वतका मालिक एवं कैलास नै आश्रयस्थल भएकाले 'गिरिश', दुष्टहरूको मद र घमण्ड चूर्ण पारिदिने भएकाले 'वामदेव', सूर्य, चन्द्र र अग्नि त्रिनेत्र भएकाले 'विरूपाक्ष' भनिएको हो। विरूप-कुरूपहरूमा पनि कृपादृष्टि राख्ने भएकाले शिवजी विरूपाक्ष मानिएका हुन्। विशाल र भारीभरकम जटा भएकाले शिवजीलाई 'धूर्जटि' भनिएको हो। विशाल पृथ्वी एवं क्षितिजस्वरूप भौतिक शरीर भएकाले, धेरै अग्ला र आकाशसम्म जटा फैलिएका हुनाले उनलाई 'व्योमकेश' भनिएको हो। राक्षसकुल र पापीजनहरूलाई रुवाउने भएकाले उनी 'रुद्र' भनिएका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो सनातन संस्कृतिमा ब्रह्मा, विष्णु र महेश तीन देवताहरूको मान्यता छ। वास्तवमा यो विभाजन भगवान्, ईश्वर या परमात्माका विशेष-विशेष अवस्थाका शक्ति र कार्यको दृष्टिले गरिएको हो, अन्यथा परमात्मा एकमात्र छन् भन्ने मान्यता गलत हुन जान्छ। यसैकारण संस्कृतवाङ्मयमा उल्लिखित त्रिदेवलाई ईश्वर र परमात्मा शब्दले व्यवहार गरिएको हो। संस्कृत महाकाव्यका महारथी महाकवि कालिदासको उक्ति-"**महेश्वरस्त्र्यम्बक एव नापरः**" (रघुवंशः) अनुसार त्रिलोचन शिव नै महेश्वर हुन्। जगत्को उत्पत्ति, स्थिति र संहारका द्रष्टा भएका कारण भगवान् शिव 'त्रिलोचन' मानिन्छन्।

पशुपतिस्वरूप भगवान् शिवको आराधना, उपासना र तपस्याबाट भगवान् विष्णुले सुदर्शनचक्र प्राप्त गर्नुभएको, पुरुषोत्तम रामले रामेश्वरमा गरेको शिवपूजन र शिवाभिषेकबाट रावणमाथि विजय प्राप्त गर्नुभएको र भगवान् श्रीकृष्णले आफ्ना गुरुबाट शिवदीक्षा प्राप्त गरेर साम्बनामक पुत्र प्राप्त गर्नु भएको तथ्य शिववाङ्मयमा पाइन्छ। तन्त्रशास्त्र र अन्य शिववाङ्मयअनुसार भगवान् शिवका पाँचकलाहरू वर्णित छन्- आनन्दकला, विज्ञानकला, मनःकला, प्राणकला र वाङ्मयकला। आनन्दकलाका अधिष्ठाता भगवान् शिवको नाम हो- मृत्युञ्जय। यिनको आराधना र उपासनाबाट भक्त र उपासकहरूले प्राणीको सबभन्दा ठूलो भय मृत्युमाथि विजय प्राप्त गर्दछन्। महामृत्युञ्जय मन्त्रको यसैकारण अनुष्ठानपूर्वक जप गरी मृत्युबाट बच्ने र बचाउने प्रयास गरिन्छ। "**जीवन्नरो भद्रशतानि पश्येत्**" अनुसार जीवनमा नै त आनन्द हुन्छ- आनन्दमयकला हुन्छ।

विज्ञानकलायुक्त शिवको नाम हो- दक्षिणामूर्ति। विज्ञानकलाका कारण नै स्त्री र पुरुष दुवैको स्पष्ट रूप यस मूर्तिमा परिलक्षित हुन्छ। दक्षिणामूर्ति शिव भगवान् प्रकाशप्रधान र श्वेतवर्णका मानिन्छन्। ज्ञान एक प्रकारको प्रकाश नै हो र त्यो श्वेतवर्णको मानिने भएकाले विद्या र अन्य ज्ञान यिनको उपासनाबाट प्राप्त हुन्छ। द्वादश ज्योतिर्लिङ्गहरूमध्ये महाकालेश्वर दक्षिणामूर्तिस्वरूप मानिनुहुन्छ। महाकालेश्वर अवन्तिनाथ पनि भनिनुहुन्छ। संस्कृतभाषामा 'अवन्ति' उज्जैनको नाम हो। यो भारतको मध्यप्रदेशमा पर्दछ। कालिदास आदि महाकविहरूको यो प्रिय नगरी हो। महाकालेश्वरको अन्तरिक्ष, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्र र मन यी आठ मूर्तिहरू हुन्। यिनको उल्लेख कालिदासले आफ्नो अभिज्ञानशाकुन्तलमूमा मङ्गलाचारण गर्दा गरेका छन्। महाकालेश्वर आदिनाथ पनि मानिनुहुन्छ। दक्षिणामूर्ति शब्दको विग्रह हो- दक्षिणा- **अनुकूला मूर्तिरस्य**। अन्नपूर्णा (पार्वती) र भक्तहरूले चाहेको मूर्ति र मुखारविन्द प्रत्येक दिशामा देख्न सकिने यसको अर्थ हो। संस्कृत व्याकरणअनुसार 'दक्षिणामूर्तिक' पनि शब्दप्रयोग भएको देखिन्छ। तन्त्रशास्त्रमा दक्षिणामूर्तिको ध्यानबाट शास्त्ररहस्य र शास्त्रव्याख्यानसामर्थ्य प्राप्त हुन्छ भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यशो दक्षिणामूर्तिं ध्यायेत् साधकसत्तमः ।
शास्त्रव्याख्यानसामर्थ्यं लभते वत्सरान्तरे ॥ *('तन्त्रसारे' भनेर वाचस्पत्यम् कोशमा उद्‌धृत)*

दक्षिणामूर्तिको उपासनाबाट योगविद्या पनि प्राप्त गर्न सकिन्छ । मनोमयकलाका अधिष्ठाता शिवको नाम हो कामेश्वर । यी कामनापूरक र रातो वर्णका मानिन्छन् । रातो वर्ण अनुरागको प्रतीक हो । यसकारण यस रूपका भक्त र उपासकहरू सांसारिक भोगमा समेत अनुराग राख्दछन्, तीसमेत चाहन्छन् ।

प्राणकलायुक्त शिवमूर्तिको नाम हो- पशुपति । पशुपति शब्दमा पशु भनेको जीव हो । सांसारिक पाशबाट जीवहरूलाई रक्षण गर्ने भएकाले भगवान् शिव पशुपति हुन् । पशुपति नेपालका राष्ट्रदेव हुन् । यिनको नियमपूर्वकको आराधना र उपासनाबाट भक्त र उपासक निर्विकार, महान्, पूर्ण र मुक्त हुन्छन् । वाङ्मयकलाका अधिष्ठाता हुन्- 'भूतेश' । यिनको आराधनाबाट भक्त सर्वश्रेष्ठ हुन्छ, नरोत्तम हुन्छ, अभ्युदयसम्पन्न हुन्छ ।

पशुपति नामले प्रसिद्ध भगवान् शिव शुद्ध वैदिक देवता हुन् । ऋग्वेद र यजुर्वेद आदि वैदिक वाङ्मयमा यिनको पर्याप्त उल्लेख छ । ऋग्वेदका **'त्र्यम्बकं यजामहे'** आदि मन्त्रहरूले शिव भगवान्‌को स्पष्ट रूपमा प्रतिपादन र प्रशंसा गरेका छन् । शिवको पर्यायवाचक रुद्र शब्दको त वेदमा प्रचुरता नै छ । रुद्राष्टाध्यायीमा रुद्र नामले शिवको नै गुणगान गरिएको छ । विशेष गरेर नेपालमा रुद्राभिषेकको रूपमा पशुपति या शिवको पूजा र उपासना गरिन्छ । यसलाई रुद्री भनिन्छ । रुद्रस्येयं (पूजा) रुद्री हो । 'संज्ञापूर्वको विधिरनित्यः' का अनुसार अण्प्रत्यय भए पनि आदिवृद्धि नभएको हो । रुद्राष्टाध्यायीको अर्को नाम हो- रुद्री । यो रुद्रको पूजा र प्रशंसा हो ।

भ्रमका कारण कुनै वर्ग र सम्प्रदाय भगवान् शिवलाई अवैदिक देवता मान्ने गर्दछन् । **"विप्राणां दैवतं शम्भुः क्षत्रियाणां रमापतिः"** आदि सूक्तिहरूका आधारमा पशुपतिस्वरूप शिव ब्राह्मणहरूका देवता हुन् । ब्राह्मणहरूको उल्लेख वेदहरूमा पर्याप्त मात्रामा भएका कारण पनि यिनी वैदिक देवता हुन् । शिवजी वेदमूर्ति मानिएका कारण पनि यिनलाई अवैदिक मान्नु अज्ञानता हो । क्षत्रियहरू पनि शिवोपासक नै थिए र छन् पनि । भारत र नेपालमा गरेर तीन प्रसिद्ध क्षत्रिय कुलहरू छन् । मेवाडका राणाहरूको कुल जसका कुलदेवता भगवान् 'एकलिङ्ग' शिवजी हुन् । त्यहाँ प्राचीनकालमा कर्मचारीहरूलाई साप्ताहिक अवकाश पनि सोमवारका दिन नै दिने गरिन्थ्यो । सोमवार शिववार भएको हुनाले नै यस्तो गरिएको हो । दोस्रो क्षत्रियकुल नेपालका पूर्व नरेशको कुल हो, जसका कुलदेवता पशुपतिनाथ हुन् । तेस्रो क्षत्रियकुल गाई र ब्राह्मणका प्रतिपालक छत्रपति शिवाजीको कुल हो । यस कुलका कुलदेवता सिम्रौनगढका 'शम्भु' नामक शिवजी हुन् । नेपाल र भारतका प्राचीन मन्दिरहरूमा शिवका मूर्तिहरू नै भएका कारण र अनादिकालदेखि सनातनधर्मावलम्बीहरूका उपास्य देवता शिवजी नै भएका कारण पनि शिवोपासनाका विशिष्ट दिन शिवरात्रि आदि विशिष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वहरूको व्यवस्था भएको हो। **'पञ्चवक्त्रं त्रिनेत्रम्'** आदिअनुसार भगवान् शिवको पञ्चमुखी रूपमा आराधनाको विधान र विख्याति पाइन्छ। ती पाँच मुखहरूमध्ये पूर्वमुख तत्पुरुष नामले, दक्षिणमुख अघोर नामले, पश्चिममुख सद्योजात नामले, उत्तरमुख वामदेव नामले र ऊर्ध्वमुख ईशान नामले प्रसिद्ध र आराध्य छन्।

यी पाँचमुखहरूलाई पञ्चाम्नाय पनि भनिन्छ। संस्कृतवाङ्मयमा भएका **'सर्वसिद्धिप्रदः शिवः'** **'विद्याकामस्तु गिरिशम्'** **'ज्ञानमिच्छेन्महेश्वरात्'** आदि सूक्तिहरूबाट भगवान् शङ्करका विभिन्न विशेषताहरू ज्ञात हुन्छन् जसको प्राप्तिका लागि उपासकहरू प्रयत्नशील हुनुपर्दछ।

पशुपतिस्वरूप भगवान् शिवका गुण र विशेषताहरूको व्याख्याता शिववाङ्मय हो। यसभित्र शिवपुराण पनि पर्दछ। शिवपुराण दुई प्रकारको मानिएको छ- लक्षश्लोकात्मक र चतुर्विंशतिसहस्रश्लोकात्मक। पहिलो शिवपुराण भगवान् शिवले नै लेख्नुभएको हो र दोस्रो चौबीस हजार श्लोकवाला शिवपुराण व्यासकृत हो। लक्षश्लोकात्मक शिवपुराणमा बाह्र संहिताहरू भएको मान्यता छ भने दोस्रोमा सात संहिताहरू छन्। ती संहिताहरू हुन्- विद्येश्वरसंहिता, रुद्रसंहिता, शतरुद्रसंहिता, कोटिरुद्रसंहिता, उमासंहिता, कैलाससंहिता र वायवीयसंहिता। यो पुराण शिवजीको वाङ्मयमूर्ति हो। यसको अनुष्ठानले सर्वोपरि गति या मुक्ति दिन्छ। यी कुरा यसको माहात्म्यमा वर्णित छन्। मानिसले जतिखेरसम्म शिवपुराण सुनेको हुँदैन त्यतिखेरसम्म ऊ संसारको आवागमनबाट पीडित भइराख्दछ तर शिवपुराणको श्रद्धापूर्वक श्रवण गरेमा ऊ जीवनमुक्त हुन्छ। भ्रममात्र सृजना गर्ने अन्य शास्त्र र पुराणहरू सुनेर फाइदा छैन, श्रद्धा र भक्तिपूर्वकको शिवपुराणश्रवणले हजारौं अश्वमेध र सयवटा वाजसनेय यज्ञको पुण्यलाई परास्त गर्दछ। यसरी जीवनका लागि प्राणको जति अत्यावश्यकता छ त्यति नै प्राणकलायुक्त पशुपतिको आराधना र अभिषेक मानवमुक्ति या मोक्षका लागि आवश्यक छ।

मोक्ष भनेको निरतिशयानन्द हो- यसभन्दा ठूलो पूर्ण र स्थायी अर्को आनन्द हुँदैन। विषयानन्द त सातिशय (सानो) क्षणिक, अपूर्ण र आनन्दाभास हो। मोक्षलाई परम पुरुषार्थ पनि भनिन्छ। पुरुष (स्त्रीपुरुष दुवै) ले चाहने भएकाले यसलाई पुरुषार्थ भनिएको हो। पुरुषार्थ चार मानिएका छन्- धर्म, अर्थ, काम र मोक्ष। धर्म र अर्थ मानवसुखका साधन भएका कारण र काम र मोक्ष सुखरूप नै भएका कारण मानिस तिनलाई चाहन्छन्। धर्माविरुद्ध अर्थ र काम पनि आदरणीय र स्वीकार्य छन्। अर्थ नभए व्यवहार नचल्ने र काम नभएसम्म संसार नै नचल्ने हुँदा मानवका लागि यी पनि आवश्यक छन्। प्राणकलायुक्त पशुपतिको आराधनाबाट यी चारैवटा पुरुषार्थको प्राप्ति हुने भएकाले ती आराधनीय छन्।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिको महिमा

–शरत्कुमार भट्टराई

१. वैदिक साहित्यदेखि नेपाली साहित्यसम्म

विश्वको एकमात्र प्रथम प्रामाणिक ग्रन्थ वेदलाई अपौरुषेय भनिएको छ। कुनै पुरुषविशेषको रचना नभएको हुँदा वेदलाई अपौरुषेय र अनादि भनिएको हो। ईश्वरले संसारको सृष्टि गर्दा वेदले भनेअनुसार गर्नुहुन्छ। वेदको मार्गनिर्देशनविना संसारको सृष्टि नै हुन सक्दैन भनेर वेदले नै भनेको छ। त्यतिमात्रै नभएर यस अपौरुषेय वेदले नै आफू परब्रह्म परमेश्वरको निःश्वास भएको भनेको छ। जस्तै **'अस्य महतो भूतस्य निःश्वसितमेतद्यदृग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरस इतिहासः पुराणं विद्या उपनिषदः'** *(बृ.उ.–२।४।१०)* अर्थात् ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदसमेत यी परब्रह्मका नै निःश्वास हुन्। अर्कोतर्फ ती परमतत्त्व पशुपतिनाथलाई वेदबाट मात्र जान्न सकिन्छ। उनलाई जान्ने अरू कुनै उपाय छैन। जस्तै **'नावेदविन्मनुते तं बृहन्तम्'** *(तै.ब्रा.–३।१२।९)* अर्थात् वेद नपढेको मान्छेले ती परब्रह्मस्वरूप श्रीपशुपतिनाथलाई जान्न सक्तैन। यसै गरेर **'वेदहेतुरपि ब्रह्म तद्वेदादेव मीयते।'** *(लघुवार्तिक– १।१।३)* अर्थात् वेदको हेतु पनि तिनै परब्रह्म पशुपतिनाथ हुन् र उनलाई वेदबाट मात्रै जान्न सकिन्छ। वेदले विधान गरेको धर्म हो र निषेध गरेको अधर्म हो। वेदलाई साक्षात् भगवान् नारायण भनेर श्रीमद्भागवतले भनेको छ- **'वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद् विपर्ययः। वेदो नारायणः साक्षात्स्वयंभूरिति शुश्रूम।'** *(भागवत– ६।१।४)*

भगवान् श्रीपशुपतिनाथ चर, अचर र प्राणीमात्रका आधार, विश्वका अरबौं हिन्दूहरूका आस्थाका केन्द्र, नेपाली मात्रका आराध्यदेव र नेपाल राष्ट्रका राष्ट्रदेव हुनुहुन्छ। विश्वको एकमात्र प्रामाणिक अपौरुषेय ग्रन्थ ऋग्वेदमा भगवान् शिवका मुख्य भव, शर्व, रुद्र, महादेव, ईशान, उग्र र भीमका साथै पशुपतिको नाम पनि आएको छ। यिनका अतिरिक्त शिव अघोर आदि नामहरूका साथमा पनि पशुपति भन्ने आएको छ। जस्तै-

अघोरचक्षुरपतिन्ध्येधि शिवा पशुभ्यः सुमनाः सुवर्चाः।
वीरसूर्देवकामा स्योना शं नो भव द्विपदे शं चतुष्पदे॥ *(ऋग्वेद– १०।८५।४४)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यासबाट वेदको विभाजन चार वेदका रूपमा भएपछि वेदहरूमा भगवान् शिवका नामहरू व्यापक र विस्तृत रूपमा आएको पाइन्छ। यजुर्वेदमा भगवान् शिवका नामहरू विस्तृत हुन गएर ऋग्वेदमा वर्णन गरिएका अतिरिक्त अरू धेरै नामहरूको समेत उल्लेख भएको पाइन्छ। यजुर्वेदमा आएर शिवका नामहरूमध्ये पशुपतिको नाम पनि धेरै मन्त्रहरूमा उल्लेख भएका पाइन्छन्। यजुर्वेदमा "**नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च।**" (१६/२८) त्यस्तै गरेर अर्को मन्त्रमा "**नमः सङ्गवे च पशुपतये च नम उग्राय च भीमाय च नमोऽग्रेवधाय च दूरेवधाय च नमो हन्त्रे च हनीयसे च नमो वृक्षेभ्यो हरिकेशेभ्यो नमस्ताराय।**" (१७/४०)

उपर्युक्त दुवै मन्त्रहरूमा भगवान् शिवका अरू नामहरूका साथै पशुपतिको नाम पनि आएको छ। पशुपतिको नामको व्याख्या र विश्लेषण गर्दै आफ्नो भाष्यमा आचार्य महीधरले यस्तो लेख्नुभएको छ- **पशून् अज्ञान् पाति रक्षतीति पशुपति तस्मै अथवा पशूनां प्राणिनां पतिः पालकः तस्मै।**

पशुपति शब्दको व्युत्पत्ति गर्दै वामन शिवराम आप्टेले लेख्नुभएको छ- दृश् धातुदेखि कु प्रत्यय भएर पशादेश भएपछि पशु शब्द बन्दछ। पशुशब्दले गाई, भैँसी आदि जनावरहरूलाई जनाउँछ। पशु अर्थात् अज्ञको अथवा प्राणीको रक्षा वा पालना गर्नेलाई पशुपति भनिन्छ। पशुपतिलाई शिवका विशेषणका रूपमा लिएको देखिन्छ।

श्रीपशुपतिका सम्बन्धमा यजुर्वेदमा व्यापक रूपले वर्णन गरेपछि अथर्ववेदले र सामवेदले पनि वर्णन गरेका छन्। अथर्ववेदको मन्त्रमा रुद्रका साथमा पशुपतिको नाम पनि आएको छ। अथर्ववेद (११।२।९) मन्त्रमा गाई, अश्व, मनुष्य, भेडा र बाख्रासमेत पाँच प्रकारका प्राणीहरूलाई पशु भनिएको छ। यिनका अधिपति पशुपति हुन् भनिएको छ। यसै गरेर सामवेदमा पनि शिवका नामहरूमा पशुपतिको नाम आएको पाइन्छ।

त्यसपछि शतपथब्राह्मण (६।१।३।७) र कौषितकीब्राह्मण (६।१।७) आदि ग्रन्थहरूमा पनि पशुपतिको नाम उल्लेख भएको छ। त्यस्तै गरेर सूत्रसाहित्यमा पनि शिव, पशुपति आदिको नाम आएका छन्। आश्वलायनगृह्यसूत्र (४।९), पारस्करगृह्यसूत्र (३।८) हिरण्यकेशीगृह्यसूत्र (२।३।८) आदिमा पनि पशुपतिको नाम पाइन्छ। उपनिषत्हरूमा केनोपनिषत् (३।१२), मैत्रायण्युपनिषत् (४।५), श्वेताश्वतरोपनिषत् आदिमा पशुपतिको वर्णन पाइन्छ।

रामायण र महाभारतमा पनि पशुपतिको महत्त्व दर्शाइएको छ। महाभारतको वनपर्वको अध्याय ३८-४० मा अर्जुनलाई भगवान् शिवले पशुपतिको नामबाट नामकरण भएको पाशुपतास्त्र दिएको प्रसङ्ग आएको छ। भगवान् पशुपतिको नाम अमरसिंहले अमरकोशमा "**शम्भुरीशः पशुपतिः शिवशूलीमहेश्वरः**" भनेर लेख्नुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि पुराणहरूमा पशुपतिको वर्णन पाइन्छ। शिवपुराण, महाभारत आदि ग्रन्थहरूमा शिवका सहस्रनाम आएका छन्। त्यसमा पशुपतिको उल्लेख छ। जस्तै- '**लोककर्ता पशुपतिर्महाकर्ता ह्यनौषधः**' (महाभारत अनुशासनपर्व) शिवपुराणमा '**अक्षरं पशुरित्युक्तः क्षर पाश ह्युदाहृतः। क्षराक्षरपरं यत्तत् पतिरित्यभिधीयते।**' भनेर उल्लेख गरिएको छ।

परवर्ती काव्य र साहित्यहरूमा पनि शिवको नाम उल्लेख गर्ने क्रममा पशुपतिको नाम आएको छ। पुष्पदन्ताचार्यले शिवमहिम्नस्तोत्रमा ऋग्वेदमा उल्लेख भएका शिवका आठ नामहरूको उल्लेख गर्ने क्रममा पशुपतिको नाम पनि आएको छ- '**भवः सर्वो रुद्रःपशुपतिरथोग्रः सहमहाँस्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम्। अमुष्मिन्प्रत्येकं प्रविचरति देव श्रुतिरपि प्रियायास्मै धाम्ने प्रविहितनमस्योऽस्मि भवते** (२८)।' पुष्पदन्ताचार्यले आफ्नो स्तोत्रमा पशुपतिमतको पनि उल्लेख गरेका छन्। जस्तै- '**पशुपतिमतं वैष्णवमिति**' (शिवमहिम्नस्तोत्रम्, ७)

स्कन्दपुराणअन्तर्गतको हिमवत्खण्ड, पशुपतिपुराण र नेपालमहात्म्यमा पनि श्रीपशुपति र पशुपतिक्षेत्रको मुक्तकण्ठले वर्णन गरिएको छ। हिमवत्खण्डमा पशुपतिक्षेत्रलाई महान् तीर्थका रूपमा व्याख्या गरिएको छ। यस क्षेत्रलाई उपासकहरूका लागि भुक्ति र मुक्ति दुवै दिने भनिएको छ। यस क्षेत्रको ठूलो महत्त्व छ। हिमवत्खण्डअनुसार पशुपतिक्षेत्र भन्नाले उत्तरमा मृगेन्द्रशिखर अर्थात् शिवपुरीको टाकुरामा रहेको कूटेश्वर, दक्षिणमा तिलेश्वर, पूर्वमा विकटेश अर्थात् साँगा र पश्चिममा चन्दनभराटेश्वर अर्थात् थानकोट योगधारा नदीको ईशानपट्टि विष्णुतीर्थसम्मको क्षेत्र मोक्षदायक पशुपतिक्षेत्र हो। गोदावरी महातीर्थदेखि आग्नेयतर्फ आहारीतीर्थसम्मको चारैतिरबाट घेरिएको क्षेत्र ठूलो पशुपतिक्षेत्र हो। यसमा बस्ने सबैले भुक्ति र मुक्ति पाउने कुरा पनि हिमवत्खण्डको ७१ अध्यायमा उल्लेख भएको छ। श्री ५ गीर्वाणका समय वि.सं. १८७० मा र सबैभन्दा पछि २०५६ सालमा पशुपतिक्षेत्रको सिमाना पुनः निर्धारण भएको थियो। सो कुरा पशुपतिक्षेत्रसम्बन्धी परिच्छेदमा उल्लेख गरिनेछ।

भगवान् श्रीपशुपतिनाथ विराजमान भएको क्षेत्रलाई देवपत्तन पनि भनिन्छ। बोलचालमा देवपत्तन वा देवपाटन पनि भनिन्छ परन्तु यस पवित्र क्षेत्रमा ब्रह्मा, विष्णु, इन्द्रादि देवीदेवताहरूले आएर यसै पुण्यक्षेत्रलाई नै आफ्नो वासस्थान बनाएका हुँदा यस क्षेत्रलाई देवपत्तन भनिएको हो। यसका अतिरिक्त यो ईशानधाम नै पवित्र पशुपतिक्षेत्र भएकाले यहाँ आएर देवता, ऋषिमुनि र सिद्धहरूले समेत तपस्या र साधना गर्ने थलो भएको हुँदा पनि यसलाई देवपत्तन भनिएको हो भनेर पुराणहरूमा आएको छ। यो ईशानधाम वा पशुपतिक्षेत्र हो।

श्रीपशुपतिनाथको ज्योतिर्लिङ्गको उत्पत्तिका सम्बन्धमा सृष्टिको सुरुमा स्वयम्भूज्योतिर्लिङ्गको उत्पत्ति भएको र त्यसको आदि र अन्त्य ब्रह्मा र विष्णुले थाहा पाउन नसकेपछि उनीहरू भगवान् श्रीपशुपतिको स्तुति गर्दै शरणमा परेका थिए। त्यसपछि भगवान् श्रीशिवले उनीहरूलाई सृष्टि र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालना गर्न सके भनेर वरदान दिएको पाइन्छ। भगवान् श्रीब्रह्माले भगवान् श्रीविष्णुको सहयोग लिएर शिलाको पाँचमुखे शिवलिङ्ग बनाएर श्रीपशुपतिको ज्योतिर्लिङ्गलाई छोपिदिनुभएको हो भन्ने प्रसङ्ग हिमवत्खण्डमा आएको छ। जस्तै-

मत्वा सृष्टिं विमुक्तिञ्च विष्णुमाहूय सत्वरम्।
ययौ तेन समं धाता यत्र ज्योतिर्मयः स्थितः।
सुनिर्मित्य नयन् ब्रह्म लिङ्गं शिलामयं शिवम्।
सवेदिकं च पञ्चास्यं सर्वलक्षणलक्षितम्॥
स्थापितवान् मुदा भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम्॥[1]

त्यसपछि भगवान् श्रीविष्णुले पनि त्यसमाथि इन्द्रनील पत्थरको शिवलिङ्ग बनाएर राख्नुभयो। यो नै सर्वसाधारणले दर्शन गरिने लिङ्ग हो। जस्तै-

स्वात्मापिधानकं लिङ्गं सिद्धमणिमयं परम्।
संस्थापितो यथा भूयो विष्णुना प्रभविष्णुना॥
इन्द्रनीलमयं ग्रावं लिङ्गं तदुपरि ध्रुवम्।
विष्णवात्मकं महालिङ्गं सर्वलोकैः प्रलक्षिते॥
सर्वाधस्तेजसां पुञ्जं सर्वभूतैरगोचरम्
सर्वदा दृश्यते लोकैर्विष्णुना स्थापितं शिवम्॥

यसरी स्थापना गरिएको लिङ्ग नै भगवान् श्रीपशुपतिनाथको पहिलो शिलामय शिवलिङ्ग भएको स्कन्दपुराणबाट थाहा हुन्छ।

हिमवत्खण्डमा वाग्वती नदी र श्लेष्मान्तक वन जसलाई सिद्धारण्य, पुण्यारण्य र धर्मारण्य पनि भनिन्थ्यो, त्यसको पनि माहात्म्य आएको छ। वाग्वती नदीको वर्णन वराहपुराण, नेपालमाहात्म्य र अरू पुराणहरूमा पनि आएको छ। यिनै पवित्र नदी वाग्वतीको पश्चिमी किनारामा सबै देवताहरूले आराधना गरिएका ज्योतिःस्वरूप भगवान् श्रीपशुपतिनाथ विराजमान भएको प्रसङ्ग आएको छ-

वाग्वत्या पश्चिमे तीरे सर्वदेवतपः क्षितौ।
ज्योतिरूपो मुनेः साक्षात् पशुपतिर्विराजते॥ *(हि.ख.–६१।१६)*

यिनै वाग्वती नदीको पवित्र जल आफ्ना काँधमा बोकेर ल्याई श्रीपशुपतिनाथको स्नान गराएमा वर्णनातीत फल प्राप्त हुने कुरा पनि हिमवत्खण्डमा आएको छ। जस्तै-

---

१ हिमवत्खण्ड, अध्याय ७७, श्लोक ३६-३८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वत्यां सलिलं यो हि घटेनोद्धृत्य शङ्करम् ।
स्नापयेत् स्कन्धवाहेन तस्य पुण्यफलं शृणु ॥
यावत्तदम्भसां बिन्दुस्तावत्कालं समैककम् ।
कुलकोटीन् समुद्धृत्य रुद्रलोके प्रमोदते ॥[२]

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा माथि उल्लेख भएका अतिरिक्त भगवती गुह्येश्वरीको विशद वर्णन पाइन्छ । गुह्येश्वरीका अतिरिक्त शिवको मृगावतार, पशुपतिका वरिपरि रहने देवीदेवताको विवरण, पूजा र उपासना विधि, वरिपरिका तीर्थहरू र पशुपतिक्षेत्र समेतको विस्तृत वर्णन पाइन्छ साथै नेपालमाहात्म्य, स्वयम्भूमाहात्म्य आदिमा पनि वर्णन पाइन्छ ।

श्रीपशुपतिनाथलाई श्रीकेदारनाथको शिरोभाग भनिएको छ। यो कुरा शिवपुराणको कोटिरुद्रसंहितामा वर्णन गरिएको छ । जस्तै-

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।
तत्कथां वर्णयिष्यामि केदारेश्वरवर्णने ॥[३]

यो वै हि पाण्डवान्दृष्ट्वा माहिषं रूपमास्थितः ।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत् ॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः ।
पुच्छं चैनं धृतं तैस्तु प्रार्थितश्च पुनःपुनः ।
तद्रुपेण स्थिततस्त्र भक्तवल्लभनामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रुपतः स्थितः ॥[४]

अर्थात् महाभारतको युद्धमा गोत्रहत्या गरेका पाण्डवहरू त्यो पाप पखाल्न केदारेश्वरको दर्शन गर्न गए। पापीहरू आएको देखेर महिषको रूप लिएर भाग्न लाग्दा पाण्डवहरूले पुच्छरतिर समाते । शिव त्यहीं पुच्छररूपले केदारमा बस्नुभयो । शिरचाहिँ सम्पूर्ण फल दिने पशुपतिनाथका नामले नेपालपुरीमा शिवलिङ्गका रूपमा प्रकट हुनुभयो र त्यहीं उहाँ विराजमान हुनुभयो । उपर्युक्तअनुसार विचार गर्दा प्राचीन शास्त्र, पुराण, वंशावली आदिमा काठमाडौं उपत्यकालाई नेपाल भनिएको छ। नेपाली जनजिब्रोले पछिसम्म पनि काठमाडौं उपत्यकालाई नै नेपाल भन्ने गर्दथ्यो । अतः यहाँ नेपाल भनेको काठमाडौं उपत्यका भनेर बुझ्नुपर्छ ।

---

२ हिमवत्खण्ड, ७३।४७,४८
३ शिवपुराण कोटिरुद्रसंहिता, ११।१८,१९
४ पूर्ववत्, १९।१४,१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्तअनुसार वेददेखि लिएर पुराणहरूमा समेत वर्णित श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रको समेत सङ्क्षेपमा उल्लेख गरियो। अरू परवर्ती संस्कृत साहित्य र महाकाव्यहरूमा पनि भगवान् शिवको नाम उल्लेख गरेको पाइन्छ। कालिदासले आफ्नो महाकाव्य रघुवंशको मङ्गलाचरण श्लोकमा **'जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ'** (रघुवंश १।१) भनेर उल्लेख गर्नुभएको छ। महाकाव्य कुमारसम्भवमा- **'पशुपतिरपि तान्यहानि कृच्छ्राद्'** (६।९५) भनेर उल्लेख भएको छ भने भारविको महाकाव्य किरातार्जुनीयमा- **'पार्थबाणाः पशुपते रावव्रुविशिखावलीम्'** (किरात १५४०) भनेर उल्लेख गरिएको छ। संस्कृत भाषाका अरू स्तुति पद्यहरूमा पनि पशुपतिको नाम उल्लेख भएको प्रशस्त पाइन्छ। जस्तै- **श्रीपृथिवीपति सुरीको पशुपत्यष्टकम्मा- 'पशुपतिं द्युपतिं धरणीपतिम्** (१)' भनेर उल्लेख भएको छ।

आगम अर्थात् तन्त्रशास्त्रमा पशुपतिको महत्त्व, उपासना र यसका क्रियात्मक पूजाविधिको विस्तृत वर्णन पाइन्छ, शैवज्ञान र शैवमुक्तिका सन्दर्भमा तीन तत्त्वहरूको विवेचना गरेको पाइन्छ। ती तत्त्वहरू हुन्- पति, पशु र पाश। पति भन्नाले गुणातीत, शब्दातीत, मायातीत, समस्त ब्रह्माण्डका स्वामी ईश्वर अर्थात् परमशिव ब्रह्मलाई लिइएको छ। पशु भनेर देहेन्द्रिय आदि स्थूल शरीररूपी उपाधिले विशिष्ट, व्यापक आणवादि मलहरूद्वारा आवृत अस्वतन्त्रकर्ता वा जीवात्मा नै हो। पशु तीन प्रकारका हुन्छन्- सकल, प्रलयाकल र विज्ञानकल। पाश पाँच प्रकारका छन्- आणवमल, तिरोधायकशक्ति, बिन्दु, माया र कर्म। तन्त्रशास्त्रअनुसार उपासकलाई यिनै पाँच पाशोहरूबाट छुटाएर मुक्ति दिने भएको हुँदा शिवको नाम पशुपति रहन गएको हो भन्ने भनाइ पाइन्छ।

भगवान् श्रीपशुपतिको अवतार नकुलीश भएको र उनका चार प्रमुख शिष्य कुशिक, गर्ग, मित्र र कारुष्यहरूले पशुपतिसम्बन्धी पाशुपतमतको प्रचारप्रसार गरेको देखिन्छ। यो मत अत्यन्त प्राचीन हो र भारतमा यो अत्यन्त प्रसिद्ध छ। नेपालमा पनि पहिले यसको प्रभाव रहेको पाइन्छ। यसका कालामुख, कापालिक आदि मतहरू छन्। यिनको साधना उग्र खालको हुन्छ। साधना गर्दा शास्त्रभन्दा गुरुमुखबाटै गरिन्छ।

वैदिक साहित्यमा सबैभन्दा पहिले पञ्चमुख भएका शिवको अथवा पशुपतिको उल्लेख ऋग्वेदको संहितामा नभए पनि प्रातिशाख्यमा भने भएको मानिन्छ। यसको विशद चर्चा पछि गएर यिनका नाम र पञ्चवक्त्रात्मक मन्त्रहरूको विवरण तैत्तिरीय आरण्यकमा पाइन्छ। यसै कुरालाई अझै विशदरूपमा वर्णन गरिएका लिङ्गपुराणमा पाइन्छ। शिवपुराण आदि अरू पुराणहरूमा पनि यसको चर्चा प्रशस्तरूपमा पाइन्छ। भगवान् श्रीपशुपतिका पाँच मुख नै पाँच आम्नायका प्रवर्तक मानिन्छन्। ती हुन्- पूर्वाम्नाय, पश्चिमाम्नाय, दक्षिणाम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नाय। छैटौं चाहिँ अधराम्नाय अर्थात् भूमिमुनिको मुख हो। यिनमा सद्योजात, तत्पुरुष, अघोर, वामदेव र ईशान पाँचमुखका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम हुन्। पूर्वमा तत्पुरुष, दक्षिणमा अघोर, पश्चिमका सद्योजात र उत्तरका वामदेव हुन्। ईशान ऊर्ध्व वक्त्र हो। त्यसको दर्शन गर्न नसकिने भएकाले पश्चिम मुखमा नै ईशानको पनि दर्शन गर्ने विधान छ। छैठौँ मुख अधोभागमा पर्दछ। जसलाई कालाग्निरुद्र भनिन्छ। यो हो वैदिककालदेखि वर्तमानकालसम्मका शास्त्रीय दृष्टिले गरिएको सङ्क्षिप्त चर्चा।

शास्त्रहरूको प्रणयन हुनुपूर्व र मानवइतिहासको लेखनको परम्पराको थालनी हुनुभन्दा पहिले भगवान् श्रीपशुपतिनाथको पूजाआजा कसबाट हुने गर्दथ्यो भन्ने सम्बन्धमा स्पष्ट उल्लेख भएको नपाइए तापनि हिमवत्खण्डमा एक ठाउँमा मात्र पशुपतिका पुजारीको सङ्केत पाइन्छ। जस्तै-

तत्राक्रान्तेऽपि च म्लेच्छैर्दानधर्मविवर्जितैः।
तन्मन्त्रज्ञा द्विजाः नित्यं पशुपतिसमर्चिताः॥ *(हिमवत्खण्ड, ७७/४५)*

अर्थात् म्लेच्छहरूले दुःख दिइरहेको वेलामा पनि श्रीपशुपतिको मन्त्र जान्ने ब्राह्मणहरूले श्रीको नित्य पूजा चलाइरहेका थिए।

शास्त्रीय दृष्टिकोणले पशुपतिक्षेत्रको महत्त्व के कस्तो रहेको छ भन्ने सम्बन्धमा माथि सङ्क्षेपमा उल्लेख गरिसकियो। भारतवर्षमा रहेका ४ धामभन्दा पनि यसको महत्त्व अझै बढी भएको तथ्य शास्त्र र व्यवहारबाट पनि देखिन्छ। शास्त्रहरूमा उल्लेख भएको छ। जस्तै-

कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती।
द्वापरे मुक्तिसोपानां कलौ नेपालिकापुरी॥ *(हिमवत्खण्ड, ७२/६४)*

नेपालेऽसौ महाक्षेत्रे पशुपतिं समर्चितः। *(हिमवत्खण्ड, ७३/१७)*

धन्यं पाशुपतं क्षेत्रं सर्वक्षेत्रोत्तमोत्तमम्।
विराजते समं तीर्थः भुक्तिमुक्तीप्सितप्रदैः। *(हिमवत्खण्ड, ७१/२०)*

धन्या सा नगरी पुण्या यस्यां विराजतेऽनिशम्।
पशुपतिर्गणैः सार्द्धं ज्योतिर्लिङ्गो महाविभुः॥ *(हिमवत्खण्ड, ७२/१)*

अयोध्या मथुरा माया काशी काञ्ची ह्यवन्तिका।
पुरी द्वारावती सप्त गरिष्ठा मोक्षदायकाः॥
तासां चैव गरिष्ठा स्यात्पुण्या पाशुपती पुरी।
यस्यां विराजते लिङ्गो वाग्वत्या सह सन्ततम् *(हिमवत्खण्ड, १२/५१-६०)*

सर्वे युगे तथा ज्ञेया श्रेष्ठा पाशुपती पुरी॥ *(हिमवत्खण्ड, ७२/६४)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतीश्वरो यत्र ज्योतिर्लिङ्गो विराजते ॥ *(हिमवत्खण्ड, ७२/७२)*

शिलामयं महालिङ्गं पञ्चव्यूहं तदात्मकम् ।
पशुपतिं महालिङ्गं ब्रह्मविष्णुशिवात्मकम् ॥
उमामहेश्वरं लिङ्गं सर्वदेवालयं वभौ ॥ *(हिमवत्खण्ड, ७७/४२-४३)*

नेपाली साहित्यमा पनि प्रशस्त रूपमा श्रीपशुपतिनाथको उल्लेख गरिएका काव्य, कविता, स्तुतिपद्यहरू र भजनहरू पनि पाइन्छन् । आदिकवि भानुभक्तले आफ्नो कान्तिपुरी कवितामा- "**पशुका पति छन् रखवारी गरी। शिवकी पुरी कान्तिपुरी नगरी**" भनेर लेख्नुभएको छ। कविशिरोमणि लेखनाथ पौडेलले शिवपञ्चाशिका र गङ्गागौरी काव्यमा समेत उल्लेख गर्नुभएको पाइन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो नेपाली शाकुन्तल महाकाव्यको मङ्गलाचरणश्लोकमा "मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन" भनेर श्रीपशुपतिरूप शिवको स्तुति गर्नुभएको छ। त्यसपछिका कवि, भक्त, लेखकले पनि यसमा कलम चलाएका छन्। लेखक स्वयंले आफ्नो काव्य बहादुर शाहमा श्रीपशुपतिनाथलाई साकार तथा मानवीयरूप दिएर आफ्ना भक्तहरूसँग संवादै गराएका छन् । यसरी नेपाली साहित्यमा पनि विशदरूपमा श्रीपशुपतिनाथको उल्लेख भएको पाइन्छ।

उपर्युक्तअनुसार धार्मिक दृष्टिले श्रीपशुपतिनाथको चर्चा गर्दा सनातन वैदिक धर्मावलम्बीहरूले अनादिकालदेखि नै सम्पूर्ण चराचर, भूत, भौतिक प्राणीका पति वा पालकका रूपमा भगवान् श्रीपशुपतिनाथलाई आत्मसात् गरेको देखिन्छ। यज्ञयागादिमा हविः अर्पण गरेको, रक्षाका लागि विविध प्रकारका स्तुति, जप, पाठ आदिबाट उनलाई खुशी पार्ने काम भएको र उनलाई सृष्टि, स्थिति र प्रलयका कारकका रूपमा हाम्रा पूर्वज ऋषिमुनिहरूले प्रागैतिहासिक कालदेखि नै स्वीकार गरेको कुरा देखिन्छ। अझै यसलाई स्पष्ट रूपमा भन्ने हो भने धार्मिक रूपमा श्रीपशुपतिको महत्त्व सिन्धुघाटी सभ्यतामा पाइएको पशुपतिरूप अङ्कित मुद्राको प्राप्तिबाट पनि थाहा हुन्छ। प्रागैतिहासिक कालमा नै समग्र भारतवर्षभित्र प्रमुख देवताका रूपमा श्रीपशुपतिको महत्त्व परम्परागत रूपमा क्रमिकरूपले विकास भएको देखिन्छ। यसको प्रमाण वैदिक साहित्यपछि रामायण, महाभारत, पुराण, काव्य, साहित्य र स्तुतिपद्य आदि समेतमा ब्रह्मस्वरूप भगवान् श्रीपशुपतिनाथको व्यापक रूपले वर्णन हुनुबाट पनि थाहा हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको महिमा

२. नेपालको प्राचीन इतिहासदेखि वर्तमानसम्म

नेपालको इतिहासमा श्रीपशुपतिनाथको महिमा इतिहासको प्रथम प्रभावदेखि नै पाइन्छ। प्राचीन र अर्वाचीन इतिहासमा श्रीपशुपतिनाथका सम्बन्धमा नेपालको प्राचीन इतिहासदेखि वर्तमानसम्मको सङ्क्षिप्त चर्चा गर्नुभन्दा पहिले केही चर्चा यसभन्दा बाहिर गएर पनि गर्नु उपयुक्त हुने देखिन्छ। भारतबाहेक मध्यपूर्व, मध्यएशिया, दक्षिणपूर्व एसियादेखि इण्डोनेसियासम्म पनि प्राचीन समयमा हिन्दूसाम्राज्य भएको र त्यसवेलाका हिन्दूराजाहरूले मन्दिरहरू निर्माण गरी विभिन्न देवीदेवताहरूका साथै श्रीपशुपति शिवका लिङ्ग र मूर्तिहरूको स्थापना गरेको कुरा प्राचीन इतिहासबाट देखिन्छ। ती सबैको उल्लेख नगरी यहाँ पशुपति शिवका सम्बन्धमा प्राप्त तथ्यका आधारमा केही चर्चा गर्नु सान्दर्भिक ठान्दछु।

विश्वइतिहासको परिप्रेक्ष्यमा परिशीलन गर्दै जाँदा श्रीपशुपतिसम्बन्धी प्रामाणिक साक्ष्यका लागि तात्कालिक सिन्धुसभ्यतासम्म पुग्नुपर्ने हुन्छ। ई.पू. २५०० सम्मको सभ्यता भनेर मानिएको सिन्धुघाटीमा रहेको महेन्जोदाडो र हडप्पा नगरहरूको उत्खनन गर्दा पशुपतिरूप शिवका छापहरू त्यहाँका मुद्राहरूमा छापिएका प्राप्त भएका छन्। यिनबाट श्रीपशुपतिरूपधारी शिवको महत्त्व त्यसभन्दा धेरै वर्ष अघिदेखि नै संसारमा फैलिइसकेको तथ्य प्रमाणित हुन्छ।

उपर्युक्तअनुसार भगवान् श्रीपशुपतिनाथको महत्त्व विश्वइतिहासमा प्रमाणित भइसकेपछि अब नेपालको इतिहासमा वर्णित श्रीपशुपतिको सङ्क्षिप्त उल्लेख गरिनेछ। श्रीपशुपतिनाथको लिङ्गको उद्‌भव वा उत्पत्तिका सम्बन्धमा विभिन्न पुराण र माहात्म्यहरूमा स्वयम्भू ज्योतिर्लिङ्गको उद्‌भव भएको र त्यसको आदि र अन्त्यको थाहा ब्रह्मा र विष्णुले नपाएपछि उहाँका शरणमा गएको प्रसङ्ग आएको छ। शास्त्रअनुसार स्वयम्भू अनादि ज्योतिर्लिङ्ग हो र त्यसको मूर्ति वा लिङ्ग हुँदैन। ज्योतिर्लिङ्ग अमूर्त वा अव्यक्त हुन्छ। प्राचीनकालमा अहङ्ग्रहोपासना वा अमूर्तरूपको उपासना गरिन्थ्यो। किन्तु कालान्तरमा उपासना गर्ने उपासकहरूले अमूर्त वा अव्यक्त भगवान्‌को उपासना वा ध्यान गर्न असमर्थ भएपछि लिङ्ग वा मूर्तिको स्थापना गर्ने प्रचलन भएको देखिन्छ। अतः यही परिप्रेक्ष्यमा श्रीपशुपतिको उद्‌भव र उत्पत्तिको सम्बन्धमा विचार गर्नु उपयुक्त हुने देखिन्छ।

श्रीपशुपतिको अनादि स्वयम्भू ज्योतिर्लिङ्गको उद्‌भव र उत्पत्तिका सम्बन्धमा हिमवत्खण्ड, नेपालमाहात्म्य र पशुपतिमाहात्म्यमा समेत उल्लेख भएको पाइन्छ। सो कुरा माथि सारांशमा उल्लेख गरिसकिएको छ। अब नेपालको इतिहासमा नै सीमित भएर श्रीपशुपतिनाथका सम्बन्धमा केही चर्चा गरिनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र हिमालयका काखमा रहेको प्राचीन सरस्वती अथवा पार्वतीका वा वाग्वती नदीको पवित्र तटमा अवस्थित मृगस्थली, श्लेष्मान्तक आदि वनवाटिकाले घेरिएको यस स्थानलाई पूर्व समयमा अति पवित्र ईशानतीर्थ, ईशानधाम वा ईशानक्षेत्र समेत भन्ने गरेको पाइन्छ। पछि कालान्तरमा यस स्थानलाई पशुपतिक्षेत्र भन्न थालियो। यो कुरा पनि पुराणहरूमा उल्लेख भएको पाइन्छ। पशुपतिक्षेत्रको ठूलो धार्मिक र आध्यात्मिक महत्त्व छ। शास्त्रमा वर्णन गरिएअनुसारको पशुपतिक्षेत्रको प्राचीन सीमा हाल पाइँदैन। विभिन्न कालखण्डहरूमा यसको सीमा खुम्चिँदै गएको पाइन्छ। यसको सीमा खुम्चिएको भए पनि यसको महिमा भने खुम्चिएको छैन। यो क्षेत्र मानिसलाई भुक्ति र मुक्ति दिने क्षेत्र हो। यो क्षेत्र भगवान् श्रीशिवको अत्यन्त प्रिय क्षेत्र हो। यो क्षेत्र उहाँको क्रीडास्थली पनि हो। यसै कारणले यस क्षेत्रको महत्त्व अझै बढाउन शिव आफ्ना भक्त र मनुष्यमात्रका कल्याणका निम्ति पनि अव्यक्त महाज्योतिर्लिङ्गका रूपमा यहाँ अर्थात् पशुपतिक्षेत्रको पवित्र देवपत्तन वाग्वतीका तटमा आविर्भाव हुनुभएको र यसको आदि र अन्त्य ब्रह्मादि देवताहरूले पनि पत्ता लगाउन नसकेको कुरा पुराण आदिको अध्ययन अनुशीलनबाट थाहा हुन्छ। त्यस समयमा यो क्षेत्र निर्जन भएको हुँदा भगवान् श्रीशिवरूपी श्रीपशुपतिको अव्यक्त महाज्योतिर्लिङ्गको पूजाआराधना देवता, ऋषिमुनि र सिद्धहरूले मात्र गर्ने गर्दथे। कालान्तरमा जब बस्ती बस्तै गएर यस क्षेत्रमा साधारण मानिसहरू पनि आउन थाले, त्यसपछि प्राणीमात्रको कल्याणका लागि भगवान् श्रीपशुपतिनाथले आफ्नो महाज्योतिर्लिङ्गलाई अन्तर्गर्भमा राखेर त्यसका बाहिर पाँचमुख भएको भव्य प्रस्तर लिङ्गका रूपमा आविर्भाव हुनुभएको हो भन्ने एकातर्फ र अर्कोतर्फ ब्रह्मा र विष्णुले पाँचमुखे अलौकिक शिवलिङ्गको स्थापना गर्नुभएको हो भन्ने पनि पुराणहरूमा उल्लेख गरेको पाइन्छ। जुन कुरा माथि नै वर्णन गरिसकिएको छ।

लिङ्गका बारेमा पनि विभिन्न भनाइहरू शास्त्रमा पाइन्छन्। संस्कृत भाषाको व्याकरणको व्युत्पत्तिअनुसार यसलाई '**लीनं अर्थं गमयति**' इति लिङ्ग भनिन्छ। अर्थात् लुकेका वस्तुलाई प्रकट गर्ने चिह्नलाई लिङ्ग भनिन्छ। यसबाट अव्यक्त श्रीपशुपतिको स्वरूपलाई बाहिर स्पष्ट रूपले व्यक्त गर्ने चिह्न भएको हुँदा नै यसलाई लिङ्ग भनिएको तथ्य स्पष्ट हुन्छ।

वर्तमान पशुपतिक्षेत्रमा कहिले र कुन मितिमा भगवान् श्रीपशुपतिनाथको मुखलिङ्गको स्थापना वा आविर्भाव भई पूजाआराधना सुरु गरियो वा भयो भन्ने सम्बन्धमा निश्चित कुरा नेपालको इतिहासमा अङ्कित हुन सकेको भने पाइँदैन। हुन पनि अनादि तथा शाश्वत ब्रह्मरूप शिवका बारेमा सादि, नश्वर तथा अकिञ्चन मनुष्यले उनको आदि तथा इयत्ता पत्ता लगाउन खोज्नु असम्भव कुरा हो। पारमार्थिक रूपले यस कार्यमा ब्रह्मा र विष्णुसमेत असफल भएको पौराणिक कथनबाट गतार्थ हुने कुरा हो। किन्तु व्यावहारिकरूपले भने यस सम्बन्धमा केही लेख्नु नै पर्ने देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको उद्भवका सम्बन्धमा पुराना वंशावली, शिलालेख, ताडपत्र, ताम्रपत्र, आदि केही प्रमाणहरू पाइन्छन्। श्रीपशुपतिनाथको चर्चा गर्ने पहिलो वंशावली गोपालराजवंशावली हो, जुन ताडपत्रमा लेखिएको छ। त्यसको समय लगभग वि.सं. १४५० भन्दा पहिले नै भएको हो। पशुपतिक्षेत्रको उल्लेख वि.सं. ५९० को भस्मेश्वरमा स्थापना भएको शिवलिङ्गमा उत्कीर्ण भएको अभिलेखबाट थाहा हुन्छ। त्यसवेलासम्ममा पशुपतिक्षेत्र र श्रीपशुपतिको प्रसिद्धि सबैतिर फैलिसकेको थाहा हुन्छ। त्यसभन्दा अघि गोपालवंशका पालामा एउटी कैली गाईले वाग्वतीको तिरमा गएर दिनदिनै खाल्डोमा दूधको धारा बगाउन लागेको देखेपछि त्यहाँ उत्खनन गरेर हेर्दा श्रीपशुपतिमहाभट्टारक प्रादुर्भूत हुनुभयो भन्ने कुरा उपर्युक्त वंशावलीमा लेखिएको छ। नीप नामक गोपालले पशुपति प्रकट गरेका थिए भन्ने पनि उल्लेख भएको छ। गोपालवंशका पहिला राजा श्रीभूमिगुप्त भएको कुरा विद्वान् कुलचन्द्र कोइरालाले आफ्नो ग्रन्थ नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथमा उल्लेख गर्नुभएको छ।

उपर्युक्तअनुसार विचार गर्दा र अरू विभिन्न प्रमाणहरूको परिशीलन गर्दा पनि लिच्छवि राजाहरूको आगमनभन्दा झण्डै २४१९ वर्षअघि नै पशुपतिलिङ्गको महत्ता जनसमक्षमा आइसकेको सङ्केत पाइन्छ। अर्कोतर्फ लिच्छविहरूको शासन ई. सन् प्रथम शताब्दीभन्दा पहिले नै सुरु भएको कुरा नेपालको इतिहासमा उल्लेख भएको पाइन्छ। त्यसभन्दा अघि आठ पुस्ता गोपालवंशी राजाहरूले र तीन पुस्ता महिषपाल राजाहरूले यहाँ राज गरेको देखिन्छ। त्यसपछि ३२ पुस्ता किराती राजाहरूले राज गरेका थिए। किराती राजाहरूलाई हराएर लिच्छवि राजाहरूले यहाँ शासन सुरु गरेका थिए।

श्रीपशुपतिनाथको मन्दिरको प्रथम निर्माताका रूपमा लिच्छविराजामध्येका चौथो राजा सुपुष्पदेवलाई लिइएको छ। यिनको समय विक्रमपूर्व ४५४ भएको कुरा विद्वान्हरूले लेखेका छन्। त्यो समयभन्दा धेरै अगाडिदेखि नै श्रीपशुपतिनाथको प्रतिष्ठा र प्रसिद्धि भइसकेको देखिन्छ।

भगवान् श्रीपशुपतिनाथको उपर्युक्तअनुसार प्रसिद्धि र प्रतिष्ठा स्थापित र मन्दिरको निर्माण भएपछि विभिन्न कालखण्डमा नेपालका विभिन्न राजा, महाराजा, शासक, प्रशासक र धनीमानी व्यक्तिहरूले भगवान्को नित्य र नैमित्तिक आदि पूजाआजा विधिपूर्वक निरन्तर चल्न सकोस् भन्ने उद्देश्य राखेर धेरै थरी गुठीहरू राखेका थिए। त्यतिमात्र नभएर विभिन्न समयमा तुलादान, धनदान धर्मशालाहरूको निर्माण, श्रीको परिसर र यसै क्षेत्रभित्र विभिन्न देवीदेवताहरूका मन्दिरहरू र मठहरूको निर्माणसमेत गरेका थिए।

भगवान् श्रीपशुपतिनाथको पूजाआजा लिच्छविकालभन्दा पूर्व कसरी कसबाट हुन्थ्यो भन्ने सम्बन्धमा स्पष्ट उल्लेख कहीँ पाइँदैन किन्तु स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको ७७ अध्यायको ४५ औं श्लोकमा श्रीपशुपतिको नित्य पूजाआजा ब्राह्मणहरूद्वारा हुन्थ्यो भनिएको छ। त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख भएको भए तापनि नेपालको इतिहासमा भने लिच्छविकालका केही समयसम्म संन्यासी स्वामीहरूसमेतबाट श्रीपशुपतिको पूजाआजा चलेको देखिन्छ भनेर उल्लेख गरिएको छ। वि.सं. १२ औं शताब्दीको अन्त्यतिर काशीबाट आएका शङ्कराचार्यले दाक्षिणात्य ब्राह्मणहरूबाट श्रीको पूजाआजा गर्ने चलन गराएका थिए।

भगवान् श्रीपशुपतिनाथको पूजाआजासमेतमा भट्टलाई सहयोग पुर्‍याउने उद्देश्यले चार कवलका भण्डारीहरूको व्यवस्था गरिएको देखिन्छ। कहिलेदेखि यो व्यवस्था चलेको हो भन्ने यकीन मिति किट्न नसके तापनि जहिलेदेखि श्रीपशुपतिनाथको नियमित पूजाआजा चलन सुरु भयो, त्यसै बेलादेखि नै भण्डारीहरूको पनि व्यवस्था भएको हो भन्ने अनुमान मात्र गर्न सकिन्छ। भण्डारीहरूका सम्बन्धमा पहिलोपटक राजा यक्षमल्लको पालामा वि.सं. १५२७ माघको अभिलेखमा उल्लेख भएको छ। भण्डारीहरूको व्यवस्था पशुपति मन्दिरमा सेवा सुश्रूषा गर्ने लगायतका विभिन्न जिम्मेवारीहरू दिएर खान्की समेत तोकेर दथु, मतिभौ, मतमण्डल र कोफ्ले समेत गरी चारथरी कवल अर्थात् कुलका भण्डारीहरूलाई नियुक्त गरेको देखिन्छ।

यिनका अतिरिक्त मन्दिरको रेखदेख, संरक्षण, निरीक्षण र अन्य विविध कामका लागि पशुपतिमा बिसेटको पनि व्यवस्था गरिएको छ। यिनीहरूको खान्की, सेवा, सर्त र सुविधा पनि भट्ट, भण्डारीहरूलाई भएसरह तात्कालिक प्रचलित सनद, सवाल, ताडपत्र, ताम्रपत्र आदिबाटै गरिएको देखिन्छ।

रैरकमीको व्यवस्था पनि पशुपतिक्षेत्रमा भएको देखिन्छ। रैरकमीहरूको व्यवस्था पशुपति अन्तर्गतका विभिन्न गुठीहरूको सञ्चालन, मालपोतको असुली, रेखदेख र संरक्षण, पूजाआजा, सेवासमेत गर्नका लागि भएको देखिन्छ। रैरकमी अमालकोट कचहरी, पशुपतिभण्डार तहविल र जयवागेश्वरी भण्डार तहविल समेतमा रहेर काम गर्दछन्। यिनीहरूको पनि पुरानो समयमा सनद, सवाल आदिबाट व्यवस्था गरिन्थ्यो भने हाल भट्ट, भण्डारी र बिसेटसरह कानूनबाट नै व्यवस्था गरिएको छ।

यसरी श्रीपशुपतिनाथ राष्ट्रदेव, आराध्यदेव तथा देवाधिदेव भएको हुँदा तात्कालिक राजाहरूकै संरक्षणमा राज्यबाटै सबै व्यवस्था हुँदै आएको हुँदा पूजाआजा लगायतका सबै कुरामा कुनै प्रकारको खलल र व्यवधान नआई अत्यन्त सुव्यवस्थितरूपले सञ्चालन भएको थियो। पशुपतिक्षेत्र विकासकोषको संस्थागत रूपले व्यवस्था भई पशुपतिक्षेत्रको समग्र व्यवस्थापनको जिम्मेवारी दिनुपूर्व पनि पशुपतिमा विभिन्न कालखण्डमा पशुपति गोश्वारा लगायतका गुठीअन्तर्गतका निकायहरूका साथै विभिन्न व्यक्तिहरूको संयोजकत्वमा विभिन्न पटक समिति आदि गठन गरी राज्यले पशुपतिको संरक्षण र सुव्यवस्था गर्ने गरेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छविराजा सुपुष्पदेवका पालामा बनेको श्रीपशुपतिको मन्दिर पछि आएर विभिन्न राजाहरूका पालामा सुधार र पुनर्निर्माण भएको देखिन्छ। यतिमात्र नभएर कलात्मक तथा शास्त्रीय रूपले मन्दिरका भित्र, बाहिर, टुँडाल, स्तम्भ, ढोका, भित्ता, तोरण, सिङ्ख्वासमेतमा शास्त्र र तन्त्रअनुसारका विभिन्न देवी, देवता, मनुष्य, पशु, पंक्षी र विभिन्न प्राणीहरूका मूर्तिहरू अत्यन्त आकर्षक तथा कलात्मक रूपले निर्माण गरिएको छ। त्यतिमात्र नभएर उत्तरतर्फ सत्ययुग, पश्चिममा त्रेतायुग, दक्षिणमा द्वापरयुग र पूर्वमा कलियुगका प्रतीकात्मक चित्रहरू राखेर चित्रण गरिएको छ। त्यसरी चित्रण गर्दा ती प्रत्येक युगमा अवतीर्ण देवी, देवता र अन्य देवगणको पनि चित्रण गरिएको देखिन्छ। यसप्रकारको अत्यन्त आकर्षक र जीवन्त शास्त्रीय मन्दिरको निर्माण नेपालमा पशुपतिबाहेक अन्य कुनै पनि देशमा र कुनै पनि रूपमा निर्माण भएको देखिँदैन। यस्तो दुर्लभ तथा अद्भुत मन्दिर यसभन्दा अघि कहीँ पनि निर्माण भएको देखिएन र भविष्यमा पनि निर्माण हुनसक्ने सम्भावना देखिँदैन।

उपर्युक्तअनुसार सारसङ्क्षेपमा भगवान् श्रीपशुपतिनाथको महिमा नेपालमा र विश्वमा समेत के कस्तो रहेको छ भन्ने सम्बन्धमा वैदिककालदेखि लिएर नेपालको इतिहासको वर्तमानकालसम्मको उल्लेख गरियो। श्रीपशुपतिनाथको महिमा अपरम्पार रहेको कुरा यसबाट थाहा हुन्छ। अतः अन्त्यमा हामी प्रत्येक नेपालीले कहिल्यै बिर्सन नहुने कुरा के हो भने आराध्यदेवाधिदेव श्रीपशुपतिनाथ यस सम्पूर्ण सृष्टिचक्रको प्रवर्तक, संरक्षक र संहारक पनि हुनुहुन्छ। उहाँ अव्यक्त र व्यक्त परब्रह्म परमात्मा हुनुहुन्छ। हामी उहाँका लागि नभएर हाम्रा लागि उहाँ हुनुहुन्छ। **'धर्मो रक्षति रक्षितः'** अर्थात् जसले धर्मको रक्षा गर्दछ, धर्मले उसैको रक्षा गर्दछ। जसले धर्मको रक्षा गर्दैन त्यसको धर्मले पनि रक्षा गर्दैन। अझै स्पष्ट शब्दमा भन्ने हो भने भगवान् श्रीपशुपतिनाथ नै धर्मको साक्षात् मूर्ति हुनुहुन्छ। नेपालको इतिहासका विभिन्न कालखण्डमा जुन राजा, उच्च शासक, प्रधानमन्त्री वा अन्य कुनै पनि व्यक्तिले देवाधिदेव श्रीपशुपतिनाथप्रति अनास्था राखे, पूजाआजामा खलल पुऱ्याए वा उहाँप्रति अश्रद्धाभाव राखे तिनको पतन भएको कटुसत्य कुराको साक्षी नेपालको इतिहास छ। यस कुरालाई सबै सचेत नेपालीले हृदयङ्गम गर्न सकेमा सबैको कल्याण हुने कुरा निश्चित छ।

३. पशुपति र पशुपतिनाथ

पशुपतिनाथ नेपाली समाजमा धैरै लोकप्रिय नाम हो तर उक्त नाममा "नाथ" किन जोडिएको हो ? भन्ने बारेमा खोजीनीति गर्नुपर्ने देखिन्छ।

पशुपति नाममा नाथ शब्द जोडिएको देख्दा नाथसम्प्रदायको प्रभाव परेको हो भन्ने हाम्रो मनमा पहिलो विचार उठ्छ र यस्तै विचार बाबुराम आचार्यज्यूले पनि व्यक्त गरिसक्नुभएको छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"गोरखनाथ" का प्रभावबाट पारस "नाथ" भन्ने नामकरण भएको थियो। यसैको प्रभाव परेर पशुपति पनि "नाथ" कहिन लागेका थिए। पशुपति महादेवमात्र होइनन् "स्वंगु" कहलाइरहेको मध्ययुगको "सम् ये गू" विहार पनि "स्वयम्भूनाथ" कहिन लागेको थियो।

आचार्यज्यूको यो भनाइमा धेरै शङ्का गर्ने ठाउँ छ। पहिलो कुरो त पशुपतिसँग नाथ जोडिएको कुनै मध्यकालिक प्रमाण पाइएको छैन। मध्यकालदेखि नाथ सम्प्रदायको ठूलो गतिविधि चलेको वेलामा पनि पशुपतिको नाममा नाथ जोडिएको प्रमाण नपाइनु महत्त्वपूर्ण कुरा हो।

इतिहासकारहरूले पनि यस विषयमा सूक्ष्म दृष्टि नदिएको यौटा प्रमाण त माथि दिइसकिएको छ। पशुपतिसँग नाथ जोडिएका प्रमाण खोज्ने सन्दर्भमा लिच्छविकालिक शिलालेखहरूको निरीक्षण गर्दा इतिहासकारले यौटा प्रयोग गरेको पाइयो। त्यो हो राजा अंशुवर्माको ई. ६०५ को बुङ्मती अभिलेखमा सर्वप्रथम राजालाई "**भगवत्पशुपतिभट्टारकपादानुगृहीत**" उपाधि दिइएको छ। सो उपाधिको नेपाली अनुवाद गर्दा धनवज्र वज्राचार्यले "भगवान् श्रीपशुपतिनाथको पाउको अनुग्रह पाएका" लेखेका छन्। उनले संस्कृतको 'भट्टारक' को नेपाली अनुवाद गर्दा "नाथ" गरिदिएर पशुपतिनाथ बनाएका छन्। धनवज्रले त्यही रूपमा पनि यौटा सत्यको उद्घाटनमा मद्दत गरेका छन् त्यो के भने यो "पशुपति भट्टारक" कै नेपाली रूप पशुपतिनाथ भएको प्रमाण हो, नाथसम्प्रदायको प्रभावले यस्तो प्रयोग भएको होइन।

पशुपतिमा नाथ जोडिएको प्रमाण खोज्दै जाँदा श्री ५ पृथ्वीनारायण शाहको पालाको पशुपति भण्डारको बालकृष्णदेव शर्माको ई.१७७३ (वि.सं. १८३०) को ताम्रपत्रमा संस्कृतभागमा "श्री ५ पशुपतिर्जयति" र श्रीपशुपतिभट्टारक" को उल्लेख भएको पाइएको छ भने नेपाली भागमा "श्री ५ पशुपतिनाथ"को दुइपल्ट उल्लेख भएको पाइन्छ। पशुपति नाममा नाथ जोडिएको यो प्राचीनतम सन्दर्भ देखिएको छ। यसमा स्पष्टतः संस्कृत भट्टारकको नेपालीमा नाथ हुन गएको छ। यस सन्दर्भबाट ई. १७७९ भन्दा केही अघिदेखि पशुपतिनाथ भन्न थालिएको अनुमान गर्न सकिन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवाद्वैतविचार

–प्रा.शिवगोपाल रिसाल

'न द्वैतम् अद्वैतम्'

अर्थात् द्वैत (दुई) नभएको नै अद्वैत हो । त्यो हो ब्रह्म, त्यही नै शिव हो, आत्मा (आफू) हो।

'एकमेवाद्वितीयं ब्रह्म

अर्थात् एक अद्वितीय ब्रह्म हो । त्रिविधभेदविवर्जित अद्वैत वस्तु शिव हो, ब्रह्म हो ।

'ब्रह्मैवेदं सर्वम्' *(मुण्डकोपनिषत्, २।२।११)*

अर्थात् *यो सारा ब्रह्म हो ।*

आत्मैवेदं सर्वम् *(छान्दोग्योपनिषत्, ७।२५।२)*

अर्थात् *यो सारा आत्मा हो ।*

परमार्थमद्वयं ब्रह्म *(छान्दोग्योपनिषत्, ९।१।१)*

अर्थात् *परमार्थ सत्य अद्वितीय ब्रह्ममात्र छ । त्यसैले अद्वैतात्मबोध वा ब्रह्मात्मैक्यबोध गर्नु नै हाम्रो अन्तिम पुरुषार्थ हो ।*

अद्वैतं परमार्थो हि द्वैतं तद्भेद उच्यते ।–*(माण्डुक्यकारिका, ३।१७)*

पारमार्थिक सत्तामा त अद्वैतमात्र छ, द्वैत त पछि कल्पित हो, त्यो पनि अद्वैतबाट आएको हो । अद्वैत ब्रह्ममा, स्वगत, सजातीय र विजातीय तीनै प्रकारको भेद छैन ।

स्वगतभेद - रूखको हाँगाबिँगा, पात, फल, फूल आदि आफूमा नै भएको भेद भएकाले यसलाई स्वगत भेद भन्दछन् । ब्रह्ममा यस्तो भेद आदि छैन । सजातीय भेद- घडाको भिउँटसँग, कहतारोसँग, घ्याम्पोसँग, चिलिमसँग भेद छ । आत्मामा, ब्रह्ममा, शिवतत्त्वमा यस्तो भेद छैन । अद्वैतमा कससँग भेदको कल्पना गर्नु ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजातीय भेद - घडाको कपडासँग भेद छ, गाईको कुकुरसँग भेद छ, आँपको सुन्तलासँग भेद छ, ब्रह्मको (शिवको) अद्वैत तत्त्वको कसैसँग भेद छैन।

हामी वैदिक सनातनीहरू त्रिदेव मान्दछौँ -ब्रह्मा, विष्णु र शिव। सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु, संहारकर्ता शिव। त्यस्तै त्रिदेवी पनि मान्दछौँ - महाकाली, महालक्ष्मी, महासरस्वती। शक्तिका उपासक महाकालीको उपासना गर्दछन्, सम्पत्तिका उपासकहरू महालक्ष्मीको उपासना गर्दछन् भने ज्ञानका अनुसन्धाता, मुमुक्षुहरू महासरस्वतीको उपासना गर्दछन्। वास्तवमा त्रिदेव भन्नु र त्रिदेवी भन्नुमा तात्त्विक अन्तर छैन- एक हो, अद्वैत हो।

सृष्टिको संहार गर्ने हुन्– रुद्ररूप शिव। शिवलाई द्वैतप्रपञ्च, जगत्को पसारो, विषयको प्रपञ्च, मोक्षमार्गको तगारो पटक्कै मन पर्दैन। त्यसैले सम्पूर्ण सृष्टिलाई आफूमा उपसंहार गरिदिनुहुन्छ रुद्रस्वरूप भगवान् शिव। त्यसैकारण शिव अद्वैतमा अवस्थान गर्नुहुन्छ। शिव र आफूमा अन्तर छैन। शिवात्मबोध गराउनुहुन्छ शिव- निगम र आगमद्वारा सारा ज्ञानको भण्डार हुनुहुन्छ परब्रह्म परमात्मा शिव। शिवको जन्म भएको छैन। फेरि शिवको मरण पनि छैन।

शिव आफूलाई प्रकट गर्नुहुन्छ ज्योतिर्लिङ्गका रूपमा। ज्योतिर्लिङ्ग कुनै आधार होइन। यो त निर्गुण निराकारको प्रतीकात्मक अभिव्यक्ति मात्र हो- भक्तहरूको उद्धारहेतु। शिवलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता मानेर यो सारा चराचर जगत् शिवात्मरूप पनि मानिएको छ। त्यसैले शिव परात्पर, ओंकार, अखण्ड, ब्रह्मात्मरूप भनेर शिवको महिमा गाइएको छ। शिवपुराण, लिङ्गपुराण आदिले शिवलाई सगुण- निराकार, सगुण- साकार र निर्गुण- निराकार परब्रह्म परमात्मा, अद्वैतात्मस्वरूप, सच्चिदानन्द अद्वयरूप मानेका छन्। पुराणहरूमा शिवलाई संहारका मात्र देवता नमानेर कल्याणकर्ता आशुतोष, भोलेबाबा र ज्ञानका आदिस्रोत भनेर मानिएको छ। जगत्को कल्याणका लागि नै शिवले अनेक रूप लिनुभएको छ। उहाँका हजारौँ नाम छन्- महाभारतमा हजार नाम छन् भने शिवपुराणमा पनि हजार नाम छन्। यस्ता अनन्त नाम छन्। वेदमा, वैदिक साहित्यमा रुद्र नामले पनि शिवकै ख्यापन गरिएको छ। शिवले शिरमा भागीरथी गङ्गालाई धारण गर्नुभएको छ र त्यही गङ्गाद्वारा भगीरथका साठी हजार पितृको उद्धार भएको कथा पुराणहरूमा प्रसिद्ध छ। शिव निधारमा चन्द्रमा, हातमा र गलामा सर्पको बाला, माला, त्यस्तै आसनमा हात्तीको छाला, शरीरमा बाघको छाला, हातमा डमरु, त्रिशूल आदिले सुसज्जित हुनुहुन्छ। शिवको एक प्रसिद्ध नाम छ - आशुतोष अर्थात् भगवान्को भक्तिपूर्वकको प्रार्थना, पुकार, स्तुतिबाट तुरुन्तै प्रसन्न हुने र चाहेको वरदान दिने। शिवका तीन नेत्र छन्। तेस्रो हो ज्ञाननेत्र, प्रज्ञाचक्षु। कामदेवलाई भस्म पार्न तेस्रो नेत्रबाट अग्निको ज्वाला निस्केको थियो। पद्मपुराणअनुसार भृगुऋषिको श्रापले गर्दा शिवको मूर्ति लिङ्गाकारमा परिणत भएको हो र शिवलाई चढाएको नैवेद्य ग्रहण नगर्नू भनिएको छ। शिवलाई योगीराज, नटराज आदि भनिएको छ। तन्त्रविद्या, यन्त्रविद्या, मन्त्रविद्या आदिका साथै नाट्यविद्या, गानविद्यादेखि ब्रह्मविद्यासम्म पनि भगवान् शिवबाटै आफ्ना भक्तलाई प्रदान भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ। रामायणका प्रथम उपदेशक शङ्कर नै हुनुहुन्छ र पार्वती नै पहिली श्रोत्री हुनुहुन्छ। कैलासमा निवास गर्ने शङ्कर भोलेबाबाका नन्दी, भृङ्गी आदि पार्षदहरू छन् र शिवको वाहन वृषभ (साँढे) हो। भगवान् शिवको नाम पशुपति पनि हो।

नेह नानास्ति किञ्चन *(कठोपनिषत्, २।१।११, बृहदारण्यकोपनिषत्, ४।४।१९)*

परिपूर्ण, अखण्ड, अद्वैत, शिवतत्त्वदेखि अतिरिक्त कुनै वस्तु नै छैन। यसबाट सिद्ध हुन्छ भएको एकमात्र अद्वैत तत्त्व हो शिवतत्त्व, आत्मतत्त्व वा ब्रह्मतत्त्व। सुषुप्ति र समाधि अवस्थामा द्वैतप्रपञ्चको बाध हुने भएकाले जाग्रत् कालमा पनि द्वैत छैन। त्यसो भए तीनै कालमा रहने त अद्वैतस्वरूप आफू हो, ब्रह्म हो, शिव हो। आत्मतत्त्व र शिवतत्त्व एकै भएको हुनाले यो कस्तो छ भन्दा यो जन्मरहित, अज्ञानरहित, स्वप्नरहित, नाम र रूपले रहित, नित्य, सत्य, स्वप्रकाश, सर्वज्ञ, सर्वान्तर्यामी कल्याणस्वरूप छ। अद्वैततत्त्वको विचारविमर्श गर्दा स्पष्ट हुन्छ, जगत् वास्तवमा जन्मेकै छैन। आत्मा पनि जन्मेको छैन। अनि त द्वैतको सम्भावना नै देखिएन।

न कश्चिज्जायते जीवः सम्भवोऽस्य न विद्यते।
एतत्तदुत्तमं सत्यं यत्र किञ्चिन्न जायते॥ *(माण्डूक्यकारिका, अद्वैतप्रकरण ४८)*

न त कुनै जीव जन्मेको छ न त त्यसको कारण नै सम्भव छ। के चाहिँ वास्तविक सत्य हो भने आजसम्म कुनै पनि वस्तुको उत्पत्ति भएकै छैन।

श्रुतिको तात्पर्य अद्वैतस्थितिमा बस्नका लागि हो, अभेदबोध गर्नुमा छ। तीव्र मुमुक्षुहरूलाई जीव र ब्रह्मको एकता बुझाएर ब्रह्मात्मैक्यबोध गराउनु र त्यसको परिणामले आफ्नो अद्वैतस्वरूप राम्ररी बुझी त्यसैमा स्थित हुनका लागि मार्ग बताइदिनु नै शास्त्रको तात्पर्य हो। द्वैतप्रपञ्च त चित्तको स्पन्दन मात्र हो, हो त अद्वैततत्त्व मात्र। जीव पनि छैन- शिवै शिवमात्र भएको शाश्वत, सनातन वस्तु हो।

न कश्चिज्जायते जीवः सम्भवोऽस्य न विद्यते। *(माण्डूक्यकारिका, अद्वैतप्रकरण)*

आजसम्म जीव जन्मेकै छैन, भविष्यमा पनि आउने सम्भावना नै छैन। वेदान्तको अजातवादी सिद्धान्तअनुसार जगत्को, विषयको, जीवको अर्थात् ब्रह्म वा शिवभन्दा अतिरिक्त कुनै पनि वस्तुको उत्पत्ति स्वीकार्य छैन। कारण के त भने द्वैत पहिले थिएन, भविष्यमा देखिँदैन भने वर्तमानकालमा देखिएको पनि प्रतीतिमात्र हो, भान भएको हो, हो जस्तो लागेको मात्र हो, भएको हुँदै होइन, छँदै छैन। तीनै कालमा रहिरहने वस्तुलाई सत्य भनिन्छ तर द्वैत जगत् तीनै कालमा रहँदैन। जाग्रत् स्वप्नमा छैन, स्वप्न जाग्रत्मा छैन, जाग्रत् र स्वप्न सुषुप्तिमा छैन, सुषुप्ति जाग्रत्मा पनि छैन, स्वप्नमा पनि छैन भने यी तीनैवटा अवस्था वास्तवमा आपसमा व्यभिचारी भएको हुनाले मिथ्या हुन्। भएको सत्य वस्तु त आफू हो, अद्वैत ब्रह्म वा शिवतत्त्व मात्र हो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्य अवस्थात्रयः स्वप्नाः *(ऐतरेयोपनिषत्, १।३।१२)*

त्यो परब्रह्म अद्वैत ब्रह्मवस्तुका तीन अवस्था उपलब्धिस्थान- अवस्था छन् ती सबै नै स्वप्न हुन्, मिथ्या हुन् । यसबाट के कुरा स्पष्ट भयो भने अद्वैत ब्रह्मतत्त्वमा सारा अवस्था कल्पित हुन्, मिथ्या हुन् ।

शास्त्रको घोषणा छ -

''अद्वैतसंस्थोऽमृतत्वमेति''

अद्वैत ब्रह्ममा सदाकाल अखण्डरूपले स्थित भयो भने अमृतत्व प्राप्त गर्न सकिन्छ । सुषुप्ति र समाधिमा त्यही शिवाद्वैतस्वरूपता प्राप्त हुन्छ । आफ्नो अद्वैतस्वरूपमा, शिवात्मस्वरूपमा स्थित हुनका लागि पनि कृत्रिम, अस्वाभाविक उपाय अवलम्बन गर्नुपर्दैन । नभएको द्वैत पदार्थप्रतिको आसक्ति, अनुरक्ति, प्रीतिलाई चटक्कै छोडिदिए पुग्छ । आफू सदासर्वदा कल्याणस्वरूप हो, अकल्याण त पछि मात्र पलाएको वृत्तिविशेष हो । आफ्नो मूल स्वभाव, प्रकृति परम्परालाई राम्ररी बोधपूर्वक पालना गरिदिए शिवस्वरूप, कल्याणस्वरूपमा आनन्दपूर्वक बस्न सकिन्छ । पछि थपिएका अहङ्कारादि आवरण हटाए आफू त बनिबनाउ थियो स्वतः प्रकाशित भइहाल्छ । सूर्यलाई चम्काउनु परेको छैन, बादल पन्छाए पुग्छ । बादल पहिलेदेखि नै सूर्यमा थिएन, पछि आएको हो । पछि आएको अज्ञानलाई पहिलेदेखि नै भएको ज्ञानले हटाउनु अद्वैतको र शिवात्मदर्शनको मूल उद्देश्य हो । कौन्तेय कर्ण कौन्तेय बने - श्रुतिस्वरूपा आमा कुन्तीको आज्ञा तत्कालै स्वीकार गरे, राधेयभाव छुट्यो, कौन्तेय नै कौन्तेय बनेका हुन् । राधेय कौन्तेय बनेका होइनन् अपितु कौन्तेय नै कौन्तेय बनेका हुन् । त्यस्तै राजपुत्र नै राजपुत्र बनेका हुन्, डमरु नै डमरु बनेको हो । वेदान्तका यी प्रसिद्ध दृष्टान्तबाट के सिद्ध हुन्छ भने आफू अद्वैत ब्रह्म, अद्वैत शिव नै थियो । अब बोधपूर्वक श्रुतिमाताको आदेश निर्देश, उपदेशलाई हृदयतः श्रद्धाले, भक्तिले, विश्वासले स्वीकार गऱ्यो कि तत्कालै ब्रह्म नै ब्रह्मभावमा, शिव नै शिवभावमा, अद्वैतत्त्व नै अद्वैतभावमा भावापन्न हुन्छ । शिवात्म वा अद्वैतात्मज्ञानलाई आत्मसात् गर्नु नै हाम्रो परम पुरुषार्थ हो । शास्त्र पढ्नु, कुरो जान्नु, भन्न सक्नु, लेख्न सक्नु, ठूलो कुरो पटक्कै होइन । हामी अनुवाद होइनौं, अनुभव हौं । अनुभवमा आएको ज्ञानले, जीवनमा उत्रेको शास्त्रले मात्र जीवन धन्य र कृतकृत्य हुन्छ । अनुवादले मात्र केही काम दिंदैन ।

शिवतत्त्व र अद्वैततत्त्व त आत्मतत्त्व नै हो भनी बुझ्नु र आफूले आफूमा शिवत्व र अद्वैतको अनुभव गर्नु प्रस्तुत प्रसङ्गको मूल विषय हो । सामान्यतया शिव भन्नु र विष्णु भन्नु एकै हुन् । शिव र विष्णुमा कदापि भेददृष्टि नराख्नु - यो शास्त्रको निर्देश हो । शिव, विष्णु, गणेश, दुर्गा र सूर्य बेग्लाबेग्लै जस्तो देखिए, मानिए तापनि एकै हुन्, अद्वैत हुन् । शिव शब्दले वेद भन्ने पनि अर्थ दिने हुनाले वेदले त द्वैतलाई सहनै सक्दैन- **द्वैतं नो सहते श्रुतिः ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले वेद हो अद्वैत। वेदको सार हो ॐकार, त्यही नै हो शिवतत्त्व। शिव भनेको वेद हो भन्ने कुरा यसरी स्पष्ट हुन्छ -

अट्टशूला जनपदाः शिवशूला द्विजातयः।
कामिन्यः केशशूलिन्यो भविष्यन्ति कलौ युगे॥

अर्थात् जनपदहरू गाउँगाउँमा अन्न बेच्दछन्। ब्रह्मणहरू वेदलाई बेचेर खान्छन्। स्त्रीहरू देहव्यापार गरेर सुखभोग गर्दछन्। कलियुगमा यस्तै हुन्छ।

यो धेरै धेरै हजार वर्षअगाडिको भविष्यवाणी हो, कलियुग आउनुभन्दा अगाडिको। आज ठीक यस्तै भइरहेछ। शिवको अर्थ वेद हुँदा वेदले र शिवले कल्याणै गर्ने हो। मानवको आत्यन्तिक कल्याणस्वरूप, वेदपुरुष परमात्मा शिव नै हुनुहुन्छ र उहाँ अद्वैतात्मस्वरूप हुनुहुन्छ।

शिवतत्त्वको विषयमा मन्त्रद्रष्टा ऋषिहरूले प्रशस्त चर्चा गरेका छन्, महिमा गाएका छन्। ऋग्वेदमा रुद्रको प्रसङ्ग ठाउँठाउँमा आएको छ। शुक्लयजुर्वेदको वाजसनेयीसंहिता (अध्याय १६) मा शतरुद्रिय पाठमा शिवको मूल वा महत्त्वपूर्ण रूपको प्रशस्त चर्चा आएको छ। अथर्ववेदमा रुद्रको महान् महिमा गाइएको छ। शिवको बहुआयामिक स्वरूपको व्यापक चर्चा छ वेदहरूमा। उत्तरवैदिक साहित्यमा शिव शब्द रुद्रको पर्यायका रूपमा प्राप्त हुन्छ। श्वेताश्वतरोपनिषत्मा रुद्रका अनेक नाममा शिव पनि एक प्रयोग भएको छ। शाङ्ख्यायन, कौषीतकी आदि ब्राह्मणग्रन्थहरूमा शिव, रुद्र, महादेव, महेश्वर, ईशान आदि रुद्रकै नामभित्र परेका छन्। शतपथब्राह्मणमा रुद्र, शर्व, उग्र तथा अशनिले शिवकै घोर (भयङ्कर) रूपको प्रतिनिधित्व गरेको पाइन्छ। यजुर्वेदमा त शिवको मङ्गलमय स्वरूप शम्भु, शङ्कर आदि नामको उल्लेख छ।

पाणिनिको अष्टाध्यायी, पतञ्जलिको महाभाष्य आदिमा रुद्र, शिव आदि नामको उल्लेख भएको छ। शैवपुराणहरूमा शिवको विस्तृत वर्णनका साथै शिवतत्त्वको समेत विवेचन पाइन्छ। शिवतत्त्व र शक्तितत्त्वलाई अद्वैततत्त्वमा मिलाएर अभेददर्शन गर्न अर्धनारीश्वरका रूपमा र शिवतत्त्व र विष्णुतत्त्वलाई एकाकार बनाएर हरिहर रूपमा पनि भक्तहरूले, दार्शनिकहरूले आराधना, उपासना गरेका छन्। यसबाट सिद्ध हुन्छ– अद्वैततत्त्व नै सर्वोपरि हो। त्यसैले भनियो -

अभेददर्शनं ज्ञानम् *(स्कन्दोपनिषत्, ११)*

अद्वैत नै हो अभेद। त्यही अभेद र अद्वैत नै हो शिवतत्त्व। वेदका प्रसिद्ध चार महान् वाक्यहरू (**प्रज्ञानं ब्रह्म** - ऋग्वेद), (**अहं ब्रह्मास्मि** - शुक्लयजुर्वेद), (**तत्त्वमसि** - सामवेद), र (**अयमात्मा ब्रह्म** - अथर्ववेद) ले पनि अद्वैतात्मज्ञान र शिवतत्त्वकै निर्देश गरेका छन्। सारा उपनिषत्को सार हो– अद्वैत शिवतत्त्व। अद्वैतोपनिषत् र अद्वैतभावनोपनिषत्ले अद्वैत ब्रह्मको मात्र प्रतिपादन गरेका छन्। **ईश्वरानुग्रहादेव पुंसामद्वैतवासना** (अवधूतगीता, १) अर्थात् भगवान् शिवकै अनुग्रहले मानिसमा (पुरुषमा) अद्वैतवासनाको आविर्भाव हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमात्रोऽनन्तमात्रश्च द्वैतस्योपशमः शिवः ।
ओङ्कारो विदितो येन स मुनिर्नेतरो जनः ॥ *(माण्डूक्यकारिका, १।२९)*

जसले मात्राविभागले रहित र परिच्छेदले रहित, द्वैतप्रपञ्चले रहित कल्याणस्वरूप (शिव) ॐकारलाई जान्दछ, त्यो सामान्य मनुष्य मात्र नभएर मुनि नै हो ।

सर्वसंसारधर्मवर्जित, परमानन्दरूप, अद्वैत ॐकारस्वरूप हो शिवतत्त्व । शिव नितान्त एक्लो, नाङ्गो, प्रपञ्चरहित तत्त्व हो । शिव भनेको वेद हो । वेदले द्वैतलाई सहन गर्न सक्दैन - **द्वैतं नो सहते श्रुतिः ।** अतः वेदको तत्त्व र शिवतत्त्वमा अभिन्नताको बोध हुँदा नै यथार्थताको बोध भएको मानिन्छ । शिवको अर्थ आत्मा पनि हो अनि ब्रह्म पनि हो । आत्मा र ब्रह्ममा द्वैतको गन्धसम्म पनि छैन । उपनिषत्को उद्घोष छ -

नान्तःप्रज्ञं न बहिष्प्रज्ञं नोभयतः प्रज्ञं न प्रज्ञानघ्नं न प्रज्ञं नाप्रज्ञम् । अदृष्टमव्यवहार्यमग्राह्यम लक्षणमचिन्त्यमव्यपदेश्यमेकात्मप्रत्ययसारं प्रपञ्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः । *(माण्डूक्योपनिषत्, ७)*

अर्थात् यो आत्माको चौथो पाउ हो । यसलाई तुरीय पनि भनिन्छ । यसले न भित्रका पदार्थहरूलाई जान्दछ न त बाहिरकालाई जान्दछ । यसले भित्र र बाहिरका दुवै पनि जान्दैन । त्यो ज्ञानको समूह पनि होइन । यसलाई जान्ने भन्न पनि मिल्दैन नजान्ने भन्न पनि हुँदैन । यसलाई देख्न पनि सकिँदैन । यो व्यवहारमा पनि आउँदैन । यसको कुनै चिह्न पनि छैन । यो चिन्तनीय पनि होइन । यसको वर्णन गर्न पनि सकिँदैन । सबै अवस्थामा व्याप्त भएर रहेको त आत्मा मात्र हो भन्ने ज्ञानद्वारा मात्र यसलाई जान्न सकिन्छ । यसैमा गएर सारा दृश्यजगत् विलीन हुन्छ । यो आत्माको चौथो (तुरीय) पाउ शान्त छ, कल्याणकारी (शिव) छ र अद्वैत छ भनी ब्रह्मज्ञानीहरू भन्दछन् । त्यही नै आत्मा हो र जान्नुपर्ने पनि आत्मा मात्र हो ।

द्वैतजगत्, प्रपञ्च, विषय आदि सम्पूर्ण प्रकारका भित्री र बाहिरी विकारहरूले, विभेदहरूले, विषयहरूले रहित भएको हुनाले नै आत्मालाई शिव अर्थात् कल्याणरूप भनिएको हो ।

शिवतत्त्व अद्वैत हुन्छ, अतः शिवतत्त्व र अद्वैततत्त्वलाई तात्त्विक दृष्टिले हेर्दा, अनुसन्धान गर्दा एकै हो, उही नै हो । जसरी महाकाशमा द्वैतको, भेदको, अन्यको, खण्डको कल्पनासम्म पनि गर्न सकिँदैन त्यसरी नै शिवमा, आत्मामा, ब्रह्ममा द्वैतको सम्भावना नै छैन । यसबाट पनि सिद्ध हुन्छ शिवतत्त्व र अद्वैततत्त्वमा एकता छ, अभिन्नता छ ।

अद्वैतं परमार्थो हि द्वैतं तद्भेद उच्यते । *(माण्डुक्यकारिका, अद्वैतप्रकरणम् १८)*

अर्थात् अद्वैत ब्रह्मतत्त्व नै पारमार्थिक सत्य हो । भूत-भौतिक सारा द्वैतप्रपञ्च त त्यही अद्वैत ब्रह्मतत्त्व वा शिवतत्त्वको विवर्तमात्र हो ।

आफ्नो मूल स्वरूपलाई पटक्कै नछोडेर अर्को रूपमा देखिनुलाई विवर्त भन्दछन् । विवर्तरूपमा देखिएको द्वैतजगत् पनि ब्रह्मकै वा शिवतत्त्वकै अर्को रूप भएकाले शिवतत्त्व वा अद्वैततत्त्वदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्न होइन, अभिन्न नै हो। वेदले शिवलाई, रुद्रलाई त सर्वस्व नै मानेको छ। रुद्रीमा शिवको महान् महिमा गाइएको छ। त्यस्तै उपनिषत्‌हरूले पनि शिवको व्यापक प्रशंसा गरेका छन्।

शिवो गुरुः शिवो वेदः शिवो देवः शिवः प्रभुः।
शिवोऽस्म्यशिवः सर्वं शिवादन्यन्न किञ्चनः॥ *(वराहोपनिषत्, ४।३२)*

अर्थात् शिव नै गुरु हुनुहुन्छ। शिव नै वेद पुरुष हुनुहुन्छ। शिव वास्तवमा महान् गुरु हुनुहुन्छ। शिवबाट आगम, निगम, तन्त्र-मन्त्र, सारा शास्त्र आएका छन्। सारा त्रिभुवन शिवको स्वरूपमा देखापरेको छ। म पनि शिवकै रूपमा परिणत हुन्छु। सारा प्रपञ्चमा तात्त्विक भेद छैन। शिवदेखि अतिरिक्त सत्ता कसैको कहीँ पनि छैन।

सम्पूर्ण जगत्‌ले शक्ति पाएका छन्, त्यही ब्रह्मचैतन्यबाट। त्यो हो अद्वैत ब्रह्मचैतन्य। त्यो चैतन्य म नै हुँ। मदेखि त्यो शरीरभित्र अनुप्रविष्ट चैतन्य भिन्न होइन- अद्वैत हो। सुनबाट नाना प्रकारका गहना बन्छन् तर ती गहना सुनदेखि भिन्न होइनन्। माटोबाट नाना प्रकारका भाँडाकुँडा बन्दछन्। ती माटोदेखि भिन्न होइनन्। त्यस्तै अद्वैतब्रह्मतत्त्व वा शिवतत्त्वबाट जगत्‌को निर्माण भएको छ। ती नाना जगत् अद्वैत शिवतत्त्वदेखि भिन्न होइनन्।

अद्वैते स्थैर्यमायाते द्वैते च प्रशमं गते।
पश्यन्ति स्वप्नवल्लोकं तुर्यभूमिसुयोगतः॥ *(वराहोपनिषत्, ४।१२)*

अर्थात् अद्वैत शिवतत्त्वमा स्थिरतापूर्वक बस्यो भने र सम्पूर्ण प्रकारका द्वैतप्रपञ्च समाप्त भयो भने त्यस्ता साधक, तपस्वी, विवेकी, मुमुक्षु महात्माले जगत्‌लाई स्वप्नतुल्य देख्दछन्। यति भएपछि आरामसँग तीनै अवस्थाभन्दा परको तुरिय भूमिकामा अवस्थान गर्दछन्।

स्थित हुनुपर्ने अद्वैतमा हो। समाधिमा द्वैत हुँदैन, सुषुप्तिमा द्वैत हुँदैन। साधकले प्रशस्त प्रयत्न गरेर भेट्टाउने ठाउँ यही नै हो। यहाँ शान्ति छ, आनन्द छ। तुरीयमा जाग्रत् आदि तीन अवस्था छैन। स्वर्गादि लोकालोक आदिको कल्पना पनि नगर्ने, भूत, भविष्यत् आदि अवस्थाको पनि प्रकाशरूप, साक्षीरूप, विश्वब्रह्माण्डका अधिष्ठाता परमात्मा नै हुनुहुन्छ। विषय नचिताए, स्वरूपमा ननिदाए ब्रह्मसाक्षात्कार हुन्छ। सारा अनर्थको हेतु हो– द्वैतप्रपञ्चको चिन्तन। अद्वैततत्त्वमा नै शिवतत्त्वको यथार्थ अनुभव हुन्छ। शिव कल्याणस्वरूप हुनुहुन्छ। शिवमा नै समर्पित भए अद्वैतानुभव हुन्छ। त्यसैले शिव नितान्त नाङ्गो हुनुहुन्छ- दिगम्बर भोलेबाबा। श्मशानवासी शिवको जगत्‌सँग प्रपञ्चसँग पटक्कै सम्बन्ध छैन। शिवमा कल्याणै कल्याण, एकान्तै एकान्त अद्वैत आफूमात्र छ। यसैलाई भन्दछन् शिवात्म-अद्वैत वा अद्वैतात्मशिव।

शीङ् स्वप्ने धातुबाट 'शिव' शब्दको सिद्धि हुन्छ। **'शेरते प्राणिनो यत्र स शिवः,' 'विश्रामस्थानमेकम्'** आदि प्रमाणबाट के कुराको पुष्टि हुन्छ भने सम्पूर्ण प्राणीहरूको अन्तिम विश्रामस्थल शिव, अनादिकालदेखिका अनन्त पाप र तापबाट उद्विग्न भएर विश्राम, आधार खोज्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिँडेका प्राणीहरू जहाँ पुगेर शयन गर्दछन् ती शिव, त्यस्ता सबैका अधिष्ठान, आधार, सर्वाश्रयरूप शिव तात्त्विक रूपमा ब्रह्म, सबैका आत्मा र अद्वैतस्वरूप हुनुहुन्छ।

रुद्र पनि शिवकै रूप हुनुहुन्छ। दश इन्द्रिय र एक मन मिलेर बनेको एकादश रुद्रकै रूपमा मानिएको छ। यो निस्क्यो भने प्राणी रुन्छन्। प्राणीहरूलाई रुवाइदिन्छन्। त्यसैले एकादश रुद्र भए। कल्याण गर्ने शिव, रुवाउने रुद्र वास्तवमा एक हुन्, उही हुन् यसलाई आधिदैविक होइन, आध्यात्मिक रुद्र भन्नुपर्छ। पाउका अधिष्ठाता विष्णु भएझैं रुद्र अहङ्कारका अधिष्ठाता हुन्- **एको रुद्रो न द्वितीयोऽवतस्थे** अर्थात् पहिले एक रुद्र नै तत्त्व थिए। दोस्रो अरू केही, कोही थिएन। यी नै वास्तवमा महाकारण, कारणका पनि कारण वा कार्यकारणातीत शुद्ध, अद्वैतब्रह्म हुन्। यी नै 'रोदनात् रुद्र' भए, प्रलयकालमा सबैलाई रुवाउँछन्।

शिवका हजारौं नाम छन्। ती सबैले आफ्नो नामलाई सार्थक बनाएका छन्। जुन नाम जपे पनि हुन्छ। महादेव देवाधिदेव हुन्। भगवान् शिव 'महादेव' भनेर श्रद्धाले भक्तिले कसैले उच्चारणमात्र गरेपछि ती भक्तको कल्याणका लागि जसरी आफ्नो भर्खरको दूधे बाच्छा-बाच्छीका पछाडि पछाडि लैनो गाई दौडन्छिन् त्यसै गरी भक्तको पछाडि दौडनुहुन्छ -

महादेव महादेव महादेवेति वादिनम्।
वत्सं गौरिव गौरीशो धावन्तमनुधावति॥

अर्थात् जुन भक्तले भक्तिभावपूर्वक 'महादेव, महादेव, महादेव' भनी तीनपटक भगवान् शिवको नाम उच्चारण गर्दछन् भने भगवान्को पहिलो नामबाटै उनले मुक्ति प्राप्त गर्दछन् र बाँकी दुई नामबाट भगवान् सदाका लागि ऋणी हुनुहुन्छ -

महादेव महादेव महादेवेति यो वदेत्।
एकेन मुक्तिमाप्नोति द्वाभ्यां शम्भु ऋणी भवेत्॥

भगवान् शिव, आशुतोष, भोलेबाबाको कत्रो दया ! कत्रो महिमा ! वास्तवमा शिवतत्त्व ब्रह्मतत्त्व हो, अद्वैततत्त्व नै हो।

'सत्यं ज्ञानमनन्तं ब्रह्म'-शिव, विष्णु, देवी, सूर्य र गणेश तात्त्विक दृष्टिमा अनन्त, अद्वैत हुनुहुन्छ। भेद दृष्टिले हेर्नु भएन, हेर्नुहुन्न- यही हो वेदको, शास्त्रको, उपनिषत्को निर्णय। शिव परम कल्याण, परम मङ्गलदायक स्वरूप हुनुहुन्छ भने 'शं' 'कर' प्रदान गर्ने शङ्कर कल्याण स्वरूप हुनुहुन्छ। त्यसैले तात्त्विक दृष्टिले हेर्दा जुन नामबाट पुकारे पनि पुगिने वा पुग्नुपर्ने स्थान हो- अद्वैत, अखण्ड, परिपूर्ण, सच्चिदानन्दस्वरूपमा। यसरी अद्वैतस्वरूप शिव वा शिवस्वरूप अद्वैतको अपरोक्ष बोध भए मोक्ष लाभ भयो। हाम्रो मानवजीवनको परमपुरुषार्थ लाभ भयो, जीवन धन्य भयो, कृतकृत्यता प्राप्त भयो।

हरिः ॐ तत्सत् शिवमस्तु !

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

खण्ड– ३

उपासना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीचक्रको उपासना

–पं. कृष्णप्रसाद भट्टराई

श्रीचक्र

श्रीविद्याको यन्त्रलाई 'श्रीचक्र' भन्दछन् । यसमा जुन 'श्री' शब्द आएको छ त्यो श्रीविद्याको वाचक हो भने 'चक्र' शब्द चक्रस्वरूप यन्त्रको । केवल यही एउटा यस्तो चक्र हो जुन समस्त ब्रह्माण्डको प्रतीक हो। यो प्रणवस्वरूप शब्दब्रह्मको पनि प्रतीक हो। यो परब्रह्मस्वरूपिणी आदिप्रकृतिमयी श्रीविद्यारूप महात्रिपुरसुन्दरीको आराधनास्थल हो । यो चक्र उनको दिव्य धाम हो, दिव्य रथ हो र यसको सन्निवेश मनोहर छ। यसमा समस्त देवताहरूको आराधना र सबै प्रकारको उपासना हुन्छ। यसमा सबै आम्नायको, सबै क्रमको, सबै आचारको, सबै विद्याको र सबै तत्त्वको समावेश हुन्छ। यसमा सबै वर्णका, सबै आश्रमका, सबै सम्प्रदायका सबै प्रकारका अधिकारीहरू उपासकका रूपमा प्रविष्ट हुन सक्दछन् । यसमा सबैका लागि स्थान छ।

सन्निवेश र विन्यास

श्रीचक्रको सन्निवेश मनोहर छ र यसको विन्यास पनि अद्भुत छ। यसको मध्य भागमा (केन्द्रमा) बिन्दु र सबैभन्दा बाहिर भूपुर हुन्छ। भूपुरको चारतिर चार द्वार हुन्छन् । बिन्दुदेखि लिएर भूपुरसम्म यसका जम्मा दश प्रकारका अवयवहरू हुन्छन् । ती क्रमशः यसप्रकारका छन्– बिन्दु, त्रिकोण, अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, अष्टदल, षोडशदल, वृत्तत्रय (त्रिवृत्त) एवं भूपुरत्रय। यथा-

"बिन्दुत्रिकोणवसुकोणदशारयुग्मं
मन्वस्रनागदलसंयुतषोडशारम् ।
वृत्तत्रयञ्च धरणीसदनत्रयञ्च
श्रीचक्रराजमुदितं परदेवतायाः ॥"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाको अवसरमा बिन्दु पनि तीन मानिन्छ। जसले गर्दा यसमा जम्मा सोह्र अवयव हुन जान्छन् । यिनमा त्रिकोणदेखि लिएर चतुर्दशारपर्यन्त जुन पाँच अवयवहरू छन्, तिनीहरू परस्पर एकपछि अर्को गरी विचित्र किसिमले अनुस्यूत भएका हुन्छन् यसले गर्दा यिनीहरूबाट अन्य कैयौं अवान्तरकोण एवं रेखाहरू बन्दछन् । फेरि चतुर्दशारका जुन कोणहरू हुन्छन्, तिनका पनि टुप्पाहरू बाहिरको अष्टदलसँग मिलेका हुन्छन् र त्यसैगरी अष्टदलका टुप्पाहरू षोडशदलसँग र षोडशदलका टुप्पाहरू प्रथमवृत्तसँग मिलेका हुन्छन्, यसले गर्दा अरू पनि कैयौं कोष्ठ र कोणहरू बन्न जान्छन् । जसलाई यहाँ 'स्पन्दी चक्र' पनि भनिन्छ । यिनमा बिन्दु, अष्टदल, षोडशदल, त्रिवृत्त र चतुरस्रलाई शिवको अंश एवं त्रिकोण, अष्टकोण दुई दशकोण र चतुर्दशारलाई शक्तिको अंश मानिएको छ-

"बिन्दुश्चाष्टदलं पद्मं षोडशारं त्रिवृत्तकम् ।
चतुरस्राख्यचक्रं च शैवभागानि पञ्च च ॥
त्रिकोणमष्टकोणं च दशकोणद्वयं तथा ।
चतुर्दशारमेतानि शक्तिभागानि सुन्दरि ॥

यसरी शिवत्रिकोण र शक्तित्रिकोण मिली परस्पर काटिएर कुल त्रिचालीस कोणहरू बन्दछन् । त्रिवृत्तको गणना नगर्ने हो र दशकोणलाई अन्तर्दशार र बहिर्दशार गरी गणना गर्ने हो भने चार शिवचक्र र पाँच शक्तिचक्र गरी नौ चक्रहरूद्वारा त्रिचालीस कोणहरू बन्दछन् । शास्त्रले भनेको पनि छ-

"चतुर्भिः शिवचक्रैश्च शक्तिचक्रैश्च पञ्चभिः ।
नवचक्रैश्च संसिद्धं श्रीचक्रं शिवयोर्वपुः ॥"
शक्तिचक्र र शिवचक्रको बारे यस्तो पाइन्छ-
त्रिकोणमष्टकोणञ्च दशकोणद्वयं तथा ।
चतुर्दशारञ्चैतानि शक्तिचक्राणि पञ्च च ॥"

त्यसै गरी-

"बिन्दुश्चाष्टदलं पद्मं पद्मं षोडशपत्रकम् ।
चतुरस्रञ्च चत्वारि शिवचक्राण्यनुक्रमात् ॥"

त्रिवलय एवं दशकोणद्वय दुवैलाई ग्रहण गर्दा पाँच शिवभाग र पाँच शक्तिभाग गरी दश शिवशक्त्यात्मक चक्रहरूबाट श्रीचक्र बन्दछ ।

श्रीचक्रका ऊर्ध्वमुख चार त्रिकोणहरू शिवत्रिकोण हुन् भने अधोमुख पाँच त्रिकोणहरू शक्तित्रिकोण हुन् । बाहिर जुन भूपुर छ त्यो एक प्रकारको प्राकार अथवा दुर्गझैँ देखिन्छ । यसप्रकार श्रीचक्रको विन्यास अत्यन्त मनोहर हुन्छ र मनोहर हुँदाहुँदै यो जटिल पनि छ । त्यसैले यसलाई श्रीपुर अर्थात् श्रीविद्याको पुर पनि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगमहरूमा यस चक्रलाई एउटा दिव्य द्वीपको रूपमा वर्णन गरिएको छ, दिव्य नगरको रूपमा यसको निरूपण भएको छ किनभने कोशकारहरूले चक्र शब्दको अर्थ नगर पनि बताएका छन्। रक्तवर्ण सुधासमुद्रले घेरिएको यो 'रत्नद्वीप' हो। यसमा कल्पवृक्ष पारिजातदेखि लिएर सबै प्रकारका फलफूल तथा लता-वनस्पतिहरूले हराभरा दिव्य नन्दन उद्यानको बीचमा अनन्त योजन विस्तीर्ण रत्नप्राकारभित्र अवस्थित यस पुरको मध्यमा रत्नसिंहासनमाथि अनन्तकोटि ब्रह्माण्डनायिका श्रीमहात्रिपुरसुन्दरी विराजमान हुनुहुन्छ। यो पुर चक्राकार छ। यसैको प्रतीक श्रीचक्र हो। यही चक्राकार रथमा बसेर, सम्पूर्ण देवदेवी, योगिनी आदि आफ्ना विभूतिहरूको चक्र अर्थात् समूहले परिवृत भएर देवीले भाण्डासुरको संहार गर्नुभएको थियो। यो आख्यानबाट पनि श्रीचक्र चक्राकार द्वीप, पुर अथवा सर्वतः स्वविभूतिपरिवृत आदिशक्तिको नै प्रतीक हो भन्ने सिद्ध हुन्छ। यस चक्रको मध्यवर्ती बिन्दु शिवको र त्रिकोण शक्तिको स्थान हो तथा रूप पनि हो। फेरि यी दुईको समन्वय भएपछि समरसीभावले स्थित शिवशक्तिरूप साक्षात् परब्रह्म एवं उनकी चिद्रूपा आदिशक्तिको एकीभावको प्रतीक यही बिन्दु हुन्छ, हुन जान्छ। यसरी यो बिन्दु श्रीमहात्रिपुरसुन्दरीको केन्द्रबिन्दु बन्दछ र श्रीचक्ररूप पुर सम्पूर्ण देवताहरूको आवास भन्नुको तात्पर्य के हो भने उनै महात्रिपुरसुन्दरी विभिन्न देवतारूप आफ्ना विभूतिहरूद्वारा यस पुरलाई व्याप्त गरेर यसको बीचमा बस्नुहुन्छ, यसर्थ यो श्रीचक्र उहाँको प्रतीक हो। फेरि मेरुपृष्ठको आकारमा यो चक्र जब माथि उठेर अग्लो आकारको बन्दछ, त्यस अवस्थामा यस समस्त ब्रह्माण्डलाई धारण गरेको सुमेरु पर्वतको प्रतीकको रूपमा देखापर्दछ र पुराणहरूमा वर्णित सुमेरुमा अवस्थित सबै लोकहरूको यसमा समन्वय हुन जान्छ। शास्त्रमा 'मेरु' नवार्णको रूपमा वर्णित छ तथा श्रीचक्रलाई 'मेरु' रूप मानिएको छ। यथा-

"श्रीचक्रमपि देवेशि मेरुरूपं न संशयः ॥"

"लकारात् पृथिवीदेवी सशैलवनकानना।
सकाराच्चन्द्रतारादिग्रहराशिस्वरूपिणी ॥"

सम्प्रदायगत विशेषता

श्रीचक्रका मुख्य तीन सम्प्रदाय छन्– हयग्रीवसम्प्रदाय, आनन्दभैरवसम्प्रदाय तथा दक्षिणामूर्तिसम्प्रदाय। यिनीहरूमध्ये हयग्रीवसम्प्रदायमा त्रिवृत्त हुँदैन, आनन्दभैरवसम्प्रदायमा त्रिवृत्त त हुन्छ तर त्यसमा पूजा हुँदैन परन्तु दक्षिणामूर्तिसम्प्रदायमा श्रीचक्रमा त्रिवृत्त पनि हुन्छ र त्यहाँ पूजा पनि हुन्छ।

प्रकार र प्रस्तार

बनावटको दृष्टिले श्रीचक्र तीन प्रकारका हुन्छन् – भूपृष्ठ, कच्छपपृष्ठ र मेरुपृष्ठ। यसमा जुन समतल हुन्छ, त्यसलाई भूपृष्ठ, जुन कछुवाको पिठ्यूँझैँ केही उठेको हुन्छ, त्यसलाई कच्छपपृष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र जुनचाहिँ सुमेरुपर्वतझैँ आफ्नो अनुपातमा पूर्णरूपले माथिसम्म उठेको हुन्छ, त्यसलाई मेरुपृष्ठ भनिन्छ।

उपासनाका दृष्टिले शास्त्रमा यसको तीन प्रस्तार मानिएको छ – मेरुप्रस्तार, कैलासप्रस्तार तथा भूप्रस्तार। यिनीहरूको उपयोग पहिलो त यथाक्रम कामेश्वरी आदि नित्याहरूको तथा वशिन्यादि वाग्देवताहरूको, सङ्क्षोभणी आदि मुद्राहरूको तथा अणिमादि सिद्धिहरूको तादात्म्यमा हुन्छ भने दोस्रोचाहिँ सृष्ट्यादि क्रममूलक पूजाका लागि एवं भिन्नभिन्न आश्रमहरूका लागि हुन्छ किनभने शास्त्रमा मेरुप्रस्तारमा संहारक्रमबाट पूजा नगरी सृष्टिक्रमबाट गर्नू भनिएको छ। साथै संहारक्रमबाट कैलासप्रस्तारमा तथा स्थितिक्रमबाट भूप्रस्तारमा पूजा गर्नू भन्ने वचन छ-

"मेरुचक्रे तु संहारक्रमपूजा न विद्यते।
सृष्टिक्रमेण देवेशि ! पूजनीयं प्रयत्नतः॥
संहारपूजा कैलासप्रस्तारेऽत्र विधीयते।
भूप्रस्तारे महेशानि ! स्थितिपूजा सदोत्तमा॥"

यसैगरी गृहस्थलाई स्थितिक्रमबाट, वानप्रस्थ र यतिलाई संहारक्रमबाट, ब्रह्मचारीलाई सृष्टिक्रमबाट एवं स्त्री तथा शूद्रलाई इष्टदेवतास्वरूप गुरुको आज्ञाअनुसार पूजा गर्नू भन्ने शास्त्रवचन छ-

"स्थितिक्रमो गृहस्थस्य संहारो वनिनो यतेः।
ब्रह्मचारिण उत्पत्तिः स्त्रियः शूद्रस्य चेष्टतः॥"

र यसको परिभाषा यस्तो छ -

"सृष्टिक्रमं मेरुचक्रं कैलासं चार्धमेरुकम्।
संहाराख्यं महेशानि ! भूप्रस्तारं स्थितिक्रमम्॥"

निर्माण वा रचना

श्रीचक्र स्फटिक आदि शिला, माणिक आदि मणि, सुवर्ण आदि धातु प्रभृतिमा सूक्ष्मरूपले काटेर, खोपेर अथवा कुँदेर समतल अथवा उठेको दुवै प्रकारको बनाउन सकिन्छ। त्यसैगरी समतल मणि, शिला, धातु आदिमा चन्दन, कुङ्कुम, रोचना आदिद्वारा लेखेर पनि बनाउन सकिन्छ। श्रीचक्र गहिरो वा उठेको जस्तोसुकै होस्, पूजाको अवसरमा यसको माथि चन्दनादिद्वारा फेरि आआफ्ना सम्प्रदाय र क्रमअनुसार रेखा भर्नुपर्दछ। यन्त्रलेखनको समयमा उपासकले आफ्नो सम्प्रदायक्रम अथवा कामनाअनुसार जहाँबाट पूजा प्रारम्भ गर्नु छ ठीक त्यही स्थानबाट रेखाको उपक्रम गरोस् र जहाँ गएर पूजाको पर्यवसान गर्नुछ, त्यहीं नै त्यसको उपसंहार पनि गरोस्। चक्रका रेखाहरू यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोपेर बनाइएका छन् र गहिरा छन् भने ती रेखाहरूमा चन्दनादि भरेर मात्र पूजा गर्नुपर्दछ। यहाँ एउटा ध्यान दिनुपर्ने कुरा के छ भने पट, फलक, भित्ता आदिमा श्रीचक्र लेखेर पूजा गर्नु सर्वथा वर्जित छ।

स्वरूप

बिन्दुदेखि लिएर भूपुरपर्यन्त श्रीचक्रलाई तीन रूपमा विभक्त गरिएको छ– सृष्टिचक्र, स्थितिचक्र र संहारचक्र। यसमा भूपुरदेखि अष्टदलसम्मलाई सृष्टिचक्र, चतुर्दशारदेखि अन्तर्दशारसम्मलाई स्थितिचक्र एवं अष्टारदेखि बिन्दुसम्मलाई संहारचक्र मानिएको छ। यी तीन चक्रलाई 'त्रिपुर' पनि भनिन्छ। यही त्रिपुरस्वरूप श्रीचक्रकी प्रधान नायिका भएको कारणले यसकी अधिष्ठात्री भगवती आदिशक्ति 'श्रीमहात्रिपुरसुन्दरी' नामले प्रसिद्ध हुनुहुन्छ, जसको मुख्यस्थान बिन्दु हो। बिन्दु श्रीमहात्रिपुरसुन्दरीको प्रतीक पनि हो र उहाँको स्वरूपको द्योतक पनि हो। जसरी अन्यत्र बिन्दुबाट नै सबै प्रकारका रेखा एवं कोण आदि बन्दछन्, त्यसरी नै यहाँ पनि बिन्दुबाट नै श्रीचक्रका समस्त रेखा र कोणहरू बन्दछन्, जुन वास्तवमा सर्वदेवतास्वरूप हुन् र केन्द्रवर्ती प्रधान देवताका विविध विभूतिस्वरूप हुन्। यस चक्रमा जुन भूपुर, वृत्त, त्रिकोण आदि अवयव छन् ती सबै नै तीन तीनको समूहरूपमा छन् तथा सबै यथायोग्य तीन गुण, तीन काल, तीन अवस्था, तीन लोक तथा तीन देवता आदिका स्वरूपका द्योतक हुन्। त्रिकोणका तीन कोण जाग्रत्, स्वप्न, सुषुप्तिरूप तीन अवस्था हुन् भने बिन्दुचाहिँ तुरीय अवस्थास्वरूप हो र यही बिन्दु पुनः तुरीयातीत भएर एकरूप बन्दछ। यसरी यो नै वास्तविक तत्त्वस्वरूप हो र यसै तत्त्वबाट समस्त ब्रह्माण्डको उत्पत्ति, स्थिति र संहार पनि हुन्छ। यथा-

> **"तत्त्वाद् ब्रह्माण्डमुत्पन्नं तत्त्वेन परिवर्धते।**
> **तत्त्वे विलीयते देवि ! तत्त्वाद् ब्रह्माण्डनिर्णयः ॥"**

यस तत्त्वको तात्पर्य उनै परब्रह्मस्वरूपिणी अनन्तकोटि ब्रह्माण्डनायिका श्रीमहात्रिपुरसुन्दरीसँग छ। श्रीचक्रमा बिन्दु उहाँको स्थान हो, प्रतीक हो र स्वरूप पनि हो त्यसैले यो श्रीचक्र उहाँबाटै उत्पन्न विशाल ब्रह्माण्डस्वरूप मानिन्छ र श्रीचक्रमा उपासना गर्ने समयमा बिन्दुरूपमा अवस्थित उही अद्वितीय चिच्छक्ति नै श्रीचक्रका समस्त आवरण देवताहरूका रूपमा अभिव्यक्त हुनुभएको छ भन्ने भावना गरिन्छ।

ब्रह्माण्डको प्रतीकका रूपमा श्रीचक्र

यसरी पिण्डरूप यो व्यष्टिशरीर जसलाई पिण्ड-ब्रह्माण्ड पनि भनिन्छ, स्थूलब्रह्माण्डको प्रतीक मानिएको छ, त्यसै गरी श्रीचक्रलाई समस्त ब्रह्माण्डको प्रतीक मानिएको छ। जसरी ब्रह्माण्ड सृष्टि, स्थिति, संहाररूप अवस्थात्रयात्मक छ, त्यसरी नै यो देहरूप पिण्डब्रह्माण्ड पनि उक्त अवस्था-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयात्मक छ। अतः यो पिण्डशरीर ब्रह्माण्डको प्रतीक हो भने सृष्टि, स्थिति र संहाररूप तीन चक्रले युक्त भएकाले यो श्रीचक्र समस्त ब्रह्माण्डको प्रतीक हो। जसरी ब्रह्माण्डमा तीन लोक, तीन गुण र महत्तत्त्वादि सबै तत्त्व विद्यमान छन्, त्यसै गरी पिण्डब्रह्माण्डमा मूलाधारदेखि लिएर ब्रह्मरन्ध्रपर्यन्त उक्त सबै लोक, सबै तत्त्व, सबै गुण र सबै अवस्था विद्यमान छन्। यसरी नै श्रीचक्रमा पनि भूपुरदेखि बिन्दुसम्मका सबै अवयवहरूमा यथायोग्य सबै लोक, सबै अवस्था, सबै तत्त्व र शरीरका सबै चक्रहरू तथा सबै धातुहरूको समन्वय हुने भएकाले श्रीचक्रलाई पिण्डब्रह्माण्डको पनि प्रतीक मानिएको छ।

आगमहरूका अनुसार सय ब्रह्माण्डको एक 'विष्ण्वण्ड' हुन्छ। त्यसरी नै सय विष्ण्वण्डको एक 'प्रकृत्यण्ड', सय प्रकृत्यण्डको एक 'मायाण्ड' र सय मायाण्डको एक 'शक्त्यण्ड' मानिएको छ। त्यसकारण माथि श्रीचक्रलाई जुन ब्रह्माण्डको प्रतीकस्वरूप बताइएको छ, त्यहाँ ब्रह्माण्डको तात्पर्य यही 'शक्त्यण्ड'सँग छ र यसरी यो श्रीचक्र समस्त ब्रह्माण्डको प्रतीक हो र साथै अनन्तकोटि ब्रह्माण्डनायिका श्रीमहात्रिपुरसुन्दरीको पनि प्रतीक हो।

यसरी नै यो प्रणवस्वरूप शब्दब्रह्मको पनि प्रतीक हो। प्रणवमा अ, उ, म, नाद र बिन्दु गरी जुन पाँच प्रधान अवयव छन् तथा वाणीका वैखरी, मध्यमा, पश्यन्ती र परा जुन चार अवस्था अथवा रूप छन्, यी सबैको जसरी शरीरको मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध, आज्ञा सहस्रारमा समन्वय हुन्छ, ठीक त्यसरी नै श्रीचक्रको सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पाँच क्रममा यथायोग्य समन्वय हुन जान्छ। भेद केवल यही हो कि प्रणवगत बिन्दुको अव्यक्त अवस्थाको मूलाधारमा तथा व्यक्त अवस्थाको आज्ञाचक्रमा समन्वय हुन जान्छ। यसरी नै प्रणवमा जुन छत्तीस कला वा मात्राहरू छन् तीमध्ये उनन्तीस त्रिवृत्तमा रहन्छन् र तिनीहरू नै त्रिवृत्तका कालरात्रिदेखि लिएर हंसवतीसम्मका मातृकाहरू हुन् तथा तिनीहरू नै पिण्डशरीरका गर्भावस्था, बाल्यावस्था आदिदेखि निधनसम्मका एवं जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय र तुरीयातीतसम्मका अवस्थाहरू हुन्। यसप्रकार ब्रह्माण्ड, पिण्डब्रह्माण्ड एवं प्रणव आदिको प्रतीकरूपमा श्रीचक्रलाई लिइएको छ जसको विस्तृत वर्णन आगम तथा उपनिषत्हरूमा पाइन्छ।

माथि भूपुरदेखि बिन्दुसम्मलाई सृष्टि आदि तीन चक्रमा विभाजित गरी तिनमा ब्रह्माण्डको सृष्टि, स्थिति र संहाररूप तीन अवस्थाको समन्वय हुने कुरा बताइएको छ। अब फेरि शरीरगत षट्चक्रसँग समन्वय गर्नका लागि एवं श्रीविद्याको उपासनाका लागि यसमा जम्मा पाँच क्रमको कल्पना गरिन्छ- सृष्टिचक्र, स्थितिचक्र, संहारचक्र, अनाख्याचक्र तथा भासाचक्र। यसमा भूपुर, त्रिवृत्त, षोडशदल र अष्टदल मिलेर 'सृष्टिचक्र', चतुर्दशार, बहिर्दशार र अन्तर्दशार मिलेर 'स्थितिचक्र', अष्टार, त्रिकोण र बिन्दु मिलेर 'संहारचक्र' तथा यिनको समष्टिमा द्वितीय बिन्दुसम्ममा 'अनाख्या' एवं तृतीय बिन्दुसम्ममा 'भासा' हुन्छ। जस्तै–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"भूवृत्तशशिनागाढ्यं सृष्टिचक्रं वरानने।
मनुदिग्दशकैर्युक्तं स्थितिचक्रं शुभावहम्॥
वस्वग्निबिन्दुसंयुक्तं चक्रं संहारकं स्मृतम्।
सर्वेश्चानाख्यचक्रं तु भावयेत् साधकोत्तमः॥"

यसप्रकार सृष्टि, स्थिति, संहार, अनाख्या र भासा यी पाँचलाई क्रमशः स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा यी पाँचमा अन्तर्भूत मानिन्छ। यो एक प्रक्रिया हो जसलाई श्रीमतमा 'श्रीकल्प' र 'श्रीक्रम' पनि भनिन्छ। कालीकल्पमा चाहिँ सृष्टिचक्र मूलाधारमा मानिन्छ। हुन त श्रीचक्रमा मुख्य तीन कल्प छन्- सुन्दरीकल्प, कालीकल्प र ताराकल्प तर यीमध्ये ताराकल्पलाई दक्षिणाम्नायमा कालीक्रममा समन्वय गराइन्छ। अतः यहाँ मुख्य दुई कल्प वा क्रम मात्र रहन्छन् जसलाई 'श्रीक्रम' र 'कालीक्रम' भनिन्छ। यसमा पनि कालीलाई प्रधान मान्नेहरूले श्री (सुन्दरी) लाई तल राख्दछन् भने श्री (सुन्दरी) लाई प्रधान मान्नेहरूले कालीलाई तल राख्दछन्। यसप्रकार श्रीलाई माथि र कालीलाई तल राखेको स्थितिमा सामान्यतः मूलाधारदेखि विशुद्धसम्म 'कालीकल्प' हुन्छ एवं आज्ञाचक्रदेखि ब्रह्मरन्ध्रसम्म 'श्रीकल्प' हुन्छ र जसले स्वाधिष्ठानमा सृष्टि मान्दछन् तिनीहरूले मूलाधारमा विश्रान्ति मान्दछन्। कहिलेकाहीँ मूलाधारदेखि विशुद्धसम्म सृष्टि आदि पाँच क्रम र आज्ञादेखि ब्रह्मरन्ध्रसम्म केवल भासा मानिन्छ। यसप्रकार यहाँ तलको मूलाधारबाट वा स्वाधिष्ठानबाट सृष्टि आदिलाई मानेर माथिको ब्रह्मरन्ध्रस्थानीय बिन्दुमा पुगी संहार मान्दछन्। यस प्रसङ्गमा आएको 'संहार' शब्द 'ध्वंस' अथवा 'नाश' को अर्थमा नभई 'लय' को अर्थमा प्रयुक्त भएको छ। यसरी कुनै मतमा जहाँबाट सृष्टि हुन्छ, त्यहीँ आएर संहार अर्थात् लय हुन्छ भने कसैकसैले बिन्दुमा नै सृष्टि मानेर तल मूलाधारसम्म आई फेरि बिन्दुमा नै पुगेर त्यसको उपसंहार गर्दछन्।

श्रीविद्या

'श्रीचक्र' श्रीविद्याको यन्त्र हो भन्ने कुरा प्रारम्भमै उल्लेख गरिसकिएको छ। अब यहाँ जिज्ञासा उत्पन्न हुन्छ कि यो 'श्रीविद्या' भनेको के हो ? यसको अर्थ के हुन्छ ? 'श्रीविद्या' शब्दको अनेक व्युत्पत्ति हुन सक्दछन्- श्रीस्वरूपा विद्या, श्री र विद्या, श्रीको अर्थात् श्रीविद्याको विद्या, श्रीप्रदात्री विद्या एवं श्रीप्राप्तिको विद्या आदि।

'श्रीविद्या' एउटा समष्टि शब्द हो र यसमा दुई भाग छन्- 'श्री' र 'विद्या'। 'श्री' शब्दको अर्थ भिन्नभिन्न स्थलमा प्रसङ्गानुसार लक्ष्मी, सरस्वती, सम्पद्, शोभा आदि भिन्नभिन्न हुने भए तापनि यहाँ यसको प्रमुख अर्थ हुन्छ- उनै परम प्रकृतिरूप 'आदिशक्ति', किनभने शास्त्रमा यिनैलाई 'श्री' भनिएको छ- **"त्वं श्रीस्त्वमीश्वरी"** अर्थात् तपाईं नै श्री हुनुहुन्छ, तपाईं नै ईश्वरी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि 'श्री' शब्दको व्युत्पत्तिबाट पनि यही अर्थ निस्कन्छ, जस्तो कि– **"श्रीयते सर्वैरिति श्रीः ।"** किनभने 'श्री' शब्द 'श्रि' धातुबाट बनेको छ र 'श्रि' धातुको अर्थ हुन्छ- 'सेवा गर्नु'। यसरी नै 'आङ्' उपसर्गको योगमा यसको अर्थ हुन्छ- 'आश्रय गर्नु'। कहिलेकाहीँ विना उपसर्गको धातुमात्रले पनि सामर्थ्यद्वारा उपसर्गयुक्त अर्थको बोध गराउँदछ, जस्तो कि **"श्रयत इन्दिरा शश्वदत्र हि"** अर्थात् लक्ष्मी निरन्तर यहाँ (व्रजमा) आश्रय ग्रहण गर्नुहुन्छ।

यसरी सबैबाट सेवित र सबैको आश्रय भएबाट पनि 'श्री' शब्दले यहाँ उनै 'आदिशक्ति'लाई सङ्केत गरेको छ र वास्तवमा यिनै आदिशक्ति सम्पूर्ण जगत्को आधार तथा आश्रय पनि हुनुहुन्छ। यथा-

"आधारभूता जगतस्त्वमेका" अर्थात् जगत्को आधारस्वरूप केवल तपाईं नै हुनुहुन्छ। **"सर्वाश्रयाखिलमिदं जगत्"** अर्थात् सबैको आश्रय भएर तपाईं नै यस सम्पूर्ण जगत्लाई .... ।

यसरी नै शास्त्रमा यिनैलाई परमप्रकृति, आदिप्रकृति, मूलप्रकृति आदि भनिएको छ-

"प्रकृतिस्त्वं च सर्वस्य ।" "परमा प्रकृतिस्त्वमाद्या ।"

अब प्रसिद्धिको आधारबाट 'श्री' शब्दको अर्थ 'लक्ष्मी' नै मान्ने हो भने तापनि यसको तात्पर्य यहाँ उनै आदिशक्तिसँग छ किनभने तन्त्र, पुराण आदिमा जसरी उनलाई 'श्री' भनिएको छ, त्यसरी नै 'लक्ष्मी' पनि भनिएको छ। यथा-

"या श्रीः स्वयं सुकृतिनां भवनेषु" अर्थात् जो तपाईं पुण्यात्माहरूको घरमा स्वयं श्रीरूप हुनुहुन्छ।

"सा श्रीः रुक्माम्बुजासना" अर्थात् सुवर्णकमलमा विराजमान श्री अर्थात् लक्ष्मी उनै आदिशक्ति हुन्।

"श्रीः कैटभारिहृदयैककृताधिवासा" अर्थात् भगवान् विष्णुको हृदयकमलमा निवास गर्ने लक्ष्मी तपाईं नै हुनुहुन्छ।

"या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता" अर्थात् जो देवी (आदिशक्ति) सबै प्राणीहरूमा लक्ष्मीरूपले स्थित हुनुहुन्छ।

यसै गरी आदिशक्तिलाई नै सम्बोधन गरेर भनिएको छ- **"लक्ष्मि लज्जे महाविद्ये"** अर्थात् हे लक्ष्मी ! हे लज्जारूपिणी ! हे महाविद्यास्वरूपिणी !

यसप्रकार माथिका वचनहरूबाट पनि 'श्री' शब्दको अर्थ यहाँ उनै 'आदिशक्ति' हुन् भन्ने सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी नै 'विद्या' शब्दको पनि अनेक अर्थ हुन्छ। 'विद्या' शब्द 'विद्' धातुबाट बन्दछ र 'विद्' को अर्थ हुन्छ- 'जान्नु' यसकारण विद्या शब्दको मुख्य अर्थ हुन्छ- 'ज्ञान'। यसका अतिरिक्त विद्याकी अधिष्ठात्रीदेवी 'सरस्वती', विद्याको साधनस्वरूप 'शास्त्र' आदिमा पनि 'विद्या' शब्द प्रयुक्त हुन्छ र साथै वेद, पुराण एवं आगमशास्त्रहरूमा विशेषरूपले 'मन्त्रवर्णात्मक' देवता र तिनका उपासनाविधिलाई पनि 'विद्या' भनिएको छ। प्रसङ्ग र अवस्थानुसार 'श्रीविद्या' मा जुन 'विद्या' शब्द छ, त्यहाँ पनि पूर्वोक्त सबै अर्थहरू लागू हुन सक्तछन्।

अब यहाँ श्रीविद्याका भिन्नभिन्न व्युत्पत्तिमध्ये केहीको छोटकरीमा चर्चा गरिनेछ।

श्रीस्वरूपा विद्या

सर्वप्रथम 'श्रीविद्या' को 'श्रीस्वरूपा विद्या' भन्ने अर्थलाई विचार गरौँ। यहाँ 'श्री' शब्द र 'विद्या' शब्दको परस्पर सामानाधिकरण्य भएबाट यी दुईको परस्परमा अभेद सम्बन्ध छ अर्थात् श्री र विद्याको यहाँ कुनै भेद छैन, दुवै एकै हुन्। माथि नै उल्लेख भइसकेको छ कि 'श्री' परमप्रकृतिस्वरूपा आदिशक्ति हुन् र उनै आदिशक्ति यहाँ 'विद्या' रूपमा अभिप्रेत छिन्। 'विद्या' शब्दको अर्थ 'ज्ञान' हो र ज्ञान हो परब्रह्म- "**सत्यं ज्ञानमनन्तं ब्रह्म**"। अतः 'श्री' शब्दवाच्य जो आदिशक्ति हुन्, उनै 'विद्या' शब्दवाच्य ज्ञानस्वरूप ब्रह्म हुन् किनभने परब्रह्म र परम प्रकृतिस्वरूपा आदिशक्तिमा भेद छैन। जो परम प्रकृति हो, त्यो परब्रह्मको नै स्वरूप हो। अब यसबाट के सिद्ध हुन्छ भने ती चैतन्यस्वरूप परब्रह्म परमात्मादेखि अभिन्न जो साक्षात् परब्रह्मस्वरूपिणी चिन्मयी आदिप्रकृति हुनुहुन्छ, उहाँ नै 'श्री' हुनुहुन्छ र मन्त्रवर्णात्मक देवताका रूपमा अभिव्यक्त भएर 'श्रीविद्या' नामले उपास्य हुनुहुन्छ। विद्याको अर्थ मन्त्रवर्णात्मक देवता पनि हो भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ।

श्री र विद्या

वास्तवमा 'श्रीविद्या' को अर्थ श्री र विद्या हो। 'श्री' हुन् 'श्रीसुन्दरी' र 'विद्या' हुन् 'विद्याराज्ञी दक्षिणकाली'। यस सम्बन्धमा आगमोक्ति यस्तो छ-

**"सा काली द्विविधा प्रोक्ता श्यामा रक्ता प्रभेदतः।
श्यामा तु दक्षिणा प्रोक्ता रक्ता श्रीसुन्दरी मता॥"**

अर्थात् 'ती काली श्यामा र रक्ताको भेदले दुई प्रकारकी छिन्, श्यामा 'दक्षिणकाली' हुन् भने रक्ता 'श्रीसुन्दरी' हुन्। यहाँ "'**कलयति जगत् सर्वम्**' इति काली' यो व्युत्पत्तिअनुसार 'काली' शब्दको तात्पर्य 'श्रीविद्या'सँग हुन्छ। यसप्रकार जसको श्रीसुन्दरी र विद्याराज्ञी अर्थात् त्रिपुरसुन्दरी र दक्षिणकाली दुवै रूपमा उपासना हुन्छ तिनै हुन् 'श्रीविद्या' किनभने श्रीविद्याको उपासनाको जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन क्रम वा कल्प मानिएको छ तीमध्ये ताराकल्पलाई दक्षिणाम्नायमा कालीकल्पमा समन्वय गरिने भएकोले केवल दुई क्रम नै मुख्य रूपमा देखापर्दछ। यी दुई क्रममध्ये पनि कसैले कालीलाई प्रधान मान्दछन् र कालीक्रमको अनुसरण गर्दछन् भने कसैले सुन्दरीलाई प्रधान मानी सुन्दरीक्रमको अवलम्बन गर्दछन्। काली वा सुन्दरी जुन क्रमको अवलम्बन गरे पनि कुरो एकै हो, किनभने पछि गएर निर्वाण र सर्वाधिकारपश्चात् पूर्णमहाक्रम भएपछि श्रीसुन्दरी र विद्याराज्ञी दुवैको ऐक्य हुन्छ र साक्षात् परब्रह्मस्वरूपिणी मात्र रहनुहुन्छ। त्यसकारण तन्त्रले स्पष्टरूपमा भनेको छ– 'श्रीमहात्रिपुरसुन्दरी र कालीमा कुनै भेद छैन, जसले यी दुईलाई भेददृष्टिले हेर्दछ त्यो सीधै नरक जान्छ। जस्तै-

"महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा।
न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत्॥"

यहाँ चण्डयोगेश्वरी भन्नाले काली भन्ने बुझ्नुपर्दछ। यसरी यी सबैको अभिप्रायः के हुन्छ भने उही एक आदिशक्ति नै उपासनाक्रमबाट अनेक रूपमा अभिव्यञ्जित भएर उपासना परिपूर्ण भएपछि पुनः उही एकरूपमा अर्थात् निजस्वरूपमा नै अवस्थित रहनुहुन्छ। यो नै उपासनाको चरम अवस्था हो। यसै अवस्थामा उपासक पनि तद्रूप भएर एक बन्न जान्छ र मोक्षरूप परमपुरुषार्थको भागी बन्दछ। यहीँ श्रीविद्याको रहस्यार्थ हो र यहीँ आएर श्रीविद्याको उपर्युक्त दुवै 'श्रीस्वरूपा विद्या' तथा 'श्री र विद्याको' सुन्दर समन्वय हुन जान्छ एवं मन्त्र, वर्ण, देवता, गुरु, साधक वा उपासक सबै एकरूप बन्न जान्छन्। शास्त्रले भनेको पनि छ -

"मन्त्ररूपा भवेद् देवी देवीरूपो गुरुर्भवेत्।
गुरुरूपो भवेदात्मा आत्मरूपी मनुर्भवेत्॥"

अर्थात् 'देवी मन्त्ररूप बन्दछिन्, गुरु देवीरूप बन्दछन्, आत्मा अर्थात् उपासक गुरुरूप बन्दछ र मन्त्र आत्मरूप बन्छ अर्थात् साधकको आत्मासँग एकाकार हुन्छ र यही आत्मसंवित्तिरूप एकाकार अनुभवलाई विद्वान्हरूले 'विद्या' भनेका छन्। जस्तै-

"आत्माकारेण संवित्तिर्बुधैर्विद्येति गीयते।"

सबै प्रकारका विकल्पले रहित भएको कारण वा श्रीविद्यालाई परमतत्त्व भनिएको छ किनभने जुन विकल्परहित तत्त्व हो, त्यो नै परमतत्त्व हो। जस्तै-

"विकल्परहितं तत्त्वं परमित्यभिधीयते।"

यसरी श्रीविद्याको 'श्री र विद्या' रूप अर्थ स्वीकार गर्दा पनि अन्ततोगत्वा यो एकरूपमा परिणत भएर एकै विद्या बन्छ। यो 'श्रीविद्या' को दोस्रो अर्थ हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'श्री' को अर्थात् श्रीविद्याको विद्या

'श्रीविद्या'लाई 'श्री' को अर्थात् 'श्रीविद्याको विद्या' रूप अर्थमा ग्रहण गर्दा पनि पूर्वोक्त रीतिले 'श्री' शब्दको उपर्युक्त 'श्रीविद्या' रूप नै अर्थ आउँछ र 'विद्या' को अर्थ हुन्छ– उनको मन्त्रवर्ण अथवा उपासनाक्रम। यसरी यहाँ पनि 'श्रीविद्या'को अर्थ उनको मन्त्र अथवा उपासनाविधि अथवा दुवै हुन्छन्, जुन वास्तवमा तदाकार वृत्तिरूप हो र जसबाट उही परम तत्त्वरूप श्रीविद्याको उदय हुन सक्दछ।

श्रीप्रदात्री विद्या

अब श्रीविद्यालाई 'श्रीप्रदात्री विद्या'को रूपमा लिँदाखेरि पनि 'श्री' शब्दको अर्थ पूर्वोक्त अनादि चिच्छक्तिरूप श्रीविद्याको सँगसँगै सामान्य लक्ष्मी, सरस्वती, शोभा, सम्पद्, विभूति आदि पनि गर्न सकिन्छ। यहाँ 'विद्या'को अर्थचाहिँ पूर्वोक्त रीतिअनुसार नै गर्नुपर्दछ। यसरी यहाँ 'श्रीविद्या'को अर्थ प्रसन्न अथवा परिपूर्ण भएपछि उपासकलाई लक्ष्मी, सम्पद्, विद्या, शोभा, विभूति आदि सबै प्रकारको 'श्री' प्रदान गर्ने विद्या भन्ने हुन्छ। यसप्रकार यहाँ पनि 'श्रीविद्या' को अर्थ मन्त्रवर्णात्मक देवता एवं उपासना दुवै हुन सक्दछ किनभने यी विद्याले केवल त्रिवर्गरूप 'श्री' मात्र नभई अपवर्गरूप 'श्री' पनि प्रदान गर्दछिन्। जस्तै-

"आराधिता सैव नृणां भोगस्वर्गापवर्गदा" अर्थात् आराधना गरेपछि उनै आदिशक्ति मनुष्यहरूलाई सुखभोग, स्वर्ग र अपवर्ग प्रदान गर्ने हुन्छिन्।

श्रीप्राप्तिको विद्या

यहाँ पनि 'श्री' शब्द र 'विद्या' शब्द दुवैका उपर्युक्त दुवै प्रकारका अर्थ ग्रहण गर्न सकिन्छ। यसरी परब्रह्मस्वरूपिणी आदिशक्तिरूप 'श्री' अर्थात् परम पुरुषार्थलाई प्राप्त गराउने तथा लक्ष्मी, शोभा, सम्पद्, आदिरूप 'श्री' अर्थात् त्रिवर्गलाई प्राप्त गराउने विद्या भएकीले पनि यिनलाई 'श्रीविद्या' भनिएको हो। उपासना सिद्ध भएपछि यिनबाट सबै प्रकारका 'श्री' अर्थात् धर्म, अर्थ, काम, मोक्षरूप चारै पुरुषार्थको प्राप्ति हुन्छ अतः 'श्रीविद्या'लाई 'श्रीप्राप्तिको विद्या' पनि भन्न सकिन्छ।

'श्रीप्राप्तिको विद्या' र 'श्रीप्रदात्री विद्या' यी दुवै अर्थ वास्तवमा एकै अभिप्रायका द्योतक हुन्। परन्तु प्रदान र प्राप्तिरूप भिन्नाधिकरण अर्थद्वयको गुणप्रधान भावलाई लिएर नै यी दुईलाई पृथक् रूपमा उल्लेख गरिएको छ।

यसप्रकार जुन 'श्रीविद्या' शब्दका कतिपय अर्थहरू यहाँ प्रस्तुत गरिए ती सबैको समन्वयस्थल हो- 'श्रीविद्या'। यही श्रीविद्या श्रीचक्रकी अधिष्ठात्री श्रीमहात्रिपुरसुन्दरी हुन् तथा यिनैलाई शास्त्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'विद्या', 'महाविद्या', 'परमा विद्या' आदि नामले सम्बोधन गरिएको छ। जस्तै–

"या देवी सर्वभूतेषु विद्यारूपेण संस्थिता" अर्थात् 'जुन देवी विद्यारूपले सबै प्राणीहरूमा अवस्थित हुनुहुन्छ।'

"सर्वदेवमयी विद्या" अर्थात् 'सबै देवतामयी विद्या'

"सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी" अर्थात् 'मुक्तिको कारणस्वरूप उनै सनातनी देवी परमा विद्या हुन्।'

"विद्यासि सा भगवती परमा हि देवी" अर्थात् 'हे देवी ! तपाईं नै भगवती परमा विद्या हुनुहुन्छ।'

श्रीविद्याका पञ्चदशी, षोडशी आदि एवं दीपनी, कामराज आदि अनेक भेदहरू छन्। तीमध्ये कुनै मन्त्रवर्णमूलक छन् भने कुनै चाहिँ भिन्नभिन्न उपासकहरूका उपासनामूलक। यिनमा षोडशाक्षरी भएकाले एउटा भेदलाई 'षोडशी' भन्दछन्। दश महाविद्या अन्तर्गतकी एक विद्यालाई पनि षोडशी भनिन्छ जो वास्तवमा लघुषोडशी हुन्, खास षोडशी होइनन् परन्तु केवल श्रीविद्या मात्रलाई पनि यहाँ षोडशी भनिन्छ। यथा-

"कामराजाख्यमन्त्रान्ते श्रीबीजेन समन्विता।
षोडशाक्षरविद्येयं श्रीविद्येति प्रकीर्तिता॥"

फेरि यिनैलाई भुक्तिमुक्ति प्रदान गर्ने 'ब्रह्मविद्या' पनि भनिएको छ। जस्तै-

"वर्णितुं नैव शक्येयं श्रीविद्या षोडशाक्षरी।
ब्रह्मविद्यास्वरूपा हि भुक्तिमुक्तिफलप्रदा॥"

त्यस्तै **"षोडशार्णा महाविद्या"**

अतः यिनी परब्रह्मस्वरूपिणी हुन्। जस्तै-

"परब्रह्मस्वरूपा च"

अतः यिनै श्रीविद्या नै समस्त जगत्‌की कारण हुन्, सबैकी प्रकृति हुन्, जगत्‌की प्रतिष्ठा हुन्, सम्पूर्ण विश्वकी ईश्वरी हुन् तथा समस्त ब्रह्माण्डमा व्याप्त भएर रहेकी छिन्। यिनै जगन्मयी हुन्, जगद्धात्री हुन्, सर्वेश्वरी हुन्, सर्वशक्तिमयी हुन्, सर्वलक्ष्मीमयी हुन्। जस्तै-

"..................जगत्कारणरूपिणीम्।
सर्वलक्ष्मीमयीं नित्यां सर्वशक्तिमयीं भजे।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै गरी- 'हेतुः समस्तजगताम्', 'प्रकृतिस्त्वं च सर्वस्य', 'परमा प्रकृतिस्त्वमाद्या', 'नमः प्रकृत्यै भद्रायै', 'नमो जगत्प्रतिष्ठायै', 'विश्वेश्वरीं जगद्धात्रीम्', 'सैव सर्वेश्वरेश्वरी', 'विश्वेश्वरि त्वम्', 'व्याप्तं त्वयैतत् सकलं ब्रह्माण्डं मनुजेश्वर।' 'त्वयैकया पूरितमम्बयैतत्', 'नित्यैव सा जगन्मूर्तिः', 'त्वमीश्वरी देवि चराचरस्य', 'सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते।'

यस सम्पूर्ण जगत्को विस्तार यिनैबाट भएको छ। सम्पूर्ण जगत्को सृष्टि, स्थिति र संहार यिनैबाट हुन्छ र यिनै सबैकी शक्तिस्वरूपा हुन्, यिनै विश्वमातृका हुन्। जस्तै-

"त्वयैतद् धार्यते विश्वं त्वयैतत् सृज्यते जगत्।
त्वयैतत् पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा॥
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने।
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये॥"
"सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि।"
"या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता।"
"या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता॥"

अतः विश्वमा जति विद्या र महाविद्याहरू छन् ती सबै यिनैका भेद हुन्, जति स्त्री छन्, ती पनि सबै यिनैका भेद हुन्। जस्तै-

"विद्याः समस्तास्तव देवि भेदाः
स्त्रियः समस्ताः सकला जगत्सु।"

र यही श्रीविद्या नै समस्त स्त्री एवं ब्रह्मा, विष्णु, शिव आदि सकल पुरुषहरूका रूपमा पनि प्रस्फुरित हुन्छिन्। यथा-

"योषित्पुरुषरूपेण स्फुरन्ती विश्वमातृका।"

अग्निको विशाल राशिबाट अग्निकण वा भिल्का उठेझैँ सम्पूर्ण मन्त्रवर्णहरू यिनैबाट अभिव्यक्त हुन्छन्। जस्तै-

"निःसरन्ति महामन्त्रा महाग्नेर्विस्फुलिङ्गवत्।"

तसर्थ यिनलाई 'महामाया', 'महाविद्या', 'महामोहा', 'महादेवी' आदि भनिएको छ। जस्तै-

"महाविद्या महामाया महामेधा महास्मृतिः॥
महामोहा च भवती महादेवी महेश्वरी।
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा॥
बलादाकृष्य मोहाय महामाया प्रयच्छति।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् महामाया भगवतीले ज्ञानीहरूको चित्तवृत्तिलाई पनि बलात् तानेर मोहमा पारिदिनुहुन्छ। त्यसकारण नै जगदीश्वरी भगवतीलाई महामाया भनिएको हो। जस्तै-

"महामायेति सम्प्रोक्ता तेन सा जगदीश्वरी।"

विष्णुपुराणमा पनि नाना प्रकारका विद्याका रूपमा यिनको वर्णन गरिएको छ। जस्तै-

"यज्ञविद्या महाविद्या गुह्यविद्या च शोभने।
आत्मविद्या च देवि ! त्वं विमुक्तिफलदायिनी ॥"

यति हुँदाहुँदै पनि यी 'श्रीविद्या' न स्त्री हुन्, न पुरुष हुन्, न त स्त्रीपुंभिन्न तृतीय लिङ्ग नै हुन्। शास्त्रहरूले यिनलाई केवल निष्कल र निरञ्जन मानेको छ। जस्तै-

न स्त्री त्वं न पुमाल्लोके।
न स्त्री न षण्डो न पुमानजेशितुः।

यसैले भनिएको छ- **श्रीविद्यैव हि मन्त्राणाम्** अर्थात् मन्त्रहरूमध्ये श्रीविद्या नै श्रेष्ठ हो।

श्रीविद्याको उपासनाक्रम

श्रीविद्याको उपासनाका मुख्य तीन क्रम छन्- 'कालीक्रम', 'सुन्दरीक्रम' एवं 'ताराक्रम'। यिनमा कालीक्रमलाई 'कुण्डलिनीक्रम' तथा 'कादिविद्या' पनि भनिन्छ। यो क्रम सत्त्वगुणप्रधान छ। सुन्दरीक्रमलाई 'हंसक्रम' तथा 'हादिविद्या' पनि भन्दछन्। यो रजोगुणप्रधान छ। यसै गरी ताराक्रमलाई 'संवरोधिनीक्रम' तथा 'सादिविद्या' भन्दछन्। यो तमोगुणप्रधान छ। यही तीन क्रम क्रमदीक्षाको नामले प्रसिद्ध छ र यी तीन क्रम पूर्ण भएपछि साधक शिवस्वरूप बन्दछ। यथा–

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी।
क्रमपूर्णो महेशानि क्रमाच्छम्भुर्भविष्यति।"

यो क्रम सबै आम्नायहरूमा छ र यिनमा प्रत्येकको पञ्चक्रमबाट उपासना हुन्छ। यो उपासना प्रातःकालदेखि मध्यरात्रिसम्म क्रमशः पञ्च-सन्ध्यारूपमा हुन्छ। यिनमा प्रत्येक क्रममा 'विद्या' भिन्नभिन्न समयमा भिन्नभिन्न रूपले उपास्या हुन्छिन्। कादिविद्यारूपा जो काली हुन्, तिनको क्रममा प्रातः 'कामकलाकाली', मध्याह्नमा 'भुवनेश्वरी', सायंकालमा 'चामुण्डा' रात्रिमा 'समयकुब्जिका' तथा मध्यरात्रिमा 'कादिपञ्चदशी'को उपासना हुन्छ। हादिविद्यारूपा जो महात्रिपुरसुन्दरी छिन्, तिनको क्रममा प्रातः 'आद्याकाली', मध्याह्नमा 'तारा', सायंकालमा 'छिन्नमस्ता', रात्रिमा 'बगला' तथा मध्यरात्रिमा 'हादिपञ्चदशी'को उपासना हुन्छ। यसरी नै सादिविद्यारूपा जो तारा छिन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको क्रममा प्रातः अनिरुद्धसरस्वतीको रूपमा 'दक्षिणकाली', मध्याह्नमा 'तारा', सायंकालमा 'बाला', रात्रिमा 'ज्ञानसरस्वती' तथा मध्यरात्रिमा 'सादिपञ्चदशी'को उपासना हुन्छ। यसमा ताराक्रमबाट पृथक् उपासना नगर्नेहरूले 'कहादि' (कादि+हादि) विद्याद्वारा नै ताराक्रमको पूर्ति गर्दछन्। यसका अतिरिक्त श्रीविद्याको अरू पनि क्रमभेद छ जसमा त्रिक्रम, पञ्चक्रम, नवक्रम, लघुक्रम तथा महाक्रमदेखि लिएर पूर्ण महाक्रमसम्म उपासना हुन्छ। यसरी जबसम्म क्रमदीक्षाबाट पुरश्चरण गर्दै अघि बढ्दैन तबसम्म उपासनाको यथार्थ फल जुन शास्त्रमा वर्णित छ त्यो प्राप्त हुँदैन। उपासना लोमविलोम दुवै क्रमबाट गर्न सकिन्छ र अवस्थाविशेषमा गरिएको विलोमक्रम सद्यः फलदायक पनि हुन्छ।

आम्नायभेद

श्रीविद्याका प्रधान छ आम्नायहरू छन् जुन पूर्वादि चार दिशा तथा ऊर्ध्व र अधःसमेत गरी छ आम्नायहरूका नामले प्रसिद्ध छन्। यसका अतिरिक्त ईशानादि चार उपदिशाका नामले प्रसिद्ध अरू चार आम्नायहरू पनि छन् जसलाई चार उपाम्नाय भन्दछन्। यी चार उपाम्नायहरू चार दिशाका आआफ्ना मुख्य आम्नायसँग यथायोग्य मिलेका हुन्छन्। त्यसैले आम्नाय मुख्यतया छ नै मानिन्छन्- पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय, ऊर्ध्वाम्नाय तथा अधराम्नाय। गणनाक्रममा अधराम्नाय यद्यपि यहाँ अन्त्यमा आएको छ तथापि उपासनाक्रममा यसलाई सबैभन्दा अघि अर्थात् प्रारम्भमै राखिन्छ। यी छ आम्नायहरूमा प्रत्येकको सृष्टि, स्थिति, संहार, अनाख्या र भासा यी पाँच क्रम हुन्छन् जसको मूलाधारदेखि लिएर आज्ञाचक्रसम्ममा (मतान्तरमा ब्रह्मरन्ध्रसम्ममा) समन्वय हुन्छ। यिनमा प्रत्येकको आम्नायनायिका हुन्छिन्, जस्तो कि अधराम्नायकी 'तारा', पूर्वाम्नायकी 'भुवनेश्वरी', दक्षिणाम्नायकी 'दक्षिणकाली', पश्चिमाम्नायकी 'कुब्जिका', उत्तराम्नायकी 'गुह्यकाली' एवं ऊर्ध्वाम्नायकी 'महात्रिपुरसुन्दरी'। यसरी नै प्रत्येक उपाम्नायकी पनि आम्नायनायिका हुन्छिन्। यिनमा सप्तशती चण्डीमा वर्णित महाकाली, महालक्ष्मी, महासरस्वती र चामुण्डा क्रमशः ईशान, आग्नेय, वायव्य र नैर्ऋत्यकी नायिका हुन्। यी छ आम्नायहरूमध्ये पूर्वाम्नाय, दक्षिणाम्नाय तथा पश्चिमाम्नायको पञ्चक्रमअन्तर्गत जुन सृष्टि, स्थिति, संहारक्रम छन् तिनमा प्रत्येकका भिन्नभिन्न चक्र, मुद्रा, दर्शन, योगिनी, सिद्धि तथा चक्रनायिका हुन्छन्। यिनमा अनाख्या र भासाको आआफ्ना आम्नायक्रमको समष्टिचक्रमा पूजा हुने भएकाले पृथक् चक्र, मुद्रा आदि हुँदैन। यसरी नै अधराम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नायको पनि समष्टिमा (बिन्दुदेखि भूपुरपर्यन्तमा) पूजा हुने भएकाले यिनको पनि आफ्नो पृथक् मुद्रा, दर्शन आदि हुँदैन परन्तु निर्वाणविद्या, शाम्भव, पाशुपत आदिमा चाहिँ छ आम्नायकै पृथक् पृथक् हुन्छन्। फेरि यसमा पछि गएर बिन्दुदेखि ब्रह्मरन्ध्रसम्म पञ्चदशी, षोडशी, महाषोडशी, सप्तदशी, अष्टादशी आदि र 'निर्वाणसुन्दरी', 'सर्वाधिकारशाम्भवी', 'महापादुका', 'अनुत्तरवादिनी', "सर्वाम्नाय-सर्वाधिकार' एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'समयाविद्या', 'षोडशचक्रेश्वरी', 'समयानित्या', 'दश महाविद्या', 'पञ्चसिंहासना, ''पञ्चपञ्चिका', 'षडाम्नायसमया', 'नवरत्नकुब्जिका', 'नवरत्नसुन्दरी' तथा 'अलेखनी' आदि सबैको यथायोग्य समावेश हुन्छ ।

यसप्रकार सबै आम्नायहरूमा प्रत्येक देवताको मूल (मन्त्र), न्यास, ध्यान तथा पञ्चाङ्ग आदि हुन्छन् । यीमध्ये उपर्युक्त जुन 'अलेखनी' विद्या छ त्यो सुन्दरी र काली दुवैको एकै हो । आचार्यहरूले केवल बुझाउनका लागि मात्र एउटालाई 'अनुलोम' र अर्कोलाई 'विलोम' भनेर पृथक् उल्लेख गरेका हुन् अर्थात् श्रीक्रमको अलेखनीलाई विलोम गरेर कालीक्रममा मनन गरिन्छ । त्यसै गरी पञ्चदशी आदि विद्यामा जब पञ्चदशी (लघुषोडशी) मूल देवता हुन्छिन् त्यस अवस्थामा महात्रिपुरसुन्दरी चक्रनायिका हुन्छिन् । यसरी नै षोडशी (महात्रिपुरसुन्दरी) मूलविद्या भएको स्थितिमा पञ्चदशी चक्रनायिका, सप्तदशी मूलविद्या भएको अवस्थामा षोडशी चक्रनायिका एवं अष्टादशी मूलविद्या भएको अवस्थामा सप्तदशी चक्रनायिका हुन्छिन् ।

अब यहाँ आम्नायक्रमलाई समष्टिमा समन्वय गरेर आआफ्नो दीक्षाबमोजिम पूर्णाभिषेकदेखि दिव्यसाम्राज्यमेधासम्म क्रमशः पुष्पाञ्जलि लिएर पञ्चदशी, षोडशी आदि सबै विद्याको पूजा बिन्दुमा नै गरिन्छ ।

यसै गरी 'समयाविद्या', 'समयानित्या' आदि जुन विद्याहरू छन् ती सबै निर्वाणोपासनामा गएर निर्वाणविद्याको रूपमा परिणत हुन्छन् र यथाक्रम एकपछि अर्कोमा लीन हुँदै अन्ततः एक निर्वाणविद्या बन्न पुग्दछन् । यो सबै क्रम उपासनाबाटै हुन्छ ।

उपासनाक्रममा ब्रह्ममुहूर्तदेखि मध्यरात्रिसम्म अनेक क्रियाकलाप हुन्छन् । यीमध्ये सर्वप्रथम गरिने क्रिया प्रातःकृत्य हो । यो प्रातःकृत्य आम्नायभेदले भिन्नभिन्न प्रकारका हुन्छन् । त्यसै गरी एउटा सर्वाम्नायात्मक प्रातःकृत्य पनि हुन्छ । प्रातःकृत्यमा सर्वप्रथम चिन्तन गरिन्छ । चिन्तनमा पनि गुरुपादुकाको चिन्तन सबभन्दा पहिले हुन्छ । त्यसपछि यथाक्रम चक्र, देवता आदिको चिन्तन गरिन्छ । सर्वोत्तम क्रममा प्रातःकृत्यमा चक्रहरूको चिन्तनका साथै आम्नायनायिकाहरूको पनि चिन्तन हुन्छ र यसमा आश्रमभेदले पनि भेद हुन्छ ।

प्रस्तुत क्रममा मूलविद्याचिन्तनको समयमा मूलाधारमा 'वाग्भवकूट' र 'वागधीश्वरी'को, हृदयमा 'कामराजकूट' र 'कामेशी'को तथा आज्ञाचक्रमा 'शक्तिकूट' र 'आदिशक्ति'को चिन्तन हुन्छ । त्यसपछि ब्रह्मरन्ध्रमा मूलविद्या 'श्रीमहात्रिपुरसुन्दरी'को ध्यान गरिन्छ र साथै शरीरका षट्चक्रहरूमा छवटै आम्नायनायिकाहरूको पनि चिन्तन गरिन्छ । अभेदचिन्तनमा चाहिँ मूलाधारदेखि ब्रह्मरन्ध्रपर्यन्त नै केवल ब्रह्मविद्याको भावना गरिन्छ ।

यस उपासनामा मातृका, मालिनी, लघुषोढा, महाषोढा आदि धेरै प्रकारका न्यासहरूको उल्लेख गरिएको पाइन्छ जसको प्रयोगबाट उपासक देवतास्वरूप र उसको शरीर मन्त्रमय बन्दछ । यीमध्ये मूलन्यास र षोढान्यास पृथक् पृथक् आम्नायक्रमको उपासनामा पृथक् पृथक् नै हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासनाका दुई रूप

उपासनाका पनि मुख्य दुई रूप हुन्छन्- एउटा 'बाह्य' र अर्को 'आभ्यन्तर' जसलाई क्रमशः 'बहिर्याग' र 'अन्तर्याग' पनि भन्दछन्। आध्यात्मिक तत्त्वहरूलाई नै उपकरण मानेर मानसपूजाको रूपमा ध्यान, धारणा आदिद्वारा जुन आराधना गरिन्छ त्यसलाई अन्तर्याग भन्दछन्। यो भावनात्मक हुन्छ र यसको साधार एवं निराधार गरी दुई भेद हुन्छन्। बाह्य जगत्को भौतिक उपकरण आदिद्वारा जुन पूजाआराधना गरिन्छ त्यसलाई 'बहिर्याग' भन्दछन्। यो क्रियात्मक हुन्छ र यसको पनि वैदिक एवं तान्त्रिक दुई मुख्य भेद हुन्छन्। यसको सविस्तार वर्णन सूतसंहिता आदि ग्रन्थहरूमा पनि पाइन्छ।

यसप्रकार श्रीचक्रमा नित्य, नैमित्तिक, काम्य एवं बहिर्याग, अन्तर्याग आदिका रूपमा नाना प्रकारबाट श्रीविद्याको उपासना हुन्छ तर यीमध्ये ध्यानयोगात्मक आभ्यन्तर उपासनाको समयमा भने शरीरमा नै श्रीचक्रको भावना गरेर श्रीचक्रको सम्पूर्ण क्रमलाई शरीरगत चक्रहरूमा समन्वय गरी ऐकात्म्यभावद्वारा उपासना गरिन्छ। यसमा मूलाधारदेखि लिएर ब्रह्मरन्ध्रपर्यन्त अधरादि आम्नायहरूका तारा, भुवनेश्वरी आदिलाई यथाक्रम एकलाई अर्कोमा उत्तरोत्तर लीन गर्दै बालारूपमा पुगी बालालाई पनि सर्वाम्नायेश्वरी श्रीमहात्रिपुरसुन्दरीमा लीन गरेपछि एकरूप हुन्छ र यहीँ आएर दीक्षाको चौसठ्ठीऔँ क्रम पूर्ण हुन्छ।

यसप्रकार श्रीविद्याको उपासनाक्रममा अधराम्नायदेखि लिएर ऊर्ध्वाम्नायसम्मको क्रम उपासनाबाट उत्तरोत्तर शब्दयोग, मन्त्रयोग, भक्तियोग, कर्मयोग एवं ज्ञानयोग प्राप्त भएर अन्त्यमा मोक्षरूप परमपुरुषार्थ प्राप्त हुन्छ। यसमा मन्त्रयोग आदि सिद्ध भएपछि अन्तरायनिवृत्ति, ऐहिक सुख-प्राप्ति आदि पनि अनायास नै हुन थाल्दछन् अनि साधना निर्बाधरूपले अघि बढ्दै जान्छ र चरम सीमामा पुगी परम पुरुषार्थको प्राप्ति हुन्छ। यही नै यस उपासनाको मुख्य फल हो। अरू जति पनि सिद्धिहरू यस उपासना क्रममा प्राप्त हुन्छन्, ती एक प्रकारले सबै गौण फल हुन् र केवल निर्वाणसाधनाको मार्गमा सहयोगीका रूपमा उपस्थित हुन्छन् किनकि वास्तविक उपासकले यदि बीचबीचमा स्वतः उपस्थित हुने सिद्धिहरूलाई नै मुख्य फल ठान्न थालेमा ऊ मार्गमा नै अल्मलिन जान्छ र चरम सिद्धिको प्राप्तिबाट वञ्चित रहन जान्छ।

श्रीचक्र सबै प्रकारका उपासना र उपासकहरूका लागि पनि उपयुक्त हुन्छ। यस्ता उपासकहरूले श्रीचक्रमा आफ्ना इष्टदेवताको श्रीविद्याको रूपमा आराधना गर्दछन्। रामभक्तले 'रामसुन्दरी' को नामबाट, कृष्णभक्तले 'गोपालसुन्दरी'को नामबाट श्रीविद्याको पूजा गर्दछन् भने 'नृसिंहसुन्दरी' 'वराहसुन्दरी' आदिको पनि श्रीचक्रमा तिनका उपासकहरूले पूजा गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यसप्रकार श्रीविद्याको उपासना अत्यन्त रहस्यमय एवं निगूढ विषय हो जसको वर्णन उनै परब्रह्मस्वरूपिणी परमेश्वरीको वास्तविक उपासक र कृपापात्र ठूलाठूला सिद्धले पनि गर्न सक्तैनन् भने हामीजस्ता नगण्य जीवको त प्रश्नै उठ्दैन।

अन्त्यमा जसरी नाना तत्त्वहरूबाट निर्मित यो पाञ्चभौतिक शरीरको कतै कुनै अङ्ग यदि अपूर्ण भए, विकृत भए अथवा विकल भएमा त्यस शरीरले पूरा काम दिन सक्तैन अथवा कुनै यन्त्र वा मेसिनको कुनै पूर्जा नभए वा बिग्रेमा त्यसबाट फलोत्पादनको त के कुरा स्वयं यन्त्र नै यदाकदा पूर्णतया बेकम्मा वा निश्चेष्ट नै बन्न जान्छ, त्यसरी नै सबै क्रियाकलाप विशेषतः उपासनामा कुनै अङ्ग वा क्रिया छुट्न गएमा त्यो उपासना अपूर्ण नै रहन्छ र त्यस्तो अपूर्ण उपासनाबाट पूर्ण सिद्धि कहिले पनि प्राप्त हुन सक्तैन। त्यसैले श्रीचक्रमा जुन कतिपय आम्नाय, कतिपय क्रम र कतिपय क्रियाकलाप आदिद्वारा श्रीविद्याको उपासना गर्ने गरिन्छ, त्यसमा केवल लेशमात्र पनि खण्डित भएमा सम्पूर्ण उपासना नै अपूर्ण रहन जान्छ। जसरी हुन्छ सबै अङ्गलाई ठीकठीक क्रमले पूरा गरेर उपासना गर्नुपर्दछ अनि मात्र उपासना पूर्ण हुन्छ र त्यसबाट सिद्धिलाभ हुन्छ।

सामीप्यार्थक 'उप' उपसर्ग र उपवेशनार्थक 'आस्' धातु मिलेर बनेको यस 'उपासना' शब्दको अर्थ हुन्छ- समीप बसाउने वा समीप बस्नु अर्थात् जुन परिपूर्ण भएपछि इष्टदेवताको 'सान्निध्य' प्राप्त हुन्छ, 'इष्टसिद्धि' हुन्छ त्यही 'उपासना' हो।

श्रीविद्याको उपासना गर्न चाहनेहरूले क्रमदीक्षाको अवलम्बन गरी गुरुमुखबाटै यसको यथार्थ ज्ञान हासिल गर्नुपर्दछ। गुरुको कृपा र परमात्माको अनुग्रहले भगवतीविषयक सबै रहस्यहरू स्पष्ट हुने नै छन्-

वाक्कामश्रीयोगिनीवर्णबीजै-
रादावन्ते सम्पुटां षोडशार्णाम्।
विद्यामाद्यां बगलाकालरात्री-
दुर्गाछिन्नाश्रीस्वरूपां नमामि॥

(साभार : श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषोत्तमस्वरूप श्रीपशुपतिनाथ

–क्षितीशचन्द्र चक्रवर्ती

जसको दर्शन, कीर्तन, नमस्कार, जप र ध्यानद्वारा समाधिलाभ भई भगवद्दर्शन र ब्रह्मज्ञानपूर्वक मनुष्य मुक्त हुन्छ, त्यस्तो सम्यक् ज्ञानप्राप्तिको निश्चित उपायस्वरूपले पशुपतिस्तुति (पशुपतिको अपरम्पार महिमा, शिवसहस्रनामको सारसर्वस्व र भगवान्‌को सारा गुणानुवादको कीर्तन) यहाँ गरिन्छ ।

(१) जो पशुहरूका अधिपति हुनुहुन्छ; जो सबैको पापराशिलाई हरण गर्नुहुन्छ; जो परमेश्वर हुनुहुन्छ र गजचर्म धारण गर्नुभएको छ; जसका जटाहरूको भित्र गङ्गाजीको जल तरङ्गयुक्त भइराखेको छ ती एकमात्र स्मरारि महादेवलाई म स्मरण गर्दछु ।

जो महेश्वर हुनुहुन्छ र देवताका ईश्वर हुनुहुन्छ; जो देवताका शत्रुहरूलाई निर्मूल गर्नुहुन्छ; जो विभु र विश्वनाथ भइकन विभूतिद्वारा अङ्गलाई भूषित गर्नुहुन्छ; चन्द्र, सूर्य र अग्नि जसका तीन आँखा हुन्; जो विरूपाक्ष र सदानन्द हुनुहुन्छ; ती पञ्चमुख प्रभुलाई म स्तुति गर्दछु ।

जो पर्वतका ईश्वर हुनुहुन्छ र प्रमथहरूका अधिपति हुनुहुन्छ; जसको घाँटी नीलवर्णको छ र जो वृषभमाथि आरोहण गर्नुहुन्छ; जो सत्त्व, रज र तम यी तीन गुणदेखि अतीत हुनुहुन्छ; जो भगनामले प्रख्यात हुनुहुन्छ, जो पूर्ण ज्ञानमय हुनुहुन्छ; जसको अङ्ग भस्मद्वारा विभूषित छ, ती भवानीपति पञ्चवक्त्र शिवलाई म भजन गर्दछु ।

हे पार्वतीश ! हे शम्भु ! हे चन्द्रार्द्धमौलि ! हे जटाजूटधारी ! एकमात्र तपाईं नै जगत्‌लाई ढाकेर विराजमान हुनुहुन्छ । यो विश्व तपाईंको नै रूप हो; तपाईं पूर्ण ब्रह्म हुनुहुन्छ । हे महेश्वर ! हे शूलधारी ! तपाईं मप्रति प्रसन्न हुनुहोस् ।

जहाँबाट जगत्‌को सृष्टि हुन्छ; जो जगत्‌का पालनकर्ता हुनुहुन्छ र जगत् जहाँ लय हुन्छ; ती निष्क्रिय, निराकार, आदि जगद्‌बीज, प्रणववाच्य, एक, परमात्मस्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेश्वरलाई म भजन गर्दछु। जो भूमि होइन, जल होइन, वह्नि होइन, पवन होइन, शून्य होइन र जसको तन्द्रा छैन, निद्रा छैन, ग्रीष्म छैन, देश छैन, वेष छैन र जसको मूर्ति छैन तापनि जो ब्रह्मा, विष्णु र शिवरूप हुनुहुन्छ, उहाँको म स्तुति गर्दछु।

जो जन्मादिरहित हुनुहुन्छ, सनातन, कारणका पनि कारण; जो सर्वमङ्गलमय हुनुहुन्छ; जो तुरीय ब्रह्म र द्वैतरहित हुनुहुन्छ, उहाँलाई म नमस्कार गर्दछु।

हे विभु ! हे विश्वमूर्ति ! तिमीलाई म वारंवार नमस्कार गर्दछु। हे चिदानन्दमय ! तिमीलाई पुनः पुनः नमस्कार गर्दछु। हे भगवान् ! तिमी तपस्या र योगद्वारा प्राप्त हुन्छौ। तिमीलाई फेरिफेरि नमस्कार गर्दछु। हे शिव ! तिमी श्रुतिजनित ज्ञानगोचर हौ, तिमीलाई वारंवार नमस्कार गर्दछु।

हे प्रभु शूलपाणि ! हे विभु ! हे विश्वनाथ ! हे महादेव ! हे शम्भु ! हे महेश ! हे त्रिनेत्र ! हे गौरीपति ! हे शान्त ! हे मदनरिपु ! हे पुरविजयी ! तिमीभन्दा श्रेष्ठ मान्य अरू कोही छैन; गण्य पनि कोही छैन।

हे शम्भु ! हे महेश ! हे करुणामय ! हे शूलपाणि ! हे गौरीपति ! हे पशुपति ! हे पशुपाशविनाशी ! हे काशीपति ! एकमात्र तिमीले नै निजी करुणाले यस जगत्लाई पालन गरिराखेका छौ, विनाश गरिराखेका छौ र सृष्टि गरिराखेका छौ। त्यसकारण तिमी नै महेश्वर हौ। हे भव ! तिमीबाट जगत् उत्पन्न भएको छ। हे देव ! हे मदनान्तकारी ! हे मृड ! हे विश्वनाथ ! तिमीमा नै जगत् रहेको छ। हे ईश ! लिङ्गरूप तिमीमा नै जगत् लय हुन्छ। हे हर ! यो चराचर विश्व तिम्रो नै स्वरूप हो।

(२) अम्बिकासमेत शिव हाम्रा कुलदेव हुनुहुन्छ। हे पशुपति ! हामी तिम्रा नै हौँ। अम्बिकासमेत तिमीलाई म स्तुति गर्दछु। जब समुद्रमन्थनको बेला कालकूट (विष) उत्पन्न भएको थियो तब देवता, दानव र सर्पहरू अम्बिकासमेत तिमीबाट सुरक्षित भएका थिए। हे साम्ब ! तिम्रो उद्देश्यमा मेरो यो प्रणति समर्पित होस्। हे साम्ब ! तिमीदेखि भिन्न अरू कसैको म आराधना गर्दिनँ। म तिम्रो नै किङ्कर हुँ। हे परब्रह्मरूपी साम्ब ! तिमीमा मेरो अनुराग भइरहोस्।

विष्णु आदि देवताहरूले त्रिपुरासुरलाई स्वयं पराभूत गर्न असमर्थ भइकन जुन महेश्वरको शरणागत भएर भन्नुभएको थियो -"भगवान्, हामी पशु झैं हौं, एकमात्र तपाईं नै हाम्रा ईश्वर[१] हुनुहुन्छ"। तिम्रो नै शक्तिले त्रिपुरमाथि विजय भयो। पछि देवताहरूले आफ्ना ठाउँमा नियोजित भएर स्वस्थता प्राप्त गरेका थिए, ती परब्रह्म शिवमा मेरो मन आनन्दपूर्वक बसिरहोस्।

१ विष्णुले नै शिवलाई पशुपति भन्नुभएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब त्रिपुरासुरका साथ युद्ध भएको थियो तब वसुमती जसको रथ भएकी थिइन्; चन्द्र-सूर्य रथका दुई चक्का बनेका थिए, कनकपर्वत सुमेरु शरासन बनेको थियो, श्रीहरि शर बन्नुभएको थियो, ब्रह्मा सारथि भएका थिए, सागर तुणीर बनेका थिए, वेदहरू घोडा र अनन्तदेव धनुको ताँदो हुनुभएको थियो; मेरो चित्त परब्रह्मरूपी ती साम्ब सदाशिवमा रत रहोस् ।

जसले अनङ्गको अङ्गभस्मलाई दिव्य अङ्गराग झैँ गर्नुभएको छ (अर्थात् कन्दर्प देवतालाई भस्मीभूत गरी त्यस विभूतिद्वारा आफ्नो अङ्गलाई विलिप्त गर्नुभएको थियो), जसले रोषवशात् कमलयोनि ब्रह्माजीको एउटा मस्तकलाई छेदन गरिकन काञ्चनपात्र झैँ त्यसलाई ग्रहण गर्नुभएको थियो, एक समयमा श्रीहरि हजार पद्मद्वारा अर्चनामा प्रवृत्त हुँदा एउटा पद्मपुष्पका साथ उहाँद्वारा समर्पित आफ्नो नयनकमललाई जसले ग्रहण गर्नुभएको थियो ती गौरीसहित श्रीशङ्करमा मेरो चित्त आनन्दसाथ रमिरहोस् ।

जसको मूर्ति क्षिति, अप्, तेज, मरुत्, व्योम, चन्द्र, सूर्य, यजमान– आठरूपले परिणत भनी कीर्तित हुन्छ ब्रह्माण्डमा जो बाहेक कुनै वस्तु छैन; प्रणवको अर्थविचारिणी श्रुतिले जसलाई तुरीय पुरुष शिव भनी वर्णन गरेको छ, ती उमासहाय परब्रह्मरूप शङ्करमा मेरो चित्त आनन्दसाथ बसिरहोस् ।

समुद्रमन्थनको समयमा समुद्रबाट महाविष उत्पन्न भयो । श्रीहरि, ब्रह्मा र इन्द्र आदि देवताहरू जब त्यो महाविषबाट पराभव भए तब तिनीहरूलाई काँतर र शरणापन्न देखी जसले आधा क्षणभित्र कालकूट महाविषलाई पान गरेर सबैको रक्षा गर्नुभएको थियो, ती अम्बिकासहित विराजमान परब्रह्मरूपी शङ्करमा मेरो चित्त सर्वदा आनन्दपूर्वक स्थित रहोस् ।

(३) प्रथमतः कर्मबन्धनको वशले जब म कलुषपूर्ण जननीजठरमा निविष्ट भएको थिएँ तब अपवित्र मल-मूत्रभित्र आमाको जठराग्निले मलाई सर्वथा नानाप्रकारले व्यथा दिएको थियो, जुन-जुन दुःखले त्यहाँ व्यथा दिन्छ त्यसलाई वर्णन गर्नु सम्भव छैन । त्यसलाई कसरी वर्णन गर्ने ? यो सारा दुःखभोग मेरो पापरूप दोष (दुष्कर्मजनित दोष) को फल हो । हे शम्भु ! हे शिव ! हे महादेव ! मेरो अपराधलाई दया गरेर क्षमा गर्नुहोस् ।

जब मेरो बाल्यावस्था थियो तब पनि मैले धेरै दुःखभोग गरेको थिएँ; तत्कालमा मेरो सारा अङ्ग आफ्नो मलले परिव्याप्त थियो । स्तनपानको चिन्ताजनित इच्छाअनुसार स्तनपान गर्न सकेको थिइनँ । मेरा इन्द्रियहरू भए पनि तिनीहरूमाथि मेरो प्रभुता थिएन । त्यसकारण मशक आदि जीवहरू सधैँ मलाई दुःख दिन्थे । नाना रोगले गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै प्रकारको क्लेश भोगेको थिएँ। भोग गर्दै नाना प्रकारबाट पेट पालनमा व्यग्र थिएँ तर एकपटक पनि शङ्करको नाम स्मरण गरेको थिइनँ; हे शिव ! हे शम्भु ! हे महादेव ! यी मेरा सारा दुष्कृतजनित दोष हुन्। यी मेरा सारा अपराधलाई क्षमा गर्नुहोस्।

उमेर बढ्दै जानाले यौवन अवस्थालाई प्राप्त गरेर शब्द, स्पर्श, रूप, रस, गन्धरूप यी पाँच विषयसर्पले मेरो मर्मसन्धिलाई डसेका थिए। त्यसैले गर्दा मेरो विवेक विनष्ट भएको थियो र म धन, पुत्र, युवती, सम्भोग र मीठो भोजनमा सुख जानी त्यसैमा आसक्त भएको थिएँ। परिणामको चिन्तन गरेर मेरो चित्त मान र गर्वको वशीभूत भएको थियो। यी मेरा सारा अपराध हुन्। हे शम्भु ! हे शिव ! हे महादेव ! यी मेरा सारा दोषको निवारण होस्।

त्यसपछि वृद्धपन उपस्थित भयो। इन्द्रियहरू क्रमशः शिथिल हुन लागे। ज्ञान ह्रास हुँदै गयो। आधिदैविक आदि तापले गर्दा पाप, रोग र वियोग दुःख हुन लाग्यो किन्तु देहको अवसान छैन। अवसादग्रस्त र क्षीण मेरो मन मिथ्या मोहको वशीभूत भई नाना प्रकारका इच्छाहरूको उदयवशात् नाना विषयहरूमा घुमिराखेको छ। धूर्जटिको ध्यानमा प्रवृत्त हुँदैन। यी मेरा सारा अपराध हुन्। हे शिव ! हे महादेव ! हे शम्भु ! मेरा अपराधलाई दया गरी क्षमा गर्नुहोस्।

पाउपाउमा जटिल र धेरै पापयुक्त भनी प्रसिद्ध स्मृतिशास्त्रमा प्रतिपादित धर्म गर्ने नै जब शक्ति भएन तब ब्राह्मणकुलमा जन्मी श्रौत कर्म र सारभूत ब्रह्ममार्गमा लाग्ने प्रसङ्ग झन् कहाँबाट होला ? परिणामले जब धर्ममा नै आस्था भएन तब श्रवण, मनन, विचार कहाँबाट पाउने ? केको ध्यान ? निदिध्यासन कसरी सम्भव हुने ? मैले केही पनि गर्न पाएको छैन। हे शिव ! हे महादेव ! हे शम्भु ! मेरा यी सारा दुष्कृतिजनित दोषलाई मप्रति दया गरेर क्षमा गर्नुहोस्।

हे शम्भु ! पद्मासनमा अवस्थित भइकन मैले प्रणवपूर्वक श्वासलाई रोकेर कुम्भक अवस्थामा तपाईंलाई स्मरण गरेको छैन। हे शङ्कर ! सूक्ष्म मार्गमा (सुषुम्नाको बाटोमा) सप्रलीन चित्तमा हजुरलाई निष्कल ब्रह्मरूपले स्मरण गरेको छैन। निष्कल र सकल द्विविध रूपमा नै शङ्करलाई स्मरण नगरेको हुनाले मेरो ठूलो अपराध भएको छ। हे शिव ! हे महादेव ! हे शम्भु ! यी मेरा सारा अपराधलाई दया गरी मार्जन[२] गर्नुहोस्।

हे हर ! दिगम्बर, निःसङ्ग, निर्विकार, सत्त्व, रज र तमोगुणदेखि अतीत, अज्ञानरूप अन्धकारले वर्जित, नाकको अग्रभागमा दृष्टि राखेका, शिवमहिमाका अभिज्ञ कुनै

२ नगर्नुका लागि अनुताप गर्नु हो- नगर्नुको निराकरण गर्नु किंवा नगर्नुरूप अध्यस्तको अधिष्ठानलाई जान्नु अर्थात् गर्नुको बराबर स्थितिलाई प्राप्त गर्नु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिलाई मैले कहिले पनि देखेको छैन। हे शङ्कर ! उन्मनी नाम गरेको योगावस्थामा[३] तिमीलाई स्मरण गर्न सकेको छैन। हे शिव ! हे शम्भु ! हे महादेव ! मेरो यो अपराधलाई क्षमा गर्नुहोस्।

जसको मस्तक चन्द्रखण्ड प्रदीप्त छ, जसले कामदेवलाई भस्मीभूत गरेको थियो; जसले आफ्नो मस्तकमा गङ्गाजीलाई धारण गरेको छ, जो सधैँ सबैको मङ्गल साधन[४] गर्नुहुन्छ; जसले कण्ठमा, कानमा सर्पको भूषण परिधान गर्नुभएको छ, जसको आँखाबाट अग्नि उत्पन्न हुन्छ, जो गजचर्मद्वारा सुन्दर अम्बर धारण गर्नुभएको छ, जो त्रिभुवनका सारभूत हुनुहुन्छ, मोक्षलाभका निम्ति यी शङ्करमा चित्तलाई स्थिर गर, अरू कर्मको कुनै प्रयोजन छैन।

यो अतुलनीय धनबाट कुनै फल प्राप्त हुँदैन। हात्ती र घोडाको कुनै प्रयोजन छैन। राज्यबाट के हुने ? पुत्र, कलत्र, बन्धु र पशुबाट पनि केही हुनेछैन। यो धन आदि हो क्षणभङ्गुर, यस प्रकार जानेर हे मन, तिमी टाढाबाट यिनीहरूलाई परित्याग गरिदेऊ[५] र गुरुवाक्यअनुसार पार्वतीका वल्लभलाई भजन गर, भजन गर।

देख्दादेख्दै प्रतिदिन आयु क्षय भइरहेको छ, यो यौवन प्रतिदिन क्षीण हुँदै गएको छ। गइसकेको दिन फेरि फर्केर आउने होइन, सर्वसंहारकर्ता कालले त्रिभुवनका सारालाई भक्षण गरिरहेको छ। यो जो सम्पत्ति हो त्यो पनि पानीको तरङ्ग झैँ चञ्चल हो। यो जिन्दगी बिजुली झैँ अस्थिर हो। त्यसकारण हे शरणदाता ! म तिम्रो शरणागत भएको हुँ। अहिले तिमी मलाई[६] रक्षा गर।

हे त्रिपुरान्तक ! यो शरीर जब पैदा भएको छ तब पक्का पनि पूर्वजन्ममा तपाईंलाई कहिल्यै पनि मैले प्रणाम गरेको थिइनँ; यो अनुमान गर्दछु - यो निश्चित हुन आउँछ। अहिले तपाईंलाई प्रणाम गर्दछु र त्यसको परिणामले मुक्तिलाभ गरिकन धारण[७] गर्दिनँ। त्यसकारण पछि फेरि तपाईंलाई प्रणाम गर्न सक्तिनँ। पहिले पनि र पछि पनि प्रणाम नगर्नु रूप यी जुन दुई अपराध हुन्; हे महेश ! दया गरेर यी दुई अपराधलाई क्षमा गर्नुहोस्।

हे शम्भु ! हे महादेव ! मबाट हस्तकृत, पादकृत, वाक्कृत, शरीरकृत, कर्मकृत, श्रवणकृत,

३ यसैलाई निर्विकल्प समाधि भनिएको छ।
४ त्यसकारण शङ्करलाई शिव भनिएको छ।
५ सत्त्वप्रधान चित्तको सहाराले राजसी चित्तलाई दमन गर्नुपर्छ (गीता, ६।५)।
६ ईश्वरनिर्भरता (९।२२) जहाँबाट सम्पूर्ण चित्तविक्षेपको विनाश सम्भव हुन्छ। ब्रह्माकार वृत्तिको उत्पत्ति निश्चित हुन्छ (गीता १०।१०)। यो हो पशुपतिस्तुतिरूप उपासनाको प्रकृष्ट फल। उपासनाविना ज्ञान उत्पन्न हुन सक्तैन।
७ "बृहद् वासिष्ठविज्ञान" पृष्ठ १४५-४६ हेर्नू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयनकृत र मानसिक जे अपराध छ, मैले विहित र अविहित जे गरेको छु; हे करुणासागर ! त्यो सारा अपराधलाई क्षमा गर्नुहोस् । हे शम्भु ! हे महादेव ! तपाईंको जय होस् ।

जसको शरीर भस्मको अनुलेपनद्वारा श्वेतवर्णको छ; जसको हातमा श्वेतवर्णको कपाल छ; जसको खट्वाङ्ग, वृषभ र कर्णकुण्डल छ श्वेतवर्णको, गङ्गाको फिँजको मिश्रणले गर्दा जसको जटा छ श्वेतवर्णको, जसको ललाटमा स्थित चन्द्र छ श्वेतवर्णको, ती सर्वश्वेत शङ्करले मलाई पापक्षयका साथ विभव प्रदान गरून् ।

शुक आदि ममत्वदोषरहित निष्काम मुनिहरूले जसलाई उपासना गरेका छन्, मोहरूप महादुःख शान्तिका लागि दक्षिणामूर्तिरूपधारी ती महेश्वरलाई म उपासना गर्दछु ।

जसको देह शुभ्र होइन, जसको ललाटमा नेत्र छैन, जसको वेष शान्त छैन, जसको भूषण सर्प होइन, जसको हातमा तत्त्वमुद्रा छैन, जसले योगबलले निद्रालाई जित्न सकेका छैन, जो पूर्णकाम बनेका छैनन्, यस प्रकारका देवतासित हाम्रो प्रयोजन छैन ।

चारै दिशामा लामा जटाकलापबाट शोभायुक्त भएको तपाईंको ललाट छ । तपाईं कलावशेष चन्द्रमाले भूषित, चन्द्रझैं मुखमण्डल भएका र ललाटमा नयनयुक्त हुनुहुन्छ । तपाईं निर्मल पुरुषका हृदयमा प्रकाशित भइरहनुभएको छ ।

हे देव ! तपाईं उमासित उपासक वर्गको पक्षमा उपासक वर्गका लागि पूर्णचन्द्रभाव प्रकाश गरिराख्नुभएको छ । उमाको ललाटमा अर्द्धचन्द्र र तपाईंको ललाटमा अर्द्धचन्द्र यसरी पूर्णचन्द्र सम्पन्न भएको छ तापनि पूर्णचन्द्रझैं श्वेत र आनन्दप्रद भएको हुनुहुन्छ किनकि आज तपाईंको दर्शनमात्रले मेरो मानसरूप चन्द्रकान्तमणि पग्लिरहेको छ[८] ।

जसले उमासहित सुन्दरशशिकलामौलि तपाईंको प्रसन्न मूर्तिको ध्यान गर्दछ, त्यसले ऐश्वर्य, आयु र विद्यालाई प्राप्त गर्दछ र अन्त्यमा वेदान्तमहारहस्य (ब्रह्म वस्तु) लाई प्राप्त गरिहाल्छ[९] ।

(४) ऋक्, यजु र सामवेदद्वारा जानिने, जटाभार-भूषायुक्त, गलामा दोदूल्यमान सर्पहरूको हार छ, जसको हातमा मृगधारण गर्ने, मेराप्रति दयाभावले युक्त, जगत्का आदिभूत, अनुकरणका अतीत, त्रिपुराका विजयी, चिदानन्द, त्रिनयन, पशुपति महादेव हुनुहुन्छ उमासहित अवस्थित, यस्ता प्रिय शिवलाई म हृदयमा भजन गरिराखेको छु ।

---

८ पूर्ण चन्द्रको प्रकाशमा चन्द्रकान्तमणिबाट पानी क्षरण हुनु प्रसिद्ध हो । मन आर्द्र हुन्छ (भिजिहाल्छ) भक्तिको बलले ।

९ पशुपति हुनुहुन्छ अक्षर पुरुष र पशुपतिनाथ हुनुहुन्छ पुरुषोत्तम, यो नै हो नेपालको माहात्म्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्मा सानो फल दिने हजारौँ देवताहरू छन्, तर म सपनामा पनि कहिल्यै पनि तिनीहरूको अनुवर्तन गर्दिनँ। किंवा तज्जनित फलको इच्छा पनि गर्दिनँ। हे शम्भु ! हे शिव ! म चाहन्छु तपाईंको नै पादपद्मको भजन जो तपाईंको निकटमा स्थित ब्रह्मा, विष्णु आदिको निम्ति पनि दुर्लभ छ, जसको आदि छैन, अन्त्य छैन तापनि जो सबैका आदि हुनुहुन्छ, जो परमतत्त्व र अप्रमेय हुनुहुन्छ, जो हुनुहुन्छ चिन्मय अद्वितीय तुरीय; हरि र ब्रह्मा जसलाई खोजिराखेका हुन्छन्, जो हुनुहुन्छ परब्रह्मरूपी मन, वाणीका अतीत, ती शिवज्योतिलाई म भजन गर्दछु।

निष्काम कर्मानुष्ठानरूप सर्वप्रथम भक्तिको परिणामले सामान्यरूपले आफ्नो साक्षीस्वरूपको परिचय प्राप्त हुन्छ, आत्माको सामान्य ज्ञान हुन्छ, आफूलाई चिनिन्छ। त्यसपछि आफूलाई विशेषरूपले चिन्नु सम्भव हुन्छ। साक्षित्वरूपको स्पष्ट अनुभव हुन्छ, आत्मा हो परमात्मादेखि अभिन्न (गीता, ६।४७) यस प्रकार ज्ञान हुन्छ - शोधित त्वंपदार्थ हो अशुद्ध तत्पदार्थरूप; यो नै हो साक्षीरूपले अवस्थान (दृश्यानुविद्ध सविकल्प समाधि)। त्यसपछि तत्पदार्थको शोधन हुन्छ, विशेष ज्ञान अर्थात् स्वात्मचिन्तन किंवा ईश्वरको ध्यान हुन्छ।

यसलाई शब्दानुविद्ध सविकल्प समाधि भनिएको छ। यसरी आत्मस्वरूपलाई र त्यसपछि ईश्वरस्वरूपलाई जानेर परिशेषमा दुवैमा अनुस्यूत अद्वितीय निरुपाधि ब्रह्मस्वरूपको ज्ञान सम्भव हुन्छ। यो सारा स्तर हो भक्तिको क्रमिक दृढतारूप मात्र।

भगवत्स्तोत्र पाठ जपपछि ध्यान सम्भव हुन जान्छ, ध्यान पनि विच्छेदपूर्वक हुन्छ किनकि ध्यानमा "म हुँ ध्याता" यो कर्ताभाव रहन्छ। जब यो अहंभाव रहँदैन तब ध्यान अविच्छिन्न रूपले दीर्घकालसम्म चलिरहन्छ। यसलाई समाधि भनिएको छ। ध्यानको अनुवृत्ति साक्षीभास्य हुन्छ। जो कर्ता थियो त्यो अनुवृत्त कर्मको प्रकाशक बनिहाल्छ। यसलाई सविकल्प समाधि भनिएको छ।

ध्यानको अनुवृत्ति साक्षीको दृश्यरूप भएको हुनाले यो दृश्यलाई विकल्प भन्दछन्। सङ्कल्पकर्ता हो साक्षी, विकल्पकर्ता हो अहङ्कार। विकल्पको परित्याग भए सङ्कल्प पनि नभएको हुनाले साक्षीभाव पनि रहँदैन। दृश्य नभए द्रष्टाभाव पनि रहँदैन। परिणामले द्वैतभाव विनष्ट भैहाल्छ। मूलसहित अहङ्कार (अविद्यामूलक साक्षीभाव) विनष्ट भए सविकल्प समाधि निर्विकल्प समाधिमा परिणत हुन्छ र सबैको अधिष्ठानरूप ब्रह्म स्वयं प्रकाशित भइहाल्छ।

जब अविद्या नष्ट हुन्छ तब साक्षीभावको अभाव प्राप्त हुन्छ। "म हुँ अद्वितीय वस्तु, ममा अविद्याको वृत्ति पनि छैन, अविद्याको वृत्ति हो कलङ्करूप, म हुँ दृश्यरहित द्रष्टामात्र" - यस प्रकार वेदशास्त्रको अनुकूल निश्चयलाई विचार भनिएको छ। यसरी भावी दृश्यको उत्पत्तिको कारण जो साक्षीभाव हो, त्यसको परित्याग भए कल्पित अहङ्कार विनष्ट हुन्छ, साक्षीभावको अभाव सिद्ध हुन्छ। यसैलाई नै निर्विकल्प समाधिको उत्पत्ति भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सविकल्प समाधि दुई प्रकारको हुन्छ - (१) दृश्यानुविद्ध सविकल्प समाधि (२) शब्दानुविद्ध सविकल्प समाधि

(१) काम, क्रोध, लोभ आदिको ज्ञानसित सम्बन्ध भए अर्थात् जब साधक आफ्नो अन्तःकरणमा काम, क्रोध आदिको उदय देख्दछ र त्यो काम आदिको आकारमा आकारित वृत्तिरूप दृश्यलाई देख्छ तब त्यसले साक्षी भई त्यो वृत्तिरूप दृश्यलाई जान्दछ -"यो काम, क्रोध आदि चित्तवृत्ति मेरो दृश्य हो; किनकि मबाट नै यो वृत्ति देख्नमा आइराखेको छ, म हुँ यो वृत्तिको द्रष्टा, यो द्रष्टा म हुँ सारा विकारबाट रहित वस्तु किनकि यी वृत्तिहरूको उदय हुनुपहिले मैले पनि यी वृत्तिहरूको अनुदयलाई जानिराखेको थिएँ। अहिले यी वृत्तिहरूलाई जानिराखेर पनि म अन्य रूपमा प्राप्त भएको छैन। यसरी अहिले म जो वृत्तिहरूलाई जानिराखेको छु, त्यसबाट ममा कुनै विकार किंवा परिवर्तन आएको छैन। वृत्तिहरू मदेखि भिन्न नै रहेका छन्। यस प्रकार जानेर यी वृत्तिहरूलाई साक्षीस्वरूप आफूमा विलापन गरेर अवस्थित रहन्छ। यसरी अवस्थित हुनुलाई दृश्यानुविद्ध सविकल्प समाधि भनिएको छ। समाधि शब्दको अर्थ हो विकाररहित भएर अवस्थान गर्नु।

(२) म शुद्ध ज्ञानस्वरूप हुँ; म आत्मस्वरूपले नित्य सिद्ध शान्त व्यापक हुँ; म नै सधैं परमानन्द सागर हुँ, - यस प्रकार ब्रह्मग्राहक शब्दहरूद्वारा अर्पित सत्य वस्तुलाई मुमुक्षुले स्थिर भएर चिन्तन गर्नुपर्दछ।

म सबैको आदि हुँ, म अनादि हुँ, म विशुद्ध वाक्य र मनद्वारा लभ्य वस्तु हुँ, म श्रुतिवचनद्वारा ज्ञेय हुँ र म नै अखण्ड ज्ञानस्वरूप हुँ।

म विदित र अविदितदेखि भिन्न हुँ, म मायारहित र मायाकार्य रहित हुँ। म केवल उदासीनस्वरूप र ज्ञानरूप हुँ। म सधैं एकरूपले प्रकाशमान हुँ।

म अपर हुँ, म नै अनपर हुँ ; बाहिर र भित्र म पूर्णरूपले अवस्थित भइरहेको छु। म अजर हुँ, म अमर हुँ, म नित्य सुखस्वरूप हुँ र अद्वितीय हुँ।

म परमात्मादेखि अभिन्न सत्य, ज्ञान र आनन्दस्वरूप हुँ। केवल उपनिषत्द्वारा लभ्य परम सत्य स्वयं प्रकाश ब्रह्म नै म हुँ।

यस प्रकारको बोधको स्थिति नै शब्दानुविद्ध सविकल्प समाधि हो।

पहिले साक्षीस्वरूपलाई जानेर नै सबै साक्षी ईश्वरस्वरूपलाई जानिन्छ। पहिले आत्मध्यान सिकेपछि ईश्वरध्यान सम्भव हुन्छ। ईश्वरध्यानका लागि सारा वैषयिक क्रियाको परित्याग आवश्यक हुन्छ; तब मात्र ईषत् रजोगुणको पनि निराकरण हुन्छ र शुद्ध सत्त्वगुण अवशिष्ट रहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको ज्ञान उत्पन्न भएमा नै ब्रह्मज्ञान सम्भव हुन्छ; यसका लागि वासनाक्षय आवश्यक हुन्छ। यो दुई प्रकारको ज्ञानलाई नै तत्त्वज्ञान भनिएको छ (गीता, १२।३ र १८।५५)।

यसरी ज्ञानका तीन स्तर रहेका छन्- आत्माको ज्ञान, ईश्वरको ज्ञान र ब्रह्मज्ञान। अन्तिम ज्ञान हो निर्विकल्प समाधिरूप। निर्विकल्प समाधिको अनुसन्धानको फल शान्तिक्षेत्र नेपालमा नै सम्भव हुन्छ, अन्यत्र होइन। यो नै हो नेपालको माहात्म्य; यसमा प्रमाण हो गीताशास्त्र (१५।१८-२०)। पुरुषोत्तमलाई कसैले त अवश्य जान्दछ; कसले भन्ने ? जो निर्विकल्प समाधिमा स्थित हुनुभएको छ। **उहाँ काशीपति होइन किन्तु उहाँ हुनुहुन्छ पशुपतिनाथ।**

शब्दानुविद्ध सविकल्प समाधि (गीता, १८।५१-५३) हो- उच्चतर। यसैलाई निदिध्यासन भनिएको छ। शब्दानुविद्ध सविकल्प समाधिको अभ्यास परिपक्व नभए यसको उल्लङ्घनपूर्वक उत्तरोत्तर ज्ञानभूमिकामा आरोहण र ब्रह्मरूपता प्राप्तिको योग्यता (गीता, १८।५३) सम्भव हुँदैन।

अध्यात्मरामायणका श्रीमहादेवले (युद्धकाण्ड, १५।६२) यो योग्यता आर्जन गर्नका लागि यत्न गर्नुभएन। उहाँ ६१ औं श्लोकको द्वितीयार्द्धमा स्वरूपानुभवको सङ्केत गरेर पनि त्यसको साधन आर्जनका लागि यत्न नगरेर तारक राम मन्त्रका केवल उपदेष्टा भएर अवस्थान गर्नुबाट नै सन्तुष्ट हुनुभयो (श्लोक ६२)। उहाँले जीवभावभन्दा भिन्न अक्षर पुरुषरूपले अवस्थित भएर रहनेमा नै इच्छा गर्नुभयो। यो उच्चतर सविकल्प समाधिदशा हो– पशुपतिभाव किंवा तत्त्वज्ञान (गीता, १२।३); **पशुपतिनाथको स्थिति हो निर्विकल्प समाधिदशा।** श्रीमहादेवले ब्रह्माकार मनोवृत्ति प्रवाहलाई परित्याग गरी वृत्तिशून्य मनलाई ब्रह्मरूपले अवस्थित गर्नको लागि यत्न गर्नुभएन। यो उच्चतर सविकल्प समाधिलाई (गीता, १२।३-४ मा) निर्गुण उपासना भनिएको छ।

प्रमाद किंवा अनवधानता हो तत्पदार्थको शोधन नगर्नु अर्थात् अशुद्ध तत्पदार्थदेखि अभिन्न आफ्नो स्वरूपको पूरा शोधन नगर्नु। पहिले दृश्यानुविद्ध सविकल्प समाधिको अभ्यासद्वारा त्वंपदार्थको शोधन अभिव्यक्त वासनाको विलापन गरीकन पछि अनभिव्यक्त वासना प्रारब्ध कर्मको फल सहन गर्नुपर्दछ। त्यसैले यसलाई उच्चतर सविकल्प समाधि शब्दानुविद्ध सविकल्प समाधि भनिएको छ।

यस प्रकार प्रारब्धको फल मुमुक्षुलाई जब प्राप्त हुन्छ तब यो यत्नपूर्वक विचारद्वारा अविचलित रहोस्। यसैलाई नै तत्पदार्थको शोधन भनिएको छ; गीता (१८।५०) मा पराज्ञाननिष्ठा र योगवासिष्ठरामायणमा अन्तर्देवपूजा भनी यसैलाई बताइएको छ। मुमुक्षुको कर्तव्य हो प्रमाद आदि पारिभाषिक शब्दको यथार्थ अर्थको अनुसन्धानपूर्वक आफ्नो र आफ्नो वास्तव स्वरूप ईश्वरको शोधन गर्नु। दीर्घकाल ईश्वरध्यान किंवा निदिध्यासन गर्नु; तबमात्र ईश्वरध्यानद्वारा चित्त परिशोधित भए चित्तको निश्चयात्मिका वृत्तिको (अखण्डाकार वृत्तिको) उदय हुनु सम्भव हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो नै हो तत्पदार्थको परिशोधनरूप ज्ञानको अन्तःसाधन ।

रामको अकस्मात् वनगमनरूप अनिष्ट प्रारब्धलाई रामले कसरी परिहार गर्नुभएको थियो ? यहाँ हामी अनुसन्धान गरौँ ।

पिता दशरथले भन्नुभयो - तिमी वनमा नजाऊ; तिमी गए मेरो अवश्य नै मृत्यु हुन्छ । आमा कौशल्याले पनि बाधा दिनुभयो ।

लक्ष्मणले भन्नुभयो - दाजु, तपाईं वनमा नजानुहोस्; उत्पन्न भएको यो परिस्थितिको सुधार म नै गरेर छोड्दछु । किन्तु राम अलिकति पनि विचलित हुनुभएन । उहाँले केवल ईश्वरसत्ताको नै अनुभव गरिरहनुभयो । उहाँले जीवसत्ताको अनुभव गर्नुभएन । उहाँले द्रष्टादृश्यभावरूप कल्पित चित्तवृत्तिदेखि आफूलाई विविक्त भनी स्पष्ट रूपले जान्नुभयो । कसरी ? दीर्घकालिक आदरपूर्वक निरन्तर ईश्वरध्यानको सहाराले परिशोधित भएको अन्तःकरणको वृत्ति प्राप्त ब्रह्माकारवृत्तिको अनुवृत्तिको बलले । अन्तःकरणको यस प्रकारको परिशोधनलाई शब्दानुविद्ध सविकल्प समाधिको अभ्यास भनिएको छ ।

काशीका श्रीमहादेवले यो गर्नुभएन; रामले यो गर्नुभयो (यो योगवासिष्ठस्थित प्रकरण र निर्वाण प्रकरणमा वसिष्ठले देखाउनुभएको छ) । पशुपतिले पनि यो गर्नुभयो- तब नै उहाँ पशुपतिनाथ हुनुभयो । यसको प्रकार केवल विवेक चूडामणि ३२१-२९ श्लोकहरूमा स्पष्ट रूपले प्रतिपादित भएको छ । यसैलाई नै तत्पदार्थको शोधन प्रणाली किंवा शब्दानुविद्ध सविकल्प समाधिको स्वरूप भनिएको छ । मुमुक्षुको भित्र जब सर्वव्यापक ईश्वरीय दृष्टिको उदय हुन्छ तब द्रष्टादृश्यभाव किंवा स्त्री पुरुषको सत्ता अनुभूत हुँदैन, किन्तु केवल ईश्वरसत्ताको नै अनुभव भइरहन्छ । जो जे देखिन्छ त्यो हो नाम र रूपले सर्वत्र विद्यमान ईश्वर नै, अरू कोही किंवा केही छैन । तिमी म यो भन्ने कुनै मानिस किंवा पदार्थ वास्तवमा छैन । कुनै घटना पनि घटेको होइन । किन्तु यो सारा हो केवल चित्तको राजसिक तामसिक वृत्ति । चित्तको सात्त्विक वृत्तिधारा उदित भए (गीता, १८।५१-५३) निरन्तर ईश्वरको अनुभव भइरहन्छ । चित्त सारा विकारलाई परित्याग गरेर जब केवल वस्तुमात्र रूपले स्थित हुन्छ तब ज्ञानवान् पुरुषलाई केवल ब्रह्मस्वरूपको अनुभव भइरहन्छ ।

राग द्वेष प्राप्तिमा अविचलित रहनुलाई योगवासिष्ठमा अन्तर्देवपूजा भनिएको हो; हेय र उपादेय बुद्धिको अनुददय हुनुलाई समता भनिएको छ । जो चाहिँ नष्ट भएको छ, त्यो नष्ट भएको हो भनी जान्नु; जो चाहिँ प्राप्त भएको हो, त्यो प्राप्त भएको छ भनी जान्नु; दुवै प्रकारका अवस्थामा निर्विकार भएर अवस्थान गर्नु । ब्रह्मरूपले स्थित रहनु हो- शम ।

उपासक पुरुषको अवस्थान (यो निर्गुण उपासना गीता, १२।३-४) हो– तत्पदार्थ शोधनको प्रणाली किंवा उच्चतर सविकल्प समाधि- जो चाहिँ निश्चितरूपले निर्विकल्प समाधिमा परिसमाप्त भइहाल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग हो आपात रमणीय; यो प्राप्त हुन्छ, नष्ट पनि भैहाल्छ। यसका लागि इच्छा नगर्नू। सर्वदा सन्तुष्ट रहनू, भोग प्राप्त होस् किंवा नष्ट होस्, दुवै अवस्थामा रागद्वेषरहित भएर रहनु हो देवपूजा तत्पदार्थशोध। जसले यस प्रकारको ईश्वरपूजा जान्दैन, त्यसले इष्ट वस्तुमा अनुरागपूर्वक त्यसको ग्रहण गरिहाल्छ, अनिष्ट वस्तुको प्राप्तिमा द्वेषपूर्वक त्यसलाई त्याग गर्न खोज्दछ र आफूलाई ग्रहणकर्ता भनी जान्दछ।

निर्गुण उपासक पुरुष सबै प्रकारको परिस्थितिमा समानरूपले (अविचलित रूपले) अवस्थान गर्दछ, उसमा ग्रहणत्यागको भाव उदाउँदैन। सबैको साक्षी ईश्वरलाई नै आफ्नो वास्तविक स्वरूप भनी अनुभव गर्दछ। कुनै दृश्यको भावना गर्दैन। आफूलाई दृश्यको द्रष्टा भनी अनुभव गर्दैन। ऊ ईश्वररूपले अवस्थान गर्दछ। जो प्रारब्धद्वारा उपस्थित भएको छ, त्यसलाई ईश्वरमा अर्पण गर्दछ।

राम वनगमन कालमा वनलाई, गमनलाई र आफूलाई दृश्यरूपले किंवा द्रष्टारूपले अनुभव नगरेर, आफूलाई ईश्वरदेखि पनि भिन्न रूपले अनुभव नगरेर ब्रह्माकार वृत्तिको अनुवृत्तिको बलले ब्रह्मानन्द स्वरूपमा नै स्थित हुनुभएको थियो। उहाँले सर्वत्र अन्तर्यामी ईश्वरलाई नै देख्नुभयो ; भयावह कुनै घटनालाई देख्नुभएन। मुमुक्षु पुरुष पनि प्रथम युद्ध सत्त्वलाई अवलम्बन गरेर (सत्त्वापत्ति ज्ञानभूमिकामा स्थित भएर) पछि असंसक्ति र पदार्थाभाविनी भूमिकाद्वयलाई प्राप्त गरेर परिशेषमा सप्तमी ज्ञान भूमिकामा निर्विकल्प समाधि दशामा स्थित हुनुहुन्छ। **यो तुरीय दशामा स्थित हुनुलाई पशुपतिनाथ भनिएको छ। पशुपति हो अक्षर पुरुष र पशुपतिनाथ हुनुहुन्छ पुरुषोत्तम।**

जो पुरुषोत्तमलाई जान्नुहुन्छ उहाँ को हो ? कोही त अवश्य होला ? उहाँ हुनुहुन्छ रामस्थानीय यस प्रकार यदि भन्दछौ तब त्यो ठीक हो। ब्रह्मर्षि वसिष्ठको उपदेश सुनेर रामले ब्रह्मज्ञान प्राप्त गर्नुभएको थियो किन्तु अध्यात्मरामायणमा पुरुषोत्तमलाई जान्नुको उपाय गरिएको छैन। श्रीमहादेवलाई केवल अक्षर पुरुषरूपले देखाइएको हुनाले पुरुषोत्तमरूपले प्रदर्शन नगरिएको हुनाले शिवचरित्रको पूरा व्याख्यान भएन। यसको परिणामले अध्यात्मरामायणको भक्तिग्रन्थरूपता र गीतोक्त १५।२० श्लोकमा उक्त पुरुषोत्तमलाई जान्नुको (१५।१९) सार्थकता पूर्णरूपले सिद्ध गरिएको छ। तल तालिकाको सहाराले यो देखाइएको छ -

गीताशास्त्रको हृदय १५।२०	पाशुपत क्षेत्र
(१) क्षर पुरुष हो पशु	(अज्ञान भूमिका)
(२) अक्षर पुरुष हो पशुपति	(सविकल्प समाधि, चतुर्थी ज्ञान भूमिका)
(३) उत्तम पुरुष हो पशुपतिनाथ	(निर्विकल्प समाधि, सप्तमी ज्ञान भूमिका)

पशुपतिनाथ स्थिति हो निर्विकल्प समाधिदशा (गुणातीत दशा, उत्कृष्ट शान्ति; त्यसकारण नेपाल हो शान्तिक्षेत्र)। यो नै हो पुरुषोत्तमलाई जान्नु (निजी सदानन्द ब्रह्मस्वरूपलाई सधैं अनुभव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिरहनु) । यसबाट उत्थान हुँदैन; यसको प्रमाण हो पशुपतिनाथ किन्तु विश्वनाथको (महादेवको) समाधिबाट व्युत्थान हुन्छ । यसरी हिन्दू संस्कृतिको स्मारक भारत र नेपाल दुवै देश भए पनि पाशुपत क्षेत्र नेपालको आध्यात्मिक उत्कर्ष (माहात्म्य) स्पष्टरूपले प्रदर्शित भयो । **नेपालको माहात्म्य हो हिन्दू संस्कृतिको चूडामणि निर्विकल्प समाधिमा स्थिति पशुपतिनाथ । काशीको माहात्म्य हो हिन्दू संस्कृतिको चूडा सविकल्प समाधिमा स्थित विश्वनाथ** (गीता, १५।१६) ।

(परिमार्जनसहित साभार : शिवतत्त्वविवेचन)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको आराधना

–प्रा. खेमराज केशवशरण

यो सम्पूर्ण संसार मृत्युग्रस्त छ। पञ्चमहाभूत (पृथिवी, जल, आगो, वायु र आकाश) को सम्मिश्रणबाट बनेको यो सम्पूर्ण स्थूल सृष्टिरचना क्षणभङ्गुर छ, परिवर्तनशील छ र नाशगामी छ। मृत्युको क्षेत्रभित्र भएको हुनाले भौतिक अस्तित्वभित्र अडेको यो विशाल प्रपञ्च सम्पूर्ण नै मृत्युग्रस्त छ। यसभित्र परेर अविद्याको बन्धनमा फसेर आफ्नो स्वरूपबाट अपरिचित रही प्रकृतिको विकाररूप शरीरसँग मिलेर स्वयं मृत्युरहित चेतन जीवन पनि **सर्वतो मृत्युः** बन्न पुगेको छ। यहाँ उसलाई जताततै मृत्यु नै मृत्यु दृष्टिगोचर हुन्छ। पानीबाट ऊ डराउँछ- डुबेर मरिएला भनेर। आगोबाट ऊ डराउँछ- डढेर मरिएला भनेर। हावाबाट ऊ डराउँछ- उडाइदेला, ठक्कर लाग्ला र मरिएला भनेर। भीरबाट ऊ डराउँछ- खसिएला र मरिएला भनेर। विषयदेखि डराउँछ- त्यहीँ मरिएला भनेर। अस्त्रशस्त्रदेखि ऊ डराउँछ- त्यहीँ मरिएला भनेर। शत्रुबाट ऊ डराउँछ– केही गरिदेला र मरिएला भनेर। यसरी सर्वत्र मृत्यु देख्छ जीवात्माले र ऊ **सर्वतो मृत्युः** बन्न गएको छ।

सर्वतो मृत्युः भएकै कारणबाट जीवात्मा **सर्वतो भयः** बन्न गएको छ किनभने संसारमा जति भयहरू छन् तिनको मुख्य कारण मृत्यु नै हो। मृत्युको भयका अगाडि अरू भय स्वतः नगण्य हुन्छन्। मृत्युको डरले उसलाई छोडेका दिन ऊ **अकुतश्चिद्भयः** बन्दछ। सम्पूर्ण भय विलीन भएर दैवी सम्पत्तिको परम लक्ष्य अभयमा ऊ पुग्दछ। जीवात्मालाई यस अभयपदमा पुऱ्याउने केवल मृत्युञ्जय भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ।

भगवान् श्रीपशुपतिनाथको आराधनाबाट जीवात्मालाई ज्ञानको समुज्ज्वल प्रकाश प्राप्त हुन्छ, आफ्नो चिन्मय स्वरूपबाट परिचित बन्ने सौभाग्य प्राप्त हुन्छ। पञ्चमहाभूतबाट बनेको जड शरीरसँग अभेद सम्बन्ध राखेर शरीरलाई नै आफू सम्झेर बाँचुन्जेल नै त्यो भय जीवनमा अनुभव हुन्छ। जब साधनाद्वारा आफ्नो जडतापूर्ण शरीरमिश्रित अवस्थाबाट शुद्ध आत्मानुभूतिका साथ जिउने चेतनापूर्ण स्तरमा पुग्दछ, त्यसवेला उसबाट पशुभाव पनि सँगसँगै हटिरहेको हुन्छ। शरीरमा र आफूमा कति फरक छ भन्ने छुट्याउन उसले भगवान् शिवको आराधना गर्नुपर्दछ। अज्ञानले गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफू पशुकोटिमा बाँचिरहेको उसलाई अनुभव नै हुँदैन। आँखा खुलेपछि बल्ल त्यो फरक स्पष्ट हुन्छ।

शिवपुराणमा द्रष्टा र दृश्यका भेदले शरीर र आत्मालाई यसरी चिनाइएको छ- "जीवात्माले शरीरलाई देख्दछ परन्तु शरीरले जीवात्मालाई देख्दैन। शरीर र जीवात्मालाई पनि अर्को तीभन्दा माथिका परमात्माले देख्दछन् परन्तु ती परमात्मालाई चाहिँ शरीर र जीवात्मा दुवैले देख्न सक्दैनन्। आत्मानुभूतिको त्यो चेतनामय स्थितिमा नपुगुञ्जेल ब्रह्माजीदेखि लिएर यावत् स्थावरजङ्गम प्राणीहरू सबै नै पशु बनेर बाँचिरहेका हुन्छन्। यसरी पशुभावमा जकडिएकाहरूलाई नै लक्ष्य गरेर यो सम्पूर्ण साधनाको विधान बताइएको छ। ईश्वरीय मायाको अधीन भएर आफ्नो स्वरूप बिर्सन पुगेको यस्तै सुखदुःखभोगी जीवपशुले ईश्वरीय लीलाको साधन बनी मायाको पाशमा बाँधिएर जिउन विवश हुनुपर्दछ।"

स पश्यति शरीरं तच्छरीरं तन्न पश्यति।
तौ पश्यति परः कश्चित्तावुभौ तं न पश्यतः॥
ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः।
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम्॥
स एव बध्यते पाशैः सुखदुःखाशनः पशुः।
लीलासाधनभूतो य ईश्वरस्येति सूरयः॥[१]

यसरी पाशबद्ध बनेको जीवले पाशमुक्त बन्न भगवान् शिवको आराधना गर्नुपर्दछ। भागवतधर्ममा वर्णित भक्तिसाधनाका नौ चरण भएजस्तै शैवसाधनामा पनि भक्तिका आठवटा अङ्ग उल्लेख भएका छन्। माता गौरीको प्रश्नको समाधान दिँदै भगवान् शिव भन्नुहुन्छ- "मेरा भक्तहरूसँग प्रेम राख्नु, उनीहरूको पूजा अर्चनालाई अनुमोदन गर्नु, आफू स्वयं पनि पूजा अर्चना गर्नु, शरीरबाट हुने सबै कर्म मेरा निम्ति सम्झनु, मेरो कथा सुन्नमा भक्ति, स्वरभङ्ग एवं नेत्रवक्त्रविकार आदि सात्त्विक भावहरू, नित्य मेरो स्मरण, मप्रति पूर्ण समर्पण यी मेरा भक्तले धारण गर्नुपर्ने विशेष लक्षण हुन्। यी आठवटा पवित्र लक्षण कुनै म्लेच्छमै रहेछन् भने पनि ऊ ब्राह्मणजस्तै श्रेष्ठ, श्रीमान्, मुनि, संन्यासी र पण्डित समान हुन्छ।"

मद्भक्तजनवात्सल्यं पूजायां चानुमोदनम्।
स्वयमभ्यर्चनं चैव मदर्थे चाङ्गचेष्टितम्॥
मत्कथाश्रवणे भक्तिः स्वरनेत्रादिविक्रिया॥
एवमष्टविधं चिह्नं यस्मिन् म्लेच्छेऽपि वर्तते॥
स विप्रेन्द्रो मुनिः श्रीमान् स यतिः स च पण्डितः॥[२]

१ शिवपुराण, वायवीयसंहिता, ७।५९-६१

२ शिवपुराण, वायवीयसंहिता, १०।६८-७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शिव आफ्ना भक्तको महिमा वर्णन गर्दै अगाडि भनुहुन्छ- "म केवल चारै वेद पढेका ब्राह्मणलाई मात्र प्यारो मान्दिनँ। जो मेरो भक्त छ, सच्चरित्र छ, त्यो चाण्डाल भए पनि मलाई प्रिय हुन्छ। केही दिनुपर्दा, केही लिनुपर्दा, त्यसैसँग लिएदिए पुग्दछ। त्यो मेरै तुल्य पूज्य हुन्छ।

न मे प्रियश्चतुर्वेदी मद्भक्तः श्वपचोऽपि यः।
तस्मै देयं ततो ग्राह्यं स च पूज्यो तथा ह्यहम्॥[३]

भगवान् शिव आफ्ना लागि प्रेम र भक्ति नै सर्वोपरि हुने कुरा सम्झाउँदै भन्नुहुन्छ- "मलाई पत्र, पुष्प, फल, जल जे अर्पण गरे पनि म यसलाई सादर ग्रहण गर्दछु। त्यसमा प्रेम छ, भक्ति छ भने त्यस्तो प्रेमभक्तिपूर्वक मलाई आफ्नो प्रिय वस्तु अर्पण गर्ने भक्त मबाट कहिल्यै पर हुँदैन। त्यस्ता भक्तबाट म कहिल्यै पर हुन्न।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति॥[४]

मानवजीवन मुक्तिद्वार हो। यहाँ आइपुगेको जीवात्माले आफ्नो स्वरूपको परिचयपूर्वक जीवन र जगत्को चिनारी गरी जीवनको पूर्णता प्राप्त गर्नुपर्दछ। शिवपुराण वायवीयसंहिताअनुसार तात्त्विक रूपले तीन कुरा प्रमुख छन्- पशु, पाश र पति। यी तीन मूल तत्त्वको यथार्थ परिचय पाएपछि मात्र परमार्थवेत्ता बनेर जन्म-मृत्युको चक्रबाट सधैँका लागि मुक्त बन्ने सौभाग्य साधकलाई प्राप्त हुन्छ।

पशोः पाशस्य पत्युश्च तत्त्वतोऽतिपरं पदम्।
ब्रह्मवित् तद् विदित्वैव योनिमुक्तो भविष्यति॥[५]

पशुको, पाशको र पतिको परिचय दिँदै अगाडि भनिएको छ- "ब्रह्मादेखि लिएर स्थावरसम्मका प्राणीहरू सबै पशु हुन्, जो संसारलाई देख्दछन् र संसारका वशमा पर्दछन्- तिनैलाई पशु भनिन्छ।" **"पश्यन्तीति पशवः"** भन्ने व्युत्पत्तिअनुसार जसलाई संसार देखिन्छ र संसारको आकर्षणले प्रभावित तुल्याउँछ तिनै पशु हुन्छन्। मल, माया आदि पाश हुन्। जीवरूप पशुलाई यी पाशहरूबाट बचाउने परम करुणामय सर्वशक्तिमान् भगवान् सदाशिव नै पति हुनुहुन्छ। आ-आफ्नो कर्मानुसारको फल प्रदान गरेर भगवान् नै स्वयं जीवात्मालाई बाँधिदिनुहुन्छ र जीवात्माले साधनाको क्षेत्रमा पाइला सार्दै गएपछि एक दिन उहाँकै कृपाबाट मुक्ति प्राप्त गर्दछ। यिनलाई मुक्ति दिने पनि भगवान् सदाशिव नै हुनुहुन्छ। पशुहरूलाई मुक्त गर्ने हुनाले नै भगवान् शिव स्वयं पशुपति हुनुहुन्छ।

---

३ शिवपुराण, वायवीयसंहिता, १०।१७

४ शिवपुराण, वायवीयसंहिता, १०।७२

५ शिवपुराण, वायवीयसंहिता, ५।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः ।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥
तेषां पतित्वाद्देवेशः शिवः पशुपतिः स्मृतः ।
मलमायादिभिः पाशैः स बध्नाति पशून् पतिः ॥
स एव मोचकस्तेषां भक्त्या सम्यगुपासितः ॥[६]

पशु, पाश र पतिसम्बन्धी यो प्रकरण कूर्मपुराण उत्तरार्द्धअन्तर्गत पर्ने ईश्वरगीतामा अझ स्पष्ट रूपले प्रतिपादित छ । भगवान् शिव स्वयं भन्नुहुन्छ-

आत्मानः पशवः प्रोक्ताः सर्वे संसारवर्तिनः ।
तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः ॥
मायापाशेन बध्नामि पशूनेतान् स्वलीलया
मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः ॥
मायापाशेन बद्धानां मोचकोऽन्यो न विद्यते ।
मामृते परमात्मानं भूताधिपतिमव्ययम् ॥
चर्तुविंशतितत्त्वानि मायाकर्मगुणा इति ।
एते पाशाः पशुपतेः क्लेशाश्च पशुबन्धनाः ॥[७]

अर्थात् "संसारको बन्धनमा परेका सम्पूर्ण जीवात्माहरू नै पशु कहलाउँछन् । तिनको पति र इष्टदेव मै हुं । त्यसैले विद्वानूहरू मलाई पशुपति भन्दछन् । म आफ्नो लीलाको क्रममा ती पशुहरूलाई मायारूप पाशद्वारा बाँध्दछु । वेदवेत्ताहरू ती पशुहरूको मुक्तिदाताको रूपमा मलाई नै बताउँछन् । मायापाशद्वारा बाँधिएकाहरूलाई छुट्कारा दिलाउने, सम्पूर्ण प्राणीको अधिपति म परमात्माबाहेक अर्को कोही छैन । अविनाशी म परमात्मा नै तिनीहरूलाई मुक्त गरिदिन्छु । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत, पाँच प्राण, मन, बुद्धि, चित्त र अहङ्कार यति चौबीस तत्त्वहरू र मायाले सिर्जना गरेका गुणहरूको यो समूह नै जीवात्मालाई बाँध्ने पाश कहलाउँछ ।

भागवतधर्ममा जस्तै शैवसम्प्रदायमा पनि जीवात्मालाई स्पष्टतः परमात्माको अंश स्विकारेको पाइएको छ । शिवगीतामा यसको प्रतिपादन यसरी भएको छ -

सत्यज्ञानात्मकोऽनन्तो विभुरात्मा महेश्वरः ।
तस्यैवांशो जीवलोके हृदये प्राणिनां स्थितः ॥
विस्फुलिङ्गा यथा बह्नेर्जायन्ते काष्ठयोगतः ।

---

६ शिवपुराण, वायवीयसंहिता, २।११-१३

७ ईश्वरगीता, ६।१८–२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनादिकर्मसंबद्धास्तद्वदंशा महेशितुः ।
अनादिवासनायुक्ताः क्षेत्रज्ञा इति ते स्मृताः ॥[८]

अर्थात् "सत्य ज्ञानरूप अनन्त व्यापक महेश्वर परमात्मा हुनुहुन्छ । उहाँकै अंश जीवजगत्मा प्राणीमात्रको हृदयमा जीवात्मा बनेर रहन्छ । काठको संयोगबाट जसरी आगाका झिल्का निस्कन्छन् त्यस्तै परमात्माका अंश जीवहरू अनादि कर्मपाशद्वारा बाँधिएर संसारमा देखा पर्दछन् । अनादि संसार रूप वासनासहितका ती जीवहरूलाई नै क्षेत्रज्ञ भनी भन्दछन् ।"

शिवपुराण वायवीयसंहिताअनुसार भगवान् शिवका अनन्त रूप र अनन्त नाम छन् तथापि पृथिवी, अग्नि, जल, वायु, आकाश, जीवात्मा, सूर्य र चन्द्र यी आठ रूप ध्यानका लागि मुख्य स्थान मानिएका छन् परन्तु सर्वसाधारण जीवात्माका लागि आराधना गर्न र सम्झिन सजिलो पर्ने गरी भगवान् श्रीपशुपतिनाथले पाँचवटा विशेष कृपामय रूप लिनुभएको छ । ती पाँचवटा मूल रूप हुन्- ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात । यीमध्ये पहिलो ईशानरूपले सबैभन्दा श्रेष्ठ स्थान लिएको छ र प्रकृतिको भोक्ता बनेको क्षेत्रज्ञ आत्माको अधिष्ठातृदेवताको स्थानमा विराजमान भएको छ । दोस्रो तत्पुरुषरूपले त्रिगुणमयी भोग्य प्रकृतिको अधिष्ठातृदेवताको प्रतिष्ठा पाएको छ । तेस्रो अघोर नामक रूपलाई धर्म आदि आठ अङ्गयुक्त बुद्धितत्त्वको अधिष्ठातृदेवताको रूपमा सम्मान प्रदान गरिएको छ । यो अत्यन्त पूजनीय रूप हो । आगमशास्त्रका ज्ञाताहरूले वामदेवनामक चौथो रूपलाई अहङ्कारका अधिष्ठातृदेवताका रूपमा प्रतिष्ठा प्रदान गरेका छन् । अमित तेजशाली भगवान् शिवको पाँचौं सद्योजात नामक रूपलाई चाहिँ तत्त्ववेत्ताहरूले मनका अधिष्ठातृदेवता मानेका छन् ।

ईशानः पुरुषो घोरो वामः सद्यस्तथैव च ।
ब्रह्मण्येतानि देवस्य मूर्तयः पञ्च विश्रुताः ॥
ईशानाख्या तु या तस्य मूर्तिराद्या गरीयसी ।
भोक्तारं प्रकृतेः साक्षात् क्षेत्रज्ञमधितिष्ठति ॥
स्थाणोस्तत्पुरुषाख्या या मूर्तिर्मूर्तिमतः प्रभोः ।
गुणाश्रयात्मकं भोग्यमव्यक्तमधितिष्ठति ॥
धर्माद्यष्टाङ्गसंयुक्तं बुद्धितत्त्वं पिनाकिनः ।
अधितिष्ठत्यघोराख्या मूर्तिरत्यन्तपूजिता ॥
वामदेवाह्वयां मूर्तिं महादेवस्य वेधसः ।
अहङ्कृतेरधिष्ठात्रीमाहुरागमवेदिनः ॥
सद्योजाताह्वयां मूर्तिं शम्भुरमितवर्चसः ।
मनसः समधिष्ठात्रीं मतिमन्तः प्रचक्षते ॥[९]

[८] शिवगीता, २।२७–२८

[९] शिवपुराण, वायवीयसंहिता, ३।५-१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण भक्तिसाधनाको क्षेत्रमा भगवान् शिवका यी पाँच रूप परम उपास्य मानिएका छन् र भगवान् श्रीपशुपतिनाथको उपासनामा यी पाँच रूपका प्रतीक पाँच विशिष्ट मुखाकृतिहरू प्रतिष्ठापित भएका छन्। भगवान् श्रीपशुपतिनाथका मुख विभिन्न दिशाहरूको क्रममा यसरी अवस्थित छन्- माथि केन्द्रमा ईशान, पूर्वमा तत्पुरुष, दक्षिणमा अघोर, उत्तरमा वामदेव र पश्चिममा सद्योजात। यीमध्ये प्रत्येकको स्वरूप र आकृतिमा आ-आफ्ना विशेषताहरू छन्। ईशानरूप चिद्रूप जीववाचक हो। त्यो प्रमुख रूप हो किनभने चित् र अचित्‌को मिश्रणबाट बनेको सृष्टिभित्र ईशानरूपले चित् अंशको प्रतिनिधित्व गर्दछ। तत्पुरुषरूप अचित्‌रूपा प्रकृतिको प्रतिनिधित्व गर्ने रूप हो। त्यसैले यसलाई पुरुषबाहेक यहाँ केही छैन भन्ने भाव द्योतन गर्ने तत्पुरुष संज्ञा दिइएको छ। गीताको भाव र भाषामा भन्दा ईशान पराप्रकृतिरूप जीवसत्ताको प्रतीक र तत्पुरुष अपरा प्रकृति मानिएको अचित्‌रूपा जडात्मिका प्रकृतिको अधिष्ठान रूप हो। अघोररूप बुद्धितत्त्वको प्रतीक हो र दक्षिणामूर्तिका रूपमा यस रूपलाई गुरुभावनाले हेरिएको कुरा आगमशास्त्रमा प्रतिपादन गरिएको छ। भगवान् श्रीपशुपतिनाथको गुरुरूप भएको हुनाले नै चारै ढोका खुल्ने वेलामा पहिले दक्षिण ढोका खुल्दछ र अघिपछि पनि दर्शन र परिक्रमा सुरु गर्दा यसै ढोकाबाट सुरु गर्ने परिपाटी रहेको छ किनभने साधनामा अगि बढ्दा गुरुमुखी भएर बढेमा मात्र साधनाको फल प्राप्त हुन्छ। साधनाशास्त्रहरूले एउटै स्वरले यस कुरालाई पुष्टि दिएका छन्। श्वेताश्वतरोपनिषत् भन्दछ-

यस्य देवे पराभक्तिर्यथा देवे तथा गुरौ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥[१०]

अर्थात् जसमा परमात्माप्रति अनन्य भक्ति हुन्छ र परमात्मामा जस्तै आफ्ना गुरुमा अनन्य भक्ति छ, त्यसैलाई उपनिषत्‌मा बताइएका कुराहरू सम्झिने शक्ति प्राप्त हुन्छ।

त्यसैले भगवान् श्रीपशुपतिनाथको गुरुरूप रहेको दक्षिण ढोका पहिले खुल्ने र त्यहीँबाट परिक्रमा सुरु गर्ने परिपाटी रहेको पाइन्छ। पश्चिममुख सद्योजात नामले प्रसिद्ध छ। सद्योजात भरखर पैदा भएका बालकका लागि प्रयोग हुने शब्द हो। पश्चिममुखमा भरखर पैदा भएका बालकको जस्तै सुकुमारता देखिन्छ र मनका अधिष्ठातृदेवता भएकाले मनको भावुक प्रकृति अनुकूल नै पश्चिममुखमा कोमल भाव व्यक्त भएको छ। अरू ढोका बन्द भएका वेला पनि पश्चिममुख निश्चित समयका लागि खुलै राखिन्छ। मनका अधिष्ठातृदेवता भएका हुनाले मनलाई तिरन्तर भगवदुन्मुख बनाइराख्ने सत्प्रेरणा पश्चिममुखबाट प्राप्त हुन्छ। उत्तरमुख वामदेवरूप हो। यी अहङ्कारका अधिष्ठातृदेवता हुन्। यही वामदेवरूप अर्धनारीश्वरस्वरूप पनि मानिएको छ। श्रृङ्गार फुकालेका वेला दर्शन गर्ने हो भने एक भाग गौरीरूप र अर्को भाग शङ्कररूप स्पष्टै प्रतीत हुन्छ। एक भागमा भगवान् शङ्करको जटाजूट र अर्को भागमा गौरीको केशपाश स्पष्ट देख्न पाइन्छ। त्यसै गरी एक भागमा भगवान्

१० श्वेताश्वतरोपनिषत्, ६।२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्करको नागनिर्मित कुण्डल र अर्को भागमा माता गौरीका रत्ननिर्मित कुण्डल स्पष्टै छुट्टिन्छन्। मुखाकृतिमा पनि दुई भागमा अलगअलग स्त्रीत्व र पुरुषत्व स्पष्ट देख्न पाइन्छ। यसरी **वामश्चासौ देवो वामदेवः** भन्ने व्युत्पत्तिद्वारा सौन्दर्यसिन्धु अर्धनारीश्वर शिवको दर्शन उत्तरमुखमा पाइन्छ। यी पाँच मुखले भगवान् शङ्करमा रहेका पाँच विशिष्ट शक्तिहरूको द्योतन गराउँछन्।

भगवान् शङ्करलाई महेश्वर किन भनिन्छ ? बडो मार्मिक विषय छ यो। सृष्टि, स्थिति र लय यी तीन कार्य ईश्वरका सामान्य कार्य हुन्। यस अतिरिक्त भगवान् शङ्करका अन्य दुई शक्ति पनि छन्। यिनलाई निग्रहशक्ति र अनुग्रहशक्ति भनिन्छ। सृष्टि, स्थिति र लयको प्रक्रिया प्रकृतिको प्रवाहभित्र चल्ने सामान्य प्रक्रिया हो। सामान्य अवस्थामा भगवान् शिव त्यसैलाई अनुमोदन गर्नुहुन्छ। त्यसै अनुसार कार्य सञ्चालन गर्नुहुन्छ। परन्तु उपासकहरूको स्तरअनुसार विशेष प्रकारको फल प्रदान गर्नुपर्ने वेला पनि आउँछ। कुनैकुनै अति विशिष्ट भक्तमाथि भगवान्को विशेष कृपा हुन्छ। त्यस्ता अवसरमा प्रकृतिका सामान्य नियमलाई तोडेर सृष्टि, स्थिति र लयका अतिरिक्त निग्रह र अनुग्रह नामक दुईवटा विशिष्ट शक्तिको प्रयोग उहाँ गर्नुहुन्छ। किशोर तपस्वी महर्षि मार्कण्डेयलाई सोह्र वर्षमै कालकवलित हुनुपर्ने अवस्थाबाट मुक्त गरेर सप्तकल्पान्तजीवी बनाइदिनका लागि भगवान् शिवले कालका पनि महाकाल बनेर मृत्युञ्जय रूपमा प्रकट भई मार्कण्डेयलाई तत्काल आइपुगेको मृत्युको पाशबाट छुट्कारा दिनुभयो र सामान्य प्रकृतिको नियमलाई निग्रहशक्तिले रोकेर अनुग्रहशक्तिद्वारा सर्वसाधारणलाई प्राप्त हुन नसक्ने आयु प्रदान गर्नुभयो। यसरी प्रकृतिका सीमाभित्रका सृष्टि, स्थिति र लय गर्ने सामान्यशक्तिका अतिरिक्त निग्रह र अनुग्रहशक्तिको समेत प्रयोग गरेर आफ्नो पञ्चशक्तियुक्त महेश्वरत्व देखाइदिनुभयो। यिनै पाँच शक्तिका प्रतीकका रूपमा भगवान् शिवका यी पाँच मुख प्रतिष्ठित बनेका छन्।

शिवपुराणअनुसार भगवान् शिवका पनि दश अवतार मानिएका छन्। यी प्रत्येक अवतारमा अलगअलग रूपमा शक्तिहरूले सहयोग पुऱ्याएका छन्। शिवपुराण शतरुद्रसंहिताअनुसार पहिलो अवतार महाकालको नामले परिचित छ। यस अवतारमा शक्तिका रूपमा महाकालीको अवतरण भयो। दोस्रो अवतार तार अवतार भयो र त्यसमा भगवती ताराले शक्तिका रूपमा साथ दिइन्। तेस्रो अवतार भुवनेश बालरूपमा भयो र त्यस अवतारमा माता भुवनेश्वरीले शक्ति बनेर साथ दिइन्। चौथो अवतार षोडश नामले परिचित छ। त्यस अवतारमा भगवती षोडशीले शक्तिको रूप लिइन्। पाँचौं अवतार भैरवको रूपमा भयो र त्यस अवतारमा भैरवी शक्ति बनिन्। छैठौं अवतार छिन्नमस्तक रूपमा भयो र छिन्नमस्ता भगवती त्यसमा शक्ति बनिन्। सातौं धूमवान् अवतार भयो र भगवती धूमावती त्यसमा शक्ति बनिन्। आठौं अवतार बगलामुखका रूपमा भयो र भगवती बगलामुखी शक्ति बनिन्। नवौं अवतारमा भगवान् शिव मातङ्ग बन्नुभयो र भगवती मातङ्गी शक्ति बनिन्। दशौं अवतार कमल कहलायो र भगवती कमला त्यसमा शक्ति बनिन्। यसरी शक्तिसहितका दश अवतार भगवान् शिवका विशेष अवतार भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्राद्यो हि महाकालो भुक्तिमुक्तिप्रदस्सताम् ।
शक्तिस्तत्र महाकाली भक्तहितफलप्रदा ॥
तारनामा द्वितीयश्च तारा शक्तिस्तथैव सा ।
भुक्तिमुक्तिप्रदौ चोभौ स्वसेवकसुखप्रदौ ॥
भुवनेशो हि बालाख्यस्तृतीयः परिकीर्तितः ।
भुवनेशी शिवा तत्र बालाह्वा सुखदा सताम् ॥
श्रीविद्येशः षोडशाह्वः श्रीविद्या षोडशी शिवा ।
चतुर्थो भक्तसुखदो भुक्तिमुक्तिफलप्रदः ॥
पञ्चमो भैरवः ख्यातः सर्वदा भक्तकामदः ।
भैरवी गिरिजा तत्र सदुपासककामदा ।
छिन्नमस्तकनामाऽसौ शिवः षष्ठः प्रकीर्तितः ।
भक्तकामप्रदा चैव गिरिजा छिन्नमस्तका ॥
धूमवान् सप्तमः शम्भुर्भुक्तिमुक्तिफलप्रदः ।
धूमावती शिवा तत्र सदुपासककामदा ॥
शिवावतारः सुखदो ह्यष्टमो बगलामुखः ।
शक्तिस्तत्र महानन्दा विख्याता बगलामुखी ॥
शिवावतारो मातङ्गो नवमः परिकीर्तितः ।
मातङ्गी तत्र शर्वाणी सर्वकामफलप्रदा ॥
दशमः कमलः शम्भुर्भुक्तिमुक्तिफलप्रदः ।
कमला गिरिजा तत्र स्वभक्तपरिपालिनी ॥[११]

पुराणमा भगवान् शिवका आठ मूर्ति प्रसिद्ध छन् । त्यसले गर्दा उहाँको नाम नै "अष्टमूर्ति" रहन गएको छ। ती आठ मूर्ति हुन्- पृथ्वी, अग्नि, जल, पवन, आकाश, सूर्य, चन्द्र र जीवात्मा। यिनका अधिष्ठातृदेवका रूपमा भगवान् शङ्करका आठ नाम कहलिएका छन्- शर्व, भव, उग्र, भीम, पशुपति, ईशान, महादेव र आत्मा । माथिका आठ तत्त्वका अधिष्ठातृदेवका रूपमा क्रमशः यी आठ रूप मानिएका छन् ।

यसरी भगवान् श्रीपशुपतिनाथको विश्वव्यापी रूपको प्रतिपादन यी आठ रूप र आठ नामबाट गरिएको छ। यिनको विशेष चर्चा शिवपुराणमा शतरुद्रसंहिताको पहिलो अध्यायमा पाइन्छ। यिनै आठ रूप र आठ नामका संस्मरणमा भगवान् शिवलाई अष्टपुष्पिका अर्पण गर्ने चलन रहेको पाइन्छ। यो चलन धेरै अघिदेखि चलेको र शिवभक्तिको एक अभिन्न अङ्गका रूपमा प्रतिष्ठित बनेको देखिन्छ। सातौं शताब्दीका महाकवि बाणभट्टले आफ्नो कृति "हर्षचरित"को तृतीय उच्छ्वासमा भैरवाचार्य नामक शिवभक्तले भगवान् शिवलाई अष्टपुष्पिका चढाएको प्रसङ्ग उल्लेख गरेका छन्। लिच्छविराजा जयदेव द्वितीयले भगवान् श्रीपशुपतिनाथलाई चाँदीको अष्टदल कमल चढाएको

---

११ शिवपुराण, शतरुद्रसंहिता, १७।२-११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्ग त उनको पशुपति अभिलेखको माध्यमबाट बहुचर्चित नै बन्न पुगेको छ। भगवान् शिवका माथि उल्लिखित रूपहरूमध्ये पशुपति रूपचाहिँ आत्माको रूपमा रहेको र अन्य सबै रूपमा व्याप्त रहेको कुरा बताउँदै यो सम्पूर्ण विश्व नै शिवात्मक रहेको कुरा यसरी प्रतिपादन गरिएको छ-

आत्मा तस्याष्टमं रूपं शिवस्य परमात्मनः ।
व्यापिकेतरमूर्तीनां तस्माद् विश्वं शिवात्मकम् ॥[१२]

यस रूपलाई "पशुपाशनिकृन्तन" (पशुको पाशलाई काटिदिने) मानिएको छ। यी सबै कुराहरूले भगवान् श्रीपशुपतिनाथको लोकोत्तर प्रतिष्ठाका बारेमा प्रकाश पार्दछन् ।

शिवआराधनाको अभिन्न अङ्गका रूपमा लिङ्गपूजनको अति प्राचीन परम्परा रहिआएको छ। भगवान् श्रीपशुपतिनाथको लिङ्गविग्रहका बारेमा शिवपुराणमा स्पष्ट भनिएको छ-

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ॥[१३]

अर्थात् सम्पूर्ण पृथिवीभरि प्रसिद्ध रहेको नेपाल नामक नगरीमा सबै कामना सफल गरिदिने पशुपतीश्वर नाम गरेको शिवलिङ्ग छ। त्यो शिवलिङ्ग शिरोभागरूपले रहेको छ।

यहाँ जिज्ञासा हुन्छ केको शिरोभाग ? अनि यो यदि शिरोभाग हो भने अरू भाग कहाँ कुन रूपमा छ त ? यसको रहस्य शिवपुराणमै अलि पछिल्लो अंशमा स्पष्ट पारिएको छ। वनवासका वेला जब पाण्डवहरू हिमालयको क्षेत्रमा पुगेका थिए, भगवान् शिव राँगाको रूप लिएर भाग्नुभयो र लुकेर बस्नुभयो। अलि पर पुग्दा मुन्टो तल पारेर बसेको राँगो उनीहरूले देखे र पुच्छरमा समातेर वारंवार प्रार्थना गर्न लागे। भगवान् शिवचाहिँ भक्तवत्सल नाम लिएर त्यहाँ रहन लाग्नुभयो। यो कुरा केदारनाथरूपलाई लिएर भनिएको हो। यसरी शरीरको पीठ भाग त्यहीँ रह्यो। त्यसको शिरको भागचाहिँ नेपालमा श्रीपशुपतिनाथका रूपमा विराजमान छ।

यो हि वै पाण्डवान् दृष्ट्वा माहिषं रूपमास्थितः ।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत् ॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः ।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनः पुनः ॥
तद्रूपेण स्थितस्तत्र भक्तवत्सलानामभाक् ।
नयपाले शिरोभागे गतस्तद्रूपतः स्थितः ॥[१४]

---

१२ शिवपुराण, शतरुद्रीयसंहिता, २।१२

१३ शिवपुराण, कोटिरुद्रसंहिता, १३।१८-१९

१४ शिवपुराण, कोटिरुद्रसंहिता, १९।१३-१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माहेश्वरदर्शन अनुसार शिवका पाँच विशेष शक्तिका प्रतीकका रूपमा मान्य रहेको पाँच मुखले सुशोभित लिङ्गविग्रहको पूजनपरम्परा प्रचलित रहेको र त्यस प्रकारका पञ्चमुखाकृतिसहितका शिवलिङ्गको स्थापना र पूजन गर्ने विशिष्ट परम्पराको संरक्षण नेपालमा धेरै अघिदेखि हुँदै आएकाले पौराणिक कालदेखि नै नेपाललाई **"माहेश्वरक्षेत्र"** का रूपमा प्रतिष्ठा प्रदान गरिएको तथ्य महाभारत वनपर्वको पुलस्त्यतीर्थयात्रा प्रकरणबाट स्पष्ट हुन्छ। त्यहाँ **"माहेश्वरपुर"** मा गएर वृषध्वजको पूजन गरेमा ईप्सित लाभ हुने कुरा बताइएको छ र उक्त श्लोक यस्तो छ-

माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम्।
ईप्सिताँल्लभते कामानुपवासान्न संशयः ॥[१५]

अर्थात् माहेश्वरपुरमा गएर भगवान् शिवको पूजन गरेमा साधकले चिताएका सम्पूर्ण कुराहरू प्राप्त गर्न सक्दछ। यसमा कुनै संशय छैन।

स्कन्दपुराणको हिमवत्खण्डमा नेपालको पशुपति शिवलिङ्गलाई ज्योतिर्लिङ्ग भनी उल्लेख गरिएको छ। प्रसिद्ध द्वादश ज्योतिर्लिङ्गहरूभित्र नपरेको भए तापनि स्कन्दपुराणले पशुपति शिवलिङ्गलाई ज्योतिर्लिङ्गका रूपमा नै प्रतिष्ठा प्रदान गरेको छ। हिमवत्खण्डमा ब्रह्मा र विष्णुले मिलेर श्रीपशुपतिनाथको लिङ्गविग्रह स्थापना गरेको उल्लेख गरिएको छ। उक्त उल्लेख यसप्रकार छ-

इयौ तेन समं धाता यत्र ज्योतिर्मयः स्थितः।
सुनिर्मित्य नमन्, ब्रह्मा शिवं लिङ्गं शिलायम् ।
सवेदिकं च पञ्चास्यं सर्वलक्षणलक्षितम्।
मुदा स्थापितवान् भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम् ॥[१६]

अर्थात् भगवान् विष्णुका साथ जहाँ परम ज्योतिरूप शिव विराजमान हुनुहुन्थ्यो, त्यहाँ गएर ब्रह्माले प्रणाम गरे अनि शिलाको कल्याणमय शिवलिङ्ग राम्ररी बनाएर माथि पाँच मुख, तल वेदी भएको सबै शुभलक्षणले युक्त त्यस शिवलिङ्गलाई हर्षित भई भक्तिका साथ त्यो ज्योतिरूप लिङ्गमाथि अटल रूपले स्थापित गरे।

श्रीपशुपतिनाथको प्रसिद्धि सामान्य लिङ्गको रूपमा नभई ज्योतिर्लिङ्गको रूपमा भएको जानकारी यसरी हिमवत्खण्डबाट प्राप्त हुन्छ। जस्तै-

मध्ये पशुपतिर्देवो ज्योतिर्लिङ्गो विराजते।
गुप्ताख्यया समं देव्या प्रमथैर्योगिनीगणैः ॥[१७]

---

१५ महाभारत, वनपर्व, ८४।१२९

१६ स्कन्दपुराण, हिमवत्खण्ड, ७७।३७-३

१७ स्कन्दपुराण, हिमवत्खण्ड, ७१।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् माझमा ज्योतिर्लिङ्गस्वरूप भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ। साथमा प्रमथहरू र योगिनीहरूका साथ गुप्ता नाम गरेकी देवी अवस्थित छिन् ।

यसरी भगवान् श्रीपशुपतिनाथको प्रतिष्ठा ज्योतिर्लिङ्गका रूपमा नै रहेको कुरा स्पष्ट हुन्छ। यसैकारण विश्वभरिका हिन्दूहरू भगवान् श्रीपशुपतिनाथको दर्शनप्रति आकृष्ट भई श्रद्धासाथ प्रतिवर्ष ठूलो सङ्ख्यामा काठमाडौँ आउने गर्दछन् ।

एकताका प्रतीक भगवान् श्रीपशुपतिनाथ

भगवान् श्रीपशुपतिनाथको मन्दिर युगौँदेखि सम्पूर्ण ॐकार परिवारको एकताको प्रतीक रहिआएको छ। वैदिक सनातनधर्म परिवारका भगवान् शिवलाई नै इष्ट आराध्य मान्ने शैवहरू, भगवान् शिवलाई बोधमय गुरुका रूपमा सम्मान गर्ने वैष्णवजगत्, शक्तिसहगामी ईश्वरका रूपमा शिवलाई मान्ने शाक्तहरू सबै नै भगवान् श्रीपशुपतिनाथको परिसरमा पुग्न पाउँदा प्रसन्नता र आनन्दको अनुभूति गर्दछन् । यसै गरी "ॐ मणि पद्मे हुम्" मन्त्र जप्ने महायानी तथा विभिन्न मन्त्रतन्त्रको अवलम्बन गर्ने वज्रयानीहरू, "ॐ नमो अरिहन्तारम्" मन्त्र जप्ने जैनहरू र "एक ॐ कार सत्य नाम" मन्त्र जप्ने सिखहरू सबैका लागि भगवान् श्रीपशुपतिनाथको मन्दिर र समीपवर्ती परिसरका विविध तीर्थहरू साझा श्रद्धास्थल रहिआएका छन् ।

गुह्यकाली, वत्सलादेवी, नवदुर्गा, भुवनेश्वरी, जयवागीश्वरी जस्ता प्रसिद्ध शक्तिमन्दिरहरू यस परिसरमा अवस्थित छन् भने श्रीलक्ष्मीनारायण मन्दिर, श्रीसीताराम मन्दिर, श्रीवासुकिनारायण मन्दिर, श्रीकृष्णमन्दिर आदि वैष्णव मन्दिरहरू पनि यहीँ अवस्थित छन् । सुप्रसिद्ध बौद्धकेन्द्र धन्दोचैत्य यहीँ रहेको तथ्य टड्कारै छ। हाल प्रचलित चावहिल शब्दको मूल चारुमतीद्वारा निर्मित चारुविहार पशुपतिक्षेत्रभित्रै पर्दछ। हाल शङ्कराचार्य आगम घरमा पाइएको एउटा सुखासनमा बसेको ध्यानस्थ मूर्तिलाई जैन तीर्थङ्करको मूर्ति सिद्ध गर्न सकिने सम्भावनातर्फ इतिहासविद्को विचार अभिमुख हुन थालेको पाइन्छ। त्यस मूर्तिलाई कसैकसैले बुद्धको मूर्ति मानेका छन् । परन्तु बसाइको तरीकातिर दृष्टि दिँदा जैन तीर्थङ्करको आसनमुद्रासित मिल्दोजुल्दो देखिने हुनाले त्यो मूर्ति जैन तीर्थङ्करको नै हुन सक्ने कुरा उठेको छ। सम्पूर्ण किरातजातिको मूल परिचय प्रस्तुत गर्ने किरातकालको महत्त्वपूर्ण प्रतीक मानिएको अति प्राचीन भगवान् किरातेश्वर शिवलिङ्ग यहीँ गौरीघाटको पूर्वपट्टि अवस्थित छ[१८]। अर्वाचीन युगमा बनेका धार्मिक स्थलहरूमा दुईवटा सुप्रसिद्ध नानक मठ आज पनि यहाँ पाइन्छन्। तीमध्ये एउटा भस्मेश्वरमा उदासी अखडा र अर्को राजराजेश्वरीमा निर्मल अखडा रहेको छ। नाथसम्प्रदायका अनुयायीहरूको श्रद्धाकेन्द्र गोरखनाथमन्दिर यसै क्षेत्रको मृगस्थलीमा अवस्थित छ। यसप्रकार पशुपतिक्षेत्र अनेकौँ देवदेवीहरूका मन्दिरहरूको केन्द्र रहेको मात्र होइन अनेकौँ मत र सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण धार्मिक स्थलहरूले समेत व्याप्त छ।

---

१८ किरातहरूका परम इष्टदेव शिव र शैव धर्म, किरातेश्वर सन्देश, वर्ष-१, अङ्क-१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको पूजाअर्चनामा वैदिक र बौद्ध दुवै पूजाप्रक्रिया मिश्रित रहेको एउटा विशिष्ट पर्वपूजाको परम्परा रहेको पाइन्छ। यसप्रकारको मिश्रित पूजाप्रक्रिया प्रयोगमा आउने विशिष्ट दिन हो- माघशुक्ल चतुर्दशी। त्यसदिन भगवान् श्रीपशुपतिनाथको रूपअन्तर्गत बुद्धको पनि रूपविधान गरी विशिष्ट पूजा सम्पन्न गरेर श्रीविग्रहको छायादर्शन गर्ने चलन छ।

विविध सम्प्रदायका माथि उल्लिखित सबै धार्मिक स्थलहरूको पशुपतिक्षेत्रसितको समन्वयात्मक सम्बन्ध रहेको कुरा स्पष्ट छ। त्यसैले यी सबैको समन्वयात्मक मूल्य अत्यन्त उज्ज्वल र महत्त्वपूर्ण छ।

यस क्षेत्रमा अवस्थित विविध सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने सबै मन्दिर र मूर्तिहरूको आ-आफ्नै विशिष्ट स्थान र महत्त्व छन्। ती सबैमा किरातेश्वर मन्दिरको समन्वयात्मक मूल्य र महत्ताले आफ्नै विशेषता ओगटेको छ। किरात भनिने सम्पूर्ण जातजातिहरूका आराध्य भगवान् शिव हुनुहुन्छ। मनुस्मृति (१०।४४) मा किरातलाई अतीतका क्षत्रिय भनी स्विकारिएको छ र सदाचारको परम्पराबाट विच्छिन्न हुन पुगेकाले मात्र शूद्र बन्न पुगेको कुरा उल्लेख गरिएको छ। किरातवंशका अत्यन्त पराक्रमी र यशस्वी राजाहरूले गौरवपूर्ण राज्य चलाएको विवरण महाभारतबाट प्राप्त हुन्छ। राजसूय यज्ञको प्रसङ्गमा दिग्वियका लागि गएका भीमसेनले विदेह देशमा पुगेर इन्द्रकील पर्वत नजिकका सातना किरात अधिपतिहरूलाई जितेको कुरा सभापर्वमा आउँछ[१९]। महाभारत उद्योगपर्वमा चर्चित किरातराज भगदत्त, फलामका कवच लगाएका सात सय हात्ती लिएर कुरुक्षेत्रको मैदानमा पुग्ने अर्का किरात राजा यी सबैको वर्णन पढ्दा प्रागैतिहासिककालदेखि नै किरातवंशका राजाहरूले प्रतिष्ठापूर्ण राज्य चलाएको प्रमाणित हुन्छ।

कर्णको दिग्विजययात्रामा महाभारतमा नेपाल शब्दको स्पष्टै उल्लेख गरिएको छ र नेपालका राजाहरूलाई जितेर कर्ण पर्वतशिखरबाट ओर्लेर पूर्वदिशातिर लागेको उल्लेख गरिएको छ-

नेपालविषये ये च राजानस्तानवाजयत्।
अवतीर्य ततः शैलात् पूर्वां दिशमभिद्रुतः ॥[२०]

"नेपालविषये" भनेर यस श्लोकमा नेपालको सरहदलाई इङ्गित गरिएको छ र यस क्षेत्रमा पर्ने मुख्य-मुख्य राजाहरूमा किरात राजाहरू अवश्यै थिए किनभने **"हिमवद्दुर्गनिलयाः किराता रणकर्कशाः"**[२१] भनी उनीहरूलाई हिमालयको किल्लामा बसोवास गर्ने भनेर चिनाइएको छ। महाभारतका अनेकौं प्रसङ्गमा किरातहरूको उल्लेख पाइन्छ। यिनीहरू "रणकर्कश" (युद्धमा जित्न गाह्रो पर्ने खालका) भनेर त वर्णित नै भएका छन्। यसबाट युद्धको मामिलामा वीरताका लागि किरातहरू कहलिएका थिए भन्ने तथ्य छर्लङ्ग हुन्छ। नेपालको वंशावलीअनुसार उनन्तीस जना किरात

१९ सूर्यविक्रम ज्ञवाली- संस्कृत साहित्यमा किरात, किरातेश्वरसन्देश, वर्ष-१, अङ्क-१

२० महाभारत, वनपर्व ३५४।७

२१ महाभारत, द्रोणपर्व, ४।७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूले यहाँ राज्य गरेको वर्णन पाइन्छ[२२] । महाभारत सभापर्व तीस अध्यायको पन्ध्रौं श्लोकमा "किरातानामधिपतीन्" भनेर किरात राजाहरूलाई नै इङ्गित गरिएको स्पष्टै छ। "राज" शब्दबाट अपभ्रंश भएर "राय" भएको र "राय" बाट पनि अपभ्रंश भएर "राई" शब्द बन्न गएको कुरा सम्झन गाह्रो छैन। श्री ५ पृथ्वीनारायण शाह र श्री ५ रणबहादुर शाहका कैयौं लालमोहरमा विभिन्न ओहदामा नियुक्त किरातवंशका राजसेवकहरूलाई, क्षत्रियलाई मात्र प्रयोग गरिने "राजभारसमर्थ" शब्दले सम्बोधन गरिएको पाइन्छ। यी लालमोहरमा "राय" शब्दकै उल्लेख पाइन्छ[२३] । "किरात" शब्दद्वारा बुझिने जातजातिहरू कुन कुन हुन् त ? यस सम्बन्धमा विद्वान् भन्नुहुन्छ- नेपालभित्र पर्ने राई, लिम्बू, मगर, गुरुङ्ग, सुनार, तामाङ, थारु, धिमाल, राजवंशी, नेवार, शौखा, मार्छा, कोचे, मेचे आदि किरात हुन्[२४] । यजुर्वेद, अथर्ववेद र महाभारतदेखिको किरात जातिका परिचयसँग सम्बद्ध विवरण हेर्दै जाँदा यी सबै जातजातिको वैदिक सनातन धर्मसँग अतीतदेखि सम्बन्ध रहेको बुझिन्छ। किरात जातिको मूल थलोको परिचय खोज्दै जाँदा तान्त्रिक जगत्को एउटा महत्त्वपूर्ण ग्रन्थ शक्तिसङ्गमतन्त्रमा त्यसको क्षेत्रै तोकेर उल्लेख गरेको पाइएकाले त्यस विषयमा धेरै अलमलिनु नपर्ने कुरा स्पष्ट हुन्छ। शक्तिसङ्गमतन्त्रमा स्वयं भगवान् सदाशिव माता पार्वतीलाई भन्नुहुन्छ-

तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे।
किरातदेशो देवेशि ! विन्ध्यशैले च तिष्ठति ॥[२५]

अर्थात् हे देवताहरूकी स्वामिनी ! तप्तकुण्डदेखि लिएर रामक्षेत्रसम्मको भागलाई किरातदेश भनी जान्नुपर्दछ। यसका केही हिस्सा विन्ध्यपर्वतमा पनि पर्दछन्। एकथरी विद्वान्हरूले तप्तकुण्ड भनेर काश्मीरको तप्तकुण्डलाई र रामक्षेत्र भनेर अरुणाचलको परशुराम कुण्डलाई मानेका छन्।

तप्तकुण्ड शब्दले र रामक्षेत्र शब्दले बुझाउने क्षेत्रबारे अनुसन्धान हुनु आवश्यक छ तर क्षेत्र निर्धारित भएका खण्डमा किरात जातिको मूल थलो अन्त नभई यही हिमालय र विन्ध्याचलको क्षेत्र वरिपरिको क्षेत्रमै पर्दथ्यो भन्ने कुरा बुझ्न गाह्रो पर्दैन। वैदिक संस्कृतिको उद्भव र विकास भएको मूल क्षेत्र पनि यही नै रहेको तथ्य यहाँ भनिरहनु पर्दैन।

किरात समुदायभित्र पर्ने धेरै जातजातिले वैदिक विधिले नै आफ्नो कर्मकाण्ड गर्दै आएको कुरा किरातवंशका वरिष्ठ विद्वान्हरूमा मान्य रहेको पाइन्छ [२६] । किरातजातिले मानिआएका इष्ट आराध्यहरूलाई दृष्टिगत गरेर अनुसन्धानको क्षेत्रमा विशिष्ट योगदान गर्ने किरातवंशका विद्वान् हरूले आफ्नो जातिलाई हिन्दू नै ठहर गरेको स्पष्ट उल्लेख पाइन्छ[२७] । किरातजातिले मान्ने गरेका देवीदेवताहरूको नाम र रूपतिर दृष्टि दिंदा किरातवंशको सनातन हिन्दूधर्म संस्कृतिसँग अविच्छिन्न

२२ गम्भीर राई, आर्य, हिन्दू धर्म, किरात जाति र ईसाई मत, पृ.४३
२३ पण्डित छविलाल पोखरेल, वेददेखिका धर्म र मतहरू, नेपालका अनेक जात र संस्कारहरू, पृ.४५
२४ डा.स्वामी प्रपन्नाचार्य, किरात हाड्हा कर्मकाण्ड
२५ शक्तिसङ्गमतन्त्र, ७।४४॥
२६ डा.स्वामी प्रपन्नाचार्य, किरातहरू मङ्गोलबाट आएका शरणार्थी होइनन्, पृ.१७-१८
२७ गम्भीर राई, आर्य, हिन्दू धर्म, किरात जाति र ईशाइ मत, पृ.४३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध रहेको कुरा प्रमाणित हुन्छ। उदाहरणका लागि किरातहरू पार्वतीलाई "सुम्निमा" मानेर पूजा गर्दछन्। शिवलाई "पारुहाङ" मानेर अर्चना गर्ने उनीहरूको परम्परा छ। यसैगरी अन्य विभिन्न देवदेवीहरूलाई नाममात्र फरक पारेर तर उसै रूपमा उपासना गर्ने गरेका छन्। जस्तो- गणेशलाई खाङ्माङ्, इन्द्रलाई हाङ्ओङ्लेङ्, वरुणलाई सावारुङ्, शेषनागलाई वालिमुसेङ्, सरस्वतीलाई रुङ्यिङ् पुहाङ्मा, लक्ष्मीलाई लिङ्हाङ्मा, सूर्यलाई निनाम्हाङ्, चन्द्रमालाई लाङ्डिपुमा आदि। यिनीहरूमा चण्डीनाच सुप्रसिद्ध छ[२८]।

किरातधर्मका मूलमन्त्रतिर दृष्टि दिँदा झन् यिनीहरू सोझै वैदिक सनातन हिन्दूधर्म संस्कृतिसित आबद्ध रहेको तथ्य स्पष्ट हुन्छ। त्यो मन्त्र यसप्रकार छ- ॐ चफैत्, मुक्कुम्, हिक्कै, इकसा, तरक, लाए, नाम्ने आसेवारो। "ॐ अग्नि, इन्द्र, सविता, वायु, वरुण नमो" भन्ने यसको अर्थ गरिएको छ। यसै गरी "ॐ तागेरा निङ्मा भूमाङ अर्थात् परमात्मा सर्वव्यापी र सर्वात्मा हुनुहुन्छ" भन्ने मन्त्र पनि किरातहरूमा प्रसिद्ध छ[२९]। (इमानसिंह चेम्जोङ, किरातको इतिहास, पृ.६८) पशुपतिक्षेत्रस्थित किरातेश्वरमन्दिर त यसको प्रकाशस्तम्भ नै बनेको छ।

यी सबै कुरा विचार गर्दा भगवान् किरातेश्वर शिवको वंशज किरात जातिका लागि भगवान् श्रीपशुपतिनाथ इष्टदेवकै रूपमा रहेको तथ्य स्पष्ट हुन्छ। अनुसन्धान गर्दै जाँदा नेपालको अरू पनि विभिन्न जातजातिहरूको राष्ट्रदेव भगवान् श्रीपशुपतिनाथसँग कुनै न कुनै रूपमा सम्बन्ध रहेको तथ्य स्पष्ट हुँदै जानेछ। वस्तुतः भगवान् श्रीपशुपतिनाथ नेपाली जातिका लागि राष्ट्रिय एकताका समष्टि प्रतीक रहनुभएको छ भन्नु अतिशयोक्ति हुँदैन।

वैदिक सनातन धर्मका इष्ट आराध्य देवदेवीहरूसँगको नेपालका विभिन्न जातजातिहरूको सम्बन्धको खोजी गर्नु राष्ट्रिय एकताको दृष्टिले अत्यावश्यक छ र यो अध्यवसायबाट मात्र साध्य छ। यस दिशामा प्रज्ञावान्हरूको योगदान अपेक्षित मात्रामा मिल्दै जान सके राष्ट्रलाई सांस्कृतिक एकताको दृष्टिले अति महत्त्वपूर्ण तथ्यहरू फेला पर्दै जाने कुरा यहाँ स्पष्टै छ।

(साभार : शिवोपासनाका विविध पक्ष)

**

---

२८ डा.स्वामी प्रपन्नाचार्य, किरातहरू मङ्गोलबाट आएका शरणार्थी होइनन्, पृ. १७-१८

२९ पण्डित छविलाल पोखरेल, वेददेखिका धर्म र मतहरू, नेपालका अनेक जात र संस्कारहरू, पृ.४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको नित्य नैमित्तिक पूजा

–डा. गोविन्द टण्डन

नेपालमा प्राचीनकालदेखि नै भगवान् श्रीपशुपतिनाथको नित्य नैमित्तिक तथा पर्वपूजाहरू चल्दै आएका छन् । यस आलेखमा तिनको विवरण प्रस्तुत गरिएको छ । बिहान करीब चार बजेतिर भण्डारीहरूले वाग्वतीमा नुहाई धुवाई गरी ढोका खोल्छन्। जाडो महिनामा ढोका खोल्ने समय एकाधघण्टा अवेला पनि हुन सक्छ। त्यसबेला पश्चिमपट्टिको ढोका खोल्छन्। मुख्यतः बिहान ढोका खोलेपछि भण्डारीहरू गर्भगृहभित्र सफासुग्घर गर्न तथा पूजाभाँडा सफा गर्न र चन्दन घोट्ने काममा व्यस्त हुन्छन् । पालो परेको एक जना भण्डारी र उसको सहयोगी पालैपालो ती कामहरूमा लाग्दछन् । दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरूलाई चन्दन, प्रसाद दिने काम पनि पालो मिलाएर गर्दछन् । साथै दिनभरि पूजा गर्न आवश्यक पर्ने पूजा सामग्री ठीक पारेर राख्ने काम पनि पुजारीहरू मन्दिरभित्र प्रवेश हुनुअघि तयार पारिसक्छन् । बिहान आठ, साँढे आठ बजेतिर पुजारीहरू मन्दिरभित्र प्रवेश गर्दछन् । प्रवेश गर्नुअघि ढोकामा पुजारीहरूलाई गोडा धुन भण्डारीले पानी दिन्छन् । त्यसपछि पुजारीहरूले पूजा गर्दा टाउकोमा धारण गर्नुपर्ने रुद्राक्षको माला दिन्छन् । पुजारीहरू मन्दिरमा प्रवेश गरेपछि आदिकलश स्थापनाका लागि ब्राह्मणहरूले दुई घडा पानी वाग्वतीबाट ल्याउँछन् ।

चार मुहारका चारजना पुजारीहरूले मन्दिरभित्र प्रवेश गरी न्यास तथा प्रदक्षिणाको कार्य सकेपछि आफ्नो जिम्माको मुहारको अघिल्लो दिनको शृङ्गार उतार्ने काम हुन्छ तर ईशानमुखको मुकुटको मुन्तिरका फूलहरू भने त्यस बेला झिकिँदैन, विशेषरूपले पूजा-प्रार्थना गरेपछि मात्र झिकिन्छ। ईशानमुखको मुकुट झिक्नुभन्दा अगाडि गणेशको पूजा गरिन्छ र ढोकामा प्रेतलाई भाग पन्छाइन्छ। त्यसपछि आदिकलशमा पूजा हुन्छ। त्यो सकिएपछि आदिकलशको जलले अभिषेक हुन्छ। त्यसभन्दा अगाडि पुजारीले सानो घण्टा तीनपटक बजाउँछन् । आदिकलशद्वारा हुने अभिषेक बिहान साढे नौ बजेतिर सम्पन्न हुन्छ। आदिकलशको अभिषेक सकिएपछि ईशानमुहारको आ-आफ्नो भागको श्रीयन्त्र मेट्ने काम हुन्छ, त्यसपछि स्नानको कार्यारम्भ हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैवेला पञ्चामृतस्नान पनि हुन्छ। पर्वविशेषमा पञ्चामृतले स्नान गराउने व्यवस्था विभिन्न समयमा भएको पाइन्छ। उदाहरणका लागि ने.सं.७८५मा (वि.सं १७२१) मा महाराष्ट्रबाट आएका दामोदर भट्टले पशुपतिमा माघशुक्ल पूर्णिमाको दिन पञ्चामृतका लागि दुई कर्ष (आठ आना) जग्गा गुठी राखिदिएका थिए। ने.सं ८४० (वि.सं १७७६)मा शशीङ्कर सिंह, छ्यवनसिंह आदिले माघेसङ्क्रान्तिको दिन श्रीपशुपतिनाथमा पञ्चामृतस्नानका लागि बीस रूपैंया गुठी राखी नियमित गराउने व्यवस्था गरेका थिए। त्यस्तै वि.सं १८१५ मा भक्तपुर निवासी भिँखा र पूर्णेश्वरीले प्रत्येक वर्ष माघकृष्णचतुर्दशीमा पञ्चामृतले अभिषेक गर्ने कामको लागि दुई रोपनी जग्गा गुठी राखेका थिए। निजीस्तरमा राखिएका गुठी हुनाले तिनीहरू समयको अन्तराल, परिस्थिति र वातावरणले गर्दा समाप्त भइसके। श्री ५ पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका जितेपछि देवपाटनमा जाँदा श्रीपशुपतिनाथमा पर्वविशेषमा पञ्चामृतस्नान गर्ने व्यवस्था भएको तर दैनिक पञ्चामृतस्नान गराउने व्यवस्था नभएको देखेर नित्य पञ्चामृतस्नानका लागि गुठी राखिदिएको उल्लेख वंशावलीहरूमा पाइन्छ।[1] शिलालेख, ताम्रपत्र आदिमा भने यसको उल्लेख पाइएको छैन। उनैले राखेको व्यवस्थाअनुसार अहिलेसम्म भगवान् श्रीपशुपतिनाथको नित्य पञ्चामृतस्नान चलिरहेको छ। विजित देशका मानिसहरूलाई आफूप्रति आस्था बढाउन श्री ५ पृथ्वीनारायण शाहको यस कार्यले ठूलो उपादेयता राखेको पाइन्छ। यसपछि पनि पञ्चामृतस्नानको लागि गुठी राखिँदै गए। श्री ५ राजेन्द्रलक्ष्मीदेवीले कार्तिकशुक्ल पूर्णिमाको दिन पञ्चामृतस्नानको निमित्त व्यवस्था बाँधिदिएकी थिइन्[2]। त्यसभन्दा अगाडि वि.सं. १८४९ मा पनि चैत्रशुक्ल पूर्णिमा, वैशाखकृष्ण अमावस्या र वैशाखशुक्ल पूर्णिमा- यी तीन अवसरमा पञ्चामृतस्नानका लागि गुठी राखिएको थियो। यो गुठी कसले राखेको हो पछिका अभिलेखहरूमा उल्लेख पाइँदैन।[3] तर यो श्री ५ रणबहादुर शाहले राखेको हुनुपर्ने देखिन्छ। पछि वि.सं १८७० मा युगादिनवमीको दिन पञ्चामृतस्नानका लागि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले व्यवस्था गरेका थिए। यो स्नान अहिलेसम्म पनि पशुपति अमालकोट कचहरीले गर्ने गरेको छ। माथि उल्लिखित स्नानहरूमध्ये राजगुठीअन्तर्गत पर्ने केही स्नानहरू जेनतेन चलिरहेकै छन्। अरू भने समाप्त भइसके।

---

१ (क) नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), श्री ५ पृथ्वीनारायण शाहको उपदेश, तेस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं २०२५), ८८४-९१४ पृष्ठ।

(ख) Daniel Wright (Ed.), History of Nepal, Second Indian Editon, (Calcutta: Susil Gupta Pvt, Ltd, (1958 A.D.), P 140.

राइटले सम्पादन गरेको यस वंशावलीमा श्री ५ पृथ्वीनारायण शाहले काठमाडौँ जित्नुभन्दा आठ महिनाअघि पञ्चामृतगुठीको वन्दोवस्त गरेको उल्लेख गरेका छन्।

२ वि.सं. १८५३ मंसिरकृष्ण ११ रोज ६ को श्री ५ रणबहादुर शाहको लालमोहर। गुठीलगत तथा तहबिल कार्यालय, लालमोहर कि.नं २, २१९ सङ्ख्या, ८३ पृष्ठ।

३ वि.सं.१९७४ वैशाखको पञ्चामृत गुठीको लगत, गुठीलगत तथा तहबिल कार्यालय, बटुक १७२ लगत सङ्ख्या।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लघुरुद्री

लघुरुद्रीमा मुख्यतः सङ्कल्प एवं पूजापछि रुद्री पाठ हुन्छ। यसलाई आवृत्तिको आधारमा उनीहरूले तीन भागमा बाँडेका छन्। पहिलो प्रकारको लघुरुद्रीमा एघारजना ब्राह्मणहरूद्वारा एघार आवृत्ति रुद्री श्रीपशुपतिनाथमन्दिरको प्रदक्षिणापथमा बसेर पाठ गरिन्छ। दोस्रो प्रकारको लघुरुद्रीमा पनि एघारजना ब्राह्मणहरूले एघार आवृत्ति रुद्रीपाठ गर्दछन्। यसमा श्रीपशुपतिनाथको बालभोगको सामग्री समावेश भएको हुन्छ। तेस्रो प्रकारको लघुरुद्रीमा पनि एघार जना ब्राह्णहरूबाट एघारपटक रुद्रीपाठ हुन्छ। यसमा नित्यभोगको सामग्री समावेश गरिन्छ। फलफूल, नैवेद्य एघार-एघार थरी चाहिने यसमा बिहानदेखि बेलुकासम्मको भोग, पूजा, पञ्चामृतस्नान आदि गरिन्छ।

रुद्रीपाठ

एघारजना ब्राह्मणहरूले एकएक आवृत्ति रुद्रीपाठ गर्दछन्। यसमा दश पाथी दूध चढाइन्छ।

महारुद्री

यस रुद्रीमा एक सय एक्काईस जना ब्राह्मणहरूद्वारा १,३३१ आवृत्ति रुद्रीपाठ गरिन्छ। एक जना ब्राह्मणले एघार आवृत्ति रुद्रीपाठ गर्नुपर्छ। यसमा नित्यभोगको सामग्रीलगायत पन्ध्र पाथी दूधले स्नान गराउनुपर्ने व्यवस्था गरिएको छ। साथै यसमा छपन्न भोग मिठाइसमेत चढाउनुपर्छ।

अतिरुद्री

अतिरुद्रीमा एकतीस जना ब्राह्मणहरूले एकतीस दिनसम्म प्रत्येक दिन एक जना ब्राह्मणले बाईस आवृत्तिका हिसाबले ३१,१४२ आवृत्ति रुद्रीपाठ गरिन्छ। रुद्रीहरूमध्येमा यो अलि खर्चिलो छ। साथै व्यवस्थापनको दृष्टिले पनि विचार पुऱ्याएर गर्नुपर्ने किसिमको छ किनभने ब्राह्मणहरूलाई भोजन, आवास आदिको उचित प्रबन्ध यसमा अपेक्षित रहन्छ। वि.सं २०२२ मा श्री ५ महेन्द्र वीरविक्रम शाहबाट रुद्रागारेश्वरस्थानमा अतिरुद्री यज्ञ भएको थियो। त्यसअघि चन्द्रशमशेर, जुद्धशमशेरले पनि गरेका थिए। जुद्धशमशेरले खुला ठाउँको दृष्टिकोणले गौशालास्थित भण्डारखालमा गरेका थिए। त्यहाँ अहिले पनि यज्ञकुण्ड छँदैछ। वि.सं. २०४२ भाद्रमा पशुपतिको यज्ञशालामा भारतका कल्छी सिंह भन्ने एक जना सरदारले तात्कालिक मूल पुजारी पद्मनाभ शास्त्रीमार्फत यो यज्ञ गराएका थिए।

पञ्चामृतपूजा

रुद्रीपाठबाहेक पशुपतिमा पञ्चामृतस्नान गराउन सकिने किसिमले त्यसको पनि व्यवस्था मिलाएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यपूजा

प्रतिदिनको पूजाको क्रममा फर्मायसी पूजा सकिएपछि भण्डारीहरूले गर्भगृहको भुइँ सफासुग्घर पार्छन्। धूप, आरती तयार पार्छन्। मूल पुजारीले अर्घ्यस्नान गराउँछन्। त्यसपछि गोकुलधूपले आरती गर्दछन्। गोकुलधूपले आरती गर्ने यस चलनलाई श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं.१८६७ मा नियमित पारेका हुन्। त्यसका लागि उनले महिनामा आधा धार्नीको दरले गोकुलधूप चढाउनका लागि ७ रोपनी जग्गा गुठी राखेका थिए।[४] त्यसपछि पञ्चामृतस्नान पुनः हुन्छ। फर्मायसीलगायत गुठी राखी नियमित गरिएका बाँकी पञ्चामृतस्नान यसै बेला हुन्छ। पञ्चामृतस्नान सकिएपछि पशुपतिलिङ्गमा तेल दलेर पुछपाछ गरिन्छ। त्यसपछि 'पूर्णकलश'लाई मूल पुजारीले पूजा गर्छन् र 'आदिकलश'को वेलामा झैँ घण्टा बजाइन्छ। प्राङ्गणवरपर भट्टले पूजा गर्दछन् र आदिकलशको बेलामा झैँ घण्टा बजाइन्छ। त्यसपछि अभिषेकको जल सबैलाई छर्किइन्छ। पुजारीले उक्त अभिषेकको जललाई बाहिर ल्याउँछन्। प्राङ्गणवरपर पूजा गर्छन्। यसलाई नेवारीमा **चाख पूजा** भनिन्छ। त्यो कार्य सकिएपछि चारै ढोका बन्द हुन्छ। शृङ्गारको काम सुरु हुन्छ। जनै, नेत्र, पोशाक पहिर्याउने, ओठमा **हिँगुल** लगाई सिँगार्ने काम हुन्छ। चारै मुहारको ओठमा लगाइने लालीलाई हिँगुल भनिन्छ। प्रतिदिन हिँगुल लगाउने कामका लागि वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गुठी राखेका हुन्।[५] शृङ्गारको काम सकिन लागेपछि ईशानमुखमा मूल पुजारीले श्रीयन्त्र लेख्न सुरु गर्छन्। अरू पुजारीहरू शृङ्गारको काम बाँकी भए त्यसमा लाग्छन्। श्रीयन्त्र लेख्न झण्डै आधाघण्टा जति लाग्छ। यी कामहरू भइरहेकै वेला पालोवाला पुजारी बाहिर निस्कन्छन् र भोग पकाउन जान्छन्। अरू दुईजना पुजारी बिहानदेखि चढेको नगद-जिन्सी मिलाउने काममा व्यस्त हुन्छन्।

शृङ्गारको अन्त्यमा ईशानमुहारमा मुकुटको आसनी पहिर्याइन्छ। श्रीयन्त्रलाई छोपिन्छ। मुकुट पहिर्याउनुअघि भेटीघाटीको मिलाउने काममा संलग्न पुजारीहरू पनि आउँछन्। त्यसपछि मूल पुजारीले ईशानमुहारमा मुकुट पहिर्याइदिन्छन्। शृङ्गार सकिएपछि चारैतिर ढोका खोलिन्छ। यस वेला दिनको साढे एक-दुई बजिसकेको हुन्छ। त्यसपछि बालभोगको तयारी हुन्छ। बालभोग टक्र्याउनुभन्दा अघि धूप र त्यसपछि पहिलो आरती हुन्छ। आरतीभन्दा अगाडि भण्डारीले गर्भगृहको ठूलो घण्टा बजाउँछन्। त्यसपछि पुनः आरती हुन्छ। आरतीको काम सकिएपछि दक्षिण र पश्चिम मुहारको अगाडिको भुइँमा जलले चोखो पारी त्रिखुट्टीलाई आसनीस्वरूप राखिन्छ र त्यहाँ चाँदीको थालमा बालभोग टक्र्याइन्छ। बिहानदेखि भक्तजनहरूले चढाएको फूल र मिठाई पनि त्यसै वेला चढाइन्छ।

---

४ वि.सं. १९७८ को गोकुलधूप गुठीको लगत। गुठीलगत तथा तहबिल कार्यालय, वटुक २४९ लगत सङ्ख्या।

५ वि.सं. १९७८ को हिँगुलगुठीको लगत। गुठीलगत तथा तहबिल कार्यालय, वटुक ३४८ लगतसङ्ख्या।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शृङ्गार, भोग र आरतीको अवसरमा मन्दिरबाहिर प्राङ्गणमा कुस्लेले पञ्चेबाजा र दमाईंहरूले नगरा बजाउँछन् । बालभोग सकिएपछि पश्चिमपट्टिको बाहेक मन्दिरका अरू तीनै दिशाका ढोकाहरू बन्द गरिन्छन् ।

त्यसपछि गर्भगृहमा सरसफाइको काम पुनः सुरु हुन्छ। यसमा पुजारीलाई सघाउन बसेका पालोवाला भण्डारीहरू लाग्छन् । बालभोग सकिएको केही बेरमा नै भोगको तयारी हुन्छ। मूल पुजारी पूजाअर्चनामा लागिरहेकै बखत भण्डारीहरू त्रिखुट्टी राख्ने काममा संलग्न हुन्छन् । भोगका लागि सातवटा त्रिखुट्टी राख्छन् । फर्मायसी र विशेष पूजाको अवसरमा त्रिखुट्टीहरू आठवटा हुन्छन् । अर्को कुरा फर्मायसी पूजा हुँदा खीरमात्र भोग लगाइन्छ। भोग अर्पण गर्दा त्यससम्बन्धी प्रारम्भिक सबै कार्य सकिएपछि मूल पुजारी पनि केही क्षणका लागि पश्चिमपट्टिको बाहिरी भागमा आउँछन् । बाहिर आउँदा घण्टा बजाउँदै आउँछन् । बाहिर आइपुगेपछि पूर्वाभिमुख भएर स्तोत्रपाठ गर्दै प्रार्थना गर्दछन् । करिब तीन मिनेटपछि भोग सकिएको सङ्केत भण्डारीलाई दिन्छन् । भण्डारी भित्र गई भोगका सबै सामग्री बाहिर दिन्छन् । त्यसपछि चारैजना पुजारीहरू प्रार्थनामा संलग्न हुन्छन् । त्यति नै वेला गोकुलधूप, कपूर आदिको आरती गर्छन् । कपूरआरतीका लागि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं १८६७ मा गुठी राखिदिएका थिए। बालभोग र भोग पशुपतिनाथलाई अर्पण गर्दा त्यहीं जलहरीनिरको चण्डेश्वरमा चढाइन्छ। चण्डेश्वरलाई चढाएको भोगको सामग्री पालोवाला कुनै एक भण्डारीले बाहिर ल्याई नवग्रहमा चढाउँछन् । भोगको उत्तरार्द्धको यो काम सकिएपछि भित्र पुनः सरसफाइ, पुछपाछ गर्छन् । चारै ढोका खोलिन्छ। मूल पुजारी पाठ गर्नमा नै व्यस्त हुन्छन्। त्यसभन्दा अगाडि भोग बाहिर लाँदा पनि भण्डारीहरू घण्टा बजाइरहन्छन् । त्यस वेला बाहिर बसिरहेका तीन जना पुजारीहरू भित्र पस्छन् । पस्नुभन्दा अगाडि हात-गोडा धोएर चोख्याउँछन् । त्यसपछि एकपटक पशुपतिलिङ्गको परिक्रमा गरिसकेपछि आ-आफ्नो जिम्माको मुहारमा तकिया, पट्टा र गजुर राख्न थाल्छन् । प्रार्थना सकिन्छ। घण्टा बज्न बन्द हुन्छ। त्यसपछि चमर र पङ्खाले हम्किइन्छ। ज्वालान्ह्याक (ऐना) देखाइन्छ। त्यति नै वेला मूल पुजारी शङ्खपूजाका निमित्त तयार भइसकेका हुन्छन् । पूजा सकिएपछि शङ्खजल भगवानूलाई चढाइन्छ। त्यसपछि सो जल बाहिर त्यसैको प्रतीक्षामा उभिइरहेका भक्तजनहरूलाई छर्किइन्छ। भक्तजनहरूलाई शङ्खजल छर्किएपछि मूलभट्टले फूलप्रसाद लाउँछन् अनि तीनजना पुजारीलाई लगाइदिन्छन् र भण्डारीलाई दिन्छन् । भण्डारीलाई दिइसकेपछि बाहिरका भक्तजनहरूलाई फूल-चन्दन दिन्छन् । सो काम सकिएपछि क्षमायाचनाका लागि हात जोड्दै प्रार्थना गर्छन् र बाहिर निस्कन्छन् । यस प्रकार बिहानको पूजा दिनको दुई/साढे दुईबजे समाप्त हुन्छ । पुजारी मन्दिरबाहिर निस्कँदा शिरमाला भण्डारीलाई बुझाएर मात्र निस्कनुपर्ने चलन छ। मन्दिर प्रवेश गर्दा शिरमाला भण्डारीले नदिएमा पुजारी मन्दिरभित्र प्रवेश गर्न पाउँदैनन् । बाहिर निस्कँदा पुजारीले मन्दिरभित्र बसेका पालोवाला भण्डारीलाई लुगा फुकाएर देखाउनुपर्छ । यसको मतलब पुजारीहरूले लुकाइछिपाई केही लगेका छन् कि भनी हेर्नु हो तर आजकल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधि पुऱ्याउने किसिमले पुजारीहरूले भोटोको तुना फुकालेको जस्तो, गर्छन् र फेरि तुना बाँध्छन्। पहिले मूल पुजारीले पनि मन्दिरमा नै लुगा फुकाई देखाउनुपर्दथ्यो तर आजभोलि पूजाआजा सकी मन्दिरबाट आफ्नो निवासमा जाँदा रैरकमीहरूलाई पछि लगाएर कोठामा जान्छन् र त्यहाँ उनीहरूलाई चन्दनप्रसाद दिन्छन्।

नित्य पूजाआजा सकिएपछि चारै ढोका बन्द हुन्छ। पूजाआजाको काम सकिएपछि भण्डारी तथा पुजारीहरू खाना खान जान्छन्। पुजारीहरू आ-आफ्नो घर जान्छन् भने भण्डारीहरूचाहिँ पशुपतिनाथलाई भोग लगाएको प्रसाद खान्छन्। पालो नसकिउन्जेलसम्म घरमा खान नहुने प्रचलन छ।

सायंकालिक पूजाआजाको थालनी पाँच/छ बजेतिर हुन्छ। त्यस क्रममा सबभन्दा पहिले पालोवाला भण्डारीले मन्दिरको पश्चिम ढोका खोल्छन्। त्यही ढोकाबाट पूजा गर्ने पालो परेका पुजारी मन्दिरभित्र प्रवेश गर्छन्।

सायंकालिक पूजाको पालो सात-सात दिनको मिलाएको हुन्छ। जुन दिनमा भोग पकाउने पालो पर्छ त्यही दिन बेलुकाको पूजा गर्ने पालो पर्छ। मन्दिरमा प्रवेश हुनुअगाडि पुजारी तथा भण्डारीहरू आचमन गरेर हातगोडा धोएर पस्छन्। त्यसपछि भण्डारीहरू पूजासामग्री तयार पार्न थाल्दछन्। त्यतिन्जेलसम्म मन्दिरको बाहिरी र भित्री चारै ढोका खोलिन्छ। पुजारीले धूप, पञ्चआरती गरेर **आरतीभोग** लगाउँछन्। आरतीभोगमा दूध, च्युरा र पेडा चढाइन्छ। त्यसपछि कपूरआरती हुन्छ, पुजारी स्तोत्रपाठ गर्दै प्रार्थनामा संलग्न हुन्छन्। बाहिरपट्टि प्रदक्षिणापथमा दर्शनार्थीहरू पनि एक स्वरले समूहगत रूपमा प्रार्थनामा मग्न हुन्छन्। त्यतिखेरको वातावरण अत्यन्त मनमोहक र चित्ताकर्षक हुन्छ। भित्रबाहिर घण्टको स्वर घन्किरहेको हुन्छ। प्रार्थना सकिएपछि पुजारीले चमर, पङ्खा डोलाउँछन्। त्यसपछि सन्ध्यापूजामा जस्तै **ज्वालान्ह्याक** श्रीपशुपतिनाथको प्रत्येक मुहारमा देखाइन्छ। त्यो सकिनासाथ शङ्खजलको तयारी हुन्छ। शङ्खमा राखी पशुपतिनाथलाई चढाइएको जल नै शङ्खजल हो। त्यसपछि बाहिर प्रदक्षिणापथमा प्रतीक्षामा बसेका दर्शनार्थी सबैलाई छर्किदिन्छन्। प्रातःकालको जस्तो बेलुका आफूखुशी पूजा हुँदैन। शङ्खजलको प्रक्रिया सकिएपछि बेलुकाको पूजाआजा समाप्त हुन्छ। यो काम गर्मीको समयमा आठ बजेतिर र जाडोको समयमा सात बजेतिर सकिन्छ। पशुपतिनाथको नित्य पूजाआजाको दैनन्दिनी यसरी नै चलेको पाइन्छ।[६] पर्वमेलाको बखत अरू वेलाको भन्दा फरक ढङ्गले पुजारीको प्रवेश हुनासाथ चारै ढोका खोलिन्छ। त्यस वेला पुजारीहरू पनि अरू वेलाभन्दा अलि चाँडै आउँछन्। बेलुका पनि अबेरसम्म

६ प्रत्येक दिन हुने पूजामा मूल पुजारीको प्रमुखता हुन्छ। मूल पुजारीको अनुपस्थितिमा दक्षिणपट्टिको मुहारका पुजारीको जिम्मेवारी बढ्छ। उपर्युक्त अनुसारका कार्यहरू कुन विधानअनुसार गर्ने गरेको हो, त्यस सम्बन्धमा प्रकाश पार्ने खास सामग्री फेला पार्न सकिएको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाको काम हुन सक्छ। शिवरात्रिमा मध्यरातमा हुने पूजा, धनुर्मासमा बिहान चारै बजेतिर खिचडी भोग लगाई गरिने पूजाआजालाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

नैमित्तिक पूजापर्व

पशुपतिनाथमा विशेषरूपले सम्पन्न गरिने नैमित्तिक पूजापर्वहरूको चर्चा गर्नु पनि यस सन्दर्भमा उल्लेखनीय हुन आउँछ। तिथिपर्वविशेषको महत्त्वको कारण कतिपय अवसरहरूमा पशुपतिनाथको मन्दिरमा दर्शनार्थीहरूको घुइँचो लाग्दछ। अष्टमी, एकादशी, शनिवार, गुरुपूर्णिमा, नागपञ्चमी, ऋषितर्पणी (तीज), ऋषिपञ्चमी, नवरात्रि, वैकुण्ठचतुर्दशी, स्वस्थानी व्रतारम्भ, टिकिछाँ (छायाँदर्शन), स्वस्थानीव्रतसमाप्ति, महाशिवरात्रि, शीतलाष्टमी, रामनवमी, चन्द्रग्रहण, सूर्यग्रहणजस्ता अवसरहरू विशेष उल्लेख्य छन्। ती अवसरहरूमा नित्यपूजासरह पूजाआजा हुन्छ तर केही पर्वविशेषका लागि दाता महानुभावहरूले छुट्टै सरसामग्रीको व्यवस्था गरिदिएको वा गुठी राखिदिएको अवस्थामा त्यसबाट हुने पूजाआजाबाहेक अरू विशेष केही हुँदैन। त्यसैले अब यहाँ उपर्युक्त सबै पर्वहरूको चर्चा गर्नुभन्दा विशेष महत्त्व देखिएका पर्वहरूका बारेमा केही उल्लेख गर्नु सामयिक हुने देखिन्छ।

पवित्रारोपण (पवित्रारोहण)

वर्षभरिको पूजाविधानको सम्पूर्ण त्रुटिहरूको दोष हटाई गरिएका कर्महरूको साङ्गोपाङ्ग सम्पन्नता एवं त्यसबाट समस्त अभीष्ट फलहरूको प्राप्तिका लागि **पवित्रारोपण** वैदिक कर्मकाण्डमा प्रचलित छ। पवित्रारोपण वैदिक सबै देवी-देवताका लागि आवश्यक बताइएको पाइन्छ[७]। यो विधान नगरे वर्षभरिको देवपूजनको फलबाट वञ्चित हुनुपर्दछ भन्ने धारणा पाइन्छ[८]। यस कर्मलाई पुण्यदायक मानिन्छ। आचार्य सोमशम्भुले भनेका छन् -

सर्वपूजाविधिच्छिद्रपूरणाय पवित्रकम्।
कर्तव्यमन्यथामन्त्री सिद्धिभ्रंशमवाप्नुयात्॥[९]

पवित्रारोपण गर्ने महिना र पवित्रारोपणका लागि उपयुक्त सूत्र (धागो) को सम्बन्धमा विभिन्न विचारहरू पाइन्छन्। सोमशम्भुको मतमा यसका लागि आषाढ महिना उत्तम, श्रावण मध्यम र भाद्र कनिष्ठ छ। ती तीन महिनाबाहेक अरू वेला पवित्रारोपण गर्नु हुँदैन।

---

७ हनुमान्प्रसाद पोद्दार (सम्पा.), कल्याण (सङ्क्षिप्त वराहपुराणाङ्क) ५१ वर्ष, १ सङ्ख्या, (जनवरी १९७७), ५८ पृष्ठ।

८ ऐजन, ५८ पृष्ठ।
तस्माद् भक्तिसमायुक्तैर्नरैर्विष्णुपरायणैः।
वर्षे वर्षे प्रकर्तव्यं पवित्रारोपणं हरेः॥

९ आचार्य सोमशम्भु, कर्मकाण्डक्रमावली, ३६४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्रारोपणमा पवित्रक बनाउनका लागि सुन, चाँदी या तामाबाट निर्मित तारको विधान बताइएको छ तर रेशम तथा कपासको धागोबाट पनि बनाउन सकिने व्यवस्थाको उल्लेख वराहपुराणमा उल्लेख छ। विष्णुरहस्यमा दर्भसूत्र, पद्मसूत्र, सोमसूत्र, पट्टसूत्र तथा शुद्ध कपासको धागोको पवित्रक बनाउन सकिने बताइएको छ।[१०] आचार्य सोमशम्भुको विचारमा सुनको पवित्रक सत्ययुग, चाँदीको त्रेतायुग तथा तामाको द्वापरयुगका लागि हो। कलियुगमा कपासको पवित्रक उपयुक्त छ।[११]

पशुपतिनाथ मन्दिरमा पहिले पवित्रारोपण गर्ने विधान नभएको अनुमान हुन्छ। पछि भूपालेन्द्र मल्लको पालामा पशुपतिनाथ मन्दिरका पुजारीको रूपमा नियुक्त संन्यासी राघवानन्दले दमनारोहणको साथै पवित्रारोपणको परम्परा चलाएका हुन् [१२]। मूल पुजारीले बाह्र गुठी चलाएबापतको शेष कसरबाट अहिले पवित्रारोपण प्रत्येक वर्ष चलाउनुपर्ने प्रचलन छ। पवित्रारोपण बिसेट-नाइकेको संलग्नतामा उनैको घरमा तयार हुन्छ। पशुपतिनाथको पवित्रारोपणमा काँचो धागोबाट तयार पारिएको मुकुट तथा पोशाक भगवान् श्रीपशुपतिनाथलाई पहिऱ्याइन्छ। हुन त पुराणहरूमा पवित्रकको तयारी गर्दा अपनाउनुपर्ने नियम, निष्ठा तथा सूतको पनि वर्णन पाइन्छ तर यहाँ आजकल त्यसमा निश्चित विधान अपनाएको पाइन्न। बजारमा पाइने काँचो धागोबाटै पवित्रक तयार गरेर भगवान्लाई पहिऱ्याइन्छ।

बिसेटनाइकेको घरमा तयार पारेको पवित्रक पहिले शङ्कराचार्यमठको गद्दी भएको कोठामा राखिन्छ। त्यहाँ मूल पुजारी आसागुर्जा र रैरकमीसाथ आइसकेका हुन्छन्। सामान्य विधिविधानको काम त्यहाँ सकेपछि आसागुर्जाले अगुवाइ गर्दै पवित्रकलाई पशुपतिमन्दिरमा लगिन्छ। दक्षिणावर्तरूपले प्रदक्षिणा गरेर पवित्रकलाई दक्षिणपट्टिको ढोकाबाट पशुपतिनाथका दक्षिण मुखको पुजारीलाई मूल पुजारीले दिन्छन्। त्यसपछि मूल पुजारी हातगोडा धोएर पश्चिम ढोकाबाट मन्दिरमा प्रवेश गर्छन्। पवित्रकलाई पूर्वपट्टिको मुहारको मुन्तिर राखेर मूल पुजारीले पूजा गर्छन्। उक्त पूजाको कार्य र नित्यपूजाविधि अनुसारको पूर्ण कलशको अभिषेक सकिएपछि ईशानमुखमा श्रीयन्त्र लेख्ने विधान सकिनासाथ साबिकको पोशाक पहिऱ्याइन्छ। पोशाक पहिऱ्याएको केही बेरमा नै उतारी पञ्चगव्यले शोधन गरेको पवित्रक पहिऱ्याइन्छ।

त्यस दिनको महत्त्व थाहा पाएका भक्तजनहरू दर्शनका निमित्त आउने हुनाले पशुपतिमन्दिरमा विशेष भीड लाग्दछ। शङ्कराचार्यको आगमघरसहित सत्र ठाउँका देवीदेवताहरूलाई पहिऱ्याउन बिसेटनाइकेले सम्बद्ध पुजारीहरूलाई पञ्चगव्य र पवित्रक दिन्छन्। पवित्रक पहिऱ्याएपछि पूजा, आरती आदि साबिक बमोजिम हुन्छ। सबै सकिएपछि

---

१० ऐजन।

११ २५ ऐजन।

१२ पं. देवीप्रसाद लंसाल (सम्पा.) भाषावंशावली, २ भाग, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं २०२३, ९६ पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसादका रूपमा सर्वप्रथम राजारानीलाई पवित्रक छुट्याइन्थ्यो तर अहिले त्यो चलन छैन । त्यसपछि मूल पुजारीले आफू लाउँछन्, तीनजना भट्ट पुजारी र भण्डारीलाई दिन्छन् । मन्दिरको कार्य सकिएपछि मूल पुजारी पशुपति भण्डार तहबिलमा गई बिसेटनाइकेलगायत अरू रैरकमीलाई प्रसाद बाँड्छन् । भगवान्लाई पहिऱ्याएको पवित्रक सर्वसाधारणलाई भोलिपल्ट ऋषितर्पणीका दिन बाँड्ने चलन छ। श्रावणशुक्ल चतुर्दशीमा पवित्रारोपण हुन्छ। पवित्रारोपणपछि जाडो सुरु हुन्छ भन्ने जनविश्वास प्रचलित छ। पवित्रारोपणका दिन भगवान् श्रीपशुपतिनाथ गोसाइँकुण्ड जानुहुन्छ र जनैपूर्णिमाको दिन फर्कनुहुन्छ भन्ने जनविश्वास काँचो धागोको बाक्लो लुगा लगाइदिएको तथा गोसाइँकुण्ड गएर फर्किनेहरू जनैपूर्णिमाको दिनमै फर्कने भएकाले प्रचलित रहेको हुनुपर्छ ।

बालाचतुर्दशी

पशुपतिमा सम्पन्न हुने बढी दर्शनार्थीहरू भेला हुने मेलापर्वमा बालाचतुर्दशी पनि एउटा हो। तिथिहरूमा चतुर्दशी तिथि धार्मिक कृत्यहरूका लागि उपयुक्त मानिने हुनाले विभिन्न नामले चतुर्दशीहरूलाई सम्बोधन गरिएको पाइन्छ। मंसिरकृष्ण चतुर्दशीलाई बालाचतुर्दशी नामले कहिन्छ। बालाचतुर्दशीको सम्बन्ध पशुपतिनाथसँग रहेको कुरालाई हिमवत्खण्ड, नेपालमाहात्म्य तथा पशुपतिपुराणहरूले सङ्केत गरेका छन् । हिमवत्खण्डको बयालीसौँ अध्यायमा बालाचतुर्दशीको उद्भव र महत्त्वको सम्बन्धमा हरिणेश्वर शिवजीले आकाशमार्गबाट बताएको भनी के उल्लेख गरिएको छ भने मृगरूप लिएर भगवान् शिवले जहाँ-जहाँ घुम्नुभयो, खानुभयो, सुत्नुभयो, हिंड्नुभयो, विहार गर्नुभयो, त्यो पुण्य क्षेत्र भएकाले त्यहाँ सप्तधान्य (सद्बीज) छर्दा एउटा धानको गेडो छरेको पनि एक रत्ती सुवर्ण छरेको बराबर हुन्छ ।

यत्र यत्र मया देवाश्चरता मृगरूपिणा ।।
आशितं शयितं यातं विहृतं च समन्ततः ।
तत्र तत्राभवत् सर्व पुण्यं क्षेत्रं हि सर्वतः ।।
मृगस्थलीगिरिं भ्राम्य ब्रीहिं विक्षेपयत् कृतम् ।
सुवर्णरतिकातुल्यं ब्रीहिमेकं च यत् फलम् ।।
मार्गकृष्णचतुर्दश्यां मत्प्रियायां तिथौ मया ।
मृगरूपं धृतं तत्र पशुयोनिपरं विदुः ।।[१३]

यसको सत्यासत्यपट्टि नलागी सोझो अर्थ निकाल्दा पशुरूपमा पनि भगवान्को अवतरण हुन्छ र तिनीहरूको पालनका लागि मानिसहरूले आवश्यक परेमा त्यागभावले खानेकुरा पनि

[१३] योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.) हिमवत्खण्ड, प्रथम संस्करण, काशी योग प्रचारिणी, वि.सं. २०१३, अध्याय ४२, श्लोक ३२-३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुटाइदिनुपर्छ भन्ने सङ्केतलाई धार्मिक पुट दिई महत्त्वपूर्ण बनाइदिएको बुझिन्छ। त्यसलाई विभिन्न समयमा विभिन्न दृष्टिले मानिसहरूले हेरे। जे होस्, मृगस्थली नामैबाट पनि सो जङ्गलमा पहिले प्रशस्तै मृगहरू भएको बुझिन्छ। तिनीहरूको खानपानका लागि परोपकारको भावनाले सद्बीज अर्थात् सत्यको बीज नाम दिई छरिएका अन्नहरू चराचुरुङ्गीदेखि लिएर बाँदरहरूका लागि खाना बन्छ भने बाँकी भई कुल्चिएका, छोपिएका र गाडिएका अन्नहरू केही समयपछि उम्रिएर जनावरहरूको निमित्त घाँस बन्ने कुरालाई बिर्सन सकिन्न। हिन्दूधर्ममा कतिपय कुराहरूलाई सङ्केतात्मक दृष्टिले परिचय दिएको कुरालाई यहाँ हृदयङ्गम गर्नुपर्दछ। कसैले सद्बीजारोपणपर्वको सम्बन्ध बालादैत्य नामको राक्षसको मृत्युसँग भएको देखाएका छन्। उनीहरूका अनुसार बालासुर नामको राक्षसले पशुपतिमा जलाउन ल्याइएका मुर्दाहरूलाई खाएर मानिसहरूलाई सताएको र उसैको मीत वृषसिंहले भगवान् श्रीपशुपतिनाथको कृपाबाट बालासुरलाई मारी उसको टाउको पशुपतिलाई चढाएपछि पशुपतिकै आज्ञाअनुसार मृतकहरूको मोक्षका लागि सद्बीज छर्ने परम्परा सुरु भएको हो।[१४] वास्तवमा यो एउटा जनश्रुतिमात्र हो। सद्बीजारोपण केवल पशुपतिक्षेत्रमा मात्र नमनाई काठमाडौँ बाहिरका शिवमन्दिरक्षेत्रहरूमा पनि मनाउने नेपाली परम्परालाई हेर्दा सद्बीजारोपणपर्वको सम्बन्ध बालादैत्यसँग स्थापित गर्न खोज्नु युक्तिसङ्गत देखिँदैन। कसैले चाहिँ मृगस्थलीमा रहेका बाँदरलाई खानेकुरा दिएको भनेर पनि लेखेका छन्।[१५] सद्बीजारोपण पर्वमा एकातिर पितृमोक्षको कामना अन्तर्निहित छ भने अर्कातिर नजानिँदो किसिमले प्राणीमात्रमा सेवा गर्नुपर्छ भन्ने भावनालाई जगाउन खोजेको छ भन्ने कुरा छरिएका अन्नहरू पशु-पंक्षीलगायत कतिपय जातिविशेषका लागि केही दिनको हातमुख जोड्ने साधन बनेकोबाट अवगत हुन्छ। धार्मिक क्षेत्रहरूमा जाने, घुम्ने प्रवृत्तिलाई यस्ता पर्वहरूले प्रोत्साहन दिएको कुरा कम उल्लेख्य छैन।

मंसिरकृष्ण चतुर्दशीका दिन श्लेष्मान्तक जङ्गलमा **सद्बीज** छर्ने चलन छ। सद्बीज छर्न नेपालका विभिन्न ठाउँहरूबाट श्रद्धालु व्यक्तिहरू आउँछन्। सद्बीज छर्न आउने मानिसहरू त्रयोदशीकै दिन आई महादीप बाली बस्छन्। चतुर्दशीका दिन मानिसहरूको अझ बढी जमघट पशुपतिमा हुन्छ तापनि सद्बीजको सुरुवात भने मार्गकृष्ण एकादशीको दिनदेखि नै हुन्छ। मार्गकृष्ण एकादशीका दिन बालागुठीको तर्फबाट पहिले वत्सलेश्वरीको पीठमा पूजाआजा हुन्छ। त्यहाँ वत्सलेश्वरीको यात्राको सन्दर्भमा **जापाय** गरेजस्तै त्यस दिन वत्सलेश्वरीमा **जापाय** अर्थात् अन्नप्राशन हुन्छ। त्यहाँ जति पनि पूजालगायतका विधिविधानहरू हुन्छन्, सबै कर्माचार्य

---

१४ (क) सत्यमोहन जोशी, नेपाली चाडपर्व, प्रथम संस्करण, काठमाडौँः नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान, वि.सं.२०३९, ४८-५० पृष्ठ।

(ख) गोरखापत्र, ८८ वर्ष २१२ अङ्क, वि.सं. २०४५ मंसिर २४ गते शुक्रबार, १० पृष्ठ।

१५ @* Daniel Wright, op.cit., foot note no, 15 –स_, p.24.
"This takes Place on the 14th of Aghan. People on this day go to the forest of Mrigasthali (i.e.,the small wood opposite the temple of Pashupati), and scatter about rice, vegetables, and sweet meats much to the delight of the monkey who dwell there."

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहितले गर्छन् । जापायमा मुख्यतः वत्सलेश्वरीपीठमा दृश्यमान शिला नै छोपिने गरी भात चढाइन्छ तथा त्यसमाथि बोडी, सिमी, मेथी आदिका तरकारीहरू पनि चढाइन्छन् । त्यहाँ पूजा हुँदा भैरवरूपी शिवको तथा वत्सलेश्वरीको पूजाआराधना हुन्छ ।

'बालागुठी' मूल पुजारीले चलाउने **'बाह्र गुठी'** मध्येको एक हो । पूजाको मूलकर्ताचाहिँ मूल पुजारीले मूल भण्डारीलाई बनाइदिएका हुन्छन् । त्यसैले पूजाआजा सम्पन्न नहुन्जेलसम्म मूल भण्डारी यताउता जाँदैनन् । शिवरात्रिको अवसरमा गुह्येश्वरीमा सम्पन्न गर्नुपर्ने पूजा र बालागुठीअन्तर्गतको पूजामा बलिसमेतको काम गरिने भएको तथा पशुपतिका पुजारी शाकाहारी दाक्षिणात्य ब्राह्मणहरू भएका कारण ती दुई पूजालाई मूल पुजारीले मूल भण्डारीहरूको जिम्मा लगाइदिएको हुनुपर्छ ।

मार्गकृष्ण एकादशीको दिन वत्सलेश्वरीमा गरिने पूजाआजा सकिएपछि सद्बीज छर्ने काम हुन्छ। सबभन्दा पहिले पञ्चगणेश, अनन्त आदिनारायण, वटुकभैरव, जयमङ्गला, राजराजेश्वरीमा प्रदक्षिणाका साथ सद्बीज छर्दैछर्दै पशुपतिनाथमा जानुपर्ने चलन छ। त्यसपछि आर्यघाटबाट ओर्ली वाग्वती, किरातेश्वर, गुह्येश्वरी, नमोबुद्ध (विश्वरूपाको दक्षिण) र अन्त्यमा भागलभुगलमा बाँकी भएका सबै अन्न छर्नुपर्ने चलन छ । उपर्युक्त मन्दिर र मूर्तिहरूमा छर्ने क्रममा बाटोमा पर्ने सबै देवीदेवता तथा मृगस्थलीको बाटोको दायाँ-बायाँ सबैतिर छर्छन् । सद्बीजमा भटमास, जौ, धान, लावा, मूलाका टुक्राहरू, ज्यामिर, हलेदोको टुक्रा, मकै आदि अन्न, फल तथा कन्दमूलका टुक्राहरू छरिन्छ। त्यस अवसरमा तीन पाथी सद्बीज छर्छन् ।

सद्बीज छर्ने दिन पुजारी कर्माचार्य, कर्ता मूल भण्डारी र मोहीनायक चोखो बसी भात नखाई त्यस दिनको आवश्यक सबै काम गर्दछन् । काम सकेपछि बेलुका भात खान्छन् । बेलुका मूल भण्डारीकहाँ भोजको आयोजना हुन्छ । भोजमा बिसेटनायक, मूल भण्डारी, मोहीनायक, कर्माचार्य र अमालकोट कचहरीका बिचारी जान्छन् । वत्सलेश्वरीमन्दिरमा पूजाआजा गरी सद्बीज छरिने हुनाले यसलाई पार्वतीले छरेको सद्बीज भन्ने गरिन्छ । यस सम्बन्धमा बूढापाकाहरू के भन्छन् भने कैलासबाट शिवजी श्लेष्मान्तक वनमा मृगरूपमा आई विहार गर्नुभयो । धेरै दिनसम्म पनि कैलासमा नफर्केकाले पार्वतीलाई ज्यादै पीर पर्‍यो । वाग्वतीको किनारमा रहेको मृगस्थलीमा भगवान् शिव मृगरूपमा विहार गर्नुभएको छ भन्ने थाहा पाई शिवरूपी मृगलाई चिन्नका लागि पार्वतीले विभिन्न बीजहरू छर्नुभयो । केही समयपछि छरिएका बीजहरू उम्रिए । उम्रिएका हरिया बिरुवादेखि लोभिएर मृगहरू आउन थाले । झुण्डका झुण्ड मृगहरू अब त्यहाँ आउन थालेकाले पार्वतीलाई मृगका रूपका शिवलाई चिन्न गाह्रो परेन भन्ने जनश्रुति छ । पार्वतीले सुरु गरेको सद्बीज छर्ने काम पछि गएर परम्परा बन्यो ।

सार्वजनिक रूपमा सद्बीज छर्ने काम त्यसको तीन दिनपछि अर्थात् मार्गकृष्ण चतुर्दशीमा सम्पन्न हुन्छ । यसलाई बालाचतुर्दशी भन्दछन् । बालाचतुर्दशीमा मृगस्थलीको वनभरि नै सद्बीज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छर्ने परम्परा भएकाले बालाचतुर्दशीभन्दा केही दिन अगाडिदेखि नै श्लेष्मान्तक वनमा सामान्य रूपले हिँड्न सक्ने गरी पैदल बाटो बनाउने र ती बाटोहरूमा सरसफाइ गर्ने काम हुन्छ। यी सबै काम कुसले र पोडेहरू मिलेर गर्छन्। उनीहरूले आपसमा सीमाबन्दी गरेका हुन्छन्। त्यसअनुसार निश्चित ठाउँ तोकी आ-आफ्नो भागको बाटो बनाउने तथा सफा गर्ने काम गर्छन्। त्यही सीमाअनुसार उनीहरूले जहाँजहाँ सद्बीज छर्ने हो, त्यहाँत्यहाँ पैदल बाटो बनाउँछन्।

सद्बीज छर्न देशका विभिन्न भागहरूबाट मानिसहरू आउँछन्। ब्राह्मण, क्षत्रिय, मगर, गुरुङ, राई, दनुवार, तामाङ, लिम्बू आदि विभिन्न वर्ण र जातका मानिसहरूको जमघट बालाचतुर्दशीमा हुन्छ। वर्ण, लिङ्ग, धर्म, सम्प्रदायको भेदभाव त्यहाँ देखिन्न। छर्नुपर्ने सबै ठाउँमा सद्बीजलाई लीलाम गरी केही दशकअगाडिसम्म त्रिशूलयात्रा बृहद् र भव्यरूपले सम्पन्न गरिन्थ्यो तर आजकल यो चलन हराएको छ , पोडे, कुस्लेहरूले बटुलेर आफैँ लिने गरेका छन्।

त्यस वर्ष मरेका आफन्तहरूको चिरशान्ति, मङ्गल र पुण्यको कामनाले सद्बीज छरिन्छ। पहिलो वर्ष सद्बीज छर्ने अघिल्लो दिनको बेलुका पशुपतिनाथको मन्दिरमा महादीप बालेर जाग्राम बस्छन्। दोस्रो वर्ष समापनका लागि यज्ञ गर्छन्। त्यसलाई चतुर्दशी यज्ञ वा प्रतिष्ठा भन्ने चलन छ। बालाचतुर्दशीको दिन आर्यघाट र मन्दिरवरपर प्रशस्त सङ्ख्यामा ब्राह्मणहरूद्वारा त्यस्ता यज्ञहरू गराएको देखिन्छ। यज्ञको सट्टा कसैकसैले रुद्रीमात्र पनि गराएको पाइन्छ।

सार्वजनिक रूपले सद्बीज छर्ने अघिल्लो दिन अर्थात् मार्गकृष्ण त्रयोदशीका दिन भगवान् श्रीपशुपतिनाथलाई किमती गरगहना पहिऱ्याइन्छ। सक्कली एकमुखे रुद्राक्ष, नागमणिजस्ता वस्तुहरू ढुकुटीबाट झिकिन्छन्। त्यसरी झिकिएका वस्तुहरू मार्गकृष्ण औँसीको दिन भण्डारमा पुनः राखिन्छन्। बालाचतुर्दशीका दिन मध्यरातमा अन्तिम सद्बीज छरिन्छ। यो कार्य सम्पन्न भएपछि त्यस वर्षको सद्बीज छर्ने कार्य समाप्त हुन्छ।

बालाचतुर्दशीका दिनदेखि पशुपतिनाथलाई स्नान गराउँदा तातो पानीले गराइन्छ र चैत्र कृष्ण चतुर्दशीसम्म प्रतिदिन यसरी नै स्नान गराइन्छ।

सद्बीज छर्दाको महत्त्व बुझ्नेहरू सबेरै वाग्वतीमा नुहाएर **सुवर्णरतिकातुल्यं व्रीहिमेकं परिक्षिपेत्। मृगस्थलीं परिभ्रम्य पुनर्जन्म न विद्यते** भन्ने श्लोक उच्चारण गर्दै सद्बीज छर्छन्।[१६]

कैलासकुसुमारोहण

पशुपतिनाथमा सम्पन्न गरिने पर्वहरूमा कैलासकुसुमारोहण पनि एउटा हो। यो पर्व माघशुक्ल चतुर्दशीका दिनदेखि भोलिपल्ट पूर्णिमाका दिनसम्म मनाइन्छ। यस पर्वको महत्त्व र उद्देश्यका सम्बन्धमा भाषावंशावलीमा उल्लेख पाइन्छ। त्यहाँ लेखिएको छ -

१६ योगी नरहरिनाथ (सम्पा,) इतिहासप्रकाश, १ वर्ष, १ अङ्क, वि.सं. २०१२, १६० पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"चाँगुमा गोत्र हत्या गर्ने दमाइको [१७]३० सर्वस्व बाँकी रहँदा फेरी यिनै धनले पशुपतिनाथका पुजारी स्वामी (विमलानन्द) सित मतो गरी **शिवार्चन चण्डिकाशास्त्र** प्रमाण गरी पशुपतिनाथमा वर्षवर्द्धन अस्पर्श अगमागम वस्तु आर्जित पापक्षयनिमित्त कैलासकुसुमारोहण नाम गरी प्रतिवर्ष चलाया"

उपर्युक्त विवरणबाट पशुपतिका पुजारी विमलानन्दको सम्मतिबाट तात्कालिक राजाले यो पर्वको थालनी गरेको बुझिन्छ। त्यस वेला काठमाडौँको गद्दीमा राजा भूपालेन्द्र मल्ल थिए। तर यो पर्वको वेला पूजाको सङ्कल्प गरिँदा भौमलक्ष्मीको नामबाट गरिने भएकाले कैलासकुसुमारोहण शुभारम्भ गर्नमा उनको हात रहेको देखिन्छ। प्रचलित भाषा वंशावलीमा भुवनलक्ष्मीलाई भूपालेन्द्र मल्लकी रानी बताइएको छ। [१८] यिनै भुवनलक्ष्मीलाई जनजिब्रोले भौमलक्ष्मी भनेको हुनु धेरै सम्भव छ। यस पर्वलाई नेवारी भाषामा '**टिकिंछाँ** ' भनिन्छ। '**छायादर्शन**' को नामबाट पनि यस पर्वले प्रसिद्धि पाएको छ।

यो पर्व चलाउने भिन्नै गुठीको व्यवस्था छ। कैलासपुष्पको प्रतीक बनाई पशुपतिनाथलाई पहिऱ्याउने हुनाले यसलाई '**कैलासकुसुमारोहण**' भनिएको हो। कसैले यसलाई बोधिसत्त्वको मुकुट पहिऱ्याएको भनी बताएका छन्।[१९] यसैलाई आधार मानी विरूपाक्ष र पशुपतिबीचको मनमुटावको कथा कथेको पनि पाइन्छ तर वंशावलीको भनाइ प्रचलित विधि र पहिऱ्याइने मुकुटको शैली तथा आकारलाई हेर्दा त्यो कुरा सत्य जँच्दैन। यसको निर्माणसम्बन्धी सबै काम बिसेटनाइकेको घरमा हुन्छ। पञ्चरङ्गी कपडाका टुक्रा तथा बाँसका कप्टेराहरूबाट यसको निर्माण हुन्छ। ईशानमुखको शिरमा अट्ने गोलाई अड्कलेर बाँसका दुई तह गरी पुष्पको प्रतीकयुक्त मुकुट बनाई बाँसको कप्टेरा नदेखिने गरी पञ्चरङ्गी कपडाहरू मिलाएर सिइन्छ। यो टाढाबाट हेर्दा फूलजस्तो देखिन्छ। त्यसमा बिच्छीको आकार-प्रकार कालो कपडाको टुक्राले बनाई टाँसिन्छ। त्यसको तयारी एक-दुई दिन अगाडिदेखि नै गर्छन्। माघशुक्ल चतुर्दशीका दिन त्यस '**कैलासपुष्प**' लाई बिसेटनाइकेको घरबाट निकाल्छन्। बिसेटनाइकेले सो पुष्पलाई बोकेका हुन्छन्। त्यसका साथ भण्डारतहबिल तथा अमालकोट कचहरीका रैरकमी पनि जानुपर्ने चलन छ।

पशुपतिनाथमन्दिरमा लैजानुभन्दा अगाडि ताम्रेश्वर मन्दिरमा गई त्यस मन्दिरको परिक्रमा गरिन्छ। त्यस क्रममा सबभन्दा पहिले झङ्केश्वरी, भकुनटोल, इँटापाखा, जयवागेश्वरी हुँदै

१७ यज्ञप्रसाद रूपाखेतीसँग भएको भाषावंशावलीको ७७ पृष्ठमा ती व्यक्तिलाई **धर्मक्ष** भनी नाम दिइएको छ।

१८ पं. देवीप्रसाद लंसाल, पूर्ववत्, पादटिप्पणी २५, सङ्ख्या, ९४ पृष्ठ।

१९ D.R. Regmi Medieval Nepal, Part I, Calcutta: Firma K.L Mukhopadhayay, 1965 A.D., p.557. "On the Kartika Sukla Purnima Day, the Phallus is worshipped as the Bodhisatva, and special ceremony in conformity to Buddhist ritual practices as performed to propitiate the deity." डी.आर. रेग्मीले यद्यपि कार्तिकशुक्ल पूर्णिमा भनी लेख्नुभएको छ तर यो माघ चतुर्दशीमा मनाइने पर्वलाई भन्न खोजेको हो भन्ने कुरा पुस्तकमा उल्लिखित पूर्वविवरणबाट ज्ञात हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताम्रेश्वरमन्दिरको एकपटक प्रदक्षिणा गरी पाँचुटोल पुग्दछ र बिसेटनाइकेले आफ्नो घरअगाडि लसकुसस्वरूप पूजाआजा सकेपछि सामेल भएका सबै रैरकमीहरूलाई बिसेटनाइकेको तर्फबाट च्युरा बाँड्नुपर्दछ। त्यसपछि लगनलाछी हुँदै प्रतापेश्वरलाई परिक्रमा गरी पशुपतिनाथ मन्दिरमा पुऱ्याइन्छ। बाहिरी ढोकाबाट भित्र प्रवेश गर्नुअघि पश्चिमपट्टिको ढोकामा पशुपतिका रकमी, राजोपाध्याय पुरोहित र काठमाडौँ तलेजुका जोशीले '**लसकुस**' गरी भित्र्याउँछन्। त्यसपछि पशुपति मन्दिरको एकपटक प्रदक्षिणा गरी यज्ञशालामा लगिन्छ। त्यहाँ पूजाआजा र होम सकिएपछि उक्त कैलासपुष्पको प्रतीकस्वरूपको मुकुट श्रीपशुपतिनाथमा पहिऱ्याइन्छ। भोलिपल्ट पूर्णिमाका दिन पशुपतिनाथ मन्दिरको भित्री गर्भगृहमा झण्डै एक-डेढ बित्ता गहिरो हुनेगरी पानी वाग्वतीबाट ल्याई जमाइन्छ। त्यही जमेको पानीमा देखिने भगवान्को आकृतिलाई छायादर्शन भनी श्रद्धासाथ दर्शनार्थीहरूले दर्शन गर्छन्। त्यस अवसरमा शाक्य, वज्राचार्य आदि बौद्ध धर्मावलम्बीहरूको पनि भीड लाग्छ। छायादर्शनलाई पुण्य र पवित्र मान्ने प्रचलनअनुसार त्यस दिन टाढा-टाढाबाट दर्शनका लागि मानिसहरू आउँछन्। छायादर्शनलाई बौद्धधर्मानुयायीहरूले कसरी बोधिसत्वसँग सामञ्जस्य कायम राखी आत्मसात् गरेका हुन्, अहिले स्पष्ट भन्न गाह्रो छ। जे होस्, यसले श्रीपशुपतिनाथको सर्वव्यापकतालाई भने पुष्टि गर्न मद्दत पुऱ्याएको छ।

महास्नान-महाबलि

पशुपतिनाथ मन्दिरमा नियमित रूपमा गर्नुपर्ने पर्वपूजाहरूमध्ये बृहत् र तयारीसाथ गर्ने महास्नान महाबलि पूजाको अग्र स्थान छ। नियमित रूपमा महास्नान गर्ने प्रचलन हुनुभन्दा अघि राष्ट्रमा दुर्भिक्ष, सङ्कट र प्रकोप हुने, तिनको निराकरणहेतु समयसमयमा पशुपतिको महास्नान गर्ने गरेका उल्लेखहरू पाइन्छन्। महास्नान गरे सङ्कट भोग्नुपर्दैन भन्ने धारणा र जनविश्वासले नै यसो भएको हो। घर वा मन्दिरमा स्थापित देवीदेवताका मन्दिरहरूमा नित्यपूजाका अवसरमा पञ्चोपचार वा षोडशोपचार पूजाअन्तर्गत स्नान गर्ने कार्य पनि पर्दछ तर '**महास्नान**' लाई अवसरविशेषमा गरिने नैमित्तिक कर्मको रूपमा लिइन्छ। यस कुरालाई पशुपतिनाथमा हुने महास्नानले पनि स्पष्ट पार्दछ। नित्यस्नानमा ज्यादाजसो जल र कहिलेकाहीँ पञ्चामृत (दूध, दही, घ्यू, मह, सख्खर) को स्नान हुन सक्छ तर महास्नानमा जलका अतिरिक्त पञ्चामृतबाट पनि स्नान हुनैपर्छ।

देवपूजनका क्रममा स्नानको अति नै महत्त्व छ। पवित्र घ्यू, मह, दही, दूध, मीठो-मीठो बास्ना आउने सुगन्धी अथवा ठण्डा जलले जसले मलाई (पशुपति) स्नान गर्दछ, त्यसले अत्यन्त ठूलो पुण्य प्राप्त गर्नेछ। त्यसरी स्नान गराएको पुण्यले लामो समयसम्म स्वर्गादि भोग गरिकन मेरो लोक (कैलास) प्राप्त गर्नेछ, घ्यूले स्नान गराउनाले शिवलोक, महले स्नान गराउनाले स्वर्गलोक, दहीले स्नान गराउनाले विष्णुलोक, पवित्र गोदुग्धले स्नान गराउनाले सोमलोकको प्राप्ति हुन्छ। शुद्ध, ठण्डा जलले स्नान गराउनाले सम्पूर्ण पापबाट मोक्ष हुन्छ। तातो पानीले स्नान गराउनाले पुष्ट हुन्छ। जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यले षोडशोपचारले मेरो अङ्गपूजा गर्छ, त्यो मनुष्यको सबै इच्छा सिद्ध भई कैलासमा बास हुन्छ। यस प्रकारको वचन प्रचलित धार्मिक ग्रन्थहरूमा पाइने र महास्नानमा दूध, घ्यू, मह, दही, उखुको रसस्वरूप चिनी सबै हुने हुनाले महास्नानलाई पुण्यमय कार्यका रूपमा लिएको पाइन्छ।

भगवान् श्रीपशुपतिनाथमा महास्नान प्रशस्त भए हुनन्, तर प्रारम्भिक मल्लकालका राजा अभयमल्लको समय (वि.सं १२७३-१३१२ आ.) देखिको मात्र छिटपुट अभिलेखीय उल्लेखहरू पाइन्छन्। उनको समयमा दुर्भिक्ष भई प्रजाले कष्ट पाउँदा महास्नान, कैलासपूजाका साथै शान्तिस्वस्तिका लागि प्रतिवर्ष लक्षहोम एवं पक्षश्राद्ध गर्ने चलन चलाएका थिए।[२०]

काठमाडौँका राजा नृपेन्द्रमल्लले ने.सं. ७९८ (वि.सं.१७३५) वैशाखशुक्ल पूर्णिमा चन्द्रग्रहणका दिन महास्नान-महाबलि पूजा गरेको उल्लेख पाइन्छ। उनले ब्राह्मणहरूलाई घोडा, वस्त्र गाई आदि दान दिएका थिए।[२१] पूर्णिमाकै दिन महास्नान गर्नुपर्छ भन्ने खास कुनै बाध्यता छैन। यो कुरा लक्ष्मीनरसिंह मल्लले ने.सं. ७५४ (वि.सं१६९१) वैशाखशुक्ल तृतीया (अक्षयतृतीया) का दिन भगवान् श्रीपशुपतिनाथमा महास्नान गर्ने गरी सोह्र रोपनी जग्गा गुठी राखिदिएको विवरणबाट बुझिन्छ। त्यस्तै सिँख्वाल प्रधानले पूजा गर्ने व्यवस्था मिलाएअनुरूप आजसम्म त्यस दिन महास्नान-महाबलि देवीदासका छोरीपट्टिका सन्तान जोशीहरूले गर्ने गरेका छन्। उनले कार्तिकशुक्ल पूर्णिमाका दिन महास्नान गर्ने व्यवस्था गरेका थिए।[२२] श्री ५ रणबहादुर शाहकी रानी कान्तवतीले प्रत्येक पूर्णिमाका दिन महास्नान गर्ने गुठी राखे पनि पहिलेको व्यवस्थामा केही परिवर्तन गरी कार्तिकशुक्ल चतुर्दशीका दिन सिँख्वालले राखेको गुठीबाट महास्नान हुन थाल्यो। आक्कल-झुक्कल वा प्रतिवर्ष महास्नान गर्नेबाहेक नियमित रूपमा कुनै पर्व वा तिथिमा महास्नान-महाबलि पूजाको रीत थिएन। यस अभावको पूर्तिलाई दृष्टिगत गरी श्री ५ रणबहादुर शाहकी रानीले भगवान् श्रीपशुपतिनाथलाई खुशी तुल्याउनका निमित्त वैशाखपूर्णिमादेखि लिएर बाह्रै पूर्णिमाहरूमा र अधिकमासको पूर्णिमामा पनि नियम-विधि पुऱ्याई लालमोहरमा लेखिएबमोजिमका सामग्रीहरू कत्ति नघटाई पूजा गर्नको लागि वि.सं.१८५६ वैशाखशुक्ल पूर्णिमाका दिन सिन्धुपाल्चोक जिल्लाको फटकशिला तथा गोकर्णमा गरी बाईस सय रोपनी जग्गा गुठी राखी यसको प्रारम्भ गरिदिइन्। त्यसमध्ये फटकशिलामा ५६६

---

२० Dhanavajra Vajracharya and Kamal P.Malla(Ed.), The Gopalrajavamsavali, (Germany: Franz Steiner Verlag Wiesbaden GmbH, 1985), pp.33,81.
"राजा श्रीअभयमलदेव वर्ष ४२मा ६ तस्य राजें महामारी दुर्भिक्ष प्रजा कष्टीभवतिः, तस्य शान्तिकृते, वर्ष प्रति लक्षहोम, पक्षश्राद्ध कृत्यः श्रीपशुपतिभटारकाय महास्नान केलासपूजनम्कृतम् ॥"

२१ D.R. Regmi, Medieval Nepal, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), Apendix III, P.I.

२२ (क) पं.देवीप्रसाद लंसाल, पूर्ववत्, पादटिप्पणी २५ सङ्ख्या ९३ पृष्ठ।
(ख) बालचन्द्र शर्मा (सम्पा.), "काठमाडौं उपत्यकाको एक राजवंशावली", प्राचीन नेपाल, ४ अंक, वि.सं २०२५, १८ पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोपनी ४ आना तथा देवपाटन अम्बलको गोकर्णमा १६३३ रोपनी १२ आना जग्गा राखिएको थियो। तात्कालिक व्यवस्थाअनुसार गोकर्णबाट २१८० मुरी धान, फटकशिलाबाट ८५१ मुरी धान कूतबापत प्राप्त हुन्थ्यो।

धानका अतिरिक्त ती ठाउँबाट महास्नान-महाबलिमा आवश्यक पर्ने विभिन्न जिन्सी सामग्रीहरू तथा नगद, घ्यू, साउन्या, फागु आदि पनि उठ्दथ्यो। अहिले फटकशिलाबाट पहिलेझैँ आवश्यक पर्ने सबै सर-सामग्रीहरू आउँछन् तर गोकर्णको जग्गा भने पहिले नै अमानत गरिएकाले त्यसको आयस्ता गुठीसंस्थानले लिने गरेको छ। त्यसै आम्दानीबाट महास्नान-महाबलिमा आवश्यक पर्ने कतिपय वस्तुहरू जुटाइदिने दायित्व गुठीसंस्थानले लिने गरेको छ। गुठी निकायहरूको संस्थागत रूपमा विकास हुनुभन्दा अघि महास्नानसम्बन्धी जग्गाको रेखदेख गर्न तथा त्यस पर्वलाई निर्विघ्नतापूर्वक सम्पन्न गर्न गुठियार, बहिदार, टहलुवा, मोहीनायक आदि गरी १७ जना व्यक्तिहरू नियुक्त गरिएको कुरा वि.सं.१८६२ श्रावणकृष्ण द्वादशी आइतबारको लालमोहरबाट अवगत हुन्छ। महाबलिगुठी वि.सं.१९०९ देखि नै अमानत भएको अवगत हुन्छ। यो कुरा वि.सं.१९७८ चैत्रको लगत विवरणमा यससम्बन्धी पूजाको चर्चा गर्दा वि.सं.१९०९, १९४३, १९६७ सालमा तात्कालिक परिस्थिति अनकूल हुने गरी लगत तयार पारिएको थाहा हुन्छ।[२३] महास्नान-महाबलि पर्वमा **'महास्नान'** पञ्चामृतस्नानसँग सम्बद्ध छ भने महाबलिचाहिँ महास्नानको दिन कुमारी, गुह्येश्वरी, कीर्तिमुख, वत्सला, ढुण्डिगणेश आदि देवदेवीको पूजा गर्ने तथा पशुपतिमा भुजा (भात) भोग लगाउने, साँढे छोड्ने आदि कामसँग सम्बद्ध छ। महास्नान-महाबलि गुठी यसो हेर्दा अलग-अलग कामका लागि राखिएको देखिए तापनि दुवैमा एकै दिन पूजाआजा हुने भएकाले ती दुईबीच अन्योन्याश्रित सम्बन्ध छ।

महास्नान-महाबलि पर्व-पूजाका लागि वि.सं.१८५६ वैशाखशुक्ल पूर्णिमा आइतबारका दिन पहिलो लालमोहर भएको हो। यस पर्वपूजालाई नियमितता दिने सन्दर्भमा कदाचित् यस गुठीमा आधिदैविक, आधिभौतिक कुनै घटना घटी पूजा रोकिन गएमा राजामा जाहेर गरी उपद्रव शान्त गरी हरहालतमा महास्नान-महाबलि गर्नुपर्ने लालमोहरमा व्यवस्था गरिएको छ। महास्नान-महाबलि पूजा सकिएपछि यससम्बन्धी हिसाबकिताबको विवरण राजदरबारमा जाहेर गर्नुपर्ने चलन एकताका थियो। यसै क्रममा वि.सं.१८७१ देखि वि.सं. १८८२ मार्गशुक्ल पूर्णिमासम्म जम्मा एघार वर्षको खर्चको विवरण बैठके हस्ते दिएको उल्लेख एउटा पत्रमा आएको छ।[२४] यस पर्वसँग राजदरबारको नजिकको संलग्नता थियो। वि.सं.१८७५ चैत्रकृष्ण ६ रोज ४ को लालमोहरमा महास्नान-महाबलिको आचार्य काममा सहजानन्द भाजुको सट्टामा चिँगटी भाजुलाई श्री ५ राजेन्द्रविक्रम

२३ वि.सं. १९७८ चैत्रको महास्नान-महाबलिगुठीको लगत। गुठीलगत तथा तहबिल कार्यालय, वटुक ३८२ लगतसङ्ख्या।

२४ श्री ५ राजेन्द्रवीरविक्रम शाहको वि.स. १८८२को लालमोहर। अभिलेख फाँट, पोका नं ८ सि.नं.२०२२ ७३७ सङ्ख्या, ६५ पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाहदेवले राखेको कुरा उल्लेख छ।[२५] अहिले पनि यस पर्वको आचार्यत्व हनुमानूढोकास्थित तलेजुका राजोपाध्यायले गर्ने गरेका छन्।

महास्नान-महाबलिलाई चाहिने प्रायः सबै सामानहरू फटकशिलाबाट भारीमा बोकेर पैदलै ल्याइन्छ। प्रत्येक महिनाको शुक्लपक्षको त्रयोदशीका दिन देवपाटनस्थित महास्नाघरमा आवश्यक सबै सामग्रीहरू नापतौल गर्ने, केलाउने र ठीक पारेर राख्ने काम गरिन्छ। महास्नानघर महास्नान-महाबलिको कार्य सम्पादन गर्नकै लागि निर्माण गरिएको हो। दाउरादेखि लिएर आवश्यक सबै जिन्सी सामग्रीहरू फटकशिलाबाट आउँछ। महास्नान-महाबलिमा चाहिने सामग्रीको जोरजामल कस्तो प्रकारले मिलाइएको छ भने फटकशिलामा यस पर्वका लागि छुट्याइएको जग्गा कमाउने मोहीले लालमोहरमा तोकिएअनुसारको जिन्सी बुझाउनुपर्छ, जुन उसको जग्गामा उब्जाइन्छ। दाउरा भने फटकशिलाको जङ्गलबाट ल्याइन्छ। महास्नान-महाबलिमा चाहिने सामग्रीहरूको सम्पूर्ण विवरण वि.सं.१८६७ पौषशुक्ल ७ को लालमोहरमा दिइएको छ।

पूर्णिमाका दिन हनुमानूढोकास्थित तलेजुको '**नकिनी**' (लायकु मिसा) आएर महास्नान घरको माथिल्लो तलामा महास्नानको अवसरमा पूजा गरिने पशुपतिक्षेत्रका विभिन्न देवी-देवताको लागि पूजासामग्री तयार पार्छन्।[२६] त्यस दिनका लागि आवश्यक पर्ने फूलहरू आजकल भण्डारखाल बगैँचाबाट ल्याइन्छ। पहिले यस दिन आवश्यक पर्ने फूलहरू '**महास्नानकेव**' बाट ल्याइन्थ्यो। पूजासामग्री तयार पार्दा देहायबमोजिम गरिन्छ।

चाँदीको कोटालमा -	१ भाग	पित्तलको थालीमा -	३ भाग
तामाको कोटालमा -	१ भाग	टपरीमा-	२६ भाग

तिनीहरूमध्ये चाँदीको कोटालको भाग महास्नान गर्दाको अवसरमा पशुपतिनाथमा पूजा गर्दा चढाइन्छ। पित्तलको थालीमा तयार पारिएकोमध्ये यज्ञशालामा होम गर्दाका लागि एक भाग र बाँकी दुई भागमध्ये एक भाग गुह्येश्वरी र अर्को भाग कीर्तिमुखभैरवमा चढाइन्छ। टपरीमा तयार पारिएका छब्बीस भागमा पशुपतिप्राङ्गणस्थित लाल गणेश, सूर्यनारायण, वासुकि, राजराजेश्वरी, जयवागेश्वरी, मनमानेश्वरी आदि देवी-देवतालाई चढाउन मन्दिरका पुजारीहरूलाई दिइन्छ। सोही भागमध्ये एक भाग भोगसङ्कल्प गर्दा र अर्को भाग बसाहा छोड्दा प्रयोग गरिन्छ। महास्नानका लागि पूजासामग्रीहरू मिलाइदिएबापत नकिनीले बाह्र माना चिउरा, आधा माना तेल र बत्तीस पैसा पाउँछिन्। प्रत्येक पूर्णिमामा दुईदुई जनाको पालो पर्छ। पूजा सामग्रीहरू तयार पारिसकेपछि

२५ श्री ५ राजेन्दवीरविक्रम शाहको वि.सं. १८७५ चैत्रकृष्ण ६ रोज ४ को लालमोहर। राष्ट्रिय अभिलेखालय, सङ्ख्या १४६, पृष्ठ २५०।

२६ भर्ना भएपछि यिनीहरू बडागुरुज्यूकहाँ ढोग दिन जानुपर्दछ र त्यहाँ शपथग्रहण पनि लिनुपर्दछ। पशुपतिका '**लायकु मिसा**' हरूले नै काठमाडौं तलेजु, पचली भैरव र महाङ्कालस्थित द्वैमाजुमा पनि पर्वविशेषमा पूजासामग्री राख्ने काम गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आसागुर्जा, बाजागाजासहित पशुपतिनाथ मन्दिरमा लगिन्छ। पूजासामग्रीहरू ब्राह्मणहरूले समातेका हुन्छन् ।

महास्नानको अवसरमा भगवान् श्रीपशुपतिनाथलाई पोशाक फेराउने व्यवस्था छ। आवश्यक पर्ने पोशाकहरू दमाईले नसिईकन रञ्जितकारले सिउने, रङ्गाउने आदि काम गर्दछन्। पोशाकहरूमा दशवटा पगरी चाहिन्छ। पगरी रातो, हरियो, पहेँलो, सेतो र नीलो अर्थात् पञ्चरङ्गी कपडाबाट तयार गरिन्छ। तिनीहरूमध्ये पशुपतिनाथका पाँच मुहारका लागि पाँच थान र धर्मशिलामा राखी चढाइने भोगको सामग्री भगवान् श्रीपशुपतिनाथको पाँच मुहारका लागि भएकाले त्यसका लागि पाँचवटा पगरी छुट्याइन्छ। भगवान् श्रीपशुपतिनाथलाई जामा, पट्टा र चिउली (कम्मरपेटी) महास्नानका दिन पहिऱ्याइन्छ। जामा पहिले तासको बनाउनुपर्ने व्यवस्था थियो तर अहिले नक्कली तासको बनाइन्छ।

महास्नानका दिन भगवान् श्रीपशुपतिनाथलाई गहना चढाउनुपर्ने चलन छ। गरगहनाहरूमा तत्पुरुष, सद्योजात, वामदेव, र अघोर मुखका लागि चारवटा चाँदीका जनै तथा प्रत्येक मुहारमा तीनतीनवटा नेत्र चाहिन्छ। त्यस अवसरमा वासुकिमा चाँदीको तिलक र जनै चढाइन्छ।

विभिन्न प्रकारका मिठाई रोटीहरू त्रयोदशीका दिन बेलुकादेखि नै तयार गरिन्छन्। ती मिठाई रोटी बनाउने हलुवाई पाटनका छन्। बालभोग र महास्नानका लागि अलगअलग मिठाई रोटीहरू बनाउँछन्। बालभोगमा देहायअनुसारका मिठाईहरू तयार पारिन्छन् –

(क)	खाजा	-	५
(ख)	मठ	-	५
(ग)	ठूलो ऐँठे	-	५
(घ)	फिनी	-	५
(ङ)	लाखामरी	-	५

ती रोटीहरू भगवान् श्रीपशुपतिनाथको पाँच मुहारका लागि विचार गरी तयार पारी चढाउने गरिएको हो। त्यसै गरी महास्नान र महाभोगका अवसरमा विभिन्न आकारप्रकारका मिठाई रोटीहरू चढाउने गरेको पाइन्छ। मिठाई रोटीहरू बनाउने क्रममा चार र छ टाउको भएका चराहरू पनि चढाएको पाइन्छ। त्यसको प्रतीकात्मक रूपमा के अर्थ रहेको छ थाहा पाइएन। महास्नानका अवसरमा चार टाउके भङ्गेरा– १, छ टाउके भँगेरा– १, सानो भँगेरा –३ वटा अलगअलग तीन भाग टपरीमा राखी भोगमा तथा पाँच भाग पशुपतिनाथ मन्दिरमा चढाइन्छ। गहुँको पीठो र चिनीबाट बनाइएको चौरासः नामको मस्यौराजस्ता आकारका मिठाइ १०-१० वटा राखी मन्दिरमा पाँच टपरी तथा महाभोगको लागि तीन टपरी चढाइन्छ। भैरवको आकृतिको झण्डै डेढ बित्ता चौडा मिठाई तथा नागको आकृतिको मिठाई धर्मशिलामा राखिने भोगको रासमा राखिन्छ। त्यसै गरी त्यस रासमा सूर्य, चन्द्र, कलश, अष्टकोण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माछा, झण्डा, शङ्ख, चमर, पङ्खाको आकृतिका रोटीहरू चढाइन्छन्। महाभोग र मन्दिरका लागि देहायअनुसारका त्यस्ता रोटी चढाइन्छन् –

रोटी		भोग	मन्दिर
क)	सूर्य	१	-
(ख)	चन्द्र	१	-
(ग)	कलश	१	१
(घ)	अष्टकोण	१	१
(ङ)	माछा	१	१
(च)	झण्डा	१	१
(छ)	शङ्ख	१	१
(ज)	चमरपङ्खा	१	१

साथै त्यस अवसरमा साना ऐँठेहरू दुई सयवटा बनाएर चढाइन्छ। बालभोगमा चढाइने मिठाईहरू चाँदीका पाँचवटा थालमा लैजान्छन्। महास्नान-महाबलिको लागि टपरीमा लैजान्छन्। मिठाईको लागि चिनी डेढ धार्नी, घ्यू तीन धार्नी, पीठो बाह्र धार्नी र दाउरा सात भारी लाग्दछ।

महाबलिको भुजा मैथिल ब्राह्मणहरूले पकाउँछन्। सिँख्वाल प्रधानले कार्तिकशुक्ल पूर्णिमाका निमित्त राखेको महास्नान-महाबलिका भोग पनि मैथिल ब्राह्मणहरूले नै पकाउँछन्। भान्सामा संलग्न हुने मैथिल ब्राह्मणहरू चतुर्दशीका दिन एक छाक खाएर बस्छन्। भोलिपल्ट पूर्णिमाका दिन बिहानै नुहाइधुवाइ गरी दश बजेतिर पशुपतिनाथ मन्दिरमा गई दर्शनपूजन गर्छन्। त्यसपश्चात् भोग पकाउने तयारीमा लाग्छन्। सो दिन कपाल खौरी, नयाँ जनै फेरेर मात्र भोग पकाउनुपर्छ। ब्राह्मणहरू तयार नहोउन्जेलसम्ममा भोगको भात पकाउने, खड्कुलोमा पानी हाल्ने, भान्सा सफा गर्ने, आगोका लागि दाउरा जोर्ने काम हुन्छ। यस काममा देवपाटनका डङ्गोलहरू परम्परादेखि नै नियुक्त छन्।

भोग पकाउन आगो जोर्नुअघि भान्सामा रहेका भोगेश्वर नामका शिवलिङ्गको पूजा गरिन्छ। त्यस्तै सबै कुरा पाकेपछि धर्मशिलामा राख्नुअघि भोगेश्वरमा चढाएर मात्र लगिन्छ। त्यस दिन छ मुरी, छ मुठीको भुजा (भात) चढाइन्छ। तर श्रद्धालु भक्तजनले कसैले एक दुई माना चामल ल्याई भोग पकाउनुअघि खड्कुलोमा हालिदिन सक्छन्। त्यस दिन रहर, मुडी, केराउ, मास, गहत, मुसुरीलगायत अठार किसिमका दालहरू पकाएर चढाइन्छ। तरकारी मौसमअनुसारको हुन्छ। साँझ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६-७ बजेतिर चाहिने परिकार सबै तयार भएपछि धर्मशिलामा प्रथमपटक ल्याइने भुजा जसमा जटासहितको नरिवलभित्र सुनको नन्दीको प्रतिमा हुन्छ, राखिन्छ। बेलुका भोगको काम सकिए तापनि कुस्ले नाइकेलाई सो नन्दी जिम्मा नलाइकन मैथिल ब्राह्मणहरू जान पाउँदैनन्। मैथिल ब्राह्मणहरूको थकालीको निर्देशनमा भोग पकाउने काम सम्पन्न हुन्छ। थकाली दुई जना छन्। एक पूर्णिमा बिराएर एकएक जना थकालीको पालो पर्दछ। भोग पकाउन संलग्न भएबापत थकालीले अतिरिक्त भोगका रूपमा मान्द्रो तीनवटा, बीस हाते धोती एकवटा र डालो एकवटा पाउँछन्। अरूले २ माना च्युरा, २ माना चामल, आधा चौथाई केराउको दाल, अलि-अलि नुन, बेसार सिधाको रूपमा पाउँछन्। त्यसमा एउटा ऐँठे र एघार हाते सेतो धोती एउटा पाउँछन्।

भोग तयार भएपछि भान्सा र धर्मशिलासम्मको बाटोमा **पञ्चगव्य** छर्किसकेपछि मात्र भुजा लगेर राख्छन्। भुजा लैजाँदा आठवटा डालोमा तिनै मैथिल ब्राह्मणहरूले ओसार्छन्। त्यस दिन पशुपति मन्दिरको दक्षिणपट्टि रहेको यज्ञशालामा होमसहित यज्ञ तथा विधानद्वारा आवाहन, सङ्कल्प, पाठ आदिको काम हुन्छ। यो काम राजोपाध्याय ब्राह्मणबाट हुन्छ। महास्नानका अवसरमा भगवान् श्रीपशुपतिनाथलाई पहिऱ्याइने गहना, पोशाक आदिको सङ्कल्प तथा पञ्चामृतको सङ्कल्पपूजा गरेपछि मात्रै मन्दिरमा लगी त्यसैद्वारा स्नान गराइन्छ। यज्ञशालामा गरिने हवन **कुशकण्डिका** तान्त्रिक विधिअनुसार गरिन्छ। त्यहाँ गरिने यज्ञमा विभिन्न व्यक्तिहरूले प्राणप्रतिष्ठाका लागि आफूले पुज्न खोजेका मूर्तिहरू ल्याएर दिने प्रचलन छ। त्यस दिनको यज्ञमा काठमाडौँ तलेजुका कर्माचार्य- १, जोशी- १, भुवनेश्वरीका कर्माचार्य- १, यज्ञ गर्ने राजोपाध्याय- १, कर्ता- १, पाठ गर्ने मैथिल ब्राह्मण- ११, हवन गर्ने ब्राह्मण- ३ हुन्छन्। यज्ञमा पहिले राजोपाध्यायले होम गर्छन्। त्यसपछि देवपाटनका अरू तीन जना राजोपाध्यायले होम गर्छन्। ती चारजनाबाट दश हजार पाशुपतास्त्र मन्त्रद्वारा हवन गरिन्छ।

पूर्ण कलश तथा पञ्चामृतको घडा यज्ञशालाबाट मन्दिरमा लैजाँदा पहिले पञ्चगव्यले बाटो पवित्र पार्दै कर्ताले पोशाक, राजोपाध्यायले पूर्णकलश र भोग पकाउने मैथिल ब्राह्मणले पञ्चामृतको घडा बोकी मन्दिरको प्रदक्षिणा गर्दछन् र दक्षिण ढोकाबाट पुजारीलाई दिन्छन्। त्यसपछि पहिले '**पूर्णकलश**'ले (जसलाई '**आदिकलश**' पनि भनिन्छ) भगवान् श्रीपशुपतिनाथलाई स्नान गराइन्छ। पूर्णिमाको दिन मन्दिरको एक र यज्ञशालाको एक गरी जम्मा दुई पूर्णकलशले स्नान हुन्छ। त्यसपछि पञ्चामृतले स्नान हुन्छ। पञ्चामृतलाई १२० घडाहरूमा तयार पारेर राखिएको हुन्छ। त्यसै द्वारा महास्नान सम्पन्न गरिन्छ। त्यसै वेला वासुकिमा पाँच घडाद्वारा पञ्चामृतस्नान हुन्छ।

महास्नानको काम सकिएपछि मात्र महाभोगको काम प्रारम्भ हुन्छ। राजोपाध्याय पुरोहितले धर्मशिलामा भूमिशोधन विधान गरी रेखी हाली पूजा सकेपछि महाभोगका लागि भुजाहरू ल्याउने काम हुन्छ। भुजाको रासको उत्तरपट्टि त्रिशूलचिह्न र पश्चिमपट्टि श्रीयन्त्रको चिह्न बनाइन्छ। त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणपट्टि खड्ग र पूर्वपट्टि कमलको चिह्न बनाइन्छ। भैरवको आकृतिको मिठाइरोटी उत्तरपट्टि उत्तराभिमुख गरेर राखिन्छ भने वासुकिनागको आकृतिको रोटी रासको टुप्पामा राखिन्छ। भुजाको रासलाई पञ्चरङ्गी कपडाका टुक्राहरूले बेरिन्छ। त्यसपछि पञ्चरङ्गी काँचो धागोले टुप्पामा राखिएको वासुकिनागको आकृतिलाई बेरेर भोगको रास वरिपरि एकपल्ट बेरेर पशुपतिनाथको मन्दिरभित्र लैजान तयार पारिन्छ। ठीक त्यसै बेला मन्दिरको दक्षिणपट्टि सिँढीमा मूल पुजारीलाई बस्न आसनी राखिन्छ र त्यसको अगाडि गोबरले लिपिन्छ र भुजाको रासको वरिपरि राखिएको पालामा घ्यू र तेलका बत्ती बाल्छन्। लिपेको ठाउँमा मूल पुजारीले श्रीयन्त्र बनाएपछि त्यसमाथि त्रिखुट्टी उभ्याउँछन् र त्यहाँ अर्घ्य राखेर तान्त्रिक विधिबाट पूजा गर्छन्। मूल पुजारीले भुजाको रासमा जलअक्षता छर्कन्छन्। त्यो सकिएपछि पञ्चरङ्गी धागोको अघिको डल्लो मैथिल ब्राह्मणका थकालीले मूल पुजारीको अघिल्तिर राखिदिन्छन्। त्यसपछि राजोपाध्याय पूजाकार्यमा संलग्न हुन्छन्। पञ्चरङ्गी धागोको डल्लोलाई मूल पुजारीले पूजा गर्छन्। राजोपाध्यायले मूल पुजारीको हातमा जौ तिल दिन्छन् र आफूले पनि लिन्छन्। मन्त्र पाठ गर्दै दुवैले हात जोड्छन् र त्यसलाई महाभोगको रासमा चढाउँछन्। त्यसपछि पञ्चरङ्गी धागोको डल्लो फुकाउँदै फुकाउँदै लगेर पशुपतिनाथलिङ्गअगाडि लगेर आवाहन गरी भोग लगाउँछन्। एकैछिनपछि मूल पुजारीले पञ्चरङ्गी काँचो धागोको डल्लोलाई बेर्दै ल्याई पहिलेको टपरीमा राखिदिन्छन्। त्यसपछि मूल पुजारी तथा राजोपाध्याय दुवै जना हातमा फूलअक्षताको पुष्पाञ्जलि लिएर हात जोडेर मन्त्रपाठ गर्दै उभिन्छन्। केही बेरमा नै फूलअक्षता भोगको रासमा समर्पण गर्छन्। अर्कोपटक पनि यसै गर्छन्। तत्पश्चात् मूल पुजारी मन्दिरभित्र जान्छन्, महाभोग सकिन्छ। महाभोग अर्पण हुँदाहुँदै कीर्तिमुखभैरवमा पञ्चेबाजाका साथ पञ्चबलि हुन्छ। त्यसै बेला उन्मत्तभैरवको माथिल्लो कोठामा गोप्यपूजा हुन्छ। त्यस दिन गुह्येश्वरीमा पनि बलि दिइन्छ। महाभोग सकिनासाथ राजोपाध्यायले बसाहालाई त्रिशूलले डामेर छाड्छन्। यस प्रकार वर्षभरिमा तेह्रवटा बसाहा छाडिन्छ। महास्नानको अवसरमा '**महादीप**' पनि बालिन्छ।

महाभोग सकिएपछि देवपाटनका कुस्लेहरू दरबन्दीअनुसार भोगको भुजा लिन आउँछन्। सो भुजा देवपाटनका कुस्लेबाहेक अरूले लिन पाउँदैनन्। भनिन्छ, महाबलिको भात पहिले अरूलाई दिँदा रगत छादे, त्यसैले जान्नेसुन्ने पण्डितहरूसँग सरसल्लाह गर्दा भगवान् शिवको रौद्र रूपमा चढाइएको प्रसाद खाई पचाउन सक्ने क्षमता कापालिकहरूसँग मात्र भएको भन्ने धारणाले कापालिकहरूकै शिष्यपरम्पराका कपाली अर्थात् कुस्लेहरूलाई दिन थालिएको हो।

पशुपतिका कुस्लेहरू भाद्रशुक्ल अष्टमीका दिन पशुपति अमालकोट कचहरीअगाडिको डबली ताम्रेश्वर, पशुपति एवं वासुकिको मन्दिरका पुजारी, शङ्कराचार्यआगमघर तथा मूल भण्डारीको घरमा दशैँको आगमनको सूचक मङ्गलध्वनि बजाउन जाने चलन छ। त्यस्तै श्रीपञ्चमीको दिन वसन्तऋतुको आगमनको सूचना दिन जान्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवरात्रि

स्वदेशविदेशका दर्शनार्थीहरू आई भगवान् श्रीपशुपतिनाथमा पूजा-अर्चना गर्ने विशेष पर्वका रूपमा शिवरात्रिलाई लिइन्छ। पशुपतिनाथमा सबभन्दा भीड लाग्ने पर्व शिवरात्रि नै हो। वैदिक धर्ममा चार रात्रिहरूको विशेष ख्याति पाइन्छ। ती हुन्– मोहरात्रि, कालरात्रि, सुखरात्रि र शिवरात्रि। ती रात्रिहरूमा विभिन्न देवीदेवताको विशेष पूजा हुन्छ। उदाहरणका रूपमा मोहरात्रिमा कृष्णको, कालरात्रिमा नवदुर्गाको, सुखरात्रिमा लक्ष्मीको तथा शिवरात्रिमा शिवको विधिविधानसाथ पूजाअर्चना गरिन्छ। शिवरात्रिलाई त अझ महत्ता दिई **महाशिवरात्रि** पनि भनिन्छ। यसो हुनाको कारण शिवरात्रिको व्रतलाई व्रतहरूमध्येमा श्रेष्ठ बताइएकाले शिवपुराणमा **व्रतराज**को संज्ञा दिइएको छ।[२७] त्यस्तो महत्त्व शिवरात्रिमा समेटिएको हुनाले यसलाई महाशिवरात्रि भनिएको हो। प्रत्येक वर्ष फाल्गुनकृष्ण चतुर्दशीका दिन महाशिवरात्रि पर्वोत्सव पर्दछ।

शिवरात्रिका दिन पशुपतिनाथको दर्शन गर्न स्वदेश तथा विदेशबाट आएका भक्तजनहरू र वैरागी, उदासी, संन्यासी, नागा आदि विभिन्न सम्प्रदायका साधुसन्तहरू पनि बढी सङ्ख्यामा आउँछन्। शिवरात्रिलाई भोग र मोक्ष दिने पुण्यदायक पर्वका रूपमा लिइएको छ। शिवपुराणमा भगवान् विष्णुले एकपटक भगवान् शिवलाई कुन व्रतबाट भक्तजनहरूलाई भोग र मोक्ष एकसाथ प्रदान गर्नुहुन्छ ? भनी प्रश्न गर्दा भगवान् शिवले दशवटा व्रतहरूको नाम लिनुभएकोमा शिवरात्रिलाई अत्यधिक महत्त्व दिँदै भोग र मोक्ष चाहनेले शिवरात्रिको व्रत बस्नु योग्य छ भनी बताएको प्रसङ्गको चर्चा पाइन्छ। त्यहाँ शिवरात्रिलाई मनुष्यको हित गर्ने पर्वको रूपमा बताइएको छ।[२८]

एतस्माच्च व्रतादन्यन्नास्ति नृणां हितावहम्।
एतद् व्रतन्तु सर्वेषां धर्मसाधनमुत्तमम्॥

शिवपुराणमा शिवरात्रिका दिन बिहानैदेखि पूजाको समापन नहुन्जेलसम्म गर्नुपर्ने पूजा विधानका बारेमा भलिभाँती व्याख्या गरिएको छ। शिवरात्रिका दिन भगवान् शिवको पूजा गर्नाले दिव्य ज्ञानदृष्टि प्राप्त गर्न सकिन्छ भन्ने कुराको दृष्टान्तस्वरूप सोही पुराणमा एउटा कथा प्रस्तुत गरिएको छ।

---

२७ नागशरण सिंह (सम्पा.) शिवमहापुराण, खण्ड १, कोटीरुद्रसंहिता, शिवरात्रिव्रतमाहात्म्य, दिल्ली : नाग पब्लिसर्स, सन् १९८८, १९-२१।

अष्टमी सोमवारे च कृष्णपक्षे चतुर्दशी।
शिवतुष्टिकरं चैतन्नात्र कार्या विचारणा॥
चतुर्ष्वपि बलिष्ठं हि शिवरात्रिव्रतं हरे।
तस्मात्तदेव कर्तव्यं भुक्तिमुक्तिफलेप्सुभिः॥

२८ ऐजन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन समयमा गुरुद्रुह नाम गरेको एउटा व्याधा वनमा शिकार गरेर जीवन निर्वाह गर्दथ्यो। ऊ हत्या आदि जुनसुकै नराम्रो कर्म गर्न पनि पछि हट्‌दैनथ्यो। वनमा मृगको शिकार गर्नु र घर फर्कँदा बाटोमा हिँड्ने बटुवाहरूको धनदौलत लुट्नु उसको नित्यकर्म थियो। बालककालदेखि युवावस्थासम्म कहिल्यै उसले राम्रो काम गरेको थिएन। एक दिन उसका आमाबाबु र पत्नीले आफू भोकले आकुलव्याकुल भएकाले उसलाई जहाँबाट भए पनि खानेकुरा ल्याउन आग्रह गरे। पत्नी गर्भवती थिइन्। घरका परिवारले त्यति भनेपछि ऊ आफ्नो धनुषबाण उठाएर वनतिर पस्यो। त्यस दिन रात झमक्क परिसक्दा पनि कहीँ कतै शिकार भेट्टाउन सकेन। नफर्कूँ रात परिसक्यो फर्कूँ शिकार हात परेन र यसै रित्तो हात जानु भएन भन्ने सम्झी एउटा तलाउको छेउमा बेलको रूखमाथि बास बस्ने र जलाशयमा पानी तिर्खाएको जनावर आए मार्ने ध्येयले आफूलाई चाहिने पानी लिई रूखमा चढ्यो। जब रातको प्रथम प्रहर भयो तिर्खाले आकुलव्याकुल भएकी मृगिणी पानी पिउन जलाशयमा आई। त्यसलाई देख्नासाथ व्याधा खूब प्रसन्न भयो। धनुषमा बाण चढाउन प्रयत्न गरेकै वेला रूखमुन्तिर रहेको शिवलिङ्गमा पानी र बेलपत्र झऱ्यो। त्यस दिन शिवरात्रि परेको थियो। शिवरात्रिको प्रथम प्रहरको पूजा यसरी अन्जानमा नै सम्पन्न भयो। प्रथम प्रहरको शिवपूजाबाट उसको सम्पूर्ण पापको क्षय भयो। यत्तिकैमा आफूमाथि धनुष चढाउन ठीक परेको देखी बडो भयभीत भएर मृगिणीले व्याधालाई उसको के गर्ने इच्छा छ भनी सोधी। व्याधाले आफ्नो घरमा सबैजना भोकै रहेका तथा उसलाई मारी परिवारको भोक शान्त पार्ने इच्छा भएको बतायो। मृगिणीले एकजना मलाई मारेर यसका परिवारहरूको भोक शान्त हुन्छ भने ठीकै छ भन्ने सम्झी र व्याधालाई अहिले एकछिनका लागि छोडिदिएमा घरमा बालबच्चा र लोग्नेलाई सबै कुरा बुझाई आउने निवेदन गरी। पहिले त व्याधाले मानेको थिएन, पछि मृगिणीले अनेक प्रार्थना गरेपछि छोडिदियो। उता मृगिणी घरमा गई सबै वृत्तान्त कहेर आउन खोज्दा बालबच्चाको क्रन्दन र लोग्नेको रुवाइले उसको घरमा सन्नाटा छाउँछ। यता यस्तै घटना दोस्रो प्रहर र चौथो प्रहरमा पनि घट्छ। प्रथम प्रहरमाझैँ जब धनुषमा बाण चढाउन खोज्छ तब पानी, बेलको पात रूखमुन्तिरको शिवलिङ्गमा पर्दछ। त्यसले भगवान् शिव अत्यन्त खुशी हुनुहुन्छ।

आउने वचन दिएर गएकी मृगिणी परिवारसहित बिहानपख वचन दिएअनुसार व्याधाको आहाराका लागि उपस्थित भई। मृगिणीको त्यो ईमानदारी देखी व्याधाको मनमा कौतूहलता र सहानुभूति पैदा भयो। त्यसैले उसले तिनीहरूलाई मार्नुको साटो मुक्त गरिदियो। व्याधाले पछि आत्मचिन्तन गऱ्यो र थाहा पायो कि त्यस दिन महाशिवरात्रिको दिन रहेछ। तत्पश्चात् मृगमृगिणीले शिव दर्शन पाई मोक्षपद प्राप्त गरे, गुरुद्रुहले दिव्य शरीर पाएर दिव्यलोक शिवधाम प्राप्त गऱ्यो। यस प्रकार अन्जानमा गुरुद्रुहजस्तो कुकर्मीले जल र बेलपत्र खसालेकोबाट त मोक्ष पायो भने अरूले प्रेमपूर्वक पूजाआजा गरेमा ज्ञानदृष्टि नपाउने कुरै छैन भन्ने भाव बुझाउन त्यहाँ उक्त कथा दिइएको छ। शिवरात्रिमा सबभन्दा पहिले पूजा गर्ने गुरुद्रुह हो भन्ने कुराको पनि त्यहाँ वर्णन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रेरक प्रसङ्गहरूका कारण शिवरात्रिका दिन व्रत, पूजा गर्ने व्यापक चलन छ। भगवान् श्रीपशुपतिनाथको मन्दिरमा शिवरात्रिका दिन पूजाआजा तथा पञ्चामृतस्नानका लागि गुठी राखिदिएका उल्लेखहरू पाइन्छन् । शिवरात्रिका दिन पूजाआजा गर्न गुठी राखेको सन्दर्भमा ने.सं. ७६० (वि.सं १६९६) मा भीम मल्लले पूर्ण मल्लको नाउँमा पशुपतिनाथमा बेलपत्र, फूल तथा पञ्चामृतस्नानका लागि राखेको व्यवस्थालाई श्रीपशुपतिनाथमन्दिरमा गरिएको यस प्रकारको पहिलो व्यवस्थाका रूपमा उल्लेख गर्न सकिन्छ।[२९] त्यस्तै गरी उनैले ने.सं.७६३ (वि.सं.१६९९) मा शिवरात्रिका दिन पञ्चामृतसहित बेलपत्रले पूजा गर्न गुठी राखिदिएका थिए।[३०] देवपाटननिवासी रामकृष्ण भारोले ने.सं.७८८ (वि.सं.१७२५) श्रीपशुपतिनाथमा शिवरात्रिका दिन पञ्चामृतले स्नान गराउनका निमित्त गुठी राखेका थिए।[३१] त्यसवेलादेखि षोडशोपचार विधिले चारै प्रहरमा पूजाआजा गर्दै आएको छ। आवाहन, आसन, पाद्य, अर्घ्य, आचमन, स्नान, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, दक्षिणा, आरती, प्रदक्षिणा आदि पूजाका क्रमहरूले त्यस दिनको पूजा हुन्छ। त्यस दिन विभिन्न अरू गुठीहरूबाट पनि पूजासामग्री ल्याइदिन्छन् ।

माथि उल्लेख गरिएका पर्वहरूका अतिरिक्त पशुपतिनाथमा अन्य पर्वविशेषमा पनि विशेष किसिमका पूजाआजा र व्यवस्थाहरू छन्। तिनीहरूमा गुरुपूर्णिमा, ऋषितर्पणी, वैकुण्ठचतुर्दशी, गङ्गादशहरा, धनुर्मास र अक्षयतृतीया मुख्य मानिन्छन् । पशुपतिनाथ मन्दिरमा के सामान्य दिन ! के पर्वको दिन ! सधैँ श्रद्धालु भक्तजनहरूको भीड लागेको हुन्छ। अझ नेपालभित्र र बाहिर सडक यातायातको बढ्दो सुगमता र हवाई यातायातको विस्तारले गर्दा पशुपतिनाथको दर्शन गर्न आउनेहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ। त्यसो हो तापनि खास गरी एकादशी, सोमवार, चतुर्दशी, कृष्णजन्माष्टमी, तीज, रामनवमी, नवरात्रि, स्वस्थानी व्रतारम्भ र समाप्ति, शीतलाष्टमी, अष्टमी, चन्द्रग्रहण र सूर्यग्रहण, अक्षयतृतीया, पूर्णिमा आदि पर्व र तिथिविशेषमा अझ बढी दर्शनार्थी एवं तीर्थयात्रीहरू दर्शनको उद्देश्यले आउने हुनाले बढी भीड लागेको हुन्छ।

**

२९ गोविन्द टण्डन, "भीम मल्लको अन्त्य", अपाङ्गको आकाङ्क्षा, ३ अङ्क, (वि.सं.२०४१), २७-३० पृष्ठ।

३० ५० ऐजन।

३१ गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, परिशिष्टभाग, अभिलेखखण्ड (क), ४६ सङ्ख्या।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ-प्रशस्ति

–प्राज्ञ ज्ञानमणि नेपाल

पूर्वमध्यकालमा नेपालमा बिरलाकोटि पाइने अभिलेखहरूमा ने.सं. २६४ (वि.सं. १२०१) मा दत्तक वा दक्षकद्वारा लेखिएको श्रीपशुपतिनाथको प्रशस्ति कुँदिएको यो सर्वोत्कृष्ट हो। काशीबाट आएका विद्वान् योगीले लेखेको यो प्रशस्ति प्रौढ, प्राञ्जल सुन्दर शैलीमा संस्कृत पद्यमा कुँदिएको छ। यो प्रशस्ति पढ्दा मानदेवको चाँगुको, अनुपरमको हाँडिगाउँको र जयदेवको पशुपतिको प्रशस्तिहरूको सम्झना हुन्छ। पशुपतिको जयदेवको प्रशस्तिको चार सय वर्षपछि नेपालमा पाइएको यो प्रशस्ति चौथो भन्नुपर्दछ। साँच्चै नेपालको धार्मिक इतिहासमा शैवधर्म र शङ्कराचार्यसम्बन्धी वंशावलीमा वर्णित उपाख्यान बुझ्न पनि यो अभिलेख अत्यन्त महत्त्वपूर्ण कडी साबित भएको छ। नेपालको शैवधर्म शङ्कराचार्यसम्बन्धी धेरै कुरा पनि यसबाट खुल्दछन्। यसको राम्रोसँग अध्ययन मनन हुनु आवश्यक छ। यद्यपि यो शिलालेख २० वर्षपहिल्यै डिल्लीरमण रेग्मीद्वारा मेडिवल् नेपाल भाग ३ मा छापिएको थियो, तर ज्यादै अशुद्ध रूपमा छापिएकाले यस अभिलेखको सही भाव बुझ्न सकिएको थिएन। यसकारण मैले यसलाई अर्थसहित यहाँ प्रस्तुत गरेको हुँ।

पहिले शिवजीको स्तुतिबाट प्रशस्ति सुरु हुन्छ। रुद्राष्टाध्यायीमा **गणानां त्वा गणपतिं** भन्ने मन्त्र पहिलो पर्दछ। यस प्रशस्तिको उठान पनि **गणानां नाथ** भन्ने पदबाट गरिएको हुनाले त्यसैको प्रभाव यसमा परेको बुझिन्छ। शङ्करको स्तुति गरिएका तीन पद्यमा वेदान्तको झलक पनि स्पष्ट पाइन्छ। त्यसपछि दुईवटा श्लोकमा अग्निमठको वर्णन छ। त्यहाँ शङ्कराचार्य पैदा भएका र उनका शिष्यले संसार ढाकेको कुरा कहिएको छ। शङ्कराचार्यको उदयपछि अन्धकार अर्थात् अरू धर्मसम्प्रदायले फैलाएको भ्रम हटेको कुरा पनि उल्लिखित छ। यी शङ्कराचार्यहरू साक्षात् शिवस्वरूप लिएर हिँड्दथे। विभूत लाउने, साँढेमा सवार भएर हिंड्ने, शङ्कर भन्ने नामले पुकारिने, विषयबाट हटेका पनि हुँदा शिवजी नै मानिन्थे। ब्रह्मचारी भएर योगमार्गमा लागेका यिनले धेरै विद्या पढेका थिए, विशेषतः रुद्रयामल आदि तन्त्रशास्त्रमा यिनीहरू पारङ्गत थिए। यिनीहरू दीक्षामन्त्र सुनाएर आफ्ना चेलाचपेटा पनि बनाउँथे। यिनका सम्प्रदायमा लागेका योगीहरू चाहिँ रुद्रशिव भनेर पुकारिन्थे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अतिरिक्त यस अग्निमठका शैवस्वामीहरू काशी प्रयागमा मात्रै होइन, भारतवर्षका ठूलाठूला शैवमठमा घुमेर विद्या पढ्ने गर्दथे। जप, तप, पाठपूजा, न्यासध्यानमा यिनीहरू ज्यादै निपुण पनि थिए। यहाँ वर्णित शङ्कराचार्यको एउटा हात भाँचिएर डुँडो भएको वा ठूलै चोट लागेकाले खुन भएको थियो। यसको कारणचाहिँ जोगीहरूको ज्यान बचाउँदा लट्ठीको प्रहार हो भनिएको छ। त्यसवेला स्वामीहरूको ज्यान जानेजस्ता हमला मठमा हुने कुरा के पऱ्यो, खुलाइएको छैन। यस्तै उस्तै कुनै हमलामा उनको हात बिग्रिएको थियो।

यहाँ एक अर्को कुरा पनि उत्सुक पार्ने खालको छ। यी स्वामीहरू अध्यात्मविद्या, योगविद्या या शैवमतको प्रचारप्रसार मात्र गर्दैनथे, अपितु परेका बखत हतियार पनि उठाउन सक्तथे। नेपाल आएका शङ्कराचार्य स्वामीको जोगीहरूकै ज्यानको जोखिम हुने युद्ध वा दङ्गामा हातमा चोट लागेको थियो। यसैबाट पनि यिनीहरू युद्धमा भिड्दथे भन्ने कुरा बुझिन्छ र अध्यात्मविद्याका साथसाथै धनुर्बाण हान्ने अर्थात् धनुर्विद्या पनि यिनीहरू रफत गर्दथे। यसबाट युद्धको मैदानमा यी स्वामीहरू पछि हट्तैनथे भन्ने कुरामा शङ्कै छैन। त्यसवेला पश्चिमी आकाशबाट मुसलमानी आक्रमणको डरलाग्दो कालो बादल मडारिएर आइरहेको थियो। यसको केही वर्षपहिले मुसलमानका भयङ्कर आक्रमणले भारतलाई तहसनहस पारेको थियो। पश्चिमबाट मुसलमानी आक्रमण भइरहने र हुने आशङ्का पनि सधैँभरि भइरहन्थ्यो। यस्तो आतसको वेलामा आफ्नो धर्मसम्प्रदाय, मठमन्दिर र धनसम्पत्तिको पनि रक्षा गर्न जोगीहरूले अस्त्रशस्त्रमा अभ्यास बढाउनु आवश्यक र स्वाभाविक पनि थियो। यसैले यी स्वामीहरू पिनाकपाणि जस्तै धनुर्बाण भिरेर हिँड्दथे, रूपरङ्गमा पनि यी शिवजस्ता नै भएका थिए।

पछि सन्त नानकले तान्त्रिकहरूको पञ्चमकार जस्तै पञ्चककारको महत्त्व बढाई सिखहरूलाई धार्मिक रूपले हतियार लिन अनिवार्य गराएको कुरा यहाँनेर स्मरणीय छ। त्यही रुद्रशिवगणकै शाखाप्रशाखामा भारतमा नागाबाबाको जुझारू दल खडा भएको थियो। यो दल भारतमा पछिसम्म अजेयरूप मानिन्थ्यो। कम्पनी सरकारलाई पनि यिनको उत्पात कपाल-दुःखाइको कारण थियो। नागाबाबाको उत्पात शान्त गर्न उसले पृथ्वीनारायण शाहको सहयोग लिएको थियो। काठमाडौँका राजा जयप्रकाशले केही नलाग्दा पृथ्वीनारायण शाहसँग भिड्न नागाबाबाको सैनिक दल झिकाएर पालेको कुरा पनि बिर्सनु हुँदैन।

नेपालमा शङ्कराचार्य आएर बौद्धमत खण्डन गरेको आदि अवदानका जुन कथा वंशावलीमा वर्णित छन्, ती कथाले यिनै अग्निमठपरम्पराका शङ्कराचार्यलाई लक्षित गरिएको देखिन्छ। शङ्कराचार्य र उनका शिष्यको सो दल काशीबाट विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्द्धमा पशुपतिनाथको दर्शन गर्न र यहाँका जनतालाई शिक्षादीक्षा दिने उद्देश्यले पनि नेपाल आएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी शङ्कराचार्य स्वामीहरू नेपाल आउँदा अप्ठ्यारो पहाडको बाटोमा पनि ठूलठूला पहाडे हात्ती चढेर आएका थिए। कौटिल्यले पनि पहाडे हात्तीको बयान गरेका छन्। नेपालमा हात्तीको वर्णन लिच्छविलेखमा पनि पाइन्छ। मानदेवले मल्लपुरी जित्दा हात्ती घोडासहितको फौज लगेको कुरा लेखेका छन्। नेपालकी राजकुमारी भृकुटीलाई भोटका राजा स्रङ्चङ्गम्पोलाई दिएर पठाउँदा हात्तीमा चढाएर अन्माएको र पर पहाडको फेदीदेखि हात्ती जान नसकेकाले फर्काएको तथा आचार्य दीपङ्कर श्रीज्ञान (अतिशा) भारतबाट नेपाल आउँदा दृष्टौषधि नामको असल हात्तीमा चढेर आएका र सो हात्ती धार्मिक यात्रामा मात्र प्रयोग गर्नू भनी नेपालका राजालाई दिएर आफू भोटतर्फ गएका थिए भन्ने भोटवंशावलीमा वर्णित कथा पनि यहाँनेर स्मरणीय हुन आउँछन्।

पहिलोपल्ट शङ्कराचार्य स्वामी र उनका शिष्यहरूले आई यहाँका राजकुमारहरू र जनतालाई समेत शिवदीक्षा सुनाएर चेला बनाएका र चेलाबाट पाएको धनले काशीमा गएर दुईओटा मन्दिरको जीर्णोद्धार गराएका थिए। पछिबाट दोस्रोपल्ट आउँदा कमाएको धनले चाहिँ उनीहरूले आफ्नो शैवसम्प्रदायको यहाँ स्थायीरूपले प्रचारप्रसार गर्ने उद्देश्यले शिवजीको मन्दिर र मठको स्थापना गरे। यो मन्दिर र मठ कहाँ स्थापित भयो भन्ने कुरा बुझाउने ठाउँकै अक्षर फुटेर गएकाले खुट्याउन निकै गम्नुपर्ने भएको छ। यो शिलालेख यथास्थानमै रहिरहेको भए पनि सो खुट्याउन त्यति असजिलो पर्ने थिएन। यो शिलालेख मूल थलोबाट उठाएर विनापरिचयै यहाँ ल्याएर राखिदिनाले यस्तो पर्न आयो। यसरी ऐतिहासिक महत्त्वका सामानलाई यथास्थानमै सुरक्षित नगरी ओसारपसार गरिँदा इतिहासको एकपक्षै लोप भएर जाने सम्भावना हुन्छ।

समागममा यो मन्दिर बनाइयो भन्ने कुरा यहाँ स्पष्ट छ। समागमको दायाँपट्टि 'धु' बुझिन्छ। यसमा 'सिं' थपिदिँदा सिन्धुसमागम हुन्छ र यसको अर्थ कोशअनुसार बेनी या दोभान भन्ने हुन्छ (**संभेदः सिन्धुसंगमः- अमरकोश, ५३६**)। नेपालदूनमा यस्तो ठूलो बेनी वाग्वती विष्णुमतीको सङ्गम नै देखिन्छ। गङ्गा यमुनाको सङ्गम प्रयागको उपमा दिएकाले पनि यसलाई नै लक्षित गरेको बुझिन्छ। यसको केही वर्षपछि ने.सं. २९० (वि.सं. १२२६) मा राजा रुद्रदेवका पालामा राम नामक व्यक्तिले शिवमतशास्त्र(शिवसंहिता) सारेका थिए। त्यसको पुष्पिकावाक्यमा उनले-

तस्मिन् विष्णुपदीनदीपरिसरे प्रासादमासादयन्
शंभुर्यद्दृढभक्तिशक्तिमतुलां व्यक्तं व्यनक्तिस्थितः *(पूर्णिमा, ६९ पूर्णाङ्क, ३० पृष्ठ)*

भनी विष्णुमती नदीकै परिसरको शम्भुप्रासादमा बसेर यो शास्त्र लेखेको बताएका छन्। शङ्कराचार्यले बताएको शम्भुप्रासाद र शिवमतशास्त्र लेखिएका शम्भुप्रासादमा सामञ्जस्य जुट्ने धेरै सम्भावना छ। यसो भएमा उक्त तर्क ठीक ठहर्न आउँछ।

३० श्लोकदेखि तलको भाग फुटेर गएकाले बाँकी ५/६ श्लोकका थोरै अक्षर मात्र पढ्न पाइन्छन्। त्यहाँ मठ मन्दिरको बयान, गुठी राखेको, गजुर चढाएको कुरा, तिथिमिति र प्रशस्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नेको परिचय आदि परेका छन् । प्रशस्ति लेख्नेको नाम दत्तक वा दक्षकजस्तो देखिन्छ। मिति फुटेकाले भन्न् खल्लो लाग्ने भएको छ। यसको मिति वि.सं. ११९९ हो भन्ने कुरा अरूले पनि उल्लेख गरेका छन्। परन्तु यस अभिलेखको उपान्त्य पङ्क्तिमा मिति लेखेको देखिन्छ। त्यहाँ तुः षष्ठि... यात स... यति अक्षर पढ्न सकिन्छ। यसलाई चतुः षष्ठियुते याते संवत्सरशतद्वये भनी बनाएर पढे यसको समय ने.सं. २६४ (वि.सं. १२०१) हुन आउँछ।

यस शिलालेखको शिरमा बायाँ पातामा मुन्टो अड्याएर बसाहा बसेको छ। अभिलेखमा कुँदिएका अक्षर कतै ठूला कतै साना छन्, अर्थात् दश पङ्क्तिसम्मका अक्षर मसिना र त्यसपछिका मोटाउँदै गएका छन् । बायाँपट्टिको भाग खिइएको हुनाले बुझ्न गाह्रो छ । नठम्मिएका अक्षर छोडिएका छन् । शङ्का लागेका ठाउँमा प्रश्नचिह्न लाएको छु ।

(१) **ॐ नमः शिवाय ॥**

गणानां नाथो वः स दिशतु शिवं यस्य विकटे

कटे लीनां लीनावलिरलमलङ्कारविधये ।

प्रयाता सौहित्यं मदमधुरमद्यैः प्रमुदिता

ऽऽऽऽऽ ।।।।। (२) सूर्भाति सबला ॥१॥

यस्माद्विश्वमिदं न भिन्नमथवा भिन्नं चिदानन्दत-

स्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये ।

यस्याहङ्कृतिरेवमन्धनिहतिर्हेतुः प्रकाशस्य स

श्रीमान् (३) बोधमयः शिवः शिवकरः संसारिणां पातु वः ॥२॥

प्राणादीन्मरुतो निरुध्य मनसो वृत्तिं निवार्य स्थिरां

शुद्धां बुद्धिमुपास्य यान्ति यतयश्चित्स्थामनिद्रां परां ।

रागोत्सा (?) (४) रितमूर्तयोऽमृतरसां नादिं द्विमन्तः कदा-

प्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणां ॥३॥

मायाजालमुदस्य रागदहनन्निर्वाप्य सत्कीर्तिता (?)

ऽऽऽ।।ऽ।ऽ। (५) नियतेर्लीनां च कृत्वा कलां ।

शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पततीं पशून्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तं धाम नयत्यनन्तमहिमा पायात् स वः शङ्कर ॥४॥

मायाजालकलंकमर्द्दकयता (६) सोभू (?) दिहामर्द्दकः

श्रीमानग्निमठः शठैरसुलभो योगापगानिर्गमः ।

यत्र क्रोधकलंकितोऽपि स मुनिः क्रोधं विहाय स्वकं

दुर्वासाश्चिरमीश्वरार्पितमनास्तस्थौ स किं वर्ण्यते ॥५॥

(७) शान्तस्वान्तादमलनिखिलज्ञानपूर्णात्ततोऽपि

प्रापद्यत्रोरगपरिवृढोऽनुग्रहं वासुकिः प्राक् ।

धन्याश्चान्ये धरणिगतयः प्रेरिताः पूर्वपुण्यैः

पश्चात्तेषां गुणगणभृतां किं यशो वर्ण्यतेऽत्र (?) ॥६॥

(८) अमुष्मिन् सत्स्थाने समजनि जनानंदनकरैः

शिवैः शैवैराज्ञाशमितजनतातापकलुषैः ।

अमीषां शिष्योघैर्नवतततमस्तोमशमनैः

स्फुरद्भिः संकीर्णा रविकरनिभैर्भाति जगती ॥७॥

(९) तत्राभवन् भवभयाभयदाः प्रतीता भट्टारका उरित[1] मूर्तिशिवाभिधानाः ।

भूतिप्रिया वृषगता विबुधाधिनाथा मारद्रुहो जगति शङ्करतामुपेताः ॥८॥

दोषोत्तीर्णाः श्रुतिपरिगता दूर्धराः स (?) (१००) प्रवीणाः

शुद्धाः सम्यक् सकलकरणावर्जनोत्कर्षकान्ताः ।

स्वान्तध्वान्तोद्भवरिपुहरा मुष्टियोगाऽभिरामा

यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥

अष्टावसूत्पलपितामहवंसलो (?) (११) क्त

श्रीयामलद्विशतिकादिकृतश्रमाणां ।

व्याख्यां मनोमलहराममलां निशम्य

येषाममंसत बुधाः स्फुटमेव धाम ॥१०॥

---

१ उरितमाथि चिह्न दिएकोले यो पद अशुद्ध भन्ने शङ्का व्यक्त गरेको बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषाममेयमहिमामल (१२) मंत्रशक्तिसंपातपूतकलिकालकलंकपंकाः ।

शिष्या बभूवुरिह रुद्रशिवा इति स्वैः पुण्यैर्यशोभिरुपदीपितदिग्विभागाः ॥११॥

क्षोणीमण्डलमब्धिमेखलमिदं भ्रांत्वाखिलं निर्मलां

विद्यामाप्तुमनोभिरुन्नतगुणैर्वैदग्ध्यमासादितं[२] ।

वैराग्यं च निसर्गतो गुणवतां ज्ञानं च शुश्रूषया

यैराप्तं करुणारसा (१४) र्द्रहृदयैर्धर्म्मोपि शर्म्मोत्तरः ॥१२॥

येषां तपस्विजनजीवितरक्षणेऽभूत्पुण्यात्मनां करतले लगुऽडप्रहारः ।

कुर्वन् विकारमपि राजति कालकूटरेखग्रकलंक इव यः

(१५) शितिकण्ठकण्ठे ॥१३॥

येषां दीक्षादिकर्माणि कुर्वतां क्रमतो लघू ।

अबोधि लोकः कर्तारौ करावपि सचेतनौ ॥१४॥

हृदाम्भोगम्भीरा धरणिधरऽधीरा स्थितिमृत-

(१६) स्तितिक्षामेदिन्यो जनशुभगता शीतकिरणाः ।

स्फुरद्बोधानन्दा भवजलधिसंतारतरयः

पवित्रा द्वित्राः स्युर्जगति यतयस्तादृशगुणाः (१७) ॥१५॥

ज्येष्ठो मे जनसंयमो वत यमो भ्राता कनीयानपि

क्रूरात्मा स शनिः पिता स च रविर्मूर्त्तिश्च मे श्यामला ।

इत्थं वंशजमात्मनश्च चरितं नि (१८) र्णेक्तुकामेव यां

कालिन्दी समियाय सा भगवती गंगेति किं वर्ण्यते ॥१६॥

सेयं यस्यास्त्रिदशतटिनी भाति तीरोपकण्ठे

हाराकारा त्रिभुवन (१९) पतिर्यत्र विश्वेश्वरोऽपि ।

कास्याः काश्याः स्तुतिरिह गुणैर्मर्त्यलोके दुरापैः

स्वल्लीनाख्यं स्फुटमनुपमस्थानमुच्चैश्चकास्ति ॥१७॥

---

२ यहाँको अनुस्वार पुरानो नेवारी लिपिको जस्तो लाग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र (२०) संध्याजपेणार्चास्वाध्यायध्यानतत्पराः ।
दीक्षां व्याख्यां च कुर्वन्तो वसन्ति स्म सुखेन ते ॥१८॥

गंगाजुष्टां विविधविबुधां विश्वकृद्राजधानीं
काशीं (२१) दासीकृतसुरपुरीं धीधनास्तां विहाय ।
देवं द्रष्टुं पशुपतिमथानुग्रहीतुं च लोकान्
नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्गं ॥१९॥

(२२) इयं वाचोयुक्तिः परिमलसहा नैव नितरा-
महं त्वेतन्मन्ये पशुपतिरयं विष्टपपतिः ।
स्वसेवासक्तानां तरुणकरुणापूर्णहृ (२३) दयो
जनानामानैषीत्परमपदलाभार्थमिह तान् ॥२०॥

ते जयन्त्यनुगृह्णन्तः कालं स्थित्वाथ कंचन ।
पुनः काशीं गता विश्वनाथेनाकारि (२४) ता इव ॥२१॥

तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिह (त्यैः शिव) मंदिरद्वयम् ।
वियोगताम्यत्पशुनाथभाविता इवागतास्ते नगरीमिमां (२५) पुनः ॥२२॥

अस्यां श्रीरघुवंशमौक्तिकमणि (र्जातो जना) नंदनः
सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः ।
उच्चैः शक्ति (२६) धरः कुमारपदवीं प्राप्तोऽपि तैर्दीक्षितो
(दान्तः सिद्धिमवर्ण) नीयमहिमा प्राप (त्परा) मैश्वरीं ॥२३॥

शार्ये ऽर्जुनसमः प्रेक्ष्य (२७) गुणांस्तेषु गुणप्रियः ।
भक्तिमर्जुनदेवोऽपि (विदधे विबुधे) ष्विव ॥२४॥

वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा ।
य(२८) शोमल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥२५॥

।ऽऽऽऽऽ। रमनुगृहीता इति न मे
वचो वक्तुं शक्तिः प्रवरगणनायुक्तिभि (२९) रपि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मणीनां मुख्यानामपि हि किरणा (देः कथमिव)

(मनी) षी रत्नाद्रेः क इह गणनायां प्रभवति ॥२६॥

दीक्षां ज्ञानसमर्प (३०) णाखिलमलालेपप्रलोपाऽत्मकां

दृग्देवी शिव ऽ । ऽ । । मता निष्ठां प्रतिष्ठामपि ।

श्रद्धाभक्तिसमन्वितेन मनसा शिष्यैर्विनी (३०) तैरपि

द्रव्यं ढौकितमात्तमायतदयैर्लोकोपकाराय तैः ॥२७॥

किं दीनान् परितोषयाम गुणिनः किं पूजयामामरान्

किं (३२) वाऽनेन धनेन किं कृशधनानानंदयाम द्विजान् ।

आ ज्ञानं (यदु) पाश्रयाद्यदुदितं यस्मिंश्च तस्येशितः

प्रासादं करवाम तेन (३३) नगरे तत्रेति तैर्निश्चितम् ॥२८॥

ते प्रयाग इवात्रामुं (पुण्ये सिं) धुसमागमे ।

चेतः प्रसादं प्रासादं प्रभोः शंभोरचीकरन् ॥२९॥

(३४) नाट्येश्वरान् ... ... भ्यस्थितोऽयं श... म ... दतः

स्मेरमुखः करोति संभाषणानीव समागतानाम् (३५) ॥३०

शु(क्लं) ... पादे जय.... शः सुधाधवलितस्यादीपयन्नंवरम् । निर्भिद्य क्षितिमु-

(३६) त्थितस्य ....॥३१॥ कृत्वा मध्यममार्गमन्तरनिल-

(३७): पूर्ण क................ सेवात्मना शंभोर्व्योम्नि करन्ध्रनिर्ग-

(३८) तमिव.................. स्तिष्ठति शङ्करः ॥३३॥

(३९) .... णालये वसेत् । अभ (क्तेषु) च व

(४०) .... (चराच) रं च गत्वा........... ह स्वै षट् क्रि

(४१) .... हिरण्य (४२) .... (क) लसं दत्तं

(४३)...................... (च) तुः षष्ठि .... यात स.......................

(४४)...................... दक्षकस्य (?) प्रशस्तिरियं शुभमस्तु (?) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद-

ॐ शिवजीलाई नमस्कार छ। गणका मालिक (गणपति) ती शिवजीले तिमीहरूको कल्याण गरून्, जसका विशाल कम्मरमा लेपसिएका सर्पका ताँती नै लाउने गहना बनेका छन्। मद (भांग धतूरो आदि) को मधुरो अरख लिएर अघाएका खुशी भएका........ पैदा गर्ने बलिया (सलबलाइरहेका छिरबिरे सर्पका वेष्टन) सुहाएको छ ।।१।। जुन भगवान्‌बाट यो संसार भिन्न छैन अथवा सच्चिदानन्द ईश्वरबाट भिन्न छैन, सूर्य उदाउँदा अन्धकार हराएजस्तै गरी जसमा यो संसारै गएर बिलाउँछ, जसको अहङ्कारले नै सबै अन्धकार नष्ट हुन्छ, जो यो उज्यालो पार्ने कारण पनि बनेको छ, त्यस्ता ज्ञानस्वरूप कल्याणकारी शिवले संसारी तिमीहरूको रक्षा गरून् ।।२।। प्राण आदि पञ्च वायुलाई रोकेर (प्राणायाम गरेर) मनको वृत्तिविषय वासनाको चिन्तालाई हटाएर निश्चल शुद्ध बुद्धि लिएर शरीरलाई विषयभोगबाट हटाएका योगीहरू अमृतरूपी रस दिने, आदि अन्त्य नहुने सच्चिदानन्दस्वरूपी परमचैतन्य जीवन्मुक्तिमा प्राप्त हुन्छन्, जसको उदयमा द्वैतवादी रहँदै रहेनन्, त्यस्ता शङ्कर भगवान्‌ले तिमीहरूको कल्याण गरून् ।।३।। मायाजाल हटाएर, विषयरूपी आगाको ज्वाला निभाएर.... भाग्यको रेखा मेटाएर उदाएको जसको शक्ति गुरुका वाणीद्वारा हृदयमा पस्तै प्रथम अवस्थामा रहेका साधकलाई शान्त धाममा पुऱ्याउँछ, अपरम्पार महिमावाला ती शङ्कर भगवान्‌ले तिमीहरूको पालना गरून् ।।४।। मायाजालको कलङ्कलाई मेट्ने हुनाले यहाँ आमर्द्दक कहिने, योगरूपी नदीबाट निस्केको मूर्खहरूले पाउनै नसक्ने, ऐश्वर्यशाली अग्निमठ थियो, जहाँ रिसको बात लागेका दुर्वासा मुनि पनि आफ्नो रिसलाई त्यागेर धेरै कालसम्म ईश्वरमा मनचित्त लगाएर रहे भने त्यस्तो अग्निमठको के बयान गरौँ ?।।५।। शान्त चित्त भएका, सबै स्वच्छ ज्ञानले परिपूर्ण भएका तिनै मुनिबाट जहाँ अघि सर्पराज वासुकिनागले अनुग्रह पाएका थिए, त्यस्तै पूर्वजन्मका पुण्यको प्रभावले अरू भुइँमा हिँड्नेहरू पनि त्यहीँ पछि धन्य भएका थिए, धेरै गुण भएका तिनीहरूको कीर्तिको के बयान गरौँ ? ।।६।। यही ठाउँमा जनतालाई आनन्द दिलाउने, आफ्ना उपदेशले जनताको (तीनै) ताप र पाप नष्ट पारिदिने, संसारमा नयाँ फैलिएको अज्ञानरूपी अन्धकार (बौद्ध, जैन आदि मत) हटाउने, शैव मार्ग बताउने शिव- शङ्कर (शङ्कराचार्य)हरू प्रकट हुनुभयो। सूर्यका किरणजस्ता चम्किला उहाँका शिष्यहरूको जमातले ढाकेको यो पृथ्वीतल उज्यालो भएर सुहाएको छ ।।७।। त्यही ठाउँमा संसारको भय हरी अभय (मुक्ति) दिलाउने, विभूत धारण गर्ने, साँढेमा सवार भएर हिँड्ने, देवताले पनि मानिएका, कामदेवलाई (कामवासना) नष्ट पारेका र शिवजीकै नाम र मूर्ति लिएका, साक्षात् शिव (शङ्कर) नै हुन पुगेका भट्टारक (भगवान् शङ्करस्वामी)हरू संसारमा प्रख्यात हुनुभयो ।।८।। दोषमुक्त भएका, वेदमा बताइएका, ग्रहण गर्न कठिन, चलाखले पढिने, शुद्ध, सम्पूर्ण कर्म त्याग गराउनाले असल राम्रा भएका, चित्तभित्रको अन्धकार (अज्ञान) रूपी शत्रु हटाउने, मुष्टिग्रहण र योग मार्ग बताउने हुँदा राम्रा भएका, प्रत्यक्ष गुण भएका अध्यात्मविद्या र बाहुबाट निस्कने, खैंचेर कानसम्म तानेर पुऱ्याइँने, बोक्न गह्रौं, साधिएकाले चलाइने, सफा, सबै जीउ, आङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नचलमलाइकन तान्दा राम्रा देखिने, मूर्ख र स्वाँठ शत्रुका प्राण हर्ने, मुठी पारेर समात्दा राम्रा देखिने, ताँदोमा चढाएर बाण चलाउने विद्या- धनुर्विद्या पनि स्वामीहरूले राम्ररी रफत गर्नुभएको थियो ।।९।। अष्टावसु उत्पल पितामह वंसल (?) आदि विद्वानूहरूले बताएका यामल (रुद्रयामल) द्विशतिका आदि शास्त्रमा मिहिनेतसाथ अभ्यास गरेका उहाँहरूको मनको शङ्का निवारण गर्ने स्वच्छ सुन्दर व्याख्या सुनेर विद्वानूहरूले उहाँहरूको महिमालाई राम्रोसँग स्पष्ट नै बुझे ।।१०।। जसका अपरम्पार महिमा भएको निर्मल मन्त्रशक्ति पर्नाले कलियुगको पापको मयल पखालेका आफ्ना चोखो कीर्तिले दिगन्तसम्म उज्यालो पारेका रुद्रशिव नाम गरेका शिष्यहरू हुनुभयो ।।११।। उत्तम गुणले युक्त भएका, करुणाले हृदय रसाएका जुन स्वामीहरूले शुद्ध विद्या पढ्ने उद्देश्यले समुद्रसम्म फैलिएको यो सारा पृथ्वीमण्डल घुमेर राम्रो चतुऱ्याइँ हासिल गर्नुभयो, स्वभावैले वैराग्य लिनुभयो, गुणीहरूको सेवाद्वारा ज्ञान पनि प्राप्त गर्नुभयो, पछि कल्याण दिने धर्म पनि कमाउनुभयो ।।१२।। पुण्यकर्म गर्ने जसको हातमा तपस्वीहरूको ज्यान जोगाउँदा लठ्ठीका चोटले घाउ लागेको छ तर सो चोटले पारेको खत पनि शिवजीको गलामा कालकूटविषले पारेको दागजस्तै सुहाएको छ ।।१३।। जसको हात दीक्षा (न्यास मुद्रा) आदि कर्म गर्दा यति छिटो छिटो चल्दछन्, त्यो देखेर दुनियाँ यी हात पनि सचेत नै हुन् क्यार भनी ठान्दछन् ।।१४।। यी स्वामीहरू पोखरीको पानीजस्तै गम्भीर (गहिरा), थिति थाम्न पहाडजस्तै अटल, सहनमा पृथ्वीजस्ता, जनताको भलो गर्न चन्द्रमाका शीतल किरणजस्ता, संसाररूपी सागर तर्ने नाउजस्ता भएका र ज्ञानको आनन्द फुरिरहेका पनि हुनुहुन्छ, यस्ता गुणी स्वामीहरू त संसारमा दुई तीन जना मात्र होलान् ।।१५।।

मेरा जेठा दाजु जनतालाई दुःख दिने यमराज हुनुहुन्छ, भाइ कान्छो शनैश्चर पनि क्रूर आत्मा भएको छ, मेरा बाबा पनि सूर्य हुनुहुन्छ, मेरो जीउ पनि कालो छ, यस्तो आफ्नो जीउको कालो र आफ्ना कुलको कलङ्क पनि पखाल्ने इच्छाले हो क्यार, कालो यमुना आएर जसमा मिसिन्छन्, त्यस्ती गङ्गाजीको के बयान गरौँ ?।।१६।। ती यस्ती देवनदी गङ्गा जहाँ हार (माला) को आकार जस्ती बनेर बगेकी छन् जसको किनारको नजिकैमा तीन लोकका मालिक विश्वनाथ बाबा छन्, यस मनुष्यलोकमा पाउनै नसकिने गुणले गर्दा यी काशीपुरीको के बयान गरौँ ? यहीँ स्वल्लीन नामको ठूलो धाम सुहाएको छ ।।१७।। त्यहीँ सन्ध्या, जप, पूजा, स्वाध्याय ध्यानमा लागेका यी योगी (स्वामी)हरू दीक्षा दिँदै व्याख्या गर्दै सुखपूर्वक बस्नुभएको थियो ।।१८।। गङ्गाजीले पवित्र पारिदिएकी, धेरै देवदेवताले भरिएकी, बाबा विश्वनाथकी राजधानी भएकी, स्वर्गपुरीलाई पनि दासीजस्तो पारेकी काशीपुरीलाई पनि छोडेर ती विद्वान् योगीहरू भगवान् पशुपतिनाथको दर्शन गर्ने र यहाँका दुनियाँलाई अनुग्रह गर्ने इच्छाले पनि हिँड्ने बाटो ज्यादै अप्ठ्यारो भए तापनि ठूला ठूला पहाडे हात्तीमा चढेर नेपाल देशमा आउनुभयो ।।१९।।

यस भनाइमा कत्ति पनि खोट लाउनुपर्दैन किनभने यी भगवान् श्रीपशुपतिनाथ संसारकै अधिपति हुनुहुन्छ, ज्यादै धेरै दयाले हृदय परिपूर्ण भएका यी भगवान् श्रीपशुपतिनाथले आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवामा लागेका भक्तजनहरूको परमपद प्राप्ति होस् भन्नाका खातिरले नै ती स्वामीहरूलाई यहाँ झिकाएका हुन् भन्ने कुरा नै म त ठान्दछु ॥२०॥ स्वामीहरूको यहाँ अत्यन्तै ठूलो बढिबढाउ भयो, यहाँ दुनियाँको उपकार गर्दै केही काल बसेर बाबा विश्वनाथले बोलाएजस्तो मानेर उहाँहरू फेरि काशी जानुभयो ॥२१॥ उहाँहरूले यहाँबाट लगेको धनसम्पत्तिले ईटा, ढुङ्गा ल्याई काशीमा दुईवटा (शिव) मन्दिरको जीर्णोद्धार गराउनुभयो । योगीहरूको विरहले पिरिएका पशुपतिनाथले बोलाएजस्ता मानी फेरि उहाँहरू यस (नेपाल) सहरमा आउनुभयो ॥२२॥ यहाँ नेपालमा रघुवंशमा मौक्तिकमणि जस्ता (जनतालाई आनन्द दिने) उज्याला किरणले परिपूर्ण चन्द्रजस्ता आनन्ददेव (हुनुहुन्छ), राजकुमारपद (यौवराज्य) पाएर ठूला शक्तिशाली भए पनि योगीहरूसँग दीक्षा लिएर ठूलो महिमाले युक्त हुनुभएको उहाँले ईश्वरीय परम सिद्धि पनि प्राप्त गर्नुभयो ॥२३॥ शुच्याइँमा साँच्चै अर्जुनसमान भएका, गुणको कदर गर्ने अर्जुनदेवले पनि तिनमा गुण देखेर (देवतामाझैँ) भक्ति गर्नुभयो ॥२४॥ ज्ञानी वसन्तदेव, बुद्धिमान् सोमेश्वर र यशोमल्ल नामका कुमारहरूले पनि उहाँहरूबाट दीक्षा लिनुभयो ॥२५॥ अनुग्रह पाएका भनेर भन्न धेरै लामो गणनाको जुक्तिले पनि मेरो शक्ति पुग्दैन, सुमेरुका ठूलठूला मणिका किरण आदिको गणना गर्न यहाँ कस्तै सिपालुले पनि कसरी सक्ला र ? ॥२६॥ ज्ञान दिँदाहुँदी सबै पापको मयलको दाग मेट्ने दीक्षा मन्त्र, दृष्टि देवी शिव....निष्ठा प्रतिष्ठा पनि .... ती विनीत शिष्यहरूले श्रद्धा र भक्तिले युक्त भएको मनले दिएको धनसम्पत्ति पनि धेरै ठूलो दया भएका स्वामीहरूले दुनियाँको उपकारका लागि नै लिनुभयो ॥२७॥ अब यस धनले दुःख पाएका गुणीजनलाई खुशी पारौँ कि ? देवताको पूजा गरौँ कि? अथवा गरीब बाहुनलाई दान दिएर आनन्दित तुल्यायौँ कि ? जुन भगवान्‌को उपासना गर्नाले जहाँ यो ज्ञान व्याप्त भएर फैलियो, त्यसकारण त्यही सहरमा तिनै ईश्वरको मन्दिर नै बनाऔँ भन्ने कुरा नै उहाँहरूले आखिरमा निश्चय गर्नुभयो ॥२८॥ अनि उहाँहरूले प्रयागमा जस्तै यहाँ पनि (पवित्र) नदीको सङ्गम (बेनी) मा मनै प्रसन्न पार्ने शिवजीको यो मन्दिर (शम्भुप्रासाद) बनाउनुभयो ॥२९॥ नाट्येश्वरहरूलाई .... रहनुभएको (भगवान् शिव) मुसुक्क हाँसेको मुखले (दर्शन गर्न) आउने भक्तजनसँग बात मारेजस्तो गर्नुहुन्छ ॥३०॥ चून लाएर सेतो पारेको, आकाशलाई उज्यालो पार्दै ....॥३१॥ ....भुईं छेडेर उठेका .... गरेर माझको बाटोभित्र वायु पूर्ण ..... आकाशमा शिवको निस्केको जस्तो......... सुनको .... शङ्करजी रहनुहुन्छ ॥३२॥ ..... घरमा बसोस् । अभक्तमा चराचरमा गएर ..... गजुर चढाइयो .... चौसट्ठी गयो ...... यो दक्षकको प्रशस्ति हो । कल्याण होस् ॥

(साभार : पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ र श्रीविद्यासपर्या

–प्रा. ई. देवीप्रसाद चापागाइँ

१) आमुख

यस्य निःश्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत् ।
निर्ममे तमहं वन्दे विद्यातीर्थं महेश्वरम् ।। *(यास्काचार्य)*

अर्थात् जसको श्वासको रूपमा श्रुतिहरू प्रकट हुन्छन् र जसले सकल जगत्को सृष्टि गर्छन्, त्यस्ता विद्याका खानी महेश्वरलाई वन्दना गर्दछु । यही व्यहोरा वसुगुप्तले स्पन्दकारिकामा यसरी व्यक्त गरेका छन्-

यस्योन्मेषनिमेषाभ्यां जगतः प्रलयोदयौ ।
तं शक्तिचक्रविभवप्रभवं शङ्करं स्तुमः ।। (स्पन्दकारिका-१)

अर्थात् जसले आँखा खोल्दा र बन्द गर्दा जगत्को सृष्टि र संहार हुन्छ, त्यस्तो शक्तिचक्रको वैभव (ऐश्वर्य) उत्पन्न गर्ने भगवान् शङ्करलाई प्रणाम गर्दछु ।

सृष्टि र संहार दुईको बीचमा जुन अन्तराल हुन्छ, त्यही स्थिति भनेर लोकले मानिआएको छ । यथार्थमा सृष्टि हुनासाथ संहारको क्रम आरम्भ हुन्छ । यसरी सृष्टि, स्थिति र संहार तीनै कृत्य भगवान् शङ्करबाट भैरहन्छन् । यही तथ्य भगवान् शिवलाई **महादेव** शब्दद्वारा सम्बोधन गर्दा स्पष्ट हुन्छ । अन्य देवहरू **देव** मात्र हुन् भने शिव महादेव, ईश्वर, महेश्वर, पशुपति (स्वामी, पशुका पति) शब्दद्वारा पुकारिन्छन् । यसो हुनुको आधार शिव शब्दको विवेचनाबाट बुझ्न सकिन्छ :

शेरते प्राणिनो यत्र स शिवः ।

अर्थात् अनन्त ताप-कष्ट-पीडा-दुःखबाट सन्तप्त र थाकेका प्राणीहरू विश्राम र शान्तिको लागि जहाँ शयन गर्दछन्, त्यही सर्वाधिष्ठान र सर्वाश्रय नै शिव हुन् ।

माण्डूक्य उपनिषत् भन्छ - **"शान्तं शिवं चतुर्थमद्वैतं मन्यूते" (माण्डूक्योपनिषत्-७)**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"अर्थात् शान्त, शिव नै चौथौ अद्वैत तत्त्व हो" । यसको तात्पर्य जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्थाभन्दा भिन्न सर्वदृश्यविवर्जित स्वयंप्रकाश सच्चिदानन्द परब्रह्म नै शिव हुन् । तुरीय अर्थात् चौथो तत्त्व जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा तिलमा तेल ओतप्रोत भएझैं अनुस्यूत भएर रहेको हुन्छ । यही चौथो तत्त्वको आश्रयमा नै अरू तीन अवस्था अडेका र कार्यान्वित हुन्छन् । जसरी सत्त्वगुणप्रधान जाग्रत् र रजोगुणप्रधान स्वप्न तमोगुणप्रधान सुषुप्तिमा आधारित छन्, सुषुप्ति विना जाग्रत् र स्वप्न हुन सक्तैन, त्यस्तै तमोगुणी शिवको आश्रयमा नै सम्पूर्ण प्रपञ्च सृष्टि-स्थिति-संहार चलिरहन्छ ।

यथा पिण्डे तथा ब्रह्माण्डे भनेजस्तै व्यष्टि प्राणीको तहमा पनि निद्रा (सुषुप्ति) विनाको जीवन अड्न सक्तैन । जाग्रत् र स्वप्न अवस्थामा द्वैतदर्शन अनुभवबाट उद्विग्न भएको जीवलाई सुषुप्तिको अद्वैत अवस्थाको आश्रय लिनु अनिवार्य भएको तथ्य सर्वविदितै छ । त्यसै गरी सृष्टिचक्रको भुमरीमा परी दुःख र पीडा भोगिरहेको जीवलाई कल्याण गर्न भगवान् शिवले सर्वसंहार गरी प्रलय गर्छन् । यो कार्य शिवको जीवमाथि अनुग्रह हो, कृपा हो । त्यसैले शिवको सर्वविदित अर्थ कल्याण हो, मङ्गल, हो, भलो हो । यही स्वभावलाई विष्णुसहस्रनामको भाष्यमा **स्वनामस्मृतिमात्रेण पावयन्** अर्थात् नामस्मरण मात्रैले पवित्र पार्ने भन्ने शङ्कराचार्यले स्पष्ट पारेका छन् ।

प्रत्येक कार्य कारणको आश्रयमा हुन्छ । विना कारण कुनै कार्य हुँदैन । कारणरूपी निःस्तब्ध समुद्रको आश्रयमा नै ज्वार-भाटा र तरङ्गहरू पैदा हुन्छन्, केही समय स्थित रहन्छन् र फेरि सोही समुद्रमा नै विलय हुन्छन् । त्यसै गरी सम्पूर्ण प्रपञ्चको सृष्टि र पालनरूपी कार्यहरू कारणरूपी शिवमा आश्रित छन् । यही तथ्यलाई श्रुतिले **ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानाम्** । अर्थात् सम्पूर्ण विद्याहरूका ईश्वर र समस्त भूत(जीव) हरूका अधीश्वर भनेर शिवलाई सम्बोधन गर्दछ । त्यसै गरी **विश्वं भूतं भुवनं चित्रं बहुधा जातं जायमानं च यत् । सर्वो ह्येष रुद्रस्तस्मै रुद्राय नमो अस्तु** अर्थात् समस्त चराचरात्मक वर्तमानमा विद्यमान जगत्, भूतकालमा भएको र भविष्यमा हुने सबै प्रपञ्च रुद्रै हुन्, ती रुद्रलाई नमस्कार गर्दछु भनिएको छ ।

यस्तै अभिव्यक्ति वसुगुप्तले स्पन्दकारिकामा यसरी गरेका छन्:

तस्माच्छब्दार्थचिन्तासु न सावस्था न या शिवः ।
भोक्तैव भोग्यभावेन सदा सर्वत्र संस्थितः ॥ *(स्पन्दकारिका २ निष्यन्द, ४ कारिका)*

अर्थात् प्रत्येक शब्द, त्यसको अर्थ र भावना शिव नै हुन् । उनै शिव भोक्ता र भोग्य भएर विद्यमान छन् । यही तथ्य गन्धर्वराज पुष्पदन्त पनि यसरी व्यक्त गर्दछन्-

न विद्मस्तत्तत्त्वं वयमिह तु यत्त्वं न भवसि । (शिवमहिम्नःस्तोत्र)

अर्थात् हामी सारा विश्वमा कुनै यस्तो तत्त्व देख्दैनौं जुन साक्षात् हजुर हुनुहुन्न । महाभारत अनुशासनपर्वमा उपमन्युले भगवान् कृष्णलाई भगवान् शिवको आदि, मध्य र अन्त्य देवताहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि जान्दैनन् "**यस्यादिमध्यमन्तं च सुरैरपि न गम्यते**" भन्दै दहीको सार घ्यू, फूलको सार मह भए जस्तै अनन्तका साररूपमा शिव भएको बताएका छन् ।

मार्कण्डेय ऋषि भगवान् शिवलाई ॐ **विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्यचक्षुषे । श्रेयःप्राप्तिनिमित्ताय नमः सोमार्धधारिणे** अर्थात् विशुद्ध ज्ञान नै शरीर भएका, तीन वेद नै नेत्र भएका र अर्धचन्द्रको मुकुट लगाएका कल्याणप्राप्तिका लागि भगवान् शिवलाई नमस्कार गर्दछु भन्दै वन्दना गर्दछन् । शिवका परमभक्त र शिवकै कृपा पाई चिरञ्जीवी भएका मार्कण्डेयको यो वन्दनाले शिवको शरीर विशुद्ध ज्ञानस्वरूप भएकाले शिवको दर्शन नै परमज्ञान हो र ज्ञानप्राप्त गर्नु भनेको शिवको दर्शन पाउनु, ब्रह्मसाक्षात्कार गर्नु हो भन्ने तथ्य दर्शिन्छ । ज्ञान चितिस्वरूप छ र सम्पूर्ण प्राणीहरूमा जीवत्वरूपमा रहन्छ । यही चिति नै भगवती हुन् । मुण्डकोपनिषत्को शब्दमा **तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति** (मुण्डकोपनिषत्, २ मुण्डक १ खण्ड १० मन्त्र) अर्थात् परमेश्वर प्रकाशित भएर नै सम्पूर्ण जगत् प्रकाशित हुन्छ । यसबाट स्वयं प्रकाशरूप शिव र शिवकै स्वयं विमर्शरूप शिवा अग्नि र दाहकत्व, जल र द्रवत्व जस्तै एकै अद्वयतत्त्व हुन् भन्ने सिद्ध हुन्छ र **ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम्** अर्थात् समस्त जगत् सर्वश्रेष्ठ ब्रह्म नै हो भनेर कारण-कार्य, व्यक्ताव्यक्त, विश्वोत्तीर्ण-विश्वमय जे जति छ सबै परब्रह्म पशुपतिनाथ भएको ठोकुवा गरिएको छ । यही तथ्य तैत्तिरीयोपनिषत्मा यसरी व्यक्त गरिएको छ- **तदात्मानं स्वयमकुरुत** अर्थात् परमात्माले स्वयं चराचर जगत् बनाएका हुन् । शिव र शिवाको यस प्रकारको सामरस्य, अद्वय परमतत्त्व भगवान् श्रीपशुपतिनाथ र उनको उपासना (सपर्या) बारे तल सङ्क्षेपमा दिग्दर्शन गरिन्छ ।

२) पशुपतितत्त्व र पशुपतिनाथ

पतिको अर्थ पाति रक्षति हुन्छ । पशु र पति दुई शब्दहरूको योग पशुपति हो । यसको अर्थ पशुको स्वामी हुन्छ । महाभारत अनुशासनपर्वमा पशुपति शब्दको व्युत्पत्ति यसरी गरिएको छ-

> **"सर्वथा यत् पशून् पाति तैश्च यद्रमते पुनः"**
> **"तेषामाद्यं पतिर्यश्च तस्मात् पशुपतिरुच्यते"** *(महाभारत, अनुशासन पर्व....)*

स्वामीको स्वभाव र कर्म आफ्नो आश्रितको पालन गर्नु, रक्षा गर्नु, उद्धार गर्नु, उन्नति गराउनु हुन्छ । लोकमा पनि यही तथ्य प्रत्यक्ष देखिन्छ । पशु निर्बल हुन्छ, निरीह हुन्छ । पति सबल हुन्छ, समर्थ हुन्छ, ऐश्वर्यशाली हुन्छ । आफ्नो ऐश्वर्य र सामर्थ्यले पति पशुको पालन र रक्षा गर्न सक्तछ । पशु बद्ध हुन्छ, अल्पज्ञ हुन्छ एवं सीमित कार्य गर्न सक्छ भने पति सर्वज्ञत्व र सर्वकर्तृत्व गुणसम्पन्न हुन्छ ।

शिव पति हुन् र उनीबाट सृष्टि भएका समस्त चराचर जगत् पशु हुन् भनेर शिवपुराणमा उल्लेख गरिएको छ– **ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः** पशुको गुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र लक्षणबारे कुलार्णवतन्त्रमा यसो भनिएको छ– **घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी । कुलं शीलं तथा शक्तिरष्टौ पाशाः प्रकीर्तिताः ॥ पाशबद्धः पशु प्रोक्तः पाशमुक्तः सदाशिवः ।** अर्थात् घृणा, शङ्का, भय, लज्जा, ईर्ष्या, कुल, शील र शक्ति गरी आठ पाशले बाँधिएको व्यक्ति पशु हो भने जो ती पाशहरूबाट मुक्त छ त्यो सदाशिव वा पशुपति हो ।

बृहदारण्यकोपनिषत्मा भने आफूभन्दा भिन्न मानी देवोपासना गर्ने देवताको पशु हो भनिएको छ ।

"**योऽन्यां देवतामुपास्तेऽन्यो सावन्योऽहमस्मीति न स वेद यथा पशुरेवं स देवानाम् ।**"

(बृहदारण्यकोपनिषत्, अध्याय ३, ब्राह्मण १० मन्त्र)

भावनोपनिषत्मा त्रिपुरसुन्दरी भगवतीका चार आयुधहरू पाश, अङ्कुश, धनुष र पञ्चबाण भएकोमा पाशलाई **रागः पाशः** भनिएको छ । राग भनेको कुनै वस्तु विषय प्राप्त गर्ने इच्छा हो, कामना हो । तैत्तिरीयोपनिषत्ले **सोऽकामयत बहु स्यां प्रजायेयेति** (तैत्तिरीयोपनिषत्-२/६) अर्थात् परमेश्वरको एकबाट अनेक हुने इच्छाबाटै सृष्टि भएको बताउँछ । यही तथ्यलाई श्वेताश्वतरोपनिषत्मा अझ विस्तार गरी **विश्वरूपैकं पाशः** अर्थात् संसार नै पाश हो भनेर यस पाशका अङ्गप्रत्यङ्गहरू यसरी वर्णन गरिएका छन्–

तमेकनेमिं त्रिवृतं षोडशान्तं
शतार्धारं विंशतिप्रत्यराभिः ।
अष्टकैः षड्भिर्विश्वरूपैकपाशं
त्रिमार्गभेदं द्विनिमित्तैकमोहम् ॥ *(श्वेताश्वतरोपनिषत्-१/४)*

अर्थात् ऋषिहरूले एक नेमि, तीन वृत, सोह्र अन्त, पचास अरा, बीस प्रत्यरा, छ अष्टक, विश्वरूप एक पाश, तीन मार्ग तथा पाप र पुण्य दुवैको निमित्तभूत एउटै कारण मोहलाई देखे ।

शाङ्करभाष्य अनुसार यहाँ नेमि भनेको अव्याकृत प्रकृति हो । तीन वृत्तहरू सत्त्व, रज र तमो गुण हुन् । षोडशान्तको अर्थ मन, बुद्धि, अहङ्कार, आकाश, वायु, तेज, जल र पृथिवीका सूक्ष्म र स्थूल यी सोह्र रूपहरू हुन् । शतार्धार भनेको परमात्माका स्वरूपशक्तिहरू **पञ्चाशच्छक्तिरूपिणः** अथवा अन्तःकरणका पचास वृत्ति हुन् । विंशतिप्रत्यराको अर्थ दश इन्द्रिय, पाँच विषय र पाँच प्राण गरी अरारूप महाभूतका बीस कार्य हुन् । छ अष्टकहरू यी हुन्–

१) पृथिवी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहङ्कार गरी आठ प्रकारका प्रकृति ।
२) शरीरका आठ धातुहरू– त्वचा, पित्त, मांस, रक्त, मेद, हड्डी, मज्जा र वीर्य ।
३) अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व गरी आठ सिद्धिहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) आठ भावहरू– धर्म, अधर्म, ज्ञान, अज्ञान, वैराग्य, अवैराग्य, ऐश्वर्य र अनैश्वर्य।
५) आठ देवयोनिहरू– ब्रह्मा, प्रजापति, देव, गन्धर्व, यक्ष, राक्षस, पितृ र पिशाच।
६) आत्माका आठ गुणहरू– दया, क्षमा, अनसूया, शौच, अनायास, मङ्गल, अकृपणता र अस्पृहा।

तीन मार्ग– धर्म, अधर्म र ज्ञान गरी तीन अथवा देवयान, पितृयान र जन्म-मृत्युका चक्र हुन्। पाप र पुण्य दुईको निमित्तभूत देह, इन्द्रिय, मन, बुद्धि एवं जाति आदि अनात्मा हुन् जुनमा आत्माभिमान छ, त्यो मोहरूप एउटै आधार (नेमि) हो।

पशुपति असीम छन्, पूर्ण छन्, सर्वज्ञ छन्, सर्वशक्तिमान् छन्, सर्वव्यापक छन्, सार्वकालिक छन् किनभने उनी कुनै पाश वा बन्धनले बाँधिएका छैनन्। यही कुरा रुद्रहृदयोपनिषत्को यो मन्त्रले बताएको छ-

सर्वाधिष्ठानमद्वन्द्वं परं ब्रह्म सनातनम्।
सच्चिदानन्दरूपं तदवाङ्मनसगोचरम्॥ *(रुद्रहृदयोपनिषत्-२६)*

त्यसैगरी **स्वतः शिवः पशुपतिः साक्षी सर्वस्य सर्वदा** मन्त्रले श्रीपशुपति परब्रह्म हुन् र सदासर्वदा सबका साक्षी छन् भन्ने पनि बताउँछ। एकातिर साक्षीरूपमा उनी तटस्थ अकर्ता छन् भने अर्कोतिर पञ्चकृत्यकारी प्रभु हुन्। भगवान् श्रीपशुपतिका पाँच कार्य, उनकै विभूतिरूप अधिष्ठातृ देवता यी हुन्-

कार्य	अधिष्ठातृदेवता
१) सृष्टि	ब्रह्मा (हिरण्यगर्भ, सूर्य)
२) स्थिति	विष्णु
३) संहार	रुद्र
४) निग्रह	देवी(शिवा)
५) अनुग्रह	गणेश

सृष्टि, स्थिति र संहार प्रत्यक्षानुभूत कार्यहरू हुन्। सामान्यतः निग्रह भनेको बन्धन हो, रोक्नु हो, अभेदमा भेदको आभास हुनु हो। अनुग्रह भनेको कृपा गर्नु हो, मुक्ति हो, चिद्रूप परमेश्वरका साथ एकाकार हुनु हो। यी दुई कृत्यबारे भास्कररायले श्रीललितासहस्रनामको भाष्यमा यसरी वर्णन गरेका छन्–

तिरोधानमाच्छादनं निरवशेषो ध्वंसः। परमाण्वादेरपि प्रकृतौ लयो दीपनाशतुल्यो घनतर-शुद्धसत्त्वप्रधानस्येश्वरस्य कृत्यम्। अनुग्रहो निरवशेषध्वंसमापन्नस्य जगतः सृष्ट्यादौ पुनः परमाण्वादिरूपतापत्तिः अर्थात् तिरोधानको अर्थ सम्पूर्ण ध्वंस (नाश) हो जसमा अणु–परमाणुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि दीपनाश भएजस्तै प्रकृतिमा लय हुन जान्छ र घनतरशुद्धसत्वप्रधान अवस्थामा रहन्छ। अर्को शब्दमा तिरोधान भनेको आत्मसङ्कोच हो जसअनुसार चिदात्मा परमेश्वर आफ्नो स्वातन्त्र्यशक्तिद्वारा आत्मसङ्कोच गर्छन् र चिदणुरूपमा आफूलाई अवस्थित गर्छन्। आत्मसङ्कोचविना सृष्टिको उदय हुँदैन, त्यसर्थ निग्रहको स्थिति सृष्टिभन्दा पहिले मानिन्छ। यो तिरोधानको निवृत्ति महेश्वरको अनुग्रह कृत्यबाट हुन्छ, जसअनुसार संहारपछि पनि अभिनव सृष्टिको बीज रहिरहन्छ र त्यसबाट नयाँ सृष्टिचक्र चल्छ। यही तथ्यलाई वेदमा यसरी व्यक्त गरिएको छ–

"यथा धाता पूर्वमकल्पयत्"

परमेश्वर ईश्वर अवस्थामा तिरोधान गर्छन् भने सदाशिव अवस्थामा अनुग्रह कृत्य गर्छन्। परमेश्वरका निग्रह र अनुग्रह यी दुई कृत्यहरूको बीचमा नै सृष्टि, स्थिति र संहारका क्रमहरू निरन्तर चलिरहन्छन्।

यी पाँचमध्ये अघिल्ला चार अनुग्रहभित्रै समेटिएका छन्। अनुग्रह भनेको कृपा हो। शिवले कृपा गरी सृष्टिद्वारा पशुहरूलाई आ-आफ्नो कर्मभोग गर्ने अवसर दिन्छन्। यो अवरोहक्रम हो। शिवले जब पशुलाई मुक्ति दिने कृपा गर्छन् तब उसलाई मोक्षमार्गीतिर प्रवृत्त गराउँछन्। यो आरोहक्रम हो। पशुपतिको यो अनुग्रह कार्यलाई मुण्डकोपनिषत्ले यसरी प्रष्ट्याउँछ–

नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन। यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम्। *(मुण्डकोपनिषत्-३/१/३)*

अर्थात् आत्मा प्रवचन, तर्क आदिले प्राप्त हुँदैन। जसलाई परमात्मा स्वयं वरण वा स्वीकार गर्दछन् उसैलाई प्राप्त हुन्छ। अर्को शब्दमा जीवको सृष्टि गरी उसका सबै सञ्चित कर्महरू भोग गराई अन्त्यमा साक्षात्कार गराई कर्मनाश गरिदिन्छन्। **क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे** भनेर परब्रह्मस्वरूप पशुपतिनाथको दर्शनबाट सम्पूर्ण कर्म नाश हुन्छन् पनि भनिएको छ।

श्रीपशुपतिनाथका **विश्वोत्तीर्ण** र **विश्वमय** अवस्था छन्। विश्वोत्तीर्ण अवस्थामा पशुपति अचल, कूटस्थ, केवल प्रकाशमय, शुद्ध अहम्, अव्यक्त, निरंश, सन्मात्र, परम गहन भएकाले कुनै माध्यमबाट पनि निर्वचन गर्न सकिन्न। भनिएको पनि छ **"यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह"।** भगवान्को अर्को सत्ता विश्वमय हो र यो सच्चिदानन्दस्वरूप छ। श्रीपशुपतिनाथ जब आफ्नो सत्ताको स्वयं बोध वा विमर्शन गर्नका लागि आफैँमा निहित शक्तिको उल्लास वा स्पन्दन गर्छन्, त्यस वेला त्यो परमगहन सन्मात्रको स्थितिमा आत्मप्रकाशको रूपमा एक सूक्ष्मतम शक्तिको आविर्भाव हुन्छ- यस शक्तिलाई **चित्** भनिन्छ। यो चित् पूर्वोक्त **सत्**को बहिर्मुखताको प्रथम अवस्था हो। यो स्पन्दन एकातिर सत्सँग जोडिएको छभने अर्कोतिर चित्लाई प्रवाहित गरिरहन्छ। फलस्वरूप चित्मा आनन्दको आविर्भाव हुन्छ। अर्को शब्दमा चित् सत्को अन्तरङ्गशक्ति र आनन्द बहिरङ्गशक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । यथार्थमा सत्, चित् र आनन्द भगवान् श्रीपशुपतिनाथकै स्वरूपलक्षण हुन् । श्रीपशुपतिनाथ जब आफ्नो विमर्शशक्तिद्वारा यी तीन रूपमा बहिर्मुख हुन्छन् तब उनी विश्वमयरूपमा अनन्त नाम र रूपमा व्यक्त हुन्छन् । यही भगवान्को परमेश्वरता र ऐश्वर्य हो । यही व्यहोरा श्रीशिवदृष्टिमा सोमानन्दले यसरी व्यक्त गरेका छन्–

यतोऽस्ति शिवशक्तीनां ताश्च नित्यमवस्थिता ।
सरत्येव स्वभावेन तत्सरत्प्रकृतिः शिवः ॥

शिवशक्तिको नित्य सामरस्यको प्रसरण नै समस्त संसार हो भन्ने यस कारिकाको भावार्थ हो । यो शिवको स्वरूप चमत्कार हो । यसलाई अर्को शब्दमा 'अ' रूपी शिव र 'ह' रूपी शक्तिको सङ्घट्ट अर्थात् सामरस्य अर्थात् यामल नै बिन्दुसहित (अहं) जगत् वा संसारचक्र हो । शब्दादिविभागरहित सामान्य प्रकाशात्मक स्पन्दनरूपी शिववीर्य विसर्जन गर्ने र यो शिववीर्यलाई परमेश्वरीको विशेष विमर्शमय स्पन्दन प्रदान गरी अनन्त चराचर जगत् सृष्टि गर्ने शिवको स्वभाव छ। यही सङ्घट्ट संश्लेषणद्वारा सृष्टिचक्र चल्छ। यो प्रक्रियालाई श्रीयन्त्रले चित्रण गर्छ। यसबारे पछि विवेचना गरिनेछ ।

३) श्रीपशुपतिनाथको श्रीविग्रह

भगवान् श्रीपशुपतिनाथको श्रीविग्रह दुई भागमा विभक्त छ– (१) प्रतिष्ठापित पञ्चमुखी लिङ्ग (२) लिङ्गको शिरमा निर्माण गरिने श्रीयन्त्र । भगवान्का (१) सद्योजात २) वामदेव ३) अघोर ४) तत्पुरुष ५) ईशान ६) कालाग्निरुद्र गरी छमुहार सर्वविदित छन् । यी छमध्ये चार दिशामा चार मुख प्रकट रूपमा छन् भने माथि शिरमा र नाभिमा गुप्तरूपमा छन् । यी छ मुहारहरू मध्ये पाँचबाट कार्यब्रह्म अर्थात् सगुणब्रह्म प्रकट हुन्छन् । यी छको समष्टि एक अद्वैत निर्गुण-सगुण परब्रह्म परमेश्वर भगवान् श्रीपशुपतिनाथ हुन् । यिनै कार्य ब्रह्महरू सनातन वैदिक वाङ्मयमा श्रीगणेश, श्रीसूर्य, श्रीविष्णु, श्रीदेवी र श्रीशिव गरी पञ्चदेवताहरू पाञ्चायन पूजापद्धतिमा वर्णित छन् ।

श्रीयन्त्र श्रीपशुपतिनाथको श्रीविग्रहको एक अभिन्न अङ्ग हो । यस प्रकारको छमुखी लिङ्ग र श्रीयन्त्रको संयुक्त श्रीविग्रह विश्वमै अद्वितीय, सारगर्भित एवं रहस्ययुक्त छ । अब यो अद्वितीय, श्रीविग्रह बुझ्ने प्रयास गरौं ।

श्रीपशुपतिनाथ सदैव क्रीडा गर्छन् अर्थात् लीला गर्छन् । उनका लीला अनन्त छन् । उनीबाट विकिरित हुने रश्मिहरू अनन्त छन् । यी अनन्त रश्मिहरू १) चित् २) आनन्द ३) इच्छा ४) ज्ञान ५) क्रिया गरी पाँच कार्यब्रह्मरूप पाँच शक्तिमा समेटिएका छन् ।

उक्त पाँच ब्रह्महरू पाँच मुहारबाट व्यक्त भएका र छैटौं मुख सर्वाधारको रूपमा प्रतिष्ठित छन् । तिनका कार्य र अधिष्ठातृदेवी निम्नानुसार भएको श्रीपरात्रिंशिका आगममा बताइएको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको पञ्च कार्यब्रह्मरूप ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजातबाट सृष्टिका क्रममा क्रमशः आकाश, वायु, तेज र पृथ्वी सम्पादन हुन्छन्[1] र भगवान्ले संहारक्रममा पृथ्वीलाई जल, जललाई तेज, तेजलाई वायु र वायुलाई आकाशमा लय गरिसके पछि आकाशलाई पनि आफूमै लय गर्दछन् । यो कार्य सर्वेश्वर महेश्वर पाशुपतास्त्रको प्रयोग गरी सम्पन्न गर्दछन् । त्यस अवस्थामा कैवल्य भई अद्वितीय तत्त्व मात्र सत्रूपमा रहन्छ । यो सर्वाधार मूल तत्त्व हो । यस सर्वाधार अवस्थालाई कालाग्निरुद्र नामले पुकारिन्छ । भगवान् श्रीपशुपतिनाथको श्रीविग्रहमा नैर्ऋत्यकोणको कोखामा यो छैटौँ मुख प्रतिष्ठापित छ । यस मुखकी अधिष्ठात्री देवी श्रीवज्रेश्वरी हुन् र पशुपतिक्षेत्रमा पिंगनस्थानमा यिनी स्थापित छिन् । उपर्युक्त छ मुखहरूबाट तन्त्रसाधनाका षडाम्नायहरू निःसृत भएका हुन् ।

मुहार	शक्ति	देवी
१) अघोर	इच्छा	दक्षिणकाली
२) वामदेव	ज्ञान	गुह्येश्वरी
३) ईशान	चित्	त्रिपुरसुन्दरी
४) तत्पुरुष	आनन्द	भुवनेश्वरी
५) सद्योजात	क्रिया	कुब्जिका
६) कालाग्निरुद्र		वज्रेश्वरी

यी पाँच शक्तिहरूले परमेश्वरका समस्त कार्य सम्पन्न गर्छन् र छैटौँ चाहिँ विश्रान्ति अवस्थामा सर्वाधिष्ठान रूपमा रहन्छ । श्रीपशुपतिनाथका उक्त पाँच मुख पञ्चमहाभूतका मूल स्रोत हुन् र यिनैमा समस्त तत्त्व, तन्मात्रा र इन्द्रियहरू अन्तर्निहित छन् र मानव शरीरमा निम्न स्थानमा रहन्छन्–

१) अघोर - तेजस्तत्त्व - रूपतन्मात्रा- नेत्रेन्द्रिय र हृदय

२) वामदेव - जलतत्त्व - रसतन्मात्रा- रसनेन्द्रिय र उपस्थ

३) ईशान - आकाशतत्त्व - शब्दतन्मात्रा- श्रवणेन्द्रिय र वागिन्द्रिय

४) तत्पुरुष - वायुतत्त्व - स्पर्शतन्मात्रा- त्वगिन्द्रिय र हस्तेन्द्रिय

५) सद्योजात - पृथ्वीतत्त्व - गन्धतन्मात्रा- घ्राणेन्द्रिय र पायु

परब्रह्म पशुपतिको यही अवरोह अर्थात् सृष्टिक्रमलाई तैत्तिरीयोपनिषत्मा **सोऽकामयत बहु स्यां प्रजायेयेति** (२/६) अर्थात् एकबाट धेरै हुने कामना गरे र **तत्सृष्ट्वा तदेवानुप्राविशत्** (२/६)

[1] तैत्तिरीयोपनिषत ब्रह्मानन्दवल्ली– १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् सृष्टि गरी आफू त्यसमा नै प्रवेश गरे अनि '**आत्मन आकाशः सम्भूतः आकाशात् वायु वायोरदाग्निः अग्ने रापः अद्भ्यः पृथिवी** (२/१)

अर्थात् पहिले आकाश, त्यसपछि क्रमशः वायु, तेज, जल र पृथिवीको सृष्टि भएको बताई केवल चैतन्यरूप आत्माबाट सूक्ष्म आकाश अनि सूक्ष्मतमरूप पृथिवी सृष्टि भएको उल्लेख छ। यही व्यहोरा मुण्डकोपनिषत्मा यसरी उल्लेख गरिएको छ–

एतस्माज्जायते प्राणो मनः सर्वेन्द्रियाणि च । खं वायुर्ज्योतिरापः पृथिवी विश्वस्य धारिणी *(मुण्डकोपनिषत्- २/१/३)* अर्थात् परमेश्वरबाट नै प्राण, मन, इन्द्रियहरू, आकाश, वायु, तेज, जल र विश्वधारिणी पृथिवी उत्पन्न भएको हो। यसको अर्थ प्रवृत्तिमार्गीले सृष्टिक्रमानुसार पहिले ईशानको दर्शन गरी अन्त्यमा सद्योजातको दर्शन गर्नुपर्ने हुन्छ। चार पुरुषार्थमध्ये अर्थ र कामको सफलताका लागि यही क्रम हो। आरोहक्रम यसको उल्टो छ, स्थूलतम पृथिवीतत्त्वको अधिष्ठाता सद्योजातको पहिले दर्शन गरेर अन्त्यमा सूक्ष्मतम तत्त्वका अधिष्ठाता ईशानको दर्शन पछि कालाग्निरुद्रको भावना गरी यिनैको आलम्बन लिई असाङ्केतिक, शाश्वतिक, अकृत्रिम संविन्मय परा अवस्थाको अनुभूति प्राप्त गर्न प्रयत्न गर्नुपर्दछ। यो कार्य अतीव दुरूह भएको तथ्य कठोपनिषत्मा यसरी उल्लेख गरिएको छ–

पराञ्चि खानि व्यतृणत्स्वयंभूस्तस्मात्पराङ् पश्यति नान्तरात्मन्। कश्चिद्धीरः प्रत्यगात्मानमैक्षदावृत्तचक्षुरमृतत्त्वमिच्छन् *(कठोपनिषत्- २/१/१)* अर्थात् स्वयम्भू ईश्वरले इन्द्रियहरूको मुख बाहिरतिर फर्काई सृष्टि गरेकाले मानिस बाहिरी विषयभोगमै रत हुन्छ। कोही बुद्धिमान् मात्रै अन्तर्मुखी भई सच्चिदानन्दस्वरूप प्रत्यगात्मा पशुपतिको दर्शन पाउँछ। यही क्रम तैत्तिरीयोपनिषत्मा पहिले स्थूलरूप अन्नबाट सुरु गरी प्राण, मन, विज्ञान र अन्त्यमा आनन्दमा ध्यान गरी आनन्द नै ब्रह्मको स्वरूप बोध गराइएको छ। ईश्वर भुक्ति तथा मुक्ति खोज्ने दुवै थरीलाई आआफ्नो वाञ्छित फल प्रदान गर्दछन्। यही कुरा श्रीकृष्ण गीतामा यसरी बताउँछन्–

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् अर्थात् जसले जे खोज्छ, जो जुन प्रकारले शरणागत हुन्छ त्यसलाई त्यही रूपमा कृपा गर्दछु।

अब श्रीपशुपतिनाथका उपर्युक्त पाँच मुखहरूको विवेचना गरौं । शुक्लयजुर्वेदीय रुद्राष्टाध्यायीले पञ्चमुखी श्रीपशुपतिनाथको प्रार्थना गरेको छ। ती पाँच मुखहरू यसप्रकार छन्-

१) **ईशान-** समस्त विद्याको नियामक, वेदका अधिपति, हिरण्यगर्भका पति, ब्रह्मस्वरूप, सबैका शासक, स्वामी रूप।

२) **तत्पुरुष-** आदिदेव, परमात्मा, गुरु तथा शास्त्रद्वारा ज्ञान हुने रुद्ररूप।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) **अघोर-** सत्त्वगुणयुक्त अघोरका साथै घोर, अनुकूल, कल्याणकारी, भयङ्कर दक्षिणामूर्तिस्वरूप गुरुरूप ।

४) **वामदेव-** सुन्दर, भव्य, शिष्ट, ज्येष्ठ, श्रेष्ठ, रुद्र, काल, कलविकरण, बलविकरण, बल र मनोन्मन आदि अर्धनारीश्वर विग्रहरूप ।

५) **सद्योजात- सद्रूपे यस्यति यत्नं करोति** अर्थात् समस्त प्राणी मात्रको प्रत्यगात्मा रूपमा रही क्रियाशील भई पुनर्जन्मको सट्टा तत्त्वज्ञानका लागि प्रेरित गर्ने भर्खर जन्मिएको जस्तो रूप भएका ।

यसरी समस्त व्यक्ताव्यक्त सत् असत्, सम्पूर्ण तत्त्व र चराचर जगत् श्रीपशुपतिनाथमा नै अन्तर्निहित एवं समाविष्ट भएर रहेको प्रष्ट हुन्छ ।

यही षड्मुखी लिङ्गको शिरमा श्रीचक्र निर्माण गरी अधिष्ठात्री देवी श्रीराजराजेश्वरीको अर्चना गरिन्छ। चक्रको अर्थ विकसित हुनु, फैलिनु, कार्यरत हुनु हो। श्रीचक्रको अर्थ श्रीको उल्लास, विकास, प्रसार हुनु हो। श्रीचक्रलाई श्रीयन्त्र भन्दछन्। श्रीचक्रका बीचमा बिन्दु, नौओटा त्रिकोण, तीन वृत्त र तीन रेखायुक्त भूपुर हुन्छन्। यसबारे सौन्दर्यलहरीमा भगवान् शङ्कराचार्यबाट स्पष्ट पारिएको छ–

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि
प्रभिन्नाभिः शम्भुर्नवभिरपि मूलप्रकृतिभिः ।
त्रयश्चत्वारिंशद्वसुदलकलाश्रत्रिवलय–
त्रिरेखाभिः सार्धं तव शरणकोणाः परिणताः ॥ *(सौन्दर्यलहरी, ११)*

अर्थात् चार श्रीकण्ठ (शिव) र पाँच शिवयुवती (शक्ति) समेत नौ मूल प्रकृतिबाट तिम्रो अधिष्ठानका ४३ कोण बन्दछन् र शम्भुको बिन्दुस्थान चाहिँ भिन्नै छ। तिम्रो अधिष्ठानमा तीन वृत्त र तीन रेखासहित आठ र सोह्र दल कमल पनि छन् ।

श्रीचक्र तीन प्रकारका हुन्छन्। मेरुप्रस्तार, कूर्म वा कैलासप्रस्तार र भूप्रस्तार। यी सबैमा माथि उल्लिखित नौ त्रिकोण हुन्छन्। श्रीचक्रको बीचमा जुन बिन्दु छन् ती शिवशक्त्यैक्यरूपिणी-शिवशक्तियामल हुन्। यहाँ मध्यबिन्दुदेखि भूपुरसम्म नौ तह छन्, जसलाई आवरण भन्दछन्। प्रत्येक आवरणका अधिष्ठातृदेवी छन्। यो श्रीचक्रकी अधिष्ठातृदेवी राजराजेश्वरी श्रीमहात्रिपुरसुन्दरी हुन्। यी अधिष्ठातृदेवी षोडशी नामले प्रसिद्ध छिन्। षोडशीको स्थान बीचको बिन्दु हो जुन कहिल्यै परिवर्तन नहुने अमृतस्वरूप छ। यिनैलाई केन्द्र बनाएर पन्ध्र तिथिका निम्नलिखित पन्ध्र नित्याहरू तिथिचक्र अर्थात् कालचक्रको रूपमा निरन्तर क्रियाशील छन् ।

प्रतिपदादेखि पूर्णिमासम्मका प्रत्येक तिथिका नित्याहरू क्रमशः यी हुन्- १) कामेश्वरी २) भगमालिनी ३) नित्यक्लिन्ना ४) भेरुण्डा ५) विन्ध्यवासिनी ६) महावज्रेश्वरी ७) शिवदूती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८) त्वरिता ९) कुलसुन्दरी १०) नित्या ११) नीलपताका १२) विजया १३) सर्वमङ्गला १४) ज्वालामालिनी १५) चित्रा।

यी नित्याहरूको स्थान श्रीयन्त्रको मध्यत्रिकोणमा छ। पन्ध्र तिथिहरूमा प्रत्येक तिथिका तत्तत् नित्या आआफ्नो तिथिकी अधिष्ठातृदेवीका रूपमा क्रियाशील हुन्छन्। प्रथम आवरण बिन्दुपछि आउने यो दोस्रो आवरण हो। यसभन्दा बाहिरका आवरण यसैका स्फार वा प्रसारमात्र हुन्। यस मध्यत्रिकोणलाई **महायोनि** भन्दछन् किनभने सम्पूर्ण जगत्को सृष्टि यहीँबाट हुन्छ। यो महायोनिबारे ब्रह्मसूत्रमा **योनिश्च गीयते** र **योनेः शरीरम्** भनेर सङ्केत गरिएको छ। त्यस्तै भगवद्गीतामा **मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्** भनिएको छ। तान्त्रिक वाङ्मयमा वर्णित **कामकला** बिन्दुसहित यही त्रिकोण हो।

४) श्रीयन्त्र र अधिष्ठातृदेवी

इच्छा शक्तिरुमा कुमारी *(शिवसूत्र-१।१३)*

अर्थात् शिवको इच्छाशक्ति कुमारी उमा हुन् भनेर स्वयं भगवान् शिवले वसुगुप्तलाई शिवसूत्र प्रदान गरी भनेका छन्। उमा परमेश्वरकी इच्छाशक्ति हुन्। उमाको व्युत्पत्ति यसरी गरिएको छ– **उ = शिव, मा= लक्ष्मी (वैभव), उमा= शिवको वैभव। उमा** कुमारी छिन्। कुमारी शब्द "**कुमार क्रीडायाम्**" बाट व्युत्पत्ति भएर बन्छ। केनोपनिषत्को ब्रह्मस्वरूपिणी **हैमवती उमा** यिनै हुन्। कुमारीको लीला नै समस्त विश्वको सृष्टि, स्थिति र संहार आदि कार्य हुन्। यो लीला कसरी हुन्छ, विवेचना गरौँ–

सृष्टि भनेको ग्राहक शिवको आत्मस्वरूपभन्दा अभिन्न विश्व अर्थात् चित्कै आत्मरूपी दर्पणमा अनन्त ग्राह्यसत्ताको उल्लासमात्र हो। सृष्ट जगत्मा दुई र दुईमात्र आधारभूत तत्त्व छन्। ती हुन्– देश र काल। सम्पूर्ण जगत् यी दुईभित्रै छ र निरन्तर आवर्तन भइरहन्छ अर्थात् घुमिरहन्छ, यही हो सृष्टिचक्र। आवर्तनमा दुई कार्य हुन्छन् १) आकुञ्चन २) प्रसारण। श्रीचक्रको मध्यबिन्दुलाई केन्द्र बनाएर आवर्तनशील कालशक्तिहरू निरन्तर परिक्रमा गर्दछन्। पन्ध्रओटा तिथि र कलाअनुरूप यिनीहरूको सङ्ख्या पन्ध्र छ। यी पन्ध्र नित्याहरूको समष्टिलाई पञ्चदशी भनिन्छ। पञ्चदशी कालशक्ति हुन् र यिनकै अधीनमा रहेर समस्त पदार्थ निरन्तर आवर्तन गर्दछन्, परिवर्तित भइरहन्छन्। श्रीचक्रको मध्यबिन्दुदेखि भूपुरसम्म नौओटा आवरण वा चक्रहरूले यही दर्शाउँछन्। यी पञ्चदशीको अनुलोम र विलोम गरी दुई प्रकारको आवर्तन हुन्छ। शुक्लपक्षमा कलाको विकास पूर्णिमासम्म पूरा हुन्छ भने कृष्ण पक्षमा कलाको ह्रास भई क्षीण हुन्छ, पूरा नष्ट भने हुँदैन नत्र अर्को कालचक्र कसरी आरम्भ हुने? पूर्णिमामा पूर्णता प्राप्त हुँदैन, यदि पूर्ण भएको भए किन घट्नु र कृष्णपक्ष सुरु हुनुपर्थ्यो? पञ्चदशी शक्ति कालको अधीनमा छिन् अर्थात् कालसँगै आवर्तनशील छिन्।

श्रीचक्रको मध्यत्रिकोणको बीचमा अवस्थित बिन्दु षोडशी हुन्। यस बिन्दुमा महाकामेश्वर-महाकामेश्वरी अर्थात् शिवशक्ति युगलरूपमा विराजमान छन्। यी नै हुन् हामीले पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने अर्धनारीश्वर। यी षोडशीलाई माथि वर्णित पन्ध्र नित्याहरूले निरन्तर परिक्रमा गरिरहन्छन्। श्रीचक्रको केन्द्रबिन्दुमा श्रीराजराजेश्वरीको स्थान भएको र अग्निरूप शिवले संहार गर्ने, सोमरूप शक्तिले सृष्टि गर्ने र यी दुवैको सामरस्यरूप रवि शिवशक्त्यात्मक यामल अर्थात् सङ्घट्ट भई केन्द्रको बिन्दुमा विराजमान छन्। यसबाहिरका अरू आठ आवरण शक्तिहरू यिनै पराशक्तिको निर्देशनमा आवर्तन गरिरहने हुनाले सम्पूर्ण यन्त्रलाई नै श्रीयन्त्र वा श्रीचक्र भनिएको हो। षोडशी भने निश्चल एवं कालातीत अमृतस्वरूपले रहन्छिन्। षोडशी शिवशक्तियुगल अथवा सङ्घट्ट सत्ता हुन्। यस अवस्थालाई भावनोपनिषत्मा यसरी व्यक्त गरिएको छ–

पञ्चदशतिथिरूपेण कालस्य परिणामावलोकनस्थितिः पञ्चदश नित्या श्रद्धाऽनुरूपा धीर्देवता। तयोः कामेश्वरी सदानन्दघना परिपूर्णस्वात्मैक्यरूपा देवता॥ *(भावनोपनिषत्-२)*

यीभन्दा भिन्न अर्को सत्ता छ- त्यो हो सप्तदशी। सप्तदशी अद्वैत सत्ता हो। यो सत्ता बुझाउन शास्त्रमा वरको बीजको उदाहरण दिइएको छ। जसरी वरको एक सानो बीजमा महान् वृक्ष समाहित छ, त्यस्तै उक्त अद्वैतसत्तामा समस्त व्यक्त र अव्यक्त तत्त्वहरू अन्तर्निहित छन् भनिएको छ–

यथा न्यग्रोधबीजस्थः शक्तिरूपो महाद्रुमः।
तथा हृदयबीजस्थं विश्वमेतच्चराचरम्॥ *(परात्रिंशिका)*

सप्तदशी मन्त्र अत्यन्त गुह्य **अमृतबीज** मन्त्र हो, **प्रासाद** मन्त्र हो, **परामन्त्र** हो। पञ्चदशी अपरा विद्या हो, षोडशी परापरा विद्या हो र सप्तदशी परा विद्या हो।

जब परमेश्वर आफ्नो ऐश्वर्य प्रकट गर्न चाहन्छन् तब विश्वमय हुन्छन् र अनेक लीला गर्छन्। यसो नगरेमा उनको ऐश्वर्य कसले कसरी बोध गर्ने ? आचार्य शङ्करका परमगुरु गौडपादाचार्यले माण्डूक्यकारिकामा **देवस्यैष स्वभावोऽयमाप्तकामस्य का स्पृहा** अर्थात् आफैँमा तृप्त परमात्माको कुनै स्पृहा हुन नसक्ने भएकाले स्वभाव नै सृष्टि हो र **कल्पयत्यात्मनात्मानमात्मा देवः स्वमायया** अर्थात् स्वयंप्रकाश परमात्मा नै आफ्नो मायाद्वारा आफूलाई आफूद्वारा आफूमा नै जगत्को रचना गर्दछन्। श्रीतन्त्रालोकमा अभिनवगुप्तले यसैबारे यस्तो भनेका छन् -

अस्थास्यदेकरूपेण वपुषा चेन्महेश्वरः।
महेश्वरत्वं संवित्वं तदत्यक्ष्यद् घटादिवत्॥ *(तन्त्रालोक ३।१००)*

अर्थात् परमेश्वर अनन्त रूपमा प्रकट नभएर एउटै मात्र तत्त्व रहिरहे भने उनी महेश्वरत्व र संवित् नभएको एउटा घडाजस्तो मात्र हुन्थे। त्यसैले परमेश्वर स्वेच्छाले निमित्त र उपादान दुवै कारण भएर विश्वसृष्टि गर्छन्। यो परमेश्वरको स्वातन्त्र्य हो। त्यसैले उनी पशुपति हुन्, ब्रह्मादेखि पृथ्वीसम्म सबैका स्वामी।

श्रीयन्त्रको बीचको महाबिन्दुमा शिवशक्तिको घनीभूत अवस्थामा विश्वपितामाता अखण्ड अद्वयस्वरूपमा विराजमान छन्– वाणी र यसको अर्थजस्तै। वाणी र यसको अर्थ संपृक्त एकै सत्ताको स्वरूपलाई महाकवि कालिदासले यसरी काव्यात्मक वन्दना गरेका छन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वागर्थाविव संपृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥

शिवको अचल कूटस्थभाव र शक्तिको नित्य क्रियाशील स्पन्दन एक अद्वय समरसरूपमा विद्यमान शिव भएर पनि शक्ति, शक्ति भएर पनि शिव, निरन्तर स्थिर भएर पनि गतिशील, निस्पन्द भएर पनि स्पन्दनमय । यो परम सत्तालाई श्रीविद्याको वाङ्मयमा परम शिव शब्दले पुकारिन्छ, उनी नै भगवान् श्रीपशुपतिनाथ हुन् । नासदीय सूक्तमा **नासदासीन्नो सदासीत्** भनिएझैँ एक भएर पनि दुई र दुई भएर पनि एक रहने सत् न असत् यो अद्‍भुत सत्ता कसैको बोधको विषय हुन सक्दैन । यसबारे श्रीकृष्णले भनेका छन्-

"आश्चर्यवत् पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः । आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित्" ॥ *(गीता, २।२९)*

यही लक्षण अखण्ड, उदासीन, निष्क्रिय, निरंश, निरपेक्ष, सच्चिदानन्दस्वरूप शिवले शक्तियुक्त भएर विश्वलीला गर्नेबारे आचार्य शङ्करले सौन्दर्यलहरीमा यसरी दर्साएका छन्-

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।
अतस्त्वामाराध्यां हरिहरविरिञ्चादिभिरपि
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यःप्रभवति ॥ *(सौन्दर्यलहरी-१)*

अर्थात् शिव शक्तियुक्त भएर मात्र सृष्टि गर्न सक्छन्, यसो नभएको भए स्पन्दित हुन पनि सक्ने थिएनन् । यसकारण हरि, हर र ब्रह्मा आदिका आराध्यदेवी तिमीलाई प्रणाम गर्ने वा तिम्रो स्तुतिगान गर्ने सामर्थ्य कुन पुण्यहीन मनुष्यमा हुन सक्छ ?

श्रीचक्रकी अधिष्ठातृदेवीको मन्त्रलाई प्रकट गर्न नहुने भएकाले साङ्केतिक रूपमा श्रुतिमा यसरी व्यक्त गरिएको छ–

कामो योनिः कमला वज्रपाणिर्गुहाहसा मातरिश्वाभ्रमिन्द्रः ।
पुनर्गुहा सकला मायया च पुरुच्चैषा विश्वमाताऽऽदिविद्या ॥ *(त्रिपुरोपनिषत्-८)*

आचार्य शङ्करले पनि सौन्दर्यलहरीमा लेखेका छन्-

शिवः शक्तिः कामः क्षितिरथ रविः शीतकिरणः
स्मरो हंसः शक्रस्तदनु च परामारहरयः ।
अमी हृल्लेखाभिस्तिसृभिरवसानेषु घटिता
भजन्ते वर्णास्ते तव जननि नामावयवताम् ॥ *(३२ श्लोक)*

यो हादि मन्त्र हो अनि कादिमन्त्र चाहिँ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मरं योनिं लक्ष्मीं त्रितयमिदमादौ तव मनो-
र्निधायैके नित्ये निरवधिमहाभोगरसिकाः ।
भजन्ति त्वां चिन्तामणिगुणनिबद्धाक्षवलयाः
शिवाग्नौ जुह्वन्तः सुरभिघृतधाराऽऽहुतिशतः ॥ *(३३ श्लोक)*

वरिवस्यारहस्यम् ग्रन्थमा भाष्कररायले वेदहरूको सार गायत्रीका दुई रूप बताएका छन्–

तस्या रूपद्वितयं तत्रैकं यत् प्रपठ्यतेऽस्पष्टम् ।
वेदेषु चतुर्ष्वपि परमत्यन्तं गोपनीयतरम् ॥

अर्थात् ती गायत्रीका दुई रूप छन् । एक स्पष्ट अर्थात् पढ्न सकिन्छ । अर्को अस्पष्ट छ । चारै वेदमा यो दोस्रो रूपको वर्णन अत्यन्त गोपनीय तरिकाले गरिएको छ ।

हादि मन्त्रको सुरुको अक्षर 'ह' हुन्छ । यो मन्त्रको उपासिका अगस्त्य ऋषिपत्नी लोपामुद्रा हुन् । कादिमन्त्र 'क' अक्षरबाट सुरु हुन्छ । यस मन्त्रका उपासक कामदेव हुन् । दुवै मन्त्रमा जम्मा पन्ध्र अक्षर हुन्छन् । त्यसैले यी दुवै मन्त्र पञ्चदशी नामले प्रसिद्ध छन् ।

हादिमन्त्रलाई अगस्त्यपत्नी लोपामुद्राले उपासना गरेकी थिइन् र वर्तमानमा सामान्यतः संन्यासीहरूले उपासना गर्दछन् । कादिमन्त्रको उपासना कामदेवले गरेका थिए र अहिले अन्यले उपासना गर्दछन् । कादिमन्त्रका पन्ध्र अक्षरका देवीहरू यी हुन्-

मदन्तिका मानिनी मङ्गला च सुभगा च सा सुन्दरी सिद्धिमत्ता ।
लज्जामतिस्तुष्टिरिष्टा च पुष्टा लक्ष्मीरुमा ललिता लालपन्ती ॥ *(त्रिपुरोपनिषत्, ६)*

यी पन्ध्र अक्षरहरू पाँच पाँच अक्षरका तीन कूटबाट बनेका छन् । ती कूटहरू क्रमशः अग्नि, सूर्य र सोमरूप हुन् । अनि यिनीहरूलाई क्रमशः वाग्भव, कामराज र शक्तिकूट भनिन्छ ।

महात्रिपुरसुन्दरीको विग्रहको ध्यान यस प्रकारको छ -

सकुङ्कुमविलेपनामलिकचुम्बिकस्तूरीकां
समन्दहसितेक्षणां सशरचापपाशाङ्कुशाम् ।
अशेषजनमोहिनीमरुणमाल्यभूषाम्बरां
जपाकुसुमभासुरां जपविधौ स्मरेदम्बिकाम् ॥

अर्थात् कस्तूरीसहितको कुङ्कुम लगाएकी, मन्दमुस्कान गरिरहेकी, हातमा धनु, बाण, अङ्कुश र पाश लिएकी, समस्त प्राणीलाई मोहित पार्ने अरुण रङ्गको माला र वस्त्र लगाएकी, जपाकुसुम फूलको जस्ती तेजिली अम्बिकाको ध्यान गर्छु ।

अनि यिनको आसनबारे आचार्य शङ्करले यस्तो लेखेका छन् -

गतास्ते मञ्चत्वं द्रुहिणहरिरुद्रेश्वरभृतः
शिवः स्वच्छच्छायाघटितकपटप्रच्छदपटः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वदीयानां भासां प्रतिफलनरागारुणतया
शरीरी शृङ्गारो रस इव दृशां दोग्धि कुतुकम् ॥ *(सौन्दर्यलहरी– १२)*

अर्थात्-ब्रह्मा, हरि, रुद्र र ईश्वर तिम्रो आसनका चार खुट्टा हुन् । त्यसमाथि बिछ्याइएको स्वच्छ छायाबाट बनेको काठरूपी मायाको आसन शिव हुन्, जुन तिम्रो प्रभा झल्केको कारणले अरूण देखिएको प्रतीत हुन्छ र शृङ्गाररसको शरीरी बनेर द्रष्टाको दृष्टिमा कौतूहल उत्पन्न गरिरहेको छ।

पञ्चदशीमन्त्रमा गुरुमुखबाट बीजमन्त्र थपिएपछि षोडशीको मन्त्र बन्दछ। षोडशीमन्त्रलाई साङ्केतिक रूपमा पनि प्रकाशित गर्न निषिद्ध छ र अत्यन्त गोप्य भएको हुनाले गुरुमुखगम्य षोडशीमन्त्रदान पात्रताको परीक्षण गरेर मात्र गर्न सकिने व्यहोरा ब्रह्माण्डपुराण अन्तर्गतको श्रीललितात्रिशतिनामको तलको वाक्यले पुष्टि गर्दछ -

राज्यं देयं शिरो देयं न देया षोडशाक्षरी अर्थात् राज्य देऊ, शिरै देऊ तर षोडशाक्षरीमन्त्र नदेऊ।

५) श्रीयन्त्रका आवरणदेवीहरू

स्थान	चक्रको नाम	अधिष्ठातृदेवी
१) बिन्दु	सर्वानन्दमय	महात्रिपुरभैरवी
२) त्रिकोण	सर्वसिद्धिप्रद	त्रिपुराम्बा
३) अष्टकोण	सर्वरोगहर	त्रिपुरसिद्धा
४) अन्तर्दशारकोण	सर्वरक्षाकर	त्रिपुरमालिनी
५) बाह्य दशारकोण	सर्वार्थसाधन	त्रिपुराश्री
६) चतुर्दशारकोण	सर्वसौभाग्यदायक	त्रिपुरवासिनी
७) अष्ट दल	सर्वसङ्क्षोभण	त्रिपुरसुन्दरी
८) षोडश दल	सर्वाशापूरक	त्रिपुरेशी
९) तीन वृत्त र चतुष्कोण(भूपुर)	त्रैलोक्यमोहन	त्रिपुरा

श्रीयन्त्र समस्त व्यक्त-अव्यक्त सत्ताको प्रतीक हो, प्रतिकृति हो। यसमा केन्द्रको बिन्दुले अव्यक्त अर्थात् विश्वोत्तीर्ण अद्वैत र परिपूर्ण अवस्था जनाउँछ भने बाहिरका अरू आठ आवरण वा चक्रहरूले अनन्त नाम र रूपका चराचर जगत्लाई जनाउँछन्। बिन्दु परिपूर्ण-अखण्ड-अद्वैत सत्ता हो। सच्चिदानन्द ब्रह्म हो। बिन्दु निष्कल छ, निरवयव छ। त्यसैले कुनै दर्शन यसलाई शून्य मानी अभाव मान्दछ। तर श्रीयन्त्रको केन्द्रको बिन्दु निष्कल निरवयव भएर पनि परिपूर्ण छ, अपरिणामी छ। यो स्वरूपलक्षणलाई श्रुतिले– **अणोरणीयान्** र **नेति नेति** भनी बताएको छ। यो परमात्माको विश्वोत्तीर्ण अवस्था हो। निष्कल ब्रह्ममा जब **एकोऽहं, बहुः स्यां प्रजायेय** भन्ने इच्छा हुन्छ तब आफैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजृम्भण (विस्तार) भई पहिले दुई त्यसपछि अनन्त रूप र नाममा आफैं विभूतिस्वरूप सकल जगत् प्रकट हुन्छ। यही तथ्य श्रुतिले **सर्वमखिलं ब्रह्म** अर्थात् समस्त चराचर जगत् त्यही अद्वैत ब्रह्म हो भनी उद्घोष गर्छ। श्रीमद्देवीभागवतमा जगदम्बा स्वयंले **सर्वं खल्विदमेवाहं नान्यदस्ति सनातनम्** भनेर सम्पूर्ण सनातन तत्त्व र वस्तु म नै हुँ अरू केही छैन भन्नुभएको छ। त्यसको स्वरूपबारे श्रुति **महतो महीयान्** भनी अनन्त छ भन्दछ। चराचर जगत् सकल छ, सावयव छ, कालाधीन छ, देशाधीन छ, परिणामी छ, ज्ञेय छ र ध्येय छ। यो परमात्माको विश्वमय अवस्था हो। यस जगत्बारे जान्नबुझ्न सबै भौतिक वैज्ञानिकहरू निरन्तर क्रियाशील भइरहेका छन्।

मानवशरीरलाई पिण्ड भनिन्छ। **यथा पिण्डे तथा ब्रह्माण्डे** भन्ने उक्तिअनुसार मानवदेहमा समस्त जगत् सूक्ष्मरूपमा अवस्थित छ। श्रीयन्त्रमा जस्तै मानवदेहमा पनि विश्वोत्तीर्ण र विश्वमय सत्ता अवस्थित छन्। यी दुईको सम्बन्ध र स्थानहरू निम्नानुसार छन्–

श्रीयन्त्र मानवदेहमा	चक्र	स्थान
१) बिन्दु	सहस्रार	ब्रह्मरन्ध्र
२) त्रिकोण	आज्ञा	भ्रूमध्य
३) अष्टकोण	लम्बिकाग्र	तालु
४) अन्तर्दशार	विशुद्ध	कण्ठ
५) बहिर्दशार	अनाहत	हृदय
६) चतुर्दशार	मणिपुर	नाभि
७) अष्टदल	स्वाधिष्ठान	उपस्थमाथि
८) षोडश दल	मूलाधार	उपस्थ र पायुका बीच
९) भूपुर	विषुवत्	कन्दको तलको टुप्पो

पराशक्ति अद्वय छ, एउटै छ। यसका दुई रूप छन्– जड र चित्। **चिच्छक्तिश्चेतनारूपा जडशक्तिर्जडात्मिका** जडशक्ति प्रकाश, ताप, गुरुत्वाकर्षण आदि सम्पूर्ण भौतिक शक्ति हुन् जुन प्रत्यक्ष अनुभूत कर्मेन्द्रिय र ज्ञानेन्द्रियद्वारा व्यवहारमा आउँछन् र नाप्न पनि सकिन्छ। चित्शक्ति सूक्ष्म छ, यसलाई नाप्न सकिन्न तर अनुभव गर्नचाहिँ सकिन्छ। यो सूक्ष्मशक्तिका पनि तीन रूप छन्–

१) पञ्चदशीको रूपमा सूक्ष्म– पन्ध्र अक्षरको वर्णात्मक।

२) कामकलाको रूपमा सूक्ष्मतर– देवनागरी लिपिको बाह्रौं वर्ण बिन्दुसहित

३) कुण्डलिनीको रूपमा सूक्ष्मतम– कुनै प्रकारको सङ्केतले चिनाउन नसकिने केवल भावना र अनुभवगम्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावना आर्थी (वाच्य) र शाब्दी वाचक गरी दुई प्रकारका हुन्छन्। योगिनीहृदयअनुसार आर्थी भावनाका तीन भेद छन्–

आज्ञान्तं सकलं प्रोक्तं ततः सकलनिष्कलम्।
उन्मन्यन्ते परे स्थानं निष्कलं च त्रिधा स्थितम्।

अर्थात् मूलाधारदेखि आज्ञाचक्रसम्म सगुण, त्यहाँदेखि उन्मनीसम्म सगुण–निर्गुण, त्यसपछि सहस्रारमा निर्गुणको स्थिति छ।

शाब्दी भावनाअन्तर्गत संवित् ज्ञानशक्ति विशेष गुणले युक्त भएर वर्ण–पद –मन्त्रको रूप धारण गर्छिन् अनि शब्दब्रह्ममयी कुण्डलिनी व्यापिकारूपी शक्तिलाई जन्माउँछिन्। यो मन्त्रमय जगत्को सृष्टिक्रम यस प्रकार छ–

व्यापिका, महानाद, नाद, निरोधिका, अर्धेन्दु, बिन्दु, परा, पश्यन्ती, मध्यमा र वैखरी। यसलाई निम्न श्लोकहरूले व्यक्त गरेका छन्–

यदा भवति सा संवित् त्रिगुणीकृतविग्रहा।
सा प्रसूते कुण्डलिनी शब्दब्रह्ममयी विभुः ॥
शक्तिस्ततो ध्वनिस्तस्मान्नादस्तस्मान्निरोधिका।
ततोऽर्धेन्दुस्ततो बिन्दुस्तस्मादासीत्परा ततः ॥
पश्यन्ती मध्यमा वाणी वैखरीसर्गजन्मभूः।
इच्छाज्ञानक्रियात्माऽसौ तेजोरूपा गुणात्मिका ॥
क्रमेणानेन सृजति कुण्डलिन्यर्णमालिकाम्।
विश्वात्मना प्रबुद्धा सा सूते मन्त्रमयं जगत् ॥

अर्थात् जब संवित् विशेष गुणयुक्त भएर मन्त्रशरीर धारण गर्छिन् तब ती शब्दब्रह्ममयी, तेजोमयी, त्रिगुणात्मिका, इच्छा-ज्ञान-क्रियास्वरूपा कुण्डलिनी विभु (व्यापिका) रूपबाट शक्तिलाई जन्म दिन्छिन्, त्यसपछि क्रमशः शक्तिबाट ध्वनि (महानाद) नाद, निरोधिका, अर्धेन्दु, बिन्दु, परा, पश्यन्ती, मध्यमा, वैखरी वर्णमालाको जन्म दिन्छिन् अनि जब ती विश्वात्मिका प्रबुद्ध हुन्छिन् तब समस्त मन्त्रमय जगत्लाई जन्म दिन्छिन्। नादको व्याख्या भाष्कररायले यसरी गरेका छन्–

ह्रींकारादिषु बिन्दोरूपर्यर्धचन्द्ररोधिनी नादनादान्तशक्तिव्यापिकाः
समनोन्मन्याख्याः सूक्ष्मसूक्ष्मतररूपा अष्टौ वर्णा वर्तन्ते।

अर्थात् ह्रीं आदि(ॐ,हुं आदि)मन्त्रमा बिन्दुमाथि अर्धचन्द्रिका, रोधिनी, नाद, नादान्त (महानाद), शक्ति, व्यापिका, समनी र उन्मनी नाम भएका सूक्ष्म, सूक्ष्मतर र सूक्ष्मतम आठ वर्ण हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदशीका मन्त्रमा पन्ध्र अक्षर, पन्ध्र तिथिहरू र षोडशीको सोहौँ अक्षर चितिरूपा अमावस्या निर्विकल्प अवस्था हो। आध्यात्मिक स्तरमा मानवशरीरमा मूलाधारदेखि आज्ञाचक्रमाथिको निरोधिकासम्म प्रतिपदादेखि दशमीसम्मका तिथि रहन्छन्। निरोधिकामा एकादशी, नादमा द्वादशीको स्थान छ। शरीरमा तलका पाँच चक्रको सम्बन्ध कर्मेन्द्रियहरूसँग र आज्ञादेखि अर्धेन्दुसम्मका पाँच ज्ञानेन्द्रियसँग सम्बद्ध छन्। यसरी दश अक्षरको सम्बन्ध दश इन्द्रियसँग हुन्छ। मन एकादशी हो, बुद्धि द्वादशी, चित्त त्रयोदशी, अहङ्कार चतुर्दशी र पूर्णिमा महत्तत्त्व हुन्। अमावास्या निर्विकल्प स्थिति हो। अन्तिम सीमा हो। यस क्रमलाई कठोपनिषत्मा–

महतः परमव्यक्तमव्यक्तात्पुरुषाः पराः।
पुरुषान्न परं किञ्चित्सा काष्ठा सा परा गतिः।

अर्थात् महत्‌तत्त्वभन्दा सूक्ष्म अव्यक्त, अव्यक्तभन्दा सूक्ष्म परम पुरुष हुन्। यसभन्दा पर केही पनि छैन। यही नै परमगतिको स्थान हो। भगवान् श्रीपशुपति यिनै हुन् र उनको प्रतीकरूप श्रीयन्त्रको केन्द्रबिन्दु हो।

श्रीयन्त्रमा र मानवदेहमा श्रीविद्याको कहाँ, कसरी उपासना गरिन्छ, त्यसको सङ्केत पछि आउनेछ, विधि र विस्तारचाहिँ गुरुमुखगम्य छ।

६) श्रीविद्यासपर्या

सपर्याको अर्थ वरिवस्या, पूजा, अर्चना, उपासना, सेवा आदि हुन्छ। श्रीविद्याको अर्थ श्रीयन्त्रको आधिष्ठातृदेवी पराम्बा राजराजेश्वरी महात्रिपुरसुन्दरी हुन्छ। प्रत्येक देवताको तीन रूप हुन्छ- १) मूर्ति २) यन्त्र ३) मन्त्र। मूर्ति प्रत्यक्ष स्पष्ट सावयव स्थूलरूप हो। यन्त्र साङ्केतिक अधिष्ठान हो। मन्त्र सूत्ररूपको वर्णात्मक सूक्ष्मस्वरूप हो। मूर्ति र यन्त्र देवताका अधिष्ठान हुन् र मन्त्र वाङ्मयमूर्ति नै हो। शास्त्रीय परम्परामा देवताको मन्त्रलाई **मन्त्र** भनिन्छ भने देवीको मन्त्रलाई विद्या भनिन्छ। तसर्थ श्रीविद्याको अर्थ त्रिपुरसुन्दरीको मन्त्र भन्ने हुन्छ। विश्वोत्तीर्ण अवस्था निष्कल, निरञ्जन भएकाले त्यहाँ पूजाअर्चना त के कुरा भावनासम्म पनि गर्न सकिँदैन। यो अवस्था अनुभूतिगम्य हो, आन्तरिक वा वाह्य इन्द्रियगम्य होइन। श्रीविद्याको उपासना गर्ने अधिकारीको भेदअनुसार तीन क्रम छन्–

१) सृष्टिक्रम - केन्द्रीय बिन्दुबाट आरम्भ गरी सबभन्दा बाहिरी आवरण भूपुरसम्म गरिने आवरण पूजा।

२) लय वा संहारक्रम - भूपुरबाट आरम्भ गरी बिन्दुमा टुङ्ग्याउने गरी गर्ने आवरण पूजा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) स्थितिक्रम - भूपुरबाट आरम्भ गरी अष्टदल कमलसम्म पूजा गरी त्यहीँ नै बिन्दुको पूजा गर्ने र त्यसपछि चतुर्दशारकोणदेखि त्रिकोणसम्म गरिने आवरण पूजा।

सामान्यतः ब्रह्मचारीले सृष्टिक्रमले, गृहस्थले स्थितिक्रमले र संन्यासीले संहारक्रमले पूजा गर्छन्।

श्रीविद्याका बाह्र प्रकार भएको व्यहोरा विद्यारण्यस्वामीलिखित श्रीविद्यार्णवतन्त्रमा यसरी बताइएको छ–

मनुश्चन्द्रः कुबेरश्च लोपामुद्राऽथ मन्मथः।
अगस्त्यो नन्दिसूर्यश्च इन्द्रः स्कन्दः शिवस्तथा॥
क्रोधभट्टारको देव्या द्वादशैते उपासकाः॥

उपर्युक्त बाह्रजना उपासकहरूका छुट्टाछुट्टै पञ्चदशी मन्त्र छन्। वर्तमानमा लोपामुद्राको हादिमन्त्र र कामदेवको कादिमन्त्र मात्र व्यवहारमा चलेका छन्।

श्रीविद्या उपासनाका तीन अङ्ग छन्- मन्त्र, यन्त्र र तन्त्र (पद्धति)। श्रीविद्याको उपासना पञ्चदशीमन्त्रको दीक्षाबाट आरम्भ हुन्छ। त्यसपछि मात्र श्रीचक्रको पूजा गर्ने अधिकार प्राप्त हुन्छ। श्रीयन्त्र तीन प्रकारको हुने कुरा माथि वर्णन भइसकेको छ। यो यन्त्र दुई तरिकाले निर्माण गरिन्छ - स्थायी र अस्थायी। स्थायी श्रीयन्त्र रत्न, धातु, स्फटिक पाषाण, काठ आदिमा कुँदेर वा रेखा कोरेर निर्माण गरिन्छ। पूजा गर्दा रेखाहरूमा चन्दन, सिन्दूर वा कुङ्कुमको लेपले भर्नुपर्दछ। अस्थायी श्रीयन्त्र पूजाका लागि श्रीखण्डचन्दनको लेप, कुङ्कुम वा सिन्दूरमा कुश वा दारिमको सिन्काले रेखा कोरेर निर्माण गरिन्छ। यसरी निर्मित श्रीयन्त्रमा गुरुबाट प्राप्त पद्धतिअनुसार पूजा गरिन्छ।

पूजाका तीन स्तर छन्- बाह्य, आन्तरिक र महापूजा। श्रीविद्याको भाषामा यिनलाई बहिर्याग, अन्तर्याग र महायाग अथवा अपरा, परापरा र परा पूजा भनिन्छ। स्थूल श्रीयन्त्रमा विभिन्न द्रव्यद्वारा गरिने पूजा बहिर्याग हो। आफ्नो शरीरलाई नै श्रीयन्त्रका रूपमा भावनाद्वारा पूजा गर्नु अन्तर्याग हो र समस्त क्रियालाई त्यागेर परमतत्त्वको अनुभव गर्नु महायाग हो। माण्डूक्यकारिकामा यसलाई **अस्पर्शयोग** नाम दिइएको छ। यस्तो महापूजाको दिग्दर्शन श्रीभगवद्गीतामा यसरी दिइएको छ - **आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत्** (*गीता, ६।२५*)। आचार्य शङ्करले यस पद्धतिलाई आफ्नो भाष्यमा **एष योगस्य परमो विधिः** अर्थात् यो योगको उत्कृष्ट विधि भनेका छन्। महायाग वा महापूजामा कुनै द्रव्य वा विधिविधानको आवश्यकता पर्दैन। अधिकारीभेद, पूर्वसंस्कार र आध्यात्मिक स्तरअनुसार गुरुले शिष्यलाई उपयुक्त पूजापद्धति प्रदान गर्दछन्। अर्को तरिकाले हेरेमा पूजा तीन प्रकारका छन् -नित्य, नैमित्तिक र काम्य। नित्यपूजा उपासकले आफ्नो भावना, सामर्थ्य र अवस्थाअनुसार आफ्नो इष्टदेवको नियमित रूपमा सदैव गरिने पूजा हो। यो पूजा विधिवत् प्रतिष्ठापित श्रीविग्रहमा नित्य गर्नै पर्छ नत्र प्रत्यवाय लाग्छ। नैमित्तिकपूजा पर्वपर्वमा र निश्चित तिथिमितिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिने पूजा हो । काम्यपूजा कामनापूर्तिका लागि अर्थार्थीले गर्ने पूजा हो । श्रीपशुपतिनाथको पूजाको प्रसङ्गमा, श्रीपशुपतिनाथ ब्रह्मादि स्थावरान्त सबै पशुका पति भएका र राष्ट्रदेव मानिएकाले उहाँको पूजा काम्य हुनुपर्दछ । यसको लागि पूजाको सङ्कल्प, सामग्री, द्रव्यशुद्धि अर्चकको अधिकारिता, आचरण र योग्यता, कालनिर्णय, पूजाक्रम आदि निर्धारित हुनुपर्दछ । भगवान् श्रीपशुपतिनाथको श्रीविग्रह शिव र शिवाको समष्टि हो । पशुपति व्यक्ताव्यक्त परमतत्त्व भएकाले परमेश्वरको श्रीविग्रहको अर्चना गर्ने अधिकार **पाशुपतास्त्रमन्त्र**को दीक्षा आधिकारिक रूपमा विधिवत् प्राप्त गरेपछि मात्र हुन्छ, अन्यथा हुँदैन । **पाशुपतास्त्रमन्त्र** तीन स्तरका छन्– १) **लघुपाशुपतास्त्र** २) **मध्यपाशुपतास्त्र** ३) **महापाशुपतास्त्र** । जसरी श्रीविद्याको अर्चना गर्ने अधिकार **पञ्चदशी** मन्त्र प्राप्त गरेपछि पाइन्छ त्यस्तै श्रीपशुपतिनाथको पूजाअर्चना गर्ने अधिकार लघुपाशुपतास्त्र मन्त्र प्राप्त गरेपछि मात्र पाइन्छ ।

श्रीविद्या ब्रह्मविद्या हो, रहस्य विद्या हो । यसको उपासनाक्रम र पद्धति उपासकको अधिकार र योग्यताअनुसार गुरुमुखगम्य छ र गोप्य छ । यसो हुनुको कारण सौन्दर्यलहरीमा आचार्य शङ्करले यसो भनेका छन्-

चतुःषष्टयातन्त्रैः सकलमतिसंधाय भुवनं
स्थितस्तत्तत्सिद्धिप्रसवपरतन्त्रैः पशुपतिः ।
पुनस्त्वन्निर्बन्धादखिलपुरुषार्थैकघटना
स्वतन्त्रं ते तन्त्रं क्षितितलमवातीतरदिदम् ।। *(३१ श्लोक)*

अर्थात् श्रीपशुपतिले ६४ तन्त्रद्वारा सम्पूर्ण भुवन भरेर प्रत्येकले आआफ्नो विषयअनुसारको सिद्धि दिने गरे । तिम्रो आग्रहअनुसार सबै पुरुषार्थको सिद्धि दिने एउटै तन्त्र भूतलमा उतारे । श्रीविद्याको उपासनाबाट धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ सिद्ध हुन्छन् । यस्तो महत्त्वपूर्ण विद्या गुह्य हुनुमा के आश्चर्य ?

अब उपासना कुन उद्देश्यले गरिन्छ त्यसबारे विचार गरौं । भगवान् श्रीकृष्णले गीतामा भनेका छन् –

"चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।"

अर्थात् चार किसिमका मानिसले ईश्वरको उपासना गर्छन् । ती हुन्–

१) आर्त-पीडित, दुःखी, (दुःख, पीडा हटाउन)
२) जिज्ञासु (ज्ञान पाउन, अज्ञान हटाउन)
३) अर्थार्थी (कामना पूर्ति गर्न)
४) ज्ञानी (निष्काम भावले लोकसङ्ग्रहका लागि)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकमा दुःख, कष्ट, रोग, व्याधि आइपरेमा देवीदेवताको भाकल गरी पूजा गर्ने गराउने प्रथा व्यापक र सर्वविदित छ। यस्तो उपासना आर्तबाट हुन्छ। ज्ञानप्राप्तिका लागि गुरुरूप ईश्वरको सुश्रूषा, तपश्चर्या, ब्रह्मचर्यव्रत, वेदाध्ययन जिज्ञासुले गर्दै आएका छन्। अर्थार्थीले त वाञ्छित फलका लागि सङ्कल्प गरी यज्ञयज्ञादि गर्ने गरेको सबैको अनुभव छ। पुत्रप्राप्तिका लागि पुत्रेष्टि र हरिवंशपुराण आदि आयोजना गरिन्छ भने विभिन्न कामना राखी सोही अनुसारको सङ्कल्प गरी पूजा अर्चना गर्ने गराउने सर्वविदित छ। ज्ञानी भने स्वभावतः निष्काम उपासना गर्छ, केवल इष्टदेवको प्रीतिका लागि र लोकसङ्ग्रहका लागि। यसो गर्दै जाँदा मोक्ष वा कैवल्य प्राप्ति हुन्छ।

उपर्युक्त चार थरी उपासकहरूको उपासनाको फल दुःखनिवृत्ति, सुखप्राप्ति, कामनाअनुसार वाञ्छित फलप्राप्ति, भोग वा मोक्षप्राप्ति हुन्छ। श्रीविद्याका उपासकले भने दुवै पाउने शास्त्रीय वचन यस्तो छ -

श्रीसुन्दरीसेवनतत्पराणां भोगश्च मोक्षश्च करस्थ एव अर्थात् त्रिपुरसुन्दरीको उपासनाबाट भोग र मोक्ष दुवै प्राप्त हुन्छ।

उपसंहार

सनातन वैदिक उपासनामा अग्निउपासना प्रमुख छ। ऋग्वेदको पहिलो मन्त्र **अग्निमीडे पुरोहितम्..** हो। **अग्निर्मुखं प्रथमो देवतानाम्** भनिएको छ। यास्काचार्यले अग्निको अर्थ अग्रणी भनेका छन्। अग्निको रङ्ग अरुण अर्थात रातो हुन्छ। भगवती त्रिपुरसुन्दरीको रङ्ग पनि रातै मानिएको छ। त्यसैले उनको एउटा नाम अरुणा हो। अग्नि विभिन्नि प्रकारका छन्– स्थूल अग्नि, चिदग्नि, ब्रह्माग्नि, ज्ञानाग्नि, योगाग्नि आदि। प्रज्ज्वलित अग्निमा दिएको आहुति जलेर शान्त भएपछि अग्नि आफ्नो स्वरूप ब्रह्ममा विलीन हुन्छ। साथै अग्निको आआफ्नो नाम अनुसार तत्तत् कार्य सम्पन्न हुन्छ। जस्तै, वैश्वानरले पाचन, वडवानलले प्रलय आदि। अग्निमा दिइएका आहुतिहरू जुनजुन देवतालाई लक्ष्य गरिएका छन् तिनैकहाँ पुग्दछन्। **अग्निर्मुखं प्रथमो देवतानाम्**को अर्थ यही हुन्छ। यो भयो स्थूल अग्निको प्रकरण। सूक्ष्मरूपमा चिदग्नि, ब्रह्माग्नि, योगाग्नि, ज्ञानाग्नि आदि श्रुति, स्मृति र तन्त्रहरूमा वर्णन गरिएका छन्। जस्तैः **अग्निःकला सूर्यःकला चन्द्रःकला विद्युत्कलैष वै सौम्य चतुष्कलाः पादो ब्रह्मणो ज्योतिष्मान्नाम।** *(छान्दोग्योपनिषत्, ४।७।३)* अर्थात् **ज्योतिष्मान्** नाम भएका ब्रह्मका चार पाउहरू अग्निकला, सूर्यकला, चन्द्रकला र विद्युत्कला हुन्। वाणीलाई ब्रह्म मानेर उपासना गर्ने विधि उपनिषत्हरूमा **वाचं ब्रह्मेति उपास्ति** *(छान्दोग्योपनिषत्, ७।२।२)* **वाग्वै ब्रह्मेति** *(बृहदारण्यकोपनिषत्, ४।१।२)* भनेर बताइएको छ। वाणी अर्थात् वाक्लाई **तेजोमयी वाक्** भनेर वाक्लाई अग्निको सूक्ष्म रूप मानिएको छ। शिवको प्राकट्य ज्योतिर्लिङ्गरूपमा भएको सर्वविदित छ। ज्योति अग्निकै रूपहो। शिवको सत् रूपबाट भएको पहिलो स्पन्दन चित् हो। त्यसपछि आनन्द हो। ललितासहस्रनाममा भगवतीलाई **चिदग्निकुण्डसम्भूता** भनिएकाले चित् र त्यसबाट उत्पन्न चितिशक्ति एकै हुन्। त्यसै गरी सप्तशती चण्डीमा **चितिरूपेण**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् भनेर सम्पूर्ण पदार्थहरूलाई निरन्तर प्रकाशित गर्ने अखण्ड ज्ञानरूपी भगवतीको देवताहरूले स्तुति गरेका छन्। यो अखण्ड ज्ञान अग्निको कारणरूप हो। यही अग्निको कारणरूप चितिशक्तिको भावना गर्नु श्रुतिप्रतिपादित ज्ञानमार्ग हो। त्यसै गरी अग्निको सूक्ष्मरूप वाक् (वाणी) द्वारा जप गर्नु उपासनामार्ग हो। श्रीयन्त्रमा द्रव्य अर्पण गरी अर्चना गर्नु एवम् स्थूल अग्निमा आहुति दिनु कर्ममार्ग (कर्मकाण्ड) हो। यी परमेश्वरका सगुणोपासनाका तीन भेदहरू हुन्।

वैदिक सनातन उपासनामा साधनाद्वारा आत्मोन्नति गर्ने पद्धतिहरूका आधार तथा सिद्धान्त यिनै हुन्। यही आधार एवम् सिद्धान्तलाई अरुणा, कामेश्वरी, महात्रिपुरसुन्दरी, राजराजेश्वरी, ललिता, श्री आदि नाम र रूपलाई उपास्य मानी आश्रम, जाति, देश, वर्ण, लिङ्ग आदिको कुनै पनि भेदविना सबैले उपासना गर्न सक्ने अधिकार तथा अवसर प्रदान गरी भगवान् श्रीपशुपतिनाथबाट समस्त मनुष्यमाथि अनुग्रह भएको छ। यही व्यहोरा सौन्दर्यलहरीमा यसरी व्यक्त गरिएको छ–

चतुःषष्ट्यातन्त्रैः सकलमतिसंधाय भुवनं
स्थितस्तत्तत्सिद्धिप्रसवपरतन्त्रैः पशुपतिः।
पुनस्त्वन्निर्बन्धादखिलपुरुषार्थैकघटना
स्वतन्त्रं ते तन्त्रं क्षितितलमवातीतरदिदम्॥ *(३१ श्लोक)*

अर्थात् भगवान् श्रीपशुपतिनाथले चौसठ्ठी तन्त्रद्वारा अरूले सबै भुवनलाई भरेर छुट्टाछुट्टै सिद्धिहरू दिने व्यवस्था गरे। त्यसपछि फेरि तिम्रै आग्रहले गर्दा सम्पूर्ण पुरुषार्थहरूको सिद्धि दिने तिम्रो स्वतन्त्र तन्त्र पृथ्वीमा उतारे। यो स्वतन्त्र तन्त्र भनेको श्रीविद्या नै हो। यसरी वैदिक सनातन अग्नि उपासकलाई सार्वकालिक, सार्वजनीन र सार्वदेशिक रूपमा श्रीविद्याको सपर्या गर्ने अधिकार एवम् अवसर प्रदान गरी समस्त मानवजातिलाई आत्मोन्नति गर्ने कृपा भएकाले श्रीपशुपतिनाथको शिव अर्थात् कल्याण नाम पूर्णतः सार्थक भएको छ।

अग्निमा दाहकत्व, जलमा शीतलता, चन्द्रमा चाँदनी, वाणीमा अर्थ भएजस्तै शिवमा सामरस्य रूपमा रहेको शक्तिको उपासनाबाट शिव र शिवा दुवैको संपृक्त रूप भगवान् श्रीपशुपतिनाथ हुन्। सप्तशती चण्डीमा **यदभूच्छाम्भवं तेजस्तेनाजायत तन्मुखम्** अर्थात् भगवान् शम्भुको तेजबाट भगवतीको मुख निर्माण भएको तथा **शैवी मुखमिहोच्यते** अर्थात् शिवको मुख शक्ति हुन् भन्ने शास्त्रीय वचन छ। जसरी व्यक्तिको परिचय उसको मुख (अनुहार) बाट हुन्छ, त्यस्तै शिवको ज्ञान शक्तिद्वारा नै हुन्छ। यही नै श्रीपशुपतिनाथको साक्षात्कार गर्ने मार्ग हो।

अन्त्यमा **विषयेषु सर्वेषु च यथाभागमवस्थितः। यत्र यत्र निरूप्येत नाशिवं विद्यते क्वचित्॥** अर्थात् जहाँ जे देखिन्छ शिवबाहेक केही छैन। सबै शिवमय छ, शिव नै हो।

॥ शिवमस्तु ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्री

श्रीविद्यार्णवतन्त्र, स्वामी विद्यारण्य

कल्याण, **वेदकथाङ्क**, वर्ष ७३, सङ्ख्या १-२, *गोरखपुरः गीताप्रेस, ई.१९९९ ।*

कल्याण, **शिवाङ्क**, वर्ष ८, विशेषाङ्क, *गोरखपुरः गीताप्रेस, वि.सं. २०५३ ।*

शिवसूत्र (क्षेमराजकृत विमर्शिनीव्याख्यासहित), (अनु.) जयदेव सिंह, दिल्ली : मोतीलाल बनारसीदास, *ई. २०१२ ।*

वसुगुप्त, **स्पन्दकारिका** (क्षेमराजकृत निर्णयव्याख्यासहित) (अनु.) जयदेव सिंह, *दिल्ली :* मोतीलाल बनारसीदास, *ई. २०१४ ।*

उपनिषत्सार, भट्टराई, शरत्कुमार ।

ब्रह्मसूत्रसार, भट्टराई, शरत्कुमार ।

श्रीसाधना, कविराज गोपीनाथ ।

विजिज्ञासा, कविराज गोपीनाथ, दिल्ली : कारनीय विद्या प्रकाशन, *ई. १९८२ ।*

शिवस्तोत्ररत्नाकर, गीताप्रेस ।

सौन्दर्यलहरी, जगद्गुरु श्रीशङ्कराचार्य, (अनु.) स्वामी *विष्णुतीर्थ, ऋषिकेश योगश्री पीठ, ई. १९८७ ।*

श्रीललितासहस्रनामस्तोत्रं (सौभाग्यभास्कर व्याख्यासहित), *दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान, ई. १९८६ ।*

शाक्त उपनिषत्सङ्ग्रह, (सम्पा.) महादेव शास्त्री, मद्रास : आड्यर पुस्तकालय, *ई.सं. १९५० ।*

श्रीतन्त्रालोक, (जयरथकृतविवेक व्याख्यासहित), अभिनवगुप्त, (सम्पा.) परमहंस मिश्र, *वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई. १९९६ ।*

शिवदर्शन महाकाव्य, अग्निहोत्री रामप्रसाद गौतम, *काठमाडौं : माया गौतम, वि.सं. २०६७*

पाशुपत ब्रह्मोपनिषत्, (अनु.) योगीराज कृष्णानन्द

अखण्ड महायोग का पथ, कविराज गोपीनाथ, *पटना : विहार राष्ट्रभाषा परिषद्, ई. १९८४*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवदृष्टि, सोमानन्द, (अनु.) राधेश्याम चतुर्वेदी, *वाराणसीः वाराणसेय संस्कृत संस्थान, वि.सं. २०४३ ।*

तन्त्र और आगमशास्त्रों का दिग्दर्शन, गोपीनाथ कविराज, *पटनाः विहार राष्ट्रभाषा परिषद्, वि.सं. २०३४ ।*

श्रीपरात्रिंशिका, (अनु.) नीलकण्ठ गुरुटू ।

नेपालमाहात्म्य आचार्य, लोकनाथ ।

श्रीविद्यावरिवस्या, स्वामी करपात्री ।

कल्याण, शिवोपासनाङ्क, अङ्क ६७, विशेषाङ्क, *गोरखपुर : गीताप्रेस, ई. १९९३ ।*

श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य, ज.ब.रा, धनशम्शेर र भट्टराई, कृष्णप्रसाद, (सम्पा.) नन्दन भट्टराई, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५४ ।

पशुपतिप्रत्यभिज्ञा, भट्टराय, चूडानाथ ।

श्रीईश्वरप्रत्यभिज्ञा, उत्पलदेव ।

ईशादि नौ उपनिषत्, गोरखपुर : गीताप्रेस ।

वरिवस्यारहस्य, (प्रकाशव्याख्यासहित), भाष्करराय, (अनु.) श्यामाकान्त द्विवेदी, *वाराणसीः चौखम्बा सुरभारती प्रकाशन, ई. २००५ ।*

श्रीमद्भगवद्गीता, (शाङ्करभाष्यसहित), *गोरखपुर : गीताप्रेस, वि.सं. २०६७ ।*

श्रीविष्णुसहस्रनाम, (शाङ्करभाष्यसहित), *गोरखपुर : गीताप्रेस, वि.सं. २०६६ ।*

उपनिषत्संग्रह, शास्त्री, जगदीश, *दिल्ली : मोतीलाल बनारसीदास, ई. २०११ ।*

माण्डूक्योपनिषत्कारिका, स्वामी रामानन्द गिरि ।

कुलार्णवरहस्य, ज.ब.रा, धनशम्शेर ।

श्रीदक्षिणामूर्तिस्तोत्र, जगद्गुरु शङ्कराचार्य, (अनु.) स्वामी रामानन्द गिरि ।

श्रीललितात्रिशती, जगद्गुरु शङ्कराचार्य, (अनु.) रविशङ्कर शास्त्री ।

दि प्रेजेन्स अफ शिव, स्टेला क्राम्रिश ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगुह्येश्वरीपीठ

–रथी धनशमशेर ज.ब.रा.

नेपाल पचास पीठमध्येको तेस्रो पीठ हो । त्यसैले यहाँ घरघरैमा भनेजस्तो एउटी एउटी कुमारी विराजमान छिन् । यस पीठको मुख्य देवता गुह्येश्वरी हुन् । अब तिनको विषयमा यहाँ वर्णन गरी यस लेखको आरम्भ गर्दछु ।

गुह्येश्वरी पीठको बारेमा मृगस्थलीबाट प्रकाशित देवमाला वंशावली नामक पुस्तकमा यस्तो लेखिएको छ– आदियुगमा दक्ष प्रजापतिका अपमानले यज्ञकुण्डमा फाल हाली प्राणमुक्त भएकी सतीदेवीको लास महादेवले बोकी हिंडेको मनुष्य कीट पतङ्गदेखि तेत्तीसकोटि देवतासमेतले सहन नसकी श्रीवैकुण्ठनाथ विष्णुकहाँ बिन्ती गर्न गए । त्यसपछि वैकुण्ठनाथ विष्णुले आफ्नो मायाले भिङ्गा उत्पत्ति गरी सतीदेवीको शरीर गलित गराइदिनुभयो । गलित भएको सतीदेवीको लासलाई पनि बोकी श्रीमहादेवले पृथ्वीभ्रमण गरिरहनुहुँदा सबभन्दा पहिले सतीदेवीको गुह्यस्थान नेपालमा पतन भयो र गुह्येश्वरीदेवी चन्द्रघण्टा योगिनी सिद्धेश्वर महादेव उत्पत्ति भए । यहाँ गुह्येश्वरी विराजमान भएकीले भद्रकाली, कङ्केश्वरी, अष्टमातृकागण, वच्छलेश्वरी, जयवागेश्वरी, मनमैंजु, मैतीदेवी इत्यादि छपन्न लाख भैरव भैरवी विराजमान भएका छन् । सो गुह्यकाली जलज्योतिरूप भई पोखरीजस्तो भइरहेकी थिइन् । पछि शङ्करदेव राजाका पालामा तान्त्रिक नृसिंह ठाकुर नेपाल आई बसेको वेलामा, "मलाई प्रकाश गर" भनी स्वप्नमा आज्ञा भएबमोजिम र हिमवत्‌खण्ड नेपाल माहात्म्यअनुसार प्रमाण मिलाई श्लेष्मान्तक वनमा खोजी गर्दा उत्तरवाहिनी वाग्वतीदेखि पश्चिम, किरातेश्वरदेखि पूर्व, मृगस्थली वनदेखि उत्तर यतिभित्र गई हेर्दा नृसिंह ठाकुरले त्यहीँ पोखरीजस्तो पानी जमिरहेको देखी पानीभित्र ईश्वरीको दर्शन पाउँदा सपना पनि मिल्न गयो । त्यसपछि त्यस ज्योतिलाई छोपी अति रमणीय मन्दिर बनाइदिए । पछि राजा प्रताप मल्लका पालामा यो मन्दिर ठाउँठाउँमा बिग्रँदा गुरु लम्बकर्ण भट्टको सम्मति लिई नेपाल संवत् ७७४ अर्थात् वि.सं.१७१० माघशुक्ल एकादशीको दिन गुह्येश्वरीको कुण्डमा फलामको दलिन राखी चारैतिर पर्खाल लगाई जलज्योतिलाई ढाकी अष्टदल पद्मयन्त्राकार र भैरवसहित गरी स्फटिकको कलशाकार बनाई अष्टमातृकागणले आवरण गराई राम्रो मन्दिर बनाई स्थापना गरी मन्दिरको बाहिरपट्टि शिलाको खम्बा खडा गरी त्यसमा सिंहको सालिक राखिदिई आचार्यबाट नित्य नैमित्तिक पूजा गराई नित्य महाभोग र दशकर्म गर्नलाई धेरै खेत गुठी राखिदिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्येश्वरीपीठमा तप गरी अघि परापूर्वमा धर्मदत्त राजा, मारवाड देशकी रानी पिङ्गला आदि धेरै मानिस मुक्त भएथे। पछि राजा जयप्रकाश मल्लका काजी प्रधानमन्त्रीहरू एकगठ्ठा भई पाँच वर्षको राजकुमार ज्योतिप्रकाश मल्ललाई राजगद्दीमा राखी जयप्रकाश मल्ललाई धपाउँदा कुनै देवताको शरणमा जाँदा पनि आफ्नो राज्य हात नलाग्दा गुह्येश्वरीमा गई तीन महिनासम्म तप गरी बस्दा कुण्डभित्र एक अद्भुतको योगीबाट खड्ग वरप्रसाद पाई ती निमकहराम काजी प्रधानमन्त्रीहरूसँग लडाइँ गरी जिती आफ्नो राज्य हात पारे। यस्तो खड्गको वरप्रसाद अघि अघिका राजाहरूले पनि बराबर पाइरहेका थिए। नेपाल संवत् ८४४ अर्थात् वि.सं. १७८० मा कुण्डबाट हिलो उत्री आयो र नेपाल संवत् ८४५ अर्थात् वि.सं. १७८१ सालमा भादगाउँ र पाटनको लडाइँ हुँदा पाटनको बिसंखु इलाका भादगाउँका राजाले जिती लिए। शाके संवत् १७०० अर्थात् वि.सं. १८३५ सालमा श्री ५ महाराजाधिराज रणबहादुर शाहबाट त्रिकालमा कुस्ले बाजा र नगरा बजाउने चलन चलाए। श्री ३ महाराज जङ्गबहादुर राणाले १९२१/२२ सालमा गुह्येश्वरीको अष्टदल पद्माकारमा र भैरवमा सुनका पाताले छापिदिए र नवरत्न जडाउको सुनको कलश र चाँदीका भाँडाहरू पनि चढाए। त्यसै बखत राजवैद्य चक्रपाणिले सुनका नाग चारवटा बनाई मन्दिरको माथि चार कुनामा राखी सुनको मुलम्बा पाताले मोरी शोभायमान गरी चढाइदिए। अघि पित्तलको पाताले छाएको भुइँ जीर्ण हुँदा श्री ३ महाराज चन्द्रशमशेरले बेलायती टायल झिकाई छाउन लगाए र अष्टदल यन्त्राकार कलश र भैरवसमेत खिइएकाले धेरै सुन थपी जीर्णोद्धार गरिदिए। वि.सं. १९९० साल माघ २ गते ठूलो भूकम्प जाँदा यो मन्दिर केही भएन। सत्तल अलि अलि भत्केको थियो। पछि श्री ३ महाराज जुद्धशमशेरबाट बनाइयो।

पछि वि.सं. २००९ सालतिर गुह्येश्वरीभित्र छापेको सुन चोरी भयो र अरू देवताहरूका सुनका गजुरहरू पनि त्यही समयमा चोरी भएका थिए। त्यसपछि २०१६ सालतिर श्री ५ महेन्द्रवीरविक्रम शाहबाट पहिलेको भन्दा राम्रो गरी सुन छापिबक्सियो र त्यसको सामुन्ने मौसूफका दम्पतिको सालिक रह्यो।

यी गुह्येश्वरीमा जलज्योतिमा पश्चिमाम्नायेश्वरी कुब्जिका र कुण्डमा उत्तराम्नायेश्वरी सिद्धिकराली गुह्यकाली र समष्टिमा ऊर्ध्वाम्नाय श्रीविद्याको सपर्या हुने हुनाले यो पीठ "गुह्या एवं ईश्वरी" 'गुह्येश्वरी' भन्ने नामले प्रचलित भयो। बौद्धमार्गीहरूले पनि यिनैलाई नैरात्म्ययोगिनी मानी पूजा गर्दछन्। अतः पशुबलि सोझै कुण्डमा हुँदैन। कुण्डदेखि ईशानपट्टि भित्तामा सिद्धिकराली र गुह्येश्वर भैरव समष्टि गराई प्रतिष्ठित भएको कराली तथा गुह्येश्वररूप शिलामा रतनपरम्पराले बलि हुन्छ। मपञ्चकले भने कुण्डमा नै क्रमार्चन हुन्छ।

नेपालमा अरू विदेशीहरूले थाहा पाएर पीठ विमुख गराउलान् भन्ने डरले यहाँका धेरै जाग्रत पीठहरूमा भित्र एउटा देवता बाहिर अर्कै नाम गर्ने गरेका छन्। अहिले हालमा विमुख गराउन सक्ने मानिस (साधक) र सम्मुख गराउन सक्ने साधक व्यवहारमा होलान् जस्तो लाग्दैन। त्यस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध भएका साधकहरू भए पनि हिमालतिर गुप्त तवरले तपस्या गरिरहेका होलान्। गुह्येश्वरीको आवरण अष्टमातृकाहरूका नाम र स्थान निम्नलिखित प्रकारका छन्।

१) **ब्राह्मी (ब्रह्माणी)**– यिनी पासिको अजिमा नामले प्रख्यात भई कमलादीमा शोभागृहदेखि पछाडि मूल सडकको छेउमा दक्षिणपट्टि विराजमान भएकी छिन्। यिनको विशेष केही देवल छैन, केवल पाषाणमूर्ति मात्रै छ। अघि त्यहाँ खेत हुँदा बराबर कुखुराको रूप भई त्यहाँ चर्न आउने र कोही मानिस नजिक पुग्यो भने बिलाउने भई ती ब्रह्माणी विचरण गर्थिन् रे भन्ने बूढीरूढी कुरा सुनिन्छ।

२) **माहेश्वरी** – यिनी लुमडी अजिमा नामले प्रख्यात भई टुँडिखेलको आग्नेय दिशामा अर्थात् सिंहदरवारअगाडि विराजमान भएकी छिन्। यिनको पूर्व मोहडा विपरीत प्रत्यङ्गिरा भद्रकाली र पश्चिम मोहडा माहेश्वरी हुन्। भद्रकालीमा दुई भेद छन्। एक भेद अष्टादशभुजा महिषमर्दिनी चण्डीमा वर्णन भएको तेजोराशिसमुद्‌भवारूपिणी अर्थात् सबै देवताको तेजबाट बनेकी दुर्गा भद्रकाली हुन्। अर्कीचाहिँ सतीदेवी अग्निकुण्डमा प्रवेश भएपछि दक्षयज्ञ विनाश गर्नका लागि शिवजीले आफ्नो जटा भुइँमा पछारेर वीरभद्रका साथ उत्पन्न गराइएकी, दुई हात भएकी, डरलाग्दी, गाजलजस्ती काली विपरीत प्रत्यङ्गिरा भद्रकाली हुन्। यी लुमडी अजिमामा दुवैतिरबाट पूजा हुन्छ (पूर्वतिरबाट भद्रकालीको र पश्चिमतिरबाट माहेश्वरीको)। यिनको बारेमा **देवमालावंशावली**नामक पुस्तकमा यस्तो लेखिएको छ– "सूर्यवंशी राजा श्रीगुणकामदेवलाई श्रीमहालक्ष्मीबाट सपनामा आज्ञा भएबमोजिम कान्तिपुर बनाइसकेपछि देश रक्षा खातिर नीलपीठबाट आह्वान गरी श्रीभद्रकाली पीठदेखि पूर्वतिर स्थापना गरिदिए। पछि श्री राजा अमर मल्लले साल बसाली प्रेतचतुर्दशीका दिन रथारोहण यात्रा गरी देश घुमाउने रीत चलाई बाह्र वर्षमा एकपटक नचाउने गरी नृत्यलीला समेत बनाइदिएको अद्यावधि चलेकै छ। वि.सं. १९९० साल माघ २ गतेको दिन ठूलो भूकम्प जाँदा यसमा केही भएन।"

३) **कौमारी**– यिनी फि-वो अजिमा नामले प्रख्यात छिन्। यिनको पीठ टुँडिखेलबाट थापाथली निस्कने सडकको छेउमा तोपखाना ब्यारेकनेर छ। यिनको विशेष देवालय केही छैन।

४) **वैष्णवी**– यिनी पचली अजिमाको नामले प्रख्यात छिन्। यिनी पञ्चलिङ्गेश्वर अर्थात् पचलीभैरवको पीठनिर विराजमान भएकी छिन्। यिनको विशेष देवालय केही छैन। यिनलाई पचलीभैरवकी शक्ति पनि भन्दछन्।

पचलीभैरवको बारेमा **देवमालावंशावली** पुस्तकमा यस्तो लेखिएको छ :-"अघि सूर्यवंशी राजा श्रीगुणकामदेवलाई श्रीमहालक्ष्मीबाट सपनामा आज्ञा भएबमोजिम देशको दक्षिण भागमा पञ्चलिङ्गेश्वर भैरव, गणेश, अष्टमातृकागणसमेत आह्वान गरी स्थापना गरिदिए। फेरि नुवाकोटबाट वैश्य ठकुरीहरू काठमाडौं आई टोलैपिच्छे राजा भए। त्यसै बखत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेनस्थानमा वैश्य ठकुरी राजा गोपुष्पलाई सपनामा पञ्चलिङ्गेश्वर भैरवबाट "मेरो मूर्ति बनाई यात्रा गर" भन्ने वाणी हुँदा यी राजाले माटाको भैरवको घ्याम्पो बनाई काली र गणेशसमेत गरी प्रतिवर्ष आश्विन शुक्ल चौथीको राति यस पीठमा मांसाहुति यज्ञ गरी भोलिपल्ट पञ्चमीको दिन यात्रा गर्ने रीत चलाई ज्यापूबाट नित्यार्चनसमेत गर्ने गराए। पछि रत्न मल्लका सन्तान शिवसिंह मल्लका पालामा पाटनका शासक हरिहरसिंह मल्लले पचलीभैरवको कुम्भ कहिल्यै भरिँदैन भनेको सुनी म भर्छु भनी घमण्ड गरी यात्रा गर्ने दिन आश्विनशुक्ल चौथीको रातमा धेरै द्रव्य ल्याई भर्दा पनि नभरिएको हुनाले ईश्वरसँग क्षमा मागी पूजा पठाए। अद्यापि पाटनबाट प्रतिवर्ष यी भैरवकहाँ पूजा ल्याउँदैछन्। यही सालको यात्रामा यी भैरवको कुम्भ चिकंमुगलमा खसी फुट्‌यो र राजा शिवसिंह मल्लले सो फुटेका टुक्राहरू सबै जम्मा गरी त्यसै ठाउँमा गाडी छोपी पूजा मान्ने गरी भेलुपात भनी प्रख्यात गरिदिए। यी पञ्चलिङ्ग भैरव "दक्षिणका क्षेत्रपाल बडो प्रत्यक्षका छन्" भनी धातुको कुम्भ सुनले मोरी भैरवको ध्यानले युक्त गरी नानाद्रव्यले भरी आश्विन पञ्चमीको दिन यात्रा गर्ने चलन चलाए। पछि लम्बकर्ण भट्टले राजाको सम्मति लिई पञ्चलिङ्गलाई गुप्त राखी अर्को लिङ्गले ढाकिदिए। अद्यावधि सो पीठ सोही रूपको छ।

५) **वाराही-** यिनी कङ्केश्वरी अजिमा नामले प्रख्यात छिन्। यिनको पीठ विष्णुमतीको किनारमा भएको कुरा सर्वविदितै छ। यिनको बारेमा **देवमालावंशावली**मा यस्तो लेखिएको छ- सूर्यवंशी राजा श्रीगुणकामदेवलाई महालक्ष्मीबाट सपनामा आज्ञा भएबमोजिम कान्तिपुर सहर बनाइसकेपछि देवरक्षा खातिर श्रीकङ्केश्वरीलाई आह्वान गरी देशको पश्चिम भागमा विष्णुमतीको समीपमा स्थापना गरिदिए। पछि राजा श्रीअमर मल्लले सालबसाली प्रेतचतुर्दशीका दिन रथारोहण यात्रा गरी देश घुमाउने चलन गरी बाह्र वर्षमा एकपटक नाच नचाउने चलन चलाएका थिए। केही वर्षपछि नृत्यलीला भइरहेको वेलामा एउटा मानिस पशु रूप भई देवीको अगाडि बसेको देखी देवी रिसाई त्यस मानिसको बलि खाइन्। त्यस वेलादेखि नाच नचाउन मनाही भयो। वि.सं. १८९६ मा जनरल नजरसिंहले माथिल्लो छाना र पछि जनरल गगनसिंहले माझ तलाको छाना सुनले मोरी छाइदिए। वि.सं. १९१८ सालमा श्री कम्याण्डर इन् चिफ जनरल कृष्णबहादुर कुँवर राणाले देवालयको भित्र चँदुवा हालिदिए। केही दिनपछि माथिल्लो पूर्व दक्षिण, पश्चिमतिर जीवनारायण मानन्धरले, पूर्वीतिर विलं कसाईले र उत्तरतिर सेते दमाईँले सुनको झल्लर बनाइदिए। त्यही सालमा माझतलाको दक्षिणपट्टि उजिर कसाईले सुनको झल्लर बनाइदिए। त्यसपछि माझतलाको पश्चिमपट्टि ज्योचा भन्ने सिंहवीर मानन्धरले सुनको झल्लर बनाइदिए। वि.सं. १९९६ सालमा देवराज मानन्धरले भुइँमा देशी टायलले मोरिदिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी कङ्केश्वरीलाई कसै कसैले 'धूमावती' पनि भन्दछन् तर त्यो कुरा सत्य हो भन्ने यथार्थ प्रमाण पाइएको छैन। मानन्धरले भने कङ्केश्वरी भन्ने नामले बुद्धमार्गबाट देवालीपूजाहरू गर्छन् भन्ने बुझिएको छ।

६) **इन्द्रायणी-** यिनी लुति अजिमाको नामले प्रख्यात छिन्। यिनी शोभा भगवतीदेखि वारि विष्णुमतीको किनारमा विराजमान भएकी छिन्। यिनको बारेमा सोही **देवमालावंशावलीमा** यस्तो लेखिएको छ- "सूर्यवंशी राजा श्रीगुणकामदेवलाई श्रीमहालक्ष्मीबाट स्वप्नमा वाणी भएबमोजिम कान्तिपुर सहर बनाइसकेपछि देश रक्षाका खातिर श्रीइन्द्रायणी पीठ जगाई देशको वायव्य भागमा विष्णुमतीको समीपमा स्थापना गरिदिए। केही दिनपछि सबैभन्दा माथिल्लो छाना तामाको बनाइदिए। वि.सं. २००० सालपछि एउटा साहूले देवलभित्र मूर्तिहरू राखिदिएका छन्।"

७) **चामुण्डा-** यिनी ह्मैपी अजिमाको नामले प्रख्यात छिन्। यिनको पीठ काठमाडौंबाट बालाजु जाने बाटोमा विष्णुमतीको पुलदेखि उत्तर-पूर्वमा एउटा थुम्को जस्तोमा छ। यिनलाई बौद्धमार्गीहरूले "योगाम्बर-ज्ञानश्री" देवता मानी आएका छन्। यिनको पीठस्थान वरिपरि पर्खालले छेकिएको छ र माथितिर अरू विशेष अजिमाहरूकै जस्तो आकाश खुला गरी राखिएको छ। यस पीठको मोहडा उत्तर फर्केको छ। यिनको पनि मूर्ति नकुँदिएको केवल शिलारूप मात्र स्थापित भएको देखिन्छ। पीठको उत्तरको मूलद्वारमाथि रहेको मूर्तिमा तीन नेत्र, चार हात, बायाँ हातमा खट्वाङ्ग, दाहिने हातमा डमरु, अनि काद्य (पात्र) र बिन्दु मुद्रा धारण गरेको देखिन्छ। यिनका परिवारमा एकातिर सिंहमुखी र अर्कोतिर व्याघ्रमुखी (योगिनीहरू) अनि गणेश, क्षेत्रपाल र अरू अष्टमातृकाहरू पनि छन्। यिनको दक्षिणपट्टि भित्तामा दक्षिण मोहडा गरेको पुरानो गणेशको मूर्ति छ। यी गणेश चार बाहु, तीन नेत्र, चन्द्रशेखर, नाग यज्ञोपवीती र हातमा खड्ग, डमरु, कपालपात्र र त्रिशूल लिएका सात फणा भएको नागमा अडेस लाएका, देब्रे पाउ कमलमाथि र दाहिने काख मजुरजस्तो पंक्षीमाथि राखेको वीरासन मुद्रामा रहेका छन्। यी गणेशलाई जलविनायकको आक्रमण रोक्न ह्मैपी भगवतीले नै नामकरण गरेर यहाँ राखेको भन्ने भनाइ छ। यिनको (ह्मैपीको) पीठको पश्चिमपट्टि भित्तामा स्वयं प्रकट भएकी दिगम्बरस्वरूप मायायक्षिणीको मूर्ति स्थापित छ। यस पीठमा अघि श्री पश्चिम तर्फका कम्यान्डिङ जनरल जितशमशेर जङ्गबहादुर राणाले एक महात्माको निर्देशनअनुसार लक्ष्मीपूजाको दिन प्रतिवर्ष सजधजकासाथ पञ्चबलिसहितको पूजा पठाउने गरेको मलाई थाहा छ। यो पीठ कति पुरानो हो भन्ने निश्चित प्रमाण त केही पाइएको छैन तर अरू अजिमाका पीठझैं यो पीठ पनि सम्भवतः गुणकामदेव राजाद्वारा नै स्थापित गरिएको हुनुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८) **महालक्ष्मी-** यिनी श्रीअजिमाको नामले प्रख्यात भई नारायणहिटी राजदरबारको कम्पाउण्डभित्र आदिकालदेखि कुण्डरूप भई विराजमान भएकी छिन्।

यी अष्टमातृकाहरू पाषाणरूपमा स्थापना भएका हुनाले यिनमा मातृकोद्भव अष्टमातृका, रश्मिरूपा अष्टमातृका र सत्तारूपा अष्टमातृका यी तीनै प्रकारका अष्टमातृकाहरूमध्ये जुन रूपको मातृकाको पूजा गरे पनि हुन्छ।

(साभार : कामकलारहस्य)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गमहाव्रत

—योगी नरहरिनाथ

योऽलङ्कृतं शिवायाश्वमुत्तमं विनिवेदयेत् ॥
सोऽश्वमेधस्य यज्ञस्य फलमष्टगुणं लभेत् ॥९६॥
सुविनीतां स्त्रियं दासीं भृत्यं वापि निवेदयेत् ॥
पुरुषमेधयज्ञस्य फलमष्टगुणं लभेत् ॥ ९७॥
निवेदयति यो नागान् भक्त्या भद्रमलङ्कृतान् ॥
शिवाय पर्व्व दिवसे तस्य पुण्यफलं शृणु ॥९८

स मत्तैरावतप्रख्यैर्गजयुक्तैः सुशोभनैः ॥
प्रक्रीडति महायानैः शतसंख्यैरनेकशः ॥ ९९॥
कल्पकोटिसहस्राणि कल्पकोट्ययुतानि च ॥
रुद्रलोके गतश्चान्ते भवेदिन्द्रः सुराधिपः ॥१००॥
चतुर्युगसहस्रान्ते स्वर्गम्प्राप्य नराधिपः ॥
भवेदिन्द्रसमः श्रीमान् रूपवीर्य्यसमन्वितः ॥१०१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो भक्त शिवलाइ अलङ्कृत (काठी कडेली घुँघुरा जीन आदिले सजिसजाउ) उत्तम घोडा चढाउँछ, त्यो अश्वमेध यज्ञको आठगुणा अधिक फल पाउँछ। राम्रो शिक्षा पायेकी विनीत सुशीला दासी (कमारी देउकी) (दास कमारो देउको) शिवलाइ दान गर्ने भक्त पुरुषमेध (पुरुष मानिस नै जुन यज्ञमा मेध= मेध्य= पवित्र मानिन्छ र सब प्रकार पूजिन्छ, पोसिन्छ पालिन्छ आदर सत्कार गरिन्छ त्यो यज्ञ। गोमेध जस्तो। पुरुषको हत्या होइन) यज्ञको आठगुणा अधिक फल पाउँछ। जो शिव भक्त भद्रतया सब प्रकारका होदा, अङ्कुशे, गद्दा, छत्र, चामर, झूल, झालर, नक्षत्रमाला सिन्दूर आदि ले अलङ्कृत शिक्षित माउते सहित हात्ती शिवलाइ भक्ति भावले पर्व दिनमा चढाउँछ, जुन हात्ती शिवका रथयात्रा आदि शिवरात्रि प्रभृति उत्सव मेला पर्वहरुमा शिवसेवा मा लाग्छन्, त्यो भक्त कस्तो फल पाउँछ भने — मदमत्त ऐरावत हात्ती जस्ता सुन्दर मुख्य गज (हात्तीका मुखियाहरु) ले युक्त दिव्य महान् अनेकशय यानहरुमा बसेर हजारौं कोटि कल्प सम्म तथा दशौं हजार कोटिकल्प सम्म रुद्रलोकमा गयेर सुख साथ क्रीडा गर्दछर अन्तमा ३३ कोटि देवताको अधिपति इन्द्र हुन्छ। चार हजार युगसम्म स्वर्गमा इन्द्र रहेर अन्तमा मर्त्यलोकमा आयेर इन्द्रसमान रुप बल युक्त श्रीमान् राजा हुन्छ।

शिवाय यः फलोपेतां सर्व्वसस्यप्ररोहिणीं ॥
महीम्महिपति र्द्दद्यात्तस्य पुण्यफलं शृणु ॥१०२॥
यावद्दण्डा भवेद् भूमिर्म्मीयमाना समततः ॥
तावत्स कल्पसंख्यानं रुद्रलोके महीयते ॥१०३॥

शिवलाइ जो फल फुल समेत सबै प्रकारको खेतीलाली हुने भूमिदान भूमिपति गर्छ, तेसको पुण्यफल सुन — त्यो शिवलाइ दियेको भूमि जति दण्ड (जति हात) चाक्लो र लाम्छ छ बरि परि गुणित गर्दा (वर्गहात) हुन्छ, तति कल्प सम्म शिवलोकमा पूज्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ।

एवं सर्व्वत्र विज्ञेयं फलं दण्डप्रमाणतः ॥
ग्रामक्षेत्रपुरक्षेत्रविषयान् विनिवेदयेत ॥ १०४॥
सर्व्वसस्यफलोपेतान् सर्व्वबाधाविवर्ज्जितान् ॥
ग्रामं शिवाय यो दद्यात्तस्य पुण्यफलं शृणु ॥ १०५॥
सर्व्वतीर्थेषु यत् पुण्यं सर्व्वयज्ञेषु यत्फलं ॥
सर्व्वदानेषु यत् पुण्यं ग्रामदानेन तत्फलं ॥ १०६॥
सूर्य्यकोटिप्रतीकाशैर्दिव्य स्त्रीकोटिसंयुतैः ॥
संयुक्तः कोटिशोऽनेकैः सर्व्वकामसमान्वितैः ॥ १०७॥
विमानैर्ग्रामदानेन त्रिसप्तकुलसंयुतः ॥
यथेष्टमैश्वरे लोके क्रीडते कालमक्षयं ॥ १०८॥
पुण्यं नगरदानस्य ग्रामदानाच्छताधिकं ॥
देशदानेन चानन्तन्न शक्यं तत्प्रकीर्त्तितुं ॥ १०९॥
रत्नान्नपानगोत्राजाद्यं सर्व्वम्भूमेः प्रजायते ॥
तस्माद् भूमिप्रदानेन नरो भवति सर्व्वदः ॥ ११०॥

एवं सर्व्वत्र दण्डप्रमाणले नै फल जान्नु पर्छ। गाउँको खेत वा नगरको खेत वा अरु विषय (भूमि) शिवलाइ चढावोस सबै खेतीवाली फल फुलले युक्त र सबै प्रकारका विघ्न बाधा-हरुवाट मुक्त भूमिदान र गाउँदान जो भक्त शिवलाइ दिन्छ त्यसको पुण्य फल सुन भनेर नन्दिकेश्वर सनत्कुमारलाइ भन्छ हुन्छः- सबै तीर्थ गर्दा जुन पुण्य लाग्छ. सबै यज्ञ गर्दा जुन फल फल्छ. सबै दान गर्दा जुन धर्म लाग्छ. त्यो सबै पुण्य गाउँ दान दिनाले लाग्छ। कोटि सूर्य समान तेजिला. सबै मनचिन्ते फल दिने कोटि कोटि दिव्य विमानमा कोटि-कोटि दिव्य स्त्रीहरु सहित २१ कुल (पिडि) समेत भयेर त्यो ग्रामदाता शिवभक्त शिवलोक मा अक्षय काल सम्म यथेष्ट दिव्य सुख भोग्छ र ग्रामदान भन्दा नगरदानको पुण्य शय गुणा अधिक हुन्छ। यस्तै देशदानको अनन्त पुण्य भनि सक्नु छैन। रत्न.अन्न. पान.पानी. गाइ वाख्रा. भेडा. घोडा. भैंसी आदि सबै भूमिवाटै हुन्छन्. तसर्थ भूमिदानले नर (नर नारी मनुष्य सबै) सर्वद (सबै दान दियेका पुण्यले युक्त) हुन्छ. भूमिदाताले सबै थोक दियेको ठहर्छ।

योऽन्यदत्तां स्वदत्तां वा हरेद् भूमिं नराधमः ॥ १११॥
प्रपतत्यक्षयं कालं नरकेषु क्रमेण सः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्व्वं वा भूमिहरसो हतमेव न संशयः ॥
भूमिहर्त्ता वसेत्तस्मान्नरके कालमक्षयम् ॥११२॥
देवस्वानि हरन्तीह नरा नरकनिर्भयाः ॥
ब्रह्मस्वानि च ये मोहात् पच्यन्ते नरकेषु ते ॥११३॥
यत्प्रदानाद्वसेत् स्वर्गे यावत्कालस्य संख्यया ॥
तस्माच्छतगुणं कालं तद्धृत्वा नरके वसेत् ॥ ११४॥
विंशत्यष्टौ च या कोट्यो नरकाणां सुदारुणाः ॥
क्रमेण तासु पच्यन्ते देवब्रह्मस्व हारिणः ॥११५॥
कल्पान्ते च समुत्तीर्णा वृक्ष कीटादियोनिषु ॥
भ्रमन्ति सुचिरं कालं क्षुत्पिपासादि पीडिताः ॥११६॥
एवं भ्रमन्तः सुचिरमीश्वराज्ञा प्रचोदिताः ॥
केनाचिच्छिव भक्तेन शिवार्च्चायतनादिषु ॥११७॥
ततो निर्द्धूतपापास्ते नराः स्युः शिवतेजसा ॥
दिवं प्रयान्ति सन्त्यज्य शरीरं पातनात्मकं ॥११८॥
सम्भवन्ति शिव क्षेत्रे शिवार्च्चनपरा नराः ॥११९॥
इति श्रीशिवधर्म्मे शिवदानफलाध्यायोऽष्टमः ॥८॥

जो अधम मान्छे, आफुले दियेको वा अरुले दियेको भूमि हर्छ, त्यो पातकी क्रमै सँग रौरवादि नरकहरुमा अक्षयकाल सम्म पर्छ। भूमिहर्ताले सबै थोक हरेको ठहर्छ र भूमिहर्ता अधम तेसै पातकले अक्षयकाल सम्म नरकमा वस्छ। घोर नरकवाट निर्धक्क भयेका अधम मात्र मोह (अज्ञानले) यस लोकमा देवस्व, ब्रह्मस्व वा परस्व हर्छन्, ती कुम्भीपाकादि नरकमा पाकछन्। जुनवस्तु दान गर्दा स्वर्गमा (शिवलोकमा) जति संख्या काललै वास हुन्छ, तेस भन्दा शयगुणा अधिक काल सम्म त्यो वस्तु हर्दा नरकमा वस्छ। २८ कोटि दारुण नरकहरुमा क्रमै सित ती देवब्रह्मस्व हरण गर्ने अधम पर्छन् र पाकछन्। कल्पान्तमा (महाप्रलयमा) नरकवाट उत्रेर अर्को कल्पमा वृक्ष, लता, किरा, किमिला, आदि स्थावरयोनि, मा चिरकाल पर्यन्त भोक प्यास चीसो तातो आदिले पीडित भनेर ८४ चक्करमा घुमछन्। एवम् भ्रमण गर्दै चिरकालमा ईश्वर महादेवका आज्ञाले प्रेरित भयेर कुनै शिवभक्तका सत्सङ्गले शिवपूजा शिवालय, शिवाश्रम आदिमा सम्पर्क भयेर ती नारकी जीव शिवका तेजले पापवाट निर्धूत भयेर (धोइयेर) स्वर्ग (शिवलोक) जान्छन्। पतनशील पातकी शरीरलाइ यतै छोड्छन्। शिवलोकको भोग सकिये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि कुनै शिवक्षेत्रमा (शिवको मन्दिर, तीर्थ गुहा, आश्रम आदि भएका शिवज्ञानको चर्चा हुने ठाउँमा जन्म पायेर शिवपूजक मानव हुन्छन्। यस्तो छ शिवस्वादि हर्ताको गति।
यति सम्म यो शिव धर्ममा शिवलाइ दान दियेको पुण्य फल भन्ने आठौं अध्याय सिद्धियो।
(नरहरिकृतानुवादे शिवधर्मेऽगादष्टमोऽध्यायः)

अथ पशुपतिमते शिवधर्मे महाशास्त्रे शिवलिङ्गमहाव्रतन्नाम

नवमोऽध्यायः

ॐ नमः शिवाय

॥ नन्दिकेश्वर उवाच ॥

अतः परमिदं गुह्यं वक्ष्यामि मुनिसत्तम ॥
पुण्यातिशयसंयुक्तं सर्व्वदेवनमस्कृतं ॥१२०॥
ब्रह्मणा विष्णुना देव्या स्कन्देनेन्द्रेण यमेन च ॥
वरुणादित्यसोमाग्निमरुद्धनदनारदैः ॥१२१॥
धर्म्मश्री शुक्र नक्षत्र विलोहितशनैश्चरैः ॥
विश्वामित्रवसिष्ठात्रिबृहस्पतिबुधादिभिः ॥२२२॥
श्वेतागस्त्यदधीचाद्यैः सर्व्वैश्च मुनिसत्तमैः ॥
भृङ्गिमातृमहाकालचण्डेश्वरगणाधिपैः ॥१२३॥
वृषवासुकिकर्कोटकुलिकानन्ततक्षकैः ॥
शङ्खपद्ममहापद्मैरन्यैश्चापि महोरगैः ॥१२४॥
सिद्धयक्षैः किम्पुरुषैर्गुह्यकैश्च महात्मभिः ॥
अप्सरोदैत्यगन्धर्व्वै रक्षोक्षतगणैरपि ॥१२५॥
शिवा गतिर्यथा प्राप्ता सर्व्वगत्यतिशायिनी ॥
महादेवप्रसादेन तथा विधिपरं शृणु ॥१२६॥

नन्दिकेश्वर भन्नु हुन्छः– हे सनत्कुमार! हे मुनि सन्त उत्तम! याहाँ देखि पर यो गुह्य अतिशय पुण्यमय सबै देवता हरूले नमस्कार गरियेको कुरो म भन्छु– सुन। ब्रह्माले, विष्णुले देवीले स्कन्द कुमारले, इन्द्रले, यमराजले तथा वरुण, आदित्य, सोम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आग्नि. वायु. कुबेर. नारद. धर्म. लक्ष्मी. शुक्र. नक्षत्र. मङ्गल. शनि
विश्वामित्र. वशिष्ठ. आत्रि. बृहस्पति. बुध. आदि एवं श्वेत. श्वेत-
केतु. अगस्त्य. दधिचि. आदि समस्त मुनि सन्त महात्माहरु र भृङ्गी.
मातृगण. महाकाल. चण्डेश्वर. गणेश. गणका मुखियाहरु औ वृष.
वासुकि. कर्कोट. कुलिक. अनन्त. तक्षक. शङ्ख. पद्म. महापद्म. प्रमुख
अन्य समस्त नागहरु एवम् कपिलादि ८४ सिद्ध. पिङ्गल आदि यक्ष.
किंपुरुषहरु र बहुत महात्माहरु अनि अप्सरागण दैत्यगण. गन्ध-
र्वगण. राक्षसगण. यस्तै अरु सबैले सबै गति भन्दा अतिशय उत्तम
शिवको शिवा (कल्याणकारिणी गति शिवका प्रसादले जसरी पाये, त्यो
विधि पूर्वक भन्छु। सुन —

सितचन्दनतोयेन स्नाप्य लिङ्गं विलिप्य च ॥
श्वेतैर्व्विकासितैः पद्मैः सम्पूज्य प्रणिपत्य च ॥१२७॥
पङ्कजे विमले सौम्ये निश्छिद्रे पुष्पिते घने ॥
मध्ये केशरजालस्य स्थाप्य लिङ्गं कनीयसं ॥१२८॥
अङ्गुष्ठमात्रं विधिवत् सर्व्वगन्धमयं शुभं ॥
स्थाप्य दक्षिणमूर्त्तौ तु बिल्वपत्रैस्तदर्च्चयेत् ॥ १२९॥
अगुरुं दक्षिणे पार्श्वे पश्चिमे च मनःशिलां ॥
उत्तरे चन्दनं दद्याद्धरितालञ्च पूर्व्वतः ॥१३०॥
सुसुगन्धैश्च कुसुमैर्व्विचित्रैश्चापि पूजयेत् ॥
धूपं कृष्णागुरुन्दद्याद्यसतश्चापि सगुग्गुलं ॥१३१॥
वासांसि चापि सूक्ष्माणि विचित्राणि निवेदयेत् ॥
पायसं घृतसंयुक्तं घृतदीपांश्च दीपयेत् ॥१३२॥
सर्व्वं निवेद्य मन्त्रेण ततो गच्छेत् प्रदक्षिणां ॥
प्रणम्य भक्त्या देवेशं स्तुत्वा चान्ते क्षमापयेत् ॥१३३॥
सर्व्वोपहारसंयुक्तं तच्च लिङ्गं निवेदयेत् ॥
शिवाय शिवमन्त्रेण दक्षिणां मूर्तिमाश्रिताः ॥१३४॥
अनेन विधिना देवाः सर्व्वे देवत्वमागताः ॥
देवी देवीत्वमापन्ना गुहः स्कन्दत्वमागतः ॥१३५॥
ब्रह्मा ब्रह्मत्वमापन्नो विष्णुर्विष्णुत्वमागतः ॥
इन्द्रश्च देवराजत्वं गणाश्च गणतां गताः ॥१३६॥
मुनयो मोक्षमापन्ना मातरो मातृतां गताः ॥
एवं योऽर्च्चयते लिङ्गं पद्मगन्धकृतं सकृत् ॥१३७॥
सर्व्वपापविनिर्म्मुक्तः शिवमेवाभिगच्छति ॥
एतद्व्रतोत्तमं गुह्यं शिवलिङ्गमहाव्रतं ॥१३८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तस्य ते मयाख्यातं न देयं यस्य कस्यचित् ॥
चिरपर्युषितं माल्यं शिवस्यापनयेत यः ॥१३९॥
गोसहस्रफलन्तस्य भवतीह न संशयः ॥१४०॥
इति श्रीशिवधर्म्मशास्त्रे शिवलिङ्गमहाव्रतन्नाम नवमोऽध्यायः ॥९॥

सेता श्रीखण्डादि चन्दनका जलले शिवलिङ्गको स्नान गरेर चन्दनले पूरा लिपेर सेते फुलेका कमलहरुले विधिवत् पूजा गरेर प्रणाम गरेर राम्रा निर्मल निश्छिद्र फक्रियेर फुलेका घना दल भयेका कमलका केशरजालका मध्यमा सानु औंठाजत्रो शिवलिङ्ग दक्षिणामूर्तिमा थापेर विधिवत् कस्तूरी कपूर चन्दनादि सर्वगन्धमय धूप दीप पत्र पुष्प बेल पत्रले पूजा गर्नु। अगर दक्षिणामा, मनःशिला पश्चिममा चन्दन उत्तरमा हरिताल पूर्वमा चढाउनु र राम्रो सुगन्ध भयेका सवै विहित सेता पुष्पले र चित्र विचित्र पुष्पले पूजा गर्नु। काला अगरको र गोकुलको धूप दिनु। सूक्ष्म विचित्र वस्त्र चढाउनु। घिउ हालेर खिरको नैवेद्य लाउनु। गाइका घिउका दिया बाल्नु। मन्त्रले सवै थोक चढाइ सकेर प्रदक्षिणा गर्नु। शिवलाइ भक्तिले प्रणाम गरेर स्तुति गर्नु र क्षमा माग्नु। अन्तमा सवै उपहार सहित त्यो लिङ्ग शिवालयमा शिव मन्त्रले शिवैलाइ चढाउनु। यस विधिले दक्षिणामूर्त्तिमा आश्रित सवै देवताहरु देवत्वमा पुगेका छन्। देवी पार्वती देवी पदमा पुगिन्। गुह स्कन्द पदमा पुगे। ब्रह्मा ब्रह्मपदमा पुगे। विष्णु विष्णुपदमा पुगे। इन्द्र देवराजपदमा पुगे। द्वादश देवगण स्व स्व गणपदमा पुगे। प्रमथादिगण प्रमथगणपदमा पुगे। ऋषि मुनि सिद्धजन मोक्षपदमा पुगे। नव माताहरु मातृपद (जगत्की आमाका पदमा) पुगिन्। यसैगरी सवै स्व स्व पदमा पुगे। यसरी जो एक वार पनि पञ्चगन्धले शिवलिङ्गको पूजा गर्छ। त्यो सवै पापबाट मुक्त भयेर शिवमा मिल्छ। अरु पद र शिवलोकका दिव्य सुख भोग्ने इच्छा राख्यो भने त्यै पद र सुख पाउँछ। कुनै कामना न राखे यस विधिले शिवको आराधना गर्‍यो भने शिवैमा गयेर लीन हुन्छ। शिव सायुज्य मुक्ति पाउँछ। यो शिवलिङ्ग महाव्रत सवै व्रतहरुमध्ये उत्तम छ र गुप्ततम छ। तिमि (सनत्कुमार) शिवका अनन्य भक्त छौ भनेर मैले (नन्दिकेश्वरले) तिमिलाइ भने। भक्तिभाव न भयेका जस्तासुकैलाइ न दिनु। शिवका भक्त सुपात्र हेरेर मात्र दिनु। शिवलाइ चढायेको फुलमाला धेरै दिनको बासी भयेर वैलाइ सुकी सकेको देखेर जसले त्यो सेलायेर स्नान गराइ नौलो माला चढायेर पूजा गर्छ, त्यो शिवभक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजार गाइदान गरेको फल पाउँछ. यस्मा संशय छैन। अर्थात् जुन शिवलिङ्गको वा शिवमूर्तिको नित्य पूजा गर्ने पूजारी छैन र पर्वहरूमा आकस्मिक पूजामात्र जस्को अनिश्चित यात्रीहरूद्वारा हुन्छ. तेस्ता शिवलिङ्गको र शिवप्रतिमाको पूजा गर्ने विवेकी शिवभक्त एक दिन मात्र पूजा गरेका पनि हजार गोदानको फल पाउँछ।

यो यति सम्म शिवधर्म महाशास्त्रमा शिवलिङ्गमहाव्रत नामको नवम अध्याय सिद्धियो।

(नरहरिकृतानुवादे शिवलिङ्गमहाव्रतोऽध्यायः)

अथ पशुपतिमते शिवधर्मे महाशास्त्रे. उपवास- गोप्रदानविधिर्नाम दशमोऽध्यायः

ॐ नमः शिवाय

॥ नन्दिकेश्वर उवाच ॥

चतुर्द्दश्यामथाऽष्टम्या पक्षयोरुभयोरपि ॥
अब्दमेकत्र भुञ्जीत शिवार्च्चनरतः शुचिः ॥१४१॥
यत्पुण्यमक्षयं प्रोक्तं सततं सत्रयाजिनां ॥
सत्यवादिषु यत् पुण्यं यत् पुण्यं तीर्थगामिनां ॥१४२॥
अग्निहोत्रिषु यत् पुण्यं यत् पुण्यं यज्ञयाजिनां॥
तत् पुण्यं सकलन्तस्य शिवलोकं स गच्छति ॥१४३॥
यः पृथ्वीं भोजनं कृत्वा भुङ्क्ते पर्वसु यत्नतः॥
अहोरात्रेण चैकेन त्रिरात्रफलमश्नुते ॥ १४४॥
द्वयोर्म्मासस्य पञ्चम्योर्द्वयोः प्रतिपदोर्न्नरः॥
सोपवासः सुगन्धाङ्गः शयीत प्रियया सह ॥१४५॥
शेते निश्चलचित्तस्तु रति प्रीतिविवर्ज्जितः ॥
शिवानुस्मृति शीलस्य तस्य पुण्यफलं शृणु ॥१४६॥
दिव्य वर्षसहस्रञ्च दिव्यवर्षशतन्तथा ॥
तपस्तप्तं महत्तेन भवेदत्र न संशयः ॥१४७॥
भव भक्तिः स पूतात्मा यद्यपि स्यात्सपापकृत् ॥
शिवलोके वसेन्नित्यं शिववत् संवृतो गणैः ॥१४८॥
वेदादि वाङ्मयका बीजमन्त्र ॐकारका प्रतिपाद्य आदिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलाइ नमस्कार गरी नान्दिकेश्वर सनत्कुमारलाइ निमित्त मात्र सम्बोधन गरेर हामी सबैलाइ भन्नु हुन्छ। १ गो भक्त वर्ष मात्र पनि १२ मासका दुवै पक्षका अष्टमी र चतुर्दशी तिथिमा तन मन पवित्र राखेर शिवको विधिवत् पूजा गरी घोरै ठाउँमा हविष्य खायेर पुरा गर्छ। त्यो शिवको निष्ठावान् पूजारी त्यो अक्षय पुण्य फल पाउँछ। जुन फल सतत सत्रयाजीहरुले पाउँछन्। जुन पुण्य सत्यवादीले पाउँछन्, जुन पुण्य तीर्थयात्रीले पाउँछन्, जुन पुण्य अग्निहोतृले पाउँछन्। जुन पुण्य विविध यज्ञ गर्नेले पाउँछन्, जुन पुण्य यस्ता अरु कर्म गर्नेले पाउँछन्। त्यो सकल अक्षय पुण्य फल त्यस शिवपूजकले पाउँछ र शिवलोकमा जान्छ। शिवका साथ बस्छ। शिवलोकका दिव्य सुख भोग्छ। जो पर्वहरुमा जतनले पृथ्वीको पूजन गरेर मात्र भोजन गर्छ। त्यो एक अहोरात्र मात्रले तीन अहोरात्रको फल पाउँछ। जो मासका दुवै पञ्चमीमा तथा दुवै प्रतिपदामा उपवास गरेर चन्दनादिले सर्वाङ्ग सुगन्धित पारेर शिवपूजन पूर्वक शिवको ध्यान गर्दै रतिप्रीति विवर्जित रहेर अर्धाङ्गिनीका साथ निश्चलचित्तले निर्विकार भयेर सुत्छ। त्यसको पुण्य फल यस्तो ठहर्छ— दिव्य ११ सय वर्ष सम्म तेसले महान् तप गर्यो। यस्मा संशय छैन। भवका भक्तिभावले पवित्र आत्मा भयेको त्यो भक्त अघिको पापी नै भये पनि शिवलोकमा गयेर शिव झैं गणहरुद्वारा सेवित हुन्छ।

कृष्णाष्टम्यास्तु नक्तेन यावत् कृष्णा चतुर्दशी ॥
इह भोगमवाप्नोति परत्र च शिवां गतिं ॥१४९॥
योऽब्दमेकं प्रकुर्व्वीत नक्तम्पर्व्वसु पर्व्वसु ॥
ब्रह्मचारी जितक्रोधः शिवस्यार्च्चनतत्परः ॥१५०॥
संवत्सरान्ते विप्रेन्द्रान् शिवभक्तान् समाहितान् ॥
भोजयित्वा ततो ब्रूयात् प्रीयतां भगवान् शिवः ॥१५१॥
एवं विधिसमायुक्तः शिवलोकं स गच्छति ॥
न च मानुष्यकं लोकमध्रुवं प्राप्नुयान्नरः ॥१५२॥

उपर्युक्त विधिले कृष्णाष्टमी देखि कृष्णाचतुर्दशी पर्यन्त त्यो व्रत गर्ने शिवभक्त इहलोकमा सुख भोगेर परत्रमा शिवको गति पाउँछ। जो एक वर्ष सम्म राति-राति पर्वहरु ब्रह्मचारी रहेर क्रोधलाइ जितेर शिवको पूजा गर्दै वर्ष पुगेपछि यम नियममा रहेका शिवभक्त विप्रेन्द्रहरुलाइ भोजन गरायेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रीयतां भगवान् शिवः (भगवान् शिव म माथि प्रसन्न रहुन्) भनेर व्रतोद्यापन गर्ने भक्त नर (नरनारी) यस विधिले शिवलोक जान्छ र फेरी अध्रुव (अस्थायी) मानुष्य लोकमा आउँदैन मुक्त हुन्छ।

उपवासात्परं भैक्षं भैक्षात्परमयाचितं ॥
अयाचितात्परं नक्तं तस्मान्नक्तेन वर्त्तयेत् ॥१५३॥
देवैस्तु भुक्तं पूर्व्वाह्ने मध्याह्ने ऋषिभिस्तथा ॥
अपराह्ने च पितृभिः सन्ध्यायां गुह्यकादिभिः ॥१५४॥
सर्व्ववेलामतिक्रम्य नक्तभुक्तम भोजनं ॥
वामाचारो महादेवो नक्तेनोद्धरते नरान् ॥१५५॥
हविष्यभोजनं स्नानं सत्यमाहारलाघवं ॥
अग्निकार्य्यमधःशय्यां नक्तभोजी समाचरेत् ॥१५६॥
कृष्णाष्टम्यां प्रयत्नेन नक्तं कृत्वा विधानतः ॥
मार्ग्गशीर्षे शुभे मासे शङ्करन्देवमर्च्चयेत् ॥१५७॥
पीत्वा शक्त्या तु गोमूत्रमनाहारो निशिस्वपेत् ॥
अतिरात्रस्य यज्ञस्य फलमष्टगुणं लभेत् ॥१५८॥
एवं पौषेऽपि सम्पूज्य शम्भुनामानमीश्वरं ॥
कृष्णाष्टम्यां घृतं प्राश्य वाजपेयाष्टकं लभेत् ॥१५९॥
माघे महेश्वरन्नाम कृष्णाष्टम्यां प्रपूजयेत् ॥
निशि पीत्वा च गोक्षीरं गोमेधाष्टकमाप्नुयात् ॥१६०॥
फाल्गुने च महादेवं सम्पूज्य प्राशयेत्तिलान् ॥
वर्षलक्षं महाभोगैः शिवलोके महीयते ॥१६१॥
चैत्रे च स्थाणुनामानं कृष्णाष्टम्यां प्रपूजयेत् ॥
यवांश्च भर्ज्जितान् प्राश्य साश्वमेधफलं लभेत् ॥१६२॥
वैशाखे शिवमिष्ट्वा च पिबेद्रात्रौ कुशोदकं ॥
पुरुषमेधयज्ञस्य फलमष्टगुणं लभेत् ॥१६३॥
ज्यैष्ठे पशुपतिं पूज्य गवां शृङ्गोदकं पिबेत् ॥
गवां कोटि प्रदानस्य यत् पुण्यं तदवाप्नुयात् ॥१६४॥
आषाढे चोग्रनामानमिष्ट्वा प्राश्य च गोमयं ॥
सौत्रामणेस्तु यज्ञस्य फलमष्टगुणं लभेत् ॥१६५॥
श्रावणे शर्व्वनामानमिष्ट्वा पिण्याकभक्षणात् ॥
वर्षकोटिशतं साग्रं रुद्रलोके महीयते ॥१६६॥
मासे भाद्रपदेऽष्टम्यां त्र्यम्बकं नाम पूजयेत् ॥
प्राशनाद बिल्वपत्राणामनन्तं फलमाप्नुयात् ॥१६७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ईश्वरमाश्विने पूज्य पीत्वा वै तण्डुलोदकं ॥
पौण्डरीकस्य यज्ञस्य फलमष्टगुणं लभेत् ॥१५८॥
कार्त्तिके रुद्रनामानं सम्पूज्य प्राशयेद् दधि ॥
अग्निष्टोमस्य यज्ञस्य फलमष्टगुणं लभेत् ॥१५९॥
वर्षान्ते भोजयेद् विप्रान् शिवभक्तिपरायणान् ॥
पायसं मधुसंयुक्तं घृतेनापरिसंप्लुतं ॥१६०॥
शक्त्या हिरण्यवासांसि भक्त्या तेभ्यो निवेदयेत् ॥
निवेदयीत रुद्राय गाञ्च कृष्णां पयास्विनीं ॥१६१॥
पुण्योत्सवेषु सर्व्वेषु विषुवद्ग्रहणादिषु ॥
दानोपवासहोमाद्यमक्षयं जायते कृतं ॥१६२॥

उपवासको फल माथि भनियो। उपवास भन्दा पर भैक्ष (भिक्षाको भोजन) छ। भिक्षा भन्दा पर अयाचित न मागी कसैले स्वयं दियेको भोजन) छ। अयाचित भन्दा पर नक्त (राति एक छाकी खानु छ। तसर्थ नक्त भोजनले निर्वाह गर्नु सर्वोत्तम छ। सूर्योदयदेखि पूर्वाह्न (१० बजे सम्म) मा देवताहरु सबै खान्छन्। मध्यान्ह (१० देखि २ बजे सम्म) मा सिद्धर्षिमुनिले खान्छन्। अपराह्न (२ देखि ६ बजे सम्म) मा पितरहरुले खान्छन्। सन्ध्या (सूर्यास्त देखि तारा झकमक्क खुल्ला सम्म) मा गुह्यक यक्ष किन्नर गन्धर्व अप्सरा आदिले खान्छन्। सबैले खाने वेलाको अतिक्रमण गरी. अर्थात्. सबैलाइ खाइसके पछि राति (रमक्क रात परीसकेर प्रथम प्रहरका अन्तपर्यन्त १० बजे सम्म) मा उत्तम शिव भोजन हुन्छ। वाम (राम्रो) आचार भयेका महादेव नक्त भजन. नक्त भोजन. नक्त पूजन तथा नक्त ध्यान समाधि आदिले नर (शिव योगीको र शिव भक्त) हरुको उद्धार गर्नु हुन्छ। हविष्य भोजन. स्नान. सत्य आहारलाघव (हलुको सात्त्विक भोजन) अग्निहोत्र. अधःशय्या (खाट पलङ्ग आदि न ओछ्याइ भुँइमा सुतनु) इत्यादि तपस्वी र ब्रह्मचारीका नियमको पालन नक्तभोजीले पनि गर्नु पर्छ। मार्ग मासका कृष्ण अष्टमीमा प्रयत्न पूर्वक विधि विधानले नक्त भोजन गरेर शुभ मास मार्गमा शङ्कर नामका (शम् = कल्याण कर = गर्ने) शिवको पूजा गर्नु। यथाशक्ति गोमूत्र मात्र खायेर अरु केही न खायेर निराहारै राति सुतनु। यसो गर्नाले अतिरात्र यज्ञको भन्दा आठ गुण फल पाइन्छ। एवम् पुसमा पनि शम्भु (शम् = कल्याण. भू = जसवाट हुन्छ. कल्याणका स्रोत) नाम भयेका शिवको पूजा गर्नु। पौष कृष्ण अष्टमीमा गाइको घिउ मात्र राम्ररी पचाउन सकिने मात्र खायेर

CC-0. In Public Domain. Digitization by eGangotri

गो नक्त भोजन शिव पूजन व्रत गर्दा आठोटा वाजपेय यज्ञको फल पाइन्छ। तथा माघ कृष्ण अष्टमीमा उसै गरी महेश्वर (महान् सब भन्दा ठूला ईश्वर) नाम गरेका शिवको पूजा गरेर राति गाईको दूध मात्र परिमित मात्रामा खायेर सुतने शिवभक्तले आठोटा गोमेध यज्ञ को फल पाइन्छ। फाल्गुन कृष्ण अष्टमीमा महादेव (महान्. सबै माथिका देव. द्वादशगुण युक्त) नाम गरेका शिवको पूजा गरेर राति काला तिल मात्र परिमित मात्रामा खानु। यसवाट एकलाख वर्ष सम्म शिवलोकमा पूज्य रहन्छ। चैत्र कृष्ण अष्टमीका दिन स्थाणु (स्थायी. सनातन) नाम गरेका शिवको पूजा गरेर भुटेका जौ का बबर मात्र परिमित मात्रामा खानु र अश्वमेध यज्ञको फल पाइन्छ। वैशाख कृष्ण अष्टमीमा शिव (कल्याण= आनन्द. निरञ्जन) नाम गरेका महेश्वरको पूजा गरेर राति कुशोदक (सुवर्चलारस) मात्र खानु। यस वाट पुरुषमेध यज्ञको भन्दा आठगुण फल पाइन्छ। एवं जेठ कृष्ण अष्टमीमा पशुपति (पशु. समस्त चराचर प्राणी र वेदादि विद्या ज्ञानराशिका पाति - अधिपतिनाथ पशुपतिनाथ) नाम गरेका शिवको पूजा गरेर गाइका सिङ् माथि हालेर झारेको पवित्र जल मात्र खायेर सुतने शिव भक्त एक करोड गाइदान गरेको फल पाउँछ। आषाढ कृष्णाष्टमीमा उग्र (पातकीहरुका पातक भस्म पार्ने अग्नि जस्ता उग्र घोर) नाम गरेका शिवको पूजा गरेर राति गोमय (पवित्र गोवर मात्र) यथा शक्ति खायेर सुतने शिवभक्त सौत्रामणीयज्ञभन्दा आठगुण अधिक फल पाउँछ। श्रावण कृष्ण अष्टमीमा शर्व- (शृणाति सर्वाणि पापानीति शर्वः भये भरका पाप भस्म पारेर झाड झुड गरी मुक्त गर्ने) नाम गरेका शिवको पूजा गरेर पिण्याक (पिना- काला तिलको पिना) मात्र परिमित मात्रामा खायेर राति सुतने भक्त सवा सय करोड वर्ष सम्म रुद्रलोकमा पूज्य रहन्छ। भाद्र कृष्ण अष्टमीमा त्र्यम्बक (चन्द्र. सूर्य. अग्नि तीन नेत्र भयेका र तीनैका काम पनि गर्ने) नाम भयेका शिवको पूजा गरेर गरेर बेलपत्र मात्र पिसेर खायो राति भने अनन्त फल पाइन्छ. जस्को अन्तै छैन। आश्विन कृष्ण अष्टमीमा ईश्वर (कर्तुम्. अकर्तुम्. अन्यथा कर्तुम्. गर्न. नगर्न. अर्कै गर्न पनि सक्ने सर्व शक्ति सम्पन्न) नाम भयेका शिवको पूजा गरेर राति एक छाकी पहिलो पानी फालेर दोस्रो चौँलानी मात्र खायेर सुत्ने शिव भक्तले पुण्डरीक यज्ञ भन्दा आठगुण. अधिक फल पाइन्छ। कार्त्तिक कृष्ण अष्टमीमा रुद्र (पापी पाखण्डीहरुलाइ प्रलयकाल मा प्रायश्चित्त गर्न रुवाउने) नाम भयेका शिवको पूजा गरेर रात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक छाक गाइको दहि मात्र परिमित मात्रामा खाने शिवभक्त अग्निहोम यज्ञको आठगुणा फल पाउँछ। यसरी १२ मासको वार्षिक व्रत पूरा गरी सकेर वर्षान्तमा शिवभक्ति परायण शिवका भक्त र विप्रहरूलाइ घिउ मह युक्त खिरको भोजन गराउनु र यथाशक्ति सुन वस्त्र आदि दिनु। रुद्र(शिव)लाइ दुधालु काली गाइदान गर्नु। यस्ता पुण्यतिथि उत्सव, र शिवका पर्वहरूमा, विषुवत् संक्रान्ति, ग्रहण (सूर्य, चन्द्रका ग्रहण) हरूमा दान, उपवास, होम आदि शिवका उद्देश्यले जे गरे पनि अक्षय पुण्य फलदायक हुन्छ।

प्रतिमासं प्रवक्ष्यामि शिवव्रतमनुत्तमं ॥
धर्म्मकामार्थ मोक्षार्थं नरनार्य्यादि देहिनां ॥१७३॥
पौषमासे तु सम्प्राप्ते यः कुर्य्यान्नक्तभोजनं ॥
सत्यवादी जितक्रोधः शालिगोधूमगोरसैः ॥१७४॥
पक्षयोरष्टमीं यत्नादुपवासेन वर्त्तयेत् ॥
त्रिसन्ध्यमर्चयेदीशमग्निकार्य्यञ्च शक्तितः ॥१७५॥
भूमिशय्याञ्च मासान्ते पौर्णमास्यां घृतादिभिः ॥
कृत्वा स्नानं महापूजां शिवे यत्नात् प्रकल्पयेत् ॥१७६॥
नैवेद्यं यावकप्रस्थं क्षीरसिद्धिं प्रकल्पयेत् ॥
भोजयीत द्विजानष्टौ शिवभक्तान् सदक्षिणान् ॥१७७॥
शिवे गोमिथुनञ्चैव कापिलं विनिवेदयेत् ॥
अलङ्कृत्य सुरूपञ्च तस्य पुण्यफलं शृणु ॥१७८॥
सूर्यकोटिप्रतीकाशैर्व्विमानैः सार्व्वकामिकैः ॥
रुद्रकन्यासमाकीर्णैर्म्महावृषभसंयुतैः ॥१७९॥
सङ्गीतनृत्यवाद्याद्यैरप्सरोगणशोभितैः ॥
चामरैरुद्धूयमानः स्तूयमानः सुरासुरैः ॥१८०॥
त्रिनेत्रः शूलपाणिश्च सर्व्वैश्वर्य्यसमन्वितः ॥
गच्छेच्छिवपुरं रम्यं यत्रास्ते शङ्करः स्वयं ॥१८१॥
यावत्तद्रोमसंख्यानं तत्प्रसूतिकुलेषु च ॥
तावद्युगसहस्राणि सुखी शिवपुरे वसेत् ॥२॥
त्रिसप्तकुलजैः सार्द्धं भोगान् भुक्त्वा यथेप्सितान् ॥
ज्ञानयोगं समासाद्य स तत्रैव विमुच्यते ॥३॥
योगात् कृत्स्नान्तमाप्नोति ज्ञानाद्योगः प्रवर्त्तते ॥
शिवधर्म्माद्भवेज्ज्ञानं शिवधर्म्मः शिवार्च्चनात् ॥४॥
इत्येष वः समाख्यातः संसारार्णववर्त्तिनां ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षोपायः शिवोधर्म्मः शिवाच्चमनिवेशिनां ॥१८५॥

प्रतिमासको उत्तम शिवव्रत भन्ने यो — धर्म, काम, अर्थ र मोक्ष चारै पुरुषार्थ नर नारी आदि देहधारी सबैका लागि समान छन। पौष मासमा जो नर नारी नक्त (रात्रि) भोजन गर्छ, तेसले सत्यवादी, क्षमाशील, क्रोध रहित भयेर शालि (मार्सी) धानका चामल, गहुँ र गोरस मात्र खानु पर्छ। प्रतिमास दुवै पक्षका अष्टमी तिथिमा जतन साथ उपवास गरेर निर्वाह गर्नु पर्छ। त्रिसन्ध्य (प्रातः मध्यान्ह, सायं) शिवको पूजा भक्ति भावले गर्नु पर्छ। यथाशक्ति शिवाग्निहोत्र पनि गर्नु पर्छ। भुँईमा बस्ने सुत्ने आदि गर्नु पर्छ, खाट पलङ्को व्यवहार वर्जित गर्नु पर्छ। प्रति मासान्त पूर्णिमाका दिन रातमा घृतादि पञ्च गव्यले शिवको महास्नान गर्नु पर्छ र महापूजा गर्नु पर्छ। गाइका दुदमा १ पाथी जौको पिठो पकायेर मधु मिश्रित यावकको नैवेद्य लाउनु पर्छ। आठ जना शिव भक्त आचार निष्ठ द्विजलाइ भोजन गराउनु र यथाशक्ति दक्षिणा दिनु। शिवलाइ योटी कपिला गाइ र योटो कपिले वसाहा चढाउनु। गाइ साँडे राम्रा हुनु पर्छ, निखुनी हुनु पर्छ। पूजा गरेर फुलमाला आदिले र वस्त्रादिले अलङ्कृत गरेर अर्पनु पर्छ। अनि यस व्रतको यथोक्त फल सुन — सार्वकामिक (मन-चिन्ते) कोटि सूर्यका जस्तो प्रकाश भयेका, रुद्रकन्याहरूले सुशोभित तथा शिववृषयुक्त, नाच, गान, वाजा, गाजा, युक्त अप्सरागणले सुशोभित भयेर चँवर हम्कियेका दिव्य विमानमा वसेर सुर असुर सबै बाट स्तुति गरियेका, त्रिनेत्र, त्रिशूल हस्त भयेर ईश्वरीय सर्व गुण सम्पन्न शिवसारूप्य पायेर राम्रा शिवलोकमा जान्छ; जहाँ स्वयम् साक्षात् कैलास परिवार सहित शिव विराजमान हुनु हुन्छ र ती गाइका र वसाहाका आङ्मा तथा तिनका बाछा बाछी सन्तान गोकुलमा जति रौं छन्, तेत्ति हजार युग सम्म सुखी भयेर शिवपुरमा वस्छ। २१ कुल सम्मका साथ दिव्य सुख भोगेर यथेष्ट तृप्ति पछि ज्ञानयोग प्राप्त गरेर त्यो त्यहीं मुक्त हुन्छ। ऋते ज्ञानान्न मुक्तिः ज्ञान विना मुक्ति हुँदैन। योग विना शिवको साक्षात् प्रत्यक्ष ज्ञान हुँदैन। योगबाट दुःखको आत्यन्तिक अन्त हुन्छ र ज्ञानबाट योग प्रवृत्त हुन्छ। शिव धर्मबाट ज्ञान हुन्छ। शिवका पूजाबाट शिवको धर्म हुन्छ। मूल शिवको सेवा, पूजा, जप, तप, ध्यान हो। यति सम्म यो तपाइहरू (सनत्कुमार समेत सिद्ध ऋषि मुनि, यक्ष किन्नर गन्धर्व विद्याधरादि प्रमथगण प्रभृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाइ भनें. विश्व सागरमा डुबेका जीवजातिको मोक्ष उपाय शिवधर्म छ र शिवमा जीवहरुले आत्मा लीन गर्नु पर्छ अनि मात्र दुःख छुट्छ। अर्थात् - शिवमा जीवको योग न भए सम्म जन्म मृत्युमय विश्वको चौरासी चक्कर छुट्न सक्तैन। शिवजीवसंयम को योगको अभ्यास अनिवार्य छ। योगाभ्यासलाइ योगशास्त्रको ज्ञान अनिवार्य छ। तसर्थ मुमुक्षुले प्रथम योगशास्त्रको गुरुमुख द्वारा अध्ययन गर्नु पर्छ. अनि गुरु सान्निध्यमा गुरुका निर्देशले योगाभ्यास गर्नु पर्छ. अनि शिवको दर्शन हृदयमन्दिरमा वा ब्रह्मरन्ध्र सहस्रारका कैलासमा पाइन्छ र मोक्ष मिल्छ। नान्यः पन्था विद्यते यनाय अर्को वाटो छैन।

माघमासे तु सम्प्राप्ते यः कुर्यान्नक्त भोजनं ॥
कृसरां घृतसंयुक्तां भुञ्जानः संयतेन्द्रियः ॥१८६॥
सोपवासश्चतुर्दश्यां भवेदुभय पक्षयोः ॥
शिवाय पौर्णमास्याञ्च प्रदद्याद् घृतकम्बलं ॥१८७॥
कृष्णां गोमिथुनञ्चात्र शिवाय विनिवेदयेत् ॥
शेषं कृत्वा यथोद्दिष्टं पूर्वोक्तं तु फलं लभेत् ॥१८८॥
इन्द्रनीलप्रतीकाशै विमानैः शिखिसंयुतैः ॥
गत्वा शिवपुरे रम्ये भुङ्क्ते भोगान् यथेप्सितान् ॥१८९॥
सम्प्राप्ते फाल्गुने मासे यः कुर्यान्नक्त भोजनं ॥
श्यामाकक्षीरनीवारैर्जितक्रोधो जितेन्द्रियः ॥१९०॥
चतुर्दश्यामथाष्टम्यामुपवासरतो भवेत् ॥
पौर्णमास्यां महास्नानं पञ्चगव्यै र्घृतादिभिः ॥१९१॥
वल्मीकाग्रादि मृद्भिश्च गोमूत्रच्छगलादिभिः ॥
त्वग्भिश्च क्षीरवृक्षाणां धात्रीगन्धादिभिस्तथा ॥१९२॥
दद्यात् गोमिथुनं भक्त्या ताम्राभं परमेष्ठिने ॥
शेषमन्यद्यथोद्दिष्टं कृत्वाप्नोति महत् फलं ॥१९३॥
पद्मरागप्रतीकाशै विमानैर्गजसंयुतैः ॥
गत्वा शिवपुरं दिव्यं पूर्वोक्तं लभते फलं ॥१९४॥

माघमा नक्त भोजन गर्नु र घिउ खिचडी मात्र खानु. जितेन्द्रिय रहनु. दुवै पक्षका चतुर्दशीमा उपवास गर्नु. दुवै पूर्णीमामा शिवलाइ घृतकम्बल चढाउनु र काली गाइ. कालो वसाहा शिवलाइ अर्पण गर्नु यथाविधि शेष पनि चढाउनु. जुन शिव भक्त यो व्रत गर्छ. त्यो अघि भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा पुण्य फल पाउँछ। इन्द्रनील तुल्य कान्ति भयेका, मुजुरजोतियेका, दिव्य विमानमा बसेर रमाइला शिवलोकमा गयेर यथेच्छ दिव्यसुख भोग्छ। फागुनमा नक्त भोजन शिवव्रत गर्नु, गाइको दुद, शामा र गेडार (मुयल्ल) मात्र खानु, क्रोध न गर्नु, जितेन्द्रिय रहनु, ब्रह्मचर्य पालन गर्नु, दुवै पक्षका अष्टमी चतुर्दशीमा उपवास गर्नु, पूर्णिमाका दिन गाइका घिउ आदि पञ्च गव्यले शिवको महास्नान गर्नु, धमिराका दुम्पाको माटो, गोमूत्र, घागल आदि, वट, पिपल, तिमिला, डुम्री आदि दुद आउने वृक्षका बोक्राले र अमला, चन्दन, कस्तूरी आदिले महास्नान गराउनु र विधिविधानले पूजा गर्नु र शिवलाइ राती गाइ, राते बसाहा दान गर्नु। अरु शेष माथि यथोक्त विधिले गर्नु। यसो गर्ने शिव भक्त यथोक्त महान् फल पाउँछ। पद्मरागमणी जस्तो कान्ति भयेका हात्ती जोतियेका दिव्य विमानमा बसेर रमाइला शिवपुरमा गयेर पूर्वोक्त (माघमा) भनियेको फल पाउँछ।

चैत्रमासे तु सम्प्राप्ते यः कुर्य्यान्नक्तभोजनं ॥
पिष्ठकं पयसा युक्तं भुञ्जानः संयतेन्द्रियः ॥१९५॥
दद्याद् गोमिथुनं चात्र पाटलं समलङ्कृतं ॥
शिवायातिस्वरूपञ्च शेषं पूर्ववदाचरेत् ॥१९६॥
पुष्परागप्रभैर्यानैर्दिव्याश्वरथसंज्ञया ॥
गच्छेच्छिवपुरं रम्यं दुष्प्राप्यमकृतात्मभिः॥१९७॥

चैतमा नक्त भोजन शिवव्रत गर्नु, जितेन्द्रिय भयेर गाइको दुद र शालिधानको पिठो मात्र खानु, पूर्वोक्त विधिले महास्नान गरेर शिवलाइ पाटल (श्वेतरक्तस्तु पाटलः सेतो र रातो रङ्ग मिलेका गोरा) अलङ्कृत गरेर राम्रा गाइ र बसाहा चढाउनु। अरु सबै विधि पूर्वोक्तै गर्नु। यसो गर्ने शिवभक्त पुष्पराग मणीको कान्ति भयेका दिव्य (उच्चैःश्रवा) घोडा जोडियेका विमानद्वारा राम्रा शिवपुरमा गयेर दिव्य सुख पूर्ववत भोग्छ, जो अकृतात्मा (अजितेन्द्रिय र अशिव भक्तले दुर्लभ छ।

वैशाखे मासि सम्प्राप्ते यः कुर्य्यान्नक्तभोजनं ॥
शाल्यन्नं पयसा युक्तं भुञ्जानः संयतेन्द्रियः ॥१९८॥
गोष्ठशायी शिवध्यायी निशायामेकवस्त्रधृक् ॥
नियमञ्च यथोद्दिष्टं सामान्यं सर्व्वदाचरेत् ॥१९९॥
वैशाखे पौर्णमास्यां यः कुर्य्यात् स्नानं घृतादिभिः ॥
शिवायालङ्कृतं श्वेतं दद्यात् गोमिथुनं शुभं ॥२००॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हंसकुन्देन्दुवर्णाभैर्म्महायानैरलङ्कृत ॥
स्श्वेतवृषसंयुक्तैः स यातीश्वरमन्दिरं ॥ २०१॥
सर्वातिशयरूपाभिः स्त्रीभिः संपरिवारितः ॥
नीलोत्पलसुगन्धाभिः क्रीडते कालमक्षयं ॥ २०२॥

वैशाखमा जो नक्त भोजनव्रत गर्छ, संयम नियम साथ दुद गाइको र मार्सीको भात मात्र खान्छ, गाइगोठमा भैंमा सुत्छ, शिवको ध्यान गर्छ, राति थोटै वस्त्र धारण गर्छ, पूर्वोक्त साधारण नियमको यथोक्त सदा पालन गर्छ, वैशाखी पूर्णिमाका दिन घृतादि पञ्चगव्यले शिवको महास्नान गर्छ, शिवलाइ राम्रा सब प्रकार अलङ्कृत निरखुनी सेता गाइ र वसाह समर्पण गर्छ, त्यो शिवभक्त हाँस, कुन्द, इन्दुका जस्तै वर्ण भयेका दिव्य महायान (विशाल विमान) सेता वसाह जोतियेका ती विमानमा वसेर ईश्वर मन्दिर (शिवलोक) मा जान्छ र सर्वोत्तम रूप गुण भयेकी र नील कमलको सुगन्ध भयेकी स्त्रीहरु बाट परिवारित भयेर अक्षयकाल सम्म आमोद-प्रमोद साथ क्रीडा गर्छ, नक्त भोजन शिव व्रतको पुण्य फल यस्तै हुन्छ।

ज्येष्ठमासे तु सम्प्राप्ते यः कुर्य्यान्नक्तभोजनं ॥
शाल्यन्नं पयसा धौतमाज्यक्षीरेण संयुतं ॥२०३॥
वीरासनी निशार्द्धं स्याद् दिवा ग्रामान्न गच्छति ॥
हितकारी गवां नित्यमहङ्कार विवर्जितः ॥ २०४॥
पौर्णमास्याञ्च पूर्व्वोक्तं कुर्य्यात् स्नानादिकं विधिं॥
देयं गोमिथुनं चात्र धूम्रवर्णमलङ्कृतं ॥२०५॥
नीलोत्पलदलप्रख्यैर्म्महायानैरनुत्तमैः ॥
महासिंहनिबद्धैश्च क्रीडते कालमक्षयं ॥ २०६॥

जेठमा जो नक्त भोजन शिवव्रत गर्छ र पानीले धोयेका मार्सी चामल र गाइको दुद मात्र खायेर आधा राति सम्म वीरासनमा शिवको ध्यान गर्छ, दिनमा पनि गाउँमा जान्न र रातौं दिन वनमा गाइका गोठमा वसेर आजीवन गाइको सब प्रकार हित गर्ने, अहङ्कार रहित, शान्त दान्त, भयेर मनसा कर्मणा वाचा सर्व देवता धर्ममयी गाइ आमाको सेवा पूजा पालन पोषण संरक्षण गर्छ, पूर्णिमाका दिन पूर्वोक्त सबै विधिवत् महास्नान आदि गर्छ, ध्वाँसे रङ्का गाई र वसाह सब प्रकार अलङ्कारले भूषित गरेर शिवलाइ चढाउँछ। त्यो शिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवभक्त नीलकमल तुल्य कान्ति भयेका सर्वोत्तम महायान (विशाल दिव्य विमानमा) महासिंह (ठूला ठूला बाघ) जोतेर शिवपुरमा जान्छ र अक्षयकाल सम्म दिव्य सुख भोगेर क्रीड गर्छ।

आषाढमासे सम्प्राप्ते यः कुर्य्यान्नक्तभोजनं ॥
भूरिखण्डाज्यसम्मिश्रान् शक्तून् दद्यात् सगोरसान् ॥२०७॥
दद्याद् गोमिथुनं गौरं शिवायालङ्कृतं शुभं ॥
समान्यञ्च विधिं कुर्य्यात्सर्व्वं वा प्राक्प्रचोदितं॥२०८
शुद्धस्फटिकसङ्काशैर्यानैः सारसवाहनैः ॥
अणिमादिगुणैर्युक्तः शिववद् विचरेत् स्वयं॥२०९॥

आषाढमा जो नक्तभोजन गर्छ, र प्रशस्त खाँड मिस्यायेरगोरस सहित सातुदान गर्छ, गोरा निखुनी, अलङ्कृत राम्रा गाइ र वसाहा शिवलाइ अर्पन्छ, महास्नान वा सामान्य (यथाशक्ति) पूजाविधि गर्छ, अघि भनेजस्तै वा आफ्ना शक्ति र रुचि अनुसार शिवको पूजा गर्छ, त्यो शिवभक्त सारस जोतियेका शुद्ध फटिक समान कान्ति भयेका विशाल दिव्य विमानमा, अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व, अष्ट सिद्धि नव निधि युक्त भयेर शिव समान सानन्द शिवलोकमा अक्षयकाल सम्म स्वयं विहार गर्छ।

सम्प्राप्ते श्रावणे मासे यः कुर्य्यान्नक्तभोजनं ॥
क्षीरषाष्टिकभक्तेन सर्व्वभूतहिते रतः ॥२१०॥
श्वेताग्रपादपौण्ड्रञ्च दद्याद् गोमिथुनं शिवे ॥
सामान्यमखिलं कुर्य्याद् विधिना यत्प्रकीर्त्तितं ॥२११॥
स विचित्रैर्म्महायानैर्व्विचित्राश्वनियोजितैः ॥
गत्वा शिवपुरन्दिव्यं पूर्व्वोक्तं लभते फलं ॥२१२॥

श्रावणमा जो नक्तभोजनव्रत गर्छ, गाइको दुद र साठी धानका चावलको भात मात्र खान्छ, समस्त भूत प्राणीका हितमा सर्वदा तत्पर रहन्छ, अगाडीका खुट्टा सेता भयेका र सेतो टिको भयेका गाइ र वसाहा शिवमा अर्पन्छ, अरू सबै सामान्य विधिले शिवको यथोक्त पूजा गर्छ, त्यो शिवभक्त दिव्य विचित्र घोडा जोडियेका विचित्र कान्ति भयेका दिव्य विमानमा बसेर दिव्य शिवलोकमा पुगेर दिव्य पूर्वोक्त सबै सुख भोग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्ते भाद्रपदे मासे यः कुर्य्यान्नक्तभोजनं ॥
हुतशेषन्तु भुञ्जानो वृक्षमूलाश्रितो दिवा ॥२१३॥
रात्रौ चायतने वासः सर्व्वभूतानुकम्पकः ॥
नीलस्कन्धं वृषञ्गाञ्च शिवाय विनिवेदयेत् ॥२१४॥
निशाकरकरप्रख्यैर्व्वज्रवैदूर्य्यशोभितैः ॥
चक्रवाकसमायुक्तैर्व्विमानैस्सार्व्वकामिकैः ॥२१५॥
गत्वा शिवपुरं रम्यममरासुरवन्दितः ॥
क्रीडते स महायानैर्य्यावदाभूत सम्प्लवं ॥२१६॥

भदौमा जो नक्तभोजनव्रत गर्छ, हवन गरेर शेष रहेको पायस आदि हवि मात्र खान्छ, वृक्षका मूलमा (रूखका फेदमा) दिनै भरि बसेर शिवको ध्यान गर्छ, राति शिवालयमा वास गर्छ र समस्त जीव जन्तु माथि अनुकम्पा (कृपा) गर्छ, काँध नीलो वा कालो भयेका वसाहा र गाइ दुवै शिवलाइ अर्पन्छ; त्यो शिवभक्त चन्द्रमाका किरण जस्ता सेता चम्चम् चम्कने, हीरा वैदूर्य आदि रत्न जडेर सुशोभित भयेका चक्रवाक (चखेवा) जोतियेका, मनचिन्ते, विशाल, दिव्य विमानमा बसेर रमाइला शिवपुरमा पुगेर, सुर असुर सबैबाट वन्दनीय भयेर महा प्रलय पर्यन्त शिवलोकका दिव्य सुख भोगेर सानन्द क्रीडा गर्छ।

श्रीमदाश्विनमासे च यः कुर्य्यान्नक्तभोजनं ॥
घृताशनं प्रभुञ्जानः प्रसन्नात्मा जितेन्द्रियः ॥२१७॥
वृषभन्नीलवर्णाभमुरोदेशे समुन्नतं ॥
विमुच्य दद्याद्रुद्राय गामेकां समलङ्कृतां ॥२१८॥
विधिशेषञ्च पूर्वोक्तं यः कर्त्ता समुपाचरेत् ॥
प्राणान्ते च परं स्थानं प्रयाति शिववद्वशी ॥२१९॥
स्वच्छमौक्तिकसङ्काशैरिन्द्रनीलोपशोभितैः ॥
जीवञ्जीवकसंयुक्तैर्व्विमानैः सार्व्वकामिकैः ॥२२०॥
सुक्रीडते महाभोगैर्य्यावदाभूत सम्प्लवं ॥

असौजमा जो नक्तभोजन रुद्रव्रत गर्छ। घिउ र भात मात्र खान्छ, प्रसन्न रहन्छ र जितेन्द्रिय रहन्छ, उन्नत छाति र नीलो वर्ण भयेको वसाह र गाइ रुद्रलाइ चढाउँछ र विधिशेष पूर्वोक्त गर्छ त्यो शिवभक्त मर्त्यलोकका सुख भोगेर प्राणान्तमा परम पवित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्थान शिवपुरमा जान्छ र शिवसमान विश्ववश
मा राखुन शक्त भयेर स्वच्छ मोतीजस्ता सेता इन्द्रनील मणिले
सुशोभित भयेका, चारकुरा जोतियेका, दिव्य विशाल मनचिन्ते
विमानमा शिवलोकका दिव्य महासुख भोग्दै महाप्रलय पर्यन्त
क्रीडा गर्छ।

शुभे कार्त्तिके मासे यः कुर्य्यान्नक्तभोजनं ॥२२१॥
क्षीरोदनं प्रभुञ्जीत सत्यवादी जितेन्द्रियः ॥
दद्याद् गोमिथुनं चात्र कपिलां ज्वलन प्रभां ॥२२२॥
पूर्व्वोक्तञ्च विधिं कृत्वा शिवतुल्यगुणो भवेत् ॥
कल्पानलशिखाप्रख्यैर्म्महायानैरनुत्तमैः ॥२२३॥
महासिंहकृतायोगैः शिववन्मोदते वशी ॥

कात्तिकमा जो नक्त भोजन शिवव्रत गर्छ, दुद भातमात्र खान्छ, सत्यवादी छ र जितेन्द्रिय छ, अग्निका ज्वाला जस्ती उज्याली कपिला गाइ र उस्तै कपिल बसाहा शिवलाइ समर्पित गर्छ, अरु सबै विधि पूर्वोक्त गर्छ, त्यो शिव भक्त शिवतुल्य गुण को हुन्छ र कल्पान्त कालानलज्वाला तुल्य जाज्वल्यमान सर्वोत्तम दिव्य विमानमा विशाल विकराल सिंह जोतेर मनचिन्ते विहार गर्दै शिवलोकमा शिव झैं स्वतन्त्र भयेर दिव्य सुख भोग्छ।

मार्ग्गशीर्षे शुभे मासे यः कुर्य्यान्नक्तभोजनं ॥२२४॥
यवान्नं पयसा युक्तं भुञ्जानः संयतेन्द्रियः ॥
दद्याद् गोमिथुनं दिव्यं पाण्डुरं समलङ्कृतं ॥२२५॥
शेषं शिवाय पूर्व्वोक्तं विधिना सम्पर्क्क्रमेत् ॥
सितपद्मनिभैर्य्यानैः श्वेताश्वरथसंयुतैः ॥२२६॥
गत्वा शिवपुरं दिव्यं शिवतुल्यबलो भवेत् ॥

मार्ग मासमा जो नक्त भोजन शिवव्रत गर्छ, जौ (जौको रोटी आदि) र गाइको दुद मात्र खान्छ, समस्त इन्द्रियहरुलाइ संयममा राख्छ, समस्त अलङ्कारले युक्त दिव्य सेता गाइ र बसाहा शिवमा सुम्पन्छ, र शेष सबै विधि विधान पूर्वोक्तै गर्छ, त्यो शिवभक्त सेता कमल तुल्य कान्ति भयेका एसैतै दिव्य घोडा जोडियेका महाविमानमा बसेर दिव्य रमणीय शिवलोकमा पुगेर शिवतुल्य बलको हुन्छ। अर्थात्- समस्त श्रीसम्पत्ति रूप गुण शक्ति प्रभृति शिवकैजस्तो हुन्छ।

स्रोतः शिवधर्मशास्त्रबाट साभार।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वतीयात्रा-विवरण

—मदन भट्ट

वाग्वतीयात्रा गर्न इच्छुक महिला तथा पुरुषहरू सबै मिली यात्रा आरम्भ गर्नुपूर्व वाग्वतीयात्राको पहिलो दिन महिलाहरूले हात गोडाका नङ काट्दछन् भने पुरुषहरूले हातगोडाका नङ काट्नुका साथै कपाल मुण्डन गर्नुपर्दछ। शुद्ध धोती आदि लगाउने साथै महिलाले पनि शुद्ध कपडा र रुमालले शरीर ढाकेर शिखरनारायणकै पाउमा रहेको श्रीदामोदर महातीर्थमा पूजा गर्दछन्। शिखरनारायण रहेको स्थानको पर्वतलाई कामधेनु गाईको थुन गोथुन पर्वतको नामद्वारा पुकारिन्छ। त्यसैमुनि श्रीनारायणको मूर्ति अवस्थित रहेको छ जसमा अविरल दुग्धधाराबाट दूधजस्तै पानी खस्दछ। सोही जल तल ढुङ्गेधारामा प्रवाहित हुन्छ। धारा रहेको स्थानमा सम्पूर्ण तीर्थयात्रुहरू जम्मा भई हातमा तिल, कुश लिई सङ्कल्प गरेपछि आआफ्नो गोत्र सम्झी नारायणमा समर्पण गरी स्नान गर्नुपर्छ। त्यसपछि सोही चीसो लुगाका साथ आआफ्नो कुल तथा पितृहरूको स्मरण गर्दै तर्पण समेत गरेर चीसो लुगा फुकाली अन्य कपडाहरू फेर्नुपर्छ। यसपछि नारायणको मन्दिरअगाडि बसी **शान्ताय पञ्चवक्त्राय त्रिशूलिने नन्दिभृङ्गीमहाकालगणयुक्ताय शम्भवे, ॐ नमो नारायणाय** जस्ता मन्त्र जपी नेमुनिद्वारा सामूहिक रूपमा कर्ता अर्थात् जसद्वारा वाग्वती यात्राको आह्वान गरिएको हुन्छ सोही नै प्रमुखरूपमा कर्ता मानी अगाडि राखी पञ्चामृतसहित पञ्चोपचारद्वारा श्रीनारायणको पूजा अर्चना गरी त्यहाँबाट शक्तिस्वरूपा खड्गयोगिनी मन्दिरमा गई पूजाअर्चना गर्ने गरिन्छ। यो मन्दिर फर्पिङ्गदेखि केही पूर्वभागमा अवस्थित छ। त्यहाँबाट तल झरी दक्षिणकालीमाताको मन्दिरमा गई पूजा गरी ब्राह्मणहरूद्वारा चण्डीपाठ गर्न लगाउने गरिन्छ। त्यसपछि फर्पिङदेखि केही पूर्वभागमा अवस्थित श्रीगोपालेश्वर महादेवको मन्दिरमा गई सो मन्दिरको बाहिर पश्चिमतर्फ रहेको अग्निकुण्ड नामक जलकुण्डको जलमा सङ्कल्पसहित स्नान गरिन्छ। स्नानपछि श्रीगोपालेश्वर महादेवको चारैतिर वसी प्रायश्चित्त गोदान गरी सम्पूर्ण यात्रुहरूले आजदेखि 'यात्रा अवधिभर मेरा शरीर श्रीगोपालेश्वर महादेवमा अर्पण गर्दछु' भनी तीनचोटि वाचाबन्धन गरी श्रीगोपालेश्वर महादेवको रुद्राभिषेकसहित पूजाअर्चना गरिन्छ। त्यहाँबाट केही पूर्वतर्फ गएपछि डाँडाको मुनि रहेको व्यग्रतीर्थमा गई स्नान गरेर पुनः शिखरनारायणको मन्दिरमा गई वास बसेको स्थानमा उचित स्थान हेरी मन मिल्ने व्यक्तिसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिली शुद्ध पवित्र अन्न ग्रहण गर्नुपर्दछ। मूला, मासको दाल, लसुन, प्याज, गोलभेडा आदि ग्रहण गर्न वर्जित छ। साथै यात्रा अवधिभर सबैदिन एकछाक मात्र भोजन गर्नुपर्छ। मद्य, मांस खाने व्यक्तिहरूले पनि यस यात्रा अवधिभर यस्ता कुरा भक्षण गर्न हुँदैन।

यात्रुहरू प्रत्येक बिहान ६ बजे उठिसक्नुपर्दछ। बिहान स्नान गरी आफ्नो जप ध्यान सकेर कलश तथा ध्वजाको पूजा गरी गणेश तथा पुरोहित नेमुनिलाई टीका लगाउनुपर्दछ। त्यसपछि वाग्वती तीर्थयात्राका लागि ध्वजा तथा कलशको पछि लागी स्नान गर्ने, तीर्थमा गई नेमुनिद्वारा तीर्थ ध्वजा खडा गराई कलशलाई साथमा राखी नेमुनिबाट श्रीवाग्वती तीर्थयात्रा विवरणअनुसार तीर्थमा गई वाग्वतीको सङ्कल्प गरिन्छ।

यसैक्रममा कुनै दिन चार तीर्थ र कुनै दिन उनन्तीसवटासम्म तीर्थ स्नान गर्नुपर्छ। तीर्थस्नानको क्रम सकिएपछि नदीको तीरमा बसी तीर्थस्नानअनुसार बालुवाको जलहरीसहित शिवलिङ्ग तयार गरी पञ्चामृतसहित पञ्चोपचारद्वारा रुद्राभिषेकसहित पूजाआजा गरिन्छ। तीर्थअनुसारको दानप्रदान गर्ने सामग्री पनि फरक-फरक रहन्छ। जस्तै कुनै ठाउँमा भूमिदान, कुनै ठाउँमा फलाम, सुन, चाँदी अथवा पित्तल दान गरिन्छ भने कुनै ठाउँमा परेवा उडाएर पनि दान गरिन्छ। यसै गरी कुनै ठाउँमा पिण्डदान पनि गरिन्छ। पिण्डलाई पनि दानको रूपमा लिइन्छ। एवं किसिमका दान आदि गरिन्छ। दिनभरिका निर्धारित तीर्थस्नान एवं लिङ्गपूजा गरिसकेपछि तीर्थालुहरूलाई निश्चित वास बस्ने स्थानमा लगिन्छ। यसअनुसार मन्दिर वरिपरि रहेको धर्मशाला, पाटी र यस्तै कुनै सार्वजनिक स्थल हेरेर बसाइन्छ। कतिपय समयमा आपसमा कुस्ती खेलेर हातमा मुद्‌गल लेखाउने गरिन्छ। कुनै ठाउँमा नाचगान गरी केही समय बस्नुपर्दछ। तीर्थालुहरूले आआफ्नो भोजनको प्रबन्ध गरेर अपराह्न ३ बजेदेखि ४ बजेसम्ममा भोजन ग्रहण गरिसकेपछि केही समय विश्राम गर्दछन्।

साँझ ५ बजेपछि वास बसेको स्थान वरिपरि रहेको स्थानदेवता कतै शिव, कतै शक्तिको मन्दिरमा दर्शन गरी सामूहिक रूपमा सायंकालिक आरती गरेर वास बस्ने ठाउँमा फर्कनुपर्छ। यात्रुहरूले दूध, मिश्रीकाँडा खाएपछि दिनभर स्नान गरेको तीर्थको महत्त्वअनुसार त्यस तीर्थमा कुन महिनाको कुन पक्ष, कुन वार, कुन नक्षत्रमा स्नान गरेमा कुन किसिमको पुण्य प्राप्ति हुन्छ र कस्ता पापहरूको नाश हुन्छ भन्ने लगायतका विषयमा सारसङ्क्षेपमा पाठ पारायण गरिसकेपछि खाना खाइन्छ। त्यसपछि फेरि सामूहिक रूपले १०-१५ मिनेट भजनकीर्तन गरी अर्को दिनको लागि दानमा प्रदान गरिने सामग्रीसहित अन्य क्रियाकर्मको बारेमा अवगत गराइन्छ। दानप्रदान प्रमुख कर्तालाई गच्छेअनुसार गराउनुपर्दछ भने अन्य यात्रुलाई अनिवार्य छैन। प्रत्येक वास बस्ने स्थानको प्रधान देवताहरूलाई वैदिक तथा तन्त्रविधानमा आधारित रही मतअनुसार पूजा गर्नुपर्छ। प्रत्येक महिला तथा पुरुषहरू आआफ्नो लाइनमा सुत्नुपर्दछ। मन्दिर क्षेत्रबाहेक होटेल, लज तथा कसैको घरमा गएर सुत्नुहुँदैन। यात्रा अवधिभर अगम्य तथा अभक्ष वस्तुको सेवन निषिद्ध छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वतीयात्रामा उल्लेख भएको तीर्थस्थान जम्मा १६५ तथा अन्य उपतीर्थहरूसहित १९० तीर्थहरूको स्नान, तर्पण, पूजन, हवन, मार्जनसहित वैदिक तथा तान्त्रिक विधिविधानबाट सम्पूर्ण घाट, मसान, स्थानीय देवीदेवता, क्षेत्रपाल, भैरव, भैरवीसहित अन्य सम्पूर्ण गणहरूलाई पायस बलिसहित स्वस्थानमा पठाई यात्रुहरूलाई निर्मल तथा कञ्चन गर्नुपर्छ। वाग्वती सभ्यताअनुसार वाग्वती घाटनजिक रहेका विभिन्न धार्मिक क्षेत्र जसअनुसार वैष्णव, मीमांसक सौर्य आदि सम्पूर्ण तीर्थपर्वतमा तपस्यारत ऋषिमुनिसहितको धार्मिक महत्त्व बारेमा प्रकाश पारिन्छ। यसका बारेमा विभिन्न पुराणहरू जस्तै स्कन्दपुराण, हिमवत्‌खण्ड, नेपाल माहात्म्य, शिवपुराण, अग्निपुराण, लिङ्गपुराण, स्वयम्भूपुराण आदिको समेत अध्ययन गरी सम्पूर्ण यात्रुहरूलाई क्रमबद्ध रूपमा बुझाउने कोशिस गरिन्छ। यो विधिविधान वाग्वती तीर्थयात्राको यात्राअवधिभर रहन्छ। वाग्वतीयात्रा विश्वमानवकै लागि निर्दिष्ट गरिएको यात्रा हो। जुनसुकै प्राणीलाई जलविना जीवन जिउन सम्भव छैन। जाति, लिङ्ग, वर्ण तथा सम्पूर्ण धर्मसमुदायका व्यक्तिबाट यात्रा गराउन चाहेमा गराउन सकिन्छ।

यात्रा गरिने निश्चित महिना, तिथि निम्नअनुसार रहेको छ–

वैशाख कृष्णचतुर्दशीको दिनदेखि यात्रा सुरु गरिन्छ र पूर्णिमाको दिन विधिवत् समापन गरिन्छ। ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र चारै वर्णका लागि यात्रा खुल्ला रहेको छ तथा महिला, पुरुष कसैमा पनि भेदभाव गरिँदैन। सबैलाई समानरूपले सहभागी हुने अवसर प्राप्त हुन्छ।

यो यात्रा गराउन एकजना व्यक्ति कर्ताको रूपमा रहनुपर्दछ। कर्ताको मनमा वाग्वती यात्रा गराउने भाव भएमा तीर्थगुरु नेमुनिका रूपमा अधिकारप्राप्त नेपाल राष्ट्रमा एकमात्र अधिकारी देवपत्तन, लगनटोल निवासी साम्ब सदाशिव भट्टलाई यथोचित समयमा निमन्त्रणा गरी सोको जानकारी गराउनुपर्दछ। वैशाखकृष्ण चतुर्दशीका दिन आफ्ना इष्टमित्र, परिवारजनबाट टीका सगुन ग्रहण गरी तीर्थगुरुसमेत भई लावा, अबीर, लड्डू लगायत अन्य पूजा सामग्रीसहित आआफ्ना घरबाट प्रस्थान गरी सर्वप्रथम ललितपुर बुङ्गमतीमा रहेको विघ्नहर्ता श्रीकार्यविनायकको दर्शन गर्नुपर्दछ। यात्रा अवधिभर कुनै पनि किसिमको विघ्न बाधाहरू नआओस् भनी श्रीगणेशको पूजाअर्चना गरी त्यहाँबाट पैदल नै तल झरी वाग्वतीमा रहेको झोलुङ्गे पुलबाट पारीपट्टि गई हात्तीवनको उकालो चढेर फर्पिङ्गस्थित श्रीशिखरनारायणको मन्दिरमा पुगी वास बस्ने तथा अन्य तीर्थयात्रीहरूसँग पनि चिनजान गरिन्छ। महिला तथा पुरुषहरू अलग-अलग नै बस्नुपर्दछ र यात्रा अवधिभर सम्पूर्ण तीर्थयात्रीहरूले एकछाक मात्र शुद्ध तथा पवित्र अन्न तथा फलफूलहरू ग्रहण गर्नुपर्दछ। यात्राका क्रममा प्रत्येक दिन बिहान ७ बजेदेखि तीर्थयात्रा आरम्भ गरी कुनै दिन सात ठाउँ, कुनै दिन दश बाह्र र कुनै दिन उनन्तीस ठाउँसम्मको पनि तीर्थ दर्शन गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक तीर्थअनुसार शिवलिङ्ग पूजासमेत गरी स्थानीय देवीदेवताहरूको दर्शन गरिसकेपछि यात्रुहरू आफ्नो वास बस्ने ठाउँमा पुग्दछन्। बेलुका तीर्थस्थानको महिमाका साथ कथा, प्रवचन सुन्ने तथा कलशको आरती र केही समय हरिभजनसमेत गरी यात्रुहरू विश्राम लिन्छन्। यात्रा अवधिमा कुनै महिला रजस्वला (महिनावारी) हुन गएमा पनि सँगसँगै हिँडेर पाँच दिनपछि यात्रामा पुनः समावेश गराइन्छ। यात्रा आरम्भ गरेपछि बिरामी परे पनि सकेसम्म सँगसँगै जानुपर्दछ, यात्रा टुटाउनु हुँदैन। यस अवधिमा अन्य जूठो सूतक परेमा पनि त्यसको दोष लाग्दैन।

वाग्वतीयात्राको शास्त्रोक्त प्रमाण तथा यसमा उच्चारण गरिने मन्त्र

यात्रामा तीनजना ब्राह्मणको आवश्यकता पर्दछ। यस्ता व्यक्तिले मांस तथा अन्य अभक्ष भोजन गरेको हुनुहुँदैन। यात्रामा सहभागीहरूले दान पनि आआफ्ना गच्छेअनुसार गर्ने गर्दछन्। यस यात्रालाई नेपालमा गरिने तीर्थयात्राहरूमध्ये प्रमुख यात्राको रूपमा लिइन्छ।

॥ श्रीवाग्वत्यै नमः ॥

ॐ नमः शिवाय

मन्त्रोच्चारणपूर्वक अक्षता, फूल, सिङ्गो सुपारी हातमा लिई सर्वप्रथम यसप्रकार वन्दना गरिन्छ-

मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरुडध्वजः।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनो हरिः॥
मङ्गलं लक्ष्मणभ्राता मङ्गलं जानकीवरः।
मङ्गलं सुन्दरो राम मङ्गलं हनुमत्प्रियः॥
मङ्गलं देवकीपुत्रो मङ्गलं कंसमर्दनः।
मङ्गलं मथुरानाथो मङ्गलं व्रजनायकः॥
हे वाग्वती भगवती नृसिंहवाणी।
हे अम्बिके जय हवस् अमृतप्रवाहिणी॥
संसारको ताप र पाप नाशिनी
लेऊ शिवे शरणमा तिमी हामीलाई॥
सद्बुद्धि देऊ जननी तिमी हामीलाई
यो जीवन सुखमय र चिरायु राखी॥

यसप्रकार वन्दना गरिसकेपछि विधिवत्रूपमा तीर्थको सङ्कल्प गरिन्छ। सर्वप्रथम वाग्वतीको प्रार्थना गरिन्छ। जो यसप्रकार छ-

नमस्ते वाग्वति देवि सर्वदुष्कृतनाशिनि।
अद्य मे धुलितं पापं त्वद्दर्शनात् चिरार्जितम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरुणाय च देवाय अम्भसां पतये नमः
रुद्रात्मने जलेशाय रसानां पतये नमः ॥
वाग्वती शिवगङ्गोत्री चैव ब्रह्मसरस्वती
महापातकिनः स्नात्वा सद्यो मुच्येत पातकैः ॥

त्यसपछि प्रायश्चित्त सङ्कल्प गरी वाग्वती तीर्थयात्रा आरम्भ गरिन्छ।

आरम्भ दिन- तेस्रो दिन

कटुवाल दहमा स्नान गरेपछि ब्राह्मणवरण र प्रायश्चित्तगोदान आदि काम गर्नुपर्छ। यस दिन श्रीसेतुभिन्न आदि सोह्र तीर्थमा स्नानदानादि गरी खोकनाको पुल वरिपरि वास रहन्छ। प्रत्येक तीर्थहरूको नाम तल दिइएको छ।

स्नानदान हुने तीर्थ

श्रीसेतुभिन्नतीर्थ, चन्द्रोदयतीर्थ, उत्तरवाहिनीतीर्थ, वासुकितीर्थ, वायुतीर्थ, भद्रावतीतीर्थ, हनुमत्तीर्थ, सर्वमयतीर्थ, सीतातीर्थ, लक्ष्मणतीर्थ, दामोदरतीर्थ, रामतीर्थ, गोपालतीर्थ, सूर्योदयतीर्थ, सुलोचनातीर्थ र मत्स्येन्द्रत्रिजटातीर्थ गरी जम्मा सोह्रओटा तीर्थहरू।

आवश्यक सामग्री

प्रायश्चित्त गोदानका लागि सामग्री- पूजाभाग- २, वरणसामग्री (धोती, रुमाल, पञ्चपात्र आसनीहरू)

चौथो दिन

खोकनाबाट जलविनायक वास। जम्मा सातवटा तीर्थमा स्नानदानादि हुन्छ।

तीर्थहरू

सर्वौषधितीर्थ, महागणपतितीर्थ, कर्कोटकतीर्थ, भृगुपाततीर्थ, चक्रतीर्थ, वाराहीतीर्थ र तमोगणपतितीर्थ गरी जम्मा सातओटा तीर्थहरू।

आवश्यक सामग्री

औषधि-रसादि पुस्तक, मुगाको गणेशमूर्ति, लड्डू, मूला, पूजाभाग, ऐना, पञ्चरत्न, पचलीभैरवका लागि पूजाभाग।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौँ दिन

जलविनायकदेखि जम्मा सातओटा तीर्थमा स्नानदानादि गरी कालमोचनमा वास हुन्छ।

तीर्थहरू

प्रमोदाख्यतीर्थ, सप्तनीलतीर्थ, कायनिर्मलतीर्थ, पञ्चनदतीर्थ, शक्रतीर्थ, भैरवतीर्थ र कालमोचनतीर्थ गरी जम्मा सातओटा तीर्थहरू।

आवश्यक सामग्री

छाता, जुत्ता, चमर, पङ्खा, तस्विर, लट्ठी, जौको सातु, सर्वत, झोली, घडा, सिधा भाग।

छैठौँ दिन

कालमोचनदेखि तेह्रओटा तीर्थमा स्नानदानादि गरी शङ्खमूलमा वास बसिन्छ। यस दिनमा श्रीकोटीश्वर (कोटेश्वर), कोपेश्वर, कुम्भेश्वर, त्रिलिङ्गेश्वर आदि देवदर्शन पनि गरिन्छ।

तीर्थहरू

सहोदरतीर्थ, रुद्रधारातीर्थ, उत्तर प्रयागतीर्थ, निर्मलावतीतीर्थ, शङ्खमूलतीर्थ, वायुवतीतीर्थ, विमलावतीतीर्थ, सिद्धवतीतीर्थ, उमामहेश्वरतीर्थ, बाणगङ्गातीर्थ, मृत्युञ्जयतीर्थ, अमरावतीतीर्थ र योगमतीतीर्थ गरी जम्मा तेह्रओटा तीर्थहरू।

आवश्यक सामग्री

ताम्रपात्र, तिल, सुन, शङ्ख।

सातौँ दिन

शङ्खमूलबाट राजेश्वरीसम्म जम्मा पन्ध्रओटा तीर्थहरूमा स्नानदानादि गरी राजेश्वरीमा वास बसिन्छ।

तीर्थहरू

त्रिलोचनतीर्थ, सत्यभामातीर्थ, पुकाख्यतीर्थ, त्रिविक्रमतीर्थ, उमापतितीर्थ, क्षत्रीतीर्थ, क्षत्रपालतीर्थ, राजराजेश्वरतीर्थ, भस्माङ्गतीर्थ, शापान्तकतीर्थ, पिशाचमोचनीतीर्थ, मणितीर्थ, प्रयोगवतीतीर्थ, ब्रह्मातीर्थ र विष्णुतीर्थ गरी जम्मा पन्ध्रओटा तीर्थहरू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक सामग्री

नून, कपास, माणिक, ताम्रपात्र, तिल, सुन, आसनी, जपमाला, पुस्तक आदि।

आठौँ दिन

राजराजेश्वरीदेखि उनन्तीसओटा तीर्थमा स्नानदानादि गरी पशुपतिमा वास रहन्छ।

तीर्थहरू

जयमङ्गलातीर्थ, आकाशभैरवतीर्थ, गङ्गातीर्थ, कुशोदकतीर्थ, सौभाग्यतीर्थ, कुवेरतीर्थ, गौरीतीर्थ, खर्बरीतीर्थ, सूर्यभागातीर्थ, नारायणतीर्थ, त्रिवेणीका तीर्थ, पार्वतीतीर्थ, गोखुराख्यतीर्थ, अगस्त्यतीर्थ, नीलकण्ठतीर्थ, वासुकितीर्थ, देवधरतीर्थ, रुद्रसहस्रतीर्थ, अनन्ततीर्थ, ब्रह्मसहस्रतीर्थ, आर्यातीर्थ, विष्णुसहस्रतीर्थ, चक्रतीर्थ, चन्द्रभागातीर्थ, वत्सलातीर्थ, पञ्चविनायक तीर्थ, मृगोदकतीर्थ, गणेशतीर्थ र भृगुपतनतीर्थ गरी जम्मा उनन्तीसओटा तीर्थहरू।

आवश्यक सामग्री

सिधा, सौभाग्य द्रव्य, फलफूल, मिठाइ, मसला, गोदानका लागि सामग्री, वाग्वती तथा पशुपतिको पूजा एवं रुद्रीपाठका सामग्रीहरू– अन्नहरू, दूध, लावा, कुशासन, आसनी, जपमाला, गोमुखी, पुस्तक, तामाको दियो, रातो धान, रातो बत्ती, रातो वस्त्र, रक्तचन्दन, सुनको सूर्यविम्ब। प्याङ, चावल, दही, कपूर, मोती, शङ्ख, श्रीखण्ड, सेतो वस्त्र, चाँदीको दियो, सेतो बत्ती, चाँदीको चन्द्रबिम्ब आदि।

नवौँ दिन–

पशुपतिबाट जम्मा बीसओटा तीर्थमा स्नानदानादि गरी गोकर्णमा वास रहन्छ।

तीर्थहरू

मनःकाममोहिततीर्थ, ज्ञानवापीतीर्थ, जिह्वालोलतीर्थ, पुष्पाङ्गरतीर्थ, गुह्येश्वरीतीर्थ, गौरीतीर्थ, गोखुराख्यतीर्थ, ताम्रचूडतीर्थ, भैरवतीर्थ, जलेश्वरीतीर्थ, कर्कोटकतीर्थ, त्रिशूलगङ्गातीर्थ, श्लेष्मान्तकतीर्थ, बालश्मशानतीर्थ, सप्तर्षितीर्थ, रुद्रसहस्रतीर्थ, विनायकतीर्थ, अनन्ताख्यतीर्थ, पशुगणतीर्थ र अन्तरवाहिनीतीर्थ गरी जम्मा बीसओटा तीर्थहरू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक सामग्री

सौभाग्य द्रव्य, सुनको जिभ्रो, कन्यापूजाको सामग्री (वस्त्र, भोजन आदि), गुप्तदानका लागि नवरत्न ।

दशौँ दिन

उन्नाईस तीर्थहरूमा स्नानदानादि गरिन्छ ।

तीर्थहरू

चैलगङ्गातीर्थ, विष्णुपदतीर्थ, सूर्यकान्ततीर्थ, चन्द्रकान्ततीर्थ, पितामहतीर्थ, भृगुपाततीर्थ, गोकर्णेश्वरतीर्थ, नारदतीर्थ, चक्रतीर्थ, चन्द्रभागातीर्थ, कैलासतीर्थ, गदाधरतीर्थ, हत्यामोचनतीर्थ, महागणपतितीर्थ, हनुमत्तीर्थ, गणपतितीर्थ, कर्कोटकतीर्थ र उत्तरगयातीर्थ गरी जम्मा उन्नाईसओटा तीर्थहरू ।

आवश्यक सामग्री

लड्डू, मुद्गल, धान, गेरुवा वस्त्र, गोदानका सामग्री, अन्नहरू, रुद्रीपाठ एवं पूजाका लागि सामग्री, श्राद्ध सामग्री, अन्नदान, ब्राह्मण भोजनको सामग्री आदि ।

एघारौँ दिन

जम्मा चारओटा तीर्थमा स्नानदानादिहरू हुन्छन् ।

तीर्थहरू

सप्तर्षितीर्थ, कपोतगिरितीर्थ, उत्तरवाहिनीतीर्थ र कालभैरवतीर्थ गरी जम्मा चारओटा तीर्थहरू ।

बाहौँ दिन–

गोकर्णदेखि उन्नाईसओटा तीर्थमा स्नानदानादि गरी सुन्दरीजलमा वास रहन्छ ।

तीर्थहरू

घोलमतीतीर्थ, वाल्मीकितीर्थ, अमलाम्बुतीर्थ, श्वेतवाराहतीर्थ, सुन्दरीकातीर्थ, सहस्रसुन्दरीतीर्थ, वाग्वतीतीर्थ, मदलाम्बुतीर्थ, काकगङ्गातीर्थ, निमलाम्बुतीर्थ, नागमतीतीर्थ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्यालमतीतीर्थ, पुण्यवतीतीर्थ, धनुषतीर्थ, विमलाम्बुतीर्थ, गजामतीतीर्थ, महाकालतीर्थ, धर्मवतीतीर्थ र सहस्रधारातीर्थ गरी जम्मा उन्नाईसओटा तीर्थहरू ।

आवश्यक सामग्री

भूमिदान, गृहदान एवं चित्रविचित्र वस्त्रदानका सामग्रीहरू ।

तेह्रौँ दिन

सुन्दरीजलदेखि जम्मा नौओटा तीर्थमा स्नानादि गरी वाग्द्वारमा वास रहन्छ ।

तीर्थहरू

विश्वाम्बुतीर्थ, कामधेनुतीर्थ, योगाम्बुतीर्थ, सिद्धाम्बुतीर्थ, भागणाम्बुतीर्थ, अगस्त्यतीर्थ, भोगाम्बुतीर्थ, शतरुद्रतीर्थ र ज्ञानाम्बुतीर्थ गरी जम्मा नौओटा तीर्थहरू ।

चौधौँ दिन

वाग्द्वारदेखि बूढानीलकण्ठमा पुगिन्छ । वास पनि यहीँ हुन्छ । चौधौँ दिन जम्मा सातओटा तीर्थमा स्नानदानादि हुन्छ । आखिरमा (सिद्धिने तीर्थको स्नानमा) सचैल स्नान हुन्छ ।

तीर्थहरू

अनन्ततीर्थ, अप्सरातीर्थ, पञ्चतारातीर्थ, षट्कुमारतीर्थ, विष्णुलक्ष्मीतीर्थ, रुद्रगौरीतीर्थ र ब्रह्मसरस्वतीतीर्थ गरी जम्मा सातओटा तीर्थहरू ।

आवश्यक सामग्री

बाजाहरू, सौभाग्यद्रव्य, हतियार, चित्रविचित्र वस्त्र, डमरु, त्रिशूल, घण्टा, गोदान (तेईसओटा), सचैलस्नानलाई वस्त्र दुई जोर ।

पन्ध्रौँ दिन

बूढानीलकण्ठको पूजा गरेर गोकर्णमा स्नान एवं भोजन गरी साँखु वज्रयोगिनीमा वास रहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौँ दिन–

योगधारा र योगकुण्डमा स्नान गरी वज्रयोगिनीको पूजा तथा पाठ पारायण गरी हवन, दानादि गरी भोजनसमेत गरेर चाँगुनारायणस्थानमा वास हुन्छ ।

आवश्यक सामग्री

होमलाई ब्रीहि, होम्ने वस्त्र, शैयादान, वज्रयोगिनीलाई पूजाभाग– ३, नेमुनिलाई पूजाभाग– १ ।

समाप्ति दिन– सत्रौँ दिन–

चाँगुनारायण आदिको दर्शन गरी मणिमती नुहाई श्रीगुह्येश्वरी र श्रीपशुपतिनाथको पनि दर्शन गरेर विरूपाक्षलाई दही च्यूरा चढाई नेमुनिलाई पूजा, दक्षिणा (शिरपाउ), अलङ्कार (गोकुल आदि) वस्त्र (दोसल्ला आदि) जो सकेको दान आदि दिई घर पुऱ्याएर बिदा भई आआफ्नो घर फर्की इष्टदेवता आदिको पूजाआजा गरी विश्राम लिनुपर्छ ।

यस वाग्वती तीर्थयात्राको वर्णन स्कन्दपुराणको हिमवत्खण्डअन्तर्गत नेपालमाहात्म्यमा कुमारतीर्थ यात्रामा वाग्वती सङ्गमतीर्थहरूको माहात्म्य नामक प्रकरणमा गरिएको छ ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको महास्नानपूजा

–डा. माधवप्रसाद लामिछाने

१. विषयप्रवेश

हिरण्यगर्भविद्या (सूर्यविद्या) वा निगमविद्याका अनुसार सम्पूर्ण विश्वको रचनाको आधार सूर्यलाई मानिएको छ। **नूनं जनाः सूर्येण प्रसूताः** अर्थात् सम्पूर्ण जीवजन्तुहरू सूर्यबाट उत्पन्न भएका हुन् तथा **सूर्य आत्मा जगतस्तस्थुषश्च** अर्थात् सूर्य समस्त चराचर जगत्का आत्मा हुन् आदि वैदिक वाक्यहरू त्यसका प्रमाण हुन्। यहाँ सूर्यको अभिप्राय नक्षत्ररूप पिण्ड सूर्य नभई भूः, भुवः, स्वः तीनै लोकमा सर्वत्र व्याप्त अग्नितत्त्वको एकीभूत रूप वैश्वानर हो जो उष्णता र प्रकाशको आधारभूत तत्त्व हो। त्यही वैश्वानरलाई बुझाउन वैदिक साहित्यमा सूर्यलाई प्रतीक बनाइएको छ।[1] सोही वैश्वानर अग्नि 'भूः' अर्थात् पृथिवीलोकमा पार्थिव अग्निका रूपमा, 'भुवः' अर्थात् अन्तरिक्षलोकमा सोम एवं वातका रूपमा र 'स्वः' अर्थात् द्युलोकमा सबैको समष्टिस्वरूप वैश्वानर वा सौर-अग्निका रूपमा रहेको छ। सोही वैश्वानर वा सौर-अग्निको अर्को पर्याय हो- कालाग्निरुद्र। रुद्र र अग्निको एकत्व देखाउँदै अथर्ववेदमा भनिएको छ -

यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य औषधीर्वीरुध आविवेश, य इमा विश्वा भुवनानि चाक्लृपे तस्मै रुद्राय नमोऽस्त्वग्नये[2] अर्थात् जो रुद्रदेव तेजका रूपले अग्निमा, वरुणको रूपले जलमा र सोमका रूपले लता एवं औषधिहरूमा व्याप्त छन् तिनले सबै प्राणीहरूको रचना गर्दछन्। ती अग्निरूप रुद्रलाई नमस्कार छ। तिनै रुद्ररूप सौर-अग्निका मुख्य दुई भेद छन् - घोर (उग्र) र शिव (शान्त)। आफ्नो उग्र रूपप्रति पार्वतीको जिज्ञासा शान्त गर्दै भगवान् शिव भन्नुहुन्छ -

द्विविधो लौकिको भावः शीतमुष्णमिति प्रिये।
तयोर्हि ग्रथितं सर्वं सौम्याग्नेयमिदं जगत्॥

---

१ फतहसिंह, वैदिक दर्शन, (इलाहाबाद : भारती भण्डार), वि.सं. २०१९, ८९ पृ.।
२ अथर्ववेद- ७।८७।१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौम्यत्वं सततं विष्णौ मय्याग्नेयं प्रतिष्ठितम् ।

अनेन वपुषा नित्यं सर्वान् लोकान् विभर्म्यहम् ॥[३]

अर्थात् हे प्रिये ! चीसो र तातो गरी लौकिक भाव दुई किसिमको हुन्छ । तिनै दुई भावले यो विश्व व्याप्त छ । सौम्य भाव विष्णुमा रहेको छ अर्थात् सौम्य भावमा म विष्णुरूपले रहेको छु भने आग्नेय भाव ममा रहेको छ अर्थात् आग्नेय भावमा म रुद्ररूपले रहेको छु । यही सौम्य एवं आग्नेय स्वरूपले नै म सम्पूर्ण लोकलाई धारण गर्दछु । यसबाट अग्निरूप रुद्रको शान्त स्वरूपलाई 'विष्णु' भनिने कुरा स्पष्ट हुन्छ । त्यसैले वेदमा जहाँ सूर्यलाई विष्णु भनिएको छ, त्यो सूर्य वा वैश्वानर अग्निको शान्त स्वरूप हो भन्ने स्पष्ट हुन्छ ।

अग्निलाई अन्नाद अर्थात् अन्न खानेवाला भनिन्छ । अन्न खानु अग्निको स्वाभाविक धर्म हो । पार्थिव एवं सौर-अग्नि अन्नाद हुन् भने अन्तरिक्षमा रहेको सोम एवं वातचाहिँ अन्न हो । यसै तथ्यलाई सङ्केत गर्दै शतपथब्राह्मणमा भनिएको छ - **एष वै सोमो राजा देवानामन्नं यच्चन्द्रमा**[४] अर्थात् सोम वा चन्द्रमा सौर एवं पार्थिव अग्निरूप देवताका अन्न हुन् ।

माथि प्रसङ्गवश भनिसकिएको छ कि रुद्ररूप सौर-अग्निका मुख्य दुई भेद छन्- घोर र शिव । औषधि, वनस्पति आदि अन्नरूप सोम सौर-अग्निमा निरन्तर आहुत भइरहेका छन् । फलतः सौर–अग्नि शान्त शिव वा विष्णुरूप ग्रहण गर्दै विश्वको पालनपोषण गरिरहेका छन् । शिव वा विष्णु सौर–अग्निरूप रुद्रको शान्त वा सौम्य रूप हो । त्यसैले रुद्रको शान्त वा सौम्य रूप शिवलाई पुरुषोत्तम वा विष्णु भनेको पाइन्छ । अतः शिव र विष्णुमा भेद देख्नु अज्ञानता सिबाय केही होइन । अन्नरूप सोमतत्त्व शान्ततत्त्व भएकाले उक्त सोमको आहुतिबाट रुद्राग्नि शान्तरूप ग्रहण गर्दै शिव बन्दछन् । यदि सोमरूप अन्नको आहुति बन्द भयो भने सौर-अग्निरूप रुद्र घोर रूपमा परिणत भई विश्वको संहारक कालाग्निरुद्र बन्न पुग्छन् । पार्थिव औषधि, वनस्पति, अप वा वायुरूप सोम (अन्न) को निरन्तर आहुतिले नै उग्र रुद्र वा सौर-अग्नि शान्त बन्दछन् । त्यसैले उक्त सोमरूप अन्नलाई शान्तदैवत्य वा शान्तरुद्रिय भनिन्छ । परोक्षप्रिय देवताहरूको परोक्षभाषामा त्यही शान्तरुद्रिय अन्न शतरुद्रिय नामले प्रसिद्ध छ । यसैलाई स्पष्ट गर्दै शतपथब्राह्मणमा भनिएको छ - **अत्रैषः सर्वोऽग्निः संस्कृतः । स एषोऽत्र रुद्रो देवता । स दीप्यमानोऽतिष्ठदन्नमिच्छमानः । तस्मादेवा अबिभेयुः - यद्वै नोऽयं न हिंस्यादिति । तस्मै एतदन्नं समभरत् शान्तदैवत्यम् । तेनैनमशमयन् । शान्तदैवत्यं ह वै शतरुद्रियमित्याचक्षते परोक्षम् । परोक्षकामा हि देवाः**[५] अर्थात् देदीप्यमान परिष्कृत अग्नि नै रुद्र देवता हुन् । अन्नको कामना गर्ने त्यस्तो देदीप्यमान रुद्ररूप अग्निबाट देवताहरू अत्यन्त भयभीत भए । यसले हामीलाई नमारोस् भन्ने कामनाका साथ अन्नको चाहना गर्ने त्यस अग्निलाई

३ महाभारत, अनुशासन पर्व – ११४।२४–२५ ॥
४ शतपथब्राह्मण-१।६।४।५ ॥
५ शतपथब्राह्मण-९।१।१।१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरूले शान्तदैवत्यरूप अन्न प्रदान गरे जसलाई रुद्ररूप अग्निले ग्रहण गरे। यसबाट के बुझिन्छ भने अग्निरूप रुद्रलाई शान्त गर्नका लागि शतरुद्रिय मन्त्रले स्तुति गर्दै शीततत्त्वरूप सोम वा अन्नरूप जलको अभिषेक गरिन्छ।

माथिको विवेचनबाट के कुरा स्पष्ट हुन्छ भने सौर-अग्निस्वरूप रुद्रतेज शान्त गर्नका लागि पार्थिव औषधि, वनस्पति आदि सोम (अन्न) रूप शीततत्त्वको आहुतिद्वारा विश्वब्रह्माण्डमा निरन्तर प्राकृत रुद्रानुष्ठान चलिरहेको छ। सोही प्राकृत रुद्रानुष्ठानको अनुकरणस्वरूप लौकिक जगत्मा अग्नितत्त्वको प्रतीकस्वरूप रुद्रलिङ्गमा सोमरूप शीततत्त्वको अभिषेक गरी रुद्रलाई शान्त र सौम्य शिवरूप धारण गर्नका लागि तथा आफ्नो अभीष्ट सिद्धिका साथै विश्वको कल्याणको कामनाले प्रार्थना गरिन्छ। यही नै शिव वा श्रीपशुपतिनाथको अभिषेकात्मक अनुष्ठान वा महास्नानको रहस्य हो। शीततत्त्व जलको अभिषेकबाट अत्यन्त शीघ्र प्रसन्न हुने भएकाले नै शिवलाई **अभिषेकप्रियः शिवः** भनिन्छ। यसै सन्दर्भमा अब यहाँ प्रत्येक महिनाको पूर्णिमा तिथि र कार्तिक शुक्ल चतुर्दशीका दिन हुने भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका विषयमा चर्चा गरिन्छ।

२. श्रीपशुपतिनाथमा महास्नानपूजा सम्बन्धी व्यवस्था

श्रीपशुपतिनाथमा हाल प्रत्येक महिनाको पूर्णिमाका दिन र कार्तिक शुक्ल चतुर्दशीका दिन गरिने महास्नानपूजाका सम्बन्धमा ऐतिहासिक रूपमा प्रथम उल्लेख राजा अभय मल्ल (वि.सं. १२७३-१३१२) को पालामा भएको देखिन्छ।[६] त्यसपछि लक्ष्मीनरसिंह मल्लले वि.सं. १६९१ मा वैशाख शुक्ल तृतीयाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने गरी गुठीका रूपमा सोह्र रोपनी जग्गा राखेको जानकारी पाइन्छ[७] तर हाल सो दिन अर्थात् अक्षय तृतीयाका दिन महास्नानपूजा गरिँदैन। राजा नृपेन्द्र मल्लले वि.सं. १७३५ वैशाख शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गरेको उल्लेख पाइन्छ।[८] त्यसै गरी सिङ्ख्वाल प्रधानले कार्तिक शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था मिलाएको देखिन्छ।[९] श्री ५ रणबहादुर शाहकी रानी कान्तवतीले वर्षभरि बाह्रै पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था बाँधी वि.सं. १८५६ वैशाख शुक्ल पूर्णिमाका दिन काठमाडौँको गोकर्ण एवं सिन्धुपाल्चोक जिल्लाको फटकशिलामा करिब बाईससय रोपनी जग्गा गुठी राखिदिइन्।[१०] सिङ्ख्वाल प्रधानले राखेको गुठीबाट चाहिँ कार्तिक शुक्ल चतुर्दशीका दिन महास्नानपूजा हुन थाल्यो। सोही व्यवस्थाअनुरूप

---

६ ज्ञानमणि नेपाल, नेपालको माध्यमिक कालको इतिहास, काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स, वि.सं. २०६२, १४५ पृ.।

७ गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौँ : झरेन्द्र शमशेर ज.ब.रा. तथा श्रीमती प्रभा राणा, वि.सं. २०५३, १५० पृ.।

८ पूर्ववत्।

९ पूर्ववत्।

१० पूर्ववत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजसम्म कार्तिक शुक्ल चतुर्दशीका दिन हुने महास्नानपूजामा देवीदासका छोरीपट्टिका सन्तान जोशी खलकको प्रतिनिधिका रूपमा हनुमानढोकास्थित तलेजुका जोशी उपस्थित हुने गरेका छन्। यसप्रकार हाल बाह्र महिनाका बाह्रै पूर्णिमा तथा कार्तिक शुक्ल चतुर्दशीका दिनसमेत गरी वर्षभरिमा जम्मा तेरह दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने परम्परा रहेको छ।

३. महास्नानपूजाका अवसरमा गरिने कार्यहरू

श्रीपशुपतिनाथको महास्नानपूजाका लागि चाहिने प्रायः सबै सामग्रीहरू सिन्धुपाल्चोक जिल्लाको फटकशिलाबाट ल्याइन्छ। महास्नानपूजाका लागि आवश्यक सामग्रीहरू जोख्ने, भर्ने, गन्ने र सम्बद्ध ठाउँमा पुऱ्याउने कार्य एकथरि व्यक्तिहरूले गर्दछन् भने पशुपति क्षेत्रका विभिन्न देवीदेवताको पूजाका लागि सामग्री तयार पार्ने काम हनुमान्ढोकामा अवस्थित तलेजु मन्दिरका नकिँहरू (घरमूली महिला)ले गर्दछन्। पूजासामग्री तयार पार्ने कार्यमा तलेजु मन्दिरका नकिँ र महास्नानपूजाका अवसरमा गरिने पठन, हवन एवं पूजनमा तलेजुका राजोपाध्याय एवं कर्माचार्यको भूमिका महत्त्वपूर्ण रहने गरेको छ। महास्नानपूजाका अवसरमा यज्ञशालाभित्र गरिने क्षेत्रपालको पूजा एवं अन्य तान्त्रिक पूजाका साथै गुह्येश्वरीमा गरिने पूजा र बलिको सङ्कल्प हनुमान्ढोकास्थित तलेजुका पुजारी कर्माचार्यले गर्दछन् भने हवनकार्य राजोपाध्यायले गर्दछन्।

तलेजु वा तुलजा भवानीलाई श्रीविद्याको षोडश नित्याहरूमध्ये अष्टम नित्या त्वरिता हुन् भनेर यिनको मूर्ति प्रतिष्ठापित गरिएको एउटा मन्दिर राजस्थानमा रहेको छ। अतः यिनी ऊर्ध्वाम्नायकी देवी हुन् भन्ने स्पष्ट हुन्छ।[११] भक्तपुरमा प्रतिष्ठापित तलेजुपीठ नजिकै रहेको दुमाजुपीठमा तलेजुमै प्रचलित विधिअनुसार पूजाउपासना हुने गरेको र बिस्केटजात्राको अवसरमा सर्वसाधारणका लागि देखाइने दुमाजुको अष्टधातुको मूर्ति पश्चिमाम्नायनायिका कुब्जिकाको स्वरूप भएकाले भक्तपुरमा प्रतिष्ठापित तलेजु पश्चिमाम्नाय र ऊर्ध्वाम्नायकी समष्टि हुन् भन्ने बुझिन्छ।[१२] **महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा। न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत्॥** अर्थात् पराशक्ति महात्रिपुरसुन्दरी र चण्डयोगेश्वरी गुह्यकालीका बीच कुनै भिन्नता छैन, जसले भिन्नताको कल्पना गर्छ त्यो नरक जान्छ भन्ने उक्तिअनुसार ऊर्ध्वाम्नायनायिका महात्रिपुरासुन्दरी एवं उत्तराम्नायनायिका गुह्यकाली वा चण्डयोगेश्वरी अभिन्न भएकाले तलेजु भवानी ऊर्ध्वाम्नायस्वरूप श्रीविद्या, पश्चिमाम्नायस्वरूप कुब्जिका र उत्तराम्नायस्वरूप गुह्यकालीको समष्टिस्वरूप भएको स्पष्ट हुन्छ।[१३] अतः महास्नानपूजाका अवसरमा हुने षड्वक्त्र श्रीपशुपतिनाथ र उनकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजाअर्चनाका क्रममा हवन एवं पूजनकार्यमा तीनै विद्याको समष्टिस्वरूप तलेजुका पुजारीहरू राजोपाध्याय र कर्माचार्य एवं पूजासामग्री तयार पार्ने कार्यमा तलेजुका नकिँको भूमिका आवश्यक भएको हो।

११ धनशमशेर ज.ब.रा., **कामकलारहस्य**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०३६, १४५ पृ.।
१२ पूर्ववत्।
१३ पूर्ववत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँका राजा रत्न मल्लको पालादेखि श्रीपशुपतिनाथका पुजारीका रूपमा शङ्कराचार्यको सिद्धान्तका अनुयायी षोढान्यासी संन्यासीहरूले काम चलाएको देखिन्छ।[१४] नेपालमा आएका शङ्कराचार्यले श्रीपशुपतिनाथमा हुने तान्त्रिक विधिलाई परिष्कृत गरी तिनै षोढान्यासी संन्यासीहरूद्वारा सात्त्विक पूजाअर्चना गर्ने र पशुपतिलिङ्गको माथि श्रीयन्त्र निर्माण गरी सोही यन्त्रमा षड्वक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजा गर्ने प्रथा चलाएका थिए। श्रीशङ्कराचार्यविरचित **श्रीपशुपतिपूजाविधानम्** नामक ग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहनु यसको साक्ष्य हो। सो प्रथा बाँधिनुभन्दा अगाडि श्रीपशुपतिनाथको पूजा हुँदा उनकी अभिन्न शक्ति महात्रिपुरसुन्दरीका रूपमा हनुमान्ढोकास्थित तलेजुको पूजा हुन्थ्यो होला। अर्को कुरा वि.सं. १४१६ मा बनेपाका शासक जयरामसिंहवर्धनले श्रीपशुपतिनाथको पुनः प्रतिष्ठा गराएको उल्लेख पाइन्छ।[१५] उक्त प्रतिष्ठाकार्यमा आचार्यका रूपमा उनकै कुलपुरोहित उपाध्याय वैदिक सनातनी ब्राह्मणहरू देखिन्छन् तर पछि षोढान्यासी संन्यासीहरू र दाक्षिणात्य भट्टहरू श्रीपशुपतिनाथको पुजारी हुन थालेपछि भने यहाँका राजोपाध्यायहरूको भूमिका न्यून हुन गई तलेजुमा मात्र सीमित हुन पुगेको हुन सक्छ।

महास्नानपूजाका अवसरमा पूजासामग्री तयार पार्ने तलेजुका नकिँहरूले पूजासामग्री चाँदीको भाँडामा एक भाग, तामाको भाँडामा एक भाग, पित्तलको भाँडामा तीन भाग र टपरीमा छब्बीस भाग तयार पार्दछन्।[१६] यी सामग्रीहरूमध्ये चाँदीको भाँडामा तयार पारेको सामग्री श्रीपशुपतिनाथमा चढाइन्छ जो स्वयं परब्रह्म प्रकाशस्वरूप अनुत्तर परम शिव हुन्। प्रकाशरूप शिवलाई सेतो मान्ने र विमर्शरूप शक्तिलाई रातो मान्ने परम्परा सर्वविदितै छ, त्यसैले चाँदीको भाँडामा तयार पारिएको सामग्री श्रीपशुपतिनाथलाई एवं तामाको भाँडामा तयार पारिएको सामग्री त्रिपुराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रमा चढाउने गरेको देखिन्छ। प्रकाशस्वरूप शिवलाई शास्त्रहरूमा गौरवर्णका भनिएकाले उनलाई सेता फूलहरू र चाँदीका पात्रहरू चढाउने गरेका प्रशस्त उदाहरणहरू पाइन्छन्।

निष्कल तत्त्वातीत विश्वोत्तीर्ण भगवान् श्रीपशुपतिनाथ नै विश्वको मूल केन्द्रमा विश्वमय रूपमा विद्यमान छन्। तामाको भाँडामा तयार पारिएको सामग्री श्रीयन्त्रमा चढाइन्छ जो प्रकाशरूप परम शिवकी विमर्शरूप पराशक्तिको दृष्टविग्रह हो। उक्त विमर्शरूप पराशक्ति अनुत्तर परम शिवका साथ अभिन्न सम्बन्धले रहेको हुन्छ। जसरी आगोबाट त्यसको पोल्ने शक्ति कहिल्यै भिन्न हुँदैन त्यसरी नै पराशक्ति पनि शक्तिमान् परम शिवबाट कहिल्यै भिन्न हुँदैन। शक्ति नै वास्तवमा शक्तिमान् तत्त्वको वास्तविक स्वरूपमा प्रवेश पाउनका लागि प्राथमिक उपाय हो।[१७] शक्ति नै शिवको परम

१४ ज्ञानमणि नेपाल, **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा**, काठमाडौँ : महेशराज पन्त, वि.सं.२०४३, २८ पृ.।

१५ पूर्ववत्, १९ पृ. ।

१६ गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौँः भरेन्द्र शमशेर ज.ब.रा.तथा श्रीमती प्रभा राणा, वि.सं. २०५३, १५२ पृ.।

१७ न वह्नेर्दाहिकाशक्तिरतिरिक्ता विभाव्यते।
केवलं ज्ञानसत्तायां प्रारम्भोऽयं प्रवेशने॥
–विज्ञानभैरव, १९ श्लोक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर स्वरूपमा प्रवेश गर्ने द्वार हो। जसरी कुनै व्यक्तिको अनुहार हेरेर उक्त व्यक्तिको पहिचान हुन्छ, त्यसरी नै शक्तिका माध्यमबाट शिवको पहिचान हुन्छ।[१८] परम शिव र पराशक्तिको त्यस्तो सम्बन्ध बुझाउनका लागि नै श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्र (ईशानवक्त्र)मा पराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रको निर्माण गरी पूजाअर्चना गर्ने परम्परा रहेको छ। श्रीयन्त्र निर्माणका दुईवटा प्रक्रिया बताइएका छन्– १) सृष्टिक्रम २) संहारक्रम। सृष्टिक्रम अर्थात् समयमार्ग अनुसार पहिले त्रिकोण लेखेर त्यसमा बिन्दु लेखी अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, अष्टदलपद्म, षोडशदलपद्म, वृत्तत्रय र चतुर्द्वारयुक्त भूपुरत्रय लेखी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ। समयमार्गअनुसार श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख लेखिन्छ।[१९] संहारक्रम अर्थात् कौलमार्ग अनुसार वृत्तबाट प्रारम्भ गरेर बिन्दुमा पुगी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ।[२०] संहारक्रममा श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख वा अधोमुख के हुन्छ भन्ने विषयमा सौन्दर्यलहरीमा केही उल्लेख नगरे तापनि सृष्टिक्रममा उक्त त्रिकोण ऊर्ध्वमुख हुन्छ भनेर स्पष्ट लेखिएकाले संहारक्रममा चाहिँ अधोमुख हुन्छ भन्ने अनुमान गर्न सकिन्छ।

भगवान् श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रमा निर्माण गरिने श्रीयन्त्र समयमार्गअनुसार लेखिन्छ तर मध्यत्रिकोणचाहिँ अधोमुख बनाइन्छ।[२१] यसबाट यहाँ मिश्रपद्धतिको अभ्यास भएको देखिन्छ। षड्वक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरी इच्छाशक्ति, ज्ञानशक्ति एवं क्रियाशक्तिको समष्टिस्वरूप विमर्शशक्ति हुन् जसलाई ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति मानिएको छ।[२२] उपर्युक्त तथ्यबाट ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति त्रिपुरसुन्दरीका शक्तिमान् तत्त्व षड्वक्त्र भगवान् श्रीपशुपतिनाथ पनि ब्रह्मा, विष्णु एवं महेश्वरस्वरूप परम तत्त्व हुन् भन्ने सिद्ध हुन्छ। पराशक्ति त्रिपुराले नै आफूभित्र बीजरूपमा अवस्थित सम्पूर्ण चराचर जगत्लाई बाहिर प्रकट गर्ने काम गर्दछिन्। तिनै त्रिपुरादेवी पराशक्तिमा शिवदेखि पृथ्वीसम्मका छत्तीस तत्त्व निहित छन्। अनन्त विश्ववैचित्र्यका रूपमा तिनै पराशक्ति रहेकी छिन्। आफ्नो स्वातन्त्र्यशक्तिका माध्यमबाट बाहिर प्रकट भएको चराचर जगत्लाई अहंस्वरूप मान्दै अर्थात् आफूदेखि अभिन्न रूपमा ग्रहण गर्दै सबैलाई अनुग्रह गर्नमा तत्पर तत्त्वलाई **सदाशिव** भनिन्छ। सदाशिव तत्त्वमा परम शिवमा निहित इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ज्ञानशक्तिको प्राधान्य रहन्छ। सोही सदाशिव तत्त्वका रूपमा यहाँ कीर्तिमुख भैरव देखापर्दछन् जसलाई पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग चढाइन्छ। सम्पूर्ण जगत्लाई इदं रूपमा मान्दै आफूदेखि भिन्न

१८ शक्त्यवस्थाप्रविष्टस्य निर्विभागेन भावना।
तदासौ शिवरूपी स्यात् शैवी मुखमिहोच्यते॥
–पूर्ववत्, २० श्लोक।

१९ शङ्कराचार्य, सौन्दर्यलहरी, ११ श्लोक, लक्ष्मीधराव्याख्या।

२० पूर्ववत्।

२१ श्रीपशुपतिनाथको दक्षिणवक्त्रका पुजारी श्रीराम कारन्तसँगको कुराकानीका क्रममा प्राप्त जानकारी।

२२ एषा सा परमा शक्तिरेकैव परमेश्वरी।
त्रिपुरा त्रिविधा देवी ब्रह्मविष्णवीशरूपिणी॥
–नित्याषोडशिकार्णव, ४।११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा ग्रहण गर्ने तत्त्वलाई **ईश्वर** भनिन्छ। पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग यज्ञशालामा हवन कार्यमा चढाइन्छ। यहाँ यज्ञशालामा गरिने हवन क्रियाशक्तिको द्योतक भएकाले क्रियाशक्तिको अधिष्ठानस्वरूप ईश्वरतत्त्वलाई उद्देश्य गरेर उक्त पूजासामग्री चढाएको देखिन्छ। परम शिवको ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ईश्वरतत्त्वमा क्रियाशक्तिको प्राधान्य रहन्छ। अहं (म) र इदं (यो) का बीच अर्थात् ज्ञाता र ज्ञेयका बीच अभेद दृष्टि जगाई 'यो सबै विश्वप्रपञ्च म नै हो' भन्ने शुद्ध विकल्पको उदय गराउने तत्त्वलाई **शुद्धविद्या** भनिन्छ। ज्ञानयोगस्वरूप उत्तराम्नायकी नायिका भएकाले गुह्येश्वरी शुद्धविद्या स्वरूप हुन्। अतः पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग गुह्येश्वरीमा चढाउनुको अर्थ शुद्धविद्यातत्त्वलाई समर्पण गर्नु हो भन्ने बुझिन्छ।

यसप्रकार चाँदी, तामा र पित्तलको भाँडामा तयार पारिएका सामग्रीहरू शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्यातत्त्वका प्रतिनिधिस्वरूप उपर्युक्त देवीदेवतालाई चढाउने गरिएको देखिन्छ। टपरीमा तयार पारिएका बाँकी छब्बीस भाग पूजा सामग्रीहरू मायातत्त्वका पञ्चकञ्चुक (कला, अविद्या, राग, काल र नियति) बाहेक पुरुषदेखि पृथिवीसम्मका पच्चीस तत्त्व र मायासमेत जम्मा छब्बीस तत्त्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको बुझिन्छ।

समस्त प्राणीहरूमा भेदबुद्धि उत्पन्न गर्ने तत्त्वलाई **माया** भनिन्छ। मायाका कारण नै जीव (आत्मा)बद्ध परिमित प्रमाता अर्थात् पुरुष तत्त्वका रूपमा परिणत हुन पुग्छ। पाशद्वारा बाँधिदा पशुका रूपमा परिणत हुन पुगेको पुरुषतत्त्वमा सर्वकृर्तित्वको अभिव्यक्ति हुन पाउँदैन। मायाका पञ्चकञ्चुकमध्ये कलातत्त्वले पुरुषमा किञ्चित्कर्तृत्वको अभिव्यक्ति गराइदिन्छ। यसरी पुरुषलाई किञ्चित्कर्ताका रूपमा सीमित गर्ने तत्त्वलाई **कला** भनिन्छ। त्यसै गरी पुरुषमा किञ्चित्ज्ञातृत्वको अभिव्यक्त गराइदिने र किञ्चित्ज्ञाका रूपमा सीमित गराइदिने तत्त्वलाई **विद्या** भनिन्छ। पुरुषलाई सङ्कुचित बनाएर सीमित विषयभोगमा लगाउने तत्त्वलाई **राग** भनिन्छ। पुरुषलाई सङ्कुचित बनाएर उसलाई समयको सीमामा बाँध्ने तत्त्वलाई **काल** भनिन्छ। पुरुषलाई उसले गर्ने नियमन पाप र पुण्यरूप कर्मको फल भोग्नका लागि गरिने तत्त्वलाई **नियति** भनिन्छ। नियतिका कारण नै पुरुष शुभ र अशुभ वासनात्मक कर्मको चक्करमा फस्दछ। यसप्रकार शिव नै जब आफ्नै स्वातन्त्र्यशक्तिबाट सृजित मायाका कला, विद्या, राग, काल र नियतिरूप पञ्चकञ्चुकबाट घेरिएर परिमित प्रमाता बन्न पुग्छन् तब उनैलाई **पुरुष**तत्त्वका नामले चिनिन्छ। विश्वप्रपञ्चको विकासका क्रममा इच्छा, ज्ञान र क्रियाशक्तिलाई आफूभित्र अन्तर्लीन गरेर रहेको शान्ताशक्ति जब सङ्कुचित बन्न पुग्छ तब सङ्कुचित इच्छा, ज्ञान र क्रियाशक्ति रज, सत्त्व र तमोगुणका रूपमा तथा स्वयं सङ्कुचित शान्ताशक्ति सत्त्व, रज र तमोगुणको साम्य अवस्थास्वरूप **प्रकृति**तत्त्वका रूपमा परिणत हुन पुग्छ। ज्ञानशक्तिको सङ्कुचित स्वरूप सत्त्वगुण, इच्छाशक्तिको सङ्कुचित स्वरूप रजोगुण र क्रियाशक्तिको सङ्कुचित स्वरूप तमोगुण हो। प्राकृत सृष्टिका क्रममा जब प्रकृति सृष्टिका प्रति उन्मुख हुन्छ तब उसको साम्य अवस्था भङ्ग हुन्छ र त्यसले चित्तको स्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रज र तमोगुणको साम्यावस्था भङ्ग हुनेबित्तिकै सत्त्वगुणको अधिकता एवं धारण गर्दछ। सत्त्व, रज र तमोगुणको न्यूनता हुँदा **बुद्धि**तत्त्वको आविर्भाव हुन्छ। बुद्धितत्त्वबाट **अहङ्कार** तत्त्वको आविर्भाव हुन्छ। अहङ्कार तत्त्व सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ। राजस अहङ्कारबाट **मन**को उत्पत्ति हुन्छ। सात्त्विक अहङ्कारबाट पाँच **ज्ञानेन्द्रिय** र पाँच **कर्मेन्द्रिय**को उत्पत्ति हुन्छ भने तामस अहङ्कारबाट **पञ्चतन्मात्रा**को उत्पत्ति हुन्छ। पञ्चतन्मात्राबाट **पञ्चमहाभूत**को उत्पत्ति हुन्छ।

यसप्रकार टपरीमा तयार पारिएका बाँकी छब्बीस भाग पूजा सामग्रीहरू मायातत्त्वका पञ्चकञ्चुक (कला, अविद्या, राग, काल र नियति) बाहेक पुरुषदेखि पृथिवीसम्मका पच्चीस तत्त्व र मायासमेत जम्मा छब्बीस तत्त्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको स्पष्ट हुन्छ।

महास्नानपूजाका अवसरमा भगवान् श्रीपशुपतिनाथलाई पूर्णकलशको जलले तथा पञ्चामृतले स्नान गराउने कार्यमा पनि राजोपाध्याय र मैथिल ब्राह्मणको भूमिका देखिन्छ। राजोपाध्यायले यज्ञशालाबाट पूर्णकलश मन्दिरमा लगी मन्दिरको प्रदक्षिणा गरेर दक्षिण ढोकाबाट पशुपतिनाथका पुजारीलाई दिन्छन् भने पिण्डिका निर्माणका लागि भात पकाउने मैथिल ब्राह्मणले पञ्चामृतको घडा यज्ञशालाबाट मन्दिरमा लगी मन्दिरको प्रदक्षिणापूर्वक दक्षिण ढोकाबाट पुजारीलाई दिन्छन्। महास्नानपूजाका अवसरमा मन्दिरको एक र यज्ञशालाको एक गरी जम्मा दुईवटा पूर्णकलशले तथा एक सय बीस घडा पञ्चामृतले श्रीपशुपतिनाथलाई महास्नान गराइन्छ। सो अवसरमा वासुकिमा पनि पाँच घडा पञ्चामृतले महास्नान गराइन्छ।

भगवान् श्रीपशुपतिनाथलाई महास्नानपूजाका बखत पोशाक फेराउनका लागि पोशाकहरू सिलाउने र रङ्गाउने कार्य नेवार जातिका रञ्जितकारले गर्दछन्। देवीदेवताका मूर्तिहरूमा रङ्गरोगन गर्ने पुर्ख्यौली पेशा अपनाउने भएकाले नै यिनीहरूलाई रञ्जितकार भनिएको हो। उपासनामा यस प्रथाको कुनै तात्त्विक सम्बन्ध नभए तापनि सामाजिक सद्भाव र समन्वयका लागि उनीहरूको उपस्थिति महत्त्वपूर्ण देखिन्छ र यस प्रथाले रञ्जितकारहरूलाई आफ्नो जातीय गौरवको अनुभूति अवश्य दिलाएको हुनुपर्छ।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप षड्वक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले धर्मशिलामा नन्दीको सुनको प्रतिमा राखी त्यसमाथि छ मुरी, छ पाथी, छ माना र छ मुठी भातको पिण्डिका निर्माण गरिन्छ। उक्त पिण्डिका तत्पुरुष, अघोर, सद्योजात, वामदेव र ईशानरूप षड्वक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई उद्देश्य गरी निर्माण गरिएको हो।[२३] यसबाट भातको पिण्डिका निर्माणमा प्रयोग हुने छ सङ्ख्याको रहस्य पनि खुल्दछ। सामान्यतया भोगका लागि तयार पारिने पदार्थलाई

२३ श्रीपशुपतिनाथको दक्षिणवक्त्रका पुजारी श्रीराम कारन्तसँगको कुराकानीका क्रममा प्राप्त जानकारी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गर्ने विधान अन्यत्र नदेखिए तापनि जसरी पितृहरूको श्राद्धका अवसरमा पितृलाई समर्पण गरिने पिण्डमा पूजा गरिन्छ, त्यसरी नै यहाँ पनि भातको पिण्डिकालाई पञ्चरङ्गी कपडाका टुक्राहरूले बेर्ने, उक्त पिण्डिकाको वरिपरि पालामा घ्यू र तेलको बत्ती बाल्ने, पिण्डिकामा पशुपतिनाथका मूल पुजारी भट्ट र तलेजुका राजोपाध्यायले विधिपूर्वक जौ-तिल, अक्षता, फूलले पूजा गर्ने, पुष्पाञ्जलिसहित मन्त्रपाठ गरी प्रार्थना गर्ने आदि कार्य गरिन्छ। पञ्चरङ्गी धागोको डल्लोलाई श्रीपशुपतिनाथका मूल पुजारी भट्ट तथा राजोपाध्याय दुवैले पूजा गरी भातको उक्त पिण्डिकामा चढाउँछन् र त्यसलाई फुकाउँदै लगेर पशुपतिलिङ्गमा स्पर्श गराउँछन्। वास्तवमा उक्त पिण्डिका साक्षातूरूपमा भगवान् श्रीपशुपतिनाथ एवं कामेश्वरीलाई चढाउन व्यावहारिक रूपमा नसकिने भएकाले आलभन (स्पर्श) विधिका रूपमा यो प्रक्रिया अपनाइएको हुनुपर्छ। ठीक यति बेलै कीर्तिमुखभैरवमा बाजागाजाका साथ पञ्चबलि दिइन्छ एवं उन्मत्तभैरवको माथिल्लो कोठामा तान्त्रिक विधिद्वारा गोप्य पूजा सम्पन्न गरिन्छ। उक्त गोप्य पूजाका क्रममा उन्मत्त भैरवका पुजारी कर्माचार्यले त्यहाँ स्थापित कुमारीलाई तान्त्रिक विधिले आवाहन गरी फूल वा कुनै द्रव्यविशेषमा पूजा सम्पन्न गर्दछन्।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप षड्वक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले पिण्डिका निर्माणका लागि भात पकाउने काम मैथिल ब्राह्मणहरूले गर्दछन्। त्यसका साथै यज्ञशालामा गरिने हवनकार्यमा पाठ गर्नका लागि एघार जना मैथिल ब्राह्मणहरू रहने गरेका छन्। यस चलनको उपासनासँग कुनै तात्त्विक सम्बन्ध नभए तापनि यसले नेपालको मध्यकालिक इतिहासलाई भने अवश्य सम्झाउँछ। कर्णाटवंशी राजा नान्यदेवले वि.सं. ११५४ मा नेपालको तराईमा मिथिला वा तिरहुत राज्यको नयाँ राजधानी सिम्रौनगढमा स्थापना गरेका थिए।[२४] तिनै कर्णाटवंशी तिरहुते राजाहरूकी इष्टदेवी 'तुलजा भवानी' थिइन्। वि.सं. १३८१ मा दिल्लीका शासक गयासुद्दीन तुगलकको भयङ्कर आक्रमणमा परी सिम्रौनगढको पतन भएपछि त्यहाँबाट भागेर नेपालमण्डल (काठमाडौं उपत्यका) मा पसेका हरिसिंहदेवका वंशजहरूको हातमा तात्कालिक भक्तपुरराज्यको शासन परेपछि तिनीहरूले नै तुलजा भवानीको स्थापना गरेका थिए। पछि तिनै तुलजालाई तलेजु भन्न थालियो। यसप्रकार श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा मैथिल ब्राह्मणहरूको उपस्थितिले मधेस र काठमाडौंका बीचमा रहिआएको पुरानो सम्बन्धलाई दर्शाउने गरेको छ र यसले राष्ट्रिय एकता र समन्वयको भावनालाई सुदृढ गरेको छ।

श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा पशुपतिमा अवस्थित यज्ञशालामा तान्त्रिक विधिअनुसार हवन एवं पूजन सम्पन्न गर्ने कार्य काठमाडौंको तलेजु मन्दिरका कर्माचार्य, राजोपाध्याय, जोशी, भुवनेश्वरीका कर्माचार्य र मैथिल ब्राह्मणहरूद्वारा गरिन्छ। यज्ञमा राजोपाध्यायहरूले दश हजार पाशुपतास्त्र मन्त्रद्वारा हवन गर्दछन्।[२५] यसबाट राजोपाध्यायहरू पाशुपतास्त्र मन्त्रको ज्ञाता रहेको जानकारी प्राप्त हुन्छ। यहाँनेर के कुरा उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ भने काठमाडौंका

---

२४ ज्ञानमणि नेपाल, **नेपालको माध्यमिक कालको इतिहास**, काठमाडौं : मकालु बुक्स एण्ड स्टेसनर्स, वि.सं. २०६२, ८५ पृ.।

२५ महास्नानपूजामा सम्मिलित तलेजुका सुरेशनारायण राजोपाध्यायबाट प्राप्त जानकारी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भूपालेन्द्र मल्लको समयमा श्रीपशुपतिनाथको मूल पुजारी बनेका स्वामी राघवानन्दले समाधि ग्रहण गरेपछि नेपालमा पाशुपतास्त्र मन्त्र जान्ने स्वामीहरू आउन छोडेको उल्लेख पाइन्छ।[२६] सम्भवतः यसै बेलादेखि राजोपाध्यायहरूले पाशुपतास्त्र मन्त्र ग्रहण गरेका हुन सक्छन् तर यसबाट पाशुपतास्त्र मन्त्रको अधिकार पाएका व्यक्तिहरू अत्यन्त सीमित रहेको कुराचाहिँ निश्चित हुन आउँछ। उक्त पाशुपतास्त्र मन्त्रको स्वरूपका विषयमा **अजितागम**मा भनिएको छ –

स्थलिकाकर्णिकामध्ये यजेत्पाशुपतास्त्रकम्।
त्रिनेत्रं चतुर्भुजं चैव श्लक्ष्णपिङ्गोर्ध्वकेशकम्॥
वरदाभयहस्तं च वामसव्याक्षशूलधृक्।
एवं पाशुपतं ध्यात्वा बहिर्लिङ्गे समर्चयेत्॥[२७]

अर्थात् कमलको कर्णिकाको माझमा तीन आँखा तथा चार हात भएका, चार हातमा वरमुद्रा, अभयमुद्रा, अक्षमाला र त्रिशूल धारण गरेका, नरम पहेँला ऊर्ध्वकेश भएका यस्ता पाशुपतास्त्रको ध्यानपूर्वक पूजा गर्नू र पाशुपतास्त्रको ध्यान एवं पूजा गरेपछि बाह्य लिङ्गमा पूजा गर्नू। अजितागमको उपर्युक्त कथनले माथिको स्वरूप पाशुपतनामक अस्त्रविशेषको हो कि भन्ने देखिन्छ यद्यपि हरेक वर्णको स्वरूप, आयुध आदिको कल्पना तन्त्रशास्त्रमा पाइने भएकाले माथिको स्वरूप पाशुपतशास्त्र नामक मन्त्रको पनि हुन सक्छ। तन्त्रालोकमा चाहिँ पाशुपतशास्त्र मन्त्रको नै उद्धार गरिएको छ।

४. महास्नानपूजामा कपालीहरूको भूमिका

जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेख अनुसार मुण्ड (खप्पर)को शृङ्खला (माला) लगाउने मुण्डशृङ्खलिक पाशुपत आचार्यहरूको सङ्घलाई र वराहस्वामी आदिलाई धारा तथा मन्दिर आदि टुटफुट भएमा मर्मतका लागि जग्गा प्रदान गरेको देखिन्छ।[२८] लिच्छविसंवत् ६९ को देवपाटनको अभिलेखमा राजा नरेन्द्रदेवको पालामा ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य दक्षिणतिलडुकलाई भूमिदान गरेको र ती आचार्यले सो भूमि मुण्डशृङ्खलिक पाशुपतहरूको औषधोपचारका लागि दिएको कुरा उल्लेख भएको छ।[२९] लिच्छविसंवत् ८३ को ललितपुर गैह्रीधाराको अभिलेखबाट राजा नरेन्द्रदेवको शासनकालमा महाप्रतिहार चन्द्रवर्माले राजामा बिन्ती चढाएअनुसार भगवान् वज्रेश्वरको मण्डलीमा सबै अड्डाहरूले पस्न नपाउने गरी राजाज्ञा भएको र चन्द्रवर्माले आफ्नो पुण्यवृद्धिका लागि उक्त मण्डलीमा धार्मिक

---

२६ ज्ञानमणि नेपाल, **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा**, काठमाडौँ : महेशराज पन्त, वि.सं.२०४३, २८ पृ.।
२७ अजितागम, २५।१५–१६।
२८ हरिराम जोशी (सम्पादक), **नेपालको प्राचीन अभिलेख**, अभिलेख सङ्ख्या ११३, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०, ४१५ पृ.।
२९ पूर्ववत्, अभिलेख सङ्ख्या १२४, ४६७ पृ.।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घहरूलाई दानदातव्य दिएको देखिन्छ। साथै सोही अभिलेखमा भगवान् वज्रेश्वरलाई उद्देश्य गरी पाशुपतहरू र ब्राह्मणहरूलाई भोजन गराउने राजाज्ञा भएको देखिन्छ[३०]। सो अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई छुट्टाछुट्टै ग्रहण गरिएकाले पाशुपत शब्दले पशुपतिको वामाचारविधिले पूजा उपासना गर्ने पुजारी वर्ग र ब्राह्मण शब्दले वेदानुकूल दक्षिणाचार विधिबाट शिवको पूजाउपासना गर्ने अर्चकहरूलाई ग्रहण गरिएको बोध हुन्छ । लिच्छविसंवत् ११९ को लगन विष्णुमन्दिरको अभिलेखबाट महाराज शिवदेवले आफैँले स्थापना गरेको शिवदेवेश्वरको पूजा अर्चनाका लागि सो मन्दिर बिग्रेभत्केमा मर्मतका लागि एउटा गाउँ नै पाशुपत आचार्यहरूलाई दान दिएको जानकारी प्राप्त हुन्छ। साथै सो गाउँका सम्पूर्ण गृहस्थहरूलाई उनीहरूले सरकारलाई बुझाउँदै आएको भाग, भोग, कर, सुन आदि पाशुपत आचार्यहरूलाई नै बुझाई तिनीहरूको हेरचाहमा रहेर काम गर्नू, उनीहरूले अह्राएको खटाएको काम गरी आनन्दसँग रहनू भन्ने राजाज्ञा भएको छ।[३१]

माथिका अभिलेखहरूमा आएको पाशुपताचार्य शब्दले पशुपतिका पुजारी भन्ने अर्थ ग्रहण गरेको देखिन्छ । पशुपतिसँग सम्बद्ध भन्ने अर्थमा पाशुपत शब्दको प्रयोग हुन्छ। तिनै पशुपति वा शिवसँग सम्बद्ध आचार्य वा पुजारी भन्ने अर्थमा पाशुपताचार्यको प्रयोग भएको देखिन्छ। त्यसैको सादृश्यमा शाक्त पुजारीहरूलाई कर्माचार्य, बौद्ध पुजारीहरूलाई वज्राचार्य भन्ने गरेको पाइन्छ। तिनै मुण्डश्रृङ्खलिक पाशुपत आचार्यहरूका वंशज नै आधुनिक नेवार समाजका कपाली वा कुस्ले जाति हुन् । शिवरात्रिका दिनदेखि अक्षयतृतीयाका दिनसम्म कपाली जातिका विशेष व्यक्ति महादेवको भेष गरी त्रिशूल हातमा लिई डमरु बजाउँदै गृहस्थका घरघरमा भिक्षा माग्न जाने परम्परा अद्यापि देखिनु र प्रत्येक पूर्णिमाका दिन पशुपतिमा हुने महास्नानपूजामा बाजा बजाउने कार्य कपाली जातिले गर्नुपर्ने परम्परा रहनु तथा षड्वक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई उद्देश्य गरी चढाइने महाभोगमा कपाली जातिको विशेष हक लाग्ने परम्परा रहनुले लिच्छविकालमा श्रीपशुपतिनाथका पुजारीहरू कापालिक शैव सम्प्रदायका तिनै मुण्डश्रृङ्खलिक कपालीहरू हुन्थे र उनीहरू शिवलाई तान्त्रिक वामाचारविधिबाट पूजाअर्चना गर्दथे भन्ने स्पष्ट हुन्छ। पाशुपत वाममार्गी भएकाले आद्य शङ्कराचार्यले पाशुपत मतको आलोचना गरेका छन् र नेपालमा आएका शङ्कराचार्यले पशुपतिनाथमा तान्त्रिक विधिबाट हुने पूजाविधिलाई परिष्कार गरी वेदानुकूल समयाचार विधि लागू गरे जुन अद्यावधि प्रचलित छ।

४. उपसंहार

प्रत्येक महिनाको पूर्णिमा र कार्तिक शुक्ल चतुर्दशीका दिन गरिने भगवान् श्रीपशुपतिनाथको महास्नानपूजा वास्तवमा महापूजा नै हो। स्नपन, पठन, हवन र बलिदानसहितको पूजा वा अर्चनालाई महापूजा भनिन्छ। भगवान् श्रीपशुपतिनाथको महास्नानपूजामा पनि स्नपन, पठन, हवन र बलिदानसहित षोडशोपचारले पूजा गरिने भएकाले उक्त महास्नानलाई महापूजाको पनि

३० पूर्ववत्, अभिलेख सङ्ख्या १३०, ४९१-४९२ पृ. ।

३१ पूर्ववत्, अभिलेख सङ्ख्या १४१, ५२८-५२९ पृ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञा दिन सकिन्छ। भगवान् श्रीपशुपतिनाथको नित्य पूजा एवं नैमित्तिक पूजाका रूपमा गरिने महास्नानपूजामा वैदिक एवं तान्त्रिक पद्धतिको मिश्रण पाइन्छ। **वामा भूत्वा यजेत् वामाम्** अर्थात् नारी बनेर नारीशक्तिको उपासना गर भन्ने तान्त्रिक सिद्धान्तअनुरूप श्रीपशुपतिनाथको पूजामा त्यहाँका अर्चकहरू रातो वस्त्र लगाएर कामेश्वरीसहित कामेश्वरस्वरूप भगवान् श्रीपशुपतिनाथको अर्चना गर्दछन्। यसबाट श्रीपशुपतिनाथको अर्चना वस्तुतः पराशक्ति श्रीको उपासना हो भन्ने स्पष्ट हुन्छ। शक्तिसाधना नै तान्त्रिक उपासनाको प्राण हो किनभने शक्तिका माध्यमबाट नै शक्तिमान् तत्त्वको बोध हुन्छ। उक्त महास्नानपूजामा गरिने कार्य र उपासनाका विधिविधानहरूमा वैदिक, शैव एवं शाक्त परम्पराको अनुपम सम्मिश्रण र समन्वय रहेकाले सो महास्नानपूजामा नेपालको मौलिक सांस्कृतिक वैशिष्ट्य प्रकट भएको छ। शिवमस्तु।

सन्दर्भसामग्री

अजितागम...............

शर्मा, श्रीराम (सम्पा.) बीरेली: संस्कृति संस्थान, सन् २००० अथर्ववेद

ज.ब.रा., धनशमशेर **कामकलारहस्य**, *काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०३६*

जोशी, हरिराम (सम्पा.) **नेपालको प्राचीन अभिलेख**, *काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०।*

टण्डन, गोविन्द **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, *काठमाडौँ : भरेन्द्र शमशेर ज.ब.रा. तथा श्रीमती प्रभा राणा, वि.सं. २०५३।*

द्विवेदी, व्रजवल्लभ **विज्ञानभैरव**, *वाराणसी : मोतीलाल बनारसीदास, द्वितीय संस्करण, ई. १९८४।*

द्विवेदी, व्रजवल्लभ **नित्याषोडशिकार्णव**, *वाराणसी : वाराणसेय संस्कृत विश्वविद्यालय, ई. १९६८।*

नेपाल, ज्ञानमणि **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा**, *काठमाडौँ : महेशराज पन्त, वि.सं.२०४३।*

नेपाल, ज्ञानमणि **नेपालको माध्यमिक कालको इतिहास**, *काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स, वि.सं. २०६२।*

फतहसिंह, **वैदिक दर्शन**, *इलाहाबाद : भारती भण्डार, वि.सं. २०१९।*

महर्षि वेदव्यास, **महाभारत**, *गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस, वि.सं. २०३५।*

शतपथब्राह्मण..........

शङ्कराचार्य, **सौन्दर्यलहरी** (लक्ष्मीधरा व्याख्यासहित), *मद्रास : गणेश एण्ड कम्पनी, ई. १९५७।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवप्रियवस्तु-विवेचना

–मुकुन्दप्रसाद उपाध्याय

सनातन वैदिक धर्म र दर्शनले आध्यात्मिक फाँटमा तीनथरी बीजको रोपण गरेका छन्। तीमध्ये एउटा हो **एकोऽहं द्वितीयो नास्ति** अर्थात् ब्रह्म एउटै छ, दुइटा छैन भन्ने मान्यताको बीज। दोस्रो बीजका रूपमा त्रिदेवको अवधारणा स्थापित गरेको छ जसअनुसार सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता महेश हुनुहुन्छ र उहाँहरूका तीन आदिशक्तिहरू पनि अनादि हुनुहुन्छ। अनि तेस्रो बीजका रूपमा **एकोऽहं बहुस्याम्** अन्तर्गत तेत्तीसकोटि देवताहरूको परिकल्पना गरिएको छ। आध्यात्मिक दर्शनका दृष्टिले यसलाई रूपपक्ष मात्र मान्न सकिन्छ भने सारमा चाहिँ यी तीनथरी पृथक्-पृथक् बीज नभएर एकै बीजका विस्तारमात्र हुन् भनेर बुझ्नुपर्ने हुन्छ।

त्रिदेवका रूपमा बुझ्दा होस् वा तेत्तीसकोटि देवताहरूमध्येका एक देव भनेर बुझ्दा होस्, भगवान् शिव अन्य देवहरूभन्दा पृथक् देखिनुहुन्छ। त्यसैले होला उहाँलाई देवताहरूका पनि देवता देवाधिदेव महादेव भनिन्छ। स्वरूप, वेशभूषा, रहनसहन, दिनचर्या एवं रुचिका दृष्टिले पनि भगवान् शिव बिल्कुल पृथक् धारको प्रतिनिधित्व गर्नुहुन्छ। अन्य देवीदेवताहरू वस्त्रालङ्कार, मणिमाणिक्य, गन्ध-अनुलेपन आदिद्वारा सुसज्जित हुँदा उहाँ निर्वस्त्र रहने, खरानी लगाउने, जटा पाल्ने, श्मशानमा बस्ने, विषभाङधतुरो सेवन गर्ने, सर्पका गहना लगाउने, बसाहामा चढ्ने, भूतप्रेतपिशाचहरूबीच रमाउने अद्भुत किसिमका देखिनुहुन्छ। यी सबै वेशभूषा र रहनसहनका कारणहरूको सूक्ष्म अध्ययन-अनुसन्धान गर्दै जाँदा क्रमशः शैवदर्शनका अनेक आयामहरू खुल्दै जान्छन्। भगवान् शिव ॐकारस्वरूप, ज्योतिस्वरूप, बिन्दुरूप, लिङ्गरूप, आत्मस्वरूप भएर सृष्टिकार्यहेतु सकलनिष्कल (सगुण-निर्गुण) दुवै रूपमा रहने हुनाले शिवतत्त्व नै अपरम्पार र अद्भुत भएको हुँदा उहाँको स्वरूप पनि अद्भुत भएको हो भन्ने मान्नुपर्ने हुन्छ। त्यसैले हामी नेपालीहरूका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ। भगवान् शिव हामी मनुष्यहरूका मात्र नभई मनुष्यसहित सबै पशु (जीव) हरूका स्वामी, नाथ, तारणहार हुनुभएकाले नै पशुपति भएर नेपालमा विराजमान हुनुभएको हो।

भगवान् शिवलाई सगुण-साकार परमेश्वर मानेर उहाँका परिवेश र लीलाहरूका आधारमा उहाँलाई मन पर्ने र मन नपर्ने वस्तुहरूको समीक्षाबाट पनि थोरबहुत शिवतत्त्वको बोध हुने हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस लेखमा सङ्क्षिप्त रूपमा भगवान् शिवलाई मन पर्ने र मन नपर्ने वस्तुहरूको चर्चा-परिचर्चा गर्न खोजिएको छ।

भगवान् शिवलाई प्रिय लाग्ने वस्तुहरूमध्ये भौतिक वस्तुहरूमा भस्म, रुद्राक्ष, नागका गहना, त्रिशूल, डमरु, जटा, मृगचर्म, बाघाम्बर, कमण्डलु, श्मशान, गङ्गाजल, पञ्चामृत, भूतप्रेत, डाकिनी, शाकिनी, नन्दी, भालचन्द्र, कुण्डल, त्रिपुण्ड्र, गाँजा, भाङ, धतुरो, अष्टकमल आदि छन् भने अभौतिक वस्तुहरूमा भक्तिभाव, ज्ञान, वैराग्य, प्रणव, पञ्चाक्षर, ताण्डव, ताण्डवस्तोत्र, महिम्नस्तोत्र, साधुता, निश्छलता आदि पर्छन्। शिवपरिवारभित्रका अन्य देवीदेवताहरू शक्ति, गणेश, स्कन्द, भैरव, भैरवी, नवनाथ, चौरासी सिद्ध आदि त छँदैछन्। त्यसो त भगवान् शिव मानवका मात्र नभई सुर, असुर, देवता, दैत्य, किन्नर, यक्ष, भूत, प्रेत, पिशाच, पशुपंछी सबैका देवता भएकाले उहाँका प्रिय वस्तुहरूको गणना गर्नु सम्भव नै छैन।

भगवान् शिव आशुतोष र भोलेबाबा हुनुभएकाले उहाँलाई मन नपर्ने वस्तुहरू ज्यादै कम छन्। अप्रिय वस्तुहरूमा अहङ्कार, काम, क्रोध, लोभ, परनिन्दा, छलकपट, पाश आदि पर्छन्। त्यसैले भगवान् शिवलाई अति मन पर्ने वस्तुहरूका बारेमा सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन्छ।

भस्म

भस्म भगवान् शिवलाई असाध्यै मन पर्छ। उहाँ अनुलेपनका रूपमा जिउभरि भस्मलेपन गर्ने, भस्मकै त्रिपुण्ड्र धारण गर्ने गर्नुहुन्छ। श्मशानविहारी भगवान् भोलेबाबालाई यज्ञको भस्म विभूतभन्दा पनि चिताभस्म बढी मन पर्छ। पुराणको कथाअनुसार दैनिक भस्मलेपनका लागि भस्म ल्याउने जिम्मेवारी पाएको भस्मासुर दैत्यले भगवान् भोलेनाथलाई खुशी पारी भस्मसङ्कलनहेतु जसको शिरमाथि हात राख्यो त्यो भस्म हुने वरदान प्राप्त गरेको थियो र वरदानको दुरुपयोग गर्दै भगवान्कै शिरमाथि हात राख्न उद्यत भएको थियो। भगवान् भोलेनाथको त्यो सङ्कट टार्न भगवान् श्रीहरिले भिक्षुरूप धारण गरी भस्मासुरलाई मोहित पारेर 'परीक्षणहेतु आफ्नै शिरमा हात राखेर हेर त' भन्दा त्यसै गरेर मोहित भस्मासुर भस्म भएको प्रसङ्ग आउँछ। वर्तमान भारतवर्षका द्वादश ज्योतिर्लिङ्गमध्ये मध्यप्रदेशको उज्जैनस्थित महाकालेश्वर ज्योतिर्लिङ्गमा अहिले पनि हरेक बिहान भगवान् शिवको शिवलिङ्गमा चिताभस्म दलेर भस्मआरती गर्ने गरिन्छ। भगवान् शिवलाई उहाँका सहस्रनामद्वारा नमन गर्दा ॐ **भस्मनाथाय नमः**, ॐ **भस्मभूताय नमः**, ॐ **भस्मशयनाय नमः** भनेर नमन गरिन्छ। आद्य शङ्कराचार्यले रचना गर्नुभएको 'शिवपञ्चाक्षरस्तोत्र' को पहिलो श्लोकमा नै **भस्माङ्गरागाय महेश्वराय** भनेर वन्दना गरिएको छ। त्यसरी नै 'शिवमहिम्नस्तोत्र' मा पनि 'श्मशानै छ क्रीडास्थल सहचर प्रेतहरू छन्। छ मुण्डैको माला तनभरि चिताभस्म अझ छन्' (छायानुवाद : पं. कुलचन्द्र गौतम) भनिएको छ। त्यसरी नै 'शिवाष्टकम्' मा भगवान् शिवलाई **भस्माङ्गरागकृतरूपमनोहराय**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(भस्मरूपी अङ्गरागद्वारा जसले आफ्नो रूपलाई अत्यन्त मनोहर बनाएका छन्) भनेर स्तुति गरिएको पाइन्छ।

भगवान् शिवलाई भस्म मन पर्नुको कारण के होला त भनी वैज्ञानिक दृष्टिले विचार गर्दा भगवान् शिव दिगम्बर हुनुहुन्छ अनि कैलास आदि शिखरहरूमा निवास गर्नुहुन्छ। प्राकृतिक चीसोबाट रक्षाका लागि जिउभरि भस्म अनुलेपन गर्नु युक्तिसङ्गत नै देखिन्छ।

अर्कोतर्फ भगवान् भोलेनाथले धारण गर्ने हरेक वस्तुहरू कुनै न कुनै तत्त्वका प्रतीक हुन्छन्। पञ्चतत्त्वमध्ये सृष्टिकार्य गरिने स्थान तत्त्व 'पृथ्वी' तत्त्वको प्रतीक हो भस्म अनि पारमार्थिक दृष्टिले वा भनौं दार्शनिक दृष्टिले भस्म भनेको सारतत्त्व हो। स्थूल पदार्थको गति वा शेष नै खरानी हो। जुनसुकै व्यक्ति धनी होस्, राजा होस्, सिद्धफकिर र सन्त होस्, अवतारी महापुरुष नै किन नहोस्, उसले एकदिन खरानी हुनैपर्छ। **ब्रह्म सत्यं जगन्मिथ्या** रूपी वेदवाक्यको चरितार्थहेतु भगवान् शिवले जगत्को मिथ्यापक्षको सङ्केत गर्दै सार वस्तुका रूपमा भस्मलेपन गर्नुभएको होला।

भस्मद्वारा त्रिपुण्ड्र कसरी लगाउने भन्ने सम्बन्धमा शिवपुराणमा चर्चा गरिएको छ। आँखीभौँमाथि साहिँली औँला, माझी औँला र चोरी औँलाद्वारा एकैपटक देब्रेबाट दाहिनेतिर समानान्तर तीन रेखा बन्ने गरी भस्म लगाइन्छ भने चोरी औँलालाई अशुद्ध मान्ने शिवभक्तहरूचाहिँ अनामिका (साहिँली) र माझी औँलाबाट आँखीभौँमाथि दुई रेखा खिंचेपछि पुनः बूढी औँलाद्वारा बीचमा पारेर एक रेखा खिंची त्रिपुण्ड्र लगाउँछन्। त्रिपुण्ड्रको प्रत्येक रेखामा नौ-नौ देवताहरूको बास हुने महिमा 'शिवपुराण'मा बताइएको पाइन्छ।

शिवपुराणका अनुसार भस्म तीन प्रकारका हुन्छन् – (१) लोकाग्निजनित (२) वेदाग्निजनित (३) शिवाग्निजनित।

गृहस्थहरूले प्रयोग गरेको आगोबाट बन्ने खरानीलाई लोकाग्निजनित वा लौकिक भस्म भनिन्छ। नैमित्तिक कार्यमा वेदको मन्त्रोच्चारणद्वारा विधिपूर्वक होम गरेर बनाइने भस्म (विभूत) वेदाग्निजनित हो अनि अघोर मन्त्रोच्चारण गरी बेलको काठद्वारा अग्नि प्रज्ज्वलित गरेर तयार गरिएको भस्म शिवाग्निजनित हो। यस्तो भस्म बनाइँदा गाईको गोबरको गुइँठा, शमी, पीपल, पलाँस, वर र पीपलका काठहरू प्रयोग गर्ने गरिन्छ। सुतजीले चाहिँ भस्मका प्रकारहरूमा महाभस्म, स्वल्पभस्म, श्रौतभस्म, स्मार्तभस्म र लौकिकभस्म भनेर वर्गीकरण गर्नुभएको छ।

रुद्राक्ष

विभिन्न देवीदेवताहरूले लगाउने मालाहरूमा पुष्पमालादेखि बाहेक तुलसीको माला, कमलगट्टाको माला, मोती, मुगा र स्फटिकको माला आदिमध्ये भगवान् शिवले चाहिँ रुद्राक्षको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माला धारण गर्नुहुन्छ। भगवान् शिव सगुण-साकार स्वरूपमा बस्दा उहाँले गलामा, बाहुमा र जटामा रुद्राक्ष धारण गर्नुहुन्छ। एकमुखी रुद्राक्षलाई स्वयं शिवस्वरूप मानिन्छ भने दुईमुखी रुद्राक्षलाई गौरीशङ्करको स्वरूप मानिन्छ।

भगवान् शिवको भयानक रूप उग्र रूपलाई रुद्र भनिन्छ। सृष्टिकार्यको विभाजनमा संहारकर्ताको कार्यभारले गर्दा पनि रौद्र रूप धारण गर्नुपर्ने हुन्छ। त्यही स्वरूपलाई रुद्र, एकादश रुद्र, महारुद्र आदि भनिन्छ। भगवान् रुद्रको अक्ष (आँखा) बाट धर्तीमा झरेको थोपाबाट उत्पन्न वनस्पति रुद्राक्षको रुखको फल (गेडा) लाई रुद्राक्ष भनिएको हो। यो सेतो (खैरो), रातो र कालो तीन वर्णका हुन्छन्। यी तीन वर्णका रुद्राक्षलाई सत्त्व, रजस र तमोगुणसँग सम्बन्ध गाँस्छन् सन्तहरू। नेपाल, आसाम, मलेसिया र इन्डोनेसिया आदिमा फल्ने रुद्राक्षको वानस्पत्य (बोटानिकल) नाम ' इसिमोकापैसी' परिवारभित्रको 'इलियोकार्पस' हो। यो एक मुखेदेखि चौंतीस मुखेसम्म हुन्छ। चार मुखेदेखि आठ मुखेसम्म सर्वसुलभ, अन्य दुर्लभ र एकमुखे अत्यन्त दुर्लभ मानिन्छ।

भगवान् शिवले किन रुद्राक्षलाई मन पराउनुभएको हो ? किन रुद्राक्षमाला धारण गर्नुभएको हो ? भनेर विचार गर्दा के बुझिन्छ भने भगवान्ले त्रिपुरासुरको दहनपश्चात् उहाँको त्रिनेत्रबाट झरेको आँसुबाट उत्पन्न वनस्पति नै रुद्राक्षको गेडा भएकाले यसको धार्मिक महत्त्व छ। आयुर्वेदमा रुद्राक्षलाई गुणकारी औषधि मानिएको छ। यसको नियमित सेवन उच्च रक्तचाप, हृदयरोग आदिमा गुणकारी मानिन्छ। यो महाऔषधि हो। भगवान् शङ्करले नै एक प्रसङ्गमा 'जो मनुष्य अभिमन्त्रित गरेर रुद्राक्षलाई धारण गर्दछ, उसले रुद्रलोक भेट्टाउँछ' भन्नुभएको छ।

राति खराब सपना देख्ने, निद्रामा झस्किने, तन्द्रावस्थामा कसैले थिचेको जस्तो आभास हुने, अमङ्गल ग्रहहरूले प्रभाव पार्ने, प्रेतात्माहरूले तर्साउने भएको छ भने अभिमन्त्रित रुद्राक्षको माला सभक्ति विश्वासपूर्वक सुत्ने पलङको दायाँबायाँ राखेर सुत्दा सारा दोषव्याधिहरू निवृत्त हुने मेरो आफ्नै अनुभव र विश्वास रहेको छ।

पशुपति आर्यघाट र बनारसका अन्य श्मशानघाटहरूमा पनि मृतकको दाहसंस्कार गर्दा मृतकले लगाएका सबै वस्त्र, अलङ्कार, गहना आदि निकालिन्छन् ।

रुद्राक्षलाई भगवान् शिवको प्रिय र रुद्रको प्रतीक मानिएकाले शिवभक्तहरू शिवमन्त्र जप गर्दा रुद्राक्षको मालाले नै जप गर्ने गर्दछन्। शिवपुराणमा सुतजी भन्नुहुन्छ – 'रुद्राक्ष शिवलाई अत्यन्त प्रिय छ। रुद्राक्षको स्पर्श र रुद्राक्षद्वारा जप गर्नाले सम्पूर्ण पापहरू नष्ट हुन्छन्।'

रुद्राक्ष अमलाजत्रो छ भने त्यो राम्रो मानिन्छ। माला उन्नका लागि जसमा प्राकृतिक छिद्र हुन्छ (सियोले छिद्र पार्नुपर्दैन) त्यो उत्तम मानिन्छ। रुद्राक्ष धारण गर्ने भक्त शाकाहारी हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्राक्षको प्रकार	धारण गर्ने मन्त्र
एक मुखे : साक्षात् शिवस्वरूप	ॐ ह्रीं नमः
दुई मुखे : देवदेवेश्वर शिवस्वरूप	ॐ नमः
तीन मुखे : त्रिदेवरूप	ॐ क्लीं नमः
चार मुखे : ब्रह्मास्वरूप	ॐ ह्रीं नमः
पाँच मुखे : कालाग्निरूप	ॐ ह्रीं नमः
छ मुखे : कार्तिकेयरूप	ॐ ह्रीं नमः
सात मुखे : अनङ्गस्वरूप	ॐ हुं नमः
आठ मुखे : अष्टमूर्ति भैरवरूप	ॐ हुं नमः
नौ मुखे : कपिलमुनिरूप/नवदुर्गारूप	ॐ ह्रीं हुं नमः
दश मुखे : साक्षात् विष्णुरूप	ॐ ह्रीं नमः
एघार मुखे : रुद्ररूप	ॐ श्रीं हुं नमः
बाह्र मुखे : शिरमा लगाउनुपर्ने/१२ आदित्यरूप	ॐ क्रौं क्षौं रौं नमः
तेह्र मुखे : विश्वेदेवस्वरूप	ॐ ह्रीं नमः
चौध मुखे : परमशिवस्वरूप	ॐ नमः

बेलपत्र :

हिन्दू धर्म-संस्कृति एवं वैदिक प्रचलनमा विभिन्न इष्टदेवीदेवतालाई विशेष केके मन पर्छ भनेर पुराणका कथाप्रसङ्गहरूका आधारमा पूजाआजा गर्ने चलन छ। गौरीपुत्र गणेशलाई हरियो दूबो मन पर्ने, महागणेशलाई शमीपत्ता मन पर्ने, लक्ष्मीलाई रातो कमल मन पर्ने, सरस्वतीलाई सेतो कमल मन पर्ने, श्रीहरि विष्णुलाई तुलसीको पात मन पर्ने, माता भवानीलाई रक्तपुष्प मन पर्ने भनिएजस्तै भगवान् भोलेनाथलाई बेलपत्र मन पर्छ। बेलपत्रमा पनि तीन पात भएको, सग्लो, ताजा, हरियो बेलपत्र भगवान् शिवलाई प्रिय छ।

अङ्कमा तीन (त्रि) भगवान् शिवको प्रिय अङ्क हो। भगवान् शिवका तीन (त्रि) बाट सुरु हुने नामहरूमा त्रिलोचन, त्रिपुरारि, त्रिशूलपाणि, त्रिगुणातीत, त्रिपुण्ड्रधारी आदि भनिन्छ। तीन लोक, तीन गुण, तीन शूल, तीन देव, ॐकारभित्रको तीन अक्षर (अ, उ, म), त्रिशूल आदि सबैको प्रतीक हो तीनपाते बेलपत्र। त्यसैले भनिन्छ – **त्रिदलं त्रिगुणाकारं त्रिनेत्रं च त्रियायुधम्। त्रिजन्मपापसंहारमेकबिल्वं शिवार्पणम्॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्वेदमा बेलको रूख, बेलको पात, बेलको बोक्रा, बेलको फल, बेलको फूल आदि सबैलाई गुणकारी मानिएको छ। 'द्रव्यगुणविज्ञान' मा भनिएको छ– **बिल्वं रोगान् विलयति भिनत्ति** अर्थात् बेलपत्रले रोगलाई नाश गर्दछ। बेललाई श्रीफल, सुन्दर फूल, गन्धगर्भ आदि भनिएको छ। तराईतिर पाइने २५-३० फिट अग्लो वृक्षका पातहरू स-साना हुन्छन् र पुष्प सेतो हुन्छ। त्यस्तो बेलवृक्षलाई ल्याटिन भाषामा AEGLEMARMELOTS भनिन्छ र यो Rutecee प्रजातिको मानिन्छ। 'द्रव्यगुणविज्ञान' मा अर्को प्रजातिको बेलवृक्षको पनि उल्लेख छ। चिरबिल्व भनिने उक्त बिल्वको ल्याटिन नाम Holoptelia Integrifolia हो। यसका पातहरू एकदेखि आठ इन्चसम्म लामा र दुईदेखि चार इन्चसम्म चौडा हुन्छन्। त्यस्तो बेलपत्रलाई पहाडी बेलपत्र पनि भनिन्छ।

नेपाल, भारत र बर्मामा पाइने बेलपत्र कफ र बाथका लागि लाभकारी हुन्छ। जरानाडी रोगमा, रस मूत्रविकारमा पनि लाभदायक छ। यसले रगत सफा गर्दछ भने मधुमेहमा पनि लाभदायक हुन्छ। अनिद्रामा पनि प्रयोग गरिने बेलपत्र रस वा मरिच मिसाएर खाँदा खोकी र श्वासप्रश्वासको समस्यामा फाइदा गर्छ।

बेलपत्र हाँगा काटेर ताछेर नटिप्नू, तीनपाते बेलपत्र मात्रै टिपेर चढाउनू, बरु थोरै चढाए पनि हुन्छ, बेलको हाँगा काट्ता भगवान् शिवलाई कष्ट हुन्छ भनेको पाइन्छ। बेलपत्र नपाइने ठाउँमा शिवभक्तहरूले चाँदीले बनेको बेलपत्र चढाउने गर्छन्। साथै सुकेको बेलपत्र पनि चढाउने गरिन्छ।

गङ्गाजल

हिमवत्खण्ड भारतवर्ष आर्यावर्तको धर्म र संस्कृतिका आधारस्तम्भहरू हुन् गङ्गा, गायत्री, गाई र गीता। यी चार खम्बाहरूमाथि नै पूर्वीय धर्मसंस्कृति र दर्शनको विशाल महल खडा भएको छ। त्रिलोकका गङ्गात्रयमा स्वर्गकी आकाशगङ्गा (मन्दाकिनी), पातालकी पातालगङ्गा (भोगवती) र यस पृथ्वीलोककी भागीरथी गङ्गालाई पतितपावनी गङ्गामाता भनेर पूजा गरिन्छ। कर्मकाण्डअन्तर्गत हरेक वैदिक कृत्यहरूमा, संस्कारमा र व्रतपर्वहरूमा गङ्गाजल अपरिहार्य मानिन्छ। लिङ्गपूजामा त गङ्गाजल नभई हुँदैन।

भगवान् शिवका प्रिय वस्तुहरूमा गङ्गाजल पर्नु स्वाभाविकै हो। त्यसैले उहाँको एउटा नाम गङ्गाधर रहन गएको छ। गङ्गाको उत्पत्तिबारेको पुराणवर्णित प्रसङ्गहरूका आधारमा के भनिन्छ भने अनादिकालमा आदिब्रह्माको कमण्डलुमा निवास गर्ने जलद्वारा ब्रह्माले शेषनारायणको पाउ धोइएकी गङ्गाजी पछि भगीरथ राजाको तप एवं भगवान् शिवको अनुग्रह र कृपाद्वारा यस धर्तीमा आएकी हुन्। स्वर्गबाट धर्तीमा सोझै झर्दा गङ्गाको प्रचण्ड वेगले धर्तीको क्षति हुने भयले गर्दा भगवान् शिवले आफ्नो विशाल जटा फैलाएर त्यस वेगलाई रोकी आफ्नो जटामा धारण गर्नुभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो। यसरी यी पतितपावनी गङ्गामातालाई स्वयं माता पार्वतीले पनि आफ्नी दिदीको स्थान र मर्यादा दिनुभएको छ।

भगवान् शिवले समेत नमन गर्दै शिरमा स्थान दिनुभएको गङ्गाजलले शिवलिङ्गको स्नान गराउँदा शिवजी प्रसन्न हुनुहुन्छ। भगवान् श्रीकृष्ण द्रवभावमा परिणत हुँदा (जलरूपमा परिवर्तित हुँदा) त्यसको एक थोपा अंश गङ्गामा परेको मानिन्छ। भगवान् श्रीकृष्णले राधालाई गङ्गाको महिमा बताउँदै भन्नुभएको छ – 'जो मनुष्य कोसौँ टाढाबाट पनि हर हर गङ्गे भनेर गङ्गाजीलाई नमन गर्दछ, त्यसका सबै पापहरू पखालिन्छन्।'

कलियुगमा गङ्गाजीको दर्शनमात्रले एक सय जन्मको, गङ्गाजल पिउनाले दुई सय जन्मको र गङ्गास्नान गर्नाले एक हजार जन्मको पाप नष्ट हुन्छ। सायद त्यसैले 'श्रीमद्‌भगवद्‌गीता' को दसौँ अध्यायको ३१ औँ श्लोकमा आफ्ना विभूतिहरूको वर्णन गर्ने क्रममा भगवान् श्रीकृष्णले 'म नदीमा भागीरथी गङ्गा हुँ' भन्नुभएको छ। त्यसैले भगवान् शिवलाई अति मन पर्ने वस्तुहरूमा गङ्गाजल पनि एक हो।

डमरु

भगवान् शिवलाई मन पर्ने वस्तुहरूमा डमरु पनि एक हो। हरेक शिवमन्दिरमा डमरु हुन्छ नै, अनि साँझबिहानको आरतीमा पनि डमरु बजाएर आरती गर्ने गरिन्छ। भगवान् शिवलाई डमरु प्रिय हुनुको कारण अनुसन्धान गर्दै जाँदा सृष्टिक्रमसँग डमरुको सम्बन्ध रहेको बुझिन्छ।

सृष्टिको सम्पूर्ण जिम्मेवारी त्रिदेवलाई दिइएको छ। सृष्टिकर्ता ब्रह्मालाई, पालनकर्ता विष्णुलाई र संहारकर्ता शिवलाई मानिन्छ। त्रिभुजका तीन कोणहरूमा क्रमशः ब्रह्मा, विष्णु र महेशको बास हुन्छ भनेजस्तै त्रिभुजका तीन कुना क्रमशः ब्राह्मण, यज्ञ र वेदको प्रतीक हो पनि भनिन्छ। सृष्टिको आरम्भ यज्ञबाट हुने कुरा 'श्रीमद्‌भगवद्‌गीता' मा श्रीकृष्णले बताउनुभएको छ। यज्ञकुण्डमा ब्राह्मणहरूले वेदमन्त्रद्वारा हवन गर्दछन्। यसरी गरिने हवनको धूवाँ माथि गई बादल बनेर वर्षा हुने, वर्षाद्वारा धर्तीमा औषधि (अन्न) उत्पन्न हुने, अन्नबाट वीर्य र रज बन्ने अनि वीर्य र रजबाट मनुष्य (पशु) सृष्टि हुने हुँदा सोको प्रतीकका रूपमा पशुहरूका पति भगवान् शिवले दुई त्रिभुज जोडिएको आकृतिरूप डमरु धारण गर्नुभएको हो। डमरु आकाशतत्त्वको पनि प्रतीक हो। आकाशको गुण शब्द हो। खाली आकाशको उपस्थिति नभई शब्द प्रवाह हुँदैन। हरेक वाद्यवादनको बनावटबाट पनि खाली स्थान नभई शब्द स्फुरण नहुने थाहा हुन्छ। शब्द उच्चारण गर्न मुखभित्र पनि प्रकृतिले खाली स्थान रहने बनोट बनाएको हुन्छ। पञ्चतत्त्वका देवता भगवान् शङ्करलाई आकाशतत्त्वको प्रतीक डमरु प्रिय छ। शिवको आरतीमा डमरु बजाइन्छ। शिव नटराज हुनुहुन्छ। नृत्यकलाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनक नै भगवान् शिव हुनुहुन्छ। भगवान् शिवको यही डमरुको ध्वनिको डमडमबाट पाणिनिले व्याकरणको रचना गरेका हुन्।

आकारबाट विश्लेषण गर्दा दुई त्रिभुजलाई जोड्यो भने डमरुको आकृति बन्छ भने ती दुई त्रिभुजलाई एक अर्कामाथि खप्टँदा षट्कोण बन्छ अनि त्यो षट्कोणलाई कर्मकाण्डमा अति पवित्र मानिन्छ। हरेक यज्ञ-अनुष्ठानको वेदीमा षट्कोण बनाउनै पर्ने विधान रहेको छ। षट्कोणलाई छ मुखे कुमार स्कन्दको प्रतीक मानिन्छ भने पूर्व, पश्चिम, उत्तर, दक्षिण चार दिशा, आकाश र पाताल गरी छ दिशाहरूको बोधक पनि मानिन्छ। डमरुको नादध्वनिबाट ताण्डव गर्ने हुँदा भगवान् शिवलाई **ॐ नृत्यप्रियाय नमः अनि ॐ नर्तकाय नमः** भनेर नमन गरिन्छ। 'शिवताण्डवस्तोत्र' को प्रथम श्लोक भन्छ – '**डमड्डमड्डमन्निनादवड्डमर्वयं चकार चण्डताण्डवं तनोतु नः शिवः शिवम्।**'

अष्टदल

भगवान् शिवलाई चढाइने वस्तुहरूमध्ये आठ पात भएको चाँदीको कमलको फूल बनाएर चढाउँदा भगवान् शिव प्रसन्न हुने कुरा शास्त्रमा बताइएको छ। कमलपुष्प सबै वैदिक देवताहरूलाई मन पर्ने पुष्प हो। भगवान् विष्णुका चार बाहुहरूमध्ये एउटामा कमलपुष्प रहने, ब्रह्माको र देवीहरूको कमलकै आसन हुने कुरा सर्वविदितै छ। कमलहरूमा श्वेतकमल, रक्तकमल र नीलकमल देवप्रिय कमलपुष्पहरू हुन्। भगवान् शिवलाई चाहिँ किन आठपाते कमल मन परेको होला त भन्दा अष्ट अङ्कका कारणले हो। भगवान् शिवलाई अष्टमूर्ति पनि भनिन्छ। ती अष्टमूर्तिहरू शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, ईशान र महादेव हुन्।

शर्वमूर्तिलाई पृथ्वीतत्त्वको प्रतीक, भवलाई जलको प्रतीक, रुद्रलाई अग्निको प्रतीक, उग्रलाई वायुको प्रतीक, भीमलाई आकाशको प्रतीक, पशुपतिलाई क्षेत्रज्ञ (क्षेत्रलाई जान्नेवाला) को प्रतीक, ईशानलाई सूर्यको प्रतीक र महादेवलाई चन्द्रको प्रतीक (महादेवको एउटा नाम चन्द्रभालेश्वर पनि हो) मानिन्छ। दोलखाको प्रसिद्ध भीमेश्वरलाई कसैले भीमसेन मानेको पाइन्छ त कसैले शिवको पञ्चममूर्ति भीमेश्वर मानेको पाइन्छ।

रेखाचित्रको गुह्य रहस्यलाई खोतल्दै जाँदा दुई त्रिभुज (उल्टो-सुल्टो) बाट षट्कोणको आकृति बन्दछ। हिन्दूधर्ममा षट्कोण पवित्रताको सूचक हो, जसलाई शिवपुत्र छ टाउको भएका कुमार स्कन्दका रूपमा लिइन्छ भने चार दिशाहरू तथा आकाश र पाताल गरी छ कोणका रूपमा पनि लिने गरिन्छ। दुई त्रिभुजबाट बनेको षट्कोणभित्र जम्मा आठवटा त्रिभुजहरू बनेका हुन्छन्। यसरी हेर्दा यो अष्टकमलको रेखाचित्र प्रतीत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शिवका अष्टमूर्तिहरूको वर्णन पुष्पदन्त गन्धर्वले रचना गरेको **'शिवमहिम्नस्तोत्र'** मा पनि पाइन्छ, जसको छब्बीसौँ श्लोकको पहिलो पङ्क्ति यस्तो छ – 'त्वम् अर्कः (तपाईं सूर्य हो), त्वम् सोमः (तपाईं चन्द्रमा हो), त्वम् पवनः (तपाईं वायु हो), त्वम् हुतवह (तपाईं अग्नि हो), त्वम् आपः (तपाईं पानी हो), त्वम् व्योम (तपाईं आकाश हो), त्वम् धरणी (तपाईं पृथ्वी हो), त्वम् आत्मा (तपाईं आत्मा हो)।' अर्थात् 'तपाईं अष्टमूर्ति हुनुहुन्छ भनेर पण्डितहरू भन्छन्' भन्दै पुष्पदन्तले 'यी आठ तत्त्व मात्र होइन, सबै तत्त्व नै तपाईं हुनुहुन्छ, तपाईंदेखि पृथक् म केही पनि देख्तिनँ' भनेर स्तुति गरेको पाइन्छ।

त्यसो त भगवान्लाई कमलपुष्प मन पर्ने कुरा थाहा पाएर नै सृष्टिको आरम्भमै भगवान् विष्णुले दैनिक एक हजार कमलपुष्पले शिवको पूजा गर्नुहुन्थ्यो। एक दिन विष्णुको भक्तिको परीक्षा लिन सङ्ग्रहित कमलपुष्पको थुप्रोबाट शिवजीले योगबलले एउटा पुष्प लुकाइदिनुभएछ। भगवान्ले दोहोऱ्याएर गन्दा पनि एउटा कमल पुगेनछ। तत्काल थप एउटा टिपेर ल्याउने अवस्था पनि नहुँदा आफ्नो भक्ति निष्फल होला भनेर विष्णुले कमलसमान आफ्नो नेत्र नै उखेलेर चढाउनुभएछ। भगवान् विष्णुको यो अनन्य पराभक्तिभावबाट भगवान् भोलेनाथ निकै प्रसन्न भएर भगवान् विष्णुलाई सुदर्शन चक्र प्रदान गर्नुभएछ, जुन सुदर्शनचक्र विष्णुले सदासर्वदा धारण गरिरहनुहुन्छ।

प्रणव र पञ्चाक्षर

भगवान् शिवको आराधनामा प्रयोग हुने मन्त्र, स्तोत्र आदिमा **प्रणव-पञ्चाक्षर (पञ्चाक्षरस्तोत्रम्)**, **'श्रीरुद्राष्टकम्'**, **'शिवताण्डवस्तोत्रम्'** र **'शिवमहिम्नस्तोत्र'** आदि हुन्। यहाँ प्रणव र पञ्चाक्षरको मात्र सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ।

प्रणव भनेको ॐकार हो। ॐकार नाश नहुने अक्षरब्रह्म होभने शिव-सदाशिव अजर-अमर देवाधिदेव परब्रह्म हुनुहुन्छ। त्यसैले ॐ नै शिव र शिव नै ॐ हुनुहुन्छ। भगवान् शिव निर्गुण-निराकारदेखि परम ज्योतिस्वरूप, परम अक्षर ॐकारस्वरूप, लिङ्गस्वरूप अनि सगुण-साकार शिवशक्तिस्वरूपमा रहनुहुन्छ। प्र भनेको प्रपञ्च र नाव भनेको नाउ हो अर्थात् सांसारिक प्रपञ्चबाट जीवलाई पार लगाउने नाउ नै प्रणव हो भने सम्पूर्ण पशु (जीव) हरूलाई तिनको प्रपञ्च (पाश) बाट मुक्त गर्ने नाथ नै पशुपतिनाथ हुनुहुन्छ। ॐकार एकाक्षरी ब्रह्मलाई सूक्ष्म प्रणव भनिन्छ भने यसैको विस्तार पञ्चाक्षरी मन्त्र 'नमः शिवाय' लाई स्थूल प्रणव भनिन्छ। भगवान् शिवले नै भन्नुभएको छ – 'मेरो निर्गुण-निराकार स्वरूपको प्रतीक लिङ्गपूजा गर्दा ॐकार मन्त्रले गर्नू, अनि मेरो सगुण-साकार स्वरूपको पूजा गर्दा 'नमः शिवाय' (पञ्चाक्षर) मन्त्रले गर्नू।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शिवलाई पञ्चाक्षर मन्त्र किन प्रिय छ भने यो पाँच अक्षरले बनेको छ। सनातन वैदिक दर्शनअनुसार सृष्टिको सञ्चालनमा मनुष्य जीवनमा पाँचको निकै महत्त्व छ किनभने यो मनुष्य शरीर (पिण्ड) पृथ्वी, जल, अग्नि, वायु, आकाश यी पाँच तत्त्वले बनेको छ भने यो ब्रह्माण्ड पनि यिनै पाँच तत्त्वले बनेको छ। आकाशतत्त्वबाट वायुतत्त्व बन्यो, वायुतत्त्वबाट अग्नितत्त्व बन्यो, अग्नितत्त्वबाट जलतत्त्व बन्यो र जलतत्त्वबाट पृथ्वीतत्त्व बनेर सृष्टिको आरम्भ भयो भने महाप्रलयमा सृष्टि लय हुँदा त्यसरी नै पृथ्वीतत्त्व जलमा लय हुन्छ, जल अग्नितत्त्वमा लय हुन्छ, अग्नि वायुतत्त्वमा लय हुन्छ अनि वायु महाकाशमा लीन हुन्छ। पञ्चतत्त्वबाट निर्मित जीवको अस्तित्व र कर्मका लागि पनि पञ्चप्राण (प्राण, अपान, समान, व्यान, उदान), पञ्चकोष (अन्नमय कोष, प्राणमय कोष, मनोमय कोष, विज्ञानमय कोष, आनन्दमय कोष), पञ्चज्ञानेन्द्रिय र पञ्चकर्मेन्द्रियका साथै हरेक कर्मकाण्डहरूमा पञ्चामृत पनि शिवप्रिय वस्तु हुँदै हो।

भगवान् शिवलाई पञ्चाक्षरी मन्त्र अति प्रिय हुनुको गूढ रहस्य भगवान् शिव देवता मात्र नभएर देवाधिदेव महादेव अर्थात् देवताहरूका पनि देवता महादेव ब्रह्मस्वरूप हुनुहुन्छ। जसबाट बृहत् हुँदै जान्छ र जसमा गएर लीन हुन्छ, त्यो नै ब्रह्म हो अर्थात् सृष्टिको कारण र सृष्टिको लयस्थान दुवै भएको तत्त्व नै ब्रह्मतत्त्व हो। भगवान् शिव कसरी ब्रह्म हुनुहुन्छ भने ब्रह्मले मात्र पञ्चकृत्य गर्न सक्छ, अरूले सक्तैन। ब्रह्मकृत्य वा भनौँ पञ्चकृत्य के के हुन् भन्दा सृष्टि, स्थिति, लय, तिरोधान र अनुग्रह पञ्चकृत्य हुन्। वस्तुलाई सृष्टि गर्ने, त्यसलाई पालन वा संरक्षण गर्ने र विनाश गर्ने कार्य अन्य देवीदेवता र अवतारी पुरुषहरूले पनि गर्न सक्छन् तर तिनीहरूले तिरोधान र अनुग्रह गर्न सक्तैनन्। जीवात्माहरूलाई कर्मको विधानअनुसार देहान्तरण गर्ने वा चौरासी लाख योनिमा घुमाउने कार्य तिरोधान हो अनि जीवात्माहरूलाई मुक्ति दिने कार्यलाई अनुग्रह भनिन्छ। यी पाँचै कृत्य गर्ने परमेश्वर महादेवलाई पञ्चाक्षरी मन्त्र मन नपर्ने कुरै भएन। अनि भगवान्ले पञ्चकृत्यका लागि नै पञ्चतत्त्वको सृष्टि गर्नुभएको हो जसअनुसार सृष्टिका लागि धर्ती, पालनका लागि जलतत्त्व, संहारका लागि अग्नितत्त्व, तिरोधानका लागि वायुतत्त्व (आत्मा देहान्तरण गर्दा प्राणवायुकै माध्यमले गरिन्छ) र अनुग्रह (मुक्ति)का लागि आकाशतत्त्वको निर्माण गरियो। पाँच तत्त्वद्वारा पञ्चकृत्य गर्ने भगवान् शिवका पराशक्तिहरू पनि पाँच नै छन्। ती हुन् – क्रियाशक्ति, ज्ञानशक्ति, इच्छाशक्ति, आनन्दशक्ति र चित्शक्ति। क्रियाशक्ति नामक पराशक्तिबाट पृथ्वीतत्त्व, ज्ञानशक्तिबाट जलतत्त्व, इच्छाशक्तिबाट अग्नितत्त्व, आनन्दबाट वायुतत्त्व र चिच्छक्तिबाट आकाशतत्त्वको उत्पत्ति भयो। पञ्चतत्त्वका पनि पाँच गुण छन् – शब्द, स्पर्श, रूप, रस र गन्ध। प्रणव पनि पाँच तत्त्वबाट बनेको छ – अ, उ, म, नाद र बिन्दु।

यसरी पाँच तत्त्वबाट बनेको ॐकार (प्रणव) र पाँच अक्षरबाट बनेको पञ्चाक्षरी मन्त्र 'नमः शिवाय' भगवान्लाई निकै प्रिय छ। भगवान्को सकल स्वरूप र निष्कल स्वरूपको एकैपटक नमन गर्न ॐ **नमः शिवाय** मन्त्रको प्रयोग गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान् शिवलाई मन नपर्ने वस्तुहरूमध्ये अहङ्कार हो । अहङ्कार उहाँलाई पटक्कै मन पर्दैन। कुनै पनि देवताहरूले र इन्द्रले समेत अहङ्कार गरेको उहाँलाई असह्य हुन्छ। अहङ्कार गरेकाले नै ब्रह्मा, विष्णुलगायत तेत्तीस कोटि देवीदेवताहरूले रक्षा गरेको दक्षयज्ञ उहाँले विध्वंस गरिदिनुभयो। भगवान् शिवका ससुरा भएको नाताले ब्रह्माजीले उनलाई प्रजापतिहरूका मुखिया बनाइदिनुभयो। सो कुरा नबुझी दक्षले देवाधिदेव महादेवलाई समेत एक प्रजापति भन्ठानेर आफूलाई नै सर्वेसर्वा भन्ठानी अहङ्कार प्रदर्शन गर्दा सतीदेवीले देहत्याग गर्नुपर्‍यो, पूषाले दाँत गुमाउनुपर्‍यो अनि दक्ष भनाउँदाले बोकाको टाउको लगाएर शेष जीवन बिताउनुपर्‍यो ।

भगवान् शिवले आफ्ना अतिप्रिय भक्त असुरराजहरूलाई अहङ्कारकै कारण सजाय दिनुभयो। त्यस्ता असुरहरूमा ब्रह्मज्ञानी दशानन रावण, मय, बाणासुर आदि पर्दछन् ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिदर्शन

–प्रा.डा. मुकुन्दराज अर्याल

श्रुतयोर्विभिन्नाः
नैको मुनिर्यस्य वचः प्रमाणं
धर्मस्य तत्त्वं निहितं गुहायाम्
महाजनो येन गतः स पन्था

२००९।१० सालदेखि ज्यौतिष पण्डित राधानाथ लोहनीको मैत्रीमा एक समूह दिनहुँ श्रीभगवान् पशुपतिनाथको दर्शन गर्न जाने गर्थे, म पनि त्यस समूहमा जान्थेँ, त्यस बखतमा दर्शन गरेको सम्झना र पटक-पटक मेरो जिज्ञासु स्वभावले प्रश्नहरू सोध्दा पाएको उत्तर र जाने बुझेसम्मका भक्तजन दर्शनार्थीहरूको सङ्गत गर्दै सोध्दै यो लेख तयार गरेको हुँ।

भगवान्ले व्याकरण विधिविधान शुद्धाशुद्धि हेर्नुहुन्न भनिन्छ **मूर्खो वदति विष्णाय, धीरो वदति विष्णवे उभयोस्तु फलं तुल्यं भावग्राही जनार्दनः** भन्दै भगवान्लाई भक्तिभावले दर्शन पूजा गर्ने हो। **भावप्रियो माधवः** अर्थात् भगवान् भाव र परिक्रमाबाट खुशी हुनुहुन्छ तर यस लेखमा पङ्क्तिकारले प्राङ्गणका सबै देवीदेवताहरूलाई दाहिने पार्दै लघु र मध्यम परिक्रमा गरी दुई भागमा बाँडेको छ।

विश्वका झण्डै एक अरबभन्दा बढी सनातन धर्मावलम्बीहरूका आराध्यदेव श्रीपशुपतिनाथको मन्दिर रहेको अति पवित्र पाशुपत क्षेत्र काठमाडौँ सहरबाट झण्डै पाँच कि.मि. पूर्वमा अवस्थित छ।

पौराणिक कथाका आधारमा यो क्षेत्र प्राचीनकालदेखि नै प्रसिद्ध भएको वर्णन पाइन्छ। पौराणिक आख्यानअनुसार पाण्डवहरूले शिवको दर्शन र स्पर्शन गर्न चाहेका हुनाले राँगोको रूप लिई भाग्दै जाने क्रममा पाताल प्रवेश गर्न खोज्दा उनीहरूले शिवरूपी राँगाको पृष्ठभाग समाते र दर्शन दिन प्रार्थना गरे। उनीहरूले छोएको जति भाग शिलारूपले त्यहीँ सिद्ध भई केदारेश्वरको नामले प्रसिद्ध भयो र त्यसको शिरोभाग पशुपतिका नामले नेपालमा रहेको मानिन्छ। यस भनाइको सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तात्पर्य पौराणिकहरूले केदारेश्वरलाई पृष्ठभाग र पशुपतिलाई त्यसै ज्योतिर्लिङ्गको शिरोभाग मानेको पाइन्छ। **हिमालये तु केदारम्** भन्ने भनाइअनुसार श्रीपशुपति ज्योतिर्लिङ्ग हिमालयमा विराजमान द्वादश ज्योतिर्लिङ्गमध्येको मुख्य शिरोभाग नै श्रीकेदारनाथको शिरोभाग रूप मानिएको छ। यसैकारण नेपालको नाम पनि पाशुपतक्षेत्र भनी पुराणहरूमा वर्णन गरेको पाइन्छ। हिमवत्खण्डमा "धर्म, अर्थ, काम र मोक्ष चारै वर्गको फल दिने हिमालयजस्तो पवित्र तपस्थली सम्पूर्ण पृथ्वीमा अरू छैन, सर्वत्र नेपाल नामले प्रसिद्ध यो महान् पाशुपत क्षेत्र भुक्ति, मुक्ति दिने त्रिलोकमा नै अति महत्त्वपूर्ण मानिएको छ" भनी उल्लेख गरिएको छ। यसै गरी शिवपुराणमा "यस संसारमा नेपाल नामले प्रसिद्ध सहरमा सम्पूर्ण इच्छा पूर्ति गर्ने, सबै कर्मको फल दिने पशुपतिनाथ भनिने शिरोभागरूपी शिवलिङ्ग रहेको छ भनिएको छ।"

नेपालको यो शिवलिङ्ग अर्थात् पशुपतिको लिङ्गलाई यहाँका वंशावलीहरूले विभिन्न कथा, उपकथाहरूद्वारा वर्णन गरेका छन्।

प्रागैतिहासिककालदेखि नै नेपालमा यस क्षेत्रको महत्त्व देखिन्छ। नवपाषाणकालिक युगदेखि जब मानवले कृषि, पशुपालन, माटाका भाँडाकुँडा निर्माणको प्रविधि विकास गऱ्यो र स्थायी बसोवास सुरु भयो तब आफ्नो स्थायी बसोबासका साथै आफूद्वारा पूजित ईश्वरको पनि स्थायी बसोबास मन्दिरको निर्माण गरे। पशुपतिको वर्तमान मन्दिर आधुनिक कालको भए पनि यो क्षेत्र ज्यादै प्राचीन हो। प्राप्त वंशावलीका वर्णनहरूबाट पनि यस कुराको पुष्टि हुन्छ। विक्रमपूर्व केही शताब्दी अघिदेखि नै प्रसिद्ध यस पाशुपत क्षेत्रमा हालसम्म प्राप्त प्राचीन वंशावलीले लिच्छवि राजा सुपुष्पदेवले यस क्षेत्रमा पशुपतिको पाँचतले सुवर्णछत्रयुक्त मन्दिर बनाएको उल्लेख पाइन्छ। पाशुपत क्षेत्रमा मन्दिर बनाउने, विस्तार गर्ने, विभिन्न देवीदेवताको स्थापना र द्वारपाल, क्षेत्रपालहरूलाई यथास्थानमा राख्ने, नयाँ मन्दिर बनाउने क्रम चली नै रह्यो र आजसम्म पनि चली नै रहेको छ। यस क्रममा धेरैपटक मन्दिरको जीर्णोद्धार भयो। लामो समयको अवधिमा नयाँ देवालयहरू थपिँदै गए। पशुपतिप्राङ्गण र क्षेत्रको सीमा सानो परिधिबाट विस्तृत पनि हुन पुग्यो। लामो समयको अन्तरालपछि नेपालका लिच्छवि, मल्ल, शाह शासकहरू र तत्कालिक भक्त भारदारहरूको आफ्नो श्रद्धा, भक्ति, सामर्थ्यअनुसार यसको श्रीवृद्धि गर्दै रहेर आजको यस रमणीय र विशिष्ट मन्दिर बन्न पुग्यो। वराहमिहिरको बृहत्संहितामा वन, नदी, पर्वत र झरनाहरूको नजिक बगैँचा भएको नगरमा देवताहरू रमाउँछन् भनेजस्तै पूर्वतिर श्लेष्मान्तक वन र वाग्वती नदी, एकातिर कैलास अर्कोतिर भण्डारखाल बगैँचा, गौरीघाट र अर्कोतिर वनकाली रहेको यो मन्दिर क्षेत्र पनि निश्चय नै ज्योतिषाचार्यले कल्पना गरेजस्तै नै छ। वर्तमान पशुपतिको मन्दिर ठूलो प्राङ्गणको बीचमा चतुष्कोणाकार बनेको छ। यो मन्दिर मण्डपाकृति वैदिक यज्ञमण्डपको विकसित रूप हो। नेपालका चतुष्कोणाकार मन्दिरहरूमा धेरै छानाहरू हुन्छन् त्यसैले यसलाई नेपाली छत्रेशैली पनि भनिन्छ। आजको रूप समयको लामो अन्तरालमा बन्न पुगको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली परम्परामा मन्दिरहरू जीर्णोद्धार गर्दा सकेसम्म पुरानो संरचनालाई नबिगारीकन पुरानोभैँ बनाउने भएकाले आजको रूप पनि धेरै पुरानो रूपको नै विकसित रूप हो भन्न सकिन्छ। प्राङ्गणको बीचभागमा पेटी बनाइएको छ। चारैतिरबाट पेटीमा चढ्ने सिँढीहरू छन्। सिँढीहरू चढिसकेपछि फराकिलो पेटीबाट नै प्रदक्षिणापथको काम पनि लिइएको छ। मन्दिरभित्र प्रवेश गर्ने चार दिशामा चार द्वारहरू छन्। प्रदक्षिणापथको पेटीबाट दक्षिण, उत्तर, पूर्वमा भित्र जाने बाटो छ जसबाट तीनतिरै खुल्ला छ तर भित्रभित्रैबाटै पश्चिम आउन भने बन्द गरिएको छ। त्यसबाट पनि भित्र गर्भगृह रहेको छ, जहाँ भट्ट र भण्डारीबाहेक अरू जान पाउँदैनन्।

गर्भगृहमा पशुपतिको लिङ्गको अतिरिक्त विष्णु, गणेश, दुर्गा, सूर्य, शिवपाञ्चायन मूर्ति पनि राखिएका छन्। एकादश रुद्रको प्रतीक चाँदीका एघार शिवलिङ्गहरूको पनि पूजा गरिन्छ। दक्षिणतर्फको द्वार बीचको चाँदीको र दायाँ बायाँ सुवर्ण जलपयुक्त छ भने अन्य तीनतिर चाँदीका द्वार छन्। काठको ढोकामा यी चाँदीका पाताहरू जडिएर सिँगारिएका हुन्। इँटलाई ढाकेर मन्दिरलाई सुन्दर देखाउन सिंगमरमरको टुक्रा टाँसिएको छ। गर्भगृहमाथि सम्पूर्ण पहिलो तलालाई काठको दलिन बाहिरसम्म निकालेर त्यसमा सुन्दरताका लागि बाघमुख बनाइएको छ र यसलाई पनि चाँदीले मोरिएको छ। माथिल्लो छाना अड्याउनका लागि चारैतिर छ-छ वटा टुँडालहरू राखिएका छन्। भिरालो परेको छाना अड्याउन यी टुँडालहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। मन्दिरको छानाको आकार प्रकारअनुसार टुँडालको सङ्ख्या, लम्बाई पनि घटबढ हुन्छ। यहाँको पहिलो तलाको छाना अड्याउनका लागि चारै दिशामा छ-छ वटा टुँडाल राखिएका छन् भने दोस्रो तल्ला अलि सानो भएकाले चार-चारवटा मात्र टुँडाल छन्। यसप्रकार तल्लो तलामा ६x४= २४ माथिल्लो तलामा ४x४= १६ गरी चालीसवटा टुँडालहरू छन्। तल्लो तल्लाको चार कोणमा चारवटा, माथिल्लो तल्लाको चारकोणमा चारवटा गरी ४x२ = ८ गरी जम्मा अठचालीसवटा टुँडाल रहेका छन्। यी अठचालीस टुँडाल उत्तर मल्लकालिक काष्ठकलाको उत्कृष्ट नमुना भएकाले तात्कालिक काष्ठकलाको उन्नत अवस्थाको बारेमा अध्ययन गर्न र मन्दिर वास्तुकलामा राखिने देवदेवी र महाकाव्यका नायक नायिकाहरूको स्थितिबारे पनि थाहा हुन्छ। उत्तरतर्फको टुँडालमा गणेश, कुमार, शिव, लक्ष्मी, विष्णु र ब्रह्माका आकृति कुँदिएका छन् भने कुनामा मानव, पंक्षी र पशुको संयुक्त रूप शरभको प्रतीक कुँशल स्थापित छन्। यसै गरी पश्चिमतर्फ रामायणका प्रमुख पात्रहरू हनुमान्, राम, सीता, लक्ष्मण, भरत, शत्रुघ्न, शरभ रहेका छन्। यसै गरी दक्षिणपट्टि युधिष्ठिर, द्रौपदी, भीमसेन, अर्जुन, नकुल, सहदेव र कुनामा शरभको आकृति रहेका छन्। पूर्वपट्टिका टुँडालहरूमा विश्वकर्मा, कृष्ण र तीन स्त्रीमूर्तिहरू (राधा, रुक्मिणी र सत्यभामा वा गायत्री, सावित्री, सरस्वती) र बलराम, कृष्णको मूर्ति र शिरोभागमा सूर्य, चन्द्रभन्दा माथि श्रीचरण पादुका र कलश राखिएकाले ज्यादै विशिष्ट बनेको छ र शरभको आकृति छ। शास्त्रमा मन्दिरको अलङ्करणहरूमा सिद्ध, यक्ष, राक्षस र पौराणिक कथाहरूको अनुभव गराउने दृश्यहरू राख्नू भन्ने निर्देशअनुसार त्यहाँ रामायण र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतका पात्रहरू राखिएका छन् । माथिल्लो तलाको छाना अडाउन राखिएको ४ X ४ = १६ वटा टुँडालहरूका मूर्तिहरूलाई सबैले षोडश मातृका भनेको पाइन्छ तर नियालेर हेर्दा पश्चिमपट्टि देखिएकाले षोडश मातृका वा षोडशकला मान्नु उचित हुनेछ ।

यसै गरी यस मन्दिरमा जडिएका देवताहरूको पश्चिमपट्टि द्वारतोरणमा सोभ्फो उभिएका मुद्रामा चार शीर्षकका शिवमूर्ति, बीचमा शिव र दायाँबायाँ अष्टादश भुजाकी देवीमूर्ति र त्यस्तै शिवमूर्ति राखिएका छन् । मन्दिरको भित्तामा दुईदुई भैरव गरी अष्टभैरव प्रतिष्ठापित गरिएका छन् । चारै ढोकाको दायाँबायाँ भित्तामा माथितिर अष्टमातृका प्रतिष्ठापित गरिएका छन् ।

लामो समयको अन्तरालमा यसको वरपर नयाँनयाँ मन्दिरहरू, मूर्तिहरू बन्दै गए र अहिले आएर यो रूप लिन पुगेको हो । लाखौँलाख दर्शनार्थी भक्तहरू पाशुपतक्षेत्रको भ्रमण र पशुपति दर्शन गर्न आउँछन् । भारतको चारै कुनाको चारधाम र ज्योतिर्लिङ्गको दर्शन पाशुपत क्षेत्रमा आएर पशुपति शिवलिङ्गको दर्शन गरेपछि मात्र पूर्ण भएको मानिन्छ ।

हरेक धार्मिकस्थलका आफ्नै दर्शनक्रम नियमहरू हुन्छन् । नियमबमोजिम नै परिक्रमा दर्शन गर्नु उचित हुन्छ । पशुपति दर्शन गर्दा दुई कुराको विशेष ध्यान पुऱ्याउनुपर्दछ । ती हुन् **शिवस्यार्धपरिक्रमा** यसो भन्नुको तात्पर्य शिवको पूरा परिक्रमा नगरी आधा परिक्रमा गर्नू भनेको हो । शास्त्रको अर्को निर्देशन **सोमसूत्रं न लङ्घयेत्** अर्थात् शिवनिर्माल्य बग्ने स्थललाई ननाघ्नू । पूरा परिक्रमा गर्दा उत्तरपट्टिको जलहरीबाट बग्ने निर्माल्य नाघिने हुँदा नै मन्दिरको अर्धपरिक्रमाको निर्देशन दिएको हुनुपर्छ । पशुपति मन्दिरको परिक्रमा दर्शन कति अवधिमा गरिन्छ आफ्नो शक्ति, सामर्थ्य र समयअनुसार क्रमशः पशुपतिको लिङ्ग, मन्दिर, प्राङ्गण मात्रको र वरपरको क्षेत्रसहित गरेर गर्न सकिन्छ ।

यस मन्दिर प्राङ्गणमा पश्चिम-उत्तरपट्टि केही सानासाना प्रस्तर मन्दिरहरू छन् जसमा शिवलिङ्गहरू स्थापना गरिएका छन् । यिनीहरूको नामसम्म थाहा भए पनि कसले कुन समयमा बनाएको हो भन्ने कुरा थाहा भएको छैन । यस्ता केही मन्दिरहरूका सँगै मुख्य मन्दिरको उत्तर पश्चिम कोणमा लिच्छविकालिक ढुङ्गाको मन्दिर छ । त्यस ढुङ्गाको मन्दिरको पृष्ठभागमा द्वादश भुजा नटराजको मूर्ति छ । मन्दिरभित्र हाल शिवलिङ्ग स्थापना गरिएको छ तर मुख्य प्रवेशद्वारको तोरणमा भने ब्रह्माको मूर्ति देखिन्छ । हाल यस शिवलिङ्गलाई ब्रह्मकपालेश्वर भनिन्छ । पशुपति मन्दिरको उत्तरभागमा ठूलो त्रिशूल छ । लिच्छवि राजा वृषदेवले यहाँ यो त्रिशूल चढाएका हुन् भन्ने वर्णन पाइए तापनि यो त्रिशूल त परम्परालाई अनुकरण गर्दै स्थापना भएको हो । यस त्रिशूलको दक्षिण भागमा ज्वरेश्वर र पश्चिममा भगवती अन्नपूर्णा रहेकी छिन् । यसको नजिकै उत्तरपूर्वमा शिखरशैलीको मन्दिरमा चण्डेश्वरको भग्न शिवलिङ्ग रहेको छ । यहाँबाट केही सिँढी चढेपछि वासुकि मन्दिर, केही अन्य मन्दिरहरू, केही प्राचीन लिच्छविकालिक मूर्तिहरू, मल्लकालिक हरिहरको मूर्ति, सिद्धेश्वर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्तेश्वर शिवलिङ्ग, जलशायी नारायण, लालगणेश, सूर्य र कृष्णका मन्दिरहरू, गरुडनारायण, सरस्वती, मुक्तिमण्डप र यसमा रहेको व्यासासन, सन्तापहरेश्वर महादेव, श्रीकीर्तिमुखभैरव, सूर्यको मूर्ति, लकुलीश, धर्मशिला, उन्मत्तभैरव, सप्तमातृका, नवग्रह, हनुमान् र ठूलो बसाहाको अतिरिक्त श्रीसत्यनारायण प्रतिष्ठापित छन्। सबै मन्दिरलाई, देवताहरूलाई दाहिने पारी घुम्नुपर्ने नियमअनुसार यसलाई सबै दर्शनार्थी भक्तजनहरूले दाहिने पार्दै घुम्नु उपयुक्त हुन्छ। मन्दिरको गर्भगृहमा मुख्य देवता पशुपतिका अतिरिक्त कोणकोणमा विष्णु, गणेश, दुर्गा, सूर्य, गङ्गामाई र चण्डेश्वरको पनि मूर्ति राखिएको छ। गर्भगृहमै पश्चिमपट्टि संसारदेवी र मणिदेवीका मूर्तिहरू राखिएका छन्। गर्भगृहमा एकादश रुद्रको प्रतीक एघारवटा चाँदीका शिवलिङ्ग पनि एउटा चाँदीकै बट्टामा राखिएका छन्।

हाल पश्चिम ढोकाबाट मात्र मन्दिरमा प्रवेश गरिन्छ। पश्चिमढोका मुख्य प्रवेशद्वारको दायाँबायाँ रहेका गणेश र कुमारको दर्शन गरी सर्वप्रथम पश्चिम ढोकाबाट नै गजुरको दर्शन गरी ठूलो बसाहालाई दायाँ पारी अन्य शिवलिङ्ग र मन्दिरलाई दायाँ पार्दै ब्रह्मकपालेश्वर मन्दिरको नाट्येश्वररूप दर्शन गरी पूर्व बढ्दै त्रिशूल, अन्नपूर्णा, जलेश्वर र नन्दीभृङ्गीलाई दायाँ पारी चण्डेश्वरको दर्शन गरी केही सिँढी उक्ली गोसाईस्थान महादेवलाई दायाँ पारेर भगवान् वासुकिनारायणलाई दर्शन गर्नुपर्दछ। हिमवत्खण्डमा वासुकिनारायणको दर्शन नगरी पशुपतिको दर्शन गर्न नहुने, यदि गरेमा निष्फल हुने वर्णन पाइन्छ। उक्त मन्दिरलाई प्रदक्षिणा गरी गुप्तेश्वर, सिद्धेश्वर दर्शन गरी जलशायी नारायणको दर्शन गर्ने र लालगणेशको दर्शन गरेर सँगैको मन्दिरमा रहनुभएको कृष्णजीको दर्शन गरी सोको पेटीबाट पशुपतिनाथ मन्दिरको पहिलो तलाको छानोमुनि रहेको कृष्णको शिरोभागमा स्थित चरण पादुका र तदुपरि कलशको दर्शन गरी सूर्यनारायण र सरस्वतीको दर्शन गर्दै मुक्तिमण्डप अगाडिको पर्खालबाट पूर्वतर्फ तल श्रीवाग्वती, श्रीयन्त्रसहितको गङ्गामाईको मन्दिर, मृगेश्वर, विरूपाक्ष मन्दिर, वाग्वती पारी एघार शिवालयको दक्षिणबाट चारै मन्दिरमा बनाइएको खोपाभित्र रहेको श्री कलीश्वरको दर्शन गरेर मुक्तिमण्डपमा पूर्वतर्फ फर्की एकाध सेकेण्डमात्र भए पनि बसी व्यासासनलाई प्रणाम गरी श्रीसन्तापहरेश्वरको दर्शन गर्नुपर्छ। त्यसपछि कीर्तिमुखभैरव, शीतलामाईको दर्शन गरेर उन्मत्तभैरवको पेटीमा बसी त्यहाँबाट मन्दिरको गजुरको दर्शन गरी उन्मत्तभैरवको दर्शन गरी बाहिर निस्केर श्रीसप्तमातृका ब्राह्मीको क्रमबाट सुरु गरी क्रमशः कालिकासम्म दर्शन गरी बाहिर निस्की नवग्रहको प्रदक्षिणापश्चात् धर्मशिलालाई दर्शन गरी सिँढी चढी दक्षिणद्वारको चाँदीको पातामा कुँदिएका शिवलिङ्गहरूको दर्शन गर्दै भित्र प्रवेश गरी दक्षिणपश्चिम कोणबाट भगवान् ईशान शिवको ऊर्ध्वमुखको दर्शन गर्ने, ईशान शिवको दर्शन गर्दा वेदको पुस्तक, अभय, वरद मुद्रा, अङ्कुश, पाश, टङ्क (छिनो), कपाल, ढक्का (डमरु), अक्षमाला, त्रिशूल हातमा लिएको उज्ज्वल वर्णको पाँचवटा मुख भएको परम प्रकाशमान ईशान रूपको ध्यान गर्दै स्तुति गर्ने –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"वेदाभयेष्टाङ्कुशपाशटङ्ककपालढक्काक्षकशूलपाणिः ।
सितद्युतिः पञ्चमुखोऽवतान्मामीशानमूर्ध्वं परमप्रकाशः ॥"

यसपछि भित्रैबाट पूर्वढोकामा गई पूर्व मुहारको दर्शन गर्नुपर्छ। तीन आँखा, शिरमा जटा, घाँटीमा रुद्राक्षको माला, चम्केको बिजुलीको जस्तो सुनौलो वर्ण, वेदको पुस्तक, वरद र अभय मुद्रा, परशु अर्थात् बन्चरो हातमा लिएका चारमुख र तीन आँखा भएका पूर्व मुहारको तत्पुरुषको ध्यान गर्दै दर्शन एवं स्तुति गर्नुपर्छ।

"प्रदीप्तविद्युत्कनकावभासो विद्यावराभीतिकुठारपाणिः ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्रः प्राच्यां स्थितो रक्षतु मामजस्रम् ॥"

पूर्व ढोकाबाट पूर्व मुहारको ध्यान, दर्शन सकी पुनः दक्षिणढोकामै फर्की दक्षिणढोकाबाट भगवान् अघोर शिवको दर्शन गर्नुपर्छ। यिनलाई यमराजको प्रतीक मानिन्छ। वेदमा यिनलाई शर्व भनिएको छ। यसमा शान्त एवं अघोर दुवैको सम्मिश्रण हुन्छ। यिनी कल्याणकारी तथा विनाशकारी दुवै हुन्। हातमा बन्चरो, वेदको पुस्तक, अङ्कुश, पाश, त्रिशूल, कपाल, ढक्का, अक्षमाला लिएका चार मुखवाला नीलो वर्णको अघोरले मेरो रक्षा गरून् भन्दै दर्शन गर्ने र तत्पश्चात् यसै लिङ्गको तलपट्टि कालाग्निरुद्र हाटकेश्वरको ध्यान, चिन्तन, मनन गरी दर्शन गर्नुपर्छ।

"कुठारवेदाङ्कुशपाशशूलकपालढक्काक्षगुणान् दधानः ।
चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः पायादघोरो दिशि दक्षिणस्याम् ॥"

त्यसपछि दक्षिणढोकाबाट बाहिर निस्की उत्तरढोकाबाट भित्र पस्नुपर्छ। पशुपतिको उत्तर मुख वामदेव हो। यो अर्धनारीश्वर रूप पनि हुनाले बायाँ कानमा नागकुण्डल र दायाँ भागमा कमलाकार गहना अर्थात् नारीरूपजस्तो देखाइन्छ अर्थात् वामदेवको देब्रे भाग पुरुषको र दाहिने भाग स्त्रीको हुन्छ। हातमा वरद मुद्रा, अक्षमाला, अभय मुद्रा, टङ्क र कमलको केशरजस्तो वर्ण भएका तीन आँखा चारमुख भएका यस्ता वामदेवको चिन्तन, मनन, ध्यान गर्नुपर्छ।

"वराक्षमालाभयटङ्कहस्तः सरोजकिञ्जल्कसमानवर्णः ।
त्रिलोचनश्चारु चतुर्मुखो मां पायादुदीच्यो दिशि वामदेवः ॥"

यसरी उत्तरढोकाको ध्यान गरिसकेपछि उत्तरबाट नै पश्चिममा आउनुपर्छ। पश्चिमपट्टिको पशुपतिको मुहारलाई सद्योजात भनिन्छ अर्थात् भर्खर जन्मिएको बालकको जस्तो तेज र सौम्यता यस मुहारमा हुन्छ। यिनी तीन नेत्र भएका र मुकुट धारण गरेका हुन्छन्। कुन्द, इन्दु, शङ्ख र स्फटिक जस्तै उज्ज्वल वर्ण भएका, हातमा वेद, अक्षमाला, वरद र अभय मुद्रा भएका, तीन आँखा र चार मुख भएका सद्योजातले मेरो रक्षा गरून् भन्दै तल दिइएअनुसार ध्यान गरी पश्चिम मुहारको दर्शन गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"कुन्देदुशङ्खस्फटिकावभासो वेदाक्षमालावरदाभयाश्च।
अक्षश्चतुर्वक्त्र उरूप्रभावः सद्योऽधिजातोऽवतु मां प्रतीच्याम् ॥"

पशुपतिको जल श्रद्धापूर्वक शिरमा धारण गर्नुपर्दछ तर प्रसादस्वरूप बेलपत्र शिरमा धारण गर्नु हुँदैन। यसरी दर्शन गरी तल ओर्ली हनुमान्‌को दर्शन गरी श्रीसत्यनारायणको परिक्रमा दर्शन गरी पश्चिमढोकाबाट पुनः एकपटक गजुर दर्शन गरेर क्षमायाचना गर्दै बाहिर निस्केको खण्डमा पशुपतिको लघु परिक्रमा, दर्शन पूरा मानिन्छ। यदि चारै ढोका खुल्ला नभएको बखतमा भक्तजनहरू दर्शनार्थ जानुभएको छ भने पनि एवं क्रमले दक्षिण, पूर्व, उत्तर, पश्चिमढोकामै दर्शन गर्ने र मन्दिरको चारै ढोकाको दायाँ बायाँ तल रहेको आठ भैरवमाथिका अष्टमातृका पाँचै द्वारका तोरणका देवीदेवताहरूको पनि दर्शन गर्नु शास्त्रोक्त विधियुक्त हुनेछ।

दोस्रो प्रकारको दर्शनमा आर्यघाटमा स्नान आचमन गरी तारकेश्वर ब्रह्मनाल, गङ्गामाईको दर्शनपश्चात् मृगेश्वर र विरूपाक्ष शिवलाई जल चढाई वत्सला मन्दिरको प्राङ्गणमा आउने विधान छ। त्यहाँ पार्थिवशिला, धर्मराज, अनन्तनारायण, पञ्चगणेश र श्रीवत्सलाको परिक्रमा दर्शनपश्चात् जम्बूद्वीपको दर्शन गरी यमुना, मङ्गलागौरी, नीलसरस्वती, लक्ष्मीको दर्शन गरी त्यहाँबाट भस्मेश्वर परिक्रमा र दर्शनपश्चात् दक्षिणढोकाबाट भित्र पसी यन्त्राकार पाँच सय पच्चीस शिवलिङ्ग र त्यसको मार्गमा स्थापित वर्तुलाकार मन्दिरभित्र कोटिलिङ्गेश्वर शिवको दर्शन गर्नुपर्दछ। त्यसपछि पश्चिमाभिमुख सुवर्णद्वारबाट भित्र पसेर सर्वप्रथम श्रीकीर्तिमुखभैरव, शीतलामाई, सूर्यको दर्शन गरी उन्मत्तभैरवको पेटीमा बसेर गजुरको दर्शन गरी भित्र पसेर उन्मत्तभैरवको दर्शन गरिन्छ। तत्पश्चात् यज्ञशालाभित्र प्रवेश गरी ब्राह्मीको क्रमबाट दर्शन गर्दै कालिकासम्म दर्शन गरेर मात्र नवग्रहको परिक्रमा दर्शन गरी सबै मन्दिर र शिवलिङ्ग देवदेवीहरूलाई दायाँ पार्दै उत्तरतर्फ रहेको त्रिशूल र वरपर रहेको श्रीअन्नपूर्णा ज्वरेश्वरको दर्शन गरी त्रिशूलको पूर्वमा रहेको सानो मन्दिरभित्र अवस्थित श्रीचण्डेश्वरको दर्शन गर्नुपर्छ अनि मात्र सिँढी चढी श्रीगोसाईस्थान महादेवरूप शिवलिङ्गको परिक्रमा दर्शन गरेर वासुकिनारायणको दर्शन गर्ने र उक्त मन्दिर दायाँ परिक्रमा गर्दै पूर्वतर्फबाट तल सिँढी ओर्लेर सिद्धेश्वर/गुप्तेश्वर शिवको दर्शन गर्नुपर्छ। आर्यघाट ओर्लने ढोकामा नै जलशयन शेषशायी नारायण हुनुहुन्छ। यहाँको परिक्रमा दर्शन गरी श्रीलालगणेशको दर्शन गर्ने र सँगै रहेको श्रीकृष्णको दर्शन गरी त्यसैको पेटीबाट पहिलो तलाको दक्षिणबाट दोस्रो टुँडालमा श्रीकृष्णको शीर्षभागमा चन्द्र, सूर्यभन्दा पनि माथि श्रीगुह्येश्वरीको कलश र चरण पादुकाको दर्शन गर्नै पर्छ। यति पूर्ण भएपछि मुक्तिमण्डप लाग्दा बाटोमा पर्खालमा अवस्थित श्रीगरुडनारायण, श्रीसरस्वतीको दर्शन गरी पूर्व फर्केर पुनः आर्यघाट वाग्वतीको दर्शन गर्दै मुक्तिमण्डपमा पूर्वाभिमुख भई बसेर ध्यान गरी मुक्तिमण्डपकै दक्षिणतर्फको श्रीसन्तापहरेश्वरको दर्शन गरी धर्मशिलाको दर्शन गरी पूर्वोक्त प्रकारले दक्षिण ढोकाबाट प्रवेश गरी परिक्रमा एवं दर्शन गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अझ विस्तृतरूपले बृहत् दर्शनको क्रममा मित्रपार्क जाने सडकबाट ओरालो लागी श्रीहेमन्तभैरवको दर्शनपश्चात् कैलास उमाकुण्ड दायाँ पारी गौरीघाटमा गई स्नान गर्ने, जप, ध्यान र तर्पण पश्चात् श्रीगौरी श्रीलक्ष्मीनरसिंह, श्रीहनुमान्को दर्शन गरी श्रीकिरातेश्वर शिवको दर्शन गरी गुह्येश्वरी जाने मूल सडक निस्केर गुह्येश्वरीको प्रवेशद्वार अगाडि घाटमा मार्जन आचमन गरी त्यहाँ रहनुभएका श्रीनरसिंह हनुमान् र गायत्रीको दर्शन गरी त्यसै ठाउँमा उत्तरवाहिनी भई बग्नुभएकी वाग्वतीको दर्शन गरी अश्वत्थ पीपल वृक्षमा जल चढाई परिक्रमा गर्दै र शनिश्चर बार भए छोई प्रणाम गरी गुह्येश्वरी मन्दिरमा प्रवेश गर्नुपर्छ। तेस्रो वा चारौँ सिँढीमा नागको सानो आकृति कोरिएको छ। त्यसलाई नटेकी वा ननाघी प्राङ्गणमा जानुपर्दछ। मन्दिरको आग्नेय कोणमा एउटा बाङ्गो स्तम्भ गाडिएर रहेको छ। त्यस स्तम्भको मध्यभागमा शिव मृत्युञ्जयको रूप मानी पूजा गरिन्छ। उक्त स्तम्भलाई प्रदक्षिणा दर्शन गरी मन्दिर परिक्रमा गर्दै श्रीसिद्धेश्वरको दर्शन गरेर मात्र मन्दिरभित्र गर्भगृहमा प्रवेश गर्ने चलन छ। भगवती गुह्येश्वरीको दर्शन र श्रीभैरवको दर्शन परिक्रमापश्चात् मातृकाहरू, क्षेत्रपालको दर्शन गरी बाहिर निस्की दक्षिणतर्फको सिँढी उक्लने र केही सिँढी उक्लनेबित्तिकै श्रीगणेशलाई दर्शन गरेर मृगस्थलीतर्फ अगाडि बढ्न सिँढी उक्लेर जानुपर्दछ। यसरी सिँढी चढ्दै जाँदा बीचमा बायाँतिर सानो गुफाजस्तो देखिन्छ। गोरक्षनाथको तपस्थल माथिको यो तपस्थललाई पनि नमस्कार गरी माथि गोरखनाथ मन्दिरको प्राङ्गणमा पुगिन्छ।

यहाँ गोरखनाथ, अखण्डधुनी, श्रीभैरवनाथ, श्रीमनकामनाको श्रद्धा भक्तिपूर्वक दर्शन गरे चिताएको सबै कुरा पुग्दछ भन्ने भनाइ छ। त्यताबाट विश्वरूप/विश्वरूपा मन्दिरको परिक्रमा दर्शन गर्दै बाहिर निस्केर पुनः ओरालो लाग्दा श्रीरत्नेश्वर शिवलिङ्गको (हाल जलहरी मात्र अवशेष रहेको छ) को दर्शन गरी लालगणेशको दर्शन गरेर वाग्वतीको पुलमा अडिई श्रीआर्यघाट ओर्ली मार्जन, आचमन गरी माथि बताएबमोजिम गङ्गामाई मृगेश्वर विरूपाक्ष शिवको दर्शन गरी श्रीवत्सलामन्दिरको प्राङ्गणमा रहेका पार्थिव शिला, धर्मराज, अनन्तनारायण, पञ्चगणेशको दर्शनपछि श्रीमङ्गलागौरी, श्रीयमुना, श्रीनीलसरस्वतीको दर्शनपश्चात् त्यहीँबाट भद्रेश्वर (भस्मेश्वर)को दर्शन गरी चौंसठ्ठी शिवलिङ्ग प्रवेश गर्नुपर्छ। त्यसपछि गर्नुपर्ने सबै परिक्रमा दर्शनविधि माथि बताइसकिएकै छ। पश्चिम ढोकाबाट बाहिर निस्की झङ्केश्वरी, श्रीदक्षिणामूर्ति, श्रीभुवनेश्वरी, श्रीजयवागीश्वरी, नवालीटोलमा श्रीमृत्युञ्जय, गरुडनारायण, ताम्रेश्वर र भण्डारेश्वर दर्शन गरेपछि पाशुपतक्षेत्रको दर्शन पूरा भएको मानिन्छ। आफ्नो समय, शक्ति, सामर्थ्यअनुसार भगवान्को दर्शन गर्नुपर्छ। मुख्य कुरा त भक्ति र श्रद्धा नै हो। श्रद्धा, भक्तियुक्त भई दर्शन गरे पुग्छ। विधिसम्मत परिक्रमा दर्शन हुनु राम्रो हो तर सर्वव्यापी भगवान् त भक्तिबाट नै खुशी हुनुहुन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवोपासनाका लागि रुद्राभिषेक

–पं. युवराज तिमिल्सिना

करोडौँ सूर्यजस्ता तेजिला र करोडौँ चन्द्रमाजस्ता शीतल भएका, अग्निमा राखेको सुवर्णजस्तो वर्ण भएका, त्रिकोणमाथि विराजमान भएका मुखैपिच्छे तीन नेत्र र जम्मा आठ हात भएका, पूर्वपट्टि सुवर्णजस्तो (सुनौलो) वर्णको शान्त विश्वात्मक मुख, दक्षिणपट्टि श्याम वर्णको दाह्रा निस्केको भैरवात्मक मुख, पश्चिमपट्टि दूधजस्तो सेतो वर्णको ब्रह्मात्मक मुख, उत्तरपट्टि गोरो वर्णको जटाको जुरो बाँधेको चन्द्रमाको चाँद लगाएका गौरीशङ्करात्मक मुख, माथितिर श्रीचक्रको चिह्न अन्तर्भूत भएको शिखाकार ज्योतिर्मय परब्रह्मात्मक मुख भएका, नागको आभूषण, रुद्राक्ष, मुण्डमाला, रत्नहरू र बेलपत्रको माला आदि धारण गरेका, सदा सोह्र वर्षको उमेरका जवानजस्ता देखिने, हातमा दाहिनेपट्टि अभयमुद्रा र देब्रेपट्टि वरदमुद्रा धारण गरेका, शून्य आकाशको शून्य कमलमाथि विराजमान यस्ता सच्चिदानन्दस्वरूप आशुतोष भगवान् सदाशिवको उपासनाका लागि रुद्राष्टाध्यायीमा रुद्राभिषेकको विशेष महत्त्व रहेको छ।

मनसा कर्मणा वाचा शुचिः सङ्गविवर्जितः।
कुर्याद् रुद्राभिषेकं च प्रीतये शूलपाणिनः॥
सर्वान् कामानवाप्नोति लभते परमां गतिम्।
नन्दते च कुलं पुंसां श्रीमच्छम्भुप्रसादतः॥

शिवपुराणमा सनकादि ऋषिहरूले गरेको प्रश्नमा स्वयं भगवान् शिवले रुद्राष्टाध्यायीको मन्त्रद्वारा गरिने रुद्राभिषेकको माहात्म्य बताउँदै मन, वचन, कर्म, वाणी तथा सबै प्रकारको आसक्तिबाट रहित भएर भगवान् शूलपाणिको प्रसन्नताका लागि रुद्राभिषेक गर्नुपर्दछ भन्नुभएको छ। रुद्राभिषेक गर्नाले भगवान् शिवको कृपाबाट सबै कामना प्राप्त हुन्छ। रुद्राष्टाध्यायीद्वारा रुद्राभिषेक गर्नाले कुलपरम्परादि धर्मका साथै आनन्द प्राप्त हुन्छ।

नमकं चमकं चैव पुरुषं सूक्तमेव च।
नित्यं त्रयं प्रयुञ्जानो ब्रह्मलोके महीयते॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्राष्टाध्यायीको नमक (पञ्चम) अध्याय र चमक (अष्टम) अध्याय तथा पुरुषसूक्तको प्रतिदिन पाठ गर्नाले ब्रह्मलोक प्राप्त हुने कुरा **वायुपुराण**मा उल्लेख गरिएको छ। जसले शतरुद्रीको नित्य पाठ गर्दछ, उसलाई धन, यश, आयुको वृद्धि, सम्पूर्ण मनोरथको सिद्धि, सर्वपापनिवारण, सर्वदुःखनिवारण, सर्वभयनिवारणका साथै अग्निभय, वायुभय, आत्मभय लगायत ब्रह्महत्यादि दोष नाश भएर कैवल्यमुक्ति प्राप्त हुने कुरा उल्लेख गरिएको छ।

रुद्रपाठ (अभिषेक) विधिः

रुद्राः पञ्चविधाः प्रोक्ता देशिकैरुत्तरोत्तरम्।
साङ्गस्त्वाद्यो रूपकाख्यः सशीर्षो रुद्र उच्यते॥
एकादशगुणैस्तद्वद् रुद्री संज्ञो द्वितीयकः।
एकादशभिरेताभिस्तृतीयो लघुरुद्रकः॥
लघ्वेकादशभिः प्रोक्तो महारुद्रश्चतुर्थकः।
पञ्चमः स्यान्महारुद्रैरेकादशभिरन्तिमः॥
अतिरुद्रः समाख्यातः सर्वेभ्यो ह्युत्तमोत्तमः॥

शास्त्रीय आधारमा रुद्रपाठ पाँच प्रकारबाट बताइएको छ।

(१) षडङ्ग पाठ (२) रुद्री पाठ (३) लघुरुद्र (४) महारुद्र (५) अतिरुद्र

सम्पूर्ण रुद्राष्टाध्यायीमा आठ अध्याय छन्। यी आठ अध्यायमा भगवान् शिवको विशेष महिमा र उनको कृपाशक्तिको वर्णन गरिएको छ र यो आठ अध्याय रुद्राष्टाध्यायीको नामबाट प्रसिद्ध छ। यसरी गरिएको रुद्राष्टाध्यायीको पाठलाई षडङ्ग रुद्री भनिन्छ। नमकाध्याय (पञ्चम) र चमकाध्याय (अष्टम)को संयोजन गरेर गरिने पाठलाई रुद्री या एकादशिनी भनिन्छ। एकै दिनमा एघारजना ब्राह्मणद्वारा गरिने एघार आवृत्ति रुद्री पाठलाई लघुरुद्री भनिन्छ। एकसय एक्काईसजना ब्राह्मणद्वारा गरिने एकसय एक्काईस आवृत्ति रुद्री पाठलाई महारुद्री भनिन्छ। तेह्रसय एकतीसजना ब्राह्मणद्वारा गरिने तेह्रसय एकतीस आवृत्ति रुद्री पाठलाई अतिरुद्री भनिन्छ। भगवान् सदाशिवको अनुष्ठान पाठात्मक, अभिषेकात्मक तथा हवनात्मक तीन प्रकारबाट गर्न सकिन्छ।

चन्द्रमा शिवको मस्तकमा सुशोभित हुनुहुन्छ। अतः चन्द्रदेवको कृपा प्राप्त गरी घरपरिवारमा सुखशान्ति र आनन्द प्राप्त गर्नका लागि रुद्राभिषेक गरी भगवान् शिवको उपासना गर्न सकिन्छ। बलहीन चन्द्रमा सृष्टिलाई ऊर्जा दिनमा असमर्थ हुन्छन्। चन्द्रमाको सीधा सम्बन्ध प्राणीको मनसँग रहेको हुन्छ। मन कमजोर हुँदा प्राणीलाई भौतिक सन्तापले घेर्दछ तथा अनेकानेक दुःखको स्थिति उत्पन्न हुन्छ जसबाट विभिन्न कष्टहरूको सामना गर्नुपर्दछ। यी भौतिक सन्ताप निवारणका लागि दैनिक आशुतोष भगवान् शिवलाई गङ्गाजलले स्नान गराई तीन दल भएको एक बिल्वपत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चढाउने गर्नाले, प्रत्येक महिना शिववास चक्र जुराई रुद्राभिषेक गर्नाले विभिन्न भौतिक इच्छा र कामनाहरू पूरा हुनुका साथै जन्मौंजन्मसम्मको पाप नाश हुन्छ।

विभिन्न इच्छा र कामना प्राप्तिका लागि रुद्राभिषेक गर्ने गरिन्छ।

जलेन वृष्टिमाप्नोति व्याधिशान्त्यै कुशोदकैः।
ज्वरप्रकोपशान्त्यर्थं जलधारा शिवप्रिया॥
दध्ना च पशुकामाय श्रिया इक्षुरसेन च।
मध्वाज्येन धनार्थी स्यान्मुमुक्षुस्तीर्थवारिणा॥
पुत्रार्थी पुत्रमाप्नोति पयसा चाभिषेचनात्।
वन्ध्या वा काकवन्ध्या वा मृतवत्सा च याऽङ्गना॥
घृतधारा शिवे कार्या यावन्मन्त्रसहस्रकम्।
तदा वंशस्य विस्तारो जायते नात्र संशयः॥
प्रमेहरोगशान्त्यर्थं प्राप्नुयान्मानसेप्सितम्।
केवलं दुग्धधारा च तदा कार्या विशेषतः॥
शर्करामिश्रिता तत्र यदा बुद्धिर्जडा भवेत्।
श्रेष्ठा बुद्धिर्भवेत्तस्य कृपया शङ्करस्य च॥
सार्षपेणैव तैलेन शत्रुनाशो भवेदिह।
मधुना यक्ष्मराजोऽपि गच्छेद्वै शिवपूजनात्॥
पापक्षयार्थी मधुना निर्व्याधिः सर्पिषा तथा।
जीवनार्थी तु पयसा श्रीकामीक्षुरसेन वै॥
पुत्रार्थी शर्करायास्तु रसेनार्चेच्छिवं तथा।
महालिङ्गाभिषेकेण सुप्रीतः शङ्करो मुदा॥
कुर्याद्विधानं रुद्राणां यजुर्वेदविनिर्मितम्।

जलको धारा लगाई रुद्राभिषेक गरेमा समयमा वृष्टि हुन्छ। कुशोदकबाट अभिषेक गरेमा व्याधिशान्ति हुन्छ। पशुको कल्याणका लागि दहीबाट अभिषेक गर्नुपर्दछ। ज्वरको प्रकोप शान्त गर्नका लागि जलधाराबाट रुद्राभिषेक गर्नुपर्दछ। धनप्राप्तिका लागि घिउ र महबाट रुद्राभिषेक गर्नुपर्दछ। पुत्रको इच्छा भएमा गाईको शुद्ध दूधबाट जलधारा लगाई रुद्राभिषेक गर्नुपर्दछ। शत्रुशमनका लागि सर्स्यूँको तेलबाट जलधारा लगाई रुद्राभिषेक गर्नुपर्दछ। मोक्षप्राप्तिका लागि तीर्थजलबाट अभिषेक गर्नुपर्दछ।

यसै गरी देवपूजनको क्रममा स्नानको अति नै महत्त्व रहेकोछ। हिमवत्खण्डमा यसको महत्त्व र फल बताउँदै भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घृतेन मधुना वापि दधीक्षुरसपूतकैः ।
गन्धोदकेन क्षीरेण शीतोदकेन वा पुनः ॥
मम स्नानं प्रदत्तस्य महत्पुण्यफलं लभेत् ।
अनेनैव लभेत्स्वर्गं लब्धभोगः क्रमान्मम ॥
घृतेन मम लोकं च मधुना स्वर्गलोककं ।
दध्ना वै वैष्णवं लोकं मच्छासनाद्व्रजिष्यति ॥
विद्याधरपदं भूयात् स्नायादिक्षुरसेन च ।
गन्धोदकेन गन्धर्व क्षीरेण शशिनः पुरम् ॥
शीतोदकेन निष्पापं उष्णोदकेन पोषकं ।
अङ्गपूजान्तु यः कुर्यात्पुनर्नानाविधैर्मम ॥

अर्थात् पवित्र घ्यू, मह, दही, दूध, मीठो-मीठो बास्ना आउने सुगन्धी अथवा ठण्डा जलले जसले मलाई (पशुपति) स्नान गराउँदछ, त्यसले अत्यन्त ठूलो पुण्य प्राप्त गर्नेछ। त्यसरी स्नान गराएको पुण्यले लामो समयसम्म स्वर्गादि भोग गरीकन मेरो लोक (कैलाश) प्राप्त गर्नेछ, घ्यूले स्नान गराउनाले शिवलोक, महले स्नान गराउनाले स्वर्गलोक, दहीले स्नान गराउनाले गन्धर्वलोक, पवित्र गोदुग्धले स्नान गराउनाले सोमलोक प्राप्ति हुन्छ। शुद्ध ठण्डा जलले स्नान गराउनाले सम्पूर्ण पापबाट मोक्ष हुन्छ। तातो पानीले स्नान गराउनाले पुष्ट हुन्छ। जुन मनुष्यले षोडशोपचारले मेरो अङ्गपूजा गर्छ, त्यो मनुष्यको सबै इच्छा सिद्ध भई कैलासमा वास हुन्छ। यस प्रकारको वचन प्रचलित धार्मिक ग्रन्थहरूमा पाइने र महास्नानमा दूध, घ्यू, मह, दही, उखुको रसस्वरूप चिनी सबै हुने हुनाले महास्नानलाई पुण्यमय कार्यका रूपमा लिएको पाइन्छ।

सिद्ध मुहूर्तमा शिवलिङ्गको प्राण प्रतिष्ठा गराएर स्थापित गरी रुद्राभिषेक गर्नाले व्यवसायमा वृद्धि तथा नोकरीमा सफलता पाइन्छ। प्रदोषकालमा स्फटिक शिवलिङ्गलाई शुद्ध गङ्गाजल, दूध, दही, घिउ, मह वा शख्खरले स्नान गराई धूपदीप बालेर ॐ **तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्** मन्त्रको जप गर्नाले समस्त विघ्नबाधाहरूबाट छुट्कारा मिल्दछ। भगवान् शिवको मन्दिरमा शिवलिङ्गको पूजा गरेर दस हजार महामृत्युञ्जय मन्त्रको जप गर्नाले विभिन्न प्रकारका रोगहरूबाट निवृत्ति हुन्छ। महामृत्युञ्जयमन्त्रको जप रुद्राक्षको मालाबाट गर्नुपर्दछ।

श्रावणी सोमवार रुद्राष्टकको पाठ गरी रुद्राभिषेक गर्नाले विभिन्न प्रकारका प्रेतात्माहरूको बाधाहरूबाट उन्मुक्ति मिल्दछ। शत्रुहरूबाट मुक्ति मिल्दछ। मुद्दामामिलामा जित तथा समस्त सुखको प्राप्ति हुन्छ।

रुद्राष्टाध्यायीका समान पुराण र उपनिषत्हरूमा कुनै मन्त्र छैनन्। वायुपुराणअनुसार निष्काम भावले रुद्राभिषेक गर्नाले जीव रुद्रस्वरूप बन्दछ र अन्त्यमा सायुज्यमुक्ति प्राप्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मम भावं समुत्सृज्य यस्तु रुद्रञ्जपेत् सदा।
स तेनैव च देहेन रुद्रः सञ्जायते ध्रुवम्॥

विशेष गरी श्रावणी सोमवारमा शिवपूजाको विशेष महत्त्व रहेको छ। श्रावणी सोमवारको व्रत बस्नाले आशुतोष भगवान् शिव शीघ्र प्रसन्न हुनुहुन्छ। सोमवारको व्रत बसेर भगवान् शिवलाई पञ्चामृतले स्नान गरी चन्दन, रोली, फूल, बेल, धतुरो, कमलगट्टा, पान, सुपारी, ल्वाँङ, इलाइची, पञ्चमेवा, धूप, दीप, आरती गरी भगवान् गणेश, शिवपार्वतीको पूजा गरी भजनकीर्तन र जागरण गर्नाले धन, पुत्र, विद्या आदि मनोवाञ्छित फल प्राप्त हुन्छ।

देवाधिदेव महादेव सृष्टिका आदिदेव हुनुहुन्छ। जसलाई परिवार र समाजले त्याग्दछ त्यस्ता व्यक्तिलाई भगवान् शिवले अपनाउनुहुन्छ। भगवान् शिवले कालकूट विषलाई कण्ठमा राखेर सृष्टिको रक्षा गर्नुभएको छ। विषयुक्त नागलाई गलाको हार बनाउनुभएको छ। क्षयरोगबाट पीडित चन्द्रमालाई शिरमा राख्नुभएको छ। अमृतमय गङ्गालाई पृथ्वीभरि सिञ्चित गर्नको लागि शिवजटामा राख्नुभएको छ। भगवान् शिव सबै देवतामा सुन्दर पुष्प हुनुहुन्छ।

भगवान् शिवलाई गहिराईमा गएर बुझ्न माता सरस्वती र हजार जिब्रा भएका शेष नागको त सामर्थ्य छैन भने मजस्तो अल्पबुद्धि भएको व्यक्तिले कसरी बुझ्न सकुँला र!

त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये॥

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको पूजाखर्च व्यवस्थापन

–रमेश उप्रेती

भगवान् श्रीपशुपतिनाथ विश्वका सबै हिन्दूहरूका र बौद्धधर्मावलम्बीहरूका आस्थाका केन्द्र हुनुहुन्छ। भगवान् श्रीपशुपतिनाथ आदिज्योतिर्लिङ्गको रूपमा विख्यात हुनुहुन्छ। उहाँ तन्त्रविद्याको सम्पूर्ण आलोक हुनुहुन्छ। उहाँको पूजा-अर्चनाको सामग्री आदिकालदेखि नै भक्तहरू, राजामहाराजाहरूबाट जग्गा समर्पण गरी त्यसको उब्जनीबाट प्राप्त हुने गरेको विभिन्न परम्परा, पुराना अभिलेख, वंशावली हेर्दा स्पष्ट हुन्छ। उदारमना भक्तजनहरूले भगवान्को नित्य नैमित्तिक पूजा आराधनाका लागि गोपालवंशी, महिषपालवंशी, लिच्छविकाल, मल्लकाल, शाहकाल, राणाकाल गरी आजसम्म विभिन्न तरिकाबाट पूजाको सामग्रीको व्यवस्था हुँदै आएको छ। श्रीपशुपतिनाथको पूजा-अर्चना गर्न स्थापित गरिएका कार्यालयहरू श्रीपशुपतिनाथ भण्डार तहविल कार्यालय, श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालय, जयवागेश्वरी भण्डार तहविल कार्यालय, पशुपति गोश्वाराजस्ता संस्थाले पूजा-आजाका लागि राखिएका जग्गा-जमीनको उब्जनीको असूल तहसिल गरी पूजासामग्री जुटाइदिने र राज्यको तर्फबाट कौषितोषाखानाबाट पूजासामग्री तात्कालिक लालमोहर सनद सवालका आधारमा गरिँदै आएको थियो। वि.सं. २००७ सालभन्दा अगाडि नेपाल विश्वमानचित्रमा लगभग लुकेर बसेको अवस्थामा वि.सं. २००७ सालपछि विश्वमानचित्रमा नेपालले उपस्थिति देखाउन थालेपछि, त्रिभुवन राजपथ बनेपछि मनमा सजाएर पशुपतिनाथलाई राखेका देशी-विदेशी भक्तजनहरूले जुनसुकै समयमा पनि प्रत्यक्षरूपमा भगवान् श्रीपशुपतिनाथको मन्दिर र मूर्तिको दर्शन गर्न सके, शिवरात्रि कुर्नु परेन। समय-कालचक्रलाई विश्लेषण गर्ने हो भने मानदेव, अंशुवर्मा, यक्ष मल्ल, प्रताप मल्ल, भीम मल्ल, जगज्जय मल्ल, जयप्रकाश मल्ल, नेपाल-एकीकरणका अभियन्ता र नायक पृथ्वीनारायण शाह, रणबहादुर शाह, गीर्वाणयुद्ध विक्रम शाह आदिबाट जग्गा-जमीन पूजा-आजाका लागि व्यवस्था गरिएको थियो। पहिले पहिले दैनिक रूपमा चाहिने धूप हरिसिद्धिबाट आउने गर्दथ्यो, आजकल आउँदैन। त्यसको सट्टा गोकूलधूपको व्यवस्था गरिएको छ। बालभोगको लागि घिउ, चिनी, गहुँको पीठो, दूध, किसमिस, पूरा भोगका लागि चामल तीन पाथी चार माना, दाल दुई माना सात मुठी, तेल आधा माना, तरकारी मौसमअनुसारको व्यवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ भण्डार तहविलमार्फत् कोषकै तर्फबाट हुने गरेको छ। त्यसमा फलहरू पनि कोषबाट व्यवस्थापन हुन्छ। पहिले पहिले फलहरूको व्यवस्था थिएन। सोको साथै हालसालै दैनिक रूपमा कपडा दिने, पानमसला, गजुर पेडा र खीरसमेत पूरा भोगको क्रममा भगवान्लाई समर्पण गरिन्छ। सो व्यवस्थापन कोषले गर्दै आएको छ। पञ्चामृत पशुपति गोश्वारा (गुठी संस्थान) बाट, पशुपतिनाथ भण्डार तहविलअन्तर्गत बाह्र गुठीबाट हुने शृङ्गारको बेला हिङ्गुल, कपूर, भट्टहरूबाट शङ्खजलपछि दिइने श्रीखण्डको चन्दन दिने कार्यका लागि आवश्यक सामग्रीको व्यवस्था कोषले गर्दै आएको छ। पञ्चामृतपछि हुने भगवान्मा तेल लगाउने कार्यको लागि तेल, जनै, लेहङ्गा, जामासमेतको व्यवस्थापन पशुपति क्षेत्र विकास कोष, पशुपतिनाथ मन्दिर तथा गुठी व्यवस्थापन महाशाखाअन्तर्गतको पशुपति भण्डार तहविल कार्यालयबाट हुने गरेको छ। एक महिनाको लागि चाहिने श्रीखण्ड एक धार्नी पशुपति गोश्वाराबाट र एक धार्नी कौशीतोषाखाना (हाल निवृत्तिभरण कोष कार्यालय) बाट प्राप्त हुने गर्दछ। पहिले पहिले उक्त कौशितोषाखानाबाट ३२ पैसा मूल ढुकुटीमा दाखिला गर्ने गरी दक्षिणा पनि आउने गर्दथ्यो।

साँझ आरतीका लागि चिउरा गुठी संस्थानबाट र गजुर पेडा भण्डार तहविल कार्यालयमार्फत जाने गर्दछ। यसरी दैनिक पूजाकार्य सम्पन्न हुन्छ। चैत्रशुक्लदेखि वैशाख पूर्णिमासम्म वाग्वती नदीको जल चढाउनका लागि जल बोक्ने ब्राह्मणहरूलाई दुई माना चिउरा, नून र अदुवा गुठी संस्थानले दिने गर्छ। दशहराको बेलामा नूनयुक्त खिचडी र चिनीयुक्त खिचडी भगवान्मा चढाउनका लागि अमालकोट कचहरीबाट र पवित्रारोहण पर्वको खर्च बाह्र गुठीको शेष कसरबाट चलाउने भनिए तापनि हाल कोषले नै व्यवस्थापन गर्छ। धनुर्मास-पूजामा रात्रिपूजाका लागि सम्पूर्ण सामग्री कोष मातहतको अमालकोट कचहरीले व्यवस्थापन गर्छ। छायादर्शन (टिकिन्छा गुठी) गुठी संस्थानबाट, शिवरात्रिको चार प्रहरको पूजा पशुपतिक्षेत्र अन्य मठमन्दिरको पूजा अमालकोट कचहरीबाट, महास्नान गुठी संस्थानबाट, वासुकितर्फको पूजा कोषको तर्फबाट हुने गरेको छ। तुलजा गिरी, शङ्कर भट्ट, बाबु सिंह, नाथनन्द उपाध्याय, कालु पाँडे, अमरसिंह थापा लगायत व्यक्तिहरूले पूजा-आजाको व्यवस्थापनका लागि दिएको योगदान महत्त्वपूर्ण छ। गीर्वाणयुद्ध विक्रम शाहबाट भगवान् श्रीपशुपतिनाथको पूजा-आजा व्यवस्थापन, सम्पत्तिको व्यवस्थापनका लागि भएको लालमोहर भगवान् श्रीपशुपतिनाथको समग्र व्यवस्थापनको कोसेढुङ्गाको रूपमा स्थापित भएको थियो। ऐतिहासिक कालखण्डकों विवेचनाविना वर्तमानको विवेचना अपूरो हुने हुँदा केही विवेचना गर्ने कोशिश गरिएको हो। भगवान् श्रीपशुपतिनाथको पूजाखर्च व्यवस्थापन वि.सं. २०४४ सालमा पशुपति क्षेत्र विकास कोष ऐन आएपछि वि.सं. २०५० मा संशोधन हुनुअगाडिसम्म मूलतः विभिन्न धर्मानुरागी दाताहरूले राखेको राजगुठी र श्रीपशुपतिनाथ भण्डार तहविल कार्यालय, जयवागीश्वरी भण्डार तहविल कार्यालय, श्रीपशुपतिनाथ अमालकोट कचहरीको करिब पाँच हजार रोपनी जग्गाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुतवालीबाट पूजाआजा खर्च, रै-रकमी खर्च, भट्ट, भण्डारीहरूको खर्च हुने गर्दथ्यो र भगवान्मा प्रीतिका लागि चढाइएका भेटीहरू भट्ट, भण्डारीहरूले वि.सं. २०६८ चैत्र २५ गतेसम्म भागबण्डा गरी खाने परम्परा थियो। कुतवाली क्रमशः वर्तमान मूल्यमा न्यून हुँदै जाँदा कतिपय कालखण्डमा खर्च धान्न समेत धौधौ परेको अवस्था थियो। वर्तमानको मूल्यमा कोष आफैँले पूजाखर्चका लागि व्यवस्थापन गरेको छ। सबै अन्नबालीमा समयसापेक्ष मूल्य तोकी लगत कसी नगद नै प्रायःजसो कुतवाली लिने गरिएको छ। कुतवाली उठाएर खानुपर्नेहरूलाई पनि कुतवाली उठे पनि नउठे पनि नगद नै दिने गरिएको छ।

भगवान् श्रीपशुपतिनाथको नित्य नैमित्तिक पूजापर्वहरूको क्रमबद्ध रूपमा लेखोट गर्दा बिहानको मन्दिर खुली भट्टहरूको मन्दिर प्रवेशपश्चात् दैनिक दुई माना अक्षता, अखण्ड बत्तीका लागि एक माना तेल, श्रीपशुपतिनाथ भण्डार तहविलबाट व्यवस्थापन हुन्छ। हाल कोषको ऐनबमोजिम श्रीपशुपतिनाथ भण्डार तहविल, अमालकोट कचहरी, जयवागीश्वरी भण्डार तहविल कोष मातहतमा रही कार्य गरिएको छ वा गुठी जग्गाहरूमध्ये कतिपय जग्गा फेला नपरेको र कतिपय जग्गा हराएका छन्। गुठी सञ्चालनका लागि राखिएका जग्गाहरू रैतानीमा परिवर्तनसमेत भएको अवस्था छ।

भूत, प्रेत, पिशाचबाट दुःख नहोस् भन्नका लागि बाह्र गुठीमध्येबाट बाली छर्ने कार्य भण्डार तहविलको मोही नाइकेबाट हुन्छ। भगवान्को बालभोग र भोग पकाउने दाउराको व्यवस्था कोषअन्तर्गतको अमालकोट कचहरीबाट, वत्सलेश्वरी जात्राको पशुपतिनाथको तर्फबाट निम्ता जाने दुःदुः च्याँःच्याँः लगायत प्रायः सम्पूर्ण खर्च कोषले अमालकोटमार्फत गर्ने गरेको छ। त्रिशूलजात्रा, खड्गजात्रा, रोपाईंजात्राहरू स्थानीय तहबाटै विगतमा हुने गरे तापनि केही वर्षदेखि कोषको सहयोगमा सम्पन्न हुने गरेको छ। भगवान् श्रीपशुपतिनाथको तर्फबाट नवरात्रिमा हुने गुह्येश्वरीको पूजा, राजराजेश्वरी कालरात्रिको पूजासमेत कोषकै खर्चबाट व्यवस्थापन हुने गरेको छ।

भगवान्मा निर्मल अखडाबाट शिरोमाला दिनका लागि चाहिने आर्थिक पक्ष कोषले वहन गर्दै आएको छ। भण्डारखाल बगैंचाबाट आउनुपर्ने बाईसओटा फूलमाला पनि कोषबाटै व्यवस्थापन हुने गरेको छ। यसरी भगवान् श्रीपशुपतिनाथको पूजा-आजामा व्यवधान हुन नदिन, खर्च र आम्दानीलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि, भगवान् श्रीपशुपतिनाथको मन्दिरसँग सम्बन्धित पुजारीहरू, भण्डारीहरू, रै-रकमीहरूको समेत पारिश्रमिक, सेवा-सुविधाको समेत व्यवस्थापन गर्ने श्रीपशुपतिनाथ पूजा- व्यवस्था नियमावली, वि.सं. २०६८ चैत्र २६ गतेदेखि लागू भएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्र विकास कोष (पूजा तथा मन्दिर व्यवस्था) नियमावली, २०६८ ले भेटीघाटीको व्यवस्थापन, त्यसको खर्चको प्रणाली, जिन्सी-नगदको व्यवस्था भएको छ। त्यसै गरी वि.सं. २०२१/०२२ सालतिर भक्तजनहरूले ल्याएको फूलप्रसाद मात्र चढाउने नभई मूल भट्टका तर्फबाट पूजासामग्री तयार गरी व्यक्तिविशेषको चाहनानुसारको पूजाको प्रचलन सुरु गरियो। हाल व्यक्तिविशेषले विशेषपूजा गराउन चाहेमा कानूनी व्यवस्था नै भएको छ र आम्दानी संस्थागत गरिएको छ।

श्रीपशुपतिनाथ व्यक्तिविशेष वर्गविशेषका सम्पत्ति होइनन्। भगवान् श्रीपशुपतिनाथ ब्रह्माण्डका नायक र मालिक हुनुहुन्छ। उहाँलाई यो आफ्नो, त्यो अर्को भन्ने छैन। उहाँ त सम्पूर्ण प्राणी, देवताहरूको साझा हुनुहुन्छ। रणबहादुर शाहले चलाएकै महास्नान एवं त्यस्तै विशाल अन्य स्नानको निरन्तरता अन्य भक्तबाट पनि हुनसक्छ र हुनुहुँदैन भन्ने मान्यता राख्नु हुँदैन। भगवान्‌को नित्य नैमित्तिक पूजामा अब कुनै पनि कालखण्डमा कसैले व्यवधान गर्न नसकोस् र श्रीपशुपतिनाथप्रतिको हाम्रो आस्था, विश्वास र समर्पणभाव जीवन्त बनिरहोस्।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको उपासना

–विदुरप्रसाद पौडेल

दीक्षा लिएका इष्टदेवताको पूजनमा धेरै अङ्गदेवताको पूजा गर्नुपर्ने हुन्छ । अङ्गीभूत इष्टदेवताको रूप कस्तो हुन्छ ? सगुण, निर्गुण, सगुण-निराकार, सगुण-साकार, निराकार, विशेषणीभूत देवता छुट्टै जाने हुन् कि ? विशेष्यीभूतसँग समष्टि हुँदै जाने हुन् ? अलग अलगमा मन्त्र कस्ता, समष्टिमा मन्त्र कस्ता, यी कुराको यथार्थ ज्ञान तन्त्रागमको विषय हो ।

वैदिकहरू **"गणानां त्वा गणपतिं हवामहे......"** आदि मन्त्र उच्चारण गर्दै स्वाहा भनेर गणेशजीलाई अग्निमा चरु समर्पण गर्छन् । यो चरु प्राप्त गर्ने गणेशका हात, खुट्टा, मुख, कान, नाक कति छन् ? राता, सेता, नीला कुन रूपका छन् ? यसको ख्याल गरिँदैन तर गणेश प्रसन्न हुन्छन्, कार्य सिद्ध गर्छन् । तन्त्रागममा के कामका लागि गणेशलाई खुशी पार्न खोजेको हो त्यसै अनुरूप रूप, रङ्ग, हात, खुट्टा, हात-हतियार, वाहन आदि कल्पित गरी ध्यानद्वारा चरु समर्पित हुन्छ । त्यसैले यो विज्ञान हो । श्रुतिको वैज्ञानिक व्याख्या नै तन्त्रागम हो । एउटै मन्त्रलाई क्रूरकर्ममा प्रयोग गर्ने र सौम्यकर्ममा प्रयोग गर्ने हो भने पनि त्यो मन्त्राधिष्ठाताले कहिले कृष्णरूप र कहिले श्वेतरूप धारण गर्नैपर्ने हुन्छ। जुन मन्दिरमा साकाररूपमा स्थापित भई पूजा हुँदै आएका छन्, ती देवताले त्यही विधिमै त्यही रूपमै चाँडो फल दिन्छन् । जुन पीठहरूमा निराकार देवताहरू पूजिन्छन्, पुजारीको पूजा विधान एउटा तय भए पनि त्यो स्वरूपतः निराकार भएकोले जुनसुकै मन्त्र जपे पनि सबै सम्प्रदायका साधकलाई उत्तिकै फल प्रदान गर्छन् ।

नेपालपीठ अनिर्वचनीय निराकार महामायाको हो । यहाँ सबै धर्म सम्प्रदायको मन्त्रसिद्धि चाँडो हुन्छ । यसैले वाग्वतीस्नान, गुह्येश्वरीदर्शन, पशुपतिदर्शनलाई विशेष जोड दिइन्छ । वाग्वती नदीको माहात्म्यअनुसार कुनै वेला ब्रह्माजीले शिवपुरीमा बसी शिवको ठूलो कठिन तपस्या गरे । धेरै वर्षको तपस्याले भगवान् शिव प्रसन्न भई प्रकट हुनु भएछ । त्यस्तो विस्मयकारक अद्भुत आश्चर्यजनक तपश्चर्याले शिवको शिर प्रशंसामा हल्लिन पुग्यो । त्यो शिर हल्लाइले शिवको नाइटोसमेत हल्लियो । त्यसले शिवको नाइटोमा स्थित अमृतकुण्ड छचल्किएर नाडीमार्ग हुँदै भित्रभित्रै जिभ्रोमा पुग्यो । ब्रह्माजीलाई त्यही जिभ्रोले वर माग भन्दा त्यसका छिटाहरू उछिट्टिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वती नदी बनेको हो । शिवको वाक्यस्वरूप भएकाले यिनलाई वाग्वती, अमृतका छिटास्वरूप भएकीले अमृतद्रवा, शिवको वाणी वेदरूप भएकाले वेदको अर्को नाम ब्रह्म पनि भएको र सधैँभरि यिनमा स्नान वा जलपान गर्नेलाई ब्रह्मज्ञान समेत हुने हुँदा र ब्रह्म नै झोलरूपमा बगेकोले ब्रह्मद्रवा पनि भनिन्छ । वाग्वती देख्दा सानो भए पनि यिनको महिमा भागिरथी गङ्गाको भन्दा सय गुणा पवित्र छ भन्ने कुरा वराहपुराण समेतमा उल्लेख छ - **भागीरथ्याः शतगुणं पवित्रं तज्जलं स्मृतम्** । त्यस्तै हिमवत्खण्ड र अन्य माहात्म्य आदिमा पनि प्रशंसापरक भनाइ पाइन्छन् । केही वर्ष अगाडिसम्म पनि वैशाख महिनामा प्रत्येक वर्ष वाग्वती तीर्थयात्रा हुन्थ्यो । फर्पिङ्गस्थित शेषनारायणको खोलोले वाग्वती भेट्ने ठाउँबाट विधिपूर्वक सो जात्रा यो क्षेत्रमा हुन्थ्यो । त्यहाँबाट सुरु गरी कदम कदममा तीर्थले भरिएको वाग्वतीस्नान गर्दै वैशाख पूर्णिमाको दिन वाग्द्वारमा स्नानपछि सो तीर्थयात्रा समाप्त हुन्थ्यो । त्यस दिन वाग्द्वारमा मेलासमेत लाग्ने गर्दछ । गौशालाबाट एयरपोर्ट जाने पुलदेखि गुह्येश्वरीसम्म नै लगभग दुई सयभन्दा बढी नै तीर्थ पर्लान् । त्यसमा पनि आर्यघाटमा ब्रह्माण्डका सबै तीर्थ आइबसेका हुन्छन् भनिन्छ । त्यसैले एक महिनाको तीर्थयात्रामा कति तीर्थको स्नान होला आफैँ विचार गर्ने कुरा छ ।

काठमाडौँमा वाग्वती तीर्थयात्रा उक्त प्रकारले भए पनि वस्तुतः वाग्वती शिरदेखि पुछारसम्म उत्तिकै पवित्र छिन् । आकारमा सानो भए पनि माहात्म्यको दृष्टिले यो महानदी हो । पामर, रोगी, अयोगीले पनि यसका जलमा चरण स्पर्श गराएर तीरमा प्राण छोड्छ भने अन्तमा योगीले प्राप्त गर्ने गति प्राप्त गर्दछ भनिन्छ–

"वाग्वत्याः सलिले स्वकीयचरणौ संस्पृश्य रोगार्दितः,
प्राणैः कण्ठगतोऽपि पामरजनो मुञ्चत्यसून् तत्तटे ।
सोऽन्तो योगसुगम्यमानपदवीं प्राप्नोति हृद्यां शिवाम् ।
वाञ्छन्ति त्रिदशा हि तादृशगतिं धीरा जनाः किं पुनः ।"

भागीरथीबाट ल्याइएको जल रेल, मोटर मार्ग हुँदै ल्याइए पनि पशुपतिमा चढ्ने पुरानो चलन छ । त्यसै गरी वाग्वतीको वाग्द्वार, सुन्दरीजलबाट ल्याइएको पनि चढ्नुपर्छ । गण्डकी-दामोदरकुण्ड, मुक्तिनाथ, कोशी-वराहक्षेत्र, त्रिवेणीबाट ल्याइएको जल पशुपतिनाथलाई चढ्ने व्यवस्था गरिनुपर्छ किनभने यी पौराणिक नदीहरू गङ्गासमकक्ष छन् । गौरीघाटमा स्नान गरेपछि दैनिक गुह्येश्वरी तथा पशुपतिनाथ दर्शन गर्नेले दर्शन गर्दा जहाँजहाँ वाग्वती भेट हुन्छिन् त्यहाँत्यहाँ जलसेचन आचमन गर्दै दर्शन गर्दा अत्युत्तम हुन्छ ।

वाग्वती गौरीघाट स्नानपछि नित्य कर्म सकेपछि गौरी, हनुमान्, किरातेश्वर र गुह्येश्वरीको दर्शन हुन्छ । गुह्येश्वरी भनेकी गुह्यकाली हुन् । सिद्धिलक्ष्मी, सिद्धिकराली र कामकलाकाली मिलेर समष्टि हुँदा गुह्यकाली बन्छिन् । यी देवीहरू उत्तराम्नायका हुन् । उत्तराम्नाय भनेको ज्ञानयोगमा आरूढ भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिने उपासना हो। यसको स्थान शरीरमा विशुद्धिचक्रमा पर्दछ। औपनिषद वेदान्तवासनावासित जीवलाई यो उपासनाको हक छ। पीठ, जल र कलशमा उक्त तीनओटै देवता समष्टि भई गुह्येश्वरी भएर बसेकी छिन्।

उत्तराम्नाय, पूर्वाम्नाय र पश्चिमाम्नायको एक समष्टि हुन्छ। गुह्येश्वरीको दर्शनमा यी सबै कुरा दर्शाउनु सम्भव छैन। गुह्येश्वरी कादिविद्यारूप हुन्। कुण्डलिनीक्रमले यसको चिन्तन गरिन्छ। ओम्कारको "अ" अक्षरबाट यिनीहरू उत्पन्न हुन्छन्। यिनलाई चण्डयोगेश्वरी पनि भनिन्छ। **महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा। न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत्** भन्ने तन्त्रवचनअनुसार यिनको महिमा अपार छ। यी महात्रिपुरसुन्दरीस्वरूपै हुन् भन्ने भएकाले कादिविद्या र महात्रिपुरसुन्दरीको समष्टि हुन्छ भन्ने सङ्केत मिल्छ। हादिविद्याले मोक्षमा जोड दिन्छ भने कादिले भोगमोक्ष दुवै सम्पन्न गर्छ। शङ्कराचार्यले सौन्दर्यलहरीमा **महाभोगरसिकाः** भनेर महाभोगमा रसिकहरू कादिलाई महत्त्व दिन्छन् भन्ने सङ्केत गरेका छन्। यद्यपि सबै विद्या अगम्य छन्। त्यसमा पनि तन्त्रशास्त्र सङ्केतविद्या भएकोले जबर्जस्ती अर्थ गर्न लाग्दा अर्थको अनर्थ हुने सम्भावना पूरापूर रहन्छ। त्यसैले **सङ्केतविद्या गुरुवक्त्रगम्या** भन्ने उक्ति छ। गुरुमुखबाट मात्रै सङ्केतविद्याको रहस्य बुझ्न सकिन्छ। पूरा रहस्य त गुरुमुखबाट पनि उद्घाटित हुन गाह्रो छ। त्यसैले सौन्दर्यलहरीको प्रथमश्लोकको व्याख्यामा यामलको उद्धरण दिँदै आनन्द गिरि भन्छन्- **विष्णुर्भूत्वा हरो भूत्वा धाता भूत्वा महेश्वरि। भूत्वा महेश्वरो देवि सदापूर्वः शिवः शिवे॥ न चैनां कलयेत् कालीं कोटिजन्मशतैरपि॥** शिवले नै अनन्तकल्पमा अनन्त अवतार लिएर पनि जान्न सकेका छैनन् भने तपाईं हामीले कसरी जानौंला ? गुह्येश्वरीलाई पूजा गर्ने, दर्शन गर्ने, आचारनिष्ठ द्विज छ भने उसले शिर र आँखामा मात्र जल लगाउने, अरूले आचमन गर्दा हुन्छ।

भगवती, गणेश, भैरव, कुमार, शेष, वासुकि, अष्टमातृका पनि गुह्येश्वरी गर्भगृहभित्रै छन्। बाहिर नाट्येश्वर भैरव, सिद्धेश्वर महादेव, क्षेत्रपाल, कामदेव, नारायण, शनि छन्। वाग्वती पारी इन गणेश (आदि गणेश), गुह्येश्वरीबाट सिँढी उक्लिएपछि धूम्र गणेश र क्षेत्रपाल छन्। यी सबै गुह्येश्वरीकै अङ्ग हुन्। मन्दिर परिसरमै स्वयम्भू, हारती, मञ्जुश्री पनि त्यहीँ छन्। कतिपय अन्य देवमूर्तिहरू पनि छन्। सिँढी उक्लदै गोरखनाथतिर आउँदा बीचैमा सुन्दरी, सीता गुफा, गौरीकुण्ड पनि पर्छन्।

गोरखनाथ प्राङ्गणमा पुगेपछि गोरखनाथ, मनकामना दर्शन र विविध शिवलिङ्गहरूलाई दायाँ पारी बहिरा गणेश, विश्वरूप, ध्रुवस्थली गई त्यही बाटो आएर किरातकालिक चिवा गणेश, हनुमान्, रत्नेश्वर (हाल विद्यमान नरहेको) दर्शन गर्दै सिँढी सिँढी ओरालो झरेपछि एक त्रिकोणीय दर्शन स्थल छ, अर्को एक ढाड अड्याएर कैलास र बद्रीकेदारको दर्शन हुन्छ। त्यसपछि सिँढी हुँदै राममन्दिर र लक्ष्मीनारायणको दर्शन गर्ने स्थान छ। पशुपतिक्षेत्रमा वत्सलादेवीको महत्त्वपूर्ण स्थान छ। यिनको वत्सला नाम नै शिवकी अतिप्रिय भएर रहन गएको छ। विदेशी विद्वान्हरू पनि यिनको अध्ययन गर्न र रहस्य बुझ्न लालायित रहन्छन्। विदेशी विश्वविद्यालयका प्रोफेसरहरू विद्यार्थीहरूसमेत ल्याएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरिपरि फोटो खिँच्दै व्याख्या र अध्ययनमा लागेका देखिन्छन् । हुन सक्छ यसको आगमग्रन्थ त्यतातिर पुगेको होस् । यस मन्दिरको तोरणमा अन्य देवताका साथै मैथुनाकार वास्तुकला देख्न पाइन्छ । यस्ती भगवतीको पवित्र मन्दिरमा यस्तो किन राखियो भन्ने प्रश्नमा कोही विद्वान् वज्र पर्नबाट रोक्न, कोही विद्वान् कुनै वेला परापूर्वकालमा मानिसमा मैथुनेच्छा सुस्त भएकाले त्यो जगाउन बनाएको हो भन्छन् । यी कुनै कुरा तर्कसङ्गत छैनन् । यी चित्रले त ती ती आम्नायका मन्त्रोद्धार दर्शाउँछन् । कुन किसिमले मैथुन गरिएको छ, योनिमा लिङ्ग कति घुसेको छ, अण्डकोश दुइटै देखिएका छन् कि छैनन्, कि एउटा मात्रै देखिएको छ, सपरीत रतासन, विपरीत रतासन, उठीउठी, नाचीनाची वा पशुको जस्तो गरी पछाडिबाट मैथुन गरिएको छ, चुम्बन आदि गरिएको देखिएको छ, त्यसैअनुसारका स्वर-व्यञ्जन, मात्रा, कला, बिन्दु, नादको उद्धार भई ती ती आम्नायअनुसारका बीज र मन्त्रको उद्धार हुन्छ भन्ने कुरा तन्त्रविद् आचार्यहरू बताउँछन् । जस्तै- सपरीत रतासन (मैथुन) पूर्वाम्नायसूचक सर्गप्रवृत्त, शिवशक्त्यात्मक ब्रह्म, मृगादिक पशुको जस्तो रतासन- पश्चिमाम्नायसूचक- संहारप्रवृत्त, शिवशक्त्यात्मक ब्रह्म, ताण्डव नाची नाची रतासन (मैथुन)- उत्तराम्नायसूचक-अन्तर्लय- अनाख्या प्रवृत्त, शिवशक्त्यात्मक ब्रह्म, चुम्बनादिरतासन- अधराम्नायसूचक विश्रान्तिरूप शिवशक्त्यात्मक ब्रह्म आदिलाई बुझाउँछन् र तिनीहरूको बीज- मन्त्रोद्धार बुझिन्छ भन्ने विज्ञहरूको अनुभूति छ। पशुपतिको वासुकि, वत्सलादेवी र हनुमान्ढोकास्थित केही मन्दिरहरूमा यस्ता चित्रहरू देख्न सकिन्छन् । जुन ठाउँबाट उठेर अजपाजप हंस गायत्री, श्वास प्रश्वास खडा हुन्छन्, निःश्वास, उच्छ्वासको मूल जीवनयोनि यत्न स्वतः भइरहेको छ, त्यसमा चित्तबन्ध पनि साधना हो । स्वस्थ मनुष्यले चौबीस घण्टामा एक्काईस हजार छ सय चोटि सास फेर्दछ । यसैलाई अजपाजप भनिन्छ । यही अजपा हंसः सोऽहम् हुँदै ओम्‌मा परिणत हुन्छ । जीवन धागो हो, प्राण माला हो, अण्डकोश दाना हुन् र लिङ्ग मेरु हो । प्रत्येक सासमा अण्डकोश बिस्तारै तलमाथि गरिरहेका हुन्छन् । जीवले स्वतः अक्षमाला जपिरहेको छ । यस जपलाई दैनिक जागेर भगवत्समर्पणको भावना गर्नुहोस्, चित्त स्थिर भई बलियो हुन्छ । यसैले आगममा **चित्तं मन्त्रः** भनिएको हो । स्थिर चित्त नै मन्त्र हो । यसैले सबै काम गर्छ । वत्सलापछि पञ्चगणेश, अनन्तनारायण, यमराज, चित्रगुप्त, काकेश्वर, अमरेश्वर, आर्यघाट, खर्वरिका तीर्थ लगायत त्रिवेणी, तारकेश्वर, विरूपाक्ष, मृगेश्वर, गङ्गामाई, ब्रह्मनाल, राजराजेश्वरी, सातौँ शताब्दीको बौद्धमूर्ति, भस्मेश्वर, तुलजा, ढुण्डीगणेश, विश्वनाथ, परदेशी भीमसेन, वज्रेश्वरी, वनगणेश, वनकाली, भुवनेश्वरी, कृष्णेश्वर महादेव, हनुमान्, गणेश, सरस्वतीकुण्ड, ज्ञानधारा, पाचु गणेश, मत्स्यगणेश, जयवागीश्वरी, मृत्युञ्जयेश्वर, ताम्रेश्वर, भण्डारेश्वर, निर्वाणेश्वरी, चन्द्रविनायक, हेमन्तभैरव, उमाकुण्ड, दक्षिणामूर्ति हुँदै झङ्केश्वरी, शङ्कराचार्यमठस्थित महादेव, लिच्छविकालिक महादेव, नाट्येश्वरी, शङ्करनारायण, पिपलफेद गणेश, रुद्रगाडेश्वर हुँदै पशुपतिभित्र पसिन्छ । त्यहाँ कीर्तिमुख भैरव, शीतला, मनकामेश्वर, दक्षिणढोकास्थित महादेव, कोटिलिङ्गेश्वर, उन्मत्तभैरव, नवग्रह, हनुमान्, नवदुर्गा, सत्यनारायण, अनन्तेश्वर, द्रव्येश्वर, महाकालेश्वर, अन्नपूर्णा, ज्वरेश्वर (विषमेश्वर), जयेश्वर, त्रिशूल, चण्डेश्वर, अन्य देवदेवी, वासुकि, सिद्धेश्वर, अर्की अन्नपूर्णा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायण, उमामहेश्वर, बूढानीलकण्ठ, गरुडनारायण, लालगणेश, कृष्ण, सूर्य भई दाहिने पारेर सरस्वती, अष्टचिरञ्जीवी, श्रीयन्त्र र कलीश्वरको पनि त्यहीँबाट दर्शन गर्दा हुन्छ। त्यसपछि मुक्तिमण्डपमा पूर्वतिर फर्केर बसी शिवको केही बेर नाम लिई सन्तानेश्वर (सनातनेश्वर वा सन्तापहरेश्वर) को र मुक्तिनाथको दर्शन गरेपछि पशुपतिमन्दिरका तोरणको दर्शन गर्नुपर्छ। त्यसमा पश्चिमपट्टि वाराही, उन्मत्त भैरव, इन्द्राणी, कपाली भैरव, सम्बद्ध दिक्पाल, रामकुल र चार योगिनी; उत्तरपट्टि चामुण्डा, भीषण, महालक्ष्मी, संहार भैरवी, शिवकुल, चार योगिनी सम्बद्ध दिक्पाल, पूर्वपट्टि ब्राह्मी, असिताङ्ग भैरव, माहेश्वरी, रुरु, सम्बद्ध दिक्पाल, कृष्णकुल, चार योगिनी; दक्षिणपट्टि कौमारी, चण्ड, वैष्णवी, क्रोध भैरव, सम्बद्ध दिक्पाल, पाण्डवकुल, चार योगिनी रहेका छन्। ती ती कुलका चरणमा अवस्थित ती ती चित्रहरूले ती ती युगका पशुपति उपासना देखाउँछन्। त्यसै गरी ढोका र तोरणका अन्य देवताको १२, १२, १२, १२ गरी रश्मिरूप शक्तिहरू छन्। रक्तबिन्दु अग्नि रुद्र, श्वेतबिन्दु चन्द्र शक्ति हो। मिश्रितबिन्दु सूर्य रूप शिव हुँदा **षोडशेन्दोः कला भानोर्द्विर्द्वादश दशानले** का सिद्धान्त र बाह्र महिना सूर्यको हुँदा कला तलमाथि गर्दै दोब्बर गरेर चारै दिशामा अर्थात् आठै सुरमा ४८ रश्मि देखाइएको छ, ती नै देवता हुन् भन्ने मेरो सोच छ। पशुपतिको शिरमाथि राखेको एकमुखी रुद्राक्ष झुण्ड्याएको तोरण हेरे धेरै कुरा बुझिन्छ। त्यस्तै यन्त्र बनाएर पूजा गरे पशुपतिपूजाको फल हुन्छ। दर्शन गर्न सके राम्रो कुरा बुझिन्छ। त्यसै गरी भित्र पसेर पशुपतिको दर्शन गर्दा सृष्टिक्रमका उपासकले पूर्वबाट, स्थितिक्रमका उपासकले दक्षिणबाट, संहारक्रमका उपासकले पश्चिमबाट, अनाख्याक्रमका उपासकले र भासाक्रमका उपासकले उत्तरबाट सुरु गर्नुपर्दछ। भट्टजीले पूजा गर्दा ईशान- ऊर्ध्वको, तत्पुरुष- पूर्वको, अघोर- दक्षिणको, वामदेव- उत्तरको, सद्योजात- पश्चिमको क्रमले पूजा गर्छन्। पश्चिम मुखको पूजापछि त्यसकै फेदमा पूजा हुन्छ र पुनः ईशान मुखको पूजा हुन्छ। पश्चिम मुखको फेदमा अधः पूजा र त्यसपछिको ईशान पूजा ऊर्ध्व पूजा हो भन्ने मेरो विचार छ किनकि नैर्ऋत्य र पश्चिमको बीचमा अधः र ईशान र पूर्वको बीच ऊर्ध्व पर्छ, त्यसैले यो पूजालाई सृष्टिस्थितिक्रमको पूजा भन्नुपर्छ कि जस्तो देखिन्छ तर शिरमा श्रीयन्त्र लेखेपछि पनि यही पूजाक्रम रहन्छ कि क्रम परिवर्तन हुन्छ, को जानकार छ ?

नारायण, गणेश, चण्डेश्वर, वासुकि, नन्दी भित्रै छन्। त्यसैले बाहिर कसैले झुक्किएर सोमसूत्र अर्थात् चढाएको जल बग्ने ठाउँ नाघी हाले पनि दोष नलाग्ने प्रबन्ध पशुपतिमा गरेको देखिन्छ। चण्डेश्वर, वासुकि, सत्यनारायण र नन्दी बाहिर पनि छन्। बाहिरका वासुकिका पुजारी भट्ट भिन्नै छन् तर बाहिरका नन्दी, अन्नपूर्णा, ज्वरेश्वर, कीर्तिमुख भैरव र शीतलाको सामान्य पूजा पशुपतिको भित्रको भट्टले पशुपतिको पूजापछि गरेको देखिन्छ तर पशुपतिको अङ्ग भएका बाहिरका उन्मत्त भैरव, कीर्तिमुख, शीतला, नवदुर्गा आदिको कर्माचार्य र बाहिरका गणेश, नारायण, हनुमानूहरूको पूजा भने पशुपतिकै अङ्गको रूपमा अरूबाटै हुन्छ। पशुपतिको पूजा गर्ने ठाउँका गणेश, नारायण, चण्डेश्वर र वासुकिको भने पशुपतिभित्रै बस्ने भट्टहरूले भित्रै पूजा गर्छन् जसलाई अरूले छुन पाउँदैनन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिलाई जस्तै। शिवको परिक्रमा गर्ने नियमअनुसार पूरा परिक्रमा शिवको हुँदैन **शिवस्यार्धा परिक्रमा** भनिन्छ। आधा परिक्रमाको परिभाषा हो - **वृषं चण्डं वृषं चण्डं सोमसूत्रं पुनर्वृषम्। चण्डं च सोमसूत्रं च पुनश्चण्डं पुनर्वृषम्** अर्थात् नन्दीबाट मन्दिर दायाँ पारेर चण्ड, पुनः नन्दी, त्यसबाट मन्दिर बायाँ पारेर चण्ड, चण्डबाट सोमसूत्र, त्यसबाट नन्दी, त्यसबाट चण्ड, त्यसबाट सोमसूत्र, त्यसबाट चण्ड, त्यसबाट नन्दी गर्दा साढे तीन फन्का हुन्छ यही हो शिवको अर्धपरिक्रमा। परिक्रमा गर्दा ब्रह्मचारीले दायाँबाट, सन्न्यासीले बायाँबाट, गृहस्थीले दायाँ बायाँ दुवैतिरबाट गर्नुपर्छ। त्यसैले भनिन्छ– **अपसव्यं यतिः कुर्यात् सव्यं तु ब्रह्मचारिणः। सव्यापसव्यं गृहिणो नित्यं शम्भुः प्रदक्षिणम्।** परन्तु जहाँ सोमसूत्रद्वय वा विष्णुमन्दिर छ, त्यो शिवमन्दिरमा सबैले दायाँबाटै परिक्रमा गर्नू भनेर भनिएको छ। **सोमसूत्रद्वयं यत्र यत्र वा विष्णुमन्दिरम्। अपसव्यं न चार्चितः कुर्यादेव प्रदक्षिणम्॥** त्यसैले सबैले एकै किसिमको दायाँ परिक्रमा गरिन्छ।

सोमसूत्र दुई भन्नाले एक त चढाएको जल जलहरीबाट बगेर उत्तरतिरबाट जाने बाटो र अर्को सोमसूत्र भन्नाले वासुकि सम्झनुपर्छ। यी दुवै पशुपतिमा विद्यमान छन्। विष्णुमन्दिर- सत्यनारायण भगवान् पनि छन्। यी तीनै कुरा भट्टले गर्ने लिङ्ग- पशुपति पूजास्थल र बाहिर पनि छन्।

जहाँसम्म भगवान् श्रीपशुपतिलाई चढाएको जल हिँड्ने बाटो सोमसूत्र नाघ्दा दोष लाग्दछ भन्ने कुरा छ, त्यो पनि मन्दिरको छानोबाट पानी पर्दा पानी जहाँसम्म झर्छ वा छानोको छेउबाट धारो झर्दा जहाँ छुन्छ अर्थात् बलेसी झर्ने ठाउँसम्म सोमसूत्र नाघ्दा दोष लाग्छ, त्यसभन्दा बाहिर गएपछि दोष छैन भनिएको छ। **प्रासादविस्तारसमानसूत्रं भवेदुदीच्यां दिशि सोमसूत्रम्। सूत्राद् बहिर्लङ्घनतो न दोषः स्याद् दोष आभ्यन्तरलङ्घनेन॥**

पशुपतिको पूजामा दर्शनार्थी भक्तजनले चारचोटि अभिषेक प्राप्त गर्न सक्छन् - एक आदिकलश, दोस्रो पूर्ण कलश, तेस्रो शक्त्य जल, चारौँ साँझको आरतीपछि। यी चारै अभिषेक सक्नेले पालैपालो पूर्व, दक्षिण, पश्चिम र उत्तर ढोकाबाट लिने चलन पनि छ। यो सूर्यको गतिसँग सम्बद्ध भएजस्तो लाग्छ। त्यसैले साँच्चै कट्टर शैव उपासकहरू बिहान पूर्व फर्केर, दिनमा दक्षिण फर्केर, बेलुका पश्चिम फर्किएर, राति उत्तर फर्किएर शिवको आराधना गर्ने गर्छन् र अझ चललिङ्गमा त जलहरीसमेत त्यसै दिशातिर फर्काउँछन्। त्यसैले चौसठ्ठी मन्दिर ढुण्डीगणेशनजिकै पूर्वतिर जलहरी फर्किएको एक शिवलिङ्ग छँदैछ।

पशुपति भन्नाले पाश नभएको बुझिन्छ। प्रकृतिदेखि माथि माया, त्यसदेखि माथि महामाया, त्यसदेखि माथि चिति, त्यसदेखि माथि पराशक्तिहरू छन्। घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील, जाति, अहङ्कार, असत्य, पैशून्य, काम, क्रोध आदि र भोकप्यास, शोकमोह, जरामृत्यु तथा आणव मल, मायीय मल र कार्म मल आदिले गर्दा जीव शिवभन्दा आफूलाई भिन्न, अशक्त महसुस गर्छ। यी सबै पाश सकिए जीव शिव नै हो फरक पर्दैन। प्राकृतिक अवस्था पार गरी, माया पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार गरेर महामायाको क्षेत्रमा प्रवेश गर्नेबित्तिकै सबै जीव पशुपति बन्छन् तर श्रीपशुपतिनाथ हुन सकेका हुँदैनन्। त्यसैले ब्रह्मा आदि पनि पशुपतिनाथ हुन सकेका छैनन्। त्यो हुन पशुपतिनाथको महाकृपा नै चाहिन्छ भन्ने भनाइ साधकहरूको छ। जस्तै **शक्तिपातसमये विचारणं प्राप्तमीश न करोषि कर्हिचित्। अद्य मां प्रति किमागतं यतः स्वप्रकाशनविधौ विलम्बसे।** शक्तिपात भनेको स्वप्रकाशन हो। यसमा शिवले चाह्यो भने देश, काल, परिस्थिति, साधन, पुण्यापुण्य, देव, मनुष्य, असुर, राक्षस, पिशाच, पशु, पंक्षी, कीट, पतङ्ग, तृण, स्तम्ब, गुल्म, वृक्ष, जातजाति केही विचार गर्दैन। जड चेतनको विभागले पनि शिवको शक्तिपातमा कुनै फरक पार्दैन। तपस्या, शास्त्राध्ययन, यज्ञयागादि, दानपुण्य, तीर्थाटन, देशसेवा, परोपकार, समाजसेवा, मन्त्रजप, योगाभ्यास, ध्यानजस्ता परमात्माप्राप्तिका जति पनि उपायजाल शास्त्रमा बताइएका छन्, स्वप्रकाशनमा यी कुनैले शिवलाई बाध्य गर्न सक्दैनन्। त्यसैले भनिन्छ– **उपायजालं न शिवं प्रकाशयेत्। घटेन किं भाति सहस्रदीधितिः। विचारयन्नित्थमुदारदर्शनः। स्वयं प्रकाशं शिवमाविशेत् क्षणात्।** तापनि स्वरूपप्राप्तिका शास्त्रीय साधना गर्दै जाने कुरा शास्त्रले निर्देश गरेबमोजिम गर्दै रहनुपर्छ। चरमाकारवृत्ति, अज्ञानभङ्ग वा अविद्या या मायानिवृत्ति आदिका विचार, साङ्ख्ययोग, महायोग, कर्मयोग, भक्तियोग आदि जति कल्पना छन्, शिवको स्वप्रकाशनमा यी सबै अकिञ्चित्कर छन्। स्वप्रकाशन अहैतुक यादृच्छिक महाकरुणामा आधारित छ भन्ने कसै कसैको भनाइ छ, त्यो भनाइ पनि शुद्ध एकाग्र मनको विलासमात्र हो किनभने महाकरुणाको स्वरूप कुनै जीवले परिभाषित र निश्चित गर्न सक्दैन। स्वरूपस्फूर्तिको कृतकृत्यतापछि निराकृत जीवत्वको वासनामा महाकरुणाको कल्पना गर्ने अधिकार सबैलाई छ। यसमा विवाद गर्नुपर्दैन।

पशुपतिका छ मुखबाट छ आम्नाय निस्कन्छन्। पूर्वमुखबाट सृष्टि-मन्त्रयोग-भुवनेश्वर्यादि, दक्षिणमुखबाट स्थिति-भक्तियोग-दक्षिणकाली-निशीश्वर्यादि, पश्चिममुखबाट प्रलय-कर्मयोग-कुब्जिकादि, उत्तरमुखबाट अनाख्या-ज्ञानयोग-गुह्यकाल्यादि, अधोमुखबाट विश्रान्ति-शब्दयोग-आर्यतारादि, ईशान ऊर्ध्वमुखबाट मोक्ष विज्ञानयोग त्रिपुरसुन्दरी आदि र पूर्वबाट क्रमैले चारमुखबाट ऋग्, यजु, साम, अथर्व र ऊर्ध्वमुखबाट ओमकारादि बीजाक्षरको प्रादुर्भाव हुन्छ। छ आम्नाय पछि पूर्व-दक्षिणको बीच आग्नेयबाट, दक्षिण-पश्चिमको बीच नैर्ऋत्यबाट, पश्चिम- उत्तरको बीच वायव्यबाट, उत्तर-पूर्वको बीच ईशानबाट- उपाम्नाय विद्या र शास्त्र निस्कन्छन्। दशैंका नवरात्रमा उपासना गरिने महाकाली, महालक्ष्मी, महासरस्वती र चामुण्डा यसैभित्र पर्छन्। ऊर्ध्व र अधःको बीचमा पनि एक सन्धि छ, त्यो दिक्को नाम र कर्मकाण्डमा पूजा भएको पनि मैले सुनेको छैन तर पनि एक दिक् अवश्य कल्पना गर्दै समष्टिको कल्पना गरी त्यहाँ उपासना गर्नैपर्छ भन्ने मेरो चिन्तन छ। त्यसलाई स्वदिक् भन्ने संज्ञा दिएर समष्टि देवता राखी उपासना गर्नुपर्छ, त्यो साधकको आफ्नो स्वरूप हुन सक्छ। त्यो निर्विकल्प स्वरूप पर्छ। शरीरको मूलाधार वा अधः सहस्रारदेखि मुन्तिर खुट्टासम्मका चक्र ताराको क्षेत्र, मूलाधारबाट आज्ञासम्म कालीको क्षेत्र, आज्ञाबाट ऊर्ध्वसहस्रारसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरीको क्षेत्र पर्दछ। एउटै शक्ति तारा काली सुन्दरी हुँदै श्रीविद्या बन्छिन्। सादि विद्या बौद्धमार्गी आदिले, कादि विद्या नेपाल, उत्तर पूर्व भारतसमेत कतिपयले, हादि विद्या कतिपय सन्न्यासीसमेत दक्षिण भारतीयहरूले गर्ने परिपाटी चले पनि **सा काली द्विविधा प्रोक्ता श्यामा रक्ता प्रभेदतः। श्यामा तु दक्षिणा प्रोक्ता रक्ता श्रीसुन्दरी मता** भनेकोले सुन्दरी पनि काली नै गनिन्छिन्। अधराम्नायनायिका ताराविद्यालाई दक्षिणमार्गीहरूले दक्षिणाम्नायमै लगेर थप्दछन्। दक्षिणाम्नाय, अधराम्नाय र ऊर्ध्वाम्नायको एक समष्टि हुने कुराको उल्लेख तन्त्रशास्त्रले गरेको छ। यसैले कालीमार्फत् सुन्दरीसँग अधराम्नायकी नायिका ताराको समष्टि स्वतः सिद्ध छ तापनि ताराविद्याको उपासना वाममार्गीहरूले विश्रान्तियोगले अधराम्नायमै वाममार्गद्वारा गरिने हुँदा तिनलाई दक्षिणमार्गीले लुकाउन चाहेको देखिन्छ किनभने जसलाई शिष्टहरूले अवैदिक मत भन्दै आएका छन्, त्यसमा मासु, माछा, मदिरा, मुद्रा र मैथुनको पनि पूजामा प्रयोग हुन्छ। चक्रपूजामा पूर्वकौलले सामान्य चक्रको पूजा गरे पनि उत्तरकौल, दिगम्बर, क्षपणक, कापालिकले असामान्य चक्ररूप दूतीको गुप्त अङ्गमै पूजा गर्दछन्। महाशक्तिरूप कुण्डलिनी शक्ति सुतिरहन्छिन्। **निद्राणैव भगवती फलदायिका भवति** यस्तो वचन छ। जब महाशक्ति कुण्डलिनी जाग्छिन्, त्यो नै वाममार्गी कौल आदिको मुक्ति हो। सामान्य फल, ऐहिक फल वा आमुष्मिक इन्द्रलोक वा ब्रह्मलोकलाई उनी निद्रावस्थामै प्राप्त गराउन समर्थ छिन्। मोक्षका लागि मात्रै उनी जाग्नुपर्ने हुन्छ। उक्त उपासकहरूका लागि दूतीको गुप्त अङ्ग नै शिव र शक्तिको सामरस्यरूप बिन्दु हो। यसैलाई अवैदिक मतको उपासना पनि भन्ने गरिन्छ। पञ्चशुभागमअनुसार सनक, सनन्दन, सनातन, सनत्कुमार, शुकदेव आदिले गरिएको उपासनापद्धतिलाई समयाचारका रूपमा वैदिक मत भनिन्छ। यसमा बाहिरी चक्रको उपासना हुँदैन। स्थूल शरीरका, सूक्ष्म शरीरका र कारण शरीरका चक्रसमेत तुरीय, तुरीयातीत अवस्था वा प्रथमा, द्वितीया, तृतीया, तुरीया, तुरीयातीत आदिलाई लघुपूर्ण, पूर्ण, महापूर्ण, मेधा, महामेधा, साम्राज्यमेधा, महासाम्राज्यमेधा दीक्षामा समेट्दै ऊर्ध्वसहस्रार जसलाई **इयं वाव सरघा** (तैत्तिरीय काठक श्रुति) वैदिक भाषामा भनिन्छ, त्यही उपासना हुन्छ। उपासनाको उच्चस्तरमा पुगेपछि मन्त्र, मन्त्रार्थ, कुण्डलिनी, गुरु, देवता वा ईश्वर, आत्मा कुनैमा भेद रहँदैन। **अहं गुरुः सा त्रिपुरेति कश्चित् न साधकस्यात्रिविभाति भेदः।**

श्रीपशुपतिनाथको पूजामा ईशानको माथि श्रीयन्त्र लेखेर पूजा गर्ने चलन नेपालमा परापूर्वकालदेखि चल्दै आएको छ। पशुपतिका मुखका नाम पहिले लेखिए पनि यसका अरू नाम पनि छन् जस्तै ईशान- सदाशिव, पूर्व-जगन्नाथ, दक्षिण- रामेश्वर, पश्चिम-द्वारकाधीश, उत्तर- बद्रीकेदार, त्यसै गरी सदाशिव, ईश्वर, रुद्र, विष्णु, ब्रह्मा। त्यस्तै आकाशतत्त्व, वायुतत्त्व, तेजस्तत्त्व, जलतत्त्व, पृथिवीतत्त्व पनि मुखहरूलाई भनिन्छ भन्ने शास्त्रीय चलन छ। जतिसुकै मुख भए पनि पशुपति एकै छन्। जस्तैः पश्चिममुख- पैतालादेखि घुँडासम्मको भाग, उत्तरमुख- घुँडादेखि नाभिसम्मको भाग, दक्षिणमुख- नाभिदेखि हृदयसम्मको भाग, पूर्वमुख- हृदयदेखि भ्रूकुटीसम्मको भाग, ईशान मुख–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रूकुटीदेखि शिखासम्मको भाग। यसरी पशुपतिको शरीर सबै मिलाएर एउटै हुन्छ भन्ने बुझ्नुपर्छ। पशुपतिका मुखहरूका वर्णनमा- परा, चित्, माया, गौरी, रमा र वागीश्वरी माथिबाट तल शक्तिको उल्लेख छ। कतै वामा, ज्येष्ठा, रौद्री, अम्बिका, पराशक्तिको उल्लेख तलबाट माथि, कतै चित्, आनन्दा, इच्छा, ज्ञाना, क्रिया माथिबाट तल। यिनैसँग व्योमवामेश्वरी, खेचरी, गोचरी, दिक्चरी, भूचरी। कतै परा, पश्यन्ती, मध्यमा, वैखरी आदि आदि विविध अनन्तशक्ति उदाउने सङ्केत छ। यी सबै तन्त्रागम अनुष्ठान विद्यामा पाइन्छन्। जीवन बुझ्न खोज्नेले पशुपतिनाथ बुझ्न खोज्छन्। जीवन नबुझी नबुझी भोगेजस्तै पशुपतिनाथ नबुझी नबुझी लेखिन्छन्। जीवन बुझे पशुपतिनाथ बुझियो अन्यथा बुझिन्न। यी सबै मुखहरू शिरमा श्रीयन्त्र लेखेपछि पशुपति भट्टारक र भट्टारिका- परमशिव भट्टारक र परशिवा भट्टारिका- महाकामेश्वर भट्टारक र महाकामेश्वरी भट्टारिकाका आसनमा परिणत हुन्छन्। चार मुख, चार खुट्टा र ईशानमुख फल्याक भई मञ्चको काम गर्छन्। त्यो मञ्चमाथि सिंहासनमा विराजमान देवताको पूजा नै पशुपतिको पूजा हो। परमशिव भट्टारकको काखमा विराजमान परशिवा भट्टारिकाको आनन्दसाथ साक्षात् सम्बन्ध भएकोले परमशिवलाई मात्रै सो आनन्दको बोध भएको छ। ईशान, ईश्वर, रुद्र, विष्णु, ब्रह्मारूप आसन- मञ्चलाई अझै अनुभूति भएको छैन। महाआनन्दरूपा परमशिवाको साक्षात् सम्बन्ध परमशिव हुँदै सदाशिव, ईश्वर, रुद्र, विष्णु, ब्रह्मरूप चार खुट्टामा आनन्द पुग्छ। त्यसैले सदाशिव समेत मुन्तिरका पाँच आसन देवताहरू मोक्षरूप आनन्दमा आरूढ भए पनि महामोक्षरूप महाआनन्दमा पुग्न सकेका छैनन्। यो दुर्लभ र परम विचित्र छ। योगी, सिद्ध, ज्ञानी साधकहरूको कुण्डली जागरणपछि तत्त्वभेद भई तत्त्वोत्तीर्ण ब्रह्म अवस्थामा शिवतत्त्व लाभ हुन्छ तर कुण्डलिनीभित्रका चक्रभेदसहित महाकुण्डलिनीको जागरणविना एकैचोटि तत्त्वोत्तीर्ण र तत्त्वात्मक अवस्थाको परमशिवतत्त्व अवस्था वा परमब्रह्म अवस्था प्राप्त हुँदैन। यो अवस्था स्वयं शिवद्वारा साध्य छ, त्यसभन्दा तलको अवस्थामा यो सम्भव छैन। यस स्थितिलाई अवस्था वा स्थिति भन्न पनि मिल्दैन। पशुपतिभट्टारक र भट्टारिकालाई आजसम्म कुनै देवदेवी वा ब्रह्मा, विष्णु आदिले पनि बुझेका छैनन् भन्ने शास्त्रको तात्पर्य छ, आगमको सार छ।

परकामेश्वर भट्टारक- परकामेश्वरी भट्टारिका, परमशिव भट्टारक- परशिवा भट्टारिका, पशुपति भट्टारक- भट्टारिका, यी भनाइहरू आगम र साधनाको भेदको नामान्तरण मात्र हुन्। तत्त्वमा कुनै फरक छैन। गणेश र कुमार जुन ढोकामा छन् ती चन्द्र र सूर्यका प्रतीक हुन्। शरीरमा इडा र पिङ्गला नाडीले यिनको प्रतिनिधित्व गर्छन्। यी दुई नाडी योगाभ्यासद्वारा जब बन्द हुन्छन् अर्थात् देब्रे नाकको प्वाल र दाहिने नाकको प्वालबाट सास चल्न बन्द हुन्छ, यसैलाई तन्त्रयोगमा चन्द्र-सूर्यको मार्गरोध भन्दछन्। यो हुनेबित्तिकै अमृतस्रवण र अमृतहरण गर्न चन्द्र सूर्यले सक्तैनन्। यो हुनेबित्तिकै मूलाधारकी कुण्डलिनीलाई सुतीसुती भोजन गर्न मिल्दैन। सुषुम्ना नाडी अग्निरूप छ। त्यहाँ स्थित प्राणतत्त्वले अग्निलाई उकास्ने काम पनि भइराखेकोले खान नपाएको झोक र तातोको छटपटीले जिस्क्याइएको विषालु सर्पझैं फुङ्कार मार्दै रिसाएर स्थूल शरीर सुषुम्नाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रभेद गर्दै ऊर्ध्वसहस्रार स्थित चन्द्रलाई ठुँग्न पुग्दा अमृतस्रवण भै सूक्ष्म शरीरस्थित वज्राका चक्र भेद, कारण शरीरस्थित चित्राका चक्र भेद गर्दै ब्राह्मीनाडीभित्र मडारिँदै कुण्डलिनीले आफ्नो प्रभाव देखाउँछिन्। पशुपतिमन्दिर जाँदा खुल्ने ढोका भनेका यिनै हुन्। पशुपतिका ती ती ढोकाका देवता भनेका पनि कुण्डलिनीले ती ती नाडी खोल्दै जाँदा साधकलाई साक्षात्कृत हुँदै जाने देवता हुन्। यसरी कुण्डलिनीले चक्रभेद गर्दै हिँड्दा जीवतत्त्वलाई मुठ्ठीमा च्याप्प पक्रिएर आफैँसँग हिडाउँछिन्। आखिर परब्रह्मतत्त्व पशुपतिमा कुण्डलिनी एकाकार हुँदै जीवलाई शिवसँग जोडिदिन्छिन्। त्यहाँ परमशिवले जीवलाई तँ पनि मै होस् भन्ने बोध गराइदिन्छन्। त्यो हुनेबित्तिकै जीवको परम पुरुषार्थ सिद्ध हुन्छ। **जीवं शिवं तद्विदधाति नूनम्** त्यसैले सबै जीव परब्रह्म-पशुपतिनाथ- परकामेश्वर- परशिव नै हुन् भन्नेमा कुनै शङ्का छैन। साधनाकालमा र सिद्धावस्थामा स्वरूपस्थिति एउटै छ। बीचका भ्रम हुन् तर त्यो त्यसै हट्तैन भन्ने ठानेर हाम्रा निगम, आगम आदि शास्त्र, भगवद् अवतार, ऋषिमुनि साधुसन्तले अनेक किसिमका साधनामार्ग बताएका हुन्।

सबै मुखको पूजा सिद्धिएपछि पशुपतिनाथमा स्थापित लिङ्गको शिरमा श्रीयन्त्र निर्माण गरी पूजा गर्ने चलन मैले पहिल्यै भनिसकेँ। यसमा विचार गर्दा श्रीयन्त्रको स्वरूप–

बिन्दु- त्रिकोण - वसुकोण- दशारयुग्मं
मन्वस्र- नागदल- संयुत- षोडशारम्।
वृत्तत्रयञ्च-धरणीसदनत्रयञ्च
श्रीचक्रमेतदुदितं परदेवतायाः।

माथिबाट यसरी गनिन्छ, तलबाट भने–

भूपूस्त्रिवृत्तकमथेन्दुकलारविन्द
मष्टारकं सुमनुकोणमथो दशारम्।
दिक्कोणकञ्च गजकोणमथ त्रिकोणं
वन्दे सुबिन्दुसहितं परयन्त्रराजम्।

श्रीयन्त्रको उद्धार गर्ने, लेख्ने क्रम धेरै भए पनि मुख्य दुई छन्- एक कौलक्रम र अर्को समयक्रम। पश्चिमाम्नायमा समष्टि गरिने वाममार्गको प्रतिनिधित्व पश्चिमढोकामा बस्ने पुजारी भट्टका सहयोगी भण्डारीले गरेको देखिन्छ जसले कौलको वासना समेट्छ। पुजारी भट्टहरूले ऊर्ध्वाम्नायमा समष्टि गरिने दक्षिण मार्गको प्रतिनिधित्व गरेको भान हुन्छ। पशुपतिको पूजा वैदिक र तान्त्रिक मिसिएको मिश्र पद्धतिको हो। **तत्त्वमसि, अहं ब्रह्मास्मि, प्रज्ञानं ब्रह्म** जस्ता निगमका सैद्धान्तिक महावाक्यको साधनाको क्रियात्मक पक्षको व्यावहारिक प्रयोगात्मक साधना नै आगम र तन्त्रशास्त्रको क्षेत्र हो। त्यसै कारण **श्रुतिर्द्विविधा वैदिकी तान्त्रिकी च** भनिएको हो। भट्टजीले जे भने पनि नवरात्रका नौ दिनसम्म उहाँहरूले पनि पशुपतिको पूजा सिध्याएर अनिवार्यरूपमा गुह्येश्वरीको पूजा गर्नै पर्ने चलन छ। जुन पीठमा वागमार्गीहरूले रक्सी, माछा, मासु, अण्डा आदि चढाउँछन्, त्यो गुह्येश्वरीपीठमा अनिवार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवरात्रमा किन भट्टले पूजा गर्ने त ? त्यसै गरी घोडेजात्राको चतुर्दशीका दिन वत्सलादेवीको पूजा र भट्टको तर्फबाट बोकाको बलि दिने व्यवस्थाले के बुझाउँछ ? जुन वत्सलादेवीलाई पूजाको समयमा सकेसम्म जाँडमै डुबाउनुपर्छ। वर्षमा एक दिन पशुपतिलाई बुद्धको रूपमा शृङ्गारपूजाले पनि के बुझाउँछ भने निगम-आगम र विविध सम्प्रदायलाई समेत पशुपतिपूजामा समेटिएको छ। पशुपतिका अङ्गभूत देवताको पूजा अझैसम्म पनि निरन्तररूपमा कर्माचार्यहरूबाट तन्त्रविधिद्वारा हुँदै आइरहेको छ। इने गिनेका तान्त्रिक पुजारी मृत्युञ्जय कर्माचार्यको भनाइमा शक्ति नभए के शिव ? हामीले वरिपरि शक्तिको पूजा गरिदिएका छौँ र पो पशुपति फल दिन समर्थ छन्। अन्यथा शक्तिविना शिव शव समान हुन्छन्।

ईशानको शिरमा श्रीयन्त्र लेखी गरिने पूजा कौल हो भन्न सकिन्न किनकि पशुपतिमा प्रत्यक्ष मपञ्चकको प्रयोग गरेको देखिँदैन। अनुकल्पको अनुमान गरौँ भने पनि सुलभ द्रव्यको अनुकल्प हुँदैन - सोमको अभावमा पूतिका र दूबोजस्तो तर कीर्तिमुखभैरवमा पूर्णिमाको दिन राँगो, बोका, हाँस, भेंडा र कुखुराको पञ्चबलि दिने र त्यहाँबाट काँचो धागो टाँगी धर्मशिलाको भोजनमा पुऱ्याइन्छ। पशुपतिको दक्षिणढोका उघारी पशुपतिलाई त्यो समर्पण गरिन्छ भने साक्षात् नभए पनि परम्परया कौलविधि पनि पशुपतिमा समेटिएको बुझिन्छ, परन्तु समयाचारीले गर्ने मूलाधारचक्र- त्रिकोण, स्वाधिष्ठानचक्र-अष्टकोण, अन्तर्दशारचक्र- मणिपूर, बहिर्दशारचक्र- अनाहत, चतुर्दशारचक्र- विशुद्धि, शिवचक्रचतुष्टय आज्ञा, बिन्दु- सहस्रार, सादाख्या-षोडशी षोडशकूटात्मिका महात्रिपुरसन्दरीको उपासना यो पशुपतिपूजामा हुन्छ र बाहिरी श्रीचक्र र भित्री शरीरवर्ती सुषुम्नास्थित चक्रको तादात्म्य हो भने यो पूजा कौल र समयाचारको मिश्रपूजा हो कि भनी भन्न सकिन्छ। श्रीविद्यापञ्चदशाक्षरीमा आग्नेयखण्ड, सौरखण्ड, सौम्यखण्डको कल्पना छ। अर्को एक खण्ड छ जसलाई चन्द्रकलाखण्ड भनिन्छ। त्यो अति गोप्य भएकोले पञ्चदशाक्षरीको मन्त्रोद्धारमा त्यसलाई राखिएको छैन। आग्नेयखण्डमा पाँच अक्षर, सौरखण्डमा छ अक्षर, सौम्य खण्डमा चार अक्षर छन्। यसैमा सबै योगिनी, भैरव, भैरवी, मातृका, कला, बिन्दु, नाद, शिव, शक्ति समाविष्ट छन्। शम्भुका सबै मुख, सबै आम्नाय, सबै तत्त्व, सबै चक्र, सबै दिशा विदिशा मिली श्रीचक्र बनेर त्यसैमा सबैको तादात्म्य छ। आग्नेयखण्डबाट सुरु गरिने अक्षर कहिले क र कहिले ह हुन सक्छ किनकि सङ्केत गर्ने वचनमा (शास्त्रमा) दुइटैको उत्तिकै सम्भावना छ। त्यसैले कसैले कादि र कसैले हादि विद्या सुन्छन्। यसैलाई लिएर कामराजकूट र वाग्भवकूट पनि भन्ने चलन छ। सौरखण्डको हादिमन्त्र पनि कामराजकूटै हो तर यसलाई लिएर हादि लोपामुद्रा भनिएको भने होइन। सौम्यखण्ड शक्तिकूटात्मक छ। त्यसपछिको चन्द्रकलाखण्डका एउटै बीजमा उक्त सबैको समावेश भई समष्टि हुन्छ। त्यसैले **राज्यं देयं शिरो देयं न देया षोडशाक्षरी** भनिन्छ। षोडशीको विश्रान्ति कहीँ छैन - **तत एव न विश्रान्तिः षोडश्यां कथिता बुधैः**। सप्तदशी, अष्टादशी, ऊनविंशी जे जे हुनुपर्छ उनै हुँदै जान्छिन्। यसको छेउटुप्पो ब्रह्मादि कसैले पनि फेला पार्दैनन्। समयमतमा शक्तिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचै त्रिकोण ऊर्ध्वमुख हुन्छन् । शिवका चारै त्रिकोण अधोमुख हुन्छन् । कौलमतमा यसको उल्टो शक्तिका पाँचै त्रिकोण अधोमुख, शिवका चारै त्रिकोण ऊर्ध्वमुख हुन्छन् । त्रिकोण, अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, शक्तिचक्र भनिन्छन् । बिन्दु, अष्टदल, षोडशदल, चतुरस्र यी शिवचक्रमा गणना हुन्छन् । शिवचक्र र शक्तिचक्रको तादात्म्य बन्दै अविनाभावरूपमा पनि रहन्छन् । जस्तैः- त्रिकोणमा बिन्दु, अष्टारमा अष्टदल, द्विदशारमा षोडशदल र चतुर्दशारमा भूपुरको ऐक्य कायम हुन्छ र सोही अनुसारको भावना हुन्छ । त्यसैले धर्मशास्त्रमा, पुराणमा, उपनिषत् आदिमा वर्णित शिवपूजाविधि र न्यास ध्यान आदि देखाउने तान्त्रिक आचारप्रधान भएका पद्धतिले मात्र पशुपतिको पूजाविधान निर्धारण हुन सक्तैन । नेपालमा अधिकांश प्रचलित शुक्लयजुर्वेदशाखाध्यायी पुजारी नभएर कृष्णयजुर्वेदी वा ऋग्वेदी दक्षिणी पञ्चद्रविडमध्येका ब्राह्मण पुजारी राख्नु पनि केवल शिवस्व मुखमा पर्ला भन्ने मात्र होइन अरू पनि धेरै धार्मिक रहस्यभूत कुरा होलान् भन्ने मेरो अनुमान छ किनभने काट्टो खाने ब्राह्मण त नेपाली नै थिए । त्यो कर्म पनि निन्दितभित्रै पर्दथ्यो । त्यो त नेपालमै बस्दथ्यो । जुठो सूतक बार्ने कुरा त पुजारी भट्टहरूले पनि आफ्नो परिवार र बन्धुबान्धवको गर्ने गर्छन् । यस्ता तर्कहरूले पूजाको रहस्य जिज्ञासा शान्त गर्न सक्तैनन् । त्यसैले पशुपतिको रहस्यभूत पूजापरम्परा थाम्न भट्टको अपरिहार्यता नै देखिन्छ तर दक्षिणा भेटीघाटी व्यवस्थापन भने नेपालले नै गर्नुपर्ने हुन्छ । आर्थिक खटनपटन नेपालराज्यको र पूजाविधि खटनपटन दक्षिणी द्रविड ब्राह्मणको हुनुपर्दछ । श्रीचक्रको बिन्दु मात्रै भनेर पनि हुँदैन । श्रीयन्त्रको एक बिन्दुस्थान स्वाधिष्ठान र दोस्रो बिन्दुस्थान सहस्रार हो । सहस्रारको बिन्दुलाई विस्फोटन गरी त्यसभित्र पनि अन्य बिन्दुको कल्पना गरी पूजा हुन्छ ।

पञ्चदशीको पूजापछि षोडशीको पूजा, त्यसपछि श्रीयन्त्रको स्पन्दीचक्रमा गरिने ब्रह्मरूपिणी गायत्रीको पूजा, त्यसपछि श्रीमहाषोडशीपूजा, त्यसपछि पूर्णषडन्वयशाम्भवपूजा, त्यसपछि सर्वाधिकारविद्यापूजा, त्यसपछि चतुष्पादगायत्री, त्यसपछि पाशुपतत्रय- लघुपाशुपत, मध्यमपाशुपत र महापाशुपतको प्रयोग पूजा गर्नुपर्ने हो र यसपछि महापूर्णाभिषेचन हुनुपर्ने हो तर पशुपतिमा मूल भट्टले मात्र षोडशी सुनेको हुन्छ । अरू भट्टले पञ्चदशी विद्यासम्म मात्र लिएकाले मूल भट्ट नहुँदा अरू भट्टले पनि श्रीयन्त्रको पूजा गर्नुपर्ने भएकोले पञ्चदशीपछि नै पाशुपतविद्याको प्रयोग गरिँदो हो भन्ने मेरो अनुमान छ । मूल भट्टले षोडशीसम्म जाने पनि श्रीमहाषोडशीको विधान नगरेको र नसुनेको हुँदा पाशुपतत्रयमा सामान्य पाशुपत विद्याको मात्र यहाँ अनुष्ठान हुन्छ वा पाशुपतत्रयकै प्रयोग हुन्छ, कसरी भन्न सकिन्छ ? श्रीचक्रमा षोडशनित्याका साथ भगवतीको तादात्म्य छ भने मेरुप्रस्तार, मातृकावर्णका साथ तादात्म्य छ भने कैलास प्रस्तार, वशिनी आदि वाग्देवताका साथ तादात्म्य छ भने भूप्रस्तार भनिन्छ । श्रीविद्याका क्रममध्ये हयग्रीवक्रम, आनन्दभैरवक्रम र दक्षिणामूर्तिक्रम हाल चलेका देखिन्छन् । कुनै क्रममा शुष्कभाव र कुनै क्रममा सरसभावले पनि उपासना हुन्छ । हयग्रीव र आनन्दभैरवक्रममा श्रीविद्याषोडशाक्षरीसम्म र दक्षिणामूर्तिक्रममा श्रीविद्यासप्तदशीसम्म जान्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भनाइ देखिन्छ। श्रीयन्त्रमा लेखिने वृत्तत्रय कुनै मतमा लेखिन्छ, कतै लेखिँदैन। त्यो छ भने श्रीचक्रको भित्री शारीरिक चक्रसँग तादात्म्य गर्दा मूलाधार र स्वाधिष्ठान दुईओटा चक्रपछि एक वृत्त रुद्रग्रन्थि, मणिपूर र अनाहतचक्र दुईओटा चक्रपछि अर्को वृत्त विष्णुग्रन्थि एवं विशुद्धि र आज्ञा चक्र दुईओटा चक्रपछि तेस्रो वृत्त ब्रह्मग्रन्थि भनिन्छ। ग्रन्थित्रयभेद नगरी साधक आज्ञाचक्रमाथि चढ्न सक्तैन। आज्ञाचक्र, मनश्चक्र, सप्तकोशाख्यचक्र, बिन्दुचक्र, कलाचक्र, रोधिनीचक्र, नादचक्र, नादान्तचक्र, शक्तिचक्र, व्यापिकाचक्र, समनाचक्र, गूरपद्मचक्र, अधोमुखमनश्चक्र, अधोमुखोन्मनीचक्र, महाबिन्दुचक्र, सहस्रारचक्र, यी षोडशचक्र सुन्दरीविद्याको क्षेत्र हो। आज्ञाचक्र कालीकल्प र सुन्दरीकल्प दुवैमा गणना हुन्छ। आज्ञाचक्रदेखि अधःसहस्रारसम्मका चक्रहरू प्रायः सबैलाई थाहै छ- कालीकल्पमा समेटिन्छन्। ब्राह्मण साधकहरू अन्धतामिस्र र तामिस्र चक्रक्षेत्र छोडी मणिपूरबाटै साधना सुरु गर्ने पनि छन्। मणिपूरमै साधकलाई पहिलो झमट भगवतीको प्रत्यक्ष हुन्छ। शङ्कराचार्यको मतमा चतुर्भुजा सुन्दरी र अरू कसै कसैको मतमा दशभुजा भगवती साक्षात् हुन्छिन् भन्ने छ। श्रीचक्रमा तलबाट माथि पूजा गर्दै उक्लने क्रम संहार हो– कौलले यही क्रमले गर्छन्। माथिबाट पूजा गर्दै तल झर्ने क्रम सृष्टि हो- समयीले त्यसै गर्छन्।

स्थितिक्रममा भने तलबाट षोडशदलपछि आउने अष्टदलसम्म पूजा गरेपछि त्यहीं बिन्दुको पूजा गरी चतुर्दशकोणदेखि त्रिकोणसम्म पूजा हुन्छ भन्छन्। अनाख्या र भासा पूजाक्रम अवधूतसँग बुझ्दा नै बेस हुन्छ। तैपनि बिन्दुभित्रका अन्तर्बिन्दुमा ती पूजा गरिन्छन् भन्ने सङ्केतसम्म मैले गरिदिनैपर्छ। यसले सामान्य जिज्ञासा शान्त होला। श्रीचक्रमा बिन्दु एक देखेर हुँदैन। त्यसै बिन्दुलाई बिन्दुयुग्म सम्झी ब्रह्मचारीले पूजा गर्छ। बिन्दुद्वयमा एक बिन्दु साधक अर्को बिन्दु सेव्य हुन्छ। बिन्दुद्वय विसर्ग (ः) रूप हुने हुँदा र विसर्गको सृष्टि भन्ने अर्थ हुँदा यो पूजा सृष्टिरूप मानिन्छ।

गृहस्थले स्थितिक्रमले बिन्दुत्रयको पूजा गर्छ। एक बिन्दु आफू, एक बिन्दु गृहिणी, एक बिन्दु चक्रराट् हुन्छ। यसबाट अनुस्वार र विसर्ग (ः) समेटिन्छन्। त्यसैले गृहस्थले पूजाकालमा सेव्यसँग ऐकमत्य अनुस्वार (.) र पूजाबाहेक अन्य कालमा विसर्ग सेव्यसेवकभावना गर्नुपर्छ। वानप्रस्थीले उक्त बिन्दुत्रयलाई स्वरूपभूत एक बिन्दु आफूमा समेट्दै संहारक्रमले उपासना गर्छ। पशुपतिको पूजा गृहस्थको हो। त्यो कसरी गर्छन् भट्ट नै जानून्। वानप्रस्थीको उपासनामा चार बिन्दु र संन्यासीको उपासनामा पाँच, छ, सात हुँदै उपासना गरिन्छ। यसैलाई स्वराट्चक्र, विराट्चक्र, सम्राट्चक्र, विराजचक्र, विश्वरूपचक्र, शत्रुजिच्चक्र, स्वात्मचक्र पूजा भनिन्छ।

कौलक्रममा भगवतीलाई कौलिनी भनिन्छ। प्रत्यक्ष मपञ्चकको प्रयोग हुन्छ। तर समयमतमा भने मानसिक मपञ्चकको प्रयोग हुन्छ। जस्तैः- सहस्रारबाट निक्लिएको सुधापान-मद्यपान। कामक्रोधादि पशुलाई ज्ञानखड्गले मारेर त्यो भक्षण-मांसभक्षण। इन्द्रियनिरोध- मत्स्यभक्षण। आशातृष्णानिरोध- मुद्रा। मन प्राण जीवलाई कुण्डलिनी जागरणपूर्वक सुषुम्नामा प्रवेश गराउनु- मैथुन गर्नु हो। यति गरेपछि **परिश्रुतं झषमाद्यं पलं च** त्रिपुरामहोपनिषत् श्रुतिवाक्यको सम्मान भइहाल्छ, बाहिरी प्रत्यक्ष मदिरा, मांस, मत्स्य, मुद्रा र मैथुनले पूजा र प्रसादभक्षण गर्नुपर्दैन। यो वाममार्गीलाई नै समयाचारी दक्षिणमार्गीहरूले छोडिदिएका छन्। तान्त्रिक योगीहरूका लागि सिद्धासन, पद्मासन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि, उड्डीयानबन्ध, जालन्धरबन्ध, महामुद्रा, महाबन्ध, महावेध आदि र कामरूप, जालन्धर, पूर्णगिरि, ओड्ड्याण आदि पीठको ज्ञानसँगै चक्रस्थ रश्मिरूप देवताहरूको परिचय आधार आदि सबैसँग परीचित हुनु जरुरी छ। **यथा पिण्डे तथा ब्रह्माण्डे**- अनन्त ब्रह्माण्डको नमुना श्रीचक्र हो, त्यो पिण्डभित्र नै छ त्यसैले सच्चा खोजीकर्ता उपासकले बाहिर भौंतारिनुपर्दैन।

शैव र शाक्त दर्शनमा प्रसिद्ध ३६ तत्त्व छन्। ती यसप्रकार छन्-

१. प्रकृति
२. मन, बुद्धि, अहङ्कार (अन्तःकरण)
३. कान, छाला, आँखा, जिभ्रो, नाक (ज्ञानेन्द्रिय)
४. मुख, हात, खुट्टा, पायु, उपस्थ, वाक् (कर्मेन्द्रिय)
५. शब्द, स्पर्श, रूप, रस, गन्ध (तन्मात्रा)
६. पृथ्वी, जल, तेज, वायु, आकाश (पञ्चमहाभूत)

जम्मा यी चौबीस तत्त्वलाई आत्मतत्त्व भनिन्छ।

पुरुष, नियति, काल, राग, अविद्या, कला, माया यी सात तत्त्वलाई विद्यातत्त्व भनिन्छ।

शिव, शक्ति, सदाशिव, ईश्वर, शुद्धविद्या यी पाँच तत्त्वलाई शिवतत्त्व भनिन्छ।

यसैले तन्त्राचार्यहरू जल आचमन गर्दा- **आत्मतत्त्वाय नमः स्वाहा, विद्यातत्त्वाय नमः स्वाहा, शिवतत्त्वाय नमः स्वाहा** भन्ने गर्छन्। मन्दिरनिर्माणमा पनि यसको ख्याल गरिन्छ। पशुपतिनाथको मन्दिर जम्मा तीन तलाको छ। माथि गजुर छ। अधिष्ठान श्रीचक्राकारमा भगवान् पशुपतिनाथ खडा छन्। मन्दिर आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्वमा कल्पित छ। गजुर तत्त्वोत्तीर्ण र तत्त्वोत्तीर्ण-तत्त्वात्मक छ। तत्त्वोतीर्ण अवस्थामा पशुपति सैंतीसौं पुग्छन् भने तत्त्वोतीर्ण-तत्त्वात्मक अवस्थामा भगवान् अठ्तीसौं अवस्थाका हुन्छन्। साधकहरू तत्त्वोत्तीर्ण अवस्थामा पुगेपछि शिवत्त्वलाभ गर्छन् तर परमशिवत्वको लाभ भने सम्पन्न भइसकेको हुँदैन। शिवत्वलाभपछि उसैले मात्र सो अवस्थाको उद्घाटन गर्छ। पाशुपतदर्शनमा मायामाथि पुगेका जीवहरूको सृष्टि मायाले गर्दैन साक्षात् शिवले नै गर्छन् तर यो शिव तत्त्वोतीर्ण शिव होइन, यो त शिवतत्त्वभित्रकै शिव हो भन्ने बुझ्नुपर्छ। पशुपतिको दर्शनपछि बाहिरिने वेलामा गजुरको दर्शन हुन्छ। त्यहाँ पाँच ओटा चुचुरा छन्। बीचको ठूलो शिव, ईशानको हरि, आग्नेयको सूर्य, नैऋत्यको गणेश र वायव्यको देवी हुन्। यसैलाई शिवपाञ्चायन मानिन्छ।

गुह्येश्वरी जान नभ्याउनेले पूर्व तोरणको कृष्णको शिरको कलश र पाउ दर्शन गरेपछि गुह्येश्वरी दर्शन भइहाल्छ। पशुपतिको एक मुखको मात्रै दर्शनले पनि सबै मुख त्यहीं भएकोले सबै दर्शन भइहाल्छ। गुह्येश्वरी र त्यहींको भैरवदर्शनले गुह्येश्वरी-पशुपतिदर्शन भइहाल्छ। जसलाई फुर्सद छैन, घरबाट, बाटोबाटै, काम गर्दागर्दै, स्मरणमात्रै गर्दा पनि दर्शनको फल भइहाल्छ। जसलाई फुर्सद छ, तिनीहरूले प्रतिदिन माथि भने जति दर्शन गर्न सक्छन् भने सुनमा सुगन्ध थपिन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रमा पशुपतिसाधना

–प्रा. विद्यानाथ उपाध्याय

संसारको कुनै पनि प्राणी दुःखी हुन र रहन चाहँदैन । सबै दुःखको अन्त्य नै मन पराउँछन् ।

यो दुई प्रकारले सम्भव छ - भएको दुःख नष्ट हुनाले र दुःख आउँदै नआउनाले । भएको दुःख त विभिन्न सांसारिक उपाय वा उपचारले नष्ट हुन सक्दछ तर दुःख कहिल्यै नआउने हुनु केवल पशुपतिको प्रसादले मात्र सम्भव छ । पशुपति शब्दको अर्थ हो - पशुहरूको पति । जो जीवन्मुक्त छन्, सिद्धेश्वरका दर्जामा पुगिसकेका छन्- सनक, सनन्दन, सनत्कुमार आदि, तीदेखि बाहेक सबै चेतनावान् जीव पशु हुन् ।[1]

ईश्वरमा रहने गुण - ऐश्वर्य यही परम स्वातन्त्र्य हो । यसमा बन्धनको लेश मात्र पनि छैन । यही ज्ञान हो, यही कारणत्व हो, यही प्रभुशक्ति हो, यसैबाट प्रवृत्ति, निवृत्ति, स्थिति, इष्ट, अनिष्ट, स्थान, शरीर, इन्द्रिय, विषय आदिको प्राप्ति हुन्छ ।[2]

यसै ऐश्वर्यको अभाव- अनैश्वर्य, परतन्त्रता हो । यही बन्धन हो, यही अज्ञान हो, यही कार्यता हो । घरमा पालिएका जनावरहरू बन्धनमा परेर स्वतन्त्र नभएजस्तै अनेकौं पाशले बाँधिएका जीव पनि पशु नै हुन् । यी पनि स्वतन्त्र छैनन् । रूप, रस, गन्ध, स्पर्श, शब्द विषयहरूले बद्ध छन् ।[3]

पाश-डोरी, सिक्री यसले जनावर बाँधिन्छन् । पाश-विषयहरूको सिक्री-घृणा, लज्जा, शङ्का, भय, जुगुप्सा, कुल, शील, जाति यिनले सबै जीव कस्सिएर बाँधिएका छन् ।[4]

ईश्वरले यिनै पशुहरूको रक्षा गर्छन् ।[5] आफ्नो प्रभुशक्ति, विभुशक्ति, आफ्नो ऐश्वर्यद्वारा पशुहरूलाई उनी पशुत्वबाट, अनैश्वर्यबाट, परतन्त्रताबाट, अज्ञानको पाशोबाट, मलको जालोबाट

---

१ पाशुपतसूत्र (कौण्डिन्यभाष्य)

२ पूर्ववत् ।

३ पूर्ववत् ।

४ कुलार्णवतन्त्र ।

५ वातुलशुद्धाख्यतन्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्त गर्दछन्, त्यसैले ईश्वर पति हुन्, पशुपति हुन् । उनैद्वारा प्रेरित भएर जीव विषयमा प्रवृत्त हुन्छन् । उनैको प्रसाद पाएर त्यसबाट निवृत्त पनि हुन्छन् । इष्टमा प्रवृत्ति, अनिष्टबाट निवृत्ति, प्रवृत्ति र निवृत्तिका प्रेरक पशुपति नै हुन् ।

पशुपतिका प्रसादले जीवलाई कसैप्रति घृणा हुँदैन । न कसैमा उसलाई शङ्का हुन्छ न कसैबाट डर हुन्छ । उसलाई लाज पनि कसैबाट लाग्दैन । ईर्ष्या त उसलाई कसैसँग हुँदै हुँदैन । मेरो ठूलो कुल, मेरो महान् चरित्र, म ठूलो जातिको आदि घमण्डले उसलाई कहिल्यै छुँदैन । यो मुक्ति, पाशोबाट मुक्ति, पशुपतिकै कृपाबाट, उनकै प्रसादबाट मात्र सम्भव छ ।

यही दुःखान्त हो, दुःखको सर्वथा अन्त्य । दुःखान्त पनि दुई प्रकारको छ । सात्मक र अनात्मक । सात्मक दुःखान्त- परमैश्वर्य प्राप्ति - चाहेको कुरा देख्न, पाउन, गर्न, इच्छा लागेको ठाउँमा जान समर्थ हुनु । यसबाट पनि दुःखको अन्त्य हुन्छ । कुनै कुरा देख्न नपाएर, कुनै वस्तु उपलब्ध नभएर, केही गर्न नसकेर, कतै जान नपाएर, मानिसलाई दुःख हुन्छ । तर पारमेश्वर्य- दृक्क्रिया, जवित्व- दृष्टि, क्रिया र वेगको सामर्थ्य पाएर यी सबै दुःखको अन्त्य हुन सक्दछ । यही सिद्धि हो, अष्टसिद्धि हो । अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व यो सिद्धि त्यसै पाइन्न । यसको निमित्त आवश्यक छ पशुपतिको प्रसाद यही सिद्धिको स्रोत हो, त्यस्तै अनात्मक दुःखान्त- दुःखको आत्यन्तिक र ऐकान्तिक निवृत्ति दुःख अवश्य नष्ट हुनु र फेरि कहिल्यै नहुनु । यही निः श्रेयस हो, कैवल्य हो, मोक्ष हो । यो पनि पशुपतिकै प्रसादबाट सम्भव छ ।[६]

यही अभ्युदय कल्याण र निःश्रेयस् मोक्षको सिद्धि हो । यो धर्मबाट मात्र सम्भव छ । धर्म हो साधना, पाशुपत साधना, पशुपतिको अनन्य आराधना ।[७]

यौटा अर्को दृष्टि-

अचेतन मायाको प्रवर्तक, सम्पूर्ण रहस्यका ज्ञाता-सर्वज्ञ, सर्वव्यापी, सततोदित, नित्य मुक्त ईश्वर पति हुन् ।[८] विश्वका निर्माता, पशु र पाशभन्दा विलक्षण, दृक्क्रियात्मक ऐश्वर्यका अनन्य आश्रय ईश्वर हुन् । रथका चालक सारथीजस्तै, घडाका निर्माता कुम्हालेजस्तै शक्तिसम्पन्न, प्रवर्तक, विश्वका ज्ञाता पनि पशुपति ।[९]

रथ स्वयं स्वतन्त्र चल्दैन । गतिमान् हुन यसलाई सारथीको आवश्यकता पर्दछ । घडा स्वतः घडा बन्दैन, घडाको रूपमा अस्तित्वमा आउन यसको निर्माता कुम्हाले नै चाहिन्छ । ठीक त्यसै गरी जगत्लाई प्रवृत्त एवं निवृत्त गराउन पतिको अपेक्षा रहन्छ– पशुपतिको । यसैले पशुपति महेश्वर हुन् -

६ सर्वदर्शनसङ्ग्रह, नकुलीश पाशुपत दर्शन ।
७ न्यायसूत्र ।
८ वायवीयसंहिता- उद्धृत शतरत्नसङ्ग्रह । शतशास्त्रसङ्ग्रह, श्लोक ७, ८ ।
९ पौष्करतन्त्र- उद्धृत शतरत्नसङ्ग्रह ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण जगत्का कर्ता, सबैका अनन्य कारण ।[१०] यिनमा ज्ञानशक्ति र क्रियाशक्ति छन् । ज्ञानशक्तिले उनी विश्वलाई जान्दछन् र क्रियाशक्तिले यसको निर्माण एवं परिचालन गर्दछन् ।[११]

पतिको लक्षण हो - स्वभावतः निर्मल भैकन दृक्शक्तिक्रियाशक्तिले समन्वित हुनु । दाहकता र प्रकाशकता सूर्यको स्वभाव हो । अत्यन्त उज्ज्वल किरणहरूका अधिष्ठान स्वयं सूर्य हुन् । ठीक त्यसै गरी पतिको स्वभाव निर्मलता हो- मलहरूबाट बिल्कुलै अस्पृष्ट, शुद्ध, अकल्मष । दृक्शक्ति र क्रियाशक्ति यिनका किरण हुन्, सूर्यका किरणजस्तै । यसैले पति-पशुपति सुदीप्त आत्मा हुन् ।[१२]

पशुत्वको संयोगबाट मुक्त नभएको जीव पशु हो ।[१३] पशुत्वचाहिँ त्यो अनादि मल हो जसले धानलाई भूसले छोपेर राखेजस्तै जीवलाई ढाकेको हुन्छ । पशुत्वलाई विद्वान्हरू अझ तामामा लागेका कालिमासँग दाँज्न मन पराउँछन् । यही अज्ञान हो र अज्ञता पनि । यही पापको मूल स्रोत पनि हो । यो पशुत्वको निवृत्ति पशुपतिको शक्ति, उनैको प्रसादबाट मात्र हुनु सम्भव छ अरूबाट होइन ।[१४]

फेरि पाशो उनै पतिको शक्ति, उनैदेखि वास्तवमा अभिन्न, अनुग्राहक तत्त्व हो ।[१५] भनिन्छ- ज्ञानीहरूको पनि चित्तलाई बलजफत तानेर ल्याई देवी भगवतीले मोहको जालमा पारिदिनुहुन्छ । यो माया शिवको शक्ति, शिवदेखि अभिन्न, शिवकै किरणको रूपमा रहेको छ ।[१६]

पतिले यस मायाको बन्धनबाट पशुलाई मुक्त गर्दछन् । पशुत्वको अनादि कालदेखि चलेर आइरहेको बन्धनलाई चुँडालेर फ्याँकिदिन्छन् । यही पतिको जीवमाथिको अनुग्रह हो ।

यो केवल पशुपतिको साधना, उनको आराधना, उनको अनन्य उपासनाबाट मात्र सम्भव छ । यही साधनाको चर्चा यसैको प्रक्रिया, पद्धतिको वर्णन विभिन्न कोणबाट, विभिन्न दृष्टिबाट तन्त्रहरूमा गरेको पाइन्छ । प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ यी सम्पूर्ण उपचार उनै पशुपतिको आराधनाका लागि हुन् । यसमा पनि विभिन्न मार्ग छन् । यौटै मार्गमा पनि बेग्लाबेग्लै तह छन् । विभिन्न भाव, भावअनुसारका आचार- यी सब पशुपति साधनाका सोपान हुन् । यिनैबाट शनैः शनैः चढ्दै गएर जीवले ईश्वरत्व प्राप्त गर्दछ, पारमैश्वर्य प्राप्त गर्नमा सफल हुन्छ तर यो पनि पशुपतिको प्रसादले प्राप्त भएको सद्गुरुको उपदेशबाट, दीक्षाबाट । यसैले साधना एउटै मात्र यसको उपाय हो ।

---

१० मतङ्ग, उद्धृत शतरत्नसङ्ग्रह ।

११ रत्नत्रय ।

१२ शतरत्नत्रय ।

१३ पौष्कर आगम ।

१४ शतरत्नसङ्ग्रह ।

१५ शतरत्नसङ्ग्रह ,२१ ।

१६ दुर्गासप्तशती ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिको साधना तन्त्रसाहित्यमा दुई प्रकारले प्रतिपादित छ - सगुण र निर्गुण , नामरूपयुक्त र नामरूपविहीन ।

सगुण साधनामा पशुपति मन, वचन, कर्मले गोचर हुन्छन् । मनले उनको शरीर, वर्ण, आयुध, वस्त्र, आभूषण, आदिको कल्पना गरिन्छ, ध्यान गरिन्छ ।

वचनले स्तुति पाठको माध्यमबाट यिनैको वर्णन हुन्छ । कर्मले विभिन्न उपाचारहरूद्वारा यिनैको अर्चन गरिन्छ ।

शिवका एक वक्त्र, चार वक्त्र, पाँच वक्त्र, छ वक्त्र, आठ वक्त्र, अनेकौं स्वरूपमा साधकहरू उपासना गर्दछन् ।

अनेकाऽऽकारसंयुक्तं देवदेवं महेश्वरम्
नानारूपधरं देवं नानारूपसमन्वितम्
महेशं सकलं विद्यात् सृष्टिस्थितिलयात्मकम्
तन्मूर्तिर्विविधा भवेत्

यी हुन् तन्त्रका महत्त्वपूर्ण उक्तिहरू, जसले पशुपतिका अनेकौं रूप, अनेकौं चिह्न, अनेकौं लीलाको प्रतिपादन गर्दछन् ।

जटामुकुटले समन्वित एक मुख, तीन नेत्र, चार हात, हातमा वर, अभय, मृगी, परशुको धारण, पद्मासन- यो महेश्वर पशुपतिको स्वरूप । यिनका पनि अनेकौं मूर्ति - पच्चीस मूर्ति । यिनैको करोडौंको एक अंशबाट ब्रह्मा र विष्णुको उद्भव उनकी शक्ति उमा त्रिकोणको रूपमा, सोम, सूर्य र अग्नि तीन आँखा, नाकमा वायु, गलामा गणेश, हृदयमा स्कन्द, नाभिमा अन्य देवताहरू, रौं रौं मा ऋषिहरू, सब उनै पशुपतिका अंश, उनैमा अधिष्ठित उनैबाट प्रादुर्भूत, उनैमा आश्रित र उनैमा विलीन विभिन्न तत्त्व, विभिन्न शक्ति, विभिन्न वर्ण सबथोक ।[१७]

पशुपतिका पाँच वर्ण पाँच तत्त्वका परिचायक, प्रतीक-पीतवर्ण पृथ्वी, शुक्ल आभा-जल, रक्तवर्ण-तेज, कृष्णवर्ण-वायु र धूम्रवर्ण-आकाश ।[१८]

पशुपतिका पाँचवटा मूर्ति-ईशान, ईश्वर, ब्रह्मा, शिव र सदाशिव । यी सब वस्तुतः यौटै प्रणवाकारमा परिलक्षित छन् ।

पशुपति - स्वयं परब्रह्म, यौटै तत्त्व, सर्वव्यापी, सतत उदित आत्मतत्त्व । यति भएर पनि उनको साधना पाँच ब्रह्मको रूपमा गरिन्छ - सद्य अथवा सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान ।[१९]

---

१७ वातुलशुद्धाख्यतन्त्र, १ पटल ।
१८ वातुलशुद्धाख्यतन्त्र, ७ पटल ।
१९ वातुलशुद्धाख्यतन्त्र, ७ पटल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) सद्योजात - शङ्खजस्तै पाण्डुर वर्ण, जटामुकुटमण्डित, चार मुख, चार हात, बाह्र आँखा, विभिन्न आभूषण ।

२) वामदेव - जपापुष्पजस्तै रातो आभा, जटामुकुटमण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, रातो वस्त्र, रातो चन्दन, रातै माला, जगतैलाई वशीभूत पार्ने अपूर्व शक्ति ।

३) अघोर - गाजलजस्तो कालो वर्ण, अत्यन्त भयङ्कर रूप, जटामुकुटमण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, दाँत किटेको, बाघको छाला लाएको, पाउमा नूपुर, सम्पूर्ण आभरण, दिव्य गन्ध, दिव्य पुष्प, सम्पूर्ण शत्रु विजय गर्ने शक्ति ।

४) तत्पुरुष - कुङ्कुमको आभा, चार मुख, चार बाहु, जटामुकुट, बाह्र आँखा, पीताम्बर धारण, पहेँलो वस्त्र,पहेँलै आभूषण सम्पूर्ण सिद्धिप्रदाता ।

५) ईशान - स्फटिकको जस्तो शुद्ध वर्ण, जटामुकुटमण्डित, चार मुख, बाह्र आँखा, चार बाहु, सेतो वस्त्र र सेतै उपर्ना, दिव्य पुष्प, दिव्य गन्धको अनुलेपन, मोक्षका प्रदाता ।

यी पाँचै ब्रह्मको समष्टिगत यौटै स्वरूप - चाँदीको जस्तो सेतो वर्ण, शिरमा चन्द्रमाको आभूषण, रत्नमय उज्ज्वल अङ्गप्रत्यङ्ग, चार हात, हातमा चार आयुध- परशु, मृग, वर र अभय, प्रसन्न अवस्था पद्मासन, बाघको छालामा समासीन, विश्वका आदिकारण, विश्वका वन्दनीय, सम्पूर्ण भय र त्रासका विनाशक, पाँच मुख र तीन नेत्र भएका महादेव-पशुपति ।[२०]

पशुपतिको यस स्वरूपदेखि बाहेक अर्को पनि एउटा ध्यान छ - त्यो हो छ मुख भएको ध्यान। माथिको पाँच मुखदेखि अतिरिक्त अर्को मुख - कालाग्निरुद्र । विश्वको आश्रय, सर्वाधार -सम्पूर्ण पिण्ड ब्रह्माण्डलाई अडाएर राख्ने महाशक्तिसम्पन्न स्वरूप । सेतो शरीर, रातो मुखमण्डल, दुई बाहु, माथि उठाएर विराट ब्रह्माण्डलाई धारण गरेको ।[२१]

पशुपतिका उपर्युक्त छ वक्त्र - सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान, र कालाग्निरुद्र- पश्चिम, उत्तर, पूर्व, दक्षिण, माथि, तल छ दिशामा उन्मुख ।

पशुपतिका यी छ वक्त्रका छवटै फेरि बेग्लाबेग्लै शक्ति पनि-सद्योजातकी शक्ति कुब्जेश्वरी अथवा कुब्जिका, वामदेवकी सिद्धेश्वरी अथवा सिद्धिकराली गुह्यकराली, तत्पुरुषकी पूर्णेश्वरी अथवा भुवनेश्वरी, दक्षिणकी निशीश्वरी अथवा दक्षिणकराली, ईशानकी कामेश्वरी अथवा कामकलाकाली त्रिपुरसुन्दरी भगवती र कालाग्निरुद्रकी वज्रेश्वरी अथवा तारेश्वरी (तारा) ।

---

२० ध्यायेन्नित्यं....स्तुति निर्वाणतन्त्र, तोडलतन्त्र ।

२१ तन्त्रको प्राचीन ठ्यासफू - पद्धतिग्रन्थ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जति शिवका रूप उति शक्तिका पनि, शिव शक्ति नभई स्पन्दन पनि गर्न सक्तैनन् ।[२२] शक्तिविहीन शिव शवमात्र हुन् । शिवशक्तिमा कुनै भेद छैन[२३] । अनुभवसूत्रको अन्तिममा 'नमः शिवाय' मन्त्रलाई नै शिव र शक्तिको योग सिद्ध गरिएको छ ।

पशुपतिको साधन-यसको एउटा रूप उनको अर्चन लिङ्गार्चन ।

लिङ्ग - स्वयं शिव हुन् जसबाट समस्त चराचर जगत प्रादुर्भूत हुन्छ, चिनिन्छ र जसमा फेरी यसको लय पनि हुन्छ । यही लिङ्ग र यही शिव हो । लिङ्ग तीन प्रकारका छन् -भावलिङ्ग, प्राणलिङ्ग र दृष्टलिङ्ग ।[२४]

भावलिङ्ग - भावबाट मात्र प्राप्त गर्न सकिन्छ - यो परभन्दा पनि पर छ , सन्मात्र छ ।

प्राणलिङ्ग - मनोग्राह्य छ । यो प्राणमा अन्तर्निहित छ- सकलनिष्कल दुवै छ ।

दृष्टलिङ्ग - बाहिरी आँखाले देख्न सकिने, इच्छा लागेको वस्तु पुऱ्याइदिने, अनिष्टको परिहार गर्ने पाशुपत लिङ्ग हो यो । ब्रह्मको लक्षण सत्, चित् र आनन्दरूपता । सत्- भावलिङ्ग, चित्-प्राणलिङ्ग र आनन्द-दृष्टलिङ्ग हुन्, यसैले लिङ्ग सच्चिदानन्द ब्रह्म नै हो । यसमा भावलिङ्ग पर, प्राणलिङ्ग सूक्ष्म र दृष्टलिङ्ग स्थूल हो । यी तीनै लिङ्गहरू प्रत्येक दुई प्रकारका छन् ।

भावलिङ्गको दुई प्रकार– महालिङ्ग र प्रासादाख्य लिङ्ग ।

प्राणलिङ्गको दुई प्रकार– चरलिङ्ग र शिवलिङ्ग ।

दृष्टलिङ्गको दुई प्रकार– गुरुलिङ्ग र आचारलिङ्ग ।

आफ्नो शक्तिको वैभव र स्वातन्त्र्य अथवा लीलाले गर्दा यिनका शक्ति पनि छ प्रकारकै छन् ।

शान्त्यतीतोत्तरा- चित्शक्ति, शान्त्यतीता-पराशक्ति, शान्ति-आदिशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति । उपर्युक्त छवटा लिङ्गहरू यिनै छ शक्तिहरूले समन्वित भएर योगीहरूद्वारा आराधित हुन्छन् । यिनको स्वरूप वर्णन वातुलोत्तरतन्त्रको अनुभवसूत्रमा विस्तृतरूपले उपलब्ध छ ।

पशुपतिको साधनामा लिङ्गस्थलपछि अङ्गस्थलको पनि ज्यादै ठूलो महत्त्व छ । अङ्ग शब्दकै अर्थ ब्रह्मपरायणता हो ।[२५] यसलाई तीन प्रकारले वर्णन गर्न सकिन्छ– योगाङ्ग, भोगाङ्ग र त्यागाङ्ग । शिवलाई जीवसँग जोडेर साधना गर्दा अत्यन्त सुखको अनुभव हुन्छ - त्यो योगाङ्ग हो । अनेकौं भोग गर्दा शिवसँगै भोग्य वस्तुलाई भोग्नु भोगाङ्ग हो । आठ मूर्तिलाई हर, महेश्वर, शूलपणि,

२२ शिवः शक्त्या युक्तो... (सौन्दर्यलहरी १) ।
२३ वातुलोत्तरतन्त्र, शिवानुभवसूत्र, अधिकरण ८ ।
२४ शिवानुभवसूत्र, अधिकरण ३ ।
२५ शिवानुभवसूत्र अधिकरण ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिनाक (धनु) धारी, पशुपति, शिव, महादेव यी नामहरूले साधकहरू अर्चन गर्दछन्।[२६]

शिवको पूजा सर्वप्रथम लिङ्गपूजाको रूपमा गर्नु ज्यादै आवश्यक छ। यसरी गरिएको पूजा सर्वसिद्धिप्रदायक हुन्छ, कोटिगुणित हुन्छ। शिवपूजन नगरिकन गरिएको अन्य पूजाको फल छैन।[२७]

पशुपतिको निर्गुण साधना- शिवको निर्गुण साधनाको प्रतीक लिङ्ग हो। शिवको अङ्गस्थल आत्मा हो। लिङ्ग र आत्माको योग सम्यक् योग हो, संयोग हो। सर्वज्ञता, तृप्ति, अनादिप्रबोधता, स्वतन्त्रता, अलुप्तशक्तिता र अनन्तशक्तिता यी छवटा पशुपतिका अङ्गहरू आत्माकै अङ्ग हुन्। आत्मा सर्वज्ञ छ, नित्यतृप्त छ, ज्ञानस्वरूप छ, स्वतन्त्र छ, शक्ति कहिल्यै लुप्त हुँदैन, शक्तिको अन्त्य पनि छैन। यसैले शिव र आत्मामा कुनै भेद छैन। उपास्य भएर पूज्य भएर जुन रूप शिवको हुन्छ, उपासक भएर पूजक भएर त्यही रूप आत्माको पनि हुन्छ। उपास्य-उपासक, पूज्य-पूजक, साध्य-साधक, गुरु-शिष्य, शिव-आत्मा, यी दुईवटाजस्ता देखिए तापनि वस्तुतः तान्त्रिक रूपमा यिनीहरूमा फरक छैन। यही संयोग हो, सायुज्यरूप मुक्ति हो।[२८]

यही शिवाङ्ग र आत्माको संयोगविधि साधना विधि हो - वास्तविक भक्ति हो। साधक सधैँ शिवलाई आत्मा मान्दछ - **आत्मा त्वम्** यही उसको सङ्कल्प रहन्छ। यो संयोग त्यसै हुँदैन - यहीँ चाहिन्छ साधना र यसका लागि आवश्यक हुन्छन् केही विधिहरू-

सर्वप्रथम संसारचक्रका तारक, अविद्याग्रन्थिभेदक, शिवविद्याका प्रदाता परम शिवलाई गुरु मानेर साधक आफ्नो अविद्याको निवृत्तिका लागि शिवविद्या प्राप्त गर्न छानेर सद्गुरुकहाँ उपस्थित हुन्छ। साधक सोद्धछ - 'म को हुँ ?' गुरु उत्तर दिन्छन् 'त्यो ब्रह्म तिमी नै हौ।' यी सम्पूर्ण देह-इन्द्रिय आदि अविद्याबाट जन्मेको भ्रान्तिले असत्य भएर पनि सत्यजस्तै भासित हुन्छन्। यसकारण यस भ्रान्तिको विनाशका लागि तिमी सधैँ लिङ्ग र शिवाङ्गको संयोगस्वरूप ज्ञानमा निष्ठा राख। लिङ्ग तत्पदको वाच्य हो, अङ्ग त्वं पदको, यी दुईको संयोग असि पदको। लिङ्ग, अङ्ग र यी दुईको संयोग यिनै तीनवटा क्रमशः सत्, चित् र आनन्द हुन्, नाद, बिन्दु र कला हुन्, मन्त्र, क्रिया र प्रयोग हुन्, प्रकृति, पुरुष र तिनको प्रेरक संयोग हुन्। अकार, उकार र मकाररूप प्रणव हुन्, वाक्, अर्थ र तिनको प्रतिपत्ति हुन्। यही ज्ञान शिवले गुरु भएर शिष्य जीवलाई करुणापूर्वक प्रदान गर्दछन्। यही ज्ञान दिएर शिवले जीवका समस्त पाशहरूको छेदन गर्दछन् अनि पतिभावमा प्राप्त हुन्छन्- त्यसैले शिव पति, जीव-पशु, मल-पाश, दीक्षा-पाश छेदन गर्ने कैँची हुन्। यही शैवी दीक्षा हो।[२९]

यो ज्ञान पाएपछि जीवका सम्पूर्ण कर्महरू क्षीण हुन्छन्, अविद्याका गाँठा फुक्छन्, अनेकौँ संशय, सङ्कल्पहरू भस्मसात् हुन्छन्। उपासना संयोग हो (लिङ्ग र शिवाङ्गको), संयोग द्वैतको लय

२६ पूर्ववत्।

२७ निर्वाणतन्त्र, १५ पटल, तोडलतन्त्र ५ पटल।

२८ शिवानुभवसूत्र लिङ्गाङ्गसंयोगविधि अधिकरण - ५।

२९ पूर्ववत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, यही लय निवृत्ति हो, यही विश्रान्ति हो- परम पाशुपत पद हो। यसैका निमित्त गरिएको भक्तिले सम्पूर्णता र सार्थकता प्राप्त गर्दछ। यही साधनाको चरम लक्ष्य हो। **नमः शिवाय** यस मन्त्रमा तीन शब्द छन् नमः, शिव र अय। यी तीन शब्द-लिङ्ग, अङ्ग र सम्बन्धका वाचक हुन्। जीव, परमात्मा र तिनीहरूको तादात्म्यका वाचक हुन्। मूलाधारदेखि आज्ञाचक्रसम्म यी मन्त्र अधिष्ठित छन्। शिवको शरीर पनि यिनै मन्त्रहरूले सम्पूर्ण छ।

पाञ्चरात्र भन्दछ-शरीर नभएको अधिष्ठाता आत्मा हुँदैन। त्यसैकारण शरीर, नामरूपले विहीन भए तापनि पशुपति शरीरादिले युक्त छन्। आत्माका मूर्ति दुई प्रकारका हुन्छन् - चल र अचल। चल मूर्तितत्त्व भुवन आदि शरीरवाला र अचलचाहिँ ज्ञान र क्रिया स्वभाववाला। यही अचल मूर्ति सर्वोत्कृष्ट मानिन्छ[३०]। वास्तवमा पशुपति अशरीर छन्, उनको लौकिक प्राणीहरूको जस्तो शरीर हुँदैन, तर साधकको लक्ष्यप्राप्तिका लागि उनका विभिन्न रूपको कल्पना गरिन्छ। चेतन र अचेतन जगत्को अनुग्रहका लागि प्रभुको रूप कल्पना हुन्छ भनिन्छ।[३१] शरीर नभएको हुनाले नै जुनजुन कर्म उनी गर्दछन् त्यो कर्म लोकमा लौकिक शरीर भएकाले जुन इन्द्रियद्वारा गर्दछन् त्यही इन्द्रियहरूको अनुकरण पशुपतिमा गरिन्छ।[३२] उनको शक्तिमय शरीर हुन्छ। मन्त्रमय[३३] दृक्क्रिया-शक्ति नै उनका इन्द्रिय हुन्, यिनैबाट सम्पूर्ण जगत्को प्रवृत्ति र निवृत्ति हुन्छ। जसरी काल अमूर्त भएर पनि फलको साधक हुन्छ, ठीक त्यसै गरी शिव अमूर्त भए तापनि स्वेच्छाले सम्पूर्ण कृत्य सम्पन्न गर्दछन्। त्यसकारण इच्छा नै उनका करण हुन्, इन्द्रिय हुन्।

यही तथ्यको द्योतक पशुपतिको पञ्चाक्षर मन्त्ररहस्यको विश्लेषणबाट पनि हुन्छ। 'ॐ' परिपूर्ण ब्रह्मको वाचक हो। 'नमः' नमस्कारको वाचक। अझ नमः शब्दको अर्थ त प्रह्वता हो। प्रह्वताचाहिँ सच्चित् आनन्दस्वरूप शिवबाट जीव मायाले बेग्लै देखिएकोमा मायाविहीन अवस्थाको शिव र जीवको एकात्मकता तादात्म्यलाई भन्दछन्। 'शिव' शब्दले चाहिँ सत्य, ज्ञान, परानन्दस्वरूपता शिवको अत्यन्त व्यक्त भएर द्योतन हुन्छ किनभने 'शिव' शब्द स्वयं चित्कलास्वरूप ब्रह्मको वाचक हो।[३४]

तन्त्रमा साधनाका दृष्टिले तीन प्रकारका पाशुपत विद्याको प्रतिपादन गरिएको पाइन्छ - लघुपाशुपत विद्या, मध्यमपाशुपत विद्या र महापाशुपत विद्या।[३५]

लघुपाशुपत विद्यामा पशुपतिको ध्यान - मध्याह्नकालका सूर्यको जस्तो प्रचण्ड र उज्ज्वल कान्ति, शिरमा चन्द्रमा, भयङ्कर अट्टहास, तीन आँखा, सर्पको गहना, जटाजूट र जुँघा, दाह्री, चार हातमा त्रिशूल मुङ्ग्रो, खड्ग र शक्तिस्वरूप हतियार दाह्रा, भयङ्करस्वरूप, यस्ता दिव्य अस्त्ररूपी पशुपति।

---

३० अनुभवसूत्रविधि।
३१ शतरत्नसङ्ग्रहमा उद्धृत पौष्करागम तत्त्वप्रकाश।
३२ शतरत्नसङ्ग्रह श्लोक ११।
३३ शतरत्नसङ्ग्रह।
३४ वामदेवसंहिता (उद्धृत रहस्य)।
३५ प्रबुद्धसनातनरहस्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिको यो सगुण ध्यान निर्गुण रहस्यको पनि प्रतीक वा द्योतक हुन्छ। पशुपति संहारका देवता हुन्, अमृत स्वरूप छन्। कामकला उनको स्वरूप हो। उनी प्रकृतिपुरुष उभयात्मक हुन्। पशुपतिका उपासनाले आध्यात्मिक, आधिभौतिक र आधिदैविक तीनै प्रकारका ताप नष्ट हुन्छन्, सङ्कल्प -विकल्पको भुमरीबाट मुक्ति पाइन्छ, बल र शक्ति अधिनमा हुन्छन्, सत्त्वगुणको विकास आफूमा हुन्छ र यसबाट परब्रह्मतत्त्व लाभ हुन्छ भन्ने रहस्य यसबाट अभिव्यक्त हुन सक्दछ।[३६]

यसै गरी मध्यमपाशुपत विद्यामा पशुपतिको ध्यान- पाँच मुख, दश हात, प्रत्येक मुखमा तीन आँखा, आगाको ज्वालाजस्तो प्रचण्ड कान्ति, जटाजूट र जुँघा दाह्री, भयङ्कर दाह्रा, खड्ग, बाण, माला, त्रिशूल, शक्ति, बञ्चरो, खेट, धनु, कुण्डिका, ब्रह्मदण्ड यी आयुध हातमा धारण, अनेकौं गहना, सर्पका आभूषण, स्फटिकसमान स्वच्छ आभा, शान्त स्वरूप-यस्ता सबै संसारका रक्षक पशुपति।[३७]

यसको निर्गुण रहस्य - पशुपति पृथ्वी, जल, तेज, वायु र आकाश तत्त्वात्मक हुन्। दशै दिशामा व्यापक आत्मतत्त्व वा ब्रह्मतत्त्व हुन्, त्रिबिन्दु कामकलात्मक हुन्, प्रकाश स्वरूप छन्, संहार उनको कृत्य हो, प्रकृति पुरुषात्मक हुन्, सत्त्व गुणात्मक स्वरूप छ, सिद्धि, जृम्भण, वेग, बल, न्यानोपन, प्रकाशांश, रक्षा, मोहन, तृप्ति, त्रिविध तापनाश, ब्रह्माण्डरक्षा गर्ने स्वभावका हुन्, त्रिगुणात्मक छन्, कालविजयी हुन् भन्ने हो।[३८]

त्यस्तै महापाशुपत विद्यामा पशुपतिको ध्यान -करोडौं सूर्य चम्केजस्तै अत्यन्त तेजिलो आभा, करोडौं चन्द्रमा उदाएको वेलाजस्तै आह्लादकारी शीतलता।[३९]

पूर्वतर्फ खारेको सुवर्णजस्तो पहेँलो वर्णको शान्त विष्णुको मुहार, दक्षिणतर्फ कालो वर्णको दाह्रावाला भैरवको मुहार, पश्चिम दिशामा दूध र कुन्दपुष्पसमान सेतो वर्णको क-वर्णात्मक मुखारविन्द, उत्तरतिर सेतो गोरो वर्णको गौरीशङ्कर उभयात्मक मुखमाथि बत्तीको ज्वाला स्वरूप ज्योतिर्मय मुख, त्यसमा श्रीचक्रराजको चिह्न, नाइटोमा अत्यन्त प्रोज्ज्वल कालाग्निरुद्रको मुहार, प्रत्येक शिरमा जटाजूट, चन्द्रमाको अलङ्कार व्यापक, परब्रह्मरूप, सर्पका गहना, रुद्राक्षका माला, मुण्डमाला, रत्नै रत्नका गहना, पाउसम्म झुण्डिएको बेलपत्रका माला, प्रत्येक मुहारको दुईदुई हात, एक हातमा वेद, अर्कोमा अभयदान, यसरी आठ हात, सधैँ सोह्रवर्षका युवा दर्शन, आकाशमा शून्य, शून्यमा पद्म, त्यसमाथि बसेका सच्चिदानन्दरूप श्रीपशुपति।[४०]

यसको निर्गुण रहस्य- विश्वरूपता, ज्यादै हिस्सी परेका, संवित् स्वरूप, त्रिकोण-कामकलात्मक, सत्त्व-रज-तमोगुणात्मक सबै प्रपञ्चलाई बाँधेर आत्मसात् गरेका, अमृतस्वरूप,

---

३६ पूर्ववत्।
३७ पूर्ववत्।
३८ पूर्ववत्।
३९ पूर्ववत्।
४० उद्धृत -प्रबुद्धसनातनरहस्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परब्रह्म, आफ्नै शरीरमा सम्पूर्ण ब्रह्माण्डलाई समाविष्ट गरी स्वयं साक्षीस्वरूप भएर रहेका सम्पूर्ण विश्वको आधार, कालविजयी, पापनाशक, ज्ञान र अभयप्रदाता, पञ्चकृत्यकारी परब्रह्म पशुपति भन्ने बुझिन्छ।

यसरी पशुपति तात्त्विक रूपमा निर्गुण ब्रह्म नै हुन्। ब्रह्म विश्वब्रह्माण्डस्वरूप नै हुन्छ भने जे पनि, जस्तो पनि हुन्छ। जो सबै थोक हो, त्यो यस्तो पनि हो, त्यस्तो पनि हो। त्यसैले सगुण पनि भयो। यौटै व्यक्ति -बाबु, छोरा, दाजु, भाइ, गुरु, शिष्य, मामा, भाञ्जा आदि सबै हुन सक्दछ उसँग व्यवहार गर्ने जो जस्तो भयो त्यस्तै आफूसँग मिल्ने रूपबाट उससँग व्यवहार गर्दछ। छोराले बाबु भन्दछ, भान्जाले मामा, भाइले दाजु, दाजुले भाइ। ठीक त्यसै गरी निर्गुण ब्रह्म स्वयं विभु छ, व्यापक छ, समष्टि पनि हो, व्यष्टि पनि, विस्तार पनि हो, सङ्कोच पनि। घटाकाश र महाकाश दुवै सत्य हुन्, आकाश नै हुन्। यही तात्त्विकता हो। यसैको अनुभवात्मक ज्ञान हुनु साधनाको वास्तविक लक्ष्य हो। यसैबाट साधक साध्यस्वरूप भएर साधक र साध्यमा तादात्म्य हुन सक्दछ।

अन्त्यमा, नेपालमा विराजमान पशुपति - जलहरीमाथि शिवलिङ्ग, त्रिबिन्दुले बनेको योनिकला, बीचको बिन्दु कार्य, त्यसैले कामकलात्मक, लिङ्ग- ज्योतिर्लिङ्ग यसैबाट विश्वको उत्पत्ति र यसैमा लय, चार मुख-ब्रह्मा, विष्णु, महेश्वर र शिवशक्त्यात्मक चणकाकार स्वरूप, सर्वविद्याका अधिपति र ब्रह्माण्डको आधार स्वरूप, गुप्त ऊर्ध्व ईशान र कालाग्निरुद्रको मुहार, विश्व ब्रह्माण्डको प्रतीक, परा अपरा, परापरा शक्तिको प्रतीक, सम्पूर्ण ऋद्धि, सिद्धि, देवताको प्रतीक श्रीचक्रलाई मस्तकमा धारण गरेको आदि आदि वर्णन गर्न नसकिने सत्-चित्-आनन्दस्वरूप परब्रह्म परमात्मा हुन्। उनै अज्ञानी अनादि बद्ध जीव पशुहरूका रक्षक, मोक्षदाता पशुपति हुन्, उनैले पाशोको जाल काटेर फ्याँकिदिन्छन् - आफ्ना भक्त साधकहरूको। यही उनको तात्त्विक स्वरूप हो। शुभम्।

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय) द्वारा वि.सं. २०४४।११। ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र)

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाशिवरात्रि महोत्सव

–प्रा.डा. वेणीमाधव ढकाल

जगत्‌को उत्पत्ति, स्थिति र संहार गर्ने तीन विभूतिहरू छन् जसलाई ब्रह्मा, विष्णु र महेश भनिन्छ। परब्रह्मको प्रलयङ्कर विभूतिस्वरूपलाई रुद्र वा शिव भनिन्छ। जगत्‌लाई रुवाउने ब्रह्मको शक्तिलाई रुद्र भनिन्छ भने जगत्‌को कल्याण गर्ने हुँदा त्यसैलाई शिव पनि भनिन्छ। किन एउटै शक्तिलाई परस्पर विरोधी नामहरूबाट पुकारिन्छ र रुवाउने शक्ति कसरी कल्याणकारी बन्न सक्तछ भने जिज्ञासा हुनु स्वाभाविक हो। यसबारे शास्त्रहरूमा गम्भीर विचार गरेको पाइन्छ। हामी प्रकृतिभित्र जीवनलीला चलाइरहेका छौँ। प्रकृतिभित्र सृजन र संहारका घटना नित्य भइरहन्छन्। जबसम्म एउटा अन्नको दाना पृथ्वीभित्र परी नाशमा प्राप्त हुँदैन, तबसम्म त्यसले अनेक दाना उत्पन्न गर्न सक्तैन। यसबाट बीजको विनाश नभई सृष्टि हुँदैन भन्ने तथ्य प्रमाणित हुन्छ। अन्नको दाना माटोमा मिलेर बर्बाद गराउनु ईश्वरको रुद्ररूपको कार्य हो। फेरि त्यही दाना माटोभित्रबाट अनेक रूपमा प्रकट हुनु ईश्वरको शिवरूपको कार्य हो। अन्नका दानामा रुद्रक्रिया हुँदैन भने शिवक्रिया कसरी हुनसक्छ ? प्रकृतिमा प्रतिक्षण रुद्रक्रिया र शिवक्रिया चलिरहेकै छन्। यसैबाट सम्पूर्ण जगत्‌को व्यवहार नियमित रूपमा चलिरहेको छ। हामीहरू एउटै शक्तिलाई रुद्र र शिव दुई नामबाट सम्बोधन गर्दछौँ। यही वास्तविकता हो। यिनै रुद्र वा शिवको महोत्सव शिवरात्रि पर्व हो।

जुन ऋतुमा रूखहरूका पुराना पात झर्दछन् र नयाँ पात अङ्कुरित हुन्छन्, त्यसको नाम शिशिर हो। शिशिरमा रुद्रक्रियाबाट वृक्षका हरिया पात जीर्णशीर्ण र शुष्क भएपछि शिवक्रियाद्वारा ती रूखहरूमा नयाँ अङ्कुर टुसाउँछन्। रुद्रक्रिया र शिवक्रियाको स्पष्ट लक्षण देखाउने शिशिरमा शिवरात्रिको महोत्सव हुनुले पनि विशेष अर्थ राख्दछ।

शिशिर ऋतुभित्र माघ र फागुन दुई महिना समाहित हुन्छन्। माघमा रुद्रक्रियाद्वारा पातहरू जीर्णशीर्ण हुन थाल्दछन्। फागुनमा शिवक्रियाद्वारा नयाँ पालुवाको अङ्कुरण भएको मनोहर दृश्य दृष्टिगोचर हुन्छ। त्यसैले शिवक्रियाको सौन्दर्य आत्मसात् गराउन फागुनमा शिवरात्रिमहोत्सव मनाउने परम्परा बसालिएको हो। हरेक महिनाको कृष्णपक्ष परमब्रह्मको अमृतमय चन्द्रमण्डलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः संहार गर्ने संहारशक्तिका रूपमा रहेकोले उहाँको शिवरात्रि महोत्सव कृष्णपक्षको अन्त्यमा मनाउनु युक्तिसङ्गत देखिन्छ किनकि कृष्णपक्षको अन्तिम भाग चन्द्रकलाको समाप्तिको सूचक हो। चन्द्रकलाको पूर्ण समाप्ति अमावास्या तिथिमा हुन्छ। फेरि शिवरात्रि किन चतुर्दशीमा मनाइन्छ भन्ने प्रश्न पनि उठ्न सक्छ। यसको उत्तरमा भन्न सकिन्छ कि प्रकृतिको नियमअनुसार कुनै वस्तु पूर्णतया विनष्ट भएपछि त्यसलाई पुनर्जीवित गराउन सकिँदैन। थोरै मात्र भए पनि जीवनकला स्पन्दनशील रहेसम्म त्यसको उपचार गर्न सकिन्छ। त्यसैले घनघोर पापकर्म गरी महाविनाशको खाडलमा पर्न लागेका पापीहरू पनि पश्चात्ताप भएपछि यत्किञ्चित् ईश्वरको आराधना गर्दा पुनर्जीवन पाउन सक्छन् भन्ने नियमबोध गराउन थोरै चन्द्रकला बाँकी रहने चतुर्दशीका दिन शिवरात्रि-महोत्सवको शुभारम्भ भएको हो।

कुनै मानिस रोगार्त हुँदा जब केहीमात्र जीवनकला बाँकी रहेको हुन्छ त्यसवेला मन्त्र, मणि, औषधि, ईश्वरप्रार्थना आदि उपायले रोगीलाई त्राण दिन सक्छन्। जीवनकला सकिएपछि ती उपाय कत्ति पनि काम लाग्दैनन्। त्यसैले अमावास्याको सट्टा चतुर्दशीमा शिवरात्रि मनाउनु सान्दर्भिक देखिन्छ।

शिवरात्रि-महोत्सव आधारातमा मनाइन्छ। संसार निद्रामा विलीन हुने समयमा गरिने शिवको आराधनाको औचित्यबारे पनि प्रश्न उठ्न सक्छ। मानिसहरू निराशाको बाक्लो अन्धकार चारैतिर फैलिएपछि भगवान्‌को संहारकारी कालरूपलाई चारैतिर नजर गर्न थाल्दछन्। कतिले यस्तै अवस्थामा विभिन्न साधनको प्रयोग गरी शरीर विसर्जन गरेको देखिन्छ। त्यस्तै निराशाको चरम क्षणमा देह विसर्जन गर्ने विरोधी भावना त्यागेर मृत्युञ्जय शिवको पूजा गर्ने व्यवस्था बाँधिएको हो।

अर्कोतर्फ भगवान् शङ्कर संहारशक्ति र तमोगुणका अधिष्ठाता देवता हुनुहुन्छ। उहाँलाई तमोमय रात्रि प्यारो लाग्नु स्वाभाविक हो। रात्रि संहारकालको प्रतिनिधि हो किनकि रात्रिको आगमनका साथै प्रकाशको संहार हुन्छ, प्राणीहरूका दैनिक चेष्टाको संहार हुन्छ र अन्त्यमा निद्राद्वारा जगत्‌को चेतनशक्तिको पनि संहार हुन्छ। त्यसैले संहाराधिपति शिवलाई नैसर्गिकरूपमा रात्रि प्यारो लाग्छ। कृष्णपक्षमा चन्द्रमा क्षीण हुँदै जान्छ। त्यसको प्रभाव सम्पूर्ण प्राणीहरूमा पर्दै जान्छ। सोसमय चन्द्रकिरणको अभाव हुँदै जाँदा जीवहरूको अन्तःकरणमा तामसी वृत्तिको उदय हुन्छ। संसारमा नैतिक र सामाजिक अपराधहरूको वृद्धि हुन थाल्दछ। आध्यात्मिक भाषामा तिनै प्रवृत्तिहरूलाई भूतप्रेत भनिन्छ। ती प्रवृत्ति अथवा भूत-प्रेतमाथि भगवान् शिवले नियन्त्रण राख्नुहुने हुँदा उहाँलाई भूतनाथ पनि भनिन्छ। त्यसैले भगवान् शिवको प्यारो महापर्व शिवरात्रिमा उहाँको आराधना गरी तामसी शक्तिमाथि विजय र सात्त्विकी शक्तिको उदय गराउने कामना गरिन्छ। भगवान् भूतनाथको आराधना गरिने हुँदा फाल्गुण कृष्णचतुर्दशी महाशिवरात्रिको नामबाट प्रसिद्ध छ। मृत्युलाई पराजित गर्न भगवान् मृत्युञ्जयको आराधना गर्ने यसभन्दा राम्रो कुन समय हुन सक्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैजसो शिवको अर्चना-आराधना गरिन्छ– शिवलिङ्गमा। लिङ्गको अर्थ गहन छ। **लिङ्गयते-ज्ञायते अनेन इति लिङ्गम्** यस व्युत्पत्तिअनुसार ज्ञापक तत्त्व नै लिङ्ग हो। परब्रह्मका सगुण-साकार र निर्गुण-निराकार गरी दुई रूप मानिएका छन्। निर्गुण-निराकार परमात्माको रूपको कल्पना गर्न सकिँदैन। उनै परमात्मालाई जगत्को कर्ता मानेर निराकारलाई साकाररूपमा कल्पना गरिने प्रक्रियाको ज्ञापक लिङ्गको पूजा गर्ने गरिन्छ। वस्तुतः भगवान् शिव यस्ता हुनुहुन्छ भन्ने कुरा बुझ्न सकिँदैन, तापनि उहाँलाई सृष्टिकर्ता र संहारकर्ताका रूपमा मानेर ज्ञापक लिङ्गको आराधनाद्वारा निराकार शिवको आराधना गरिन्छ। मूलरूपमा ज्ञापक जुन लिङ्ग छ त्यो बाटुलो हुन्छ। यसको अर्थ हो- शिवतत्त्वको कुनै सीमा छैन, त्यसैले शिवलाई निस्सीम भनिन्छ। जसका कोण हुन्छन्, त्यसको सीमा पनि हुन्छ। शिवलिङ्गका कोण हुँदैनन्, त्यसैले शिवलिङ्ग परमात्माको निस्सीमताको प्रतीक बन्दछ। परमात्मा अनादि र अनन्त हुनुहुन्छ भन्ने कुरा बुझाउँन उहाँको आराधना लिङ्गमा गर्ने गरिन्छ।

कसैकसैले शिवपूजनको परम्परा आर्यहरूले द्रविडबाट आरम्भ ग्रहण गरेका हुन् भन्ने गर्दछन्। वेदमा रुद्र र शिवको वारंवार वर्णन गरिएको हुँदा त्यो भनाइ कत्ति पनि उचित देखिँदैन। विदेशीहरूले लिङ्गपूजा असभ्यहरूले मात्र गर्दछन् भन्नुमा पनि उनीहरूकै असभ्यता र अज्ञानता झल्किन्छ। हाम्रा ऋषिहरूको गहन चिन्तनको सतहसम्म पनि नबुझ्ने विदेशीहरूले हाम्रो दर्शनहरूको पीँधमा रहेका गहन तत्त्वको बोध कसरी गर्न सक्तछन् ? जुन मानिस जस्तो परिवेश र संस्कृतिमा हुर्केको हुन्छ, त्यसले अरूका परिवेश र संस्कृतिको मूल्याङ्कन गर्दा आफ्नै परिवेश र संस्कृतिका काँटाहरूको प्रयोग गर्दछ। हाम्रा श्रुति, स्मृति, पुराण र प्राचीन वाङ्मयका साथै तिनीहरूबाट निर्देशित सदाचार, सद्व्यवहार, चिन्तन, मनन, उपासनाको विशाल संसारलाई यसै संसारमा घुलमिल भएकाले मात्र बुझ्न सक्तछन्। त्यसकारण भिन्न सभ्यता, भिन्न संस्कृति र भिन्न आचारविचार भएका मानिसले आर्यसभ्यता, आर्यसंस्कृति र आर्य आचारविचारको गहनता कसरी बुझ्न सक्दछन् ? त्यसैले तिनीहरूको मोटो दिमागले कल्पना गरेको शिवलिङ्गपूजन असभ्यताको प्रतीक हो भन्ने कुरा असत्य र अमर्यादित वचन पनि हो। वस्तुतः शिवलिङ्गमा गरिने आराधना निराकार परमेश्वरको आराधनाको गहन प्रक्रिया हो भन्ने कुरा सबैले बुझ्नुपर्दछ।

भगवान् शिव संहारकर्मका नायक हुनुहुन्छ। उहाँको घाँटीमा संहारका प्रतीक नाग झुलिरहेका हुन्छन्, त्यसैले उहाँ नागेन्द्रहार अथवा सर्पभूषण कहलाउनुहुन्छ। उहाँ मृत्युपछिको विश्रामस्थल श्मशानघाटमा विचरण गर्नुहुन्छ। उहाँको पूजासामग्रीमा आँक, धतूरो, बेलपत्रजस्ता वस्तुको प्रयोग गरिन्छ। मृत्युञ्जय त्यो नै हुनसक्दछ जसमा मृत्युका कारक साधनहरूले कुनै पनि नकारात्मक प्रभाव पार्न सक्तैनन्। बूढो गोरु र खाट, बन्चरो, मृगचर्मजस्ता साधनको प्रयोग गर्नु हुने सकल ऐश्वर्यका स्वामी शिवले आफ्नै साधनश्रोतबाट आफूलाई संहाराधिपति मृत्युञ्जयका रूपमा चिनाउनुहुन्छ।

त्यसैले ऋतु, मास, पक्ष, तिथि, आधा रात र पूजाका सामग्रीका आधारमा शिवरात्रि महोत्सवको पुण्य अवसर फाल्गुण कृष्णचतुर्दशी हुनुको औचित्य पनि पुष्ट हुन्छ। शिवरात्रिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निराहार व्रत बस्नुको उद्देश्य आधिभौतिक शक्तिलाई दुर्बल तुल्याई आध्यात्मिक शक्तिको जागरण गराउनु हो। आधिभौतिक शक्ति निर्बल भएको अवस्थामा मात्र आध्यात्मिक शक्तिको जागरण हुन सक्छ भन्ने तथ्य अनुभव गरी हाम्रा प्राचीन ऋषिमुनिहरूले व्रत एवं उपासनाको विधान गरेर आध्यात्मिक जागरणको मार्गदर्शन गराएका छन्। उपवासबाट विषयतृष्णामाथि विजय प्राप्त हुन्छ। यही कुरा भगवद्गीतामा पनि भनिएको छ- **विषया विनिवर्तन्ते निराहारस्य देहिनः।** संसार निद्राग्रस्त हुँदा रातभर जागा रही लक्ष्यसिद्धिका लागि शिवको उपासनामा तल्लीन हुने साधकहरूका सम्पूर्ण मनोरथ पूर्ण हुने कुरा महाशिवरात्रिपर्वले द्योतन गर्दछ। रात्रिप्रिय भगवान् आशुतोष पञ्चब्रह्म पशुपतिको आराधनाबाट के प्राप्त हुँदैन ? त्यसैले शिवोपासनाको महत्त्व छ भने शिवरात्रिमा गरिने व्रतको झनै महत्त्व छ।

शक्ति र शिवका संयुक्तस्वरूप अर्धनारीश्वर भगवान् शङ्करको लीलामा सबै कुराको समन्वय देख्न सकिन्छ। जगत्को रक्षाका लागि आफ्नो कण्ठमा हलाहल धारण गरी नीलकण्ठका रूपमा प्रसिद्ध हुनुहुने शिव, कामदेवजस्तो विश्वजयी अविजेय तत्त्वलाई शमन गर्ने कन्दर्परिपु शिव, गृहस्थ भए तापनि महायोगीका रूपमा विराजमान योगीश्वर शिव, श्रीकण्ठ भए तापनि श्मशानवासी शिव, उग्र भए तापनि सौम्य रूपमा देखिनुहुने शिव, अकिञ्चन भए तापनि समग्र विश्वको ऐश्वर्यका स्वामी शिव, विषधर सर्पद्वारा जेलिनुभए तापनि अमृतांशु चन्द्रमालाई शिरको भूषण बनाउनुहुने चन्द्रमौलि शिव र मस्तकमा प्रलयकालिक अग्निज्वालाका साथ शिव सबैका लागि समन्वयको विचित्र दृष्टान्तका रूपमा हुनुहुन्छ। वृषभ र सिंह, शिव र पार्वतीका वाहन हुन्। शिवको आश्रममा वृषभ र सिंह एउटै आँगनमा प्रेमपूर्वक बस्छन्, सहभोजन गर्छन्, मयूर र सर्प सहज द्वेष बिर्सेर एकसाथ क्रीडा गर्दछन्। यसरी शिवले अनेकतामा एकता र विषमतामा समता कायम गरी आफ्नो परिवार र संसार चलाउनुभएको छ। नारी र नरको समानता द्योतन गर्ने उहाँको अर्धनारीश्वर स्वरूप झनै विलक्षण छ। आज संसारमा जुन सहअस्तित्वको नारा लगाइन्छ त्यसका सूत्रधार पनि भगवान् शिव नै हुनुहुन्छ।

शिवरात्रि पर्व भगवान् शिवको आराधनाको प्रमुख पर्व हो। यस्ता आदर्शमय देवाधिदेव महादेवको व्रत, कीर्तन, कथाश्रवण र उपवासबाट केही मात्रामा भए पनि शिवका गुणहरू प्राप्त गर्न सकेमा आराधकहरूको परम कल्याण हुनेछ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति आगमघर तथा श्रीको पूजामा प्रयोग हुने मुद्राहरू

–सुन्दरप्रसाद शाह

वन्दे देवमुमापतिं सुरगुरुं वन्दे जगत्कारणं ।
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम् ॥
वन्दे सूर्यशशाङ्कवह्निनयनं वन्दे मुकुन्दप्रियं ।
वन्दे भक्तजनाश्रयञ्च वरदं वन्दे शिवं शङ्करम् ॥

श्रीपशुपतिनाथको पश्चिम मूलप्रवेशद्वारको दक्षिणपट्टि अर्थात् नाथको मन्दिरको नैर्ऋत्यकोणमा आगमघर अवस्थित छ । श्रीपशुपतिनाथको मूलभट्टको मोहडा चौसट्ठीतिर पूर्वाभिमुख भएर आगमघरको उत्तराभिमुख भएर जोडिएकै घर थियो । झिँगटीको छाना, आँखीझ्याल, टिकीझ्याल, आग्लो लगाउने ढोका, भऱ्याङको मुखमा घोप्टे लगाउने ढोका भएको तीन तल्ले घर थियो । छिँडीभन्दा माथिल्लो पहिलो तला चार फिट उचाइको थियो, अरू तल्ला सामान्य अग्लाइभन्दा केही होचा थिए । पहिलो तल्लामा पुजारी भट्टको शयनकक्ष थियो । दोस्रो तल्लामा बालात्रिपुराको आगमकक्ष र माथिल्लो तल्लामा ललिता महात्रिपुरसुन्दरीको आगमकक्ष थियो । पहिलो तल्लाबाट उक्लनेबित्तिकै नवग्रह र दिक्पाल आदिको मूर्ति खोपाखोपामा यथास्थानमा राखिएका थिए ।

तन्त्रशास्त्र मूलतः तीन प्रकारले विभक्त छ–

१) आगम

२) यामल

३) तन्त्र ।

आगम तन्त्रशास्त्रको प्रथम एवं प्रधान स्थानप्राप्त विद्या हो । शिवको मुखबाट आएको, गिरिजाको मुखमा गएको, विष्णुद्वारा सम्मत आगमशास्त्र हो । आगमको वर्चस्व एवं मान्यता सम्पूर्ण तन्त्रशास्त्रमा व्याप्त छ । वेद ब्रह्माको उच्छ्वासबाट उत्पन्न भएको हो भने आगम शिवको उच्छ्वासबाट उत्पन्न भएको हो । सङ्क्षिप्तमा परमशिव नै भेददशामा शिव, भेदाभेददशामा रुद्र, तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभेददशामा भैरव संज्ञामा प्रकट हुनुहुन्छ । त्यसैबाट शैवागम, रुद्रागम र भैरवागमको आविर्भाव हुन गयो ।

यहाँ चर्चा भएको आगमघरले तन्त्रोक्त पूजा गरिने, अरू अनधिकृत, संस्काररहित, अदीक्षित व्यक्तिलाई देखाउन नहुने, गोप्य पूजा गरिने स्थल भन्ने जनाउँछ ।

त्यस बखत आगमघरमा पूजाआजा गर्ने पद्मप्रसाद भट्ट थिए । उनी मुख्यतया अचलेश्वर, मृगेश्वर, ज्ञानेश्वरमा नित्यपूजा गर्न आउने गर्थे । म पनि ज्ञानेश्वरनिवासी, ज्ञानेश्वर महादेवको दर्शन गर्न आउने हुँदा उनीसँग परिचय र सम्पर्क हुँदै गयो ।

उनी भट्ट परिवारका भान्जा खलक, सानो उमेरदेखि नै मावलीमा हुर्केबढेका व्यक्ति र उनलाई आफ्ना छोरा मदन भट्ट नाबालक भएकाले आगमघरमा पूजाआजा गराउने काममा प्रयोग गरेका रहेछन् । मामाले उनलाई पूजाआजा गर्ने कामचलाउ दीक्षा र पूजापद्धति पनि दिएको मैले अनुभव गरें । पद्मप्रसादले अर्कै थर भए पनि आफूलाई भट्ट नै लेख्ने, भन्ने गर्दथे । मामाको देहान्त भएपछि पद्मप्रसाद नै आगमघरको मूली बने र मदन भट्ट पनि उनकै रेखदेखमा हुर्किए । पद्मप्रसाद राजपत्र अनङ्कित कर्मचारी पनि थिए । उनलाई आगमको पूजाको साथै धेरै ठाउँमा पूजाआजा गर्नुपर्ने, पायक नपर्ने अन्यत्र खटाएमा जागिरबाटै माया मार्नुपर्ने स्थिति पनि थियो ।

पद्मप्रसाद आगमको पूजा गर्ने सौभाग्य पाएकोमा गौरवान्वित हुन्थे । उनी भन्ने गर्थे- "के गर्नु, आगममा जुन पूजा हुन्छ, पशुपतिनाथमा पनि त्यही पूजा हुने हो, जो पायो त्यसलाई भन्न नहुने, हामी पनि पशुपतिनाथको भट्टभन्दा के कम !" ।

उनको यस्तो भनाइ सुन्दा मलाई आगमको अध्ययन गर्न पाए हुन्थ्यो भन्ने जिज्ञासा पलाउन थाल्यो । म वि.सं. २०२८ सालमा गृहपञ्चायतको सचिव भएँ । पद्मप्रसादलाई आफूलाई कतै अन्यत्र नखटाइयोस् अन्यथा जागिर छोड्न बाध्य हुनुपर्छ भन्ने स्वाभाविक त्रास थियो । उनी मेरो संरक्षणमा नजिकिन पुगे । म पनि आगमबारे जानकारी लिने चासोले उनीसँग नजिकिन पुगें । पद्मप्रसादले भनेभैं उनलाई उपयुक्त हुने र केही आम्दानी पनि हुने स्थानमा सरुवा पाए । त्यस कार्यले उनले मेरो ठूलो गुन सम्झिए । त्यस्ता गुन नसम्झने धेरै छन् तर पद्मप्रसादले आफ्नो जीवनभर मलाई आफ्नो उपकार गर्ने व्यक्ति भन्ने सम्झिरहे ।

वि.सं. २०२८ सालदेखि म पनि तन्त्रविद्यामा दीक्षित भएँ । क्रमदीक्षा लिएर अगाडि बढें । मेरो तन्त्रविद्यामा अजस्र श्रद्धा भएर अगाडि बढेको उनले देखे । उनले पनि आफूले तन्त्रपूजा गर्ने गरेको, अरू कसैलाई भन्न, सोध्न नहुने र मसँग कुरा गर्न पाए मनको गाँठो पनि फुक्ने सम्झे । म उनलाई तपाई पनि अगाडि बढ्नुहोस् तन्त्रविद्यामा, तपाईं मन्त्र तथा क्रमदीक्षा दिएर अगाडि बढ्न चाहनुहुन्छ भने कीलेश्वर महादेवका भट्ट तन्त्रविद् महादेवप्रसाद भट्ट पनि हुनुहुन्छ भनी वारंवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दथे । श्रीपशुपतिनाथको मूल भट्ट पनि हुनुहुन्छ भन्दथेँ । मूल भट्टले "मान्लान् नमान्लान्" भनेर उनी जबाफ दिन्थे । मेरो अनुभवमा पद्मप्रसादसँग बालात्रिपुराको त्र्यक्षरी मन्त्र थियो ।

दुवैको लक्ष्य मिलेको र म पनि आधिकारिक व्यक्ति भएकोले आगमबारे उनले कुरा खुलाउँदै गए ।

साम्बसदाशिव भट्टको पालाको अभिलेख, जगज्जय मल्लका माटाका सिक्का, ताडपत्र, फुका दाम र ताम्रपत्रहरू उनले देखाए तर यी सब सामग्री रञ्जना लिपिमा भएकाले हामी दुवैलाई स्पष्ट बुझ्न गाह्रो भयो अनि मैले प्रस्ताव गरेँ - राष्ट्रिय अभिलेखालयमा रञ्जनालिपि जान्ने गुभाजुलाई म बोलाउँछु, उनलाई बोलाएर यहीँ बसेर यी हस्तलिखित ग्रन्थको अनुवाद गराऔँ । पद्मप्रसादले मेरो प्रस्तावलाई स्वीकार गरे । हस्तलिखित प्रतिहरू छानेर देवनागरी लिपिमा अनुवाद गर्ने काम भयो। अनुवाद गर्दा संस्कृतभाषामा हुने हुँदा पद्मप्रसादले कम बुझ्ने, मैले धैरै बुझ्ने हुन जान्थ्यो। यसले गर्दा अनूदित पुस्तकमा उनको भन्दा मेरो बढी चासो पलाउँदै गयो । साम्बसदाशिव भट्ट दक्षिण भारत द्रविडका अलिना भट्ट ब्राह्मण हुन् । उनी श्रीको मूल भट्ट भए भन्ने पनि बताइन्छ । कसैकसैको मत छ– उनी धुरन्धर विद्वान् भएकाले आगमका लागि नै झिकाइएको हो । उनलाई काञ्ची कामकोटी शङ्कराचार्य पीठले पठाएको भनिन्छ, यसमा अनुसन्धान हुन आवश्यक छ ।

तेस्रो तल्लामा राजराजेश्वरी ललिता महात्रिपुरसुन्दरीको आगमकक्षमा पशुपतिनाथभित्रका सबै मूलदेवता विद्यमान रहेका छन् । शुक्लपक्षमा सेतो र कृष्णपक्षमा धमिलो हुने श्रीपशुपतिनाथको रूपमा रहेको नर्मदेश्वर शिवलिङ्गको शिरमा राजराजेश्वरी श्रीचक्र राखेर रुद्राभिषेक र युवती माथि श्रीकण्ठ तल पारेर आवरणपूजा हुने गर्दछ ।

दोस्रो तल्लामा बालात्रिपुराको यन्त्र र अरू आवरण देवताका मूर्तिहरू छन् । खास रूपमा तेस्रो तल्लाको कक्षमा धेरै दैनिक र पर्वपूजाहरू हुने गर्थ्यो भने दोस्रो तल्लाको कक्षमा दैनिक पञ्चोपचारको पूजा र बालभोग लगाउने प्रथा थियो । दुवै तल्लामा तन्त्रोक्त पूजालाई चाहिने भाँडाकुँडा, बलिपात्र, भोगपात्र, गुरुपात्र, नैवेद्यपात्र आदिका साथै दुवै कक्षमा छुट्टाछुट्टै महापात्र (कपालपात्र) पनि विद्यमान थिए । दुवै कक्षमा पर्व वा नैमित्तिक पूजामा पञ्चमकारको प्रयोग हुन्थ्यो।

लक्ष्मीपूजाको दिनमा दोस्रो तल्लामा विद्यमान बालात्रिपुरामा साँझमा सुखरात्रि पूजा छागबलिसहितको हुने गर्दथ्यो भने अरू दिन सामान्यपूजा, चिपिटान्न अर्पण र रात्रिमा आरती। आगमघरका भट्टले आगमका साथै श्रीपशुपतिनाथ परिसरभित्रको लालगणेश, सूर्यनारायण एवं मृगेश्वर, अचलेश्वर, किरातेश्वर, ज्ञानेश्वर आदि अनेक देवताको नित्य पूजा पनि गर्नुपर्ने हुन्थ्यो। आगमघरको र अन्यदेवताको पूजाबापत गुठी जग्गाहरू तोकिएका थिए । पूजालाई चाहिने बेलपत्र फटकशिलाबाट आउने गर्दथ्यो । श्रीपशुपतिनाथको तान्त्रिकपूजा - पवित्रारोहण र दमनारोहण हो। त्यस पूजामा पनि आगममा पवित्रारोहण र दमनारोहण गराइन्थ्यो । महास्नान पूर्णिमामा पनि आगममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नानादि अभिषेक पूजा गरिन्थ्यो। लालगणेशमा गणेशसहस्रनाम र सूर्यमा आदित्यहृदयस्तोत्रको पाठ आगमतर्फबाट हुन्थ्यो।

वत्सलाको जात्रा, अरू जात्राहरू राजा परलोक भए रोकिन्थे। पछि राणाशासनमा श्री ३ परलोक भएमा पनि रोकिन्थ्यो तर वत्सलामाईको जात्रा रोकिन्नथ्यो। वत्सलाजात्रामा कौलरुद्री शिवाबलिपूजा हुन्थ्यो। त्यहाँ आगमका भट्टको छागबलिसहितको पहिलो पूजा भएपछि मूल भट्टको छागबलिसहितको पूजा हुने अद्यापि प्रचलन छ। महाशिवरात्रिमा चार प्रहर पूजा, रात्रिपूजा गर्दा शिवसहस्रनामद्वारा बिल्वपत्र र अक्षताले आगममा पूजा गरिने प्रचलन पाइयो।

बालाचतुर्दशीमा दीपमालिकासहित विशेष पूजा गरिने प्रचलन पाइयो। पूजापद्धतिको अध्ययन गर्दा पञ्चदशीसम्मको पूजापद्धति विद्यमान छ। षोडशी, महाषोडशी मन्त्र श्लोकबद्ध गरी पद्धतिमा राखिएको छ। त्यसलाई अरूले नबुझ्ने, मन्त्रप्राप्त व्यक्तिले मात्र बुझ्ने, मन्त्र छर्लङ्ग नदेखिने किसिमले तर्जुमा गरिएको थाहा पाइन्छ। पञ्चदशीको पनि त्रिकूट, वाक्कूट, शक्तिकूट मात्र उल्लेख छ।

पाशुपतमन्त्र पनि अनधिकृत, अदीक्षित व्यक्तिले नसम्झने गरी तारसहित कूटाक्षरमा लेखिएको पाइन्छ। लघुसाम्राज्यमेधा, सपर्याविधि आधाभन्दा बढी भाग मूसाले खाएर नष्ट भइसकेको पाइयो।

आगमद्वारा वाग्वतीयात्रा, लिङ्गयात्रा र कुण्डयात्रा गर्ने कार्य पनि हुन्थ्यो। तोकिएको महिनामा भक्तजन मिलेर उक्त यात्रा गराउन अनुरोध गरेको खण्डमा आगमका भट्टले यात्राको आयोजना गरी यात्रा गराउनुपर्ने व्यवस्था थियो। पद्मप्रसाद भट्टद्वारा उपर्युक्त तीनै यात्रा गराइएको मलाई जानकारी छ।

राजराजेश्वरी पशुपति आगममा रहेको बीजसहितको कवच, हृदय, सपर्याविधि, खड्गमालास्तोत्र, गन्धर्वक्रम, पूर्णक्रम, कौलावलि, महाबलि, कुलकुल्लाबलि, पञ्चमकारशोधनविधि जस्ता महत्त्वपूर्ण एवं गोप्यातिगोप्य कृतिहरू प्रकाशमा आउने कुरा भएन।

श्रीको पूजामा प्रयोग हुने मुद्राहरू

पूजाआजा शोधन, हवन, नृत्यादि कर्म गर्दा विभिन्न हस्तक्रियाको प्रयोग हुन्छ। यही हस्तक्रियालाई मुद्रा भनिन्छ।

मोदयन्ति ग्रहादिभ्यः पापौघं द्रावयन्ति च।
मोदनं द्रावणं यस्मादतो मुद्राः प्रकीर्तिताः॥ *(तन्त्रचिन्तामणि)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसन्न र आनन्दित पार्न, मन पगाल्न र शोधनका लागि नै करमुद्राको प्रयोग हुन्छ।

मुदं कुर्वन्ति देवानां मनांसि द्रावयन्ति च।
तस्मान्मुद्रा इति ख्याता दर्शितव्या कुलेश्वरि॥ *(कुलार्णवतन्त्र)*

हातका औंलाहरू र हत्केला मानव, पशुपंक्षीका प्रमुख कर्मेन्द्रिय हुन्। मानव वा साधकले विभिन्न दुई हातका औंलाहरूलाई एक अर्कासँग मिलाएर वा जोडेर चाप पैदा गर्ने र त्यसबाट विभिन्न तत्त्वहरू पैदा गर्ने कार्य हाम्रो वैदिक एवं तन्त्रशास्त्रमा प्राचीनकालदेखि प्रचलनमा आएको हो। गायत्री जप गर्नुअगाडि र जपपछाडि चौबीस मुद्रा प्रदर्शन गर्नुपर्ने वैदिक विधि छ। हाम्रा पाँच औंलाहरू पञ्चमहाभूतका प्रतीकका रूपमा छन्। अङ्गुष्ठा आकाशतत्त्व, तर्जनी वायुतत्त्व, मध्यमा तेजस्तत्त्व, अनामिका जलतत्त्व र कनिष्ठा पृथ्वीतत्त्वको प्रतीकात्मक स्वरूप हो।

तन्त्रउपासनामा मुद्राप्रदर्शनको ठूलो महत्त्व छ। अमुक देवताको पूजा अर्चनामा अमुक अमुक पृथक् पृथक् मुद्रा प्रदर्शनद्वारा विशेष तत्त्ववस्तु उत्पादन गरिने विधिविधान र पद्धति छन्।

कनिष्ठिकां समारभ्य चाङ्गुष्ठान्तं महेश्वरि।
क्रमात् तत्त्वानि जायन्ते क्षित्यप्तेजोमरुन्नभाः॥

नेपालका राष्ट्रदेव श्रीपशुपतिनाथको पूजामा वैदिक एवं तान्त्रिक पूजाको पद्धति छ। श्रीको खास गरी तान्त्रिक पूजामा प्रयोग हुने विभिन्न मुद्राको विवेचना गर्ने प्रयास यस लेखको प्रयोजन हो।

पुराना ताडपत्र, प्राचीन सिक्का, ताम्रपत्रहरू हेरी इतिहास र पुरातत्त्वका सामग्रीको अवलोकन र अध्ययन गर्न पाएकोमा म उत्साहित हुँदै गएँ। म तन्त्रको अध्येता हुँदा आगमको पूजापद्धति हेर्ने उत्कट इच्छा जाग्न थाल्यो। वर्षौंको प्रयासपछि पूजापद्धति हेर्न योग्य सम्झेर वा पात्र सम्झेर हो उनले साम्बसदाशिव भट्टद्वारा पूजा गरिने पूजापद्धति देखाए तर त्यो पूजापद्धति रञ्जनालिपिमा थियो। रञ्जनालिपिमा मलाई कनीकुथी केही आउने, उनी पनि त्यस्तै केही केही बुझ्ने रहेछन्। कूटाक्षरमा लेखिएको मन्त्रको भने मलाई अर्थ लगाउन सजिलो पर्‍यो। पुस्तकको सरसरी ध्यानपूर्वक अध्ययन गरें। पद्धतिमा श्रीविद्याको पञ्चदशीसम्मको पूजापद्धति मात्र उल्लेख भएको पाएँ। षोडशीपूजाक्रम गुरुमुखगम्य अर्थात् गुरुद्वारा शिष्यलाई बताउने तर नलेख्ने अर्थात् अलेखनीविद्या भएकोले पद्धतिमा नलेखिएको होला भन्ने ठानें।

त्यसको केही दिनपछि उनलाई भनें- यो पुस्तक संस्कृतभाषामा लेखिएको हामी दुईले नबुझ्ने लिपिमा हुँदा यसलाई देवनागरी लिपिमा उल्था गराउन लगाऊँ। मैले पुरातत्त्व विभागमा काम गर्ने चिनेको गुभाजु छन्, उनलाई दिऊँ भनी आग्रह गरें। उनले पहिले त आनाकानी गरे, पछि मेरो आग्रहलाई टार्न नसकेर मञ्जुरी दिए। त्यसै पुस्तकको आधारमा श्रीको तान्त्रिक पूजामा प्रयोग हुने मुद्राहरू यथाज्ञान उल्लेख गर्ने धृष्टता गरेको हुँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) श्रीको दक्षिणवक्त्र अघोरमा - ज्ञानमुद्रा, त्रिशूलमुद्रा ।

२) श्रीचक्रको सर्वानन्दमय चक्रमा अर्थात् ऊर्ध्ववक्त्र ईशानमा - त्रिखण्डामुद्रा, महामुद्रा र योनिमुद्रा ।

३) अधोवक्त्र उग्रतारा (कालाग्निरुद्र) मा - योनिमुद्रा र वज्रलोहीमुद्रा (गालिनीमुद्रा) ।

४) पूर्ववक्त्र तत्पुरुषमा - कवचमुद्रा, त्रिशूलमुद्रा ।

५) उत्तरवक्त्र वामदेवमा - पङ्कजमुद्रा, योनिमुद्रा, त्रिशूल मुद्रा र लेलिहानमुद्रा ।

६) पश्चिमवक्त्र सद्योजातमा - बाणमुद्रा, त्रिशूलमुद्रा, काद्यमुद्रा र योनिमुद्रा ।

७) जलहरीमा - योनिमुद्रा, महायोनिमुद्रा र गजतुण्डमुद्रा ।

महादेवको पूजामा शङ्ख वर्जित छ किन्तु श्रीपशुपतिनाथको पूजामा सुवर्ण शङ्ख राखिएको छ। त्यसमा जल हाली अङ्कुशमुद्राले तीर्थादिको आवाहन हुन्छ, त्रिकूट र धेनुमुद्राले अमृतीकरण हुन्छ। श्रीयन्त्रको पूजामा यही शङ्ख श्रीपात्रको रूपमा प्रयोग हुन्छ। तत्त्वमुद्राद्वारा श्रीचक्रमा सेचन तर्पण गरिन्छ। भोगको सामग्रीमा गदा र चक्रमुद्रा प्रदर्शन गरिन्छ। मत्स्यमुद्राले शोधन गरिन्छ। भोग चढाउँदा पञ्चग्रासमुद्रा प्रदर्शन गरिन्छ र प्राण, अपान, व्यान, उदान एवं समान मुद्रा पनि प्रदर्शन गरिन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

खण्ड– ४

इतिहास-संस्कृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रका स्थापित देवीदेवताहरू

–कुमार खतिवडा

१) चन्द्रविनायक

पशुपतिक्षेत्रअन्तर्गत रहेका चावहिलस्थित चन्द्रविनायक काठमाडौँ उपत्यकाका चार विनायकहरूमा एक हुन्। नेपाली मण्डपशैलीमा बनेको मन्दिरमा प्रतिष्ठित गणेशलाई रक्तविनायक, चावहिल गणेश, ल्हौँसला गणेश तथा गणेश्वर पनि भनिन्छ। नेवारी भाषामा चन्द्रविनायकलाई ल्हौँसला गणेद्यः पनि भन्ने गरिन्छ। नेवारी भाषामा ल्हौँसलाको अर्थ तानेर ल्याएको ढुङ्गा भन्ने बुझिन्छ। शरीरमा घाउ खटिरा आउँदा यहाँ आई पूजाअर्चना गर्दा घाउ मङ्गलीदोष खटिरा चाँडो निको हुने जनविश्वास छ। पशुपतिक्षेत्रमा मनाइने प्रमुख जात्रामध्ये श्रीवत्सलेश्वरी जात्रामा माता विराजित खटलाई यहाँ ल्याउने परम्परा छ। अर्थात् वत्सलेश्वरी आमा आफ्ना पतिदेव भगवान् श्रीपशुपतिनाथसँग विरक्तिएर छोरा चन्द्रविनायकलाई भेट्न आएको किंवदन्ती पनि पाइन्छ। त्यस्तै चन्द्रविनायकलाई **चान्द्रविनायक** पनि भन्ने गरिन्छ। यस सन्दर्भमा एक महिना लगाएर बस्ने चान्द्रायणव्रत यस गणेशस्थानमा आई एकरात बस्दा पूरा हुने किंवदन्ती रहेको छ। व्यापार व्यवसायको सिलसिलामा तिब्बततर्फ जाने व्यक्तिहरूले त्यहाँबाट फर्केर आउँदा दिउँसै भए पनि प्रायश्चित्तको लागि चावहिलमा एकरात बस्ने गर्दथे। यसको कारणचाहिँ परदेशमा पुगी भक्ष्याभक्ष्य भोजन गर्दा लाग्ने दोषनिवारणका लागि हो भनिन्छ। कृत्स्न चान्द्रायण व्रत बस्नेहरूले यस स्थानमा बसी श्रीगणेशजीको एक रात उपासना र वन्दना गर्दा अक्षय पुण्य प्राप्त हुन्छ भनिन्छ।

२) किरातेश्वर महादेव

पशुपतिक्षेत्रको महत्त्वपूर्ण शिवलिङ्गहरूमध्ये किरातेश्वर महादेव अति प्राचीन शिवलिङ्ग हो। मित्रपार्कबाट गौरीघाट हुँदै गुह्येश्वरी जाने बाटोको दक्षिणतर्फ श्रीपशुपतिनाथ मन्दिरको ईशान दिशामा अवस्थित श्रीकिरातेश्वरको बारेमा रोचक प्रसङ्ग छ। भगवान् शङ्कर पार्वतीमातालाई छक्याउनको लागि किरात रूप लिई अन्य किरातहरूका साथ वनविहार गर्दै किरातेश्वर शिवको रूपमा स्थापित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुभयो। वनविहारमा आउने किरातहरू यहाँ आई पूजा अर्चना गर्ने गर्दथे। माता पार्वती पनि अति गोप्य तवरले किरातिनीकै रूप लिई अन्य किरातिनीहरूझैँ गौरीघाटमा स्नान गरी किरातेश्वरमहादेवमा आई पूजा आराधना गर्ने गर्नुहुन्थ्यो। किरातहरूको समूहमा रहेका शङ्करजीलाई माता पार्वतीले चिन्नुभयो तर शङ्करजीले पार्वतीमातालाई चिन्नुभएन। भगवान् शङ्कर किरातिनी रूपी पार्वतीलाई देखी आसक्त हुन थाल्नुभयो र स्वयंवर गर्न अग्रसर हुनुभयो। यो देखेर माता पार्वती हाँस्नुभयो र आफ्नो स्वरूपमा प्रकट हुनुभयो। तब भगवान् शङ्करजी पार्वतीमातालाई भन्नुहुन्छ - "तिमी साँच्चै नै महामाया हौ।" यसपछि आनन्दले भगवान् शङ्कर र पार्वती वनविहार गर्न लाग्नुभयो। माघ महिनाको स्वस्थानी व्रतकथामा यो कथा आउँछ। माघ महिनामा जसले गौरीघाटमा स्नान गरी त्यहाँको जल किरातेश्वर महादेवलाई अर्पण गर्दछ उसले अक्षय पुण्य प्राप्त गरी शिवसायुज्य प्राप्त गर्दछ। महाभारतको समयमा अर्जुनलाई भगवान् शङ्करले पाशुपतास्त्र यही स्थानमा दिएका थिए भनिन्छ।

३) ताम्रेश्वर महादेव

पशुपतिक्षेत्रका प्रसिद्ध मन्दिरहरूमध्ये एक ताम्रेश्वर महादेवको मन्दिर नवालीटोलमा अवस्थित छ। मण्डपशैलीमा बनेको दुईतल्ले छानायुक्त यो मन्दिर स्थानीय व्यक्तिहरूबीच निकै लोकप्रिय छ। पशुपतिक्षेत्रमा परम्परागत रूपमा मनाइने प्रत्येक जात्राहरूलाई यो मन्दिरमा ल्याई परिक्रमा गराइन्छ। पहिला झिँगटी छानायुक्त यो मन्दिर पुरातत्त्व विभागले वि.सं. २०४७ सालमा तामाको छाना तथा स्वर्णजलपयुक्त गजुर राखी जीर्णोद्धार गरेको छ। यस मन्दिरको विशेषता भने यहाँभित्र चर्तुमुखी शिवलिङ्ग छन्। तामाबाट बनेको लिङ्ग भएर नै यसलाई ताम्रेश्वर भनिएको हो। पशुपति क्षेत्रको धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक मान्यता बोकेको यो मन्दिर विशेष महत्त्वको छ।

४) कोटिलिङ्गेश्वर महादेव

भगवान् श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणको दक्षिणमा रहेको छ कोटिलिङ्गेश्वर मन्दिर। छत्राकार छानायुक्त यो मन्दिर वरिपरि पाँचसय पच्चीस सङ्ख्यामा शिवलिङ्गहरू छन् जसको परिक्रमा गर्दा शिवसायुज्य पाइन्छ भन्ने विश्वास लिइन्छ। "ॐ नमः शिवाय" मन्त्रको जप गर्दै यन्त्राकार रूपमा रहेका शिवलिङ्ग दायाँबायाँ रहेको र मध्यमा बाटो रहेको यो स्थानमा परिक्रमा गर्दा अक्षय पुण्य पाइन्छ भनिन्छ। यो मन्दिरको निर्माण काठमाडौँका राजा प्रताप मल्लले वि.सं १७१२ (नेसं ७७५) गरेका थिए। श्रीपशुपतिनाथका आगमघरका पुजारी साम्बसदाशिव भट्टका वंशजबाट नै यो मन्दिरको नित्य नैमित्तिक पूजाआजा हुँदै आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५) श्रीवत्सलेश्वरी

विश्वका हिन्दूहरूका आस्थाका केन्द्र आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्रमा नौवटा शक्तिपीठहरू रहेका छन् जसमा श्रीवत्सलेश्वरीलाई एक महत्त्वपूर्ण पीठको रूपमा मानिँदै आएको छ। श्रीपशुपतिनाथ मन्दिरको आग्नेय कोणमा श्रीवत्सलेश्वरीको मन्दिर अवस्थित छ। वाग्वती नदीको दायाँ किनारमा अवस्थित यस मन्दिरको पश्चिममा जम्बूद्वीप, उत्तरमा पञ्चगणेश र दक्षिणमा श्रीवटुकभैरवको मन्दिर रहनुले यस मन्दिरको महत्त्व अझ बढेको छ। चारपाखे नेपाली मण्डप शैलीमा निर्मित अठार हात भएकी महिषासुरमर्दिनीको आकृति तोरणको बीचमा भएको र मन्दिरको चारै ढोकामा खापा नहुनु यो मन्दिरको थप विशेषता हो। साथै टुँडालहरूमा विभिन्न भैरवका मूर्तिहरू छन्। श्रीवत्सलेश्वरीको सम्बन्ध भगवान् श्रीपशुपतिनाथसँग रहेको छ। भगवान् शिव र पार्वतीको विवाहलाई सम्झाउने वत्सलेश्वरी जात्रा गरिनुले प्राचीन परम्पराको सङ्केत गर्दछ। श्रीवत्सलेश्वरी जात्राका लागि चैत्र कृष्ण अष्टमीका दिन श्रीपशुपतिनाथको आरतीपश्चात् दक्षिणवक्त्रका पुजारी भट्ट –१, मूलभण्डारी –४, कोतवाल समेतले आशागुर्जासहित पञ्चेबाजा र (दुदु च्याँ च्याँ पापा छ्याँ भन्ने बाजा बजाई) भगवान् श्रीपशुपतिनाथको गर्भगृहभित्र भएको श्रीपशुपतिनाथको सानो चलमूर्तिलाई खटमा राखी विभिन्न देवदेवीहरूलाई निम्ता गर्न जानुपर्ने परम्परा छ। यसरी भगवान् श्रीपशुपतिनाथका पुजारीसमेत निम्ता गर्न जानुपर्ने परम्परा भएबाट श्रीवत्सलेश्वरीको सम्बन्ध भगवान् श्रीपशुपतिनाथसँग भएको प्रष्ट हुन्छ।

श्रीवत्सलेश्वरीसँग सम्बद्ध एक प्राचीन अनुश्रुतिअनुसार – पुरातन समयमा भगवान् शिव र पार्वती कैलासमा बसिरहनुभएको थियो। एक दिन माता पार्वतीले सम्पूर्ण पृथ्वी घुम्ने र हेर्ने इच्छा भएको कुरा भगवान् शिवसँग भन्दा माता पार्वतीको इच्छा पूरा गर्न भगवान् शिवबाट आफ्ना सम्पूर्ण गणहरूलाई आज्ञा हुन्छ – तिमीहरू पनि पार्वतीसँगै जाओ। तत्पश्चात् सम्पूर्ण गणसहित माता पार्वतीद्वारा पृथ्वीको भ्रमण हुन्छ। विश्वभ्रमणको क्रममा माता पार्वती गणसमेत काठमाडौँ उपत्यका आइपुग्नुभयो। वर्तमान पशुपतिक्षेत्रमा भएको वन, पर्वत, नदीनाला, हरियाली निकै राम्रो लागेकाले यसै क्षेत्रमा केही समय बस्ने विचार गर्नुभयो र आफ्ना साथमा आएका गणहरूलाई तिमीहरू कैलास जाओ, म केही समय यसै क्षेत्रका श्लेष्मान्तक वनमा बस्छु भनी आज्ञा भयो। माताको आज्ञा अनुसार गणहरू कैलास गए। केही समयपश्चात् माता पार्वतीलाई लिन भनी सम्पूर्ण देवगण तथा प्रमथगणसमेत बाजागाजासहित भगवान् शिव, पार्वती भएका ठाउँमा आउनुभयो। तर माता पार्वतीलाई यो स्थान निकै रमणीय भएकाले छाडेर जाने मन भएन तर भगवान् शिव स्वयं लिन आउँदा इन्कार पनि गर्न नमिल्ने हुँदा तात्कालिक स्थितिबाट छुट्कारा पाउन आफ्नो अमोघ जादूद्वारा हातमा लिएको जलपात्रको आमन्त्रित जल शिवजी लगायत सम्पूर्ण गणलाई छर्किदिनुभयो अनि तत्कालै त्यो जलको प्रभावले भगवान् शिव लगायत गणहरू भेडा भए। यो कुरा वैकुण्ठवासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीविष्णुले थाहा पाउनुभयो । इन्द्रादि देवतासहित सम्पूर्ण गण अनि स्वयं भगवान् शिवसमेत भेँडा भएको देखी निकै चिन्तित हुनुभयो । शिवकै साथमा आएको भए म पनि भेडा हुने रहेछु भनी कसरी शिव लगायत सम्पूर्ण देवगणहरूलाई यथास्वरूपमा फर्काउन सकिन्छ भनी जुक्ति सोच्नुभयो । सम्पूर्ण देवताहरूको उद्धारका लागि भगवान् श्रीविष्णुले श्मशानमा बसी श्रीदक्षिणकालीको उपासना गर्न थाल्नुभयो । श्मशानमा बसी उपासना गरेकाले श्रीदक्षिणकाली चाँडै खुशी हुनुभयो र भन्नुभयो – हे विष्णु, वर माग । तत्पश्चात् माता दक्षिणकाली समक्ष श्रीविष्णुले बिन्ती गर्दै भन्नुभयो – भगवान् शिवसहित सम्पूर्ण देवगण भेडाको रूपमा भएकाले उहाँहरूलाई यथारूपमा फर्काई पाऊँ । त्यसपछि श्रीदक्षिणकालीबाट आज्ञा भयो – "पार्वतीले मलाई पनि विष्णुलाई फेला पार्‍यौ भने यहाँ पठाइदिनू भनी आज्ञा भएको थियो तर तपाईंको उपासनाबाट म अत्यन्त प्रसन्न भएकी छु तसर्थ तपाईंलाई मोहिनी मन्त्र दिन्छु जसको निरन्तर जप गर्नाले तपाईं बालकरूप धारण गर्न सक्नुहुनेछ र यस मन्त्रको प्रभावले तपाईंलाई कसैले चिन्न सक्दैन र यही बालकरूपबाटै देवताहरूको उद्धार गर्न बुद्धि खियाउनु हुनेछ ।"

यसरी श्रीदक्षिणकालीबाट प्राप्त मोहिनी मन्त्र जप्दै बालकरूप धारण गरी पशुपतिक्षेत्रको वज्रेश्वरी (पिङ्गलास्थान) मा मन्त्र जप गर्न थाल्नुभयो । एकदिन माता पार्वतीका सखीहरू घुम्दै जाँदा उक्त मोहिनी मन्त्रको जपको प्रभावले तेजस्वी र आकर्षक भएका जति हेर्‍यो उति हेरिरहूँ लाग्ने बालकरूपी विष्णुलाई देख्छन् र बालकलाई सखीहरूले श्रीपार्वती भएको ठाउँमा लिएर जान्छन् । बालक निकै राम्रा भएकाले माता पार्वतीले बालकलाई साथै राख्नुभयो । समयक्रममा माता पार्वतीले उक्त बालकलाई भेँडाको गोठालो गर्ने काम दिनुभयो । त्यो भेडाको बथानमा एउटा जख्खु थुमा पनि थियो । यी जख्खु नै शिव (पशुपति) हुन् भनी चिनेर जख्खुको अगाडि अनेकौँ स्तुति गर्न थाल्नुभयो तर जख्खुथुमारूपी शिवलाई त्यो स्तुतिको कुनै प्रभाव परेन । जपको निरन्तर प्रभावले श्रीपार्वती उक्त बालकप्रति मोहित हुन थाल्नुभयो र एकदिन बालकलाई काखमा राखेर सुमसुम्याउँदै आज्ञा भयो – बाबु ! वर माग । उक्त बालकरूपी श्रीविष्णुले वाचा गराई वाचा बँधाई भन्नुहुन्छ – हे अम्बे ! माता ! यी भेडाहरू हामीलाई के काम ? आज्ञा भए यी सबैको बलि दिन पाऊँ । बालकको कुरा सुनेर माता आज्ञा गर्नुहुन्छ – हे बालक ! तिम्रो मनमा लागेको गर । तत्पश्चात् विष्णुले खड्गले फटाफट भेडाहरूको गर्दन छिनाउन थाल्नुभयो । सबै भेडाहरू सकिएपछि अन्तिममा त्यो जख्खु थुमा भेडाको पालो आयो । त्यसको गर्दन छिनाल्न खड्ग उचाल्दा तत्कालै माता पार्वतीलाई होश आयो र आज्ञा भयो – पख.... पख..। भेडा काट्ने क्रममा श्रीविष्णुले पनि मन्त्र जप्न बिर्सिए र पार्वतीको 'पख' शब्द र विष्णुको छलिया रूप देखी भगवान् शिवलाई हाँसो उठ्यो र तुरुन्तै भेडाको रूप छोडी आफ्नो स्वरूपमा आउनुभयो । त्यसपछि श्रीविष्णुले पार्वतीसहित भगवान् शिवको स्तुति गर्नुभयो । भगवान् शिवपार्वती श्रीविष्णुसँग प्रसन्न भई आज्ञा हुन्छ- हे विष्णु ! वर माग । यस्तो भवानीशङ्करको आज्ञा सुनी श्रीविष्णु भन्नुहुन्छ– हे प्रभु ! देवताहरू आ-आफ्नो रूपमा बाँच्न पाऊन् । भवानीशङ्करबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथास्तु भनेपश्चात् सम्पूर्ण देवगण आ-आफ्नै स्वरूपमा फर्कन्छन् र शिवपार्वतीको वन्दना, अर्चना गर्न थाल्दछन् । तत्पश्चात् शिवपार्वतीबाट आज्ञा हुन्छ - हे विष्णु ! तपाईंको बालकरूप झल्काउने चरित्रको प्रतीकको रूपमा सानो बालक भएर यही बस्नोस् र तपाईंको रूपको दर्शनबाट पापीहरू पापबाट मुक्त हुनेछन् । भगवान्‌को आज्ञालाई शिरोधार्य गरी श्रीविष्णु श्रीवत्सलेश्वरी मन्दिरको दक्षिणपट्टि बटुकरूप लिएर पार्वतीरूपी श्रीवत्सलासँगै निवास गर्नुभयो । हाल श्रीवत्सलेश्वरी मन्दिरको दक्षिणपट्टि रहेको सानो मन्दिर नै बटुकरूपी श्रीविष्णुको हो जसको नाम **बटुक भैरव** हो । नेवार सम्प्रदायका स्थानीय भक्तहरू यी भैरवलाई आकाश भैरव मानी पूजा गर्छन् ।

विष्णुलाई आज्ञा दिएपछि भगवान् शिवले पार्वतीलाई अब कैलास जाऊँ भन्दा यो रमणीय ठाउँमा हामी सबै देवताहरूको साथमा यही बसौँ भनी कैलास जान नमानी भगवान् शिवसँग ढिपी गर्नुभयो र भगवान् शिव पशुपतिको रूपमा यहाँ विराजित हुनुभयो भने बालकहरूलाई वात्सल्यरूपी प्रेम दिने जगत्‌जननी माता भएकीले श्रीवत्सलेश्वरीको रूपमा विराजमान हुनुभयो ।

भगवती वत्सलेश्वरी आफ्ना गणसमेत श्रीगुह्येश्वरीपीठ प्रकट भएकै वेलादेखि यहाँ विराजमान हुनुहुन्छ भनिन्छ । यो अत्यन्त तेजस्वी उग्रपीठ हो र नेपालकै आदिपीठको रूपमा लिइन्छ ।

६) यमराज

पशुपतिक्षेत्रको वत्सलेश्वरी प्राङ्गणबाट आर्यघाटतर्फ ओर्लने बाटोभन्दा केही वर दाहिनेतर्फ रहेको यो मूर्ति यमराजको हो । यस मूर्तिमा भक्तजनहरूले तेल, सिन्दूर, अबिर तथा कपास चढाउने गर्दछन् । तेल, अबिर तथा सिन्दूर टाँसिएर मूर्ति हाल नचिनिने अवस्थामा छ । यमराज राँगोमाथि आरूढ भई ललितासनमा बसेका छन् । दायाँबायाँ महिष, चित्रगुप्त तथा बिरालोसमेतका अनुचरहरू छन् । चित्रगुप्तले देब्रेतर्फ तराजु लिएर बसेका छन् भने यमराजको टाउकोमाथि छत्र छ । यमराजको दायाँबायाँ मूर्तिहरूमा केवल टाउकाहरू मात्र छन् । नर्के चर्तुदशीको दिनमा बिहान पख उज्यालो हुनु अगावै स्थानीयहरू तथा महत्त्व थाहा पाउनेहरू यहाँ आएर वाग्वतीमा नर्के बगाउने र यमराजलाई तेल, अबिर, सिन्दूर तथा कपास चढाउने गर्छन् ।

७) यमुना

पशुपतिक्षेत्रस्थित श्रीवत्सलेश्वरी प्राङ्गणमा रहेको मङ्गलागौरीको मूर्तिको पश्चिमतर्फ उभिएको सारै राम्रो र आकर्षक यो मूर्ति यमुनाको हो । कम्मरभन्दा तलतिरको भाग सुडौल र माथिको भाग सुहाउँदो हिसाबले मूर्तिकारले बनाएका छन् । यो मूर्ति सातौँ- आठौँ शताब्दीमा निर्माण भएको हुनसक्ने मूर्ति विशेषज्ञहरू बताउँछन् । पूर्ण कदको यो मूर्तिको शिरमा भएको मुकुटको तल अग्रभागमा कपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झरेको देखाइएको छ। हाल दाहिने हातको अग्रभाग फुटेको हुँदा त्यसमा के थियो भन्न सकिन्न। कछुवाको ढाडमाथि उभिएको यो मूर्ति निकै आकर्षक छ। यमुना यमराजकी बहिनी हुन्।

८) मङ्गलागौरी

पशुपतिक्षेत्रको भस्मेश्वरघाट जाने बाटोको पूर्वतर्फ श्रीवत्सलेश्वरी मन्दिरको दक्षिणतर्फ अवस्थित यो मूर्ति मङ्गलागौरीको हो। स्थानीय बासिन्दाहरूले यस मूर्तिलाई जयमङ्गला पनि भन्छन्। बाह्रौं शताब्दीमा यो मूर्ति बनेको मानिन्छ। उमामहेश्वरको मूर्ति बनाइने शैलीमा यो मूर्ति बनाइएको छ। यस मूर्तिमा आठ हात रहेको छ जसमा दायाँ हातमा अक्षमाला, खड्ग, घण्टा र वरदहस्त छ भने बायाँ हातमा ढाल, पुस्तक, फक्रेको कमलको फूल देखिन्छ। एउटा हातमा भएको वस्तु नचिनिने अवस्थामा छ। खुट्टामा कल्ली, नाडीमा चुरी, कानमा कुण्डल र शिरमा मुकुट पहिरिएको यो मूर्ति निकै आकर्षक छ। पारदर्शक धोती अनि कमलासनमा विराजित यस मूर्तिको तल्लो भागको मुन्तिर पादपीठमा एउटा लघुमूर्ति अञ्जलिमुद्रामा देखिन्छ। दायाँबायाँ तलमाथि दुई दुईतर्फ नारीमूर्तिहरू छन् जसमा माथिल्लो भागका मूर्तिहरू उभिएका र तल्लो भागका मूर्तिहरू बसेको अवस्थामा छन्। चारै मूर्तिहरू चार चार हातका छन्। देवीको देब्रेतर्फको माथिको भागको मूर्तिको हातमा अङ्कुश, दण्ड, मातुलङ्ग र कमण्डलु छ। यो जयाको मूर्ति हो भने दाहिने तर्फको माथिल्लो मूर्ति जसको हातमा खड्ग, त्रिशूल, मातुलङ्ग र घण्टा छ, यो मूर्ति विजयाको हो। पहाड पृष्ठभूमि भएको यो मूर्तिको माथि छत्र पनि देखिन्छ। दायाँ बायाँ भएका नारी मूर्तिहरू द्वारपालिकाहरू हुन्।

९) अनन्तनारायण

आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित यस पावन क्षेत्रमा केवल शिवालयहरू मात्र होइन अपितु भगवान् विष्णुका विग्रहहरू पनि विभिन्न स्थानहरूमा आ-आफ्नै महत्त्व बोकेर स्थापित भएका पाइन्छन्। यसै सन्दर्भमा पवित्र वाग्वती नदीको किनार र श्रीवत्सलेश्वरी देवीको उत्तरतर्फ अनन्तनारायणको भव्य मूर्ति छ। पोलेको माटोका टुक्राहरूलाई संयोजन गरी बनाइएको यो मूर्ति एकै रातमा बनाइएको हो भन्ने किम्वदन्ती छ। यहाँ १२१ वटा पोलिएका माटाहरूको प्रयोग गरिएको छ भनिन्छ। अनन्तनारायणका चार हातहरू छन्। दाहिनेतर्फको माथिल्लो हातमा चक्र र तल्लो हातमा पद्म अनि देब्रेतर्फको माथिल्लो हातमा गदा र तल्लो हातमा शङ्ख छ। नाडीमा कङ्कण र पाखुरामा केयूर लगाएको पाइन्छ। किरीट मुकुटले युक्त शिर र कानमा फूलबुट्टे कुण्डलले शोभायमान यो मूर्ति निकै आकर्षक रहेको पाइन्छ। भाषावंशावलीका अनुसार अमर मल्लले वि.सं १५९४ – १६१७ मा यो मूर्ति बनाउन लगाएका थिए। यस मन्दिरमा धेरै खोपाहरू छन् र हरेक खोपाहरूमा विभिन्न आकर्षक मूर्तिहरू रहेको पाइन्छ। यो मन्दिर सिँगार्ने निकै आकर्षक बुट्टाहरूको प्रयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको पाइन्छ। अतः शङ्ख, चक्र, गदा र पद्म हातमा लिएका भगवान् विष्णुको यो मूर्ति साँच्चै नै दर्शनीय छ।

१०) महागण श्रीकीर्तिमुख भैरव

श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणमा अनेकौँ देवी देवताहरू छन्। तीमध्ये कीर्तिमुख भैरव एक हुन्। भगवान् शिवका अत्यन्त प्रिय गणका रूपमा विराजित श्रीकीर्तिमुखको बारेमा शिवमहापुराणमा लेखिएको सन्दर्भबारे पाठकहरूले लाभ लिनुहोस् भनी लेख्न लागिएको हो। भगवान् श्रीपशुपतिनाथको मन्दिरको प्राङ्गणको दक्षिणपूर्वी कुनामा विराजित श्रीकीर्तिमुखको प्रसङ्ग यहाँ सान्दर्भिक हुन्छ जसको दर्शन नगरी पशुपतिनाथको दर्शन गर्दा अपूरो हुने गर्दछ। यसै प्रसङ्गमा महागण कीर्तिमुखसँग सम्बन्धित कथा यहाँ पस्कनु सान्दर्भिक हुनेछ।

एकदिन दैत्यका अधिपति सागरपुत्र जालन्धर आफ्नी पत्नी वृन्दाको रूप सौन्दर्य देखी वृन्दाको बखान गर्न थाल्दछ र भन्दछ - "हे वृन्दा! तिमी यो संसारकी सबैभन्दा सुन्दरी छ्यौ, राम्री छ्यौ, तिम्रो रूपरङ्गको बखान म कति गरौँ।" यसरी आफ्नो तारिफ गरेको सुनी वृन्दा भन्दछिन्– "हे स्वामी! म के राम्री छु र ? मभन्दा हजारौँ गुणा राम्री पार्वती हुनुहुन्छ, उहाँको अगाडि त म के हुँ र ?" यसरी आफ्नी पत्नी वृन्दाभन्दा राम्री त पार्वती पो रहिछिन् भनी आफ्नो दूत राहुलाई जालन्धरले बोलाउँछ अनि राहुलाई आदेश दिन्छ - "हे राहु! तिमी तुरुन्त जाऊ र हिमालयबाट पार्वतीलाई उठाएर लिएर आऊ।" आफ्नो स्वामी जालन्धरको आदेश पाई राहु वायुवेगले माता पार्वती लिन भनी हिमालतिर जान्छ।

राहु कैलास पुगी आफ्ना स्वामी जालन्धरको भनाइ भगवान् शिव सामु प्रस्तुत गर्दै भन्छ - सबै दैत्यका अधिपति, त्रिलोकका स्वामी, सबैको नायक, देवताहरूका लागि काल समान भएको सागरपुत्र जालन्धरले तपाईं योगीलाई जे भन्नुभएको छ त्यो सुन्नुहवस्। "तिमी नित्य श्मशानमा निवास गर्ने, अस्थिहरूको माला लगाउने, नित्य दिगम्बर भएर बस्नेले हिमालयकी सुन्दर कन्या पार्वतीलाई किन सँगै राख्छौ ? म सबै रत्नहरूको अधिपति भएकोले स्त्रीरत्न पार्वती मेरो योग्य छिन्। तिमी भिक्षावृत्ति गरेर हिँड्नेलाई योग्य छैनन्। तीनै लोक मेरो अधीनमा छ, यज्ञ आदिको भाग म नै भोग्दछु। त्रिलोकमा भएका सबै रत्न मसँग नै छन्। म रत्नहरूको भोगी हुँ। तिमी भिक्षा मागेर हिँड्ने दिगम्बर योगी हौ, प्रजाले राजालाई सुख दिने गर्दछन्। यसैले 'पार्वतीरत्न' मलाई देऊ।" राहुले यस्तो कुरा भन्नेबित्तिकै भगवान् शूलपाणिको भ्रूमध्यबाट वज्रको समान, भयङ्कर शब्दवाला एउटा पुरुष प्रकट भए। सिंहसमान मुख भएका, चलायमान जिब्रो भएका, प्रज्वलित महान् नेत्र भएका, ऊर्ध्वकेश, सुख्खा शरीर भएका, अर्का नृसिंह नै हुन् जस्ता थिए। महाशरीर भएका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाबाहु भएका, ठूलाठूला जङ्घा भएका हेर्दै अति डरलाग्दा पुरुष शीघ्रताका साथ राहुतिर दौडिए अनि आफूलाई खान आएको देखेर राहु त्यहाँबाट भागे तर पनि ती पुरुषले राहुलाई समाते। राहुले भने– "हे देवाधिदेव ! हे महेशान ! शरणमा आएको मलाई रक्षा गर्नुहवस्। हजुर सुर असुर सबैको वन्दनीय हुनुहुन्छ, यो पुरुष म ब्राह्मणलाई खान आउँदैछ, हे देव ! यो (पुरुष) हजुरको सेवक धेरै भयङ्कर छ, हे शरणागतवत्सल ! यसकारण हे देवाधिदेव ! मेरो रक्षा गर्नुहोस्, कुनै उपाय गर्नुहोस्। मलाई नखाओस्।" यस प्रकार त्यो ब्राम्हण (राहु) को वचन सुनेर दीनानाथ परमप्रभुले आफ्नो त्यस गणलाई भन्नुभयो - हे गणश्रेष्ठ ! मेरो शरणमा आएको राहु नामक दूत ब्राह्मण हो। यसैले यसको रक्षा गर्नुपर्दछ। जब शिवजीले गणलाई यसो भन्नुभयो तब ब्राह्मण शब्द सुनेर करुणा जागी ती गणले आकाशमा राहुलाई छोडिदिए। जब ती गणले आकाशमा राहुलाई छोडिदिए तब महादेव समीप आएर दीनतासाथ यसो भन्न लागे- "हे देवाधिदेव महादेव ! हे करुणाकरशङ्कर ! हे शरणागतवत्सल ! हजुरले मेरो भक्ष- (आहारा) त्याग गराई दिनुभयो, हे स्वामी ! मलाई भोकले सताइरहेको छ। म भोकले व्याकुल छु, हे प्रभो ! म के खाऊँ ? मेरो भक्ष के हो ? हजुर मलाई भन्दिनुस् आज्ञा हवस्।" ती पुरुषको यस्तो वचन सुनेर महाकौतूहलको वशीभूत भई यस्तो हितकारी वचन भन्न लाग्नुभयो- "हे पुरुष ! यदि तिमीलाई विशेष भोकले सताइरहेको छ भने शीघ्र नै आफ्नो हात खुट्टाको मासु खाऊ।" शिवको आज्ञा पाएर ती पुरुष (गण) ले शीघ्र आफ्नो हात खुट्टाको मासु खाँदै जाँदा उनको शिरमात्र शेष रहन गयो। शिरमात्र शेष रहेको देखेर शिव प्रसन्न हुनुभयो र विस्मयपूर्वक ती भीमकर्मा पुरुष (गण) लाई यस्तो भन्नुभयो- "हे महागण ! मेरो आज्ञापालन गर्ने तिमी धन्य छौ, तिमीदेखि म ज्यादै प्रसन्न छु। तिमी आजदेखि कीर्तिमुख नामले मेरो द्वारपाल भएर रहनेछौ। तिमी महागण हौं, तिमी महावीर हौ, तिमी सबै दुष्टहरूलाई भय दिनेवाला हुनेछौ, तिमी मेरो प्रिय हुनेछौ र मेरो पूजा गर्नुभन्दा पहिला मेरो सबै गणले तिम्रो पूजा अर्चना गर्नेछन्। जसले पहिले तिम्रो पूजा नगरी मेरो पूजा गर्दछ त्यो मेरो प्रिय हुँदैन।" शिवबाट यस्तो वरदान पाएर ती पुरुष (कीर्तिमुख) अति प्रसन्न हुनुभयो र त्यस दिनदेखि शिवद्वारमा कीर्तिमुख भएर रहनुभयो। शिवपूजनको समयमा यी गण (कीर्तिमुख)को अनिवार्य पूजा गर्नुपर्दछ। पहिले जसले कीर्तिमुखको पूजा गर्दैन त्यसले गरेको शिवपूजा निष्फल हुन्छ।

भगवान् श्रीपशुपतिनाथको प्राङ्गणको आग्नेय कोणमा विराजित श्रीकीर्तिमुखमा प्रत्येक पूर्णिमाको महास्नानका दिन पञ्चबलि दिने चलन अद्यापि छ। हुन त मानिसभित्र हुने पशुताहरू काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यमध्ये कामरूपी बोको, क्रोधरूपी राँगो, लोभरूपी भेँडो, मोहरूपी हाँस तथा मदमात्सर्यरूपी कुखुरोको बलि दिई आफूभित्र भएको पशुवृत्तिबाट मुक्त हुनु हो। यो भगवान् श्रीपशुपतिनाथको सान्निध्य नपाई हुन सक्दैन र भगवान् श्रीपशुपतिनाथको सान्निध्य तब पाउन सकिन्छ जब उहाँको प्रमुखगण श्रीकीर्तिमुखको कृपा हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११) शीतलादेवी

भगवान् श्रीपशुपतिनाथ मन्दिरको आग्नेय कुनामा श्रीकीर्तिमुखको दक्षिणतर्फ रहेको यो मूर्ति शीतलादेवीको हो। प्रत्येक वर्ष चैत्र महिनाको कृष्णपक्षको अष्टमी तिथिलाई शीतलाष्टमी भनिन्छ। यस दिन यहाँ शीतलादेवीको विशेष पूजाअर्चना गर्ने गरिन्छ। विशेष गरेर नेपालमा रहेका मारवाडी समुदायका श्रद्धालु महिलाहरू यस दिनमा यहाँ आएर जल, बेसार तथा मिठाई आदिले पूजा अर्चना गर्ने गर्दछन्। यो मूर्ति गधामाथि बसेको देखिन्छभने देब्रे काखमा बच्चा समाएको र दाहिने हातमा कुचो समाएको छ। गलामा हार, शिरमा मुकुट र मूर्तिलाई पूरै ढाक्ने गरी ज्वालावली दिइएको छ। छानामाथि छाना भएको लघु आकारको यस मन्दिरमा शीतलादेवीलाई प्रतिष्ठा गरिएको छ। केटाकेटीहरूलाई रोग व्याध नलागोस् भनी यहाँ पूजाआजा गर्ने गरिन्छ।

१२) विरूपाक्ष

भगवान् श्रीपशुपतिनाथ मन्दिरको पूर्वतिर वाग्वती किनारमा आर्यघाटको दायाँतर्फ रहेको गङ्गामाई मन्दिरको दक्षिणतर्फ अवस्थित यस मन्दिरभित्र विरूपाक्षको मूर्ति छ। पशुपतिक्षेत्रमा रहेको प्राचीन मूर्तिहरूमध्ये यो पनि एक हो। यस मन्दिरमा विरूपाक्षबाहेक अरू पनि मूर्तिहरू छन्। यस मूर्तिको आधाभन्दा बढी भाग जमिनमा गाडिएको छ। जमिनमाथि देखिने भाग नाङ्गै छ भने हातहरू जमिनमुनि रहेकाले हातले समाएका आयुधहरू देखिँदैनन्। यो मूर्तिको केश लाम्चो र मोटो देखाइएको छ। किराँत मुहारको झलक दिने यो मूर्तिको शिरको दायाँतर्फ अर्धचन्द्राकार आकृति र त्रिनेत्र देखाइएको छ। आर्यघाटमा आउने भक्तजनहरूले वाग्वती नदीबाट अञ्जुलिमा जल लिई यस मूर्तिमा अर्पण गर्ने गर्दछन्। विरूपाक्ष भगवान् शिवको १०८ नाममध्ये एक हो। अतः विरूपाक्षमा जल अर्पण गर्दा पनि शिवार्पण नै हुन्छ। विरूपाक्षको अर्थ विशेष आँखा अर्थात् तेस्रो आँखा भएको हो। पशुपतिक्षेत्रमा आउने श्रद्धालु भक्तजनहरूले विरूपाक्षलाई जलार्पण गरी दर्शन गर्न भुल्नुहुँदैन।

१३) गोरखनाथ

पशुपतिक्षेत्रको मृगस्थलीमा गोरखनाथको मन्दिर अवस्थित छ। यहाँ गोरखनाथको मूर्ति नभईकन केवल पादुकामात्र छ। यिनै पादुकाको पूजा हुने गर्दछ। यहाँ र पशुपतिक्षेत्रको वनकालीमा पनि गोरखनाथको मन्दिर छ जहाँ दायाँ बायाँ गणेश र कुमारका लघु मूर्ति पनि छन्। गोरखनाथका चार हातहरू छन् जसमा डमरु, त्रिशूल, अक्षमाला र पुस्तक समातेको देखाइएको छ। पृष्ठभागमा गोरखनाथका शिष्यहरूको आकृति देखाइएको छ भने कमलको आसनमाथि नागासन र नागासनमाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्मासनमा बसेको देखाइएको छ। अतः पशुपतिक्षेत्रमा आउने श्रद्धालु भक्तजनहरूले मृगस्थलीस्थित गोरखनाथको पादुका र वनकालीस्थित गोरखनाथ मन्दिरको दर्शन गरी पुण्यलाभ लिन भुल्नुहुँदैन।

१४) श्रीदक्षिणामूर्ति

पावन पशुपतिक्षेत्र र श्रीपशुपतिनाथ मन्दिर प्राचीनकालदेखि नै विश्वका सनातन हिन्दूधर्ममा आस्था राख्नेहरूको श्रद्धाको केन्द्र रहिआएको छ । पशुपतिक्षेत्र काठमाडौँ उपत्यकाकै प्राचीनतम धार्मिक स्थल हो। यस पवित्र क्षेत्रमा विभिन्न किसिमका देवालय मठ, मन्दिर, चैत्य, पाटी, पौवा मूर्तिहरू करिब छ सयभन्दा बढी रहेको पाइन्छ। यसैले यस क्षेत्रलाई एक खुला सङ्ग्रहालय पनि भन्न सकिन्छ। यिनै विभिन्न मन्दिरहरूमध्ये एक महत्त्वपूर्ण मन्दिर हो– श्रीदक्षिणामूर्ति मन्दिर। चारपाखे नेपाली मण्डप शैलीमा बनेको यो मन्दिर भगवान् श्रीपशुपतिनाथ मन्दिरको पश्चिम-उत्तर कुनामा अवस्थित छ। ललितासनमा आसीन श्रीदक्षिणामूर्तिले अज्ञानरूपी मनुष्य (राक्षस ?) लाई दायाँ खुट्टाको पाउले थिचेको चित्र उत्कीर्ण गरिएको छ। श्रीदक्षिणामूर्तिलाई भगवान् श्रीपशुपतिनाथकै गुरुवक्त्र मानिन्छ। श्रीदक्षिणामूर्तिका चार हातहरू छन् जसमा दायाँको माथिल्लो हातमा माला तथा तल्लो हात भने अभयमुद्रामा छ। त्यस्तै बायाँतर्फको माथिल्लो हातमा अमृतको घडा र तल्लो हातमा पुस्तक छ। श्रीदक्षिणामूर्तिले वटवृक्ष मुनि बसेर सप्तऋषिहरूलाई ज्ञानोपदेश दिएको चित्र यो मूर्तिमा अङ्कित गरिएको छ। पृष्ठभागमा हात्ती पनि छ। शरीरमा जनै तथा घाँटीमा माला अनि धोती लगाएको यो मूर्ति निकै आकर्षक छ। तीन नेत्र भएको यो मूर्तिको मुकुटको बीचमा लघुमुखाकृति पनि उत्कीर्ण गरिएको छ। काठमाडौँका मल्लराजा नृपेन्द्र मल्ल (वि सं १७३१-१७३७) को पालामा श्रीपशुपतिनाथ मन्दिरका तात्कालिक सन्यासी पुजारी श्रीविमलानन्दले असिनाको भय निवारणार्थ श्रीदक्षिणामूर्तिको आह्वान गरी यसको स्थापना गरेका हुन् भनिन्छ। यहाँ आउने दर्शनार्थीहरूले भगवान् श्रीपशुपतिनाथका गुरु भनेर गुरुपूर्णिमाका दिन पुज्ने गर्दछन्। उक्त दिन यस मन्दिरमा दर्शनार्थीहरूको निकै घुइँचो हुने गर्दछ।

यो मन्दिर नित्यपूजाका लागि दैनिक खुल्ने गर्दछ। सर्वसाधारणका लागि भने वर्षको एक दिन अर्थात् गुरुपूर्णिमाको दिनमा मात्र खुल्ने गर्दछ। गुरुपूर्णिमाका दिन श्रीपशुपतिनाथ मन्दिरबाट बाजागाजा, आशागुर्जासहित भगवान् श्रीपशुपतिनाथका प्रधान अर्चक र अरू अर्चक उपस्थित भई पूजा गर्नुपर्ने परम्परा रहेको छ। श्रीपशुपतिनाथका गुरुवक्त्रका रूपमा दक्षिणामूर्तिको आफ्नै विशिष्ट महत्त्व रहेको छ।

यहाँ भगवान् श्रीपशुपतिनाथको दक्षिणवक्त्रले सप्तऋषिहरूलाई गुप्तज्ञान (तत्त्वज्ञान) दिएको राम्रो मूर्ति छ। यस मन्दिरको अर्को विशेषता के छभने अन्य मन्दिरहरूको भित्र जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्‌को मूर्ति हुन्छ त्यसैको वाहन मन्दिरबाहिर राखिएको हुन्छ तर यहाँ बाहिरचाहिँ शिवलिङ्ग र बसाहा रहेको पाइन्छ। त्यसैले पनि यो मन्दिर आफैँमा महत्त्व बोकेको मन्दिर हो भन्न सकिन्छ। सुरुमा यो मन्दिर एक तल्लाको थियो पछि समयक्रममा यो दुई तल्ला बनाइएको भनिन्छ। वि.सं. २०४५ सालमा पुरातत्त्व विभागले यस मन्दिरको जीर्णोद्धार गरेको थियो। १७ औं शताब्दीमा बनेको यस मन्दिरका पुजारीचाहिँ राजोपाध्याय ब्राह्मण छन्।

संसारमा भक्तहरू चार किसिमका हुन्छन्। ती हुन्- आर्त, अर्थार्थी, मुमुक्षु र ज्ञानी। मोक्षको अभिलाषा राखेर भक्ति गर्ने नै मुमुक्षु हुन्। ज्ञान विना मोक्ष हुन सक्दैन। अत गुरुशिष्य परम्पराअनुसार ज्ञानप्राप्तिका लागि जब मुमुक्षुहरू गुरुकहाँ जान्छन् अनि गुरुकृपाबाट ती मुमुक्षुहरूले ज्ञान प्राप्त गर्न सक्छन्। त्यो भक्त मुमुक्षु तब मात्र बन्न सक्छ जब उसलाई शिवकृपा हुन्छ। अतः शिवकृपाबाट नै गुरु मिल्दछन्। तसर्थ भगवान् शिव अनि ज्ञानको प्रतीक हुन् श्रीदक्षिणामूर्ति। दक्षिणवक्त्रबाट ज्ञानोपदेश यसैको प्रतीक हो। भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ आउने तीर्थयात्री दर्शनार्थीहरूले पशुपति क्षेत्रमा रहेको श्रीदक्षिणामूर्तिको मन्दिरको दर्शन गर्न भुल्नुहुँदैन किनकि भगवान् श्रीपशुपतिनाथको गुरुरूप नै श्रीदक्षिणामूर्ति हुन्।

१५) विश्वरूप (कामेश्वर-कामेश्वरी)

पशुपतिक्षेत्र अन्तर्गत रहेको मृगस्थलीक्षेत्र तथा श्लेष्मान्तक जङ्गलको मध्यमा रहेको विशाल मन्दिर नै विश्वरूपको मन्दिर हो। वि.सं. १९१२ मा भोटसँगको युद्धमा नेपालको विजय होस् तथा धनजनको धेरै क्षति नहोस् भनी भोट जाने मार्गमा फेला परेको ठूलो शिलालाई भैरवको रूप मानी इच्छा पूरा भएको खण्डमा काठमाडौँमा लगी स्थापना गर्ने भाकल तात्कालिक श्री ३ जङ्गबहादुरले गरेका थिए। पछि उक्त शिलालाई काठमाडौँमा ल्याइयो र मृगस्थली जङ्गलमा राखी भैरव मानी पूजाआजा गर्न थालियो। यो मूर्ति विश्वरूप मन्दिरको उत्तरतर्फ अवस्थित छ जसलाई वनभैरव भनिन्छ। विश्वरूप मन्दिरभन्दा पहिले नै यो भैरवको स्थापना भएको थियो। राणाजीहरूले यस भैरवलाई मनोकाङ्क्षादायकको रूपमा मान्ने गरेका छन्। हरेक अष्टमी तिथिमा यहाँ विशेष पूजाआराधना हुने गर्दछ। त्यस्तै हनुमानढोका दरबारभित्र राजा प्रताप मल्लले निर्माण गरेको विश्वरूप अर्थात् कामेश्वर-कामेश्वरीको धातुको मूर्ति लामो समयसम्म यत्तिकै छिंडीमा रहेको देखी उनले यो विशाल धातुको मूर्तिलाई मृगस्थलीमा रहेको भैरवको प्राङ्गणमा मन्दिर बनाई स्थापना गर्ने निधो गरेअनुसार मन्दिर बनाउन सुरु गरेका थिए। वि.सं. १९२० मा मन्दिरको निर्माण पूरा भयो। कोटीहोमसमेत गरी श्री ३ जङ्गबहादुरले दुनियाँको उद्धार होस् भनी नेपालमा अन्य कतै नभएको यस्तो मूर्तिको प्रतिष्ठा गरी स्थापित गरेका थिए। तन्त्रसँग सम्बद्ध यो मन्दिर साँच्चै दर्शनीय छ। सहस्र शिर, सहस्र हात रहेको यस मूर्तिमा शक्ति आलिङ्गन अवस्थामा रहेको पाइन्छ। यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ति अन्य कतै देखिँदैन। मूर्तिको पादपीठमा स-साना मूर्तिहरू छन् जसलाई सधैँ रातो कपडाले छोपेर राखिन्छ। त्यस्तै यहाँ एक प्रस्तरमा कुँदिएको श्रीयन्त्र पनि छ जसमा तान्त्रिक विधिबाट पूजा गर्ने गरिन्छ। मूल मन्दिर वरिपरि पूर्ण कदका सीताराम, शिवपार्वती, राधाकृष्ण तथा लक्ष्मीनारायणका धातुका आकर्षक मूर्तिहरू छन्। त्यस्तै बौद्धधर्मालम्बीहरूले यहाँ भएको मूर्तिलाई हेरुकको रूपमा मान्दछन्।

१६) श्रीभुवनेश्वरी माता र त्रिशूलजात्रा

गौशालाबाट पशुपति मन्दिर जाने बाटोको पश्चिम तथा जयवागेश्वरीबाट पूर्वतर्फ जाँदा आउने पहिलो चोकको पश्चिमतर्फ अवस्थित मन्दिरमा माता भुवनेश्वरीका रूपमा प्रतिष्ठित छन्। चारपाखे नेपाली मण्डप शैलीमा बनेको यो मन्दिर दुई तल्लाको छ। कलात्मक काठ तथा तेलिया ईँटा प्रयोग गरी बनाइएको यस मन्दिरले प्राचीनताको झलक दिन्छ। दश महाविद्या मध्येकी एक भुवनेश्वरी हुन्। भुवन अर्थात् जगत्‌की ईश्वरी नै भुवनेश्वरी हुन्। पशुपतिक्षेत्रमा रहेका नौ ईश्वरीहरू मध्येकी एक भुवनेश्वरी हुन्। भगवान् श्रीपशुपतिनाथसँग सम्बद्ध अर्थात् पशुपतिक्षेत्रमा मनाइने जात्रापर्वसँग भुवनेश्वरी मन्दिरको सम्बन्ध रहेको छ। कर्माचार्य पुजारीबाट यस मन्दिरमा पूजा हुने गरेको छ। यस मन्दिरको गर्भगृहभित्र देवीको मानवाकार मूर्ति नभई प्रतीकात्मक यन्त्र रहेको छ जुन यन्त्रलाई कर्माचार्य पुजारीले तान्त्रिक विधिबाट नित्य-नैमित्तिक पूजा गर्छन्। गर्भगृहभित्र पुजारीबाहेक अन्य दर्शनार्थी जान नपाउने परिपाटी छ। यस मन्दिरको उत्तरतर्फ चर्तुमुख शिवलिङ्ग तथा नन्दीसमेत विराजित छन् जसलाई भुवनेश्वर अथवा कृष्णेश्वर भन्ने गरिन्छ। साथै शिवलिङ्गको पश्चिमतर्फ एउटा ढुङ्गेधारा छ जसलाई ज्ञानवापी (ज्ञानधारा) भनिन्छ। यस धाराको जल भुवनेश्वरी मन्दिरमा हुने नित्यपूजाका लागि प्रयोग हुने गर्दछ। आजभोलि पशुपति आउने भक्तजनहरू भुवनेश्वरीमा आई ज्ञानधाराको जल अञ्जुलिमा लिई भुवनेश्वर (कृष्णेश्वर) मा चढाउने गर्दछन् जसबाट आन्तरिक शान्ति मिल्ने तथा ज्ञानयात्रामा सहज हुने विश्वास गरिन्छ। भगवान् श्रीपशुपतिनाथमा प्रत्येक महिना पूर्णिमामा हुने महास्नानको बेला महास्नान महाबलिमा पूजा सामग्रीको भाग भुवनेश्वरीमा पठाउनुपर्ने चलन छ। पशुपतिक्षेत्रमा हुने धार्मिक कृत्य तथा जात्रापर्वहरूमा भुवनेश्वरी मन्दिरको पनि संलग्नता हुने गरेको छ। भुवनेश्वरीबाट वर्षका विभिन्न महिनामा पर्व पूजासँग सम्बद्ध विभिन्न कार्यहरू हुन्छन्। जस्तै वैशाख महिनामा दमनारोहण, जेष्ठ महिनामा मृगस्थली जङ्गलमा हुने देवाली पूजा, आषाढ महिनामा हुने त्रिशूल जात्रा, श्रावण महिनामा घण्टाकर्णलाई भोज खुवाउनुपर्ने, आश्विन महिनामा नवरात्रि पूजा, कार्तिक महिनामा लक्ष्मी पूजा, चैत्र महिनामा हुने दुदु : च्याँच्याँ पर्व र देशोद्धार पूजामा वज्रेश्वरीमा नौजना कन्या तथा दुईजना कुमारलाई भोजन खुवाउनुपर्ने आदि। श्रीभुवनेश्वरी मन्दिरको निर्माणको श्रेयः लिच्छवि राजा शिवदेवलाई दिइएको भाषावंशावलीमा पाइन्छ। त्यस्तै देवमालावंशावलीमा पनि यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरको जीर्णोद्धार नरेन्द्र मल्ल (वि.सं १५८६ – १६१२) ले गरेको उल्लेख पाइन्छ। त्यतिवेला वत्सलेश्वरीका पुजारी मुनिबन्धु नामका पुजारी थिए। उनी अत्यन्त ठूला साधक तथा तन्त्राचार्य भएकाले उनैद्वारा त्रिशूलजात्रा चलाइएको थियो। मुनिबन्धुको सल्लाहअनुसार तान्त्रिक विधि विधानअनुसार नौ प्रकारका आयुधहरू (मुसल, शङ्ख, त्रिशूल, खड्ग, पाश, कुन्त, बलिछरी समेत) ले युक्त गरी रथहरूमा कुमार कुमारीहरूलाई चढाई ईशानेश्वरको प्रदक्षिणा गराई जात्रा गर्ने परिपाटी चलाएका थिए जसलाई त्रिशूल जात्रा भनिन्छ। भुवनेश्वरीका पुजारी भूमि आचार्यले आफ्ना छोरा ब्यूँफाउन हिँडेको प्रसङ्ग यो जात्रासँग सम्बद्ध छ भनिन्छ। हालको मन्दिर तात्कालिक युवराज दीपेन्द्र शाहको १८ औं शुभजन्मोत्सवको बेला शाही नेपाली सेनाअन्तर्गत रहेको पायनियर गणद्वारा वि.सं २०४४ सालमा विधिवत् पूजाअर्चना सहित जीर्णोद्धार भएको थियो।

देवीभागवतमा वर्णन गरिएको मणिद्वीपकी अधिष्ठात्री देवी हृल्लेखा (ह्रीं) मन्त्रको स्वरूपा शक्ति तथा सृष्टिक्रममा महालक्ष्मीस्वरूपा आदिशक्ति भगवती भुवनेश्वरी शिवको समस्त लीला तथा विलासको सहचारी र सम्पूर्ण प्रपञ्चको आदि कारण तथा सबैलाई नानाप्रकारको पोषण प्रदान गर्ने जगदम्बा हुन्। भुवनेश्वरीको स्वरूप सौम्य तथा अङ्गकान्ति अरुणले युक्त छ। भक्तहरूलाई अभय एवं समस्त सिध्दिप्रदान गर्ने ईश्वरीको रूपमा भुवनेश्वरीलाई मानिन्छ। देवीको स्वरूप माया बीजमन्त्र हो, जसलाई देवी प्रणव पनि भन्ने गरिन्छ। निर्विशेष ब्रह्म नै परमपुरुष पदवाच्य हो जसको अभिन्न शक्ति नै श्रीभुवनेश्वरी हुन्।

१७) श्रीजयवागेश्वरी माता

भगवान् श्रीपशुपतिनाथ विराजित पावन पाशुपतक्षेत्रमा श्रीपशुपतिनाथलाई केन्द्रबिन्दुमा राखी पशुपतिक्षेत्र वरिपरि विभिन्न देवीदेवताहरू शोभायमान भएर बसेका पाइन्छन्। यसैगरी शोभायमान भएर विराजित देवीमा श्रीजयवागेश्वरी देवीको मन्दिर पनि पर्दछ। गौशालाबाट चाबहिल जाने मूलबाटोमा श्रीखञ्जनेश्वर महादेवको पश्चिम दिशामा रहेको यो मन्दिर दुई तल्लाको छ। वाणीकी देवी नै वागेश्वरी हुन्। उनै देवीको सधैँ जय होस् भनी जयवागेश्वरी नाम रहेको मान्यता छ। चारपाखे नेपाली मण्डपशैलीमा बनेको यो मन्दिर पश्चिमतर्फ फर्केको छ। गर्भगृहको उत्तरतर्फ भित्तामा भैरवको चित्र देख्न सकिन्छभने दक्षिणतर्फ मातृकाका मूर्तिहरूको अवस्थिति देखिन्छ। चार हातयुक्त जयवागेश्वरी देवीको माटोले बनेको मूर्ति बाह्र वर्षमा फेरिने गरिन्छ। साथै अन्यत्र कतै नभेटिने श्रीगणेशजीको मूर्ति जसमा हात्तीको टाउको छैन अर्थात् हात्तीको टाउको जोडिनुभन्दा अगाडिको श्रीगणेशजीको विघ्नेंश्वर स्वरूपको मूर्ति यहाँ रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वंशावलीको कथनअनुसार सहरवासीको जिब्रो लट्पटिने भई लठेब्रा भएर बोल्न नसक्ने भएकाले श्रीपशुपतिनाथका पुजारी आगमघरमा आई श्रीपशुपतिनाथको ध्यान गर्दा आकाशवाणी भयो – "यस स्थानमा सरस्वतीको वास नभएकोले मानिसहरू यस्ता भएका हुन् । यहाँदेखि उत्तर मानसरोवर क्षेत्रको सिंहलद्वीपको शिलानदीमा सरस्वती बस्छिन्, तिनलाई यहाँ ल्याए सबै मानिस बोल्ने हुन्छन् ।" यसरी आकाशवाणी भएपश्चात् यहाँका तान्त्रिकहरू त्यस ठाउँमा पुगी ध्यान गरी हेर्दा शिलानदीको बीचमा एउटा गोलो ढुङ्गामा विराजमान हुनुभएकी सरस्वतीको दर्शन पाए। ध्यान पूजाआजा गरी सरस्वतीलाई खुशी पारे । माता सरस्वती खुशी भई वर माग भन्ने आज्ञा भयो तर तान्त्रिकहरूले माता सरस्वतीको रूप लावण्यमा परी मोहित भएर केही भन्न सकेनन् । माता सरस्वतीबाट यो कुरा थाहा पाई मोह भङ्ग गरिदिनुभयो। त्यसपछि तान्त्रिकहरूले भगवान् श्रीपशुपतिनाथले आज्ञा भएकोले हजुरलाई लिन आएका हौं सवारी भई हामीलाई कृपा गरिबक्स्योस् भने। तत्पश्चात् माता सरस्वतीबाट आज्ञा भयो – "म यही रूपमा जानुहुन्न तिमीहरू त्यहाँ पुगी आह्वान गर, म भमराको रूपमा आउँछु । मलाई नित्य स्नान गर्ने शिलानदीको जल चाहिन्छ र मेरो आसन पनि यही शिलाको हुनुपर्छ। यहीं शिलामा बसी म यहींको जलले स्नान गर्छु भनी अन्र्तध्यान हुनुभयो।" तान्त्रिकहरू पुनः यहाँ आई ध्यान गर्दा आकाशवाणी भयो –"तिमीहरू यहाँबाट उत्तरपट्टिको पहाड खनी हेर त्यही शिलानदीको जल र आसन भएको शिला भेटिनेछ।" यसरी आकाशवाणी भए बमोजिम खनेर हेर्दा जहाँ खने पनि पानी नै पानी भएकाले खुशी भई त्यो पानीलाई डुंड बनाई चाबहिलको बाटो हुँदै हालको जयवागेश्वरी नजिक ल्याई सुनधारा बनाइदिए। यसलाई नेवार भाषामा लुंहिटी भनिन्छ। आसनको ढुङ्गा पनि त्यहीं आइपुगेकोले सबै जनाले हर्ष मनाए।

राजा प्रताप मल्लका छोरा नृपेन्द्र मल्लको पालामा यस मन्दिरमा चोर पसी गरगहना चोरी लगेको र उक्त गरगहना सबै चोरले ढोकाबाहिर राखी पाटीमा बस्दा उठ्न नसकेको, पछि सो घटनाको खबर राजकहाँ पुग्दा राजा हेर्न त्यहाँ पुगेका र सो गरगहना पुनः सोही मन्दिरमा राखेको र चोरलाई मारिदिएको किंवदन्ती छ।

कर्माचार्य पुजारीले जयवागेश्वरीको नित्यनैमित्तिक पूजा गर्ने गर्दछन्। श्रावण शुक्ल नवमीमा यहाँ पवित्रारोहण गर्ने गरिन्छ भने मार्ग शुक्ल नवमीमा राति मूल डबलीमा नवदुर्गा नाच हुने गर्दछ। नव दुर्गालाई जयवागेश्वरीको मितिनी पनि भनिन्छ। पौषशुक्ल त्रयोदशीका दिनदेखि एक महिनासम्म बिहान मकलमा आगो राखी देवीलाई आगो तपाइन्छ भने चैत्र कृष्ण चर्तुदशीमा विशेष पूजा हुने गर्दछ।

नेपालमा सती प्रथा प्रचलित भएको समयमा सती जाने रानी लगायतका नारीहरूलाई गरगहना लगाई सोह्रश्रृङ्गारले युक्त गराई बाजागाजासहित घाटमा ल्याइन्थ्यो। हाल पशुपतिक्षेत्रमा रहेको राममन्दिर प्राङ्गणको पश्चिमतर्फ घाटतर्फ ओर्लने द्वार छ। त्यसद्वारबाट तल भारी जलाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगिन्थ्यो। उक्तद्वारलाई सतीद्वार भनिन्छ। हाल उक्त द्वार ओर्लने बाटो फलामको पाताको घोप्टेले छोपेको छ। यसरी सतीजानेहरूको गरगहना जयवागेश्वरीमा चढाई मन्दिरको ढुकुटीमा राखिन्थ्यो।

यसरी भगवान् श्रीपशुपतिनाथ विराजित पवित्र पाशुपत क्षेत्रमा रहेकी वाणीकी अधिष्ठात्री देवी वाक्शक्तिकी अधिष्ठात्री सबैकी आराध्या जयवागेश्वरी माताको दर्शन गरी पुण्य लाभ एवं कृपा प्राप्त गरौं।

१८) तिलगङ्गास्थित वामनदेव

विश्वभरि छरिएर रहेका हिन्दूहरूका आस्थाका केन्द्र आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित यस परम पावन पशुपतिक्षेत्र प्राचीनकालदेखि नै सनातन हिन्दूधर्मावलम्बीहरूको आस्थाको केन्द्र एवं तीर्थस्थलको रूपमा रहिआएको छ। लिच्छविकालभन्दा अगाडि नै पशुपतिक्षेत्रको रूपमा यस क्षेत्रले प्रसिद्धि पाएको थियो। २६४ हेक्टर क्षेत्रफलमा फैलिएको पशुपतिक्षेत्रमा साना ठूला गरी करिब ५०० वटा विभिन्न शैलीका मठमन्दिर, सत्तल, चैत्य, ढुङ्गेधाराहरू तथा करिब एक हजार शिवलिङ्गहरू रहेका पाइन्छन्। लिच्छविकालिक मूर्तिहरू यस क्षेत्रमा पाइनुले यस क्षेत्रको प्राचीनता प्रमाणित गर्दछ। यसै सन्दर्भमा पशुपति क्षेत्रको प्राचीन मूर्तिहरूमध्ये तिलगङ्गास्थित श्रीवामनदेवको बारेमा यहा चर्चा गर्न लागिएको हो।

यो प्राचीन मूर्ति पशुपतिक्षेत्रको तिलगङ्गास्थित वाग्वती नदीको पूर्वपट्टि अवस्थित छ। यस मूर्तिलाई लिच्छविराजा मानदेव प्रथमले आफ्नी आमा राज्यवतीको नाममा संवत् ३८९ (वि.सं ५२५) मा स्थापना गरेका थिए। भाद्र शुक्ल द्वादशी जसलाई वामनद्वादशी भनिन्छ, सो दिन यहाँ दर्शनार्थीहरूको विशेष भीड लाग्छ। पशुपतिक्षेत्रमा मनाइने विभिन्न पर्वहरूमध्ये 'उपाको बनेगु' पनि एक हो। यस पर्वसँग श्रीवामनदेवको सन्दर्भ गाँसिएको छ। भाद्र शुक्ल द्वादशीको साँझपख पितृहरूको आत्मिक शान्ति तथा मुक्तिको इच्छा राख्ने उनीहरूका परिवारका सदस्यहरूको सहभागितामा यो पर्व सम्पन्न हुन्छ। यस पर्वमा आफ्नो बस्तीमा भएका देवीदेवताका स्थानमा बत्ती बाल्ने चलन छ। गुह्येश्वरीको उत्तर फाँटमा इनागाल अवस्थित छ र सो स्थानमा रहेको गणेशस्थानबाट यो यात्राको प्रारम्भ हुन्छ। पशुपति क्षेत्रका विभिन्न मन्दिरहरूमा जस्तै गुह्येश्वरी, मृगस्थली, वत्सलेश्वरी, मङ्गलागौरी, वज्रेश्वरी, राजराजेश्वरी, भस्मेश्वर, भण्डारेश्वर, सिफल, चन्द्रविनायक, धन्दोचैत्य, जयवागेश्वरी लगायतका मन्दिरहरूमा गई फूल अक्षता चढाई बत्ती बाल्ने चलन छ। वामनद्वादशीको दिनमा यो पर्व पर्ने हुँदा तिलगङ्गास्थित वामनदेवमा विशेष पूजाअर्चना गर्ने गरिन्छ।

प्रचलित वामन अवतारको पौराणिक कथाअनुरूप नै तिलगङ्गास्थित वामनदेवको मूर्ति उत्कीर्ण गरिएको छ। मूर्तिको तल्लो भागमा बलिले वामनरूपका विष्णुलाई तीन पाउ जमिन दिने सङ्कल्पका लागि झारीबाट जल वामनको हातमा खसाल्दै गरेको देखाइएको छभने बलिको पछाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनकी रानी विन्ध्यावली हात जोडेर उभिएकी देखाइएको छ। एउटा हातमा तरबार लिएका तथा एउटा हात उठाएर घुँडा टेकेर बसेका बलिका गुरु शुक्राचार्यलाई पनि देखाइएको पाइन्छ। त्यस्तै दायाँ हातमा माला लिएका पुरोहित पनि मूर्तिमा उत्कीर्ण गरिएको छ। वामनको ठीक माथि विष्णुले त्रिविक्रमको स्वरूप लिएको देखाइएको पाइन्छ। दुवै खुट्टा फट्याइएका, पृथ्वीमा राखेका खुट्टालाई भूदेवीले आफ्नो हातले समाएकी, अर्को हातले फूल समाएकी तथा नागकन्याहरू पनि देखाइएको पाइन्छ। त्यस्तै दाहिने हात तथा खुट्टा मुन्तिरको खाली भागमा गरुड तथा अप्सराका मूर्ति पनि देखाइएको छ। त्यस्तै आकाशतर्फ फैलाइएको खुट्टाको टुप्पो भागलाई राहुजस्तो आकृतिले मुखमा राख्न लागेको जस्तो देखाइएको छ। त्यस्तै दाहिने खुट्टाको मुन्तिर त्रिशङ्कु देखाइएको छ। आठ हातले युक्त यस मूर्तिमा माथिल्लो शरीरमा वस्त्र छैन भने तल्लो शरीरमा धोती लगाएको देखाइएको छ। त्रिविक्रमको आठ हातले आठ दिशा तथा तलमाथि फैलिएको पाउले पृथ्वी र अन्तरिक्ष दशै दिशा ढाकेको सङ्केत गर्दछ। यस मूर्तिमा कलाकारले कुशलता देखाएका छन् जसले गर्दा यो मूर्ति सजीव र कलापूर्ण बन्न गएको छ।

हिरण्यकशिपुका पनाति प्रल्हादका नाति तथा विरोचनका छोरा नै राजा बलि हुन्। उनी निकै दानी राजा थिए। उनको दानले गर्दा इन्द्रको स्वर्गलोक नै डगमगाउन लाग्यो। दानका कारण उनमा घमण्ड पनि बढ्दै गयो। राजा बलिको घमण्ड नाश गर्नका लागि भगवान् विष्णुले वामन अवतार धारण गरी राजा बलिसँग तीन पाउ जमिन दानमा माग्नुभयो। राजा बलि दान दिन तयार भए। पहिलो र दोस्रो पाउले तीनै लोक ढाक्यो अनि तेस्रो पाउ राख्ने जमिन नभएकोले राजा बलिकै शिरमा पाउ राखिदिनुभयो, पाताल पुऱ्याउनुभयो र घमण्ड नाश गर्नुभयो। अग्नि, वायु तथा सूर्यका रूपले स्वर्ग, अन्तरिक्ष तथा पृथिवी ढाक्न सक्ने भनेर वैदिक मन्त्रहरूमा त्रिविक्रमको महिमा गाइएको समेत पाइन्छ। यस कथामा साङ्केतिक रूपमा राजा बलिलाई अहङ्कारको प्रतीकको रूपमा र तीन पाउलाई भूः(पृथिवी) भुवः, (अन्तरिक्ष) र स्वः(स्वर्ग) ब्रह्मगायत्रीमन्त्रका तीनवटै व्याहृति अर्थात् व्याप्तिद्वारा सम्पूर्ण ब्रह्माण्डलाई व्याप्त गरेको देखाइएको छ। यसरी यस विग्रहद्वारा भगवान् विष्णुको त्रिविक्रम नाम सार्थक भएको छ। यस सृष्टिका सारा वस्तुहरू ईश्वरकै हुन्। तसर्थ शिक्षा, ज्ञान, धनसम्पत्ति, बल तथा ऐश्वर्यको अहङ्कार नगर्नू भनी शिक्षा दिएको पाइन्छ।

सन्दर्भसामग्री

शिवमहापुराण

कोइराला, कुलचन्द्र, **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**

टन्डन, डा. गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्येश्वरीपीठ

–कुलचन्द्र कोइराला

भगवती गुह्येश्वरीको शास्त्रीय मान्यता छ । इतिहासको पक्ष लिएर चर्चा गर्ने होभने पनि नेपालका शक्तिपीठहरूमा सबैभन्दा पुरानो र मान्यताप्राप्त पीठ गुह्येश्वरी नै हो । गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ र यो उत्तराम्नायकी देवीको रूप हुँदा उग्र साधना गर्ने वाममार्गी साधकहरूको सिद्धिदायक पीठ हो। कौल समुदायका निम्ति कामाख्याको पीठ नै प्रधान मानिन्छभने वाममार्गीका निम्ति गुह्येश्वरी नै मुख्य पीठ हो ।

धार्मिक मान्यता

दक्षप्रजापतिको यज्ञ विध्वंस र सतीदेवीको प्राणत्यागको कथा बहुचर्चित विषय हो । रामायण, महाभारत, अनेकौं पुराणसंहिता र प्रमुख आगमशास्त्र (तन्त्र) हरूमा सतीदेवीको कथा उल्लेख भएको पाइन्छ ।

सतीदेवीले बाबु दक्षप्रजापतिको यज्ञमा नबोलाएको कुरा सुन्नेबित्तिकै समाधिद्वारा प्राणत्याग गरेको कथा कालिकापुराण भाग २, पृ. ६५ मा वर्णित छ भने श्रीमद्भागवत चतुर्थ स्कन्ध, अ. ४ मा दक्षको यज्ञमा पुगेर शिवको निन्दा सुन्नुपरेको कारणले समाधिद्वारा प्राणत्याग गरेको कथा छ। अन्य पुराणमा यज्ञकुण्डमा नै हाम फालेर प्राण छाडेको कथा पनि पाइन्छ। जसरी भए पनि सतीदेवीले प्राण छाडिन् । भगवान् शिवले आफ्ना वीरभद्र आदि प्रमुख गण पठाएर दक्षको यज्ञ विध्वंस गरेपछि सम्झौता भएर शिवलाई यज्ञको भाग प्राप्त भयो तथा ब्रह्मा, विष्णु, इन्द्रसरह शिवले पनि देवत्वको मर्यादा पाए ।

यस कथाको अनुशीलन गर्दा दक्षप्रजापति वेदकालको पनि प्रारम्भका व्यक्ति ठहर्दछन् । प्रजापतिको धर्मशासन थियो र यसैबाट समाज चल्थ्यो किन्तु विभिन्न जातिसँगको झगडा, युद्ध आदिमा धर्मशास्त्रबाटै मात्र काम नचल्ने भएकोले राजाको परम्परा चल्यो । आद्य राजा मनु भए । उनी दण्डधारी, युद्धविग्रहका नायकका साथै धर्मशास्त्रका व्याख्याता पनि थिए । दक्षप्रजापति भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेला राजाहरूको छुट्टै अस्तित्व थियो तर हिन्दूशास्त्रको नियमानुसार समाजको परिचालन गर्ने प्रजापति- परम्पराको पनि पूर्णतः लोप भइसकेको थिएन ।

ऋग्वेदकालमा राजाको प्रमुखता थियो । आद्यपिता भनिएका मनु महाराजका पुस्ता दरपुस्ता बितिसकेका थिए । प्रजापतिको धार्मिक शासनको परम्परामा विद्वथ (धार्मिक समिति) को अस्तित्व थियो जसका सभापतिलाई प्रजापति भनिन्थ्यो भन्ने अनुमान हुन्छ ।

दक्ष र शिवको झगडा ऋग्वेदको मध्यकालतिर भएको अनुशीलनबाट थाहा हुन्छ। यजुर्वेदकालमा शिव प्रमुख देवता, सर्वव्यापी सर्वशक्तिमान् परमेश्वरका रूपमा प्रतिष्ठित भइसकेका छन् । अतः ऋग्वेदको मध्यकाल यजुःसंहिताको सङ्कलनभन्दा अगाडि दक्षप्रजापति भए तथा समस्त आर्य तथा अनार्य जातिका परमेश्वर शिवलाई दक्षले आफ्नी कन्या दिए ।

शिव दक्षको अनुशासनभित्र रहेनन् । दक्ष धर्मशास्ता भएकाले आफूलाई सबैका वन्दनीय सम्झन्थे । शिवले यो कुरा स्वीकार गरेनन् । यसैमा वादविवाद उठेर श्रापाश्राप गरेको कथा भागवतमा वर्णित छ ।

दक्षकन्या सती भगवान् शिवकी शक्ति आदि प्रकृतिरूपिणी थिइन्, जो पछि पार्वती भएर जन्म लिन पुगिन् । सतीदेवीको प्रेमले पागल भएका शिव उनको लास काँधमा बोकेर संसार घुम्छन् । शिवको संसर्गमा लास नसड्ने हुँदा शिवको भ्रमणको अन्त्य नहुने सम्झेर देवताहरूको सल्लाहअनुसार विष्णुले सतीदेवीको लासलाई चक्रद्वारा टुक्रा पारिदिन्छन् । यसपछि अङ्ग गिर्न थाल्दछ । जगज्जननीको अङ्ग भएकोले त्यस ठाउँमा प्रमुख देवीपीठ बन्दछ । त्यहाँ नै भैरवरूप भएर शिव पनि निवास गर्दछन् । लोककल्याणका निम्ति यस्ता पीठहरू ठाउँठाउँमा बन्दछन् ।

पुराण तथा आगमशास्त्रहरूमा ५१ पीठ प्रमुख छन्, कहीँकहीँ पीठको सङ्ख्या ५४ पनि पुग्दछ । देवीभागवत तथा हाम्रो स्वस्थानी कथामा भने पीठसङ्ख्या १०८ छ । यी सबै पीठहरूको निश्चय हुन सकेको छैन तापनि प्रमुख पीठ रहेको ठाउँ (देशको नाउँ) बुझिने हुँदा अधिकांश पीठस्थानको निश्चय भएको छ । कतिपय पुराणहरूमा नेपालका पीठको नाउँ छैन तापनि पुराणका समकालिक नै ठहरिने कतिपय आगम (तन्त्र) शास्त्रमा भने नेपालको गुह्येश्वरीपीठको प्रशस्त चर्चा पाइन्छ । नेपालमा ५१ पीठमध्ये घुँडा पतन भएको कुराको साथै महामाया भगवती र कपाली भैरव यहाँ भएको चर्चा कुनै तन्त्रमा छ भने मेरुतन्त्र आदि निकै तन्त्रशास्त्रहरूमा यहाँ सतीदेवीको गुह्य नै पतन भएको मानिन्छ । गुह्येश्वरीको विग्रह नभएर जलाशय नै पीठ हुनु र त्यसकै मान्यता भएको परम्परा एवम् तदनुरूप नै मन्दिरको अवस्थितिले पनि यहाँ गुह्यस्थान पतन भएको कुरा निश्चित छ ।

शिव र शक्तिको घनिष्ठ सम्बन्ध छ । शिवका पाँच मुखबाट पाँच आम्नाय (मार्ग) को जन्म भएको छ । त्यसमध्ये उत्तर मुखलाई वामदेव भनिन्छ, जसबाट वाममार्गद्वारा शिवशक्तिको उपासना गर्ने क्रम चल्यो । उत्तर आम्नायकी देवी भगवती गुह्यकाली हुन्, जसको अवस्थिति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको उत्तर वक्त्र, वामदेव मुखकै सामु पर्ने गरी अर्थात् उत्तरपूर्वको कुनामा भएकोले पनि उपर्युक्त कुराको पुष्टि हुन्छ।

गुह्येश्वरीको विशेषता देखाउने तन्त्रहरू

गुह्यकालीका सम्बन्धमा कुब्जिकातन्त्र, तन्त्रचूडामणि, बृहन्नीलतन्त्र, शाक्तानन्दतरङ्गिणी, महापीठनिरूपण, मेरुतन्त्र, महाकालसंहिता, गुह्यकालीखण्ड आदिमा विशद चर्चा भएको पाइन्छ।

एघारौं शदीतिर सङ्कलित महाकालसंहिता गुह्यकालीसम्बन्धी विस्तृत चर्चा भएको ग्रन्थ हो। त्यसमा एक, तीन, पाँच, दश, तेह्र, चौध, बीस, छत्तीस, साठी, असी, सय आदि मुख भएकी गुह्यकालीको रूप कल्पना गरी तदनुरूप ध्यान, बीजमन्त्रहरूको व्यवस्थाका साथै उपासनापद्धतिको विविध पक्षको व्याख्या पनि पाइन्छ। यस्ता रूपको मन्त्र, ध्यान र उपासना गर्नेहरूमा ब्रह्मा, विष्णु, वशिष्ठ, हिरण्यकशिपु, कुबेर, धर्मराज, रावण, बलि, इन्द्र, भरत आदि प्रमुख छन्। यस्तै एक अक्षरदेखि हजार अक्षरले बनेका मन्त्रहरू छन् र उपासकअनुसारका रूपकल्पना, मन्त्र, पूजा-पद्धति, स्तोत्र र कवचहरू पनि छन्। यी गुह्यकालीका विविध रूपमध्ये दश शिर भएकी गुह्यकालीको साधनापक्षमा विशेष मान्यता पाइन्छ। दश शीर्षरूपिणी गुह्यकालीका उपासक भरत मानिन्छन्। यस्तो मूर्तिभने नेपालमा पाइएको छैन। मिथिला नरेश (दरभङ्गा) को दोस्रो राजधानी राजपुर (जयनगरबाट दरभङ्गा जाँदा पर्ने तेस्रो स्टेसन) मा दश शीर्षरूपा गुह्यकालीको भव्य विग्रह भएको मन्दिर छ।

गुह्यकालीपीठ यसकारण नेपालको अत्यन्तै पुरानो र आदिम शक्तिपीठ हो भन्ने कुरा निश्चित छ।

मेरुतन्त्र नामक ग्रन्थमा एकाउन्न पीठको वर्णन छ। यी पीठहरूमा पाँचै आम्नायका देवता र अरू तेत्तीस देवताहरूले पनि निवास गर्छन्। षडाम्नाय (अधराम्नाय) का भने उपपीठहरू छन्। अर्थात् उग्र वामाचारद्वारा उपासना गरिने क्रम अधराम्नाय मानिन्छ।

हृदयभन्दा माथिका अङ्ग-पतनबाट बनेका पीठहरूमा वैदिक मन्त्रका क्रमले उपासना गरिन्छ वा दक्षिणमार्गी तान्त्रिक क्रमले पूजा हुन्छ। त्यसभन्दा अधोभाग पतन भएका ठाउँमा वाममार्ग कौलाचारले पूजा-उपासना हुने कुरा मेरुतन्त्रमा उल्लेख छ।

यस्तै-

अकारः कामरूपाख्यं आदिपीठं तदुच्यते,
यस्मिन् पीठे मया देवि कुलमार्गः प्रवर्तितः
तत्र ते पतिता योनिस्तां दृष्ट्वा तत्प्रियं कृतम्। ८०५।

(मेरुतन्त्र)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अकार कामरूप पीठ हो, यसलाई आदिपीठ भन्दछन् जसमा कौलमार्गको मबाट प्रचार भयो। त्यहाँ सतीदेवीको योनि पतन भएको देखेर उनको प्रीतिले मैले त्यसो गरें।) पार्वतीलाई ५१ पीठको वर्णन सुनाउन शिवले भनेको कुरा भनी मेरुतन्त्रमा उल्लेख छ। साथै त्यसैमा उक्त श्लोकपछि भनिएको छ -

आकारः काशिका पीठं...
नेपाले तु इकारः स्याद् गुह्यं तमनु पार्वति
तस्माद्वामस्य मार्गस्य मूलस्थानं तदुच्यते
षट्पञ्चाशल्लक्षमिता भैरव्यो भैरवास्तथा
शक्तीनाञ्च सहस्रे द्वे पीठानाञ्च शतत्रयम्।

(मेरुतन्त्र ८०७-८)

(आकाररूप काशी अन्नपूर्णापीठ हो। इकार पीठ नेपाल हो जहाँ गुह्यस्थान पतन भएको थियो त्यसकारण यो मार्ग (गुह्यमार्ग) जसलाई वाममार्ग पनि भनिन्छ, त्यसको मूलस्थान यही हो। नेपालमा छपन्न लाख भैरव र भैरवीहरू छन्। तेईस सय अन्य शक्तिपीठ छन्।)

मेरुतन्त्रको उपर्युक्त कथनबाट सतीको गुह्यस्थान पतन भएको नेपाल नै हो र यो वाममार्गद्वारा उपासना गरिने मुख्य स्थान रहेछ भन्ने कुरा पनि थाहा हुन्छ। तन्त्रको उत्कर्षकालमा यहाँ वाममार्गको निकै प्रचार थियो भन्ने कुरा पनि अनुसन्धानबाट थाहा हुन्छ।

वैदिक र अवैदिक दुवै किसिमको आगमतन्त्रहरूले मान्यता दिएको गुह्येश्वरीपीठ वाममार्गद्वारा उपासना गरिने र उत्तराम्नायकी अधिष्ठात्री देवी भए पनि अन्य किसिमबाट गरिने उपासनाक्रम यहाँ हुँदैन भन्नचाहिँ मिल्दैन। ध्यान, उपासनाक्रम, मन्त्र, पटल-पद्धति आदि विभिन्न हुन सक्छन्। वाममार्गको सफलताका निमित्त नै स्थान तोकिएको ठाउँ भने गुह्येश्वरी नै हो। तान्त्रिक क्रममा तेस्रो पीठ यसैलाई भनिएकोले निकै पुरातन र विशेष मान्यता प्राप्त गरेको पीठ भन्नुपर्ने हुन्छ। अधराम्नायको उग्र उपासनाक्रम पनि यहाँ हुन्छ।

ऐतिहासिक पक्ष

नेपालको प्राचीन इतिहासका आधार यहाँका वंशावली हुन्। ती पुरातन टिपोट र अनुश्रुतिका सङ्कलनहरू भएकोले सर्वांशमा सत्य नभए पनि तिनले ऐतिहासिक तथ्यको केही पक्ष उद्घाटन गर्दछन्।

नेपालका वंशावलीमा आदिम कथानक दुई पाराका पाइन्छन्। पौराणिक कथाअनुसार द्वापरको अन्त्यमा यहाँ भगवान् श्रीकृष्ण तथा श्रीप्रद्युम्नले दह खोलिदिए। त्यसपछि जलमग्न उपत्यकाको भूमिबाट जल बाहिर गयो, बस्ती बस्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध पण्डितहरूद्वारा लेखिएको वंशावलीको कथा भने अर्कै छ। भगवान् बुद्धअगाडि नेपाल आउने मानवबुद्धहरूमा पहिला बुद्ध विपश्वी थिए। उनी वर्तमानमा नागार्जुन भनिने पर्वतमा आई बसे अनि अलौकिक प्रेरणावश नेपाल खाल्डामा जमेको पानी, जुन 'नागदह' नाउँले पुकारिन्थ्यो, त्यसमा एउटा कमलको बीज रोपे। उनी फर्केपछि ६ महिनामा कमल फुल्यो र अज्ञात भुवनबाट अलौकिक ज्योति आई त्यस कमलको फूलमा स्वयम्भू नाउँले प्रकट भए। त्यसपछि शिखि नामक बुद्ध यहाँ आए। उनले धेरै कुराको भविष्यवाणी गरी त्यसै ज्योतिमा मिले। त्यसपछि विश्वभू नामक बुद्ध त्रेतायुगमा यहाँ आए र फुल्लोच्च गिरिमा बसे। उनले नागदहको जल निस्कने बाटो बताई आफ्ना धाममा गए।

त्यसपछि मञ्जुश्री बोधिसत्त्व यहाँ आई महामण्डलको पर्वतमा बसे। त्यसपछि उनले जल निकास हुने ठाउँ हेरी खड्गले काटी नागदह सुकाइदिए। पानी सुकेपछि हेर्दा सत्ययुगमा आउने विपश्वी बुद्धले रोपेको कमल बीजको फेद गुह्येश्वरीमा थियो। त्यसपछि आदि-शक्तिरूपिणी गुह्येश्वरीको पनि मञ्जुश्रीले दर्शन पाए।

बौद्धपक्षको उपर्युक्त कथाबाट पनि स्वयम्भूरूप बुद्धको निम्ति पनि जन्मदात्री आदि-शक्तिरूपिणी गुह्येश्वरीको मान्यता दिएको कुरा स्पष्ट हुन्छ र शैवमार्गी तथा बुद्धमार्गी दुवै धर्मावलम्बीहरूका निम्ति उत्तिकै महत्त्व राख्ने श्रीगुह्येश्वरीपीठको प्राचीनता बारेमा कुनै सन्देह रहँदैन। यसकारण आजसम्म पनि बौद्धतान्त्रिक र शैवतान्त्रिक दुवै पक्षले गुह्येश्वरीमा विशेष अनुष्ठान गर्दै आएका छन्।

ई.पू. पहिलो शदीतिर जन्मेको महायान बौद्ध सम्प्रदायले पहिलो शदीतिर नै प्रशस्त मान्यता पाइसकेको र निकै क्षेत्रमा यसको विस्तार पनि भएको थियो। नेपाली इतिहासकारहरू यहाँ तेस्रो शदीतिर महायानको प्रवेश भएको उल्लेख गर्छन् र पहिलोदेखि तेस्रो शदीको बीच कुनै समयमा यहाँ त्यो सम्प्रदायको प्रवेश भयो। महायानीहरूका प्रमुख देवता स्वयम्भूको स्थान नेपालमा नै छ। अतः स्वयम्भूसँग सम्बद्ध गुह्येश्वरीको प्रसिद्धि तेस्रो शदीतिर भइसकेको कुरा अनुमान हुन्छ।

समयको उथल-पुथलमा वर्तमान गुह्येश्वरीको आद्यपीठ, जुन एउटा जलाशयको रूपमा थियो, त्यो जङ्गलमा नै हरायो। सम्भवतः यहाँ बौद्धमार्गी प्रभाव बढेको वेला पशुपति तथा मृगस्थलीक्षेत्र उपेक्षित रह्यो। परन्तु गुह्येश्वरी स्वयम्भूकी जननीको रूपमा मानिएकी देवीको उपेक्षा सम्भव थिएन। स्वयम्भूको उत्तरपूर्व नागार्जुन पहाडको उत्तरपट्टि गुह्येश्वरीपीठको स्थापना गरियो। त्यहीँ नै साधना, उपासनाहरू हुन थाले। यो कहिलेदेखि भयो भन्ने कुरा जान्ने साधन पाइएको छैन। यसलाई पुरानो गुह्येश्वरी भन्दछन्।

शैव पुराणहरूले सतीदेवीको गुह्यपतनद्वारा उत्पन्न गुह्येश्वरीभन्दा अलग गुह्येश्वरी आवश्यक ठानेर एक पक्षद्वारा नागार्जुन उत्तरकी गुह्येश्वरीको स्थापना भएको पनि हुनसक्छ। वि.सं. २०३६ सालमा यो स्थानको जीर्णोद्धार भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धतान्त्रिक परम्पराकै समकक्ष नेपालमा शैवतान्त्रिक परम्पराको पनि विकास भयो। कतिपय साधनापक्ष, मान्यतामा, जात्रापर्व उत्सवहरूमा समन्वय र आदर गर्ने परम्परा पनि हुर्क्यो। नेपालका मल्ल राजाहरू धार्मिक पक्षमा शैव, बौद्ध दुवैलाई समान आदर गर्दथे तथा दुवैका धार्मिक मान्यतालाई प्रोत्साहन र सहयोग पनि गर्दथे।

मल्ल राजाहरूमा राजा प्रताप मल्ल विशेष विद्वान्, कवि र तान्त्रिक विधिका ज्ञाता पनि थिए। उनका समयमा बाहिरबाट यहाँ आउने विशिष्ट तान्त्रिकाचार्यहरूमा लम्बकर्ण भट्ट (नारायण भट्ट) र नृसिंह ठाकुर (मैथिल ब्राह्मण) प्रसिद्ध थिए। उनीहरूको सहयोगबाट श्रीगुह्येश्वरीपीठ पशुपतिबाट ज्यादै टाढा नहुनुपर्ने, देवी पीठ एकान्त जङ्गल, पर्वत र नदीकिनारामा नै हुनुपर्ने अनुमान गरी खोजी गर्दा, लहरापात जङ्गलले ढाकिएको ठाउँमा एउटा पुष्करिणी फेला पर्‍यो। साधकहरूको साधनाले त्यसै पोखरीभित्र श्रीगुह्येश्वरीको ज्योतिरूपको दर्शन पाएकोले, श्रीगुह्येश्वरीको पुरातन पीठ यही हो भन्ने निश्चय गरी त्यस पुष्करिणीलाई सफा गरी गाह्रो उठाई, फलामे सत्तरीको दलिन राखी छोपेर चौगिर्दा पर्खाल लगाई, श्रीईश्वरीको ज्योतिर्मय जलको अधिकांश भाग छोपेर त्यसमाथि यन्त्राकाररूप अष्टदलकमल, सन्निकट भैरवको प्रतीक राखी जलको बीचभाग, जो दर्शनस्पर्शन र पूजनका लागि खाली राखिएको छ, त्यसलाई स्फटिक कलशले छोपी, वरिपरि अष्टमातृकागण, भैरव तथा श्रीगुह्येश्वरीका आवरण देवताको स्थापना गरी ने.सं. ७८० (१७१६ वि.सं.) मा मन्दिर खडा गरे। वैशाख शुक्ल एकादशी (वि.सं.१७१६) का दिन प्रतिष्ठा सम्पन्न भयो तथा बाहिर ढोकामा सिंह मूर्तिको स्थापना पनि त्यसै बखत गरे भनिन्छ।

महाकालसंहिता नामक तान्त्रिक ग्रन्थ, जो नेपालमा नै सङ्कलित भएको मानिन्छ, त्यसमा गुह्यकाली खण्डको नाउँले निकै ठूलो ग्रन्थ मुद्रित पनि छ। लगभग एघारौं शदीमा सङ्कलित उक्त ग्रन्थको स्थितिले त्यस वेलासम्म गुह्यकालीको पुरातन पीठको लोप भएको थिएन भन्न सकिन्छ। त्यसपछि नै यो ठाउँ विस्मृत भयो र पाँच सय वर्षपछि पुनरुद्धार भएको पाइन्छ।

त्यसपछिका मान्यताहरू

प्रताप मल्लपछि हुने मल्ल राजाहरूले पनि श्रीगुह्येश्वरीको उपासना, पूजा-वन्दना गरी गहना, भाँडावर्तनका साथै गुठी राखेका पनि छन्। अन्तिम मल्ल राजा जयप्रकाशले छोरा, रानी तथा भाइभारदारको षड्यन्त्रबाट राज्यहरण भएको वेला, तीन महिनासम्म गुह्येश्वरीमा बसी गुप्त साधनाद्वारा देवीलाई रिझाई उहाँबाट प्राप्त खड्गद्वारा राज्य फर्काउन सकेको कुरा वंशावलीमा वर्णन गरिएको छ।

शाहकालिक भाइ-भारदारले पनि श्रीगुह्येश्वरीमा भाँडावर्तन, गहनाहरू चढाएर सम्मान गरेका छन्। वि.सं. १८३६ मा श्री ५ रणबहादुर शाहबाट त्रिकाल गुजराती बाजा बजाउने गुठी राखियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. १९२१/२२ सालमा श्री ३ जङ्गबहादुरबाट अष्टदल भैरवसमेत सुनका पाताले छाउने, नवरत्न जडित सुनको कलश, चाँदीका पूजाका भाँडाहरू चढाउने काम भयो। त्यसैताका राजवैद्य चक्रपाणिले सुनका चार नागहरू बनाई चार कुनाबाट उठाई मन्दिरको शोभा बढाए।

वि.सं. १९९० सालको महाभूकम्पमा मन्दिर तथा सत्तलहरूको केही क्षति भएकोमा श्री ३ जुद्धशमशेरबाट मर्मत गरिएको थियो। त्यसपछि श्री ५ महेन्द्रबाट वि.सं. २०१५ सालमा अष्टदल कमल तथा भैरवको मर्मत भएको थियो भने, वि.सं. २०४४ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारले हुकुम बक्स भएबमोजिम राजा प्रताप मल्लद्वारा स्थापित ढलोटे अष्टदल भैरवमाथि छापिएको सुवर्ण पत्र उखाडी सुन थपी गुठी संस्थानद्वारा मर्मत गर्ने कार्य सम्पन्न भएको छ र नागहरूको मर्मत वैद्य चक्रपाणिकै सन्तानबाट भएको छ।

श्रीगुह्येश्वरीको पर्वपूजाहरू

श्रीगुह्येश्वरीको नित्य नैमित्तिक पूजा त्यहाँ परम्परागत रहेको तान्त्रिक आचाजुहरूबाट सम्पादन हुन्छ। शास्त्रीय परम्पराअनुसार वर्षमा चार नवरात्रि मानिएको छ। यी आश्विन, माघ, चैत्र तथा आषाढ शुक्लमा पर्छन्। नवरात्रिमा देवीपीठहरूमा नैमित्तिक पूजा हुन्छन्। खास गरेर बडादशैँ र चैतेदशैँमा भगवती गुह्येश्वरीमा विशेष पर्वपूजा हुने गर्छ। दशैँमा विशेष पूजा, अष्टमीमा कालरात्रि पूजा पनि सम्पादन गरिन्छ। शुक्लपक्ष वा कृष्णपक्षको अष्टमी तिथिहरूमा भगवतीको विशेष पर्वपूजा हुने गर्छ। दशैँमा विशेष पूजा, अष्टमीमा कालरात्रि पूजा पनि सम्पादन गरिन्छ। शुक्लपक्ष वा कृष्णपक्षको अष्टमी तिथिहरू भगवतीका विशेषपर्वका दिन मानिन्छन्। त्यस्तै कृष्णपक्षमा चतुर्दशी, कुनै नवमी, पूर्णिमाहरू पनि पर्वदिन पर्दछन्।

श्रीगुह्येश्वरीको ठूलो जात्रा हुने पर्वदिन मंसिर कृष्ण नवमी र दशमी पर्छ। वंशावलीकारहरूले गुह्येश्वरीको मन्दिर बनाई नेपाल संवत् ७४४ वैशाख एकादशीमा उक्त मन्दिर निर्माण गरेको कुरा लेखे तापनि उक्त कथनमा त्यति सत्यता देखिँदैन। मन्दिरभित्र अष्टदल कमल र गुह्येश्वरीको कलशभन्दा दक्षिणपट्टिको भैरवको स्वर्णमण्डित पाताभित्र ढलौटे धातुको ढकनी छ र त्यसमा ठूलाठूला टाँसिएका अक्षरको एउटा अभिलेख छ, जुन सुनको पाता मर्मतको निम्ति झिकेको वेलामा मात्र पढ्न पाइन्छ। त्यसमा ने.सं. ७८० आषाढ सुदी स्पष्ट पढ्न सकिने र त्यसपछिका केही अक्षर उखडेका छन्। अतः यो मन्दिरको प्रतिष्ठा वैशाख एकादशीमा गरेको भए ७८१ संवत् हुनुपर्छ। वंशावलीकै उद्धरणलाई प्रमाण मानी श्रीधनशमशेरज्यूले पनि लेख्नुभएको छ। परन्तु त्यो विश्वसनीय नहुँदा अनुसन्धान गर्न बाँकी नै रह्यो।

जात्राको अघिल्लै दिन लिङ्गो काटी ल्याइन्छ र नवमीका दिन खडा गरी श्रीगुह्येश्वरीको विशेष पूजा, उपासना, बलिदान गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालदेखि नै सर्वदेव समन्वयको नीतिअनुसार देव-देवीहरूको एकात्मकता स्थापित गरी जात्रा गर्ने परम्परा रहेको छ। कर्णाटक कुलदेवी तुलजा भक्तपुरमा ल्याई स्थापना गरेपछि राजाहरूकी इष्टदेवीको रूपमा पूज्य भइन्। त्यसपछि देशका प्रत्येकजसो महत्त्वपूर्ण देवताहरूको प्रतीकको रथयात्रा गरी राजदरबारमा ल्याउने तथा तुलजा भवानीसँग समन्वय गर्ने र फर्काउने वा देवीका प्रतीकहरू तुलजामा राख्ने व्यवस्था चल्यो। तदनुसार गुह्येश्वरीको प्रतीक कलश दैनिक दर्शन र पूजाको लागि तुलजा मन्दिरमा नै रहने भयो।

नेपालका प्रमुख देवताको विशेष पर्वजात्राको दिन राजा स्वयम् उपस्थित हुने चलन थियो। यो परम्परा सबै दिन सम्भव भएन। अतः राजप्रतिनिधिको रूपमा राजाको खड्ग लैजाने व्यवस्था भयो।

उक्त परम्पराअनुसार श्रीगुह्येश्वरीको कलश खटमा राखी गुह्येश्वरीमा लाँदा राजप्रतिनिधि खड्गसँगै लगिन्छ। बाजागाजाको साथ गुरुज्यूको पल्टन (शार्दूलजङ्ग) पनि जानुपर्छ। मार्गकृष्ण नवमीमा यो खटयात्रा हनुमान्ढोकाबाट गुह्येश्वरी पुऱ्याइन्छ र विशेष पूजा हुन्छ। दशमीका दिन विशेष पूजापछि भक्तहरूको दर्शन र पूजाको लागि भीड लाग्छ। त्यसपछि साँझमा पूजा गरी गुह्येश्वरीको रथ तल ल्याएपछि लिङ्गो ढाल्ने काम हुन्छ। अनि गुह्येश्वरी तथा भैरवको रथ (खट) बोकी बाजागाजाको साथ श्रीपशुपतिनाथको मन्दिरमा पुऱ्याइन्छ। बाटामा भक्तजनले पूजावन्दना गर्दछन्। गुह्येश्वरीको रथ अमालकोट अगाडिको डबलीमा राखी वायवसान पूजा हुँदा राजाको खड्गलाई श्रीपशुपतिनाथ अगाडि राखी पूजा गरिन्छ।

श्रीगुह्येश्वरीको रथ श्रीपशुपतिनाथ ल्याउँदा पश्चिम ढोकाबाहिर सदावर्त घरअगाडि ल्याएर राखेको वेला १५/१६ ओटा हाँडीमा विभिन्न किसिमका मिठाई, दही र कुनैमा गोबर, सिस्नु फोहोर राखेर मुख छोपिदिएको हुन्छ।

यो प्रथा श्री ५ रणबहादुर शाहबाट चलेको हो। श्री ५ मौसूफका बडामहारानी कान्तवती सदावर्त घरको झ्यालमा बसेर जात्रा नजर हुन्थ्यो। राजाज्ञा पाएका जात्रुहरूले हतपत हाँडीभित्र हात हाल्दा कसैले मिठाइ पाउने भने कसैले गोबर र फोहोर। सिस्नामा हात पर्ने पोलेर कराउँथे। यो मनोरञ्जनको परम्परा कायम नै छ। यसवेला चामल र पैसा छर्ने चलन आजभोलि पनि छ।

यसरी पशुपतिका सन्निकट पूजा समाप्त भएपछि खड्ग हनुमान्ढोका दरबारमा र गुह्येश्वरी तथा भैरवको प्रतीक बोकेको खट तुलजा भवानीको मन्दिरमा भित्र्याइन्छ।

यो जात्रा चलाउने खर्च गुठी संस्थानअन्तर्गत खर्च अड्डाले गर्दछ। यस पर्वमा विशेष पूजा र जात्राको निमित्त श्री ५ रणबहादुर शाहबाट विशेष जगा गुठी राखिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका मठमन्दिरका जात्रामा मन्दिरका रकमीहरूले भोज खानु आवश्यक कुरा हो। गुह्येश्वरीको यो जात्रामा तलेजुका सबै रकमीहरूको उपस्थिति हुन्छ।

विश्वब्रह्माण्डरूपी श्रीचक्रकी नायिका तुलजा र विराट्स्वरूपा पराशक्ति मानिएकी गुह्यकालीको एकरूपतामा अन्तर छैन भन्ने कुरा यस जात्राले देखाउँछ र तुलजाको प्रतीक चक्र छ भने गुह्येश्वरीको प्रतिकृति कलश छ। गुह्येश्वरीको गुठी, रकमी र अन्य व्यवस्थाको चर्चा गर्नु यहाँ सम्भव छैन।

सन्दर्भसामग्री

१. यजुर्वेद अध्याय १६

२. विद्यानाथ उपाध्याय, ध्येय चिन्तन

३. महाकालसंहिता गुह्यकाली खण्ड ३ र त्यसको भूमिका

४. **पीठानि चैकपञ्चाशत् पञ्चाम्नायस्थदेवताः**
तत्र तिष्ठन्ति ये देवास्त्रयस्त्रिंशन्मितानि च
उपपीठानि यत्प्रोक्ता षडाम्नायस्थदेवताः
तत्तेषां तु समुद्दिष्टं तत्राथ हृदयोर्ध्वतः
तेऽङ्गपातो यत्र जातस्तत्र तिष्ठन्ति वैदिकाः
ततो दक्षिणमार्गश्च सिद्ध यन्त्रंत्रवामकः *(मेरुतन्त्र ८०४-५ श्लो.)*

५. हिमवत्खण्ड

६. नेपालको ऐतिहासिक रूपरेखा, पृ. ५५-५८

७. बाबुराम आचार्य, नेपाली, ४२ अङ्क

८. देवमाला वंशावलीको पृ.१५, गोरक्ष ग्रन्थमालाको ८८ औं पुष्प, प्र.पीर महन्त क्षिप्रानाथ योगी मृगस्थली

९. ऐ.ऐ. पृ.१६

१०. गुह्येश्वरीमा रहेको पानस आदि भाँडावर्तनका अभिलेख

११. देवमाला वंशावली र गुह्येश्वरीमा भएको अभिलेख

१२. ऐ.ऐ. पृ.१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. देवमाला वंशावली तथा मठमन्दिरको जीर्णोद्धारपछि लेखिएको पुस्तक, सं. पण्डित सोमनाथ, संकलनकर्ता कृष्णप्रसाद घिमिरे

१४. नवशक्ति समायुक्तं नवरात्रं तदुच्यते।

एकैव देवदेवेशी नवधा परिनिष्टिता, बोधनं भोजनं चैव शयनं परिवर्तनम्। चतुर्धा नवरात्रन्तु भोगमोक्षप्रदं भवेत्। इषे प्रबोधनं चैव माघमासेऽथ भोजनम्। चैत्रे तु रापनं प्रोक्तं आषाढे परिवर्तनम्॥ प्रबुद्ध सनातनरहस्यम् ४ पटल, पृ.२३३

१५. पश्चिमपट्टि र दक्षिणपट्टि स्वस्ति॥ श्री श्री गुह्येश्वरी यात प्रीतिन सङ्गीत पारङ्गत महाराजाधिराज विद्वत् चूडामणि श्री श्री राजेन्द्र कवीन्द्र जय प्रताप मल्लेन धातुस्य तया संवत् ७८० आषाढ शुदी पूर्वपट्टि पू.

उत्तरपट्टि- पशुपतिलालिते राजराजेन्द्रसंसारे सारभूते रघुपतिविमले वंशराजे सुजात रविकुलतिलकश्रीकवीन्द्रै

पुनः पश्चिम –प्रतापैर्गुह्येश्वर्यार्पित कनकमयं पद्मपत्रं त्रयं च॥

(यो अभिलेख सुनका पाताले छोपिएको छ। जीर्णोद्धार गर्दा मोहन खनाल र म भएर पढिएको हो।)

१६. प्रज्ञा, ने.रा.प्र.प्र.

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रका जात्रापर्वहरू

–कुलचन्द्र कोइराला

श्रीवज्रेश्वरीदेवी (देवपत्तन)

श्रीवज्रेश्वरीदेवीको पीठ श्रीपशुपतिनाथको मन्दिरभन्दा दक्षिण वर्तमान चक्रपथको पुलमुनि पर्दछ। यो पीठ श्रीपशुपतिनाथको नौं आवरणदेवीमध्ये पहिलो पीठ मानिन्छ। वज्रेश्वरीको नाउँले यी देवी बौद्धपरम्पराभित्रका हुन् कि भन्ने भ्रम हुन्छ तापनि महालक्ष्मीको रूपमा यिनको मान्यता छ। तान्त्रिक कथनानुसार फाल्गुन एकादशी मृगशीर्ष नक्षत्र मङ्गलबारका दिनमा श्रीमहालक्ष्मीको जन्म-तिथि मानिन्छ।[1]

वंशावली अनुसार वज्रेश्वरीको उत्पत्ति कथा यस प्रकार छः-

अघि प्राचीनकालमा पिङ्गल नाम गरेको पोडेले श्रीपशुपतिनाथको दक्षिण ढोकाबाट बाहिर आउन लागेकी एउटी सुन्दरी देवीलाई देख्यो। उनी को हुन् भन्ने कौतुकले पछिपछि लागेर जाँदा हाल पिङ्गल टोल अथवा पोडेटोल भनिने ठाउँमा वाग्वतीकिनारको श्मशानमा पुगेपछि नृत्य गर्न लागेका क्षेत्रपाल (भैरव)लाई देख्यो। मध्यरात्रिको बीचमा नाच्ने भैरवहरू पनि अलप भए साथै पोडेका अघिअघि जाने देवी पनि त्यसै ठाउँमा पुगी हराइन्।

यो देखेर पिङ्गल पोडेले निकै खेद् गरे। जसरी पनि यी देवीको दर्शन गर्ने भन्ठानी त्यसै ठाउँमा तपस्वीरूपले देवीको ध्यान गरी पिङ्गल बस्ने गरे। संयोगवश धेरै दिन बितेपछि फाल्गुन कृष्ण एकादशी मृगशिरा नक्षत्र भौमवारका दिनमा धेरै देवीदेवता, भैरवहरू त्यहाँ भोज खान जम्मा भएछन्। भोजको भाग लगाउँदा जे पनि एक भाग बढी नै भयो। यो देखी आश्चर्य मानी भोजका भाग लगाउनेले प्रश्न गर्दा श्रीवज्रेश्वरीबाट आज्ञा भयो- 'मेरो दर्शन पाउनाको लागि एउटा भक्त तपस्या गरी बसेको छ, त्यसैको भाग बढी भयो होला।'

वज्रेश्वरीबाट यस्तो आज्ञा भएको सुनी त्यस भक्तलाई पनि बोलाएर भोज खुवाउनुपर्‍यो भनी तपस्या गरेको ठाउँमा गई बोलाएर ल्याई उसको भाग जिम्मा लगाइयो। भोज समाप्त भएपछि

१ फाल्गुनैकादशी युक्ता मृगे भौमे च या तिथिः। जातस्तस्य महालक्ष्मी सर्वसौभाग्यदायिनी॥ वज्रेश्वरी महालक्ष्मी सर्वसौभाग्यसिद्धिदा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीवज्रेश्वरीबाट पिङ्गललाई आज्ञा भयो– 'तिमीले मेरो किन उपासना गऱ्यौ ?' पिङ्गलले हात जोडी वज्रेश्वरीसँग बिन्ती गरे– 'यी देशका चातुर्वर्ण साथमा राखी हजुरलाई रथारोहण गराई चैत्रकृष्ण औंसीका दिन जात्रा गर्ने इच्छा छ, आज्ञा पाऊँ।' पिङ्गलको बिन्ती सुनेपछि देवीबाट पुनः आज्ञा भयो- 'म यो देवपत्तनमा महालक्ष्मीको रूपमा देशोद्धार गर्न बसेकी हुँ। यसकारण चार वर्णबाट मेरो आमन्त्रण र पूजा गरेपछि मात्र अन्य पीठदेवीहरूको यात्रा र पूजाको आरम्भ गर्नू तिम्रो इच्छा पूरा हुन्छ।'

भगवतीको आज्ञा भएबमोजिम श्रीवज्रेश्वरीको पूजा आमन्त्रणपछि मात्र अन्य पीठ श्रीवत्सलेश्वरीको पूजा पर्व गरिन्छ। श्रीवज्रेश्वरीको पूजालाई देशोद्धार पूजा भनिन्छ। चैत्र कृष्ण द्वादशीका दिन देवपत्तन इलाका सिफलका ढोकादेखि श्रीभुवनेश्वरीतर्फ जाने कुनाछे टोलभित्रका ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र चार वर्णका एक एक व्यक्तिले श्रीवज्रेश्वरीको पीठमा गई निम्ता गरिएका जनप्रतिनिधिबाट पुजारीमा वरण गरिएका उपर्युक्त चार वर्णमा ब्राह्मणदेखि क्रमैसँग चारै जनालाई फेटा बाँधिन्छ। ब्राह्मणमा राजोपाध्याय, क्षत्रियमा वैद्य र बाँडा, वैश्यमा डङ्गोलहरू र शूद्रमा सङ्गत जातिलाई लिने चलन छ। यसरी वरण गरिएका व्यक्तिहरूबाट त्रयोदशीका दिन कुमारी पूजा गरिन्छ, चतुर्दशी (प्रेतचतुर्दशी, चैत्र कृष्ण) का दिन देशोद्धार पूजा गरिन्छ र औंसीका दिन श्रीवज्रेश्वरीको खटजात्रा गरिन्छ। यो खटजात्रा प्राचीन कालमा पोडेहरूको बस्ती भएको ईंटाटोलबाट आगमघरमा राखिएकी वज्रेश्वरीलाई खटमा राखी श्रीपशुपतिक्षेत्र देवपत्तन इलाकाभरि घुमाउने परम्परा रहेको छ।

शास्त्रीय प्रमाणअनुसार चैत्र कृष्ण औंसीका दिन वर्षसमाप्ति हुन्छ। शुक्लप्रतिपदादेखि नववर्षारम्भ भएको मानिन्छ। शक संवत्को यसै दिनदेखि नयाँ वर्ष सुरु हुन्छ र चन्द्रमानले विक्रम संवत्को पनि चैत्र शुक्ल प्रतिपदादेखि नै नववर्षारम्भ भएको मानिन्थ्यो। शुदी वदीको सट्टा सौरमानले वर्ष गन्ने परम्परा बसेपछि मेषसङ्क्रान्ति वैशाख १ गतेदेखि नयाँ वर्ष सुरु हुन्छ। यसपछि श्रीवत्सलामाईको जात्रा सुरु हुन्छ, जसको प्रारम्भ चैत्र कृष्णाष्टमीका दिन श्रीपशुपतिनाथद्वारा काठमाडौंका देवीदेवतालाई निम्ता गरी सुरु गरिन्छ। निम्ता दिने परम्परा निम्नानुसार छ।

श्रीपशुपतिनाथको क्षेत्रमा वत्सलेश्वरी जात्राको कार्यक्रम

प्रत्येक वर्षको चैत्र कृष्ण अष्टमीका दिनमा बेलुकाको श्रीपशुपतिनाथको आरती सकिएपछि श्रीपशुपतिनाथको अघोर मुख (दक्षिणमुख) का पुजारी भट्ट एक जना, मूल भण्डारी चार जना, कोताल (कोतवाल) दुई जना श्रीपशुपतिनाथका आसागुर्जा लिई, प्राचीन पंचैबाजा र दुदु च्याँच्याँ पापा छ्याङ छ्याङ भन्ने बाजासमेत बजाई श्रीपशुपतिनाथको सानो मूर्ति (जुन मन्दिरभित्रै रहेको चलमूर्ति छ) सानो खटमा राखी श्रीपशुपतिनाथका मन्दिरबाट प्रस्थान गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खट बोकी पहिले श्रीभुवनेश्वरीका मन्दिरमा लगिन्छ। त्यहाँ बत्ती बाली भुवनेश्वरीको आराधना गरेपछि श्रीभुवनेश्वरीका पुजारीसमेत भोग बोकी श्रीपशुपतिनाथको खटसँगै पछि लाग्दछन्। भुवनेश्वरीबाट खट उठाई सिफलको बाटो गई धोबीखोलाका किनारमा रहेका श्रीभण्डारेश्वर महादेवका मन्दिरमा पुगी बत्ती बाली आराधना गर्ने काम हुन्छ। भण्डारेश्वरबाट उठाएको श्रीपशुपतिको खट सानो गौचर निस्कने बाटो हुँदै श्रीज्ञानेश्वर महादेवका स्थानमा पुऱ्याइन्छ। त्यहाँ पनि दीपदान गर्ने कर्म सकी खट उठाई श्रीनक्साल भगवतीको मन्दिरमा लगी दीपदान गर्ने कार्य हुन्छ। नक्सालबाट हात्तीसार तथा तीनधारा पाकशाला निस्कने, प्रज्ञा-भवनको उत्तरतर्फको बाटो हुँदै जमलेश्वर (जमल) को पाटीमा पुगी खट विश्राम गरिन्छ। जमलबाट उठाएको श्रीपशुपतिनाथको खट हनुमान्‌ढोका निस्कने बाटो हुँदै जैसीदेवलपट्टिबाट लगन पुऱ्याई लगनको डबलीमा विश्राम गरिन्छ। त्यहाँबाट केही व्यक्तिहरू गई मचलीमा पुग्छन् र त्यहाँ दीपदान गर्ने कार्य हुन्छ। मचलीबाट फर्की पुनः रथ (खट) उठाई सीधा श्वेतकाली (नरदेवी) पुऱ्याइन्छ र त्यहाँ पनि दीपदान गर्ने कार्य सम्पन्न गरिन्छ। नरदेवीबाट श्रीपशुपतिनाथको खट असन निस्कने बाटोबाट कमलाक्षी, तीनधारा पाकशाला, कमलपोखरी, ज्ञानेश्वर, सिफल हुँदै श्रीपशुपतिनाथमा पुऱ्याइन्छ। श्रीपशुपतिनाथको मन्दिर र श्रीवत्सलामाईको मन्दिरलाई परिक्रमा गरी श्रीपशुपतिनाथका मन्दिरका पालोवाला मूल भण्डारीका घरमा पुगी खट बिसाइन्छ। त्यहाँ खटमा राखिएका देवताको पूजा हुन्छ र रातभरि त्यहीँ राखी भोलिपल्ट श्रीपशुपतिनाथको मन्दिरमा पुऱ्याई देवता राख्ने परम्परा छ।

यो परम्परा कहिले कसले सुरु गरेको हो भन्न सकिँदैन। जसरी जुनजुन प्राचीन देवताको मन्दिरमा रथ पुऱ्याई दीपदान गर्ने चलन छ त्यसबाट यो प्राचीन परम्परा भएको र काठमाडौं सहर बसाउँदा स्थापना भएका अथवा प्राचीन सहरका सीमामा स्थापित देवीहरूलाई श्रीपशुपतिनाथद्वारा आमन्त्रण गरिएको रहेछ भन्ने थाहा हुन्छ। प्राचीन काष्ठमण्डप नगरलाई कोलिग्राम भनेको पाइन्छ। यो उत्तर कोलिग्राम र दक्षिण कोलिग्राम भनेर दुई भागमा विभाजित थियो। दक्षिण कोलिग्राम हनुमान्‌ढोकादेखि दक्षिण लगनक्षेत्र र उत्तर कोलिग्रामको सीमा जमल, नरदेवी भोटाहिटीसम्म भएको अनुमान हुन्छ।

नक्साल हात्तीसारतिरबाट तीनधारा पाकशाला निस्कने बाटो प्राचीन मूलबाटो रहेछ भन्ने थाहा हुन्छ। श्रीपशुपतिनाथबाट आउने प्राचीन मूलबाटो सिफल निस्कने ढुङ्गा छापेको बाटो थियो, जुन अतिक्रमण भइसकेको छ। नक्सालबाट हात्तीसार हुँदै आउने बाटो मूल बाटोको कुरा अंशुवर्माकालिक अभिलेखबाट पनि जान्न सकिन्छ। श्रीचाँगुनारायण र श्रीपशुपतिनाथ नेपालका प्राचीन राष्ट्रिय देवता भएका नाताले प्राचीन देवताहरूलाई विशेष पर्वमा आफैं गएर भोज खान निम्ता दिने परम्परा रहेको पाइन्छ। श्रीपशुपतिनाथको श्रीवत्सलेश्वरी-पार्वतीसँग विवाह गर्ने अथवा शिवपार्वती विवाहलाई संस्मरण गराउने यो यात्राको सुरुआत निकै पुरानो हो भन्ने कुरा यसका परम्पराहरू हेर्दा थाहा हुन्छ। वत्सलेश्वरीको जात्राको विशेष विवरण निम्नानुसार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री वत्सला भगवती पशुपतिक्षेत्र

लोकोक्ति एवं वंशावलीका उक्तिहरूः-

प्राचीन कालमा पार्वतीका साथ भगवान् शङ्कर बस्नुभएको बेलामा पार्वतीले सम्पूर्ण पृथ्वी घुमेर हेर्ने इच्छा प्रकट गर्नुभयो। पार्वतीको इच्छा थाहा पाएर सारा गणसहित भएर पार्वतीलाई विश्वभ्रमण गर्ने शङ्करले आदेश गर्नुभयो। गणसहित घुम्दै पशुपतिक्षेत्रमा आएपछि पार्वतीलाई ठाउँ अत्यन्तै राम्रो लागेकोले केही दिन बस्ने विचार गरी शिवगणलाई कैलास जान आज्ञा भयो। प्रमथ गणद्वारा पार्वती पशुपतिक्षेत्रमै बसेको थाहा पाएर पार्वतीलाई कैलासमा फर्काउनका निम्ति सम्पूर्ण देवताहरूलाई समेत बोलाई बाजागाजासाथ श्रीशङ्कर लिन जानुभयो।

बडो धूमधामसाथ देवताहरूसमेत लिई शिवजी लिन आउनुभएको कुरा पार्वतीले थाहा पाउनुभयो। उहाँको अझै यो ठाउँ छाड्ने इच्छा थिएन। यसकारण लिन आउने देवतासहित श्रीशिवजीलाई पनि हातमा लिइराखेको जलपात्रको जल छर्किदिई सबैलाई भेडा बनाइदिनुभयो।

भेडाको जिन्दगी पाएका शिवसहितका देवताहरू त्यसैमा रमाए। शिवजीसहित सम्पूर्ण देवताहरू भेडा भएर बसेको थाहा पाई श्रीविष्णु भगवान् छटपटिनुभयो। उहाँ एउटा मात्र पार्वती लिन जाने बगालमा हुनुहुन्नथ्यो। पार्वतीले उहाँलाई पनि यहाँ पठाइदिन अरू देवीहरूलाई अह्राउनुभएको थियो। यो कुरा थाहा पाउने विष्णु श्रीदक्षिणकाली भगवतीको आराधनामा लाग्नुभयो। वर्तमान दक्षिणकाली नजिकको श्मशानमा बसी साधना गर्दा दक्षिणकाली प्रसन्न भई वरदान माग्ने आज्ञा भयो। श्रीविष्णुले सम्पूर्ण देवतालाई भेडा बनाएको उपाख्यान बताउनुहुँदै सबैको उद्धार हुने वर माग्नुभयो।

श्रीदक्षिणकालीबाट आज्ञा भयो- 'मलाई पनि पार्वतीबाट विष्णुलाई पठाइदिन भनी आज्ञा भएको थियो, किन्तु तिम्रो सेवादेखि म प्रसन्न छु। यसकारण यो मोहनी मन्त्र म तिमीलाई दिन्छु र यसको जप गर्दा तिमी साना बालकको रूप धारण गर्नेछौ। मन्त्रका प्रभावले कसैले चिन्ने छैनन् र देवताको उद्धार गर्न सकौला।'

श्रीदक्षिणकालीबाट यस्तो वरदानसहित मोहनीमन्त्र प्राप्त गरेपछि त्यस मन्त्रका प्रभावले विष्णु बालक रूप हुनुभयो र पशुपति-क्षेत्रमा आई श्रीवज्रेश्वरीमा (यो ठाउँ चक्रपथको पुलमुनि पूर्वपट्टि पर्छ) बसी मन्त्र जप गर्न लाग्नुभयो।

एकदिन श्रीपार्वतीका सखीहरू घुम्दै आउँदा बालकरूप विष्णुलाई देखे। मोहनीमन्त्रका प्रभावले मोहित भएका पार्वतीका सखी योगिनीहरूलाई त्यो बालक ज्यादै राम्रो लागेकोले पार्वती भएको ठाउँमा लगे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनीमन्त्रका प्रभावले पार्वतीले पनि चिन्न सक्नुभएन । उहाँलाई पनि यो बालक ज्यादै राम्रो लागेकोले साथैमा राख्नुभयो । केही दिनपछि श्रीविष्णुकै इच्छाबमोजिम भेडा चराउने काम सुम्पियो ।

भेडाको बथानमा एउटा ठूलो मूल भेडो थियो । यी भगवान् श्रीपशुपतिनाथ हुन् भनेर चिनी विष्णुले धेरै प्रकारबाट स्तुति गर्नुभयो । तर उनले सुनेको नसुनेजस्तै गरे । हार मानेर मोहिनीमन्त्र जप्तै पार्वतीकै सेवामा रहनुभयो । खुशी भएकी पार्वतीले विष्णुरूप बालकलाई काखमा राखेर 'तिमीलाई के इच्छा छ माग' भन्नुभयो । पार्वतीलाई मागेको कुरा दिने बाचा बधाई विष्णुले भन्नुभयो– 'अम्वे ! यी भेडाको हामीलाई के काम, आज्ञा भए यी सबैको बलि दिन्छु ।' मोहनीमन्त्रका प्रभावमा परिसकेकी पार्वतीले हुन्छ भनेर आज्ञा दिनुभयो ।

विष्णुले तुरुन्तै खड्ग लिएर पटापट भेडाहरू छिनाल्न थाले । सबै भेडा सकेपछि शिवरूपी ठूलो भेडाको पालो आयो । त्यो देखेर पार्वतीको होश फर्क्यो । भेडा काट्ने सुरमा विष्णुले पनि मोहनीमन्त्र जप्न बिर्सेछन् । श्रीपार्वती ठूलो स्वरले 'पख पख' भनेर आत्तिँदै कराउनुभयो । पार्वतीको आतस र विष्णुको छलिया रूप देखेर शिवजीले हाँसी भेडाको रूप छाडी आफ्नो स्वरूप लिनुभयो ।

विष्णुले भगवान् शङ्कर र पार्वतीको स्तुति गर्नुभयो । खुशी भएका शिव-पार्वतीले 'वर माग' भन्दा विष्णुले सम्पूर्ण भेडा बनेका देवताहरू बाँच्ने र आफ्नो रूपमा उत्रने वर माग्नुभयो । देवताहरूले पनि पार्वतीको रमाइलो खेलवाडबाट उद्धार पाएकोले श्रीशिव-पार्वतीसहित विष्णुको पनि स्तुति गरे ।

शिवपार्वतीले विष्णुलाई आज्ञा भयो– 'तिमी यो चरित्र सम्झाउने रूपमा सानो बालककै रूप धारण गरेर यहीँ बस । तिम्रो दर्शन गरेर पापीहरूले आफ्नो पाप नाश गर्न पाऊन् ।' श्रीशिवपार्वतीको आज्ञालाई शिरोधार्य गर्दै सानो बटुकरूप भएर विष्णु यहीँ बसे । श्रीवत्सलामाईको मन्दिरको दक्षिणपट्टि बालकरूप विष्णुको सानो मन्दिर छ । आजभोलि यस मन्दिरका देवतालाई आकाशभैरव पनि भन्दछन् । यो मन्दिरको पूजा-पर्व चलाउने गुठी पनि राखिएको छ ।

यसपछि श्रीशिवजीले पार्वतीलाई कैलास जान आज्ञा गर्नुभयो । पार्वतीले शिवजीसँग बिन्ती गर्दै भन्नुभयो– 'प्रभो ! अबदेखि यी सम्पूर्ण देवतासहित हामी पनि यही रमणीय क्षेत्रमा बसौँ, यो ठाउँ मलाई ज्यादै मनपरेको छ ।'

पार्वतीको इच्छा बुझेर श्रीशङ्करले पनि उक्त कुरालाई स्वीकार गर्नुभयो र श्रीशङ्करजी ज्योतिरूप श्रीपशुपतिनाथको रूपमा र पार्वती श्रीवत्सलेश्वरीको रूपमा तथा अन्य देवगण पनि आफ्नो कलाले यो पाशुपतक्षेत्रमा निवास गर्न लागे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यससम्बन्धी देवमाला वंशावलीको कथन

श्रीवत्सलादेवी ईश्वरी आफ्ना गणसहित श्रीगुह्येश्वरी प्रकट भएदेखि नै पीठरूपमा विराजमान हुनुहुन्थ्यो। यो बहुत तेजस्वी उग्र पीठ हो। सूर्यवंशी राजा श्रीशिवदेवका पालामा कलिगत २८९५-९६ मा यो पीठलाई नेपालको आदिमूल पीठ ठहराई वैशाख शुक्ल एकादशीका दिन उत्तर फाल्गुनी नक्षत्र वरीयान्योग वृहस्पतिवारका दिन पूजा र नरबलि विधिपूर्वक गरी शिलाको पद्माकार वत्सला बनाई यन्त्रभित्र गुप्त गरी प्रतिष्ठा स्थापना गरी देवालय बनाई सेवा गरी आएको हो। त्यसको २।३ वर्षपछि यी ईश्वरीमा विधिपूर्वक आमन्त्रण कर्म भनी काठमाडौंका भद्रकाली कङ्केश्वरीहरू र अरू सबै देवताहरू चैत्रवदी (दुदुच्याँच्याँ अष्टमी) का दिन श्रीपशुपतिनाथबाट निम्तो दिई प्रेतचतुर्दशी (घोडेजात्राको समय चैत्रकृष्ण चतुर्दशी) का दिन कौमारीगणयुक्त देवीहरू आह्वान गरी देवी (वत्सला) का स्थानमा विराजमान गराई तन्त्रोक्त शास्त्रबाट महासङ्कष्टविधिले नरबलि दिई नर शिवाहरूको (भाले स्याल) कोलाहल गरी कराउन लगाई मातृकागणलाई भक्षण गर्न लगाई सन्तुष्ट गरी विसर्जनको वेलामा अनेक द्रव्य, दक्षिणाभेटी, वस्त्र दिई सम्मान गर्ने परम्परा प्रतिवर्षको निम्ति चलाइदिएका थिए।

राजा शिवदेवका पाँचौं पुस्ताका सन्तान राजा विश्वगुप्त (विष्णुगुप्त) का पालामा कलिगत वर्ष ३१८१ मा यो वत्सलामा नरबलि प्रतिवर्ष चलाउन कष्ट भयो भनी देवीलाई शान्तिपूजा गरी निख्खरा (अङ्ग भङ्ग नभएका काला बोका) जोडा बोका बलि दिने रीत चलाइदिए। शिवा (स्याल) अह्वान गर्न नसक्दा मनुष्य नै कोलाहल गरेको (श्याल कराएको) यी राजा हेर्न जाँदा हाँसी ठट्टा गरी बस्ता नरशिवाले राजालाई समात्न गयो र राजा खुशी भई नरशिवालाई धेरै खेत सेवा बिर्ता दिएको आजतक भोग्दै छन्।

उपर्युक्त वंशावलीको कथनमा साल-संवत् नमिले पनि विधिविधानको परम्परा रही नै रहेको र स्याल कराउनेले जग्गा भोगी आजसम्म उक्त पर्वमा स्याल कराउने परम्परा रहेकोले उक्त कथनका धेरै अंश सत्य मान्नुपर्ने भएको छ।

शैव तन्त्रहरू द्वैतवादी पनि छन्। विनाशक्तिको शिवको कल्पना नै गर्न नसकिने हुनाले र शिवपत्नी पार्वतीका दुर्गा, काली, भद्रकाली आदि अनेक रूपको महत्त्व वैदिक कालमा नै पाइने हुनाले राजा शिवदेव प्रथम (छैटौं शदी) को पालामा वत्सला पीठको स्थापना भएको मान्न सकिन्छ। नरबलि दिने प्रथा पनि ज्यादै पुरानो हो। यो प्रथा राजा शिवदेव प्रथमले चलाएको भए पनि प्रतिवर्ष यो कर्म सम्पादन गर्न मुश्किल भएकाले विशेषरूपले वैष्णव धर्ममा आस्था राख्ने राजोचित उपाधियुक्त विष्णुगुप्तले नै नरबलि बन्द गरेको कुरा मान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान अवस्थामा वत्सलेश्वरीको जात्रा गर्ने परम्परा

प्रतिवर्ष चैत्रकृष्ण अष्टमीका दिनमा श्रीपशुपतिनाथका दक्षिण मुखका पुजारी भट्टले बेलुकाको श्रीपशुपतिको आरती सकेपछि सानो खटमा श्रीपशुपतिनाथको (स्थानभित्रै रहने सुवर्णको) प्रतिमूर्ति खटमा राखी बाजागाजा साथ श्रीभट्टसहित गई विभिन्न देवीहरूलाई निमन्त्रणा दिनुपर्छ। त्यो क्रम यस प्रकार छ -

उपर्युक्त देवीदेवतालाई निमन्त्रणा दिने कार्य २ घण्टा करिबमा सकेर श्रीपशुपतिको खट फर्कन्छ। उपर्युक्त श्रीपशुपतिको मूर्ति साबिक ठाउँमा नै राखिन्छ। यो निम्तो गर्न जाने व्यक्तिहरू दक्षिण मुहारका पुजारीका साथमा मूल भण्डारी पनि जानुपर्छ। चार जवानले खट बोक्दछन् र बाजा बजाउने कुशलेहरू पाँच जवान हुन्छन्। यो दूर्वाष्टमीका दिन गरिने पर्व भएकोले स्थानीय भाषामा दुदुच्याँच्याँ भन्दछन्। प्रेत चतुर्दशीको (चैत्रकृष्ण अमावास्या) का दिन बिहान सबेरै चार हात खुट्टा टेकी श्रीवत्सलाको मन्दिरको चार कुनामा स्यालगुठीको आम्दानी खानेले स्याल कराउनुपर्छ। त्यस ठाउँमा स्याल देवता पनि हुनुहुन्छ।

भट्टद्वारा पूजा

यस पर्वमा श्रीवत्सलामाईको मन्दिरमा गई मूलभट्ट लगायतका भट्टहरूले पनि पूजा उपासना गर्नुपर्दछ। मूलभट्टका तर्फबाट दुईटा बोका बलि अर्पण गर्नुपर्छ। यो काम मूल पुजारीको प्रतिनिधि भई बिसेट नाइकेले गर्दछन्।

श्रीवत्सलाको यात्रा वत्सरारम्भबाट सुरु हुन्छ। शाके संवत्को नयाँ वर्ष चैत्र शुक्ल प्रतिपदादेखि सुरु भएको मानिन्छ। औंसीका दिन प्रसिद्ध घोडेजात्रा हुन्छ। त्यसै दिन श्रीवत्सलामाईको खटजात्रा सुरु हुन्छ। यो खटमा श्रीवत्सलेश्वरी श्रीपशुपतिनाथको संयुक्त मूर्ति हुन्छ। माथिल्लो भाग शिव र तल्लो भाग देवी भई दुइटा मूर्ति छुट्टिएको हुन्छ। पहिलो दिन इँटाटोलबाट नवाली टोलमा लगी राख्दछन्। भोलिपल्ट देवपत्तनका भक्तजनहरूको घर-घरमा घुमाई पूजा गर्दछन्। बेलुका सन्ध्याकाल भएपछि श्रीपशुपतिनाथको प्राङ्गणभित्र पश्चिम ढोका नजिक ल्याई दुईपटक खट ठोकाउनुपर्छ। यो बेला श्रीपशुपतिनाथबाट श्रीवत्सलामाईलाई आज्ञा हुन्छ रे - 'जहाँ पायो त्यहीं जाने, जे पायो त्यही खाने कस्तो बानी बस्यो तिम्रो ?'

यसको जबाफमा पार्वतीस्वरूप वत्सलाबाट 'भक्तले बोलाएको ठाउँमा गएँ, उनीहरूले श्रद्धाले दिएको खाएँ, यसले के भैहाल्यो त ?' भन्ने आज्ञा हुन्छ। यो वादविवाद चर्कँदै गएपछि रिसाएकी पार्वती त्यहाँबाट फर्केर अमालकोटमा पुग्दछिन्। अर्थात् श्रीवत्सलाको खट बोकी अमालकोटमा पुऱ्याइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि पार्वतीलाई फर्काउन श्रीपशुपतिनाथबाट आफ्ना पुजारी सुसारेहरूलाई आज्ञा भएको मानिन्छ। तदनुसार श्रीपशुपतिका मूल पुजारीसहितका चार जना भट्टहरू, अमालकोटका कर्मचारी, भण्डारका कर्मचारी, बाजावाला रकमीहरूलाई श्रीका मूल पुजारीले फेटा बाँधिदिएपछि, आसागुर्जा, चमर, पङ्खासमेत साथमा लिई श्रीवत्सलामाईलाई लिन जानुपर्ने परम्परा छ। उहाँ पुगेपछि– 'श्रीपशुपतिनाथबाट आज्ञा भएबमोजिम हामी हजुरलाई लिन आएका छौं' भनी बिन्ती चढाउनुपर्छ। पार्वतीस्वरूप श्रीवत्सलाले 'म आउँला' भन्ने आज्ञा हुन्छ। साथै श्रीका मूलपुजारीका वचनबाट श्रीको खट डबलीबाट ओरालिन्छ। यसैबेला श्रीचन्द्रविनायक गणेशजीले चावहिलबाट आमा वत्सलालाई लिन पठाउनुहुन्छ। श्रीगणेशको आज्ञाले चावहिलका जनता आई श्रीवत्सलाको खट बोकी लगेर गणेशस्थानअगाडि राख्दछन्। चावहिलबाट पनि लावालस्करका साथ बाजागाजा गरी लिन जाने चलन छ।

भोलिपल्ट द्वितीयाको दिनमा अमालका रकमीहरू बाजागाजासाथ आई श्रीवत्सलाको खट बोकी अमालकोटमा पुऱ्याउँछन्। त्यहाँबाट दिनभरि टोलटोलमा घुमाई जात्रा पर्व मनाउँछन्। बेलुका श्रीपशुपतिनाथको पश्चिम ढोकामा पुऱ्याई मूलढोका (पश्चिमपट्टि मन्दिरकै) मा तीनपटक खट जुधाउने परम्परा छ। यसैबेला श्रीपशुपतिनाथको प्रतिनिधि भई मूल पुजारीले श्रीवत्सलामाईलाई सिन्दूर चढाउनुपर्दछ।

अघि यस जात्राको बेला पार्वती बाहिर सवारी हुने हुँदा र श्रीपशुपतिको पूजा गर्दा पार्वतीसहितको नै पूजा गर्नुपर्ने भएकोले पार्वती नफर्केसम्म श्रीपशुपतिनाथको पनि दैनिक पूजा रोकिराख्ने चलन रहेछ। यो खबर सुनी तत्कालिक प्राइमिनिष्टर हेर्न जाँदा श्रीपशुपतिनाथको पूजा रोकिराखेको देखी प्रश्न गर्दा 'संयुक्त पूजा गर्नुपर्ने हुँदा श्रीपार्वती नफर्केसम्म रोकिराखेको हो' भनेछन्। जात्रा गर्नेहरूले आफ्नो इच्छाले खट घुमाउँछन्, श्रीपार्वतीको पूजा पनि भई नै रहन्छ। यसकारण 'श्रीपशुपतिनाथको नित्य पूजा नरोक्नू' भनेकाले आजकल पार्वतीको आह्वानसाथ श्रीपशुपतिनाथको दैनिक पूजापर्व हुन्छ।

देशका प्रसिद्ध पीठका देवीहरूलाई निम्ता गरेकोमा श्रीनवसागर (नक्साल) भगवती मात्र सवारी हुन्छ अर्थात् नक्साल भगवतीलाई खटमा राखी बोकेर प्रतिपदाकै दिन श्रीपशुपतिको मन्दिरमा पुऱ्याउँछन्। साँझमा वत्सलाको खटले ढोकामा ठक्कर दिएजस्तै गरेर जुधाउने चलन छ।

लोकोक्ति अनुसार नक्साल भगवतीले दिदी पार्वतीलाई नदेखेपछि पशुपतिसँग 'खोइ त भिनाजु ?' भनेर सोध्नुहुन्छ। उहाँले सालीलाई भन्नुहुन्छ– 'जहाँ पायो त्यहीँ जान्छ्यौ, जे पायो खान्छ्यौ भनी मैले तिम्रो दिदीसँग ठट्टा गरेको त, मसित रिसाई ठुस्सिएर बाहिरतिरै गएकी छिन्। तिमी गएर सम्झाऊ, भिनाज्यूले ठट्टा पो गरेको त ! रिसानी भएको छैन भनेर। म लिन पठाउँछु, उनी आऊन्।'

यसपछि श्रीपशुपतिनाथको सन्देश बोक्ने नक्साल भगवतीको खट, सुसारेहरूले बोकी अमालकोटमा पुऱ्याई श्रीवत्सलाको खटसँग जुधाउँछन्, अर्थात् भेट गराउँछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवसागरकी भगवतीले वत्सलालाई हाँस्तै भन्नुहुन्छ- 'तपाईं हामीलाई बोलाउने, आफूहरू झगडा गर्ने राम्रो भयो त ? भिनाजुले ठट्टा गर्नुभएको रहेछ, त्यतिकैमा तपाईं रिसाएर यता आउनुभएछ। छि! लोग्ने-स्वास्नीको ठट्टामा पनि यति ठूलो चर्काचर्की हुन्छ ? उहाँले लिन पठाउँछु भन्नुभएको छ तपाईं झट्टै गइहाल्नोस् ।'

यसरी दिदीलाई सम्झाएर नक्साल भगवती फर्कनुहुन्छ। तैपनि श्रीवत्सला यो दिन अझै घुर्की लगाई छोराको घरतिर लाग्नुहुन्छ र भोलिपल्ट राति मात्रै श्रीपशुपतिनाथ भएको ठाउँ पुग्नुहुन्छ र जात्रा विसर्जन हुन्छ।

यसरी हाम्रा धार्मिक जात्रापर्वहरू लोकरञ्जन हुने कथाहरू बोकेर चलेका छन्। यस्तै लोकपरम्पराका आधारमा पर्वहरू गरिन्छन् र यो विधिविधान अनिवार्य रूपमा सम्पादन गरिन्छ।

परम्परागत अनुश्रुति र तदनुरूप सम्पन्न गरिने जात्राहरूको मौलिकता स्थानीय बूढापाका, महन्त, पुजारी, गुठियार एवं जनताहरूले नै संरक्षण गरी आएका छन्। 'बूढो मऱ्यो भाषा सऱ्यो' भन्ने हाम्रो उखानको जीवन्तता यिनै अलिखित विधिविधान, नियम कानुनमा बाँधिएका छन्, जसको उल्लङ्घन कतैबाट पनि गरिँदैन।

त्रिशूल यात्रा (देवपत्तन)

श्रीपशुपतिनाथको क्षेत्र देवपत्तन (द्यौपाटन) मा गरिने महत्त्वपूर्ण जात्राहरूमध्ये श्रीवज्रेश्वरी जात्रा, वत्सलेश्वरी जात्रा र त्रिशूल जात्रा पर्दछ। यो जात्रा आषाढ वदि (कृष्णपक्ष) को अष्टमीदेखि सुरु हुन्छ। अष्टमी तिथिलाई श्रीभगवतीको उपासना गर्ने तिथि मानिएको छ।

प्राचीन वंशावलीको कथनअनुसार यो जात्रा राजा अमर मल्लले ने.सं. ६३४ तदनुसार वि.सं १५७१ आषाढदेखि चलाएका हुन् भनिन्छ। यससम्बन्धी वंशावलीको कथा र प्रचलित किंवदन्तीअनुसार श्रीवत्सलेश्वरीका पुजारी मुनिबन्धु नामका आचाजु थिए। उनी तान्त्रिक साधना गर्ने परम तान्त्रिकाचार्य भएकाले उनैका प्रयासले यो जात्रा चलाएको हो भनिन्छ। मुनिबन्धुको सल्लाहअनुसार तान्त्रिक विधिविधानद्वारा नौ प्रकारको रथ बनाई मुसल, शङ्ख, त्रिशूल, खड्ग, पाश, बलि आदि आयुधले युक्त गरी कुमार-कुमारी नौ जनालाई रथमा राखी प्रतिवर्ष आषाढ कृष्णाष्टमीका दिन श्रीईशानेश्वर प्रदक्षिणा गरी यात्रा गर्ने रीत चलाए। यस जात्राको लागि धेरै खेत गुठी पनि राखे।

उपर्युक्त कथन वंशावलीको भए तापनि आजभोलि यस जात्रामा ३ खटहरू मात्र राखेर जात्रा गरिन्छ। (नियमतः गणेश, भैरव, कुमार र अन्य नौ कुमारी हुनपर्ने हो तर कुमारी हुन योग्य व्यक्तिको अभावमा यो छोटो परम्परा चलेको देखिन्छ)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीजयवागेश्वरी भण्डार तहविलबाट एउटा खटमा गणेश, कुमार र कुमारी राखी खट उठाइन्छ। एउटा खट श्रीवज्रघरबाट उठाइन्छ, त्यसमा पनि एक जना कुमारलाई सिँगारेर राखिएको हुन्छ। तेस्रो खट श्रीवत्सलामाईको नजिक रहेकी श्रीजयमङ्गलामाईको स्थानबाट उठाउनुपर्छ। यस खटको खर्चबर्चचाहिँ श्रीभुवनेश्वरीको गुठीबाट पुजारीले व्यवस्था मिलाउँछन् भने नपुग रकम गुठी संस्थानबाट दिनुपर्छ। वज्रघरबाट चलाउने जात्रा स्थानीय वैद्यबाट चलाउँछन्। जयवागेश्वरीबाट उठाउने रथको खर्च जयवागेश्वरी भण्डार तहविलबाट गरिन्छ। वंशावलीको कथनअनुसार बन्धुमुनि आचार्यले यो जात्रा तान्त्रिक विधिबाट सुरु गरेका थिए। केही समयपछि, बन्धु आचार्य आफूलाई एउटा कोठामा बन्द गरी 'छ महिनासम्म कसैले नखोल्नू म समाधिमा हुन्छु' भनी आफ्ना परिवार र चेलाहरूलाई अह्राई, यो शरीर त्यहीँ छाडी परकायाप्रवेश गरी सञ्जीवनी बूटी खोज्न भनी गएका थिए। यो कुरा थाहा पाई उनको रिस गर्ने एउटा कान्तिपुरनिवासी छुल्याहाले 'ती बन्धु आचार्य मरिसके, उनको लास थुनी राखेको छ' भनी पोल लगाएकोले उनकी पत्नीले कोठा खोली हेर्दा उनको निर्जीव लास मात्र पाइयो। लासलाई लगेर संस्कार गरेपछि सञ्जीवनी खोज्न गएका आचार्य पनि फर्केर आइपुगे। घर नजिक आइपुग्दा आफ्नो शरीर दाहसंस्कार भरखरै भइसकेको थाहा पाई उनी अन्यत्रै लागे।

यो भेद पछि खुलेकाले, त्रिशूल यात्राको रथ पछिपछि एउटा शव राख्ने खटमाथि उक्त बन्धु आचार्यको लासको प्रतीक बनाएर कपडाले छोपी सँगसँगै सहर घुमाउँछन् र यो जात्रामा घुम्ने देवपत्तनका बूढापाकाहरू मिलेर कान्तिपुरे स्त्री जातिलाई धूमधामसँग गाली गर्दछन्। शायद उनकी पत्नी र चुक्ली लगाउने स्त्री पनि कान्तिपुरकी थिइन्। नेवारी भाषामा जेजति गालीका शब्द छन्, ती सबै प्रयोग गर्ने परम्परा रहेको छ। कसैले लाज भाँड बोली गाली गर्न सकेन भने ठिटालाई हटाई बूढापाका नै गाली गर्न तम्सन्छन्।

यस जात्रामा सर्वप्रथम जयमङ्गलाको खट उठाइन्छ र वज्रघरको नजिक पुगेपछि वज्रघरबाट पनि खट उठाइन्छ। दुवै खट भुवनेश्वरी पुगेपछि बन्धु आचार्यको पुष्पमयशवको खट पछि लगाइन्छ। सो खट भुवनेश्वरीको मन्दिर हुँदै श्रीजयवागेश्वरीको मन्दिरमा पुर्‍याउँछन्। यसपछि जयवागेश्वरीको खटमा एक कुमार र दुई कुमारी राखी उठाउँछन्। प्रत्येक कुमारकुमारीलाई त्रिशूलले उनेर आन्द्रा त्रिशूलमा बेह्रिएको देखिन्छ। जात्रा गरुन्जेल कुमारकुमारी बेहोश अवस्थामा नै हुन्छन्। यो खट बोक्नेहरूले कछाड मात्र लगाएका हुन्छन् र खट उठाएपछि बिसाउन पाइँदैन। यो खट बोकेर सिफलको वरिपरि घुमाइन्छ। सिफलबाट फर्काएर पुनः जयवागेश्वरी पुर्‍याई पाचाटोल र वज्रघर हुँदै वत्सलेश्वरीको मन्दिरमा पुर्‍याएर त्रिशूलजात्राको समाप्ति हुन्छ र खाली खटहरू यथास्थानमा लगेर राखिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गामाई जात्रा

श्रीपशुपतिनाथको पूर्व ढोकाबाट तल झर्दा आर्यघाट पुगिन्छ। आर्यघाटमा श्रीगङ्गा भवानीको मूर्ति स्थापना भएको छ। आषाढ शुक्ल सप्तमीका दिनमा श्रीगङ्गाको जात्रा सुरु हुन्छ। यो जात्रा गर्ने खट (रथको रूपको) चार पाङ्ग्रे हुन्छ।

श्रीपशुपतिनाथको मन्दिरभित्र रहेको गङ्गामाईको मूर्तिलाई आषाढ शुक्ल सप्तमीका दिनमा बिहानै मन्दिरबाट झिकी आर्यघाटमा लगी विशेष पूजावन्दना गरिन्छ। श्रीपशुपतिनाथका अमालकोट कचहरीका रकमीहरू बाजा, आसागुर्जा समेत लिई आर्यघाटमा आउँछन्। साथै शार्दूलजङ्ग (गुरुज्यूको पल्टन) पनि बाजागाजासहित उक्त जात्रा चलाउन आइपुग्दछन्।

श्रीपशुपतिनाथको मन्दिरभित्र रहेको गङ्गालाई आर्यघाटमा लगी पूजा गरेपछि बोकेर ल्याई वज्रघरमा तयार पारिएको चार पाङ्ग्रा लागेको खटमा राख्दछन्। त्यहाँबाट त्यो खट (रथ) तानी श्रीवनकाली, गौशाला, श्रीजयवागेश्वरी, श्रीताम्रेश्वर (द्यौपाटन) मा घुमाई त्यहाँबाट पाचाटोलको ओरालो बाटोबाट लगी श्रीपशुपतिनाथको पश्चिम ढोकासम्म पुऱ्याई, त्यहाँबाट रथ पुनः फर्काई वज्रघरमा पुगेर यो जात्रा विसर्जन गरिन्छ। श्रीगङ्गामाईलाई बोकी श्रीपशुपतिनाथको मन्दिरभित्र लगी राखिन्छ।

यस जात्राको रथ गुठी संस्थानले बनाइदिनुपर्छ। समयबजी बाँड्ने काम साबिक दरबन्दीबमोजिम गुठी खर्च अड्डाले गर्नुपर्छ। यस जात्रामा श्रीपशुपति गोश्वारा, अमालकोट कचहरी, समरजङ्ग कम्पनी, शार्दूलजङ्ग पल्टनसमेत सम्मिलित रहनुपर्दछ। यस जात्रा एकै दिनमा समाप्त हुन्छ।

श्रीगङ्गामाईको जात्रामा पनि हनुमान्ढोका राजदरवारबाट राजाको प्रतीकको रूपमा श्रीशार्दूलजङ्ग कम्पनीले राजखड्ग ल्याएका हुन्छन् र यात्रा समाप्तिपछि खड्ग फर्काइन्छ।

श्रीपशुपतिनाथ (देवपत्तन) मा खड्गजात्रा

देवपत्तन उपत्यकाको सर्वप्राचीन सहर मानिन्छ। श्रावण शुक्ल पूर्णिमाको भोलिपल्ट अर्थात् भाद्र कृष्ण प्रतिपदाका दिन काठमाडौंमा गाईजात्रा पर्व हुन्छ। यो जात्रा गर्ने विधान बौद्धतन्त्रमा पाइन्छ। शैवतन्त्रमा पनि यो पर्वको उल्लेख छ भनिन्छ। तर प्राचीनतन्त्र साहित्य सबै पढ्न नपाएकाले प्रमाण उद्धृत गर्न सकिएन।

यो गाईजात्राको भोलिपल्ट अर्थात् द्वितीयाका दिन देवपत्तनमा खड्ग जात्रा गरिन्छ। यो जात्राको रमाइलो के भने, एउटा लोग्नेमान्छेले दुवै काँधमा आइमाईका चोला-फरिया ५।६ जोर काँधमा हाली बोक्दछ र हातमा खड्ग लिएर नाच्दछ । यस्ता व्यक्तिहरू २०।३० जवानहरू हुन्छन्। सबैले स्त्रीजातिको धोती चोला बोक्नैपर्दछ। दौडदै नाच्दै द्यौपाटनका सबै टोल घुमिसक्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस जात्राको सुरुआत के-कसरी भयो भन्ने कुराको थाहा पाइँदैन। बूढापाकाहरू पनि यो हाम्रो परम्परा हो, पहिलेदेखि नै चलिआएको भन्दछन्। यो खड्गजात्रा गर्ने व्यक्तिहरूले केवल कछाडमात्र बाँधेका हुन्छन्। शायद प्राचीनकालमा स्त्री रूपधारी पुरुषहरूले युद्ध विजय गरी आफ्नो सकली पुरुष रूपमा प्रकट भएर विजयोल्लास मनाएको हुनुपर्छ। त्यस्तै विशिष्ट कामको सम्झनामा यो जात्रा प्रतिवर्ष मनाउने चलन चल्यो होला। यो परम्परालाई वंशावलीले पनि केही भनेको पाइँदैन।

यो जात्रा भाद्र कृष्ण द्वितीयाको दिन ३।४ बजे सुरु गरिन्छ र यो एकै दिनमा समाप्त हुन्छ। देवपत्तनभरि गरिने जुनसुकै जात्रा पनि श्रीपशुपतिनाथको ढोकामा नपुऱ्याई विसर्जन हुँदैन, सबै जात्रा घुमाउने बाटो पनि उही हो। द्यौपाटनमा ताम्रेश्वर र पशुपति दुई देवताको प्रदक्षिणा अवश्य नै गरिन्छ।

रोपाइँजात्रा (देवपत्तन)

खड्गजात्रा सकेको भोलिपल्ट अर्थात् तृतीयाको दिनमा रोपाइँ जात्रा गरिन्छ। यस जात्रामा पनि विशेषता नै देखिन्छ। देवपत्तनका लोग्नेमान्छेहरूले चोलो फरिया लगाउँछन्, खास्टो ओड्दछन्। कपाल ढाकी पूरा स्त्रीरूप भई हातमा रुमाल लिएर धान रोपाइँ गरेजस्तै निहुरेर हात तलमाथि गर्दै गीत गाई नाच्दै हिँड्नुपर्छ।

यसरी रोपाइँ गर्ने रोपाहारका साथसाथै पुरुष भेषमा अरू मानिस पनि हुन्छन्। उनीहरू हातमा कोदाली झ्याली बोकी बाउसे गरेको नक्कल गर्दछन्। केही पुरुषहरू दौरासुरुवाल लगाई पटुका बाँधी हातमा बटुका बोकेका हुन्छन्। यिनीहरू पनि नाचीनाची हिँड्दछन्। रोपाइँ गर्ने साना ठूला गरी २०।३० जना जति स्त्रीभेषधारी र बाउसे लोग्ने मानिस ५।६ जवान हुन्छन्। साना साना केटाकेटीलाई पीताम्बरको धोती लगाइदिन्छन्। उनीहरूका हातमा कर्द, चक्कु, सानो कचौरा बोकाइदिएका हुन्छन्। यी बच्चाहरूलाई झल्लरी छाता ओडाइएको हुन्छ। पछाडि विभिन्न प्रकारका बाजा बजाई हिँड्नेहरू हुन्छन्। यस जात्रामा मानिसलाई नै गोरु बनाई जोती ल्याउँछन्। हलोको सट्टा डोरीले बाँस बाँधी घिच्याउँछन् तथा हलो पाए हलो नै जोतिन्छ।

यस जात्राको सुरुमा दर्शकहरूलाई हँसाउने खालको अभिनय गरिन्छ। ख्याल ठट्टा गरी हँसाउने व्यक्तिहरू कालो रातो रङ्ग पोतेर बहुरूपिया बनेका हुन्छन्। द्यौपाटनमा गरिने यो रोपाइँजात्रा अत्यन्त नै रमाइलो हुन्छ। यस जात्राको परम्परा पनि ज्यादै पुरानो मानिन्छ।

देवपत्तनमा रोपाइँजात्रापछि नै रोपाइँ हुँदा उब्जावाली नहुने भएकाले यो जात्रा गरिने अर्थात् यसैवेला रोप्नुपर्ने एउटा खेतबाहेक अरू खेत असारमा नै रोप्न पाऊँ भनी द्यौपाटनका जनताले माग गरेअनुसार रोपाइँ गर्न पाउने स्थिति बन्देज भएको कुरा प्राचीन अभिलेखबाट पनि थाहा पाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवपार्वती नृत्य (देवपत्तन)

श्रीपशुपतिक्षेत्र द्यौपाटनमा प्रतिवर्ष आश्विन कृष्ण, (पितृपक्ष) मा प्रतिपदाका दिनदेखि तृतीयाका दिनसम्म तीन दिन श्रीशिवपार्वती नृत्यजात्रा गर्ने परम्परा छ। श्रीभगवान् शङ्कर नाट्यशास्त्रका आदिप्रवर्तक मानिन्छन्। समस्त नृत्यविधामा नाट्येश्वर शिवको प्रथम अभ्यर्थना गरिन्छ। शिवताण्डवनृत्य प्रसिद्ध नृत्य हो। नाट्यशास्त्रमा वर्णित १०८ नाट्य विधाका ज्ञाता भगवान् नाट्येश्वर मात्रै छन्।

शिवको नाट्यमूर्तिको बाहुल्य दक्षिण भारतका मन्दिरमा देख्न पाइन्छ र मन्दिरका सभामण्डपमा विविध नाट्यमुद्राका चित्र अङ्कित भएको पनि देख्न पाइन्छ।

नेपालमा शिवशक्तिको उपासना गर्ने प्रथा अत्यन्त प्राचीन हो। साथै दक्षिण भारतसँग नेपालको सम्बन्ध पनि प्राचीन हो भन्ने कुरा यहाँका अभिलेख र सांस्कृतिक परम्पराले पनि व्यक्त गर्दछन्।

देवपत्तनमा नचाइने शिवपार्वतीनृत्य झण्डै ताण्डवनृत्यको पाराको हुन्छ। यस नृत्यमा महादेवले मुकुट (मुकुण्डो) लगाउनुपर्छ र पार्वतीले लहङ्गा लगाउँछिन् र शिरमा मात्र मुकुट लगाएकी हुन्छिन्। यो नाच बेलुका बत्ती बालेपछि मात्रै सुरु हुन्छ। पहिले श्रीपशुपतिको अमालकोटअगाडिको डबलीमा नृत्य सुरु हुन्छ र देवपत्तनका टोल तथा श्रीपशुपतिका पुजारीहरू बसेका घरघरमा पनि यो नृत्य प्रदर्शन गरिन्छ।

श्रीपशुपतिनाथ, श्रीगुह्येश्वरी, श्रीचावहिलगणेश, चारुमती वहाल आदि ठाउँमा यो नृत्य हुन्छ। यस नृत्यमा भाग लिने चावहिलका शाक्य जाति तथा सङ्गत जातिका व्यक्तिहरू पनि हुन्छन्। नृत्य रमणीय हुन्छ र बाजाको विभिन्न लय तथा ध्वनिमा यो नृत्य गरिन्छ। सहनाई, झ्याम्टा, झ्याली, दमाहा, ढोलक आदि प्राचीन वाद्यहरू बजाइन्छ र नृत्यको ताल, स्वर, लय गीतद्वारा प्रस्तुत हुन्छ। प्राचीन नेवारी भाषामा रचित गीतहरूले नृत्यमुद्राको विविधता उपस्थित गर्दछन् अर्थात् गीतको भाकाले नै नाचको मुद्रा, तालहरू भावभङ्गीमा एवं कलात्मक विविधता ल्याउँछ। साधारणतया यो शिवपार्वती नृत्य नृत्यकलाको दृष्टिले चार किसिमको हुन्छ। यस नृत्यविधाका किसिमहरू छुट्याउन अन्वेषणात्मक प्रयत्न हुनुपर्ने देखिन्छ। यसको मुकुट, तासको सुरुवाल, दोहोरो पारेर लगाएको माला तथा पार्वतीको जामा आदिको अध्ययन गर्दा यो नृत्य परम्परा किरातकालीन सभ्यताभित्र नै हुर्केको अनुमान हुन्छ। यस नाचको कार्यक्रम श्रीपशुपतिको अमालकोटबाट चलाइन्छ र यसका पोशाक तथा मुकुटहरू पनि अमालकोटमा नै रहन्छन्।

श्रीगणेशजात्रा चावहिल

देवपत्तनको चावहिलक्षेत्र पनि द्यौपाटन क्षेत्रभित्र नै पर्दछ र चावहिलका देवताहरू पनि श्रीपशुपतिनाथसँग नै सम्बद्ध छन्। चावहिलका रक्तविनायक (जसलाई चन्द्रविनायक पनि भन्दछन्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस क्षेत्रका प्रसिद्ध गणेश हुन् । यसको उत्पत्ति पनि श्रीपशुपतिनाथको जस्तै स्वयं प्रादुर्भाव भएको मानिन्छ ।

श्रीगणेश वैदिक साहित्यमा भगवान् शिवका गण वा गणपतिका रूपमा देखिन्छन् र पौराणिक कालमा शिवपार्वतीपुत्रका रूपमा प्रख्यात छन् । हिन्दूहरूको शास्त्रीय परम्परामा विघ्न नपरोस् भनी कुनै पनि कर्म गर्दा पहिले गणेशको पूजा गरिन्छ । बौद्धहरूमा पनि विघ्ननाशकको रूपमा गणेशको मान्यता छ ।

शिवपरिवारभित्र मानिएका गणपतिको श्रीपशुपतिनाथको सान्निध्य रहनु आवश्यक नै हुन्छ। यसकारण पशुपतिक्षेत्रको सर्वप्राचीन मानिएको श्रीवत्सलेश्वरीको जात्रामा श्रीवत्सलेश्वरीको रथ चावहिल गणेशको स्थानमा पुऱ्याई राखिन्छ ।

यी गणेशको माहात्म्यका विषयमा वंशावलीमा लेखिएको छ- प्राचीन समयमा यो देवपत्तन क्षेत्रमा चन्द्रदेव भन्ने कुनै राजा राज्य गर्दथे । उनीलाई शत्रुले युद्धमा परास्त गरे । राजपाठ हरिएका राजाले श्रीपशुपतिनाथको आराधना गरे । श्रीपशुपतिनाथबाट उनलाई कल्पवृक्षको फेदमा रहेका हस्तिमुख गणेशको आराधना गर, कष्ट छुट्ला भन्ने आज्ञा भयो । राजाले हस्तिमुख गणेश (चावहिल) को सेवा गरे । गणेशका प्रसादले गर्दा चन्द्रदेव राजाको राजपाठ शत्रुहरूले फर्काइदिए ।

चन्द्रदेवद्वारा आराधना गरिएका गणेश भएकाले चन्द्रगणेश पनि भन्दछन् र कसैले रक्तगणेश पनि । शरीरमा घाउ खटिरा तथा असाध्य चर्मरोग हुने व्यक्तिले यी गणेशको सेवा गरेमा निको हुन्छ भन्ने जनविश्वास छ ।

श्रीवत्सलेश्वरीको जात्रा श्रीलिच्छवि राजा शिवदेवले चलाएको भन्ने कुरा वंशावलीकारहरूले उल्लेख गरेका छन् । राजा शिवदेवको समय छैटौं शताब्दीको अन्त्यतिर पर्दछ । त्यस जात्रामा श्रीवत्सलेश्वरी र श्रीचावहिलगणेशको समायोजन हुने हुँदा यी गणेशको स्थापना एवं मान्यता छैटौं शताब्दीभन्दा अगाडिको मान्नुपर्ने भएको छ परन्तु मूर्तिले चाहिँ यो भन्न मिल्दैन तापनि टुटफूट तथा असुन्दर मूर्तिहरूको बदलामा नयाँ मूर्ति बनाई प्राणप्रतिष्ठा गरी स्थापना गर्ने हिन्दूका शास्त्रवचन भएकाले मूर्ति हेरेर देवताको उत्पत्तिकाल निर्धारण गर्ने कुरा युक्तिसङ्गत हुँदैन ।

उक्त चावहिल गणेशको जात्रा, राजा भूपालेन्द्र मल्लकी रानीले चलाएको कुरा वंशावलीमा उल्लेख भएको पाइन्छ । राजा पार्थिवेन्द्र मल्ल ने.सं. ८०७ मा परलोक भएपछि भूपालेन्द्र मल्ल राजा भएका हुन् । वि.सं. १७४४ मा राजा हुँदा भूपालेन्द्र मल्ल सानै थिए । उनी वयस्क भएपछि नै रानी पनि केही गर्न सक्ने स्थितिमा भइनन् होलिन् । वंशावलीले ८०५ ने.सं.मा भनेको पाइन्छ । यदि यस संवत्मा हो भने भूपालेन्द्रकी रानी नभएर आमाले जात्रा चलाउने व्यवस्था बाँधेको हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाको दिन र प्रतिपदाको दिनमा यो जात्रा गरिन्छ। रानीले सपनामा श्रीगणेशको आज्ञा पाएर श्रीपशुपतिनाथको विशेष पूजा गरी आज्ञा मागेर सुनको अभेद्य कवच र मूर्ति बनाई जात्रा चलाउने व्यवस्था गरिन्। यस मूर्ति जात्रामा मात्र निकालेर खटमा राखिन्छ। यो जात्रापर्व चलाउन उनैले धेरै गुठी राखेकी छिन्। यी कुराहरू त्यहाँ रहेका शिलापत्रको अध्ययनबाट पनि थाहा हुन्छ।

जात्रा सुरु गर्दा कार्तिक शुक्ल चतुर्दशीका दिन बेलुका श्रीगणेश तथा भैरवको अगाडि धुनी जगाउँदछन् र जात्रामा घुमाउने देवीदेवताहरू ल्याएर मन्दिरमा स्थापना गर्दछन्। देवताको पूजा आरती गरेर कन्याकुमारी तथा कुमार ल्याई पूजा गरी भोजन गराउँछन्। त्यो रातभरि मन्दिरमा भनजकीर्तन हुन्छ। जाग्राम बसिन्छ। भोलिपल्ट टोलभरिका जनताले श्रीगणेश, श्रीभैरवलाई पूजा गर्दछन्। बेलुका अमालकोट कचहरीका सबै रकमीहरू बाजागाजासाथ आई पूजा गर्ने परम्परा छ। पूजापछि गणेश र भैरवलाई रथमा राखिन्छ र त्यहाँ भएका देवस्थलभरि घुमाइन्छ। त्यसपछि गणेश मन्दिरपछाडिको चौरमा रथ (खट) पुऱ्याएर नचाउने कार्य हुन्छ। यसपछि खट बोकेरै गङ्गाहिटी धारामा पुऱ्याई त्यहाँको जलले गणेश भैरवलाई स्नान गर्ने विधि सम्पादन गरिन्छ।

गङ्गाहिटीबाट फर्काएको रथमा पाँचसात घरले पूजाआजा गरेपछि राती खट लगेर भगवान्‌बहालमा राखिन्छ। भोलिपल्ट प्रतिपदाको दिनमा बिहान खट भगवान्‌बहालको तल्लो टोलमा ल्याई पूजा गरिन्छ। पूजा जनताहरूबाट गरिन्छ। यसपछि गणेशको रथ बोकेर श्रीपशुपतिनाथको मन्दिर परिक्रमा गराइन्छ। भैरवको रथचाहिँ कुटुवहालमा लगेर राखिन्छ।

श्रीपशुपतिनाथबाट श्रीगणेशको रथ फर्काई कुटुबहालमा नै पुऱ्याइन्छ। त्यहाँ गणेश, भैरवको पूजा गरी दुवै रथ सँगसँगै कुटुबहालदेखि चावहिल बजार हुँदै चुच्चेपाटीसम्म पूजाआजा गराउँदै लैजान्छन्। बेलुकातिर रथ फर्काएर भगवान् मन्दिर हुँदै श्रीबहालमा पुऱ्याइन्छ। चावहिलको प्रसिद्ध बहाल नै श्रीबहाल हो र त्यहाँ रथ पुऱ्याई राती ११ बजेसम्म विशेष पूजाआजा हुन्छ। यसपछि श्रीभैरवको रथ (खट) ले श्रीगणेशको रथलाई तीनपल्ट प्रदक्षिणा गराई त्यहींभित्रको डवलीमा नै रातभर राखिन्छ।

भोलिपल्ट ९।१० बजेको समयमा अन्य ससाना खटमा श्रीगणेश र श्रीभैरवलाई राखी लावालस्कर मिली लावा, दूबो, सिन्दुर छर्दै सबै टोल घुमाई श्रीगणेश तथा श्रीभैरवलाई काँधमा बोकी निर्धारित स्थानमा लगी राख्दछन्।

यस जात्रामा प्रमुख रूपमा सबैले भाग लिने र देवता त्यहाँका शाक्य भिक्षु (बाँडा) का घरमा लगेर राख्दछन्। यसरी कार्तिक शुक्लपूर्णिमा र मार्ग कृष्ण परेवाको दिन जात्रा गरेर द्वितीयाका दिन विसर्जन हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगुह्येश्वरी जात्रा

नेपाल उपत्यकाभित्रका देवीपीठहरूमध्ये सर्वप्राचीन र वैदिक तथा बौद्ध दुवै वर्गबाट समान रूपमा मानिएकी देवी श्रीगुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ। श्रीपशुपतिनाथको शक्तिको रूपमा र श्रीस्वयम्भूकी जन्मदात्री पराशक्तिको रूपमा यिनको मान्यता छ। श्रीगुह्येश्वरीको पीठबाट प्रादुर्भाव भएको कमलको फूलमा स्वयम्भू ज्योतिस्वरूप प्रकट भएको कथा प्राचीन वंशावली र बौद्ध साहित्यमा पढ्न पाइन्छ भने पौराणिक र आगमशास्त्र तन्त्रअनुसार दक्षप्रजापतिका यज्ञमा प्राण त्याग गर्ने सतीदेवीको गुह्यस्थान पतन भएको ठाउँमा श्रीगुह्येश्वरीपीठ देवी प्रादुर्भाव भएको कथा पाइन्छ।

श्रीमहाकालसंहिता भन्ने बृहद् तान्त्रिक ग्रन्थको गुह्यकाली खण्डमा भगवती श्रीगुह्येश्वरीको उपासना, सपर्या तथा माहात्म्य वर्णन गरिएको पाइन्छ। साथै अन्य तान्त्रिक ग्रन्थमा पनि श्रीगुह्येश्वरीको माहात्म्य पढ्न पाइन्छ।

नेपाली तान्त्रिक परम्परामा श्रीगुह्येश्वरी र श्रीतुलजा भवानीको समन्वय मानिन्छ। श्रीगुह्येश्वरी कुण्डरूपमा हुनुहुन्छ भने श्रीतुलजा भवानी श्रीयन्त्रको विशिष्ट रूपमा रहनुभएको छ। साथै श्रीतुलजाको बाला रूपमा श्रीकुमारीको स्थापना र मान्यता नेपालको आफ्नै मौलिकता हो।

श्रीभगवती गुह्येकालीको विशेष पूजापर्व, तीन नवरात्रका अष्टमी नवमीमा गरिन्छ अर्थात् चैत्रशुक्ललाई चैतेदशैं भनिन्छ भने आश्विन शुक्ल नेपालीहरूकै निम्ति बडादशैं पर्व हो। यसबाहेक भाद्रशुक्ल पनि देवीउपासना गरिने नवरात्र हो। यस पक्षकै अष्टमी पनि महाअष्टमीको रूपमा नै मानिन्छ। तिनै नवरात्रका महाअष्टमीका दिन विशेष पूजाको साथै रात्रिमा कालरात्रिको आह्वान गरी पूजा गरिन्छ।

मार्गशीर्ष कृष्णपक्षका नवमी र दशमीको दिनमा श्रीगुह्येश्वरीदेवीको रथजात्रा गरिन्छ। यो जात्रामा श्रीगुह्येश्वरीको निम्ति लिङ्गो खडा गरेर ध्वजोत्थान गरिन्छ।

तीनै लोकलाई आक्रान्त गरेर रहेको ज्योतिर्लिङ्गको रूपमा स्तम्भ (लिङ्गो) को मान्यता वैदिक कालदेखिकै हो। ठूलाठूला यज्ञमा यज्ञस्तूप (मौलो) गाडिन्थे। आज पनि कोटदेवी (कोत) मा बलिकर्मको निम्ति काठको मौलो अनिवार्य हुन्छ। विधिपूर्वक काटेर ल्याएको निखुनी काठको खम्बा (लिङ्गो) मा ध्वजापताकाले सिँगारेर खडा गरेपछि नै यज्ञरूप जात्रा सुरु गर्ने आर्य परम्पराको अक्षुण्ण रूपले नेपालीहरू पालना गर्दै आएका छन्।

विधिपूर्वक काठको लिङ्गो काटेर ल्याइन्छ र जात्रा सुरु गर्नुभन्दा पहिले ध्वजोत्थान गरिन्छ। त्यसपछि नवमीका दिनमा श्रीतुलजा भवानीका मन्दिरमा रहेको श्रीगुह्येश्वरीको प्रतीक कलश र श्रीभैरव देवतालाई रथमा राखी उत्सवसाथ बेलुका श्रीगुह्येश्वरीको मन्दिरमा ल्याइन्छ। विशेष पूजा र आरती गरिसकेपछि विश्राम गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिपल्ट दशमीका दिनमा बिहानदेखि बेलुकासम्म भीडभाडका साथ पूजा हुन्छ। यस दिनको पूजाको निम्ति प्रशस्त भक्तजनहरू जम्मा हुन्छन्। बेलुका देवीलाई खटमा राखी जात्रा गरिन्छ। श्रीगुह्येश्वरीको प्राङ्गणबाट रथ तल ल्याएपछि लिंगो ढाल्ने काम हुन्छ। यसपछि श्रीगुह्येश्वरी तथा श्रीभैरवको रथ बोकी बाजागाजा उत्सवका साथ श्रीपशुपतिनाथको मन्दिरमा पुऱ्याइन्छ र बाटामा भक्तजनहरूले पूजा गर्दछन्।

पशुपतिक्षेत्रका गङ्गामाई र गुह्येश्वरीका जात्रामा गुरुज्यूको पल्टन जानुपर्छ। यस जात्रामा श्रीगुह्येश्वरीका रथसँगै हनुमानढोका दरबारबाट राजखड्ग (राजाको प्रतीक) पनि ल्याउनुपर्छ। श्रीगुह्येश्वरीको रथ श्रीपशुपतिनाथको अमालकोट कचहरीका अगाडि डवलीमा विश्राम गराई वायवसमान पूजा हुँदा राजाको खड्गलाई श्रीपशुपतिनाथका अगाडि राखी पूजा गरिन्छ। श्रीगुह्येश्वरीको पूजा समाप्त भएपछि खड्ग उठाई रथका साथमा राखेर हनुमानढोका दरबारमा खड्ग र श्रीतुलजा भवानीको मन्दिरमा श्रीगुह्येश्वरीको प्रतीक कलश भित्र्याइन्छ।

यो जात्रापर्व गुठी संस्थानअन्तर्गत खर्च अड्डाले गर्नुपर्छ र यस पर्वमा विशेष पूजाको निम्ति श्री ५ रणबहादुर शाहले पनि गुठी राखिबक्सेको छ। त्यो खर्च पशुपति गोश्वराले गर्दछ। गुह्येश्वरीजात्रामा तलेजुका रकमीहरू पनि उपस्थित रहनुपर्दछ।

श्रीगुह्येश्वरीको रथ पशुपति सदावर्त घरअगाडि ल्याएर राखेको वेला सदावर्तको दरवारझ्यालबाट चामल पैसा छर्ने चलन छ। सदावर्त गुठी राखी गुह्येश्वरीको जात्रा गर्दा, श्री ५ महाराजाधिराज रणबहादुर शाह तथा श्री ५ बडामहारानी कान्तवती उक्त झ्यालमा राज भएर जात्राको रमाइलो नजर हुन्थ्यो। उक्त भवनअगाडिको पेटीमा पन्ध्र सोह्र ओटा हाँडीमा विभिन्न किसिमका मिठाई, दही र कुनैमा गोबर, कुनैमा सिस्नु, कुनैमा अभक्ष्य कुरा राखेर मुख छोपिएको हुन्थ्यो। राजाज्ञा पाएर जनताहरूले हत्तपत्त हाँडीमा हात हाल्दथे र भाग्यवश कसैले स्वादिष्ट मिठाई पाउँथे भने कसैले गोबर पाउँथे। कुनैले सिस्नु भएको हाँडीमा हात पुऱ्याएर पोलाउँथे। यो रमाइलो गरिने परम्परा अद्यावधि छँदै छ।

पशुपतिमा नवदुर्गानृत्य (भक्तपुर)

श्रीपशुपतिनाथको क्षेत्र देवपत्तनमा प्रत्येक वर्ष मार्गशुक्ल नवमीका दिन भक्तपुर सहरबाट नवदुर्गाको खट देवपत्तनमा ल्याइन्छ। सिफलको चौरमा नवदुर्गा ल्याई राखेपछि विशेष पूजा हुन्छ। सबै देवीदेवताको पूजा सकेपछि देवपत्तन बजार घुमाई पूजा गरिन्छ पशुपति सदावर्त (पशुपति गोश्वारा) बाट पनि श्रीनवदुर्गाको पूजा गरिन्छ र चालीस हाँडीमा चामल, दाल, नून, तेल, घिउसमेत गरी उक्त दुर्गा ल्याउने रकमीहरूलाई दिनुपर्दछ।

यसपछि सानो सदावर्त गुठी पूजा गरिन्छ र श्रीपशुपतिनाथको मन्दिर परिक्रमा गरी नृत्य सकेपछि पशुपति भण्डार तहबीलबाट श्रीनवदुर्गाको पूजा गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको मन्दिरबाट नवदुर्गा नृत्यमण्डली श्रीराजराजेश्वरी शिवालयमा पुग्दछन्। राजराजेश्वरीको नामले प्रसिद्ध नवदुर्गाको मन्दिर त्यहाँ छ। त्यहाँको पूजा र नृत्य सकेपछि बेलुका श्रीनवदुर्गाको खट श्रीजयवागेश्वरीमा ल्याइन्छ।

श्रीजयवागेश्वरीअगाडिको डबलीमा राती कुमारी च्याटाँ भन्ने भीषण नवदुर्गानृत्य प्रस्तुत गरिन्छ र त्यहाँ पनि विशेष पूजा हुन्छ। त्यसपछि मृत्युञ्जय ननी चोकमा लगी नृत्य गर्दा विशेष पूजा हुन्छ।

त्यसको भोलिपल्ट मूल डबलीमा बसी श्रीजयवागेश्वरीनिर सबै देवीदेवताको पूजा गरी श्वेतभैरवनृत्य हुन्छ तथा पूजा पनि गरिन्छ। यो नृत्य र पूजा बेलुकाको पाँच बजिसकेपछि श्रीनवदुर्गाको सवारी भक्तपुरमा हुन्छ।

यसरी एघार वर्षसम्म श्रीनवदुर्गाको रथयात्रा र नृत्ययात्रा भएपछि बाह्रौं वर्षमा ललितपुर जिल्लाबाट श्रीहरसिद्धिको नाच ल्याइन्छ। श्रीहरसिद्धि (त्रिशक्ति) नृत्य ल्याउने वर्ष, नवदुर्गा नृत्य देवपत्तनमा गरिँदैन।

बाह्र वर्षे श्रीहरिसिद्धि नृत्य (ललितपुर)

श्रीहरिसिद्धिदेवीलाई त्रिशक्ति (माहेश्वरी, वैष्णवी, कौमारी) को रूपमा स्थापना गरिएको छ। यिनको आराधना सौभाग्यसिद्धि भन्ने तान्त्रिक विधिअनुसार गरिन्छ। भगवान् नाट्येश्वर शिवको स्थापना र उपासना पनि साथै हुन्छ। शैवतान्त्रिक विधिअनुसार पूजाआजा राजोपाध्याय ब्राह्मणबाट सम्पन्न गरिन्छ।

त्रिशक्तिदेवीको आह्वान गरी स्थापना गरिएका मृत्कलश, पूजाहरू पात्र तथा नृत्यगण मण्डलीका मुकुटहरू बदल्ने वा रङ्गरोगन गर्ने कार्य बाह्रवर्षमा हुन्छ। यो बाह्रौं वर्षभरि नै साइत हेरी माटो ल्याउने, शुद्धि गर्ने, प्रतीक बनाउने, विशेष पूजा, अनुष्ठान, प्राणप्रतिष्ठा, आह्वान आदि कार्यका साथै उपत्यकाभित्रका प्रमुख स्थान, देवस्थलहरूमा विविध प्रकारका नृत्य प्रदर्शन गर्नुपर्छ। फर्पिङ, भक्तपुर, दोलखा, देवपत्तन, धुलिखेल आदि प्राचीनकालमा माण्डलिक राजाहरू रहेको सहरमा पनि यो नृत्य प्रस्तुत गर्ने चलन थियो।

यसै परम्पराभित्र विशेष बाह्रवर्षे जात्रामा श्रीपशुपतिक्षेत्रमा पनि हरिसिद्धिको नृत्य प्रस्तुत गर्नुपर्छ। यो नृत्य भक्तपुरका नवदुर्गानृत्य प्रस्तुति गर्ने समयमा नै गरिने परम्परा छ र यो नृत्यमण्डलीको खर्च श्रीपशुपतिनाथका अमालकोट कचहरीबाट र श्रीजयवागेश्वरी भण्डारबाट बेहोर्नुपर्ने नियम छ।

यी परम्पराहरू कानुन नियममा लेखिएका छैनन्। तथापि परम्परालाई मान्यता दिएर अद्यावधि सम्पन्न गरिँदै छन्। पहिले यो नृत्य, श्रीजयवागेश्वरीको डबलीमा श्रीहरिसिद्धिको प्रतीक कलश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको रथलाई राखी नृत्य गर्दछन्। यो बेला श्रीजयवागेश्वरी भण्डार तहवीलबाट पूजा तथा नृत्यमण्डलीलाई भोजन पनि दिनुपर्छ।

अमालकोटबाट पूजा दिँदा अमालकोटको बगैँचामा नृत्यमण्डली बस्तछन्। यस्तै श्रीपशुपतिमा नृत्य गर्दा श्रीपशुपति भण्डार तहबीलबाट पूजा दिने र सानो सदाबर्तबाट पूजा तथा भोजन सामग्री हण्डी दिनुपर्छ। देवपत्तनक्षेत्रमा बसी विभिन्न ठाउँमा नृत्य गर्दा यसरी पूजा दिने र खाना खर्च दिने परम्परा रहिआएको छ। एक महिनादेखि तीन महिनासम्म हरिसिद्धिको नाच गर्ने परम्परा हो तर आजकल यसको अवधि छोटिँदै छ।

श्रीभीमसेनजात्रा (देवपत्तन)

श्रीपशुपतिनाथको पश्चिम ढोकाबाट पश्चिम आउँदा चौबाटोको पूर्वतर्फ फर्केको सानो भीमसेनको मन्दिर छ। मन्दिरभित्र भीमसेनको शिलामूर्ति स्थापना गरिएको छ।

प्रत्येक वर्ष माघशुक्ल एकादशी, जसलाई भीमा एकादशी पनि भनिन्छ, त्यस दिन श्रीभीमसेन उपवास बस्नुहुन्छ भन्ने किंवदन्ती छ। भीमा एकादशीको दिन श्रीभीमसेनको सुनौला मूर्ति गुठियारले ल्याई त्यस मन्दिरभित्र राख्दछन् र भक्तजनहरू जम्मा भई पूजा गर्दछन्। रात्रिमा धुनी जगाई जाग्राम बस्तछन् र भोलिपल्ट द्वादशीको दिनमा बिहानैदेखि भक्तजनहरू जम्मा भएर पूजा गर्दछन्। बेलुका ८ बजेतिर सानो खट ल्याई त्यसमा श्रीभीमसेनको सुनौलो मूर्तिलाई राखी बाजागाजासहित उत्सवकासाथ श्रीपशुपतिनाथको मन्दिर परिक्रमा गराई पाचोटोलका गणेश स्थान हुँदै श्रीताम्रेश्वर (देवपत्तन) परिक्रमा गराई नवाली टोलको डबलीमा विश्राम गरी श्रीभीमसेनको जात्रा विसर्जन गरिन्छ।

उक्त जात्रा गर्ने सुनौलो मूर्ति नवालीटोलकै गुठियारकै घरमा राखिन्छ। यो जात्रा एक दिन मात्रै हुन्छ र यसको सञ्चालन निजी गुठीबाट गरिन्छ।

श्रीमाधवनारायण (साँखु) को श्रीपशुपतिमा ल्याउने परम्परा

प्रत्येक वर्षको माघ कृष्ण चतुर्दशीका दिन बेलुका साँखुबाट श्रीमाधवनारायणलाई श्रीपशुपतिनाथको क्षेत्र सदावर्तको घरमा ल्याई विश्राम गराइन्छ। साथमा रकमी पुजारीहरूका साथै श्रीनारायणको ब्रत बस्ने भक्तजनहरू पनि हुन्छन्। यिनीहरूका निम्ति सदावर्तबाट दुईसय कल्ली पराल दिनुपर्दछ। राती त्यही पराल बिच्छ्याई सुत्दछन्। भोलिपल्ट विहान श्रीमाधवनारायणलाई बोकेर आर्यघाटमा लगी श्रीमृगेश्वरभित्र राख्दछन्। ब्रत बस्नेहरू बाहिर परालको आसन गरी बसेर पूजा गर्दछन्। नौ दश बजे पूजा समाप्त भएपछि श्रीपशुपतिनाथको दर्शनपछि पशुपतिको प्रदक्षिणा गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमाधवनारायणलाई श्रीपशुपतिनाथको दर्शन गराइन्छ र श्रीमाधवनारायणको भजन गर्दै नाम जप्दै फर्काएर साँखु लगिन्छ ।

श्रीपशुपतिमा बोडेको श्रीनीलवाराही नृत्य

नेपाल उपत्यकाभित्रका प्रायः सबै पीठहरूमा बाह्र वर्षको विशेष पर्व गर्ने र देवीपीठहरूको नृत्यपरम्परा रहेको पाइन्छ । नृत्य तथा सङ्गीत एवं विभिन्न प्रकारका वाद्यवादनद्वारा शक्तिपीठको तान्त्रिक उपासना गर्ने कुरा यहाँको विशेषता हो । काष्ठमूर्ति, मृण्मय मूर्ति, नर्तकगणको मकुण्डो (मुकुट) पोशाकहरू बदल्ने वा मूर्तिहरूको विधिविधानसाथ नवनिर्माण गर्ने वा रङ्गरोगन गरी पुनः प्रतिष्ठा गर्ने तान्त्रिक परम्परा रहेको पाइन्छ । स्थिर प्रतिमा धातु वा शिलाको स्थापना गरिएको ठाउँमा पनि बाह्र वर्ष पुगेपछि विशेष विधिविधान तथा नृत्य उत्सव गरिने चलन छ । प्राचीन कालमा एक एक वर्षलाई एक युग भनिन्थ्यो । चन्द्रमानबाट चार वर्षमा एक्काईस दिन घटी भई निश्चित दिन नपुग्ने हुँदा पाँच वर्षको एक युग मान्ने चलन चल्यो । पाँच वर्षे युगलाई लघुयुगमान भन्दथे । मध्यम युगमान बाह्र वर्षको मान्ने गरेको प्रमाण पनि पाइन्छ । बृहद् युगको प्रमाण साठी वर्षको मान्ने चलन पनि थियो । आर्यभटका समयसम्म यो युगमानको अस्तित्व रहेको थियो र चारै युग बराबर दिनका हुन्थे ।

आर्य समाजमा पाँच वर्षे लघुयुग र साठी वर्षे वृद्ध युगको मान्यताभन्दा बाह्र वर्षे युगको मान्यता बढी चल्यो । बाह्र वर्षमा दिन दिनै हुने क्षणिक परिवर्तनको एउटा नयाँ रूप बनेको अनुभव गर्न सकिन्छ । यसकारण प्राचीन महर्षिहरूले बाह्र वर्षे युगलाई विशेष मान्यता दिए ।

बाह्र वर्षको वनवास, बाह्र वर्षको तपस, बाह्र वर्षका व्रतहरू, बाह्र वर्षको ब्रह्मचर्य तथा वानप्रस्थ आदि बाह्र वर्षे एक युगसम्म गरिने व्रतसाधनालाई पुराण तथा आगम शास्त्रले पनि मान्यता दिएको पाइन्छ । वास्तवमा युगमानको कल्पनामा जेजस्तो हिसाब बसाए तापनि प्राचीन बाह्र वर्षे युगको प्रभाव हाम्रा कार्यविधिमा बाँचेकै छन् ।

यस्तै जयवागेश्वरी, हरिसिद्धि, ठेचोकी ब्रह्मायणी, नरदेवी (श्वेतकाली), बोडेकी नीलवाराही आदि ठाउँका बाह्र वर्षे जात्रा, मेला, नाच प्रसिद्ध छन् । यो युग परिवर्तनको मान्यतामा गरिने विशेष उत्सवहरू भारतका देवमन्दिरमा पनि गरिन्छन् ।

श्रीनीलवाराहीको पनि बाह्र वर्षमा विशेष पर्व र नृत्य हुन्छ । जुन नृत्य नेपाल उपत्यकामा सर्वप्राचीन र देवाधिदेव महादेवका रूपमा मानिएका श्रीपशुपतिनाथको क्षेत्रमा ल्याएर प्रदर्शन गर्नु आवश्यक ठानिन्छ । नाट्येश्वर भगवान् श्रीपशुपतिको कृपाविना सफल अभिनय पनि हुँदैन । नाट्यशास्त्रमा वर्णित एकसय आठ प्रकारका नृत्य-विधाका ज्ञाता भगवान् श्रीपशुपति (नाट्येश्वर) नै हुन् । नीलवाराहीको बाह्र वर्षे नृत्य श्रीपशुपतिनाथमा एक दिन मात्रै हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवरात्रि पर्व

वर्षदिनभरिका महिना, पक्षहरूमा र विशेष दिनमा यसरी जात्रा उत्सव हुँदै आएर फाल्गुण कृष्णचतुर्दशीका दिन मूल देवता श्रीपशुपतिनाथको विशेष पर्व पर्दछ। दशमी एकादशीदेखि नै देशविदेशका यात्री, जोगी, सन्यासी, उदासी, वैरागी नागा, नाथपन्थी र अघोरीहरूको जमघट हुन्छ र औंसीका दिनपछि यो उत्सव विसर्जन हुन्छ। प्रत्येक अड्डामा धूनी, पानी, भोजनको व्यवस्था गुठी संस्थानले गर्दछ र बिदाईमा दानदक्षिणा, बाघाम्बर, मृगचर्म, कमण्डलु, कम्वल, माला आदि पनि जोगीहरूलाई दिई, बिदा गरिन्छ।

यस पर्वको विशेषता शिवरात्रिका प्रथम प्रहरको पूजा राष्ट्राध्यक्षबाट सम्पन्न हुन्छ र अन्य तीन प्रहर रात्रिको पूजा मूलभट्टबाट सम्पन्न हुन्छ।

श्रीजयवागेश्वरीदेवीको विषयमा वंशावलीका कथन र अनुश्रुति तथा परम्परा

परापूर्वकालमा यो देवपत्तन सहरवासीहरू जिब्रो लर्बरिने र बोली स्पष्ट नहुने लठेब्राजस्ता भई कुरा गर्न नसक्ने हुन्थे। यस्तो अवस्था देखी श्रीपशुपतिनाथका पुजारीले श्रीपशुपतिनाथको आगमघरमा बसी श्रीपशुपतिनाथका ध्यान गर्दा यहाँ सरस्वती नभएको कारणले यी मानिसहरू यस्ता भएका हुन्। यहाँदेखि उत्तर मानसरोवरनजिक सिंहलद्वीपको शिला नदीमा श्रीनीलसरस्वती छन्, तिनीलाई यहाँ ल्याएपछि सबै मानिसहरू बोल्न सक्ने हुन्छन् भनी आकाशवाणी भएको सुनेर यहाँका तान्त्रिक पुजारीसमेत उक्त ठाउँमा पुगे। शिला नदीका बीच एक गोलो ढुङ्गाको आसनमा विराजमान हुनुभएकी श्रीसरस्वतीको दर्शन पाए। देवीको स्तुति र पूजाध्यान गरी खुशी पारे। श्रीसरस्वती खुशी भई वरदान माग भन्ने आज्ञा भयो किन्तु अत्यन्त सुन्दरी सरस्वतीको रूप देखेर मोहित भएका तान्त्रिक पुजारी हेरिमात्रै रहेकाले उनीहरूको मोह भङ्ग गरिदिनुभयो र फेरि वर माग भनेपछि विनम्र भई भने– 'श्रीपशुपतिनाथको आज्ञामुताबिक हजूरलाई लिन आएका हौं, सवारी भई हामीलाई कृपा गरिबक्सनुपर्‍यो।'

उक्त प्रार्थना सुनेर श्रीसरस्वतीबाट आज्ञा भयो- 'यही रूपमा मैले जानु हुन्न। तिमीहरू त मोहित भयौ भने अरू मानिसको के गति होला! यसकारण, मेरो आह्वान गर र म भमराको रूप लिई आउनेछु। त्यसै भमरालाई कलशमा राखी मेरो मूर्ति बनाई स्थापना गर। मलाई नित्य स्नान गर्न यहीं शिलानदीको जल चाहिन्छ र मेरो आसन पनि यही शिलाको हुनुपर्छ। यसै शिलामा बसी यहींको जलले म नित्य स्नान गर्छु' भनी सरस्वतीको आज्ञा भएकोले लिन जानेहरू फर्के। सरस्वती त्यहीं अन्तर्ध्यान हुनभयो।

यहाँ फर्केका तान्त्रिक पुजारीले श्रीपशुपतिनाथको आगमघरमा पुनः श्रीपशुपतिनाथको ध्यान गर्दा पुनः आकाशवाणी भयो– 'तिमीहरू यहाँबाट केही उत्तरपट्टिको पहाडमा पुगी खनी हेर त्यो ठाउँमा त्यहीं (शिला नदी) नदीको जल पाउनेछौ र आसन पनि त्यहीं आइपुग्नेछ' भनी आज्ञा हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदनुसार लुँहिटी ख्वाट (सुनको धारा भएको खेत) भन्ने पहाडमा पुगी खनी हेर्दा जता खने पनि जलै जल पाई अत्यन्त खुशी भई त्यो सबै ठाउँको जल एकत्र गरी मङ्गाल बनाई त्यहाँदेखि कुलो बनाई चावहिलको बाटो हुँदै हालको जयवागेश्वरी देवपत्तनसम्म ल्याई सुनधारा बनाइराखे। त्यो आसन पनि राती त्यहीँ नै आइपुग्यो र जनताले हर्ष मनाए भनिएको छ।

यो धारा हाल जयवागेश्वरी मन्दिरदेखि उत्तरपट्टि छ। चावहिलमा घर बनाउँदा पुरानो मूल फुटी पानी बन्द भई परम्पराको धर्म लोप भएको छ। उक्त पानी पाइपद्वारा ल्याई पुनः चालु गर्न सकिन्छ।

यसरी पानी र आसनको व्यवस्था भएपछि विधिपूर्वक श्रीवागेश्वरीको मन्दिर र श्रीसरस्वती (जयवागेश्वरी) को मूर्ति बनाई भनिएबमोजिम श्रीसरस्वतीको आह्वान गरी कलशमा राखी स्थापना गरियो।

श्रीजयवागेश्वरीको मन्दिरनिर्माण र स्थापनादेखि नै चलेको परम्परा

श्रीगुह्येश्वरी मन्दिरभन्दा उत्तरपट्टि वाग्वतीदेखि केही पर सूँड नभएका प्राचीन ईटा गणेशजी हुनुहुन्छ। मध्यरातमा वहाँको पहिले पूजा गर्नुपर्छ र त्यहाँको पूजा समाप्त भएपछि वाग्वतीमा आई करवीरका पातहरू बगाउनुपर्दछ। त्यहीँ बगाएको पातको पछिपछि आई आर्यघाटमा आइपुगेपछि अघि बगाएको त्यही पात समाई कलशमा राखेर तन्त्रमन्त्र पूजापद्धति अनुसार आह्वान र पूजा गरी हाल मन्दिर भएकै ठाउँमा यज्ञ गरी कन्याकुमारी भोजन गराउनुपर्दछ। यो परम्परा पहिले मन्दिर निर्माण गर्ने र श्रीवागेश्वरीभगवतीको स्थापना गर्ने बेलामा गरिएको विधि हो। श्रीजयवागेश्वरीको कलेवर बदल्ने परम्परा रहेको छ र यो प्रत्येक बाह्र वर्षमा हुन्छ। उक्त वाह्र वर्षको पर्वमा त्यही सुरुको परम्पराबमोजिम नै अद्यावधि पनि उपर्युक्त विधिविधान गरिन्छ। यसलाई प्रतिवर्षको सट्टा बाह्रबाह्र वर्षमा रङ्ग चढाउने परम्परा राजा अंशुवर्माले चलाएको कथन पनि वंशावलीमा पाइन्छ।

श्रीजयवागेश्वरीदेवीको यसरी स्थापना गरी प्रतिष्ठा गरेर प्रसाद ग्रहण गरेपछि नै देवपत्तनका मानिसहरूको बोलिचालीमा सुधार आयो, लाटो लठेब्रो भएनन् भन्ने पनि वंशावलीले उल्लेख गरेको छ।

देवमाला वंशावलीको कथन

नेपालमण्डलमा श्रीपशुपतिनाथ र गुह्येश्वरी प्रकट भएपछि नै यिनी मानसरोवरबाट शिला नदी तरी प्राप्त भएकी हुन्। यिनको मन्दिर मूर्ति केही थिएन गुप्तरूपले पूजा गर्ने पीठसम्म थियो। राजा श्रीवृषदेवका पालामा गोलनामक सहर बसाई नित्यार्चनसम्म गराएका थिए। पछि राजा शिवदेवका पालामा सपनतीर्थमा स्नान गरी आउने एउटा जोगी भेटिए। राजालाई म दुर्वासा ऋषिको अंश हुँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी सुनाउँदा सोही योगीको सम्मति लिई श्रीजयवागेश्वरी चञ्चलमूर्तिलाई स्थिर गरी बडो कष्टसँग रहस्यमूर्ति बनाई चित्रकारी गरी जीवन्यास गरी जगाई प्राणप्रतिष्ठा गरे। उत्तर भागमा चञ्चलमूर्ति भैरवलाई स्थिर गरी आचार्यहरूलाई पुजारी नियुक्त गरिदिए। राजा अंशुवर्माले प्रतिवर्ष रङ्गरोगन गर्न मुस्किल छ भनी बाह्र वर्षमा कलेवर फेर्ने चलन चलाइदिए।

वंशावलीहरूको उपर्युक्त कथनबाट श्रीजयवागेश्वरीदेवीको स्थापना प्राचीनकालमा भएको रहेछ भन्ने थाहा पाइन्छ। वंशावलीमा दिएको कलिगत संवत् र राजा वृषदेवको समय मिल्दैन तापनि जयवागेश्वरीको स्थापना निकै प्राचीन रहेछ भन्ने थाहा पाइन्छ। इतिहासशिरोमणि बाबुराम आचार्यको लेख (नेपाली अङ्क ४२) अनुसार देवपत्तन सहर उपत्यकाभित्रको जेठो सहर मानिन्छ र यसलाई उहाँले तेस्रो शताब्दीको बस्ती भन्नुभएको छ। श्रीबाबुराम आचार्यको अनुमानलाई ठीक भन्ने प्रमाणहरू उपलब्ध छैनन् तापनि यो सहरको बस्ती प्राचीन मान्नमा कुनै आपत्ति छैन। ठूला देवताहरूको मन्दिर निर्माण गर्दा मुख्य ढोका सहरतिर फर्काएर राख्ने प्राचीन वास्तुशास्त्रहरूको कथन छ। श्रीपशुपतिनाथको मूल ढोका देवपत्तनपट्टि नै फर्केकाले पनि देवपत्तनको प्राचीनता थाहा हुन्छ। श्रीजयवागेश्वरीको पादपीठको अभिलेख पढी यसलाई लिच्छविकालिक अभिलेख भनी इतिहासकारहरूले उल्लेख गरेका छन्।

श्रीजयवागेश्वरी र श्रीपशुपतिनाथको घनिष्टतम सम्बन्ध भएको कुरा पशुपतिका मूल पुजारीको तालुकमा नै आजसम्म जयवागेश्वरीको धन सम्पतिको रेखदेखको साथै पूजाआजाको रेखदेख गर्ने, कलेवर फेर्दा खर्च गर्ने र पुजारी र पचली नाइके बदल्ने अधिकार पनि सुरक्षित रहेकाले थाहा पाइन्छ।

शास्त्रीय विधिविधान तथा आगम साहित्यबाट पशुपति र श्रीजयवागेश्वरीको के सम्बन्ध छ? भन्ने कुराचाहिँ छुट्टै अनुसन्धानको विषय भएकाले यहाँ उल्लेख गरिएन। श्रीजयवागेश्वरीपीठभित्र केही प्राचीन अष्टमातृकाका मूर्तिहरू छन्। यी मूर्तिहरूलाई लैनसिंह बाङ्देलले तेस्रो शदीको मूर्ति मानेका छन्। अष्टमातृकाहरूका मूर्तिनिर्माण कलाको अधिक विकास गुप्तकाल र त्यसपछि नै भएको विद्वान्हरूले मानेका छन्। राजा वृषदेव, राजा चन्द्रगुप्त प्रथमका समकालिक हुन सक्तछन्। गुप्तकालमा नेपाल र गुप्तहरूको के-कस्तो सम्बन्ध थियो ? भन्ने कुरा त्यति स्पष्ट रूपले भन्न सकिने प्रमाण छैनन् तापनि धार्मिकग्रन्थ र मूर्तिकलाको अध्ययन गर्दा निकट सम्बन्ध रहेको कुराचाहिँ थाहा पाइन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणमा भगवान् श्रीपशुपतिनाथ

–प्रा. खेमराज केशवशरण

१. वाल्मीकि रामायण

वैदिक वाङ्मयपछिका स्मृति र इतिहास दुवै कोटिमा गणना गरिने दुई विश्वविश्रुत ग्रन्थ हुन् वाल्मीकि रामायण र महाभारत। यी दुई ग्रन्थमध्ये समयको पूर्वापरको दृष्टिले इतिहासविद्हरूले जेठो ठहर गरेको वाल्मीकि रामायणमा भगवान् शिवसम्बन्धी के कस्तो उल्लेख भएको छ भने खोजी गर्नु प्रस्तुत निबन्धको लक्ष्य भएकोले यहाँ सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिन्छ।

महर्षि वाल्मीकिले आफ्नो अमरकृति वाल्मीकि रामायणमा छ ठाउँमा भगवान् शिवसँग सम्बन्धित विशेष प्रसङ्गको उल्लेख गरेका छन्। पहिलो प्रसङ्ग कार्तिकेयको जन्मसम्बन्धी प्रसङ्ग हो। यो बालकाण्डको छत्तीसौं सर्गमा आउँछ। भगवान् शङ्करले गिरिजानन्दिनी पार्वतीसँग विवाह सम्पन्न गरेर पुत्रप्राप्तिका लागि प्रयास गर्नुहुन्छ। हजार वर्षसम्मको सहवासबाट पनि पुत्र प्राप्त नभएपछि देवताहरू भयभीत भएर त्यो शिवतेजलाई धारण गर्ने शक्ति सृष्टिभित्र कसैसँग नभएको कुरा बताउँदै भगवान् शिवलाई पार्वतीसहित पुनः ब्राह्म तपस्यामा समर्पित रहन अनुरोध गर्दछन्। प्रसङ्ग निकै लामो छ त्यता बढी नलागौं। देवताहरूले गरेको प्रार्थना यसप्रकार छ-

देवदेव महादेव लोकस्यास्य हिते रत।
सुराणां प्रणिपातेन प्रसादं कर्तुमर्हसि॥
न लोका धारयिष्यन्ति तव तेजः सुरोत्तम।
ब्राह्मेण तपसा युक्तो देव्या सह तपश्चर॥ *(वाल्मीकि रामायण, बालकाण्ड ३६।६-१०)*

अर्थ- हे देवदेव महादेव! हजुर निरन्तर यस लोकको हितमा रहनुहुन्छ। हामी देवताहरू विनम्र भई नमस्कार गरिरहेछौं। हजुर प्रसन्न हुनुहोस्। हे देवश्रेष्ठ! यो लोकभित्रका कसैले पनि हजुरको महान् तेजलाई धारण गर्न सक्ने छैनन्। त्यसैले ब्राह्म तपोबलले युक्त भएर देवी पार्वतीका साथ हजुर तप नै गरिरहनुहोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि भगवान् शिव प्रकट हुन तयार भएको आफ्नो तेजलाई पर्वत तथा भूमिमा प्रवाहित गरिदिनुहुन्छ। त्यसलाई अग्निदेवले ग्रहण गर्दछन् तर धारण गर्न सक्दैनन्। उनले त्यसलाई थाम्न नसकी फालिदिन्छन्। त्यसपछि सप्तर्षिपत्नीहरूमध्ये अरुन्धती बाहेक छवटी स्त्रीहरूले धारण गर्दछन्। उनीहरू पनि धारण गर्न नसकेर त्यो दाहक तेजलाई हिमालयको काखमा छोडिदिन्छन्। हिमालय पनि त्यो तेज धारण गर्न नसकेर गङ्गामा प्रवाहित गरिदिन्छन्। गङ्गाले लगेर एउटा झाडीमा छोडिदिन्छिन्। त्यहाँ पुग्नासाथ त्यो शिवतेज बालकरूपमा प्रकट हुन्छ। रुन लागेका बालकलाई कृत्तिकाहरूले स्तनपान गराएर हुर्काउँछन्। त्यसैले 'कार्तिकेय' भन्ने ती बालकको नाम रहन जान्छ।

वाल्मीकि रामायणको शिवसम्बन्धी अर्को प्रसङ्ग गङ्गावतरणसँग सम्बद्ध छ। राजा भगीरथको कठोर तपस्यापछि प्रसन्न भएका ब्रह्मा आफ्नो कमण्डलुबाट गङ्गाको प्रवाह छोडिदिन तयार हुन्छन् तर गङ्गाको वेग थामिदिने को होला भन्ने सन्देह हुन्छ र ब्रह्मा भगीरथलाई भन्दछन्-

गङ्गायाः पतनं राजन् ! पृथिवी न सहिष्यते।
तां वै धारयितुं राजन् ! नान्यं पश्यामि शूलिनः ॥ *वाल्मीकि रामायण, बालकाण्ड ४२/२४*

अर्थ- हे राजन् ! गङ्गाको वेगलाई पृथिवीले सहन गर्न सक्तिनन्। गङ्गाको प्रवाहलाई थामिदिन सक्ने मैले त भगवान् शूलपाणि बाहेक अरू कसैलाई देखेको छैन।

ब्रह्माको प्रेरणाबाट राजा भगीरथले एक वर्षसम्म भगवान् शिवको प्रसन्नताको लागि कठोर तप गरे। आशुतोष भगवान् शङ्करले प्रसन्न भएर दर्शन दिनुभयो। यस प्रसङ्गको उल्लेख आदिकवि वाल्मीकिले यसरी गरेका छन्-

अथ संवत्सरे पूर्णे सर्वलोकनमस्कृतः।
उमापतिः पशुपती राजानमिदमब्रवीत् ॥
प्रीतस्तेऽहं नरश्रेष्ठ करिष्यामि तव प्रियम्।
शिरसा धारयिष्यामि शैलराजसुतामहम् ॥
ततो हैमवती ज्येष्ठा सर्वलोकनमस्कृता।
तदा सातिमहद् रूपं कृत्वा वेगं च दुःसहम् ॥
आकाशादपतद् राम शिवे शिवशिरस्युत
अचिन्तयच्च सा देवी गङ्गा परमदूर्धरा।
विशाम्यहं हि पातालं स्रोतसा गृह्य शङ्करम्।
तस्यावलेपनं ज्ञात्वा क्रुद्धस्तु भगवान् हरः ॥
तिरोभावयितुं बुद्धिं चक्रे त्रिनयनस्तदा।
सा तस्मिन् पतिता पुण्या पुण्ये रुद्रस्य मूर्धनि ॥
हिमवत्प्रतिमे राम जटामण्डलगह्वरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा कथञ्चिन्महीं गन्तुं नाशक्नोद् यत्नमास्थिता ॥
तामपश्यत् पुनस्तत्र तपः परममास्थितः ।
स तेन तोषितश्चासीदत्यन्तं रघुनन्दन ॥
विससर्ज ततो गङ्गां हरो बिन्दुसरः प्रति ।
तस्यां विसृज्यमानायां सप्त स्रोतांसि जज्ञिरे ॥ *वाल्मीकि रामायण, बालकाण्ड ४३।२-११*

अर्थ- त्यसरी एक वर्षसम्मको तपस्या पूरा भएपछि सबै लोकद्वारा नमस्कार गरिएका उमाका पति भगवान् श्रीपशुपतिले राजा भगीरथलाई यसो भन्नुभयो- "हे नरश्रेष्ठ ! म प्रसन्न छु। अब म तिम्रो प्रिय हुने काम गर्दछु। म गङ्गाको प्रवाहलाई शिरले सहर्ष धारण गरिदिन्छु। त्यसपछि सबै लोकद्वारा नमस्कार गरिएकी हिमालयकी जेठी छोरी गङ्गा ठूलो रूप लिएर धारण गर्न गाह्रो पर्ने तीव्र वेगले युक्त भइन् र आकाशबाट कल्याणकारी शिवको शिरमा झरिन्। हे राम ! ती गङ्गाले सोचिन्- अब भगवान् शङ्करलाई समेत आफ्नो वेगमा समेटेर पातालमा प्रवेश गर्दछु। गङ्गाको घमण्ड बुझेर भगवान् शङ्करलाई रिस उठ्यो र त्रिलोचन भगवान्‌ले यी गङ्गालाई अब जटामै विलीन गराइदिनुपर्‍यो भन्ने विचार गर्नुभयो। पवित्रसलिला गङ्गा परम पवित्र भगवान् रुद्रको मस्तकमा झरिन्। भगवान् रुद्रको शिर हिमालय जस्तै चौडा र जटामण्डलले गर्दा अत्यन्त गहिरो बनेको थियो। गङ्गा केही गरी पनि शिवजटाबाट मुक्त भएर पृथिवीमा प्रवाहित हुन सकिनन्। त्यसपछि गङ्गाको त्यो स्थिति देखेर भगीरथले पुनः तप गरेर भगवान् शङ्करलाई प्रसन्न पारे अनि भगवान् शङ्करले जटाबाट गङ्गालाई छोडिदिनुभयो। गङ्गा शिवजटाबाट छुटेर पृथिवीतिर झर्न लाग्दा उनका सात धारा बन्न गए।

यहाँ पशुपति नामले भगवान् शङ्करको उल्लेख भएकाले रामायणकालमा भगवान् शिवको 'पशुपति' रूप प्रसिद्ध एवं प्रतिष्ठित बनिसकेको कुरा प्रमाणित हुन्छ।

वाल्मीकि रामायणमा यसपछि एकैचोटि युद्धकाण्डको एकसय सत्रौं सर्गमा भगवान् शिवको उल्लेख पाइन्छ। जनकनन्दिनी सीताको अग्निपरीक्षा हुन लागेको वेला उपस्थित हुने देवताहरूमा भगवान् शिवको पनि उपस्थिति रहेको कुरा वाल्मीकिले दर्शाएका छन्। त्यो उल्लेख यसप्रकार छ-

ततो वैश्रवणो राजा यमश्च पितृभिः सह ।
सहस्राक्षश्च देवेशो वरुणश्च जलेश्वरः ॥
षडर्धनयनः श्रीमान् महादेवो वृषध्वजः ।
कर्ता सर्वस्य लोकस्य ब्रह्मा ब्रह्मविदां वरः ॥
एते सर्वे समागम्य विमानैः सूर्यसन्निभैः ।
आगम्य नगरीं लङ्कामभिजग्मुश्च राघवम् ॥ *वाल्मीकि रामायण, बालकाण्ड ११७।१-३*

अर्थ- त्यसपछि यक्षराज कुबेर, पितृसहितका धर्मराज, देवराज इन्द्र, जलदेवता वरुण, तीन नेत्रले सुशोभित साँढेमा चढेका अनुपम शोभायुक्त भगवान् शङ्कर, सम्पूर्ण लोकको स्रष्टा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मवेत्ताहरूमा श्रेष्ठ ब्रह्मा, यी सबै देवताहरू सूर्यको जस्तै प्रकाश भएका विमानमा लङ्का नगरी आएर भगवान् श्रीरामका सम्मुख गई बसे।

यसै काण्डको उन्नाइसौँ सर्गमा सीताको अग्निपरीक्षा सम्पन्न भइसकेपछि सीताको निर्दोषिताको घोषणाका साथै देवताहरूप्रति भगवान् श्रीरामले प्रकट गरेको कृतज्ञतासम्बन्धी उद्गार सुनेर भगवान् शङ्कर श्रीरामलाई भन्नुहुन्छ-

पुस्कराक्ष ! महाबाहो ! महावक्षः परन्तप ।
दिष्ट्या कृतमिदं कर्म त्वया धर्मभृतां वर ॥
दिष्ट्या सर्वस्य लोकस्य प्रवृद्धं दारुणं तमः ।
अपवृत्तं त्वया संख्ये राम रावणजं भयम् ।
आश्वास्य भरतं दीनं कौशल्यां च यशस्विनीम् ।
कैकेयीं च सुमित्रां च दृष्ट्वा लक्ष्मणमातरम् ॥
प्राप्य राज्यमयोध्यायां नन्दयित्वा सुहृज्जनम् ।
इक्ष्वाकूणां कुले वंशं स्थापयित्वा महाबल ॥
इष्ट्वा तुरगमेधेन प्राप्य चानुत्तमं यशः ॥
ब्राह्मणेभ्यो धनं दत्त्वा त्रिदिवं गन्तुमर्हसि ॥
एष राजा दशरथो विमानस्थः पिता तव ।
काकुत्स्थ मानुषे लोके गुरुस्तव महायशाः ॥ *वाल्मीकि रामायण, बालकाण्ड ११९।२-७*

अर्थ- हे कमलनयन ! विशाल वक्षस्थल भएका हे महाबाहु ! शत्रुहरूलाई तापित गर्ने हे श्रीराम ! हजुर धर्मपालकहरूमा श्रेष्ठ हुनुहुन्छ। हामी सबैको सौभाग्यले हजुरबाट यो कल्याणकारी कर्म भएको छ। हे श्रीराम ! रावणबाट लोकमा बढिरहेको डररूपी यो घोर अन्धकारलाई हजुरले युद्धमा रावणको संहार गरेर हटाइदिनुभयो। अब विरहले दुःखित भएका दीन भरतलाई र यशस्विनी माता कौशल्यालाई सान्त्वना दिएर महारानी कैकेयी र लक्ष्मणजननी महारानी सुमित्राको दर्शन हजुर गर्नुहुनेछ। अयोध्याको राज्य पुनः प्राप्त गरी मित्रजनहरूलाई सुखी तुल्याउँदै इक्ष्वाकुकुलको प्रतिष्ठाद्वारा आफ्नो वंशलाई स्थापित गराउनुहुनेछ। अश्वमेध यज्ञको आयोजनाद्वारा सर्वोत्तम यश स्थापित गर्दै ब्राह्मणहरूलाई धन दान गरी पुण्य आर्जन गरेर स्वर्गमा पाल्नुहुनेछ। हे काकुत्स्थ ! विमानमा चढेका हजुरका पूज्य पिता दशरथलाई हेर्नुहोस्। महाकीर्तिशाली महाराज दशरथ यस मनुष्यलोकमा हजुरका गुरु हुनुहुन्छ।

यस प्रकरणमा वर्णित भगवान् शिवको स्वरूप सत्यधर्मको संरक्षणमा सघाउ पुऱ्याउने, लोककल्याणकारी, अत्यन्त सौम्यतासम्पन्न देखा पर्दछ। आफ्नै प्रियभक्त रावणको संहारलाई पनि भगवान् शिवले 'दिष्ट्या कृतमिदं कर्म' भन्नुभएबाट उहाँको निःस्पृह एवं तटस्थ छवि स्पष्ट भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि भगवान् शङ्कर उत्तरकाण्डको छैठौँ सर्गमा देखा पर्नुहुन्छ। भगवान् श्रीरामको राज्याभिषेक सम्पन्न भइसकेपछि ऋषिहरूसितको चर्चाक्रममा सुनेका कुराहरूबाट कौतूहल बढेकोले राक्षसहरूको उत्पत्ति र तिनको वंशबारे जिज्ञासा चल्दा वंशपरिचयसहित रावण र उसका परिचरको उत्पत्ति तथा तिनले मच्चाएका आतङ्कबारे ऋषिहरू बताउँछन्। यसै सिलसिलामा माल्यवान्, माली र सुमालीको आतङ्कमा परेर दुःखित भएका देवताहरू भगवान् शिवको सामु जान्छन् र राक्षसहरूको संहार गर्न निवेदन गर्दछन्। भगवान् शङ्कर भन्नुहुन्छ -

अहं तान् न हनिष्यामि मयाऽवध्या हि ते सुराः।
किन्तु मन्त्रं प्रदास्यामि यो वै तान् निहनिष्यति॥
हरादवाप्य ते मन्त्रं कामारिमभिवाद्य च।
नारायणं च संप्राप्य तस्मै सर्वं न्यवेदयन्॥ *वाल्मीकि रामायण उत्तरकाण्ड- ६।१०-११*

अर्थ- मबाट मारिन नसक्ने हुनाले ती राक्षसहरूलाई मार्दिन तर त्यसको गोप्य उपायचाहिँ भनिदिन सक्छु। भगवान् शङ्करबाट यसरी गोप्य सङ्केत पाएर कामशत्रु भगवान् शिवलाई अभिवादन गरेर देवताहरूले भगवान् विष्णुको लोकमा गई उहाँलाई सबै कुरा निवेदन गरे।

यसैगरी रावणको विजययात्रा वर्णन गर्ने क्रममा अगस्त्य ऋषि उसको कैलासयात्राको वर्णन गर्दछन्। रावण कुबेरलाई जिती घमण्डले चूर भएर पुष्पक विमानमा चढेर कैलासको बाटो गरी अघि बढिरहेको थियो। कार्तिकेय उत्पन्न भएको घटनाको 'शरवणन' मा पुग्दा पुष्पक विमान एक्कासि रोकिन्छ। रावण त्यो रहस्यपूर्ण घटनाको अर्थ बुझ्न उत्सुक हुन्छ। कसले यो विमानको गति रोकिदियो ? ऊ शोधपुछ गरिरहेको हुन्छ। यत्तिकैमा शिवका पार्षद नन्दी देखा पर्दछन् र कैलासक्षेत्रमा भगवान् शङ्करको विशेष आदेशबाट गरुड, नाग, यक्ष, देव, राक्षस, गन्धर्व कसैलाई पनि यहाँ आउन निषेध छ भन्ने कुरा बताउँछन्। रावण रिसले चूर हुँदै भगवान् शिवकै सामु गएर हाँक दिँदै कैलास पर्वतले नै पुष्पक विमानको गति रोकिदिएको ठानी पर्वतलाई उखेल्न खोज्छ। पर्वतलाई उठाउन लाग्दा भगवान् शिवले गोडाको बूढी औँलाले पर्वतलाई थिचिदिनुहुन्छ। त्यत्तिकैमा रावणको विशाल हात कैलास पर्वतमुनि किच्चिन्छ र आत्तिएको मुद्रामा रावणको मुखबाट भयङ्कर शब्द निस्किन्छ। आफ्ना मन्त्रीहरूबाट भगवान् शिवको स्तुतिवन्दना गर्ने प्रेरणा पाएपछि रावण भक्तिपूर्ण हृदयले भगवान् शिवको स्तुतिवन्दना गर्दछ। अनि प्रसन्न भएर आशुतोष भगवान् शिव पाउको औँलो हटाइदिएर आफ्नो हात झिक्न रावणलाई आदेश दिनुहुन्छ। यसै क्रममा प्रसन्नता व्यक्त गर्दै भगवान् शङ्कर दशाननलाई रावणको संज्ञा दिँदै भन्नुहुन्छ -

प्रीतोऽस्मि तव वीरस्य सौवीर्याच्च दशानन।
शैलाक्रान्तेन यो मुक्तस्त्वया रावः सुदारुणः॥
यस्माल्लोकत्रयं ह्येतद्द्रावितं भयमागतम्।
तस्मात् त्वं रावणो नाम नाम्ना राजन् भविष्यसि॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ- हे दशानन ! तिमी वीर रहेछौ । म तिम्रो वीरताबाट प्रसन्न छु । तिमीले पर्वतद्वारा हात किच्चिँदा डरलाग्दो शब्द गर्‍यौ । त्यसबाट तीनै लोक भयबाट ज्यादै त्रस्त हुन पुगे । त्यसैले अब उप्रान्त तिमी यस लोकमा 'रावण' भन्ने नामले प्रख्यात हुनेछौ ।

यसरी महर्षि वाल्मीकिले भगवान् शङ्करको आशुतोषरूपलाई यस प्रसङ्गमा प्रस्तुत गरेका छन् ।

२. अध्यात्मरामायण

रामगाथाको क्षेत्रमा अध्यात्मरामायणको आफ्नै विशेषता छ । मर्यादापुरुषोत्तमका रूपमा आदर्श मानवीय चरित्रको निरूपणमै केन्द्रित रहेर रचिएको वाल्मीकिरामायणको स्वरूपभन्दा अध्यात्मरामायणको स्वरूप निकै फरक पाइन्छ । भारतका गोस्वामी तुलसीदास तथा नेपालका आदिकवि भानुभक्त आचार्यले जुन भावभूमिमा रामचरित्रको रचना गरेका छन् त्यो भावभूमि अध्यात्मरामायणकै देन मानिएको छ । परमाराध्य भगवद्रूपमा मर्यादापुरुषोत्तम श्रीरामलाई प्रतिष्ठापित गर्ने श्रेयः अध्यात्मरामायणलाई नै दिइन्छ ।

अध्यात्मरामायण व्यासरचित ब्रह्माण्डपुराण उत्तरखण्डको आख्यानका रूपमा मानिएको छ र यसका वक्ता स्वयं भगवान् शङ्कर हुनुहुन्छ । श्रोताको स्थानमा जगन्माता पार्वती नै विराजमान हुनुहुन्छ । पहिले तात्त्विक चर्चाका क्रममा भगवान् शङ्करका श्रीमुखबाट भगवान् श्रीरामका बारेमा सङ्क्षिप्त रूपमा सुनिसकेपछि अझ कौतूहलता बढेकाले माता पार्वती भगवान् शङ्करसँग सम्पूर्ण कथासार सुनाउन आग्रह गर्नुहुन्छ । माता पार्वती भन्नुहुन्छ-

धन्यास्म्यनुगृहीतास्मि कृतार्थास्मि जगत्प्रभो ।
विच्छिन्नो मेऽतिसन्देहग्रन्थिर्भवदनुग्रहात् ॥
त्वन्मुखाद्गलितं रामतत्त्वामृतरसायनम् ।
पिबन्त्या मे मनो देव ! न तृप्यति भवापहम् ॥
श्रीरामस्य कथा त्वत्तः श्रुता सङ्क्षेपतो मया ।
इदानीं श्रोतुमिच्छामि विस्तरेण स्फुटाक्षरम् ॥

अर्थ- हे जगत्का स्वामी ! म धन्य भएँ, म अनुगृहीत भएँ । म आफूलाई कृतार्थ सम्झिरहेछु । मेरो मनको सम्पूर्ण सन्देहग्रन्थि हजुरको अनुग्रहबाट विच्छिन्न भएको छ । भवभयहारी रामतत्त्वरूप रसायन हजुरको श्रीमुखबाट सङ्क्षेपमा सुनेकी थिएँ । अब म विस्तारसाथ अक्षर-अक्षर स्पष्ट हुने गरी सुन्न चाहन्छु ।

उत्तरमा माता पार्वतीको जिज्ञासा पूरा गरिदिने आश्वासन दिँदै भगवान् शङ्कर भन्नुहुन्छ–

शृणु देवि ! प्रवक्ष्यामि गुह्याद्गुह्यतरं महत् ।
अध्यात्मरामचरितं रामेणोक्तं पुरा मम ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदद्य कथयिष्यामि श्रृणु तापत्रयापहम् ।
यच्छ्रुत्वा मुच्यते जन्तुरज्ञानोत्थमहाभयात् ।। *अध्यात्मरामायण १।४-५*

अर्थ- हे देवी ! भगवान् श्रीरामले स्वयं कृपा गरेर उहिल्यै मलाई बताउनुभएको गुह्यभन्दा गुह्य अध्यात्म रहस्यले भरिएको श्रीरामचरित तिमीलाई बताउँछु सुन । अब तिमीले सुन्न चाहेको त्यो तापत्रयनिवारक रामचरित म भन्छु, जसलाई सुनेर प्राणी अज्ञानजनित भयबाट मुक्त हुन्छ ।

यसरी आश्वासन दिई भगवान् शङ्कर सम्पूर्ण रामचरित माता पार्वतीलाई सुनाउनुहुन्छ ।

अध्यात्मरामायणको भाव र भाषामा विचार गर्दा भगवान् शङ्करको ज्ञानप्रदाता आचार्यरूप स्पष्ट हुन्छ । रामचरितसम्बन्धी जिज्ञासाको समाधानको क्रममा अध्यात्मसाधनाका विविध पक्षहरूमा भगवान् शङ्करले स्वयं प्रकाश पार्नुभएको छ । युद्धकाण्डको स्तुतिप्रसङ्गमा भगवान् शङ्कर भगवान् श्रीरामसँग भन्नुहुन्छ-

अहं भवन्नाम जपत् कृतार्थो वसामि काश्यामनिशं भवान्या ।
मुमूर्षमाणस्य विमुक्तयेऽहं दिशामि मन्त्रं तव रामनाम ।। *अध्यात्मरामायाण, युद्धकाण्ड १६।६२*

अर्थ- हे श्रीराम ! म हजुरकै नाम जपी-जपी कृतार्थ बनेर भवानीका साथ काशीमा निवास गर्दछु । शरीर छुट्ने वेलामा मुक्तिको चाहनाले जब प्राणीले मेरो सम्झना गर्दछन्, त्यस्ताका लागि तारक महामन्त्रका रूपमा म हजुरकै पावन नाम तिनका कानमा सुनाइदिन्छु ।

यसरी अध्यात्मरामायणले भगवान् शङ्करलाई एउटा श्रद्धेय आचार्य अथवा गुरुको प्रतिष्ठापूर्ण छवि प्रदान गरेको छ । माता पार्वती रामतत्त्वकी मुख्य श्रोत्री बनेर श्रद्धाको प्रतीक बनिदिनुभएको छ । भगवान् शङ्करको यसै छविलाई हृदयङ्गम गरेर गोस्वामी तुलसीदासले रामचरितमानसमा श्रद्धा र विश्वासका स्थानमा स्मरण गरेको कुरा स्पष्ट हुन्छ । उनले भनेका छन्-

भवानीशङ्करौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ।। *रामचरितमानस, बालकाण्ड २*

अर्थ- माता भवानी र भगवान् शङ्करलाई म वन्दना गर्दछु जो श्रद्धा र विश्वासका रूपमा विराजमान हुनुहुन्छ, जसको अभावमा सिद्धहरू पनि आफ्ना अन्तर्हृदयमा अवस्थित ईश्वरलाई देख्न असमर्थ हुन्छन् ।

वैष्णवजगत्मा भगवान् सदाशिवको यही रूप विशेष रूपले वन्दनीय रहेको पाइन्छ । गोस्वामी तुलसीदासले गुरुका रूपमा भगवान् शङ्करलाई यसरी सम्झेका छन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वन्दे बोधमयं नित्यं गुरुं शङ्कररूपिणम् ।
यमाश्रितो हि वक्रोऽपि चन्द्रः सर्वत्र वन्द्यते ॥ *रामचरितमानस, बालकाण्ड ३*

अर्थ- जसको आश्रय लिएको हुनाले बाङ्गो रूप लिएका चन्द्रमा पनि सर्वत्र वन्दित हुन पुगेका छन् त्यस्ता दिव्य बोधरूप विश्वका गुरु भगवान् शङ्करलाई म वन्दना गर्दछु ।

यसरी नै गुरुरूपमा भावना गरेर ज्ञानका अधिष्ठाता भगवान् शिवलाई सम्पूर्ण वैष्णवसाधनाका पथिकहरू श्रद्धा र सम्मान समर्पण गर्दछन् ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ र पाशुपतक्षेत्र

–डा. गोविन्द टण्डन

परिचय

प्रकृतिको अनुपम मनोहारिता एवं ऐतिहासिक-पुरातात्विक, सांस्कृतिक एवं सामाजिक विविधताको दृष्टिकोणले हेर्दा नेपाल विश्वकै सुन्दरतम देशहरूमध्येको एक हो भन्ने कुरा यहाँका प्राकृतिक सौन्दर्य र प्रकृतिको अनुपम छँटाबाट सहजै बताउन सकिन्छ। उत्तरतर्फ रहेका मनमोहक हिमश्रृङ्खला, त्यस्तै पहाडमा रहेका वन-जङ्गल, झर्ना र तालहरूले कसको मनलाई प्रफुल्लित पार्दैन होला ! उपत्यका र तराईफाँटका तरेली परेका भूवनोट र त्यहाँ भएका अनेक किसिमका जडीबूटी, फलफूल, वनस्पति र अन्नको भण्डारले नेपाललाई प्राकृतिक रूपले अगाध धनी बनाएको छ। सगरमाथालगायत विश्वका सबैभन्दा अग्ला हिमालयहरूको काखमा एक किसिमले लमतन्न परेर पूर्वपश्चिम सुतेकोजस्तो गरी अवस्थित नेपालको विभिन्न आकर्षक स्थलहरूको पैदलभ्रमण गरी वा तत्-तत् क्षेत्रहरूमा पुगी नजर लगाउँदा साँच्चै नै आनन्दको पराकाष्ठामा पुगेको अनुभव हुन्छ। यसैकारणले नै होला ज-जसले नेपालको विभिन्न स्थलहरूको भ्रमण गरी विविध विषयहरूमा अध्ययन-अनुसन्धान गरे, तिनीहरू स्वदेशी हुन् वा विदेशी, उनीहरूले कुनै न कुनै रूपबाट प्रसिद्धि प्राप्त गर्न सफल भएका छन्।

संसारको प्राचीनतम ज्ञानराशि वेदका अनेकौं मन्त्रद्रष्टा ऋषि एवं ऋषिकाहरू यही नेपालभूमिमा जन्मेका थिए। संस्कृतका व्याकरणकार पाणिनि, पौराणिक साहित्यका रचयिता व्यासमुनि, जनकदर्शनका प्रणेता जनक, गौतमबुद्ध अगाडिका आदिबुद्धहरू यही धर्तीमा जन्मेका थिए। शान्तिका अग्रदूत महामानव गौतमबुद्धको जन्म यसै देश नेपालको लुम्बिनीमा भएको थियो। विश्वका बहादुर, निडर, निर्भीक, ईमानदार र व्यवहारकुशल मानिसहरूमा आज पनि नेपालीको प्रसिद्धि रहेको इतिहास साक्षी छ। विश्वका विभिन्न मुलुकहरूको सानोदेखि ठूला पदहरूमा रहेर नेपालीले ती देशहरूको अर्थतन्त्रमा पुऱ्याएको योगदान पनि कम आँक्न सकिन्न।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोणले पावन र पवित्र भूमिको रूपमा प्रसिद्ध छ।

नेपाल धार्मिक-आध्यात्मिक दृष्टिकोणले पावन र पवित्र भूमिको रूपमा प्रसिद्ध छ। भगवान् शिवको वासस्थान मानिने हिमालबाट निःसृत हुने स्वच्छ, सफा र पवित्र कैयन् नदीनालाहरू नेपालमा छन् र यहाँबाट प्रवाहित पानी पवित्र गङ्गामा पुगेर अझ पावन बन्छन्। स्वच्छ, सफा र निश्चल पानीसँगको पहिलो संसर्ग नेपालभूमिमा नेपालीसँगै हुन्छ। यसैले गर्दा हो कि छिमेकी मुलुक भारतका बासिन्दाहरू नेपालीलाई अति भाग्यमानी ठान्छन्। नेपालजस्तो पवित्र भूमिलाई छाडेर अन्यत्र मुलुकमा तीर्थयात्रा गर्न गएको प्रति पनि भारतका साधु-महात्माहरू शिरलाई छोडेर पुच्छरमा आएको भनी व्यङ्ग्य गर्छन्। नेपालमा धार्मिक-आध्यात्मिक महत्त्वका अनगिन्ती प्रसिद्ध स्थलहरू छन्, जहाँको स्पर्श र स्पन्दनले सजिलै जीवनमा परिवर्तन र रूपान्तरण हुन सक्छ। श्रीपशुपतिनाथको प्रसिद्ध मन्दिर रहेको पाशुपतक्षेत्र त्यस्तै पावन स्थलमध्येको एक हो। पाशुपतक्षेत्रको महिमा अभिवृद्धि गर्न वाग्वती नदीको ठूलो भूमिका रहेको छ। हिन्दूधर्ममा नदीको महत्त्वको कारण त्यस क्षेत्रको मन्दिरले तीर्थस्थलको स्वरूप ग्रहण गर्दछ। यद्यपि मानवबस्तीको अतिक्रमणले अहिले वाग्वतीलाई अनेक रूपले सङ्कुचित र प्रदूषित तुल्याएको छ। तैपनि यसको धार्मिक महत्त्वमा अझै कुनै कमी आएको छैन। वाग्वतीको महत्त्वलाई स्पष्ट पार्न यसका किनाराको दुवैतर्फ रहेका मठ-मन्दिरहरू काफी छन्। तीर्थको अर्थ हुन्छ त्यस्तो स्थल, जसको निवास, साधना र सेवाबाट मनुष्य भवसागरबाट पार पाउन सक्छ। तीर्थहरूको सेवनबाट मनुष्यको बुद्धि शुद्ध हुन्छ, अन्तःकरण पवित्र बन्छ जसको कारण व्यक्तिको अन्तःकरण पावन भई सुमार्गपट्टि अग्रसर हुन समर्थ हुन्छ। पावनीकृत यिनै विशेषताहरूको कारण सनातन हिन्दूधर्ममा अनादिकालदेखि तीर्थयात्रा एवं तीर्थसेवनको प्रथा धर्मको एक अभिन्न अङ्गको रूपमा रहँदै आएको छ।

भिन्न-भिन्न स्थल, भूमि, जल एवं वातावरणमा निहित विचित्रता तथा वैशिष्ट्यको कारण तत् तत् तीर्थस्थलहरूको भूमि अन्य सामान्य स्थलहरूको अपेक्षा महत्त्वशाली मानिनु अस्वाभाविक होइन। जहाँ-जहाँ पवित्रीकरण शक्तिको अधिकता पाइयो, तेजस् तत्त्वको प्राचुर्य पाइयो, त्यही स्थान तीर्थ नामले स्मरण गरियो र विनाभेदभाव सबैले लाभ उठाउने स्थानको रूपमा प्रसिद्ध भयो। यस्ता स्थलहरूमा तपोनिष्ठ साधु, सन्त, महात्मा, महर्षिहरू र भजनकर्ताहरूले स्वनिवासको योग्य ठाउँ ठानेर त्यहीं नै रमाउन थाले। सन्त-महात्माहरूको समागमबाट तीर्थहरूको पावनता अरू बढ्दैगयो। जहाँ परब्रह्म परमेश्वरका भक्त साधकहरू धर्मचर्चा गर्छन्, योग-ध्यान, भक्ति र ज्ञानको चर्चा गर्छन्, भक्तहरू प्रभु चिन्तन र सङ्कीर्तनमा लीन हुन्छन्, कहीं वेदपाठ, कहीं यज्ञ-हवन, कहीं स्वाध्याय पारायण हुन्छ भने त्यस्ताको समागमले गर्दा तीर्थस्थलको वायुमण्डल तथा वातावरण नै यस्तो बन्छ कि जताततै दिव्यताको अनुभूति हुन थाल्छ। यसरी तीर्थसेवीहरूको लागि तीर्थयात्रा अनिवार्य र जरूरी विषय बन्न पुग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशुपतक्षेत्रको धार्मिक-सांस्कृतिक महत्त्व

नेपालको राजधानी काठमाडौँको देवपत्तनस्थित प्राचीननगर, जसलाई हिजो-आज देउपाटन भन्छन्, मा अवस्थित भगवान् श्रीपशुपतिनाथको मन्दिरले चर्चेको 'पाशुपतक्षेत्र' विश्वका सम्पूर्ण हिन्दूधर्मावलम्बीहरूको लागि मात्र नभई विश्वका सबै जनसमुदायका लागि ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक दृष्टिकोणबाट अति नै महत्त्वपूर्ण सम्पदाको रूपमा विश्वप्रसिद्ध छ। साथै विश्वसम्पदा सूचीमा सूचीकृत भएकोले त अब यो विश्वकै लागि अनमोल सम्पदा बन्न पुगेको छ। भगवान् शिवको अट्टहासबाट उद्भव भएकी भनी शास्त्रहरूले मुक्तकण्ठले चर्चा गरिएकी वाग्वतीनदी शिवपुरी हुँदै श्रीपशुपतिनाथमन्दिरको पूर्वतर्फबाट वहँदै पावन गङ्गानदीमा मिल्न पुग्छिन्।

पशुपतिक्षेत्र ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक दृष्टिकोणबाट महत्त्वपूर्ण हुनमा लिच्छवि, मध्य, मल्ल, शाह आदि राजवंशका समयमा सबैको सहयोगमा अनेक मठ-मन्दिर, मूर्ति, स्तूप, विहार, ढुङ्गेधारा, धर्मशाला, पाटी-पौवा एवं अनेकौँ कीर्तिहरूको स्थापना यस क्षेत्रमा हुनु हो भन्दा अत्युक्ति हुँदैन। यहाँ स्थापित यी मूर्ति, मन्दिर, विहार, स्तूपहरू शताब्दीयौँ अघिदेखि विभिन्न धर्म-सम्प्रदायमा आस्था राख्ने श्रद्धालु भक्तजनहरूको आस्था एवं श्रद्धाको केन्द्रविन्दु बन्न पुगेका छन्। यसको कारण यी मूर्ति, मन्दिर एवं आ-आफ्ना श्रद्धा, आस्था एवं विश्वासका प्रतीकस्वरूपका आराध्यहरूको दर्शन, पूजन एवं सेवनका लागि नेपालका विभिन्न स्थानहरूबाट मात्र होइन, नेपालभन्दा बाहिर टाढा-टाढाका मुलुकहरूबाट पनि विभिन्न समयमा तीर्थयात्री एवं भक्तजनहरूको भीड लाग्छ।

देवाधिदेव महादेव भगवान् श्रीपशुपतिनाथको मन्दिर नेपालमा रहनु नेपाल र नेपालीको लागि गौरवको विषय हो। भगवान् श्रीपशुपतिनाथ देवका पनि देव महादेव हुनुहुन्छ। भगवान् श्रीपशुपतिनाथको महिमागायन समग्र वैदिक तथा पौराणिक वाङ्मयमा पाइन्छ। शुक्लयजुर्वेदमा भगवान् सदाशिवको स्तुति गर्दै भनिएको छ -

नमः सम्भवाय च मयो भवाय च।
नमः शङ्कराय च मयस्कराय च॥
नमः शिवाय च शिवतराय च। आदि

अर्थ- समस्त विश्वकल्याणको आधार भगवान् शङ्करलाई नमस्कार छ, सम्पूर्ण संसारको सुखको कारण भगवान् शिवलाई नमस्कार छ। स्वयं रचेको सृष्टिप्रति सधैँ कल्याण गर्ने परम कल्याणदायी भगवान् शिवलाई नमस्कार छ। सबै कल्याणकारीहरूमा श्रेष्ठ भगवान् सदाशिवलाई नमस्कार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवमात्रका आश्रयदाता भूतभावन भगवान् श्रीपशुपतिनाथ सम्पूर्ण प्राणीजगत्का परमाराध्य हुनुहुन्छ। श्वेताश्वतर उपनिषत्अनुसार यो विशाल सृष्टिरचनाको विस्तार जुन प्रकृतिको सहाराबाट भयो ती प्रकृति माया हुन् र तिनका अधिपति महेश्वर भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ। यिनै प्रकृतिरूपा मायाको परमाधिपतिरूप महेश्वरको अंशबाट यो सारा जगत् व्याप्त छ। जीवमात्रमा उनै परमपिता शिवको अंशकला विराजमान छ। त्यहाँ भनिएको छ-

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्।
तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत्॥

परमकल्याणमूर्ति भगवान् शिवका विविध स्वरूपहरूमा श्रीपशुपतिस्वरूपको आफ्नै वैशिष्ट्य छ। पशुपति तत्त्वका तीन पक्ष छन्- पशु, पाश र पति। मायाको आवरणभित्र क्रियाशील यो जगत्प्रपञ्च जसको दृष्टिमा सधैँ भासमान रहन्छ र जो यस द्वैत प्रपञ्चमा फसेर अविद्याको घेराबाट घेरिएर रहन्छ त्यस्तो जीव नै 'पशु' हो। त्यस्ता जीवलाई ज्ञानको माध्यमबाट मुक्त गराउने नै 'पशुपति' हुनुहुन्छ। आवश्यकतानुसार जीवहरूलाई बाँध्न एवं मुक्त तुल्याउन सर्वतन्त्रस्वतन्त्र हुनाको कारण नै भगवान् श्रीपशुपतिमा 'नाथत्व' जोडिएको छ र उहाँ श्रीपशुपतिनाथ कहलाउनुभएको छ।

श्रीपशुपतिनाथको जस्तो भव्य मन्दिर न नेपालमा अर्को कुनै छ न विश्वका अरू देशमा नै छ। भगवान् श्रीपशुपतिनाथको मन्दिरले चर्चेको 'पाशुपतक्षेत्र' एउटा निश्चित सीमाभित्र रहेको क्षेत्रलाई कहिने नाम हो। पाशुपतक्षेत्र भगवान् श्रीपशुपतिनाथको मन्दिरबाहेक श्रीगुह्येश्वरी, श्रीभुवनेश्वरी, श्रीवत्सलेश्वरी, श्रीजयवागेश्वरी, श्रीगोरखनाथ, श्रीविश्वरूप, श्रीताम्रेश्वर, श्रीदक्षिणामूर्ति, श्रीचन्द्रविनायक, श्रीपञ्चदेवल आदिका आकर्षक र भव्य मन्दिरहरूले सुहाएको छ। यी सबै मन्दिरहरूको आ-आफ्नै प्रकारको धार्मिक महत्ता र अनुश्रुतिहरू छन्। यस्तैगरी पशुपतिक्षेत्रमा धन्दोचैत्य, चाविहार, कुटुबहाल, मैजुबहाल आदि बौद्धधर्मसँग सम्बन्धित आराध्यस्थलहरू पनि छन्। साथै नानकमठ, निर्मल अखडा आदि नामले सिखधर्मसँग सम्बन्धित साधनास्थलहरूले पनि पशुपतिक्षेत्रको महत्त्वलाई बढाउन सघाउ पुऱ्याएका छन्। बीसौं शताब्दीतिर एकजना नेपाली मुनिले प्रारम्भ गरेको जोसमनि सम्प्रदायको पुरानो मठको भग्नावशेष पनि पशुपतिक्षेत्रमा विद्यमान छ। जैन तीर्थङ्करको पुरानो मूर्ति समेत पशुपतिक्षेत्रमा उपलब्ध हुनुले त शैवक्षेत्रको रूपमा प्रख्याति पाए पनि पशुपतिक्षेत्र सबै धर्म-सम्प्रदायको साझा धार्मिक स्थल भएको प्रमाणित हुन्छ। अर्को शब्दमा भन्ने होभने पशुपतिक्षेत्र यहीँ धार्मिक सद्भावको कारणले नै वैशिष्ट्यपूर्ण बन्न गएको छ। यसैले के वैदिक, के बौद्ध, के जैन, के सिख सबैका लागि पशुपतिक्षेत्र आराध्यस्थल बन्न पुगेको छ। हिन्दूधर्म-संस्कृतिभित्र वैदिक, बौद्ध, जैन र सिखलाई समेट्ने परम्परा उहिल्यैदेखि रहिआएस्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथमन्दिरको द्वार ती सबैका लागि खुला छ। **'एकं सद्‌विप्रा बहुधा वदन्ति'** अर्थात् तत्त्वदर्शीहरू एकै सत्यलाई विभिन्न नामले पुकार्दछन् भने जस्तो पशुपतिनाथमन्दिरमा शिवलिङ्गस्वरूपमा भगवान् शिवको पूजा-अर्चना हुन्छ, शिवलिङ्ग एउटै छ तापनि विभिन्न धर्मका अनुयायीहरू त्यहाँ आ-आफ्ना आराध्यलाई भावना गर्दै समान श्रद्धा-विश्वास प्रकट गर्दछन्। यो नै नेपालमा पाइने धार्मिक सद्‌भावको सर्वोत्कृष्ट उदाहरण हो।

भगवान् श्रीपशुपतिनाथको मन्दिर रहेको कारणले प्राचीन कालदेखि नै आफ्नो दुःख-कष्ट निवृत्तिका लागि हात जोड्ने साधनास्थल, परसेवाका लागि हात फुकाउने दानभूमि, पारलौकिक अभ्युदयका लागि यज्ञ-यज्ञादि गर्ने धर्मभूमि, मानसिक शुद्धिको लागि जप, तप, पूजा-आराधना गर्ने साधनाभूमि, स्वरूपसाक्षात्कारका लागि चिन्तन गर्ने पुण्यभूमिका रूपमा पशुपतिक्षेत्र शताब्दीयौं अघिदेखि प्रसिद्ध रहिआएको कुरा साहित्यिक प्रमाण, शिलालेख एवं अन्य अभिलेखहरूबाट थाहा हुन्छ।

सम्पूर्ण जीवात्माहरूको उत्पत्ति, रक्षा र संहार गर्ने भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ भन्ने कुरा वैदिक वाङ्मयहरूको परिशीलनबाट अवगत हुन्छ। मल, माया-मोह एवं अज्ञान आदि बन्धनमा जकडिएका पशुरूपी जीवात्माहरूलाई ती बन्धनबाट छुटकारा दिलाउने हुनाले नै उहाँलाई 'पशुपति' भनिएको हो। त्यसो हुँदा जसले यस रूपमा भगवान् श्रीपशुपतिनाथलाई चिनेका छन्, उनीहरू आफ्ना अवगुणहरूलाई त्यागेर पशुपतिनाथको शरण प्राप्त गरौं भन्ने मनशायले नै पशुपतिनाथको भक्ति, साधना र आराधना गर्न लालायित हुन्छन् र त्यसैका लागि टाढा-टाढादेखि धाउँछन्।

लिच्छविकालदेखिका शिलालेखहरू, नेपालको प्रतिनिधित्व गर्ने अनेकौं मूर्तिहरू, भव्य एवं आकर्षक मठ, मन्दिर, स्तूप, धर्मशाला, ढुङ्गेधारा, पाटी-सत्तलहरू, मूर्ति एवं यात्रा, चाड-पर्व, रीतिथिति, आस्था-विश्वासजस्ता अमूर्त सम्पदाहरूको कारण पशुपतिक्षेत्र साँच्चै भन्ने हो भने एउटा खुला सङ्ग्रहालयको रूपमा रहेको पाइन्छ। यो एउटा जीवन्त धार्मिक-सांस्कृतिक स्थल हो। यस्तो जीवन्त सम्पदा विश्वमा दुर्लभ हुँदै गइरहेका छन्। हिन्दूधर्ममा आस्था राख्नेहरू पशुपतिनाथलाई केदारनाथको शिरोभाग भनेर पनि मान्दछन्। त्यसैले भारतमा रहेका प्रसिद्ध चारधामहरूको यात्रा गरिसकेपछि नेपालमा अवस्थित पशुपतिनाथको दर्शन गरिएन भने त्यो अपूर्ण हुन्छ भनेर अन्त्यमा यहाँ दर्शन-पूजनको लागि आउने चलन छ।

पशुपतिनाथ मन्दिरको सान्निध्य भई वहने वाग्वतीको महिमा नेपाल माहात्म्य, हिमवत्खण्ड तथा पशुपतिपुराण आदि पौराणिक साहित्यहरूमा विशद रूपले उल्लेख भएको छ। पौराणिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यमध्येको हिमवत्खण्डमा वाग्वतीलाई नदीहरूमा सर्वश्रेष्ठ, लोकपावनी, सर्वदुःखहारणी, जीवनदायिनी र पावनी बताइएको छ-

वाग्वती सरितां श्रेष्ठा वाग्वती लोकपावनी ।
वाग्वती पूजिता देवैर्वाग्विभूतिः प्रलभ्यते ॥१०२॥

वाग्वती नो गतिर्देवाः सर्वदुष्कृतहारिणी ।
वाग्वती चैव पूज्या स्याद्वाग्वती दुःखतारिणी ॥१०३॥

वाग्वती दुरितघ्न्येषा स्नातकानां मुनीश्वराः ।
वाग्वती सुगतिश्चापि मुमुक्षूणां हि योगिनाम् ॥१०४॥

वाग्वती पूज्यता शश्वत्सर्व्वविभूतिमिच्छता ।
शतगङ्गा समा ज्ञेया कलौ प्राप्ते हि वाग्वती ॥१०५॥

वन्देऽहं वाग्वतीं देवीं सर्वलोकांश्च तारिणीम् ।
रुद्रमुखोद्भवां वाणीं ब्रह्मवाणीं सरस्वतीम् ॥१०६॥ *हिमवत्खण्ड-१८६।१०२-१०६*

हिमवत्खण्डमा यतिसम्म पशुपतिक्षेत्रको बखान गरिएको छ कि स्वर्गका देवताहरूसमेत यहाँ जन्म लिन लालायित हुन्छन् । यसो हुनुमा त्यहाँ भगवान् श्रीपशुपतिनाथको मन्दिर, पुण्यसलिला वाग्वतीनदी एवं श्लेष्मान्तक वनजस्तो धार्मिक-आध्यात्मिक महत्त्व समेटिएका मनोहारी स्थलहरू नै कारण छन् भन्न हिचकिचाउनुपर्दैन ।

पाशुपतक्षेत्रमा भएका धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाहरूले गर्दा यस क्षेत्रको केवल राष्ट्रिय महत्त्वमात्र नभई अन्तर्राष्ट्रिय महत्त्वसमेत रहेको कुरा संयुक्त राष्ट्र संघअन्तर्गतको युनेस्कोले विश्व सांस्कृतिक सम्पदा सूचीमा पाशुपतक्षेत्रलाई पनि सन् १९७९ देखि समावेश गरेको उल्लेख्य कार्यलाई बिर्सन सकिन्न ।

'पशुपति' शब्दको अर्थः

सबैतिर मृत्यु नै मृत्यु भएको र मृत्यु नै सबभन्दा बढी कष्टकर भएको हुँदा मानिस मृत्युदेखि डराउँछ र जतातते मृत्यु नै मृत्युलाई देख्दछ किनभने संसारमा जति पनि भयहरू छन्, तिनको मूल कारण मृत्यु नै हो । मृत्युको भयका अगाडि अरू भय सामान्य हुन्छन् । मृत्युको भयले छोडेको दिन मानिस 'अभय'मा पुग्दछ । जीवात्मालाई यस्तो अभय पदमा पुऱ्याउने सामर्थ्य केवल मृत्युञ्जय भगवान् श्रीपशुपतिनाथमा मात्र छ । भगवान् श्रीपशुपतिनाथको आराधनाबाट जीवात्मालाई ज्ञानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुज्ज्वल प्रकाश प्राप्त हुन्छ। आफूलाई भौतिक शरीर ठानेकोमा चिन्मयस्वरूपको परिचय प्राप्त हुन्छ। पञ्चमहाभूतबाट बनेको जड शरीरसँग अभेद सम्बन्ध राखेर शरीर नै म हुँ भनेर ठान्नु बाँचुन्जेल मृत्युको भय जस्ताको तस्तै रहिरहन्छ। जब साधनाद्वारा आफू चिन्मय भगवद् अंश शुद्ध आत्मानुभूतिका साथ जिउने चेतनात्मक स्तरमा पुग्दछ, त्यसवेला उसबाट पशुभाव पनि सँगसँगै हटेर जान्छ। शरीर र आफूबीच भएको फरकपन छुट्याउन उसले भगवान् शिवको आराधना गर्नुपर्छ। अज्ञानको कारणले आफू पशुकोटिमा बाँचिरहेको उसलाई पत्तै हुँदैन। गुरुको सहायताले साधनाका अनेक विधि अवलम्बन गरेपछिमात्र मानिसले आफूलाई यथार्थ रूपमा चिन्न सक्छ।

शिवपुराणमा द्रष्टा र दृश्यका भेदले शरीर र आत्मालाई चिनाउने क्रममा भनिएको छ- "जीवात्माले शरीरलाई देख्दछ, परन्तु शरीरले जीवात्मालाई देख्न सक्तैन। शरीर र जीवात्मालाई उभन्दा माथिको परमात्माले देख्दछन्, परन्तु ती परमात्मालाई चाहिँ शरीर र जीवात्मा दुवैले देख्न सक्तैनन्। आत्मानुभूतिको त्यो चेतनामय स्थितिमा नपुगुन्जेल ब्रह्माजीदेखि लिएर यावत् स्थावरजङ्गम प्राणीहरू सबै नै पशु बनेर बाँचिरहेका हुन्छन्"। ईश्वरका मायाको अधीन भएर आफ्नो स्वरूप बिर्सन पुगेको यस्तै सुखदुःख भोगी जीवरूपी पशुले ईश्वरीय लीलाको साधन बनेर मायाजालमा अल्झेर जिउन विवश हुनु जीवनको यथार्थता हो।

स पश्यति शरीरं तच्छरीरं तन्न पश्यति।
तौ पश्यति परः कश्चित्तावुभौ तं न पश्यतः॥
ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः।
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम्॥
स एव बध्यते पाशैः सुखदुःखाशनः पशुः।
लीलासाधनभूतो य ईश्वरस्येति सूरयः॥ *शिवपुराण, वायवीयसंहिता ७।५९-६१*

यसरी पाशबद्ध बनेको जीवले पाशमुक्त बन्न भगवान् शिवको आराधना गर्नुपर्दछ। शिवआराधनाका आठ अङ्ग छन्। माता गौरीको प्रश्नको समाधान दिँदै भगवान् शिव भन्नुहुन्छ- "मेरा भक्तहरूसँग प्रेम राख्नु, उनीहरूले गरेका पूजाअर्चनालाई अनुमोदन गर्नु, आफू स्वयं पनि पूजाअर्चना गर्नु, शरीरबाट हुने सबै कर्म मेरो निम्ति गरेको सम्झनु, मेरो कथा सुन्नभन्दा भक्ति, स्वरभङ्ग एवं नेत्रवक्त्रविकार आदि सात्विक भाव प्रकट हुनु, नित्य मेरो स्मरण गरी मप्रति पूर्ण समर्पण रहनु यी मेरा भक्तहरूले अवलम्बन गर्नुपर्ने मुख्य लक्षणहरू हुन्। यी पवित्र लक्षणहरू कुनै म्लेच्छमै छन् भने पनि ऊ श्रेष्ठ, पवित्र, मुनि, संन्यासीसमान हुन्छ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुको, पाशको र पतिको परिचय दिँदै अगाडि भनिएको छ- "ब्रह्मादेखि लिएर स्थावरसम्मका प्राणीहरू सबै पशु हुन्। जो संसारलाई देख्दछन् र संसारको वशमा पर्दछन्, तिनैलाई पशु भन्दछन्। "**पश्यन्ति इति पशवः**" भन्ने व्युत्पत्तिअनुसार जसलाई संसार देखिन्छ र संसारको आकर्षणले प्रभावित तुल्याउँछ, तिनै पशु हुन्छन्। मलमाया आदि पाश हुन्। जीवरूप पशुलाई यी पाशहरूबाट बचाउने परम करुणामय सर्वशक्तिमान् भगवान् सदाशिव नै पति मानिनुहुन्छ। आफ्नो कर्मानुसारको फलप्रदान गरेर भगवान् नै स्वयं जीवात्मालाई बाँधिदिनुहुन्छ र जीवात्माले साधनाको क्षेत्रमा अघि बढ्दै गएपछि एकदिन उहाँकै कृपाबाट पाशमुक्त बन्दछ। साधना गर्दै गएपछि मुक्ति दिने भगवान् श्रीपशुपति नै हुनुहुन्छ। पशुरूपी जीवलाई मुक्ति दिलाउने भएकोले भगवान् शिव स्वयं पशुपति कहलिनुहुन्छ -

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः॥
तेषां पतित्त्वाद्देवेशः शिवः पशुपतिः स्मृतः।
मलमायादिभिः पाशैः स बध्नाति पशून् पतिः॥
स एव मोचकस्तेषां भक्त्या सम्यगुपासितः। *शिवपुराण, वायवीयसंहिता २।११-१३*

पशु, पाश र पतिसम्बन्धी प्रकरणलाई अझ राम्ररी कूर्मपुराणअन्तर्गत पर्ने ईश्वरगीतामा सम्झाइएको छ–

आत्मनः पशवः प्रोक्ताः सर्वे संसारवर्तिनः।
तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः॥
मायापाशेन बध्नामि पशूनेतान् स्वलीलया।
मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः॥
मायापाशेन बद्धानां मोचकोऽन्यो न विद्यते।
मामृते परमात्मानं भूताधिपतिमव्ययम्।
चतुर्विंशतितत्त्वानि माया कर्मगुणा इति।
एते पाशाः पशुपतेः क्लेशाश्च पशुबन्धनाः॥ *-ईश्वरगीता ६।१८-२१*

अर्थात्, संसारको बन्धनमा परेका सम्पूर्ण जीवहरू नै पशु हुन्। तिनको पति र इष्टदेव म नै हुँ, त्यसैले विद्वान्हरूले मलाई पशुपति भन्छन्। म आफ्नो लीलाको क्रममा ती पशुहरूलाई मायारूपी पाशद्वारा बाँध्दछु। वेदवेत्ताहरू ती पशुहरूको मुक्तिदाताको रूपमा मलाई नै पुकार्दछन्। मायाको पाशद्वारा बाँधिएकाहरूलाई छुट्कारा दिलाउने सम्पूर्ण प्राणीहरूको अधिपति मबाहेक अरू कोही छैन। अविनाशी म परमात्मा नै तिनीहरूलाई मुक्त गरिदिन्छु। पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच महाभूत, पाँच प्राण, मन, बुद्धि, चित्त र अहङ्कार यत्ति चौबीस तत्त्वहरू र मायाले सिर्जना गरेका गुणहरूको यो समूह नै जीवात्मालाई बाँध्ने पाश बताइन्छ। पशुपतिको पाशको रूपमा यिनै चौबीस तत्त्व हुन्छन्। भवबन्धनको रूपमा चाहिँ अनेकौं क्लेशहरू हुन्छन्।

भगवान् श्रीपशुपतिनाथको लिङ्ग भारतमा रहेको प्रसिद्ध केदारेश्वरको शिरोभागको रूपमा अहिलेदेखि होइन, उहिलेदेखि नै प्रसिद्ध रहिआएको कुरा शिवपुराणमै उल्लेख भएबाट अवगत हुन्छ। त्यहाँ स्पष्टसँग बताइएको छ–

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम्।
शिरोभागस्वरूपेण शिवलिङ्ग तदस्ति हि॥ *शिवपुराण, कोटिरुद्रसंहिता १३।१३-१९*

अर्थात्, सम्पूर्ण पृथ्वीभरि प्रसिद्ध रहेको नेपालनामक नगरीमा सबै कामना सफल गरिदिने पशुपतीश्वर नाउँ गरेको शिवलिङ्ग छ। त्यो शिवलिङ्ग शिरोभागस्वरूपले रहेको छ।

यहाँ जिज्ञासा हुनसक्छ केको शिरोभाग ? अनि यो शिरोभाग होभने अरू भाग कहाँ कुन रूपमा छ ? यसको रहस्य शिवपुराणमै अलि पछिल्लो भागमा बताइएको छ। महाभारतको संग्राममा पाण्डवको विजय त भयो तर सगोत्रीको हत्याले उनीहरू गोत्र - हत्यारा बने। त्यो दोषबाट मुक्त हुनका लागि जब पाण्डवहरू हिमालयको क्षेत्रमा पुगेका थिए, भगवान् शिव राँगाको भेषमा भाग्नुभयो र लुकेर बस्नुभयो। अलिपर पुग्दा मुन्टो तल पारेर बसेको राँगोलाई उनीहरूले देखेर पुच्छरमा समातेर बारम्बार प्रार्थना गर्न थाले। भगवान् शिव भक्तवत्सल नामले केदारेश्वरको रूपमा त्यहीं रहनुभयो र शिरोभागचाहिँ नेपालमा श्रीपशुपतिनाथको रूपमा विराजमान हुन आएको दृष्टान्तबाट भगवान् श्रीपशुपतिनाथको कत्रो महत्त्व रहेछ भन्ने कुरा स्वतः बुझ्न सकिन्छ।

यो हि वै पाण्डवान् दृष्ट्वा माहिषं रूपमास्थितः।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत्॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनःपुनः॥
तद्रूपेण स्थितस्तत्र भक्तिवत्सलनामभाक्।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः॥ *शिवपुराण, कोटिरुद्रसंहिता १९।१३-१५*

माहेश्वर-दर्शनअनुसार शिवका पाँच विशेष शक्तिका प्रतीकका रूपमा रहेका पाँच मुखले सुशोभित (तन्त्रमा विश्वास गर्नेहरू छ मुख मान्छन्) लिङ्गविग्रहको पूजन परम्परा प्रचलित रहेको र त्यस प्रकारका पञ्चमुखाकृतिसहितका शिवलिङ्गको स्थापना र पूजन गर्ने विशिष्ट परम्पराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संरक्षण नेपालमा धेरै अघिदेखि हुँदै आएकोले पौराणिक कालदेखि नै नेपाललाई 'महामाहेश्वरक्षेत्र' को रूपमा प्रसिद्धि मिलिसकेको कुरा प्रसिद्ध महाभारतको वनपर्वमा उल्लेख भएको पाइएबाट बुझ्न सकिन्छ। त्यहाँ स्पष्ट रूपमा उल्लेख गरिएको छ-

माहेश्वरपुरं गत्वा अर्चयित्त्वा वृषध्वजम् ।

ईप्सितान्ल्लभते कामानुपवासान्न संशयः ॥ *शिवपुराण, कोटिरुद्रसंहिता ८४।१।२९*

अर्थात्, माहेश्वरपुरमा गएर भगवान् शिवको पूजन गरेमा साधकले चिताएका सम्पूर्ण कुराहरू प्राप्त गर्न सक्दछ।

स्कन्दपुराणको मेरुखण्डअन्तर्गत मानिएको हिमवत्खण्डमा नेपालस्थित पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्ग भनी उल्लेख गरिएको पाइन्छ। चलनचल्तीमा रहेको द्वादश ज्योतिर्लिङ्गमा भगवान् श्रीपशुपतिनाथको नाम नपरेको भए पनि स्कन्दपुराणले पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्गकै रूपमा प्रतिष्ठापित गरेको छ। केदारेश्वर द्वादश ज्योतिर्लिङ्गमध्येको एक तथा श्रीपशुपतिनाथ केदारेश्वरको शिरोभाग भएको उल्लेख शिवपुराणमा पाइनुले त प्रकारान्तरले भगवान् श्रीपशुपतिलिङ्गलाई ज्योतिर्लिङ्गमात्र होइन महाज्योतिर्लिङ्ग मानेको देखिन्छ। हिमवत्खण्डमा ब्रह्मा र विष्णुले मिलेर श्रीपशुपतिनाथको लिङ्गविग्रहलाई स्थापना गरेको उल्लेख पाइन्छ। त्यहाँ भनिएको छ-

ययौ तेन समं धाता यत्र ज्योतिर्मयः स्थितः ।

सुनिर्मित्यं नमन् ब्रह्मा लिङ्ग शिलामयं शिवम् ॥

सवेदिकं च पञ्चास्यं सर्वलक्षणलक्षितम् ।

मुदा भक्त्या स्थापितवान् ज्योतिर्लिङ्गोपरि ध्रुवम् ॥ *हिमवत्खण्ड ७७।३७-३८*

अर्थात्, भगवान् विष्णुका साथ जहाँ परमज्योतिरूप शिव विराजमान हुनुहुन्थ्यो, त्यहाँ गएर ब्रह्माले प्रणाम गरे। तत्पश्चात् कल्याणमय शिवलिङ्ग राम्ररी बनाएर माथि पाँच मुख तल वेदि भएको सबै माङ्गलिक लक्षणहरूले संयुक्त भएको शिवलिङ्गलाई हर्षित भएर भक्तिका साथ त्यो ज्योतिरूप लिङ्गउपर अटलरूपले स्थापित गरे।

श्रीपशुपतिनाथको प्रसिद्धि सामान्य लिङ्गको रूपमा नभई ज्योतिर्लिङ्गकै रूपमा भएको कुरा हिमवत्खण्डमा यसरी बताइएको छ-

मध्ये पशुपतिर्देवो ज्योतिर्लिङ्गो विराजते ।

गुप्ताख्यया समं देव्या प्रमथैर्योगिनीगणैः ॥ *हिमवत्खण्ड ७१।७*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्, माझमा ज्योतिर्लिङ्गस्वरूप भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ। साथमा प्रमथहरू र योगिनीहरूका साथ गुप्ता नाम गरेकी देवी अवस्थित छन्।

यी अनेक उल्लेखहरूबाट भगवान् श्रीपशुपतिनाथको प्रतिष्ठा ज्योतिर्लिङ्गका रूपमा रहेको स्पष्ट हुन्छ। यसैकारणले नै हो कि विश्वभरिका हिन्दूहरू जीवनमा एकपटक भए पनि भगवान् श्रीपशुपतिनाथको दर्शनका लागि आतुर हुन्छन्। भगवान् श्रीपशुपतिनाथको मन्दिर युगौँदेखि सम्पूर्ण ॐकार परिवारको एकताको प्रतीक रहिआएको छ। वैदिक सनातनधर्म परिवारका भगवान् शिवलाई नै इष्ट-आराध्य मान्ने शैवहरू, भगवान् शिवलाई बोधमय गुरुका रूपमा श्रद्धा-सम्मान गर्ने वैष्णवजगत्, शक्तिसहगामी ईश्वरका रूपमा मान्ने शाक्तहरू सबै नै भगवान् श्रीपशुपतिनाथको परिसरमा पुग्न पाउँदा असीम प्रसन्नता र आनन्दको अनुभूति गर्छन्। यसैगरी **"ओम् मणिपद्मे हुम्" "नमो अरिहन्ताणम्"** भन्ने मन्त्र जप्ने बौद्ध र जैनहरू र **"एक ॐकार सत्नाम"** भन्ने मन्त्र जप्ने सिखहरू सबैका लागि भगवान् श्रीपशुपतिनाथको मन्दिर श्रद्धा र नमनको केन्द्र रहेको छ। प्रत्येक दिन हजारौँको सङ्ख्यामा त्यही आस्था, श्रद्धा र सम्मानको ज्वलन्त रूप भक्तजनहरूको भीडले प्रतिनिधित्व गरिरहेको छ। अझ महाशिवरात्रि, सद्‌बीजारोपण, तीज, एकादशी, श्रावणको सोमवार, नववर्षलगायतका दिनमा त लाखौँ भक्तजन तथा दर्शनार्थीहरूको भीडले श्रीपशुपतिनाथप्रतिको श्रद्धा, आस्था र विश्वासको झलक प्रस्तुत गरिरहेको हुन्छ।

लिङ्ग र लिङ्गतत्त्वको विवेचन

भगवान् श्रीपशुपतिनाथलाई साकार रूपमा अभ्यर्चना गर्दा साकार स्वरूपमा पनि निराकार भावले लिङ्गको रूपमा पूजा-आराधना गर्ने प्रचलन रहिआएको छ। लिङ्गको अर्थ केही पाश्चात्य विद्वान् र उनीहरूको अनुसरण गर्नेहरूले मनोमानी ढङ्गले गरेतापनि लिङ्गको वास्तविक तत्त्व र अर्थ वैदिक वाङ्मयहरूमा प्रष्ट गरिएको पाइन्छ। **"लिङ्गयते गम्यते बुध्यते अनेन इति लिङ्गम्"** भन्ने व्युत्पत्तिअनुसार गत्यर्थमा विद्यमान "लिगि" धातुबाट लिङ्ग शब्दको निष्पत्ति हुन्छ, यसको अर्थ जसद्वारा प्रतिपाद्य वस्तुको यथार्थस्वरूप अवगत गर्न सकिन्छ, त्यही नै "लिङ्ग" हो। यहाँ लिङ्ग शब्द अनेक अर्थमा प्रयुक्त भएको छ। मेदिनीकोषकारले निम्नलिखित अर्थहरूमा लिङ्ग शब्द व्यवहृत भएको छ भनी उल्लेख गरेका छन्।

लिङ्गं चिह्नेऽनुमाने च साङ्ख्योक्तप्रकृतावपि।
शिवमूर्त्तिविशेषे च मोहनेऽपि नपुंसकम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य लोकव्यवहारमा लिङ्ग शब्द चिह्नरूप अर्थको बोधक हुन्छ भने न्यायदर्शनमा अनुमानको हेतु अर्थमा र साङ्ख्यहरूले कार्यमात्रको मूल कारण मूलप्रकृतिमा लिङ्ग शब्दको प्रयोग गरेका छन्। यस्तै पुराणमा भगवान् शङ्करको मूर्तिविशेषमा र कहीं-कहीं मोहनरूप अर्थमा पनि लिङ्ग शब्द प्रयोग गरिएको पाइन्छ।

लिङ्ग शब्दको व्युत्पत्ति गर्दा **लिङ्ग्यते प्रतीयते यत्तल्लिङ्गम्** भन्ने पनि हुन्छ जसले पुलिङ्ग, स्त्रीलिङ्ग आदिको प्रतीति हुन्छ, त्यही नै लिङ्ग हो भन्ने बुझाउँछ। न्यायदर्शनमा भने **लीनम् प्रच्छन्नम् अर्थम् गमयति बोधयतीति लिङ्गम्** जसको अर्थ गुप्त रहेको प्रयोजन वा ध्येयलाई जसले बोध गराउँछ त्यही लिङ्ग भन्ने हुन्छ। उदाहरणको लागि **पर्वतो बह्निमान् धूमात् यथा महानसवत्** यस अनुमान वाक्यमा यो पर्वत आगोवाला छ; किनभने धूँवा भएको हुनाले। यहाँ **महानसवत्** अर्थात् भान्छाघरको जस्तै भनी भान्छाघरमा देखिएको आगोको धूँवाले पर्वतबाट निस्केको धूवाँसँग सम्बन्ध जोड्दा यो पर्वत आगोवाला रहेछ भन्ने अनुमान वाक्यमा पर्वतमा लुकेको आगोलाई दृश्यमान धूवाँले बोध गराउने हुनाले नैयायिकहरूले धूवाँलाई "लिङ्ग" शब्दले व्यवहार गर्छन्। साङ्ख्यदर्शनअनुसार स्थूल पञ्चमहाभूत आकाश, वायु, तेज, जल, पृथ्वी, आफ्नो कारण शब्द, स्पर्श, रूप, रस, गन्ध पञ्चतन्मात्राहरूमा लीन हुन्छन्। ती तन्मात्राहरू अहङ्कारमा, अहङ्कार बुद्धिमा र बुद्धितत्त्व मूलप्रकृतिमा लीन भएको कारण **लीयते यत् तल्लिङ्गम्** भन्ने व्युत्पत्तिअनुसार जसमा सबै उत्पद्यमान कार्यहरू लीन हुन्छन्, त्यही नै साङ्ख्यदर्शनको साङ्केतिक लिङ्ग शब्द हो, यसलाई प्रकृति भनिन्छ।

लिङ्ग्यते मुह्यते यस्मिन् तल्लिङ्गम् भन्ने अर्को व्युत्पत्तिअनुसार जसमा मोह हुन्छ, त्यही नै लिङ्ग हो भन्ने अर्थ बुझिन्छ। यहाँ मोह भनेको अविवेक हो। यसबाट अनेक अर्थ बुझाउने लिङ्ग शब्दको एक अर्थ विवेकशून्यको सङ्केतक पनि हो भन्ने देखिन्छ।

यस प्रकार "लिङ्ग" शब्द विविध अर्थमा प्रयुक्त भए तापनि देवाधिदेव महादेवको साकार स्वरूपमा पनि लिङ्ग शब्दको प्रयोग भएको कारण यस सन्दर्भमा केही विवेचन गर्नु सान्दर्भिक हुने देखिन्छ। हिन्दू धर्ममा भगवान् शिवको साकार रूपमा पूजा गर्ने क्रममा लिङ्गपूजा गर्ने प्रचलनलाई सनातन मानिन्छ। लिङ्गलाई ऊर्ध्वगामिनी रूपमा बनाई स्थापना गरिएको कारण यसलाई प्रकाशतत्त्वको रूपमा पनि मानिन्छ। वास्तवमा ज्योतिर्लिङ्ग यसैको पुष्ट्याई हो। **"नासदानीन्नो सदासीत् तदानी नासीद्रजो नो व्योमा परो यत्"** (ऋग्वेद १०।१२९।१) अर्थात् कुनै समय यस्तो थियो जुन समयमा सत्, असत्, स्थूल, सूक्ष्म, द्यावाभूमि केही पनि थिएन। त्यसवेला **"सर्वे निमेषा जज्ञिरे विद्युतः पुरुषादधि नैनमूर्ध्वं न तिर्यञ्च न मध्ये परजग्रभत्"** (यजुर्वेद ३२।२) अर्थात् विद्वत् पुरुष ज्योतिर्लिङ्गको प्रादुर्भाव हुन्छ, जसबाट सबै कला, काष्ठादि दृश्यमान चराचर स्थूल जगत्को समुत्पत्ति भयो, जो अद्भुत एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिविलक्षण भएको कारण तल, माथि, वर, पर कुनै पनि प्रकारले कसैले पनि त्यसको वास्तविक स्वरूपलाई यथार्थमा बुझ्न सकेनन् । यसरी प्रकारान्तरले शिवलिङ्गको प्रादुर्भाव भएको चर्चा वेदमै पाइन्छ। यसको आधारमा लिङ्गपूजाको महनीय परम्परा शास्त्रसम्मत र शिष्टपरिगृहीत भएको कारण नै सृष्टिको आरम्भमा निराकार ब्रह्म साकाररूपमा परिणत हुँदा ज्योतिर्लिङ्ग स्वरूपमा प्रकट भएको आभास पाइन्छ। यसबाट ज्योतिर्लिङ्ग ब्रह्माण्डस्वरूप हो भन्ने भाव झल्कन्छ। ब्रह्माण्डको अण्डाकार मूर्तिसमान परब्रह्मको प्रतिमा "शिवलिङ्ग" यस कल्याणकारी प्रतीकलाई आधार बनाएर भगवान् श्रीपशुपतिनाथको मनन, पूजन तथा स्तवन गर्छन् । तत्त्वचिन्तक ऋषिमुनिहरूले चतुर्दश कोटि ब्रह्माण्डका तेत्तीस कोटि देवीदेवताहरूलाई मान्दा कुन रूपमा कहिले मानिसक्ने ? यसको समाधानको लागि एक ब्रह्माण्डमाथि अर्को ब्रह्माण्डको खात लगाउँदा खातबाट खात भए। थाक भएको आकार शिवलिङ्ग हो भन्ने पनि छन् । चतुदर्श कोटि देवीदेवतागणको प्रतीक शिवलिङ्ग हो। चतुर्दश कोटि ब्रह्माण्डलाई केमा राखेर पूजा गर्ने ? यस प्रकारको शङ्कानिवारणार्थ प्रकृति अर्थात् पृथ्वीको कल्पना गरेर शिवलिङ्गको पीठिका पृथ्वी बन्यो । जति पनि प्राचीन शिवलिङ्ग पाइएका छन्, तिनको पीठिका गोलो छ। त्यही चतुर्दश कोटि ब्रह्माण्डको स्वरूप र प्रकृतिस्वरूप पीठिका नै क्रमशः शिवलिङ्ग र जलहरी हो । यसरी निराकार ब्रह्मको आदिम स्वरूप साकार रूपमा उत्पन्न भई त्यसबाट नै विश्वब्रह्माण्ड सृष्टि भएको कारण साङ्ख्यहरूले स्थूल जगत्को निर्विकार मूल कारणको रूपमा लिङ्गतत्त्वलाई स्वीकार गरेको कुरा युक्तियुक्त प्रतीत हुन्छ। अतः ईश्वरवादी आस्तिकहरू ऊर्ध्वगामिनी दिव्यज्योति शिवलिङ्गको उपासना गर्छन् ।

स्कन्दपुराणमा आकाशलाई लिङ्ग र पृथ्वीलाई पीठिका बताइएको छ। आकाशलाई लिङ्ग भनी पुराणहरूले बताएको तथ्यलाई आधुनिक वैज्ञानिक दृष्टिबाट समेत महत्त्वपूर्ण मानिन्छ। विश्वविख्यात गणितज्ञ अलबर्ट आइन्स्टाइनले सिद्ध गरेका छन् कि अनन्त आकाश वलयझैं वक्र छ। उपादान वक्र भएपछि यस उपादानमा निर्मित भएका विद्युत्कण, परमाणु, अणुदेखि ब्रह्माण्डपर्यन्त सम्पूर्ण सृष्टि वक्र छ, लिङ्गरूप छ। जसलाई सोझो रेखा भनिन्छ, वस्तुतः त्यो वक्रको नै अंश हो, यसको कुनै अलग अस्तित्त्व छैन। आइन्स्टाइनको सापेक्षवादले आधुनिक पाश्चात्य वैज्ञानिक विचारधारामा ठूलो परिवर्तन ल्याएको छ। सापेक्षवादअनुसार न्यूटनद्वारा स्थापित पृथ्वीको आकर्षण शक्ति केही पनि होइन। वस्तुतः उपादानको वक्रताले गर्दा नै वस्तुहरू तलतिर खस्छन् र गुड्छन्। पदार्थको मात्रा जुन पिण्डमा अधिक हुन्छ, वक्रता पनि त्यसमा त्यत्तिकै मात्रामा अधिक हुन्छ। पुराणमा श्वेतवराह प्रचण्ड वेगले दौडे भनिएको छ, तलतिर गए भनिएको छैन। यस्तै केतकीको पात दश कल्प अघिदेखि मस्तकबाट छुट्टिँदा पनि लिङ्गको आधासम्म नपुगेको वर्णन छ। ज्योतिर्लिङ्ग अनन्त भएपछि आकाश त झन् अनन्त हुने नै भयो। यसकारण अनन्तकोटि विश्व लिङ्गमय छ र सम्पूर्ण ब्रह्माण्डका रचयिता परात्पर ब्रह्माको आकार पनि लिङ्गरूपमा छ अर्थात् निर्गुण छ। "**सर्वं खल्विदं ब्रह्म**" यही स्वरूपको आधारमा भनिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमुखी शिवलिङ्गको पूर्वी मुहारलाई तत्पुरुष, दक्षिणलाई अघोर, पश्चिमलाई सद्योजात र उत्तरतर्फलाई वामदेव नामले पुकारिन्छ। शिरको आकारविहीन मुहारलाई ईशान भनिन्छ, जुन योगीहरूको लागि पनि बुझ्न गाह्रो छ-

सद्यो वामं तथा घोरं तत्पुरुषं चतुर्थकम्।
पञ्चमञ्च तथेशानं योगिनामप्यगोचरम्॥

श्रीपशुपतिनाथको दर्शन-परिक्रमा

उपलब्ध शास्त्रहरूमा पशुपतिक्षेत्रको अत्यन्त महत्त्वगान गाइएको पाइन्छ। पशुपतिक्षेत्र भन्नाले कति क्षेत्रलाई बुझाउँछ भन्ने विषयमा विभिन्न दृष्टिकोणहरू पाइए पनि हिमवत्खण्डमा पूर्वमा कोशी, पश्चिम गण्डकी, उत्तरमा गोसाइँकुण्ड र दक्षिणमा नाट्येश्वर यी चार किल्लाभित्रको क्षेत्रलाई पशुपतिक्षेत्र भनी मानिएको छ। जसले बाहिरी प्रदक्षिणा गर्न चाहन्छ, उसले यति क्षेत्रभित्रका प्रसिद्ध मठ-मन्दिर र धार्मिक स्थलहरूको दर्शन-स्पर्शन गर्नुपर्ने विधि पाइन्छ। यस क्षेत्रभित्र वाग्वती, रुद्रमती, मनमती, विष्णुमती, त्रिशूली, कोशी, इन्द्रावती आदि नदीहरू पनि पर्दछन्। मुक्तिदायक नेपाललाई द्वापरयुगसम्म पनि "मुक्तिकापुरी" भनिन्थ्यो। (हि. खण्ड ७२।७४) न्याय प्रतिपादन गरिने हुनाले यस देशलाई 'नयपाल' भनिएको कुरा शिवपुराणमा बताइएको छ। हिमवत्खण्डमा श्रीपशुपतिनाथले सुशोभित यही पुण्यभूमि नेपाल देशलाई तीनै लोकमा सर्वश्रेष्ठ वताइएको छ।

वर्तमान पशुपतिक्षेत्रका देव-देवीहरूलाई विधि र क्रमअनुसार पूजा-अर्चना गरी श्रीपशुपतिनाथको दर्शन-पूजा गर्दा पशुपतिदर्शनक्रम पूर्ण हुन्छ। यस क्रममा पशुपतिको परिक्रमाको तीन परिक्रमा विधि छन्- (१) बाहिरी प्रदक्षिणा (२) अन्तर प्रदक्षिणा (३) अन्तरङ्ग प्रदक्षिणा।

बाहिरी प्रदक्षिणा

पशुपतिक्षेत्र भित्रको बाहिरी प्रदक्षिणाको आरम्भ दक्षिणावर्तक्रमले भण्डारेश्वर, कोटुबहिल, चाविहार, चन्द्रविनायक, धन्दोचत्य, गौरीघाटकी गौरी, किरातेश्वर, इनायगणेश, श्रीगुह्येश्वरी, गोरखनाथ, विश्वरूप, श्लेष्मान्तकेश्वर, विष्णुमन्दिर, राममन्दिर, लक्ष्मीनारायणमन्दिर, मङ्गलागौरी, वत्सलेश्वरी, अनन्तनारायण, पार्थिवशिला, वाग्वतीस्नान, गङ्गामाई, आदिपशुपति, विरूपाक्ष, कोटिलिङ्गेश्वर, कीर्तिमुख, राघवेश्वर, यज्ञशाला, सप्तमातृका, नवग्रह, श्रीसङ्कटमोचन हनुमान्, नाट्येश्वर, भृङ्गेश्वर, वासुकि, यमराज, गुप्तेश्वर, ढुण्डिगणेश, ज्वरेश्वर, सूर्य, जलशयननारायण, गरुडनारायण, सरस्वती, कृष्ण, भैरवको दर्शन-पूजनपश्चात् धर्मशिलाको स्पर्शसाथ ढोग्दै श्रीपशुपतिनाथको अघोर मुहार, तत्पुरुष मुहारको दर्शनपश्चात् अर्धपरिक्रमा गरी सद्योजात मुहारको दर्शन, त्यसपछि वामदेव मुहारको दर्शन गरी फर्केपछि सत्यनारायणको दर्शन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि भुवनेश्वरी, जयवागेश्वरी, वनगणेश र वनकालीदेवीको दर्शन-पूजन गरेपछि भगवान् श्रीपशुपतिनाथक्षेत्रको वाह्य परिक्रममा पूर्ण हुन्छ। वाह्य प्रदक्षिणा सकिएर हिंड्ने होभने करीव तीन घण्टा लाग्छ। बिस्तारै हिंड्दा चार घण्टा जति लाग्न सक्छ। भक्तिभाव र समय हुनेले महिनामा कमसेकम एकपटक यसरी बाहिरी प्रदक्षिणा गऱ्यो भने शरीर स्वस्थ्य हुनुका साथै मनले चिताएको कुरा आफसेआफ पूरा हुँदैजान्छ। तर शर्तचाहिँ सात्त्विक भाव-विचार र सात्त्विक कर्ममा प्रवृत्त हुनैपर्छ।

अन्तर प्रदक्षिणा

अन्तर प्रदक्षिणाको प्रारम्भ गौरीघाटको स्नानबाट हुन्छ। त्यसरी स्नान गरेपछि श्रीगौरी, श्रीहनुमान्, श्रीकिरातेश्वर, श्रीइनायगणेश हुँदै श्रीगुह्येश्वरी, श्रीगोरखनाथ, श्रीविश्वरूप, श्रीश्लेष्मान्तकेश्वर, श्रीविष्णुमन्दिर, श्रीराममन्दिर, श्रीलक्ष्मीनारायणमन्दिर, श्रीमङ्गलागौरी, श्रीवत्सलेश्वरी, श्रीअनन्तनारायण, श्रीपार्थिवशिला, श्रीवाग्वतीस्नान, श्रीगङ्गामाई, श्रीआदिपशुपति, श्रीविरूपाक्ष, श्रीकोटिलिङ्गेश्वर, श्रीराघवेश्वर, श्रीअष्टमातृका, श्रीनवग्रह, श्रीसङ्कटमोचन हनुमान्, श्रीनाट्येश्वर, श्रीभृङ्गेश्वर, श्रीवासुकि, श्रीयमराज, श्रीगुप्तेश्वर, श्रीढुण्डिगणेश, श्रीज्वरेश्वर, श्रीसूर्य, श्रीजलासयनारायण, श्रीगरुडनारायण, श्रीसरस्वती, श्रीकृष्ण, श्रीसन्तापहरेश्वर, श्रीकीर्तिमुख भैरव, श्रीशीतला, श्रीभैरवेश्वर, श्रीउन्मत्त भैरव, श्रीधर्मशिलाबाट पशुपतिनाथमन्दिरको दक्षिणद्वार प्रवेश गरी श्रीअघोर मुहार, श्रीतत्पुरुष मुहारको दर्शनपश्चात् अर्धपरिक्रमा गरी सद्योजात मुहारको दर्शन, त्यसपछि श्रीवामदेव मुहारको दर्शन गरी फर्केपछि भगवान् श्रीपशुपतिनाथको अन्तर परिक्रमा सकिन्छ। यसको लागि जमेर हिंड्ने होभने करीब एक घण्टा जति लाग्छ। मताबमा हिंड्ने होभने डेढदेखि दुई घण्टा लाग्छ। परिक्रमा गर्दा सकेसम्म मानसरूपले तत्-तत् श्रीविग्रहको स्तुति एवं प्रार्थना गर्न सके फलिफाप हुन्छ।

कायिक, मानसिक तथा आत्मिक जस्ता त्रिविध तापको शमन गर्ने क्षमता निहित भएकोले तीर्थस्थलको अधिक महत्ता हाम्रा शास्त्रहरूले गरेका हुन्। भनिएको पनि छ–

प्रभावादद्भुताद् भूमेः सलिलस्य च तेजसा।
परिग्रहान्मुनीनाञ्च तीर्थानां पुण्यता स्मृता॥

वैज्ञानिक दृष्टिबाट हेर्दा पनि तीर्थस्थलको भ्रमण फलदायी छ। परिभ्रमणमा हुने नयाँ दृश्य, विभिन्न अनुभव र अनुभूतिहरूले मनलाई प्रफुल्ल तुल्याउँछ। मनमा भएका उदासी, बोझहरू हल्का हुन्छन् जसले गर्दा शरीरमा ऊर्जा, ताजगी र उत्साह थपिन्छ। यसले आगामी दिनलाई ऊर्जावान् तुल्याउन मद्दत गर्दछ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथको मन्दिर र परिसरक्षेत्रको सङ्क्षिप्त परिभ्रमण

–प्रा. चेतोनाथ शर्मा आचार्य

१. पशुपतिनाथको प्राकटच र प्रसिद्धि

नेपालमा सभ्यताको विकासलाई इतिहासकारहरूले तीन हजार वर्षको भनेर मानेका छन्। त्यसमा लिच्छविवंशको प्रवेश हुनुपूर्वको अवस्थाबारे त्यति प्रामाणिक लेखोट अभिलेख नपाइएकोले यसै हो भनेर तोक्न सकिने स्थिति देखिँदैन। लिच्छविवंशको शासन स्थापना भएदेखि त्यस्ता अभिलेखहरू पाइएको हुँदा त्यतिखेरको अवस्थाबारे तोकेर लेख्न र बोल्न सकिन्छ। त्यस पछिका तिथिमिति तोक्न-पढ्न सकिने जो अभिलेख छन्, तिनले चार-पाँच पुस्ता अघिका वंशजको नामोल्लेखन र भाव पनि व्यक्त गरेकोले लिच्छविहरूको नेपाल आगमन विक्रमाब्दको सुरुतिरै भएको आँकलन गर्न सकिने ठाउँ देखिएको हो। शिलालेख, कीर्तिस्तम्भ आदि राख्ने भन्ने कुरा सुदृढ राज्यव्यवस्था कायम नभई सम्भव हुने कुरा आउँदैन। त्यस हिसाबले पनि नेपालमा लिच्छविवंशको शासन विक्रमको सुरुबाटै भएको तर्कमा सहमति जनाउन सकिने प्रशस्त ठाउँ छ।

जहाँसम्म श्रीपशुपतिनाथमन्दिरको कुरा छ, त्यो लिच्छवि र किराँत कालभन्दा पनि अगाडि गोपालवंशको पालामै अस्तित्वमा आएको, स्थापित भएको कुरालाई वंशावलीको आधारमा इतिहासकारहरूले सङ्केत गरेका छन्। गोपालवंशीहरूको राजधानी कहाँ थियो भन्ने सम्बन्धमा योगी नरहरिनाथले काठमाडौँको दक्षिण पश्चिममा रहेको फर्पिङमा थियो भन्दै त्यसको प्रमाणका रूपमा त्यहाँ विद्यमान गोपालेश्वर लिङ्गलाई प्रस्तुत गर्नुभएको छ। पौराणिक साहित्यले गोपालेश्वरकृष्ण नेपाल आएको उल्लेख गरेको छ। उनले सुदर्शन चक्रले दक्षिणतिरको चोभारको डाँडो काटी काठमाडौँ उपत्यकामा तलाउको रूपमा विद्यमान जल निकास गरी यो क्षेत्रलाई आवादीयोग्य बनाएको कुरा उल्लेख छ। गोपालेश्वरकृष्णले चोभारको डाँडो छिचोल्न प्रहार गरेको चक्र कटुवालदहसम्म पुगेको किंवदन्ती छ। त्यो दह अहिले चक्रतीर्थको रूपमा प्रसिद्ध छ। वाग्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नदी दूषित हुनुपूर्व त्यहाँ वैशाख संक्रान्तिमा भक्तजनहरूको मेला लाग्दथ्यो। वाग्वती यात्रा गर्नेहरू पनि शिवपुरीमाथिको वाग्द्वारबाट सुरु गरेर चक्रतीर्थसम्म पुगेर यात्रा समापन गर्दथे। हाल वाग्वती दूषित भएपछि त्यो यात्रा हुन छोडेको छ।

गोपालवंशको पालामा शासकहरूले पालेका गाईमा यौटी दूधालु कैली गाई पनि थिइन्। दूधको ठूलो फाँचो भएको तिनी दिनमा हराउँथिन्। दिनभर हराएर साँझपख गोठमा फर्केपछि गाईधनीले दुहुन खोज्दा तिनको कल्चौडाबाट दूध नआउने भयो। गाईधनीले त्यत्रो फाँचो भएकी गाईको दूध नआउनमा कारण के रहेछ बुझ्न अह्राएपछि एकदिन गाई हेर्ने गोठालो दिनमा गाई हराउँदा उनैको पछि-पछि लागेछ। पछि लाग्दै जाँदा गाईले अहिले विद्यमान श्रीपशुपतिनाथको मूर्ति रहेको तत्कालीन अवस्थामा झारपातले पुरिएको केही खाल्डो परेको ठाउँमा पुगेर दूधको धारा बगाउन थालेको देखेछ। निकैबेर दुग्धधारा बगाएर ती गाई फर्केर गोठमा पुगिन्। गोठालोले ती गाईबाट दूध नआउनुमा कारण त्यही रहेको ठहर गरी सो कुरा गाईधनीलाई बतायो। गाईधनीले गाईले स्वयं त्यसरी दूध अर्पण गरेको ठाउँमा केही न केही रहस्य छिपेको हुनुपर्छ भन्ने कुरा अनुमान गरी आफन्त बन्धुबान्धवसहित त्यहाँ गएर झ्यासभुस हटाई उधिनेर हेर्दा आगोको ज्वाला प्रकट भयो। त्यसपछि त्यो ठाउँको महत्त्व लोकमा क्रमशः फैलँदै गयो र परवर्तीकालमा गएर त्यहाँ शिवलिङ्ग स्थापना गर्ने, मन्दिर निर्माण गर्ने, मन्दिर परिसरमा अन्य देवदेवीको मूर्ति, मन्दिर स्थापना गर्ने लगायतका कार्यहरू सम्पन्न हुँदै गए। यसरी श्रीपशुपतिनाथको मूर्ति रहेको ठाउँ सुरुमा ज्योतिःपुञ्जको रूपमा आविर्भाव भएको थियो। शिवपुराण र अन्यत्र पनि उल्लेख भएअनुसार ब्रह्मा र विष्णुले आ-आफ्नो बडप्पन प्रदर्शन गर्ने क्रममा विवाद पर्दा भगवान् शिव ज्योतिर्लिङ्गरूपमै प्रकट भएर जसले यसको आदि-अन्त्य फेला पार्छ, उही नै ठूलो हुनेछ भन्ने सङ्केत गरेपछि दुवैले फेला पार्न नसकेको प्रसिद्धि छ। महिम्न स्तोत्रमा त्यस कुराको उल्लेख सङ्क्षेपमा यसरी गरिएको छ -**तवैश्वर्यं यत्नाद् यदुपरि विरिञ्चिर्हरिरधः। परिच्छेतुं यातावनलमनलस्कन्ध वपुषः॥**

ज्योतिर्लिङ्ग कसरी प्रस्तर लिङ्गको रूपमा परिणत भयो भन्ने सम्बन्धमा विभिन्न मत, कथन प्रसिद्ध छन्। त्यस्ता कथनमध्ये यौटा त चर्को घाममा सूर्यको दर्शन गर्न कठिन परे जस्तो ज्योतिर्लिङ्गको दर्शन गर्न पनि सर्वसाधारणलाई कठिन भएपछि दर्शनको सहजताका लागि त्यसलाई प्रस्तर मूर्तिले ढाकियो भन्ने छ। खुला ज्योतिःपुञ्जलाई त्यसै दर्शन गर्नुभन्दा त्यसमाथि प्रस्तरमूर्ति राखेर दर्शन गर्दा बाल-वृद्ध-वनिता सबैलाई सहज र सुकर हुने तथा हुनसक्ने सम्भावित दोष र अनिष्टबाट पनि बच्न सकिने ठानेर त्यसमाथि प्रस्तर मूर्ति स्थापना गरिएको हुनुपर्छ। भगवान् शिवको मूर्ति सम्बन्धमा प्रसिद्धि के छ भने चाहे त्यो ज्योति रूपमा होस् चाहे सादा रूपमा होस् लिङ्गाकारकै रूपमा प्रकट भएको मानिन्छ। शिवरात्रिको अवसरलाई लिएर ईशान संहितामा भनिएको छ -

माघकृष्णचतुर्दश्यामादिदेवो महानिशि।
शिवलिङ्गतयोद्भूतः कोटिसूर्यसमप्रभः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग दुई प्रकारका हुन्छन्, मुखलिङ्ग र वेरलिङ्ग। पशुपतिलिङ्ग मुखलिङ्गको रूपमा प्रसिद्ध छ। यसमा चारै दिशामा चारमुख दृष्ट रूपमा छन् र शिरोभागमा चाहिँ पाचौँ मुख अदृश्य छ। यी मुखहरूले मूर्तिकलाको विशिष्ट कौशल मात्र प्रदर्शन गर्ने नभई रहस्यात्मक वस्तुस्थितिको प्रदर्शन पनि गर्दछन्। यस रहस्यको चर्चा शिवपुराण शतरुद्रसंहिता पहिलो अध्यायमा विशद रूपमा भएको छ। यहाँ त्यसको सङ्क्षिप्त उल्लेख मात्र गरिन्छ। जस्तो कि शिवका पाँचमुखमध्ये पश्चिमतिरको 'सद्योजात' नामको रूप घ्राण, उपस्थ इन्द्रिय, गन्ध र भूमि यिनीहरूको अधिष्ठाता हो। उत्तरतिरको 'वामदेव' नामको रूप अहङ्कारको अधिष्ठाता र सर्वविध कार्यकर्ता रूपमा प्रसिद्ध छ। पूर्वतिरको 'तत्पुरुष' नामको रूप त्वक् (छाला), पाणिपायु वायुको अधिष्ठाता हो। दक्षिणतिरको 'अघोर' नामको रूपलाई विद्वान्हरू शरीर, रस, अग्निको अधिष्ठाता मान्छन्। शिवको पाचौँ 'ईशान' नामको रूप जो छ, त्यो श्रोत्रेन्द्रिय, वाक् इन्द्रिय, विभु र आकाशको पनि अधिष्ठाता हो।

भगवान् शिवका शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, ईशान र महादेव यी आठ नामका रूप पनि प्रसिद्ध छन्। यी नाम मात्र नभएर क्रमैले भूमि, जल, अग्नि, वायु, आकाश, क्षेत्रज्ञ, सूर्य र चन्द्रमाका अधिष्ठाता हुन्। भन्नुको तात्पर्य विश्वब्रह्माण्ड अष्टमूर्ति शिवकै शरीरमा विद्यमान छ। त्यसैभएर महाकवि कालिदासले भनेका छन् - **नचाष्टमूर्तेरवधार्यते वपुः**। अर्थात् अष्टमूर्तिवाला शिवको शरीरको महत्त्व चर्मचक्षुवाला व्यक्तिले जानेर साध्य छैन। शिवका अर्का परमभक्त पुष्पदन्तले भनेका छन्- '**किमिहः किं कायः स खलु किमुपायस्त्रिभुवनं किमाधारो धाता सृजति किमुपादान इति च। अतर्क्यैश्वर्ये त्वय्यनवसरदुःस्थो हतधियः। कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगतः॥** अर्थात् 'त्यो ईश्वरले जगत्को निर्माण गर्दा के चाहनाले, के सामग्रीद्वारा, कसरी कहाँ बसेर सृष्टि गऱ्यो भनेर जो तर्क, वितर्क गर्दछन् तिनीहरूले यसरी अतर्क्य कुरामा पनि तर्क गरेको देख्दा हाँसो उठ्छ।' यी प्रसङ्गहरूबाट शिवको स्वरूप कति विराट् र विविधतायुक्त रहेछ अनुमान गर्न सकिन्छ।

पशुपतिका पाँचमुखलाई विभिन्न आम्नायका प्रतीक पनि मानिएका छन्। जस्तो कि पश्चिमतिरको 'सद्योजात' रूप पश्चिमाम्नायको प्रतीक हो। उत्तरतिरको 'वामदेव' रूप गौरीशङ्करात्मक उत्तराम्नायको प्रतीक या स्वरूप हो। पूर्वतिरको विश्वात्मक 'तत्पुरुष' पूर्वाम्नायको प्रतीक हो। दक्षिणतिरको 'अघोर' रूप भैरवात्मक दक्षिणाम्नायको प्रतीक हो। भैरवात्मक भएकोले यसै मूर्तिमा भोग लाग्दछ। वाग्वती निकटकी 'वत्सलेश्वरी' यही मूर्तिकी शक्ति हुन्। शिवको पाँचौं अर्थात् ऊर्ध्वमुखमा कुनै चिह्न नभएर केही उठेको मात्र छ। त्यही उठेको भागमा श्रीखण्डले 'श्रीयन्त्र' लेखी श्रीयन्त्रको बिन्दुलाई ऊर्ध्वमुख मानेर परब्रह्मात्मक (ईशान) ऊर्ध्वाम्नायको कल्पना हुन्छ। यस श्रीयन्त्रमा आद्यजगत्गुरु शङ्कराचार्यले बसालेको नियमअनुसार केरलसम्प्रदायबाट पूजा हुन्छ। पूजामा केरल, गौड र काश्मीर गरी तीन सम्प्रदाय प्रसिद्ध छन्। हाम्रो नेपालमा ज्यादातर गौडसम्प्रदाय प्रचलित छ तापनि श्रीपशुपतिनाथको अर्चनाको क्रममा चाहिँ केरलसम्प्रदायअनुसार दक्षिणी भट्टहरूबाट पूजा गराउने चलन चलिआएको छ। यो प्रचलन शङ्कराचार्यले बसालिदिएको प्रसिद्धि छ। भारतको उत्तराञ्चल (कुमाउ-गढवाल) राज्यस्थित बदरीधाममा पनि पुगेर नारदकुण्डभित्रको गर्तमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डुबिराखेको तपोवस्थाको नारायणको मूर्तिको उद्धार गरी विधिपूर्वक स्थापन गरेको र त्यहाँ पनि दक्षिणी भट्टहरूमार्फत पूजा-अर्चना गराउने परम्परा बसालेको प्रसिद्धि छ। श्रीधनशमसेरले 'कामकला रहस्य' नामक आफ्नो कृतिमा आद्यगुरु शङ्कराचार्य नेपाल आएको भनेर उल्लेख गरेका छन्। उनले के पनि भनेका छन् भने पशुपतिपीठ शिवमात्र नभएर 'शिवशक्त्यात्मक' श्रीविद्यापीठ हो। त्यसो हुँदा यहाँ मुख्यरूपले श्रीयन्त्रमा श्रीविद्याकै पूजा हुन्छ। गौडसम्प्रदाय र काश्मीरसम्प्रदायमा सामान्य अर्घ र शङ्खार्घ (विशेषार्घ) को बीचमा श्रीपात्रको स्थापना हुन्छ। तर केरलसम्प्रदायको हयग्रीव मतमा श्रीपात्रको स्थापना हुँदैन। त्यसमा हुने आनन्द भैरव र भैरवीको पूजा विशेषार्घरूप शङ्खार्घमै हुन्छ। पशुपति शिव लिङ्गात्मक भएकोले उनलाई शङ्खार्घ चाहिँदैन। त्यसो हुँदा विशेषार्घ रूपमा सुनको शङ्खरूपले अर्घ बनाएर राखिन्छ। अतएव यहाँ शङ्खजल भनेर जो अभिषेक गरिन्छ त्यो श्रीपात्रात्मक शङ्खको अभिषेक हो, केवल शङ्खको होइन। विष्णु र लक्ष्मीको पूजामा शुद्ध शङ्ख प्रयोग भएझैँ शिव पूजामा शुद्ध शङ्ख प्रयोग हुँदैन। देवदेवीको पूजामा प्रयोग हुने वस्तु एक वा समान नभएर केही फरक पनि हुन्छन्। जस्तै कि गणेशलाई तुलसीपत्र चढाउन निषिद्ध छ भने देवीलाई दूबो। त्यसैगरी शिवजीलाई केतकीको फूल चढाउन निषिद्ध छ भने भगवान् शिवको प्रिय धतूरोको फूल भगवान् विष्णुलाई चढ्दैन।

नेपालको कुना कन्दरादेखि भारतको सुदूर दक्षिणसम्म उत्तिकै प्रसिद्धि राख्ने श्रीपशुपतिनाथको मन्दिर सर्वप्रथम कसले बनायो होला भनेर जिज्ञासा लाग्नु स्वाभाविकै हो। नेपालका देवमन्दिरहरूमा दोलाद्रिपर्वतमा अवस्थित चाँगुनारायण मन्दिर कलात्मकता र प्राचीनताको दृष्टिले पनि प्रसिद्ध छ। त्यसैगरी श्रीपशुपतिनाथको मन्दिर पनि प्यागोडा शैलीमा निर्मित नेपालकै सुन्दरतम र श्रेष्ठ कलाकारिताले भरिएको मन्दिर हो। नेपालको पुरानो गोपालवंशावलीमा श्रीपशुपतिनाथको भव्य मन्दिर लिच्छवि राजा सुपुष्पदेवले बनाएको उल्लेख छ। लिच्छविकालका लेखहरूमा त्यतिखेर राजधानी उपत्यका पाशुपतक्षेत्र कहलाएको उल्लेख छ। लिच्छविराजा अंशुवर्माले एकातिर देशको सर्वाङ्गीण विकासमा उत्साह बढाए भने धार्मिक क्षेत्रमा पनि पुनर्जागरण ल्याए। त्यही जागरणको प्रतिफल उनले सर्वप्रथम पशुपतिको नाममा मुद्रा ढाल्न लगाए भने आफूले पनि 'पशुपति पादानुगृहीत' भन्ने विशेषण (उपाधि) धारण गरे। उनी पछिका लिच्छविवंश्य राजादेखि मल्लराजा र शाहकालीन राजा समेतले पशुपतिको आदर सम्मानमा कुनै कमी ल्याएको देखिँदैन। यस कुराको प्रमाणको रूपमा पशुपतिको पूजा-अर्चनाका लागि विभिन्न कालखण्डमा विभिन्न राजा महाराजाहरूले ठूलो परिमाणमा जग्गा जमिनको गुठी राखेर त्यसको आयस्ताबाट पशुपतिको नित्य पूजाआजा विधिविधानपूर्वक चलाउन योगदान पुऱ्याउँदै आएको कुराबाट पनि पुष्टि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. श्रीपशुपतिनाथको प्राचीनता र ज्योतिर्लिङ्ग हो होइन भन्ने कुराको निरूपण

श्रीपशुपतिनाथको उपस्थिति कम्तीमा पाँच हजार वर्षअघिदेखि नै थियो भन्ने कुरालाई महाभारतले पनि सिद्ध गर्दछ। किनकि पाण्डव वनमा भएको बेला वेदव्यास उनीहरूलाई भेट्न जान्छन्। भेटघाटको अवसरमा पाण्डवहरूलाई उपदेश दिँदै उनले दुःखको वेला धैर्य त गर्नुपर्छ तर यसै बसेर समय खेर फाल्नुभन्दा साधना गरी केही विशेष उपलब्धि पनि हासिल गर्नुपर्छ भन्ने कुराको निर्देश समेत गर्छन्। उनको निर्देशनलाई साकार तुल्याउन पाण्डवमध्येका साहिँला अर्जुन उत्तराखण्डमा गई शिवको साधनामा निरत रहेर आशुतोष शिवलाई खुशी तुल्याई पाशुपतास्त्र प्राप्त गरेर आउँछन्। महाभारतकै अनुशासन पर्वमा उपमन्युनामका एक भक्तको कथन पनि उल्लेख छ। आमाको उपदेशअनुसार शिवलाई रिझाउन कठिन तप गरेपछि प्रसन्न भएका शिवले स्वस्वरूपमा नभई इन्द्ररूपले दर्शन दिएर अभिलषित वर माग्न आग्रह गर्दा उपमन्यु भन्छन्- 'म त पशुपतिबाहेक अरूले भनेको मान्दा पनि मान्दिन र दिएको पनि लिन्न।' महाभारतको यी र यस्तै अन्य कथनले पशुपतिको प्राचीनता पुष्टि गर्दछन्।

शिवपुराण, कोटिरुद्र संहिताको एघारौँ अध्यायको अठारौँ श्लोकमा केदारेश्वरको शिरोभाग पशुपतिलिङ्ग भएको उल्लेख छ। त्यहाँ उल्लेख भएअनुसार महाभारतको सङ्गाममा पाण्डवको विजय त भयो तर त्यो विजय आफ्नो सगोत्री बन्धुबान्धवको हत्या गरेर भएकोले उनीहरूलाई गोत्रहत्या दोष लाग्यो। तब त्यो गोत्रहत्याको दोष के गरी निवारण हुन्छ भन्ने सम्बन्धमा छलफल गर्दा भगवान् शिवको दर्शनले निवारण हुन्छ भन्ने निर्णय भयो। तदनुसार पाण्डवहरू भगवान् शिवको दर्शनार्थ उहाँको निवासस्थल हिमालय रहेको उत्तर दिशातर्फ लागे। तर गोत्रहत्याको जघन्य पाप गरेका पाण्डवलाई दर्शन दिन अनिच्छुक रहनुभएका भगवान् शिव राँगोको रूप धारण गरेर आफ्नो निवासबाट अन्यत्र लाग्नु भयो। त्यसरी शिवलाई चिनेर पाण्डवले उहाँको पुच्छर समाते। शिव त्यहीँ लुप्त हुनुभयो। त्यसरी लुप्त या गुप्त भएको ठाउँलाई हाल 'गुप्तकाशी' भनिन्छ जो केदारेश्वर जाँदा बाटोमा पर्दछ। शिवले लिएको त्यही राँगोको शरीर भाग (धडभाग) केदारेश्वर ज्योतिर्लिङ्गका रूपमा प्रसिद्ध भयो भने शिरोभागचाहिँ पशुपतिमा आएर समाहित भयो। यस कथासम्बन्धी शिव पुराणको वर्णन यस्तो छ :

नयपालाख्यपुर्यान्तु प्रसिद्धायां महीतले।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम्॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि।

एघारौँ अध्यायमा उल्लेख भएको यो कुरा उन्नाईसौँ अध्यायको केदारेश्वर उत्पत्तिको प्रसङ्गमा फेरि दोहोऱ्याइएको छ -'**नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः**' भनेर। यहाँनिर अलिकति स्पष्ट पार्नुपर्ने कुरा के छ भने भारतभूमिमा आदिलिङ्ग प्रभासको सोमनाथदेखि लिएर उत्तराखण्डको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केदारेश्वरदेखि दक्षिण दौलतावादको घुस्मेशसम्मका बाह्र ज्योतिर्लिङ्गमा पशुपतिको उल्लेख छैन। त्यसो हुँदा पशुपति ज्योतिर्लिङ्ग होइन कि भन्ने शङ्का सर्वसाधारणमा पर्नसक्छ। तर श्रीपशुपतिनाथ केदारेश्वर ज्योतिर्लिङ्गको शिरोभाग भएकोले त्यस हिसाबले पनि पशुपति ज्योतिर्लिङ्ग नै भएको स्पष्ट हुन्छ। एउटै शरीरमा आधा ज्योतिर्लिङ्ग हुने, आधा नहुने भन्ने हुँदैन। त्यसमा पनि जुनसुकै शरीरमा शिरोभागको प्रमुखता हुन्छ। श्लोकमा शिरोभाग भन्ने स्पष्ट उल्लेख भएकाले पशुपति ज्योतिर्लिङ्ग नहुने कुरा आउँदैन। केदारेश्वरको शिरोभाग पशुपति भएकोले केदारेश्वर मात्रको दर्शनले भक्तहरू यो ज्योतिर्लिङ्गको दर्शन पूर्ण भएको मान्दैनन्। अतः केदारेश्वरको दर्शनपछि उनीहरू पशुपतिको दर्शन गर्न आउँछन्। तत्पश्चात् मात्र केदारेश्वरको दर्शनले पूर्णता पाएको ठान्छन्। यस हिसावले पनि श्रीपशुपतिनाथ ज्योतिर्लिङ्ग भएको कुरामा कुनै सन्देह छैन। प्रत्येक शिवलिङ्गको आ-आफ्नो किसिमको विशेषता रहेको छ। पशुपतिबारे **'सर्वकामफलप्रदम्'** भनेर उपासना, आराधना गर्ने भक्तहरूलाई सर्वविध कामना प्रदान गर्ने भनेर यस पीठको विशेषता बताइएको छ।

३. गुह्येश्वरी : पशुपतिको शक्तिपीठ

'शिवशक्त्यात्मकं जगत्' भन्ने शास्त्रीय कथन प्रसिद्ध छ। यसको अर्थ यो संसार शिव र शक्तिले युक्त छ, व्याप्त छ भन्ने हो। शिव कल्याणकारक तत्त्व हो भने रुद्र संहारकारक तत्त्व। शक्ति उनै कल्याणकारक शिवकी सहकारिणी हुन्, जसमा यो विशाल संसार उत्पादन र सुपरिचालन गर्ने क्षमता छ। दर्शनैपिच्छे यिनको नाम अलग छ। वेदान्तमा 'माया' 'योगमाया', सांख्ययोगमा 'प्रकृति', 'विद्या', 'अविद्या' आदि नामले यिनलाई चिनाइएको छ। शक्तिको अस्तित्व र महत्त्वलाई द्वैतवादी दार्शनिकले मात्र नभै आद्यशङ्कराचार्य जस्ता अद्वैतवादीले पनि निर्विवादरूपमा स्वीकारेर ब्रह्माले सृष्टि गर्ने, विष्णुले पालन गर्ने र रुद्रले संहार गर्ने क्षमता उनैबाट प्राप्त गर्दछन् भनेका छन्। त्यसो हुँदा जहाँ शिवको पीठ छ, त्यहाँ शक्तिको पनि पीठ हुनु स्वाभाविक मानिन्छ। गुह्यकाली या गुह्येश्वरी पशुपतिकै शक्तिपीठ रूपमा प्रसिद्ध छन्।

पशुपति ज्योतिर्लिङ्गको जस्तै गुह्यकालीको उत्पत्तिबारे पनि सर्वसाधारणमा जिज्ञासा हुनु स्वाभाविकै हो। पौराणिक साहित्यअन्तर्गतका शिवपुराण, स्कन्दपुराण, लिङ्गपुराण, भागवतपुराण आदिमा समेत शिवको पहिलो विवाह प्रजापति दक्षकी छोरी सतीसँग भएको कुरा प्रसिद्ध छ। तर सतीसित शिवको यो पहिलो सम्बन्ध चिरकालिक रहन सकेन। किनकि पिता दक्षले बृहस्पतिसव नामको विशिष्ट यज्ञमा आफू र पतिसमेतलाई नबोलाएकोमा सतीले स्वयं उपस्थित भएर पितासमक्ष गुनासो गरिन्। तर दक्षले त्यस सम्बन्धमा गल्ती स्वीकार्नुको सट्टा शिवको जथाभावी निन्दा गरे। त्यसबाट रुष्ट बनेकी सतीले यज्ञकुण्डमा फाल हालेर प्राण त्याग गरिन्। पत्नीको प्राणान्तबाट विह्वल बनेका शिवले सतीको निर्जीव शरीर काँधमा बोकेर भूतलमा विचरण गर्न थाले। लामो समय शिव त्यसरी भौंतारिएर हिंडेको देखी देवताहरूले विष्णुलाई यस कुराको जानकारी गराए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुले शिवको सम्पर्कमा रहुन्जेल सतीको लाश नसड्ने ठानी मायाद्वारा कीटाणु सृष्टि गरेर लाश सडेर झर्ने तुल्याइदिए। त्यसरी सतीका लाशका टुक्रा जहाँजहाँ झरे त्यहाँत्यहाँ एक एक देवस्थल पैदा भए। तदनुसार असामको कामरूपमा पुग्दा गुप्ताङ्ग पतन भई कामाख्या देवी पैदा भइन् भने काठमाण्डौ उपत्यकाको पाशुपतक्षेत्रमा आइपुग्दा गुह्य पतन भई गुह्यकाली पैदा भइन्।

यसको समर्थनमा मृगस्थलीबाट प्रकाशित 'देवमाला' नामक पुस्तकमा यस्तो लेखिएको छ - 'आदि युगमा प्रजापतिको अपमानले रुष्ट भई यज्ञ कुण्डमा फाल हाली प्राणमुक्त भएकी सतीदेवीको लास महादेवले बोकी हिँडेको मनुष्य, कीटपतङ्गदेखि देवतासमेतले सहन नसकी वैकुण्ठमा विष्णुकहाँ बिन्ती गर्न गए। विष्णुले आफ्नो मायाले झिङ्गा (माखा) उत्पादन गरी सतीदेवीको शरीर गलित गराइदिनुभयो। त्यसरी गलित शरीरको गुह्यस्थान सर्वप्रथम नेपालमा पतन भई गुह्येश्वरी देवी चन्द्रघण्टा योगिनी सिद्धेश्वर महादेव उत्पन्न भए। यहाँ गुह्येश्वरी विराजमान भएकीले भद्रकाली, कङ्केश्वरी, अष्टमातृकागण, वत्सलेश्वरी, जयवागेश्वरी, मनमैंजु इत्यादि ५६ लाख भैरव-भैरवी यहाँ विराजमान भएका छन्। ती गुह्यकाली जलज्योति रूप भई पोखरीजस्तो भइरहेकी थिइन्। पछि शङ्करदेव राजाको पालामा तान्त्रिक नृसिंहदेव नेपाल आई बसेको बेलामा 'मलाई प्रकाश गर' भनेर स्वप्नमा आज्ञा भएअनुसार हिमवत्खण्ड नेपाल माहात्म्यमा उल्लेख भएअनुसार मिलाई हेर्दा वाग्वती निकट पानी जमिरहेको स्थान देखियो। पानीमा हेर्दा साक्षात् परमेश्वरीको दर्शन मिल्यो। त्यसपछि जलज्योतिलाई छोपी सुन्दर मन्दिर बनाइदिए। पछि प्रताप मल्लको पालामा मन्दिर जीर्ण भएकोले लम्बकर्णको सम्मति लिई सुधार गरियो र पद्माकार, अष्टदल र भैरव पनि स्थापना गरियो।' देवी भागवत सप्तम स्कन्धमा देवीले भनेकी छन् - **गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम्।** अर्थात् गुह्यकालीको महास्थान नेपालमा रहेको छ। यस कथनबाट यो देवीको सिद्धपीठ हो भन्ने प्रमाणित हुन्छ।

४. पशुपतिमन्दिर परिसरको सङ्क्षिप्त परिभ्रमण

नेपालको प्राचीन, सबैभन्दा प्रसिद्ध र असंख्य श्रद्धालु भक्तजनहरूको असीम आस्था र श्रद्धाको केन्द्र श्रीपशुपतिनाथ मन्दिर परिसरमा सानाठूला गरी विभिन्न देवदेवीका मन्दिर र मूर्तिहरू रहेका छन्। ती सबैको विस्तृत परिचय यो छोटो लेखमा सम्भव नभएकोले प्रसिद्ध केहीको मात्र परिचय यहाँ प्रस्तुत गरिन्छ। मन्दिर परिसरमा मुख्यतः कुनकुन देवताका मूर्ति छन् भनेर बुझ्न खोज्दा शिव, विष्णु, सप्तमातृका, गणेश, सूर्य, भैरव, वासुकि, कृष्ण, शीतलादेवी, नवग्रह आदिका मूर्ति देख्न सकिन्छ। मन्दिर परिसरभित्र सबै पाञ्चायन देवदेवीकै मूर्ति रहेका छन् तर शिवलाई माझमा राखेर शिवपाञ्चायनको क्रमले वरपर अन्य देवदेवीको मूर्ति जुन रूपमा रहनुपर्ने हो त्यो क्रमचाहिँ यहाँ मिलेको देखिन्न। शिव पाञ्चायनको क्रमअनुसार बीचमा शिव, ईशान दिशामा विष्णु, आग्नेय दिशामा सूर्य, नैऋत्य दिशामा गणेश र वायव्य दिशामा देवीको मूर्ति स्थापित हुनुपर्छ। यहाँ त्यो क्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमिल्नुमा एउटा कारण ती मूर्तिहरू एकैपटक स्थापना नभएर छुट्टाछुट्टै समयमा स्थापनमा भएकोले होला भन्न सकिन्छ। अर्को कारण बीचमा विधर्मीहरूको आक्रमण हुँदा सुरुमा क्रम मिलाएरै स्थापना भएका मूर्तिहरू पनि पछि यताउता परेका हुनसक्छन्। जे होस् पशुपतिनाथ मन्दिर परिसरभित्र प्रवेश गरिसकेपछि हिन्दूहरूको सबैजसो आराध्यदेवदेवीका मूर्ति, मन्दिरहरूको सँगसँगै दर्शन गर्ने सौभाग्य पाइन्छ। मूर्ति निर्माण गर्दा प्रस्तर (ढुङ्गा) को अतिरिक्त धातुको पनि प्रयोग गर्न सकिने विधान भए तापनि पशुपति परिसरका सबैजसो मूर्तिहरू प्रस्तर निर्मितै पाइन्छन्।

अब मन्दिर परिसरका मूर्तिहरूको छोटकरीमा परिचय दिनुपर्दा पश्चिम ढोकाबाट प्रवेश गरेपछि सर्वप्रथम त विशाल आकारको नन्दी (वसाहा) देखापर्छन्। हाम्रा देवदेवीका वाहनहरू अधिकांश पशु वा पंक्षीजातका देखिन्छन्। चारखुट्टे नन्दी (वृष) पशुजातिका हुन्। भगवान् शिवको वाहन वसाहा (वृष) हुनुमा केही रहस्य पनि छ। श्रीमद्भागवतमा वृषलाई धर्मको प्रतीकका रूपमा वर्णन गरिएको छ। त्यहाँ '**तपः सत्यं दया शौचं**' भनेर वृषरूपी धर्मका चारपाउको वर्णन भएको छ। कलियुगमा धर्मका अरू तीन पाउहरू- तप, सत्य, शौच नष्ट भएर एउटा दयारूपी पाउ मात्र जसोतसो अडिएको कुराको चर्चा भागवतमा आउँछ। नन्दी सेतो हुन्छ र धर्मको स्वरूप पनि प्रकाशमान र स्वच्छ हुन्छ। अमरकोषमा '**श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम्**' भनेर कल्याणको पर्यायवाची शब्दका रूपमा शिव, भद्र, मङ्गल आदि शब्दहरूको उल्लेख भएको छ। याने शिव भन्नु नै कल्याण हो। त्यस हिसाबले धर्मका चारपाउ वाला नन्दीमा कल्याणकारक शिव आरूढ हुन्छन् भन्न सकिन्छ। नन्दीको यो विशाल मूर्ति जङ्गबहादुरका जेठा पुत्र जगत्जङ्ग राणाले वि.सं. १९३६ मा स्थापना गरेका हुन्। नन्दीलाई दायाँ पारेर अगाडि बढेपछि उत्तर मुखको सामु त्रिशूलमुनि शिलामाथि हातमा घडा लिएको एक नारीमूर्ति देखिन्छ जसलाई 'अन्नपूर्णा' भनिन्छ। घामपानी सहेर यो मूर्ति यसरी खुलै रहन नपर्ने हो तर पनि यस्तै रूपमा विद्यमान छ। काशीमा विश्वनाथको साथ अन्नपूर्णाको पनि भव्य मन्दिर छ। उपनिषत्सङ्ग्रहमा **अन्नपूर्णोपनिषद्** नामको उपनिषत् पनि छ। यसमा अन्नपूर्णाको विशद वर्णन गरिएको पाइन्छ। अन्नपूर्णासँगै दक्षिणाभिमुख भएर एक मूर्ति उभिएको छ यिनलाई ज्वरेश्वर भन्दछन्। यिनको दर्शनबाट ज्वरादि प्रकोप शान्त हुन्छ भन्ने मान्यता छ। ज्वरेश्वरबाट केही अगाडि पूर्वतिर बढ्दा देब्रेपट्टि चण्डेश्वर विद्यमान छन्। अन्नपूर्णा र चण्डेश्वरीको दर्शन गरेपछि पूर्व-उत्तर दिशामा यमराजको दुई हातको मूर्ति छ। पशुपतिकै प्राङ्गणअन्तर्गत पूर्व उत्तरपट्टि बद्रीश्वर नामक शिवलिङ्ग रहेको छ।

पशुपतिको उत्तरतर्फ रहेको शिवजीको प्रमुख आयुध त्रिशूललाई दायाँ पारेर बायाँतर्फको सिढीँ उक्लँदै अलि पर थुम्को जस्तोमा पुगेपछि वासुकिको सुन्दर मन्दिरसामु पुगिन्छ। वासुकि शिवको गलाको आभूषण गहनाको रूपमा प्रसिद्ध छन् । शिवका अधिकांश स्तुतिमा - '**सर्पैर्भूषितकण्ठकर्णविवरे**' भनेर वर्णन भएको छ। सर्पजाति कहिलेदेखि शिवका आभूषण भए भन्ने सम्बन्धमा एउटा पौराणिक प्रसिद्धि छ। देवताका पिता कश्यप ऋषिका पत्नी कद्रूले एकपल्ट बाजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिल आफ्ना छोरा सर्पलाई सम्पूर्ण शरीर सेतो रङ्गको हुने उच्चैःश्रवा नामको घोडालाई बेरेर कालो पार्न अह्राइन्। तर ती छोरामध्ये कतिपयले यस्तो भूठो काम गर्न मानेनन्। तिनलाई उनले यज्ञमा डढेर मर्ने श्राप दिइन् भने आज्ञा मान्नेलाई दीर्घजीवी हुने वर प्रदान गरिन्। श्राप परेकाहरू परीक्षित्का पुत्र जनमेजयले गरेको यज्ञमा डढेर मरे भने वासुकिचाहिँ शिवको आभूषण बन्न गएर जोगिए। अग्निपुराणमा मन्दिर बनाउने विधि बताउँदा ईशान दिशामा वासुकि राख्नुपर्ने कुराको निर्देश पाइन्छ। त्यसै भएर उनलाई यसै दिशामा राखिएको हो। यिनको दर्शनपछि मात्र पशुपतिको दर्शन गर्नुपर्छ नत्र वासुकिले विघ्न पार्छन् भन्ने भनाइ छ। चौसठ्ठी लिङ्गहरूमा अन्तिम रुद्रागारेश्वरको लिङ्ग उत्तर-पश्चिम दिशामा काब्रो रुखको फेदमा अवस्थित छन्।

वासुकि मन्दिरलाई दायाँतिरबाट फनक्क घुमेर देब्रेतिरको ढुङ्गाको सिँढी ओर्लंदा पूर्वपट्टि भित्तामा गुप्तेश्वर शिवलिङ्ग रहेका छन्। यिनको झ्यालबाट मात्र दर्शन हुन्छ, सर्वसाधारणलाई भित्र जान मिल्दैन। गुप्तेश्वरको दक्षिण पश्चिम भुइँमा शेषशय्या भएका नारायणको मूर्ति छ। भगवान् विष्णु क्षीरसमुद्रमा शेषलाई शय्या गरेर सुत्नुहुन्छ भन्ने प्रसिद्धि अनुसार सानै आकारमा भए पनि यो शेषशायी मूर्ति यहाँ स्थापना भएको देखिन्छ। यस मूर्तिसँगै पश्चिमतिरको सानो मन्दिरमा दुईहाते गणेश छन्। गणेशका अधिकांश मूर्ति चारहाते भए पनि यो चाहिँ दुईहाते छ। गणेश र हनुमान्को मूर्तिमा सिन्दूर दलिने परम्परा भएकाले यो मूर्ति पनि रातै देखिन्छ। त्यसैले यिनलाई रक्त गणेश, लालगणेश भनिन्छ। गणेश मूर्तिको सम्मुखमा यौटा गोलो ढुङ्गा र त्यो सँगै होचो पर्वताकार शिला छ। यिनलाई क्रमशः आनन्द भैरव र केदारनाथ भनिन्छ। गणेशमन्दिरलाई दायाँ पारेर उत्तरतर्फ घुम्दा सानो मन्दिरभित्र पश्चिमाभिमुख रथारूढ सूर्यको सुन्दर मूर्ति छ। सूर्यको स्तुतिमा **'सप्ताश्वरथमारूढम्'** भनेर सात घोडा जोतिएको एकपाङ्ग्रे रथमा सूर्य विचरण गर्दछन् भनेर उल्लेख भएको छ। सोहीअनुसार यो सूर्यमूर्ति निर्माण भएको पाइन्छ, जो अत्यन्त सुन्दर देखिन्छ।

गणेश र सूर्यमूर्तिलाई दाँया पारेर घुम्दा उत्तरतिरको केही अग्लो भागमा प्रस्तरमा लहरै पाँचमुख भएका सुन्दर शिव लिङ्गहरू, चार बाहुमा गदा, चक्र, शङ्ख र पद्मधारण गरेका विष्णुका मूर्तिहरू आदि रहेका छन्। तिनमा पूर्वीतिरको शिवलिङ्ग मन्दिरभित्रकै शिवलिङ्गसित समता राख्ने देखिन्छ। यो प्रदक्षिणा क्रममा अन्य देवदेवीका सानातिना मूर्तिको दर्शन हुन्छ र त्यसपछि दायाँतिर लाग्दा पुनः शेषशायीको दर्शन हुन्छ। श्रीपशुपतिनाथ मन्दिरको पूर्वपट्टिको आर्यघाटतर्फ ओर्लने द्वारसँगैको दाहिनेतिरको भित्तामा गरुडारूढ नारायणको पश्चिमाभिमुख मूर्ति छ। चाँगुनारायणको मूर्तिसित ठ्याक्कै समता राख्ने यो गरुडनारायणको मूर्ति सुन्दर र आकर्षक पनि छ। गीताप्रेसबाट प्रकाशित विष्णुको मूर्तिमा माथिल्ला हातमा शङ्ख र चक्र अनि तल्ला हातमा गदा र पद्म हुन्छन्। तर नेपालका मूर्तिकारहरूले चक्र र गदा माथिल्लो हातमा र शङ्ख र पद्म तल्लो हातमा रहने गरी मूर्ति कुँदेको देखिन्छ। यो गरुडारूढ नारायणको मूर्ति पनि नेपाली शैलीकै देखिन्छ। गरुड नारायणलाई बायाँ पारी मुक्तिमण्डपलाई दायाँ पार्दै अगाडि बढ्दा बायाँपट्टि भित्तामा दक्षिणाभिमुख सरस्वतीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिका साथ दशवटा अन्य देवदेवीका मूर्तिको दर्शन हुन्छ। अगाडि बढ्दै जाँदा मुक्तिमण्डपको पूर्वी पर्खालबाट तल हेर्दा वाग्वती र गङ्गामाईको मन्दिरको शिरमा अवस्थित श्रीयन्त्रको दर्शन हुन्छ। वाग्वतीपारि श्लेष्मान्तक वनको केही खण्ड र त्यसको काखमा वाग्वतीको माथितिर लहरै सुन्दर पन्ध्र शिवालयहरू देखिन्छन् । मुक्तिमण्डपको पूर्वी भाग दुई भागमा विभाजित छ। त्यसमध्ये उत्तरतिरको भागमा भक्तहरू बसेर भजन गर्दछन् भने त्यहीँ बीचमा साधुसन्त धुनी जगाएर बस्दछन् । दक्षिणतिरको खटियामा बसेर पौराणिकहरूले कथावाचन गर्दछन् । मण्डपको पश्चिम भागको गर्तमा एक शिवलिङ्ग छ जसलाई सन्तानेश्वर भनिन्छ । मूल मन्दिरमा ठाउँ नहुँदा यहाँ बसेर पनि रुद्री पाठ, जप, ध्यान आदि गर्न सकिन्छ ।

मुक्तिमण्डपलाई दायाँ पारेर अगाडि बढ्दा मुरलीधर कृष्णको सेतो सङ्गमरमरले निर्मित सुन्दर मूर्तिको दर्शन हुन्छ। प्रदक्षिणामा झट्ट नदेखिने राधासहितको सुन्दर कृष्णमूर्ति मूल मन्दिरको पूर्वपट्टि मुक्तिमण्डपको ठीक पश्चिमतिर छ। यसको स्थापना वि.सं. १७३४ मा हरिरामदासले गरेको उल्लेख छ र यहाँ भएका कृष्णमूर्तिमा यो प्राचीन मानिएको छ। त्यस वरपरका साना मन्दिरमा शिवलिङ्गकै दर्शन हुन्छ। त्यस अगाडि दक्षिणतर्फ बायाँतिरको कुनाको भुइँमा कीर्तिमुख भैरवको मुखाकृति गडेको मूर्ति रहेको छ। कीर्तिमुख भैरवको धड भाग नभएर शिरोभाग मात्र रहनुको कारण शिवपुराणमा उल्लेख भएको छ। प्रमाण त्यहाँ उल्लेख भएअनुसार अधिकारले उन्मत्त भएको जालन्धरले एकपल्ट राहुलाई दूत बनाएर भगवान् शिवकहाँ एउटा सन्देश पठायो । दूत बनेर गएको राहुले शिवसँग भन्यो- 'भूतप्रेतका साथ नाङ्गै रहने तिमीलाई पार्वतीजस्तो सुन्दरी पत्नीको के काम ? त्यसो हुँदा हाम्रो मालिक जालन्धरलाई पार्वती अर्पण गर।' राहुको मुखबाट यस्तो क्षुद्र वचन उच्चारण हुनासाथ जमिनबाट एकाएक भयङ्कर एउटा रौद्र पुरुष प्रकट भएर राहुलाई खान पछि लाग्यो । तब राहु डराएर भगवान् शिवकै शरण पऱ्यो । त्यसरी शरण परेको राहुलाई नखान त्यो रौद्र पुरुषलाई शिवले निर्देशन दिनुभयो । त्यसपछि त्यो रौद्र पुरुषले भन्यो- 'हजुरको आज्ञा शिरोपर छ, तर यतिखेर म अत्यन्त भोकाएको छु अतः केही खानेकुरा खाने व्यवस्था मिलाई पाऊँ।' त्यसपछि शिवले त्यो रौद्र पुरुषलाई आफ्नै हातखुट्टाको मासु खाएर तृप्त बन्न निर्देशन दिनुभयो । शिवको आज्ञाअनुसार उसले आफ्नै शरीरको मासु खाँदा टाउको मात्र बाँकी रह्यो । त्यसरी आज्ञा पालन गरेको देखी प्रसन्न भएका शिवबाट त्यो रौद्र पुरुषलाई आज्ञा भयो- हे महागण ! तँ धन्य रहिछस्। अब तँ कीर्तिमुख नामले मेरो द्वाररक्षक भएर बस् । अब उप्रान्त तेरो पूजा र दर्शन नगरी मेरो पूजा, उपासना गर्नेप्रति म प्रसन्न हुने छैन।' यसैकारण यी कीर्तिमुख भैरवको दर्शन नगरी सीधै शिवको दर्शन गर्नुहुँदैन भन्ने मान्यता रही आएको छ। प्रत्येक पूर्णिमामा यहाँ बलि हुन्छ।

कीर्तिमुख भैरवको दायाँतिर भित्तामा शीतला देवीको मूर्ति छ। यिनको उपासना, आराधनाले घाउखटिरा नआउने, छालासम्बन्धी बिमारी (चर्मरोग) नहुने र भएमा पनि शान्त हुने प्रसिद्धि छ। शीतलादेवीको दायाँपट्टि निराकार शिवलिङ्गको दर्शन हुन्छ। त्यहाँबाट प्रदक्षिणा क्रमले घुम्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणतर्फ अग्लो पर्खालभित्रको प्राङ्गणमा पाँचसय पच्चीस शिवलिङ्गहरू स्थापित छन्। पर्खालको बीचमा रहेका साना आँखीझ्यालहरूबाट यी शिवलिङ्गको सङ्क्षिप्त दर्शन हुन्छ। पूरा दर्शनको लागि चाहिँ त्यहीँ गएर घुम्नुपर्छ। यी शिवलिङ्गहरूलाई लोकमा चौसठ्ठी लिङ्ग भनेर पनि चिनिन्छ। नेपालको मध्यमाञ्चल क्षेत्रमा ६४ शिवलिङ्गहरू विभिन्न स्थानमा छरिएर रहेका छन्। तिनमा पहिलो (आदि) लिङ्ग काभ्रे र सिन्धुली जिल्लाको सिमानामा रहेको दुम्जामा अवस्थित छ। सुनकोशी र रोशीखोलाको सङ्गमस्थल नगिच रहेको यो आदिलिङ्गलाई 'कुशेश्वर' नामले चिनिन्छ। अहिले बनेपा-बर्दिबासबीच बनेको राजमार्गले गर्दा त्यहाँ जान सुगम भएको छ। यसै भेगको अर्को प्रसिद्ध लिङ्ग दोलखाको भीमेश्वर हो। चौसठ्ठी लिङ्गहरू काभ्रेपलाञ्चोक, दोलखा, भक्तपुर, ललितपुर, मकवानपुर र काठमाण्डौ जिल्लामा छरिएर रहेका छन्। त्यसरी विभिन्न ठाँउमा फिँजिएर रहेका शिवलिङ्गहरूलाई प्रतीकात्मक रूपमा पाशुपतक्षेत्रको दक्षिणतर्फ एकै ठाँउमा सजाएर श्रद्धालुहरूलाई दर्शन स्पर्शन गर्न सहज तुल्याइएको देखिन्छ।

कीर्तिमुख भैरवपछि पश्चिमपट्टि उन्मत्त भैरवको मन्दिर रहेको छ। यो मन्दिर केही वर्ष पहिले पुनर्निमाण गरिएको हो। मन्दिरमा धातुबाट निर्मित विशाल आकृतिका उन्मत्तेश्वर भैरव उभिएको मुद्रामा विराजित छन्। भैरव शब्दबाट भीतिकर (डरलाग्दो) अर्थ व्यक्त हुन्छ। पन्ध्रौं शताब्दीमा नारायण भट्ट नाम गरेका व्यक्तिले स्थापना गरेका उन्मत्त भैरवको मूर्ति भव्य र केही डरलाग्दो किसिमको पनि छ। उत्तानो शवमाथि उभिएको यस मूर्तिमा तीन नेत्र देखिन्छन्। हातहरूमा विभिन्न हतियारहरू सजिएका छन्। पशुपतिको दक्षिणतिर यो भीतिकरमूर्ति स्थापना गर्नुको उद्देश्य पशुपतिको दक्षिणतर्फको अघोर (डरलाग्दो) मुखको प्रभाव कम गर्न हो भनिन्छ। सन्तान नहुनेले यस मूर्तिको सेवा गर्दा सन्तान हुन्छ भन्ने जनविश्वास छ। यहाँ भैरवको बायाँहातको अभय मुद्रामा दर्शनार्थीहरू शिर जोड्छन्। उन्मत्त भैरवबाट अघि बढेपछि पश्चिमतिर यज्ञशाला रहेको छ। यो यज्ञशाला पनि उन्मत्त भैरवको मन्दिरसँगसँगै पुनर्निर्माण गरिएको हो। नत्र यहाँ पहिले बाहिर लामो बार्दली र भित्र ३-४ वटा कोठा भएको दुईतले पूर्व पश्चिम फैलिएको धर्मशाला रहेको थियो। यज्ञशालाको तल होम आदि कृत्य हुन्थे भने माथिपट्टि व्रतउत्सव गर्ने मानिसहरूले अभ्यागतहरूलाई प्रसाद बाँड्ने, भोजभतेर गर्ने गर्दथे। हाल एकतलामा सीमित हवनशाला यज्ञशालाको पूर्वतिर प्रस्तर निर्मित एक वर्गाकार चौकी छ, जहाँ बसेर वाचकहरू विभिन्न पुराण आदि पाठ गर्छन्। शिवको उपासना अभिषेकात्मक, हवनात्मक र जपात्मक गरी तीन किसिमले हुन्छ। प्रतिपूर्णिमामा पशुपतिलाई महाभोग लाग्दा यहाँ हवन कार्य हुन्छ। नवनिर्मित हवनशालाको दक्षिणतिरको भित्तामा शिवका तीन मूर्ति छन्। तीनमा पहिलो शान्त शिवको, दोस्रो अर्जुनलाई पाशुपतास्त्र प्रदान गर्दै गरेको र तेस्रो नाट्येश्वर शिवको मूर्ति छ। ती मूर्तिका तल्लो भागमा यज्ञशालाका भित्ताका सङ्गमरमरमा कालो अक्षरमा शिवका केही प्रसिद्ध स्तुतिहरू जस्तै पशुपत्यष्टकम्, वेदसारशिवस्तोत्र, शिवताण्डवस्तोत्र लेखिएका छन्। यज्ञशालाकै पश्चिममा जमिनबाट अलि उठेको सुन्दर प्रेतलिङ्ग स्थापित छ। यज्ञशालाको उत्तरतर्फको भित्तामा लहरै सप्त मातृकाको टुटेफुटेका मूर्तिहरू छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञशालाबाट बाहिर निस्केपछि श्रीपशुपतिनाथ मन्दिरको नैऋत्य दिशामा खुलै प्राङ्गणमा नवग्रहका प्रतीक रहेका छन् । शिवको मन्दिरमा ग्रहको स्थापना अन्यत्र पनि देख्न पाइन्छ । त्यसपछि अगाडि बढ्दा बसाहाको दक्षिणपश्चिममा उत्तराभिमुख हनुमान्को सानो छत्रसहितको सिन्दूर लिप्त भव्य प्रस्तरमूर्ति छ। त्यस्तो उत्तराभिमुख हनुमान्को प्रस्तरमूर्ति अन्यत्र देख्न पाइन्न। हनुमान्लाई शिवकै अवतार मानिन्छ। हनुमान्को प्रस्तरमूर्तिको पश्चिमतिरको चौतारो जस्तो केही अग्लो भागमा सानो मन्दिरमा उभिएको सत्यनारायणको सुन्दर मूर्ति छ। माथिल्ला दुई हातमा गदा र चक्र तथा तल्लो हातमा शङ्ख र कमलको फूल लिएको सत्यनारायणको मूर्ति अत्यन्त कलात्मक देखिन्छ। मन्दिरको ठीक पूर्वपट्टि विभिन्न कालखण्डमा शाहवंश्य राजा रजौटा तथा राणा शासकहरू र तिनका पत्नी तथा भाइभारदारले तुलादान लगायतका ठूला दानपुण्य गरेको सत्कीर्ति स्वरूप साना ठूला गरी झण्डै पन्ध्र सोह्र वटा जति कीर्तिस्तम्भहरू लहरै राखिएका पाइन्छन् । तीमध्ये कतिपय कीर्तिस्तम्भमा कुँदिएका अक्षरहरू अझै पनि पढ्न सकिन्छन्भने कतिपय घामपानीले खियाएर पढ्न नसकिने अवस्थामा पुगेका देखिन्छन्। पशुपतिमा प्रदक्षिणाको क्रममा सत्यनारायणको दर्शनलाई अन्तिम दर्शन भने पनि हुन्छ। पशुपतिको प्राङ्गणमा पुराना शासक तथा पदाधिकारीहरूले गरेका शुभकर्महरूको सूचना गर्ने शिलालेख पनि प्रशस्तै छन् । तिनमा जयदेव द्वितीयको सातौँ शताब्दीको चौतीस श्लोकको शिलालेख चाँगुनारायणमा मानदेवले राखेको शिलालेखपछिको अत्यधिक महत्त्वको मानिन्छ। यो शिलालेख तत्कालीन इतिहासको अध्ययनको दृष्टिले आफैंमा महत्त्वशाली त छँदैछ यसमा प्रयुक्त परिष्कृत र सुललित साहित्यिक शब्दावलिका लागि पनि उत्तिकै प्रसिद्ध छ । माथि उल्लेख भएबाहेक पशुपति मन्दिर परिसरभित्र र बाहिर पनि शिवलिङ्गका सानाठूला गरी अनेकन मन्दिरहरू रहेका छन्।

श्रीपशुपतिनाथको मन्दिर दुईतले प्यागोडा शैलीमा सुनको मोलम्बा लगाइएको पहेँलो पाताले छाइएको छ। मन्दिरको टुप्पोमा गजुरसँगै शिवजीको हातका दुई प्रमुख वस्तु त्रिशूल र डमरु पनि ठडिएका छन्। मन्दिरका चारै दिशाका टुँडालमा भगवान् राम परिवार, कृष्णको परिवार तथा द्रौपदीसहितका पञ्चपाण्डव र शिवपरिवार तथा अन्य देवदेवीका काष्ठमूर्तिहरू सजिएका पाइन्छन्।

अब श्रीपशुपतिनाथ मन्दिरको पूर्व भएर बग्ने वाग्वती नदीको आर्यघाटपरिसरको मन्दिर र मूर्तिको सङ्क्षिप्त चर्चा गरिन्छ। वाग्वती शिवपुरी डाँडाको उत्तरी भागमा अवस्थित वाग्द्वार नामको मूल स्रोतबाट निस्किई बीचमा अनेक खोल्सा खोल्सी थपिई सुन्दरीजल, गोकर्ण, गुह्येश्वरी हुँदै पशुपति परिसरमा आइपुग्छिन्। वाग्वतीको शास्त्रीय रूपको प्रसिद्धि र लौकिक प्रयोग यथावत् थियो र अझै छ। उत्तरबाट दक्षिणतर्फ बग्दै बग्दै आउँदा वाग्वतीको विभिन्न खण्डमा विभिन्न धार्मिक घाटहरू निर्माण भएका छन्। तिनमा गुह्येश्वरीको केही तल आएपछि गौरीघाटको रूपमा र त्यसभन्दा तल पशुपति निकट आएपछि आर्यघाट नामले वाग्वतीका दुईवटा घाट अत्यन्त प्रसिद्ध छन्। आर्यघाटमा नै भगवान् श्रीपशुपतिनाथलाई स्नान गराइएको जलको निकास हुन्छ। यहीँ नै तारकेश्वर शिवलिङ्ग र ब्रह्मनाल पनि छ। आर्यघाटकै वाग्वतीको जलले पशुपतिको नित्य स्नान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। जीवनको अन्तिम श्वास यो ब्रह्मनालमा आएर बिसाउन पाउनुलाई मानवजीवनको सौभाग्य मानिन्छ। मरेपछि अस्थि-संस्कार गरिने ठाउँ पनि यही नै हो।

पशुपतिको पूर्वद्वारको मुन्तिरको सिढीं ओर्लेर आर्यघाट पुग्नेबित्तिकै वाग्वतीतटैमा गङ्गामाताको मन्दिर छ र त्यो सँगै अर्को मन्दिरमा पशु अवतार र विरूपाक्षको कम्मरभन्दा मुनि भासिएको मूर्ति छ। त्यताबाट दक्षिण लाग्दा वत्सलामाईको सुन्दर मन्दिर पुग्नुअगाडि बायाँतिर अनन्त नारायणको उभिएको मूर्ति छ। पोलेको मृण्मय टुक्राले बनेको यो मूर्ति फुस्रो रातो देखिन्छ। अनन्त नारायणकै छेउमा यमराजको दुई हात भएको मूर्ति छ। त्यसपछि वत्सलामाईको सुन्दर मन्दिर आइपुग्छ। देवमाला वंशावलीमा यिनलाई आदिमूल पीठरूपमा उल्लेख गरिएको छ। यहाँ वैशाखशुक्ल एकादशीका दिन विशेष पूजा गर्ने विधान छ। वत्सलेश्वरीको दक्षिणातिर भस्मेश्वरघाट ओर्लने सिढीँको बायाँतिर साधारण आवरणमा मङ्गला गौरी र अन्य मूर्तिहरू छन्। त्यही प्राङ्गणमा उत्तर फर्केको दुईहाते चिल्लो मूर्ति छ। सर्वसाधारणले सरस्वतीको मूर्ति भने पनि उनमा चिह्नहरू केही नभएकाले लक्ष्मीको मूर्ति ठहरिएको छ। त्यहाँबाट जयवागेश्वरी आउने क्रममा बायाँतिर पञ्चदेवल र दायाँतिर सेतो रङ्गको वज्रघर पर्दछ। त्यसबाट अगाडि बढ्दा चौबाटोनिर भुवनेश्वरीको मन्दिर छ। दश महाविद्यामा भुवनेश्वरी एक प्रसिद्ध देवीको रूपमा सम्मानित छिन् । देवीभागवतमा पनि यिनको महनीय उल्लेख पाइन्छ। भुवनेश्वरी मन्दिरकै सामु भुवनेश्वर महादेवको खुल्ला मूर्ति छ। भुवनेश्वरी मन्दिरबाट उत्तरतर्फ मित्रपार्क जाने बाटोमा देब्रेतिर पशुपतिनाथको गुरुरूप प्रसिद्ध दक्षिणामूर्तिको मन्दिर रहेको छ।

पाशुपतक्षेत्रमा भएका प्रसिद्ध मूर्तिहरूमा दक्षिणामूर्ति पनि एक हो। खासै भन्ने होभने नेपालमा दक्षिणामूर्तिको मन्दिर अन्यत्र भए जस्तो लाग्दैन। धेरै मन्दिर र मूर्ति भएको छिमेकी देश भारतमा पनि उत्तरी भेगमा दक्षिणामूर्तिको प्रसिद्धि त्यति पाइन्न। दक्षिण भारतमा भने उनको राम्रै उपस्थिति र प्रसिद्धि रहेको पाइन्छ। पशुपति मन्दिरको पश्चिमोत्तर (वायव्य) दिशामा अवस्थित यो मन्दिर र मूर्ति पनि अवान्तरकालिक ठहरिएको छ। वि.सं. २०४४ सालमा साबिकको जीर्ण दक्षिणामूर्तिको मन्दिरलाई जीर्णोद्धार गरी राम्रो तुल्याइएको थियो। यस मूर्तिसँग सम्बन्ध राख्ने आधारभूत ग्रन्थमा उपनिषत् साहित्यमध्येको एक 'दक्षिणामूर्ति उपनिषत्' छ भने आद्य शङ्कराचार्यद्वारा रचित 'दक्षिणामूर्तिस्तोत्र' पनि निकै प्रसिद्ध मानिन्छ। यी बाहेक दक्षिणमूर्तिदीपिका, पञ्चाङ्गपूजापद्धति आदि पनि यीसँग सम्बद्ध रहेका छन्।

दक्षिणामूर्ति के हुन् ? यिनको महत्त्व र मान्यता के छ भन्ने सम्बन्धमा बुझ्न खोज्दा दक्षिणामूर्ति उपनिषत्मा उल्लेख भएको एक प्रसङ्गको चर्चा गर्नु सान्दर्भिक हुन्छ। त्यहाँ उल्लेख भएअनुसार ब्रह्मावर्तको भाण्डीरवटको मूलमा ठूलो यज्ञ सम्पन्न गर्न जम्मा भएका शौनकादि ऋषिहरूले एकपल्ट हातमा समिधा लिएर विधिपूर्वक मार्कण्डेय ऋषि समीप गएर प्रश्न गरे- 'ऋषिवर! तपाई के कस्तो विधि र उपाय अवलम्बन गरेर यस्तो चिरञ्जीवी हुनु भएको हो ?' उत्तरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्कण्डेय ऋषिले भने- 'परम रहस्यभूत शिवतत्त्वको ज्ञानले म चिरञ्जीवी भएको हुँ।' शौनकादिले फेरि सोधे- 'त्यो परम रहस्यभूत शिवतत्त्व भनेको के हो नि ?' ऋषिले त्यो रहस्य स्पष्ट पार्दै भने 'जसद्वारा दक्षिणामुख शिव अपरोक्षीकृत अर्थात् साक्षात् हुन्छन्, त्यही नै परम रहस्यभूत शिवज्ञान हो।' शौनकादिले पुनः प्रश्न गर्दै भने - 'ती दक्षिणामूर्ति शिव भनेका को हुन् ?' त्यसको उत्तर दिंदै मार्कण्डेयले भने '**यः सर्वोपरमे काले सर्वान् आत्मनि उपसंहृत्य स्वात्मानन्दसुखे मोदते प्रकाशते वा स देवः।**' 'अर्थात् सृष्टिकालमा भान भएको देखिएको जो यो सृष्टि छ त्यो प्रलयकालमा आफूमै विलीन गराई स्वात्मानन्द सुखमै जो आनन्दित या प्रकाशित हुन्छन् तिनै परम शिव दक्षिणामूर्ति हुन्। यस किसिमको परम रहस्यात्मक ज्ञानबाट साधक अज्ञानबाट विनिर्मुक्त बनी ज्ञानी बन्न समर्थ हुन्छन्।'

शङ्कराचार्यरचित दक्षिणामूर्तिस्तोत्रको पहिलो श्लोकले पनि यस्तै भाव व्यक्त गरेको छ - '**विश्वंदर्पणदृश्यमाननगरी तुल्यं निजान्तर्गतम्**'। अर्थात् ज्ञानीको दृष्टिमा यो दृश्यमान जगत् ऐनामा परेको प्रतिबिम्ब समान हो। वस्तुतः विश्व आफैंभित्र भए पनि मायाको प्रभावले गर्दा बाहिरी रूपमा प्रतीत हुन्छ। व्यक्ति जब स्वयंको प्रयास र गुरुको कृपाले प्रबुद्ध बनी मायाबाट विनिर्मुक्त बन्छ, पार हुन्छ अनि बाहिरको प्रतिबिम्ब विलीन बनी आफ्नै स्वरूपमा विद्यमान हुन्छ। संसारको विस्तारको साथ ज्ञानको विस्तार पनि गुरुशिष्यबीचको संवादात्मक लामो परम्पराबाट हुँदै आएको कुरा शास्त्रमा यसप्रकार उल्लेख भएको छ - '**नारायणं पद्मभवं वशिष्ठं। शक्तिं च तत्पुत्रपरासरं च। व्यासं शुकं गौडपदं महान्तं गोविन्दयोगीन्द्रमथास्य शिष्यम्**' आदि। उपनिषत्को अन्त्यतिर गएर यथार्थमा दक्षिणामूर्तिको अर्थ के हो त भन्दा एउटा अर्थचाहिँ '**दक्षिणाभिमुखा मूर्तिः दक्षिणामूर्तिः**', अर्थात् दक्षिणतिर फर्किएको मूर्ति भएकोले दक्षिणामूर्ति भनिएको छभने अर्को चाहिँ जसको साक्षात्कारमा बुद्धिको प्रधानता छ, त्यसलाई दक्षिणामूर्ति भनिएको छ– "**शेमुषी दक्षिणा प्रोक्ता सा यस्मामीक्षणे मुखम्। दक्षिणाभिमुखः प्रोक्तः शिवोऽसौ ब्रह्मवादिभिः**"।

सृष्टिको आदिमा ब्रह्माजीले यिनै दक्षिणाभिमुख मूर्तिबाट सृष्टिसम्बन्धी ज्ञान प्राप्त गरी सृष्टि रचेका थिए। यसबाट कृतकृत्य बनेका उनी उपास्य उपासक दुवै भए। यस्तै वस्तुस्थितिलाई लक्ष्य गरेर योगसूत्रमा ईश्वरको लक्षण बताएपछि उनको महिमा वर्णन गर्ने क्रममा भनिएको छ- '**सः पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्**'। अर्थात् ती ईश्वर पूर्ववर्ती ब्रह्मादिका पनि गुरु हुन् किनकि उनी कालको सीमाभन्दा पनि पर या बाहिर छन्।

पशुपति निकटको यो दक्षिणामूर्ति मझ्यौला मन्दिरभित्र ललितासनमा विराजित छ। गुरु भएको नाताले दायाँ गोडाको पाउले एक राक्षसलाई थिचेको रूपमा उत्कीर्ण छ। वटवृक्षको मुनि विराजित यस मूर्तिका चार हात छन्। यिनको दायाँतिरको माथिल्लो हातमा माला छ र तल्लो हात अभय मुद्राको रूपमा रहेको छ। बायाँतिरको माथिल्लो हातमा अमृतको घडा छ र तल्लो हातले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक समातेको देखिन्छ। आसन मुन्तिरका साना मूर्ति मुनिहरूको मानिएका छन्। अघि पछि धेरै नखोलिने र दर्शनार्थी पनि त्यति नदेखिने यहाँ गुरुपूर्णिमामा चाहिँ थुप्रै दर्शनार्थी भुमिन्छन्।

भुवनेश्वरी मन्दिरबाट पश्चिमतर्फको केही उकालो चढेपछि मूलसडककै निकट जयबागेश्वरीको मन्दिर छ। जयवागेश्वरीबारे पनि देवमालामा केही उल्लेख छ। त्यहाँ उल्लेख भएअनुसार नेपाल मण्डलमा पशुपतिनाथ र गुह्येश्वरी प्रकट भएपछि यी देवी पनि मानसरोवरबाट नदीनाला शिला नाघ्दै उक्त क्षेत्रमा प्रकट भइन्। सुरुमा यिनको मन्दिर मूर्ति केही थिएन र गुप्तरूप पीठ मात्र थियो। सूर्यवंशी शिवदेवले 'गोल' नामको सहर बसाएर नित्यार्चन गराउने व्यवस्था गरे। तर मूर्ति चलायमान थियो। त्यसपछि स्वप्न तीर्थमा स्नान गरेर आउने एकजना योगीले मृण्मय मूर्ति बनाई चित्रकारी पनि गरिदिए र दक्षिणपट्टि कौमारी स्थापना गरे भन्ने प्रसिद्धि छ।

पशुपति मन्दिरको केही पर दक्षिणमा भस्मेश्वर घाटसँगै राजराजेश्वरी नामले प्रसिद्ध नवदुर्गा छन्। यिनकै नाउँबाट यो ठाउँ राजराजेश्वरी घाटको रूपमा प्रसिद्ध छ। यिनका मृण्मय मूर्तिहरू राजा विश्व गुप्तले स्थापना गरेको भन्ने प्रसिद्धि छ। पशुपतिको दक्षिण पश्चिमतिर वनकालीमा वनकाली नामले प्रसिद्ध देवीको पीठ पनि छ। यसको स्थापना पनि सातौं-आठौं शताब्दीतिरै भएको मानिन्छ।

पशुपति मन्दिरको उत्तर पश्चिमतर्फ कैलाश नामको यौटा सम्म परेको डाँडो छ। यसमा श्रद्धालु भक्तजनहरूले बालाचतुर्दशीका दिन सतबीज छर्ने, बत्ती बाल्ने लगायतका पुण्यकार्यहरू गर्दछन्। अघिपछि यहाँ कुनै न कुनै पुण्यकर कार्यहरू भइरहेका हुन्छन्। पशुपति मन्दिर परिसरका यी विविध देवदेवीको मूर्ति, मन्दिर र पुण्यस्थलहरूको सङ्क्षिप्त चिनारीपछि अब शिवको वाहनको विषयमा थोरै उल्लेख गरिन्छ।

५. शिवको वाहन : वृषभ

सनातन धर्मावलम्बी हिन्दू समुदायले मान्ने देवदेवीका वाहन पनि प्रसिद्ध छन्। ती वाहन अधिकांश पशु र पंक्षी जातिका देखिन्छन्। वैयाकरण पाणिनिले पनि आफ्नो सूत्रमा वाहन शब्दको उल्लेख गरेका छन्। त्यस्ता वाहनमा धेरैतिर नगएर पाञ्चायन देवतातिर मात्र दृष्टि दिँदा पनि गणेशको मूषक जातिको छुचुन्द्रो, सूर्यको घोडा, देवीको सिंह, शिवको नन्दी र विष्णुको गरुड प्रसिद्ध छन्। यस्ता वाहनप्रति दृष्टि दिँदा सामान्य मानिसदेखि बुद्धिमान्सम्मलाई जिज्ञासा हुनु स्वाभाविक हुन्छ कि यस्ता वाहनको सहायताबाट ती देवताहरू आफ्नो अभिलाषित ठाँउमा तुरुन्ता-तुरुन्तै कसरी पुग्लान् भनेर।

व्यक्तिलाई आफूले जे जस्तो देखेको, बेहोरेको छ, त्यस्तो मात्र पत्याउनु, विश्वास गर्नु सजिलो पर्छ। आफूले देखे जाने बाहेकको कुरामा विश्वास गर्न गाह्रो र शङ्कास्पद लाग्छ। सामान्य मानिसलाई देवविशेषको कुरा त परै जाओस्, मानवयोनिमा जन्मेका एकदुई पुस्तामात्र अघिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै पितृपुर्खाहरूको जीवनमा घटेका चामत्कारिक कुराहरू पनि के कसो हो भनेर शङ्का लाग्ने हुन्छ। जस्तो पूर्वाञ्चलका षडानन्द ब्रह्मचारी जसले पूर्वी नेपालको दिङ्लामा पहिलो संस्कृत विद्यालय स्थापना गरेका थिए, उनी आफ्नो तपोबलले अरुण नदीमा विना डुङ्गा रुमाल ओच्छ्याएर वारिपारि गर्दथे रे भन्ने प्रसिद्धि छ। त्यस्तै मध्यपश्चिमाञ्चल नेपालको प्यूठान जिल्ला स्वर्गद्वारी आश्रमका संस्थापक महाप्रभुको जीवनमा पनि धेरै चामत्कारिक घटनाहरू घटेको कुरा उनलाई नगिचबाट चिन्ने, जान्नेले बताउँछन्। भारतको बनारसबासी तैलङ्ग स्वामीजस्ता यौगिक सिद्धि भएका महापुरुषको जीवनमा पनि त्यस्ता धेरै आश्चर्यलाग्दा घटना घटेका पाइन्छन्।

हाम्रो धार्मिक, पौराणिक साहित्यमा देवसमुदायका व्यक्ति विमानमा आरूढ भएर स्वच्छन्द विचरण गर्ने गरेको उल्लेख धेरै ठाँउमा पाइन्छन्। भागवतमा कपिलमुनिका पिता कर्दम ऋषिले आफ्नी पत्नी देवहूतिलाई 'कामग' नामको विमानमा राखेर वर्षौं सुखोपभोग गराएको वर्णन पाइन्छ। भागवतमा **'व्योमयान वनिताः सह सिद्धैर्विस्मितास्तदुपधार्य सलज्जा'** भनेर रासविहारी कृष्णले गोपिनीहरूसँग रासक्रीडा गर्दा पनि सिद्धहरू पत्नीका साथ विमानमा आरूढ भएर उपस्थित भएका थिए भन्ने उल्लेख भएको छ। त्यस्तै देवर्षि नारदको अनुरोधमा सनकादिले हरिद्वारमा भागवत सुनाउँदा देवसमुदायले विमानमा बसेर पारिजात, हरिचन्दन आदि कल्पवृक्षमा फुलेका फूलहरूको वर्षा गरेको कुरा तलको श्लोकले स्पष्ट पार्दछ-

विमानानि समारुह्य कियन्तो देवनायकाः।
कल्पवृक्षप्रसूतैस्तान् सर्वास्तत्र समाकिरन्॥ *पद्मपुराण उत्तरखण्ड*

देवदेवीका वाहन हामीले देखे ठाने अनुसारका मात्र नभएर विशिष्ट, दिव्य र नित्य प्रकृतिका हुन्छन्। जहाँसम्म शिवको वाहन नन्दी या नन्दीश्वरको कुरा छ, शिवपुराणमा उनलाई शिलादपुत्रको रूपमा उल्लेख गर्दै हातमा त्रिशूल लिएको, विश्वेश्वर गणको स्वामी, निग्रह अनुग्रह गर्न समर्थ, चन्द्रशेखर, चारहात भएको तथा कण्ठमा नाग धारण गरेको रूपमा परिचय गराइएको छ। पुराणहरूमा शिवलाई 'वृषभध्वजः' र विष्णुलाई 'गरुडध्वजः' भनिएको छ। यसो भन्नुको अर्थ यी देव विमानमै आरूढ भएर आवतजावत गर्थे तर त्यो विमान या रथको परिचायक चिह्नचाहिँ नन्दी या गरुड हुन्थे। त्यसै भएर शिवपुराण अनुष्ठानमा वृषभध्वज र भागवत सप्ताहमा गरुडध्वज टाङ्ने चलन छ। तर देवताले चढ्ने गरेको विमान या रथ भौतिक सामग्रीले बनेको नभएर सङ्कल्प शक्तिले बनेका हुन्थे। स्कन्दपुराणमा धर्म स्वयंले चारखुट्टे वृषरूप धारण गरी शिवलाई वहन गरेको कुराको उल्लेख छ। **'तपः सत्यं दया शौचम्'** भनेर शास्त्रमा धर्मको चार स्वरूपलाई बताइएको छ। वस्तुतः वृषका चारपाउ धर्मका तिनै चार स्वरूपका प्रतीक हुन्। यसबाट नन्दीका दुई रूप प्रसिद्ध देखिन्छन्-

वृषराजो महातेजो महामेघसमस्वनः।
मेरुमन्दरकैलासहिमाद्रिशिखरोपमः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिताभ्र शिखराकार ककुदापरिशोभितः।
रक्तास्यश्रृङ्गचरणौ रक्तप्रायः विलोचनः॥ *आदि शिवपुराण अ.३१*

अर्थात् यी वृषराज महातेजस्वी, ठूलो मेघको जस्ता शब्दनाद गर्ने, मेरु, मन्दर र कैलाश पर्वतको शिखर समान, मेघकै शिखरसमान जुरो भएका, मुख र गोडा रातोरातो वर्ण भएका र आँखा पनि रातै भएका भव्य आकारका छन् ।

६. शिवको आभूषण : वासुकि

शिवको स्तुतिमा '**सर्पैर्भूषितकण्ठकर्णविवरे**' भनेको पाइन्छ। यसको अर्थ हुन्छ घाँटी, कर्णविवर (कानको प्वाल) समेतलाई ढाक्ने गरी सर्प धारण गरेको। शिवको मात्र नभएर अन्य देवदेवीको मन्दिरमा पनि सर्प या नागको प्रतीक लगाइएको हुन्छ। सामान्य रूपमा हेर्दा सर्प या नागलाई त्यति छुट्याउन सकिँदैन। तर यिनमा केही फरक मानिएको छ। भगवान् कृष्णले गीतामा विभूतियोगको वर्णनको क्रममा '**अनन्तश्चास्मि नागानां सर्पाणामस्मि वासुकिः**' भनेर 'नागहरूमा म अनन्त र सर्पहरूमा चाहिँ वासुकि हुँ' भन्नुभएको छ। यस हिसाबले पनि नाग र सर्पमा केही भिन्नता रहेको देखिन्छ। सन्तानको रूपमा हेर्दा चाहिँ यी दुवै यौटै मातापिताका सन्तान हुन्। दुवैथरीका पिता कश्यप ऋषि र माता कद्रू हुन् ।

जीव समुदायमा सर्प विषधर हुने कुरा प्रसिद्ध छ। यसले टोक्दा या डस्दा बेलामा उपचार भएन भने व्यक्तिको मृत्युसमेत हुनसक्दछ। त्यसैले सर्पदेखि सबै डराउँछन्। त्यस्तो सर्प शिवको कण्ठभूषण कसरी हुनगयो ? सबैलाई जिज्ञासा लाग्नु स्वाभाविक छ। यस सम्बन्धमा पौराणिक कथन यस्तो छ। सृष्टिको प्रारम्भिक अवस्थामा ब्रह्माका दश मानस पुत्रहरूमध्ये एक थिए मरीचि। उनको छोराको नाम कश्यप थियो। कश्यपका धेरै पत्नीमध्ये दुई थिए कद्रू र विनता। दुवै पत्नी ऋषिको उत्तिकै सेवा स्याहार गर्दथे। तिनको सेवा सुश्रूषाबाट प्रसन्न भएका उनले एकपल्ट पत्नीहरूलाई इच्छा लागेको कुरा माग्न भने। तब विनताले दुई पुत्रको माग गरिन् भने कद्रूले चाहिँ हजारौं पुत्र। तदनुसार विनताका दुई पुत्र भए- अरुण र गरुड। कद्रूका चाहिँ शेष र वासुकि लगायतका हजारौं सङ्ख्याका सर्पहरू सन्तानका रूपमा पैदा भए । ती सबै अण्डज (अण्डबाट उत्पन्न हुने) योनिका थिए। सर्प विषधर भएकाले तिनले सर्वसाधारणलाई डसेर हैरान पार्न थाले। समुद्र मन्थनको बेलामा पनि अन्य रत्नको साथ विषधर सर्प पनि पैदा भएर तिनको सङ्ख्या ठूलो भयो। तिनको बानी बेहोरा पनि अन्य सर्पकै जस्तो थियो। यसले गर्दा ठूलो सङ्ख्यामा जनसमुदाय पीडित बन्न पुगे। यसरी पीडित जनसमुदाय सर्पको अत्याचारबाट मुक्त बन्न ब्रह्माजीकहाँ उजुरी गर्न पुग्यो। ब्रह्माले सर्पश्रेष्ठ, नागश्रेष्ठलाई बोलाएर भने- 'तिमीहरूले जनसमुदायलाई पीडित तुल्याएको कुरा मकहाँ उजुरी आएको छ। मातृश्रापले गर्दा उद्दण्ड तिमीहरूको पछि असमयमै मृत्यु हुने डर छ, होशियार होऊ।' यसरी ब्रह्माले सचेत तुल्याउँदा सर्पश्रेष्ठले भने- 'हामीले त त्यसो गरेका छैनौं, अरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको भए तिनै दोषभागी होलान् ।' त्यसैबेला कद्रू र विनताबीच यौटा नयाँ घटना घट्यो। कद्रूले विनतालाई भनिन्– 'बहिनी उच्चैःश्रवा घोडाको रङ्ग या वर्ण कस्तो होला ?' विनताले भनिन्– 'समुद्र मन्थनबाट पैदा भएका सबै वस्तु सुन्दर छन् । त्यसो भएको हुँदा उच्चैःश्रवा घोडाको वर्ण पनि सेतै हुनुपर्छ ।' कद्रूले त्यसको विपक्षमा बोलिन्– 'होइन मेरो विचारमा त त्यसको रङ्ग कालो हुनुपर्छ।' कद्रूले कुरा फेरि थपिन्- 'बहिनी तिमी सेतो भन्ने पक्षमा र म कालो भन्ने पक्षमा बाजी राखौं र भोलि हेर्न जाऔं । जसले बाजी जित्छ हार्नेले त्यसको दासी बन्नुपर्नेछ ।' त्यसपछि दुवै सौतासौती घर गए । कुटिल चाल भएकी कद्रूले रातभरमा यौटा जाल रचिन् । आफ्ना सन्तान सर्पहरूलाई बोलाएर उनले भनिन् 'बाबु हो ! सौतेनी आमासितको बाजीमा मलाई जिताएर दासी बन्नबाट बचाउनुछ भने तिमीहरू सबै अहिल्यै नै उच्चैःश्रवा घोडा भएको ठाउँमा पुगी त्यसको शरीरमा लपेटिएर कालो तुल्याइदिनु पर्‍यो ।' कद्रूको यस्तो प्रस्तावलाई वासुकि आदि सर्पले हामी यस्तो भूठो कुरा गर्न सक्दैनौं भनेर पन्छिए । तिनलाई उनले डढेर मर्ने श्राप दिइन् । बाँकीले चाहिँ मातृआज्ञालाई शिरोपर गरी उच्चैःश्रवा घोडाको शरीरमा लपेटिएर उसलाई कालो तुल्याई दिए । कद्रू र विनता भोलिपल्ट हेर्न जाँदा टाढाबाट घोडा कालो देखियो अनि पूर्व शर्तबमोजिम विनता कद्रूको दासी बन्न पुगिन्।

अर्जुनका नाति अभिमन्युका पुत्र महाराज परीक्षित्‌ले जङ्गलमा शिकार खेल्ने क्रममा शमीक ऋषिको आश्रममा पुग्दा अन्न, जल, स्वागत सत्कार केही नपाएर रिसले चूर भई मरेको सर्पलाई ध्यानस्थ अवस्थामा रहेका ऋषिको गलामा भुण्ड्याई दिएबापत ऋषिपुत्रले उनलाई सर्पदंशबाट मृत्यु हुने श्राप दिएका थिए। तदनुसार सातौं दिनमा तक्षकको दंशबाट उनको मृत्यु पनि भयो। असमयमै पिताको मृत्यु भएकोमा दुःख मनाउ गरी परीक्षित्‌का जनमेजय आदि गरेका छोराहरूले शास्त्रीय विधानअनुसार दिवङ्गत पिताको और्ध्वदेहिक काजक्रिया सम्पन्न गरी जसोतसो चित्त बुझाएर बसेका थिए। त्यसैबीचमा जनमेजयका बन्धुबान्धवहरूले पिताको त्यस्तो अपमृत्युको विरुद्ध कुनै कार्य नगरी निरुद्यम बस्न उचित नहुने सल्लाह दिए । वापवैरी साध्ने क्रममा के गर्नु उपयुक्त हुने होला भनेर बुज्रुगहरूसँग छलफल गर्दा प्रवुद्ध व्यक्तिहरूबाट एक आभिचारिक यज्ञ गरी त्यसैमा सबै सर्प जातिलाई आह्वान गरी डढाएर मारिदिनु सर्प दंशबाट मृत्यु भएका पिताप्रति पुत्रको सच्चा श्रद्धाञ्जलि हुने सुझाव मिल्यो । साथै, विषधर सर्पको हत्याले अरूले पनि राहत पाउनेछन् भन्ने भयो । त्यसपछि राजा जनमेजयले यो आभिचारिक यज्ञ सम्पन्न गर्न सक्षम मन्त्रवित् ब्राह्मणको खोजी गरी तथा आवश्यक सबै सरसामानहरू पनि यथाशीघ्र जुटाएर सङ्कल्पपूर्वक यज्ञ आरम्भ गरे। यज्ञमा वरण भएका ब्राह्मणको मन्त्रशक्तिले आकृष्ट भई भुण्डका भुण्ड सर्पहरू बल्दो आगोको ज्वालामा होमिँदै मर्न थाले । यसमा विगत समयमा आमा कद्रूले दिएको श्रापले पनि काम गर्‍यो।

त्यतिखेर सर्पश्रेष्ठ वासुकिले सोचे 'साइनोको आमा भए पनि नचाहिँदो जालसाजीको काममा प्रयोग गर्न खोज्दा त्यसमा भाग नलिएकै कारणले होमिएर मर्नु त उचित भएन ।' के युक्ति र उपायले अनाहकमा डढेर मर्नबाट जोगिने होला भनेर आफ्ना परिजनसित सल्लाह गरे। तर उपयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुझाव आउन सकेन। त्यसपछि पनि शोधखोज गर्दै जाँदा एकजनाले 'तिम्री बहिनीको विवाह समुचित वरसित गराएर तिनबाट सन्तान जन्माउन सक्यौ भने त्यसले तिमीहरूलाई मृत्युको मुखमा पुनबाट संरक्षण गर्नेछ' भन्ने युक्ति सुनाए। तदनुसार वासुकि आफ्नी बहिनी जरत्कारुको विवाहको लागि वरको खोजी गर्न लागे। संयोगले त्यसैबेला एकजना 'जरत्कारु' नाम गरेका व्यक्ति फेला परे। ती व्यक्ति विवाहलायक उमेर भएर पनि विवाह नगरी साधक जीवन बिताउने सुरमा थिए। स्वच्छन्द रूपले विचरण गर्दै हिंड्दा उनले एकदिन बाटो नजिक कौतूहल लाग्ने दृश्य देखे। त्यहाँ यौटा लहरावाल अग्लो रूखमा सजीवै देखिने केही व्यक्तिहरू उधोमुन्टो गरेर झुण्डिएको देखे। तल गहिरो खाडल पनि थियो। त्यस्तो देख्दा जरत्कारुलाई आश्चर्य लाग्यो र उनले निकट गएर उधोमुन्टो लगाएर झुण्डिएका व्यक्तिहरूलाई के कति कारणले यस्तो अवस्थामा रहेको हो भनेर सोधे। जवाफमा उधोमुन्टो लगाएर झुण्डिएका व्यक्तिहरूले भने- 'हामी आफ्नै सन्तानको दोषले गर्दा यस्तो अवस्थामा पुगेका हौँ। पुत्रले विवाह गरी सन्तान जन्माइदिएको भए यस्तो दुर्गतिपूर्ण अवस्थामा आज हामी हुने थिएनौँ, बरु स्वर्ग जाने थियौँ भने।' **'अपुत्रस्य गतिर्नास्ति स्वर्गो नैव च नैव च'** भन्ने पौराणिक कथन पनि छ। त्यसपछि जरत्कारुले झुण्डिएर रहेका व्यक्तिहरूलाई सोधे- तपाईंको पुत्रको नाम के हो ? उत्तर आयो- 'जरत्कारु।' त्यो सुनेपछि जरत्कारुले त्यो नाम गरेको व्यक्ति त मै हुँ भने। अब भन्नुहोस् मैले तपाईंहरूका निम्ति के गरिदिनुपर्‍यो ? तिनीहरूले भने- 'बाबु ! हामीलाई यो दुःखबाट छुटाएर माथि पठाउने हो भने चाँडै विवाह गरेर सन्तान जन्माइदेऊ।' जरत्कारुले भने- 'मेरो विवाह गर्ने विचार त थिएन। तर पितृको यस्तो अधोगति देखेपछि आफ्नै नामको केटी पाए सन्तान नजन्मिउज्याल गृहस्थी गरौँला।' त्यसरी उनी बाटो लागे। वासुकि बहिनीको लागि वर खोज्दै जाँदा तिनै जरत्कारुसँग भेट भई प्रस्ताव राखे। जरत्कारुले भने- 'मैले आफ्नै नामकी केटीसित मात्र विवाह गर्ने प्रतिज्ञा गरेको छु, अतः सबैभन्दा पहिला बताउनुहोस् यहाँकी बहिनीको नाम के हो ?' उत्तरमा वासुकिले भने 'जरत्कारु'। त्यो सुनेर जरत्कारुले भने- 'त्यसो हो भने नाम मिल्यो, म विवाह गर्छु। तर दुलहीले कुनै दिन मेरो इच्छाविपरीत कर्म गरेमा बीचैमा छोडिदिनेछु।' यही शर्तमा जरत्कारु र वासुकिको बहिनीको विवाह भयो। केही कालपछि गर्भ रह्यो। एकदिन गर्भिणी पत्नीको काखमा शिर राखी जरत्कारु निदाए। बेला बित्दै गएर सूर्यास्त भई सन्ध्यावन्दनको समय हुनथाल्यो। सन्ध्याकालमा पतिलाई ब्यूँझाउने कि न ब्यूँझाउने उनलाई द्विविधा भयो। निकै बेर विचार गरेपछि उनले निर्णय गरिन् 'सन्ध्यालोप गराउनुभन्दा ब्यूँझाउनु नै बेश।' तब उच्च स्वरमा भनिन्- 'पतिदेव ! सन्ध्याको बेला भयो अब ता उठ्नुपर्छ कि ?' निद्राबाट ब्यूँझँदै जरत्कारुले भने- 'देवी ! तिमीले मेरो निद्रा भङ्ग गरायौ। मैले सुरुमै तिम्रो दाजुलाई भनेको थिएँ कि तिमीबाट मेरो इच्छा विपरीत कुनै काम भएमा म तिमीलाई छोडिदिनेछु भनेर। त्यो काम अहिले निद्रा भङ्ग गराएर तिमीले गर्‍यौ। अब म जान्छु, तिम्रो कल्याण होस्।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यति भनेर जरत्कारु घरबाट निस्कन लागे। पत्नीले विनीत बनेर अडिनका लागि अनुनय-विनय गरिन्। तर केही लागेन। पत्नी जरत्कारुले यस घटनाको विवरण आफ्नो दाजु वासुकि समक्ष पठाइन्। पछि उनी स्वयं आएर आश्वस्त पारी गर्भिणी बहिनीलाई लिएर गए र स्याहार, सम्भारपूर्वक पालेर राखे। मास पूरा भएपछि जरत्कारुले पुत्र पैदा गरिन्। नवजात बालकको जातसंस्कारदेखि नामकरण संस्कार आदि वासुकिले गराए। नवजात बालकको नाम रह्यो- 'आस्तिक'। पाँच वर्ष भएपछि विद्याध्ययन गराई प्रबुद्ध तुल्याउने काम पनि वासुकिले गरे। त्यति गरुन्ज्यालसम्म जनमेजयले सर्पयज्ञ आरम्भ गरिसकेका थिए। सर्पयज्ञमा वरण भएका ब्राह्मणहरूको मन्त्रशक्तिले आकर्षित भै सर्पहरू क्रमशः यज्ञकुण्डमा पर्दै डढ्दै मरिरहेका थिए। यज्ञ कुण्डमा आगोको ज्वाला दन्किरहेको थियो। त्यति बेलासम्म तक्षकलाई इन्द्रले संरक्षण दिएर राखेका थिए। तर अब सम्भव नभएर छोडिदिए। ऊ अन्तरिक्षमा लहराइरहेको थियो। यज्ञमा दीक्षित भएर रहेका जनमेजय आचार्य, ऋत्विक् आदिलाई भनिरहेका थिए– 'खोइ अहिलेसम्म मुख्य शत्रु तक्षक र उसका परिजनहरू त आएको देखिएकै छैन।' ऋत्विक्हरू भनिरहेका थिए– 'ऊ अन्तरिक्षमा देखिइसक्यो अब यज्ञकुण्डमा आउन धेरै बेर लाग्दैन।' त्यही क्रममा आफ्नो पनि पालो आउने देखेर वासुकिले बहिनीलाई सुटुक्क भने- 'बहिनी ! मैले तिम्रो विवाह गराएर सन्तान जन्माउने काममा सहयोग गरें। सन्तान भएपछि शिक्षादीक्षा दिलाई योग्य बनाउन मद्दत पनि गरें। अहिले हामी सर्प जातिलाई प्राणसङ्कट आइपरेको छ। अतः तिमीले छोरालाई यो सबै कुराको जानकारी गराई हाम्रो प्राण बचाउन मद्दत गर्न अह्राऊ।'

दाजुको अनुरोधलाई स्वीकारी जरत्कारुले छोरालाई सब कुरा जानकारी गराइन्। मातृआज्ञाको पालना गर्दै बाल्यावस्थाका 'आस्तिक' जनमेजयले सर्पयज्ञ गरिरहेको ठाउँमा गए। त्यहाँ पुग्दा यज्ञस्थलबाट उग्र गन्ध आइरहेको थियो। सर्पहरूको झुण्डका झुण्ड यज्ञकुण्डमा ह्वार्र ह्वार्र होमिइरहेकोले स्थिति भयङ्कर देखिन्थ्यो। यहाँ पुगेर आस्तिकले पहिले यज्ञमा वरण भएर कार्य सञ्चालन गर्ने आचार्य, ब्रह्मा, ऋत्विक् आदिको र पछि यजमानको रूपमा दीक्षित परीक्षितपुत्र जनमेजयको हार्दिक प्रशंसा गरे।

यो सुनेर जनमेजयले भने- 'हे आगन्तुक ! हेर्दा प्रारम्भिक उमेरका देखिन्छौ, तर कुराचाहिँ तिम्रो परिपक्व मान्छेले बोल्ने, शास्त्रसम्मत लाग्यो। यस यज्ञमा तिम्रो स्वयं उपस्थिति र बोलीको प्रभावले म प्रसन्न भएको छु। त्यसो हुँदा तिमीलाई केही इच्छा छ भने माग, म दिन तयार छु।' त्यो सुनेर आस्तिकले भने- 'राजन् ! तपाईं पाण्डवको वंशमा उत्पन्न भएको प्रसिद्ध राजा हुनुहुन्छ। तपाईंसित माग्ने कुरा सामान्य हुँदैन। त्यसो भएको हुँदा तपाईंले अहिले जे मागे पनि दिन्छु भनेर जो भन्नुभएको छ, त्यो आवेशमा आएर भनेको हो कि यथार्थ हो ?' जनमेजयले भने- 'हेर आगन्तुक ! म त्यस्तो मिथ्या आश्वासन दिने मान्छे होइन। त्यसमाथि यतिखेर यज्ञमा दीक्षित भएर बसेको छु। यसो हुँदा आवेशमा आएर बोलेको नभई हृदयैदेखि बोलको हुँ। अतः के चाहन्छौ माग, म खुशीसाथ दिनेछु।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनमेजयको यस्तो प्रतिज्ञाबद्ध वचन सुनेपछि आस्तिकले भने- 'राजन् ! '**को धर्मो भूतदया**' अर्थात् प्राणीमात्रमा दया राख्नु धर्म हो भन्ने शास्त्रको कथन तपाईंलाई थाहा छँदैछ। तर यो कुरालाई बिर्सेर तपाईं यतिखेर सर्पयज्ञ गरिरहनुभएको छ जहाँ हजारौं हजार जीव अनाहकमा मरिरहेका छन्। तपाईंको पितालाई कुनै एक सर्पले डसेर मार्‍यो होला तर त्यो यौटाको दोषबाट यत्रो सङ्ख्यामा सर्पहरूको हत्या हुनु उचित काम कुरा ठहर्दैन। त्यसोहुँदा तपाईंसित मेरो हार्दिक अनुरोध छ कि यो सर्पयज्ञ तुरुन्त बन्द गरी बाँकी सर्पहरूलाई जीवनदान दिनुहोस्।' पहिलाबाटै वचनबद्ध जनमेजयले आस्तिकको मागअनुरूप बाध्य भएर सर्पयज्ञ बन्द गर्न लगाए।

यसरी वासुकिले अपनाएको जुक्ति र आस्तिकको कौशलले सर्पयज्ञ बन्द भएपछि बाँकी सर्पहरूले निर्भयतापूर्वक बाँच्न पाए। यसपछि वासुकिले विचार गरे- 'यतिखेरको अकाल मृत्युबाट त बाँचियो अब अगाडिको जीवन कसरी सार्थक बनाउने होला ?' त्यतिखेरसम्म सहोदर दाजु शेषले भगवान् विष्णुलाई प्रसन्न पारी उनको शय्या बन्ने सौभाग्य प्राप्त गरिसकेका थिए। सौतेला भाइ अरुणले सूर्यको सारथि र गरुडले विष्णुको वाहन हुने सौभाग्य पनि प्राप्त गरिसकेका थिए। आफूले पनि भाग्यले मिल्ने त्यस्तै कुनै प्रशंसनीय स्थान के गरी प्राप्त गर्ने होला भन्ने निकै सोचविचार गरी अन्त्यमा आफ्नो हितचिन्तक दुई-चारजना साथीभाइहरूलाई लिएर उनी कैलासतिर लागे। त्यहाँ पुगेपछि कैलासाधिपति शिवसँग प्रार्थना गर्दै भने- 'भगवन् ! हामी हजुरको गलादेखि शिरका अन्य भागको शोभा बढाउने आभूषण भएर रहन पाऔं।' उनले अगाडि भने 'मैले हजुरको गलामा रहने स्थान पाएँभने कालकूट विषपानबाट कालोनीलो भएको हजुरको कण्ठमा बेरिएर यसलाई सेतो देखिन मद्दत गर्नुका साथै विषपानबाट जलन भएको हजुरको गाथमा शीतलता पनि प्रदान गर्नेछु। म विषधर र हजुर विषपान गर्ने बीचको यो सम्बन्ध सबैका लागि रोचक पनि हुनेछ।' वासुकिको यो अनुरोधलाई भगवान् शिवबाट स्वीकृति मिल्यो। त्यसपछि वासुकि शिवको कण्ठ र कर्णका आभूषण बन्न पुगे। वासुकि विषधर मात्र नभई मणिधर पनि थिए। शिवको दक्षपुत्री सतीसँग कायम भएको वैवाहिक सम्बन्ध विच्छिन्न भएर दोस्रो विवाह पार्वतीसित हुन लाग्दा दुलहालाई सिँगार्ने क्रममा विभिन्न वस्तुहरू प्रयोग गर्न थालियो। तीमध्ये उनको शरीरमा भएका वासुकि आदि आठ नागले सुवर्णमय अलङ्कारको काम गरे भनेर कालिकापुराणमा यसरी उल्लेख भएको छ-

विवाहे गिरिजा शम्भुः सर्पायेऽष्टौ तनौस्थिताः।
ते जाम्बूनदसनद्धा अलङ्कारास्तदाभवन्॥

थुप्रै पौराणिक र साहित्यिक कथनहरूबाट भगवान् शिवसित सर्प जातिका वासुकिको घनिष्ठ सम्बद्ध कायम रहेको बुझिन्छ। उनीमात्र नभई पत्नी पार्वती, पुत्र गणेशको पनि वासुकिसित निकट सम्बन्ध रहेको देखिन्छ। किनकि **गणेशसहस्रनाम**मा एकनाम '**सर्पसूत्रधरः**' भन्ने छ। यसको अर्थ हुन्छ 'सर्पको जनै लगाउने'। यसबाट सर्पजाति पिता शिव र पुत्र गणेश दुवैका निम्ति प्रिय रहेको स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सङ्क्षेपमा भन्नुपर्दा भगवान् श्रीपशुपतिनाथको मन्दिर र यस वरपरका मूर्ति, मन्दिर तथा पुण्यस्थलहरू सनातन हिन्दूधर्मावलम्बीहरूका लागि यौटा खुला धार्मिक विश्वविद्यालयकै सरह देखिन्छन् । यसको सम्यक् ज्ञानको लागि एक दुई दिन वा हप्ताको नभएर वर्षौंको अध्ययन आवश्यक पर्ने देखिन्छ । यस क्षेत्रको मूर्ति र मन्दिरको बारेमा विद्वान्हरूले ठूला ठूला शोध तथा अनुसन्धानहरू पनि गरेका छन् । अतः पाशुपतक्षेत्रका बारेमा विस्तृत जानकारी लिन इच्छुक पाठकहरूलाई ती शोधग्रन्थहरूको अध्ययनबाट आफूले चाहेअनुसारका ज्ञान आर्जन गर्न सकिनेतर्फ सङ्केत गर्दै यो सङ्क्षिप्त चिनारी यहीं समाप्त गरिन्छ ।

शिवसङ्कल्पमस्तु

सन्दर्भसामग्री

महाभारत

शिवपुराण

वराहपुराण

निर्णय सिन्धु

नेपाल माहात्म्य

हिमवत् खण्ड

इतिहास शिरोमणि आचार्य, बाबुराम, **नेपालको इतिवृत्तान्त ।**

टण्डन, डा. गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन ।**

रथी धन शमशेर, **कामकला रहस्य ।**

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा पाशुपत धर्मको विकास

–प्रा.डा. जगदीशचन्द्र रेग्मी

नेपालको इतिहासमा सर्वप्रथम अंशुवर्माले ई. ६०५ (वि.सं.६६२) देखि[१] आफ्नो उपाधिको रूपमा 'भगवत्पशुपतिभट्टारकपादानुगृहीतः' जस्तो धार्मिक विशेषण लेखाउन थालेका थिए। उनीपछि भएका सात जना राजाहरूले यो उपाधिको प्रयोग करिब ७३३ (वि.सं. ८१०) सम्म[२] कायम गरिरहे।

यो धार्मिक उपाधि भगवान् श्रीपशुपतिनाथसँग जोडिएको देख्दा यस्तो उपाधि धारण गर्ने राजाहरू शैव धर्मको एक शाखा पाशुपत धर्म वा सम्प्रदायका अनुयायी भएका थिए भन्ने अनुमान सजिलै गर्न सकिन्छ। हुन पनि उक्त उपाधि लिने अनेक राजाहरूले पाशुपत सम्प्रदाय र त्यसका शाखाहरूलाई प्रोत्साहन दिएका प्रमाण पनि पाइन्छन्। उक्त भगवत्पशुपति भट्टारकपादानुगृहीत उपाधि लिन थाल्ने शासक अंशुवर्माको आफ्नो ई. ६०८ (वि.सं. ६६५) को साँगा अभिलेखमा मुण्डमालाधारी रौद्ररूपका महादेवको स्तुति गरिएको छ।[३] सो अभिलेख प्रशासनसम्बन्धी छ र त्यसमा धार्मिक विषयवस्तु केही छैन तर मङ्गलाचरणका रूपमा मुण्डमालाधारी महादेवको स्तुति गरिएको देख्दा अंशुवर्माले आफ्नो राजकीय तहबाट सो अभिव्यक्ति गराएको बुझ्न सकिन्छ। साथै अभिलेखमा अंशुवर्माको सो उपाधि पनि लेखिएकै छ।

उक्त अभिलेखमा अंशुवर्माको भगवत्पशुपतिभट्टारकपादानुगृहीत उपाधि पाउनु र त्यसैमा मुण्डमालाधारी महादेवको स्तुति गरिएको देख्दा अंशुवर्मा कापालिक पाशुपत सम्प्रदायका अनुयायी थिए कि भन्ने अन्दाज गर्न सकिने देखिन्छ।

अंशुवर्मापछि यो कापालिक पाशुपतसम्प्रदाय अझ सक्रिय भएको एउटा आभिलेखिक प्रमाण पाइन्छ। संयुक्त शासक जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको मिति नरहेको

१ धनवज्र वज्राचार्य - लिच्छविकालका अभिलेख, पृ. २९०।

२ ऐजन पृ. २९०-५७८। यो उपाधि लिने राजाहरू अंशुवर्मा लगायत उदयदेव, जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव, शिवदेव द्वितीय र जयदेव द्वितीय हुन्।

३ लिच्छविकालका अभिलेख, पृ. २२६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तम्भलेखमा आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले आफूले थापेका भगवान् छत्रचण्डेश्वरको नाउँमा रहेको धाराको टुटफुट भएमा मरम्मत गर्नका लागि मुण्डश्रृंखलिक पाशुपत सम्प्रदायका आचार्यहरूले संघ तथा अन्य समेतलाई मिलाएर केही जग्गा दान गरेको कुरा लेखिएको छ।[४] यो सन्दर्भमा मुण्डश्रृंखलिक पाशुपत सम्प्रदायका आचार्यहरूको परिषद् तथा संघको महत्त्वपूर्ण उल्लेख परेकोले यो सम्प्रदायका साधारण जोगी एकथरी र आचार्यहरू अर्काथरी हुन्थे। साथै यस्ता पाशुपतहरूको सङ्ख्या त्यसवेला धेरै थियो भन्ने पनि हामी अन्दाज गर्न सक्दछौं। अंशुवर्माको पालादेखि यो पाशुपत सम्प्रदायको उत्थान हुँदै आएर यस रूपमा आइपुगेको देखिन्छ तर यसबारे जान्ने अरू कुनै प्रमाण नपाइएको हुनाले केही भन्न सकिएको छैन। तर यो पाशुपत सम्प्रदायको गतिविधि कायमै रही भैरवको पूजा आराधना गर्ने व्यापक चलनको रूपमा जीवित रहिआएको बुझ्न सकिन्छ। तन्त्रशास्त्रका ग्रन्थहरूमा पनि नेपालमा भैरवहरूको ठूलो मान्यता रहेको कुराको सङ्केत यही परम्पराले गर्दा पाइएको हो जस्तो लाग्दछ। मेरुतन्त्रले नेपालमा ५६ लाख भैरव र भैरवीको स्थिति देखाएको पाइन्छ[५] भने तन्त्रचूडामणिमा नेपालपीठका क्षेत्राधीश कपाली भैरव हुन् भन्ने सङ्केत गरिएको पाइन्छ।[६] यी दुवै सन्दर्भको सम्बन्ध लिच्छविकालको मुण्डश्रृंखलिक पाशुपत सम्प्रदायसँग रहेको मान्न सकिने देखिन्छ।

शिलालेख प्रमाणबाट पाशुपत सम्प्रदायको अस्तित्व नेपालमा पहिले देखिएको चर्चा माथि गरियो। नकुलीश सम्प्रदाय पनि नेपालमा चलेको थियो भन्ने कुरा माथि चर्चा गरिएको विष्णुगुप्तको पालाको छत्रचण्डेश्वर अभिलेखमा उल्लिखित आचार्य भगवत्प्रनर्दन प्राणकौशिक नामबाट थाहा पाइएको छ।[७] यिनै आचार्यको पशुपतिमै रहेको अर्को अभिलेखबाट यिनी श्रीपशुपतिनाथका पुजारी रहेको भझल्को पनि पाइन्छ। यो कुरालाई मान्यता दिने होभने पशुपतिको सम्बन्ध नकुलीश पाशुपत सम्प्रदायसँग रहेको पनि बुझ्न सकिन्छ।[८] पशुपतिनाथसँग नकुलीश पाशुपत सम्प्रदायको यो सम्बन्ध सुरुदेखि नै रहेको हो कि पछि मात्र यस्तो भएको हो, यसबारे केही भन्न सकिँदैन। तर सुरुमा नेपालमा नकुलीश पाशुपत सम्प्रदाय लोकप्रिय भएको र पछि मात्र अन्य पाशुपत उपसम्प्रदायहरूको संगठन हुन गएको अन्दाज गर्न सकिन्छ।

नकुलीश पाशुपत सम्प्रदायको नेपालमा प्रभाव राम्रो रहेको कुराको अर्को महत्त्वपूर्ण सन्दर्भ पाइन्छ। आगम ग्रन्थ ललितागमको ज्ञानपादमा भारतखण्डमा रहेका एकसय आठ दिव्य शिवस्थलको सूचीमा 'नेपाले नकुलेश्वरः' भनिएको पाइन्छ।[९] यो सन्दर्भ त्यति स्पष्ट छैन र नेपालका स्रोतहरूमा

---

४ ऐ. ऐ., पृ. ४२६।

५ मेरुतन्त्र दशमखण्ड, श्लोक - ५६।

६ वाचस्पत्यम्, भाग ५, पृ. ४३४१ मा उद्धृत वचन।

७ जगदीशचन्द्र रेग्मी - लिच्छवि संस्कृति, पृ. २७४-७५।

८ लिच्छविकालका अभिलेख, पृ. ४२९-३०।

९ मुम्भादि कृष्णराज ओडयर् - श्रीतत्त्वनिधिः, क्षेमराज श्रीकृष्णदास, मुम्बई सं.१९५८, पृ. ३०६ मा उद्धृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै नकुलेश्वरको उल्लेख भएको पनि पाइँदैन । तर माथि चर्चिसकिएको आचार्य भगवत् प्रनर्दनको सन्दर्भमा भन्ने हो भने श्रीपशुपतिनाथलाई नकुलेश्वर भनेर उक्त आगम ग्रन्थले भनेको अन्दाज गर्न गाह्रो पर्दैन ।

नेपालका नकुलेश्वरको उल्लेख गर्ने उक्त ग्रन्थ कहिले र कहाँ लेखिएको हो यस बारेमा अहिले खोजमेल गर्न सकिएको छैन । उक्त आगमग्रन्थले नेपालसम्बन्धी सन्दर्भको उल्लेख गरेको देखिनाले नेपालको धार्मिक प्रख्याति बढेको कुरा पनि स्पष्ट हुन आउँछ । यद्यपि हालसम्म ज्ञात ऐतिहासिक सामग्रीहरूबाट नेपालको वास्तविक धार्मिक इतिहास व्यक्त हुन सकेको जस्तो लाग्दैन ।

लिच्छविकालीन नेपालमा मूल पाशुपत वा नकुलीश पाशुपत सम्प्रदायका साथै त्यसैका शाखा सम्प्रदायहरू पनि प्रचलित रहेको थियो । राजा नरेन्द्रदेवको देउपाटन ई. ६४५ (वि.सं. ७०२) को शिलालेखमा[१०] दानपाशुपत सम्प्रदायका आचार्य दक्षिणतिलडुकको नामोल्लेख भएको छ । त्यहीं दान-श्रृङ्खलिक पाशुपत सम्प्रदायको पनि उल्लेख भएको छ । यी दुई पाशुपत सम्प्रदायको वास्तविक परिचय पाउने अरू साधन हामीसँग छैन । तर यो नामको कुनै पाशुपत सम्प्रदाय अन्यत्र कतै प्रचलित रहेको बारे थाहा नपाइनाले तत्कालीन नेपालमा पाशुपत सम्प्रदायको मौलिकताको झझल्को भने पाउन सकिन्छ जस्तो लाग्दछ ।

राजा नरेन्द्रदेवको ललितपुर गैह्नीधाराको ई. ६५९ (वि.सं. ७१६) को अभिलेखले[११] अझ महत्त्वपूर्ण सन्दर्भ प्रस्तुत गरेको पाइन्छ । यो प्रमाणबाट पशुपति भेकमा वाग्वतीको पूर्वी किनारामा भगवान् वज्रेश्वरको मण्डली (मठ) रहेको, त्यससँग सम्बद्ध अनेकथरी शैव- पाशुपत धार्मिक गण भएका, ती गणहरू ज्ञानयोग र कर्मयोगमा लागेर शील आचार पालन गरी बस्ने गरेका र वज्रेश्वरको नाउँमा पाशुपत र ब्राह्मणहरूलाई भोज खुवाइन्थ्यो भन्ने थाहा पाइन्छ ।

राजा नरेन्द्रदेवकै छोरा शिवदेव द्वितीयको ई. ६९५ (वि.सं. ७५२) को शिलालेखबाट[१२] वशपाशुपत नामको अर्को शाखा सम्प्रदायको अस्तित्त्वबारे हामीलाई ज्ञान हुन आउँछ । राजा शिवदेव द्वितीयले आफ्ना बाबुआमाको पुण्यको लागि शिवदेवेश्वर मन्दिर थापेर सोको टुटफुट भएमा मर्मत गर्नको लागि वशपाशुपताचार्यहरूको सङ्घलाई एउटा गाउँ नै दिएको कुरा उक्त शिलालेखमा बताइएको छ । यिनै राजा शिवदेव द्वितीयले पशुपतिनाथमा प्रतिवर्ष असल छाता चढाउने जात्रा सुरु गरेको कुरा उनैको ई. ७०५ (वि.सं. ७६२) को वलम्बुको शिलालेखबाट थाहा पाइन्छ ।[१३] उनै शिवदेव द्वितीयका छोरा जयदेव द्वितीयले ई. ७३३ (वि.सं.७९०) मा श्रीपशुपतिनाथमा पाशुपत परम्पराबाट चाँदीको अष्टपुष्पिका चढाएको वर्णन उनकै शिलालेखमा गरिएको छ ।[१४]

१० लिच्छविकालका अभिलेख, पृ. ४७२ ।
११ ऐ. ऐ., पृ. ४८२ ।
१२ ऐ. ऐ., पृ. ५१४ ।
१३ ऐ. ऐ., पृ. ५३१ ।
१४ ऐ. ऐ., पृ. ५५१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहासमा पाशुपत नामको उल्लेख फेरि भएको कुनै प्रमाण पाइएको छैन।[१५] अर्थात् अंशुवर्माको समयदेखि जयदेव द्वितीयसम्मको करीब सवा शताब्दी (१२८ वर्ष, ई ६०५ देखि ई. ७३३) को अवधि मात्रै पाशुपत सम्प्रदायको सक्रियताको वेला थियो भन्ने बुझिन्छ। तर अनुसन्धाताहरूको प्रयासबाट पछि अरू शिलालेखहरू पाइएमा र नेपालमा ठाउँ-ठाउँमा रहेका पाण्डुलिपिहरूको राम्ररी अध्ययन गरिएमा यस विषयमा बढी प्रकाश पर्ने आशा गर्न सकिन्छ।

माथिको छोटकरी अध्ययनबाट नेपालमा पाशुपत सम्प्रदायको अपूरो र धमिलो ऐतिहासिक रूपरेखा मात्र बुझ्न सकिन्छ। पाशुपत सम्प्रदाय नेपालमा कहिले र कसरी पस्यो र त्यसको प्रभाव यहाँको धार्मिक इतिहासमा कस्तो रहेको छ भन्ने प्रश्न अनुत्तरित नै रहन गएका छन्।

मूर्तिकलाको प्रमाणको आधारमा भन्ने हो भने पाशुपत सम्प्रदायको इतिहास शिलालेखहरूले बताएको युगभन्दा केही शताब्दी पुरानो सिद्ध हुन आउँछ भन्ने लाग्दछ। चौथो शताब्दीतिरका शिव र पार्वतीका नग्न र ऊर्ध्वलिङ्गात्मक स्वरूपका मूर्तिहरूको वर्णन विद्वानूहरूले गरेका छन्।[१६] यस्ता नग्न मूर्तिका सम्बन्ध पाशुपत सम्प्रदायसँग रहेको मान्न सकिने देखिन्छ।[१७] यस रूपबाट हेर्ने हो भने चौथो शताब्दीभन्दा पहिलेदेखि नेपाल उपत्यकामा पाशुपत धर्मको प्रवेश भइसकेको अनुमान गर्न सकिन्छ।

माथि भनेझैं ई. ७३३ (वि.सं. ७९०) पछि पाशुपतको उल्लेख फेरि नपाउनुको कारण पनि विचारणीय छ। उक्त मितिदेखि झण्डै दुई तीन शताब्दीसम्म नेपालको राजनीतिक इतिहास नै पनि ऐतिहासिक प्रमाणको अनुपलब्धिले गर्दा अस्पष्ट छ। यसैले पनि यो युगको बारेमा जान्न गाह्रो परेको हो। अलिपछि (दशौं एघारौं शताब्दी) देखि त पाशुपतको ठाउँ नाथ सम्प्रदायले लिन थालेपछि धार्मिक प्रवाह बदलिन थालेको स्पष्ट हुन्छ। लिच्छविकालका पाशुपतका वर्तमान उत्तराधिकारी देखिएका कुस्लेहरूको स्थान यस सन्दर्भमा महत्त्वपूर्ण मान्न सकिन्छ तर त्यसले पनि स्वतन्त्र अस्तित्त्व कायम गर्न नसकी नाथ सम्प्रदायसँग जोडिएर मात्रै आफ्नो अस्तित्त्व आजसम्म जोगाउन सकेको देखिन्छ।

अंशुवर्माले सर्वप्रथम पाशुपत उपाधि लिन थाल्नाको कारण के थियो स्पष्ट छैन तर नेपालको पाशुपत धर्मको विकासमा उनको प्रमुख हात थियो भन्न सकिन्छ। उनले पशुपतिको नाममा टक पनि छाप्ने चलन चलाएर आफ्ना इष्टदेवतालाई ज्यादै लोकप्रिय पार्ने प्रयास गरेका थिए। यसरी पशुपतिको नाम राखी टक चलाउने चलन पछि पनि चलिरहेको कुरा आजसम्म बीस थरी सो खालका तामाका टक पाइनाले बुझ्न सकिन्छ। साथै अंशुवर्माले स्वभावतः सरकारी किसिमबाट पशुपतिनाथलाई नै प्रमुखता दिए- जुन कुरा उनको हाँडिगाउँको ई. ६०८ (वि.सं. ६६५)

१५ राष्ट्रिय अभिलेखालयमा रहेको तत्त्वसार ज्ञानकारिका पाण्डुलिपिमा 'श्रीपशुपति भट्टारकस्य मूर्तिधर परम पाशुपताचार्य श्रीकण्ठगुरु' को उल्लेख भएको पाइन्छ। मध्यकालिक यस प्रमाणलाई राम्रो खोजबीन गर्न सकिएको छैन।

१६ **लैनसिंह बाङ्देल** - प्राचीन नेपाली मूर्त्तिकलाको इतिहास, पृ. ९२-९३, ९६ इत्यादि।

१७ नकुलीश पाशुपतका देवता छत्रचण्डेश्वर पनि नाङ्गै बनाइएका पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिलालेखबाट थाहा पाइन्छ।[१८] सो शिलालेखमा नेपालका देवीदेवतालाई भेटी छुट्याउने सूचीमा 'भगवतः पशुपतेः' भनेर पहिलो स्थान दिइएको छ र त्यसपछि वैष्णव, बौद्ध र अन्य शैव देवताहरूको नाम लेखिएको छ। त्यहाँ अरू देवतालाई भगवान् पनि भनिएको छैन। तैपनि अंशुवर्माले अरू धर्म र सम्प्रदायलाई पनि थिचोमिचो नगरी सहयोगी भाव नै देखाएको बुझिन्छ। यो कुरा उनका अन्य अभिलेखहरूले पनि बताएका छन्।

माथि सानो कालावधिभित्रै अनेक पाशुपत नामधारी सम्प्रदायका नामोल्लेख भएको उल्लेख गरियो। यो कुरो एकातिर पाशुपत सम्प्रदायको सक्रियता र लोकप्रियताको लक्षण मान्न सकिन्छ भने अर्कोतिर पाशुपतहरूमै सैद्धान्तिक मतभेदको स्थिति पनि औंल्याउन सक्दछ। एउटै सङ्गठनलाई बलियो, प्रभावशाली र दीगो बनाउनु राम्रो हुन्छ, शाखा प्रशाखा खडा गरेर कमजोर हुनु अवश्य पनि राम्रो हुन सक्दैन। यस्तै भेदभावले गर्दा ई. ७३३ (वि.सं. ७९०) तिर पाशुपत सम्प्रदाय शिथिल भइसकेको अनुमान गर्नु परेको हो।

नेपालमा पाशुपतहरू र महायानी (एवं वज्रयानी) बौद्धहरू बीच यदाकदा प्रतिस्पर्धा हुने गर्दथ्यो। पाशुपत र बौद्ध दुवैका बलिया धार्मिक सङ्गठन उतिखेर थिए। यस्तै प्रतिस्पर्धाको क्रममा पाशुपत सम्प्रदाय शिथिल हुन गएको पनि बुझ्न सकिन्छ।[१९]

यस्तो कारणले गर्दा मध्यकालतिर कुनै वेला बौद्धहरूले पशुपतिकै पुजारी हुन पुगी तान्त्रिक (वज्रयान) पद्धतिबाट पञ्चमकार समेतले पूजा गर्ने[२०] देवता (पशुपति)को नाम नै फेरेर नागलोकेश्वर पारेका थिए भन्ने अनुश्रुति पाइन्छ।[२१] मध्यकाल तिरकै रचना मेरुतन्त्रमा नेपाललाई वाममार्गको मूल थलो भनिएको पनि पाइन्छ।[२२] जुन आज गुह्येश्वरीपीठको रूपमा रहिरहेको छ। तर श्रीपशुपतिनाथलाई भने मध्यकालमा ई. ११०२ (वि.सं. ११५९) तिर अग्नि पीठका शङ्कराचार्यको नेपाल आगमन र प्रयासबाट[२३] श्रीपशुपतिनाथको पूजा शैव (सम्भवतः आगमान्त शैव) परम्पराबाट पूजाआजा हुने स्थितिको सिर्जना भइआएको देखिन्छ।

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय)द्वारा वि.सं. २०४४ फागुन ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र)

**

१८ लिच्छविकालका अभिलेख, पृ. ३२०।

१९ यो पक्षबारेमा विस्तृत खोजमेल हुनु आवश्यक छ तर राजा नरेन्द्रदेवका ई. ६७९ (वि.सं. ७३६) का दुई अभिलेख (लिच्छविकालका अभिलेख, पृ. ४९६-९७, ४९९-५०१) मा उनी राजाले पशुपतिमा बनाएको ठूलो हिटी धारोको हेरविचारको जिम्मा आर्यभिक्षुसङ्घलाई दिइएको र त्यसको लागि गाउँ पनि दान गरिएको वर्णन गरिएको छ। पशुपति भेकमा बनाइएको हिटीको जिम्मा पाशुपतलाई नदिएर बौद्धसङ्घलाई दिनाको कारण अब बौद्ध बलिया छन् भन्ने बुझ्न सकिन्छ।

२० केही वंशावलीमा यस्तोवर्णन पाइन्छ, हेर्नू– ज्ञानमणि नेपाल- पशुपतिनाथको दर्शन, स्पर्शन र पूजन सम्बन्धमा समीक्षा, पृ. १७-१८, २९।

२१ स्वयम्भूपुराणमा पशुपतिनाथलाई नागलोकेश्वर भनिएको छ।

२२ मेरुतन्त्र दशामखण्ड, श्लोक ५५ : नेपाले तु इकारः स्याद् गुह्यं तत्र तु पार्वती। तस्माद् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते।

२३ शङ्कराचार्यको यो शिलालेख हाल राष्ट्रिय संग्रहालयमा राखिएको छ। यसको पाठ ज्ञानमणि नेपालले पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन सम्बन्धमा समीक्षा, पृ. ४२-५४ मा गर्नुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ

–*डा. जगमान गुरुङ*

शैवमतको ऐतिहासिक पृष्ठभूमि

शैवमतको विषयमा विस्तृत अध्ययन गर्नुभएका भारतीय विद्वान् डा. यदुवंशीका अनुसार ऋग्वेदको रचनाकाल पछि यजुर्वेदको रचना हुनुभन्दा अघिको अन्तरालमा वैदिक रुद्रसँग हिमालयको उपत्यका र निम्न पर्वतश्रेणीमा बसोबास गर्ने जनजातिहरूद्वारा पूजित एउटा आर्येतर देवताको आत्मसात् भई त्यसको परवर्ती विकासको रूपमा शैवमतको विकास भएको हो (यदुवंशी, १९८८:१५) । नेपाली विद्वान् प्रा.डा. जगदीशचन्द्र रेग्मीका अनुसार हिमालयको उक्त उपत्यका काठमाडौं उपत्यका हो र ती जनजातिहरू यहाँका किरातहरू हुन् (रेग्मी, २०३०: १-३) । यसरी आर्य तथा आर्येतर धर्म र संस्कृतिको समन्वयबाट शैवमतको विकास भएको पाइन्छ । नेपालको पौराणिक इतिहास र अहिलेसम्म नेपालमा विद्यमान सांस्कृतिक परम्परा तथा प्रचलनले पनि यही कुराको पुष्टि गर्दछ ।

सवितृ, सवितु अथवा सविता आदिदेव तथा सृष्टिका मूल स्रोत हुन् (स्वामी, २०२४:१७०)। वास्तवमा भर्गोदेव अर्थात् त्यो भर्भराउँदो सौर्यशक्ति नै सविता हुन्, किनभने सौर्यशक्तिबाट सृष्टि प्रारम्भ हुन्छ र सौर्यशक्तिबाट नै सृष्टिले उर्जा प्राप्त गर्दछ । हिमालय पर्वत शिवालय हो । अतः विश्वमा घामको पहिलो झुल्को नेपालमा लाग्दछ र नेपालबाट नै सृष्टिको शुभारम्भ हुन्छ। नेपालको गौरीशङ्कर हिमाल शिवपार्वतीका प्रतीक हुन् भने माछापुच्छ्रे हिमाल चाहिँ नरनारायणका प्रतीकभूत हुन्। यसैगरी नीलगिरि हिमाल काकभुशुण्डिका निवास हुन् । पं.काशीराम सूरिले गण्डकी माहात्म्यमा माछापुच्छ्रे हिमालको यसरी वर्णन गरेका छन् -

नगो मत्स्यगिरिर्नाम हिमवान् मत्स्यश्रृङ्गक ।
तस्य शीर्षे स्थितौ देवौ नरनारायणाभिधौ ॥ - *(अधिकारी, २०५५: १२३)।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(माछाको पुच्छरजस्तो आकारको टाकुरा भएको माछापुच्छ्रे नाम गरेको हिमालयपर्वत छ, त्यस (पर्वत)को शिरमा भगवान् नर र नारायण (तपस्याका लागि) बस्नुभएको थियो।)

यसरी हिमालय पर्वतको गरिमा र महत्त्व भएको हुँदा संस्कृतका महाकवि कालिदासले आफ्नो सुप्रसिद्ध कृति कुमारसम्भवमा प्राचीन भारतवर्षको उत्तर दिशामा देवतास्वरूपले रहेका हिमालयहरूको मुक्तकण्ठले प्रशंसा गरेका छन् -

अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराज:।

(उत्तरको दिशामा देवतास्वरूप हिमालय नामक पर्वतराज अवस्थित छन्।)

कुमारसम्भव सृष्टिको शुभारम्भको सङ्केत हो र कुमारसम्भवको थलो नेपाल हो। काठमाडौँको कङ्केश्वरी र नःघलमा ईस्वी पाँचौं-छैटौं शताब्दीताका उत्कीर्ण गरिएका कुमारसम्भव फलकहरू पाइएका छन्। यस्ता अनुपम प्राचीन कलाकृतिहरू विश्वमा अन्त पाइएका छैनन्। अतः नेपाल पार्वतीले रचना गरेको शिवको देश, बुद्धको जन्मभूमि र ऋषि मुनिहरूको साधना स्थल हो। त्यसकारण हिमवत्खण्डमा नेपालभूमिको माहात्म्य यसरी वर्णन गरिएको छ -

कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती।
द्वापरे मुक्तिसोपाना कलौ नैपालिकापुरी॥ - *(योगी, २०१३: सं: ने:)*।

(सत्ययुगमा सत्यवती, त्रेतायुगमा चाहिँ तपोवती, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपालिकापुरी (नेपाल) जान्नू।)

सिन्धुघाटी सभ्यता र नेपाल

शैवमतको इतिहास केलाउँदै जाँदा हामीहरू सिन्धुघाटी सभ्यतासम्म पुग्दछौं। मोहनजोदारो र हडप्पाको उत्खननमा मानव लिङ्गका आकृतिहरू पाइएका छन्, जसलाई वर्तमान शिवलिङ्गको प्राक्रूप मानिएको छ। यसैगरी योनिका चिह्न अङ्कित चक्काहरू पनि पाइएका छन्। यसका अतिरिक्त वरिपरि विभिन्न पशुहरूले घेरिएको, तीनओटा टाउको भएको, टाउकोमा पशुको सिङ जडान गरिएको र उन्नत अवस्थाको ऊर्ध्वलिङ्गले युक्त पद्मासिन पुरुषको प्रस्तर मूर्ति पनि पाइएको छ, जसलाई पशुपतिको मूर्ति मानिएको छ *(मजुम्दार, रायचौधरी र दत्त, १९६७ : २०-२१; त्रिपाठी, १९७१: १७-१८)*।

सिन्धुघाटी अहिले केवल पुरातात्त्विक अध्ययनको विषयवस्तुका रूपमा मात्र रहेको छ। अहिले त्यहाँ कुनै जीवन्त संस्कृति बचेको छैन। नेपालमा भने लिङ्गपूजा र योनिपूजाको संस्कृति अहिलेसम्म जीवन्त छ। श्रीपशुपतिनाथमा लिङ्गपूजा र गुह्येश्वरीमा योनिपूजाको जीवन्त संस्कृति अहिलेसम्म विद्यमान छ। सिन्धुघाटीमा टाउकोमा पशुको सिङ जडान गरिएको मानव पशुआकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(Anthropo Theriomorphic Form) को पशुपतिको प्रस्तर मूर्ति पाइएको छ भने नेपालमा पशुआकृति (Theriomorphic Form) को हरिणेश्वरको प्रस्तर मूर्ति पाइएको छ। मानिसले भगवान्लाई सबभन्दा पहिले पशुआकृति (Theriomorphic Form) मा पूजा गरेका थिए। त्यसपछि मानव-पशुआकृति (Anthropo-Theriomorphic Form) मा पूजा गरे। तदन्तर मात्र मानव आकृति (Anthropomorphic Form) मा पूजा गरेका हुन्। त्यसकारण सिन्धुघाटीमा प्राप्त मानव-पशुआकृति (Anthropo-Theriomorphic Form) को पशुपतिको प्रतिमाभन्दा नेपालमा पाइएको पशुआकृति (Theriomorphic Form) को हरिणेश्वर अर्थात् पशुपतिको प्रतिमाको परम्परा प्राचीन छ। नेपालको पाशुपतक्षेत्र वाग्वतीको किनार आर्यघाटमा अवस्थित हरिणेश्वरको प्रस्तर मूर्तिको काल निर्धारण गर्न सकिएको छैन तापनि यो मूर्ति नेपाली प्रस्तर मूर्ति कलाको पहिलो उन्मेषको एउटा सुन्दर नमुना हो। यस मूर्तिका पूर्ण अङ्गहरू निर्माण गरिएका छैनन्। केवल एउटा खाका अर्थात् आकृति मात्र कोरिएको छ। पशुपतिपुराणमा यस मूर्तिको यसरी वर्णन गरिएको छ-

वाग्वत्यां च नदी भासि वने जाते च मण्डले।
समुत्पश्यामि ब्रह्मेन्द्र तच्छरीरः शिलातनु॥ -*(रिसाल, २०२९:१२४)।*

(त्यसपछि जब वाग्वती नदीरूप हुनुहुनेछ र त्यो वनप्रदेश पनि पुनः जनपद (सहर) हुनेछ, त्यसै समय म पनि हे ब्रह्माजी! त्यहीँ मृगको शरीरले शिलातनु (ढुङ्गाको मूर्ति बनेर) उत्पन्न हुनेछु।)

हिमवत्खण्डको पशुपतिमृगलीला अध्याय र हरिणेश्वरवाक्य अध्यायमा पनि भगवान् शिवले मृगरूप लिई श्लेष्मान्तक वनमा क्रीडा गरेको उल्लेख छ (योगी, २०१३: सं १७६-१८४;ने.१८२-१८९)।

विरूपाक्ष र विराटकको मूर्ति

हरिणेश्वरको मूर्तिसँगै भगवान् शिवको विरूपाक्ष स्वरूपको प्रस्तर मूर्ति अवस्थित छ। यस मूर्तिमा त्रिनेत्र अङ्कित गरिएको छ। यसका जटाहरू कत्ला कत्ला परेका छन्। ओठ बाक्लो र शरीरको बनोट हट्टाकट्टा छ। यस मूर्तिमा यज्ञोपवीतको प्रयोग गरिएको छैन (सम, २०२२: चित्र ४, रेग्मी, २०३०:चित्र २; वाङ्देल,१९९५:९०)। नेपालको पशुपति आर्यघाटस्थित विरूपाक्षको यस प्रस्तर मूर्तिको शैली दक्षिण भारतको गुड्डिमल्लम् स्थित परशुरामेश्वर लिङ्गमा अङ्कित विरूपाक्षको मूर्तिसँग मिल्दछ (राव, १९८५: IIMIM plate II & IIIU उपाध्याय, १९७०: चित्र २७)। गुड्डिमल्लम्को यस विरूपाक्षको मूर्तिलाई कम्तीमा पनि ईस्वी पहिलो शताब्दीको मानिएको छ (राव, त्यही : ६५-६९)। पशुपति आर्यघाटस्थित विरूपाक्षको मूर्तिको समयका बारेमा मत भिन्नता रहेको छ तापनि भारतको गुड्डिमल्लम्स्थित विरूपाक्षको मूर्तिसँगको तुलनात्मक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनबाट पशुपति आर्यघाटस्थित यस विरूपाक्षको प्रस्तर मूर्तिको समय पनि ईस्वी पहिलो शताब्दीताका नै मान्न सकिन्छ। यसरी अहिलेसम्मको अध्ययनबाट ईस्वी पहिलो शताब्दीदेखि नेपालमा भगवान् शिवको मानवआकृति (Anthropomorphic Form) को मूर्ति पाइन थाल्दछ।

हरिणेश्वरको मूर्तिसँगै रहेको अर्को एउटा प्राचीन प्रस्तर मूर्तिको पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ। यस मूर्तिलाई विरूपाक्षकी आमाको मूर्ति भनेको पाइन्छ तर यो मूर्ति नारीमूर्ति भने होइन। यो मूर्ति आसनमाथि प्रलम्बपादासनमा बसिरहेको छ। यसको शरीर हट्टाकट्टा छ र शिरको पछाडि चक्रदार प्रभामण्डल अङ्कित गरिएको छ। यस मूर्तिको स्तन पुष्ट खालको छ। अतः यसलाई नारीमूर्ति सम्झेर विरूपाक्षकी आमाको मूर्ति मानिएको हो। वास्तवमा यो मूर्ति कुषाणशैलीको पुरुषमूर्ति हो। कुषाणशैलीका मूर्तिहरू मोटाघाटा हुन्थे। अतः मोटाघाटा देखाउनका लागि मूर्तिको नाभि गहिरो हुन्थ्यो र पुरुषमूर्तिको पनि स्तन पुष्ट बनाइन्थ्यो। यक्षका बडेमानका मूर्तिहरू बनाउने कलाशैलीको पृष्ठभूमिबाट विकसित भएको हुनाले कुषाणशैलीका मूर्तिहरू मोटाघाटा बनाइएका हुन्थे। पशुपति आर्यघाटमा अवस्थित कुषाणशैलीको यस प्रस्तर मूर्तिको शैली भारतको मथुरामा प्राप्त कुषाण राजाको प्रस्तर मूर्तिको शैलीसँग मिल्दछ (मजुम्दार, रायचौधरी र दत्त, १९६७ : २२६)।

हिमवतखण्डको परिशिष्टमा प्रकाशित हिमवत्तीर्थहरूको सूचीमा उल्लेखित एउटा पदावलीले यस प्रस्तर मूर्तिको बारेमा निर्णय गर्न ज्यादै सजिलो पार्दछ, जस्तै -

देवी श्रीगुह्यकाली च शिवः पशुपतिः स्वयं।
गोरक्षो विश्वरूपश्च विरूपाक्षो विराटकः॥ - *(योगी, २०१३: परिशिष्टः ८३)।*

यसमा विरूपाक्षसँगसँगै विराटकको उल्लेख भएको छ। यहाँ स्वार्थे कन् भन्ने सिद्धान्त अनुसार विराटलाई विराटक भनेको छ। यहाँ उल्लेखित विराटक अर्थात् विराट पदावलीले उपर्युक्त पुरुषमूर्तिलाई सङ्केत गरेको बुझिन्छ। यसरी विभिन्न प्रमाणहरूबाट उक्त प्रस्तरमूर्ति विराट अर्थात् राजपुरुषको मूर्ति हो भन्ने प्रमाणित हुन्छ। पशुपतिक्षेत्रको मृगस्थलीमा पनि यस्तै प्रकारको एउटा स्थानक मूर्ति फेला परेको छ। यस मूर्तिलाई ईस्वी तेस्रो-चौथो शताब्दी ताकाको राजपुरुषको मूर्ति मानिएको छ। काठमाडौँको मालीगाउँमा प्राप्त जय वर्माको मूर्तिबाट ईस्वी १८५ देखि नै नेपालमा राजपुरुषहरूको मूर्ति निर्माण गरिन थालेको देखिन्छ (वाङ्देल, २०६२: १; नेपाल सरकार, पुरातत्त्व विभाग, २०५३: १०)।

पशुपतिक्षेत्रका प्राचीन उमामहेश्वर फलक तथा पञ्चमुखी शिवलिङ्गहरू

देउपाटनको चौबाटोस्थित ढुङ्गेधाराको भित्तामा रहेको ईस्वी तेस्रो शताब्दी ताकाको उमामहेश्वरको प्रस्तर मूर्ति र राजराजेश्वरी मन्दिर परिसरमा स्थित ईस्वी आठौँ शताब्दीताकाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उमामहेश्वरको प्रस्तरमूर्ति पशुपतिक्षेत्रका महत्त्वपूर्ण सम्पदा हुन् । मृगस्थलीको ईस्वी पाँचौं शताब्दीताकाको उमामहेश्वरशैलीको रावण अनुग्रहमूर्तिले पशुपतिक्षेत्रको कला र संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्दछ। लङ्केश्वर रावणले नेपालमा आएर तपस्या गरेका थिए भन्ने लोकोक्ति यस सन्दर्भमा स्मरणीय छ।

मानदेवको पालामा सार्थवाह रत्नसङ्घले पशुपति, देउपाटनमा शक संवत् ३९९ (ईस्वी ४७७) मा स्थापना गरेको रत्नेश्वर शिवलिङ्ग, रत्नसङ्घले नै पशुपति, देउपाटनमा शकसंवत् ४०२ (ईस्वी ४८०) मा स्थापना गरेको प्रभुकेश्वर शिवलिङ्ग, मानदेवकी छोरी विजयवतीले पशुपति सूर्यघाटमा शकसंवत् ४२७ (ईस्वी ५०५) मा स्थापना गरेको विजयेश्वर शिवलिङ्ग, ध्रुवसङ्घले पशुपति भस्मेश्वरमा शकसंवत् ४५५ (ईस्वी ५३३) मा स्थापना गरेका भद्रेश्वर आदि पाँचओटा शिवलिङ्ग, आभिरी गोमिनीले पशुपतिको दक्षिणपट्टि शकसंवत् ४६२ (ईस्वी ५४०) मा स्थापना गरेको अनुपरमेश्वर शिवलिङ्ग पशुपतिक्षेत्रका अभिलेखयुक्त शिवलिङ्गहरू हुन्। यी शिवलिङ्गहरू मुख अङ्कित नगरिएका सादा खालका छन्। किरातेश्वर शिवलिङ्ग पनि मुख अङ्कित नगरिएको सादा खालको छ। पशुपतिक्षेत्रमा अभिलेख अङ्कित नगरिएका प्राचीन शिवलिङ्गहरू प्रशस्त भेटिन्छन् । यी शिवलिङ्गहरूको अवस्थिति अहिले कच्पचिएको छ। प्रारम्भमा पशुपतिक्षेत्रलाई यन्त्राकार रूप दिन यी शिवलिङ्गहरू स्थापना गरिएको मानिन्छ। श्रीपशुपतिनाथ मन्दिर परिसरमा वासुकि मन्दिरको दक्षिणट्टि र वाग्वती पारी मृगस्थलीको डिलमा एक मुखे शिवलिङ्ग स्थापना गरिएको छ। मृगस्थलीको एक मुखे शिवलिङ्ग विशाल छ र यस एकमुखे शिवलिङ्गले शिवलिङ्गको क्षेत्रमा आफ्नो विशिष्टता राख्दछ।

पशुपतिपुराणमा वाग्वतीको किनारामा स्थित भगवान् शिवको चतुर्मूर्ति अर्थात् चार शिरवाला मूर्तिको उल्लेख छ (रिसाल, २०३९:१२५)। श्रीपशुपतिनाथ मन्दिरको प्राङ्गणमा पाइएको शकसंवत् ३५९ (ईस्वी ४३७) को अभिलेखमा पनि **'वक्त्र पञ्च..........भगवतः प्रतिमां सुरूपाम्'** अर्थात् पाँचमुख भएका भगवान् (शिव) को सुन्दर मूर्ति स्थापना गरेको उल्लेख छ (राजवंशी,२०४६:१-२)। आर्यघाटबाट मृगस्थली जाने बाटोमा वाग्वतीको पुल तर्नेबित्तिकै बाटैमा ईस्वी पाँचौं शताब्दी ताकाको एउटा अति सुन्दर पञ्चमुखी शिवलिङ्ग अवस्थित थियो। अहिले उक्त शिवलिङ्ग चोरी भएको छ (बाङ्देल, १९८९:२०७)। पशुपतिक्षेत्रको पञ्चदेवल बाहिर पनि ईस्वी आठौं शताब्दीताकाको एउटा पञ्चमुखी शिवलिङ्ग अवस्थित थियो तर त्यो शिवलिङ्ग पनि हराइसकेको छ (बाङ्देल, १९८९:११७)। यसैगरी पशुपति, दक्षिणामूर्तिटोलको ईस्वी पन्ध्रौं शताब्दी ताकाको पञ्चमुखी शिवलिङ्ग पनि हराइसकेको छ र अहिले त्यहाँ केवल जलहरी मात्र बाँकी रहेको छ (बाङ्देल, त्यहीः१४२-१४३) । अहिले पशुपति, भुवनेश्वरी मन्दिरको प्राङ्गणमा ईस्वी तेह्रौं शताब्दीताकाको एउटा पञ्चमुखी शिवलिङ्ग बचेको छ (बाङ्देल, १९९५:९८)।

देउपाटनमा अहिले शङ्कराचार्यहरूको मूर्ति स्थापना गरिएको ठाउँमा वेसरशैलीको जलहरी भएको एउटा शिवलिङ्ग अवस्थित छ। यो शिवलिङ्ग पनि पूर्व मध्यकालको प्रारम्भ ताकाको देखिन्छ। यो शिवलिङ्ग शमशुद्धिनको आक्रमण पछि श्रीपशुपतिनाथ मन्दिरको गर्भगृहबाट बाहिर निकालिएको शिवलिङ्ग हो भन्ने मान्यता छ । श्रीपशुपतिनाथको वर्तमान शिवलिङ्ग भने पूर्व मध्यकालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यमा जयसिंहरामवर्द्धनले स्थापना गरेका थिए। पशुपतिनाथको वर्तमान शिवलिङ्गको जलहरी वेसरशैलीको छ। शिवलिङ्गका जलहरी नागर, द्रविड र वेसर गरी तीनशैलीका हुन्छन्। द्रविडशैलीको जलहरी अष्टकोणाकारको हुन्छ र दक्षिण भारतमा यसको प्रचलन छ। नागरशैलीको जलहरी चतुष्कोणाकारको हुन्छ र उत्तर भारतमा यसको प्रचलन छ। नागर र द्रविडको मिश्रण वेसरशैली हो। वेसरशैलीको जलहरी गोलाकारको हुन्छ र उत्तर भारत एवम् दक्षिण भारतको बीच भागमा यस शैलीको प्रचलन छ। नेपालमा प्राचीनकालदेखि नै नागर र वेसरशैलीका जलहरीहरू पाइएका छन्।

पञ्चमुखी शिवलिङ्ग, पञ्चध्यानी बुद्ध र विष्णुचातुर्व्यूहमूर्ति

भगवान् श्रीपशुपतिनाथ स्वयं आफैँ सर्वधर्मसमभावका प्रतीक हुनुहुन्छ, किनभने भगवान् श्रीपशुपतिनाथको श्रीविग्रहमा सबै देवी-देवताहरू समन्वित हुन्छन्। भगवान् श्रीपशुपतिनाथको पूर्व मुख तत्पुरुष ब्रह्मा हुन् र ब्रह्मा पृथ्वीतत्त्वका प्रतीक हुन्। भगवान् श्रीपशुपतिनाथको पश्चिम मुख सद्योजात अर्थात् भर्खर जन्मेका बालकको जस्तो कलकलाउँदो मुख भएका विष्णु हुन् र विष्णु जलतत्त्वका प्रतीक हुन्। भगवान् श्रीपशुपतिनाथको उत्तरमुख वामदेव अर्थात् वायाँ भागमा पार्वतीलाई धारण गरेका अर्धनारीश्वर हुन् र वामदेव वायुतत्त्वका प्रतीक हुन्। भगवान् श्रीपशुपतिनाथको दक्षिण मुख अघोर अर्थात् घोर डरलाग्दो भइकन पनि अघोर शान्त स्वरूपमा भैरव हुन् र अघोर अग्नितत्त्वका प्रतीक हुन्। भगवान् श्रीपशुपतिनाथको ऊर्ध्वमुख ईशान हुन् र ईशान आकाशतत्त्वका प्रतीक हुन्। आकाशतत्त्व सर्वव्यापक तर अव्यक्त शून्यतत्त्व हुन्। भगवान् श्रीपशुपतिनाथको उर्ध्वमुख निराकार हुन्छ।

क्र.सं.	दिशा	संज्ञा	वर्ण	तत्त्व
१	पूर्व	तत्पुरुष-ब्रह्मा	सुनौलो	पृथ्वी
२.	पश्चिम	सद्योजात-विष्णु	मोती	जल
३	उत्तर	वामदेव-अर्धनारीश्वर	रातो	वायु
४	दक्षिण	अघोर-भैरव	गाढा नीलो	अग्नि
५	ऊर्ध्व	ईशान-परब्रह्म	सेतो	शून्यता

- (शर्मा, १९७६:३-४)।

भगवान् श्रीपशुपतिनाथको पञ्चमुखी लिङ्ग र पञ्चध्यानी बुद्धको अवधारणाबीच तादात्म्य रहेको छ। पञ्चध्यानी बुद्धमा पूर्व अक्षोभ्य पृथ्वीतत्त्व, दक्षिण रत्नसम्भव जलतत्त्व, पश्चिम अमिताभ अग्नितत्त्व, उत्तर अमोघसिद्धि वायुतत्त्व र मध्य वैरोचन आकाशतत्त्व हुन्। चैत्यमा वैरोचनलाई अव्यक्त मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	दिशा	संज्ञा	वर्ण	तत्त्व
१	पूर्व	अक्षोभ्य	नीलो	पृथ्वी
२.	दक्षिण	रत्नसम्भव	पहेँलो	जल
३.	पश्चिम	अमिताभ	रातो	अग्नि
४	उत्तर	अमोघसिद्धि	हरियो	वायु
५	मध्य	वैरोचन	सेतो	आकाश-शून्यता

भगवान् श्रीपशुपतिनाथको पञ्चमुखी लिङ्ग एवं पञ्चध्यानी बुद्धको अवधारणा र विष्णुचातुर्व्यूहमूर्तिको अवधारणा बीच सामञ्जस्यता पाइन्छ । विष्णुचातुर्व्यूहमूर्तिका पूर्व मुख वासुदेव कृष्ण हुन् र वासुदेव कृष्ण परमात्माका प्रतीकभूत हुन् । दक्षिणमुख वासुदेव कृष्णका दाज्यू सङ्कर्षण हुन् र सङ्कर्षण जीवका प्रतीक हुन् । पश्चिममुख वासुदेव कृष्णका छोरा प्रद्युम्न हुन् र प्रद्युम्न मनका प्रतीक हुन् । उत्तरमुख वासुदेव कृष्णका नाति तथा प्रद्युम्नका छोरा अनिरुद्ध हुन् र अनिरुद्ध अहङ्कारका प्रतीक हुन् । विष्णुचातुर्व्यूहमूर्तिको ऊर्ध्वमुख नारायण हुन् र नारायण परब्रह्मका प्रतीक हुन् । विष्णुचातुर्व्यूहमूर्तिको ऊर्ध्वमुख पनि चतुर्मुखी शिवलिङ्गको जस्तै निराकार हुन्छ (वज्राचार्य र अरू, २०१९: ९-११; उपाध्याय, १९७० : ८२) ।

क्र.सं.	दिशा	संज्ञा	तत्त्व
१	पूर्व	वासुदेव कृष्ण	परमात्माका प्रतीकभूत
२.	दक्षिण	सङ्कर्षण	जीव
३	पश्चिम	प्रद्युम्न	मन
४	उत्तर	अनिरुद्ध	अहङ्कार
५	ऊर्ध्व	नारायण-परब्रह्म	शून्यता

भगवान् श्रीपशुपतिनाथ र श्रीयन्त्र

भगवान् श्रीपशुपतिनाथको ऊर्ध्वमुख निराकार हुन्छ भन्ने कुरा यस अघि नै उल्लेख गरिसकिएको छ । यस निराकार ऊर्ध्वमुखमा श्रीखण्डचन्दन लेपनद्वारा श्रीयन्त्र लेखेर त्यसमा राजराजेश्वरी परमभट्टारिका त्रिपुरसुन्दरीको पूजा गरिन्छ । भगवान् श्रीपशुपतिनाथ भट्टारक हुन् भने त्रिपुरसुन्दरी चाहिँ परमभट्टारिका हुन् । आद्यजगत्गुरु शङ्कराचार्यद्वारा स्थापित मठ तथा पीठहरूमा श्रीयन्त्र स्थापना गरिएको छ । त्यसमध्ये दक्षिण भारतको श्रृङ्गेरिमठमा स्थापना गरिएको कौलाचारपद्धति अनुसारको श्रीयन्त्रको चित्र प्रकाशमा आएको छ (राव,१९८५-३३१, चि.ह) । श्रीयन्त्र ब्रह्माण्डका प्रतीकरूप हुन् । श्रीयन्त्रमा सम्पूर्ण दर्शनलाई समन्वय गराइएको छ। अतः श्रीयन्त्र स्वयं समन्वित छ। श्रीयन्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूपुरमा चार्वाकदर्शन र षोडशदलचक्रमा बौद्धदर्शनको पूजा गरिन्छ *(भट्टराई, २०२४ : ४१६)*। यसरी श्रीयन्त्रमा आफ्ना विपरीत मतको दर्शनलाई पनि समन्वय गराएको छ।

शैवतन्त्र र बौद्धतन्त्रको अन्तर्सम्बन्ध

तन्त्रशास्त्रको चरम विकास भएपछि भगवान् श्रीपशुपतिनाथको अधर भागमा पनि मुखको परिकल्पना गरियो, जुन मुख कालाग्निरुद्र उपाधिद्वारा शोभित छ। **कालस्य वशगा सर्वे न काल कस्यचिद् वशा** यस सिद्धान्तअनुसार सम्पूर्ण चराचर जगत् कालको वशमा छ तर काल कसैको वशमा छैन। काललाई धारण गर्ने वाला महाकाल हुन् र महाकाल स्वयं देवाधिदेव शिव हुन्। महाकालका शक्ति महाकाली हुन्। यसैगरी समयलाई धारण गर्ने वाला महासमय हुन् र महासमयका शक्ति महासमया हुन्।

बौद्धतन्त्रमा महासमयालाई वज्रसमया भनिन्छ र सम्पूर्ण चराचर जगत्लाई वज्रसमया मानिन्छ। वज्र शून्यताको प्रतीक हो। सम्पूर्ण जगत् शून्यताबाट प्रकट हुन्छ र अन्त्यमा शून्यतामा नै गएर लय हुन्छ। अद्वयवज्रसङ्ग्रहको यस वचनबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ -

शून्यता बोधितो बीजं बीजात् बिम्बं प्रजायते।
बिम्बे च न्यासविन्यासौ एतद् सर्वं प्रतीत्ययम्॥

(शून्यता=शून्यतालाई, बीजं=बीज, बोधितो=बुझ्नू, किनभने बीजात्=बीज अथवा शून्यताबाट बिम्ब=भूगोल, पृथ्वी अथवा यो जगत्, प्रजायते=प्रकट हुन्छ। बिम्बे=भूगोलमा, च=पनि, न्यास=सृष्टि र विन्यास=प्रलय भइरहन्छ, अतः सर्वं=सबैलाई, एतद्=यस्तै, प्रतीत इयम्= बुझ्नू अथवा मान्नू)।

यसैगरी बोधिचर्यावतारमा **शून्यतैव निर्वाणकारणम्** अर्थात् शून्यतालाई नै निर्वाणको कारण मानिएको छ।

अद्वयवज्रसङ्ग्रहको उल्लेखित वचन र उपनिषत्को यस सिद्धान्तको बीचमा तादात्म्यता रहेको छ, जस्तै -

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥

(पूर्णम्+अदः=पूर्णमदः, अदः=त्यो, त्यो=ब्रह्म, पूर्णम्=पूर्ण छ, पूर्णम्+इदम्=पूर्णमिदं, इदम्=यो, यो=जीव, पूर्णम्=पूर्ण छ, किनभने पूर्णात्=पूर्णबाट अर्थात् ब्रह्मबाट पूर्णम्=पूर्ण अथवा जीव, उदच्यते=प्रकट हुन्छ। अन्तमा पूर्णस्य=पूर्णको अर्थात् जीवको, पूर्णम्=पूर्णत्व, आदाय=लिएर अथवा आफूमा आत्मसात् गरेर, पूर्णम् एव=पूर्ण मात्र अर्थात् ब्रह्म मात्र अथवा ब्रह्मको सत्ता मात्र, अवशिष्यते=बाँकी रहन्छ)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी **शून्यता विद्यते त्वत्र तस्यामपि स विद्यते** अर्थात् शून्यतामा शून्य अथवा अव्यक्त स्वरूपले रहेको त्यो परम तत्त्व नै वेदान्त दर्शन र वज्रयानी बौद्ध दर्शनको मिलनबिन्दुको रूपमा रहेको छ। शैव दर्शनले त्यस शून्यतालाई भस्मको संज्ञा दिएको छ। अतः शैव दर्शनका अनुसार पञ्चतत्त्व अर्थात् यो सम्पूर्ण चराचर जगत् भस्म हुन् । प्रलयकालको त्यो महानिशामा केवल एक मात्र शिवको सत्ता बाँकी रहन्छ। सृष्टिको क्रममा प्रणवबीज अ, उ, म् = ॐकार बन्दछ र प्रलयकालमा म्,उ,अ बन्दछ। ॐ अथवा ॐकार परम शिवबीज हो। अतः ॐकार अमृततत्त्व हो र अमृततत्त्व नै शिवतत्त्व हो। त्यसकारण वास्तवमा शिवमा अन्तर्निहित शिवत्त्व अर्थात् कल्याणकारी तत्त्वलाई राम्ररी बुझ्न सक्नु बोधिज्ञान हो र त्यस बोधिज्ञानलाई आफ्नो जीवनमा चरितार्थ गर्न सक्नु नै बुद्धत्त्व हो। त्यसकारण शिवत्त्व र बुद्धत्त्व अभेदात्मक छ। अतः यी दुई तत्त्व एक अर्काका परिपूरक हुन्।

भगवान् श्रीपशुपतिनाथका ६ ओटा मुखबाट तन्त्रशास्त्रका षडाम्नाय विकास भए। षडाम्नायमध्ये अधराम्नायका भैरव अक्षोभ्य र नायिका चाहिँ तारा हुन् । अधराम्नायसँग नै नीलसरस्वतीको सम्बन्ध रहेको छ *(भट्टराई, २०२४ : ४१६)*। विशेषगरी बौद्धहरू नीलसरस्वतीको उपासना गर्दछन्। अमरकोशका रचयिता अमरसिंह वाँडाले नीलसरस्वतीको साधना गरेर आद्यजगत्गुरु शङ्कराचार्यसँग शास्त्रार्थ गरेका थिए भन्ने मान्यता छ। यही अधराम्नायबाट बौद्धतन्त्रको विकास भएको हो। अतः बौद्धतन्त्र शैवशाक्ततन्त्र भन्दा पृथक् छैन।

नेपालका वज्रयानी बौद्धहरू भगवान् श्रीपशुपतिनाथको दक्षिणमुख अघोरलाई वज्रपाणि बोधिसत्त्वका रूपमा मान्दछन्। वज्रकुलका कुलेश अक्षोभ्य र बोधिसत्त्व चाहिँ वज्रपाणि हुन्। मञ्जुश्री देवकुलनाथ, षटाक्षरी लोकेश्वर नरकुलनाथ र वज्रपाणि नागकुलनाथ हुन् । भगवान् श्रीपशुपतिनाथको सम्बन्ध नागसँग रहेको छ। अतः बौद्धतन्त्रमा नागकुलनाथ वज्रपाणि बोधिसत्त्वलाई भगवान् श्रीपशुपतिनाथसँग सम्बन्धित मानिएको हो।

भगवान् श्रीपशुपतिनाथलाई वर्षमा एक पटक कार्तिकशुक्लअष्टमीका दिन पञ्चरङ्गी कपडा र धागोले तयार पारेको पञ्चबुद्धको मुकुट पहिराएर बुद्ध अवतारका रूपमा पूजा गरिन्छ भन्ने बौद्ध मान्यता छ। त्यसकारण कार्तिकशुक्लअष्टमीलाई नेपाल भाषामा सुखाष्टमी भनिन्छ (शाक्य,१० ९८:८२-८६)। आजकल माघशुक्लचतुर्दशीका दिन भगवान् श्रीपशुपतिनाथलाई उपर्युक्तानुसारको पञ्चबुद्धको मुकुट पहिराएर बुद्धावतारको रूपमा पूजा गरी भगवान् श्रीपशुपतिनाथको छायादर्शन गर्ने प्रचलन छ। यस दिन बौद्धधमर्मावलम्बीहरू पनि भगवान् श्रीपशुपतिनाथको दर्शन गर्न जान्छन् *(कोइराला, २०५१: ४५७-४५८; टण्डन, २०५३: १४८-१४९)*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव तथा बुद्ध र बोधिसत्त्वको आदर्श

शिव तथा बुद्ध र बोधिसत्त्वका आदर्श समान छन्। दुःख जति आफूले सहने र सुख जति जगत्को कल्याणमा लगाउनु नै शिव तथा बुद्ध र बोधिसत्त्वको परम आदर्श हो। बोधिचर्यावतारको यस वचनबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ -

यत्किञ्चित्जगतो दुःखं तत् सर्वं मयि पच्यताम्।
बोधिसत्त्वशुभैः सर्वैर्जगत् सुखितमस्तु च॥ - *(रिजाल, २०५७:४५३; स्वामी, १९८८:४३४)*

(यस जगत्का जति पनि दुःखहरू छन् ती सबैलाई मैले भोग्न सकूँ। मेरो यस बोधिचर्याबाट सम्पूर्ण जगत् सुखी होओस्।)

यसकारण काठमाडौँ वरिपरिका आठओटा शिवलिङ्गहरूलाई नेपालका बौद्धहरू अष्टबोधिसत्त्वका रूपमा मान्दछन्। ती शिवलिङ्ग तथा बोधिसत्त्वहरू यस प्रकार छन् -

क्र.सं.	शिवलिङ्ग	बोधिसत्त्व	स्थान
१.	मणिलिङ्गेश्वर	मैत्री	साँखु वज्रयोगिनी, काठमाडौं
२.	गोकर्णेश्वर	गगनगञ्ज	गोकर्ण, काठमाडौं
३.	कीलेश्वर	समन्तभद्र	चाँगुनारायण, भक्तपुर
४.	कुम्भेश्वर	वज्रपाणि	कुम्भेश्वर, ललितपुर
५.	गोपालेश्वर	मञ्जुश्री	फर्पिङ, काठमाडौं
६.	फणिकेश्वर	सर्वनिवरणविष्कंभि	शिखरनारायण, काठमाडौं
७.	गन्धेश्वर	क्षितिगर्भ	चोभार, काठमाडौं
८.	विक्रमेश्वर	खगर्भ	आदेश्वर, काठमाडौं

- *(शाक्य, १०८९ : ४)*।

तन्त्रशास्त्रले शैव र बौद्धका बीच समन्वय र तादात्म्यता ल्याएको छ। नेपाल माहात्म्यको यस वचनबाट यो कुरा राम्ररी सिद्ध हुन्छ -

शिवेन रचितं क्षेत्रं भवताऽपि तपः कृतम्।
अतः क्षेत्रोत्तमे बुद्ध शैवाचारपरायणाः॥
बौद्धाचारपरा लोका भविष्यन्ति न संशयः।
वाग्वत्या मणिमत्याश्च सङ्गमे क्षेत्रसत्तमे॥
शिवधर्मपरो भूत्वा लिङ्गं संस्थापय प्रभो।
श्रुत्वा गिरिसुतावाक्यं बुद्धः कारुणिकस्तदा॥
सङ्गमे स्थापयामास लिङ्गं कारुणिकेश्वरम्। - *(खनाल, २०२८ : ९-१०)*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(शिवले रचिएको यो क्षेत्र हो, यहाँ तपाईं (बुद्ध) ले पनि तपस्या गर्नुभयो। यसैकारणले हे बुद्ध ! यो उत्तम ठाउँमा शैवको आचारमा लागेका र बौद्धको आचारमा लागेका मानिसहरू निश्चय नै हुनेछन्। हे प्रभु (बुद्ध) ! वाग्वती र मणिमतीको दोभान भएको असल क्षेत्रमा शिवधर्ममा लागेको भएर शिवलिङ्ग स्थापना गर्नुहोस्। त्यसपछि पार्वतीको वचन सुनेर कारुणिक (दया भएका) बुद्धले वाग्वती र मणिमतीको दोभान (शङ्खमूल) मा कारुणिकेश्वर शिवलिङ्गको स्थापना गरे।)

नेपालपीठ र यसको गरिमा

नेपालमा गुह्येश्वरीपीठ विराजमान भएकाले शाक्तमतमा सिङ्गो नेपाललाई नै एउटा शक्तिपीठको रूपमा मानिएको छ। आसामको कामाख्यपीठ जस्तै नेपालको गुह्येश्वरीपीठ पनि एउटा सिद्ध योनिपीठ हो। त्यसकारण कामाख्यपीठलाई योनिमुद्राको रूपमा आराधना गर्ने विधान छ, जस्तै-

कामाख्या वरदे देवी नीलाचलनिवासिनी।
त्वं देवि जगन्मात योनिमुद्रे नमोऽस्तु ते ॥

बडाकाजी अमरसिंह थापाको गुह्येश्वरीको वि.सं.१८४६ (ई.सं.१७८९) को अभिलेखमा गुह्यकाली (गुह्येश्वरी) लाई श्रीकामाक्षादेवी भनिएको छ (वज्राचार्य र श्रेष्ठ, २०३७:१७९-१८०)। शाक्त परम्परामा त्रिकोणको स्थापना गरेर त्यस त्रिकोणमा शक्तिको पूजा गरिन्छ। त्रिकोण योनिको चिह्न हो र योनि सृष्टिको प्रतीक हो। शाक्त परम्पराअनुसार पूजा गरिने त्रिकोणको केन्द्रबिन्दुमा वाराणसीपीठको पूजा गरिन्छ। यसैगरी त्रिकोणको अगाडिपट्टिको कोणमा कामरूपपीठ, दाहिनेपट्टिको कोणमा नेपालपीठ र बायाँपट्टिको कोणमा पौण्ड्रवर्द्धनपीठको पूजा गर्ने विधान छ (जवरा,२०३२:९)।

शाक्तमतमा महासरस्वतीलाई सृष्टिशक्तिस्वरूपिणी, महालक्ष्मीलाई स्थितिशक्तिस्वरूपिणी र महाकालीलाई प्रलयशक्तिस्वरूपिणी मानिएको छ। अतः तन्त्रशास्त्रमा **ऐंकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका। क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तुते** यस्तो वचन पाइन्छ। नेपालमण्डलमा काठमाडौँको नीलसरस्वती (महासरस्वती) सृष्टिशक्तिस्वरूपिणी, ललितपुर लगनखेलको विश्वकर्मा महालक्ष्मी स्थितिशक्तिस्वरूपिणी र भक्तपुरमा औद्योगिक क्षेत्रबाट कमलविनायक जाने बाटोको बायाँपट्टि उकालोमा रहेको महाकालीलाई प्रलयशक्तिस्वरूपिणी मानिएको छ। त्रिकोणात्मकरूपमा रहेका उपर्युक्त त्रिशक्ति भक्तपुरको महाकाली, ललितपुरको महालक्ष्मी र काठमाडौँको नीलसरस्वती (महासरस्वती) को केन्द्रबिन्दुमा बैन्दवचक्र स्वरूपले गुह्येश्वरीपीठ रहेको छ। त्यसकारण उपर्युक्त महाकाली, महालक्ष्मी र महासरस्वती मूलशक्तिका व्यष्टिरूप हुन् भने गुह्येश्वरीचाहिँ तिनका मूलशक्ति अर्थात् समष्टिरूप हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्तिपुर महानगरलाई खड्गाकाररूपमा स्थापना गरिएको छ र खड्गको स्वरूप दिनका लागि ठाउँठाउँमा ब्राह्मी आदि अष्टमातृकाहरू स्थापना गरिएका छन् । टेकु पचली भैरवनेरको नयि अजिमा-वैष्णवी त्यस खड्गको बिँड हुन् भने म्हैपी अजिमा-चामुण्डा त्यस खड्गको टुप्पा हुन् । नारायणहिटी दरबारभित्र रहेको श्रीअजिमा-महालक्ष्मी चाहिँ सर्वशक्तिस्वरूपिणी हुन् । इन्द्रचोकमा आकाशभैरवको मन्दिरसामुन्ने स्थित कान्तीश्वर महादेव खड्गाकार रूपमा रहेका ती अष्टमातृकाहरूका केन्द्रबिन्दु हुन् ।

भक्तपुरलाई शङ्खाकाररूपमा स्थापना गरिएको छ र शङ्खको स्वरूप दिनका लागि ठाउँ ठाउँमा अष्टमातृकाहरू स्थापना गरिएका छन् । भक्तपुर दरबारदेखि ईशान दिशातिर अलिकति पर रहेको त्रिपुरसुन्दरीपीठ शङ्खाकार रूपमा स्थापना गरिएका ती अष्टमातृकाहरूका केन्द्रबिन्दु हुन् । भक्तपुरको उक्त त्रिपुरसुन्दरीपीठमा समयाचारपद्धतिबाट पूजा गरेको बुझिन्छ । उक्त शक्तिपीठमा स्थापना गरिएको ऊर्ध्वत्रिकोणले युक्त शिलाफलकबाट यो कुरा सिद्ध हुन्छ ।

तन्त्रशास्त्रको चरम विकास ललितपुरमा भएको पाइन्छ किनभने काठमाडौँ र भक्तपुरमा केवल अष्टमातृकाहरू मात्र स्थापना गरिएका छन् भने ललितपुरमा चाहिँ बाहिरी घेरामा अष्टमातृका र भित्री वृत्तमा दशमहाविद्याहरू स्थापना गरिएका छन् । अहिले माणिग्वल अर्थात् पाटन दरबारको भण्डारखालमा अवस्थित मणिकेश्वर महादेवलाई वृत्ताकाररूपमा रहेका यी अष्टमातृका र दशमहाविद्याहरूको केन्द्रबिन्दु मानिएको छ । माणिग्वलमा मणिमण्डप, मणिगणेश, मणिकेशव र मणिकेश्वर आदि देवताहरू स्थापना गरिएका छन् तापनि मणिकेश्वर महादेवलाई माणिग्वलको भट्टारक मानिएको छ । अतः ज्योति मल्लको पालाको पाटन दरबार भण्डारखालको ने.सं.५३५ (ई.सं.१४१४) को अभिलेखमा मणिकेश्वर महादेवलाई परमेश्वर सदाशिव एवं भट्टारकको उपाधि दिइएको छ *(वज्राचार्य, २०६८: २४३)* ।

बङ्गालको परम्परामा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी र चामुण्डा यी सप्तमातृकामा नरसिंहका शक्ति नारसिंहीलाई समावेश गरेर अष्टमातृकाको रूपमा मानिन्छ । नेपालको परम्परामा चाहिँ उपर्युक्त सप्तमातृकामा **समस्तदेवानां तेजोराशिसमुद्भवा** अर्थात् सबै देवताहरूको नेत्रबाट उत्पन्न भएकी महालक्ष्मीलाई समावेश गरेर अष्टमातृकाको रूपमा मानिन्छ ।

शाक्त परम्परामा विभिन्न दशओटा शक्तिको प्रतीकका रूपमा दशमहाविद्याको साधना गरिन्छ । कालका शक्ति कालीबाट सृष्टि प्रारम्भ भई विष्णुशक्ति लक्ष्मी वा कमलामा गएर सृष्टि पूर्ण हुन्छ । अतः लक्ष्मी अथवा कमला पूर्णचण्डी कहलाउँछिन् । ती दशमहाविद्याहरू यस प्रकार छन् -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	महाविद्या	शक्ति	ग्रह
१	काली	कालशक्ति	शनि
२.	तारा	क्षुधाशक्ति	बुध
३.	त्रिपुरसुन्दरी	पूर्णशक्ति	सूर्य
४.	भुवनेश्वरी	ज्ञानशक्ति	मङ्गल
५.	छिन्नमस्ता	त्यागशक्ति	राहु
६.	त्रिपुरभैरवी	मरणशक्ति	शुक्र
७.	धूमावती	दरिद्रशक्ति	केतु
८.	वगलामुखी	क्रूरशक्ति	बृहस्पति
९.	मातङ्गी	प्रभावशक्ति	सर्वयोगिनी
१०.	कमला	ऐश्वर्यशक्ति	चन्द्रमा

(उपाध्याय, १९७०:१४६; जबरा, २०२०:१८९-१९०)

पशुपतिक्षेत्रका प्रमुख शक्तिपीठहरू

स्वयं पशुपतिक्षेत्रमा गुह्येश्वरी, वज्रेश्वरी र वत्सलेश्वरी यी तीनओटा शक्तिपीठ त्रिकोणात्मक रूपमा रहेका छन् । शक्ति उपासनामा त्रिकोणको महत्त्वपूर्ण स्थान रहेको हुन्छ भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ । भुवनेश्वरी, राजराजेश्वरी, (नवदुर्गा), जयवागेश्वरी र वनकाली पशुपतिक्षेत्रका सिद्ध शक्तिपीठहरू हुन् । यस सन्दर्भमा मृगस्थलीस्थित अहिले विश्वरूप भनिने कामकामेश्वरी मन्दिर ज्यादै उल्लेखनीय छ । हिमवत्तीर्थ विवरणमा यसलाई विश्वरूप भनेर उल्लेख गरिएको छ । जङ्गबहादुर राणाको उक्त मन्दिरको वि.सं.१९२४ (ई.सं.१८६७) को घण्टाको अभिलेखमा उनले कामकामेश्वरी प्रीति गरी उक्त घण्टा चढाएको उल्लेख छ (रेग्मी,२०३३:२५३-२५५) । शिवशक्तिको तान्त्रिक स्वरूप कामेश्वर-कामेश्वरी हुन् । शिव-कामकलाको तुरीय अवस्थामा पुगेपछि शिव-शक्ति कामेश्वर-कामेश्वरी कहलाउँदछन् । शिव-शक्तिको मिलनको प्रक्रिया कला हो । शिव-शक्तिको सम्मिलन नाद र ती दुईको एकात्मकता चाहिँ बिन्दु हो । त्यसकारण तान्त्रिक उपासनामा कामकला अर्थात् कला, नाद र बिन्दुको सर्वोपरि महत्त्व रहेको छ । तन्त्रशास्त्रका षडाम्नायमध्ये पूर्वाम्नायको सृष्टिचक्र र पश्चिमाम्नायको त्रिकोणमा कामेश्वरीको पूजा गर्ने विधान छ *(भट्टराई, २०२४: ४१६-४१७)* ।

यस मन्दिरको गर्भगृहमा कामकामेश्वरीको ढलोटमा निर्मित बाह्र फिट जति अग्लो मूर्ति स्थापना गरिएको छ । मूर्तिको ठीक सामुन्ने भुइँमा श्रीयन्त्र स्थापना गरिएको छ । यस मूर्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गबहादुर राणाले हनुमान्ढोका दरबारनजिक रहेको लायकु (राजकुल) ल्याएर स्थापना गरेका थिए। काठमाडौँका राजा प्रताप मल्लले ने.सं.७७७ (ईस्वी १६५७) मा धेरै हात, धेरै खुट्टा, धेरै टाउको र पेटमा ठूलो मुख भएको तान्त्रिक स्वरूपको विश्वरूपको ढलोटको मूर्ति बनाएका थिए (वज्राचार्य, २०३३: १७३; २१७-२१८)। उक्त विश्वरूपको मूर्ति हनुमान्ढोका दरबार नजिक रहेको लायकु (राजकुल) विहारमा स्थापना गरिएको थियो। सद्धर्मयात्रा (बहिवोय) र इन्द्रजात्रामा उक्त मूर्ति विहारबाहिर ल्याएर प्रदर्शन गर्ने प्रचलन थियो। आजकल इन्द्रजात्राको अवसरमा मात्र हनुमान्ढोका प्रहरी कार्यालयको प्राङ्गणमा यो मूर्ति प्रदर्शन गरिन्छ। हनुमान्ढोका दरबारको मूलढोकाको माथिपट्टि पनि यस्तै प्रकारको काठको विश्वरूपमूर्ति स्थापना गरिएको छ। यसरी लायकु विहारमा भएको तान्त्रिक विश्वरूपको मूर्तिसँगको सपर्याबाट अहिले मृगस्थलीमा स्थापना गरिएको यस मूर्तिलाई पनि विश्वरूपको मूर्ति भनेको देखिन्छ तर यो मूर्ति विश्वरूपको नभएर कामकामेश्वरीको मूर्ति हो भन्ने कुरा जङ्गबहादुर राणाको माथि उल्लिखित वि.सं.१९२४ (ई.सं.१८६७) को घण्टाको अभिलेखबाट प्रमाणित भइसकेको छ।

नेपालका बौद्धहरू अहिले मृगस्थलीमा स्थापित यस मूर्तिलाई चक्रशंवरको मूर्ति मान्दछन्। बडादशैं अर्थात् नवरात्रको अवसरमा वज्रयानी बौद्धहरू चक्रशंवरको पूजा गर्दछन्। शं=सुख, वर=महा अर्थात् शंवरको अर्थ महासुख हो। राग (तृष्णा) गएर शून्यमा विलय भएको अवस्था शंवर-महासुख हो। शंवर आफ्नो चक्र अथवा शक्ति वज्रवाराहीले युक्त भएको अवस्थालाई चक्रशंवर भनिन्छ। अतः वज्रवाराही र शंवरको सपरीत यामल मूर्तिद्वारा वज्रयानी बौद्ध दर्शनको **शून्यतैव निर्वाणकारणम्** भन्ने सिद्धान्तलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ। यसरी पशुपतिक्षेत्र एउटा सिद्धस्थलको रूपमा रहेको पाइन्छ, जहाँ शैव एवम् बौद्धहरू समान रूपले आ-आफ्नो तन्त्रसाधना गर्दछन्।

पशुपतिक्षेत्रका कलाकृतिहरूमा धार्मिक सद्भाव

पशुपतिक्षेत्रका ब्रह्माका मूर्तिहरू

पशुपति, देउपाटनमा ईस्वी छैटौं शताब्दी ताकाको ब्रह्माको एउटा मूर्ति अवस्थित थियो *(बाङ्देल, १९८९:२९५, चित्र २०६)*। अहिले यो मूर्ति गौशालाको प्रहरी कार्यालयमा राखिएको छ। मृगस्थली जाने बाटोको उकालोमा पनि ईस्वी बाह्रौं शताब्दी ताकाको ब्रह्माको मूर्ति अवस्थित थियो। अहिले यो मूर्ति हराइसकेको छ *(बाङ्देल, १९८९ : ६५ चि १४)*। यी ब्रह्माका मूर्तिहरूको प्राप्तिले पशुपतिक्षेत्रमा विभिन्न सम्प्रदायको विकास भएको पाइन्छ। भगवान् श्रीपशुपतिनाथको प्राङ्गणमा वायव्य दिशामा अवस्थित ब्रह्माको कलापूर्ण मन्दिरले यस कुरामा अझ राम्ररी पुष्टि पार्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रमा पाइएका यी लिच्छविकालिक बौद्ध चैत्यहरूमा केवल गवाक्ष र फूलबुट्टाहरूमात्र अङ्कित गरिएका छन्। यी बौद्ध चैत्यहरू नेपाली चैत्य वास्तुकलाको विकासक्रमको दोस्रो वर्गका बौद्ध चैत्यका अवशेषहरू हुन्। नेपाली चैत्य वास्तुकलाको पहिलो विकासक्रमका चैत्यहरू एउटै सग्लो ढुङ्गामा बनेका र गवाक्ष एवम् फुलट्टाहरू अङ्कित नगरिएका हुन्छन्। दोस्रो विकासक्रमका चैत्यहरूमा गवाक्ष र फूलबुट्टाहरू अङ्कित गरिएका हुन्छन् तर पशु तथा पंक्षीका आकृतिहरू भने अङ्कित गरिएका हुँदैनन्। तेस्रो विकासक्रमका चैत्यहरूमा गवाक्ष, फूलबुट्टा र पशुपंक्षीका आकृतिहरू अङ्कित गरिएका हुन्छन् तर गवाक्षमा पञ्चध्यानी बुद्धका मूर्तिहरू भने अङ्कित गरिएका हुँदैनन्। चौथो विकासक्रमका चैत्यका गवाक्षहरूमा पञ्चध्यानी बुद्धका मूर्तिहरू अङ्कित गरिएका हुन्छन्। त्यसकारण पशुपतिक्षेत्रमा पाइएका यी बौद्ध चैत्यहरूलाई नेपालको चैत्य वास्तुकलाको विकासक्रमको दोस्रो वर्गमा राखिएका हुन्। पशुपतिक्षेत्रका यी चैत्यहरूलाई ईस्वी छैटौं-सातौं शताब्दीताकाको मान्न सकिन्छ।

पशुपतिक्षेत्रको मृगस्थलीमा अहिले विश्वरूप भनिने कामकामेश्वरी मन्दिरको नैऋत्य कोणमा पनि एउटा लिच्छविकालिक बौद्ध चैत्य अवस्थित छ। यसैगरी सूर्यघाट परिसरमा पनि एउटा मध्यकालिक चैत्यको त्रयोदशभुवन भाग मिल्किरहेको अवस्थामा थियो। पशुपतिक्षेत्रमा बौद्ध चैत्य स्थापना गर्ने परम्परा पछिसम्म पनि कायम रहेको देखिन्छ। देउपाटनको चौबाटोमा ढुङ्गेधारानेर रहेको आधुनिक बौद्ध चैत्यबाट यो कुरा सिद्ध हुन्छ।

पशुपतिक्षेत्रका बुद्धमूर्तिहरूमा पशुपति, राजराजेश्वरीघाटको बुद्धमूर्ति उल्लेखनीय छ। राजराजेश्वरीघाटको यस बुद्ध मूर्तिले नेपालका बुद्ध मूर्तिहरूको कलाशैलीको सीमारेखाको काम गर्दछ। ईस्वी पाँचौं-छैटौं शताब्दीसम्मका बुद्ध मूर्तिहरू दुवै हात तलपट्टि झारेको अवस्थामा रहेका हुन्छन्। काठमाडौं, बाङ्गेमुढा र चावहिलको बुद्ध मूर्ति यसका उदाहरण हुन्। ईस्वी सातौं शताब्दीदेखिका बुद्ध मूर्तिहरू दाहिने हात तलपट्टि झारेको र बायाँ हात भने बायाँ काँधको समतलसम्म उठाई चिवरको टुप्पालाई मुठा पारेर समातेको अवस्थामा रहेको हुन्छ। यस शैलीका बुद्धमूर्तिहरूमा पुतलीसडकको बुद्धमूर्ति पहिलो हो। त्यसपछि पशुपति राजराजेश्वरीघाटको बुद्ध मूर्तिको क्रम आउँछ। त्यसकारण पशुपति राजराजेश्वरीघाटको बुद्ध मूर्तिलाई नेपाली बुद्धमूर्तिको कलाशैलीको सीमारेखा मानिएको हो।

पशुपतिक्षेत्रको मृगस्थलीमा ऊर्ध्वपद्मपीठमाथि उभिएको पद्मपाणि बोधिसत्वको एउटा प्राचीन प्रस्तर मूर्ति अवस्थित छ। कलाशैलीमा ऊर्ध्वपद्मपीठलाई प्राचीनशैली मानिन्छ। पशुपतिक्षेत्रका बौद्ध मूर्तिहरूमा जयवागेश्वरीको ढुङ्गेधारामा स्थापना गरिएको र अहिले राष्ट्रिय सङ्ग्रहालय छाउनीमा सङ्ग्रहित बुद्धजन्मको दृश्य अङ्कित मूर्ति नेपाली प्रस्तर मूर्ति कलाको अनुपम नमुना हो। यस मूर्तिमा बुद्धजननी मायादेवीलाई शालभञ्जिका मुद्रामा अत्यन्तै सुन्दर रूपमा प्रस्तुत गरिएको छ। पशुपतिक्षेत्रको मृगस्थलीमा गोरखनाथको अखडासँगै शिवलिङ्गहरूको लहरमा आधुनिककालको एउटा बुद्धमूर्ति अवस्थित छ। यसैगरी गोरखनाथ मन्दिरको सामुन्ने पट्टिको पर्खालको भित्तामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आधुनिक कालको एउटा बुद्धमूर्ति अवस्थित छ। गौरीघाटबाट गुह्येश्वरी जाने बाटोमा पनि दाहिनेपट्टि एउटा सानो बुद्धमूर्ति अवस्थित छ। यसबाट पछिसम्म पनि मृगस्थलीमा बुद्धका मूर्तिहरू स्थापना गर्ने प्रचलन रहिआएको देखिन्छ। वनकालीको सानो ढुङ्गेधारानेर पनि पद्मपाणि बोधिसत्वको एउटा मध्यकालिक खण्डित प्रस्तरमूर्ति अवस्थित छ। यसरी पशुपतिक्षेत्रमा रहेका यी बौद्ध चैत्य एवम् बुद्ध तथा बोधिसत्वका मूर्तिहरूले शैव संस्कृति र बौद्ध संस्कृतिको सम्मिलन गराई अखण्ड शिव-बुद्ध समन्वयवादको सिद्धान्तलाई चरितार्थ गरिरहेका छन्।

पशुपतिक्षेत्रस्थित महावीर जैनको मूर्ति

पशुपतिक्षेत्रमा भगवान् श्रीपशुपतिनाथको आगमघरको आँगनमा अवस्थित एउटा प्रस्तर मूर्तिलाई डा. गोविन्द टण्डनले महावीर जैनको मूर्ति भन्नुभएको छ *(टण्डन, २०५३: ४९९-५००, चि.१७१)*। उक्त मूर्तिको पादपीठ सादा छ र माथिल्लो भागमा छत्र अङ्कित गरिएको छ। मूर्तिको माथिल्लो भागमा छत्र अङ्कित गरिनु पाल कलाशैलीको विशेषता हो। काठमाडौँको तीनकुने, सुविधानगरमा वाग्वतीमा बालुवा झिक्दा दिगम्बर जैनको एउटा प्राचीन प्रस्तर मूर्ति फेला परेको छ। सम्भवतः यो जैन मूर्ति र केही वर्षअघि बाढी आउँदा शङ्खमूलमा पाइएको गान्धारशैलीको लक्षण भएको बुद्धमूर्ति पशुपतिक्षेत्रबाट वाग्वतीले बगाएर ल्याएको हुनसक्छ। भारतमा अनिकाल पर्दा जैन साधु भद्रबाहु नेपाल पसेका थिए। खोटाङको हलेसीगुफामा जैन साधु भद्रबाहुले तपस्या गरेका थिए भन्ने विश्वास छ *(स्वामी, २०६२: १९-२४)*। खोटाङको हलेसीगुफा किरात, हिन्दू, बौद्ध एवम् जैन सबैको साधनास्थलको साक्षी बनिरहेको छ। दुल्लुमा प्राप्त शक संवत् ११३६ (ईस्वी १२१४) को अभिलेखसहितको एउटा प्रस्तरमूर्तिलाई मोहनप्रसाद खनालले महावीर जैनको मूर्ति मान्नुभएको छ *(खनाल, २०५५:३९-४१, चि.३(क)-३(ख))*। नेपालमा प्राप्त दिगम्बर जैनको मूर्तिले नेपालमा जैनधर्मको प्राचीनतालाई पुष्ट्याउँदछ। अतः पशुपतिक्षेत्रमा प्राप्त जैनमूर्ति भनी पहिचान गरिएबाट पशुपतिक्षेत्रको सर्वधर्मसमभावको भावनालाई राम्ररी दर्शाएको छ।

पशुपतिक्षेत्रका सांस्कृतिक क्रियाकलापहरूमा सामाजिक सहिष्णुता

भगवान् श्रीपशुपतिनाथको पुजारी परम्परा

पशुपतिपुराण अनुसार श्रीपशुपतिनाथका आदिम पुजारी किरातहरू थिए। पशुपतिपुराणको यस वचनबाट यो कुरा सिद्ध हुन्छ -

चम्पकद्रुमछायाभिः शोभितो मम विग्रहः।
चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः सम्पूज्यते तदा॥
जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च।
करिष्यति तदा राज्यं वैशाल्यधिपतिर्वली॥ - *(रिसाल, २०३९ : १२५)*।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(चाँपको रूखको छायामुनि सुशोभित मेरो चार शिरवाला मूर्ति (चतुर्मुख शिव)लाई त्यति खेरदेखि सदासर्वदा नै म्लेच्छ किंवा अव्यक्त शब्दोच्चारण गर्ने किराती प्रजाहरू बहुतै श्रद्धासाथ पूजा वन्दना आदि गर्दै जानेछन्। ती शिवभक्त सरल प्रकृतिका किराती राजाहरूलाई केवल वचनका भरमा विश्वास पारी बलशाली वैशाली देशका राजाले राज्य शासन हातमा लिनेछन्।)

भाषावंशावली अनुसार लिच्छवि राजा सुपुष्पको पालादेखि शास्त्रोक्त प्रमाणबाट श्रीपशुपतिनाथको पूजा अर्चना गरिएको देखिन्छ *(पौडेल, २०२०: ५३)*। यहाँ शास्त्रोक्त प्रमाण भन्नाले वैदिक विधि भन्ने बुझिन्छ।

पूर्वमध्यकालसम्म पुजारीका अतिरिक्त अरू भक्तहरूले पनि आफ्नै हातले भगवान् श्रीपशुपतिनाथको शिवलिङ्गलाई छोएर पूजा गर्न पाउँथे *(नेपाल, २०४३: ७-१६)*। सायद समशुद्दिनको आक्रमणपछि यो प्रचलनमा रोक लगाइएको हुनुपर्छ। मध्यकालमा दशनामी संन्यासीहरूद्वारा श्रीपशुपतिनाथको पूजा गरिन्थ्यो *(नेपाल, २०४३: १९-२९; टण्डन, २०५३: २१६-२२०)*। अहिले पनि नेपालका कतिपय शिवालयहरूमा घरबारे संन्यासीहरूले पूजा गरिरहेका छन्। कालान्तरमा काठमाडौँका राजा जगज्जय मल्लको पालादेखि दाक्षिणात्य भट्ट ब्राह्मणहरूद्वारा भगवान् श्रीपशुपतिनाथको पूजा गराउने प्रचलन प्रारम्भ भयो *(नेपाल, २०४३: ३०-३३; टण्डन, २०५३: २२०-२२१)*। मन्त्रसाधनाका केरल, गौड र काश्मीरी तीन पद्धतिहरू छन्। केरलपद्धति वैदिक, गौडपद्धति बौद्ध र काश्मीरीपद्धति जैन मतसँग सम्बद्ध छ *(वंशी, २०२४: २३६)*। अतः केरलपद्धति अर्थात् वैदिकपद्धतिअनुसार पूजा गराउनका लागि दाक्षिणात्य भट्ट ब्राह्मणहरूलाई भगवान् श्रीपशुपतिनाथको पुजारी बनाएको बुझिन्छ।

पशुपतिक्षेत्रमा पाशुपत र ब्राह्मणको समन्वय

नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको संवत् ८३ (ई.सं. ६५९) को अभिलेखमा पशुपतिमा वाग्वतीको पूर्वी किनारामा रहेको भगवान् वज्रेश्वर र वज्रेश्वरमण्डलीको उल्लेख छ। ज्ञानयोग र कर्मयोगमा लागेकाहरूले सदाचारमा रहेर वज्रेश्वरमण्डलीको हेरविचार गर्ने र भगवान् वज्रेश्वरलाई लक्ष्य गरी पाशुपतहरूलाई र ब्राह्मणहरूलाई सकिने जति भोजन गराउनू भन्ने कुरा उक्त अभिलेखमा उल्लेख छ *(वज्राचार्य, २०३०: ४८१-४८३)*। त्यसवेलाको नेपालमा मुण्डश्रृङ्खलिक पाशुपत, श्रृङ्खलिक पाशुपत, दानशृङ्खलिक पाशुपत, दान पाशुपत र वश पाशुपत आदि पाशुपतका थुप्रै भेदहरू थिए तर उक्त अभिलेखमा पाशुपत सम्प्रदायका अन्य भेदहरूको उल्लेख भने गरिएको छैन। केवल "**पाशुपतानाम्** (पाशुपत)" मात्र भनेको छ। उक्त अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई समान स्तरमा राखिएको छ। यसरी वैदिक ब्राह्मण र साधक पाशुपतका बीचमा समन्वय गराइएको छ। वाग्वतीको पूर्वी किनारामा रहेको उक्त वज्रेश्वरमण्डली कहाँ थियो भन्ने बारेमा यकिन गर्न सकिएको छैन। अहिले मृगस्थलीमा गोरखनाथको मन्दिर भएको इलाका नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्रेश्वरमण्डली रहेको ठाउँ हुनसक्छ, किनभने पाशुपतमतको पृष्ठभूमिबाट नै नाथ सम्प्रदायको विकास भएको मानिन्छ। पाशुपतमतमा भएका धेरै कुराहरूलाई सुधार गरेर गोरखनाथले आफ्नो मतमा अपनाएको मानिएको छ।

भगवान् श्रीपशुपतिनाथ र आर्यभिक्षुसङ्घ

नरेन्द्रदेवको पाटन गाबहाल र पशुपति वज्रघरको संवत् १०३ (ई.सं.६७९) को अभिलेखमा उनले भगवान् श्रीपशुपतिनाथको क्षेत्रमा बनाएको ठूलो धाराको हेरचाह गर्ने जिम्मा श्रीशिवदेवमहाविहारका चतुर्दिशा आर्यभिक्षुसङ्घलाई दिएको उल्लेख छ *(वज्राचार्य,२०३० : ४९६-५०६)*। नरेन्द्रदेवले उक्त आर्यभिक्षुसङ्घलाई केवल धाराको हेरचाह गर्ने जिम्मामात्र नदिई उनीहरूलाई राजकीय सम्मान र संरक्षण पनि दिएका थिए। त्यसवेलाको समय नेपालमा पाशुपतहरूको बोलाबालाको बखत थियो। पाशुपतहरू सङ्गठित रूपमा थिए र उनीहरू सामाजिक सेवाको काम पनि गर्दथे। पाशुपतहरूको बोलावाला रहेको अवस्थामा परममाहेश्वर उपाधि धारण गरेका नरेन्द्रदेवले भगवान् श्रीपशुपतिनाथको क्षेत्रमा आफूले बनाएको ठूलो धाराको हेरचाह गर्ने जिम्मा पाशुपतहरूलाई नदिई बौद्धभिक्षुहरूलाई दिइनु विचारणीय छ।

पशुपतिक्षेत्रमा पाइएका बौद्ध कलाकृतिहरू र त्यहाँ परिचालित सांस्कृतिक क्रियाकलापहरूमा अहिलेसम्म पनि बौद्ध धर्मावलम्बीहरूको सहभागिता रहिआएको हुँदा भगवान् श्रीपशुपतिनाथप्रति बौद्धधर्मावलम्बीहरूको श्रद्धा र विश्वास रहेको पाइन्छ। नरेन्द्रदेवले आफ्नो पिताको गुमेको राज्यसत्ता भोटको सहयोगबाट प्राप्त गरेका थिए। अतः सबै वर्ग र समुदायलाई एकीकृत गरी उनीहरूको सद्भावबाट आफ्नो राज्यसत्ता टिकाइराख्नु उनको आवश्यकता र बाध्यता थियो। त्यसैले नरेन्द्रदेवले भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रमा आयोजना गरिने धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरूको माध्यमबाट वैदिक ब्राह्मण, सिद्ध साधक, पाशुपत र आर्यभिक्षु बौद्धश्रवणहरूको बीचमा समन्वय र सहिष्णुता ल्याई जनतामा सामाजिक सद्भाव स्थापना गराएर राष्ट्र एवम् राष्ट्रियतालाई बलियो बनाउन चाहेको बुझिन्छ।

सिद्धाचल मृगस्थली र गोरखनाथ एवं नाडपाद

पशुपतिक्षेत्रको मृगस्थली एउटा सिद्धाचलको रूपमा रहेको छ। यस सिद्धाचल मृगस्थलीमा नौ नाथमध्येका सिद्ध गोरखनाथले तपस्या गरेका थिए। मृगस्थलीको गोरखनाथ मन्दिरमा उनको पादुका स्थापना गरिएको छ। गौशाला प्रहरी कार्यालयबाट वनकाली धर्मशाला जाने ओरालो बाटोको दाहिनेतिर सिद्धगणहरूसहित पद्मासनमा बसेका गोरखनाथको प्रस्तरमूर्ति स्थापना गरिएको छ। तिब्बती विद्वान् लामा तारानाथका अनुसार प्रारम्भमा सिद्ध गोरखनाथ वज्रयानी बौद्ध थिए र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालान्तरमा उनी नाथसम्प्रदायमा प्रवर्तित भए। त्यसवेला गोरखनाथको वज्रयानी नाम अनङ्गवज्र थियो *(लामा र चट्टोपाध्याय, १९९७: २२७)*। भारतीय विद्वान् महामहोपाध्याय पं. हरप्रसाद शास्त्रीका अनुसार पनि सिद्ध गोरखनाथ प्रारम्भमा वज्रयानी बौद्ध नै थिए तर उनको वज्रयानी नाम अनङ्गवज्र नभएर रमणवज्र थियो *(कविराज, २०४०: ८४)*। नेपाली विद्वान् योगी नरहरिनाथले वज्रगुरु पद्मसम्भवलाई चीनशैलीको गोरखनाथ मान्नुभएको छ *(योगी, २०१३:३२)*। नाथ सम्प्रदायका अनुसन्धाता हजारीप्रसाद द्विवेदीले सिद्ध गोरखनाथका गुरु सिद्ध मत्स्येन्द्रनाथ पनि कुनै वेला बौद्ध साधक हुनसक्ने अनुमान गरेका छन् *(द्विवेदी, १९९६: ४०, ९६)*। हजारीप्रसाद द्विवेदीको यो अनुमान ठीक हुनसक्छ किनभने वज्रयानी बौद्ध परम्पराको पूजापद्धति र नाथसम्प्रदायको पूजापद्धति एवं उपचारहरू मिल्दाजुल्दा हुन्छन् भन्ने कुरा मैले प्रसिद्ध इतिहासविद् श्रीधनवज्र वज्राचार्यज्यूबाट सुनेको छु। फर्पिङको ऋषितरगुफामा वज्रगुरु पद्मसम्भवले साधना गरेका थिए। आजकल त्यस गुफालाई गोरखनाथगुफा भन्दछन् र त्यहाँ गोरखनाथको पादुका पनि स्थापना गरिएको छ। फर्पिङको यो गोरखनाथगुफासँग कुसुलेहरूको सम्बन्ध रहेको छ।

पशुपतिक्षेत्रमा आर्यघाट र सूर्यघाटको बीचमा वाग्वतीको दायाँ किनारामा स्थित एउटा गुफालाई सिद्ध नाडपाद (नारोपा)ले तपस्या गरेको गुफा मानिएको छ। नाडपाद काश्मिरी ब्राह्मण हुन्। नाडपादका गुरु तिलपाद (तिलोपा) बङ्गालको चटगाउँ निवासी थिए। चौरासी सिद्धहरूमा तिलपाद र नाडपादको अग्रणी स्थान रहेको छ। नाडपाद भारतको विक्रमशील महाविहारका द्वारपण्डित थिए। तिब्बती लामाबौद्ध धर्मअन्तर्गत कग्युपा सम्प्रदायका प्रवर्तक मार्पा यिनै सिद्ध नाडपादका चेला थिए। सिद्ध नाडपादका धर्मकीर्ति, वागीश्वरकीर्ति आदि नेपाली चेलाहरू पनि थिए *(रोरिक, १९७९: २२७)*। सिद्ध नाडपादले तपस्या गरेको गुफाभित्र एउटा प्राचीन शिवलिङ्ग स्थापना गरिएको छ। यसरी नाथ र चौरासी सिद्धहरूको साधना तथा चर्याले शैवमत र बौद्धमतको बीचमा सामञ्जस्य ल्याएको छ र पशुपतिक्षेत्रलाई शैव एवम् बौद्ध साधकहरूको साधना थलोको रूपमा चिनाएको छ।

गुह्येश्वरीपीठमा बौद्धतन्त्रोक्त दिशिपूजा

नेपालका वज्रयानी बौद्धहरू गुह्येश्वरीलाई खगानना अर्थात् नैरात्माको रूपमा मान्दछन्। अघि यो काठमाडौँ उपत्यका एउटा नागदहको रूपमा छँदा विपश्वी बुद्धले चैत्रशुक्लपूर्णिमाका दिन यस नागदहमा कमलको बिउ रोपेका थिए। त्यसपछि कार्तिकशुक्लपूर्णिमाका दिन उक्त कमलको फूल फुल्यो र त्यस कमलको फूलमा अकनिष्ट लोकबाट स्वयम्भू ज्योतिको प्रवेश भयो। उक्त कमलको फूल वर्तमान स्वयम्भू चैत्य हो र त्यस कमलको फेदचाहिँ गुह्येश्वरीको कुण्ड हो भन्ने बौद्ध मान्यता छ। प्रत्येक वर्ष मार्गकृष्णदशमीका दिन गुह्येश्वरीपीठमा गरिने दिशिपूजा बौद्धतन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार गरिने पूजा हो । काठमाडौं मूबहाल र तक्षबहालका वज्राचार्यहरू गुह्येश्वरीलाई आफ्नो कुलदेवताको रूपमा पूजा गर्दछन् । यसरी स्वयम्भूको उत्पत्तिसम्बन्धी कथा, त्यस कथासम्बन्धी मान्यता र अहिलेसम्म पनि विद्यमान परम्परा एवं प्रचलनले शैव तथा बौद्ध मतालम्बीहरूका बीच समन्वय, सहिष्णुता र सहअस्तित्व कायम गराएको छ ।

लामावादी बौद्धहरूको दृष्टिमा भगवान् श्रीपशुपतिनाथ

लामामार्गी बौद्धहरू भगवान् श्रीपशुपतिनाथलाई वाङ्छ्युक छेन्पो भन्दछन् । वाङ्छ्युकको अर्थ पशु र छेन्पोको अर्थ महा हो । अतः वाङ्छ्युक छेन्पोको अर्थ महापशु हो । वाङ्छ्युक छेन्पो अर्थात् महापशु भन्नाले प्रकारान्तरबाट मृगेश्वर, हरिणेश्वर अथवा पशुपति भन्ने नै अर्थ बोध हुन्छ । बालाचतुर्दशीका दिन पशुपतिक्षेत्रको कैलासमा लामामार्गी बौद्धहरूको बाक्लो उपस्थिति रहेको हुन्छ । त्यस अवसरमा उनीहरू त्रयोदशीको रातदेखि नै कैलासमा जाग्राम बसेका हुन्छन् र बालाचतुर्दशीको बिहान लामाद्वारा फाग्पच्यडरेसि (आर्यावलोकितेश्वर) को स्तोत्र पाठ गराएर आफ्ना दिवङ्गत आत्माहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछन् । बौद्धमतको फाग्पच्यङ्रेसि (आर्यावलोकितेश्वर) र हिन्दूमतको भगवान् विष्णुको अवधारणाबीच मधुर समन्वय कायम रहेको छ । नेपालमा यी दुवै मतलाई समन्वय गरी लामा-विष्णुको रूपमा पूजा गर्दछन् । यसैगरी भगवान् श्रीपशुपतिनाथको पञ्चाक्षरीमन्त्र ॐ नमः शिवाय र आर्यावलोकितेश्वरको षडक्षरीमन्त्र ॐ मणिपद्मे हूँको आशय र आदर्शका बीच सामञ्जस्य रहेको छ ।

भगवान् श्रीपशुपतिनाथको महास्नान एवं महाभोगमा मैथिल ब्राह्मणहरूको सहभागिता

प्रत्येक पूर्णिमाका दिन श्रीपशुपतिनाथलाई पञ्चामृतले स्नान गराएर चामलको भुजाको महाभोग अर्पण गरी कीर्तिमुख भैरवलाई पञ्चबलि दिने परम्परा छ । त्यस अवसरमा भगवान् श्रीपशुपतिनाथलाई ६ मुरी, ६ मुठी चामलको भुजा पकाएर महाभोग चढाइन्छ । महाभोगलाई महाबलि पनि भनिन्छ । त्यस अवसरमा १३ जना मैथिल ब्राह्मणहरूले महाभोगको भुजा पकाएर भगवान् श्रीपशुपतिनाथ मन्दिरको दक्षिणढोकाको सामुन्ने रहेको धर्मशिलामा ल्याएर थुप्रो पारी सजाउँछन् । महाभोगको अवसरमा भगवान् श्रीपशुपतिनाथ मन्दिरको दक्षिणपट्टि रहेको यज्ञशालामा हवनसहित विधिविधानद्वारा पूजापाठ गरिन्छ । पूजाको आचार्यत्व राजोपाध्याय ब्राह्मणले ग्रहण गर्दछन् । त्यस पूजामा राजोपाध्यायका अतिरिक्त अचाजु (कर्माचार्य), जोशी र वैद्यको पनि सहभागिता रहेको हुन्छ । त्यस अवसरमा एघारजना मैथिल ब्राह्मणहरूले रुद्रीपाठ गर्दछन् । सोही अवसरमा उन्मत्तभैरव मन्दिरको माथिल्लो तलामा तान्त्रिक विधिद्वारा कुमारीको गोप्य पूजा गरिन्छ । भगवान् श्रीपशुपतिनाथलाई महाभोग चढाउँदा कुस्लेहरूले बाजा बजाउँदछन् *(कोइराला, २०५१:४५९-४६५; टण्डन, २०५३:१५३-१५४)* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघि प्राचीन कालमा नेपालमण्डल, मिथिला र वैशालीको बीचमा धार्मिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक अन्तरसम्बन्ध थियो । त्यसवेला मिथिलाले नेपालमण्डल, वैशाली र पाटलीपुत्रको बीचमा सम्प्रेषणभूमिको काम गर्दथ्यो । पूर्वमध्यकालमा भक्तपुर दरबारसँग मिथिलाको वैवाहिक सम्बन्ध कायम भएको थियो । त्यसवेला नेपाल उपत्यकाको मल्लदरबारमा मञ्चन गरिने नाटकहरू मैथिली भाषामा रचिएका हुन्थे । हरिसिंहदेवको समयदेखि सिम्रौनगढको पतन भयो र त्यसपछि मिथिलाराज्य बृहत् नेपालमा समाहित भयो । यसबाट कुनै वेला गङ्गासम्म नेपालको सीमाना कायम भएको बुझिन्छ ।

जयस्थिति मल्लले बकह्निमकुलका कीर्तिनाथोपाध्याय, कान्यकुब्जी रघुनाथ झा र मैथिली श्रीनाथ भट्ट, माँहनाथ झा तथा रामनाथ झा यति पाँचजना शास्त्रज्ञ ब्राह्मणहरूको बुद्धिमत्तापूर्ण उपदेशबाट थिति बाँधेका थिए *(लम्साल, २०२३:३८)* । यसबाट एउटा राम्रो थिति बाँधेर नेपाललाई सुव्यवस्थित गराउने कार्यमा मैथिल ब्राह्मणहरूको प्रमुख हात रहेको स्पष्ट हुन्छ ।

यसरी नेपाल राष्ट्रको दुर्भिक्ष र अनिष्ट हटाएर राष्ट्रमा सुख, शान्ति र समृद्धि स्थापना गराउनका लागि भगवान् श्रीपशुपतिनाथलाई महास्नान गराएर महाभोग चढाउने पवित्र कार्यमा मैथिल ब्राह्मणहरूको सहभागिताबाट नेपाली जनमानसमा समन्वय, सहिष्णुता र सहअस्तित्वको भावना जागृत भएको छ र भगवान् श्रीपशुपतिनाथ साँच्चि नै नेपालको राष्ट्रदेव एवं राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावको प्रतीकका रूपमा विराजमान भइरहनुभएको छ ।

देशोद्धार पूजामा सर्ववर्णको सहभागिता

पशुपतिक्षेत्रको देउपाटनमा आयोजना गरिने देशोद्धारपूजामा त्यस क्षेत्रका ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चारै वर्णका समुदायलाई सहभागी गराउने परम्परा छ । त्यस अवसरमा बौद्धमार्गी शाक्यलाई क्षत्रिय वर्णअन्तर्गत समावेश गरेर देशोद्धारपूजामा सरिक गराइन्छ । पालो परेअनुसार ज्यापू र धोबीलाई थकालीमा मनोनयन गरिन्छ *(टण्डन, २०४३:५२४-५२७)* । यसरी पशुपतिक्षेत्रमा आयोजना गरिने देशोद्धारपूजामा धर्मभेद र जातिभेद गरिएको छैन । यसबाट सबै वर्ग र समुदायको बीचमा आपसी सद्भाव बढेर समन्वय कायम भएको छ ।

पशुपतिक्षेत्रमा सिखमत र जोसमनी सन्तपरम्परा

पशुपतिक्षेत्रमा भगवान् श्रीपशुपतिनाथ मन्दिरसँगै आर्यघाट जाने बाटोको दाहिनेपट्टिको उदासी मठ र त्यसको अलिकति दक्षिणपट्टि राजराजेश्वरीघाटनेरको निर्मल अखडा गरी सिखमतका दुईवटा मठ रहेका छन् । यसैगरी पशुपतिक्षेत्रमा जोसमनी सन्तपरम्पराको पनि एउटा मठ अवस्थित छ । यसरी पशुपतिक्षेत्रमा सबै मतले प्रश्रय पाएको छ र सबैसँग समन्वय कायम गरेर आ-आफ्नो मतको विकास गरिरहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अबको हाम्रो दायित्व

हामीले जुन देवीदेवताको उपासना गर्दछौं, त्यस देवीदेवताको आदर्शको केही अंश हामीले आफ्नो जीवनमा चरितार्थ गर्न सक्यौं भने मात्र हाम्रो जीवन सार्थक हुनेछ। यसैगरी हामी जुन राष्ट्रमा बस्दछौं, त्यस राष्ट्रको मर्यादालाई पालन गर्न सक्यौं भने मात्र हामी एउटा असल र आदर्शवान् नागरिक बन्न सक्छौं । मर्यादा पुरुषोत्तम भगवान् श्रीरामको यस सदुक्तिबाट यो कुरा राम्ररी सिद्ध हुन्छ -

नेयं स्वर्णपुरी लङ्का रोचते मम लक्ष्मण ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।।

नेपाल एउटा भौगालिक विविधताले युक्त राष्ट्र हो । यहाँ केवल जैविक विविधता मात्र नभई जातीय, भाषिक, धार्मिक एवम् सांस्कृतिक विविधता पनि पाइन्छ। यसरी अनेकौं विविधता भए तापनि तिनका बीचमा समन्वय, सहिष्णुता, सामञ्जस्य र सहअस्तित्व रहिआएको छ किनभने समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको संरचना एवं विकास भएको छ र त्यही समन्वयात्मक नेपाली संस्कृतिको धरातलमा नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन एवं विकास भएको छ।

अघि लिच्छविकालका राजाहरू **भगवत्पशुपतिभट्टारकपादानुगृहीतः** प्रशस्ति धारण गर्दथे । यसैगरी मध्यकालका मल्ल राजाहरू **श्री ३ पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहः** प्रशस्ति धारण गर्दथे । त्यसकारण भगवान् श्रीपशुपतिनाथ नेपालका आराध्यदेव एवं राष्ट्रदेव हुनुहुन्छ । भगवान् श्रीपशुपतिनाथको आदर्श र पशुपतिक्षेत्रको मर्यादा तथा त्यहाँ आयोजित विभिन्न प्रकारका धार्मिक एवं सांस्कृतिक क्रियाकलापहरू र त्यहाँ परिचालित मानव संसाधनहरूले हामी सबैलाई धार्मिक, सामाजिक एवं सांस्कृतिक सद्भावतर्फ अग्रसर हुन अभिप्रेरित गरिरहेको छ । नेपाल राष्ट्रको सुदृढीकरण र नेपाली राष्ट्रियताको विकासका लागि यो कुरा ज्यादै गम्भीर र संवेदनशील छ।

भगवान् श्रीपशुपतिनाथको आदर्श, पशुपतिक्षेत्रको मर्यादा र नेपाली संस्कृतिको समन्वयात्मक चरित्रलाई हृदयङ्गम गरी नेपाल राष्ट्रको अखण्डता र नेपाली राष्ट्रियताको स्थिरताको लागि जनता-जनताका बीच सन्तुलन र समन्वय ल्याउने विवेकको दायित्व प्रत्येक चेतनशील राष्ट्रवादी नेपाली नागरिकको हो। अहिले सबैलाई स्वअस्तित्वको पहिचान, आत्मनिर्णयको अधिकार र प्राज्ञिक स्वतन्त्रता चाहिएको छ । यो आत्मबोधको जागरण वर्तमान युगले ल्याएको लहर हो तापनि जातीयताभन्दा राष्ट्रियता ठूलो छ र जातीय गौरवभन्दा सिङ्गो एवं एक ढिक्का नेपाल राष्ट्रको गरिमा तथा महिमा महत्त्वपूर्ण हुन्छ, किनभने राष्ट्र मासियो भने जातीय अस्तित्व पनि मेटिन्छ। अतः हामीहरू सबैको चिन्तन, मनन नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको ध्रुवमा स्थिर हुनुपर्दछ। यसैगरी हाम्रा सबै खालका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाकलापहरू नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको भावनामा आधारित हुनु अत्यावश्यक छ किनभने अहिले हामीलाई स्वअस्तित्वभन्दा पनि सहअस्तित्वको बढी आवश्यकता छ।

त्यसकारण समन्वयात्मक नेपाली संस्कृतिले देखाएको समन्वयको बाटोमा हामी सबै नेपालीहरू सँगसँगै मिलेर हिँड्यौं भने नेपाल राष्ट्र सधैँ बलियो हुनेछ र नेपाली राष्ट्रियताको दिगो विकास हुनेछ। अतः हामी सबै राष्ट्रप्रेमी नेपालीहरू दलगत स्वार्थ र जातीय धरातलभन्दा माथि उठेर आ-आफ्ना पहिचानका साथ एकताबद्ध भई नेपाल राष्ट्रको निर्माण एवं अखण्डता र नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन र विकासका लागि अग्रगामी हुनु आजको आवश्यकता हो।

वेद प्रभूसम्मत उपदेश हो। त्यसकारण वेदको आज्ञालाई शिरोधार्य गर्नु हाम्रो कर्तव्य हो। वेदले हामीलाई यसरी उपदेश गरेको छ -

सङ्गच्छध्वं सङ्वदध्वं सं वो मनांसि जानताम्।

(सङ्गच्छध्वं=हे मनुष्य हो ! तिमीहरूसँगै मिलेर हिँड; सङ्वदध्वं=तिमीहरू एउटै बोली बोल; सं वो मनांसि जानताम्= तिमीहरूको मन पनि एउटै होओस्।)

यसैगरी उपनिषत् वेदको निचोड हो। सद्ज्ञानको पराकाष्ठा अवस्था हो। उपनिषत्ले हामीलाई निर्देश गरेको छ -

उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत।

(उत्तिष्ठत= हे मनुष्य हो ! उठ; जाग्रत = जाग; वरान् = ब्रह्मवेत्ता श्रेष्ठ पुरुषहरूलाई; प्राप्य=फेला पारेर; निबोधत= उहाँहरूबाट ब्रह्मको बारेमा बुझ।)

प्रज्ञा नेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म।

(प्रज्ञा नेत्रो लोकः= प्रज्ञा सम्पूर्ण जगत्को आँखा हो; प्रज्ञा प्रतिष्ठा= प्रज्ञा सबैको आधार हो; प्रज्ञानं ब्रह्म= त्यो प्रज्ञान ब्रह्म हो।)

त्यसकारण अब **उत्तिष्ठ युद्धाय कृतनिश्चयः** नभई **उत्तिष्ठ राष्ट्राय कृतनिश्चयः** आजको हाम्रो प्रतिबद्धता र अठोट हुनुपर्दछ। अतः हामीहरू नेपाल राष्ट्रको निर्माण र नेपाली राष्ट्रियताको प्रबोधन, प्रवर्द्धन र विकासका लागि सबैसँगै मिलेर प्रण गरौं **वयं राष्ट्रे जागृयामः** पुरोहिताः हामी राष्ट्रमा अग्रगामी भई जागौं। त्यस्तै होओस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्री

अधिकारी, टीकाराम (अनु.), २०५५. **गण्डकी माहात्म्य**, *दाङः महेन्द्र संस्कृत विश्वविद्यालय।*

उपाध्याय, वासुदेव, १९७०. **प्राचीन भारतीय मूर्ति विज्ञान**, *वाराणसीः चौखम्बा संस्कृत सिरिज अफिस।*

कविराज, गोपीनाथ, २०४०. **भारतीय साधना की धारा**, *पटनाः विहार राष्ट्रभाषा परिषद्।*

कोइराला, कुलचन्द्र, २०५१. **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान।*

खनाल, मुक्तिनाथ, २०२८. **नेपाल माहात्म्य**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

खनाल मोहनप्रसाद, २०५५. **पश्चिम नेपालका मूर्ति र स्थापत्य**, *काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय।*

जबरा, धनशमशेर, २०२१. **निगमागमवैज्ञानिकसार**, *काठमाडौंः लेखक स्वयं।*

………………….., २०३४. **मन्त्रविद्यारहस्यम्**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

………………….., २०३२. **शारदीय दुर्गापूजापद्धति**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

टण्डन, गोविन्द, २०५३. **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, *काठमाडौंः झरेन्द्र शमशेर जबरा तथा श्रीमती मञ्जु राणा।*

द्विवेदी, हजारीप्रसाद, १९९६. **नाथ सम्प्रदाय**, *इलाहावादः लोकभारती प्रकाशन।*

देवकोटा, माधवप्रसाद, २०३०. **ईशादि नौ उपनिषत्**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

नेपाल, ज्ञानमणि, २०४३. **पशुपतिनाथको दर्शन, स्पर्शन र पूजनसम्बन्धमा समीक्षा**, *काठमाडौंः महेशराज पन्त।*

बाइदेल, लैनसिंह, २०६२. **जय वर्माको मूर्ति र नेपालको वर्मा वंश**, *काठमाडौंः मण्डला प्रकाशन।*

………………….., २०३९. **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, *काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान*

भट्टाई, कृष्णप्रसाद, २०२४. **श्रीचक्र की उपासना**, कल्याण, उपासना अङ्क, पृ.४०६-४१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

......................, २०२४. **श्रीचक्र का सङ्क्षिप्त विवरण**, कल्याण, उपासना अङ्क, पृ.४१६-४२० ।

भट्टराय, चूडानाथ, २०३५. **पशुपतिप्रत्यभिज्ञा**, *काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

यदुवंशी, १९८८. **शैवमत**, *पटनाः विहार राष्ट्र भाषा परिषद् ।*

योगी, नरहरिनाथ, २०१३. **इतिहास प्रकाश**, दोस्रो अङ्क, तेस्रो भाग, *काठमाडौँः इतिहास प्रकाश सङ्घ ।*

......................, २०१३. **हिमवत्खण्ड**, *काशीः योगप्रचारिणी*

राजवंशी, श्यामसुन्दर, २०४६. **पशुपतिनाथ प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख**, प्राचीन नेपाल, सङ्ख्या ११५, पृ.१-२ ।

रिजाल, नारायणप्रसाद (अनु.) २०५७. **बोधिचर्यावतार**, *काठमाडौँः सिद्धिबहादुर श्रेष्ठ, रुक्मिणी श्रेष्ठ।*

रिसाल, मधुसूदन, २०२९. **पशुपतिपुराण**, *काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

रेग्मी, जगदीशचन्द्र, २०३०. **नेपालको धार्मिक इतिहास**, *काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।*

........................, २०५३. **पशुपति-गुह्येश्वरी माहात्म्य**, *काठमाडौँः नइ प्रकाशन।*

........................, २०३३. **शाहकालीन कला र वास्तुकला**, *काठमाडौँः साझा प्रकाशन।*

लम्साल, देवीप्रसाद, २०२३. **भाषा वंशावली (द्वितीय भाग)**, *काठमाडौँः श्री ५ को सरकार, नेपाल राष्ट्रिय पुस्तकालय ।*

वंशी, श्रीगोपालप्रसादजी, २०२४. **मन्त्र-शास्त्र और उपासना**, कल्याण, उपासना अङ्क, पृ. २३५-२४० ।

वज्राचार्य, गौतमवज्र, २०३३. **हनुमान्ढोका राजदरबार**, *काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय ।*

वज्राचार्य, धनवज्र, २०६८. **पूर्वमध्यकालका अभिलेख**, *काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।*

....................., २०३०. **लिच्छविकालका अभिलेख**, *काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय ।*

वज्राचार्य, धनवज्र, २०३७. **शाहकालका अभिलेख** (पहिलो भाग) *काठमाडौँः नेपाल र श्रेष्ठ,*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेकबहादुर, एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

सम, बालकृष्ण, २०२२. **नेपाली ललितकला**, *काठमाडौँः श्री ५ को सरकार, प्रचार-प्रसार मन्त्रालय, प्रचार विभाग ।*

स्वामी, द्वारिकादास (अनु.), १९८८.**बोधिचर्यावतार**, *वाराणसीः बौद्धभारती ।*

स्वामी, प्रपन्नाचार्य, २०६२. **मिल्केका झिल्का**, *पाँचथरः किरातेश्वर प्रकाशन ।*

स्वामी, शङ्करातीर्थ, २०२४. **गायत्रीसाधना**, कल्याण, उपासना अङ्क, पृ.१६९-१७१) ।

शाक्य, मीनबहादुर, २०५८. **स्वयम्भूपुराण**, *ललितपुरः नागार्जुन बौद्ध*

वज्राचार्य, शान्तहर्ष (अनु.) अध्ययन संस्थान ।

शाक्य, हेमराज, १०८९. **नेपाल संस्कृतिया मूलुखा**, *ललितपुरः श्रीमती चन्द्रलक्ष्मीदेवी शाक्य ।*

......................, १०९८. **श्रीस्वयम्भू महाचैत्य**, *काठमाडौँ : स्वयम्भू विकास मण्डल ।*

त्रिपाठी, रमाशङ्कर, १९७१. **प्राचीन भारतका इतिहास**, *दिल्लीः मोतीलाल बनारसीदास ।*

ज्ञवाली, सूर्यविक्रम, २०१९. **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**, *काठमाडौँः रोयल नेपाल एकेडेमी ।*

Bangdel, Lain S. 1995. **Inventiory of Stone Sculptures of the Kathmandu Valley,** *Kathmandu: Royal Nepal Academy.*

...................., 1989. **Stolen Images of Nepal,** *Kathmandu : Royal Nepal Academy.*

His Majesty's Government, 1996. **A Report on the Study of Iconography of Kathmandu Valley and Department of Archaelogy their Preservation and Protection.**

Lama, Chimpa, 1997. **Taranatha's History of Buddhism in India**, *Delhi: Chattopadhyaya, Alka, Motilal Banarasidass.*

Majumdar, R.C., 1967. **An Advanced History of India, Part I, Ancient India, Datta, Kalikinkar** *New York: Macmillan and Company Ltd. Raychaudahari, H.C.,*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Marshal, John, 1931. **Mohenjo-Daro and the Indus Civilization, Vol.I,** *London: Arthur Probsthain.*

Pal, Pratapaditya, 1968. **The Arts of Nepal, Part I, LeidenM E.J. Brill.**

Rao, T.A. Gopinath, 1985. **Elements of Hindu Iconography, Vol. I,** Part II & Vol. II, Part I, *Delhi: Motilal Banarasidass.*

Roerich, George N. 1979. **The Blue Annals,** *Delhi: Motilal Banarasidass.*

Sharma, B.N., 1976. **Iconography of Sadasiva,** *New Delhi: Abhinava Publications.*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रको धार्मिक पर्यटन

–प्रा. डा. डिल्ली ओली

(१) धार्मिक पर्यटन

वर्तमान विश्वमा पर्यटन महत्त्वपूर्ण क्षेत्रको रूपमा स्थापित भएको छ। खासगरी पर्यटन हरेक मुलुक, तिनका समाज, समूह र व्यक्तिको आर्थिक विकासको साथै ज्ञान आर्जन गर्ने, सिक्ने, सिकाउने, वसुधैव कुटुम्बकम् र विश्वबन्धुत्वको विकासमा सहयोग पुऱ्याउने माध्यमका रूपमा विकसित भएको छ। पर्यटनको सामान्य परिचय कुनै व्यक्ति वा समूहले विभिन्न उद्देश्यबाट प्रेरित भएर विभिन्न किसिमले, विभिन्न ठाउँ, क्षेत्रको विषयको जुन यात्रा, भ्रमण गर्दछन् र त्यसबाट जुन परिणाम निक्लन्छ, त्यसलाई पर्यटन भनिन्छ। अथवा Guest र Host को अन्तरसम्बन्धबाट जुन परिणाम बाहिर आउँछ तथा उनीहरूका जति क्रियाकलाप हुन्छन् ती सबै पर्यटनका विषयवस्तुभित्र पर्दछन्। पर्यटन आन्तरिक र बाह्य दुई प्रकारको हुन्छ। यो दीर्घकालीन र अल्पकालीन हुन्छ। वर्तमान विश्वमा पर्यटन एउटा महत्त्वपूर्ण उद्योगको रूपमा विकसित भएको छ। यसका विभिन्न विषय वा क्षेत्र छन्। तिनमा धार्मिक, व्यापार, मनोरञ्जन, अध्ययन, अनुसन्धान, खेलकूद, स्वास्थ्य, छुट्टी, आराम आदि प्रमुख छन्। यी मध्ये वर्तमान विश्वको सबैभन्दा पुरानो धार्मिक पर्यटन मानिन्छ।

(२) नेपालका धार्मिक स्थलहरू

नेपाल र भारत परापूर्वकालको वैदिक धर्म र सभ्यताको निरन्तरताले गर्दा भारतीय उपमहाद्वीपमा हिन्दूधर्म र संस्कृति अविच्छिन्न रहेको प्रतीत हुन्छ। नेपाल त्यसको केन्द्रभूमि हो। यहाँ शैवमत, शाक्तमत, बौद्धधर्म, जैनधर्म, लामाधर्म विभिन्न सम्प्रदायहरू विभिन्न चरणमा विकसित भए। वैदिक धर्मको थातथलो र हिन्दूधर्मको केन्द्र भएको हुनाले नेपालमा विभिन्न धर्म, मत, सम्प्रदायका केन्द्रका विकास समयक्रममा हुँदै गए। यस सन्दर्भमा विभिन्न धर्म धार्मिक केन्द्रहरूमा- पशुपतिनाथ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जामाचो, स्वयम्भू, लुम्बिनी, जनकपुरधाम, वराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, पलाञ्चोक भगवती, गोसाइँकुण्ड, मुक्तिनाथ, दामोदरकुण्ड, रुरुक्षेत्र, त्रिवेणी, स्वर्गद्वारी, खप्तड आदि प्रमुख हुन्। यी सबै ठाउँको आ-आफ्नै धार्मिक वैशिष्ट्य छ। यी सबै ठाउँको धार्मिक पर्यटनको आफ्नै मौलिकता र परिचय छ। यिनै ठाउँहरूले नेपालको धार्मिक पर्यटनमा विशिष्ट योगदान पुऱ्याएको पाइन्छ। यिनको अतिरिक्त हिन्दू, बौद्ध र अन्य धर्मसँग सम्बन्धित विभिन्न आकार र महत्त्वका धार्मिक स्थलहरू नेपालभरि यत्र तत्र छन्।

धार्मिक पर्यटन (Pilgrimage) ल्याटिनको Peregrimus बाट विकसित भएको हो। यसको अर्थ कुनै पवित्र, धार्मिक स्थलको यात्रा भन्ने हुन्छ। मानिसको जीवनपद्धति धर्म र धार्मिकस्थल तथा क्रियाकलापसँग जोडिएको हुन्छ। मानिसले जीवनमा सुख शान्ति पाउन, नकारात्मक पक्ष र असफलताबाट त्राण पाउन, सफलता प्राप्त गर्न, मोक्ष आदि प्राप्त गर्न धार्मिक क्षेत्रको भ्रमण र धार्मिक अनुष्ठानहरू सम्पन्न गर्ने गर्दछन्। यस्ता ठाउँलाई इहलोक र परलोक सुधार्ने माध्यमका रूपमा लिने गरिन्छ। धार्मिकस्थलहरूको यात्राले विश्वका सबै धर्मावलम्बीहरूलाई आकर्षित गर्ने गरेको पाइन्छ। हिन्दूहरूको श्रीपशुपतिनाथ, बौद्धको लुम्बिनी, इशाईहरूको जेरुसेलम, मुसलमानको मक्का मदिना प्रमुख धार्मिकस्थल हुन्। यसका अतिरिक्त अरू विभिन्न विषय र क्षेत्रका धार्मिक स्थलहरू संसारभरि फैलिएका छन्। हिन्दू र बौद्धहरू तीर्थाटन, पर्यटन, देशाटनजस्ता संस्कृत शब्दहरूबाट आरम्भदेखि नै परिचित थिए। *(कुँवरः २००६)*। शास्त्रहरूमा खासगरी त्रिविध अर्थात् तीन किसिमका तीर्थहरू मानिएका छन्- जङ्गमतीर्थ, मानसतीर्थ र भौमतीर्थ। जङ्गमतीर्थ- यस्तो तीर्थ जहाँ सदाचार सम्पन्न सात्त्विक एवं वेदज्ञ साधु सन्त र ब्राह्मणहरूको दर्शन एवं आशीर्वचनद्वारा मानिसहरूको मनको शङ्का निवारण भई उनीहरूको पश्चात्ताप र पाप पखालिन्छ र उनीहरूले आफ्ना मनोकाङ्क्षा पूरा गर्दछन्। मानसतीर्थ-मनमा उत्पन्न हुने सत्य, क्षमा इन्द्रिय, विग्रह, दया, सरलता, मृदु बोली, ब्रह्मचर्य, तप, सन्तोष, धर्म, दान, ज्ञान, दम, धृति, पुण्य यी मानसिक सद्भावहरूलाई मानसतीर्थ भनिन्छ। भौमतीर्थमा भूमि अथवा पृथ्वीका पवित्रस्थल, जलाशय र नदी पर्दछन्। यस्तो तीर्थ भूगोलसँग सम्बद्ध छ। (गुरुङ्ः २०६७,२९-३०) मूलतः पशुपतिक्षेत्र भौमतीर्थ हो तथापि यहाँ जङ्गमतीर्थको प्राचुर्यको साथै मानसतीर्थको प्रभाव पर्दछ। धार्मिक पर्यटनलाई वाह्यक्षेत्रको आन्तरिक (मानसिक) पर्यटनको रूपमा पनि लिइन्छ।

(३) पशुपति क्षेत्रको परिचय

नेपाल परम्परादेखि विविध धर्म, जाति, समाज, भूगोल, इतिहास, संस्कृति, भाषा तथा जीवनशैली भएको मुलुक हो। यही विविधता नै यहाँको विशेषता हो। यिनै विविधता र बनावटले पौराणिककालदेखि यो ठाउँ आकर्षणको केन्द्र रहिआएको छ। त्यसैले हजारौं वर्षदेखि यहाँ आन्तरिक र बाह्य पर्यटकहरूको आगमनले निरन्तरता पायो। यस पृष्ठभूमिमा श्रीपशुपतिनाथ र काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यका सर्वाधिक महत्त्वपूर्ण ठाउँ रहे। काठमाडौँ उपत्यकाको प्रामाणिक इतिहास नै करिब दुई हजार वर्ष जतिको छ। त्यसभन्दा पहिलेको पौराणिक वर्णनको ठूलो खण्ड छँदैछ। काठमाडौँ उपत्यका भूगोल, पौराणिक इतिहास, सभ्यता, संस्कृति, धार्मिक क्षेत्रको कारणले गरिमामय स्थलको रूपमा ख्यातिप्राप्त छ। यही ठाउँमा वाग्वती सभ्यता, हिन्दूहरूको सर्वाधिक महत्त्वपूर्ण देवता श्रीपशुपतिनाथ, स्वयम्भू, जामाचो, शक्तिपीठहरू, समृद्ध कला, वास्तुकला, चाडपर्व, जीवनशैली, समुन्नत आर्थिक जीवनपद्धति आदि छन्।

श्रीपशुपतिनाथको मन्दिर काठमाडौँको मुख्य सहरबाट करीब ५ कि.मि. पूर्व वाग्वती किनारमा अवस्थित छ। पशुपतिको पूर्वमा मृगस्थली वा श्लेष्मान्तक जङ्गल छ भने उत्तरतिर बालस्मशान, दक्षिणमा पिंगलस्थान र पश्चिममा हालको चक्रपथ छ। यो चार किल्लाभित्र गुह्येश्वरी, देउपाटन, जयवागेश्वरी पनि पर्दछन् किनभने गुह्येश्वरी शक्तिपीठ, देउपाटनको ऐतिहासिकता पशुपतिसँग जोडिनु र जयवागेश्वरी पशुपतिनाथ आर्यघाट आदिसँग सम्बद्ध हुनु र पहिले पहिले आर्यघाटमा सती जानेहरूले जयवागेश्वरीमा केही अनुष्ठान गरी आफ्ना गरगहनाहरू चढाई सोझै चितामा जानुले र जयवागेश्वरीको भण्डार पशुपति प्राङ्गणभित्र हुनुले पनि यस कुराको पुष्टि गर्दछ। कसैकसैले पशुपतिक्षेत्रलाई वनदुर्गाको रूपमा उल्लेख गरेका छन्। *(टण्डनः २०५३, ५)*

पशुपतिक्षेत्रमा मूल रूपमा भण्डारी र विशेटहरूको बसोबास छ। उनीहरू यहाँका रैथाने हुन्। उनीहरू पशुपतिक्षेत्रमा जन्मेपछि मात्रै वैध हुने प्रचलन छ। यसको अर्थ श्रीपशुपतिनाथ मन्दिर, यहाँका नित्य नैमित्तिक कर्म, पूजा, चाडपर्व व्यवस्थापन आदिमा उनीहरूको परम्परागत आबद्धता छ। तर वर्तमानमा यिनका अतिरिक्त अन्य जातिका समूहका मानिसहरू पनि यहाँ बसोबास गर्दछन्। यस्ता समूह र थरहरूमा श्रेष्ठ, कर्माचार्य, खड्गी, ओझा, कुस्ले, डङ्गोल, शाक्य, वैद्य, साल्मी, दमाई, नाऊ, मानन्धर, झा, मिश्र आदि छन्। *(टण्डनः त्यही ५८)*

यहाँ विभिन्न कला, वास्तुकला, घाट, कुण्ड लगायतका धार्मिक सम्पदाहरू छन्। धार्मिक र वास्तुकलाले यति वैभवपूर्ण ठाउँ अन्यत्र देख्न पाइँदैन। यहाँका हरेक मूर्त, अमूर्त सम्पदाहरूको वेदान्तको ब्रह्म, जीव र जगत्का स्वरूपलाई प्रतिनिधित्व गरिरहेको आभास पाइन्छ। संसारमा अधिकांश धार्मिकस्थलहरू सम्बन्धित धर्मसँग सम्बद्ध हुन्छन् तर पशुपतिक्षेत्र यो अवस्थाभन्दा धेरै माथि छ। यहाँ धर्म, दर्शन, तन्त्र, मन्त्र, योग, साधना, ध्यानका सिद्धान्तहरूको समन्वय छ। यो पक्ष नै यहाँको विशिष्टता हो। त्यसैले यहाँ सबै पक्षका मानिसको आकर्षण छ।

(४) श्रीपशुपतिनाथको चिनारी

श्रीपशुपतिनाथलाई नेपालका आराध्यदेव मानिन्छ। शास्त्रमा यी देवाधिदेव कहलाइएका छन्। पशुपति पशु र पति शब्दबाट बनेको हो। यी शब्दमा मूर्त र अमूर्त तत्त्वहरू आउँछन्। यसको अर्थ जीवात्मा र परमात्मा भन्ने हुन्छ। अथवा जीव र परमात्मालाई जोड्ने तत्त्व पशुपति हुन् भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ। पशुपति भनेका ब्रह्मतत्त्व र जीवतत्त्व हुन्। पशुपतिमा दुवै तत्त्वको सम्मिलन छ। वैदिक साहित्यहरू- ऋग्वेद, यजुर्वेद, अथर्ववेद, सामवेद र अन्य उपवेदहरूमा श्रीपशुपतिनाथलाई रुद्र, शिव आदि विभिन्न नामले सम्बोधन गरिएको पाइन्छ। त्यसैले त्यस्तै विभिन्न ब्राह्मण साहित्यहरूमा पनि विभिन्न चर्चा पाइन्छन्। त्यसैगरी उपनिषत् साहित्यमा एउटै देवतालाई विभिन्न नाम- ईश, महेश्वर, शिव, इशान आदि नामले सम्बोधन गर्न थालिएका प्रसङ्ग पाइन्छन्। उपनिषत्मै पशुपतिलाई परब्रह्म मात्र भनिएको छैन, साङ्ख्य दर्शनको पच्चीसौँ तत्त्व पुरुषभन्दा माथिको तत्त्वको रूपमा लिइएको छ। सूत्रसाहित्यहरूमा रुद्रका रूप शिव, शङ्कर आदिको उल्लेख पाइन्छ। पाणिनिको अष्टाध्यायीमा रुद्रलाई शर्व, भवको रूपमा चर्चा गरिएको छ। त्यस्तै रामायणमा भगवान् शिवको प्रशस्त यशोगान गरिएको छ। महाभारतमा भगवान् शिवको दार्शनिक पक्ष अगाडि बढेको पाइन्छ। *(कोइराला: २०५१, ३९-५२, ७१-१००, टण्डन: उही ५९-८६)*

हिन्दू परम्परामा त्रिदेवको अवधारणा छ। त्रिदेव अर्थात् ब्रह्मा, विष्णु, महेश। यिनलाई क्रमशः सृष्टिकर्ता, संभारकर्ता र संहारकर्ताको रूपमा लिइएको छ। महेशलाई प्रयुक्त संहार शब्दको अर्थ धेरै गहिरो र जटिल छ। सिधा आँखाले हेर्दा यो शब्द नाश गर्ने तत्त्वको रूपमा देखिन्छ तर त्यसो होइन। जस्तो बौद्धदर्शनमा निर्वाण छ। निर्वाणको अर्थ निम्ति अर्थात् मानिसमा भएका सम्पूर्ण क्लेश, दुराभावको अन्त्य हुनु भन्ने अर्थमा लिइन्छ। यो संहार अर्थ पनि त्यस्तै हो। पुराणहरूमा शिव र पार्वतीको चर्चा विभिन्न किसिमले गरिएको छ। शिव र पार्वतीको विषय पनि धेरै जटिल र गम्भीर छ। शिव र शक्ति सृष्टिका दुई तत्त्व हुन्। यो साङ्ख्यदर्शनको प्रकृति पुरुष र वेदान्तको ब्रह्म र माया जस्तो हो। सृष्टिमा क्रिश्चियनहरूले एडम र इभको अस्तित्व स्वीकार्दछन्। धार्मिक ग्रन्थमा देवी र देवता, मानवजगत्मा स्त्री र पुरुष, योगको इडा र पिंगला, विज्ञानको Electron र Proton का विशिष्ट रूप शिव शक्ति हुन्। शिव र पार्वतीको नाम रूपले सम्पूर्ण तत्त्व ढाकेको अर्थमा बुझ्नुपर्दछ। द्वन्द्वात्मक भौतिकवादले पनि स्वीकारेको पक्ष के होभने मानिसको शरीरमा दायाँ बायाँ दुई तत्त्व हुन्छन्। तिनैका प्रतीक हुन् शिव शक्ति (पुरुष र महिला)।

पुराणमा भगवान् शिवलाई पार्वती, विभिन्न देवीदेवता, कुमार, गणेश, दक्षप्रजापति, विभिन्न गणहरू, वाहन, यक्ष, गन्धर्व, किन्नर, दैत्य, विभिन्न आयुध, विभिन्न रूप, विभिन्न क्रियाकलापसँग सम्बद्ध देखाइएको छ। साथै हिमालय पर्वत, मृगस्थली, श्लेष्मान्तक वन आदि ठाउँसँग पनि जोडिएको छ। भगवान् शिवसँग सम्बद्ध विभिन्न पौराणिक साहित्य र अन्य ग्रन्थहरू ठूलो सङ्ख्यामा पाइन्छन्। ती साहित्यबाट भगवान् शिव वा पशुपतिनाथबारे यथेष्ट जानकारी पाउन सकिन्छ। समयक्रममा भगवान् शिवलाई माध्यम बनाएर विभिन्न मतहरू- कापालिक, लिङ्गायत, काश्मीरी शैव, पाशुपत, नकुलीश, वीरशैव, नाथ आदि मत र सिद्धान्तको विकास भयो। यी सबैको पृष्ठभूमिमा भगवान् शिव वा पशुपतिनाथ नै छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको दुईतले मन्दिरको छाना सुनको मोलम्बायुक्त तथा मन्दिर धातुकला र काष्ठकलाले पूर्ण भएकाले भव्य र आकर्षक छ। मन्दिरको बाहिरी भित्ताको चारैतिर तीनतीनवटा ढोकाहरू छन्। सुनको मोलम्बा र चाँदी निर्मित भएकोले यिनले मन्दिरको भव्यतालाई भद्र बनाएका छन्। ढोकाको दायाँ बायाँ अष्टभैरव, अष्टमातृका आदि देवीदेवताका मूर्ति र चित्रहरू सजाइएका छन्। मन्दिरका खोपाहरू त्यत्तिकै आकर्षक छन्। यहाँ आँखीझ्यालहरू पनि छन्। यहाँका टुँडालहरू सजीव छन्। मन्दिरको चारैतिर रामायण, महाभारतका पात्रहरू, कुमार, गणेश, विष्णु आदिका विभिन्न मूर्तिहरू छन्। यिनको अतिरिक्त सिंह, शार्दूल, महानागको साथै चन्द्र, सूर्य, कलशका चिह्नहरू पनि भएकाले मन्दिरको भव्यता र आकर्षण अद्वितीय छ। मन्दिर परिसरमा विभिन्न देवीदेवताका मन्दिर र मूर्तिहरू ठूलो सङ्ख्यामा छन्।

श्रीपशुपतिनाथको मन्दिरको गर्भगृहमा पाँच मुहार भएको शिवलिङ्ग छ। त्यही शिवलिङ्ग नै यहाँको मूलतत्त्व र पक्ष हो। यहाँका पाँच मुहारहरूमा- सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान हुन्। यिनीहरू क्रमशः पूर्व, पश्चिम, दक्षिण, उत्तर र ऊर्ध्व शिखामा रहने पञ्चप्राणतत्त्व मानिन्छन्। (टण्डनः त्यही ४४८) विभिन्न पौराणिक साहित्यमा लिङ्गको विशद व्याख्या गरिएको पाइन्छ। लिङ्ग र योनि शिव र शक्तिका प्रतीक हुन्। शिवलिङ्ग योनि अथवा जलहरीमाथि ठडिएको हुन्छ। यो सृष्टिको प्रतिबिम्ब हो। यो आकाश र पृथ्वीको प्रतीक पनि हो। श्रीपशुपतिनाथको पूजा-परम्परा मौलिक, विशिष्ट र क्लिष्ट छ। यहाँको पूजापरम्परा मल्लकालदेखि व्यवस्थित हुँदै आएको हो। दक्षिणभारतका भट्ट पुजारीहरूको परम्पराको थिति बाँधिएपछि केही घटनालाई छोडेर पूजा व्यवस्थित रहँदै आएको छ। यहाँका नित्य, नैमित्तिक पूजा उनीहरूकै अगुवाईमा सम्पादन हुन्छ। यहाँ मूलभट्ट, सहायक भट्ट, भण्डारीको पूजापरम्परामा, व्यवस्थापनमा उपस्थिति रहने भए पनि मूलभट्टभन्दा अरूले ज्योतिर्लिङ्ग छुन पाउँदैनन्। यिनको अतिरिक्त नित्य, नैमित्तिक पूजामा विसेट, कुसुले, दमाई, माली, ब्राह्मणहरू पनि संलग्न हुन्छन्। पशुपतिनाथको पूजा संसारमै सबैभन्दा कठिन पूजा मानिन्छ। पशुपतिनाथमा नित्यपूजामा लघुरुद्री, रुद्रीपाठ, महारुद्री, अतिरुद्री र पञ्चामृतपूजा हुन्छ भने नैमित्तिक पूजामा पवित्रारोहण, बालाचतुर्दशी, कैलास कुसुमारोहण, महास्नान, महाबलि र शिवरात्रि पर्दछन्। *(कोइरालाः उही, ४४१-६८), टण्डनः उही १०७-३१)*।

(५) श्रीपशुपतिनाथको आधिकारिक विवरण

धार्मिक पर्यटनमा धार्मिक क्षेत्रको आधिकारिकताले महत्त्वपूर्ण भूमिका खेल्दछ। प्रामाणिक र आधिकारिक ठाउँमा तीर्थयात्री, अनुसन्धानकर्ता आदिहरू मन, वचन र कर्मद्वारा निर्देशित र अभिप्रेरित हुन्छन्। प्रामाणिकताले पर्यटन गन्तव्यलाई स्पष्ट पार्दछ। (कुँवरः २०११, ८४) उदाहरणका लागि कपिलवस्तुको तौलिहवा पारी आफ्नो सरहदभित्र अलिगढको पिपरा भन्ने ठाउँमा भारतीयहरूले नक्कली कपिलवस्तुको निर्माण गरेका छन्। कपिलवस्तु शाक्यहरूको राजधानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, जहाँ शाक्यमुनि बुद्धले आफ्ना प्रारम्भिक २९ वर्ष बिताएका थिए। शाक्यहरूको राजधानी कपिलवस्तु तौलिहवा बजारदेखि उत्तरमा पर्दछ। यहाँ विभिन्न चरणमा नेपाली, भारतीय, युरोपेली आदि मुलुकका पुरातत्त्वविद्हरूले अन्वेषण र उत्खनन गरेका छन्। केही भारतीयलाई छोडेर सबैले गरेको उत्खननबाट कपिलवस्तु नै शाक्यहरूको राजधानी प्रमाणित भएको छ। वर्तमानमा पनि त्यहाँ बेलायती पुरातत्त्वविद्हरूले उत्खनन गरिरहेका छन्। ती अध्ययनबाट नयाँनयाँ तथ्य बाहिर आउँदैछन्। प्राचीन कपिलवस्तुप्रति जुन अन्तर्राष्ट्रिय आकर्षण छ नक्कली कपिलवस्तुप्रति हुने अवस्था नै होइन। त्यसैले पर्यटनमा प्रमाणिकताले महत्त्व राख्दछ। त्यसो हुनाले श्रीपशुपतिनाथको आधिकारिकतालाई पुष्टि गर्ने विभिन्न साहित्यिक तथा पुरातात्त्विक आधारहरू छन्-

वैदिक साहित्य - ऋग्वेद, यजुर्वेद, अथर्ववेद।

ब्राह्मणग्रन्थमा - जैमिनीयब्राह्मण, कौशितकीब्राह्मण।

उपनिषत्मा - श्वेताश्वतर, मैत्रायणी, प्रश्नोपनिषद्, शिवोपनिषद्, रुद्रोपनिषद्, पाशुपतब्रह्मोपनिषद्, कैवल्योपनिषत्, अथर्वशीर्ष।

सूत्रसाहित्यमा - श्रौतसूत्र, बौधायन धर्मसूत्र, गृह्यसूत्र।

अन्य साहित्यमा - पतञ्जलिको महाभाष्य, बुद्धचरित, मृच्छकटिक, मनुस्मृति, पाणिनिको अष्टाध्यायी, कौटिल्यको अर्थशास्त्र, रामायण, महाभारत, कामसूत्र, भरतनाट्यम्, कालिदासको कुमारसम्भव, मेघदूत, तन्त्र साहित्य आदि।

पुराणहरूमा - पशुपतिपुराण, नेपाल माहात्म्य, हिमवत्खण्ड, शिवरहस्यम् आदि। यी प्राचीन साहित्यमा कतै रुद्र, कतै शिव, कतै सर्व, भव उग्र इशान, कतै पशुपति आदि विभिन्न नामले एउटै देवतालाई सम्बोधन गरिएको पाइन्छ।

नेपालमा लिच्छविकालदेखिका शिलालेख, ताम्रपत्र, कनकपत्र पाइन्छन्। यस्ता अभिलेखहरू लिच्छविकालभन्दा मल्लकालका अधिक छन्। लिच्छविकाल र मल्लकाल गरी पशुपतिसम्बन्धी ३२ वटा अभिलेख भएको कुरा डा. गोविन्द टण्डनले उल्लेख गर्नुभएको छ। *(टण्डनः त्यही, १००-१०७)*। पशुपतिनाथको गौरवमय परम्परालाई पुष्टि गर्ने अन्य महत्त्वपूर्ण आधारहरू पनि छन्- पशुपतिको नाममा मुद्रा प्रचलन र संवत् आरम्भ। लिच्छविकालमा विभिन्न समयमा शासकहरूले विभिन्न किसिमका पशुपति मुद्रा प्रचलनमा ल्याएका थिए। लिच्छविशासकहरूले पशुपति मुद्राहरूमा पशुपतिप्रति सम्मान व्यक्त गर्दै मुद्रा जारी गर्दथे। गोपालराजवंशावलीमा राघवदेवको पालामा पशुपति संवत् चलेको उल्लेख छ *(वज्राचार्य र मल्लः १९८५: २१५)*।

यी सबै तथ्य र प्रमाणहरूबाट श्रीपशुपतिनाथको आधिकारिकता, गौरवमय परम्परा अविच्छिन्न रूपमा रहँदै आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) श्रीपशुपतिनाथसम्बन्धी महत्त्वपूर्ण तिथिमितिहरू :

श्रीपशुपतिनाथको मन्दिर निर्माण	- सुपुष्प (कलिगत वर्ष १२३९)
त्रिशूल स्थापना	- वृषदेव (७९०)।
मन्दिर पुनर्निर्माण (तामाको छानासहित)	- शिवदेव (११५६)
शङ्कराचार्यको आगमन	- (११५७)
खसमल्लको पहिलो आक्रमण	- जितारिमल्ल (१३४४)
ध्वजारोहण र सुनको छाना	- अनन्तमल्ल (१३५४)
शमशुद्दीनको आक्रमण	- (वि.सं. १४०६) जयार्जुनदेव र स्थिति मल्लको संयुक्त शासन
वर्तमान शिवलिङ्गको स्थापना	- जयसिंहरामवर्धन (१४१७)
तोरणहरूको निर्माण	- चौतारा देवीदास (१४२४)
उन्मत्तभैरवको स्थापना	- नारायण भट्ट (१५२७)
मन्दिर पुनर्निर्माण (वर्तमानस्वरूप)	- गंगारानी (१६५३)
तान्त्रिक पूजाको सुरुवात र शिवलिङ्ग स्पर्श गर्न नपाइने व्यवस्था	- जगज्जयमल्ल (१७९२)
चाँदीको जलहरी निर्माण	- रणबहादुर शाह (१८३६)
चाँदीको ढोका	- राधावल्लभ अर्याल,गोरक्षराज्य,अमर सिंह थापा, विलास कुमारी,भीमसेन थापा,रणवीर सिंह थापा (१८७०-७१)
बसाहाको निर्माण	- जगत्जंग (१९३६)/(स्रोतः विभिन्न पुस्तकहरू)

(७) पशुपतिक्षेत्रका प्रमुख जात्राहरूको तालिका

त्रिशूल जात्रा	आषाढकृष्ण अष्टमी।
गङ्गामाई जात्रा	आषाढशुक्ल सप्तमी।
उपाको वनेगु जात्रा	भाद्रशुक्ल द्वादशी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेश जात्रा	कार्तिकशुक्ल पूर्णिमा र प्रतिपदा।
गुह्येश्वरी जात्रा	भाद्रकृष्ण अष्टमीदेखि द्वादशीसम्म।
माधवनारायण जात्रा	पौषशुक्ल पूर्णिमादेखि माघकृष्ण पूर्णिमासम्म।
दुःदुः च्याँःच्याँः	चैत्रशुक्ल सप्तमीदेखि चुतर्दशीसम्म।
वत्सलेश्वरी जात्रा	घोडेजात्रादेखि तीन दिनसम्म।
वज्रेश्वरी जात्रा	चैत्रकृष्ण त्रयोदशीदेखि सात दिनसम्म।
वाग्वती तीर्थयात्रा	वैशाख शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म। *(टण्डनः त्यही, ५०५-४२)*

(८) पशुपतिक्षेत्रका मूर्त सम्पदाहरूको सूची

मूर्तिहरू-

ज्योतिर्लिङ्ग, उमामहेश्वर, नटराज, शङ्कर, ज्वरेश्वर, चण्डेश्वर, विश्वरूप, विष्णुविक्रान्त, विष्णुराम, परशुराम, बलराम, धन्वन्तरि, गरुडनारायण, जलशयन विष्णु, कृष्ण, सप्तमातृका, मायादेवी, वनकाली, वज्रेश्वरी, मङ्गलागौरी, यमुना, लक्ष्मी, अन्नपूर्णा, बालकुमारी, शीतलागणेश, सूर्य, बुद्ध, विरूपाक्ष, यमराज, ब्रह्मा, हनुमान्, गरुड, कार्तिकेय, नागराज, गोरखनाथ, दक्षिणामूर्ति आदि।

मन्दिरहरू-

पशुपतिनाथ, गुह्येश्वरी, जयवागेश्वरी, वासुकि, ताम्रेश्वर, भुवनेश्वरी, वत्सलेश्वरी, राजराजेश्वरी, कोटिलिङ्गेश्वर, चन्द्रविनायक, विष्णु, वनकाली, दक्षिणामूर्ति, गोरखनाथ, विश्वरूप आदि।

(९) धार्मिक पर्यटनको गन्तव्य श्रीपशुपतिनाथ

पौराणिक र ऐतिहासिक पक्षबाट हेर्दा वैदिककालदेखि श्रीपशुपतिनाथको चर्चा भएकोले त्यसवेलादेखि यहाँ मानिसहरूको ओहोर दोहोर भएको अनुमान गर्न सकिन्छ। हिमवत्खण्ड पशुपतिपुराण नेपाल माहात्म्यमा नेपाल र काठमाडौं उपत्यकाका विभिन्न तीर्थहरूमध्ये पशुपतिक्षेत्रको महत्त्वको चर्चा पशुपतिक्षेत्रलाई उत्तरकाशीको रूपमा गरिएको पनि पाइन्छ। हिमवत्खण्डमा त पशुपतिक्षेत्रमा चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) प्राप्त हुने र यहाँको दर्शन, भ्रमण, पूजापाठबाट शिवलोक प्राप्त हुने उल्लेख गरिएको छ। त्यस्तै उपर्युक्त ग्रन्थमा वाग्वती नदी, श्लेष्मान्तक वनको धार्मिक महत्त्वको पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चा छ। श्रीपशुपतिनाथलाई कतै माहेश्वरधाम, कतै पशुपतिपुरी, कतै पशुपतिक्षेत्रको रूपमा उल्लेख गरिएको छ। *(टण्डनः त्यही, २००)*।

धार्मिक क्षेत्रको भ्रमण त्यहाँको धार्मिक इतिहास, परम्परा, संरचना, मूर्त, अमूर्त, सम्पदा अवलोकन, अध्ययन, धार्मिक अनुष्ठान, मानसिक शान्ति, सफलता, सुखसमृद्धि, सङ्कटमोचन आदिको कारणले गरिन्छ। श्रीपशुपतिनाथको भ्रमण पनि यिनै उद्देश्यबाट प्रेरित छ। यहाँको धार्मिक भ्रमण भगवान् श्रीपशुपतिनाथमा केन्द्रित छ। पशुपतिक्षेत्रले विश्वशान्ति, मित्रता, समन्वय, प्रेम र सद्भावको सन्देश पनि दिन्छ। पशुपतिक्षेत्र गरिमामय अन्तर्राष्ट्रिय धार्मिक पर्यटन गन्तव्यको रूपमा भएको कुरालाई मनन गर्नुपर्दछ। त्यसैले यो क्षेत्र यूनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत छ।

पौराणिक साहित्यले पशुपतिक्षेत्रमा भगवान् कृष्ण, प्रद्युम्न, नारदले धार्मिकयात्रा गरेको सन्दर्भ उल्लेख गरेको छ। ईशापूर्वमै सम्राट् अशोकको पशुपति भ्रमण, देवपत्तनको स्थापना, ऐतिहासिक कालमा शङ्कराचार्यको भ्रमण महत्त्वपूर्ण छन्। भारतबाट विभिन्न भट्ट, विद्वान्, योगी, ज्योतिषी, तान्त्रिक, तपस्वी, साधक, नटुवाहरूले यहाँ भ्रमण गर्ने परम्परा नै छ। त्यसैगरी खसमल्लले नेपाल उपत्यका आक्रमणको क्रममा पशुपतिक्षेत्रमा गरेका धार्मिक क्रियाकलापको बेग्लै महत्त्व छ।

(१०) पर्यटकहरू

पर्यटकसम्बन्धी अवधारणाको विकास कोहेन (Cohen) ले गरेका हुन्। पर्यटक वर्गीकरणले पर्यटन क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्दछ। विभिन्न मुलुकहरूमा पर्यटक अनुसार पर्यटनको मूल्याङ्कन गर्ने चलन छ। त्यसमा पनि आन्तरिक र बाह्य पर्यटक, प्याकेज टुरिज्म, पर्यटकको सङ्ख्या, उनीहरूको बसाई अवधि, मुलुक र विभिन्न मुलुकका नागरिकले पर्यटनमा प्रभाव पार्दछन्।

श्रीपशुपतिनाथमा आन्तरिक, बाह्य, हिन्दू र गैरहिन्दू सबै किसिमका पर्यटकहरू भ्रमण गर्दछन्। आन्तरिक पर्यटकमा नेपालका विभिन्न ठाउँका मानिसहरू कुनै कामविशेषले काठमाडौँ आउँदा बहुसङ्ख्यकले अनिवार्यरूपमा पशुपतिको दर्शन, पूजन भ्रमण आदि गर्दछन्। विभिन्न पर्वहरू- शिवरात्रि, बालाचतुर्दशी आदिमा यिनै पर्वलाई आधार बनाएर देशका विभिन्न ठाउँबाट पशुपतिक्षेत्रको भ्रमण गर्नेको सङ्ख्या पनि उल्लेख्य रहन्छ। यसरी भ्रमण गर्ने सामाजिक जीवनका विभिन्न पक्षका मानिस पर्दछन्। बाह्य पर्यटकका हिन्दू, बौद्ध लगायत सबै धर्मावलम्बीले पशुपतिक्षेत्रको भ्रमण गर्ने गर्दछन्। पशुपतिनाथको प्राङ्गणभित्र ॐकार परिवारभित्रकालाई निर्बाध आवागमन, पूजा आदि गर्न पाउने व्यवस्था छ। यहाँको पवित्रता, गोपनीयताको दृष्टिले अन्य धर्मावलम्बीलाई प्रवेश निषेध छ। भित्र प्रवेश गर्नेहरूले पनि छालाका सामान, जुत्ता, क्यामेरा आदि लैजान पाउँदैनन्। संसारमा विभिन्न ठाउँका महत्त्वपूर्ण धार्मिकस्थलझैँ यहाँ पनि मूलद्वारमा "हिन्दूहरूको लागि मात्र" लेखिएको छ। प्राङ्गण बाहिर र अन्य ठाउँहरूमा हिन्दू बाहेककाहरूको बाक्लो उपस्थिति हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गैरहिन्दूहरूले पशुपतिनाथको प्राङ्गण बाहिर सबैतिर निर्बाध रूपले घुम्न पाउँछन्। यसरी यहाँ आउने पर्यटकहरू यहाँको मूर्त, अमूर्त संस्कृति र सम्पदाको अध्ययन, अनुसन्धान, अवलोकनका लागि आउने गरेको पाइन्छ। नेपाल बसाईको क्रममा पशुपतिक्षेत्र उनीहरूको विचरणस्थल हुन जान्छ।

(११ श्रीपशुपतिनाथको आकर्षण र सम्मान

माथि उल्लेख भएझैँ वैदिककालदेखि भगवान् शिवप्रतिको श्रद्धा, आस्था र विश्वासको कारणले यो क्षेत्र परापूर्वकालदेखि आकर्षणको केन्द्र रह्यो। विभिन्न ऐतिहासिक कालखण्डदेखि वर्तमानसम्म यसको महत्ता र गरिमा अझ विस्तार हुँदो छ। श्रीपशुपतिनाथलाई नेपालमा देवाधिदेव, आराध्यदेव, राष्ट्रदेव भनेर पुकारिन्छ। हिन्दूहरूको विश्वास र परम्पराअनुसार सम्पूर्ण जीव, जगत्, ब्रह्म भगवान् शिव नै हुन्। आकाश, अन्तरिक्ष र पृथ्वी सबैतिर व्याप्त छन् भन्ने विश्वास उनीहरूमा छ। अथवा सम्पूर्ण सृष्टिको आदि, अन्त्य शिवमै केन्द्रित छ। त्यसैले भगवान् श्रीपशुपतिनाथप्रति समस्त हिन्दूहरूको अगाध श्रद्धा र विश्वास छ। श्रीपशुपतिनाथको गजुरलाई टाढैबाट देख्दा पनि मानिसहरू शिर झुकाउन बाध्य हुन्छन्। त्यहाँका सम्पूर्ण सम्पदाहरूप्रति मानिसहरूको त्यत्तिकै सम्मान छ। शास्त्रमा उल्लेख भएको वाग्वती, कैलास, श्लेष्मान्तक वन, मृगस्थली, शालीनदी, गौरीघाट, आर्यघाटप्रति मानिसको श्रद्धा उत्तिकै छ। पशुपति पुग्ने मानिसले डुक्रँदै हिँड्ने साँढेलाई पनि सम्मान गरेकै देखिन्छ। त्यहाँ बस्ने हरेक साधु सन्तहरूले पनि पशुपति पुग्नेहरूबाट यथोचित सम्मान पाइरहेकै हुन्छन्। पशुपतिमा पुग्ने हरेक मानिसले 'जय शम्भु ! जय पशुपति ! भोले बाबा !' उच्चारण गर्दै वातावरणलाई पशुपतिमय बनाइरहकै हुन्छन्। आर्यघाटलाई मानिसले अन्तिम सत्यको रूपमा लिइरहेकै छन्। पितृउद्धार, स्वयं उद्धारको थलोको रूपमा पनि मानिसहरूले कर्म गरिरहेकै हुन्छन्। नेपालीहरूले अन्तिम आधार र विकल्पका रूपमा श्रीपशुपतिनाथलाई लिन्छन् र भन्ने गर्दछन् "अब पशुपतिनाथले बचाए मात्रै"।

धार्मिक यात्रा र तत्सम्बन्धी क्रियाकलाप हरेक व्यक्तिको जीवनका महत्त्वपूर्ण पक्ष हुन्। धार्मिक पर्यटनका दृष्टिले नेपाल संसार प्रसिद्ध छ। पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, वराहक्षेत्र, जनकपुरधाम, हरिहरक्षेत्र, स्वर्गद्वारी उदाहरण हुन्। यिनमा पशुपतिक्षेत्र धेरै पुरानो धार्मिकस्थल हो। यहाँका प्रत्येक वस्तु र क्षेत्र आधिकारिक र विशिष्ट छन्। यसलाई हरेक व्यक्तिले आत्मसात् गर्न सक्छ, देख्न सक्छ, मनन गर्न सक्छ। माथि भनिएझैँ यो क्षेत्र विशिष्ट धार्मिक केन्द्र त हुँदै हो मूर्त, अमूर्त संस्कृति र सम्पदाको नमुना क्षेत्र पनि हो। यहाँको धेरै विषयहरू यहीँबाटै निःसृत भएका छन्। पशुपतिक्षेत्र शिव शान्तिको क्षेत्र हो। पशुपतिनाथलाई हिन्दूहरूले अन्तिम आधार मान्दछन्। यहाँ भ्रमण गर्ने मानिसले सुख, शान्ति, सफलताप्रतिको आकाङ्क्षा राख्दछन्। पशुपति जस्तो विशिष्ट क्षेत्रको विकास र विस्तार तथा सुधारमा अझै धेरै काम गर्नुपर्ने देखिन्छ किनभने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँको धार्मिक पर्यटनको विकासले यो क्षेत्रको मात्र होइन, समग्र मुलुकको विकासमा टेवा पुग्न सक्छ। "श्रीपशुपतिनाथले सबैको कल्याण गरून्" ।

सन्दर्भसामग्री

कोइराला, कुलचन्द्र, २०५१ **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ,** *काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।*

कोइराला, कुलचन्द्र, २०६५ **शाक्त सम्प्रदाय र शक्तिपीठ,** *काठमाडौँ, कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।*

टण्डन, डा. गोविन्द, २०५३ **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,** *काठमाडौँ, श्रीभ्हरेन्द्र शम्शेर ज.व.रा.तथा श्रीमती मञ्जु राणा ।*

टण्डन, डा. गोविन्द, २०५६ **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** (अभिलेख खण्ड) *काठमाडौँः श्रीभ्हरेन्द्र शम्शेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा ।*

रेग्मी, जगदीशचन्द्र, २०३० **लिच्छवि संस्कृति** (प्रथम संस्करण) काठमाडौँ, *रत्नपुस्तक भण्डार ।*

रेग्मी, जगदीशचन्द्र, २०३३ **शाहकालीन कला र वास्तुकला,** *काठमाडौँः साझा प्रकाशन ।*

वज्राचार्य, धनवज्र, २०३० **लिच्छविकालका अभिलेख,** *कीर्तिपुरः नेपाल र एसियाली अध्ययन संस्थान ।*

अङ्ग्रेजी

Cohen, Eric, 1972 **Towards A Sociology of Interntional Tourism Social** *Research 39 (1)*

Kunwar, R.R., 2006 **Tourists and Tourism Science and Industry Interface** *Kathmadnu: International School of Tourism and Hotel Management.*

Kunwar, R.R., 2011 **Special Interest Tourism: A Study of Growing Significance of Food Tourism. THE GAZE Journal of Tourism and Hospitality** *Kathmandu: International School of Tourism and Hotel Management 3(1)*

Vajracharya, Dhanabajra, K.P.Malla, 1985 **The Gopalrajavansavali** *Kathmandu: Nepal Research Centre.*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको पुजारीपरम्परा

–प्राज्ञ प्रा. दिनेशराज पन्त

वि.सं. १९३७ मा भारतको गुजरातका भगवान्‌लाल इन्द्राजीले नेपालका २३ वटा अभिलेख प्रकाश नगरेसम्म नेपालको इतिहासको चर्चा वंशावलीहरूको आधारमा मात्र हुन्थ्यो। वंशावलीहरूले नेपालको इतिहास गोपालवंशी राजाहरूबाट उठाएका छन्। गोठालाले प्रतिदिन गाई चराउन लगेको ठाउँमा गाईले दूध चुहाउने गरेको देखेर त्यस ठाउँमा खनेर हेर्दा पशुपति भट्टारक भेटिए भनी गोपालवंशी राजाहरूको सुरुआत गर्नुभन्दा अगाडि गोपालराजवंशावलीमा लेखिएको छ। यसबाट नेपालको इतिहासको सुरुआत नै पशुपतिसँग गाँसिएको छ भन्ने स्पष्ट हुन्छ। लिच्छविकालकै कुरा गर्ने हो भने पनि राजाहरूले **भगवत् पशुपतिभट्टारकपादानुगृहीतः** (भगवान् पशुपति भट्टारकका पाउको अनुग्रह पाएका) भनी आफ्नो प्रशस्तिमा कुँदाउनुका साथै त्यस वेलाका राजा प्रजाले पशुपतिमा कीर्ति राखेका निकै उदाहरण पाइन्छन्। संवत् ४५५ (वि.सं. ५९०) को पशुपति भस्मेश्वरको ध्रुवसङ्घको अभिलेखमा **भगवतः पशुपतेः क्षेत्रे** (भगवान् पशुपतिको क्षेत्रमा) भन्ने स्पष्ट उल्लेख पाइएकोले त्यसवेला पशुपतिको मन्दिर मात्रै होइन, क्षेत्रकै रूपमा पशुपतिको विकास भइसकेको थियो भनेर स्पष्टसँग बुझ्न सकिन्छ। यसरी प्राचीन कालदेखि नै नेपालीहरूको आराध्यदेव भएका श्रीपशुपतिनाथको वर्तमानकालसम्म रहेको महत्त्वको बारेमा स्पष्टै छ। उपलब्ध सामग्रीको आधारमा श्रीपशुपतिनाथको पुजारीपरम्पराको विषयमा केही कोर्ने जमर्को यस लेखमा गरिएको छ।

पशुपतिमन्दिरसँगै दक्षिणपूर्वपट्टि रहेको छत्रचण्डेश्वरको मूर्तिमै जोडिएर रहेको स्तम्भलेख प्रणर्दन प्राणकौशिकको हो। आचार्य भगवान् विशेषण लगाइएका यी प्रणर्दन प्राणकौशिकले जिष्णुगुप्तले शासन गरिरहेका वेलामा पशुपतिको पुजारीको रूपमा काम गरेको देखिन आएको छ। यसको आधारमा त्यसवेला श्रीपशुपतिनाथका पुजारी दशनामी संन्यासीहरू हुन्थे भन्ने बुझिन्छ। पछि सन्न्यासीहरू पशुपतिको पुजारी बन्ने परम्परा हट्यो र दाक्षिणात्य भट्ट ब्राह्मणहरूद्वारा पशुपतिको पूजा हुन थाल्यो। यो परम्परा कहिलेसम्म चल्यो भन्ने कुरा त्यति स्पष्ट नभए तापनि वंशावलीको आधारमा विचार गर्ने आधार भने पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँका राजा रत्न मल्लको पालामा सोमेश्वरानन्द नामका सन्न्यासी मध्यदेशदेखि आए र उनलाई योग्य ठहराई पशुपतिको पुजारी बनाइयो, त्यसपछि सन्न्यासीहरू पशुपतिका पुजारी हुन थाले भनी भाषावंशावलीमा लेखिएको छ। सन्न्यासीहरूको पुजारीपरम्परा यस प्रकार छ –

१. सोमेश्वरानन्द २. भैरवानन्द ३. नित्यानन्द ४. ज्ञानानन्द ५. विमलानन्द ६. राघवानन्द ७. कपिलानन्द

ने.सं. ८५५ (वि.सं.१७९२) को पत्रमा ने.सं. ७०० (वि.सं. १६३७) मा भैरवानन्द स्वामी पशुपतिका पुजारी थिए भन्ने उल्लेख पाइएकोले सोमेश्वरानन्दपछि भैरवानन्द पशुपतिका पुजारी भएका देखिन्छन्। भैरवानन्दपछि पशुपतिको पुजारीको रूपमा राजा शिवसिंह मल्लको पालामा नित्यानन्द स्वामीको उल्लेख गरिएको पाइन्छ। दक्षिण देशदेखि आएका नित्यानन्द स्वामी पशुपतिमा बसिरहेका छन् भन्ने सुनी शिवसिंह मल्लकी रानी पशुपति गई उनलाई योग्य ठहराई पशुपतिको पुजारी बनाएको उल्लेख भाषावंशावलीमा छ। नित्यानन्दपछि ज्ञानानन्द स्वामीको पशुपतिको पुजारीको रूपमा उल्लेख गरिएको पाइन्छ। प्रताप मल्लले ज्ञानानन्द नामका स्वामी दक्षिणदेशबाट पशुपतिमा आएर बसेका छन् भन्ने सुनी पशुपतिमा गई योग्य ठहराई उनलाई पशुपतिको पुजारीमा नियुक्त गरेको बयान भाषावंशावलीमा छ। ज्ञानानन्दपछि विमलानन्दको उल्लेख पाइन्छ। प्रताप मल्लका छोरा नृपेन्द्र मल्लको पालामा ज्ञानानन्द स्वामी पशुपतिको पुजारी पद छोडी स्वेच्छाले फर्के, विमलानन्द नामका स्वामी टङ्केश्वरमा आई बसेको कुरा सुनी राजा नृपेन्द्र मल्ल टङ्केश्वरमा पुगी योग्य ठहराई पशुपतिको पुजारी नियुक्त गरेको बयान भाषावंशावलीमा छ। विमलानन्दपछि राघवानन्द पशुपतिको पुजारी भएको उल्लेख पाइन्छ।

दक्षिणदेशबाट राघवानन्द स्वामी पशुपतिनाथको दर्शन गर्न आएकाले विमलानन्द स्वामीले राजा भूपालेन्द्र मल्ललाई बक्साई राघवानन्दलाई पशुपतिको पुजारी बनाई विमलानन्द काशी गएको र त्यहीँ उनको मृत्यु भएको बयान भाषावंशावलीमा छ। यी राघवानन्द स्वामी पशुपतिको पुजारी भएको वेलामा काठमाडौँ राज्यमा घटेको घटनासँग यिनी पनि जोडिन पुगेको वर्णन ठ्यासफु र वंशावलीहरूमा पाइन्छ।

काठमाडौँका राजा प्रताप मल्लले आफ्नो वरिपरिका राज्यहरूलाई दबाई कुशलतापूर्वक राज्य सञ्चालन गरिरहेका थिए। त्यसैगरी आफ्नो पालाका भारदारहरूलाई पनि दबाएर उनले शासन गरेका थिए। वि.सं. १७३१ वैशाख ९ गते ५१ वर्षको उमेरमा प्रताप मल्लको मृत्यु भयो। उनले आफूपछि आफ्नो मन परेकी रानीपट्टिका छोरा महीपतीन्द्र मल्ललाई आफूपछि राजा बनाउनू भनी व्यवस्था गरेका थिए। प्रताप मल्लका केही छोराहरू प्रताप मल्लकै जीवनकालमा बितिसकेका थिए तापनि ठ्याहा मठ्याहा गरी प्रताप मल्लका धेरै छोराहरू उनी मर्दा जीवित थिए। ठ्याहा छोराहरूमा नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतीन्द्र मल्ल पर्दथे। महीपतीन्द्र मल्लभन्दा नृपेन्द्र मल्ल र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्थिवेन्द्र मल्ल जेठा थिए। यसैले दाजु हुँदाहुँदै भाइ राजा हुन सक्तैनन् भन्ने गलफत्ती उठ्यो। यस कुरालाई चम्काई प्रताप मल्लका काका पाटनका राजा सिद्धिनरसिंह मल्लका छोरा पाटनका राजा श्रीनिवास मल्ल अघि सरी बाँचेमध्येका जेठा छोरा नृपेन्द्र मल्लको पक्षमा उभिए र प्रताप मल्लको मृत्यु भएको ३ महिनापछि नृपेन्द्र मल्ल काठमाडौँको गद्दीमा राखिए। यसरी धेरै कालसम्म गद्दी खाली भएको एउटा मात्र घटना नेपालको इतिहासमा यही देखिएको छ। नृपेन्द्र मल्ल राजा हुँदा १२ वर्षका मात्र थिए। त्यसैले त्यसवेला चौतारा (मुख्यमन्त्री) देवीदास (चिकुटि) को प्रभाव काठमाडौँ राज्यमा निकै भयो। छिमेकी र बान्धव भएको नाताले श्रीनिवास मल्लको प्रभाव पनि निकै बढ्यो। वि.सं. १७३७ ज्येष्ठमा १८ वर्षको उमेरमा राजा नृपेन्द्र मल्लको मृत्यु भयो। नृपेन्द्र मल्लका छोरा नभएकाले त्यसपछि काठमाडौँको गद्दीमा प्रताप मल्लका अर्का छोरा पार्थिवेन्द्र मल्ल राखिए। यसवेला पनि चिकुटि र श्रीनिवास मल्लको प्रभाव रहिरह्यो। धेरै वर्षसम्म एक टङ्कारसँग शासनमा रहिरहेकाले चिकुटिका निकै विरोधी भइसकेका थिए। यसैगरी पाटनका राजा श्रीनिवास मल्ल पनि आफ्नै छोरा युवराज योगनरेन्द्र मल्लले उठाएको गृहकलहले कमजोर हुँदै गएका थिए। यसैले आफ्नो अस्तित्वमा खतरा आएको अनुभव गरी चौतारा चिकुटि आफ्ना अनुयायीसहित वि.सं. १७४० कार्तिक १६ गते पाटन पुगे। पाटनमा बस्दा पनि आफूलाई असुरक्षित अनुभव गरेकाले त्रिशूलीपारिको गोरखा राज्यअन्तर्गतको बुधसिंमा गई चिकुटि रहन लागे।

यसपछि लक्ष्मीनारायण जोशी, बावत, जयकृष्ण र उनका छोरा श्रीकण्ठु ४ जनाको मन्त्रिमण्डल बन्यो र त्यसले शासन गर्न थाल्यो। काठमाडौँ मरूका लक्ष्मीनारायण जोशी टाठाबाठा थिए। उनले क्रमशः शासनमा आफ्नो अधिकार बढाउँदै लगे। पार्थिवेन्द्र मल्लकी ऋद्धिलक्ष्मी नामकी महारानी थिइन्। उनीसँग लक्ष्मीनारायण जोशीको लसपस बढ्दै गयो। ऋद्धिलक्ष्मी र लक्ष्मीनारायणको मिलेमतोमा पार्थिवेन्द्र मल्लको परिवारमा विष प्रयोग भयो र वि.सं. १७४४ आषाढमा पार्थिवेन्द्र मल्ल मारिए। विषप्रयोग हुँदा पार्थिवेन्द्र मल्लका आमाहरू निकै बिरामी भए तर मरेनन्। आफूले यो काम गरेको भए पनि चतुरा लक्ष्मीनारायणले यसको दोष भूतपूर्व चौतारा चिकुटिको टाउकोमा खनाउने विचार गरे। यसवेला चिकुटि बुधसिंबाट फर्की पशुपतिमा धर्मकर्म गरी बसिरहेका थिए। हाम्रा राजालाई जसले मारेको हो, त्यसलाई हामी मार्छौं भन्दै उठेका काठमाडौँका जनताको क्रोध चिकुटिमा पार्न यो चिकुटिले गराएका हुन् भन्ने प्रचार चतुरा लक्ष्मीनारायण जोशीले गराए। काठमाडौँका उत्तेजित प्रजाले चिकुटि, उनका परिवार र अनुयायीहरूलाई पशुपतिबाट घिसार्दै हनुमान्ढोकादरबार ल्याए र पछि उनीहरू मारिए। पार्थिवेन्द्र मल्लको मृत्यु भएपछि उनका छोरा भूपालेन्द्र मल्ल काठमाडौँको गद्दीमा राखिए। चौतारा पद लक्ष्मीनारायण जोशीले पाए। यसवेला भूपालेन्द्र मल्ल आठ वर्षका थिए। राजा बालक, राजमाता आफ्नी भएकाले लक्ष्मीनारायण जोशी बढी शक्तिशाली हुँदै गए। बाबुले राजा बनाउन तोकेका, तर राजा हुन नपाएका महीपतीन्द्र मल्ल यस वेला जीवितै थिए। राजमाता ऋद्धिलक्ष्मीसँग प्रत्यक्ष रूपमा रासलीला मच्चाइरहेका लक्ष्मीनारायण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोशीलाई महीपतीन्द्र मल्लको उपस्थिति सह्य भएन र उनलाई सिध्याउने विचार लक्ष्मीनारायणले गरे। केही समयदेखि यताउति लागिरहेका तात्कालिक राजकुमार महीपतीन्द्र मल्ल पशुपतिका पुजारी राघवानन्द स्वामीको शरणमा बसिरहेका थिए। चतुर लक्ष्मीनारायण जोशीको आज्ञाले सिपाहीहरूले महीपतीन्द्र मल्ललाई कैद गरी ल्याउन खोज्दा राघवानन्द स्वामीले अवरोध गर्न खोजे। किनभने त्यसबेला महीपतीन्द्र मल्ल पशुपतिका पुजारी राघवानन्द स्वामीको शरणमा थिए। तर त्यस अवरोधलाई लत्याई सिपाहीहरूले महीपतीन्द्र मल्ललाई मारी उनको टाउको काटे। महीपतीन्द्र मल्लको काटिएको टाउको हेरी लक्ष्मीनारायण जोशी रमाए। यसरी दाजु पार्थिवेन्द्र मल्ल मारिएको २ महिनापछि वि.सं. १७४४ भाद्रमा महीपतीन्द्र मल्ल पनि मारिए। यसपछि यस्ता पापीको राज्यमा बस्दिनँ भनी राघवानन्द स्वामी श्रीपशुपतिनाथको पुजारी पद छोडी पाटन गए। केही कालपछि फेरि फर्की राघवानन्द स्वामी पशुपतिको पूजामा संलग्न भए। ठ्यासफु तथा भाषावंशावलीमा यसको बयान गरिएको छ। नेवारी भाषामा लेखिएको ठ्यासफुमा ने.सं. ८२४ (वि.सं. १७६१) वैशाखमा पशुपतिका पुजारी राघवानन्दको मृत्यु भयो भनी लेखिएको छ। पशुपतिका पुजारी राघवानन्द स्वामीका शिष्य द्रविड ब्राह्मण शङ्कर भट्टले ने.सं. ८३२ (वि.सं. १७६८) माघमा गुह्येश्वरीमा घण्टा चढाएका थिए।

वि.सं. १७९२ को पत्रमा पशुपतिको पुजारीको रूपमा जगज्जय मल्लको पालामा कपिलानन्द स्वामीको उल्लेख आएको छ। यताबाट राघवानन्द स्वामीपछि कपिलानन्द स्वामी पशुपतिको पुजारी भएका देखिन्छन्। कपिलानन्द स्वामीपछि सन्न्यासी पुजारी हुने क्रम टुटेको देखिन्छ। त्यसपछि पहिले जस्तै दक्षिणात्य भट्ट ब्राह्मणद्वारा पशुपतिमा पूजा हुने क्रम सुरु भएको देखिन्छ। सो क्रम यस प्रकार छ-

१.	कृष्ण भट्ट	वि.सं. १८०४-१८५१ आ.
२.	रामचन्द्र भट्ट	वि.सं. १८५१-१८६७ आ.
३.	नीलकण्ठ भट्ट	वि.सं. १८६७-१८७३ आ.
४.	गोपाल भट्ट	वि.सं. १८७३-१८९९ आ.
५.	रामचन्द्र भट्ट	वि.सं. १८९९-१९०५ आ.
६.	श्याम भट्ट	वि.सं. १९०५-१९२१ आ.
७.	अनन्तराम भट्ट	वि.सं. १९२१-१९४५ आ.
८.	कृष्ण शास्त्री	वि.सं. १९४५-१९७४ आ.
९.	दामोदर भट्ट	वि.सं. १९७४-१९८० आ.
१०.	सुब्रह्मण्य भट्ट	वि.सं. १९८०-२०२२ आ.
११.	पद्मनाथ शास्त्री	वि.सं. २०२२-२०५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. सुब्रह्मण्य भट्ट — वि.सं. २०५०-२०५५
१३. अनन्तकृष्ण सोमयागी — वि.सं. २०५५-२०५८
१४. महाबलेश्वर भट्ट — वि.सं. २०५८-२०७१
१५. गणेश भट्ट — वि.सं. २०७१-

श्रीपशुपतिनाथको पुजारीपरम्पराको बारेमा यो सामान्य चर्चा हो। नेपालको इतिहासका विभिन्न पक्षमा धेरै अस्पष्टता रहँदै आए जस्तै यसमा पनि निकै अस्पष्टता छन्। भविष्यमा हुने ठोस अनुसन्धानले यस विषयको न्यूनता हट्दै जानेछ भन्ने आशा लिंदै कलम यहीं बिसाइन्छ।

सन्दर्भसामग्री

कोइराला, कुलचन्द्र, **नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ**, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान *काठमाडौँ, वि.सं. २०५१*

टण्डन, गोविन्द, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** (एक भाग), झरेन्द्रशमशेर ज.ब.रा. तथा मञ्जु राणा, *काठमाडौँ, वि.सं. २०५३*

टण्डन, गोविन्द, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** (दुई भाग), झरेन्द्रशमशेर ज.ब.रा. तथा मञ्जु राणा, *काठमाडौँ, वि.सं. २०५६*

नेपाल, ज्ञानमणि **पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा**, महेशराज पन्त *काठमाडौँ, वि.सं. २०४३*

नेपाल, ज्ञानमणि **नेपालनिरूपण**, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, *वि.सं. २०५५*

राइट, ड्यानियल **हिस्ट्री अफ नेपाल ट्रान्सलेटेड्** फ्रम द परबतिया बाइ मुनुशी इयू शङ्कर सिङ्घ् यान्ड पंडित श्रीगुणानन्द विथ् यान इन्ट्रडक्टरी स्केच अफ द कन्ट्री यान्ड पिपुल अफ नेपाल, बाइ दि एड्इटर (नेपालको इतिहास- मुन्शी शिवशङ्करसिंह र पण्डित श्रीगुणानन्दले पर्बतेबाट उल्था गरेको, सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने बयानसहित), *केमूब्रिज युनिभर्सिटि प्रेस केमूब्रिज, वि.सं. १९३३*

पन्त, दिनेशराज **गोरखाको इतिहास** (पहिलो भाग), दिनेशराज पन्त *काठमाडौँ, वि.सं. २०४१*

पन्त, दिनेशराज **ऋद्धिलक्ष्मी-लक्ष्मीनारायणको यौनलीलाः** व्यभिचारले दरबारबाट निकालिइन् महारानी, परपुरुषसँग महारानीको ७५-१८० पृ., *ब्रदर बुक्स प्रकाशन प्रा.लि.काठमाडौँ, वि.सं. २०७०*

आचार्य, दिवाकर, **मध्यकालमा नेपाल आएका योगी शङ्कराचार्य होइनन्**, ऋतम्भरा २ वर्ष २ अङ्कका ७६-८८ पृ., २ वर्ष ३ अङ्कका ८६- ९६ पृ., *महेन्द्र संस्कृतविश्वविद्यालय अनुसन्धान केन्द्र काठमाडौँ, वि.सं. २०५४*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लम्साल, देवीप्रसाद, (सम्पादक) **भाषावंशावली** (द्वितीय भाग), *श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौँ, वि.सं. २०२३ ।*

वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, *त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अध्ययन संस्थान काठमाडौँ, वि.सं. २०३०*

वज्राचार्य, धनवज्र **पूर्वमध्यकालका अभिलेख**, *त्रिभुवनविश्वविद्यालय नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौँ, वि.सं. २०६८*

मल्ल, कमलप्रकाश, **द गोपालराजवंशावली**, ए फ्याक्सिमूइलि एडिशन् प्रिपेर्ड बाइ द नेपाल् रिसर्च् सेन्टर इन् कल्याबूअरेशन् विथ् द न्याशूअनल् आरकाइम्ज् काठ्मानूडू विथ् यान् इन्ट्रक्शन्, ए ट्रान्स्क्रिप्शन् नेपाली यान्ड् इङ्ग्लिस् ट्रान्लेशन्ज्, ए ग्लसूअरि यान्ड् इन्डाइसूइज् (नेपाली रिसर्च सेन्टरद्वारा काठमाडौँको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, गोपालराजवंशावलीको प्रतिरूप संस्करण। उपोद्घात प्रतिलिपि, नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित), *फ्रन्स स्टाइनर फेर्लाग वीसूबादेन, वि.सं. २०४२*

वज्राचार्य, धनवज्र

भण्डारी, देवीप्रसाद

पौडेल, भोलानाथ

राजवंशी, शङ्करमान

वज्राचार्य, गौतमवज्र

पन्त, महेशराज

पौडेल, नयनाथ, **इतिहास-संशोधनको प्रमाणप्रमेय**, *जगदम्बा प्रकाशन ललितपुर, वि.सं. २०१९*

पौडेल, नयनाथ (सम्पादक) **भाषावंशावली** (पहिलो भाग), *श्री ५ को सरकार पुरातत्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौँ, वि.सं. २०२०*

भगवान्लाल इन्द्रजी,

जर्ज बूलर **इन्स्किप्शन्ज् फ्रम् नेपाल** (नेपालका अभिलेख) दि इन्डिअन् यान्टिक्वरि (भारतीय पुरातत्त्व) ९ भागका १६३-१९४ पृ. *बम्बई, वि.सं. १९३७*

जोशी, हरिराम **नेपालको प्राचीन अभिलेख**, *नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३०*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन नेपालमा पाशुपत मत

–प्रा. डा. दिवाकर आचार्य

पाशुपत मत प्राचीन नेपालमा प्रचलित प्रभावशाली धार्मिक मतहरूमध्ये एक थियो। मानदेव प्रथमका पालादेखि नै लिच्छवि अभिलेखहरूमा यस कुरालाई प्रमाणित गर्ने प्रशस्त सूचना-सामग्रीहरू पाइन्छन् तर त्यस्ता सामग्रीको पहिचान, व्याख्या र उपयोगमा इतिहासविद्हरू अलि अलमलिएका छन्। लिच्छवि-अभिलेखहरूको व्याख्याका क्रममा नेपालको धार्मिक इतिहास केलाउने वा प्राचीन नेपालको इतिहास लेख्ने क्रममा विभिन्न लेखकहरूले प्रसङ्गवश नेपालमा पाशुपत मतको विकासका सम्बन्धमा पनि कलम चलाउँदै आएको पाइन्छ[1]। यसका अतिरिक्त यताका केही वर्षहरूमा पशुपति र पशुपतिक्षेत्रका सम्बन्धमा स्वतन्त्र ग्रन्थहरू पनि प्रकाशमा आएका छन् र यिनमा पनि पाशुपत मतको इतिहासको प्रासङ्गिक चर्चा प्रस्तुत भएको देखिन्छ[2]। परन्तु यी लेखकहरूलाई विभिन्न शैव मतहरूको विकासक्रम र विशेषताको ठीक-ठीक ज्ञान नहुनाले नेपालका प्राचीन अभिलेख-सामग्रीमा उपलब्ध पाशुपत मतसम्बन्धी अत्यन्त महत्त्वपूर्ण सामग्रीको यथार्थ व्याख्या प्रकाशमा आउन सकेको छैन र अनुमानमा आधारित काल्पनिक कुराले इतिहासका पानाहरूमा स्थान पाउँदै आएका छन्। यसैले कल्पना र अनुमानका आधारमा अघि सारिएका भ्रामक कुराहरूको खण्डन गर्न, पहिलेका लेखकहरूका दृष्टिबाट छुटेका सामग्रीको पहिचान गरी तिनको विश्लेषण गर्न र नयाँ सामग्रीको समेत उपयोग गरी नेपालमा पाशुपत मतको विकासको यथार्थ चित्र प्रस्तुत गर्न अत्यावश्यक देखिएको छ। यसै तथ्यलाई हृदयङ्गम गरी यस लेखमा पाशुपत मतसँग सम्बद्ध एक महत्त्वपूर्ण पक्ष क्रिया यसअन्तर्गतका विभिन्न सम्प्रदायहरूका सन्दर्भमा लिच्छवि-अभिलेखहरूमा आधारित रही विवेचना प्रस्तुत गरिएको छ।

---

१ भगवानूलाल इन्द्राजी, सिल्वाँ लेभी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशी, जगदीशचन्द्र रेग्मी, हृषिकेश शाह आदि लेखकले यस क्रममा कलम चलाएका छन् तर पछिल्ला लेखकहरूबाट अघिल्ला लेखकहरूका त्रुटि सच्चिएको पाइनुपर्नेमा धेरै पटक उल्टै भ्रामक कुराहरू थपिएको पाइएको छ।

२ यस क्रमका ज्ञानमणि नेपाल, कुलचन्द्र कोइराला र गोविन्द टण्डनका स्वतन्त्र कृतिहरूका साथै जगदीशचन्द्र रेग्मी र धनवज्र वज्राचार्यसमेतका लेख प्रकाशमा आएका छन् तर पनि नेपालमा पाशुपत मतको विकाससम्बन्धी सही तथ्य प्रकाशमा आउन सकेको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा पाशुपत मत

नेपालमा पाशुपत मतको प्राचीनतालाई प्रमाणित गर्ने सामग्रीको चर्चा गर्नुपर्दा पशुपतिमन्दिरको दक्षिण प्राङ्गणमा भेटिएको संवत् ३८१ ई. ४५९ को मानदेवको अभिलेखलाई बिर्सन सकिन्न तर पञ्चवक्त्र शिवको स्तुतिबाट सुरु हुने यस खण्डित अभिलेखमा वृषदेवले भगवान्‌को राम्रो प्रतिमा बनाएका थिए भन्ने उल्लेख भेटिए पनि पाशुपत मतसम्बन्धी विशेष विवरण भने भेटिन्न[३]। यसपछिको वसन्तदेवका पालाको संवत् ४५५ ई. ५३३ को अभिलेखमा पशुपतिक्षेत्रको उल्लेख पाइन्छ[४] भने रामदेवको पालाको संवत् ४५७ ई. ५३५ को एक अभिलेखमा खुडुस्वामीको उल्लेख भेटिन्छ[५]। यसपछि अंशुवर्माको समयसम्मका अभिलेखहरूमा पशुपति वा पाशुपत मत सम्बन्धी विशेष सूचना पाइँदैन। परन्तु अंशुवर्माको समयदेखि लिच्छविराजाहरूको विरुदावलीमा पशुपतिभट्टारकको पाउको अनुग्रह पाएको भन्ने विशेषण समाविष्ट भएको देखिन्छ। यसैगरी अंशुवर्माको हाँडीगाउँ-अभिलेखमा विभिन्न देवमन्दिर तथा विहारहरूले प्राप्त गर्ने साउने तिरोलाई भाग लगाउने क्रममा पशुपतिलाई सर्वप्रथम र सबैभन्दा बढी भाग छुट्ट्याएको पाइन्छ[६]। यताबाट तात्कालिक समाजमा धेरै लामो समयदेखि पाशुपत मतको बलियो प्रभाव थियो भन्ने सङ्केत प्राप्त हुन्छ। जिष्णुगुप्तका पालाको आचार्य प्रनर्दन प्राण[७]को अभिलेखदेखि त सम्प्रदायसहितको पाशुपत मतको स्पष्ट उल्लेख भेटिन थाल्दछ र यो क्रम शिवदेव द्वितीयको पाला ई. ६९५ सम्म अघि बढेको देखिन्छ। यिनै अभिलेखहरूका आधारमा इतिहासविद्‌हरूले सातओटासम्म पाशुपत सम्प्रदायको चर्चा गर्ने गरेका छन्। जो यस प्रकार छन् -

१. मुण्डश्रृङ्खलिकपाशुपत

२. श्रृङ्खलिकपाशुपत

३. दानपाशुपत

४. दानश्रृङ्खलिकपाशुपत

५. वसपाशुपत

---

३ श्यामसुन्दर राजवंशी, पशुपतिनाथ प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि-अभिलेख, प्राचीन नेपाल, सङ्ख्या ११५, पुरातत्त्व विभाग, काठमाडौँ, २०४६, पृ १-२।

४ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान, काठमाडौँ, २०३०, अभिलेखसङ्ख्या ३४।

५ धनवज्र वज्राचार्य, पूर्ववत्, अभिलेखसङ्ख्या ३९।

६ धनवज्र वज्राचार्य, पूर्ववत्, अभिलेखसङ्ख्या ७७।

७ यी आचार्यको पूरा नाम प्रनर्दनप्राण हो, भगवान् र कौशिक क्रमशः यिनका विशेषण र गोत्र हुन्। लकुलीशपाशुपत परम्पराका चार गोत्रहरूमध्ये कौशिक एक हो र यिनी लकुलीशपाशुपत सम्प्रदायसँग सम्बद्ध देखिन्छन्। यिनका अतिरिक्त नामको अन्त्यमा प्राण जोडिएका प्रद्युम्नप्राण नामका एक व्यक्तिको उल्लेख पशुपति भुवनेश्वरीको अभिलेख (वज्राचार्य, अभिलेखसङ्ख्या १८२) मा परेको छ र यी पनि लकुलीशपाशुपत सम्प्रदायसँग सम्बद्ध व्यक्ति हुन सक्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. लकुलीशपाशुपत

७. सोमसिद्धान्त

उपर्युक्त सात सम्प्रदायहरूमध्ये दानपाशुपत र दानश्रृङ्खलिक पाशुपत सम्प्रदाय भ्रमवश स्विकारिएका देखिन्छन्। यसैगरी मुण्डश्रृङ्खलिकपाशुपताचार्यपर्षद्लाई मुण्डपाशुपत र श्रृङ्खलिकपाशुपत गरी दुई अन्य सम्प्रदाय समावेश भएको परिषद् मान्नुपर्ने हुनाले मुण्डश्रृङ्खलिकपाशुपत सम्प्रदाय पनि स्वीकार्य हुन सक्दैन। यसका साथै वशपाशुपत र लकुलीशपाशुपतलाई दुई अलग-अलग सम्प्रदाय नमानी एकै सम्प्रदायका दुई नाम मान्नुपर्ने देखिन्छ भने मुण्डश्रृङ्खलिक पाशुपत सम्प्रदायको कल्पना गरी यसलाई कापालिक मतको कुनै सम्प्रदाय मान्नु र सोमसिद्धान्तलाई कापालिक मतभन्दा अतिरिक्त मत मान्नु अनुपयुक्त देखिन्छ। अतः यी सबै बुँदाहरूमा छुट्टाछुट्टै चर्चा गरी निष्कर्ष निकाल्नेतिर लाग्नुपर्ने देखिन्छ।

दानपाशुपत र दानश्रृङ्खलिकपाशुपतको भ्रम

नरेन्द्रदेवका पालाको देउपाटनको एक अभिलेखका आधारमा इतिहासवेत्ताहरूले दानपाशुपत र दानश्रृङ्खलिकपाशुपत नामका दुई सम्प्रदाय रहेको कुरा स्विकार्ने गरेका छन्। दुर्भाग्यवश यो अभिलेख भाषा, शैली र वाक्यरचनाका दृष्टिले समेत अशुद्ध छ र संस्कृतको सामान्य ज्ञान राख्ने मानिसले पनि यहाँ कुनै अर्के भाषामा सोचिएको विषयवस्तुलाई जेनतेन संस्कृतमा ढाल्न खोजिएको हो भन्ने कुरा सजिलै बुझ्न सक्छ। धनवज्र वज्राचार्यले पनि यो अभिलेख अलि अशुद्ध संस्कृतमा लेखिएको छ, वाक्यरचना पनि राम्रो छैन यसकारण उहाँको कुरा अलि अस्पष्ट छ, प्रसङ्गबाट भाव बुझ्न सकिन्छ[८] भनी स्विकारेका छन्। यस्तो अशुद्ध र वाक्यरचना नै नमिलेको अभिलेखका आधारमा दुई-दुईओटा नयाँ सम्प्रदायको कल्पना गर्नु पक्कै पनि आपत्तिजनक कुरा हो। त्यसैले यस अभिलेखको वाक्यसङ्गठन र व्याख्यामाथि पुनर्विचार गर्नु आवश्यक देखिन्छ।

उपर्युक्त अभिलेखमा दान पद दुईपटक आएको छ- पाशुपताचार्यदक्षिणतिलडुकस्य पदका अगाडि र श्रृङ्खलिकपाशुपतानां पदका अगाडि। दुवै पटक दान पदलाई पछिल्लो पदसँग जोडी दानपाशुपत र दानश्रृङ्खलिकपाशुपत सम्प्रदायको कल्पना गर्ने गरिएको छ तर यसो गर्नु गलत देखिन्छ। गहिरिएर विचार गरेका खण्डमा दुवै स्थानमा दान पद स्वतन्त्र अर्थमा आएको देखिन्छ। अभिलेखमा वाक्यरचना मिलेको छैन भनी माथि नै उल्लेख गरिसकिएको छ। वाक्यरचनाका अतिरिक्त अभिलेख कुँद्ने क्रममा अक्षरविन्यासमा पनि यहाँ अशुद्धि भएको छ। अभिलेखको दोस्रो पङ्क्तिमा ग्राम शब्द अनावश्यक रूपमा दोहोरिएको छ भने तेस्रो पङ्क्तिमा बलादध्यक्ष शब्दको अक्षर छुटेको छ। त्यसैले प्रस्तुत प्रसङ्गमा पनि वाक्यरचना वा अक्षरविन्यासका क्रममा दान शब्दको

---

८ धनवज्र वज्राचार्य, पूर्ववत्, अभिलेखसङ्ख्या ११२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुस्वार छुट्न गएको हो भनी स्विकार्नुपर्ने हुन्छ र नेपाली भाषामा प्रयोग भएजस्तै शैलीमा दान दिए भन्ने अर्थमा दान.... दत्तं भन्न खोजिएको हो भनी मान्नुपर्ने हुन्छ। यसरी अभिलेखका दुवै ठाउँमा दान पदमा अनुस्वार जोडी यसलाई पछिल्लो पदसँग अलग्याई पढ्दा सम्बद्ध अंशको पाठ एवम् अनुवाद यस्तो हुन्छ।

शालङ्कावास्तव्यब्राह्मणविश्वसेनस्य पत्न्या सुवर्णगोमिन्या ७ प्रत्यायम्महाबलाद्ध्य(क्ष) प्रसादलेख्यं रामस्वामिना दूतकेन दान (-)

पशुपताचार्यदक्षिणतिलडुकस्य तेनापि दान (-)
श्रृङ्खलिकपाशुपतानां ग्लानभैषज्यार्थं दत्तं

शालङ्का (साँगा) मा बस्ने ब्राह्मण विश्वसेनकी पत्नी सुवर्णगोमिनीले दूतक रामस्वामीमार्फत महाबलाध्यक्षको स्वीकृति लिई सात प्रकारको आयस्ता आउने गरी पाशुपताचार्य दक्षिणतिलडुकलाई दान दिइन्, तिनले पनि श्रृङ्खलिकपाशुपतहरूको औषधोपचारका लागि आफूले पाएको दान पाशुपताचार्यपरिषद्मा दिए।

यसरी दान पदलाई अलग्याई पाठ पढ्दा पाशुपताचार्यदक्षिणतिलडुकस्य र श्रृङ्खलिक पाशुपतहरूको सामूहिक हितका लागि परिषद्मा दान दिने यहाँको क्रम र छत्रचण्डेश्वर अभिलेखमा परेको आचार्यले परिषद्का लागि सम्पत्ति जोडजाम गरेको प्रसङ्गबीचको प्रक्रियागत तादात्म्यसमेत स्पष्ट हुन्छ। दान पदलाई अलग राख्दा अभिलेखको अर्थ पनि सजिलै गर्न सकिन्छ र नयाँ कल्पना गर्ने टन्टा पनि उठाउनुपर्दैन। त्यसैले अभिलेखमा रहेको अशुद्धि र शिथिलतालाई विचार गरी दान पदलाई अलग्याएर पढ्नु अनिवार्य छ। अतः दानपाशुपत र दानश्रृङ्खलिक पाशुपत सम्प्रदायको कल्पना अभिलेखको अशुद्धता र अभिलेखको पाठविचारका क्रममा हुन पुगेको असावधानीका कारण फैलिएको भ्रममात्र हो भन्ने निश्चित हुन्छ।

पाशुपत आचार्यहरूको परिषद्

पशुपतिको प्राङ्गणमा रहेको छत्रचण्डेश्वर स्तम्भाभिलेखमा मुण्डश्रृङ्खलिकपाशुपताचार्य पर्षद् नामको एक पाशुपत आचार्यहरूको परिषद्को उल्लेख गरिएको छ। इतिहासकारहरूले यसलाई टाउकाको माला लाउने मुण्डश्रृङ्खलिकपाशुपत सम्प्रदायका आचार्यहरूको परिषद्का रूपमा व्याख्या गर्ने गरेका छन्[१]। परन्तु कोरा कल्पना र अनुमानकै भरमा प्रस्तुत गरिएको यो व्याख्या

१ कापालिक र कालामुख सम्प्रदायका विषयमा ग्रन्थ लेख्ने डेविड एन् लरेन्जनले पनि यस सूचनाको उपयोग गरेका छन्। इन्द्राजी र बुहलरको पाठ तथा अनुवादमा आधारित रही उनले पनि यही व्याख्यालाई दोहोऱ्याएका छन्। मुण्डश्रृङ्खलिक विशेषण पाशुपतलाई भन्दा कपालिकलाई सुहाउने छ भन्दै उनले पशुपति-मन्दिर कापालिकहरूसँग रहेको हुन सक्ने विचार व्यक्त गरेका छन्। यो उनको भ्रम हो। कापालिक आचारसँग मिल्दाजुल्दा पाशुपत व्रतहरूको उल्लेख निश्वासागममा पाइन्छ र यस सन्दर्भमा विशेष अध्ययन आवश्यक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपयुक्त देखिँदैन। वस्तुतः शब्दनिर्माणको व्याकरणगत प्रक्रियातर्फ लेखकहरूको ध्यान नपुग्नाले यस्तो अनुपयुक्त व्याख्या प्रस्तुत हुन पुगेको देखिन्छ। त्यसैले उक्त शब्दको सम्भावित व्युत्पत्तिहरूकेलाई उपयुक्त व्युत्पत्ति पहिल्याउनु आवश्यक भएको छ।

अभिलेखमा परेको मुण्डश्रृङ्खलिक पाशुपताचार्यपर्षद् शब्दको समासभेदले दुई अलग-अलग अर्थ गर्न सकिन्छ। पहिलो व्युत्पत्तिअनुसार यसको अर्थ मुण्डन गर्ने मुण्डपाशुपत एवम् श्रृङ्खल अर्थात् पुरुषले लगाउने विशेष प्रकारको जामा लगाउने श्रृङ्खलिकपाशुपत नामका दुई सम्प्रदायका आचार्यहरू समावेश भएको परिषद् भन्ने हुन्छ। यसैगरी दोस्रो व्युत्पत्तिअनुसार यसको अर्थ मुण्डन गर्ने र श्रृङ्खलिकपाशुपत नामको सम्प्रदायका आचार्यहरूको परिषद् भन्ने हुन्छ[१०]। छत्रचण्डेश्वरस्तम्भाभिलेखका साथै नरेन्द्रदेवको देउपाटन अभिलेखमा पनि श्रृङ्खलिकपाशुपत सम्प्रदायको स्वतन्त्र उल्लेख पाइएको छ। त्यसैले श्रृङ्खलिकपाशुपत र मुण्डपाशुपतलाई पहिलो व्युत्पत्तिअनुसार दुई स्वतन्त्र सम्प्रदाय मान्नुपर्ने देखिन्छ।

मुण्डपाशुपत सम्प्रदाय

मुण्ड अर्थात् शिर मुडाउने भिक्षुक वा सन्यासीको उल्लेख अत्यन्त प्राचीन सामग्रीहरूमा पाइन्छ। पाली साहित्य, कौटिल्य अर्थशास्त्र तथा धर्मसूत्रहरूमा मुण्ड भनेर कुनै सम्प्रदायसँग सम्बद्ध व्यक्तिलाई इङ्गित गरेको पाइन्छ भने अभिधर्मकोषको स्फुटार्थ टीकामा पनि यस्तै उदाहरण पाइन्छ[११]। पुराणहरूमा शिवलाई मुण्ड भनिएको छ[१२]। यसैगरी स्वच्छन्दतन्त्र र स्कन्दपुराण अम्बिकाखण्डमा नामको अन्त्यमा मुण्ड शब्द जोडिएका पाशुपत आचार्यको उल्लेख भेटिन्छ[१३]। निःश्वासमुखसूत्रमा पनि पाशुपत लोकातीत व्रत गर्ने व्यक्तिले जटा पाल्नुपर्ने अथवा शिर मुडाउनुपर्ने कुराको उल्लेख गरेको देखिन्छ[१४]। ह्वेन साङ्गले पनि आफ्नो यात्रावर्णनमा धेरैपल्ट पाशुपतहरूको चर्चा गरेका छन्। यसै क्रममा उनले भस्मधारी, जटाधारी, मदिरोपासक, हाडको गहना लाउने साथै

---

१० श्रृङ्खल शब्दबाट मात्र ठन् (इक) प्रत्यय भई श्रृङ्खलिक शब्द बन्छ। आकारान्त श्रृङ्खला शब्दबाट यस्तो प्रत्यय लाग्न सक्दैन। यसरी मुण्डश्रृङ्खलिक शब्द बन्दैन, यसको सट्टा मुण्डश्रृङ्खल, मुण्डश्रृङ्खलक वा मुण्डश्रृङ्खलिक शब्द बन्दछ। अतः मुण्डश्रृङ्खलिकपाशुपताचार्यपर्षद् शब्द बनाउँदा द्वन्द्वोत्तरतत्पुरुष समास गर्नुपर्छ।

११ मुण्डन गरेको अर्थात् कपाल खौरेको व्यक्तिलाई बुझाउन पछिल्ला समयमा मुण्डी शब्दको प्रयोग भए पनि कौटल्यको अर्थशास्त्र (जस्तै, १।११।१३।, संयुक्तनिकाय (जस्तै उदान ६।२), गौतमधर्मसूत्र, वसिष्ठधर्मसूत्र, मनुस्मृति तथा अन्य कतिपय पुराण तथा बौद्धग्रन्थ (जस्तै, स्फटार्था ४।२६मा उद्धृत (पद्य) मा समेत यसका लागि मुण्ड शब्दको प्रयोग भएको पाइन्छ।

१२ महाभारत (गीताप्रेस संस्करण), द्रोणपर्व, ७४।५६, सौप्तिकपर्व ६।४।

१३ स्वच्छन्दतन्त्र परिमल संस्कृत ग्रन्थमाला १६ दोस्रो भाग, परिमल पब्लिकेसन्स, दिल्ली ई. १९८५), परल १० श्लोकसङ्ख्या ११७८। यस स्थलमा दिण्डि र मुण्ड दुई नामका रूपमा लिइएका छन् तर स्वच्छन्दतन्त्रको १०।८५४ मा अम्बिकाखण्ड २४।८५ मा र निःश्वासमुखसूत्रमा समेत दिण्डिमुण्ड एउटै नामको रूपमा आएको छ।

१४ निःश्वासतत्त्वसंहिता (निःश्वासमुखसूत्रसंहिता) नेपाल राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म सङ्ख्या ए १५९। १८ पत्र १७ ख।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिर मुडाउने पाशुपतहरूको पनि उल्लेख गरेका छन्[१५]। व्हेन साङ्गले उल्लेख गरेका यी शिर मुडाउने पाशुपतहरू नै मुण्डपाशुपत हुन् र छत्रचण्डेश्वरस्तम्भाभिलेखमा पनि यिनैलाई सङ्केत गर्न खोजिएको देखिन्छ।

श्रृङ्खलिकपाशुपत सम्प्रदाय

नरेन्द्रदेवको देउपाटन अभिलेख र छत्रचण्डेश्वरस्तम्भाभिलेखमा पनि श्रृङ्खलिक पाशुपतको उल्लेख भेटिन्छ। जगदीशचन्द्र रेग्मीले यसलाई सिक्री लाउने पाशुपतहरूको सम्प्रदाय मानेका छन् तर यो सम्भव छैन। श्रृङ्खल शब्दले बुझाउने सिक्री हात्ती बाँध्ने साङ्लो हो, गहनाको सिक्री होइन[१६] र लक्षणाद्वारा माला अर्थमा प्रयोग हुन सक्ने श्रृङ्खला शब्दबाट भने ठन् प्रत्यय हुन सक्दैन र श्रृङ्खलिक शब्द नै बन्दैन। अतः श्रृङ्खलिकपाशुपतको अर्थ पुरुषले कम्मरमा बाँध्ने जामा लगाउने पाशुपत गर्नु उपर्युक्त हुन्छ र यो अर्थ पाशुपतसूत्रको एकवासाः सूत्रको आशयसँग सङ्गत देखिन्छ[१७]।

श्रृङ्खलिकपाशुपतहरू श्रृङ्खल अर्थात् विशेष प्रकारको अधोवस्त्र लगाउँथे, जटा पाल्थे र आफ्ना आराध्यदेव पशुपतिलाई पनि चण्डेश्वरका नामले यस्तै रूपमा पुज्थे। चण्डेश्वरका मूर्तिहरूमा उनलाई जटा पालेको र घुँडासम्म आउने अधोवस्त्र लगाएको देखाइएबाट यस कुराको अनुमान गर्न सकिन्छ। यस परिप्रेक्ष्यमा पाशुपत चिन्तनको विस्तृत विवरण दिने स्कन्दपुराणको अम्बिकाखण्डमा पाइएको द्रिमिचण्डेश्वर र दिडिमुण्डेश्वरको उल्लेख विचारणीय देखिन्छ[१८] र यसबाट मुण्डपाशुपत र श्रृङ्खलिकपाशुपत दुवैथरीले आफ्नो आचरणअनुरूप मुण्डेश्वर र चण्डेश्वरका रूपमा शिवको कल्पना गरेको भान हुन्छ।

श्मशानव्रती खडुकहरूको समूह

छत्रचण्डेश्वरस्तम्भाभिलेखमा तीन जना खडुकको उल्लेख छ। यसका अतिरिक्त संवत् ४६७ ई. ५३३को आर्यघाट अभिलेखमा पनि मिल्दोजुल्दो नाम भएका एक जना खडुस्वामीको

१५ स्यामुएल बील (अनुवाद) चाइनीज अकाउन्टस् अफ इन्डिया, ४ भाग, नयाँ संस्करण सुशिल गुप्त (इन्डिया) लिमिटेड, कलकत्ता ई. १९५७-८ पू. ११८, १६३, २०९, २२८, २९१, ४३३, ४५३, ४६१, ४६४-६७। साथै हेर्नुहोस्- यदुवंशी शैवमत, विहार, राष्ट्रभाषा परिषद्, पटना १९५५।

१६ श्रृङ्खल शब्दको विभिन्न अर्थहरू तरेली, डोरी कन्धनी, बन्धन, कमरपेटी पुरुषले लगाउने विशेष प्रकारको जामा र हात्ती बाँध्ने साङ्लोसमेत हुन्छन् तर गहनाको रूपमा लगाउने सुनको सिक्रीलाई कनकासूत्र र चाँदीकोलाई रजतसूत्र भन्दछन्, श्रृङ्खला होइन। श्रृङ्खल शब्दका विभिन्न अर्थहरूका लागि हेर्नुहोस्- त्रिकाण्डशेष (अभिधानसङ्ग्रह, एस्. एन्. पब्लिकेसन्स दिल्ली, रिप्रिन्ट ई. १९८१। नानार्थवर्ग, श्लोक ९६२। अनेकार्थसङ्ग्रह पूर्ववत् श्लोक १२८८।

१७ पाशुपतसूत्र (त्रिवेन्द्रम् संस्कृत सिरीज १, सम्पादकः अनन्तकृष्ण शास्त्री, ओरियन्टल म्यानुस्क्रिप्ट लाइब्रेरी त्रिवेन्द्रम् १९४), सूत्रसङ्ख्या ११०।

१८ अम्बिकाखण्ड (श्री ५ महेन्द्ररत्न ग्रन्थमाला २, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ २०४५), ३४५१, १६२।९ र २९।९३, १६७।१९१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख परेको छ। सामान्य रूपमा संस्कृतमूलको झैं नलाग्ने खड्ड पाठान्तरहरू खुड्ड, खड्ड्ड, खुड्ड्ड शब्द[१९] खद्द धातुबाट[२०] उणादि ड्डुड्[२१] प्रत्यय भएर बन्दछ। यसको एउटा अर्थ मृतशय्या वा श्मशान पनि हुन्छ। यसबाट यी खड्डुकहरू र खड्डुस्वामीसमेतको सम्बन्ध श्मशानसँग रहेको देखिन्छ र यिनीहरूलाई निःश्वासतत्त्वसंहितामा वर्णित आठ पाशुपत व्रतहरूमध्येको[२२] एक श्मशानव्रतको पालना गर्ने समूहका रूपमा हेर्न सकिन्छ।

वशपाशुपत वा लकुलीशपाशुपत

शिवदेव द्वितीयको एक अभिलेखमा एउटा वशपाशुपत नामक नयाँ सम्प्रदायको उल्लेख पाइन्छ[२३]। यस सम्प्रदायको अन्यत्र कतै पनि उल्लेख भेटिन्न र यसअघि प्रस्तुत गरिएको यसको व्याख्या सन्तोषप्रद छैन। त्यसैले प्रासङ्गिक तर्क र अनुमानकै आधारमा भए पनि यस सम्प्रदायलाई पुनः परिभाषित गर्नुपर्ने देखिन्छ।

सम्भवतः यिनीहरू अन्य पाशुपत सम्प्रदायको अपेक्षा बढी नियम, निष्ठाको पालना गर्ने र आफ्ना भावना र इन्द्रियलाई वशमा राख्नु यिनको लक्ष्य थियो। यो प्रकृति लकुलीशपाशुपत सम्प्रदायमा देखिन्छ। पाशुपतसूत्रको अध्ययन गर्दा लकुलीशपाशुपतहरू अरू पाशुपतहरूदेखि विपरीत जातिगत कट्टरतालाई समेत स्विकार्छन् भन्ने देखिन्छ[२४]। पाशुपत सूत्रमा वर्णित विविध नियम र आचारबाट पनि लकुलीशपाशुपतलाई वशपाशुपतको पर्याय मान्नमा बल मिल्छ। सम्भवतः वशपाशुपत यिनको पुरानो नाम थियो, पछि गएर सम्प्रदाय प्रवर्तकको नामबाटै यिनीहरूको स्वीकार हुन थाल्यो र पुरानो नाम तिरोहित भयो। लकुलीशपाशुपत सम्प्रदाय पुराना सम्प्रदायहरूबीच परिष्कारवादी थियो र यसले कतिपय पुराना सम्प्रदायका आचारलाई स्वीकृति दिएको थियो भने कतिलाई नकारेको थियो[२५]। सम्भंवतः लकुलीशपाशुपतहरूले अन्य सम्प्रदायका पाशुपतहरूबीच

---

१९ अन्य सम्भावित पाठान्तरहरू कदु, कड्ड्ड, काड्ड, र खाड्ड पनि हुन सक्छन्, जसमध्ये काड्डअर्थ आरण्यक अर्थात् वनमा बस्ने जोगी गरेको भेटिन्छ। हेर्नुहोस्- काशकत्स्नधातु व्याख्यान, सम्पादक युधिष्ठिर मीमांसक भारतीय प्राच्यविद्या प्रतिष्ठान, अजमेर २०२२ पृ. १९२।

२० धातुपाठमा विभिन्न स्थलमा खड, खडि, खुड, खुडि र कडि धातु विभिन्न अर्थमा पाइन्छन्। हेर्नुहोस्- धातुपाठ माधवीयधातुवृत्ति सम्पादकः द्वारिकादास शास्त्री, तारा बुक एजेन्सी, बनारस ई. धातुसङ्ख्या १।१८६, ६।९२, १०।४०, १०।४३।

२१ उणादिसूत्र (उणादिकोष, सम्पादकः युधिष्ठिर मीमांसक, कलकत्ता १९८७), सूत्रसङ्ख्या १।८२।

२२ यी आठ पाशुपत व्रतहरूमा श्मशानव्रत, गुणव्रत, लोष्ठव्रत, काष्ठव्रत, चित्रव्रत, वीरव्रत, महाव्रत र असिधारव्रत पर्दछन्।

२३ धनवज्र वज्राचार्य, पूर्ववत् अभिलेख संङ्ख्या १२८।

२४ पाशुपतसूत्र पूर्ववत्, सूत्रसङ्ख्या १।१३-१७, ४।२०, ५।२६। साथै हेर्नुहोस्- डेविड एन् लरेन्जन, द कापालिकज् एण्ड कालामुखज् टु लस्ट शैवाइत सेक्ट्स्, मोतीलाल बनारसीदास, दिल्ली ई १९९१, पृ. १०३-१०४।

२५ पाशुपतसूत्रमा "एउटा कपडा लाउनू। अथवा कपडै नलाउनू। सूत्र १।१०-११, एकान्त घरमा वा गुफामा बस्नू। ....मसानमा बस्नू"। सूत्र ५।९, २९। जस्ता वैकल्पिक विधान भेटिन्छन्। यस्ता विधानहरूलाई अलग-अलग सम्प्रदायमा प्रचलित आचारलाई समेट्न गरिएको प्रयास मान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो स्थान विशिष्ट राखेका थिए र मन्दिरको पूजाआजा वशपाशुपतहरूका अधीन भएबाट र लकुलीश सम्प्रदायका प्रनर्द्दनप्राणको मातहतमा मुण्डपाशुपतलगायतका सम्प्रदाय रहेबाट पनि सिद्ध हुन्छ। यी सबै साक्ष्यका आधारमा वशपाशुपतहरूको लकुलीशपाशुपत सम्प्रदायसँग गहिरो तादात्म्य रहेको र लकुलीशपाशुपत एउटै सम्प्रदायका दुई नाम हुन् भन्न सकिन्छ।

यी सबै विवेचनाहरूबाट नेपालमा प्राचीनकालदेखि नै विभिन्न सम्प्रदायहरूसहित पाशुपत मत प्रचलनमा थियो र यसले समाजमा विशिष्ट स्थान बनाएको थियो भन्ने देखिन्छ। सम्भवतः त्यस बखत पवित्रताका दृष्टिले पाशुपतहरू ब्राह्मणसरह नै मानिन्थे, साथै पाशुपत र ब्राह्मणहरूबीच सामञ्जस्य पनि थियो। अधिकांशतः विभिन्न सम्प्रदायका यी पाशुपतहरू पशुपतिक्षेत्रमा वाग्वतीको पूर्वी किनारामा गण वा मण्डली बनाएर बस्थे। नरेन्द्रदेवको पालाको एक अभिलेखमा जस्तै एक वज्रेश्वरमण्डलीलाई वाग्वतीको पूर्वी किनारमा रहेका धार्मिक गणहरूका लागि सबै प्रकारका कर र बन्देज हटाई केही भूमि सुम्पेको उल्लेख छ। यसै अभिलेखमा यी धार्मिक गणहरूलाई ज्ञानयोग र कर्मयोगको अभ्यास गर्दै शील र आचारको पालना गर्न भनिएको छ भने वज्रेश्वरमण्डलीका अधिकारीहरूलाई काम चलाई बाँकी रहेको आयस्ताबाट पाशुपत र ब्राह्मणहरूलाई भोजन गराउने प्रबन्ध गर्न निर्देशन दिइएको छ[२६]।

अभिलेखहरूमा प्राप्त सामग्रीका आधारमा यी पाशुपतहरू शिवदेव द्वितीयको समयसम्म (ई.६९५) बढी सक्रिय देखिन्छन्। यस समयभन्दा पछिका अभिलेखहरू नै पनि कम पाइएकाले यकिनसाथ केही भन्न सकिन्न तापनि पछिल्ला समयमा बिस्तारै यी पाशुपतहरू अन्य शैव सम्प्रदायहरूमा रूपान्तरित हुँदै गएको अनुमान गर्न सकिन्छ[२७]।

अन्त्यमा, प्रस्तुत अध्ययनबाट लिच्छविकालमा नेपालमा चलेका तीन प्रमुख पाशुपत सम्प्रदाय मुण्डपाशुपत, शृङ्खलिकपाशुपत र वशपाशुपत किंवा लकुलीशपाशुपत साथै श्मशानव्रतको पालना गर्ने खड्ड नामधारी पाशुपतहरूको एक समूहको टुङ्गो लागेको छ र अरू भ्रामक धारणाहरूको निराकरण भएको छ। साथै यस विवेचनाबाट नेपालका अभिलेख साक्ष्यहरूलाई अन्य आधिकारिक सामग्रीसँग समीकृत गर्नसमेत सम्भव भएको छ। यी पाशुपतहरूका धार्मिक तथा आध्यात्मिक चिन्तनका विषयमा स्पष्ट हुनका लागि भने भविष्यमा निःश्वासागम, अम्बिकाखण्ड, शिवधर्मशास्त्र तथा अन्य आगम ग्रन्थहरूको अध्ययन आवश्यक देखिन्छ।

**

२६ धनवज्र वज्राचार्य, पूर्ववत्, अभिलेखसङ्ख्या १२५।

२७ राष्ट्रिय अभिलेखालयमा सुरक्षित तत्त्वसार-ज्ञानकारिका पुस्तकको पुष्पिकामा मूर्तिधरपरमपाशुपताचार्य श्रीकण्ठ गुरुको उल्लेख पाइएको छ। यस उल्लेखका विषयमा मध्यकालमा नेपालमा प्रचलित शैवमतहरूको चर्चा गर्ने प्रसङ्गमा विचार गरिनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वं शङ्करोऽसि भुवनत्रयशङ्करत्वात् ।

–डा. नमन उपाध्याय

प्रारम्भिक

भक्तिमार्गको र भक्तिसाहित्यको अनुपम एवं कान्तिमान् रत्न, भक्तिको अजस्र धारामा निमग्न रहनुहुने, अद्भुत र बेजोड भक्तिसाधक जैनआचार्य श्रीमानूतुङ्गज्यूको आराधनाबाट निःसृत प्रभावशाली र महिमामयी, अत्यन्त चमत्कारी, जैन धर्मका सबै सम्प्रदायहरूमा समान रूपले विशेष रूपमा आराधना गरिने, वैभव, सम्मान, समृद्धि, आरोग्य, लक्ष्मी र आध्यात्मिक शक्तिसञ्चार गर्नमा सर्वथा समर्थ, शान्त रसमा समरस प्रभु आदिनाथको भक्तिमा रचित **भक्तामरस्तोत्र**को भक्ति श्लोक तल अवतरण गरी यस लेखमा पीठिकाको रूपमा आदि मङ्गलको शुभाकाङ्क्षा र मङ्गल भक्तिसमेत गरी श्रीशिव, शङ्कर, महेश, महादेव, पशुपतिनाथ अनेकानेक नामबाट अर्चित पूजित भगवान् आदिनाथ आदीश्वरको श्रद्धापूर्वक भक्ति गर्दछु ।

बुद्धस्त्वमेव विबुधार्चित ! बुद्धिबोधात् ।

त्वं शङ्करोऽसि भुवनत्रयशङ्करत्वात् ।

धाताऽसि धीर ! शिवमार्ग विधेर्विधानात् ।

व्यक्तं त्वमेव भगवन् पुरुषोत्तमोऽसि ॥ *भक्तामरस्तोत्र, श्लोक २५*

हे विभु ! तपाईं सर्वज्ञ हुनुहुन्छ । सर्वज्ञलाई नै बुद्ध भनिन्छ । तपाईं शङ्कर (शं- कल्याण, कर-कारी) हुनुहुन्छ, त्यसैले तपाईं तीनलोकका कल्याणक हुनुहुन्छ । तपाईं नै मोक्ष विधिका विधाता र पालक हुनुहुन्छ, त्यसैले तपाईं ब्रह्मा र विष्णु हुनुहुन्छ । समस्त विश्वका सर्वोच्च महान् भगवान् हे विभु ! शङ्कर तपाईं नै हुनुहुन्छ ।

तुभ्यं नमस्त्रिभुवनार्तिहराय नाथ !। *भक्तामरस्तोत्र, श्लोक २६*

त्यसैले तीनै (मध्य, ऊर्ध्व, अधो) लोकका दुःखहर्ता, सुखकर्ता प्रभु परमेश्वरलाई नमस्कार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैन आचार्यहरूले भक्तिसाहित्य र श्लोक, स्तोत्रहरूमा **शङ्कररूप आदिनाथ आदीश्वर**को श्रद्धापूर्वक भक्ति गरेको प्रशस्त र प्रचुर सामग्रीहरू उपलब्ध छन् ।

नेपाल नाथपरम्पराको आदिभूमि हो

जैन धर्मका संस्थापक प्रथम तीर्थङ्कर भगवान् ऋषभदेव हुनुहुन्थ्यो । भगवान् ऋषभदेव मानव सभ्यताका सूत्रधारका रूपमा चिनिनुहुन्छ । ऋषभदेवलाई आदिनाथ भगवान्का नामले पनि पुजिन्छ । नाथपरम्पराका आदिदेव ऋषभदेव हुनुहुन्थ्यो । श्रीमद्भागवत महापुराणका अनुसार उहाँलाई २४ अवतारहरूमध्ये आठौँ अवतार मानिएको छ । नाथपरम्परामा २४ नाथ हुनुभयो । नाथलाई तीर्थङ्कर नाम पनि दिइएको पाइन्छ । तीर्थङ्करहरूले, नाथहरूले अहिंसा, सत्य, अचौर्य, ब्रह्मचर्य र अपरिग्रहको साधनालाई धर्म भन्नुभयो । यी पाँच यम हुन् अर्थात् व्रत, महाव्रत हुन् । प्रथम तीर्थङ्कर भगवान् ऋषभदेवको जन्म अयोध्यामा भयो । तर उहाँले सन्न्यासदीक्षा लिएर आत्मसाधना अहिलेको नेपाल र तिब्बतमा गर्नुभयो । साधना फलित भएपछि कैवल्य अर्थात् सर्वज्ञ भएपछि पहिलो धर्मसभा कैलास अष्टापद पर्वतमा गर्नुभयो । देवहरूले भक्तिपूर्वक **समवसरण-धर्मसभा** बनाए । त्यही धर्मसभाबाट तीर्थङ्कर भगवान् ऋषभदेवले धर्मको उपदेश दिनुभयो । त्यो धर्मसभामा चक्रवर्ती सम्राट् भरत पनि सपरिवार उपस्थित थिए भन्ने वर्णन मिल्छ । त्यसपछि फेरि हिमालयदेखि लिएर भारत वर्षमा प्रवचन सभा गर्नुभयो । उहाँ फेरि जीवनको अन्तिम घडीमा **नेपालको हिमाल कैलास अष्टापद पर्वतमै** समाधि- मरणका लागि आउनुभयो । कैलास अष्टापद पर्वतबाटै मोक्षपदमा जानुभयो ।

भगवान् ऋषभदेवको निर्वाणपछि चक्रवर्ती सम्राट् भरतले तीर्थङ्कर भगवान् ऋषभदेवको जीवनी अङ्कित गरेर तथा यस क्षेत्रका २४ तीर्थङ्करहरूसहित ७२ तीर्थङ्करहरूका मन्दिरहरू कैलास अष्टापद पर्वतमै बनाएका थिए । त्यसको नाम उनले **सिंहनिषद्याप्रासाद** (मन्दिर) राखे । यसका हरादि, रजताद्रि, स्फटिकाचल प्रासाद (मन्दिर) भन्ने अरू नाम पनि प्रचलित रहे । जैन आस्था र शास्त्र अष्टापद पर्वतलाई महातीर्थका रूपमा मान्छन् ।

भगवान् महावीरको सिद्धान्तसूत्र आचाराङ्गको निर्युक्तिमा, जम्बूद्वीप प्रज्ञप्ति, आवश्यक निर्युक्तिमा, प्राचीन जैन ग्रन्थ एकादश अङ्गादि आगम-शास्त्र, निशिथ सूत्रको चूर्णि, आचार्य श्रीजिनप्रभ सूरिरचित ग्रन्थ विविध तीर्थकल्पको अष्टापद तीर्थकल्प अध्याय, आचार्य श्रीधर्मघोष सूरिरचित श्रीअष्टापद महातीर्थ कल्प, श्रीपूर्वाचार्यरचित अष्टापद कल्प, आचार्य श्रीहेमचन्द्र सूरिरचित त्रिषष्टि पूलाका पुरुष चरित्र पर्व दश, श्रीज्ञानप्रकाशदीवार्पण ग्रन्थ, उत्तर पुराण-भगवान् ऋषभदेवको चरित्र ग्रन्थ, सिद्धस्तव सूत्र, श्रीमद्भागवत, मंगोलियन बौद्ध धर्मग्रन्थ कंजूर र तंजूर, तिब्बतस्थित पोताला महल (दलाई लामाको निवास) मा रहेका अति प्राचीन ताडपत्रीय ग्रन्थ लगायत आदिआगमसूत्र र ग्रन्थहरूमा तीर्थङ्कर भगवान् ऋषभदेव र अष्टापद महातीर्थका सम्बन्धमा विशाल र विस्तृत वर्णन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाल कैलास अष्टापद पर्वतमा भगवान् ऋषभदेवका ९९ पुत्रहरूले आत्मज्योति प्राप्त गरी त्यहीँ समाधि धारण गरेर मोक्ष (शिवलोक) गएका थिए। उहाँकै ज्येष्ठ पुत्र चक्रवर्ती सम्राट् भरतको नाउँबाट 'भारतवर्ष नाउँ' हुन गएको भनी प्राचीन ग्रन्थहरूमा उल्लेख छ। डा. राधाकृष्णन्, डा. स्टीभेन्सश, श्रीजयचन्द्र विद्यालङ्कार आदि विद्वान्हरूको पनि यसमा सम्मति रहेको पाइन्छ। भरतले आफ्नो विशिष्ट साधना पवित्र कालीगण्डकीको किनारमा अवस्थित पुलहाश्रममा गर्नुभएको भनी भागवत पञ्चम स्कन्धमा वर्णन गरिएको छ। उक्त पुलहाश्रम नेपालको हरिहरक्षेत्रमा पर्दछ। उनै भरतका भाइ बाहुबलीको विश्वप्रसिद्ध एकहजार वर्ष पुरानो विशाल प्रतिमा 'गोम्मटेश्वर' भारतको कर्णाटक राज्यमा अवस्थित छ। ब्रह्माका मानस पुत्र अत्रि र अनुसूया मुक्तिमार्ग, शिवमार्गका साधक भनेर विवरण पनि प्राप्त छ।

भगवान् ऋषभ र भगवान् शिव दुवैका वाहन वा "लक्षण" **नन्दी** भएको, दुवैलाई आदिनाथको नाउँबाट पनि चिनिएको, दुवैले दिगम्बरबाबाको संज्ञा पाएको आदि विभिन्न तथ्यहरूको आधारहरूलाई लिएर कैयौँ विद्वान्हरूले दुवै नाथ एउटै हुन् भनेर प्रमाणित गर्न खोजेका पनि छन्। श्रीमद्भागवतमा भगवान् ऋषभलाई आठौँ अवतारका रूपमा वर्णन गरिएको छ। पञ्चम स्कन्धमा उनको जीवनी विस्तृत रूपमा वर्णन गरिएको छ।

कालको चौथो चरणमा दुःषम-सुषमा सुरु भयो। यस अवधिसम्म कर्म-क्षेत्रको पूर्ण विकास भइसकेको थियो। श्रमण धर्म धेरै फुल्यो-फल्यो। यसै चरणमा जैन धर्मका अरू २३ तीर्थङ्करहरू नाथहरू भए । प्रागैतिहासिक कालमा भएका जम्मा २४ तीर्थङ्करहरूमध्ये २३औं तीर्थङ्कर भगवान् पार्श्वनाथ र अन्तिम एवं २४औं तीर्थङ्कर भगवान् महावीर भएका हुन्। भगवान् पार्श्वनाथ र भगवान् महावीरका जीवनगाथाहरू ऐतिहासिक ग्रन्थहरूमा पनि उपलब्ध भएका हुनाले तीर्थङ्कर भगवान् पार्श्वनाथ र तीर्थङ्कर भगवान् महावीरलाई ऐतिहासिक मानिएको छ। यस्तै २०औं नाथ तीर्थङ्कर भगवान् मुनिसुव्रत प्रभु कैलास अष्टापद पर्वतमा आत्मसाधना गर्न आउनुभएको थियो।

वैदिक विद्याका त्यस समयका सर्वश्रेष्ठ विद्वान् महामहिम महासन्त इन्द्रभूति गौतम अष्टापद महातीर्थको धर्मयात्रामा आउनुभएको थियो। उहाँ २४औं तीर्थङ्कर भगवान् महावीर प्रभुका प्रथम शिष्य हुनुहुन्थ्यो। उहाँ महान् सिद्धिलब्धिधारी हुनुहुन्थ्यो। उहाँले अष्टापदमा तपस्यारत १५०३ साधु सन्न्यासीहरूलाई खीरले पारणा- गराउनुभएको थियो। यो २५७० वर्ष पहिलाको घटना हो।

जैन दर्शनमा शिवत्व

जैन सन्त, साध्वी र साधकहरूले बिहान र बेलुका गरिने प्रतिक्रमणसूत्रको एउटा महत्त्वपूर्ण स्तवन पाठ हो लोगस्स। यस लोगस्स स्तवनमा पनि उसभ अर्थात् ऋषभ अर्थात् शिव प्रभुको स्तवन गरिन्छ। **शिव अमलयमरुय** हे उसभ प्रभु अर्थात् ऋषभ अर्थात् शिवशङ्कर प्रभु तपाईं शिव हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वथा मलरहित हुनुहुन्छ अर्थात् निरञ्जन, निर्मल हुनुहुन्छ। अरूज अजन्मा हुनुहुन्छ भनी प्रार्थना, वन्दना र स्तुति गरिएको छ।

यस्तै प्रकारले भक्तामरस्तोत्रको श्लोक १६ मा **दीपोऽपरस्त्वमसि नाथ जगत्प्रकाश-** भन्दै भक्ति गरिएको छ। जगत्लाई ज्ञानको ज्योतिबाट प्रकाशित गर्नुहुने तपाईं अपरिमित आदित्य हुनुहुन्छ भनिएको छ।

यसै प्रकारले भक्तामरस्तोत्रको श्लोक ४१ मा **रक्तेक्षणं समदकोकिलकण्ठनीलं** जगत्को जहर (विष) आफूले पिएर भक्तहरूलाई निर्मल विषरहित गराउने तपाईं भक्तजनहरूलाई र आम्रमञ्जरी लट्ठ पार्ने मोहक वातावरणले कोइलीलाई मधुर मधु मीठो कुहुकुहु गर्न अभिप्रेरित गरेझैं भक्त साधकहरूलाई सहज भक्ति धारामा डुबुल्की लगाउन अभिप्रेरित गर्नुहुने तथा मानिसहरूमा संस्कार रूपमा विद्यमान (**रक्तेक्षणं**) आन्तरिक शत्रुहरू अर्थात् क्रोध, मान, माया, लोभ, मोह, अहङ्कार रिस, रागद्वेष, मिथ्याधारणा रूप शल्यहरूबाट (**समद**) निर्मल र समतावान्, सहज स्वरूपमा लीन रहन योग्य बनाउनु हुने नीलकण्ठ प्रभु हुनुहुन्छ भनिएको छ।

यसैगरी भक्तामरस्तोत्रकै श्लोक १९ मा **युष्मन्मुखेन्दुदलितेषु तमस्सु नाथ**! पाप, ताप सन्तापबाट मुक्त गरी शीतलता प्रदान गर्नु हुने र अज्ञान अन्धकारबाट ज्ञानको प्रकाशतिर लग्नुहुने हे उसभ प्रभु अर्थात् ऋषभ अर्थात् शिवशङ्कर प्रभु, हे नाथ तपाईं आत्मशुद्धिका पुरोधा हुनुहुन्छ भनिएको छ।

मन्ये वरं हरिहरादय एव दृष्टा,
दृष्टेषु येषु हृदयं त्वयी तोषमेति।
किं वीक्षितेन भवता भुवि येन नान्यः
कश्चिन् मनो हरति नाथ! भवान्तरेऽपि॥ *भक्तामरस्तोत्र, श्लोक २१*
त्वामामनन्ति मुनयः परमं पुमांस-
मादित्यवर्णममलं तमसः परस्तात्।
त्वामेव सम्यगुपलभ्य जयन्ति मृत्युं
नान्यः शिवः शिवपदस्य मुनीन्द्र! पन्थाः॥ *भक्तामरस्तोत्र, श्लोक २३*

पर्याप्ति र प्राणहरूको योग नै जीवन हो र तिनको वियोग मृत्यु हो। जन्म तीन प्रकारका हुन्छन् -गर्भ, उपपात र संमूर्च्छिम्। जन्म, उत्पत्ति र भव यी तीनवटै एकार्थवाची शब्द हुन्। जरायुज, अण्डज र पोतज यी गर्भबाट जन्मिन्छन्। जन्मको समयमा एक प्रकारको झिल्लीबाट वेष्टित हुन्छन् तिनलाई जरायुज भनिन्छ। ती मनुष्य, गाई आदि हुन्। अण्डाबाट उत्पन्न हुने पंक्षी एवं सर्प आदि अण्डज हुन्। खुल्ला अङ्ग उत्पन्न हुने हात्ती, खरायो, मूसा आदि पोतज हुन्। देव र नारकको जन्म - शय्या एवं कुम्भीमा उत्पन्न हुनेलाई उपपात भनिन्छ। शेष जीवहरूको जन्मलाई सम्मूर्च्छिम् भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वं शङ्करोऽसि भुवनत्रयशङ्करत्वात्- यो श्लोकमा भगवान् ऋषभलाई शङ्कर पनि भनिएको छ। हे शङ्कर भगवान्! तपाईंको उपदेश भुवनत्रयमै फैलियो अर्थात् हिमालयदेखि मध्यभूमि हुँदै समुद्रपर्यन्तका तीन भुवनमा धर्म फैलियो। यी उक्त दुई श्लोकहरूमा भनिएको छ- अज्ञान अन्धकारको कालोमैलोले घेरिएर सही मार्ग नपाएर भवसागरमा भ्रमण गरिरहने, रुमलिइएर संसारमा दुःख पाइरहेका जीवलाई एकपटक तपाईं हर (महादेव) को शरणागति प्राप्त भएपछि तपाईंमा नै लीन हुने लालसा र तुष्टि जाग्दछ। अरू अन्य कुनै कुराप्रति चाहना जाग्दैन। पुनः जन्म र मरणको सिलसिला टुङ्गिनेतिर जीवको यात्रा सुरु हुन्छ। हे नाथ! केही भवको साधनापछि भगवतस्वरूपमा जीव अवस्थित हुन पुग्छ अर्थात् प्रभुको शरणमा गएपछि प्रभु नै बन्दछ। तपाईंबाहेक अरू शिवमार्ग कुनै पनि छैन।

ब्राह्मी चन्दनबालिका भगवती, राजीमती द्रौपदी।
कौशल्या च मृगावती च तुलसा सीता सुभद्रा शिवा।
कुन्ती शीलवती नलस्य दयिता, चूला प्रभावत्यपि।
पद्मावत्यपि सुन्दरी दिनमुखे, कुर्वन्तु नो मङ्गलम्।

सृष्टि, शिव र शक्तिको मङ्गल मिलन रूप हो। विश्व, शिव र शिवाको विस्तारित रूप हो। यस्तो कल्याणरूप एक नाम वा अनेक नाम वा जे नामले अर्चित पूजित भए पनि भगवती शिवाले प्रतिदिन हामी सबैको मङ्गल गरून्।

सत्यको अवतरण शिवरूप भगवान् तीर्थङ्कर पार्श्वनाथ

तेईसौं तीर्थङ्कर भगवान् पार्श्वनाथ ऐतिहासिक पुरुष हुनुहुन्छ। उहाँले तीर्थ प्रवर्तन भगवान् महावीरभन्दा २५० वर्ष पहिला गर्नुभएको थियो। भगवान् महावीरको समयमा पनि उहाँको परम्परा अविच्छिन्न चलेको थियो। भगवान् महावीरका आमा-बुबा भगवान् पार्श्वनाथका अनुयायी थिए। अहिंसा र सत्यको साधनालाई समाजव्यापी बनाउने श्रेयः भगवान् पार्श्वनाथलाई जान्छ। भगवान् महावीर उहाँको अहिंसक परम्पराको उन्नयनबाट धेरै लोकप्रिय हुनुभएको थियो। यसको जानकारी हामी पुरिसादाणीय- (पुरुषादानीय) विशेषणद्वारा पाउँछौं। भगवान् महावीर, भगवान् पार्श्वनाथका लागि यो विशेषणको प्रयोग सम्मानपूर्वक गर्नुहुन्थ्यो।

भगवान् पार्श्वनाथले अहिंसा, सत्य, अचौर्य र अपरिग्रह- यी चार धर्मको उपदेश दिनुभयो। आदिनाथ ऋषभदेव प्रभु र भगवान् महावीर प्रभुले पाँच महाव्रत-धर्मको उपदेश दिनुभयो। निर्ग्रन्थ श्रमणहरूको सङ्घ वर्तमान इतिहासको परिधिभन्दा टाढाको कुरा रह्यो। भगवान् पार्श्वनाथले अहिंसा धर्मलाई सर्वाधिक महत्त्व दिनुभयो। सामान्य जीवन व्यवहार र सामाजिक क्रियाकलापका लागि पनि अहिंसालाई व्यापक रूपमा अपनाउन विशेष जोड दिनुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथ परम्परा आदिनाथ ऋषभनाथबाट निस्सृत भएको कुरा तथ्य हो। भगवान् श्रीशिवको गलामा नागदेवताले शरण लिनुभएको छ। भगवान् पार्श्वनाथको आत्मसाधनाको क्रममा कष्ट, विघ्न, बाधा आए, विग्रह, अवरोधहरू आए, त्यसमा नागदेव अधिष्ठाता धरणेन्द्रले नाग अवतारमा अवतरित भई भगवान् पार्श्वनाथको साधनामा सहयोगी भूमिका खेल्नुभयो। शिवसाधनामा सिद्धि नपाओस् भन्नका खातिर कमठ (मेघमाली) नामको व्यक्तिले गरेको अवरोध समाप्त भयो र उहाँको साधना सिद्ध भयो। त्यसपछि जीवनभर जगत्का आस्थाशील शिवलोक, मोक्षलोकको साधनामा अग्रसर हुन आस्थाशील साधक र साधिकाहरूलाई नाथ बन्ने साधना सिकाउनुभयो। भगवान् पार्श्वनाथको चिह्न नागदेवता हो। उहाँ र शिवशङ्कर भगवान्‌ले गलामा पहिरिएको नागदेवता अभिन्न हुन्। पछि यही धारणाको परम्परामा समयक्रमले फरक विधिविधान हुन गएको परिलक्षित भए तापनि सदृशता अभिन्न रूप हो।

विषहर विषनिन्नासं- विषधरको विषलाई नष्ट पार्नु भई भवभ्रमण विषलाई मेटाउने शिव प्रभु, नीलकण्ठ प्रभुमङ्गलकल्लाणआवासं, मङ्गलकारी, कल्याणकारी हुनुहुन्छ। ईश्वर निरञ्जन, निराकार र परम सत् तत्त्व हो र वीतराग अर्थात् राग-द्वेष विजेता हुनुभएकाले ईश्वर लोक प्रकाशक हुनुहुन्छ।। यो ब्रह्माण्ड सधैँ थियो र सधैँ रहिरहनेछ, तर पनि स्थिरता भने रहँदैन। यसको सूक्ष्म अस्तित्वको दृष्टिले शाश्वत र अविनाशी छ, यसको कुल परिमाणमा घटबढ हुन सक्तैन तर यसको स्थूल रूप, रङ्, गुण, आकार आदि देश, काल र परिस्थितिअनुसार परिवर्तनशील छ। शून्यबाट कुनै वस्तुको सृजना हुनै सक्तैन, कसैले पनि गर्न सक्तैन। पदार्थका रूप, रङ्ग, गुण, आकार आदिमा प्रत्येक पल र क्षण परिवर्तन भइरहन्छ। जीव स्थावर हुन् वा जङ्गम, अर्थात् वनस्पति आदि हुन् वा हिँड्डुल गर्ने हुन्, प्रत्येक प्राणीका शरीरमा दृश्य वा अदृश्य रूपमा निरन्तर स्पन्दन र गतिशीलता रही परिवर्तन भई नै रहन्छ। यस धारणा र सिद्धान्तको प्ररूपणा भगवान् आदिनाथ, शिवबाबाले गर्नुभएको मानिन्छ। त्यसैले उत्पाद, व्यय र ध्रुव रूप यो सृष्टि हो भन्ने मङ्गलकथन भगवान् आदिनाथका उपदेशको परम्परामा पाइन्छ। शिव ब्रह्मरूपले सृष्टि गर्नुहुन्छ। त्यसैले भक्त साधकहरूले उहाँलाई उत्पाद अर्थात् उत्पत्तिका कारक मानेका हुन्। उत्पन्नपछि घर्षण, क्षरण अनि लय हुन्छ। सम्पूर्णरूपमा मोह आदि विषय हटेर गएपछि लय हुन्छ। पापहरू नाश हुनु जीवशुद्धिको प्रलय रूप हो। प्रलयपछिको परम र चरम शुद्धि आत्माको शिवत्व हो। भक्तहरू, साधकहरू प्रलय, विगलन वा रूपान्तरण भएपछि शिवत्वमा लीन रहन्छन्। शिवोऽहं, शिवोऽहं, भन्ने भान हुन्छ र निजानन्द रूपमा अवस्थित हुन्छ। त्यही रूपान्तरण तत्त्वलाई अज, नित्य, अमर, ध्रुव भनिएको हो।

आफ्ना सुकृत्य वा दुष्कृत्यका फलको जिम्मेवारी भगवान्‌लाई आधार मान्दै हामीले लिनुपर्ने नै हुन्छ। शुभ वा अशुभ कामकर्महरू सुख-दुःखका कारक भएकाले पदार्थको अभाव वा सुलभतामा अथवा घटना वा परिस्थितिको अनुकूलता वा प्रतिकूलतामा निहित नभएर मनोभावको स्थितिमा वा अनुभूतिमा निर्भर गर्दछ। सकारात्मक सोच शिव साधनामा भक्ति हो। नकारात्मक सोच भक्तिरहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्ग हो। अति स्निग्ध भाव परम भक्ति हो। वातावरणको अत्यन्त अनुकूलता भक्तिको फल हो। व्यक्तिको सुख-दुःखको सोचले अनुभूतिमा धेरै नै ठूलो अन्तर पारेको हुन्छ। आफ्ना पूर्वकृत (कुसु) संस्कार-कर्महरूले पनि मानिस (जीव)लाई सकारात्मक सोच वा नकारात्मक सोचतिर प्रेरित गर्ने एक कारक हो भन्ने आस्था धर्म शिवपथका पथिकमा रहेको हुन्छ।

आध्यात्मिक विकास वैयक्तिक कुरो भए पनि अरूमाथि पनि त्यसको असर पर्दछ र त्यसले पारिवारिक, सामाजिक, राष्ट्रिय र वैश्विक जीवनसमेतलाई प्रभावित पार्दछ। यो जीवन्त परम्पराबाट मिल्ने ठूलो सम्पत्ति हो। भौतिक विकासले वैयक्तिक जीवनलाई निरन्तर प्रभावित गर्दछ। भौतिक विकासबाट प्राप्त सुख-सुविधा र विलासिताका साधनले मानिसलाई आध्यात्मिकताबाट टाढिने प्रवृत्ति बढाउने सम्भावना रहन्छ।

महर्षि याज्ञवल्क्यभन्दा पहिलेदेखि विदेह नामले चिनिने देशका भूभागहरू अहिले केही नेपाल र केही भारतमा पर्छन्। हो, बुद्ध, ऋषि, महर्षि, महात्माहरूसँग जोडिएर बनेका भौतिक र भौगोलिक यथार्थ धरोहर, पावन महातीर्थस्थलहरू सार्न मिल्ने होइनन्। प्रतिकृति बनाउन सकिने भयो। भूगोल स्वात्तै उठाउने कसरी ? केही माटो, ढुङ्गा, केही अस्थि धातु आदि लान सकिने भयो। यस्तै भौतिक शरीर र भौतिक पदार्थ पनि भौतिक क्षेत्रमा बाँधिएर बस्छ तर तिनको विचार, सभ्यता र संस्कृति भएर फैलिन्छ। यस फैलावटलाई भूगोलले रोक्न सक्दैन, राजनैतिक सीमा वा देशको सीमाले व्यवधान गर्दैन। धर्मले भूगोल, जात, भाषा, भेष, सम्प्रदाय, रङ्ग, रूप, लिङ्ग भन्दैन। सबैमा रहेको अमूर्त विचारलाई प्रभावित गर्छ अनि फैलिन्छ। यद्यपि धर्म-विचार कुनै क्षेत्रमा जन्मिए पनि त्यो ज्ञान हावासरि फैलिन्छ। चेतना-ज्ञानको के प्रदेश र देश हुने हो ? अहिलेको विचार प्रवाहको चरम विकासको युगमा हामी विश्वका कुनाकुनाबाट क्षणभरमै प्राप्त विचार आफ्नो मानेर, आफ्नै ठानेर लिन्छौं।

यसरी हेर्दा जेजस्ता धारणा वा तथ्यहरूको सृजना सिद्ध बुद्ध महात्माहरूले गरे तापनि मूर्ति र सिद्धक्षेत्रहरूको महिमा अपरम्पार छ। यसकारणले पाशुपतक्षेत्र सिद्धक्षेत्र हो। शिवबाबाको तपस्याभूमि र सिद्धिभूमि हो। यसै भएर यो अजर र अमर छ। यो शाश्वत महातीर्थ हो। यो सिद्धभूमि हो, अरू सिद्धिभूमि पनि यस भूमिको आधारमा जन कल्याणकारक भएका हुन्। यो त्यसलाई प्रेरणा गर्ने आधारहरू अथाह रहेका छन्। सिद्ध-बुद्ध शङ्करहरूले आध्यात्मिक उत्कर्षका लागि सत्यको खोजीमा आफ्नो जीवन नै अर्पण गरेको देखिन्छ। सत्यकै खोजीमा आफ्नो जीवन खपाएका हुन्। सङ्क्षेपमा जीवनको लक्ष्य सत्यको सन्धान शिवालय, शिवलोक, सिद्धलोक नै हो। कर्तव्य-बुद्धिबाट लोक व्यवस्थाको प्रवर्तन गरी कठोर साधनाद्वारा वीतरागत्व एवं कैवल्य अर्थात् सर्वज्ञता प्राप्त गर्न अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहको पञ्चयाम धर्म भएको मोक्ष-धर्मको प्रवर्तन शैव-नाथ साधनाको स्वरूप हो। राग-द्वेष र वासनाहरूबाट मुक्ति पाउन अनासक्त योगको बाटो हिँडेर इहलोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र परलोक दुवैका लागि संयम, अहिंसा, सत्य आदि व्रतहरूको महत्त्वलाई बुझाउनु र कर्मको विलय गरेर परिनिर्वाण भै परमात्मपद प्राप्त गर्नु शैवनाथ परम्परा नै सनातन वेद परम्परा हो। यो अनादि र अनन्त परम्परा पनि हो।

आध्यात्मिक साधना शिवभक्तिको सार

संसारबाट छुट्कारा पाउनु नै आध्यात्मिक साधनाको 'ॐ त्र्यम्बक' (महामृत्युञ्जयमन्त्र) को सार हो। विषय वासनाबाट जतिजति टाढा हुँदै जान्छ, त्यतित्यति आत्मप्रदेश हलुका हुँदै जान्छ। कर्महरूको उदय र विलयबाट उत्पन्न चेतनाको परिणाम भाव हो। कर्महरूको क्षयोपशम-उपशम-क्षय-अवस्था विलय हो। परिणमनलाई पनि भाव भनिएको छ। कर्महरूको उपशम, क्षय एवं क्षयोपशमबाट निष्पन्न हुने भाव अवस्थाहरू जीवका स्वरूप हुन्।

मोहकर्मको वेद्यभाव शान्तस्थितिलाई उपशम भनिन्छ। उपशम रूपमा रहेका मोहकर्म क्षय भएपछि अवशिष्ट मोहकर्मको सर्वथा अनुदय हुन्छ, यसलाई उपशम भनिन्छ। यसको स्थिति अन्तर्मुहूर्त्तको हुन्छ। यसबाट (उपशम) प्राप्त आत्माको अवस्थालाई औपशमिक भाव भनिन्छ।

कर्महरूको समूल नाश हुनुलाई क्षय भनिन्छ। क्षय ज्ञानावरणादि आठ कर्महरूको हुन्छ। यस (क्षय) बाट हुने आत्म-अवस्थालाई क्षायिक भाव भनिन्छ। घाति (आत्मगुणलाई घात गर्ने) कर्महरूको वेद्यभावलाई क्षयोपशम भनिन्छ। उदयावलिकामा प्रविष्ट घातिकर्महरूको क्षय र उदयमा नआएका घातिकर्महरूको उपशम अर्थात् विपाकरूपले उदय हुँदैन, यसलाई क्षयोपशम भनिएको छ। क्षयोपशमबाट हुने आत्म अवस्थालाई औदायिक भाव भनिन्छ।

शिव सनातन संस्कृति र जैन धर्म

प्राचीन बृहद् सनातन धर्मअन्तर्गत हिन्दू समाजमा अनेकौं मत-मतान्तरहरू जन्मे र हुर्के। दिव्य ज्ञानयुक्त महापुरुषहरूले समय-समयमा मानवोचित आचार, विचार र ज्ञानले मानव समुदायलाई उपकृत गरे। विशिष्ट धर्माचार्यहरूले यस महान् ज्ञानलाई धर्म शास्त्रहरूका रूपमा जनता-जनार्दनका लागि हृदयङ्गम गर्न सुलभ तुल्याए। यी ज्ञान सङ्कलनहरू संस्कृत, प्राकृत र पाली वा अरू पनि जनभाषाहरूमा लेखिए। ब्रह्मवादीका मूलग्रन्थ संस्कृतमा, नेपालमा जन्मनुभएका सिद्धार्थ गौतम बुद्धका उपदेशका मूलग्रन्थ पालीमा, भगवान् महावीरका उपदेशका मूलग्रन्थ प्राकृतमा, सिखधर्मको ग्रन्थ १६औं शताब्दीको मिश्रित भाषामा रहेका छन्।

हिन्दू संस्कृतिको आरम्भ र विकासको मूलथलो धेरै महान् साधकहरूको आत्म-साधनाभूमि सुन्दर शान्त धवल हिमालय भूमि नेपाल हो। शङ्करोऽसि शङ्कर शिव शङ्कर किरातेश्वर महादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलेबाबा, आदिनाथ भगवान् ऋषभदेव, साध्वी विदुषी अनुसूया, साध्वी विदुषी उर्वशी, साध्वी विदुषी यमी, साध्वी विदुषी शची, पूज्या महान् सती नारी सीता, राजर्षि जनक, भगवान् श्रीराम, महर्षि व्यास, महर्षि वाल्मीकि, महामुनि सिद्धार्थ गौतम बुद्ध आदि परमात्मा महात्माहरूले हिमाली राज्य नेपालमा मन, इन्द्रिय र बुद्धि संयमको उपाय रूप धर्मको व्याख्याबाट वेदसंस्कृतिलाई परम्पराक्रम र समयक्रमसँगै निरन्तर रूपमा अघि बढाए। सृष्टिको आरम्भदेखि नै यो भूमि वेदसंस्कृति, ज्ञानसंस्कृति, सरस्वतीसंस्कृतिको साधनाभूमि रह्यो। इतिहासलाई मान्य दृष्टिकोणले भन्ने हो भने पनि दश हजार वर्षदेखि यो भूमि वेदसंस्कृतिको साधनाभूमि हो।

भगवान् अवतार श्रीकृष्णलगायत उक्त महान् साध्वी विदुषी र सर्वज्ञ महात्माहरू र अन्य ऋषि, मुनि बुद्धहरूले समयक्रमसँगै धर्ममा भित्रिने विकृति र विसङ्गतिहरूलाई हटाए। समयानुकूल सुधार गरी जनताका लागि हितकारी हुने धर्मसंस्कृति स्थापित गरे। त्यसै भएर यिनीहरू प्रभु, ईश्वर, भगवान्, अवतार, तीर्थङ्कर, नाथका रूपमा पूजिए। हिन्दूसंस्कृति भारतभरि फैलियो, विश्वमा नै फैलियो। यो धर्म र यसबाट उत्पन्न सभ्यता र संस्कृति मान्ने विश्वमा अहिले तीन अरबभन्दा बढी मानिस छन्।

श्रीमद्भागवतमहापुराणअनुसार मानवीय अवतारका रूपमा भगवान् ऋषभदेव पहिलो अवतार नै हुनुहुन्थ्यो। यस पूर्वका अवतारहरू कूर्म, वराह, मत्स्य, नृसिंह आदि पशुयोनिका थिए। उहाँले समाजमा विद्यमान विकृतिहरूबाट अशान्त स्थितिलाई सुधार्न, शान्तिको महान् सन्देश दिन आफ्नो जीवन अर्पित गर्नुभयो। अहिंसा, सत्य, अचौर्य, ब्रह्मचर्य र अपरिग्रहका नैसर्गिक मानवीय सिद्धान्तहरूलाई स्थापित गरी मानवजातिको महान् कल्याण गर्न **धाताऽसि धीर** ! **शिव मार्गविधेर्विधानात्** को धार्मिक विधानको व्यवस्था गर्नुभयो।

मानिस स्वभावबाटै शान्त र सन्तुष्ट छ। क्रोध, मान, माया, लोभ आदि विकृतिका प्रसङ्गले अशान्त र असन्तुष्ट हुने हो। कर्म-युगको आरम्भ शिवबाट भएको भनिन्छ। परिस्थितिको विवशताले क्षमा, शान्ति, सौम्य आदि सहज गुणहरूमा परिवर्तन ल्याइदिन्छ। यो शासनतन्त्रको नै आदिरूपको कारण बन्छ। यसैले शिवलाई प्रलयका देवता पनि भनियो। खेदप्रदर्शन, निषेध र तिरस्कार कठोर दण्ड मानिन्थे। ऋषभनाथ अतीन्द्रिय ज्ञानी हुनुहुन्थ्यो। उहाँले मानिसलाई परिवार र समाजमा बस्न सिकाउनुभयो। लौकिक व्यवहारको ज्ञान दिनुभयो। सभ्यताका साथसाथै पुरुषार्थ पनि सिकाउनुभयो। जनतालाई “असि, मसि र कृषि” को प्रशिक्षण दिनुभयो। खाद्य-समस्याको समाधानका लागि कृषि, आवास आदिका लागि शिल्पकला र वस्तु विनिमय र व्यवसायको प्रशिक्षण आदि व्यावहारिक ज्ञान र सामाजिक परम्पराहरूको सूत्रपात गर्ने मानवसभ्यताका प्रथम प्रस्तोता ऋषभनाथ हुनुभयो। यस सरस्वतीसभ्यताको आरम्भरूप पछि गएर विस्तृत भएर गयो। शैवसंस्कृति सरस्वतीसंस्कृति हो। यो विश्वलाई महानतम देन हो। शैवसंस्कृति इरानदेखि लिएर रामेश्वरम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र पूर्वमा जावा, सुमात्रा इण्डोनेसियासम्म फैलिएका प्रमाणहरू प्राप्त भएका छन्। शिवसाधना कर्मकाण्डको कठिन नियमरहित रहेको हुँदा यसरी विश्वको आधा हिस्सामा व्याप्त हुन पुगेको हो। यो शिवपरम्परा अष्टापद हिमालबाट निःसृत भई सिद्ध क्षेत्र नेपालको वाग्वतीनदीको तटमा केन्द्र भएर फैलिएको तथ्य विद्वान्‌हरू बताउँछन्।

भगवान् ऋषभदेवको कृतित्वको अध्ययनले यस्तो आभास दिन्छ कि हिन्दूसंस्कृतिको विकास र जैन धर्मको विकासमा अन्योन्याश्रित सम्बन्ध देखिन्छ, अङ्गाअङ्गी भाव छ। उनले साधु धर्म, गृहस्थ धर्म बताउनुभयो। उहाँका नाति मरीचि साधु-श्रमण बने। तर साधुका नियम कठिन लागे। घर फर्कन चाहेनन्। मध्यम मार्ग चुने। संन्यासी नै रहे, भगवान् ऋषभदेवसँगै डुले। कुनै जन्ममा श्रमण त, कहिले संन्यासी, कहिले पशु त, कहिले मनुष्य, कहिले देव भए। समयान्तरपछि मरीचि नाथपरम्पराका अन्तिम नाथ तीर्थङ्कर महावीर बन्नुभयो।

भगवान् आदिनाथपछि अजितनाथ, सम्भवनाथ, अभिनन्दननाथ, सुमतिनाथ, पद्मप्रभ, सुपार्श्वनाथ, चन्द्रप्रभ, सुविधिनाथ, शीतलनाथ, श्रेयांसनाथ, वासुपूज्य, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कुंथुनाथ, अरनाथ, मल्लिनाथ, मुनिसुव्रत, नेमिनाथ, अरिष्टनेमि, भगवान् पार्श्वनाथ र भगवान् महावीर गरी यी उत्तरवर्ती २३ नाथहरू-तीर्थङ्करहरूले पनि समयसमयमा शिथिल भएको धर्ममा पुनर्जागरणको शङ्खनाद गरे। तेईसौं तीर्थङ्कर भगवान् पार्श्वनाथ ऐतिहासिक पुरुष नै मानिनुहुन्छ। चौबीसौं तीर्थङ्कर भगवान् महावीर भगवान् बुद्धभन्दा केही जेठो हुनुहुन्थ्यो।

आचार्य पादलिप्त सूरि केही समयको साधनाका लागि सिद्ध क्षेत्र नेपालको वाग्वतीनदीको तटमा आउनुभएको थियो। आचार्य भद्रबाहु स्वामीले त यस महातीर्थलगायत नेपालका अन्य साधनाक्षेत्रहरूमा बाह्र वर्षभन्दा बढी समय महाप्राण साधना गर्नुभएको थियो। भारतबाट उहाँका शिष्यहरू उहाँको दर्शन गर्न र अध्ययन गर्न नेपाल आउजाउ गर्थे। सम्पूर्ण श्रुतज्ञान भएका एकमात्र श्रुतकेवली आचार्य श्रीभद्रबाहु नेपालको हिमालमा विशिष्ट साधनारत हुनुहुन्थ्यो। उहाँलाई बोलाउने प्रयास भयो। तर महाप्राण साधना पूरा नभइसकेकोले आभ्यासिक शिष्यहरूलाई नै उहाँ समीप पठाउन आचार्य श्रीभद्रबाहुले धर्मसङ्घसँग अनुरोध गर्नुभयो। धर्मसङ्घले मुनि स्थूलिभद्रको नेतृत्वमा ५०० मुनिहरूलाई सम्पूर्ण ज्ञान प्राप्त गर्न नेपाल पठाइएको इतिहास प्राप्त छ। उक्त घटनाको झलक जैन ग्रन्थमा यस्तो भेटिन्छ–

नेपालवत्तणीए य भद्दबाहुस्सामी अच्छंति चोद्दसपुव्वी।
तेसिं संघेणं पत्थवितो संघाडओ दिट्ठिवादं वाएहित्ति।
गतो। निवेदितं संघकज्जं तं।

भनिन्छ, काठमाडौं जिल्लाको चोभारमा अवस्थित आदिनाथ मन्दिर प्रथम नाथ तीर्थङ्कर भगवान् आदिनाथ (ऋषभदेव) को प्राचीन मन्दिर हो। त्यहाँ प्रस्तरमा प्राचीन लिपिमा केही अस्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षर कुँदिएका छन्, वर्षको एकपटक प्रतिमाको प्रक्षालन (स्नान) गराइन्छ, अरू बखत प्रतिमा आवृत रहन्छ। अभेदभावले आस्था गर्दा सबै नाथ एक रूप हुन्।

भगवान् महावीर, भगवान् महावीर अगाडिका जैन तीर्थङ्कर एवं महान् आचार्यहरू र मनीषीहरू र उहाँपछिका कैयौँ जैन आचार्यहरूको साधनाभूमि नेपाल भएको कुरा जैन शास्त्रहरू र अन्यत्र पनि भएका प्रमाणहरू प्रशस्त रूपमा उपलब्ध छन्। राष्ट्रिय अभिलेखालयमा कैयौँ प्राचीन जैन ग्रन्थहरू उपलब्ध छन्। जसमध्ये ताडपत्रमा ब्राह्मी लिपिको हस्तलिखित ग्रन्थ 'प्रश्न व्याकरण टीका' एउटा अत्यन्तै दुर्लभ ग्रन्थ हो।

उपत्यकाकै एउटा नदीमा बग्दै गरेको चौधौँ शताब्दी पुरानो आठौँ तीर्थङ्कर चन्द्रप्रभुको मूर्ति फेला परेको कुरा केही वर्षअघि मात्र प्रेस जगत्ले उजागर गरेको थियो। हाल सो मूर्ति काठमाडौँको राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा सुरक्षित छ, जसको अवलोकन गर्न सकिन्छ। पशुपति क्षेत्रका देवालयमा जैन तीर्थङ्करका नग्न प्रतिमाहरू छन्। लिच्छवि र मल्ल राजाहरू र नेपालको र उपत्यकासँगको सम्बन्ध इतिहाससंगत र प्रमाणित छ। लिच्छवि राजकुमारीहरूको उपत्यकाका राजा र अरू उच्च ओहदाका व्यक्तिसँग समय समयमा वैवाहिक सम्बन्ध भएको थियो। यिनीहरूले पावन पशुपति क्षेत्रमा शिवलिङ्गलगायत तीर्थ, मठ स्थापना गरेका थिए। स्वामी विशुद्धदेवले यसको विस्तृत विस्तार सुनाउनुभएको हो। वास्तवमा पुरातात्त्विक वस्तुहरूको नेपालमा वैज्ञानिक ढङ्गले खोजी अझै हुन सकेको छैन, सो भएमा थप अनेकौं प्रमाणहरू भेटिने कुरा निर्विवाद छ। वास्तवमा युक्तिमतमा सहमत हुनेहरू सबै सम्यक्त्वी हुन्, जयी हुन्, आत्म-साधनामा बाधक रागद्वेषहरूलाई जित्नेलाई नै तीर्थङ्कर नाथले आफ्नो अनुयायी भनेका छन्।

बृहत् सनातन धर्म संस्कृति कुनै धर्म वा सम्प्रदाय विशेष नभै लाखौँ वर्षदेखि विकसित भइरहेको जीवनपद्धति हो। जैन आगमहरू जस्तै वेद, पुराण, गीता, बौद्ध त्रिपिटक, नानकदेवजीका गुरु ग्रन्थहरू र अनेकौँ महापुरुषहरूद्वारा निर्देशित तत्त्वहरूको सङ्गम नै महान् सनातन हिन्दूसंस्कृति हो। हिन्दूसंस्कृति यतिको विशाल छ, यसमा यतिका भिन्नभिन्न मत-मतान्तर छन् कि मानिस दिग्भ्रमित हुन सक्तछ। त्यसैले यिनका सामञ्जस्यपूर्ण कुराहरूको प्रतिपादन गर्न समय-समयमा अनुवीक्षण गर्नु आवश्यक छ। साथै यस अनुवीक्षणले संस्कृति र उपासनापद्धतिमा कालान्तरमा उत्पन्न हुन गएका कतिपय कुरूढि र विकृतिहरूको निरूपण गरी तिनको निराकरण गर्ने र मत-मतान्तरको धुवाँदार प्रचारबाट उत्पन्न हुने भ्रमात्मकताको मुकाबिला गर्ने ठोस अहिंसात्मक कार्यक्रमहरू प्रस्तुत गर्नुपर्छ। हिन्दूसंस्कृतिको सङ्गठन र उन्नयनको मार्ग प्रशस्त गर्न सकेमा समस्त हिन्दूसंस्कृति अझ प्रखर र प्रबल बन्नेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्री

श्रीमद्भागवत पञ्चम स्कन्ध अध्ययन ३, ५ र ६ भगवान् ऋषभदेव वर्णन ।

आगम और त्रिपटिकः एक अनुशीलन, खण्ड १ इतिहास और परम्परा, मुनि श्रीनगराजजी, डी.लिट, *प्रकाशकः जैन श्वेताम्बर तेरपंथी सभा, कलकत्ता– १, संस्करणः प्रथम, २०२६ ।*

आचार्य श्रीतुलसी, **भगवान् महावीर**, *प्रकाशकः जैन विश्वभारती प्रकाशन ।*

युवा आचार्य, श्रीमहाप्रज्ञ, **जैन परम्परा इतिहास**, *प्रकाशकः जैन विश्वभारती प्रकाशन ।*

मनलाई जिते जीत, *प्रकाशकः गोल्छा ज्ञानमन्दिर प्रकाशन, वि.सं. २०१५।*

डा. मुखर्जी, राधाकुमुद, **हिन्दू सभ्यता**, *प्रकाशकः राजकमल प्रकाशन, ई.सं. १९५५, पृष्ठ २३९ ।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रका केही प्राचीन शिवलिङ्गहरू

–डा. नयनाथ पौडेल

श्रीभगवान् साम्बसदाशिवको निराकार स्वरूपको प्रतीक नै शिवलिङ्ग हो। शिवको साकार रूपको प्रतीकचाहिँ विविध रूपका मूर्तिहरू हुन्। प्राचीनकालदेखि नै शिवको निराकार एवं साकार रूपको पूजा अर्चना गर्ने परम्परा आर्य संस्कृतिमा रहिआएको छ।

प्राचीन सभ्यताहरूमध्ये सिन्धुघाटी सभ्यताको महत्त्वपूर्ण योगदान रहेको कुरा पुरातत्त्वविद्हरू बताउँछन्। यस सभ्यताको अध्ययन गर्ने क्रममा मोहनजोदारो र हरप्पाको उत्खननबाट प्राप्त अवशेषहरूलाई अध्ययन गरी विद्वान्हरूले कतिपय मूर्तिहरू पशुपति शिवको भएको बताएका छन्। यस किसिमको उत्खननबाट प्राप्त पाषाणलिङ्ग र योनिका आकारका छिद्र भएका पाषाण एवं मृत्तिकाका चक्काहरूको अध्ययनबाट पुरातत्त्वविद्हरूले लिङ्गको प्रतीक पूजा आर्य सभ्यताको प्रारम्भदेखि नै चलिआएको कुराको निष्कर्ष निकालेका छन्।[१]

शिवलिङ्ग खास गरी दुई प्रकारका हुन्छन् - (१) चल (चर) र (२) अचल (स्थावर)। एक ठाउँबाट अर्को ठाउँमा सजिलै लान सकिने सानो आकारको लिङ्गलाई चल लिङ्ग भनिन्छ। स्थायी रूपले निर्दिष्ट तीर्थस्थल एवं मन्दिरहरूमा स्थापना गरिएका शिवलिङ्गहरूलाई अचल लिङ्ग भनिन्छ।[२] माटो, धातु, रत्न, काष्ठ आदिबाट चल लिङ्ग बनाइन्छ भने अधिकांश अचल शिवलिङ्गहरू पाषाणको नै बनाइएका पाइन्छन्।

विभिन्न पूजाआजा तथा व्रतप्रतिष्ठाहरूमा क्षणिक लिङ्ग बनाउने परम्परा पनि रहिआएको छ। यस्ता क्षणिक लिङ्गहरू बालुवा, चामल, भात, माटो, गोबर, नौनी आदि पदार्थहरूबाट बनाइन्छन् र पूजाको समाप्तिपछि विसर्जन गरिन्छन्।[३]

---

१ R.C. Majumdar, **The Vedic Age**, Bombay : Bharatiya Vidya Bhawan, 1965, p. 176 - Plate VII.

२ Sheo Bahadur Singh, **Brahmanical Icons in Northern India**, New Delhi : Sagar Publications, 1977. P.98

३ *डा. वीणा पौडेल, सर्वेश्वर महादेव, काठमाडौं : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, २०६०, पृ. ८१.*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको पूजा गर्ने प्रचलन भारतबाहेक एसियाको दक्षिण पूर्व एवं दक्षिणी भागका देशहरूमा समेत प्राचीन कालदेखि नै चलिआएको थियो। सम्राट् अशोकले धर्मविजयको नीति अपनाएपछि अन्य देशहरूमा प्रचार प्रसार गर्नको लागि धर्मदूतहरू पठाउने कार्यको सुरुवात भयो। यसपछि म्यान्मार, मलेसिया, इण्डोनेसिया, थाइल्याण्ड, कम्बोडिया, लाओस्, भियतनाम जस्ता देशहरूमा धर्म, संस्कृति, भाषा लगायत सम्पूर्ण शासकीय तथा सामाजिक विधाहरूमा भारतीय संस्कृतिको प्रभाव पऱ्यो।[४] यी देशहरूमा रामायण, महाभारत, पुराण, षड्दर्शन, व्याकरण, काव्य आदि संस्कृत वाङ्मयका सबै अङ्गहरूको पठनपाठन हुने गर्दथ्यो। प्राच्य विद्याका कामन्दकीय नीतिशास्त्र जस्तै नीतिशास्त्रअनुसार नै त्यहाँको शासन व्यवस्थाको सञ्चालन हुन्थ्यो।[५]

कम्बोडिया, मलाया, सुमात्रा, जावा र भियतनाम क्षेत्रको चम्पा आदि क्षेत्रमा प्राप्त संस्कृत भाषामा लेखिएका प्राचीन शिलालेखहरूले त्यस क्षेत्रको प्राचीन भाषा, संस्कृति एवं सामाजिक जनजीवन उपर प्रकाश पारिरहेका छन्।[६] यस लेखको अहिलेको विषय नेपालको पशुपति क्षेत्रमा रहेका भगवान् परमेश्वरका प्राचीन शिवलिङ्गहरूको विषयमा केही लेख्ने भए पनि सर्वप्रथम यस क्षेत्रभन्दा बाहिरका अर्थात् नेपाल बाहिरका केही प्राचीन शिवलिङ्गहरूको परिचय दिनु प्रासङ्गिक हुने देखिन्छ।

कम्बोज-नरेश उदयादित्य वर्माले वि.सं. १११७ मा अहिलेको क्याम्बोडियाको राजधानी न्होम पेन्हभन्दा (Phnom Penh) उत्तरपश्चिमपट्टि १४३ मील पर सियन रिप (Sien Reap)भन्ने प्रान्तमा बाफुअन (Baphuon)मन्दिर परिसरभित्र शिवलिङ्गको स्थापना गरेका थिए।[७]

क्याम्बोडियामा रहेको अन्कोरवाट (Angkor Wat) संसारको सबैभन्दा ठूलो धार्मिक स्मारकको रूपमा रहेको कुरा विश्वप्रसिद्ध छ। यस मन्दिर नगरीलाई खमेर (Khmer) राजा सूर्यवर्मा द्वितीयले वि.सं. १२ औं शदीको उत्तरार्धमा आफ्नो राजधानी यशोधरापुरमा बसाएका थिए। शैव धर्मअनुसार शिवलिङ्गको स्थापना भइआएको यस क्षेत्रमा राजा सूर्यवर्माले नयाँ नयाँ मन्दिरहरू बनाई भगवान् विष्णुलाई समेत समर्पण गरेका थिए।[८]

क्याम्बोडियामा संस्कृत भाषामा लेखिएका सयौं अभिलेखहरू पाइएका छन्। यी अभिलेखहरूले चारै वेद, उपनिषत्, रामायण, महाभारत, काव्य, धर्म, दर्शन आदि प्राच्य विद्याका विविध विधाहरूमा प्राचीन समयमा क्याम्बोडियामा राम्रो उन्नति भएको थियो भन्ने कुरालाई स्पष्ट दर्शाइरहेका छन्।

---

४ डा. यदुवंशी, **शैव मत**, पटना : विहार राष्ट्र भाषा परिषद्, १९५५, पृ. १७४.

५ Mahesh Kumar Sharan, **Studies in Sanskrit Inscriptions of Ancient Cambodia**, New Delhi: Abhinav Publications 1974, p. 166.

६ Dr. Kalyan Kumar Sarkar, "Early Indo-Cambodian Contacts (Literary and Linguistic)" **Visva-Bharati** Annals Vol. XI (1968), p. 57.

७ पूर्ववत् नं. ५ महेशकुमार, पृ. ९२.

८ ऐ..ऐ., पृ. ३७.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इण्डोनेशियाको जावामा अवस्थित चण्डी प्रेमवनम् (Candi Prembanam) हिन्दू देवी-देवताहरूको मन्दिर परिसर नवौं शदीमा बनाइएको हो। यस मन्दिर परिसरमा त्रिदेव - ब्रह्मा, विष्णु, महेशलाई समर्पित विभिन्न हिन्दू देवमूर्तिहरूको स्थापना गरिएको छ।

शिखरेश्वर

आजभोलिको क्याम्बोडिया र थाइल्याण्डको सीमानामा अवस्थित, न्होम पेन्हबाट ४१४ किलोमीटर टाढा शिखरेश्वर मन्दिर (Preah Vihear) क्याम्बोडियाको प्रसिद्ध शिवालय हो। यस मन्दिर परिसरको निर्माण कार्यको प्रारम्भ नवौं शदीमा भएको थियो। पछि खमेर राजा सूर्यवर्मा (वि.सं. १०५९-११०७) र सूर्यवर्मा द्वितीय (वि.सं. ११७०-१२०७) को शासनकालमा मन्दिर परिसरका देवालयहरूको निर्माण भएको थियो। यस शिव मन्दिरलाई क्याम्बोडिया र थाइल्याण्डले परस्पर दाबी गर्दा यसको स्वामित्वको लागि दुई देशबीच युद्ध समेत मच्चिएको थियो। पछि ई.सं. १९६२ मा अन्तर्राष्ट्रिय अदालत (International Court of Justice) ले यो शिखरेश्वर मन्दिर (Preah Vihear) कम्बोडियाकै स्वामित्वमा पर्छ भनी निर्णय गरेपछि विवादको अन्त्य भएको थियो।

दक्षिणी लाओसको चम्पसाक (Champasak) प्रान्तमा मेकोङ्ग (Mekong) नदीको छेवैमा लिङ्गपर्वत (Phu Kao)को फेदीमा श्रेष्ठपुर (Wat Phou) रहेको छ। यस पर्वतको शिखर वास्तवमा लिङ्गको आकारको नै देखिने भएकोले यस स्थानलाई शिवजीको भवन भनी वर्णन गरिएको छ। अभिलेखहरूको अध्ययनबाट पाँचौं शदीमा यो श्रेष्ठपुरले राजधानी हुने सौभाग्य पाएको थियो र यसै समयमा शिवमन्दिरको पनि निर्माण गरिएको थियो। प्राकृतिक पर्वतीय प्रपात (छहरा) बाट भगवान् शिवजीको लिङ्गमा स्नान भइरहने व्यवस्था हुनु यस मन्दिरको विशेषता रहेको थियो भनिन्छ।[९]

भियतनामको क्वाङ्ग नाम (Quang Nam) प्रान्तको डाइ भुयैं (Duy Xuyen) जिल्लाअन्तर्गत डाइ फु (Duy Phu) गाउँ नजिकै मी सोन (My Son) नामक देवमन्दिर परिसर रहेको छ। यी देवमन्दिरहरूलाई चारौं शदीदेखि १४ औं शदीसम्म चम्पाका विभिन्न राजाहरूले बनाएका थिए। यी मन्दिरहरू खास गरी भगवान् शिवजीको पूजनका निमित्त समर्पण गरिएका थिए। यो मी सोन देवमन्दिर परिसरलाई इण्डोनेशियाको जावास्थित बोरोबुदुर (Borobudur), क्याम्बोडियाको अङ्कोरवाट (Angkor Wat), म्यान्म्यारको बगन (Bagan) तथा थाइल्याण्डको अयुथाया (Ayuthaya) मन्दिर परिसरसँग तुलना गर्ने गरिन्छ। मी सोनमा प्राप्त सर्वप्राचीन अभिलेख राजा भद्रवर्मा (३४०-४१३) को हो। यी राजाले भव्य शिवालय बनाई आफ्नै नामबाट भद्रेश्वर नामको विशाल

---

९ R.K. Kanchan, **Hindu Kingdoms of South East Asia**, New Delhi: COSMO Publications, 1990, p. 101.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको स्थापना गरेका थिए। दुई शदीपछि यो मन्दिर जीर्ण भएको हुँदा राजा शम्भुवर्मा (५७७-६२९) ले जीर्णोद्धार गरी शम्भु- भद्रेश्वर नामक शिवलिङ्गको पुनः प्रतिष्ठा गरेका थिए।[10] यताबाट आफ्नै नाममा शिवलिङ्ग स्थापना गर्ने विषयमा आजभन्दा १५३९ वर्षअगाडि मानेश्वर शिवलिङ्ग स्थापना गर्ने नेपालका राजा मानदेव र आजभन्दा करीब १६७३ वर्षअगाडि नेपालबाट त्यति टाढा रहेको आजभोलिको भियतनामका राजा भद्रवर्मा र त्यस्तै आजभन्दा करीब १४३६ वर्षअघिका भियतनामका अर्का राजा शम्भुवर्माको मनोभावनामा समानता रहेको पाइन्छ।

यसरी सयौँ वर्षअगाडि यातायातको उचित साधन नभएको अवस्थामा पनि दक्षिण एसियाका शियाम, लाओस्, कम्बोज एवं भियतनामका राजा एवं प्रजाहरूको धर्मप्रतिको विश्वास र नेपालका राजा एवं प्रजाहरूसँगको धर्मप्रतिको विश्वासमा समानता रहेको पाइन्छ। धर्मसम्बन्धी स्रोत-ग्रन्थहरू जस्तै रामायण, महाभारत एवं विभिन्न पुराणहरू एवं काव्य ग्रन्थहरूको प्रचार प्रसार समान रूपमा यी देशहरूमा हुनु निश्चय पनि खुशीको कुरा हो। परन्तु कालचक्रको कुरा! अहिलेको वैज्ञानिक युगमा यातायातको सुविधाले सम्पन्न अवस्थामा चाहिँ पहिलेको भन्दा धार्मिक विश्वासको समानतामा अझ बढोत्तरी हुनुपर्ने हो, त्यो चाहिँ हुन सकेको देखिँदैन।

शिवलिङ्गको विषयमा चर्चा चलाउँदा भारतमा पनि प्राचीन कालदेखि शिवलिङ्ग निर्माणको परम्परा रहिआएको हो। भारतमा स्थापित शिवलिङ्गहरूको बारेमा विस्तृत रूपमा यस लेखमा उल्लेख गर्न नसकिए पनि द्वादश ज्योतिर्लिङ्गको नामले प्रसिद्ध शिवलिङ्गहरूको बारेमा भने नामोल्लेखसम्म गर्न सकिएको छ –

भारतका द्वादश ज्योतिर्लिङ्ग

सि.नं.	ज्योतिर्लिङ्ग शिवलिङ्गका नाम	स्थान	प्रान्त
१.	सोमनाथ	प्रभास, पाटन	गुजरात
२.	मल्लिकार्जुन	श्रीशैलम्, कुर्नुल	आन्ध्रप्रदेश
३.	महाकालेश्वर	उज्जयिनी, क्षिप्रानदीको किनार	मध्यप्रदेश
४.	ॐकारेश्वर	नर्मदा नदी टापू	मध्यप्रदेश
५.	केदारनाथ	गढवाल, हिमालय	उत्तराखण्ड
६.	भीमशङ्कर	सह्याद्रि पहाड	महाराष्ट्र
७.	विश्वनाथ	गंगानदी, वाराणसी	उत्तरप्रदेश
८.	त्र्यम्बकेश्वर	गोदावरी, नासिक	महाराष्ट्र

[10] सत्यकेतु विद्यालंकार, दक्षिण-पूर्वी और दक्षिणी एशिया में भारतीय संस्कृति, नई दिल्ली : श्रीसरस्वती सदन, २००८, पृ. २२३.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९.	वैद्यनाथ	देवघर	झारखण्ड
१०.	नागेश्वर	दारुका वन	गुजरात
११.	रामेश्वर	रामेश्वर द्वीप, सेतुबन्ध	तमिलनाडु
१२.	गृष्णेश्वर	प्रसिद्ध एलोरा गुफा नजिक	महाराष्ट्र[११]

अब नेपाल तर्फको कुरा गर्दा भगवान् श्रीपशुपतिनाथ प्रसिद्ध ज्योतिर्मय शिवलिङ्गको रूपमा नेपालमा विराजमान हुनुहुन्छ। उहाँको उत्पत्तिको सम्बन्धमा गोपालराजवंशावलीमा यस्तो लेखिएको छः "त्यसपछि भृङ्गारेश्वर भट्टारक श्लेष्मान्तक वनमा विहार गरिरहेको वेलामा गोपाल भए। त्यसपछि मालाखाबाट गोग्रामको आगमन भयो। नेप नामका गोल (गोपाल) की बहुह्नी नाम गरेकी कैली गाईले वाग्वतीको तीरमा गएर दिनदिनै खाल्डोमा दूधको धारा बगाउन लागिन्। ती गाईले सेचन गर्न लागेको ठाउँ गोपालले देखे। खनेर हेर्दा श्रीमत्पशुपतिभट्टारक प्रादुर्भूत हुनुभयो।"[१२] यसरी कुनै कारणवश खाल्टोमा पुरिएर रहेको ठाउँमा गाईले दूध चढाएको ठाउँ खनेर हेर्दा पशुपतिनाथको उत्पन्न भएको कुरालाई यस वंशावलीमा देखाइएको छ। पौराणिक गाथा एवं अन्य वंशावलीहरूले पनि यही कुरालाई समर्थन गरेको देखिन्छ।

नेपालमा अचल शिवलिङ्गहरूको विषयमा कुरा गर्दा लिच्छवि कालमा तीन किसिमका शिवलिङ्गहरू बनेका पाइन्छन्। ती हुन् - (१) शिवलिङ्ग सादा अर्थात् शुण्डा आकारको शिवलिङ्ग (२) मानव मुखाकृति भएको एकमुखी शिवलिङ्ग (३) चार मुखाकृति भएको (सद्योजात, वामदेव, अघोर, तत्पुरुष तथा ईशान) पञ्चमुखी शिवलिङ्ग।[१३]

नेपालमा अनगिन्ती शिवलिङ्गहरू रहेका छन्। पशुपतिनाथको नै आकार-प्रकारका शिवलिङ्गहरू पशुपति क्षेत्रभित्र प्रशस्त मात्रामा पाइन्छन्। पाटन सहरमा मात्र करीब १७० शिवलिङ्गहरू रहेका र तिनीहरूको पूजाअर्चना भइआएको कुरा पं. हेमराज शाक्यले लेखेका छन्।[१४] यी सबै शिवलिङ्गको चर्चा गर्न नसकिए तापनि प्रसिद्ध ६४ शिवलिङ्गहरूको नाम चाहिँ यहाँ उद्धरण गर्नु प्रासङ्गिक हुनेछ।

हिमवत्खण्डमा नेपालका ६४ शिवलिङ्गको माहात्म्य र तिनको उपासना क्रम बताइएको छ। उक्त ६४ शिवलिङ्गको नाम हालको भौगोलिक अवस्थितिको जानकारी तल प्रस्तुत गरिएको छः

---

११. दयाशंकर दुवे, भगवतीप्रसाद सिंह, पन्नालालसिंह, 'द्वादशज्योतिर्लिङ्ग' **कल्याण** तीर्थाङ्क, गोरखपुरः गीता प्रेस, २०६१, पृ. ४६३

१२ Dhanavajra Vajracharya, Kamal P. Malla, **The Gopalraja Vamshavali**, Kathmandu: Nepal Research Centre, 1985, p. 73.

१३ लैनसिंह वाङ्देल, **प्राचीन नेपाली मूर्त्तिकलाको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. ९०.

१४ पूर्ववत् नं.३ डा. वीणा पौडेल, पृ. १९१.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी शिवलिङ्ग

सि.नं.	शिवलिङ्गको नाम	हालको स्थान
१.	कुशेश्वर	दुम्जा
२.	भीमेश्वर	दोलखा
३.	काफीश्वर	बाह्रबिसे, काभ्रे
४.	काश्यपेश्वर	मण्डन, काभ्रे
५.	स्फटिकेश्वर	फटकशिला, काभ्रे
६.	चण्डेश्वर	बनेपा, काभ्रे
७.	धनेश्वर	बनेपा, काभ्रे
८.	विकटेश्वर	साँगा, काभ्रे
९.	इन्द्रेश्वर	पनौती, काभ्रे
१०.	भालेश्वर	विहावर, काभ्रे
११.	गुप्तेश्वर	फुलचोकी, ललितपुर
१२.	तिलेश्वर	लेले, ललितपुर
१३.	चम्पकेश्वर	लेले, ललितपुर
१४.	रामेश्वर	लेले टीकाभैरव, ललितपुर
१५.	कालेश्वर	लेले टंगु, ललितपुर
१६.	लटारमेश्वर	मकवानपुरनेर महादेवखर्क
१७.	उद्दालकेश्वर	फर्पिङ्ग यासिडोल, काठमाडौं
१८.	गोपालेश्वर	फर्पिङ्ग, काठमाडौं
१९.	चम्पकेश्वर	चित्लाङ्ग बिसंखेल
२०.	उश्वतेश्वर	टिष्टुङ खत्रीगाउँ
२१	नन्दीकेश्वर	टिष्टुङ
२२	गोखुरेश्वर	टिष्टुङ कुन्छाल कार्कीछाप
२३	पाण्डुकेश्वर	पालुङ
२४	कुटेश्वर	बेसी
२५	असितेश्वर	पश्चिम महादेव व्यासी
२६	भैरवेश्वर	कविलास
२७	ब्रह्मेश्वर	कविलास, नुवाकोट
२८	स्कन्देश्वर	भिडावारी
२९	शतरुद्रेश्वर	वाग्द्वार शिवपुरी, काठमाडौं
३०	काकेश्वर	मणिचूड पूर्व कागेश्वरी
३१	मणिचूडेश्वर	मणिचूड पर्वत नजिकै
३२	योगेश्वर	साँखु वज्रजोगिनी, काठमाडौं
३३.	नारायणेश्वर	साँखु लप्से गाउँ बोझेनिफेदी, काठमाडौं
३४.	ज्योतिर्लिङ्गेश्वर	साँखु, काठमाडौं
३५.	रत्नचूडेश्वर	महादेव पोखरी, भक्तपुर
३६.	वागीश्वर	वागेश्वरी, भक्तपुर
३७.	कीलेश्वर	चाँगु, भक्तपुर
३८.	वाल्मीकेश्वर	हनुमान्घाट, भक्तपुर
३९.	मङ्गलेश्वर	उलाछेंटोल, भक्तपुर
४०.	विमलेश्वर	सिपाडोल, भक्तपुर
४१.	अनन्तेश्वर	अनन्तलिङ्ग, भक्तपुर
४२.	विश्वरूपेश्वर	तसांगाल, भक्तपुर
४३.	सोमेश्वर	सोमालिंटार, भक्तपुर
४४.	गोभराटेश्वर	लुभु, ललितपुर
४५.	त्रिलिङ्गेश्वर	बालुखा (इखालखु), ललितपुर
४६.	भृंगेश्वर	सुनागुठी, ललितपुर
४७.	सर्वेश्वर	कुम्भेश्वर, ललितपुर
४८.	कुपितेश्वर	ललितपुर सहर
४९.	गोलोकेश्वर	नैकाप विशंदेवी, काठमाडौं
५०.	चन्दन भराटेश्वर	थानकोट, काठमाडौं
५१.	यक्षेश्वर	इचंगुनेर आदेश्वर, काठमाडौं
५२.	चण्डिकेश्वर	टोखा उत्तर, काठमाडौं
५३	धर्मेश्वर	टोखा लिविकोट, काठमाडौं
५४	गोकर्णेश्वर	गोकर्ण, काठमाडौं
५५	कोटीश्वर	कोटेश्वर कुटिवहाल, ललितपुर
५६	वाणेश्वर	बानेश्वर, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५७	ज्ञानेश्वर	ज्ञानेश्वर, काठमाडौं
५८	पर्वतेश्वर	पशुपति कैलास, काठमाडौं
५९	जलेश्वर	गुह्येश्वरीघाट वाग्वतीभित्र, काठमाडौं
६०	गुह्येश्वर (सिद्धेश्वर)	गुह्येश्वरी आँगन, काठमाडौं
६१	किराँतेश्वर	गौरीघाट, काठमाडौं
६२	भस्मेश्वर	पशुपतिनेर, काठमाडौं
६३	भुवनेश्वर	देवपाटन, काठमाडौं
६४	रुद्रागारेश्वर	देवपाटन, काठमाडौं[१५]

यी ६४ लिङ्गबाहेक अरू २३२ उपलिङ्ग पनि नेपालमा छन् भनेर भाषावंशावलीमा यसरी लेखिएको छ-

"यति चतुषष्टि आवरण गराई श्रीपशुपतिनाथ विराजमान भयाका छन् । अरू शिवलिङ्गहरू गुह्येश्वरी लिङ्ग सप्तऋषि लिङ्ग आदि गरी उपलिङ्ग २३२ छन् । वाग्वतीका कुण्ड ८९ तीर्थ छन्। मनमती तीर्थ ६४ छन् । यी सबै नदी गंगा तीर्थ कुण्डहरूको मेला भरी यात्राकन गरी धेरै देवताहरू उद्धार भै गया ।"[१६]

अब लागौं- अहिलेको लेखको प्रसङ्गतिर । इतिहासकार डा. गोविन्द टण्डनले आफ्नो ग्रन्थ पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययनमा पशुपति क्षेत्रमा भएका मूर्ति तथा शिवलिङ्गहरूको परिश्रमपूर्वक अन्वेषण गरी विस्तृत विवरण दिनुभएको छ ।[१७] यसरी विवरण दिँदा क्रमसङ्ख्या, मूर्ति एवं शिवलिङ्गको नाम, सो रहेको स्थान, मन्दिरभित्र कि बाहिर अवस्थित त्यसको विवरण, उचाई, संवत्, शताब्दी एवं कैफियत गरी विभिन्न दृष्टिकोणबाट जानकारी दिने अथक प्रयास भएको छ। यस ग्रन्थमा कुल ७४९ ओटा प्राचीन एवं अर्वाचीन मूर्ति एवं शिवलिङ्गहरूको परिचय दिइएकोमा यस लेखमा चाहिँ पशुपति क्षेत्रमा रहेका प्राचीन शिवलिङ्गहरूका बारेमा मात्र चर्चा चलाइएको छ। डा. टन्डनले विवरण दिनुभए अनुसार प्राचीनकालका शिवलिङ्गहरूको विवरण जम्मा ९४ ओटा परेका देखिन्छन् । उक्त विवरणमा उल्लेख भएअनुसार हाल मन्दिरभित्र विराजमान हुने शिवलिङ्गको सङ्ख्या ९ र बाहिरै घामपानी सहेर लडिरहेका शिवलिङ्गहरूको सङ्ख्या ८५ देखिएको छ। यसरी पशुपतिक्षेत्रभित्र अवस्थित प्राचीन शिवलिङ्गहरू मध्ये १० प्रतिशतले मात्र अहिले मन्दिरभित्र विराजमान हुने अवसर पाएका छन् । पशुपतिक्षेत्रभित्रका ९० प्रतिशत शिवलिङ्गहरू चाहिँ घाम पानी सहेर खुला आकाशमुनि लडिरहन विवश पारिएका छन् । पशुपतिको देश नेपालको पाशुपत क्षेत्रमा शिवलिङ्गहरूको यस्तो दुरवस्था ! कस्तो विडम्बना ! कसलाई के भन्ने ?

१५. जगदीशचन्द्र रेग्मी, **पशुपति गुह्येश्वरी माहात्म्य**, काठमाडौं, नई प्रकाशन, २०५३, पृ. १४

१६ नयनाथ पौडेल (सं.) भाषा-वंशावली भाग-१ काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, २०२० पृ. ८.

१७ गोविन्द टन्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौं: श्री झरेन्द्र शमशेर जबरा तथा श्रीमती मञ्जु राणा, २०५३, पृ. ३६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छविकालमा प्रतिष्ठापित पशुपतिक्षेत्रमा अवस्थित अभिलेखसहितको जलहरी भएका प्राचीन शिवलिङ्गहरूको तालिका हाल निम्नबमोजिम देखिन्छः

पशुपतिक्षेत्रमा रहेका, अभिलेखसहितका शिवलिङ्गहरू

सि.नं.	शिवलिङ्गको नाम	स्थापना गर्ने व्यक्ति	राजाको नाम	संवत्	हालको स्थान	भूमि व्यवस्थाको उल्लेख
१	रत्नेश्वर शिवलिङ्ग (आफू जीवित छँदैमा आफ्नै नामबाट)	रत्नसङ्घ	राजा मानदेव	३९९	पशुपति देउपाटन दक्षिणा मूर्तिको पश्चिम	छ
२	प्रभुकेश्वर	सार्थवाह रत्नसङ्घ	राजा मानदेव	४०२	पशुपति देउपाटन	छ
३	शिवलिङ्ग	सार्थवाहुसुत विमलसङ्घ	राजा मानदेव	४०७	पशुपति देउपाटन	छ
४	–	–	(राजा मानदेव)	४१०	देउपाटन पञ्चदेवल	छैन
५	जयेश्वर	जयलम्भ (आफ्नो जीवनकालमा आफ्नो नामबाट)	मानदेव	४१३	पशुपति मन्दिरको त्रिशूलमुनि	छ
६	विजयेश्वर	विजयवती (आफ्नो जीवनकालमा आफ्नो नाममा)	मानदेव	४२७	पशुपति, सूर्यघाट	छैन
७	भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर	प्रतीहार ध्रुवसङ्घ वार्त्त	–	४५५	पशुपति मन्दिरदेखि दक्षिण-पूर्वमा भस्मेश्वर	छ
८	अनुपरमेश्वर	आभीरी	–	४६२	पशुपतिनाथ, वत्सला मन्दिर नजिकै	छ
९	नाथेश्वर	मानमती	रामदेव	४६७	पशुपति आर्यघाटबाट मृगस्थली जाने बाटोमा	छ
१०	–	–	–	–	पशुपति पञ्चदेवल पश्चिमपट्टि	छैन[१८]

१८. स्रोतहरू

क. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एसियाली अध्ययन संस्थान २०३०

ख. हरिराम जोशी, **नेपालका प्राचीन अभिलेख**, काठमाडौँः राजकीय प्रज्ञा प्रतिष्ठान २०३० नेपाल

ग. श्यामसुन्दर राजवंशी, **देउपाटनको विमलसङ्घको अभिलेख**, रोलम्ब मिलेनियम इस्यु जुन २०००, जोशी रिसर्च इन्स्टिच्युट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि तालिकामा उल्लिखित पहिलो शिवलिङ्ग रत्नेश्वर हुन्। राजा मानदेवको समयमा सार्थवाह रत्नसङ्घले आफ्नो जीवित कालमा नै आफ्नै नामबाट भगवान् रत्नेश्वर शिवलिङ्गको स्थापना गरेका थिए। उतिखेर एक देशबाट अर्को देशमा व्यापार गर्न जाने व्यापारीहरूलाई सार्थ भनिन्थ्यो। एक दुई जनाले मात्र यस्तो किसिमको व्यापार गर्न सम्भव नहुने हुनाले समूहमा गएर यस्तो व्यापार गर्नुपर्ने हुन्थ्यो। व्यापारको सिलसिलामा यसरी भ्रमण गर्दा सुरक्षाको व्यवस्था सरकारबाट मिलाउनुपर्ने हुन्थ्यो। यस्ता व्यापारीहरूले तिरेको करबाट देशको राजस्वमा समेत बढोत्तरी हुन्थ्यो। रत्नसङ्घले रत्नेश्वर शिवलिङ्ग स्थापना गरी विभिन्न स्थानमा भगवान्लाई चढाएका खेतको क्षेत्रफल २५७० रोपनी उल्लेख गरिएको छ। यताबाट नेपालका सार्थवाह रत्नसङ्घ असङ्ख्य धनी व्यक्ति थिए भन्ने थाहा हुन्छ।

अर्को शिवलिङ्ग प्रभुकेश्वर हुन्। यो पनि सार्थवाह रत्नसंघले नै आफ्नो नातेदार प्रभुसंघको नाममा स्थापना गरेका थिए।

अर्को शिवलिङ्ग सार्थवाहका छोरा विमलसंघले स्थापना गरेका हुन्। राजा मानदेवको शासनकालमा विमलसंघले शिवलिङ्गको स्थापना गरी ५८० रोपनी जग्गा चढाएका थिए। विमलसंघको यस शिलालेखमा राजा मानदेवको सुन्दर शरीरको उचाईको वर्णन गरिएको छ।

यसपछिको अर्को शिवलिङ्ग पशुपति पञ्चदेवलको भित्र पश्चिम-उत्तर कुनामा अवस्थित छ। यसमा संवत् ४१० लेखिएकोले यस शिवलिङ्गको स्थापना राजा मानदेवका शासनकालमा भएको देखिन्छ। अभिलेख सबैजसो फुटिसकेको हुनाले अरू जानकारी पाउन सक्ने अवस्था अहिले रहेको छैन।

अर्को शिवलिङ्ग जयेश्वर हुन्। राजा मानदेवको शासनकालमा आफ्नै नामबाट जयलम्भले जयेश्वर स्थापना गरेका थिए। यी जयलम्भ सरकारी कर्मचारी थिए। नित्यपूजा, कारणपूजाका लागि ४५० रोपनी जग्गा गुठी राखिएको उल्लेख यस अभिलेखमा गरिएको छ।

अर्को शिवलिङ्ग मानदेवकी छोरी विजयवतीले आफ्नो जीवनकालमा नै स्थापना गरेका विजयेश्वर हुन्। यी विजयवती राजा मानदेवकी बडामहारानी भोगिनीपट्टिकी छोरी थिइन्। राजा मानदेव लिच्छविवंशका हुन् भन्ने पहिलो उल्लेख यसै अभिलेखमा आएको छ। विजयवतीका पति वार्त्त देवलाभ थिए भन्ने कुरा यस अभिलेखमा उल्लेख गरिएको छ। यस अभिलेखमा पनि भूमिव्यवस्थाको उल्लेख गरिएको छैन।

यसपछिका शिवलिङ्गहरू भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर र रवीश्वर छन्। उतिखेरका प्रतिष्ठित पदाधिकारी वार्त्त एवं प्रतीहार ध्रुवसंघले एकैपटक यी पाँच ओटा शिवलिङ्गको स्थापना गरेका हुन्। पशुपति मन्दिरदेखि दक्षिणपूर्वपट्टि 'भस्मेश्वर' भनी प्रख्यात शिवलिङ्ग छ। सो शिवलिङ्गको जलहरीभन्दा मुनि आसनको रूपमा रहेको ढुङ्गामा यो अभिलेख कुँदिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रतीहार एवं वार्त्त जस्तो प्रतिष्ठित सरकारी पदमा रहेको व्यक्तिले अभिलेखमा गद्दीनशीन राजाको नामोल्लेखसम्म नगर्नु, पाँच पाँच व्यक्तिका नाममा एकैचोटी पाँच शिवलिङ्ग स्थापना गर्नु संयोगवश होइन, यसमा कुनै रहस्य लुकेको छ भन्ने देखिन्छ । यसले निम्न कुरा दर्शाएको छ जस्तो मलाई लाग्छ - यसवेला राजा वसन्तदेवको अन्त्य भइसक्यो, त्यसै काण्डमा रविगुप्त आदि उपर्युक्त पाँच व्यक्ति पनि परे, ध्रुवसङ्घ रविगुप्तहरूप्रति भक्ति राख्ने व्यक्ति थिए। यसै हुँदा रविगुप्तहरूका नाउँमा एकैचोटि शिवलिङ्ग स्थापना गरिदिए, गद्दीनशीन नयाँ राजाप्रति प्रतिहार ध्रुवसंघको मनमा आदर थिएन, यसै हुँदा गद्दीनशीन राजाको नामोल्लेख उनले गरेनन्" भनी धनवज्र वज्राचार्यले लेख्नुभएको छ।[१९]

यसपछिका शिवलिङ्ग अनुपरमेश्वर हुन् । आभिरी गोमिनीले आफ्ना स्वर्गवासी पति अनुपरमको नाममा यो शिवलिङ्ग स्थापना गरेकी हुन् । हाँडिगाउँको स्तम्भलेखको पाण्डित्यपूर्ण द्वैपायनस्तोत्र यिनै अनुपरमले बनाएका थिए ।

राजा वसन्तदेवको समयदेखि राजा नरेन्द्रदेवको उदय नहोउञ्जेलसम्म लिच्छविकालको इतिहासमा गुप्तहरूले आफ्नो प्रभुत्व राम्रोसँग जमाएका थिए। राजा वसन्तदेवका समयका दूतक याज्ञिक विरोचनगुप्त, दूतक सर्व्वदण्डनायक महाप्रतिहार रविगुप्त, भौमगुप्त, जिष्णुगुप्त र विष्णुगुप्तहरू उतिखेर शक्तिशाली शासकहरू थिए ।

यसपछिका शिवलिङ्ग नाथेश्वर हुन् । राजा रामदेवको शासनकालमा महासामन्त क्रमलील भएको वेलामा मानमती नाम गरेकी धार्मिक भावना भएकी महिलाले नाथेश्वर भगवान्को पूजाआजाको लागि जग्गा गुठी राखिदिएकी हुन् ।

यसपछिको अभिलेखयुक्त जलहरी पशुपति पञ्चदेवलको हो। धेरै फुटेर नासिइसकेकोले केवल केही अक्षर मात्र बाँकी रहेको हुँदा यस विषयमा केही भन्न सकिने अवस्था अहिले रहेको छैन।

लिच्छविकालका अभिलेखहरूमा यस अतिरिक्त थुप्रै शिवलिङ्गहरूको उल्लेख भएको पाइन्छ। हाँडिगाउँको अंशुवर्माको अभिलेखमा रामेश्वर, धारा-मानेश्वर, पर्वतेश्वर, कैलासेश्वरको उल्लेख आएको छ। राजा अंशुवर्माको अभिलेखमा उनकी आफ्नी बहिनी भोगदेवीले आफ्ना पति राजपुत्र शूरसेनको पुण्यको बढीबढाउको लागि पशुपतिमा स्थापना गरिएका शूरभोगेश्वर, राजा अंशुवर्माकी भाञ्जी भाग्यदेवीले स्थापना गरिएका लडितमहेश्वर र उनीहरूका पुर्खाले स्थापना गरिएका दक्षिणेश्वर समेतको बरबन्दोबस्तको काम अधःशालका पाञ्चालिकहरूलाई सुम्पिएको कुरा उल्लेख गरिएको छ। यसका साथै बनेपाको शिवदेवअंशुवर्माको अभिलेखमा चन्द्रेश्वर, दक्षिणेश्वर, लेलेको शिवदेवअंशुवर्माको अभिलेखमा चूडिकेश्वर विश्वेश्वर,

१९ वज्राचार्य, पूर्ववत् नं. १८, पृ. १५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेखमा भुवनेश्वर, ललितपुरको गैह्नीधाराको राजा नरेन्द्रदेवको अभिलेखमा वज्रेश्वर, लगनटोलको शिवदेव द्वितीयको अभिलेखमा 'स्वकारित श्रीशिवदेवेश्वर' भन्ने उल्लेख भएको छ र भृङ्गारेश्वरको शिवदेव द्वितीयको अभिलेखमा पनि भृङ्गारेश्वरको उल्लेख भएको छ। राजा जयदेव द्वितीयले त चाँदीको आठ पाताले बनेको, बीचमा केशर रहने भागचाहिँ सुनले सजिएको भव्य कमल भगवान् श्रीपशुपतिनाथमा अर्पण गरेका थिए। यसैले लिच्छविकालको नेपालमा शिवलिङ्गको स्थापना गर्ने प्रचलन प्रशस्त मात्रामा थियो भन्ने कुरा माथि उल्लेख गरिएका प्राचीन शिवलिङ्गहरूलाई हेर्दासमेत प्रष्ट हुन्छ।

अब लागौँ– यी शिवलिङ्गका जलहरीमध्येको पशुपति क्षेत्रमा रहेको एउटा जलहरीको अभिलेखतर्फ। राजा मानदेवको शासनकालमा सार्थवाह रत्नसङ्घले आफ्नै नामबाट श्रीरत्नेश्वर भगवान् शिवलिङ्ग स्थापना गरेका थिए। उनले रत्नेश्वर स्थापना गरी राखेको शिवलिङ्गको जलहरीमा अभिलेख राखेका छन्। उक्त अभिलेखमा राजा मानदेवले प्रजालाई राम्ररी पालना गरिरहेको समयमा रत्नसंघले रत्नेश्वर स्थापना गरे भन्ने उल्लेख गरिएको छ। यसमा रत्नसङ्घले आफ्नो पारिवारिक परिचय खास खुलाएका छैनन्।

माथि उल्लिखित जलहरीमा लेखिए अनुसार सार्थवाह रत्नसंघले भगवान् रत्नेश्वरको पूजाआजाको लागि निम्नलिखित जग्गाहरू गुठीका रूपमा चढाएका थिए –

सि.नं.	स्थान नाम	जग्गाको परिमाण
१.	दुंलङ्ग्राम	५०० भूमि
२.	खोपृङ्ग्राम	६०० भूमि
३.	दुंप्रङ्ग्राम	१०० भूमि
४.	ह्मसिप्रङ्ग्राम	२५० भूमि
५.	विलिविक्षप्रदेश	२५० भूमि
६.	वाग्वतीपारप्रदेश	२०० भूमि
७.	बेम्मास्थान	१८० भूमि
८.	खैनप्पुप्रदेश	९० भूमि
९.	वल- ल प्रदेश	२०० भूमि
१०.	यूपग्राम	२०० भूमि
		२५७० भूमि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यताबाट १० स्थानमा गरी रत्नसंघले जम्मा २५७० भूमि गुठी राखिदिएको कुरा यहाँ स्पष्ट हुन्छ। यस लेखको मुख्य अभिप्राय एउटा शिवलिङ्गको सालाखाला सम्पत्ति आजभोलिको मुद्रामा कति हुने रहेछ भन्ने जानकारी गराउनु पनि हो। त्यसैले अब यतापट्टि लागौँ। लिच्छविकालमा भूमिव्यवस्थाको सम्बन्धमा भूमि, मानिका एवं पिण्डक शब्दहरू अभिलेखहरूमा उल्लेख भइरहेका पाइन्छन्। भूमि शब्दले आजभोलिको रोपनीलाई जनाउने, मानिका शब्दले आजभोलिको मुरीलाई जनाउने तथा पिण्डक शब्दले कूतलाई जनाउँछ भनी इतिहासकार धनवज्र वज्राचार्यले लेख्नुभएको छ। सबैजसो इतिहासकारहरूले यसै परिभाषालाई मानिआएका छन्।[२०]

लिच्छविकालका अन्य अभिलेखहरूलाई हेर्दा पिण्डक अर्थात् कूत उठाउने कुरामा चाहिँ जग्गा हेरी फरक फरक दर रहेको देखिन्छ। कुनै कुनै जग्गामा बढीमा १०० भूमिको १०० मानिका अर्थात् प्रतिरोपनी १ मुरी कूत उठाइएको देखिन्छ भने कुनै जग्गामा घटीमा १०० भूमिको ४० मानिका मात्र कूत लिएको पनि देखिन्छ।

यसका केही उदाहरण यस्ता छन् –

१.	५० भूमि	=	२२ मानिका पिण्डक लिइएको
२.	४० भूमि	=	२० मानिका पिण्डक लिइएको
३.	४० भूमि	=	२५ मानिका पिण्डक लिइएको
४.	३० भूमि	=	१८ मानिका पिण्डक लिइएको

यसरी लिच्छविकालमा आजभोलिको जस्तो अब्बल, दोयम भनी जग्गाको वर्गीकरण गरिएको हुन्थ्यो र कूत निर्धारण पनि जग्गाको उत्पादन क्षमता हेरी गरिएको हुन्थ्यो भन्ने देखिन्छ।

अब कूततर्फ विचार गरौँ–

अभिलेखहरूमा बढीमा १०० भूमिको १०० मानिका कूत लिइएको र घटीमा १०० भूमिको ४० मानिका कूत लिइएको देखिन्छ। यसलाई सालाखाला मानेर १०० भूमिको ७० मानिका कूत लिएमा पनि २५७० भूमिबाट करीब १८०० मानिका (मुरी) कूत आउने देखिन्छ। यसलाई आजभोलिको बजारभाउ १ मुरी धानको दर सालाखाला रु. २०००.०० मानेपछि यो रकम ३६ लाख हुन आउने देखिन्छ। यताबाट गुठीको जग्गाबाट आउने आयस्ताले भगवान् रत्नेश्वरको कारणपूजा र मन्दिर जीर्णोद्धारको लागि आजभोलिको दररेटमा पनि महिनाको तीन लाख रकम खर्च गर्न सकिने देखिन्छ।

---

२० वज्राचार्य, पूर्ववत्, नं. १८, पृ. ५४ र ५६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब अर्को पक्षबाट पनि हेरौं। रत्नसङ्घले रत्नेश्वर भगवान्का लागि गुठी राखिदिएका यी जग्गाहरू अहिलेको उपत्यकाको प्रसिद्ध स्थानमा रहेका देखिन्छन्। उदाहरणका लागि अभिलेखमा उल्लिखित खोपृङ्ग्राम अहिलेको भक्तपुर हो। यसैगरी म्हस्प्रिङ्ग्रामले अहिले बालाजु क्षेत्रलाई जनाउँछ भने यूपग्रामले अहिलेको ललितपुरलाई जनाउँछ। यसरी यी जग्गा भएका ग्रामहरू उतिखेर पनि विकसित बस्ती भएका स्थानमा भएका र हाल पनि प्रसिद्ध सहरकै रूपमा भएका हुनाले भाउको दृष्टिकोणले अझ मूल्यवान् मानिन्छन्। आजभोलि उपत्यकाको जग्गा आना-आनाको रूपमा सुत्रीविक्री हुन थालेको देखिन्छ। उपत्यकाका ग्रामीण भेगका जग्गा पनि मूल्यवान् भइसकेका छन्। लौ अहिलेलाई आनाको १ लाख मात्र मूल्य राखे पनि भगवान् रत्नेश्वरका नाममा रत्नसंघले स्थापना गरेको जग्गाको अहिलेको मूल्य २५७० X १६ लाख = चार अरब एघार करोड बीस लाख हुन आउँछ। यसरी अति न्यूनतम मूल्यांकन गर्दा पनि रत्नसंघले भगवान् रत्नेश्वरलाई चढाएको जग्गाको मूल्य चार अरब हुन आउँछ भने अधिकतम मूल्याङ्कन गर्ने हो भने कति आउला ? यी त प्रतिनिधि मात्र हुन्।

यसरी गुठी राखिदिनुको मनसाय के हुन्थ्यो भने मन्दिर राम्ररी बनाएर भगवान्को स्थापना गरेपछि भगवान्को नित्यपूजा अनवरत चलिरहोस् र मन्दिर भत्के-बिग्रेमा पनि समयमै मन्दिरको जीर्णोद्धार होओस्। यसैले भगवान्को शिवलिङ्ग स्थापना गरेपछि स्थापनाकर्ताले "**कारणपूजानिमित्तं खण्डफुट्टप्रतिसंस्कारनिमित्तं**" (देवताको कारणपूजा (नैमित्तिक पूजा) को लागि र टुटफुट भए बनाउनका लागि समेत) गुठी राखिदिने प्रचलन रहेको हो।

यसरी भगवान् शिवको लिङ्गपूजाको लागि सरकारी तर्फबाट वा जनताका तर्फबाट भए पनि हाम्रा पुर्खाहरूले निकै ठूलो रकम लगानी गरिआएका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ। आजभोलि हामी पशुपति क्षेत्रमा गयौं भने पनि यत्रतत्र शिवलिङ्गहरू पडिरहेका देख्छौं। कतै शिवलिङ्ग मात्र, कतै जलहरी मात्र, कतै जलहरीको भागका टुक्राटाक्रीहरू मात्र देख्दा र यस किसिमको लगानी भइआएको कुरा सम्झँदा हामीलाई मन दुखेर आउँछ। त्यसैले यताउति लडिरहेका प्रत्येक शिवलिङ्ग स्थापनाको लागि हाम्रा पुर्खाहरूले कति श्रम, कति आर्थिक लगानी गरेका रहेछन् भन्ने कुरा थाहा पाउँदा झनै नरमाइलो लागेर आउँछ। यसैले पुर्खाहरूको यस्तो सम्पदालाई अहिलेका पुस्ताका हामीहरूले अरू केही गर्न नसके पनि यस्ता भगवान्हरूका लागि घाम पानीबाट जोगाउन सामान्य छत मात्रैको पनि व्यवस्था मिलाउन सके पनि ठूलो पुण्य हुने थियो।

देवतालाई पनि दिन लाग्ने रहेछ कि क्या हो ? नत्र त यसरी आजभोलिको मूल्यमा करीब चार अरब रूपियाँको स्वामित्व भएका भगवान् रत्नेश्वर शिवलिङ्ग अहिले पशुपति देउपाटनमा दक्षिणामूर्तिको पश्चिमपट्टि रूखमुनि त्यसै लडिरहेका भेटिन्छन् ! खोइ त, न त नित्यपूजा, न त विशेषपूजा ! हजारौं हजार वर्षदेखि शिवलिङ्गपूजन गरिआएको हाम्रो देशमा शिवलिङ्गको यस्तो दुरवस्था हेरिरहन नहुने हो ! सबै मिलेर यस्ता पशुपति क्षेत्रमा यत्रतत्र लडिरहेका, आफ्ना पुर्खाहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरासतको रूपमा प्राप्त भएका शिवलिङ्गहरूको संरक्षण संवर्द्धनमा लागिपर्न अब त धेरै नै अबेर भइसक्यो !

सन्दर्भसामग्री

कोइराला कुलचन्द्र, **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, *काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५१ ।*

भट्टराई प्रा. गोविन्द प्रसाद, **मूर्त्तिकला**, *काठमाडौँः इल्या भट्टराई, २०४१ ।*

पाण्डे रामनिवास, दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास**, *काठमाडौँः नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०५४ ।*

रेग्मी डा. जगदीशचन्द्र, **पशुपति गुह्येश्वरी माहात्म्य**, *काठमाडौँः नइ प्रकाशन, २०५३ ।*

रेग्मी डा. जगदीशचन्द्र, **लिच्छवि संस्कृति**, *काठमाडौँः रत्न पुस्तक भण्डार, २०२६ ।*

टण्डन डा. गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (१-२ भाग), *काठमाडौँः श्री झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, २०५३ ।*

ढकाल वेणीमाधव, **लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्**, *काठमाडौँः श्रीमती प्रभालक्ष्मी राणा, २०५९ ।*

Jha, Hit Narayan, **The Licchavis**, *Varanasi: The Chowkhambha Sanskrit Series, 1970.*

Majumdar, R.C., **Ancient Indian Colonization in South-East Asia,** *Baroda: Oriental Institute, 1972.*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा रुद्र र पशुपति

–डा. स्वामी प्रपन्नाचार्य

हाम्रो वैदिक वाङ्मय अत्यन्त प्राचीन छ। यसमा हामीले ठोकुवा गर्ने आवश्यकता छैन। स्वतः सिद्ध भएको प्रमाण आधुनिक शोधखोज गर्नेहरूलाई पूर्ण थाहा छ। "**वेदे यन्नास्ति तदन्यत्र नास्ति**" अर्थात् वेदमा (वैदिकवाङ्मय) मा जो छैन, त्यो अन्यत्र कहीं हुन सक्दैन। यो पनि घमण्डको कुरा होइन, गर्वोक्ति भन्न पनि सुहाउँदैन किनभने **असक्तास्तत्पदङ्गन्तुं ततो निन्दां प्रकुर्वते** अर्थात् जो उसको योग्यतामा आफ्नो योग्यतालाई दाँजेर हिंड्न सक्दैन त्यसले निन्दा, आलोचना र कमीहरू निकाल्ने चेष्टा गरेर आफ्नो चित्त बुझाउने गर्छ तर यो नियम सबैमा लागू हुँदैन। फेरि पनि धेरैजसो हूलमा हुलिएका हुन्छन्। यसमा सन्देह गर्ने अवसर छैन।

ठीक यसै रीतिले हाम्रो वैदिक वाङ्मयको रहस्य नबुझ्ने र बुझे पनि बुझपचाउनेहरूले वैदिक वाङ्मयलाई छिया छिया पार्ने प्रयत्न गरेका छन् तर सूर्यलाई हातको औंलाले छेक्दा छेकिँदैन। के दिउँसो उल्लूले सूर्यलाई देखेन भन्दैमा सूर्य छैन र ? वृक्षमा पालुवा आएन भन्दैमा वसन्त ऋतु छैन र ? अवश्य छ। यहाँ सूर्यको दोष छैन। वसन्तको पनि दोष छैन। यहाँ त उल्लू र वृक्षको भाग्य फुटेको हो तर भाग्य फुटेकाले पनि बाँच्नुपर्दो रहेछ। यस्ताले पनि परमात्माको सृष्टिमा परमात्मालाई गाली दिदै बाँचेकै छन्। तर यहाँ हामी अन्धभक्त या अन्धपुजारी भएर मान्न या लेख्न बसेका होइनौं। यहाँ सही साँचोमा चाँजो मिलाएर लेख्नेछौं। कतिपय पाश्चात्य लेखक र उनका अनुयायीहरूले 'आर्य' हरू भतुवा हुन् भनेका छन्। अर्थात् यहाँका निवासी होइनन्। बाहिरबाट झटारिएर आएका हुन् भनेर लेखेका छन्। त्यस्तै किरातहरूलाई पनि भतुवा नै बनाएका छन्। तर गमेर हेर्दा उनीहरूको लेखाइ र भनाइमा सत्यताको लेशमात्र पनि छैन तर उनीहरूले त्यति मात्र गरेनन् अपितु आर्य र अनार्य शब्द जोडेर फुट पारेपछि आर्यहिन्दूहरूको उपास्यदेवलाई पनि फुट पारेर देखाउने कुचेष्टा गरेका छन्। जस्तै ब्रह्मा र विष्णु आर्य देवता हुन् तर शिव, गणेश चाँहि अनार्य देवता हुन् भनेका छन् तर शिव, अनार्य 'देव' हुन् भने आर्यवाङ्मयमा कसरी टाँसिन पुगे ? कसरी लेखिन पुगे ? ह्युम, थामसेन आदिले यस प्रश्नको उत्तर दिन सक्दैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुतः नाक, कान, जुँगा, दाह्री, काले, सुनौलो, लामटङ्गे, पुड्के, पुण्टे आदि आकारप्रकार र रङ्गको आधारमा कल्पनाको पोको बाँधेको मात्रै हो। यसमा केही सार देखिँदैन। रुद्र, पशुपति, शिव, गणेश, भैरव आदिलाई नबुझीकन अनार्यदेवताको संज्ञा दिनु अज्ञानता प्रकट गर्नु हो। हामी जब आफ्नो इतिहासलाई राम्ररी नियाल्छौँ, त्यतिखेरको इतिहास ऋग्वेदले प्रष्ट भनेको छ। **'उपते स्तोमान पशुपा श्व'** (ऋ १।११४।९) मा 'पशुपा' शब्द पशुपतिको अर्थमा प्रयोग भएको पाउँछौँ। तर 'पशुप' शब्दको अर्थमा निकै चाल चलेका छन्। अर्थ बङ्ग्याउने मेसो गरेका छन्। परन्तु पूर्वाचार्यहरूको अर्थमाथि दाउ थाप्ने बानी ठीक होइन। त्यसो हुँदा अर्थको अनर्थ भयो। अर्थात् 'पशुप' को अर्थ र पशुपति शब्दको अर्थ भिन्न गर्न लागेका थिए तर व्याकरण, निरुक्त, प्रातिशाख्य, ब्राह्मण, आरण्यक र मीमांसादि साधनहरू वेदको अर्थ लगाउने प्रशस्त सामग्री भएको हुनाले जति नै अर्थ बङ्ग्याउने चाल गरे पनि संस्कृत नपढेका अङ्ग्रेजी भक्तहरूलाई अवश्य भ्रम परेको देखिन्छ। किन्तु सही संस्कृतको मूलबाटोमा हिँड्नेहरूलाई केही फरक परेको छैन किनभने पशु शब्दलाई उपपद राखेर 'पा' रक्षण र 'पाने' धातुबाट बनेको 'पशुप' शब्द हो। 'पा' रक्षणे धातुदेखि पर 'ति' प्रत्यय गरेर 'पति' शब्द सिद्ध हुन्छ। **पशून् पाति रक्षतीति पशुपतिः'** पशुको अर्थ जीवात्मादेखि लिएर चन्द्र, सूर्य, वायु, ब्रह्मा आदि भन्ने हुन्छ, तिनको जसले रक्षा गर्छ त्यसलाई पशुपति भनिन्छ। 'पशूप' शब्दको अर्थ पनि उही हो। त्यही पशुपति नै 'रुद्र' हो। त्यसो भएको हुनाले **'इमा रुद्राय तवसे कपर्द्दिने'** (अ १।११४।१) मन्त्रमा रुद्रको पनि प्रष्ट उल्लेख गरिएको छ। यहाँ अर्को कुरा के छ भने पशुपति शब्दको प्रयोग साथै **रुद्राय तवसे, कपर्द्दिने**, आदि शब्दले निराकार मात्र नभएर साकार पनि बनाइएका छन्। जटाजूटले युक्त भएको वृद्ध रुद्रलाई **'इमा मतीः प्रभरामहे'** यो स्तुति गर्छौं। **रुतं-त्रिविधतापादि-अज्ञानं द्रावयतीति रुद्रः**, रुत्-रुत् भनेको अज्ञानादि त्रिविध तापको जसले नाश गर्छ, दूर गर्छ, हटाउँछ, त्यसलाई रुद्र भनिन्छ। त्यस्तो पशुपतिस्वरूप रुद्रको हामी प्रार्थना गर्छौं। यसरी वेदमा प्रष्टसँग उल्लेख छ। त्यस्तै **'नमः शङ्गवे च पशुपतये'** (यजु १३।४०) मन्त्रमा पशुपतिको उल्लेख देखिन्छ। यस प्रकार वैदिक वाङ्मयमा पूर्णरूपले उल्लेख भएको देवलाई बाहिरबाट आएको अनार्यदेव भनेर कसरी भन्न सकिन्छ ? त्यसो हुँदा पाठकहरू आफ्नो इष्टदेवको सम्बन्धमा नभर्मीरऊन्, अन्योलमा नपरून् भनेर यो सानो लेख तयार पारिएको हो। हाम्रा इष्टदेवहरूको बारेमा पाश्चात्य र संस्कृत नपढेका लेखकहरूले भ्रम पारिदिएका छन्। त्यसैगरी मान्यता र धारणाहरू पनि पाश्चात्य नै देखिन्छ। त्यसो हुँदा अवश्य पनि हामीले आफ्नो सही इतिहास पैल्याउनु आवश्यक छ। हुन त वैदिककाल, भाषा, पदार्थ, ऐतिहासिक र पुरातात्त्विक दृष्टिले विश्वको सबैभन्दा प्राचीनकाल हो। तर पाश्चात्यहरूले धेरै पछिको भनेर झुक्याउने पारा गरेका छन्। मेक्समूलर, वेवर, ग्रीफ्थ आदिले ठाउँठाउँमा नानीको तोते बोली र भेडागोठालाको गीतसम्म पनि लेखेका छन् तर विस्तारै यो भ्रम पनि हट्दै गइसक्यो, हट्ने नै छ। तर रुद्र पशुपतिसम्बन्धी गलत धारणाचाहिँ अहिले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँठाउँमा सुनिन्छ। फेरि तपाईं हामीहरूले पनि ईश्वरतत्त्व या शिवतत्त्व नबुझीकन जघन्यरूपले पशुहिंसा समेत गरी पूजाआजा गर्दैछौं। त्यस रूढीलाई हाम्रो संस्कृति, परम्परा भनेर अडान लिन्छौं। भगवान् शिवको रौद्ररूप भैरवलाई पञ्चबलि दिने चलन राष्ट्रको पशुपतिनाथकै प्राङ्गणमा समेत प्रत्येक पूर्णिमाको दिन गरिने चलन देख्दा आश्चर्य लाग्नु स्वाभाविक छ। कुनै पनि मूल वेदहरूमा र अरू वैदिक वाङ्मयहरूमा देवमन्दिरहरूमा पशुहिंसा गर्ने कुराहरू लेखिएका छैनन्। यो अवश्य हो, केही तान्त्रिक ग्रन्थहरूमा हिंसाको आभास भएको जस्तो लाग्ने द्व्ययर्थक शब्दहरू छन्। नजानी, नबुझी त्यसलाई कसैकसैले हिंसापरक मानेका छन् तर त्यो सत्य छैन। यससम्बन्धी विस्तृत कुराहरू यो छोटो लेखमा सम्भव छैन, समय मिलेछ भने कतै फेरि चर्चा गर्नेछु।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणहरूमा पशुपति-चिन्तन

–*प्रा. डा. बाबुराम पोखरेल*

उपक्रम

भगवान् शिव वैदिक सनातन धर्मावलम्बीहरूका प्रधान देवता हुन्। ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, पुराण र शतपथ आदि ग्रन्थहरूमा शिवका अनेक नामहरूको उल्लेख र प्रतिपादन गरिएको छ। प्रायः कुनै पनि यस्तो पुराण छैन, जसमा सङ्क्षेपतः अथवा विस्तारमा शिवका चरित्र र महिमाको वर्णन नगरिएको होस्। यद्यपि परमात्मा परमेश्वर जसको ईश्वर, भगवान् आदि विविध नामहरूद्वारा व्याख्या गरिन्छ र सृष्टि, स्थिति एवं संहारकार्यहरू त्यसै परमेश्वरका ब्रह्मा, विष्णु एवं रुद्रबाट सम्पन्न हुन्छन् भन्ने शास्त्रीय मान्यता छ तर वास्तवमा परमेश्वर अथवा परमात्मतत्त्व एउटै हो, जो परब्रह्म भनिन्छ। यस सिद्धान्तमा समस्त हिन्दूशास्त्र अर्थात् श्रुति, स्मृति, पुराणहरूको मतैक्य छ। अवतारभेदले गर्दा जसरी विष्णुका राम, कृष्ण, कल्की, मत्स्य, वामन, वराह, कूर्म, परशुराम आदि विविध रूप मानिन्छन्, त्यसरी नै शिवका पनि हर, कपर्दी, नीलकण्ठ, शीतिकण्ठ, शर्व, रुद्र, उग्र, पशुपति आदि विविध रूप र नामहरू छन्। नदी, खोला, खोल्सा र गङ्गाहरूको समष्टि सागररूप भएजस्तै गणेश, सूर्य, विष्णु, शिव, र ब्रह्मा आदि नाममा भिन्नता भए पनि यी सबै एउटै समष्टिरूप परमेश्वरको रूपमा रहेका छन्। यसैले ज्ञानीहरू एउटै परब्रह्मको चिन्तनमा लाग्दछन् भने परब्रह्म प्राप्तिको पहिलो साधन वा श्रेणी भगवद्भक्तिलाई मान्ने साधकहरू भक्तिमार्गको अनुसरण गर्दै आफ्नो रुचिअनुसार गणेश, विष्णु, शिव किंवा भगवती आदिको उपासना गर्दछन्। यसकारण वास्तवमा परमेश्वर एक अखण्डानन्द ब्रह्म चैतन्य स्वरूप भएर पनि सृष्ट्यादि कार्यको निम्ति ब्रह्मा, विष्णु र महेश्वर त्रिदेवको रूपमा अवतीर्ण भएको छ र शास्त्रहरूमा यिनको वर्णन र प्रतिपादन भिन्न किसिमले गरिनुको साथै कार्यस्वरूपमा भिन्नता देखिए तापनि अभेद प्रतिपादन हो भन्ने कुरा शास्त्रसम्मत छ तर उपास्य देवता, अधिष्ठाता देवता अथवा आराध्यदेव किंवा इष्टदेव चाहिँ देश, काल, कुलाचार अथवा परम्पराअनुसार कुनै नाम रूपवान् हुन सक्छन्। यसमा कुनै शास्त्रीय विरोध छैनजस्तो लाग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ हाम्रा नेपालका अधिष्ठाता देवता हुन् । शिवको पशुपतिस्वरूपलाई नेपालीहरू आराध्य देवता मान्दछन् । यो हाम्रो प्राचीनतम परम्परा हो । यसैले नेपालीहरू पाशुपत (शैव) हुन् भने नेपाल पाशुपत क्षेत्र हो र नेपालीहरू भगवान् श्रीपशुपतिनाथका कृपाकाङ्क्षी छन् । राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट पनि सम्बोधनको अन्त्यमा 'श्रीपशुपतिनाथले हामी सबैको कल्याण गरून्' भन्ने हुकूम हुन्थ्यो ।

नेपाली मात्रका आस्थास्वरूप पशुपतिको वर्णन, प्रतिपादन र चिन्तन विभिन्न पुराणहरूमा पाइन्छ । श्रीपशुपतिनाथका सम्बन्धमा पुराणहरूमा जो उल्लेख, वर्णन र प्रतिपादन एवं चिन्तन छ त्यसबारे विस्तृत लेख प्रस्तुत गर्न यस सीमा-निर्धारित लघुकाय पत्रमा सम्भव नभए पनि केही पुराणस्थ पशुपति प्रतिपादनसम्बन्धी सन्दर्भहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु ।

१) शिवपुराणमा पशुपति प्रतिपादन

शिवपुराण वायवीय संहिताको पूर्वभाग अध्याय ५, ६, २९, ३० र ३१ मा पशुपतिस्वरूप शिवको प्रतिपादनको प्रसङ्गमा पति, पशु र पाश यी तीन पदार्थको गहन रूपमा दार्शनिक विवेचन गरिएको छ -

अज्ञानबाट उत्पन्न दुःखको नाश ज्ञानले मात्र हुन सक्दछ । त्यो ज्ञान हो– वस्तुको परिच्छेद; अर्थात् अजड, जड र नियन्ताको ज्ञानलाई वस्तुपरिच्छेद भनिन्छ, अजड भनेको जीव अर्थात् पशु हो, जड भनेको प्रकृति अर्थात् पाश कर्मबन्धनको साधन हो र नियन्ता भनेको पति अर्थात् शिव हो ।[1] यसलाई पशु-पाश-पति सम्बन्धी ज्ञान भनिन्छ । अर्को शब्दमा अक्षर र क्षर भनेको क्रमशः पशु र पाश हुन् । ब्रह्मज्ञान भएपछि प्रकृति क्षरण हुने हुनाले यसलाई क्षर भनेको हो । यी दुई अक्षर र क्षर तत्त्वबाट पर रहेको अर्थात् भिन्न तत्त्व हो पति । यही कल्याण स्वरूप तत्त्व शिव कहलाउँछ । सम्पूर्ण चराचर जगत्को पति भएकाले त्यही परमेश्वरलाई पशुपति भनिएको हो । प्रेरकतत्त्व शिवबाट प्रेरित हुने प्रकृतितत्त्व अर्को शब्दमा माया हो । यसैले **'मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्'** भनिएको हो । माया माहेश्वरीको शक्ति हो, चैतन्य (जीव) मलले ढाकिएको छ । शिव सबैको प्रेरक भएर रहेका ईश्वर हुन् । त्यो विशुद्ध छ । अतः ब्रह्मादेखि लिएर स्थावरसम्मका सबै वस्तुहरू पशु हुन् । भगवान् शिव नै पति भएकोले उनैद्वारा कर्मबन्धनले बाँधिएका पशुस्वरूपको मुक्ति हुन सक्दछ ।

परिपूर्ण स्वभाव भएका शिवको अरूलाई अनुग्रह गर्नुबाहेक अरू कुनै कर्तव्य छैन । यसकारण अनुग्रह गर्नुमा स्वभाव नै मुख्य कारण हो । सम्पूर्ण पशुपाशात्मक जगत् शिवको अनुग्रहमा

१ क) शिवपुराण, वायवीयसंहिता, अध्याय ५
ख) बन्धसाधनं पाशः बन्धश्च शरीरेण सह सम्बन्धः ।
सचाविद्याग्रन्थिमूलः कर्मणा सम्पादितः ।

(सर्वदर्शन सङ्ग्रह वासुदेवकृत उपोद्घात) पृ. १०८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रित हुने हुनाले जीवानुग्रहको निमित्त नै शिवको आज्ञा भएको हुन्छ। अतः सबैलाई आज्ञा दिने स्वतन्त्र स्वामित्व शिवमा रहेकाले उनी पति मानिएका हुन्। संसारमा यस्तो कुनै पनि वस्तु छैन, जो सदाशिवको आज्ञामा नरहेर आफ्नो अस्तित्त्वको स्थापना गर्न समर्थ भएको होस्। यसैले यो सदाशिवको स्वरूप नै पाशुपत स्वरूप हो।[२]

यद्यपि शिव निर्गुण छन् तथापि सगुणद्वारा निर्गुण प्राप्त गर्नको निमित्त मूर्त्यात्मा शिवको उपासनाक्रमलाई साधनको रूपमा बताइएको हो। जसरी बलेको काठको आधारमा मात्र अग्निलाई देख्न सकिन्छ, त्यसरी नै मूर्तिमा आरूढ भएर रहे मात्र शिवको उपासना एवं दर्शन हुन सक्छ। यसकारण शिवका पशुपति, नीलकण्ठ आदि विभिन्न मूर्तिहरू ध्यान पूजादिको सम्भवका निमित्त हुन्।[३] यसै पशुपतितत्त्वको उपासनाविधि वा अनुष्ठानविधिलाई पाशुपत योग भन्दछन्।

२) श्रीमद्भागवतमा पशुपति-विवेचना

श्रीमद्भागवतको चतुर्थ स्कन्धमा दक्षयज्ञ विध्वंसन प्रसङ्गमा शिवलाई यज्ञमूर्तिको रूपमा प्रतिपादन गरिएको छ। सम्पूर्ण देवतादेखि लिएर प्राणीमात्र सदाशिवशक्तिको अगाडि पशु समान हुन्। यसकारण शिव सर्वनियन्ता पशुपति हुन्। दक्षप्रजापतिमा पशुको शिर राखिदिनु र सबलाई नियन्त्रणमा राखेर अनुग्रह गरिनु पशुपतितत्त्वको प्रतीकात्मक अर्थ हो। यस प्रसङ्गमा शिवको पञ्चमुखी मूर्तिलाई पञ्चमन्त्रमय रूपमा वर्णन गरिएको छ।[४] यस्तै दशम स्कन्धको त्रिसट्ठियौँ अध्यायमा बाणासुर र श्रीकृष्णको युद्धमा बाणासुरको पक्षबाट शङ्करले पाशुपतास्त्रको प्रयोग गरेपछि श्रीकृष्णले त्यसको शान्तिको निमित्त नारायणास्त्र प्रयोग गरेका छन्। अरू विवेचन यहाँ छैन।

अष्टम स्कन्धको समुद्रमन्थन प्रसङ्गमा प्रजापतिहरूद्वारा शिवका तत्पुरुष, अघोर, सद्योजात, वामदेव, ईशान यी पाँच मुखहरूको वर्णन गरिएको छ। औपनिषद् मन्त्रस्वरूप यिनबाट अन्य मन्त्रहरू निस्कन्छन्।[५] जब समस्त प्रपञ्चबाट परमेश्वर उपरत हुन्छन् तब उनी आफ्नो स्वरूपमा अवस्थित हुन्छन्। यही स्थितिको नाम हो -शिव। वास्तवमा त्यही नै स्वयं प्रकाशस्वरूप परमार्थतत्त्व हो। संभवतः यही पौराणिक आधार लिएर दर्शन सङ्ग्रहकर्ता सायण माधवाचार्यले शक्तिरूप (मातृका रूप) ईशानादि पाँच मन्त्रद्वारा निर्मित शिवका पशुपत्यात्मक पाँच मुखको विवेचना गरेका छन् र आफूले विवेचनाको पुष्टिको निमित्त ग्रन्थान्तरको उद्धरण प्रस्तुत गरेका छन्[६]।

---

२ शिवपुराण, अध्याय ६, ३१

३ आकारवास्त्वं नियमादुपास्यो
न वस्त्वनाकारमुपैति बुद्धिः (शैवदर्शन सङ्ग्रह-तत्रैव पृ १६७)

४ अध्याय ७, श्लोक ३३,३४

५ मुखानि पञ्चोपनिषदस्तवेश यैस्त्रिंदशष्टोतरमन्त्रवर्गः।
यत्तच्छिवाख्यं परमार्थतत्त्वं देव स्वयंज्योतिरवस्थितिस्ते ॥ (श्लो. २६, अ. ७)

६ तद् वपुः पञ्चभिर्मन्त्रै पञ्चकृत्योपयोगिभिः।
ईशतत्पुरुषाघोरवामाद्यैर्मस्तकादिकम्। (सर्व मृगेन्द्रतन्त्र)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) वराहपुराणमा पशुपति-वर्णन

दक्षप्रजापतिले गरेको बृहस्पति नामको यज्ञमा शिवलाई आमन्त्रण नगर्नुरूपी अपमानले असह्य वेदना पाएकी सतीले अग्निकुण्डमा प्रवेश गरेर योगद्वारा देहत्याग गरेपछि दक्षका पक्षधर हरिसँग रुद्रको युद्ध हुँदा रुद्रले हरिप्रति आफ्नो पाशुपतास्त्र प्रयोग गरेका छन् । पाशुपतास्त्रको प्रयोगले देवताहरूमा हाहाकार मच्चिएपछि पराजित भएका देवताहरूले रुद्रको स्तुति गरे । रुद्रले भनेका छन् - म सम्पूर्ण विद्याको पति हुँ, आद्य स्वरूप हुँ र सनातन पनि हुँ । पशुभावले रहेका सम्पूर्ण जीवहरूमा म पतिभावले रहेको छु । यसकारण सम्पूर्ण लोकहरूमा मेरो नाम पशुपति रहेको छ । जसले मेरो पशुपतिरूपको चिन्तन, भजन गर्छन् तिनीहरू नै पाशुपतदीक्षा प्राप्त गर्न सक्छन् । हे देवता हो ! तिमीहरूबाट म प्रसन्न भएँ । अतः तिमीहरूको पशुभावलाई छुटाइदिनेछु । आज मेरो दर्शनले तिमीहरूमा रहेको पशुभाव हटेर तुरुन्तै पतिभाव प्राप्त हुनेछ ।[७]

यसप्रकारको वराहपुराणस्थ पशुपतिसम्बन्धी वर्णन र शिवपुराणको विवेचनामा प्रायः साम्य पाइन्छ । यी दुवै ग्रन्थका मुख्य भनाइको तात्पर्य के देखिन्छ भने सदाशिवको अनुग्रह अरू ईश्वरात्मालाई पनि आवश्यक पर्दछ ।

वराहपुराणको भौगोलिक वर्णनको प्रसङ्गमा एक पर्वतराजमा गरुडको वास, सीता पर्वतमा इन्द्रको क्रीडाभूमि र कुञ्जर पर्वतमा सँधै पशुपतिको वास भएको बताइएको छ[८] तर त्यो कुञ्जर पर्वत कहाँ र कुन हो ? अनुसन्धेय विषय छ ।

अर्को प्रसङ्ग छ रुद्रमाहात्म्य वर्णनको । यसमा नेपालको नामको उल्लेख गरेर त्यहाँका अधिष्ठाता देवता पशुपति रहेको सङ्केत गरिएको छ ।[९]

अर्को एउटा प्रसङ्ग छ - गोकर्णेश्वर माहात्म्य वर्णनको । तपस्या गर्न लागेका कुनै एक नन्दी नामक मुनिले गरेको शिवको स्तुतिमा पशुपतिको रोचक वर्णन छ र पशुपति र विष्णुमा अभेद प्रतिपादन गरिएको छ ।[१०]

श्लेष्मान्तक वनसँग अर्को कथा छ– मृगरूपधारी शिवको । एक दिन पार्वतीसहित शिव आफ्नो लोकबाट हराई श्लेष्मान्तक वनमा आए र मृगरूप धारण गरी मृगको बथानमा मिलेर बसे । देवताहरू खोज्दै श्लेष्मान्तक वनमा आए अनि शिवलाई अनुमान गरेर चिने पनि । देवनायक विष्णु, ब्रह्मा, इन्द्रले त्यस एकसिङ्गे दिव्यरूप मृगलाई समात्न सिङ पक्डे । मृग उफ्रेर भाग्दा सिङ तीन टुक्रा भयो । यस घटनाबाट उनीहरू छक्क परेपछि अलप्पिएर गएका शिवले आकाशवाणी गरे- देवता

---

७ २१, ५४, ८०, ८१, ८२, ८३ ।

८ ८१। १-४

९ ९७। १८-२०

१० २१३। ४६-४८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो ! म हिमालय पर्वतको नेपाल नाम गरेको स्थानमा अत्यन्त तेजिलो चार मुख भएको शरीरमा उत्पन्न हुनेछु र तीनै भुवनमा शरीरेश नामले प्रख्यात हुनेछु। त्यहाँ भयङ्कर नागदहमा जलभित्र सम्पूर्ण प्राणीको रक्षाको निमित्त तीस हजार वर्षसम्म रहनेछु। यो क्षेत्र कुरुक्षेत्रभन्दा पनि ठूलो मानिनेछ। वाग्वतीको जलले स्नान गरेर जसले मेरो शरीरेश (पशुपति) को दर्शन गर्छन्, तिनलाई सधैं शान्ति मिल्ने छ।[११]

४) देवीभागवतमा पाशुपत व्रतविधान

देवीभागवतको एघारौं स्कन्धमा शिरोव्रत विधानको सविस्तार वर्णन छ। यस प्रसङ्गमा पशुपति (पाशुपत) व्रतको पनि उल्लेख पाइन्छ। पशुपतिव्रत गरेको व्यक्तिले मात्र शिरोव्रतको दीक्षा प्राप्त गर्ने अधिकार हुने कुरा र त्यहाँको सान्दर्भिक व्याख्याले जीवको पशुत्व नाशमा सर्वप्रथम पशुपतिव्रत नै मुख्य कारण छ भन्ने देखाउँछ। वि.स. २०११ सालमा नेपाल (काठमाडौं) बाट प्रकाशित पशुपतिपुराणको भूमिकामा लेखिएको छ-

वाराणस्यां महादेवः प्रयागे तु महेश्वरम्।
दीप्तवक्त्रेश्वरे वेदं नेपाले तु पशुपतिम्॥

यस श्लोकलाई देवीभागवतको हो भनिएको छ। जे होस् पुराणहरूको बीच महनीय स्थान ग्रहण गरेको देवीभागवतमा गरिएको पाशुपतव्रतको प्रतिपादनले हाम्रा आराध्यदेव शिवका पशुपति स्वरूपको चिन्तनप्रक्रिया व्यापक रहेको कुरा स्पष्ट हुन आउँछ।

एकादश स्कन्धको एघारौं अध्यायमा लिङ्गमूर्ति महादेवको पूजाविधान पाइन्छ। यस प्रसङ्गमा पाशुपतव्रतद्वारा मनुष्यले पशुभावलाई त्यागेर पतिभावमा प्राप्त हुन सक्ने कुरा देखाइएको छ। यस प्रकारको प्रसङ्गले यहाँ महादेव भन्नाले पशुपतिनाथ भन्ने अर्थ बुझिन्छ ।[१२] यसै स्कन्धको बाह्रौं अध्यायमा ईशानादि पाँच औपनिषद् मन्त्रले भस्मधारण गर्ने प्रक्रिया बताइएको छ। शिवका पञ्चमुख पञ्चमन्त्रमय हुनाले र यिनको यहाँ प्रयोग भएकोले पनि यस सन्दर्भलाई पशुपतिको चिन्तनकै रूपमा लिन सकिन्छ। यस्तै नवौं र बाह्रौं अध्यायमा पाशुपतव्रत र पञ्चमुखको वर्णन छ।

५) कूर्म, लिङ्ग, ब्रह्म र विष्णुधर्मोत्तर पुराणहरूमा पशुपतिसम्बन्धी प्रतिपादन

क) कूर्मपुराणको उत्तरार्धको पहिलो अध्यायमा २८ अवतारको विवरण दिइएको छ र त्यस प्रकरणको पाँचौं अध्यायमा पशुपतिको ईशान रूपको वर्णन गरिएको छ। त्यहीं उत्तरार्धको दुईदेखि दश अध्यायसम्मका नौ अध्यायहरूमा ईश्वरगीता छ, जसमा

११ विशेष द्रष्टव्य - अध्याय ९६ औं।
१२ देवीभागवत ११।१०।२९–३१, ११।१२।३०–३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवका पशुपति आदि नामहरूको विवरण छ। त्रिपन्नौं अध्यायमा शिवावतारको वर्णन, जसमा शिवको मृड, पशुपति, महादेव, अव्यय, आदि नामहरूको सङ्कीर्तन छ। यस्तै एकचालीसौं अध्यायमा गरिएको शिवको माहात्म्यवर्णनमा शिवलाई जगत्का पतिको रूपमा चिन्तन गरिएको छ।

ख) लिङ्गपुराणको पूर्वभागमा लिङ्गप्रतिष्ठा विधि र पशुपाशविमोक्षण एवं शिवव्रतविधानको निरूपण गरिएको छ। यस्तै-

ब्रह्मादिस्थावरश्चान्ता देवदेवस्य शूलिनः।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः॥

यसरी जीवतत्त्व र ईश्वरतत्त्वको स्वरूपको प्रतिपादन गर्दै जीवको उपाधितन्त्रता र परमेश्वरको स्वतन्त्रताको निरूपण गरिएको छ।

ग) विष्णुधर्मोत्तर पुराणमा पनि पशुपतिका सम्बन्धमा छोटो प्रतिपादन पाइन्छ। शिवका एकादश मूर्तिहरू एकादश रुद्रका रूपमा प्रसिद्ध छन्। यस पुराणअनुसार एकादश रुद्रको आधार पञ्चमुख शिवलाई मानिएको छ। यस पुराणको प्रतिपादनमा शिवका भुजा र आयुधविशेषको पनि निरूपण गरिएको छ। जस्तै पञ्चमुखको निर्देशन गर्ने -

सद्योजातं वामदेवमघोरं च महाभुजम्।
तथा तत्पुरुषं ज्ञेयमीशानं पञ्चमं मुखम्॥(३।४८।१)

यस श्लोकमा भुजाको सङ्केत छ।

घ) ब्रह्मपुराणको पूर्वार्धको अठतीसौं अध्यायमा शिवाष्टसहस्रनाम वर्णन छ। त्यसमा शिवका ईशान र सद्योजात नामको उल्लेख पाइन्छ।[१३] अरू विवेचना भने यस प्रसङ्गमा पाइँदैन।

६) पद्मपुराणमा पशुपतिको महिमा

पद्मपुराणको सृष्टिखण्डमा नरसिंहको प्रादुर्भावको कथामा प्रह्लादले नरसिंहावतारको वर्णन गर्दा भगवान् श्रीपशुपतिलाई नरसिंह भगवान्को शिरमा हुने देवता बताएका छन्[१४]। यसबाट पशुपतिस्वरूपको स्थान र महत्ताको परिचय प्राप्त हुन सक्छ। रुद्राक्षको महिमा वर्णन गर्ने प्रसङ्गमा

१३ ईशान रुद्रसङ्घात हरिकेश नमोऽस्तुते। ३८।३७
सर्वसहिते सर्वघ्न सद्योजात नमोऽस्तुते॥३८।३९

१४ अध्याय ४७, श्लो ९१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमुखी रुद्राक्षलाई साक्षात् पशुपतिको स्वरूप मानिएको छ र सद्योजातादि पाँच देवताहरू पाँच मुखमा आश्रित भएको बताइएको छ।[१५]

७) वायुपुराणमा पशुपतिचिन्तन

यस पुराणको पूर्वभागको सत्ताईसौँ अध्यायमा शिवका आठ मूर्तिहरू– जसमा पाशुपत मूर्तिहरू पनि पर्दछन्, को वर्णन गरिएको छ। साथै अन्य विभिन्न नामहरूको समेत विवरण दिइएको छ। चौबीसौँ अध्यायमा विष्णुद्वारा गरिएको विशिष्ट शिवस्तुति छ जसलाई छान्दस स्तोत्र भनिन्छ। यसै प्रसङ्गमा आएको पाशुपतमूर्तिको वर्णनमा शिवलाई पदार्थको पति बताइएको छ[१६]। ध्यातव्य यो हो कि शिवका नामहरू वेदबाट नै लिइएका छन् तर भिन्न भिन्न मूर्तिहरूसँग अभिधान रूपले सम्बन्ध बताउनु पुराणको स्वकीय वैशिष्ट्यपूर्ण कार्य हो।

८) स्कन्दपुराणमा पशुपतितत्त्वको प्रतिपादन

स्कन्दपुराण अवन्ती खण्डको सातौँ अध्यायमा पाशुपतयोग अनुसार भक्तितत्त्वको विशद रूपमा निरूपण गरिएको छ। यस प्रसङ्गमा भगवान् शिवको अचिन्त्यशक्ति समन्वित छन्। एक भएर पनि अनेक छन्। पशुपति, हर, उग्र, नीलकण्ठ, आदि नामहरू उनै शिवका विविध अवतारअनुसार भएका हुन्। भक्ति नै मुक्तिप्राप्तिको प्रधान साधन हो र ज्ञान एवं कर्म पनि भक्तिको उदय भएपछि सार्थक हुन्छन् भन्ने भाव व्यक्त गरिएको छ।

यसै खण्डको अध्याय चौँसठ्ठीमा पाशुपत लिङ्गको स्थापना सम्बन्धमा पार्वतीलाई शिवले बताएको पशुपाल राजाको एउटा प्रतीकात्मक रोचक कथा छ। पशुपाल राजाले पशुपतिको लिङ्ग स्थापना गरेको कथा र सम्पूर्ण देवताहरूले पतिरूप शिवको कृपाले मात्र पशुभाव त्याग गर्न सकेको एवं ब्रह्माजीले पशुपतिको प्रार्थना गरेको प्रसङ्ग आएको छ। यसरी भगवान् पशुपतिलाई सर्वमान्य देवाधिदेवको रूपमा वर्णन गरिएको यो पशुपतिसम्बन्धी अति महत्त्वयुक्त प्रकरण हो।

केदारखण्डको सातौँ अध्यायको शिवोपासना प्रसङ्गका श्लोक ७८, १०१, १०२ मा शिवजीका विभिन्न नाम र रूपहरूको वर्णन गरिएको छ। स्वरूपको वर्णन गर्दा त्रिलोचन र पञ्चवक्त्रात्मक शिवको अभिधान छ र साथै पाश र पशुको विवेचन पनि छ।

---

१५ सद्योजातस्तथैशानस्तत्पुरुषोऽघोर एव च।
वामदेव इमे देवा पञ्चैर्वक्त्राभिराश्रिता ॥ (६१।१६४)

१६ भवन्तः पशवः सर्वे मया सार्धं च गम्यताम्।
महाकालवनं क्षेत्रे पशुपाशविमोक्षके।
अहं पतिर्वो भविता ततो मोक्षमवाप्स्यथः।
पशुभावविनिर्मुक्ता गता हृष्टा त्रिविष्टपम्। (६१। ३०-३२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९) पशुपतिपुराणमा पशुपतिसम्बन्धी ऐतिहासिक विवरण

पशुपतिपुराण अष्टादश औपपुराणमध्येको एक पुराण हो [१७]। यसमा पाशुपतक्षेत्र, यहाँको लिङ्ग र तीर्थहरूको विवरण र वर्णन पाइन्छ। प्रस्तुत ग्रन्थमा पशुपतिलाई हरिणेश्वर र गोकर्णेश्वर पनि भनिएको छ। पशुपतिका सम्बन्धमा नेपालमाहात्म्य र पशुपतिपुराणको विवरण र वर्णन प्रायः एकै किसिमको छ। शिवले श्लेष्मान्तक वनमा आएर मृगको रूप धारण गर्नु, शिवलाई खोज्दै आएका ब्रह्मादि देवताहरूले मृगको रूप लिएका शिवलाई चिन्नु र सिङमा पक्डनु, सिङ तीन टुक्रा भएर भाँचिनु अनि देवताले ती टुक्राहरू नदीतट, रसातल र स्वर्गमा स्थापना गर्नु आदि कथा छ।

यसरी भगवान् शिवले पशुयोनि लिएकाले उनको नाम पशुपति रहेको बुझिन्छ। माथि बताइएअनुसार हरिणेश्वर शिव जो नदीको तटमा स्थापित भए तिनै नेपालका अधिष्ठाता देवता श्रीपशुपतिनाथको रूपमा प्रसिद्ध भए। यस्तै अर्को आख्यान छ– गोकर्णेश्वरको। रावणले गोकर्णेश्वरको आराधना गरेर पुष्पक विमान प्राप्त गरेका थिए। उनको तपोभूमि यसै हिमालयको आसपासमा थियो जो 'नर्तनाचल' नामले प्रसिद्ध छ। गोकर्णेश्वरको स्थापना पनि मृगरूप शिवकै सिङ्को एक भागबाट भएकोले गोकर्णेश्वर पनि पशुपति नै हुन् जो गोकर्णेश्वर अथवा दक्षिण गोकर्णेश्वरको नामले प्रसिद्ध छन्। शिवकै उक्तिअनुसार जसले पशुपतिस्वरूपको आराधना गर्छ, त्यो पशुयोनिबाट छुट्छ।[१८,१९]

एक्काईसौं अध्यायपछि आदित्यपुराणोक्त शिवसहस्रनामको विवरण पनि यस पुराणमा दिइएको छ। "उग्रः पशुपतिस्तार्क्ष्यः" भनेर पशुपतिको नामसङ्कीर्तनको साथै वामदेवादि मूर्तिको वर्णन पनि छ। यसबारे आदित्यपुराणको अनुसन्धान बाँकी छ।

१०) नेपालमाहात्म्यमा पशुपतिसम्बन्धी आख्यान

पशुपतिनाथको सम्बन्धमा नेपालमाहात्म्यको वर्णन र प्रतिपादनशैली वराहपुराणको जस्तै छ। नेपालमाहात्म्य स्कन्दपुराणअन्तर्गतको ग्रन्थ मानिएको छ। यसका विभिन्न अध्यायहरूमा श्लेष्मान्तक वन (जसलाई भगवान् पशुपतिको क्रीडाभूमि भनिन्छ) को वर्णन र पशुपतिको मनोरम आख्यान चित्रित छ। कथा पशुपतिपुराणको जस्तै छ। तर फरक के छ भने वराहपुराणमा र पशुपतिपुराणमा सिङ्का तीन टुक्रा भएको बताइएको छ भने यसमा चार टुक्रा भएको परन्तु पशुपति स्वरूपको वर्णन, प्रतिपादन र महत्त्व कथनमा भने समानता पाइन्छ। यस ग्रन्थको वर्णनअनुसार यी मृगरूप महारुद्र उफ्रेर भागेपछि उनलाई देवताहरूले पनि काशी अथवा कैलासमा आएर बस्नको लागि प्रार्थना गरे।

---

१७ पुराणपर्य्यालोचनम्, श्रीकृष्णमणि (प्र.) चौखम्बा, वाराणसीः (१९७६) पृ २७८

१८ पशुपतिपुराण, १६औं अध्याय

१९ उही, अध्याय १८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु महारुद्रले आकाशवाणीद्वारा देवताहरूलाई भने– "म पशुरूप लिएर श्लेष्मान्तक वनमा बसेको छु। यसकारण मेरो नाम पशुपति भनेर रहनेछ। जसले मेरो पशुपतिरूपको दर्शन गर्नेछन् मेरो कृपाले तिनीहरूको पुनः पशुजन्म हुने छैन।" यति भनेर शिव वाग्वती नदीको तीरमा पशुपतिरूपले रहन थाले। त्यसपछि देवताहरू वाग्वतीमा स्नान गरेर पशुपति, गुह्येश्वरी र गोकर्णेश्वरको दर्शन गरी आ-आफ्ना ठाउँमा गए। यसरी सरल कथामा पशुपतिको वर्णनपछि पति, पाश र पशु यी तीन पदार्थको विवेचन गरिएको छ र पशुत्व विमोचनमा पतित्व कारणरूपमा रहने कुराको सङ्केत समेत गरिएको छ।

११) हिमवत्खण्डमा पशुपतिविवेचन

पशुपतिका सम्बन्धमा अन्य ग्रन्थहरूमा जो वर्णन र विवेचन पाइन्छ, हिमवत्खण्डमा त्यसभन्दा अलि विस्तृत रूपमा छ। यस ग्रन्थलाई स्कन्दमहापुराणअन्तर्गत विभिन्न खण्डहरू मध्येको एक खण्डको रूपमा मानिएको छ र हिमवत्खण्डीय विषयवस्तुले पौराणिक इतिहासलाई लिएर नेपालको सांस्कृतिक गौरवलाई स्पष्ट पारेको छ।

पाशुपतलिङ्गको उत्पत्तिबारेमा हिमवत्खण्डीय वर्णन महत्त्वपूर्ण र मननीय छ। सृष्टिको आरम्भमा पृथ्वी जलमग्न रहेको अवस्थामा ब्रह्मा र विष्णुको बीच म कर्ता, पालक र भोक्ता (संहारकर्ता) हुँ भन्ने विवाद भएपछि ती दुवै देवको अभिमान नाश गर्न उनीहरूको अगाडि अति तेजिलो ज्योतिपुञ्जरूप लिङ्ग प्रकट भयो र एक क्षणमा मूलदेखि ब्रह्मसम्म (ब्रह्माण्ड भर) फैलियो। यस्तो विचित्रता देखेपछि तर्सिएर भागेका ती देवताहरूलाई प्रबोधन गर्न अव्यक्त लिङ्गस्वरूप शिवले आकाशवाणी गर्दै भने - 'जो लिङ्गको माथिल्लो र सबभन्दा तल्लो भाग पार पाउन सक्ला त्यही नै लोककर्ता र पालक हो। तिमीहरू यदि यो हौ भने यसको फेद र टुप्पोलाई फेला पार।' यस्तो आकाशवाणीलाई सुनेर फेद फेला पार्न विष्णु पाताल (अधोलोक) तर्फ र ब्रह्मा ऊर्ध्वलोकतर्फ गए परन्तु फेला पार्न सकेनन् र बडो आश्चर्यमा परेर सर्वात्मस्वरूप शिवको स्तुति गरे अनि त्यो दिव्य लिङ्गमा एक कुटी प्रमाणको शिवात्मक लिङ्ग देखे। पुनः एक क्षणपछि त्यस लिङ्गमा चार हात, तीन नेत्र र दिव्य मुखमण्डल भएको जटामुकुटधारी त्रिशूल र डमरु हातमा लिएका दिव्यरूप महादेव र तिनका काखमा दिव्यरूप धारणा गरेकी महादेवीलाई देखे। फेरि ब्रह्मा र विष्णु दुवैले स्तुति गरेपछि शिवबाट वर पाएर ब्रह्मा सृष्टिकार्यमा र विष्णु पालनकार्यमा लागे। त्यसपछि शिवले गणेश, सूर्य र दावानलहरूलाई सृष्टि गरेर त्यहाँको जल शोषण गर्न र चन्द्रमा सृष्टि गरेर संसारलाई आनन्द दिन अह्राए। त्यसपछि शिव अर्न्तध्यान भए। ज्योतिर्लिङ्ग त्यही जलमा रह्यो र लम्बोदरादिले जल पिएपछि सात द्वीप, सात समुद्र र पर्वतहरू बने। हिमालयको दक्षिण भागमा जलले ढाकिएको त्यो लिङ्ग हिमवत्खण्ड नेपालमा व्यक्त भयो। त्यसपछि यो भूमि पाशुपतपुरी नामले प्रसिद्ध भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै समयसम्म त्यो लिङ्गमय मूर्ति माटोले पुरिएर भूगर्भमा रहे पनि त्यस मूर्तिमाथि एउटी कामधेनु गाई आएर प्रतिदिन आफ्नो दूधको धारा बगाउँथिन् । धेरै दिनसम्म त्यहाँ दूध समर्पण गरेर कामधेनु आश्रममा गएको वेला म्लेच्छ जातिका गोठालाहरूले त्यो रहस्य जान्ने इच्छाले माटो खनेपछि त्यहाँ रहेको ज्योतिले डढेर त्यहीँ विलीन भए । त्यो वृत्तान्त थाहा पाएर ब्रह्मादि देवताहरू त्यहाँ आए । ब्रह्माले त्यो ज्योतिर्लिङ्गमाथि सिद्ध मणिमय लिङ्गको स्थापना गरे । त्यसमाथि विष्णुले पनि नीलमणिमय लिङ्गको स्थापना गरे । विष्णुले स्थापना गरेको त्यो पशुपतिविग्रहस्वरूप महालिङ्ग हो । तिनै भगवान् पशुपति नामले प्रसिद्ध भए । [२०]

अध्याय ८०, ८१, ८२, ८३ र ८४ हरूमा पशुपति र केही अरू अध्यायहरूमा किरातेश्वर आदिको विशद वर्णन पाइन्छ । ७० देखि ७३ अध्यायसम्म नेपालको माहात्म्य र पाशुपत क्षेत्र एवं पशुपतिपुरीको वर्णन छ जसले नेपालको धार्मिक महत्त्वलाई सगौरव प्रस्तुत गरेको छ ।

पशुपतिको महालिङ्गलाई ब्रह्मा, विष्णु र शिवात्मक मानेर त्रिदेवमा अभेद स्थापना गर्नु अरू पुराणहरूको जस्तै यस पुराणको पनि वैशिष्ट्य हो । शिवपुराण रुद्रसंहिताको नवौँ अध्यायमा र पातालखण्डको अठ्ठाईसौँ अध्यायमा वर्णित विषयले विष्णु र शिवमा अभेद मानिनुसँग हिमवत्खण्डीय सम्बद्ध वर्णनले अत्यन्त समता राखेको छ । यद्यपि प्रख्यात रूपमा चर्चित द्वादशज्योतिर्लिङ्ग अन्तर्गत पाशुपत लिङ्गको नाम आउँदैन, तर यस पुराणका विभिन्न प्रकरणले पशुपतिलाई ज्योतिर्मय लिङ्गकै रूपमा प्रतिपादन गरेका छन् । शुभम् !

(नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय)द्वारा वि.सं. २०४४ फागुन ९-११ मा आयोजित पाशुपत धर्मदर्शन सम्मेलनमा प्रस्तुत कार्यपत्र)

**

---

२० अध्याय ७४-७७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली स्थापत्यविधामा श्रीपशुपतिमन्दिर

– प्रा. मोहनप्रसाद खनाल

परिभाषा

धर्मबाट संस्कार र संस्कारबाट संस्कृतिको विकास भएको हो भन्ने विद्वान्हरूको मत छ। तसर्थ धर्म एवं संस्कृति एक-अर्काका पूरकका रूपमा मानिन्छन्। धर्मको सोच तथा विचारबाट मौलाएको सामाजिक परिवेशले मानव सभ्यता र संस्कृतिको मौलिकतामा ऊर्जा प्रदान गरेको हुन्छ।

प्रारम्भिक कालमा धर्म नै त्रस्त मानवलाई त्राण दिने अपरिहार्य साधन थियो। समष्टिमा भन्ने होभने धर्मको सार एउटै हुन्छ, त्यो हो– विश्वभर चलिरहेको भौतिक सङ्घर्षबाट त्रस्त, भयभीत र पीडित मानवले आफूलाई सुरक्षित राख्ने उद्देश्य लिएर कुनै अदृश्य शक्तिप्रति पूर्णतः समर्पित हुनु। धर्म आदिमकालमा पनि अत्यन्त जटिल मानिन्थ्यो। प्राणी अर्थात् मनुष्यको उत्पत्ति कसरी भयो भन्ने कुरा रहस्य नै थियो यद्यपि ईश्वरीय शक्ति वा कुनै अदृश्य शक्तिबाट यो विश्व चराचरको सृष्टि, स्थिति र लयको प्रक्रिया अनवरत रूपले चलिरहेको विश्वास प्रारम्भिक कालदेखि आजसम्म एकै प्रकारले रहँदै आएको छ तर पनि यसको चिन्तनीय पक्ष र दार्शनिक विचार एवं सोचाइमा भने ठूलो अन्तर देखिन्छ।

पूर्वीय दर्शन र सिद्धान्तअनुसार पौराणिक युगका दार्शनिकहरूको अन्तिम लक्ष्य थियो मोक्षप्राप्तिका लागि प्रयत्न गर्नु। मोक्षप्राप्तिका लागि गरिने न्यास, ध्यान, जप, यज्ञ, तीर्थ, व्रत एवं पाठ पूजा आदि ईश्वरप्राप्तिका साधन मानिन्थे। त्यसले भौतिकताबाट अध्यात्मतर्फ उन्मुख मानवको प्रवृत्तिले गर्दा ईश्वरीय शक्तिप्रति गहिरो चिन्तन र मनन हुन थाल्यो। यसले गर्दा ईश्वरको चरित्र तथा स्वरूप निश्चित हुन पुग्यो र यही दार्शनिक पृष्ठभूमिमा मूर्ति एवं स्थापत्यविधाका आधारहरू तयार भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तु एवं स्थापत्यपरम्पराको पृष्ठभूमि

ईश्वरीय सत्ताका दुई चिन्तनीय पक्ष हुन्- सगुण र निर्गुण। निर्गुणसम्म पुग्न सगुणोपासना परम आवश्यक थियो। सगुणोपासना मानवप्रकृतिको अनकूलताका साथै सरल भएकाले प्रतिमा अर्थात् मूर्तिपूजा लोकप्रिय रह्यो। भक्ति साध्य भए साधन ईश्वरीयरूप सज्जा थियो। त्यसैले ईश्वरको देवतायतन, कलेवर र उसको प्रतीकात्मक स्वरूप नै भक्तिमार्गमा डोर्‍याउने प्रमुख साधन बन्यो। तसर्थ आ-आफ्ना सम्प्रदायभित्रका देवी-देवताका प्रतिमा प्रतिष्ठापित गर्नका लागि देवालय आवश्यक भयो। घर, महलजस्तै भवन वा मन्दिरको अनिवार्यतालाई दृष्टिगत गरी देवालयका लागि भवन-निवेश सम्बन्धी अनेकौं ग्रन्थहरू तयार भए[1]।

प्राचीन कालमा नगर, किल्ला, राजभवन, देवमन्दिर एवं घर, प्रासादको निर्माण वास्तुशास्त्रको आधारमा गर्ने परम्परा थियो। शुभाऽशुभ लक्षणको विचार गरी वास्तुशास्त्रको सैद्धान्तिक पक्षलाई मूलरूप मानिन्थ्यो र वास्तुविद्‌हरूले निर्देशन गरेका कुराको धार्मिक विधि-विधानद्वारा अक्षरशः पालना हुन्थ्यो। विशेष गरेर राजभवन, घर, किल्ला, प्रासाद तथा मन्दिरहरूलाई प्राकृतिक प्रकोप र शत्रुहरूबाट बचाउने हेतुले आधारभूत योजना तयार गरी निर्माण भएका अनेक उदाहरण पाइएका छन्।

वैदिक कालमा यज्ञ-यज्ञादिका निमित्त विभिन्न प्रकारका मण्डपहरू बनाइन्थे र पछि मण्डपकै अनुसरणमा मन्दिरहरूको निर्माण गर्ने परम्परा चल्यो। हजार खाँवा र ढोकैढोका भएको वरुण बस्ने भवनको वर्णन ऋग्वेदमा पाइन्छ[2]। पछि ऐतिहासिक कालमा आएर ढुङ्गा तथा काठद्वारा मन्दिर एवं प्रासादहरूको निर्माण गर्ने पद्धति सुरु भयो। ढुङ्गाका खाँबा गाडेर बनाइएका प्राचीन मन्दिर एवं प्रासादका अवशेषहरू कतिपय स्थानमा आज पनि विद्यमान छन्[3]।

आर्य परम्पराअनुसार भौतिक रचना तयार गर्नुपर्दा हरेक कुरालाई धार्मिक दृष्टिले हेर्ने र तदनुरूप नै कार्य गर्ने पद्धति थियो। घर, भवन र देवमन्दिर आदिको योजना तयार गर्दा १६, ३२ र ६४ कोठा भएको वास्तुपुरुषको कल्पना गरी रेखाङ्कनद्वारा त्यसै अनुरूप निर्माणप्रक्रिया सुरु गरिन्थ्यो।

प्राचीन कालका वास्तुविद्‌हरूले स्थापत्य विधालाई दुई बेग्लाबेग्लै शैलीमा विभाजित गरी भौतिक रचना निर्माण गर्ने गरेका थिए। यस अनुसार आर्य-स्थापत्य अर्थात् विश्वकर्मापद्धति {Vishokarma Shoool} र दाक्षिणात्य वा द्राविड {Maya School} अर्थात् असुरपद्धति। वास्तवमा यी दुवै शैली एवं स्थापत्य विधाका विषयमा अध्ययन गर्दा आर्य स्थापत्यभन्दा द्राविड स्थापत्य पुरानो हो भन्ने देखिएको छ।

---

१ हेर्नुस् “मयमतम्, समराङ्गणसूत्रधार, मानसार, कामिकागम, विष्णुधर्मोत्तर पुराण ...” आदि

२ ऋग्वेद १।४१।५, बृहन्त मान वरुण स्वधावः सहसंद्वार जसमा गृहेत्। ऋग्वेद म.७ अ.६ सू.८८:५।

३ Amarnath Goyal- Art and Architecture of Maurya Period. The Goverment of Bihar 1968.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीनकालदेखि नै घर, भवन, मन्दिर आदि निर्माणका लागि इँटहरूको प्रयोग हुन थाल्यो। यसका अतिरिक्त वज्रलेप तयार गरी इँट, काठ र झिँगटीद्वारा ठूलाठूला दरबार, भवन एवं देवमन्दिरहरू बन्न थाले। यसै अनुरूप पूर्वीय स्थापत्य कलामा मुख्यतः तीन प्रकारका शैलीको विकास र विस्तार हुनपुग्यो।

(१) वैदिक कालदेखि चल्दै आएको छत्रे वा विमान शैली।

(२) विश्वकर्माद्वारा प्रतिपादित मानिएको नागर एवं ग्रन्थकूट शैली

(३) मयपरम्परामा विकसित द्राविड अर्थात् शिखर शैली।

उक्त तीनै प्रकारका शैलीमा भवन तथा प्रासाद निर्माण गर्दा वास्तुपुरुषको कल्पना गरी रेखाङ्कन गरिने हुँदा त्यसको मूलभूत सिद्धान्तमा भने कुनै प्रकारको भिन्नता रहेको पाइँदैन। तसर्थ पूर्वीय स्थापत्य-परम्परामा माथि उल्लिखित तीनै प्रकारका शैलीको उत्तिकै मान्यता रहेको देखिन्छ।

स्थापत्यविधामा नेपाली शैली

प्राचीन कालदेखि नै काठमाडौँ उपत्यकामा विमान अर्थात् नेपाली शैलीका मन्दिरहरू बनेका थिए। यसलाई स्थानीय भाषामा छत्रे वा तले[४] शैली भनिन्थ्यो। यस्ता मन्दिरहरू एकभूमिक, द्विभूमिक, त्रिभूमिक, चतुर्भूमिक र पञ्चभूमिक (छाना वा तला) सङ्ख्याका हिसाबले नामकरण गरिएका हुन्थे। खास गरेर भूमिक अर्थात् तलाहरूको सङ्ख्यालाई लिएर भवन वा मन्दिरहरूको वर्गीकरण गर्ने परम्परा द्राविड शैलीमा पनि पाइन्छ तर भारतको उत्तराखण्डमा नागरशैली र नागरशैलीकै भेद मानिएका शिखर, गुम्बज, बेसर आदि शैलीका मन्दिरहरूको विस्तार हुनुभन्दा अगाडिदेखि नै नेपाल उपत्यकामा भने छत्रे वा तलेशैलीका मन्दिरहरूको निर्माण भएको देखिन्छ। हुन त कतिपय पाश्चात्त्य विद्वान्हरूले यस शैलीलाई चीन, कोरिया र जापानमा विकसित 'प्यागोडा' शैलीको उपजका रूपमा लिने गरेका छन्। वास्तवमा यो शैली नेपालको भौगोलिक परिवेशमा आधारित स्थापत्यकलाको मौलिक शैली हो। त्यसैले नेपाली स्थापत्यकलाको ऐतिहासिक पृष्ठभूमिलाई नबुझी गरिएका यस्ता तर्कहरूका बारेमा यथास्थानमा पछि चर्चा गर्नु उपयुक्त देखिन्छ।

ईस्वीको पहिलो वा दोस्रो शताब्दीदेखि नेपाल उपत्यकामा विभिन्न देवी-देवता र तिनका मन्दिरहरू बन्न थालेका सङ्केतहरू पाइएका छन्। त्यसभन्दा पनि सयौँ वर्ष अगाडिका राजा सुपुष्पदेवले पशुपतिमा तामाको छानायुक्त (छत्रेशैलीको) मन्दिर निर्माण गरेको उल्लेख पाइन्छ[५]। यसको

[४] श्री ३ पशुपति अग्रस महाराजा श्रीश्रीकवीन्द्र जयप्रतापमल्ल देवन छत्राकार देवल दयकाव...ने.सं. ७७५ को पशुपतिस्थित कोटिलिङ्गको प्रताप मल्लको अभिलेख।

५. राजा श्रीसुपुष्पदेव ७६॥ तेन हि... श्रीपशुपतिभट्टारकस्य देवालय कृतम् सङ्खलीसंछादनम्॥... गोपाल वंशावली १९ (ख) पत्रबाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथसाथै यहाँका प्राचीन अभिलेखमा विभिन्न देवी-देवताका मन्दिरहरूको निर्माण र जीर्णोद्धार गरिएका प्रसङ्ग उपलब्ध छन् । तिनै उपलब्ध सामग्रीका आधारमा नेपाली स्थापत्य विधाका बारेमा केही चर्चा गर्ने प्रयास गरिनेछ ।

लिच्छवि कालका अभिलेखमा श्रद्धालुजनले पशुपतिलाई विभिन्न प्रकारका कोष[६], त्रिशूल[७] र सुनको कमल[८] चढाएको उल्लेख त पाइन्छ तर पशुपति मन्दिरको जीर्णोद्धार एवं पुनःनिर्माण सम्बन्धी कुनै चर्चा पाइँदैन । परन्तु त्यस ताकाका राजाहरूले विभिन्न समयमा स्थापना गरेका मन्दिर वा देवालयहरूमध्ये मानदेवभन्दा ९ पुस्ता अधिका लिच्छवि राजा हरिदत्त वर्माले चाँगुनारायण लगायत चारै नारायणको देवल बनाएको उल्लेख वंशावलीमा आएको छ[९] । यसपछि राजा मानदेव प्रथमको शासनकाल अर्थात् संवत् ३८८ मा नरवर्माले शिवलिङ्ग सहितको मन्दिर बनाउन लगाएका थिए[१०] ।

त्यसको लगभग १ वर्षपछि ३८९ मा राजा मानदेव स्वयंले लाजिम्पाट र पशुपतिस्थित तिलगङ्गामा त्रिविक्रम अर्थात् वामनको बेग्लाबेग्लै दुई मूर्ति र मन्दिर बनाउन लगाएको प्रसङ्ग आएको छ[११] । यसका साथसाथै मानदेवकी रानी क्षेमसुन्दरीले संवत् ३९० मा शिवलिङ्ग स्थापना गरी मन्दिर बनाउन लगाएको अभिलेख प्राप्त छ[१२] ।

विक्रमको पहिलो वा दोस्रो शताब्दीदेखि छैटौं शताब्दीका बीच निर्माण गरिएका ती मन्दिरहरू स्थापत्यविधाका कुनकुन शैलीअन्तर्गत बनेका थिए भन्ने कुरा पहिल्याउन सकिएको छैन तर

---

६. राजा श्रीभाष्करदेव वर्ष ७४ तेन हि श्रीपशुपतिस्थाने तपश्चिरं कृत्वा कोष त्रयं प्रदत्तम् ॥ गोपाल वंशावली २० (क) पत्रबाट।

७. राजा श्रीविश्व (वृष) देव वर्ष १०० तेन... पुन श्रीपशुपतिस्थाने उत्र बृहत्त्रीशूल प्रतिष्ठित ..। गोपाल वंशावली २०(ख) पत्रबाट।

८. पशुपतिस्थित संवत् १५७ को जयदेव द्वितीयको अभिलेखको श्लोक सङ्ख्या २८ देखि ३२ सम्म । धनवज्र वज्राचार्य-लिच्छवि कालका अभिलेखको पृष्ठ ५५-५६ ।

९. राजा श्रीहरिदत्त वर्मा वर्ष ४६ तेन हि चतुशिखरप्रदेशे भगवत् विष्णुभटारकस्य देवालयम् सम्पूर्ण्ण कृतवानितुम्। गोपाल वंशावली २० (क) पत्रबाट।

१०. संवत् ३८८ ... तस्याज्ञया शुभमतेश्शुभवृद्धिलिङ्गम् भृत्येन भक्तिमहता नरवर्म्मनाम्ना
प्रासादसंस्थमनुरूपमिह प्रकल्प्य....चारुलिङ्गम् ।
लाजिम्पाटस्थित नरवर्माको अभिलखेबाट । लि.का.का.अ.पृष्ठ ३१ ।

११ ॐ संवत् ३८९ मातुः श्रीराज्यवत्या हितकृतमनसः सर्वदा पुण्यवृद्ध्यै
राजा श्रीमानदेवः शुभविमलमतिः पात्रदानाम्बुवर्षी
लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक्
विष्णुं विक्रान्तमूर्तिं सुरमुनिमहितं सर्व्वलोकैकनाथम् ।
तिलगङ्गास्थित मानदेवको अभिलेखबाट । लि.का.का.अ.पृष्ठ ३५ ।

१२. .... श्रीमत्संस्थानरूपम्भवनमिह दृढङ्कारयित्वानुरूपम्
ऐशानं लिङ्गमग्र्यं विधिवदनुपमं स्थापयामास भक्त्या संवत् ३९० ...
लाजिम्पाटस्थित क्षेमसुन्दरीको अभिलेखबाट । लि.का.का.अ., पृष्ठ ३९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिलेसम्म पाइएका प्रमाणका आधारमा छानायुक्त अर्थात् छत्रेशैलीको मन्दिर बनाउने पहिला व्यक्ति वा राजा सुपुष्पदेव देखिएका छन्[१३]। त्यसपछिका कैयौँ शताब्दीपछिसम्म पनि पशुपति मन्दिरको जीर्णोद्धार एवं पुनःनिर्माणका सम्बन्धमा कुनै सङ्केतसम्म पाइएको छैन तर अंशुवर्माको समयमा जीर्णोद्धार गरिएको माटिङ्गामस्थित देवकुल (मन्दिर) चाहिँ छत्रे अर्थात् नेपाली शैलीमै बनेको थियो भन्ने देखिन्छ[१४]।

परन्तु लगभग आठौँ नवौँ शताब्दीताका निर्मित पशुपति प्राङ्गणस्थित नागरशैलीको ढुङ्गे मन्दिर यस प्रसङ्गमा चाखलाग्दो छ। ढुङ्गैढुङ्गाबाट बनको उक्त मन्दिर नेपालमा प्राप्त नागरशैलीको परिचायकका रूपमा रहेको सबैभन्दा पुरानो नमुना हो। यसबाट प्राचीन कालदेखि नै नेपालमा नागर वा शिखरशैलीका मन्दिरहरूको पनि प्रचलन थियो भन्ने प्रष्ट छ।

प्राचीनकालमा देवमन्दिर बाहेकका घर वा भवनमा शिलाको प्रयोग अशुभ मानिन्थ्यो[१५]। त्यसैले देवालयहरूमा चाहिँ इँट र काठभन्दा पाषाण नै चिरकालिक हुने हुँदा यसको प्रचलन पछिसम्म पनि कायमै रह्यो। मध्यकालदेखि परम्परागत रूपमा चल्दैआएको नागरशैली जसलाई सरल भाषामा भनुपर्दा ग्रन्थकूट वा रथशैली पनि भन्ने गरिन्छ, अनेक बुर्जा सहितका कलश (गजुर) ले युक्त यस्ता मन्दिरहरू ग्रन्थकूट शैलीका परिचायक हुन्। यद्यपि भारतको उडिसा एवं खजुराहो आदि स्थानमा निर्मित मन्दिरभन्दा फरक तर नागरशैलीकै परिचायकको रूपमा निर्माण भएको नेपाली कलाशैलीको अति उत्तम नमुनाका रूपमा ललितपुरस्थित कृष्णमन्दिरलाई लिन सकिन्छ।

स्थापत्यविधामा प्रासाद शब्दले विशेष गरी राजप्रासाद[१६] र विभिन्न प्रकारका महलहरूलाई लक्षित गरेको हुन्थ्यो भने भवन[१७], देवकुल[१८], देवालय, देवल र विमान आदि शब्द प्राचीनकालमा मन्दिरका पर्याय थिए। पाली साहित्यमा वैशालीका नगरको वर्णन गर्दा अग्ला एवं स्वर्णजडित छाना र कलशयुक्त गजुर भएका भवनहरूको वर्णन पाइन्छ[१९]। त्यसकारण तात्कालिक मन्दिर र प्रासादहरूको भव्यता र कलात्मकताका बारेमा शङ्का गर्ने ठाउँ देखिँदैन।

---

१३. राजा श्रीसुपुष्पदेव ७६। तेन. हि.... श्रीपशुपतिभट्टारकस्य देवालय कृतम् सङ्खलीसंछादनम्॥ ... गोपाल वंशावली १९ (ख) पत्रबाट।

१४ माटिन्देवकुलमर्धविनिपतितेष्टकापङ्क्तिविवरप्रविष्टनकुलकुलाकुलितमूषिका
सार्धदूरविघटितनिरवशेषद्वारकपाटवातायनादिजीर्णदारुसंघातं यत्नतः प्रतिसंस्कार्य तस्य दीर्घतरपश्चात्कालसौस्थित्यनिमित्तं..."
संवत् ३४ को पाटन सुन्धारास्थित अंशुवर्माको अभिलेखबाट लि.का का.अ.पृष्ठ ३३९।

१५ शिलास्तम्भं शिलाकुड्यं नरवासे न कारयेत्, कामिकागम पृ.१३३।

१६. हर्म्यादि धनिनां वासः प्रासादो देवभूभुजाम्। अमरकोष द्वितीय काण्ड, पुरवर्ग श्लोक १०।

१७ मातुः श्री राज्यवत्या हितकृतमनसः सर्व्वदा पुण्यबृद्ध्यै राजा श्रीमानदेवः शुभविमलमतिः
पात्रदानाम्बुवर्षी लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक्...
संवत् ३८९ को पशुपति तिलगङ्गास्थित मानदेवको अभिलेख। (लिच्छविकालका अ.पृ.३५)

१८ माटिन्देवकुलमर्धविनिपतितेष्टकापङ्क्ति...संवत् ३४ को ललितपुरस्थित अंशुवर्माको अभिलेख। (लि.का.अ.पृ.३३९)

१९ महासुन्दस्सन सुत्त, दीघ निकाय।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छत्रेशैलीको ऐतिहासिक पृष्ठभूमि

पशुपतिको प्रादुर्भाव सँगसँगै नेपालको धार्मिक र राजनैतिक इतिहास सुरु हुन्छ। समयको हिसाबले यो कति सय वर्ष पुरानो घटना हो र यसका आख्यान उपाख्यान कति हदसम्म भरपर्दा हुन् भन्ने कुराको निर्क्योल अहिलेसम्म हुन सकेको छैन तर पनि गोपालकाल अर्थात् गोठाले युगदेखि नै पशुपतिको उत्पत्तिको साथै 'नेपाल' नामले यो देश सम्बोधित हुन थालेको कुराचाहिँ निश्चित छ।

ईशापूर्व केही शताब्दी अघिका राजा सुपुष्पदेवले पशुपतिमा तामाको छानायुक्त छत्रेशैलीको मन्दिर बनाउन लगाएको उल्लेख गोपाल वंशावलीमा आएको छ। त्यसपछि छैटौं शताब्दीका राजा अंशुवर्मले माटिङ्ग्रामस्थित छत्रेशैलीको "माटिङ देवकुल" (मन्दिर) को जीर्णोद्धार गरेर राखेको अभिलेख प्राप्त छ। यसको साथसाथै अंशुवर्मले तयार गर्न लगाएको नेपाली अर्थात् छत्रे वा तलेशैलीमा निर्मित कैलासकूट भवनको वर्णन लिच्छविकालका शिलालेखमा बडो गर्वसाथ गरिएको छ, जो यसप्रकार छ- *"क्षितितलतिलकभूतात्कुतूहलिजनतानिमेष नयनावलोक्यमानात्कैलासकूट भवनात्*[२०]*"* (पृथ्वीतलको टीका जस्तो भएको कैलासकूट भवनलाई सारा दुनियाँहरूले आँखा झिमिक्कसम्म नगरी कौतूहलताका साथ हेरेर टोलाइरहन्छन्) भन्ने वर्णनबाट कैलासकूट भवनको भव्यताको अनुमान सजिलैसँग गर्न सकिन्छ। त्यतिमात्र हैन, छैटौं शताब्दीको अन्त्यताका नेपाल भ्रमणमा आएका चिनियाँ यात्री युआनच्वाङ कैलासकूट भवनको सौन्दर्य र भव्यतालाई देखेर छक्क परेका थिए। युआनच्वाङको ताङवृत्तान्तमा उल्लिखित उक्त वर्णनको सारांश निम्न प्रकार छ -

"कैलासकूट भवनको बीचमा चारैतर्फ बार्दलीयुक्त तामाको छाना भएको सात्तले भव्य भवन रहेको छ। यसका दलिन, डडाली, कठबार, खाँबा आदि सबै सुन्दर र किम्मती पत्थरले बनेका छन्। भवनका चार सुरमा तामाका नल लागेका छन्। नलसँग जोडेर तलतिर सुनौला मकर (गोही) बनाइएका छन्। मकरका मुखबाट जोडले पानी निस्किरहन्छ। छानामाथि हालिएको पानीको नलबाट फोहरा जस्तै गरी पानी तल झर्दछ। त्यो पानी छहरा जस्तो भई सुनौला मकरको मुखबाट भुँइमा खस्दछ" भन्ने उक्तिले लिच्छविकालमा विकसित नेपाली स्थापत्यकलाको राम्रो उदाहरण प्रस्तुत गरेको छ।

यसपछि राजा गुणकामदेवले ने.सं. १०७ मा ललितपुरस्थित घाँयबुमा शिवपरिवारको मूर्ति स्थापना गरी मन्दिर बनाउन लगाएका थिए[२१]। यसको अतिरिक्त उनले पशुपतिलाई एघारवटा कोष चढाएर ईशानेश्वरको मन्दिरमा तामाको छाना हालेको लगभग १०० वर्षपछि राजा शङ्करदेवले नक्सालमा शङ्करेश्वरको स्थापना गरी छत्रेशैलीको मन्दिर बनाएको प्रसङ्ग यस विषयमा चाखलाग्दो छ [२२]।

---

२० संवत्. ३२ को साँगास्थित अंशुवर्माको अभिलेख। लि.का.अभिलेख पृ.३३६।

२१. ललितपुर घाँय्यबुँको अभिलेख अभिलेख-सङ्ग्रह नवौं भागको पृष्ठ २४।

२२. "राजा श्रीशङ्करदेव वर्ष १५ तेन च नंदीशालायां सङ्करेस्वर भट्टारिकप्रतिष्ठितम् ताम्रसंछन्न कृतं देवलम्॥ गोपालराज वंशावली २४ (क)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिको पहिलो मन्दिर बनाउने काम लिच्छवि राजा सुपुष्पदेवबाट भएको थियो भन्ने चर्चा माथि नै परिसकेको छ। त्यसको सयौं वर्षपछि आएर यसको पुनःनिर्माण गर्ने कार्यमा मध्यकालका राजा शिवदेवको प्रमुख योगदान रह्यो। सो कुराको सङ्क्षिप्त विवरण गोपाल वंशावलीमा निम्न प्रकारले दिइएको छ-

"उनविंसति सम्बच्छरसतद्वये परिवर्तमान॥ राजा श्रीशिवदेव वर्ष २७ मा ७ तेन श्रीपशुपतिभटारकस्य देवल सुवर्ण्णसंखलीसंछादन कृतम् तत कीर्तिभगतापुरे वलवलदेवी तप कृत्य नन्दी वन्ध्याय नीता॥ पनालिका कुप, प्वस्करणी थाने स्थाने कृता॥ चतु(र्भुमिक) पञ्चपुरसमयुक्त श्रीराजगृह सुनिखादितम्॥ तत पश्चात् श्रीपशुपतिभटारकाय, रजतपद्मपिण्डिकाघटितम् पूर्व्व दम्म व्यवहार नास्तिः सुवर्णरक्तिकास्त व्यवर्तते। स्वश्रीसिंहाकृति रूप्यदम्म व्यवहार कृता॥ सुवर्णमयी श्रीशिवस्यांकृति शिवकाङ्क कृत्यः॥ पूर्व्वशिखरदेवस्य परिवार सहितेन, जीर्णोधार कृताः॥[२३]"

(संवत् २१९ मा श्रीशिवदेव राजा भए, २७ वर्ष ७ महिना राज्य गरे। तिनले श्रीपशुपति भट्टारक मन्दिरको पुनर्निर्माण गरी सुनमिश्रित तामाको छाना हाले। अनि कीर्तिपुरस्थित वलवलदेवीको तपस्या गरी बल्खु नदीमा बाँध बाँधे। ठाउँठाउँमा ढुङ्गेधारा, कुवा, पोखरीहरू बनाए। पञ्चपुरसहितको चारतले श्रीरामगृह जगैदेखि राम्ररी बनाए। त्यसपछि श्रीपशुपतिभट्टारकलाई पिण्डिकासहितको चाँदीको कमल बनाएर चढाए। पहिले द्रम्मको व्यवहार चलेको थिएन, सुनका रत्तिकाको चलन चल्ती थियो। आफ्नो नामको 'श्रीसिंह' अङ्कित चाँदीको द्रम्म अर्थात् दामको चलन चलाए। 'श्रीशिव' अङ्कित सुनको शिवकाङ्क नामको मुद्रा पनि चलाए। परिवारसहित भएर पूर्वशिखरदेव अर्थात् चाँगुनारायण (मन्दिर) को जीर्णोद्धार गरे।

शिवदेवले पशुपतिको मन्दिर पुनर्निर्माण गरेको पुगनपुग तीन सय वर्षपछि अर्थात् ने.सं. ४१७ आषाढ शुक्लपञ्चमी बुधवारका दिन राजा अनन्तमल्लले पशुपति मन्दिरको चार सुरमा चारवटा सुनको सह्रव् (शार्दूल) राख्न लगाएका थिए। त्यसपछि ध्वजा पताकासहितको मन्दिरलाई सुनको पाताले छाएर प्रतिष्ठा गरे। त्यसैदिन चाँगुनारायणमा पनि ध्वजारोहण गरेथे[२४]।

संवत् १४०६ अर्थात् ने.सं. ४७० पौषमा बङ्गालका सुल्तान शमसुद्दिनका सेनाले नेपाल उपत्यकामा आक्रमण गरी पशुपतिलगायत अनेकौं देवी-देवताका मूर्ति र मन्दिरलाई तहसनहस पारे[२५]। यो विनाशकारी आक्रमणबाट ध्वस्त भएका देवीदेवताका मूर्ति र मन्दिरहरू धेरैकालसम्म

२३. गोपालराज वंशावली २४ (क) पत्र।

२४. राजा श्रीअनन्तमल्लदेवेनः कर्त्तव्यं मुनेन्दुः वेदशतसम्बच्छ आषाढशुक्ल पञ्चमी बुधवासरेः श्रीपशुपतिभट्टारिकाय, स्ववर्ण्णशंखलीशंच्छादन कृते। चतुस्कोने सुवर्णास्वह्रवञ्च॥ ध्वजा संपूर्ण प्रतिष्ठितम्। चगुन्ध्वजारोहन,.. गोपाल वंशावली २७ (क) पत्रबाट।

२५ "तनतरे पूर्व्व सुरतान समसदिन मागत्य नेपालम् श्रीपशुपति त्रिखंडीकृता नेपाल स्मस्त भस्मीभवान्। हाहीभवन्ति लोकस्च। संवत् ४७० मार्गशिर शुदि ९ महाकष्ट भवामि भक्तापुरे॥" गोपाल वंशावली २८ (ख) पत्रबाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलपत्र रहे। सो घटना भएको लगभग एघार वर्षपछि अर्थात् वि.सं. १४१७ मा जयसिंहरामवर्द्धनले पशुपतिको पुरानो मूर्तिजस्तै नयाँ मूर्ति स्थापना गरी सोहीबमोजिम मन्दिर बनाउन लगाए[२६]। कुनै पनि प्राचीन मूर्ति वा मन्दिरको पुनर्निर्माण गर्दा पुरानै नमुना बमोजिमको मूर्ति वा मन्दिर बनाउने परम्परा थियो भन्ने कुरा चाँगुका गरुडनारायणको पादपीठमा भएको अभिलेखबाट पनि बुझ्न सकिन्छ[२७]।

जयसिंहरामवर्द्धनले पुनर्निर्माण गर्न लगाएको पशुपतिको उक्त मन्दिरलाई लगभग २९० वर्षपछि कान्तिपुरका राजा शिवसिंह मल्लकी पत्नी गङ्गा रानीले जीर्णोद्धार गर्न लगाएकी थिइन् भन्ने उल्लेख वंशावलीमा पाइन्छ[२८]। तर त्यसको लगत्तै अर्थात् २० वर्ष पनि पुग्दा नपुग्दै राजा नृपेन्द्र मल्लले पुनः पशुपति मन्दिरको जीर्णोद्धार गरेथे। जीर्णोद्धार गरेको २० वर्ष पनि नपुग्दै किन यो मन्दिरलाई पुनः जीर्णोद्धार गर्नुपरेको हो त्यसको कुनै प्रसङ्ग पाइँदैन[२९]।

ने.सं. ४८० (वि.सं. १४१७) मा जयसिंहरामवर्द्धनले पुनर्निर्माण गर्न लगाएको पशुपतिको मन्दिरलाई त्यसको लगभग ३३७ वर्षपछि अर्थात् ने.सं. ८१७ (वि.सं. १७५४) मा कान्तिपुरका राजा भूपालेन्द्र मल्लले राजमाता ऋद्धिलक्ष्मीको आज्ञा अनुसार जगैदेखि भत्काएर बनाउन लगाएका थिए। सो कुराको स्पष्ट विवरण तात्कालिक ठ्यासफूमा पाइएको छ[३०]। त्यसैले नेपाली वास्तु परम्परामा बनेको पशुपतिको उक्त मन्दिर प्राचीनकालदेखिकै छत्रेशैलीमा निर्मित स्थापत्य कलाको ज्वलन्त उदाहरणका रूपमा आज पनि विद्यमान छ।

स्थापत्यकलाको परम्परा

नागर वा शिखरशैलीका मन्दिरहरूको ढुङ्गा, इँट, वज्रलेपद्वारा निर्माण गर्ने परम्परा थियो। आवश्यकताअनुसार मन्दिरको उचाई पुगेपछि चक्राकार आमलक र आमलकमाथि कलात्मक कलश र कलशको मुखमा कमलको कोपिला अर्थात् गजुर राखी शिखर वा रथशैलीका मन्दिरहरू

---

२६. रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीद्वारा संस्कृत सन्देश, वर्ष १ अङ्क १०-१२ को पृष्ठ ४६-४८ मा यो अभिलेख छापिएको छ।

२७. "एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने १
कालेन शीर्णवलोक्य समस्तमाद्यं हैमं हरेर्भगवतः कवचं सताक्ष्र्यम् तस्मान्निदर्शनमवाप्य जगद्धिताय सञ्चस्कृवान्नरपतिः पुनरंशुवर्मा २ मोहनप्रसाद खनाल- चाँगुनारायणका ऐतिहासिक सामग्री" नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि.वि.कीर्तिपुर २०४० को पृष्ठ १४६।

२८. देवीप्रसाद लम्साल- भाषावंशावली, भाग २ पृष्ठ ६१।

२९. देवीप्रसाद लम्साल- भाषावंशावली, भाग २ पृष्ठ ६१।

३०. रामजी तेवारी-भूपालेन्द्र मल्ल, पूर्णिमा वर्ष १ अङ्क ३, पृ.३४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइन्थे। तर नेपाली अर्थात् छत्रे वा तलेशैलीका मन्दिरहरूको योजना र निर्माण भने अलि बेग्लै ढङ्गबाट गरिएको हुन्थ्यो। यसअनुसार मन्दिरका प्रमुख अङ्गहरूलाई निम्न प्रकारले वर्गीकरण गरिएको छ-

(१) वेदी (२) जङ्घा (३) गर्भगृह (४) स्कन्ध (५) भूमिक (६) ग्रीवा (७) कलश (८) छत्र गरी अष्टाङ्ग कलेवरका रूपमा देवालय वा मन्दिरको निर्माण गरिएको हुन्थ्यो। यसको बाहिरी भागमा भने अनेक प्रकारका तोरण, गवाक्ष, कुँशल, टुँडाल र ध्वजा पताका एवं कलात्मक कारिगरीले सिँगारेर शोभायुक्त बनाइन्थे।

ज्योतिष र गणितशास्त्रको आधारमा मन्दिर निर्माण गर्नुपर्दा देवालयको लम्बाई, चौडाई र उचाईको शुभाशुभ विचार गरिन्थ्यो। लम्बाईलाई चौडाईले गुनेर आठले भाग लिँदा जति शेष बाँकी रहन्छ तदनुसार नै फलाफलको तय हुन्थ्यो। समराङ्गणसूत्रधारका अनुसार १, ३, ५, ७ शेष भएमा शुभ मानिन्थ्यो[३१]। समराङ्गण वास्तुशास्त्रको उपर्युक्त कथनअनुसार मन्दिरको लम्बाई र चौडाई बराबर भएमा शून्य शेष हुने हुँदा नापोको परिमाणमा केही अङ्गुल तल माथि पारेर उपर्युक्त लक्षणसँग मेल खाने गरी निर्माण गर्ने परम्परा थियो। उदाहरणका लागि काष्ठमण्डपको नापो लिंदा हात र अङ्गुललाई आधुनिक फीट र इञ्चमा परिणत गरी चर्चा गर्ने प्रयत्न गरिएको छ। जस अनुसार ६५ फीट ११ इञ्च लम्बाई र त्यति नै चौडाईको हात र अङ्गुलमा परिणत गर्दा ४३ हात २१ अङ्गुल हुन आउँछ। यो नापोलाई पूरा ६६ फीट मानेमा ४४ हात हुन जान्छ र ४४ X ४४ लाई ८ ले भाग गर्दा ० शेष हुने भएकाले ध्वांक्ष योग पर्छ अर्थात् अशुभ मानिन्छ। तसर्थ शुभफलका लागि नाप अनुसार ४४ हातमा केही अङ्गुल तल माथि गरेर लाक्षणिक हिसाबले नेपाली शैलीमा काष्ठमण्डपको निर्माण भएको देखिन्छ।

वास्तुशास्त्रका अनुसार १२ X १२ हात लम्बाई, चौडाईको मण्डपलाई कनिष्ट, १४ X १४ लम्बाई, चौडाईको मण्डपलाई मध्यम र १६ X १६ हात लम्बाई चौडाईको मण्डपलाई उत्तम मानिन्छ। तसर्थ २ X २२ हात बढाई मण्डप निर्माण गर्नू भन्ने शारदातिलकको वचन छ। उपर्युक्त आधारमा १२ X १२ हातका लम्बाई चौडाई भएको मण्डपलाई गुणा गरी ८ ले भाग गर्दा ० शेष बाँकी रहने हुँदा कनिष्ठ प्रकारको मानिन्छ। त्यसकारण प्रत्येक लम्बाईलाई चौडाईले गुणा गरी ८ ले भाग गर्दा अशुभ फल दिने अर्थात् शून्य शेष रहने हुँदा त्यहाँ केही तल माथि पारेर दोषरहित नापोमा मन्दिर निर्माण गर्ने परम्परा थियो।

---

३१. दैर्घ्यं हन्यत्पृथुत्वेन हरेद् भागं तथाऽष्टभिः। यच्छेषमानं तं विद्याच्छात्र दृष्टं ध्वजादिकम्।
ध्वजो धूमोऽथ सिंहश्व श्ला बृषः खरःकुन्जरौ। ध्वाङ्क्ष श्वेति त उद्दिष्टा प्राच्याद्यस्तु प्रदक्षिणम्॥ १७-१२८
समराङ्गण सूत्रधार अध्याय २६ बडौदा प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिर निर्माण गर्दा लम्बाई र चौडाई जोर हातकै हुनुपर्ने कुरा वास्तुशास्त्रमा उल्लेख छ। यसैकारण शारदातिलकमा मण्डप बनाउँदा दुई दुई हात बढाएर बनाउनू भन्ने प्रसङ्ग आएको छ[३२]। मण्डप र देवप्रासाद एकै हुनाले उपर्युक्त कुरा दुवैमा लागू हुनु स्वाभाविक थियो। मण्डपनिर्माणमा १२ X १२ तथा १४ X १४ र १६ X १६ हात लम्बाई चौडाई राख्दा शून्य अर्थात् अशुभ शेष पर्ने भएकाले मानभन्दा केही कम वा बेसी राखी मण्डप बनाउनू भन्ने कुरा शारदातिलकका व्याख्याता राघव भट्टले क्रियासार नामक ग्रन्थको उल्लेख गर्दै भनेका छन्[३३]।

यज्ञ मण्डप, स्नान मण्डप, दान मण्डप आदि र यज्ञयज्ञादिका निमित्त बनाइने मण्डपको परिमाण १२, १४, १६, १८, २१, २४ र २७ हात लम्बाई र चौडाई मिलाएर बनाउनू भन्ने उल्लेख प्रतिष्ठाशास्त्रहरूमा पाइन्छ[३४]। यी परिणति मण्डपहरू धार्मिक कार्य सम्पादनका लागि निर्माण गरिएका हुन्थे। तर जनवासका लागि पनि मण्डपहरू बनाउनू भन्ने शास्त्रीय वचन छ[३५]। तीर्थयात्री, अतिथि अभ्यागतको विश्रामस्थल वा रात बिताउनका लागि ठाउँठाउँमा मण्डपहरू बनाइएका अनेक उदाहरण पाइएका छन्। साधु सन्यासी आदि जोगीहरू एवं राज्यका अतिथि अभ्यागतका रूपमा आएका व्यक्तिहरूलाई बास बस्नका लागि र बिहार गर्नका लागि पनि मण्डपहरू बनाइन्थे[३६]। यस्ता मण्डपको लम्बाई चौडाई १०८ हात भएमा उत्तम, ६४ X ६४ हात लम्बाई चौडाई भएमा कनिष्ठ मानिन्थ्यो[३७]।

नागर तथा द्राविड शैलीका देव मन्दिर वा प्रासादहरू निर्माण गर्नुपर्दा भक्तजन एवं तीर्थयात्रीहरूको आवश्यकतालाई ध्यानमा राखी देवालयसँग जोडेर, अगाडि पछाडि वा दायाँ बायाँ आवश्यकताअनुसार मण्डप निर्माण गरिन्थे। यस्ता मण्डपहरूको निर्माण विधाको उल्लेख सबैजसो वास्तुशास्त्रमा पाइन्छ। समराङ्गणमा देव मन्दिरसँग जोडेर बनाइने अग्र मण्डपका बारेमा **प्रासादानां समाकार्याः पादोनां वा प्रमाणतः कार्या त्रिभागिहीनां वा मण्डपास्तु समाक्षरौः। स्वविस्तार समं भद्रं मुखे चैवा प्रकीर्तिताः**[३८] भनिएको छ।

जति प्रकारका प्रासाद हुन्छन् मण्डप पनि त्यति नै प्रकारका बनाउनू भन्ने शास्त्रीय वचन छ। त्यसैले प्रासाद निर्माण गर्दा सौन्दर्यमूलक कलाविन्यासले जति शोभा बढाइएको हुन्थ्यो, मण्डपनिर्माण

३२. स्वल्पो द्वादशहस्तोऽयं द्विद्वि हस्तप्रवृद्धितः। क्षिद्धानां शेखरे। शारदातिलकं व्याख्यायां राघव भट्टः।
हस्तां च द्वादशारम्यः क्रमाद् द्वौ द्वौ प्रवृध्व च। २-१८-७।

३३. मानाधिकोऽथवा न्यून कारयेद् मण्डपा स्ततः। क्रियासार संग्रहे शारदातिलक पृ.८४।

३४. चतुर्विशति हस्तं वा हस्त विंशतिकं तथा। मन्त्रमुक्तावली ५।१४।
विंशहस्तप्रमाणेन मण्डप कुछमेव च। वास्तुसारे ।९।२४

३५. मण्डपऽस्त्री जनाश्रयः अमरकोष २ व.३-९।

३६. शतार्ध मण्डप स्थानं नीलार्ध भोजनाय च। यज्ञार्थो यति मुख्यार्थो विहारर्थो नृपालकः
उपयोगानुसारेण स्वधिया परिकल्पितः। आयन चतुरस्त्रो वा कर्तव्यो नाद्य मण्डपः। समराङ्गणसूत्रधार श्लोकसङ्ख्या १०।

३७. शतमष्टोत्तरं ज्येष्ठ चतुषष्ठि करोऽवरः कनिष्ट मण्डपौ कार्यो द्वात्रिशतृंकरसंमितः। समराङ्गणसूत्रधार श्लोकसङ्ख्या ६७६।

३८. समराङ्गण अ.६७ श्लोक ९-१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा पनि सोही प्रक्रिया अपनाएको देखिन्छ। मण्डप बनाउँदा अलिन्द (दलान) चन्द्रशाला, वातायन (झ्याल) गवाक्ष (आँखिझ्याल) बार्दली, चौडा ढोका र प्रदक्षिणापथको साथै दुवै पार्श्व भागमा गारो लगाएर आँखिझ्यालहरू राख्नू भन्ने निर्देशन छ[३९]। प्रासादको जस्तै मण्डपका पनि अनेक भेद र स्वरूप हुन्छन् भन्ने कुरा तलको श्लोकले पुष्टि गरेको छ। जस्तै-

यानि प्रासाद नामानि तानि स्युर्मण्डपेष्वपि।
वास्तुभेदेन नामोयं मण्डपानां विधीयते[४०] ॥

जति भेद प्रासादको हुन्छ त्यत्ति नै भेद मण्डपको पनि हुन्छ। वास्तुभेदले गर्दा नामभेदमा अन्तर देखिएको हो। माथि उल्लिखित श्लोकबाट प्रासादमा जस्तै मण्डपमा पनि अनेकौं भेद हुन्छ भन्ने देखिन्छ।

एक द्वित्रितलोपतं चतुष्पंच तलं तुपं।
मण्डपं तु विधातव्यं शालानामग्रदेशके[४१] ॥

एक, दुई, तीन, चार, पाँच तलेसम्मका मण्डप बनाउनू भन्ने कामिकागमको उक्ति भएकाले मण्डपको निर्माण र शैलीमा पाइने भिन्नता र विकासको गतिलाई देख्न सकिन्छ। त्यसैले मन्दिरमा भएका प्रत्येक तलाको व्यक्तताका लागि छुट्टाछुट्टै छानाको प्रयोग गरिनुको तात्पर्य र अर्थ पनि बोध हुन्छ।

नवौं शताब्दीदेखि लगभग २०० वर्षसम्म नेपाल उपत्यका कौल र वज्रयानीहरूको साधनास्थल बन्न पुग्यो। त्यसैवेलादेखि नेपालको स्थापत्य विधामा पनि आगम अर्थात् तन्त्रको गहिरो प्रभाव पर्न थाल्यो। यस कुराको यथेष्ट प्रमाण कतिपय नेपाली अर्थात् छत्रेशैलीका मन्दिरमा कुँदिएका कामोत्तेजक कला र साधनापीठहरू आज पनि विद्यमान छन्। तर पनि निर्देशित वास्तु विधामा बाधा नपर्ने गरी स्थापत्यविद्हरूले शैली, श्रृङ्गार तथा अलङ्करणमा आफ्नोपन दिएर छत्रे अर्थात् नेपाली शैलीका मन्दिर निर्माणमा योगदान गरेका थिए।

मन्दिर वा मण्डपको निर्माण गर्दा कति उचाई राख्ने भन्ने प्रश्नमा **विंशहस्त प्रमाणेन मन्दिरं कूटमेव च** भन्ने उक्तिले २० हातको मन्दिर छ भने कूट (गजुर) सम्म बीस हात नै अग्लो बनाउनू भन्ने बुझ्नुपर्छ। मन्दिर अगाडि बन्ने मण्डपको उचाईका बारेमा समराङ्गणमा राजा भोज लेख्दछन्– **प्रासादोच्छाय तुल्य वा कार्या मण्डपविस्तृतिः**[४२]। मन्दिरको उचाई बराबर, मण्डपको लम्बाई

३९. अलिन्द सर्वतो भाग निर्गता लावविस्तृताः कदाचित् सार्ध भागेन निष्क्रान्ता भाग विस्तृताः ॥ श्लोकसङ्ख्या ९।
जालव्याल कपोताली मत्तवारणकेर्युताः। भ्रमनिर्मापितः स्तम्भः कर्तव्याश्च गवाक्षकाः ॥ श्लोकसङ्ख्या २१।
सभित्तिभिः परिक्षिप्तः कर्तव्य पार्श्वयो द्वयोः। भागेन कल्पयेत् भिँन्ति गवार्क्षरूप शोभितम् ॥ श्लोकसङ्ख्या १८। समराङ्गणसूत्रधार, अध्याय ६६।
४०. समराङ्गणसूत्रधार, अध्याय ५। श्लोकसङ्ख्या ॥१२३॥
४१. कामिकागम २।१६
४२. समराङ्गणसूत्रधार, अध्याय ६६ श्लोक ८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौडाईको निर्देशन भएकाले मण्डपको निर्माण विधामा पनि यसै कुरालाई आधार मानेको पाइन्छ। मन्दिर वा मण्डप निर्माण गर्दा जलचर, थलचर आदिका चित्रद्वारा सुसज्जित बनाइएको वर्णन पुराणहरूमा पाइन्छ। जस्तै-

"जलं किन्तु स्थलं तत्र न विदुस्तत्त्वतो जनाः
क्वचित् सिंहा क्वचित् हंसा सारसाश्च महाप्रभाः।
क्वचित् शिखण्डिनस्तत्र कृत्रिमा सुमनोहराः
क्वचिन्नागा कृत्रिमाश्च हयाश्चैव तथा मृगाः
के सत्याश्च ह्यसत्याश्च संस्कृता विश्वकर्मणा
तत्रैव चैवंविधिना द्वारपादद्भुताः कृताः
रथा रथीयुता ह्यासन् कृतिमाऽकृतिमोपमा :
सर्वेषां मोहनार्थाय तथा च संसदः कृताः
एवंभूतः कृतस्तेन मण्डपो दिव्यरूपवान्॥"[४३]

(मानिसले जलथलको भेद छुट्याउनै नसकून् भनेर कतै सिंह, कतै हाँस, कतै सारसका एवं कतै नाग तथा मुजूरहरू बनाइएका थिए। विश्वकर्माले कुन सक्कली, कुन नक्कली भनी छुट्याउनै नसकिने गरी कृत्रिम रूपले सिंगारिदिएका थिए। द्वारपाल एवं नर्तक नर्तकीहरू पनि अद्भुत ढङ्गले बनाइएका थिए। रथीले युक्त रथहरू पनि जीवन्त जस्तै देखिन्थे। झुट्टो भए पनि साँचोजस्तै गरी सबैलाई मोहित पार्न सक्ने गरी दिव्यरूपको मण्डप बनाइदिए।)

उपर्युक्त विवरणबाट प्राचीन कालदेखि नै स्थापत्य कलाको शिल्प विधामा वैदिक प्रतीकको ठूलो योगदान रहँदै आएको कुरामा कुनै सन्देह छैन। मन्दिर एवं मण्डप आदिमा अङ्कित अलङ्करणमा प्रयोग भएका मङ्गल घट, कलश, माछा, हाँस, सारस र कमल आदि माङ्गलिक चिह्नहरू यसका उदाहरण हुन्।

नेपाली स्थापत्य विधामा वास्तुसम्बन्धी मापन एवं रेखाङ्कन पद्धति र वास्तु-पुरुषको कल्पना तथा निर्माण प्रक्रियाका कतिपय विशेषताहरू प्राचीन वास्तुशास्त्रकै आधारमा तयार पारिएका छन्। तर पनि मण्डप तथा तलेशैलीका मन्दिरहरूको निर्माण गर्दा नेपालले आफ्नै मौलिकताको विकास गरेको देखिन्छ। जस्तै-

"प्रासादस्योत्तरे वापि पूर्वे वा मण्डपो भवेत्
चतुर्भिस्तोरणैर्युक्तो मण्डपः स्याच्चतुर्मुखः[४४]**।"**

(मन्दिरको उत्तर वा पूर्वमा मण्डपको स्थापना गरी तोरणसहितको चार ढोका बनाऊन्।)

---

४३. स्कन्दपुराण, माहेश्वर खण्ड, अध्याय ४

४४. मत्स्यपुराण, अध्याय ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डपको भव्यतालाई हेरेर ६४ स्तम्भसम्मको वर्णन वास्तुशास्त्रमा पाइन्छ। मण्डपहरूको विकास र विस्तार दक्षिण भारतका मन्दिरपरिसरमा अत्यधिक रूपले देख्न सकिन्छ। यसको साजसज्जाको विविधता एवं वास्तुविधानले गर्दा प्रासादको जस्तै मण्डपको पनि अनेक नाम र शैलीको विकास हुन थाल्यो। ४ स्तम्भदेखि लिएर १००० स्तम्भसम्मको मण्डपहरूको विकास र विस्तारले गर्दा एउटा मन्दिरको क्षेत्र झण्डै नगरक्षेत्रकै प्रतिस्पर्धामा खडा हुन पुगेको थियो।

कामिकागमका अनुसार मण्डपनिर्माणमा तलाको विशेषताले परिगणन गरेको पाइन्छ। सुप्रभेदागममा भने चार प्रकारका मण्डप अर्थात् (१) देवमण्डप (२) स्नानमण्डप (३) वृषमण्डप (४) नृत्यमण्डपको उल्लेख पाइन्छ। यस बाहेक मण्डपनिर्माणको वास्तुविधालाई लिएर अन्य वास्तुशास्त्रमा मण्डपको नामकरण गरिएको छ भने सुप्रभेदागमले स्तम्भको आधारमा मण्डपको नामकरण समेत गरिदिएको छ। जस्तै-

१. नन्दवृत्त ४ स्तम्भ

२. श्रियावृत्त १६ स्तम्भ

३. वीरासन २० स्तम्भ

४. जयभद्र ३२ स्तम्भ

५. नन्धावर्त ३६ स्तम्भ

६. मणिभद्र ६४ स्तम्भ

७. विशाल १०० स्तम्भ

उपर्युक्त विवरणअनुसार काष्ठमण्डपमा ३६ स्तम्भ भएकाले यस मण्डपको नाउँ नन्धावर्त हुने देखिन्छ। यस आधारलाई मान्ने हो भने नेपाली मन्दिरहरू कामिकागम अनुसार तलाको भेदले र काष्ठमण्डपचाहिँ स्तम्भ तथा तला भेद समेतको संयुक्त शिल्प विधाले निर्माण भएको ठहर्दछ। छैटौं शताब्दीका प्रसिद्ध आचार्य वराहमिहिरले बृहत्संहिता भन्ने ग्रन्थमा वास्तुशास्त्रसम्बन्धी एक अध्याय र स्थापत्यकला विषयमा एक अध्याय गरी छुट्टाछुट्टै उल्लेख गरेका छन्।

मन्दिरनिर्माण गर्ने विषयलाई लिएर बृहत्संहितामा यस्तो लेखिएको छ- "जलाशय तथा नदीको नजिक, वनको निकट, पर्वत एवं झर्ना भएको ठाउँ वा नागवेली भएर बग्ने नदीको किनारमा देवताहरू रमाउँछन्[४५]।" त्यसैले मन्दिर बनाउनुपर्दा माथि उल्लिखित स्थानमध्ये कुनै एक स्थानको चयन गरी मन्दिर बनाउने परम्परा पछिसम्म रहेको पाइन्छ। प्रायशः मन्दिर निर्माण गर्दा आचार्य

४५. वनोपान्तनदीशैलनिर्झरोपान्तभूमिषु। रमन्ते देवता नित्यं पुरेषूद्यानकेषु च। ८। बृहत्संहिता अध्याय ५६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराहमिहिरले निर्धारित गरेको शास्त्रीय नियमलाई पछ्याउँदै ६४ वास्तु चक्रको आधारमा बनाएको देखिन्छ।[४६]

मन्दिर निर्माणसम्बन्धी चर्चामा भनिएको छ- मन्दिरको जति विस्तार हुन्छ उचाई त्यसको दोब्बर हुनुपर्दछ। साथै मन्दिरको बाहिरी भाग जति विस्तार छ, त्यसको आधा भाग गर्भगृह हुनुपर्दछ र गर्भगृहको चौथाई भाग ढोका हुनुपर्छ। ढोकाको दोब्बर उचाई भाग खाली राख्नुपर्छ भन्ने निर्देशन छ। द्वारको उचाईको चौथाई भाग उदुम्बर (माथिको ठेलो) र पार्श्व शाखा (चौकोस) हुनुपर्दछ। मन्दिरको शोभाकालागि तीन, पाँच, सात र नौवटासम्म चौकोसमा कलात्मक काठहरू राख्नू भन्ने शास्त्रीय वचन छ[४७]। शोभायुक्त मन्दिरका निमित्त विशेष प्रकारका ढोकाको व्यवस्था गरिएको हुन्थ्यो। ढोकाको सुन्दरताका लागि माङ्गलिक प्रतीक जस्तै माछा, हाँस, मकर, वेलवृक्ष, स्वस्तिक, घडा, कलश, लतासहितको कमलपत्रका साथै द्वारपालका मूर्तिहरू राख्नू भन्ने उल्लेख छ[४८]।

स्थापत्यविधाका आचार्यहरूले आवश्यक अङ्ग प्रत्यङ्गले पूर्ण भएका २० प्रकारका देवालयको साथै मन्दिरमा प्रतिष्ठापित देव प्रतिमाको ताल, मान र मापनको पनि चर्चा गरेका छन्। मुख्य द्वारको उचाईको आठौं भाग पिण्डिकासहित देव प्रतिमा हुनुपर्ने कुराको उल्लेख छ। पीठ अर्थात् आसन र मूर्तिको उचाई समेतको तीन भागको एकभाग पिण्डिकाको उचाई र दुई भाग प्रतिमाको उचाई हुनुपर्ने कुराको प्रसङ्ग पाइन्छ[४९]।

भवनमा मेरु, मन्दिर, कैलास, विमान, छन्द, नन्दन, समुद्र, पद्य, गरुड, नन्दी, वर्धन, कुञ्जर, ग्रहरान, वृष, हंस, सर्वतोभद्र, घर, सिंह, वृत, चतुष्कोण, शोडषाश्रि र अष्टाश्रि पर्दछन्। चारतला र चारैतर्फ ढोका तथा अनेकौं आँखिझ्याल र झ्यालहरू भएको मन्दिरको नाम मेरु हो। यसमा लम्बाई तथा चौडाईको विस्तार बत्तीस हातको हुनुपर्दछ। त्यस्तै ३० हात अग्लो, अनेक बुर्जा भएको शिखरशैलीको ५ तले मन्दिरलाई मन्दर भनिन्छ। अनेक झ्याल आँखिझ्यालले युक्त २८ हाते अग्लो ६ तले मन्दिर कैलासको लक्षण मानिन्छ। २१ हात उँचो एवं साततले मन्दिरलाई विमान भनिन्छ। मन्दिरको तला एवं त्यसको उचाई र कोणका आधारमा नामकरण गरिने मात्र नभई जस्तो आकार छ त्यसको नाम पनि त्यहीअनुरूप रहेको देखिन्छ। जस्तै पद्य, हंस, घर, सर्वतोभद्र आदि मन्दिरहरू दुई देखि पाँच तलासम्मको गणनामा राखिएका पाइन्छन्[५०]।

४६. चतुषष्टिपदं कार्य देवतायतने सदा। द्वारं च मध्यमे तत्र समदिव्यं प्रशाष्यते। १०। बृहत्संहिता अध्याय ५६।

४७. यो विस्तारो भवद्यस्य दिगुणतत्समुन्नतिः। विस्तारांध भवेत् गर्भो भित्तयोन्या समन्ततः। गर्भ पादोनविस्तृर्ण द्वारं दिगुण मुछ्रितम्। उच्छ्रायात पादविस्तीर्णा शाखा तद्वत् उदुम्बरः। विस्तारः पाद प्रतिमं वाहुल्यं शाख चोस्तम् स्मृतम् ॥१३॥ त्रिपंच सप्त नवमि शाखाभिस्तत् प्रशस्यते। अधशाखा चतुर्भागे प्रतिहारौं निवेयत् ॥१४॥ *बृहत्संहिता अध्याय ५६।*

४८. शेष मङ्गल विहगै श्रीवृक्षै स्वस्तिकै घटैः मिथुनै पत्र वल्लिभिः प्रथमैश्चोपशोभयेत् ॥ १५॥ ऐ. ऐ ५६।

४९. द्वार मानाष्ट भागानां प्रतिमास्यात् सपिण्डिका। द्वौ भागौ प्रतिमा तत्र तृतीयांशश्च पिण्डिका ॥ १६॥ बृहत्संहिता अध्याय ५६।

५०. मेरु मन्दर कैलास विमानच्छन्द नन्दनाः। समूदग् पद्यगरुड नन्दीवर्धन कुञ्जनाः।
गुहराजौं वृषोहंस सर्वतोभद्रको घटः सिंहावृत चतुष्कोण शोषडाष्टश्रयस्तथा ॥१८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगभग आठौं शताब्दीताका निर्मित पशुपतिस्थित शिखरशैलीको पाषाण मन्दिरलाई छाडेर नेपाल उपत्यकामा अन्य प्राचीन मन्दिरहरूको सर्वथा अभाव छ। यसको मुख्य कारण १३ औं शताब्दीमा शमसुद्दीन तुगलकद्वारा गरिएको विध्वंशकारी आक्रमण हो। यस विनाशकारी आक्रमणपछि निर्माण गरिएका मन्दिरहरू पनि वास्तुशास्त्रमा उल्लिखित विधानबमोजिम वास्तुपुरुषको लक्षण अनुसार बनेको दृष्टिगोचर हुन्छ।

ज्योतिषशास्त्रका आधारमा लम्बाई, चौडाईद्वारा हुने फाप र अफाप आदिको विचार गरी तदनुरूप नै मन्दिरहरू निर्माण गरेको पाइन्छ। निर्देशित स्थानमा दिशा मिलाएर कुन देवी देवताको मन्दिर बनाउनुपर्ने हो सोहीअनुसार झ्याल, ढोका, तोरण, टुँडाल र कुशलहरूको साजसज्जामा तदनुरूप नै अन्तर पारेर बनाइएको देखिन्छ। त्यसभन्दा बाहेक प्रायः सबै मन्दिरहरूमा वास्तुशास्त्रले निर्देशित गरेका माङ्गलिक चिह्नहरू राख्ने परम्परा पछिसम्म पनि विद्यमान थियो।

नेपाली शैलीका मन्दिरहरूमध्ये पशुपति, चाँगुनारायण, तलेजु, न्यात पौः, त्रैलोक्यनारायण, माजुदेवल र भीमसेन मन्दिर आदि प्रमुख मानिन्छन्। यी मन्दिरको लम्बाई, चौडाई र उचाईका विषयमा गणना गर्दा वास्तुशास्त्रीय पद्धतिको प्रचुरता पाइन्छ।

किन्तु काठमाडौँस्थित तलेजु, त्रैलोक्यनारायण, माजुदेवल र भक्तपुरको न्यात पौः आदि मन्दिरहरूको निर्माण र परम्परामा भने अलि बेग्लै विशेषता रहेको छ। त्यो हो त्यसको जग र वास्तुविधान। माथि उल्लिखित मन्दिरहरूको सर्भेक्षण र अध्ययन गर्दा सामान्य भुइँभन्दा १२ तलासम्म माथि उठाएर तीन तले वा पाँच तले छानायुक्त मुख्य मन्दिरको निर्माण गरिएको छ। भुइँभन्दा माथि १५ तलाको परिमाण राखी बनाइएका यी मन्दिरलाई स्थापत्यकलाको अनुपम नमुना मान्नुपर्ने देखिन्छ।

वास्तुशास्त्रमा १२ तलासम्मका मन्दिरहरूको व्याख्या गरिएको छ। द्राविड शैलीका केही मन्दिरहरू १६ तलासम्मका छन्। नेपाली शिखर शैलीको मन्दिरको निर्माण विधि मत्स्येन्द्रनाथको रथ निर्माण प्रक्रियामा पाइन्छ। तान्त्रिक विधिविधानद्वारा बनाउनुपर्ने यो रथमा ९ तलाको आधारशिला विद्यमान छ।

समराङ्गणसूत्रका अनुसार द्राविड शैलीको लक्षणमा नौ तला भूमि विस्तार अर्थात् ५१ हातको हुनुपर्छ भनिएको छ। ५१ हात लम्बाई हुँदा र त्यहीअनुरूप चौडाई भएमा ७२ हात अग्लो हुनुपर्ने विधान छ। परन्तु मन्दिर रथाकारको हुने र रथलाई सहरव्यापी भ्रमण गराउनुपर्ने परम्परा भएको हुँदा ५१ हात अग्लो र त्यहीअनुसार चौडाईको रथ बनाई सहर परिक्रमा गराउनु सम्भव थिएन। तसर्थ विधानले स्वीकृत गरेको सानो परिमाणको त्रिभूमिक मन्दिरको मापन लिएर रथ बनाउने प्रथा चलेको देखिन्छ। राजप्रासाद वा मन्दिर बनाउँदा ५१ हात लम्बाई चौडाई नभईकन स्वाभाविक सौन्दर्ययुक्त भवन बन्न नसक्ने हुँदा यो प्रमाण उपयुक्त नै देखिन्छ[५१]।

५१. अथोच्यते हस्तमानात् प्रासादो नव भूमिकः। विस्तारादेकपान्चाश दृच्छित्यास्यात् द्विसप्ततिः ॥१९६॥

समराङ्गणसूत्रधार, अध्याय ६२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्राविडशैलीका प्रासाद निर्माण गर्दा प्रत्येकको लम्बाई, चौडाई र उचाईको नापो निश्चित तवरमा समराङ्गणले व्याख्या गरेजस्तै छ। मन्दिरको परिधिको मापनबाट कति तला छन् र कति हात अग्लो छ भन्ने सजिलै पत्ता लगाउन सकिन्छ तापनि पहिलो तला कतिको हुनुपर्दछ र अरू तला कति कतिको परिमाणले बनाउनुपर्छ भन्ने विषयमा पनि पहिलेको तलाभन्दा उचाईमा एकहात वा डेढ हात प्रत्येक तलामा कम गर्दै जाने विधान छ। गजुरको भाग छुट्याएर बाँकीको उचाई पनि यसैगरी कम गर्दै लानू भन्ने शास्त्रीय वचन छ।

द्राविड शैलीकै अनुकरणमा उत्तर भारतमा पनि मेरु, मन्दिर आदि गरिएका अग्लाअग्ला भवन निर्माण गर्ने परम्परा थियो। यसमध्ये बीस प्रकारका नागर शैलीका भवनहरूको भने व्याख्या गरिएको पाइन्छ[५२]। चारपाटे, बाटुलो, चारकुने, छकुने, आठकुने र सोह्रकुने भवनको वर्णन पाइन्छ। त्यसमध्ये मेरु, मन्दर, कैलास, कुम्भ गज, मुगराज विमानछन्द र प्रासाद आदि चाहिँ चार कुना भएका मन्दिरहरू हुन्। मयमतले ६४ पद वास्तु विधानको प्रतिपादन गरेको छ भने समराङ्गण सूत्रधारले ८१ पद वा शतपद वास्तुको आधारमा मन्दिर निर्माण गर्नू भन्ने निर्देशन गरेको छ। शतपद वास्तुमा, चारढोकासहित सोह्र तलासम्मको अनेक साजसज्जाले युक्त विभिन्न वूर्जा र गजुरले शोभायमान भएको मेरु प्रासादको लक्षण मानिन्छ। १२ तला भएको मन्दिरलाई मन्दर भनिन्छ। चार ढोका र अनेक शिखरले युक्त नौ तले मन्दिर नै कैलासको लक्षण हो[५३]। विमान र छन्दक चाहिं आठ तले हुन्छ। बुर्जासहितको सात तलेलाई नन्दीवर्धन भनिन्छ। छ तले नन्दन प्रासादको नाउँले प्रसिद्ध मानिन्छ। पाँच तले सर्वतोभद्र हुन्छ। यसैगरी प्रत्येक भवन वा मन्दिरको ढोका, तला, वूर्जा, कुना, चन्द्रशाला आदिले प्रासादको वर्गीकरण गरिएको छ। मेरुदेखि विमानसम्मका मन्दिरहरू शिव र शिवलिङ्गका लागि शुभ मानिन्छन्। त्यसदेखि बाहेक अन्य देवी देवताका लागि यी मन्दिरहरू शुभ मानिँदैनन्[५४]।

त्यस्तै लम्बाई चौडाईको परिमाणमा पनि ४० हातभन्दा माथिको भेद मन्दर, कैलास र विमानछन्दका निम्ति मानिएको छ भने ३० हात लम्बाईको मन्दिर नन्दीवर्धन र सर्वतोभद्रका लागि निर्धारण गरिएको पाइन्छ। १६ प्रकारका वास्तु विन्यासको उल्लेख गर्दा प्रत्येक भवन विन्यासमा लम्बाई चौडाईको निमित्त नापोको निश्चित आधार तयार पारिएको हुन्छ[५५]। यसअनुसार मेरु र

---

५२. मेरुमन्दरकैलासा कुम्भोड्य मृगरागजः। विमानछन्द संज्ञश्च चतुरत्नस्तया परः अष्टाशिव षोडषत्रिश्च वर्तुल सर्वभद्रकः। सिंहास्यो नन्दन नन्दीवर्धनो हैसक वृषः। गरुड पद्यकारव्यश्च समुद्र इति विंशति ॥ १-३ ॥
समराङ्गणसूत्रधार, अध्याय ६३।

५३. शतपदश्चतुर्द्वार शोडषक्षिरुदर्ध्वतः। विचित्र शिवराकिर्णो मेरु प्रासाद उच्यते मन्दरोद्वादश तल, कैलासोन्वभूमिकः। अनेक शिखर श्चित्रश्चतुद्वारो महोच्छितिः ॥ विंशत्यण्डक संयुक्त सप्तभूर्नन्दिवर्धनः। षड्भूमिर्नन्दनः कार्यः प्रसादः शोडषाण्डक। विमानच्छान्दकस्त्वट भूमिक परिकीर्तितः अनेक शिखर श्चित्र श्वतुद्वारोमहोच्छितिः ॥ ४-७ ॥ समराङ्गणसूत्रधार अध्याय ६३ ॥

५४. मेवाद्याये विमानान्ता.... पूर्व प्रकीर्तिताः। शास्तास्ते ऋजुलिङ्गानां अन्येषातु भयावहम् ॥२६॥
समराङ्गणसूत्रधार, अध्याय ६३ ॥

५५. नत्रयस्त्रीशति धस्तान्नापिच्चशतः परा। सङ्ख्या भवति हस्तानां मेरोरिति पुराविदः ॥५॥ समराङ्गणसूत्रधार, अध्याय ५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रासाद ३३ हातभन्दा कम र पचास हातभन्दा बढी लम्बाई चौडाईको नबनाउनू भन्ने शास्त्रीय निर्देशन छ।

मेरु २७ X २७ र अरू मन्दिरको लम्बाई चौडाईको परिमाणभन्दा दोब्बर अग्लो अर्थात् ५४ हातको कैलास नामक प्रासादको वर्णनका साथै नागरशैलीका मन्दिरमा बनाइने बुर्जा, अण्ड, कलश र गर्भगृह आदिको नापो र परिमाणको पनि निश्चित गरिएको छ तर नेपाली अर्थात् छत्रेशैलीका मन्दिरहरू निर्माण गर्दा भने विष्णुको २४, देवीको १६ र शिवको ११ सङ्ख्याको आधारमा बनाउनू भन्ने प्रसङ्ग पाइन्छ।

सन्दर्भसामग्री

ऋग्वेद, *संस्कृत संस्थान वरेली, द्वितीय संस्करण, १९६२ ।*

कामिकागम, *ज्ञानोदय ट्रष्ट अहमदावाद, १९६१ ।*

शारदातिलक, *वैंकटेश्वर मुम्बई, १९२८ ।*

अमरकोष, *नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०२६ ।*

स्कन्दपुराण माहेश्वर खण्ड, *वैंकटेश्वर मुम्बई, १९२८ ।*

मत्स्यपुराण, *गुरुमण्डल सीरिज कलकत्ता, १९५४ ।*

समराङ्गण सूत्रधार, *वडौदा प्रकाशन १९७२ ।*

अग्निपुराण, *आनन्द प्रेस, पुना, १९३२ ।*

बृहत्संहिता, *बराहमिहिर- सरस्वती प्रेस, कलकत्ता, वि.सं. १९८० ।*

विष्णुधर्मोत्तर पुराण, *गायकवाड ओरियन्टल सीरीज १३०-३७, बडौदा, १९५८ ।*

मयमतम्, *राजकीय मुद्रणालय, त्रिभेन्द्रम, १९१९ ।*

महाभारत, *गीताप्रेस गोरखपुर, १९८५ ।*

खनाल, मोहनप्रसाद- **चाँगुनारायणका ऐतिहासिक सामग्री**, *नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.वि.वि.२०४० ।*

खनाल, मोहनप्रसाद- **नेपाली कला**, *साभ्का प्रकाशन, ललितपुर, २०५२ ।*

वज्राचार्य, धनवज्र- **लिच्छविकालका अभिलेखः** नेपाल र एशियाली अध्ययन संस्थान त्रि.वि.वि.२०३० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टण्डन, डा.गोविन्द- **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययनः** *श्रीभरेन्द्र शम्शेर ज.ब.रा.तथा श्रीमती मञ्जु राणा, २०५३ ।*

लम्साल, देवीप्रसाद- **भाषावंशावली भाग २ः** *नेपाल राष्ट्रिय पुस्तकालय, २०२३, काठमाडौं ।*

पूर्णिमा (त्रैमासिक) *संशोधन-मण्डल ।*

अभिलेख संग्रहः *संशोधन-मण्डल ।*

Vajracharya&Malla, DhanavajraKamalPrakash-*The Gopalarajavamsavali M. F.S.V.W.G 1985*

S, Kramrisch- **Hindu Temple,** *Culcutta 1946.*

F.H, Grebly- **An Outline of Indian Temples**: *Architecture, Madras- 1959.*

Manasara, (Hindu Architecture) A Divison of D.K. Publishers Distributors (P) Ltd, Ansari Road, Darya Ganj, New Delhi, 1995.

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वसम्पदाको रूपमा श्रीपशुपतिक्षेत्र

–ई. राजेन्द्रधर राजोपाध्याय

(क) परिचय

विश्वव्यापी दृष्टिकोणले नेपाल एक धनी र विविध सांस्कृतिक सम्पदा भएको देश हो। विशेष रूपमा काठमाडौं उपत्यकामा रहेको पशुपतिक्षेत्रले करिब २६४ हेक्टर भूमि ओगटेको छ र यहाँ करिब ५०० स्मारकहरू छन्। यो हिन्दूधर्मको अत्यन्त पवित्र तीर्थस्थल मानिन्छ। पुरातत्त्वविद्हरूका लागि यो एक अद्वितीय स्मारक स्थल हो र धर्म तथा संस्कृतिको संरक्षक तथा प्रवर्धकहरूका लागि यो एक रमणीय एवं जीवित स्थल हो। भगवान् श्रीपशुपतिनाथको मन्दिर तथा अन्य सानाठूला मन्दिरहरू, स्तूप, विहार तथा अन्य स्मारकहरू यहाँ रहेकाले यो विश्वभरि नै प्रसिद्ध छ।

काठमाडौं सहरको केन्द्रस्थलदेखि करिब ५ कि.मी. उत्तर-पूर्वको दूरीमा वाग्वती नदीको किनारमा विशाल एवं भव्य भगवान् श्रीपशुपतिनाथको मन्दिर रहेको छ। यो संस्कृति र प्रकृतिको विलक्षण सङ्गमबिन्दुको रूपमा पनि रहेको मानिन्छ।

नेपाल बहुसङ्ख्यक हिन्दूहरू रहेको मुलुक हो। भगवान् श्रीपशुपतिनाथको मन्दिर परिसर, पशुपतिक्षेत्रको आसपासका मन्दिरहरू तथा यहाँका स्मारकहरू नेपालीहरूका लागि मात्र नभई समस्त हिन्दूहरूका लागि प्रेरणाको स्रोतका रूपमा रहेका छन्। विगत पाँच दशकमा नेपालको मुहार प्राकृतिक घटनाक्रमको आधारमा अत्यन्त छिटो बदलिरहेको छ। उक्त क्षेत्रको संरचनाको विकासले गर्दा देशको अत्यन्त प्राचीन वास्तुकलासमेत पनि बचाउन सकिएको छैन। पशुपतिक्षेत्रका स्मारकहरूको संरक्षण पशुपति क्षेत्र विकास कोषको कर्तव्य मात्र नभई आम नेपाली समाज र विश्वभरिका सांस्कृतिक सम्पदाका शुभचिन्तकहरूको पनि रहेको छ। विश्वका विचारक एवं सम्बद्ध विज्ञहरू समेत यस स्थलको संरक्षणमा चिन्तित रहेका छन्।

सांस्कृतिक एवम् प्राकृतिक संरक्षणसम्बन्धी युनेस्कोको महासन्धिको प्रक्रिया सुरुआत भएको बेला सन् १९७९ मा नेपालको विश्वव्यापी महत्त्वका स्मारकहरू काठमाडौं उपत्यकाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मारकस्थलहरू भक्तपुर, पाटन र हनुमान्ढोका दरबारक्षेत्र, स्वयम्भू, बौद्धनाथ, चाँगुनारायण र पशुपतिनाथ तथा सन् १९९७ मा भगवान् बुद्ध जन्मेको स्थल लुम्बिनी पनि विश्वसम्पदासूचीमा नामाङ्कित भएको छ। यसरी विश्वसम्पदामा सांस्कृतिकतर्फ काठमाडौँ उपत्यका र भगवान् बुद्ध जन्मेको स्थल लुम्बिनी गरी दुईवटा क्षेत्र नामाङ्कित हुन पुगेका छन्। त्यस्तै प्राकृतिकतर्फ पनि दुईवटा क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज तथा सगरमाथा राष्ट्रिय निकुञ्ज परेका छन्।

(ख) स्मारक संरक्षणका लागि उठाइएका विश्वव्यापी कदमहरू

सन् १९९४ मा विश्वसम्पदा समितिले विश्वसम्पदा सूचीमा सन्तुलित तथा प्रभावकारिता किसिमको सम्पदाका सुनिश्चितताबारे कदम चालेको छ। युनेस्कोको विश्वसम्पदासम्बन्धी महासन्धि सन् १९७२ को अक्टोबर १७ देखि नोभेम्बर २१ सम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनको महासभाले सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू परम्परागत क्षतिका कारणहरूले मात्र विनाश हुने नभई बदलिँदो सामाजिक तथा आर्थिक कारणहरूले गर्दा पनि विनाशको डरलाग्दो स्थिति उत्पन्न भएको तथ्यलाई मान्यता दिएको थियो। सभामा सांस्कृतिक तथा प्राकृतिक सम्पदा कुनै वस्तुको विनाश वा हराएर जानु भनेको विश्वको सम्पूर्ण राष्ट्रहरूको सम्पदा हानिकारक ढङ्गले विनाश हुने कुरामा पनि विचार विमर्श भएको थियो। राष्ट्रस्तरमा सम्पदाको संरक्षणको लागि जुन परिमाणमा स्रोत तथा साधनहरूको आवश्यकता हुन्छ यो प्रायः अपूर्ण हुने र संरक्षण गर्नुपर्ने सम्पदा रहेको देशको आर्थिक, वैज्ञानिक तथा प्राविधिक साधनहरू उपयोग हुने कुरा महसुस गरिएको थियो।

(ग) युनेस्कोको विश्वसम्पदा नियोग

यस नियोगको लक्ष्य सर्वश्रेष्ठ मूल्य भएका स्मारकस्थलहरूको सूची तयार गरी विश्वसम्पदालाई परिभाषित गरी संरक्षण गर्नु र राष्ट्रहरूको पूर्ण सहयोगद्वारा तिनको संरक्षण निश्चित गर्नु र मानवमात्रको लागि संरक्षण गर्नु रहेको छ।

महासन्धिमा हस्ताक्षर गरी प्रत्येक देशले आफ्नो देशमा रहेका स्मारकस्थलहरू संरक्षण गर्ने प्रतिज्ञा गर्दछन्। ती स्मारकस्थलहरू मध्ये केहीलाई विश्वसम्पदाको रूपमा मान्यता दिइएको हुन्छ। भावी पिँढीको लागि ती स्मारकहरूको संरक्षण गर्नु सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायको पनि जिम्मेदारी हुन्छ। महासन्धिमा दुवै सांस्कृतिक र प्राकृतिक सम्पदाले यसरी राष्ट्रिय सीमा नाघेको र तिनको संरक्षण भावी पिँढीको लागि गर्नुपर्ने कुरालाई मान्यता दिई सन् १९७२ मा युनेस्कोका सदस्य राष्ट्रहरूले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी एक महासन्धिलाई सर्वसम्मतिबाट स्वीकृत गरेको तथ्य विश्वसम्पदा महासन्धिको नामबाट चिनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासन्धिमा भएको व्यवस्था

- विश्वसम्पदा समितिको स्थापना
- विश्वसम्पदा समितिले तयार पारेको सिद्धान्तअनुसार सर्वश्रेष्ठ र विश्वभरि नै विश्वव्यापी मूल्य मानिएको सांस्कृतिक र प्राकृतिक सम्पदालाई विश्वसम्पदा सूचीमा नामाङ्कित गर्ने ।
- खतरामा परेका विश्वसम्पदाको सूची तयार गर्ने ।
- सदस्य राष्ट्रहरूलाई विश्वसम्पदा स्मारकहरूको निम्ति सहायता दिन विश्वसम्पदा कोषको स्थापना गर्ने ।
- सदस्य राष्ट्रहरूको अनुरोधमा प्राविधिक तथा सङ्कटकालिक सहायताका लागि व्यवस्था गर्ने ।
- विश्वभरि नै सम्पदा संरक्षणको महत्त्व प्रवर्धन गर्ने ।

विश्वसम्पदा समिति

विभिन्न देशहरूबाट नामाङ्कित गरिएका सांस्कृतिक तथा प्राकृतिक सम्पदाबाट नयाँ स्मारकक्षेत्रहरू चयन गरी निर्णय गर्ने जिम्मेवार वैज्ञानिक निकायको रूपमा विश्वसम्पदा समिति रहेको कुरा महासन्धिमा व्यवस्था गरिएको छ। उक्त समितिलाई दुईवटा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्गठनहरू– स्मारक तथा स्मारकस्थलहरूसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् (ईकोमस) र विश्व संरक्षण सङ्घ (आयुसीएन) ले सहयोग गर्दछन् । ती निकायहरूले प्रत्येक प्रस्तावमा विशेषज्ञ मूल्याङ्कनका लागि विशेषज्ञलाई जिम्मेवार बनाएका छन् । स्मारक संरक्षण तथा प्रशिक्षणसम्बन्धी प्रश्नहरूमा सल्लाह दिन उपर्युक्त दुई निकायका अतिरिक्त सांस्कृतिक सम्पदाको सम्भार तथा पुनर्स्थापन गर्ने अन्तर्राष्ट्रिय केन्द्र (आइक्रोम) नामक एक अन्तर्राष्ट्रिय सङ्गठन पनि हो ।

सांस्कृतिक सम्पदाहरू नामाङ्कित गर्ने सिद्धान्त

विश्वसम्पदा महासन्धिअनुसार विश्वसम्पदा सूचीमा समावेश हुने कुनै स्मारकक्षेत्र उक्त समितिद्वारा स्वीकृत छनौट सिद्धान्तअनुसार हुनुपर्ने व्यवस्था गरिएको छ। उदाहरणको लागि कुनै सांस्कृतिक स्मारक सिर्जनात्मक प्रतिभाको एक उत्कृष्ट नमुना हुनुपर्नेछ वा तिनको ठूलो वस्तुगत प्रभाव हुनुपर्नेछ वा विश्वव्यापी महत्त्व (Outstanding Universal Value) को विचार वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वाससित सम्बद्ध हुनुपर्नेछ। नामाङ्कित वा सूचीकृत गरिएका कुनै स्मारक क्षेत्र गम्भीर रूपमा सङ्कटमा परेमा विशेष ध्यान र अन्तर्राष्ट्रिय सहयोगको लागि यसलाई सङ्कटमा परेको विश्वसम्पदाको सूचीमा राख्न सकिन्छ।

सांस्कृतिक सम्पदाहरूमा समावेश गर्नका आवश्यक मुख्य लक्षणहरू

- मानव सिर्जनात्मक प्रतिभाको एक उत्कृष्ट रचना हुनुपर्नेछ।
- वास्तुकलाको विकास वा प्रविधि, स्मारकको रूपमा रहेका कला, नगरयोजना वा भुदृश्य डिजाइनजस्ता धेरै समयावधिसम्म विश्व सांस्कृतिक क्षेत्र भइरहेका मानवमूल्यको अन्तर परिवर्तन देखाउने।
- कम्तीमा पनि विशेष रूपमा सांस्कृतिक परम्परा प्रमाणित गर्ने अद्वितीय वस्तु वा जीवित वा लुप्त भइसकेको सभ्यता।
- सर्वश्रेष्ठ नमुनाको रूपमा रहेको भवन वा वास्तुकला वा प्राविधिक समायोजन वा मानव इतिहासको महत्त्वपूर्ण अवस्थाहरू दर्शाउने भू-दृश्य।

नेपाललगायत १५० राष्ट्रहरू भएको विश्वसम्पदा महासन्धि युनेस्कोको अत्यन्त महत्त्वपूर्ण जनप्रिय कदम हो। कुनै पनि राष्ट्रको सांस्कृतिक सम्पदा अनमोल वस्तु हो। यो सम्पदा अपूरणीय हुनाले यो हराएर जानाले वा यसमा हुने कुनै गम्भीर क्षतिलाई सम्बद्ध राष्ट्रको निम्ति मात्र होइन समस्त मानव जातिको लागि नै दुःखपूर्ण अन्त्य मानिन्छ।

विश्वसम्पदा महासन्धिमा भएको व्यवस्था

स्मारकहरू- वास्तुकला कृतिहरू, स्मारकको रूपमा रहेका वास्तुकला तथा चित्रकला कृतिहरू, वास्तुकलात्मक प्रकृतिका संरचना तथा तत्त्वहरू, अभिलेखहरू, गुफाहरू, कला वा विज्ञानको दृष्टिले सर्वश्रेष्ठ विश्वव्यापी मूल्ययुक्त हुनुपर्नेछ। भवनहरूको समूह- अलग वा जोडिएका भवनहरूको समूह ती वास्तुकला तथा तिनको एकरूपता भएको हुनेछ वा भू-दृश्य, तिनको अवस्थिति भएको हुनुपर्नेछ। ती सबै इतिहास, कला वा विज्ञानको दृष्टिले सर्वश्रेष्ठ विश्वव्यापी मूल्य भएको हुनेछन्।

स्मारक स्थलहरू- मानव कृति वा प्रकृति र मानवका संयुक्त कृतिहरू र यसमा स्मारक स्थलहरू समावेश हुनेछन्। ती स्मारकस्थलहरू ऐतिहासिक, नृतत्त्वशास्त्र वा जनजातिको दृष्टिले सर्वश्रेष्ठ विश्वव्यापी मूल्य भएको हुनुपर्नेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वसम्पदा महासङ्घमा नेपालको सहमति

विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणसम्बन्धी युनेस्कोको महासन्धिलाई जून २०, १९७८ मा नेपालले सहमति जनाएको छ। जनवरी २४, २०१५ सम्ममा उक्त महासन्धिमा २०५ राष्ट्रहरूले हस्ताक्षर गरिसकेका छन्। सन् १९७९ मा काठमाडौँ उपत्यकाका सात असाधारण महत्त्वका स्थलहरू हनुमान्ढोका दरबार, पाटन दरबार, भक्तपुर दरबार, स्वयम्भूनाथ, बौद्धनाथ, चाँगुनारायण र पशुपतिक्षेत्र एवम् सन् १९९७ मा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीलाई सांस्कृतिक सम्पदाको रूपमा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको थियो। सन् १९७९ मा नै सगरमाथा राष्ट्रिय निकुञ्ज र सन् १९८४ मा शाही चितवन राष्ट्रिय निकुञ्ज प्राकृतिक सम्पदाको रूपमा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको थियो। विश्वसम्पदाको संस्कृतितर्फको कार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पुरातत्त्व विभागलाई राष्ट्रिय जिम्मेदार निकायको रूपमा राखिएको छ।

विकाससम्बन्धी कार्यनीति

युनेस्कोले सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरेको काठमाडौँ उपत्यकाका सात असाधारण महत्त्वका स्थलहरू हनुमान्ढोका दरबार, पाटन दरबार, भक्तपुर दरबार, स्वयम्भूनाथ, बौद्धनाथ, चाँगुनारायण र पशुपतिक्षेत्र हुन् र ती मध्ये सबैभन्दा महत्त्वपूर्ण स्थल पशुपतिक्षेत्रलाई मान्न सकिन्छ। मोहेनजोदोंडो, हरप्पा, बेबीलोन वा डेल्फीको मृत अतीतका भग्नावशेषहरू जस्तो नभई यो पशुपतिक्षेत्र श्रृङ्खलाबद्ध रूपमा हजारौँ वर्षको आस्था, भक्ति, मूल्य र मान्यता, जात्रा, चाडपर्व, पवित्र नदी, घाट, वन सम्पदा, कला, संस्कृति र स्थापत्य कलाको जीवित परम्पराको ज्वलन्त उदाहरण हो। त्यसकारण एक जीवित सांस्कृतिक सम्पदाको रूपमा यसको सर्वमान्य वैशिष्ट्य छ। यसले गर्दा सम्पूर्ण पाशुपतक्षेत्रलाई नै एउटा जीवित खुला सङ्ग्रहालय भन्नु अत्युक्ति नहोला। यो क्षेत्र धर्म, संस्कृति र प्रकृतिको अनौठो सङ्गमस्थल हो। उल्लिखित विशेषतालाई ध्यान दिई सम्पदा र त्यसलाई उपयोग गर्ने विभिन्न वर्ग र प्रकारका मानिसलाई लक्ष्य गरी विकाससम्बन्धी कार्यनीतिको तर्जुमा गरिनुपर्ने हुन्छ। यस क्षेत्रको चरित्रअनुसार यस क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन ध्यान दिनुपर्ने मुख्यतः चार प्रकारका समूह देखिन्छन् :

- स्थानीय आवासीय क्षेत्रका निवासीहरू
- काठमाडौँ उपत्यकाका नियमित दर्शनार्थीहरू
- देश तथा विदेशबाट (मुख्यतः भारतबाट) आउने तीर्थयात्रीहरू
- पर्यटकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थापनसम्बन्धी परिकल्पना

नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउने विश्वप्रसिद्ध सांस्कृतिक सम्पदाका दुई उत्कृष्ट उदाहरण पशुपतिक्षेत्र र लुम्बिनी हुन् भन्ने सबैले मनन गरेकै विषय हो। उक्त दुई सांस्कृतिक सम्पदाको राम्ररी व्यवस्थापन गर्न सके विभिन्न प्रकारबाट नेपालको सर्वाङ्गीण विकास हुन सक्छ। ती दुईमध्ये यहाँ पशुपतिक्षेत्रको भौतिक र आध्यात्मिक पक्षका बारेमा क्रमशः विश्लेषण गरिन्छ।

(क) भौतिक पक्ष

पशुपतिक्षेत्रको भौतिक पक्षसम्बन्धी चर्चा गर्दा यस क्षेत्रको भौगोलिक अवस्थितिको प्रथमतः चर्चा गर्नुपर्ने हुन्छ। भौगोलिक अवस्थामा पनि वनकालीको वन र मृगस्थली गुह्येश्वरीक्षेत्रका अलि सघन वन्य क्षेत्रको बहुपक्षीय उपयोगितालाई विशेष प्राथमिकता दिन खोजिएको छ। उक्त क्षेत्रमा गर्न सकिने भौतिक सुधारसम्बन्धी शीर्षकहरू तल प्रस्तुत गरिएका छन्।

१. पशुपतिक्षेत्रका वन्य क्षेत्रहरूमा वनको सुदृढीकरण हुनुपर्ने।

२. उक्त कार्य गर्दा धार्मिक महत्त्वका वृक्ष जस्तै; बेल, वर, पिपल, शमी, अमला, चाँप आदिलाई प्राथमिकता दिनुका साथै अन्य उपयोगका लागि र हरियालीका लागि लप्सी, केरा, बाँस, मेवा आदिको पनि रोपण सम्भव भएसम्म प्राकृतिक रमणीयता तथा वातावरणीय प्रभाव अनुकूल हुने स्पष्ट छ।

३. विभिन्न प्रकारका लघु र मध्यम खालका पुष्पउद्यान र कमलपोखरीहरूको स्थापना हुनुपर्ने देखिन्छ।

४. धार्मिक कारणका साथै वातावरणीय कारणले बाँदरहरूको सुरक्षाका साथै भइरहेका मृगपालनमा निरन्तरता र गाईगोठको स्थापना वन्य क्षेत्रमा गर्न सकिन्छ।

५. पुरातात्त्विक सम्पदाहरू– मठमन्दिर, पाटीपौवा, धर्मशाला, सत्तल आदिको संरक्षण तथा जीर्णोद्धार, मर्मत-सम्भार तथा सरसफाईको प्रभावकारी व्यवस्था हुनुपर्ने।

६. पशुपतिक्षेत्रभित्रका उपयुक्त स्थलहरूमा मध्यम खालका धर्मशालाहरूको व्यवस्था पनि हुनु जरुरी छ।

७. वन्य क्षेत्रसमेत सम्पूर्ण पशुपतिक्षेत्रको सुरक्षा व्यवस्थामा स्तरीय व्यवस्थापन हुनुपर्ने।

८. श्मशानको वातावरणीय प्रभाव र त्यससम्बन्धी मानवीय सम्पर्कबारे विश्लेषण र अनुसन्धान गर्नुपर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) वैदिक तथा आध्यात्मिक पक्ष

नेपाललाई संवैधानिक रूपमा धर्मनिरपेक्ष राज्य तथा सनातन धर्म मान्नेहरूको राज्यको रूपमा घोषणा गरेबमोजिम देशभरिका सबै देवस्थलहरूको यथोचित व्यवस्थापन गर्ने कर्तव्य पनि सरकारमा आउँछ र सांस्कृतिक नैतिकताको कारणले पनि धार्मिक सम्पदाको संरक्षण गर्न सरकार कटिबद्ध हुन जान्छ। तदनुसार आराध्यदेव भगवान् श्रीपशुपतिनाथको यो क्षेत्रलाई अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्न सरकारले गृहकार्य गर्न जरुरी हुनेछ। कोषले वैदिक आध्यात्मिक पक्षहरूलाई प्रोत्साहन गर्न देहायबमोजिमको कदम चाल्नु उचित हुनेछ।

१. क्षेत्रभित्र स्थायी, अस्थायी निवास गर्ने साधु, सन्त, जोगीहरूको उचित व्यवस्था।

२. धर्मसङ्गोष्ठी- धर्म र संस्कृति सम्बन्धमा साधक, भक्त र गृहस्थीहरूलाई सुशिक्षित पार्न विद्वान् तथा अनुभवी व्यक्तिहरूबाट सङ्गोष्ठी गर्ने।

३. सङ्ग्रहालय- पशुपतिक्षेत्रभित्र रहेका मूर्ति तथा वास्तु खण्डहरूको सङ्ग्रहालयका साथै धार्मिक वस्तु, कर्मकाण्ड तथा देवीदेवतासम्बन्धी वर्गीकृत सङ्ग्रहालय जसमा शालिग्राम, शिवलिङ्ग, कृष्ण, बुद्ध, योग आदिको प्रदर्शन गर्ने। यस्तो सङ्ग्रहालयमा अवसरअनुसार आवधिक रूपमा विशेष विषयहरूको प्रदर्शनी पनि गर्न सकिने व्यवस्था हुनुपर्ने।

४. अभिलेखालय- सनातन धर्मसम्बन्धी प्रकाशित वा अप्रकाशित सूचना तथा ग्रन्थहरूको सङ्ग्रह गरिने स्थलको रूपमा अभिलेखालयको स्थापना तथा उपयोगको व्यवस्था गर्ने।

५. पुस्तकालय तथा वाचनालय- जिज्ञासु भक्त तथा अनुसन्धाताहरूको उपयोगका लागि सुविधासम्पन्न पुस्तकालयमा आधुनिक वैज्ञानिक उपकरणहरूको सहायताबाट विदेशस्थित पुस्तकालयहरूबाट पनि सम्बद्ध सामग्रीको आदानप्रदान गरी पुस्तकालयको स्थापना गर्नुपर्ने।

६. आध्यात्मिक अस्पताल- वैदिक, तान्त्रिक, योग, पौराणिक, ज्योतिष, आयुर्वेदिक, सिद्ध तथा अन्य परम्पराबाट ज्ञात रोग उपचार विधिको समष्टिगत प्रयोग हुनसक्ने आध्यात्मिक अस्पतालको विकास गर्नुपर्ने।

७. शास्त्रीय विषयकासाथै सङ्गीत, (गीत, बाजा, नृत्य) तथा विभिन्न कला- वास्तु, मूर्ति तथा चित्रकला विषयहरूको अध्ययन, मनन तथा प्रयोग गर्ने शिक्षालयहरूको उपयोगिता स्पष्ट छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. अनुसन्धान तथा प्रकाशन- पशुपतिक्षेत्र लगायत समस्त सनातन धर्मजगत्को चाहनाअनुसार विद्वत्तापूर्ण अनुसन्धान तथा प्रकाशनकार्य गर्नुपर्ने देखिन्छ ।

योजना तथा कार्यक्रम

१. मुख्य मुख्य स्मारक क्षेत्रको वातावरण सुधार र व्यापक मर्मत सम्भार तथा सुव्यवस्था ।

२. मुख्य मुख्य स्मारक क्षेत्रको वास्तुकला, कलाकृति, परम्परा, जात्रा, चाडपर्व आदिको वैज्ञानिक अध्ययन, नक्साङ्कन तथा शोधपूर्ण लागत तयार गर्ने व्यवस्था ।

३. प्रत्येक स्मारक क्षेत्रमा पर्यटक तथा तीर्थयात्रीहरूका लागि स्मारक क्षेत्रको इतिहासहरू धार्मिक परम्परा, कलाकृति आदिको वर्णन गरिएको आकर्षक सूचनापाटीको व्यवस्था गर्ने ।

४. वाग्वतीपारि पर्यटक दर्शनस्थलमा पर्यटक अवलोकन तथा विश्रामकेन्द्रको विकास गर्ने ।

५. मृगस्थलीलाई नाम र धार्मिक श्रुतिअनुरूप सुन्दर वातावरण सिर्जना गर्ने । यसै ठाउँमा वन पातलिएकोले फूल फुल्ने रूख (Flowry Ornamental Trees) तथा धार्मिक वृक्षारोपणको प्रबन्ध गर्ने ।

६. श्लेष्मान्तक वनलाई प्राचीन विश्वासअनुरूप लप्सीका रुखहरू रोपी घना वन क्षेत्रको रूपमा विकास गरी यसमा हुने अतिक्रमण रोक्न र संरक्षण गर्न सुहाउँदो तवरले सीमासुरक्षा गर्ने ।

७. कैलासमा त्यहाँको नाम सुहाउँदो हुने गरी संरक्षण गर्ने र मेलापर्वको लागि सुरक्षित राख्ने ।

८. किरातेश्वर र विश्वरूप क्षेत्रमा देखापरेका भू-क्षयको नियन्त्रण गर्ने र अन्य भागहरूको पनि विस्तृत सर्भेक्षण गरी भविष्यका लागि रोकथामको योजना बनाउने ।

९. विश्वरूप मन्दिर र वरिपरिको विशाल सत्तलहरूको व्यापक जीर्णोद्धार गर्ने र त्यस स्थानलाई वेद विद्याश्रम र वैदिक पुस्तकालयको रूपमा प्रयोग गर्ने व्यवस्था गर्ने ।

१०. कैलासको किनार, सूर्यघाट र गौरीघाट क्षेत्रमा ध्यान कुटीको संरक्षण र संवर्धन गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यान्वयनविधि

गुरुयोजनाअन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रमहरू आवश्यकतानुसार कोष, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्त्व विभाग र विभिन्न क्षेत्रका निकायहरू मार्फत गर्ने गराउने नीति अपनाइनु उपयुक्त हुन्छ। आवश्यकतानुसार कन्सल्टेन्ट, ईन्जिनीयर, डिजाइनर, डेकोरेटर, आर्किटेक्ट, इन्भाइरनमेन्ट प्लानर आदिबाट डिजाइन, लागत र सुपरीवेक्षण कार्य गर्ने गराउने नीति अवलम्बन गर्नुपर्दछ।

यसै कार्यक्षेत्र र विषयवस्तुलाई ध्यानमा राखी स्थानीय वडा समिति, सङ्घ संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, गुठी संस्थान आदिको सहभागितालाई आयामिक र बहुमुखी दृष्टिले सञ्चालन गर्नुपर्दछ। कुनै खास निकाय वा दक्ष प्राविधिक क्षमताबाट मात्र यो सम्भव नहुने र धार्मिक समुदाय तथा स्थानीय निवासीहरूदेखि लिएर खास कामका विशेषज्ञहरू वा प्राविधिज्ञहरूको संलग्नताबाट मात्र लक्ष्यप्राप्ति सम्भव हुन सक्ने कुरा स्पष्ट छ।

विश्वसम्पदास्थलमा निर्माण कार्य गर्दा अपनाउनुपर्ने विधिहरू

सन् २००३ मा काठमाडौं उपत्यकालाई खतराको सूचीमा सूचीकृत भएदेखि नै विश्व सम्पदा समितिले पुरातत्त्व विभागलाई समग्र सम्पदाका लागि एउटा एकीकृत व्यवस्थापन योजना तयार गर्न UNESCO ले अनुरोध गर्दै आएको छ। यसैको परिणतिस्वरूप सन् २००७ मा खतराको सूचीबाट मुक्त गरिएको थियो।

काठमाडौँ उपत्यका विश्वसम्पदा क्षेत्रको Operational Guideline **को दफा (iii), (iv), (vi)** अन्तर्गत विश्वसम्पदा सूचीमा समावेश गरिएको हो। काठमाडौँ उपत्यका विश्वसम्पदा क्षेत्र यहाँको विशिष्ट “नेवारी संस्कृति”को परिचायक हो जुन अहिलेसम्म पनि जीवन्त छ। विगत दुई हजार वर्षदेखि यस दुर्गम हिमाली उपत्यकामा बसोवास गर्ने बहु-जातीय (multi-ethnic) नेवार समुदायका सांस्कृतिक परम्पराहरू यहाँको विशिष्ट सहरी समाजमा प्रतिबिम्बित भइरहेका छन्। विश्वमै अद्वितीय रहेको यहाँको ईटा, काठ र पित्तलको शिल्पकलाप्रति यो समाज अद्यापि गर्व गर्दछ।

दफा (iv)

OG-2005: घर/भवन, वास्तुकलात्मक वा प्राविधिक क्षेत्र अथवा भूमिविन्यास/भूखण्ड (landscape) को उत्कृष्ट नमुना जसले मानव इतिहासका महत्त्वपूर्ण श्रृङ्खलाहरूलाई प्रदर्शित गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

OG-1979: महत्त्वपूर्ण सांस्कृतिक, सामाजिक, कलात्मक, वैज्ञानिक, प्राविधिक अथवा औद्योगिक विकासलाई प्रतिनिधित्व गर्ने संरचनाको विशिष्ट नमूनामध्ये एक रहेको ।

काठमाडौं उपत्यका विश्वसम्पदा क्षेत्रभित्र अद्वितीय वास्तुकलात्मक नमूनाहरू, वर्ग/समूहहरू (emsembles) तथा सहरी खण्ड urban fabric हरू पर्दछन् जसले काठमाडौं उपत्यकाको अत्यन्त विकसित संस्कृतिलाई प्रदर्शित गरिरहेका छन्, यो १६-१९ औं शताब्दीतिर आफ्नो उत्कर्षमा पुगेको थियो। दरबारहरूका विशिष्ट नमुनाहरू, मन्दिर तथा स्तूपहरू काठमाडौं उपत्यकामा मात्रै रहेका अद्वितीय धरोहरहरू हुन् ।

दफा (vi)

OG-2005: विश्वव्यापी महत्त्वका घटनाक्रम, जीवित परम्परा, विचार, आस्था अथवा कलात्मक तथा साहित्यिक सृजनासँग प्रत्यक्ष वा देखिने गरी सम्बद्ध रहेको समितिले यस आधारलाई अन्य आधारहरूसँग गाभेर प्रयोग गर्नुपर्ने सुझाव दिएको छ ।

OG-1979: अद्वितीय ऐतिहासिक महत्त्वको विचार वा आस्था, घटना वा व्यक्तिसँग महत्त्वपूर्ण रूपमा सम्बद्ध रहेको ।

काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्र हिन्दू र बौद्ध धर्महरूको अद्वितीय सहअस्तित्व र सम्मिश्रण तथा तिनका जीवन्त संस्कार तथा निहित तन्त्रविद्यासँग प्रत्यक्ष रूपमा सम्बद्ध रहेको छ। किंवदन्ती, संस्कार तथा पर्वहरूसँग प्रत्यक्ष रूपमा सम्बद्ध रहेका यहाँका भवनहरूको कालीगढी, सहरी संरचना र यदाकदा वरिपरिका प्राकृतिक वातावरण तथा कलात्मक मूल्यले झल्काइरहेका छन् ।

कानूनी संरचना

प्राचीन स्मारक संरक्षण ऐन २०१३ (१९५६) पाँचौं संशोधन २०५३

सांस्कृतिक सम्पदाको संरक्षण, सुरक्षा तथा व्यवस्थापनका कानूनी प्रावधानहरू **प्राचीन स्मारक संरक्षण ऐन** २०१३ तथा यसका संशोधनहरू (सबैभन्दा अधिल्लो संशोधन पाँचौ संशोधन २०५३) र **प्राचीन स्मारक संरक्षण नियमावली** २०४५ मा आधारित छन् । प्राचीन स्मारक संरक्षण ऐनले पुरातत्त्व विभागलाई कुनै स्मारक वा स्थललाई **संरक्षित स्मारक क्षेत्र** घोषित गर्ने कानूनी अधिकार/प्रावधान प्रदान गरेको छ। त्यसपछि पुरातत्त्व विभाग उक्त क्षेत्रको सुरक्षाका साथसाथै भवन निर्माण मापदण्ड जारी गर्न, निर्माण अनुमति/इजाजतहरू स्वीकृत गर्न र त्यस क्षेत्रमा हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य निर्माण सम्बन्धी कामका लागि जिम्मेवार रहन्छ । काठमाडौं उपत्यकाका विश्वसम्पदा क्षेत्रका सातै स्मारक क्षेत्रहरू संरक्षित स्मारक क्षेत्र घोषित भएका छन् तथा तिनीहरूका सीमारेखाहरू प्राचीन स्मारक संरक्षण ऐनका प्रावधानअन्तर्गत राजपत्राङ्कित (Gazetted) भएका छन् । त्यसैले विश्व सम्पदा सूचीमा सूचीकृत भएका क्षेत्रहरूको संरक्षणको जिम्मेवारी पुरातत्त्व विभागको रहेको छ ।

विश्वसम्पदा क्षेत्रको संरक्षणका लागि प्राचीन स्मारक संरक्षण ऐनको छैटौं संशोधनको आवश्यकता देखिएको छ । यो कुरा विशेष गरी निर्वाचित स्थानीय निकाय, पशुपति क्षेत्र विकास कोष तथा गुठी संस्थानलाई अधिकार तथा दायित्व हस्तान्तरण गर्ने विषयमा जरूरी हुन गएको हो ।

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ पशुपति क्षेत्रको संरक्षणका लागि विशेष ऐन हो । यस ऐनले पशुपति क्षेत्रभित्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थापन, सम्भार र संरक्षण गर्नका लागि पशुपति क्षेत्र विकास कोषको व्यवस्था र उक्त क्षेत्रभित्र पर्ने जग्गा कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता गर्न निषेध गर्ने व्यवस्था गरेको छ । तथापि पशुपति क्षेत्र प्राचीन स्मारक संरक्षण ऐन अन्तर्गत पनि संरक्षित स्मारक क्षेत्र घोषित भएको छ । कोषमा तात्कालिक अवस्थामा राजदरबारको संलग्नता रहेको थियो भने देशको परिवर्तित व्यवस्थाले नेपाल सरकारको सम्पर्क निकायको रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय राखी पशुपति क्षेत्र विकास कोष ऐनमा केही संशोधन भएका छन् ।

पशुपति क्षेत्र विकास कोष ऐनले **पशुपति क्षेत्र विकास कोष**लाई पशुपति क्षेत्रको विकास, सुरक्षा तथा सम्भारका लागि आधिकारिक निकायका रूपमा स्थापित गरेको छ । पशुपतिक्षेत्र विकास कोषको प्रमुख उद्देश्य पशुपतिक्षेत्रलाई हिन्दूहरूको धार्मिक केन्द्रको रूपमा विकास र संरक्षण गर्न त्यस क्षेत्रको गुरुयोजना लागू गर्नु हो ।

पशुपतिनाथ संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवम् निर्माणसम्बन्धी मापदण्ड २०६४

पुरातत्त्व विभागद्वारा पशुपतिनाथ संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवम् निर्माणसम्बन्धी मापदण्ड २०६४ को कानूनी प्रावधानहरू अनुसार विश्वसम्पदा क्षेत्र रहेका स्थानहरूमा उक्त मापदण्ड लागू गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य मापदण्डहरू

काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकाका लागि भवन निर्माण मापदण्ड काठमाडौं उपत्यका नगर विकास समिति (हालको प्राधिकरण) ले तयार गरेको हो। भक्तपुर महानगरपालिकाका लागि भवन निर्माण मापदण्ड महानगरपालिका आफैंले तयार गरेको हो। पशुपतिक्षेत्र विकास कोषले पनि २०५१ मा नेपाल सरकारको स्वीकृतिमा पशुपतिक्षेत्र विकास कोषको मापदण्ड २०५१ पनि लागू गरेको छ।

कार्यान्वयन प्रक्रिया

निर्माण मापदण्डसँगसँगै विस्तृत कार्यान्वयन प्रक्रिया पनि समावेश गरिनेछ जसमा आधिकारिक निकाय, सूचना प्रवाह तथा निर्णय लिने र निरीक्षण गर्ने प्रावधानहरू पनि स्पष्टसँग तोकिनेछ।

सामान्यतया विश्वसम्पदा क्षेत्रभित्र कुनै नयाँ संरचना निर्माण गर्न नपाउने प्रावधान रहेको छ। तर कुनै स्थानमा नयाँ निर्माण नगरी नहुने अवस्थाको सिर्जना भएमा नयाँ निर्माण हुने संरचनाले स्मारकलाई पुऱ्याउने असर (Heritage Impact Assessment HIA) गरी स्मारकलाई कुनै असर नपर्ने ठहरिएपछि पुरातत्त्व विभागको सहमतिमा मात्र नयाँ निर्माण गर्न पाइनेछ।

भवननिर्माण मापदण्डका विषयसूचीहरू

भवननिर्माण मापदण्डले निम्न कुराहरूलाई सम्बोधन गर्नेछ :

- जगामा भवनको अवस्थिति
- वरिपरिका भवन तथा सार्वजनिक स्थानहरूमा त्यसले पार्ने प्रभाव
- भवनको आयतन (volume) तथा आकार
- भवनको समग्र स्वरूप
- भवनको स्केल तथा कार्नेससहित भवनका तल्लाहरू
- सामग्री
- रङ्ग र बनोट (texture)
- आवश्यक निर्माण डिटेलहरू
- झ्याल ढोकाहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- पेटी
- सेवाहरू जस्तै; खानेपानी, ढल, फोहोर मैला, विद्युत्, सञ्चार, निकास, तिनीहरूको जडान तथा दृश्यगत प्रभाव (visual impact)
- प्रयोग र प्रयोजन
- यदि औचित्यपूर्ण भए, भवनको शैली

सुधार/संशोधन सम्बन्धी निर्देशिकासँगसँगै विस्तृत कार्यान्वयन प्रक्रिया पनि समावेश गरिएको छ जसमा आधिकारिक निकाय, सूचना प्रवाह तथा निर्णय लिने र निरीक्षण गर्ने प्रावधानहरू पनि स्पष्टसँग तोकिनेछन् ।

विश्वसम्पदा क्षेत्र तथा सन्निकट क्षेत्रहरूका लागि लागू हुने प्रचलित मापदण्ड कार्यान्वयनको जिम्मेवारी पुरातत्त्व विभागको हुनेछ । त्यसकारण Gazetted विश्वसम्पदा क्षेत्रभित्र कार्यरत सबै निकायले पुरातत्त्व विभागको स्वीकृति र सहमतिबेगर कहिल्यै पनि कुनै नयाँ निर्माण वा संरक्षण संवर्द्धनका कार्यहरू गर्न नपाइने कानुनी प्रावधान रहेको छ ।

उपसंहार

भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुभएको पवित्रधाम पाशुपतक्षेत्र मुक्तिमार्गमा लागेका समस्त साधकहरूको लागि सर्वोत्तम साधनास्थल हो । विश्वका सनातनीहरूको आस्थाको केन्द्रको रूपमा विकसित पाशुपतक्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी यस क्षेत्रको विकास गर्नु सबैको दायित्व हो । नेपालका राष्ट्रदेव तथा समस्त सनातनीहरूका आराध्यदेव श्रीपशुपतिनाथ देवाधिदेव महादेव हुनुहुन्छ। पाशुपतक्षेत्र विभिन्न देवीदेवताहरूको मन्दिरै मन्दिरले भरिपूर्ण क्षेत्र हो, त्यसकारण यस क्षेत्रलाई देवपत्तन भनिन्छ । यस क्षेत्रमा अवस्थित भगवान् श्रीपशुपतिनाथको मन्दिर, माता गुह्येश्वरीको मन्दिर, वत्सलेश्वरी, वासुकि नागराज, जयवागेश्वरी, किरातेश्वर, भगवान् स्थान (धन्दो चैत्य), चाविहार, विश्वरूप, गोरखनाथ, त्रिविक्रम वामन, चन्द्रविनायक, श्रीराममन्दिर, वज्रेश्वरी, लोकेश्वर, भण्डारेश्वर, गुरु दक्षिणामूर्ति, ताम्रेश्वर, भुवनेश्वरी, वनकाली, अनन्तनारायण, राजराजेश्वरी, निर्वाणेश्वरी, तलेजु, साम्राज्येश्वर, पञ्चदेवलजस्ता अनेक देवदेवीका मन्दिरले सजिएको यो पावनक्षेत्र सनातन तीर्थस्थलको रूपमा रहिआएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वको यस सम्पदास्थललाई युनेस्कोले सन् १९७९ मा विश्वसम्पदा सूचीमा समाविष्ट गरेको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्र विकास कोष मूलतः यस क्षेत्रको संरक्षण, संवर्द्धन र विकासका लागि स्थापना गरिएको हो। यसको आर्थिक स्रोत भनेको श्रद्धालु भक्तजनहरूबाट प्राप्त चन्दा, नेपाल सरकारबाट प्राप्त अनुदान, पर्यटक शुल्क र मन्दिरबाट प्राप्त भेटीघाटी हो। आफ्नो सीमित स्रोत तथा साधनबाट यस क्षेत्रको अनगिन्ती मठ-मन्दिरहरूको संरक्षण जीर्णोद्धारका साथै यहाँको विकास निर्माण तथा पर्यावरण संरक्षण समेतको गुरुतर दायित्व कोषको हो। कोषको शक्ति र सामर्थ्यको मुहान नै स्थानीय जनता हुन्। यहाँ गरिने विकासनिर्माणका कार्यहरूको पहिलो प्रभाव पनि यहाँका स्थानीय जनतामा नै पर्दछ। यस क्षेत्रलाई केकस्तो रूपमा विकसित गर्दा राम्रो हुन्छ, धार्मिक प्रतिष्ठा बढ्छ, पुरातात्त्विक सम्पदाहरूको संरक्षण हुन्छ अनि सांस्कृतिक मूल्य र मान्यताको पालन हुन्छ भन्ने कुरामा खुला दिलले परामर्श गर्न धर्मप्राण बुद्धिजीवी, समाजसेवी, जनसमुदायसँग कोषबाट अपील गरिनुपर्दछ। यस क्षेत्रको संवेदनशीलतालाई हृदयङ्गम गरी यहाँ बसोवास गर्ने स्थानीय जनता सबैले कोषलाई आ-आफ्ना ठाउँबाट सहयोग दिनु प्रमुख दायित्व रहन्छ। कोषको स्थापना परम्परालाई बिथोल्न नभई परम्परागत प्रचलन र प्रथालाई परिवर्तित सामाजिक परिप्रेक्ष्यमा यथासम्भव पारदर्शी, व्यवस्थित, मर्यादित र नियमित बनाउनका लागि भएको हो। सामाजिक चेतनाको विस्तारसँगै रूढ परम्परा हराउँदै जान्छन्। त्यसैले समसामयिक सामाजिक पृष्ठभूमिमा परम्परालाई दिगो बनाउन सम्बद्ध वर्गले समयमा नै बुद्धि पुऱ्याएर सोच्नुपर्दछ।

यस पाशुपतक्षेत्रलाई सनातनीहरूको आस्था केन्द्रको रूपमा कायम गर्न, यहाँका प्राचीन स्मारकहरूको संरक्षण गरी पुरातात्त्विक मूल्यलाई जोगाउन, यहाँका पाटी-पौवा, सत्तल, मन्दिर, धर्मशाला, विहार, चैत्य आदिको मर्मत-सम्भार गरी धार्मिक, सांस्कृतिक प्रयोजनका लागि सदुपयोग गर्न र यस क्षेत्रलाई सफा एवम् स्वच्छ राख्न नेपाल सरकार, धार्मिक-सामाजिक सङ्घ संस्थाहरू, समाजसेवी, बुद्धिजीवी, उद्योग व्यवसायी, व्यापारी तथा स्थानीय जनता सबैबाट सद्भाव र सहयोग पाउने वातावरण कोषले बनाउन जरूरी हुनेछ।

सन्दर्भसामग्री

Cultural Potraits Handbook 6, *UNESCO Kathmandu Office,Kathmandu, Nepal.*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति परिसरका देवीदेवताहरू

–प्रा. श्रीकृष्ण अधिकारी

पुण्यशीला परम-पावनी भगवती वाग्वती नदीको पश्चिमपट्टि आशुतोष भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुभएको छ। परब्रह्म परमात्मस्वरूप भगवान्‌को शास्त्रसम्मत दृश्यमान श्रीविग्रहमा शिवशक्त्यात्मक ज्योतिर्मय लिङ्ग अन्तर्भूत भएर रहेको छ। यसको बाहिरी स्वरूप पञ्चवक्त्रात्मक देखिए पनि यसभित्र परम तेजोमय अनन्त शक्तिपुञ्ज अन्तर्निहित भएर रहेको छ। भगवान् शिवको यही ज्योतिर्मय आभाद्वारा अदृश्य रूपमा यहाँको समस्त भूभाग पवित्र र तपोमय बन्न गएको छ। भगवान् श्रीपशुपतिनाथद्वारा पालित, पोषित, संरक्षित र पुनीत गराइएकोले नै यस क्षेत्रको नाम पनि पाशुपतक्षेत्र रहन गएको हो। पाशुपतक्षेत्र जस्तै मुक्तिनाथद्वारा संरक्षित क्षेत्रलाई मुक्तिक्षेत्र र वराह भगवान्‌द्वारा परिपालित क्षेत्रलाई वराहक्षेत्र भन्ने परम्परा अद्यापि चलिरहेकै छ।

जहाँ जुन देवताको निवास रहेको हुन्छ, त्यहाँ त्यो देवताको गण पनि रहेका हुन्छन्। देवताको सान्निध्यले गर्दा अति नै पुण्यमय र पवित्रमय बन्न गएको यस्तो पुण्यभूमिमा अन्य देवीदेवता र देवयोनि विशेष समेतले आ-आफ्नो तप, साधना र अर्चनाको क्रम अगाडि बढाएका हुन्छन्। यसै सन्दर्भमा पशुपतिनाथको मन्दिर परिसरभित्र शिवगणका साथै अन्य देवीदेवताको समेत उपस्थिति रहेको छ। यी सबै देवगणहरूले भगवान् श्रीपशुपतिनाथको उपासना र आराधना गरिरहेका छन्। समस्त उपासकको अभिलाषा पूरा गर्ने भगवान् श्रीपशुपतिनाथद्वारा अनुग्रह र अधिकारप्राप्त यी समस्त देवताहरू शिवसान्निध्यका लागि दर्शनीय र पूजनीयसमेत बन्न गएका छन्। यसरी पशुपति मन्दिरको परिसरभित्र दर्शनीय र वन्दनीय बन्न गएका केही देवी-देवताको सामान्य परिचय यहाँ प्रस्तुत गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

अतिप्राचीन समयमा ब्रह्मा र विष्णुमा ठूलो विवाद भयो । ब्रह्माले भने- 'यो विश्वब्रह्माण्डको मैले सृष्टि नगरेको भए- स्वर्ग, मर्त्य, पाताल, ग्रह, नक्षत्र र समस्त प्राणीको सत्ता नै रहने थिएन। जब जगत् नै नभएपछि जीवनको के महत्त्व ? अतः जगत्को पिता भएको नाताले म नै सबैभन्दा ठूलो हुँ ।' ब्रह्माको यस्तो गर्वोक्तिपूर्ण वचन सुनेर विष्णुले भने- "हेर सृष्टि गर्नु कुनै ठूलो कुरा होइन, उत्पन्न भएका समस्त चराचर प्राणीहरूको पालन पोषण गर्नु ज्यादै ठूलो कुरा हो, मैले समस्त प्राणीको पालनपोषण नगर्ने हो र यो विश्वब्रह्माण्डको संरक्षण नगर्ने हो भने हालसम्म यिनीहरूको स्थिति नै रहने थिएन। यसकारण सबैभन्दा ठूलो म नै हुँ।" यसरी विवाद गरिरहेका ब्रह्मा र विष्णुका सामु एक ज्योतिर्मय लिङ्गको उत्पत्ति भयो र आकाशवाणी भयो- 'हे ब्रह्मा ! हे विष्णु ! तिमी दुई मिली यो लिङ्गको आदि वा अन्त्य पत्ता लगाऊ, जसले फेद र टुप्पोमध्ये एकको पत्ता लगाउँछ, उही नै जगत्का पिता, परब्रह्म परमेश्वर र सर्वमान्य हो ।' आकाशवाणीबाट प्राप्त निर्देशनलाई आत्मसात् गरी ब्रह्मा लिङ्गको टुप्पो पत्ता लगाउन र विष्णु फेद पत्ता लगाउन दौडे । ब्रह्मा जतिजति माथि जान्थे लिङ्ग त झन् झन् कता हो कता अनन्त आकाशमा माथि माथि नै गइरहेको अनुभव गर्दथे । यसरी जाँदा जाँदा ब्रह्माजी गोलोकमा पुगे । त्यहाँ कामधेनु गाईले ब्रह्माको स्वागत सत्कार गरिन् र आउनाको कारण सोधिन् । ब्रह्माले आफू आउनाको सम्पूर्ण उद्देश्य बताए । त्यसपछि कामधेनु गाईले भनिन्- 'जुन लिङ्गको टुप्पो पत्ता लगाउन तपाईं यहाँ आउनुभएको छ- त्यो अनादि र अनन्त हो, त्यसको पत्ता कसैले पनि पाउँदैन मैले पनि पाएको छैन । त्यसकै प्रतीकको रूपमा यो सानो लिङ्गको पूजा गर्छु, फूल चढाउँछु, फूलमाथि दूध चढाउँछु' भनी सानो सुन्दर लिङ्गको दर्शन गराइन् । कामधेनु गाईको यस्तो वचन सुनी ब्रह्माजीले सोधे- 'लिङ्गको बारेमा अरू क-कसलाई थाहा छ ?' कामधेनुले भनिन्- 'बन्धूक पुष्प र केतकी फूललाई पनि लिङ्गको महत्ता र व्यापकताको धेरै नै ज्ञान छ। यस लिङ्गको जसरी टुप्पो फेला पार्न सकिन्न, त्यस्तै गरी फेद पनि फेला पार्न सकिन्न । यो अनन्त छ, लिङ्गको धेरै माथि करोडौं पाशुपतास्त्र घुमिरहेका छन् । त्यसको कण मात्रले पनि विश्वब्रह्माण्ड नै ध्वस्त पार्न सक्तछ, त्यसलाई पार गरेर माथि जान कसैको सामर्थ्य छैन । यसकारण लिङ्गको आदि अन्त्य पत्ता लगाउन खोज्नु मूर्खता मात्र हो । तपाईं यताबाट फर्किनुहोस् ।' कामधेनुको यस्तो सत्य कुरा सुनेर ब्रह्माजी छक्क परे तर विष्णुका सामु आफू ठूलो बन्ने रहर ब्रह्माजीमा रहिरहेको थियो । ब्रह्माजीले भने- 'जे होस् विष्णुका अगाडि तपाईंहरूले ब्रह्माले लिङ्गको टुप्पो फेला पारेको सत्य हो' भनी साक्षी बसिदिन आग्रह गरे । झूटो कुरा बोल्नु पाप भए पनि बूढो र मान्यजनको भलो हुन्छ भने ठीकै छ भन्ने विचार गरी कामधेनु गाई, बन्धूक पुष्प र केतकी फूलले साक्षी बन्ने कुरा स्वीकार गरी ब्रह्माजीका साथ पछि लागे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गको फेद पत्ता लगाउन गएका विष्णु पनि तल जाँदा जाँदा नागलोकमा पुगे। त्यहाँ अनन्त भगवान्ले विष्णुको स्वागत सत्कार गर्नुभयो र आउनाको कारण सोध्नुभयो। विष्णुले पनि आउनाको कारण बताए। त्यसपछि अनन्त भगवान्ले भन्नुभयो - 'यो लिङ्ग अनन्त लामो छ। यसको फेद र टुप्पो कसैले पनि पत्ता लगाउन सक्तैन। यो शिवमय हो। यसैबाट सृष्टि, स्थिति प्रलयको काम हुन्छ। ब्रह्मस्वरूप यो लिङ्गको फेद कसैले पत्ता लगाएको पनि छैन, पत्ता लगाउन पनि सक्तैन। यसकारण यो गर्न नसकिने कामबाट तपाईं पर हट्नुहोस्। यस लिङ्गको केही तल हजारौं नागले लिङ्गलाई बेरिरहेका छन्। ती नागहरूमध्येको एक नागको फुङ्कारले पनि समस्त प्राणीको नाश हुन सक्तछ। यस्ता नागहरूले बेरिएको लिङ्गको तल जाने सामर्थ्य कसको छ ?' अनन्त भगवान्को यस्तो तथ्यपूर्ण वचन सुनी विष्णु पनि अघि ब्रह्माजीसित भेट भएको ठाउँतिर लागे।

ब्रह्मा र विष्णु अघि विवाद भएकै ठाउँमा आइपुगे। विष्णुले भने- 'मैले त लिङ्गको फेद पत्ता लगाउन सकिँन, तपाईंले के गर्नुभयो ?' ब्रह्माले भने- 'मैले लिङ्गको टुप्पो फेला पारेँ। यसको साक्षी कामधेनु गाई, बन्धूक पुष्प र केतकी फूल हुन्' भनी यिनीहरूलाई अघि सारे। यिनीहरूले पनि ब्रह्माले लिङ्गको टुप्पो फेला पारेको भूटो साक्षी बके। साक्षीको बयानअनुसार लिङ्गको फेद पत्ता लगाउन नसकी हीनताबोध गर्न लागेका विष्णुका अगाडि अलक्ष्य अव्यक्त भगवान् शिवले आकाशवाणी गर्नुभयो- 'हे विष्णु ! तिमी विषाद नगर। यी कामधेनु गाई, बन्धूक पुष्प र केतकी फूलले भूटो बोलिरहेका छन्। यिनीहरूलाई म श्राप दिन्छु। भूटो बोलेकोले कामधेनुको मुख अपवित्र हुनेछ। यसैगरी भूट बोलेकै कारणले गर्दा बन्धूक पुष्प र केतकी फूल मलाई चढ्ने छैनन्। मेरो यो लिङ्ग अनादि अनन्त र अपरिमेय छ। यसको आदि अन्त्य कसैले पनि पत्ता लगाउन सक्तैन। शिवस्वरूप मबाट नै ब्रह्मा, विष्णु र अन्य देवताको सृष्टि भएको हो। साक्षात् शिवशक्तिस्वरूप मेरो यो लिङ्ग हजारौं वर्षसम्म देवपूज्य हुनेछ। म बसेको यो स्थान (नेपाल) मुक्तिदायक मानिनेछ। देवताहरूको करोडौं वर्ष बितेपछि म्लेच्छहरूको बाहुल्य हुनेछ। त्यस समयमा मेरो यो लिङ्ग अदृश्य हुनेछ। यहाँ वनै वन हुनेछ। म पशुको रूप लिएर वनविहार गर्नेछु। मलाई देवताहरूले पशुपति भनी आराधना गर्नेछन्। अदृश्य भएको मेरो लिङ्ग जमीनमा भासिनेछ। केही समय बितेपछि कामधेनु गाई आई मेरो लिङ्गमा नित्य दूध चढाउनेछिन्। कामधेनुको भक्तिभावका कारण पुनः मेरो ज्योर्तिमय लिङ्ग देखिनेछ। देवताहरूको हजारौं वर्ष बितेपछि पाँचमुख भएको मेरो मूर्ति हुनेछ।' यति कुरा बताएर महादेव अन्तर्ध्यान हुनुभयो। ज्योतिर्मय लिङ्ग पनि सानो बन्न गई चार हात मात्र अग्लो रहन गयो।

हिमवत्खण्डको पचहत्तरौं अध्यायमा वर्णित यस आख्यानले भगवान् पशुपतिनाथको लिङ्ग अनादि र प्रत्यक्ष शिवशक्त्यात्मक रूपमा विराजमान भएको स्पष्ट हुन्छ। यो लिङ्ग कुनै देवताविशेष वा भक्तजनले स्थापित गरेको होइन। यस लिङ्गमा शिव र पार्वती स्वेच्छाले रहनुभएको छ। शिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र पार्वतीको वासस्थान भएकोले यो क्षेत्र नै पाशुपतक्षेत्र मानिन्छ। पाशुपत क्षेत्रमा गरिएको पूजा आराधनाले भोग र मोक्ष दुवै मिल्छ। यस पाशुपतक्षेत्रमा देवताहरू समेत आई पूजा आराधना गरिने भएकाले यसलाई देवपत्तन अर्थात् देवताको सहर मानिएको हो। देवपत्तनको अपभ्रंश नै द्यौपाटन हो।

गोत्रहत्याको पापबाट छुट्न पञ्चपाण्डवहरू शिवजीको दर्शन र स्पर्शन गर्न हिमालयतर्फ लागेका थिए। शिवजी भने राँगोको रूप लिई जङ्गलभित्र घुमिरहनुभएको थियो। राँगोको रूप लिई घुमिरहनुभएका शिवलाई पाण्डवहरूले टाढैबाट नमस्कार गरे। पछि राँगोलाई छुन भनी अगाडि बढ्दा राँगो त झन् झन् भागी भागी हिँड्न थाल्यो। यस अवस्थामा पञ्चपाण्डवले घेरा हाली शिवस्वरूप राँगोलाई स्पर्श गर्दा राँगो दुई भागमा विभाजित भयो। शीर्षभाग उडेर आई पशुपतिनाथको ज्योतिर्मय लिङ्गमा समाहित भयो भने धडपट्टिको भाग केदारनाथमा परिणत भयो। पाण्डवहरू निष्पाप र पवित्र बने। गोत्रहत्याजस्तो महापापलाई पनि स्पर्शमात्रले हटाउन सक्ने शक्ति साक्षात् शिवमा मात्र छ। त्यसैले पशुपतिनाथ र केदारनाथको दर्शनमात्रले पनि जस्तोसुकै ठूलो पाप पनि छुट्न सक्छ। आफ्नै इच्छाले भगवान् साम्बसदाशिव विराजमान हुनुभएकोले समग्र नेपाल नै पशुपतिनाथद्वारा संरक्षित र पोषित भएको छ। पशुपतिनाथको अनुग्रहबाट देवताहरूले स्वर्गको उपभोग गरेका छन्, तपस्वीहरूले शिवसायुज्य प्राप्त गरेका छन्, साधकहरूले सिद्धि प्राप्त गरेका छन्, निष्काम योगीहरूले मोक्ष प्राप्त गरेका छन् र सामान्य भक्तहरूले समेत अभीष्ट फल प्राप्त गरेका छन्।

"**ईशानः सर्वविद्यानाम्**" यो वैदिक सूत्रअनुसार भगवान् श्रीपशुपतिनाथ समस्त विद्याका स्वामी हुनुहुन्छ। उहाँबाट नै समस्त विद्याको उत्पत्ति भएको छ। पशुपतिनाथका तत्पुरुष, अघोर, सद्योजात, वामदेव र ईशान गरी मुख्य पाँच मुख मानिएका छन्। यसलाई तन्त्रशास्त्रको दृष्टिबाट विचार गर्ने हो भने तत्पुरुषबाट पूर्वाम्नाय, अघोरबाट दक्षिणाम्नाय, सद्योजातबाट पश्चिमाम्नाय, वामदेवबाट उत्तराम्नाय र ईशानबाट ऊर्ध्वाम्नायको उत्पत्ति भएको छ । शिवजीको तल्लो भागको मुख कालाग्निरुद्र हो। यसलाई छैटौं मुख पनि भनिन्छ। यसबाट अधराम्नायको उत्पत्ति भएको छ।

गुह्येश्वरी

जहाँ शिवजी रहनुभएको छ, उहाँको नजिकै शिवकी प्राणप्रिया पार्वतीको पनि वासस्थान हुनु स्वाभाविकै मान्न सकिन्छ। शिवजीकी अर्धाङ्गिनी पार्वतीकै अर्को रूपमा देखापरेकी गुह्यकालीको वासस्थान पनि पशुपति मन्दिरदेखि आधा कोश पूर्वमा रहेको छ। आदिम युगमा दक्षप्रजापतिले शिवजीको खूब निन्दा गर्दा उनकी आफ्नै जेठी छोरी सतीदेवीलाई खूब रीस उठ्यो। यो रीसको मात्रा बढ्दा बढ्दै शिवनिन्दा गर्ने व्यक्तिबाट आफ्नो शरीर बनेकोले सो शरीरदेखि पनि उनलाई अत्यन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घृणा जागेर आयो। यस घृणित शरीरलाई राखिराख्नु उचित नभएकोले सतीदेवीले आफूलाई यज्ञकुण्डमा होमिदिइन्। यसरी मृत भएको शरीरलाई शिवजीले काँधमा बोकी पृथ्वी भ्रमण गर्दा सतीदेवीको जहाँजहाँ अङ्ग पतन भयो, त्यहाँत्यहाँ एक एक सिद्धपीठको उत्पत्ति भयो। यही क्रममा नेपालखण्डमा गुह्य पतन भयो। यो गुह्य पतन भएको ठाउँमा नेपाल पीठ, गुह्येश्वरीदेवी, चन्द्रघण्टा योगिनी र सिद्धेश्वर महादेव उत्पत्ति भए। यी भगवती उत्पत्ति भएको ठाउँ केही कालपछि अदृश्य भयो। यी अदृश्य भएकी भगवतीलाई बालाज्यूमा मान्यता राखी पूजा आराधना गरिएको थियो। पछि कलिगत संवत् १७९९ मा शङ्करदेव राजाका पालामा नृसिंहदेव ठाकुर नाम भएका प्रसिद्ध तान्त्रिक नेपाल आएका थिए। उनलाई स्वप्नामा 'मलाई प्रकाशित गर' भन्ने गुह्येश्वरीको निर्देशन प्राप्त भयो। सो निर्देशन र हिमवत्खण्ड आदि शास्त्रहरूको कथनबाट पनि पशुपतिको मन्दिर नजिकै गुह्येश्वरीको वासस्थान हुनुपर्छ भन्ने अनुमानका आधारमा खोजी गर्दा श्लेष्मान्तक वनबाट पूर्वपट्टि एक पोखरी भेटिएको र यसमा भ्रमराहरूले गुञ्जायमान समेत गरेकोले गुह्येश्वरीको वासस्थान यही हो भनी निश्चय गरियो। पछि नृसिंह ठाकुरले यहाँ जलज्योतिको दर्शनसमेत पाए। यसरी शोध-खोजद्वारा प्राप्त गुह्येश्वरीलाई गुह्येश्वरी र बालाजुकी गुह्येश्वरीलाई पुरानो गुह्येश्वरी भन्ने गरियो। यो चलन अद्यापि कायम रहेको छ। नृसिंह ठाकुर र लम्बकर्ण भट्टको निर्देशनअनुसार राजा प्रतापमल्लले गुह्येश्वरीको जलमय ज्योतिलाई वरिपरि पर्खालले घेरी पोखरीलाई फलामको सत्तरीले छोपी ईश्वरीको जलज्योतिलाई ढाकी त्यसमाथि अष्टदलयुक्त पद्मपत्र र त्यसमाथि गुह्येश्वरीको कलश स्थापना गरिदिए। यिनै प्रतापमल्लले स्थापना गरेको यन्त्रमय भैरव दक्षिणपट्टि रहेका छन्। गुह्येश्वरीको पश्चिमपट्टि भने मातृकागण रहेका छन्। गुह्येश्वरीको हालको मन्दिर निर्माण गर्ने पहिलो राजा प्रताप मल्ल नै हुन्।

पशुपतिनाथको दर्शन गर्ने भक्तले माता गुह्येश्वरीको पनि दर्शन गर्नुपर्छ। नत्र पशुपतिनाथको दर्शन गरेको पूरा फल मिल्दैन। माता गुह्येश्वरीको पश्चिमपट्टिको ढोकानजिकै भएका महादेव सिद्धेश्वर हुन्। यहाँकी योगिनी चन्द्रघण्टा हुन्। गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ। यिनी उत्तराम्नायकी नायिका हुन्। भरत, राम र रावण यी तीनै भक्तले भगवती गुह्यकालीको उपासना गरी ठूलो सिद्धि प्राप्त गरेका थिए। साक्षात् भगवती गुह्यकालीले वास गर्नुभएकोले यस पीठलाई सिद्ध पीठ मानिन्छ। यहाँ गरेको पूजा, पाठ, जप, आराधना र उपासनाद्वारा छिट्टै सिद्धि प्राप्त हुन्छ। भगवती गुह्येश्वरीको दर्शन गर्नाले अभीष्ट प्राप्ति हुन्छ। यिनै भगवतीको उपासना गरी खड्गसिद्धि प्राप्त गरेका राजा जयप्रकाश मल्लले आफ्ना विरोधी भारदार र मन्त्रीहरूलाई राम्ररी दमन गर्न समर्थ भएका थिए। माता गुह्यकालीको दर्शन र साधनाद्वारा सांसारिक सुखभोगको चाहना गर्ने व्यक्तिले धन, यश, आदि प्राप्त गर्दछ भने निष्काम भक्तजनले मोक्ष समेत प्राप्त गर्दछ। भगवान् श्रीपशुपतिनाथको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणप्यारी अर्धाङ्गिनी आद्या शक्ति गुह्येश्वरीको अनुग्रह प्राप्त नगरी भोलेबाबा पशुपतिनाथबाट अभीष्ट प्राप्त गर्न धेरै नै कठिन पर्दछ। अतः पशुपतिको दर्शन गर्नुभन्दा पहिले गुह्येश्वरीको दर्शन गर्नु युक्तिसङ्गत नै देखिन्छ।

गुह्येश्वरीको विषयमा हिमवत्खण्डको एकसय एकाउन्नौं अध्यायमा वर्णन गरिएको छ। यसमा गुह्येश्वरीका साथै गुह्येश्वरको पनि वर्णन पाइन्छ। सिद्धेश्वर महादेव नै गुह्येश्वर हुनुहुन्छ। हिमवत्खण्डअनुसार गुह्येश्वरी मन, वचन र कर्मको विषय नभएकी, अप्रत्यक्ष रूप भएकी भनी वर्णन गरिएको छ। तर अरू तन्त्रग्रन्थहरूमा भने गुह्येश्वरीको मूर्तरूपकै वर्णन पाइन्छ। योगीहरूले योगद्वारा गुह्येश्वरीको थोरै मात्र रूपको ज्ञान गरेका छन् भन्ने उल्लेख गरिएको छ। यिनै योगिनीको अनुग्रहबाट ब्रह्माले ब्रह्मपद, विष्णुले वैकुण्ठ र रुद्रले शङ्करत्व प्राप्त गरेको पनि बताइएको छ। यिनै भगवतीको उपासनाद्वारा दश दिक्पालहरूले दिक्पालत्व प्राप्त गरेका हुन्। यिनको उपासना गर्ने भक्तले आफूले चाहना गरेको (अभीष्ट) विषय प्राप्त गर्दछ भन्ने विषयमा एक कथा पनि उल्लेख गरिएको छ। प्राचीन समयमा पिङ्गला नाम भएकी एक स्त्री थिइन्। तिनी कुचरित्र र दुष्ट स्वभावकी थिइन्। अन्त्यमा गङ्गामा प्राण त्याग गरेकीले दोस्रो जन्ममा रानी भइन्। रानी भए पनि पूर्व जन्मको पापले पतिद्वारा तिरस्कृत बनिन्। पछि सखीहरूको उपदेशले गुह्येश्वरीघाटमा नुहाई गुह्येश्वरी र गुह्येश्वरको पूजा आराधना गर्दा प्रत्यक्ष भएकी गुह्येश्वरीबाट तिनले सिन्दूर, गाजल, श्रृङ्गारका सामान र गहनाहरू पाइन्। भगवतीको अनुग्रहबाट प्राप्त यी वस्तुहरूको प्रयोगले गर्दा यिनी अत्यन्त रूपवती र सुशील बन्न पुगिन्। सौन्दर्यले गर्दा यिनको पति यिनको मोहमा परेर यिनलाई स्वीकार गरी धेरै माया र प्रेम गर्न लागे। पछि तिनै आफ्ना पतिका साथ सुख र आनन्दमय जीवन बिताई अन्त्यमा देवीसायुज्य प्राप्त गरिन्। यी सबै कथाहरूले गुह्येश्वरीको महत्ता र यिनको उपासनाद्वारा नपाइने कुनै वस्तु छैन भनी हिमवत्खण्डमा नै उल्लेख गरिएको छ।

लालगणेश

पशुपतिनाथको मन्दिरको पूर्व द्वारदेखि करिब ७ मिटर पूर्व शिवजीका ज्येष्ठ सुपुत्र भगवान् गणेश द्वारपालको रूपमा विराजमान हुनुभएको छ। यी गणेशको स्वरूप पूरा रातो (लाल) भएकोले यिनलाई लालगणेश भनिएको हो। यी गणेशको पूजा र दर्शन गरेर भगवान् पशुपतिनाथको दर्शन गर्दा शिवजी प्रसन्न हुनुहुन्छ। द्वारपालको अनुमति लिई मन्दिरभित्र पस्नु मन्दिरको अनुशासन पालना गर्नु हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तापहरेश्वर (सन्तानेश्वर)

भगवान् पशुपतिनाथको मन्दिरको परिसरभित्र पूर्व र आग्नेय दिशाको बीचमा मुक्तिमण्डप नाम गरेको एक मण्डप छ। यहाँ भजन कीर्तन र वेदान्तचर्चा गरिन्छ। यो मण्डपको पश्चिमपट्टि सन्तापहरेश्वर (सन्तानेश्वर) नाम हुनु भएका शिवजीको लिङ्ग छ। यी महादेवको दर्शन गर्नाले आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै सन्तापको नाश हुन्छ। सन्तापहरेश्वरको अपभ्रंश सन्तानेश्वर रहन गएको छ। यी महादेवको पूजा, आराधना, जप र ध्यानबाट असल सन्तानको उत्पत्ति हुने र भएका सन्तानमा सद्बुद्धि र सुखसमृद्धि प्राप्त हुने कुरामा जनविश्वास रहिआएको छ।

कीर्तिमुख भैरव

भगवान् श्रीपशुपतिनाथका तत्पुरुष, अघोर, सद्योजात, वामदेव, ईशान र कालाग्निरुद्र यी मूर्तिहरूमध्ये दक्षिणपट्टिको मूर्ति (वक्त्र) लाई अघोर भनिन्छ। अघोरको अर्थ अत्यन्त डरलाग्दो र रिसाहा भन्ने हुन्छ। यही दक्षिणपट्टिको मूर्ति अर्थात् स्वरूपको प्रतिमूर्ति कीर्तिमुख भैरवलाई मानिन्छ। शिवजीको अघोर मूर्ति भएकाले यी भैरव अत्यन्त रिसाहा र क्रोधी भए पनि आफ्नो भक्तलाई धर्म, अर्थ, काम, मोक्ष यी चारै पदार्थ दिने मानिन्छन्। यी जति क्रोधी भए पनि छिट्टै प्रसन्न हुने र भक्तले चाहेको वरदान दिने मानिन्छन्। यिनको स्पर्शमात्रले पनि सम्पूर्ण पाप नाश हुन्छ। शिवपुराणअनुसार भैरवका दुई भेद मानिन्छन्। (१) चौसठ्ठी योगिनीका नायक र (२) शिवस्वरूप भैरव। यी भैरव भने चौसठ्ठी योगिनीका नायक र साक्षात् शिव नै भएकाले यिनलाई सात्त्विक र तामसिक दुवै किसिमले पूजा गर्ने चलन छ। श्रीपशुपतिनाथ समग्र रूपमा शुद्ध सत्त्वमय स्वरूप हुनुभएकोले तामसिक पूजा गर्न मिल्दैन तर श्रीपशुपतिनाथलाई कसैले तन्त्रविधिअनुसार बलिमांसादिद्वारा पूजा गर्न चाहन्छ भने यिनै भैरवलाई पूजा गर्नुपर्दछ। हरेक पूर्णिमाको दिन तन्त्रोक्त विधिअनुसार पञ्चबलिसमेत दिई श्रीपशुपतिनाथको अघोर मूर्ति मानी पूजा गर्ने चलन अद्यापि चलिआएको छ। अत्यन्त क्रोधले आफ्नो शरीरको मासु समेत आफैंले भक्षण गरेकोले यिनको शिर अर्थात् टाउकोमात्र देखिन्छ। यी भैरवमा विश्वब्रह्माण्डलाई नै भक्षण गरी समस्त चराचर जगत्को प्रलय गर्ने शक्ति छ। यी भैरव न्यायका पक्षपाती भएकाले अन्यायमा परेका व्यक्तिले यिनको सेवा गर्दा न्याय पाउँछ। पशुपतिनाथको दक्षिण मुख अर्थात् अघोर मूर्तिलाई पूजा आराधना र सेवा गर्नाले राज्यमा स्थिरता, प्रशासनमा कुशलता, न्यायक्षेत्रमा यथार्थता, राजनीतिमा आफ्नो पकड र सांसारिक सुख समृद्धि समेत प्राप्त हुने भएकाले नेपालका समस्त प्रशासकहरूले आ-आफ्नो शालिकहरू पशुपतिनाथको दक्षिणपट्टि स्थापना गरी धातुमय र शिलामय आफ्नो प्रतिकृतिद्वारा पशुपतिनाथमा नतमस्तक भई अभिवादन गरिरहेका प्रतिमाहरू आजसम्म पनि देखिन्छन्। पशुपतिनाथको दक्षिणवक्त्र (अघोर) को प्रतिकृति नै कीर्तिमुख भैरवलाई मान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उन्मत्तभैरव

श्रीपशुपतिनाथको दक्षिणपट्टि धातुले बनेको अर्को एक भयङ्कर भैरवको मूर्ति छ। यिनलाई उन्मत्तभैरव भनिन्छ। कुनै समयमा अभिचार कर्म र अन्य क्षुद्रविद्याबाट प्रजामा परेको दुष्प्रभावलाई विफल गराउन राजा प्रतापमल्लको निर्देशनमा तान्त्रिक लम्बकर्ण भट्टद्वारा यो मूर्तिको स्थापना र प्राणप्रतिष्ठा गरिएको हो। श्रीपशुपतिनाथको दक्षिणदृष्टि पर्दा प्रजामा पर्ने दुःख, असन्तोष, गरीबीलाई हटाउन यी भैरवलाई स्थापना गरिएको हो भन्ने पनि अवधारणा रहिआएको छ।

शीतला भगवती

कीर्तिमुख भैरवको देब्रेपट्टि खर (गधा) लाई वाहन बनाई शीतला भगवती रहनुभएको छ। यिनको पूजा, पाठ, दर्शन, जप आदि गर्नाले बिफर, दादुरा, ठ्यौला, लुतो, खटिरा, दाद आदि शान्त हुन्छ भन्ने जनविश्वास रहिआएको छ। बिफर उन्मूलन हुनु अगाडि बिफरको खोप दिएपछि यिनको पूजा गर्ने चलन थियो।

छत्रचण्डेश्वर

भगवान् श्रीपशुपतिनाथलाई प्रत्येक पूर्णिमाको दिन भोग लगाउनका लागि पशुपतिमन्दिरको दक्षिण द्वारको अगाडि वर्गाकारको तामाको ठूलो थाल रहेको छ। यसै पात्रमा चौरासी व्यञ्जन र भुजाको थुप्रो समेत राखी पशुपतिनाथलाई भोग लगाइन्छ। यो पात्रदेखि पूर्वपट्टि अग्लो ठाउँमा छाता ओढेको एक मूर्ति छ। यो छत्रचण्डेश्वरको मूर्ति हो। यो मूर्तिको उत्तेजनात्मक लिङ्गलाई विचार गरी कोही कोही मानिसहरू यसलाई कामदेवको मूर्ति पनि भन्दछन्। वास्तवमा यिनी छत्रचण्डेश्वर हुन्। दक्षिणपट्टि भोग लगाइएको सम्पूर्ण जल प्रसादहरू यिनलाई समर्पण गरी मनुष्यले ग्रहण गर्दा दोष नलागोस् भनी यी महादेवको स्थापना भएको हुनसक्तछ। त्यसैले गर्दा पूर्णिमाको दिन श्रीपशुपतिनाथलाई भोग लगाएको भुजा कुस्ले जातिले ग्रहण गर्दा पनि उनीहरूलाई कुनै प्रत्यवाय र दोष लाग्दैन। श्रीपशुपतिनाथको जल प्रसाद आदिको अनुचित प्रयोग भएमा छत्रचण्डेश्वरसित क्षमा मागेमा उहाँबाट क्षमा पाउन पनि सकिन्छ।

नवग्रह

श्रीपशुपतिनाथको मन्दिरदेखि करीब २० मिटर पर नैर्ऋत्यकोणमा नवग्रह रहेका छन्। श्रीपशुपतिनाथलाई प्रतिदिन दाल भुजा आदिको भोग लगाएपछि सो दाल भुजाको एक थाल प्रसाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी नवग्रहमा चढाउने चलन छ। श्रीपशुपतिनाथको गणको रूपमा रहेका यी नवग्रहको पूजा दर्शन गर्नाले ग्रहपीडा शान्त हुन्छ।

मातृका वा नवदुर्गा

नवग्रहदेखि सीधै दक्षिणपट्टि भित्तामा केही देवीहरू रहेका छन्। यिनलाई कोही नवदुर्गा र कोही मातृका भन्दछन्। यी सबै देवीहरू रत्नमल्लद्वारा स्थापित भएका हुन्। श्रीपशुपतिनाथको दक्षिणदृष्टिलाई शान्त गर्न नै यी देवीहरूको स्थापना भएको हुन सक्तछ।

ज्वरेश्वर

पशुपतिमन्दिरको उत्तरद्वारबाट नजिकै उत्तरपट्टि, भगवान् श्रीपशुपतिनाथको अस्त्रको रूपमा एक ठूलो त्रिशूल ठड्याएको छ। यो त्रिशूललाई पाशुपतास्त्र पनि भन्दछन्। यो त्रिशूलको मुनि ज्वरेश्वर महादेव रहनुभएको छ। यी महादेवलाई पञ्चामृत, बेलपत्र, धतुरो र पवित्र जल चढाई पूजा गर्नाले बिरामीको ज्वरो शान्त हुन्छ भन्ने जनविश्वास रहिआएको छ। विशेष गरी यी महादेवलाई दही चामल वा दही च्यूरा चढाउनाले ज्वरोका साथै अन्य रोगहरू पनि निको हुन्छन् भन्ने पनि किम्वदन्ती छ।

चण्डेश्वर

श्रीपशुपतिनाथको मन्दिरको उत्तर र ईशान कुनाको बीचमा एक सानो मन्दिर छ। यो मन्दिरभित्र भगवान् चण्डेश्वर विराजमान हुनुभएको छ। पशुपतिको दर्शन गर्नुअघि चण्डेश्वरको दर्शन गर्नुपर्छ भन्ने शास्त्रीय निर्देशन पाइन्छ। श्रीपशुपतिनाथलाई चढाएको जल प्रसाद चण्डेश्वरलाई समर्पण गरेर मात्र भक्तजनले थोरै मात्रामा ग्रहण गर्नुपर्छ। श्रीपशुपतिनाथको मन्दिरभित्रपट्टि उत्तरतर्फ पनि चण्डेश्वर रहनुभएको छ। चण्डेश्वरलाई भगवान् श्रीपशुपतिनाथको जलप्रसाद अर्पण गरी पूजक वा भक्तजनले थोरै जल प्रसाद भक्षण गर्दा शिवस्व ग्रहण गरेको दोष लाग्दैन। यस्तै गरी चण्डेश्वरमा प्रसाद समर्पण भएपछि मन्दिरमा आवतजावत गर्दा प्रसादको अपहेलनासम्बन्धी दोष पनि लाग्दैन।

वासुकि

परापूर्वकालमा गरुडबाट लखेटिएका वासुकि नागराजले भगवान् श्रीपशुपतिनाथको स्तुति गरी शरण परे। शरणागत नागराजलाई आश्वासन दिई भगवान् श्रीपशुपतिनाथबाट आज्ञा भयो- "म बसेको ठाउँबाट ईशान कोणमा तिमी बस, मेरो धनको तिमीले रक्षा गर, तिम्रो नाउँबाट म बसेको नगरको नामकरण गर, तिम्रो दर्शन नगरी मेरो दर्शन गरेको फल मिल्ने छैन" भनी वासुकिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञा भयो। यसैले गर्दा श्रीपशुपतिनाथको दर्शन गर्ने व्यक्तिले पहिले वासुकिको दर्शन गर्नै पर्छ नत्र श्रीपशुपतिनाथको दर्शन गरेको फल मिल्दैन। श्रीपशुपतिनाथको धन सम्पत्तिको रक्षा गर्न आधा रातमा बाजा बजाई वासुकिनागलाई उठाई बोसी नाम गरेको सर्पलाई भगाउने परम्परा अद्यापि चलेकै छ। यी वासुकि नागलाई साक्षात् नारायण मानी स्तुति गरेको प्रतापमल्लको शिलालेख वासुकि मन्दिरको मूलद्वारको दाहिनेपट्टि अद्यापि रहिरहेको छ। हरि र हर अर्थात् विष्णु र शिवमा कुनै अन्तर छैन। शिवको हृदयमा नारायण अर्थात् विष्णु र विष्णुको हृदयमा शिव विराजमान हुनुभएको छ। जसले विष्णु र शिवमा भेदको परिकल्पना गर्दछ त्यो नरकगामी हुन्छ भन्ने शास्त्रीय निर्देशन पाइन्छ। शिवको लागि विष्णु (नारायण) अत्यन्त प्यारो भएकोले नारायण स्वरूप शेषनाग (सर्प) लाई शिवले घाँटीमा राख्नुभएको हो। शिवजीको गहना (प्यारो वस्तु) नै नाग हो। शिवजीको वरदानको आधारमा नै वासुकि वरिपरिको क्षेत्रलाई वासुकिक्षेत्र भनिन्छ। फलित ज्योतिषअनुसार नागको दोष पत्ता लागे पनि नाग खुट्याउन नसकेमा वासुकिनागको पूजा गर्ने परम्परा चलिआएको छ।

मृगरूप शिव

परापूर्वकालमा शिवजीलाई वनविहार गर्ने ठूलो इच्छा भयो। शिवजीले मृगको रूप लिई श्लेष्मान्तक वनमा विहार गर्न लाग्नुभयो। यही समयमा शिवजीको दर्शन नपाएका देवताहरू अति नै खिन्न भई शिवको स्तुति गर्न लागे। स्तुतिबाट पनि शिवले दर्शन दिनुभएन। पछि पार्वतीको आज्ञाअनुसार मृगरूप भई वनविहार गरिरहनुभएको शिवजीको चाल पाई उक्त मृगलाई ब्रह्मा, विष्णु र इन्द्रले सिङमा समाउँदा तीन टुक्रा मात्र तीन जनाको हातमा पऱ्यो र मृग अन्तर्ध्यान भयो। यही अन्तर्ध्यान भएको शिवको मृगरूप शिला आर्यघाटमा रहेको छ। यो शिलामय मृग शिवजीको मृगावतार हो। मृगरूप शिवजीले विहार गरेकोले श्लेष्मान्तक वनको अर्को नाम मृगस्थली रहन गएको हो। मृगरूप यी पशुपतिको दर्शन गर्नाले पशुको योनिमा जन्म हुँदैन। यिनलाई चढाएको जलपान गर्नाले शिवजीको सायुज्यता प्राप्त हुन्छ। आठ किसिमको पाशोले बाँधिएको पशुत्वबाट मुक्त होइन्छ।

तारकेश्वर

श्रीपशुपतिनाथको पूर्वद्वारबाट आर्यघाटमा आएपछि वाग्वतीको तीरमा एउटा सानो शिवलिङ्ग छ। यो शिवलिङ्गको माथिल्लो भागमा भगवान् श्रीपशुपतिनाथलाई स्नान गराएको जल र प्रसाद बगेर आउँछ। यहाँ रहेको शिवलिङ्गलाई तारकेश्वर भनिन्छ। यहाँ प्राण त्याग गर्नाले समस्त पाप नाश भई मोक्ष प्राप्त हुन्छ। यी शिवजीलाई वाग्वतीको जल चढाई दर्शन स्पर्शन गर्नाले चित्त शुद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई ठूलो पुण्य मिल्दछ। यी तारकेश्वरको यही वैशिष्ट्यलाई हृदयङ्गम गरी प्राण त्याग गर्न लागेको व्यक्तिलाई यी महादेव शिरानमा पर्ने गरी अर्धजलमा राखी भगवान् श्रीपशुपतिनाथको प्रसाद लगाई वाग्वतीको जल खुवाउने परम्परा रहिआएको छ। यसो गर्दा मृत व्यक्तिले भवसागर पार गरी अन्त्यमा कैलासवास प्राप्त गर्दछ।

गङ्गामाई

तारकेश्वर महादेवभन्दा केही माथि गङ्गामाई (वाग्वती माता) को मूर्ति रहेको छ। वाग्वतीकै प्रतिमूर्तिको रूपमा यिनको पूजा आराधना गरिन्छ। यिनको दर्शन पूजन गर्नाले पाप नाश हुन्छ र भगवान् श्रीपशुपतिनाथको अनुग्रह प्राप्त हुन्छ। यिनै गङ्गामाईको गजुरमा श्रीयन्त्र रहेको छ। यो श्रीयन्त्रलाई भगवान् श्रीपशुपतिनाथको माथमा रहेको श्रीयन्त्र मानी अत्यन्त आदर र श्रद्धाकासाथ मुक्तिमण्डपको पूर्वभागबाट दर्शन गर्ने चलन छ। मुक्तिमण्डपको पूर्वपट्टिको उच्चभागबाट आर्यघाटमा बगिरहेकी वाग्वतीको सुन्दर छविको समेत दर्शन हुन्छ।

वत्सलेश्वरी

यी भगवतीको छोटकरी नाम वत्सला हो। वत्सलाको शाब्दिक अर्थ प्यारी हो। भगवान् श्रीपशुपतिनाथकी अत्यन्त प्यारी अर्थात् प्रियतमा भएकीले यिनलाई वत्सला भनेको हुन सक्तछ। श्रीपशुपतिनाथको मन्दिरदेखि आग्नेयपट्टि यिनको मन्दिर रहेको छ। श्मशान नगीचै रहेको हुनाले यिनलाई कालीकै कुनै भेद अन्तर्गत लिन सकिन्छ। जुन समयमा भगवती गुह्येश्वरी प्रकट भइन्, त्यसै वेलादेखि यी भगवती पनि यहाँ विराजमान भएकी हुन्। आफ्ना मातृकागण सहित भई यी भगवतीले श्रीपशुपतिनाथकी प्राणप्यारी अर्धाङ्गिणी बन्ने सौभाग्य प्राप्त गरेकी छिन्। यी भगवतीको पूजाको क्रममा यिनकै दिदी बहिनीको रूपमा भद्रकाली, कङ्केश्वरी आदि देवीलाई पनि श्रीपशुपतिनाथको तर्फबाट बोलाई पूजा गर्ने चलन चलिआएको हो। यी भगवती ज्यादै नै उग्र र तेजोवती भएकीले यिनको वास्तविक स्वरूपलाई लुकाई माथि यन्त्राकार रूपमा स्थापना गरी पूजा गर्ने चलन चलाइएको हो। जति उग्र र तेजोवती भगवती हुन्छिन्, उति नै भक्तहरूलाई छिट्टै सिद्धि दिने हुन्छिन्। यी भगवतीको पूजा पाठ र भक्तिद्वारा भगवान् श्रीपशुपतिनाथ पनि छिट्टै प्रसन्न भई भक्तको इच्छा पूर्ति गरिदिनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वती

वत्सलेश्वरी भगवतीको मन्दिरदेखि नैर्ऋत्यतर्फ भित्तामा एक सरस्वतीको मूर्ति छ। यी सरस्वतीलाई अमरकोशकार अमरसिंहले साधना गरेकी सरस्वती मानिन्छ। यी प्रत्यक्षकी सरस्वती हुन्। यिनकै सहयोगले अमरसिंहले शङ्कराचार्यलाई शास्त्रार्थमा आच्छु आच्छु पारेका थिए। यिनी साक्षात्की विद्याधिष्ठात्री देवी भएकीले यिनको सेवा गर्नाले ज्ञान, बुद्धि, विवेक र शास्त्रीय कुशलता प्राप्त हुन्छ।

भद्रेश्वर (भस्मेश्वर)

वत्सलेश्वरी (वत्सला) भगवतीको मन्दिरदेखि करीब डेढसय मिटर टाढा नैर्ऋत्य दिशामा भद्रेश्वर महादेव रहनुभएको छ। शवदाह गर्ने चिताबाट पश्चिमपट्टि रहनुभएका यी महादेवमा शवदाह गरेको धूवाँसमेत पुग्ने र शव अर्थात् मृतव्यक्तिको समेत सबै पापलाई नष्ट गरी उसलाईसमेत भद्र अर्थात् कल्याण गर्ने भएकाले यिनलाई भद्रेश्वर भनिएको हो। पछि गएर शवलाई भस्म गर्ने स्थानमा रहनुभएका महादेव हुनाले यिनलाई भस्मेश्वर पनि भनिएको हो। भस्मेश्वरको दर्शन गर्नाले पाप भस्म हुन्छ र शिवसायुज्यरूपी कल्याण प्राप्त हुन्छ।

मङ्गलागौरी

भस्मेश्वरघाटदेखि ठीक उत्तरपट्टि पर्खालले घेरिएको स्थानमा मङ्गलागौरी रहनुभएको छ। यी भगवतीको दर्शन गर्नाले सौभाग्यवृद्धि हुन्छ। परिवारमा सुख समृद्धि र उत्तरोत्तर उन्नति हुन्छ। श्रावण महिनाको मङ्गलवारको दिन मङ्गलागौरीको व्रत बसी मङ्गलागौरीलाई सौभाग्य, वस्त्र आदि चढाउनाले पति, पुत्र आदिको सार्वत्रिक उन्नति हुन्छ भनी व्रतराज नाम गरेको धर्मग्रन्थमा मङ्गलागौरीको वैशिष्ट्य प्रतिपादन गरिएको छ।

राजराजेश्वरी

भद्रेश्वर (भस्मेश्वर) महादेव रहनुभएको स्थानदेखि दक्षिणपट्टि केही पर भगवती राजराजेश्वरी रहनुभएको छ। राजराजेश्वरी भगवती रहनुभएकोले नै यो घाटलाई राजराजेश्वरी घाट भनिएको हो। जुन समयमा भगवती गुह्येश्वरी माता प्रकट हुनुभयो, त्यही समयमा यी भगवती पनि प्रकट हुनुभएको हो। पहिले यहाँ आवरण गरिराखेको राजराजेश्वरीको पीठ मात्र थियो। पछि राजा विश्वगुप्तबाट जयवागेश्वरीको रहस्यमय मूर्ति स्थापना गरी प्रकाश गरेको समयमा यहाँ पनि पूजा आराधना गर्न सजिलो होस् भनी सबै मातृकागण समेतलाई समन्वय गरी नवदुर्गाको प्राणप्रतिष्ठा गरी स्थापना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको हो । यी भगवती प्रत्यक्षकी छिन् । यहाँ गरिएको साधना छिट्टै सिद्ध हुन्छ । कामनाअनुसारको फल तुरुन्त पाइने भएकोले यसलाई सिद्धपीठका रूपमा मानिएको छ । नवरात्रिमा (१) शैलपुत्री (२) ब्रह्मचारिणी (३) चन्द्रघण्टा (४) कुष्माण्डा (५) स्कन्दमाता (६) कात्यायनी (७) कालरात्रि (८) महागौरी (९) सिद्धिदात्री यी नवदुर्गाको पूजा गरिने भएकोले सामूहिक रूपमा नवदुर्गाको दर्शन गर्न यस मन्दिरले राम्रो अवसर प्रदान गरेको छ ।

भुवनेश्वरी

श्रीपशुपतिनाथको मन्दिरबाट करीब आधा किलोमिटर जति पर नैर्ऋत्य दिशामा भुवनेश्वरीको मन्दिर छ। भुवनेश्वरी काली, तारा, बाला आदि दश महाविद्याअन्तर्गत पर्दछिन् । देवीभागवतमा वर्णन गरिएकी आद्या जगज्जननी भगवती यिनै हुन् । क्रमदीक्षाको क्रममा यिनलाई पूर्वाम्नायकी नायिका मानिन्छ। यिनको भैरव भुवनेश्वर महादेव हुन् । यिनको सम्झना मात्रले पनि दुःख, रोग, शोक र संकष्ट नाश हुन्छ । मन्दिरभित्र रहेको यिनको मूर्तिलाई पुजारीबाहेक अरू कसैले पनि हेर्न र छुन पाइन्न । बाहिरी ढोकाबाट पर्दाभित्र रहेकी भगवतीलाई टाढैबाट पूजा गरी दर्शन गर्नुपर्छ । नेपालमा बसोबास गर्ने केही समुदायको यिनी इष्टदेवी पनि हुन् । भुवनेश्वरी भगवतीको मन्त्र ग्रहण गरी यिनलाई इष्टदेवीको रूपमा उपासना गर्ने नेपालीहरूको सङ्ख्या ठूलो छ । यिनको उपासनाबाट सुख, सौभाग्य र सम्पत्तिको वृद्धि हुन्छ । उदाउन लागेको सूर्यजस्तो तेज भएकी, माथमा चन्द्रमा लगाएकी, उच्चस्तन भएकी, मुसुमुसु हाँसिरहेकी, वर, अङ्कुश, पाश र अभय धारण गरेकी यस्ती भुवनेश्वरीको स्वरूप शास्त्रमा वर्णन गरिएको छ ।

जयवागेश्वरी

श्रीपशुपतिनाथ र गुह्येश्वरी प्रकट भएको धेरै वर्षपछि द्वापरयुगमा मानसरोवरबाट यी भगवती शीलानदी पार गरी नेपालमा आइपुगेकी हुन् भन्ने किम्वदन्ती पाइन्छ। पशुपति र गुह्येश्वरीको सान्निध्य र पवित्रतम तपोभूमिलाई स्वीकार गरी यी भगवतीले पाशुपतक्षेत्रलाई आफ्नो वासस्थान बनाएको अनुमान गर्न सकिन्छ। पहिले यी भगवतीको स्वरूप अदृश्य नै थियो। आजभन्दा करीब करीब दुई हजार वर्ष पहिले सूर्यवंशी राजा शिवदेवका पालामा गोल नाम गरेका ऋषिको निर्देशनअनुसार यी भगवतीको मूर्ति बनाई रङ्गरोगन गरी चञ्चल र अदृश्य मूर्तिलाई स्थिर गरी स्थापना गरिएको हो । यी भगवतीको मन्दिरको उत्तरपट्टि भित्तामा यिनकै भैरवको चित्र पनि अङ्कित गरिएको छ । जयवागेश्वरीलाई सरस्वतीको रूपमा लिन सकिन्छ । सरस्वती ताराको भेदमा पर्दछिन् । तारा अधराम्नायकी नायिका हुन् । सरस्वतीकै प्रतिमूर्ति भएकाले यिनको सेवा गर्नाले अज्ञान हट्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या, ज्ञान, बुद्धि र शास्त्रीय दक्षता बढ्दछ। प्राचीन समयमा सती जाने स्त्रीले आफ्नो समग्र गहना यिनलाई चढाई सती जाने गर्दथे।

रुद्रागारेश्वर

श्रीपशुपतिनाथको मन्दिरदेखि वायव्यकोणमा कैलासदेखि तल गहिरो भएको ठाउँमा रुद्रागारेश्वर महादेव रहनुभएको छ। रुद्रको अर्थ शिव र आगारको अर्थ कोठा हो। वनविहार गर्दा थाकेका शिवले आफू सुत्नका लागि सुत्ने कोठाको रूपमा परिकल्पना गरेको ठाउँ र त्यसमा लिङ्गस्वरूप भई शयन गरेको हुनाले यसलाई रुद्रागारेश्वर अथवा रुद्रगारेश्वर भनिएको हो। परापूर्वकालमा एक शङ्कु नाम गरिएको व्याधा थियो। साथीहरूसित घुम्दा ऋषिहरूले शिवजीको पूजा गरेको देखे पनि पूजा गरेको देखिनँ भनी उसले साथीहरूलाई ढाँट्यो। यो असत्य वचनले गर्दा उसका दुवै आँखा बन्द भए। पछि ऋषिहरूको उपदेशले रुद्रागारेश्वर लिङ्गलाई अँगालो मारी पूजा आराधना गर्नाले शिवजी प्रसन्न हुनुभयो र शिवकै आज्ञाअनुसार लिङ्ग नगीचै रहेको कूवाको जल आँखामा लगाउँदा उसका दुवै आँखा जस्ताको तस्तै भए। पछि गएर शिवजीको वर प्रसादबाट ऊ शिवगणमा सामेल भयो भन्ने कथा हिमवत्खण्डको १५७ औं अध्यायमा वर्णन गरिएको छ। यी रुद्रागारेश्वर शिवजीको दर्शन गर्नाले र यहाँ रहेको कूवाको जल आँखामा लगाउँदा आँखाको ज्योति बढी नेत्ररोग शान्त हुन्छ, शरीर हृष्टपुष्ट र स्वस्थ बन्दछ।

दक्षिणामूर्ति

श्रीपशुपतिनाथको मन्दिरपट्टि लाग्ने मूल बाटोबाट करीब एकशय मिटर टाढा वायव्यकोणमा मूल बाटोमा जोडिएको एक मन्दिर छ। यो मन्दिर दक्षिणामूर्तिको हो। यिनलाई श्रीपशुपतिनाथको गुरु मानिन्छ। श्रीपशुपतिनाथलाई शिव मान्ने होभने यिनी परम शिव हुन्। यिनलाई कसै-कसैले व्यासको रूपमा पनि मान्दछन्। श्रीपशुपतिनाथ जस्तो परम ज्ञानमय अनन्त शक्तिमय परब्रह्मले पनि कसैलाई गुरु मानी अनुशासित बनी दिव्य ज्ञान आर्जन गर्नुहुन्छ भने हामी सर्वसाधारणले त गुरुको आदर र सत्कार गरी नम्रतापूर्वक विद्यार्जन गर्नुपर्छ भन्ने सत्शिक्षा दक्षिणामूर्तिबाट लिन सकिन्छ। दक्षिणामूर्तिको दर्शनबाट दिव्यज्ञान मात्र प्राप्त हुने होइन अपितु भगवान् श्रीपशुपतिनाथ पनि खुशी हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कनकभैरव (स्वर्णाकर्षण भैरव)

दक्षिणामूर्तिको मन्दिरबाट करीब तीन मिनेट जति उत्तर बढेपछि मूल बाटोबाट आग्नेय दिशामा एक भैरवको मूर्ति छ। यिनलाई कनकभैरव भन्दछन्। वास्तवमा यिनी स्वर्णाकर्षण भैरव हुन्। तन्त्रशास्त्रमा स्वर्णाकर्षण भैरवको मन्त्र र स्तुति आदि पाइन्छ। स्वर्णाकर्षण भैरवलाई पूजा आराधना गरी यिनको मन्त्र सिद्ध गरेमा प्रतिदिन साधकलाई सुवर्ण प्राप्ति हुन्छ भन्ने कुरा तन्त्रशास्त्रमा लेखिएको छ। जे होस् स्वर्णाकर्षण भैरवको प्रतिदिन पूजा, पाठ र आराधना गर्नाले सम्पत्तिको वृद्धि भने हुँदै जान्छ।

किरातेश्वर

श्रीपशुपतिनाथको मन्दिरदेखि आधा कोश पर ईशानकोणमा अथवा गौरीघाटदेखि दक्षिण र आग्नेयको बीच डाँडामा किरातेश्वर महादेवको लिङ्ग छ। हिमवत्खण्डको अठासीऔं अध्यायमा किरातेश्वरको महिमा वर्णन गरिएको छ, जसअनुसार अतिप्राचीन समयमा शिव, पार्वती, ब्रह्मा, विष्णु र स्कन्द आपसमा भलाकुसारी गरिरहेका थिए। त्यसवेला महादेवले भन्नुभयो- 'पञ्च महाभूतले बनेका स्त्री पुरुषद्वारा सृष्टिको क्रम चलेको छ।' त्यसपछि ब्रह्माले भन्नुभयो- 'हे जगज्जननी ! महामाया ! पार्वती माता ! तपाईंको मनोहर सौन्दर्य शक्तिका विविध रूपले विष्णु र शिव पनि मोहित हुनुभएको छ भने हामी जस्ताको त के कुरा ?' ब्रह्माको यस्तो वचन सुनेर शिव रिसाउनुभयो र कैलासको समस्त अभिभारा कुमारलाई सुम्पी आफू किरातीको रूप लिई मृगस्थलीको श्लेष्मान्तक वनमा जानुभयो। त्यहाँ किरातेश्वरको लिङ्गको स्थापना गरी किराती भएका शिवले परब्रह्ममय शिवको रूपमा त्यस लिङ्गलाई भक्तिपूर्वक अव्यक्त रूपमा पूजा गर्नुभयो। यता हराएका शिवको खोजी गर्ने भएकी पार्वतीले पनि किरातिनीको रूप लिई किरातेश्वरको पूजा गर्न लाग्नुभयो। पूजाकै क्रममा किरात किरातिनी भएका शिव र पार्वतीको भेट भयो। अर्कातर्फ शिव र पार्वतीको खोजी गर्ने भएका इन्द्रादि देवताहरूले गुह्येश्वरीको पूजा, जप र आराधना गरे। प्रत्यक्ष भएकी गुह्येश्वरी भगवतीको आज्ञाअनुसार इन्द्रादि देवताले किरात किरातिनीरूप शिव पार्वतीको प्रत्यक्ष दर्शन पाए। सबै देवताले शिव पार्वतीलाई कैलासमा सवारी हुन निवेदन गरे। तर शिव पार्वतीले देवताहरूको कुरा नमानी बरु सबै देवताहरूलाई नै किरात किरातिनीको रूप लिन आग्रह गरे। सबै देवता र शिव पार्वतीले किरात किरातिनीको रूप लिई दिव्य दशहजार वर्षसम्म श्लेष्मान्तक वनमा क्रीडा गरे। पछि पार्वतीले शिवजीलाई भन्नुभयो- 'ममा जुन अनन्त सौन्दर्य र अपार शक्तिको स्रोत छ, त्यो हजुरकै वरदान र सहवासबाट प्राप्त भएको हो। हजुर र ममा कुनै भेद छैन। साक्षात् शिवमय हजुरकै प्रतिमूर्ति भगवान् किरातेश्वरको पूजा आराधनाबाट हजुरको दर्शन मिल्यो। जसले किरातेश्वर शिवलिङ्गको दर्शन, स्पर्शन र पूजा पाठ आदि गर्दछ त्यसको सबै पाप नष्ट हुनेछन्। त्यसले यस लोकमा सुखसम्पत्ति पाई अन्त्यमा शिवसायुज्य प्राप्त गर्नेछ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै प्रसङ्गमा अर्को एक कथा पनि छ कुनै समयमा शुकवक्त्र नाम गरेको एक किराती थिए। शिकार खेलेर उनले आफ्नो जीविका चलाउँथे। शिकारको क्रममा उनले गन्धर्वहरूद्वारा नाच गान गरी किरातेश्वरको पूजा गरेको देखे। यसबाट प्रभावित भएको शुकवक्त्र किरातीले आफूले मारेको मृगको मासु मुखभित्र राखेको मीठो जल र आफूले दाँतले टोकी मीठो नमीठोको विचार गरेको फल र वनका झारपात र फूलले किरातेश्वरको पूजा गरे। भक्तिपूर्वक गरेको यस पूजाबाट भगवान् किरातेश्वर शिव प्रसन्न हुनुभयो। किरातेश्वरको दर्शन, स्पर्शनले शुकवक्त्रको सम्पूर्ण पाप नाश भयो। अन्त्यमा शिवतेजले युक्त भई शिवजीको प्रमथगणको श्रेष्ठ भई शिवजीको अनुचर बन्न गए। जूठो फल, जूठो पानी र मासुद्वारा शिवजी कसरी प्रसन्न हुनुभयो त भन्ने यहाँ शङ्का गर्नु ठीक छैन, किनभने केवल इन्द्रियलाई मात्र आत्मा (जीव) मान्नेका लागि मात्र यो शङ्का उठ्छ तर इन्द्रियभन्दा आत्मा भिन्नै छ। शुकवक्त्रले अन्तरात्माद्वारा अन्तरात्मगत परब्रह्म शिवलाई भक्तिपूर्वक पूजा गरेका हुन्। इन्द्रियलाई त साधनमात्र गराएको हो। हार्दिक र अनन्य भक्तिले गरिने पूजामा द्रव्यशुद्धिको खास अपेक्षा रहँदैन।

वनकाली

श्रीपशुपतिनाथको मन्दिरदेखि करीब आधा किलोमिटर पर दक्षिण र आग्नेयको बीचमा कालीको एक मन्दिर छ। यसलाई वनकाली भनिन्छ। वनमा बसेकी काली भएकीले यिनलाई वनकाली भन्ने चलन चलेको हुनसक्छ। प्रकाशित हिमवत्खण्डमा यिनको उल्लेख नभएकोले यिनलाई त्यति पुरानो भन्न मिल्दैन। यिनी कालीको कुन भेद अन्तर्गत पर्दछिन् यसको निर्क्योल हुन बाँकी नै छ। "**कलौ काली कलौ काली कलौ काली तु केवला**" यो शास्त्रीय वचनअनुसार कलियुगमा कालीको उपासनाद्वारा सांसारिक सुख समृद्धिका साथै अन्त्यमा उत्तम लोक प्राप्त हुने कुरा भने शास्त्रसिद्ध छ। श्रीपशुपतिनाथको गणको रूपमा रहेकी यी वनकालीलाई महाकालीको रूपमा स्वीकार गरी यिनको दर्शन पश्चात् श्रीपशुपतिनाथको दर्शन गर्नु भने मनासिबै देखिन्छ।

पिङ्गनस्थान (पिङ्गला भगवती)

वनकाली भगवतीको मन्दिरदेखि दक्षिणपट्टि करीब दुई शय मिटर पर पिङ्गनस्थानको नामले प्रसिद्ध देवीस्थान छ। यहाँ रहेकी देवीलाई पिङ्गनस्थानकी भगवती भनिन्छ। 'पिङ्गला' शब्दको अपभ्रंशबाट पिङ्गना शब्द हुन गएको अनुमान गर्दा यी भगवतीलाई पिङ्गला भगवती मान्न सकिन्छ। मनुष्यको मस्तिष्कमा गई उसलाई समस्त बौद्धिक काम गर्न लगाउने कार्य पिङ्गला नाडीको भएकोले यी भगवतीद्वारा पनि समस्त प्राणीहरूलाई सत्कार्यमा लाग्ने प्रेरणा र बुद्धि प्राप्त हुने कुरा अनुमान गर्न सकिन्छ। फलित ज्योतिषमा भने मङ्गला, पिङ्गला आदि आठ योगिनीलाई ग्रहमाताको रूपमा परिकल्पना गरी यिनीहरूको दशाका आधारमा फलादेश गर्ने परम्परा, भारत र नेपाल दुवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशमा चलिआएको छ। ज्योतिषअनुसार पिङ्गलाको सम्बन्ध सूर्यसित छ। सूर्यको सम्बन्ध दश महाविद्याअन्तर्गत त्रिपुरसुन्दरीसित रहन्छ। श्रीपशुपतिनाथको माथमा श्रीयन्त्र लेखी त्रिपुरसुन्दरीको पूजा गर्ने चलन हालसम्म चलिआएकै छ। यसबाट पिङ्गला भगवती र श्रीपशुपतिनाथको तादात्म्य सम्बन्ध छ भन्ने अनुमान गर्नु यथार्थ नै देखिन्छ। हालको चक्रपथ निर्माण हुनुभन्दा पहिले यी भगवतीको वासस्थान खेतमा पर्दथ्यो। काँडाको घारी छिचलेर जानुपर्ने भएकोले यहाँ कमैमात्र भक्तजनहरूले दर्शन गर्दथे। चक्रपथ निर्माणको क्रममा यी भगवतीलाई अन्यत्र सार्न लाग्दा अनेक विघ्नबाधा आइपरी काम नै रोक्नुपर्ने बाध्यात्मक परिस्थिति आएकोले यी भगवतीलाई यथावत् स्थानमा राखी यसमाथि ढलान गरी हालको चक्रपथ निर्माण गरिएको हो। यी भगवती अन्यन्त जाज्वल्य प्रत्यक्षकी भएकीले यिनको उपासनाबाट सूर्यदशाफलबाट आइपर्ने विघ्नबाधाहरू र पिङ्गलाको दशाबाट आइपर्ने दुःख र पीडाहरू शान्त हुन्छन्। वाग्वती नदीको तीर र मशान नगीचै बसेकीले यी भगवतीको परिसरभित्र गरेको जप, पूजा, पाठ र उपासना शीघ्र फलदायी हुन्छ। यी भगवतीको दर्शन गरी श्रीपशुपतिनाथको दर्शन गर्दा भगवान् श्रीपशुपतिनाथ छिट्टै प्रसन्न हुनुहुन्छ भन्ने कुरा स्वतः स्पष्ट छ।

वामन नारायण

पिङ्गला भगवतीदेखि करीब एकसय मिटर टाढा- ईशानपट्टि भगवान् वामन नारायणको मूर्ति छ। यो मूर्ति अत्यन्त प्राचीन हो। प्राचीन समयमा यो मूर्तिको धूमधामसित पूजाआजा हुन्थ्यो। लिच्छविकालमा यी वामनावतार नारायणको भव्य रथयात्रा पनि चलाइन्थ्यो भनी संस्कृतिविद् सत्यमोहन जोशीज्यूबाट यस पङ्क्तिका लेखकले सुनेको हो। भगवान् वामन नारायणको यो मूर्ति मूर्तिकलाको दृष्टिले पनि अति उत्तम मानिन्छ। वामन द्वादशीका दिन वामनावतार नारायणको दर्शन पूजन गर्नाले हरि मात्र नभएर हर (शिव) पनि प्रसन्न हुनुहुन्छ।

नेपालको अमूल्य सांस्कृतिक निधिको रूपमा रहेका यस्ता उत्कृष्ट मूर्तिरत्नहरूको संरक्षण तथा प्रचार प्रसार हुनु नितान्त आवश्यक देखिन्छ।

श्रीपशुपतिनाथ मन्दिरको वरपर रहेका देवीदेवताको छोटो परिचय प्रस्तुत गरिएको यो सानो लेखमा लेखको कलेवर ज्यादै बढ्ने भएकोले जानीजानीकन रत्नेश्वर, विश्वरूप, साक्षीगणेश, रामचन्द्र, सत्यनारायण, नृत्येश्वर आदि देवताहरूको परिचय समावेश गर्न सकिएको छैन।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वती र पशुपति

–डा. साफल्य अमात्य

हाम्रा पौराणिक ग्रन्थहरू नदीको महत्त्वले भरिपूर्ण छन् । श्रीमद्भागवत महापुराणअनुसार राजा भगीरथको कठोर तपस्याद्वारा भगवान् शङ्कर प्रसन्न हुनुभई आकाशबाट पृथ्वीमा गङ्गाजीको अवतरण हुँदा आफ्नो टाउकोको जटामा थाप्नुभयो । 'अग्निपुराण'मा भनिएको छ - नदी जुनसुकै ठाउँबाट बगे पनि त्यो ठाउँ पवित्र हुन्छ । नदीमा नुहाउनु भन्नु नै स्वर्गको अनुभूति प्राप्त गर्नु हो । अज्ञानताले अन्धो भएको व्यक्तिले ज्ञानको ज्योति पाउँदछ । यिनै गङ्गाको जल हेर्नाले, छुनाले र पिउनाले हजारौं पापीहरूको पाप नाश भएर जान्छ । मृत्युपछि गङ्गाजीमा मिसिनाले मोक्ष प्राप्त हुन्छ र आत्मालाई शान्ति मिल्दछ । गङ्गाको पानी एकथोपा छोएर आएको हावाको स्पर्शले पनि जीवनभरको पाप नाश हुन्छ । तसर्थ भगवान् शिवको हाँसो (मुख) बाट निस्केको यो वाग्वती त्यसै पनि पवित्र र पावन छ।

वाग्वती काठमाडौं उपत्यकाको र अझ भनौं सम्पूर्ण हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र नदी हो । वाग्वतीको अमृत जल नै नेपाल उपत्यकाको सभ्यता र संस्कृतिको मूल स्रोत पनि हो । यो वाग्वती नदी उपत्यकावासीहरू र अझ भनूँ सम्पूर्ण नेपालीहरूको आस्था, विश्वास, मोक्ष र मुक्तिको मार्ग पनि हो । यसै पवित्र नदीको पश्चिम किनारमा समस्त हिन्दूहरूका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ, जसको मुखकमलबाट सारा लोकलाई पवित्र तुल्याउने वाग्वती निस्केको छ, बगेको छ । त्यसैले पशुपतिपुराणको प्रारम्भमा नै भनिएको छ- **"यस्य वक्त्राद्विनिष्क्रान्ता वाग्वती लोकपावनी । नमामि शिरसा देवं शङ्करं भुवनेश्वरम् ॥"** अर्थात् जसको मुखकमलबाट सारा लोकलाई पवित्र तुल्याउने वाग्वती निक्लनुभयो, ती कल्याणदायक भुवनेश्वर शिवजीलाई म शिरले नमस्कार गर्दछु ।

पशुपतिपुराणमा भनिएको छ, जब भगवान् शिव मृगरूप धारण गरी श्लेष्मान्तक वनमा विहार गर्दै रहँदा भगवान्को दर्शन गर्न नपाएर देवताहरू आकुल व्याकुल हुन थाले । इन्द्रलगायत सबै देवताहरू भगवान् शिवको खोजखबर गर्न ब्रह्माजीकहाँ पुगे । ब्रह्माजीले भगवान् श्लेष्मान्तक वनमा कतै हुनुहुन्छ भनी विष्णु, इन्द्र सबै देवताहरूका साथ त्यसतर्फ लागे । त्यहाँ पवित्र वाग्वतीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनारमा तपस्या गरी बसिरहनुभएकी देवी पार्वतीलाई भेटी तिनीहरूले भगवान्‌को दर्शन गर्ने इच्छा प्रकट गरे। तिनीहरूको प्रार्थना सुनी देवी पार्वतीले भगवान् शिव मृगकूट पर्वत (मृगस्थली) मा अत्यन्त सुन्दर मृगको रूप धारण गरी वनविहार गरिरहेको कुरा बताइन्। देवताहरूले त्यहाँ मृगरूप धारण गरी विचरण गरिरहनुभएका भगवान् शङ्करको दर्शन पाए। त्यसैबखत लुकेर ब्रह्मा, विष्णु र इन्द्रले मृगेश्वर भगवान् शिवलाई समात्न खोजे तर उनीहरूको हातमा मृगरूपी भगवान्‌को सिङ मात्र पऱ्यो। सिङ समात्नेबित्तिकै तीन टुक्रा भयो र भगवान् त्यहाँबाट अन्तर्ध्यान हुनुभयो। देवताहरूले अब यो अनिष्ट भयो भनी भगवान्‌को प्रार्थना गर्न थाले र भगवान्‌ले पनि यो तीन टुक्रा सिङमध्ये इन्द्रको हातमा परेको स्वर्गलोकमा, ब्रह्माको हातमा परेको मर्त्यमण्डल नेपालको गोकर्णमा र विष्णुको हातमा परेको पातालमा लगी स्थापना गर्नू भनी आज्ञा गर्नुभयो। भगवान्‌बाट फेरि आज्ञा भयो "बाँकी रहेको मृगको शरीरले शिलातनु (ढुङ्गाको मूर्ति बनी) उत्पन्न हुनेछ। त्यो चार शिरवाला (चतुर्मुख शिव) लाई किराती राजाहरू र वैशालीबाट आएका (लिच्छवि) राजाहरूले पूजा गर्नेछन्।" यही चतुर्मुख शिलामूर्ति नै भगवान् श्रीपशुपतिनाथको मूर्ति हो।

पौराणिक कथाहरूमा पशुपतिको उत्पत्तिबारे यसरी वर्णन गरे तापनि पुरातात्त्विक र ऐतिहासिक दृष्टिकोणले भने पशुपतिको स्थापना ईसाको तेस्रो/चौथो शताब्दीतिर लिच्छविहरूसँगै वाग्वती उपत्यकाभित्र पसेका कुशाणहरूले गरेको हुनु धेरै संभावना छ किनभने कुशाणहरू शैवधर्मका अनुयायी थिए। कुशाण राजा वसुदेवको मुद्राहरूमा साँढेको अगाडि उभिएको शिव र अर्को कुशाण राजा भिमाखड्फसिसको ब्राह्मी अभिलेख एवं शिवलिङ्ग सहितको मुद्राहरूले पनि यो कुरालाई प्रमाणित गर्दछन्। कुशाणहरू वास्तुकलामा पनि निपुण थिए। यिनै शक-कुशाणहरूले नै सबैभन्दा पहिले काठमाडौं उपत्यकाभित्र मन्दिरवास्तुकला भित्र्याएका थिए। तसर्थ श्रीपशुपतिनाथको मूर्ति र मन्दिरको स्थापना यिनै शक कुशाणहरूले ईसाको तेस्रो/चौथो शताब्दीतिर गरेको हुनुपर्दछ।

हाँडीगाउँको उत्खननमा प्राप्त कनिष्क मुद्रा र पोखरीको भग्नावशेषले ईसापूर्व तेस्रो/चौथो शताब्दीतिर शक-कुशाणहरू वाग्वती उपत्यकाभित्र थिए भन्ने बुझाउँदछ। वर्मा वंशका र उत्तर लिच्छविकालीन राजाहरूले अपनाएको भागवत धर्मलाई शक-कुशाणहरूले बिस्तारै बिस्तारै बौद्ध र शैवधर्म बढाएर विस्थापित गर्दै लगे। फलस्वरूप वंशावलीहरूमा वर्णन गरिएका गोपालवंश, महिषपालवंश र किरातवंशका राजाहरू मात्र होइन, लिच्छविवंशका राजा श्रीसुपुष्पदेवपछिका राजाहरू पनि पशुपतिका अनुयायी तथा भक्त भए। गोपालराज वंशावली र अन्य वंशावलीहरू अनुसार लिच्छवि राजा श्रीसुपुष्पदेवले पशुपतिको देवल बनाएका थिए। ईसाको दोस्रो शताब्दीका राजा जय वर्माभन्दा सात पुस्ताअघिका राजा श्रीसुपुष्पदेवको समयमा ईस्वी संवत्‌को सुरुतिरदेखि नै वाग्वती उपत्यकाभित्र श्रीपशुपतिनाथको पूजाआजा गर्ने परम्परा भएको हुनुपर्दछ। यसै वंशका राजा भाष्कर वर्माले आफ्नो राज्य दक्षिण समुद्रसम्म बढाई धेरै हीरा, मोती, सुन श्रीपशुपतिनाथलाई चढाएका थिए। राजा मानदेवका बाजे राजा वृषदेवले पशुपतिको उत्तरतर्फ ठूलो त्रिशूल स्थापना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका थिए। यसरी लिच्छवि वंशका राजाहरू धर्मदेव, गणदेव, नरेन्द्रदेव आदिले श्रीपशुपतिनाथमा धेरै धन अर्पण गरेका थिए। नेपाल संवत् २१९ मा राजा शिवदेवले पशुपतिमन्दिर पुनःनिर्माण गरी तामाको छानो हालेका थिए। उत्तर मल्लकालमा कर्णाटककी रानी देवलदेवीले नेपाल संवत् ४६१ (वि.सं. १४०६) र सोही वर्ष राजा जयराजदेवले पशुपतिमा कोष चढाएका थिए।

नेपाल संवत् ४७० (वि.सं. १४०६) मा बंगालका सुल्तान समसुद्दिनले पशुपतिको मन्दिरलाई तहसनहस गरी पशुपतिको मूर्तिलाई तीन टुक्रा पारेपछि वि.सं. १४१७ मा महाथ जयसिंहराम वर्द्धनले पशुपतिको मन्दिरको पुनःनिर्माण र मूर्तिको पुनःस्थापना गरे। पशुपति मन्दिरको पुनःनिर्माणको कार्य वि.सं. १४६९ मा राजा ज्योतिर्मल्लको समयमा पनि भएको बुझिन्छ किनभने उनले ने.सं. ५३३ अर्थात् वि.सं. १४६९ मा श्रीपशुपतिनाथको मन्दिरमा सुवर्ण गजुर चढाएका थिए।

वर्तमान श्रीपशुपतिनाथको मूर्ति अर्थात् चतुर्मुखी शिवलिङ्ग यिनै बनेपाका महाथ जयसिंहराम वर्द्धनले प्रतिष्ठापन गरेका हुन्। समयको क्रममा उत्तर लिच्छविकालमा बनेको पशुपतिको मन्दिरको वास्तुकला के कस्तो थियो, सोबारे हामी अझै अनभिज्ञ छौं। श्रीपशुपतिनाथको मन्दिरको हालको वास्तुकलात्मक ढाँचा राजा शिवसिंह मल्ल (वि.सं. १६३५-१६७७) की रानी गङ्गारानीले गरेको जीर्णोद्धार पछिको हो। तर समय-समयमा यो मन्दिरको धेरैपटक जीर्णोद्धार र पुनःनिर्माण पनि भएको देखिन्छ। साथसाथै मन्दिरको सुन्दरता र भव्यतालाई वृद्धि गर्ने धेरै कामहरू पनि भएका देखिन्छन्। भूपालेन्द्र मल्लले मन्दिरको पुनःनिर्माण गरेपछि वि.सं. १८९५ मा राजा राजेन्द्र विक्रम शाहलगायत धेरै शाह राजाहरूले पनि यस मन्दिरको जीर्णोद्धार तथा मर्मत संभार गर्दै आइरहेका थिए। मन्दिरको सुन्दरतामा वृद्धि गर्ने काममा राणा प्रधानमन्त्रीहरू, भाइभारदारहरूको पनि त्यत्तिकै योगदान रहेको छ।

उत्तर लिच्छलिकालदेखि नै प्रसिद्धि पाएको श्रीपशुपतिनाथ हिन्दूहरूका चार प्रमुख धाममध्ये एक हुन्। ती हुन् केदारनाथ, बद्रीनाथ, विश्वनाथ र पशुपतिनाथ। नेपालमाहात्म्यअनुसार भगवान् शिवले "श्लेष्मान्तक वनमा म पशुरूपले बसेको छु, यसै कारणले संसारमा मेरो नाम पशुपति हुनेछ र म पशुपतिलाई जुन देवताहरूले दर्शन गर्नेछन् र पृथ्वीमा जुन मानिसहरूले दर्शन गर्नेछन् मेरो अनुग्रहबाट तिनीहरूको पशु जन्म हुनेछैन। मेरो हाँसोबाट निस्केकी वाग्वतीलाई जसले मृगेन्द्रशिखराद्रिमा गएर हेर्नेछन्, ती मानिसहरू पुण्यका भागी हुनेछन्" भन्नुभएको छ। पशुपतिपुराणमा उल्लेख गरिएको छ- **"मम पूर्वेण भागेन वाग्वत्याः सलिले शुभे। स्नायते सततं यस्तु तस्य पुण्यं महद्भवेत्॥"** अर्थात् मेरो (श्रीपशुपतिनाथको) पूर्व भागमा रहेको वाग्वतीको शुभजलमा जो सदा स्नान गर्दछ, त्यसलाई ठूलो पुण्य हुनेछ। त्यतिमात्र होइन- **"तत्राभिषेकं यः कुर्याद् गोसहस्रफलं लभेत्। गौरीशिखरमूले तु वाग्वत्या स्नायते तु यः॥"** अर्थात् श्रीगौरीशिखरको मूलमा सुशोभित हुनुहुने श्रीवाग्वती तीर्थमा जुन व्यक्ति अभिषेक र स्नानादि गर्दछ, त्यस व्यक्तिले देवलोक प्राप्त गर्दछ। "वाग्वतीको महत्त्वलाई पशुपतिपुराणमा यतिसम्म वर्णन गरिएको छ- **"वाग्वती सरितां श्रेष्ठा यत्र यत्रावगाहते।** तत्र तत्र फलं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याद्वाजपेयाश्वमेधयोः ॥ अर्थात् यस्ती परम पावनी श्रीवाग्वतीमा जहाँ जहाँ भक्त स्नान गर्दछ, त्यहाँ त्यहाँ सबैतिर वाजपेय एवं अश्वमेध यज्ञको फल प्राप्त भएको मानिनेछ ।

वाग्वती र पशुपतिको सम्बन्ध अत्यन्तै गम्भीर र व्यापक छ। हिन्दूधर्ममा नदी (पानी) र देवस्थलको निकै महत्त्वपूर्ण आध्यात्मिक एवं धार्मिक सम्बन्ध छ; इहलौकिक र पारलौकिक सम्बन्ध छ। पशुपतिपुराणमा भनिएको छ- "श्रीवाग्वतीमा स्नानमात्रले पनि तीर्थसेवी पुण्यात्माहरूको आध्यात्मिक, आधिभौतिक र आधिदैविक सम्पूर्ण विघ्न (दुःखकष्ट) हरू नष्ट हुनेछन् । पशुपतिको पाउमुनिबाट वाग्वती बगेर वाग्वतीको शिरमा पशुपति विराजमान भएको कारणले हिन्दूहरूका लागि यी दुवै पावन तीर्थस्थल, धार्मिकस्थल, पुण्यस्थल र धाम हुन पुगेका छन् । भगवान् श्रीपशुपतिनाथलाई दिनहुँ स्नान गराउने अमृत जल पञ्चामृत वाग्वती आर्यघाटमा मिसिन पुग्छ। यसले गर्दा वाग्वती नदी अझ बढी पवित्र भएको मानिन्छ र हिन्दूहरू यस पवित्र जलमा नुहाएर, सेचन गरेर, आचमन गरेर आफूलाई शुद्ध र पवित्र बनाउँछन् ।

कुशाणहरूले काठमाडौं उपत्यकाभित्र आएपछि शैवधर्म र बौद्धधर्मलाई अपनाई यी दुवै धर्मलाई प्रोत्साहित गर्न एकातिर श्रीपशुपतिनाथको मन्दिर र अर्कोतिर श्रीस्वयम्भूनाथको स्तूप स्थापना गरेका थिए। ईशापूर्व प्रथम शताब्दी वा ईशाको प्रथम शताब्दीतिर नै भारतवर्षमा शैवधर्मले आफ्नो प्रभुत्व जमाइसकेको थियो। सोको प्रभाव त्यतिवेलादेखि नै नेपाल उपत्यकाभित्र परेको धेरै संभव छ। कुशाणहरू र त्यसवेला उपत्यकाभित्रका अन्य प्रभावशाली जाति तथा समुदायले शैवधर्म र बौद्धधर्मको सहयोगबाट नै वैष्णव र कट्टर ब्राह्मणहरूलाई शक्तिकेन्द्रबाट विस्तारै विस्तारै विस्थापित गर्दै लगेको देखिन्छ।

लिच्छविकालका तिथिमिति र अभिलखेसहितका र अभिलेख नभएका धेरै शिवलिङ्गहरू यस उपत्यकाभित्र यत्रतत्र पाइन्छन्। काठमाडौं उपत्यकाभित्र र खास गरी वाग्वती नदीको वारिपारि असंख्य शिवलिङ्गहरू ईसाको पाँचौं शताब्दीदेखिका पाइएका छन्। लिच्छवि राजाहरूले "**भगवत्पशुपतिभट्टारकपादानुगृहीतः**" अर्थात् भगवान् श्रीपशुपतिनाथको पाउको अनुग्रह पाएका भनी आफ्नो प्रशस्तिमा लेखाउँथे। सातौं शताब्दीका प्रतापी राजा अंशुवर्माले सबभन्दा पहिलोपटक आफ्नो संवत् २९ (वि.सं. ६६२) को अभिलेखमा "भगवत्पशुपतिभट्टारकपादानुगृहीतो" भनी बडो गर्वसाथ आफूलाई शैवधर्मका अनुयायी भनी पुष्टि गरेका छन्। उनले आफ्नो दरबारको नाम पनि भगवान् शिवको वासस्थान कैलासबाट उद्धृत गरी "कैलासकूट भवन" भनी राखे। अंशुवर्मापछिका ठकुरीवंशका देव र गुप्त नामधारी राजाहरू जस्तै उदयदेव, जिष्णुगुप्त, विष्णुगुप्त, भीमार्जुनदेव, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदिले पनि आफूलाई "**भगवत्पशुपतिभट्टारकपादानुगृहीतः**" भनी शैवधर्मप्रति आफ्नो अगाध आस्था देखाएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरिमकाल, उत्तर मल्लकाल र मल्लकालमा पनि शैवधर्मको प्रभुत्व यथावत् रह्यो। यस काललाई प्रतिनिधित्व गर्ने असंख्य शिवलिङ्गहरू, शिव मन्दिरहरू अझै हाम्रा सामु छन्। यस कालमा राजा राघवदेवले "पशुपति संवत्सरे" भनी भगवान् श्रीपशुपतिनाथको नाममा नयाँ संवत् नै चलाए। जुन संवत्लाई पछि गएर नेपाल संवत् भनी भनिन थालियो। मल्लकाल र शाह राणाकालमा श्रीपशुपतिनाथको महत्त्व र महिमा झन् बढ्न गयो। भगवान् श्रीपशुपतिनाथ राष्ट्रकै आराध्यदेव हुन पुगे।

पवित्र वाग्वती नदी सम्पूर्ण नेपाली र खास गरी उपत्यकावासीहरूको लागि मरणोपरान्त देवत्त्वसँग समाहित हुने वैदिक बाटो हो। पुण्यभूमि पाशुपतक्षेत्र अर्थात् जहाँ भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ, त्यसको पाउबाट बगेको पवित्र वाग्वतीको जलमा प्रवाहित भएर आफ्नो पञ्चतत्त्वबाट बनेको शरीरलाई मुक्ति प्राप्त गर्न सबै हिन्दूहरू चाहन्छन्। दिनहुँ वाग्वतीको पवित्र जलमा स्नान गरी पशुपतिको दर्शन गरेर घर फर्की आफ्नो दैनिक जीवन सुखको साथ बिताउने मानिसहरूको ठूलो जमात काठमाडौँ उपत्यकाभित्र रहिआएको छ।

सन्दर्भसामग्री

डा. अमात्य, साफल्य, **पानी र संस्कृति**, *काठमाडौँ, २०६०।*

डा. अमात्य, साफल्य, **पुरातत्त्व, इतिहास र संस्कृति**, *काठमाडौँ, २०६८।*

डा. टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, *काठमाडौँ, २०५३।*

डा. टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, *काठमाडौँ, २०५३।*

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, **पशुपतिपुराण**, *काठमाडौँ, २०२९।*

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, **नेपालमाहात्म्य**, *काठमाडौँ, २०२८*

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, **पशुपतिपुराण**, *काठमाडौँ, २०२९, पेज १३१।*

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, **पशुपतिपुराण**, *काठमाडौँ, २०२९, पेज १५६-१५७।*

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, **पशुपतिपुराण**, *काठमाडौँ, २०२९, पेज १०६।*

वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, *काठमाडौँ, २०३०*

कोइराला, कुलचन्द्र, **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, *काठमाडौँ, २०५१।*

वज्राचार्य, धनवज्र, **पूर्वमध्यकालका अभिलेख**, *काठमाडौँ, २०६८।*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवमहापुराणमा श्रीपशुपतिनाथ

–डा. स्थिरप्रसाद पराजुली

वेदव्यास विरचित अठार पुराणहरूमध्येको र पं. रामतेज पाण्डेद्वारा सम्पादित, चौखम्बा विद्या भवन, वाराणसीबाट प्रकाशित प्रस्तुत शिवमहापुराणमा श्रीपशुपतिनाथको उल्लेख र उक्त ग्रन्थमा पशुपति शब्दप्रयोग के, कसरी, कति ठाउँमा भएका छन् ? ती टिपोटहरूको सङ्क्षिप्त रूपमा उल्लेख गर्नु यस सन्दर्भको मूल उद्देश्य हो ।

प्रस्तुत शिवमहापुराण मूलमा पाँच सय सन्ताउन्न अध्याय र माहात्म्यका सात अध्याय गरी जम्मा चार सय चौसठ्ठी अध्यायमा संयोजित सिङ्गो ग्रन्थ बनेको छ ।

प्रस्तुत ग्रन्थअन्तर्गत पहिलो विद्येश्वरसंहितामा मूल शीर्षकभित्र पच्चीस अध्यायमा विषयवस्तुलाई प्रायोगिक गति दिई प्रत्येक अध्यायसँग सम्बन्धित उपशीर्षकहरू राखिएका छन् ।

दोस्रो रुद्रसंहितामा मूल शीर्षक अन्तर्गत सृष्टिखण्ड एकमा बीस अध्यायका उपशीर्षकहरू छुट्टाछुट्टै छन् । सतीखण्ड दुईअन्तर्गत त्रिचालीस अध्यायको संयोजनका साथ उपशीर्षकहरू प्रयोग गर्दै विस्तारित गतिमा उल्लेख गरिएको पाइन्छ । पार्वतीखण्ड तीनमा उपशीर्षकसहितका पचपन्न अध्यायमा विस्तारित वर्णन देखिन्छ । कुमार खण्ड चारअन्तर्गत उपशीर्षकसहितका बीस अध्यायमा विषयवस्तुगत वर्णन गरिएको पाइन्छ । युद्धखण्ड पाँचअन्तर्गत उपशीर्षकसहितका जम्मा उनान्साठ्ठी अध्यायमा विषयवस्तुले वर्णनात्मक गति लिएको पाइन्छ । यस क्रमले रुद्रसंहिताअन्तर्गत उपर्युक्त लिखित पाँच सन्दर्भका उपशीर्षकहरूलाई क्रमिक गति दिएर विषयवस्तुगत संयोजन गरिएको छ ।

तेस्रो शतरुद्रसंहितामा मुख्यशीर्षकअन्तर्गत जम्मा बयालीस अध्यायमा उपशीर्षकहरूले सजिएको वर्णनात्मक गतिसँग-सँगै अन्तिम अध्यायमा **"सौराष्ट्रे सोमनाथञ्च................ घुस्मेश्वरावतारस्तु द्वादशः शङ्करस्य हि"** (श.रु.सं. ४२:६-५२) भनी शिवजीका द्वादशज्योतिर्लिङ्गको क्रमशः विस्तारित गतिमा वर्णन गरिएको पाइन्छ ।

चौथो कोटिरुद्रसंहितामा मूलशीर्षक अन्तर्गत जम्मा त्रिचालीस अध्यायमा विषयवस्तुगत उपशीर्षकहरूको संयोजन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथसम्बन्धी उल्लेख कोटिरुद्रसंहिताकै एघारौं अध्यायमा वर्णन गरिएको छ। यस क्रमलाई केही पछि स्पष्ट पार्ने कार्य गरिनेछ।

पाँचौं उमासंहितामा मूलशीर्षकअन्तर्गत अध्यायगत उपशीर्षकहरू संयोजन गर्दै एकाउन्न अध्यायमा विषयवस्तुले विस्तारित गति लिएको पाइन्छ।

छैठौं कैलाससंहितामा मूलशीर्षक अन्तर्गत तेईस अध्यायका साथ उपशीर्षकहरू राखेर शिवजी र पार्वतीबीचका कैलासका लीलालाई उजागर गरिएको पाइन्छ।

सातौं वायवीयसंहितामा मूलशीर्षक अन्तर्गतको पूर्वभागभित्र पैंतीस अध्यायको निर्धारणका साथ प्रसङ्गानुसारका उपशीर्षकहरूले समेटिएका विषयवस्तुलाई वणर्नात्मक गति दिइएको छ। सातौंकै वायुसंहिता अन्तर्गतकै उत्तरभागभित्र एकचालीस अध्यायमा विषयवस्तुलाई प्रसङ्गानुकूल विभाजन गरेर शिवजीको साङ्गोपाङ्ग पूजाविधि, शिवशास्त्रोक्त शिवपूजनम्, नित्यनैमित्तिकविधि, काम्यकर्मविधान, शैवानां काम्य कर्माणि, पञ्चाक्षरमहिमा, गुरुमहिमा, शिवपञ्चाक्षरमाहात्म्य जस्ता उपशीर्षकहरूले समेटिएका विषयवस्तुलाई वणर्नात्मक गतिमा उल्लेख गरिएको पाइन्छ।

अतः यस किसिमले चार सय चौसठ्ठी अध्यायमा श्रीशिवमहापुराणको आख्यान-उपाख्यान सम्बन्धी सिङ्गो स्वरूप सिर्जना भएको पाइन्छ।

व्यासविरचित श्रीशिवमहापुराणमा श्रीपशुपतिनाथको उल्लेखलाई पहिचान गरेर स्पष्ट पार्ने क्रममा उक्त पुराणको कोटिरुद्रसंहिता मूलशीर्षक अन्तर्गतका एघारौं अध्यायको उपशीर्षक "चन्द्रभाल पशुपतिनाथ माहात्म्यम् (शिव पु.पृ.६९१) भनी समासयुक्त शब्दावली प्रयोग गरेको पाइन्छ। प्रस्तुत एघारौं अध्यायमा जम्मा एक्काईस श्लोक समाविष्ट देखिन्छन्। तीमध्ये सुरुका एक र दुई श्लोकमा शौनकादि ऋषिहरूले सूतजीलाई सम्बोधन गरी सम्पूर्ण पापनाश गर्ने उत्तर दिशाका शिवलिङ्गहरूको महत्त्व बताइदिनुहोस् भन्ने अनुरोध गरेको देखिन्छ। त्यसपछि रावणले सभक्ति उत्तरतर्फबाट ल्याइएका अर्धचन्द्रमाको आकार निधारमा परेसमानको चिह्न अङ्कित शिवलिङ्गको विस्तारपूर्वक वर्णन गरेको उल्लेख पाइन्छ। यो वर्णन भारतराष्ट्रका झारखण्ड प्रदेश देवघरका बाबाधामका शिवलिङ्गमा देखिने औंलाका आकारको चिह्नयुक्त शिवलिङ्गको वर्णनमा केन्द्रित भएको प्रतीत हुन्छ।

त्यसपछि दाधीचेश्वर शिवलिङ्गको वर्णनका साथै नैमिषारण्यक्षेत्रका ऋषीश्वर शिवलिङ्गको उल्लेखका साथ व्यासको काव्यात्मक गति अगाडि बढेको छ। देवप्रयाग तीर्थका ललितेश्वर शिवलिङ्गको वैशिष्ट्य दर्शाएपछि उक्त अध्यायका अठारौं श्लोकको पूर्वभागमा सिङ्गो शरीररूपी पृथिवीका बीच आँखारूपी प्रसिद्ध नेपाल राष्ट्रको उल्लेख गरिएको छ। त्यही अठारौं श्लोककै उत्तरभागमा सम्पूर्ण कामना पूर्ण गर्ने आँखाको नानीरूपीमा श्रीपशुपतिनाथको शिवलिङ्ग छ (शिव पु.को पृ.६९२) भन्ने व्यासोक्ति पाइन्छ। यस क्रमपछिका उन्नाईसौं श्लोकमा "**शिरोभागस्वरूपेण शिवलिङ्गम् तदस्ति हि। तत्कथां वर्णयिष्यामि केदारेश्वरवर्णने ॥**" *(को.रु.सं.११:१९, पृ.ऐ.ऐ.)* भन्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि केदारेश्वर शिवलिङ्गको प्रसङ्गमा स्पष्ट पार्ने प्रतिबद्धता दर्शाइएको छ। उपर्युक्त उल्लेखित शिवलिङ्गहरूको दर्शनका साथको पूजाक्रमले भुक्ति र मुक्ति दुवै उपलब्ध हुने सङ्केतका साथ प्रस्तुत अध्याय टुङ्गिएको पाइन्छ।

सारांशमा भन्दा व्यासविरचित्त श्रीशिवपुराण सिङ्गो शरीरको अवस्थामा कल्पित छ भने त्यही शरीरका लागि चाहिने आँखातुल्य एक अङ्गको रूपमा नेपाल मातृभूमिलाई (शिव पु.को. सं.११: अठारौं श्लोकको पूर्व भागले) कल्पना गरिएको पाइन्छ। यसको निष्कर्षको रूपमा भने श्रीपशुपतिनाथलाई त्यही शरीरका अङ्गमा चाहिने एवं अत्यावश्यक पर्ने आँखामा नानीको रूपले उक्त अठारौं श्लोकका उत्तर भागले श्रीपशुपतिनाथ सम्बन्धी महत्त्वपूर्ण भावभूमि स्पष्ट दर्शाएको छ। *(शिव पु.को रु.सं.११:१८ पृ.ऐ.ऐ.)*

यसै क्रममा द्वादश ज्योतिर्लिङ्गसम्बन्धी सन्दर्भलाई सङ्क्षिप्त रूपले दर्शाउने प्रयास गरिएको छ। व्यासविरचित श्रीशिवमहापुराण भित्रका विविध संहितामध्येकै एक संहिता शतरुद्रसंहिता हो। यसभित्रकै पाँचौं अध्यायको उपशीर्षकमा "**एकोनविंशति शिवावतारवर्णनम्**" *(पृ.५७६)* भन्दै शिवजीका उन्नाईस अवतारको सङ्केत पाइन्छ। यसैअन्तर्गतको परिवेशमा "**एते पाशुपताः शिष्या भस्मो धुलिन विग्रह**" *(पृ.५७८)* भन्ने पशुपतिसम्बन्धी उल्लेख पाइन्छ। यही अध्यायको अन्त्यमा "**इति द्विचत्वारिंशावताराः**" *(पृ ऐ.ऐ.)* भनी शिवजीका बयालीस अवतारको सङ्केत पाइन्छ। प्रस्तुत क्रममा स्पष्ट तरीकाले पशुपति शब्दको प्रयोग भएको भन्ने देखिँदैन। प्रस्तुत संहिताभित्र जम्मा बयालीस अध्यायको संयोजन भएको पाइन्छ। ती मध्येकै बयालीसौं वा अन्तिम अध्यायमा "द्वादश ज्योतिर्लिङ्गावतार" *(पृ.६६८)* भन्ने उपशीर्षक राखिएको छ। प्रचलित एवं प्रसिद्धरूपमा शिवजीसम्बन्धी द्वादश ज्योतिर्लिङ्गको नै प्रधानता रहेको पाइन्छ। उक्त अध्यायभित्र जम्मा उनान्साठी श्लोक समावेश गरिएका छन्। तीमध्येकै छैटौं श्लोकदेखि नवौं श्लोकसम्ममा गुजरातप्रदेशका प्रभासक्षेत्रका सोमनाथसम्बन्धी ज्योतिर्लिङ्गको विस्तारित वर्णन गरिएको छ। दशौं श्लोकदेखि बाह्रौं श्लोकसम्ममा आन्ध्रप्रदेशको दोस्रो ज्योतिर्लिङ्ग मल्लिकार्जुनको परिचयात्मक वर्णन गरिएको छ। तेह्रौं श्लोकदेखि सत्रौं श्लोकसम्ममा मध्यप्रदेशको उज्जैन नगरीका महाकालेश्वरको परिचय सम्बन्धी वर्णन गरिएको छ। अठारौं श्लोकदेखि बाइसौं श्लोकसम्ममा मध्यप्रदेशका कावेरी र नर्मदा नदीका सङ्गममा रहेका ॐकारेश्वरको विस्तारित वर्णन गरिएको छ। तेईसौं श्लोकदेखि छब्बीसौं श्लोकसम्ममा उत्तराञ्चलका केदारेश्वरको व्याख्यापूर्ण वर्णन गरिएको छ। सत्ताईसौं श्लोकदेखि उनन्तीसौं श्लोकसम्म गोहाटीको डाकिनी पर्वतको शृङ्खलामा रहेका भीमाशङ्कर ज्योतिर्लिङ्गको परिचयात्मक वर्णन गरिएको छ। तीसदेखि तेत्तीस श्लोकसम्ममा काशी विश्वेश्वरावतारको वर्णनात्मक उल्लेख गरिएको छ। चौंतीस श्लोकदेखि सैंतीस श्लोकसम्ममा महाराष्ट्रप्रदेशको गोदावरी नदीका तीरमा रहेका त्र्यम्बकेश्वरको परिचयपूर्वकको वर्णन गरिएको छ। अठतीस श्लोकदेखि एकचालीस श्लोकसम्ममा झारखण्ड प्रदेशका देवघरका वैद्यनाथेश्वरको व्याख्यानपूर्वक वर्णन गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। बयालीस श्लोकदेखि पैंतालीस श्लोकसम्ममा गुजरात प्रदेशका दारुका वनका नागेश्वरको परिचयात्मक उल्लेख गरिएको छ। छ्यालीस श्लोकदेखि एकाउन्न श्लोकसम्ममा तमिलनाडु प्रदेशका सेतुबन्धमा रहेका रामेश्वरको विस्तारपूर्वक वर्णन गरिएको छ। बाउन्न श्लोकदेखि छपन्न श्लोकसम्ममा महाराष्ट्रप्रान्तको एल्लोरास्थित घुस्मेश्वरावतारको विशेषतासहितको वर्णन गरिएको छ। माथि उल्लिखित क्रमले शिवपुराणमा द्वादश ज्योतिर्लिङ्गको विस्तारपूर्वकको वर्णन गरिएको छ। *(शिव पु.शत रु.सं.अ.४२ पृ.६६८-६७०)*।

प्रस्तुत क्रमानुसार कोटिरुद्रसंहिताका पहिलो अध्यायमा "**सौराष्ट्रे सोमनाथञ्च............ घुस्मेशञ्च शिवालये**" भन्दै "**द्वादशैतानि नामानि प्रातरुत्थाय यः पठेत्। सर्वपापविनिर्मुक्तः सर्वसिद्धिफलम् लभेत्**" भन्ने पाठ र पाठको फलप्राप्ति सम्बन्धी विशेष टिप्पणी समेत गरिएको छ। *(शिव पु.को. रु.१ : २१-२४ पृ.६७२)*। यसै संहिताको पैतीसौं अध्यायमा भने "**शिवसहस्रनामस्तोत्रम्**" (पृ.७४८ देखि ७५२) र यसकै छत्तीस अध्यायमा "**शिवसहस्रनामस्तोत्रफलम्**" *(पृ.७५३ देखि ७५४)* भन्दै सहस्रनाम पाठको विशेषता एवं औचित्य समेत उल्लेख गरिएको छ।

श्रीशिवमहापुराणभित्र दृष्टि दिएर पशुपति वा श्रीपशुपतिनाथ शब्दको अनुशीलन गर्दै यो लेखनी अगाडि बढेको हो। यस क्रममा सर्वप्रथम माहात्म्यको एक अध्यायदेखि सात अध्यायसम्ममा सिंहावलोकन गर्दा पशुपतिशब्दको प्रयोग भएको भेटिएन। विद्येश्वरसंहिताभित्र दृष्टि दिंदै अगाडि बढ्दा अध्याय एकदेखि उन्नाईससम्म पशुपतिशब्द प्रायोगिक बनेको देखिएन। उक्त संहिताकै अध्याय बीसको श्लोक सतचालीसमा "**शिवः पशुपतिश्चैव महादेवः**" *(पृ.६८)* भनी पशुपतिशब्दको प्रयोग भएको पाइन्छ। यसै संहिताको अध्याय एक्काईसको श्लोक सत्चालीसमा "**महादेवः पशुपतिः**" *(पृ.७१)* भनी उच्चारणात्मक गति दिएको पाइन्छ।

रुद्रसंहिता अन्तर्गतका युद्धखण्डका नौ अध्यायका तेईसौं श्लोकमा "**पशुपतिश्चैव पशुपाशविमोचकः**" *(पृ.४४४)* भनी स्पष्ट तरिकाले पशुपतिसम्बन्धी उल्लेख पाइन्छ। शतरुद्रसंहिताको अध्याय दुईको श्लोक नौमा "**रूपं पशुपतेर्य पशुपाशनिकृन्तनम्**" *(पृ.५७२)* भने पशुपतिगत विषयको चर्चा भएको पाइन्छ।

कोटिरुद्रसंहिताको एघारौं अध्यायको उपशीर्षकमा नै "**चन्द्रभालपशुपतिनाथ माहात्म्यम्**" *(पृ.६९१)* भनी श्रीपशुपतिनाथलाई नै मूल आधार मानेर उल्लेख गरेको पाइन्छ। यो प्रसङ्ग पहिले पनि उल्लेख गरिसकिएको छ। यही संहिताकै अध्याय पैंतीसको उपशीर्षकमा "**शिवसहस्रनामस्तोत्रम्**" *(पृ.७४८)* अन्तर्गत बाह्रौं श्लोकमा "**उग्रः पशुपतिस्ताक्ष्र्यः**" *(पृ.७४८)* भन्ने स्पष्ट उल्लेख पाइन्छ। कोटिरुद्रसंहिताकै अध्याय अठतीसको श्लोक चौवन्नमा "**पुनः पशुपतिस्तथा**" *(पृ.५७९)* भने स्पष्ट उल्लेख पाइन्छ। उमासंहिताको अध्याय चवालीसको श्लोक चौसठ्ठीमा "**पर्वतेशं पशुपतिं हाटकेश्वरमेव वा**" *(पृ.८६५)* भनी पशुपतिसम्बन्धी सूक्तिमय उल्लेख पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायवीयसंहिताको पूर्वभाग अन्तर्गत तेत्तीस अध्यायका उपशीर्षकमा "**पशुपतिव्रतविधानम्**" (पृ.१०१०) भन्दै स्पष्ट उल्लेख गरेको पाइन्छ। यसै संहिताको पहिलो श्लोकमा "**व्रतं पाशुपतं परम्**" र "**सर्वे पाशुपताः स्मृताः**" (पृ.१०१०) भन्ने प्रसङ्ग स्पष्ट उल्लेख पाइन्छ।

वायुसंहिता उत्तरभाग अन्तर्गत अध्याय दुईको एक श्लोकमा "**किं तत्पाशुपतं ज्ञानं कथं पशुपतिः शिवः**" (पृ.१०२२) भन्दै शिवजीको महिमाका सन्दर्भमा उल्लेख गरेको पाइन्छ। यही अध्यायको श्लोक चारमा "**ज्ञानं पाशुपतं परम्**" (पृ.१०२२) र श्लोक आठमा "**दिव्यं पाशुपतं ज्ञानं विभूति**" (पृ. १०२३) भन्ने उल्लेख भएको पाइन्छ। यसकै श्लोक नौमा "**कथं पशुपतिर्देवः पशवः के प्रकीर्तिताः**" (पृ.१०२३) भन्ने टिप्पणीपूर्वकको उल्लेख पाइन्छ। त्यस्तै सोही अध्यायको बाह्र श्लोकमा "**पतित्त्वाद्देवेशः शिवः पशुपतिः**" (पृ.१०२३) भन्ने विश्लेषणात्मक उल्लेख पाइन्छ। वायुसंहिताकै उत्तरभाग अन्तर्गतको अध्याय तीनको श्लोक पच्चीसमा "**मूर्तिः पशुपतेर्ज्ञेया पशुपाशनिकृन्तनी**" (पृ.१०२६) व्याख्यापूर्वकको उल्लेख पाइन्छ। वायुसंहिताकै उत्तरभागको पाँचौं अध्यायको उपशीर्षकमा "**पशुपतित्वज्ञानयोग**" (पृ.१०३०) भन्ने श्रीपशुपतिनाथसम्बन्धी ज्ञानभाव दर्शाउँदै पशुपति शब्द प्रयोग भएको पाइन्छ। यसकै अध्यायगत अन्त्यमा "**पशुपतित्वज्ञानयोगो नाम**" (पृ.१०३१) भन्ने स्पष्ट उल्लेख पाइन्छ।

प्रस्तुत शिवपुराणअन्तर्गत शिवजीका विविध आकारलाई नियाल्दा रुद्रसंहिताभित्रै काशी विश्वनाथलाई विशेष महत्त्वपूर्ण ज्योतिर्लिङ्गको रूपमा राखेर उल्लेख गरेको पाइन्छ। शतरुद्रसंहिताको सत्र अध्यायको उपशीर्षकमा "**शिवदशावतारवर्णनम्**" (पृ.६०८) भन्ने उल्लेख पाइन्छ। यसै संहिताको अठार अध्यायको उपशीर्षकमा "**एकादशावतारवर्णनम्**" (६०९) भनी शिवजीका विविधावतारलाई दर्शाएको पाइन्छ। शतरुद्रसंहिताकै अध्याय बयालीसमा ज्योतिर्लिङ्गावतारको (पृ.६६८) विस्तारपूर्वक परिचय समेत उल्लेख गरेको पाइन्छ। द्वादश ज्योतिर्लिङ्गको क्रममा सोमनाथ, मल्लिकार्जुन, महाकालेश्वर, ओंकारेश्वर, वैद्यनाथेश्वर, केदारेश्वर र घुस्मेश्वरको एक-एक अध्यायमा वर्णन गरिएको छ। विश्वेश्वर, भीमेश्वर, नागेश्वर र रामेश्वरको भने दुई-दुई अध्यायमा विस्तारित वर्णन गरिएको छ। त्र्यम्बकेश्वरको भने चार अध्यायमा विस्तृत गतिमा वहेर परिचयात्मक वर्णन गरिएको छ। यस किसिमले द्वादशज्योतिर्लिङ्गको वर्णनमा व्यासका कथनहरू अलग-अलग गतिमा वहेका पाइन्छन्।

शिवपुराणभित्रका रुद्रसंहिताको अध्याय दुईको श्लोक उनन्चासमा "**ज्योतिर्लिङ्गेषु सर्वेषु भवान् विश्वेश्वरो मतः**" (पृ.४२८) भन्ने ज्योतिर्लिङ्गसम्बन्धी शक्तिपृथकीकरणका दृष्टिहरू भिन्न-भिन्न तरीकाले उल्लेख गरिएका छन्। शतरुद्रसंहिताको अध्याय तेह्रको उन्नाईसौं श्लोकमा "**यत्र विश्वेश्वरो साक्षात् काशीनाथो प्रतिष्ठति**" (पृ.५९८) भनी काशीमा विश्वेश्वरको वास भएकै हुनाले काशी नगरी पुण्यभूमि वा शिवभूमि बनेको हो भन्ने भावात्मक सङ्केत पाइन्छ। उक्त रुद्रसंहिताको अध्याय तेह्रकै बीसौं श्लोकमा "**प्राप्य वाराणसीं तूर्णम् दृश्यताम्मणिकर्णिकाम्**" भनी वाराणसीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मणिकर्णिकाको *(पृ.५९८)* विशेषता दर्साएको पाइन्छ। अध्याय तेत्तीसकै एक्काईसौं श्लोकमा **"दृष्टा सर्वाणि लिङ्गानि विश्वेशप्रमुखानि च"** *(पृ.५९९)* भन्दै वाराणसीय नगरीलाई प्रमुख शिवनगरी वा वासस्थलीको रूपमा व्यासले आत्मसात् गरेको प्रतीत हुन्छ।

सङ्क्षेपमा भन्दा व्यासविरचित श्रीशिवपुराणका आख्यान उपाख्यानको वर्णनात्मक क्रममा समेटिएका परिवेशभित्र सिंहावलोकन गर्दा कोटिरुद्रसंहिताको एघारौं अध्यायको अठारौं श्लोकमा नेपाल मातृभूमिलाई मानिसका शरीरका आँखा समान रूपमा राख्दै श्रीपशुपतिनाथलाई आँखाका नानीको रूपले समावेश गर्दै व्यासका शिवभक्तिप्रतिका काव्यिक भावधाराले निरन्तर गति लिएको कुरा मैले महसुस गरेको छु। श्रीपशुपतिशब्दको अनुशीलनक्रममा त्रुटि हुन पुगेको भए श्रीपशुपतिनाथ समक्ष क्षमायाचना गर्दै यो क्रमलाई यस्तै भो भनेर टुङ्ग्याउन चाहन्छु।

सन्दर्भसामग्री

शिवमहापुराणम्, व्यासविरचितम्, पं. रामतेज पाण्डेद्वारा सम्पादित, **चौखम्बाविद्याभवन**, *वाराणसीबाट प्रकाशित, प्रथम संस्करण (सन् २०११)*

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ तथा पशुपतिमुद्रा

–हरिराम जोशी

भगवान् श्रीपशुपतिनाथ

भगवान् श्रीपशुपतिनाथ नेपालका अधिष्ठातृ देवता मानिन्छन् । नेपालका अनेकौं देवताहरूमा थिनको विशिष्ट स्थान रहेको छ । यसैले यस देवताको यथार्थस्वरूप थाहा लिनु अत्यावश्यक भएको छ ।

शिवका सहस्रनाममध्ये पशुपति पनि एक रहेको छ । पशुपति शब्दले पशुहरूका रक्षक भन्ने कुरा अर्थ्याउँछ । यसै तथ्यको प्रतीकस्वरूप सैन्धव उत्खननमा प्राप्त एक प्रतीक चिह्न (Seal) मा उत्कीर्ण देवताको चित्रको वरिपरि बाघ, हात्ती, गैँडा, भैँसी तथा हरिणका आकृतिहरू चित्रित छन् जसले शिवको सर्वप्राचीन पशुपति स्वरूपतिर इङ्गित गर्दछ । पुरातात्त्विक आधारमा शिवको पशुपति स्वरूपका प्राचीनतम उदाहरण प्रथम शताब्दी ई. का कुशान सम्राट् कनिष्क प्रथमका मुद्रामा भेट्टिन्छ । कनिष्कको मुद्रामा शिवसँगै एक हरिणको आकृति पनि उत्कीर्ण छ, जुन शिव पशुपति भएको कुराको सङ्केत स्वरूप छ ।

सैन्धव सभ्यतापछि वैदिक समयमा शिवको प्रचलित नाम रुद्र रहेको छ, जसलाई पशुपति पनि भनिन्छ ।

"नमः शंगवे च पशुपतये च नम उग्राय च भीमाय च ।" *-यजुर्वेद १४.४०*

तर, साँच्चै भन्ने हो भने सम्पूर्ण देवताहरूको श्रृङ्खलामा शिव पशुपति नै एक यस्तो देवता हुन् जो विपरीत गुणहरूले युक्त छन् । ऋग्वेदमा रुद्र पशुहरूका रक्षक एवं भक्षक दुवै रूपमा वर्णित छन् । ऋग्वेदमा रुद्रका आयुधहरूका वर्णन छन्, जसले उनी पशुहरूलाई मार्दछन् । ऋग्वेद १।११।४।१ मा रुद्रसित तिनका ती आयुधहरूबाट दोपाया तथा चौपाया प्राणीहरूको संहार नगरियून् भनी प्रार्थना गरिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**"इमा रुद्राय तपसे कपर्दिने क्षयद्वीराय प्रभरामहे मतीः ।
यथा शम् असद द्विपदे चतुष्पदे, विश्वं पुष्टं ग्रामे अस्मिन्ननातुरम् ।"** -ऋ. १.११४.१

तर, यसको अनन्तर ऋग्वेदमा रुद्रलाई पशुहरूका रक्षक अर्थात् पशुपा भनी सम्बोधन गरिएको छ –

**"उप ते स्तोमान् पशुपा इवाकरं, रास्वा पितर् मरुतां सुम्नम् अस्मे ।
भद्रा हिते समुतिर्मृलयत्तमाथा वयं अव इत्ते वृणीमहे ॥"** -ऋ. १.११४.९

रुद्रलाई खुल्ला क्षेत्रहरूका मालिक भनिएको छ जसको कारण तिनलाई ती क्षेत्रहरूमा विचरण गर्ने पशुहरूका रक्षक भनिन्छ । यसरी शिवको पशुपति नामले खास विशेषता राखेको कुरा स्पष्ट रूपले प्रदर्शित हुन्छ । अथर्ववेद ११.२.१मा पशुपतिसित पशुवृद्धिको प्रार्थना गरिएको छ ।

**"भवाशर्वौ मृडतं माभि यातं भूतपती पशुपती नमोवृवाम् ॥
प्रतिहितामायतां मावि स्राष्टं मा नो हिंसिष्टं द्विपदो मा चतुष्पदः ॥"** अ. ११.२.१

गौ, अश्व, मनुष्य, बोका एवं भैंडा यी पाँच पशुहरूलाई शिव पशुपतिका सम्पत्तिको रूपमा लिइन्छ ।

**"चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्वः पशुपते नमस्ते ।
तवेमे पञ्च पशवो विभक्ता गावो अश्वा पुरुषा अजावयः ॥"** -अ.११.२.९

फेरि, अथर्ववेदमा भिन्न भिन्न दिशाहरूका अधिपतिस्वरूप सप्तरुद्रका नाम पनि दिइएको छ, जसमध्ये पश्चिम लोकका अधिपतिको रूपमा पशुपतिको नाम वर्णित छ । पछि गएर पशुपति रुद्रका दश गणको चर्चा गरिन लागेको थियो, जो पछि दश रुद्रको नामले प्रख्यात भए । काठमाडौँ नक्साल ज्ञानेश्वर भेकमा प्रतिष्ठापित हाल नेपाल म्यूजियममा राखिएको पंचमुख नृत्यमा रत शिव मूर्तिको तलतिर तिनका दश गणहरूका आकृतिहरू पनि कुँदिएका छन् । यसले शिवका उपर्युक्त दश गणको पुरातात्त्विक आधार प्रस्तुत गर्दछ ।

यजुर्वेदमा रुद्र-पशुपतिका बारे राम्रो वर्णन पाइन्छ । यजुर्वेद तैत्तिरीय संहिता १, ८, ६ मा मनुष्य र पशुहरूको लागि उनीसित स्वास्थ्यप्रद भेषज प्रदान गरियून् भनी प्रार्थना गरिएको छ । रुद्र-शिवको पशुपति रूपको स्पष्ट वर्णन यजुर्वेदमा पाइन्छ ।

"नमः शंगवे पशुपतये च नम उग्राय च भीमाय च नमोऽग्रेवधाय च दूरेवधाय च नमो हन्त्रे च हनीयसे च नमो वृक्षेभ्यो हरिकेशेभ्यो नमस्तराय ।" -*यजुर्वेद शतरुद्रीय सूक्त*

यजुर्वेदमा रुद्रका दुईओटा यस्ता सूक्तहरूको वर्णन पाइन्छ जसमा हामी रुद्रको एक नयाँ स्वरूप पाउँछौ । ती दुई सूक्त हुन् - त्र्यम्बक होम र शतरुद्रीय । त्र्यम्बक होममा रुद्रका पशुपति र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिषक् रूपको साथै तिनका एक स्त्री देवताको पनि वर्णन गरिएको छ। उनको नाम हो– अम्बिका जसलाई रुद्रकी बहिनीको रूपमा उल्लेख गरिएको छ। यहाँ रुद्रलाई कृत्तिवासा भनिनुको साथै मूसालाई तिनका विशेष वाहनको रूपमा चर्चा गरिएको छ।

शतरुद्रीयमा रुद्रको पशुपति स्वरूपको स्पष्ट वर्णन पाइन्छ। फेरि यस स्तोत्रमा रुद्रलाई पहिलो पटक शिव, शिवतर, शङ्कर आदि भनिएको छ। रुद्र पशुपतिका नीलग्रीव, गिरिशंत, गिरिश, क्षेत्रपति वणिक् आदि नामको पनि यहाँ उल्लेख गरिएको छ। यस सूक्तमा ठूला-ठूला उपाधिहरूसहित रुद्रका माहात्म्य गाइनुको साथै तिनलाई स्तेनानां पति (चोरका अधिराज), वंचक (ठग), स्तायूनां पति (ठगका सरदार) तथा तस्कराणां पति आदि भनेर पनि वर्णन गरिएको छ। रुद्र पशुपतिका नाममा प्रयुक्त उपयुक्त उपाधिहरूबाट रुद्र-पशुपति असल, खराब, देव, दानव आदि सम्पूर्ण प्राणीका पूज्य लोकप्रिय देवता भएको कुरा ज्ञात हुन्छ।

ब्राह्मण ग्रन्थहरूमा पनि शिव पशुहरूका रक्षक एवं हन्ता दुवै स्वरूप वर्णित छन्। शतपथ ब्राह्मणमा रुद्रलाई पशुपति भनिनुको अतिरिक्त तिनको नियन्त्रण एवं संरक्षणमा पशुहरूलाई राखिएको छ।

"अथ रुद्राय पशुपतये रौद्रं गवेधुकं चरुं निर्वपति। तदेनं रुद्र एव पशुपतिः पशुभ्यः सुवत्यथ यद् गवेधुको भवति वास्तव्यो वा एष देवो वास्तव्या गवेधुकास्तस्माद् गावेधुको भवति।" *-शतपथ ब्राह्मण ५.३.३.७*

ताण्ड्य अथवा पंचविंश ब्राह्मणमा रुद्र पशुहन्ताका रूपमा वर्णित छन्।

"देवा वै पशुन् व्यभजन्त ते रुद्रमन्तरायन्स्तान् वामदेवस्य स्तोत्र उपेक्षते .....थन्निराह रुद्राय पशूनमि दधाति रुद्रस्तां समां पशून् धातुको भवन्ति।" *-ताण्ड्य अथवा पञ्चविंश ब्राह्मण ७.९.१६-१८*

कौशीतकी ब्राह्मणमा स्पष्ट रूपले पशुहरू रुद्रको सम्पर्कमा नजाऊन् भनी उल्लेख गरिएको छ।

"नेद रुद्रेण यजमानस्य पशून् प्रवृहाजनीति स्वाहा..............." *-कौशीतकी ब्राह्मण ३.४*

मानवगृह्य सूत्रमा रुद्रको लागि गरिने शूलगव होमको वर्णन गरिएको छ। यसमा तिनलाई प्रसन्न पार्नको लागि पशुबलि दिइन्थ्यो। वसन्त या हेमन्त ऋतुको शुक्लपक्षमा त्यो होम गरिन्छ। त्यस होममा रुद्रलाई पशुबलि दिइन्छ। बन्ध्य पशुका रगतले आठवटा साना-साना पात्रहरू भर्दथे। फेरि रगतलाई आठ दिशाहरूमा छर्किदिन्थे। यसको अनन्तर बन्ध्य पशुको छाला काढेर तिनका मुटु आदि भित्री अङ्गहरूलाई झिकी रुद्रलाई चढाउँदथे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"रौद्र शर्रदि शूलगवः प्रागुदीच्यां दिशि ग्रामस्यासकाशे निशि गवां मध्ये तष्टो यूपः। प्राक् स्विष्टिकृतोऽष्टौ शोणितपूतान् पूरयित्वा नमस्ते रुद्रमन्यवइति प्रभृतिभिरष्टाभिरनुवाकैर्दिक्ष्वन्तर्दिक्षु चोपहरेत्। नाशृतं ग्राममाहरेत्। शेषं भूमौ निखंनेद् अपि चर्म।" -२.५

"फाल्गुन्यां पौर्णमास्यां परस्ताद् धानपूपाभ्यां भगं चार्यमनन्च यजेत् इन्द्राणया हविष्यान् पिष्ट्वा पिष्टानि समुत्पूय यावन्ति पशुजातानि तावता मिथुनान् प्रतिरूपान् श्रपयित्वाकांस्येऽध्याज्यान् कृत्वा तेनैव रुद्राय स्वाहेति जुहोति, ईशानायेत्येके।" *-मानव गृह्यसूत्र २.१०*

उपर्युक्त शूलगव होमको बारे मानव गृह्यसूत्रको अतिरिक्त अन्य सूत्रग्रन्थहरूमा पनि वर्णन गरिएका छन्। शांखायन श्रौतसूत्र, आश्वलायन गृह्यसूत्र तथा बोधायन गृह्यसूत्रहरूमा उक्त होमबारे वर्णन पाइन्छ। यसरी सूत्रकालमा त्यस होमको व्यापक प्रचार भएको कुरा चाल पाइन्छ। यो परम्परा पछि गएर मेटिँदै गयो। तर श्रीपशुपतिनाथमा अप्रत्यक्ष रूपले पशुबलि दिइने परम्परा अद्यापि चल्दै आइरहेको छ, यसको मुख्य कारण तान्त्रिक वाम सम्प्रदायको प्रभाव थियो। कारणपूजा तान्त्रिक धर्मका दुई मुख्य सम्प्रदाय वाम एवं दक्षिण मद्य, मांस, मत्स्य, मुद्रा र मैथुननामक पञ्च मकारको सामग्रीले पूजा गरिने पूजाको नाम रहेको छ। यसै पद्धतिअनुसार प्रत्येक महिनाको पूर्णिमामा श्रीपशुपतिनाथ मन्दिरको दक्षिणपूर्वस्थित कीर्तिमुख भैरव र उन्मत्त भैरवमा पूजा गरिन्छ। कीर्तिमुख भैरवमा भोग दिँदा सो भैरवदेखि नै पञ्चसूत्र (पसूका) बाँधेर श्रीपशुपतिनाथको दक्षिण मुखसम्म पुऱ्याइन्छ। यसरी कारणपूजा विधि श्रीपशुपतिनाथमा अद्यापि गरिने चलनले त्यहाँ पशुबलि दिइने परम्परातिर अवश्य इङ्गित गरेको छ।

श्वेताश्वतरोपनिषद्लाई पाशुपत मतको उपनिषत् मानिन्छ। यस उपनिषत्मा रुद्रको ज्ञानको लागि पाशुपत व्रत धारण गर्नुपर्ने कुरा वर्णित छ। त्यस व्रतमा लोभ एवं क्रोधको त्याग साथै क्षमाको अनुभवसाथ ॐको जप गरिनुपर्दछ। पाशुपत व्रतको अन्तर्गत पशुपति रुद्र-शिवका भक्तहरूका लागि मन्त्रजपपश्चात् भस्म लगाउने विधान छ। यसलाई पशुपाश विमोक्षण अर्थात् आत्मालाई बन्धनबाट छुट्कारा दिने भनिएको छ। यस उपनिषत्मा सर्वप्रथम पशु शब्दको प्रयोग आत्माको अर्थमा तथा पाश शब्दको प्रयोग बन्धनको अर्थमा भएको छ। जाबाल्युपनिषद्, नटराज सहस्रनामभाष्यको टीका तथा स्कन्दपुराणमा पशु शब्दले जीवलाई बुझाएको छ।

"पशुपतिरहंकारविष्टः संसारी जीवः स एव पशुः। सर्वज्ञः पंचकृत्य सम्पन्नः सर्वेश्वर ईशः पशुपतिः। के पशव इति पुनः स तमुवाच। जीवाः पशव उक्ताः। तत्पतित्वात्पशुपतिः स पुनस्तं होवाच कथं जीवा पशव इति। कथं तत्पतिरिति। स तमुवाच यथा तृणाशिनो विवेकहीनाः परप्रेष्याः कृष्यदिकर्मसु नियुक्ताः सकलदुखसहाः स्वस्वामिवध्यमाना गवादयः पशव यथा तत्स्वामिन इव सर्वज्ञ ईशः पशुपतिः।" *-जावालोपनिषद्*

"येषामीशे पशुपतिः पशूनां चतुष्पदामुत द्विपदामिति।" *-नटराजसहस्रनाम भाष्यको टीका*

"स्थितोऽहं पशुरूपेण श्लेष्मान्तकवने यतः। अतः पशुपतिर्लोके मम नाम भविष्यति।"

-स्कन्दपुराणान्तर्गत नेपाल महात्म्य १।२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर वराहपुराणमा त्यसको अर्थ विद्याको रूपमा लिइएको छ।

"अहं च सर्वविद्यानां पतिराद्यः सनातनः।
अहं वै पतिभावेन पशुमध्ये व्यवस्थितः॥
अतः पशुपतिर्नाम त्वं लोके ख्यातिमेष्यसि।" *-वराहपुराण*

यसरी पशुपतिले विद्यापति भन्ने कुरा पनि बुझिन्छ। भगवान् शिवलाई सम्पूर्ण संस्कृत व्याकरणका आधारस्वरूप रहेको माहेश्वर सूत्रका रचयिता मानेश्वर तिनीबाटै मनुष्यलाई वाक्‌शक्ति प्राप्त भएको कुरा प्रकटित हुन्छ।

पाणिनिको अष्टाध्यायीमा वर्णित माहेश्वरसूत्र यस प्रकार छन् -

"अ इ उ (ण्) ऋ लृ (क्), ऐ ओ (ङ्), ऐ औ (च्), ह य व र (ट्) ल (ण्), ञ म ग ण न (म्), झ भ (य्), घ ढ ध (ष्), ज ब ग ड द (श्), ख फ छ ठ थ च ट त(व्), क प (य्), श ष स (र्), ह (ल्)।" फेरि विद्याकी देवी सरस्वतीलाई शैव पंचायतन देवताहरूमध्ये एक मानेकोबाट पनि उक्त कुराको समर्थन हुन्छ।

"गोरक्षकं भैरवमाञ्जनेयं सरस्वतीं सिद्धिविनायकञ्च।
चकार पंचायतनान्तराले बालेन्द्र मौलिस्थिति मानसो यः।" - *सिञ्जा प्रशस्ति १२८७ इ.*

यस कुराको प्रमाणीकरणमा कीर्तिपुरस्थित उमा-महेश्वर मन्दिरको सरस्वती मूर्ति पनि सहायकस्वरूप छ भन्ने लाग्दछ। त्यस मूर्तिको अध्ययनमा विद्याकी देवी सरस्वती नृत्येश्वर शिवका शक्तिको रूपमा रहेको कुरा स्पष्ट छ। यसको अतिरिक्त अनुमानित दशौं शताब्दी ई. का वीणाधारी शिवसहित सप्त मातृकाको मूर्ति इलाहाबादमा पाइएको छ। यसले पनि शिवको विद्यापति नाम सार्थक नै लाग्दछ।

महाभारत कर्णपर्वमा पाशुपतव्रतको पालन गरिएमा मोक्ष प्राप्त हुने कुरा वर्णित छ।

"यो वः पशुपतेश्चर्यां चरिष्यति स मोक्ष्यते।
पशुत्वाद् इति सत्यं वः प्रतिजाने समागमे।"- *महाभारत कर्णपर्व अध्याय २५ श्लोक २४*

द्रोणपर्वमा शिवलाई पशुपति भनिएको छ–

"नमो भवाय शर्वाय रुद्राय वरदाय च।
पशूनां पतये नित्यमुग्राय च कपर्दिने॥" *-महाभारत द्रोणपर्व अध्याय ७४ श्लोक ५२*

महाभारतकै वनपर्वमा अर्जुनले भगवान् शिव पशुपतिबाट पाशुपत अस्त्र प्राप्त गरेको कुरा वर्णित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"यदा द्रक्ष्यसि भूतेशं त्र्यक्षं शूलधरं शिवम्।

तदा दाताऽसि ते तात दिव्यान्यस्त्राणि सर्वतः।" *-महाभारत वनपर्व अध्याय ३३ श्लोक ८७*

शैव दर्शनमा पाशुपतसम्प्रदायको त्यही स्थान छ जुन स्थान पञ्चरात्रको वैष्णव धर्ममा छ। वैष्णव धर्मको जस्तै शैव पाशुपत धर्मको यहाँ ज्यादै ठूलो प्रभाव रहेको छ। नेपाल एवं भारतका प्राचीन मुद्रा एवं मूर्तिहरूको अध्ययनबाट उक्त तथ्यको स्पष्ट अवलोकन हुन्छ। वैशेषिक सूत्रहरूका भाष्यकार प्रशस्तपादले भाष्यको अन्त्यमा सूत्रकार कणादको वन्दना गरेका छन्। यसमा यस कुरालाई स्पष्ट रूपले दर्शाइएको छ कि कणादले शैव एवं पाशुपत दुवै सम्प्रदायबाट मान्यता मिलेको योग र आचारद्वारा महेश्वरलाई प्रसन्न पारी वैशेषिक शास्त्रको रचना गरेका थिए। षड्दर्शन-समुच्चयका टीकाकार गुणरत्नले वैशेषिक दर्शनलाई पाशुपत भनेका छन्। चिनियाँ यात्री युआन च्वांगले बाह्र हजार पाशुपतहरूको उल्लेख गरेका छन्। तिनको यात्रा वर्णनअनुसार त्यस समय काशीमा महेश्वरको आराधना गर्दै आफ्ना शरीरमा भष्म लगाई नाङ्गा भई बस्ने पाशुपत मतावलम्बीहरूको ठूलो सङ्ख्या विद्यमान थियो। यहाँ यस कुरालाई उल्लेख गर्दा कुनै अत्युक्ति हुँदैन कि सातौं शताब्दी ई. को नेपालमा त्यसप्रकारका पाशुपत मतावलम्बीहरूको अस्तित्व रहेको थियो। तत्कालीन अभिलेखहरूमा मुण्डशृङ्खलिक, शृङ्खलिक, वश आदि पाशुपतहरूको उल्लेख पाइनुको अतिरिक्त तत्समयका केही इलाकाहरूको शासन नै वश पाशुपतहरूको हातमा भएको कुरा संवत् ११९ लगन विष्णु मन्दिरको अभिलेखद्वारा विदित भएबाट उक्त तथ्यतिर स्पष्ट इङ्गित हुन्छ।

नेपालमा पाशुपत शैव सम्प्रदायको प्राचीनकालदेखि नै ज्यादै ठूलो प्रभाव रहेको कुरा वंशावली तथा पुरातात्त्विक आधारबाट स्पष्ट रूपले अवलोकन हुन्छ। नेपालको सर्वप्राचीन गोपालवंशावलीअनुसार अनुमानतः दशौं शताब्दी ई.पू.को समय वाग्वतीको तीरमा भूमि खन्दा श्रीपशुपतिनाथ प्रकट भएको कुरा वर्णित छ । सोही वंशावलीले लिच्छवि राजा सुपुष्पदेवले भगवान् श्रीपशुपतिनाथको मन्दिर निर्माण गरेको अनि राजा श्रीभास्करदेवले त्यस क्षेत्रको कांची नाम राखेको कुरा उल्लेख छ। केसर पुस्तकालयमा सङ्गृहीत अनुमानित १४ औं १५ औं शताब्दी ई. मा लिखित वंशावलीअनुसार राजा श्रीराघवदेवले श्रीपशुपतिनाथको नाममा पशुपति भट्टारक संवत्सर चलाएका थिए। संवत् ४५५ को पशुपति भस्मेश्वरको अभिलेखमा पशुपति क्षेत्र भनी उल्लेख गरिएको देखिएबाट कमसेकम पाँचौ शताब्दी ई. देखि नै नेपालमा पशुपति शिव एक सुप्रसिद्ध देवताको रूपमा आसीन भइसकेको कुरा स्पष्टिन्छ। संवत् ३२ को हाडिगाउँको अभिलेखमा देवताहरूको लागि रकम निश्चित गर्ने क्रममा श्रीपशुपतिनाथ र दोलाशिखरस्वामी (विष्णु) लाई सबैभन्दा बढी रकमहरू निश्चित गरिएका छन्। यसले उत्तर प्राचीनकालदेखि नै पशुपति शिव नेपालका सर्वमान्य आराध्य देवताको रूपमा रहेको कुरा सिद्ध हुन्छ। महाराजाधिराज श्रीअंशुवर्माले पशुपतिभट्टारकपादानुध्यातो भनी आफ्नो प्रशस्तिस्वरूप उत्कीर्ण गराएदेखि नेपालका राजाहरूको प्रशस्तिमा श्रीपशुपतिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषतः देखिन लागेबाट उत्तरप्राचीनकालदेखि नै शैव पाशुपतधर्म नेपालको अघोषित राजधर्म मानिन लागेको देखिन्छ।

फेरि अन्तिम उत्तरप्राचीनकालतिरको शिव-शक्ति सम्मिलित अर्द्धनारीश्वरको मूर्तिबाट ब्रह्मा र विष्णुको उद्भव देखाइएको एक मूर्ति पाइएबाट तत्समय यहाँ पशुपति शिवको महानता स्थापित भएको कुराको समर्थन हुन्छ। संवत् ४२७ तथा ४९२ का पशुपति सूर्यघाट र ल.पु. मङ्गलबजारको अभिलेखमा पशुपति शिव त्रिविधकर्ताको रूपमा वर्णित छन्। संवत् १५९को पशुपतिको अभिलेखमा पशुपति शिवलाई अष्टतनु भएको भनी स्वीकार्दै सृष्टि, स्थिति तथा क्षयका कारणस्वरूप मानिएर तिनी देवताहरूमा सबैभन्दा ठूलो भनी चित्रित गरिएको छ। संवत् १२९को बलम्बूको अभिलेखमा श्रीपशुपतिनाथलाई छत्र चढाई त्यसको उपलक्ष्यमा यात्रा गर्ने परम्परा चलाएको कुरा वर्णित छ। यी सबै आधारहरूबाट पुरातात्त्विक नेपालको प्रारम्भिककालदेखि नै श्रीपशुपतिनाथ नेपालको सर्वपूज्य आराध्य देवता भएको कुरा सिद्ध हुन्छ।

अब यहाँ पशुपति एवं तिनको क्रियाकलापबारे उल्लेख गर्ने प्रयास गरिनेछ। प्रारम्भमा पशुहरूका स्वामी भएको हुँदा शिवलाई पशुपति भनिएको थियो। तर पछि गएर पशुपतिलाई भिन्नै अर्थको द्योतकस्वरूप मानिन लागेको थियो। शैवदर्शनअनुसार पशुपतिको अर्थ आत्माहरूको अधिपति परब्रह्म परमात्मा स्वरूप रहेको छ। पाशुपत सम्प्रदायका प्रवर्तक लकुलीशलाई श्रीपशुपतिनाथको अवतार मानिन्छ। नेपालका अभिलेखहरूमा सर्वप्रथम संवत् ५१२ को अभिलेखमा लकुलीशको उल्लेख आएको छ। शाङ्कर भाष्यअनुसार श्रीपशुपतिनाथ स्वयंले नै पाशुपत सम्प्रदायको कार्य, कारण, योग, विधि, दुःखान्त आदि पाँच सिद्धान्तको प्रतिपादन गरेका थिए।

पाशुपत सम्प्रदायमा कार्यलाई स्वतन्त्र मानेको छैन। विद्या, अविद्या र पशु गरी कार्य जम्मा तीन प्रकारका छन्। विद्या पशुका गुण हुन्। त्यो दुई प्रकारको छ– बोधस्वभावा र अबोध स्वभावा। बोधस्वभावा विद्या दुई किसिमको छ – व्यक्त र अव्यक्त। धर्म, अधर्म गरी अबोध स्वभावा विद्याका पनि दुई रूप छन्। धर्म र अधर्मकै लागि पशु अर्थात् जीव सदा प्रयत्नशील रहनेछ। अबोध स्वभावा विद्याले ती नियमहरूलाई निर्धारित गर्दछ जसको परिपालन कुनै पनि जीवद्वारा गरिनु अत्यावश्यक छ। कला र चेतन पशुका अधीन छन् तर तिनीहरू अचेतन छन्। पशु पनि दुई किसिमको– मलयुक्त र निर्मल। मलयुक्त पशु त्यो हो जो शरीर र कला (कार्य र इन्द्रियहरू) सित सम्बन्ध राख्दछ, निर्मल तर पशु शरीर र कलाहरूसित असम्बद्ध भई बस्तछ। कारण स्वयं पशुपति शिव मानिन्छ। तिनलाई पति भनिन्छ। शैव दर्शनमा पतिको अर्थ ज्ञान एवं क्रियाका निरतिशय शक्तिहरूबाट सम्पन्न हुनुलाई लिइएको छ। पति साँचो मानेमा सृष्टि, संहार तथा जीवहरूमाथि अनुग्रह राख्तछ। शैव सिद्धान्तलाई पतिको सिद्धान्त पनि भनिन्छ। शैव सिद्धान्तमा शिवलाई पति नै भनिएको छ। पति अर्थात् शिव पशुहरू अर्थात् जीवात्माहरूलाई तिनका कर्मअनुसार भोग र तिनका साधनहरूलाई सम्पन्न गर्दछ। उनी स्वतःसिद्ध, स्वतःस्फूर्त अन्तर्ज्ञान, बुद्धि, अनन्तज्ञान नित्यमुक्त, अनन्तकरुणा, सर्वशक्तिमान् तथा अनन्त आनन्द आदि गुणहरूले युक्त छन्। तिनलाई सर्वव्यापक तथा त्रिकालदर्शी पनि भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव अर्थात् पतिको शरीर शक्तिनिर्मित हुन्छ। आफ्ना शक्तिहरूद्वारा परमेश्वर शिव सर्जन, पालन, संहार, आवरण र प्रसाद (अनुग्रह) आदि पाँच कार्यहरू गर्दछन्।

पशु नै जीवात्मा हो। मुख्य रूपले पशु तीन प्रकारका छन्– विज्ञानाकल, प्रलयाकल र सकल। विज्ञानाकल त्यो हो, जसले ज्ञानयोगद्वारा अथवा कृतकर्महरूका संस्कारहरूलाई क्षय गरी समस्त कलाहरूबाट आफ्नो सम्बन्ध विच्छिन्न गरिसकेको छ जसमा मलमात्र शेष रहेको छ। प्रलयाकल त्यो हो, जसका कलाहरूको क्षय जगत्को प्रलयद्वारा हुन्छ र त्यो कर्म एवं मल दुवैबाट मुक्त रहन्छ। सकल मल, कर्म एवं माया आदि तीनै पाशहरूले युक्त जीव वा पशु हो।

यस संसारमा यी पशुहरू अविद्यारूपी पाशद्वारा बद्ध रहन्छन्। पाश चार प्रकारको छ -मल, कर्म, माया र रोधशक्ति। पाश हटिसकेपछि पशु नित्य एवं निरतिशय ज्ञानक्रिया शक्तिहरूले सम्पन्न भएर चैतन्यरूप शिव बन्छ।

उपर्युक्त वर्णनहरूबाट पशुपति शिव एवं पाशुपत मतको सैद्धान्तिक ज्ञानबारे थोरबहुत झझल्को थाहा हुन आएको छ। नेपाल एवं भारताकाशमा साँचो मानेमा नेपाल नै एक यस्तो क्षेत्र छ, जसलाई पाशुपत क्षेत्रको संज्ञा प्राप्त छ। तन्त्रचूडामणि ग्रन्थअनुसार सुप्रसिद्ध ५१ पीठ स्थानहरूमध्ये नेपाल पनि एक मानिएको र गरुडपुराण ८१ अध्यायमा नेपाल एवं भारतका सुप्रसिद्ध तीर्थस्थलहरूको वर्णनक्रममा पशुपति तीर्थको गणना गरिएको छ। फेरि निगमज्ञानदेवले जीर्णोद्धार-दशकको भाष्यमा अष्टषष्टी स्वयम्भूलिङ्गहरूको नाम दिने क्रममा नेपालका श्रीपशुपतिनाथलाई पनि त्यसमा समाविष्ट गरेका छन्। ती तथ्यहरूको आधारमा पाशुपत इलाकाको रूपमा नेपालको वैशिष्ट्य भएको कुरा सिद्ध हुन्छ। माथि वर्णन भइसकेको छ कि नेपालका सर्वप्रसिद्ध आराध्यदेवको रूपमा श्रीपशुपतिनाथ प्राचीनकालदेखि नै मानिदै आएका छन्। यहाँको श्रीपशुपतिनाथको मन्दिर हिन्दूहरूका धार्मिक जगत्को प्रतीकस्वरूप छ। श्रीपशुपतिनाथको मूर्ति पञ्चमुखी ज्योतिर्लिङ्ग छ तर यसका पाँचौं मुख योगीहरूका लागि पनि अदृश्य हुने हुँदा यहाँ सो मूर्ति देखाइएको छैन। श्रीपशुपतिनाथका पञ्चमुखका नाम निम्न छन् - १. सद्योजात (पश्चिमपट्टि), २. वामदेव (उत्तरपट्टि), ३. अघोर (दक्षिणपट्टि), ४. तत्पुरुष (पूर्वपट्टि) ५. ईशान (टुप्पामा)। श्रीपशुपतिनाथका यी पाँच मुखले पञ्चप्राण (प्राण, अपान, समान, उदान, व्यान) वा पञ्चतत्त्वको प्रतिनिधित्व गर्दछन्। सद्योजात क्षितितत्त्वको, वामदेव अपःको, अघोर तेजको, तत्पुरुष मरुत्को तथा ईशान व्योमको प्रतीक छ। पशुपति शिवका उक्त पञ्च मुखका अलग-अलग रूप तथा ध्यान पनि दिइएका छन्।

"कुन्देन्दुशङ्खस्फटिकावभासो वेदाक्षमालावरदाभयाक्तः।
यक्षश्चतुर्वक्त्र उरूप्रभावः सद्योऽधिजातोऽवतु मां प्रतीच्याम्॥
वराक्षमालाभयटंकहस्तः सरोजकिङ्जल्कसमानवर्णः।
त्रिलोचनश्चारुचतुर्मुखो मां पायादुदीच्यां दिशि वामदेवः॥
कुठारवेदाङ्कुशपाशशूलकपालढक्काक्षगुणान् दधानः।
चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः पायादघोरो दिशि दक्षिणस्याम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदीप्तविद्युत्कनकावभासो विद्यावराभीतिकुठारपाणिः ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्रः प्राच्यां स्थितं रक्षतु मामजस्रम् ॥
वेदाभयेष्टाङ्कुशपाशटङ्ककपालढक्काक्षकशूलपाणिः ।
सितद्युतिः पञ्चमुखोऽवतान्मामीशानमूर्ध्वं परमप्रकाशः ॥" -*शिवकवचस्तोत्रम्*

लिङ्गार्चनतन्त्रमा पनि यसबारे वर्णन गरिएको छ –

"सद्योजातं वामदेवमघोरं च ततः परम् ।
तत्पुरुषं तथेशानं पञ्चवक्त्रं प्रकीर्त्तितम् ॥
सद्योजातं तु वै शुक्लं शुद्धफटिकसन्निभम् ।
पीतवर्णं तथा सौम्यं वामदेवं मनोहरम् ॥
कृष्णवर्णमघोरं च समं भीमविवर्द्धनम् ।
रक्तं तत्पुरुषं देवं दिव्यमूर्तिंमनोहरम् ।
श्यामलं च तथेशानं सर्वदेवशिवात्मकम् ।
चिन्तयेत् पश्चिमे चाद्यं द्वितीयं तु तथोत्तरे ॥
अघोरं दक्षिणे देवं पूर्वे तत्पुरुषं तथा ।
ईशानं मध्यतो ध्येयं चिन्तयेद् भक्तितत्परः ॥" -*(लिङ्गार्चनतन्त्रः पटल ६)*

उक्त ग्रन्थहरूमा पशुपति शिवका विभिन्न रूप एवं तिनीहरूका भिन्नाभिन्नै प्रहरणहरूको बारे उल्लेख गरिएको देखिए तापनि यहाँ श्रीपशुपतिनाथको मूर्तिनिर्माणमा ती नियमहरूको पूर्णतः परिपालन भएजस्तो लाग्दैन। श्रीपशुपतिनाथको उत्तरपट्टिको वामदेव मुखमा त्रिनेत्रको साटो द्विनेत्रमात्र देखाइएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ। अर्को, यहाँ वामदेवको शक्तियुक्त अर्थात् अर्द्धनारीश्वर रूपमा पशुपति शिवको सौम्यरूपको प्रस्तुतीकरण भएको छ। यद्यपि प्रचलित परिपाटीअनुसार श्रीपशुपतिनाथका प्रसाद भोज्य मानिँदैन तापनि श्रीपशुपतिनाथको उत्तरपट्टिको वामदेव शक्तियुक्त हुँदा त्यहाँको प्रसाद भोज्य मानिन्छ। विनाशक्ति शिव शव समान मानिने साथै फेरि त्यसको अभावमा गरिने कुनै पनि कार्य पूर्ण भएको नमानिने हाम्रो धार्मिक परम्परामा उक्त तथ्यको झझल्को अवश्य भेटिन्छ। कुलार्णवतन्त्रका अनुसार पाँच आम्नाय पशुपति शिवका पाँच मुखबाट निस्केका हुन् जसमा ऊर्ध्वाम्नाय ऊर्ध्वमुखबाट निस्केको हो। यस आम्नायमा शिव-पार्वती संयुक्त मानिन्छ। नेपालका श्रीपशुपतिनाथको लिङ्ग साँचो मानेमा उमापतिको लिङ्ग हो।

"वामोरुस्तम्भगायाः करतलविलसच्चारुनेत्रोत्पलायाः
हस्तेनाश्लिष्टदेहं मणिमयविलसद्भूषणायाः प्रियायाः ।"

यस पशुपतिमूर्तिमा देखिएको योनि र लिङ्गको संयोगले पुरुष एवं प्रकृतिको अनिवार्य संयुक्त उपस्थितिलाई बुझाउनुको साथै शक्तिको व्यापकताको बोध हुन्छ। श्रीपशुपतिनाथलाई बेरिरहेका वासुकि पशुपतिको क्रोधको प्रतीक हो। श्रीपशुपतिनाथको मन्दिरको पश्चिम दिशास्थित विशाल नन्दी धर्मको द्योतकस्वरूप छ। तिनका चार खुट्टाले धर्मका चार अङ्ग-पवित्रता, दान, तप, दयातिर लक्ष्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् भने तिनका त्रिशूलले आध्यात्मिक, आधिदैविक, आधिभौतिक आदि तापत्रयको उन्मूलन गर्दछ। तिनका दश हात दश दिशाहरूका सङ्केतस्वरूप छन्। अक्षमाला कालको परिचायिका छिन्। कमण्डलु जलको प्रतीक छ। चन्द्रमा ऐश्वर्य तथा गङ्गा अमृतका द्योतक छन्। स्वर व्यञ्जनहरूको सृष्टि गर्ने तिनका डमरु नाद शक्तिको परिचायक छ। यसरी श्रीपशुपतिनाथ हाम्रो संस्कृतिका एक सुन्दर प्रतीक छन् भन्न मन लाग्छ।

पशुपतिमुद्रा

उत्तरप्राचीनकालीन नेपालमा प्रचलित विभिन्न मुद्राहरूमध्ये पशुपतिमुद्रा पनि एक रहेको छ। यस मुद्राका अनेकौं किसिम छन्। यसको अतिरिक्त तत्कालिक मुद्राहरूमा सर्वाधिक रूपले प्राप्त हुने यस मुद्राको प्रचलन-समय नेपालको उद्योग एवं व्यापार अत्यधिक मात्रामा फैलिएको रहेछ भन्ने कुरा सजिलैसँग अनुमान गर्न सकिन्छ किनभने मुद्राको अत्यधिक प्रचारले कुनै पनि राष्ट्रको व्यापारिक समुन्नति जनाउँछ। फेरि यस मुद्रामा पशुपति लेख अङ्कित गरिनुको अतिरिक्त तत्कालीन धार्मिक दशाको राम्रो बोध गराउने खालका आकृतिहरूको पनि अङ्कन भएको देखिएकोले यो मुद्राको ऐतिहासिक, व्यापारिक एवं धार्मिक महत्त्व खास तवरले छ भन्दा कुनै अत्युक्ति हुँदैन।

यस मुद्रामा तिथि-मितिको अतिरिक्त राजाको नाम उत्कीर्ण नगरिएकोले यस मुद्राको ऐतिहासिकता थाहा पाउने कार्य ज्यादै गाह्रो हुन आएको छ। तर यसो भन्दैमा यो मुद्राको ऐतिहासिकताबारे थाहा पाउन सक्दैसकिँदैन भन्ने पनि त होइन। यस मुद्रामा उत्कीर्ण गरिएका लिपिले यसको ऐतिहासिकतामाथि महत्त्वपूर्ण प्रकाश पारेको छ। प्रस्तुत मुद्रामा उत्कीर्ण लिपि ब्राह्मीको चौथो रूप (कुटिला) को रहेको छ। प्रख्यात लिपिविशेषज्ञ अहमद हसन दानीका अनुसार छैटौं शताब्दी ई. को अन्तिम समयदेखि कुटिला लिपिको स्वरूप-विकास हुन लागेको थियो। गौरीशंकर हीराचन्द ओझाले पनि छैटौं शताब्दी ई. देखि नवौं शताब्दी ई. सम्मका अक्सर सम्पूर्ण भारतवर्षका लिपिको नाम कुटिला लिपि कल्पना गरेका छन् तर नेपालमा प्राप्त अभिलेखहरूमा यो लिपिको प्रयोग सातौं शताब्दी ई.को अन्तिम चरणतिर मात्र विकसित भएको पाइन्छ। भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवका अन्तिम समयका अभिलेखहरू यसका उदाहरणस्वरूप छन्। यी आधारबाट प्रस्तुत मुद्राहरू महाराजाधिराज श्रीनरेन्द्रदेव पछि मात्र तिनका उत्तराधिकारी राजाहरूले प्रचलनमा ल्याएका हुन् भन्ने कुरा थाहा हुन्छ।

अर्को मुद्राको घेरा सानो या ठूलो भएको आधारमा पनि मुद्राको खास तिथिको जानकारीमा थोरबहुत सहायता पुग्न सक्तछ। तर यो पूर्णतया विश्वसनीय मान्न गाह्रो छ। पछिल्लो समयका मुद्राको घेरा पहिलेको मुद्राको घेराको अनुपातमा ठूलो भएको पनि उदाहरणमा आएका छन्। राजा मानदेवद्वारा प्रचारित कुनै-कुनै मानाङ्क अभिलेख अङ्कित मुद्राको सेरोफेरो पशुपति लेख उत्कीर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको एक प्रकारको मुद्राको तुलनामा सानो भएको पाइएको छ। त्यसैले मुद्राको सेरोफेरोको आधारले मात्र मुद्राको निश्चित तिथि-निर्धारण गर्न नसकिने कुरा स्पष्ट छ। तर यो निश्चय छ कि, पशुपति मुद्राको तिथि निर्धारणमा यहाँ ती मुद्रामा उत्कीर्ण लिपि अनि मुद्राको सेरोफेरोको आधार नै अरू ठोस विश्वसनीय आधारको अभावमा बढी आधारयुक्त देखिएकोले त्यसको आधारमा पनि यहाँ पशुपति मुद्राको तिथि-निर्धारणको प्रयास गरिनेछ। फेरि पशुपति मुद्राको तिथि-निर्धारणमा उत्तरप्राचीनकालमा यहाँ प्रचलित धार्मिक अवस्था पनि सहायक बन्न सक्छ। अभिलेखको आधारमा नेपालका राजाहरू पशुपतिका उपासक रहेको कुरा सातौं शताब्दी ई. का राजा श्रीअंशुवर्मादेखि मात्र भएको देखिन्छ। महाराजाधिराज श्रीअंशुवर्माले मात्र सर्वप्रथम आफ्नो प्रशस्तिमा पशुपति शब्द प्रयोग गरेका थिए। यद्यपि यो निश्चय छ कि महाराजाधिराज श्रीअंशुवर्माभन्दा अघि नै अहिलेको देउपाटन इलाका पशुपतिक्षेत्रको नामले प्रख्यात भएको कुरा शकसंवत् ४५५को पशुपति भस्मेश्वरको अभिलेखबाट थाहा हुन आएको हो। श्रीअंशुवर्मादेखि मात्र नेपालका राजाहरूको आराध्य देवताको रूपमा पशुपतिलाई मान्यता मिलेको कुरा अभिलेखको आधारमा जानिन आएकोले प्रस्तुत मुद्रा श्रीअंशुवर्माभन्दा अघिका राजाहरूले प्रचलनमा ल्याएको हैन भन्ने कुरा सिद्ध हुन आएको थियो। अर्को नेपालमा पाशुपत धर्मको व्याप्ति प्रचार महाराजाधिराज श्रीनरेन्द्रदेवको समयदेखि भएको कुरा तत्समय पाशुपत मतका विभिन्न सम्प्रदायहरू यहाँ दृष्टिगत भएबाट हुन्छ। मुण्डश्रृङ्खलिक, दान, वश आदि विभिन्न पाशुपत सम्प्रदायहरू तत्समय यहाँ प्रचारित भएको कुरा तत्कालिक अभिलेखहरूबाट विदित हुन्छ तर ब्राह्मी लिपिको चौथो रूपको प्रचलन नेपालमा सातौँ शताब्दी ई.को अन्तिम समयदेखि भएको हुँदा यो मुद्रा भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवका उत्तराधिकारी राजाहरूले मात्र प्रचारमा ल्याएका थिए भन्ने कुरा निर्णीत हुन्छ। भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवको अत्यधिक समय लडाइँ-झगडामै व्यतीत भएको हुँदा तिनले आफ्नो राज्यकालमा गुणाङ्कबाहेक अन्य विविध प्रकारका मुद्राहरू प्रचारमा ल्याउन नसकेको कुरा निश्चयप्रद नै लाग्दछ, यसले पनि उपर्युक्त अनुमानको पुष्टि हुन्छ।

पशुपतिमुद्रा अनेकौं प्रकारका छन्। यसको किसिम सङ्ख्याबारे विद्वान्‌हरूको विभिन्न धारणाहरू छन्, जसले पशुपतिमुद्राको अनेकतामाथि स्पष्ट रूपले प्रकाश पार्दछन् अनि यसको किसिम जम्मा यत्तिकै मात्र छ भनी ठोकुवा गर्न नसकिने हुँदा यहाँ अब खालि दुईचार खास विशेषता राख्ने खालका पशुपति मुद्राको बारे मात्र विचार गर्ने प्रयास गरिनेछ।

उत्तरप्राचीनकालिन मौद्रिक परम्परामा पशुपति मुद्रा खास विशेषतायुक्त छ। यो मुद्राको प्राप्तिले तत्समय यहाँको शासनमा धार्मिक सहिंष्णुता विद्यमान रहेतापनि राजाहरू विशेषतः शैव पाशुपत मतमा झुकाव राख्तथे भन्ने कुरा जानिन्छ। ती मुद्राहरूमा पशुपति शब्द स्पष्ट रूपले उत्कीर्ण गरिएको हुँदा उक्त अनुमानको पुष्टि हुन्छ। यसको अतिरिक्त ती मुद्राहरूमा अङ्कन गरिएका विभिन्न आकृतिहरू शैव धर्मसित खास तवरले सम्बन्ध राख्ने भएका छन्। पशुपति अभिलेख अङ्कित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्राहरूमा उत्कीर्ण गरिएका आकृतिहरू मुख्य रूपले निम्न उल्लेख्य छन् -कलश, कमल, वृष, चन्द्र, सूर्य, अग्नि, त्रिशूल आदि।

अन्त्यमा श्रीपशुपतिनाथ नेपालका विभिन्न धार्मिक सम्प्रदायहरूका बीच अनिवार्य एकताको प्रतीकस्वरूप छन्। बौद्धपरम्पराअनुसार पनि श्रीपशुपतिनाथको पूजा गर्ने प्रचलनले उक्त तथ्यतिर स्पष्ट इङ्गित हुन्छ। कार्तिक शुक्ल अष्टमी मुखाष्टमी तथा माघशुक्ल चतुर्दशीको दिन श्रीपशुपतिनाथलाई बुद्धको मुकट पहिराउने चलन देखिनुको साथै महाशिवरात्रिको दिन नाथ सम्प्रदायका प्रवर्तक तथा परब्रह्मस्वरूप श्रीमत्स्येन्द्रनाथले श्रीपशुपतिनाथको रूप लिने र श्रीपशुपतिनाथले श्रीमत्स्येन्द्रनाथको रूप लिने परम्परा अद्यापि यहाँ प्रचलित नै रहेकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ। बुद्धलाई भगवान् शिवकै अवतारको रूपमा लिइने परम्परा दशौँ शताब्दी ई.मा प्रचलित भएको पाइएबाट पनि श्रीपशुपतिनाथलाई उपर्युक्त दिनहरूमा बुद्धको मुकुट पहिऱ्याउने चलन चलेको देखिन्छ। ई. सन् १००० को खजुरावको शिलालेख नं. ५ मा भगवान् शिवलाई एकेश्वर मानेर बुद्ध, विष्णु तथा जैनलाई शिवकै अवतारको रूपमा वर्णन गरिएको छ।

> **"अन्ये तत् शिवमेव बुद्ध ममलं त्वन्ये जिनं वामनम्।**
> **तस्मै सर्वमयैक्यकारणपतेः शर्वाय नित्यं नमः ॥"** *-खजुराव शिलालेख नं. ५*

अर्को यहाँ मध्यकालमा प्रतिष्ठापित श्रीपशुपतिमहाविहार नामक बौद्ध विहारको प्राप्तिले श्रीपशुपतिनाथको लोकप्रियता खालि शैव (हिन्दू) धर्ममै सीमित नरही अन्य धर्ममा पनि फैलिएको थियो भन्ने कुरा जानिन्छ। पशुपति नामलाई अन्य धर्मावलम्बीहरू पनि पावन मान्दथे भन्ने कुरा उपर्युक्त महाविहारको नामकरण नै श्रीपशुपतिको नामले राखिएबाट प्रमाणित हुन्छ। फेरि नेपालमा लिङ्गलाई बुद्धको रूपमा पूजा गरिने परम्परा पनि नभएको होइन। यी सबै आधारबाट यहाँ प्राचीन कालदेखि नै धार्मिक एकता स्थापित भएर अद्वैत दर्शनको व्याप्ति प्रचार रहेको कुरा निर्णीत भई श्रीपशुपतिनाथ त्यसको प्रतीकस्वरूप रहेको यथार्थ प्रमाणित हुन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ

खण्ड– ५

अनुसूचीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची–१

पाशुपतसूत्रम्

प्रथमोऽध्याय

१. अथातः पशुपतेः पाशुपतं योगविधिं व्याख्यास्यामः
२. भस्मना त्रिषवणं स्नायीत
३. भस्मनि शयीत
४. अनुस्नानम्
५. निर्माल्यम्
६. लिङ्गधारी
७. आयतनवासी
८. हसितगीतनृत्यडुंडुंकारनमस्कारं जप्योपहारेणोपतिष्ठेत्
९. महादेवस्य दक्षिणामूर्तेः
१०. एकवासाः
११. अवासा वा
१२. मूत्रपुरीषं नावेक्षेत्
१३. स्त्रीशूद्रं नाभिभाषेत्
१४. यद्यवेक्षेद् यद्यभिभाषेत्
१५. उपस्पृश्य
१६. प्राणायामं कृत्वा
१७. रौद्रीं गायत्रीं बहुरूपीं वा जपेत्
१८. अकलुषमतेः
१९. चरतः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. ततोऽस्य योगः प्रवर्तते

२१. दूरदर्शनश्रवणमननविज्ञानानि चास्य प्रवर्तन्ते

२२. सर्वज्ञता

२३. मनोजवित्वम्

२४. कामरूपित्वम्

२५. विकरणः

२६. धर्मित्वं च

२७. सर्वे चास्य वश्या भवन्ति

२८. सर्वेषां चावश्यो भवति

२९. सर्वांश्चाविशति

३०. सर्वेषां चानवेश्यो भवति

३१. सर्वे चास्य वध्या भवन्ति

३२. सर्वेषां चावध्यो भवति

३३. अभीतः

३४. अक्षयः

३५. अजरः

३६. अमरः

३७. सर्वत्र चाप्रतिहतगतिर्भवति

३८. इत्येतैर्गुणैर्युक्तो भगवतो महादेवस्य महागणपतिर्भवति

३९. अत्रेदं ब्रह्म जपेत्

४०. सद्योऽजातं प्रपद्यामि

४१. सद्योऽजाताय वै नमः

४२. भवे भवे नातिभवे

४३. भजस्व माम्

४४. भवोद्भवः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयोऽध्यायः

१. वामः
२. देवस्य
३. ज्येष्ठस्य
४. रुद्रस्य
५. कलितासनम्
६. सार्वकामिक इत्याचक्षते
७. अमङ्गलं चात्र मङ्गलं भवति
८. अपसव्यं च प्रदक्षिणम्
९. तस्मादुभयथा यष्टव्यः
१०. देववत् पितृवच्च
११. उभयं तु रुद्रे देवाः पितरश्च
१२. हर्षाप्रमादी
१३. चर्यायां चर्यायाम्
१४. माहात्म्यमवाप्नोति
१५. अतिदत्तमतीष्टम्
१६. अतितप्तं तपस्तथा
१७. अत्यागतिं गमयते
१८. तस्मात्
१९. भूयस्तपश्चरेत्
२०. नान्यभक्तिस्तु शङ्करे
२१. अत्रेदं ब्रह्म जपेत्
२२. वामदेवाय नमो ज्येष्ठाय नमो रुद्राय नमः
२३. कालाय नमः
२४. कलविकरणाय नमः
२५. बलप्रमथनाय नमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६. सर्वभूतदमनाय नमः

२७. मनोऽमनाय नमः

तृतीयोऽध्यायः

१. अव्यक्तलिङ्गी

२. व्यक्ताचारः

३. अवमतः

४. सर्वभूतेषु

५. परिभूयमानश्चरेत्

६. अपहतपाप्मा

७. परेषां परिवादात्

८. पापं च तेभ्यो ददाति

९. सुकृतं च तेषामादत्ते

१०. तस्मात्

११. प्रेतवच्चरेत्

१२. क्राथेत वा

१३. स्पन्देत वा

१४. मण्टेत वा

१५. श्रृङ्गारेत वा

१६. अपितत्कुर्यात्

१७. अपितद्भाषेत्

१८. येन परिभवं गच्छेत्

१९. परिभूयमानो हि विद्वान् कृत्स्नतपा भवति

२०. अत्रेदं ब्रह्म जपेत्

२१. अघोरेभ्यः

२२. अथ घोरेभ्यः

२३. घोरघोरतरेभ्यश्च

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. सर्वेभ्यः
२५. शर्वसर्वेभ्यः
२६. नमस्ते अस्तु रुद्ररूपेभ्यः

चतुर्थोऽध्यायः

१. गूढविद्या तपआनन्त्याय प्रकाशते
२. गूढव्रतः
३. गूढपवित्रवाणिः
४. सर्वाणि द्वाराणि पिधाय
५. बुद्ध्या
६. उन्मत्तवदेको विचरेत लोके
७. कृतान्नमुत्सृष्टमुपाददीत
८. उन्मतो मूढ इत्येवं मन्यन्ते इतरे जनाः
९. असन्मानो हि यन्त्राणां सर्वेषामुत्तमः स्मृतः
१०. इन्द्रो वा अग्रे असुरेषु पाशुपतमचरत्
११. स तेषामिष्टापूर्तमादत्त
१२. मायया सुकृतया समविन्दत
१३. निन्दा ह्येषानिन्दा तस्मात्
१४. निन्द्यमानश्चरेत्
१५. अनिन्दितकर्मा
१६. सर्वविशिष्टोऽयं पन्था :
१७. सत्पथः
१८. कुपथास्त्वन्ये
१९. अनेन विधिना रुद्रसमीपं गत्वा
२०. न कश्चिद् ब्राह्मणः पुनरावर्तते
२१. अत्रेदं ब्रह्म जपेत्
२२. तत्पुरुषाय विद्महे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३. महादेवाय धीमहि
२४. तन्नो रुद्रः प्रचोदयात्

पञ्चमोऽध्यायः

१. असङ्गः
२. योगी
३. नित्यात्मा
४. अजः
५. मैत्रः
६. अभिजायते
७. इन्द्रियाणामभिजयात्
८. रुद्रः प्रोवाच तावत्
९. शून्यागारगुहावासी
१०. देवनित्यः
११. जितेन्द्रियः
१२. षण्मासान्नित्ययुक्तस्य
१३. भूयिष्ठं सम्प्रवर्तते
१४. भैक्ष्यम्
१५. पात्रागतम्
१६. मांसमदुष्यं लवणेन वा
१७. आपो वापि यथाकालमश्नीयादनुपूर्वशः
१८. गोधर्मा मृगधर्मा वा
१९. अद्भिरेव शुचिर्भवेत्
२०. सिद्धयोगी न लिप्यते कर्मणा पातकेन वा
२१. ऋचमिष्टामधीयीत गायत्रीमात्मयन्त्रितः
२२. रौद्रीं वा बहुरूपीं वा
२३. अतो योगः प्रवर्तते

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. ॐकारमभिध्यायीत
२५. हृदि कुर्वीत धारणाम्
२६. ऋषिर्विप्रो महानेषः
२७. वाग्विशुद्धः
२८. महेश्वरः
३०. श्मशानवासी
३१. धर्मात्मा
३२. यथालब्धोपजीवकः
३३. लभते रुद्रसायुज्यम्
३४. सदा रुद्रमनुस्मरेत्
३५. छित्त्वा दोषाणां हेतुजालस्य मूलम्
३६. बुद्ध्या
३७. संचित्तम्
३८. स्थापयित्वा च रुद्रे
३९. एकः क्षेमी सन् वीतशोकः
४०. अप्रमादी गच्छेद् दुःखानामन्तम् ईशप्रसादात्
४१. अत्रेदं ब्रह्म जपेत्
४२. ईशानः सर्वविद्यानाम्
४३. ईश्वरः सर्वभूतानाम्
४४. ब्रह्मणोऽधिपतिर्ब्रह्मा
४५. शिवो मे अस्तु
४६. सदा
४७. शिवः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची–२

श्रीमच्छङ्कराचार्यविरचितम्

श्रीपशुपतिपूजाविधानम्

–प्रस्तोताः डा. गोविन्द टण्डन

–सम्पादक तथा अनुवादक : प्रा. पद्मप्रसाद भट्टराई / पं. गोविन्द भट्टराई

भगवान् श्रीपशुपतिनाथको मन्दिरमा दिनहुँ पूजा हुन्छ। त्यसैगरी नैमित्तिक पूजा पनि हुन्छ। त्यहाँ गरिने नित्यपूजा कुन विधिले गरेको होला भन्ने जिज्ञासा सबैलाई हुनु स्वाभाविक पनि हो तर यथार्थचाहिँ कसैलाई थाहा हुँदैन किनभने दाक्षिणात्य भट्टजीहरू त्यो कुरा बताउनुहुँदैन। यो गोप्यतामै सीमित छ। 'श्रीविद्या' र 'पाशुपत मन्त्र' मूल पुजारीबाट नलिइकन मन्दिरभित्र नयाँ पुजारी प्रवेश गर्न पाउँदैनन्। घरघरमा भगवान् शिव अथवा श्रीपशुपतिनाथको पूजा गरिन्छ। पूजाविधि जानेर गरौँ भन्नेहरूका लागि वा विधिवत् पूजा गर्नेहरूका लागि हुनेगरी राष्ट्रिय अभिलेखालयमा श्रीपशुपतिनाथको पूजाविधानसम्बन्धी केही हस्तलिखित ग्रन्थहरू छन्। तिनीहरूमध्ये पूर्ण पाठ भएको हस्तलिखित ग्रन्थको अनुवाद गरी अरूका लागि पनि उपयोगी बनाउन त्यसलाई आवश्यक सम्पादनपश्चात् यस रूपमा ल्याउन सम्भव भएको छ। यस पूजाविधिअनुसार अहिले पशुपतिनाथ मन्दिरमा नित्य पूजा हुने गरेको छ वा अलग्गै विधि छ, त्यो पशुपतिनाथ मन्दिरका भट्टजीहरूले जान्ने कुरा हो। जनसमक्ष प्रस्तुत पूजाविधान आएपछि बिस्तारै अरू कुराहरू पनि थाहा हुँदै जान्छ होला। अहिलेलाई कतिमात्र भन्न सकिन्छ भने अहिलेसम्म पशुपतिपूजाविधान नामले कुनै विधि आउन नसकेको अवस्थामा यसले भगवान् श्रीपशुपतिनाथका भक्तजनहरू माझ सकारात्मक भावना जगाउने काम गर्ला भन्नेमा चाहिँ विश्वस्त छौँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः

स्वस्ति श्रीगणेशाय नमः ॥ श्रीपशुपतिपूजाविधानम् ॥ गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ॥ गुरुः साक्षात्परब्रह्म तस्मै श्रीगुरवे नमः ॥१॥ गुरुं शिवात्मकं ध्यात्वा शिवसन्ध्यां समाचरेत् ॥ उपविश्य शुचौ देशे गुर्वादीन् प्रणमेत् पुनः ॥ प्राणायामत्रयं कृत्वा मूलमन्त्रेण ऋष्यादिषडङ्गन्यासं समाचरेत् ॥ अस्य श्रीपाशुपतमहामन्त्रस्य उपमन्युऋषिरनुष्टुप्छन्दः श्रीपाशुपतास्त्ररुद्रो देवता श्रीं बीजं हूं शक्तिः फट् कीलकं श्रीपशुपतिप्रीत्यर्थे जपे विनियोगः ॥ श्रीं अङ्गुष्ठाभ्यां नमः ॥ हूं तर्जनीभ्यां नमः ॥ फट् मध्यमाभ्यां नमः ॥ श्रीं अनामिकाभ्यां नमः ॥ हूं कनिष्ठिकाभ्यां नमः । फट् करतलकरपृष्ठाभ्यां नमः । एवं हृदयादिन्यासः ॥

ध्यानम्–

मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलम् ।

त्र्यक्षं पन्नगभूषणं शिखिशिखाश्मश्रूस्फुरन्मूर्धजम् ॥

हस्ताब्जैस्त्रिशिखं समुद्गरमसिं शक्तिं दधानं विभुम् ।

दंष्ट्राभीमचतुर्भुजं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥

एवं ध्यात्वाऽऽत्मनो रूपं जपमन्त्रेण मन्त्रयेत् ।

कवचेन अवगुह्य अमृतीकृत्य मूलतः ॥

गङ्गे चेत्यादिमन्त्रेण सूर्य्यमण्डलतोऽङ्कुशमुद्रया तीर्थमावाह्य 'वँ' इति धेनुमुद्रां प्रदर्श्य तीर्थं सम्पूज्य विधिवन्मन्त्रैस्तीर्थं शिवात्मकं ध्यात्वा दक्षिणहस्तेन जलमादाय मूलतस्तद्वामहस्तेन पिधाय अञ्जलिगतविन्दुभिः सप्तधा मूलमन्त्रेण सहितशिवमन्त्रतः ॥ व्योमव्यापीति मन्त्रेण क्षिपेत् शिरसि स्वाहेति ॥ आं ॠं हूं व्योमव्यापिने स्वाहेति मन्त्रेण अवशिष्टं जलं दक्षिणहस्तेन संगृह्य यत्नतः ॥ सानासासमीपमानीय ज्योतिरूपं विभाव्य तत् ॥ देहाद् बहिराकृष्य जलेन विशोध्य कृष्णवर्णजलं विभाव्य रेचकं पिङ्गलाक्षया तत्पापपुरुषं पुरतः कल्पयित्वोपरिहस्तेन चूर्णीकृतं भाव्यपापराशिं नयेद् बहिः करं प्रक्षाल्य मूलेन त्रिराचम्य ततो रविं ध्वात्वा देवं पुष्पतोयमादाय जलेन क्षिपेत् । सूर्य्यमण्डलं संस्थाप्य श्रीपशुपतये नमः, अर्घ्यमिदं कल्पयामि स्वाहेति मन्त्रेण सूर्याभिमुखस्थितो निक्षिपेत् । श्रीपशुपत्यन्तर्यामिने नमः, इति मन्त्रेण सन्तर्प्य मूलमुच्चार्य उपस्थाप्याऽथ चिन्तयेत् ॥ ततो गायत्रीं जपेत् । तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलमष्टोत्तरं जपित्वा समर्प्य अस्मै नत्वा देवं विसर्जयेदिति गायत्रीं समर्प्य कृत्यमिदं प्रत्यहं सम्यक् त्रिःसन्ध्यं तु यथाविधि । कृतकृत्यो भवेन्मन्त्री सत्यं सत्यं न चान्यथा । सन्ध्यालोपो न कर्त्तव्यः शम्भुराज्ञैवमेवहि । श्रीपशुपतये नमः ॥ सन्ध्याध्यानं समाचरेत् । दत्त्वा अर्घ्यं सूर्य्यदेवाय नमः ॥ द्वारपूजां समाचरेत् ॥ भीमसेनकुबेरौ च यजेच्चण्डप्रचण्डकौ । ऊर्ध्वद्वारश्रियं चैव देहलीञ्च यजेत्ततः ॥ प्रविश्य देवयजने भूतापसरणपूर्वकम् दध्योदकेन संप्रोक्ष्य निधृतौ वास्तुपूजां कृत्वा अनुज्ञां भैरवस्य प्राप्य वेदिं प्रशोधयेत् । वीक्षणं मूलमन्त्रेण शरीरे प्रोक्षणं मतम् । ताडनं च करेणैव कर्मणाऽभ्युक्षणं स्मृतम् । तत्र स्वासनमास्तीर्य सम्पूज्य प्रविशेत्ततः ॥ तस्याग्नेयादिकोणेषु गणेशादिप्रपूजनं । भूशुद्धिं करशुद्धिं च भूतशुद्धिं विधाय च । प्राणप्रतिष्ठा मातृकाया बाह्याभ्यन्तरभेदतः । न्यासं कृत्वा गणेशस्य दुर्गाया न्यासमाचरेत्।श्रीकण्ठमातृकान्यासंकृत्वाऋष्यादिपूर्वकम्।।न्यासे *रुद्रास्मि तारका* धृतशूलकपालका *शक्तयो* रुद्रपीठस्था रुद्रविग्रहाः ॥ रक्तोत्पलकपालाभ्यां शूलाङ्कृतकराम्बुजौ ॥ रुद्रैर्युक्तां केवलां *वाम नुनाकरारम्भे मातृकां* न्यासे रुद्रास्मि तारका धृतशूलकपालकाः । शक्तयो रुद्र पीठस्था रुद्रबिग्रहकारका । विन्यसेद् यतः ॥

लां *वामजानुकरारम्भे* मातृकां विन्यसेद्यतः । *अबमद्यः* कुर्वते तस्य सिद्धिदोषैः सार्द्धया*सिनाशं* जरा च । प्राणायामं मूलमन्त्रेण कृत्वा विन्यस्यादौ योगपीठस्योदरे मूलाधारे महाकायं भजे मण्डलरूपिणं पञ्चवक्त्रं दशभुजं रुद्रं कालाग्निसंज्ञकं स्वाधिष्ठानं यजेन्नाभौ मूलप्रकृतिमम्बिकाम्। आधारे शक्तिहृदये कूर्मानन्दवराहादिकान् । पृथिवीममृताद्रिं च रत्नसिंहासनस्थिताम् । सिंहासनरक्तप्राधान्ये भुजद्वयकटिद्वयम् । धर्मज्ञानं च वैराग्यमैश्वर्य्यञ्च यथाक्रमम् ॥ पादत्वेनैव सम्पूज्य गात्रत्वेन प्रपूजयेत् ॥ अधर्मं च यथाज्ञानं अवैराग्यमनैश्वर्यं यजेन्मुखे पार्श्वयुगे मूलाधारे प्रपूज्य च । तत्तन्नामचतुर्थ्यन्तं प्रणवादिनमोऽन्तकैः । हृदि सिंहासने पद्ममष्टपद्मं सकेशरं पद्माय नमः ॥ आनन्दकन्दाय नमः ॥ संविदनलाय नमः ॥ प्रकृतिमयपत्रेभ्यो नमः ॥ विकारमयकेशरेभ्यो नमः ॥ प्रणवमयकर्णिकायै नमः ॥ मध्ये ॥ अं अर्कण्डलाय नमः । उं हं सोममण्डलाय नमः ॥ मं वह्निमण्डलाय नमः । सं सत्वाय नमः ॥ रं रजसे नमः ॥ तं तमसे नमः ॥अं आत्मने नमः ॥ अं अन्तरात्मने नमः ॥ पं परमात्मने नमः ॥ ह्रीं ज्ञानात्मने नमः ॥ इति कर्णिकायां विन्यस्य ॥ वामायै नमः ॥ ज्येष्ठायै नमः ॥ श्रेष्ठायै नमः ॥ कालायै नमः । कलविकरिण्यै नमः । बलप्रमथिन्यै नमः ॥ बलविकरिण्यै नमः । सर्वभूतदमन्यै नमः ॥ मनोन्मनायै नमः । इतिकर्णिकायां प्रागाद्यष्टदिक्षु मध्ये यथाक्रमं विन्यस्य ॐ नमो भगवते सदाशिवाय सकलगुणशक्तियुक्ताय अनन्ताय योगपीठात्मने नमः ॥ मूलमुच्चार्य्य मन्त्रः ॥ ॐ नमो भगवते पाशुपतास्त्राय नमो नमः ॥ फट् हूँ नुं पुं ॐ श्रीं हूँ फट् स्वाहा पीठनवशक्तिमध्ये श्रीपशुपतिदेवतामाविर्भूतां विभाव्य देवस्य ऋष्यादिषडङ्गन्यासं विधाय ध्यात्वा मानसैःसम्पूज्य देवतेजःपुञ्जं विभाव्य तेजः करणं (ॐ (क)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणनासायास्यांजिता पात्सकरयोऽव्याप्तकराभ्यां मूलेन देवस्य शरीरत्रयं कल्पयित्वायामस्यां शरीरं *त्रिंशोर्व्याप्तृतत्त्वन्यासादीन्* कुर्यात्) ॐ ह्रैं ह्रीं नमः शिवाय परमशिवात्मने नमः ॥ क्षं नमः ॥ शिवाय शिवात्मने नमः । लं शिवाय शक्त्यात्मने नमः । हूं शिवाय ईश्वरात्मने नमः ॥ शं शुद्धविशुद्धविद्यात्मने नमः ॥ षं मायात्मने नमः ॥ शं कालात्मने नमः ॥ वं नित्यात्मने नमः ॥ लं कलात्मने नमः ॥ रं विशुद्धविद्यात्मने नमः ॥ वं रागात्मने नमः ॥ मं रुषात्मने नमः ॥ भं प्रकृत्यात्मने नमः ॥ वं बुद्ध्यात्मने नमः । फं अहङ्करात्मने नमः ॥ पं आत्मने नमः ॥ नं शब्दतन्मात्रात्मने नमः ॥ धं स्पर्शतन्मात्रात्मने नमः ॥ दं रूपतन्मात्रात्मने नमः ॥ धं रसतन्मात्रात्मने नमः ॥ तं गन्धतन्मात्रात्मने नमः ॥ णं श्रोत्रात्मने नमः ॥ टं हूं गात्रात्मने नमः ॥ ॠं पाशपात्मने नमः ॥ णं श्रोत्रात्मने नमः ॥ पं वागात्मने नमः ॥ रुं पारायात्मने नमः ॥ जं पादात्मने नमः ॥ छं पाय्वात्मने नमः ॥ चं उपस्थात्मने नमः ॥ ङं आकाशात्मने नमः ॥ घं वाय्वात्मने नमः ॥ गं तेजसात्मने नमः ॥ खं आकाशात्मने नमः ॥ कं पृथिव्यात्मने नमः ॥ लं हृत्पुण्डरीकात्मने नमः ॥ सं सोममण्डलाय षोडशकलात्मने नमः ॥ हृं सूर्य्यमण्डलाय द्वादशकलात्मने नमः ॥ रं अग्निमण्डलाय दशकलात्मने नमः ॥ ह्रौं नमः शान्त्यतीतकलात्मने नमः ॥ ह्रैं नमः शान्तिकलात्मने नमः ॥ ह्री विद्याकलात्मने नमः ॥ ह्री नमः प्रतिष्ठाकलात्मने नमः ॥ ह्रां नमः निवृत्तिकलात्मने नमः इति तत्त्वन्यासः सर्वांगिणं *प्रकृतिपरमं* बुद्धिपूर्वत्रयं हृन्मध्ये शब्दादिकगुणगणंकांश्य हृद्गुह्यपत्युहृत्पुंडरीकादिचतुस्करमंत्र-हृदेकदशात्या-दिकादिशेषु इति न्यासस्थानानि ॥ पङ्क्तिस्थलेषु विन्यस्य अनन्तरं अष्टत्रिंशत्कलान्यासं कुर्यात् । ततः ईशानमूर्ध्ने नमः ॥ तत्पुरुषव्यक्ताय नमः ॥ अघोरहृदयाय नमः ॥ वामदेवाय गुह्याय नमः ॥ सद्योजातादिद्वाभ्यां नमः ॥ अङ्गुष्ठाङ्गुष्ठतर्ज्जनीभ्यां नमः ॥ अगुष्ठाङ्गुष्ठमध्यमाभ्यां नमः ॥ अगुष्ठाङ्गुष्ठअनामिकाभ्यां नमः ॥ अगुष्ठाङ्गुष्ठकनिष्ठिकाभ्यां नमः ॥ एवं हृदयादिविन्यासः ॥ ईशान ऊर्ध्ववक्त्राय नमः ॥ तत्पुरुषाय पूर्ववक्त्राय नमः ॥ अघोराय दक्षिणवक्त्राय नमः ॥ वामदेवाय उत्तरवक्त्राय नमः ॥ सद्योजाताय पश्चिमवक्त्राय नमः ॥ इति पूर्वादि अङ्गुष्ठादिक्रमेण पञ्चवक्त्रस्थानेषु विन्यस्य ॥ ततो मूलमन्त्रस्य न्यासादिकं कुर्यात् ॥ श्रीपशुपतिपञ्चमुखध्यानम् ॥

संवर्त्ताग्नितडित्प्रदीप्तकनकप्रपस्पर्द्धितेजोऽरुणम् ।
गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम् ॥
अर्धेन्दुद्युतिलोलपिङ्गलजटाभारप्रबद्धोरगम् ।
वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ॥ ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि … इति रुद्रगायत्रीं जपित्वा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणम् ।

कर्णोद्भासितभोगिमस्तकमणिं प्रोद्भिन्नद्रंष्ट्राङ्कुरम् ॥

सर्पप्रोतकपालशूक्तिशकलव्याकीर्णताशेखरम् ।

वन्दे दक्षिणमीश्वरस्य वदनं चाथर्वनादोदयम् ॥

ॐ नमो भगवते अघोराय नमः ॥ अघोरेभ्योऽथघोरेभ्यः ॥ नमस्ते अस्तु रुद्ररूपेभ्यः ॥ अथ गायत्रीं जपेत् ॥ ॐ ह्रीं ह्रौं नमः शिवाय ॥ मूलमुच्यार्य्य इति गायत्रीं जपेत् मानसैः संपूज्य ॥ अथ पश्चिममुखं ध्यायेत् ॥

प्रालेयाचलमिन्दुकुन्दधवलं गोक्षीरफेनप्रभम् ।

भस्माभ्यङ्गमनङ्गदेहदहनं ज्वालावलिलोचनम् ॥

ब्रह्मेन्द्रादिमरुद्गणैः स्तुतिपैरभ्यर्चितं योगिभिः ।

वन्देऽहं सकलं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ॥

ॐ नमो भगवते सद्योजाताय नमः ॥ सद्योजातं प्रपद्यामि । भवोद्भवाय नमः ॥ ब्रह्मगायत्रीं जपेत् । ॐ श्लीं पशुपति हूं फट् स्वाहा । मूलमुच्चार्य इति गायत्रीं जपेत् । मानसैः संपूज्य ॥ अथ वामदेवमुखाय नमः ॥

गौरं कुङ्कुमपङ्कजं सुतिलकं व्यापाण्डुगण्डस्थलम् ।

भ्रूविक्षेपकटाक्षवीक्षणलसत् संसक्तवर्णोत्पलम् ॥

स्निग्धं विम्बफलासनं प्रहसितं नीलालकालङ्कृतम् ।

वन्दे पूर्ण शशाङ्कमण्डलनिभं वक्त्रं हरस्योत्तरम् ॥ ॐ नमो भगवते वामदेवमुखाय नमः ॥ वामदेवाय नमो मनोन्मनाय नमः ॥ ॐ ह्वीं ॐ ॐ ॐ भूर्भुवः स्वः ॥ अथ तूर्य्यगायत्रीं जपेत् ॥ मूलमुच्चार्य मानसैः संपूज्य ॥ अथोर्ध्वाम्नायध्यानम् ॥

व्यक्ताव्यक्तनिरूपितं च परमं षट्त्रिंशतत्त्वाधिकम् ।

तस्मादुत्तरतत्त्वमक्षरमिति ध्येयं सदा योगिभिः ॥

ओङ्कारादिसमस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मं परम् ।

वन्दे पञ्चममीश्वरस्य वदनं खंव्यापितेजोमयम् ॥ ॐ नमो भगवते ऊर्ध्वमुखाय नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईशानसर्वविद्यानां सदाशिवोऽम् ॥ अथ हंसगायत्रीं जपेत् । ॐ नमो भगवते पाशुपतायस्त्राय नमः ॥ फट् हूँ अनुष्टुप्छन्दः ॐ श्रीफट्स्वाहा ॥ मूलमुच्चार्य्य इति गायत्रीं जपेत् । मानसैः संपूज्य इति पाशुपतमहास्त्रं पञ्चविंशतिवारं जपेत् ॥ ॐ नमो भगवते पशुपतये मह्यं मेधां प्रज्ञां प्रयच्छ स्वाहा ॥ ज्ञानैश्वर्यप्रदानोऽयमितिमन्त्रं द्वादशावर्त्य मूलेन कुम्भकं कृत्वा तत्काले मूलमन्त्रं तेजोरूपं विभाव्य तत्तेजः करतलकरपृष्ठेषु व्याप्य ओमित्याद्यङ्गमन्त्रैरङ्गुलिन्यासं कृत्वा ॥ द्वाभ्यां कराभ्यां मूलेन च तेजोरूपं शरीरत्रयं कल्पयित्वा स्वशरीरं त्रिंशो व्याप्य अक्षरन्यासं कुर्यात् । तत्प्रकारः ॥ मूर्ध्नि पश्चाल्ललाटे चक्षुषि श्रवणद्वये नासापुटद्वये पश्चाद् गण्डयोरपि जिह्वाग्रे नासिकाग्रे च ओष्ठयोः, चिबुके हृदये उरुयुग्मे नाभौ पृष्ठे च गुह्यके ऊर्वोर्जान्होश्चैव पाणौ उपघ्नौ पादयुग्मे तथा सर्वाङ्गादिषु परन्यस्य विद्वानतन्द्रितः इत्युक्तस्थाने मन्त्रैः प्रज्ञाशक्त्या अक्षराणि विन्यस्य अनन्तरं योगन्यासं कुर्यात् तत्प्रकारः । आधारेषु चतुष्पत्रे प्रणवं कर्णिकोपरि चतुरपश्चाद् हृदयेऽष्टदलाम्बुजे कर्णिकायां न्यसेद् बीजं ह्रीं पत्रेषु विन्यसेत् । अष्टौ च द्विदले पश्चात्कर्णिकायां न्यस्येच्छिवं ह्रौं द्वे द्वयोस्तु तत्पश्चात्सहस्रारिशिरोऽम्बुजे कर्णिकायां न्यसेच्छक्तिं बालार्कशतरूपिणीं *सांस*प्ताक्षराणि रूपाणि सृष्टानि सहस्रारे शिरोऽम्बुजे इत्युक्त प्रकारेण मूलवर्णे योगन्यासं कृत्वा मूलं व्याप्य मूर्तिपञ्जरन्यासं कुर्यात् प्रकारः ॐ आँ ह्रीं हूँ नमः शिवाय महादेवाय वायुरुद्राय मित्राय नमः । ॐ इँ ह्री हूँ नमः शिवाय शङ्कराय वरुणाय नमः ॥ ॐ हृँ हृँ ह्रीं हृँ नमः शिवाय नीललोहिताय अंशवे नमः ॥ ॐ ऋँ ह्री हूँ नमः शिवाय ईशानाय भगाय नमः ॥ ॐ ऐँ ह्रीं हूँ नमः शिवाय विजयाय विश्वपतये नमः ॐ ऐँ ह्रीं इँ नमः शिवाय भीमाय इन्द्राय नमः ॥ ॐ ॐ ह्रीं हूँ नमः शिवाय कपर्दिने पुष्णे नमः ॥ ॐ औँ ह्रीं हूँ नमः शिवाय हराय पर्ज्जन्याय नमः ॥ ॐ कण्ठदक्षिणपार्श्वतदंशतद्गलपृष्ठ्यामुक्तसैनविन्यस्य पुनः काननवृतेत्यादिस्थानेषु मातृकान्यासं कृत्वा मूलेन त्रिंशोच्चार्य मूलमन्त्रस्य ऋष्यादिषडङ्गन्यासं कृत्वा ॥ देवस्य प्राणा इह प्राणा देवस्य जीव इहात्मनि सुखं चिरं तिष्ठन्तु स्वाहा इति देवस्य प्राणप्रतिष्ठां विधाय मानसैः पूजयित्वा पुष्पाञ्जलिं भावयित्वा ध्वात्वा योजनानांशतो ह्यष्टोत्तरपञ्चसप्ततिविस्तृतं वटवृक्षमनुस्मृत्य तदधस्ताद् विचिन्तयेत् मण्डपं रुचिरं सम्यक्सहस्रस्तम्भ संयुतम् । छादितं मण्डपं ध्यायेत् तन्मध्येऽवा परं पुनः चतुस्तम्भयुतं तद्वन्मन्त्रसिंहासनं परम् ॥ तत्रासीनं महादेवं पशुपतिं भूतदेवतां शुद्धस्फटिकधारिणं मुखपङ्केरुह*होस्त्राशि* रविसोमाग्निलोचनम् मुद्रापञ्चाक्षविभ्राणं बाहुभिः श्रीसमप्रभम् ॥ जान्वाशक्तिददाने तु वामबाहुसुशोभितम् ॥ व्याकुर्य्यात् समस्तानि ब्रह्मतन्त्रादिसाधनम् धृतपुत्रागमकक्षं तु सर्वमोहप्रशासनं कुशादिमुनिमुख्यैस्तु पुस्तकोज्ज्वलपाणिभिः उमया देव्या चापि वाग्देव्या वापि वामतः । ब्रह्मणा पद्मनाभेन नारदेनापि संवृतः ॥ पूर्वादिदिक्षु मुख्यासु दिक्षु चाग्नेयेषु च क्रमात् ॥ वेदैर्वेदान्तकैश्चैव वीक्षितं चिन्तयेच्छिवम् ॥ मीमांसाधर्मशास्त्राभ्यां प्राच्यां दिशि सुवेष्टितम् ॥ इतिहासपुराणाभ्यां याम्यां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशि सुवेष्टितम् ॥ पश्चिमतर्कविद्याभिः सर्वदा परितोषितम् ॥ वाद्यमानैस्तथानित्यमुत्तरस्यामुपावृतम् ॥ त्रयस्त्रिंशतिरिन्द्राद्यैर्देवैःसंवेष्टितं प्रभुम् ॥ यावच्चेतो वै *तु रशस्यनित्यसंवन्धनः* सुराः ॥

त्रीणि चैव सहस्राणि षष्टि त्रीणि शतानि च ॥ तावद्भिर्विबुधैः साक्षाद् गीतवाद्यैश्च संयुतम् ॥ एवं महादेवं *पशुपतिमुमागत ।। भावयन्ति तद्भावं सर्वज्ञश्च भवेद्द्रूपम्* ॥ पुण्यद*भश्चदंतादिमस्तके* मानसैरूपचारैश्च जपेदष्टोत्तरं शतम्, जपं समर्प्य स्तुत्वाऽथ प्रणमेद्योनिमुद्रया तस्मै समर्प्य स्वात्मानं शिवैक्यं भावयेत्पुनः, पुरश्चरणकर्ता चेत् पञ्चलक्षं जपेत्क्रमात् तदुक्तमेवं ध्यात्वा च जपेन्मन्त्री पञ्चलक्षसहितः क्रमात् अष्टोत्तरसमानीतं यावज्जीवं जपेत् ... खिलैः शुद्धैः *गृहमान्क्षीर*संयुतैः पञ्चाक्षरोदिते पीठे तद्विधानेनैव पूजयेत् । उपचारैः षोडशभिः पाद्यादिपरमेश्वरं अष्टपत्रं लिखेत्पद्मं कर्णिकां केशरान्वितम् । गुणवृत्तमहीविम्बचतुर्द्वारोपशोभितम् शिवमन्त्रमिमं मध्ये प्रणवेन विराजितम् लिखित्वा विधिवत्तन्त्रं मूलेन कुसुमं न्यसेत् । स्वर्णपत्रे पञ्चलोहे स्थण्डिले पञ्चचूर्णिके । लिखित्वा पुरतः स्थाप्य पूजयेज्जगदीश्वरम् । तत्रादौ दक्षिणाग्रतो जलेन भूमिलिप्यस्तु तत्र त्रिकोणवृत्तं चतुरस्रं मण्डलं दर्भमूलेन निर्माय पात्रधार मूलेन प्रक्षाल्य तत्र विधारयेत्, तदुपरि अर्घ्यपात्रमस्त्रमन्त्रेण प्रक्षाल्य संस्थाप्यादौ शुद्धोदकेन च आपूर्य्य तत्र तीर्थमन्त्रेण तीर्थनावाह्य जलेन प्रणवमुचार्य्य गन्धपुष्पाणि निक्षिप्य धेनुमुद्रां प्रदर्श्य अर्घ्यविशेषस्थापनार्थं स्ववामाङ्गुष्ठमुपलिप्य तत्र त्रिकोणवृत्तषट्कोणचतुरस्रमण्डलमलङ्कृत्य सामान्यार्घ्यजलेन आलभ्य धेनुमुद्रां निर्माय त्वाङ्गमन्त्रेण हुँ चतुष्कोणेषु हृदयादिचतुष्टयमध्ये नेत्रं पूर्वादिचतुर्दिक्षु अष्टाविति क्रमेण मूलमन्त्रागममन्त्रैर्नमोऽन्तैर्गन्धाक्षतपुष्पैः संपूज्य मूलेन क्षालितां त्रिपादिकां तत्र संस्थाप्य ॐ मं वह्निमण्डलाय दशकलात्मने श्रीपशुपतये विशेषार्घ्यपात्राधाराय नमः इति गन्धादिभिः पात्राधारं सम्पूज्य अस्त्रमन्त्रेण क्षालितं शङ्खपात्रं संस्थाप्याधारं ॐ अँ अर्कमण्डलाय द्वादशकलात्मने श्रीपशुपतिप्रीत्यर्थे विशेषार्घ्यपात्राधारायनमः॥ इति गन्धादिभिः पात्रं संपूज्य मूलमुच्चार्य्य विलोममातृपठन् इन्दुवाश्रितामृतान् प्रपूर्य ततः ॐ हूँ सोममण्डलाय षोडशकलात्मने श्रीपशुपतये विशेषायाऽमृतकलाय नमः॥ इति धेनुमुद्रया अमृतीकृत्य तत्र देवं ध्यात्वा आवाह्य अङ्गयासेनमः गङ्गायै नमः सकलीकृत्यास्त्रेण मन्त्रेण तालत्रयेण दिग्बन्धनं अग्निप्राकारन् विधाय तज्ज्वलननेत्रास्त्रमन्त्रेण निरीक्ष्य शंखमुद्रया अवष्टभ्य योनिमुद्रया उद्दिश्य मूलमुच्चार्य्य श्रीपशुपतये नमः । एवं गन्धादिभिरभ्यर्च्य गन्धपुष्पधूपदीपानैवेद्याऽऽ रार्तिकस्तुतिनमस्कारान् समर्पयेत् । श्रीशैवमुद्रां प्रदर्श्य मत्स्यमुद्रां प्रदर्श्य मूलमन्त्रजपः, तत्समर्पणम्, स्मृत्वा *तद्दक्षिणपार्श्वे* प्रोक्षणीपात्रं सस्थाप्य जलेनाऽपूर्य्य विशेषार्घ्यजलं किञ्चित्प्रोक्षणीजलेन संयोज्य सामान्यार्घ्यजलेन ऐं क्लीं किञ्चिन्निक्षिप्य ततः प्रोक्षणजलमादाय मूलमुच्चार्य अं आत्मतत्त्वायनमः हूँ विद्यातत्त्वायनमः वं शिवतत्त्वायनमः॥ इत्येतैर्मन्त्रैरात्मनस्त्रिवारं संप्रोक्ष्य पूजाप्रकरणादिकमपि संप्रोक्ष्य तत आत्मपूजोपकरणादिकमपि सर्वान्सच्चिदानन्दरूपं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभाव्य कांस्यघण्टास्थापनं कृत्वा द्वारमासाद्य वाससा गन्धपुष्पाक्षतार्घ्यतोयैश्च प्रोक्षयेत् मण्डपम् । ततोऽञ्जलिं बध्वा यो देवपूजकश्चापि पूजयेद् *व्यानित जलं प्राणबुध्यात्मक* सर्वान् तस्मै पूर्णात्मने नमः *देवत्वात्प्राकृतचिन्तयाक्रांतभूत्ममतंनिसायंचिंतामेनपापं* फट् फट् फट् ते नमः सूर्यसोमयमकाल– महाभूतानि पञ्च वस्ते शुभाशुभस्वहस्ते कर्मणा मम साक्षिणा इति पठित्वा हूँ सुं डित्यनेन पार्श्वद्वयमूर्ध्वमधश्च निरीक्ष्य सुमना भवेत् । ततो भैरवाज्ञां गृहीत्वा शिवस्यापि हरेर्वापि सूर्य्यस्याग्नेर्गुरोर्यथा दीपस्य ज्वलितस्यापि संविधानं प्रकल्पयेत् इति दीपस्थानम् । वेदान्तवेद्याखिलविश्वमूर्त्ते विधे विरूपाक्ष विधेहि शून्यम् विश्वेश्वराय विशेषाय भूतिकपाटमुद्घाटय कालकलाय कालाय इतिकपाटमुद्घाट्य द्वारस्य दक्षिणोत्तराभ्यां भीमसेनाय नमः कुबेराय नमः शक्त्यै नमः ॥ चिच्छक्त्यै नमः सुयशोदेव्यै नमः सर्वैश्वर्य्यै नमः, ईत्यभ्यर्च्य द्वारश्रियै नमः, देहल्यै नमः, इतिद्वारपूजा। देवस्य नैर्ऋत्ये वास्तुपुरुषाय नमः, वटुकभैरवाय नमः, कामदेवाय नमः, वृषभाय नमः इति वास्तुपुरुषं गन्धादिभिरभ्यर्च्य व्याहृत्य निर्माल्यमपोह्य उत्तरभागे चण्डीश्वराय नमः ॥ इति निर्माल्यं समर्प्य जलं दत्त्वा आत्मपूजार्थ गन्धपुष्पादि सम्पाद्य श्वेतरक्ततुलसीदलचन्दनमिश्रितं वस्तु कराभ्यां गृहीत्वा ॐ नमोऽस्तु स्थाणवे तुभ्यं ज्योतिर्लिङ्गात्मने नमः ॥ चतुर्मूर्तिवपुस्थाय *भासितागामृ पशंभवे*। *इति* मन्त्रमूलेन च *पदादिनाभ्याज्तंतद्पार्श्वयोःकराभ्यां* व्यापकधियाऽभ्यर्च्य पूर्ववत् श्वेतरक्तकरवीरपुष्पं गृहीत्वा नाभ्यादिकण्ठान्तंस्थामूलमन्त्राभ्यामभ्यर्च्य पुनः पूर्ववत् श्वेतरक्तकमलद्वयं गृहीत्वा कण्ठादिभ्रूमध्यान्तमभ्यर्च्य पुनः सर्वमिलितान् गृहीत्वा भ्रूमध्यादिशिरः पर्यन्तमभ्यर्च्य आत्मानं सच्चिदानन्दरूपं भावयित्वा आत्मार्चनद्रव्यमावाह्य पूजापीठं स्थानपीठं सम्पाद्य अष्टपत्रगुणवृत्तशालिभि*र्वाधि*कल्पतरुभिः समावृतं मण्डलं प्रतिविधाय शूलिनः पीठमन्त्रनवशक्तिभिर्यजेत् इत्युक्तप्रकारेण पीठद्वयं संपादयेत् । तत्प्रकारः मण्डूकाधाराय नमः ॥ कालाग्निरुद्राय नमः ॥ मूलप्रकृत्यै नमः ॥ आधारशक्त्यै नमः ॥ श्रीं ॐ कूर्माय नमः ॥ ॐ अनन्ताय नमः । भं वराहाय नमः ॥ गं पृथिव्यै नमः ॥ यं अमृतार्णवाय नमः ॥ लिं श्रीपीठाय नमः । यं कैलासाय नमः ॥ कुं वटवृक्षाय नमः ॥ यं कल्पकोद्याताय नमः । दो (दां) सहस्रस्तम्भमणिमण्डपाय नमः ॥ वं रत्नसिंहासनाय नमः ॥ तं श्वेतच्छत्राय नमः ॥ इति मन्त्रैरूपरि यन्त्रमध्ये समभ्यर्च्य ॐ धर्माय नमः ॥ नं ज्ञानाय नमः ॥ मं फट् वैराग्याय नमः ॥ टं हूं ऐश्वर्याय नमः ॥ दूं सिंहासनगततलेनाभ्यर्च्य पुनर्धर्माय नमः ॥ ॐ अज्ञानाय नमः ॥ श्रीं अवैराग्याय नमः॥ हूं अनैश्वर्याय नमः ॥ फं नम इतिसिंहासनाग्रेष्वभ्यर्च्य टं पद्माय नमः ॥ स्वां आनन्दकदाय नमः ॥ हां संविन्नन्लाय नमः ॥ ॐ प्रकृतिमयपत्रेभ्यो नमः ॥ नूं विकारमयकेशरेभ्यो नमः ॥ मों प्रणवमयकर्णिकायै नमः ॥ मं नम इतिसिंहासनमध्येऽभ्यर्च्य गं आं अर्कमण्डलाय नमः ॥ वं ऊं सोममण्डलाय नमः ॥ तं रुं वह्निमण्डलाय नमः ॥ पां सं सत्याय नमः ॥ शुं कं रजसे नमः ॥ पं तं तमसे नमः ॥ दां श्रं आत्मने नमः ॥ स्रां अं अन्तरात्मने नमः ॥ यं पं परमात्मने नमः ॥ नं ह्रां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानात्मने नमः ॥ मों इति मणिकर्णिकायामभ्यर्च्य नं वामायै नमः ॥ मं ज्येष्ठायै नमः ॥ फं श्रेष्ठायै नमः ॥ टं काल्यै नमः ॥ हूं कलविकरिण्यै नमः ॥ नूं बलविकरिण्यै नमः ॥ पुं बलप्रमथिन्यै नमः ॥ ॐ सर्वभूतदमन्यै नमः ॥ श्रीं इति मन्त्रैः कमलस्य प्रागाद्यदलेषु क्रमेणभ्यर्च्य । हूँ मनोन्मनायै नमः ॥ इतिकर्णिकामध्येऽभ्यर्च्य ॐ नमो भगवते सदाशिवाय सकलगुणात्मशक्तियुक्ताय अनन्ताय योगपीठात्मने नमः ॥ इति मूलमन्त्रोच्चारणपूर्वकं पीठसमष्टिमन्त्रेण पीठनवशक्तिमध्ये देवमाविर्भूतं ध्यात्वा श्रीपशुपतीशानाय नमः ॥ इति पुष्पाञ्जलिं दत्त्वा श्रीपशुपतिमहं कल्पयामि नमः ॥ अथ ध्यानम् ॥ *पृथ्वीदेवतः पूरद्ररमयं श्रीरुद्रसूक्तं नमः* ॥

सोमायेत्यनुवाकमेतदुभयं प्राकारदेवालयम् ।
गर्भाकारमतिप्रसक्तममलं पञ्चाक्षरीमन्त्रराट् ॥

मन्त्रोपास्यतया स्थितो विजयते श्रीराजराजेश्वरः ॥ इति ध्यानोक्तां मूर्तिमासने पुष्पाञ्जलिना प्रकल्प्य श्रीपशुपतये नमः ॥ इति पुष्पं दत्त्वा ततो विशेषार्घ्यसामान्यार्घ्ययोर्मध्ये पाद्यार्घ्याचमनीयं मधुपर्कार्थं पात्रचतुष्टयं सामान्यार्घ्यविधिना तत्द्रव्यान्वितं संस्थाप्य तत्तद्रव्याभावे एकं सम्पाद्य विभावयेद् धिया । अथपञ्चायतनक्रमाच्चैवं योगपीठादिपीठे आग्नेयादिकोणचतुष्टयेसूर्य्यगणेशाम्बिकाविष्णून् तत्रत्येन विधिना सम्पूज्य मध्ये यन्त्रराजे निजेष्टदेवं श्रीपशुपतिं पूजयेत् ॥ तदुक्तं शैवागमे तस्याग्नेये यजेत् सूर्यं नैर्ऋत्यां गणनायकम् वायव्यामम्बिकामीडे हरिं च हरपूजनं तत्रैव । यत्रैव भानुरुदयं प्रयाति प्राचीमिमम् वेदविदो वदन्ति । मध्ये तथा पूजकपूज्ययोश्च सर्वागमज्ञाः प्रवदन्ति तान्तु । इति यामलोक्तरीत्या पूज्यपूजकयोर्ममध्ये पूर्वमित्यभिधीय प्राग्दाक्षिण्येन विज्ञेया । प्राच्याग्रे यदि कल्पना तत्र गणपत्यादिक्रम इत्येकः पक्षः ॥ सूर्य्यादिक्रम इत्यपरःपक्षः । पूर्वपक्षेण यजेदित्यादिरीत्या आरभ्य प्राग्दाक्षिण्येन पूजयेत् ॥ आग्नेयमारभ्येत्यपरमतमिति *चतुष्टयम्* ॥ अथ मन्त्रराजे पशुपतिमर्चयेत् । तत्प्रकारः प्राणानायाम्य पृथिव्याः शुभे शोभने मुहूर्ते संवत्सरमासपक्षतिथिवार नक्षत्रयोगकरण नवग्रहतिथीनां धिवत्सङ्कल्पं कुर्यात् । मूलेन मन्त्रऋष्यादिकं न्यसेत् । ध्यात्वा आत्मानं देवदेवरूपं ज्योतिरूपं सनातनं कराभ्यां पुष्पाण्यादाय ततो ध्यायेन्मातृकारूपम् । ध्यात्वा देवं हृत्कमले मानसैरूपचर्य च तेजः पुञ्जं विभाव्याथ मूलाधारं नयेत्पुनः ॥ सुषुम्णाया ब्रह्मरन्ध्रे सहस्रारशिरोम्बुजे । नत्वा शिवेन संयोज्य ललाटान्तं नयेत्पुनः ॥ विचिन्त्य पूर्णेन्दुनिभं करस्थे पुष्पकासने आनीय नासारन्ध्रेण पशुपतिमूर्तिमावाह्येहि भगवन् देवलोकानुग्रहकारक यज्ञभागं गृहाण त्वं देवदेवनमोऽस्तुते ॐॐॐ नमः स्वात्मानस्थमजं शुद्धं त्वामद्यपरमेश्वरं *अरंण्यामिवहव्यांशमूर्ता वावाहयाम्यहं* ॐ सहस्रशीर्षा..... दशाङ्गुलं ॐ नमो भगवते पशुपतये मह्यं मेधां प्रज्ञां प्रयच्छ स्वाहा ह्रीं ॐ भूरावाहयामि, आवाहितो भव इत्यावाहनमुद्रां प्रदर्श्य तवेयं महिमामूर्तिस्तस्मात्वां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शंकर प्रभो । भक्तिस्नेहसमाकृष्टं दीपवद्भासयाम्यहं । इतिस्थापितो भव । स्थापिनीमुद्रां प्रदर्श्य सर्वान्तर्यामिने देवसर्वबीजमयं शुभं स्वात्मस्थानं परं शुद्धं आसनं कल्पयाम्यहं विश्वात्मने नमस्तुभ्यं शम्भवे सर्वजिह्मवे रत्नसिंहासनं चारु ददामि शशिशेखर । पुरुषऽएवेद.....तिरोहति ह्रौं ॐ भुवः मूलमुच्चार्य आसनं समर्पयामि नमः इत्यासनमुद्रां प्रदर्श्य अस्मिन् वीरासने देव सुखमास्वाक्षरात्मके । प्रतिष्ठितो भवाऽस्मिन् त्वं प्रसीद पुरुषोत्तम । ॐ ह्रीं प्रतिष्ठापितो भवेति प्रतिष्ठामुद्रां प्रदर्श्य अनन्या तव देवेश मूर्तिः शक्तिरियं प्रभो यावत् त्वां पूजयाम्यत्र तावत् त्वं सन्निधीतो भव ॐ इतिसान्निध्यमुद्रां प्रदर्श्य । आज्ञापयत देवेश कृपाम्भोधे गुणाम्बुधे । स्वात्मानन्दैकतृप्तं त्वां निरूप्य व्यापिने गुरो ।। ॐ इतिसन्निधिमुद्रां प्रदर्श्य हृष्टापीयूषवर्षिण्य *पूरयन्य ज्ञविद्ध्यार्थ मूर्तौ वायज्ञसंपूर्त्ति* स्थिरो भव महेश्वरः ॐ यं नम इतिस्थिरीकरणमुद्रां प्रदर्श्य यस्य दर्शनमिच्छन्ति देवस्याभीष्टसिद्धये । तस्मै ते परमेशाय स्वागतं मे *स्वागतोऽस्तु ते मे प्रसीदमिति* स्वागतमुद्रां प्रदर्श्य अज्ञानाद् वा प्रमादाद् वा वैकल्यात्सातस्य वा यथापूर्णं भवेत् कृत्यं तथा ह्यभिमुखो भव ॐ फट् नमः इति अभिमुखीकरणमुद्रां प्रदर्श्य अव्यक्तवाङ्मनश्चक्षुः श्रोत्रदूरामितद्युतेः त्वत्तेजः शंभवे तस्मै पाद्यं शुद्धाय कल्पते । एतावानस्यमृतं..... दिवि ॐ स्वः ।। मूलमुच्चार्य्य पाद्यमिदं नमः इति स्यामकदूर्वापद्मविराजितान्वितं जलं पादयोर्दत्वा तापत्रयहरं दिव्यं परमानन्दलक्षणम् । तापत्रयविनिर्मुक्तं तवार्घ्यं कल्पयाम्यहम् । त्रिपादूर्ध्व.... अभि ॐ तं ॐ महः मूलमुच्चार्य्य अर्घ्यमिदं ते नमः, इति गन्धपुष्पाक्षतयवकुशाग्रतिलसर्षपदूर्वा जिलानि देवस्य पशुपतेः शिरसि दत्त्वा देवानां पवित्राणां पवित्रं त्वं देवतात्मने श्रीआचमनं कल्पयामि *अशुद्धा नां* शुद्धिहेतवे । ततोविराड्..... मथोपुरः मूलमुच्चार्य्य ॐ वं जनः ।। एतत्ते आचमनीयं नमः, इति जातिफलं लवंगताम्वूल चूर्णसहितानि जलानि मुखे दत्त्वा सर्वकालुष्यहीनाय परिपूर्णसुखात्मने । मधुपर्कमिदं देव कल्पयामि प्रसीद मे । एष ते मधुपर्कं नमः इति दधिमधुक्षीरघृतशर्करा इति पञ्चवर्गैः मधुपर्कम् ऊर्ध्वमुखे दत्त्वा पुनराचमनीयमिति केवलोदकं दत्त्वा ततो देवस्य स्नानार्थे देव सिंहासनात्स्नानशालां पादुकाभ्यां नीत्वा तत्र सिंहासने संस्थाप्य केशप्रसाधनाङ्गमर्दनं चम्पकादितैलाभ्यञ्जनं वीररसचूर्णादिलेपनपञ्चगव्य ञ्चामृतस्नानेक्षुसारनारिकेलोदककर्पूरोदकस्नानकुङ्कमानुलेपनगन्धोदकतैलाभ्यङ्गान्तं पञ्चाशद्वर्णपूरितमनुलोमविलोमपञ्चब्रह्ममन्त्रैः शापविमोचनमन्त्रैः पूर्णकलशस्नानं च कारयित्वा परमानन्दबोधाब्धिनिमग्ननिजमूर्त्तये साङ्गोपाङ्गमिदं स्नानं कल्पयामीश ते पुनः ।। इति चरणोदकं चतुर्वारं मार्जयेत् । तत्पुरुषे.... शरद्धवि ।। ॐ तर्पनः मूलमुच्चार्य्य पुनराचमनं दत्त्वा मायाचित्रवटे भिन्नानिजगुह्योरुतेजसि ।। निरावरणविज्ञानं वस्त्रं ते कल्पयाम्यहम् । तं यज्ञं... ऋषयश्च ये, मूलमुच्यार्य्य वस्त्रमिदं ते नमः ।। यमाश्रित्य महामाया जगत्संमोहिनी स्थिता । तस्मै ते परमेशाय कल्पयाम्युत्तरीयकम् ।। मूलमुच्चार्य्य उत्तरीयमिदं ते नमः ।। यस्य शक्तित्रयेणेदं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्प्रोतमखिलं जगत् ॥ यज्ञसूत्राय तस्मै ते यज्ञसूत्रं कल्पयेत् ॥ तस्माद्यज्ञात्.... ग्राम्याश्च ये ॐ तत्सवितुर्वरेण्यमिति मूलमुच्चार्य्य इदं यज्ञोपवीतं । स्वभावसुन्दराङ्गाय नानाशक्त्याविन्नणय ते। भूषणानि विचित्राणि *कल्पयाम्ययरार्चित* किरीटाय केयूराय *पुण्यहाण्य*कालाय नमः, अङ्गदेभ्यो हस्तस्फाटिकेभ्यः करभूषणेभ्योऽङ्गुलीयकेभ्यः कर्णकुण्डलेभ्यः कर्णावतंसेभ्य सुवर्णकटिसूत्राय पादकटकाभ्यां नूपुराभ्यां पादाङ्गुलीभ्यः कण्ठहारकेभ्यो नमः इति भूषणादिकं समर्प्य ये देवस्य स्नानानन्तरं सर्वाङ्गादीनां तत्समष्टिमन्त्रेण स्नानं वस्त्रं भूषणानि मानसैर्विभाव्य अथ आवरणपूजां करिष्ये ॐ नमः मं नमः ॐ नमोऽस्तु स्थाणुभूताय ज्योतिर्लिङ्गामृतात्मने चतुर्मूर्त्तिवपुस्थाय भासिताङ्गाय शम्भवे । मूलमुच्चार्य्य ऋष्यादिकरषडङ्गन्यासं कुर्यात् । द्वात्रिंशमुद्राः प्रदर्श्य त्रिवारं मूर्त्तौ जलं दत्त्वा हंसमन्त्रेण सोऽहमिति भाव्यः परिवारार्चनं कुर्यात् ईं ह्रीं ईशानं मूर्ध्ने नमः ॥ ॐ ह्राँ तत्पुरुषवक्त्राय नमः ॥ ॐ ह्रां अघोरहृदयाय नमः ॥ ॐ हूँ वामदेवगुह्याय नमः । ॐ ह्रों सद्योजाताय पद्भ्यां नमः ॥ ॐ ह्रैं निधनपतये नमः ॥ ॐ ह्रौं ऊर्ध्वाय नमः ॥ ॐ ह्रूं दिव्याय नमः ॥ ॐ नरनाथाय नमः ॥ ॐ नं पशुपहराय नमः ॥ ॐ मं प्रीताय नमः ॥ ॐ यं पुण्यपुरुषाय नमः ॥ ॐ वं बालप्रियाय नमः ॥ ॐ लं फ्रें फ्रें शब्दपरायणाय नमः ॥ ॐ शं ब्रह्ममेदिने नमः ॥ ॐ षं पक्षीन्द्रवाहनाय नमः ॥ ॐ फणिविद्याय नमः ॥ ॐ लं ब्रह्मज्ञानिने नमः ॥ ॐ क्षं भीमभयाय नमः ॥ ॐ क्षं भ्रां भवोद्भवाय नमः ॥ ॐआं भवो शिवलिङ्गाय नमः इति कांस्यहृद्गुह्य तत्त्वादि *न्यस्य* ईशानाय ऊर्ध्ववक्त्राय नमः ॥ तत्पुरुषाय पूर्ववक्त्राय नमः ॥ ॐ अघोराय दक्षिणमुखाय नमः ॥ ॐ वामदेवाय उत्तर मुखाय नमः ॥ सद्योजाताय पश्चिममुखाय नमः ॥ इति पञ्चवक्त्रेषु क्रमेण विन्यस्य षडङ्गै हृदयादिस्थानेषु विन्यस्य ज्ञानमुद्राय हस्ताय हस्तमालाय हस्ताय वीणाधाराय हस्ताय पुस्तकहस्ताय नमः । ततो हस्तेभ्यो नमः – ॐ इं वामे उमायै नमः ॥ ॐ इं शिरसि गङ्गायै नमः ॥ ॐ उं इति सर्वत्र मनुपुटितप्रणवमन्त्रैः तत्तत्स्थानेषु जलं दत्त्वा ....चतुष्टयदिक्षु क्रमेण पुरतो नेत्रं परितोऽस्त्रमिति प्रथमावरणम् ॥ नमोऽस्तु स्वानुभूताय ज्योतिर्लिङ्गामृतात्मने । चतुर्मूर्तिवपुस्थाय भासिताङ्गाय शंभवे इति प्रथमावरणम् ॥ स्वरद्वंद्वाष्टकेन अष्टदले लिङ्गमुद्रां प्रदर्श्य क्रमेण द्वितीयावरणम् ॥ ॐ उं सरस्वत्यै नमः ॥ ॐ ऋं ब्रह्मणे नमः ॥ ॐ ॠं सनकाय नमः ॥ ॐ ऌं सनन्दनाय नमः ॥ ॐ ॡं सनत्कुमाराय नमः ॥ ॐ एं शुकाय नमः ॥ ॐ औं वेदव्यासाय नमः ॥ ॐ एं शुकाय नमः ॥ ॐ औं वेदव्यासाय नमः ॥ ॐ अं शिवलिङ्गाय नमः ॥ ॐ अः दिव्याय नमः ॥ ॐ कं आत्मने नमः ॥ ॐ खँ नवानिभूपतिभद्राय नमः ॥ ॐ गँ भस्मासुरप्रियाय नमः ॥ ॐ *घँ भ्रांता भ्रांताय नमः* ॥ ॐ ङँ वालधं *द्रप्रियाय* नमः ॥ ॐ चँ क्रँ निजजनसन्तुष्टाय नमः ॥ ॐ छँ नटचर्य्याय नमः ॥ ॐ जँ नानामन्त्र हरस्थाय नमः ॥ ॐ झँ महादेवाय नमः ॥ ॐ नँ महेशाय नमः ॥ ॐ टं माधवप्रियाय नमः ॥ ॐ ठँ मारीहरोमदनहृदयाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमः ॥ ॐ डं मधुपुष्पप्रियाय नमः ॥ ॐ ढँ भ्रीं भ्रीं मधुपतिनाथाय नमः ॥ ॐ णाँ यतियज्ञपरायणाय नमः ॥ नम इति अष्टदलेषु क्रमेण पूजयेत् इति द्वितीयावरणम् । निर्वाणमुद्रां प्रदर्श्य अथ तृतीयावरणम् ॐ तँ नागेन्द्रहाराय नमः ॥ ॐ थँ यज्ञकल्पप्रियाय नमः ॥ ॐ दँ वामदेवाय नमः ॥ ॐ धँ रामानन्दमयाय नमः ॥ ॐ दँ वामदेवाय नमः ॥ ॐ थँ लोलाक्षनाथाय नमः ॥ ॐ नँ यक्षाय यक्षप्रियाय नमः ॥ ॐ पं रामो राजीवलोचनाय नमः ॥ ॐ फँ गद्यवर्गीप्रियाय नमः ॥ ॐ वँ लक्षमन्त्रजपप्रियाय नमः ॥ ॐ मं वीरमार्ग्राय नमः ॥ ॐ यँ वीरचर्याय नमः ॥ ॐ यँ शरच्चन्द्रनिभाय नमः ॥ ॐ रं शशाङ्कमौलिशान्ताय नमः ॥ ॐ लँ सहजानन्दनाथाय नमः ॥ ॐ वँ *सर्वशास्त्रहराय* नमः ॥ ॐ यँ शचीपतिशक्रपूज्याय नमः ॥ ॐ सं षण्मुख पद्मजाय नमः ॥ ॐ हं शक्रपूज्याय नमः ॥ ॐ लं सिद्धिमार्गप्रवर्त्तकाय नमः ॥ ॐ क्षँ सुराराध्याय नमः ॥ ॐ सुवर्णलिङ्गाय नमः ॥ ॐ ह्रीं पिनाकिने नमः ॥ ॐ ह्रैं शाश्वतनिजावासाय नमः ॥ इति चतुष्टयदिक्षु क्रमेण विन्यस्य सम्पूज्य ज्ञानमुद्रां प्रदर्श्य इति तृतीयावरणम् ॥ अथ चतुर्थावरणम् ॥ ॐ ह्रीं पार्वत्यै नमः ॥ ॐ श्रीं सुभगायै नमः ॥ ॐ ऐं भद्रायै नमः ॥ ॐ क्लीं श्रुतायै नमः ॥ ॐ लँ शान्त्यै नमः ॥ ॐ यः कार्यै नमः ॥ ॐ वं काल्यै नमः । ॐ रँ विजृम्भायै नमः ॥ अष्टदलाद् बहिः प्रागादिक्रमेण एताः शक्तीः पूजयित्वा ॥ इति चतुर्थावरणम् । नवमुद्रां प्रदर्श्य अथ पञ्चमावरणम् ॥ ॐ इन्द्रादिदेवाधिपतये नमः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ अद्य ये तेजोधिपतये नमः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ *मामा*प्रेताधिपतये नमः ॥ ॐ वि ऋतये नमः ॥ ॐ रक्षेधिपतये नमः ॥ ॐ वरुणाय जलाधिपतये नमः ॥ ॐ वायवे प्राणाधिपतये नमः ॥ ॐ *हरिहरव्यूहात्मकाय नमः* ॥ ॐ ह्रीं *क्लविश्वहरकृतिहविषे* नमः ॥ ॐ करजपसन्तुष्टाय नमः ॥ ॐ ह्रें बीजपविहिताय नमः ॥ ॐ हर्त्रे नमः ॥ ॐ हाहाशब्दपरायणाय नमः ॥ ॐ क्षेमंकरीप्रियाय नमः ॥ ॐ क्षकारबीजनीलयाय नमः ॥ ॐ ईश्वरवल्लभाय नमः ॥ ॐ उक्तडकारगर्भस्थाय नमः ॥ ॐ ऋकारवर्णभूषणाय नमः ॥ ॐ एकारगर्भश्चैराय नमः ॐ ओंकारपीठनिलयाय नमः ॥ ॐ अँकितोक्तिमहावर्णाय नमः ॥ ॐ सोमाय नक्षत्राधिपतये नमः ॥ ॐ ईशानाय ज्ञानाधिपतये नमः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ शिवाय नमः ॥ ॐ रुद्राय नमः ॥ ॐ मं मृत्युञ्जयाय नमः ॥ ॐ सिं मृडाय नमः ॥ ॐ वं अनघाय नमः ॥ ॐ यं श्रीपशुपतये नमः ॥ इतिभूपुरद्वन्द्वमध्ये प्रागाद्यष्टदिक्षु ऊर्ध्वमधश्च सम्पूज्य वज्राय नमः ॥ शक्तये नमः ॥ दण्डाय नमः ॥ खड्गाय नमः ॥ पाशाय नमः ॥ अङ्कुशाय नमः ॥ गदायै नमः ॥ त्रिशूलाय नमः ॥ चक्राय नमः ॥ पद्माय नमः ॥ इत्येषाम् इन्द्रादीनां नम इति आयुधानि सम्पूज्य निर्माल्यासने चण्डीश्वराय नमः ॥ इत्यै शानकोणेभ्योऽर्च्य समस्तदेवदेवेश सर्वतृप्तिकरं परम् । अखण्डानन्द सम्पूर्णं गृहाण जलमुत्तमम् ॥ ॐ नमोऽस्थाणुभूताय ज्योतिर्लिङ्गामृतात्मने । चतुर्मूर्तिवपुस्थाय भासिताङ्गाय शम्भवे इति मूलमुच्चार्य्य इदं जलं ते नमः ॥ परमानन्द सौभाग्यं पुर्रापूर्णदिगन्तरम् । गृहाण परमं गन्धं कृपया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वर। तस्माद्यज्ञा...... दजायत इत्यावरणपूजा। भर्गोदेवस्य धीमहि अयं गन्धस्ते नमः॥ तुरीयवनसम्भूतं नाना गुणमनोहरम्॥ आनन्दसौरभं पुष्पं गृह्यतामिदमुत्तमम्॥ तस्मादश्वा....... अजावयः॥ धियो योनः प्रचोदयात् मूलमुच्चार्य सहस्रनाम पूरकं इमानि पुष्पाणि ते नमः॥ वनस्पत्युद्भवो दिव्यो गन्धाढ्यो गन्ध उत्तमः। आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम्॥ यत्पुरुषं........ पादावुच्येते ॐ धूपः, मूलमुच्चार्य्य अयं धूपस्ते नमः॥ सुप्रकाशो महादीपः सर्वतस्तिमिरापहः॥ स बाह्यभ्यन्तरं ज्योतिर्दीपोऽयं प्रतिगृह्यताम्॥ ब्राह्मणोऽस्य..... अजायत॥ ॐ ज्योतिः मूलमुच्चार्य्य अयं दीपस्ते नमः॥ अजरोपाधये स्थूलविराट्शरीराय विश्ववैश्वानरात्मने सर्वजगत्सृष्टिब्रह्मणे सरस्वतीसहिताय सर्वज्ञाय सदात्मने असङ्गाखण्डसंविदे परमेश्वराय परमात्मने सुवाहनाय सपरिवाराय नमः॥ ॐ उं सत्वोत्यादये सूक्ष्महिरण्यगर्भशरीराय तैजससूत्रात्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ अनन्तोपाधये सुषुप्तिज्ञानशरीराय परमेश्वरात्मने सर्वजगत्संहर्त्रे सदाशिवाय उमासहिताय सर्वज्ञाय चिदानन्दात्मने असङ्गपरोक्षसंविदे परमेश्वराय परमात्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ ॐ ॐ गुणङ्गोपाधये ह्यव्याकृतशरीराय परब्रह्मात्मने सर्वोत्पत्तिसंहर्त्रे सर्वेश्वराय मूलप्रकृतिमायासहिताय सर्वज्ञाय परानन्दचिदात्मने असङ्गाखण्डद्वयपरोक्षसंविदे परमेश्वराय परमात्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ ॐ ॐ ॐ ॐ निरवद्यनिर्गुणाय शिवशरीराय अनङ्गप्रत्यङ्गद्वयस्वभावभासितसकलस्थाय सङ्गासङ्गभेदाय सङ्गखण्डा परोक्षाय सदानन्दचिदात्मने स्वबोधोद्भासिताखिलानर्थद्वैताय निरालम्बनविम्बाय हीनमहोदयाय परमेश्वराय परमात्मने सवाहनाय सपरिवाराय नमः॥ इति निरवद्यमन्त्रैः देवेशाय च पुष्पाञ्जलिं दत्त्वा, ततः नैवेद्यार्थं आवरणदेवतानां समुद्रतरङ्गवत्परमेश्वरेणैक्यं विभाव्य देवं जलगन्धादिभिरर्घ्य देवस्य पुरतः जलेन सम्प्रोक्ष्य तत्र वृत्तत्रिकोणषट्कोणं विलिख्य वह्निमण्डलं विभाव्य तत्र नैवेद्यपात्रं संस्थाप्य पात्रे सूर्य्यमण्डलं विभाव्य तत्पात्रे रससोपस्करं कृत्वा त्रिभेदेन अन्नत्रयं संपाद्य देवं च विग्रहस्तदभिमानि तत्पक्षभेदेन त्रिविधं सम्पाद्य अन्नत्रयं मूलमन्त्राभिमन्त्रितेन जलेन सम्प्रोक्ष्य करतलद्वये यंरंमितिवायव्ये बीजं विलिख्य ताभ्यां कराभ्यां तद्दत्तं परिपृशन् विभाव्य सुरभिमुद्राः प्रदथ्य अमृतोद्भवे अमृतेश्वरि अमृतवर्षिणि अमृतं श्रावय श्रावय अमृतजितायै स्वाहा इत्यमृतेश्वरीमन्त्रेण अमृतीकृत्य सत्यं त्वत्तेभं परिषिञ्चामीति। *अमृतोपस्तरणमसि* स्वाहा इति जलं दत्त्वा स्वान्तजिव्हायै नमः इति देवस्य जिव्हां विस्तार्य्य अन्तोपरि पुष्पं दत्त्वा करद्वयेन पुष्पाणि गृहीत्वा देवोपरि युगपन्*समर्प्य* पुनः पुष्पाणि गृहीत्वा वामकरे धेनुमुद्रां विधाय दक्षिणकरे प्राणादिमुद्रां प्रदर्श्य निवेदयामि भगवन् *जुषाणेदं हविर्हर तत्पात्रं विद्धविसौख्यं* विविधानेकभूषणं। निवेदयामि देवेश सानुगाय गृहाणत्। हेमपात्रस्थितं दिव्यं परमानन्द सुस्मृतं। पञ्चधा षड्रसोपेतं गृहाण परमेश्वर। महारचितपात्रस्थं दिव्यं षड्रससंयुतं। नानाभक्षैर्युतं स्निग्धं बहुशाकसमन्वितं। *अन्तंवनुर्दिधंदद्यात्पावारूपानीयसंयुतं*। नैवेद्यं देवदेवस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पयेच्छङ्करस्य च *चन्द्रमामनस.....अजायत ॐ रसः मूलमुच्चार्य्य* प्राणाय स्वाहेत्यादिपञ्चाहुतिर्दत्त्वा ॐ भूः स्वाहाः ॐ भुवः स्वाहा सुवः स्वाहा ॐ भूर्भुवः स्वाहा ॐ भूर्भुवः सुवः स्वाहा इति पञ्चवारं निवेद्य स्वामिमुखं सन्तुष्टहृदयं विभाव्य स्वाभीष्टचित्तशुद्ध्यादिकं संप्रार्थ्य अमृताविधानमसीति पुनर्जलं दत्त्वा नैवेद्यं निर्माल्यासने चण्डीकेश्वराय नमः इति ईशानकोणे समर्प्य हस्तप्रक्षालनार्थं जलं स्वादु प्रदीयतां मुखप्रक्षालनमिदं पादप्रक्षालनं पुनः । गण्डूषमिदं दन्तधावनं मार्जनं वरम् मुखस्य वासनमिदं पानीयमिदमुत्तमं । पुगीफलसमायुक्तं नागवल्लिदलैर्युतं कर्पूरचूर्णसंयुक्तं ताम्बूलं प्रतिगृह्यताम्, नाभ्याआसीत्...... अकल्पयन् मूलमुच्चार्य्य ताम्बूलमिदं ते नमः ॥ ताम्बूलं समर्प्य ततः संस्मृताग्नौ प्राणाय स्वाहेत्यादिपञ्चभिः पञ्चाहुतीर्दत्वा षडङ्गमन्त्रैः षड्जुहुयात् । तदशक्तौ होमसंख्याद्विगुणं जपेत् । पुनराचमनं दत्त्वा निराजनं दत्त्वा श्वेतच्छत्रं चामरं व्यंजनम्, आदर्शनं नृत्यगीतवाद्यानि प्रत्येकं समर्प्य पुनर्देवं सावरणं श्रीचक्रं विचिन्तयेत् ॥ श्रीचक्रं लिखेत् ॥ तत्र केशरेण सृणसृणाविलिप्ते सुवर्णादिपात्रे रक्तचन्दनपीठेन सिन्दूरवेदिकायां वा सुवर्णादिशलाकया श्रीचन्दनं लिखेत् ॥ विन्दुत्रिकोणवसुकोणदशारयुग्ममन्वस्र-नागदलसंयुतषोडशारम् वृत्तत्रयं च धरणीसदनत्रयं च श्रीचक्रमेतदुदितं परदेवतायाः ॥ इत्युद्धारः ॥ सिद्धं वा स्थापयेत् शंखोदकेन प्रोक्ष्य स्थापयित्वा पीठपूजां समारभेत् ॥४॥ मं मण्डूकाय नमः ॥४॥ कं कालाग्निरुद्राय नमः ॥४॥ प्रकृत्यै नमः ॥४॥ आधारशक्त्यै नमः ॥४॥ कुं कूर्माय नमः ॥४॥ अं अनन्ताय नमः ॥ वं वराहाय नमः ॥४॥ सुधासिन्धवे नमः ॥४॥ रत्नद्वीपाय नमः ॥४॥ कल्पकोद्यानाय नमः ॥ चिन्तामणिमण्डपाय नमः ॥ श्वेतच्छत्राय नमः ॥४॥ रत्नवेदिकायै नमः ॥ मध्ये पूजयित्वा ॥४॥ धर्माय नमः ॥४॥ ज्ञानाय नमः ॥४॥ वैराग्याय नमः ॥४॥ ऐश्वर्याय नमः ॥ अग्रेऽपि नैर्ऋत्यवायव्येशानेषु क्रमेण पूजयेत् ॥४॥ अधर्माय नमः ॥४॥ अज्ञानाय नमः ॥ अनैश्वर्याय नमः ॥४॥ संविदे नमः ॥४॥ प्रकृतिमयपत्रेभ्यो नमः ॥४॥ विकारमयेकेशरेभ्यो नमः ॥४॥ कर्णिकायै नमः ॥४॥ अर्कमण्डलाय नमः ॥४॥ सोममण्डलाय नमः ॥४॥ वह्निमण्डलाय सत्वाय नमः ॥४॥ रजसे नमः ॥४॥ तमसे नमः ॥४॥ आत्मने नमः ॥४॥ अन्तरात्मने नमः ॥४॥ ज्ञानात्मने नमः ॥४॥ आत्मतत्त्वाय नमः ॥४॥ विद्यातत्त्वाय नमः ॥४॥ कलातत्त्वाय नमः ॥४॥ व्योमतत्त्वाय नमः इति मध्ये ॥४॥ ब्रह्मणे बिल्लवे नमः ॥४॥ रुद्राय नमः ॥४॥ ईश्वराय नमः ॥ ईशानासुरवायव्यान्तं चतुष्पादेषु पूजयेत् ॥४॥ सदाशिवाय नमः ॥४॥ अमृताम्भोधिनिधये नमः ॥४॥ नानावृक्षमहोद्यानाय नमः ॥४॥ सन्तानवाटिकायै नमः ॥४॥ कल्पवाटिकायै नमः ॥४॥ हरिचन्दनवाटिकायै नमः ॥४॥ पुष्परागरत्नप्राकाराय नमः ॥४॥ गोमेदकरप्राकाराय नमः ॥४॥ वैदूर्यारत्नप्राकाराय नमः ॥४॥ इन्द्रनीलरत्नप्राकाराय नमः ॥ मुक्ताफलरत्नप्राकाराय नमः ॥४॥ मरकतरत्नप्राकाराय नमः ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्रुमरत्नप्राकारय नमः ॥४॥ माणिक्यमण्डपाय नमः ॥ सहस्रदलस्तम्भमण्डलाय नमः ॥४॥ अमृतवाटिकायै नमः ॥४॥ अनन्तवाटिकायै नमः ॥४॥ विमर्शवाटिकायै नमः ॥४॥ बालातपोहराय नमः ॥४॥ चन्द्राङ्कहराय नमः ॥४॥ महाभृङ्गारपरिखायै नमः ॥४॥ महापद्माटव्यै नमः ॥४॥ चिन्तामणिगृहराजाय नमः ॥४॥ पूर्वाम्नायपूर्वद्वाराय नमः ॥४॥

दक्षिणाम्नायदक्षिणद्वाराय नमः ॥४॥ पश्चिमाम्नायपश्चिमद्वाराय नमः ॥४॥ उत्तराम्नायोत्तरद्वाराय नमः ॥४॥ महामृण्मयवेदिकायै नमः ॥४॥ रत्नदीपबलयाय नमः ॥४॥ महासिंहासनाय नमः ॥४॥ ब्रह्ममयैकमण्डपाय नमः ॥४॥ विष्णुमयैकमण्डपाय नमः ॥४॥ रुद्रमयैकमण्डपाय नमः ॥४॥ ईश्वरमयैकमण्डपाय नमः ॥४॥ सदाशिवाफलकाय नमः ॥४॥ हंसतूलिकायै नमः ॥४॥ कौसुम्भस्तरणाय नमः ॥४॥ तदुपरि नमः ॥४॥ महाप्रेतपद्मासनाय नमः मध्ये ॥४॥ त्रिपुरायै नमः ॥४॥ त्रिपुराम्बायै नमः ॥४॥ त्रिपुरेश्वर्यै नमः ॥४॥ त्रिपुरसुन्दर्यै नमः ॥४॥ त्रिपुरवासिन्यै नमः ॥४॥ त्रिपुरश्रियै नमः ॥४॥ त्रिपुरमालिन्यै नमः ॥४॥ त्रिपुरसिद्धायै नमः ॥४॥ त्रिपुरायै नमः ॥४॥ श्रीमहात्रिपुरसुन्दर्यै नमः ॥ इति नवचक्रेषु त्रैलोक्यमोहनादिकं पूजयेत् ॥४॥ गणपतिनाथमातर्यान्तिश्रियै नमः ॥४॥ सुनन्दर्यम्बाश्री ॥४॥ सुमुख्यम्बाश्रीः ॥४॥ विरूपाम्बाश्रीः ॥४॥ विमलाम्बाश्रीः ॥४॥ अतर्प्यम्बाश्रीः ॥४॥ पुरन्दर्यैम्बाश्रीः ॥४॥

पुण्यमर्दिन्यम्बाश्रीः इति पीठशक्तिः पूर्वाद्यष्टदिक्षु मध्ये च पूजयेत् । ततो योनिमुद्रां प्रदर्श्य परिवारार्चनमाचरेत् ॥४॥ त्रैलोक्यमोहनवक्त्राय नमः ॥४॥ प्रकटयोगिनीभ्यो नमः ॥ बाह्ये चतुरस्ररेखाया ॥४॥ अणिमासिद्धिश्री पश्चिमद्वारे ॥४॥ लघिमासिद्धिश्री उत्तरद्वारे ॥४॥ महिमासिद्धिश्री पूर्वद्वारे ॥ ईशित्वासिद्धिश्री दक्षिणाद्वारे ॥ वसित्वा सिद्धिश्री वायव्ये । प्राकाम्यसिद्धिश्री ईशाने ॥४॥ भुक्तिसिद्धिश्री आग्नेये ॥ इच्छासिद्धिश्री निर्ऋत्यां ॥४॥ प्राप्तिसिद्धिश्री निर्ऋतिपश्चिमयोरन्तराले ॥४॥ सर्वकामासिद्धिश्री ईशाननिर्ऋतयोरन्तराले मध्ये च ॥४॥ चतुरसुरेखायै नमः ॥४॥ असिताङ्गभैरवश्री ॥४॥ ब्रह्मण्यम्बाश्रीः ॥४॥ इं रुरुभैरवश्री माहेश्वर्यम्बाश्रीः ॥४॥ कौमार्यम्बाश्रीः ॥४॥ क्रोधभैरवश्री ॥४॥ ॠं वैष्णव्यम्बाश्री ॥४॥

लृं उन्मत्तभैरवश्रीः लॄं वाराह्यव्यम्बाश्रीः ॥४॥ एं कपालभैरवश्रीः ॥४॥ ऐं इन्द्राण्यम्बाश्रीः भीमभैरवश्रीः औं चामुण्डाम्बाश्रीः अं संहारभैरवश्रीः अः महालक्ष्म्यम्बाश्रीः इति पूर्वदक्षिणपश्चिमादिनिर्ऋत्यन्तं संपूज्य ॥ अथ चतुरस्ररेखायै नमः ॥ द्रां सर्वसंक्षोभिणीमुद्रायै नमः ॥४॥ द्रीं सर्वविद्राविणीमुद्रायै नमः ॥४॥ हूं सर्वाकर्षिणीमुद्रायै नमः ॥४॥ चूं सर्ववशकरिमुद्रायै नमः ॥४॥ सः सर्वोन्मादिनीमुद्रायै ॥४॥ क्रों सर्वमहाङ्कुशमुद्रायै नमः ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वबीजमुद्रादेव्यै नमः ४ ऐं सर्वयोनिमुद्रायै नमः ॥४॥ ह्सें ह्सैं फँ सर्वखेचरीमुद्रायै ४ ह्सौः सर्वबीजमुद्रादेव्यै नमः ४ ऐं सर्वयोनिमुद्रायै इति नवमुद्रा देवता अणिमादिवत् पश्चिमादितः पूज्या ॥४॥ हक्लीं ह्स्रौः सर्वत्रिखण्डमुद्रायै इति नवमुद्रा देवता अणिमादिवत् पश्चिमादितः पूज्या ॥४॥ अं आँ सौं त्रिपुराकलापकैश्वर्यै स्वाहा इति चक्रेश्वरीं सर्वकामसिद्ध्यर्थे दक्षिणतः किञ्चिद् दूरे संपूज्य ॥४॥ द्राँ सर्वसंक्षोभिणीमुद्राम्बाश्रीः ॥४॥ च इति चक्रेश्वरीं वामभागे पूजयेत् ॥ अणिमादिसिद्धिश्रीः । दक्षिणतः पूजयेत् ॥ चक्रेश्वर्या वामतो मुद्रादक्षिणतः सिद्धिं सम्पूजयेत् । अयमेव क्रमः । सर्वावरणसमाप्तो ज्ञेयः ॥ मूलेन त्रिवारं देवीं सम्पूज्य सन्तर्प्य एताः प्रकटयोगिन्यः त्रैलोक्यमोहनचक्रे समुद्राः ससिद्धय सपरिवाराः, सायुधाः सालङ्काराः पूजितास्तर्पिताः सन्तु । इति सर्वसंक्षोभिणीमुद्राः प्रदर्श्य अभीष्टसिद्धिं मे देहि विश्वेदेवप्रपूजिते । भक्त्या समर्पये तुभ्यं प्रथमावरणार्चनमिति प्रथमावरणम् ॥ अथ द्वितीयावरणम् ॥४॥ सर्वाशापूरकचक्राय नमः ॥४॥ गुप्ततरयोगिनीभ्यो नमः ॥४॥ षोडशदलपद्माय नमः ॥४॥ अं कामाकर्षिण्यम्बाश्रीः ॥४॥ आं नित्याकर्षिण्यम्बाश्रीः ॥४॥ इं बुध्याकर्षिण्यम्बााश्रीः ईं अहङ्काराकर्षिण्यम्बाश्रीः ॥४॥ उं शब्दाकर्षिण्यम्बाश्रीः ॥४॥ अं स्पर्शाकर्षिण्यम्बाश्रीः ॥४॥ ऋं रूपाकर्षिण्यम्बाश्रीः ॥४॥ ॠं रसाकर्षिण्यम्बाश्रीः ॥४॥ लृंगन्धाकर्षिण्यम्बाश्रीः ॥४॥ लॄं चित्ताकर्षिण्यम्बाश्रीः ॥४॥ एं धैर्याकर्षिण्यम्बाश्रीः ॥४॥ ऐ स्मृत्याकर्षिण्यम्बाश्रीः ॥४॥ ओं नामाकर्षिण्यम्बाश्रीः । औं बीजाकर्षिण्यम्बाश्रीः ॥४॥ अं आत्माकर्षिण्यम्बाश्रीः ॥४॥ अः अताकर्षिण्यम्बाश्रीः ॥४॥ कं शरीराकर्षिणाम्बााश्रीः । एताः पश्चिमावर्तेन नैर्ऋतिदलान्तं पूजयेत् ॥ ऐं क्लीं सौं त्रिपुरेश्वरिचक्रेश्वर्यम्बाश्रीः ॥ वामतः द्रां द्रीं सर्वविद्राम्बाश्रीः ॥४॥ लघिमासिद्धयम्बाश्रीः ॥ मूलेन बिन्दौ प्रधानदेवताः सम्पूज्य सन्तर्प्य योनिमुद्रां प्रदर्श्य पुष्पाञ्जलिं दत्त्वा अभीष्टसिद्धिः ॥ द्वितीयावरणार्चनमिति द्वितीयावरणम् ॥ अथ तृतीयावरणम् ॥४॥ सर्वसंक्षोभणचक्राय नमः ॥४॥ अष्टदलपद्माय नमः ॥४॥

गुप्ततरयोगिनीभ्यो नमः ॥४॥ कूं आनन्दकुसुमाम्बाश्रीः ॥४॥ चंपू ॥५॥ अनङ्गमेखलाम्बाश्रीः॥४॥टं॥५॥अनङ्गमेखलाम्बाश्रीः॥४॥तं.॥५॥अनङ्गमदनातुराम्बाश्रीः ॥४॥ पं.॥५॥ अनङ्गरेखाम्बाश्रीः ॥४॥ यं ॥४॥ अनङ्गयोगिन्यम्बाश्रीः ॥४॥ शं अनङ्गाकुशाम्बाश्रीः ॥४॥ लं क्षं अनङ्गमलिन्यम्बाश्रीः एताः पूर्वदक्षिणपश्चिमोत्तर आग्नेयनिर्ऋतिवायव्येशानदलेषु प्रादक्षिण्येन पूजयेत् ॥ ईशानदलेषु हीं क्लीं सौः त्रिपुरसुनदरीचक्रेश्वर्य्यम्बाश्रीः वामतः क्लीं सर्वकर्षिण्यम्बाश्रीः ॥४॥ महिमासिद्धयम्बाश्रीः मूलेन बिन्दौ प्रधानदेवताः पुनः सम्पूज्य मूलेन संतर्प्य योनिमुद्रां प्रदर्श्य अभीष्टसिद्धिः तृतीयावरणार्चनमिति तृतीयावरणम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थावरणम् ॥४॥ सर्वसौभाग्यदायकचक्राय नमः ॥४॥ चतुर्दशचक्राय नमः ॥४॥ संप्रदाययोगिनीभ्यो नमः ॥४॥ कं सर्वसंक्षोभिणीशक्त्यम्बाश्रीः ॥४॥ खं सर्वविद्राविणीशक्त्यम्बाश्रीः ॥४॥ गं सर्वाकिर्षिणीशक्त्यम्बाश्रीः ॥४॥ घं सर्वाह्लादनकरिणीशक्त्यम्बाश्रीः ॥४॥ उं सर्वमोहिनीशक्त्यम्बाश्रीः ॥४॥ सर्वस्तभिनीशक्त्यम्बाश्रीः ॥४॥ ञं सर्वोन्मादिनीशक्त्यम्बाश्रीः ॥४॥ श्री टं सर्वार्थसाधिनीशक्त्यम्बाश्रीः ॥४॥ उं सर्वाशा पूरणीशक्त्यम्बाश्रीः ॥४॥ डं सर्वमन्त्रशक्त्यम्बाश्रीः ॥४॥ ढ सर्वद्वन्द्वक्षयंकरिशक्त्यम्बाश्रीः एताः पश्चिमादिविलोमेन निर्ऋत्यान्ताः पूज्याः॥ तत्रैवः ह्लों ल्हीं ह्लौं त्रिपुरवासिनीचक्रेश्वर्य्यम्बाश्रीः ॥४॥ ब्लूं सर्ववश्यकरी मुद्राम्बाश्रीः॥४॥ईशित्वसिद्ध्यम्बाश्रीः मूलेन देवीं त्रिवारं सन्तर्प्य सर्ववश्यकरिमुद्रां प्रदर्श्य पुष्पाञ्जलिं दत्त्वा अभीष्टसिद्धिः चतुर्थावरणार्चनमिति चतुर्थावरणम् ॥४॥ सर्वार्थसाधकचक्राय नमः ॥४॥ बाह्यदशारचक्राय नमः ॥४॥ कुलकौलयोगिनीभ्यो नमः ॥४॥ सां सर्वसिद्धिप्रदायाम्बाश्रीः ॥४॥ तं सर्वसम्पत्प्रदाम्बाश्रीः ॥४॥ थं सर्वप्रियकार्यम्बाश्रीः ॥४॥ दं सर्वविघ्नविनाशिन्यम्बाश्रीः धं सर्वकामप्रदाम्बाश्रीः ॥४॥ नं सर्वदुःखविमोचन्यम्बाश्रीः ॥४॥ पं सर्वमृत्युप्रशमन्यम्बाश्रीः ॥४॥ फं सर्वविघ्ननिवारिण्यम्बाश्रीः ॥४॥ बं सर्वाङ्गसुन्दर्यम्बाश्रीः ॥४॥ भं सर्वसौभाग्यदायिन्यम्बाश्रीः एताः पश्चिमादिविलोमेन बहिर्दशारे पूज्याः ॥ ह्ल्यैं क्लीं ह्यौः त्रिपुराश्रीचक्रेश्वर्यम्बाश्रीः ॥४॥ सः सर्वोन्मादिनीमुद्राम्बाश्रीः ॥४॥ वशित्वसिद्धयम्बाश्रीः मूलेन विन्दौ त्रिवारं सन्तर्प्य सर्वोन्मादिनीमुद्रां प्रदर्श्य एताः कुलकौलयोगिन्यः सर्वार्थसाधकचक्रे समृद्धेत्यादि पुनः पुनः मूलेन देवीं त्रिवारं सन्तर्प्य अभीष्टसिद्धिः पञ्चमावरणार्चनमिति पञ्चमावरणम् । अथ षष्ठावारणार्चनम् ॥४॥ सर्वरक्षवक्त्राय नमः ॥ अन्तर्दशवक्त्राय नमः ॥४॥ निगर्भयोगिनीभ्यो नमः ॥४॥ मं सर्वज्ञाम्बाश्रीः ॥४॥ यं सर्वशक्त्यम्बाश्रीः ॥४॥ रं सर्वैश्वर्यप्रदाम्बाश्रीः ॥४॥ लं सर्वज्ञानमय्यम्बाश्रीः ॥४॥ वं सर्वव्याधिविनाशिन्यम्बाश्रीः ॥४॥ शं सर्वाधार स्वरूप्यम्बाश्रीः ॥४॥ षं सर्वपापहराम्बाश्रीः ॥४॥ सं सर्वानन्दमय्यम्बाश्रीः ४ हं सर्वरक्षाकररूपिण्यम्बाश्रीः ॥४॥ लं सर्वेप्सितफलप्रदाम्बाश्रीः ॥४॥ सं सर्वानन्दमय्यम्बाश्रीः ॥४॥ हं सर्वरसाकररूपिण्यम्बाश्रीः ॥४॥ लं सर्वेप्सितफलप्रदाम्बाश्रीः इति पश्चिमकोणादारभ्य निर्ऋत्यन्तरं संपूज्य ॥४॥ ह्रीं क्लीं ह्यूं त्रिपुरमालिन्यम्बाश्रीः ॥४॥ क्रों सर्वसहाङ्कुशमुद्राण्यम्बाश्रीः ॥४॥ प्राकाम्यसिद्धयम्बाश्रीः मूलेन बिन्दौ सन्तर्प्य सर्वमहाङ्कुशमुद्रां प्रदर्श्य एताः निगर्भयोनिन्यः सर्वरक्षाकरचक्रे समुद्रा इत्यादि पुनर्मूलेन विन्दौ मूलदेवीं त्रिवारं सन्तर्प्य योनिमुद्रां प्रदर्श्य पुष्पाञ्जलिं दत्वा अभीष्टसिद्धिः । षष्ठावरणार्चनमिति षष्ठावरणम् ॥ अथ सप्तमावरणम् ॥४॥ सर्वरोगहरचक्राय नमः ॥४॥ अष्टदलचक्राय नमः ॥४॥ रहस्ययोगिनीभ्यो नमः ॥४॥ अं १६।४ ब्लूं वशिनिवाग्देवताश्री ॥४॥ कं सर्वेश्वरीवामेश्वरीवाग्देवताश्रीः ॥४॥ क्लीं मोदिनीवाग्देवताश्रीः ॥४॥ टं ५ स्लूं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विमलावाग्देवताश्रीः तं स्त्रीं अरुणावाग्देवताश्रीः ॥४॥ पं ५ ल्ह्रूँ ज्वलिनी वाग्देवताश्रीः ॥४॥ यं ४ क्ष्रूं सर्वेश्वरीवाग्देवताश्रीः ॥४॥ शं ६ क्ष्मीं कौशिनीवाग्देवताश्रीः एताः अष्टौ पश्चिमादिविलोमेन पूजयेत् । निर्ऋत्यन्तराले ह्रीं श्रीं सौः त्रिपुरसिद्धचक्रेश्वर्य्यम्बाश्रीः ॥ ह्सौं सर्वखेचरीमुद्राम्बाश्रीः ॥४॥ भुक्तिसिद्धयम्बाश्रीः मूलेन बिन्दौ मूलदेवीं त्रिवारं सम्पूज्य सन्तर्प्य खेचरीमुद्रां प्रदर्श्य पुष्पाञ्जलिं बिन्दौ दत्त्वा एता रहस्ययोगिन्यः सर्वरोगहरचक्रे समुद्रा इत्यादि पुनर्मूलदेवीं त्रिवारं सन्तर्प्य योनिमुद्रां प्रदर्श्य अभीष्टसिद्धिः । सप्तमावरणार्चनमिति सप्तमावरणम् अथाष्टमावरणम् ॥४॥ अष्टकोणत्रिकोणमध्यान्तरालदेवताभ्यो नमः ॥४॥ द्रां द्रीं क्लीं ब्लूँ सः याँ राँ लाँ धाँ शौं ध्रृँ गणेभ्यः कामेश्वरबाणेभ्यो नमः ॥४।१०॥ धं धं मोहनाय कामेश्वरचापायश्री ॥४।१०॥ आँ ह्रीं उत्कर्षणाय कामेश्वरकामेश्वरीपाशाय नमः ॥४।१०॥ क्रों स्तम्भनाय कामेश्वरकामेश्वरि अङ्कुशाय इति त्रिकोणवाहो देव्या वामदक्षिणक्रमेण पार्श्वद्वये देवदेव्योरायुधाष्टकं पूजयेत् । अमुकायुधदेवतां पादुकां पूजयामि तर्पयामि नमः इति सर्वत्र नवमावरणचक्रेश्वरि चक्रनामापायात् ॥४॥ सर्वसिद्धिप्रदवक्त्राय अन्तरिक्षकोणाय नमः ॥४॥ अतिरहस्ययोगिनीभ्यो नमः ॥४॥ ऐं अग्निचक्रे काम(गिरिपीठेधी-शानाय रुद्रात्म शक्ति महाकामेश्वर्यम्बाश्री ॥४॥ क्लीं सूर्यचक्रे जा(लन्धरपीठे षष्ठीशनाथात्मके विश्वात्मशक्तिमहाभद्रेश्वर्यम्बाश्री ॥४॥ सौं सोमवक्त्रे पूर्णगिरिपीठे उड्डीशनाथात्मके ब्रह्माण्डशक्तिमलमयमालिन्यम्बाश्री इति पश्चि-माग्नेयेशानकोणेषु मध्ये त्रिकोणं पूजयेत् । ईशानकोणे एवं ह्ल्यें ह्ल्कौं त्रिपुराम्बाचक्रेश्वर्यम्बाश्री एवं पूजयेत् । ह्लौं सर्वबीजामुद्राम्बाश्री ॥४॥ इवासिद्धयम्बाश्री बीजमुद्रां प्रदर्श्य मूलेन बिन्दौ त्रिवारं सन्तर्प्य योनिमुद्रां प्रदर्श्य अभीष्टसिद्धिं... अष्टमावरणार्चनमिति अष्टमावरणम् ॥ अथ नवमावरणम् ॥४॥ सर्वानन्दमयचक्राय नमः बैन्दवचक्राय नमः ॥४॥ परापररहस्ययोगिनीभ्यो नमः, मूलमुच्चार्य ॥४॥ ब्रह्मचक्रे उड्याणपीठे चर्यानन्दनाथात्मके परब्रह्मशक्तिश्रीः महात्रिपुरसुन्दर्यम्बाश्रीः त्रिः सम्पूज्य ऐं क्लीं सौं महात्रिपुरसुन्दर्यम्बा चक्रेश्वर्यम्बाश्री सन्तर्प्य योनिमुद्रां प्रदर्श्य एताः परापररहस्योगिनी सर्वानन्दमये महाचक्रे बैन्दवे परब्रह्मस्वरूपिणी परामृतशक्तिः सर्वमन्त्रेश्वरी सर्वयन्त्रेश्वरी सर्वज्ञानेश्वरि सर्वयोगीश्वरी सर्वपीठेश्वरी जगदुत्पत्तिरथितिमातृकाः सचक्राः समन्त्राः ससिद्धयः समुद्राः सायुधाः सपरिवारा सवाहनाः सालङ्काराः सबोपचारैः पूजितास्तर्पिताः सन्तु पुनर्मूलेन मूलदेवीं त्रिवारं सन्तर्प्य योनिमुद्रां प्रदर्श्य अभीष्टसिद्धिः मे देहि त्रिपुरे देवपूजिते भक्त्या समर्पये तुभ्यं नवमावरणार्चनमिति नवमावरणम् । ततो वटुकनाथश्री आग्नेयाम् ॥४॥ यां योगिनीभ्यः स्वाहा कलयोगिनीभ्यश्चक्रेश्वरीभ्यः श्रीचक्रे निर्ऋतिकोणे महागणपतिमन्त्रेण ॥४॥ गणपतिनाथश्री चक्रवायव्यकोणे क्षं क्षेत्रपालाय क्षेत्रपालनाथश्री चक्रे ईशानकोणे ॥४॥ सर्वानन्दाप्तये वैन्दवे परब्रह्मस्वरूपिणि परामृतशक्तिः सर्वोपचारैः सम्पूज्य पुनर्देवं सावरणं विचिंत्य सपरिवारं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पाञ्जलिना समभ्यर्च्य बुद्धिः सुवासनाक्लृप्तदर्पणं मङ्गलानि च शंनो वृद्धिर्विविधाङ्गैर्नृत्यरूपेण संस्थिताः ... रूपेण दर्पणं मंगलानि च । स नो वृत्तिर्विचित्रान्तैर्नृत्यरूपेण संस्थिता । महादाद्याः प्रभेदतः भद्राणि तव पद्मानि... कल्पितानि मया प्रभो । सुषुम्णाबीजरूपेण प्राणाद्याश्च महात्मनः ... इन्द्रियाणि हयत्वेन बुद्धिः स्वादधिरूपतः । मनः प्रग्रहरूपेण शब्दादिरथवर्त्मना प्रकृष्टपरसिद्धये प्रदक्षिणां करोमीश प्रसीद परमेश्वर । सप्तास्यासन् ...पशून् ब्रह्ममूलं च इति प्रदक्षिणां कृत्वा सप्राकाराभ्यां नेत्राभ्यां उरसा मनसा गिरा शिरसा बाहुमूलाभ्यां प्रणामोऽष्टाङ्ग ईरितः ॥ इत्युक्तप्रकारेण द्वादशषट् प्रणम्य ततो निर्माल्यं मस्तके धार्यं सर्वाङ्गे चानुलेपनम् । नैवेद्यं चोपभुञ्जीत दत्त्वा तच्छक्तिशालिने ॥ अर्घ्योदकं चरणजलं पीत्वा मूलेन धारयेत्, भक्त्या संग्रहणं कुर्यात् देवेनोद्वासिते सति उद्वासिते कृते यस्माच्चण्डभस्म प्रजायते वायव्यसंगृहीतवचनात् ॥ आगमचिन्तामणौ– हरिरूपं मुखे नाम नैवेद्यमुदरे ददौ । अङ्गे तरङ्गपुष्पादि यस्यासौ मुक्त एव सः । अथ प्राणायामत्रयं कृत्वा मनसि नियम्य वाग्यतः ॥ मूलमन्त्रस्य ऋष्यादिकरषडङ्गन्यासं कृत्वा ध्यात्वा श्रीपशुपतिं हृदि सम्पूज्य यत्नतः ॥ अक्षमालां करे धृत्वा त्रिसहस्रं जपेन्मनुः । त्रिशतं वा जपेन्मन्त्रं शतमष्टोत्तरं सुधीः ॥ यथाशक्ति जपं कुर्यात् जपं कृत्वा समर्पयेत् । गुह्येतिगुह्यगोप्ता त्वं गृहाणास्मत्कृतं जपम् । सिद्धिर्भवतु मे देव त्वत्प्रसादान्महेश्वरः ॥ इति कृतं जपं समर्प्य वैदिकपौराणिकतान्त्रिकैर्वास्तवैः शिर्षक् च चैवं मूलेन वास्तवत्वात् प्रणम्य यदुक्तभक्तिमात्रेण पत्रं पुष्पं फलं जलं निवेदितं नैवेद्यं तद्गृहाण सुकम्पया । इतः पूर्वं प्राणबुद्ध्यादिदेहधर्माधिकारते मनसा वाचा कर्मणा हस्ताभ्यां पद्भ्यामुदरेण शिरसा मया यदुक्तं यत्स्मृतं यत्कृतं तत्सर्वं ब्रह्मार्पणं भवतु स्वाहा मां मदीयं च सर्वमात्मत्वाच्छ्रीपशुपतये स्वाहा समर्पयामि स्वाहा ॐ तत्सद् ब्रह्मार्पणमस्तु इति अर्पणं वाच्छ्रीपशु चतुष्टयं कृत्वा वटमूलनिवासाय नमो यत्पादचिन्तनं वाचाप्ररोहमाधत्ते बालस्यापि महाद्भुतम् इति पुनः पुनर्नमस्कृत्य सपरिवाराय देवाय प्रग्रहीतपुष्पाञ्जलिरूपप्रसन्नपूजां कृत्वा परिवाराणां देवेन सहैक्यं विभाव्य शङ्खमध्यस्थितं तोयं भ्रामितं केशवोपरि अङ्गलग्नं मनुष्याणां ब्रह्महत्यायुतं दहेत् । भक्त्या मामुपरि सम्प्रोक्ष्य पाञ्चजन्याय नमः इति शंखपृष्ठे गन्धपुष्पादिभिरभ्यर्च्य प्राणानायम्य हृदयाद्यङ्गन्यासः । गुरुमन्त्रदेवानां स्वात्मन्यैक्यं विभाव्य ॐ नमोस्तु स्थाणुभूताय ज्योतिर्लिङ्गामृतात्मने चतुर्मूर्तिवपुस्थाय भासिताङ्गाय शम्भवे । यज्ञेन ... सन्ति देवाः । ॐ भूर्भुवः स्वरोऽम् । ॐ नमो भगवते श्रीपशुपतये मह्यं मेधां प्रज्ञां प्रयच्छ स्वाहा इति निर्वाणमुद्रां प्रदर्श्य, यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ॥ न्यूनं सम्पूर्णतां यातु, श्रीपशुपतिदेवतार्पणमस्तु ॥

इति **श्रीमच्छङ्कराचार्यविरचिते सकलागमशास्त्रसङ्ग्रहे श्रीपशुपतिपूजापद्धतिः** समाप्ता ।

अथ सायं सन्ध्यायामारार्तिकदानक्रमः । प्रोक्षणीपात्रे शङ्खेनार्घ्यदानम् । तत ईशानवक्त्रं सम्पूज्याथ धूपदीपनैवेद्यानि दत्त्वा सपुष्पाक्षतशङ्खोदकं हस्तेन गृहीत्वा प्रोक्षणीपात्रे वारत्रयं प्रक्षिप्य । शुभम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची

श्रीः

स्वस्ति श्रीगणेशलाई नमस्कार छ । श्रीपशुपतिको पूजाविधान ॥ गुरु नै ब्रह्मा, विष्णु र महादेवस्वरूप हुनुहुन्छ । गुरु साक्षात्परब्रह्मस्वरूप हुनुहुन्छ, त्यस्ता श्रीगुरुदेवलाई नमस्कार छ । पवित्र ठाउँमा बसी शिवस्वरूप गुरुको ध्यान गरेर शिवसम्बन्धी सन्ध्या गरोस्, फेरि गुरु आदि मान्यजनहरूलाई प्रणाम गरोस् । त्यसपछि तीनपल्ट प्राणायाम गरी मूलमन्त्रले ऋषि आदिको षडङ्गन्यास ती गरोस् । यो श्रीपाशुपतमहामन्त्रका उपमन्यु ऋषि, अनुष्टुप् छन्दस्वरूप, श्रीपाशुपतास्त्रात्मक रुद्र देवता, श्रीं बीज, हूं शक्ति, फट् कीलक हुन् । श्रीपशुपतिको प्रीतिका लागि जपकर्ममा यस मन्त्रको विनियोग गरिन्छ । श्रीं अङ्गुष्ठाभ्यां नमः, हूँ तर्जनीभ्यां नमः । फट् मध्यमाभ्यां नमः, श्रीं अनामिकाभ्यां नमः हूँ कनिष्ठिकाभ्यां नमः, फट् करतलकरपृष्ठाभ्यां नमः यी मन्त्रहरूले करन्यास गरोस् । यसैगरी हृदय आदि न्यास गरेर निम्नअनुसारको ध्यान गर्नू– मध्यदिनको सूर्यको जस्तो कान्ति भएका, चन्द्रमालाई शिरमा धारण गर्ने, भयङ्कर अट्टहास गर्ने उज्ज्वल स्वरूप भएका, तीन नेत्रले युक्त, सर्पलाई नै गहनाको रूपमा धारण गर्ने, टाउकोमा उत्पन्न कपाल नै शिखारूप जुरो र ओठमाथि जुँघा धारण गरेका, तीन ओटा शिखा भएका, मुंग्रो, तरबार र शक्तिलाई धारण गर्ने, चार बाहु भएका, डरलाग्दो दाह्रा भएका व्यापकस्वरूप यस्ता पशुपतिनाथलाई दिव्य पाशुपतास्त्र रूपले स्मरण गरोस् ।

आफ्नो स्वरूपलाई पनि सोही प्रकारले ध्यान गरेर जसलाई जपमन्त्रले अभिमन्त्रण गरोस् । कवचमन्त्र (हूँ)ले अवगुन्जन गरेर मूलमन्त्रले अमृतीकरण गरेर "गङ्गे च" इत्यादि मन्त्रले सूर्यमण्डलमा अङ्कुशमुद्राले तीर्थको आवाहन गरी "वँ" इति, यो मन्त्रले धेनुमुद्रा प्रदर्शन गरिसकेपछि तीर्थमा पनि विधिवत् पूजा गरी तीर्थस्वरूप भगवान् शिवको ध्यान गरोस् । तत्पश्चात् दाहिने हातको मूलतीर्थबाट जल लिई देब्रे हातले त्यसलाई छोप्ने, यो गर्ने क्रममा शिवमन्त्रसहित मूलमन्त्र जप्ने र त्यो अञ्जलिगत जलबिन्दुलाई सात चोटि "व्योमव्यापी" इत्यादि मन्त्रले भूमिमा छर्किने । "अं, ऋं, हूँ व्योमव्यापिने स्वाहा" यो मन्त्रले अवशिष्ट जललाई यत्नपूर्वक दाहिने हातले लिएर ज्योतिस्वरूपको ध्यान गर्दै त्यो जललाई नाकको नजिकै ल्याई त्यसै जलद्वारा आफ्नो देहअन्तर्गत विद्यमान पापपुरुषलाई पखाली अन्य इडा, पिङ्गला आदि नाडीहरूलाई पनि प्रशोधन गर्दै पुनः नासिकामार्ग हुँदै कालो वर्णको पापमय प्रदूषित सो जललाई रेचन गरेको कल्पना गरोस्, फेरि त्यस पापपुरुषलाई माथिबाट हातले चूर्ण पारेको कल्पना गर्दै त्यसलाई बाहिर फ्याँकोस् । त्यसपछि दुवै हात धोई ब्रह्मतीर्थले तीनपल्ट आचमन गरी सूर्यमण्डलसँग सम्बन्ध राख्ने देवताको ध्यान गर्दै पुष्पजलले सेचन गरोस् , अनि सूर्यमण्डलमा संस्थापन गर्दै "श्रीपशुपतये नमः अर्घ्यमिदं कल्पयामि स्वाहा" इत्यादि मन्त्रले सूर्याभिमुख हुँदै पुनः जलले सेचन गरोस् । त्यसपछि श्रीपशुपतिनाथका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिष्ठाता देवस्वरूप अन्तर्यामीलाई नमस्कार छ भनी "श्रीपशुपत्यन्तर्यामिने नमः" यस मन्त्रले तर्पण गरी मूलमन्त्रको जप गर्दै उपस्थान गरी ध्यान गरोस् । पुनः "तत्पुरुषाय... तन्नो रुद्रः प्रचोदयात्" इत्यादि रुद्रगायत्रीको जप गरोस् ।

मूलमन्त्र एक सय आठपटक जप गरेर त्यसलाई समर्पण गरी सम्बद्ध देवतालाई नमस्कार गरेर विसर्जन गरोस् । यस प्रकार प्रतिदिन गायत्रीको विधिपूर्वक त्रिकालसन्ध्यामा संलग्न हुने जापक अवश्य नै कृतकृत्य हुन्छ, यो सत्य हो, कदापि सन्ध्याविहीन बन्नुहुँदैन अर्थात् सन्ध्याको लोप गर्नुहुँदैन भन्ने भगवान् शम्भुको आज्ञा छ भनी सम्झनुपर्दछ । श्रीपशुपतीश्वरलाई नमस्कार छ, पुनः सन्ध्याकालिक ध्यानको आचरण गरोस् र अर्घसहित सूर्यभगवान्‌लाई नमस्कार गरोस्, त्यसपछि द्वारपूजा गरोस् । द्वारमा भीमसेन र कुबेरको पूजाका साथै चण्ड, प्रचण्डको पनि पूजन गरोस् । द्वारको शोभारूप लक्ष्मी र दैलोको पनि पूजा गरोस् । पूजनकर्ममा प्रवेश गरी भूतापसरण कार्य गर्दै अर्घोदक आदिद्वारा भूमिप्रशोधन गरी वास्तुपूजनादि कार्य गरोस् । भैरवको आज्ञा लिई वेदीको प्रशोधन गरोस् । मूलमन्त्रद्वारा देहमार्जन गरी 'अस्त्राय फट्' इत्यादि मन्त्रद्वारा परस्पर हातको प्रतिघातजन्य ध्वनि गर्दै पुनः प्रोक्षणादि कर्म गरोस् । त्यसपछि आफ्नो आसनमा बसी पूजनविधिमा संलग्न हुँदै क्रमशः आग्नेयादि कोणहरूमा गणेश आदि देवताको पूजन गरोस्, भूमिशोधनका साथै भूतशुद्धि पनि गरेर बाह्य र आभ्यन्तर भेदले मातृकाको प्राणप्रतिष्ठा गरोस् । त्यस्तै अन्यत्र दुर्गा तथा गणेशको पनि न्यास गरोस् । विभिन्न ऋषि आदिको न्यासपूर्वक श्रीकण्ठमातृकाको न्यास गरी आफ्नो शिरमा चन्द्रमालाई धारण गर्ने, त्रिशूलधारी, विभिन्न शक्ति र रुद्रपीठका वरिपरिका रुद्रविग्रहहरूलाई पालन गर्ने, रातो कमल र खप्पर आदि पनि आफ्नो करकमलमा धारण गर्ने शक्तिहरूको न्यास गरोस् र बायाँ घुँडा र करमूलमा मातृका न्यास गरोस् ।

एवं क्रमले "लां" यो बीजले वाम जानु तथा करमूलमा न्यास गरोस् । यसो गर्नाले त्यसको वार्धक्य आदि दोषहरू नष्ट हुन्छन्, फेरि मूलमन्त्रले प्राणायाम गरी विन्यास गरोस् । त्यसमा सर्वप्रथम योगपीठ बीचमा मूलाधारमा मण्डलस्वरूप महाकायको पूजन गरोस् । एवं क्रमले पञ्चमुखी, दश हातलाई धारण गर्ने र कालाग्नि नामक रुद्रको पूजन गरोस् । त्यस्तै मण्डलस्वरूप भगवान्‌को स्वाधिष्ठानमा पूजन गरोस् । मूल प्रकृतिस्वरूप अम्बिकाको नाभिमा पूजा गरोस् । हृदयाधारमा कूर्म, वराह आदिको र रक्तसिंहासनमा विराजमान अमृतरूप पर्वत आदिलाई धारण गर्ने पृथ्वीको पनि पूजा गरोस् । उक्त रक्तप्रधान सिंहासनमा क्रमशः धर्मज्ञानरूप बाहुद्वय, कटिद्वय, धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यको क्रमैले पूजा गरोस् । यसरी पाउको रूपमा पूजन गरी शरीरका रूपमा पनि पूजा गरोस् । अधर्म, अज्ञान, अवैराग्य तथा अनैश्वर्य आदिको मूल आधारमा पूजन गरी हृदयरूप सिंहासनमा चतुर्थी विभक्तिले युक्त आदिमा प्रणव र अन्त्यमा "नमः" लगाइएका ती ती मन्त्रहरूले केशरीयुक्त अष्टपद्मको हृदयरूपी सिंहासनमा "पद्माय नमः" भन्ने मन्त्रले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजन गरोस् । यही क्रमले "आनन्दकन्दाय नमः" आनन्दकन्दलाई नमस्कार छ । "संविदनलाय नमः" ज्ञानस्वरूप अग्निलाई नमस्कार छ । प्रकृतिमय पत्रहरूलाई नमस्कार छ । विकारमय केशरहरूलाई नमस्कार छ । प्रणवमय कर्णिकालाई नमस्कार छ । बीचमा "अं" यो बीजमन्त्रले युक्त सूर्यमण्डललाई नमस्कार छ । "हं" यो बीजमन्त्रले युक्त चन्द्रमण्डललाई नमस्कार छ । "मं" यो बीजमन्त्रले युक्त अग्निमण्डललाई नमस्कार छ । "सं" यो बीजमन्त्रले युक्त सत्त्वगुणलाई नमस्कार छ । "रं" यो बीजमन्त्रले युक्त रजोगुणलाई नमस्कार छ । "अं" यो बीजमन्त्रले युक्त आत्मालाई नमस्कार छ । "अँ" यो बीजमन्त्रले युक्त अन्तरात्मालाई नमस्कार छ । "पं" यो बीजमन्त्रले युक्त परात्मालाई नमस्कार छ । "ह्रीं" यो बीजमन्त्रले युक्त ज्ञानात्मालाई नमस्कार छ । यसरी कर्णिकामा विन्यास गरेर "वामायै नमः" वामादेवीलाई नमस्कार छ । ज्येष्ठालाई नमस्कार छ । श्रेष्ठालाई नमस्कार छ । कालादेवीलाई नमस्कार छ । कलविकरिणीलाई नमस्कार छ । बलप्रमथिनीलाई नमस्कार छ । सर्वभूतदमिनीलाई नमस्कार छ । यसरी कर्णिकामा पूर्व आदि आठ दिशामध्ये क्रमपूर्वक विन्यास गरी सकलगुण र शक्तिले युक्त अनन्त योगपीठात्मा सदाशिव भगवान्लाई नमस्कार छ । त्यसपछि मूलमन्त्र उच्चारण गरेर अरू मन्त्र पनि क्रमशः निम्नानुसार जपोस् । पाशुपतास्त्र भगवान्लाई नमस्कार छ । फट् हूं नुं पुं ॐ श्रीं हूं फट् स्वाहा पीठस्थ नौ शक्तिका बीचमा आविर्भूत पशुपतिनाथको कल्पना गरी देवता सम्बन्धी ऋषि आदिको षडङ्ग न्यास गर्नू, अनि ध्यान गरेपछि मानस उपचारद्वारा पूजन गरी तेजको कारण देवतालाई प्रकाशपुञ्जको रूपमा कल्पना गरेर ॐ ह्रैं ह्रीं नमः परम शिवात्मा शिवलाई नमस्कार छ भन्नू । त्यसपछि शिवात्मा शिवलाई नमस्कार छ, लं शक्तिस्वरूप शिवलाई नमस्कार छ । हूँ शिवस्वरूप ईश्वर आत्मालाई नमस्कार छ, शं शुद्ध, विशुद्ध विद्यात्मालाई नमस्कार छ । षं माया स्वरूप आत्मालाई नमस्कार छ । शं कालात्मालाई नमस्कार छ । वं नित्यात्मालाई नमस्कार छ । लं कालात्मालाई नमस्कार छ । रं विशुद्ध विद्यात्मालाई नमस्कार छ । वं रागात्मालाई नमस्कार छ । नं क्रोधस्वरूप आत्मालाई नमस्कार छ । वं रागात्मालाई नमस्कार छ । भं प्रकृति स्वरूप आत्मालाई नमस्कार छ । वं बुद्धिस्वरूप आत्मालाई नमस्कार छ । फं अहङ्कारस्वरूप आत्मालाई नमस्कार छ । पञ्च आत्मालाई नमस्कार छ । नं शब्दतन्मात्रात्मालाई नमस्कार छ । धं स्पर्शतन्मात्रात्मालाई नमस्कार छ । दं रूपतन्मात्रात्मालाई नमस्कार छ । थं/धं रसतन्मात्रात्मालाई नमस्कार छ । तं गन्धतन्मात्रात्मालाई नमस्कार छ । णं श्रोत्रात्मालाई नमस्कार छ । टं हूं गात्रात्मालाई नमस्कार छ । रुं पाशपरात्मालाई नमस्कार छ । णं श्रोत्रात्मालाई नमस्कार छ । पं वागात्मालाई नमस्कार छ । रुं पाणिरूप आत्मालाई नमस्कार छ । जं पादात्मालाई नमस्कार छ । छं पाय्वात्मालाई नमस्कार छ । चं उपस्थात्मालाई नमस्कार छ । ङं आकाशात्मालाई नमस्कार छ । घं वाय्वात्मालाई नमस्कार छ । गं तेजसात्मालाई नमस्कार छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खं आकाशात्मालाई नमस्कार छ। कं पृथिव्यात्मालाई नमस्कार छ। लं हृत्पुण्डरीकात्मालाई नमस्कार छ। सं षोडशकलात्मा चन्द्रमण्डललाई नमस्कार छ। हूं दशकलात्मा सूर्यमण्डललाई नमस्कार छ। रं दशकलात्मा अग्निमण्डललाई नमस्कार छ। ह्रौं शान्त्यतीतकलात्मालाई नमस्कार छ। ह्रैं शान्तिकलात्मालाई नमस्कार छ। ह्रीं विद्याकलात्मालाई नमस्कार छ। ह्रीं प्रतिष्ठाकलात्मालाई नमस्कार छ। ह्रां निवृत्तिकलात्मालाई नमस्कार छ।

पङ्क्तिस्थलहरूमा विन्यास गरेर अठ्तीस कलाको न्यास गरोस्। तत्पश्चात् शिरोरूप ईशानलाई नमस्कार छ। व्यक्तरूप तत्पुरुषलाई नमस्कार छ। अघोरहृदयलाई नमस्कार छ। गुह्यरूप वामदेवलाई नमस्कार छ। सद्योजातद्वयलाई नमस्कार छ। अङ्गुष्ठागुष्ठतर्जनीलाई नमस्कार छ। अङ्गुष्ठाङ्गुष्ठमध्यमालाई नमस्कार छ। अङ्गुष्ठांगुष्ठ अनामिकालाई नमस्कार छ। अङ्गुष्ठाङ्गुष्ठ कनिष्ठिकालाई नमस्कार छ। यसप्रकार हृदयादि विन्यास गरेर ईशान ऊर्ध्ववक्त्रलाई नमस्कार छ। पूर्वमुख तत्पुरुषलाई नमस्कार छ। दक्षिणमुख अघोरस्वरूपलाई नमस्कार छ। उत्तरमुखी वामदेवलाई नमस्कार छ। पश्चिममुखी सद्योजातलाई नमस्कार छ। यसरी पूर्वादि दिशाबाट अङ्गुष्ठ आदिक्रमले पाँच मुखहरूमा विन्यास गरेर मूलमन्त्रको न्यास आदि कर्म गरोस्। अनि श्रीपशुपतिका पञ्चमुखहरूको ध्यान गरोस्। त्यो ध्यान यसप्रकार छ –

प्रलयकालिक अग्नि, बिजुली र प्रतप्त सुनसँग प्रतिस्पर्धा गर्ने तेजको जस्तो अरुण प्रकाश भएका, गम्भीर स्मृतिद्वारा निःसृत उग्र दाँतले सुशोभित, तामाको जस्तो अधर ओष्ठ भएका, बालचन्द्रमाको कान्तिको जस्तो चञ्चल र कैलो वर्ण गरेको जो जटा त्यसको भारमा राम्ररी बाँधिएको सर्पले युक्त, सिद्ध, देवता, राक्षसश्रेष्ठद्वारा वन्दित यस्ता भगवान् शिवको पूर्व मुखलाई म वन्दना गर्दछु॥ त्यसपछि "ॐ तत्पुरुषाय विद्मये महादेवाय धीमहि तन्ने रुद्रः प्रचोदयात्" यो रुद्र गायत्री जप गरेर तुरुन्त वृष्टि प्रदान गर्ने कृष्णवर्णको मेघ, भ्रमर र गाजलको जस्तो वर्ण भएका पर्वतको समान प्रभा भएका, फैलिएका कैला आँखाले युक्त, खण्डचन्द्रमाद्वयले मिश्रित किरणका जस्ता दाँतको कारण प्रकर्षरूपले भिन्नभिन्न दाह्राका अङ्कुर भएका, सर्प उनिएको कपाल र सीपिका टुकडाहरूले आच्छादित सुन्दर शिरोभाग गरेका, कुटिलाकार, भौंको भङ्गिमाको कारण रुद्ररूप भएका यस्ता भगवान् शिवको दक्षिण मुखलाई म वन्दना गर्दछु। त्यसपछि अघोरस्वरूप भगवान्लाई नमस्कार छ। इन्द्रस्वरूप अघोरदेवताहरूलाई नमस्कार छ। यति भनेर गायत्रीको जप गर्ने॥ ॐ ह्रीं ह्रौं बीजयुक्त भगवान् शिवलाई नमस्कार छ॥ यो मूलमन्त्रको उच्चारण गरेर गायत्री जपोस्, तत्पश्चात् मानस पूजा गरी पश्चिम मुखको ध्यान गरोस्। त्यो ध्यान यस प्रकार छ – हिमको निर्मल बिन्दु र कुन्द पुष्पको जस्तो सेतो वर्ण भएको गाईका दूधको फेनको जस्तो कान्ति गरेका भस्म लेपन गरेका र कामदेवको शरीरलाई जलाउने यस्ता ऊर्ध्वगामी ज्वालाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पङ्क्तिका जस्ता आँखा भएका स्तुति गर्न तत्पर ब्रह्म, इन्द्र आदि मरुत् समुदाय र योगीहरूद्वारा अभिवन्दन गरिएका, कलायुक्त, कलङ्करहित यसप्रकारका भगवान् शिवको पश्चिम मुखको म वन्दना गर्दछु। ॐ सद्योजात भगवान्‌लाई नमस्कार छ। अब सद्योजात भगवान्‌को वर्णन गर्नेछु। संसारका कारणस्वरूप शिवलाई नमस्कार छ। यसपछि ब्रह्मगायत्री जप्ने।

त्यस्तै "ॐ श्लीं पशुपति हूं फट् स्वाहा" यो मूलमन्त्र उच्चारण गरी गायत्रीमन्त्रको जप गर्ने। तत्पश्चात् मानसपूजा गरी वामदेव मुखको ध्यान गरोस्। त्यो ध्यान यस प्रकार छ – गौर वर्ण भएका कुङ्कुमको जस्तो कैलो वर्ण गरेका, सुन्दर तिलक लगाएका, सेतो वर्णले व्याप्त गण्डस्थल भएका, आखीभौँको विक्षेपले गर्दा हुने कटाक्षपूर्वक जो वीक्षण छ, त्यसले शोभायमान छ, कानमा लगाएको कमल जस्तो, यसप्रकारको तथा चिल्लो गोलाकाक्राको फलजस्तो अधर भएका, सुन्दर मुस्कान भएका, नीलो कपालले विभूषित, पूर्णचन्द्रमाको मण्डलको समान प्रभाले युक्त। यस्ता विशेषताले विभूषित भगवान् शिवको उत्तरवर्ती मुखलाई म वन्दना गर्दछु। वामदेव मुखरूपी भगवान्‌लाई नमस्कार छ। वामदेवलाई नमस्कार छ। मनोन्मनलाई नमस्कार छ भनी यो बीज मन्त्रको उच्चारण गर्ने –ॐ ह्रीं ॐ ॐ ॐ भू भुर्वः स्वः॥ त्यसपछि तूर्यगायत्रीको जप गर्ने। अनि मूलमन्त्रको उच्चारण गरी मानस पूजा गरेर ऊर्ध्वाम्नायको ध्यान गर्ने। ध्यान निम्न अनुसार छ –

व्यक्त र अव्यक्त गुणदेखि माथि छब्बीस तत्त्वभन्दा उत्कृष्ट र त्यसदेखि पनि माथि अवस्थित सर्वोत्कृष्ट अक्षय तत्त्व हो भनी तमोगुणरहित मनले युक्त योगीहरूद्वारा सदा ध्यान गर्न योग्य, सूक्ष्मातिसूक्ष्म परमोत्कृष्ट, शान्तस्वरूप, आकाशव्यापी, प्रकाशमय भगवान् शिवको पाँचौ मुखको म वन्दना गर्दछु।

ऊर्ध्वमुखस्वरूप भगवान्‌लाई नमस्कार छ। सम्पूर्ण विद्याहरूका स्वामी ॐकारस्वरूप सनातन शिव हुनुहुन्छ। यसपछि हंसगायत्रीको जप गर्ने। पाशुपतास्त्र भगवान्‌लाई नमस्कार छ। अनि "फट् हूं अनुष्टुप्छन्दः ॐ श्रीफट् स्वाहा" यो मूलमन्त्रको उच्चारण गरी गायत्री जपोस्। त्यसपछि मानसपूजा गरी पाशुपतमहास्त्रमन्त्र पच्चीसपल्ट जपोस्। पशुपति भगवान्‌लाई नमस्कार छ। हजुर महामेधा तथा प्रज्ञा प्रदान गर्नुहोस् भन्दै स्वाहा शब्दको उच्चारण गर्ने। यसप्रकार ज्ञान, ऐश्वर्य प्रदान गर्ने मन्त्र बाह्रचोटि आवृत्ति गरेर मूलमन्त्रले कुम्भक प्राणायाम गर्दै तत्काल मूलमन्त्रमय प्रकाशरूपको ध्यान गरेर त्यो तेज करतलका करपृष्ठहरूमा व्याप्त गरी "आं" यहाँदेखि "अः" पर्यन्तका मन्त्रहरूले अङ्गुलीन्यास गरेर दुई हातद्वारा मूलमन्त्रको तेजस्वरूप आफ्नो शरीरमा तीन शरीरको (स्थूल, सूक्ष्म, कारण) भावना गर्न तीनपल्ट व्यापन गरोस् र अक्षरन्यास गरोस्। त्यो यसप्रकार छ – सर्वप्रथम शिरमा, ललाटमा, दुवै आँखामा, दुवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कानमा, नाकका छिद्रद्वयमा र त्यसपछि गालामा, जिब्रोको अग्रभागमा, नाकको अग्रभागमा, दुवै ओठमा, च्यूँडोमा, हृदयमा, स्तनद्वयमा, नाइटोमा, गुह्यस्थलमा, तिघ्रामा, घुँडामा (उपघ्न), दुवै खुट्टामा र त्यस्तै सम्पूर्ण अङ्गहरूमा विद्वान् उपासकले आलस्यरहित भई न्यास गरोस्। यसरी माथि बताएका स्थानमा मन्त्रहरूले प्रज्ञाशक्तिद्वारा अक्षरहरूको विन्यास गरेर योगन्यास गरोस्। त्यो निम्न अनुसार छ – मूलाधारहरूमा चारपात भएको कमलकेसरीको माथि चार प्रणवहरूको (ॐ) भावना गरी त्यसपछि हृदयरूपी अष्टदलकमलकेसरीमा बीजको न्यास गरोस्, अनि पत्रहरूमा ह्रीं यो बीजको न्यास गरोस्। त्यसपछि कर्णिकामा शिवको न्यास गरोस्। त्यसपछि सहस्रारशिरकमलमा विद्यमान कर्णिकामा बालसूर्यको समान शतरूपिणी शक्तिको न्यास गरोस्, तत्पश्चात् अवशिष्ट सप्ताक्षरको न्यास सहस्र शिरकमलमा गरोस्।

माथि निर्देश गरेअनुसार, मूलवर्णहरूद्वारा योगन्यास गरेर मूलव्यापन गरी मूर्तिपञ्जरन्यास गरोस्। त्यो यसप्रकार छ – "ॐ आं ह्रीं हूँ नमः" यो बीजले युक्त वायु, रुद्र, मित्रस्वरूप महादेव शिवलाई नमस्कार छ। "ॐ हूँ ह्रीं हूँ नमः" यो बीजमन्त्रले युक्त वरुणस्वरूप शिवशङ्करलाई नमस्कार छ। "ॐ हूँ हूँ ह्रीं हूँ नमः" यो बीजमन्त्रले युक्त अंशुस्वरूप नीललोहित भगवान् शिवलाई नमस्कार छ। "ॐ ॠं ह्रीं हूँ नमः" यस बीजमन्त्रले युक्त भगस्वरूप ईशानदेव शिवलाई नमस्कार छ। "ॐ ऐं ह्रीं हूँ नमः" बीज मन्त्रले युक्त विजय गर्ने विश्वपति शिवलाई नमस्कार छ। "ॐ ऐं ह्रीं हूँ नमः" यस बीजमन्त्रले युक्त भीमस्वरूप इन्द्रात्मा शिवलाई नमस्कार छ। "ॐ ह्रीं हूँ नमः" यो बीजभएका पोषण गर्ने कपर्द्दी शिवलाई नमस्कार छ। "ॐ औं ह्रीं हूँ नमः" यी बीज भएका पर्जन्यस्वरूप महादेव शिवलाई नमस्कार छ।

घाँटी, दक्षिण पार्श्व र अन्य विभिन्न पूजापद्धतिमा निर्दिष्ट स्थानहरूमा मूलमन्त्रद्वारा मातृकान्यास गर्ने र तीसपल्ट उच्चारण गरी मूलमन्त्रको ऋषि आदि षडङ्गन्यास गरिसकेपछि देवताका प्राणहरू यहाँ प्रतिष्ठित हुन्, देवताको बीज यस आत्मामा सुखपूर्वक धेरैकालसम्म सुस्थिर रहून्। "स्वाहा" यो मन्त्रले देवताको प्राणप्रतिष्ठा गरेर मानस पूजन गरी पुष्पाञ्जलिको भावना गरिसकेपछि ध्यान गरी सय योजन उच्च, पचहत्तर योजन विस्तृत, वटवृक्षलाई सम्झी त्यसको तल्लोभागमा मण्डपको चिन्तन गरेर, अत्यन्त सुन्दर हजारौँ स्तम्भहरूले युक्त, सुन्दर छाएको मण्डपको ध्यान गरोस्, फेरि त्यसका बीचमा चार स्तम्भ भएको मण्डपको जस्तै श्रेष्ठ महान् मन्त्रसिंहासनको ध्यान गरोस्। त्यस सिंहासनमा आसीन शुद्धस्फटिकमालाधारी, कमलको जस्तो मुखमण्डल भएका, सूर्य चन्द्रमा र अग्नि आँखा भएका अभय प्रदान गर्ने क्रममा घुँडासम्म जोडिएको वामबाहुले सुशोभित, समस्त ब्रह्म, तन्त्र आदि साधनको उपदेश गरिरहेका, काखीमा आगमपत्रहरूलाई धारण गर्ने, सम्पूर्ण मोहलाई प्रशमन गर्ने पुस्तक भएको कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुश आदि नाम गरेका मुनिहरूद्वारा युक्त बायाँतर्फ देवमाता उमा अथवा देदीप्यमान हात भएका वाणीकी अधिष्ठात्री सरस्वतीले विभूषित, ब्रह्मा, विष्णु र नारदले घेरिएका अनि वेदवेदान्तहरूद्वारा साक्षात्कार गरिएका, ऐश्वर्यका अधिष्ठाता देवता यस्ता पशुपति महादेव भगवान् शिवको पूर्व आदि दिशाहरूमा र ती मुख्य दुई दिशाहरूका बीचमा विद्यमान आग्नेय आदि दिशाहरूका साथै अरू दिशाहरूमा पनि क्रमैले चिन्तन गरोस् । त्यस्तै पूर्व दिशामा मीमांसा, धर्मशास्त्र र दक्षिण आदि दिशामा इतिहास पुराणहरूद्वारा घेरिएका एवं पश्चिममा तर्कविद्याहरूद्वारा प्रसन्न तुल्याइएका, उत्तरमा वाद्यवादन गर्नेहरूद्वारा नित्य स्तुति गरिएका, इन्द्र आदि तेत्तीसकोटी देवताहरूद्वारा घेरिएका यस्ता प्रभु शिव हुनुहुन्छ । रसामृतको पान गर्न सदा संलग्न जे जति देवताहरू छन् सक्षम ती सम्पूर्ण तीन हजार तीन सय साठी देवताहरूद्वारा स्तुतिगानापूर्वक घेरिनु भएका यस्ता महादेव पशुपतिनाथको समीपमा गएर उहाँको त्यो भवनाशक स्वरूपको भावना गर्दै सर्वज्ञदेवताहरू ध्यान गर्दछन् । अनि पुण्यप्रद भस्म, दन्त आदिले विभूषित भगवान् पशुपतिको मस्तकमा मानसिक वाक्यद्वारा एक सय आठ जप गरोस्, त्यसपछि उक्त जपको समर्पणपूर्वक स्तुति गरेर योनिमुद्राले प्रणाम गरोस् । यसप्रकार त्यो पनि अर्पण गरी फेरि स्वात्मामा शिवैक्यको भावना गरोस् । यदि पुरश्चरणकर्ता छ भने क्रमशः माथि बताइएका स्वरूपको ध्यान गरी पाँच लाख सङ्ख्या बराबर जप गरोस् । यसरी ध्यान गरेपछि सो जापकले जीवनपर्यन्त प्रत्येक दिन न्यूनतम एक सय आठ जप गर्नुपर्दछ । अनि शर्करा दूधले पनि पवित्र तिलहरूले उपर्युक्त विधानद्वारा नै पाद्य, अर्घ्य आदि षोडशोपचारद्वारा पञ्चाक्षर (ॐ नमः शिवाय) व्यक्त भएको पीठमा विराजमान परमेश्वरको पूजन गरोस् । तत्पश्चात् कर्णिकाकेशरले युक्त आठपत्रे कमल लेखोस् । त्रिगुणले (सत्त्व, रजः, तम) वृत्त (बाटुलो आकारमा विद्यमान) पृथ्वीविम्ब भएको चारद्वारले विभूषित बीचमा प्रणव विराजमान भएको यस्तो शिवयन्त्र लेखी विधिपूर्वक त्यसमा मूलमन्त्रले पुष्प राखोस्, पाँच लोह शलाका माथि पाँच किसिमका चूर्ण भएको स्वर्णरूपी वेदीमा शिवयन्त्रको रचना गरी त्यसलाई अगाडि स्थापना गरेर जगदीश्वरको पूजन गरोस् । त्यसको सुरुमा दक्षिणको अग्रभाग जलले भूमिको शोधन गरी त्यसमा त्रिकोणभित्र चतुष्कोणको मण्डल कुशको अग्रभागले निर्माण गरी पात्र राखोस् । भूमिलाई मूलमन्त्रले प्रक्षालन गरी त्यहाँ उक्त कोणात्मक मण्डल राखोस् । त्यसका माथि अस्त्रमन्त्रले अर्घ्यपात्रलाई प्रक्षालन गरी स्थापना गरेपछि त्यसमा शुद्ध जल भरी त्यही तीर्थमन्त्रले तीर्थको आवाहन गरेर जलग्रहणपूर्वक प्रणवको उच्चारण गरी गन्ध, पुष्प, अक्षता छोडेर धेनुमुद्रा देखाई विशेषार्घको स्थापनाका लागि बायाँ अङ्गुष्ठ परिमित भूमि लेपन गरी त्यहाँ त्रिकोणभित्र विद्यमान षट्कोण चतुष्टयको मण्डल बनाई सामान्य अर्घ्यको जलले सिञ्चनपश्चात् धेनुमुद्राको निर्माण गरी “हूँ” यो तत्त्वाङ्गबीजमन्त्रले चारकोणहरूमा हृदय आदि चारको भावना गरोस् । पूर्व आदि चार दिशाहरूका बीचमा नेत्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पना गरोस् । यसरी आठ तत्त्वको क्रमैले "नमः" अन्त्यमा भएका मूल मन्त्र र आगममन्त्रद्वारा गन्ध, अक्षता र पुष्पले पूजा गरी मूल मन्त्रले प्रक्षालित त्रिकुटी त्यहाँ राखी 'ॐ मं' यो बीजले युक्त विशेष अर्घ्यपात्रधारण गर्ने बुद्धिमण्डल दशकलात्मा भगवान् पशुपतिलाई नमस्कार छ भन्ने मन्त्रले गन्ध आदिले पात्राधारको पूजन गरेपछि अस्त्रमन्त्रले प्रक्षालित शङ्खपात्रको स्थापना गरेर "ॐ अँ बीजले युक्त श्रीपशुपतीश्वरको प्रसन्नताका लागि सूर्यमण्डल द्वादशकलात्मा विशेषार्घ्यपात्रधारी पशुपतीश्वरलाई नमस्कार छ" भन्ने आधारमन्त्रले गन्ध आदिद्वारा पात्रपूजन गरेर मूलमन्त्रोच्चारण गरी विलोमविधिले मातृकाको पाठपूर्वक चन्द्रकलाआश्रित अमृतले परिपूर्ण भएको मण्डलमा "ॐ यो प्रणवसहित 'हूँ' बीजले युक्त सोह्र कलात्मा चन्द्रमण्डलस्वरूप विशेषामृतकलाधारी श्रीपशुपतिनाथलाई नमस्कार छ" भन्ने मन्त्रले धेनुमुद्राद्वारा अमृतीकरण गर्ने र त्यहाँ देवताको ध्यान गर्दै आवाहन गरी अङ्गन्यासपूर्वक नमस्कार गरोस् । त्यसपछि अस्त्रमन्त्रले तीन चुटकी बजाएर दिग्बन्धन गर्दै अग्निशालाको निर्माणपश्चात् त्यसलाई प्रज्वलन गर्ने नेत्रास्त्रमन्त्रले निरीक्षण गरेर शङ्खमुद्राले अवरोधको भावनाका साथ योनिमुद्राका उद्देश्य गरेर मूलमन्त्रको उच्चारण गर्नू । त्यसपछि "श्रीपशुपतिलाई नमस्कार छ" भनी गन्ध आदिले पूजा गरोस् र गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, आरति, स्तुति, नमस्कार अर्पण गरी शैवमुद्रा र मत्स्यमुद्रा देखाएर मूलमन्त्र जपोस् र त्यसलाई समर्पण गरेर स्मरण गर्दै त्यसको अङ्गभूत दक्षिणभागमा प्रोक्षणीपात्रका साथ अर्को पात्रको स्थापना गरी त्यसमा जल भरेर विशेष अर्घ्यको केही जल प्रोक्षणीपात्रको जलसँग मिलाएर सामान्यार्घ्यको जलले "ऐं क्लीं" बीजमन्त्रद्वारा केही जल छोडी तत्पश्चात् प्रोक्षणीपात्रको जल लिएर मूलमन्त्रको उच्चारण गरी "अं" यो बीजले युक्त आत्मतत्त्वलाई नमस्कार छ भनी उच्चारण गरोस् । त्यसपछि "हूँ" यस बीजले युक्त विद्यातत्त्वलाई नमस्कार छ "वं" यो बीजले युक्त शिवतत्त्वलाई नमस्कार छ भनी नमस्कार गरोस् ।

उक्त मन्त्रहरूले आफूलाई तीनपल्ट प्रोक्षण गरी पूजा सामग्री आदिको पनि प्रोक्षण गरोस् । त्यसपछि आफू र पूजा प्रकरणादि सबैमा सच्चिदानन्दको स्वरूपको भावना गरी काँशको पात्र, घण्टा आदिको स्थापना गरेर द्वारप्रदेशमा पुगेर कपडाले मण्डप पुछोस् । अनि गन्ध, पुष्प, अक्षता तथा जलले मण्डपको प्रोक्षण गरोस् । त्यसपछि अञ्जलि बाँधेर जुन देवताको आवाहन गरिएको हुन्छ, त्यसको उपासक पनि तद्रूप होस् भन्दै पूजाद्रव्य त्यसैमा उत्पन्न तथा लय हुने प्राण, बुद्धिस्वरूप सबै तदात्मा सर्वेश्वर हजुर नै हुनुहुन्छ, यसप्रकारका पूर्णात्मा हजुरलाई नमस्कार छ । त्यतिमात्र नभएर चिन्तनीय अप्राकृत देवताका स्वरूपलाई समेत आक्रान्त गरेर विराजमान अनि जसले चिन्ता र पापलाई हटाउनुभएको छ, त्यसबाट सर्वथा रहित हुनुभएको छ भन्ने भावबोधक श्लोकहरूको उच्चारण गर्दै "फट् फट् फट्" यी बीजहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युक्त त्यस्ता तपाईंलाई नमस्कार छ भनोस् । आफ्नो हातमा अवस्थित शुभ अशुभ मेरा सम्पूर्ण कर्महरूको साक्षीका रूपमा रहनुभएका सूर्य, चन्द्रमा, यम, काल, पञ्चमहाभूत देवताहरू हुनुहुन्छ भन्ने भावना गर्दै "हूँ फट्" यस मन्त्रले अगल–बगल दुईतर्फ र तल माथि पनि निरीक्षण गरी सुन्दर मन भएको होस् भन्ने भावना गरोस् । त्यससपछि भैरवको आदेश लिएर भगवान् शिवको, हरिको, सूर्यको, अग्निको र प्रज्वलित दीपको पनि सन्निधानको कल्पना गरोस् । यसरी हे वेदान्तवेद्य अखिलविश्वका मूर्ति परमेश्वर, हे ब्रह्माजी, हे शूलधारी महादेव हजुरहरू दीपस्थानको विधान गर्नुहोस् । विश्वेश्वर परमेश्वर विशिष्ट ऐश्वर्यको द्वार खोल्नुहोस् । अनि "कालकलापकलाय नमः" कालका समुदायधारी परमेश्वरलाई नमस्कार छ भन्ने मन्त्रले द्वारको उद्‌घाटन गरी द्वारको दक्षिण र उत्तरभागबाट भीमसेनलाई नमस्कार छ, कुबेरलाई नमस्कार छ, शक्तिलाई नमस्कार छ, चितृशक्तिलाई नमस्कार छ, सर्वेश्वरीलाई नमस्कार छ भन्ने मन्त्रहरूले पूजन गरी द्वारलक्ष्मीलाई नमस्कार गरोस् । त्यस्तै देहलीलाई नमस्कार गरोस् । यसरी द्वारपूजा सम्पन्न गरोस् । अनि देवता स्थापना भएको नैर्ऋत्यदिशामा वास्तुपुरुषलाई नमस्कार छ, वटुकभैरवलाई नमस्कार छ, कामदेवलाई नमस्कार छ, वृषभदेवलाई नमस्कार छ भन्दै तिनीहरूलाई नमन गरोस् । त्यसपछि यी मन्त्रहरूले वास्तुपुरुषको गन्ध आदिले पूजा गरी व्याहृति गरेर निर्माल्य हटाई उत्तरभागमा चण्डीश्वरलाई नमस्कार छ भनोस् । यसरी निर्माल्य समर्पण गरी जल दिएर आत्मपूजाका लागि गन्ध, पुष्प आदि सम्पादन गर्दै सेतो रातो फूल, तुलसीदल, चन्दनमिश्रित द्रव्य दुई हातले लिई "ॐ स्थाणुपुरुष हजुरलाई नमस्कार छ, ज्योतिर्लिङ्गात्मालाई नमस्कार छ। चतुमूर्त्तिरूपी शरीरमा अवस्थित भगवान् शिवलाई नमस्कार छ" भनेर भस्म लेपन गरिएको अङ्गले युक्त पशुपतिको भजन गरोस् । यसरी मूलमन्त्रले पनि चरणदेखि नाभिपर्यन्त तद्रूप भगवान् शिवको अगल बगलमा दुई हातले व्यापक विस्तृत विधिद्वारा पूजन गरिसकेपछि पहिलेको जस्तै सेतो, रातो करवीरको फूल लिई नाइटोदेखि कण्ठपर्यन्त स्थाणुमन्त्र र मूलमन्त्रले पूजन गरेर फेरि पहिलोको जस्तै सेतो रातो दुवै किसिमको कमलपुष्प लिएर घाँटीदेखि आँखीभौंको मध्यवर्ती भागसम्म पूजन गर्दै अरू सम्पूर्ण मिलाएको पदार्थ लिएर आँखीभौंको मध्यवर्ती भागदेखि शिरसम्म पूजन गरेर सच्चिदानन्दस्वरूप आत्माको भावना गरी आफ्नो अर्चन गर्ने द्रव्य छुटाई पूजापीठ र स्थानपीठको सम्पादन गरेर अथवा त्यो भन्दा पनि बढी कल्पवृक्षहरूले युक्त मण्डप बनाई भगवान् शिवका नौ शक्तिहरूले विभूषित पीठयन्त्रको पूजन गरोस् । यसरी वर्णन र निर्देशनअनुसार दुई पीठहरूको सम्पादन गरोस् । त्यो यसप्रकार छ – मण्डपधारी भगवान् शिवलाई नमस्कार छ, कालाग्निरुद्रलाई नमस्कार छ, मूलप्रकृतिलाई नमस्कार छ, आधारशक्तिलाई नमस्कार छ । श्रीं ॐ यो बीजले युक्त कूर्म भगवान्‌लाई नमस्कार छ भनी नमस्कार गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै ॐ अनन्त भगवानूलाई नमस्कार छ। भं यो बीजयुक्त वराह भगवानूलाई नमस्कार छ। गं यो बीजयुक्त पृथ्वीमातालाई नमस्कार छ। यं यो बीजयुक्त अमृतार्णवलाई नमस्कार छ। लिं यो बीजयुक्त एकदीपलाई नमस्कार छ। यं यो बीजयुक्त कैलासदेवलाई नमस्कार छ। कुं यो बीजयुक्त वटवृक्षलाई नमस्कार छ। मं यो बीजयुक्त कल्पप्रेरकलाई नमस्कार छ। दों यो बीजले युक्त हजारौं स्तम्भले युक्त मणिमण्डपलाई नमस्कार छ। वं यो बीजले युक्त रत्नसिंहासनलाई नमस्कार छ। तं यो बीजले युक्त श्वेतछत्रलाई नमस्कार छ भनी नमस्कार गरोस्। यसप्रकारका यी मन्त्रहरूले माथि माथि यन्त्रका बीचमा पूजन गरी ॐ धर्मलाई नमस्कार छ, नं यो बीजले युक्त ज्ञानलाई नमस्कार छ। मं फट् यो बीजले युक्त वैराग्यलाई नमस्कार छ। टं हूँ यो बीजले युक्त ऐश्वर्यलाई नमस्कार छ, हूँ यो बीजले युक्त सिंहासनलाई नमस्कार छ। यसरी नमस्कारपश्चात् तल्लो भागबाट अर्चन गरी फेरि धर्मलाई नमस्कार छ भनोस्। त्यस्तो ॐ अज्ञानलाई नमस्कार छ, श्रीं यो बीजले युक्त अवैराग्यलाई नमस्कार छ। हूँ यो बीजले युक्त अनैश्वर्यलाई नमस्कार छ भनी फं नमः भन्ने बीजमन्त्रको उच्चारण गरोस्। यस प्रकार सिंहासनका अग्रभागहरूमा पूजन गरी टं यो बीजले युक्त पद्मलाई नमस्कार छ, स्वां यो बीजले युक्त आनन्दकन्दलाई नमस्कार छ। हाँ यो बीजयुक्त ज्ञानाग्निलाई नमस्कार छ। ॐ प्रकृतिमय पत्रहरूलाई नमस्कार छ। नूँ यो बीजले युक्त विकारमय केशरहरूलाई नमस्कार छ। यों यस बीजमन्त्रयुक्त प्रणवमयकर्णिकालाई नमस्कार छ भनी नमस्कार गरोस्। भं नमः यो मन्त्रले बीचमा सिंहासनको पूजा गरी गां आं यी बीजद्वयले युक्त यूर्यमण्डललाई नमस्कार छ, वं ऊं यी बीजद्वयले युक्त चन्द्रमण्डललाई नमस्कार छ, तं रुं यी बीजद्वयले युक्त वह्निमण्डललाई नमस्कार छ। पां सं यी बीजद्वययुक्त सत्यलाई नमस्कार छ। शुं कं बीजद्वययुक्त रजोगुणलाई नमस्कार छ। पं तं यी बीजद्वययुक्त तमोगुणलाई नमस्कार छ। दां श्रं यी बीजद्वयले युक्त आत्मालाई नमस्कार छ, म्रां अं यी बीजद्वयले युक्त अन्तरात्मालाई नमस्कार छ। मं पं यी बीजद्वययुक्त परमात्मालाई नमस्कार छ। नं ह्रां यी बीजद्वययुक्त ज्ञानात्मालाई नमस्कार छ भनी पूर्वबाट नमस्कार गर्नू। मों यो मन्त्रले मणिकर्णिकामा पूजन गरी नं यो बीजले युक्त वामादेवीलाई नमस्कार छ। मं यो बीजमन्त्रले युक्त ज्येष्ठालाई नमस्कार छ भन्ने मन्त्रहरूको उच्चारण गर्दै नमस्कार गरोस्।

त्यस्तै कं यो बीजले युक्त श्रेष्ठालाई नमस्कार छ, टं यो बीजले युक्त कालीलाई नमस्कार छ। हूँ यो बीजले युक्त कलविकारिणीलाई नमस्कार छ। नूं यो बीजले युक्त बलविकारिणीलाई नमस्कार छ, पं यो बीजले युक्त बलप्रमथिनीलाई नमस्कार छ। ॐ सर्वभूतदमनकारिणीदेवीलाई नमस्कार छ भन्दै नमस्कारात्मक पूजा गरोस्। श्रीं यी मन्त्रहरूले कमलका पूर्व आदि दलहरूमा क्रमैले अर्चना गरी हूँ यो बीजले युक्त मनोन्मनिनीदेवीलाई नमस्कार छ। यसरी कर्णिकाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीचमा पूजन गरेर, ॐ सम्पूर्ण गुणात्मा शक्तियुक्त अनन्त योगपीठात्मा सनातन भगवान् शिवलाई नमस्कार छ । यसरी मूलमन्त्रोच्चारणपूर्वक पीठहरूको समष्टिमन्त्रले पीठका नवशक्तिहरूको बीचमा प्रकट हुनुभएका देवताको ध्यान गरी श्रीपशुपतीश्वरलाई नमस्कार छ भन्ने मन्त्रले पुष्पाञ्जलि अर्पण गरी श्रीपशुपतिलाई म कल्पना गर्दछु, हजुरलाई नमस्कार छ भनोस् । तत्पश्चात् ध्यान गरोस् । "सोमाय नमः" यो अनुवाक्‌ले सुशोभित पर्खाल र देवालय यी दुई भागको अनि अत्यन्त एक आपसमा जोडिएको निर्मल पञ्चाक्षरी "ॐ नमः शिवाय" यो मन्त्रराजले विभूषित गर्भगृह भएको तन्त्रविद्याद्वारा उपासना गर्न योग्य निर्मलस्वरूप दिव्य आसनमा विराजमान यस्ता राजराजेश्वर भगवान् शिव विशेष प्रकर्षलाई प्राप्त गरिरहनुभएको छ । यसरी ध्यानमा बताइएको मूर्तिको आसनमा पुष्पाञ्जलिद्वारा भावना गरी श्रीपशुपतिलाई नमस्कार छ यो मन्त्रले फूल अर्पण गरोस् त्यसपछि विशेषार्घ्य र सामान्यार्घ्यको बीचमा पाद्य, अर्घ्य, आचमनीय तथा मधुपर्कका लागि सामान्यार्घ्यविधिले तत्तद्द्रव्यले युक्त चारओटा पात्रहरूको स्थापना गरोस्, ती द्रव्यहरूको अभावमा एउटै पात्रको सम्पादन गरी बुद्धिद्वारा त्यसको चिन्तन गरोस् । यसपछि पञ्चायतनपूजाका क्रमले योगपीठ आदि गरिएका पीठहरूमा आग्नेय आदि चारकोणमा सूर्य, गणेश र विष्णुको तत्तत्‌विधिले पूजन गरी बीचमा यन्त्रराजमा आफ्ना इष्टदेव श्रीपशुपतिनाथको पूजन गरोस् । तत्सम्बन्धमा शैवागममा भनिएको छ– शिवजीको पूजनमा इष्टदेवको आग्नेयदिशामा सूर्य, नैर्ऋत्यमा गणेश, वायव्यमा अम्बिका र ईशानमा विष्णुको पूजन गरोस् । जहाँ जहाँ जुन ठाउँबाट सूर्योदय हुन्छ, त्यो दिशालाई वेदविद् विद्वान्‌हरूले पूर्वदिशा भन्दछन् । त्यस्तै पूज्य र पूजकका बीचमा विद्यमान दिशालाई पनि पूर्वदिशा भनी सम्पूर्ण आगमशास्त्रका विद्वान्‌हरू वर्णन गर्दछन् । यसरी यामलकरीतिद्वारा पूज्य-पूजकका बीचमा पूर्वदिशा हुन्छ भन्ने विषयको वर्णन गरिसकेपछि पूर्व-दक्षिणतर्फबाट पूर्व आग्नेय आदिको कल्पना हुन्छ भनी जान्नुपर्दछ । त्यसमा गणपति आदि देवताबाट स्थापना गर्ने क्रम छ भन्ने एउटा पक्ष छ । सूर्य आदि देवताबाट स्थापना गर्ने क्रम छ भन्ने अर्को पक्ष छ । पूर्वपक्षले पूजन गरोस् भन्ने इत्यादि पद्धतिले आरम्भ गरी पहिले दक्षिणतर्फबाट पूजा गरोस् । आग्नेयबाट आरम्भ गर्ने अर्को मत छ, यसरी चार मतहरू छन् । यसपछि मन्त्रराजमा विराजमान श्रीपशुपतिको पूजन गरोस् । त्यो यसप्रकार छ – प्राणायाम गरेर पृथ्वी इत्यादि मन्त्रले आसन विनियोग आदि गरिसकेपछि शुभवेला शुभमुहूर्तमा संवत्सर, महिना, पक्ष, तिथि, वार, नक्षत्र, योग, करण, नवग्रह इत्यादि सबैको उच्चारण गर्दै विधिपूर्वक सङ्कल्प गरोस् । अनि मूलमन्त्रले ऋषि आदिको न्यास गरोस् । त्यसपछि देवताका पनि देवता प्रकाशमय, सनातन आत्मस्वरूपको ध्यान गरेर दुई हातले पुष्प लिई त्यस रूपको चिन्तन गर्नू, तत्पश्चात् मातृकाको स्वरूपको ध्यान गरी हृदयकमलमा विराजमान देवताको ध्यान गरेर मानसविधिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गरी त्यो प्रकाशपुञ्ज परमात्माको चिन्तन गर्दै पुनः मूलाधारचक्रमा लैजाओस् । यसरी सुषुम्णा नाडीको ब्रह्मरन्ध्रमा सहस्रारचक्रको शिरकमलमा नमस्कार गरी शिवतत्त्वसित मिलाई फेरि ललाटान्तमा अर्थात् सहस्रारचक्रमा पुऱ्याओस् अनि पूर्णचन्द्रमाको समान स्वरूप हुनुभएका भगवान् शिवको चिन्तन गरी हातमा विद्यमान फूलको आसनमा ल्याएर छिद्रद्वारा नासिकाले पशुपतिको मूर्तिको भावना गरेर लोकलाई अनुग्रह गर्ने हे सर्वेश्वर भगवान् ! हजुर यहाँ पाल्नुहोस्, हजुरको म वन्दना गर्दछु, यो यज्ञभाग ग्रहण गर्नुहोस्, देवाधिदेव हजुरलाई नमस्कार छ। "ॐॐॐ नमः" यो मन्त्रानुसन्धानपूर्वक स्वात्मामा विराजमान कहिल्यै नजन्मने, शुद्धस्वरूप, आकाशको समान व्यापक अंशले आद्य परमेश्वर हजुरलाई म यो मूर्तिमा आवाहन गर्दछु अनि "ॐ सहस्राशीर्षा...दशाङ्गुलम्" यो वैदिक मन्त्रले श्रीपशुपति भगवान्‌लाई नमस्कार छ, हजुर मलाई मेधा, प्रज्ञा प्रदान गर्नुहोस् । मं ह्रीं यो बीजमन्त्रमा युक्त ॐ भूदेवताको आवाहन गर्दछु । हे भूदेवता ! हजुर आवाहित हुनुहोस् । यसप्रकार आवाहनमुद्रा देखाएर हजुरको यस्तो महिमाले युक्त यो मूर्ति छ त्यसकारण हे कल्याणकारी प्रभु ! हजुरका प्रति मेरो भक्ति बनिरहोस् भनी भक्तिबाट आकृष्ट हुने दीपको समान देदीप्यमान हजुरलाई म यहाँ कल्पना गर्दछु। यसरी यहाँ स्थापित हुनुहोस् भनी स्थापिनीमुद्रा देखाएर सर्वान्तर्यामी परमेश्वरलाई म यो सर्वबीजमय शुभ, उत्कृष्ट, शुद्ध आसन अर्पण गर्दछु, स्वात्मामा स्थापना गर्नुहोस् भनेर विश्वात्मा, कुटिल गति भएका सर्प आदि प्राणीहरूमा सञ्चार गर्ने यस्ता परमेश्वर भगवान् शिवलाई नमस्कार छ। हे चन्द्रशेखर ! म यो सुन्दर रत्नसिंहासन हजुरलाई अर्पण गर्दछु। "पुरुष एवेदं" यस वैदिक मन्त्रले "ह्रौं ॐ भुवः" यो मूलमन्त्रोच्चारण गरी आसन अर्पण गर्दछु, हजुरलाई नमस्कार छ भन्ने यो मन्त्रले आसनमुद्रा देखाएर हे देव ! अक्षरात्मक यो वीरासनमा सुखपूर्वक प्रतिष्ठित हुनुहोस्। अनि हे पुरुषोत्तम ! हजुर रहनुहोस् । ॐ ह्रीं यो मन्त्रले प्रतिष्ठापित हुनुहोस् । यसप्रकार प्रतिष्ठापिनी मुद्रा देखाएर अनन्य देवदेव हजुरको मूर्तिरूपा यो शक्ति छ, हे प्रभु जबसम्म म हजुरको पूजा गर्दछु तबसम्म सन्निहित हुनुहोस् । "ॐ" उच्चारणपूर्वक सन्निधिमुद्रा देखाएर आज्ञा लिई कृपासागर, गुणसागर व्यापकस्वरूप हे गुरुदेव ! हे परमेश्वर ! एकमात्र स्वात्मानन्दमा तृप्त हजुर हुनुहुन्छ भनी निरूपण गरेर हजुरको वैभवलाई बताइएको छ। यस्ता हजुरको आज्ञा मलाई प्राप्त होस् भन्ने आशयको श्लोक पढ्दै सन्निधिमुद्रा देखाई दर्शन गर्नाले मात्र पनि अमृत वर्षण गर्ने यो मूर्तिमा यज्ञविधान पूर्ण गर्ने महेश्वर हजुर, यज्ञसम्पूर्तिका लागि स्थिर हुनुहोस्। "ॐ यं नमः" यो मन्त्रले स्थिरीकरणको मुद्रा देखाई भक्तहरू अभीष्टसिद्धिका लागि जुन परमेश्वरको दर्शन चाहन्छन्, त्यस्ता परमेश्वर हजुरलाई नमस्कार छ। यस्ता परमेश्वरको शुभागमन होस् र मेरो पनि कल्याण होस् । यसप्रकार हजुर प्रसन्न हुनुहोस् भन्ने यो मन्त्रले स्वागतको मुद्रा देखाएर अज्ञान, प्रमाद, विधिवैकल्य अथवा आलस्यवशात् पूर्ण हुन नसकेका सबै जे जति कर्म छन् ती सबैको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णता यो कृत्यले पूर्णता होस् र त्यसरी नै हजुर अभिमुख हुनुहोस् र पूर्ण गर्नुहोस् । त्यसपछि "ॐ" फट् नमः" यो मन्त्रले अभिमुखीकरणको मुद्रा देखाएर केन्द्रित भएका वाणी, मन, आँखा, कानभन्दा पनि दूर अपरिमित प्रकाश हुनुभएका यस्ता हजुरको तेज छ, त्यस्ता शुद्धस्वरूप भगवान् शङ्करलाई यो पाद्य अर्पण गर्दछु भनेर "एतावानस्य" यो वैदिक मन्त्र पढ्ने अनि "ॐ शुंसुवः" यो मूलमन्त्रको उच्चारण गरी यो पाद्य हजुरको हो भन्दै "नमः" यो मन्त्रले सामा, दूबो र कमलपुष्पले युक्त जल चरणमा अर्पण गरेर तीन तापलाई हरण गर्ने दिव्य परमानन्दलक्षणले लक्षित तापत्रयविनिर्मुक्त हजुरलाई म यो अर्घ्य अर्पण गर्दछु भनोस् । अनि "त्रिपादूर्ध्व" यो वैदिक मन्त्रको पाठ गरोस् । "ॐ तं ॐ महः" यो मूलमन्त्रको उच्चारण गरी "यो अर्घ्य हजुरको हो भन्दै नमः" यस मन्त्रले गन्ध, पुष्प, अक्षत, जौ, कुश, तिल, सर्स्यूँ, दूबो तथा जल देवाधिदेव भगवान् श्रीपशुपतिको शिरमा अर्पण गरेर देवानो .... शुद्धिहेतवे यो मन्त्रको उच्चारण गरोस् ।

"ततो विराड्" यो वैदिक मन्त्रको पाठ गर्ने अनि मूलमन्त्रको उच्चारण गरी "ॐ वं जन" भन्दै "यो हजुरको आचमनीय जल हो भनेर नमः" यो मन्त्रले जातिफल, ल्वाङ्ग, पान, चूर्णद्रव्य सहित जल मुखमा अर्पण गरेर सम्पूर्ण कालुष्यरहित परिपूर्ण सुखात्मा परमेश्वर शिवलाई म यो मधुपर्क अर्पण गर्दछु, हजुर म अर्पकप्रति प्रसन्न हुनुहोस्, यो मधुपर्क हजुरको हो नमः भन्ने । यसप्रकार दही, मह, दूध, घ्यू, चिनी यी पाँच तत्त्वले सहित मधुपर्क ऊर्ध्वमुखमा समर्पण गरेर फेरि "आचमनीयं नमः" यो मन्त्रले केवल जल अर्पण गरोस्, तत्पश्चात् देवताको स्नानका लागि पादुकाद्वयसहित देवतालाई सिंहासनबाट स्नानशालामा ल्याई त्यो सिंहासनमा विराजमान गराएर, केशप्रशाधन अङ्गमर्दन, चम्पक आदि सुगन्धित तेलको घर्षण, वीररस चूर्ण आदि वस्तुको लेपन, पञ्चगव्य तथा पञ्चामृतले स्नान, ऊखुको रस, नरिवलको जल र कपूरको जलले स्नान, कुंकुम लेपन, चन्दनको जलले स्नान तथा तैलमर्दन पर्यन्तका कर्म सम्पादन गरेपछि पचासवर्णले पूर्ण हुने अनुलोम विलोम विधिले पाँच ब्रह्ममन्त्र र शापविमोचनमन्त्रहरूद्वारा पूर्णकलशको जलले स्नान गराएर परमानन्द बोधस्वरूप भएको कारण निमग्न निजमूर्त्तिका लागि हे परमेश्वर ! फेरि साङ्गोपाङ्ग हजुरको यो स्नानको कल्पना म गर्दछु भनोस् । यस किसिमले चरणको जल चारपल्ट मार्जन गरोस् । त्यसपछि "यत्पुरुषेण" यो वैदिक मन्त्रको पाठ गर्ने, अनि "ॐ तर्प नः" यो मूलमन्त्रको उच्चारण गरी पुनराचमन गरेपछि आफ्नू गोप्य विस्तृत प्रकाशस्वरूप हजुरमा विद्यमान चित्र विचित्र वस्त्रदेखि अभिन्नरूपमा भासमान हुने जो मायारूपी आवरणात्मक वस्त्र छ त्यसलाई निरावरण गर्ने विज्ञानस्वरूप यो वस्त्र हजुरलाई म अर्पण गर्दछु भन्ने वाक्य पढोस् । तत्पश्चात् "तं यज्ञं नमः" भनेर वस्त्र अर्पण गरोस् । यसपछि जुन परमात्माको आश्रय लिई जगत्सम्मोहिनी महामाया रहनुहुन्छ त्यस्ती महामायामा जुन परमेश्वर अवस्थित हुनुहुन्छ, त्यस्ता परमेश्वर हजुरलाई म यो उत्तरीय वस्त्र अर्पण गर्दछु भनेर मूलमन्त्रको उच्चारण गरी "यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरीयवस्त्र हजुरको हो नमः" भनी उत्तरीय वस्त्र अर्पण गरोस् । जुन परमात्माको शक्तित्रयले यो सम्पूर्ण जगत् गुथिएको छ, त्यस्ता यज्ञसूत्रस्वरूप हजुरलाई यो यज्ञसूत्र अर्पण गर्दछु भनी यज्ञसूत्र चढाओस् । त्यसपछि "तस्माद्यज्ञात् ...ग्राम्याश्चषे" यो वैदिक मन्त्रको पाठ गर्ने अनि "तत्सवितुर्वरेण्यम्" यो मूलमन्त्रको उच्चारण गरी स्वभावतः सुन्दर अङ्ग हुनुभएका नानाप्रकारको शक्तित्रयले युक्त हजुरलाई म यो यज्ञोपवीत अर्पण गर्दछु भनी यज्ञोपवीत अर्पण गरोस् । अनि चित्र विचित्र किसिमका अलङ्कारहरू हजुरलाई म अर्पण गर्दछु, देवताद्वारा पूजित मुकुट, बाजु तथा हार (मोती आदि रत्नहरूको हार) धारण गर्ने हजुरलाई नमस्कार छ भनी अनि केयूर, हातका स्फटिक रत्नहरू करभूषण (चुरा आदि) औंठी, कानका कुण्डलहरू, कानका अलङ्कार, सुवर्ण, कटिसूत्र (मेखला) कल्ली, पाउजेब, पादाङ्गुल तथा घाँटीका हारहरूलाई नमस्कार छ भन्ने वाक्य पढेर अलङ्कार आदि अर्पण गरोस् । देवताको स्नानपश्चात् सम्पूर्ण अङ्ग आदि र त्यसका समष्टि मन्त्रले स्नान, वस्त्र तथा आभूषणहरूको मानसिक विधिले भावना गरी अब म आवरण पूजा गर्नेछु भन्ने सङ्कल्प गरोस् । त्यसपछि स्थाणुभूत ज्योतिर्लिङ्ग, अमृतात्मा, चतुर्मूर्त्तिरूपी शरीरमा अवस्थित भस्मले लेपिएको अङ्ग हुनुभएका यस्ता भगवान् शम्भुलाई नमस्कार छ भन्ने यो मूलमन्त्रको उच्चारण गरी ऋषिहरूलाई करन्यास, षडङ्गन्यास गरोस् । यसपछि बत्तीसमुद्रा देखाएर तीनपल्ट मूर्तिमा जल अर्पण गरी हंसमन्त्रले "सोऽहम्" यस्तो भावना गरेर परिवारको अर्चना गरोस् । ईं ह्रीं यी बीजद्वयले युक्त ईशानेश्वरको शिरलाई नमस्कार छ, ॐ हाँ यो बीजमन्त्रले युक्त तत्पुरुषको मुखलाई नमस्कार छ । ॐ हाँ यो बीजले युक्त अघोर हृदयलाई नमस्कार छ । ॐ हूँ यो बीजले युक्त वामदेवको गुह्यलाई नमस्कार छ । ॐ ह्रौं सद्योजातका चरणलाई नमस्कार छ । ॐ ह्रैं यो बीज मन्त्रले युक्त निधनपतिलाई नमस्कार छ । ॐ ह्रौं यो बीजमन्त्रले युक्त ऊर्ध्वदेवतालाई नमस्कार छ । ॐ हूँ यो बीजमन्त्रले युक्त दिव्य परमात्मालाई नमस्कार छ । ॐ नरनाथलाई नमस्कार छ । ॐ नं यो बीजले युक्त पशुका (जीव) पालक तथा संहारक परमेश्वरलाई नमस्कार छ । ॐ मं यो बीजले युक्त प्रीतेश्वरलाई नमस्कार छ । ॐ यं यो बीजले युक्त पुण्यपुरुषलाई नमस्कार छ । ॐ वं यो बीजले युक्त बालप्रियलाई नमस्कार छ । ॐ लं फ्रें फें यी बीजमन्त्रहरूले युक्त शब्दपरायणलाई नमस्कार छ । ॐ शं यो बीजमन्त्रले युक्त ब्रह्ममेदीलाई नमस्कार छ । ॐ षं यो बीजले युक्त पक्षीन्द्रवाहन गुरुलाई नमस्कार छ । ॐ फणिविद्यालाई नमस्कार छ । ॐ लं यो बीजमन्त्रले युक्त ब्रह्मज्ञानीलाई नमस्कार छ । ॐ क्षं यो बीजमन्त्रले युक्त भीमस्वरूप भयलाई नमस्कार छ । ॐ क्षं भ्राँ .... यी बीजमन्त्रहरूले युक्त भवोद्भवलाई नमस्कार छ । ॐ आं यो बीजले युक्त शिवलिङ्गलाई नमस्कार छ । यसप्रकार मुख, हृदय, गुह्य आदि तत्त्वको न्यास गरी ईशानस्वरूप ऊर्ध्वमुखलाई नमस्कार छ, तत्पुरुषस्वरूप पूर्वमुखलाई नमस्कार छ । ॐ अघोरस्वरूप दक्षिणमुखलाई नमस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, ॐ वामदेवस्वरूप उत्तरमुखलाई नमस्कार छ, ॐ सद्योजातस्वरूप पश्चिममुखलाई नमस्कार छ। यसप्रकार पाँचमुखहरूमा क्रमैले विन्यास गरेर षडङ्गपूर्वक हृदयादिस्थानहरूमा विन्यास गरी ज्ञानमुद्रा धारण गर्ने हातलाई, माला धारण गर्ने हातलाई, वीणा धारण गर्ने हातलाई तथा पुस्तक धारण गर्ने हातलाई पनि नमस्कार छ भन्ने र हातहरूमा न्यास गरी ॐ इं बायाँ हातमा उमादेवीलाई नमस्कार छ।

ॐ इं शिरमा गङ्गालाई नमस्कार छ। ॐ उं यो मन्त्रले सर्वत्र मन्त्रपुटित प्रणवमन्त्रहरूले न्यास गरोस्। त्यसपछि ती ठाउँहरूमा जल अर्पण गरेर पूर्व आदि चारै दिशाहरूमा क्रमैले अगाडिदेखि नेत्र, चारैतिर अस्त्र यो मन्त्रले प्रथमावरणको पूजन गरोस्। स्वरबाट अनुभूत, चतुमूर्तिरूपी शरीरमा अवस्थित प्रकाशमान अङ्ग हुनुभएका, ज्योतिर्लिङ्गामृतात्मा भगवान् शम्भुलाई नमस्कार छ। यसरी प्रथम आवरणको ध्यान गरोस्।

स्वरद्वन्द्वाष्टकमन्त्रले अष्टदलमा लिङ्गमुद्रा देखाई क्रमैले द्वितीय आवरणको पूजन गरोस्। ॐ उं यो बीजले युक्त सरस्वतीलाई नमस्कार छ। ॐ ऋं यो बीजले युक्त ब्रह्मालाई नमस्कार छ। ॐ ॠं यो बीजले युक्त सनकलाई नमस्कार छ। ॐ ॡं यो बीजमन्त्रले युक्त सनन्दनलाई नमस्कार छ। ॐ ऌं यो बीजले युक्त सनत्कुमारलाई नमस्कार छ। ॐ ऐं यो बीजमन्त्रले युक्त शुकलाई नमस्कार छ। ॐ औं यो बीजमन्त्रले युक्त वेदव्यासलाई नमस्कार छ। ॐ अं यो बीजमन्त्रले युक्त शिवलिङ्गलाई नमस्कार छ। ॐ अः यो बीजले युक्त दिव्यलाई नमस्कार छ। ॐ कं यो बीजमन्त्रले युक्त आत्मालाई नमस्कार छ। ॐ खं यो बीजमन्त्रले युक्त भवानीभूपतिभद्रलाई नमस्कार छ। ॐ गं यो बीजले युक्त भस्मासुरप्रियलाई नमस्कार छ। ॐ घँ भ्रान्ताभ्रान्तलाई नमस्कार छ। ॐ ङँ यो बीजले युक्त बालार्कप्रियलाई नमस्कार छ। ॐ छँ यो बीजमन्त्रले युक्त नटचर्यलाई नमस्कार छ। ॐ जँ यो बीजमन्त्रले युक्त नानामन्त्रका रहस्यस्वरूप परमेश्वरलाई नमस्कार छ। ॐ झँ यो बीजले युक्त महादेवलाई नमस्कार छ। ॐ ञँ यो बीजले युक्त महेशलाई नमस्कार छ। ॐ टँ यो बीजले युक्त माधवप्रियलाई नमस्कार छ।

ॐ ठँ यो बीजमन्त्रले युक्त नारीहर मदनहृदयलाई नमस्कार छ। ॐ डँ यो बीज मन्त्रले युक्त मधुपुष्पप्रियलाई नमस्कार छ। ॐ ढँ भ्रीं भ्रीं यी बीजहरूले युक्त मधुपतिनाथलाई नमस्कार छ। ॐ णँ यो बीजमन्त्रले युक्त यतियज्ञपरायणलाई नमस्कार छ। नमः यो मन्त्रले अष्टदलका अन्तिम भागहरूमा क्रमैले पूजा गरोस्। यसरी द्वितीय आवरण पूजा समाप्त भयो। त्यसपछि निर्वाणमुद्रा देखाएर तृतीय आवरणको पूजा प्रारम्भ गर्ने। ॐ तँ यो बीजमन्त्रले युक्त सर्पराज वासुकिलाई हारको रूपमा धारण गर्ने हजुरलाई नमस्कार छ। ॐ थाँ यो बीजमन्त्रले युक्त यज्ञकल्पप्रियलाई नमस्कार छ। ॐ दं यो बीजमन्त्रले युक्त वामदेवलाई नमस्कार छ। ॐ धँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो बीजमन्त्रले युक्त रामानन्दमयलाई नमस्कार छ। ॐ धँ यो बीजमन्त्रले युक्त लोलाक्षनाथलाई नमस्कार छ। ॐ नँ यो बीजमन्त्रले युक्त यक्षप्रिय यक्षेश्वरलाई नमस्कार छ। ॐ पँ यो बीमन्त्रले युक्त राजीवलोचन रामलाई नमस्कार छ। ॐ फँ यो बीजमन्त्रले युक्त गद्यवर्गप्रियलाई नमस्कार छ। ॐ वँ यो बीजमन्त्रले युक्त लक्षमन्त्रजपका प्रिय परमेश्वरलाई नमस्कार छ। ॐ मँ यो बीजमन्त्रले युक्त वीरमार्गलाई नमस्कार छ। ॐ यँ यो बीजमन्त्रले युक्त वीरचर्यपरायण परमात्मालाई नमस्कार छ। ॐ यँ यो वीरमन्त्रले यसक्र शरद्ऋतुको चन्द्रमाको समान कान्तिले युक्त परमेश्वरलाई नमस्कार छ। चन्द्रमाको शिरको जस्तै शान्तस्वरूप परमात्मालाई नमस्कार छ। ॐ लँ यो बीजमन्त्रले युक्त सहजानन्दनाथलाई नमस्कार छ। ॐ वँ यो बीज मन्त्रले युक्त सम्पूर्ण शास्त्रघर परमात्मालाई नमस्कार छ। ॐ यँ यो बीजमन्त्रले युक्त शचीपति इन्द्रद्वारा पूज्य परमात्मालाई नमस्कार छ।

ॐ षणमुख कमलबाट प्रकट ब्रह्माजीलाई नमस्कार छ, ॐ हँ यो बीजमन्त्रले युक्त शुक्रद्वारा पूज्य परमात्मालाई नमस्कार छ। अँ लँ यो बीजमन्त्रले युक्त सिद्धिमार्गका प्रवर्तकलाई नमस्कार छ। ॐ क्षँ यो बीजमन्त्रले युक्त देवताहरूद्वारा आराध्य परमात्मालाई नमस्कार छ। ॐ सुवर्णलिङ्गलाई नमस्कार छ। ॐ ह्रीं यो बीजमन्त्रले युक्त पिनाकधारी परमात्मालाई नमस्कार छ। ॐ हैं यो बीजमन्त्रले युक्त सनातन निजनिवास्वरूप परमात्मालाई नमस्कार छ। यसरी चारदिशाहरूमा क्रमैले विन्यास गरेर पूजन गरी ज्ञानमुद्रा देखाएपछि पूर्ववत् त्यही क्रमले तृतीय आवरणको पूजा सम्पन्न हुन्छ। अब चतुर्थ आवरणको पूजा। ॐ ह्रीं यो बीजमन्त्रले युक्त पार्वतीलाई नमस्कार छ। ॐ श्रीं यो बीजमन्त्रले युक्त सुभगालाई नमस्कार छ। ॐ ऐं यो बीजमन्त्रले युक्त भद्रालाई नमस्कार छ। ॐ क्लीं यो बीजमन्त्रले युक्त श्रुतालाई नमस्कार छ। ॐ जँ यो बीजमन्त्रले युक्त शान्तिलाई नमस्कार छ। ॐ यँ यो बीजमन्त्रले युक्त कारीदेवीलाई नमस्कार छ। ॐ वँ यो बीजमन्त्रले युक्त कालीलाई नमस्कार छ। ॐ रँ यो बीजमन्त्रले युक्त विजृम्भालाई नमस्कार छ। अष्टदलदेखि बाहिर पूर्वादिक्रमले यी शक्तिहरूको पूजा गरिसकेपछि चतुर्थ आवरणको पूजा सम्पन्न हुन्छ। त्यसपछि नवमुद्रा देखाएर पञ्चमावरणको पूजन प्रारम्भ गरोस्। ॐ इन्द्र आदि देवताका अधिपतिलाई नमस्कार छ। ॐ रुद्रपरिषद्लाई नमस्कार छ। ॐ आद्य प्रकाशका अधिपतिलाई नमस्कार छ। ॐ रुद्रपरिषद्लाई नमस्कार छ। ॐ मायाप्रेताधिपतिलाई नमस्कार छ। ॐ विँ ऋतुलाई नमस्कार छ। ॐ राक्षसका अधिपतिलाई नमस्कार छ। ॐ जलका स्वामी वरुणदेवलाई नमस्कार छ। ॐ प्राणका अधिपति वायुदेवलाई नमस्कार छ। ॐ हरिहरव्यूहात्मकस्वरूपलाई नमस्कार छ। ॐ ह्रीं विश्वहरकृतिर्हविद्रव्यस्वरूपलाई नमस्कार छ। ॐ याग र जपद्वारा सन्तुष्ट परमात्मालाई नमस्कार छ। ॐ ह्रीं यो बीजमन्त्रले युक्त बीजजपविधान गर्ने परमेश्वरलाई नमस्कार छ। ॐ संहारकर्ता परमात्मालाई नमस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। ॐ हाहाशब्दपरायण परमात्मालाई नमस्कार छ। ॐ क्षेमङ्करीप्रियलाई नमस्कार छ। ॐ क्षकारबीजनिलयलाई नमस्कार छ। ॐ ईश्वरवल्लभलाई नमस्कार छ। ॐ उक्त उकारगर्भमा अवस्थित परमात्मालाई नमस्कार छ। ॐ ऋकारवर्णोद्भवलाई नमस्कार छ। ॐ एकारगर्भेश्वरलाई नमस्कार छ। ॐ ऐं बीजमन्त्रले युक्त बीजजपमा तत्पर परमात्मालाई नमस्कार छ। ॐ ओंकारपीठनिलयलाई नमस्कार छ। ॐ अँकितोक्तिमहावर्णलाई नमस्कार छ। ॐ नक्षत्रका स्वामी चन्द्रमालाई नमस्कार छ। ॐ ज्ञानका अधिपति ईशानलाई नमस्कार छ। ॐ रुद्रपरिषद् लाई नमस्कार छ। ॐ शिवलाई नमस्कार छ। ॐ रुद्रलाई नमस्कार छ। ॐ मँ यो बीजमन्त्रले युक्त मृत्युञ्जयलाई नमस्कार छ। ॐ सिँ यो बीजमन्त्रले युक्त मृडस्वरूप परमात्मालाई नमस्कार छ। ॐ वँ यो बीजमन्त्रले युक्त अनघ (निष्पाप) स्वरूप शिवलाई नमस्कार छ। ॐ यँ यो बीजमन्त्रले युक्त पशुपतिलाई नमस्कार छ। यसरी नूपुर अर्थात् पाउजेब जोडिएका बीचमा पूर्व आदि आठ दिशाहरूमा र तल माथि सबैतिर राम्ररी पूजा गरी वज्रलाई नमस्कार छ। शक्तिलाई नमस्कार छ। दण्डलाई नमस्कार छ। खड्गलाई नमस्कार छ। पाशलाई नमस्कार छ। अङ्कुशलाई नमस्कार छ। गदालाई नमस्कार छ। त्रिशूललाई नमस्कार छ। चक्रलाई नमस्कार छ। पद्मलाई नमस्कार छ। त्यस्तै इन्द्र आदि देवताहरूलाई नमस्कार छ भन्ने यो मन्त्रले आयुधहरूको पूजन गरी निर्माल्यासनमा चण्डीश्वरलाई नमस्कार छ भन्नू। यस किसिमले ईशानकोणमा पूजन गरेपछि सम्पूर्ण देवताका पनि देवता हे परमात्मन् सबैलाई तृप्ति प्रदान गर्ने अखण्ड आनन्दप्रद परम पवित्र उत्तम सम्पूर्ण यो जल हजुर ग्रहण गर्नुहोस् भन्ने वाक्य उच्चारण गरोस्।

स्थाणुभूत, चतुर्मूर्तिरूपी शरीरमा विद्यमान, शोभायमान अङ्गले युक्त ज्योतिर्लिङ्ग अमृतात्मा भगवान् शम्भुलाई नमस्कार छ भन्ने यो मूलमन्त्रको उच्चारण गरी यो जल हजुरको हो, हजुरलाई नमस्कार छ भनेर जल अर्पण गरोस्। अनि परमानन्दमय सौभाग्य प्रदान गर्ने दिग्दिगान्तरमा सुगन्धिले व्याप्त यस्तो उत्तम यो चन्दन हे परमेश्वर हजुर कृपापूर्वक ग्रहण गर्नुहोस् भन्ने यो वाक्य पढेर चन्दन अर्पण गरोस्। अनि "तस्माद्यज्ञात्" यो वैदिक मन्त्रले आवरण पूजा गर्ने र भर्गोदेवस्य धीमहि यो गन्ध हजुरको हो, हजुरलाई नमस्कार छ भनेर चन्दन चढाओस्। त्यसपछि चतुर्थाश्रमी संन्यासीहरूको पवित्र वनमा उत्पन्न नानागुणले युक्त, मनोहर, आनन्ददायक, सुगन्धिमय यो उत्तम पुष्प हजुर स्वीकार गर्नुहोस् भन्ने वाक्य पढेर पुष्प अर्पण गरोस्। अनि "तस्मादश्वा" यो वैदिक मन्त्रको पाठ गरोस्। त्यसपछि "धियो यो नः प्रचोदयात्" यो मूलमन्त्रको उच्चारण गरी सहस्रनाभिपूरकचक्रमा यी पुष्पहरू हजुरका हुन्। हजुरलाई नमस्कार छ भनी अर्पण गरोस्। त्यसपछि वनस्पतिको रसबाट उत्पन्न सुगन्धै सुगन्धले भरिपूर्ण दिव्य, सम्पूर्ण देवताका लागि सुँघ्न योग्य उत्तम यो धूप हजुर ग्रहण गर्नुहोस्। यो श्लोक पढ्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनि "यत्पुरुषं...पादाऽउच्येते" यो वैदिक मन्त्रको पाठ गरेर ॐ श्रापः यो मूलमन्त्रको उच्चारण गरी यो धूप हजुरको हो, हजुरलाई नमस्कार छ भन्ने वाक्य पढेर धूपको आघ्रापन गरोस्, अर्थात् धूप सुँघाओस् । त्यसपछि सबैतिरबाट हुने प्रगाढ अन्धकारलाई नाश गर्ने, सुन्दर प्रकाश भएको महान् प्रकाशकारी बाहिर भित्र दुवैतर्फ ज्योति प्रदान गर्ने यस्तो यो दीप ग्रहण गर्नुहोस् । यो पौराणिक श्लोक पढ्ने अनि ब्राह्मणोऽस्य यो वैदिक मन्त्रको पाठ गरी ॐ ज्योतिं यो मूलमन्त्रको उच्चारण गरेर यो दीप हजुरको हो, हजुरलाई नमस्कार छ भन्ने वाक्य पढ्ने र दीप देखाओस् । त्यसपछि अखण्डोपाधि हुनुभएका स्थूल विराट्शरीरधारी, विश्ववैश्वनरात्मा सरस्वतीले सहित सम्पूर्ण जगत्का स्रष्टा ब्रह्मा, सर्वज्ञ, सदात्मा, असङ्ग, अखण्ड, संविद्स्वरूप सुन्दरवाहनले युक्त परिवारले सहित यस्ता परमेश्वर परमात्मालाई नमस्कार छ ।

ॐ उँ सत्त्वोपाधि हुनुभएका, सूक्ष्म तथा हिरण्यगर्भ शरीर गर्नुभएका वाहन तथा परिवारले सहित यस्ता तैजस सूत्रात्मा परमेश्वर परमात्मालाई नमस्कार छ । ॐ ॐ अनन्तोपाधिले युक्त, सुषुप्त्यवस्थामा ज्ञान नै शरीर हुनुभएका प्राज्ञ, ईश्वरात्मा, सम्पूर्ण जगत् की संहारकारिणी, भगवती उमाले सहित, सर्वज्ञ, चित्स्वरूप, आनन्दस्वरूप, असङ्ग, परोक्ष, संविद्रूप, वाहन तथा परिवारले सहित परमेश्वर परमात्मा सदाशिवलाई नमस्कार छ । ॐॐॐ सत्त्व आदि गुणोपाधिले उपहित, अप्राकृत शरीरलाई धारण गर्ने, सम्पूर्ण जगत्का उत्पादक, संहारकारिणी, मूलप्रकृतिमायाले सहित सर्वज्ञ, परमानन्द, चिद्रूप, असङ्ग, अखण्ड, अद्वय, परोक्ष, संवित्स्वरूप वाहन तथा परिवारले विभूषित सर्वेश्वर परमेश्वर परमात्मालाई छ । ॐॐॐॐॐ निरवद्य, निर्गुणस्वरूप शरीर हुनुभएका, द्वैतस्वभावले भासमान सम्पूर्ण पदार्थमा अवस्थित सङ्ग तथा असङ्गका भेदक, असङ्ग, अखण्ड, परोक्ष, सदानन्द स्वरूप, स्वबोधबाट उद्भासित छन् सकलपदार्थहरू जसमा यस्ता अद्वैत, निरालम्ब, बिम्बस्वरूप .... हीन ... महोदय, वाहन तथा परिवारले सहित परमेश्वर र परमात्मालाई नमस्कार छ । यसरी निरवद्यमन्त्रहरूले देवताका पनि स्वामी परमात्मालाई पुष्पाञ्जलि अर्पण गरेर नैवेद्यका लागि आवरणदेवताहरूको समुद्रको तरङ्गको समान परमेश्वरका साथ एकत्वको भावना गरी जल, गन्ध आदि पदार्थहरूद्वारा देवताका अर्चनपश्चात् देवताको अगाडि जलले सम्प्रोक्षण गरेर त्यहाँ वर्तुलाकार बाटुलोले घेरिएको त्रिकोणभित्र षट्कोण लेखी, वह्निमण्डलको ध्यान गरोस् । त्यस ठाउँमा नैवेद्यपात्र राखेर र पात्रमा सूर्यमण्डलको भावना गर्दै त्यस पात्रमा विविध रस, मसला आदिले युक्त सुस्वादु भोजन तयार गरेर तीन भेदले अन्नत्रयको सम्पादन गरोस् । त्यस्तै तत्तत्पक्षका भेदले विग्रह र तत्तदभिमानी तीनप्रकारका देवताहरूको कल्पना गरेपछि मूलमन्त्राभिमन्त्रित जलले सम्प्रोक्षण गरी करतलद्वयमा "परमिति .... वायव्यानि" लेखेर ती दुई हातद्वारा त्यो अर्पित अन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पस्की भोजनको भावना गरेर सुरभिमुद्रा देखाउँदै यो श्लोकको उच्चारण गरोस् – अमृतमा उत्पन्न भएकी अमृतको वर्षा गर्ने हे अमृतेश्वरी, अमृत सुनाउनुहोस् भनी यो मन्त्र पढोस् – "अमृतजितायै स्वाहा" यसरी अमृतेश्वरीमन्त्रले अमृतीकरण गरी "सत्यं त्वत्तेभं परिषिञ्चामि, ऋतं त्वा सत्येन परिसिञ्चामि । अमृतोपस्तरणमसि स्वाहा ..." यो मन्त्रले जल अर्पण गरेर स्वान्त जिह्वालाई नमस्कार छ । यसप्रकार देवताको जिभ्रोलाई विस्तार गरी अन्त्यमा त्यसको माथि पुष्प अर्पण गरोस् । त्यसपछि दुई हातले पुष्प ग्रहण गरेर देवताको माथि एकैचोटि पुष्प अर्पण गरेपछि फेरि फूल लिई बायाँ हातमा धेनु मुद्रा गरेर दाहिने हातमा प्राणादिमुद्रा देखाई निवेदन गर्दछु भनोस् । त्यसपछि हे भगवन् "जुषाणे .... विद्धवि" सुखजनक, स्वर्णपात्रमा अवस्थित दिव्य, परमानन्दप्रद, परमशोभाले युक्त यस्ता विभिन्न किसिमका आभूषणहरू अर्पण गर्दछु भन्दै अनुचरसहित हे परमेश्वर ! हजुर स्वीकार गर्नुहोस् भनी अलङ्कार चढाओस् । त्यसपछि पाँच किसिमको षड्विध, रसले युक्त महान् चाँदीको पात्रमा विद्यमान दिव्य अन्न हे परमेश्वर ! हजुर ग्रहण गर्नुहोस् भन्ने वाक्य पढोस्, अनि नानाकिसिमको भक्षणयोग्यपदार्थले सहित चिल्लो, रसिलो, धेरै किसिमको साग भएको यस्तो चारप्रकारको अन्न प्रदान गर्नू । एवम् प्रकारले पक्वान्न र पानयोग्य पदार्थले युक्त देवदेव भगवान् शङ्करलाई पनि नैवेद्य अर्पण गरोस् । अनि "चन्द्रमा मनसो जात ... अजायत" यो वैदिकमन्त्र पढ्ने, त्यसपछि "ॐ रसः" त्यसपछि मूलमन्त्रको उच्चारण गरी प्राणाय स्वाहा इत्यादि मन्त्रहरूद्वारा पाँच आहुति दिएर ॐ भूः स्वाहा, ॐ भुवः स्वाहा .... ॐ भूर्भुवः सुवः स्वाहा" क्रमशः यी मन्त्रहरूद्वारा पाँचपल्ट निवेदन गरी सन्तुष्टहृदय हुनुभएका स्वामीको मुखारविन्दको भावना गरेर आफ्नो अभीष्ट चित्तशुद्धि आदिको प्रार्थना गरोस् । तत् पश्चात् अमृतापिधानमसि स्वाहा यो मन्त्रले फेरि जल अर्पण गरी निर्माल्यासनमा चण्डिकेश्वरलाई नमस्कार छ, यो मन्त्रद्वारा ईशानकोणमा नैवेद्य अर्पण गरेर हात धुनका लागि स्वादपूर्ण जल प्रदान गरोस् । त्यसमा यो जल मुखप्रक्षालनका लागि, यो जल चरणप्रक्षालनका लागि पुनः कुल्ला गर्नका लागि त्यस्तै दन्तधावन, मार्जन तथा मुखमा सुगन्धित प्रदान गर्नका लागि यो उत्तम जल ग्रहण गर्नुहोस् भनी जल चढाओस् । सुपारि, पानका दलहरू र कपूरचूर्णले युक्त ताम्बूल (पान) ग्रहण गर्नुहोस् भनोस् । "नाभ्याऽसीत् ... अकल्पयन्" मन्त्र उच्चारण गरी मूलमन्त्रको उच्चारणपूर्वक यो ताम्बूल हजुरको हो, हजुरलाई नमस्कार छ, यो वाक्य भनेर ताम्बूल चढाई, अनि संस्मृताग्निमा "प्राणाय स्वाहा" इत्यादि पाँचमन्त्रहरूद्वारा पाँच आहुति दिएर षडङ्गमन्त्रहरूले छ पल्ट हवन गरोस् । त्यो गर्न नसकेको खण्डमा होमसङ्ख्याको दुई गुना बढी जप गर्नुपर्दछ । पुनः आचमन अर्पण गरी निराजन उप्रान्त सेतो छाता, चामर, पङ्खा, ऐना, नृत्य, गीत, वाद्यवादनहरू एक एक गरी देवतालाई अर्पण गरेर पुनः आवरणसहित परदेवता सम्बन्धी श्रीचक्रको चिन्तन गरोस् र श्रीचक्र लेखोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि शङ्खको जलले प्रोक्षण गरोस् र स्थापना गरेर पीठपूजा प्रारम्भ गरोस् ॥ म यो बीजले युक्त मण्डललाई नमस्कार छ ॥ कं यो बीजले युक्त कालाग्निरुद्रलाई नमस्कार छ ॥ प्रकृतिलाई नमस्कार छ ॥ आधारशक्तिलाई नमस्कार छ ॥ कुं यो बीजले युक्त कूर्मलाई नमस्कार छ ॥ सुधासिन्धुलाई नमस्कार छ ॥ रत्नदीपलाई नमस्कार छ ॥ कल्पकोद्यानलाई नमस्कार छ ॥ चिन्तामणिमण्डपलाई नमस्कार छ ॥ श्वेतछत्रलाई नमस्कार छ ॥ रत्नवेदीलाई नमस्कार छ ॥ बीचमा पूजा गरोस् र धर्मलाई नमस्कार छ ॥ ज्ञानलाई नमस्कार छ ॥ वैराग्यलाई नमस्कार छ ॥ ऐश्वर्यलाई नमस्कार छ भन्ने मन्त्रहरूले आग्नेय, नैर्ऋत्य, वायव्य तथा ईशानकोणहरूमा क्रमैले पूजा गरोस् ॥ त्यस्तै अधर्मलाई नमस्कार छ ॥ अज्ञानलाई नमस्कार छ ॥ संविज्ज्ञानलाई नमस्कार छ ॥ प्रकृतिमय पत्रहरूलाई नमस्कार छ ॥ विकारमय केसरहरूलाई नमस्कार छ ॥ कर्णिकालाई नमस्कार छ ॥ सूर्यमण्डललाई नमस्कार छ ॥ चन्द्रमण्डललाई नमस्कार छ ॥ वह्निमण्डललाई नमस्कार छ ॥ सत्त्वगुणलाई नमस्कार छ ॥ रजोगुणलाई नमस्कार छ, तमोगुणलाई नमस्कार छ ॥ अन्तरात्मालाई नमस्कार छ ॥ ज्ञानात्मालाई नमस्कार छ ॥ आत्मतत्त्वलाई नमस्कार छ ॥ विद्यातत्त्वलाई नमस्कार छ । कलातत्त्वलाई नमस्कार छ, व्योमतत्त्वलाई नमस्कार छ । यसरी बीचमा पूजा गरोस् ॥ त्यसपछि ब्रह्मालाई नमस्कार छ ॥ रुद्रलाई नमस्कार छ ॥ ईश्वरलाई नमस्कार छ । ईशान, आग्नेय, नैर्ऋत्य र वायव्यपर्यन्त चार पाउहरूमा पूजा गरोस् ॥ सदाशिवलाई नमस्कार छ, अमृतसागरका निधिस्वरूप परमात्मालाई नमस्कार छ । नानावृक्षले युक्त महान् उद्यानलाई नमस्कार छ । सन्तान वाटिकालाई नमस्कार छ ॥ कल्प वाटिकालाई नमस्कार छ ॥ हरिचन्दन वाटिकालाई नमस्कार छ ॥ पुष्पराग रत्नले युक्त पर्खाललाई नमस्कार छ ॥ गोमेदकप्राकारलाई नमस्कार छ ॥ वैदूर्यरत्नले युक्त प्राकारलाई नमस्कार छ ॥ इन्द्रनीलरत्नले युक्त प्राकारलाई (पर्खाल) नमस्कार छ । मोतिका फल भएको रत्नले युक्त प्राकारलाई नमस्कार छ ॥ मरकतरत्नको प्राकारलाई नमस्कार छ । मुँगारत्नको प्राकारलाई नमस्कार छ ॥ माणिक्यमण्डपलाई नमस्कार छ ॥ हजार दलका स्तम्भको मण्डपलाई नमस्कार छ ॥ अमृत वाटिकालाई नमस्कार छ ॥ अनन्त वाटिकालाई नमस्कार छ ॥ विमर्श वाटिकालाई नमस्कार छ ॥ बालसूर्यको आतप (घाम) हरण गर्नेलाई नमस्कार छ ॥ चन्द्राङ्कहरूलाई नमस्कार छ ॥ महान् शृङ्गारले युक्त परिखालाई नमस्कार छ ॥ महापद्माटवीलाई नमस्कार छ ॥ चिन्तामणि गृहराजलाई नमस्कार छ ॥ पूर्वाम्नाय पूर्वद्वारलाई नमस्कार छ ॥ दक्षिणाम्नाय दक्षिणद्वारलाई नमस्कार छ ॥ पश्चिमाम्नाय पश्चिमद्वारलाई नमस्कार छ ॥ उत्तराम्नाय उत्तरद्वारलाई नमस्कार छ ॥ महामृण्मयवेदिकालाई नमस्कार छ ॥ रत्नदीपबलयलाई नमस्कार छ ॥ महासिंहासनलाई नमस्कार छ ॥ ब्रह्ममय एकमण्डपलाई नमस्कार छ ॥ विष्णुमय एकमण्डपलाई नमस्कार छ ॥ रुद्रमय एकमण्डपलाई नमस्कार छ ॥ ईश्वरमय एकमण्डपलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमस्कार छ ॥ सदा कल्याणमय फल प्रदातालाई नमस्कार छ ॥ हंसतूलिकालाई नमस्कार छ ॥ कौस्तूभस्तरणलाई नमस्कार छ ॥ त्यसको माथि ॥ महाप्रेतपद्मासनलाई नमस्कार छ । बीचमा ॥ त्रिपुरेश्वरीलाई नमस्कार छ ॥ त्रिपुराम्बालाई नमस्कार छ ॥ त्रिपुरेश्वरीलाई नमस्कार छ ॥ त्रिपुरसुन्दरीलाई नमस्कार छ ॥ त्रिपुरवासिनीलाई नमस्कार छ ॥ त्रिपुरश्रीलाई नमस्कार छ ॥ त्रिपुरमालिनीलाई नमस्कार छ ॥ त्रिपुरसिद्धा त्रिपुरादेवीलाई नमस्कार छ ॥ महात्रिपुरसुन्दरीलाई नमस्कार छ । यसरी माथि निर्देश गरेअनुसार नवचक्रहरूमा त्रैलोक्यमोहन आदि चक्रको पूजन गरोस् ॥ गणपतिनाथमातर्यम्बा श्रियै नमः ॥ सुन्दर्यम्बाश्री ॥ सुमुख्यवाश्रीः ॥ विरूपाम्बाश्री ॥ विमलाम्बाश्री ॥ अतार्थम्बाश्री ॥ पुरन्दर्यैम्बाश्री ॥ पुण्यमर्दिन्यम्बाश्री यी पीठशक्तिहरूको पूर्व आदि आठदिशाहरूमा र बीचमा पनि पूजा गरोस् । त्यसपछि योनिमुद्रा देखाएर परिवारको अर्चन गरोस् ॥ तीनलोकलाई मोहन गर्ने मुखलाई नमस्कार छ । प्रकटयोगिनीहरूलाई नमस्कार छ । बाह्यप्रदेशमा चतुरस्रत्ररेखालाई नमस्कार छ ॥४॥ अणिमासिद्धिश्रीचक्रको पूजा पश्चिमद्वारमा गरोस् ॥ लघिमासिद्धिश्रीचक्रको पूजा उत्तर द्वारमा गरोस् । महिमासिद्धिश्रीचक्रको पूजा पूर्वद्वारमा गरोस् ॥ ईशित्वसिद्धिश्रीचक्रको पूजन दक्षिणद्वारमा गरोस् ॥ वशित्वसिद्धिश्रीचक्रको पूजा वायव्यमा ॥ प्राकाम्यसिद्धि श्रीचक्रको पूजा ईशानमा ॥ भुक्तिसिद्धिश्रीचक्रको पूजा आग्नेयमा गरोस् ॥ इच्छासिद्धिश्रीचक्रको पूजा नैर्ऋत्यमा ॥ प्राप्तिसिद्धि श्रीचक्रको पूजा नैऋत्य र पश्चिमको बीचमा गरोस् ॥४॥ सर्वकामसिद्धिश्रीचक्रको पूजा ईशान र नैर्ऋत्यको अन्तरालमा र बीचमा पनि गरोस् ॥ त्यसपछि चतुरस्त्ररेखालाई नमस्कार छ भनोस् ॥ असिताङ्गभैरव श्रीचक्र ॥ ब्रह्मण्यं वा श्रीचक्र ॥ इंरुरुभैरवश्रीचक्र ॥ माहेश्वर्यं वा श्रीचक्र । कौमार्य वा श्री ॥ क्रोधभैरव श्रीचक्र ॥ ऋं वैष्णव्यं वा श्रीचक्र ॥ लृंउन्मत्तभैरवश्रीचक्र, लृं वाराह्यं वा श्रीचक्र ॥ ऐं कपालभैरवश्रीचक्र ॥ ऐं इन्द्राण्यंवा श्रीचक्र ॥ भीमभैरवश्रीचक्र, औं चामुण्डा वा श्रीचक्र ॥ अं संहारभैरव श्रीचक्र तथा अः महालक्ष्म्यं वा श्रीचक्रहरूको दक्षिण-पश्चिम आदि दिशादेखि निर्ऋतिपर्यन्त पूजा गरेर चतुरस्त्ररेखालाई नमस्कार छ भनोस् । त्यसपछि आशयबोधक वाक्य उच्चारण गरोस् । द्रां यो बीज मन्त्रले युक्त सर्वसंक्षोभिणी मुद्रालाई नमस्कार छ ॥ द्रीं यो बीजमन्त्रले युक्त सर्वविद्राविणी मुद्रालाई नमस्कार छ ॥ सः यो बीज मन्त्रले युक्त सर्वोन्मदिनी मुद्रालाई नमस्कार छ ॥ क्रों यो बीजले युक्त सर्वमहांकुश मुद्रालाई नमस्कार छ ॥ ह्रें फँ यी बीजद्वयले युक्त सर्वखेचरी मुद्रालाई नमस्कार छ ॥ ह्सौंः यो बीजमन्त्रले युक्त सर्वबीज मुद्रादेवीलाई नमस्कार छ ॥ ऐं यो बीजमन्त्रले युक्त सर्वयोनि मुद्रालाई नमस्कार छ ॥ ह्रें हक्लीं ह्सौंः यी बीज मन्त्रहरूले युक्त सर्वत्रिखण्डामुद्रालाई नमस्कार छ । यसरी नौ मुद्राका देवताहरूको अणिमा आदि अष्टसिद्धिहरूको जस्तै पश्चिम आदि दिशादेखि पूजा गर्नुपर्दछ ॥ अं आँ सौं त्रिपुराकलावकेश्वर्यै स्वाहा यस मन्त्रले सम्पूर्ण कामना सिद्धिका लागि दक्षिणबाट केही दूरमा चक्रेश्वरीको पूजा गरेर ॥ द्रां सर्वसंक्षोभिणीमुद्राम्बाश्रीः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस मन्त्रले चक्रेश्वरीको वामभागमा पूजन गरोस् । अणिमादिसिद्धि श्रीचक्रको दक्षिणदिशादेखि पूजन गरोस् । चक्रेश्वरीको वामभागबाट मुद्राको दक्षिणभागमा सिद्धिको पूजा गरोस् । सम्पूर्ण आवरणहरूको पूजा गर्ने क्रम यही नै हो भनी जान्नुपर्दछ । त्यसपछि मूलमन्त्रले तीनपल्ट देवीको पूजन तथा तर्पण गरी त्रैलोक्य मोहनचक्रमा मुद्रा, सिद्धि, परिवार, आयुध तथा अलङ्कारहरूले सहित यी प्रकटयोगिनीहरू पूजित तथा तर्पित हुन् भनोस् । एवं क्रमले संक्षोभिणी मुद्राहरू देखाई हे विश्वेदेवपूजित देवी ! भक्तिपूर्वक हजुरलाई प्रथमावरणसम्बन्धी अर्चन अर्पण गर्दछु, हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् । यसप्रकार प्रथम आवरणको पूजन गर्ने ।

द्वितीय आवरणको पूजा ।

सम्पूर्ण आशाका पूरकचक्रलाई नमस्कार छ ॥ गुप्ततर योगिनीहरूलाई नमस्कार छ ॥ षोडशदलपद्मलाई नमस्कार छ ॥ अं यो बीजले युक्त कामाकार्षिणी अम्बाश्री ॥ आं यो बीजमन्त्रले युक्त नित्यकार्षिणी अम्बाश्री ॥ इं यो बीजले युक्त बुद्धयाकर्षिणी अम्बाश्री । ई यो बीजले मुक्त अहङ्काराकर्षिणी अम्बाश्री ॥ उं यो बीज मन्त्रले युक्त शब्दाकर्षिणी अम्बाश्री ॥ ऊं यो बीजले युक्त स्पर्शाकर्षिणी अम्बाश्री ॥ ऋं यो बीजले युक्त रूपाकर्षिणी अम्बाश्री ॥ ॠं यो बीजले युक्त रसाकर्षिणी माताश्री ॥ लृं यो बीजले युक्त गन्धाकर्षिणी माताश्री ॥ लृं यो बीजले युक्त चित्ताकर्षिणी माताश्री ॥ एं यो बीजले युक्त धैर्यलाई आकर्षण गर्ने माताश्री ॥ ऐं यो बीजले युक्त स्मृतिलाई आकर्षण गर्ने माताश्री ॥ ओं यो बीजले युक्त नामाकर्षिणी माताश्री ॥ औं यो बीजले युक्त बीजलाई आकर्षण गर्ने माताश्री ॥ अं यो बीजले युक्त आत्माकर्षिणी माताश्री । अः यो बीजले युक्त अमाकर्षिणी माताश्री ॥ तथा कं यो बीजले युक्त शरीरलाई आकर्षण गर्ने माताश्री । यसप्रकार यी माताहरूको पश्चिम आदि दिशादेखि नैर्ऋत्यदलसम्म पूजा गरोस् । ऐं क्लीं सौं यी बीजमन्त्रहरूले युक्त त्रिपुरेश्वरीचक्रेश्वरी मताश्री ॥ बायाँदेखि द्रां द्रीं यी बीजद्वयले युक्त सर्वविदाम्बाश्री ॥ लघिमासिद्धिस्वरूपा माताश्री । यसरी यी माताहरूको मूलमन्त्रले बिन्दुमा प्रधानदेवताहरूको पूजन तथा तर्पण गरी योनिमुद्रा देखाएर पुष्पाञ्जलि अर्पण गरेपछि हे सर्वेश्वरी माता भक्तिपूर्वक म यो द्वितीयावरणको अर्चन अर्पण गर्दछु, हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् भनी द्वितीय आवरणको पूजन सम्पन्न गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय आवरणको पूजा ।

सर्वसंक्षोभणचक्रलाई नमस्कार छ ॥ आठ दलहरूले युक्त कमललाई नमस्कार छ ॥ गुप्ततर योगिनीहरूलाई नमस्कार छ ॥४॥ कूँ ५ यी बीजमन्त्रद्वयले युक्त आनन्दकुसुममाताश्री ॥ चं यो बीजमन्त्रले युक्त अनङ्गमेखलाम्बाश्री ॥ टं ५ अनङ्गमदनाम्बाश्री ॥ तं ५ अनङ्गमदनातुराम्बाश्री ॥ पं ५ अनङ्गरेखाम्बाश्री ॥ यं ४ अनङ्गयोगिनी अम्बाश्री ॥ शं अनङ्गाकुशाम्बाश्री तथा ॥ लं क्षं अनङ्गमलिन्यम्बाश्री, यिनीहरूको पूर्वदक्षिणदेखि पूर्व, दक्षिण, पश्चिम, उत्तर, आग्नेय, निर्ऋति, वायव्य तथा ईशानदलहरूमा पूजा गरोस् । ईशानदलहरूमा ह्रीं, क्लीं सौः यी बीजमन्त्रहरूले युक्त त्रिपुरसुन्दरी चक्रेश्वरी भगवती अम्बाश्री, वामभागदेखि क्लीं यो बीजमन्त्रले युक्त सर्वाकर्षिणी माताश्री ॥ महिमासिद्धिस्वरूपा माताश्री यिनीहरूको र पुनः मूलमन्त्रले बिन्दुमा प्रधानदेवताको पूजन तथा तर्पण गरेर योनिमुद्रा देखाई हे सर्वेश्वरी ! भक्तिपूर्वक गरिएको यो तृतीय आवरणको अर्चन म हजुरलाई समर्पण गर्दछु । हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् भनी तृतीयावरणको पूजन सम्पन्न गरोस् ।

चतुर्थ आवरणको पूजा

सर्वसौभाग्यदायक चक्रलाई नमस्कार छ ॥ चतुर्दशचक्रलाई नमस्कार छ ॥ सम्प्रदाययोगिनीहरूलाई नमस्कार छ॥ कं यो बीजले युक्त सर्वसंक्षोभिणीशक्तिरूपा माताश्री ॥ खं यो बीजमन्त्रले युक्त सर्वविद्राविणीशक्तिरूपा माताश्री ॥ गं यो बीजले युक्त सर्वाकर्षिणीशक्तिरूपा माताश्री ॥ घं यो बीजमन्त्रले युक्त सर्वाह्लादिनीकारिणीशक्तिरूपा माताश्री ॥ उं यो बीजले युक्त सर्वमोहिनीशक्तिरूपा माताश्री ॥ सर्वस्तम्भिनी शक्तिरूपा माताश्री ॥ ञं यो बीजले युक्त सर्वोन्मादिनीशक्तिरूपा माताश्री ॥ टं यो बीजले युक्त सर्वार्थसाधिनीशक्तिरूपा माताश्री ॥ ठं यो बीजले युक्त सर्वाशापूरणीशक्तिरूपा माताश्री ॥ डं यो बीजले युक्त सर्वमन्त्रशक्तिस्वरूपा माताश्री ॥ एवं ढं यो बीजले युक्त सर्वद्वन्द्वक्षयकारी शक्तिरूपिणी माताश्री यिनीहरूको विलोम विधिले पश्चिमदेखि नैर्ऋत्यपर्यन्त पूजा गरोस् । त्यही ठाउँमा ह्रौँ ह्रीं ह्रौः यी बीजमन्त्रहरूले युक्त त्रिपुरवासिनीचक्रेश्वरीमाताश्री ॥ क्लूं यो बीजमन्त्रले युक्त सर्ववश्यकरीमुद्रास्वरूपा माताश्री तथा ईशित्वसिद्धिस्वरूपा माताश्रीको पूजा गरोस् । अनि मूलमन्त्रले तीनपल्ट देवीको तर्पण गरी सर्ववश्यकरी मुद्रा देखाई पुष्पाञ्जलि अर्पण गरोस्, त्यसपछि हे देवी भक्तिपूर्वक हजुरलाई म यो चतुर्थ आवरणको अर्चन अर्पण गर्दछु, हजुर मलाई अभीष्ट सिद्धि प्रदान गर्नुहोस् । यसरी चतुर्थावरणको पूजन सम्पन्न गरोस् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चम आवरणको पूजन

सर्वार्थसाधकचक्रलाई नमस्कार छ ॥ बाह्यदशारचक्रलाई नमस्कार छ ॥ कुलकौलयोगिनीहरूलाई नमस्कार छ॥ सां यो बीजमन्त्रले युक्त सर्वसिद्धिप्रदानस्वरूपा माताश्री ॥ तं यो बीजले युक्त सर्वसम्पत्प्रदानस्वरूपा माताश्री ॥ थं यो बीजले युक्त सर्वप्रियङ्करी स्वरूपा माताश्री ॥ दं यो बीजले युक्त सर्वविघ्नविनाशिनीस्वरूपा माताश्री, धं यो बीजले युक्त सर्वकामप्रदानस्वरूपा माताश्री ॥४॥ नं यो बीजले युक्त सर्वदुःखविमोचनीरूपा माताश्री ॥ पं यो बीजले युक्त सर्वमृत्युप्रशमिनीस्वरूपा माताश्री ॥ फं यो बीजले युक्त सर्वविघ्ननिवारिणीरूपा माता ॥ सं यो बीजले युक्त सर्वाङ्गसुन्दरीरूपा माताश्री तथा भं यो बीजले युक्त सर्वसौभाग्यदायिनीरूपा माताश्री यिनीहरूको विलोम विधिले पश्चिमादि दिशामा बहिर्दशारचक्रमा पूजा गरोस् । पूर्ववत् ह्ल्यैं, क्लीं, ह्यौं यी बीजहरूले युक्त त्रिपुराश्री चक्रेश्वरीस्वरूपा माताश्री ॥ सः यो बीजले युक्त सर्वोन्मादिनीमुद्रास्वरूपा माताश्री ॥ तथा वशित्वसिद्धिरूपिणी माताश्रीहरूको पूजा गरोस् । अनि मूलमन्त्रले तीनपल्ट देवीको तर्पण गरी सर्वोन्मादिनीमुद्रा देखाएर पुनः सर्वार्थसाधकचक्रमा मुद्रा, सिद्धि, परिवार, आयुध तथा अलङ्कारसहित यी कुलकौलयोगिनीहरू पूजित तथा तर्पित हुन् भन्दै फेरि मूलमन्त्रले देवीको तीनपल्ट तर्पण गरोस् ॥ त्यसपछि हे देवी भक्तिपूर्वक म यो पञ्चमावरणको पूजन हजुरलाई अर्पण गर्दछु । हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् । यसप्रकार पञ्चमावरणको पूजन सम्पन्न हुन्छ ।

षष्ठ आवरणको पूजा

सर्वरक्षाचक्रलाई नमस्कार छ । अन्तर्दशचक्रलाई नमस्कार छ ॥ निगर्भयोगिनीहरूलाई नमस्कार छ ॥ मं यो बीजले युक्त सर्वव्याधिविनाशिनी माताश्री ॥ यं यो बीजले युक्त सर्वशक्तिस्वरूपा माताश्री ॥ रं यो बीजले युक्त सवैश्वर्यप्रदायिनी माताश्री ॥ लं यो बीजले युक्त सर्वज्ञानमयी माताश्री ॥ वं यो बीजले युक्त सर्वव्याधिविनाशिनी माताश्री ॥ शं यो बीजले युक्त सर्वाधारस्वरूपिणी माताश्री ॥ षं यो बीजले युक्त सर्वपापहरा माताश्री ॥ सं यो बीजले युक्त सर्वानन्दमयी माताश्री ॥ हं यो बीजमन्त्रले युक्त सर्वरक्षाकरस्वरूपिणी माताश्री ॥ तथा लं यो बीजले युक्त सर्वेप्सितफलप्रदायिनी माताश्री । यसरी यी माताहरूको पश्चिमकोणदेखि प्रारम्भ गरेर निर्ऋतिपर्यन्त पूजा गर्नुपर्दछ॥ ह्रैं ह्रीं ह्रूँ यी बीजमन्त्रहरूले युक्त त्रिपुरमालिनी माताश्री ॥ क्रों यो बीजले युक्त सर्वसहाङ्कारमुद्रास्वरूपा माताश्री तथा ॥ प्राकाम्यसिद्धिस्वरूपा माताश्रीहरूको पूर्ववत् विधिले पूजा गरोस् । त्यसपछि मूलमन्त्रले बिन्दुमा देवीको तीनपल्ट तर्पण गरी सर्वमहाङ्कुशमुद्रा देखाई सर्वरक्षाकरचक्रमा मुद्रा, सिद्धि, परिवार, आयुध तथा अलङ्कारसहित यी निगर्भयोगिनीहरू पूजित तथा तर्पित हुन् भन्दै फेरि मूलमन्त्रले बिन्दुमा प्रधानवेदीको तीनपल्ट तर्पण गरी योनिमुद्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएर पुष्पाञ्जलि अर्पण गरोस् । त्यसपछि पूर्ववत् षष्ठावरणको अर्पणपूर्वक अभीष्टसिद्धिको प्रार्थना गरोस् । यसप्रकार षष्ठावरणको पूजन सम्पन्न गरोस् ।

सप्तम आवरणको पूजा

सर्वरोगहरचक्रलाई नमस्कार छ ॥ अष्टदलचक्रलाई नमस्कार छ ॥ रहस्ययोगिनीहरूलाई नमस्कार छ ॥ अं लूं यो बीजले युक्त वशिनी वाग्देवताधिष्ठात्री सरस्वती ॥ कं यो बीजले युक्त सर्वेश्वरी वामेश्वरी वाग्देवताधिष्ठात्री सरस्वती ॥ चं ल्लीं यी बीजद्वयले युक्त मेदिनी वाग्देवताधिष्ठात्री सरस्वती ॥ टं ॥ स्लूं विमला वाग्देवताधिष्ठात्री सरस्वती, तं स्त्रीं अरूपावाग्देवताधिष्ठात्री सरस्वती ॥४॥ पं ह्लूँ ज्वलिनी वाग्देवताधिष्ठात्री सरस्वती ॥ यं ॥ क्ष्रूं सर्वेश्वरी वाग्देवताधिष्ठात्री सरस्वती तथा ॥ शं ६ क्ष्मीं कौशिनीवाग्देवताधिष्ठात्री सरस्वती नाम गरेका यी आठ वाग्देवताहरूको पश्चिम आदि दिशादेखि विलोमविधिले पूजन गरोस् । निर्ऋतिदिशाको अन्तरालमा ह्रीं श्रीं सौः यी बीजहरूले युक्त त्रिपुरसिद्धचक्रेश्वरी माताश्री ॥ हँ ग् यो बीजले युक्त सर्वखेचरीमुद्रास्वरूपा माताश्री तथा ॥ भुक्तिसिद्धिस्वरूपा माताश्रीको पूजा गरोस् । अनि मूलमन्त्रले बिन्दुमा प्रधानदेवीको तीनपल्ट पूजन तथा तर्पण गरी खेचरी मुद्रा देखाई बिन्दुचक्रमा पुष्पाञ्जलि समर्पण गरेर सर्वरोगहरचक्रमा मुद्रा, सिद्धि, परिवार, आयुध तथा अलङ्कारसहित यी रहस्ययोगिनीहरू पूजित तथा तर्पित हुन् भनी फेरि मूलदेवीको तीनपल्ट तर्पण गरेर योनिमुद्रा देखाई हे सर्वेश्वरी भक्तिपूर्वक गरिएको यो सप्तमावरणपूजन हजुरलाई म अर्पण गर्दछु। हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् । यसप्रकार सप्तमावरण पूजन सम्पन्न गर्ने ।

अष्टम आवरणको पूजा

अष्टकोण तथा त्रिकोणको मध्यान्तरालमा विद्यमान देवताहरूलाई नमस्कार छ भन्दै पूजन गर्ने ॥४॥ द्राँ द्रीं क्रीं सूँ सः याँ राँ लाँ धाा शौं ध्रृं कामेश्वरबाणका गणहरूलाई नमस्कार छ॥ धं धं यी दुई बीजमन्त्रले युक्त मोहन गर्ने कामेश्वरबाणलाई नमस्कार छ श्रीः ॥ आं ह्रीं यी दुई बीजमन्त्रहरूले युक्त आकर्षणस्वरूप कामेश्वरकामेश्वरी पाशलाई नमस्कार छ श्री ॥ क्रों यो बीजले युक्त स्तम्भनस्वरूप कामेश्वरकामेश्वरी अङ्कुशलाई नमस्कार छ । यसप्रकार त्रिकोणबाहु र देवीको वामदक्षिणक्रमले दुवैतर्फ देव र देवीको आयुधाष्टकको पूजन गरोस् । अमुक आयुधदेवतास्वरूप पादुकाको म पूजा गर्दछु, तर्पण गर्दछु । नवमावरण चक्रेश्वरी चक्रनामापायात् ॥ सर्वसिद्धिप्रदचक्रलाई नमस्कार छ । अन्तरिक्षकोणलाई नमस्कार छ ॥ अतिरहस्य योगिनीहरूलाई नमस्कार छ ॥ ऐं यो बीजमन्त्रले युक्त अग्निचक्र कामगिरिपीठमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधीशानाय रुद्रात्म शक्तिस्वरूपा महाकामेश्वरी माताश्री ॥ क्लीं यो बीजमन्त्रले युक्त सूर्यचक्र जालन्धरपीठमा षष्ठीशनाथात्मक विश्वात्मशक्ति महाभद्रेश्वरी माताश्री ॥ सौं यो बीजमन्त्रले युक्त सोमचक्र पूर्णगिरिपीठमा उड्डीशनाथात्मक ब्रह्माण्डशक्तिस्वरूपा मलयमालिनी माताश्री, यसप्रकार पश्चिम, आग्नेय तथा ईशानकोणहरूका बीचमा त्रिकोणको पूजा गरोस् । त्यस्तै ईशानकोणमा यस्तै प्रकारले अनि ह्रयें ह्क्रौं यी बीजमन्त्रद्वयले युक्त त्रिपुराम्बाचक्रेश्वरी माताश्रीको त्यस्तै ह्सौं यो बीजमन्त्रले युक्त सर्वबीजमुद्रास्वरूपा माताश्री र ईशित्वसिद्धिस्वरूपा माताश्रीको पूजन गरोस् । त्यसपछि बीजमुद्रा देखाएर मूलमन्त्रले बिन्दुमा तीनपल्ट तर्पण गरी योनिमुद्रा देखाएर हे सर्वेश्वरी भक्तिपूर्वक हजुरलाई म यो अष्टमावरणको पूजन अर्पण गर्दछु। हजुर मलाई अभीष्टसिद्धि प्रदान गर्नुहोस् । यसप्रकार अष्टमावरणको पूजन सम्पन्न गरोस् ।

नवम आवरणको पूजा

सर्वानन्दमयचक्रलाई नमस्कार छ। बैन्दवचक्रलाई नमस्कार छ॥ परापररहस्ययोगिनीहरूलाई नमस्कार छ । यसपछि मूलमन्त्रको उच्चारण गरोस् ॥ चर्यानन्दनायात्मक ब्रह्मचक्रस्वरूप उड्याणपीठमा परब्रह्मशक्तिस्वरूपा श्रीमहात्रिपुरसुन्दरी माताश्रीको तीनपल्ट पूजा गरी ऐं क्लीं सौं यी बीजमन्त्रहरूले युक्त महात्रिपुरसुन्दरी माताश्री तथा चक्रेश्वरीमाताश्रीको तर्पण गरेर योनिमुद्रा देखाई सर्वानन्दमय बैन्दव महाचक्रमा परापररहस्योगिनी, परब्रह्मस्वरूपिणी परमामृतशक्ति, सर्वमन्त्रेश्वरी, सर्वयन्त्रेश्वरी, सर्वज्ञानेश्वरी, सर्वयोगेश्वरी, सर्वपीठेश्वरी, जगदुद्-भवस्थितिलयकारिणी चक्र, मन्त्र, सिद्धि, मुद्रा, आयुध, परिवार, वाहन तथा अलङ्कारसहित पूर्वोक्त यी माताहरू सर्वविधोपचारले पूजित तथा तर्पित हुन् भनोस् । पुनः मूलमन्त्रले मूलदेवीको तीन पल्ट तर्पण गरी योनिमुद्रा देखाएर तीनै पुरका (नगर) देवताहरूद्वारा पूजित हे भगवती, हजुरलाई भक्तिपूर्वक नवमावरणको अर्चन अर्पण गर्दछु । मेरा लागि हजुर अभीष्टसिद्धि प्रदान गर्नुहोस् । यसरी नवमावरणको पूजन सम्पन्न गरोस् । त्यसपछि वटुकनाथश्रीको आग्नेयदिशामा पूजा गर्ने । योगिनीभ्यः स्वाहा, कलायोगिनीभ्य, चक्रेश्वरीभ्यो नमः यी मन्त्रहरूले श्रीचक्रको निर्ऋतिकोणमा पूजा गरोस् । अनि महागणपतिमन्त्रले गणपतिलाई नमस्कार छ भनेर गणपतिनाथश्रीचक्रको वायव्यकोणमा पूजन गरोस् । क्षं यो बीजमन्त्रले युक्त क्षेत्रपाललाई नमस्कार छ भनी क्षेत्रपालनाथ श्रीचक्रको ईशानकोणमा पूजा गरोस् ॥ सर्वानन्दप्राप्तिका लागि बैन्दव चक्रमा सबै प्रकारका उपचारले परब्रह्मस्वरुपिणी परमामृतशक्तिको पूजा गरी पुनः आवरण तथा परिवारसहित देवताको पुष्पाञ्जलिद्वारा पूजन गर्ने इत्यादि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*बुद्धि ....

.... महामनः ॥

परसिद्धि अर्थात् मोक्षका लागि बुद्धिरूपी सारथीले घोडारूपी इन्द्रियहरूलाई मनरूपी लगामद्वारा खिच्नुपर्दछ। हे परमेश्वर शिव ! म हजुरको प्रदक्षिणा गर्दछु। हजुर प्रसन्न हुनुहोस्। सप्तास्यासन् ... पशूः यो वैदिकमन्त्र र ब्रह्ममूलं च यो पौराणिक मन्त्रले प्रदक्षिणा गरेर परेलासहित दुवै आँखा, छाति, मन, वाणी, शिर तथा दुवै बाहुमूल गरी जम्मा आठ अङ्गहरूद्वारा गरिनेलाई साष्टाङ्ग प्रणाम भनिन्छ। यसरी बताइएको प्रकारले अठार चोटि प्रणाम गरी सम्पूर्ण अङ्गमा अनुलेपन पनि गरोस्।

त्यसपछि शक्तिशाली परमात्मालाई नैवेद्य अर्पण गरी निर्माल्य मस्तकमा धारण गर्नुपर्दछ र सर्वाङ्गमा अनुलेपन गर्दै नैवेद्य स्वीकार गर्नुपर्दछ। तत्पश्चात् अर्घ्योदक र तीर्थजल पिएर मूलमन्त्रलाई धारण गरोस्। अनि त्यसलाई भक्तिपूर्वक सङ्ग्रह गरोस्। यी कर्महरू देवताको विसर्जन हुनुभन्दा पहिले नै गर्नुपर्दछ किनकि विसर्जन गरिसकेपछि त्यो चण्डभस्म हुन्छ। यो विषय वायव्यसंगृहीतवचनबाट लिइएको हो भनी आगमचिन्तामणिमा उल्लेख छ। जस्तै हरिरूप मुखद्वारा उदरमा नैवेद्य अर्पण, अङ्गमा तरङ्गपुष्पादिको अर्पण गरेको भावना जसको छ त्यो मुक्त नै हो भन्ने वचन सम्झोस्। यसपछि तीनपल्ट प्राणायाम गरी मनमा वाणीको नियमन गरेर अनि मूलमन्त्रको ऋषि आदि करन्यास षडङ्गन्यास गरी ध्यान गर्दै यत्नपूर्वक हृदयपटलमा श्रीपशुपतिको पूजनपश्चात् विद्वान् साधकले अक्षमाला (रुद्राक्षमाला) हातमा धारण गरेर एकहजार मन्त्रको जप गर्नुपर्दछ। अथवा तीनसय या एक सय आठ पल्ट यथाशक्ति जप गरोस्। यसरी जप गरेर अर्पण गरोस् र यो श्लोक पढोस् – गुह्यभन्दा गुह्यलाई रक्षा गर्ने हजुर मद्वारा गरिएको जप स्वीकार गर्नुहोस्। हे देव महेश्वर ! हजुरको कृपाले मलाई सिद्धिको प्राप्ति होस्। यसप्रकार मन्त्र पढी जप अर्पणपश्चात् वैदिक, पौराणिक, तान्त्रिक तथा वास्तविक शिवसम्बन्धी ऋचाहरूद्वारा त्यस्तै मूलमन्त्रद्वारा पनि "वास्तवत्वात्" प्रणाम गरी भक्तिमात्रले जो मैले भने तथा पत्र पुष्प फल नैवेद्य निवेदन गरेँ त्यो हजुर ग्रहण गर्नुहोस् र ममाथि कृपा गर्नुहोस्। योभन्दा पहिले अधिकारपूर्वक प्राण, बुद्धि, आदि देहधर्मका मन, वचन, कर्म, हस्तद्वय, पादद्वय, उदर तथा शिरद्वारा नियमनका लागि जो भनेँ, जो सम्झेँ, जो गरेँ त्यो सम्पूर्ण ब्रह्मार्पण होस् स्वाहा।

मां मदीयं च ....

"ॐ तत्सद् ब्रह्मार्पणमस्तु" यो वाक्य उच्चारण गर्दै चारपल्ट अर्पण गरेर जसको चरणारविन्दको चिन्तनले मात्र बालकको पनि महान् अद्भुत वाणीरूपी अङ्कुरको आधान

१ बुद्धिदेखि महामनःसम्म खिचातानीका साथ कथंकदाचित् अर्थ गरिने स्थिति देखिए तापनि पूर्णतया ती पङ्क्तिहरूको अर्थगत स्पष्टता नहुने हुँदा त्यो अंशको अर्थ लेख्न त्यति आवश्यक ठानिएन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, त्यस्ता वटमूलनिवासी भगवान्‌लाई नमस्कार छ । यसप्रकार परिवारसहित देवतालाई वारंवार नमस्कार गरी हातमा पुष्प ग्रहण गरेको अञ्जलिरूपी प्रसन्न पूजा सम्पन्नपश्चात् परिवार र देवताका साथ एकत्वको भावना गरी भगवान् केशवमाथि घुमाइएको शङ्खको मध्यमा विद्यमान जल मनुष्यहरूको अङ्गमा लागेको दशहजार ब्रह्महत्या भस्म गरोस् भन्ने श्लोकले भक्तिपूर्वक देवताहरूमाथि सप्रोक्षण गरेर पाञ्चजन्यलाई नमस्कार छ भन्ने मन्त्रले शङ्खको पृष्ठ भागमा गन्ध, पुष्प आदिले पूजा गरोस् र प्राणायाम गरी हृदय तथा अङ्गन्यास गरोस् । गुरु, मन्त्र र देवताहरूका साथ आत्मामा एकत्वको भावना गरी चतुर्मूर्तिशरीरमा विद्यमान, शोभायमान अङ्ग हुनुभएका, स्थाणुस्वरूप अँ यो बीजमन्त्रले युक्त ज्योतिर्लिङ्ग अमृतात्मा भगवान् शिवलाई नमन छ भन्ने आशयको श्लोक उच्चारण गरोस् । त्यसपछि 'यज्ञेन' यो वैदिक मन्त्र पढोस् र अन्त्यमा 'ॐ भूर्भुवः स्वरोऽम्' भन्ने वाक्यको उच्चारण गरोस् । अनि श्री भगवान् श्रीपशुपतिलाई नमस्कार छ, हजुरले मलाई मेधा, प्रज्ञा प्रदान गर्नुहोस् भन्दै स्वाहा भनेर निर्वाणमुद्रा प्रदर्शन गरोस् । त्यसपछि जसको स्मरण र नामोच्चारणद्वारा तप, यज्ञ, क्रिया आदि सबै कर्मगत न्यूनता छ, त्यसले सम्पूर्णतालाई प्राप्त गर्दछ भन्ने आशयबोधक श्लोक उच्चारण गरोस् र यो आराधना श्रीपशुपतिदेवतामा अर्पण होस् भनोस् । त्यसपछि सायंकालिक सन्ध्याको आरति, पुष्पाञ्जलि आदि कर्म सम्पन्न गरोस् । यो कर्म सम्पन्न भएपछि प्रोक्षणीपात्रमा शङ्खले अर्घ्य देओस् । त्यसपछि ईशानमुखको पूजन गरी धूप, दीप, नैवेद्य अर्पण गरोस् । अनि पुष्प अक्षतासहित शङ्खको जल हातले लिएर प्रोक्षणीपात्रमा तीनपल्ट छोडोस् । यसरी गरेको सम्पूर्ण पूजाकर्म 'श्रीपशुपतिनाथका कृपाले परिपूर्ण होस् भन्दै शुभम्' यो शब्द उच्चारण गरोस्।

यसप्रकार श्रीमच्छङ्कराचार्यद्वारा लिखित सम्पूर्ण आगमशास्त्र सङ्ग्रहअन्तर्गत श्रीपशुपतिपूजापद्धति समाप्त हुन्छ।

**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशायनमः॥ ॥श्रीपशुपतिपूजाविधानं॥ गुरुर्ब्रह्मागुरुर्विष्णुः गुरुर्देवोमहेश्वरः॥ गुरुः
प·पू· साक्षात्परब्रह्मतस्मैश्रीगुरवेनमः॥ गुरुंशिवात्मकंध्यात्वा शिवःसंध्यासमाचरेत्॥ उपविश्यपशु
॥ १ ॥ चौदेशेगुरुर्वोदीन्थेमुनः॥ प्राणायामत्रयंकृत्वा मूलमंत्रस्यऋष्यादिषडंगन्याससमाचरेत्॥
अस्यश्रीपाशुपतमहामंत्रस्यब्रह्मऋषिरनुष्टुप्छन्दः श्रीपाशुपतास्त्ररुद्रोदेवताश्रींबीजं हूंशक्ति
फट्कीलकंश्रीपशुपतिप्रीत्यर्थेजपेविनियोगः॥ श्रींअंगुष्ठाभ्यान्नमः॥ हूंतर्जनीभ्यांनमः॥
फट्मध्यमाभ्यांनमः॥ श्रींअनामिकाभ्यांनमः॥ हूंकनिष्ठिकाभ्यांनमः॥ फट्करतलकर
पृष्ठाभ्यांनमः॥ एवंहृदयादिन्यासः॥ ध्यानम्॥ मध्याह्नार्कसमप्रभंशशिधरम्मुकुटं भो
माट्टहासोज्वलं चैत्यंपन्नगभूषणांशिखिशिखावास्यत्योस्फुरं मुर्धजं॥ हस्ताब्जैस्त्रिशिखंसमु
द्गरमसिशक्तिंदधानंविभुंदंष्ट्राभिचतुर्मुखंपशुपतिदिव्यास्त्ररूपंस्मरेत्॥ ध्यान्त्वात्मानंदेवरूपंग रामः
लमंत्रेणामंत्रयेत्॥ ध्यात्वात्मानंदेवरूपंजलमंत्रेणमंत्रयेत्॥ कवचेनावगुण्ठ्याथश्रापतिकृत्पमू ॥ १ ॥

लतः॥ गंगेचेत्यादिमंत्रेणासूर्यमंडलतोंकुश मुद्रयातीर्थमावाह्यवमितिधेनुमुद्राप्रदर्श्य
तीर्थसंपूज्यविधिवत् मंत्रैस्तीर्थंशिवात्मकं॥ ध्यात्वादक्षिणहस्तेनजलमादायमूलतः॥
तद्वामहस्तेनविधाय जलकृतलिंगबिंदुभिः सप्तधामूलमंत्रेणअभिहताशिवमंत्रतुः॥ व्योम
व्यापीतिमंत्रेणासक्षयोद्धिरसिस्वाहेति॥ ओंऊंहूंव्यापकायधिनेस्वाहा॥ इतिमंत्रेणश्रवशिष्ट
जलंदक्षिणहस्तेनसंगृह्य यन्त्रतः॥ क्षानासमीपमानीयज्योतिरूपंविभाव्यतत्॥ देहाविरिक्त
याकृष्णजलेनविरोध्य कृष्णवर्णागतंभाव्यरचकोपिंगलाक्षयाधा तत्पापपुरुषंपुरतः॥ क
ल्पयित्वापरिहस्तेनचूर्णीकृतंभाव्यपापराशिनयेद्दाह करप्रक्षाल्यमूलेनत्रिराचम्य ततोर
वौध्यात्वा देवंपुष्पतोयंआदाय जलेनिक्षिपेत् सूर्यमंडलंसंस्थाप्य श्रीपशुपतयेनमः॥ अ
र्घमिदंकल्पयामिस्वाहा॥ इतिमंत्रेणसूर्याभिमुखस्थितोक्षिपेत्॥ श्रीपशुपतिमदंतर्पयामिनमः॥
सेतर्प्यमूलमुच्चार्य उपस्थाप्याथचिंतयत्॥ ततोगायत्रींजपेत् तत्पुरुषायतन्नोरुद्रःप्रचोदयात्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलमष्टोत्तरं जपित्वा समर्प्य· अस्त्रेण त्वा देवं विसर्जयेत् ॥ इति गायत्रीं समर्प्य कृत्वैवं प्रत्यहं सम्यक्
त्रिः संध्यां यथाविधि न कृतं कृत्स्नं भवेन्मंत्री सत्यं सत्यं न चान्यथा· संध्यालोपो न कर्तव्यः शंभो
राज्ञेव सेवहि· श्रीपशुपतये नमः॥ संध्या ध्यानं समारभेत् ॥ दत्वार्घ्यं सूर्यदेवाय नमः॥ द्वारपू
जां समारभेत्· भीमसेनकुबेरौ च· यजि चंडप्रचंडकौ· कर्कद्वारश्रियं चैव देहलीं च यजेत्ततः॥ प्रवि
श्य देवयजने स्मृता पशरणा पूर्वकं· अर्घोदकेन संप्रोक्ष्य· निघ्नौ वास्तुपूजां कृत्वानुज्ञां भैरवस्य·
प्राप्य वेदिं प्रशोधयेत्· वीक्षणं मूलमंत्रेण· शरीरे प्रोक्षणं मतं· ताडनं चके रोच· वर्मणाभ्युक्षणं
स्मृतं· तत्र स्वासन मास्तीर्य संपूज्य प्रविशेत्ततः· तस्यां जायादि कोणेषु· गणेशादि प्रपूजन· सुशुद्धिं क
रशुद्धिं च भूतशुद्धिं विधाय च· प्राणप्रतिष्ठां मातृकायां· बाह्याभ्यंतरभेदतः· न्यासं कृत्वा प्रोशस्य·दुर्गाया शम
न्यासमारभेत्· श्रीकंठमातृका न्यासं कृत्वा सत्यादिपूर्वकं· न्यासं रुद्राक्षिमिनारकाघ्नत शूलकपालका ॥ २
मकया· रुद्रपीठं स्यात् रणाविग्रहः॥ रक्तां नालकपालाभ्यां शूलं कृतकरांबुजौ· रुद्रैर्युक्तां देव

लां वामतनुनां करां रंभे मातृकां ॥ विन्यसेद्यतः॥ अनमयः कुर्वेतेनस्य· सिद्धिदेषैः सांद्रयांसि नाशं जग
च· प्राणायामं मूलमंत्रेण· कृत्वा विन्यस्य दोषां गपीठन्यासं देशे· मूलोर· महाकायं यजेमंडलरूपिणं
पंचवक्त्रं दशभुजं रुद्रं कालाग्निसंज्ञकं· स्वाधिष्ठानं यजेन्नाभौ मूलप्रकृतिमंबिकां· आधारशक्ति
हृदये कूर्मानंदवराहादिकान्· पृथिवीममृताद्धिं च रत्नासिंहासनस्थितां· सिंहासनस्य प्राधान्ये भु
जद्वयकटिद्वयं· धर्मज्ञानं च वैराग्य· ऐश्वर्यं च यथाक्रमम् ॥ पादत्वेनैव संपूज्य· गात्रत्वेन प्रपू
जयेत् ॥ अधर्मं च यथास्थानं· अवैराग्यमनैश्वर्यं· पश्चात्सुरेवपार्श्वयुगे मूलाधारे प्रपूजयेच्च· ततश्चाम
चतुर्थ्यप्रणवादिनमोन्तकैः हृदि सिंहासने पद्मम ष्टपत्रं सकेशरं· पद्माय नमः॥ आनंदकंदाय
नमः॥ संविन्नालाय नमः॥ प्रकृतिमयपत्रेभ्यो· विकारमयकेशरेभ्यो नमः॥ प्रणवमयकर्णिकायै
नमः॥ मध्ये॥ अं अर्कमण्डलाय नमः॥ हं सोममण्डलाय नमः॥ मं वह्निमण्डलाय नमः॥ सं सत्वाय न
मः॥ रं रजसे नमः॥ अं आत्मने नमः॥ उं उत्तरात्मने नमः॥ पं परमात्मने नमः॥ ह्रीं ज्ञानात्मने नमः॥ नम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प.पू. इतिकर्णिकायांविन्यस्य ॥ वामायैनमः ॥ ज्येष्ठायैनमः ॥ श्रेष्ठायैनमः ॥ कालायैनमः ॥ कलविकरिणेपन
॥ ३॥ मः ॥ बलप्रमथिन्यैनमः ॥ सर्वभूतदमन्यैनमः ॥ इतिकर्णिकायांप्रागाद्यष्टदिक्षुमध्ये यथाक्रमंवि
न्यस्य ॐ नमो भगवतेसदाशिवाय सकलगुणशक्तियुक्ताय अनंताययोगपिठात्मनेनमः ॥ मुखमु
च्चार्यमंत्रः ॥ ॐ नमो भगवतेपाशुपतास्त्रायनमोनमः ॥ कट् हूं नुपु ॐ श्रीं हूं फट् स्वाहा पीठनवश
क्तिमध्ये श्रीपशुपतिदेवतामाविर्भूतंविभाव्यदेवस्यऋष्यादिषडंगन्यासंविधाय ध्यात्वामानसैः
संपूज्य देवंतेजपुंजंविभाव्यतेजकरयोः ॐ शक्षिरात्मासायास्यांजिता पात्मकरयो व्यापकाभ्यां
मूलेनदेवस्यशरीरस्य कल्पनयास्वांशरीरेऋष्यादिन्यासप्रतत्वन्यासादिकुर्यात् ॐ हैं हौं नमः शिवायपर
मशिवात्मनेनमः ॥ संनमः ॥ शिवायशिवात्मनेनमः ॥ लंशिवायशान्तात्मनेनमः ॥ हंशिवायईश्वरा
त्मनेनमः ॥ शंशुद्धविशुद्धविद्यात्मनेनमः ॥ यंमायात्मनेनमः ॥ शंकालात्मनेनमः ॥ वंनियत्यात्मनेनमः ॥ लं राम
कलात्मनेनमः ॥ रंविशुद्धविद्यात्मनेनमः ॥ यंरागात्मनेनमः ॥ मंरुद्यात्मनेनमः ॥ भंप्रकृत्यात्मनेनमः ॥ ३॥

वंबुद्ध्यात्मनेनमः ॥ फंअहंकारात्मनेनमः ॥ पंश्रोत्रात्मनेनमः ॥ नंशनिद्धात्मनेनमः ॥ धंपर्शतन्मात्रा
त्मनेनमः ॥ दंरूपतन्मात्रात्मनेनमः ॥ थंरसतन्मात्रात्मनेनमः ॥ तंगंधतन्मात्रात्मनेनमः ॥ णंश्रो
त्रात्मनेनमः ॥ टंहृगात्मनेनमः ॥ रुंपाणपात्मनेनमः ॥ णंश्रोत्रात्मनेनमः ॥ अंवागात्मनेनमः ॥ रुंपा
णपात्मनेनमः ॥ जंपादात्मनेनमः ॥ छंपायात्मनेनमः ॥ चंउपस्थात्मनेनमः ॥ ङंआकाशात्मनेन
मः ॥ घंवाय्वात्मनेनमः ॥ गंतेजसात्मनेनमः ॥ खंअपात्मनेनमः ॥ कंपृथिव्यात्मनेनमः ॥ लंहृत्सु
डरीकात्मनेनमः ॥ संसोममंडलायषोडशकलात्मनेनमः ॥ हंसूर्यमंडलाय द्वादशकलात्मने
नमः ॥ रंअग्निमंडलायदशकलात्मनेनमः ॥ हौंनमः शांतातीतकलात्मनेनमः ॥ हैंशांतातीतक
लात्मनेनमः ॥ ह्रिंविद्याकलात्मनेनमः ॥ ह्रींनमः प्रतिष्ठाकलात्मनेनमः ॥ ह्रांनमः निवृत्तिकलात्म
नेनमः ॥ नमइतितत्वन्याससर्वांगेणप्रकृतिवरमंबुद्धि पूर्वेश्वयंपद्मध्ये शब्दादिकगुणगणांकास्य
हृत्कुसुमपनुहृत्पुंडरीकादिचतुस्कारमंत्रहेट्कदशान्पादिवकादेशेषु द्वीन्यासस्यानानि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चस्थलेषु विन्यस्य · अनंतरं · अष्टत्रिंशत्कलान्यासं कुर्यात् · ततः ईशानमूर्द्ध्ने नमः ॥ तत्पुरुष
प.पू. वक्त्राय नमः ॥ अघोरहृदयाय नमः ॥ वामदेवाय गुह्याय नमः ॥ सद्योजातादिद्व्याभ्यां नमः ॥ अं
॥४॥ गुष्ठाङ्गुष्ठतर्जनीभ्यां नमः ॥ अंगुष्ठं गुष्ठमध्यमाभ्यां नमः ॥ अंगुष्ठाङ्गुष्ठअनामिकाभ्यां नमः ॥
अंगुष्ठांगुष्ठकनिष्ठिकाभ्यां नमः ॥ एवं हृदयादि विन्यस्य ॥ ईशानऊर्द्ध्ववक्त्राय नमः ॥ तत्पुरुषाय
पूर्ववक्त्राय नमः ॥ अघोराय दक्षिणवक्त्राय नमः ॥ वामदेवाय उत्तरवक्त्राय नमः ॥ सद्योजाताय प
श्चिमवक्त्राय नमः ॥ इति पूर्वादिषु अंगुष्ठादिक्रमेण · पंचवक्त्रस्थानेषु विन्यस्य ॥ ततः मूलमंत्रस्य
न्यासादिकं कुर्यात् ॥ श्रीपशुपति · पंचमुखं ध्यानम् ॥ संवर्ताग्नितडित्प्रदीप्तकनकप्रस्पर्द्धितेजो
रुणं · गंभीरध्वनिमिश्रितोग्रदहनप्रोद्भासिताम्राधरम् ॥ अर्द्धेन्दुद्युतिमौलिपिंगलजटा · भार
प्रबद्धोरगं वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनम् ॥ ॐ तत्पुरुषाय विद्महे महादेवाय धी राम:
महि ० इति गायत्रीं जपित्वा ॥ कालाभ्र · भ्रमरांजनद्युतिनिभं · व्यावर्तिपिंगेक्षणं · कर्णोद्भासि ॥ ४ ॥

तभोगिभूषणमलं · प्रोद्भिन्नदंष्ट्राकुलं ॥ सर्पप्रोतकपालशक्तिसकलव्याकीर्णसंचारगं · वंदे दक्षि
णाभीश्वरस्य कुटिलं भ्रूभंगरौद्रं मुखं ॥ ॐ नमो भगवते अघोराय नमः ॥ अघोरेभ्योऽथघोरेभ्यः ॥ नम
स्ते अस्तु रुद्ररूपेभ्यः ॥ अथ गायत्रीं जपेत् ॥ ॐ ह्रीं ह्रौं नमः शिवाय ॥ मूलमुच्चार्य · इति गायत्रीं जपेत्
मानसैः संपूज्य ॥ अथ पश्चिममुखं ध्यायेत् ॥ प्रालेयामलबिंदुकुंदधवलं · गोक्षीरफेनप्रभं · भस्मा
भ्यंगमनंगदेहदहनं ज्वालावलिलोचनं ॥ ब्रह्मेन्द्रादिमरुद्गणैः स्तुतिपरैरभ्यर्चितं शंकरं ॥ वंदेहं
सकलं कलंकरहितं स्थाणोर्मुखं पश्चिमम् ॥ ॐ नमो भगवते सद्योजाताय नमः ॥ सद्योजातं प्रपद्यामि
भवोद्भवाय नमः ॥ अथ गायत्रीं जपेत् ॥ ॐ क्लौं पशुपति हूं फट् स्वाहा ॥ मूलमुच्चार्य · इति गायत्रीं ज
पेत् ॥ मानसैः संपूज्य · अथ वामदेवमुखाय नमः ॥ गौरं कुंकुमपंकजं सुतिलकं व्यापांडुगंडस्थलं ·
भ्रूविक्षेपकटाक्षवीक्षणलसत् · संसक्तकर्णोत्पलं ॥ स्निग्धं बिंबफलाधरप्रहसितं नीलालकालंकृतं
वंदे पूर्णशशांकमंडलनिभं वक्त्रं हरस्योत्तरं ॥ ॐ नमो भगवते वामदेवमुखाय नमः ॥ वामदेवाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प॰पू॰ ॥ ५॥

नमो॰ मनोन्मनायनमः ॥ ॐ ह्रीं म ॐ ॐ ॐ भूर्भुवः स्वः ॥ अथतुर्यगायत्रींजपेत् ॥ मूलमुच्चार्य॰ मानसैः
संपूज्य ॥ अथदाम्नायध्यानं ॥ व्यक्ताव्यक्तगुणोत्तरं सुतिलकं त्रिंशतत्वात्मकं॰ तस्मादुत्तरतत्वमक्षरमि
तिध्येयंसदायोगिभिः ॥ वंदेतामसवर्जितेनमनसासूक्ष्मातिसूक्ष्मात्परं॰ शांतंपंचममीश्वरस्यवद
नंखंव्यापितेजोमयं ॥ ॐ नमोभगवतेऽर्द्धमुखायनमः ॥ ईशानसर्वविद्यानां॰ सदाशिवोम् ॥ अथहंस
गायत्रींजपेत् ॥ ॐ नमोभगवतेपाशुपतायहंसायनमः ॥ फट् हूं हुं हुं ह्रः ॐ श्री फट् स्वाहा ॥ मूलमुच्चा
र्य॰ इतिगायत्रींजपेत्॰ मानसैःसंपूज्य॰ इतिपाशुपतमहास्त्रंपंचविंशतिवारंजपेत् ॥ ॐ नमोभगवतेप
शुपतये॰ महामेधांप्रज्ञायप्रयच्छस्वाहा ॥ ज्ञानैश्वर्यप्रदानोयमितिमंत्र॰ द्वादशावर्त्य॰ मूलेनकुंभकं
कृत्वा॰ तत्कालेमूलमंत्रंतेजोरूपंविभाव्य॰ तत्तजकरतलकरपृष्ठेषुव्याप्य॰ अमित्याद्यंगमंत्रैरंगुलिन्यासंकृ
त्वा ॥ द्वाभ्याकराभ्यांमूलेनतेजोरूपंशरीरत्रयकस्नायस्व॰ शरीरंत्रिशोव्याप्य॰ अक्षरन्यासंकुर्यात्॰ तत्प्र
कारः ॥ मूर्द्धिपश्चाल्ललाटेच॰ चक्षुषो॰ श्रवणद्वये॰ नासापुटेद्वयेपश्चात्गंडयोरपि॰ जिह्वाग्रनासिकोग्रश्च

राम: ॥ ५॥



ओष्ठयो॰ श्चमुखे॰ हृदयोरोजयुग्मे॰ नाभौपृष्ठेचगुह्यके॰ दुर्वोर्गोह्योश्चैवपार्श्वो॰ पादयुग्मेतथा॰ सर्वांगादिषुपरन्यस
विद्वानतंद्रितः इत्युत्कास्थाने॰ मंत्रेप्रणाशन्याख्यक्षरणिविन्यस्य॰ अनंतरंयोगन्यासंकुर्यात्॰ तत्प्रकार॰ आधारे
षु॰ चतुष्पत्रेप्रणवंकर्णिपरि॰ चतुर॰ पश्चाहृदयेषदहांबुजे॰ कर्णिकायांन्यसेद्बीजं ह्रीं पत्रेषुविन्यसेत्॰ अष्टौ
वद्विदलेपश्चात्कर्णिकायांन्यसेध्दि वं ह्रौं ध्देदयंस्त्रक॰ तत्पश्चात्सहस्त्रारेशिरसेबुजे॰ कर्णिकायांन्यसेच्छक्तिं वा
नार्कशतरूपिणी॰ सो॰ सप्ताक्षराणि॰ सिद्धाणि॰ सहस्रारे॰ शिरोबुजे॰ इत्युक्तप्रकारेणमूलवर्णो॰ योगन्यासं
कृत्वा॰ मूलव्याप्यमूर्तिपंजरंन्यासंकुर्यात्॰ प्रकार॰ ॐ ओं ह्रीं हूं नमः शिवायमहादेवाय॰ वायुरूद्राय भि त्रा
यनमः ॥ ॐ इं ह्रीं हूं नमः शिवायशंकराय॰ वरुणायनमः ॥ ॐ हूं ह्रीं हूं नमः शिवायनीललोहिताय॰ अंश
वेनमः ॥ ॐ ह्रीं हूं नमः शिवायईशानाय भगायनमः ॥ ॐ ऐं ह्रीं हूं नमः शिवायविजयायविश्वपतयेनमः
ॐ ऐं ह्रीं हूं नमः शिवाय भीमाय इंद्रायनमः ॥ ॐ ॐ ह्रीं हूं नमः शिवायकपर्दिनेपूष्णेनमः ॥ ॐ ओं ह्रीं हूं नमः
शिवायहराय॰ पर्जन्यायनमः ॥ ॐ कंठदक्षिणपार्श्वतदंशनकूलपृष्ठयांमुखसेनविन्यस्य॰ पुन॰ कानन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तेभ्यादिस्थानेषु मातृका न्यासं कृत्वा· मूलेन त्रिशो व्याप्य· पुनर्मन्त्रस्य ऋष्यादि षडङ्गं मातृकां न्यस्त्वा·
न.प. ६॥ तेभ्यादिस्थानेषु मातृकान्यासं कृत्वा· मूलेन त्रिशो व्याप्य· इति देवस्य प्राणप्रतिष्ठा
॥ मं देवस्य प्राणा इह प्राणा देवस्य जीव इह स्थितः सर्वेन्द्रियाणि ··· स्वाहा· इति देवस्य प्राणप्रतिष्ठां
विधाय· मानसैः पूजयित्वा· पुष्पाञ्जलिं आवाह्य ध्यात्वा· योजनानां सहस्राणां पञ्चसप्ततिविशदं
वस्त्रं समन्ततः ··· मण्डपं ध्यायेत्
··· सम्यक् ··· महादेवपशुपतिमूर्तिदेवतां
तन्मध्ये परं पुनः चतुरस्रं ··· सिंहासनं परं ॥ तत्रासीनं महादेवपशुपतिमूर्तिदेवतां
तन्मध्ये परं पुनः ··· मुद्रापञ्चार्थविग्रहाणां वा ह
शुद्धस्फटिकधारिणां सुरपञ्चके ··· त्रिलोचनम्· मुद्रापञ्चार्थविग्रहाणां वा ह
शुद्धस्फटिकधारिणां सुर पञ्चके ··· व्याकुर्वन्तस्समस्तानि ब्रह्मतं यदि
गिरीशमप्रभम् ॥ ज्ञात्वा शक्तिदक्षिणे तु वामवाहु सुशोभितम् ॥ व्याकुर्वन्तः समस्तानि ब्रह्मतं यदि
साधनम्· धृतपुष्पागमकक्षं तु सर्वमोहप्रशासनं· कुशादि मुनिसुरैः ··· पाशि
भिः ··· वापिवामतः· ब्रह्मणा पद्मनाभेन नारदेनापि संयुतः ॥ पूर्वादिदिक्षु गुभः ॥ ६ ॥
सुरेभ्यो ··· दिक्षु ··· ॥ ··· विक्षिप्तं चिन्तयेच्छिवम् ॥ मीमांसा धर्मशास्त्रा



भ्यां प्राच्यादिदिशासु वेष्टितं ॥ इतिहासपुराणाभ्यां· याम्यादिदिशासु वेष्टितं ॥ पश्चिमतर्कविद्याभिः सर्वदा
परितोषितं ॥ पाद्यमानैस्तथा नित्यसुनरस्यास्तुवावृतं ॥ त्रयस्त्रिंशत्कोटिरुद्रा देवैस्सं वेष्टितप्रभुः ॥
यावन्तो वै तु रशस्य नित्य संयन्धनः सुराः ॥ त्रिशिखा चैव सहस्राणि ··· त्रिशिखा शतानि च ॥ तावद्भिर्वि
बुधैस्सार्धं ··· संयुतं ॥ एवं महादेवं पशुपतिमुमापतिम् ॥ भावयन्ति तद्भावं सर्वयत्नेन
··· रूपं ॥ ··· मस्तके· मानसैरुपचारैश्च जपेदष्टोत्तरशतं· जपं समर्प्य स्तुत्वा च· प्रणमेद्यो
ति मुद्रया· तस्मै समर्प्य स्वात्मानं· शिवैक्यं भावयेत् पुनः पुरश्चरणं कर्तावेत्· पञ्चलक्षं जपेत्क्रमात्· तद्दश
··· जपेन्मन्त्रि· पञ्चलक्षसहितः क्रमात्· ··· यावज्जीवं जपेन्मूलं तद्दशांशेन ति
लैः शुद्धैः गुह्याज्यक्षीरसंयुतैः पञ्चाक्षरादिने पीठे· ··· नैव पूजयेत्· उपचारैः षोडशभिः पाद्यादि प
रमेश्वरं अष्टपत्रं लिखेत् पद्मं· कर्णिकां केशरान्वितां· गुणावृत्तमहाविंब· चतुर्द्वारोपशोभितं· शिवयन्त्र
मिदं मध्ये प्रणवेन विराजितं· लिखित्वा विधिवत्तत्र· मूलेन कुसुमं न्यसेत्· स्वर्णपत्रे पञ्चलोहे स्थण्डिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


०पू ७॥
पंचचूर्णादिके लिखित्वा पुरतः स्थाप्य पूजयेज्जगदीश्वरं । तत्रादौ दक्षिणाग्रतः जलेन भूमिलिप्य तु तत्र
त्रिकोणवृत्तं चतुरस्रं मंडलं दर्भमूलेन निर्माय पात्राधारं मूलेन प्रक्षाल्य तत्र विधारयेत् त
दुपरि अर्घपात्रं अस्त्रमंत्रेण प्रक्षाल्य संस्थाप्य दर्भशुद्धकेन च आपूर्य तत्तीर्थमंत्रेण तीर्थ
मावाह्य जलेन प्रणवमुच्चार्य गंधपुष्पाणि क्षिप्य धेनुमुद्रां प्रदर्श्य अर्घविशेषस्थापनार्थं
स्ववामागुरुरुपलिप्य तत्र त्रिकोणवृत्तषट्कोणचतुरस्रमंडलं कृत्वा सामान्यार्घजलेन मालाधे
नुमुद्रां निर्माय तत्राङ्गमंत्रेण हृदयादिचतुर्कोणे षट्कोणमध्ये नेत्रं पूर्वादिचतुर्दिक्षु अ
स्त्रमिति क्रमेण मूलमंत्रागमं पत्रे नमोऽन्तैर्गंधाक्षतपुष्पैः संपूज्य मूलेन क्षालितं त्रियादिकात
त्रं संस्थाप्य ॐ मं वह्निमंडलाय दशकलात्मने श्रीपशुपतये विशेषार्घपात्रधारायै नमः ॥ इति
गंधादिभिः पात्राधारं संपूज्य अस्त्रमंत्रेण क्षालितं शंखपात्रं संस्थाप्य धारेण ॐ अं अर्कमंड राम:
लाय द्वादशकलात्मने श्रीपशुपतिप्रीत्यर्थं विशेषार्घपात्रधारायै नमः ॥ इति गंधादिभिः पात्र ॥७॥


संपूज्य मूलमुच्चार्य विलोमाः मातृकाः पठन् इडुस्थामृतापूरेण पूरयेत्ततः ॐ हूं सोममंडलाय षो
डशकलात्मने श्रीपशुपतये विशेषार्घामृतकलशाय नमः ॥ इति धेनुमुद्रया अमृतीकृत्य तत्र दे
वं ध्यात्वा आवाह्य गंधाक्षतेन नमः कलिकृत्या रेणुनालस्य दिग्बंधनं अग्निप्राकारं विधाय ग
गलनेत्रमंत्रेण निरीक्ष्य शंखमुद्रया अवगुण्ठ्य योनिमुद्रया उद्दिश्य मूलमुच्चार्य श्रीपशुपतये
नमः स्वं गंधादिभिरभ्यर्च्य गंधपुष्पादिधूपदीपादीनैवेद्यार्पितकस्तुतिनमस्कारश्रीशिवमुद्रां प्र
दर्श्य मत्स्यमुद्रां प्रदर्श्य मूलमंत्रं जपतस्सम र्शमृ स्मृत्वा दर्शपं दक्षिणपार्श्वे प्रोक्षणीपात्रं पात्र
संस्थाप्य तलेन पूर्यं विशेषार्घजलं किंचित् प्रोक्षणीजलेन संयोज्य सामान्यार्घजलेन ॐ क्रों किंचित्
क्षिप्य ततः प्रोक्षणीजलमादाय मूलमुच्चार्य अं आत्मतत्त्वाय नमः हूं विद्यातत्त्वाय नमः शिवतत्त्वा
य नमः ॥ इत्येतैर्मंत्रैरासनं क्षिप्त्वा संपोक्ष्य पूजाप्रकरणादिकमपि मंत्रोक्षततः आत्मपूजापकरणादिक
मपि सर्वां सच्चिदानंदरूपं विभाव्य कांस्यघंटास्थापनं कृत्वा द्वारमासाद्य वाससा गंधपुष्पाक्षतार्घतोयैः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प·पू· श्वपिशाक्षयेऽखंडपंजरं· ततो जलिदं ध्यायोदेयः पूजकः ध्यापि पूजाद्रव्याणि तज्जलं प्रशावुध्यात्मकेस
॥८॥ र्वान्तस्मै पूर्णात्मने नमः देवत्वाप्राक्कतं चिंतं पाकांतशून्यमम· तं निसाय चिंतामेन पापं फट्फट्फट्
तेनमः सूर्यः सोमः यमः काल· महाभूतानि पंच वस्तेशु भाशुभस्यह सैकसेरणा मम साक्षिणा इति
पठित्वा· हूं हूं सुं इत्येन पार्श्वद्वयं कुर्य्यात् धय निरिक्ष सुमनां भैवं गृत्ततत भैरवाज्ञां गृहीत्वा· शिवस्या
पिहरेर्वापि· सूर्य्यस्याग्रे गुरोर्यथा· दीपस्य ज्वलितस्यापि· संनिधानं प्रकल्पयेत्· इति दीपस्थानं वे
दानवेद्याखिलविश्वमूर्त्ते विधे विरूपाक्ष विधेहि शूलं· विश्वेश्वराय· विशेषाय भूतिक पाठ मुद्घाट
यकालकलाय कालाय इति कपाटमुद्घाट्य· द्वारस्य दक्षिणोत्तराभ्यां भीमसेनाय नमः कुबेराय न
मः शक्त्यै नमः॥ चित्तशक्त्यै नमः सुयशोदेव्यै नमः सर्वैश्वर्य्यै नमः इति अभ्यर्च्य द्वारश्रियै नमः देह
ल्यै नमः इति द्वारपूजा· देवस्य नैरृत्य· वास्तुपुरुषाय नमः बटुकभैरवाय नमः कामदेवाय नमः राम:
वृषभाय नमः इति वास्तुपुरुषगंधादिभिरभ्यर्च्य· व्याहृत्य निर्माल्यमपोह्य· उत्तरभागे· चंडेश्व ॥ ८·॥

राय नमः॥ इति निर्माल्यं समर्प्य· जलं दत्वा· आत्मपूजार्थं गंधपुष्पादि संपाद्य· श्वेतरक्त तुलसीदलचन्दन
मिश्रितं कराभ्यां गृहीत्वा· ॐ नमोस्तु स्थाणवे तुभ्यं ज्योतिर्लिंगात्मने नमः॥ वस्तुमूर्त्तिवपुस्थाय· आसि
गां पशंभवेत्· इति मंत्रमूलेन च· यदादिनाभ्यां तं इ पार्श्वयोः कराभ्यां व्यापकविधायाभ्यर्च्य· पूर्ववत्· श्वेत
रक्त करवीरपुष्पं गृहीत्वा नाभ्यादि कंठामस्यारा मूलमंत्राभ्यां … अभ्यर्च्य· पुनः पूर्ववत्· श्वेतरक्त· कमलकम
लद्वयं गृहीत्वा· कंठादि … अभ्यर्च्य· पुन सर्वं मिलितं गृहीत्वा· भ्रूमध्यादि रर्पयेत् तमभ्यर्च्य· आ
त्मनः सच्चिदानंदरूपं भावयित्वा आत्मार्चनं द्रव्यमवोक्ष्य· पूजापीठस्थानपीठं संपाद्य· अष्टपत्र गुरा
समशालिभिर्वीयिकल्पतरुभिः समावृतं मंडलं प्रतिविधाय शूलिनः पीठमंत्र नवशक्तिभिर्यजेत्· इत्थु
क्तप्रकारेण पीठद्वयं संपादयेत्· तत्प्रकार· मंडूकधाराय नमः॥ कालाग्निरुद्राय नमः॥ मूलप्रकृत्यै
नमः॥ आधारशक्त्यै नमः॥ बीं ॐ कूर्माय नमः॥ ॐ अनंताय नमः॥ वं वराहाय नमः॥ गं पृथिव्यै नमः॥ यं
अमृतार्णवाय नमः॥ लिं रत्नद्वीपाय नमः॥ यं कैलाशाय नमः॥ कुं वटवृक्षाय नमः॥ यं कल्पकोद्याना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


प·पू
॥ ९॥
यनमः॥ रंक्षइक्षलंअमृताब्धिमंडपायनमः॥ रत्नवेदिकायनमः॥ रत्नसिंहासनायनमः॥ श्वेतछ
त्रायनमः॥ इतिमंत्रैरुपर्युपरि· यंत्रमध्येसमर्च्य· ॐ धर्मायनमः॥ ज्ञानायनमः॥ वैराग्यायनमः
ऐश्वर्यायनमः॥ सिंहासनागतलेनाभ्यर्च्य· पुनधर्मायनमः॥ ॐ अज्ञानायनमः॥ अवैरा
ग्यायनमः॥ अनैश्वर्यायनमः॥ इति सिंहासनाग्रेष्वभ्यर्च्य· पद्मायनमः॥ आनंदकंदायन
मः॥ संविन्नालायनमः॥ ॐ प्रकृतिमयपत्रेभ्योनमः॥ विकारमयकेशरेभ्योनमः॥ पञ्चाशद्वर्णमय
कर्णिकायैनमः॥ इति सिंहासनमध्ये अर्च्य· अर्कमंडलायनमः॥ सोममंडलायनमः
वह्निमंडलायनमः॥ सत्वायनमः॥ रजसेनमः॥ तमसेनमः॥ आत्मनेनमः॥ अं
अंतरात्मनेनमः॥ परमात्मनेनमः॥ ज्ञानात्मनेनमः॥ इति मध्ये कर्णिकायामभ्यर्च्य· वामा
यैनमः॥ ज्येष्ठायैनमः॥ रौद्र्यैनमः॥ काल्यैनमः॥ कलविकरिण्यैनमः॥ बलविकरिण्यैनम रा·म·
बलप्रमथिन्यैनमः॥ ॐ सर्वभूतदमन्यैनमः॥ इतिमंत्रैः कमलस्य प्रागाद्यदलेषु केसराग्रे अर्च्य ॥९॥


मनोन्मन्यैनमः॥ इति कर्णिकामध्ये अर्च्य· ॐ नमो भगवते सदाशिवाय सकलगुणात्मशक्तियु
क्ताय अनंताय योगपीठात्मने नमः॥ इति मूलमंत्रोच्चारणपूर्वकं पीठस्य मध्ये मंत्रेण पीठनवशक्तिमध्ये
देवमामूर्तिं ध्यात्वा· श्रीपशुपत्यासनायनमः॥ इति पुष्पांजलिं दत्वा· श्रीपशुपतिमहं कल्पयामि नमः
अथ ध्यानं॥ पृथ्वीवेदनतः पुरंदामयं श्रीरुद्रसुक्तं नमः सामाम्नायस्त्वनुवाकमेनडुअयंप्राकारदेवालयं
गर्भागारस्थितप्रसन्नकमलं पंचाक्षरीमंत्रराट् तंत्रोपास्यतथास्थितो विजयते श्रीराजराजेश्वरः॥ इति
ध्यात्वा मूर्तिं आसनेपुष्पांजलिना प्रकल्प्य· श्रीपशुपतयेनमः॥ इति पुष्पं दत्वा ततः विशेषार्घ
सामान्यार्घयोर्मध्ये पाद्यार्घ्याचमनीयं मधुपर्कार्थ· पात्रचतुष्टयं· सामान्यार्घविधिना तत्तद्द्रव्यानि
तं संस्थाप्य· तत्तद्रूपा आवेष्टकं संपाद्य· विभावयेद्विधा· अथ तंत्रायतनक्रमात् देवं योगपीठादि पीठे
आग्नेयादि कोणचतुष्टये· सूर्यगणेशादिकान् विष्णुमन्त्रस्ये तत्तद्विधिनासंपूज्य· मध्ये पंचशोभनिर्मेय
दिवं श्रीपशुपतिपूजनम्॥ तद्दक्षिणे वामे· तत्पाग्नेये पृष्ठे तत्पूर्वेनैऋत्यां गणनायकं· वायव्यां मंथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्वान्नायेशौर्यानुसृत्यं प्रथानिप्रावीशामीवेदविदोवदंति· मध्येत्याथा पूज
प·पू कामीशोहरीश्वरपूजनेन· तत्रैव· यथैव भानुरुद्रयप्रथानिप्रावी॥ममोवेदविदोवदंति· मध्येतथापूजं
॥ १०॥ कपूज्ययोश्च सर्वागमज्ञाः प्रवदंति तांनु· इति यामलोक्तरीत्या· पूज्यपूजकयोर्मध्ये पूर्वमित्यभिधीय
प्राग्दक्षिणेप· नविज्ञेयाप्राच्याग्रयादिकल्पना· तत्रगणपत्यादिकमङ्गल्यकः पक्षः सूर्यादिकमङ्गल्य
परपक्षः पूर्वपक्षे गणेशेश्वर्यादिरीत्या आरभ्य प्राग्दक्षिणेन पूजयेत्॥ अग्नेयमारभ्येत्यपरमतं
मिथिचतुरायनं॥ अथमंत्रराजपशुपतिमर्चयेत्· तत्प्रकारः प्राणायाम्य· पृथिव्याः शुभेशो भनेत्तु
हूर्ते संवत्सरमासपक्षतिथिवारनक्षत्रयोगकरणानवग्रहान्ध्यानं तावधिवत्संकल्पंकुर्यात्· मूल
मेंमगमस्तथ्यादिकंन्यसेत् ध्यात्वा ध्यात्वात्मानंदेवदेवरूपं ज्योतिरूपं सनातनं· कराभ्यापुष्पाणि
दायतद्ध्यायेत्मानृकारुजं· ध्यात्वादेवं हृत्कमले· मानसैरुपचर्ययेच्च· ततः पुनर्विभाव्याथमूलाधारं
नयेत्पुनः॥ सुषुम्णायावब्रह्मरन्ध्रं सहस्रारशिरोंपुजे· नत्वाशिवनसंयोज्यललाटांतं· नयेत्पुनः॥ शम:
विविंत्यपूर्णेन्दुनिभंकरस्थपुष्पकासने आनीयनासरंध्रेणापशुपतिमूर्तिविहं· एह्येहिभ ॥ १०॥

गवन्देवलोकानुग्रहकारक· यज्ञभागंगृहाणत्वंदेवदेवनमोस्तुते· ॐ ॐ ॐ नमः स्वात्मानस्यमजं
शुद्धंत्वामद्यपरमेश्वरं· अरण्यामिहाव्याशंमूर्तावावाहयाम्यहं· ॐ सहस्रशीर्षा· दशांगुलं ॐ न
मो भगवते श्रीपशुपतये महेशधांप्रज्ञांप्रयच्छस्वाहा· ह्रीं ॐ भूरावाहयामि· आवाहितो भव· इ
त्यावाहनमुद्रांप्रदर्श्य· तवेयंमहिमामूर्तिस्तस्यां त्वांशंकर· प्रभो· भक्तिस्नेहसमाकृष्टो दीपवत्स्था
पयाम्यहं· इति स्थापितो भव· स्थापिनीमुद्रांप्रदर्श्य· सर्वान्तर्यामिनेदेवसर्ववीजमयं शुभं·
स्वात्मस्थायपरंशुद्धं· आसनंकल्पयाम्यहं· विधात्मनेनमस्तुभ्यं शंभवेसर्वजिष्णवे· रत्नसिंहा
सनंचारुदद्यामखिलेश्वर· पुरुषएवे· तिरोहित· ह्रौं ॐ भुवः मूलमुच्चार्य· आसनंसमर्पयामि
नमः इत्यासनमुद्रांप्रदर्श्य· अस्मिन्वीरासनेदेवसुखमास्वाक्षरात्मके· प्रतिष्ठितो भवास्मित्वंप्र
सीदपुरुषोत्तमः ॐ ह्रीं प्रतिष्ठापितो भवेति प्रतिष्ठापिनिमुद्रांप्रदर्श्य· अनन्यात्वदेवेशमूर्तिः
शक्तिरियंप्रभो· यावत्वांपूजयाम्यत्र तावत्संनिहितोभव· ॐ श्रीरविसान्निध्यमुद्रांप्रदर्श्य· आवाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प॰पू॰ नवेदेवेशकृपांशो धे गुणांबुधे। स्वात्मानंदैकतृप्तात्वां निहृणाम्प्रिपतंकुरो । ॐ नं इति सन्निधि
॥ ११ ॥ मुद्रां प्रदर्श्य । दृष्ट्वापीयूषवर्षिणापूरयत्यज्ञ विश्वं मूर्त्तौ वायज्ञसंपूर्ण स्थिरो भव महेश्वरः ॐ
यं नमः इति स्थिरीकरमुद्रां प्रदर्श्य । यस्य दर्शनमिच्छंति देवस्याभीष्टसिद्धये । तस्मै ते परमेशाय
स्वागतं प्रभो स्वागतं ते प्रसीद मिति स्वागतमुद्रां प्रदर्श्य अज्ञानाद्यप्रमादाद्वा वैकल्यात्साधन
स्य वा । यथा पूर्णं भवेत्कृत्यं तथाप्यभिमुखो भव । ॐ फट् नमः इति अभिमुखीकरणमुद्रां प्रदर्श्य
अभक्त्या वाज्ञानचक्षुः श्रोत्रदूरमितद्युते । त्वमेनः शंभवेत्तस्मै पाद्यं शुद्धाय कल्प्यते । एतावानस्य
मृतंदिवि ॐ शुंसुधः ॥ मूलमुच्चार्य । पाद्यमिदं नमः इति श्यामाकदूर्वापद्मविराजितान्वितं जलं पा
दयोर्दत्त्वा । तापत्रयहरं दिव्यं परमानंदलक्षणं । तापत्रयविनिर्मुक्तं तवार्घं कल्पयाम्यहं । शिवा
दूर्वा शंनेश्रभि ॐ तं ॐ महः मूलमुच्चार्य । अर्घ्यमिदं ते नमः इति गंधपुष्पाक्षतयवकुशाग्रति राम
लसर्षपदूर्वाजलानि देवस्य पशुपतेः शिरसि दत्त्वा । देवानां देवतात्मने । श्रीचमनं कल्पयामि शशुद्धा ॥ ११ ॥

नां शुद्धिहेतवे । ततो विगड मथो पुरः मूलमुच्चार्य । ॐ वं नमः ॥ एतेन आचमनीयं नमः इति जाति
फलं लवंगतंवोल चूर्णं सहितानि जलानि मुखे दत्त्वा । सर्वशाकलुष्यहानाय परिपूर्णसुखात्मने
मधुपर्कमिदं देव कल्पयामि प्रसीद मे । एषेत मधुपर्कं नमः इति । दधिमधुक्षीरघृताशर्कराइति
इति पंचवर्गः ॥ मधुपर्कं कुर्ध्व मुखं दत्त्वा । पुनराचमनीयं न इति कवलोदकं दत्त्वा । ततः देवस्य स्नानार्थं देव
सिंहासनात्स्नानशालां पादुकांयां नीत्वा । तत्र सिंहासने संस्थाप्य केशप्रसाधनांगमर्दनं चंपकादितैला
भ्यंगं जंबीररसचूर्णादिलेपनं पंचगव्यपंचामृतस्नानं इक्षुसारनारिकेलोदक कर्पूरोदकस्नानं कुंकु
मानुलेपन गंधोदकं तैलाभ्यंगनामं पंचाशद्गणपूरणं अनुलोमविलोम पंचब्रह्ममंत्रैः स्नापयित्वा पन
मंत्रैः पूर्णकलशस्नानं धवधारीयित्वा । परमानंदबोधाब्धिनिमग्ननिजमूर्त्तये सांगोपांगमिदं स्नानं कल्प
यामि शंभपुनः ॥ इति वारिणादकं चतुर्वारं मार्जयेत् । तत्पुरुषाय शरद्धिदः ॥ ॐ नमपनः मूलमुच्चार्य । पु
नराचमनं दत्त्वा । मायाचित्रपटच्छन्ननिजगुह्योरुतेजसे ॥ निरावरणविज्ञानवाससे कल्पयाम्यहं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तंयशं·समपयथ्येय·मूलमुच्चार्य·वस्त्रमिदंतेनमः॥यमाश्रित्यमहामायाजगत्संमोहिनीस्थिता·
तस्मैतेपरमेशायकल्याणमुत्तरीयकं॥मूलमुच्चार्य·उत्तरीयमिदंतेनमः॥यस्यशक्तित्रयेणेदंसं
प॰पू॰ ॥१२॥ प्रोतमखिलंजगत्॥यज्ञसूत्रायतस्मैतेयज्ञसूत्रंप्रकल्पयेत्॥तस्माद्यज्ञा॰ग्राम्याश्चये·ॐ
तत्सवितुर्वरेण्यं·मूलमुच्चार्य·इदंयज्ञोपवीतंस्वभावसुन्दरांगायनानाशक्त्याश्रयायते·भूष
णानिविचित्राणिकल्याणान्यर्पितानि·किरीटायकेयूरायहारायकालायनमः·अंगदेभ्योह
स्तस्फाटिकेभ्योकरभूषणेभ्योऽंगुलीयकेभ्योकर्णकुण्डलेभ्योकर्णावतंसेभ्यः·सुवर्णक
टिसूत्रायपादकटकाभ्यांनूपुराभ्यां·पादांगुलीभ्यःकंठहारकेभ्योनमइति·भूषणानिसमर्प्य·
येदेवमस्तानानंतरंसांगंसदाशिवान्तसमस्तमहिमंत्रणलानंवस्त्रंभूषणानिधानेषेर्विभाव्य·आ शि॰म॰
यश्रावरणपूजांकरिष्ये·अंनमः·मंनमः·ॐनमोस्तुस्थाणुभूतायज्योतिर्लिंगामृतात्मने·चतु ॥१२॥
मूर्तिवपुस्यायआक्षितांगायशर्मणे·मूलमुच्चार्य·अर्घ्यादकं·षडंगंन्यासंकुर्यात्·द्वात्रिंशन्मुद्रा

प्रदर्श्य·त्रिवारंमूलेनांजलिंदत्वा·हंसमंत्रेणासौहमितिभाव्य·परिवारार्चनंकुर्यात्·ईंह्रांईशानमू
र्ध्नेनमः॥ॐह्रींतत्पुरुषवक्त्रायनमः॥ॐह्रूंअघोरहृदयायनमः॥ॐह्रैंवामदेवगुह्यायनमः
ॐह्रौंसद्योजातायवक्त्रेनमः॥ॐह्रैंनिधनपतयेनमः॥ॐह्रौंकुर्वायनमः॥ॐह्रूंहृदयाय
नमः॥ॐनरनाथायनमः॥ॐनंपशुपहारायनमः॥ॐमंप्रीतायनमः॥ॐयंपुराणपुरुषाय
नमः॥ॐवंबालप्रियायनमः॥ॐतंफ्रेंफ्रैंफ्रौंशब्दपरायणायनमः॥ॐशंब्रह्मभेदिनेनमः॥
ॐषंपक्षीन्द्रवाहनायनमः॥ॐफणिविद्यायनमः॥ॐलंबुद्धिशालिनेनमः॥ॐक्षंभीमभ
यायनमः॥ॐसंश्रींवश्रींताद्रुवायनमः॥ॐऔंशिवलिंगायनमः॥इतिकांस्यहृद्धृत्तत्वा
पादिन्यस्य·ईशानायऊर्ध्ववक्त्रायनमः॥तत्पुरुषायपूर्ववक्त्रायनमः॥ॐअघोरायदक्षिणामु
खायनमः॥ॐवामदेवायउत्तरमुखायनमः॥सद्योजातायपश्चिममुखायनमः॥इतिपंचवक्त्रे
षुक्रमेणविन्यस्य·षडंगेहृदयादिस्थानेषुविन्यस्य·ज्ञानमुद्रायहस्तायरत्नमालायहस्ताय·वी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प.पू. ॥७३॥ शाखारायहस्ताय पुस्तकहस्ताय नम इति नन्दकेश्वरं अर्च्य· ॐ ईं वामे उमायै नमः॥ ॐ ईं शिवसी
गंगायै नमः॥ ॐ अं इति सर्वत्र मनुपुटित प्रणवमंत्रैः तन्तन्ध्याने भुजलं दत्वा अघोरेशानादिचतु
र्मुखयदिक्षु क्रमेणापुरतो नेत्रं परितोस्त्रमिति प्रथमावरणं॥ नमो स्तस्या गुरुमूर्ताय आनिलि
गाम्रतात्मने· चतुर्मूर्त्तिवपुस्थाय भासितांगाय शंभवे· इति प्रथमावरणं॥ स्वरदंडाष्टकेन अ
ष्टदले लिंगमुद्रां प्रदर्श्य· क्रमेणाद्वितीयावरणं॥ ॐ अं सरस्वत्यै नमः॥ ॐ सं ब्रह्मणे नम
ॐ सं सनकाय नमः॥ ॐ लं सनन्दनाय नमः॥ ॐ ऋं सनत्कुमाराय नमः॥ ॐ ऋं शुकाय
नमः॥ ॐ औं वेदव्यासाय नमः॥ ॐ अं शिवलिंगाय नमः॥ ॐ अः दिव्याय नमः॥ ॐ कं श्म
शानाय नमः॥ ॐ खं भवानि भूपति भद्राय नमः॥ ॐ गं भस्मासुरप्रियाय नमः॥ ॐ घं घ्रांतामांताय
नमः॥ ॐ ङं बालचंद्रप्रियाय नमः॥ ॐ चं छंधी अजन संतुष्टाय नमः॥ ॐ छं नरवर्याय नमः॥ राम:
ॐ जं नानामंत्रहस्ताय नमः॥ ॐ झं महादेवाय नमः॥ ॐ ञं महेशाय नमः॥ ॐ टं माधव ॥७३।

प्रियाय नमः॥ ॐ ठं मारिहरोम दनहृदयाय नमः॥ ॐ डं मधुपुष्पप्रियाय नमः॥ ॐ ढं श्रीं श्रीमप
शुपतिनाथाय नमः॥ ॐ णं यतियज्ञपरायणाय नमः॥ नम इति अष्टदलाने षु क्रमेण पूजयेत्
इति द्वितीयावरणं· निर्वाणमुद्रां प्रदर्श्य· अथ तृतीयावरणं· ॐ तं नागेन्द्रहाराय नमः॥ ॐ थं प
ञ्चकल्पप्रियाय नमः॥ ॐ देवामंदिराय नमः॥ ॐ धं रामानंदमयाय नमः॥ ॐ थं लोलाक्षानाथाय
नमः॥ ॐ नं यक्षाय यक्षप्रियाय नमः॥ ॐ पं रामोराजीवलोचनाय नमः॥ ॐ फं गन्धर्वगोप्रियाय नमः
ॐ बं लक्ष्मंतजपप्रियाय नमः॥ ॐ भं वीरमार्गाय नमः॥ ॐ यं वीरवर्पराय नमः॥ ॐ यं सर
पर्दिने आय नमः॥ ॐ रं शशांकमौलि शंनाय नमः॥ ॐ लं सहजानंदनाथाय नमः॥ ॐ वं सर्वेशा
स्त्रहराय नमः॥ ॐ शं शचीपतिः शक्रपूज्याय नमः॥ ॐ षं वरामुरपः पद्मजठराय नमः॥ ॐ हं भुक्रपू
ज्याय नमः॥ ॐ ळं सिद्धिमार्गप्रवर्तकाय नमः॥ ॐ क्षं सुराराध्याय नमः॥ ॐ सुवर्णलिंगाय नमः॥
ॐ ह्रौं पिनाकिने नमः॥ ॐ ह्रैं शाश्वतनिजावासाय नमः॥ इति चतुर्दशदिक्षु क्रमेणाविन्यस्य सं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूज्य· ज्ञानमुद्रां प्रदर्श्य· इति तृतीयावरणं ॥ अथ चतुर्थावरणम् ॥ ॐ ह्रीँ पार्वत्यै नमः ॥ ॐ श्रीं सुभगायै
प·पू नमः ॥ ॐ ऐं भद्रायै नमः ॥ ॐ क्लीं श्रुतायै नमः ॥ ॐ लँ शान्त्यै नमः ॥ ॐ यः कार्यै नमः ॥ ॐ वं कात्यै नमः
॥१४॥ ॐ रं विश्वमायै नमः ॥ अष्टदलाद्बहिः प्रागादिक्रमेणाष्टतोः शक्तिः पूजयित्वा ॥ इति चतुर्थावरणम्
ॐ अम्
नवमुद्रां प्रदर्श्य· अथ पंचमावरणम् ॥ ॐ इन्द्रादिदेवाधिपतये नमः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ अग्न
येतेजोधिपतये नमः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ मायोप्रताधिपतये नमः ॥ ॐ निऋतये नमः ॥ ॐ रक्षो
धिपतये नमः ॥ ॐ वरुणाय जलाधिपतये नमः ॥ ॐ वायवे प्राणाधिपतये नमः ॥ ॐ हर हरणेपा हरा
त्मकाय नमः ॥ ॐ ह्रीं क्लीं श्रृं हर क्लीं हिविवेनमः ॥ ॐ कारजपसंगुद्धाय नमः ॥ ॐ ह्रैं बीजजपविहिता
य नमः ॥ ॐ हरताय नमः ॥ ॐ हालाशब्दपरायणाय नमः ॥ ॐ सेमंकरप्रियाय नमः ॥ ॐ सकारवी
अनिलयाय नमः ॥ ॐ हुं ध्वरदक्षनाय नमः ॥ ॐ उकारउकारगर्भस्थाय नमः ॥ ॐ मकारवर्णभूषा रा·म·
ढ्याय नमः ॥ ॐ एकारगर्भस्थेवाय नमः ॥ ॐ ऐं बीजजपतत्पराय नमः ॥ ॐ ओंकारपीठनिलयाय नमः ॥१४॥

ॐ थं क्षितोक्षिमणवर्णाय नमः ॥ ॐ सोमाय नक्षत्राधिपतये नमः ॥ ॐ ईशानाय ज्ञानाधिपतये न
मः ॥ ॐ रुद्रपरिषदे नमः ॥ ॐ शिवाय नमः ॥ ॐ रुद्राय नमः ॥ ॐ संमृत्युंजयाय नमः ॥ ॐ सिंम्ह
डाय नमः ॥ ॐ वं स्वनधाय नमः ॥ ॐ थं श्री पशुपतये नमः ॥ इति भूपुरद्वंद्वमध्ये प्रागाद्यष्टदिक्षु
द्रुमपश्च संपूज्य· वज्राय नमः ॥ शक्तये नमः ॥ दंडाय नमः ॥ खड्गाय नमः ॥ पाशाय नमः ॥ अंकुशाय
नमः ॥ गदायै नमः ॥ त्रिशूलाय नमः ॥ चक्राय नमः ॥ पद्माय नमः ॥ इत्येषां इन्द्रादीनां नम इति आ
युधानि संपूज्य· निर्माल्यासने चंडीश्वराय नमः ॥ इत्येशानकोणे स्वर्ण्ये· समस्तदेवदेवेशसर्वत
प्तिकरं परम्· अखंडानंदसंपूर्णं गृहाण जलमुत्तमम् ॥ ॐ नमो स्थाणुभूताय ज्योतिर्लिंगामृ
तात्मने· चतुर्मूर्तिवपुस्थाय भासितांगाय शंभवे· मूलमुद्धार्थ· इदं जलं तेन नमः ॥ परमानंद· सौभा
ग्यपुरापुरादिगंतर· गृहाण परमं गंधं कृपया परमेश्वर· तस्मा घजा· वजायत· इत्यावरणपूजा· भर्गो
देवस्य धीमहि· अयं गंधस्तेनमः ॥ तुरीयवनसंभूतं नानागुणमनोहरं ॥ आनन्दसौरभं पुष्पं गृ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प॰ पू
॥१५॥
घ्राणमिदमुत्तमम्॥ तस्मादश्वा अजायन्त॥ धियो यो नः प्रचोदयात्· मूलमुच्चार्य सहस्रनामपुरस्कृ
दशाङ्गिपुष्पासितेन नमः॥ वनस्पतिरसोद्भूतो दिव्यो गन्धाढ्यो गन्धमुत्तमम्· आघ्रेयः सर्वदेवानां धूपोऽयं प्र
तिगृह्यतां॥ यत्पुरुषं पादाउद्यतेः ॐ श्रीपशुपतये मूलमुच्चार्य· अयं धूपस्तेन नमः॥ सुप्रकाशो महादीप
सर्वतस्तिमिरापहः॥ सबाह्याभ्यन्तरं ज्योतिर्दीपोऽयं प्रतिगृह्यताम्॥ ब्राह्मणोस्य· अजायत॥ ॐ
ज्योतिं मूलमुच्चार्य अयं दीपस्तेन नमः॥ अरजउपाधये स्थूलविराट्शरीराय विश्ववैश्वानरात्मने
सर्वजगत्सृष्टिब्रह्मणो सरस्वतीसहिताय सर्वज्ञाय सदात्मने असंगाखण्डसंविदे परमेश्वराय परमा
त्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ उं सत्वोपाधये सूक्ष्महिरण्यगर्भशरीराय· तैजससूत्रात्म
ने सवाहनाय सपरिवाराय नमः॥ ॐ मं तमउपाधये सुषुप्तिज्ञानशरीराय प्राज्ञेश्वरात्मने सर्वजग
त्संहर्त्रे सदाशिवाय उमासहिताय सर्वेश्वराय विदानंदात्मने असंगापरोक्षसंविदे परमेश्वराय पर राम
मात्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ ॐ ॐ गुणासंघोपाधये स्यूतव्याकृतशरीराय परब्र ॥१५

ह्मात्मने सर्वोत्पत्तिसंहर्त्रे सर्वेश्वराय मूलप्रकृतिमायासहिताय सर्वज्ञाय परानंदचिदात्मने असं
गाखण्डद्वयपरोक्षसंविदे परमेश्वराय परमात्मने सवाहनाय सपरिवाराय नमः॥ ॐ ॐ ॐ ॐ ॐ
निष्प्रपंचनिर्गुणाय शिवाशरीराय अनंगाप्रपंगाद्वयस्वभावभासितसकलस्थाय संगासंगभे
दायसंगखंडापरोक्षाय सदानंदचिदात्मने सर्वोपाधिरहिताखिलानर्थैद्वैताय निरालंबन विषा
यहीनमहोदयाय परमेश्वराय परमात्मने सवाहनाय सपरिवाराय नमः॥ इति निरवंधमंत्रैः
देवेशं पुष्पांजलिं दत्वा· ततः नैवेद्यार्थे आवरणदेवतानां समुद्रतरंगवत्परमेश्वरे रोकं विभा
व्य· देवं जलगंधादिभिरभ्यर्च्य· देवस्य पुरतः जलेन संप्रोक्ष्य तत्र चतुरस्रत्रिकोणायद्वारां विलि
ख्य वह्निमंडलं विभाव्य तत्र नैवेद्यपात्रं संस्थाप्य· पात्रे सूर्यमंडलं विभाव्य तत्पात्रे रसोपस्क
रं कृत्वा दिभेदेन अन्नत्रयं संपाद्य देवं च विग्रह· तदभिमानितत्पक्षभेदेन त्रिविधं संपाद्य अन्न
त्रयं मूलमंत्राभिमंत्रितेन जलेन संप्रोक्ष्य· करतलद्वयेयं अभिमतिवायव्यानियोज्य विलिख्यता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प. ५. ॥१६॥

ध्यांकरांभ्यांतदन्नंपरिपशन्विभाव्यसुरभिमुद्राःप्रदर्श्य· अमृतोऽद्भवेअमृतेश्वरिअमृतवर्षि
णिअमृतंश्रावयश्रावयअमृतजितायस्वाहा· अपमृतेनश्वरिमंत्रेणअमृतीकृत्य·सत्यंत्वर्तेनत्वं
परिषिंचामीति·अमृतोपस्तरणमसिस्वाहा· इतिजलंदत्वा·स्वाजिह्वयेनमर्शनदेवस्वजि
ह्वांविस्तार्यश्रद्धोपरिपुष्पंदत्वा· करद्वयेनपुष्पाणिगृहीत्वादेवोपरिपुष्पमर्प्य पुनःपु
ष्पाणिगृहीत्वा·वामकरेकचमुद्राविधायदक्षिणकरेप्राणादिमुद्राप्रदर्श्यनिवेदयामिअ
गवन्सुधारोदंहविर्हरतत्पात्रंविद्धविहोरम्यविविधानेकभूषणांनिवेदयामि·देवेशक्षानुगा
यगृहाणतदमपात्रस्थितंदिव्यंपरमानंदसुस्मृतं·पंचधाषड्रसोपेतंगृहाणपरमेश्वर· म
हारचितपात्रस्थंदिव्यषड्रससंयुतं· नानाभक्षैर्युतंस्निग्धंबहुशाकसमन्वितं· अन्नंचतुर्वि
धंदद्यात्पावाहपानीयसंयुतं· नैवेद्यंदेवदेवस्यसर्पयेत्कंकरस्तथ· चन्द्रमामनसःरजायतः
ॐरसःमूलस्वार्थ्यःप्राणायस्वाहेत्यादिपंचाहुतिर्दत्वा ॐभूःस्वाहाः ॐभुवःस्वाहाॐ रामः ॥१६॥

सुवःस्वाहा·ॐभूर्भुवःस्वाहा·ॐभूर्भुवःसुवःस्वाहा·इतिपंचवारंनिवेद्यास्वामिसुखसंतुष्टहृदयंविभा
व्यस्त्राभीष्टवितसुद्यादिकंसंप्रार्थ्य· अमृतामिधानमसीतिपुनर्जलंदत्वा·नैवेद्यनिमाल्यासनेचं
डिकेश्वरायनमइतिईशानकोणेसमर्प्य· हस्तप्रक्षालनार्थंजलंस्वादुप्रदीयतां·मुखप्रक्षालनमिदंप
दप्रक्षालनंपुनःगंडूषमिदंदन्तधावनंमार्जनंवरंमुखस्यवासनमिदंपानीयमिदमुत्तमं· पूगीफ
लसमायुक्तंनागवल्लिदलैर्युतं·कर्पूरचूर्णसंयुक्तंतांबूलंप्रतिगृह्यतां·नाभ्याआसीत्·अकल्पय
न्·मूलंसुधार्थ्य·तांबूलमिदंतेनमः॥तांबूलंसमर्प्य· नाभ्यःसंस्मृतागेनोप्राणायस्वाहेत्यादिपंचाभिः
पंचाहुतिर्दत्वा·षडंगमंत्रैःषडंगुल्यान्·नदशकौहोमसंख्याद्विगुणांजपेत्·पुनराचमनंदत्वा·नी
राजनंदत्वा·वेदछत्रंचामरंव्यजनंआदर्शनंनृत्यगीतवाद्यानिप्रत्येकंसमर्प्य·पुनर्देवस्यावरणंश्रीच
क्रविधिंनयेत्॥ ॥श्रीचक्रंलिखेत्॥ तत्रकेशरेणस्वर्णविलिप्तसुवर्णादिपात्रेरक्तचंदनीपीठे
नासिंदूरवेदिकायांवासुवर्णादिशिलाकयाश्रीचक्रंलिखेत्॥ विंदुत्रिकोणवसुकोणदशारयुग्मम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प. पू
॥ ७७ ॥

न्वसनागदलसंयुक्तषोडशारं दृत्तत्रयं च धरणीसदनत्रयं च श्रीचक्रमेतदुदितं परदेवतायाः॥ इत्युद्
र॥ श्रिङ्कवास्थापयेत् शंखोदकेन प्रोक्षस्थापयित्वा पीठपूजामारभेत्। ४ मंमंडकायनमः॥ ४
कंकालाग्निरुद्राय० ४ प्रकृत्यैनमः॥ ४ आधारशक्त्यै० ४ कुं कूर्मायनमः॥ ४ अं अनंतायनमः
वंवराहायनमः ४ सुधासिंधवेनमः ४ रत्नद्वीपायनमः ४ कल्पकोद्यानायनमः ४ चिंतामणिमंडपा
यनमः ४ श्वेतछत्रायनमः ४ रत्नवेदिकायनमः॥ मध्ये पूजयित्वा। ४ धर्माय। ४ ज्ञानाय। ४ वैराग्या
य। ४ ऐश्वर्याय। आग्नेयनिर्ऋतिवायव्येशानेषु क्रमेण पूजयेत्। ४ अधर्मायनमः ४ अज्ञाना
य। ४ अवैराग्याय। ४ प्रकृतिमयपत्रेभ्यो। ४ विकारमयकेशरेभ्यो ४ कर्णिकायै। ४ अर्कमंडला
य। ४ सोममंडलाय। ४ वह्निमंडलाय। सत्वाय ४ रजसे। ४ तमसे। ४ आत्मने। ४ अंतरात्मने। ४ ८
ज्ञानात्मने। ४ आत्मतत्वाय। ४ विद्यातत्वाय। ४ कलातत्वाय। ४ व्योमतत्वाय। इति मध्ये। ४ ब्र
ह्मणे। विष्णवे। ४ रुद्राय। ४ ईश्वराय। ईशानाग्नियमसुरवायव्यांतं चतुरः पादेषु पूजयेत्। ४ सदा राम.
॥ ७७ ॥

शिवायनमः ४ अमृतांभोधिनिधये। ४ नानावृक्षमहोद्यानाय। ४ संतानवाटिकायै। ४ कल्पवा
टिकायै। ४ हरिचंदनवाटिकायै। ४ पुष्परागरत्नप्राकाराय। ४ गोमेदकरत्नप्राकाराय। ४ वैडूर्यर
त्नप्राकाराय। ४ इन्द्रनीलरत्नप्राकाराय। मुक्ताफलरत्नप्राकाराय। ४ मरकतरत्नप्राकाराय।
४ विद्रुमरत्नप्राकाराय। ४ माणिक्यमंडपाय। ४ सहस्रदलस्तंभमंडपाय। ४ अमृतवाटिका
यै। ४ आनंदवाटिकायै। ४ विमर्शवाटिकायै। ४ बालातपोद्गाराय। ४ चन्द्रोद्गाराय। ४ महाशृंगा
रपरिखायै। ४ महापद्माटव्यै। ४ चिंतामणिगृहराजाय। ४ पूर्वाम्नायपूर्वद्वाराय। ४ दक्षिणा
म्नायदक्षिणद्वाराय। ४ पश्चिमाम्नायपश्चिमद्वाराय। ४ उत्तराम्नायउत्तरद्वाराय। ४ महामरकतमय
वेदिकायै। ४ रत्नप्रदीपवलयाय। ४ महासिंहासनाय। ४ ब्रह्ममयैकमंचपाय। ४ विष्णुमयैकमं
चपाय। ४ रुद्रमयैकमंचपाय। ४ ईश्वरमयैकमंचपाय। ४ सदाशिवफलकाय। ४ हंसतूलिकायै
४ कौसुंभास्तरणाय। ४ महोपधाने। ४ महाप्रेतपद्मासनाय। मध्ये। त्रिपुरायै। ४ त्रिपुरांबायै। ४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प०पू ॥१८॥ त्रिपुरेश्वर्यै॰ ४ त्रिपुरसुंदर्यै॰ ४ त्रिपुरवासिन्यै॰ ४ त्रिपुरश्रियै॰ ४ त्रिपुरमालिन्यै॰ ४ त्रिपुरासिद्धा
यै॰ त्रिपुराम्बे॰ ४ श्रीमहात्रिपुरसुंदर्यै॰ इति नवचक्रेषु त्रैलोक्यमोहनादि पूजयेत्॰ ४ गणपति
नाथमातर्यवाश्रियेनमः ४ सुंदर्यंबाश्री॰ ४ सुमुख्यंबाश्री॰ ४ विरूपांबाश्री॰ ४ विमलांबाश्री
४ अंतर्यंबाश्री॰ ४ पुरंदर्यंबाश्री॰ ४ पुष्पमर्दिन्यंबाश्री॰ इति पीठशक्तिः पूर्वाद्यष्टदिक्षुम
ध्येच पूजयेत्॰ ततो योनिमुद्रां प्रदर्श्य॰ परिवारार्चनमारभेत्॰ ४ त्रैलोक्यमोहनचक्रायनमः॥ ४
प्रकटयोगिनीभ्यो॰ बाह्ये चतुरस्ररेखायां॰ ४ अणिमासिद्धिश्री॰ पश्चिमद्वारे॰ ४ लघिमासिद्धिश्री॰
उत्तरद्वारे॰ ४ महिमासिद्धिश्री॰ पूर्वद्वारे॥ ईशित्वासिद्धिश्री॰ दक्षिणद्वारे॥ वशित्वासिद्धिश्री॰ वा
यव्ये॥ प्राकाम्यसिद्धिश्री॰ ईशाने॥ ४ भुक्तिसिद्धिश्री॰ आग्नेये॥ इच्छासिद्धिश्री॰ नैरृत्यां॥ ४
प्राप्तिसिद्धिश्री॰ निरृतिपश्चिमयोरंतराले॥ ४ सर्वकामसिद्धिश्री॰ ईशानानलयोरंतराले॰ म
ध्येच॰ ४ चतुरस्ररेखायैनमः ४ अंसितांगभैरवश्री॰ ४ ब्रह्माण्यंबाश्री॰ ४ इंरुरुभैरवश्री॰ माहे ए.न: ॥१८॥

श्वर्यंबाश्री॰ ४ कौमार्यंबाश्री॰ ४ क्रोधभैरवश्री॰ ४ वैष्णव्यंबाश्री॰ ४ लंउन्मत्तभैरवश्री॰
४ वाराह्यंबाश्री॰ ४ कपालभैरवश्री॰ ४ ऐंइन्द्राण्यंबाश्री॰ ४ भीषणभैरवश्री॰ ४ औंचामु
ण्डाश्री॰ ४ अंसंहारभैरवश्री॰ ४ अः महालक्ष्म्यंबाश्री॰ इति पूर्वदक्षिणपश्चिमादिनिऋत्यं
तं संपूज्य॥ अथ चतुरस्ररेखायैनमः॥ ४ द्रां सर्वसंक्षोभिणीमुद्रायैनमः ४ द्रीं सर्वविद्रा
विणीमुद्रायै॰ ४ क्लीं सर्वाकर्षिणीमुद्रायै॰ ४ ब्लूं सर्ववशंकरीमुद्रायै॰ ४ सः सर्वोन्मादिनि
मुद्रायै॰ ४ क्रों सर्वमहांकुशमुद्रायै॰ ४ ह्स्खफ्रें सर्वखेचरीमुद्रायै॰ ४ ह्सौः सर्वबीजमुद्रादेव्यै
४ ऐं सर्वयोनिमुद्रायै॰ ४ ह्स्रैं ह्स्क्लीं ह्स्त्रौः सर्व त्रिखंडमुद्रायै॰ इति नवमुद्रादेवता आग्नेया
दिवायव्यपश्चिमादितः पूज्य॰ ४ अं आं सौः त्रिपुराकलाचक्रे चर्यैस्वाहा॰ इति चक्रेश्वरीं सर्वकामसि
द्ध्यर्थं दक्षिणतः किंचिद्दूरेसंपूज्य॰ ४ द्रां सर्वसंक्षोभिणीमुद्राश्री॰ ४ इति चक्रेश्वरीवाम
भागे पूजयेत्॥ ४ अणिमासिद्धिश्री॰ दक्षिणतः पूजयेत्॥ चक्रेश्वर्यावामतो मुद्रादवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प·पु·
॥१९॥

रात: सिद्धिं संपूजयेत् ॥ अथमेवक्रम: ॥ सर्वावरणासमाप्तो जेय: ॥ मूलेन त्रिवारं देवीं संपूज्य
संतर्प्य· एता: प्रकटयोगिन्य: त्रैलोक्यमोहनचक्रे समुद्रा: ससिद्धय: सपरिवारा: सायुधा: सा
लंकारा: पूजितास्तर्पिता: संतु: इति सर्वसंक्षोभिणी मुद्रा: प्रदर्श्य· अभिष्टसिद्धिं मे देहि हि पूर्वे दे
व पूजिते: भक्त्या समर्पये तुभ्यं प्रथमावरणार्चनमिति प्रथमावरणाम् ॥ अथ द्वितीयावरणा· ४
सर्वाशापूरकचक्राय नम: ४ गुप्तयोगिनीभ्यो· ४ षोडशदलपद्माय· ४ अं कामाकर्षिरांपश्री·
४ आं नित्याकर्षिरांपवाश्री०४ इं बुध्याकर्षिरांपवाश्री· ४ ईं अहंकाराकर्षिरांपवाश्री· ४ उं शब्दा
कर्षिरांपवाश्री· ४ ऊं स्पर्शाकर्षिरांपवाश्री· ४ ऋं रूपाकर्षिरांपवाश्री· ४ ॠं रसाकर्षिरांपवाश्री
४ ऌं गंधाकर्षिरांपवाश्री· ४ ॡं चित्ताकर्षिरांपवाश्री· ४ एं धैर्याकर्षिरांपवाश्री· ४ ऐं स्मृत्याक
र्षिरांपवाश्री· ४ ओं नामाकर्षिरांपवाश्री· ४ औं बीजाकर्षिरांपवाश्री· ४ अं आत्माकर्षिरांपवाश्री· ४ रामः
अ: अमृताकर्षिरांपवाश्री· ४ शरीराकर्षिरांपवाश्री· एता: पश्चिमादारभ्य वामावर्तेन षोडशदलानि संपूजयेत् ॥ ॥१९॥

ऐं क्लीं सौ: त्रिपुरेश्वरीचक्रेश्वर्यं पवाश्री· ॥ वामत: द्रां द्रीं सर्वविद्रावणी पाश्री· ४ लघिमासिद्धिं पवाश्री· ॥
मूलेन त्रिबिंदौ प्रधानदेवता: ॥ संपूज्य· संतर्प्य· योनिमुद्रां प्रदर्श्य· पुष्पांजलिं दत्वा· अभिष्टसिद्धिं ॥
द्वितीयावरणार्चनमिति द्वितीयावरणाम् ॥ अथ तृतीयावरणाम्· ४ सर्वसंक्षोभणचक्राय नम:
४ अष्टदलपद्माय नम: ४ गुप्ततरयोगिनीभ्यो नम: ४ कं ५ अनंगकुसुमापाश्री· ४ चं ५ अनंगमे
खलांपाश्री· ४ टं ५ अनंगमदनांपाश्री· ४ तं ५ अनंगमदनातुरापाश्री· ४ पं ५ अनंगरेखापाश्री
४ यं ४ अनंगवेगिन्यंपाश्री· ४ शं अनंगांकुशांपाश्री· ४ लं क्षं अनंगमालिन्यंपाश्री· एता: पूर्व
दक्षिणपश्चिमोत्तर आग्नेयनिर्ऋतिवायव्येशानदलेषु प्रादक्षिण्येन पूजयेत् ॥ ईशानदलेषु
ह्रीं क्लीं सौ: त्रिपुरसुंदरी चक्रेश्वर्यंपवाश्री· वामत: क्लीं सर्वकर्षिणीपाश्री· ४ महिमासिद्धिंपवाश्री·
मूलेन त्रिबिंदौ प्रधानदेवता: पुन: संपूज्य मूलेन संतर्प्य· योनिमुद्रां प्रदर्श्य· अभीष्टसिद्धिं० तृती
यावरणार्चनमिति तृतीयावरणाम् ॥ अथ चतुर्थावरणाम् ॥ ४ सर्वसौभाग्यदायकचक्राय नम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१·पू· ४ चतुर्दशारचक्राय· ४ संप्रदाययोगिनीभ्यो· ४ कं सर्वसंक्षोभिणीशक्त्यम्बाश्री· ४ खं सर्वविद्रा
॥२०॥ विणीशक्त्यम्बाश्री· ४ गं सर्वाकर्षिणीशक्त्यम्बाश्री· ४ घं सर्वाह्लादनकारिणीशक्त्यम्बाश्री· ४ ङं
सर्वसम्मोहिनिशक्त्यम्बाश्री· ४ चं सर्वस्तम्भिनिशक्त्यम्बाश्री· ४ छं सर्वोन्मादिनिशक्त्यम्बाश्री· ४ टं सर्वा
र्थसाधिनिशक्त्यम्बाश्री· ४ ठं सर्वाशापूरिणीशक्त्यम्बाश्री· ४ डं सर्वमन्त्रशक्त्यम्बाश्री· ४ ढं सर्वद्वंद्वक्ष
यंकरीशक्त्यम्बाश्री· एताः पश्चिमादिविलोमेन निशम्पोताः पूज्याः ॥ ततैवः ह्रैं ह्क्लीं ह्सौः त्रिपु
रवासिनिचक्रे श्वर्यम्बाश्री· ४ ह्स्रूं सर्ववस्यकरिमुद्राम्बाश्री· ४ ···शिन्याः सिद्धाम्बाश्री· मूलेन देवीं
त्रिवारं संतर्प्य· सर्ववस्यकरिमुद्रां प्रदर्श्य· पुष्पांजलिं दत्वा· अभीष्टसिद्धिं· चतुर्थावरणार्चना
र्पितचतुर्थावरणाम् ॥ ४ सर्वार्थसाधकचक्रायनमः ४ बाह्यदशारचक्राय· ४ कुलकौल
योगिनीभ्यो· ४ णं सर्वसिद्धिप्रदाम्बाश्री· ४ तं सर्वसम्पत्प्रदाम्बाश्री· ४ थं सर्वप्रियंकार्यम्बाश्री· ४ रा·म·
दं सर्वमंगलकारिणीशम्बाश्री· धं सर्वकामप्रदाम्बाश्री ४ नं सर्वदुःखविमोचन्यम्बाश्री· ४ पं स ॥२०॥

र्वमृत्युप्रशमन्यम्बाश्री· ४ फं सर्वविघ्ननिवारिण्यम्बाश्री· ४ बं सर्वांगसुंदर्यम्बाश्री· ४ भं सर्वसौभा
ग्यदायिन्यम्बाश्री· एताः पश्चिमादिविलोमेन बहिर्दशारे पूज्याः ॥ ह्रैं ह्क्लीं ह्सौः त्रिपुराश्रीचक्रे
श्वर्यम्बाश्री· ४ सः सर्वोन्मादिनिमुद्राम्बाश्री· ४ बसिन्या सिद्धाम्बाश्री· मूलेन देवीं त्रिवारं संतर्प्य·
सर्वोन्मादिनमुद्रां प्रदर्श्य· एताः कुलकौलयोगिन्यः सर्वार्थसाधकचक्रे समुद्राः सिद्धाः पुनः पुनर्मू
लेन देवीं त्रिवारं संतर्प्य· अभिष्टसिद्धिं· पंचमावरणार्चनेनार्पित पंचमावरणाम् ॥ अथ षष्ठमावर
णम् ॥ ४ सर्वरक्षचक्रायनमः ॥ अंतर्दशारचक्राय· ४ निगर्भयोगिनीभ्यो· ४ मं सर्वज्ञाम्बाश्री·
४ यं सर्वशक्त्यम्बाश्री· ४ रं सर्वैश्वर्यप्रदाम्बाश्री· ४ लं सर्वज्ञानमय्यम्बाश्री· ४ वं सर्वव्याधिविना
शिन्यम्बाश्री· ४ शं सर्वाधारस्वरूपाम्बाश्री· ४ षं सर्वपापहराम्बाश्री· ४ सं सर्वानंदमय्यम्बाश्री·
हं सर्वरक्षाकरस्वरूपिण्यम्बाश्री· ४ क्षं सर्वेप्सितफलप्रदाम्बाश्री· एताः पश्चिमकारपादारभ्य निश्च
म्पेनांतरे संपूज्य· ४ ह्रीं क्लीं ब्लूं त्रिपुरमालिन्यम्बाश्री· ४ क्रौं सर्वमहांकुशमुद्राम्बाश्री· ४ प्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प.पू. ॥ २१ ॥

कास्यसिद्धिप्रदायी· मूलेन विंदो संतर्प्य सर्वमहांकुशमुद्रां प्रदर्श्य· एताः निगर्भे योनिस्थाः सर्वर
क्षाकरचक्रे समुद्राइत्यादि पुनर्मूलेन विंदो मूलदेवीं त्रिवारं संतर्प्य योनिमुद्रां प्रदर्श्य· पुष्पा
ञ्जलिं दत्वा· अभीष्टसिद्धिं· षष्ठमावरणार्चनं [illegible] आवरणम् ॥ अथ सप्तमावरणम् ॥
४ सर्वरोगहरचक्राय नमः ४ अष्टदलचक्राय· ४ रहस्ययोगिनीभ्यो· ४ अं १६।४ ग्लूं वशि
नि वाग्देवताश्रि· ४ कं सर्वेश्वरी वामेश्वरी वाग्देवताश्रि· ४ [illegible] मोदिनी वाग्देवताश्रि· ४ टं
५ स्लूं विमला वाग्देवताश्री· तं स्त्रीं अरुणा वाग्देवताश्रि· ४ पं [illegible] जयिनी वाग्देवता
श्री· ४ यं ४ ह्लूं सर्वेश्वरी वाग्देवताश्री· ४ शं ६ स्स्रौं [illegible] देवताश्रि· एताः अष्ट
रश्मि मादिविलोमेन पूजयेत्· निरुत्तरस्तलेत्रीं [illegible] सिद्धि [illegible] चक्रेश्वर्यं वाश्री॥
स्रौं सर्वखेचरीमुद्राश्रि· ४ भुक्तिसिद्धिप्रदायी· मूले [illegible] मूलदेवीं त्रिवारं संपूज्य सं
तर्प्य खेचरीमुद्रां प्रदर्श्य पुष्पाञ्जलिं विंदो दत्वा· [illegible] सर्वरोगहरचक्र

राम ॥ २१।

समुद्राइत्यादि· पुनर्मूलदेवीं त्रिवारं संतर्प्य योनिमुद्रां प्रदर्श्य· अभीष्टसिद्धिं· सप्तमावरणार्चन
मिति सप्तमावरणम्· अथाष्टमावरणम्· ४ अष्टकोणाग्नि [illegible] देवताभ्यो· ४ द्रां द्रीं
क्लीं ब्लूं सः यां रां लां वां शां अं यशोम्यः कामेश्वरवाणेभ्यो· ४ [illegible] कामेश्वरचापाय
श्री· ४।१० ओं ह्रीं आकर्षणाय कामेश्वरकामेश्वरी पाशाय [illegible] कामेश्वरकामे
श्वरी अंकुशाय· इति त्रिकोणावाहो देव्या वामदक्षिणाके [illegible] धारपुधाष्टकं पूजये
त्· अमुकायुधदेवतां पादुकां पूजयामि तर्पयामि नमः इति सर्वे [illegible] नवमावरणचक्रे श्रीचक्रनामा
भगवान्· ४ सर्वसिद्धिप्रदचक्राय· अंतस्त्रिकोणाय· ४ अ [illegible] योगिनीभ्यो· ४ ऐं अग्निचक्रे
कामगिरिपीठे मीशानाथरुद्रात्मशक्ति· महाकामेश्वर्यंबा [illegible] जालंधरपीठे ष
ष्ठीशानंदनाथात्मके विष्ण्वात्मशक्ति महावज्रेश्वर्यंबाश्रि· [illegible] पूर्णागिरिपीठे उड्डीश
नाथात्मिके· ब्रह्मात्मशक्ति भगमालिन्यंबाश्रि· इतिप [illegible] रामध्ये त्रिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प.पू. ॥२२॥

शास्य पूजयेत्। ईशानकोणे। ऐं ह्रीं श्रीं ह्स्रैं ह्स्क्ल्रीं त्रिपुरावाचक्रेश्वर्य [illegible] ऐं पूजयेत्। ह्स्रौः सर्वबीज
मुद्रां वाग्नि० ४ इच्छासिद्धं वाग्नि० बीजमुद्रा प्रदर्श्य। मूलेन त्रिवार [illegible] वारं सन्तर्प्य। योनिमुद्रां प्रद
र्श्य। अणिमा सिद्धिं० अष्टमावरणार्चनमिति अष्टमावरणम्॥ अथ नवमावरणम्॥ ४ सर्वान
न्दमय। चक्राय नमः वैन्दवचक्राय नमः ४ परापर रहस्ययोगि[illegible] मूलमुच्चार्य। ४ ब्रह्मचक्रे
उड्याणपीठ चर्यानन्दनाथात्मके परब्रह्मशक्ति श्री महात्रिपुरसुन्दरी [illegible] सम्पूज्य। ऐं क्लीं सौः
महात्रिपुरसुन्दर्यम्बा चक्रेश्वर्यम्बाश्री। सन्तर्प्य योनिमुद्रां प्रदर्श्य। [illegible] परापरातिरहस्ययोगिनी
सर्वानन्दमये महाचक्रे वैन्दवे परब्रह्मस्वरूपिणी परामृतशक्ति [illegible] सर्वेश्वरी सर्वयन्त्रेश्वरी
सर्वमन्त्रेश्वरी। सर्वयोगीश्वरी सर्वपीठेश्वरी जगदुत्पत्तिस्थिति [illegible] सचक्राः समन्त्राः ससिद्ध
यः समुद्राः सायुधाः सपरिवाराः सवाहनाः सालङ्काराः सर्वोप[illegible]पूजिताः तर्पिताः सन्तु पुनर्मू
लेन मूलदेवीं त्रिवारं सन्तर्प्य। योनिमुद्रां प्रदर्श्य। अणिमासिद्धि [illegible] त्रिपुरदेवी पूजिते। मन्त्या

प.क. ॥२२॥



समर्पये नु [illegible] नवमावरणार्चनमिति नवमावरणम्। ततो [illegible] आग्नेय
४ पां योगिनीभ्यो० स्वाहा कलयोगिनीभ्यो चक्रेश्वरी भ्यो० [illegible] कोणे। महागणप
तिमन्त्रेण ४ गणपतिनाथाम्बा० वक्रवायव्यकोणे। ४ [illegible] पाल नाथश्री० चक्रे
ईशानकोणे। ४ सर्वानन्दमये वैन्दवे परब्रह्मस्वरूपिणी परा[illegible] पुनर्देवं
मावरणं विधिवत् सपरिवारं पुष्पाञ्जलिना समभ्यर्च्य। पुष्प [illegible] सांगानि
य। सनो [illegible] विचित्रानेक रूपेण संस्थिता [illegible] दत्ता।
[illegible] मयाप्रभो। सुबुध्या [illegible] ध्यात्मा महात्म
नः अहङ्कारो जगन्वेन। न कुर्वेहमर्पयात्मने। इन्द्रियाणी [illegible] पतः॥ मन
प्रग्रहरूपेण [illegible] मयाकृतं [illegible] शरीरञ्चावय
विशेषसमर्पणे [illegible] पुनरपि [illegible] गलितं दत्वा प्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प.पू. कृत्वा परसिद्धये · प्रदक्षिणां करोमीश प्रसीद परमेश्वर समस्तस्यमन् · पशूनां प्रलय मूलं च इति प्र
॥२३॥ दक्षिणां कृत्वा · सप्राकराभ्यां नेत्राभ्यां करभ्यां उरसा मनसा गिरा · शिरसा वा हृन्मूलाभ्यां प्रणा
मो ऽष्टांगई रितः ॥ इत्युक्तप्रकारेण द्वादश वा षट् प्रणम्य · ततः निर्माल्यं मस्तके धार्यं सर्वांगे
चानुलेपनं · नैवेद्यं चोपभुंजीत दत्वा · तच्छक्तिशालिने · अर्घोदकं चरजलं पीत्वा मूलेन
धारयेत् · अभिमंत्रितगंधेन भालेतिलकमाचरेत् ॥ विभूतिधारणं वा गंदेवोद्दसनः पु
रः भक्त्या संग्रहणं कुर्य्यात् देवेनोक्षासिते सति · उच्छिष्टकृते यस्मात् अंड भस्म प्रजायते धा
यत्वसंग्रहितवचनात् ॥ आगमे चिंतामणौ · हरिरूपं गुरवे नाम नैवेद्यमुदरे ददौ · अंगे तद
गपुष्पादि यस्यासौ मुक्त एव सः ॥ अथ प्राणायामत्रयं कृत्वा · मनसि नियम्य · धारयेत् ॥
मूलमंत्रस्य ऋष्यादिकरषडंगन्यासं कृत्वा ध्यात्वा · श्रीपशुपतिं हृदि संपूज्य प्रणमेत् ॥ अक्ष पम:
माला करे धृत्वा · दशसहस्रं जपेन्मनुं त्रिशतं वा जपेन्मंत्रं रात्र मष्टोत्तरं सुधीः ॥ यथाशक्ति ज ॥२३॥

पं कुर्यात् · जपं कृत्वा समर्पयेत् · गुह्यातिगुह्यगोप्ता त्वं गृहाणास्मत्कृतं जपं · सिद्धिर्भवतु मे देव
त्वत्प्रसादान्महेश्वर · इति कृतं जपं समर्प्य · वैदिकपौराणिकतांत्रिकैर्वा स्तवैः शिवं स्तुत्वा चे मूले
न वा नत्वा प्रणम्य · यदुक्तं भक्त्या मा भेदेन पत्रं पुष्पं फलं निवेदितं नैवेद्यं च गृहाण सुमुखो भव · अ
पूर्वं प्राणबुद्ध्यादिदेहधर्माधिकारतः मनसा वाचा कर्मणा · हस्ताभ्यां पद्भ्यामुदरेण शिश्ना
मयाय · यदुक्तं यत्स्मृतं यत्कृतं तत्सर्वं ब्रह्मार्पणं भवतु स्वाहा · मां मदीयं च सकलं महात्मने वा
श्रीपशुपतये स्वाहा · समर्पयामि स्वाहा · ॐ तत्सद्ब्रह्मार्पणमस्तु · इति समर्पणं यथोक्तं
कृत्वा · बहुमूलनिवासाय नमो ऽस्त्वादिचिंतनं · वा पापप्रोहसाधने वाल स्वापि महाद्भुतं ·
इति पुनः पुनर्नमस्कृत्य · स्वपरिवाराय देवाय प्रगृहीत पुष्पांजलिः प्रसन्न पूजां कृत्वा ·
परिवाराणां देवेन · संहृत्य विभाव्य · शंकरम् अध्यास्य तन्मायं आनितं केशवोपरि · अंगलग्नं
मनुष्याणां प्रलय हत्वा पुत्रं दहेत् · अनया नाम परिसंप्रोक्ष्य · पाद्यमन्यायनम · इति संरक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ष्टांगं चपुष्पादिभिरर्घ्यं · प्राणायम्य · हृदयादिषडंगन्यास · गुरुमंत्रदेवतानांत्वात्मन्यैं
प·पू· क्यंविभाव्य · ॐ नमोऽस्तु स्थाणुभूताय ज्योतिर्लिंगामृतात्मने · चतुर्मूर्तिवपुस्थाय भासि
॥२४॥ तांगाय शंभवे · येन नयन संविदेवा: ॐ भूर्भुवः स्वरोम् ॐ नमो भगवते श्रीपशुपतये
मद्युंमेधाप्रज्ञां प्रयच्छ स्वाहा · इति निर्वाणमुद्रां प्रदर्श्य यस्य स्मृत्या च नामोक्त्या तपो
यज्ञक्रियादिषु · न्यूनं संपूर्णतां याति · श्रीपशुपतिदेवतार्पणमस्तु ॥ ॥ इति श्रीम
च्छंकराचार्यविरचिते सकलागमसारसंग्रहे श्रीपशुपतिपूजापद्धतिः समाप्ता ॥ ॥
अथ सायंसंध्यायां आरात्रिकदानक्रमः ॥ प्रोक्षणीपात्रे · शंखेनार्घत्रयदानम् · तत
ईशानवक्त्रं संपूज्यापाद्य धूपदीपनैवेद्यानि दत्वा सपुष्पाक्षतशंखोदकं हस्तेन गृही
त्वा प्रोक्षणीपात्रे वारत्रयं प्रक्षिप्य ॥ ॥ शुभम् ॥ ॥ ॥ ॥ समः ॥ २४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची- ३

पाशुपतदीक्षा

– रथी धनशमशेर ज.ब.रा.

पाशुपतदीक्षाका तीन क्रम अथवा सिँढी हुन्छन् । तीमध्ये सर्वप्रथम षडक्षरमन्त्रको* लघुपाशुपतदीक्षा जसलाई पाशुपतास्त्र पनि भन्दछन्, त्यसपछि एकादशाक्षरी मध्यम पाशुपतदीक्षा र त्यसपछि ब्रह्मगायत्री मिश्रित र व्याहृतिपुटित एकोनचत्वारिंशदक्षरी महापाशुपतदीक्षा हुन्छन् । यिनमा मन्त्रकै अनुसार ध्यान वा रूप पनि फरकफरक तीनै थरीका हुन्छन् । तीमध्ये लघुपाशुपतरूप पशुपतिको ध्यान यो हो-

"मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्वलम् ।
त्र्यक्षं पन्नगभूषणं शिखिसखाश्मश्रुस्फुरन्मूर्धजम् ॥
हस्ताब्जैस्त्रिशिखं समुद्गरमसिं शक्तिं दधानं विभुम् ।
द्रंष्ट्राभीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥"

अन्वयः- "मध्याह्नार्कसमप्रभम् शशिधरं भीमाट्टहासोज्ज्वलम् त्र्यक्षं पन्नगभूषणं शिखिसखाश्मश्रुस्फुरन्मूर्धजम् त्रिशिखं समुद्गरं असिं शक्तिं हस्तैः दधानं दंष्ट्राभीमचतुर्मुखं विभुं दिव्यास्त्ररूपं पशुपतिं स्मरेत् ।"

व्याख्यार्थ- मध्याह्नार्क समप्रभम्= मध्याह्नकालका सूर्यझैँ कान्ति भएका; निर्गुणार्थमा, सूर्य मध्याह्नकालमा अति प्रचण्ड हुनाले यस पदबाट अति प्रचण्ड र यो संहार मूर्ति हुँदा संहार गर्नमा तत्पर भन्ने पनि बुझिन्छ किनभने यो मन्त्र नादसूचक, फडन्त छ। शशिधरं=चन्द्रमा पहिरिएका; निर्गुणार्थमा, यो संहार मूर्ति हुँदा यहाँ चन्द्रमा भन्नाले अमृत न सम्झी नाद भन्ने सम्झनुपर्दा यस पदबाट रावस्वरूपी भन्ने सम्झनुपर्छ। भीमाट्टहासोज्ज्वलम्= डरलाग्दो गरी खित्का छोडेर हाँसिरहेका; निर्गुणार्थमा, परमान्दरूपी । त्र्यक्षं= तीन नेत्र भएका; निर्गुणार्थमा तीन बिन्दुको समष्टिरूपी । पन्नगभूषणं= सर्पको गहना पहिरिएका; निर्गुणार्थमा विषरूप नै सर्प हुनाले यस पदबाट सबै किसिमका विषयहरूलाई कब्जामा राखेका भन्ने बुझिन्छ। शिखिसखाश्मश्रुस्फूरन्मूर्धजम्= माथमाथि शिखारूप जुरो

---

* श्रीमच्छङ्कराचार्यविरचितम्- श्रीपशुपतिपूजाविधानम् (यसै ग्रन्थको अनुसूची- २, पृष्ठ ९१२) मा सप्ताक्षरी पाइन्त लघुपाशुपतमन्त्र उल्लेख छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र ओठमाथि जुँगा भएका; निर्गुणार्थमा जुरो स्त्रीसूचक र जुँगा पुंसूचक हुनाले यस पदबाट प्रकृतिपुरुषात्मकरूप भन्ने बुझिन्छ। त्रिशिखं, समुद्गरं, असिं, शक्तिं हस्तैर्दधानं= त्रिशिख, मुङ्ग्रो, तरवार र शक्ति चार बाहुमा धारण गरेका; निर्गुणार्थमा त्रिविधोत्पातनाशक सूचक त्रिशिख, सङ्कल्पविकल्पात्मक सूचक मुद्गर, विजयसूचक तरवार अनि बलसूचक शक्ति चार आत्मासूचक चार बाहुमा धारण भएबाट ती सबैलाई आफ्नै आत्मामा विलीन गराएर तद्रूप भएका भन्ने बुझिन्छ। दंष्ट्राभीमचतुर्मुखं= दाह्रा निक्लेको भयङ्कर चारमुख भएका; निर्गुणार्थमा सत्त्वगुणसूचक दाह्रा, ब्रह्मसूचक भयङ्कर अनि परा, पश्यन्ती, मध्यमा र वैखरी यति चार वाणीसूचक चारमुखले युक्त भएको हुनाले यस पदबाट सत्त्वगुणात्मक नादब्रह्मरूप भन्ने बुझिन्छ। विभुं = सर्वव्यापी, दिव्यास्त्ररूपं= दिव्य अस्त्ररूप भएका, पशुपतिं भजे= पशुपतिलाई भज्दछु। यो पशुपतिको तामसी ध्यान अर्थात् रूप हो। अब मध्यम पाशुपतरूप पशुपतिको ध्यान यो हो-

ध्यायेत् पशुपतिं सम्यङ् मन्त्री चैकाग्रमानसः।
पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनम्॥
अग्निज्वालानिभं श्मश्रुसंयुतं भीमदंष्ट्रकम्।
खड्गबाणानक्षशूलं शक्तिं परशुमेव च॥
दधानं दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतो गुरुम्।
खेटचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक्॥
वामहस्तैश्च बिभ्राणं मध्याह्नार्कसमप्रभम्।
नानाभरणसंदीप्तं पन्नगेन्द्रैरलंकृतम्॥
स्फटिकौघनिभं शान्तं सर्वरक्षाकरं स्मरेत्॥

अन्वयः- "पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनं अग्निज्वालानिभं श्मश्रुसंयुतं भीमदंष्ट्रं खड्गबाणानक्षशूलं शक्तिं परशुमेव च दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतः दधानं खेटचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक् वामहस्तैः च बिभ्राणं मध्याह्नार्कसमप्रभम् नानाभरणसंदीप्तं पन्नगेन्द्रैरलंकृतं पशुपतिं मन्त्री सम्यक् एकाग्रमानसो ध्यायेत्। सर्वरक्षाकरं (तं) स्फटिकौघनिभं शान्तं स्मरेत्।"

व्याख्यार्थ- पञ्चवक्त्रं= पाँच मुख भएका; निर्गुणार्थमा पञ्चतत्त्वात्मक। दशभुजं= दशबाहु भएका; निर्गुणार्थमा दशै दिशामा व्याप्त भएको आत्मारूपी। प्रतिवक्त्रत्रिलोचनं= हरेक मुखमा तीन तीन नेत्र भएका; निर्गुणार्थमा मैले रचेको "निगमागमवैज्ञानिकसार" को षष्ठ पटलमा चर्चा भएझैँ पाँचै प्रकारको बिन्दुत्रयसमष्टिरूपी र कसैको मतमा पन्ध्र गुण हुँदा तन्मात्रारूपी पनि भन्दछन्। अग्निज्वालानिभं= आगोको ज्वालाझैँ लालवर्ण भएका, निर्गुणार्थमा प्रकाशरूपी। श्मश्रुसंयुतं= जुँगा भएका; निर्गुणार्थमा पूं अर्थात् विकर्षणात्मकरूपी। भीमदंष्ट्रयुक्= भयङ्कर दाह्रा भएका; निर्गुणार्थमा सत्त्वगुणात्मक। खड्गबाणानक्षशूलं शक्तिं परशुमेव च दक्षिणैर्हस्तैरूर्ध्वादि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमतः दधानं= खड्ग, पञ्चबाण, नबिग्रने भाला, शक्ति अनि बञ्चरो दाहिने पङ्क्तिको माथिल्लो बाहुदेखि क्रमैले धारणा गरेका; निर्गुणार्थमा सिद्धि सूचक खड्ग, जृम्भणसूचक पञ्चबाण, वायव्यपात अर्थात् हावाको वेगसूचक भाला, बलसूचक शक्ति अनि आग्नेयताप अर्थात् तातो रापसूचक बञ्चरो आत्माको प्रकाशांश सूचक दक्ष बाहुमा धारण भएबाट पूर्वोक्त पाँच प्रकारका प्रकाशात्मकरूपी। खेटचापौ कुण्डिकां च त्रिशूलं ब्रह्मदण्डयुक् वामहस्तैः च विभ्राणं= ढाल, धनुः, कमण्डलु, त्रिशूल अनि ब्रह्मदण्ड वाम बाहुमा धारण गरेका; निर्गुणार्थमा रक्षासूचक ढाल, सम्मोहनसूचक धनु, तृप्तिसूचक कमण्डलु, त्रिविधोत्पातनाशकसूचक त्रिशूल अनि ब्रह्माण्डको परिवर्तनसूचक ब्रह्मदण्ड, आत्माको विमर्शांशसूचक वाम बाहुमा धारण भएबाट पूर्वोक्त पाँच प्रकारका विमर्शात्मकरूपी। मध्याह्नार्कसमप्रभं= मध्याह्नकालका सूर्यझैं कान्ति भएका; निर्गुणार्थमा माथि बताएझैं संहारात्मक हुँदा तमोगुणात्मक। नानाभरणसंदीप्तं= नानातरहको गहनागुरुवा पहिरिएर उज्यालो भएका; निर्गुणार्थमा रजोगुणात्मक। पन्नगेन्द्रैरलंकृतं= नागहरूका गहना पहिरिएका; निर्गुणार्थमा विषलाई कब्जामा राखेका। पशुपतिं मन्त्री सम्यक् एकाग्रमानसोः ध्यायेत्= मन्त्रजापकले एकाग्रचित्त भएर पशुपतिलाई ध्यान गरोस्। सर्वरक्षाकरं= सबैलाई रक्षा गर्ने। शान्तं= शान्तरूपी। स्फटिकौघनिभं= स्फटिकझैं कञ्चन अर्थात् सेतो वर्ण भएका। स्मरेत्= सम्झनू।

यो पशुपतिको त्रिगुणात्मक ध्यान हो। पछिल्लो पादको मतलब दुःखदारिद्र्यादि र ग्रहपीडादि नाशका लागि मध्याह्नार्कझैं गाढा रातो वर्णका तमोगुणी, वैभव, ऐश्वर्य र ख्याति इत्यादिका लागि अग्निज्वालाझैं सुनौला वर्णका रजोगुणी अनि सबै रक्षा र शान्त्यादि कर्मका लागि स्फटिकझैं सेतो वर्णका सत्त्वगुणी पूर्वोक्त रूपको ध्यान हुन्छ भन्ने हो। अब महापाशुपतरूप पशुपतिको ध्यान यस्तो हुन्छ –

सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम्।
उत्तप्तहेमसंकाशं त्रिकोणोपरि संस्थितम्॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम्।
दक्षिणे भैरवास्यञ्च श्यामंदंष्ट्रांकुरान्वितम्॥
क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम्।
उत्तरे वदनं गौरं गौरीशङ्कररूपकम्॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रं त्रिलोचनम्।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम्।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्ज्वलाननम्॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतम्।
नानारत्नोज्ज्वलाङ्गञ्च मुण्डमालाविभूषणम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिल्वपत्रमयीमालामापादान्तावलम्बितम् ।
दक्षिणैर्वेददोदण्डैरभीतिदानमुत्तमम् ॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम् ।
एवमष्टभुजं देवं सदा षोडशवार्षिकम् ॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरि स्थितम् ।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥

अन्वय- "सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलं उत्तप्तहेमसंकाशं त्रिकोणोपरि संस्थितं पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यं, दक्षिणे श्यामं दंष्ट्रांकुरान्वितं भैरवास्यं, पश्चिमाननं क्षीरकुन्देन्दुधवलं कात्मकं, उत्तरे गौरीशङ्कररूपकं गौरवदनं जटाजूटं, चन्द्रचूडं, प्रतिवक्त्रं त्रिलोचनम्, ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे विभुं परब्रह्मात्मकं श्रीचक्रराजचिह्नं, नाभौ प्रोज्ज्वलाननं कालाग्निरुद्राख्यवदनं पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतं नानारत्नोज्ज्वलाङ्गं च मुण्डमालाविभूषणम् बिल्वपत्रमयीमालां आपादान्तावलम्बितम् दक्षिणैर्वेददोर्दण्डै अभीतिदानं उत्तमम् चतुर्भिर्वामहस्तैः वरदं दधतं शिवं एवं अष्टभुजं सदा षोडशवार्षिकं देवं खगान्तरे शून्यमध्ये शून्यपद्मोपरि स्थितं सच्चिदानन्दलक्षणम् पशुपतिं ध्यायेत् ।"

व्याख्यार्थ- सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलं= कोटिसूर्यभैँ प्रकाशमान र कोटिचन्द्रभैँ शीतल, निर्गुणार्थमा, अग्नीषोमात्मकं जगत्, भन्ने वचनानुसार **जगत्स्वरूपी** भन्ने बुझिन्छ। उत्तप्तहेमसंकाशं= तताएको सुनभैँ वर्ण भएका, निर्गुणार्थमा, **तप्त** भन्दा मूलप्रकृति, सूचक हुनाले यस पदबाट **ह्री** भन्ने र **हेम** अर्थात् सुन ऐश्वर्यसूचक हुँदा यस पदबाट **श्री** भन्ने बुझिएकोले **ह्रीश्री** अर्थात **ह्रीस्सी** रूप भन्ने बुझिन्छ। त्रिकोणोपरिसंस्थितं= त्रिकोणाकार यन्त्रमाथि बसेका, निर्गुणार्थमा संवित्सूचक त्रिकोणमाथि बसेका हुनाले कामकलाको बैन्दवावस्था संवित्रूप त्रिकोणको माझमा **मिश्रबिन्दु** रहने हुनाले यस पदबाट **मिश्रबिन्दु** भन्ने बुझिन आयो । मिश्रबिन्दु सूर्यरूप हुनाले र कालात्मा दिनकृत भन्ने शास्त्रोक्ति हुनाले यस पदबाट कालात्मारूपी भन्ने बुझिन्छ। पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम्= पूर्वमा तताएको सुनभैँ वर्ण भएको शान्त विष्णुरूपी मुहार, निगुर्णार्थमा, हिस्सीरूप सत्त्वगुणात्मक मुख । दक्षिणे श्यामं दंष्ट्रांकुरान्वितम् भैरवास्यं= दक्षिणमा श्यामवर्ण भएको दाह्रा निस्किएको भैरवरूपी मुहार, निर्गुणार्थमा, अन्धकाररूप तमोगुणी मुहार। पश्चिमाननं क्षीरकुन्देन्दुधवलं= पश्चिममा दूध, चन्द्र र कुन्दपुष्पभैँ सेतो ब्रह्माको रूप भएको मुहार, निर्गुणार्थमा क्षीरकुन्देन्दुरूपी प्रकाशात्मक रजोगुणी मुहार। उत्तरे गौरीशङ्कररूपकं गौरवदनम्= उत्तरमा शिवशक्त्यात्मक गोरो मुहार, निर्गुणार्थमा गुणातीत मुहार। जटाजूटं= माथमा जुरो बाँधेका, निर्गुणार्थमा सबै प्रपञ्चलाई बाँधेर आफ्नो अधीनमा राखेका। चन्द्रचूडं= माथमा चन्द्रमा पहिरिएका, निगुर्णार्थमा बिन्दुत्रयसमष्टिरूपी। ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे विभुं परब्रह्मात्मकं श्रीचक्रराजचिह्नं= माथितिर बत्तीको शिखाभैँ ज्योतिर्मय मुहार र त्यसभित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीयन्त्रको चिह्न भएको, निर्गुणार्थमा अनन्त ब्रह्माण्डरूप श्रीयन्त्रलाई आफ्नो भित्र राखेर सर्व साक्षी भइरहेका। नाभौ प्रोज्ज्वलाननं= कालाग्निरुद्रात्मक मुहार, निर्गुणार्थमा पनि सोही बुझिन्छ। पन्नगाभरणोपेतं= नागको गहना पहिरिएका, निर्गुणार्थमा विषलाई आफ्नो कब्जामा राखेका। रुद्राक्षैः समलङ्कृतं= रुद्राक्षको गहना पहिरिएका निर्गुणार्थमा पापनाशक सूचक रुद्राक्षको गहना पहिरिएकोले सबै पापनाशकरूपी। नानारत्नोज्ज्वलाङ्गं= अनेक तरहका गहनागुरुवा पहिरिएका, निर्गुणार्थमा रत्नको गहना राजाको चिह्न हुनाले जगत्को मालिक। मुण्डमालाविभूषणं= मुण्डमाला पहिरिएका, निर्गुणार्थमा विचारविवेकरूपी। बिल्वपत्रमयीमालां आपादान्तावलम्बितम्= बेलपत्रको माला पाउसम्म पहिरिएका, निर्गुणार्थमा, रोगनाशक सूचक बेलपत्र धारण भएकोले सकलरोगनाशक। दक्षिणैः वेददोर्दण्डैः अभीतिदानमुत्तमं= दाहिने चार बाहुमा अभयमुद्रा धारण गरेका, निर्गुणार्थमा, चार आत्माको प्रकाशांशबाट अभय दिने। वाम हस्तैः वरदं दधतं= बायाँ चार बाहुमा वरदमुद्रा धारण गरेका, निर्गुणार्थमा चार आत्माको विमर्शांशबाट वरदान दिने। शिवं= शिवरूप, निर्गुणार्थमा कल्याणरूपी। एवं अष्टभुजं= यसप्रकारका आठ बाहु भएका निर्गुणार्थमा चारै आत्माका अ, र हले युक्त भएका अर्थात् "अहं" याने "म" भन्ने स्मरण गराउने। सदा षोडशवार्षिकं= सधैँका सोह्र वर्षे पट्ठा; निर्गुणार्थमा युवावस्थामा सन्तानोत्पत्ति हुने हुनाले अनुग्रहरूपी। खगान्तरे शून्यमध्ये शून्यपद्मोपरि स्थितम्= अर्को आकाशमा अर्थात् शून्याकाशमा शून्यपद्ममा बसेका; निर्गुणार्थमा विकर्षणरूप +१ र आकर्षणरूप -१ मिल्दा शून्य ० हुने हुँदा आकर्षणविकर्षणात्मक। यस पङ्क्तिको यथार्थ व्याख्या गर्दा बीजगणित फेरि विद्युत् आकर्षण र निराकरण अनि चुम्बकत्वको नियमसमेत झल्काउनुपर्ने हुनाले अहिले यत्ति मात्रै लेखेको हुँ, पछिपछि अरू पुस्तक लेख्ने मौका मिल्यो भने कुनै न कुनै लेखमा यो दर्शाउनुपर्ने आवश्यक हुन आउने नै छ। सच्चिदानन्दलक्षणं पशुपतिं ध्यायेत्= सच्चिदानन्द लक्षण भएका पशुपतिलाई ध्यान गर्नू।

यहाँ नेपालका श्रीपशुपतिको प्रतिमामा पूर्वोक्त तीनै प्रकारको ध्यान घट्दछ। यो मूर्ति जलहरीमाथि स्थापित भएको छ; यसमा चारैतिर चार मुख र प्रत्येक मुखमा दुईदुई बाहु देखिन्छन्। अब यस मूर्तिलाई पहिलो ध्यानमा घटाउँदा चार मुख त स्पष्टै भयो, प्रत्येक मुखको दुईदुई बाहुलाई ध्यानोक्त हतियारयुक्त एक एक बाहुमात्रै कल्पना हुँदा चार बाहु हुन्छ। अनि दोस्रो ध्यानमा घटाउँदा जलहरीलाई आसनरूप पद्म, फेरि चार मुख र आठ बाहु छँदैछन्, त्यसमा थप लिङ्गमाथि अङ्कित भएको श्रीयन्त्रलाई एक मुख र दुई बाहु कल्पना हुन्छ र पाँच वक्त्र र दश भुजा भएका ठहरिन्छन्। फेरि तेस्रो ध्यानमा घटाउँदा चार मुख र आठ बाहु स्पष्ट भयो, लिङ्गको शिर ज्योतिर्मय वक्त्र अनि त्यसमा अङ्कित श्रीयन्त्र र जलहरीमाथि लिङ्गको फेदलाई नाभिस्थानको वक्त्र अनि जलहरीलाई त्रिकोणासन भन्ने कल्पना हुँदा ध्यानोक्त छ मुख, आठ बाहु र त्रिकोणासन सिद्ध हुन्छ।

धेरै प्रकारको रूपको कल्पना भई उपासना हुने देवताहरूको ठूलाठूला पीठहरूमा यस्तै साङ्केतिक मूर्ति अथवा केवल अरूप शिला, कुण्ड, यन्त्र वा कलश इत्यादि स्थापित हुन्छन्। यस विषयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले रचेको निगमागमवैज्ञानिकसारको षष्ठ पटलमा विशेष चर्चा छ। पूर्वोक्त पशुपति पनि शिव नै भए तापनि यिनको उपासना केवल शैवमार्गबाट नभई शैव र शाक्त मार्ग मिश्रित भएर हुन्छ किनभने यी श्रीविद्याका देवता हुन्। अतः यिनको पीठ नै श्रीविद्यापीठ हो। त्यसैले श्रीविद्योपासकबाट मात्रै यिनको उपासना हुन्छ। हाम्रो यहाँ नेपालका सबै देवब्राह्मण र आचार्यहरूको परम्परामा कर्मयोगबाट उपासना हुने भएकोले अरू सबै आगम र पीठहरूमा कर्मयोगबाट सपर्या हुन्छ तर श्रीपशुपतिमा राजाधिराजयोगबाट श्रीविद्याक्रमले सपर्या गर्नुपर्ने हुनाले दक्षिणी भट्टद्वारा सपर्या गराइएको हो।

*(प्रस्तुत लेख धनशमशेर ज.ब.रा.द्वारा लिखित **श्रीपशुपतिनाथको वर्णन** शीर्षकको लेखको परिपूरक अंशका रूपमा यहाँ राखिएको हो। स्रोतः कामकलारहस्य)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची-४

पशुपतिक्षेत्रमा अग्निहोत्र परम्परा

–प्रकाशचन्द्र गौतम
–प्रयाज गौतम
–अनुयाज गौतम

ॐ अग्नये नमः

अव्यक्त परब्रह्म परमात्माद्वारा रचना गरिएको सृष्टि प्रारम्भमा सनकादि धर्मोपदेशक र मरीचि आदि प्रजापतिहरूको उत्पत्ति गरेर भएको हो। यिनै प्रजापतिजन्यहरूले सृष्टिक्रमलाई निरन्तरता दिँदै यज्ञयागादि गर्दै गराउँदै आएका छन्। वेदमा पुरुषसूक्तहरूमा साक्षात् परब्रह्म परमात्मा नै यज्ञस्वरूप हुन् भनी वर्णन गरिएको छ। हवनम् होत्रम्, अग्नौ हवनम् अग्निहोत्रम्, हूयते यत्र इतिहोत्रम् अग्निश्चासौ होत्रश्चेति अग्निहोत्रम् , गुरुरग्निर्द्विजातिनाम्, अग्निमीडे पुरोहितम् आदि प्रख्यात वाक्यहरूमा श्रीअग्निनारायणको महत्त्व दर्शाइएको छ। देवताहरूको स्वरूप सूक्ष्म हुने हुँदा अग्निमा दिएको आहुतिको माध्यमबाट तत्तत् देवतासम्म पुऱ्याउनुपर्ने भएकोले अग्नि देवताहरूका मुख हुन्। देवाहुतिद्वारा समस्त देवहरू पुष्ट हुन्छन् र सबै देवहरूले आफ्नो शक्ति प्रकृतिमा प्रदान गर्दछन्। जस्तै, सृष्टिकर्ता हिरण्यगर्भ श्रीसूर्यनारायण पुष्ट भएपछि वृष्टि हुन्छ अनि अन्न औषधीहरू उत्पन्न हुन्छन्, त्यो खाएर शुक्र बन्छ र निरन्तर सृष्टिक्रम चलिरहन्छ तसर्थ यज्ञलाई सुन्दर सृष्टिको परिपालकको रूपमा लिइएको छ।

द्विजातिमा श्रेष्ठ ब्राह्मणको प्रमुख काम यज्ञ गर्नु र गराउनु हो। कात्यायन श्रौतसूत्र, पारस्कर गृह्यसूत्र आदि शास्त्रका आधारमा दीक्षित गुरुबाट अग्निदीक्षाप्राप्त विवाहित योग्य ब्राह्मणले अरणिमन्थन गरी एकपटकमा गार्हपत्य अग्नि प्रकट गरी त्यसबाट उद्धरण गरी प्रतिरूप आहवनीय र दक्षिणाग्नि जगाउँछन्। पुनः पटकपटक सव्य र साक्षी जगाउँछन्। जागृत अग्नि निभाउनुहुँदैन, निभेमा जुन अग्नि निभेको हो सोही अग्नि पुनः मथन गरी जगाउनुपर्छ। यसरी स्थापित अग्निको सेवा गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षित अग्निहोत्रीले आफ्नी धर्मपत्नीले सहित भई सूर्योदयभन्दा पहिले (अनुदिते) घृतधारा वा जौले सायं प्रातः होम गर्नुपर्छ। सव्य अग्निमा नित्य बलिवैश्वदेव गर्नुपर्छ। प्रत्येक प्रतिपदामा दर्शपौर्णमास याग गर्नुपर्छ। यामअनुसार चामल वा जौको पीठोबाट तयार गरिएको पुरोडाश (पक्वान्न) र पायसद्वारा ब्रह्मा, यम, इन्द्र अग्नि, प्रजापति आदि देवहरूलाई वैदिक विधानद्वारा बनाइएका विभिन्न प्रकारका यज्ञपात्रहरूद्वारा आहुति दिइन्छ। नाङ्लो, कुचो, कृष्णसार मृगचर्म, ओखल, खल, समिधा दाउरा, गुइँठा, कुश, घ्यू, दही, दूध, जौ, चामलको पीठो आदि यज्ञका लागि आवश्यक हुन्छन्। पञ्चाग्निहोत्र गर्ने अग्निहोत्री वा उनकी पत्नीको देहावसान भएमा सम्पूर्ण यज्ञपात्रसहित स्थापित अग्निद्वारा नै संस्कार गरिन्छ। जसरी सन्यासीले अग्नि छुँदैनन्, त्यसको ठीक विपरीत अग्निहोत्रीले आफ्नो आगोबाहेक अन्य अग्निबाट पकाएको खाँदैनन्। काजक्रिया गर्नुपर्दा पनि नित्य कर्म गरी अग्नि जोगाउनुपर्ने भएकोले अग्निहोत्री र राजालाई जूठो सूतक लाग्दैन।

अग्नि के हो ?

सामान्य बोलीचालीमा आगो भनेर चिनिने जानिने आगोलाई नै यसका उपासकहरूले अग्निदेवको रूपमा उपासना गर्ने गर्दछन्। खुशी हुँदा लोकहित र सम्पूर्ण जीवजगत्‌को भलो गर्ने, रिसाएमा सम्पूर्ण चराचरसहित लोककै विनाश गर्ने भएकोले प्रत्यक्ष देवताका रूपमा लिइएको अग्निको उपासना गर्ने उपासकहरू नै अग्निहोत्री हुन्।

अग्निको सामान्यरूप सबैलाई थाहा भए तापनि विशेषरूपका बारेमा जानकारी नहुन सक्छ। अग्निलाई चारवटा सीङ भएको, दुईवटा टाउको, दुई-दुईवटा मुख र नाक भएको, चारवटा कान भएको, सातवटा जिब्रो र सातवटा नै हात भएको, तीनवटा खुट्टा भएको, भेडा वाहन भएको देवताको रूपमा लिइन्छ।

यसलाई कविवर रामप्रसाद गौतम अग्निहोत्रीले पद्यमा यरी स्पष्ट पार्नुभएको छ–

चार सीङ दुई माथ, चार कान छ लोचन।
मुख नाक दुई साथ, पाउ छन् तीन पावन॥
शूरो जुहू तथा शक्ति, अक्षमाला सुबाहुमा।
घृतपात्र तथा पङ्खा, लिने तोमर वाममा॥
सात जिब्रो अहो हेर, बल्दछन् सब दन्दन।
फैलाई सात ती हात, बसेका मेषवाहन॥
रातो माला तथा वस्त्र, कला बाउन्नले झन।
प्रतप्त सुनझैं वर्ण देखिने अग्निको तन॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ

वेदले धेरै यज्ञको बारेमा बताएको छ तापनि मुख्य पाँचवटा यज्ञलाई महत्त्व दिइएको छ। ती हुन्– वैदिक विधिविधानले गरिने नित्य र नियमित रूपमा सायं र प्रातः यज्ञ, जसलाई अग्निहोत्र यज्ञ भनिन्छ। कृष्ण र शुक्लपक्षको प्रतिपदा तिथिमा गरिने यज्ञलाई दर्श-पौर्णमास यज्ञका रूपमा लिइन्छ भने नयाँ अन्न उत्पादनपश्चात् देवतालाई समर्पण गर्न गरिने यज्ञलाई आग्रयणी यज्ञका रूपमा लिइएको छ। यसै गरी चातुर्मास्य र सोमयागसमेत गरी मुख्य पाँचवटा यज्ञ मानिएका छन्। तसर्थ अग्निहोत्र यज्ञलाई विशेष यज्ञका रूपमा महत्त्वपूर्ण स्थान दिएर यसको उपासनालाई निरन्तरता दिने काम भएको छ। यही अग्निहोत्र यज्ञका उपासकहरू अग्निहोत्रीका रूपमा परिचित रहिआएका छन्।

पञ्चाग्नि के हो त ?

अग्निहोत्र यज्ञमा दैनिक बिहान बेलुका अर्थात् सायं प्रातः हवनमा पाँचवटा अग्नि प्रतिस्थापित भएका हुन्छन्। यी पाँचवटा अग्निलाई दुई भागमा विभाजन गरिएको छ। गार्हपत्याग्नि, आहवनीय र दक्षिणाग्नि यी तीनवटा अग्निलाई श्रौत अग्नि भनिन्छ भने आवसथ्याग्नि र सभ्याग्निलाई स्मार्त अग्नि भनिन्छ।

अग्निहोत्र यज्ञशालाभित्र उत्तरतर्फ स्मार्त अग्नि र दक्षिणतर्फ श्रौत अग्निका अग्निकुण्डहरू रहेका हुन्छन्। आहवनीय अग्नि रहने कुण्ड वर्गाकार आकारको हुन्छ र पूर्वपङ्क्तिको भागमा अवस्थित हुन्छ। आहवनीय सँगसँगै आहवनीयको पश्चिमतर्फ महावेदी बनाइएको हुन्छ जहाँ अग्निको उपासक अग्निहोत्रीको अन्तिम विदाइ गर्नुपूर्व महावेदीमा राखिने गरिन्छ। यसैगरी अर्धगोलाकार आकारको दक्षिणाग्नि र गोलाकार आकारको गार्हपत्याग्नि महावेदीको पश्चिमतर्फ रहेका हुन्छन् । स्मार्ताग्नि दुवै गोलाकार आकारको हुन्छ।

अग्निहोत्रीको अविच्छिन्नता (विगतदेखि वर्तमानसम्म)

पूर्वकालमा सम्पूर्ण ब्राह्मणहरू अग्निका उपासक रहे तापनि समयचक्रसँगै यो परम्परा टुट्दै गएको पाइएको छ। नेपालको सन्दर्भमा पनि पशुपति चार शिवालयमा सञ्चालन भइरहेको अग्निहोत्र यज्ञशालाका उपासकहरू बाहेक अन्यत्र अनविच्छिन्न रूपमा अग्निहोत्रीहरू रहेको देखिँदैन। तसर्थ अत्रिगोत्रका वंशज गौतमहरू आहिताग्नि भई सञ्चालन भइरहेको यो अग्निहोत्र यज्ञशाला र उपासक अग्निहोत्री विशिष्ट रहिआएका हुन्। पिता–पुर्खाबाट सुने– बुझेअनुसार उनीहरू पूर्वकालमा सिम्रौनगढतर्फबाट पश्चिम, धादिङ जिल्लाको जीवनपुर क्षेत्रमा आएका रहेछन्। पछि त्यहाँबाट राणा प्रधानमन्त्री श्री ३ जुद्ध शमशेर ज.ब.रा.को पालामा उनीहरूले आफ्नो यज्ञशालालाई पशुपति क्षेत्रको चार शिवालयमा स्थापित गरेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्रिवंशका गौतमहरू जो जीवनपुरमा बसोवास गर्दथे र गरिरहेका छन्, उनीहरूकै आदिम पुरुष बद्रीनाथ गौतम हुनुभयो । उहाँले कहिलेबाट अग्निहोत्र सञ्चालन गर्नुभयो भन्ने यकिन तिथिमिति तोक्न नसकिए तापनि उहाँको मृत्युपश्चात् विक्रम संवत् १८१४ माघ बदि १३ रोज सोमका दिन उहाँकै पुत्र दण्डपाणिले अग्निहोत्र सञ्चालन गर्ने कार्यलाई अघि बढाउनुभएको पाइन्छ । दण्डपाणिको मृत्युपश्चात् उहाँका पुत्र वामदेव र वामदेवको मृत्युपश्चात् संवत् १८६० आषाढ बदि ९ मा अठार वर्षकै उमेरमा यज्ञेश्वर गौतमले अग्निहोत्री भई यज्ञ सञ्चालन गर्नुभएको पाइन्छ । यज्ञेश्वर गौतमपछि शक्तिवल्लभले संवत् १८८२ मा र उहाँको मरणोपरान्त संवत् १८९९ मा श्रीवाचस्पति गौतमले यज्ञ सञ्चालन कार्यलाई अघि बढाउनुभएको पाइन्छ। पिताको मृत्युपश्चात् हरिश्चन्द्रले संवत् १९२१ मा र हरिश्चन्द्रको मृत्युपश्चात् संवत् १९६५ चैत्र ४ मा उहाँका पुत्र लीलानाथ गौतमले अग्निहोत्री भई यज्ञ सञ्चालन गर्नुभयो ।अग्निहोत्री भई यज्ञ सञ्चालन गरेको केही समयमै उहाँको मृत्यु भएपश्चात् अत्यन्तै कम समय (१८ महिना) भित्रै उहाँकी पत्नी तथा पुत्र समेतको मृत्यु हुन गयो । लीलानाथको मृत्युपश्चात् लीलानाथका पुत्रसमेतको मृत्यु भएका कारणले लीलानाथका साहिँला बुबा, वाचस्पतिका साहिँला छोरा चन्द्रशेखरले संवत् १९६९ मा अग्निहोत्र यज्ञलाई निरन्तरता प्रदान गर्नुभयो । सानैमा घरबाट भागेर बनारस पुगी न्याय, व्याकरणाचार्य भई हिन्दी, संस्कृत, उर्दू र बंगला भाषाको ज्ञाताका रूपमा आफूलाई परिचित गराउनुहुने चन्द्रशेखर पहलमानीको कलामा समेत पारङ्गत हुनुहुन्थ्यो ।

आफ्नो विद्वत्ता, भाषा, कला-कौशलका साथ शारीरिक क्षमताले समेत दरबारभित्रका विशेष विद्वान् मात्र नभई अझ विशिष्ट स्थान प्राप्त गर्नुहुने चन्द्रशेखरलाई तात्कालिक श्री ३ महाराज चन्द्रशमशेरका साथ पाशा खेल्न आमन्त्रण हुने गर्दथ्यो । रानीपोखरीस्थित संस्कृत पाठशालामा अध्यापन गराउन दैनिक जीवनपुरदेखि हिँडेर आउने जाने गरेबाट उहाँको शारीरिक क्षमताको समेत चर्चा हुने प्रसङ्ग चलिरहने गर्दथ्यो । तात्कालिक श्री ३ महाराजहरूको विशेष सम्मान र प्रतिष्ठाका वावजुद चन्द्रशेखरले चातुर्मास्य महायज्ञका निम्ति अरूको द्रव्य, दान दक्षिणा उपयोग गरी महायज्ञ सञ्चालन गर्नुहुन्न भनेर काठमाडौं त्रिपुरेश्वरस्थित आफ्नो घरजग्गा बिक्री गरी चातुर्मास्य महायज्ञ पूरा गर्नुभएको थियो । शिवमायाका साथ विवाह गर्नुभएका चन्द्रशेखर बहुआयामिक व्यक्तित्वका रूपमा परिचित हुनुहुन्थ्यो ।

चन्द्रशेखरको मृत्युपश्चात् उहाँका सुपुत्र टङ्कनाथ गौतमले संवत् १९७२ मा अग्निहोत्री भई यज्ञादि कर्मलाई निरन्तरता दिनुभयो । राजदरवारका प्रतिष्ठित विद्वान मात्र नभई तात्कालिक श्री ३ महाराज चन्द्रशमशेरका पाशा खेल्ने साथीका रूपमा समेत रहेका कारणले पिताको मृत्युपश्चात् छोरा टङ्कनाथलाई अग्निहोत्र यज्ञ सञ्चालनका निमित्त काठमाडौंमै आउने आग्रह दरबारबाट भयो । काठमाडौंभित्र जहाँसुकै र जतिसुकै स्थानको आवश्यकता भए पनि पूरा गरिदिने वचनका साथ दरबारबाट आग्रह गरिएको थियो । धादिङकै मान्खुको रेग्मी परिवारकी पवित्रासँग विवाहबन्धनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाँसिनुभएका टंकनाथले आफ्ना पिता-पुर्खाको गौरव, प्रतिष्ठा मान-सम्मानलाई आदर गर्ने र लोभ लालच नभएका एक निष्ठावान् व्यक्तित्वको रूपमा आफूलाई उभ्याउनुभएको थियो। त्यसैले त त्यति शक्तिशाली दरबारबाट आग्रह गरिए तापनि र वचन दिँदादिँदै पनि भगवान् श्रीपशुपतिनाथको निकट तर आफ्ना सन्ततिका कारण भगवान्को आराधनामा व्यवधान नआओस् भनेर वाग्मतीको छेउ रहेको चार शिवालयलाई आफ्नो कर्मभूमिको रूपमा अग्निहोत्र यज्ञ सञ्चालन गर्ने स्थानका रूपमा छनौट गर्नुभयो। यसरी यसअघि धादिङको जीवनपुरमा रहिआएको अग्निहोत्र यज्ञशाला औपचारिक रूपमा चार शिवालयमा स्थानान्तरण भयो। तात्कालिक श्री ३ महाराज जुद्धशमशेरको पालामा चार शिवालयमा अग्निहोत्र यज्ञ सञ्चालन गरिएको थियो। उहाँहरूका एघार पुत्र र नौ पुत्रीसहित बीस सन्तान भए।

टंकनाथको मृत्युपश्चात् उहाँका ज्येष्ठ सुपुत्र श्री अग्निप्रसादले संवत् १९९७ जेठमा विधिवत् रूपमा अग्निहोत्र यज्ञ सञ्चालन गर्न सुरु गर्नुभयो। आफ्ना पिता टङ्कनाथलाई यज्ञसञ्चालन गर्ने सबै वातावरण र व्यवस्था गरिदिने वचनका वावजुद यज्ञसञ्चालनका लागि एउटा यज्ञशाला समेतको व्यवस्था दरबारबाट नगरिदिएकोले अग्निप्रसादले पुनः पुरानै थलो जीवनपुर नै पुगी यज्ञलाई निरन्तरता दिनुभएको थियो। ढकालखोलाको ढकाल परिवारकी वेदकुमारी र रिजाल परिवारकी पद्मा दुई जनालाई जीवनसँगिनी बनाउनुभएका अग्निप्रसादको निधनपश्चात् उहाँका ज्येष्ठ सुपुत्र केशवप्रसाद बालक नै हुनुभएको कारणले र अग्निप्रसादका भाई शिवप्रसादले अन्य कारणले गर्दा अग्निहोत्री भई यज्ञ सञ्चालन गर्न सक्नुभएन। तत्पश्चात् संवत् २००३ चैत्र २८ गते रुद्रदत्त गौतमले यज्ञलाई निरन्तरता दिनुभयो। करिब बाह्र वर्ष अग्निहोत्री भई यज्ञसञ्चालन गर्नुभएका रुद्रदत्तको मृत्युपश्चात् पुनः श्री टङ्कनाथ गौतमकै काहिला पुत्र गणेशप्रसादले संवत् २०१५ माघ २४ गतेका दिनदेखि यज्ञसञ्चालन गर्नुभयो। अग्निहोत्र यज्ञसञ्चालनका निमित्त आफू छानिने भएपछि ढुङ्गाना परिवारकी इन्दिरासँग उहाँले वैवाहिक सम्बन्ध स्थापित गर्नुभएको थियो। श्री ३ जुद्ध शमशेरकै पालामा सम्पूर्ण व्यवस्था गरिदिने वचनका साथ अग्निहोत्र यज्ञसञ्चालन गर्न जीवनपुरबाट चार शिवालयमा ल्याइए तापनि एउटा यज्ञशालासमेत नभएको परिस्थितिमा अग्निहोत्री गणेशप्रसादले यज्ञशाला निर्माण गर्न गरेको प्रयासलाई तात्कालिक श्री ५ महेन्द्र वीर विक्रम शाहदेवले आफ्नो निजी कोषबाटै सम्पूर्ण रकम उपलब्ध गराइदिएर यज्ञशाला र अग्निहोत्री निवास बनाइदिएकोमा संवत् २०७२ वैशाख महिनामा आएको महाभूकम्पले अग्निहोत्रीको निवास क्षतिग्रस्त भए पनि यज्ञशाला आजसम्म पनि रहिरहेकै छ।

सत्ताईस वर्षसम्म अग्निहोत्री भई यज्ञसञ्चालन गर्नुभएका गणेशप्रसादको मृत्युपश्चात् संवत् १९९४ वैशाखमा जन्मनुभएका टंकनाथ गौतमका बीसौं सन्तति रामप्रसाद गौतमले संवत् २०४३ जेठ १४ मा अग्निहोत्री भई यज्ञसञ्चालनलाई निरन्तरता दिनुभयो। वशिष्ठ कुलकी भट्टराई परिवारकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मायासँग विवाहबन्धनमा बाँधिनुभएका श्रीरामप्रसादले आफ्ना पितापुर्खाले गरिआएको कार्यलाई निरन्तरता दिनकै निमित्त कृषिविशेषज्ञका रूपमा कार्यरत सरकारी सेवाको स्थायी नोकरीबाट राजीनामा दिई अग्निहोत्रीको कार्य आरम्भ गर्नुभएको थियो ।

संवत् २०७१ भाद्र २७ गते उहाँको देहावसान भएपछि २०७२ जेठ २९ देखि उहाँकै जेष्ठ भ्राता अग्निप्रसादका जेष्ठ सुपुत्र श्रीकेशवप्रसाद गौतमले अग्निहोत्री भई यज्ञ सञ्चालन गर्दै आइरहनुभएको छ।

नुवाकोट कोल्पुटारकी नेपाल परिवारकी सीता नेपालसँग वैवाहिक सम्बन्ध स्थापित गर्नुभएका अग्निहोत्री केशवप्रसाद गौतमले वर्तमान समयमा पाञ्चाग्निहोत्र यज्ञलाई निरन्तरता दिइरहनुभएको छ।

श्रीअग्निनारायण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान अग्निहोत्री श्रीकेशवप्रसाद गौतमले प्रयोग गरिरहेका यज्ञपात्रहरू







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आह्निकग्रन्थमा उल्लेख भएअनुसार यज्ञपात्रका नाम र चित्रहरू



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची–५

पशुपतिक्षेत्रको भौतिकस्वरूप र मूर्त सम्पदाहरू

–भरत मरासिनी

सारसङ्क्षेप

भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्र हिन्दू मात्रको उपासनाकेन्द्र एवं सनातन प्रमुख तीर्थस्थलका रूपमा रहिआएको छ। पशुपति क्षेत्रमा रहेका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा र प्राकृतिक सम्पदाहरूको योजनाबद्ध रूपमा संरक्षण, सम्बर्द्धन र विकास गरी विश्वभरका हिन्दूहरूको अन्तर्राष्ट्रिय तीर्थस्थल र पर्यटकहरू समेतको आकर्षणको केन्द्रका रूपमा पहिचान कायम राख्नु आवश्यक छ। प्रस्तुत लेखमा पशुपति क्षेत्रका प्राकृतिक एवम् मूर्त अमूर्त सांस्कृतिक सम्पदाको समुचित संरक्षण, संवर्द्धन र विकास गर्ने विद्यमान सेवा सुविधाहरूको पर्याप्तता तथा प्रभावकारिता एवं दिगोपनाको विश्लेषण गरिएको छ।

पृष्ठभूमि

हाम्रा पूर्खाहरूले जोगाएर हाम्रो पुस्तालाई हस्तान्तरण गरेजस्तै हामीले पनि हाम्रो सम्पदाहरूलाई जस्ताको तस्तै अन्तरपुस्ताहस्तान्तरण गर्नुमा मात्रै अन्तरपुस्तान्याय कायम हुन सक्छ। आजका सम्पदा हाम्रा भावी पुस्ताका सम्पत्ति हुन्। विविधतायुक्त सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन, विकास र तिनको निरन्तरताबाट मात्रै राष्ट्रिय एकता, अखण्डता, सामाजिक सहिष्णुता कायम रहन सक्छ।

विश्वका हिन्दूधर्मावलम्बीहरूको आस्थाको केन्द्र, विराट् सांस्कृतिक धरोहर, अन्तर्राष्ट्रिय धार्मिक तीर्थस्थल, धार्मिक पर्यटनको केन्द्र, भगवान् श्रीपशुपतिनाथ तथा भगवती श्रीगुह्येश्वरी प्रकट भएको पवित्र पाशुपतक्षेत्रमा परापूर्वकालदेखि नै विविध देवी, देवताका मठ, मन्दिर, स्मारकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भएका पाइन्छन् । नेपालमा विद्यमान धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाहरूमध्ये पशुपतिक्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत राष्ट्रिय पहिचान दिने राष्ट्रिय गौरवको सम्पदा क्षेत्र हो । धार्मिक समन्वयको केन्द्र र राष्ट्रिय एकताको द्योतक स्थल पनि हो । यो क्षेत्र अनेक देवीदेवताका मौलिक शैलीका मठ मन्दिर, पाटीपौवा, आश्रम, सत्तल, स्तूप, विहार, घाट, वनबगैँचा, कलात्मक शिवालय, प्राचीन हस्तकलाबाट निर्मित मूर्ति र कलाकृतिहरूले सुसज्जित, वर्षैभरी विविध जात्रा, मेला, पर्व, पूजाचलिरहने जीवन्त सांस्कृतिक सम्पदास्थलका रूपमा परिचित छ। लाखौँको सङ्ख्यामा पर्यटकले यस क्षेत्रको दर्शन एवं अवलोकन गर्ने गर्दछन् ।

काठमाडौँको केन्द्रदेखि पाँच कि.मि. उत्तर-पूर्व र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि पश्चिम एक कि.मि.को दूरीमा पवित्र वाग्वती नदी किनारमा श्रीपशुपतिनाथको मन्दिर रहेको छ भने पशुपतिक्षेत्र २६४ हेक्टर क्षेत्रफलमा फैलिएको छ। यसमध्ये प्राचीन स्मारक क्षेत्र भित्र ८३.५५ हेक्टर क्षेत्रफल पर्दछ।श्रीपशुपतिनाथको गुठीका नाममा करिब ४६७३ रोपनी जग्गा रहेको छ भने त्रिभुवन विमानस्थलको धावनमार्ग रहेको करिब ११६१ रोपनी जग्गा पशुपतिनाथ गुठीको अधीनस्थ रहेको छ।

पशुपति क्षेत्र विकास कोष स्थापना

नेपाल सरकारले प्राचीन स्मारक संरक्षण ऐन २०१३ तथा राष्ट्रिय संस्कृति नीति २०६७ कार्यान्वयनमा ल्याएको छ। भौगोलिक अवस्थितिमा रहेका विविध खालका सम्पदा संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि कोष, परिषद्, प्रतिष्ठान, विकास समिति तथा संस्थानहरू गठन गरी सम्पदाहरूको संरक्षण र विकासको व्यवस्था हुँदै आएको छ।

साबिकमा पशुपतिनाथ मन्दिर तथा पशुपति क्षेत्रको संरक्षणमा राज्यका तर्फबाट निरन्तर कार्य हुँदै आएकोमा वि.सं. २०३४ मा पाशुपत क्षेत्र विकास समिति, त्यसपछि २०३८ सालमा पशुपति क्षेत्र सुधार तथा विकास समिति गठन भई पशुपति क्षेत्रका सांस्कृतिक एवं पुरातात्त्विक सम्पदाहरूको संरक्षण कार्यमा संस्थागत सुरुआत भएको हो। वि.सं २०४३ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट अध्यादेशमार्फत पशुपति क्षेत्र विकास कोषको स्थापनासँगै उक्त विकास समिति विघटन भई पशुपति क्षेत्र विकास कोष ऐन २०४४ को आधारमा पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धन र विकास कार्य कोषबाट हुँदै आएको छ। ऐनअनुसार कोषका उद्देश्यहरू निम्नानुसार छन्–

१ हिन्दूमात्रको उपासना केन्द्र र सनातन तीर्थस्थलका रूपमा पशुपति क्षेत्रलाई कायम राख्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ श्रीपशुपतिनाथको आदर्श गरिमा एवं महत्त्व अनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

३ पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा स्थलहरू, श्रीपशुपतिनाथको चल अचल श्रीसम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने ।

४ श्रीपशुपतिनाथ मन्दिरलगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठीअन्तर्गतका सबै देवदेवीका मन्दिरहरूमा परम्परागत धार्मिक रीतिस्थितिबमोजिम सांस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य, पूजाआजा सञ्चालनको व्यवस्था मिलाउने ।

५ स्वदेश तथा विदेशका तमाम हिन्दूधर्मावलम्बीहरू तथा पर्यटकसमेतको सुविधाका लागि यस पावन तीर्थस्थललाई यथोचित रूपमा योजनाबद्ध रूपले सुधार गरी अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्ने ।

उपर्युक्त उद्देश्यहरूलाई ध्यानमा राखी पशुपतिक्षेत्रका विभिन्न धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण, संवर्द्धन गरी यस क्षेत्रलाई हिन्दूमात्रको उपासना केन्द्र र अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्न पशुपति क्षेत्र विकास कोष प्रयत्नशील रहँदै आएको छ ।

विश्वसम्पदा सूचीमा सूचीकृत– पशुपति क्षेत्र

युनेस्कोअन्तर्गत सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि १९७२ विश्वका १९२ राष्ट्रबाट अनुमोदित छ । नेपालले सन् १९७८ मा यो महासन्धिलाई अनुमोदन गरेको हो । महासन्धिको प्रावधानबमोजिम युनेस्कोले सदस्य राष्ट्रका सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान गरी तिनको समुचित संरक्षणका लागि विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने कार्य गर्दछ । सन् १९७९ मा नेपालका काठमाडौँ उपत्यका, लुम्बिनी, सगरमाथा र चितवन राष्ट्रिय निकुञ्ज गरी चारवटा सम्पदास्थल विश्वसम्पदा सूचीमा सूचीकृत भएका छन् । सांस्कृतिक सम्पदाको धनी पशुपतिक्षेत्रसहित उपत्यकाभित्र रहेका जम्मा सातवटा स्मारक क्षेत्रहरूमा तीनवटा ऐतिहासिक दरबार परिसर र अन्य चार धार्मिक मन्दिर परिसरसहितका ऐतिहासिक बस्तीहरू रहेका छन् । भगवान् श्रीपशुपतिनाथको मन्दिर र यस वरिपरिको क्षेत्र प्राचीनकालदेखि नै विश्वभरका सनातन वैदिक, बौद्ध, जैन, सिख आदि विविध मतमतान्तरका हिन्दूजनको आस्था र श्रद्धाको केन्द्रबिन्दु एवं पवित्र तीर्थस्थलका रूपमा प्रतिष्ठित छ । देउपाटन, जयवागेश्वरी, गौरीघाट, चावहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिङ्गलास्थान र श्लेष्मान्तक वन आसपासको क्षेत्रलाई ओगटेर २६४ हेक्टरको क्षेत्रफलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फैलिएको पशुपति क्षेत्रमा लगभग ५१८ साना ठूला विभिन्न शैलीका मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य, विहार, स्तूपा, देवालय आदि धार्मिक तथा ऐतिहासिक स्मारक र लगभग एक हजारभन्दा बढी शिवलिङ्गहरू रहेका छन्।

पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरूको स्थिति

मन्दिरको निकटतम क्षेत्रमा पर्ने महास्नानघर दक्षिण पश्चिम खण्ड जीर्णोद्धार, रुद्रागारेश्वर प्राङ्गण सुधार, कैलास दक्षिण ल्याण्डस्केपिंग, चौसट्ठी क्षेत्रका शिवालय संरक्षण, गुह्येश्वरी सत्तल जीर्णोद्धार, पशुपति आगमघर निर्माण, कोर क्षेत्रमा वातावरण संरक्षण,आर्यघाट पूर्व ढोका सिँढी जीर्णोद्धार, मूलभट्ट आवास सत्तल तथा भजनकोठी सत्तल जीर्णोद्धार, गुह्येश्वरी मन्दिर संरक्षण, गुह्येश्वरीपारि पार्किङ्ग सेवा विस्तार, सानो सदावर्त सत्तल जीर्णोद्धार तथा प्राङ्गणसंवर्द्धन र पशुपति प्राङ्गण संवर्द्धनका कार्यहरू सम्पन्न भएका छन्।

उक्त क्षेत्रबाहिरको स्थलमा मृगस्थली, कैलास, हेमन्त भैरव, भुवनेश्वरी, घाट, वनकाली, देवउद्यान, गौशाला, मङ्गलागौरी, पिङ्गलास्थान, त्रिविक्रम उपक्षेत्रहरू पर्दछन्। यस उप-क्षेत्रमा मृगवाटिका निर्माण, पन्ध्र शिवालय क्षेत्रको संरक्षण,सुरक्षाचौकी व्यवस्था, हलुका सवारी पार्किङ्ग व्यवस्था, किरियापुत्री सेवा विस्तार, विद्युत् शवदाह गृह निर्माण गरी मेशिन जडान तथा सञ्चालन, संस्कारमण्डप निर्माण, गौशाला देवउद्यान तथा भण्डारखालमा बगैँचा विकासजस्ता कार्यहरू भएका छन्। त्यस्तै तिलगङ्गा रामघाट सडकक्षेत्रमा प्रस्तरफलक छाप्ने कार्य, पञ्चदेवल पछाडि भागमा डाइभर्सन सडक निर्माण, आर्यघाट सूर्यघाट पदपथ निर्माण, बममुक्तेश्वर सत्तल, रक्षेश्वर सत्तल तथा धुनीघर पुनर्निर्माण, राजराजेश्वरीदेखि दक्षिण चक्रपथसम्म घाट निर्माण, पञ्चदेवल चौघेरासत्तल जीर्णोद्धार, निर्मल अखडा भवन पुनर्निर्माण, तिलगङ्गामा पर्यटक सूचना केन्द्र निर्माण गर्ने कार्य सम्पन्न भएका छन्।

बाहिरी क्षेत्रमा वाग्वती पूर्व चक्रपथ दक्षिणको तिलगङ्गा, चक्रपथ पश्चिम वाग्वती पूर्व र रातोपुलदेखि चक्रपथक्षेत्रको बाँकी भाग पर्दछ। यहाँ तीर्थयात्री विश्राम गृह, सूचना केन्द्र, परिवहन विश्रामस्थल, स्वास्थ्य केन्द्रको परिकल्पना गरेकोमा भारतीय सहयोगमा बाईस करोड रूपैंयाको लगानीमा सुविधासम्पन्न धर्मशाला निर्माण भएको छ। पशुपतिक्षेत्रको पश्चिमपट्टि पर्ने लामपोखरी संरक्षण कार्य, चारुमती विहार (चौघेरा सत्तल) जीर्णोद्धार कार्य सम्पन्न हुनुका साथै चन्द्रविनायक मन्दिर तथा सत्तल प्राङ्गण संरक्षण, कुटुवहिल संरक्षण तथा जीर्णोद्धार, ताम्रेश्वर मन्दिर प्राङ्गण संवर्द्धन कार्य र निर्वाणेश्वरी मन्दिर/सत्तलसंरक्षण कार्यसमेत सम्पन्न भएका छन्। धोवीखोलाको किनारै-किनार रातोपुलदेखि चक्रपथ पुलसम्म सडक निर्माण गर्ने कार्य सम्बद्ध निकायबाट सम्पन्न भइसकेको छ।

नेपाल सरकारले पशुपति क्षेत्र विकास कोषलाई स्थापनाकालदेखि नै अनुदान दिँदै आएको छ। सरकारी अनुदानको रकमबाट कोषले विकास, निर्माण, सम्पदामर्मत, जीर्णोद्धारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यमात्र गर्दै आएको छ भने आन्तरिक स्रोततर्फको आम्दानीबाट कोषको प्रशासनिक खर्च चलाई गुरुयोजना कार्यान्वयन अवधिको बचत रकमबाट मुआब्जा तथा पूर्वाधारविकासमा समेत खर्च गर्न सक्षम भएको छ।

श्रीको पूजाकार्यमा संलग्न पुजारी, भण्डारी तथा रकमीहरूको सम्बन्धमा

श्रीपशुपतिनाथ र श्रीवासुकिनाथको पूजाकार्य दक्षिण भारतका भट्ट पुजारीहरूबाट हुँदै आएको छ। पशुपतिमा एक जना मूल भट्ट र अन्य तीन जनासमेत चार जना भट्टबाट चारै मुहारको पूजा आराधना गरिन्छ। वासुकि मन्दिरमा एक जना भट्ट रहने व्यवस्था छ। भट्टहरू भारतीय नागरिक हुनाले उनीहरूको आवास सुबिधा कोषले व्यवस्था गरेको छ।

भट्टहरू नियुक्ति भएपछि उपवास बसी पशुपतिक्षेत्रका एघार शिवालयमा दर्शन गरी दक्षिणद्वारबाट मन्दिर प्रवेश गर्ने परम्परा छ।

१.श्रीतारकेश्वर, आर्यघाट
२.श्रीभस्मेश्वर
३. श्रीभण्डारेश्वर, सिफल
४.श्रीताम्रेश्वर, नवालीटोल
५.श्रीखञ्जनेश्वर, अमालकोट परिसर
६.श्रीकृष्णेश्वर, दथुटोल
७.श्रीभूतेश्वर श्रीशङ्कराचार्य मठसँगैको शिवालय
८.श्रीअचलेश्वर,आगमघरसँगै
९.श्रीरुद्रगारेश्वर
१०.श्री मूल भट्ट निवास सँगैको शिवालय
११. श्रीपशुपतिनाथ

दैनिक पूजाका लागि भट्टहरू पश्चिमद्वारबाट भण्डारीहरूसँग शिरोमाला र जल लिई मन्दिर प्रवेश गर्ने तथा पश्चिमद्वारबाटै बाहिरिने गर्दछन्। भट्टपरम्परासँगै पशुपतिनाथको पूजाकार्यमा सहयोग गर्न भण्डारीहरूको व्यवस्था हुँदै आएको छ। भण्डारीहरू दथु, भनिभो, कोफ्ले र मतमण्डिल गरी चार कवलमा रहेका छन्। प्रत्येक कवलको एक एक जना मूल भण्डारी रहन्छ। चार कवलभित्र पशुपति मन्दिरमा जेष्ठताका आधारमा आलोपालो एक एक महिनाको पालो पर्ने र पालोवाला भण्डारीको कवलको मूल भण्डारीको पनि पालो फेरिन्छ। प्रत्येक पूर्णिमापछिको द्वितीयाका दिन भण्डारीको पालो फेरिने प्रचलन छ।

भण्डारीका स्वजातीय विवाहिता पत्नीबाट पशुपतिक्षेत्रको चार किल्लाभित्र जन्मेका पुरुष सन्तानले बाह्र वर्ष तीन महिनापछि व्रतबन्ध गर्ने परम्परा रहेको छ। चार किल्ला भन्नाले रुद्रमतीदेखि पूर्व र वाग्मतीदेखि पश्चिमको क्षेत्रलाई मान्दै आएकोमा कोष सञ्चालक परिषद्ले भण्डारीका श्रीमतीहरू प्रसूति हुँदा मातृशिशु स्वास्थ्य र प्रजनन सुरक्षालाई ध्यानमा राखी अस्पतालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवा लिन मिल्ने गरी चावहिल चक्रपथदेखि धोविखोलावारिसम्म विस्तार गर्ने निर्णय गरेको छ। भण्डारीले ७० वर्षमा पालो पाउनबाट अनिवार्य अवकाश हुने, सबै सन्तान समान हुने भएकाले पुरुष सन्तानका लागि कुरी बस्ने चलन हराउँदै गएको र गुरुयोजनाबाट प्रभावितहरू स्थानान्तरणका क्रममा साबिकको चार किल्लाको सिमानाभित्र पुनर्स्थापनाको सम्भावना कम हुँदै गएको सन्दर्भमा उत्तर- दक्षिणमा पनि विस्तार गरी सीमा कायम गर्नुपर्ने तर्क भण्डारीहरूको रहँदै आएको छ।

पशुपतिनाथको पूजाकार्यमा भट्ट, भण्डारीका साथै अन्य सहयोगी कामदारहरू पनि रहने व्यवस्था छ। त्यस्ता कामदारलाई रकमी भनिन्छ। ज्यादै न्यून खान्गीका भरमा सधैँ खटिरहनुपर्ने अवस्थामा समसामयिक सुधार गरी अधिकांश रकमीहरू हाल कोषका स्थायी कर्मचारी भई सुविधा पाइरहेका छन्। कतिपय रकमी कर्मचारीहरू पशुपतिक्षेत्रभित्रका निश्चित जातजातिको हुनुपर्ने र विभिन्न जात्रापर्वमा संलग्न रहनैपर्ने व्यवस्था रहेको र जात्रापर्वहरू रात्रि समयमा पनि पर्ने भएकाले परम्परागत दरबन्दीका रकमी कर्मचारीहरूलाई पशुपतिक्षेत्रभित्र नै बसोवासको व्यवस्था छ।

दर्शन व्यवस्थापन सम्बन्धमा

श्रीपशुपतिनाथ तथा श्रीगुह्येश्वरीको दर्शनका लागि काठमाडौंको विभिन्न भागबाट सबेरै (३ बजे) देखि नित्य दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ। सहज दर्शनका लागि जेष्ठ नागरिक र अपाङ्गका लागि दर्शनमार्गको व्यवस्था, दर्शनमार्गमा पर्याप्त बत्ती,पानी, कोर एरिया बाहिर जुत्ता चप्पल सुरक्षा सेवा, क्यामरा, मोबाइल लगायत छालाका सामान राख्न लकर सेवा, छोटो दूरीमा उपलब्ध हुने गरी सुविधायुक्त शौचालयको व्यवस्था, मन्दिरको प्रवेशद्वारमा सुरक्षा जाँच प्रणालीको विकास, मन्दिर खुल्ने, बन्द हुने र विभिन्न पूजाहरू हुने समयतालिकासहितको डिस्प्ले बोर्ड, विशेष एवं पर्वका बेला हुने नित्यपूजा, विशेष पूजाको जानकारी लगायतका व्यवस्था गरिएको छ।

२०७३ का केही महिनाहरूमा गरिएको सर्वेक्षणका आधारमा तिथि, वार र पर्वअनुसार दर्शनार्थी तीर्थयात्री सङ्ख्या निम्नानुसार पाइएको थियो–

क्र.सं	तिथि/वार/पर्व	दर्शनार्थी/तीर्थयात्री सङ्ख्या
१	सामान्य दिनमा	पन्ध्र हजार
२	शनिवार, सोमवार र सार्वजनिक बिदाका दिनमा	पच्चीस हजार
३	एकादशी तथा पूर्णिमाका दिनमा	पैंतीस हजार
४	वैशाख सङ्क्रान्ति, श्रावणका सोमवार, जनैपूर्णिमाका दिनमा	एक लाख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५	बालाचतुर्दशी पर्वमा	दुई लाख पचास हजार
६	हरितालिका (तीज) पर्वमा	चार लाख
७	महाशिवरात्रि पर्वमा आउने दर्शनार्थी र मेला भर्न आउनेसमेत	दश लाख

तीर्थयात्रीबाहेक पशुपतिक्षेत्रमा अवलोकन भ्रमणमा आएका गैरहिन्दू पर्यटकहरूको सङ्ख्यात्मक विवरण–

वर्ष	सन् २०११	सन् २०१२	सन् २०१३	सन् २०१४	सन् २०१५	सन् २०१६	सन् २०१७	सन् २०१८	सन् २०१९
पर्यटक सङ्ख्या	१४३८८७	१३९८८५	१५६८६१	१६६१७३	७८६८०	९५४११	९२४१८०	१६३३११	१३८३६८

घाट तथा किरियापुत्री सेवासम्बन्धमा

पशुपतिक्षेत्र वाग्वती किनारमा विभिन्न एघारवटा घाटहरू रहेका छन्। आर्यघाट र भस्मेश्वरघाटको ठूलो धार्मिक महत्त्व छ। आर्यघाटको महत्त्व विशेष रूपमा गङ्गास्नान र पूजा आरतीका लागि र भस्मेश्वरघाटको महत्त्व त्यहाँ गरिने दाहसंस्कारबाट सिधा स्वर्गमा पुगिन्छ भन्ने मान्यतामा सधैँ रहिआएको छ।

काठमाडौँको जनसङ्ख्यामा वृद्धि, स्वास्थ्योपचारका लागि काठमाडौँ उपत्यकाका सुविधा सम्पन्न अस्पतालहरूमा बिरामीहरू ल्याई उपचार गर्ने क्रममा कतिपय बिरामीहरूको मृत्युका कारण दैनिक शवको चाप बढ्दै गएको, शवदाहका लागि काठ दाउराको उपलब्धतामा कमी हुँदै गएको र वातावरणीय स्वच्छतालाई समेत ध्यानमा राखी विद्युतीय शवदाह गृह प्रयोगमा आएको छ।

पशुपतिनाथ गुठी तथा जात्रापर्वसम्बन्धमा

श्रीपशुपतिनाथप्रति श्रद्धा व्यक्त गर्दै विभिन्न कालखण्डमा राजा, महाराजा तथा श्रद्धालु दाताहरूबाट भगवान्को नाममा अर्पण गरिएका चलअचल सम्पत्ति पशुपतिनाथ गुठीमा जनिएको करिब पाँच हजार रोपनी जग्गाको व्यवस्थापन र गुठीको आयस्ताबाट पशुपतिक्षेत्रका मठमन्दिरको पूजा, आरती, जात्रापर्व सञ्चालन हुँदै आएको छ। साबिकदेखि पशुपति गुठी जग्गा रैतान परिणत गर्न नपाउने व्यवस्थाले गुठी संरक्षण हुँदै आएको भए तापनि हालका दिनहरूमा गुठी जग्गामा पर्ने गरी बाटो खोल्ने, सार्वजनिक प्रयोजन भनी अतिक्रमण हुने, व्यापारिक प्रयोजनका लागि ठूला संरचना खडा गरी मोही लाभान्वित हुने तर पशुपतिलाई प्राप्त हुने आयस्ता नगण्य छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पदा संरक्षणसम्बन्धमा

नेपालमा विद्यमान प्राचीन धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक सम्पदाहरू नेपालका पहिचान हुन्। राष्ट्रिय गौरव र भावी सन्ततिका सम्पत्ति हुन्। यस्ता विशाल सम्पदाहरूको वैज्ञानिक अध्ययन, अनुसन्धान उत्खनन गरी संरक्षण, संवर्द्धन र विकास गर्न समय, श्रोत, साधनका दृष्टिले चुनौतीपूर्ण विषय बनेको छ।

प्राकृतिक प्रकोप, बढ्दो सहरीकरण, पश्चिमी संस्कृतिको बढ्दो प्रभाव, भूमिको उच्च मूल्यवृद्धि, सम्पदास्थल बीचबाटै सडक खोल्नेजस्ता कार्यबाट प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूमा अतिक्रमण बढ्दै गइरहेको छ। वर्तमान शैक्षिक प्रणालीले विद्यार्थीहरूमा नेपाली संस्कृति र सम्पदाहरूको महत्त्वबोध गरी गौरव गर्ने, प्रचार प्रसार गर्ने कार्यप्रति लगाव सृजना गराउने खालका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन, हालका धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाको साबिकका आकार, प्रकार, शैलीमा अन्तरपुस्तान्याय प्राप्त हुनेगरी हस्तान्तरण गर्न सक्ने भावी योजना र सरकारी एवं निजी सङ्कलनमा रहेका पुरातात्त्विक सम्पदाहरूको आधिकारिक सूचीकरण र पहिचानजस्ता विषयहरूलाई चुनौतीका रूपमा ग्रहण गरी तिनको समाधानका लागि पहल गर्नु आवश्यक छ ।

वातावरण संरक्षण, सरसफाई र वाग्वती नदीसम्बन्धमा

धार्मिक स्थल वरपरको स्वच्छ वातावरण, नियमित सरसफाईले भक्तजनहरूलाई शान्ति र आनन्दको अनुभूति दिलाउँछ। सरसफाई निरन्तर गरिरहनुपर्ने प्रक्रिया हो। पशुपति र गुह्येश्वरी मन्दिर निकट भई बग्ने वाग्वती नदीको स्वच्छता र पवित्रता सभ्यताको द्योतक हो। त्यसैले वाग्वती नदीको जलप्रवाहमा वृद्धि र प्रदूषण नियन्त्रणका लागि हाल भइरहेका प्रयासले मात्रै दिगो समाधान नदिने हुँदा कोष, वाग्वती सभ्यता एकीकृत विकास समिति, महानगरपालिकाजस्ता निकाय एवं वाग्वती सभ्यता बचाउ अभियानजस्ता जनस्तरका कार्यक्रमहरू एकीकृत र समन्वयात्मक ढङ्गले बढिरहेका छन्।

पशुपतिक्षेत्रको मृगस्थली, श्लेष्मान्तक, भण्डारखाल जङ्गलमा विविध दुर्लभ वनस्पतिहरू पाइन्छन्। साथै पशुपतिक्षेत्रमा बाँदर, परेवा, साँढे र कुकुरहरू जस्ता पशुपंक्षीलाई गहनाको रूपमा लिइन्छ। यिनीहरूका लागि दाना, खाना, पानी र उपचारका लागि उचित स्थानको व्यवस्था गरिएको छ। करिब बीस वर्षदेखि मृगस्थलीमा मृगहरू राखी मृगवाटिका सञ्चालनमा ल्याइएको छ।

त्यसैगरी मृगस्थली, श्लेष्मान्तक वनक्षेत्रमा भइरहेको लगातारको भू-स्खलन नियन्त्रणका कार्यक्रम निरन्तर रूपमा कार्यान्वयन गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं २०७२ साल वैशाखको भूकम्पमा भएको क्षति र सम्पदा पुनर्निर्माणसम्बन्धमा

विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् श्रीपशुपतिनाथ मन्दिर र पशुपति चार किल्लाभित्र रहेका हजारौँ सङ्ख्याका शिवलिङ्गहरू, मठमन्दिर, पाटीपौवा, आश्रम, सत्तल, नदीघाट, उद्यान, गौशालाजस्ता धार्मिक सांस्कृतिक विशेषताले ओतप्रोत पुरातात्त्विक सम्पदालाई २०७२ साल वैशाख १२, १३ र २९ को विनाशकारी भूकम्पीय प्रकोपले ठूलो क्षति पुऱ्याएको छ। विनाशकारी भूकम्पले भगवान् श्रीपशुपतिनाथ मन्दिर, वासुकी नारायण, उन्मत्त भैरव र मन्दिरप्राङ्गणभित्रका केही शिवालयबाहेक सबैजसो सम्पदाहरूलाई करिब ध्वस्त पारिदिएको अवस्था छ। क्षतिको आकलन गर्दा करिब ९० प्रतिशत सम्पदाहरूमा क्षति पुगेको देखिन्छ। भूकम्पको धक्काले पुराना जीर्ण सम्पदाहरूमा ठूलो क्षति पुग्दा पनि श्रीपशुपतिनाथको मन्दिरमा कुनै क्षति नपुग्नु आस्थाका हिसाबले आराध्यदेव श्रीमहादेवको दैविक शक्तिकै कारण प्रलय हुनबाट जोगिन पुगेको भन्ने सत्य साबित हुन पुगेको छ। परम्परागत निर्माण प्रविधिका आधारमा बनेको श्रीको मन्दिर वि.सं १९९० साल र सो भन्दा अगाडिको महाभूकम्पले पनि कुनै क्षति भएन।

उपसंहार

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले सृजना गराएका पुरातात्त्विक एवं ऐतिहासिक मूर्त अमूर्त सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गरी राष्ट्रिय एकता सुदृढ गर्ने अवसर प्राप्त हुनु, नेपाली समाज आफ्ना मौलिक पहिचानको खोजी, संरक्षण, सम्वर्द्धन र विकासमा जागरुक बन्दै जानु, राज्यले पनि यस्ता सम्पदा र संस्कृतिको संरक्षण, प्रवर्द्धन, उत्खनन, अनुसन्धान र विकासलाई नीति, योजनामा समावेश गर्दै जानु, संस्कृति, सम्पदा संरक्षणमा स्वस्फूर्त रूपमा ठूलो जनसहभागिता जुट्नुजस्ता सबल पक्षहरू अवसरका रूपमा रहेका छन्। धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक सम्पदाहरूको प्रचारप्रसारमार्फत पर्यटन विकास हुने भएकोले पर्यटन विकासको अवसर बढेर गएको छ।

पशुपतिक्षेत्रमा विद्यमान धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाहरू नेपालकै राष्ट्रिय गौरव हुन्। तसर्थ यिनको दिगो विकास एवं व्यवस्थापनका लागि प्राथमिकता छनौट, दीर्घकालिक सोच, कार्यमुखी र निर्धारित समयमा साधन स्रोत जुटाई सम्पन्न गर्ने प्रतिबद्ध नेतृत्वको आवश्यकता रहन्छ। अतः नित्य पूजित अनुपम ज्योतिर्लिङ्गस्वरूप साक्षात् भगवान् श्रीपशुपतिनाथको दर्शन पाउँदाको आनन्दको असीम अनुभूति शब्दमा वर्णन गर्न सकिने कुरा होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसामग्रीसूची

नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति, *बबरमहल, काठमाडौँ ।*

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ ।

सम्मानित सर्वोच्च अदालतबाट भएको **अध्ययन/छानवीन प्रतिवेदन,** २०७१, प्रस्तुतकर्ता : इजलास अधिकृतहरू श्रीध्रुवराज त्रिपाठी, श्री सन्तोषप्रसाद पराजुली र श्रीचन्द्रप्रकाश तिवारी, *०७१।४।८*

प्रतिनिधि सभा, **सार्वजनिक लेखा समितिको तेह्रौँ प्रतिवेदन** २०६३, *संसद भवन, सिंहदरबार ।*

चौधौँ योजना (आर्थिक वर्ष २०७३।७४-२०७५।७६) **आधारपत्र,** नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *सिंहदरबार, काठमाडौँ, २०७३ ।*

राष्ट्रिय संस्कृति नीति २०६७, नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, *सिंहदरबार, काठमाडौँ ।*

पशुपति क्षेत्र विकास कोषको **आ.व. २०५८/०५९ देखि २०६८/०६९ सम्मका प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनहरू,** महालेखा परीक्षकको कार्यालय, *बबरमहल, काठमाडौँ ।*

श्रीपशुपतिक्षेत्रको समग्र व्यवस्थापन सम्बन्धी प्रतिवेदन,२०६८, श्रीपशुपति अध्ययन व्यवस्थापन स्वतन्त्र अधिकार सम्पन्न समिति,२०६७: *पशुपति, देवपत्तन, काठमाडौँ ।*

पशुपतिक्षेत्रको अवधारणात्मक गुरुयोजनाको रूपरेखा, २०५३, *पशुपतिक्षेत्र विकास कोष, काठमाडौँ ।*

पशुपति क्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली २०६८ ।

वार्षिक प्रगति प्रतिवेदन आ.व. २०६१-२०६२, *पशुपतिक्षेत्र विकास कोष, सञ्चालक परिषद्, काठमाडौँ ।*

आ.व. २०५८/०५९ **देखि २०६८/०६९ सम्मका वासलातहरू,** *आर्थिक प्रशासन शाखा, पशुपतिक्षेत्र विकास कोष ।*

डा. टण्डन, गोविन्द, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** (भाग १) झरेन्द्र शमसेर ज.ब.रा. एवं श्रीमती मञ्जु राणाः *महाराजगञ्ज, काठमाडौँ, इ.सं. १९९६ ।*

प्रा. उपाध्याय भट्ट, विद्यानाथ, **श्रीपशुपति अर्चना र पूजकको व्यवस्था, कार्यपत्रः** *२०६७, काठमाडौँ ।*

राजभण्डारी, शिवशरण, **वर्तमान परिवेशमा श्रीपशुपतिनाथका भण्डारीहरूको परम्परा र भेटीको पारदर्शिता, कार्यपत्रः** *२०६७, काठमाडौँ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची–६

वैदिक सनातन धर्ममा आरतीको महिमा

(पशुपति आर्यघाटमा सञ्चालित आरतीको सन्दर्भ)

डा. बिनुबाबा अर्याल

विश्वका महान् संस्कृतिहरूमध्ये हिन्दूसंस्कृति प्राचीनतम संस्कृति हो। संस्कृति संस्कार गरिएको जीवनकला हो, अभ्युत्थानको सोपान हो। देश, काल, परिस्थितिका मान्यताहरूलाई परिमार्जन गर्दै तिनलाई जीवनको बाटो बनाउँदै आएका कर्महरू नै संस्कार बन्दछन्। यी कर्महरूलाई प्रभाव पार्ने घटनाहरू, तिनका कतिपय उत्प्रेरक छविहरू जनमानसमा जीवन्त हुन्छन् र पुस्तौं पुस्तासम्म चल्दै अविरल गतिले समयको धारसँगै बगिरहन्छन्। विभिन्न स्थानमा बस्ने मानिसहरूको संस्कार पनि भिन्नाभिन्नै हुने हुनाले संस्कृति पनि भिन्नाभिन्नै तरिकाले विकसित भए। हाम्रो धर्मसंस्कृतिलाई सनातन संस्कृति र आर्यसंस्कृति भनिन्छ। **सनातनस्य धर्म इति सनातनधर्मः** सनातन धर्म नित्य तत्त्व परमात्माद्वारा चलाएको हो, कुनै व्यक्तिद्वारा चलाइएको होइन। सनातनधर्म अनादि छ किनभने **सनातनश्चासौ धर्मश्च** अर्थात् यो सनातनरूपले रहने धर्म हो। यस धर्ममा त्रिमार्ग (ज्ञान, भक्ति र कर्म) छ। अझ हिन्दूसंस्कृतिको आफ्नो थलो भारतवर्षमा जन्मेका ऋषिमुनिहरूको मर्यादा र आदर्शबाट पृथ्वीका सबै मानिसले सच्चरित्रताको पाठ सिकून् भन्ने आदर्शअनुरूप मनुस्मृतिको उद्घोष छ।

हिन्दूधर्मावलम्बीहरू सामान्य पूजापाठ आदिमा मात्र सीमित छैनन्। यो अन्तःकरण शुद्धि गर्ने पद्धति हो। यो उनीहरूको जीवनपद्धतिमा पर्ने एक अंश हो। वेदनिःसृत सनातनधर्ममा धर्म, कर्म, उपासना, योग, त्याग, तपस्या, संयम, सेवा छ। यी साराको आधार दर्शन छ भने यही दर्शनले धर्मलाई निर्देशित गरेको छ। **आचारः प्रभवो धर्मः धर्मस्य प्रभुरच्युतः**। आचारबाट धर्मको उत्पत्ति हुन्छ। आत्मज्योतिको जागरणका लागि बाह्य ज्योतिको नितान्त आवश्यकताको फलस्वरूप दीपज्योति जलाएर हाम्रा क्रियाकलापहरू आरम्भ गर्ने परम्परा स्थापित भएको हो। सीताको हरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको खोजी गर्ने क्रममा पम्पासरको तटमा भगवान् श्रीरामको हनुमान र सुग्रीवसँग भेट भएपछि राम र सुग्रीवले काठ रगडेर अग्नि निकाली सोही अग्निलाई साक्षी मानी मित्रता कायम गरे ।* भयो। ज्योतिप्राप्तिलाई मानिसहरूको अन्तिम लक्ष्यका रूपमा लिइएको छ किनभने ब्रह्मलाई ज्योतिको पनि ज्योतिको रूपमा वर्णन गर्दै मुण्डकोपनिषत्‌ले ब्रह्मज्ञानलाई मोक्षको महत्त्वपूर्ण सोपानका रूपमा लिएको छ।**

वैदिक परम्परामा दीप प्रज्वलन गर्ने कार्यलाई ज्यादै महत्त्व दिइएको छ। अग्निदेवलाई साक्षी राखी तिनको सम्मुख रही कार्य गरेमा कार्य सफल हुने कुरामा भक्तालुहरू विश्वस्त रहेका छन्। मनुष्य शरीरको निर्माण पञ्चतत्त्व (पृथ्वी, जल, अग्नि, वायु, आकाश) बाट भएको छ। ती पञ्चतत्त्व मध्ये अग्नितत्त्व पनि रहेको छ। यसैले पनि कुनै पनि देवी देवताको पूजनको समयमा ऊर्जाशक्तिलाई केन्द्रीभूत गर्नका लागि दीप प्रज्ज्वलित गर्ने गरिन्छ। प्रकाशको तेजोमय पुञ्जलाई नै ज्योति पनि भनिन्छ, ज्ञानको प्रतीक मानिन्छ।

मानिसका दुईवटा नेत्रलाई चर्मचक्षुका रूपमा लिएर बाँकी एउटालाई ज्ञानचक्षुका रूपमा लिइएको छ। पौराणिक आख्यानअनुसार भगवान् शिवका त्रिनेत्र सूर्य, चन्द्र र अग्नि हुन्।

देव्या सह महादेव शशाङ्काग्निन्त्रिलोचनः ।
रमते तत्र विश्वेशः प्रभवैः प्रभुकेश्वरः ॥ *(कूर्मपुराण, पूर्व विभाग, अध्याय ४४)*

हाम्रा प्राचीन वैदिक ऋषि, महर्षिहरूले ब्रह्मको प्रतीकको रूपमा ज्योतिको आराधना गरे। सामवेदले यस कुराको पुष्टि गरेको छ।

ॐ अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा सूर्यो ज्योतिर्ज्योतिः सूर्यः स्वाहा। अग्निर्वर्चो ज्योतिर्वर्चः स्वाहा सूर्यो वर्चो ज्योतिर्वर्चः स्वाहा॥ ज्योतिः सूर्यः सूर्यो ज्योतिः स्वाहा॥

अर्थात् अग्नि ज्योति हो, ज्योति अग्नि हो, अतः प्रकाशस्वरूप अग्निदेवका लागि आहुति प्रदान गर्दछौँ। सूर्य प्रकाश हो, प्रकाश सूर्य हो, अतः प्रकाशस्वरूप सूर्यदेवका लागि आहुति प्रदान गर्दछौँ। वाणी अग्नि हो, अग्नि वाणीस्वरूप हो, अतः वाणीस्वरूप अग्निदेवका लागि आहुति प्रदान गर्दछौँ। वाणी सूर्यरूप हो, सूर्य वाणीरूप हो, अतः वाणीरूप सूर्यदेवका लागि आहुति प्रदान गर्दछौँ। प्रकाश सूर्यरूप हो, सूर्य प्रकाशरूप हो, हामी सूर्यदेवका आहुति प्रदान गर्दछौँ। यसरी ज्योतिस्वरूप भएका भगवान्‌लाई आरतीरूपी ज्योति प्रदान गर्नु र आफ्नो आत्मस्वरूप ज्योतिलाई भगवान्‌मा समर्पित गर्नु नै आरतीको रहस्य हो।

* श्रीमद्भागवतरहस्य, वाराणसी : बम्बई बुक डिपो, २००९, ६५५ पृष्ठ।
** हिरण्मये परे कोशे विरजं ब्रह्म निष्कलम्। तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद्यदात्मविदो विदुः। (मुण्डकोपनिषत्, २।२।९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक युगमा तीर्थ गर्न जाँदा ऋषिहरूमध्ये एक जनाले दीप अर्थात् ज्योति लिएर सबैभन्दा अगाडि हिँडेर नेतृत्व गर्दथे। मृतकको शरीर (लास)को अगाडि दीपक जलाएर राखिन्छ। यसो गर्दा त्यस आत्माले सही दिशा प्राप्त गर्न सक्छ भन्ने विश्वास रहेको छ।

यसै ज्योतिको सन्देशवाहक पर्व दीपावली महोत्सव हो जसलाई प्राचीनकालदेखि नै मान्दै आएको पाइन्छ। मन, प्राण तथा वाणीलाई प्राचीन आचार्यहरूले तीन प्रकारका ज्योति मानेका छन्। बिहान सबेरै आफ्ना घरका ढोकाअगाडि रातो माटोले पोतेर दीप प्रज्वलन गरी पूजा गर्ने प्रचलन यथावत् नै छ। पूजाको क्रम सिद्धिएपछि प्रज्वलित गर्ने दीपलाई आरती भनिन्छ।

आरती शब्द संस्कृतको आरात्रिकबाट बनेको हो। आरतीको प्राकृत रूप हो आर्त्ति। आरतीलाई आर्त्ति पनि भनिन्छ। यो हिन्दूधर्मको पूजा गर्ने विधिमा पर्दछ। कपासबाट कातिएको बत्ती घिउमा, तेलमा अझ तिलको तेलमा, सूर्यमुखी फूलको तेलमा बालिन्छ। आरतीको शाब्दिक अर्थ ईश्वरप्रतिको पूर्ण प्रेम हो। आरतीलाई उज्यालोको महोत्सव पनि भनिन्छ। आरती शब्दले अनिष्टको निवारण भन्ने पनि बताउँछ। सम्भाव्य विघ्न बाधाहरू हटाउन गरिने कर्मका रूपमा पनि आरतीलाई लिन सकिन्छ। एउटै शब्दमा भन्नुपर्दा कष्टनिवारण हो। आरती लिनुको मनसाय प्रभुप्रतिको प्रेमबाट आइपरेका कष्टनिवारण हुने आत्मिक विश्वास हो, भगवान्प्रतिको अगाध आस्था हो। यसले हाम्रो संस्कृतिको **तमसो मा ज्योतिर्गमय** अर्थात् अन्धकारतिर होइन उज्यालोतिर लैजाऊ भन्ने सन्देशको उद्घोष गर्दछ।

शुभं भवतु कल्याणमारोग्यं धनसम्पदः।
सर्वशत्रुविनाशाय दीपज्योतिर्नमोस्तु ते॥
भो दीप त्वं ब्रह्मरूप ह्यन्धकारनिवारक।
इयं मया कृता पूजा गृहाण परमेश्वर।
कर्मसाक्षिणे दीपनारायणाय नमः॥ "

घिउ वा तिलको तेलमा दियो बाली जो सूर्यको पूजा गर्दछ, त्यसका नेत्रविकार हुँदैनन्। तिलको तेलमा दीप बालेर सूर्यलाई अर्पण गरेमा ज्ञानरूपी दीप प्राप्त हुन्छ -

"ज्वलमानं सदा दीपं न हरेन्नापि नाशयेत्।
दीपहर्ता नरो बन्धं नाशं क्रोधं तमो व्रजेत्। "

बलेको दीप हरण तथा नाश कहिल्यै गर्नु हुँदैन, यदि गरेमा बन्धन, नाश, क्रोध र अन्धकार प्राप्त हुन्छ। (ब्रह्मपुराण, अध्याय ४१)

वैदिक उपासनामा वेदमन्त्रहरूद्वारा र पौराणिक वा तान्त्रिक उपसनामा क्रमशः पौराणिक र तान्त्रिक मन्त्रको प्रयोग गरी आरती गरिन्छ। श्रीमद्भागवतमा नौ प्रकारको क्रियायोगको वर्णनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्णले उद्धवजीलाई विधिपूर्वक गरिने धार्मिक अनुष्ठानमा पूजाको विधि सविस्तार बताउँदै आरतीको बारेमा बताउनुभएको प्रसङ्ग यसप्रकारको छ- कपूर र शुद्ध घ्यू वा तिलको तेलमा भिजाएको बत्तीद्वारा भगवान्को आरती गर्नू, चारपटक भगवान्को चरणमा, दुईपटक नाभिमा, एकपटक मुखमण्डलमा र सातपटक सम्पूर्ण अङ्गमा आरती घुमाउनू। भगवान्का अगाडि अनेक वाद्यवादनसहित अथवा ताली बजाएर नृत्य तथा कीर्तन गर्नू भनिएको छ। आरती गर्दा वैदिक एवं तान्त्रिक मन्त्रोच्चारण, मङ्गलध्वनि, स्तुतिगान, नृत्य, जयकार आदि गर्नू भनेर शिवपुराणको वायवीयसंहितामा बताइएको छ।*** आरतीमा सर्वप्रथम जुन देवताको जुन मन्त्रले पूजा गरिन्छ, त्यस मूल मन्त्रद्वारा तीन पटक पुष्पाञ्जली दिनुपर्दछ।

आरतीमा पहिले विधिपूर्वक शास्त्रीय सङ्गीत विधिले शङ्ख बजाइन्छ। भगवान् विष्णुको करकमलमा सुसज्जित समुद्रबाट निःसृत शङ्खले विश्व र विश्वनियन्ता भगवान्को सम्बन्धलाई देखाएको हुन्छ। शङ्खनादले अव्यक्तरूपमा आकाशतत्त्वरूपी ईश्वरसँग आफूलाई जोड्दछ। बजाइएको शङ्खको प्रभावले श्वास, प्रश्वाससम्बन्धी प्राणायाम नियमित हुन मद्दत गर्दछ। योगाभ्यास एवं मनको एकाग्रताले तनावरहित जीवनयापन गर्न मद्दत गर्दछ। त्यसपछि वायुतत्त्वसँग सम्बद्ध चमर अथवा शुद्ध वस्त्र डोलाइन्छ। हातले घण्टा बजाउँदै गङ्गा र यमुनाको प्रतीक सेतो र कालो चमर हम्कनुपर्दछ। त्यसपछि वनस्पति र सर्वौषधियुक्त सालधूप, गोकुलधूप, सख्खर आदि दश प्रकारका वस्तुहरू बालेर आरती गरिन्छ। औषधीय वस्तुहरूको भरभराउँदो आगोबाट निस्केको सुगन्धित धूपले वातावरणीय प्रदूषण नाश गर्दछ। गाईको घिउ वा तिलको तेलमा भिजाइएको मोटो बत्तीले दायाँ बायाँ दुवैतिरबाट सोह्रपटक आरती देखाइन्छ। यथार्थमा इष्ट देवताको प्रसन्नताको लागि आरती गरिन्छ। आरतीमा कपूर जलाउने परम्परा रहिआएको छ। धूपले वातावरणलाई मनोहर, सुन्दर बनाउँछ, हानिकारक प्रदूषित वायुलाई नष्ट गर्दछ। कपूरले पनि आरती गरिन्छ भन्ने कुरा पद्मपुराणमा पनि उल्लेख गरिएको छ।

"कुङ्कुमागरुकर्पूरघृतचन्दननिर्मितः।
वर्तिका सप्त वा पञ्च कृत्वा वा दीपवर्तिकाम्॥
कुर्यात् सप्त प्रदीपेन शङ्खघण्टादिवाद्यकैः।"

कपूर जल्दा पूरै जल्दछ, यसबाट केही अवशेष बाँकी रहँदैन। यसै तरहले भगवान्को भक्तिमा ज्ञानको अग्निमा हाम्रो वासना पनि जलेर समाप्त हुन्छ। त्यसपछि ईश्वर तत्त्वका कर्महरू सुरु हुन्छन् साथै दीपको या आरतीको ज्वाला चारैतिर खाली ठाउँ भए तापनि उग्र गतिमा आकाशतिरै जान्छ साथै अग्निको अंश सूर्य नै भएकोले आफ्नो अंशी सूर्यतर्फ नै अभिमुख हुन्छ। यसरी दीप या आरतीले

*** दत्वा निराजनं कुर्यात् सर्वमंगलनिःस्वनैः।
गीतनृत्यादिभिश्चैव जयशब्दसमन्वितः॥ शिवपुराण, वायवीयसंहिता, २४।५६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाई उग्रगामी हुने र अन्धकारलाई समाप्त पार्नका लागि प्रेरणा प्रदान गर्दछ। दीपशिखाको सम्बन्धमा के मान्यता रहेको छ भने उत्तर दिशातिर शिखा राख्नाले स्वास्थ्य र प्रसन्नताको वृद्धि हुन्छ, पूर्व दिशातिर शिखा राख्नाले आयुवृद्धि हुन्छ, पश्चिमतिर शिखा राख्नाले दुःख हुन्छ र दक्षिणतिर शिखा राख्नाले हानि हुन्छ। दीपप्रज्ज्वलनले शत्रुको शमन हुन्छ एवं आयु, आरोग्य पुण्यमय, सुखमय जीवनको प्राप्ति हुन्छ। आफ्नो आराध्यदेवको कृपा प्राप्त गर्ने पावन उद्देश्यले अभिप्रेरित भई केही समयसम्म अखण्ड दीप बाल्ने, आफ्नो घरमा, मन्दिरमा वा गङ्गाको छेउमा सबालाख, सबाकरोड र सकेमा त्यसभन्दा बढी बाल्ने प्रचलन हिन्दू समाजमा छ। पूजाको आखिरीमा आरती गरिन्छ। आरती गर्ने सबै भक्तहरूको हृदय भक्तिले ओतप्रोत भई मनमा कुण्ठित भई बसेका विकार र जानअन्जानमा भएका पाप पखालिई बाहिर निक्लिन्छ। पूजा गर्दा भएको त्रुटिलाई आरतीले पूर्ण गरिदिन्छ भन्ने कुरा स्कन्दपुराणमा लेखिएको छ।

मन्त्रहीनं क्रियाहीनं यत् कृतं पूजनं हरेः।
सर्वं सम्पूर्णतामेति कृते निराजनैः शिवे ॥

आरती गर्नेले मात्र होइन देख्नेले पनि ठूलो पुण्य प्राप्त गर्दछ।

निराजनं च यः पश्येद् देवदेवस्य चक्रिणः।
सप्त जन्मनि विप्रः स्यादन्ते च परमं पदम् ॥

भगवान्तर्फ लाग्दा मन उज्यालो, विचार उज्यालो, भावना उज्यालो बनाउँछ। विभिन्न प्रकारको हस्तमुद्रा, अङ्गुलीमुद्रा, नमस्कार आदि मुद्राहरूले भगवान्को आराधना गरिसकेपछि निराजन चढाई विसर्जन गरिन्छ। आरतीका पाँच अङ्ग हुन्छन्- १. दीपप्रज्वलन २. शङ्खवादन ३. शुद्ध वस्त्रधारण ४. आँप र पिपलको पात अर्पण ५. साष्टाङ्ग दण्डवत्।

जुन देवताको उपासना गरिन्छ शास्त्रअनुसार त्यसको तिथि आदिको आधारमा सङ्ख्या पनि तोकिएको हुन्छ। जस्तै विष्णुलाई आदित्यहरूमा गणना गरिएको हुँदा द्वादशात्मा मानिन्छ र विष्णुको तिथि पनि द्वादशी, मन्त्र पनि **ओम् नमो भगवते वासुदेवाय** बाह्र अक्षरको छ। सूर्य सप्तमी तिथिका अधिष्ठाता, सात घोडाले युक्त, विभिन्न सात किरणवाला हुन्। सूर्यको आरती सातपटक घुमाउँदा हुन्छ। नवदुर्गा प्रकृतिका तिथि पनि नवमी हो र मन्त्र पनि नवार्ण भएकाले दुर्गाका नौ रूप छन्। तिथि पनि नवमी र मन्त्र पनि नवार्णव भएकाले दुर्गाको आरतीमा नौपटक घुमाउनुपर्दछ। रुद्र एकादश छन् अथवा शिवजी चतुर्दशी तिथिका अधिष्ठाता हुन्, अतः शिवजीको आरतीमा एघार वा चौध आवृत्ति आवश्यक हुन्छ। गणेश चौथी तिथिका अधिष्ठाता हुन्, त्यसकारण गणेशको चार आवृत्ति गर्नुपर्दछ। यसैगरी मन्त्रसङ्ख्या अथवा तिथिसङ्ख्याअनुसार अरू देवताहरूका लागि कल्पना गर्न सकिन्छ अथवा सबै देवताहरूलाई सातपटक आवृत्ति गर्न सकिन्छ। **आदौ चतुष्पादतलेक देशे**अनुसार चरणमा चारपटक, नाभिमा दुईपटक, मुखमण्डलमा एकपटक र सबै अङ्गमा सातपटक आरती घुमाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरती घुमाउँदा ॐ आकारमा घुमाइन्छ। नियमतः जुन देवताको आरती गर्ने हो, चन्दन आदिले थालीमा त्यस देवताको बीज मन्त्र (मूलमन्त्र) लेखेर आरती गर्दा बीजमन्त्रअनुसार घुमाइन्छ। सबैलाई बीजमन्त्रको ज्ञान नहुने हुँदा सबै वेदको बीजरूप प्रणवलाई थालीमा राखेर त्यसमा आरती राखेर ॐको आकृतिअनुसार आरती गरिन्छ।

आरतीको समयमा घण्टी बजाउनु, शङ्ख बजाउनु प्रायः हरेक ठाउँमा हुन्छ। त्यसको दुई उद्देश्य हुन्छ– पहिलो त यसले वातावरणलाई उल्लासमय बनाउँछ, दोस्रो यसको तेज आवाजले वरिपरिका मानिसहरूलाई पनि थाहा हुन्छ। पूजा हामी एकान्तमा गर्न सक्छौँ तर आरतीमा घरपरिवार, इष्टमित्र, छरछिमेक सबै मिलेर गर्न सक्छौँ। यही उदात्त भावना नै हिन्दूसंस्कृतिको आत्मा हो। विश्वजनमा मङ्गलकामना गर्दै आत्मचिन्तनको गहिराइतिर जानु यसको क्रियात्मक स्वरूप हो। चेतना र जागरणतिर जाने बाटो पनि यही हो। चेतना जागरण हुनु भनेको मानिस होसमा आउनु हो, पूर्णतातिर नजिकिनु हो।

दीपलाई दुई थरीबाट नियाल्न सकिन्छ– भौतिक दीप र आध्यात्मिक दीप। भौतिक दीप जसले बाहिरी संसारलाई उज्यालो पार्दछ । यसको अभावमा संसार अन्धकार, निराशाजन्य हुन्छ। आध्यात्मिक दीप भन्नाले आफूलाई ईश्वरप्राप्तिको मार्गमा डोऱ्याउनु हो। विराट् चैतन्यको छहारीमा जीवनयापन गर्नु आध्यामिकता हो। जब हामी विषयवासनालाई इन्द्रिय मन, बुद्धिद्वारा या इन्द्रियहरूद्वारा अङ्गहरूलाई नियन्त्रण गर्न सक्छौँ तव आत्मा चम्कन्छ। यसले आफ्नो स्वरूप देखाउन सक्छ। यसैगरी भगवान्तर्फ साधना या दीपले प्रज्वलित बनाई राख्नुपर्दछ तब प्रकाशरूपी परमानन्दमा जीव मिल्दछ। त्यही हाम्रो जीवनको उद्देश्य हो। जीवनलाई सार्थकतातर्फ लैजाने बाटो हो। सकारात्मक मानवीय मूल्यप्रेरित जीवनपद्धति र जीवनदर्शनलाई बुझ्ने आदर्श हो। उदार चेतना सान्दर्भिक सामाजिक सहिष्णुतालाई लिएर अगाडि बढ्ने जीवनको आधार हो। जीवनको अन्तिम लक्ष्य शान्तिको प्रप्ति हो। यसका लागि आध्यात्मिक आचरण आवश्यक छ। धार्मिक आचरणले नै समाजमा एकता र सहयोगको भावना विस्तार गर्दछ। यस्तो संयमी, परिष्कृत र अनुशासित सुसंस्कृतिले भरिपूर्ण भएको जीवन हामी गृहस्थजीवनभित्र पाउँछौँ। गृहस्थजीवनमा गृहस्थधर्मका पवित्र आचरणले मनलाई सत्यमार्गमा अगाडि बढ्न शक्ति प्रदान गर्दछ। पवित्र आत्माले नै व्यक्तिमा आत्मबल जागृत हुन्छ। त्यही आत्मबलले नै व्यक्तिलाई आध्यात्मिक प्रकाशतिर हिंडाउँछ। यसैले यो धर्ती र समाजमा स्वधर्ममा स्थिर रहेर नै मानवको मानवीय कुशल क्रियाकलापहरू अगाडि बढाउन सकिन्छ। सानो वा ठूलो गृहस्थ आश्रम मानवमात्रको उच्चतम महाविद्यालय हो जहाँ जीवनको हरेक पाइला परीक्षणमै रहन्छ साथै स्वाभाविक र व्यावहारिक तवरले ज्ञानहरू माझिँदै खारिँदै गइरहेका पनि हुन्छन्। गृहस्थधर्म सामाजिक क्रियाकलापको अर्थपूर्ण नियम हुन्। गृहस्थधर्म मानवीय धर्म हो, यही सनातनधर्मको पवित्र सिँढी पनि हो। गृहस्थधर्मको पूर्ण ज्ञानविना अध्यात्म ज्ञान जागृत गर्न सम्भव छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा आरतीको परम्परा

लिच्छविकालिक नेपालमा राजाहरूले, प्रशासकहरूले, दाताहरूले आफ्नो गच्छेअनुसार देवताका मूर्तिहरू स्थापनामात्र गरेनन् तिनको नित्य नैमित्यिक काम्य पूजाको लागि प्रशस्त गुठीहरू पनि राखिदिएको पाइन्छ। आफूले स्थापना गरेको देवता वा मूर्तिको नित्य पूजा लोप भएको खण्डमा **स्थापकस्य तथा नित्यं पूजकस्य कुलक्षयम्** यस्तो आर्त वचन पाइएकोले आजसम्म पनि हजारौं मन्दिरहरूमा देवस्थलहरूमा नित्य नैमित्यिक पूजाहरू चलिरहेकै छन्। आरतीविशेषको प्रबन्ध लिच्छविकालमा कस्तो थियो भन्ने प्रष्ट उदाहरणहरू नपाइए पनि "धूपदीप गोष्ठी" (गुठी) वादित्र गोष्ठी (बाजा बजाउने)आदि शब्दहरूले अप्रत्यक्षरूपमा आरती मन्दिर मन्दिरमा हुन्थ्यो भन्ने देखिन्छ। तदनुसार आरती मन्दिरहरूमा मात्र होइन गृहस्थको घरमा पनि पूजित शालिग्राम, पान्चायन देवता, तुलसीको मठ एवं घरको मूल द्वारमा साँझको बत्ती बाल्ने चलन चलिनै रहेको छ।

मल्लकालमा मल्ल राजाहरूले र मन्दिरका दाताहरूले पनि साँझपख आरती गर्ने चलन चलाए। आजसम्म पनि सबै मन्दिरहरूमा मन्दिरकै वा सोको अगाडि रहेका डबली वा कोठा पाटीहरूमा दाखामे (भजन गाउने) चलन छँदैछ।

मध्यकालदेखि गीतगोविन्दको ज्यादै प्रचलन भयो। राधाकृष्णको भक्तिरसले आह्लादित, यसका भजनहरू मन्दिरमा गाइन थालिए, जुन अझै चलिरहेको छ। मल्लकालका लामालामा शिलास्तम्भहरू, विभिन्न राग तालहरूमा भजनहरू लेखिएको पाइन्छन्। हनुमानढोकाको प्रसिद्ध तलेजु मन्दिरको बायाँपट्टिको सुवर्णद्वारको ढोकामा प्रताप मल्लको अभिलेखमा सातवटा भजन तात्कालिक र वर्तमान जनभाषामा दाफा (गाना) दिएको छ, यसमा सातवटा भजनहरू परेका छन्। सातैवटा भजनलाई कुन रागमा, कुन तालमा गाउने भन्नेसमेत दिइएको छ। यसमा भएका र सारथ राग खजति ताल, धनाश्री राग। पहडिया राग, गण्ड ताल, एक ताल, केदार राग, पल ताल, विहाग राग, एक ताल, जयजवन्ती, बेला राग, एक ताल गरी सातओटा ताल र रागमा सातवटा भजन दिएका छन्। निश्चय नै यी रागहरू साँझपख बत्ती बाली श्रद्धापूर्वक भगवतीका आरती गर्ने आरतीहरू हुन्। तिनका भाषाहरू अवधी, मैथिली वा अरू के के हुन् भाषाविद्हरूले नै खुट्याउनुपरेको छ। जस्तैः "कीदन्हु पुरुवा सुकृत फल मुगु ताल निफल सकल मेल काजे कदन्हु विधिबसे गिरीवरनन्दीन मेलि हे विमुखि मोहिमाजे ॥ की दन्हु परसेवक स ओन पालहते निजज नअवसनकी दन्हुत करम अच्छल मोहि अनूतन जैत सन परिजन ॥ कीद" आदि भजनहरू नेपालका सबैजसो व्यवस्थाहरूमा पाइएका छन्। ती भजनहरूले तात्कालिक समाज र त्यस बखत मन्दिरमा कस्तो प्रकारको सायंकालिक आरती हुन्थ्यो आदिको खोजी गर्नुपरेको छ।

बालकुमारी ठिमीमा प्रजाजनहरूले जयप्रकाशको कब्जामा गएको आफ्नो राज्यको केही अंशलाई त्यहाँका प्रजाहरूले फिर्ता ल्याएको खुसियाली धेरै धन, हात्ती सुवर्ण आदिको साथै दुईवटा दाहा पनि निगाहा गरिदिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा परेको शब्द 'दाहा'बाट धेरै इतिहासका विद्यार्थीहरू अलमलमा परेका थिए। पछि डा. महेशराज पन्तले यो दाहा नभएर दाता हो भनेपछि सबै कुरा प्रष्ट भयो। राजाहरूले आफैं आरतीको भजन लेखी जनताहरूलाई दिँदारहेछन् भन्ने कुरा सिद्ध भयो। त्यसैले वर्तमानमा श्रीपशुपतिनाथको पूजाविधिले प्रातः सायं नित्य आरती हुन्छ। त्यो सुरु हुनुभन्दा पहिले पशुपति मन्दिरको उत्तरपट्टि अहिले भजनघर भनिने पाटी पनि सुरु मल्लकालदेखि नै भजन गर्ने चलन थियो कि ? आज पनि पाटनमा कृष्णमन्दिर, भक्तपुरको भैरवनाथ मन्दिर, भक्तपुरकै न्यातपोल मन्दिर, काठमाडौंको आकाशभैरव मन्दिर र श्वेत मच्छिन्द्रनाथका मन्दिरहरूमा फलैंचामा बसेर भजन गाइन्छ। त्यो आरतीकै तात्कालिक समयको परम्पराको अवशेष हो।

श्रीपशुपतिनाथ मन्दिरको पूर्वपट्टि वाग्वती किनारमा शिवालयमुनि एकथरी श्रद्धालु भक्तजनहरूले आरती सुरु गरेको धेरै वर्ष भइसक्यो। यो हामी नेपालीकै प्राचीन संस्कृतिको द्योतक हो भन्ने मानेर यसलाई स्थायित्व प्रदान गर्नु र सुधार गर्नुको साथसाथै आजभन्दा तीन-चारसय वर्षभन्दा अगाडि गर्भगृहमा मूलपुजारीले गर्ने आरतीबाहेक अरू भक्तजनहरूको भगवान्प्रतिको श्रद्धा कस्तो रूपको थियो ? उक्त आरतीमा प्रस्फुटित हुन्थ्यो भन्ने कुराको खोजी गर्नु पनि आजको आवश्यकता हो।

अन्त्यमा, आरती आर्त भएर हृदयदेखि गद्‌गद् भएर प्रभुको नाम, जप, सङ्कीर्तन गर्दा शङ्खको आवाज जहाँसम्म पुग्छ त्यहाँसम्म भूतप्रेत पिशाचहरू बस्न सक्दैनन्। घण्टाको आवाजले दुष्टात्माहरूको नाश हुन्छ, डमरुको आवाजले शिवतत्त्वलाई फैलाउँछ भने आरतीको ज्योतिले हृदयमा जमेको अन्धकारलाई नाश गरी तमसबाट ज्योतितिर लैजान्छ।

असतोमा सद्‌गमय
तमसोमा ज्योतिर्गमय
मृत्योर्मा अमृतं गमय *(बृहदारण्यकोपनिषत् १.३.२८)*

मानवजीवनलाई प्रकाशमय र प्रदीप्त बनाउने प्रयास एउटा अन्त्यहीन यात्रा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची ७

पाशुपतक्षेत्रको (९×९=८१) वास्तुव्यवस्था र नौ जातीय (ग्वलः) परम्परा

–केदारमान भण्डारी

विषयप्रवेश

प्राचीन दिव्य देवभूमि पशुपतिक्षेत्र भगवान् श्रीपशुपतिनाथ तथा महामाया गुह्येश्वरी, अष्टमातृका र तेत्तीस कोटी देवदेवीहरूको अनुपम वासस्थानका रूपमा ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा सामाजिक रीतिस्थितिले सम्पन्न प्राचीन वस्ती मानिन्छ। नेपालका सातवटा सांस्कृतिक क्षेत्रलाई युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत गरेको छ र काठमाडौं उपत्यकाभित्र रहेका जीवन्त सांस्कृतिक पक्ष र मूर्त-अमूर्त सम्पदाका कारण विश्वसम्पदा सूचीमा सूचीकृत भएका सम्पदाक्षेत्रमध्ये पशुपतिक्षेत्र एक हो। पशुपतिक्षेत्रमा भगवान् श्रीपशुपतिनाथ आदिमहाज्योतिर्लिङ्गका रूपमा प्रकट हुनुका साथै यस क्षेत्रको नाम महाभारतको वनपर्वमा माहेश्वरपुरका रूपमा उल्लेख गरिएको पाइन्छ भने नेपालपुरी, देपपत्तन, आनन्दपुरी, सुवर्णपुरी र "ग्वल" जस्ता नाम उल्लेख भएको पाइन्छ। यो क्षेत्र प्राचीनकालदेखि नै परम्परागत वैदिक र तान्त्रिक साधनास्थल र सबैको साझा धार्मिक, आध्यात्मिक, सामाजिक, समन्वयको गौरवमय प्रतीकका रूपमा रहेको छ।

यो क्षेत्र हिन्दु, बौद्ध, जैन, सिख, शैव, शाक्त, नाथ, किराँत, वैष्णव, नागा, अघोरी, उदासी एवं तान्त्रिक आदि सबै धर्म, मत, सम्प्रदायका आराध्य विराजमान देवभूमि, तपोभूमि, सिद्धभूमिलगायत विविध आस्थाका धर्मावलम्बीहरूका श्रद्धाको केन्दबिन्दु एवम् पावन दिव्यभूमि तथा तीर्थस्थलका रूपमा मानिन्छ। यो क्षेत्र प्रायः ऐतिहासिक कालदेखि वर्तमान युगसम्म मानव सभ्यता र संस्कृतिको अध्ययन अनुसन्धान गर्ने उपयुक्त पूर्वीय दर्शन र जीवन सभ्यताको ज्वलन्त उदाहरणका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ। यो क्षेत्र गोपालवंश, महिषपालवंश, किराँतकाल, लिच्छिविकालसम्म उपत्यकाको राजधानीसमेत रहेको देखिन्छ। यसर्थ यहाँका यत्रतत्र छरिएर रहेका देवदेवीका मूर्तिहरू, मठ-मन्दिर, दरबार, स्मारक, शिलालेख, कला-संस्कृति र उत्कृष्ट प्रगतिशील प्राचीन सामाजिक परम्परा, सभ्यता तथा रीतिरिवाज आदि धार्मिक सांस्कृतिक विधिले यो क्षेत्र प्राचीन दर्शनको उद्गम केन्द्र एवम् धार्मिक, आध्यात्मिक, दृष्टिकोणबाट अति नै महत्त्वपूर्ण भएको स्पष्ट हुन्छ जसले विश्वको ध्यान आफूतिर आकर्षण गर्न सक्षम देखिन्छ।

प्राचीन कालदेखि नै यस क्षेत्रमा सबै धर्म, सम्प्रदायका जातजातिबीच मेलमिलापको भावना, सहिष्णुता, सद्भाव, जातीय, अन्तःसम्बन्ध र सहअस्तित्व कति गहिरो छ भन्ने बोध पशुपतिक्षेत्रमा हुने वर्षभरिको छत्तीसवटा जात्रा र एक सय आठवटा पर्वपूजाबाट प्रमाणित हुन्छ। जस्तैः पाहाचहे जात्रा पर्व र देशोद्धार पूजामा यस क्षेत्रमा चारै वर्ण ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र र नौ जातिहरू एकसाथ बसी विनाभेदभाव हर्षोल्लाससहित तान्त्रिक र वैदिक पूजा आराधना, साधना, अनुष्ठान र जात्रा गरिने कुराबाट स्पष्ट हुन्छ। भगवान् श्रीपशुपतिनाथमा नित्य पूजाका क्रममा वैदिक तवरबाट पञ्चामृत पूजा, रुद्राभिषेक, वेदपाठ एव शालिग्रामको पूजा गरिन्छ भने "श्री"को शिरमा दैनिक श्रीखण्डलेपन गरी श्रीयन्त्र लेखेर तान्त्रिक विधिबाट शक्तिपूजा, आराधनासमेत गरिन्छ र भगवान् श्रीपशुपतिनाथको दक्षिणको अघोरमूर्ति र भैरवमा हरेक शनिवार र पूर्णिमामा पञ्चबलिसहित पञ्चमकार एवम् चौरासी व्यञ्जनसहित महाभोग लगाएर विशेष तान्त्रिक पूजा अनुष्ठान गरिन्छ। साथै प्रत्येक वर्ष बौद्ध परम्पराअनुसार माघ चतुर्दशीको दिन बुद्धस्वरूप तिकिन्छा जात्रा गरी भगवान्लाई बुद्धमुकुट पहिऱ्याई पूजा र छायादर्शनसमेत गरिन्छ। त्यस्तै आश्विनकृष्ण प्रतिपदादेखि तृतीयासम्म भगवान् श्रीपशुपतिनाथमा परम्परागत शिवपार्वती नृत्य अर्थात् नागाचाप्याँख नचाउने गरिन्छ जुन बैद्धमार्गी चारुमती विहारका शाक्य परिवारबाट सञ्चालन गरिन्छ। यसमा बौद्ध र हिन्दुको समन्वयात्मक सद्भाव देख्न सकिन्छ। त्यस्तै नित्य श्रीयन्त्र पूजाका लागि दाखास्वः र दूवो नाथसम्प्रदायका ब्रह्मकपालीबाट ल्याइन्छ र फूलको शिरोमाला बनाएर गुरुनानक मठ, निर्मल अखडाबाट चढाउनुपर्ने परम्परा रहेको छ। यसरी श्रीपशुपतिनाथ सबै धर्मका आस्थाको प्रतीकका रूपमा रहनुभएको छ।

ग्वलका रूपमा पशुपतिक्षेत्र

पशुपतिक्षेत्र "ग्वल" मा आदिकालदेखि नै भगवान् श्रीपशुपतिनाथ केन्द्रबिन्दुका रूपमा विराजमान भई चारैतिर चौसठ्ठी ज्योतिर्लिङ्ग, योगिनीहरू, अष्टमातृका, तेत्तीस कोटी देवदेवीहरू, दश दिक्पाल, क्षेत्रपालसहित नौ शक्ति पीठ, नौ द्वार, नौ द्वीप, नौ धारा, नौ इनार, नौ पोखरी, नौ टोल, नौ चोक, नौ डबली र नौ जातका प्राचीन आदिवासी देवगणका रूपमा नौ मुली वा नौ जातीय नेवार समाजले घेरिएर रहनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नौ जातीय समाज

१. द्यः ब्रम्हुँः राजोपाध्याय, शर्मा, सुवेदी, उपाध्याय (मुख्य पुरोहित पुजारी)

२. स्यस्य- प्रधान, कर्मचार्य, जोशी, भण्डारी, वज्राचार्य, वैद्य, विशेट (श्रेष्ठ) आदि।

३. ज्यापू- डंगोल, महर्जन, मुनिकार, संगत, सापु, गोपाली आदि।

४. वरे- शाक्य, गुभाजु (बौद्ध वज्रयान पुजारी)

५. सायमी- मानन्धर, उराय, चित्रकार, कंसाकार, ताम्राकार, तुलाधर, बानियाँ, सिन्दूरकार, शिलाकार, स्थापित आदि।

६. नौ (वायमचा)-नङ्ग काट्ने, कपाल काट्ने तथा शरीर शुद्धीकरण गराउने।

७. नाय (नुहा), शाही, खड्गी, सिंह आदि।

८. जोगी- कुसले, कपाली, दर्शनधारी (शैव तथा नाथ सम्प्रदाय)

९. पोडे- द्यःला, भातङ्गी, देउला (अष्टमातृका पीठका पुजारी)

यहाँ बसोबास गरिआएका नौ थरका नेवारहरूमा राजोपाध्याहरू (द्यःब्रह्म) महापूजामा संलग्न हुने, गुरु दक्षिणामूर्ति, राममन्दिर लगायतका मन्दिरको पुजारीका रूपमा रहेका छन्। त्यस्तै मूल भट्टहरू र भण्डारीहरूलाई दीक्षा दिने र विभिन्न धार्मिक अनुष्ठान आदि कर्मकाण्डहरू गराउने पुरोहितका रूपमा राजोपाध्यायहरू रहेका छन्। आदिकालदेखि नै श्रीपशुपतिनाथको गर्भगृहमा बसी भगवान्‌को दरबार खोल्ने र जिम्मा लिने प्रमुख प्रधानका रूपमा भण्डारीहरू रहेका छन्। भगवान् श्रीपशुपतिनाथको मन्दिर र भगवान्‌को मूल ढुकुटीलगायत गरगहनाहरूको चौबिसै घण्टा जिम्मा लिई सुरक्षा र संरक्षण गर्नुका साथै मूल पुजारी भट्टहरूलाई "श्री" को पूजा गर्नका लागि सम्पूर्ण प्रबन्ध मिलाइदिने, सहयोग गर्ने र भक्तजनको सेवा र सहयोग गर्ने एवं तान्त्रिक पूजाहरू, जस्तैः भैरवपूजा, वत्सलेश्वरी लगायत अष्टमातृका र नवदुर्गा भवानीका पूजा र क्षमापूजाहरू गर्ने एवं शक्ति अनुष्ठान यज्ञ, होम एवम् गुठी सञ्चालन गर्ने श्रीपशुपतिनाथको महत्त्वपूर्ण अभिन्न अङ्गका रूपमा हालसम्म पनि भण्डारीहरू रहेका छन्। यसैगरी कर्माचार्यहरूले उन्मत्त भैरव, भुवनेश्वरी, जयवागीश्वरी र गुह्येश्वरीलगायतका तान्त्रिक विधिद्वारा पुजिने मन्दिरमा पूजा गर्ने र तान्त्रिक देव-देवीको जात्रा, पर्व, पूजा सञ्चालन गर्नेदेखि तान्त्रिक होम आदि पूजा तथा कर्मकाण्डहरूमा र देशोद्धारपूजामा पनि प्रमुख पुजारी पुरोहितका रूपमा कार्य गर्दछन्। त्यस्तै जयवागीश्वरी पीठ र अमलको तलेजु भवानीमा समेत नित्यपूजा कोतभण्डारी र कर्मचार्यहरूले नै गर्दछन्। वैद्यहरूले बिरामी हेर्ने, घाट व्यवस्थापन गर्ने, यजमानका रूपमा विभिन्न गुठी, पर्वपूजाहरू चलाउने कार्य गर्दछन्। त्यस्तै द्वारे र रैरकमीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा विशेट, प्रधान, श्रेष्ठ, जोशीले भगवान् श्रीपशुपतिनाथ भण्डार तहविल, अमालकोट कचहरी र जयवागीश्वरी तहविल अड्डाको हरहिसाब राख्ने र जात्रा, पर्व, गुठी, पूजा व्यवस्थापन गर्ने कार्यमा कर्मचारीका रूपमा रैरकमी भएर काम गर्ने गराउने गर्दछन्। मानन्धरहरूले बालाचतुर्दशीका दिन शतबीज छर्ने, पर्वपूजा, चलाउने आदि कार्यमा सहयोग गर्दछन्। डंगोल, ज्यापूहरूले जात्रापर्वमा खट बोक्ने, दाफाभजन गाउने, धिमे बाजा बजाउने, श्रीको महास्नान लगायतका कार्यमा सघाउने कार्य गर्दछन्। कपाली जोगीहरू मन्दिर परिसरको सरसफाइ गर्ने, त्रिकाल बाजा, पञ्चेबाजा बजाउने, मन्दिरभित्रको बूढानीलकण्ठ नवग्रह र हनूमान्को पालोवालाका रूपमा रहेका छन्। त्यस्तै नाय (शाही, खड्गी, सिंह)ले नुहाको रूपमा जात्रा पर्वपूजामा दोपाय, चौपाया बलि दिने, बलिसामग्री बनाउने काट्ने, खुइल्याउने आदि कार्य गर्दछन्। यिनीहरू महिषपालवंशीका रूपमा प्राचीन कालदेखि शक्तिपीठहरूमा बलि दिने र नायखी वाजा बजाउने कार्यमा र पालोवालाका रूपमा संलग्न छन्। नौ (नापित)हरू हरेक अनुष्ठान, पूजा-पर्वमा शरीर शुद्धीकरण गराउने, नङ र कपाल काट्ने, खौरने आदि हजामको कार्यमा संलग्न छन्। पोडे (द्यःला, देउला) परिवार प्राचीन कालदेखि इतापाखामा बसोबास गर्दछन् र शक्तिपीठ, पिंगलास्थान (वज्रेश्वरी माता)को पालोवाला पुजारीको रूपमा एवम् घाटमा सरसफाइ लगायत जात्रापर्वमा सहयोग गर्ने कार्यमा संलग्न छन्।

यसैगरी शाक्य वज्राचार्य गुभाजु बौद्ध, वज्रयानी पुजारीका साथै सुनचाँदीको गरगहना मर्मत सम्भार गर्ने, कार्तिक महिनामा हुने नागाथाःप्याखं, शिवपार्वती नाचलगायत विभिन्न जात्रा, पर्वपूजाहरू सञ्चालन गर्ने कार्यमा संलग्न रहेका छन्। यसप्रकार ती सबै जातिले भगवान् श्रीपशुपतिनाथ र पाशुपत संस्कृतिलाई जीवन्त राख्ने र आ-आफ्नो संस्कृति परम्परागत जिम्मेवारीका कार्यहरू गर्दै आएका छन्। पाशुपतक्षेत्र भित्र आयोजना हुने सबै सांस्कृतिक रीतिरिवाज, जात्रा, चाडपर्वहरूलाई यिनै नौ थरका नेवारहरूले व्यवस्थापन गर्दै आएका छन्। नेवारसंस्कृति, धर्म र परम्परामा आधारित यहाँका जात्रा, पर्व र धार्मिक परम्परामा ऐतिहासिक घटनाक्रम तथा आधुनिकीकरणले पनि प्रभाव पार्दै लगेको देखिन्छ। गोपालवंशीय ऐतिहासिकता बोकेको पशुपतिक्षेत्रको परम्परागत संस्कृति र धार्मिक परम्परा केही थप र केही परिमार्जन पनि गर्दै लगिएको पाइन्छ।

पशुपतिक्षेत्र र श्रीपशुपतिनाथको सेवामा समर्पित स्यस्यः पञ्चप्रधानअन्तर्गत प्रमुख जाति पुजारी, भण्डारी, रैकमी प्रमुख मन्दिरको सहायक पुजारीका रूपमा भगवान्को पूजाआजामा सहयोग गर्नुको साथै गर्भगृहका सम्पूर्ण अमूल्य गरगहना, सरसम्पत्तिहरूको जिम्मा लिई सुरक्षा गर्ने, मन्दिर खोल्ने बन्द गर्ने, नत्य पूजामा भट्टलाई सघाउने र सम्पूर्ण पूजाको व्यवस्थापन गर्नेदेखि भक्तजनहरूको सेवा र पूजामा सघाउने भगवान्को महत्त्वपूर्ण अङ्गका रूपमा रहेको देखिन्छ। त्यस्तै बिशेट, जोशीको मन्दिरको भित्र र बाहिर आवश्यक पूजासामग्री र भोगलगायत हरहिसाब राख्ने र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय समयअनुसारको जात्रापर्व र परम्परा चलाउने र हिसाबकिताब राखेर व्यवस्थापन गर्ने गराउने जिम्मावारी रहेको देखिन्छ। त्यस्तै कर्माचार्य भगवान्को विशेष तान्त्रिक पूजाआजा गर्नुका साथै शक्तिपीठ र भैरवहरूको मूल पुजारी र पुरोहितका रूपमा रहेका छन्। त्यस्तै प्रधान, श्रेष्ठ र वैद्य रैरकमीका रूपमा जात्रा परम्परा गुठीका कार्य सञ्चालनमा संलग्न छन्। यसप्रकार पाशुपत संस्कृति र परम्परा यस नौं जातीय (नौ मुले नेवार) द्वारा संरक्षण र व्यवस्थापन भइरहेको छ। पशुपतिक्षेत्र र कार्यलयअन्तर्गत रहेर मूल पुजारी, सहायक पुजारी, नाइके, द्वारे, बहिदार, घाटेवैद्य, महाने नाइके, वनडिठ्‌टा, वायमचा, संगत, नूहा, चिरुवादार, गलसवार, कुसले, रैरकमी आदि पदहरूसहित जिम्मेवारी वहन गरेका छन्।

नौ गुणा नौ = एकासी -ग्वलः) को स्थानविशेष (९x९=८१)

नौ ढोका

१. सिफल ढोका २. चावहिल गणेशस्थान ढोका ३. गौरीघाट ढोका ४. गुह्येश्वरी ढोका ५. भस्मेश्वर ढोका ६. गोरखनाथ ढोका ७. राजराजेश्वरी ढोका ८. भण्डारखाल ढोका ९. तिलगङ्गा ढोका।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रमा गोलाकाररूपमा नौवटा ढोका रहेका थिए। हाल केही छन् भने केही मासिइसकेका छन्। गोरखनाथ मन्दिरसँगै सेतो ढोका रहेको छ। त्यस्तै ताम्रगङ्गाबाट गुह्येश्वरी आउने ठाउँमा पनि ढोका थियो, हाल त्यहाँ ढोका छैन। पूर्वभागमा गौरीघाट पुलनजिकको मन्दिर छिर्ने ढोका, चावहिल गणेश मन्दिरमा उत्तर पश्चिम ढोका, सिफलचौरबाट चावहिल टोल छिर्ने ढोका हाल मर्मत गरिएको छ। त्यस्तै भण्डार खालको भग्नावशेषका रूपमा रहेको भण्डारखालको पूर्व उत्तरकोणमा स्थित प्राचीन ढोका, राजराजेश्वरी मन्दिर छिर्ने सेतो ढोका, त्यस्तै भस्मेश्वर छिर्ने ढोका र तिलगङ्गाबाट पशुपति प्रवेश गर्ने पुरानो सेतो ढोका थियो हाल नयाँ निमार्ण गरिएको छ। यसरी पशुपतिक्षेत्रलाई घेरेर नौ ढोकाहरू रहेका छन्।

नौ (९) डबली

१.पाठशाला कुलानन्द झा सतल अगाडि लगनलाछी टोल डबली (वत्सलेश्वरी माई विसर्जन डबली) २. भकुण्डोल डबली (श्रीवज्रेश्वरी माताको रथविसर्जन डबली) ३.अमालकोट कचहरी अगाडिको डवली ४.नवदुर्गा नचाउने डबली, (नवाली टोल) ५. गोलढुङ्गा डबली ६. भुवनेश्वरी डबली ७.चारुमती विहार अगाडिको डबली ८.ईटापाखा डबली, वज्रेश्वरी जात्रा शुभारम्भ गर्ने डबली ९. मूल डबली पशुपति प्राङ्गणभित्र मन्दिरको पश्चिम ढोका अगाडि।

९ (नौ) शक्ति पीठ

१.श्रीजयवागीश्वरी माता २.श्रीवत्सलेश्वरी माता ३.श्रीगुह्येश्वरी माता ४.श्रीवज्रेश्वरी माता ५.श्रीभुवनेश्वरी माता ६.श्रीकोटेश्वरी माता ७.श्रीझम्केश्वरी माता ८.श्रीराजराजेश्वरी माता ९.श्रीमनमानेश्वरी माता

९ (नौ) धारा

१. सुनधारा (जयवागीश्वरी) २. ज्ञानधारा (भुवनेश्वरी) ३. वरुणधारा (वनकाली) ४. अरुणधारा (भुवनेश्वरी) ५. राजराजेश्वरी धारा ६.मित्रपार्क ओरालोको धारा ७. भण्डारखाल पछाडि रहेको धारा ८. गङ्गाहिटी धारा (चावहिल) ९.वाग्वती आर्यतीर्थ धारा (वत्सलेश्वरी माताको वर्षको एकपटक बग्ने धारा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९ (नौ) चोक

१. निलवाराही चोक (दथु टोल) २. नासल चोक, (वैद्यचोक) ३. मासनानघर चोक ४. सानो सरावत चोक (नसिहं चोक) ५.नासल चोक भुवनेश्वरी ६.राजराजेश्वरी चोक ७. वर्मु चोक (दथुटोल माधवनारायण बिसाउने) ८.अग्नि चोक (भ्रुम्केश्वरी) ९. अमालकोट कचहरी चोक।

९ (नौ) पोखरी

१. लामपोखरी चावहिल २. लेवःपोखरी सिफल ३. धर्मशाला पोखरी वनकाली ४.राजराजेश्वरी पोखरी राजराजेश्वरी ५.हंसमण्डपमा रहेको पोखरी ६.वनकाली पोखरी ७.गुह्येश्वरी पोखरी ८. दोःचाःकेवको पोखरी ९.भण्डारखाल पोखरी।

९(नौ) द्वीप (मसान)

१. जम्बुद्वीप (वत्सलेश्वरीअगाडि) २. पाःद्वीप (तिलगङ्गा जाने बाटो) ३. ब्रह्मद्वीप (पाःद्वीपमाथिको) ४. गुह्येश्वरीद्वीप ५.भस्मेश्वरद्वीप ६.चाबहिल शाक्य द्वीप /डङ्गोल द्वीप ७. (कपाली ब्रह्ममसान द्वीप) ८. पुलमुनि (देउलाहरूको द्वीप) ९. (बालमसान) शान्तिद्वीप (गौरीघाट) १०. पुलसँगै पिङ्गलास्थान द्वीप।

९ (नौ) इनार

१.राजराजेश्वरीको ठूलो इनार (विराटेश्वर महादेव भएको) २.निर्मल अखडाको इनार ३. राममन्दिरको इनार ४. विश्वरूपाको इनार ५. नवालीटोलको इनार ६. ताम्रेश्वरको इनार ७. जानकीकुण्डको इनार ८. शंकराचार्य मठको इनार ९. चारुमती विहारको इनार।

९ (नौ) टोल, क्षेत्रपाल सहित नौ टोल

१. लगनलाछी टोल, देवपत्तन पशुपति बजार-भण्डारी, जोशी, विषेट वासस्थान २.भकुण्टोल, भुवनेश्वरी चोक क्षेत्र-ज्यापु, जोगी, भण्डारी वासस्थान ३. पाचाँटोल, दथुटोल-थुनाटोल, भण्डारी, विशेट, कर्माचार्य, द्यःब्रम्ह, जोशी वासस्थान ४. ईंटाटोल, बालकुमारी-विँटोल, पोडे/नौँ वासस्थान ५. संगटोल, नवालिटोल, जयवागीश्वरी-संगत, शाक्य, वरे, गुवाजु, वज्राचार्य, विशेट वासस्थान ६.गुह्येश्वरीटोल, गौरीघाट-सायमी/उराप/कार्यतपि वासस्थान ७.राजराजेश्वरी, भ्रुम्केश्वरी, कोलाछिटोल, भगवान्‌वहाल, चारुमती टोल-द्यबर्मु ८.करटोल, मित्रपार्क-नायूटोल ९.चाबहिल, कुटुवहाल-वरे, शाक्य, सायमि, उराय, वज्राचार्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रमा श्रीपशुपतिनाथको सान्निध्यमा नौ महाशक्तिपीठ त्रिशूल आकारमा रहेको छ। जस्तैः १.श्रीगुह्येश्वरी माता २. श्रीवत्सलेश्वरी माता ३. श्रीजयवागेश्वरी माता त्रिशूलको बिचको बिंडका रूपमा लहरै स्थापित छन् भने दक्षिणतिर श्रीकोटेश्वरी, श्रीराजराजेश्वरी र श्रीवज्रेश्वरी (पिगःद्यः) चन्द्राकार रहेका छन् भने उत्तरमा झम्केश्वरी, भुवनेश्वरी र श्रीमनमानेश्वरी चन्द्राकारमा स्थापित छन्। पशुपतिक्षेत्र "ग्वल" मा नै शक्तिपीठसहित दश महाविद्या त्रिशूल आकारमा महाशक्तिका रूपमा विराजमान भएको देखिन्छ। यसैगरी नौ जातीय समाजसहित नौ टोल, नौ डबली, नौ चोक, नौ धारा, नौ इनार, नौ क्षेत्रपाल स्थापित प्राचीन तन्त्रभूमि पशुपतिक्षेत्र "ग्वल" नौ टोल, नौ जातीय समाज, नौ क्षेत्रपाल, नौ गणेश र रथारोहणयात्राका लागि नौ बाटो, नौ डबली, नौ चोकसहितको पूर्ण देवनगरी शक्तिस्वरूप खड्ग आकारमा बनेको छ।

श्रीपशुपतिनाथको पूजाअर्चनामा भण्डारीको भूमिका एवम् जिम्मेवारी

पशुपतिक्षेत्रको (नौ मूली) नौ जातीय समाजअन्तर्गत (स्यस्यः) पञ्चप्रधानमध्येको प्रमुख प्रधानका रूपमा भण्डारीहरू पर्दछन्। जयदेव द्वितीयको संवत् १५७ कार्त्तिकशुक्ल नवमीको अभिलेखमा सुपुष्पदेवको नाम उल्लेख भएको र गोपाल राजवंशालीअनुसार सुपुष्पदेवले पशुपतिनाथको मन्दिर निर्माण गरेको उल्लेख पाइन्छ। त्यसपछि समय-समयमा धेरै निर्माण मर्मत-सम्भार भएको देखिन्छ। यहाँको पूजा व्यवस्थापन मन्दिरको रेख-देख र संरक्षणका लागि स्थानीय आदिवासी पञ्च प्रधानमध्येको भण्डारी एक जनालाई विक्रमको पाचौँ/छैटौँ शताब्दी अगाडिदेखि "भनिवो" प्राचिन कवलप्रमुख प्रधानका रूपमा श्रीपशुपतिनाथको गर्भगृहमा बसी भगवान्को मन्दिर खोल्ने, बन्द गर्ने तथा सम्पूर्ण श्रीसम्पति र ढुकुटी संरक्षण, सुरक्षा गर्न जिम्मा लिने गरी पुजारीका रूपमा रहेको देखिन्छ। हालसम्म पनि भगवान्को माथि रहेको प्रमुख मूल ढुकुटीमा जाने अधिकार केवल भनिवो कवलका मूल भण्डारीलाई मात्र छ।

वि.सं. ११५९-६० सालतिर स्वामी शङ्कराचार्यको यात्राको अवसरमा काठमाडौँ उपत्यकाभन्दा बाहिर सिम्रौनगढबाट साथमा आएका भण्डारीलाई दुःथ कवल नामकरण गरी भगवान्को सेवामा राखिएको हो भने वि.सं. १३१४ नेपाल संवत् ४२७ श्रावणशुक्ल सप्तमीका दिन बनेपाका राजा अनन्तदेवले आफ्नो श्रीसम्पति भगवान् श्रीपशुपतिनाथलाई चढाउँदा उक्त सम्पतिको सेवासुरक्षा गर्न पशुपति देवपत्तनमा दुई दाजुभाइलाई बसाली भण्डारी नियुक्त गरेकोलाई कोफ्ले कवल र मतिमण्डल कवल नामकरण गरियो। यसरी भण्डारीको चार कवल (चार समूह) निमार्ण भएको छ– (१) भनिवो कवल (२) दुःथु कवल (३) कोफ्ले कवल (४) मतिमण्डल कवल। यसरी चार कवलमा ज्येष्ठताका आधारमा पालैपालो एक महिना श्रीपशुपतिनाथमा सेवा गर्ने गरी परम्परागत प्रबन्ध गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराअनुसार पालोवाला भण्डारीको नियुक्ति भण्डार तहविल कार्यालयमा दर्ता गरी बालक जन्म भएको ११ वर्ष ३ महिना भएपछि मूल भट्टबाट वडागुरुजुमा जाहेर हुन्छ र त्यसको केहि दिन पछि जानकारी मूल भट्टबाट भण्डारीको ब्रतवन्ध गर्न साईतको चारदिन अगाडि श्री ५ मा सुपारी दाम चढाईसकेपछि स्वीकृति हुन्छ र त्यहाँबाट फर्कि पाशुपतक्षेत्र प्रवेशसँगै पहिले भण्डारेश्वर महादेव, ताम्रेश्वर महादेव हुँदै एघार शिवलिङ्गदर्शन र सुपारी दाम्म चढाएर मन्दिरको पश्चिम गेट प्रवेश भएपछि भगवान् श्रीपशुपतिनाथमा सुपारी दाम चढाई दर्शन गरेपछि मन्दिरको प्राङ्गणबाहिर चार दिनसम्म निस्कन नहुने र चार दिनसम्म श्रीको भण्डारमा नै गुफा बसी चारौँ दिनमा व्रतबन्ध गर्ने चलन रहेको छ। व्रतबन्ध भइसकेपछि श्रीपशुपतिनाथ मन्दिरको दक्षिण ढोकाबाट प्रवेश गर्नुअगाडि विशेट नाइकेद्वारा सपथ गराइन्छ र भगवानूको खराउमा सुपारी दाम राखी भगवान्को गर्भगृहमा मूलपुजारीले प्रवेश गराई दर्शन ढोग गरेर मन्दिरको पश्चिम ढोकाबाट बाहिर निकालेपछि नयाँ भण्डारी नियुक्ति भएको मानिन्छ।

पालोवाला भण्डारी असक्त भएमा वा अध्ययनको सिलसिलामा विदेश गएमा आफ्नै कवलका भण्डारीबाट मूल पुजारीको अनुमति वा स्वीकृतिमा पालोवाला भण्डारीको नजिकको हकवाला भण्डारी मार्फत जिम्मेवारी लिई कार्यसञ्चालन गरिन्छ।

भगवान्को पूजा व्यवस्था र कार्य सम्पादनका लागि मन्दिरप्राङ्गणभित्र श्रीपशुपतिनाथ भण्डार तहविल कार्यालय रहेको छ। भण्डारीहरूको अभिलेख उक्त कार्यालयमा राख्ने चलन छ। स्वजातीय विवाहित दुलहीबाट पशुपतिक्षेत्र चार किल्लाभित्र जन्म भएको पालोवाला भण्डारीको छोरालाई सम्बद्ध कवलका मूल भण्डारीबाट सिफारिस गरी भण्डारीको नाम कार्यालयमा दर्ता भई विधिपूर्वक व्रतबन्ध गरिन्छ।

श्रीपशुपतिनाथमा भण्डारीको काम, कर्तव्य, अधिकार र आचारसंहिता

श्रीपशुपतिनाथ मन्दिरमा आफ्नो कवलको रोलक्रमअनुसार पालो पर्दा त्यहाँको परम्पराअनुसार नौ (नापित)ले कपाल खौरी, नङ्ग काटी, नुहाई, चोखो वस्त्र लगाएर मन्दिर प्रवेश गरी अगाडिको पालोवालासँग मन्दिरभित्र रहेको पशुपतिभण्डार तहविल कार्यालय, गुठीसंस्थान र चार मूल भण्डारी सुरक्षाकर्मीसहित नयाँ पालोवाला भण्डारीले भगवान्को सम्पूर्ण गरगहना र श्रीको प्रयोगमा रहेका भाडाकुँडाहरू बुझ-बुझारथ.गरी नयाँ पालोवाला भण्डारीले जिम्मा लिने कार्य हुन्छ। त्यस्तै नित्य दैनिक पूजासामान तयार गर्ने, श्रीखण्डचन्दन घोट्ने, मन्दिरभित्र गर्भगृहमा सरसफाइ गर्ने, भक्तजनहरूले ल्याएको पूजासामान चढाइदिने, चन्दन, प्रसाद दिने, बिहान चार बजेदेखि दिनको दुइतीन बजे नित्य पूजा नसकिएसम्म र बेलुका आरतीमा ढोका खोल्ने, बन्द गर्ने र व्यवस्थापन गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिम्मेवारी पालोवाला भण्डारीको हुनेछ। पालो अवधिभर मन्दिरमै भगवान्लाई चढाएको भोग, प्रसादमात्र खानुपर्छ। आफ्नो घरमा र बाहिर पकाएको खाने कुराको हकमा आफ्नै आमाले पकाएको भात पनि खानु हुँदैन। दिनको एक पटक भगवान्को दैनिक नित्य पूजा, भोग सकिएपछि मात्र मन्दिर बन्द गरेर, मन्दिर प्राङ्गणमा नै रहेको भण्डारमा अलग्गै कसैले नछुने गरी भोगप्रसाद खाने गरिन्छ। बेलुका आरती सकिएपछि भोजनका रूपमा चिउरा, तरकारी, फलफूल, मिठाई, दूध खान मिल्छ भने बेलुका मन्दिर प्राङ्गणमै सुत्नुपर्ने परम्परा छ।

उपसंहार

आदिज्योतिर्लिङ्ग भगवान् श्रीपशुपतिनाथ र आद्याशक्ति गुह्येश्वरीको प्राकट्यभूमिका साथै अन्य देवीदेवताहरू विराजमान पशुपतिक्षेत्र सन्त, साधु, सिद्ध र साधकहरूको तपोभूमि पनि हो। कुण्ड, नदीनाला, पर्वत, वनस्पति र जनावरहरूको विविधताले यस क्षेत्रलाई वातावरणीय एवम् पर्यावरणीय दृष्टिले पनि महत्त्वपूर्ण बनाएको छ। नौ जातिहरूको मैत्री र सद्भावपूर्ण निवास र उनीहरूको संलग्नतामा विभिन्न चाडपर्व, जात्राउत्सवको आयोजना हुने ग्वल परम्पराले त्यस क्षेत्रको सामाजिक र सांस्कृतिक महत्त्वलाई दर्शाइएको छ। गल्छी, चट्टान, थुम्को आदिको अनुपम प्राकृतिक संरचनाले यस क्षेत्रलाई भौगोलिक रूपमा पनि विशिष्ट स्थानको दर्जा दिलाएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची ८

पशुपतिक्षेत्रको गोरक्षपीठ

– राजेन्द्रराज कठायत

प्रत्येक धर्म, सम्प्रदायले गुरु गोरखनाथलाई विभिन्न स्वरूपमा मानिआएका छन् र आफ्ना परम्परा र संस्कृतिभित्रै बसेर पनि सबैले गुरु गोरखनाथलाई स्थान दिएका छन्। हिन्दु, बौद्ध, मुस्लिम, इसाई सबैले उहाँलाई विभिन्न स्वरूपमा स्विकारी मान्दै आइरहेका छन् र उहाँको आशीर्वाद अनुकम्पाले आफ्ना मनोरथहरू पूरा गरिरहेका छन्। महायोगी गुरु गोरखनाथको उत्पत्तिका सम्बन्धमा विभिन्न विद्वान् लेखकहरूले उल्लेख गरेका छन्।

पुराणको प्रसङ्गलाई अध्ययन गर्दा समुद्रमा फ्याँकिएका ब्राह्मणपुत्रले माछाको पेटमा बसेर शिव-पार्वतीको संवाद सुनेपश्चात् योगप्रचारमा लागे। पछि पुनः भगवान् शङ्करको तपस्यामा लीन भई प्रत्यक्ष दर्शन भएपछि मत्स्येन्द्रनाथका सहयोगी भएर पृथ्वीमा अवतरण गर्ने वाचासमेत भगवान् शिवले गर्नुभयो। पछि शिवले समुदायलाई दुई भागमा विभाजन गर्नुभयो। एउटा आफ्नै स्वरूप र अर्को गोरक्षनाथ स्वरूपमा परिणत गर्नुभयो। यसबाट गोरखनाथको अवतारलाई शिव गोरक्षयोगी भन्ने भनाइ थप पुष्टि हुन आउँछ।

ब्रह्मा, विष्णु र शिव नै गुरु गोरक्षनाथका प्रारम्भिक अनुयायी भएको उल्लेख पाइन्छ। नेपालमा गोरक्षयुग थियो, नेपालमा गोरखाराज्य थियो र त्यहाँ बस्ने गोर्खाली जातिहरू गुरु गोरखनाथलाई नै आफ्ना आराध्यदेव मान्दथे। गोरखाराज्य पनि गुरु गोरखनाथकै नामबाट रहेको पाइन्छ। नेपालका शाहवंशीय राजाहरूमा उहाँको उच्च किसिमको आदरसम्मान थियो। उहाँलाई आफ्ना पूज्यदेव मान्ने, प्रत्येक कार्य गुरु गोरखनाथलाई सम्झेर मात्र गर्ने चलन थियो। त्यतिबेलाका राजाहरूले मुद्रामा श्री श्री श्री गोरखनाथ लेख्ने चलन चलाएका थिए।

गुरु गोरखनाथले पृथ्वीनारायण शाहलाई बूढा योगीको स्वरूपमा उपस्थित भई आशीर्वाद दिनुभएको र दही खान दिनुभएको कुरा नेपालको इतिहासमा पाइन्छ। राजा द्रव्य शाहका साथै अन्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूलाई पनि गोरक्षाधीश भनेर सम्बोधन गरिनुबाट उहाँको प्रभावको बारेमा थाहा पाइन्छ। हालसम्म पनि नेपालको मुद्रामा गुरु गोरखनाथको नाम तथा पादुका अङ्कित भएको पाइन्छ। यसरी नेपालीहरूका गर्वका प्रतिमूर्ति महायोगी गुरु गोरखनाथकै कृपा आशीर्वादले नेपालीहरू विश्वमा वीर गोर्खालीको नामबाट गौरव गर्छन्। महायोगी गुरु गोरक्षनाथ समय वा कालखण्डभन्दा माथि, नाथहरूका महानाथ देशकालातीत हुनुहुन्छ, त्यसैले उहाँको जन्ममरण, स्थानविशेष आदिको ऐतिहासिक चर्चा गर्नु व्यर्थ छ। उहाँ वास्तवमा शिवकै अवतार, शिवकै स्वरूपमा स्थित हुनुहुन्छ।

गुरु गोरखनाथद्वारा सृजित, रक्षित यो नेपाल राष्ट्र उहाँकै कृपा र अनुकम्पाले अक्षुण्ण र स्वतन्त्र रहेको छ। हाम्रा शक्तिशाली छिमेकी राष्ट्रहरू पराधीन हुँदासमेत नेपाल सदा स्वाधीन रहेको छ। महायोगी गुरु गोरखनाथकै कृपा आशीर्वादले नेपाली सेनाले जय जय गोरख जय जय काली शब्दसँगै सबैलाई मात्र खुकुरीले परास्त गर्न सक्षम भए। हाम्रा पूर्वजहरूले गुरु गोरखनाथ र माता गोरखकालीको पुकार गरेर मात्र ठूला ठूला युद्ध जितेका र विश्वभरि नै वीर गोर्खालीको नामले प्रशंसित भएका उदाहरणहरू पनि इतिहासका पानामा थुप्रै भेटिन्छन्। राष्ट्रियताको जगमा गोरक्षकृपा प्राप्त हाम्रो राष्ट्रियतालाई तत्त्वगत रूपमा गोरक्षनाथबाट अलग राखेर हेर्न सकिँदैन। महायोगी गुरु गोरखनाथ शिवको अवतार हुनुभएकाले शिवगोरक्षका रूपमा उहाँलाई आदर, श्रद्धा र भक्तिका साथ पूजाआराधना गरिन्छ। उहाँले अनेक महात्मा, योगी, राजा आदिलाई समय समयमा मार्गदर्शन गरेको कुरा हामीले पढ्ने पनि गरेका छौं। यस्ता महायोगीका बारेमा जान्नु र अरूलाई सुनाउनुले पनि कल्याणको मार्ग प्रशस्त गर्दछ।

गोरखनाथपूजा

गोरखनाथलाई प्रत्येक दिन, हप्ता, महिना र प्रत्येक वर्षको गोरक्ष पूर्णिमा वा वैशाख शुक्ल पूर्णिमाका दिनमा सवालाख रोट अर्पण गरिन्छ। रोट महाप्रसाद हो। जसले रोट प्रसाद ग्रहण गर्दछ त्यो धन्य हुन्छ। उसका युगयुगान्तरका पाप कर्महरू, दोषहरू नाश हुन्छन् र मुक्तिप्राप्तिका लागि सहज मार्ग निर्माण हुन्छ तसर्थ महाप्रसाद रोट ग्रहण गर्नाले हुने शारीरिक, मानसिक र आध्यात्मिक फाइदाहरू वर्णनातीत छन्। ३२ थरी मसला र जडीबुटी मिसाएर बनाइने हुनाले पनि रोटको विशेष महत्त्व हुन्छ। रोट काजु, किसमिस, छोहरा, नरिवल, ल्वाङ, सुकुमेल आदि फलादि गुणले युक्त हुन्छ। यी वस्तुहरूलाई विभिन्न आयुर्वेदिक खुराकहरूमा पनि मिसाइएको पाइन्छ। यिनीहरूका औषधीय गुणहरूका बारेमा बताएर आयुर्वेद कहिल्यै थाकेको पाइन्न। हामीले घरेलु औषधीको रूपमा पनि यिनीहरूलाई लिँदै आएका छौं। यिनै जडिबुटी लगायतको मिश्रणबाट शुद्ध घ्यूमा तयार हुने रोटको विशेषतालाई सीमित शब्दमा वर्णन गर्न सकिँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा भर्तृहरि, गोपीचन्दजस्ता राजाहरू, भाइभारदारहरूले योगी बनेर सदाका लागि दरबार त्यागे। अरू योगीहरू तिनलाई 'नाथ दरबारी' को संज्ञा दिन्थे। नेपालका पृथ्वीनारायण शाहलाई वैराग्य होइन, तरबार प्राप्त भयो। गोरक्षशक्ति सम्पुट गरिएका तरबार, सेना, हतियार सबै प्राप्त भयो। मातृभूमि रक्षार्थ सबै युद्ध मैदानमा आए। पृथ्वीनारायण शाहलाई यस अर्थमा 'तरबारी' नाथका रूपमा बुझ्न सकिन्छ। उहाँको खास निजी जीवन पनि देखिँदैन। योगी गुरुहरूद्वारा लौकिक रूपमा दीक्षित हुनेलाई दिइने योगी नाम नाथान्त हुन्छ।

गोरक्षपरम्परा

परिवर्तनका क्रममा नाथसाहित्य हराएको वा अल्मलिएको जस्तो देखिन्छ, तर सूक्ष्म रूपमा यो पुनर्निर्माणको प्रक्रिया चलिरहेको हुन्छ। चारै युगमा नाथ उपस्थित रहनु यसका ठोस प्रमाणहरू हुन्। तिनको केन्द्रीय विषय 'सूक्ष्म वेद' हो। पहिले-पहिले लिपिबद्ध गर्नु नाथसाहित्यमाथि अपराध बराबरको चुनौती मानिन्थ्यो। त्यति बेला ज्ञान गुरु-शिष्यबिच दीक्षा र श्रुतिपरम्परामा आधारित थियो। प्रकाशनमा निषेध गरिएकाले सामग्री अत्यन्त कम र दुर्लभ थिए। बजार र व्यवसायमा लैजानु हुँदैन भन्ने मान्यता थियो। यसमा गम्भीर रहस्य पनि छ। गोरक्षपरम्परा हाम्रा लागि अभिभावकीय संरक्षण प्रदान गर्ने र न्याय प्रदान गर्ने दुवै निकाय हुन् भन्दा फरक परोइन। जनताका घरद्वारमा फेरी लगाउनेदेखि 'न्याय नपाए गोर्खा जानू' भन्ने चलन अहिले पनि छ। यसैगरी नाथसम्प्रदायको साहित्यमा गाईलाई कामधेनुका रूपमा उच्च सम्मान प्रकट गरिएको छ। अमर होस् काया, वज्र होस् शरीर, गौ माँ भनेर नाथपरम्परामा योगीहरू गौगायत्री जप्छन्।

पृथ्वीनारायण शाह गोरखनाथको आशीर्वाद प्राप्त 'तरबारी राजा' थिए। भारत र नेपालमा गोरक्षकृपाको प्रयोजन फरक फरक रह्यो। पृथ्वीनारायण शाहको दिव्योपदेशलाई सामरिक र राष्ट्रिय नीतिको अद्वितीय दस्तावेजका रूपमा बुझ्न सकिन्छ। आजको नेपालमा 'जय जय गोरख जय जय काली'को राष्ट्रिय नीतिको माग भइरहेको छ। आज पनि सबै नेपालीका खल्तीमा, घरघरमा श्रीगोरखनाथ र श्रीभवानी लेखिएका नोट र सिक्का छन्। देशको सबै मौद्रिक कारोबार तिनै सिक्काबाट चलेको छ। गोरखनाथको इतिहास, परम्परा र पद्धति जीवन्त राख्ने, सम्मानित राख्नेतर्फ यथोचित ध्यानको अभाव देखिन थालेको छ। गोरखनाथका साहित्यिक सामग्री वा पुस्तकहरूको अध्ययनमात्र आजको आवश्यकता होइन अपितु दैनिक आचरण र व्यवहार आजको आवश्यकता हो। हामी गोर्खाली जातिसँग त त्यो सरल र उच्च आध्यात्मिक चेतना घरघरमा पुग्नुको साटो सबै दान-अनुदानमा भुलेका छन्, यो गोर्खाली जातिका लागि विरोधाभासपूर्ण र दुर्भाग्यपूर्ण छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महायोगी गुरु गोरखनाथको ज्ञान प्राप्त गर्नबाट हाम्रा बालबालिका र उच्च शिक्षाका विद्यार्थीहरू, शोधार्थीहरू विमुख हुने अवस्था दुःखद पक्ष हो । बालमस्तिष्कमा राष्ट्रिय स्वाभिमानको दह्रो जग बसाल्न शैक्षिक कार्यक्रममार्फत गोरक्षज्ञान, गोरक्षशिक्षा प्रणालीसँग एकाग्र हुन सक्नुपर्दछ । यसले कसैलाई पनि हानि गर्दैन । सत्रौं शताब्दीदेखि आजसम्मको नेपाली राजनैतिक इतिहासको समीक्षा गर्दा शक्तिसाझेदारी संयत्र र त्यसका सीमाङ्कन स्वगृही बन्न गाह्रो भएकाले र पृथ्वीका दिव्योपदेशका अर्ती राष्ट्रिय मूल नीति बन्न नसकेकाले हामी वर्तमानमा अप्ठ्यारो स्थितिमा छौं । त्यसको निवारणका लागि पृथ्वीनारायणका उपदेशहरूको अध्ययन हुनु र सोहीबमोजिम आर्थिक एवं वैदेशिक नीति बन्नु जरूरी छ ।

महायोगी गुरु गोरखनाथको शिवगोरक्ष परम्पराका बारेमा योगी नरहरिनाथ लेख्नुहुन्छ : कैलासपति महादेव आदिनाथका चेला हरिभास्करात्मा मत्स्यावतार माया मत्स्येन्द्रनाथ भए । योगमार्गको प्रचार गर्न शिवले गोरक्षनाथको रूप धारण गरेर संकेतविद्या गुरुवक्त्रगम्या गुरुविना ज्ञान हुँदैन भनेर उल्टी थापना थापी चेलाका चेला भएर योगमार्गको प्रचार गर्न अयोनिजशङ्कर श्रीशम्भु यति गुरु गोरक्षनाथ भए । शिवको अवतार हुनाले गोरक्षनाथलाई शिवगोरक्ष वा शिवगोरख भनिन्छ (योगी २०२० : २-३) ।

हाम्रा शिलालेख, मन्दिरमा रहेका कलाहरूको ढाँचा, सिक्का, अभिलेखहरूले आदिनाथ, शिव र गोरखनाथको सम्बन्धलाई प्राचीनतासँग जोड्दछन् । भगवान् शिवलाई आदिनाथका रूपमा पुजिने भएकाले शिवशक्ति र नाथपरम्पराका बीच अभिन्न सम्बन्ध देखिन्छ । यससम्बन्धी थप जानकारी र गहिरो अध्ययनका लागि हाम्रो नेपालभूमिमा विद्यमान शैव–शाक्त परम्पराका प्रतिनिधिमूलक देवालय, शिवालय, शिवलिङ्ग, मृगस्थलीको जंगल, किरातेश्वर महादेव, गुह्येश्वरीपीठ, पशुपति क्षेत्रको गौरीघाट आदि खुला पुस्तकालयका रूपमा रहेका छन् । किराँतरूपी महादेव आफ्नै खुशीले भ्रमण गर्नुभएको र पार्वतीले खोज्दै हिँड्नुभएको चर्चा स्वस्थानी व्रतकथामा उल्लेख गरिएको छ । गोरखनाथको शावर मन्त्रमा शवर भन्नाले 'किराँत' भनी उल्लेख गरिएको छ । यसले गोरखनाथको शावर मन्त्र र पशुपति क्षेत्र, मृगस्थलीमा अवस्थित किराँतेश्वरको सम्बन्धलाई जनाउँछ । नागको आसनमा बसेर १२ वर्ष गुरु गोरखनाथले तपस्या गरेको मृगस्थली जहाँ आज पनि अखण्ड अग्निका साथ गोरक्षपीठ मृगस्थलीका नामले संसारमा जानिन्छ ।

भगवान् शिवको निर्विकल्प समाधिको हिमवत्खण्ड, विहार गर्ने वनजङ्गल, हिमनदी तिनै विरासतमा खडा भएको ६४ शिवलिङ्ग, शिवगोरक्ष प्राकट्यभूमि र त्यही शक्तिका आशीर्वादले एकीकरण भएको वर्तमान नेपालको सैन्य संरचना, मन्त्र, तन्त्र, यन्त्र, शक्तिपीठ र मातृशक्तिका प्रतिनिधिमूलक सयौं देवी, भवानी, दश महाविद्या, कालिका, मालिका, त्रिपुरसुन्दरी सबै शिव,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति र गोरक्षपरम्परासँग जोडिएका छन् । नाथसम्प्रदायका गुरुशिष्यपरम्परा, मन्त्र, दीक्षा, गुरुतत्त्व शिवगोरक्षपरम्पराका अभिन्न हिस्सा हुन् ।

लोकव्यवहारका गोरक्ष मन्त्र, तन्त्र, ध्यान, जप, साधनापद्धतिहरू नै गोरक्षदर्शनको अध्ययनका स्रोत हुन् । सनातन धर्म, हिन्दुदर्शन, कपिलमुनिको साधनाभूमि, द्वैपायन व्यासको जन्मस्थली, सप्तकोशी, सप्तगण्डकी, रुरुक्षेत्र, वराहक्षेत्र, ६४ शिवलिङ्ग, सतीका पीठ हाम्रा धार्मिक सांस्कृतिक धरोहरका केही ज्वलन्त उदाहरण हुन् । धेरै विद्वान् विदुषीहरूले विश्लेषणात्मक कोणबाट यो विराट् साहित्य र दर्शनमा योगदान पुऱ्याउनुभएको छ । तिनै स्रोतहरू हाम्रा दर्शन बुझ्ने बुझाउने अभिन्न अङ्ग हुन् । गोरक्षदर्शन पनि यस दर्शन र परम्पराको अभिन्न अङ्ग हो ।

गुरु गोरखनाथको पछिल्लो अवतरण गोरक्षाचल पर्वत (गोरखा)को गुफामा भएको हो । त्यसको कालगणना ऐतिहासिक हिसाबले मुख्यतः पृथ्वीनारायण शाहको बाल्यकालबाट गर्ने गरिन्छ । शिवको पहिलो बस्ती भनिएको कैलासकूटको सेरोफेरोमा शिव अवतारी बाबा गुरु गोरखनाथको तपस्थलीका रूपमा हेर्दा यकिन तिथि-मिति आकलन गर्ने भने असम्भव देखिन्छ । शिव र गोरक्ष एकाकार शास्त्रसम्मत प्रमाणित विषय हुन् । 'सिद्धसिद्धान्तपद्धति' पुस्तकको पहिलो श्लोकमा नै आफ्ना गुरु भगवान् आदिनाथ भगवान् शिवलाई नमन गर्दै गोरखनाथले लेखन प्रारम्भ गर्नुभएको छ जुन शिव र गोरक्षदर्शनको अन्योन्याश्रित सम्बन्धको दह्रो प्रमाण पनि हो ।

राष्ट्रको जग जति मजबूत हुन्छ त्यसैले नै राष्ट्रियताको भार थामेको हुन्छ । वर्तमान नेपालको वैदिक सनातन सभ्यता धेरै पुरानो हो, सबल छ र त्यसैले थामेको छ । पछिल्लो विवेचना गर्दा गुरु गोरखनाथका कृपापात्र पृथ्वीनारायण शाहबाट भएको नेपाल पुनः एकीकरण नै महत्त्वपूर्ण प्रस्थानविन्दुका रूपमा लिन सकिन्छ । हाम्रो राष्ट्र एकीकरण विशिष्ट परिस्थितिमा भएको हो, जसलाई वाह्य संसारले रहस्यवाद भनेर पनि चित्रण गर्ला तर वाह्य भाषानुवादले हाम्रो तत्त्वको व्याख्या मिल्दैन । राजालाई शिवगोरक्ष आशीर्वादले एकीकरणको युद्ध मैदानमा उतारेर निर्माण भएको र भूमिरक्षा गरेको राष्ट्र नै गोरक्षराष्ट्र हो ।

पहिलेको ऐतिहासिक विवरण हेर्दा लमजुङ राज्यका राजा यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाह बालक उमेर नै छँदा गोठमा बसी दूध तताउँदै गर्दा एक दिन श्रीगोरखनाथ पाल्नु भई अलख जगाउँदा दूधको भिक्षा दिएको र त्यसबाट गोरखनाथ खुशी भई गोर्खाका राज्य तँलाई भयो भनेर भनेछन् भन्ने विवरण वंशावलीमा पाइन्छ । अर्को एक विवरण के पाइन्छ भने गोरखा वंशावलीमा मंगलाचरणमा गोरखनाथको महिमा बताइएको छ । रामशाहको पालामा गलकोटका राजा नारायण मल्लसँग भेट हुँदा ती राजाले रामशाहलाई 'महाराज द्रव्य शाहलाई श्री ६ गोरखनाथको करुणा भएको थाहा थियो, तर श्री ६ गोरखनाथको करुणा छ भनी यत्तिमा मात्र नरहनुहवस्' भनेर सतर्क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराएको चर्चा पाइन्छ। अर्को थप प्रसङ्गमा राम शाहको राज्यविस्तार गर्ने क्रममा लकाङको लडाइँमा खड्ग लिएकी एक कन्या र स्फटिकको दर्शन (कुण्डल) लगाएका गेरुवावस्त्र पहिरिएका एक जोगी फौजको अघिअघि हिँडेर फौजलाई ढाडस दिएको कारणले त्यो युद्ध सफल हुन गएको वर्णन गोर्खा वंशावलीमा पाइन्छ। सोही वंशावलीमा रामशाहपछिको वर्णनमा नरभूपाल शाहको पालासम्म भएका सबै राजाहरूको गोरखनाथ, गोरखकाली र मनकामनासँगको सन्दर्भ गाँसिएको वर्णन पाइन्छ। त्यहीँ पृथ्वीपति शाहले गोरखनाथको गुफा र हनूमान् भञ्ज्याङमाथिको वनमा गोरखनाथको पादुका स्थापना गरेको वर्णन पनि पाइन्छ। अर्को एक विवरणमा वि.सं १७३५ मा पृथ्वीपति शाहले गोरख सम्प्रदायको 'सिद्धसिद्धान्तपद्धति'को पाण्डुलिपि लेखाउन लगाएको उल्लेख छ। पृथ्वीपति शाहकै आज्ञाले नित्यान्दले गोरक्षस्तोत्र पनि सारेको पाइएको छ। वि.सं. १७३० मा नरभूपाल शाहको आज्ञाले लक्ष्मीश्वरले गोरखनाथ स्तुतिमा 'गोरक्षभुजङ्गप्रयाताष्टकस्तोत्र' तयार गरेको पाइन्छ।

हिमवत्खण्डमा आमा गोरखकाली र गुरु गोरखनाथको कृपाले वर्तमान नेपाल राष्ट्रको निर्माण भएको उल्लेख गरिएको छ। थप भन्नुपर्दा हाम्रो देश दैवी संरचनामा निर्माण भएको हो। 'सिद्धसिद्धान्तपद्धति' जस्ता सामग्रीहरू हाम्रा दार्शनिक मुहान र जीवनधारा हुन्, नाथयोगीहरूका मूल मन्त्र हुन्।

राष्ट्रनिर्माण (एकीकरण) तथा महत्त्वपूर्ण केन्द्रीय भण्डारका रूपमा नाथ परम्पराको दर्शन सूक्ष्म वेद (पञ्चम वेद) र त्यसकै मूर्त रूपमा रहेका गोरक्षनाथ मन्दिर, पीठ र गुरु पादुकाहरू आज हाम्रै समाज र बालबालिकासँग बिरानो बन्दै गएको पीडा सर्वत्र महसूस भएको छ। आज घरघरमा अलख निरञ्जन जगाउने र फेरी लगाउने प्रथा लोपोन्मुख अवस्थामा छ। समाज र गोरक्षपद्धतिबीच रिक्तता नहोस्, त्यो रिक्ततामा अवाञ्छित शक्तिले प्रपञ्च रच्ने र खेल्ने अवसर नपाओस्, गोरक्षचेतना घरघरमा पुगोस् भन्ने ध्येय रहेको छ।

गोरखनाथको महिमा

भगवान् शिवको अवतारको रूपमा सत्ययुगको वैशाख पूर्णिमा तिथिको मङ्गलवारमा अवतीर्ण शिवावतार महायोगी शिवगोरक्षनाथको महिमा र वर्णन अवर्णनीय छ। महामुनि गर्गले भगवान् श्रीकृष्ण, देवाधिदेव श्रीमहादेव र देवताहरूका बीच गर्नुभएका संवादहरूमा श्रीगोरखनाथको महिमाहरूका बारेमा चर्चा गर्नुभएको छ। गर्ग ऋषिले श्रीगोरखनाथको अनुष्ठानका विधिहरूका साथसाथै गोरक्ष गायत्री, गोरक्ष मन्त्र आदिसमेत वर्णन गर्नुभएको छ। महामुनि गर्ग भगवान् श्रीकृष्णका उपनयन गराउने गुरु पनि हुनुहुन्छ। गर्गको भनाइअनुसार गोरक्षनाथजीको सहस्रनामस्तोत्र अत्यन्त गुप्तभन्दा गुप्त महत्त्वपूर्ण छ। सहस्रनामस्तोत्रको पाठ गर्नाले सबै प्रकारका सिद्धि प्राप्त हुन्छन्। जसले नित्य यस स्तोत्रको पाठ गर्दछन् ती मनुष्यहरूका सम्पूर्ण कामनाहरू पूर्ण हुन्छन्। भङ्ग्यकर जङ्गलमा, आपत्तिमा, शत्रुहरूको घेरामा परेको बेला श्रीगोरक्ष सहस्रनामको पाठ गर्नाले मनुष्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त विपत्तिबाट तत्काल मुक्ति पाउँछ। महामारी र विभिन्न प्रकारको रोगव्याधिमा गोरक्षनाथको स्मरणमात्रले सम्पूर्ण मनुष्यहरूको हित हुन्छ। जुन मनुष्यका घरमा गोरखसहस्रनाम पुस्तक रहेको हुन्छ त्यो घर धनधान्य, पुत्रपौत्रादिले सम्पन्न हुन्छ।

गोरक्षनाथको स्तुति

गोरक्षस्य कला व्यपाकृतखला सौजन्यमुक्तच्छला, कारुण्यात् तरला मनोरथफला शश्वज्जगन्मङ्गला।
व्यक्ताव्यक्तबला विवेकविमला योगाङ्गधौत्तोज्ज्वला, कैलासादचला सरोवरजला कैवल्यमेलातुला॥

-योगी नरहरिनाथ

संक्षेपमा भावार्थ

हे शिव गोरक्षनाथ ! तपाईंको योगकला एवं योगः कर्मसु कौशलं अदभुत छ, जहाँ तपाईंको कर्मकौशलमयी अष्टाङ्गयोग, षडङ्गयोग, चतुरङ्गयोग, अमनस्कमहायोगयुक्त दिव्यकला उन्मिलित हुन्छ। त्यहाँ खलहरूको इति हुन्छ। तपाईंको सौजन्यमयी भावनाको प्रभाव परेका मानिसहरूले कपट, दम्भ, पाखण्ड, आडम्बर, विडम्बना, धूर्तता, धृष्टतादि समस्त विकृति छोडेरे सुजन सज्जन सौम्य हुन्छन्, जहाँ तपाईंको लोककल्याणकारिणी योगकला उल्लासित हुन्छ, त्यहाँ तपाईंको कृपादृष्टिद्वारा सबैका मनोरथ सिद्ध हुन्छन्। हे नाथ ! तपाईंको यौगिक कल्याणीकलाको आलोकमा जगत्का शाश्वत अक्षय मङ्गल हुन्छ।

हे शिव गोरक्ष ! हामी सबै जीवले तपाईंको शिवसायुज्य मोक्ष प्राप्त गरून्। तपाईंलाई ॐ नम आदेश ! आदेश ‼

गोरखनाथको महिमा पढ्नाले र सुन्नाले हजार कन्यादानको, सय वाजपेययज्ञको फल प्राप्त हुन्छ, करोडौं गाईदान र दश अश्वमेधयज्ञको फल प्राप्त हुन्छ, लक्ष्मी स्थिर रहन्छिन्, राज्यसम्मान प्राप्त हुन्छ। चतुर्दशी अथवा प्रदोषकालमा गोरक्षनाथका नाममा शिवजीको गन्ध, पुष्प, धूप, दीप, नैवेद्य आदिद्वारा विधिवत् पूजा गर्नाले गोरक्षनाथको ध्यान र पूजन गरी भोजन, धन, वस्त्र आदिद्वारा ब्राह्मणलाई सन्तुष्ट राख्नाले सर्वसिद्धि प्राप्त हुन्छ।

गुरु गोरखनाथको प्रसिद्ध मन्दिर काठमाडौं पशुपति परिसरको मृगस्थलीमा रहेको छ। गुरु गोरखनाथलाई हठयोगका प्रवर्तक मानिन्छ साथै नाथपन्थको सुरुवात पनि उहाँबाट नै भएको मानिन्छ। यस पन्थबाट अघोरपथजस्ता पन्थहरू निस्केका छन्। नाथपन्थी साधुहरू नेपालमा प्रशस्त छन्। गोरखनाथ बाबाका तत्त्वबोधरूपी सूक्ष्मातिसूक्ष्म अभिव्यक्ति हाम्रा जीवनधारा हुन्। यिनैले आज पनि हाम्रो राष्ट्ररक्षाको अभेद्य किल्ला निर्माण गरिदिएका छन्। शिवमस्तु। ॐ आदेश।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची– ९

यस ग्रन्थका लेखक, सम्पादक, अनुवादक तथा प्रकाशन-व्यवस्थापकहरूको सङ्क्षिप्त परिचय

प्रा.डा. अक्कलबहादुर सिंह

पिता खड्गबहादुर तथा माता हजारीकुमारी सिंहका सुपुत्रका रूपमा वि.सं. २०१० चैत्र २५ गते बझाङ जिल्लाको देउलीकोटमा जन्मनुभएका अक्कलबहादुर सिंहले इन्स्टिच्युट अफ हाइवे इन्जिनियरिङ, मस्कोबाट हाइवे इन्जिनियरिङमा स्नातकोत्तर गर्नुभएको छ। युनिभर्सिटी अफ न्यु साउथवेल्सबाट रक मेकानिक्समा विद्यावारिधि गर्नुभएका उहाँले नेपाली साहित्यमा पनि स्नातकोत्तर गर्नुभएको छ। सिंचाइ तथा खानेपानी विभाग एवम् आवास तथा भौतिक योजना विभागमा केही महिना इन्जिनियरका रूपमा सेवा प्रदान गर्नुभएका सिंहले बाँकी जीवन इन्जिनियरिङ क्याम्पस पुल्चोकमा प्राध्यापन सेवामा लगाउनुभयो। उहाँका **Rock Mechanics Theory and Practice, Tunnel Engineering** र **A Philosophical Note Book in Search of Truth** नामक पुस्तकहरू प्रकाशोन्मुख छन्।

अनुयाज गौतम

पिता अग्निहोत्री रामप्रसाद गौतम तथा माता श्रीमती माया गौतमका सुपुत्र अनुयाज गौतमको जन्म वि.सं २०३२ मा काठमाडौँमा भएको हो। स्नातकसम्मको शिक्षा हासिल गर्नुभएका गौतम व्यापारव्यवसायमा संलग्न हुनुहुन्छ।

अशोककुमार श्रीवास्तव

अशोककुमार श्रीवास्तवको जन्म वि.सं. २००६ असोज २५ गते पिता सूर्यदेवप्रसाद श्रीवास्तव तथा माता बालकेशरीदेवीका सुपुत्रका रूपमा रौतहट जिल्लाअन्तर्गत औरैया भन्ने स्थानमा भएको हो। त्रिभुवन विश्वविद्यालयबाट वाणिज्यशास्त्रमा स्नातक परीक्षा उत्तीर्ण गर्नुभएका श्रीवास्तवले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक प्रशासन र लेखापरीक्षणसम्बन्धी काममा लामो अनुभव हासिल गर्नुभएको छ। हाल उहाँ यस श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका कोषाध्यक्ष हुनुहुन्छ।

डा. स्वामी आत्मानन्द गिरि

स्वामी आत्मानन्द गिरिको जन्म वि.सं २०१० चैत्र १० गते पिता बाला गिरि तथा माता शान्ति गिरिका सुपुत्रका रूपमा कास्की जिल्लाअन्तर्गत लेखनाथ नगरपालिकामा भएको हो। वेदान्त दर्शनमा आचार्य तथा तुलनात्मक दर्शनमा एम. ए. गर्नुभएका गिरि देवघाटधाममा अवस्थित गलेश्वर आश्रमको अध्यक्ष तथा पीठाधीश हुनुहुन्छ। स्वामी गिरिका पुस्तकाकार कृतिका रूपमा *कर्मको रहस्य, मृत्युको रहस्य र ब्रह्मविचार* प्रकाशित छन् भने धर्मदर्शनसँग सम्बद्ध अन्य केही फुटकर रचनाहरू पनि प्रकाशित छन्।

उमेशप्रसाद घिमिरे

पिता द्वारिकानाथ घिमिरे र माता गुह्येश्वरीदेवी घिमिरेका सुपुत्रका रूपमा वि.सं. २०३८ मंसिर २५ गते रामेछाप जिल्लाको बाबियाखर्क-३ मा जन्मनुभएका उमेशप्रसाद घिमिरेले शाङ्कर वेदान्तमा आचार्य र नेपाली साहित्यमा एम.ए. गर्नुभएको छ। हाल उहाँ नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा वेदान्त विषयको अध्यापक हुनुहुन्छ। उहाँका *वेदान्त–सिद्धान्त, पञ्चदशी तत्वविवेक प्रकरण व्याख्या* र *पूर्वीय दर्शनमा मोक्ष–चिन्तन* नामक पुस्तकाकार कृतिका साथै केही समीक्षात्मक एवं अनुसन्धानात्मक लेखहरू प्रकाशित छन्।

कविराज न्यौपाने

पिता पं. खगेश्वर उपाध्याय न्यौपाने र माता लीलादेवी न्यौपानेका सुपुत्रका रूपमा वि.सं. २००५ असार २३ गते भोजपुर जिल्लाको गोगनेमा जन्मनुभएका कविराज न्यौपानेले नेपाली विषयमा एम.ए. गरी त्रि.वि.मा लामो समय प्राध्यापन गर्नुभयो। उहाँका थुप्रै कविता, निबन्ध र समालोचना प्रकाशित छन् साथै साहित्यिक, शैक्षिक, धार्मिक र सामाजिक संस्थाहरूमा पनि उहाँको संलग्नता रहेको छ। हाल उहाँ विराटनगर उपमहानगरपालिका मोरङमा स्थायी बसोवास गर्नुहुन्छ।

प्रा.डा. कार्तिकेय झा

पिता पं. हरिश्चन्द्र झा र माता गुलाबदेवी झाका सुपुत्रका रूपमा वि.सं. २००९ मा महोत्तरी जिल्लाको एकजरा–४ मा जन्मनुभएका कार्तिकेय झाले वाराणसेय संस्कृत विश्वविद्यालयबाट नव्यव्याकरणमा आचार्य गरी नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय नव्यव्याकरण विषयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राध्यापन गर्नुभयो। नेपाल संस्कृत विश्वविद्यालयको प्रशासनिक निकायहरूमा लामो अनुभव हासिल गर्नुभएका झा गोरखा दक्षिणबाहु, महेन्द्र विद्याभूषण, राष्ट्रिय शिक्षा दिवस पदक, दीर्घ सेवा पदक आदि थुप्रै पदक तथा पुरस्कारबाट सम्मानित हुनुभएको छ। उहाँका केही फुटकर लेख रचनाहरू प्रकाशित भएका छन्।

कुमार खतिवडा

पिता वासुदेव खतिवडा र माता गंगादेवी खतिवडाका सुपुत्रका रूपमा वि.सं २०२८ फागुन ५ गते काठमाडौं महानगरपालिका, वडा नं. ८, द्यौपाटनमा जन्मनुभएका कुमार खतिवडाले स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ। हाल उहाँ पशुपति क्षेत्र विकास कोषमा कार्यरत हुनुहुन्छ। पशुपति क्षेत्रका विविध विषयमा जानकारी राख्नुहुने खतिवडाका त्यस क्षेत्रसँग सम्बद्ध देवीदेवता एवं अन्य सम्पदाका विषयमा थुप्रै फुटकर लेखहरू प्रकाशित भएका छन्। उहाँ द्यौपाटनका स्थायी बासिन्दा हुनुहुन्छ।

कुलचन्द्र कोइराला

पिता पं. टीकाप्रसाद कोइराला र माता दक्षकुमारी कोइरालाका सुपुत्रका रूपमा वि.सं १९८५ जेठ ९ गते सिन्धुली जिल्लाको बाडेश्वर, घोक्सिलामा जन्मनुभएका कुलचन्द्र कोइरालाले संस्कृत साहित्य र आयुर्वेदमा शास्त्री गरी साहित्यरत्नको उपाधि हासिल गर्नुभएको थियो। राजनीति, समाजसेवा र नेपाली संस्कृतिको अध्ययन-अनुसन्धानको क्षेत्रमा लामो समय व्यतीत गर्नुभएका कोइरालाका *इन्द्रजात्रा, नेपालको सांस्कृतिक परम्परा र राजमुकुट, वैष्णव सम्प्रदाय र नारायण मन्दिर, नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ, नेपाली खस–बाहुनका कुलदेवता मस्टो, नेपाली सांस्कृतिक जात्रापर्व* आदि चार दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित छन्। उहाँ गोरखा दक्षिणबाहु चौथो, दीपस्मृति पुरस्कार, गुणराज पुरस्कार आदि पुरस्कार एवं विभूषणले सुशोभित हुनुभएको थियो।

प्रा. डा. कुलप्रसाद कोइराला

पिता पं.फणीन्द्रनाथ कोइराला र माता नन्दकुमारी कोइरालाका सुपुत्रका रूपमा वि.सं.२०१२ जेठ २० गते ओखलढुङ्गा जिल्लाको रातमाटे पुरानो गाउँमा जन्मनुभएका कुलप्रसाद कोइरालाले संस्कृत व्याकरणमा शास्त्री, नेपाली साहित्यमा एम.ए.गरी नेपाली र मैथिली उखानको तुलनात्मक अध्ययनमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ। त्रिभुवन विश्वविद्यालयमा नेपाली साहित्यको प्राध्यापनमा लामो समय व्यतीत गर्नुभएका कोइरालाले नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिम्मेवारी पनि सम्हाल्नुभएको थियो । उहाँका *काव्यिक परिभ्रमण, सृष्टिमाथिको दृष्टि, माधवीमाथिको चिन्तनदृष्टि, धरणीधर परिक्रमा* आदि समालोचनात्मक कृतिका साथै विभिन्न फुटकर कविता, कथा, निबन्धहरू प्रकाशित भएका छन् । उहाँले थुप्रै पुस्तक तथा पत्रिकाको समेत सम्पादन गर्नुभएको छ। हाल उहाँ काठमाडौँ महानगरपालिका-३१, बानेश्वरका स्थायी बासिन्दा हुनुहुन्छ ।

केदारमान भण्डारी

पिता शेरमान भण्डारी तथा माता लक्ष्मीदेवी भण्डारीका सुपुत्र केदारमान भण्डारीको जन्म वि.सं. २०२६ मंसिर १ गते काठमाडौँ देवपाटनमा भएको हो । ललितकला क्याम्पसबाट ललितकलामा प्रवीणता प्रमाणपत्र उत्तीर्ण उहाँले मनोविज्ञानमा डिप्लोमा तथा प्रयाग संगीत समिति प्रयागराजबाट एमम्युज गर्नुभएको छ । त्यसका साथै उहाँले योग तथा योगदर्शन र रेकीमा मास्टर्स कोर्स पनि पूरा गर्नुभएको छ । श्रीपशुपतिनाथको अर्चना सहयोगी श्रीपशुपतिनाथ सेवक सङ्घ तथा भण्डारी समाजको अध्यक्षजस्ता विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा कार्यकारी पदमा रही आफूलाई समाजसेवामा समर्पित गर्दै आउनुभएका उहाँ विभिन्न सामाजिक संघसंस्थाहरूबाट प्रशंसापत्रले सम्मानित हुनुहुन्छ।

पं. कृष्णप्रसाद भट्टराई

पिता पं.केदारप्रसाद भट्टराई र माता नेमकुमारीदेवी भट्टराईका सुपुत्रका रूपमा वि.सं १९७७ माघ ११ गते काठमाडौँको सिफलमा जन्मनुभएका कृष्णप्रसाद भट्टराईले दर्शन विषयमा आचार्य गर्नुभएको थियो । उहाँले तात्कालिक वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय)मा अधिकृतका रूपमा लामो समय कार्य गर्नुभयो । श्रीविद्याका उपासक भट्टराई तन्त्रशास्त्र र साधनामा प्रवीण हुनुहुन्थ्यो । अगस्त्यसंहिता र रत्नपरीक्षा, हस्तमुक्तावली, हरमेखला, स्कन्दपुराण (अम्बिकाखण्ड) व्रतबन्धपद्धति, विवाहपद्धति आदि उहाँका सम्पादित कृति हुन् भने श्रीचक्रको उपासना मौलिक कृति हो ।

डा. क्षितीशचन्द्र चक्रवर्ती

पिता फटिकचन्द्र चक्रवर्ती र माता षेउषीवालदेवी चक्रवर्तीका सुपुत्रका रूपमा वि.सं. १९५६ वैशाख शुक्ल पञ्चमीका दिन भारतको कलकत्ता सहरमा जन्मनुभएका क्षितीशचन्द्र चक्रवर्तीले अंग्रेजी साहित्यमा एम.ए. र कानुनमा बी.एल.गर्नुभएको थियो । कलकत्ता विश्वविद्यालयबाट पीएच.डी. उपाधि हासिल गर्नुभएका चक्रवर्तीले करिब पच्चीस वर्ष त्रि–चन्द्र कलेजमा अङ्ग्रेजी विषयको प्राध्यापन गर्नुभयो । ब्रह्मलीन वासुकी ब्रह्मचारीका शिष्य भई जीवनको उत्तरार्धमा वेदान्त दर्शनको प्रवचन र लेखनमा समर्पित उहाँले अद्वैत संस्था नेपाल, अद्वैत विश्वविद्यालय आदि संस्थाको स्थापना गर्नुभयो । उहाँका वेदान्त दर्शनसम्बन्धी दर्जनौँ कृतिहरू प्रकाशित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खगेन्द्रप्रसाद गिरी

माता विद्या गिरी र पिता रवीन्द्रप्रसाद गिरीका सुपुत्र खगेन्द्रप्रसाद गिरी वि.सं. २०३४ असार १४ गते काठमाडौँको हाँडीगाउँमा जन्मनुभएको हो। हेल्थ असिस्टेन्ट तथा आइ.ए. उत्तीर्ण गर्नुभएका गिरी दमनाहोम गिरी स्मृति प्रतिष्ठानका महासचिव, श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका कार्यकारी सदस्य, नेपाल दशनामी समाजका केन्द्रीय सदस्य, सामाजिक दृष्टि नेपालका उपाध्यक्ष रहनुभएको छ। त्यसका साथै उहाँ अन्य थुप्रै सामाजिक तथा धार्मिक संस्थाहरूमा संलग्न हुनुहुन्छ। समाजसेवा र फोटोग्राफी उहाँका विशेष रुचि हुन् साथै यस ग्रन्थमा प्रकाशित भएका अधिकांश तस्वीरहरू उहाँकै क्यामेराले कैद गरेका हुन्। गिरी हाल काठमाडौँ महानगरपालिका वडा नं. ३१, प्रयागमार्ग, नयाँबानेश्वरमा बसोवास गर्दै आउनुभएको छ।

प्रा. खेमराज केशवशरण

पिता तारानिधि उपाध्याय र माता द्रौपदीदेवीका सुपुत्रका रूपमा वि.सं १९९४ कार्तिक २५ गते मोरङ जिल्लाको लेटाङ क्षेत्रपुरमा जन्मनुभएका खेमराज केशवशरणले संस्कृत साहित्यमा आचार्य गरी लामो समय तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा प्राध्यापन गर्नुभयो। धर्मदर्शनका व्याख्याता सनातन धर्म सेवा समिति लगायत थुप्रै धार्मिक संस्थाहरूमा संलग्न रही यस क्षेत्रको उन्नयन एवं संवर्धनमा महत्त्वपूर्ण योगदान गर्नुभएका प्राध्यापक केशवशरणका *जीवनगंगाका केही तरंग, स्वधर्म र स्वराष्ट्र, सत्यदर्शन, अन्तर्जगत्, आफैंतिर नियाल्दा, दैवी सम्पत्ति एक परिशीलन* आदि लेखसंग्रहहरू तथा थुप्रै काव्य र कवितासंग्रहहरू प्रकाशित छन्। उहाँ गुणराज पुरस्कार, महेन्द्र विद्याभूषण आदि पुरस्कार तथा सम्मानद्वारा सम्मानित हुनुहुन्थ्यो।

गिरिधारी भट्ट

पिता नारायण भट्ट र माता जानकी भट्टका सुपुत्रका रूपमा वि.सं. १९९७ फागुन १८ गते काठमाडौँमा जन्मनुभएका गिरिधारी भट्टले गुठी संस्थानमा लामो समय सेवा गर्नुभयो। उहाँ नेपालको मठ–मन्दिर, धर्म–संस्कृति र गुठी–व्यवस्थापनसम्बन्धी विषयका राम्रा ज्ञाता हुनुहुन्छ। स्वाध्याय र चिन्तनमनन एवं साधनाद्वारा उहाँले तन्त्र विद्या र साधनामा निपुणता हासिल गर्नुभएको छ। *सौन्दर्यलहरी, गुप्तसाधनतन्त्र, ज्ञानसंकलिनीतन्त्र, कालीकर्पूरस्तोत्र* आदिमाथि उहाँले गर्नुभएको नेपाली व्याख्या प्रकाशित भएका छन्। काठमाडौँ महानगरपालिका वडा नं. २, लाजिम्पाटमा उहाँको स्थायी बसोबास रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा.गोपालनिधि तिवारी

पिता तेजनिधि तिवारी र माता जीवकुमारी तिवारीका सुपुत्रका रूपमा वि.सं. १९७७ चैत्रमा काठमाडौँको कमलपोखरीमा जन्मनुभएका गोपालनिधि तिवारीले शाङ्करवेदान्तमा आचार्य र अङ्ग्रेजीमा एम.ए. गर्नुभएको थियो । तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठमा लामो समय प्राध्यापन गर्नुभएका तिवारीका *नेचर एण्ड सोल, नेपाली भाषाको बनोट, संस्कृत साहित्य, कलंकमोचन नाटक सङ्क्षिप्त विवेचना* आदि कृतिहरू प्रकाशित छन् । उहाँ महेन्द्र विद्याभूषण, शुभराज्याभिषेक पदक, जानपद सेवा पदक, गुणराज व्याख्यानमाला पुरस्कार, शिक्षा पुरस्कार, दीर्घ सेवा पदकबाट विभूषित हुनुकासाथै धार्मिक तथा सांस्कृतिक क्षेत्रमा योगदान गरेबापत जगद्गुरु शंकराचार्य शताब्दी समारोह समितिद्वारा सम्मानित हुनुभएको थियो ।

डा.गोविन्द टण्डन

पिता महेश्वरबहादुर टण्डन र माता मेघकुमारी टण्डनका सुपुत्रका रूपमा वि.सं २०१२ वैशाख १९ गते काठमाडौंको बत्तीसपुतलीमा जन्मनुभएका गोविन्द टण्डनले त्रिभुवन विश्वविद्यालयबाट संस्कृतिमा एम्.ए. र "पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन" शीर्षकमा विद्यावारिधि गर्नुभएको छ। प्राध्यापन, सामाजिक सेवा, व्यवसाय आदिमा संलग्न उहाँ पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव समेत रहिसक्नुभएको छ। उहाँका *काठमाडौँ उपत्यकाका गणेशहरू, नेपालमा गुठी व्यवस्था, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पशुपतिक्षेत्रका मठ–मन्दिरहरूको सञ्चालन र व्यवस्था, इतिहासका थप पृष्ठहरू* आदि कृतिहरू प्रकाशित भएका छन् । उहाँले शुभराज्याभिषेक पदक, सार्क पदक, महेन्द्र विद्याभूषण प्रथम, झपट पुरस्कार, गुणराज पुरस्कार, भूपालमान सिंह धर्म पुरस्कार आदि प्राप्त गर्नुभएको छ । हाल उहाँ काठमाडौँ महानगरपालिका, वडा नं. ९, बत्तीसपुतलीमा बसोवास गर्नुहुन्छ ।

पं. गोविन्द भट्टराई

पिता मुरलीधर उपाध्याय र माता नन्दकुमारी भट्टराईका सुपुत्रका रूपमा वि.सं २०३७ भदौ २२ गते विराटनगर उपमहानगरपालिका वडा नं. ३, शङ्करपुरमा जन्मनुभएका गोविन्द भट्टराईले धर्मशास्त्र, पूर्वमीमांसा, शांकरवेदान्त र ज्योतिषमा आचार्य गर्नुभएको छ। उहाँ पुराण वाचन र धार्मिक प्रवचनमा निपुण हुनुहुन्छ। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ७, कुमारीटोलमा वसोवास गर्दै आउनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौरीशङ्कर पराजुली

माता श्रीमती टीकादेवी उपाध्याय पराजुली र पिता हीरालाल पराजुलीका सुपुत्र गौरीशङ्कर पराजुलीको जन्म वि.सं. २०२३ फागुन २९ गते सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १२ बिर्ताथोक भन्ने ठाउँमा भएको हो। त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक पराजुली हाल श्रीपशुपतिक्षेत्र विकास कोषका उपनिर्देशक हुनुहुन्छ। वि.सं. २०४८ देखि वि.सं. २०५८ सम्म श्रीपशुपतिक्षेत्र विकास कोषद्वारा प्रकाशित पशुपतिक्षेत्र नामक मुखपत्रको सहायक सम्पादकदेखि कार्यकारी सम्पादकका रूपमा कार्य गर्नुभएका पराजुलीले विभिन्न धार्मिक, सामाजिक तथा शैक्षिक संघसंस्थामा क्रियाशील भूमिका निर्वाह गर्नुभएको छ। हाल उहाँको बसोवास काठमाडौँ महानगरपालिका वडा नं. ३१, सूर्यविक्रम ज्ञवाली मार्ग, सङ्गमचोक, नयाँ बानेश्वरमा रहेको छ।

प्रा.चूडानाथ भट्टराय

पिता लोकनाथ भट्टराय र माता कुलमञ्जरी देवीका सुपुत्रका रूपमा वि.सं. १९७५ असारमा काठमाडौंको इन्द्रचोकमा जन्मनुभएका चूडानाथ भट्टरायले सर्वदर्शनमा आचार्य गर्नुभएको थियो। तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयमा सर्वदर्शनका प्राध्यापक रहनुभएका उहाँ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य एवं तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति समेत हुनुभएको थियो। उहाँका *पशुपतिप्रत्यभिज्ञा, तन्त्रसर्वस्व, सांख्यविवेक, न्यायदीप, योगप्रबोध, विशेषार्थीसिद्धि, मीमांसामयूख, अद्वैत चूडामणि* आदि करिब डेढ दर्जन पुस्तकहरू प्रकाशित छन्। उहाँले गोरखा दक्षिणबाहु चौथो तथा शुभराज्याभिषेक पदक प्राप्त गर्नुभएको थियो।

डा. चेतमणि न्यौपाने

पिता रुद्रमणि न्यौपाने र माता ब्रह्मकुमारी न्यौपानेका सुपुत्रका रूपमा वि.सं. २०३३ कार्तिक २० गते सिन्धुपाल्पाचोक जिल्लाको धुस्कुनमा जन्मनुभएका चेतमणि न्यौपानेले शाङ्कर वेदान्तमा आचार्य तथा विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। हाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा शांकरवेदान्तको प्राध्यापनमा संलग्न उहाँले वेदान्तका विभिन्न ग्रन्थहरू, वेदको मन्त्रसंहिता, शतपथब्राह्मण आदिको गुरुशिष्य परम्पराअनुसार अध्ययन गर्नुभएको छ। जनक, ऋतम्भरा, खद्योत, अरूणोदय आदि पत्रिकाहरूमा वेदान्तसम्बन्धी उहाँका थुप्रै लेखहरू प्रकाशित भएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. चेतोनाथ आचार्य

पिता भोजराज आचार्य र माता गुणकुमारी आचार्यका सुपुत्रका रूपमा वि.सं १९९१ वैशाख शुक्ल प्रतिपदाका दिन ललितपुरको चापागाउँमा जन्मनुभएका चेतोनाथ आचार्यले नव्यन्यायमा आचार्य र नेपाली साहित्यमा एम.ए. गर्नुभएको छ। तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभएका आचार्यका आत्मानुसन्धान *गणेशतत्त्वचिन्तन* र *हाम्रो धार्मिक* चाडपर्व नामक पुस्तकहरू प्रकाशित छन्। उहाँले शुभराज्याभिषेक पदक, प्रबल गोरखा दक्षिणबाहु, गुणराज व्याख्यान पुरस्कार र गुणराज पुरस्कार प्राप्त गर्नुभएको छ। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ११, बबरमहलमा बसोवास गर्नुहुन्छ।

प्रा. चेतोनाथ गौतम

पिता गणेशप्रसाद गौतम र माता पद्मकुमारी गौतमका सुपुत्रका रूपमा वि.सं. २००९ मंसिर १७ गते भोजपुर जिल्लाको दिङ्ला गाउँमा जन्मनुभएका चेतोनाथ गौतमले न्यायवैशेषिक दर्शनमा आचार्य र नेपालीमा एम.ए. गर्नुभएको छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसमा लामो समय नेपाली साहित्यको प्राध्यापनमा संलग्न रहनुभएका र श्रीपशुपतिक्षेत्र विकास कोषको सदस्यसचिवको पदमा काम गर्नुभएका गौतमका धर्म र संस्कृतिसम्बन्धी थुप्रै फुटकर लेखहरू प्रकाशित छन्। उहाँ विभिन्न धार्मिक र सामाजिक संस्थाहरूमा पनि संलग्न हुनुहुन्छ। हाल उहाँ मध्यपुर थिमी नगरपालिका, लोहकिन्थलीमा बस्दै आउनुभएको छ।

प्रा.डा.जगदीशचन्द्र रेग्मी

पिता कृष्णचन्द्र रेग्मी र माता हरिप्रिया देवीका सुपुत्रका रूपमा वि.सं. २००० जेठ महिनामा काठमाडौँको नक्सालमा जन्मनुभएका जगदीशचन्द्र रेग्मीले काशी हिन्दू विश्वविद्यालयबाट संस्कृतिमा एम.ए. गरी सोही विषयमा विद्यावारिधिको उपाधिसमेत हासिल गर्नुभएको छ। लामो समय संस्कृतिका प्राध्यापक रहनुभएका रेग्मीका *साहित्यक र ऐतिहासिक अभिलेख, अंशुवर्मा, नेपालको संक्षिप्त इतिहास, लिच्छवि संस्कृति, नेपालको धार्मिक इतिहास* आदि करिब दुई दर्जन पुस्तकहरू प्रकाशित छन्। उहाँ महेन्द्र विद्याभूषण क, साझा पुरस्कार, त्रिभुवन प्रज्ञा–पुरस्कार, बाबुराम आचार्य शोध सम्मानद्वारा सम्मानित हुनुहुन्छ। हाल उहाँ नयाँबस्ती, जोरपाटी काठमाडौंमा बस्दै आउनुभएको छ।

प्राज्ञ डा.जगमान गुरुङ

पिता शेरजङ्ग गुरुङ र माता जोगमाया गुरुङका सुपुत्रका रूपमा वि.सं २००३ माघ २१ गते कास्की जिल्लाको स्याङ्जाकोटमा जन्मनुभएका जगमान गुरुङले त्रिभुवन विश्वविद्यालयबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास, संस्कृति एवं पुरातत्त्व विषयमा एम.ए. गरी तिब्बती ज्योतिषमा विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। *गुरुङ जाति तथा संस्कृति, नेपालको एकीकरणमा गुरुङहरूको भूमिका, ब्लो (मुस्ताङ) को सांस्कृतिक सम्पदा, गण्डकी प्रसवण क्षेत्रको सांस्कृतिक सम्पदा* आदि उहाँका प्रकाशित कृतिहरू हुन्। उहाँ गोकुलचन्द स्वर्ण पदक, महेन्द्र विद्याभूषण ख, गद्दी आरोहण रजत महोत्सव पदक, त्रि.वि.दीर्घसेवा पदक, ज्यो.हरिअभिनव संस्कृति पुरस्कार, नयराज पन्त शोध सम्मान आदि पुरस्कार तथा सम्मानद्वारा सम्मानित हुनुहुन्छ। हाल नेपाल प्रज्ञा–प्रतिष्ठानका उपकुलपति रहनुभएका उहाँ धापासी, काठमाडौँमा बस्दै आउनुभएको छ।

जीवनचन्द्र कोइराला

पिता कुलचन्द्र कोइराला तथा माता कमलादेवी कोइरालाका सुपुत्रका रूपमा वि.सं. २०१७ आषाढ १६ गते सिन्धुलीको घोक्सिलामा जन्मनुभएका जीवनचन्द्र कोइरालाले स्नातक तथा योग र प्राकृतिक चिकित्सामा डिप्लोमा प्राप्त गर्नुभएका प्राकृतिक स्वास्थ्य संस्थाका अध्यक्ष, कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानका सचिव, श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका उपाध्यक्ष, महर्षि मुद्गल प्रतिष्ठानका प्रथम उपाध्यक्ष, महामना मालवीय मिसन नेपालका महासचिव र अन्य विभिन्न संस्थाहरूमा रही सामाजिक क्षेत्रमा विभिन्न कार्यहरू गरिहनुभएका कोइरालाका *बी.पी.का कविता : सम्झना कविका, शहीद दीवानसिंह राई स्मृतिपुष्प, सुशीला कोइराला : अन्तर्वार्ता र लेखमा, सर्वोच्च नेता गणेशमान सिंहका लेख र संस्मरणहरू, विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा, बी.पी. कोइरालाका छरिएका सामग्रीहरू* आदि थुप्रै सम्पादित कृतिहरू प्रकाशित छन्। वि.सं. २०७८ वैशाख २९ गते उहाँको देहावसान भएको छ।

प्राज्ञ ज्ञानमणि नेपाल

पिता भानुभक्त उपाध्याय र माता अन्नपूर्णदेवीका सुपुत्रका रूपमा वि.सं १९८९ माघ १७ गते पुरानोगाउँ, भोजपुरमा जन्मनुभएका ज्ञानमणि नेपालले प्राज्ञ नयराज पन्तको गुरुकुलबाट शिक्षा हासिल गर्नुभयो। नेपाली इतिहास, संस्कृति, भाषा र समाजशास्त्र क्षेत्रका अनुसन्धाता नेपालका *नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश, पुराना कविता, नेपाल सिक्किम सम्बन्ध, जयतरचित महीरावणवध नाटकको विवेचनात्मक अध्ययन, नेपालको महाभारत, नेपाल निरुक्त, नेपालको माध्यमिक कालको इतिहास, गणतन्त्रदेखि लोकतन्त्रसम्म* आदि करिब डेढ दर्जन कृतिहरू प्रकाशित छन्। उहाँ ने.प्र.प्र.को आजीवन प्राज्ञ सदस्य हुनुहुन्छ। उहाँ उदयानन्द पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, जानकी-चन्द्रप्रभा पुरस्कार, नयराज पन्त स्मृति पुरस्कार, दण्डपाणि अर्याल स्मृति पुरस्कार, प्रज्ञा इतिहास पुरस्कार आदि पुरस्कारले सम्मानित हुनुहुन्छ। हाल उहाँ कलंकी, काठमाडौँमा बस्नुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. डा.डिल्ली ओली

पिता हर्षसिंह ओली र माता कृष्ण ओलीका सुपुत्र डिल्ली ओलीको जन्म वि.सं २०१६ फागुन २७ गते सल्यान जिल्लाको त्रिवेणी श्रीचौरमा भएको हो। त्रिभुवन विश्वविद्यालयबाट इतिहास-संस्कृति विषयमा एम.ए. गरी सोही विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गर्नुभएका ओली त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुरमा संस्कृति विभागमा प्राध्यापक हुनुहुन्छ। उहाँका थुप्रै अनुसन्धानात्मक लेख र केही संस्कृति विषयका पुस्तकहरू प्रकाशित छन्। हाल उहाँ काठमाडौँ महानगरपालिका, मैतीदेवीमा बसोवास गर्दै आउनुभएको छ।

डा. थिरप्रसाद पराजुली

पिता पं. भीमप्रसाद पराजुली र माता चन्द्रकला पराजुलीका सुपुत्रका रूपमा वि.सं. २००६ वैशाख १५ गते ओखलढुङ्गा जिल्लाको ज्यामिरे १ मा जन्मनुभएका थिरप्रसाद पराजुलीले धर्मशास्त्रमा आचार्य, नेपालीमा एम.ए. गरी नेपाली साहित्यमा विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गरी अवकाश लिनुभएका उहाँका *समीक्षै समीक्षा, रुद्रराज पाण्डेको साहित्यिक योगदान र उनका औपन्यासिक कृतिको विश्लेषण* आदि पुस्तकाकार कृति प्रकाशित छन् भने तीन दर्जनजति फुटकर लेखहरू प्रकाशित छन्। हाल उहाँ जलेश्वर नगरपालिका वडा नं. ५, महोत्तरी जिल्लामा बसोवास गर्नुहुन्छ।

दधिराज सुवेदी

पिता शिवशकुन सुवेदी र माता खड्गदेवी सुवेदीका सुपुत्र दधिराज सुवेदी वि.सं २००४ साउन ४ गते भोजपुर जिल्लाको साङराङ, दिङ्गलामा जन्मनुभएको हो। उहाँले नेपालीमा एम.ए. गर्नुभएको छ। निजामती सेवाबाट जागिरे जीवन आरम्भ गर्नुभएका सुवेदीले केही समय प्राध्यापन सेवामा पनि बिताउनुभयो। उहाँका *नेपाली वाङ्मयका विशिष्ट साधक र उनका साधनाको अभिरेखाङ्कन, प्रतिभा र प्रस्तुति, विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र अध्ययन, रचना र अवलोकन, विराटनगरको संक्षिप्त इतिहास* आदि करिब आधा दर्जनजति समालोचनात्मक कृतिहरू प्रकाशित छन् भने **नगेन्द्रप्रसाद रिजाल कृतित्व र व्यक्तित्व** ग्रन्थलगायत उहाँले दुई दर्जनजति कृतिहरूको सम्पादन पनि गर्नुभएको छ। उहाँ नारायण उपाध्याय पुरस्कार, जानकीवल्लभ चन्द्रप्रभा पुरस्कार, गोपाल पाण्डे असीम पुरस्कार आदि पुरस्कारबाट सम्मानित हुनुहुन्छ। हाल उहाँ विराटनगर-४ मोरङ्मा बस्दै आउनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राज्ञ प्रा. दिनेशराज पन्त

पिता पं. नयराज पन्त र माता बुधकुमारी पन्तको कोखबाट वि.सं २००६ कार्तिक ३ गते वटुटोल, काठमाडौंमा जन्मनुभएका दिनेशराज पन्तले पं. नयराज पन्तको गुरुकुलमा अध्ययन गरी नेपालको इतिहास र संस्कृतिका क्षेत्रमा आफ्नो गहन शोधकार्यद्वारा महत्त्वपूर्ण योगदान दिनुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापनकार्यमा संलग्न प्रा. पन्तका नेपालको इतिहासका केही पाना, लिच्छविकालमा चलेका संवत्, गोरखाको इतिहास (भाग १–४), बुद्धदेखि पहलमानसम्म, नेपालको इतिहासका विविध पक्ष, श्री ५ पृथ्वीनारायण शाहको विषयमा केही कुरा आदि पुस्तकहरू प्रकाशित छन्। उहाँले राष्ट्रिय प्रतिभा पुरस्कार, डा.बलराम जोशी सुयोग्य राशि पुरस्कार, सुप्रबल गोरखा दक्षिणबाहु तेस्रो, वीरेन्द्र ऐश्वर्य सेवा पदक, सुप्रबल जनसेवाश्री तृतीय आदि पुरस्कार तथा विभूषणद्वारा सम्मानित हुनुहुन्छ। हाल नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञापरिषद्का सदस्य रहनुभएका पन्तको बसोवास काठमाडौं महानगरपालिका वडा नं. ४, धुम्बाराही, काठमाडौंमा रहेको छ।

प्रा. डा. दिवाकर आचार्य

पिता पं. लोकनाथ आचार्य र माता दुर्गादेवी आचार्यका सुपुत्रका रूपमा वि.सं. २०२७ कार्तिक २१ गते द्यौपाटन, काठमाडौंमा जन्मनुभएका दिवाकर आचार्यले नेपाल संस्कृत विश्वविद्यालयबाट व्याकरण विषयमा आचार्य गरी सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट तन्त्र विषयमा आचार्य गर्नुभएको छ। केही वर्ष नेपाल संस्कृत विश्वविद्यालयमा तन्त्र विषयका अध्यापक रहनुभएका आचार्यले जर्मनीको ह्याम्बर्ग विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गरेपछि जापानमा पनि पूर्वीय धर्मदर्शनको प्राध्यापन गर्नुभयो। हाल उहाँ अक्सफोर्ड विश्वविद्यालय, बेलायतमा प्राच्य धर्म तथा नीतिशास्त्रका स्पाल्डिङ प्रोफेसर हुनुहुन्छ। उहाँका *Vācaspatimiśra's Tattvasamīksā : the earliest commentary on Mandanamiśra's Brahmasiddhi, Early tantric Vaisnavism : three newly discovered works of the Pañcaratra, Little Clay Cart,* **नेपालपीठ र गुह्येश्वरी** आदि पुस्तकहरू प्रकाशित छन्। उहाँ बालापीठ मार्ग, कालिमाटी टोल, काठमाडौंका बासिन्दा हुनुहुन्छ।

दीपक महर्जन

पिता रामलाल महर्जन र माता सानु महर्जनका सुपुत्रका रूपमा वि.सं. २०२४ मा ललितपुर जिल्लाको कोपुण्डोलमा जन्मनुभएका दीपक महर्जनले ललितकलामा स्नातकोत्तर गर्नुभएको छ। विभिन्न पुस्तकहरूको कभर डिजाइन, पोस्टर डिजाइन, लोगो डिजाइन, लेबल डिजाइन आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलासम्बन्धी कामको अनुभव हासिल गर्नुभएका महर्जन हाल चित्रकला, ग्राफिक डिजाइन र थ्रिडी एनिमेसनमा सक्रिय हुनुहुन्छ। स्पेक्ट्स नामक संस्थाबाट धेरै पटक चित्रकला प्रदर्शनीमा भाग लिनुभएका महर्जनले जर्मनीमा भएको अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा पनि सहभागिता जनाउनुभएको छ। सुवर्ण फर्मास्युटिकल, नेशनल प्रोडक्टिभिटी एण्ड इकोनोमिक डेभलप्मेन्ट सेन्टर, आर.एम.डि.सी, साउथ एसियन ह्युमन डेभलेप्मेन्ट फोरम, धितोपत्र बोर्ड आदि संस्थाहरूको लोगो डिजाइनमा प्रथम पुरस्कार प्राप्त गर्न सफल महर्जनले "भगवान् श्रीपशुपतिनाथ" नामक यस ग्रन्थको आवरण चित्र बनाउनुभएको हो। हाल उहाँ ललितपुर जिल्लाको भैँसेपाटीमा बसोवास गर्दै आउनुभएको छ।

प्रा. डा. दीर्घराज घिमिरे

पिता हरिप्रसाद घिमिरे र माता योगमाया घिमिरेका सुपुत्रका रूपमा वि.सं १९९८ फागुन १० गते रामेछाप जिल्लाको चिसापानीमा जन्मनुभएका दीर्घराज घिमिरेले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट नव्यन्यायमा आचार्य गरी वेदान्तमा विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गरी सेवानिवृत्त हुनुभएका घिमिरेका *ब्रह्मसूत्र विवरण, षड्दर्शनसमुच्चय, श्रीमद्भगवद्गीता तत्त्वप्रकाश* (१-५भाग) आदि प्रकाशित भएका छन्। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ७, मैजुवहालमा बसोवास गर्नुहुन्छ।

प्रा.डा. दुर्गाप्रसाद दवाडी

दुर्गाप्रसाद दवाडीको जन्म पिता सेतु उपाध्याय दवाडी र माता मधुमती देवीका सुपुत्रका रूपमा कास्की जिल्लाको कास्कीकोट-५ मा भएको थियो। उहाँले आगमशास्त्र, वेदान्त र व्याकरण विषयमा आचार्य गरी सर्वदर्शनमा विद्यावारिधि गर्नुभएको थियो। लामो समय नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापन गर्नुभएका दवाडीका धर्म र दर्शनसँग सम्बद्ध केही कृतिहरू प्रकाशित छन्। उहाँले महेन्द्र विद्याभूषण पदक, शिक्षा पुरस्कार आदि पदक तथा पुरस्कार प्राप्त गर्नुभएको थियो।

प्रा.डा. देवमणि भट्टराई

पिता मनोरथ र माता कृष्णकुमारी भट्टराईका पुत्रका रूपमा वि.सं. २०२२ मंसिर १८ गते भोजपुर जिल्लाको भुल्के-३ मा जन्मनुभएका देवमणि भट्टराईले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट धर्मशास्त्रमा आचार्य गरी सोही विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। हाल नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठमा धर्मशास्त्र विषयको प्राध्यापनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संलग्न भट्टराईका संस्कृत र नेपाली व्याख्यासहितका छवटा धार्मिक पुस्तकहरू प्रकाशित छन्। उहाँले सम्पूर्णानन्द स्वर्णपदक, गंगामणि स्वर्णपदक, महेन्द्र विद्याभूषण ख र क, श्री ५ वीरेन्द्र गद्दी आरोहण रजत महोत्सव पदक आदि प्राप्त गर्नुभएको छ। हाल उहाँ मध्यपुर थिमीनगरपालिका वडा नं. २, भक्तपुरमा बसोवास गर्नुहुन्छ।

प्रा.ई. देवीप्रसाद चापागाईं

डिल्लीप्रसाद चापागाईं तथा माता सावित्रीदेवी चापागाईंका सुपुत्र देवीप्रसाद चापागाईं वि.सं. १९९९ फागुन २५ गते धादिङ्ग जिल्लाको धुनिवेसीमा जन्मनुभएको हो। अमेरिकन युनिभर्सिटी अफ् बेरुतबाट इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण उहाँका अध्यात्म, इन्जिनियरिङ्ग, विज्ञान र व्यवस्थापनसम्बन्धी फुटकर लेखहरू प्रकाशित छन्। राष्ट्रिय कम्प्युटर केन्द्रका कार्यकारी अध्यक्ष, पशुपति क्षेत्र विकास कोषका कार्यकारी सभापति, विश्व सम्बन्ध परिषद्का अध्यक्ष, महर्षि चेतना विज्ञान संस्थाका अध्यक्ष आदि पदमा रही तत्तत् क्षेत्रमा उहाँले महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ। पोखरा विश्वविद्यालयअन्तर्गत नेपाल इन्जिनियरिङ्ग कलेजमा प्राध्यापन गर्नुभएका उहाँ श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका संस्थापक अध्यक्ष हुनुहुन्छ। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं ३१, मध्यबानेश्वर, काठमाडौँमा बसोवास गर्नुहुन्छ।

रथी धनशमशेर राणा

पिता रुद्रशमशेर राणा र माता विष्णुकुमारी राज्यलक्ष्मीका सुपुत्र धनशमशेर राणा नारायणहिटी सेतो दरबारमा जन्मनुभएको हो। उहाँले प्रवेशिका परीक्षा उत्तीर्ण गरी तन्त्रशास्त्रको स्वाध्ययन एवं साधना प्रारम्भ गर्नुभयो। उहाँका तन्त्रशास्त्रसँग सम्बद्ध *तान्त्रिकविज्ञानदर्पण, प्रबुद्धसनातनरहस्य, निगमागमवैज्ञानिकसार, मातृकाक्षररहस्यम्, मन्त्रविद्यारहस्यम्, कामकलारहस्य* आदि करिब डेढ दर्जन कृतिहरू प्रकाशित छन्। उहाँ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका मानार्थ आजीवन सदस्य हुनुहुन्थ्यो।

डा. नमन उपाध्याय

पिता चन्द्र उपाध्याय र माता नन्दा उपाध्यायका सुपुत्र नमन उपाध्याय वि.सं. २०२६ वैशाख २३ गते आरुखर्क - ५, स्याङ्जामा जन्मनुभएको हो। उहाँले वाणिज्यशास्त्रमा एम.ए. तथा जैनदर्शनमा विद्यावारिधि गर्नुभएको छ। पोल्याण्डका लागि अवैतनिक महावाणिज्य दूत भई काम गर्नुभएका डा. उपाध्याय नेपाल सरकारको सचिवसमेत हुनुहुन्थ्यो। उहाँ थुप्रै सामाजिक संस्थाहरूमा क्रियाशील हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. नयनाथ पौडेल

पिता पं. भोलानाथ पौडेल र माता लीलादेवी पौडेलका सुपुत्र नयनाथ पौडेल वि.सं.२००२ माघ १४ गते ललितपुरको लामाटार, ठूलाघरमा जन्मनुभएको हो। उहाँले अमेरिकाको हवाइ विश्वविद्यालयबाट एम.पी.एच., बेलायतको वर्मिंघम विश्वविद्यालयबाट पी.जी डिप्लोमा र त्रिभुवन विश्वविद्यालयबाट एम. ए. र इतिहास संस्कृति विषयमा विद्यावारिधि गर्नुभएको छ। इतिहास संशोधन मण्डलको संस्थापक सदस्य रहनुभएका डा. पौडेलका *प्रशस्ति–रत्नावली, भाषा–वंशावली, अटलबहादुर, अभिलेख–संग्रह (४ भाग), हवल्दार देवीप्रसाद, लिच्छविकालको प्रशासनिक रूपरेखा, एक दामको चार माना चामल, अभिलेखमाला, लिच्छवि लिपि* आदि मौलिक एवं सम्पादित कृतिहरू तथा थुप्रै अनुसन्धानमूलक लेखहरू प्रकाशित छन्। उहाँ नेपाल प्रज्ञा-सामाजिक शास्त्र पुरस्कार (२०७९) बाट सम्मानित हुनुहुन्छ। स्वास्थ्य मन्त्रालय र यसअन्तर्गतका सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूमा करिब ४० वर्ष सेवा गर्नुभएका पौडेल हाल काठमाडौं महानगरपालिका वडा नं. ३१, बानेश्वरमा बसोवास गर्दै आउनुभएको छ।

प्राज्ञ प्रा. नयराज पन्त

वि.सं. १९७० साउन २६ गते पिता कृष्णदत्त पन्त तथा माता यज्ञप्रियाका सुपुत्रका रूपमा महाबौद्ध, काठमाडौंमा जन्मिनुभएका नयराज पन्तले सिद्धान्त ज्योतिषमा आचार्य गरी लामो समय त्रिभुवन विश्वविद्यालय तथा तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयमा प्राध्यापन गर्नुभयो। सम्मानार्थ महाविद्यावारिधि उपाधिले विभूषित पन्त नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य हुनुहुन्थ्यो। उहाँका *इतिहास सहायक, ज्यौतिष, विद्यारक्षा* (भाग १–५), *पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति, प्राचीन र नवीन गणितको तुलना, सुमतितन्त्र, लिच्छविसंवत्को निर्णय, कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना, हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना, श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या, रत्नदीप, विश्रान्ति* लगायत करिब तीन दर्जन कृतिहरू प्रकाशित छन्। उहाँ जुद्ध पदक, गोरखा दक्षिणबाहु पहिलो, दोस्रो र तेस्रो, मदन पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, आदिकवि भानुभक्त पुरस्कार, वासु स्मृति पुरस्कार आदि पुरस्कार तथा विभूषणद्वारा सम्मानित हुनुहुन्थ्यो। नेपालको इतिहास लेखन एवं संशोधनमा उहाँको अतुलनीय योगदान रहेको छ।

योगी नरहरिनाथ

पिता ललितसिंह थापा र माता गौरीदेवी थापाका सुपुत्रका रूपमा वि.सं. १९७१ फागुन १७ गते कालिकोटमा जन्मनुभएका नरहरिनाथले संस्कृतमा शास्त्री गर्नुभएको थियो। उहाँ एक अध्यात्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधक व्यक्ति हुनुहुन्थ्यो। साहित्य, इतिहास, धर्म र सामाजिक जागरणका क्षेत्रमा उहाँको अतुलनीय योगदान रहेको छ। इतिहास, संस्कृति, दर्शन र साहित्यसँग सम्बद्ध उहाँका चार दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन्। तीमध्ये केही हुन्– *गोरखा वंशावली, श्रीमत् पशुपतिपुराण, धनुर्वेद र हिमवत्खण्ड, शान्तिचरितम्, श्रीवागीश्वरीस्तुति, हिन्दू राष्ट्रमा गाईको महिमा, हाम्रो देशदर्शन, देवता तीर्थमाला* आदि। नेपालको सम्पूर्ण क्षेत्रको पैदल यात्रा गरी ऐतिहासिक एवं पुरातात्त्विक सामग्री संकलन गर्नुका साथै देशका विभिन्न क्षेत्रमा कोटिहोम गरेर धार्मिक जागरण ल्याउने कार्यमा उहाँको अतुलनीय योगदान रहेको छ। उहाँले वेदनिधि पुरस्कार, प्रा. बलराम राजवंशी पुरस्कार आदि प्राप्त गर्नुभएको थियो।

नवराज लामिछाने

पिता खगनाथ लामिछाने तथा माता तोयकुमारी लामिछानेका सुपुत्र नवराज लामिछाने वि.सं. २०१४ मंसिर १ गते सिनामंगल, काठमाडौँमा जन्मनुभएको हो। उहाँले कानूनमा बी.एल. गर्नुभएको छ। समाजसेवालाई नै आफ्नो प्रमुख कर्तव्य सम्झी सोही क्षेत्रमा समर्पित रहनुभएका उहाँले निःस्वार्थ समाजसेवाका लागि विभिन्न समयमा मानपदवी तथा प्रशंसापत्रहरू प्राप्त गर्नुभएको छ। पशुपति धार्मिक सामाजिक सेवा संघ, सर्वेश्वर सेवा गुठी, श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान आदि संघसंस्थाहरूमा पदीय दायित्व निर्वाह गर्दै आउनुभएका उहाँ हाल पिंगनस्थान, काठमाडौँमा बसोवास गर्दै आउनुभएको छ।

प्रा. पद्मप्रसाद भट्टराई

वि.सं. २०१७ कार्तिक १९ गते पिता नारायण भट्टराई तथा माता तुलसादेवी भट्टराईका सुपुत्रका रूपमा तेह्रथुम जिल्लाको कोराङ्, आङ्दिममा जन्मनुभएका पद्मप्रसाद भट्टराईले नव्यन्यायमा आचार्य तथा दर्शनमा एम्.ए. गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा नव्यन्याय विषयको प्राध्यापनमा संलग्न उहाँका एकल तथा संयुक्त गरी सातवटा पुस्तकाकार कृतिहरू तथा दर्शन, अध्यात्म, संस्कृति तथा धर्मसम्बन्धी प्रशस्त अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका छन्। हाल उहाँ बूढानीलकण्ठ नगरपालिका-१२, बालकुमारीटोल, कपन, काठमाडौँमा बसोवास गर्दै आउनुभएको छ।

प्रकाशचन्द्र गौतम

पिता अग्निहोत्री रामप्रसाद गौतम तथा माता श्रीमती इन्दिरा गौतमका सुपुत्र प्रकाशचन्द्र गौतमको जन्म वि.सं २०१७ मा काठमाडौँमा भएको हो। धर्मशास्त्रमा शास्त्रीसम्मको शिक्षा हासिल गर्नुभएका गौतमले राष्ट्रिय वाणिज्य बैंकमा लामो समय सेवा गर्नुभयो। हाल उहाँ सूर्यविक्रम ज्ञवाली मार्ग, काठमाडौंमा बसोबास गर्दै आउनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी प्रपन्नाचार्य

पिता धम्बे राई चाम्लिङ्ग र दिलमाया राईका सुपुत्रका रूपमा वि.सं. १९७९ आश्विन शुक्ल दशमीका दिन वरडाँडा, पाँचथरमा जन्मनुभएका प्रपन्नाचार्यले वेदान्तमा आचार्य गरी वेदान्त दर्शनमै विद्यावारिधि गर्नुभएको छ। भारतका केही विश्वविद्यालयमा प्राध्यापन गर्नुभएका उहाँ केही समय राजपरिषद्को सदस्य पनि बन्नुभयो। संस्कृत, नेपाली र हिन्दी भाषामा साहित्य, धर्म, दर्शन, इतिहास आदि विधामा उहाँका *वेदमा के छ ?, किरातहरू मंगोलियाबाट आएका होइनन्, प्राचीन किरात इतिहास, मिल्केका झिल्का, वेदान्तनयभूषणम्, सिद्धिवैतथ्यम्, सन्मार्गदर्शन, काशी की विशिष्टाद्वैत परम्परा, काले राईका क्वाँटी कविता* आदि करिब डेढ दर्जन पुस्तकहरू प्रकाशित छन्। उहाँले गोरखा दक्षिणबाहु, गुणराज पुरस्कार, योगिनी पुरस्कार, डा.बलराम जोशी राष्ट्रिय विज्ञान पुरस्कार, रामनाथ अघोरी पुरस्कार, शिव शिवानन्द पुरस्कार, झपट बहादुर पुरस्कार, भानु पुरस्कार, ऐश्वर्य समाज सेवा पुरस्कार आदि पुरस्कार तथा विभूषण प्राप्त गर्नुभएको थियो।

प्रमोदराम मिश्र

पिता श्रीप्रकाशराम मिश्र तथा माता श्रीमती शारदादेवीका सुपुत्रका रूपमा जन्मनुभएका प्रमोदराम मिश्र समाजशास्त्र एवं जनप्रशासन विषयका स्नातकोत्तर हुनुहुन्छ। विकास तथा अनुसन्धानमा रुचि राख्नुहुने मिश्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूमा विभिन्न पदमा रही सम्बद्ध क्षेत्रको लामो अनुभव हासिल गर्नुभएको छ। सनातन धर्मसंस्कृतिको वैज्ञानिक अध्ययन अनुसन्धानको वकालत गर्दै आउनुभएका मिश्र हाल उक्त विषयको अनुशीलन–परिशीलनमा समर्पित हुनुहुन्छ। उहाँका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न शोधपत्र तथा लेखहरू प्रकाशित भएका छन्। हाल उहाँ श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका महासचिव हुनुहुन्छ।

प्रयाज गौतम

पिता अग्निहोत्री रामप्रसाद गौतम तथा माता श्रीमती माया गौतमका सुपुत्र प्रयाज गौतमको जन्म वि.सं २०२६ मा काठमाडौंमा भएको हो। स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्नुभएका गौतम सूचनाप्रविधिसम्बन्धी पेसामा संलग्न हुनुहुन्छ।

प्रेमहरि ढुङ्गाना

पिता चन्द्रप्रसाद ढुङ्गाना र माता डम्बरकुमारी ढुङ्गानाका सुपुत्रका रूपमा वि.सं २०१७ वैशाख ७ गते रामेछाप जिल्लाको भलुवाजोर-३ मा जन्मनुभएका प्रेमहरि ढुङ्गानाले त्रिभुवन विश्वविद्यालयबाट स्नातक गर्नुभएको छ। उहाँ पशुपति क्षेत्र विकास कोषको मुख्य लेखा अधिकृत पदमा कार्यरत हुनुहुन्थ्यो। उहाँका धर्म तथा संस्कृतिसम्बन्धी केही फुटकर लेखहरू प्रकाशित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक, सामाजिक संस्थाहरूमा संलग्न उहाँ सामाजिक कार्यकर्ताका रूपमा पनि चिनिनुहुन्छ । हाल उहाँ मध्यपुर थिमी नगरपालिका, भक्तपुरमा बसोवास गर्दै आउनुभएको छ ।

प्रा.डा. बाबुराम पोखरेल

पिता भद्रकाली शर्मा पोखरेल र माता गायत्रीदेवी पोखरेलका सुपुत्र बाबुराम पोखरेल वि.सं. १९९२ पुस महिनामा गुल्मी जिल्लाको अरौंदी-५ मा जन्मनुभएको हो । उहाँले इतिहास पुराण विषयमा आचार्य, नेपालीमा एम.ए. र धर्मशास्त्रमा विद्यावारिधि गर्नुभएको थियो । लामो समय तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयमा प्राध्यापन गर्नुभएका प्राध्यापक पोखरेलका *हिमवत्खण्डको समीक्षात्मक अध्ययन, महापण्डित दधिराम मरासिनी स्मृतिग्रन्थ, घनश्याम स्मृतिग्रन्थ* आदि प्रकाशित छन् । उहाँ महेन्द्र विद्याभूषण क, प्रसिद्ध गोरखा दक्षिणबाहु, रुद्रराज पुरस्कार, गुणराज स्मृति पुरस्कार, भारती खरेल पुरस्कार, शिक्षा पुरस्कार र दीर्घ सेवापदक आदि पुरस्कार तथा विभूषणबाट सम्मानित हुनुहुन्थ्यो ।

बालकृष्ण सम

पिता समरशमशेर ज.ब.रा. र माता कीर्तिराज्यलक्ष्मी राणाका सुपुत्र बालकृष्ण समको जन्म वि.सं. १९५९ माघ २४ गते ज्ञानेश्वर, काठमाडौंमा भएको हो । नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका आजीवन सदस्य रहनुभएका सम सैनिक सेवाका साथै प्राध्यापन कार्यमा समेत संलग्न हुनुहुन्थ्यो । चित्रकलामा समेत गहिरो अभिरुचि राख्ने समका नाटक, खण्डकाव्य, महाकाव्य, कवितासङ्ग्रह र दर्शनसम्बन्धी थुप्रै पुस्तकहरू प्रकाशित भएका छन् । *मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग* आदि नाटक, *आगो र पानी* (खण्डकाव्य), *चिसो चुल्हो* (महाकाव्य), *मेरो कविताको आराधन* (कवितासंग्रह), *नियमित आकस्मिकता* (दर्शनसम्बन्धी रचना) आदि प्रकाशित भएका छन् । साझा पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार, रत्नश्री स्वर्णपदक, गोरखादक्षिणबाहु प्रथम आदि पुरस्कार तथा विभूषणबाट सम्मानित सम त्रिभुवन विश्वविद्यालयबाट मानार्थ विद्यावारिधि उपाधिबाट सम्मानित हुनुहुन्थ्यो ।

डा. बिनुबाबा अर्याल

माता शीलादेवी भट्टराई तथा पिता मदनदेव भट्टराईकी सुपुत्रीका रूपमा वि.सं. २०१३ मा काठमाडौंमा जन्मनुभएकी बिनुबाबा अर्यालले राजनीतिशास्त्रमा एम्.ए. तथा संस्कृतिमा विद्यावारिधि गर्नुभएको छ । वि.सं. २०३३ देखि २०७५ सम्म त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरूमा प्राध्यापन गर्नुभएकी अर्यालका चारवटा कृतिहरू पुस्तकाकारमा प्रकाशित भएका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा लेखहरू प्रकाशित भएका छन् । हाल उहाँको बसोवास सूर्यविक्रम ज्ञवालीमार्ग, बत्तीसपुतली, काठमाडौंमा रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पं. बुद्धिसागर पराजुली

पिता शिवप्रसाद पराजुली र माता पार्वती पराजुलीका सुपुत्र पं. बुद्धिसागर पराजुलीको जन्म वि.सं १९७० असोज ७ गते कास्की जिल्लाको मिरुवा गाउँमा जन्मनुभएको हो। पूर्वमीमांसामा आचार्य र पोष्टाचार्य गर्नुभएका पराजुलीले त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभयो। उहाँका *धर्मप्रवेश* (भाग १–५), *साम्राज्यलहरी, दर्शनामृत, सपर्यामृतम्, करुणविंशोत्तरी* (खण्डकाव्य), *अमरकहानी* (खण्डकाव्य), आदि कृतिहरू प्रकाशित छन्। उहाँले *पुरुषार्थ, संस्कृत सन्देश, हिमवत् संस्कृति, प्राचीन नेपाल* र *अभिलेख* पत्रिकाहरूको सम्पादन पनि गर्नुभएको थियो। उहाँले जनपद सेवापदक, महेन्द्र विद्याभूषण, प्रबल गोरखा दक्षिणबाहु चौथो, शुभ राज्याभिषेक पदक आदि प्राप्त गर्नुभएको थियो।

भरत मरासिनी

पिता खुमानन्द मरासिनी तथा माता यमकला मरासिनीका सुपुत्रका रूपमा वि.सं. २०२० माघ १९ गते पाल्पा जिल्लाको भुवनपोखरी-५ मा जन्मनुभएका भरत मरासिनीले एम.बि.ए. तथा बि.एल. गर्नुभएको छ। पशुपति क्षेत्र विकास कोषमा निर्देशक पदमा कार्यरत मरासिनी दधिराम मरासिनी स्मृति प्रतिष्ठान तथा किरातेश्वर संगीताश्रमका आजीवन सदस्य हुनुहुन्छ। उहाँका केही फुटकर रचनाहरू प्रकाशित छन्। हाल उहाँको बसोवास काठमाडौँ महानगरपालिका वडा नं ७, कुमारीगालमा रहेको छ।

प्रा. भवानीप्रसाद खतिवडा

पिता लालुनाथ खतिवडा र माता रुक्मिणीदेवी खतिवडाका सुपुत्र भवानीप्रसाद खतिवडाको जन्म वि.सं २०१६ भदौ २९ गते पाँचथर जिल्लाको एकतिन गाउँमा भएको हो। उहाँले शाङ्कर वेदान्तमा आचार्य गर्नुभएको छ। उहाँले नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभयो। धार्मिक प्रवचन र पुराण वाचनमा समेत निपुण उहाँका थुप्रै लेख, रचनाहरू फुटकर रूपमा प्रकाशित छन्। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ७, कुमारीगालमा बसोवास गर्दै आउनुभएको छ।

भीमप्रसाद कण्डेल

पिता हरिलाल कण्डेल तथा माता कलावती कण्डेलका सुपुत्र भीमप्रसाद कण्डेलको जन्म वि.सं. २०२७ कार्तिक २ गते बिहुँ–२, बाग्लुङमा भएको हो। नव्यव्याकरणमा आचार्य गर्नुभएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कण्डेल हाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा नव्यव्याकरण विषयको प्राध्यापनमा संलग्न हुनुहुन्छ। उहाँले *प्रत्यभिज्ञाहृदय* नामक ग्रन्थको सम्पादन गर्नुभएको छ। *ऋतम्भरा, मर्यादा* आदि पत्रिकाहरूमा उहाँका अनुसन्धानमूलक लेखहरू प्रकाशित भएका छन्। हाल उहाँ गौरीघाट, काठमाडौँमा बसोवास गर्नुहुन्छ।

भोलाप्रसाद सिटौला

माता सुभद्रादेवी सिटौला र पिता श्रीप्रसाद सिटौलाका सुपुत्र भोलाप्रसाद सिटौला वि.सं. २०१८ चैत्र २१ गते पाँचखाल नगरपालिका वडा नं. १२, बेसीटार, काभ्रेपलान्चोकमा जन्मनुभएको हो। सिटौलाले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. तथा बि.एल. गर्नुभएको छ। वि.सं. २०४४ सालमा पशुपति क्षेत्र विकास कोषमा सेवाप्रवेश गर्नुभएका सिटौला हाल उक्त कोषका निर्देशक पदमा कार्यरत हुनुहुन्थ्यो। सिटौला सेवा समाजका महासचिव तथा उपाध्यक्ष रहनुभएका सिटौला हाल काठमाडौँ महानगरपालिका वडा नं. ७, चाबहिल, बुलबुलेमा बसोवास गर्दै आउनुभएको छ।

मदनकुमार डङ्गोल

पिता महेश डङ्गोल तथा माता मोहनदेवी डङ्गोलका सुपुत्रका रूपमा वि.सं. २०२६ फागुन १० गते पुरानो बानेश्वर, काठमाडौँमा जन्मनुभएका मदनकुमार डङ्गोलले राजनीतिशास्त्र र वाणिज्यशास्त्रमा स्नातकोत्तर गर्नुका साथै कानूनमा एल. एल. एम. गर्नुभएको छ। विगत २६ वर्षदेखि कानुन व्यवसायमा संलग्न डङ्गोल सर्वोच्च अदालत बार एशोसिएसनका सदस्य हुनुहुन्छ। वि.सं. २०६४ देखि "कानुन" द्वैमासिक पत्रिकाका सम्पादकका रूपमा उहाँले कार्य गर्दै आउनुभएको छ। श्रीशिवशक्ति सेवा समाजको महासचिव, श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको संस्थापक सचिव, महासचिव तथा उपाध्यक्ष, राजर्षि जनक स्मृति प्रतिष्ठानको सदस्य आदिका रूपमा उहाँले विभिन्न सामाजिक संस्थाहरूमा सक्रिय भूमिका निर्वाह गर्नुभएको छ। उहाँ पुरानो बानेश्वर, काठमाडौँका स्थायी बासिन्दा हुनुहुन्छ।

मदन भट्ट

वि.सं. २०१४ श्रावण २५ गते पिता ध्रुव भट्ट र माता श्रीमती मिठूमाया भट्टका सुपुत्रका रूपमा काठमाडौँको द्यौपाटन, लगनलाछी टोलमा जन्मनुभएका मदन भट्ट तन्त्रविद् एवं साधक हुनुहुन्छ। उहाँ पशुपतिको आगमघरका प्रमुख पुजारी एवं श्रीका परिवार तथा आगम देवता, वाग्वतीजात्रा, तीर्थजात्रा, लिङ्गजात्रा, कुण्डजात्रा आदिको लाममोहरिया पुजारी हुनुहुन्छ। हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ८, द्यौपाटनमा बस्दै आउनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. महेशराज पन्त

पिता पं. नयराज पन्त तथा माता बुधकुमारीका सुपुत्र महेशराज पन्तको जन्म वि.सं. २००१ भदौ ४ गते, वटुटोल, काठमाडौँमा भएको हो । प्रारम्भिक शिक्षा आफ्नै पिता पं. नयराज पन्तद्वारा सञ्चालित गुरुकुलमा प्राप्त गर्नुभएका पन्तले जर्मनीबाट विद्यावारिधिको उपाधि हासिल गर्नुभएको छ। संशोधनमण्डलका माध्यमबाट संस्कृत भाषा र नेपाली इतिहासको खोज, अनुसन्धान एवं परिष्कारमा निरन्तर क्रियाशील डा. पन्तका *On Sanskrit Education (1979)*, *Inept Specimen ? (1984)*, *Jātarūpa's Commentary on the Amarakosha, 2 vols. (2000)*, *नयराज पन्तलाई चिनाउनका लागि (२०६५)*, *को हुन् त नयराज पन्त (२०७१)*, *जनैपूर्णिमादेखि रानीपोखरीसम्म (२०७४)* आदि करिब एक दर्जन पुस्तकाकार कृति तथा थुप्रै अनुसन्धानमूलक लेखहरू प्रकाशित भएका छन् । उहाँ पद्मश्री साधना पुरस्कार–२०७५ बाट सम्मानित हुनुभएको छ। हाल उहाँको बसोवास डल्लु, काठमाडौँमा रहेको छ ।

डा. माधवप्रसाद लामिछाने

पिता मनोरथ लामिछाने र माता नन्दकुमारी लामिछानेका सुपुत्रका रूपमा वि.सं. २०३० मंसिर ९ गते दुईपीपल-३, नुवाकोटमा जन्मनुभएका माधवप्रसाद लामिछानेले तन्त्रमा आचार्य र नेपाली साहित्यमा एम.ए. गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयबाट तन्त्र विषयमा विद्यावारिधिको उपाधि हासिल गर्नुभएका लामिछाने हाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा तन्त्र विषयको प्राध्यापनमा संलग्न हुनुहुन्छ । उहाँका *प्राथमिककालीन नेपाली भक्तिकाव्यको अध्ययन, तन्त्राह्निकम्, नेपाली समाजमा तन्त्रपरम्परा, कालिकाकुलपञ्चशतकम्, देवीद्व्यर्धशतिका, परातन्त्र, त्रिकशास्त्र रहस्य प्रक्रिया* आदि मौलिक, सम्पादित तथा अनूदित कृतिहरू प्रकाशित छन् । हाल उहाँ कागेश्वरी मनोहरा नगरपालिका-८, वीरभद्रमार्ग, गोठाटार, काठमाडौँमा बस्नुहुन्छ ।

प्रा.डा. मुकुन्दराज अर्याल

पिता एकराज अर्याल र माता होमकुमारी अर्यालका सुपुत्र मुकुन्दराज अर्याल वि.सं २००२ माघ २ गते काठमाडौँको गैह्रीधारामा जन्मनुभएको हो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट संस्कृति विषयमा एम.ए. र न्यूयोर्कबाट एन्थ्रोपोलोजीमा एम. ए. गर्नुभएको थियो । नेपालमा सौर्य सम्प्रदाय र सूर्य मूर्तिहरू विषयमा बनारस हिन्दू विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएका उहाँले लामो समय त्रिभुवन विश्वविद्यालयमा संस्कृति विषयको प्राध्यापन गर्नुभयो । उहाँका *नेपाल एन इन्ट्रोडक्सन, लुम्बिनी, शङ्खमूल : ए कल्चरल मोनोग्राफ, धर्मकोष सङ्ग्रह, पाटन संग्रहालय एक चिनारी* आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौलिक, सम्पादित र अनूदित कृतिहरू प्रकाशित भएका छन् । उहाँ महेन्द्र विद्याभूषण, राष्ट्रिय शिक्षा पुरस्कार, त्रि.वि. दीर्घ सेवा पदक, फाल्म डे एकेडेमिक्स (फ्रान्स सरकार)जस्ता पुरस्कार तथा विभूषणबाट सम्मानित हुनुहुन्थ्यो । उहाँ वि.सं. २०७७ मा दिवंगत हुनुभयो ।

मुकुन्दप्रसाद उपाध्याय ढुङ्गेल

पिता विष्णुप्रसाद उपाध्याय ढुंगेल र माता सावित्रीदेवी ढुंगेलका सुपुत्र मुकुन्दप्रसाद उपाध्याय ढुंगेल वि.सं. २०१८ मा धनुषाको जनकपुरमा जन्मनुभएको हो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट एम.ए. गर्नुभएको छ । काठमाडौँ विश्वविद्यालयमा प्रशासन प्रमुखका रूपमा कार्यरत उहाँका अध्यात्म र धर्म-संस्कृतिसँग सम्बद्ध केही निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् ।

प्रा. मोहनप्रसाद खनाल

पिता लोकनाथ उपाध्याय खनाल र माता कृपाकुमारी खनालका सुपुत्र मोहनप्रसाद खनाल वि.सं २००३ मंसिर ४ गते काठमाडौँको मूलपानीमा जन्मनुभएको हो । त्रिचन्द्र कलेजबाट स्नातकसम्मको अध्ययन गरी भारतको नयाँ दिल्लीस्थित स्कूल अफ आर्कोलोजिकल सर्भे अफ इन्डिया र कोलम्बिया विश्वविद्यालय अमेरिकाबाट पुरातत्त्व विषयमा उच्च शिक्षा हासिल गर्नुभएका खनालले बेलायत र इजिप्टबाट पुरातत्त्वसम्बन्धी एक वर्षे प्रशिक्षण पनि लिनुभएको छ । त्रिभुवन विश्वविद्यालयको एसियाली अनुसन्धान केन्द्रमा तीस वर्ष अनुसन्धान र लेखनमा बिताउनुभएका खनालका इतिहास, पुरातत्व र संस्कृति विषयका विभिन्न पुस्तकहरू र तीन सयभन्दा बढी अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् भने महाकाव्य, नवकाव्य कविता आदि पनि प्रकाशित छन् । हाल उहाँ ललितपुर सुनाकोठीमा बसोवास गर्दै आउनुभएको छ ।

युवराज तिमल्सिना

युवराज तिमल्सिना ज्यो.पं. केदारनाथ तिमल्सिना तथा माता चन्द्रकला तिमल्सिनाका सुपुत्रका रूपमा वि.सं. २०२८ कार्तिक ७ गते दोलखा जिल्लाको मालु-७ मा जन्मनुभएको हो । स्नातक तह उत्तीर्ण उहाँ हाल सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा कार्यरत हुनुहुन्छ । उहाँका *आनन्दलता, नजरदोष, आमा, केदारचन्द्र भक्तिसूत्र, तिमल्सिना वंशावली, गौ सेवा हि परमोधर्म, जातीय विभेद किन ?, गर्भ विज्ञान, सरल वास्तु, प्रातः स्तुति, केदारनाथ तिमल्सिना स्मृतिग्रन्थ* लगायत एघारवटा पुस्तकहरू प्रकाशित भएका छन् । उहाँ केदारचन्द्रकला स्मृति प्रतिष्ठानका अध्यक्ष, राष्ट्रिय ज्योतिष विज्ञान सेवा समितिका आजीवन सदस्य तथा श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका कार्यकारी सदस्य हुनुहुन्छ । हाल उहाँ बूढानीलकण्ठ नगरपालिका वडा नं. १०, कपन, मिलनचोकमा बसोवास गर्दै आउनुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रमेश उप्रेती

पिता दण्डपाणि उप्रेती र माता देवकुमारी उप्रेतीका सुपुत्र रमेश उप्रेतीको जन्म वि.सं. २०१९ भाद्र ४ गते दोलखा जिल्लाको नाम्दुमा भएको हो । रमेश उप्रेतीले एम.बि.ए. गर्नुभएको छ । पशुपति क्षेत्र विकास कोषमा लामो समय कार्य गर्नुभएका उप्रेतीका चारवटा उपन्यास प्रकाशित छन् । उहाँ धार्मिक, सामाजिक र शैक्षिक संस्थाहरूमा संलग्न हुनुहुन्छ । हाल उहाँ काठमाडौँ महानगरपालिका वडा नं. ७, कुमारीगालमा बसोवास गर्नुहुन्छ ।

रमेश दाहाल

पिता कृष्णप्रसाद दाहाल र माता टङ्ककुमारी दाहालका सुपुत्र रमेश दाहालको जन्म वि.सं. २०३२ असोज २८ गते विजया दशमीका दिन सिन्धुली जिल्लाको तीनपाटनमा भएको हो । रमेश दाहालले स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ । सानैदेखि कलाकारितामा रुचि भएका दाहालले दर्जनौँ रङ्गमञ्चमा अभिनयका साथै **गोधूलि**, **मैना**जस्ता प्रसिद्ध चलचित्र र **लौ मान्यो** ! टेलिचलचित्रमा समेत अभिनय गरिसक्नुभएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट भएको अभिनय प्रतियोगितामा सर्वोत्कृष्ट अभिनय गरेबापत पुरस्कृत हुनुभएका उहाँले दुई दर्जनभन्दा बढी नेपाली उपन्यास, कथासङ्ग्रह लगायत विभिन्न विधाका कृतिहरू सम्पादन गर्नुभएको छ । उहाँका दुई गजलसङ्ग्रह र अन्य फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । विपद्सम्बन्धी हजारभन्दा बढी चेतनामूलक सामग्री निर्माण गरी समाजमा चेतना अभिवृद्धि गर्नुभएका उहाँ प्रस्तुत ग्रन्थको आकृतिविन्यासक एवं ई.प्रेस प्रा.लि. का कार्यकारी निर्देशक, सिर्जना समाज नेपालको अध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को आजीवन सदस्य लगायत विभिन्न सङ्घ संस्थामा आबद्ध हुनुहुन्छ । हाल उहाँ शान्तिनगर, काठमाडौँमा बसोवास गर्नुहुन्छ ।

रवीन्द्रप्रसाद गिरी

पिता कर्णेल होमप्रसाद गिरी र माता दमनाकुमारी गिरीका सुपुत्र रवीन्द्रप्रसाद गिरीको जन्म वि.सं. २००८ कार्तिक २० गते पुरानो बानेश्वरमा भएको हो । स्नातकोत्तर गर्नुभएका रवीन्द्रप्रसाद गिरी करिब ३४ वर्ष अध्यापन पेसामा संलग्न रहनुभयो । पत्रकारिताको लामो अनुभव भएका गिरीका थुप्रै साहित्यिक रचनाहरू फुटकर रूपमा प्रकाशित भएका छन् । हाल उहाँ विभिन्न सामाजिक तथा धार्मिक संस्थाहरूमा आबद्ध रही समाजसेवीका रूपमा अवकाशप्राप्त जीवन व्यतीत गरिहनुभएको छ । नेपाल दशनामी समाजको संस्थापक सदस्यदेखि राष्ट्रिय अध्यक्षसम्मको पदीय जिम्मेवारी ग्रहण गर्नुभएका उहाँ उक्त संस्थाका प्रमुख सल्लाहकार समेत रहिसक्नुभएको छ । हाल उहाँ दमनाहोम गिरी स्मृति प्रतिष्ठानका अध्यक्ष तथा श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका आजीवन सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समेत हुनुहुन्छ। शिक्षा क्षेत्रमा थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएका उहाँ हाल प्रयागमार्ग, नयाँ बानेश्वरमा बसोवास गर्दै आउनुभएको छ।

ई.राजेन्द्रधर राजोपाध्याय

पिता विष्णुमोहनधर राजोपाध्याय र माता अनुराजा राजोपाध्यायका सुपुत्रका रूपमा वि.सं. २०१८ कार्तिक २६ गते पूर्णचण्डी महाद्यःननी ललितपुरमा जन्मनुभएका राजेन्द्रधर राजोपाध्यायले बि. ई. गर्नुभएको छ। पशुपतिक्षेत्र, अभिवादन आदि पत्रिकामा उहाँका लेखहरू प्रकाशित छन्। पशुपतिक्षेत्र विकास कोषमा इन्जिनियर पदा रही त्यस क्षेत्रमा पुरातात्त्विक स्मारकहरूको संरक्षणमा कार्य गर्नुभएका राजेन्द्र वैदिक प्रतिष्ठान, लायन्स क्लब अफ काठमाडौं, नेपाल थाइल्याण्ड फ्रेण्डसिप फोरम, काठमाडौं जेसीज आदि संस्थाहरूमा आबद्ध हुनुहुन्छ। वीरेन्द्र ऐश्वर्य पदकबाट विभूषित उहाँ ललितपुर महाद्यःननीमा स्थायी बसोवास गर्नुहुन्छ।

राजेन्द्रराज कठायत

पिता रामबहादुर कठायत तथा माता जानकी कठायतका सुपुत्रका रूपमा वि.सं. २०२० चैत ३० गते मकवानपुर जिल्लाको इपापञ्चकन्या–७ मा जन्मनुभएका राजेन्द्रराजले राष्ट्रगुरु योगी नरहरिनाथको सामिप्यमा रही धर्मसंस्कृति विषयहरूमा अनौपचारिक शिक्षा ग्रहण गर्नुभएको र स्वाध्याय गर्नुभएको छ। बृहदाध्यात्मिक परिषद्, सनातन धर्म सेवा समिति, बृहत् शान्तिधाम नेपाल, योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्, शिवशक्ति सेवा समाज, मठमन्दिर गाईबाच्छा तथा समाजविकास अभियान प्रमुख सल्लाहकार आदि संस्थाहरूमा आजीवन सदस्य रहनुभएका कठायत हाल श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका सचिव एवं आजीवन सदस्य हुनुहुन्छ।

प्रा. रामहरि दाहाल

पिता लीलानाथ दाहाल तथा माता बालकुमारी दाहालका सुपुत्रका रूपमा सुनौलाबजार, धादिङमा वि.सं. २०११ साउन २४ गते जन्मिनुभएका रामहरि दाहालले संस्कृत साहित्यमा आचार्य गरी लामो समय नेपाल संस्कृत विश्वविद्यालयमा संस्कृत साहित्यको प्राध्यापन गर्नुभयो। उहाँका *शान्तिको खोजी*, *नेवारपानी* र *सावित्री* नेपाली भाषामा लेखिएका खण्डकाव्य हुन् भने *अमरभारतीगौरवम्* र *गतो मदीयो ननु कुत्र देशः* संस्कृत भाषामा लेखिएका काव्य हुन्। महेन्द्र विद्याभूषण ख, सरदार सोमप्रसाद पदक र शिक्षा पुरस्कारबाट सम्मानित दाहालको हालको बसोवास कलङ्की, काठमाडौं रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेविका अमात्य श्रेष्ठ

पिता रत्नलाल अमात्य तथा माता सानुमैयाँ अमात्यकी सुपुत्री रेविका अमात्य श्रेष्ठको जन्म वि.सं. २०२० मा काठमाडौँमा भएको हो । आइएसम्मको औपचारिक शिक्षा लिनुभएकी श्रेष्ठ हाल श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको कार्यसमिति सदस्य हुनुहुन्छ ।

डा. स्वामी रामानन्द गिरि

पिता पूर्णप्रसाद सुवेदी र माता तिलाकुमारी सुवेदीको सुपुत्रका रूपमा रामप्रसाद सुवेदीको जन्म वि.सं. २००३ साल जेष्ठ १० गते धादिङ जिल्लाको केवलपुरमा भएको हो । स्वामी महेशानन्द गिरिजीबाट सन्न्यास दीक्षा प्राप्त गरेपछि स्वामी रामानन्द गिरिका नामले परिचित हुनुभई शाङ्कर वेदान्तमा आचार्य र "राजर्षि जनकका विदेह सिद्धान्तहरूको समीक्षात्मक अध्ययन" विषयमा विद्यावारिधि गर्नुभएको उहाँले महेश सन्न्यास आश्रम, अम्बेश्वर सन्न्यास आश्रम आदि संस्थाको स्थापना गर्नुभएको थियो । उहाँका *माण्डूक्यकारिका, रामगीता, वेदस्तुति, श्रीमद्भागवत महापुराण, देवीगीता, दुर्गासप्तशती* आदि ग्रन्थका अनुवाद र व्याख्या प्रकाशित छन् । उहाँ वि.सं. २०७४ असार २४ गते ब्रह्मलीन हुनुभयो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा

पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवकोटाका सुपुत्र लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते धोबीधारा, काठमाडौँमा भएको थियो । कानुनमा बी.ए.बी.एल. गर्नुभएका देवकोटा वि.सं. २०१४ मा शिक्षामन्त्री पनि हुनुभएको थियो । नेपाली साहित्यका महाकवि देवकोटाका *मुनामदन, कुञ्जिनी, शाकुन्तल, सुलोचना, पृथ्वीराज चौहान, प्रमिथस, लक्ष्मी कथासंग्रह, लक्ष्मी कवितासंग्रह, लक्ष्मी निबन्धसंग्रह, लक्ष्मी गीतिसंग्रह, चम्पा* आदि खण्डकाव्य, महाकाव्य, उपन्यास तथा अन्य साहित्यक रचनाहरू प्रकाशित भएका छन् । मरणोपरान्त त्रिभुवन प्रज्ञापुरस्कार र साझा पुरस्कार आदिबाट सम्मानित देवकोटा रोयल नेपाल एकेडेमीका संस्थापकमध्ये एक हुनुहुन्थ्यो । नौवटा भाषामा साहित्य सिर्जना गर्न सक्ने विशिष्ट प्रतिभाका धनी देवकोटाको सम्मानमा हुलाक टिकट प्रकाशित भएको छ ।

कविशिरोमणि लेखनाथ पौड्याल

वि.सं. १९४१ पुस महिनामा कास्की जिल्लाको अर्घौं अर्चले भन्ने स्थानमा पिता दुर्गादत्त पौड्याल र माता वसुन्धरादेवीका सुपुत्रका रूपमा जन्मनुभएका लेखनाथ पौड्यालका *ऋतुविचार* (खण्डकाव्य), *सत्यकलिसंवाद* (खण्डकाव्य), *स्मृति* (खण्डकाव्य), *तरुणतपसी* (नव्यकाव्य),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीपूजा (नाटक), *भर्तृहरिनिर्वेद* (नाटक), *लालित्य* (कवितासंग्रह, भाग १ र २) आदि साहित्यिक रचनाहरू प्रकाशित भएका छन्। वि.सं. २००८ मा श्री ५ त्रिभुवनबाट कविशिरोमणि उपाधिले विभूषित पौड्याललाई वि.सं. २०११ मा रथयात्रा गरी नागरिक स्तरमा भव्य सम्मान गरिएको थियो। वि.सं. २०२६ मा उहाँलाई मरणोपरान्त त्रिभुवन प्रज्ञापुरस्कार प्रदान गरिएको थियो।

विदुरप्रसाद पौडेल

पिता पराशर पौडेल र माता कुन्तादेवी पौडेलका सुपुत्रका रूपमा वि.सं २००६ असोज ६ गते खोटाङ्ग जिल्लाको सल्ले-४ मा जन्मनुभएका विदुरप्रसाद पौडेलले नव्य व्याकरणमा आचार्य गरी त्रिभुवन विश्वविद्यालय तथा तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयमा प्राध्यापन गर्नुभयो। उहाँ वि.सं. २०४८ मा राष्ट्रिय सभाको सदस्य हुनुभएको थियो। उहाँले अधिकारसम्पन्न वाग्मती ढलसुधार आयोजनाको अध्यक्ष एवं नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी ग्रहण गर्नुभएको थियो। तन्त्रविद् एवं साधक पौडेलका योग, तन्त्र र धर्म, दर्शनसम्बन्धी थुप्रै लेखहरू प्रकाशित छन्। वि.सं. २०७८ वैशाख १८ गते काठमाडौंमा उहाँको देहावसान भयो।

प्रा. विद्यानाथ उपाध्याय भट्ट

पिता वासुदेव उपाध्याय भट्ट र माता कर्मादेवी भट्टका सुपुत्र विद्यानाथ उपाध्याय भट्टको जन्म वि.सं १९९७ चैत्र २२ गते काठमाडौंको नरदेवीमा भएको हो। उहाँले नव्यन्यायमा आचार्य गर्नुभएको छ। तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयका प्रथम शिक्षाध्यक्ष रहनुभएका प्राध्यापक भट्टका *तन्त्रविद्यालोक, अक्षमालातन्त्र, श्रीमत्पशुपतितन्त्र, श्रीमद्भगवद्गीताभावचन्द्रिका* आदि पुस्तकहरू प्रकाशित भएका छन्। उहाँले सम्पादन गर्नुभएको नवमीसिंहलिखित तन्त्रचिन्तामणिको पूर्वार्द्ध तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयबाट प्रकाशित भएको छ। उहाँ नेपाल प्रज्ञा दर्शनशास्त्र पुरस्कार (२०७९) बाट सम्मानित हुनुहुन्छ। महेन्द्र विद्याभूषण ख, राष्ट्रिय शिक्षा समिति पुरस्कार आदि पुरस्कार प्राप्त गर्नुभएका भट्टको बसोवास नरदेवी, काठमाडौँमा रहेको छ।

डा. विष्णुप्रसाद शर्मा देवकोटा

वि.सं. २००८ जेष्ठ २८ गते गोरखाको लिगलिगकोटमा जन्मनुभएका विष्णुप्रसाद देवकोटाले नव्यव्याकरणमा आचार्य एवं विद्यावरिधि गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभएका देवकोटाका लेख, निबन्ध र व्याकरण विषयका पाठ्यसामग्रीहरू प्रकाशित छन्। उहाँले महेन्द्र विद्याभूषण क र ख प्राप्त गर्नुभएको छ। उहाँको हालको बसोवास काठमाडौँ महानगरपालिका वडा नं. १४, कलंकीमा रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. डा. वेणीमाधव ढकाल

पिता चूडामणि ढकाल र माता दिव्यलक्ष्मी ढकालका सुपुत्र वेणीमाधव ढकाल वि.सं. २००५ पुस महिनामा पाल्पा जिल्लाको ठिमुरे-५ मा जन्मनुभएको हो। उहाँले साहित्य र दर्शनमा आचार्य गरी तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयबाट विद्यावारिधिको उपाधिसमेत हासिल गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभएका प्राध्यापक ढकाल सो विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष पनि रहनुभयो। उहाँका *शैलेश, जय ज्योतिष्मती मुमा, अर्जुन, लिच्छवि कालका अभिलेखहरूको साहित्यिक अनुशीलन, रश्मिप्रभास* आदि मौलिक कृतिहरूका साथै *गणेशपुराण, निर्णयसिन्धु, हिमवतखण्ड* आदिका नेपाली टीका तथा अनुवाद प्रकाशित भएका छन्। उहाँले *हरिकेलिमहाकाव्यम्, कर्मकाण्डभास्कर, संस्कृत नेपाली शब्दकोश, चन्द्रसम्भवमहाकाव्यम्, काव्यदीपिका* आदि ग्रन्थको सम्पादन पनि गर्नुभएको छ। उहाँ राष्ट्रिय प्रतिभा पुरस्कार, पाणिनि पुरस्कार, जयतु संस्कृतम् पुरस्कार, शिवकला पुरस्कार, नेपाल विद्याभूषण आदि पुरस्कारबाट सम्मानित हुनुहुन्छ। हाल उहाँको बसोवास थानकोट, काठमाडौँमा रहेको छ।

शरत्कुमार भट्टराई

पिता धर्मदत्त भट्टराई र माता रन्धातादेवी भट्टराईका सुपुत्र शरत्कुमार भट्टराई वि.सं. १९९८ पौषमा रावा लामिडाँडा, खोटाङमा जन्मनुभएको हो। भट्टराईले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए. र कानुनमा बी.एल. गर्नुभएको छ। लामो समय निजामती सेवामा कार्य गरी सेवा निवृत्त भएपछि हाल उहाँ साहित्य तथा अध्यात्मसाधनामा संलग्न हुनुहुन्छ। उहाँका *ऋतुमन्थन, सिर्जनाका फूलहरू, वहादुर शाह, श्रद्धाञ्जलि, अमरसिंहको चिठी, क्रान्तिदूत* आदि साहित्यिक रचनाका साथै वेदान्त दर्शनसम्बन्धी कृतिहरू प्रकाशित छन्। राजर्षि जनक स्मृति कोषका संस्थापक अध्यक्ष रहनुभएका भट्टराईले राष्ट्रिय कविता महोत्सवमा प्रथम पुरस्कार प्राप्त गर्नुका साथै गोरखा दक्षिणबाहु चौथो, त्रिशक्तिपट्ट तेस्रो आदि पदक प्राप्त गर्नुभएको छ। हाल उहाँ विजयचोक, बत्तीसपुतली, काठमाडौँमा बस्नुहुन्छ।

प्रा. शिवगोपाल रिसाल

पिता विश्वनाथ रिसाल र माता जनककुमारी रिसालका सुपुत्र प्रा. शिवगोपाल रिसालको जन्म वि.सं १९९४ वैशाख २ गते ललितपुर जिल्लाको भैँसेपाटीमा भएको हो। उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम. ए. गरी लामो समय त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुभयो। *म को हुँ, दुर्गापूजा र बलिको रहस्य, श्रीराम नाम, श्रीखप्तडबाबा, अभेद दर्शन, ब्रह्मजिज्ञासा, श्रीपशुपतिनाथको सेरोफेरो, श्रीमस्तरामबाबा, अखण्ड आनन्द* आदि पुस्तकहरू प्रकाशित छन्। उहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणराज पुरस्कार, उदयानन्द पुरस्कार, भारती खरेल व्याख्यान पुरस्कार आदि पुरस्कारद्वारा सम्मानित हुनुहुन्छ। हाल उहाँ जावलाखेल, ललितपुरमा बस्नुहुन्छ।

प्रा. श्रीकृष्ण अधिकारी

पिता श्रीदुर्गा अधिकारी र माता श्रीमती भीमकुमारी अधिकारीका सुपुत्र श्रीकृष्ण अधिकारी वि.सं. २००५ भाद्र ५ गते काठमाडौँमा जन्मनुभएको हो। उहाँले सिद्धान्त ज्योतिषमा आचार्य गरी लामो समय प्रध्यापन पेशामा बिताउनुभयो। उहाँका केही ज्यौतिषका पाठ्यपुस्तक र फुटकर लेखहरू प्रकाशित छन्। हाल उहाँको बसोवास काठमाडौँ महानगरपालिका वडा नं. ७ सिफलमा रहेको छ।

श्रीधर गौतम

माता महकुमारी गौतम र पिता गोविन्दप्रसाद गौतमका सुपुत्र श्रीधर गौतम वि.सं. २००० साउन ३१ गते स्युचाटार–३, पुल्डोल, काठमाडौँमा जन्मनुभएको हो। त्रिभुवन विश्वविद्यालयबाट बि. ए. तथा बि.एल. गर्नुभएका गौतमले लामो समय निजामती सेवामा बिताउनुभयो। चेतना पुस्तकालयका सचिव, श्रीकृष्ण मन्दिर सम्पत्ति संरक्षण समितिका अध्यक्ष, श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका कोषाध्यक्ष रहनुभएका गौतम साहित्यसिर्जनामा समेत रुचि राख्नुहुन्छ। अभिज्ञा (खण्डकाव्य), पर्खेको समय (कवितासङ्ग्रह), श्रीधरका कविता संग्रह, श्रीधरका निबन्ध संग्रह उहाँका प्रकाशित साहित्यिक कृतिहरू हुन्। हाल उहाँको बसोवास काठमाडौँ महानगरपालिका, वडा नं. ८, कुमारीगालमा रहेको छ।

श्रीमान श्रेष्ठ

वि.सं. २००२ भाद्र २ गते डोटी जिल्लाको सिलगढी दिपायलमा जन्मनुभएका श्रीमान श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए. तथा बि.एल गर्नुभएको छ। वि.सं. २०२७ मा शाखा अधिकृत तहबाट निजामती सेवामा प्रवेश गर्नुभएका श्रेष्ठले सरकारी सेवाको अवधिमा प्रमुख जिल्ला अधिकारी, का.मु. सहअञ्चलाधीश, विभिन्न मन्त्रालयको विशेष सचिव एवं सचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो। संयुक्त राज्य अमेरिका, जापान तथा दक्षिण कोरियाबाट विकास प्रशासन, फौजदारी न्यायपद्धति र सहरी आवास तथा मानवीय बसोवाससम्बन्धी तालिम हासिल गर्नुभएका श्रेष्ठको भूमि र सहरीकरण नामक कृति प्रकाशमा आएको छ। उहाँ त्रिशक्तिपट्ट तेस्रो र गोरखा दक्षिणबाहु तेस्रोबाट विभूषित हुनुभएको छ। हाल उहाँ बानेश्वर, काठमाडौँ–३१ मा बसोवास गर्दै आउनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. सन्ध्या खनाल

वि. सं. २०३१ असोज ५ गते मैतीदेवी, काठमाडौँमा जन्मनुभएकी सन्ध्या खनालले त्रिभुवन विश्वविद्यालयबाट नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा एम.ए. गरी सोही विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएको छ। नेपाल शिक्षा भूषण 'क' तथा महेन्द्र विद्याभूषण 'ख' बाट सम्मानित खनाल हाल त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागमा प्राध्यापनरत हुनुहुन्छ। उहाँको पुस्तकाकार कृतिको रूपमा **प्रतिमा लक्षण** प्रकाशित भएको छ भने संस्कृतिसँग सम्बद्ध थुप्रै अनुसन्धानमूलक लेखहरू प्रकाशित भएका छन्। त्यसका साथै उहाँले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा पशुपति क्षेत्र विकास कोषअन्तर्गत रही शोधकार्यहरू पनि गर्नुभएको छ।

डा. साफल्य अमात्य

पिता आनन्द अमात्य र माता हरिप्रिया अमात्यका सुपुत्र साफल्य अमात्य वि.सं १९९९ पुसमा ओमवहाल, काठमाडौँमा जन्मनुभएको हो। उहाँले त्रिभुवन विश्वविद्यालयबाट इतिहास, संस्कृति र पुरातत्त्वमा एम.ए. तथा विद्यावारिधि गर्नुभएको छ। उहाँले पुरातत्व विभागको महानिर्देशकको जिम्मेवारी पनि सम्हाल्नुभएको थियो। उहाँका *आँसु र मुस्कान, नेपालका ऐतिहासिक महापुरुषहरू, नेपालमा पुरातत्त्व, संस्कृति र संरक्षण, आकाशभैरवनाथ, पानी र संस्कृति, राना रुल इन नेपाल : द लास्ट फेज* आदि पुस्तकहरू प्रकाशित छन्। उहाँले महेन्द्र विद्याभूषण, गोरखा दक्षिणबाहु तेस्रो, राष्ट्रिय प्रतिभा पुरस्कार आदि पुरस्कार प्राप्त गर्नुभएको छ। उहाँको निधन २०७८ साल वैशाखमा भएको हो।

सुन्दरप्रसाद शाह

पिता राजेन्द्रप्रसाद शाह र माता पिताम्बरेश्वरीदेवीका सुपुत्र सुन्दरप्रसाद शाहको जन्म वि.सं १९८८ भदौ २० गते ज्ञानेश्वर काठमाडौँमा भएको हो। उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए. गर्नुभएको थियो। उहाँले लामो समय निजामती सेवामा बिताउनुभयो। उहाँ पशुपति क्षेत्र विकास कोषको सञ्चालक परिषद्को सदस्यका साथै श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको विद्वत्परिषद्का सदस्यसमेत हुनुहुन्थ्यो। साहित्य लेखन र तन्त्र साध नामा विशेष रुचि भएका शाहका *कविताकामना* (कवितासङ्ग्रह), *झागल गुरुङ* (नाटक), *अन्धविश्वास* (नाटक), *कालो बादल* (कहानीसंग्रह), *प्रतिवाद* (उपन्यास), *त्रिफट्ट* (उपन्यास), *बहादुर शाह* (उपन्यास), *मैतीदेवीस्तोत्र* (स्तोत्र) आदि कृतिहरू प्रकाशित छन्। उहाँ सुप्रसिद्ध गोरखा दक्षिणबाहु प्रथम, उज्ज्वल सुप्रख्यात त्रिशक्तिपट्ट प्रथम, नेपाल श्रीपद द्वितीय, रुद्रराज पुरस्कार, रत्नश्री पदक, वेदनिधि पुरस्कार, राष्ट्रिय गौरव सम्मान आदि पुरस्कार तथा विभूषणद्वारा सम्मानित हुनुहुन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ई. सोमनाथ पौडेल

वि.सं. २००० फागुन २५ गते हालको दक्षिणकाली नगरपालिका वडा नं ५ मा जन्मनुभएका सोमनाथ पौडेलले रसियाबाट जलस्रोतमा एम.ई. तथा त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए. गर्नुभएको छ। उहाँले लामो समय जलविद्युत् तथा सिंचाइ आयोजनाहरूमा आयोजना प्रमुखका रूपमा कार्य गर्नुभयो। जल तथा ऊर्जा आयोगका कार्यकारी निर्देशक, सोही आयोगका सचिव, मध्यमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका निर्देशक, सिँचाइ विभागका उपमहानिर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष आदि पदमा कार्य गर्नुभएका पौडेल नेपाल इन्जिनियरिङ संस्थाका आजीवन सदस्य तथा नेपाल इन्जिनियरिङ परिषद्का सदस्य हुनुहुन्छ। श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका आजीवन सदस्य पौडेलले तीन पटकसम्म यस संस्थाको उपाध्यक्षका रूपमा जिम्मेवारी सम्हाल्नुभएको छ भने हाल उहाँ यस संस्थाको कार्यसमितिका सदस्य हुनुहुन्छ। उहाँका Irigation Development in Nepal, नेपालमा सिँचाइको विकास आदि पुस्तक तथा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जर्नलहरूमा जलस्रोत, जलविद्युत्, सिँचाइ तथा जलविज्ञानसम्बन्धी थुप्रै लेखहरू प्रकाशित छन्।

हरिराम जोशी

पिता भारथराम जोशी र माता हेमकुमारी जोशीका सुपुत्र हरिराम जोशीको जन्म वि.सं. १९९२ चैत्र २८ गते ललितपुरको टेङ्गलटोलमा भएको हो। उहाँले संस्कृति विषयमा एम.ए. गर्नुभएको छ। वि.सं. २०२३ सालमा सरकारी सेवामा प्रवेश गरी जोशीले लामो समय सरकारी सेवामा बिताउनुभयो। उहाँका *प्राचीन नेपाल, नेपाली संस्कृति, नेपालको प्राचीन अभिलेख, उत्तरप्राचीन कालीन मुद्रा, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको व्यक्तित्व, हिन्दू देवीदेवता, नेपालका चाडपर्व, पञ्चपल्लव* आदि पुस्तकहरू प्रकाशित छन्। उहाँले मदन पुरस्कार, गुणराज पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, कुमारी स्वर्णपदक प्राप्त गर्नुका साथै गणेशमानसिंह अध्ययन प्रतिष्ठान, महालक्ष्मी गुठी परिवार, जोशी समाज, योगी नरहरिनाथ ट्रस्ट आदि संस्थाहरूबाट सम्मानपत्र पनि प्राप्त गर्नुभएको छ। कुमारी प्रकाशनबाट वि.सं. २०६२ मा संस्कृति शिरोमणि उपाधिबाट सम्मानित जोशीको बसोवास मानभवन, ललितपुरमा रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची- १०

श्रद्धावनत आर्थिक सहयोगीहरू

- पिता कालिकाप्रसाद श्रेष्ठ एवं माता इन्द्रकुमारी श्रेष्ठको स्मृतिमा लक्ष्मीकिशोर श्रेष्ठ तथा सावित्री श्रेष्ठ ।
- ई. डावित आचार्य तथा ई. श्रीमती प्रतिभा आचार्य ।
- ई. प्रणव चापागाईं तथा श्रीमती डा. श्वेता चापागाईं ।
- पिता डिल्लीप्रसाद चापागाईं एवं माता सावित्रीदेवी चापागाईंको स्मृतिमा देवीप्रसाद चापागाईं तथा श्रीमती सुशीलादेवी चापागाईं ।
- पिता पं. भोलानाथ पौडेल र माता लीलादेवी पौडेलको स्मृतिमा डा. नयनाथ पौडेल तथा श्रीमती प्रमिला पौडेल ।
- ज्ञानु अधिकारी
- पिता यज्ञमान श्रेष्ठ तथा माता जानकीदेवी श्रेष्ठको स्मृतिमा श्रीमान श्रेष्ठ तथा श्रीमती राधा श्रेष्ठ ।
- रामशरण अर्याल तथा डा. श्रीमती बिनुबाबा अर्याल ।
- ई. भवानीभक्त जोशी तथा श्रीमती रीता जोशी ।
- पति हरेराम पुडासैनीको स्मृतिमा श्रीमती इन्दिरा पुडासैनी ।
- पिता महेश्वरबहादुर टण्डन तथा माता मेघकुमारी टण्डनको स्मृतिमा डा. श्रीगोविन्द टण्डन एवं श्रीमती रसना टण्डन ।
- कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीका तर्फबाट श्रीकिरण थापा तथा श्रीमती सुवर्णलता थापा ।
- ई. सोमनाथ पौडेल तथा श्रीमती कमला पौडेल ।
- योगेन्द्रमान श्रेष्ठ तथा श्रीमती गीता श्रेष्ठ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची

- पिता विष्णुराज सिवाकोटी र माता विष्णुमाया सिवाकोटीको स्मृतिमा रमेश सिवाकोटी तथा श्रीमती सन्ध्या सिवाकोटी।
- सेन्चुरी बैंक लिमिटेड।
- पिता खडानाथ लामिछाने, माता तोयकुमारी लामिछाने तथा पत्नी जानुका लामिछानेको स्मृतिमा नवराज लामिछाने।
- दिलसुन्दर श्रेष्ठ तथा श्रीमती दुर्गालक्ष्मी श्रेष्ठ।
- पति मोहनप्रसाद दङ्गालको स्मृतिमा श्रीमती महनमाई दङ्गाल।
- पिता पं. चन्द्रप्रसाद ढुङ्गाना तथा माता डम्बरकुमारी ढुङ्गाना एवं पत्नी करुणा ढुङ्गानाको स्मृतिमा प्रेमहरि ढुङ्गाना।
- पिता हीरालाल पराजुली तथा माता टिकादेवी पराजुलीको स्मृतिमा गौरीशङ्कर पराजुली तथा श्रीमती मैंयादेवी पराजुली।
- पिता लक्ष्मीप्रसाद गजुरेल र माता वृन्दावती गजुरेलको स्मृतिमा सनातन गजुरेल तथा श्रीमती प्रमिला गजुरेल।
- सुबोध ताम्राकार तथा श्रीमती सविना ताम्राकार।
- पति हरिबहादुर थापा क्षेत्रीको स्मृतिमा श्रीमती किरणज्योति थापा क्षेत्री।
- पिता सूर्यदेवप्रसाद श्रीवास्तव तथा माता बालकेशरीदेवी श्रीवास्तव तथा पत्नी सानुमैयाँ श्रीवास्तवको स्मृतिमा अशोककुमार श्रीवास्तव।
- अमृतनाथ रेग्मी तथा श्रीमती मिठु रेग्मी।
- गणेश चापागाईं तथा श्रीमती सरस्वती चापागाईं।
- बोधप्रकाश शर्मा पौडेल तथा श्रीमती शाम्भवी शर्मा पौडेल।
- जनक रिजाल तथा श्रीमती इन्दिरा रिजाल।
- ई. रत्नेश्वरलाल कायस्थ तथा श्रीमती सविता कायस्थ।
- पिता भोलानाथ अधिकारी तथा माता मानकुमारी अधिकारीको स्मृतिमा ई. मुरारी अधिकारी तथा श्रीमती शैलजा अधिकारी।
- त्रैलोक्यमान श्रेष्ठ तथा श्रीमती उर्मिला श्रेष्ठ।
- सुरेन्द्रमान श्रेष्ठ तथा श्रीमती अनुषा श्रेष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- शम्भुकुमार श्रेष्ठ तथा श्रीमती शोभा श्रेष्ठ ।
- प्रमोदकुमार अधिकारी तथा श्रीमती सावित्री अधिकारी ।
- प्रा.डा. अकलबहादुर सिंह तथा श्रीमती अनुजा सिंह ।
- भुवनेश्वर राजभण्डारी तथा श्रीमती कान्ति राजभण्डारी ।
- शिवकुमार श्रेष्ठ तथा श्रीमती शान्तिदेवी श्रेष्ठ ।
- डेगेन्द्र आचार्य तथा श्रीमती इन्दु आचार्य ।
- धर्मनाथ गजुरेल तथा श्रीमती चन्द्रलक्ष्मी गजुरेल ।
- मदन तण्डुकार तथा श्रीमती सविना तण्डुकार ।
- ई. सञ्जय मिश्र तथा श्रीमती नीरजा मिश्र ।
- नरेश गौतम तथा श्रीमती सरिताकुमारी गौतम ।
- पति पं. लोकनाथ आचार्यको स्मृतिमा श्रीमती दुर्गादेवी आचार्य ।
- प्रभुप्रसाद पराजुली तथा श्रीमती हिमा पराजुली ।
- दीर्घराज मैनाली तथा श्रीमती कविता मैनाली ।
- गोपालप्रसाद ढकाल तथा श्रीमती सुशीला ढकाल ।
- सोमनाथ कट्टेल तथा श्रीमती विमला कट्टेल ।
- भरत मरासिनी तथा श्रीमती शान्ता नेपाल मरासिनी ।
- नगेन्द्रप्रसाद रिजाल आशालता रिजाल प्रतिष्ठान ।
- पिता श्रीप्रसाद सिटौला तथा माता सुभद्रादेवी सिटौलाको स्मृतिमा भोलाप्रसाद सिटौला तथा श्रीमती सुनीता सिटौला ।
- पिता ज्यो. पं. केदारनाथ तिमल्सिना तथा माता चन्द्रकला तिमल्सिनाको स्मृतिमा श्रीयुवराज तिमल्सिना तथा श्रीमती हेमा तिमल्सिना ।
- अधिवक्ता मदनकुमार डंगोल तथा श्रीमती शर्मिष्ठा डंगोल ।
- पिता रामबहादुर कठायत र माता जानकी कठायतको स्मृतिमा राजेन्द्रराज कठायत तथा श्रीमती वीणा कठायत ।
- पति डा. टंकबहादुर बुढाथोकीको स्मृतिमा श्रीमती दुर्गादेवी बुढाथोकी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमोदराम मिश्र तथा श्रीमती सरस्वती चौधरी 'मिश्र'।

- सीताराम रिसाल तथा श्रीमती सावित्री रिसाल।
- श्रीपशुपतिनाथ सेवा संघ एवं भण्डारी समाजका अध्यक्ष केदारमान भण्डारी तथा श्रीमती ज्ञानु भण्डारी।
- जनार्दन शर्मा अधिकारी तथा श्रीमती मनिका काफ्ले अधिकारी।
- पिता देवीप्रसाद कठेत माता देवीमाया कठेतको स्मृतिमा बखतबहादुर कठेत तथा श्रीमती सुनीता कठेत।
- पति ओमविक्रम शाहको स्मृतिमा श्रीमती चिनु शाह।
- पति दुर्गाप्रसाद आचार्यको स्मृतिमा श्रीमती दुर्गाकुमारी आचार्य।
- माता चण्डेश्वरी श्रेष्ठको स्मृतिमा छोरी अञ्जना श्रेष्ठ।
- पिता योगेन्द्रप्रसाद श्रीवास्तव तथा माता चिन्तामणि श्रीवास्तवको स्मृतिमा डा. विश्वप्रकाश श्रीवास्तव तथा डा. श्रीमती उमा श्रीवास्तव।
- पिता तेजध्वज थापा तथा माता कान्छी थापाको स्मृतिमा छोरी श्रीमती विणा कठायत तथा राजेन्द्रराज कठायत।
- पति टीकादत्त शर्माको स्मृतिमा श्रीमती भगवती शर्माको तर्फबाट प्रभाकर शर्मा तथा श्रीमती इता शर्मा।
- पिता रत्नप्रसाद श्रेष्ठ तथा माता रत्नदेवीको स्मृतिमा रमेश श्रेष्ठ तथा श्रीमती रेविका श्रेष्ठ।
- पिता कमलप्रसाद आचार्य एवं माता मनमाया आचार्यको स्मृतिमा राधाप्रसाद आचार्य तथा श्रीमती दुर्गा आचार्य।
- पिता बद्रीप्रसाद कोइराला एवं माता धात्रीदेवी कोइरालाको स्मृतिमा डा. राधाकृष्ण कोइराला तथा श्रीमती मीरा कोइराला।
- भक्त भण्डारी तथा श्रीमती मञ्जु नेपाल भण्डारी।
- देवेन्द्र रिजाल तथा श्रीमती ममता रिजाल।
- माता दमनाकुमारी गिरी तथा पिता कर्णेल होमप्रसाद गिरीको स्मृतिमा दमनाहोम गिरी स्मृति प्रतिष्ठानको तर्फबाट रवीन्द्रप्रसाद गिरी तथा विद्या गिरी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- पिता दिपबहादुर सुवेदी तथा माता कुलकुमारी सुवेदीको स्मृतिमा छोरा रामकुमार सुवेदी तथा बुहारी श्रीमती माधवी सुवेदी ।
- एभर ग्रो चार्टर एकाउण्टेन्ट एण्ड कन्सल्टेन्सी ।
- पिता रुद्रानन्द झा र माता जानकीदेवी झाको स्मृतिमा भक्तराम झा र श्रीमती इन्दिरा झा ।
- हीराबहादुर महर्जन र श्रीमती ज्ञानी महर्जन ।
- पति मथुरालाल झाको स्मृतिमा श्रीमती निर्मलादेवी झा ।
- पति श्यामसुन्दर हाडाको स्मृतिमा श्रीमती नानु हाडा ।
- पिता रत्नबहादुर मानन्धर तथा माता सुर्जकुमारी मानन्धरको स्मृतिमा सिद्धार्थ मानन्धर र श्रीमती रमिता मानन्धर ।
- पिता चन्द्रमान डङ्गोल तथा माता गङ्गादेवी डङ्गोलको स्मृतिमा सम्पूर्णसिंह डङ्गोल तथा श्रीमती रोहिणी मुल्मी डङ्गोल ।
- भोलाप्रसाद ढकाल तथा श्रीमती रमादेवी ढकाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची– ११

भगवत्प्रपन्न सहयोगीहरू

नाम	कार्य तथा भूमिका
• श्रीमती अनुजा सिंह	परोक्ष सहायोगी
• श्रीमती कमला पौडेल	परोक्ष सहयोगी
• गणेशप्रसाद चापागाईं	स्वयंसेवक
• जनार्दन रेग्मी	कार्यालय सहायक
• जयन कर्माचार्य (गुह्येश्वरीका पुजारी)	विविध जानकारी
• दिवाकर आचार्य (श्रीको पूजामा संलग्न ब्राह्मण प्रमुख)	विविध जानकारी
• नन्दन भट्टराई	सम्पादन कार्य
• श्रीमती प्रमिला पौडेल	परोक्ष सहयोगी
• पुरुषोत्तम खतिवडा	मानचित्र निर्माण तथा फोटो सहयोग
• श्रीमती भगवती लामिछाने	परोक्ष सहयोगी
• भुवनेश्वर पौडेल	टङ्कण सहयोगी
• मदन भट्ट (श्रीको आगमघरका पुजारी)	विविध जानकारी
• महेश भट्ट (श्रीको आगमघरका पुजारी)	फोटो सहयोग
• रघुनाथ अधिकारी	विविध जानकारी
• रविनाथ आचार्य	फोटो सहयोग
• राजुकुमार कठायत	कम्प्युटर डिजाइन सहयोग
• राजुकुमार खत्री	फोटो सहयोग
• राजेश कर्माचार्य (गुह्येश्वरीका पुजारी)	विविध जानकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

● श्रीमती राधा श्रेष्ठ	परोक्ष सहयोगी
● रामशरण अर्याल	परोक्ष सहयोगी
● श्रीमती रिका श्रेष्ठ	मानचित्र निर्माण
● श्रीमती लक्ष्मी गिरी	परोक्ष सहयोगी
● वरुण खतिवडा	फोटो सहयोग
● श्रीमती विद्या गिरी	परोक्ष सहयोगी
● विजेन्द्रराज कठायत	चित्रावली डिजाइन सहयोग
● श्रीमती वीणा कठायत	परोक्ष सहयोगी
● श्रीमती शर्मिष्ठा डङ्गोल	परोक्ष सहयोगी
● श्रीराम झा	साधनश्रोत सहयोगी
● सञ्जय कर्माचार्य (गुह्येश्वरीका पुजारी)	विविध जानकारी
● सन्तोष लम्साल	फोटोकपी प्रिन्ट सहयोग
● श्रीमती सावित्री गौतम	परोक्ष सहयोगी
● श्रीमती सावित्री रेग्मी	परोक्ष सहयोगी
● श्रीमती सुशीला चापागाईं	परोक्ष सहयोगी
● हरिहरमान राजभण्डारी	फोटो सहयोग
● श्रीमती हेमा तिमल्सिना	परोक्ष सहयोगी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची- १२

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको

सङ्क्षिप्त परिचय

पृष्ठभूमि

भगवान् श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव तथा समस्त हिन्दूहरूका परम आराध्यदेवका रूपमा पूजित हुनुहुन्छ र भगवान् पशुपतिनाथको प्राकट्यभूमि यो पशुपतिक्षेत्र विश्वका समस्त हिन्दूधर्मावलम्बीहरूका लागि पावन तीर्थका रूपमा रहिआएको छ। समस्त हिन्दूधर्मावलम्बीहरूले श्रद्धा र भक्तिको केन्द्रका रूपमा मानिआएको यो क्षेत्र नेपालको मात्र नभई विश्वकै ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक सम्पदा पनि हो। भगवान् श्रीपशुपतिनाथ भारतवर्षका प्रख्यात चार धाम जगन्नाथ, रामेश्वर, द्वारकाधीश र बद्रीकेदारको समष्टिरूप एवं केदारनाथको शिरोभाग हुनुहुन्छ। त्यसैले श्रीपशुपतिनाथको माहात्म्य नेपालमा मात्र नभई भारतलगायत विश्वभरिका हिन्दूहरूमा फैलिएको छ। समस्त हिन्दूहरूका परम पूज्य भगवान् श्रीपशुपतिनाथको पूजाअर्चना विशिष्ट विधिविधानपूर्वक आधिकारिक पूजकद्वारा सदियौँदेखि अनवरत रूपमा हुँदै आएकोमा वि.सं. २०६५ पौष महिनामा तात्कालिक सरकारको संलग्नता र ठाडो हस्तक्षेपमा श्रीपशुपतिनाथको नित्य पूजा सात दिनसम्म रोक्ने काम भयो। त्यसैगरी भगवान् श्रीवासुकिको पूजा वि.सं. २०६६ जेठमा सत्र दिनसम्म रोकियो। यी घटनाहरूले धर्मप्राण समस्त नेपालीहरूका साथै विश्वभरका हिन्दूहरूको धार्मिक आस्थामा गम्भीर चोट पुऱ्यायो। त्यसैले भविष्यमा यस्ता घटना दोहोरिन नदिन सम्बद्ध सबैलाई सचेत बनाउने र पशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाएर देशभरि नै सनातन हिन्दू धर्म, संस्कृति, परम्परा र समाजमा प्रचलित रीतिरिवाज समेतको संरक्षण, संवर्द्धन र सञ्चालन गर्न र विशेषतः भगवान् श्रीपशुपतिनाथको नित्यपूजा एवं नैमित्तिक पर्वपूजाहरू विधिपूर्वक सञ्चालन गर्न संस्थागत रूपमा अन्य निकायलाई सहयोग पुऱ्याउने मूल उद्देश्यका साथ न्याय, प्रशासन, सञ्चार, प्राध्यापन, उद्योगव्यवसाय आदि विभिन्न क्षेत्रमा क्रियाशील भगवान् श्रीपशुपतिनाथका भक्तहरूको सक्रियता र संलग्नतामा वि.सं. २०६६ श्रावण महिनामा श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको स्थापना भएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाको वैधानिक स्वरूप

यो प्रतिष्ठान संस्था दर्ता ऐन, २०३४ बमोजिम २०६६ साउन महिनामा दर्ता भएको एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी स्वतन्त्र धार्मिक तथा सामाजिक संस्था हो ।

संस्थाका उद्देश्यहरू

१. भगवान् श्रीपशुपतिनाथको नित्य, नैमित्तिक एवं काम्य पूजाअर्चना आगम, निगम र परम्पराअनुसार अविच्छिन्न रूपमा विधिपूर्वक आवश्यक शुद्ध सामग्रीसहित गर्ने व्यवस्था गर्न गराउन सम्बद्ध व्यक्ति, संस्था र निकायलाई सहयोग गर्ने, गराउने।

२. श्रीपशुपतिनाथको जग्गा, मन्दिर, भवन र अन्य नगद, जिन्सी तथा सम्पत्तिको संरक्षण र सुव्यवस्था गर्न गराउन र श्रीपशुपतिनाथको अधीनस्थ गुठी व्यवस्थाको सुदृढीकरण समेतका लागि सम्बद्ध व्यक्ति, संस्था र निकायलाई सहयोग गर्ने, गराउने।

३. नेपाल राज्यमा रहेका मन्दिरहरूमा प्रतिष्ठापित देवीदेवताहरूको परम्परागत पूजाआजालाई अक्षुण्ण राख्न र ती मन्दिरहरूको अधीनस्थ सम्पत्तिको संरक्षण गर्न गराउन सम्बद्ध व्यक्ति, संस्था र निकायलाई सहयोग गर्ने, गराउने ।

४. श्रीपशुपतिक्षेत्रका सम्पूर्ण देवीदेवता र तिनका गणहरूको नित्य, नैमित्तिक पूजा गर्न गराउन र यस क्षेत्रलगायत नेपाल राष्ट्रभरका मठ, मन्दिर, घाट, वन, डबली, धारा, पाटी, सम्पदा र सम्पत्ति आदिको संरक्षण र सम्भार गर्न गराउन सम्बद्ध व्यक्ति संस्था र निकायलाई सहयोग गर्ने, गराउने ।

५. श्रीपशुपतिनाथ, श्रीगुह्येश्वरी र यस क्षेत्रका अन्य सबै मन्दिरहरूको पूजाआजासँग सम्बन्ध राख्ने सबै जाति, सम्प्रदाय, समूहहरूलाई आ-आफ्नो परम्परा रीतिरिवाजलाई अक्षुण्ण राख्ने व्यवस्था गर्न सम्बद्ध व्यक्ति, संस्था र निकायलाई सहयोग गर्ने, गराउने।

६. श्री पशुपतिक्षेत्रमा चल्ने वाग्वतीजात्रा, वत्सलेश्वरीजात्रासमेतका अन्य जात्राहरू विधिपूर्वक सञ्चालन गर्न गराउन सम्बद्ध व्यक्ति, संस्था र निकायलाई सहयोग गर्ने, गराउने ।

७. श्रीपशुपतिनाथलाई केन्द्रबिन्दु बनाई राष्ट्रभरका तीर्थहरूमा विधिवत् पूजाअर्चना गर्न, त्यसको संरक्षण र संवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने, गराउने।

८. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक अभिलेख र ग्रन्थहरूसमेत सङ्कलन गरी पुस्तकालय सञ्चालन गर्ने, गराउने ।

९. संस्थाको उद्देश्य प्राप्तिका लागि धार्मिक पुस्तक, पत्रिका प्रकाशन गर्ने, गराउने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थागत संरचना

१. संरक्षक मण्डल
२. विद्वत्परिषद्
३. साधारणसभा
४. कार्यसमिति
५. सल्लाहकार समिति
६. उपसमितिहरू

वर्तमान संरक्षक मण्डल

१. जगत्गुरु शङ्कराचार्य, गोवर्द्धनमठ, पुरी, ओडिसा।
२.जगत्गुरु शङ्कराचार्य, श्रीङ्गेरीमठ, श्रीङ्गेरी, कर्नाटक।
३. जगत्गुरु शङ्कराचार्य, शारदामठ, द्वारका, गुजरात।
४. जगत्गुरु शङ्कराचार्य, ज्योतिषमठ, उत्तराखण्ड।

संस्थापक कार्यसमिति

अध्यक्ष : प्रा. देवीप्रसाद चापागाईं, पूर्व कार्यकारी सभापति, पशुपति क्षेत्र विकास कोष।
उपाध्यक्ष : श्रीहरि अर्याल, वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत।
महासचिव : शिवशरण राजभण्डारी, पूर्व सदस्यसचिव, पशुपति क्षेत्र विकास कोष।
सचिव : मदनकुमार डङ्गोल, अधिवक्ता, सर्वोच्च अदालत।
कोषाध्यक्ष : दिनेशकुमार अग्रवाल, उद्योगपति एवं व्यवसायी।
सदस्य : भोलानाथ झा, पूर्वमन्त्री।
सदस्य : विष्णुबहादुर के.सी., पूर्व महालेखापरीक्षक।
सदस्य : प्रा. विद्यानाथ उपाध्याय भट्ट, पूर्व शिक्षाध्यक्ष, नेपाल संस्कृत विश्वविद्यालय।
सदस्य : शरत्कुमार भट्टराई, पूर्व सचिव, नेपाल सरकार।
सदस्य : दुर्गानाथ शर्मा, पूर्व महाप्रबन्धक, नेपाल टेलिभिजन।
सदस्य : योगेश्वरलाल श्रेष्ठ, उद्योगपति एवं व्यवसायी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान विद्वत्परिषद् सदस्य

- प्रा.डा. श्रीमती उषा ठाकुर (हिन्दी भाषाविद् सदस्य, नेपाल प्रज्ञा–प्रतिष्ठान)।
- प्रा. डा. ऋषिराम पोखरेल (वेदका वरिष्ठ विद्वान्)।
- प्रा.डा. कार्तिकेय झा (पूर्व कुलसचिव, नेपाल संस्कृत विश्वविद्यालय)।
- प्रा. श्रीकृष्ण अधिकारी (ज्योतिष शास्त्रविद्)।
- प्रा.डा. कुलप्रसाद कोइराला (नेपाली भाषा तथा साहित्यका विद्वान् एवं नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति)।
- प्रा. केदारभक्त माथेमा (अर्थशास्त्री, त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति)।
- डा. गोविन्द टण्डन (संस्कृतिविद्, पूर्व सदस्य–सचिव, श्रीपशुपति क्षेत्र विकास कोष)।
- प्रा. चेतोनाथ आचार्य (धर्मसंस्कृति तथा न्यायशास्त्रविद्)।
- प्राज्ञ डा. जगमान गुरुङ (संस्कृतिविद्, नेपाल प्रज्ञा–प्रतिष्ठानका उपकुलपति)।
- प्रा. डा. जीवराज पोखरेल (स्थापत्यशास्त्र तथा सम्पदा संरक्षणविद्, विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानका पूर्व उपकुलपति एवं पूर्व डीन इन्जिनियरिङ संकाय, त्रिभुवन विश्वविद्यालय)।
- प्राज्ञ ज्ञानमणि नेपाल (इतिहासविद्)।
- प्राज्ञ डा. तीर्थबहादुर श्रेष्ठ (वनस्पतिशास्त्री)।
- प्राज्ञ प्रा. दिनेशराज पन्त (इतिहासविद्, नेपाल प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य)।
- प्रा. डा. दीर्घराज घिमिरे (धर्मसंस्कृति तथा न्याय एवं वेदान्त दर्शनका वरिष्ठ विद्वान्)।
- प्रा. डा. देवमणि भट्टराई (धर्मशास्त्रविद्)।
- डा. नयनाथ पौडेल (संस्कृति तथा पुरालिपिविद्)।
- पद्मराज जोशी (नेपाली साहित्य तथा संस्कृतिविद्)।
- पूर्णचन्द्र नन्द शर्मा राजोपाध्याय (अग्निशाला, अग्निमठ ललितपुरका प्रमुख)।
- प्रा. भवानीप्रसाद खतिवडा (वेदान्तदर्शनका ज्ञाता)।
- प्रा. डा. लय मैनाली (चित्रकला एवं मूर्तिकलाविद्)।
- प्रा. डा. श्रीमती वीणा पौडेल (संस्कृति एवं मूर्तिकलाविद्)।
- प्रा. विद्यानाथ उपाध्याय भट्ट (तन्त्रविद् एवं साधक, नेपाल संस्कृत विश्वविद्यालयका प्रथम शिक्षाध्यक्ष)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- विनोदराज शर्मा राजोपाध्याय (श्रीतुलजा भवानी भक्तपुरका पुजारी)।
- डा. वी.पी. तिमल्सिना (आयुर्वेदाचार्य)।
- प्रा. डा. वेणीमाधव ढकाल (संस्कृत साहित्यविद्, नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगका पूर्व अध्यक्ष)।
- प्रा. शङ्करराज पाठक (अर्थशास्त्रविद्, त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति)।
- शरत्कुमार भट्टराई (वेदान्तदर्शनविद्, नेपाल सरकारका पूर्व सचिव)।
- प्रा. डा. सुदर्शनराज तिवारी (वास्तुविज्ञानविद्, पूर्व डीन इन्जिनियरिङ संकाय, त्रिभुवन विश्वविद्यालय)।
- डा. हरिप्रसाद पोखरेल (प्राकृतिक चिकित्साविद्)।
- हरिराम जोशी (संस्कृतिविद्)।

वर्तमान सल्लाहकार परिषद् :

- अध्यक्ष नेपाल मैथिल ब्राह्मण समाज (पदेन)।
- आदित्यमान श्रेष्ठ (वरिष्ठ पत्रकार)।
- कल्याण श्रेष्ठ (पूर्व प्रधान न्यायाधीश, सर्वोच्च अदालत)।
- केशवराज राजभण्डारी (पूर्व मुख्य सचिव, नेपाल सरकार)।
- पूर्व रथी टीका धमला (सुरक्षाविद्)।
- दुर्गाप्रसाद श्रेष्ठ (हिन्दी भाषाविद्, सम्पादक उदय पत्रिका, वाराणसी)।
- नरोत्तम वैद्य (स्थानीय संस्कृतिविद् एवं समाजसेवी)
- मृत्युञ्जय कर्माचार्य (स्थानीय संस्कृतिविद्)
- डा. रुद्र मिश्र (वेदविद्)।
- विष्णुराज कार्की (पुरातत्त्वविद्)।
- शिवराज श्रेष्ठ (संस्कृतिविद्)।
- श्रीमती सौभाग्य प्रधानाङ्ग (पुरातत्त्वविद्, राष्ट्रिय अभिलेखालय, काठमाडौंका प्रमुख)।

मानार्थ सदस्य

- ई. डाबित आचार्य (प्रशस्त आर्थिक सहयोगदाता)।
- ई. श्रीमती प्रतिभा आचार्य (प्रशस्त आर्थिक सहयोगदाता)।
- ई. प्रणव चापागाईं (प्रशस्त आर्थिक सहयोगदाता)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- डा. श्रीमती श्वेता चापागाईं (प्रशस्त आर्थिक सहयोगदाता)।

वर्तमान कार्यसमिति

अध्यक्ष	:	प्रा. देवीप्रसाद चापागाईं।
वरिष्ठ उपाध्यक्ष	:	श्रीमान श्रेष्ठ।
उपाध्यक्ष	:	मदनकुमार डंगोल।
उपाध्यक्ष	:	नवराज लामिछाने।
महासचिव	:	प्रमोदराम मिश्र।
सचिव	:	राजेन्द्रराज कठायत।
कोषाध्यक्ष	:	अशोककुमार श्रीवास्तव।
सदस्य	:	सोमनाथ पौडेल।
सदस्य	:	रेबिका श्रेष्ठ।
सदस्य	:	खगेन्द्रप्रसाद गिरी।
सदस्य	:	युवराज तिमिल्सिना।
सदस्य	:	डा. माधवप्रसाद लामिछाने।
सदस्य	:	श्रीधर गौतम।
सदस्य	:	डा. सन्ध्या खनाल पराजुली।
सदस्य	:	प्रा.डा. अक्कलबहादुर सिंह।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

चित्रावली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - १
देव-तीर्थ दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीचन्द्रविनायकमन्दिर

श्रीशेषनारायण तथा बेताल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीताम्रेश्वरमन्दिर

ताम्रेश्वरमन्दिर शिवपाञ्चायन पद्धतिमा निर्मित छ। पशुपतिक्षेत्रमा हुने जात्रापर्वका रथ, खट यहाँ परिक्रमा गराइन्छ।

श्रीताम्रेश्वरमहादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशस्थान



श्रीमृत्युञ्जय महादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीजयवागीश्वरीमन्दिर
लिच्छविकालमा निर्मित जयवागीश्वरी देवी, यस मन्दिरमा श्रीभैरव र श्रीगणेश स्थापित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीचण्डभैरव

(प्रत्येक १२ वर्षमा कलेवर फेरिने)

भजन सत्तल र डबली

(भजन र विभिन्न धार्मिक कार्य सम्पन्न गरिने सत्तल र डबली)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकृष्णविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनृत्येश्वर (श्रीनास द्यः)मन्दिर

नृत्येश्वर (श्रीनास द्यः)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीसूर्यमन्दिर

घोडाहरूले तानिरहेको रथ आकारमा निर्मित सूर्यको मन्दिर।



सुन्धारा

राजा जयस्थिति मल्लले जीर्णोद्धार गरेको सुन्धारा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीखञ्जनेश्वर शिवलिङ्ग (जलहरी दक्षिणाभिमुख भएको)



श्रीमत्स्येन्द्र गणेश
(रातो मत्स्येन्द्रनाथको जात्राअघि विशेष पूजा गरिने)

श्रीमत्स्येन्द्र गणेशमन्दिर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. श्रीबालकुमारीस्थान



श्रीबालकुमारीविग्रह

(मयूरमाथि आरूढ चार बाहुमा रुद्राक्ष, कपालपात्र, मयूर प्वाँख र अभयमुद्रायुक्त)

श्रीबालकुमारीमन्दिर

(पशुपतिक्षेत्रका जात्रापर्वमा यही मन्दिर परिसर हुँदै इँटापाखातर्फ जाने प्रचलन रहेको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. श्रीभुवनेश्वरी परिसर

श्रीभुवनेश्वरी डबली

श्रीभुवनेश्वरीमन्दिर प्रवेशद्वार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीभुवनेश्वरी मन्दिर

(दशमहाविद्यामध्येकी एक श्रीभुवनेश्वरी मन्दिर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभुवनेश्वर (श्रीकृष्णेश्वर) महादेव

ज्ञानधारा
श्रीभुवनेश्वरीमन्दिरको वायव्य
कोणमा अवस्थित ज्ञानधारा।

ज्ञानकुण्ड
श्रीभुवनेश्वरीमन्दिरको
नैर्ऋत्य कोणमा रहेको ज्ञानकुण्ड।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वरुणधारा

श्रीभुवनेश्वरी चौबाटोको दक्षिणमा रहेको वरुणधारा।

श्रीनृत्येश्वर (नास द्यः)मन्दिर

नासननीमा रहेको द्वादशबाहुयुक्त श्रीनृत्येश्वर महादेव।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीदक्षिणामूर्तिमन्दिर

(भगवान् श्रीपशुपतिनाथ गुरुरूपमा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीकैलासपरिसर

(भगवान् शिवले विचरण गरेको पवित्र कैलासपरिसर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपर्वतेश्वर महादेव (चौंसठ्ठी शिवलिङ्गमध्ये एक)

श्रीरुद्रागारेश्वर महादेव
(श्रीपशुपतिनाथको उत्तरी भागमा स्थित काभ्रोको रूखको फेदीमा श्रीरुद्रागारेश्वर र श्रीमहागौरीकलश चौंसठ्ठी शिवलिङ्गमध्ये चौंसठ्ठीऔं शिवलिङ्ग ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीहेमन्तभैरव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीउमाकुण्डद्वार



श्रीउमाकुण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०. श्रीगौरीघाटक्षेत्र

श्रीगणेश

श्रीलक्ष्मीनृसिंहविग्रह

श्रीगौरीशिला
(यसै शिलामा बसेर गौरीमाताले शिवजीको तप गरेको शास्त्रीय उल्लेख छ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगौरीघाट



चार शिवालय एवम् शान्तितीर्थका सत्तलहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीहनूमान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. श्रीकिरातेश्वरक्षेत्र



श्रीकिरातेश्वरद्वार

श्रीकिरातेश्वर शिवलिङ्ग
(भगवान् शिवले किरातरूप धारण गरेर मृगस्थलीमा विचरण गरेको प्रतीक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. श्रीगुह्यकाली (गुह्येश्वरी) घाटक्षेत्र

श्रीकल्पवृक्ष

श्रीजलेश्वर शिवलिङ्ग
(चौँसठ्ठी शिवलिङ्गमध्ये एक– हाल नभेटिएको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनरसिंहविग्रह



श्रीहनूमान्विग्रह

श्रीउमामहेश्वरविग्रह

श्रीबालात्रिपुरसुन्दरीविग्रह



श्रीलक्ष्मीनारायणविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



उत्तरवाहिनी घाट

ताम्रगङ्गा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. श्रीगुह्यकाली (गुह्येश्वरी) परिसर

श्रीगुह्येश्वरीमन्दिर प्रवेशद्वार

श्रीशनिदेवशिला
(शनिको रूपमा पुजिने श्रीनारायणमूर्ति अङ्कित शिला)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगुह्यकालीमन्दिर उत्तर पाटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीक्षेत्रपाल

अखण्ड धुनी सत्तल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगुह्यकालीमन्दिर दक्षिण पाटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीसिद्धेश्वरशिवलिङ्ग

श्रीसिद्धेश्वरमन्दिर
चौसठ्ठी शिवलिङ्गमध्ये एक शिवलिङ्ग ।

श्रीगुह्यकालीमन्दिरतोरण

श्रीक्षेत्रपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४. श्रीगोरखनाथपरिसर

श्रीधूम्रगणेशमन्दिर



श्रीमनकामनामन्दिर



श्रीमनकामनापीठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगोरखनाथमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगोरखकालीविग्रह

श्रीगोरखनाथपादुका



अखण्डधुनी सत्तल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगणेशविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगणेशविग्रह (बहिरा गणेश)

श्रीगणेशस्थान (बहिरा गणेशस्थान)
सद्बीज छर्नेहरूले आफूलाई श्लेष्मान्तक वनमा आएको जानकारी दिने स्थान।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकामेश्वर-कामेश्वरी (श्रीविश्वरूप)मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभागलभुगल शिवलिङ्ग
(सद्वीज छर्दै गएपछि अन्त्यमा समापन गरिने शिवलिङ्ग)

श्रीवनभैरव

श्रीश्लेष्मान्तक वन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगवाटिका



कृष्णसार मृग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकमुखे शिवलिङ्ग
(लिच्छविकालिक एकमुखे शिवलिङ्ग)



पन्ध्र शिवालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्र शिवलिङ्गदर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीविष्णुमन्दिर

(दायाँ-बायाँ आयुध पुरुषसहित माथि गदा र चक्रधारी श्रीरामका रूपमा पुजिने मूर्ति प्रतिष्ठित मन्दिर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपाताल हनूमान्



भगवान्राम पाञ्चायन
(वैरागीअखडा)

श्रीराममन्दिर तथा श्रीलक्ष्मीनारायणमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामघाट

सतीद्वार

(सतीप्रथामा विष्णुमन्दिर घुमेर यही द्वारको भऱ्याङ्बाट ओर्ली वाग्वती नदी तरेर सती जाने प्रचलन रहेको थियो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. तिलगङ्गाक्षेत्र

श्रीत्रिविक्रम (वामन) भगवान्को श्रीविग्रह

(लिच्छविकालिक राजा मानदेवले स्थापना गरेको त्रिविक्रम वामन विष्णु। वामनद्वादशीमा मेला लाग्ने)



श्रीतिलगङ्गा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीराजराजेश्वरी घाट

श्रीविराटेश्वरशिवलिङ्ग
(स्कन्दपुराण हिमवत्खण्डअनुसार भविष्यदर्शनकुण्डलाई यस शिवलिङ्गले ढाकिएको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशेषनारायण

पद्मपाणि बोधिसत्त्व मूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीराजराजेश्वरीघाटस्थित श्रीनवदुर्गामन्दिर



उपेन्द्रेश्वर सत्तलको भित्रपट्टिको श्रीतलेजुमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जितजङ्गेश्वरशिवालय

ताराप्रकाशेश्वर ढुङ्गेधारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चार शिवालय

श्रीअग्निहोत्रशाला

(क) गार्हपत्याग्निकुण्ड



(ख) आहवनीयाग्नि + महावेदीकुण्ड



(ग) दाक्षिणाग्निकुण्ड



(घ) आवसथ्याग्निकुण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१. श्रीवज्रेश्वरी परिसर

श्रीवज्रेश्वरीपीठद्वार

श्रीवज्रेश्वरीपीठ

(पशुपतिक्षेत्रमा रहेका नौ शक्तिपीठमध्येको एक शक्तिपीठ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीवनगणेशमन्दिर

श्रीवनकालीमन्दिर प्रवेशद्वार



श्रीवनकालीविग्रह

वनकाली ढुङ्गेधारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगोरखनाथमूर्ति

श्रीमङ्गलागौरीमन्दिर तथा श्रीगोरखनाथमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३. श्रीभद्रेश्वर (भस्मेश्वर) क्षेत्र

श्रीभस्मेश्वरघाट

श्रीभद्रेश्वर (श्रीभस्मेश्वरशिवलिङ्ग)
(लिच्छविकालिक अभिलेखसहितको शिवलिङ्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीउमामहेश्वरपरिवारविग्रह

श्रीदत्तात्रेयविग्रह

श्रीहनूमान्विग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपशुपतिनाथको आग्नेयद्वार



श्रीकुमारी पाटी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीवत्सलेश्वरीमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीवत्सलेश्वरीश्रृङ्गार

श्रीवत्सलेश्वरीपीठ
(पशुपतिक्षेत्रको वरिपरि रहेका नौ शक्तिपीठमध्येको एक पीठ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीआकाशभैरवविग्रह

श्रीयमराजविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमङ्गलागौरीविग्रह



श्रीमङ्गलागौरीमन्दिर

श्रीयमुनामाईविग्रह

श्रीसरस्वतीविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपञ्चगणेशविग्रहरू

श्रीअनन्तनारायणमृण्मयमूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीजम्बुदीप (मसान)



श्रीकागेश्वरमहादेवमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. श्रीआर्यातीर्थ

श्रीआर्यघाटविहङ्गमदृश्य

श्रीतारकेश्वरमहादेव एवम् ब्रह्मनाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथमन्दिरको पूर्वद्वार



श्रीगुप्तेश्वरमहादेव (पृष्ठभूमिमा विश्वरूप)

श्रीगङ्गामाईविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीविरूपाक्षमूर्ति

श्रीमाधवनारायणविग्रह

(क) श्रीमृगेश्वरविग्रह

(ख) श्रीत्रैलोक्यमोहनविष्णुविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीसूर्यघाट

श्रीवाग्वतीगुफा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

श्रीरक्षेश्वरमहादेवमन्दिर

विजयेश्वरशिवलिङ्ग
(लिच्छविकालिक राजा मानदेवकी छोरी विजयवतीले स्थापना गरेको विजयेश्वर शिवलिङ्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७. पशुपति दक्षिणद्वार प्राङ्गणक्षेत्र

चौसठ्ठी लिङ्ग एवम् श्रीकोटिलिङ्गेश्वर

(कोटिलिङ्गेश्वर शिवलिङ्ग राजा प्रताप मल्लले वि.सं. १७१२ मा पापमुक्तिका निमित्त स्थापना गरेको। उक्त मन्दिरको वरिपरि ५२५वटा शिवलिङ्ग छन्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकीर्तिमुखभैरव
(क्षेत्रपालका रूपमा रहेका भैरव दर्शन गरी, अनुमति लिई भगवान् श्रीपशुपतिनाथको दर्शन गर्ने शास्त्रीय विधि छ)



श्रीशीतलामाताविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपशुपतिनाथमन्दिरको दक्षिण पाटा
(षोडशमातृका, शरभ तथा शरभी एवं श्रीपाण्डवपरिवार)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीउन्मत्तभैरवको रेखाचित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञशालाभित्रको यज्ञकुण्ड



यज्ञशालाभित्रका श्रीसप्तमातृकाका विग्रहहरू
ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी र चामुण्डासहित सप्तमातृका।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीअनन्तेश्वरशिवलिङ्गप्रतिमूर्ति

श्रीनवग्रहका प्रतीकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीहनूमान् चित्र

श्रीसत्यनारायणविग्रह

श्रीपशुपतिनाथमन्दिरको पश्चिम पाटा

((षोडशमातृका, शरभ तथा शरभी एवं श्रीरामपरिवार))

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीनन्दीप्रतिमा

श्रीगजुर तथा श्रीषोडशमातृकदर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीबिल्ववृक्ष



श्रीतुलसीवृक्ष

श्रीनृत्येश्वरमहादेवविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशूल

श्रीत्रिशिरोभैरव (ज्वरेश्वर) महादेवविग्रह

तीन शिर, तीन हात, तीन पाउ, भएका ज्वरेश्वरको दर्शन गरेमा कडा ज्वरो निको हुने मान्यता छ।



श्रीअन्नपूर्णाविग्रह

श्रीचण्डेश्वरशिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीवासुकिनारायणप्रतिमूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीकोमन्दिरको उत्तरपाटा

(षोडशमातृका, शरभ तथा शरभी एवं श्रीशिवपरिवार)

श्रीअर्धनारीश्वरविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीहाटकेश्वर (सिद्धेश्वर) शिवलिङ्ग



श्रीशेषनारायणविग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीढुण्डीगणेशचित्र (लालगणेश)



श्रीनिद्रेश्वरशिवलिङ्प्रतिमूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपशुपतिनाथमन्दिरको पूर्व पाटा
(षोडशमातृका, शरभ तथा शरभी एवं श्रीगुह्येश्वरी कलशसहित श्रीकृष्ण परिवार)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकृष्णप्रतिमूर्ति

श्रीसूर्यनारायणप्रतिमूर्ति

श्रीगरुडनारायणप्रतिमूर्ति



श्रीसरस्वतीप्रतिमूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीकलीश्वरशिवलिङ्ग (आर्यघाटपारि)

श्रीयन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीमुक्तिमण्डप

श्रीसन्तापहरेश्वर (सन्तानेश्वर) शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीछत्रचण्डेश्वरप्रतिमूर्ति

श्रीधर्मशिला
(प्रत्येक पूर्णिमाका दिन महास्नान गर्ने क्रममा भगवान् श्रीपशुपतिनाथलाई भोग लगाउने शिला)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीईशानवक्त्र
(श्रीपशुपतिनाथ ऊर्ध्वमुख)



श्रीतत्पुरुषवक्त्र
(श्रीपशुपतिनाथ पूर्वमुख)

श्रीअघोरवक्त्र
(श्रीपशुपतिनाथ दक्षिणमुख)



श्रीवामदेववक्त्र
(श्रीपशुपतिनाथ उत्तरमुख)



श्रीसद्योजातवक्त्र
(श्रीपशुपतिनाथ पश्चिममुख)

श्रीकालाग्निरुद्र
(श्रीपशुपतिनाथ अधोमुख)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ



भगवान् श्रीपशुपतिनाथको पश्चिमद्वार



आगमघरका क्षेत्रपालस्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आगमघर

आगमघरसँगैका मूर्तिहरू (बायाँबाट दायाँ क्रमशः)

(क) श्रीअचलेश्वरशिवलिङ्ग

(ख) श्रीसर्वसिद्धेश्वर एकमुखे शिवलिङ्ग

(ग) श्रीउमामहेश्वर

(घ) श्रीशिवपार्वती

(ङ) श्रीभगवती

(च) श्रीजैन मूर्ति

(छ) श्रीनर्तक, नर्तकी

(ज) श्रीनवदुर्गा

(झ) श्रीनवग्रह मण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ऋणमोचन शिला

श्रीभङ्केश्वरीपीठ

(पशुपतिक्षेत्रमा रहेका नौ शक्तिपीठहरूमध्ये एक पीठ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशङ्कराचार्य मठस्थित श्रीपातालेश्वर शिवलिङ्ग

श्रीनृत्येश्वरमहादेव (नास द्यः)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आद्य श्रीशङ्कराचार्यमन्दिर



श्रीशङ्कराचार्य (पट्ट शिष्यहरूसहित)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगणेशविग्रह (महास्नानघरसँगैको)

श्रीकुमारविग्रह (महास्नानघरसँगैको)



श्रीभीमसेनस्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२९. दथुटोल क्षेत्र



श्रीगणेशमन्दिर (श्रीपाचुगणेश)

श्रीनारायणविग्रह



श्रीशिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०. गौशाला परिसर

भण्डारखालवन

श्रीचुन्नीभैरवमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीबालगोपालमन्दिर



गौमाता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१.भण्डारेश्वर (सिफल) क्षेत्र

श्रीगणेशविग्रह



श्रीभण्डारेश्वरमन्दिर

श्रीभण्डारेश्वरशिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनवदुर्गास्थान

श्रीकामधेनुप्रतिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीसरस्वतीविग्रह



श्रीशेषनारायणविग्रह



श्रीसूर्यनारायणमन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - २

जात्रा, पर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दुः दुः च्याँच्याँजात्रा (चैत्रकृष्णाष्टमी)



वत्सलेश्वरीजात्रा (चैत्रकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वत्सलेश्वरीजात्रा (चैत्रकृष्ण त्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





वत्सलेश्वरीजात्रा (चैत्रकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





वज्रेश्वरीजात्रा (चैत्रकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वत्सलेश्वरीजात्रा (चैत्रकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घोडेजात्रा (चैत्रकृष्णचतुर्दशी)

वाग्वतीजात्रा शुभारम्भ (वैशाख)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्वतीजात्रा विसर्जन

त्रिशूलजात्रा (आषाढकृष्णाष्टमी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



त्रिशूलजात्रा (आषाढकृष्णाष्टमी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीगङ्गामाईजात्रा, आषाढशुक्लसप्तमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्राको अग्रपङ्क्तिमा रहने गुरुजुको पल्टन



श्रावणी सोमवार मेला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ऋषितर्पणी पर्व (श्रावणशुक्लपूर्णिमा)

गाईजात्रा (भाद्रकृष्णप्रतिपदा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गाईजात्रा (भाद्रकृष्णप्रतिपदा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाईजात्रा (भाद्रकृष्णप्रतिपदा)

खड्गजात्रा, भाद्रकृष्णाद्वितीया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



खड्गजात्रा, भाद्रकृष्णाद्वितीया



हरितालिका (तीज) पर्व (भाद्रशुक्लतृतीया)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



छठपर्व (कार्तिकशुक्लषष्ठी)

हरिबोधिनीएकादशीपर्व (कार्तिकशुक्लएकादशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





गणेशजात्रा, मार्गकृष्णप्रतिपदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्येश्वरीजात्रा (मार्गकृष्णनवमी र दशमी)

मार्गशुक्लनवमी र दशमी, नवदुर्गाजात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीभीमसेनजात्रा (माघशुक्लद्वादशी)

श्रीमाधवनारायणजात्रा (माघकृष्णअमावश्या)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



टकिंचा द्यः (तिकिन्चाजात्रा), माघशुक्लचतुर्थी

महाशिवरात्रिपर्व (फाल्गुणकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्सालजात्रा (चैत्रकृष्णत्रयोदशी)



कुमारीपूजा (चैत्रकृष्णत्रयोदशी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - ३

पशुपतिक्षेत्रमा रहेका अखडा, आश्रम र मठहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वेदविद्याश्रमका आचार्य तथा वटुकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीभागवतानन्द आश्रमका वटुकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभागवतानन्द आश्रमभित्रको यज्ञशाला

श्रीभागवतानन्द आश्रम यज्ञकुण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीभष्मेश्वरघाट पश्चिमस्थित सिख सम्प्रदायको उदासी अखडा



श्रीराजराजेश्वरघाटस्थित सिख सम्प्रदायको निर्मल अखडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदेवल

शिवपाञ्चायनमन्दिर



शिवपुरीबाबासमाधिस्थल, ध्रुवस्थली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशङ्कराचार्य मठ

श्रीशङ्कराचार्य सभागृह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वासुकि ब्रह्मचारीको समाधिस्थलशिला



चावहिलस्थित श्रीचारुमती विहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिफलस्थित पिङ्गला विहार

चावहिलस्थित श्रीधन्दो चैत्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पञ्चदेवलस्थित वृद्धाश्रम भवन

महास्नानका लागि सामग्री तयार गर्ने भवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - ४

पशुपतिक्षेत्रमा वास गर्ने साधुसन्त तथा साधकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाशुपतक्षेत्रका सन्तहरू

– डा. रुद्र मिश्र (ध्रुवश्री)

भगवान् श्रीपशुपतिनाथको चरणमा बसी आध्यात्मिक लाभ उठाउने सन्तहरू अनेकौं भए तर ती सबै सन्त महात्माको यथार्थ जानकारी कहीँ कसैले पनि राखेको पाइँदैन । कतिपयले आफ्नो बाह्य परिचय दिन रुचाए भने अधिकांशले आफ्नो बाह्य वा आन्तरिक कुनै पनि परिचय दिन चाहेनन् र लोकले पनि उनीहरूको परिचय लिनु र उनीहरूको सान्निध्यबाट पारमार्थिक लाभ लिनुको महत्त्व बुझ्नेन । अतः एवं पाशुपतक्षेत्रलाई आफ्नो साधनाक्षेत्र बनाएका परमार्थका मणिहरू कालको गर्भमा बिलाए । उनीहरूबाट पाउनुपर्ने अध्यात्मज्योतिको आभाबाट समाज वञ्चित भयो । पाशुपतक्षेत्रमा विभिन्न विषयका अभिलेख पाइए पनि सन्तहरूको विषय अज्ञात नै छ। यस्ता महात्माहरूको परिचय अन्तःकरण शुद्ध भएका व्यक्तिहरूका लागि मात्र सुलभ हुन्छ । पशुपतिक्षेत्रमा रहेका कतिपय सम्प्रदायसँग आबद्ध भएका केही महात्माहरूको सङ्क्षिप्त परिचय दिने जमर्को यस आलेखमा गरिएको छ ।

संन्यासी सन्तहरू

यस पाशुपतक्षेत्रमा साधना गर्ने महान् सन्तहरूमध्ये अधिकांश यसै संन्यास परम्पराको हुनुहुन्छ । शैवदीक्षा लिई भगवान् श्रीपशुपतिनाथको पूजा-आराधना गर्ने गृहस्थ भक्त भए पनि यहीँ बसी जीवनयापन गर्दै साधनामा रमाउने संन्यासीहरूको परम्परा लामो छ । भगवान् श्रीपशुपतिनाथको नित्य पूजामा समेत अधिकार राख्ने विरक्त संन्यासीहरू कुनै समयमा पशुपतिक्षेत्रमा मात्र नभई राज्य शासनमा समेत आफ्नो प्रभाव देखाउँथे । इतिहास र जनश्रुतिले पनि यसलाई पुष्टि गर्दछ। स्वामी राघवानन्द, स्वामी नित्यानन्दलगायत दण्डी संन्यासीले पूजा गर्दे आएको परम्परा समाप्त भएसँगै दाक्षिणात्य ब्राह्मणहरूको पूजा कार्यमा प्रवेश भएको हो। अतः साधना र तपलाई जीवनको अभिन्न अङ्ग ठान्ने संन्यासीहरूको ठूलै जमघट पशुपतिक्षेत्रमा हुँदै आएको छ। प्राचीन समयमा कतिपय सिद्ध-सन्त भए पनि उनीहरूको परिचय पाउन सकिँदैन । अर्वाचीन समयमा पशुपतिक्षेत्रलाई साधनाभूमि बनाएका थोरै मात्र सन्तहरूको नाम सङ्कीर्तन गर्नु पनि पुण्यदायी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संन्यास परम्पराका ब्रह्मचारी वा संन्यासीहरूमध्ये श्रद्धाका साथ नाम लिइने वासुकि ब्रह्मचारी एक हुनुहुन्छ। वासुकि गुफामा बसी तप गर्नुका साथै दुःखी, पीडित र रोगीहरूलाई आयुर्वेदिक औषधोपचारसमेत गर्ने वासुकिबाबा भगवान् श्रीपशुपतिनाथका सच्चा साधक एवं उपासक हुनुहुन्थ्यो। उहाँका शिष्यहरू गोपालानन्द र निजानन्द पनि उत्तिकै तपस्वी एवं विरक्त कोटीको हुनुहुन्थ्यो। वासुकि ब्रह्मचारीकै शिष्य श्यामचैतन्य ब्रह्मचारी पनि पशुपतिक्षेत्रमा बसी साधना गर्ने विरक्त सन्तहरूमा अग्रगण्य हुनुहुन्थ्यो। लामो समयसम्म वासुकि आश्रममा बसी साधना गरेपछि अन्त्य अवस्थामा बाबा विश्वनाथको पावनधाम काशीमा आफ्नो कलेवर विसर्जन गर्नुभयो। अन्य सन्तहरूमा बालुवा बाबा, गंगा गिरि र भोला गिरि पनि पशुपतिक्षेत्रका नागा-संन्यासीका श्रद्धास्पद व्यक्तित्व हुनुहुन्थ्यो। स्वामी नारायण गिरिले समेत सूर्यघाटक्षेत्रलाई आफ्नो योग-साधनाबाट पवित्र बनाउनुभएको प्रसङ्ग पुरानो भइसकेको छैन। त्राटक मुद्राका साधक एवं सरल सन्तभावका धनी ठाकुर गिरि पनि यस क्षेत्रका स्मरणीय सन्त हुनुहुन्थ्यो। दीनहीन दुःखीहरूलाई सेवा गर्न आफ्नो जीवन अर्पण गर्ने र अन्नदानको सेवा सञ्चालन गर्ने बाबा शिवगिरिको पवित्र साधनालाई पशुपतिक्षेत्रको अन्नपूर्ण भण्डारले कालजयी बनाएको छ। शिवगिरि नागा संन्यासी हुनुका साथै त्याग र कर्मयोगका प्रतिमूर्ति हुनुहुन्थ्यो। शिवगिरिका नै शिष्य पशुपति गिरिको पनि यस आश्रमको सञ्चालन एवं सन्तसेवाको भावलाई निरन्तरता दिन ठूलो देन छ। यस्ता उदारमना सन्तहरूको सेवाले नै तीर्थको गरिमा बढाएको हुन्छ।

संन्यासमार्गलाई आत्मसात् गरी भगवद् आराधनामा संलग्न मातृशक्ति पनि पशुपतिक्षेत्रमा धेरै नै हुनुहुन्छ। माता लक्ष्मी गिरि यस क्षेत्रको आदरणीय साधिका हुनुहुन्थ्यो। स्वर्गद्वारी महाप्रभुबाट दीक्षा लिएर भक्तिमार्गमा लाग्नुभएकी माताले उमाकुण्डक्षेत्रलाई आफ्नो साधनास्थल बनाउनुभयो। तप एवं उपासनामा नै जीवन समर्पण गर्नुभयो। शङ्कराचार्य मठमा बसी वेदान्त चिन्तन-मनन एवं प्रवचनको माध्यमले भगवान् श्रीपशुपतिनाथलाई अर्चना गर्ने श्रद्धेय डा. स्वामी रामानन्द गिरि यस क्षेत्रका स्मरणीय सन्त हुनुहुन्थ्यो। परिनिष्ठित विद्वान् र संस्कृत वाङ्मयको संरक्षणमा ठूलो निष्ठा राख्ने स्वामीजी साधना र ज्ञान-उपासनाका प्रतिमूर्ति हुनुहुन्थ्यो।

जीवनको लामो कालखण्ड साधनामा मग्न भई देश-विदेशको अभूतपूर्व यात्रा गर्नुभएका र जीवनका अन्तिम दिनहरू पशुपतिनाथको सान्निध्यमा बिताउनुभएका दीर्घजीवी गोविन्दानन्द भारती (शिवपुरी बाबा)को पशुपतिनाथप्रतिको निष्ठा र समर्पण सबै शिवभक्तका निम्ति अनुकरणीय छ। तत्त्वदर्शी महात्मा शिवपुरी बाबाले पशुपतिक्षेत्र र शिवपुरीमा बसेर साधना-उपासना गर्नुभयो। जवनका अन्तिम दिनहरू यसै पावन क्षेत्रमा बिताई ब्रह्मलीन हुनुभयो।

केही वर्षपहिले मात्र ब्रह्मलीन हुनुभएका त्यागमूर्ति बाबा गौराङ्ग पनि पशुपतिक्षेत्रस्थ महात्माहरूको पङ्क्तिमा स्मरणीय हुनुहुन्छ। चोभारको खोँचदेखि उत्तरबाहिनीसम्म पवित्र गङ्गा वाग्वतीको किनार नै वहाँको साधनाभूमि रह्यो। पशुपतिको सूर्यघाटमा लामो समय तपस्या गर्नुभएका गौराङ्गको जीवनी रहस्यात्मक पानाहरूले भरिएको छ। कोही व्यक्तिसँग पनि लामो र घनिष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध राख्न नरुचाउने उहाँको बानी संन्यास धर्मसम्मत थियो। आफूलाई भोजनको व्यवस्था गरिदिने भक्तसँग समेत लामो सम्बन्ध राख्न नचाहने र आफूलाई ल्याइदिएको सरसामान पनि अहङ्कार मिश्रित रहेछ भने त्यागिदिने त्यो उच्चावस्था जनसामान्यको लागि अकल्पनीय थियो। अन्तिम क्षण भागवत संन्यास आश्रमको प्राङ्गणमा वेदध्वनिका साथ व्यतीत गरी सूर्योदयसँगै महासमाधिमा लीन हुनुभएको थियो। त्यस्तै अर्का नागा-संन्यासी गंगा गिरिको तपस्थली पनि सूर्यघाट नै हो। भारतीय मूलका बाबा गंगा गिरि लामो समय सूर्यघाटमा बसी तपस्या गर्नुभयो र अन्तिम अवस्थामा गिरिनारमा आफ्नो देह विसर्जन गर्नुभयो।

सूर्यघाटमा केही समय बिताएर भस्मेश्वर घाटमा साधना गरी ब्रह्मलीन हुनुभएका भोला गिरि पनि सज्जन सन्त हुनुहुन्थ्यो। भारत जन्मभूमि भई पशुपतिक्षेत्रलाई आफ्नो साधनास्थल बनाउनुभएको थियो।

वर्तमानमा स्वामी श्रीभागवतानन्द गिरि पशुपतिक्षेत्रका वन्दनीय महात्मा हुनुहुन्छ। वेद र वैदिक सनातन धर्मको संरक्षणका लागि गुरुकुल, सन्तसेवा, भगवद्आराधनाजस्ता उत्तम कार्य गर्दै तपोमय जीवन बिताउँदै हुनुहुन्छ। पशुपतिक्षेत्र राममन्दिर परिसरमा भागवत संन्यास आश्रम एवं गुरुकुलको स्थापना र सञ्चालन पनि उहाँबाट नै हुँदै आएको छ।

नाथपरम्पराका सन्तहरू

गुरु गोरक्षनाथको तपस्थली श्रीपशुपतिनाथक्षेत्र परम्पराको प्रमुख क्षेत्र हो। गोरखनाथको साधनास्थलको रूपमा रहेकोले सम्बद्ध मठ र सन्तपरम्परा अद्यावधि चलिरहेको छ। यस परम्परामा दीक्षित धेरै सन्तहरूले पशुपतिक्षेत्रलाई आफ्नो साधनास्थलको रूपमा प्रयोग गरे र पारमार्थिक लाभ पनि प्राप्त गरे। मृगस्थली परिसरमा रहेको गोरखनाथ अखडामा बसी तपस्या गर्ने सन्तहरूमा योगी नरहरिनाथका गुरु क्षिप्रानाथ स्मरणीय छन्। विद्वत्ता र साधनामा उच्च कोटीका सन्त क्षिप्रानाथले मठसञ्चालन र नाथपरम्पराको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। क्षिप्रानाथका शिष्य योगी नरहरिनाथ यस सम्प्रदायका नै उज्वल नक्षत्र हुनुहुन्थ्यो। उहाँको ज्ञान, कार्यनिष्ठा र राष्ट्रसेवाले युग-युगलाई चेतना दिइरहनेछ। योग, ध्यान र ज्ञानबाट समाजलाई समृद्ध बनाउनुपर्छ भनेर अहोरात्र खटिने कर्मयोगीको गाथाले पशुपतिक्षेत्र र विशेषगरी नाथसम्प्रदायलाई गौरवको शिखरमा पुऱ्याएको छ। मृगस्थलीको गोरक्ष-मठ प्राचीन हुनुका साथै हठयोग साधकहरूको आश्रयस्थल पनि हो। अतः यस परम्परामा शिवानन्दनाथ योगी, सुन्दरनाथ, वैराग्यनाथजस्ता योगसाधकहरूको राम्रै जमघट भएको बुझिन्छ।

नाथसम्प्रदायमा दीक्षित भई यसै पावनक्षेत्रलाई तपस्थली बनाएका कतिपय साधकहरू कीर्तिशेषमात्र पाइन्छ भने कतिपय अज्ञात नै छन्। यो सम्प्रदाय आफैँमा समृद्ध र सु-संस्कृत पनि हो तर कालको गतिले क्षीण बनाउँदै लगेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथपरम्परामा नै रही अघोरपन्थको आश्रय लिने साधुहरू पनि पशुपतिक्षेत्रमा प्रशस्त मात्रामा देखिन्छन्। श्मशानभूमिलाई उपयोग गर्दै तदनुसारको साधना गरी सिद्धि प्राप्त गरेका साधुहरूको चामत्कारिक घटनाहरू यथेष्ट सुन्न पाइन्छ, कतिपय अनुभव पनि गर्न सकिन्छ। आचार र लोकव्यवहारको सीमाभन्दा बाहिर लोभ-मोहभन्दा माथि उठेका यस्ता सन्त पशुपतिको भूषण नै हुन्। यस परम्पराका अर्वाचीन प्रतिनिधि महात्माहरूमा रामनाथ अघोरी, डा. त्यागीनाथ, चुनचुनबाबा, पगलानन्दबाबा आदिलाई लिन सकिन्छ। रामनाथको साधनाभूमि भस्मेश्वरघाट हो। उनी निर्भीक र खरो स्वभावका थिए। राजादेखि रङ्कसम्म सबैलाई प्रभाव पार्न सक्ने खुबी उनमा थियो। त्यस्तै चुनचुनबाबाका नामले प्रसिद्ध अघोरपथका अनुयायी यी बाबा पनि पशुपतिक्षेत्रको गहनाका रूपमा रहेका थिए। श्मशानभूमिमा बसी साधना गर्ने भगवान् श्रीपशुपतिनाथका परम्भक्त चुनचुनबाबाको कुकुरहरूप्रतिको प्रेम र सेवा अनुकरणीय थियो। विभिन्न खाले सिद्धिहरूद्वारा विभूषित् चुनचुनबाबाका लागि असाध्य भन्ने कुनै कुरा थिएन। यही परम्परामा डा.त्यागीनाथ र पगलानन्दको पनि उत्तिकै महत्त्व छ।

उदासीन सन्तहरू

पशुपतिक्षेत्र सबैका लागि र सधैंका लागि सेवनीय क्षेत्र हो। भगवान् श्रीपशुपतिनाथ प्राणीमात्रका आराध्य हुनुहुन्छ। त्यसकारण पशुपतिक्षेत्रमा सबै सम्प्रदायका सन्तहरू बसेर तप, आराधना, उपासना गर्ने गर्दछन्। यसै क्रममा उदासी सम्प्रदायमा अत्यन्त आदरका साथ पुजिने गुरु नानकदेवले पशुपतिक्षेत्रको महत्त्व बुझेर आफ्नो जीवनकालमा पशुपतिक्षेत्रको सेवन र पशुपतिनाथको आराधना गर्नुभएको थियो। नानकदेव आजभन्दा करिब ५०० वर्ष पूर्व पशुपतिक्षेत्रमा आउनुभएको भन्ने मान्यता छ। नानकदेवकै परम्परामा आधारित निर्मल र भस्मेश्वर दुइओटा मठ पशुपतिक्षेत्रमा छ। नानकदेवको आगमनकालमा आफ्नो शिरमा पुष्पवृष्टि भएपछि भगवान् श्रीपशुपतिनाथलाई पनि प्रतिदिन शिरमा माला चढाउने चलन चलाउनुभएको भन्ने जनश्रुति रही आएको छ र सो परम्परा **राजेश्वरी**मा रहेको निर्मल अखडाले चलाइरहेको छ।

वैष्णव सन्तहरू

यस क्षेत्रमा बसेर तपस्या गर्ने सन्तहरू वैष्णव सम्प्रदायका पनि अनेक भए र छन् पनि। राममन्दिरको वैरागी अखडा यसैको प्रतीक हो। सम्प्रदायविशेषको भेदभावविना यस क्षेत्रको महत्त्वलाई बुझी शिवाराधना गर्ने वैष्णव सन्तहरूमा सबैले नाम लिने पूज्य स्वामी दीनानाथ बाबा हुनुहुन्थ्यो। दीनानाथबाबाको तपस्थली राममन्दिर परिसरको भागवत आश्रम थियो। योग, ध्यान र ज्ञानमा रमाउने बाबा दीनानाथ प्रपञ्च र सांसारिकताबाट टाढा नै रहनुभयो। उहाँका अनेकौं सिद्धिहरू र त्यसको अनुभूति गर्ने भक्तहरू अहिले पनि छन्। वैष्णवपरम्पराका अग्रगण्य डा. स्वामी प्रपन्नाचार्यले पनि यस पशुपतिक्षेत्रलाई आफ्नो आश्रयस्थल बनाउनुभयो। स्वामीजीको शास्त्रनिष्ठा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र धर्मनिष्ठा अनुकरणीय थियो। प्रौढावस्थामा अक्षर चिनेर पनि संस्कृत वाङ्मयको प्रकाण्ड विद्वान् बन्ने मनीषीश्रेष्ठ स्वामीजी भगवान् श्रीपशुपतिनाथको सान्निध्यमा रहेको मृगस्थलीमा आजीवन रहनुभयो। दर्शनशास्त्र एवं वैदिकशास्त्रमा उहाँको गति अवाध थियो। सन्तको जीवन अँगालेर विभिन्न तीर्थस्थलको भ्रमण गरी अनेकौं कृतिरत्न पनि प्रकाशित गर्नुभयो। उहाँको कीर्तिपताका विद्वत् समाज र सन्त समाजमा जीवन्त रहनेछ। पशुपतिक्षेत्रको राममन्दिर परिसरमा रहने दुग्धाधारीबाबा वैष्णव परम्पराका सन्त हुनुहुन्थ्यो। आजीवन दूध मात्र खाएर तपस्या गर्नुभयो। प्रपञ्चबाट माथि उठेर भजनकीर्तन एवं नाम संकीर्तन गर्दै जीवन बिताउनुभयो। बाबा रामशरणदास पनि वैरागीपरम्पराका सज्जन सन्त हुनुहुन्थ्यो। नाम सङ्कीर्तन एवं भगवत्सेवामा उहाँको ठूलो निष्ठा थियो।

फकीर सन्तहरू

अन्य सन्तहरूको जति महत्त्व यस क्षेत्रमा छ, उति नै यहाँका सिद्ध-फकीर सन्तहरूको पनि छ। पशुपतिक्षेत्रमा खरानीभित्र अग्नि लुकेझैं देखावटी, पागलपनभित्र लुकेका सक्कली सिद्धहरू यस क्षेत्रका गहना हुन्। यिनीहरूको यथार्थ परिचय न कसैले पाउन सक्छ, न त दिन नै तयार हुन्छन् तर बाह्य रूपमा देखिएको आंशिक परिचय भने भक्तसमाजले भन्दै आएको छ।

पशुपतिक्षेत्र सिद्धपुरुषहरूको निवासक्षेत्र हो। यहाँ अनेकौं सिद्धहरू नचिनिने रूपमा घुमिरहेका हुन्छन्। पशुपतिक्षेत्रका जानकार भक्तहरूले अत्यन्त आदरका साथ नाम लिइने बाबाहरूमा डण्डेबाबा, सिलुवाल बाबा, वीरुबाबा, ब्रह्मचारी बाबा, साइँला बाजे, काइँली दिदी आदि हुन्। यस्ता सिद्ध फकीर सन्तहरूको अलौकिक व्यवहार र वैराग्यले पशुपतिक्षेत्रलाई साँचो शिवलोकको रूपमा परिणत गरेका छन्। यस्ता महापुरुषहरूको दिव्य जीवनी अनेकौं भागमा लेख्न सकिने भए पनि यहाँ केवल नाम सङ्कीर्तन गरेर पशुपतिक्षेत्र सिद्धहरूको सेव्यभूमि हो भन्न खोजिएको मात्र हो। यस्ता कतिपय दिव्यपुरुषहरूको अलौकिक जीवनी डा.स्वामी प्रपन्नाचार्यद्वारा लेखिएको **मिल्केका झिल्का** भन्ने ग्रन्थमा पढ्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्न्यासी सन्तहरू

भारतको गढवालमा जन्मनुभएका पुरुषोत्तम नाम गरेका एक अवधूत आबाल ब्रह्मचारी चन्द्रशमशेरको पालामा नेपाल आउनुभएको थियो। पशुपतिक्षेत्र वासुकि उत्तरतर्फको कुटीमा बस्ने अतुलनीय प्रतिभाका धनी वासुकि ब्रह्मचारीले २०१४ सालमा पशुपतिनाथ परिसरमा समाधि लिनुभयो।

वासुकि ब्रह्मचारी



भारतको कश्मीरमा ब्राह्मण परिवारमा इ.सं. १८८० ताका जन्मनुभएका खप्तडबाबाले सन् १९४० को दशकमा नेपालको डोटी जिल्लाको खप्तड उपत्यकामा लामो समय साधनामा बिताउनुभयो। उहाँको सन्न्यास नाम सच्चिदानन्द सरस्वती हो। उहाँ ११६ वर्षमा ब्रह्मलीन हुनुभयो।

खप्तडबाबा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वि.सं १८८३ सालमा भारतको केरला राज्यमा एक ब्राह्मण परिवारमा जन्मनुभएका शिवपुरी बाबाको असली नाम गोविन्दानन्द भारती हो ।

मानवलाई दुःखको भवसागरबाट पार लगाउने शिक्षा प्रदान गर्नुहुने शिवपुरी बाबाले ४० वर्षसम्म पैदल विश्व भ्रमण गर्नुभयो । पछिल्लो समयमा शिवपुरीलाई साधनास्थल बनाउनुभएका बाबाले १३७ वर्षको उमेरमा पशुपतिक्षेत्रमा नै समाधि लिनुभयो ।

शिवपुरीबाबा



भारतको हिमाञ्चल प्रदेशको काँगडा जिल्लामा जन्मनुभएका ब्रह्मलीन श्यामचेतन बाबा भगवान् श्रीपशुपतिनाथको दर्शन गर्ने प्रगाढ इच्छा भई खप्तड स्वामीसहित पाँचजना साधुसँग नेपाल प्रवेश गर्नुभयो। भगवान् श्रीपशुपतिनाथको पुण्यभूमिलाई साधनास्थल बनाउनुहुने बाबा १०८ वर्षको उमेरमा २०५६ साल भदौ ९ गते काशीको केदारघाटमा ब्रह्मलीन हुनुभयो ।

श्यामचेतनबाबा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सरल र सात्त्विक जीवन बिताउनुहुने बालुवाबाबा भगवान् श्रीपशुपतिनाथको पुण्यभूमिमा वासुकिघाटभन्दा पूर्वपट्टि लामो सत्तलमा बस्नुहुन्थ्यो। सत्तलको सिधा तल वाग्वतीमा गएर नियमित बालुवा खनेर ठूलो कुण्ड बनाउनुहुन्थ्यो। थोरै बोल, सत्य बोल, सफा बोलेपछि प्राण जाओस् तर प्रण नजाओस् भन्नेजस्ता दिव्योपदेशहरू प्रदान गर्नुहुने बालुवाबाबा संस्कृतका ठूला-ठूला विद्वान्हरूले पाठ गरेका अशुद्ध श्लोकहरू सुध्याइदिनुहुन्थ्यो। पर्यटकहरूसँग टाढै बसेर अङ्ग्रेजी भाषामा उपनिषद्को व्याख्या गर्नुहुन्थ्यो। उहाँ ११२ वर्षमा पशुपतिक्षेत्रमा नै ब्रह्मलीन हुनुभयो।

बालुवाबाबा



डा.स्वामी रामानन्द गिरिको जन्म वि.सं २००५।२।१० मा भएको हो। उहाँ वेदान्तका विख्यात र प्रभावशाली आध्यात्मिक गुरु हुनुहुन्थ्यो। उनको वास्तविक नाम रामप्रसाद सुवेदी हो। उहाँले चितवनको देवघाटमा वि.सं. २०५० मा महेश संस्कृत गुरुकुलको स्थापना गर्नुभएको छ। उहाँका करिब एक दर्जन कृतिहरू प्रकाशित छन् भने उहाँले पाणिनि पुरस्कार, गुणराज पुस्कार, डा. बलराम जोशी ज्ञानविज्ञान पुरस्कार, राज श्रीजनक स्मृति सम्मान, पृथ्वीबहादुरसिंह कार्की-भक्तकुमारी पुरस्कार, भारती खरेल पुरस्कार, प्रबल गोरखा दक्षिणबाहुलगायत विविध सम्मान तथा पुरस्कारहरू मान-पदवी प्राप्त गर्नुभएको थियो। उहाँ ७१ वर्षको उमेरमा ब्रह्मलीन हुनुभयो।

रामानन्द गिरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माईहजुर

१९६५ सालमा काठमाडौँको नयाँ सडकमा जन्मनुभएकी माईहजुरले स्वर्गद्वारी महाप्रभुबाट दीक्षा लिएर संन्यास ग्रहण गर्नुभयो। उहाँले नेपालका सम्पूर्ण तीर्थहरूको दर्शन गरेर मानसरोवरको यात्रा गरी २०१० सालमा पशुपतिस्थित उमाकुण्डलाई आफ्नो तपस्थल बनाउनुभयो। 'अभक्ष भोजन नगर, अधिक सङ्ग्रह नगर, अधिक सङ्ग्रहले अधिक चिन्ता हुन्छ, अधिक चिन्ताले अधिक दुःख हुन्छ। प्राणीहरूको कल्याण गर, जहाँ पायो त्यहीँ नखाऊ, घरलाईमन्दिर देख' आदि उपदेशमूलक ज्ञानहरू भक्तजनलाई सुनाउनुहुने माता लक्ष्मी गिरी माईहजुरले २०५८ साल वैशाख ३० गते आफ्नो स्थूल नश्वर शरीरलाई छाडेर ब्रह्मलीन हुनुभयो।

वैष्णव सन्त तथा साधकहरू



स्वामी प्रपन्नाचार्य

पाँचथरको किराँत चाम्लिङराई कुलमा जन्मनुभएका काले राई ३० वर्षको उमेरपछि कुनै संन्यासीको साथ लागेर भारत प्रवेश गर्नुभएको थियो। स्वामी प्रपन्नाचार्य तात्कालिक राजपरिषद्‌को सदस्य हुनुहुथ्यो। पशुपतिनाथ परिसरको मृगस्थलीमा बस्नुहुने डा.स्वामी प्रपन्नाचार्यले दर्जनौं महत्त्वपूर्ण पुस्तक लेख्नुभएको छ। उहाँले २०७२ साल भाद्र ४ गते ९२ वर्षको उमेरमा पशुपतिको मृगस्थली आश्रममा नश्वर शरीर त्याग गर्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ज्यो.पं. केदारनाथ तिमल्सिना

१९९० साल माघ ७ गते वसन्त पञ्चमीमा दोलखा जिल्लाको मालुगाउँमा जन्मनुभएका केदारनाथ तिमल्सिना अतुलनीय प्रतिभाका धनी हुनुहुन्थ्यो। १५ वर्षको उमेरमा शुक्लयजुर्वेद र श्रीमद्भागवत कण्ठस्थ गरी व्यासासनमा बसेर प्रवचन गर्नुहुन्थ्यो। गुरुकुल र स्वाध्यायनबाट ज्ञान आर्जन गरेर ज्योतिष महामहाचार्य विद्यावाचस्पति र ज्योतिष भाषा शिरोमणिको उपाधि हासिल गर्नुभयो। उहाँले हजारौं शिष्यहरूलाई श्रीमद्भागवत र ज्योतिषशास्त्रको ज्ञान दिनुभयो। उहाँका ३७ ओटा कृतिहरू प्रकाशित छन्। उहाँले २०६१ साल कार्तिक २ ९ गते पशुपतिको ब्रह्मनालमा नश्वर शरीर त्याग गर्नुभयो।

पं. कविप्रसाद गौतम

काठमाडौं पाको पोखल्ड्याङ, नयाँ सडकमा वि.सं. १९६० सालमा जन्मिनुभएका कविप्रसाद गौतम नेपालका त्यागी आध्यात्मिक व्यक्तित्वका रूपमा परिचित हुनुहुन्थ्यो। आध्यात्मिक साहित्यमा अतुलनीय योगदान गर्नुहुने गौतमका विभिन्न विधाका दजनौं कृतिहरू प्रकाशित छन् भने उहाँको निर्देशनमा लेखिएका १०८ जति आध्यात्मिक कृतिहरू पनि प्रकाशित छन्। पशुपतिनाथमन्दिरको पश्चिमपट्टि वि.सं. १९८६ मा उहाँले प्रारम्भ गर्नुभएको अखण्ड हरिकीर्तन आजसम्म चलिरहेको छ। वि.सं २०४२ सालमा उहाँले नश्वर शरीर त्याग गर्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सिलवालबाबा

जुद्धशमशेरका पालामा काभ्रेपलाञ्चोक जिल्लाको पलाञ्चोक भगवतीको मन्दिर नजिकैको एक गाउँमा जन्मनुभएका अज्ञानरहित, वासनारहित, धुर्त्याईंरहित र वमसीको अनुभूति भएका अवधूत सिलवाल बाबालाई श्रीमद्भागवत कण्ठस्थ थियो । उहाँले पशुपतिनाथकै पुण्यभूमिमा आफ्नो नश्वर देह त्याग गर्नुभयो ।

त्यागी सन्त तथा साधकहरू



अवधूत ब्रह्मचारीबाबा

भगवान् श्रीपशुपतिनाथको पुण्यभूमिलाई साधनास्थल बनाउनुहुने अवधूत ब्रह्मचारीबाबा अतुलनीय प्रतिभाका धनी हुनुहुन्थ्यो । मान्छेले दुःख पाउने काम गऱ्यो भनेर धुरुधुरु रोएर बस्ने सिद्ध ब्रह्मचारीबाबासँग आशीर्वाद लिनका लागि श्रद्धालु व्यक्तिहरू लाइन लाग्ने गर्दथे । उहाँले २०५४ साल पौष १४ गते पशुपतिक्षेत्रमा आफ्नो भौतिक शरीर त्याग गर्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथसम्प्रदायका साधु, सन्त र साधकहरू



रामनाथ अघोरी

वि.सं १९६० मा भारतको वीरभूमि जिल्लाको रुतोजी गाउँमा जन्मनुभएका डा. रामनाथ अघोरी २०१० साल फाल्गुण कृष्ण त्रयोदशीका दिनमा नेपाल आउनुभयो। भस्मेश्वरघाटलाई उत्तम साधनास्थल बनाउनुहुने डा.अघोरी बहुजनसुखाय, सर्वजनहिताय हुनुहुन्थ्यो। जन्म, मृत्यु, जरा, व्याधिबाट पार हुन मनमा वैराग्यको भाव जागृत हुनुपर्दछ भन्ने प्रेरणा दिनुहुन्थ्यो। त्रिभुवन विश्व विद्यालयको स्थापनामा उहाँको ठूलो भूमिका थियो। २०२९ सालमा भारतको कलकत्तामा उहाँले समाधि लिनुभयो।



चुनचुनबाबा

२०११ सालको महाशिवरात्रिमा श्रीलङ्काबाट परमात्माको खोजीमा नेपाल आउनुभएका चुनचुन बाबाले सिद्ध सन्त डा.रामनाथ अघोरीबाबालाई पशुपतिको भस्मेश्वरघाटमा भेटेपछि १२ वर्षसम्म गुरुसेवा गरेर अघोरी सम्प्रदायबाट दीक्षित हुनुभयो। दशवटा भाषामा धारावाहिक बोल्न सक्ने चुनचुन बाबा गाई, बाच्छा, कुकुर, बिरालाहरूलाई काखमा राखेर भोजन गराउनुहुन्थ्यो। उहाँले कीरा, कमिला, फट्याङ्ग्रा, पशुपंक्षीहरूलाई समेत आफ्नै परिवार ठानेर सेवा सत्कार गर्नुहुन्थ्यो। धन, बल, विद्या, पद र प्रतिष्ठाको कारण मानिसले भगवान्को विश्वास गर्दैन, हरेक जीवमा भगवान्को वास छ भनेर जनचेतना फैलाउनुहुने चुनचुन बाबाले ८० वर्षको उमेरमा पशुपति परिसरमा भौतिक शरीर त्याग गर्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



त्यागीनाथबाबा

भारतमा जन्मिएर नेपाललाई कर्मभूमि बनाउनुहुने त्यागीनाथ बाबाले भस्मेश्वरघाटको अघोरी अखडालाई आफ्नो तपस्थली बनाउनुभएको थियो । आयुर्वेदमा अब्बल रहनुभएका बाबाले नेत्ररोगीहरूको विशेष उपचार गर्नुहुन्थ्यो । गरिब, दुःखी, भरिया, अनाथहरूको सेवामा अनवरत तल्लीन त्यागीनाथ बाबा डा. रामनाथ अघोरीका अत्यन्त प्यारा शिष्य हुनुहुन्थ्यो । भगवान् श्रीपशुपतिनाथका परम उपासक त्यागीनाथ बाबा कैयौं दिनसम्म भोजन ग्रहण नगरी रहनुहुन्थ्यो । उहाँको अखडामा जाने भक्तालुहरूलाई कहिल्यै खाली हात पठाउनुहुन्नथ्यो । त्यागीनाथ बाबाले पशुपतिक्षेत्रमा नै आफ्नो भौतिक शरीर त्याग गर्नुभयो ।



राष्ट्रगुरु योगी नरहरिनाथ

वि.सं. १९७१ सालमा पुण्यभूमि नेपालमा जन्मिएर भारतका विभिन्न संस्कृत विश्वविद्यालयहरूमा संस्कृत वाङ्मय र आयुर्वेदको उच्चतम अध्ययन गरी जन्मभूमिको सेवाका लागि नेपाल फर्कनुभयो। अनेकौं जडिबुटीका ज्ञाता योगीजी भोक नलाग्ने र शरीरमा ऊर्जा प्रदान गर्ने जडीबुटी सेवन गरेर कैयौं दिन अन्न नखाई यात्रा गर्नुहुन्थ्यो। धर्म कमजोर भयो भने परिवारमा फुट आउँछ राष्ट्र विखण्डित हुन्छ भनी **'स्वयम् राष्ट्रे जागृयाम'** भन्ने नारा घन्काउनुहुने योगीजीले विभिन्न कृतिहरू प्रकाशन गरी २०५९ साल चैत्र १३ गते भौतिक शरीर त्याग गर्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य सिद्ध तथा साधकहरू

अग्निहोत्री रामप्रसाद गौतम दम्पती

अग्निदेवका उपासक अग्निहोत्री रामप्रसाद गौतमको जन्म वि.सं.१९९४ साल वैशाखमा चार शिवालय परिसर वनकाली काठमाडौंमा भएको थियो। उहाँले अग्निहोत्री भई वि.सं. २०४३ बाट यज्ञ सञ्चालन गर्नुभयो। संस्कृततर्फ उत्तरमध्यमा र कृषि विज्ञानमा स्नातक गर्नुभएका गौतमको रुद्री, वेद, ज्योतिषशास्त्रमा राम्रो अनुभव थियो। माया गौतमका साथ प्रणयसूत्रमा बाँधिनुभएका गौतमको संस्कृत, अङ्ग्रेजी, जापानीज, हिन्दी भाषामा राम्रा ज्ञान थियो। अग्निहोत्री गौतम वि.सं २०७१ साल भाद्र २७ गते भौतिक शरीर त्याग गरी ब्रह्मलीन हुनुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पं. मुरलीधर भट्टराई

वि.सं १९८६ साल माघ अमावश्याका दिन सर्लाहीको मिर्चैयामा जन्मनुभएका पण्डित मुरलीधर भट्टराई एक अतुलनीय व्यक्तित्व हुनुहुन्थ्यो। पण्डित मुरलीधरलाई ज्योतिषशास्त्रबाहेकका सम्पूर्ण शास्त्रहरू प्रायः कण्ठस्थ थिए। प्रमाणित रूपमा कुनै डिग्री नलिए तापनि ठूला-ठूला दिग्गज पण्डितहरू पनि उहाँसँग शास्त्रीय ज्ञानआर्जनका लागि उहाँको निवासमा आउने गर्दथे। सामान्य रातो र सेतो वस्त्र पहिरने मुरलीधरले जुत्ता-चप्पल कहिल्यै लगाउनुभएन। उहाँले २०६७ सालमा पशुपतिनाथ परिसरमा आफ्नो नश्वर शरीर त्याग गर्नुभयो।

अग्निहोत्री गणेशप्रसाद र धर्मपत्नी इन्दिरा

पिता टङ्कनाथ गौतम र माता पवित्रा गौतमको कोखबाट वि.सं. १९८१ सालमा धादिङ जिल्लाको जीवनपुरमा गणेशप्रसाद गौतमको जन्म भयो। उहाँले सम्पूर्णानन्द विश्वविद्यालय, भारतबाट वेदान्तमा शास्त्रीसम्मको शिक्षा हासिल गर्नुभयो। उहाँले **प्रपञ्चाप्रपञ्च प्रकाश, मातृसन्देश, जयतुसंस्कृत** पत्रिका- २०३९ प्रकाशन गर्नुभयो। भूमिनन्द गौतमबाट २०१५ साल माघमा अग्निहोत्री दीक्षाबाट दीक्षित हुनुभएका गणेशप्रसादले २०४२ साल माघमा आफ्नो नश्वर शरीर त्याग गर्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - ५

भगवान् श्रीपशुपतिनाथ र श्रीगुह्यकालीमाताका सेवकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथ तथा श्रीवासुकिनारायणका अर्चकहरू गिरिश भट्ट, रामकारान्त भट्ट, प्रधान अर्चक रावल गणेश भट्ट, नारायण मञ्जुनाथ भट्ट, राघवेन्द्र भट्ट (वासुकिनारायणका पुजारी)

श्रीगुह्येश्वरीमाताका अर्चकहरू क्रमशः जयन कर्माचार्य, विष्णुभक्त कर्माचार्य, दिनेश कर्माचार्य, राजेश कर्माचार्य (मूलपुजारी), कृष्णलाल कर्माचार्य (मूलपुजारी), पुष्परुद्र कर्माचार्य, रामकृष्ण कर्माचार्य, विष्णुमान कर्माचार्य, सञ्जय कर्माचार्य, हरिकृष्ण कर्माचार्य, सुजन कर्माचार्य, सागर कर्माचार्य (मूलपुजारी), शिवरुद्र कर्माचार्य, सुमन कर्माचार्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान् श्रीपशुपतिनाथमा नित्य रुद्रीपाठ गर्ने ब्राह्मणहरू
श्रीमहेश्वर, परशुराम खनाल, केदारप्रसाद न्यौपाने, त्रिलोचन अधिकारी, गणेशमणि प्याकुरेल, स्व. विष्णुप्रसाद आचार्य, जनार्दन रिसाल, श्रीधर भण्डारी, नारायण पन्त, दिवाकर आचार्य, सुदर्शन रिसाल, रामराजा तिम्सिना र लक्ष्मण सापकोटा।



भगवान् श्रीपशुपतिनाथ आगमघर तथा १७ स्थानका
३२ देवताका पुजारी श्रीमदन भट्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान् श्रीपशुपतिनाथका सेवकहरू (भण्डारी) क्रमशः हरिशरण, हरिकृष्ण, विजयमान, केदारमान, रमेश, कवीन्द्रलाल, देवमान, कृष्ण, ज्ञानेन्द्र, ओमशिव, राजु, सुरज राजभण्डारी



भगवान् श्रीपशुपतिनाथमा प्रत्येक पूर्णिमाको महास्नान पर्वमा महाभोग अर्पण गर्ने मैथिल ब्राह्मणहरू अघिल्लो पङ्क्तिमा क्रमशः राजेन्द्र झा, सन्जयगोपाल झा, शङ्करकृष्ण झा, रामलोचन झा, शेषनारायण झा, उदयगोपाल झा। यसैगरी पछिल्लो पङ्क्तिमा क्रमशः अमितकुमार झा, मनोहरगोपाल झा, रुविनगोपाल झा, सन्तोष झा, रमेशराम मिश्र, शिशिरनाथ मिश्र र अमरगोपाल झा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान् श्रीपशुपतिनाथमा महास्नान हुँदा हवन गर्ने ब्राह्मण सुरेश राजोपाध्याय साथमा पुरुषोत्तम कर्माचार्य

श्रीपशुपतिनाथका मूलभट्ट रावल श्रीगणेश भट्टका साथमा कार्यालयका कर्मचारीहरू हरिओम राजभण्डारी, रवि राजभण्डारी, पूर्णनारायण जोशी र विजेन्द्र राजभण्डारी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयवागीश्वरी भण्डार तहविलका पचली नाइके विनोद वैद्य, विसेट नाइके अरुणकुमार श्रेष्ठ, अमालकोट कचहरीका द्वारे पूर्ण डङ्गोल

माता (गुह्येश्वरी) गुह्यकालीमन्दिरका द्यौपाल समूह (खड्गी समूह)का यमन डङ्गोल, रमेश डङ्गोल, द्यौपाल नाइके भाइराजा डङ्गोल, श्यामलाल डङ्गोल, पञ्चमान डङ्गोल, विवेक डङ्गोल, श्रीकृष्ण डङ्गोल र रामकृष्ण डङ्गोल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माता (गुह्येश्वरी) गुह्यकालीमन्दिरका द्यौपाल समूह (नुहा समूह) रविन खड्गी, श्याम खड्गी, लक्ष्मीकुमार साही, वैद्य खड्गी, जीतबहादुर खड्गी, सुमित खड्गी, द्यौपाल खड्गी नाइके दिलीप खड्गी र राम खड्गी ।

भगवान् श्रीपशुपतिनाथमन्दिरका पञ्चेबाजा वादकहरू दीपक दमाई, अनिल परियार, कुमार दमाई, नारायण दमाई र हरिलाल दमाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथमा कुसुलेबाजा वादकहरू आनन्द कपाली, सञ्जय कपाली, हरिप्रसाद कुसुले, जीवन कपाली र कृष्णप्रसाद कुसुले।



भगवान् श्रीपशुपतिनाथमन्दिरका द्वारपालहरू कृष्ण पुरी, अर्जुन लामिछाने, नवराज घिमिरे, विशाल थापा र कान्छा डङ्गोल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - ६
गतिविधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वाम्नाय श्रीगोवर्द्धनमठ पुरी पीठाधिश्वर श्रीमज्जगद्गुरु शङ्कराचार्य स्वामी निश्चलानन्दसरस्वतीबाट गुह्येश्वरीपीठसम्बन्धी पुस्तक लोकार्पण, २०७५ वैशाख ३१

महामहिम राष्ट्रपति रामवरण यादवसँग श्रीपशुपतिनाथका अर्चक नियुक्ति गर्न श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको शिष्टमण्डलद्वारा आग्रह, २०६६ श्रावण।
(शिवशरण राजभण्डारी, शरत्कुमार भट्टराई, भोलानाथ झा, चन्द्रमान राजभण्डारी, श्रीहरि अर्याल, रामवरण यावदव, देवीप्रसाद चापागाई, विद्यानाथ भट्ट, दिनेशकुमार अग्रवाल र मदनकुमार डङ्गोल)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपति अर्चना सुव्यवस्था सम्बन्धी गोष्ठी, २०६६ पौष

पशुपति अर्चनासम्बन्धी परिचयात्मक कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष
प्रा. देवीप्रसाद चापागाइँ संयुक्तराज्य अमेरिका डालस-टेक्सास (२०६९ महाशिवरात्रि)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिदर्शन (लघु परिक्रमा)को प्रथम संस्करण पुस्तक लोकार्पण कार्यक्रम, २०७१ असार ७

श्रीपशुपतिदर्शन (लघु परिक्रमा)को दोस्रो संस्करण पुस्तक लोकार्पण कार्यक्रम, २०७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार सङ्गोष्ठी

श्रीपशुपतिनाथका पूर्व प्रधान अर्चक श्रीअनन्त भट्टसँग विचारविमर्श

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको दशौं साधारणसभा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिक्षेत्र विकासकोषको अनुरोधमा नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय)द्वारा आयोजित पाशुपत धर्मदर्शनसम्बन्धी सङ्गोष्ठी, २०४४ साल फाल्गुण ९, १० र ११ गते (माधवप्रसाद घिमिरे, खेमराज केशवशरण, अम्बिकाप्रसाद अधिकारी, अनिरुद्धप्रसाद सिंह, जगदीश शर्मा र हरदेव मिश्र आदि)

गोष्ठीमा सहभागी विद्वद्वर्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीपशुपतिनाथमन्दिर एवं परिसरका विहङ्गम दृश्यहरू



श्रीको मन्दिरको पश्चिमद्वारबाट दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्र शिवालयबाट श्रीको मन्दिर एवं आर्यातीर्थ दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



रामबन्दिरघाटबाट श्रीवत्सलेश्वरीमाता र भगवान् श्रीपशुपतिनाथको प्रातःकालिक दृश्य



पशुपतिक्षेत्रको सन्ध्याकालिक दृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पशुपतिक्षेत्रको सन्ध्याकालिक दृश्य



पशुपतिक्षेत्रको रात्रिकालिक दृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पशुपतिक्षेत्रको रात्रिकालिक दृश्य



पशुपतिक्षेत्रको रात्रिकालिक दृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

9789937142755

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal